नेपाली भाषामा श्रीमद्वाल्मीकीय

रामायण

नेपाली भाषामा

श्रीमद्वाल्मीकीय रामायण

(सम्पूर्ण)

भारतीय दूतावास, नेपाल

की ओर से

स्नेह भेंट

नेपाली भाषामा

श्रीमद्वाल्मीकीय रामायण

(सम्पूर्ण)

•

अनुवादक

पण्डित वासुदेव भट्टराई

(श्रीमद्भागवत महापुराणका अनुवादक, भारतवर्षको इतिहासका लेखक)

वाराणसी

ज्ञानमण्डल लिमिटेड

प्रधान मन्त्री श्री लालबहादुर शास्त्री की नेपाल-यात्रा पर
अप्रैल १९६५ में प्रकाशित

बिना मूल्य वितरित ५,००० प्रति

प्रकाशक—ज्ञानमण्डल लिमिटेड, वाराणसी
मुद्रक—ओम्प्रकाश कपूर, ज्ञानमण्डल लिमिटेड, वाराणसी ६१६६(क)–२०

दो शब्द

भारतके राष्ट्रपति सर्वपल्ली डॉ० राधाकृष्णन्‌की नेपाल-यात्राके अवसरपर नवम्बर, सन् १९६३ में ज्ञानमण्डल लिमिटेड और 'आज' कार्यालयकी ओरसे गोस्वामी तुलसीदासकृत रामायणका मूल पाठ नेपाली अनुवाद सहित नेपाली बन्धुओंको भेंट किया गया था। अब यह दूसरी भेंट आदिकवि महर्षि वाल्मीकिकृत रामायण हम अत्यन्त स्नेहपूर्वक अर्पित कर रहे हैं। हमारे नेपाली बन्धुओंमें जो धार्मिक एकता और भक्ति-भावना है, दृढ़ता और वीरताकी जो एकान्त निष्ठा है, अपनेपनकी जो सरसता है, उसे देखते हुए भेंटके लिए प्रस्तुत ग्रन्थ अधिक महत्त्वपूर्ण और उपयोगी जँचा। इस महाग्रन्थमें अवगाहनके लिए भातृ-स्नेहकी अविरल धारा है, पितृ-भक्तिकी पराकाष्ठा है, कर्त्तव्यपरायणताका चरमोत्कर्ष है। इस ग्रन्थकी वर्णन शैली और काव्य-माधुर्यने विश्व-साहित्यमें प्रमुख स्थान प्राप्त किया है। नेपालमें इस ग्रन्थका वैसा ही समादर है, जैसा भारतमें। इसी भावनासे प्रेरित होकर यह ग्रन्थ नेपाली बन्धुओंको अर्पित किया जा रहा है। दृढ़ विश्वास है कि वे इसे परंपरागत दृढ़-स्नेहका प्रतीक समझेंगे।

यह नेपाली अनुवाद नेपाली भाषाके उद्‌भट् विद्वान् पण्डित वासुदेव भट्टराईंका किया हुआ है। नेपाल सरकार के शिक्षामन्त्रालयके हम विशेष रूपसे आभारी हैं, जिसने सहृदयता और उदारतापूर्वक प्रस्तुत अनुवाद प्रकाशित करनेकी हमें अनुमति दी है। हम भारतीय राजदूतावास, नेपाल के भी विशेष रूपसे आभारी हैं जिसने इस रामायणको नेपालमें बिना मूल्य वितरित करनेका भार ग्रहण किया है।

—प्रकाशक

भूमिका

पं० वासुदेव भट्टराई गुरुले वाल्मीकीय रामायणबाट नेपाली भाषानुवाद गर्नुभएको यो ग्रन्थ पहिले १९९७ सालमा छापिएको थियो । त्यो नेपाली भाषा-प्रकाशिनी समितिद्वारा प्रकाशित गरिएको हो । उहाँ गुरुकै इच्छाले मैले उस समयमा यसको भूमिका लेख्न पाएको थिएँ, अहिले फेरि चौबीस वर्षपछि पनि गुरुकै कृपाले मैले यसकै द्वितीय संस्करणको भूमिका लेख्न पाएं ।

हाम्रो देशमा पुस्तकको संस्कारलाई कति धैर्यको मात्राले पर्खनुपर्दछ त्यस सर्वविदित दुःखको कुरालाई म विस्तार नगरूं । उसमाथि यो जस्तो बाह्र तेह्र सय पृष्ठको ठूलो ग्रन्थको त अझै गम्भीर अवस्था हुने नै भयो । त्यसमाथि पनि आश्चर्यको कुरा त यो छः यस पुस्तकलाई धेरैले प्रशंमा गरे, सबले रुचाए, धेरैले यसको अर्को संस्करणको प्रतीक्षा गरे किनभने "वाल्मीकि-रामायण" जस्तो ग्रन्थको अनुवाद सर्वप्रिय हुने नै भयो । यस्तो हुँदा हुँदै पनि चौबीस वर्ष त्यसै व्यतीत भए ।

अहिले एक पुण्यात्मा सज्जनको उच्च भावना तथा सदुद्देश्यले वाराणसीमा श्री ज्ञानमण्डल यन्त्रालय, ज्ञानमण्डल लिमिटेडद्वारा नै प्रकाशित भएर सो निःशुल्क वितरण हुने कुरा हर्ष वर्षा जस्तै हुन गएको छ । उदार दाता धन्यवादका विशाल पात्र हुनुहुन्छ ।

यो भूमिका लेख्न बस्ता मैले प्रथम संस्करणको मेरो पहिलेको भूमिका पनि हेरें । मेरो ३८ वर्षको उमेरमा रामप्रति कस्तो धारणा रहेछ त्यो देखें, एक छिन मनन पनि गरें । मैले कवि वर्ड्स्-वर्थलाई संझे, उनले लेखेका छन्—"म बालक-कालमा ईश्वरको कति वर थिएँ" । अनि मैले महात्मा गाँधीलाई संझे । रामचन्द्रविषयक प्रश्नमा उनले यही उत्तर दिएका थिए : "केटाकेटी छँदा मेरा पिताजीले डोऱ्याएर मलाई बराबर राममन्दिरमा लैजाने गर्दथे, मैले कतिचोटि आफूलाई इच्छा लागे-को कुरा रामचन्द्रसित वरदान मागेको थिएँ, धेरै चोटि मैले वरदान प्राप्त गरें, मेरो इच्छा पूर्ण भयो; अझै म प्रार्थना गर्दछु; यसभन्दा विशेष मलाई केही थाहा छैन" । यस्ता धेरै कुरापछि म यस निष्कर्षमा पुगें—उस समयमा मैले जे बनाएँ त्यसलाई म अहिले चलाएर नबिगारूँ अनि मैले अर्कै भूमिका लेखें ।

हिन्दू धार्मिक जगत्ले रामायणलाई अर्कै आँखाले हेर्दछ; रामायणको पूजा गर्ने, रामायण पुराण लगाउने, रामायण भजन गर्ने, रामायणको प्रत्येक वाक्य प्रत्येक शब्द प्रत्येक अक्षरलाई पवित्र मन्त्र मान्ने श्रद्धावान्हरू भारतमा तथा नेपालमा पनि छन् । तर रामायणको आदर भारत र नेपालमा मात्र सीमित छैन, समस्त साहित्यिक संसारमा रामायण आदरणीय छ । परन्तु ती रामायणलाई संसारका सर्वश्रेष्ठ महाकाव्यमध्येको एक हो भन्ने काव्यात्मक दृष्टिले हेर्दछन् । यसरी ऐतिहासिक दार्शनिक धार्मिक सामाजिक वैज्ञानिक आदि विभिन्न दृष्टिले रामायणको रूप अनेक प्रकारको देखिनु स्वाभाविकै

हो, तर सौन्दर्य चेतना उदाएको काव्यजन्य भावनाले परीक्षा गर्ने हो भने रामायणले अनन्त कालसम्म यस संसारलाई सौन्दर्य प्रकाश दिइ नै रहने छ, यस ग्रन्थको महत्व कहिल्यै घट्नेछैन । जसले यस्तो अद्भुतको राम्रो महाकाव्य लेखे ती महर्षि वाल्मीकिलाई म दण्डवत् गर्दछु ।

त्यस्तो अपूर्व ग्रन्थ रामायणको नेपाली भाषामा सुन्दर र सरल अनुवाद गरेर गुरु पं० वासुदेव भट्टराईले हाम्रो साहित्य जगत्को गौरव बढ़ाइदिनाको साथसाथै ठूलो उपकार गरिदिनुभयो ! आजभन्दा ४८ वर्षअगि दरबार स्कूलमा उहां हामीहरूलाई संस्कृत र नेपाली पढाउनुहुन्थ्यो । कलकत्ता विश्वविद्यालयले स्वीकृति दिएकोले स्थान पाएको नेपाली पढ़ाउन त्यही वेला प्रारम्भ भएको थियो । त्यसैले नेपालीको अझ मुख्यतः राम शाहको पालाको गद्यशैलीमा सुधार ल्याउनुपर्छ भनेर चल्ने विद्वान्हरूमध्येका एक पं० वासुदेव भट्टराई गुरु हुनुहुन्छ । सरदार राममणि आ० दी० र पं० चक्रपाणि चालिसेबाट गोरखा भाषा प्रकाशिनी समितिमा पाठ्य-पुस्तक प्रस्तुत हुंदै थिए, गंभीरध्वज शाहले बंकिमचन्द्रको उपन्यास ''चन्द्रशेखर''को बङ्गालीबाट नेपालीमा अनुवाद गरेर गद्यको स्तर नै उचालेका थिए । यसरी नयाँ नेपाली गद्यको प्रयोग समयमा जुन शिक्षा हामीले भट्टराई गुरुबाट पाएका थियौं त्यसको ऋणी छौं । पं० चक्रपाणिको संस्कृतमय गद्य उहांलाई उसै वेला मन पर्दैनथ्यो त्यसैले त्यसको २४ वर्षपछिको उहांको कृतिमा कति सरल नेपाली छ त्यो स्पष्ट छ । उहांले यसको अतिरिक्त श्रीमद्भागवतको पनि सुयोग्य अनुवाद गर्नुभएको छ, त्यस्तो सर्वोत्तम तथा कठिन ग्रन्थको पनि कस्तो सुन्दर तथा सरल नेपाली भाषामा पूरापूर यथार्थ अनुवाद भएको छ सो पाठकहरूमा विदितै छ । विद्यानुरागी श्री ५·महाराजाधिराज सरकारको अनुग्रहबाट सो पुस्तक छापिइसकेकै छ ।

उहाँ बनारसबाट यहाँ काठमाडौंमा आउनुभएकै अवसरमा प्रधानमन्त्री चन्द्रशमशेरले सोधे ''तिमीले हिन्दुस्थानमै काम नगरेर किन यहाँ नेपालमा आउने इच्छा गर्यौ ?'' उहाँको उत्तर थियो—''जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'' । यो उहाँले अवश्य महाभारतबाट उद्धृत गर्नुभएको हो, तर त्यही पछि यो हाम्रो राष्ट्रिय चिह्नमा अंकित भएको हो । तसर्थ राष्ट्रिय अभिवादन बनाउने पं० चक्रपाणि चालिसेसित म आफ्ना गुरु पं० वासुदेव भट्टराईको सम्मान गर्दछु । दुवैलाई म नेपाली गद्यका प्रवर्त्तक मान्दछु ।

शिवरात्री, २०२१

बालकृष्ण सम

सदस्य, रायल नेपाल एकेडेमी

श्रीमद्वाल्मीकीय रामायण एक आदर्श आर्य-परिवार—सत्यवादी पिता, पितृभक्त पुत्र, भ्रातृभक्त भाइ, पतिव्रता नारी, आदर्श प्रजावत्सल राजा, राजभक्त प्रजा र स्वामिभक्त सेवकको कथा हो । यो आर्य आदर्शको इतिवृत्त, अखण्ड भारत निर्माणको इतिहास तथा आर्य र अनार्य संस्कृतिको संघर्षको कथा हो । साँची भनुँ भने यो संसारको आदिकाव्य मात्र होइन आदि इतिहास पनि हो ।

हिमालयको स्वच्छ, पवित्र र शान्त वातावरणमा बसेको स्वच्छ-हृदयी, पवित्र विचारवान् र शान्तिप्रिय वीर नेपाल राष्ट्रकी राज्यकन्यालाई आफ्नी शक्तिस्वरूपिणी अर्द्धांगिनीको रूपमा साथमा लिई आर्य राजकुमारले दुवैको संयुक्त प्रयासबाट आर्य संस्कृतिदेखि बिलकुल भिन्न संस्कृतिका दाक्षिणात्य प्रजालाई समेत आर्य संगठनमा ल्याएर राक्षसी प्रवृत्तिका तत्कालीन लंकानिवासीहरूमा समेत आर्यत्वको प्रचार गरी सम्पूर्ण भारतवर्षमा एकता स्थापित गरेको अद्भुत र रहस्यमय काव्यात्मक आर्य इतिहास वाल्मीकीय रामायण हो । यस्तो अजोड ग्रन्थलाई सरल नेपाली भाषामा अनुवाद गरेर पं० श्री वासुदेव भट्टराई समस्त नेपाली जनता र आर्यत्वको अभिमानी जनताबाट यश र कीर्ति पाउने अधिकारी बन्नुभएको छ । पछिपछि वाल्मीकीय रामायणका अरू अरू पनि अनुवाद निस्कलान् तर नेपालीलाई आफ्नै सरल भाषामा यस महान् ऐतिहासिक महाकाव्यको सबभन्दा पहिले रसास्वादन गराउने श्रेय त उहाँले मात्र पाउनुहुनेछ । अनुवादको भाषालाई अति सरल पार्न खोज्नुहुँदा कुनै कुनै वाक्य कस्तो कस्तो लाग्ने हुन गएकोमा विज्ञ पाठकहरू दोष दृष्टिले हेर्नुहुनेछैन भन्ने आशा छ ।

सागरमणि आचार्य दीक्षित

सूची

बालकाण्ड

अयोध्याकाण्ड

अरण्यकाण्ड

सर्गसंख्या	विषय	पृष्ठ
५	रामचन्द्र शरभङ्गको आश्रममा इन्द्रलाई देख्तछन् । रामलाई सुतीक्ष्णको आश्रममा जाने उपदेश दिएर शरभङ्ग अग्निमा प्रवेश गर्दछन् ।	३७१
६	शरभङ्ग स्वर्ग गएपछि ऋषिहरू रामलाई आफ्नो रक्षा गर्ने प्रार्थना गर्दछन् ।	३७३
७	राम सुतीक्ष्णको आश्रममा पुग्दछन् ।	३७४
८	राम, सीता र लक्ष्मणलाई साथ लिई वन हेर्न जान्छन् ।	३७६
९	सीता रामलाई खड्गसेवी मुनिको कथा सुनाउँछिन् ।	३७७
१०	रामचन्द्र सीताको शङ्का दूर गरी उनको चित्त बुझाउँछन् ।	३७८
११	अनेक आश्रममा डुलेर रामचन्द्र फेरि सुतीक्ष्णको आश्रममा आउँछन् र त्यहाँबाट अगस्त्य ऋषिको आश्रमतिर प्रस्थान गर्दछन् ।	३८०
१२	रामको अगस्त्य मुनिसँग भेट हुन्छ र ऋषिले रामलाई शस्त्र दिन्छन् ।	३८४
१३	रामचन्द्र अगस्त्य ऋषिसित बिदा भई पञ्चवटीतिर लाग्दछन् ।	३८६
१४	पञ्चवटीमा जाँदाखेरि रामचन्द्रको बाटोमा जटायुसँग भेट हुन्छ ।	३८७
१५	पञ्चवटीको वर्णन ।	३८९
१६	लक्ष्मण हेमन्त ऋतुको वर्णन गर्दछन् ।	३९०
१७	शूर्पणखा रामलाई देखेर मोहित हुन्छे र उनलाई आफ्नो पति बनाउन चाहन्छे ।	३९३
१८	रामको आज्ञाले लक्ष्मण शूर्पणखाको नाक कान काटिदिन्छन् ।	३९४
१९	खर रिसले चूर भई रामलाई मार्न भनी चौध जना राक्षस पठाउँछ ।	३९५
२०	चौद्धै जना राक्षस रामको हातबाट मर्दछन् ।	३९७
२१	शूर्पणखाको विलाप ।	३९८
२२	खर युद्ध गर्नाको निम्ति उद्यत रहन्छ ।	३९९
२३	खरको फौजको तथा अपशकुनको वर्णन ।	४०१
२४	रामचन्द्र युद्धको निम्ति तय्यार हुन्छन् ।	४०२
२५	रामचन्द्रको राक्षसहरूसित युद्ध ।	४०४
२६	खर र त्रिशिराबाहेक जम्मै राक्षस मर्दछन् ।	४०६
२७	राम युद्धमा त्रिशिरा राक्षसलाई मार्दछन् ।	४०८
२८	रामचन्द्रको खरसितको युद्ध ।	४०९
२९	रामचन्द्र खरलाई दुर्वचन भन्दछन् र उसको गदा काटिदिन्छन् ।	४११

किष्किन्धाकाण्ड

सर्गसंख्या	विषय	पृष्ठ
२१	हनुमान् तारालाई संझाउँछन् ।	५३९
२२	बालि प्राण त्याग गर्दछन् ।	५४०
२३	ताराको विलाप ।	५४२
२४	सुग्रीवको विलाप र तारालाई उनको सान्त्वना ।	५४४
२५	रामचन्द्र संझाई बुझाईकन बालिको क्रिया गर्न लगाउँछन् ।	५४७
२६	सुग्रीवको राज्याभिषेक ।	५५०
२७	राम लक्ष्मण दुवै भाइको प्रस्रवण पर्वतमा कुरा ।	५५२
२८	रामचन्द्र वर्षा ऋतुको शोभा वर्णन गर्दछन् ।	५५५
२९	हनुमान् सुग्रीवलाई समझाउँछन् र सुग्रीव नील वानरलाई आज्ञा दिन्छन् ।	५५९
३०	शरत्काल देखेर रामको विलाप र सुग्रीवको विषयमा भनाइ ।	५६१
३१	लक्ष्मण किष्किन्धातिर प्रस्थान गर्दछन् ।	५६७
३२	सुग्रीव पश्चात्ताप गर्दछन् र हनुमान् यिनलाई संझाउँछन् ।	५७०
३३	लक्ष्मणको तारासित कुराकानी ।	५७१
३४	लक्ष्मण सुग्रीवलाई कडा वचन भन्दछन् ।	५७५
३५	ताराको विन्ति सुन्दा लक्ष्मणको रिस साम्य हुन्छ ।	५७६
३६	सुग्रीवको प्रार्थनाले लक्ष्मण प्रसन्न हुन्छन् ।	५७७
३७	सुग्रीवको आज्ञाले हनुमान् वानरहरूलाई बोलाउन पठाउँछन् ।	५७८
३८	लक्ष्मणको साथमा सुग्रीव रामचन्द्रकहाँ आउँछन् ।	५८०
३९	सुग्रीवको आज्ञाले यूथपतिहरू सेनासहित उपस्थित हुन्छन् ।	५८२
४०	सीतालाई खोज्न सुग्रीव वानरहरूलाई पठाउँछन् ।	५८४
४१	सुग्रीव दक्षिण दिशातिर वानर पठाउँछन् ।	५८७
४२	सुग्रीव सुषेण आदि वानरलाई पश्चिम दिशातिर पठाउँछन् ।	५९०
४३	उत्तर दिशातिर वानरहरूको प्रस्थान ।	५९३
४४	रामचन्द्रको औंठी लिएर हनुमान प्रस्थान गर्दछन् ।	५९६
४५	आफ्नो आफ्नो बलको बखान गर्दै वानरहरू बाटो लाग्दछन् ।	५९७
४६	सम्पूर्ण पृथ्वीको ज्ञानवारे रामको प्रश्न र सुग्रीवको उत्तर ।	५९८
४७	हनुमान्‌बाहेक सबै वानर फर्केर आउँछन् ।	५९९
४८	दक्षिण दिशातिर गएका अंगद एउटा भयानक राक्षसलाई मार्दछन् ।	६००
४९	सीताको खोजमा वानरहरू लोध्र तथा सप्तपर्ण वनमा जान्छन् ।	६०१

सुन्दरकाण्ड

युद्धकाण्ड

उत्तरकाण्ड

सर्गसंख्या	विषय	पृष्ठ
६१	ऋषिहरू रामचन्द्रलाई लवणासुरको वृत्तान्त सुनाउँछन् ।	१२२५
६२	लवणासुरलाई मार्ने शत्रुघ्नको प्रतिज्ञा ।	१२२६
६३	रामचन्द्र मधुपुरीको राज्यमा शत्रुघ्नको अभिषेक गरिदिनुहुन्छ ।	१२२७
६४	लवणलाई मार्नाको निम्ति शत्रुघ्न प्रस्थान गर्दछन् ।	१२२८
६५	शत्रुघ्न वाल्मीकिको आश्रममा वास बस्तछन् ।	१२२९
६६	लव र कुशको जन्म ।	१२३१
६७	शूलको बल र मान्धाता-लवणासुरको युद्ध वर्णन ।	१२३२
६८	लवणसित शत्रुघ्नको युद्ध ।	१२३४
६९	लवणासुरको मृत्यु ।	१२३५
७०	मधुपुरीमा बाह्र वर्ष बितेपछि शत्रुघ्नलाई रामचन्द्रसंग भेट गर्ने इच्छा हुन्छ ।	१२३७
७१	अयोध्यामा आउँदा शत्रुघ्न वाल्मीकिको आश्रममा रामचरित सुन्दछन् ।	१२३८
७२	रामचन्द्रको दर्शन गरेर शत्रुघ्न फेरि आफ्नो मधुपुरमा फर्केर आउँछन् ।	१२३९
७३	मरेको छोरा लिएर कोही एक ब्राह्मण रामचन्द्रको ढोकामा आउँछन् ।	१२४०
७४	बालकको मृत्यु भएको विषयमा रामचन्द्र नारद वशिष्ठादिसंग सल्लाह गर्दछन् ।	१२४१
७५	रामचन्द्रजी शूद्र तपस्वीको पत्ता लगाएर उसित कुरा गर्नुहुन्छ ।	१२४३
७६	रामचन्द्रको हातबाट शूद्र तपस्वी मरेपछि बाहुनको छोरो जीवित हुन्छ ।	१२४४
७७	अगस्त्य मुनि आफूले आभूषण पाएको कथा सुनाउँछन् ।	१२४६
७८	विदर्भराजको छोरो श्वेत आफ्नो पूर्वजन्मको वृत्तान्त सुनाउँछ ।	१२४७
७९	मनुपुत्र इक्ष्वाकुको कथा ।	१२४८
८०	इक्ष्वाकु-पुत्र दण्डराजाको कथा ।	१२४९
८१	भार्गव दण्डराजालाई श्राप दिन्छन् ।	१२५०
८२	ऋषिसंग बिदावारी भई रामचन्द्र अयोध्यातिर फर्कनुहुन्छ ।	१२५१
८३	रामचन्द्रको राजसूय यज्ञ गर्ने विचारलाई भरत निषेध गर्दछन् ।	१२५२
८४	लक्ष्मण रामचन्द्रलाई अश्वमेध यज्ञ गर्ने सल्लाह दिन्छन् ।	१२५३
८५	वृत्रासुरको कथा ।	१२५४
८६	इन्द्रले गरेको अश्वमेध यज्ञको कथा ।	१२५५
८७	कर्दम पुत्र इल राजाको कथा ।	१२५६
८८	राजा इलको अरू बाँकी कथा ।	१२५८
८९	इलाको गर्भबाट बुधको वीर्यद्वारा पुरुरवाको जन्म ।	१२५९

श्रीमद्वाल्मीकीय रामायण-माहात्म्य

नेपाली भाषा

अध्याय—१

श्रीरामः शरणं समस्तजगतां रामं विना का गती
रामेण प्रतिहन्यते कलिमलं रामाय कार्यं नमः ॥
रामात्त्रस्यति कालभीमभुजगो रामस्य सर्वं वशे
रामे भक्तिरखण्डिता भवतु मे राम त्वमेवाश्रयः ॥ १ ॥

श्रीरामचन्द्र नै समस्त संसारलाई शरण दिने हुनुहुन्छ । राम नभई केही हुनै सक्तैन । राम कलियुगका पापहरूलाई नाश गर्नुहुन्छ, अतएव रामलाई नमस्कार गर्नुपर्दछ । कालरूपी भयङ्कर सर्प रामदेखि डराउँछ, रामकै वशमा सबै थोक छ । श्रीराममा मेरो अखण्ड भक्ति होओस्, हे राम ! तपाईं नै मेरो आधार हुनुहुन्छ ॥१॥

लक्ष्मीलाई आनन्द दिने, चित्रकूटको पर्वतमा विहार गर्ने, भक्तहरूलाई अभय दिने, परमानन्द-स्वरूप रामलाई म नमस्कार गर्दछु ॥२॥ संसारको उत्पत्ति, पालन, संहार गर्ने ब्रह्मा, विष्णु, महेश आदि गरिएका देवताहरू उहाँका अंश मात्र हुन्। यस्ता आदिदेव विशुद्ध परमात्मा श्रीरामको म स्मरण गर्दछु॥३॥

ऋषिहरूले भने—हे भगवन्! तपाईं विद्वान् हुनुहुन्छ । हामीले सोधेका जम्मै कुरा वर्णन गरेर सुनाउनुभयो, तर संसाररूपी पाशोमा बांधिएका जीवहरूले अनेकन् दुःख भोग्नुपर्दछ ॥४॥ यो संसारको पाशोलाई चुँडाल्न सक्ने को छ ? कलियुगमा वेदोक्त मार्गहरू नष्ट हुनेछन् भनेर तपाईंले स्वयं भन्नुभयो ॥५॥ पाप कर्ममा लागेका प्राणीहरूले भोग्नुपर्ने दुःखको पनि तपाईंले वर्णन गर्नुभयो । घोर कलियुग लागेपछि वेदमार्ग लुप्त हुँदा केवल पाखण्डै पाखण्ड देखिनेछ—यी सब कुरा तपाईंले भनि-सक्नुभयो । कलियुगमा मानिसहरू कामको वशमा परेका, खिइएको शरीर भएका, लोभी र परस्पर द्वेष गर्ने हुनेछन् ॥६-७॥ कलियुगमा मानिसहरूको आयु छोटो हुनेछ र यिनका सन्तान धेरै हुनेछन् औ वेश्याहरूले झैं शृंगार गर्नामा लाग्नेछन् ॥८॥ यिनीहरू आफ्ना लोग्नेले भनेको कुरा नमानेर अर्काको घरमा खूब आवत-जावत गर्नेछन् । यिनीहरू स्वयं दुष्ट स्वभावका हुनेछन् र दुष्टहरूको संसर्गमा रहन

निको मान्नेछन् ॥९॥ कुलीन आइमाईहरू पुरुषलाई देख्ता आत्मसंयम गर्न सक्नेछैनन् अर्थात् मन थाम्न सक्नेछैनन् । कठोर औ झूटो वचन बोल्नामा सदा तत्पर रहनेछन् , यिनको शरीरसमेत अपवित्र रहनेछ ॥१०॥ कलियुग लागेपछि आइमाईहरू बड़बड़े हुनेछन्, भिक्षा मागेर जीविका चलाउने संन्यासीहरू कुटुम्ब मित्रादिको प्रेमसूत्रमा फसेका हुनेछन् ॥११॥ ब्राह्मणहरू अरूलाई सताउनाको निम्ति शिष्यहरूको कृपा खोज्नेछन् , सदा पाखण्डी कुरा गर्नामा तथा पाखण्डीहरूको संगत गर्नामा तत्पर रहनेछन् ॥१२॥ घोर कलियुगले व्याप्त गरेपछि ब्राह्मणहरूको यस्तो अवस्था हुनेछ । उत्तम कुलमा जन्मेका ब्राह्मणहरू यज्ञोपवीत औ शिखाको त्याग गर्नेछन् ॥१३॥ हे ज्ञानी सूत ! यिनीहरूको मुक्ति कसरी हुने हो बताउनोस् ।

कलियुग लागेपछि राक्षसहरू ब्रह्मयोनिमा जन्म लिनेछन् और ईश्वरीय धर्ममा विघ्नबाधा पारेर परस्पर विरोध गर्ने किसिमका हुनेछन् । ब्राह्मणहरू बाहुनले गर्नुपर्ने काम नगरेर ईश्वरीय धर्मदेखि वञ्चित रहनेछन् ॥१४-१५॥ कलियुगमा ब्राह्मणहरू चोंगा पगड़ी लाउन थाल्नेछन् । हे ब्रह्मन् ! यस प्रकारसंग घोर कलियुगले व्याप्त गर्दाखेरि अपवित्र मन भएका, पापकर्म गर्नामा लागेका मानिसहरूको कसरी मुक्ति हुने हो ? शूद्रले ल्याएको पानीले पकाएको अन्न खाने, शूद्रसंग बसेर भोजन गर्ने र शूद्रको अन्न खानेहरूको कसरी उद्धार हुने हो ? देवेश, देवदेव, जगन्नाथ कसरी यिनीहरूमाथि प्रसन्न हुने हुन्, सो कुरा, हे करुणासागर सर्वज्ञ सूत ! हामीलाई बताइदिनोस् ॥१६-१९॥ हे मुनिश्रेष्ठ सूतजी ! यी सब कुरा हामीलाई राम्रोसंग बताइदिनोस् , हे सूतजी ! तपाईंको वचनरूपी अमृतले किन हामीलाई तुष्टि नभएको हो ? ॥२०॥

सूतजी भन्नलागे—हे ऋषिहो ! तपाईंहरूले इच्छा गरेको कुरा भन्दछु, सुन्नोस् । महात्मा नारदले सनत्कुमारलाई रामायण महाकाव्य सुनाएथे । यो काव्य वेदका समस्त तत्वले युक्त भएको छ, यसले सबै पापलाई दूर गर्दछ और दुष्ट ग्रहहरूको पनि निवारण गर्दछ ॥२१-२२॥ यो दुःखनाशक, यशदायक, सांसारिक सुख र मुक्तिसमेत दिने हो । यसमा रामचन्द्रको गुण वर्णन गरिएको छ, यसबाट सब किसिमका कल्याण र सिद्धि पाउन सकिन्छ ॥२३॥ धर्म, अर्थ, काम, मोक्ष यी चारै महाफल यताबाट पाइन्छन् , यसले अपूर्व पुण्यको फल दिन्छ, तपाईंहरू सावधान भएर सुन्नोस् ॥२४॥ कोही महापापी अथवा सबै किसिमका पाप-कर्म गर्नामा लागेको छ तापनि त्यसले महर्षिले बनाएको यो दिव्य काव्य सुन्यो-भने शुद्ध हुनेछ ॥२५॥ संसारको कल्याण गर्नपट्टि मन भएका सज्जनहरू रामायण सुन्नामा प्रवृत्त हुन्छन्, यिनीहरूलाई नै धर्मको अनुष्ठान गर्ने र सबै शास्त्रको अर्थ बुझ्ने भन्नुपर्दछ ॥२६॥ हे द्विजश्रेष्ठहो ! यो रामायण धर्म, अर्थ, काम र मोक्षको साधन हो, तसर्थ मानिसहरूले सदा सर्वदा भक्तिपूर्वक यसको श्रवण गर्नुपर्दछ ॥२७॥ जसको रामायणमा महाप्रीति छ त्यसका पूर्वजन्मका सबै पाप अवश्य नष्ट हुन्छन्, यो निश्चित कुरा हो ॥२८॥ पापजालमा जकड़िएको मानिस मात्र रामायणको कथा हुन लागेको वेलामा, कथाको अनादर गरेर, अरू अरू कुरा गर्नपट्टि मन लगाउँछ ॥२९॥ यसकारण, हे द्विजश्रेष्ठहो ! तपाईंहरू पनि रामायण नाम गरेको काव्य सुन्नपट्टि लाग्नोस् । यो सुन्ने मानिसलाई जन्म, जरा, मरणको भय हुँदैन र पापरहित भएर विष्णुसमान हुन पाइन्छ ॥३०॥

यो काव्य उत्तम छ, अति उत्तम छ । यसलाई सुन्नाले आफूले इच्छा गरेको फल पाइन्छ । पाठ गरेर अरूलाई सुनाउने योग्य छ, आफ्नो तेजले यसले समस्त संसारलाई उज्यालो गराइराखेको छ । यो आनन्ददायक काव्य सुन्नाले मानिसलाई मोक्ष मिल्दछ ॥३१॥ ब्रह्मा, विष्णु, शिव आदि रूपभेदले संसारको सृष्टि, पालन र संहार गर्ने यी आदिदेव, परब्रह्म, परमेश्वरलाई मनमा धारण गर्नाले मनुष्यलाई मुक्ति प्राप्त हुन्छ ॥३२॥ यी परमात्मा नाम, जाति औ कल्पना केही पनि नभएका छन् । यिनी सूक्ष्मभन्दा पनि सूक्ष्म परमसूक्ष्म छन्, वेदान्तद्वारा यिनको ज्ञान हुन सक्तछ, यिनी आफ्नै इच्छाले प्रकाशित छन् । समस्त पुराण तथा वेदको ज्ञान भएकाहरूले थोरबहुत चिह्नेका होलान् ॥३३॥

हे द्विजश्रेष्ठहो ! कार्तिक, माघ र चैत्र महीनाको शुक्लपक्षमा नौ दिनसम्म यो अमृतसमानको रामकथा सुन्नुपर्दछ ॥३४॥ यस प्रकारसंग रामचन्द्रको शुभ कथा जसले सुन्नेछ त्यसले यस लोकमा र परलोकमा आफूले चिताएका सबै असल-असल कुरा नभेट्टाइछोड्नेछैन ॥३५॥ त्यसका र त्यसका एक्काईस पुस्ताका सबै पाप छुट्नेछन् र अन्तमा वैकुण्ठमा जान पाउनेछ, जहाँ पुगेपछि मानिसले कुनै प्रकारको दुःख भोग्नुपर्दैन ॥३६॥

चैत्र, माघ, कार्तिक महीनाको शुक्लपक्षमा नौ दिनसम्म नियममा बसेर यस ग्रन्थको पाठ गर्नुपर्दछ अथवा सुन्नुपर्दछ ॥३७॥ यो रामायण आदिकाव्य हो, यसले स्वर्ग र मोक्ष दिन्छ । घोर कलियुगमा सबै धर्मको परित्याग हुँदाखेरि नौ दिनसम्म यो अमृतसमानको रामायणकथा सुन्नैपर्दछ । हे ब्राह्मणहो ! घोर कलियुगमा जो रामायणका भक्त हुनेछन्, तिनका सबै मनोरथ पूर्ण हुनेछन् । उनीहरूमाथि कलियुगको प्रभाव पर्न पाउनेछैन । सधैं रामायणको कथा हुने घर तीर्थसमान हुनेछ र दुष्टहरूको पाप पखाल्नेछ । हे तपस्वीहो ! जबसम्म मानिसहरू नियमपूर्वक श्रीमद् रामायणको कथा सुन्दैनन् तबसम्म यिनीहरूको शरीरमा पापले बास बस्न पाउँछ । यो रामायणको कथा संसारमा बड़ो दुर्लभ छ, करोड़ौं जन्मको पुण्य उदय भएपछि मात्र यो सुन्न पाइन्छ । हे द्विजश्रेष्ठहो ! कार्तिक, माघ, चैत्र महीनाको शुक्लपक्षमा यो कथा सुन्नुपर्दछ । यै रामायणको कथा सुन्नाले गौतमको श्रापले राक्षस भएका सौदास राजाको मुक्ति भएथ्यो । रामायणको प्रभावले गर्दा यिनले राक्षसी शरीरबाट छुटकारा पाएर मुक्ति पाएका हुन् । रामचन्द्रमाथि भक्ति राख्ने जसले यो कथा भक्तिपूर्वक सुन्दछ त्यसका साना ठूला सबै किसिमका पाप दूर हुन्छन् ॥३८-४६॥

अध्याय—२

ऋषिहरूले भने—देवर्षि नारद मुनिले सनत्कुमारलाई कुन तरहले सबै धर्म सुनाए ? यी दुवै

जनाको कसरी भेट भयो ? ॥१॥ हे महामुने ! यी दुवै ब्रह्मवादी कुन ठाउँमा बसेर छलफल गर्दथे ? नारदले सनत्कुमारलाई जे जे कुरा भनेथे सो हामीलाई सुनाउनोस् ॥२॥

सूतजी भन्नलागे—सनकादि महात्माहरू ब्रह्माका छोरा ठहरिएका छन्। ममता र अहङ्कार यिनीहरूमा छंदै थिएन। सबै उर्ध्वरेता थिए॥३॥ म उनीहरूको नाम भन्दछु। सनक, सनन्दन, सनत्कुमार र सनातन उनीहरूको नाम हो ॥४॥ यी चारै महात्माहरू विष्णुभक्त थिए र ब्रह्मको ध्यानमा लीन रहन्थे। एक-हजारौं सूर्यको जस्तो यिनको तेज थियो। यी सबै सत्यवादी थिए र मोक्षको इच्छा गर्दथे ॥५॥ एक-चोटि यी महातेजस्वी, ब्रह्माका छोरा सनकादिहरू मेरु पर्वतको शिखरमा ब्रह्माको सभा हेर्न भनी गए ॥६॥ त्यहां पुगेपछि यिनीहरूले विष्णुको चरणबाट उत्पन्न भएकी, पवित्र जल भएकी, त्यहां सीताको नामले विख्यात भएकी गङ्गानदी देखे र सो नदीमा स्नान गरी यी महातेजस्वीहरू सभामा जान तय्यार भए ॥७॥ हे ब्राह्मणहो ! यै अवसरमा देवर्षि नारद मुनि विष्णुको नारायणादि नाम उच्चारण गर्दै त्यस ठाउँमा आइपुगे ॥८॥ हे नारायण ! हे अच्युतानन्द; हे वासुदेव ! हे जनार्दन ! हे यज्ञेश ! हे यज्ञपुरुष ! हे राम ! हे विष्णो ! म तपाईंलाई नमस्कार गर्दछु ॥९॥ यस प्रकारसंग हरिनामको उच्चारण गर्दै, समस्त संसारलाई पवित्र गराउँदै, लोकपावनी गङ्गाजीको स्तुति गर्दै नारद त्यस ठाउँमा आइपुगे ॥१०॥ नारदजीलाई आएको देख्ता महातेजस्वी सनकादिहरूले विधिपूर्वक उहाँको पूजा गरे र नारदले पनि ती मुनिहरूलाई नमस्कार गर्नुभयो ॥११॥ अब त्यहाँ सभाको बीचमा सनत्कुमार, भगवान्का परमभक्त मुनिश्रेष्ठ नारदलाई भन्न लागे ॥१२॥

सनत्कुमारले भने—मुनिहरूलाई आदर दिने हे महाज्ञानी नारद ! तपाईं सर्वज्ञ हुनुहुन्छ, सदा सर्वदा हरिभक्तिमा लीन भइरहने हुनाले तपाईंभन्दा ठूलो अरू कोही छैन ॥१३॥ जसबाट स्थावर-जंगमात्मक समस्त संसार उत्पन्न भएको छ, जसको चरणबाट गङ्गाजी निस्केकी छन्, यस्ता हरिको ज्ञान कसरी हुनसक्तछ ॥१४॥ मेराउपर तपाईंको कृपा छभने यो कुरा राम्रो गरी मलाई बुझाइदिनोस्।

नारदले भने—परम परमेश्वरलाई नमस्कार छ। अग्लाभन्दा अग्ला, अग्लोभन्दा अग्लो ठाउँमा रहने, सगुण, निर्गुण, ज्ञान-अज्ञानस्वरूप, धर्म अधर्मस्वरूप, विद्या अविद्या दुवै जसका रूप छन्, ती स्वतन्त्र रूप भएका भगवान्लाई नमस्कार छ। दैत्यहरूको संहार गर्ने, नरकासुरलाई मार्ने, केवल एउटा औंलाको आधारमा पृथ्वीलाई उचालिराख्ने, पृथ्वीको भार उतार्नमा आनन्द मान्ने यस्ता रघुवंशदीपक भगवान्लाई नमस्कार गर्दछु। जसले चार स्वरूपमा अवतार लिए औं वानरहरूलाई आफूसंग लगेर राक्षसी सेनालाई ध्वस्त पारिदिए त्यस्ता दशरथका छोरा रामको म भजन गर्दछु। यी महात्माका यस प्रकारका अनेक चरित्र छन् ॥१५-१९॥ करोड़ौं वर्षमा पनि यिनका चरित्रको गणना हुनसक्तैन। मनु र मुनीन्द्रहरूसमेत यिनका नामको महिमा यत्तिकै रहेछ भनेर पत्ता लगाउन सक्तैनन्भने म क्षुद्र व्यक्तिले कसरी उहाँलाई भज्ने हो ? जसको नाम सुन्नाले मात्र महापापीसमेत पवित्र हुन्छन् त्यस्तालाई म क्षुद्र-

क

बुद्धिले कसरी सन्तुष्ट पार्ने हो ? घोर कलियुगमा जो ब्राह्मण रामायणका भक्त हुनेछन् तिनका सबै इच्छा पूर्ण हुनेछन् । यस्ता ब्राह्मणलाई म सधैं नमस्कार गर्दछु ॥२०-२३॥ कार्तिक, चैत्र, माघ महीनाको शुक्ल-पक्षमा नौ दिनसम्म अमृतसमानको यो रामायणकथा सुन्नुपर्दछ ॥२४॥ गौतमको श्रापले गर्दा राक्षसको रूप लिएका सौदास राजाको यै रामायणको प्रभावले मुक्ति हुनगएथ्यो ॥२५॥

सनत्कुमारले भने—समस्त धर्मको फल दिने रामायण कसले भनेको हो ? गौतमले मुनिवर सौदास-लाई किन सराप दिए ? रामायणको प्रभावले फेरि उनको कसरी मुक्ति हुनगयो ? मेराउपर तपाईंको कृपा र करुणा छभने, हे मुने ! सुन्ने र भन्ने दुवै थरीको पाप दूर गर्ने यस कथाको बारेमा जम्मै कुरा मलाई भन्नोस् ॥२६-२८॥

नारदले भने—हे विप्र ! सुन्नोस्, वाल्मीकिको मुखबाट निस्केको रामायणकथा अमृतसमानको छ, नौ दिन लगाएर यो सुन्नुपर्दछ ॥२९॥ सत्ययुगमा धर्मकर्ममा लागेका सोमदत्त नाम गरेका कुनै एक धर्मात्मा ब्राह्मण थिए ॥३०॥ रमणीय गंगातटमा यी ब्राह्मणले ब्रह्मवादी गौतम मुनिको मुखबाट अनेक धर्मका कुरा सुनेथे । मुनिले पुराण र शास्त्रका अनेक कथा सुनाएर यिनलाई ज्ञान दिएथे ॥३१॥ ऋषिराजको मुखबाट समस्त धर्मको कुरा सुनिसकेपछि यी ब्राह्मण कुनै एक समयमा परमेश्वर शङ्करको पूजा गर्नलागेका थिए ॥३२॥ पूजामा लीन भएकाले गौतम त्यहाँ आउँदाखेरि पनि यिनले उहाँलाई प्रणामसमेत गरेनन् । महातेजस्वी गौतमजी शान्त स्वभावका र बड़ा बुद्धिमान् थिए ॥३३॥ मैले बताएको कर्म गर्नलागेको रहेछ भन्ने विचारले यिनी प्रसन्न भए । तर संसारका गुरु शिव, महादेवले, जसको यी ब्राह्मण पूजा गर्न लागेका थिए, गौतम आउँदाखेरि यिनले उनलाई प्रणाम नगरेकोमा गुरुको अनादर भएको संझी, यस पापले गर्दा तिमी राक्षस भए भन्ने श्राप दिनुभयो ॥३४-३५॥ सर्वधर्मका ज्ञाता, समस्त कुरा देख्ने, देवेश्वर भगवान्ले यसरी श्राप दिएको सुन्दा, ब्राह्मणले हात जोरेर विनय र नीति जान्ने गौतमलाई भने ॥३६॥ हे भगवन् ! मैले गरेको सबै अपराध क्षमा गरिदिनोस् ।

गौतमले भने—कार्तिक शुक्लपक्ष नवमीका दिन अमृतसमानको रामायणकथा भक्ति र आदरसहित सुन । यो श्राप धेरै दिनसम्म रहनेछैन केवल बाह्र वर्ष रहनेछ ॥३७-३८॥

ब्राह्मणले भने—यो रामायण कसले भनेको हो ? यसमा कसको चरित्र वर्णन गरिएको छ ? हे महाज्ञानी ! यी सबै कुरा मलाई संक्षेप रूपमा सुनाइदिनोस् । मनमा प्रीति उत्पन्न हुन गएकोले यिनले गुरुको चरणमा प्रणाम गरे ।

गौतमले भने—हे विप्र ! वाल्मीकि मुनिले बनाएको रामायण सुन ॥३९-४०॥ यो सुनेपछि तिम्रो पाप दूर हुनेछ र फेरि आफ्नो स्वरूप पाउनेछौ । देवताहरूको कल्याणका लागि जसले रामको अवतार लिएर रावणादि राक्षसहरूको वध गरे, तिमी उनको चरित्र सुन । कार्तिकको शुक्लपक्षमा समस्त पापलाई दूर गर्ने रामायणको कथा नौ दिनसम्म सुन्नुपर्दछ ।

यति भनेर सर्वसम्पन्न गौतमजी आफ्नो आश्रमतिर लागे र ब्राह्मणले पनि दुःखित भएर राक्षसी शरीर लिनुपर्‍यो । यो सधैं भोक प्यासले दुःख पाउन लाग्यो र बड़ो रिसाहा भएर आयो ॥४१-४४॥ कालो सर्पको जस्तो कालो भयङ्कर शरीर लिएर निर्जन वनमा घुम्न लाग्यो । नाना प्रकारका पशुपक्षी, मानिस, सर्प र वानरलाई मारेर खान लाग्यो । हे ब्राह्मणहो ! पहेंलो रातो वर्णको हाड़को थुप्रोले र रगत पिउने प्रेतहरूले गर्दा त्यहांको जमीन भयानक देखिन थाल्यो । छ महीनाभित्रमा सय योजनको फांट भएको जग्गालाई अत्यन्त दूषित पारेर यो अर्को वनमा गयो । त्यहां पनि रोज रोज मानिसको मासु खान लाग्यो ॥४५-४८॥ एक दिन सबैको मनमा त्रास पार्ने यो राक्षस नदीको तीरमा पुग्यो । यै मौकामा त्यहां एउटा बड़ो धर्मात्मा ब्राह्मण आइपुगे । कलिङ्ग देशमा जन्मेका यी ब्राह्मणको नाम गर्ग थियो, काँधमा गङ्गाजल बोकेर भगवान् विश्वेश्वरको स्तुति गर्नलागेका थिए ॥४९-५०॥ यस प्रकारसँग बड़ो प्रसन्नतासाथ रामको गुणगान गर्दै त्यहाँ आइपुगे । यी मुनिलाई आउनलागेको देख्ना-साथ "आजको आहारा पाएँ" भन्दै यो सुदामा राक्षस दुवै हात उठाएर उनीतिर दगुर्‍यो । तर मुनिले उच्चारण गरेको नाम सुन्नाले राक्षस टाढ़ै उभियो र ब्राह्मणमाथि हमला गर्न नसकेकोले भन्न लाग्यो।

राक्षसले भन्यो—तपाईं बड़ो भाग्यमानी र सज्जन हुनुहुँदो रहेछ, तपाईं महात्मालाई मेरो नमस्कार छ । नामस्मरणको प्रभावले राक्षसहरूले समेत तपाईंदेखि टाढ़ै बस्नुपर्दोरहेछ । मैले पहिलेपहिले हजारौं करौंड़ौं ब्राह्मणहरूलाई खाइसकेको हुँ, तर हे ब्राह्मण ! रामनामको स्मरणले तपाईंलाई यस समयमा महाभय-देखि बचाइरहेको छ। हे प्रभो ! नामको स्मरण मात्रले हामी राक्षसहरूलाई समेत यस्तो शान्ति हुनगयोभने ती नारायणको महिमा कस्तो होला ? हे महाभाग ! मलाई थाहा भयो, तपाईंमा रागादि गरिएका कुनै दोष पनि छैनन् । रामकथाको प्रभावले हामीहरूको घोर पापबाट उद्धार गर्नोस् । हे मुनिवर ! मैले उहिले गुरुको अपमान गरेथें। पछिबाट गुरुले मेराउपर कृपा गरेर यो अर्ती दिनुभएथ्यो । पूर्वकालमा वाल्मीकिजीले जो रामायण कथा बनाएकाछन् त्यसलाई तैंले कार्तिक महीनाको शुक्लपक्षमा बड़ो सावधान भईकन सुनेस् । यसपछि गुरुजीले फेरि राम्रो अर्ती दिनुभयो—अमृतसमानको यो रामायण कथा नौ दिनसम्म सुन्नुपर्दछ । तसर्थ सबै शास्त्रको अर्थ जान्ने हे महाभाग ! हे ब्रह्मन् ! केवल रामायण-को कथा सुनाएर हामीहरूको यस पापकर्मबाट उद्धार गरिदिनोस् ।

नारदजी भन्नलागे—राक्षसले यस प्रकारसंग रामको उत्तम माहात्म्यको वर्णन गरेको सुन्दा विप्रवर गर्ग बहुतै छक्क परे । यसपछि सदा रामनाम लिइरहने गर्गको मनमा दया उत्पन्न भयो र यिनी सुदामा राक्षसलाई यस्तो कुरा भन्न लागे ।

ब्राह्मण भन्न लागे—हे राक्षसराज ! तिमी धन्य रहेछौ, तिम्रो बुद्धि निर्मल भइसकेको छ ॥५१-६३॥ यस कार्तिक महीनाको शुक्लपक्षमा रामायणको कथा सुन । भक्तिपूर्ण मनले राममाहात्म्य सुन । रामको ध्यानमा लागिराखेकालाई कसैले सताउन सक्तैन। जहाँ रामका भक्त रहन्छन्, त्यहाँ ब्रह्मा, विष्णु, शिव यी सबै रहन्छन्, त्यहाँ देवता, सिद्ध र रामभक्त प्राणीको वास हुन्छ। तसर्थ कार्तिक महीनाको शुक्लपक्षमा नौ

दिनसम्म बड़ो सावधान भईकन रामायणको कथा सुन । कथा सुन्नाले नै सुदामाको राक्षसपना दूर भइगयो ॥६४-६७॥ राक्षसरूप छोड़ेर यी देवतासमान देखिन लागे । करोड़ौं सूर्यको तेज पाएकोले यी देवताहरूमा उत्तम स्वरूप भएको भए ॥६८॥ शंख, चक्र, गदा हातमा लिएका स्वयं रामचन्द्र तहाँ उपस्थित हुनुभयो र गर्गको स्तुति गर्दै सुदामा पनि वैकुण्ठतिर लागे ॥६९॥

नारदजी भन्नलागे—तसर्थ हे ब्राह्मणहो ! कार्तिक महीनाको शुक्लपक्षमा नौ दिनसम्म अमृतसमानको रामायण कथा सुन्ने अथवा भन्ने गर्नुपर्दछ ॥७०॥ यसको नाम स्मरण गर्नाले पनि मानिसहरू करोड़ौं महापापबाट छुटकारा पाएर परमगति अर्थात् वैकुण्ठको वास पाउँछन् । रामायण भन्ने यो शब्द एकचोटि मात्र उच्चारण गर्ने प्राणी उहिलेरै सबै पापदेखि मुक्त हुन्छ र अन्तकालमा विष्णुलोकमा जान पाउँछ । जो यस कथालाई भक्तिपूर्वक पढ्ने वा सुन्ने गर्नेछन् तिनले अवश्यै गङ्गास्नानको पुण्य फल पाउनेछन् ॥७१-७२॥

अध्याय—३

सनत्कुमारले भने—मुनिहरूको सम्मान गर्ने हे नारद ! तपाईंले यो बड़ो विचित्र कुरा सुनाउनुभयो, अब कृपया अरू पनि रामायणको माहात्म्य हामीलाई विस्तारपूर्वक सुनाइदिनोस् ॥१॥ अरू अरू महीनाको माहात्म्य पनि कृपा गरेर हामीलाई सुनाइदिनोस् । अमृतसमानका तपाईंका वचन सुन्नाले हामीलाई किन तृप्ति नभएको होला ? ॥२॥

नारद भन्नलागे—तपाईंहरू सबै बड़ो भाग्यमानी र कृतार्थ हुनुहुँदो रहेछ, यसमा केही सन्देह छैन, कारण तपाईंहरू सबै भक्तिपूर्वक रामको प्रभाव सुन्न उद्यत भइराख्नुभएको छ ॥३॥ पुण्यात्माहरूलाई समेत यी रामको माहात्म्य सुन्न पाउनु दुर्लभ छ भनी ब्रह्मज्ञानी मुनिहरूले भनेकाछन् ॥४॥ हे ऋषिहो ! यो अद्भुतको प्राचीन इतिहास सुन्नोस् । यो सुन्नाले सबै पाप र रोगको विनाश हुन्छ ॥५॥ उहिले द्वापरमा सुमति नाम गरेका कुनै एक राजा थिए । चन्द्रवंशमा यिनको जन्म भएको थियो र समस्त भूमण्डलका यी मालिक थिए ॥६॥ धर्मात्मा, सत्यसागर, सबै सम्पत्तिले पूर्ण भएका यिनी सदा रामको कथा सुन्नामा र पूजा गर्नामा लागिरहन्थे ॥७॥ रामभक्तहरूको सेवा टहल गर्दथे तथा अहङ्कार भनेको यिनमा छँदै थिएन । पूज्यहरूको पूजा गर्ने, सबैलाई एकनासको दृष्टिले हेर्ने र गुणवान् पनि थिए ॥८॥ यी राजा सबै प्राणीको हित गर्ने, शान्त, कृतज्ञ र कीर्तिमान् थिए । भाग्यशालिनी यिनकी रानी पनि यसै गरी सबै लक्षणले युक्त भएकी थिइन् ॥९॥ यिनी पतिव्रता थिइन् । पतिलाई नै आफ्नो प्राण संझन्थिन् र सबैको कल्याण गर्दथिन् । सत्यवती यिनको नाम थियो । यी दुवै लोग्ने स्वास्नी सदा रामायण–कथा सुन्दथे ॥१०॥ यिनीहरू सदा अन्नदान र जलदान गर्नामा लागिरहन्थे, यिनीहरूले अनगिन्ती तलाउ, इनार तथा फूलवारी बनाउन लगाएका थिए ॥११॥ यस प्रकारसंग यी भाग्यमानी राजा रामायणमा लवलीन रहन्थे । भक्तिपूर्वक कहिले रामायणको पाठ गर्ने र कहिले सुन्ने यिनको काम थियो ॥१२॥ यस्ता रामभक्त, धर्मपरायण राजा र यिनकी प्यारी सत्यवतीको

देवताहरूसमेत सधैं प्रशंसा गर्दथे ॥१३॥ यी धर्मात्मा राजा रानी त्रैलोक्यमा विख्यात थिए। एक दिन अनेक चेलाहरूलाई साथमा ली विभाण्डक ऋषि यिनलाई भेट्न आएछन् ॥१४॥ विभाण्डक मुनिलाई आएको देख्ता राजा, रानीलाई साथमा ली उनको स्वागत गर्न गए र खूबसंग उनको पूजा गरे ॥१५॥ अतिथिसत्कार ग्रहण गरेपछि मुनि शान्त भएर आफ्नो आसनमा बसे र राजा उनको आसन-देखि मनिको आसनमा बसी हात जोरेर भन्न लागे ॥१६॥

राजा भन्नलागे—हे भगवन्! आज मकहां पाल्नुभएकोले म कृतकृत्य भइराखेको छु। सत्पुरुषहरूको आगमन बड़ो भाग्यले मात्र हुन्छ भन्ने सज्जनहरूको भनाइ छ।॥१७॥ जहां महात्माहरूको प्रेम हुन्छ त्यहां सबै सम्पत्तिले वास गर्दछन्। तेज, पुत्र, कीर्ति, धन यी सबै त्यहाँ हुन्छन् भन्ने विद्वान्‌हरूको भनाइ छ ॥१८॥ हे मुनिराज! त्यहाँ प्रतिदिन कल्याणको वृद्धि भइरहन्छ र ठूला ठूला सज्जन पुरुष त्यहाँ आएर कृपा गर्दछन् ॥१९॥ हे प्रभो! ब्राह्मणको चरणोदक मस्तकमा धारण गर्ने पुरुष बड़ा पुण्यात्मा हुन्। निस्सन्देह यिनीहरूले सबै तीर्थमा स्नान गरे भने पनि हुन्छ ॥२०॥ मेरा छोरा, स्वास्नी, सम्पत्ति सब तपाईंकै हुन्। हे शान्तस्वरूप मुनिराज! आज्ञा गर्नोस्, कुन प्रकारले मैले तपाईंको सेवा गर्ने हो ॥२१॥ राजाको यस प्रकारको नम्रता देख्ता मुनिवर हातले राजालाई छोएर बड़ो प्रसन्न भईकन भन्नलागे ॥२२॥

ऋषि भन्नलागे—हे राजन्! तिमीले जति कुरा भन्यौ ती सब तिम्रो कुललाई सुहाउने किसिमका हुन्। जति पुरुष विनयी छन् ती सबै परमकल्याण पाउँछन् ॥२३॥ हे राजन्! तिमी सन्मार्गको अनु-सरण गर्दारहेछौ, अतः तिमीदेखि बड़ो प्रसन्न छु। हे महाभाग! तिम्रो कल्याण होस्, म जे सोद्धछु, सो भन ॥२४॥ भगवान्‌लाई प्रसन्न गराउने अनेक पुराण छन्, तर यो माघ महीनामा तिमी रामायणको विशेषरूपले अनुष्ठान गर्नलागेका छौ ॥२५॥ तिम्री यी पतिव्रता रानी पनि सधैं राममा भक्ति गर्दछिन्, यस्तो किन भएको हो सो सब वृत्तान्त मलाई ठीक ठीकसंग भन ॥२६॥

राजा भन्नलागे—हे भगवन्! तपाईंले सोध्नुभएको कुरा म जम्मै भन्दछु, सुन्नोस्। हे महामुने! हामीहरूको चरित्र सुन्दा मानिसलाई आश्चर्य लाग्दछ ॥२७॥ म पूर्वजन्ममा मालिनि नाम गरेको शूद्र थिएँ, सधैं कुमार्गमा लागिरहन्थें र सबलाई दुःख दिन्थें ॥२८॥ मेरो स्वभाव दुष्ट थियो। धर्मको द्वेष गर्थें, देवताहरूको धन चोर्दथें, महापातकीहरूसितको संगत थियो औ देवधनबाट मेरो जीविका चल्दथ्यो ॥२९॥ गाई, ब्राह्मणको हत्या गर्थें, चोरी गर्दथें, र सदा प्राणीहरूको संहार गर्नामा लागिरहन्थें। सधैं कठोर वचन बोल्ने बानी थियो, पापी थिएँ र वेश्याहरूसितको संसर्ग थियो ॥३०॥ यै किसिमको आचरण गरेर मैले केही काल बिताएँ। मान्यहरूले संझाए पनि, तर उनको अर्ती नमानेकोले सबै नातादारले मलाई त्यागिदिए, तसर्थ दुःखमा परेर वनतिर लागें ॥३१॥ म सधैं जनावरहरूको मासु खाएर रहन लागें, बाटोमा लूटपीट गर्ने मेरो काम भयो। यस प्रकारसंग बड़ो दुःख सहेर म एक्लै निर्जन वनमा बस्न लागें ॥३२॥ एक दिन भोक प्यास तथा थकाइले सताइराखेको औ निद्राले झ्याम्म झ्याम्म पार्नलागेको बेलामा संयोगले निर्जन वनमा वशिष्ठको आश्रमतिर दृष्टि पर्नगयो ॥३३॥ मैले

त्यस आश्रमनेर हांस, कारण्डवादि पक्षीहरूले वास गरेको एउटा ठूलो तलाउ देखें; मुनिहरूले चारैतिर जंगली फूलहरूको बिरुवा लगाएर यसलाई सिंगारिराखेका रहेछन् ॥३४॥ यस तलाउको तीरमा गएर मैले पानी खाएँ र थकाइ मरेपछि रूखको जरा उखेल्दै खाँदै गरेर आफ्नो भोक शान्त गरें ॥३५॥ वशिष्ठको त्यै आश्रमनेर म बस्न लागें । त्यहां कुनै एक जग्गामा बाङ्गा-टिङ्गा ढुङ्गा जम्मा पारी, घाँस पात र काठका टुक्राको मद्दतले राम्रोसंग एउटा छाप्रो बनाएँ । नाना प्रकारका जनावरहरूलाई मारेर म त्यहाँ व्याधाले झैं आफ्नो जीवन व्यतीत गर्न लागें । यस प्रकारको जीवन निर्वाह गर्दा गर्दैमा बीस वर्ष बित्न गए । यसपछि विन्ध्य देशमा जन्मेकी यो सती मकहां आइपुगी ॥३६-३८॥ निषादकुलमा यसको जन्म भएको रहेछ र कालीको नामले प्रख्यात रहिछ । नाता कुटुम्बीले यसलाई निकालिदिएका रहेछन् । त्यस बखतमा यो ठूलो दुःखमा परेकी औ दुब्लाएकी पनि थिई; भोक प्यासले पीड़ित भएकी यो असल खराब कामको विचार गर्न लागेकी थिई । दैवसंयोगले निर्जन वनमा घुम्दा घुम्दैमा यो मकहाँ आइपुगी ॥३९-४०॥ ग्रीष्म कालको घामले यसलाई सताइराखेको औ मानसिक वेदनाले आकुल-व्याकुल पारिराखेको थियो । यसलाई यस्तो दुःखमा परेको देख्ता मेरो मनमा दया उत्पन्न हुन गयो र मैले यसलाई जल, मासु र जंगली फलफूल खान दिएँ । भोजन गरेर थकाइ मरिसकेपछि यो जस्ताको तस्तै गरेर मलाई आफ्नो वृत्तान्त सुनाउन लागी, हे मुने ! तपाईं पनि सो वृत्तान्त सुन्नोस् ।

हे ब्रह्मन् ! काली नाम भएकी, निषादकुलमा जन्मेकी यो विन्ध्यपर्वतमा बस्ने कुनै एक दाविककी छोरी रहिछ । अर्काको धन चोर्ने र सधैं कठोर बोली बोल्ने यसको स्वभाव थियो ॥४१-४४॥ आफ्नो पतिको हत्या गरेकोले नाता कुटुम्बीले निकालिदिएछन् । हे ब्रह्मन् ! यस निर्जन वनमा मकहाँ आएर यसले यस प्रकारसंग आफूले गरेका कामको वृत्तान्त बयान गरेर सुनाई । हे मुने ! वशिष्ठको पवित्र आश्रमनेर यो र म हामी दुवै लोग्ने स्वास्नी भएर वनका जीव जन्तुको मासु खाएर रहन लाग्यौं । एक दिन हामी पुरा बटुल्न भनी वशिष्ठको आश्रममा गयौं ॥४५-४७॥ त्यहाँ हामीहरूले ऋषि र देवताहरू जम्मा भएका देख्यौं । यिनीहरू माघ महीनामा रोज रोज रामायणको कथा भक्ति-पूर्वक सुन्नलागेका देखिए ॥४८॥ भोका, प्यासा र थाकेका हामीहरू बसेर नौ दिनसम्म भक्तिपूर्वक रामायणको कथा सुन्न भनी वशिष्ठको आश्रममा जान लाग्यौं । हे मुने ! यै वेलामा हामी दुवैको मृत्यु हुन गयो ॥४९-५०॥ हामीहरूको यस कामले भगवान् मधुसूदन प्रसन्न हुनुभएकोले उहाँले हामीहरूलाई लिन आफ्नो दूत पठाउनुभयो ॥५१॥ हामी दुवैलाई विमानमा बसालेर उनीहरूले वैकुण्ठमा लिएर गए । त्यहाँ हामी देवदेव चक्रधारी विष्णुको अगाड़ि पुग्यौं ॥५२॥ हामीले त्यहाँ कति समय अनेक प्रकारका सुख भोग गरेर बितायौं सो सुन्नोस् । करोड़ौं युगसम्म रामलोकमा निवास गरि-सकेपछि ब्रह्मलोकमा गयौं । त्यहाँ पनि त्यत्तिकै समय बसिसकेपछि शिवलोकतिर लाग्यौं ॥५३-५४॥ त्यहाँ पनि नाना प्रकारका सुख भोग गरेर त्यत्तिकै समय बिताइसकेपछि हे मुनिश्रेष्ठ ! अहिले यहाँ पृथ्वीलोकको राजा रानी भइराखेका छौं ॥५५॥ अहिले पनि यहाँ रामायणको प्रतापले अतुल सम्पत्तिको

भोग गरिरहेका छौं । हे मुने ! आफ्नो अनिच्छाले गरेको काम भए तापनि हामीले रामायणको प्रभावले गर्दा यी सब चीजबीज पाइराखेका छौं ॥५६॥ हे धर्मात्मन् ! अमृतसमानको, जन्म, मरण औ जरा (बुढ्याइँ) लाई नाश गर्ने, यो रामायणकथा भक्तिपूर्वक नौ दिनसम्म अवश्य सुन्नैपर्दछ ॥५७॥ हे मुनीश्वर ! करबलमा परेर मानिसले रामकथा सुन्योभने पनि रामायणको प्रभावले गर्दा त्यसलाई महाफलको प्राप्ति हुन्छ ॥५८॥

नारद भन्नलागे—यो सब कुरा सुनिसकेपछि विभाण्डक मुनि राजालाई आशीर्वाद दिएर आफ्नो तपोवनतिर लागे ॥५९॥ तसर्थ हे ब्राह्मणहो ! देवदेव चक्रधारी भगवान्को कथा सुन्ने गर, यो रामायणकथा कामधेनुसमान मानिएको छ ॥६०॥ माघ महीनाको शुक्लपक्षमा, समस्त धर्मको फल दिने यो रामकथा नौ दिनसम्म सावधान भएर सुन्नुपर्दछ ॥६१॥ सब पापलाई दूर गर्ने यो पवित्र कथा जो सुन्ने अथवा भन्ने गर्दछ त्यसको राममा भक्ति हुनजान्छ ॥६२॥

अध्याय—४

नारद भन्नलागे—अर्को महीनाको माहात्म्य भन्दछु, सावधान भएर सुन । यो रामकथा सबैको पापको हरण गर्ने, पवित्र र दुःख दूर गर्ने हो ॥१॥ यो कथा सुन्नाले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र आइमाईका समस्त अभिलाषा पूर्ण हुन्छन्, यसबाट सबै व्रतको फल पाइन्छ ॥२॥ दुःस्वप्न नाश गर्ने, धन-धान्य, भक्ति-मुक्ति दिने रामायणको माहात्म्य सावधान भएर सुन्नुपर्दछ ॥३॥ यो रामकथा पढ्नाले अथवा सुन्नाले कसरी सबै पाप दूर हुँदा रहेछन् यस विषयको उदाहरणको लागि म एउटा प्राचीन कथा भन्दछु ॥४॥

विन्ध्य वनमा कलिक नाम गरेको एउटा व्याधा रहन्थ्यो । अर्काकी स्वास्नी र द्रव्य हरण गर्ने काममा सदा लागिरहन्थ्यो ॥५॥ सधैं अर्काको निन्दा गर्ने र जीव जन्तुलाई दुःख दिने यसको काम थियो । सयकड़ौं, हजारौं गाई बाहुनको यसले हत्या गरिसकेको थियो ॥६॥ रोज रोज देवधन तथा अर्काको धन चोर्दथ्यो । यस प्रकारसंग यसले अनेकौं ठूला ठूला पाप गर्‍यो ॥७॥ करोड़ौं वर्षमा पनि यसले गरेका पापको गिन्ती हुन सक्तैन । कुनै कालमा जीव-जन्तुको कालसमानको यो महापापी सबै ऐश्वर्य्यले परिपूर्ण भइराखेको सौवीर नामक शहरमा पुग्यो । यहाँ गहनाले सिंगारिएका आइमाई र निर्मल जल भएका अनेक तलाउ थिए ॥८-९॥ बजारले सुशोभित भएको र देवलोकसमानको राम्रो यस शहरमा त्यो व्याधा पुग्यो । यहाँ कुनै एक उपवनको बीचमा रहेको नारायणको सुन्दर मन्दिरमाथि यसको दृष्टि पर्नगयो ॥१०॥ यस मन्दिरमा जताततै सुनका कलश ठड्याइराखेका देख्ता व्याधा बड़ो प्रसन्न भयो । यहाँ हीरा, मोती, सुन प्रशस्त होलान् भन्ने निश्चय गरेर धनको लोभले चोरी गर्ने इच्छाले यो विष्णुमन्दिरभित्र पस्यो । यहाँ यसले शान्त, ज्ञानी, विष्णुको सेवामा लागेका उत्तङ्क नाम गरेका एक जना तपस्वी ब्राह्मणलाई देख्यो । एकला, दयालु, धनको इच्छा नभएका र ध्यानमा मग्न भइरहेका

ब्राह्मणलाई देख्ता व्याधाले यिनलाई आफ्नो चोरी काममा बाधा दिने संझ्यो । रात्रिको समयमा देवधनको अपहरण गर्न उद्यत भइराखेको यो मदान्ध व्याधा हातमा तरवार लिएर उत्तङ्कलाई मार्न भनी हिंड्यो । छातीमाथि खुट्टा राखेर हातले जटा समाती आफूलाई मार्न तय्यार परेको व्याधालाई देख्ता उत्तङ्क भन्नलागे ॥११-१५॥

उतङ्क भन्नलागे—हे सज्जन ! म निरपराधलाई किन व्यर्थमा मार्दछौ ! हे व्याधा ! भन, मैले तिम्रो के बिगार गरें ? ॥१६॥ संसारमा मानिस अपराधीको मात्र हिंसा गर्दछन् । हे सौम्य ! सज्जन-हरू त वृथामा निरपराधीको हिंसा गर्दैनन् ॥१७॥ आफ्नो विरोध गर्ने मूर्खमा कुनै किसिमको गुण छभने शान्त स्वभाव भएका सज्जनहरू उसित विरोध गर्दैनन् ॥१८॥ अनेक कठोर वचन सुन्दा पनि जो मानिस क्षमाशील रहन्छ त्यसको उत्तम मनुष्यमा गणना हुन्छ र नारायणको भक्त ठहरिन्छ ॥१९॥ अर्काको हित गर्नामा लागेका मानिस आफ्नो विनाशकाल आइपरेको भए तापनि कसैसित विरोध गर्ने-पट्टि लाग्दैनन् ; चन्दनले आफूलाई काट्ने बञ्चरोको मुखलाई समेत सुवासित गराइदिन्छ ॥२०॥ अहो ! प्रारब्ध बड़ो बलियो छ, यसले अनेक मानिसलाई दुःख दीरहेको छ, यसमाथि पनि दुष्टहरू संसारमा सज्जनहरूलाई झन् वर्ता सताउँछन् ॥२१॥ घाँस, पानी र सन्तोषरूपी भोजनले सन्तुष्ट रहने मृग, मीन (माछा) र सज्जनहरूसित यस संसारमा व्याधा, माझी र दुष्टहरू व्यर्थैमा शत्रुता गर्दछन् ॥२२॥ अहो ! माया बड़ो बलियो छ, यसले समस्त संसारलाई लठ्ठ पारिराखेको छ । छोरा, मित्र स्वास्नी यी सबै दुःखसंग भेट गराउने हुन् ॥२३॥ अर्काको धन चोरेर पालन पोषण गरिएकी स्वास्नी र अरू सबै चीजबीज छाड़ेर अन्तमा एक्लै जानुपर्दछ ॥२४॥ यी मेरी आमा हुन्, यी मेरा बाबु हुन्, यो मेरी स्वास्नी हो, यो मेरो छोरो हो, यो सब मेरो हो भन्ने ममताले व्यर्थमा प्राणीहरूलाई सताइराखेको छ ॥२५॥ जबसम्म प्राणीले धन कमाउँछ तबसम्म मात्र नाता कुटुम्बी आफ्ना हुन्छन् । धर्म र अधर्म ता यस लोक र परलोकमा समेत साथ रहन्छ, अरू कोही साथमा जाने होइनन् ॥२६॥ कमाएको धनको सबै नाता कुटुम्बीले भोग गर्दछन्, तर पापको फल ता मूर्खले आफू एक्लैले भोग्नुपर्दछ ॥२७॥ यस किसिमसंग अर्ती दिइरहेका ऋषिको कुरामा विचार गरेर कलिकले डराएर उनलाई छाडिदियो र हात जोरेर वारंवार क्षमा गर्नोस्, क्षमा गर्नोस् भन्नलाग्यो ॥२८॥ ब्राह्मणको सत्संगले तथा नारायणको मन्दिरमा आउनाले नै त्यस व्याधाका सबै पाप दूर भइगए र उत्तिखेरै पश्चात्ताप गरेर भन्नलाग्यो ॥२९॥

हे ब्राह्मण ! मैले अनेक ठूला ठूला कुकर्म गरेको हुँ । आज तपाईंको दर्शन पाएकोले ती सबै नष्ट भइगए ॥३०॥ म सधैं पाप, घोर पाप गर्दथें । हे प्रभो ! अब मेरो मुक्ति कसरी हुने हो ? कसको शरण पर्न जाने हो ? ॥३१॥ पूर्वजन्मको पापले गर्दा मैले व्याधा हुनुपर्‍यो, अहिले यस जन्ममा पनि अनेक पाप गरेकोले मेरो के गति हुने हो ? शुद्धमति कलिकका मुखबाट यस्ता कुरा सुनेपछि ब्रह्मर्षि उत्तङ्क उसलाई यी कुरा भन्नलागे ॥३२-३३॥

उत्तङ्क भन्नलागे—हे महामते ! धन्य रहेछौ, धन्य रहेछौ; संसारका दुःखको नाश गर्ने उपाय विचार गर्न लागेकोले तिम्रो मति निर्मल औ उज्ज्वल भइसकेछ ॥३४॥ चैत्र महीनाको शुक्लपक्षमा भक्ति र आदरसाथ नौ दिनसम्म रामायणको कथा सुन्नुपर्दछ, यो कथा सुन्नाले नै प्राणीका सबै पाप हटेर जान्छन्। रामकथा सुन्नासाथ कलिक व्याधा पापरहित भइगो र उल्टिखेरै उसको मृत्यु पनि भइहाल्यो । व्याधालाई मरेर ढलेको देख्ता उत्तङ्कको मनमा दया उत्पन्न भयो ॥३५-३७॥ यो दृश्य देख्ता उनी छक्क परे र भगवान्को स्तुति गर्नलागे । रामायणको कथा सुन्नाले पापदेखि मुक्त भएको व्याधा दिव्य विमानमा चढेर मुनिलाई भन्नथाल्यो ॥३८॥

कलिक भन्नलाग्यो—हे मुनिवर उत्तङ्क ! हे सुव्रत ! तपाईं मेरा गुरु हुनुहुन्छ। तपाईंको कृपाले गर्दा म महापापको सङ्कष्टबाट मुक्त भएको हुँ ॥३९॥ हे मुनिवर ! तपाईंको उपदेशले गर्दा मेरो मनमा ज्ञान उत्पन्न हुनगयो र यै ज्ञानद्वारा मेरा सबै पाप झटपट हटेर गए॥४०॥ हे मुने ! रामायणको कथा सुनाएर तपाईंले मलाई मुक्त गरिदिनुभयो, किनकि तपाईंद्वारा नै मलाई यो विष्णुलोकको प्राप्ति भएको हो ॥४१॥ तपाईं जस्ता दयालु गुरुको अनुग्रह भएकोले म आज कृतकृत्य हुन पाएँ । यसकारण हे भगवन् ! म तपाईंलाई नमस्कार गर्दछु, मैले गरेको अपराध क्षमा गर्नुहोला ॥४२॥ यति भनेर उसले मुनिमाथि दिव्य पुष्पको वृष्टि गर्‍यो र तीनचोटि प्रदक्षिणा गरेर नमस्कार गर्‍यो ॥४३॥ यसपछि सबै अभिलाषा पूर्ण गराउने विमानमा सवार भई अप्सराहरूले भरिपूर्ण भइराखेको विष्णुलोकतिर लाग्यो ॥४४॥ यसकारण हे ब्राह्मणहो ! रामायणको कथा सुन्ने गर । चैत्र महीनाको शुक्लपक्षमा नौ दिनसम्म सावधान भईकन अमृतसमानको रामकथा सुन्नुपर्दछ ॥४५॥ हरएक ऋतुमा यो कथा सुन्नाले र नारायणको पूजा गर्नाले कल्याण हुन्छ । यो कथा सुनेपछि मनमा आफूले इच्छा गरेको कुरा पूर्ण नभइछोड्दैन । हे सनत्कुमार ! तिमीले सोधेका जम्मै कुरा भनिहालें । रामायणको अर्को माहात्म्य सुन्ने इच्छा छभने, भन ॥४६-४८॥

अध्याय—५

सूतले भने—रामायणको माहात्म्य सुनेपछि सनत्कुमार मुनि बड़ो प्रसन्न भएर फेरि मुनिश्रेष्ठ नारदजीलाई सोध्न लागे ॥१॥

सनत्कुमारले भने—हामी मुनिहरूलाई तपाईंले रामायणको माहात्म्य ता सुनाउनुभयो अबलाई हाम्रो रामायणको विधि सुन्ने इच्छा भइराखेको छ ॥२॥ सबै तत्त्व जान्ने हे महाभाग मुनीश्वर ! कृपा गरेर यो विधि पनि हामीलाई ठीक ठीकसँग सुनाइदिनोस् ॥३॥

नारद भन्नलागे—तपाईंहरू एकाग्र चित्त गरेर रामायणको विधि सुन्नोस् , यो सम्पूर्ण लोकमा विख्यात छ र स्वर्ग, मोक्षको वृद्धि गर्ने हो ॥४॥ म यसको विधान भन्दछु तपाईंहरू सावधान भएर सुन्नोस् । भक्तिभावसंग रामायणको कथा लगाउनुपर्दछ ॥५॥ यसको कीर्तनले जन्म-जन्मान्तरका करोड़ौं पाप

नष्ट हुन्छन् । चैत्र, माघ, र कार्तिकको शुक्लपक्षको पञ्चमीदेखि यो कथा सुन्न थाल्नुपर्दछ ॥६॥ रामायणको कथा सुन्दछु भनी पहिले स्वस्तिवाचन गरेर सङ्कल्प गरोस् र नौ दिनसम्म यो कथा सुनोस् ॥७॥ हे राम ! म आजदेखि रोजरोज अमृतसमानको तपाईंको कथा सुन्नेछु । हे भगवन् ! तपाईंको कृपाले म प्रतिदिन पूरा पूरा सुन्न पाऊँ ॥८॥ अपामार्गको डाँठले दतिउन गरोस् र अनि मनमा रामको ध्यान गर्दै विधिपूर्वक स्नान गरी नाता कुटुम्बीलाई संग राखेर एकाग्र मनले कथा सुनोस् ॥९॥ दतिउन गरेर विधिसंग स्नान गरिसकेपछि सेतो वस्त्र पहिरी, पवित्र भईकन, मौन धारण गरेर घर आओस् ॥१०॥ गोड़ा धोई आचमन गरी, प्रभु नारायणको स्मरण गर्दै आफूले रोज गर्ने गरेको देवपूजा गरोस् । यसपछि सङ्कल्प गरेर बड़ो भक्तिसंग रामायणको पुस्तकको पूजा गरोस् अनि धूप, दीप, नैवेद्य चढ़ाएर आसनमा पुस्तक राखी आवाहन गरोस् ॥११-१२॥ "ॐ नमो नारायणाय" यस मन्त्रले भक्तिपूर्वक पूजा गरोस् । सबै पाप हटाउनाका निमित्त आफ्नो शक्तिअनुसार एकचोटि, दुईचोटि, तीनचोटि बड़ो सावधान भईकन होम गरोस् । यस प्रकारसंग जो नियमपूर्वक रामायणको विधि गर्दछ त्यो विष्णुलोकमा जान्छ, उहाँबाट उसले फेरि फर्केर आउनुपर्दैन । रामायणको व्रत लिने धर्मात्मा र पवित्र मानिसले चाण्डाल, पतित, नास्तिक, मर्यादा भंग गर्ने, अर्काको निन्दा गर्ने, चुक्ली लाउने, वैद्य-कवि-देव-ब्राह्मणको विरोध गर्ने, वेश्याको धन खाने, अरूलाई सताउने, देवताको गुठी खाने, अर्काको घरको अन्न खाने, अर्काकी स्वास्नीसंग संसर्ग गर्ने, यी कसैसित नौ दिनसम्म अलिकता पनि भाषण नगरोस् । सबैको हित गर्नामा तत्पर रहने, रामायणको व्रत गर्ने मानिस यस प्रकारसंग शुरूदेखि शुद्ध रह्योभने त्यसले परमसिद्धि भेट्टाउनेछ । गङ्गासमानको अर्को तीर्थ छैन । आमाबराबरको अर्को गुरु छैन, विष्णुसमानका अरू देवता छैनन् र रामायणभन्दा बर्ता अरू केही छैन । वेद जस्तो अरू कुनै शास्त्र छैन, शान्तिसमानको अरू सुख छैन, सूर्यबराबरको अरू कुनै ज्योति छैन र रामायणभन्दा बर्ता अरू केही छैन । क्षमासमानको अरू कुनै सार छैन, कीर्ति-बराबरको अरू कुनै धन छैन, ज्ञानबराबरको कुनै लाभ छैन र रामायणभन्दा बर्ता केही छैन । व्रतको समाप्तिमा पुराण भन्ने पण्डितलाई दक्षिणा, लुगा, गहना, र रामायणको पुस्तक देओस् । पुराण सुनाउने पण्डितलाई जो रामायणको पुस्तक दिन्छ त्यो विष्णुलोकमा जान्छ जहाँ पुगेपछि कुनै प्रकारको शोक सुर्ता गर्नुपर्दैन । नौ दिनसम्म व्रत बस्नेले कस्तो फल पाउँछ सो, हे धर्मात्मन् ! म भन्दछु, सुन्नोस् ॥१३-२५॥

पञ्चमीको दिनदेखि अमृतसमानको रामायण कथा सुन्न थालोस् । यो कथा सुन्नाले नै सबै पाप हटेर जान्छन् ॥२६॥ दुई दिन यो व्रत गर्नाले पुण्डरीक यज्ञको फल पाइन्छ । व्रत बस्नेले जितेन्द्रिय भईकन यो व्रत गर्‍योभने दोटा अश्वमेध यज्ञ गरे जत्तिकै फल पाउँछ । हे मुनिश्रेष्ठहो ! जसले चार दिन यो व्रत गर्दछ त्यसले आठ अग्निष्टोम यज्ञको फल पाउँछ । पांच दिन यो व्रत गर्ने पुण्यात्माले सोह्र अग्निष्टोम यज्ञको फल पाउँछ । सावधान भएर छ दिनसम्म यो व्रत गर्नेले अग्निष्टोम

यज्ञको आठ दोब्बर फल पाउँछ । हे मुने ! आठ दिनसम्म यो व्रत गरेर बस्ने स्त्री वा पुरुषले अश्वमेध यज्ञको फल र योभन्दा पाँच दोबर बढ़ी अरू फलसमेत पाउँछ । जो मानिस राममा परमभक्ति राखेर नौ दिनसम्म यो व्रत गरेर बस्तछ त्यसले तीनचोटि गोमेध यज्ञ गरेको फल पाउँछ । चित्तलाई शान्त राखेर जितेन्द्रिय भईकन रामायणको पारायण गर्नेले परमानन्द भेट्टाउँछ जहाँ पुगेपछि फेरि कुनै किसिमको शोक चिन्ता गर्नुपर्दैन । रामायणको पाठ गर्ने, सधैं गङ्गा स्नान गर्ने र धर्म मार्गको उपदेश गर्ने यी तीन थरी अवश्य मुक्त हुन्छन्, यसमा सन्देह लिनुपर्दैन । हे मुनिराजहो ! संन्यासी, ब्रह्मचारी, परमहंस यी सबैले नौ दिनसम्म रामायणको कथा सुन्नुपर्दछ । परम भक्तिका साथ रामायणको कथा सुनेपछि मानिस तेजस्वी भएर ब्रह्मपदमा पुग्दछ र त्यहाँ उसको मुक्ति भइहाल्दछ । सुन्नुपर्ने योग्यका कथाहरूमा यो सबभन्दा उत्तम छ, पवित्र वस्तुहरूमा सर्वश्रेष्ठ छ ॥२७-३८॥ यो दुःस्वप्नको नाश गर्ने र पवित्र छ, बड़ो सावधान भईकन यसलाई सुन्नेपर्दछ । मानिसले श्रद्धासंग एक श्लोक अथवा आधा श्लोकसम्म पनि पढ्योभने तुरुन्तै त्यसका असंख्य सानातिना पाप छुट्नेछन् । यो कथा परम गोपनीय हुनाले केवल सज्जनहरूलाई मात्र सुनाउनुपर्दछ । पवित्र स्थानमा अथवा सज्जनहरूको सभामा भक्तिसंग रामायणको पाठ गर्नुपर्दछ । नारायणको द्वेष गर्ने, पाखण्डी तथा बकुल्लाभक्तहरूलाई यो उत्तम कथा सुनाउन हुन्न । कामादि दोष नभएका, रामभक्त तथा गुरु-भक्तहरूलाई मोक्षको प्राप्ति गराउने यो कथा सुनाउनुपर्दछ । रामचन्द्र सबै देवताहरूका स्वरूप हुन्, आफ्नो स्मरण गर्नेहरूको दुःख दूर गरिदिन्छन्, भगवान् भक्तिले प्रसन्न हुनुहुन्छ, अरू कुनै तरहबाट हुनुहुन्न । विवश भएर पनि कसैले भगवान्को नाम कीर्तन अथवा स्मरणसम्म पनि गर्‍योभने त्यो पापदेखि मुक्त भई परम पदमा पुग्दछ । संसार भनेको घनघोर वन हो, भगवान् मधुसूदन यसको दावाग्नि हुनुहुन्छ यसैले आफूलाई स्मरण गर्नेहरूको सबै पाप अति छिटो नाश गरिदिनुहुन्छ । उहाँसित सम्बन्ध भएको यो पवित्र काव्य बड़ो उत्तम र सुनाउने योग्यको छ ॥३९-४६॥ सुन्नाले अथवा पढ्नाले सबै पाप नाश भइहाल्दछन् । जसको यस सरल काव्यमा भक्तिपूर्वकको प्रीति हुनजान्छ त्यसैलाई कृतकृत्य र सबै शास्त्रको अर्थ जान्ने भन्नुपर्दछ । यो काव्य सुन्नाले नारायणमा जुन प्रीति हुन्छ त्यै प्रीति नै लाभ हो, पुण्य हो, सत्य हो, यतैबाट सबै फल पाइन्छ, यो प्रीति अन्यथा हुन सक्तैन । हे ब्राह्मण-हो ! यस घोर कलियुगमा जो रामायणका भक्त छन् औ रामको नाममा लवलीन छन् तिनैलाई कृतकृत्य भएको भन्नुपर्दछ । अमृतसमानको रामायणको कथालाई जो नौ दिनसम्म सुन्दछन् तिनै पुण्यात्मा कृतार्थ हुन् । उनलाई सधैं नमस्कार छ । रामको नाम नै नाम हो, यै नाम मेरो जीवन हो । सांसारिक मोहले गर्दा अन्धो भएका र पाप कर्ममा लागेका प्राणीहरूको निंति यस कलियुगमा यो सिवाय अर्को दोस्रो गति छैन, छैन, बिलकुलै छैन ॥४७-५२॥

सूत भन्नलागे—सनत्कुमारहरूलाई यस प्रकारसँग रामायण माहात्म्यको राम्ररी उपदेश गरिसकेपछि महात्मा नारदलाई बड़ो शान्ति भयो ॥५३॥ हे ब्राह्मणहो ! अमृतसमानको यो रामायणको कथा सुन्नाले

प्राणीहरू परमपदमा पुग्दछन् जहाँबाट कि फेरि कहिले पनि फर्कनुपर्दैन ॥५४॥ घोर कलियुग शुरू भएपछि रामायणमा भक्ति राख्ने प्राणीहरू समस्त पापबाट मुक्त भई परमपदमा प्राप्त हुनेछन् ॥५५॥ तसर्थ हे ब्राह्मणहो ! समस्त पापलाई हटाउने अमृतसमानको यो रामायणको कथा नौ दिनसम्म सुन्नुपर्दछ ॥५६॥ यो महाकाव्य सुनिसकेपछि जो कथावाचकको पूजा गर्दछ, हे ब्राह्मणहो ! त्यसमाथि लक्ष्मीसहितका विष्णु भगवान् सदा प्रसन्न रहनुहुन्छ ॥५७॥ कथावाचक प्रसन्न भएको खण्डमा ब्रह्मा, विष्णु, शिव यी सबै पनि प्रसन्न हुनुहुन्छ । हे ब्राह्मणहो ! यस कुरामा कुनै प्रकारको सन्देह लिनुपर्दैन ॥५८॥ रामायणको कथा भन्ने पण्डितलाई आफ्नो धनअनुसार गाई लुगा, सुन र रामायणको पुस्तक दिनुपर्दछ ॥५९॥ पुस्तक दान गर्नाले मानिसलाई कस्तो पुण्य फल मिल्दछ सो म भन्दछु सावधान भएर सुन । उसको घरमा ग्रह, भूत, वेतालादिहरूले दुःख दिन पाउन्नन् । कथा सुनेपछि उसका सबै सुखहरूको वृद्धि हुन थाल्दछ । उसको घरमा आगो, चोरको डर हुँदैन । जन्म-जन्मान्तरका उसका करोड़ौं पाप झट्टै दूर हुन्छन्, मृत्यु भएपछि सातै कुलको साथसाथै उसको मुक्ति हुन्छ ॥६०-६२॥ सनत्कुमार मुनिले भक्तिपूर्वक सोद्धाखेरि नारदले जुन कथा सुनाएथे सो सब कथा मैले पनि तपाईंहरूलाई सुनाइदिएँ ॥६३॥

रामायण आदिकाव्य हो, सबै वेदका अर्थको अनुकूल छ, सबै किसिमका पाप दूर गर्ने, पवित्र, सबै दुःखको विनाश पार्ने, समस्त पुण्यफल दिने, र सबै यज्ञको फल दिने हो । यसको एक श्लोक अथवा आधा श्लोकसम्म पढ्ने विद्वानले कहिले पनि पापको बन्धनमा पर्नुपर्दैन । रामलाई अर्पण गरिएको यो काव्य बड़ो पवित्र र आफूले चिताएको इच्छा पूरा गराउने हो ॥६४-६६॥ भक्तिपूर्वक यसलाई सुन्ने अथवा गान गर्नेहरूले पाउने पुण्यफल सुन । सैकड़ौं जन्ममा गरेका यिनका पाप उम्किखेरै छुट्छन् र हजारौं कुललाई साथमा लिए र ब्रह्मपदमा पुग्न पाउँछन् । दिन दिनै रामायणको कथा सुन्ने अथवा पढ्ने गऱ्योभने त्यसलाई तीर्थयात्रा, गोदान, तपस्या र यज्ञ गर्ने केही आवश्यकता हुनेछैन । चैत्र, माघ र कार्तिक महीनामा नौ दिनसम्म अमृतसमानको रामायणको कथा सुन्नुपर्दछ, यो सुन्नाले सुन्ने मानिसका सबै पाप हटेर जान्छन् । यो कथा रामलाई प्रसन्न गराउने, राममाथिको भक्ति बढ़ाउने, सबै पापको विनाश पार्ने र हरेक किसिमका धन सम्पत्तिको वृद्धि गराउने हो । जो मानिस एकाग्र मनले यो कथा सुन्दछ वा पढ्दछ त्यो सबै पापबाट मुक्त भई वैकुण्ठमा जान्छ ॥६७-७१॥

श्रीमद्वाल्मीकीय रामायण-माहात्म्य समाप्त.



श्रीमद्वाल्मीकीय रामायण-भाषा

बालकाण्ड

सर्ग—१

नारद मुनिद्वारा समस्त रामायणको वर्णन।

तपः स्वाध्यायनिरतं तपस्वी वाग्विदां वरम् ॥
नारदं परिपप्रच्छ वाल्मीकिर्मुनिपुङ्गवम्

तपस्वी वाल्मीकिले सदा तपस्या र वेदाध्ययन गर्नामा तत्पर रहने, शास्त्र जान्नेमा श्रेष्ठ, मुनिहरूमा सबभन्दा उत्तम नारदजीलाई सोधे ॥१॥ अहिले यस संसारमा गुणी, शूरो, धर्मजान्ने, कृतज्ञ (उपकारको सट्टामा प्रत्युपकार गर्ने) साँचो कुरा बोल्ने, सबै प्राणीको भलो गर्नामा तत्पर रहने, शास्त्र जान्ने प्रत्येक काम गर्न सक्ने, अद्वितीय रूपले युक्त भएको, प्रतिज्ञाको पालन गर्ने, असल स्वभावले युक्त भएको, अन्तस्करणलाई वशमा राखेको, रिस जितेको, अर्काको डाह नगर्ने, युद्धमा रिसाएको वेलामा देवताहरूको मनमा समेत भय उत्पन्न गराउने, यस्तो को मानिस छ ? यस्ता पुरुषको बारेमा म सुन्न चाहन्छु अर्थात् जान्न चाहन्छु । यस्ता मानिसको विषयमा जान्नाको निम्ति मलाई ठूलो उत्कण्ठा भइरहेको छ। हे मुने! तपाईंलाई यस्तो मानिस अवश्य थाहा भएको हुनुपर्दछ कारण तपाईं समर्थ हुनुहुन्छ ॥२-५॥

भूत, भविष्यत्, वर्तमान तीनै कालको कुरा जान्ने नारदमुनि वाल्मीकिका यी कुरा सुन्दा प्रसन्न भएर उनको प्रश्नको उत्तरमा भन्नलागे ॥६॥ हे मुने ! तपाईंले जुन गुणको नाम लिनुभयो ती सबै दुर्लभ छन्, अर्थात् यी गुणले युक्त भएका मानिस बिरलैकोटि देखिन्छन्, तसर्थ विचार गरीकन यी गुणले युक्त भएको पुरुष म तपाईंलाई बताउँछु, सुन्नुहोस् ॥७॥ यी पुरुष राम नामले जनतामा प्रसिद्ध छन। इक्ष्वाकु राजाहरूको कुलमा यिनको जन्म भएको छ। यिनी बड़ा शूरा, मनलाई जितेका, कान्तिले युक्त भएका, धैर्य राख्न सक्ने र जितेन्द्रिय छन् ॥८॥ यिनी बुद्धिमान्, न्यायी, मीठो कुरा बोल्ने, शोभायुक्त र शत्रुनाशक छन्, यिनका हात लामा लामा छन्, और काँध बड़ेमानको छ, शङ्खको आकार परेको घाँटी छ, ओठमनिको च्यूँडो खूब ठूलो छ ॥९॥ यिनको छाती फराकिलो छ, बड़ेमानको धनु भिरेका छन्, जोर्नी जोर्नीको हाडलाई मासुले छोपिराखेको छ, यिनी शत्रुको संहार पार्दछन्, यिनको हात घुँड़ासम्म पुग्दछ, यिनको मस्तक तथा निधार खूब राम्रो छ, उत्तम काममा उपयोग गरिने यिनको

पराक्रम छ ॥१०॥ यिनी न अग्ला छन् न पुड्का, यिनका शरीरका हात खुट्टा आदि गरिएका अङ्गहरू जति हुनुपर्दछ त्यति नै लामा छोटा छन्, शरीरको रंग खूब राम्रो छ, यिनी प्रतापी छन्, छाती चयाप्टो भरिलो छ, आँखा ठूला ठूला छन्, शोभाले युक्त भएका यिनमा अरू अरू उत्तम लक्षण पनि देखिन्छन् ॥११॥ यिनी धर्मको रहस्य जान्दछन्, आफ्नो प्रतिज्ञा पूरा गर्दछन्, र सदा प्रजाको कल्याण गर्नामा तत्पर रहन्छन्, यिनी यशस्वी, ज्ञानी, पवित्र, नम्र, र चित्तमा उत्पन्न भएको विकारलाई रोक्न सक्तछन् ॥१२॥ यी श्रीमान् ब्रह्माले झैं प्रजाको रक्षा गर्दछन् र शत्रुको जरै उखेलिदिन्छन्, यिनी प्राणीमात्रको तथा धर्मको रक्षा गर्नेवाला हुन्, ॥१३॥ शरणागतरक्षणरूपी आफ्नो धर्मको तथा नाता कुटुम्बीको यिनी रक्षा गर्दछन्, वेद वेदाङ्गको तत्व जान्दछन् र धनुर्वेदमा पनि सिपालु छन् अर्थात् शास्त्र,शस्त्र दुवै विद्यामा प्रवीण छन् ॥१४॥ यी सबै शास्त्रको अर्थ तथा तत्व बुझ्दछन्, यिनको स्मरण शक्ति खूब बेश छ, नयाँ नयाँ कुराको पत्ता लगाउने शक्ति यिनमा देखिन्छ, सबै यिनलाई प्यारो गर्दछन्, यिनको स्वभाव बड़ो असल छ, निन्याउरे मुख कहिले देखाउन्नन् र बड़ा चतुरा छन् ॥१५॥ जसरी नदीहरू समुद्रमा गएर मिसिन्छन् त्यसै गरी सज्जनहरू यिनको सेवा गर्न आइराखेका हुन्छन्; यिनी सबैका पूज्य छन्, सबै माथि एकनासको दृष्टि राख्तछन् औ सर्वदा हँसिलो मुख लगाएका हुन्छन् अर्थात् यिनलाई देख्ता कहिले पनि मनिसको मनमा डर लाग्दैन ॥१६॥ कौशल्याको आनन्दलाई बढ़ाउने अर्थात् कौशल्याका छोरा यिनी तपाईंले भन्नुभएका सबै गुणले युक्त छन्, गम्भीरपनामा यिनी समुद्रसमान र धीरतामा हिमालय पर्वत जस्ता छन् ॥१७॥ विष्णु भगवान् जत्तिकै पराक्रमी छन्, हेर्दा चन्द्रमासमान राम्रा देखिन्छन्, प्रलय कालको अग्निसमान यिनको रिस छ र क्षमामा पृथ्वीतुल्य छन् ॥१८॥ कुवेरसमान यिनी दानी छन्, र सत्यभाषणमा त साक्षात् धर्मका अवतारै छन्।

यस प्रकारसंग सबै गुणले युक्त भएका, सत्यपराक्रमी, दाजुभाइमा सबैभन्दा जेठा, उत्तम उत्तम गुणले सुशोभित भएका प्यारा छोरा रामलाई प्रजाको कल्याण गर्नामा तत्पर रहने देखेर महाराज दशरथले प्रजालाई सुखी वनाउने इच्छाले प्रेमपूर्वक युवराज बनाउने इच्छा गरे। रामको अभिषेकको निंति सबै सामग्री जोरिनलागेको देखेर रानी कैकेयीले राजासँग वर मागिन्, महाराज दशरथले पहिले नै रानीलाई वर माग्ने अधिकार दिइराखेका थिए। यिनले रामचन्द्रको वनवास र भरतको राज्याभिषेक हुने यी दुई वर मागिन् ॥१९-२२॥ सत्यवादी राजा दशरथ धर्मरूपी पासोमा बांधिएका थिए, अतः यिनले आफ्ना प्यारा छोरा रामलाई वनमा पठाइदिए ॥२३॥ पिताको आज्ञाले तथा कैकेयीलाई खुशी राख्ने अभिप्रायले यी वीर रामचन्द्र कैकेयीको सामुन्नेमा गरेको प्रतिज्ञा पालन गर्दै वनतिर लागे ॥२४॥ रामचन्द्रलाई वनमा जान लागेको देख्ता सुमित्राका छोरा यिनका प्यारा भाइ विनयी लक्ष्मण पनि दाजुमाथिको प्रेमले गर्दा यिनको पछि लागेर गए ॥२५॥ लक्ष्मण रामका प्यारा थिए तसर्थ यिनले पनि यस समयमा दाजुप्रति गर्नुपर्ने कर्तव्यको पालन गरे।

यी दुवैलाई जानलागेको देख्ता, जनकराजाको कुलमा जन्मेकी, साक्षात् देवमायासमानकी, आइमा-

ईमा हुनुपर्ने सबै उत्तम गुणले युक्त भएकी, स्त्रीजातिमा सर्वश्रेष्ठ, रामलाई आफ्नो प्राण जत्तिकै प्यारो लाग्ने, पतिको भलो चिताउने, रामकी प्रिय पत्नी सीता पनि चन्द्रमाको साथमा रोहिणी लागेझैं यिनको साथ लागेर गइन् । यी तीनै जनाको पछि लागेर केही टाढ़ासम्म नगरवासी तथा राजा दशरथ पनि गए ॥ २६-२८ ॥ श्रृंगवेरपुर नामक नगरमा गङ्गाको किनारामा पुगेपछि रामचन्द्रले सारथिलाई फर्काइदिए । निषादहरूका राजा प्यारा गुहसित यहाँ धर्मात्मा रामले भेट गरे ॥ २९ ॥ गुहको साथमा लागेर राम, लक्ष्मण र सीता यी तीनै जना धेरै जल भएको गङ्गानदी पार गरेर एउटा वनबाट अर्को वनमा आए ॥३०॥ भरद्वाजले बताएबमोजिम रामचन्द्र चित्रकूटमा पुगे र त्यहाँ रमणीय कुटी बनाएर तीनै जना वनमा रहनलागे ॥३१॥ देवता र गन्धर्वसमानका यिनीहरू यहाँ सुखसँग बस्नलागे ।

राम चित्रकूटमा पुगेपछि पुत्रशोकले दुःखित भएका राजा दशरथ "हा राम, हा राम" भनेर छोराको लागि विलाप गर्दै स्वर्गतिर लागे । राजा दशरथको मृत्युपछि वशिष्ठ प्रभृति ब्राह्मणहरूले प्रेरणा गर्दा पनि महाबली भरतले राज्यको इच्छा गरेनन्, रामका चरणका सेवक यी वीर भरत दाजुलाई खुशी गराउनाका लागि वन गए ॥३२-३४॥ वनमा गएर भरतले सत्यपराक्रमी महात्मा दाजु रामचन्द्रलाई शुद्धचित्तले फर्कने प्रार्थना गरे ॥३५॥ "हे धर्म जान्ने दाइ ! राजा ता तपाइँ पो हुनुहुन्छ" यस-प्रकारसंग भरतले रामलाई भने । राम पनि महायशस्वी र उदार थिए; यी सब घटनाले गर्दा यिनको मुखमा कुनै प्रकारको विकार उत्पन्न हुन सकेको थिएन अतः यिनको मुख हँसिलै थियो ॥३६॥ महाबली रामचन्द्रले पिताको आज्ञापालनलाई प्रधान कर्तव्य संझेर राज्यको इच्छा गरेनन् । भरतले वारंवार आग्रह गरेकोले राज्यासनमा राख्नको निंति नासो जस्तो गरेर आफ्नो खराउ दी रामचन्द्रले भरतलाई फर्केर जाने आज्ञा दिए । भरतको अभिलाषा पूरा हुन सकेन, रामको चरणमा ढोग दिएर यिनी फर्के ॥३७-३८॥ राम फर्केर आउलान् भन्ने आशा राखेर यिनी नन्दीग्राममा बसेर राज्य गर्न लागे ।

भरत फर्केर गएपछि सत्यप्रतिज्ञ, जितेन्द्रिय श्रीमान् रामचन्द्रले यहाँ बस्नाले शायद अयोध्यावासीहरू मकहाँ आइहाल्दछन् कि भन्ने डरले अलि एकान्तको दण्डक वनमा प्रवेश गरे ॥३९-४०॥ यस भयङ्कर वनभित्र प्रवेश गरेपछि कमल जस्तो आँखा भएका रामचन्द्रले विराध नाम गरेको राक्षसलाई मारेर शरभङ्ग ऋषिको दर्शन गरे ॥४१॥ सुतीक्ष्ण, अगस्त्य, अगस्त्यका भाइ यी ऋषिहरूसित पनि भेट गरेर अगस्त्यको आज्ञाले इन्द्रको धनु, एउटा तरवार र कहिले पनि बाण नसकिने बाण राख्ने दोटा ठोक्रा रामचन्द्रले बडो प्रसन्नतासाथ ग्रहण गरे ।

वनचारीहरूको साथमा रामचन्द्र त्यस वनमा बस्ताखेरि सबै ऋषिहरू मिलेर एकदिन उनीकहाँ आए र राक्षसहरूलाई मार्नको निंति यिनीहरूले प्रार्थना गरे । रामचन्द्रले यिनीहरूसित त्यस वनमा राक्षसहरूलाई मार्ने प्रतिज्ञा गरे ॥४२-४४॥ अग्निसमानका तेजस्वी, दण्डकारण्यमा बस्ने ती ऋषिहरूको सामुन्नेमा रामचन्द्रले युद्धमा म राक्षसहरूको वध गरिदिनेछु भन्ने वचन दिए ॥४५॥

यै दण्डकारण्यमा रहँदाखेरि जनस्थानमा बसेकी इच्छानुसारको रूप धारण गरी घुमीरहने शूर्पणखा

नाम गरेकी राक्षसीको रामचन्द्रले नाक कान काटिदिए ॥४६॥ शूर्पणखाको भनाइमा लागेर आफूसंग युद्ध गर्न जति राक्षस आएका थिए ती सबैलाई र खर दूषण, त्रिशिरा नाम गरेका राक्षस तथा यिनका अनुयायीहरूलाई रामचन्द्रले मारिदिए। यस वनमा बस्ताखेरि जनस्थानमा रहने चौद्ध हजार राक्षसहरूलाई रामचन्द्रले मारिदिएका थिए।

यस प्रकारसंग आफ्ना जातिवर्गको मृत्यु भएको सुन्दा रावण रिसले चूर भयो ॥४७-४९॥ यसले आफ्नो सहायताका लागि मारीच नाम गरेको राक्षसलाई छान्यो। हे रावण! तिमीलाई आफूभन्दा बलियासंग विरोध गर्नामा उचित पर्दैन भनेर मारीचले कइएकवाजि रावणलाई संझायो तर रावणले उसको कुरामा ध्यानै दिएन किनकि मृत्यु उसको टाउकोमा नाचिराखेको थियो ॥५०-५१॥मारीचलाई साथमा लिएर त्यो रामचन्द्रको आश्रममा गयो। मारीचले मायावी अर्थात् सुवर्णमय मृगको रूप धारण गरी राम, लक्ष्मणलाई आश्रमदेखि निकै टाढा लगिदियो र रावणले जटायु नाम गरेको गिद्धलाई मारीकन रामकी पत्नी सीतालाई हरेर लग्यो। गिद्धलाई मरेको देख्ता तथा सीताको हरण भएको सुन्दा राम शोकले आकुल व्याकुल भई विलाप गर्न लागे, यिनका सबै इन्द्रिय शिथिल भइगए। यै व्याकुल अवस्थामा रामले गिद्धको दाह-क्रिया गरे ॥५२-५४॥ वनमा सीतालाई खोज्दाखेरि, यिनले कबन्ध नाम गरेको एउटा राक्षसलाई देखे, यसको रूप बडो विकराल र भयङ्कर थियो। महाबाहु रामचन्द्रले यसलाई मारेर यसको अन्तिम संस्कार गरिदिए र यो राक्षस स्वर्ग गयो। मर्ने वेलामा राक्षसले रामलाई धर्ममा तत्पर रहने, धर्मनिपुण, तपस्विनी शबरीकहाँ जाने सल्लाह दिएको थियो, तसर्थ यी महातेजस्वी, शत्रुसंहारी रामचन्द्र शबरीनेर गए। दशरथपुत्र रामचन्द्रको शबरीले राम्रोसंग पूजा गरिन् ॥५५-५७॥ पम्पा नाम गरेको तलाउको तीरमा हनुमान् नाम गरेको वानरसित यिनको भेट भयो। हनुमान्‌को कुरा मानेर यिनी सुग्रीव भएको ठाउँमा गए र यी महावलीले आफ्ना भएभरका जम्मै कुरा सुग्रीवलाई सुनाए। पहिलेदेखि भएका जम्मै कुरा विशेष गरी सीतासम्बन्धी जम्मै कुरा यिनले सुनाए ॥५७-५९॥ वानर सुग्रीवले रामचन्द्रका जम्मै कुरा सुनेर अग्निलाई साक्षी राखेर प्रसन्नतापूर्वक यिनीसित मितेरी लगाए। यसपछि वानरराज बालिसंग कसरी आफ्नो दुश्मनी हुनगयो, यो सब कुरा दुःखित भएका सुग्रीवले प्रेमको वशमा परेकाले रामचन्द्रलाई निवेदन गरे। रामचन्द्रले पनि यै वखतमा बालिको बध गर्ने प्रतिज्ञा गरे। सुग्रीवले बालिको बलको वर्णन गरे। सुग्रीवलाई रामको पराक्रममा शंका थियो अर्थात् यिनले बालिलाई मार्न सक्लान् भन्ने उनलाई पत्यार परेको थिएन ॥६०-६३॥ रामको बलको परीक्षा गर्ने इच्छाले सुग्रीवले यिनलाई ठूलो पर्वत जस्तो दुन्दुभिको वड़ेमानको शरीर देखाए ॥६४॥ महाबाहु महाबली रामचन्द्र त्यो हाड़को थुप्रो देख्ता हांसे र त्यस थुप्रोलाई देवे खुट्टाको बूढ़ी औंलाले चालीस कोस पर फ्यांकिदिए ॥६५॥ फेरि एउटै वाण चलाएर सातवटा तालको रूखलाई छेड़िदिए, यो महाबाण नजीकको पहाडलाई छेडेर पाताल भित्र घुस्नपुग्यो। सुग्रीवलाई आफ्नो बलको पत्यार पार्नाका लागि रामले यसो गरेका हुन् ॥६६॥ रामको यो काम देख्ता सुग्रीवको मनमा पत्यार पर्‍यो र मनमा खुशी हुंदै यिनी रामचन्द्रलाई साथमा ली

किष्किन्धामा आए । यसपछि सुनको जस्तो पहेंलो वर्ण भएका सुग्रीव गुफानिर गई गर्जन लागे । यो भयानक गर्जन सुनेपछि वानरराज बालि पनि आफ्नी स्वास्नी तारालाई संझाई बुझाईकन बाहिर निस्क्यो र सुग्रीवसित लड्न लाग्यो । यै बखतमा एउटै बाण चलाएर रामचन्द्रले उसलाई मारिदिए ॥६७-६९॥ सुग्रीवको प्रार्थना स्वीकार गरी रामचन्द्रले वालिलाई युद्धमा मारेर उसको राज्यमा सुग्रीवलाई बसालिदिए॥७०॥

वानरराज सुग्रीवले जम्मै वानरहरूलाई जम्मा गरेर सीतालाई खोज्नको निंति उनीहरूलाई चारै दिशातिर पठाए ॥७१॥ संपाति गिद्धले खबर बताएकोले बलिया हनुमान्‌ले शय योजनसम्म फैलिएको क्षार समुद्र नाघेर रावणद्वारा पालना गरिएको लङ्कापुरीमा प्रवेश गरे र त्यहाँ अशोकवाटिकामा रामको ध्यानमा मग्न भइराखेकी सीतालाई देखे ॥७२-७३॥ हनुमान्‌ले रामचन्द्रले चिनोका लागि दिएको औंठी देखाए, रामको क्षेम-कुशल निवेदन गरे, र सीताजीको मनमा ढाड्स दीसकेपछि अशोकवाटिकाको बाहिरी ढोका भत्काइ दिए ॥७४॥ यिनले पाँच जना सेनापति, मन्त्रीहरूका सातवटा छोरा र वीर अक्षय-कुमारलाई पनि मारिदिए र अनि इन्द्रजित्‌ले चलाएको ब्रह्मास्त्रद्वारा बन्धनमा परे ॥७५॥ ब्रह्माबाट पाए-को वरदानले म यस बन्धनबाट छुट्‌तछु भन्ने थाहा भईभईकन पनि यिनले आफूलाई यातना दिइ रहेका राक्षसहरूलाई क्षमा गरिदिए ॥७६॥

सीता बसेको ठाउँ बाहेक जम्मै लङ्का शहर जलाएर रामलाई सीतासित भेट भएको मीठो समाचार सुनाउन भनी हनुमान् फर्केर आए ॥७७॥ अनंतबुद्धि भएका हनुमान् महात्मा रामचन्द्रको प्रदक्षिणा गरी उनको सन्मुख खड़ा भए र जसरी यिनले सीतालाई भेटेथे सो कुरा जस्ताको तस्तै गरी सुनाए ॥७८॥ यसपछि रामचन्द्र सुग्रीवलाई साथमा ली समुद्रको तीरमा आए र उहाँ आफ्ना सूर्यसमानका तेजस्वी बाण चलाएर समुद्रलाई आकुल व्याकुल पारिदिए ॥७९॥ नदीहरूका स्वामी समुद्रले आफ्नो असली स्वरूप देखाए र यिनले भनेबमोजिम रामचन्द्रले नल नाम गरेका वानरबाट समुद्रमा पुल बनाउन लगाए ॥८०॥

यै पुलबाट समुद्र पार गरी रामचन्द्र लङ्कामा पुगे औ युद्धमा रावणलाई मारी सीता भेट्टाए । सीता-लाई पाएपछि रामचन्द्रलाई बड़ो लाज भयो र यिनले सभाको बीचमा उनलाई कठोर वचन भने । यी कठोर वचन खप्न नसकेर सीताले आगोमा प्रवेश गरिन् ॥८१-८२॥ अग्निको कुरा सुनेपछि रामले सीता-लाई निर्दोष ठहऱ्याए । महात्मा रामचन्द्रको यस ठूलो कामले चराचरसहितको तीनै लोकमा बस्ने सबै देवता ऋषि, मुनिहरू प्रसन्न भए । यस प्रकारसंग सबै देवता तथा ऋषिहरूबाट प्रशंसा पाएकाले रामचन्द्र पनि बहुत खुशी भए ॥८३-८४॥

लङ्कामा राक्षसहरूको राज्यमा विभीषणको अभिषेक गरेपछि रामचन्द्रले यिनीसित गरेको प्रतिज्ञा पूरा भयो, यिनको मनका सबै दुःख दूर भयो र यिनी हुनसम्म खुशी भए ॥८५॥ देवताहरूबाट वर पाएर तथा मरेका वानरहरूलाई प्राणदान गरेर, आफ्ना मित्रहरूको साथमा पुष्पक विमानमा चढ़ी राम अयोध्यातिर रवाना भए ॥८६॥ सत्यपराक्रमी रामचन्द्रले भरद्वाजको आश्रममा पुगेपछि हनुमान्‌लाई

दूत बनाएर भरत कहांपठाए ॥८७॥ फेरि सुग्रीवसंग पुराना पुराना कुराकानी गर्दै रामचन्द्र पुष्पक-विमानमा चढेर नन्दीग्राममा आइपुगे ॥८८॥ पवित्र रामले नन्दीग्राममा आफ्नो र भाइहरूको जटा मिल्काउन लगाए । यस प्रकारसंग सीतालाई फर्काएर रामचन्द्र पुनः राजसिंहासनमा बसे ॥८९॥

महाराज रामचन्द्रको राज्यमा सबै तन मनले प्रसन्न रहनेछन् । सबै सन्तुष्ट, हृष्टपुष्ट र धर्मात्मा हुनेछन् । कसैलाई कुनै प्रकारको रोग लाग्नेछैन । अकाल पर्ला भन्ने डर पनि हुनेछैन ॥९०॥ कसैले पनि छोरा मरेको देख्नुपर्नेछैन, आइमाईहरू विधवा हुनेछैनन् र सदा पतिव्रता भएर रहनेछन् ॥९१॥ कतै पनि आगोको डर रहनेछैन, पानीको बाढी आएर जीवजन्तु मर्लान् भन्ने भय रहनेछैन, हावा आँधी-देखि डराउनुपर्नेछैन, ज्वरोको पीड़ा पनि कसैले भोग्नुपर्नेछैन ॥९२॥ भोक भोकै बस्नुपर्ने डर पनि कतै रहनेछैन, सबै शहर तथा देश धन्य-धान्यले भरिपूर्ण रहनेछन् ॥९३॥ सत्ययुगको समयमा जसरी मानिस प्रसन्न रहन्थे त्यसै गरी रामको राज्यमा पनि रहनेछन् । धेरै धेरै सुन खर्च हुने सयओटा अश्वमेध यज्ञ गरेर, ब्राह्मणहरूलाई विधिपूर्वक दश हजार करोड़ गाई दान गरेर, तथा बाहुनहरूलाई असंख्य धन दिएर महायशस्वी रामचन्द्रले सैकड़ौं राज्यको स्थापना गर्नेछन् , ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चारै थरीका मानिसलाई आफ्नो आफ्नो धर्ममा लगाउनेछन् ॥९४-९६॥ रामचन्द्र दश हजार र दश सय अर्थात् एघार हजार वर्षसम्म राज्य गरेपछि ब्रह्मलोकमा जानेछन् ॥९७॥

यो पवित्र, पापलाई नाश गर्ने, पुण्य दिने, वेद जत्तिकै पूज्य रामको चरित्र जसले पढ्नेछ, त्यो सबै प्रकारको पापदेखि मुक्त हुनेछ ॥८९॥ यो कथा सुन्नाले आयु बढ्दछ, जो मानिस रामायणको नित्य पाठ गर्दछ त्यो यस लोकमा छोरा नाति नोकर-चाकरले युक्त भएर रहन्छ र मरेपछि पनि स्वर्गमा जान पाउँछ ॥९९॥ बाहुनले यस कथाको पाठ गर्‍योभने त्यो सबै वेद वेदाङ्गमा पारंगत हुनेछ, क्षत्रियले गर्‍योभने राजा हुनेछ, वैश्यले गर्‍योभने व्यापारमा सफलता पाउनेछ र शूद्रले गर्‍योभने महत्त्व अर्थात् ठूलो हुन पाउनेछ ॥१००॥

सर्ग—२

क्रौञ्च वधले कुपित भई वाल्मीकिको व्याधालाई श्राप र श्लोकको उत्पत्ति

नारदका यी कुरा सुनेपछि कुराको मतलब बुझ्नमा सिपालु भएका धर्मात्मा वाल्मीकिले आफ्ना शिष्यहरूलाई साथमा राखेर महामुनि नारदको पूजा गरे ॥१॥ विधिपूर्वक पूजा भइसकेपछि देवर्षि नारदले जानलाई विदा मागे र वाल्मीकिले जाने आज्ञा दिएपछि यिनी आकाशको बाटो गरी गए ॥२॥

नारदमुनिले देवलोकतिर प्रस्थान गरेको केही बेरपछि गङ्गाबाट धेरै टाढ़ा नपर्ने तमसा नदीको तीरमा वाल्मीकि गए ॥३॥ तमसा नदीको तीरमा पुगेपछि घाटमा हिलो नभएको देखेर यिनले आफ्ना नजीकै उभिराखेका शिष्यलाई भन्नलागे ॥४॥ हे भरद्वाज ! हेर, यहाँ हिलो भनेको छँदै छैन र यहाँको जल पनि सज्जन मानिसको मन जस्तै सफा र रमणीय छ ॥५॥ हे बाबु ! घडा यहाँ राखिद्यौर

मेरो वल्कलवस्त्र पुग्नदेऊ । म तमसाको यस रमणीय घाटमा स्नान गर्दछु ॥६॥

महात्मा वाल्मीकिको यो कुरा सुनेपछि गुरुभक्त भरद्वाजले मुनिलाई वल्कल दिए ॥७॥ शिष्यको हातबाट वल्कलवस्त्र लीसकेपछि जितेन्द्रिय वाल्मीकि चारैतिर त्यस विशाल वनको शोभा हेर्दै टहल्न लागे ॥८॥

मुनिले यस वनको नगीच सदा सर्वदा संगसंगै रहने, मधुर बोली बोल्ने, निर्दोष क्रौञ्च पक्षीको एक जोडीलाई यताउति गरिराखेको देखे ॥९॥यै अवसरमा चराहरूको बैरी एउटा महापापी व्याधाले मुनिले हेर्दा हेर्दैमा त्यस जोडीको भालेचाहिं चरालाई मारिदियो ॥१०॥ रगतमा मुछिएर यो भूइँमा लड्यो र छटपटाउन लाग्यो; यस्तो अवस्था देख्ता लोग्नेलाई मरेको संझेर यसकी स्वास्नी करुणाजनक शब्द झिकेर रुनलागी ॥११॥यस क्रौञ्चीको सदाका लागि आफ्नो लोग्नेबाट बिछोड़ हुन गयो । जुन लोग्ने कि सधैं यसको साथमा रहन्थ्यो, जसको टाउकामा रातो रङ्गको चिह्न थियो र जो सधैं कामले मत्त रहन्थ्यो ॥१२॥ कामले मत्त भइराखेको चरालाई व्याधाले मारेको देख्ता यी महात्मा ऋषिको मनमा ठूलो दया उत्पन्न भो ॥१३॥ अर्काको दुःख जान्ने यी मुनिले यस कामलाई अधर्म भन्ठानेर क्रौञ्चीले विलाप गर्नलागेको देखेको हुनाले मुखबाट यो वचन निकाले—

मा निषाद प्रतिष्ठान्त्वमगमः शाश्वती समाः । यत् क्रौञ्चमिथुनादेकमवधीः काममोहितम् ॥

हे व्याधा ! तं धेरै वर्षसम्म यस संसारमा जीउँदो रहन नपाएस् किन कि तैंले क्रौञ्च पक्षीको जोड़ीमा कामले मत्त भइराखेको भालेचाहिंलाई मारिदिइस् ॥१४-१५॥ सहसा यिनको मुखबाट उपरोक्त वचन ता निस्किहाल्यो, तर जब यस विषयमा यिनले विचार गरे तब ता यिनलाई अहो ! पक्षीको दुःख देख्ता व्याकुल भएर मैले यो के भनेहूँला भन्ने चिन्ता पर्‍यो ॥१६॥

महापण्डित बुद्धिमान् मुनिश्रेष्ठ मनै मनमा यस प्रकारको चिन्ता गर्दै आफ्नो शिष्यलाई यस प्रकार-संग भन्नलागे ॥१७॥ मेरो मुखबाट यो जो वचन निस्क्यो त्यो पादबद्ध छ अर्थात् चार पाउमा विभक्त छ, चारै पाउमा बराबर अक्षर छन् र वीणाको लयमा गाउनहुने किसिमको छ । शोकको अवस्थामा मेरो मुखबाट निस्केको हुनाले यो श्लोक होस् अर्थात् यस छन्दको नाम श्लोक होस् अर्कों नाम नहोस् ॥१८॥ मुनिको मुखबाट यो वचन निस्कनासाथ शिष्यले प्रसन्न भई यसलाई कण्ठस्थ पारिदिए; शिष्यले यसो गरेको देख्ता मुनिजी पनि खुशी भए ॥१९॥

घाटमा चरासम्बन्धी जो घटना भएको थियो त्यो यिनको मनबाट दूर हुनसकेको थिएन, तसर्थ त्यहां घाटमा विधिपूर्वक स्नान गरिसकेपछि पनि सो कुराको चिन्ता गर्दै यिनी आश्रमतिर फर्के ॥२०॥ विनयी तथा गुरुसित ग्रन्थ पढेका, मुनिका शिष्य भरद्वाज जलले भरिएको घड़ा लिएर मुनिको पछिपछि लागेर आए ॥२१॥ धर्मात्मा वाल्मीकि, शिष्यको साथमा आश्रमभित्र पसी त्यहाँ बसेर अरू-अरू कुरा गर्न लागे, यस समयमा पनि यिनी ध्यानमग्न भई घाटको कुरा विचार गरिरहेका थिए ॥२२॥

यै अवसरमा सृष्टिका रचयिता महातेजस्वी, स्वयंप्रभु, चतुर्मुख ब्रह्मा मुनिश्रेष्ठ वाल्मीकिलाई भेट्न

भनी त्यहां आए ॥२३॥ ब्रह्मालाई देख्नासाथ मुनि हतपत गर्दै उठे, बोल्न थामेर बडो नम्रतासाथ हात जोडी उभिराखे । ब्रह्मा एक्कासि आएकोमा यिनी बहुतै छक्क परिरहेका थिए ॥२४॥ पाद्य, अर्घ्य आसन तथा स्तुतिद्वारा ब्रह्माको पूजा गरी विधिपूर्वक प्रणाम गरेर क्षेम कुशलको कुरा सोध्नलागे ॥२५॥ आफू उत्तम आसनमा बसिसकेपछि भगवान् ब्रह्माले वाल्मीकिलाई अर्को आसनमा बस्ने आज्ञा दिए ॥२६॥ पितामह ब्रह्माले आसन ग्रहण गरेपछि, उनीबाट आज्ञा पाएकाले वाल्मीकि पनि आफ्नो आसनमा बसे ॥२७॥ वाल्मीकिजी यस समयमा पनि ध्यानमग्न भई त्यै क्रौञ्चवधको कुरा संझी संझी "हा ! त्यो पापी वनचारी व्याधाले कस्तो पाप कर्म गर्‍यो; मीठो बोली बोल्ने त्यस भोले चरालाई विना कुनै अपराधले त्यस व्याधाले मारिदियो भनी मनै मनमा चिन्ता गर्नलागे र जब क्रौञ्ची पक्षीमा यिनको ध्यान गयो तब यिनी फेरि उही श्लोक भन्नलागे ॥२८-२९॥ मुनि शोकले गर्दा आकुल व्याकुल परे, मनै मनमा भन्नुपर्ने कुरा लुकाएर शोक गर्नलागे । मुनिश्रेष्ठको यस्तो विह्वल अवस्था देखेर ब्रह्माजी हाँस्तै भन्नलागे ॥३०॥

आज तपाईंको मुखबाट छन्द रूपमा यो जो वाणी निस्क्यो त्यो श्लोकै कहिने छ, यस विषयमा केही शोक सुर्ता नगर्नोस् । हे ब्रह्मन् ! मेरै इच्छाले तपाईंको मुखबाट यो वाणी निस्केको हो ॥३१॥ हे ऋषिश्रेष्ठ ! तपाईं यस संसारका धर्मात्मा, गुणी, र बुद्धिमान् महाराज रामचन्द्रको सम्पूर्ण चरित्र, जस्तो कि तपाईंले नारदजीको मुखबाट सुन्नुभएको छ, वर्णन गर्नोस् । राम, लक्ष्मण, सीता तथा राक्षस-हरूको सम्बन्धमा गुप्त रहेका अथवा प्रकट भएका जति कुरा छन् ती सबै वर्णन गर्नोस् ॥३२-३४॥ जुन कुरा तपाईंलाई थाहा छैन सो पनि थाहा भइजानेछ, यस काव्यमा तपाईंले जे लेख्नुहुनेछ सो असत्य हुनेछैन ॥३५॥ तपाईं रामचन्द्रको रमणीय पवित्र कथा श्लोकमा बनाउनोस् । पृथ्वीतलमा जबसम्म पर्वत तथा नदीहरू रहनेछन् तबसम्म तपाईंले बनाएको यस रामायणको लोकमा प्रचार भइरहनेछ । जबसम्म तपाईंले बनाएको रामायणको प्रचार हुनेछ तबसम्म तपाईं मेरो सबभन्दा माथिको लोकमा अर्थात् ब्रह्मलोकमा बस्न पाउनुहुनेछ । यति भनेर भगवान् ब्रह्मा त्यहीं लोप भइजानुभयो, ब्रह्मा सहसा अन्तर्धान भएकाले वाल्मीकि तथा यिनका शिष्यहरू छक्क परे ॥३६-३८॥

मुनिका सबै शिष्यहरू यिनले बनाएको श्लोक वारंवार गाउनलागे, यिनीहरू प्रसन्न भएर तथा छक्क परेर आफू आफूमा भन्नलागे ॥३९॥ बराबर अक्षर भएको चारपाउको मुनिजीले जो रचना गर्नुभयो त्यो श्लोक नामले विख्यात हुनेछ, क्रौञ्च चराको घटना देख्दा जुन शोक उत्पन्न भो त्यो श्लोकरूपमा प्रकट हुनगयो ॥४०॥ पवित्र आत्मा भएका मुनिले यस्तै श्लोकमा समस्त रामायणको निर्माण गर्दछु भनी विचार गरे ॥४१॥

उदार दृष्टिका महर्षिले यशस्वी रामचन्द्रको चरित्र सयकड़ौं श्लोकमा बनाए । यस महाकाव्यको छन्द राम्रो छ, अर्थ र पद पनि राम्रा छन्, श्लोकका अक्षर बराबर छन् ॥४२॥ मुनिले बनाएको राम-चन्द्रको चरित्र तथा रावणवधको वृत्तान्त सुन्नोस् । यो रामचन्द्रको चरित्र व्याकरणका सबै समास, सन्धि, प्रकृति, प्रत्ययले युक्त छ र यसको अर्थ पनि मनोहर तथा उत्तम छ ॥४३॥

सर्ग—३

संक्षेपमा रामायणको कथा

नारदको मुखबाट धर्मार्थयुक्त तथा कल्याणकारक यो समस्त कथा सुनेपछि महामुनि वाल्मीकि बुद्धिमान् रामचन्द्रको चरित्रमा अरू जे जे घटना भएका थिए ती सब जान्नाको लागि इच्छुक भए ॥१॥ आचमन गरी कुशासनमा बसेर दुवै हात जोडेर पूर्वतिर फर्की मुनिजी नियमपूर्वक रामचरित्रको संग्रह गर्नलागे ॥२॥ राम, लक्ष्मण, सीता, दशरथ तथा यिनका रानीहरू र राज्यसम्बन्धी जति यथार्थ कुरा थिए ती सबै र रामचन्द्रको हंसाइ, बोलाइ, हिंड़ाइ तथा चेष्टाका जति कुरा थिए ती पनि सबै मुनिजी आफ्नो धर्मको प्रभावले आँखाको सामुन्नेमा भए जस्तो गरी देख्नलागे ॥३-४॥ वनमा बस्ताखेरि सीता तथा लक्ष्मणका साथमा सत्यप्रतिज्ञ रामचन्द्रले जे जे काम गरेका थिए सो पनि वाल्मीकिजीलाई थाहा भयो ॥५॥ मानिसलाई जसरी आफ्नो हातमा राखेको अमलाको ज्ञान हुन्छ त्यसै गरी यी धर्मात्मा मुनिलाई रामसम्बन्धी पहिले भएका अरू कुराको पनि योगाभ्यासको प्रभावले गर्दा ज्ञान भइगयो ॥६॥ यस प्रकारसंग योगमार्गद्वारा सबै कुराको ठीक ठीक ज्ञान प्राप्त गरिसकेपछि महापण्डित वाल्मीकि सुन्दा आनन्द गराउने रामचरित्रको वर्णन गर्न तय्यार भए ॥७॥ यस रामचरित्रमा काम र अर्थको वर्णन छ, धर्म तथा अर्थको वर्णन विस्तारपूर्वक गरिएको छ, समुद्रमा झैं यसमा पनि रत्न भरिभराउ छन् र यसले सुन्दैखेरिमा सबैलाई आनन्दित गराउँछ ॥८॥

महात्मा नारदको मुखबाट जस्तो पहिले सुनेका थिए सोहीअनुसार भगवान् मुनिजी रघुवंशको चरित्रको वर्णन गर्नलागे ॥९॥ रामचन्द्रको जन्म, यिनको ठूलो पराक्रम, सबैमाथिको यिनको प्रेम, क्षमा, सबैको यिनीमाथिको प्रेम, सहनशीलता, सत्यता, यीबाहेक विश्वामित्रलाई सहायता गरेको, सीतासंग विवाह भएको, धनु भांचेको, राम परशुरामको विवाद, यिनका गुण, यिनको अभिषेकको तय्यारी, कैकेयीको कुटिलपना, अभिषेक रोकिनु, यिनको वन जानु, राजा दशरथको शोक, विलाप तथा परलोक-गमन, प्रजाको दुःख, यिनीसंग गएका प्रजाहरू फर्केको, निषादराज गुहसितको संवाद, सारथिलाई फर्काएको, गंगा पार गरेको, भरद्वाजसित भेट भएको, भरद्वाजको आज्ञाले चित्रकूटमा गएको त्यहाँ घर बनाएर बसेको, भरत आएको, रामचन्द्रलाई फर्कनका लागि यिनले गरेको प्रार्थना, बाबूको तर्पण गरेको, राज्यसिंहासनमा रामचन्द्रको खराउ राखेको, नन्दीग्राममा भरत बसेको, राम दण्डक-वनमा गएको, विराधको बध, शरभङ्गसितको भेट, सुतीक्ष्णको दर्शन, अनसूयासितको भेटघाट तथा यिनीबाट अंगरागको प्राप्ति, अगस्त्यसित भेट भएर यिनीबाट धनु आदि गरिएका अस्त्रहरू पाएको, शूर्पणखासितको कुराकानी तथा उसको नाक कान काटेको, खर-त्रिशिराको बध, बदला लिन रावण तय्यार भएको, मारीचको बध, सीताको हरण, रामको विलाप, गिद्धराज जटायुको मृत्यु, कबन्धसितको भेट, पंपाको तीरमा पुगेको, शबरीसितको भेट तथा यिनले दिएका फल-मूल ग्रहण गरेको, पम्पातीरमा रामको विलाप तथा हनुमान्सितको भेट, ऋष्यमूक पर्वतमा गएको र त्यहाँ सुग्रीवसितको भेट, रामचन्द्रले आफ्नो बलमा पत्यार पारेको, सुग्रीव-

संगको मीतेरी, बालि सुग्रीवको विरोध, बालिवध, सुग्रीवको राजतिलक, ताराको विलाप, सुग्रीवले भनेकोले वर्षाकालमा प्रस्रवण-गिरिको बसाइ, रामचन्द्रको रिस, सुग्रीवले सेना जम्मा पारेको, सबै दिशामा दूत पठाएको, दिग्दर्शनको वर्णन, चिनुका लागि औंठी दिएको, जाम्बवान्ले गुफा देखेको, वानरहरू प्राणत्याग गर्न बसेको, सम्पातिसितको भेट, हनुमान् पर्वतमाथि चढेको, समुद्र नाघेको, समुद्रको वचन मानेर मैनाक पर्वतको दर्शन गरेको, राक्षसीले तर्साएको, छायाग्राही राक्षससितको भेट, सिंहिका राक्षसीको वध, लङ्का-दर्शन, रात्रिको समयमा लङ्काभित्र प्रवेश, एकान्तमा विचार गरेको, भट्टीमा गएको, अन्तःपुरको दर्शन, रावणलाई देखेको, पुष्पकविमान हेरेको, अशोकवाटिकामा गएको र त्यहीं सीताको दर्शन, रामचन्द्रले दिएको चिनु देखाएर सीतासितको कुराकानी, राक्षसीहरूले तर्साएको, त्रिजटाले सपना देखेको, सीताले मणि दिएको, हनुमानले बघैंचाको रूख भांचेको, राक्षसीहरू हडबडाएको, रावणका नोकरहरूको बध, हनुमान् बांधिएको, लंका-दहन गर्दा हनुमान् गर्जेको, फेरि समुद्र नाघेर फर्केको, मधुवनको फल खाएको, रामचन्द्रको मनमा ढाढस दिएर सीताले पठाएको मणि उहाँलाई देखाउनु, समुद्रतीरमा आउनु, नलद्वारा पुल बनाउन लगाउनु, समुद्र पार गरेको, रात्रिसमयमा लङ्का घेरेको, विभीषणसितको भेट तथा यिनले रावणलाई मार्ने उपाय बताएको, कुम्भकर्णको मृत्यु, मेघनादको बध, रावणको विनाश, लङ्कामा सीताको प्राप्ति, लङ्काराज्यमा विभीषणको अभिषेक, पुष्पकविमानको दर्शन, अयोध्यातिरको यात्रा, भरद्वाजमुनिसितको भेट, भरतकहाँ हनुमान् दूत भएर आएको, भरतसितको भेट, रामको अभिषेकको उत्सव, सबै फौजको विदाइ, प्रजाहरूलाई प्रसन्न राखेको, सीताको त्याग, यी माथि कहिएका कुराबाहेक रामचन्द्रसम्बन्धी अरू कुरा जो हुन बाँकी नै थिएती सबैको वर्णन भगवान् वाल्मीकि ऋषिले उत्तर काव्यमा गरेका छन् ।।१०-३९।।

सर्ग—४

रामचन्द्र लव कुशले रामायण गाएको सुन्दछन्

रामचन्द्र राजसिंहासनमा बसिसकेपछि भगवान् वाल्मीकि ऋषिले यिनको समस्त चरित्रको वर्णन गरे । यस काव्यका पद उत्तम तथा अर्थयुक्त छन् ।।१।। चौबीस हजार श्लोकमा ऋषिले यो काव्य बनाएका छन्, यसमा पांचसय सर्ग छन् , छ काण्ड उत्तरकाण्डसमेत सात काण्डमा यस काव्यको रचना भएको छ ।।२।। पछि हुने कुराको वर्णन भएको उत्तरकाण्डसमेतको यो काव्य बनाइसकेपछि महाबुद्धिमान् मुनिजी कसले यस काव्यको गान गर्नसक्छा भन्ने कुराको विचार गर्नलागे ।।३।।

पवित्र मन भएका ऋषिले यस प्रकारसंग चिन्तना गरिरहेको समयमा नै मुनिको वेषमा रहेका कुश र लवले त्यहाँ आएर मुनिको पाउमा ढोग गरे ।।४।। कुश, लव धर्मात्मा छन्, राजाका छोरा हुन् , यशस्वी छन् , दाजु-भाइ हुन् यिनीहरूको स्वर मीठो छ र यी दुवै आश्रममा बस्तछन् भन्ने कुरा मुनीजीले देखे ।।५।। यिनीहरू बुद्धिमान् छन् यिनलाई वेदको समेत ज्ञान छ भन्ने देखेकोले

वेदको तात्पर्य बुझ्नु भन्ने इच्छाले मुनिले यिनीहरूलाई यो काव्य पढाए ।।६।। सीताको महान् चरित्रको वर्णन भएको तथा रावण वधको वर्णन भएको यो समग्र रामायणकाव्य, चरित्र वर्णन गर्न तत्पर भएका मुनिले बनाए ।।७।। यो काव्य पढ्नामा तथा गाउनामा मधुरो छ, द्रुत, मध्य विलंबित तीन प्रमाणले युक्त छ, सात सुर तथा ताल लय मिलेको छ ।।८।। श्रृंगार, करुण, हास्य, रौद्र, भयानक, वीर, बीभत्स, अद्भुत, शान्त यी नौओटै रसले युक्त भएको यस काव्यको गान, लव कुशले गरे ।।९।। यिनीहरू गान-विद्यामा निपुण थिए, ताल, स्वर, लय इत्यादिको यिनलाई ज्ञान थियो, दुवै भाइको गला सुरिलो थियो, र हेर्दा गन्धर्वसमान राम्रा थिए ।।१०।। राम्रो रूप, उत्तम लक्षण, मधुरो स्वर भएका यिनीहरू छाया-बाट प्रतिच्छाया उत्पन्न भएझैं रामचन्द्रको शरीरबाट दोटा अर्का रामचन्द्र प्रकट भएका जस्ता देखिन्थे ।।११।। कुनै प्रकारको खोट नभएका यी दुवै राजपुत्रले यो धार्मिक सर्वश्रेष्ठ जम्मै रामायण ग्रन्थलाई कण्ठ पारे र अध्ययन गर्ने तथा गीत गाउने समयमा ऋषि, द्विजाति तथा साधुहरू जहाँ जम्मा भइराखेका थिए तहाँ गुरुको उपदेशअनुसार सावधान भएर तत्व जान्ने यिनीहरूले सो काव्यको गान पनि गरे ।।१२-१३।। यी दुवै महाभाग्यशाली सबै उत्तम लक्षणले युक्त भएका, राजकुमारहरूले कुनै एक समयमा एक ठाउँमा जम्मा भइराखेका आत्मज्ञानी ऋषिहरूको सभामा उपस्थित भई यस काव्यको गान गरे, यो गान सुन्दा सबै ऋषिहरूको आँखामा आँसु भरियो ।।१४-१५।। मनमा खुशी भएका तथा ज्यादै छक्क परेका धर्मात्मा मुनिहरू प्रशंसा गरिन योग्यका, गाना गर्ने कुशलवको तारीफ गर्दै भन्नलागेः—अहा ! गाना कस्तो मधुरो छ, श्लोकमा ता झन् बर्ता मधुरोपना छ, यी घटना भएको धेरै दिन भइसकेको भए तापनि अहिले प्रत्यक्ष जस्तै देखिन लागेको छ ।

यी दुवै बालकले ऋषिसभामा उपस्थित भई बडो राम्रो भावले काव्यको गान गरे । यस प्रकारसँग बडा बडा तपस्वी महर्षिहरूले यिनीहरूको सुरीलो स्वर तथा मधुर गानको प्रशंसा गरे ।।१६–१९।। यस प्रशंसाले प्रसन्न भएका यी बालकहरू झन् बर्ता मीठो स्वरले गाउनलागे । गाना सुन्नाले खुशी भएका ऋषिहरूमध्ये कसैले यिनीहरूलाई घडा दिए । कसैले वल्कलवस्त्र, कसैले कालो मृगचर्म, कसैले यज्ञसूत्र, कसैले कमण्डलु, कसैले मौंजी दिए । एउटा मुनिले आसन दिए, अर्कोले कौपीन, खुशी भएका कुनै मुनिले बन्चरो दिए, अर्का मुनिले गेरुवा वस्त्र, कसैले जटा बांध्ने धागो, कसैले दाउरा मूठा पार्ने डोरी कसैले यज्ञपात्र, कसैले दाउराको भारी, र कसैले डुम्रीको आसन दिए । चीजबीज नदिने ऋषिहरू-मध्ये कसैले कल्याण होस् र कसैले दीर्घजीवी भए भनेर आशीर्वाद दिए ।।२०–२५।। यस प्रकारसंग यी सत्यवादी मुनिहरूले यिनीहरूलाई किसिम किसिमका चीजबीज दिए ।

वाल्मीकि मुनिले बनाएको यो कथा बडो अचम्भ लाग्ने किसिमको छ, कथा क्रमले यसको समाप्ति भएको छ, जस्तो यो काव्य अद्भुत छ उस्तै सबै प्रकारको गानविद्यामा निपुण भएका दुवै राजपुत्रले यसको गान गरे ।।२६–२७।। यो गान सुन्नाले आयु बढ्दछ शरीर हृष्टपुष्ट हुन्छ र सबैको कानलाई आनन्दित गराउंछ । यस प्रकारसंग दुवै भाइको जताततै प्रशंसा हुन लाग्यो ।

एक दिन अयोध्याको गल्ली गल्ली सड़क सड़कमा गाउँदै हिंडिरहेका यी दुवै भाइला ईरामचन्द्रले देखेर यिनले कुश, लव दुवै भाइलाई आफ्नो घरमा बोलाएर ल्याए ॥२८–२९॥ दिव्य सुवर्णमय सिंहासनमा बसेका, शत्रुविजयी रामले पूजा गर्ने योग्य यी दुवैको खूब आदर सत्कार गरे ॥३०॥ रामचन्द्रजी बसेपछि यिनका भाइहरू तथा मन्त्रीहरू पनि नजीकै बसे। रामले यी दुवै भाइलाई रूपसम्पन्न तथा बडो नम्र देखे र लक्ष्मण, भरत, शत्रुघ्नलाई भन्न लागेः—देवता समान कर तेजस्वी यिनीहरूले यस कथाको गान गरेको सुन ॥३१–३२॥

यति भनेर यिनले कुश, लवलाई विचित्र अर्थ तथा पदले युक्त भएको कथाको गान गर्ने आज्ञा दिए। यसपछि यी दुवै भाइ मधुर, मनोहर तथा आफ्नो चित जस्तै विशाल स्वरले वीणाको लयको साथसाथमा यो प्रसिद्ध काव्य गाउनलागे। यो गाना सुन्नेहरूको शरीर, मन, तथा चित्त प्रफुल्लित भइगो, सुन्दैमा कानलाई आनन्द गराउने यस गानाले त्यस सभामा ठूलो शोभा पायो ॥३३–३४॥ यस पछि रामचन्द्रजी भन्नलागेः—यी महातपस्वी कुश, लवले मुनिको वेष धारण गरेका छन् तापनि यिनी-हरूमा राजामा हुनुपर्ने लक्षण देखिन्छ, मेरो लागि पनि यो उत्तम कथा कल्याणकारी छ, सो तिमीहरू बुझिराख ॥३५॥ यी दुवैले रामचन्द्रबाट आज्ञा पाएकाले, गानविद्याको नियमअनुसार गाउन थाले, सभामा बसेका रामचन्द्र पनि बडो ध्यानसित गाना सुन्नलागे ॥३६॥

सर्ग—५

अयोध्या शहरको वर्णन

प्रजापति मनुको पालादेखि जुन जुन विजयी राजाहरूको अधिकारमा यो समग्र पृथ्वीको शासन भई आएको छ, जसको वंशमा साठीहजार छोरा भएका सगर नाम गरेका राजाले समुद्र खन्न लगाए-थे यिनै महात्मा इक्ष्वाकुवंशीहरूको वंशमा, रामायणको नामले प्रख्यात भएको यस महान् कथाको उत्पत्ति भएको हो ॥१-३॥ अब हामीहरू धर्म अर्थ र कामले युक्त भएको यो जम्मै कथा आदिदेखि लिएर अन्तसम्म गाउँदछौं तपाईंहरू एकाग्र चित्त भई सुन्नोस् ॥४॥

सरयू नदीको तीरमा रहेको, धन धान्यले पूर्ण भएको कोशल नाम गरेको एउटा ठूलो प्रान्त थियो, यहाँका दुनियाँ शान्तसंग आनन्दमा रहन्थे ॥५॥ यस प्रान्तमा जगद्विख्यात अयोध्या नाम गरेको शहर छ, यस शहरलाई मानवश्रेष्ठ स्वयं मनुले बनाएका हुन् ॥६॥ यो ठूलो शहर बाह्र योजन लामो र तीन योजन चौडा छ, ठूला ठूला सड़क भएको यो शहर बडो राम्रो छ ॥७॥ यस शहरका मुख्य मुख्य सडक खूब ठूला र राम्रा राम्रा फुलवारीले शोभायमान छन्, यहाँ सधैं पानी छर्कने बन्दोबस्त छ॥८॥ राज्य बढ़ाउने महाराज दशरथले इन्द्रले अमरावती बसाएझैं यस शहरलाई बसाएका हुन् ॥९॥ यस शहरको चारैतिर ढोका र फाटक छन्, शहरभित्र खूब राम्रो बजार लाग्दछ, यहाँ सबै किसिमका कल हात-हतियार मौजूद रहन्छन् र सबै प्रकारका कालिगढ बस्तछन् ॥१०॥ यस शहरमा सूत मागध खूब छन्, शहर हेर्दैमा राम्रो देखिन्छ, अग्ला अग्ला अटालीमा ध्वजा

पताका लागेका हुन्छन् , एकबाजिमा सयकड़ौं मानिसलाई मार्न सक्ने तोप जताततै राखिएका हुन्छन् ॥११॥ शहरमा वेश्या तथा नाटक खेल्नेहरूको हूलका हूल जताततै देखिन्छन् , बगैंचा पनि निकै नै छन् , आँपका रूखको ता वनै छ, सालका रूख चारैतिर पर्खाल जस्तै गरेर लगाइएका छन् , ॥१२॥ शहरमा किल्ला छ औ किल्लाको चारैतिर पानी भरिभराउ भएको गहिरो खाल्ड़ो छ; शत्रुहरूलाई यहाँ भित्र पस्न निकै गाह्रो पर्दछ । हात्ती घोडा, गाई, ऊंट, गधा आदि गरिएका जत्ति भने पनि छन् ॥१३॥ महाराज दशरथका अधीनका सामन्त राजाहरू यहाँ रहन्छन्, पशु, पक्षीको निंति खाने राम्रो बन्दोबस्त छ, भिन्नाभिन्न देशमा घर भएका व्यापारीहरू यहाँ आएर बसेका छन् ॥१४॥ राजाका महलमा जुहारात जडिएका छन् र पर्वत जस्ता राम्रा देखिन्छन् , यस शहरमा अनेक गुप्ती घर पनि छन् । यो शहर इन्द्रको अमरावती जस्तै देखिन्छ ॥१५॥ यो शहर बडो राम्रो ढांचाले बनेको छ, यसमा जम्मा आठ कुना छन्, यहाँ हजारौं वेश्या रहन्छन् । नाना प्रकारका रत्नले खचिखचाउ भएका सात तले घरले गर्दा यस शहरको शोभा बढिरहेको छ ॥१६॥ यहाँका घर संगसंगै जोरिएर बनेका छन्, खाली ठाउँ कतै पनि छैन, सम्म परेको जग्गामा शहर बसेको छ, धान चामलको उब्जनी खूब छ र यहाँको पानी उखुको रस जत्तिकै स्वादिलो छ ॥१७॥ यहाँ दुन्दुभि, मृदङ्ग, वीणा र ढोलक सदा बजिरहन्छन् । यो शहर पृथ्वीभरीमा सबैभन्दा उत्तम छ ॥१८॥ अयोध्या, सिद्धहरूले तपस्याद्वारा आकाशमा प्राप्त गरेको विमान जस्तै छ, यहांका राम्रा राम्रा घरमा श्रेष्ठ पुरुषहरू वास गर्दछन् ॥१९॥ अयोध्या शहरमा यस्ता हजारौं महारथी रहन्छन् जो असहाय तथा एकलो मानिसलाई मार्दैनन् तथा लुकेर कसैमाथि हमला गर्दैनन् , शब्दवेधी बाण चलाउन सक्ने तथा बडो फूर्तीसंग बाण चलाउन सक्ने यिनीहरू आफ्ना तीखा तीखा हतियार अथवा बाहुबलले, वनमा मस्त भई भ्रमण गरिरहने सिंह, व्याघ्र, बनेल आदि गरिएका जन्तुहरूलाई मार्दछन् । यस्तो अयोध्या शहरमा राजा दशरथ रहन्थे ॥२०-२२॥ वेद वेदाङ्गमा पारङ्गत भएका अग्निहोत्री तथा गुणी श्रेष्ठ द्विजातिहरू, हजारौं दान गर्न सक्ने ठूला ठूला दानी, सत्यवादी र महर्षिसमानका महात्माहरू यहां रहन्छन् ॥२३॥

सर्ग—६

राजा दशरथको राज्य समय र त्यस समयका मानिसको अवस्था

यस अयोध्यापुरीमा वेदका ज्ञाता, सबै प्रकारका वस्तुहरूको संग्रह गर्ने, दूरदर्शी, महातेजस्वी नगरवासी तथा राज्यका सबै प्रजाको मन परेका राजा दशरथ राज्य गर्दथे ॥१॥ यी राजर्षि, महर्षि-समानका थिए, तीनै लोकमा यिनको ख्याति फैलिएको थियो, इक्ष्वाकुवंशका महारथी तथा धर्मात्मा मानिएका थिए, यिनी जितेन्द्रिय थिए, यज्ञादि पनि खूब गर्दथे ॥२॥ यी बलवान् थिए, शत्रुलाई दबाइ-राखेका थिए, यिनका मित्र धेरै थिए र स्वयं जितेन्द्रिय थिए, धन तथा अरू अरू वस्तुको संग्रह गर्नाले इन्द्र र कुबेरसमानका संझिएका थिए ॥३॥ महातेजस्वी मनुले जसरी लोकको रक्षा गरेका थिए

त्यसै गरी राजा दशरथले पनि आफ्नो राज्यको रक्षा गरेका थिए ॥४॥ जसरी इन्द्रले अमरावतीको पालना गरेका थिए त्यसै गरी सत्यप्रतिज्ञ राजा दशरथ धर्म अर्थ र कामको अनुसरण गर्दै अयोध्या शहरको पालना गर्दथे ॥५॥ यस उत्तम पुरीमा धर्मात्मा, शास्त्र पढ़ेका मानिस प्रसन्नतापूर्वक रहन्थे, यिनीहरू आफ्नो आफ्नो धनमा सन्तुष्ट थिए, लोभी थिएनन् र साँचो बोल्दथे ॥६॥ यस शहरमा आफ्नो आवश्यकताअनुसारको उत्तम उत्तम द्रव्य संचय नगरेका कोही मानिस थिएनन् , यिनको शासन कालमा आफ्नो अभिलाषा पूर्ण नभएका कुनै गृहस्थ थिएनन् , सबैको घरमा गाई, घोडा, धन, धान्य भरिभराउ रहन्थे ॥७॥ कामी, कृपण, तथा निष्ठुर मानिस अयोध्यामा भेटिनु असम्भव थियो, यहाँका मानिस न कोही मूर्ख थिए न नास्तिक ॥८॥ यहाँका सबै लोग्ने मानिस आइमाई धर्म कर्म गर्दथे र इन्द्रियलाई आफ्नो वशमा राख्तथे, सबै असल स्वभावका तथा प्रसन्न थिए, र महर्षि-समान शुद्ध थिए ॥९॥ कानमा कुण्डल नपहिरेका मस्तकमा मुकुट धारण नगरेका, घाँटीमा माला नलगाएका तथा सबै प्रकारका पदार्थको भोग नगर्ने यहाँ कुनै मानिस थिएनन् ; सबै नित्य स्नान गर्दथे र सदा चन्दनादि गरिएका सुगन्धित वस्तु शरीरमा लगाउँथे ॥१०॥ यहाँका बासिन्दा असल असल पदार्थ खान्थे, दानी थिए, बाला, बाजू , कंकण आदि गरिएका सुनको गहना नलगाउने कोही मानिसै थिएन, यहाँका सबैले आफ्नो मनलाई जितिराखेका थिए ॥११॥ अग्निहोत्र तथा बलिवैश्वदेव नगर्ने कोही छँदै थिएनन् । अयोध्यामा छोटो विचार भएका, चोर, चरित्रहीन तथा वर्णसंकर कोही पनि थिएनन् ॥१२॥ यहाँका ब्राह्मणहरू जितेन्द्रिय थिए र सदा आफ्नो काममा लागिरहन्थे, दान गर्नामा र विद्याको अध्ययनमा तत्पर देखिन्थे र खराब दानदेखि टाढै रहन्थे ॥१३॥ यस राजधानीमा नास्तिक, झूटो बोल्ने, धेरै नपढेको, अर्काको डाह गर्ने, असमर्थ र मूर्ख कोही पनि थिएन ॥१४॥ वेदका छओटै अङ्ग नपढ़ेको, व्रत नगर्ने, अल्पज्ञानी, दरिद्री, पागल अथवा दुःख पाइराखेको कोही देखिन्नथ्यो ॥१५॥ अयोध्यामा सबै स्त्री पुरुष श्रीमान्, रूपवान् , राजामा भक्ति भएका देखिन्थे ॥१६॥ यहाँका चारै वर्णका मानिस देवताको पूजा तथा पाहुनाको सत्कार गर्दथे, सबैका सबै कृतज्ञ, दानी, शूरा, पराक्रमी, दीर्घजीवी, सत्यवादी, धर्मात्मा थिए । यस श्रेष्ठ नगरीका बासिन्दाहरू छोरा, नाति स्वास्नीको साथमा सुखसंग बस्तथे ॥१७-१८॥ क्षत्रियहरू ब्राह्मणको आज्ञानुसार चल्दथे, वैश्यहरू क्षत्रियका अनुगामी थिए र शूद्र आफ्नो काममा तत्पर रही ब्राह्मण, क्षत्रिय, वैश्यको सेवा गर्दथे ॥१९॥ जसरी पहिले बुद्धिमान् मनुले यस नगरीको रक्षा गरेथे त्यसै गरी इक्ष्वाकुनाथ महाराज दशरथले पनि आफ्नो समयमा यसको रक्षा गरे ॥२०॥ अग्निसमानका तेजस्वी, हार भएको खप्न नसक्ने, युद्धविद्यामा पारङ्गत भएका, सरल स्वभावका योद्धाहरू गुफामा सिंह बसेझैं यहाँ राजधानीमा बसेका थिए ॥२१॥ काम्बोज, बाल्हीक वनायु (अरब) र सिन्ध नदीको नजीकको देशमा उत्पन्न भएका इन्द्रका घोड़ासमानका उत्तम घोडा-ले यो शहर भरिपूर्ण थियो ॥२२॥ विन्ध्य र हिमालय पर्वतमा उत्पन्न भएका पहाड़समानका अग्ला, मतवाला, बडा बलिया हात्ती अयोध्यामा रहन्थे ॥२३॥ ऐरावत, महापद्म, अञ्जन र वामनवंशका

हात्ती पनि यहाँ थिए ।।२४।। भद्र, मन्द्र, मृग, भद्रमन्द्रमृग, भद्रमन्द, भद्रमृग र मृगमन्द आदि गरिएका भिन्न भिन्न जातिको मेलले उत्पन्न भएका हात्ती यहाँ देखिन्थे।।२५।। पर्वतसमानका अग्ला यी मतवाला हात्तीले यो शहर सदा भरिभराउ रहन्थ्यो । दुई योजनसम्म आफ्नो नामलाई सार्थक बनाएर यो शहर फैलिएको थियो अर्थात् कुनै शत्रु यहाँ युद्ध गर्नलाई आउन नसक्ने हुनाले यसको नाउँ अयोध्या भएको हो ।।२६।। जसरी चन्द्रमा नक्षत्रहरूमाथि शासन गर्दछन् त्यसै गरी महातेजस्वी राजा दशरथ शत्रुहरूलाई परास्त गरी त्यस शहरको शासन गर्दथे ।।२७।। आफ्नो नामलाई सार्थक बनाउने, बलिया बलिया तोरण तथा अर्गला भएको, किसिम किसिमका राम्रा राम्रा घरले शोभायमान भइराखेको, हज्जारौं मानिसले वास गरेको यो मङ्गलमय अयोध्यापुरीको शासन राजा दशरथ इन्द्रले गरेझैं गर्दथे ।।२८।।

सर्ग—७

राजा दशरथका मन्त्रीहरूको नीति वर्णन

इक्ष्वाकुवंशी महात्मा राजा दशरथका मन्त्री बड़ा गुणी थिए, गुप्ती कुरा जान्दथे, राजाको अभिप्राय बुझ्दथे र सदा राजाको कल्याण गर्नामा तत्पर रहन्थे ।।१।। यी यशस्वी वीरका आठ मन्त्री थिए, आठै जना शुद्ध र सदा राज्यको काममा लागिरहन्थे ।।२।। राजाका आठ मन्त्रीहरूको नाम थियो-धृष्टि, जयन्त, विजय, सुराष्ट्र, राष्ट्रवर्धन, अकोप, धर्मपाल, तथा राजाको अभिप्राय बुझ्ने सुमन्त्र ।।३।। यीबाहेक वशिष्ठ र वामदेव नाम गरेका दुईजना ऋषि धर्मकार्य गराउने राजाका ऋत्विज थिए, यी दुवै राजाको खूब मन परेका थिए । यीबाहेक अरू अरू ऋषिहरू पनि मन्त्रीको काम गर्दथे ।।४।। सुयज्ञ, जाबालि, काश्यप, गौतम, दीर्घजीवी, मार्कण्डेय तथा कात्यायन यी सबै ब्रह्मर्षिहरू पनि कुल-परम्परादेखि राजाको ऋत्विज तथा मन्त्री भएर आएका थिए अर्थात् मौका मौकामा राजा यिनीहरूसित पनि सल्लाह लिन्थे, यी सबै विद्वान्, नम्र, लज्जाशील, चतुरा र जितेन्द्रिय थिए ।।५-६।। सबैका सबै देख्नामा राम्रा, महात्मा, शस्त्रविद्या जान्ने, पराक्रमी, ठूलो यश भएका, सावधान, र राजाको वचनअनुसार कामगर्ने थिए ।।७।। सबै तेजस्वी, क्षमाशील तथा यशस्वी थिए, सबै हंसिलो मुखले बोल्दथे । रिसले अथवा आफ्नो मतलब सिद्ध गर्ने अभिप्रायले कहिले झूटो बोल्दैनथे ।।८।। आफ्नो राज्यको तथा अर्काको राज्यको यिनीहरूले नजानेको कुनै कुरा थिएन, जो काम भइसकेका छन् र जो पछि हुने भएका छन् ती सबै तथा दूतहरू-का गुप्ती कुरासमेत जान्दथे ।।९।। यिनीहरू व्यवहारमा बड़ा पक्का र दोस्ती कायम राख्नामा सिपालु थिए । अपराध गरेको मौकामा शास्त्रअनुसार आफ्ना छोराहरूलाई समेत सजाय गर्न बाँकी राख्तैनथे ।।१०।। ढुकुटी तथा फौज बढाउनामा सदा तत्पर रहन्थे, आफ्नो कुभलो चिताउनेले समेत प्रत्यक्षमा कुनै हानि गरेको छैनभने त्यसको कुभलो चिताउने यिनीहरूको बानी थिएन।।११।। यिनीहरू सबै शूरा उत्साही र राजनीतिका पण्डित थिए। राज्यमा बसेका सज्जनहरूको रक्षा गर्दथे ।।१२।। ब्राह्मण क्षत्रियलाई दुःख नदिई ढुकुटी भर्दथे । अपराधीको दोष हेरेर बलाबलको ख्याल राखी मामूली अथवा कड़ा दण्ड

दिन्थे ।।१३।। पवित्र आचरण भएका यी सबैको एकनासको विचार थियो, एउटाले अर्काको कुरा जान्दथ्यो ।

यस शहरमा अथवा राज्यमा झूटो बोल्ने मनिस कोही थिएन ।।१४।। अर्काकी स्वास्नीलाई कुदृष्टिले हेर्ने कोही दुष्ट मानिस यहां थिएन । समस्त राज्य तथा राजधानीमा शान्ति नै शान्ति देखिन्थ्यो ।।१५।। राजाका मन्त्रीहरू सधैं राम्रो पोशाक लगाउँथे, राम्रो भेष धारण गर्थे, यिनीहरूको आचार विचार शुद्ध रहन्थ्यो । राजाको भलो हुने काममा सदा तत्पर रहन्थे र यिनको न्यायको दृष्टि सदा खुला रहन्थ्यो अर्थात् न्यायबमोजिम काम गर्दथे ।।१६।। गुरुजनको गुण ग्रहण गर्दथे र आफ्नो पराक्रमको प्रभावले सर्वत्र विख्यात थिए । विदेशमा समेत यिनको ख्याति फैलिएको थियो । यिनीहरू सदा आफ्नो विचारमा दृढ़ रहन्थे ।।१७।।यिनीहरू सबै तरहबाट गुणवान थिए, गुणहीन कोही पनि थिएन, सन्धि विग्रहको रहस्य जान्दथे, प्रजाको यिनमा प्रेम थियो र यी सबै धन धान्यले सम्पन्न थिए ।।१८।। यिनीहरू जस्तो आफ्नो सल्लाहलाई गुप्ती राख्नामा सिपालु थिए त्यस्तै यिनको बुद्धि सूक्ष्म थियो, नीतिशास्त्रका धुरन्धर पण्डित यिनीहरू सधैं मीठो बोली गरेर बोल्दथे ।।१९।।

पापको लेशमात्र पनि नभएका राजा दशरथ यस किसिमका गुणवान् मन्त्रीहरूको साथमा राज्यको पालना गर्दथे ।।२०।। गुप्त दूतद्वारा प्रजाको दुःख सुखको कुरा जान्दथे, धर्मपूर्वक प्रजाको संरक्षण गर्दथे र अधर्मको भने नाश गर्दथे ।।२१।। यिनी बड़ा दानी छन् तथा साँचो बोल्दछन् भन्ने ख्याति तीनै लोकमा फैलिएको थियो । यस प्रकारका पुरुषश्रेष्ठ यस पृथ्वीको शासन गर्दथे ।।२२।। जसरी इन्द्रले देवलोकको शासन गर्दछन् त्यसै गरी यी राजा पनि पृथ्वीको शासन गर्दथे, यिनले आफूभन्दा बर्ता बलियो तथा आफूसमानको बल भएको शत्रुको मुख हेर्नुपरेको थिएन, यिनका सबै मित्र थिए, आफ्नो अधीनका सबै राजा रजौटा निहुरेका थिए, आफ्नो प्रतापले गर्दा यिनको राज्य निष्कण्टक थियो ।।२३।। जसरी उदाएका सूर्य आफ्ना चहकिला किरणद्वारा प्रतापी देखिन्छन् त्यसै गरी राम्रो राम्रो सल्लाह दिने आफूमाथि प्रेम राख्ने, सिपालु, सामर्थ्य भएका यी मन्त्रीहरूको साथमा राजा बड़ो प्रतापी देखिएका थिए ।।२४।।

सर्ग—८

राजादशरथको अश्वमेध यज्ञ

महात्मा राजा दशरथ यस्तो प्रभाव भएका तथा धर्मात्मा भए तापनि यिनलाई छोरा नभएकोमा सधैं चिन्ता लागिरहन्थ्यो, यिनको वंश थाम्ने छोरा जन्मन सकेका थिएनन् ।।१।। कुनै एक समयमा यस विषयमा चिन्ता गर्दा गर्दैमा छोराका लागि मैले अश्वमेध यज्ञ किन नगरेको हूंला भन्ने विचार यी महात्मा राजाको मनमा आयो ।।२।। धर्मात्मा बुद्धिमान् राजाले यज्ञ गर्नुपर्दछ भन्ने दृढ़निश्चय गरे र यस विषयमा आफ्ना नीति जान्ने मन्त्रीहरूसंग सल्लाह पनि गरे ।।३।। महातेजस्वी राजाले सुमन्त्रलाई हे मन्त्रीश्रेष्ठ ! मेरा गुरु र पुरोहितहरूलाई झट्टै बोलाएर ल्याऊ भनी अह्राए ।।४।। महाराजको आज्ञा

३
पाउनासाथ हतपतसंग काम गर्ने सुमन्त्रले झटपट वेद पढेका गुरु र पुरोहितहरूलाई बोलाएर ल्याए ।।५।। सुयज्ञ, वामदेव, जाबालि, काश्यप, पुरोहित वशिष्ठ तथा श्रेष्ठ ब्राह्मणहरू सबै राजाको सम्मुख उपस्थित भए ।।६।। धर्मात्मा राजा दशरथले यी सबैको पूजा गरेर धर्म र अर्थले युक्त भएको मधुरो वचन भन्न लागे ।।७।। छोरा नभएकोमा म सदा दुःखित भई रहन्छु, यही चिन्ताले गर्दा मलाई अलिकता पनि सुख छैन, यसै कारण पुत्रोत्पत्तिका लागि म अश्वमेध यज्ञ गर्न चाहन्छु ।।८।। म शास्त्रीय विधानको अनुसार यो यज्ञ गर्न चाहन्छु, कुन प्रकारले मेरो अभिलाषा पूर्ण होला सो तपाईंहरू कृपा गरेर भन्नुहोस् ।।९।।

राजाको मुखबाट निस्केको यस विचारको वशिष्ठ आदि गरिएका यी ब्राह्मणहरूले ठूलो प्रशंसा गरे र बड़ो प्रसन्न भएर यिनीहरूले राजालाई भने, यज्ञको सबै सामग्री जम्मा पार्न लगाएर यज्ञको घोड़ा छोडिदिनुहोस् ।।१०-११।। सरयूको उत्तरपट्टिको तीरमा यज्ञभूमि बनाउन लगाउनुहोस्, हे राजन् ! यस यज्ञद्वारा जरूरै तपाईंका छोरा जन्मनेछन् र साथसाथै अरू अभिलाषा पनि पूर्ण हुनेछन् ।।१२।। पुत्रोत्पत्तिका लागि तपाईंले गर्नुभएको यो विचार धर्मको अनुकूल छ; ब्राह्मणहरूले यसो भनेको सुन्दा राजा अत्यन्त खुशी भए ।।१३।।

हर्षले गर्दा राजाको आँखामा आँसु भरियो र यिनले मन्त्रीहरूलाई भने—मेरा गुरुको आज्ञानुसार तपाईंहरू यज्ञको सामग्री जम्मा पारिदिनुहोस्; उपाध्यायहरूको साथमा घोड़ा छोड़िदिनोस् र यसको रक्षाका लागि समर्थ वीरहरूलाई नियुक्त गरिदिनुहोस्, सरयूको उत्तरपट्टिको तीरमा यज्ञ गर्ने ठाउँ पनि ठीक पार्न लगाउनहोस् ।।१४-१५।। विघ्न बाधा दूर गर्नाको लागि कल्पशास्त्रको अनुसार विधिपूर्वक शान्ति कर्म गराउनुहोस्, सबै राजाहरूले यस प्रकारको यज्ञ गराउन सक्तैनन् ।।१६।। यस यज्ञमा कुनै प्रकारको अशुद्धि हुन नपाओस् किनकि विद्वान् ब्रह्मराक्षसहरू यसमा त्रुटि हुन्छ कि भनेर हेरिरहेका हुन्छन् र त्रुटि देख्नासाथ यज्ञलाई नष्ट-भ्रष्ट गरिदिन्छन् ।।१७।। विधिहीन यज्ञ गर्नाले तुरन्तै यज्ञकर्त्ताको नाश हुन्छ-तसर्थ मेरो यो यज्ञ विधिपूर्वक समाप्त हुने उपाय तपाईंहरूले गर्नुपर्दछ ।।१८।।

राजाले मन्त्रीहरूको आदर सत्कार गरी भनेः—तपाईंहरू यस कामका सिपालु हुनुहुन्छ, कुनै प्रकारको त्रुटि नहुने गरी सबै सामग्री जम्मा पार्न लगाउनुहोस् । मन्त्रीहरूले पनि महाराजको जो हुकूम भनेर यिनको आज्ञा शिरोपर गरे ।।१९।। धर्म जान्ने ब्राह्मणहरूले राजाका यी सबै कुरा सुनेर राजाको कल्याणका लागि उनलाई आशिष दिए ।।२०।।

ब्राह्मणहरू राजाको आज्ञा लिएर आफ्ना आफ्ना घर गए, यी ब्राह्मणहरूलाई बिदा दिइसकेपछि राजा मन्त्रीहरूलाई भन्नलागे ।।२१।। ऋत्विक्हरूले भनेबमोजिम तपाईंहरू यज्ञलाई चाहिने सामग्री जम्मा गर्नपट्टि लाग्नुहोस् । यति भनिसकेपछि राजश्रेष्ठ दशरथले आइराखेका मन्त्रीहरूलाई जान बिदा दिएर आफू दरबार-भित्र पसे र त्यहाँ आफ्नो मनलाई आनन्द गराउने रानीहरूलाई भन्नलागे—म छोराका लागि यज्ञ गर्दछु, तिमीहरू पनि यज्ञदीक्षाका नियमको पालना गर । पतिको मुखबाट यो कुरा निस्कनासाथ खुशीयालीले

गर्दा यिनीहरुको मुख वसन्त कालमा फक्रेको कमल जस्तै राम्रो देखिन लाग्यो ।।२२-२४।।

सर्ग—९

ऋष्यश्रृङ्ग ऋषिको कथा ।

राजाको यज्ञ गर्ने विचार सुनेपछि सुमन्त्रले यिनलाई एकान्तमा भने, हे महाराज ! पहिले भइसकेको तथा पुराणमा मैले सुनेको कुरा तपाईं पनि सुन्नुहोस् ।।१।।यज्ञ गर्ने ऋत्विक्हरूवाट मैले यो पहिले भइसकेको कथा सुनेको हुँ। तपाईंको छोरा उत्पन्न हुने विषयमा भगवान् सनत्कुमारले ऋषिहरूलाई यो कथा भनेका थिए ।

काश्यपका विभाण्डक नाम गरेका छोरा छन् । ऋष्यश्रृङ्ग नामका यिनका छोरा हुनेछन् । यिनको वनमा पालन पोषण हुनेछ र सदा वनवासीझैं काल बिताउनेछन् ।।२-४।। सदा पिताको साथमा रहेकोले यिनी अरू कसैलाई चिन्ने पनि छैनन् । महात्मा ऋष्यश्रृङ्ग शारीरिक तथा मानसिक दुवै प्रकारका ब्रह्मचर्यको पालना गर्नेछन् ।।५।। लोकमा प्रसिद्ध भएको तथा ब्राह्मणहरूले उपदेश गरेको ब्रह्मचर्य्यको पालना गर्दा गर्दैमा यिनको विवाह गर्ने समय बित्नेछ ।।६।। अग्निको तथा यशस्वी पिताको सेवा गर्दा गर्दैमा केही समय बितेपछि अंग देशमा महाबली र प्रतापी रोमपाद नाम गरेका प्रसिद्ध राजा हुनेछन् । यिनको अत्याचारले गर्दा राज्यमा बड़ो डरलाग्दो, सबै दुनियाँलाई थर्कायमान गराउने किसिमको अनावृष्टि हुनेछ । पानी नवर्षनाले राजा बड़ो दुःखित हुनेछन् ।।७-९।। बड़ा बड़ा ज्ञानी बूढापाका ब्राह्मणहरूलाई बोलाएर भन्नेछन्ः—तपाईंहरू लोकव्यवहार जाने-बुझेका र शास्त्र पढ़ेका पनि हुनुहुन्छ, तसर्थ मेरो पापको प्रायश्चित्त हुने मलाई कुनै नियम बताउनुहोस्। राजाले यति भनेपछि वेदमा पारङ्गत भएका यी ब्राह्मणश्रेष्ठहरू राजालाई भन्नेछन्ः—हे राजन् ! कुनै प्रकारले विभाण्डक मुनिका छोरा ऋष्यश्रृङ्गलाई सत्कारपूर्वक यहाँ ल्याउनुहोस् र सावधानीसाथ वेदमा पारङ्गत भएका यी ब्राह्मणसित विधिपूर्वक आफ्नी छोरी शान्ताको विवाह गरिदिनुहोस् । ब्राह्मणका कुरा सुनेपछि यी शक्तिमान् ऋष्यश्रृङ्गलाई यहाँ कुन उपायले ल्याउने हो भन्ने चिन्तामा राजा पर्नेछन् ।।१०-१४।। यसपछि बुद्धिमान् राजा मन्त्रीहरूसंग सल्लाह गरी आफ्ना पुरोहित तथा मन्त्रीहरूलाई सम्झाई बुझाई मुनिकहाँ जाने आज्ञा दिनेछन् ।।१५।। राजाको आज्ञा सुन्नासाथ महर्षि विभाण्डकले श्राप देलान् भनी डराएका यिनीहरू बड़ो दुःखित हुनेछन् र आफ्नो टाउको निहुराएर भन्नेछन् हामी ता स्वयं उहाँ जान्नौं तर अर्कै कुनै उपायले तिनलाई यहाँ ली आउछौं, यसमा हामीलाई दोष पनि लाग्नेछैन र हाम्रो काम पनि हुनेछ, र बडो विचार गरीकन ऋषिलाई ल्याउने उपाय बताउनेछन् ।।१६-१७।। यस प्रकारसंग अङ्गदेशका राजा वेश्याहरूद्वारा ऋषिलाई आफूकहाँ ल्याउनेछन्, यिनी आउनासाथ पानी पर्नेछ र आफ्नी छोरी शान्ताको यिनीसित विवाह गरिदिनेछन् ।।१८।। तपाईंका ज्वाइँ यिनै ऋष्यश्रृङ्गले तपाईंको छोरा जन्मने उपाय गर्नेछन् । सनत्कुमारले भनेको यो कुरा मैले तपाईंलाई सुनाएँ ।।१९।।

सुमन्त्रको कुरा सुनेर खुशी भएका राजा दशरथ उनलाई भन्नलागे:—जुन उपायले रोमपाद राजाले ती ऋष्यश्रृङ्गलाई आफूकहाँ ल्याएथे सो उपाय मलाई भन ॥ २० ॥

सर्ग—१०

रोमपादकहाँ ऋष्यश्रृङ्ग कसरी आए सो कुराको वर्णन।

राजाले सोधेपछि सुमन्त्र भन्नलागे:—राजा रोमपादले आफ्ना मन्त्रीहरूसंग सल्लाह गरी जुन उपायले ऋष्यश्रृङ्गलाई आफ्नो राजधानीमा ल्याएथे सो सब म भन्दछु, मन्त्रीहरूलाई संगमा राखेर सुन्नुहोस् ॥ १ ॥ मन्त्री तथा पुरोहितहरूले हामीले निष्फल हुन नसक्ने एउटा युक्ति विचार गरेका छौं भनेर राजा रोमपादलाई भने ॥ २ ॥

ऋष्यश्रृङ्ग वनवासी हुन्, सदा तपस्या र वेदाध्ययनमा लागिरहन्छन्, आइमाईसितको सहवासको सुख तथा अरू विषयको सुख यिनलाई थाहै छैन ॥३॥ इन्द्रियलाई निको लाग्ने विषयले मानिसको मनलाई लट्ठ पारिदिन्छ, र जस्तोसुकै मानिस पनि यस विषयको वशमा परिहाल्दछ, तसर्थ यिनै इन्द्रियका विषयद्वारा हामी ऋष्यश्रृङ्गलाई यहाँ ल्याउन सक्नेछौं, तपाईं यसको प्रबन्ध गरिहाल्नुहोस् ॥ ४ ॥ राम्रा राम्रा वेश्याहरू त्यहाँ खूबसँग सिंगारिएर जाऊन् र अनेक उपायले तिनलाई आफ्नो वशमा पारेर यहाँ लिई आऊन्, यहाँ ल्याएपछि तिनीहरूले इनाम पाउनेछन् ॥ ५ ॥

यति सुनेपछि राजाले पुरोहितहरूले भनेको उपाय गर्ने अनुमति दिए, पुरोहित तथा मन्त्रीहरूले पनि सो उपाय गरे ॥ ६ ॥ यिनीहरूको आज्ञाले वेश्याहरू त्यस ठूलो जंगलमा गए र महर्षिको आश्रमदेखि केही टाढ़ा बसेर मुनिलाई भेट्ने प्रयत्न गर्न लागे ॥ ७ ॥ यी ऋषिकुमार अतिशय धीर स्वभावका थिए, सधैं आश्रममा बसिरहन्थे, यिनी सदा पिताको सेवा गर्नामा नै सन्तुष्ट रहन्थे तसर्थ आश्रम बाहिर निस्कँदै निस्कन्नथे ॥ ८ ॥ यी तपस्वीले जन्मेदेखि नै शहर अथवा गाउँका कुनै प्राणीलाई देखेका थिएनन् र आफ्नो पिताबाहेक अरू कुनै लोग्ने मानिस र आइमाईलाई पनि देखेका थिएनन् ॥ ९ ॥ एक दिन अकस्मात् विभाण्डकका छोरा ऋष्यश्रृङ्ग घुम्दै फिर्दै वेश्याहरू बसेको ठाउँमा पुगे र तिनीहरूलाई देखे ॥ १० ॥ यिनलाई आएको देख्नासाथ खूबसंग सजिसजाउ भएका यी वेश्याहरू बड़ो मीठो स्वरले गाउन लागे र ऋषिपुत्रनेर आई सबै एकस्वरले भन्नलागे ॥११॥ हे ब्रह्मदेव ! तपाईं को हुनुहुन्छ ? यहां के गरेर बस्नुभएको छ ? यति टाढ़ा यस निर्जन वनमा एक्लै किन घुमिरहनुभएको ? हामी यी सब कुरा जान्न चाहन्छौं कृपा गरी भन्नुहोस् ॥ १२ ॥

ऋष्यश्रृङ्गले यस्ता राम्रा आइमाई देखेकै थिएनन्, आज वनमा यस्ता आइमाई देख्ता उनको मनमा यिनीहरूप्रति स्नेह उत्पन्न भयो र आफ्नो पिताको परिचय दिन उद्यत भए ॥ १३ ॥ मेरा बाबुको नाम विभाण्डक हो, यिनैबाट जन्मेको ऋष्यश्रृङ्ग नाम भएको म यिनको छोरो हुं, मेरो नाम तथा काम संसारमा सबैलाई थाहा छ ॥१४॥ हे सुन्दरीहो ! यहीं नजीकै मेरो आश्रम छ, हिंड़, त्यहां म तिमीहरू सबैको विधिपूर्वक सत्कार गर्नेछु ॥ १५ ॥ ऋषिपुत्रको कुरा सुनेपछि ती सबैलाई यिनको आश्रम हेर्ने

इच्छा भयो र यी सबै वेश्याहरू उनको साथमा गए ॥ १६ ॥ उहां पुगेपछि यिनले यिनीहरूको खूब आदर सत्कार गरे, अर्घ्य, पाद्य तथा खानलाई कन्द-मूल पनि दिए ॥ १७ ॥ ऋषिपुत्रको आदर सत्कार ग्रहण गरिसकेपछि यी आइमाई ज्यादै उत्सुक भए, तर यिनका बाबुदेखि डराएका हुनाले यिनीहरूले झट्टै त्यहाँबाट फर्कने इच्छा प्रकट गरे ॥ १८ ॥ फर्कंदाखेरि यिनीहरूले भनेः—हे ब्रह्मदेव ! तपाईं पनि हामीले ल्याएका यी मीठा मीठा फल ग्रहण गर्नुहोस्, तपाईंको कल्याण हुनेछ, झट्टै खाइहाल्नुहोस् ॥ १९ ॥ यी सबै आइमाईले बड़ो प्रसन्नतासाथ ऋषिकुमारको आलिङ्गन गरे र लड्डु तथा अरू अरू पनि खाने उत्तम उत्तम चीजबीज यिनलाई दिए ॥ २० ॥ यी सबै चीजबीजलाई फल सम्झेर तेजस्वी ऋषिकुमारले खाए, सदा वनमा रहने हुनाले यिनले यस्तो पदार्थ पहिले कहिले पनि खाएका थिएनन् ॥ २१ ॥ ऋषिकुमारका बाबुदेखि डराएका वेश्याहरू कुनै एक व्रतको छल गरी यिनीसित विदा भएर आफ्नो जग्गामा फर्केर आए ॥ २२ ॥

यी आइमाईहरू गएपछि विभाण्डकपुत्र ऋष्यश्रृङ्गको मन यिनीहरूको विरहमा बड़ो दुःखित भयो र आकुल व्याकुल परेर यिनी यताउति घुम्न लागे ॥२३॥ अर्को दिन वीर्यवान् श्रीमान् ऋष्यश्रृङ्ग मनले यिनीहरूलाई वारंवार संझदै त्यस ठाउँमा आए जहाँ कि यिनले अघिल्लो दिन मनलाई लट्ठ पार्ने, गहनाले सिंगारिएका वेश्याहरूलाई देखेका थिए । ऋषिलाई आफूकहाँ आउनलागेको देखेर यिनीहरू बहुतै खुशी भए॥२४-२५॥ सबैले अगाडि गएर मुनिलाई भन्नलागेः—हे ब्रह्मन् ! आउनुहोस्, हाम्रो आश्रम पनि हेरिहाल्नुहोस्, उहाँ नाना प्रकारको उत्तम फलफूल पाइन्छ तसर्थ त्यहाँ यहाँभन्दा बर्ता तपाईंको अतिथि-सत्कार हुनेछ ॥ २६-२७ ॥ मनलाई आनन्द गराउने यी सबै कुरा सुनेपछि मुनिपुत्र जानलाई तय्यार भए र आइमाईहरूले पनि यिनलाई लिएर आए ॥ २८ ॥

यी महात्मा ब्राह्मण राज्यमा आउनासाथ सहसा पानी पर्न लाग्यो जसले गर्दा सबै प्रजा आनन्दमा मग्न भए ॥ २९ ॥ पानी पर्नासाथ राजा रोमपादले तपस्वी ऋषिकुमार आएछन् भन्ने थाहा पाए र विनय-पूर्वक उनीकहाँ गई यिनको चरणमा टाउको राखी ढोग दिए ॥ ३० ॥ राजाले सावधान भई विधि-पूर्वक मुनिलाई अर्घ्य दिए र छल गरेर आफूकहाँ ल्याएको हुनाले रिसाउँछन् कि भन्ने डरले यिनलाई शान्त गराउनाका लागि प्रार्थना गर्नलागे ॥ ३१ ॥ आफ्नो महलभित्र लगी शान्त चित्तले विधिपूर्वक आफ्नी छोरी शान्ताको यिनीसित विवाह गरिदिएपछि राजा प्रसन्न भए ॥३२॥ यस प्रकारसंग यी महा-तेजस्वी ऋष्यश्रृङ्ग शान्ता नाम गरेकी आफ्नी स्वास्नीको साथमा त्यहाँ राजधानीमा रहन लागे । यहाँ यिनलाई कुनै आवश्यक कुराको खाँचो थिएन ॥ ३३ ॥

सर्ग—११

राजा दशरथ ऋष्यश्रृङ्गलाई अयोध्यामा लिएर आउँछन् ।

फेरि सुमन्त्रले राजालाई भनेः—हे महाराज ! देवप्रवर बुद्धिमान् सनत्कुमारले भनेको एउटा अर्को तपाईंको भलो हुने कुरा सुन्नुहोस् ॥ १ ॥ उनले भनेका थिए, इक्ष्वाकुको कुलमा बड़ा धर्मात्मा सत्य-

३—क

वादी श्रीमान् दशरथ नाम गरेका राजा उत्पन्न हुनेछन् ।।२।। यी राजाको अङ्गदेशका राजासित दोस्ती हुनेछ । अङ्गराजकी शान्ता नाम गरेकी एउटी भाग्यवती छोरी हुनेछन् ।।३।। अङ्गदेशका राजाका रोमपाद नाम गरेका छोरा हुनेछन्, कुनै एक समयमा महायशस्वी राजा दशरथ यी अङ्गराजकहाँ गई भन्ने-छन् ।।४।। हे धर्मात्मा ! म सन्तानहीन छु तसर्थ तपाईं आफ्ना ज्वाइँ, शान्ताका पति ऋष्यश्रृङ्गलाई मेरो यज्ञ गराइदिने अनुमति दिनुहोस् यसनिंति कि मेरो सन्तान होस् र कुलको पनि रक्षा होस् ।।५।। राजा दशरथको कुरा सुनेपछि राजा रोमपाद मनमा गौड गरेर छोरासहित ऋष्यश्रृङ्गलाई उनीकहां पठाइदिनेछन् ।।६।। ऋष्यश्रृङ्गलाई पाएपछि राजा दशरथको चिन्ता हट्नेछ र मनमा प्रसन्न भई यिनी यज्ञ गर्नेछन् ।।७।। सन्तानद्वारा यशको इच्छा गर्ने धर्मवेत्ता राजा दशरथ हात जोडेर द्विजश्रेष्ठ ऋष्य-श्रृङ्गको वरण गर्नेछन् अर्थात् यज्ञ गराउनको निंति यिनलाई नियुक्त गर्नेछन् ।।८।। पुत्र, तथा स्वर्ग-प्राप्तिका लागि राजा दशरथलाई यज्ञ गर्ने जो कामना हुनेछ सो कामना विप्रवर ऋष्यश्रृङ्गद्वारा पूरा हुनेछ ।।९।। यी राजाका अतिशय पराक्रमी चार छोरा जन्मनेछन्, यी छोरा संसारमा सर्वत्र प्रसिद्ध हुनेछन् र आफ्नो वंशलाई बढाउनेछन् ।।१०।। हे महाराज ! पहिले सत्ययुगमा देवश्रेष्ठ भगवान् सनत्कुमारले यस्तो कथा भनेका थिए ।।११।। तसर्थ हे पुरुषश्रेष्ठ ! सेना-वाहन लिई तपाईं आफैं जानुहोस् र आदरपूर्वक उनलाई यहाँ लिएर आउनुहोस् ।।१२।। सुमन्त्रको कुरा सुन्दा राजा दशरथ बड़ो खुशी भए र यी सारथिले भनेको कुरा वशिष्ठलाई सुनाई उनको समेत सम्मति लिए ।।१३।।

विस्तारै विस्तारै वन तथा नदीहरूलाई पार गर्दै राजा दशरथ आफ्ना महारानी तथा मन्त्रीहरूलाई साथमा लिई ऋष्यश्रृङ्ग भएको ठाउँमा पुगे ।।१४।। राजा त्यस ठाउँमा पुगे जहाँ मुनिश्रेष्ठ राजा रोमपा-दको आश्रममा बसिराखेका थिए ।।१५।। राजाले अग्निसमानका तेजस्वी ती ऋषिपुत्रलाई बसिराखेको देखे र त्यसपछि विधिपूर्वक ती ऋषिको पूजा गरे ।।१६।। राजा दशरथको साथमा मित्रता भएकोले भित्र अन्तस्करणदेखि नै अतिशय सन्तुष्ट भई राजा रोमपादले बुद्धिमान् ऋषिपुत्र ऋष्यश्रृङ्गलाई राजा दशरथसितको आफ्नो मित्रता तथा सम्बन्धको कुरा सुनाए । परस्परको मित्रताको सम्बन्ध थाहा पाएपछि मुनिले पनि दशरथको आदर सत्कार गरे । एवं प्रकार ऋषिद्वारा सत्कार पाएपछि राजा दशरथ त्यहाँ सात आठ दिनसम्म एकै ठाउँमा बसे र अनि राजा रोमपादलाई भन्नलागे:—हे महाराज ! तपाईंकी छोरी शान्ताले आफ्ना पतिको साथमा मेरो राजधानीमा जानुपर्‍यो, त्यहां एउटा बड़ो जरूरी काम परेको छ । राजा रोमपादले पनि मुनिपुत्रको त्यहाँ जाने कुरा स्वीकार गरे ।।१७-२०।। रोमपादले मुनिजीलाई भने:—तपाईं आफ्नी स्त्रीसहित राजा दशरथको राजधानीमा जानुहोस्, ऋष्यश्रृङ्गले पनि जाने प्रतिज्ञा गरे ।।२१।।

राजा रोमपादको आज्ञा पाएपछि स्त्रीसहित ऋष्यश्रृङ्ग अयोध्यातिर लागे । बिदा हुने समयमा यी दुवै राजाले परस्पर हात जोडी स्नेहपूर्वक अँगालो हालाहाल गरे ।।२२।। ऋष्यश्रृङ्ग अयोध्या जानलागे भन्ने देख्ता बलवान् रोमपाद तथा राजा दशरथ दुवै प्रसन्न भए । यसपछि राजा दशरथ पनि मित्रको

आज्ञा लिई अयोध्यातर्फ फर्के ।। २३ ।। बाटैबाट यिनले छिटो छिटो हिंड्ने दूतहरूलाई चाँडै नै शहर सिंगार्न लगाउ भन्ने आज्ञा दिएर आफ्ना शहरवासीहरूकहाँ पठाए ।। २४ ।।

राजा आउन लागे भन्ने सुनेर शहरवासीहरूले सड़कमा पानी छर्कन, सुगन्धी धूप बाल्न तथा ध्वजा पताका टांग्न लगाएर प्रसन्नतासाथ शहरलाई सिंगारिदिए ।। २५ ।। राजाले जस्तो भनेर पठाएका थिए सोहीमुताबिक शहरवासीले राजधानीलाई सजिसजाउ पारिदिए । शंख दुन्दुभी आदि गरिएका मंगलका बाजा बजाउन लगाई, ऋष्यश्रृङ्गलाई अगाडि राखी राजा दशरथले खूबसंग सिंगारिएको अयोध्याभित्र प्रवेश गरे । नगरवासीहरू पनि मुनिलाई देख्ता बडो खुशी भए ।।२६-२७।। जसरी देवताहरू देवलोकमा इन्द्रको साथमा वामनले प्रवेश गरेको देख्ता खुशी भएथे त्यसै गरी इन्द्रसमानका पराक्रमी राजा दशरथको साथमा ऋष्यश्रृङ्गले शहरभित्र प्रवेश गरेको देख्ता शहरवासीहरू प्रसन्न भए ।। २८ ।।

राजाले ऋषिलाई महलभित्र लगे र शास्त्रोक्त विधिले यिनको पूजा पनि गरे । ऋषि आएकोले राजाले अब मेरो मनोरथ पूर्ण हुने भयो भन्ने संझे ।। २९ ।। ठूला ठूला आँखा भएकी शान्तालाई आफ्नो पतिको साथमा आएको देख्ता महलभित्रका सबै रानी महारानीहरू हुनसम्म खुशी भए ।।३०।। महारानीहरूबाट र खास गरेर राजाबाट आदर सत्कार पाएकी यी शान्ता केही दिनसम्म सुखसंग महलभित्र बसिन् ।। ३१ ।।

सर्ग—१२

यज्ञको चर्चा ।

एवं प्रकार केही दिन वितेपछि बड़ो रमाइलो वसन्त ऋतु शुरू भयो र यही समयमा राजाले यज्ञ गर्ने इच्छा गरे ।।१।। देवतासमानका तेजस्वी यी ब्राह्मणलाई प्रणाम गरेर राजाले सन्तान तथा कुलको प्रतिष्ठाका लागि यिनलाई यज्ञ गर्ने काममा नियुक्त गरे ।।२।।

मुनिले यज्ञ गराउने काम स्वीकार गरी राजालाई सबै सामग्री जम्मा पार्ने तथा घोड़ा छोड्ने कुरा सुनाए ।।३।। राजाले पनि वेदमा पारंगत भएका ब्राह्मणहरूलाई सरयूको उत्तरपट्टिको किनारामा यज्ञ गर्ने जग्गा ठीक पार्नू भन्ने आज्ञा दिए ।।४।। यसपछि यिनले सुमन्त्रलाई भने—ब्रह्मवेत्ता ऋत्विज्हरूलाई, सुयज्ञ, वामदेव, जाबालि, काश्यप, पुरोहित वशिष्ठ तथा अरू अरू श्रेष्ठ ब्राह्मण यी सबैलाई बोलाएर ल्याऊ । छिटो छिटो काम गर्ने सुमन्त्रले पनि झटपटसंग गई यी सबै वेद जान्ने ब्राह्मणहरूलाई बोलाएर ल्याए । धर्मात्मा राजा दशरथले यी सबैको पूजा गरी धर्म र अर्थले युक्त भएको अत्यन्त मधुर वचन भनेः—छोरा नभएकोमा म सदा दुःखित भइरहन्छु, यही चिन्ताले गर्दा मलाई अलिकता पनि सुख छैन, यसै कारणले पुत्रोत्पत्तिको लागि म अश्वमेध यज्ञ गर्न चाहन्छु, शास्त्रीय विधानको अनुसार यो यज्ञ गर्ने मेरो इच्छा छ ।।५-९।। ऋषिपुत्र ऋष्यश्रृङ्गको प्रभावले अभिलाषा पूर्ण होला भन्ने मेरो विश्वास छ । राजाका यी कुरा सुन्दा ब्राह्मणहरूले तपाईंले ठीक भन्नुभयो भनी यिनको प्रशंसा गरे ।।१०।। ऋष्यश्रृङ्गलाई अगाड़ि राखेर वशिष्ठ आदि गरिएका सबैले राजाको मुखबाट जुन कुरा निस्केको थियो

सोही कुरा फेरि राजालाई भन्न लागे ॥११॥ यज्ञको सबै सामग्री जम्मा पार्न लगाएर यज्ञको घोड़ा छोड़िदिनुहोस्, सरयूको उत्तरपट्टिको किनारामा यज्ञको जग्गा बनाउनोस् अवश्यै तपाईंका चारवटा अतिशय पराक्रमी छोरा जन्मनेछन् । पुत्रोत्पत्तिका लागि तपाईंले विचार गर्नुभएको यो विचार धर्मको अनुकूल छ ॥१२-१३॥ ब्राह्मणहरूले यसो भनेको सुन्दा राजा अत्यन्त खुशी भएर हर्षले गद्‌गद् भई मन्त्रीहरूलाई यी मीठो कुरा भन्न लागे ॥१४॥

मेरो गुरुको आज्ञानुसार तपाईंहरू यज्ञको सामग्री जम्मा पारिदिनुहोस्, उपाध्यायहरूको साथमा घोड़ा छोडिदिनुहोस् र यसको रक्षाका लागि समर्थ वीरहरूलाई नियुक्त गरिदिनुहोस् ॥१५॥ सरयूको उत्तरपट्टिको तीरमा यज्ञ गर्ने ठाउँ पनि ठीक पार्न लगाउनोस् । विघ्न बाधा दूर गर्नाका लागि कल्प-शास्त्रको अनुसार विधिपूर्वक शान्ति-कर्म गराउनुहोस् ॥१६॥ सबै राजाहरूले यस प्रकारको यज्ञ गराउन सक्तैनन् । यस यज्ञमा कुनै प्रकारको अशुद्धि हुन नपाओस् किनकि विद्वान् ब्रह्मराक्षस यसमा त्रुटि हुन्छ कि भनेर हेरिरहेका हुन्छन्, विधिहीन यज्ञ गर्नाले तुरन्तै यज्ञकर्त्ताको विनाश हुन्छ, तसर्थ मेरो यो यज्ञ विधिपूर्वक समाप्त हुने उपाय तपाईंहरूले गर्नुपर्दछ, तपाईंहरू विधिपूर्वक यज्ञ गराउनामा सिपालु हुनुहुन्छ ॥१७-१९॥ मन्त्रीहरूले राजाको आज्ञा सुनेर महाराजको हुकूम भनेर यिनको आज्ञानुसार काम गर्न स्वीकार गरे र सोही मुताबिक काम गर्न पनि थालिहाले ॥२०॥ यसपछि-यी ब्राह्मणहरूले धर्म जान्ने राजाको ठूलो प्रशंसा गरे र यिनीसित बिदा लिई आफ्नो-आफ्नो आश्रममा फर्केर आए ॥२१॥ ब्राह्मणहरू गएपछि बुद्धिमान् राजाले मन्त्रीहरूलाई पनि जाने बिदा दिए र आफू महल-भित्र आए ॥२२॥

सर्ग—१३

यज्ञशालाको वर्णन ।

हेर्दा हेर्दैमा एक वर्ष बितेर फेरि वसन्त ऋतु लागेपछि महाबली दशरथ पनि सन्तानका लागि अश्वमेध यज्ञ गर्न उद्यत भए ॥१॥ ब्राह्मणहरूमा श्रेष्ठ वशिष्ठजीलाई प्रणाम गरी विधिपूर्वक यिनको पूजा गरेर बडो नम्र भई पुत्रप्राप्तिका लागि भन्न लागे ॥२॥

हे मुनिश्रेष्ठ ! शास्त्रानुसार मेरो यज्ञ गराइदिनुहोस्, यज्ञमा कुनै किसिमको विघ्न बाधा नपर्ने उपाय गर्नुहोस् ॥३॥ तपाईं मेरो मित्र, गुरु तथा ठूलो हितैषी हुनुहुन्छ, तसर्थ गर्न आँटेको यस यज्ञको सारा भार तपाईंले नै लिनुपर्दछ ॥४॥ राजाको कुरा सुनेर ब्राह्मणश्रेष्ठ वशिष्ठजीले भने—तपाईंको सबै काम निर्विघ्नपूर्वक समाप्त हुनेछ, तपाईंले आज्ञा गर्नुभएको जम्मै कुरा म गरिदिनेछु ॥५॥

यज्ञ गराउने जिम्मावारी लिइसकेपछि वशिष्ठले यज्ञको विधि जान्ने ठूला विद्वान् ब्राह्मणहरूलाई, यज्ञसम्बन्धी चीजबीज जम्मा पार्न जान्ने परम धार्मिक बूढ़ा ब्राह्मणहरूलाई, काममा मदत दिने नोकरहरूलाई, चित्रकारी, सिकर्मी, भूइँ खन्ने, ज्योतिषी, सार्की, नट, नाच्नेहरू तथा धेरै पढे गुनेका शास्त्र जान्ने पवित्र मानिसहरूलाई बोलाएर तिमीहरू सबैले राजाको यज्ञको निम्ति काम गर्न तय्यार

हुनुपर्छ भन्ने आज्ञा दिए ॥६-८॥ कई एक हजार ईंट ल्याएर राजाहरूले बस्न सुहाउने घर बनाई सबै तरहबाट सुबिस्ता हुने गरी त्यस घरमा सबै जरूरी चीजबीज राखिदेऊ ॥९॥ ब्राह्मणहरूलाई बस्नको निंति पनि सैकड़ौं राम्रा राम्रा घर बनाउन लगाऊ र यिनलाई खाने पिउने चीजले भरिपूर्ण पारिदेऊ ॥१०॥ नगरवासीहरूलाई बस्नको निंति पनि राम्रा राम्रा घर तय्यार हुनुपर्दछ, टाढ़ा टाढ़ाबाट आएका राजाहरूको लागि बेग्लै घर बन्नुपर्दछ ॥११॥ घोडा हात्तीहरूका निंति तबेला, हात्तीसार बन्नुपर्दछ, राती सुत्ने घर तथा विदेशी पहलमानहरूलाई बस्नको निंति पनि ठूला ठूला घर हुनुपर्दछ ॥१२॥ जति घर बन्दछन् ती सबमा खाने सामग्री प्रशस्त हुनुपर्दछ, अरू अरू आवश्यक वस्तुको पनि प्रबन्ध हुनुपर्दछ । यस यज्ञमा अरू अरू मानिस पनि धेरै नै आउनेछन् तिनका लागि पनि सजिसजाउ भएका घर तय्यार पारिराख ॥१३॥ शास्त्रीय विधिअनुसार आदरपूर्वक योग्य मानिसलाई अन्नको दान दिनू, रूखोसँग नदिनू , यस्तो बन्दोबस्त हुनुपर्दछ कि सबै वर्णका मानिसले हाम्रो उचित सत्कार भयो भन्ने संझून् ॥१४॥ काम, क्रोधको वशमा परेर कसैको अनादर हुन नपाओस्, यज्ञको काममा विशेषरूपले नलागेका कालिगड़हरूको पनि राम्रोसंग आदर सत्कार हुनुपर्दछ, धन तथा भोजनद्वारा सबै सन्तुष्ट भए-पछि यज्ञसम्बन्धी सबै काम विधिपूर्वक समाप्त हुनेछ कुनै प्रकारको त्रुटि हुन पाउनेछैन, तसर्थ मेराउपर प्रेम देखाएर तपाईंहरू आफ्नो आफ्नो काममा लाग्नोस् ॥१५-१७॥

वशिष्ठको कुरा सुनेपछि यिनीहरू सबै उनीनेर गई भन्न लागेः—तपाईंले आज्ञा गर्नुभएका सबै कुराको प्रबन्ध हुनेछ कुनै कुरामा त्रुटि रहन पाउनेछैन, तपाईंले हामीलाई जे जे गर्न अह्राउनुभएको छ सो सब गर्न हामी तय्यार छौं कुनैमा पनि घटी हुनेछैन । यसपछि वशिष्ठले सुमन्त्रलाई बोलाएर भनेः— यस पृथ्वीमा जति धार्मिक राजा, ब्राह्मण, क्षत्रिय, वैश्य शूद्र छन् ती सबैकहाँ निमन्त्रणा पठाऊ । सबै देशका मानिसलाई आदरपूर्वक लिएर आऊ, मिथिला देशका वीर सत्यवादी राजा जनकलाई आफैं गई आदरपूर्वक लिएर आऊ । यी हाम्रा पुराना मित्र हुन् यसैले यिनलाई सबैभन्दा पहिले निमन्त्रणा गर्ने कुरा भनेको हुँ ॥१८-२२॥ काशीका महाराजलाई पनि आफैं गएर ल्याऊ किनकि यिनी हाम्रा प्रेमी, पवित्र स्वभावका, मीठो बोली बोल्ने तथा देवतासमानका छन् ॥२३॥ महाराज दशरथका ससुरा परम-धार्मिक केकय देशका बूढ़ा राजा र यिनका छोरालाई समेत निमन्त्रणा पठाऊ ॥२४॥ अंग देशका राजा धनुर्धारी रोमपाद तथा यिनका छोरालाई आफैं गई आदरपूर्वक यहाँ लिई आऊ किनकि यिनी महाराजका मित्र हुन् ॥२५॥ कोशल देशका राजा भानुमान्‌लाई र सबै शास्त्रको ज्ञान भएका शूरा, उद्यमी, अतिशय उदार, पुरुषश्रेष्ठ मगधराजलाई पनि आदरपूर्वक लिंदै आऊ । राजाका आज्ञाले सिन्धुदेश, सौवीर सौराष्ट्र आदि गरिएका पूर्व देशका ठूला ठूला राजाहरूकहाँ निमन्त्रणा पठाऊ ॥२६-२७॥ दक्षिण देशका सबै राजाहरूलाई र यस पृथ्वीमा हामीमाथि प्रेम राख्ने जति राजा छन् ती सबैलाई पनि बोलाउन पठाऊ ॥२८॥ राजाको आज्ञाले नाता कुटुम्बी, नोकर-चाकरको साथमा आउनू भनेर प्रतिष्ठित दूतहरूलाई पठाई यी सबैलाई बोलाउन पठाऊ ॥२९॥

वशिष्ठको आज्ञा पाउनासाथ सुमन्त्रले झटपट राजाहरूलाई निम्तो गर्नाका लागि प्रतिष्ठित दूतहरूलाई अह्राए ॥३०॥ वशिष्ठको आज्ञानुसार बुद्धिमान् सुमन्त्र आफैं पनि राजाहरूलाई बोलाउनका लागि तुरुन्तै रमाना भए ॥३१॥

यज्ञसम्बन्धी काम गर्नको निंति वशिष्ठले जुन जुन कालिगड़लाई अह्राएका थिए ती सबैले उनीकहाँ आई भइसकेको कामको सूचना गरे ॥३२॥ मुनि वशिष्ठ यो सुन्दा प्रसन्न भई भन्नलागेः—तिमीहरूसित कसैले केही माग्योभने हेलाँ गरेर अथवा ठट्टा गरेर सो कुरा नदिए किनकि हेलाँ गरेर गरेको कामले अवश्यै दाताको नाश हुन्छ ।

यसपछि थोरै दिनमा नै नाना प्रकारका रत्न लिएर राजाहरू दशरथको यज्ञशालामा आउन लागे। यिनीहरू आएको देख्ता प्रसन्न भई वशिष्ठ राजा दशरथलाई भन्नलागे ॥३३–३५॥ हे राजेन्द्र ! तपाईंको आज्ञाले राजाहरू आउन लागेका छन्, महाराज ! मैले पनि यिनीहरूको जस्तो सम्मान गर्नुपर्ने हो उस्तै गरेको छु ॥३६॥ हाम्रा नोकर-चाकरले पनि सावधानीसाथ यज्ञमा चाहिने सबै सामग्री ठीक पारिदिएका छन्, अब हजूर पनि यज्ञ गर्नको निम्ति सवारी होस्, यज्ञ-मण्डप नजीकै छ ॥३७॥ यज्ञमा चाहिने सबै कुरा ठीक ठीक ठाउँमा राखिएका छन् । हे राजन् ! हजूर आफैं सवारी भई नजर होस्, सबै सामग्री यस्तो छिटोसंग एकत्रित भए कि यी सबै केवल मनको कल्पनाले आएका हुन् कि जस्तो लाग्दछ ॥३८॥

यस प्रकारसंग वशिष्ठ तथा ऋष्यश्रृङ्ग दुवैले भनेकाले राम्रो दिनमा शुभ नक्षत्र पारी राजा दशरथ यज्ञशालामा जानको निंति आफ्नो दरबारबाट निस्के ॥३९॥ यसपछि वशिष्ठ आदि गरिएका अनेक श्रेष्ठ ब्राह्मणहरू ऋष्यश्रृङ्गलाई अघिलगाएर यज्ञको काम गर्न लागे ॥४०॥ शास्त्रीय विधिअनुसार यज्ञको काम हुन लाग्यो र महाराज पनि आफ्ना महारानीहरूका साथमा यज्ञदीक्षाका नियमको पालन गर्न लागे ॥४१॥

सर्ग—१४

यज्ञको वर्णन

एक वर्ष बितेपछि घोडा फर्केर आयो र अनि सरयूको उत्तरपट्टिको तीरमा यज्ञको काम हुनलाग्यो ॥१॥ महात्मा राजा दशरथले गर्नलागेको अश्वमेध महायज्ञमा श्रेष्ठ ब्राह्मणहरू ऋष्यश्रृङ्गको निगरानीमा आफ्नो आफ्नो काम गर्न लागे ॥२॥ वेदमा पारंगत भएका याजकहरू विधि, क्रम र शिक्षाअनुसार यज्ञको काम गर्न लागे ॥३॥ शास्त्रमा लेखिएको विधिअनुसार प्रवर्ग्य तथा उपसदनामक अश्वमेधयज्ञसम्बन्धी कर्म पहिले गरिसकेपछि ब्राह्मणहरू यज्ञसम्बन्धी अरू अरू काम गर्न लागे ॥४॥ यसपछि देवताहरूको पूजा गरी प्रसन्न चित्तले मुनिहरू प्रातःसवन आदि गरिएका काम गर्न लागे ॥५॥ सबभन्दा पहिले इन्द्रको नाममा आहुति भयो, त्यसपछि राजाको स्तुति गरे र अनि माध्यन्दिन (मध्याह्नको समयमा हुने) सवन हुन थाल्यो ॥६॥ यी ब्राह्मणश्रेष्ठहरूले महाराजको [illegible]

सवन अर्थात् सायंसवन पनि शास्त्रानुसार गरे ॥७॥ यसपछि ऋष्यश्रृङ्ग आदि गरिएका ऋषिहरू वेदका मन्त्रको शिक्षा, अक्षर, स्वरसहित पाठ गरेर इन्द्रादि देवताहरूको आवाहन गर्नलागे ॥८॥ होताहरूले आवाहनका मन्त्रहरूको मधुरो गान गरेर देवताहरूलाई आवाहन गरी यिनीहरूलाई आफ्नो आफ्नो यज्ञभाग दिए ॥९॥ यस काममा कुनै आहुति पनि व्यर्थ गएन, यज्ञमा कुनै प्रकारको त्रुटि हुन पाएन, यहाँका जम्मै काम मन्त्रद्वारा भएकाले निर्विघ्नपूर्वक समाप्त भए ॥१०॥

यज्ञको समयमा न कोही थाकेको देखियो न भोको देखियो, यज्ञको काम नजान्ने ब्राह्मण पनि कोही थिएनन्, यिनीहरूको सेवाको लागि सैकड़ौं नोकर राखिएका थिए ॥११॥ यज्ञभूमिमा ब्राह्मण शूद्र, तपस्वी र संन्यासधर्मावलम्बी व्यक्तिहरूले सधैं भोजन पाउन लागे ॥१२॥ बूढा-खाड़ा, रोगी, आइमाई, तथा बालक यसै प्रकारसंग भोजन पाउँथे। यहाँको भोजन यस्तो मीठो हुन्थ्यो कि दिन रात खाँदा पनि कोही अघाउन्नथे ॥१३॥ अन्न तथा नाना प्रकारका लुगा फाटो याचकहरूलाई बाँडिदेऊ भन्ने आज्ञा पाएकोले भण्डारीहरूले पनि आशयबमोजिमको काम गरे अर्थात् अन्न, लुगा, खूबसंग बांडे ॥१४॥ त्यहाँ रोज रोज पर्वतसमानको पाको काँचो अन्नका अनेक थुप्रा राखिएका देखिन्थे ॥१५॥ महात्मा दशरथको त्यस यज्ञमा भिन्नाभिन्न देशबाट आएका लोग्ने मानिस आइमाई सबै खान पिउन पाएकाले खूबै तृप्त हुन्थे ॥१६॥ "भोजन बड़ो उत्तम छ, स्वादिलो छ" ब्राह्मणहरू यस प्रकारसंग खानेकुराको प्रशंसा गर्दथे, "हामीहरू तृप्त भयौं, हजूरको कल्याण होस्" राजा यस्तो भनेको सुन्दथे ॥१७॥ ब्राह्मणहरूलाई भोजन पस्कनेहरू गहना लगाएर सजिसजाऊ भएका थिए, यी भोजन पस्कनेहरूलाई मदत गर्ने मानिसले पनि मणिको कुण्डल पहिरिराखेका थिए ॥१८॥ एउटा काम सिध्याएर अर्को काम नथालुन्जेल जति फुर्सत मिल्दथ्यो त्यस समयमा बेश बेश वक्ता धीर पण्डितहरू परस्परमा जित्ने अभिलाषाले नाना प्रकारको विषयमा शास्त्रार्थ गर्दथे ॥१९॥ त्यस यज्ञमा नियुक्त भएका ब्राह्मणहरूले दिन दिनै शास्त्रोक्त विधिअनुसार सांकेतिक शब्दद्वारा यज्ञको काम गर्न गराउन लागे ॥२०॥ वास्तविक कुरा के होभने षडङ्गसहितको वेदाध्ययन नगरेको, व्रत नबस्ने, शास्त्रहरू राम्ररी नपढेको, शास्त्रार्थ गर्न नजान्ने कुनै ब्राह्मण पनि राजाको यस यज्ञमा सदस्य भएको थिएन ॥२१॥

यज्ञमा यूप (एक प्रकारको थाम) गाड्ने समयमा छओटा बेलका, छओटा खैरका, छओटा पलासका थाम गाडिए। एउटा श्लेष्मांतक (लौसीको रूखको नाम) को र दोटा देवदारूका थाम पनि गाडिएका थिए। यी एक्काईसओटा थाम दुइ दुइ हात फरक पारेर गाडिएका थिए ॥२२-२३॥ शास्त्र जानेका तथा यज्ञ गराउन सिपालु भएका ब्राह्मणहरूद्वारा यो थाम गाड्ने काम भएको थियो। यज्ञको शोभाका लागि यी थाममा सुन मोरिराखेको थियो ॥२४॥ एवं रीतिले यस यज्ञमा एक्काईसओटा थाम गाडिए, यी थाम एक्काईस अरत्नि (अरत्नि=२४ अंगुल) अग्ला थिए र प्रत्येकलाई लुगाले बेह्रेर सिंगारेको थियो ॥२५॥ यी थामहरू कालिगडद्वारा राम्रो ढांचाले तथा बलियोसंग बनेका थिए, किसिम किसिमका बुट्टा काढ़िएका थिए, आठ कुना परेका यी थाम खूब चिल्ला र देख्नामा राम्रा

थिए ॥२६॥ लुगाले ढाकेर फूल गन्धले पूजा गरेपछि आकाशमा सप्तर्षि मण्डल शोभायमान भएझैं यी थाम पनि शोभायमान देखिन लागे ॥२७॥

यज्ञ गराउनामा सिपालु भएका ब्राह्मणहरूले विधान र प्रमाणअनुसारको ईंट तयार पार्न लगाएर अग्निकुण्ड बनाए र त्यसमा अग्निको स्थापना गरे ॥२८॥ यस प्रकारसंग सिपालु ब्राह्मणहरूले महाराज दशरथको यज्ञमा अग्निस्थापनाको वेदी बनाए, यो वेदी सुवर्णमय पखेटा फिंजाइराखेका गरुड जस्तो देखिन्थ्यो। यस वेदीमा तीनओटा ईंट र अठार प्रस्तार राखिएका थिए ॥२९॥ अधिष्ठाता देवताहरूको ठाउँमा जुन जुन पशुपक्षी राख्नु भनेर शास्त्रमा लेखिएको छ तिनै साँप चराचुरुङ्गी बनाएर त्यहाँ राखिएका थिए ॥३०॥ यज्ञमा वध गर्नुपर्ने घोड़ा तथा अरू जलचर प्राणीलाई ऋषिहरूले शास्त्रोक्त विधिअनुसार थाममा बाँधिदिए ॥३१॥ यस यज्ञमा तीनशय पशुहरू थाममा बाँधिएका थिए। भ्रमण गरेर फर्केको, राजा दशरथको त्यो श्रेष्ठ घोडा पनि बाँधिएको थियो ॥३२॥ महारानी कौशल्याले त्यस घोड़ालाई सुमसुम्याएर प्रदक्षिणा गरिन् र अनि प्रसन्नतासाथ तरवारको तीन चोटले त्यो घोड़ाको वध गरिन् ॥३३॥ धर्मप्राप्तिको इच्छाले महारानी कौशल्या सावधान चित्तले सो वध गरिएको घोड़ानेर एक रात बसिन् ॥३४॥ यसपछि होता उद्‌गाता तथा अध्वर्युहरूले महिषी, परिवृत्ति तथा वावाता श्रेणीका रानीहरूलाई घोडाको शरीर छुन लगाए। (अभिषेकको समयमा राजासंग बस्ने रानीलाई महिषी, वैश्यजातकी रानीलाई वावाता र शूद्रजातकी लाई परिवृत्ति भन्दछन्) ॥३५॥ श्रौतकर्ममा सिपालु भएका जितेन्द्रिय ऋत्विगूहरूले त्यस घोड़ाको बोसो झिक्न लगाई शास्त्रानुसार सो बोसोले होम गर्न लागे ॥३६॥ राजा दशरथले होम गरिएको त्यस बोसोको गन्ध वेला वेलामा विधानअनुसार सुँघे र यसले गर्दा यिनका सबै पाप काटिए ॥३७॥ यसपछि सोह्रजना ऋत्विग् ब्राह्मणहरूले घोड़ाको सबै अङ्ग प्रत्यङ्ग काट्तै विधिपूर्वक आगोमा आहुति दिन लागे ॥३८॥ अरू अरू यज्ञमा पाकरको काठमा हवि राखेर होम गरिन्छ तर अश्वमेधको हविलाई ता वेतको काठमा राखेर होम गर्दछन् ॥३९॥ कल्पसूत्र तथा ब्राह्मणहरूको वचनअनुसार अश्वमेधमा तीन कल्पसूत्र तथा ब्राह्मणहरूको वचनअनुसार अश्वमेधमा तीन दिनसम्म क्रिया गर्नुपर्दछ। ब्राह्मणहरूले अग्निष्टोम नाम गरेको पहिलो दिनको कृत्य, उक्थ नामको दोस्रो दिनको कृत्य तथा अतिरात्रनामक तेस्रो दिनको कृत्य, यी सबैको शास्त्रीय विधिले अनुष्ठान गराए। अश्वमेध यज्ञ समाप्त भएपछि ब्राह्मणहरूले शास्त्रोक्त विधिले अरू अरू यज्ञ पनि गराए ॥४०-४१॥ यसपछि ज्योतिष्टोम आयुष्टोम, अतिरात्र, अभिजित्, विश्वजित्, आप्तोर्याम आदि गरिएका महायज्ञको काम शास्त्रानुसार हुनलाग्यो ॥४२॥

राजा दशरथले, यो महायज्ञ विधिपूर्वक समाप्त भएपछि आफ्ना राज्यको पूर्व दिशा होतालाई, पश्चिम दिशा अध्वर्युलाई, दक्षिण दिशा ब्रह्मालाई, उत्तर दिशा उद्‌गातालाई दक्षिणाको रूपमा दिए। पूर्वकालमा स्वयंभू मनुले यज्ञको अनुष्ठान गरेर जसरी दक्षिणा दिएथे त्यसै गरी राजा दशरथले पनि यस यज्ञमा दिए।

आफ्नो कुलको वृद्धि चाहने पुरुषश्रेष्ठ राजा दशरथले शास्त्रानुसार यज्ञको समाप्ति भएपछि ऋत्विक्

आदि गरिएका यज्ञ गराउनेहरूलाई भूमि दान गरेर दिए ॥४३-४५॥ यस प्रकारसँग दक्षिणा बाँड़िसकेपछि इक्ष्वाकुनन्दन राजा दशरथ बहुतै प्रसन्न भए । यसपछि ऋत्विगूहरू निष्पाप राजालाई भन्नलागे ॥४६॥

यस समस्त पृथ्वीको रक्षा केवल तपाईं नै गर्न सक्नुहुन्छ, हामीलाई यो पृथ्वी लिनाको आवश्यकता छैन, हामी यसको पालन पनि गर्न सक्तैनौं ॥४७॥ हे महाराज ! हामी ता सधैं पढ्ने पढ़ाउने काममा लागिरहेका हुन्छौं, तसर्थ हे राजन् ! यस पृथ्वीको सट्टामा, मणि, रत्न, सुन, गाई अथवा हामी लायकको अरू जे ठहऱ्याउनुहुन्छ सो दक्षिणाको रूपमा दिनुहोस्, हामीले पृथ्वी लिएर के गर्ने ? ॥४८-४९॥

वेद जान्ने ब्राह्मणहरूले यसो भनेपछि राजाले यिनीहरूलाई दश लाख गाई, दश करोड असर्फी, चालीस करोड़ चाँदीका रुपियाँ दिए । सबै ऋत्विगूहरूले यी सब धन बटुलेर बुद्धिमान् वशिष्ठ तथा-ऋष्यशृङ्गको सामुन्ने राखिदिए, यिनीहरूले पनि न्यायपूर्वक यो धन ब्राह्मणहरूमा बाँड़िदिए ॥५०-५२॥ दक्षिणा पाएपछि ब्राह्मणहरूले भनेः—हामी सबै खूबै सन्तुष्ट र आनन्दित भएका छौं । केवल यज्ञ हेर्न आएका ब्राह्मणहरूलाई पनि राजाले सावधान भई एक करोड़ सुनका असर्फी बाँड़िदिए । कुनै एक दरिद्र बाहुनले राजाले हातमा लगाइराखेको उत्तम गहना माग्यो, राजाले पनि सो गहना झिकेर उसलाई दिए । ब्राह्मणहरूका भक्त राजाले यस प्रकारसंग ब्राह्मणहरूलाई सन्तुष्ट गराएर आँखाभरी हर्षको आँसु लिई यिनीहरूलाई प्रणाम गरे । ब्राह्मणहरूले, प्रणाम गर्नलागेका राजालाई नाना प्रकारको आशीर्वाद दिए ॥५३-५६॥ उदार, वीर राजाले पृथ्वीमा लम्पसार परेर ब्राह्मणहरूलाई साष्टाङ्ग प्रणाम गरे । यस प्रकारसँग पाप काट्ने, स्वर्ग लैजाने, अरू राजाबाट हुन नसक्ने अश्वमेध महायज्ञ सिध्याएर मनमा प्रसन्न भई राजा दशरथ ऋष्यशृङ्गलाई भन्नलागे ॥५७-५८॥

हे सुव्रत ! मेरो वंशलाई बढ़ाउने कर्म अर्थात् पुत्रेष्टि यज्ञ गरिदिनुहोस् । ऋष्यशृङ्गले पनि राजाको कुरा स्वीकार गरी भनेः—हे राजन् ! म पुत्रेष्टि यज्ञ गरिदिन्छु, यस यज्ञद्वारा वंशको वृद्धि गराउने तपाईंका चार छोरा जन्मनेछन् ॥५९॥ ऋष्यशृङ्गको मुखबाट यो मधुरो वचन निस्केको सुन्दा महात्मा राजाले मनमा अत्यन्त प्रसन्न भई टाउको निहुराएर प्रणाम गरे र फेरि उनलाई भन्नलागे ॥६०॥

सर्ग—१५

रावणले गर्दा दुःख पाइराखेका देवताहरू स्तुति गर्दछन् र विष्णु भगवान् यिनलाई वर दिन्छन् ।

बुद्धिमान्, वेद जान्ने ऋष्यशृङ्गले केही बेरसम्म समाधि बाँधेर राजा दशरथको प्रश्नको उत्तर विचार गरे र समाधि छुटेर बाहिरी विषयको ज्ञान भएपछि राजालाई भन्न लागे ॥१॥ हे राजन् ! तपाईंको पुत्रोत्पत्तिका लागि म अथर्ववेदका मन्त्रहरूद्वारा पुत्रेष्टियज्ञ गराइदिन्छु । विधानपूर्वक यो यज्ञ गर्नाले अवश्यै सिद्धि हुन्छ ॥२॥ यति भनेर महातेजस्वी ऋषिले पुत्रेष्टि यज्ञ गर्न थाले र वेदोक्त

विधानअनुसार आगोमा होम गर्न लागे ।।३।। यसपछि गन्धर्व, देवता, महर्षिहरू आफ्नो आफ्नो भाग लिन भनी जम्मा भएर सो यज्ञमा आए ।।४।।

विधिपूर्वक यस यज्ञमा जम्मा भएका यी सबै देवताहरू न्यायानुसार सृष्टिकर्ता ब्रह्माको नजीक गई यस प्रकारको कुरा गर्न लागे ।।५।। हे भगवन् ! रावण नाम गरेको राक्षस तपाईंको वरको प्रभावले हामी सबैलाई दुःख दिइरहेको छ, हामी पराक्रमद्वारा योसित लड्न असमर्थ छौं ।।६।। हे भगवन् ! तपाईंले प्रसन्न भई यसलाई वर दिनुभएकोले हामी सबैले यस अत्याचारीको अत्याचार सधैं खपेर बस्नुपरेको छ ।।७।। यो दुर्बुद्धि तीनै लोकका बासिन्दालाई सताइरहेको छ, आफूभन्दा ठूलाको द्वेष गर्दछ, र देवराज इन्द्रलाई समेत परास्त गर्न खोज्दछ ।।८।। तपाईंबाट वरदान पाउनाले उद्दण्ड भएको त्यो ऋषि, यक्ष, गन्धर्व, ब्राह्मण तथा असुर सबैलाई दुःख दिइरहेको छ ।।९।। सूर्यको तापले समेत यसलाई केही हुँदैन, यसको नजीक हावासमेत जोरसंग चल्न सक्तैन, सदा लहर उठिरहने समुद्र पनि यसलाई देख्नासाथ अचल हुन्छ ।।१०।। त्यो डरलाग्दो रूप भएको राक्षसको हामीलाई ठूलो डर छ, तसर्थ हे भगवन् ! यसको वधको निंति कुनै उपाय गरिदिनोस् ।।११।।

देवताहरूको प्रार्थना सुन्दा ब्रह्माले केही बेर विचार गरेर भनेः—त्यस दुरात्मा राक्षसलाई मार्ने उपाय पहिलेदेखि नै ठीक गरिराखेको छ ।।१२।। वर माग्ने समयमा त्यसले गन्धर्व, यक्ष, देवता तथा राक्षसहरूद्वारा मेरो मृत्यु नहोस् भन्ने वर मागेको थियो, मैले पनि त्यसको सो कुरा स्वीकार गरेथें ।।१३।। त्यसले मनुष्यद्वारा मर्न नपरोस् भन्ने वर मागेको थिएन, कारण यो मनुष्यलाई सानो संझन्थ्यो तसर्थ मनुष्यको हातबाटनै यसको मरण हुनेछ, यसको मृत्युको अर्को कुनै उपाय छैन ।।१४।। ब्रह्माजीले भनेको यस्तो मीठो कुरा सुन्दा, यस समयमा ती सबै देवता र ऋषिहरू ज्यादै प्रसन्न भए ।।१५।। यही मौकामा महातेजस्वी विष्णु भगवान् पनि त्यहीं आइपुगे, यिनले हातमा शंख, चक्र, गदा लिएका तथा पीताम्बर वस्त्र पहिरेका थिए ।।१६।। जसरी सूर्यनारायण बादलमाथि चढेर आउँछन् त्यसै गरी विष्णु भगवान् पनि गरुड़माथि चढेर आएका थिए, यिनले चहकिलो सुनको बाजू पहिरेका थिए, यिनलाई देख्नासाथ सबै देवताहरू स्तुति गर्न लागे ।।१७।। ब्रह्मासित भेट गरी विष्णु भगवान् उनीनेर बस्नासाथ सबै देवताहरू बड़ो नम्र भई उनको स्तुति गर्दै भन्नलागे ।।१८।।

हे विष्णो ! समस्त संसारको कल्याणका लागि हामी तपाईंसित एउटा कुराको प्रार्थना गर्दछौं । त्यो यो हो । धर्मात्मा, महादानी, महर्षिसमानका, तेजस्वी अयोध्याका राजा महाराज दशरथका ह्री, श्री र कीर्तिसमानका तीन रानी छन्, तपाईं आफ्नो चार भाग गरेर यी रानीहरूका छोरा भई जन्मने कुरा स्वीकार गर्नुहोस् । मनुष्यको अवतार धारण गरेर, बढिराखेको समस्त संसारको शत्रु, देवताहरूले समेत मार्न नसक्ने रावणलाई युद्धमा मारिदिनोस् । यो मूर्ख राक्षस ज्यादै बल भएकोले देवता, गन्धर्व, सिद्ध तथा ऋषिहरूलाई दुःख दिइरहेको छ । यस दुष्टले ऋषि, गन्धर्व तथा अप्सराहरूलाई नन्दन वनमा क्रीडा गरिराखेको वेलामा मारिदियो । हामी सिद्ध गन्धर्व, यक्षहरू र मुनिहरूलाई साथमा लिई उसको वधको

निंति तपाईंको शरण पर्न आइराखेका छौं । हे शत्रुको नाश पार्ने भगवन् ! तपाईं नै हामी सबैका सर्वश्रेष्ठ रक्षक हुनुहुन्छ । यस देवताको वैरी रावणलाई मार्नको निंम्ति तपाईंले मानिसको अवतार लिनुपर्छो । यस प्रकारसंग देवताहरूका ईश्वर विष्णु भगवान्को सबै देव-देवताले स्तुति गरे ।।१९-२६।।

समस्त संसारले मान्नुपर्ने विष्णु भगवान् धर्मपूर्वक उपस्थित भइराखेका, ब्रह्मालाई आफ्नो अगुवा बनाएका देवताहरूलाई भन्नलागे ।।२७।। हे देवताहो ! अबलाई कुनै प्रकारको डर नलेऊ, तिमीहरूको कल्याण हुनेछ, तिमीहरूको भलोका लागि छोरा नाति अमात्य, मन्त्री, भाइ-बन्धुसहित कसैले जिन्न नसक्ने, देवता तथा ऋषिहरूको मनमा डर उत्पन्न गराउने यस दुष्ट राक्षसलाई युद्धमा मारिदिनेछु र एघार हजार वर्षसम्म यस पृथ्वीको पालना गरेर मनुष्यलोकमा वास गर्नेछु । विष्णुले देवताहरूलाई यस प्रकारको वर दिए, कारण यिनी आफ्नो इच्छाअनुसार जन्म धारण गर्न सक्त- छन् ।।२८-३०।।

यसपछि विष्णु भगवान् मनुष्यलोकमा आफूले सो जन्म लिन सुहाउने ठाउँ खोज्न लागे । भगवान्ले आफ्नो चार रूप बनाएर राजा दशरथलाई आफ्नो पिता बनाउने निश्चय गरे अर्थात् दशरथ-को छोरा भएर जन्मने विचार गरे । यो कुरा थाहा पाएपछि देवता, ऋषि, गन्धर्व, रुद्र तथा अप्सराहरू दिव्य स्तुतिले मधुसूदन भगवानलाई प्रसन्न गराउनलागे ।।३१-३२।।

हे प्रभो ! वर पाउनाले उद्धत भइराखेको अतिशय तेजस्वी, अहङ्कारी, देवताहरूको शत्रु, साधु, तपस्वीहरूको वैरी तथा यिनीहरूको मनमा सदा भय उत्पन्न गराउने, परम पराक्रमी, सबैलाई दुःख दिने रावणको सेना बन्धुवर्गसहित विनाश गरेर निश्चिन्त भई इन्द्रद्वारा पालना गरिएको, दोष पाप केही पनि नभएको स्वर्गमा फेरि फर्केर जानुहोला ।।३३-३४।।

सर्ग—१६

अग्नि देवताले दिएको खीर दशरथका रानीहरू खान्छन् ।

देवताहरूको प्रार्थना सुनेपछि विष्णु भगवान् रावणको वध गर्ने उपाय जान्दा जान्दै पनि देवता-हरूलाई नम्रतासँग यस प्रकारले भन्नलाग्नुभयो ।।१।। हे देवताहो ! कुन उपायको अवलम्बन गर्नाले ऋषिहरूको शत्रु त्यस राक्षसको म वध गर्न सकुँला, तिमीहरूले पनि ता कुनै उपाय विचार गरेका होलाऊ ।।२।। अविनाशी विष्णु भगवान्को यस्तो कुरा सुनेपछि सबै देवताहरू उहाँलाई भन्नलागेः— हजूरले मनुष्यको रूप धारण गरेर रावणलाई युद्धमा मार्नुपर्दछ ।।३।। शत्रुहरूलाई दमन गर्ने यस राक्षसले धेरै दिनसम्म बड़ो कठोर तपस्या गर्‍यो, यसको तपस्या देखेर संसारका सृष्टिकर्त्ता लोकका पितामह ब्रह्मा योमाथि प्रसन्न हुनुभयो ।।४।। यस प्रकारसँग प्रसन्न हुनुभएका प्रभु ब्रह्माले मानिस-बाहेक अरू कुनै प्राणीबाट पनि तँलाई भय हुनेछैन अर्थात् मारिनेछैनस् भन्ने वर दिनुभयो ।।५।। यो मानिसलाई बड़ो तुच्छ संझन्थ्यो यसै कारणले यिनबाट रक्षा हुने वर यसले नमागेको हो, ब्रह्माबाट यस्तो वर पाएकोले यो बड़ो घमण्डी भइराखेको छ ।।६।। त्यही बेलादेखि यो तीनै लोकलाई दुःख

दिइरहेको छ, आइमाईलाई बलजफतीसंग हरेर लैजान्छ । अतएव हे शत्रुको विनाश पार्ने भगवन् ! केवल मनुष्यद्वारा नै यसको मृत्यु हुने देखिन्छ ॥७॥

देवताहरूको यस्तो कुरा सुनेपछि इच्छाअनुसार जन्म धारण गर्ने शक्ति भएका विष्णु भगवान्ले राजा दशरथलाई आफ्नो पिता बनाउने निश्चय गर्नुभयो ॥८॥ शत्रुको विनाश पार्ने महातेजस्वी राजा दशरथ अहिलेसम्म निस्सन्तान थिए र यस बखत यिनी पुत्रोत्पत्तिका लागि पुत्रेष्टिनामक यज्ञ गरिरहेका थिए ॥९॥ मनुष्यको रूप धारण गर्ने निश्चय गरेर विष्णु भगवान् ब्रह्मासित बिदावारी भई, महर्षि तथा देवताहरूले गरेको पूजा ग्रहण गरी त्यहाँबाट अन्तर्धान हुनुभयो ॥१०॥ यही मौकामा यजमान राजा दशरथको अग्निकुण्डबाट एउटा वड़ो तेजस्वी, अतिशय बलियो तथा महापराक्रमी व्यक्ति प्रकट भयो ॥११॥ यसको शरीरको वर्ण कालो थियो, रातो लुगा लगाएको थियो, मुख पनि रातै थियो, दुन्दुभिको समान मुखबाट आवाज निस्कन्थ्यो, सिंहका रौं जस्ता यसका शरीरका रौं तथा दाढ़ी जुँघा थिए र कपालका रौं वड़ा मुलायम थिए ॥१२॥ यस पुरुषमा सबै उत्तम लक्षण विद्यमान थिए, स्वर्गीय गहना यसले पहिरेको थियो, पर्वतको टाकुरासमान अग्लो थियो, घमण्डी सिंहको जस्तो यसको हिंड़ाइ थियो, सूर्यको समान यसको तेज चारैतिर फैलिइराखेको थियो, यसको नजीकमा रहेकाहरूलाई यसको तेज बल्दो आगोको ज्वाला जस्तो मालूम हुन्थ्यो । यो तेजस्वी पुरुषले आफ्ना दुवै हातले मायामयी प्यारी स्वास्नीलाई समाते झैं चाँदीको भाँडाले ढाकिएको, दिव्य खीरले भरिपूर्ण भएको एउटा उत्तम सुनको ठूलो पात्र समातिराखेको थियो ॥१३-१५॥ राजा दशरथलाई देख्नासाथ यसले भन्योः—हे राजन् ! मलाई प्रजापतिकहाँबाट आफूकहाँ आएको मानिस संझ ॥१६॥ यसको कुरा सुन्नासाथ राजा दशरथले हात जोरेर उत्तर दिएः—हे भगवन् , म तपाईंको स्वागत गर्दछु, मैले तपाईंको निंति के गर्नुपर्ने हो सो आज्ञा गर्नुहोस् ॥१७॥ राजाको कुरा सुनेर प्राजापत्य त्यो व्यक्ति फेरि भन्नलाग्योः—हे राजन् ! देवताहरू-को आराधना गर्नाले तपाईंले यो वस्तु भेट्टाउनुभयो ॥१८॥ हे महाराज ! देवताहरूले बनाएको, सन्तान दिने, आयु आरोग्य बढाउने यो पायस ग्रहण गर्नुहोस् र आफूसुहाउने महारानीहरूलाई खान दिनुहोस् । यसको प्रभावले तिनीहरूका कोखबाट अवश्यै छोरा जन्मनेछन् , यही पुत्रोत्पत्तिका लागि तपाईंले यज्ञ गर्नुभएको हो ॥१९-२०॥

राजा दशरथले प्रसन्न भई देवताहरूकहाँबाट आएको, देवान्नले परिपूर्ण भएको, सुवर्णपात्रलाई टाउ-कोले ढोग गरी ग्रहण गरे ॥२१॥ यो पुरुष अद्भुत ता थियो तर डरलाग्दो थिएन किन्तु राम्रो थियो । राजाले बडो प्रसन्नतासाथ प्रणाम गरेर यसको प्रदक्षिणा गरे ॥२२॥ देवताहरूले बनाएको पायस पाउनाले राजा दशरथ दरिद्रले धन पाउँदा खुशी भए झैं खुशी भए ॥२३॥ यो अद्भुत शरीर धारण गर्ने, अतिशय तेजस्वी पुरुष आफ्नो काम सिध्याएर त्यहीं लोप भयो ॥२४॥

जसरी शरत्कालका चन्द्रमाको किरणले आकाश शोभायमान हुन्छ त्यसै गरी यो पायस खानाले दशरथका महारानीहरूको शरीर शोभायमान देखिन लाग्यो ॥२५॥ अन्तःपुरभित्र प्रवेश गरेर राजाले

कौशल्यालाई भने–यो पायस खाऊ, यसको प्रभावले तिमी छोरा पाउनेछ्यौ ॥२६॥ राजाले त्यस पात्रको आधा खीर कौशल्यालाई दिए, बाँकी रहेको आधाको आधा सुमित्रालाई दिए र बाँकी रहेको खीरको आधा छोरा होस् भन्ने मतलबले कैकेयीलाई दिए । फेरि केही विचार गरीकन महाबुद्धिमान् राजाले बाँकी रहेको अमृतसमानको अष्टमांश खीर सुमित्रालाई दिए । यस प्रकार राजाले आफ्ना महारानीहरूमा त्यो पायस बाँडिदिए ॥२७–२९॥ राजा दशरथका महारानीहरू यो पायस पाउनाले बहुतै खुशी भए र महाराजले खीर बाँड्नमा कुनै प्रकारको पक्षपात गरेनन् भन्ने विचार गरे ॥३०॥ महाराजका महारानी-हरूले बेग्ला बेग्लै त्यो उत्तम खीर खाएर चाँड़ै नै अग्नि र सूर्यसमान तेजस्वी गर्भ धारण गरे ॥३१॥

राजा आफ्ना महारानीहरूलाई गर्भवती भएको देख्ता बडो खुशी भए र आफ्नो अभिलाषा पूर्ण हुने भयो भन्ने विचार गर्न लागे । जसरी इन्द्र, सिद्ध, तथा ऋषिहरूबाट पूजा पाउनाले विष्णु भगवान् प्रसन्न हुनुहुन्छ त्यसै गरी अहिले राजा दशरथ पनि खुशी भइराखेका थिए ॥३२॥

सर्ग—१७

वानरहरूको उत्पत्ति

यस प्रकारसंग विष्णु भगवान्ले महात्मा राजा दशरथकहाँ पुत्ररूपले उत्पन्न हुन स्वीकार गरेपछि ब्रह्मा सबै देवताहरूलाई भन्नलाग्नुभयो ॥१॥ आफ्नो प्रतिज्ञा पूरा गर्ने, वीर, हामी सबैका हितैषी विष्णु भगवान्लाई मर्त्यलोकमा सहायता गर्नेहरूको तिमी सबैले सृष्टि गर्नुपर्‍यो, यी सृष्टि गरिएकाहरू बलिया तथा इच्छा अनुसारको रूप धारण गर्न सक्ने होऊन् ॥२॥ यिनीहरू राक्षसको छल कपट बुझ्ने, शूरा, वेगमा वायुसमानका, नीति जान्ने, बुद्धिमान् र पराक्रममा विष्णुबराबरका होऊन् ॥३॥ यिनीहरूको कसैले संहार गर्न नसकोस्, मौकाअनुसार उपाय विचार गर्ने यिनीहरूको बुद्धि होस्, यिनीहरू सबै गुणले युक्त भएका सबै शस्त्रको प्रयोग जान्ने होऊन् र देवताहरूको समान यिनीहरूका शरीरको बनौट अलौकिक होओस् ॥४॥ मुख्य मुख्य अप्सराहरूबाट, गन्धर्वीहरूबाट यक्ष नागका कन्याहरूबाट, भालुका स्वास्नीबाट, विद्याधरी किन्नरी तथा वानर्नीहरूबाट आफूसमानका पराक्रमी पुत्र तिमीहरूले उत्पन्न गर्नुपर्‍यो, तर यी सबैको रूप वानरको हुनुपर्दछ ॥५-६॥ मैले पहिले नै जाम्बवान्-लाई जन्माइराखेको छ, यो भालुहरूमा प्रधान छ, हाई गर्दाखेरि एकचोटि अकस्मात् मेरो मुखबाट यसको उत्पत्ति भएको हो ॥७॥

ब्रह्माजीको यस्तो आज्ञा सुनेपछि देवताहरूले सोहीअनुसार काम गर्ने प्रतिज्ञा गरे र धमाधमी वानररूपका छोरा जन्माउन लागे ॥८॥ ऋषि, महात्मा, सिद्ध, विद्याधर, नाग, चारण यी सबैले वानररूपी वीर छोरा जन्माए ॥९॥

इन्द्रले महेन्द्रपर्वतसमानको विशाल शरीर भएको वानरहरूको राजा बालिलाई जन्माए, तेजस्वी-हरूमाका श्रेष्ठ सूर्यले सुग्रीवलाई उत्पन्न गरे ॥१०॥ बृहस्पतिबाट तार नाम गरेको एउटा ठूलो वानरको उत्पत्ति भयो, यो सबै वानरहरूमा मुख्य तथा बुद्धिमान् थियो, योभन्दा बत्ता बुद्धिमान् अरू कुनै

४

वानर थिएनन् ॥११॥ गन्धमादन नाम गरेको वानरलाई कुवेरले उत्पन्न गरे, विश्वकर्माले नल नाम गरेको एउटा ठूलो वानर जन्माए ॥१२॥ अग्निका छोरा नील उनीजत्तिकै तेजस्वी थिए, तेज, यश र पराक्रमले गर्दा यिनी बाबुभन्दा पनि बढ़ता भए ॥१३॥ रूपवान् तथा धनवान् अश्विनीकुमारहरूले आफूसमानका राम्रा मैन्द र द्विविद नाम गरेका दोटा वानर उत्पन्न गरे ॥१४॥ वरुणले सुषेण नाम गरेको वानरलाई र मेघ नामका महाबली देवताले शरभलाई जन्माए ॥१५॥ हनुमान् नाम गरेका वानरको वायुद्वारा उत्पत्ति भयो । यिनको शरीर वज्रसमान साह्रो थियो र हिंडाइको चाल गरुडको जत्तिकै थियो । यी सबै वानरहरूमा श्रेष्ठ, बुद्धिमान् र बलिया थिए, यस प्रकारसँग रावणको विनाशका लागि कई हजार वानरको उत्पत्ति भयो ॥१६—१७॥

कसैले यिनीहरूको बलको अन्दाज गर्न सक्तैनथ्यो, यी सबै शूरा पराक्रमी थिए, आफ्नो इच्छा-अनुसारको रूप धारण गर्न सक्तथे, यी महाबली वानरहरूको शरीर हात्ती तथा पर्वतजत्तिकै ठूलो थियो ॥१८॥ भालु, वानर, लङ्गूर, धमाधमी उत्पन्न हुन लागे, जुन देवताको जस्तो भेष, जस्तो रूप र जस्तो पराक्रम थियो तिनबाट जन्मेका वानरहरूको पनि सोही अनुसारको भेष, रूप तथा पराक्रम थियो । लङ्गूर जातका वानरहरूमा पनि बडा बडा पराक्रमी वानरहरू उत्पन्न भए ॥१९-२०॥ भालुका स्वास्नी तथा किन्नरीहरूको गर्भबाट पनि वानरहरूको उत्पत्ति भयो । देवता, महर्षि, गन्धर्व, गरुड, यशस्वी यक्ष, नाग, किंपुरुष, सिद्ध, विद्याधर, उरग यी सबैले प्रसन्नतापूर्वक जतातते हजारौं छोरा जन्माए ॥२१—२२॥ चारणहरूले पनि वनचारी, वीर पुत्र उत्पन्न गरे, यी सबै वनचारी वानरहरूको शरीर बडो विशाल थियो ॥२३॥ यी सबैको उत्पत्ति मुख्य मुख्य अप्सरा, विद्याधरी नागकन्या, तथा गन्धर्वी-हरूको कोखबाट भएको थियो, यिनीहरू इच्छा अनुसारको रूप धारण गर्न सक्ने, महाबली, र मनपर्दो ठाउँमा डुल्न सक्ने थिए ॥२४॥ यिनीहरू सिंह र बाघसमानका घमण्डी तथा बलिया थिए, ठूला-ठूला ढुङ्गाको यिनीहरू प्रहार गर्थे र पर्वतलाई समेत आफ्नो हतियार बनाएर लड्न सक्तथे ॥२५॥ नङ तथा दाँतको प्रहार गरेर यिनीहरू लड्दथे, सबै प्रकारका अस्त्र शस्त्रको प्रयोग यिनीहरूलाई थाहा थियो, यिनीहरू पर्वतलाई हल्लाउन र बलियो जरा भएको रूख उखेल्न सक्तथे ॥२६॥ आफ्नो वेगले नदी-हरूका स्वामी समुद्रलाई चलायमान गराइदिन्थे, खुट्टाले ठक्कर दिएर पृथ्वीलाई फोरिदिन्थे र बडा बडा समुद्र पार गर्न सक्तथे ॥२७॥ उड़ेर आकाशमा जान्थे, बादलहरूलाई रोकिदिन्थे र वनमा घुमिरहने मतवाला हात्तीलाई समेत पक्रन सक्तथे ॥२८॥ आफ्नो गर्जनले, आकाशमा उडिरहेका चरालाई तल खसाल्न सक्तथे । यस प्रकारका कामरूपी वानरहरूको उत्पत्ति भयो ॥२९॥ यस्ता महापराक्रमी लाखौं करौडौं वानर भए, यिनमा कुनै यूथपति र कुनै प्रधान यूथपति पनि भए ॥३०॥ यी प्रधान यूथपति-हरूले पनि अनेक श्रेष्ठ वीर वानर जन्माए । यी वानरहरूमा हजारौं ऋक्षवान् पर्वतमा गएर बस्न लागे र अरू भिन्न भिन्न पर्वत तथा जङ्गलमा गएर रहन लागे । सूर्यपुत्र सुग्रीव र इन्द्रपुत्र बालि यी दुवै भाइको सेवा गरेर पनि अनेक यूथपति वानरहरू बसे । नल, नील, हनुमान् तथा अरू अरू वानर सेना-

पतिहरूको सेवामा समेत अनेक वानर रहन लागे ॥३१-३३॥ यी सबैका सबै गरुडसमान बलिया र युद्ध विद्यामा सिपालु पनि थिए, आफूले यता उति भ्रमण गर्न लागेको बेलामा भेट्टाएका सिंह बाघ तथा ठूला ठूला साँपलाई मारि नै दिन्थे ॥३४॥ महापराक्रमी महाबाहु बालि आफ्नो बाहुबलले भालु तथा लंगूर जातका वानरहरूको पालना गर्दथ्यो ॥३५॥ शूरा, नाना प्रकारका अनुहार भएका, यो फलानो हो भनेर छुट्ट्याउन नसकिने लक्षण भएका यी वानरहरू अनेक ठाउँमा रहन लागेकाले पर्वत वन तथा समुद्रसहितको यो पृथ्वी नै टम्म भरियो ॥३६॥ रामचन्द्रको सहायताको लागि जन्मेका, मेघसमूह तथा पर्वतसमानको आकार र भयङ्कर रूपवाला यी यूथपति वानरहरूले समस्त पृथ्वीलाई नै ढाकिदिए ॥३७॥

सर्ग—१८

रामचन्द्रको जन्म र विश्वामित्रको आगमन

महात्मा दशरथको अश्वमेध यज्ञ समाप्त भएपछि देवताहरू यज्ञको आफ्नो आफ्नो भाग लिएर जहाँबाट आएका हुन् त्यहीं गए अर्थात् आफ्नो घरतिर लागे ॥१॥ राजा पनि दीक्षाको विधि सिध्याएर आफ्ना महारानी नोकर-चाकर, फौज, सवारी इत्यादि साथमा लिई अयोध्या शहरमा आए ॥२॥ राजा दशरथले निम्तो गरेका राजाहरू पनि यथायोग्य आदर सम्मान पाई वशिष्ठ मुनिलाई प्रणाम गरेर आफ्नो आफ्नो देशतिर लागे ॥३॥ बड़ा बड़ा ऐश्वर्यशाली राजाहरू अयोध्याबाट आफ्नो आफ्नो देशतिर लाग्दाखेरि यिनीहरूको सजिसजाउ भएको तथा मनमा खुशी भएको फौजको बड़ो शोभा देखियो ॥४॥ राजाहरू विदा भएर गएपछि श्रीमान् राजा दशरथले पनि ब्राह्मणहरूलाई अघि लगाएर आफ्नो राजधानी भित्र प्रवेश गरे ॥५॥ राजाबाट ठूलो आदर सत्कार पाएका ऋष्यश्रृङ्ग पनि आफ्नी स्वास्नी शान्तालाई साथमा लिई घर फर्के। राजा दशरथ आफ्ना नोकर-चाकरलाई साथमा लिएर केही टाढ़ासम्म यिनलाई पुऱ्याउन गए ॥६॥ यस प्रकारसँग निमन्त्रित राजाहरूलाई विदा गरेपछि राजाको अभिलाषा पूर्ण भयो, यिनी पुत्रोत्पत्तिको प्रतीक्षा गर्दै सुखपूर्वक अयोध्यामा रहन लागे ॥७॥

यज्ञ समाप्त भएपछि छ ऋतु अर्थात् एकवर्ष बित्यो र बाह्रौं चैत्र महीनाको नवमी तिथि पुनर्वसु नक्षत्रमा सूर्य, मंगल, शनि, बृहस्पति र शुक्र यी पाँचै ग्रह क्रमैले मेष, मकर, तुला, कर्कट र मीन राशिमा अर्थात् आफ्नो आफ्नो उच्च स्थानमा आइराखेका थिए। यही समयमा बृहस्पति, चन्द्रमासहित कर्कट लग्नमा उदय हुनासाथ कौशल्याले जगत्का स्वामी, सबै लोकले पूजा गर्नुपर्ने योग्यका, दिव्य लक्षणले युक्त भएका रामलाई जन्माइन् ॥८-१०॥ इक्ष्वाकुवंशमा विष्णु भगवान्को आधा भागले पुत्र उत्पन्न भयो। यिनको आँखा रातो, हात लामो, ओठ रातो थियो र स्वर दुन्दुभिको शब्द झैं टाढा टाढासम्म फैलिने किसिमको थियो ॥११॥ जसरी देवराज वज्रपाणि इन्द्रद्वारा अदितिको शोभा भएथ्यो त्यस्तै गरी यी महातेजस्वी छोरा पाउनाले कौशल्याको शोभा भइरहेको थियो ॥१२॥ महारानी कैकेयीको कोखबाट भरत नाम गरेका बडा पराक्रमी छोरा जन्मे, विष्णुको चतुर्थ भागबाट जन्मेका यिनी सबै गुणले युक्त

थिए ।।१३।। सुमित्राले लक्ष्मण शत्रुघ्न नाम गरेका दोटा छोरा जन्माइन्, यिनीहरू बडा शूरा अस्त्रविद्यामा खूबै सिपालु थिए, यिनीहरू प्रत्येक विष्णुका आठौं भाग थिए ।।१४।।पुष्य नक्षत्र र मीन लग्नमा राम्रो बुद्धि भएका भरत जन्मेका हुन् , अश्लेषा नक्षत्रमा सूर्य कर्कट लग्नमा उदय भएको बेलामा सुमित्राका दुई छोरा जन्मेका हुन् ।।१५।।

यस प्रकारसँग महात्मा राजा दशरथका चार छोरा उत्पन्न भए, यिनीहरू प्रत्येक गुणवान् र रूपवान् थिए, पूर्वा तथा उत्तरा भाद्रपद नक्षत्रको जस्तो यिनीहरूको कान्ति थियो ।।१६।। यस खुशीयालीको बेलामा गन्धर्वहरू मधुरो स्वरले गान गर्न र अप्सराहरू नाच्न लागे र देवताहरूको दुन्दुभि बज्न लाग्यो, आकाशबाट पुष्पवृष्टि हुन थाल्यो ।।१७।। अयोध्यामा ठूलो उत्सव हुन थाल्यो, जतातत्तै मानिसको भीड लागेको देखिन्थ्यो, सड़क मानिस तथा नाच-खेल गर्नेहरूले टम्म भयो ।।१८।। गवैया, बजवैया र वेद पाठ गर्नेहरूले गर्दा सड़क बोल्न लागेको जस्तो लाग्दथ्यो र पुत्र जन्मेको हर्षमा लुटाएको रत्नले शहरका गल्लीहरू टम्मै ढाकिएका थिए ।।१९।। राजाले यस उत्सवमा सूत, मागध र बन्दी (यशगान गर्ने) हरूलाई जे जे दिनुपर्ने हो सो सबै दिए र ब्राह्मणहरूलाई पनि धन तथा हजारौं गाई दिएर प्रसन्न गराए ।।२०।। एघार दिन बितेपछि राजाले यिनीहरूको नाम-संस्कार (न्वारान) गरे । जेठा छोराको नाम राम, कैकेयीका छोराको भरत, सुमित्राको एउटा छोराको लक्ष्मण र अर्कोको शत्रुघ्न भन्ने नाम रह्यो । महर्षि वशिष्ठले प्रसन्नतापूर्वक यिनीहरूको नामकरण संस्कार गरे ।।२१-२२।।

न्वारानको दिनमा राजाले शहरवासी तथा आफ्नो राज्यबाट आएका ब्राह्मणहरूलाई भोजन गराएर ब्राह्मणहरूलाई दक्षिणामा अनेक प्रकारका सफा सफा रत्न दिए ।।२३।। राजाले यी छोराहरूको जन्मसम्बन्धी अरू अरू कर्म पनि गर्न लगाए । यिनमा जेठा रामचन्द्र कुलको झण्डा जस्ता र बाबुका बड़ा प्यारा थिए ।।२४।। रामचन्द्र अरू प्राणीहरूका लागि पनि ब्रह्मासमान आदरणीय थिए । यी चारै जना वेद जान्ने, शूरा र लोकको कल्याण गर्नामा तत्पर रहने भएर निस्के ।।२५।। यी सबै ज्ञानी र राम्रा राम्रा गुणले युक्त भएका थिए, यिनमा पनि महातेजस्वी, सत्यपराक्रमी रामचन्द्र पूर्णिमाको निर्मल चन्द्रमाझैं दुनियाँको सबभन्दा बत्ता मनपरेका थिए । यी हात्ती, घोड़ा तथा रथको सवारी हाँक्नमा बड़ा सिपालु थिए ।।२६-२७।। यिनी धनुर्वेदको अभ्यासमा तथा बाबुको सेवामा सदा लागिरहन्थे । लक्ष्मीको वृद्धि गर्ने लक्ष्मण बालककालदेखि नै रामचन्द्रलाई धेरै माया गर्दथे र सदा यिनको सेवा सुश्रूषामा लागिरहन्थे, सबैलाई आनन्द गराउने आफ्ना दाजु रामचन्द्रलाई निको लाग्ने काम लक्ष्मण आफ्नै शरीरले गर्दथे ।।२८-२९।। लक्ष्मीले सम्पन्न लक्ष्मण पनि रामचन्द्रलाई आफ्नो बाहिरी प्राण जत्तिकै प्यारा थिए, पुरुषश्रेष्ठ रामचन्द्र लक्ष्मण नभईकन सुत्न पनि सुत्तैनथे, आफ्नो निंति ल्याएको मीठो मीठो पदार्थ लक्ष्मण नभईकन यिनी खाँदै खाँदैनथे । घोडामा चढेर रामचन्द्र शिकार गर्न जाँदाखेरि यिनी धनु भिरेर उनको शरीरको रक्षा गर्दै पछिपछि हिंड्दथे । लक्ष्मणका भाइ शत्रुघ्न

भरतलाई प्राण जत्तिकै प्यारा थिए, एवं प्रकार भरत पनि शत्रुघ्नका प्यारा थिए। जसरी आफ्ना चार दिक्पालदेखि ब्रह्मा प्रसन्न रहन्छन् त्यसै गरी महाराज दशरथ पनि आफ्ना यी गुणवान् चार छोरादेखि बहुतै प्रसन्न थिए। यी आफ्ना चारै छोराहरू जब ज्ञानसम्पन्न, गुणले युक्त भएका, लोकापवाददेखि डराउने, रीति-थितिबमोजिम चल्ने, सबै विषयका जानिफकार तथा दूरदर्शी भए तब ता आफ्ना यस्ता प्रभावशाली तथा अतिशय तेजस्वी छोराहरूलाई देख्ता राजा दशरथ लोकका प्रभु ब्रह्माजीझैं खुशी भए। यी पुरुषसिंहहरू वेदको अध्ययन गर्नामा तथा पिताको सेवामा तत्पर रहन्थे र यी सबै धनुर्विद्यामा पारङ्गत भइसकेका थिए।

अब ता महात्मा राजा दशरथ पनि यिनीहरूको विवाहका लागि आफ्ना पुरोहित तथा बन्धुवर्गसँग सल्लाह गर्नलागे। यस प्रकारसँग यी महात्मा राजाले मन्त्रीहरूको बीचमा यस विषयमा विचार गर्न लागेको समयमा महातेजस्वी महामुनि विश्वामित्र त्यहाँ आइपुगे र राजासँग भेट गर्न इच्छा भएका यिनले ढोकेहरूलाई भने ॥३०-३९॥ झट्टै राजालाई खबर गरिदेऊ कि गाधिको छोरा तथा कौशिक-गोत्रको म विश्वामित्र आइराखेको छु। मुनिको यो कुरा सुन्नासाथ ढोकेहरू दगुर्दै राजाको महलभित्र गए ॥४०॥ मुनिको कुरा सुन्दैमा हडबडाएका यिनीहरूले राजभवनभित्र उपस्थित भई इक्ष्वाकुवंशमा उत्पन्न भएका राजा दशरथलाई विश्वामित्रजी आएको खबर दिए। ढोकेहरूको कुरा सुन्नासाथ राजा पुरोहितलाई साथमा लिई जसरी इन्द्र ब्रह्मालाई लिन जान्छन् त्यसै गरी सावधान भई प्रसन्नतापूर्वक यिनलाई ल्याउन भनी गए। आफ्नो तपस्याको प्रभावले अतिशय तेजिला भइराखेका तथा कडा कडा नियमको पालना गर्ने यी तपस्वीलाई देखेपछि राजा अत्यन्त प्रसन्न भए र यिनले मुनिलाई अर्घ्य दिए। मुनिले राजाले शास्त्रानुसार दिएको अर्घ्य ग्रहण गरी यिनको क्षेम-कुशल सोधे। धर्मात्मा कौशिक मुनिले शहर, ढुकुटी राज्य, कुल-कुटुम्ब तथा मित्रहरूको समेत हाल-खबर राजासँग सोधे। तिम्रो अधीनका राजाहरू जो बागी भएका थिए र जसलाई तिमीले परास्त गरेका थियौ के तिनीहरू तिम्रो शरण पर्न आएका छन्? देवताहरूले गर्ने तथा मानिसले गर्ने तिम्रो धर्म कर्म ता राम्रोसँग चलेको छ? राजासँग यति सोधिसकेपछि मुनिश्रेष्ठ विश्वामित्र वशिष्ठनेर उनको क्षेम-कुशल सोध्नलागे। राजाको सभामा उपस्थित भइराखेका अरू अरू ऋषिहरूसँग पनि यिनले आराम विरामको खबर सोधे। मुनिजीले यसरी सोधेको देख्ता सबै जना बडो खुशी भए र सबका सबै राजमहलभित्र गए। राजाको हातबाट पूजा पाएपछि यिनीहरू सबै आफ्नो आफ्नो ठाउँमा बसे। मनमा हर्ष मानिरहेका अतिशय उदार राजाले फेरि विश्वामित्रको पूजा गरेर प्रसन्नतापूर्वक यिनलाई भन्न लागे:—अमृत भेट्टाउँदाखेरि, सुक्खा जग्गामा पानी पर्दाखेरि, निस्सन्तानलाई आफ्नी विवाहिता स्वास्नीबाट छोरा जन्मदाखेरि, हराएको माल पाउँदा-खेरि, विवाह आदि गरिएका ठूला ठूला उत्सव हुँदाखेरि जत्तिको हर्ष हुन्छ त्यत्तिकै हर्ष अहिले तपाईं यहाँ आउँदाखेरि मलाई भइराखेको छ। हे महामुने! तपाईंलाई स्वागत छ। मनमा हर्ष मानिरहेको मैले तपाईंको कुन ठूलो अभिलाषा पूर्ण गर्ने हो? ॥४१-५२॥ हे मेरो मान बढाउने मुनिजी! मैले तपाईंको

जस्तो पनि सेवा गर्ने हुन्छ तपाईंले यहाँ आउनु बडो हर्षको कुरा हो, आज मेरो जन्म सफल भयो, मेरो जीवन धन्य रहेछ किन कि तपाईंजस्ता ब्राह्मणश्रेष्ठको मैले साक्षात् दर्शन पाएँ । मेरो जीवनको रात खतम भएछ अर्थात् मेरो सबै दुःख दूर हुने भएछ । पहिले तपाईंले राजर्षि शब्दद्वारा तथा तपस्याको प्रभावले आफ्नो गौरव फैलाउनुभएको थियो, झन् अहिले ता तपाईंले ब्रह्मर्षिको पद पाउनुभएको छ, तसर्थ सबै प्रकारले तपाईं मेरो पूज्य हुनुहुन्छ, तपाईंको यो परम पवित्र आगमनले गर्दा म छक्क परिराखेको छु ॥५३-५५॥ हे प्रभो ! तपाईंको दर्शन पाउनाले म आफूलाई पुण्य तीर्थ-क्षेत्रमा पुगेको भनी ठान्दछु अर्थात् तपाईं आउनाले मेरो घर तीर्थ बन्न गयो, तपाईं के चाहनुहुन्छ के कारणले तपाईंको यहाँ आगमन भयो सो कृपा गरी भन्नुहोस् ॥५६॥ यो अनुगृहीत व्यक्ति तपाईंको आज्ञा पालन गर्न तय्यार छ, तपाईं आउनाको उद्देश्य थाहा पाएपछि म त्यसलाई पूर्ण गर्ने प्रयत्न गर्नेछु । हे सुव्रत ! काम सफल होला वा नहोला सो कुराको विचार नगर्नुहोस् ॥५७॥ म तपाईंका सबै अभिलाषा पूरा गरिदिनेछु । तपाईं मेरो देवता हुनुहुन्छ तपाईं यहाँ आउनु मेरो ठूलो अभ्युदय हो, मैले ठूलो पुण्य पाएँ ॥५८॥ आफ्नो प्रतिज्ञालाई पूरा गर्ने र मनलाई आनन्द गराउने राजाका यी नम्र कुरा सुन्दा श्रेष्ठ ऋषि विश्वामित्र बडो प्रसन्न भए । यी ऋषिको गुणसम्बन्धी यश जतातत्तै फैलिइराखेको थियो ॥५९॥

सर्ग—१९

यज्ञको रक्षाका लागि विश्वामित्र रामलाई आफूसँग लैजान खोज्दछन् र राजा मुनिको यो प्रस्ताव सुन्दा दुःखित हुन्छन्

राजा दशरथले विस्तारपूर्वक भनेको अति उत्तम कुरा सुनेपछि महातेजस्वी विश्वामित्र रोमाञ्चित भई भन्नलागे ॥१॥

हे महाराज ! तपाईंसिवाय यस संसारमा अरू कसैको मुखबाट यस्तो वचन निस्कन सक्तैन, किनकि एक ता तपाईंको जन्म ठूलो कुलमा भएको छ, दोस्रो वशिष्ठ जस्ताबाट तपाईंले उपदेश पाउनुभएको छ ॥२॥ हे राजन् ! अब म आफ्नो मनमा भएको कुरा भन्दछु, तपाईं त्यसलाई पूरा गरिदिनोस र आफ्नो प्रतिज्ञालाई साँचो गराउनुहोस् ॥३॥ हे पुरुषसिंह ! सिद्धिका लागि मैले अचेल एउटा यज्ञ थालिराखेको छ, तर कामरूपी मारीच र सुबाहु नाम गरेका दोटा राक्षस यस यज्ञमा विघ्न पारिरहन्छन् । धेरै कालदेखि थालेको यसको समाप्ति हुने वेलामा यी बलिया र शस्त्र-अस्त्रको शिक्षा पाएका राक्षसहरू वेदीमा मासु र रगतको वृष्टि गरिदिन्छन् । यस प्रकारसंग मेरा व्रत, संकल्प इत्यादि सबै नष्ट-भ्रष्ट हुन्छन् । आफ्नो परिश्रम व्यर्थ भएकोले उत्साहहीन भएर म आफ्नो आश्रम छोडी यहाँ तपाईंकहाँ आइराखेको छु ।

हे राजन् ! मैले यिनीहरूमाथि रिस देखाउन पनि उचित पर्दैन, कारण यज्ञ गर्न लागेको समयमा रिस देखाउनु अथवा श्राप दिनु मुनासीब होइन । तसर्थ, हे राजन् ! आफ्ना सत्यपराक्रमी ज्येठा छोरा

वीर रामचन्द्रलाई मेरो हातमा सुम्पिदिनोस्। यी बालक छन् तापनि बडा शूरा छन्, म आफ्नो दिव्य तेजको प्रभावले यिनको रक्षा गर्नेछु र यिनी मेरो यज्ञको रक्षा गर्नामा समर्थ हुनेछन् ॥४-९॥ यज्ञमा विघ्नबाधा पार्ने राक्षसहरूको अवश्य यिनको हातबाट मृत्यु हुनेछ भन्ने कुरा मलाई थाहा छ। यसको सट्टामा रामको कल्याण हुने अनेक कुरा म दिनेछु, यसमा सन्देह नगर्नुहोस् ॥१०॥ मद्द्वारा प्राप्त भएको कल्याणले गर्दा यिनको ख्याति तीनै लोकमा फैलिनेछ, यी राक्षस रामचन्द्रको अगाडि अड्नै सक्नेछैनन् ॥११॥ हे महाराज! रामसिवाय अरू कसैले यी राक्षसलाई मार्न सक्तैनन्। यिनीहरूलाई आफ्नो वीरताको बड़ो घमण्ड छ, तर यस समयमा यी पापीहरूको टाउकोमा काल नाचिरहेको छ ॥१२॥ हे राजन्! यी निशाचर कुनै प्रकारले पनि रामको सामुन्ने टिक्न सक्नेछैनन्, मेरा छोरा बालक छन् कसरी यिनले राक्षसलाई मार्लान् भन्ने कुराको चिन्ता लिएर छोराको माया नगर्नुहोस् ॥१३॥ हे महाराज! म प्रतिज्ञा गरेर भन्दछु, तपाईंले अब ती राक्षसहरू मरे भन्ठाने पनि हुन्छ, मैले महात्मा सत्यपराक्रमी रामलाई चिह्नेको छु, अर्थात् राक्षसहरूको वध गर्नाका-लागि यिनले तपाईंको घरमा अवतार लिएका हुन् भन्ने कुरा मलाई थाहा छ ॥१४॥ महातेजस्वी वसिष्ठ र तपस्यामा लागेका यी सबै ऋषिले पनि रामलाई चिह्नेका छन्। हे राजेन्द्र! तपाईंलाई यस संसारमा धर्म कमाउने र आफ्नो ठूलो यश सदा स्थिर रहोस् भन्ने अभिलाषा छभने रामलाई मेरो जिम्मामा दिइहाल्नुहोस्। हेर्नुहोस्, मन्त्रीहरू पनि तपाईंलाई यस कुरामा सल्लाह दिन्छन् कि दिन्नन् ॥१५-१६॥ वशिष्ठ आदि गरिएका मन्त्रीहरू मेरो कुराको समर्थन गर्दछन्भने मैले लैजान इच्छा गरेको रामलाई मेरो साथमा पठाइदिनुहोस्, आमा-बाबुलाई छोड्नै नहुने किसिमका यिनी बालक छैनन् ॥ ७॥ मेरो यज्ञ समाप्त हुन दश दिन बाँकी छ, यो दश दिनभन्दा बढ्ता रामचन्द्र मकहाँ बस्नेछैनन्, तसर्थ यति समयका लागि यी राजीवलोचनलाई मकहाँ पठाइदिनुहोस् ॥१८॥ मैले भनेको कुरा मान्नुहोस्, तपाईंको कल्याण हुनेछ, मनमा कुनै किसिमको फिक्री नलिनुहोस्।

धर्मात्मा, महातेजस्वी, बुद्धिमान् विश्वामित्र ता यस प्रकारको धर्म र अर्थले युक्त भएको कुरा भनेर चूप लागे। तर, राजा दशरथ यिनको कुरा सुन्दा बड़ो दुःखित भए, शोकले गर्दा काम्न लागे र मूर्च्छासम्म पनि परे र केही बेरमा होश आएपछि डरले थर्कायमान भई खिन्न भएर बसे ॥१९-२१॥ महात्मा राजा दशरथ मुटु र मनलाई छिया छिया पार्ने मुनिको यो कुरामा विचार गर्दागर्दै अतिशय व्याकुल भए र पुनः आफू बसेको ठाउँबाट तल खसेर मूर्च्छा परे ॥२२॥

सर्ग—२०

राजा दशरथ रामलाई बालक सझेर विश्वामित्रको साथ पठाउन मन गर्दैनन्।

राजश्रेष्ठ राजा दशरथ, विश्वामित्रको कुरा सुन्दा सुन्दा केही बेर बेहोश भए र अलिखेरमा होश आएपछि भन्नलागे ॥१॥

कमल जस्तो आँखा भएका मेरा राम अहिले ता पन्द्रह वर्षका मात्र छन्, राक्षसहरूसित युद्ध गर्ने शक्ति म यिनमा देख्तिन ॥२॥ मेरो यो अक्षौहिणी सेनाको म सेनापति तथा मालिक छु, यस फौजलाई आफ्नो साथमा लगेर म ती राक्षसहरूसंग युद्ध गर्न सक्तछु ॥३॥ यी मेरा सेवकहरू बडा पराक्रमी, युद्धमा उत्साह देखाउने तथा अस्त्रविद्यामा बड़ा सिपालु छन् । यिनीहरू राक्षससित लड्नमा योग्य छन् । तसर्थ तपाईं रामलाई नलैजानुहोस् ॥४॥ जबसम्म मेरो शरीरमा प्राण रहनेछ तबसम्म म धनु भिरेर राक्षसहरूसित युद्ध गरी तपाईंको यज्ञको रक्षा गर्नेछु ॥५॥ मेरो उपस्थितिले गर्दा निर्विघ्नपूर्वक तपाईंको यज्ञको रक्षा हुनेछ, तसर्थ म आफैं तपाईंको साथमा जान्छु, रामलाई ता नलैजानुहोस् ॥६॥ राम बालक छन्, राम्रोसँग अस्त्र-विद्या पढेका छैनन्, शत्रुको बल तथा निर्बलता यिनी बुझ्न सक्तैनन्, अहिलेसम्म यिनले न अस्त्र-शस्त्र चलाउन जानेका छन् न युद्ध विद्यामा निपुण भएका छन् ॥७॥ राक्षसहरू छल कपटले युद्ध गर्ने हुनाले यिनीहरूसित युद्ध गर्ने सामर्थ्य यिनमा छैन, यसको सिवाय रामविना म क्षणभर पनि बाँच्न सक्तिन, तसर्थ, हे मुनिश्रेष्ठ ! रामलाई नलैजानुहोस्, हे सुव्रत ब्रह्मन् ! तपाईं रामलाई लैजानै खोज्नुहुन्छभने चतुरंगिणी सेनाको साथमा मलाई पनि यिनीसँगै लैजानुहोस् । हे कौशिक ! अहिले मेरो उमेर साठी हजार वर्षको भइसकेको छ, बड़ो कष्टले रामचन्द्रको जन्म भएको हो, तसर्थ तपाईंले यिनलाई लैजान उचित पर्दैन । मेरा चार छोरा छन् तापनि धर्मात्मा जेठा राममा नै मेरो सबभन्दा बढ्ता माया छ, तसर्थ तपाईंले यिनलाई लैजानामा मुनासीब पर्दैन । हे मुनिश्रेष्ठ ! तपाईंको यज्ञमा विघ्न गर्ने यी राक्षस कत्तिका बलिया छन्, कसका छोरा हुन्, कत्तिका ठूला छन्, कसले यिनको रक्षा गरिराखेको छ, रामचन्द्रले यिनीहरूको कसरी संहार गर्ने हो, मैले अथवा मेरो फौजले छल-कपटले युद्ध गर्ने ती राक्षसहरूसित कसरी लड्ने हो, हे ब्रह्मन् ! यी सब कुरा मलाई राम्ररी बुझाइदिनुहोस् । यी राक्षसहरू बड़ो दुष्ट विचार भएका तथा बड़ा बलिया हुन्छन्, यिनीहरूसितको युद्धमा मैले नै कसरी अड्ने हो । राजाको यो कुरा सुनेपछि विश्वामित्र भन्नलागे ॥८-१५॥

पुलस्त्यको वंशमा उत्पन्न भएको रावण नाम गरेको राक्षसले ब्रह्माबाट वर पाएकोले, तीनै लोकलाई बड़ो दुःख दिइरहेको छ ॥१६॥ हे महाराज ! राक्षसहरूको राजा यो रावण बड़ो बलियो, अतिशय पराक्रमी छ तथा अनेक राक्षस यसका सेवक छन् भन्ने सुनिएको छ ॥१७॥ यो साक्षात् कुवेरको भाइ तथा विश्रवा मुनिको छोरो हो । यस्तो सानो-तिनो काममा मैले के जाने भन्ने विचारले उ ता आफैं मेरो यज्ञ-मा विघ्न पार्न आउँदैन तर मारीच र सुबाहु नाम गरेका दोटा बलिया राक्षसलाई यस काममा खटाइ-राखेको छ, यिनीहरू नै मेरो यज्ञमा विघ्न पार्दछन् ॥१८-१९॥

विश्वामित्रको यो कुरा सुनेपछि, राजा उनलाई भन्नलागे—म यो दुष्ट रावणसितको युद्धमा अड्न सक्तिन ॥२०॥ तसर्थ हे धर्मात्मा, मेरो यस छोरामाथि दया गर्नुहोस् । तपाईंको आज्ञा पालन गर्न नसकेकोले हतभाग्य भएको मेरो तपाईं नै गुरु र देवता हुनुहुन्छ ॥२१॥ देवता, दानव, गन्धर्व, यक्ष, पक्षी, सर्प, यी कुनै पनि रावणसित युद्ध गर्न सक्तैनन्, मानिसको कुरा त कता छ कता ॥२२॥ यो

रावण पराक्रमीहरूको पराक्रमलाई समेत नष्ट गरिदिन्छ, योसँग अथवा यसको फौजसँग लड्ने मेरो हिम्मत छैन ॥२३॥ हे मुनिजी ! आफ्नो फौज तथा आफ्ना छोराहरूलाई साथमा लगे तापनि म योसित लड्न सक्तिन । देवता जस्तो राम्रो र युद्ध गर्न नजान्ने मेरो बालक छोरालाई, हे ब्रह्मन् ! म कदापि तपाईंको साथमा पठाउँदिन । सुन्द र उपसुन्दका यी दुवै छोरा युद्धमा कालसमानका छन् , यिनैले तपाईंको यज्ञमा विघ्न पार्ने गरेको हो, यिनीहरूसित लड्नका लागि म आफ्नो बिचरा छोरालाई पठाउन सक्तिन । मारीच र सुबाहु यी दुवै अतिशय बलिया तथा युद्धविद्यामा खूबै सिपालु छन् ॥२४-२६॥ यी दुई मध्ये एउटासित युद्ध गर्ने होभने म आफ्ना मित्रहरूलाई साथ लिई जान तय्यार छु, होइनभने तपाईंको आज्ञा पालन गर्न नसकेकोमा आफ्ना बन्धुवर्गसहित तपाईंसित क्षमा माग्नेछु ॥२७॥

राजा दशरथका यी कुरा सुनेपछि कुशिकगोत्री ब्राह्मणश्रेष्ठ विश्वामित्रलाई रिस उठ्यो, यज्ञको आगो जसरी घिउको हवनले गर्दा धपधपी बल्दछ त्यसै गरी मुनिजीको रिसरूपी आगो पनि प्रज्वलित भइहाल्यो ॥२८॥

सर्ग—२१

दशरथ विश्वामित्रको साथमा रामलाई पठाउन स्वीकार गर्दछन् ।

छोराको मोहले गर्दा स्पष्टसँग बोल्न नसकेका राजा दशरथको कुरा सुन्दा कौशिक मुनि रिसले चूर भई यिनलाई भन्नलागे ॥१॥

पहिले एकचोटि प्रतिज्ञा गरिसकेपछि पनि तपाईं त्यसलाई भङ्ग गर्न खोज्नुहुन्छ, रघुवंशीहरूमा त यो नचलेको कुरा हो । यसो गर्नाले ता कुलको विनाश हुने सम्भव छ ॥२॥ आफ्नो प्रतिज्ञा भङ्ग गर्नामा र कुलको विनाश गराउनामा तपाईं राजी हुनुहुन्छभने म आफ्नो आश्रममा फर्केर जान्छु, प्रतिज्ञालाई झूटो गराएर परिवारसहित सुखसँग बस्नोस् ॥३॥

बुद्धिमान् विश्वामित्रको यसरी रिस बढेपछि सारा संसार काम्न लाग्यो र देवताहरूसमेत बहुतै डराए ॥४॥ समस्त संसारलाई डराएको देखेपछि सदाचारी, मनमा धैर्य्य राख्न सक्ने महर्षि वशिष्ठ राजालाई भन्नलागे ॥५॥

हे महाराज ! साक्षात् धर्मको अवतार लिएर तपाईं इक्ष्वाकुकुलमा जन्मनुभएको छ, तपाईं मनमा धैर्य्य लिन सक्ने, व्रत धारण गर्ने तथा सदाचारी हुनुहुन्छ, तपाईं जस्ताले धर्मको त्याग गर्न उचित पर्दैन ॥६॥ महाराज दशरथ धर्मात्मा छन् भन्ने कुरा तीनै लोकमा विख्यात भइरहेको छ, तपाईंले आफ्नो धर्मको पालना गर्नैपर्दछ अधर्मपट्टि लाग्नहुन्न ॥७॥ गर्नेछु भन्ने प्रतिज्ञा गरेर जो आफूले भनेको कुरा गर्दैन त्यसको अश्वमेध आदि यज्ञ निष्फल हुन्छन् , इनार, पोखरी, तलाउ खन्न लगाएको पनि व्यर्थै हुन्छ, तसर्थ रामलाई ऋषिको साथ लगाई पठाइदिनुहोस् ॥८॥ राम अस्त्र विद्या जानून् वा नजानून्, कुनै राक्षस पनि यिनको अगाडि टिक्न सक्नेछैन, जसरी अग्निद्वारा अमृतको रक्षा हुन्छ त्यसै गरी विश्वामित्रले यिनको रक्षा गर्नेछन् ॥९॥ यी विश्वामित्र मुनि साक्षात् धर्मस्वरूप हुन्, पराक्रमीहरूमा श्रेष्ठ छन्,

संसारमा सबै भन्दा बर्ता ज्ञानी छन्, तपस्याको ता यिनी आधारै हुन् ॥१०॥ यिनले नाना प्रकारका अस्त्र-शस्त्रको प्रयोग जानेका छन्, त्रिलोकमा स्थावर जंगम कुनै प्राणीलाई पनि यिनको महिमा थाहा छैन, पछि थाहा पनि हुनेछैन ॥११॥ देवता, ऋषि, राक्षस, गन्धर्व, यक्ष, किन्नर तथा नाग कसैले पनि यिनलाई चिह्न सकेका छैनन् ॥१२॥ यिनले पहिले राज्य गर्दाखेरि परम धर्मात्मा कृशाश्वका छोराहरूले यिनलाई सम्पूर्ण अस्त्र दिएका थिए ॥१३॥ यी सबै अस्त्र प्रजापतिकी छोरीबाट जन्मेका कृशाश्वका छोरै हुन्। यी कइएक प्रकारका छन्, बड़ा बलिया छन्, यिनमा तेज पनि निकै छ र युद्धमा यिनको अवश्यै जित हुन्छ ॥१४॥ दक्ष प्रजापतिका जया, सुप्रभा नाम गरेका दोटा राम्रा कन्या थिए, यिनीहरूले वरदानको प्रभावले सयकड़ौं अतिशय तेज भएका अस्त्र-शस्त्रको आविष्कार गरेका थिए ॥१५॥ जयाले वर पाएकीले राक्षसहरूको सेनाको वध गर्नाका लागि अपरिमित प्रभाव तथा अदृश्यरूप भएका पचास अस्त्र उत्पन्न गरिन् ॥१६॥ सुप्रभाले पनि पचासओटा संहार नाम भएका अस्त्र पैदा गरिन्, यिनीहरू बड़ा बलिया छन्, यिनीमाथि कसैले आक्रमण गर्न सक्तैन न कोही यिनको सामुन्ने टिक्न सक्तछ ॥१७॥ कुशिक-गोत्री विश्वामित्र यी सबै अस्त्रको प्रयोग जान्दछन्, यसको सिवाय यी धर्मात्मामा अरू-अरू अस्त्र-हरूको उत्पन्न गर्ने शक्ति पनि छ ॥१८॥

यी महात्मा, धर्मात्मा विश्वामित्र ऋषिहरूमा सर्वप्रधान हुन्, भइसकेको र पछि हुने सबै कुरा यिनलाई थाहा छ ॥१९॥ यस्ता पराक्रमी, तेजस्वी विश्वामित्रको साथमा रामचन्द्रको जाने कुरामा हे राजन्, तपाईंले कुनै किसिमको सन्देह गर्नुपर्दैन ॥२०॥ राक्षसहरूको दमन यी विश्वामित्र स्वयं आफैं गर्न सक्ने हुन् तर तपाईंका छोराको कल्याण होस् भन्ने इच्छाले मात्र तपाईंकहाँ रामचन्द्रलाई माग्न आइराखेका छन् ॥२१॥

वशिष्ठजीका यी कुरा सुनेपछि रघुश्रेष्ठ राजा दशरथ खुशी भए, यिनको सन्देह हटेर गयो। यशस्वी राजाले विश्वामित्रलाई प्रसन्न गराउने हेतुले रामचन्द्रलाई यिनको साथमा पठाउने कुरा मनै मनमा निश्चय गरे ॥२२॥

सर्ग—२२

वशिष्ठको उपदेशअनुसार राजा दशरथ राम र लक्ष्मणलाई विश्वामित्रको जिम्मामा सुम्पिदिन्छन्, बाटोमा राम बला तथा अतिबला दोटा विद्या सिक्तछन्।

वशिष्ठजीले यति कुरा भनेपछि राजा दशरथले मनमा खुशी भई आफैं राम र लक्ष्मणलाई बोलाउन पठाए ॥१॥ यसपछि राजा दशरथ तथा रानी कौशल्या रामचन्द्रका लागि स्वस्तिवाचन गर्न लागे, वशिष्ठजी पनि मङ्गल पाठ गर्ने काममा नियुक्त भए ॥२॥ रामचन्द्रको माथ सुँघेर राजा दशरथले प्रसन्नतापूर्वक यिनलाई विश्वामित्रको जिम्मामा सुम्पिदिए ॥३॥

कमल जस्ता आँखा भएका रामचन्द्रलाई विश्वामित्रको साथमा लागेको देख्ता धूलो नभएको, शीतल हवा चल्न लाग्यो ॥४॥ देवताहरूको दुन्दुभिको ध्वनिको साथ-साथै ठूलो पुष्प-वृष्टि हुन लाग्यो।

महात्मा विश्वामित्र अयोध्याबाट विदा हुँदाखेरि शङ्ख दुन्दुभि आदि गरिएका साइतका बाजा बज्न लागे ।।५।। अघि-अघि विश्वामित्र गइरहेका थिए, यिनको पछि महायशस्वी रामचन्द्र थिए रामको पछि बालक लक्ष्मण धनु भिरेर हिंड्न लागेका थिए ।।६।। राम र लक्ष्मणले धनु लिएका थिए र पीठमा बाण राख्ने ठोक्रो भिरेका थिए । यी दुई भाइले गर्दा दशै दिशा शोभायमान हुन लागेको थियो, महात्मा विश्वामित्रको पछि-पछि तीन टाउका भएका दोटा साँप जान लागेका जस्ता देखिए ।।७।। जसरी ब्रह्माको पछिपछि अश्वीनीकुमार हिंड्छन् त्यसै गरी वीर राम र लक्ष्मण विश्वामित्रको पछिपछि लागेका थिए, यी दुवै सौन्दर्यले युक्त भएका, अतिशय तेज भएका तथा कुनै प्रकारको खोट नभएका थिए ।।८।। हातमा धनु लिएका थिए, राम्रो राम्रो गहना लगाएका, औंलाको बचाउका लागि गोहीको छालाले मोरिएको अंगुलित्राण नाम गरेको एक प्रकारको पञ्जा लगाएका, तरवार लिएका, राम्रा, यी दुवै राम लक्ष्मण विश्वामित्रसंग जान लागे ।।९।। राम्रो शरीर भएका कुमार राम लक्ष्मण, यी दुवै भाइ शोभा र तेजले युक्त थिए, यिनमा कुनै प्रकारको दोष देखिन्नथ्यो । यिनीहरूले गर्दा विश्वामित्रको समेत शोभा बढ़िरहेको थियो ।।१०।। अचिन्तनीय प्रभाव भएका महादेवको साथमा स्कन्द र विशाख लागे झैं राम लक्ष्मण विश्वामित्रको साथमा लागेका थिए ।

अयोध्याबाट प्रस्थान गरेर दुई कोस जति टाढा गएपछि यिनीहरू सरयूको दक्षिण तीरमा पुगे ।।११।। त्यहाँ पुगेपछि विश्वामित्रले मधुरो स्वरसंग भने, हे बाबु राम ! तिमी झट्टै जाऊ र पानी ल्याइहाल, समय नबित्ताऊ ।।१२।।

बला अतिबला नाम गरेका दोटा अस्त्र विद्या सिकिहाल, यी विद्याको प्रभावले तिमीलाई न कहिले थकाइ लाग्नेछ, न कहिले ज्वरो आउनेछ, रूपमा पनि कुनै प्रकारको परिवर्तन हुन पाउनेछैन ।।१३।। सुतेको बेलामा अथवा चित्त आकुल-व्याकुल परेको बेलामा समेत राक्षसहरूले तिम्रो अपकार गर्न सक्नेछैनन्, पृथ्वीमा कसैको पनि तिम्रो जत्तिको बाहुबल हुनेछैन ।।१४।। हे राम ! बला अतिबला नामक विद्या सिकेपछि तीनै लोकमा तिमीसमानको बलियो अरू कोही देखिने छैन ।।१५।। हे निष्पाप राम ! सौभाग्यमा, चतुऱ्याइँमा, ज्ञानमा, बुद्धिसम्बन्धी विचारमा, बोल्नामा, सन्देह दूर गर्नामा तिमीबराबर अरू कोही हुनेछैन ।।१६।। यी दुई विद्या सिकेपछि तिमीसमानको कोही हुनेछैन कारण यी बला र अतिबला विद्या सब प्रकारका ज्ञानका आमा हुन् ।।१७।।

हे नरोत्तम राम ! बला अतिबला विद्या ग्रहण गरेपछि तिमीलाई भोक प्यासको कष्ट हुनेछैन ।।१८।। यी विद्याको अध्ययनले संसारमा मानिसको यश पनि फैलिन्छ किनकि तेजले युक्त भएका यी दुवै विद्या ब्रह्माका छोरी हुन् ।।१९।। हे राम ! तिमी यी विद्या ग्रहण गर्न योग्य छौ यसैले तिमीलाई सिकाउने मेरो इच्छा भइरहेको छ, यी विद्याहरू तिमीकहाँ गएपछि यिनले अनेक फल दिनेछन् ।।२०।। तपस्याको प्रभावले मैले यी विद्या पाएको हुँ, तिमीकहाँ गएपछि यिनले अनेक रूप धारण गर्नेछन् ।

मुनिका यी कुरा सुन्दा प्रसन्न भएका रामचन्द्रले आचमन गरेर शुद्ध भएर ब्रह्मज्ञानी मुनिसित यी विद्या सिके । शरत् कालमा हजारौं किरण भएका सूर्य भगवान्‌को जस्तो शोभा हुन्छ त्यस्तै

शोभा यी विद्या सिकेपछि ठूलो पराक्रम भएका रामचन्द्रको पनि भयो । यसपछि यी दुवै भाइले गुरु विश्वामित्रको पाउ दाब्ने इत्यादि काम गरी त्यस दिन राती मुनिको साथमा सुखसँग सरयूको किनारमा बास बसे ॥२१-२३॥ दशरथका छोराहरू घाँसको बिछयाउनामा सुत्न योग्य थिएनन् तापनि त्यस दिन राती यिनीहरू घाँसमै सुते । मुनिजीले राम्रा राम्रा कथा सुनाएकाले यिनीहरूलाई कुनै प्रकारको कष्ट भएन, बरु आनन्दैमा रात बित्यो ॥२४॥

सर्ग–२३

कामदेवका आश्रमको वर्णन ।

रात बितेर बिहान भएपछि महामुनि विश्वामित्रले घाँसमा सुतिराखेका राम लक्ष्मणलाई भने ॥१॥ हे राम ! तिमी जस्ता छोरा पाउनाले कौशल्या सुपुत्रवती भएकी छन् , तिमी जस्ता सुपुत्रले यस समयमा सुतिरहन मुनासीब पर्दैन । हेर, प्रातःकालको समय भइरहेको छ, तसर्थ उठ र आफूले रोज रोजै गर्नुपर्ने देवताको ध्यान गर्न थाल ॥२॥

यी ऋषिको अत्यन्त उदार वचन सुनेपछि दुवै भाइले स्नान गरे, अर्ध्य दिए र गायत्रीको जप गर्न-लागे ॥३॥ यस प्रकारसँग प्रातःकालको संध्या गरिसकेपछि यी महापराक्रमीहरूले विश्वामित्रलाई प्रणाम गरे र अनि प्रसन्नतासाथ जान भनी तय्यार भए ॥४॥ यी दुवै वीरले जाँदा जाँदा त्रिपथगामिनी गंगाको र सरयू नदीको संगम भएको पवित्र ठाउँ देखे ॥५॥ यहीं ब्रह्मज्ञानी महर्षिको पवित्र आश्रम थियो जहां कि यिनी हज्जारौं वर्षदेखि तपस्या गरेर बसेका थिए ॥६॥ यो पवित्र आश्रमलाई देख्तैमा राम, लक्ष्मण दुवै भाइ बड़ो खुशी भए र महात्मा विश्वामित्रलाई सोध्नलागे ॥७॥ यो पवित्र आश्रम कसको हो ? यहाँ को मानिसले बास गरेको छ ? हे भगवन् ! हामी यो कुरा जान्न चाहन्छौं, यस विषयमा हामीलाई ठूलो उत्कण्ठा भइरहेको छ ॥८॥

यी दुवैको कुरा सुनेपछि मुनिश्रेष्ठ विश्वामित्र हाँसेर भन्नलागे, हे राम ! यो आश्रम पहिले कसको थियो सो म भन्दछु सुन ॥९॥ जसलाई सबै कामदेव भन्दछन् ती देवता पहिले यहाँ शरीर धारण गरेर बसेका थिए, शिव यस आश्रममा चित्त सह्मालेर तपस्या गर्दथे । विवाह गरेर देवताहरूको साथमा जान लागेको वेळामा यी महादेवको चित्त मूर्ख कामदेवले बिगारिदिए । महात्मा शिवले पनि "हूँ" गरेर यिन-लाई तर्साइदिए। हे राम ! महादेवले रिसाएर यिनलाई एउटा आँखाले हेर्नासाथ यी मूर्खको शरीरका जम्मै अङ्ग नष्ट भइगए॥१०-१२॥ महातमा शिवले क्रोधको दृष्टिले यी कामदेवको जम्मै शरीर भस्म गरिदिएपछि यिनी शरीरै नभएको हुन गए ॥१३॥ हे राम ! यही वेलादेखि कामदेव "अनङ्ग" को नामले प्रख्यात भएका हुन् । जुन देशमा कामदेवले आफ्नो अङ्ग अर्थात् शरीर छोडे त्यस देशलाई अङ्ग देश भन्दछन् ॥१४॥ यो यिनै शिवजीको पवित्र आश्रम हो । यहाँ तप गरिरहेका, धर्ममा तत्पर रहने, पापको लेश मात्र पनि नभएका यी मुनिहरू उनै शिवजीका शिष्य हुन् ॥१५॥ हे राम्रो अनुहार भएका राम ! आज राती हामीहरू यिनै पवित्र नदीहरूको संगमस्थानमा रहेको शिवाश्रममा बास गरौं, भोलि नदी पार गरौंला

।।१६।। अतएव हामीहरू पवित्र भएर यस पुण्याश्रममा प्रवेश गरौं, यहाँ बास बस्न मलाई बड़ो बेश लागेको छ, यहाँ हामी सुखसँग रात काट्नेछौं ।।१७।। यति भनेर यहाँ सबैले स्नान, जप तथा अग्निमा होम गरे । आफू आफूमा सल्लाह गरिरहेका विश्वामित्रहरू आएका यहाँका ऋषिहरूले देखेका थिएनन् तापनि तपोबलको प्रभावले, ज्ञानचक्षु भएकाले यिनीहरूले यी सबै ताड़का आदि गरिएका राक्षसहरूको वध गर्नाका लागि आएका हुन् भन्ने कुरा थाहा पाए । यिनीहरूको आगमनको मर्म बुझ्नाले प्रसन्न भइरहेका यी ऋषिहरू हुनसम्म खुशी भए र विश्वामित्रजीलाई अर्घ्य, पाद्य आदि गरिएका अतिथिसत्कारको सामग्री प्रदान गरे ।।१८-१९।।

यसपछि यिनीहरूले राम लक्ष्मणको पनि अतिथिसत्कार गरे । यस प्रकारसँग अतिथिसत्कार पाइसकेपछि यिनीहरू मुनिहरूको वार्तालाप सुन्न पाएकोले बहुतै खुशी भए ।।२०।। विश्वामित्रलगायत सबै ऋषिहरू एकै ठाउँमा जम्मा भई सन्ध्योपासन गर्नलागे, उपासना सकिएपछि आश्रममा रहेका उत्तम व्रत धारण गर्ने मुनिहरूले विश्वामित्रहरूलाई आश्रमभित्र लगे ।।२१।। धर्मात्मा विश्वामित्र मुनिले सुखसँग त्यहां बास बसे र ऋषिहरूलाई नाना प्रकारका रमाइला रमाइला कथा भन्न लगाएर यिनले राजपुत्र राम लक्ष्मणलाई दङ्ग पारे ।।२२।।

सर्ग-२४

ताडकाको चरित्र वर्णन ।

भोलिपल्ट बिहान सबेरै दुवै भाइ रोज गर्नुपर्ने स्नानादि कर्म सिध्याएर विश्वामित्रलाई अघि लगाई गंगा नदीको तीरमा आए ।।१।। त्यस आश्रममा बस्ने व्रतधारण गरेका महात्मा मुनिहरूले एउटा राम्रो डुङ्गा मगाएर विश्वामित्रलाई भने ।।२।। तपाईं दुवै राजपुत्रलाई साथमा लिई डुङ्गामा चढ्नुहोस् र विलम्ब नगरी आफ्नो यात्रा गर्नुहोस्, बाटोमा तपाईंहरूलाई विघ्न बाधा पर्नेछैन ।।३।। विश्वामित्रले यी मुनिहरूको कुरा मानी यिनीहरूको पूजा गरे र दुवै राजपुत्रलाई साथमा लिई समुद्रमा मिसिने गंगा नदीलाई पार गर्न लगे ।।४।। नदीका बीचमा पुगेपछि पानीमा ठक्कर खानाले बढ़िराखेको कुनै एक प्रकारको आवाज सुनियो । राम र लक्ष्मण दुवै भाइले यो कहाँबाट आएको शब्द रहेछ भनेर निश्चितरूपले जान्न इच्छा गरे तसर्थ महातेजस्वी रामले त्यहीं नदीको बीचमा नै मुनिश्रेष्ठ विश्वामित्रलाई सोधे ।।५-६।। जल ठक्कर खानाले यो भयङ्कर आवाज निस्केको हो वा अरू कुनै कारणले ? उत्कण्ठाले भरिएको रामको प्रश्न सुनेपछि धर्मात्मा मुनि यो शब्द निस्कनाको कारण भन्नलागे :—

हे राम ! पहिले कुनै एक समयमा ब्रह्माले कैलास पर्वतमाथि मनैले एउटा अति राम्रो तलाउ बनाएका थिए। ब्रह्माको मानसिक संकल्पले बनेको हुनाले यस तलाउको नाम मानस-सरोवर हुन गएको हो । यहाँबाट निस्केको नदी अयोध्यामुनि बग्दै बग्दै अगाड़ि गएको छ। मानस-सरोबरबाट निस्केको यो निर्मल पवित्र नदी सरयूको नामले विख्यात भयो। यहाँ यो नदी गंगासँग मिसिन लागेको छ । हे राम ! दुवै नदीको जल ठक्कर खानाले यो भयानक शब्द निस्केको हो। सावधान भई यी नदीहरूलाई नमस्कार गर ।

मुनिको कुरा मानेर धर्मात्मा राम लक्ष्मणले यिनीहरूलाई प्रणाम गरे ॥७-११॥ कुरा गर्दा गर्दैमा डुङ्गा दक्षिण तीरमा पुग्यो । यहां तीनै जना डुङ्गाबाट ओर्लेर बिस्तारै बिस्तारै हिंड्न लागे । केही पर पुगेपछि इक्ष्वाकुवंशी रामचन्द्रले एउटा घनघोरको जंगल देखे र यसलाई देख्नासाथ विश्वामित्र मुनिसित सोध्न लागे:—अहो, मुनिजी ! यो वन ता बडो डरलाग्दो देखिन्छ, मानिसले ओहोरदोहोर गरेको चिह्नसम्म पनि देखिन्न, झिलिलका कीराको आवाज सुनिन लागेको छ, डरलाग्दा हिंस्रक जन्तु तथा शकुन्त नामका चरा भरिभराउ छन्, मनमा डर उत्पन्न गराउने शब्द भएका नाना प्रकारका भयानक पक्षीहरूको आवाजले यो गुञ्जायमान भइरहेको छ ॥१२–१४॥ सिंह, बाघ, सुँगूर र हात्ती यहाँ निक्कै नै छन्, धयेंरो, (धव) अश्वकर्ण, कुकुभ, बेल, तिजु, (तिन्दुक) पाटल, तथा वयरका रूखले यो वन बडो वाक्लो देखिएको छ, यो डरलाग्दो वन कसको हो ?

रामको यो कुरा सुनेपछि महातेजस्वी विश्वामित्र मुनि भन्नलागे ॥१५–१६॥ हे बाबु रामचन्द्र ! यो भयानक वन जसको हो सो म भन्दछु, सुन । हे नरोत्तम ! यहाँ पहिले देवताहरूको प्रयत्नले बनेको मलद र करूष नाम गरेका दोटा बड़ा ऐश्वर्यशाली देश थिए । हे राम ! उहिले वृत्रासुरलाई मार्नाले इन्द्रलाई पाप लाग्यो, भोक र ब्रह्महत्याले पनि यिनको शरीरमा प्रवेश गऱ्यो । देवता तथा तपस्वी ऋषिहरूले इन्द्रको मलिन भाव देखेर शुद्ध जलले स्नान गराई यिनको पाप दूर गरिदिए । देवताहरूले इन्द्रको मल (पाप) र कारूष (भोक) झिकेर याहींको जग्गालाई दिएर उनलाई पवित्र तुल्याइदिए । इन्द्र निर्मल (निष्पाप) तथा निष्करूप (भोक नभएको) भएका हुनाले पहिले जस्तै शुद्ध भए, इन्द्रको शरीरबाट मल दूर भएको देख्ता देवताहरू खूबै खुशी भए ॥१७–२१॥ आफ्नो शरीरको मल धारण गर्ने यी देशदेखि बहुतै खुशी भएर इन्द्रले यी दुवै देश बड़ा ऐश्वर्यशाली होऊन् भन्ने वर दिए । मेरो शरीरको मल र कारूष धारण गरेकाले यी देशको नाम पनि मल र कारूष होस् । बुद्धिमान् इन्द्रद्वारा यी देशको प्रतिष्ठा भएको देख्ता देवताहरूले इन्द्रको बड़ो प्रशंसा गरे र यी दोटै देश धेरै कालसम्म ऐश्वर्यशाली भएर रहेका थिए ॥२२–२४॥ मलद र कारूष देशका वासिन्दा सधैं धनधान्यले पूर्ण तथा प्रसन्न रहन्थे ।

केही कालपछि इच्छाअनुसारको रूप धारण गर्न सक्ने कुनै एक यक्षिणी यहाँ रहन लागी, यसमा हज्जार हात्तीको बल छ, यसको नाम ताडका हो । हे रामचन्द्र ! तिम्रो कल्याण होस् ; (ताडकाको नाम निस्कनासाथ मुनिको मनमा आशंका उत्पन्न हुन्छ, त्यसलाई दूर गर्नको निमित्त यिनी रामलाई आशीर्वाद दिन्छन्) यो सुन्द नाम गरेको राक्षसकी स्वास्नी हो, इन्द्रसमानको पराक्रमी मारीच राक्षस यसैको छोरो हो । यस राक्षसको हात वाटुलो, लामो छ, टाउको र मुख खूब ठूला छन्, शरीर पनि बडेमानको छ ॥२५–२७॥ हे राम यो भयंकर रूप भएको राक्षस सदा प्रजालाई दुःख दिइरहन्छ र यी दुवै देशको विनाश गरिरहन्छ ॥२८॥ ताड़का पनि यी मलद र कारूष देशको विनाश गरिरहन्छे । यहाँदेखि दुइ कोसपर बाटो छेकेर त्यो राक्षसी बसिरहेकी छ ॥२९॥ तसर्थ हामी पनि यस वनमा जहाँ ताडका वसेकी छ त्यतैतिर लागेर जाऔँ । हे राम ! आफ्नो बाहुबलले तिमी यो दुष्टा राक्षसीलाई मारिदेऊ

॥३०॥ आइमाईलाई मार्नु पाप भए तापनि मेरो आज्ञाले यो काम गरेर (गुरुको आज्ञा मान्नाले पाप लाग्दैन) यस देशको संकष्ट हटाइदेऊ । राक्षसीले गर्दा यो देश यस्तो भयानक भइराखेको छ कि यहां कोही आउनै सक्तैन ॥३१॥ विकट रूप भएकी यो राक्षसीले यस देशलाई उजाड्न लागेकी छ यसैले यो यस्तो डरलाग्दो देखिएको हो । वनसम्बन्धी सबै कुरा मैले तिमीलाई सुनाएँ, यस यक्षिणीले अझ पनि यस देशको विनाश पार्न छोड़ेकी छैन ॥३२॥

सर्ग--२५

ताड़काको कथा

अपरिमित प्रभाव भएका मुनिका यी कुरा सुनेपछि पुरुषसिंह रामचन्द्रले मीठो स्वरले यस्तो कुरा सोधे ॥१॥ हे मुनिजी ! मैले ता यक्ष जातिका आइमाई थोरै बल भएका हुन्छन् भन्ने पो सुनेको थिएँ, यस यक्षिणीमा हज्जार हात्तीको बल कताबाट आएछ ॥२॥

अतिशय पराक्रमी रामचन्द्रका यी कुरा सुनेपछि विश्वामित्र बडो प्रसन्नतासाथ मीठो बोलीले शत्रुको विनाश पार्ने यी दुवै भाइलाई भन्नलागे ॥३॥ जुन कारणले गर्दा ताडकामा यतिको बल हुनगएको हो सो म भन्दछु, सुन । वरदान पाएकीले यो यक्षिणी यत्तिकी बलिई भएकी हो, यसको यो स्वाभाविक बल होइन ॥४॥ पहिले सुकेतु नाम गरेको एउटा धर्मात्मा पराक्रमी यक्ष थियो । निस्सन्तान भएकोले यसले सन्तानका लागि बड़ो कड़ा तपस्या गर्‍यो ॥५॥ यक्षको तपस्यादेखि खुशी भएर ब्रह्माले यसलाई ताडका नाम गरेकी कन्यारत्न दिए ॥६॥ ब्रह्माले नै यस कन्यालाई हज्जार हात्तीको बल दिएका हुन् तर ब्रह्माले सुकेतुलाई छोरो ता दिएनन् ॥७॥ यो कन्या बढ़ेर तरुणी राम्री भएपछि जम्भ राक्षसको छोरो सुन्दको साथमा यसको बिहे भयो ॥८॥ केही दिनपछि यस ताडकाले अति बलियो मारीच नाम गरेको छोरो पाई, श्रापले गर्दा यो मारीच राक्षस भएको हो ॥९॥

हे राम ! अगस्त्यको हातबाट सुन्दको मृत्यु भएपछि ताडका आफ्नो छोरोलाई साथमा लिई मुनि-लाई मार्न भनी दगुरी ॥१०॥ रिसले चूर भई गर्जंदै आफूलाई खान भनी यसलाई दगुर्दै आउन लागेको देख्ता अगस्त्य मुनिले मारीचलाई तँ राक्षस भइहाल् भन्ने श्राप दिए । रिस खप्न नसकी ऋषिले ताडकालाई पनि यस्तो श्राप दिए ॥११-१२॥ हे यक्षिणी ! तँ ता मानिस खान पो खोज्दी रहिछस् , तसर्थ तँ मान्छे खाने विकट रूप भएकी महाराक्षसी भइहाल् , तेरो अनुहार बिग्रिहालोस् । यो वर्त्तमान-रूपलाई छोडेर तँ भयानक रूप धारण गर ॥१३॥

यस श्रापले गर्दा ताडकालाई हुनासम्मको रिस उठ्यो र त्यही वेलादेखि उनको यो पवित्र आश्रम बिगार्न लागेकी छ ॥१४॥ हे राम ! यो राक्षसी बडो दुष्ट स्वभावकी र देख्ता बडो डरलाग्दी छ । गाई र ब्राह्मणको कल्याणका लागि भयलाग्दो पराक्रम भएकी यसलाई मारिदेऊ ॥१५॥ हे राम ! अगस्त्यबाट श्राप पाएकी यसलाई समार्न सक्ने तीनै लोकमा तिमीसिवाय अरू कोही व्यक्ति छैन ॥१६॥ आइमाईलाई मार्नु अनुचित हो भन्ने विचार गरेर यस कामलाई घृणा नगर । तिमी ता राजाका छोरा हौ, तसर्थ

यसलाई मारेर चारै वर्णको रक्षा गर ॥१७॥ प्रजाको रक्षाका लागि असल, नअसल, दोष भएको अथवा दोष नभएको जे काम पनि राजाले गर्नुपर्दछ ॥१८॥ राज्यको पालना गर्ने काममा नियुक्त भएका मानिसका लागि परम्परादेखि चलिआएको धर्म यही हो, तसर्थ हे राम ! यो अधर्मिणी राक्षसीलाई मारिहाल, यसमा धर्मको लेशमात्र पनि छैन ॥१९॥ यस्तो सुनिएको पनि छ कि उहिले विरोचनकी छोरी मन्थरा पृथ्वीलाई नाश गर्न भनी उद्यत भएकी थिई र इन्द्रले यसलाई मारिदिएथे ॥२०॥ विष्णुले पनि भृगु ऋषिकी स्वास्नी र शुक्राचार्यकी आमालाई दैत्यहरूको कार्य साधनाका लागि इन्द्रको संहार पार्न खोजेकी देख्ता मारिदिएथे ॥२१॥ हे रामचन्द्र ! एवं प्रकार अनेक राजपुत्र तथा महात्मा पुरुषहरूले अधर्मिणी आइमाईको वध गरेका छन् । यसकारण तिमी पनि मेरो आज्ञाले घृणा त्याग गरेर यस ताडकालाई मारिदेऊ ॥२२॥

सर्ग—२६

ताड़कावध

विश्वामित्रको वीरता उत्पन्न गराउने कुरा सुनेपछि आफ्नो संकल्पमा दृढ़ रहने राजपुत्र रामचन्द्रजी हात जोडेर भन्नलागे ॥१॥ पिताजीबाट आज्ञा भएको र उहाँको वचनमा आफ्नो श्रद्धा भएकोले मैले केही विचारै नगरी तपाईंले अह्राउनुभएको काम गर्नुपर्दछ ॥२॥ अयोध्याबाट प्रस्थान गर्ने समयमा गुरुहरूको बीचमा पिताजीले विश्वामित्रले भनेको कुराको कहिले पनि तिरस्कार नगर्नु भन्ने मलाई उपदेश दिनुभएको छ ॥३॥ पिताजीको यस्तो आज्ञा पाएर म आएको हुँ तसर्थ तपाईं जस्ता ब्रह्मवादी महात्माबाट उपदेश भएकोले म अवश्यै ताडकाको वध गरिदिन्छु, यो काम असल नभएको भए तपाईं किन गर्ने आज्ञा दिनुहुन्थ्यो ॥४॥ गाई, ब्राह्मण, देशको भलोको लागि तथा महातेजस्वी तपाईंको आज्ञा पालनको लागि म तय्यार छु ॥५॥

यति भनेर शत्रुको संहार पार्ने रामचन्द्रले धनुको माझमा मुट्ठी बाँधे अर्थात् धनु समातेर ताँदोमा टंकार दिए र दशै दिशा प्रतिध्वनित गराइदिए ॥६॥ यो शब्द सुन्दा ताडकाको वनमा रहने सबै प्राणी डरले थर्कायमान भए र ताड़कासमेत रिसले चूर भई आकुल-व्याकुल परी ॥७॥ यो शब्द सुन्दा राक्षसी-लाई हुनासम्मको रिस उठ्यो र जताबाट यो आवाज आएथ्यो त्यतैतिर लक्ष्य गरेर दगुर्न लागी ॥८॥

रामले रिसले भुटभुटिइराखेकी राक्षसीलाई देखे; यसको अनुहार डरलाग्दो थियो मुख ता झन् बढ़ता डरलाग्दो थियो, शरीर मानिसको भन्दा धेरै नै ठूलो थियो, यसलाई देखेपछि राम लक्ष्मणलाई भन्नलागे ॥९॥

हे लक्ष्मण ! यस यक्षिणीको डरलाग्दो जीउ ता हेर, कातरहरूको मन ता यसलाई देख्तैमा काम्न थाल्नेछ ॥१०॥ छल-कपट जान्ने र बलिईसमेत हुनाले यसलाई जित्न गाह्रो छ, तसर्थ नाक कान काटेर यसलाई भगाइदिन्छु ॥११॥ यो स्त्रीजातिकी हुनाले सहसा यसको वध गर्ने मेरो इच्छा छैन, आइमाईको रक्षा गर्नु हाम्रो कर्त्तव्यै हो, तसर्थ अर्कालाई दुःख दिने र आकाशलगायत जतातते उड्ने यसको शक्ति

नष्ट गरिदिने मेरो विचार छ, यसो गर्नाले मुनिको आज्ञा पालन पनि हुन्छ र धर्मशास्त्रको वचनको तिरस्कारसमेत हुन पाउनेछैन ॥१२॥

रामले यस्तो कुरा गर्दा गर्दैमा ताडका रिसले मुर्मुरिँदै दुवै हात उजाएर गर्जना गर्दै रामतिर दगुर्दै आई ॥१३॥ विश्वामित्रले "हूँ" गरेर यसलाई हप्काए र राम लक्ष्मणको कल्याण होस् यिनीहरू-को जय होस् भन्ने आशीर्वाद दिए ॥१४॥

ताडकाले आकाशमा धूलो उड़ाएर बादलै उठे जस्तो गरिदिई, धूलोबाट यसरी बादल बनेको देख्ता राम लक्ष्मण एकै छिन ता छक्कै परे ॥१५॥ यसपछि मायाबलको प्रभावले राम लक्ष्मणमाथि जथा-भावीसँग ढुङ्गा वर्साउन लागी र यसो गरेको देख्ता रामलाई रिस उठ्यो र यिनले आफ्ना बाणको वृष्टिद्वारा ताडकाको पत्थरको डरलाग्दो वृष्टिलाई रोकिदिए र आफूतिर दगुर्दै आउन लागेकी ताडकाका दुवै हात बाणैले काटिदिए ॥३६-१७॥ हात काटिएकी र थाकेकी भए तापनि यो राक्षसी गर्जना गर्दै झन् नजीक आउनलागी; यही वेलामा लक्ष्मणले रिसाएर यसको नाक कान काटिदिए ॥१८॥ इच्छा-अनुसारको रूप लिन सक्ने यो राक्षसी किसिम किसिमका रूप लिंदै लुक्न लागी र मायाको प्रभावले रामको होशै उडाइदिई अर्थात् अब के गर्नुपर्ने हो सो कुराको रामले विचारै गर्न सकेनन् ॥१९॥ फेरि पनि ढुङ्गाको जताततै डरलाग्दो वृष्टि गर्दै जहाँतहीं घुम्न लागी र राम लक्ष्मणमाथि ढुङ्गाको प्रहार गर्नथाली ॥२०॥ ढुङ्गा वर्षन लागेको देख्ता श्रीमान् विश्वामित्रजीले भनेः—हे राम ! यसका उपर दया गर्नु व्यर्थ हो, कारण यो पापिनी र दुष्ट स्वभावकी छ, यो यक्षिणी यज्ञमा विघ्न पार्दछे, हात नाक कान काटिएकोले अहिले निर्धो भएकी छ तापनि मायाबलले आफ्नो कमजोरीलाई दूर गरेर फेरि पनि यसले उपद्रव गर्नेछ, तसर्थ साँझ पर्नको अगाडि नै मारिदेऊ ॥२१-२२॥ किन कि राक्षसहरू साँझको वेलामा अत्यन्त बलिया हुन्छन् ।

मुनिको यो कुरा सुन्नासाथ रामचन्द्रले ढुङ्गा वर्साइरहेकी ताड़कालाई शब्दवेधी बाणद्वारा रोकि-दिए । रामको बाणरूपी जालले वेह्रिएकी मायाको बलले युक्त भएकी ताड़का डरलाग्दोसँग गर्जना गर्दै राम लक्ष्मणमाथि जाइलागी । बिजुली झैं बड़ो वेगसँग यसलाई आफूतिर आउन लागेको देख्ना-साथ रामचन्द्रले उसको छातीमा यस्तोसँग बाण हाने कि त्यो लाग्नासाथ मरेर भूईंमा लडिहाली ।

भयानक रूप भएकी यस राक्षसीलाई मरेको देख्ता इन्द्रलगायत सबै देवताहरू "वाह वाह" भनेर रामचन्द्रको प्रशंसा गर्न लागे र यसपछि अति हर्ष मानेका इन्द्र र आनन्द मनाइरहेका सबै देवताहरू विश्वामित्रलाई भन्नलागे, "हे कौशिक ! इन्द्र आदि गरिएका हामी सबै देवताहरू तपाईंको यो काम देख्नाले बड़ो खुशी छौं ॥२३-२८॥ अब तपाईंले राममाथि स्नेह देखाउनुपर्दछ, अर्थात् यस्तो ठूलो काम गरेवापत यिनलाई पारितोषिक दिनुपर्दछ । प्रजापति कृशाश्वका अस्त्ररूपी छोराहरू सत्यपराक्रमी तथा तपोबलले युक्त छन्। हे ब्रह्मन् ! यी सबै अस्त्र रामचन्द्रलाई दिनुहोस् कारण यिनी नै यिनीहरूलाई ग्रहण गर्न योग्य छन् र सदा तपाईंको सेवा शुश्रूषामा लागिरहन्छन् ॥२९-३०॥ यी राजकुमारबाट देवताहरूका ठूला ठूला काम हुन बाँकी नै छ ।

यति भनेर देवताहरू प्रसन्नतासाथ विश्वामित्रको स्तुति गर्दै देवलोकतिर लागे र सांझ पनि परिहाल्यो । ताडकाको वध भएकोमा खुशी भइराखेका मुनिले रामचन्द्रको माथ सुंघी भनेः—हे राम्रो अनुहार भएका राम ! आज राती हामी यहीं बसौं ॥३१-३३॥

भोलि बिहान आफ्नो आश्रममा जाउंला । विश्वामित्रको कुरा सुन्दा रामचन्द्र बहुतै खुशी भए र सुखपूर्वक त्यो रात ताडकाको वनमा बिताए ।

ताडका मर्नाले श्रापबाट मुक्त भएको यो वन त्यै दिनदेखि चैत्ररथ नाम भएको कुवेरको बगैंचा जत्तिकै रमाइलो देखिन लाग्यो ॥३४-३५॥ यस प्रकारसंग यक्षकी कन्या ताडकाको संहार गर्ने रामचन्द्रको देवता सिद्ध आदि गरिएकाहरूले प्रशंसा गरे । यी दुवै राजकुमार मुनिसहित राती यहीं वास बसे र भोलिपल्ट बिहान विश्वामित्रले दाजुभाइलाई उठाए ॥३६॥

सर्ग–२७

विश्वामित्र रामचन्द्रलाई जम्मै अस्त्र दिन्छन्

महायशस्वी विश्वामित्र मुनि त्यो रात त्यहीं बास बसेर भोलिपल्ट बिहान हँसिलो मुख लगाएर मीठो स्वरसँग रामचन्द्रलाई भन्नलागे ॥१॥ हे महायशस्वी राजपुत्र ! म तिमीदेखि बहुतै खुशी छु । तिम्रो कल्याण होस्, अब म बड़ो प्रेमसाथ तिमीलाई आफ्ना जम्मै अस्त्र दिन्छु ॥२॥ देवता असुर, गन्धर्व नाग, युद्धमा तिमीसंग लड्न आएभने यी अस्त्रको प्रभावले तिमीले यिनलाई बलपूर्वक आफ्नो वशमा ल्याई जित्नेछौ ॥३॥ यी सबै दिव्य अस्त्र म तिमीलाई दिनलागेको छु, हे राम ! म तिमीलाई अत्यन्त अलौकिक दण्डचक्र पनि दिनेछु ॥४॥ हे वीर ! धर्मचक्र, कालचक्र, विष्णुचक्र र अत्यन्त डरलाग्दो ऐन्द्रचक्र (इन्द्रको चक्र) दिनलागेको छु ॥५॥ हे नरश्रेष्ठ राम ! वज्रअस्त्र, शिवजीको शूलवत नाम गरेको अस्त्र, ब्रह्मशिर तथा ऐषिक (एक किसिमको बाण) पनि दिन्छु ॥६॥ हे महाबाहो ! सर्वश्रेष्ठ ब्रह्मास्त्र पनि म तिमीलाई दिन्छु, मोदकी, शिखरी नाम गरेका दोटा चहकिला गदा पनि दिन्छु ॥७॥ हे नरश्रेष्ठ राम ! कालपाश र धर्मपाश नाम गरेका अतिशय उज्याला अस्त्र पनि दिन्छु ॥८॥ हे रघुनन्दन ! वरुणको पाश-अस्त्र, शुष्क र आर्द्र (भिजेको) यी दोटा वज्र दिन्छु ॥९॥ शिव र नारायणको अस्त्र र शिखर नाम गरेको अग्निको प्यारो अस्त्र पनि तिमीलाई दिन्छु ॥१०॥ हे पाप नभएका राम ! वायव्य नाम भएको मुख्य अस्त्र, हयशिर तथा क्रौञ्चनामक अस्त्र पनि दिनलागेको छु ॥११॥ हे रामचन्द्र ! म तिमीलाई दोटा शक्ति पनि दिन्छु, कङ्काल नाम गरेको डरलाग्दो मुशल, कापाल किङ्किणी, यी सबै अस्त्र राक्षसहरूको वध गर्नाका लागि तिमीलाई दिनलागेको छु, विद्याधरहरूको नन्दन नाम गरेको महास्त्र पनि दिन्छु ॥१२-१३॥ हे राजपुत्र ! यो उत्तम तरवार र गन्धर्वहरूको प्यारो मोहननामक अस्त्र दिनेछु ॥१४॥ हे राघव ! प्रस्वापन र प्रशमन नामक दोटा मुलायम अस्त्र दिन्छु । वर्षण, शोषण, सन्तापन र विलापन अस्त्र पनि दिनेछु ॥१५॥ कसैले प्रहार रोकन नसक्ने कामदेवको मादन नाम गरेको अस्त्र र गन्धर्वहरूलाई मनपर्ने मानवनामक अस्त्र पनि दिन्छु ॥१६॥ हे महायशस्वी नरश्रेष्ठ राजपुत्र ! पिशाचहरूलाई मनपर्ने मोहन

नाम भएको अस्त्र लेऊ ।।१७।। हे राजपुत्र ! तामस, महाबली सौमन, संवर्त्त र कसैले रोक्न नसक्ने मौसल नाम गरेको अस्त्र पनि दिनेछु ।।१८।। हे महाबाहो ! सत्य र मायामय अस्त्र र अर्काको तेज झिक्न सक्ने तेजप्रभ नाम गरेको सूर्यको अस्त्र दिन्छु ।।१९।। चन्द्रमाको शिशिर नाम भएको अस्त्र, विश्वकर्माले बनाएको त्वाष्ट्र भगदेवताको डरलाग्दो शीतेषु र मानव अस्त्र, यी कामरूपी सबै अभिलाषा पूरा गर्ने र महाबली अस्त्रलाई हे महाबाहो ! राजपुत्र ! झट्टै लिइहाल ।।२०-२१।।

यति भनेर मुनिश्रेष्ठ विश्वामित्र पूर्वतिर फर्केर बसे र प्रसन्नचित्तले रामचन्द्रलाई सबै अस्त्रको मन्त्र सिकाइदिए ।।२२।। देवताहरूलाई समेत संग्रह गर्न गाह्रो पर्ने यी सबै अस्त्र विश्वामित्र मुनिले रामचन्द्रलाई दिए ।।२३।। बुद्धिमान् विश्वामित्रले अस्त्रको जप गर्नासाथ यी सबै अस्त्र रामचन्द्रकहाँ आए अर्थात् यिनले सबै अस्त्रको प्रयोग थाहा पाए ।।२४।। सब अस्त्रले प्रसन्नतासाथ हात जोरेर रामचन्द्रलाई भन्नलागे, हे राम ! तपाईंको कल्याण होस्, हामी सबै तपाईंका आज्ञाकारी सेवक हौं, तपाईंले जे आज्ञा गरे तापनि हामी गर्न तय्यार छौं ।

बलिया अस्त्रहरूको यस्तो कुरा सुन्दा रामचन्द्र बहुतै खुशी भए ।।२५-२६।। रामचन्द्रले यी सबै अस्त्रलाई हातले छोएर भने, तिमीहरूले सधैं मेरो मनमा बस्नू अर्थात् मैले इच्छा गर्नासाथ मकहाँ आएर मेरो काम गरिदिनू ।।२७।। यसपछि महातेजस्वी लोकप्रिय रामचन्द्र विश्वामित्र मुनिलाई प्रणाम गरी बाटो लाग्ने तर्खर गर्नलागे ।।२८।।

सर्ग–२८

विश्वामित्र रामचन्द्रलाई अस्त्रहरूको संहार सिकाउँछन्

रामचन्द्रजी पवित्र भावले यी अस्त्रहरूलाई ग्रहण गरी बडो प्रसन्न भएर हिंड्दा हिंड्दै विश्वामित्रलाई भन्नलागे ।।१।। हे भगवन् ! मैले अस्त्रविद्या सिकें, अब ता मलाई जित्न देवताहरूलाई समेत गाह्रो पर्नेछ, हे मुनिजी ! अब म अस्त्रहरूको संहार पनि सिक्न चाहन्छु ।।२।।

रामचन्द्रले यसो भनेको सुनेपछि महातपस्वी, धैर्यशाली, दृढ़व्रत, पवित्र विश्वामित्र उनलाई संहार-को विधि बताउन लागे ।।३।। सत्यवान्, सत्यकीर्ति, धृष्ट, रभस, प्रतिहारतर, पराङ्मुख, अवाङ्मुख, लक्ष्य, अलक्ष्य, दृढ़नाभ, सुनाभ, दशाक्ष, शतवक्र, दशशीर्ष, शतोदर, पद्मनाभ, महानाभ दुन्दुनाभ, स्वनाभ, ज्यौतिष, शकुन, विमल, नैराश्य, दैत्यप्रमाथी, यौगन्धर, विनिद्र, शुचिबाहु, महाबाहु, निष्कुली, विरुचि, सार्चिमाली, धृतिमाली, वृत्तिमान्, रूचिर, पित्र्य, सौमनस, विधूत, मकर, परवीर, रति, धन, धान्य, कामरूप, कामरुचि, मोह, आवरण, जृम्भक, सर्वनाभ, पन्था, वरुण, हे रामचन्द्र ! यी सबै कृशाश्व महर्षिका छोरा हुन् । यिनीहरू अतिशय तेज भएका र इच्छा अनुसारको रूप धारण गर्दछन्, यिनीहरूको मन्त्र मबाट सिकिहाल, किनकि यिनलाई ग्रहण गर्न तिमी योग्य पात्र छौ, ईश्वरले तिम्रो कल्याण गरुन् ।।४-१०।।

रामचन्द्रले प्रसन्नचित्तले विश्वामित्रको आज्ञा स्वीकार गरे, यी अस्त्रहरूको मूर्ति असाधारण तेजिलो

र सुखदायी थियो ।।११।। यी अस्त्रहरूमा कुनै अंगार जस्ता थिए, कुनै धूवाँसमानका, र कुनै सूर्य चन्द्रजस्ता थिए, यी सबै विनयपूर्वक हात जोड़ेर उभिएका थिए ।।११।। यी सबै अस्त्रहरू हात जोरेर मधुरो स्वरमा रामचन्द्रलाई विन्ति गर्नलागे, हे नरश्रेष्ठ ! हामी सबै हाजिर भएका छौं, आज्ञा होस् हामीले तपाईंका लागि के गर्नुपर्ने हो ? ।।१३।। रामचन्द्रले यी अस्त्रहरूलाई भने, अहिले आफ्नो इच्छा भएका ठाउँमा जाऊ तर मेरो मनमा सदा वास गर्नु र काम परेको मौकामा मेरो सहायता गर्नू ।।१४।। यसपछि यिनीहरूले रामचन्द्रसंग बिदावारी भई यिनको प्रदक्षिणा गरे र तपाईंको आज्ञा हामीले शिरोपर गर्‍यौं भनेर आफ्नो आफ्नो ठाउँमा गए ।।१५।।

यस प्रकारसंग रामचन्द्रले अस्त्रप्रयोग तथा यिनको संहारविधि सिकेर हिंड्दा हिंड्दै बाटोमा मीठो र मधुरो बोलीले विश्वामित्रलाई भन्नलागे ।।१६।। हे मुनिजी ! पर्वतको नजीक बादल जस्तो कालो र बाक्लो यो के देखिएको हो ? के यिनीहरू रूख हुन् ? मलाई यो कुरा जान्नाको इच्छा भइराखेको छ ।।१७।। यो ठाउँ रमणीय लाग्दछ किन कि यहाँ जीव-जन्तु यथेष्ट छन्, नाना प्रकारका चराहरू मीठो स्वरले बोलिरहेका छन्, यसैले यहाँ रमाइलो भएको हो ।।१८।। हे ब्रह्मन् ! हामीले भयंकर बन अर्थात् ताडकावन पार गरिसकेछौं, यस देशलाई सुखी देख्ता मैले यो अड्कल गरेको हुँ ।।१९।। हे भगवन् ! यो कसको आश्रम हो ? ब्राह्मणको हत्या गर्ने दुष्ट पापी राक्षस कहाँ जन्मा भएका छन् ? तपाईंको यज्ञमा विघ्न पार्ने राक्षसहरू कहाँ बसेका छन् ? तपाईंको यज्ञ गरेको ठाउ कहाँ छ ? तपाईंको यज्ञको रक्षा गर्नाका लागि मैले कुन ठाउँमा यी राक्षसहरूलाई मार्ने हो ? यी सब कुरा जान्न मलाई इच्छा भइरहेको छ कृपा गरी भन्नुहोस् ।।२०–२२।।

सर्ग--२९

सिद्धाश्रमको कथा

अतिशय तेज भएका रामचन्द्रले यसरी सोधेको सुन्दा महातेजस्वी विश्वामित्र भन्नलागे ।।१।। हे महाबाहो, राम ! देवताहरूले पूजा गर्ने योग्य महातपस्वी विष्णु, धेरै धेरै वर्षसम्म, सयकड़ौं युगसम्म, तपस्या गर्नको निमित्त यहाँ बसेका थिए । हे राम, यो महात्मा वामनको पहिलेको आश्रम हो ।।२–३।। यो सिद्धाश्रमको नामले प्रख्यात छ, महातपस्वी विष्णु यहीं सिद्ध भएका हुन्, यिनै ताक विरोचनको छोरो बलि नाम गरेको त्यराजले आफ्नो बल पराक्रमद्वारा इन्द्रादि देवताहरूलाई, मरुतहरूलाई जितेर आफ्नो राज्यलाई तीनै लोकमा प्रसिद्ध गराइराखेको थियो ।।४–५।। कुनै एक समयमा असुरहरूको राजा यस बलिले एउटा ठूलो यज्ञ गर्नलाग्यो, बलिले यज्ञ गर्नलागेको देख्ता, देवताहरू अग्निलाई अगुवा बनाएर यस आश्रममा आएर विष्णुलाई भन्नलागे ।।६।। हे विष्णो ! विरोचनको छोरो बलिले एउटा ठूलो यज्ञ गर्न लागेको छ, यसले यो यज्ञ नसिध्याउँदैमा तपाईंले हाम्रो काम गरिदिनुपर्दछ ।।७।। राजा बलि, आफ्नो यज्ञमा याचक भएर आउने जसले जति माग्दछ त्यसलाई उसले मागे जति दिन्छ ।।८।। तसर्थ हे विष्णो ! देवताहरूको कार्य सिद्धिका लागि मायाद्वारा वामन-रूप धारण गर्नुहोस्, यसबाट देवताहरूको ठूलो कल्याण हुनेछ ।।९।।

यही मौकामा अग्निसमानका तेजस्वी कश्यप मुनि आफ्नी पत्नी अदितिलाई साथमा लिई आए ॥१०॥ यी महर्षि आफ्नी धर्मपत्नीको साथमा दिव्य हज्जारौं वर्षको व्रत सिध्याएर वर दिने सामर्थ्य भएका मधुसूदनको स्तुति गर्दै भन्नलागे ॥११॥ हे प्रभो ! आफ्नो कठिन तपस्याको प्रभावले तपोमय तपोराशि तपोमूर्ति तपस्वरूप तपाईंको मैले साक्षात् दर्शन पाएँ ॥१२॥ हे प्रभो ! तपाईंको शरीरमा समस्त संसारलाई म प्रत्यक्षै देख्न लागिरहेको छु, तपाईं अनादि र अनिर्देश्य (जसको विषयमा निश्चित रूपले केही भन्न सकिन्न) हुनुहुन्छ अतएव तपाईंको शरणमा आएको हुँ ॥१३॥

यति सुनेपछि भगवान् विष्णुले प्रसन्नतापूर्वक पापरहित कश्यपजीलाई भनेः—“हे मुने ! वर माग्नुहोस्, तपाईं मबाट वर पाउने योग्य पात्र हुनुहुन्छ, तपाईंको कल्याण होस् ॥१४॥

भगवान् विष्णुको यस्तो कुरा सुनेपछि मरीचिका छोरा कश्यप मुनिले भने “अदिति देवीमा पुत्र-रूपले प्रकट हुनलाई मेरो तथा देवताहरूको तपाईंसित प्रार्थना छ, । हे सुव्रत ! प्रसन्नतासाथ यही वर दिनुहोस् अर्थात् पुत्ररूपले अदितिको गर्भबाट अवतार लिनुहोस् ॥१५–१६॥ हे शत्रुसुदन ! इन्द्रको सानो भाइ बन्नुहोस् र दुःखमा परेका देवताहरूको सहायता गर्नुहोस् ॥१७॥ तपाईंको अनुग्रहले यो ठाउँ सिद्धाश्रमको नामले प्रख्यात हुनेछ, अब यहाँबाट उठ्नुहोस् ॥१८॥

यसपछि महातेजस्वी विष्णुले अदितिको गर्भबाट वामन अवतार लिएर यही वामन-रूपमा बलिको यज्ञमा गए ॥१९॥ सबै लोकको हित गर्नामा तत्पर भएका, सब लोकलाई देवताको अधिकारमा ल्याउन खोज्ने भगवान्ले राजा बलिसित तीन पाइला जग्गा मागे र तीन पाइला नाप्ता तीनै लोक ढाकिदिए ॥२०॥ आफ्नो तेजद्वारा बलिलाई परास्त गरी यिनले यसको राज्य इन्द्रलाई दिए, यस प्रकार-संग तीनै लोक इन्द्रको अधिकारमा भइहाल्यो ॥२१॥ पूर्वकालमा वामनले यही शान्तिदायी आश्रममा वास गरेका थिए र म पनि उनीमाथिको भक्तिले गर्दा यहीं बसेको छु ॥२२॥ यस आश्रममा यज्ञ-विरोधी राक्षस आउँदछन्, यहीं बसेर तिमीले ती दुष्टहरूलाई मार्नुपर्दछ ॥२३॥ हे राम ! आजै हामी सिद्धा-श्रममा प्रवेश गरौं, यस आश्रममा जत्तिको मेरो अधिकार छ त्यत्तिकै तिम्रो पनि छ ॥२४॥

यति भनेर मनमा अति प्रसन्न भइराखेका महामुनि विश्वामित्र राम र लक्ष्मणलाई लिएर आश्रम-भित्र गए । शरत्कालमा बादलले नढाकेको पुनर्वसुनक्षत्रले युक्त भएको चन्द्रमाको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले विश्वामित्रको भइरहेको थियो ॥२५॥

विश्वामित्रलाई देख्नासाथ सिद्धाश्रममा बसेका मुनिहरू हतपतसँग आउँदै उनको पूजा गर्नलागे ॥२६॥ बुद्धिमान् विश्वामित्रको पूजा गरिसकेपछि यिनीहरूले उचित रीतिसँग रामलक्ष्मणको अतिथि-सत्कार पनि गरे ॥२७॥ केही बेर आराम गरेर शत्रुको संहार गर्ने राम र लक्ष्मण हात जोरेर मुनिश्रेष्ठ विश्वामित्रलाई भन्नलागे ॥२८॥

हे मुनिजी ! आजै तपाईं यज्ञमा दीक्षित हुनुहोस्, तपाईंको कल्याण होस् । यो सिद्धाश्रम हो, यहां सबै काम सिद्ध हुन्छ भन्ने तपाईंको वचन सत्य होस् ॥२९॥ रामचन्द्रको यो कुरा सुन्नासाथ

महातेजस्वी, जितेन्द्रिय, नियम पालन गर्नामा तत्पर रहने विश्वामित्रले उनिखेरै यज्ञको दीक्षा लिएर यज्ञ गर्नथालिहाले ॥३०॥ स्कन्द र विशाख समानका यी दुवै राजकुमारले बडो सावधान भई रात बिताए र बिहान सबेरै उठी सन्ध्योपासन गरे ॥३१॥ नियमपूर्वक परमपवित्र गायत्रीको जप समाप्त गरी यिनीहरूले अग्निहोत्र सिध्याएर बसेका विश्वामित्रलाई प्रणाम गरे ॥३२॥

सर्ग–३०

मारीचसंग रामचन्द्रको युद्ध

यसपछि देशकालको ज्ञान भएका शत्रुहरूको संहार पार्ने, ठाउँ मौका हेरी बोल्न जान्ने यी दुवै राजकुमारले विश्वामित्रलाई भने ॥१॥ हे भगवन् ! हामी ती सुबाहु र मारीच राक्षस कुन वेला यहाँ आउँछन् सो जान्न चाहन्छौं, यसनिम्ति कि मौकैमा यज्ञको रक्षा गर्न सकौं, कहीं यस्तो नहोस् ती राक्षस हरूले यज्ञमा विघ्न पारेर जाऊन् र हामीलाई पत्तै नहोस् ॥२॥

यस प्रकारसंग यी राजकुमारहरूले बोलेको सुन्दा र यिनलाई युद्धको निम्ति तय्यार भएको देख्ता आश्रममा बस्ने मुनिहरू बडो खुशी भई यिनको प्रशंसा गर्नलागे ॥३॥ मुनिहरूले भने, आजको दिन-समेत तपाईंहरूले छ दिनसम्म यज्ञको रक्षा गर्नुपर्दछ, यज्ञको निम्ति दीक्षा लिएकोले यी विश्वामित्र छ दिनसम्म बोल्नेछैनन् ॥४॥

मुनिहरूको कुरा सुनेपछि यी यशस्वी राजपुत्रहरूले ६ दिन अहोरात्र सुत्तै नसुतेर त्यस तपोवनको रक्षा गरे ॥५॥ यी दुवै वीर धनु भिरेर मुनिनेर बसिरहे र शत्रुसंहारी यी विश्वामित्रको रक्षा गरे ॥६॥ केही कालपछि छैटौं दिन लागेपछि रामचन्द्रले लक्ष्मणलाई सावधान भई तय्यार रहन भने ॥७॥

रामचन्द्रले लक्ष्मणलाई युद्धको निम्ति तय्यार भई बस्नु भनेर अह्राउँदैमा यज्ञवेदीमा आगो प्रज्वलित भयो र यो देख्नासाथ उपाध्याय पुरोहितहरू हड़बडाउन लागे ॥८॥ कुश, काश, स्रुवा, समिधा, फूल आदि गरिएका यज्ञका सामग्री विश्वामित्र तथा ऋत्विजहरूको साथसाथै वेदी प्रज्वलित भएको देखियो ॥९॥ शास्त्रीय विधानको अनुसार मन्त्रद्वारा यज्ञ भइरहेको थियो, यो मौकामा आकाशमा ठूलो भयानक शब्द भएको मालूम भयो ॥१०॥ वर्षाकालमा जसरी मेघ आकाशलाई ढाकेर वृष्टि-पात तथा वज्रपात गर्दछ त्यसै गरी नाना प्रकारको मायाजाल देखाउँदै राक्षसहरू दगुर्दै आए ॥११॥ मारीच सुबाहु र यिनका अनुयायीहरू भयङ्कर रूप लिएर उपस्थित भई त्यहाँ यज्ञस्थलमा रगतको वर्षा गर्नलागे ॥१२॥

रगतको धाराले यज्ञको वेदी भिजेको देख्नासाथ रामचन्द्र हतपतसंग यज्ञको चारैतिर दगुर्नलागे र यी राक्षसहरूलाई आकाशमा देखे ॥१३॥ कमल जस्ता आँखा भएका रामचन्द्रले यिनीहरूलाई बडो वेगसंग दगुर्दै आउन लागेको देख्ता लक्ष्मणतिर फर्केर भन्नलागे ॥१४॥ हे लक्ष्मण ! मासु खाने यी पापी राक्षसहरूलाई हेर । जसरी हावाले बादललाई उडाइदिन्छ त्यसै गरी म पनि निस्संदेह यिनीहरूलाई मानवास्त्रले उडाइदिन्छु, यिनीहरूको ज्यानै लिने ता मेरो इच्छा छैन ।

यति भनेर रामले झटपट धनुमा बाण चढ़ाए ।।१५–१६।। मनमा चिताएको कुरा पूरा गर्ने, अतिशय चहकिलो मानव नाम गरेको अस्त्र रामचन्द्रले क्रुद्ध भई मारीचको छातीमा हाने ।।१७।। यो मानवास्त्र लाग्नासाथ मारीच घाइते भएर सय योजन टाढा समुद्रको बीचमा खस्यो ।।१८।। शीतेषु नामक अस्त्रको प्रहार गर्नासाथ मारीच बेहोश भएर छट्पटाउन लाग्यो, मारीचलाई त्यहाँबाट गायब भएको देख्ता रामचन्द्र लक्ष्मणलाई भन्नलागे ।।१९।। हेर, मनुद्वारा बनेको यो शीतेषु अस्त्रले यसलाई बेहोश पारेर लैजानलागेको छ तर यसको प्राण ता जानेछैन ।।२०।। म यी दुष्ट, निष्ठुरी राक्षसहरूलाई पनि मारिदिन्छु यिनीहरू सधैं पाप गर्दछन्, यज्ञमा विघ्न पार्दछन् र रगत पिउँदछन् ।।२१।। यति भनेर बाण चलाउनामा आफ्नो हातको सफाइ देखाउँदै रामचन्द्रले रिसको झोकमा बड़ेमानको आग्नेयास्त्र सुबाहुको छातीमा हिर्काए । अस्त्र लाग्नासाथ घाइते भएर यो भूइँमा लड्यो, अरू बाँकी राक्षसलाई यी महायशस्वीले वायव्यास्त्र चलाएर मारिदिए । यस्तो काम गरेर बडो उदारचित्त भएका रामले मुनिहरूलाई खुशी गराए ।।२२-२३।। यज्ञमा विघ्न पार्ने सबै राक्षसहरूलाई रामचन्द्रले मारिदिए । जसरी असुरहरूलाई मारेपछि इन्द्रको उहिले पूजा भएथ्यो त्यसै गरी ऋषिहरूले पनि अहिले यिनको पूजा गरे ।।२४।।

यज्ञ समाप्त भएपछि त्यस प्रदेशमा कुनै प्रकारको उपद्रव हुने संभावना नदेखेकोले विश्वामित्र रामचन्द्रलाई भन्नलागे ।।२५।। हे महाबाहो ! म आज कृतार्थ भएँ । तिमीले गुरुको आज्ञाको पालन गर्‍यौ, तिम्रो प्रभावले गर्दा यो आश्रम साँच्ची नै सिद्धाश्रम हुन गयो । रामचन्द्रको यस प्रकारसँग प्रशंसा गरेर मुनि ती दुवै भाइलाई लिएर संध्या गर्न गए ।।२६।।

सर्ग—३१

विश्वामित्र सित रामचन्द्र मिथिलापुरी जान्छन् ।

मुनिको यज्ञको रक्षा गरिसकेपछि राम र लक्ष्मण यी दुवै वीर मनमा प्रसन्न भई त्यो रात तहीं वास बसे ।।१।। रात बितेर बिहान भएपछि स्नान सन्ध्या आदि आफूले गर्नुपर्ने काम सिध्याई यी दुवै अरू अरू ऋषिहरूको साथमा बसिराखेका विश्वामित्रकहाँ गए ।।२।। आगोसमानको बल्दो तेज भएका मुनिश्रेष्ठ विश्वामित्रलाई प्रणाम गरी, मीठो बोली बोल्ने दुवै भाइ उनलाई भन्नलागे ।।३।।

हे भगवन् ! हामी दुवै सेवक तपाईंको सेवाका लागि हाजिर भइराखेका छौं, अब हामीले के गर्नुपर्ने हो सो कुराको आज्ञा दिनुहोस् ।।४।। यी दुवैले यसो भनेको सुन्दा आश्रमका सबै महर्षिहरूले विश्वामित्र-द्वारा रामलाई भन्नलगाए ।।५।।

हे नरश्रेष्ठ ! मिथिलाका राजा जनक बडो धार्मिक यज्ञ गर्नलागेका छन् , हामीहरू पनि त्यहीं जाऊँ ।।६।। हे रामचन्द्रजी ! तिमीहरू पनि हाम्रो साथमा त्यहाँ गई राजा जनकको अपूर्व धनुको दर्शन गर ।।७।। देवताहरूले कुनै एक यज्ञमा यो धनु जनकका कुनै एक पुरुखालाई दिएका हुन्, यो धनु अतिशय ठूलो चहकिलो र अप्रमेय बल भएको छ ।।८।। यस धनुमा देवता, गन्धर्व, असुर, राक्षस यी कसैले

ताँदो चढ़ाउन सक्तैनन् , मानिसको ता कुरै छैन ॥९॥

त्यस धनुको बलको पत्ता लगाउन खोज्न अनेक राजा र महाबली राजपुत्रहरू जम्मा भएका थिए तर कसैले पनि त्यसमा ताँदो चढ़ाउन सकेन ॥१०॥ हे रामचन्द्र ! यो धनु मिथिलाका राजा महात्मा जनकको हो, तिमी यो उत्तम धनु र त्यहाँको विलक्षण यज्ञ पनि देख्नेछौ ॥११॥ यस उत्तम धनुलाई मिथिलाका राजाले यज्ञसमाप्तिको समयमा यज्ञको फल जस्तै गरी मागेका थिए र शिवप्रभृति सबै देवताहरूले प्रसन्न भई यो धनु उनलाई दिए ॥१२॥ हे रामचन्द्र ! यही वेलादेखि राजा जनकको घरमा राखिएको यो धनुलाई नाना प्रकारका गन्ध, धूप, अगरू आदिले पूजा गरेर यज्ञस्थानमा नै राखि-छाडेको छ ॥१३॥

यति भनिसकेपछि मुनिश्रेष्ठ विश्वामित्रले ऋषिहरूलाई तथा राम र लक्ष्मणलाई साथ लिई वन-देवताहरूसँग बिदावारी भई त्यहाँबाट प्रस्थान गरे ॥१४॥ हिंड्ने वेलामा यिनले वनदेवताहरूलाई भनेः—म आफ्नो अभिलाषा सिद्ध गरी अर्थात् यज्ञ सिध्याएर यस सिद्धाश्रमबाट हिमालय पर्वत-तिर गङ्गाको उत्तरपट्टिको किनारमा जानलागेको छु, तिमीहरू सबैको कल्याण होस् ॥१५॥ तपोधन मुनिश्रेष्ठ विश्वामित्रले यति भनेर उत्तर दिशातिर प्रस्थान गरे ॥१६॥

मुनिसँग जानलागेका ब्रह्मवादी महर्षिहरू सैकड़ौं गाडामा अग्निहोत्रका सामग्री लिई यिनको पछि लागे ॥१७॥ सिद्धाश्रममा वास गर्ने पशु पक्षीहरूले पनि तपोधन विश्वामित्रको अनुगमन गरे अर्थात् यिनको पछिलागेर गए ॥१८॥ विश्वामित्र तथा अरू ऋषिहरूले पशु-पक्षीहरूलाई आफ्नो साथमा लागेर आउनलागेको देखेर फर्केर जाने आज्ञा दिए र यिनीहरू फर्के। मुनिहरू हिंड्दा हिंड्दै निकै टाढा पुगेपछि सूर्यनारायण अस्ताए ॥१९॥ साँझ पर्न लागेको वेलामा यी मुनिहरू शोण नदीको किना-रमा सावधान भई वास बसे। सूर्य अस्ताएपछि स्नान गरी यिनीहरूले आफूले गर्नुपर्ने अग्निहोत्र गरे ॥२०॥

यसपछि विश्वामित्रलाई अगाडि राखेर सबै ऋषिहरू बसे, महातेजस्वी रामचन्द्र पनि भाइ लक्ष्मणको साथसाथै महर्षिहरूको पूजा गरी बुद्धिमान् महर्षि विश्वामित्रको सामुन्ने बसे र केही बेरपछि मनमा बडो उत्कण्ठा भएकोले तपोधन मुनिश्रेष्ठ विश्वामित्रसंग सोध्नलागे :—

हे भगवन् ! वनले गर्दा सुशोभित भइराखेको यो कुन देश हो ? मलाई यस ठाउँको यथार्थ हाल जान्ने इच्छा भइराखेको छ, तसर्थ कृपया पूरा पूरा हाल बताइदिनोस् ।

रामचन्द्रले यसरी सोधेको देख्ता व्रतधारी महातपस्वी विश्वामित्रले ऋषिहरूको बीचमा बसेर त्यस देशको जम्मै वृतान्त भन्नलागे ॥२१-२४॥

सर्ग—३२

कुशनाभ राजाको कथा ।

उहिले महातपस्वी, सज्जनहरूका प्रतिपालक ब्रह्माका छोरा कुश नाम गरेका एक जना धर्मात्मा राजा थिए ॥१॥ यी महात्माले आफूसुहाउँदो ठूलो कुलमा जन्मेकी वैदर्भी नामकी रानीको गर्भबाट

आफूसमानका चार जना बलिया बलिया छोरा जन्माए ॥२॥ कुशाम्ब, कुशनाथ, असूर्तरज र वसु यी चार जना बडा तेजस्वी उत्साही छोरा राजाले क्षात्र-धर्मको वृद्धिका लागि जन्माए ॥३॥

कुनै एक समयमा कुशले आफ्ना धर्मात्मा र सत्यवादी छोराहरूलाई भने—हे छोराहो ! तिमी-हरूलाई ठूलो धर्म मिल्नेछ ॥४॥

कुशको यस्तो आज्ञा पाउनासाथ लोकश्रेष्ठ यी चारै छोराले आफ्नो आफ्नो नामबाट एक एक-ओटा शहर वसाए ॥५॥

महातेजस्वी कुशाम्बले कौशाम्बी शहर बसाए, धर्मात्मा कुशनाभले महोदय (कन्नौज) नाम गरेको शहर बसाए, बुद्धिमान असूर्तरजले धर्मारण्यनामक नगर बसाए र राजा वसुले गिरिव्रज नाम गरेको शहर बसाए ॥६-७॥ यस गिरिव्रजको वसुमती भन्ने नाम पनि रह्यो । यो यिनै पुण्यात्मा राजा वसुको वसुमती नाम गरेको शहर हो, यसको चारैतिर यी पाँच पर्वत छन् जसले यसलाई प्रकाशमान गराइराखेका छन् ॥८॥ यो सुमागधी नाम गरेको रमणीय र प्रसिद्ध नदी मगधबाट बग्दै आएको छ र यी पाँच पर्वतको बीचमा मालाको जस्तो शोभा दिइहेको छ ॥९॥ यो मागधी नदी (शोण) उनै महात्मा वसुको हो, मगधबाट निस्केर यो पूर्वतिर लागेको छ, यसको दुवैपट्टिको खेतमा धेरै धेरै अन्नको उब्जा हुन्छ ॥१९॥

हे राम ! धर्मात्मा राजर्षि कुशनाभले घृताची अप्सराको कोखबाट सयओटी राम्री राम्री कन्या जन्माए ॥११॥ रूप र यौवनले सम्पन्न भएका यी कन्याहरू गहनाले सिंगारिएर, वर्षाकालको विजुली-समान भई बगैंचामा बिहार गर्न लागे ॥१२॥ राम्रा राम्रा गहना लगाएर सिंगारिएका यी कन्याहरू बगैंचामा नाच्न, गाउन, बाजा बजाउन पाएकोले बडा खुशी थिए ॥१३॥ यिनीहरूका सबै अङ्ग राम्रा थिए, यिनीहरू जत्तिका राम्रा यस समयमा पृथ्वीमा कोही छँदै थिएनन् यसै कारणले बादलको बीचमा ताराहरूको जस्तो शोभा हुन्छ ठीक त्यसै गरी बगैंचामा यिनीहरूको शोभा भयो ॥१४॥ यी सबैका सबै गुणवती रूपवती र युवती थिए, यिनलाई देख्नासाथ सर्वत्र भ्रमण गर्ने वायुले भने ॥१५॥ हे सुन्दरि-हो ! तिमीहरूमाथि मेरो इच्छा भइरहेको छ, तसर्थ तिमीहरू सबै मेरा स्वास्नी बन, आफ्नो मनुष्यभावको परित्याग गरेपछि तिमीहरूले लामो आयु पाउनेछौ ॥१६॥ यौवन चञ्चल छ, विशेष गरेर मानिसको ता झन् वर्ता चञ्चल छ, मसित विवाह गरेपछि ता सदा कायम रहने यौवन पाउनेछौ र देवताहरूका स्वास्नीले झैं सुखसंग बस्न पाउनेछौ ॥१७॥

अतिशय पराक्रमी वायुको कुरा सुन्दा यी कन्याहरूले हाँसेर यिनको तिरस्कार गरेर भन्नलागे ॥१८॥ हे देवश्रेष्ठ ! तिमी सब प्राणीको मनभित्र बास गर्ने हुनाले सबका मनको कुरासमेत जान्दछौ, हाम्रो मनको कुरा जान्दा जान्दै पनि यो विवाहको प्रस्ताव गरेर किन हाम्रो अपमान गर्नखोज्दछौ ? ॥१९॥ हे देवश्रेष्ठ ! हामी सब कुशनाभका कन्या ह्वौं, इच्छा गरेको खण्डमा तिमीलाई वर्तमान पदबाट हटाउन सक्छौं, तर यसो गर्नाले तपस्याको फल नष्ट होला भन्ने डरले तिम्रो प्रभाव नष्ट गर्नपट्टि लाग्दैनौं ॥ २० ॥ हे मूर्ख ! आफ्ना यस्ता सत्यवादी पिताको तिरस्कार गरेर आफ्ना इच्छाअनुसारको

पति रोज्नुपर्ने मौका हाम्रो भाग्यले पर्दै नपरोस् ।।२१।। पिता हाम्रा मालिक हुन् र हाम्रा देवता हुन्, उनले जसको हातमा हामीलाई सुम्पनेछन् तिनै हाम्रा पति हुनेछन् ।।२२।।

यी कन्याहरूको कुरा सुन्दा वायु देवता रिसले चूर भए र यिनीहरूको अङ्ग प्रत्यङ्गमा प्रवेश गरेर शरीरै तोडिदिए ।।२३।। वायुद्वारा शरीर टुटेका यी कन्याहरू बहुतै हडबडाएर रुनलागे, लाज खप्न नसकेर यिनीहरू राजाको घरमा गए ।।२४।। आफ्ना प्यारी कन्याहरूको शरीर कुप्रो भएको र यिनलाई दुःखी देखेर राजा हड्बडाएर भन्नलागे ।।२५।। हे छोरीहो ! तिमीहरूको कसरी यस्तो अवस्था हुनगयो ? भन, कसले यसरी धर्मको तिरस्कार गरेको हो ? तिमीहरूलाई कसले कुब्जा बनाइदियो ? प्रयत्न गर्दा पनि तिमीहरू किन बोल्न सक्तैनौ ? यस प्रकारसँग दुःखले सुस्केरो हालेर कारण जान्नाका लागि राजाले समाधि कसे ।।२६।।

सर्ग—३३

कुशनाभ आफ्ना सयओटो छोरीको ब्रह्मदत्तसित बिहे गरिदिन्छन् ।

बुद्धिमान् कुशनाभका यी कुरा सुनेपछि सयओटी कन्याले यिनको चरणमा प्रणाम गरी भन्नलागे ।।१।। सबै ठाउँमा विचरण गर्ने वायुले अधर्मद्वारा हामीलाई नाश गर्नखोजिरहेका थिए, धर्मपट्टि यिनले केही ख्यालै राखेनन् ।।२।। हामीले वायुलाई भन्यौं हाम्रा पिता जीवितै हुनुहुन्छ तसर्थ हामी स्वाधीन छैनौं, तिमी आफ्नो अभिप्राय पिताजीलाई भन, उहाँको इच्छामुताबिक हामी गर्नेछौं ।।३।। तर पापतिर ढल्केका वायुले हामीले भनेको कुरा सुनेको नसुन्यै गरे, हामीले यस प्रकारसँग भन्दा भन्दैमा हाम्रो यो दशा गरिदिए ।।४।।

परम धर्मात्मा महातेजस्वी राजाले आफ्ना सुन्दरी कन्याहरूको कुरा सुनिसकेपछि यिनीहरूलाई भन्नलागे ।।५।। हे छोरीहो ! एकै मत गरेर तिमीहरूले वायुमाथि जो क्षमा देखायौ सो मेरो कुललाई सुहाउने ठूलो काम गर्‍यौ । क्षमा गर्नु नै क्षमाशीलहरूको ठूलो काम हो ।।६।। क्षमा भनेको स्त्री पुरुष दुवैको गहना हो, तर यो क्षमा बडो गाह्रो काम छ, देवताहरूलाई समेत क्षमा गर्न कठिन पर्दछ ।।७।। हे छोरीहो ! जस्तो क्षमा तिमीहरूले देखायौ त्यस्तै क्षमा मेरा कुलका अरूहरूले पनि देखाउन्, क्षमा दान हो, क्षमा नै सत्य हो र क्षमालाई नै यज्ञ भन्दछन् ।।८।। क्षमा नै यश हो, क्षमा नै धर्म हो, क्षमामै समस्त संसार अडिएको छ । यति भनेर इन्द्रसमानका पराक्रमी राजाले कन्याहरूलाई जानू भनेर बिदा दिए ।।९।।

सल्लाह गर्नाको महत्व बुझ्ने राजाले उपयुक्त समयमा योग्य वरको साथमा आफ्ना छोरीहरूसँग विवाह होस् भन्ने मतलबले मन्त्रीहरूसँग सल्लाह गर्नलागे ।।१०।।

यिनै ताक महातेजस्वी सदाचारी चूली नाम गरेका एक जना ब्रह्मचारी ऋषि ब्रह्मयोगको साधनमा लागिराखेका थिए ।।११।। यी ऋषिले तपस्या गर्नलागेको वेलामा उर्मिलाकी छोरी सोमदा नाम गरेकी गन्धर्वी यिनको सेवा गर्नलागी ।।१२।। यो सोमदा बडो नम्रतासँग मुनिको सेवा गर्दथी,

केही कालपछि यसको सेवाले प्रसन्न भएका ऋषिले ठीक मौकामा भने "हे सोमदे ! म तँदेखि प्रसन्न छु, भन्, मैले तेरो भलो हुने के काम गर्नुपर्छ्यो ॥१३॥१४॥ मौकामा बोल्न जान्ने त्यस गन्धर्वीले वाक्यको मर्म बुझ्ने मुनिलाई आफूमाथि प्रसन्न भएको देखेर प्रसन्नतासाथ मधुरो स्वरले भनी ॥१५॥ हे भगवान् ! तपाईं ब्रह्मतेजले युक्त हुनुभएको साक्षात् ब्रह्मस्वरूप हुनुहुन्छ, महातपस्वी पनि तपाईं नै हुनुहुन्छ, मलाई ब्रह्म-तपस्याले युक्त भएको एउटा धार्मिक छोरा पाउने अभिलाषा छ ॥१६॥ अहिलेसम्म मेरो विवाह भएको छैन, म कसैकी स्वास्नी भएकी छैन, म वैदिक विधानको अनुसार तपाईंको सेवा गरेर बसेकी छु, ब्राह्म उपायले नै (सनकादिसमानका) मलाई छोरो दिने कृपा गर्नुहोस् ॥१७॥

यस्तो कुरा सुन्दा प्रसन्न भएका ऋषिले उसलाई ब्राह्म अर्थात् मानस पुत्र दिए । चूली ऋषिको यस मानस छोरोको नाम "ब्रह्मदत्त" पर्न गयो ॥१८॥ जसरी इन्द्र देवलोकमा राज्य गर्दछन् त्यसै गरी यी ब्रह्मदत्तले काम्पीली नगर बसाएर त्यहाँ बडो ऐश्वर्यको साथमा राज्य गर्नलागे ॥१९॥ हे राम ! यो कुराको संज्ञना हुनासाथ परम धर्मात्मा राजा कुशनाभले यिनै ब्रह्मदत्तलाई आफ्नी सयओटी छोरी दिने मनसायले यी राजालाई बोलाउन पठाई प्रसन्न चित्तले आफ्ना सयओटी छोरी दान गरेर दिए ॥२० २१॥ हे राम ! देवराज इन्द्रसमानका यी ब्रह्मदत्त राजाले विधिपूर्वक यी कन्याहरूसित बिहे गरे ॥२२॥ ब्रह्मदत्तको हात लाग्नासाथ यी सबै जना, आफ्नो टेढो-मेढो शरीर पहिले जस्तै सोझो भएकोले, बडो राम्रो भएर सुशोभित भए, यिनका सबै दुःख पनि दूर भइगए ॥२३॥ राजा कुशनाभ पनि आफ्ना छोरीहरूले वायुको बन्धनदेखि छुटकारा पाएको देख्ता बहुतै खुशी भएर दङ्ग परे ॥२४॥ विवाह समाप्त भएपछि कुशनाभले राजा ब्रह्मदत्त तथा यिनका पुरोहितहरूलाई आदरपूर्वक विदा गरे ॥२५॥ सोमदा पनि आफ्ना छोराको विधिपूर्वक विवाह भएको र आफ्नो छोरोसुहाउँदा बुहारीहरू देख्ता खुशी भइन्, राजा कुशनाभको प्रशंसा गर्दै यिनले प्रेमसँग वारंवार बुहारीहरूलाई सुमसुम्याइन् ॥२६॥

सर्ग—३४

गाधिको उत्पत्ति तथा विश्वामित्रकी बहिनी सत्यवतीको वर्णन ।

यस प्रकारसँग विवाह सिध्याएर ब्रह्मदत्त गएपछि छोरा नभएका कुशनाभले छोरा पाउनको निमित्त पुत्रेष्टि यज्ञ गर्ने विचार गरे ॥१॥ विधिपूर्वक यज्ञ हुनलागेको वेलामा उदार स्वभाव भएका ब्रह्माका छोरा कुशले आफ्ना छोरा राजा कुशनाभलाई भने ॥२॥ हे छोरा ! तिमी आफूसमानको गाधि नाम गरेको धर्मात्मा छोरा पाउनेछौ । वास्तवमा यही छोराले गर्दा संसारमा तिम्रो कीर्ति अटल रहनेछ ॥३॥

राजा कुशनाभलाई यति कुरा भनेर कुश आकाशको बाटो गरेर सनातन ब्रह्मलोकमा गए ॥४॥ केही दिनपछि राजा कुशनाभका गाधि नाम गरेका परम धार्मिक छोरा उत्पन्न भए ॥५॥ विश्वामित्रले भने, "हे रामचन्द्र ! यिनै परमधार्मिक गाधि मेरा बाबु हुन्, कुश वंशमा जन्म भएकोले मलाई कौशिक भनेको हो ॥६॥ सत्यवती नाम गरेकी, उत्तम उत्तम व्रत धारण गर्ने मेरी एउटी दिदी थिइन्,

ऋचीक महर्षिसंग यिनको विवाह भएको थियो ॥७॥ बडो उदार स्वभाव भएकी भित्र दिलैदेखि पतिको सेवा गर्ने मेरी यी दिदी शरीरसहित स्वर्ग गइन्। फेरि पछिबाट लोकको हितका लागि नदीको रूप धारण गरेर यहाँ बग्नलागिन्। मेरी दिदी नै कौशिकी महानदी भएर बगेकी हुन्। यो नदी बडो रमाइलो र यसको जल पवित्र छ, यस नदीको प्रवाह हिमालय पर्वतबाट उत्पन्न भएको छ ॥८–९॥ हे रामचन्द्र ! यही वेलादेखि आफ्नी दिदीमाथिको प्रेमले गर्दा हिमालय पर्वतको तराईमा कौशिकी नदीको तीरमा सुखसँग बस्न लागेको हुँ ॥१०॥ यी सत्यवती बडो पवित्र र सत्यधर्मको पालना गर्दथिन्, यी पतिव्रता महाभागा आज कौशिकीको नामले एउटा श्रेष्ठ नदी बनेकी छन् ॥११॥ यज्ञ गर्नको निमित्त सो नदीको तीर छोडेर म यहाँ सिद्धाश्रममा आएँ र तिम्रो पराक्रमले गर्दा यज्ञ समाप्त गरी सिद्धिसमेत भेट्टाएँ ॥१२॥

हे राम ! मेरो र मेरो वंशको उत्पत्तिको कथा यही हो। हे महाबाहो ! तिमीले मसित सोधेको आफ्नो देशको कथा पनि मैले भनिहालें ॥१३॥ हे राम ! मैले कथा भन्दा भन्दैमा आधा रात बिति-सक्यो, तिम्रो कल्याण होस्, गएर सुत नत्र भोलि बाटो हिंड्दा दुःख हुनेछ ॥१४॥ हेर, सबै रूख निश्चल भइराखेका छन्, पशु पक्षीहरू सबै सुतिराखेका छन्, रात्रिको अन्धकारले सबै दिशालाई ढाकि-राखेको छ ॥१५॥ आधा रात बित्न लाग्यो, आकाश तारा तथा नक्षत्रले भरिभराउ भइराखेकोले चह-किला आँखाले पूर्ण भएको जस्तो देखिन्छ ॥१६॥ अन्धकारलाई नाश पार्ने, शीतल किरण भएका चन्द्रमा उदाउन लागेका छन् र आफ्नो प्रभावले संसारका प्राणीहरूको मनलाई आनन्दित गराउन लागेका-छन् ॥१७॥ रातमा डुलफिर गर्ने प्राणीहरू, मासु खाने भयङ्कर यक्ष, राक्षसहरू यताउति घुमिरहेका छन् ॥१८॥

महातेजस्वी विश्वामित्र यति भनेर चूप लागे र मुनिहरूले "वाह वाह" भनेर यिनको प्रशंसा गर्दै भन्नलागे ॥१९॥ यो कौशिक-वंश सदा सर्वदा बडो धर्मात्मा भइआएको छ र यस वंशमा जन्मेका सबै राजाहरू महात्मा र ब्रह्मर्षिसमानका भएका छन् ॥२०॥ हे विश्वामित्र ! विशेष गरेर महायशस्वी तपाईंले र नदीश्रेष्ठ कौशिकीले गर्दा यस कुलको मर्य्यादा झन् बढ्न गएको छ ॥२१॥ प्रसन्न भएका श्रेष्ठ ऋषिहरूको मुखबाट यस्तो प्रशंसा सुन्दा सुन्दैमा विश्वामित्र अस्ताउन लागेका सूर्य झैं निद्राको वशमा पर्नलागे ॥२२॥

लक्ष्मणको साथमा रामचन्द्र पनि मुनिश्रेष्ठ विश्वामित्रको तारीफ गर्दा गर्दै निदाए। मुनिको वृत्तान्त सुन्दा रामलाई अलिकता आश्चर्य लागिराखेको थियो ॥२३॥

सर्ग—३५

गङ्गा र पार्वतीको कथा

महर्षिहरूको साथमा शोण नदीको तीरमा बाँकी बचेको रात बिताइसकेपछि, बिहान हुनासाथ मुनि विश्वामित्रले रामलाई भने ॥१॥ हे राम ! रात सकिएर बिहान भइसक्यो प्रातःकालको सन्ध्योपासन

गर्ने समय भइसक्यो, उठ, उठ, तिम्रो कल्याण होस् , बाटो लाग्ने तर्खर गर ।।२।। महर्षिको वचन सुन्नासाथ रामलक्ष्मणले बिहानको आफूले गर्नुपर्ने धार्मिक कृत्य सिध्याएर बाटो लाग्न तयार भएका बेलामा विश्वामित्रजीलाई भन्नलागे ।।३।। हे ब्रह्मन् ! यो शोण नदी अगाध गहिरो छ, यसको जल स्वच्छ छ र दुवैपट्टिको तीरमा बालुवै बालुवा छ, अब बताउनुहोस् कुनचाहिं बाटो समातेर हामीले यसलाई पार गर्ने हो ।।४।। रामचन्द्रले सोधेपछि विश्वामित्र भन्नलागे !-हेर, मैले यही बाटो देखाइ-दिएको छु, यतैबाट मुनिहरू पनि आवतजावत गर्दछन् ।।५।। यस प्रकारसँग हिंड्दा हिंड्दा यिनीहरू निकै टाढा पुगे र मध्याह्नको वेलामा मुनिहरूद्वारा सेवित भएको नदीश्रेष्ठ गङ्गालाई यिनीहरूले देखे ।।६।। गंगाको पवित्र जल तथा हाँस, सारस, आदि गरिएका चराहरूले त्यहाँ क्रीडा गरेको देख्ता रामचन्द्र र अरू अरू ऋषिहरू पनि प्रसन्न भए ।।७।। गंगाको तीरमा यिनीहरूले बास बस्ने बन्दोबस्त गरेर स्नानादि काम सिध्याएर विधिपूर्वक देवता पितृहरूलाई तर्पण दिए ।।८।। अग्निहोत्रको काम सिध्याएर अमृतसमानको हविष्य खाइसकेपछि यिनीहरू सबै प्रसन्नतासाथ गंगाको तीरमा बसे ।।९।। बीचमा विश्वामित्र थिए र चारैतिरबाट मुनिहरूले यिनलाई घेरिराखेका थिए, । रामलक्ष्मण लगायत सबै जना आफूसुहाउँदो ठाउँमा बसेका थिए । मनमा खुशी भइराखेका रामचन्द्रले विश्वामित्रलाई सोधे ।।१०।।

हे भगवन् ! यी त्रिपथगामिनी गङ्गा कसरी तीनै लोकमा घुमेर समुद्रमा मिसिन पुगिन् सो कथा म सुन्न चाहन्छु ।।११।। रामचन्द्रले यस प्रकारसँग सोधेकोले महामुनि विश्वामित्रजी गंगाको उत्पत्ति र यिनको वृद्धिको कथा भन्नलागे ।।१२।। हे राम ! सबै धातुहरूको खानि भएका, पर्वतहरूका राजा, हिमवान् पर्वतका दोटी छोरी थिए, यिनीहरूसमानका राम्रा यस संसारमा अरू कोही छँदै थिएनन् ।।१३।। मेरु पर्वतकी रूपवती छोरी मेना यी कन्याहरूकी आमा र हिमवान्की पत्नी हुन् ।।१४।। हे राम ! यी मेनाबाट गङ्गा नामकी कन्याको उत्पत्ति भयो, हिमवान्की यी जेठी छोरी हुन् , अर्की कान्छी छोरीको नाम उमा हो ।।१५।। यसपछि सबै देवताहरूले मिलेर हिमवान्सित आफ्नो कामको सिद्धिका लागि त्रिपथगा गंगा नदी मागे ।।१६।। हिमवान्ले पनि तीनै लोकको भलो गर्ने इच्छाले, आफ्नो इच्छामुताबिक चल्ने समस्त लोकलाई पवित्र तुल्याउने गङ्गा नामकी छोरी धर्मपूर्वक दान गरेर देवताहरूलाई दिए ।।१७।। तीनै लोकको भलो चाहने भएका देवताहरू पनि तीनै लोकको उपकार गर्ने मनसायले गङ्गालाई ग्रहण गरी मनमा कृतार्थ भएर हिंडे ।।१८।। हे राम ! हिमवान्की जो अर्की छोरी थिइन् ती तपस्वीनीले बड़ो कडा व्रत लिएर तपस्या गर्न लागिन् ।।१९।। सबैले पूजा गर्नुपर्ने योग्यकी, उग्र तपस्या गर्ने आफ्नी यी छोरीको हिमवान्ले अद्वितीय महादेवसित विवाह गरिदिए ।।२०।। हे रामचन्द्र ! नदीहरूमा श्रेष्ठ गंगा र उमा यी दुई हिमवान्का लोकपूजित कन्या हुन् ।।२१।। हे मानव-श्रेष्ठ ! पापको लेशमात्र पनि नभएकी जलरूपले बग्ने त्रिपथगामिनी गंगानदी कसरी पहिले आकाशमा गएर फेरि देवलोकमा आइन् सो सबै कथा मैले तिमीलाई भनिसकें ।।२२।।

सर्ग—३६

महादेवको विहार र देवताहरूमाथि उमादेवीको श्राप ।

विश्वामित्रले भनेको यो कथा सुनेपछि रामलक्ष्मण दुवै वीरले सो कथाको प्रशंसा गरेर फेरि मुनिश्रेष्ठलाई सोध्नलागे ।।१।। हे ब्रह्मन् ! पर्वतराज हिमवान्को तपाईंले धर्मयुक्त अति राम्रो कथा भन्नुभयो । अब यिनकी जेठी छोरी गङ्गाको, स्वर्गलोकबाट मृत्युलोकमा आएको कुरा सुनाउनुहोस्, तपाईंलाई सबै विषयको ज्ञान छ, तसर्थ यो कथा विस्तारपूर्वक भन्नुहोस् ।।२।। तीनै लोकलाई पवित्र गराउने यी गङ्गा स्वर्गलोक मृत्युलोक तथा पाताल यी तीन लोकमा किन गएकी हुन्, नदीहरूमध्येकी श्रेष्ठ यी गङ्गाको नाम त्रिपथगा कसरी पर्नगएको हो ? ।३।। हे धर्मज्ञ ! तीनै लोकमा गङ्गाको तीन धारा भएर बग्नाको प्रयोजन के हो ?

रामचन्द्रले यसरी सोधेपछि तपस्वी विश्वामित्र ऋषिहरूको बीचमा शुरूदेखि लिएर गङ्गाको सम्पूर्ण वृत्तान्त भन्नलागे । हे रामचन्द्र ! उहिले विवाहको काम सिध्याएपछि महातपस्वी महादेव, देवी पार्वतीलाई देख्नासाथ यिनीसँग विहार गर्नलागे । यी बुद्धिमान् महादेवले विहार गर्दा गर्दैमा सय वर्ष बित्यो ।।४-६।। तर हे राम ! यतिका वर्षसम्म विहार गर्दा पनि देवीबाट कुनै छोरा जन्मेनन् । महादेवलाई यस प्रकारसँग विहारमा लागेको थाहा पाएपछि शिव पार्वतीको यतिका दिनको संयोगबाट सन्तान उत्पति भयोभने त्यसको तेजलाई कसले सहन सक्ला भन्ने चिन्ताले सबै देवताहरू हडबडाउन लागे र यिनीहरू सबै जम्मा भएर महादेवको सम्मुख गई हात जोरेर भन्नलागे ।।७-८।। संसारको कल्याण गर्नामा लागेका, देवताहरूका देवता हे महादेव ! हामी सबै देवताहरू तपाईंलाई प्रणाम गरिरहेका छौं कृपा गर्नुहोस् ।।९।। हे सुरोत्तम ! तपाईंको तेजलाई कुनै लोकले पनि धारण गर्न सक्नेछैन, तसर्थ देवीलाई साथमा लिएर वैदिक विधानको अनुसार तपस्या गर्न लाग्नुहोस् ।।१०।। तीनै लोकको कल्याणका लागि आफ्नो तेजलाई आफ्नै शरीरमा राखिछोड्नुहोस् र सबै लोकको रक्षा गर्नुहोस् । संसारैलाई नाश पार्नु उचित होइन ।।११।। सबै लोकका प्रधान स्वामी महादेवले देवताहरूको कुरा सुनेपछि ''हुन्छ'' भन्ने जवाफ दिएर फेरि भन्नलागे ।।१२।। हे देवताहो ! भइगयो, उमासहित आफ्नो तेजोमय शरीरमा यो तेज धारण गर्दछु, देवता र पृथ्वी सबै सुखी हुन् ।।१३।। हे देवताहो ! यो कुरा ता मलाई बताऊ, अकस्मात् आफ्नो स्थानबाट च्युत हुनलागेको यो सर्वश्रेष्ठ तेजलाई कसले धारण गर्ने हो ।।१४।। महादेवका यी कुरा सुन्दा देवताहरूले भने, तपाईंको तेज आफ्नो स्थानबाट च्युत हुनलागेको छभने पृथ्वीले यसलाई धारण गर्नेछन् ।।१५।। देवताहरूको यो कुरा सुनेपछि महादेवले तेज छोडिदिए र देख्ता देख्तैमा यस तेजले वन पर्वतसहितकी समस्त पृथ्वीलाई व्याप्त गरिदियो ।।१६।। फेरि देवताहरूले अग्निलाई भने, ''वायुको साथमा तिमी यस भयानक महातेजमा प्रवेश गर'' ।।१७।। अग्निले प्रवेश गर्नासाथ यो तेज श्वेत पर्वत तथा अग्निसूर्यसमानको चहकिलो शरवण (एक किसिमको घाँस) बन्न गयो ।।१८।। यहीं अग्निका छोरा महातेजस्वी

कार्तिकेयको जन्म भयो । यसपछि देवता तथा ऋषिहरूले प्रसन्नतासाथ महादेव र उमादेवीको पूजा गर्न-लागे । हे राम ! यही वेलामा उमादेवी देवताहरूलाई भन्न लागिन्, रिसले गर्दा यिनका आँखा राता भइराखेका थिए, रिस खप्न नसकेकीले यिनले देवताहरूलाई यस्तो श्राप दिइन्—हे देवताहो ! पुत्रोत्पत्तिका लागि म पतिसितको संयोगमा लागेकी थिएँ तर तिमीहरूले सो संयोगमा बाधा पार्‍यौ ॥१९-२१॥ तिमीहरूले पनि आफ्ना आफ्ना स्वास्नीबाट छोरो जन्माउन सक्नेछैनौ, आजदेखि तिम्रा स्वास्नीहरू पुत्रहीन भइजाऊन् ॥२२॥ यस प्रकारसँग देवताहरूलाई श्राप दिइसकेपछि उमाले पृथ्वीलाई पनि श्राप दिइन्—हे पृथ्वी ! तेरो एकनासको रूप रहनेछैन र तैंले धेरैकी स्वास्नी बन्नुपर्नेछ ॥२३॥ ए खोटो बुद्धि भएकी ! मेरो कोखबाट छोरो नजन्मोस् भन्ने इच्छा गरेकोले मेरी क्रोधले कलुषित भएकी तँलाई कार्तिकेय, छोरा जस्तो प्यारो लाग्नेछैन ॥२४॥ श्राप पाएकोले देवताहरूलाई दुःखी भएको देख्दा इन्द्र, वरुणको दिशातिर अर्थात् पश्चिम दिशातिर लागे ॥२५॥ महादेवजी देवी उमालाई साथमा राखेर हिमाचल पर्वतको उत्तरपट्टिको हिमवत्प्रभव नाम गरेको टाकुरामा तपस्या गर्नलागे ॥२६॥ हे रामचन्द्र ! तिमीलाई पर्वत-पुत्री उमादेवीको कथा विस्तारपूर्वक सुनाइहालें, अब गंगाको उत्पत्तिको कथा भन्दछु, लक्ष्मणलाई साथमा राखी सो वृत्तान्त पनि सुन ॥२७॥

सर्ग—३७

देवताहरू सेनापतिको इच्छाले महादेवकहाँ जान्छन् ।

महादेव तपस्या गरिराखेको वेलामा इन्द्रादि देवताहरू अग्निसहित सेनापतिको खोजमा पितामह ब्रह्माकहाँ गए ॥१॥ यसपछि हे रामचन्द्र ! इन्द्र, अग्निलाई अगुवा बनाएर तहाँ पुगेका सबै देवताहरू भगवान् प्रजापतिको चरणमा प्रणाम गरी भन्नलागे ॥२॥ हे भगवन् ! भगवान् शङ्करले पहिले हामीलाई एउटा सेनापति दिउँला भनेका थिए तर अहिले ता उनी उमादेवीको साथमा बडो कडा तपस्या गर्नलागि-रहेका छन् ॥३॥ तसर्थ लोकको हितका लागि जो गर्नुपर्दछ सो तपाईं नै गर्नुहोस्, किन कि तपाईं उपाय जान्नुहुन्छ र हामी सबैका सर्वश्रेष्ठ रक्षक पनि हुनुहुन्छ ॥४॥ देवताको यस्तो कुरा सुनेपछि समस्त-संसारका पितामह ब्रह्माजी मधुरो वचनद्वारा यिनीहरूलाई संझाई बुझाई भन्नलागे ॥५॥

हे देवताहो ! आफ्ना स्वास्नीहरूबाट तिम्रा सन्तान हुनेछैनन् भन्ने उमादेवीले जो तिमीहरूलाई श्राप दिएकी छन् सो वचन झूटो हुन सक्तैन निस्सन्देह सत्य नै हुनेछ ॥६॥ यी जो आकाश-गङ्गा छन् यिनको कोखबाट अग्निको तेजले एउटा छोरो उत्पन्न हुनेछ र यही छोरो देवताहरूको शत्रुको विनाश पार्ने सेनापति हुनेछ ॥७॥ हिमवान्की ठूली छोरी गङ्गा यसलाई आफ्नो छोरो संझनेछन् र यो छोरो उमाको पनि प्यारो हुनेछ, यसमा सन्देह गर्नुपर्दैन ॥८॥ हे राम ! ब्रह्माजीका यी कुरा सुनेपछि सबै देवताहरू कृतार्थ भए र प्रणाम गरेर यिनको पूजा गर्नलागे ॥९॥ हे राम ! यसपछि सबै देवताहरू नाना प्रकारका

धातुले शोभित भइराखेको कैलाश पर्वतमा गई अग्निलाई पुत्र उत्पन्न गर्नाका लागि प्रेरणा गर्नलागे ।।१०।। हे अग्निदेव ! यो देवताहरूको काम हो, सावधान भइजाऊ र शिवजीको तेजलाई हिमवान्‌की छोरी गङ्गाजीमा हालिदेऊ ।।११।। अग्निदेव देवताहरूसित प्रतिज्ञा गरेर गंगानेर आई भन्नलागे, हे देवी ! गर्भ धारण गर, तिम्रो यो गर्भ धारण गर्ने कुरा देवताहरूले खूबै मनपराएका छन् ।।१२।। अग्निदेवको कुरा सुनेपछि गङ्गाले आफ्नो जलरूप त्याग गरेर दिव्य स्त्रीको रूप लिइन्, गंगाको यो रूप देख्नासाथ अग्निले धारण गरिराखेको शिवजीको तेज निस्किहाल्यो ।।१३।। हे रामचन्द्र ! अग्निले शिवजीको त्यस तेजले गंगालाई नुहाई नै दिए, जसले गर्दा गङ्गाजीको जम्मै स्रोत टम्मै भरियो ।।१४।। सबै देवताहरूको सम्मुख गङ्गाले भनिन्, "हे अग्निदेव ! म तिम्रो यो उद्धत तेजलाई धारण गर्न असमर्थ छु, बल्दो यस तेजले मलाई भस्म गर्न लागिरहेको छ । म ज्यादै आकुल व्याकुल परेकी छु ।" यस्तो कुरा सुनेपछि अग्निदेवले गङ्गालाई भने, भइगो त्यसो भए यस गर्भलाई हिमालयको नजीक राखिदेऊ । अग्निको यो कुरा सुन्नासाथ गङ्गाले अत्यन्त चहकिलो त्यस गर्भलाई आफ्नो स्रोतबाट झिकेर राखिदिइन्, गङ्गाको कोखबाट निस्केको यो गर्भ सुनजत्तिकै चहकिलो र उज्यालो थियो ।।१५–१८।। भूइँमा जहाँ यो गर्भ राखिएको थियो त्यहाँका सबै वस्तु यसको तेजले गर्दा सुनै सुनका भए, यसको नजीकका चीजबीज चाँदी बन्न गए, अलि टाढाका तामा र त्योभन्दा अलि टाढाका फलाम भए ।।१९।। यस गर्भको जो मैल थियो त्यसको रांग र सीसा बन्यो । यस प्रकारसँग यो तेज भूइँमा पर्नासाथ किसिम किसिमका धातुको रूप लिएर फैलियो ।।२०।। गर्भलाई भूइँमा राख्नासाथ यसको तेजले जम्माको जम्मै पर्वत र त्यहाँको समस्त वन सुवर्णमय भएर टल्कन लाग्यो ।।२१।। हे राम ! यही वेलादेखि रूपबाट उत्पन्न भएकोले अग्निसमान चहकिलो सुनको नाम जातरूप पर्नगएको हो ।।२२।। त्यस गर्भबाट कुमारको उत्पत्ति भएपछि इन्द्र तथा अरू देवताहरूले उसलाई दूध ख्वाउनको निम्ति कृत्तिकाहरूलाई नियुक्त गरे ।।२३।। कृत्तिकाहरू भर्खर जन्मेको यस बालकलाई यो आफ्नै छोरो हो भनेर आपसमा निर्णय गरी ठीक ठीक समयमा त्यसलाई दूध ख्वाउन लागे ।।२४।। कृत्तिकाहरूले दूध ख्वाएको हुनाले देवताहरूले यस बालकको नाम "कार्तिक" राखे र यो बालक निस्सन्देह तीनै लोकमा प्रसिद्ध हुनेछ पनि भने ।।२५।। देवताहरूको यस प्रकारका कुरा सुनेपछि कृत्तिकाहरूले गङ्गाले त्याग गरेको गर्भबाट जन्मेको अग्निसमानको अद्‌भुत तेजले प्रकाशमान भइरहेको यस बालकलाई नुहाइदिए ।।२६।। गङ्गाले परित्याग गरेको गर्भबाट जन्मेको हुनाले देवताहरूले अग्निसमानका तेजिला यी महाबाहु कार्तिकेयको स्कन्द भन्ने नाम पनि राखे ।।२७।। कृत्तिकाहरूको स्तनमा दूध आउन लागेपछि यिनले छओटा मुख धारण गरी एकैचोटि छओटा कृत्तिकाहरूको दूध चुस्न-लागे ।।२८।। दूध चुसेपछि एकै दिनमा कोमल शरीर भएका यी बालकले आफ्नो पराक्रमद्वारा दैत्य-हरूको फौजलाई जितिदिए ।।२९।। यसपछि अग्निप्रभृति सबै देवताहरूले एकै ठाउँमा जम्मा भई यी महातेजस्वी बालकलाई देवताहरूका फौजको सेनापति बनाइदिए ।।३०।। हे राम ! मैले गङ्गाको विस्तार-पूर्वकको वृत्तान्त तथा कुमारको उत्पत्तिको पवित्र तथा धन्यरूप कथा तिमीलाई सुनाएँ ।।३१।। हे राम !

जो मानिस यस संसारमा कार्तिकेयमाथि भक्ति राख्नेछ, त्यसको आयु बढ्नेछ र छोरा नातिको साथ-साथै त्यो स्कन्दलोकमा पुग्न पाउनेछ ॥३२॥

सर्ग—३८

सगर राजाको कथा ।

मीठा मीठा शब्दमा यो कथाको वर्णन गरिसकेपछि विश्वामित्र फेरि पनि रामचन्द्रलाई यी कुरा भन्नलागे ॥१॥ हे वीर ! उहिले सगर नाम गरेका राजा अयोध्यामा राज्य गर्दथे । यिनी बडो धर्मात्मा थिए, तर छोरो नभएकोले सदा पुत्रोत्पत्तिको अभिलाषा राख्तथे ॥२॥ राजा सगरकी जेठी रानीको नाम केशिनी थियो, यिनी विदर्भ राजाकी छोरी थिइन् । यिनी जत्तिको धर्मात्मा थिइन् उत्तिकै सत्यवादिनी पनि थिइन् ॥३॥ सगरकी अर्की रानीको नाम सुमति थियो, यिनी अरिष्टनेमिकी छोरी तथा सुपर्णकी बहिनी हुन् ॥ महाराज सगर यी दुवै रानीलाई साथमा लिएर हिमवान् पर्वतमा गए र त्यहाँ भृगुप्रस्रवण नामक प्रदेशमा तपस्या गर्नलागे ॥५॥ सगरले तपस्या गर्नलागेको सय वर्ष पूरा भएपछि सत्यवादीहरूमाका श्रेष्ठ भृगुमुनिले यिनको आराधनाले प्रसन्न भई यिनलाई यस प्रकारसँग वर दिए ॥६॥ पापको लेश मात्र पनि नभएका हे राजन् ! तिम्रा सन्तान हुनेछन् । हे पुरुषश्रेष्ठ ! यी सन्तानले गर्दा संसारमा तिम्रो अनुपम कीर्ति फैलिनेछ ॥७॥ तिम्री एउटी रानीबाट केवल एउटा छोरो जन्मनेछ र यसैबाट वंशको वृद्धि हुनेछ, अर्की रानीले ता ६० हजार छोरा जन्माउनेछन् ॥८॥

मुनिले यसो भनेको सुन्दा दुवै रानीले यिनको स्तुति गरे र हात जोरेर प्रसन्नतापूर्वक भन्नलागे ॥९॥ हे ब्रह्मन् ! तपाईंको वचन सत्य होस् तर हामी जान्न चाहन्छौं कसको गर्भबाट एउटा छोरा र कसबाट ६० हजार छोरा जन्मने हुन् ॥१०॥ यी दुवै रानीहरूको कुरा सुनेपछि परमधार्मिक भृगुले भने :—तिमीहरूलाई जस्तो इच्छा लाग्दछ त्यस्तै गर अर्थात् जसलाई एउटै जन्माउन मन लाग्दछ उसले एउटा जन्माओस् र धेरै इच्छा हुनेले धेरै जन्माओस् ॥११॥ एउटा छोराले वंश बढ़ाउनेछ र अरू अरू बलिया उत्साही तथा कीर्तिमान् हुनेछन् । यी दुई वरमध्ये तिमीहरूमा को के चाहन्छयौ ॥१२॥ हे रामचन्द्र ! मुनिको कुरा सुन्नासाथ केशिनीले राजाको सामुन्नेमा वंशको वृद्धि गराउने एउटा छोरो मागिन् ॥१३॥ सुपर्णकी बहिनी सुमतिले महाउत्साही, कीर्तिमान् ६० हजार छोरा मागिन् ॥१४॥ हे रामचन्द्र ! यसपछि महाराज सगर मुनिको चरणमा परेर यिनको प्रदक्षिणा गरी रानीहरू-लाई साथमा लिएर आफ्नो देशतिर फर्के ॥१॥ केही दिन बितेपछि सगरकी जेठी महारानी केशिनीले असमञ्जस नाम गरेको छोरो पाइन् ॥१६॥ सुमतिको गर्भबाट एउटा तुम्बाको जन्म भयो जसलाई फोरेपछि त्यसबाट ६० हजार छोरा उत्पन्न भए ॥१७॥ घिउले भरिएको एउटा कुण्डमा राखेर धाईहरूले यी बालकहरूको पालन पोषण गरे । धेरै दिनपछि यी सबै जवान भए ॥१८॥ निक्कै दिनपछि सगरका

यी ६० हज्जार छोरा रूप तथा यौवनले सम्पन्न भए ॥१९॥ हे राम ! राजा सगरको जेठो छोरा असमञ्जस बालकहरूलाई समाती सरयूको जलमा फ्यांकिदिन्थ्यो र यिनीहरूलाई डुब्न लागेको देख्ता खुशी हुन्थ्यो, पाप कर्ममा लागेको, सज्जनहरूको द्रोह गर्ने नगरवासीहरूलाई सदा दुःख दिइरहने हुनाले बाबुले त्यसलाई शहरबाट निकालिदिए । यस असमञ्जसको अंशुमान् नाम भएको एउटा पराक्रमी छोरो जन्म्यो ॥२०-२२॥ यो सबैको प्यारो थियो र सबैसित मीठोसंग बोल्दथ्यो । यस प्रकारसंग धेरै दिन बितिसकेपछि सगर राजाले यज्ञ गर्ने निश्चय गरे । यस किसिमको विचार गरेकोले वेद जान्ने पण्डितहरूसंग सल्लाह गरी यिनी वेदोक्त विधिले यज्ञ गर्न तय्यार भए ॥२३-२४॥

सर्ग--३९

सगर राजाको वर्णन र यिनका छोराहरूले पृथ्वी खनेको कुरा ।

विश्वामित्रका यी कुरा सुनेपछि कथाको अन्तमा, अत्यन्त प्रसन्न भइराखेका रामचन्द्रजीले बल्दो आगोसमानका तेजस्वी मुनिलाई भने ॥१॥ हे भगवन् ! तपाईंको कल्याण होस् , उहिले मेरा पुरुखा सगर राजाले कसरी यो यज्ञ गरेथे सो कुराको सम्पूर्ण कथा विस्तारपूर्वक सुन्न चाहन्छु ॥२॥ रामचन्द्र-को उत्कण्ठाले पूर्ण भएको कुरा सुनेपछि विश्वामित्र हाँसेर यिनलाई भन्नलागे ॥३॥ हे राम ! सगर राजाको कथा म विस्तारपूर्वक भन्दछु, सुन । महादेवका ससुरा हिमवान्‌को नामले प्रसिद्ध छन्, यसैको नजीकमा विन्ध्याचल पर्वत पनि विद्यमान छ । यी दुवै पर्वत आफ्नो ऊँचाइले गर्दा आफू आफूमा हेरिरहेका जस्ता देखिन्छन् । हे पुरुषोत्तम ! यिनै दुई पर्वतको बीचमा यो यज्ञ भएको हो ॥४-५॥ हे नरश्रेष्ठ ! यज्ञका लागि यो जग्गा बहुत बढ़िया छ । यस यज्ञको घोडाको रक्षा गर्ने जिम्मा दृढ, धनुर्धारी, महारथी, सगरको आज्ञा मान्ने अंशुमानले लिए । आश्वालम्भनको दिन, इन्द्रले राक्षसको भेष धारण गरी यज्ञ गर्ने यजमान सगरको यज्ञको घोडा चोरेर लगिदिए । महात्मा सगरको घोडा चोरिएपछि सबै उपाध्यायहरूले मिलेर राजालाई निवेदन गरे :—महाराज ! हेर्नुहोस् , पर्वको दिनमा कसैले हतपतसाथ घोडा हरेर लगिदिएछ तसर्थ अब घोडा चोरेर लैजानेलाई मारी आफ्नो घोडा फर्काएर ल्याउनुहोस् , यसो हुनु ता यज्ञमा विघ्न पर्नु हो, यसले गर्दा हामी कसैको पनि कल्याण हुनेछैन ॥६-१०॥ अतएव तपाईंले अब यो यज्ञ निर्विघ्नपूर्वक समाप्त हुने उपाय गर्नुपर्दछ । सभामा उपाध्यायहरूको यो कुरा सुनेपछि राजाले आफ्ना साठी हज्जार छोराहरूलाई भने :–हे पुरुषश्रेष्ठहो ! ठूला ठूला मन्त्र जान्ने शास्त्रीहरूले यस महायज्ञको रक्षा गर्दा गर्दै पनि राक्षसहरूले घोडा चोरेर लगेको भए ता हामीहरूलाई यिनीहरूबाट पार पाउन गाह्रै पर्ला । तसर्थ हे छोराहो ! तिमीहरू आफैं गएर घोडाको खोज पत्ता लगाऊ, तिमीहरूको कल्याण होस् ॥११-१३॥ एक-एक योजन जग्गा प्रत्येकले आफ्नो जिम्मामा लिएर समुद्रले घेरिएको यस समस्त पृथ्वीमा घोडाको खोज खबर गर ॥१४॥ ज़बसम्म घोडा देखा पर्दैन तबसम्म त्यसलाई चोरेर लैजानेको पत्ता लगाउनका लागि मेरो आज्ञाले पृथ्वी खन्दै जाऊ ॥१५॥

मैले यज्ञको दीक्षा लिइराखेको छ, तसर्थ तिमीहरूले घोडा फर्कापर नल्याएसम्म आफ्ना नाति तथा उपाध्यायहरूको साथमा यहीं बसिराख्तछु, तिमी सबैको कल्याण होस् ॥१६॥

यी महाबली छोराहरू पिताको आज्ञा पाएकोले प्रसन्नतासाथ घोडा खोज्नाको लागि समस्त पृथ्वी-मा घुम्न लागे ॥१७॥ यी प्रत्येक पुरुषसिंहहरूले वज्रसमानको आफ्नो साह्रो हातले एक एक योजन पृथ्वी खने ॥१८॥ हे राम ! यस समयमा वज्रसमानको शूल र डरलाग्दो हलोले पृथ्वी खनिन लागेकोले यिनी चिच्याउन लागिन् ॥१९॥ पृथ्वी खनिएकोले यहां वास गर्ने नाग, दैत्य, कसैलै जित्न नसक्ने राक्षस तथा अनेक प्रकारका जीव जन्तुको भयङ्कर शब्द सुनिन लाग्यो, किन कि यिनीहरूमध्ये कति ता मरे र कतिलाई अत्यन्त वेदना भइरहेको थियो ॥ २० ॥ हे राम ! यस प्रकारसँग सगरका छोराहरूले रसातल (पाताल) मा समेत खोज्ने इच्छाले साठी हज्जार योजन पृथ्वी खनिदिए ॥ २१ ॥ यी राजपुत्रहरू अनेक पर्वतले युक्त भएको जम्बुद्वीपलाई खन्दै जताततै घुम्न लागे ॥२२॥ पृथ्वीलाई यसरी खनेको देख्ता देवता, गन्धर्व, असुर, नाग अत्यन्त हडबडाएर ब्रह्मा भएको ठाउँमा पुगे ॥२३॥ अतिशय व्याकुल भएका तथा मुख निन्याउरो पारिराखेका यिनीहरूलेभगवान्‌को स्तुति गरेर भने ॥२४॥ हे भगवन् ! सगरका छोराहरू जम्मै पृथ्वीलाई खनिरहेका छन् र नाना जलजन्तु तथा महात्माहरूको संहार पारिरहेका छन् ॥२५॥ जसलाई देख्यो त्यसैलाई आफ्नो यज्ञको द्रोह गर्ने तथा घोडा चोर्ने संझेर जथाभावीसंग सबै प्राणीको वध गर्नलागेका छन् ॥२६ ॥

सर्ग—४०

सगरका छोराहरूलाई कपिल मुनिले भस्म पारिदिन्छन् ।

देवताहरूको कुरा सुनिसकेपछि भगवान् ब्रह्माले यमराजका दूतरूपी सगरका छोराहरूदेखि डराएका तथा हडबडाएका यिनीहरूलाई यस प्रकारसँग जवाफ दिए ॥१॥ हे देवताहो ! यी पृथ्वी बुद्धिमान् माधव वासुदेवकी महारानी हुन् । यिनै यसका मालिक हुन् ॥२॥ यी भगवान् कपिलको रूप लिएर सदा पृथ्वीलाई धारण गरिरहेका छन् । यिनकै क्रोधाग्निले यी सबै दुष्ट राजपुत्रहरू डढेर भस्म हुनेछन् ॥३॥ पृथ्वीको भेदन हुनु ता प्रत्येक युगमा भइआएको स्वाभाविक कुरो हो, यही पृथ्वी-को भेदनबाट मन्दबुद्धि भएका सगरका छोराहरूको मरण हुने कुरा निश्चित भएको छ ॥४॥

पितामहको कुरा सुनेपछि शत्रुहरूको संहार पार्ने तेत्तीस देवताहरू (८ वसु, ११ रुद्र, १२ आदित्य, २ अश्विनीकुमार) मनमा प्रसन्न भई आफ्ना आफ्ना ठाउँमा गए ॥५॥

सगरका छोराहरूले पृथ्वी खनिरहेको वेलामा यिनीहरूको अगाडि वज्र परेको जस्तो बडो डरलाग्दो शब्द भयो ॥६॥ पृथ्वीलाई खनिसकेपछि र यसको चारैतिर घुमघाम गरिसकेपछि सगरका सबै छोराहरू फर्केर गए र बाबुलाई सबै वृत्तान्त वर्णन गरेर सुनाए ॥७॥ हामीले सबै पृथ्वी खोज्यौं र बड़ा बडा बलिया देवता, दानव, राक्षस, पिशाच र नागहरूलाई मार्‍यौं पनि, तर न घोडा, न घोडा चोर्नेलाई कतै

भेट्टाउन सक्यौं । तपाईंको कल्याण होस् अब हामीले गर्ने के ? कृपया हामीले गर्नुपर्ने कुराको आज्ञा गर्नुहोस् ॥८-९॥ हे रामचन्द्र ! राजश्रेष्ठ सगरले आफ्ना छोराहरूको कुरा सुनेपछि रिसले चूर भई भने ॥१०॥ हे छोराहो ! फेरि पनि पृथ्वी खन, खन्दा खन्दा पृथ्वीलाई फोरि नै द्यौ, घोडा चोर्नेलाई समातेर सफल भएपछि मात्र फर्क ॥११॥ पिताको आज्ञा पाउनासाथ महात्मा सगरका ६० हजार छोरा रसातलतिर लागे ॥१२॥ पृथ्वी खन्दाखेरि यिनीहरूले पर्वतसमानको अग्लो विरूपाक्ष नाम गरेको दिग्गज देखे, यसले पृथ्वी धारण गरिराखेको थियो ॥१३॥ हे रामचन्द्र ! विरूपाक्ष नाम गरेको यस ठूलो हात्तीले वन, पर्वतसहितको यो समस्त पृथ्वीलाई आफ्नो टाउकोमाथि राखिछोडेको थियो ॥१४॥ हे काकुत्स्थ ! भारी बोक्ता थाक्दाले जब यो हात्ती विश्रामका लागि टाउको यताउति हल्लाउँछ त्यस बखत भूमिकम्प हुन्छ ॥१५॥ सगरका छोराहरूले पूर्व दिशाको पालना गर्ने यस दिग्गजको आदर सत्कार गरी यसको प्रदक्षिणा गरे र फेरि पृथ्वीलाई फोरेर रसातलतिर लागे ॥१६॥ यस प्रकारसँग पूर्व दिशापट्टि खनेर यिनीहरू दक्षिण दिशातिर लागे । यहाँ पनि यिनीहरूले एउटा खूब ठूलो हात्ती देखे ॥१७॥ महापद्म यसको नाम थियो र आकारमा जङ्गी पहाड जस्तो थियो । यसले पनि टाउकोले पृथ्वीलाई थामिराखेको देख्ता राजकुमारहरूलाई बडो आश्चर्य लाग्यो ॥१८॥ सगरका साठी हज्जार छोराहरूले यस दिग्गजको प्रदक्षिणा गरे अनि पश्चिम दिशापट्टि खन्न लागे ॥१९॥ पश्चिम दिशामा पनि यी महाबलीहरूले एउटा ठूलो पर्वतसमानको हात्ती देखे, सौमनस यसको नाम थियो ॥२०॥ यिनीहरूले यसको प्रदक्षिणा गरेर क्षेम कुशलको हाल खबरसमेत सोधे, यसपछि पृथ्वी खन्दै उत्तर दिशातिर लागे ॥२१॥ यस उत्तर दिशामा पनि यिनीहरूले हिउँसमानको भद्र नाउँ गरेको एउटा सेतो हात्ती देखे । यसले आफ्नो सुन्दर शरीरले पृथ्वीलाई बोकिराखेको थियो ॥२२॥ यिनीसित भेट मुलाकात गरी तथा यिनको प्रदक्षिणा गरिसकेपछि सगरका साठी हज्जार वीर छोरा फेरि पनि पृथ्वी खन्ने काम गर्नलागे ॥२३॥ प्रसिद्ध उत्तर दिशातिर लागेर सगरका छोराहरू रिसले चूर भई पृथ्वी खन्न लागे ॥२४॥ बड़ा उद्योगी, महाबलवान् तथा अतिशय छिटा छरिता यी सगरका छोराहरूले त्यहाँ अर्थात् उत्तर दिशामा सनातन भगवान् वासुदेवलाई कपिलको रूप लिएर बसिराखेको देखे ॥२५॥ यी मुनि बसेको ठाँउँदेखि अलि पर घोडालाई चरिराखेको देख्ता हे राम ! यी सबै राजपुत्रहरू हुनासम्म खुशी भए ॥२६॥ यिनीहरूले यी कपिल मुनिलाई नै आफ्नो यज्ञमा विघ्न पुर्‍याउने भन्ठाने । रिसले गर्दा यिनका आँखा राता राता भइराखेका थिए । खन्ती, हलो, किसिम किसिमका रूख र ढुङ्गा लिई लिईकन रिसले चूर हुँदै दगुर्न लागे र बीच बीचमा भन्दथे, पर्खी, तैंले नै हाम्रो यज्ञको घोडा चोरेको हो । हे मूर्ख ! जानिराख् , सगरका हामी सब छोरा आइराखेका छौं । हे राम ! यिनीहरूका यी कुरा सुनेपछि कपिलले रिसले चूर भई "हूँ" शब्द गरे । अति ठूलो प्रभाव भएका, महात्मा कपिलले हुंकार गर्नासाथ सगरका सब छोराहरू डढेर खरानी भए ॥२७-३०॥

सर्ग--४१

घोडा खोज्न भनी अंशुमान् जान्छन् र घोडा लिएर फर्कन्छन् ।

हे रामचन्द्र ! छोराहरूलाई फर्कन ढीलो भएको देख्ता सगरले आफ्नै तेजले तेजस्वी भइराखेका नाति अंशुमान्लाई भने ॥१॥ तिमी शूरा, विद्वान् र आफ्ना काकाहरू जत्तिकै तेजिला छौ, जाऊ आफ्ना काकाहरूको र घोडा चोर्नेको पत्ता लगाऊ ॥२॥ पृथ्वीको भित्रपट्टि अनेक पराक्रम र ठूलो शरीर भएका प्राणी रहन्छन्, यिनीहरूलाई मार्नको निम्ति धनु तरवार लिएरै जाऊ ॥३॥ जो प्रणाम गर्न योग्य छन् तिनीहरूलाई प्रणाम गर्नू र जो मारिन योग्य अर्थात् विघ्नकारी छन् तिनलाई मारेर आफ्नो काम सिद्ध गरी फर्के । तिमी नै मेरो यज्ञको पार लगाउने होऊ ॥४॥

यस प्रकारसँग महात्मा सगरले भनेपछि अंशुमान् धनु तरवार लिएर बडो छिटोसँग हिंडे ॥५॥ हे रामचन्द्र ! राजा सगरको आज्ञाले हिंडेका यिनले जाँदा जाँदा पृथ्वीको भित्रपट्टि आफ्ना काकाहरूले खनिराखेको बाटो देखे र त्यसमा प्रवेश पनि गरिहाले ॥६॥ त्यहाँ यी महातेजस्वीले देवता, दानव, राक्षस, पिशाच, पक्षी, नाग यी सबैले पूजा गर्ने गरेको दिग्गज देखे ॥७॥ अंशुमान्ले यो दिग्गजको प्रदक्षिणा गरिसकेपछि यसको क्षेमं कुशलको हाल खबर र आफ्ना काकाहरूको तथा घोडा चोरेर लैजानेको विषयमा पनि सोधपूछ गरे ॥८॥ यिनको कुरा सुनेपछि महाबुद्धिमान् दिग्गजले जवाफ दियो—हे असमञ्जसका छोरा ! तिमी सफल हुनेछौ र चाँडै नै घोडा लिएर फर्कन पाउनेछौ ॥९॥ यस दिग्गजको कुरा सुनेपछि अंशुमान्ले प्रत्येक दिशाका प्रत्येक दिग्गजहरूसित क्रमैले विधिपूर्वक यै कुरा सोध्दै गए ॥१०॥ कुराको मतलब बुझ्ने, बोल्नामा सिपालु यी सब दिग्गजहरूले पनि अंशुमान्द्वारा पूजित हुनासाथ तिमी घोडा लिएर चांडै नै फर्कनेछौ भन्ने कुरा सुनाए ॥११॥ यिनीहरूको कुरा सुनेपछि अंशुमान् हतपतसाथ त्यस ठाउँमा गए जहाँ कि यिनका डढ़ेका काकाहरूको खरानीको थुप्रो पडिराखेको थियो ॥१२॥ आफ्ना काकाहरूको मृत्यु भएको देख्ता असमञ्जसका छोरालाई बड़ो दुःख भयो र करुणाजनक स्वरले विलाप गर्दै यिनले केही बेरसम्म शोक गरे ॥१३॥ दुःख शोकले आकुल-व्याकुल परेका यी पुरुषश्रेष्ठले अलि पर यज्ञको घोड़ालाई चर्नलागेको देखे ॥१४॥ अंशुमान्ले आफ्ना काकाहरूलाई तिलाञ्जलि दिने विचार गरे, तर यस कामका लागि त्यहाँ जल खोज्दा यिनले कतै पनि जल पाएनन् ॥१५॥ यिनले बडो सावधानीसित दृष्टि दौडाएर चारैतिर हेरे र वायु-समानको वेग भएका पक्षीराज गरुड़माथि यिनको नजर पर्न गयो, यी गरुड आफ्ना काकाहरूका मामा थिए ॥१६॥ महाबली गरुडले अंशुमान्लाई भने—हे पुरुषसिंह ! शोक नगर, लोकको कल्याणका लागि तिम्रा काकाहरूको मृत्यु भएको हो ॥१७॥ ठूलो प्रभाव भएका कपिलले तिम्रा महाबली काका-हरूलाई भस्म पारेका हुन् तसर्थ साधारण जलले यिनीहरूलाई तिलाञ्जलि दिन हुँदैन ॥१८॥ हे पुरुषश्रेष्ठ ! हिमाचलकी गङ्गा नाम गरेकी जेठी छोरी छन्, यिनैको पवित्र जलले तिमी आफ्ना काकाहरू-

लाई तर्पण देऊ ॥१९॥ ढढेर खरानी भइराखेका यी तिम्रा काकाहरूलाई जब सबको मन पर्ने तीनै लोकलाई पवित्र गराउने गङ्गाले भिजाउनेछन् तब मात्र यी साठी हज्जार सगरका छोराहरू स्वर्ग जानेछन् ॥२०॥ हे पुरुषश्रेष्ठ ! घोड़ा लिएर तिमी फर्क र पितामहको यज्ञ समाप्त गर्न लगाऊ ॥२१॥

गरुडजीको यस्तो कुरा सुन्नासाथ पराक्रमी तपस्वी अंशुमान् घोड़ा लिएर झट्टै त्यहाँबाट फर्केर आए ॥२२॥ हे राम ! यज्ञमा दीक्षा लिइराखेका आफ्ना पितामहको सम्मुख गएर उहाँ भएको सबै वृत्तान्त र गरुडले भनेको कुरा पनि सुनाए ॥२३॥ महाराज सगरले अंशुमान्को मुखबाट मुटु छिया छिया पार्ने यो नराम्रो कुरा सुने । वैदिक विधानको अनुसार विधिपूर्वक यज्ञ समाप्त गरिसकेपछि यिनी आफ्नो राजधानीमा फर्केर आए । गङ्गालाई पृथ्वीमा ल्याउने कुनै उपाय यिनले विचार गर्न सकेनन् । धेरै कालसम्म विचार गर्दा पनि यिनले यस सम्बन्धमा कुनै कुराको निर्णय गर्न सकेनन् । तीस हजार वर्षसम्म राज्य गरिसकेपछि राजा सगरको स्वर्गवास भयो ॥२४-२६॥

सर्ग—४२

भगीरथ राजा गंगालाई ल्याउनको निम्ति तपस्या गर्दछन् र ब्रह्माबाट वर पाउँछन् ।

हे राम ! कालधर्मानुसार राजा सगरको स्वर्गवास भएपछि प्रजाहरूले परम धार्मिक अंशुमान्-लाई राजा बनाउने निश्चय गरे ॥१॥ हे राम ! अंशुमान्ले बडो राम्रोसंग राज्य गरे, यिनका छोरा दिलीप पनि बड़ा प्रतापी र प्रसिद्ध थिए ॥२॥ आफ्ना छोराको जिम्मामा राज्य छोडेर अंशुमान हिमालय पहाड़को रमणीय टाकुरामा बड़ो कठोर तपस्या गर्न लागे ॥३॥ महायशस्वी तपस्वी राजा अंशुमान् बत्तीस हज्जार वर्षसम्म तपस्या गरिसकेपछि स्वर्गवासी भए ॥४॥ महातेजस्वी महाराज दिलीप पनि आफ्ना पितामहहरूको विनाशको वृत्तान्त सुन्दा अत्यन्त दुःखले गर्दा यिनको बुद्धि नै ठेगानमा रहन सकेन तसर्थ कुनै कुराको निर्णय नै गर्न सकेनन् ॥५॥ गंगाजीलाई कसरी ल्याउने पितामहहरूको कसरी जलक्रिया गरेर उद्धार गर्ने, राजालाई सदा यी कुराको चिन्ता लागिरहन्थ्यो ॥६॥ यस प्रकारको सदा चिन्ता लिइरहने धार्मिक राजाको केही दिनपछि भगीरथ नाम गरेका बड़ा धर्मात्मा छोरा जन्मे ॥७॥ तेजस्वी राजा दिलीपले अनेक यज्ञ गरे र तीस हज्जार वर्षसम्म राज्य चलाए ॥८॥ तर आफ्ना पितृहरूलाई उद्धार गर्ने उपायको चिन्तना गर्दा गर्दैमा यिनलाई रोगले समात्यो र यही रोगबाट यिनको मृत्यु पनि भयो ॥९॥ आफ्ना छोरा भगीरथलाई राजसिंहासनमा राखेर नरश्रेष्ठ राजा दिलीप आफ्ना सुकर्मको बलले इन्द्रलोकमा वास गर्न गए ॥१०॥

हे रामचन्द्र ! राजर्षि भगीरथ बड़ा धर्मात्मा थिए, कुनै छोरा नभएकोले सन्तानको उत्पत्तिका लागि उपाय गर्ने इच्छा गर्दथे ॥११॥ हे राम ! मन्त्रीहरूको हातमा राज्य सुम्पेर गंगाजीलाई ल्याउ-नको निम्ति तत्पर भएका राजा भगीरथले गोकर्ण नाम गरेको ठाउँमा धेरै कालसम्म बडो कडा तपस्या गरेर बसे ॥१२॥ यिनले जितेन्द्रिय भईकन कहिले महीनाको अन्तमा भोजन गरेर कहिले पञ्चाग्निको

बीचमा उभिएर र कहिले माथितिर हात उठाएर तपस्या गरे । यस्तो कठिन तपस्या गर्दा गर्दैमा एक हज्जार वर्ष बितेपछि प्रजापति भगवान् ब्रह्मा यिनीदेखि प्रसन्न भई देवताहरूलाई साथमा लिएर यी महात्माले तपस्या गर्नलागेको ठाउँमा आएर यिनलाई भने ॥१३-१५॥ प्रजाका मालिक हे भगीरथ ! म तपाईंको यस उत्तम तपस्याले प्रसन्न छु । व्रत धारण गर्ने हे महाराज ! अब कुनै वर माग्नुहोस् ॥१६॥ यसपछि महातेजस्वी, महाबाहु भगीरथले हात जोरेर सबै लोकका पितामह ब्रह्मालाई भने ॥१७॥

हे भगवन् ! यदि तपाईं मदेखि प्रसन्न हुनुभएको र मेरो तपस्याको केही फल पाइने सम्भावना छ-भने सगरका छोराहरूको गंगाजलले तर्पण गर्नपाऊँ ॥१८॥ गंगाजलले मेरा महात्मा प्रपितामहहरूको खरानी बगाउन पाएपछि मात्र यिनीहरू स्वर्ग जान पाउनेछन्, यिनीहरूको उद्धार हुने अरू कुनै उपाय छैन ॥१९॥ हे भगवन् ! म छोराका लागि पनि प्रार्थना गर्दछु यस निम्ति कि मेरो कुलको नाश हुन नपाओस् । इक्ष्वाकुकुलमा यस वरलाई अन्तिम वर संझनुहोस् ॥२०॥ राजाको यस्तो प्रार्थना सुनेपछि सम्पूर्ण संसारका पितामह ब्रह्माजीले अति मनोहर अक्षर भएको, बडो राम्रो, मधुरो स्वरले जवाफ दिए ॥२१॥

हे महारथी ! यो ता तिम्रो ठूलो अभिलाषा हो तर तिम्रो अभिलाषा पूर्ण हुनेछ, इक्ष्वाकुकुलको वृद्धि गराउने महाराज ! तिम्रो कल्याण होस् ॥२२॥ हिमालयकी जेठी छोरी पृथ्वीमा आउनेछन्, हे राजन् ! यिनको वेग धारण गर्नको निम्ति शिवजीको प्रार्थना गर ॥२३॥ आकाशबाट झर्दाखेरि गंगाको वेग पृथ्वीले सहन सक्नेछैनन्, शिवजीबाहेक अरू कसैमा पनि यिनको वेग थाम्ने शक्ति म देख्तिनँ ॥२४॥

राजा भगीरथलाई यस प्रकारसंग भनेर र गंगालाई पनि यिनको अभिलाषा पूरा गराउने आज्ञा दिएर सृष्टिकर्ता ब्रह्माजी देवताहरूलाई साथमा लिई सत्यलोक अर्थात् स्वर्गतिर लागे ॥२५॥

सर्ग—४३

गंगा शिवजीको जटामा प्रवेश गरिसकेपछि भगीरथको पछिपछि लागेर आउँछिन्; जह्नु ऋषिको चरित्र वर्णन तथा सगरका छोराहरूको स्वर्ग प्राप्ति ।

देवताहरूका पनि देवता ब्रह्मा गएपछि राजा भगीरथले पृथ्वीमा एउटा औंलाले टेकेर उभीकन एक वर्षसम्म शिवजीको उपासना गरे ॥१॥ एक वर्ष पूरा भएपछि सबैले वन्दना गर्ने योग्यका उमापति महादेवजीले राजालाई भने ॥२॥ हे नरश्रेष्ठ ! म तिमीदेखि प्रसन्न छु, तिम्रो मनोरथ सिद्ध गरिदिनेछु, हिमवान्‌की छोरी गंगालाई आफ्नो मस्तकमाथि धारण गर्नेछु ॥३॥ यसपछि हे राम ! सबद्वारा पूजा गरिएकी हिमवान्‌की जेठी छोरी गंगा—अति ठूलो रूप धारण गरेर थाम्नै गाह्रो पर्ने बडो भारी वेगसित आकाशबाट शिवजीको मस्तकमाथि खसिन् र खस्ने समयमा वेग रोक्न कठिन

पर्ने कुरा यिनी विचार गर्नलागिन् ॥४-५॥ आफ्नो प्रवाहको साथसाथै शिवजीलाई समेत आफूसंग लिई पातलमा प्रवेश गर्दछु । गंगाको यो अभिमान थाहा पाएपछि शिवजी बहुतै रिसाए ॥६॥ यिनको यो घमण्ड तोड्नाको लागि शिवजीले यिनलाई आफ्नो जटामा अलमल्याइराख्ने विचार गरे । शिवजीको पवित्र मस्तकमाथि यिनी खसिन् ॥७॥ गंगाले पृथ्वीतलमा बगेर जाने अनेक प्रयत्न गरिन् तर शिवजीको जटामंडल हिमाचलको गुफा जस्तो हुनाले कसै गरेर पनि यताबाट यिनी बाहिर निस्कन सकिनन् ॥८॥ महादेवजीको जटाबाट यिनी बाहिर निस्कनै सकिनन् औ कईएक वर्षसम्म त्यहीं घुम्दै रहिन् ॥९॥ गंगाजीलाई पृथ्वीतलमा नआएको देख्ता भगीरथले फेरि तपस्या गर्न थाले । हे राम ! भगवान् शङ्कर यिनको तपस्या देखेर बहुत प्रसन्न भए ॥१०॥ यसपछि यिनले हिमालयको नजीकको बिन्दु नाम गरेको तलाउमा गंगालाई छोडिदिए, यसरी छोडिएकी गंगाजीबाट सात धाराको उत्पत्ति भयो ॥११॥ ह्लादिनी, पावनी, र नलिनी, पवित्र जल भएका यी तीन धारा पूर्व दिशातिर बग्नलागे ॥१२॥ सुचक्षु, सीता र महानदी सिन्धु यी पवित्र तीन धारा पश्चिमपट्टि गए ॥१३॥ यी धाराहरूमध्ये सातौंचाहिं धारा भगीरथको पछिपछि लागिन् । राजर्षि भगीरथ पनि अलौकिक रथमा सवार भई अघिअघि हिंड्न लागे र गंगा यी महातेजस्वीको पछिपछि जान लागिन् । आकाशबाट शङ्करको माथमा खसेकी गंगा यस प्रकारसंग पृथ्वीतलमा आइन् ॥१४-१५॥

यी गंगा पृथ्वीतलमा बगेर आउँदाखेरि ठूलो कोलाहलको शब्द निस्क्यो । माछा, कछुवा, ग्राह आदि गरिएका जल जन्तुहरूको बगालका बगाल यस जलमा धमाधर्मी खस्न लागेका थिए र यिनले गर्दा पृथ्वीको अद्भुत शोभा देखिन लाग्यो । देवता, ऋषि, गन्धर्व, यक्ष र सिद्धहरू, शहर जस्ता ठूला ठूला विमान, हात्ती, घोड़ा, पारिप्लव नाम गरेको विमानमा समेत सवार भई आकाशबाट गंगाजी आएको, संसारको अचम्भ लाग्ने काम हेर्नाका लागि एकै ठाउँमा जम्मा भए । महातेजस्वी देवताहरू गंगाको दर्शन गर्न आएकाले र यिनका गहनाको चमकले गर्दा निर्मल आकाशमा सैकड़ौं सूर्य उदाइराखेका जस्तो देखिन लाग्यो ! सोंस, सर्प तथा माछाहरूको चञ्चलपनाले गर्दा आकाश बिजुलीले परिपूर्ण भइराखेको जस्तो मालूम हुनलाग्यो । यस समयमा जलको वेगले गर्दा गंगामा उठेको जताततै छरिएको हजारौं सेता फिंजले जम्मै आकाशलाई टम्मै पारिदियो ॥१६-२२॥ जसरी शरद् ऋतुमा हाँसले र मेघले गर्दा आकाश भरिएको हुन्छ त्यसै गरी अहिले गंगाको जलले भरिन गएको थियो । गंगाको जल कहीं छिटोसंग, कहीं बाङ्गिएर, कहीं फिंजिएर, कतै माथि उठेर, कतै निहुरेर र कतै त बिस्तारै बिस्तारै बग्नलागेको थियो । कहीं कहीं ता जलले जलसित ठक्कर खान्थ्यो ॥२३-२४॥ कतै ता जलको प्रवाह माथितिर उठेर फेरि तल पृथ्वीमा झर्दथ्यो । शिवजीको मस्तकमा खसेर यहाँबाट पृथ्वीतलमा आएको, सबै प्रकारको पाप नाश गर्ने गंगाको पवित्र जल बडो राम्रो देखिन लागेको थियो । पृथ्वीमा बसेका ऋषि तथा गन्धर्वहरूले, शिवजीको शरीरबाट झरेकोले पवित्र संझेर यस जलको आचमन गरे । देवताहरूबाट पाएको श्रापले गर्दा स्वर्गबाट पृथ्वीमा आइराखेकाहरू गंगामा स्नान गर्नाले पापदेखि मुक्त भए ।

पापदेखि मुक्त भएका यिनीहरू यस जलको प्रभावले फेरि पनि पवित्र भई आकाशमा गए र यहांबाट आफ्ना आफ्ना लोकतिर लागे । गंगाको स्वच्छ जल देख्ता दङ्ग परेका दुनियाँ आनन्द मनाउन लागे र यसमा स्नान गर्नाले पापरहित हुनगए ।

राजर्षि महाराज भगीरथ दिव्य रथमा सवार भई अघिअघि जानलागे र गंगाजी यिनको पछि-पछि आउन लागिन् । देवता, ऋषि, दैत्य, दानव, राक्षस, ठूला ठूला यक्ष, किन्नर, ठूला साना सब प्रकारका नाग र अप्सराहरू भगीरथको रथपछिपछि हिंड्न लागे ॥२५-३२॥ सबै जलचर प्राणीहरू प्रसन्नतासाथ गंगाको पछि लागेका थिए । जता राजा भगीरथ जान्थे त्यतै सबैको पाप नाश गर्ने, नदी-हरूमध्येकी श्रेष्ठ यशस्विनी गंगा जान्थिन् ।

जाँदा जाँदा गंगा अद्भुत काम गर्न सक्ने जह्नु मुनिले यज्ञ गरिरहेको ठाउँमा पुगिन् ॥३३-३४॥ गंगाले सामग्रीसहितको यी महात्माको यज्ञशाला बगाइदिइन् । हे राम ! गंगाको यो अहंकार देख्ता जह्नु ऋषि रिसले चूर भए, यस बखतमा यिनले गंगाको जम्मै जल पिइदिएर बड़ो अचम्म लाग्ने काम गरे । ऋषिले यसो गरेको देख्ता गन्धर्व तथा अरू अरू मुनिलाई बडो आश्चर्य लाग्यो ॥३५-३६॥ यिनीहरूले पुरुषश्रेष्ठ यी महात्मा जह्नुको पूजा गरे र गंगा तपाईंकी छोरीको नामले विख्यात हुनेछन् भनी निवेदन गरे ॥३७॥ यो सुनेपछि तेजस्वी मुनी खुशी भए र कानको प्वालबाट गंगालाई बगाएर बाहिर निकाले, यसै कारणले गंगालाई जह्नु-सुता अथवा जाह्नवी भनेको हो ॥३८॥ यहाँबाट फेरि नदीश्रेष्ठ गंगाजी भगीरथका रथको पछिपछि हिंड्न लागिन् र समुद्रमा गएर मिसिइन् ॥३९॥ राजा भगीरथको मनोरथसिद्धिका लागि यिनले पातालभित्र पनि प्रवेश गरिन् । राजाले पनि बडो प्रयत्नसाथ यिनलाई आफ्ना पुरुखाहरूको उद्धार गर्नाको लागि त्यहाँ लिएर गए ॥४०॥ कपिल मुनिको रिसले गर्दा खरानी भइराखेका आफ्ना पितामहहरूलाई देख्ता राजा बेहोश भए । हे रामचन्द्र ! गंगाले आफ्नो पवित्र जलले खरानीको त्यस थुप्रोलाई बगाइदिइन् र पापबाट मुक्त भई सगरका यी साठी हज्जार छोराहरू स्वर्गलोकमा गए ॥४१॥

सर्ग–४४

गंगाको माहात्म्य ।

गङ्गालाई पछि लगाएर राजा भगीरथ समुद्रमा पुगे र त्यहाँबाट पातालमा प्रवेश गरे जहाँ कि यिनका पितामहहरू खरानी भएर पड़िरहेका थिए ॥१॥ गङ्गाको तेजले खरानीको त्यस थुप्रोलाई बगाएपछि सबै लोकका स्वामी ब्रह्माजी राजालाई भन्नलागे ॥२॥

हे नरश्रेष्ठ ! तपाईंले महात्मा सगरका साठी हजार छोराहरूको उद्धार गर्नुभयो र यसले यिनीहरूले देवताहरूले झैं स्वर्गमा जान पाए ॥३॥ हे राजन् ! जबसम्म संसारमा समुद्रको जल रहनेछ तबसम्म सगरका यी छोराहरू देवताले झैं स्वर्गमा बस्न पाउनेछन् ॥४॥ तपाईंकै प्रयत्नले पृथ्वीतलमा आएकी हुनाले गङ्गा तपाईंकी जेठी छोरी संझिइनेछन् र तपाईंको नामबाट संसारमा विख्यात

हुनेछन् ॥५॥ गङ्गा, त्रिपथगा र भागीरथी यिनका यी तीन नाम हुनेछन् । तीन धारा भएर बगेकी हुनाले यिनको नाम त्रिपथगा हुनेछ ॥६॥ हे राजन् ! तपाईं आफ्ना पितामहहरूलाई यहीं जलाञ्जलि दिनुहोस् र आफ्नो प्रतिज्ञा पूरा गर्नुहोस् ॥७॥ हे राजन् ! अत्यन्त यशस्वी र धर्मात्माहरूमा श्रेष्ठ तपाईंका पुरुखा सगरको पनि यही अभिलाषा थियो तर यिनको अभिलाषा पूर्ण हुनसकेन ॥८॥ हे बाबु ! यस मर्त्यलोकका बडा तेजस्वी अंशुमान्ले पनि यसै गरी गङ्गालाई ल्याउन प्रयत्न गरेका हुन् तर उनी सफल हुनसकेनन् ॥९॥ हे राजन् ! तपाईंका पिता राजार्षि दिलीप बडा गुणी र महर्षि जत्तिकै तेजस्वी थिए, तपस्यामा यिनी मेरो बराबरका थिए र क्षत्रिय धर्मको पालना गर्दथे । यी महाभाग्यशाली, अतिशय तेजस्वी राजाले पनि गङ्गालाई ल्याउन खोजेका हुन्, तर यिनले आफ्नो मनोरथ सिद्ध गर्नसकेनन्॥१०-११॥ हे पुरुषश्रेष्ठ ! तर तपाईंले भने गङ्गालाई ल्याएर आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो र संसारमा ठूलो यश पनि कमाउनुभयो ॥१२॥ शत्रुको विनाश गर्ने हे राजन् ! पृथ्वीतलमा गङ्गालाई ल्याउन सकेकोले तपाईंलाई ठूलो धर्मको प्राप्ति भएको छ ॥१३॥ गंगामा जहिलेसुकै स्नान गरे पनि हुन्छ, स्नान गर्नाको लागि तिथि मुहूर्त, पर्व इत्यादि केही चाहिंदैन । हे नरश्रेष्ठ ! यहाँ स्नान गरेर पवित्र हुनुहोस् र अरूलाई समेत पवित्र गराउने बन्नुहोस्॥१४॥ अब आफ्ना सबै पितामहहरूलाई जलाञ्जलि दिनुहोस ॥१५॥

यति भनिसकेपछि देवताहरूका पनि देवता, सबै लोकका पितामह महायशस्वी ब्रह्माजी जसरी स्वर्गलोकबाट आएथे त्यसै गरी फेरि त्यहाँ गए ॥१६॥

राजर्षि भगीरथले पनि सगरका छोरा अर्थात् आफ्ना पितामहहरूलाई क्रमानुसार शास्त्रोक्त विधिले जलाञ्जलि दिए ॥१७॥ जलक्रिया समाप्त गरेर पवित्र भईकन राजाले आफ्नो राजधानीमा प्रवेश गरे र मनोरथ सिद्ध गरेका यी नरश्रेष्ठ राजकाज चलाउन लागे ॥१८॥ भगीरथ जस्ता राजा पाएकोले प्रजाहरू बहुतै खुशी भए, यिनका सब चिन्ता हटेर गए र सबैको अभिलाषा पूर्ण भयो ॥१९॥

विश्वामित्रले भनेः—हे रामचन्द्र ! गङ्गाको यो कथा मैले तिमीलाई विस्तारपूर्वक सुनाएँ, अब जाऊ, तिम्रो कल्याण होस् । हेर, कथा भन्दा भन्दैमा साँझ पर्नलागेछ ॥२०॥ गङ्गाको यो कथा पवित्र गराउने, यश दिने, आयु बढ़ाउने, पुत्रदायक र स्वर्ग लैजाने हो, जो मानिस यो कथा क्षत्रिय ब्राह्मण र अरू अरूलाई पनि सुनाउँछ त्योदेखि देवता, पितृहरू प्रसन्न हुन्छन् । आयु बढ़ाउने गङ्गावतरणको पवित्र कथा जो सुन्दछ त्यसको सबै मनोरथ पूर्ण हुन्छ, पाप कटेर जान्छ र आयु तथा कीर्तिको समेत वृद्धि हुन्छ ॥२१-२३॥

सर्ग–४५

विशाला नगरीको वृत्तान्त । समुद्र-मन्थन । देव दैत्यहरूको संग्राम ।

विश्वामित्रले भनेको यो कथा सुन्दा राम र लक्ष्मणलाई बडो अचम्म लाग्यो र रामचन्द्रले मुनिजीलाई भने ॥१॥ हे भगवन् ! तपाईंले बडो पवित्र कथा सुनाउनुभयो, गंगा पृथ्वीतलमा झर्नु

र यिनको जलले समुद्र भरिनु बडो आश्चर्य्य लाग्ने घटना हो ॥२॥ शत्रुलाई ताप पार्ने हे मुनिजी ! तपाईंले भन्नुभएको यस सम्पूर्ण कथाको चिन्तना गर्दा गर्दैमा रात ता एकै छिनमा बितेको जस्तो लाग्यो ॥३॥ हे विश्वामित्रजी ! तपाईंले भन्नुभएको यस रमणीय कथाको ध्यान गर्दा गर्दैमा मैले र भाइ लक्ष्मणले जम्मै रात बिताइदियौं ॥४॥

यसपछि बिहान हुनासाथ शत्रुहरूको विनाश पार्ने रामचन्द्रजीले, प्रातःकालको स्नानादि कृत्य सिध्याएर बसेका तपस्वी विश्वामित्रलाई भने ॥५॥ हे भगवन् ! रात बितिसक्यो, बडो अचम्म लाग्ने गंगावतरणको कथा पनि सुनिहाल्यौं, अबलाई नदीहरूमध्येकी श्रेष्ठ त्रिपथगामिनी गंगालाई पार गरौं ॥६॥ पुण्य कर्म गर्ने ऋषिहरूको यो डुङ्गा हो, यहाँ बस्नको निम्ति राम्रो बिछ्याउना बिछ्याइराखेको छ । तपाईं आउनुभएको छ भन्ने थाहा पाएकोले यो डुङ्गा हतपतसंग यहाँ ल्याइराखेको छ ॥७॥ रामचन्द्रका यी कुरा सुनेपछि महर्षि महात्मा विश्वामित्रजीले ऋषिहरूको साथसाथै गंगा पार गरे ॥८॥ गंगाको पारिपट्टि पुगेपछि आफूलाई पुऱ्याउन आएका ऋषिहरूलाई सम्मानपूर्वक बिदा गरेर मुनिजी रामलक्ष्मणलाई साथमा राखेर केही बेर त्यहाँ बसे र त्यहाँबाट विशाला नगरी देखे ॥९॥ केही बेर आराम गरेपछि विश्वामित्र शीघ्रतासाथ रामलक्ष्मणसंग स्वर्गसमानको दिव्य र रमणीय विशाला नगरीतिर लागे ॥१०॥ महाबुद्धिमान् रामचन्द्रले महामुनि विश्वामित्रसित हात जोरेर विशाला नगरीको सम्बन्धमा सोधे ॥११॥

हे महामुने ! यस विशाला नगरीमा कुन वंशका राजाहरू राज्य गर्दछन्, यो कुरा जान्नलाई मलाई बड़ो इच्छा भइरहेको छ । तपाईंको कल्याण होस्, कृपया यसको वृत्तान्त भन्नुहोस् ॥१२॥ रामचन्द्रको यो कुरा सुनेपछि मुनिश्रेष्ठ विश्वामित्रजी यस शहरको प्राचीन कथा भन्न थाले ॥१३॥

हे रामचन्द्र ! इन्द्रको कथा जो मैले सुनेको छु सो तिमी पनि सुन । यस देशमा जे जे भएको थियो सो पनि यथार्थसंग भन्दछु, सुन ॥१४॥ हे राम ! उहिले सत्ययुगमा दितिका छोरा (दैत्य) बडा बलिया थिए, अदितिका छोरा (देवता) पनि बडा पराक्रमी र धर्मात्मा थिए ॥१५॥ हे नरश्रेष्ठ ! यिनीहरूले, कसो गर्नाले हामी कहिले पनि नमर्ने, बुढ्याइँले नछुने र रोग नलाग्ने बन्नसक्तछौं भन्ने कुराको विचार गर्न लागे ॥१६॥ यस कुराको विचार गर्दा गर्दैमा यी बुद्धिमान्हरूले क्षीर समुद्रको मथन गरेर अमृतपान गरौं भन्ने कुराको निर्णय गरे ॥१७॥ यस्तो निश्चय गरेर यी तेजस्वीहरूले वासुकी सर्पलाई डोरी र मन्दर पर्वतलाई मधानी बनाएर समुद्रलाई मथ्नथाले ॥१८॥ यस प्रकारसंग हजार वर्ष वितेपछि डोरी बनेको वासुकीले मुखबाट भयङ्कर विष उकेल्न र दाँतले मन्दराचल पर्वतको ढुङ्गा टोक्न लाग्यो ॥१९॥ ढुङ्गा टोक्नाले समुद्रबाट अग्निसमानको हालाहल नाम गरेको बडो उग्र विष उत्पन्न भयो र यसले गर्दा देवता, असुर, मनुष्यसहितको समस्त संसार डढ्न लाग्यो ॥२०॥ देवताहरू शरण लिने इच्छाले शङ्कर महादेवकहाँ गएर "रक्षा गर्नुहोस्" "रक्षा गर्नुहोस्" भन्दै उनको स्तुति गर्नलागे ॥२१॥

देवताहरूले यसरी प्रार्थना गरेको सुन्दा देव, देवेश्वर भगवान् विष्णु शङ्ख, चक्र धारण गरी त्यहीं प्रकट हुनुभयो ॥२२॥ उहाँले हाँसेर शूलधारी शिवजीलाई भन्नुभयो :—हे महादेवजी ! तपाईं

देवताहरूका अगुवा हुनुहुन्छ तसर्थ देवताहरूले समुद्रलाई मत्थाखेरि सबभन्दा पहिले जुन चीज निस्कन्छ त्यो तपाईंले नै पाउनुपर्दछ। अतएव यहाँ बसेर यो अग्रपूजा ग्रहण गर्नुहोस् अर्थात् सबभन्दा पहिले निस्केको यो विष भक्षण गर्नुहोस् ॥२३-२४॥ यति भनेर विष्णु भगवान् त्यहीं लोप हुनुभयो। देवताहरूलाई डरले थर्कायमान भइरहेको देख्ता र विष्णु भगवान्को कुरा सुन्दा महादेवजीले त्यस हालाहल विषलाई अमृत संझेर पिइदिनुभयो र अनि देवताहरूलाई जानू भन्ने बिदा दिएर आफू पनि आफूले बस्ने गरेको ठाउँतिर लाग्नुभयो ॥२५-२६॥

यसपछि हे रामचन्द्र! देवता र असुर दुवै थरी मिलेर फेरि पनि समुद्र मथ्नलागे। मत्था मत्थैमा मधानी बनेको मन्दराचल पर्वत बिस्तारै बिस्तारै पातालतिर धसिनलाग्यो॥२७॥ अनि ता देवता गन्धर्वहरूले मिलेर विष्णु भगवान्को स्तुति गर्नलागे—हे भगवन्! तपाईं सबै प्राणीका, खास गरेर देवताहरूका रक्षक हुनुहुन्छ। हे महाबाहो! हामी सबैको रक्षा गर्नुहोस्, पातालबाट पर्वतलाई झिकिदिनुहोस्। देवताहरूको स्तुति सुन्नासाथ भगवान्ले कछुवाको रूप धारण गर्नुभयो ॥२८-२९॥ कछुवाको रूप धारण गरेका भगवान्ले पिठ्यूँमा पर्वत राखेर त्यहीं समुद्रमा सुत्नुभयो र माथि जान नपाओस् भनेर त्यसको टाउकोलाई आफ्नो हातले समातिराख्नुभयो ॥३०॥ यस प्रकारसंग देवताहरूको बीचमा रहेर विष्णु भगवानसमेत समुद्र मथ्न लाग्नुभयो। यसरी मथ्दा मथ्दा हजार वर्ष बितेपछि धन्वन्तरी नाम गरेका आयुर्वेदरूप पुरुष त्यहां उत्पन्न भए, यी धर्मात्माले हातमा दण्ड कमण्डलु लिइराखेका थिए। यसपछि राम्रा राम्रा अप्सराहरू पनि समुद्रबाट निस्के ॥३१-३२॥ हे नरश्रेष्ठ! अप् अर्थात् दूध मथ्नाले राम्रा राम्रा आइमाई उत्पन्न भएकाले यिनीहरूको अप्सरा भन्ने नाम रहन गएको हो ॥३३॥ यी सुन्दरी अप्सराहरूको संख्या साठी करोड थियो, तर यिनको सेवा टहल गर्ने सुसारेहरू ता असंख्य थिए ॥३४॥ देव, दानवहरूमा कसैले पनि यी आइमाईलाई ग्रहण गरेनन्, कसैले पनि यिनीहरूसित बिहे नगरेकोले यिनीहरू सर्वसाधारणका स्वास्नी भए अर्थात् देवता, असुर, मनुष्यमा जसले पनि यिनलाई ग्रहण गरे हुने भयो ॥३५॥ हे रामचन्द्र! यसपछि वरुणकी छोरी सुरारूपिणी वारुणी समुद्रबाट निस्किन् र निस्कनासाथ यिनी आफूलाई ग्रहण गर्ने पति खोज्न लागिन् ॥३६॥ यी वरुणकी छोरीलाई दितिका छोराहरूले ग्रहण गरेनन् तर यिनलाई अदितिका छोराहरूले आनन्ददायिनी संझेर स्वीकार गरे ॥३७॥ यसै कारणले दितिका छोरालाई असुर र अदितिका छोरालाई सुर भनेको हो। देवताहरू वारुणीलाई ग्रहण गरेपछि बहुतै प्रसन्न भए (क) ॥३८॥ यसपछि क्रमैले समुद्रबाट उच्चैःश्रवा नाम गरेको, घोडाहरूमध्येको सर्वश्रेष्ठ घोडा, मणिहरूमा श्रेष्ठ कौस्तुभमणि र अनि अमृत, यी सब पदार्थ निस्के ॥३९॥ यसपछि अमृतका लागि घर कलह हुन थाल्यो, देवताहरूले दैत्यहरूसित युद्ध गर्न शुरू गरे ॥४०॥ असुरहरू राक्षसहरूसित मिलेर लड्न लागे। हे वीर! यो

(क) वारुणीको अर्थ रक्सी हो। रक्सी समुद्रबाट निस्केको हो। यसको अर्को नाम सुरा पनि हो। दैत्यहरूले सुराको त्याग गरेकोले यिनीहरूको नाम असुर भयो, देवताहरूले ग्रहण गरेकोले यिनको नाम सुर हुनगयो।

युद्ध बडो भयानक थियो, यो युद्ध देख्ता तीनै लोकको होशै ठेगानमा रहनसकेको थिएन ।।४१।। सबैको संहार भएपछि विष्णु भगवान्‌ले माया फिंजाएर मोहिनीरूप धारण गरी यो जम्मै अमृत हरेर लिए ।।४२।। यस समयमा बलजस्तीसंग अमृत लिने इच्छाले जति अविनाशी विष्णुकहाँ युद्ध गर्न भनी पुगेका थिए ती सबैलाई उहाँले धूलो-पीठो पारिदिनुभयो ।।४३।। दैत्य देवताहरूको यस भयङ्कर युद्धमा वीर देवताहरूले असंख्य दानवहरूलाई मारिदिए ।।४४।। अन्तमा पुरन्दर अर्थात् इन्द्रले दितिका छोरा असुरहरूको संहार गरी आफ्नो राज्यमा अधिकार जमाएर प्रसन्नचित्तले देवता, ऋषि, चारण, यी सबैमाथि शासन गर्नलागे ।।४५।।

सर्ग—४६

इन्द्रको पराजयका लागि दितिको तपस्या ।

आफ्ना छोराहरू मारिएकामा अत्यन्त दुःखित भएकी दितिले मरीचिका छोरा आफ्ना पति कश्यप-लाई भनिन् ।।१।। हे भगवन् ! तपाईंका महात्माहरूले मेरा छोराहरूलाई मारिदिए तसर्थ म इन्द्रको वध गर्नसक्ने छोरो चाहन्छु र यसको लागि कठोर तपस्या गर्ने इच्छा छ ।।२।। म तपस्या गर्दछु, तपाईं मेरो गर्भबाट इन्द्रको वध गर्ने छोरो जन्माउनुहोस्, कृपया यस कुराको मलाई आज्ञा दिनु-होस् ।।३।। मरीचि-पुत्र महात्मा कश्यपजीले अत्यन्त दुःखित भएकी आफ्नी पत्नी दितिको प्रार्थना सुनेर यिनलाई जवाफ दिए ।।४।। तिम्रो इच्छा पूर्ण होस्, तिम्रो कल्याण होस्, संग्राममा इन्द्रलाई मार्नसक्ने छोरा जन्माउनेछ्यौ, तर गर्भको चिह्न प्रकट नभएसम्म तिमीले पवित्र भई तपस्या गर्नुपर्दछ ।।५।। एक हजार वर्षसम्म तिमी पवित्रतापूर्वक रहनसक्यौभने इन्द्रको वध गर्ने मात्र होइन कि तीनै लोकको संहार गर्नसक्ने छोरा मद्वारा पाउनेछयौ ।।६।। यति भनेर महातेजस्वी कश्यपजीले आफ्ना हातले दितिको शरीर सुमसुम्याउँदै कल्याण होस् भन्ने आशीर्वाद दिए र आफू तपस्या गर्न भनी हिंडे ।।७।। हे नरश्रेष्ठ ! कश्यपजी गएपछि अत्यन्त हर्षमा परेकी दिति पनि विशालाको नजीकको कुशप्लवनामक तपोवनमा गएर कठोर तपस्या गर्नलागिन् ।।८।। हे राम ! दितिले तपस्या गर्न लागेको वेलामा इन्द्र बडो भक्तिका साथ सावधानीसंग यिनको सेवा गर्न लागे ।।९।। आगो, कुश, दाउरा, जल, फल मूल र अरू जे जे कुरा चाहिन्थ्यो त्यो सबै इन्द्र जम्मा पारिदिन्थे ।।१०।। दितिको थकाइ दूर गर्नाको लागि पाउ दाबेर अथवा पंखा हम्केर इन्द्र सधैं यिनको सेवा गर्नलागे ।।११।। हे रामचन्द्र ! हजार वर्ष पुग्नलाई दश वर्ष बाँकी रहेपछि अत्यन्त प्रसन्न भएकी दितिले इन्द्रलाई भनिन् ।।१२।। हे वीरश्रेष्ठ ! अब मेरो तपस्या समाप्त हुनलाई दश वर्ष बाँकी छ, यसपछि तिम्रो एउटा भाइ जन्मनेछ, तिम्रो कल्याण होस् ।।१३।। ए नानी ! मैले तिमीलाई जित्न सक्ने छोराको प्रार्थना गरेकी हुँ, तर अबता तिमी दुवै जनामा मित्रता गराइदिनेछु, यसो भएपछि तिमीहरूमा झगडा पर्नेछैन, भाइको साथमा सुख

भोग गर्नेछौ र तीनै लोकलाई जित्नेछौ ॥१४॥ मैले तिम्रा पितासंग छोरा पाऊँ भनेर प्रार्थना गरेथें र उनले पनि हजार वर्षपछि छोरो जन्मनेछ भनी वर दिएका थिए ॥१५॥ दितिले यस प्रकारसंग कुरा गर्दा गर्दैमा मध्याह्न भयो र निद्राले यिनलाईं छोप्यो, यस बखतमा दिति सिरानतिर खुट्टा पसारेर सुतिदिइन् ॥१६॥ इन्द्रले दितिलाई अपवित्र अवस्थामा देखे, सिरानतिर खुट्टा, खुट्टातिर सिरान राखेको देख्ता इन्द्र प्रसन्न भई हाँस्नलागे ॥१७॥ यही अवस्थामा इन्द्रले सावधानीसित दितिको शरीरभित्र प्रवेश गरेर वज्रले गर्भको सात टुक्रा पारिदिए ॥१८॥ इन्द्रले वज्रद्वारा गर्भलाई टुक्रा टुक्रा पार्न लागेको वेलामा गर्भको बालक बडो दया उत्पन्न हुने गरी रुन लाग्यो र यो रोएको आवाजले गर्दा दिति ब्युँझिन् ॥१९॥ इन्द्रले गर्भको बालकलाई नरोऊ नरोऊ भनेर संझाए तर यति भन्दा पनि चूप नलागेकोले यिनले गर्भलाई छयान्नव्यान्न पारिदिए ॥२०॥ दितिले भनिन्—"नमार, नमार", आमाको यस्तो आज्ञा सुनेपछि यिनको गौरवरक्षाको लागि इन्द्र शरीरबाट बाहिर निस्के ॥२१॥ वज्रको साथसाथै हात जोरेर इन्द्रले दितिलाई भने—हे देवी ! तपाईं खुट्टापट्टि सिरान गरेर सुत्नुभएको थियो तसर्थ अपवित्र अवस्थामा तपाईंलाई देख्नाले मौका पाएर युद्धमा मलाई मार्ने आफ्नो भावी शत्रुलाई सात टुक्रा पारिदिएँ । हे माता ! मेरो अपराध क्षमा गर्नुहोस् ॥२२-२३॥

सर्ग—४७

वायुको कथा, सुमति राजाको वंश वर्णन ।

गर्भको सात टुक्रा भएको थाहा पाएपछि दिति बहुतै दिक्क भइन् र नम्रतासंग परम पराक्रमी इन्द्रलाई भन्न लागिन् ॥१॥ आफ्नै अपराधले गर्दा मेरो गर्भको सात टुक्रा भएको हो, हे बलहन्ता देवराज ! यसमा तिम्रो केही दोष छैन ॥२॥ मेरो गर्भको विषयमा तिमीले जे गर्‍यौ त्यसमा म आफ्नो भलो भएको संझन्छु, अब यिनलाई उनञ्चास वायुको स्थानपाल बनाउनुपर्दछ ॥३॥ दिव्यरूप भएका मेरा जो यी छोरा छन् ती अब मरुत्‌को नामले प्रसिद्ध भई सात वातस्कन्धमा अर्थात् वायुलोकमा घुमुन् ॥४॥ यिनमध्ये एउटा ब्रह्मलोकमा घुमोस् । अर्को इन्द्रलोकमा रहोस् र तेस्रो दिव्यवायुको नामले विख्यात भई भ्रमण गरोस् ॥५॥ हे देवश्रेष्ठ ! अरू बाँकी चार छोरा तिम्रो आज्ञाले समय समयमा चारै दिशामा भ्रमण गर्दै रहून् ॥६॥ तिमीले यिनीहरूलाई "मा रुद" भनेका थियौ त्यसैले तिमीले राखेको मारुत नामबाट यिनीहरू विख्यात हुनेछन्, तिम्रो कल्याण होस् ।

दितिका यी कुरा सुनेपछि बलसूदन इन्द्रले हात जोरेर भनेः—तपाईंले जसो इच्छा गर्नुभएको छ त्यसै हुनेछ, तपाईंका छोराहरू देवरूप धारण गरी भ्रमण गर्नेछन् ।

यस प्रकारसंग तपोवनमा आमा छोराले कुरा मिलाएर कृतार्थ भई स्वर्गतिर लागे । हे राम ! मैले यस्तै कथा सुनेको छु । यो त्यही ठाउँ हो जहाँ उहिले इन्द्रले वास गरेका थिए ॥७-१ ॥ सिद्धिको लागि तपस्या गर्ने दितिको इन्द्रले यहीं सेवा गरेका हुन् । हे रामचन्द्र ! इक्ष्वाकुका

अलम्बुषाको कोखबाट विशाल नामले विख्यात भएका एक जना बडा धर्मात्मा छोरा उत्पन्न भए। यिनैले यस ठाउँमा विशाला नाम गरेको शहर बसाएका हुन् ॥११-१२॥ विशालका हेमचन्द्र नाम गरेका एउटा बलिया छोरा उत्पन्न भए। हेमचन्द्रपछि सुचन्द्र नाम गरेका प्रख्यात राजा भए। सुचन्द्रका छोरा धूम्राश्व, धूम्राश्वका छोरा सृञ्जय, सृञ्जयका छोरा बडा प्रतापी सहदेव, सहदेवका छोरा बडा धर्मात्मा कुशाश्व, कुशाश्वका छोरा महातेजस्वी प्रतापी सोमदत्त र सोमदत्तका छोरा सुप्रसिद्ध काकुत्स्थ हुन् ॥१३-१६॥ काकुस्थका छोरा सुविख्यात सुमति अहिले यस शहरमा राज्य गर्नेलागेका छन्। यिनी अतिशय तेजस्वी र शत्रुले जित्नै नसक्ने किसिमका छन् ॥१७॥ इक्ष्वाकुको अनुग्रहले यस विशाला पुरीका सबै राजा दीर्घायु, महात्मा, पराक्रमी र धर्मात्मा भइआएका छन् ॥१८॥ हामीहरू आज राती यहीं सुखसंग बसौं, भोलि बिहान राजा जनकसित भेट गरौंला ॥१९॥

कीर्तिमान् महातेजस्वी सुमति, विश्वामित्र आफ्नो राजधानीमा आएका छन् भन्ने सुन्नासाथ यिनीसित भेट गर्न आए ॥२०॥ आफ्ना पुरोहित तथा कुल-कुटुम्बीको साथमा यिनले बडो श्रद्धासंग विश्वामित्रको पूजा गरे र क्षेमकुशलको खबर सोधेपछि हात जोरेर भने ॥२१॥ हे भगवन् ! म भाग्यमानी रहेछु, कारण मेरो देशमा आएर तपाईंले मलाई अनुगृहीत गर्नुभयो तपाईंको दर्शन पाएँ। मेरोभन्दा बर्त्ता भाग्य अरू कसैको रहेनछ ॥२२॥

सर्ग—४८

अहल्याको कथा।

यस विशाला नगरीमा आपसको भेटघाट तथा परस्परको क्षेम कुशलको वार्तालाप भइसकेपछि राजा सुमतिले महामुनि विश्वामित्रसित सोधे ॥१॥ हे भगवन् ! तपाईंको कल्याण होस्। यी दुवै कुमार देवतासमान पराक्रमी छन्। एउटाको हात्तीको जस्तो हिंडाइ छ र अर्काको सिंहको जस्तो, एउटा बाघ जस्ता देखिन्छन् अर्का साँढे जस्ता, यी दुवै शूरा मालूम हुन्छन्, दुवैका आँखा कमलका पात जस्ता ठूला छन्, दुवैले खड्ग, ठोक्रो र धनु भिरेका छन्, रूपमा अश्विनीकुमार जस्ता छन् र यौवनावस्थामा पुग्नै आँटेका जस्ता देखिन्छन्। आफ्नै इच्छाले स्वर्गबाट पृथ्वीतलमा ओर्लेका देवतासमानका यिनीहरू कसरी हिंडेर नै यहाँसम्म आए ? यिनीहरू कसका छोरा हुन् र किन यहाँ आएका हुन् ॥२-४॥ जसरी चन्द्र सूर्यले आकाशलाई भूषित गराउँछन् त्यसै गरी यिनीहरू पनि आफ्नो शोभाले यस देशलाई सुशोभित गराइरहेका छन्। शरीरको लम्बाइ, चौड़ाइ, बोली, चेष्टा इत्यादि सबै कुरामा यिनीहरू उस्तै उस्ता देखिन्छन् ॥५॥ यी दुवै नरश्रेष्ठ वीर उत्तम उत्तम हतियार धारण गरी केको लागि यस दुर्गम बाटोमा आएका हुन्, सो कुरा म यथार्थ रूपले जान्न चाहन्छु, कृपा गरी भन्नुहोस् ॥६॥

राजाको प्रार्थना सुनेपछि मुनिले रामलक्ष्मणको सम्बन्धमा भएभरको जम्मै कुरा सुनाइदिए। विश्वामित्रको कुरा सुन्दा राजा बहुतै छक्क परे ॥७॥ राजा दशरथका यी दुवै महाबली छोराहरूको राजा-

ले विधिपूर्वक पूजा गरे किनकि यिनीहरू यिनका लागि श्रेष्ठ अतिथि हुनाले सत्कार पाउन योग्य थिए ।।८।। राजा सुमतिबाट उत्तम सत्कार पाइसकेपछि तथा एक रात त्यहाँ बसिसकेपछि राम लक्ष्मण मिथिलातिर लागे ।।९।। राजा जनकको रमणीय मिथिलापुरी देखेपछि मुनिहरूले "वाह वाह" भनेर यसको ठूलो तारीफ गरे ।।१०।। रामचन्द्रले मिथिलाको उपवनमा एउटा प्राचीन निर्जन, तर रमणीय आश्रम देख्ता विश्वामित्रसित सोधे ।।११।। हे मुने ! यो ठाउँ आश्रम जस्तो देखिन्छ, तर यहाँ कुनै मुनि पनि देखिंदैनन् ; यस आश्रममा पहिले को रहन्थ्यो सो म सुन्न चाहन्छु ।।१२।। रामचन्द्रको यो कुरा सुनेपछि बोल्नामा सिपालु महातेजस्वी विश्वामित्र मुनिले जवाफ दिए ।।१३।। हे रामचन्द्र ! यो जुन महात्माको आश्रम हो, जसले रिसले श्राप दिंदा यसको यो अवस्था भएको हो सो सबै यथार्थ कुरा भन्दछु, सुन ।।१४।।

उहिले यो आश्रम महात्मा गौतमको थियो, देवाश्रमको जस्तो यसको सौन्दर्य थियो, त्यस बखतमा देवताहरूसमेत यस आश्रमको पूजा गर्दथे।।१५।। हे महाराज ! महायशस्वीले अनेक वर्षसम्म यहाँ आफ्नी स्त्री अहल्याको साथमा तपस्या गरे ।।१६।। हे रामचन्द्र ! कुनै एक समयमा मुनि आश्रममा नभएको मौका पारेर शचीपति इन्द्रले मुनिको भेषमा आश्रममा आएर अहिल्यालाई भने ।।१७।। हे तपस्विनी ! रतिको इच्छा गर्ने पुरुष ऋतुकाल पर्खेर बस्तैन, हे सुन्दरि ! म तिम्रो साथमा संगम गर्न चाहन्छु ।।१८।।

हे रघुनाथ ! मुनिको भेष बनाएका इन्द्रलाई चिह्नेर पनि त्यो दुष्टबुद्धि स्त्रीले देवराजसंगको रति-को लोभले उनको कुरा स्वीकार गरी ।।१९।। यसपछि कृतार्थ मनले यसले इन्द्रलाई भनी, देवराज ! म कृतार्थ भएँ, अब झट्टै यहाँबाट जाइहाल ।।२०।। गौतमबाट आफ्नो र मेरो सबै तरहबाट रक्षा गर। यस्तो सुन्दा इन्द्रले हाँसेर अहल्यालाई भने:—सुन्दरि ! म प्रसन्न भएं अबलाई देवलोकतिर जान्छु । यस प्रकारसंग अहल्यासित संगम गरेर इन्द्र गौतमको छाप्रोबाट बाहिर निस्के ।।२१–२२।।

गौतमको डरले हडबडाएका यिनी हतार हतार गरेर जान लागेका थिए तापनि कुटीबाट बाहिर निस्कनासाथ यिनले गौतम मुनिलाई आश्रमभित्र पस्न लागेको देखे ।।२३।। गौतम मुनि बल्दो आगो-समान चहकिला थिए, तीर्थको जलमा यिनले स्नान गरेका थिए तपोबलले युक्त भएका यी महर्षिलाई देव दानव कोही पनि दबाउन सक्तैनथे । हातमा दाउरा कुश लिएका यस्ता मुनिश्रेष्ठलाई देख्ता इन्द्र बहुतै डराए, यिनको मुख कालो नीलो भइगयो ।।२४–२५।।

सदाचारमा तत्पर रहने मुनिले आफ्नो भेष धारण गरेको दुराचारी इन्द्रलाई देख्नासाथ रिसले मुरमुरिएर भने ।।२६।। हे दुष्ट ! तैंले मेरो रूप धारण गरेर गर्न नहुने यो जो कुकर्म गरिस् त्यसले गर्दा तँ नपुंसक हुनेछस् ।।२७।। महात्मा गौतमले क्रोधपूर्वक यस्तो श्राप दिनासाथ उत्तिखेरै इन्द्रका दुवै अण्डकोष भूइँमा खसिहाले ।।२८।। इन्द्रलाई यस्तो सराप दीसकेपछि गौतमले आफ्नी स्वास्नीलाई पनि श्राप दिए:—

तैंले यहाँ कई एक हजार वर्षसम्म रहनुपर्नेछ, हावाबाहेक अरू कुनै थोक नखाईकन, खरानीमा

सुतेर, यस आश्रममा तपस्या गरेर बस्, कुनै प्राणीले पनि तँलाई देख्नेछैन ।।२९–३०।। दशरथका छोरा अजेय रामचन्द्र जब यस घनघोर जंगलमा आउनेछन् तब तँ उनको चरणस्पर्शले पापमुक्त हुनेछस् ।।३१।। ए दुराचारिणी ! लोभ मोह छोडेर रामचन्द्रको अतिथिसत्कार गरेपछि तैंले आफ्नो पहिलेको सौन्दर्य पाउनेछस्, त्यस बखत खुशीसाथ मेरो आश्रममा आएस् ।।३२।।

यस दुराचारिणीलाई यति भनिसकेपछि महातपस्वी महर्षि गौतम यस आश्रमलाई छाडेर सिद्ध र चारणहरूले वास गरेको हिमाचलको रमणीय शिखरमा गएर तपस्या गर्न लागे ।।३३।।

सर्ग—४९

अण्डकोष पाउनाको लागि इन्द्रको देवताहरूसितको प्रार्थना र अहल्याको उद्धार ।

नपुंसक भएका र गौतमको श्राप पर्नाले चकित भइराखेका इन्द्र, अग्निआदि गरिएका देवताहरू र सिद्ध, गन्धर्व तथा चारणहरूसित भन्नलागे ।।१।।

हेर, महात्मा गौतमको उग्र तपस्यामा विघ्न पार्ने मनसायले उनलाई जङ्ग्याएर तपस्या नष्ट गराएँ, यो काम मैले देवताहरूको लागि गरेको हुँ ।।२।। मुनिले रिसको वशमा परेर मलाई नपुंसक बनाइदिए र आफ्नी स्त्रीको परित्याग गरे । कठोर श्राप दिने तुल्याएर मैले यिनको तपस्याको अपहरण गरें ।।३।। यसकारण तपाईं देवता, ऋषि, चारणहरू सबैले मिलेर मलाई अण्डकोषयुक्त गराउने उपाय गर्नुपर्दछ, कारण तपाईंहरूकै हित गर्न खोज्दाखेरि मेरो यो दुर्दशा भएको हो ।।४।।

इन्द्रको कुरा सुनेपछि अग्नि आदि गरिएका देवताहरू मरुतहरूलाई साथमा लिई पितृहरूका देवता कव्यवाहनादिको सम्मुख गए र त्यहाँ अग्निले भन्नलागे ।।५।। यो तपाईंको भेडाको अण्डकोष छ र इन्द्रको छैन तसर्थ भेडाको अण्डकोष झिकेर झट्टै इन्द्रलाई दिनुहोस् ।।६।। फल नभएको यस भेडाले तपाईंहरूलाई खूब सन्तुष्ट गराउनेछ, तपाईंहरूको प्रसन्नताको लागि जो मानिस फल नभएको भेडा अर्पण गर्नेछन् तिनलाई तपाईंहरूले अक्षय तथा अनन्त फल दिनुहोला ।।७।। अग्निको कुरा सुन्नासाथ सबै देवताहरू जम्मा भए र यिनीहरूले भेडाको फल झिकेर इन्द्रलाई लगाइदिए ।।८।। हे रामचन्द्र ! त्यही वेलादेखि पितृदेवहरू फल नभएको भेडा स्वीकार गर्दछन् र अर्पण गर्नेलाई प्रशस्त फल दिन्छन् ।।९।। हे रामचन्द्र ! त्यही वेलादेखि महात्मा गौतमको तपस्याको प्रभावले इन्द्रले भेडाको अण्डकोष धारण गरेका हुन् ।।१०।।

हे महातेजस्वी राम ! अब तपाईं पुण्यकर्म गर्ने मुनिको आश्रममा आउनुहोस् र महाभाग्यशालिनी देवरूपिणी अहल्याको उद्धार गर्नुहोस् ।।११।। विश्वामित्रको कुरा सुनेपछि मुनिलाई अघि लगाएर भाइ लक्ष्मणलाई साथमा लिई रामचन्द्रले आश्रममा प्रवेश गरे ।।१२।। यिनीहरूले आश्रममा गएर महाभाग्यमानी अहल्यालाई देखे, तपस्याको तेजले गर्दा यिनी प्रकाशमान भइरहेकी थिइन्, मानिस को त कुरै छैन देवता, दानवहरू आफू आफूमा मिलेर पनि यिनीतिर आँखा उठाएर हेर्न सक्तैनथे ।।१३।। ब्रह्माले बडो प्रयत्नसंग यो मायामयी मोहिनी मूर्तिको रचना गरेका हुन् कि जस्तो

लाग्दथ्यो, यस समयमा यिनी धूवाँले चारैतिर घेरिराखेको बल्दो आगोको ज्वाला जस्तो देखिन लागेकी थिइन् ।।१४।। मेघले तथा हिउँले ढाकिराखेको पूर्ण चन्द्रमाको जस्तो यिनको प्रभा थियो, जलभित्र तेजिला, कसैले छुन नसक्ने सूर्यको प्रभाको जस्तो शोभा हुन्छ अहिले यिनको पनि त्यस्तै शोभा देखिनलागेको थियो ।।१५।। यिनी गौतमको श्रापले गर्दा रामचन्द्रको दर्शन नपाएसम्म कुनै त्रिलोकवासीले पनि देख्न नसक्ने गरी रहेकी थिइन् । श्रापको अन्त भएपछि ता सबैले यिनको दर्शन पाए ।।१६।। राम र लक्ष्मणले प्रसन्नतापूर्वक ती मुनिपत्नीको चरणमा ढोग दिए । यस समयमा अहल्यालाई पनि गौतमले भनेको कुराको संझना भयो र यिनले बडो सावधानीसंग पाद्य, अर्घ तथा अरू अरू चीजबीजले राम र लक्ष्मणको अतिथि-सत्कार गरिन् । रामले पनि शास्त्रोक्त विधिको अनुसार यिनले गरेको पूजा स्वीकार गरे ।।१७-१८।।

यस समयमा देवताहरूको दुन्दुभिको ध्वनिको साथसाथै आकाशबाट पुष्पवृष्टि हुनलाग्यो । गन्धर्व र अप्सराहरूकहाँ पनि ठूला-ठूला उत्सव हुनलागे ।।१९।। तपस्याद्वारा शुद्ध भएकी र गौतमको अनुसरण गर्ने अहल्याको वाह वाह भनेर देवताहरूले प्रशंसा गर्नलागे ।।२०।। महातेजस्वी गौतम पनि अहल्यालाई पाउनाले सुखी भए । विधिपूर्वक रामचन्द्रको पूजा गरिसकेपछि यिनी फेरि तपस्या गर्नलागे ।।२१।।

रामचन्द्र पनि महामुनि गौतमले गरेको उत्तम प्रकारको पूजा विधिपूर्वक ग्रहण गरेर मिथिलातिर लागे ।।२२।।

सर्ग—५०

जनकको यज्ञमा विश्वामित्र पुग्दछन् र राजासित भेट गर्दछन् ।

उत्तरपट्टि लागेर केही टाढा गएपछि राम, लक्ष्मण र विश्वामित्र यी सब राजा जनकको यज्ञशालामा पुगे ।।१।। राम र लक्ष्मणले मुनिश्रेष्ठ विश्वामित्रलाई भने–हे भगवन् ! महात्मा जनकको यज्ञको सामग्री ता बेश बेश रहेछ ।।२।। भिन्न भिन्न देशमा वास गर्ने कईएक हजार वेदपाठी ब्राह्मणहरू यहाँ जम्मा भइराखेका छन् ।।३।। ऋषिहरूको ता यहाँ टोलै देखिन्छ । ऋषिहरूको सामग्रीले भरिभराउ भएका सयकडौं बयलगाडा पडिरहेका छन्, हे ब्रह्मन् ! अब यस्तो ठाउँ रोज्नुहोस् जहाँ कि हामी सुखसंग बस्न सकौं ।।४।। रामचन्द्रको कुरा सुनेपछि महामुनि विश्वामित्रले पानी भएको एकान्त ठाउँमा डेरा गरे ।।५।।

विश्वामित्र आएको खबर पाउनासाथ सदाचारी राजश्रेष्ठ जनक आफ्ना पुरोहित शतानन्द र यज्ञ गराउने महात्मा ऋत्विग्हरूलाई संगमा लिएर पूजाको सामग्री लिईकन बडो नम्रतासंग झटपट मुनि भएको ठाउँमा उपस्थित भए ।।६–७।। विधिपूर्वक मन्त्र पढेर यिनले विश्वामित्रलाई अर्घ्य दिए; मुनिले पनि महात्मा जनकले गरेको पूजा ग्रहण गरी यिनीसित क्षेम कुशलको समाचार र निर्विघ्नसंग यज्ञ हुनलागेको कुरा सोधे ! यसपछि विश्वामित्रले अरू अरू मुनि, पुरोहित र उपाध्यायहरूसित क्षेम कुशल सोधे र प्रसन्नतासाथ यिनीहरू सबैसित भेटघाट पनि गरे । यसपछि राजा जनकले हात जोरेर विश्वामित्रलाई भने ।।८–१०।।

हे भगवन् ! आफ्ना साथी यी मुनिहरूको साथमा आसन ग्रहण गर्नुहोस् । जनकले यसो भनेपछि महामुनि विश्वामित्र आफ्नो आसनमा बसे ॥११॥ पुरोहित, ऋत्विज, मन्त्री र राजासमेत चारैतिर आफ्ना आफ्ना दर्जाअनुसारको ठाउँमा बसे ॥१२॥ विश्वामित्रतिर फर्केर राजा जनक भन्नलागे— देवताहरूको कृपाले यज्ञको तय्यारी आज सफल भयो ॥१३॥ तपाईंको दर्शन पाउनाले आज मैले यज्ञको फल पाएँ, म भाग्यमानी रहेछु, म आज कृतत्कृय भएँ, कारण हे ब्रह्मन् ! तपाईंसमान मुनिश्रेष्ठ अरू अरू मुनिहरूलाई साथमा लिई मकहाँ यज्ञ हेर्न भनी आउनुभएको छ । हे ब्रह्मर्षे ! पण्डितहरूले भनेबमोजिम मैले बाह्र दिनको दीक्षा लिइराखेको छु ॥१४-१५॥ हे विश्वामित्रजी ! दीक्षाको अवधि समाप्त भएपछि यज्ञमा आफ्नो आफ्नो भाग लिने देवताहरूको दर्शन गर्नुहोला । विश्वामित्रलाई प्रसन्नचित्तले यति कुरा भनिसकेपछि राजा हात जोरेर फेरि भन्नलागे :—हे भगवन् ! तपाईंको कल्याण होस्, यी दुवै राजकुमार देवतासमान पराक्रमी छन् । एउटाको हात्तीको जस्तो हिंडाइ छ, अर्काको सिंहको जस्तो; एउटा बाघ जस्ता देखिन्छन् अर्को साँढे जस्ता, यी दुवै शूरा देखिन्छन्, रूपमा अश्विनीकुमार जस्ता छन्, यौवनावस्थामा पुग्नै आँटेका जस्ता देखिन्छन् ॥१६-१८॥ आफ्नै इच्छाले स्वर्गबाट पृथ्वीतलमा ओर्हेका देवतासमानका यिनीहरू कसरी हिंडेर नै यहाँसम्म आए ? यिनीहरू कसका छोरा हुन् र किन यहाँ आएका हुन् ? ॥१९॥ हे महामुने ! उत्तम उत्तम हतियार धारण गरेका यी दुवै वीर कसका छोरा हुन् ? जसरी चन्द्र सूर्यले आकाशलाई भूषित गराउँछन् त्यसै गरी यिनीहरू पनि आफ्नो शोभाले यस देशलाई सुशोभित गराइरहेका छन् ॥२०॥ शरीरको लम्बाइ, चौडाइ, बोली चेष्टा इत्यादि सब कुरामा यिनीहरू उस्तै उस्ता देखिन्छन् । यी दुवै वीर अहिलेसम्म कुमारै होलान् जस्ता छन्, यिनीहरूको यथार्थ परिचय जान्ने मेरो इच्छा छ ॥२१॥

महात्मा जनकको कुरा सुनेपछि उदारचित्त भएका ऋषिले भने :—यी दुवै राजा दशरथका छोरा हुन् ॥२२॥ यिनीहरूले सिद्धाश्रममा आएर बसेको, त्यहाँ राक्षसहरूलाई मारेको, मिथिलातिरको प्रस्थान, बाटोमा विशालामा वास बसेको, अहल्याको दर्शन, गौतमसितको भेटघाट, महाधनुको सम्बन्धमा रामले सोधेका कुरा तथा त्यहाँ आउनाको अभिप्राय इत्यादि सब कुरा जस्ताको तस्तै गरी महात्मा जनकलाई निवेदन गरिसकेपछि महातेजस्वी विश्वामित्र मुनि चूप लागे ॥२३-२४॥

सर्ग—५१

विश्वामित्र र शतानन्दको कथा ।

बुद्धिमान् विश्वामित्रका अहल्यासम्बन्धी कुरा सुन्दा महातपस्वी तेजस्वी शतानन्दलाई आश्चर्यले गर्दा रोमाञ्च भयो ॥१॥ आफ्नो तपोबलले प्रकाशित भइरहेका गौतमका जेठा छोरा, यिनलाई रामचन्द्रको दर्शन गर्न पाउनाले मनमा बड़ो हर्ष र साथसाथै अचम्म पनि लाग्यो ॥२॥ राजकुमार रामलक्ष्मणलाई आरामसाथ बसेको देखेपछि शतानन्द, मुनिश्रेष्ठ विश्वामित्रलाई भन्नलागे ॥३॥

हे मुनिश्रेष्ठ ! के तपाईंले यी राजपुत्रहरूसित मेरी आमाको भेट गराइदिनुभयो, यिनी धेरै कालदेखि तपस्या गरेर बसेकी थिइन् ।।४।। मेरी महातेजस्विनी यशस्विनी आमाले सबै प्राणीका पूजनीय रामचन्द्रको जङ्गली फलफूल अर्पण गरेर पूजा ता गरिन् ? ।।५।। देवराज इन्द्रले मेरी आमाको साथमा जो कलुषित व्यवहार गरेथे सो पुरानो वृत्तान्त पनि के तपाईंले रामचन्द्रलाई भनिदिनुभयो ? ।।६।। हे विश्वामित्रजी ! तपाईंको कल्याण होस्, रामचन्द्रको दर्शन पाउनाले श्रापबाट मुक्त भएकी मेरी आमाको पिताजीसित भेट ता भयो ? ।।७।। हे मुनिजी ! मेरा पिताले रामचन्द्रको पूजा ता गर्नुभयो ? के महातेजस्वी राम, महात्मा मेरा पिताजीको पूजा ग्रहण गरी यहाँ आएका हुन् त ।।८।। हे भगवन् ! मेरा पिताद्वारा पूजित भई यहाँ आएका रामचन्द्रलाई उनले प्रणाम ता गरे ? ।।९।। अर्काको मनको अभिप्राय बुझ्ने महामुनि विश्वामित्रले बोल्नामा सिपालु ती शतानन्दलाई यिनको कुरा सुनिसकेपछि भने ।।१०।।

हे मुनिवर ! जति गर्नुपर्ने हो सो मैले गरें, कुनै कुरामा घटीबढ़ी हुन पाएको छैन । भार्गव मुनिसित जसरी रेणुकाको भेट भएथ्यो त्यसै गरी तिम्री माताको पिता गौतमसंग भेट भएको छ ।।११।। बुद्धिमान् विश्वामित्रको कुरा सुनेपछि महातेजस्वी शतानन्द रामलाई भन्नलागे ।।१२।।

हे नरश्रेष्ठ ! अजेय विश्वामित्रको साथमा तपाईंको यहाँसम्म आउनु बड़ो आनन्दको कुरा हो, म तपाईंको स्वागत गर्दछु ।।१३।। यी विश्वामित्रले गरेका काम बडो अचम्म लाग्ने किसिमका छन्, तपस्याको प्रभावले यिनले ब्रह्मर्षिको दर्जा पाएका छन्, यिनको प्रभाव यत्तिको छ भनेर जान्न सकिन्न, म यी महातेजस्वीलाई संसारको ठूलो हित गर्ने सम्झन्छु ।।१४।। हे रामचन्द्र ! तपाईंभन्दा बढ़्ता भाग्यमानी यस संसारमा अर्को कोही छैन, कारण कठोर तपस्या गर्ने विश्वामित्र नै तपाईंका रक्षक भइराखेका छन्।।१५।।

हे राघव ! यी महात्मा कौशिकले कसरी तपोबल पाए तथा यिनका अरू अरू कुरा पनि म भन्दछु, तपाईं मैले भनेको कुरा सुन्नुहोस् ।।१६।। शत्रुहरूको दमन गर्ने, धर्मात्मा, धर्मज्ञ, विद्वान् यिनी धेरै कालसम्म राजा थिए र सदा प्रजाको कल्याणमा तत्पर रहन्थे ।।१७।। प्रजापतिका छोरा कुश नाम गरेका राजा थिए, कुशका छोरा कुशनाभ बडा बलवान् र धर्मात्मा थिए ।।१८।। कुशनाभका छोरा गाधिको नामले प्रसिद्ध भए, यिनै गाधिका छोरा महातेजस्वी महामुनि विश्वामित्र हुन् ।।१९।। राजा भएर महातेजस्वी विश्वामित्रले कईएक हजार वर्षसम्म पृथ्वीको पालना गरेर राज्य गरे।।२०।। कुनै एक समयमा विश्वामित्रले फौज जम्मा पारेर अक्षौहिणी सेना साथमा लिई पृथ्वीमा भ्रमण गर्न भनी प्रस्थान गरे ।।२१।। क्रमैसंग शहर, राज्य, नदी, पर्वत र आश्रमहरू हेर्दै राजा विश्वामित्र वशिष्ठको आश्रममा पुगे ।।२२।। यिनले वशिष्ठको आश्रमलाई नाना प्रकारका फूलका लहराहरूले, किसिम किसिमका रूखले, भाँति भाँतिका पशुले तथा सिद्धचारणहरूले वास गरेकोले सुशोभित भइराखेको देखे ।।२३।। देव, दानव, गन्धर्व र किन्नरहरूले गर्दा यो आश्रम शोभायमान थियो, यहाँ प्रसन्नचित्तका हरिणहरू भरिपूर्ण थिए र जतातते जमातका जमात ब्राह्मणहरू बसेका थिए ।।२४।। यो आश्रम ब्रह्मर्षिहरूले भरिभराउ थियो, देवर्षिहरू

पनि यहाँ बसैकै थिए, तपस्या सिद्ध भएका अग्निसमानका तेजस्वी महात्माहरूले यहाँ वास गरेका थिए ॥२५॥ ब्रह्मासंग बराबरी गर्न सक्ने श्रीमान् महात्माहरू सदा यस आश्रममा भरिपूर्ण भइरहन्थे । यी महात्माहरूमा कोही जल, कोही हावा र कोही सुकेका पात खाएर जीवन निर्वाह गर्दथे ॥२६॥ फलफूल खाएर रहने, नियमको पालना गर्ने, इन्द्रियका दोषहरूलाई जितेका, सदा जपहोम गरिरहने बालखिल्य ऋषिहरूले यो आश्रम भरिएको हुन्थ्यो ॥२७॥ अरू अरू वैखानस ऋषिहरूले पनि यस आश्रमलाई जताततै सुशोभित गराइराखेका थिए । यस प्रकारसंग दोस्रो ब्रह्मलोकसमान देखिएको वशिष्ठको यस आश्रमलाई विजयी राजाहरूमध्ये श्रेष्ठ महाबली विश्वामित्रले देखे ॥२८॥

सर्ग—५२

वशिष्ठमुनिकहाँ विश्वमित्रको अतिथिसत्कार ।

महाबली, वीर विश्वामित्रले ऋषिश्रेष्ठ वशिष्ठलाई देख्ता बहुतै खुशी भएर विनयपूर्वक यिनलाई प्रणाम गरे ॥१॥ महात्मा भगवान् वशिष्ठले राजा विश्वामित्रको स्वागत गरे र यिनलाई बस्नाको निमित्त आसन दिए ॥२॥ बुद्धिमान् विश्वामित्र आसनमा बसिसकेपछि मुनिश्रेष्ठ वशिष्ठले फलफूल अर्पण गरी विधिपूर्वक यिनको अतिथि-सत्कार गरे ॥३॥ वशिष्ठले गरेको पूजा सत्कार ग्रहण गरिसकेपछि राजश्रेष्ठ विश्वामित्रले उनको तपस्या, अग्निहोत्र, तथा शिष्यहरूको सम्बन्धमा क्षेमकुशलको कुरा सोधे ॥४॥ यसपछि महातेजस्वी विश्वामित्रले रूख र वनस्पतिहरूको हालखबर सोधे, वशिष्ठले पनि राजालाई सबैको कुशल समाचार बताए ॥५॥

आरामसंग बसेका, विश्वामित्रसंग ब्रह्माका छोरा महातपस्वी ऋषिश्रेष्ठ वशिष्ठ सोध्नलागे ॥६॥ हे राजन् ! धर्मात्मा तपाईंलाई आराम ता छ ? धर्मपूर्वक राजाको कर्तव्यअनुसार आफ्ना प्रजाको पालन ता गर्नु हुन्छ ? प्रजा ता खुशी छन् ? ॥७॥ नोकर-चाकर वेला वेलामा तलब पाएर तपाईंको आज्ञा ता मान्दछन् ? हे शत्रुविजयी ! आफ्ना सबै शत्रुलाई जित्नु ता भयो ? ॥८॥ हे शत्रुसन्तापी ! निष्पाप ! नरश्रेष्ठ ! तपाईंको फौज, ढुकुटी, मित्र राजाहरू तथा छोरा-नाति यी सबैको अवस्था ठीक ता छ ? ॥९॥ महातेजस्वी राजा विश्वामित्रले विनयी वशिष्ठलाई आफ्नो सबै विभागको कुशल मङ्गल निवेदन गरे ॥१०॥ यी दुवै धर्मात्माले धेरै बेरसम्म आफू आफूमा किसिम किसिमका अनेक कुरा गरे र यिनीहरूको मनमा खूबै खुशियाली भएकोले दङ्ग परिराखेका थिए ॥११॥

हे रामचन्द्र ! अन्तमा कुराकानी सकिएपछि भगवान् वशिष्ठले हाँस्तै विश्वामित्रलाई भने ॥१२॥ हे महाबली राजन् ! म परमपराक्रमी तपाईंको र तपाईंका साथमा आएका जति सबैको यथायोग्य अतिथि सत्कार गर्न चाहन्छु, कृपया मेरो सत्कार ग्रहण गर्नुहोस् ॥१३॥ मैले गरेको यो अतिथि सत्कार स्वीकार गर्नुहोस् किन कि हे राजन् ! तपाईं अतिथिहरूमा श्रेष्ठ हुनुहुन्छ तसर्थ विधिपूर्वक प्रयत्नसाथ मैले तपाईंको पूजा गर्नैपर्छ ॥१४॥ वशिष्ठको कुरा सुन्दा महामुनि राजा विश्वामित्रले तपाईंका यी मीठा

मीठा कुरा सुन्नाले नै मेरो सत्कार भयो भन्ने जवाफ दिए ॥१५॥ हे भगवन् ! तपाईंको आश्रममा भएका फल, मूल, पाद्य, र आचमनीय (जल), विशेष गरेर तपाईंको दर्शनले, हामीहरूका पूज्य भए तापनि तपाईंले सबै तरहबाट हाम्रो जस्तो आदर गर्नुपर्ने हो सो आदर गरिसक्नुभयो, अब म प्रणाम गरेर बिदा हुन्छु, मेरो उपर कृपा दृष्टि राख्तै गर्नुहोला ॥१६-१७॥ राजाले यस्तो भन्दा पनि धर्मात्मा बुद्धिमान् वशिष्ठले वारंवार अतिथिसत्कार गर्ने आग्रह गरे ॥१८॥

घसपछि विश्वामित्रले वशिष्ठलाई भने—भइगो, तपाईंको निमन्त्रणा स्वीकार गर्दछु, हे मुनिश्रेष्ठ ! तपाईंलाई जे निको लाग्छ सोही गर्नामा म राजी छु ॥१९॥ विश्वामित्रको मुखबाट यी कुरा निस्कनासाथ ऋषिश्रेष्ठ वशिष्ठले प्रसन्नतापूर्वक सर्वाङ्गसुन्दरी, पाप नाश गर्ने आफ्नी कपिला गाईलाई एवं प्रकारसंग संबोधन गरी बोलाए ॥२०॥ हे कपिले ! झट्टै आऊ, मेरो कुरा सुन, सेनासहित राजाको म अतिथि सत्कार गर्न चाहन्छु तसर्थ मेरो आज्ञाले उत्तम भोजनद्वारा यिनको सत्कार गर ॥२१॥ षड्रसमध्ये जसलाई जुन रस निको लाग्दछ, उसलाई त्यही रस देऊ । हे इच्छामुताबिकको पदार्थ दिने कपिले ! जुन पदार्थको आवश्यक पर्दछ ती सबैको मेरालागि वृष्टि गराइदेऊ ॥२२॥ हे कपिले ! मेरालागि झट्टै रस, अन्न, पान (पिउने कुरा), लेह्य (चाट्ने वस्तु), चोष्य (चुस्ने पदार्थ) तथा किसिम किसिमका अन्नका थुप्रोको सृष्टि गराइदेऊ ॥२३॥

सर्ग—५३

विश्वामित्र वशिष्ठसंग कामधेनु माग्दछन् तर ऋषि दिन मन्जूर गर्दैनन् ।

हे रामचन्द्र ! वशिष्ठको यस प्रकारको आदेश पाएकी कपिला कामधेनुले जसलाई जे कुराको वासना थियो त्यसलाई सोही कुरा पुऱ्याइदिइन् ॥१॥ यी कामधेनुले उखु, मह, लावा र मैरेय आदि गरिएका उत्तम उत्तम आसव (रक्सी), अरू अरू धेरै-धेरै दाम पर्ने पिउने पदार्थ, किसिम किसिमका उत्कृष्ट निकृष्ट खाने चीजबीजका थुप्रो नै लगाइदिइन् ॥२॥ तातो भातको पर्वतसमानको अग्लो थुप्रो लागेको थियो, खीर, रहरको दाल, दही, घिउ, यी सब प्रशस्त थिए ॥३॥ किसिम किसिमको स्वाद भएका मिठाईले टम्म भरिएका खाने भाँडा र गुड हालेर बनाएका नाना प्रकारका चीजबीज त्यहाँ उपस्थित थिए ॥४॥ वशिष्ठको प्रभावले किसिम किसिमका भोजन पाएका, तृप्त भएका, विश्वामित्रका फौजका मानिस बड़ा हृष्टपुष्ट र अतिशय सन्तुष्ट देखिनलागेका थिए ॥५॥ राजा विश्वामित्र, यिनका रानीहरू र ब्राह्मण पुरोहितहरूसमेत महर्षिको अतिथिसत्कारले बहुतै प्रसन्न भए ॥६॥

यस प्रकारसंग महर्षि वशिष्ठले विश्वामित्रको, उनका अमात्य, मन्त्री, नोकर-चाकर सबैको अतिथि-सत्कार गरे । यसपछि विश्वामित्रजी बडो प्रसन्नतासाथ वशिष्ठलाई भन्नलागे ॥७॥ हे ब्रह्मन् ! तपाईं हामी सबैका पूज्य हुनुहुन्छ तापनि तपाईंले बड़ो आदरसंग मेरो सत्कार गर्नुभयो । हे कुरा गर्नामा सिपालु

मुनिजी ! अब कृपा गरेर मेरो एउटा कुरा सुन्नुहोस् ॥८॥ हे भगवन् ! तपाईंलाई एक लाख गाई दिन्छु, यसको सट्टामा मलाई यी कामधेनु दिनुहोस्। यी गाई एउटी रत्नै हुन् र रत्नको भोग गर्ने अधिकार राजालाई नै छ ॥९॥ तसर्थ यी गाई मलाई दिनुहोस्, धर्मको दृष्टिले यस्ती गाई मेरै हुनुपर्छ।

विश्वामित्रको यो कुरा सुन्दा मुनिश्रेष्ठ धर्मात्मा वशिष्ठले भने—राजन् ! लाख गाईको ता के कुरा, म यिनको सट्टामा सय करोड गाई पनि लिन चाहन्न। तपाईंले चाँदीको थुप्रै लगाइदिए तापनि म यी गाई दिने होइन, कुनै प्रकारले पनि म यिनलाई आफूकहाँबाट हटाउन सक्तिनँ ॥१०–१२॥ जसरी योगी-हरूको योगसिद्धि उनीहरूकहाँबाट अलग हुन सक्तैन त्यसै गरी यी पनि मकहाँबाट अलग हुन सक्तिनन्, यिनीद्वारा देवताहरूको निमित्त कव्य मिल्दछ र हाम्रो हव्य, पितृहरूको निमित्त जीविका चल्दछ ॥१३॥ अग्निहोत्र, बलि, होम, स्वाहाकार, वषट्कार आदि गरिएका अनेक प्रकारका यज्ञ यिनका अधीनमा छन् ॥१४॥ हे राजन् ! मेरा जति कुरा छन्, ती सबै यिनका अधीनमा छन्, यसमा सन्देह गर्नुपर्दैन। यी गाईलाई मेरो सर्वस्व भने पनि हुन्छ, म साँची साँची भन्दछु यिनले मलाई अनेक प्रकारसंग सन्तुष्ट गराइराखेकी छन् ॥१५॥ एवम् प्रकारका अनेक कारणले गर्दा तपाईंलाई यस्ती शबला गाई दिन सक्तिनँ। यति भनेपछि कुरा गर्नामा सिपालु भएका विश्वामित्रले बडो आग्रहले यस्तो कुरा भनेः—सुनका घण्टी, सुनको गहना तथा सुनैको अङ्कुशी भएका चौद्ध हज्जार हात्ती म तपाईंलाई टक्र्याउँछु। चारओटा सेता घोड़ा जोतिने, घण्टी लागेका यस्ता एक सय आठओटा सुनै सुनको रथसमेत तपाईंलाई चढाउँछु, असल असल देशमा जन्मेका उच्च खानदानका बडा पराक्रमी एघार हज्जार घोडा तपाईंलाई अर्पण गर्दछु, किसिम किसिमका रङ्ग भएका, भर्खरको उमेरका एक करोड गाईसमेत दिन्छु, तपाईं यो कपिला गाई मलाई दिनुहोस् ॥१६–२०॥ हे द्विजश्रेष्ठ ! यसबाहेक तपाईं रत्न र सुवर्ण जति भन्नुहुन्छ त्यति सबै म दिन तयार छु, तर मलाई यी शबला गाई दी दिनुहोस् ॥२१॥

बुद्धिमान् विश्वामित्रले यनि भन्दा पनि भगवान् वशिष्ठले भने—हे राजन् ! म कुनै किसिमले पनि यो गाई दिन सक्तिनँ ॥२२॥ यी गाई नै मेरो रत्न हुन्, यिनै मेरो धन हुन्, मेरो सर्वस्व हुन्, मेरो जीवन समेत हुन् ॥२३॥ यिनैको सहायताले म दर्श पौर्णिमासी तथा धेरै धेरै दक्षिणा दिनुपर्ने यज्ञहरू र अरू अरू देवकार्य्यसमेत पूरा गर्दछु ॥२४॥ मेरा यज्ञ यागादि गरिएका सबै क्रिया यिनैद्वारा सिद्ध हुन्छन्। हे राजन् ! यो कुरा बिलकुलै साँचो हो, धेरै बकबक गर्नाले के फायदा ? जसो गरे तापनि म तपाईंलाई यी कामधेनु दिन सक्तिनँ ॥२५॥

सर्ग—५४

विश्वामित्र कामधेनुलाई हरेर लैजान्छन्ः शक, यवन, म्लेच्छहरूको उत्पत्ति।

हे राम ! मुनि वशिष्ठले कुनै तरहबाट पनि कामधेनु नदिएको देख्ता विश्वामित्रले बलजफ्ती-संग यिनलाई लैजानलागे ॥१॥ राजाले बलजफ्तीसंग आफूलाई लैजान लागेको देख्ता यी

गाई बहुतै दुःखित भइन्, शोकले आकुल-व्याकुल भई रुन लागिन् र मनै मनमा विचार गर्नलागिन् ॥२॥ महात्मा वशिष्ठले किन मलाई त्यागेको होला ? यी राजाका नोकरहरूले किन मलाई यसरी दुःख दिएर लैजानलागेका होलान् ॥३॥ मैले ता ज्ञानी, ती महर्षिको ता कुनै अपराध गरेकी थिइनँ, म निरपराध र भक्त छु भन्ने थाहा पाउँदा पाउँदै पनि यी धर्मात्माले किन मेरो त्याग गरेका होलान्॥४॥

एवं प्रकार मनमा विचार गर्दै वारंवार लामो सुस्केरा हाल्दै, राजाका सयकडौं नोकरको हातबाट आफूलाई छुटाएर वायु झैं छिटो दगुरेर यिनी महातेजस्वी महात्मा वशिष्ठको चरणनेर आएर उभिइन् ॥५-६॥ वशिष्ठको आगाडि बसेर रुँदै तथा आफ्नो भाग्यको निन्दा गर्दै बादल गर्जेको जस्तो चर्को स्वर गरेर भन्नलागिन् ॥७॥ ब्रह्माका छोरा हे भगवन् वशिष्ठजी ! के तपाईंले साँची नै मलाई त्यागिदिनुभयो ? होइनभने राजाका नोकरहरू किन मलाई तपाईंकहाँबाट लैजानलागेका हुन् त ? ॥८॥

कामधेनुले यस्तो वचन भनेपछि ब्रह्मर्षि वशिष्ठ दुःखमा परेकी शोकले आकुल-व्याकुल परेकी आफ्नी बहिनी जस्ती गाईलाई भन्न लागे ॥९॥ हे शबले ! मैले तिम्रो त्याग गरेको होइन, तिमीले मेरो कुनै अपराध पनि गरेकी छैनौ, तर यी राजा घमण्डी र मभन्दा बलिया हुनाले बलजफ्तीसंग तिमीलाई लैजान लागेका छन् ॥१०॥ यिनको जत्तिको मसित फौज छैन, राजा हुनाले विशेषरूपले यिनी बलिया छन्, जातका क्षत्रिय हुन् र यस समयमा पृथ्वीका मालिकै छन् ॥११॥ हात्ती घोडा र रथले परिपूर्ण भएको एक पूरा अक्षौहिणी सेना यिनको साथमा छ, यसैले यिनी मभन्दा धेरै बलिया भएका हुन् ॥१२॥

वशिष्ठले भनेको सुनेपछि, अनुपम तेजस्वी महर्षिका कुराको अभिप्राय बुझेकी, कामधेनुले नम्रतासंग जवाफ दिइन् ॥१३॥ हे ब्रह्मन् ! ब्राह्मणहरू क्षत्रियलाई अफूभन्दा बर्ता बलियो संझन्नन्, किन कि ब्राह्मणहरूको बल दिव्य बल हो तसर्थ क्षत्रियहरूको बलभन्दा धेरै बर्ता हुन्छ, यो उहिलेदेखि प्रसिद्ध भएको कुरा हो ॥१४॥ हे भगवन् ! तपाईंको बल अचम्भको छ, विश्वामित्र तपाईंभन्दा बलिया ता छन् तर तपाईंको तेजलाई कसैले खप्नै सक्तैन ॥१५॥ हे ब्रह्मन् ! तपाईं आज्ञा दिनुहुन्छभने म अहिले नै ब्रह्मबलले युक्त भईकन त्यस दुष्टको घमण्ड, सेना तथा यत्नको विनाश पारिदिन्छु ॥१६॥

हे राम ! कामधेनुले यति भन्नासाथ महायशस्वी वशिष्ठले यिनलाई शत्रुको फौजलाई नाश पार्न सक्ने आफ्नो सेनाको सृष्टि गर्ने आज्ञा दिए ॥१७॥ मुनिको आज्ञा सुन्नासाथ कामधेनुले उत्निखेरै सेनाको सृष्टि गरिदिइन् । यिनले हुंकार गर्नासाथ पह्लव जातिका सयकडौं वीर उत्पन्न भए ॥१८॥ उत्पन्न हुनासाथ विश्वामित्रको सामुन्नेमा नै यिनको सेनाको संहार पार्नलागे । आफ्नो फौज नाश भएको देख्ता विश्वामित्रले रिसले चूर भई बडेमानको आँखा तुल्याएर नाना प्रकारका अस्त्र चलाएर पल्हवहरूलाई मारिदिए । विश्वामित्रद्वारा आफ्नो पल्हवी सेना नष्ट भएको देख्ता कामधेनुले फेरि पनि हेर्दैमा डर लाग्ने शक र यवन जातिका म्लेच्छहरूको सृष्टि गरिन् । यी दुवै जातिका वीरहरूले गर्दा आश्रमवरिपरिको जम्मै जग्गा भरिपूर्ण भैगो ॥१९-२१॥ यिनीहरू बडा प्रभावशाली, अतिशय शूरा,

सुन र केसर जस्तै पहेंलो वर्णका थिए, हातमा तीखो तरवार र पटा लिएका र पहेंलो रंगको लुगा लगाएका थिए ।।२२।। बल्दो आगोसमानको यस फौजले विश्वामित्रको समस्त सेनालाई भस्म पारिदियो । यसपछि महातेजस्वी विश्वामित्रले पनि अस्त्रको प्रहार गर्न थाले जसले गर्दा कामधेनुको फौजका यवन, काम्बोज र बर्बर सिपाहीहरू आकुल व्याकुल भई भाग्न लागे ।।२३।।

सर्ग—५५

विश्वामित्रको फौज नाश हुन्छ र महादेवबाट वर पाएकोले यिनी फेरि लड्न आउँछन् ।

विश्वामित्रको अस्त्र प्रहारले यवनादि सिपाहीहरूलाई आकुल व्याकुल भई भागेको देख्ता वशिष्ठले कामधेनुलाई आफ्नो योगको प्रभावले फेरि नयाँ सृष्टि गर्न भने ।।१।। यिनको हुंकारबाट सूर्यसमानका तेजस्वी काम्बोज जातिका वीर उत्पन्न भए र यिनको थुनबाट अस्त्र शस्त्र लिएका बर्बर जातिको उत्पत्ति भयो ।।२।। यिनको योनिबाट यवन र गुदद्वारबाट शक उत्पन्न भए, रौंको प्वालबाट हारित र किरात नामक जातिका वीरहरू जन्मे ।।३।। यिनीहरूले जन्म लिनासाथ विश्वामित्रको फौजमा बाँकी रहेका पैदल सिपाही, सवार, घोड़चढी, र रथसवार यी सबैलाई नष्ट गरिदिए ।।४।।

महात्मा वशिष्ठले विश्वामित्रको जम्मै फौज नाश पारेको देख्ता विश्वामित्रका सय जना छोराहरू नाना प्रकारका हतियार लिएर रिसले मुर्मुरिंदै ऋषिश्रेष्ठ वशिष्ठमाथि जाइलागे, तर यी सबै महर्षिले एकबाजि हुंकार गर्दैमा डढेर भस्म भए ।।५-६।। घोडा, रथ र पैदल फौज तथा विश्वामित्रका छोराहरूलाई समेत छिनभरमा महात्मा वशिष्ठले भस्म पारिदिए ।।७।। महायशस्वी विश्वामित्र आफ्नो फौज तथा छोराहरूलाई नष्ट भएको देख्ता लाजमा परेर केही बेरसम्म चिन्तना गर्नलागे ।।८।। यस समयको विश्वामित्रको अवस्था छाल नउठेको समुद्र, दाँत झरेको सर्प र ग्रहण लागेको सूर्यको जस्तो देखियो, यिनी उत्रिखेरै बिलकुलै तेज नभएको जस्तो देखिन लागे ।।९।। फौज र छोराहरू मारिएकाले विश्वामित्र पखेटा उखेलिएको चरा जस्तै हुन गए । सबै प्रकारका बल र उत्साह नष्ट भएकोले यिनको मनमा वैराग्य उत्पन्न भयो ।।१०।। आफ्नो एउटा छोरालाई राज्यभार सुम्पी क्षात्रधर्मको अनुसार प्रजाको पालना गर्नु भन्ने आज्ञा दिएर आफू वनतिर लागे ।।११।। हिमालय पर्वतको नगीच किन्नर र नागहरू रहने गरेको ठाउँमा गएर महादेवलाई प्रसन्न गराउनाको लागि यी महातपस्वीले तप गर्नलागे ।।१२।।

केही दिनसम्म तपस्या गरिसकेपछि वरदान दिने, देवताहरूका पनि देवता महादेवजीले महामुनि विश्वामित्रलाई दर्शन दिएर भन्नलागे, हे राजन् ! तिमी किन तपस्या गरिरहेका छौ ? के चाहन्छौ ? म वर दिन सक्ने हुँ, तिमीलाई जुन वरको अभिलाषा छ सो मसंग माग ।।१३-१४।। महादेवले यति भनेपछि महातपस्वी विश्वामित्रले उनलाई प्रणाम गरेर भने ।।१५।। हे महादेव ! तपाईं मदेखि प्रसन्न

हुनुहुन्छभने अंग, उपांग, उपनिषद् तथा रहस्यसहितको धनुर्वेद (अस्त्र विद्या) मलाई दिनुहोस् ॥१६॥ देवता, दानव, महर्षि, गन्धर्व, यक्ष र राक्षसहरूका जति अस्त्र छन् ती सबैको ज्ञान मलाई होस् ॥१७॥ हे महादेव ! तपाईंको अनुग्रहले मेरो यो अभिलाषा पूर्ण होस् । महादेवजी पनि "यस्तै हुनेछ" भनेर अन्तर्धान भए ॥१८॥

महादेवबाट अस्त्र शस्त्र पाएपछि ता महाबली विश्वामित्रको अहङ्कार बढेर आयो, यिनी पूरा घमण्डी भए ॥१९॥ पूर्णिमाको दिनमा चन्द्रमालाई देख्ता जसरी समुद्र बढ्दछ त्यसै गरी यिनको पनि पराक्रम बढ्नलागेको थियो, अब ता ऋषिश्रेष्ठ वशिष्ठलाई नजिताई कहाँ छाडुँला भन्ने विचार गर्नलागे ॥२०॥ यिनी वशिष्ठको आश्रममा गएर अस्त्रको प्रहार गर्नलागे र यी अस्त्रको तेजले गर्दा त्यो तपोवन डढ्नलाग्यो ॥२१॥ बुद्धिमान् विश्वामित्रको अस्त्र प्रहार देख्ता डरले थर्कायमान भएका सैकड़ौं मुनिहरू वशिष्ठका शिष्यहरू र यहाँका हजारौं पशु-पक्षीहरूसमेत डराएर जताततै नाना दिशातिर भाग्नलागे ॥२२-२३॥ यस प्रकारसंग महात्मा वशिष्ठको यो आश्रम छिनको छिनैमा शून्य भैगो, कुनै रूख नभएको शब्दहीन बाँझो जग्गा जस्तो देखिन लाग्यो ॥२४॥ वशिष्ठ मुनि वारंवार कराइरहेका थिए—नडराऊ, नडराऊ, सूर्यले कुइरोलाई फटाए झैं म अहिले नै यो गाधिको छोरो विश्वामित्रलाई मारिदिन्छु ॥२५॥ महातेजस्वी, महर्षिश्रेष्ठ वशिष्ठले आश्रमवासीहरूलाई यति भनेर रिसले चूर भई विश्वामित्रलाई भने ॥२६॥ ए मूर्ख ? तैंले धेरै कालदेखि धन-धान्यले भरिपूर्ण भइराखेको यस आश्रमको सत्यानाश पारिदिइस्, यो तैंले ठूलो पाप गरिस् तसर्थ अबलाई जीउँदो रहन पाउन्नस् ॥२७॥

यति भनेर यिनले बडो रिससंग हत्तपत्त आफ्नो लठ्ठी उजाए, यो लठ्ठी यमराजको दण्डसमान थियो । रिसले जाज्वल्यमान भएका वशिष्ठ यस समयमा धूवाँ नभएको महाप्रलयकालको आगो जस्तै देखिएका थिए ॥२८॥

सर्ग—५६

वशिष्ठको ब्रह्मदण्डले पराजित विश्वामित्र ब्राह्मण बन्नाको लागि तपस्या गर्ने विचार गर्दछन् ।

वशिष्ठले यस्तो कठोर वचन भनेको सुन्दा महाबली विश्वामित्रले उनीमाथि आग्नेयास्त्रको प्रहार गरेर "पर्ख पर्ख" भन्दै हाँक दिए ॥१॥ भगवान् वशिष्ठले पनि दोस्रो कालदण्डसमानको आफ्नो ब्रह्मदण्ड उजाएर रिसले चूर भई भने ॥२॥ ए क्षत्रिय कुलको कुलाङ्गार ! हेर्, म खडा छु आफ्नो भएभरको सामर्थ्य देखा । हे गाधिको छोरो ! शस्त्रविद्याको तेरो घमण्ड म आज चूर्ण पारिदिन्छु ॥३॥ ए ! क्षत्रियकुलको नीच ! कताको तेरो क्षत्रिय बल र कहाँ मेरो यो ब्रह्मबल, आज तँ मेरो दिव्य ब्रह्मबल, देख्नेछस् ॥४॥ वशिष्ठको ब्रह्मदण्डले, पानीले आगोलाई शान्त गराए झैं, विश्वामित्रको त्यो भयङ्कर आग्नेयास्त्रलाई शान्त गराइदियो ॥५॥ यसपछि रिसले मुर्मुरिंदै गाधिपुत्र विश्वामित्रले वशिष्ठका उपर

वारुण, रौद्र, ऐन्द्र, पाशुपत, ऐषिक, बेहोश पार्ने मानव अस्त्र, निद्रा पार्ने गान्धर्वास्त्र, जृम्भण, मोहन, सन्तापन, विलापन, शोषण, दारण, बडो गाह्रोसंग जित्न सकिने वज्र, ब्रह्मपाश, कालपाश, वरुणपाश, प्यारो पिनाकास्त्र, शुष्क, र आर्द्र दुवै प्रकारका अशनि, पिशाचहरूको दण्ड र अस्त्र, क्रौञ्चास्त्र, धर्मचक्र, कालचक्र, विष्णुचक्र, वायव्यास्त्र, मथनास्त्र, हयशिरास्त्र, दुई प्रकारका शक्ति, कङ्काल, मुसल, वैद्याधर, महास्त्र, भयानक कालास्त्र, त्रिशूल, कपाल र कङ्कण यी सबै अस्त्रको प्रहार गरे, तर बड़ो आश्चर्यको कुरा हो कि ब्रह्माका छोरा ऋषिश्रेष्ठ वशिष्ठले यी सबै अस्त्रलाई आफ्नो दण्डले शान्त गरिदिए ॥६-१३॥ आफूले चलाएका यी सबै अस्त्र शान्त भएको देखेपछि गाधिपुत्र विश्वामित्रले ब्रह्मास्त्रको प्रहार गरे, विश्वामित्रले यो अस्त्र चलाएको देख्ता अग्निलगायत देवता, देवर्षि, गन्धर्व र नाग यी सबै हडबडाउन लागे, ब्रह्मास्त्रको प्रहार भएकोले तीनै लोक डरले काम्न लाग्यो ॥१४-१५॥ यस महाडरलाग्दो ब्रह्मास्त्रलाई समेत वशिष्ठले ब्रह्मतेज भएको आफ्नो ब्रह्मदण्डले शान्त गराइदिए ॥१६॥ ब्रह्मास्त्रलाई शान्त गराउँदाखेरिको महात्मा वशिष्ठको रूप बडो डरलाग्दो थियो, यस समयको यिनको यो रूप तीनै लोकलाई मूर्छा पार्ने जस्तो थियो ॥१७॥ महात्मा वशिष्ठको प्रत्येक रौंको प्वालबाट किरणसमानका धूवाँ नभएका आगाका ज्वाला निस्कनलागे ॥१८॥ वशिष्ठले हातले उजाइराखेको ब्रह्मदण्ड पनि प्रज्वलित भइराखेको थियो, यो धूवाँ नभएको प्रलयकालको आगो अथवा अर्को यमदण्ड जस्तै देखियो ॥१९॥ यस समयमा सबै मुनिहरू ऋषिश्रेष्ठ वशिष्ठको स्तुति गर्दै भन्नलागेः—हे ब्रह्मन् ! तपाईंको बललाई कसैले जित्न सक्तैन, यस ब्रह्मतेजलाई आफ्नै तेजले शरीर-भित्र धारण गर्नु होस् ॥२०॥ हे भगवन् ! तपाईंले महाबली विश्वामित्रलाई परास्त गरिदिनुभयो, तपाईंको बल अमोघ (खेर नजाने) रहेछ, अबलाई आफ्नो तेज हटाएर सबै प्राणीको पीड़ा दूर गरिदिनुहोस् ॥२१॥ मुनिहरूले यस्तो भनेको सुन्दा महातेजस्वी महातपस्वी वशिष्ठले क्रोधको त्याग गरेर, शान्तभाव धारण गरे । पराजित भएका विश्वामित्रले लामो सुस्केरो हालेर भने ॥२२॥ क्षत्रियबललाई धिक्कार छ ! ब्रह्मतेज नै मुख्य बल रहेछ, केवल एउटा ब्रह्मदण्डको प्रभावले मेरा सबै अस्त्र शस्त्र विफल भएर गए ॥२३॥ यो कुरा देख्ता अब म पनि इन्द्रिय र मनलाई जितेर ब्राह्मण बन्नाको लागि कठोर तपस्या गर्न चाहन्छु ॥२४॥

सर्ग—५७

ब्रह्मर्षि बन्ने इच्छाले विश्वामित्र दक्षिण-दिशामा गएर तपस्या गर्दछन् र त्रिशंकु वशिष्ठलाई यज्ञ गराइदिन आग्रह गर्दछन् ।

आफ्नो हार भएको संझदा विश्वामित्रको मन जल्न लाग्यो, वारंवार लामो सुस्केरा हाल्दै यिनले महात्मा वशिष्ठसितको वैरत्व कायमै राख्ने विचार गरे ॥१॥ महातपस्वी विश्वामित्र आफ्नी महारानीको साथमा दक्षिण दिशातिर गई त्यहाँ बडो कठोर तपस्या गर्नलागे ॥२॥ फलमूल खाएर तथा इन्द्रिय-

हरूलाई बशमा राखेर कठोर तपस्या गर्न थाले । यहाँ तपस्या गर्दाखेरि यी सत्यवादी र धर्मात्माका हविष्यन्द, मधुष्यन्द दृढनेत्र र महारथ यी चार छोरा जन्मे । तपस्या गर्दा गर्दै एक हजार वर्ष बितेपछि लोकका पितामह ब्रह्माजी उहाँ आई महातपस्वी विश्वामित्रलाई मधुरो स्वर गरी भन्नलागेः—हे कौशिक ! आफ्नो तपस्याको बलले तिमी राजर्षिहरूले बस्ने लोकमा बस्न पाउने भयौ ।।३–५।। यस तपस्याले गर्दा आजदेखि तिमीलाई हामी राजर्षि संझन लागेका छौं । यति भनेर महातेजस्वी ब्रह्माजी देवताहरूलाई सङ्ग लिएर गए ।।६।। लोकका अधिपति ब्रह्मा त्रिविष्टप अर्थात् ब्रह्मलोकतिर लागेपछि ब्रह्माले भनेको कुरा सुन्दा विश्वामित्रले लज्जित भई टाउको तल निहुराए ।।७।। अतिशय दुःखमा परेका यिनले क्रोध गरेर भनेः—मैले यस्तो कठोर तपस्या गरें र तैपनि यिनी मलाई अझ राजर्षि नै भन्ठान्दछन् ।।८।। देवता र ऋषिहरूले समेत मलाई राजर्षि नै संझन्छन्, यसबाट मैले गरेको तपस्याको फल ब्रह्मतेज रहेनछ भन्ने बुझिन्छ। यस्तो निश्चय गरेर महात्मा धर्मात्मा, महातेजस्वी विश्वामित्र इन्द्रियहरूलाई वशमा राखेर फेरि धर्मपूर्वक तपस्या गर्न लागे ।

यस समयमा हे रामचन्द्र ! सत्यवादी, जितेन्द्रिय, इक्ष्वाकुकुलको वृद्धि गराउने राजा त्रिशंकु राज्य गर्दथे । यही शरीर लिएर देवताहरूले वास गर्ने लोकमा अर्थात् स्वर्गलोकमा जान सकूं भन्ने विचारले यिनको यज्ञ गर्ने विचार उत्पन्न भयो । यिनले वशिष्ठलाई बोलाएर आफूले विचार गरेको कुरा सुनाए ।।९-१२।। महात्मा वशिष्ठले यो कुरा असम्भव हो भन्ने जवाफ दिए । वशिष्ठबाट जवाफ पाएपछि राजा दक्षिण दिशातिर लागे ।।१३।। यिनी आफ्नो मनोरथ पूर्त्तिका लागि वशिष्ठका छोराहरू भएका ठाउँमा गए । यहाँ दक्षिण दिशामा वशिष्ठका छोराहरू लामो तपस्या गरिरहेका थिए ।।१४।। महातेजस्वी त्रिशंकुले त्यहाँ पुगेपछि घोर तपस्या गरिरहे, सूर्य जस्तो तेज भएका, मनस्वी वशिष्ठका सय छोराहरूलाई देखे ।।१५।। राजाले अगाडि उभिएर यी महात्मा गुरुपुत्रहरूलाई क्रमैले प्रणाम गरी लाजले टाउको अलि निहुराएर हात जोरी यी सबैलाई भनेः—तपाईंहरू शरण पर्न आउने-हरूको रक्षा गर्ने हुनाले तपाईंकहाँ शरण पर्न आएको छु ।।१६–१७।। म यज्ञ गर्न चाहन्थें तर गुरु वशिष्ठले मेरो यज्ञ गराइदिने प्रार्थना स्वीकार गरेनन्, अतः तपाईंहरू मलाई यज्ञ गर्ने सम्मति दिनुहोस् । यहाँहरूको कल्याण होस् ।।१८।। म सबै गुरुपुत्रहरूलाई प्रणाम गरेर प्रसन्न गराउन चाहन्छु, तपस्या गर्नलागिरहनुभएको तपाईं ब्राह्मणहरूसित टाउको निहुराएर प्रार्थना गर्दछु ।।१९।। तपाईंहरू सबै जना मिलेर मेरो मनोरथ सिद्धिका लागि यज्ञ गराइदिनुहोस् यसनिम्ति कि यही शरीरको साथसाथै म स्वर्ग-लोकमा जान सकूं ।।२०।। हे तपस्वीहो ! वशिष्ठले यज्ञ गराउन नामञ्जूर गरेकोले गुरुपुत्रहरूको सिवाय अरू कसैलाई पनि म आफ्नो शरण लिन सक्ने देख्तिनँ ।।२१।। गुरु वशिष्ठ नै समस्त इक्ष्वाकु-वंशी राजाहरूको सबभन्दा ठूलो आधार हुन्, उनीपछि तपाईंहरू नै मेरा पूज्य देवता हुनु-हुन्छ ।।२२।।

सर्ग—५८

वशिष्ठका छोराहरूबाट श्राप पाएकाले त्रिशंकु विश्वामित्रकहाँ जान्छन् ।

राजा त्रिशङ्कुको कुरा सुनेपछि वशिष्ठका सय छोराहरूले रिसले चूर भई यिनलाई जवाफ दिए॥१॥ हे मूर्ख ! सत्यवादी गुरुले नामञ्जूर गरेपछि तिमी किन उनको अनादर गर्न अर्को ठाउँमा आयौ ॥२॥ वशिष्ठ नै समस्त इक्ष्वाकुवंशीहरूका पुरोहित हुन्, सबभन्दा ठूला आधार हुन् । यी सत्यवादीको वचन नाघ्न तिमीलाई उचित पर्दैन ॥३॥ भगवान् ऋषि वशिष्ठले जुन यज्ञलाई यो हुन सक्तैन भनेर गराउन नामञ्जूर गर्नुभयो त्यस्तो यज्ञ गराउने सामर्थ्य हामीमा कताबाट होला ? ॥४॥ हे राजन् ! तिमी ता मूर्ख रहेछौ, भैगो अब आफ्नो देशमा फर्केर जाऊ । हाम्रा पिताजी तीनै लोकलाई यज्ञ गराउन सक्नुहुन्छ ॥५॥ तिम्रो यज्ञ गराएर हामीले कसरी उनको अपमान गर्ने ? रिसले गर्दा गुरुपुत्रहरूको मुखबाट स्पष्टसंग अक्षरको उच्चारण हुन लागेको थिएन, यस्तो क्रोधयुक्त कुरा सुन्दा राजाले फेरि उनीहरूलाई भने :—भगवान् वशिष्ठले नामञ्जूर गर्नुभयो, उहाँका छोरा तपाईंहरूले पनि स्वीकार गर्नुभएन । यस-कारण अब म अर्कै उपाय गर्न जान्छु, हे तपस्वी ! तपाईंहरूको भलो होस् । राजाको भयानक अभिप्राय भएको यो वचन सुनेपछि ऋषिपुत्रहरूले रिसले मुर्मुरिंदै राजालाई तिमी चाण्डालको अवस्थामा पुगे भनेर श्राप दिए । यसरी श्राप दिइसकेपछि यी महात्माहरू आफ्नो आफ्नो आश्रमभित्र पसे ॥६-९॥

रात बित्नासाथ राजा त्रिशंकु चाण्डाल भइहाले । यिनको शरीर नीलो वर्णको र रूखो भयो, कपालका रौं छोटा छोटा र लगाएका लुगासमेत नीला भए ॥१०॥ चिताको खरानी यिनको शरीरमा दलिएको थियो र चिताकै माला घाँटीमा देखिन्थ्यो, यिनले लगाएका सबै गहना फलामका भए । राजाको यस्तो चाण्डालरूप भएको देखेर सबै मन्त्रीहरू भागे । शहरवासी तथा राजाका जति नोकर-चाकर थिए ती पनि सबै भागिहाले । हे रामचन्द्र ! परम जितेन्द्रिय केवल राजा मात्र एक्लै शहरमा घुम्न लागे ॥११-१२॥ दिन रात मनमा डाह हुन लागेकोले यिनी तपस्वी विश्वामित्र भएको ठाउँमा पुगे ।

परलोकबाट र यस लोकबाट समेत भ्रष्ट भएका राजा त्रिशंकुलाई चाण्डालरूपमा देख्ता परम तेजस्वी, धार्मिक विश्वामित्रको मनमा दया उत्पन्न भयो र यिनी देख्तैमा डर लाग्ने रूप लिएका राजालाई यस किसिमसंग भन्नलागे :—हे महाबली राजपुत्र ! तिम्रो कल्याण होस्, के कारणले मेरो आश्रममा आएका हौ सो भन । हे वीर, अयोध्याका राजा ! के तिमी श्रापले गर्दा चाण्डाल भएका हौ ? विश्वामित्रको यो कुरा सुनेपछि श्राप पर्नाले चाण्डाल भएका, कुरा गर्नामा सिपालु राजा हात जोरेर कुराको अभिप्राय बुझ्ने ती ऋषिलाई भन्नलागेः—गुरुले तथा गुरुका छोराहरूले मैले निवेदन गरेको कुरा मञ्जूर गरेनन् ॥१३-१७॥ हे प्रियदर्शन ! शरीरसहित स्वर्ग जाने मेरो इच्छा थियो । यही अभिप्रायले एउटा यज्ञ गर्ने अभिलाषा मैले गुरुलाई र उनका छोराहरूलाई प्रकट गरें, मेरो प्रार्थना स्वीकार गर्नु ता कता छ कता उल्टो मेरो यस्तो अवस्था पारिदिए ॥१८॥ मैले सयओटा यज्ञ गरें तर मेरो मनोरथ सिद्ध हुन सकेन

अर्थात् शरीरसहित स्वर्ग जान पाइनँ, म कहिले पनि झूटो बोल्दिनँ, अझसम्म बोलेको छैन पछिलाई पनि बोल्नेछैन ॥१९॥ हे सज्जन ! म क्षात्रधर्म संझेर किरिया खान्छु कि ठूला ठूला आपत्ति पर्दा पनि मैले सत्यलाई छोडिनँ, नाना प्रकारका यज्ञ गरें र धर्मपूर्वक प्रजाको पालना गरेको हुँ ॥२०॥ महात्मा गुरु-हरूलाई आफ्नो शील तथा सदाचारले प्रसन्न गराइराखेको हुँ। यस प्रकारसंग धर्ममा तत्पर रहने मैले एउटा यज्ञ गर्ने इच्छा गरें तर गुरुहरूले, हे मुनिश्रेष्ठ ! मदेखि रुष्ट भएर मेरो तिरस्कार गरिदिए। यस्तो देख्ता भाग्य नै प्रधान रहेछ, पुरुषार्थ ता निरर्थक रहेछ भन्ने विचार गर्नलागेको छु ॥२१-२२॥ भाग्यले सबैलाई आफ्नो वशमा गराउँदो रहेछ, यसकारण यो सबैभन्दा ठूलो रहेछ। यस प्रकारसंग म बडो दुःखमा परेको छु, भाग्यले मेरो सबै पुरुषार्थ नष्ट गरिदियो, मेरा उपर कृपा गर्नुहोस्, म तपाईंको कृपाभिलाषी भइराखेको छु, तपाईंको कल्याण होस् ॥२३॥ अब म अर्को ठाउँमा जानेछैन, तपाईंसिवाय अरू कसैले मलाई शरण दिनेछैनन्। हे भगवन् ! आफ्नो सामर्थ्यले मेरो दुर्भाग्यलाई हटाउने प्रयत्न गर्नुहोस् ॥२४॥

सर्ग—५९

विश्वामित्र त्रिशङ्कुको यज्ञ गराइदिने प्रतिज्ञा गर्दछन् र यज्ञमा नआएकालाई श्राप दिन्छन्।

आफ्नो वृत्तान्त निवेदन गरी चूप लागेका चाण्डालरूपधारी राजालाई कुशिकनन्दन विश्वामित्र दयापूर्वक मधुरो वचन गरी भन्नलागे ॥१॥ हे इक्ष्वाकुवंशी राजन् ! म तिम्रो स्वागत गर्दछु, तिमी धर्मात्मा छौ भन्ने कुरा मलाई थाहा छ नडराउ, म तिम्रो रक्षा गर्नेछु ॥२॥ तिम्रो यज्ञमा सहायता दिना-को लागि पवित्र कर्ममा लागेका सबै महर्षिहरूलाई निमन्त्रणा गरेर बोलाउँछु, यिनीहरू भएपछि निश्चि-न्तसंग यज्ञ गर्न सक्नेछौ ॥३॥ गुरुपुत्रहरूको श्रापले अहिले तिम्रो शरीर विरूप भएको छ तापनि यही रूपको शरीर लिएर तिमी स्वर्ग जानेछौ ॥४॥ शरण दिने विश्वामित्रकहाँ शरण पर्न आएपछि स्वर्ग तिम्रो हात परिसक्यो भन्ठान्दछु ॥५॥ यति भनेर महातेजस्वी विश्वामित्रले आफ्ना परमधार्मिक र बुद्धिमान् छोराहरूलाई यज्ञको सामग्री जम्मा पार्ने आज्ञा दिए ॥६॥ यिनले आफ्ना शिष्यहरूलाई भनेः—मेरो आज्ञाले सबै ऋषिहरूलाई र वशिष्ठका छोराहरूलाई यहाँ बोलाएर ल्याऊ। यिनीहरूबाहेक आफ्ना आफ्ना शिष्य तथा मित्रहरूको साथमा धेरै पढे गुनेका पुरोहितहरूलाई समेत बोलाएर ल्याऊ; मद्वारा निमन्त्रित भएका यिनीहरूमध्ये कसैले मेरो विरुद्धमा केही कुरा भन्योभने तिनीहरूले मेरो अनादर गरेर भनेको जम्मै कुरा जस्ताको त्यस्तै गरी मलाई सुनाउनू। गुरु विश्वामित्रको आज्ञा पाउना-साथ यिनका शिष्यहरू भिन्न-भिन्न दिशातिर लागे ॥७-९॥ अब ता सबै देशबाट ब्रह्मवादी मुनिहरू

धमाधम आउन थाले । विश्वामित्रका शिष्यहरू पनि आफ्ना अतितेजस्वी गुरुकहाँ आई सबै ब्रह्मवादी मुनिहरूले भनेको कुरा उनलाई सुनाएर भन्नलागेः—तपाईंको आज्ञा सुन्नासाथ सबै देशबाट ब्राह्मणहरू यज्ञमा सामेल हुन आउन लागिरहेका छन्, केवल महोदय नाम गरेका ऋषि आएनन्, वशिष्ठका छोराहरू यज्ञ गर्न लागिरहेका छन् । यिनीहरूले रिसले मुर्मुरिएर जुन कुरा भनेथे, हे मुनिश्रेष्ठ ! सो सबै सुन्नुहोस् :—जुन यज्ञको यजमान चाण्डाल र यज्ञ गराउने क्षत्रिय छ त्यस्ता यज्ञको हवि, देवता र ऋषिहरूले कसरी ग्रहण गर्लान् ? ब्राह्मण तथा महात्माहरू विश्वामित्रद्वारा सहायता पाए तापनि चाण्डालको अन्न खाएकोले कसरी स्वर्ग जान सक्लान् । रिसले आँखा राता राता तुल्याएर उनीहरूले यस्तो निष्ठुरी वचन भने ॥१०-१५॥ हे मुनिश्रेष्ठ ! महोदय ऋषि तथा वशिष्ठका छोराहरूले भनेका कुरा यिनै हुन् ।

उनीहरूले भनेको यो कुरा सुन्दा रिसले आँखा राता तुल्याएर विश्वामित्र भन्नलागेः—म कठोर तपस्या गरिरहेको छु, मैले कुनै अन्यायको काम गरेको छैन तापनि यिनीहरू मलाई दोष लगाइरहेका छन्, तसर्थ यी दुरात्माहरू निस्सन्देह भस्म हुनेछन् र आजै यिनीहरू कालपाशले बाँधिएर यमपुरीतिर लाग्नेछन् र सात सय जन्मसम्म मुर्दाको मासु खाएर काल-क्षेपण गर्नेछन्, कुक्कुरको मासु खाँदा पनि यिनीहरूलाई घीन लाग्नेछैन । मुष्टिक नाम गरेको चाण्डाल जातमा यिनको जन्म हुनेछ । यिनीहरू विकृत तथा कुरूप भएर यस लोकमा यताउति घुमिरहनेछन् । मूर्ख महोदय ऋषिले पनि निर्दोष ममाथि दोष लगाएका छन् तसर्थ यिनी पनि सबै द्वारा दूषित भई निषाद हुनेछन् । हिंस्रक तथा निष्ठुर भई प्राणीहरूको हिंसामा लागेर मेरो रिसले गर्दा धेरै दिनसम्म दुर्दशा भोग्नुपर्नेछ । महातपस्वी, महातेजस्वी, महामुनि विश्वामित्र ऋषि-मण्डलीमा यति भनेर चूप लागे ॥१६-२२॥

सर्ग—६०

त्रिशङ्कु स्वर्गबाट तल झर्दछन् तर विश्वामित्र यिनलाई बीचैमा रोकिदिन्छन् ।

महातेजस्वी विश्वामित्रले, आफ्नो योगबलले महोदय ऋषि र वशिष्ठका सय छोरा मरे भन्ने थाहा पाएपछि ऋषिहरूलाई भन्नलागे ॥१॥ यी इक्ष्वाकुवंशका त्रिशङ्कुको नामले विख्यात भएका राजा हुन्, यिनी दाता र धर्मात्मा छन्, अहिले मेरो शरण पर्न आइराखेका छन् ॥२॥ यिनको आफ्नो यही शरीर लिएर स्वर्ग जाने अभिलाषा छ तसर्थ यिनले शरीरसहित स्वर्गलोक जान सक्ने गरी तपाईंहरूले मसित मिलेर यिनको यज्ञ गराइदिनुपर्‍यो । विश्वामित्रको यो कुरा सुनेपछि धर्मको रहस्य जान्ने सबै महर्षिहरू उत्निखेरै आफू आफूमा धर्मयुक्त कुरा गर्नलागेः—यी कौशिक मुनि बडा रिसाहा छन्, यिनले भनेको कुरा मनमा कुनै प्रकारको सन्देह नलिईकन गरिहाल्नुपर्दछ नत्र अग्निसमानका यी तेजस्वी ऋषिले जंगिएर हामीलाई श्राप दिनेछन् ॥३-६॥ तसर्थ हामी यस्तो यज्ञ गरौं जसले गर्दा विश्वामित्रको तेजले यी इक्ष्वाकुवंशी राजा यही शरीर लिएर स्वर्ग जान सकुन् ॥७॥ अब यज्ञ थालिहालौं, तपाईंहरू आफ्नो आफ्नो

काम गर्न थाल्नुहोस् । यति भनेर ऋषिहरू आफू आफूमा सल्लाह गरेर यज्ञको भिन्न भिन्न काममा नियुक्त भई यज्ञ गर्न लागे ॥८॥ यो यज्ञ गराउने महातेजस्वी विश्वामित्र भए र अरू अरू मन्त्र पढेका र मन्त्रको रहस्य जान्ने ऋषिहरू ऋत्विज् भए ॥९॥ शास्त्र र विधानको अनुसार यज्ञको जम्मै काम हुनलाग्यो । यस प्रकारसंग धेरै कालसम्म यज्ञ भइसकेपछि महातपस्वी विश्वामित्रले गराएको यज्ञको आफ्नो आफ्नो भाग लिनाको लागि सबै देवताहरूलाई आवाहन गरे तर भाग लिनको निम्ति सबै देवता-हरू त्यहाँ आएनन् ॥१०-११॥ यो देख्ता महामुनि विश्वामित्रलाई बडो रिस उठ्यो र यिनले रिसले हातमा स्रुवा उठाएर त्रिशंकुलाई भने ॥१२॥ हे राजन् ! मैले तपस्याद्वारा प्राप्त गरेको मेरो तपोबल हेर, म आफ्नो तपको प्रभावले तिमीलाई यही शरीरसहित स्वर्ग पुर्‍याइदिन्छु ॥१३॥ यही शरीर लिएर स्वर्ग जाने कुरा ता गाह्रो हो, तर हे राजन् ! मेरो तपस्याको जम्मा भइराखेको फलको प्रभावले तिमी सशरीर स्वर्ग जाऊ ।

विश्वामित्रले यसो भन्नासाथ राजा त्रिशङ्कु मुनिहरूले हेर्दा हेर्दै शरीरसहित स्वर्ग गए । हे रामचन्द्र ! त्रिशंकुलाई स्वर्गमा आएको देखेपछि इन्द्रले समस्त देवताहरूको साथमा यिनलाई भने—हे राजन् ! तिमी स्वर्गमा रहन योग्य छैनौ तसर्थ मृत्युलोकमा फेरि जाइहाल ॥१४–१७॥ हे मूर्ख ! तिमीमाथि गुरुको श्राप परेको छ अतएव तल टाउको गरेर पृथ्वीमा खस । उनले यसो भन्नासाथ यिनी स्वर्गबाट त्यसै गरी झरिहाले ॥१८॥ यिनी आफ्नो रक्षाको लागि "त्राहि त्राहि" भन्दै विश्वामित्रलाई बोलाउनलागे । त्रिशंकुले दया उठ्ने गरी कराएको सुन्दा विश्वामित्रलाई हुनासम्मको रिस उठ्यो र यिनले "तिष्ठ तिष्ठ" (पर्ख पर्ख) भनेर उनलाई बीचैमा अड्याइदिए । यसपछि ऋषिहरूको सामुन्नेमा यी तेजस्वीले अर्को ब्रह्माझैं दक्षिण दिशामा नयाँ सप्तर्षिहरूको सृष्टि गरे, क्रोधले बेहोश जस्तो भई यिनले नयाँ नयाँ नक्षत्रहरूको पनि सिर्जना गरे ॥१९-२१॥ विश्वामित्रको चित्त रिसले आकुल व्याकुल भइ-रहेको थियो, ऋषिहरूको बीचमा बस्ता बस्तै यी महायशस्वी मुनिजीले यस प्रकारसंग दक्षिणदिशामा नयां नयां नक्षत्रहरूको उत्पत्ति गराए ॥२२॥ यिनले फेरि भने :—म अर्कै इन्द्र खडा गर्दछु, खडा गर्न सकिनँभने मैले बनाएको स्वर्ग इन्द्र नभएको होला । रिसको वशमा परेर यिनले नयाँ नयाँ देवता-हरूको पनि सृष्टि गर्नलागे ॥२३॥ अब ता देवता, दैत्य, ऋषि यी सबै बहुतै हडबडाउन लागे र महात्मा विश्वामित्रको नगीच गई विनयपूर्वक भन्नलागे ॥२४॥ हे भगवन् ! यी राजामाथि गुरुको श्राप परेको छ यसैले शरीरसहित यिनी स्वर्ग जान योग्य छैनन् ॥२५॥

देवताहरूको कुरा सुन्दा महातपस्वी विश्वामित्र यिनीहरूलाई भन्नलागे ॥२६॥ हे देवताहो ! तपाईंहरूको कल्याण होस्, मैले शरीरसहित राजा त्रिशङ्कुलाई स्वर्ग पठाउने प्रतिज्ञा गरिसकेको छु, म आफ्नो प्रतिज्ञालाई झूटो बनाउन चाहन्नँ ॥२७॥ यही शरीर लिएर त्रिशङ्कु सदाका लागि स्वर्गमा बस्न पाउन्, होइनभने मैले बनाएका ध्रुवलगायतका यी सबै नक्षत्रहरू सदा सर्वदा यो सृष्टि रहेसम्म संसारमा स्थिर रहुन् । हे देवताहो ! तपाईंहरू यसको लागि आज्ञा दिनुहोस् ॥२८-२९॥

मुनिको कुरा सुनेपछि देवताहरूले उनलाई भने—जसो तपाईं भन्नुहुन्छ त्यस्तै होस्। तपाईंको कल्याण होस्। तपाईंले बनाएका यी सबै रहून् ॥३०॥ वैश्वानरनामक नक्षत्रमण्डलको बाहिरपट्टि तपाईंका यी सबै नक्षत्र रहून्। त्रिशङ्कु पनि तल टाउको गरेर देवताहरूले झैं सुखभोग गर्दै तपाईंका नक्षत्रहरूको बीचमा प्रकाशमान भएर रहून्। यी सबै नक्षत्र श्रेष्ठ राजा त्रिशङ्कुका अनुगामी बन्नेछन् ॥३१-३२॥ यी राजा त्रिशङ्कु शरीरसहित स्वर्ग जान पाएकोले कृतार्थ भए र यिनको कीर्ति पनि बढ्ने भयो। यति भनेर सबै देवताहरूले धर्मात्मा विश्वामित्रको स्तुति गरे ॥३३॥ ऋषिहरूको सभामा महातेजस्वी विश्वामित्र देवताहरूले भनेको कुरामा मन्जूर भए। यसपछि हे नरश्रेष्ठ राम ! यज्ञमा सामेल भएका महात्मा, देवता तथा तपस्वी ऋषिहरू यज्ञ समाप्त भएपछि आफ्नो आफ्नो ठाउँमा गए ॥३४॥

सर्ग—६१

अम्बरीष यज्ञ गर्नको निम्ति शुनःशेफलाई लिएर आउँछन्।

हे रामचन्द्र ! सबै ऋषिहरूलाई गएको देखेपछि महातेजस्वी विश्वामित्रले त्यहाँका वनवासीहरूलाई भने ॥१॥ यहाँ दक्षिण दिशामा रहनाले मेरो तपस्यामा विघ्न हुनलाग्यो अतः अब म अर्कै दिशामा गई तपस्या गर्दछु ॥२॥ पश्चिम दिशामा ठूला ठूला तपोवन छन्, पुष्कर क्षेत्रमा जान्छु र त्यहीं रहेर सुखसंग तपस्या गर्दछु, त्यस वनमा सबै कुराको सुबिस्ता छ ॥३॥ वनवासीहरूलाई यति कुरा भनेर महातेजस्वी विश्वामित्र महामुनि पुष्करक्षेत्रमा गए र यहाँ फलमूल खाएर बडो गाह्रो तपस्या गर्न लागे ॥४॥

यही समयमा अयोध्याका अम्बरीष नाम गरेका महाराजले एउटा ठूलो यज्ञ गर्नलागे ॥५॥ यज्ञ गर्नलागेका यी राजाको यज्ञको पशु इन्द्रले हरेर लगिदिए। पशु हराएको देख्ता ब्राह्मणहरूले राजालाई भने ॥६॥ हे राजन् ! तपाईंकै दोषले गर्दा पशु हराएको हो, यज्ञको पशुको रक्षा गर्न नसक्ने राजा नाना प्रकारका दोषले लिप्त भई चाँडै नै नाश हुन्छन् ॥७॥ यज्ञ समाप्त नहुँदैमा पशु खोजेर ल्याउनु होस्, त्यो पशु पाइएनभने गोधन दिएर कुनै मानिसलाई नै पशुरूपमा लिएर आउनुहोस्, यसो गरेपछि मात्र यस पापको प्रायश्चित्त हुनेछ ॥८॥ पुरोहितका कुरा सुन्नासाथ पशुको सट्टामा दिने हजार गाई साथमा लिई राजा यज्ञको पशु खोज्न भनी निस्के ॥९॥ देश देशान्तर शहर, वन र पवित्र आश्रममा जताततै खोज्दै खोज्दै यी राजा भृगुतुङ्गनामक पर्वतको टाकुरामा पुगे र यहाँ छोरा स्वास्नीलाई साथमा राखेर बसेका ऋचीक नाम भएका ऋषिलाई देखे ॥१०-११॥ प्रणाम र स्तुति गरिसकेपछि महातेजस्वी राजाले तपस्याको प्रभावले बल्दो अनुहार भएका ऋषिसंग क्षेम कुशलको हाल खबर सोधे र त्यसपछि उनलाई भन्नलागे :—एक लाख गाईको सट्टामा तपाईं आफ्नो एउटा छोरा बेच्नुहुन्छ कि ? तपाईंले बेच्नुभयोभने ता पशुका लागिको मेरो चिन्ता दूर हुनेछ र म कृतकृत्य भई जानेछु, म सबै देशमा डुलेर आएँ तर यज्ञको पशु भने कतै भेट्टाउन शकिन ॥१२-१४॥ मूल्य लिएर कृपया एउटा छोरा मलाई

दिनुहोस् । राजाको यो कुरा सुन्दा महातेजस्वी ऋचीकले भने ।।१५।। हे राजन् ! जेठो छोरालाई ता म केही गरे पनि बेच्न सक्तिनँ । ऋचीकको यो कुरा सुन्दा महात्मा छोराहरूकी आमा मुनिपत्नीले नरश्रेष्ठ राजा अम्बरीषलाई भनिन्—मेरा स्वामी भार्गवजी आफ्नो जेठा छोरालाई बेच्न चाहनुहुन्न, मलाई पनि हे प्रभो ! सबभन्दा कान्छो छोरा अत्यन्तै प्यारो छ, तसर्थ हे राजन् ! यसलाई म कुनै अवस्थामा पनि बिक्री गर्न सक्तिनँ ।।१६-१८।। हे राजन् ! प्रायः जेठा छोरा बाबुको र कान्छो आमाको प्यारो हुन्छन्—यसकारण म कान्छो छोराको रक्षा गर्न चाहन्छु ।।१९।।

हे राम ! मुनि र मुनिपत्नीले यस्तो कुरा गरेको सुन्दा माहिलो छोरो शुनःशेफले आफैं भन्यो ।।२०।। पिताजी जेठालाई र आमा कान्छालाई बिक्री गर्न चाहनुहुन्नभने म माहिलो नै बिक्री हुने योग्य भएँ, तसर्थ हे राजन् ! मलाई लिएर हिंड्नुहोस् ।।२१।। हे रामचन्द्र ! ब्रह्मवादी शुनःशेफले यसो भनेको सुन्दा महाबाहु राजा अम्बरीषले धेरै-धेरै सुन, करोडौं रत्नको थुप्रो तथा एक लाख गाई दिएर शुनःशेफलाई खरीद गरी बडो प्रसन्नतासाथ आफूसंग लिएर हिंडे ।।२२–२३।।

महायशस्वी, महातेजस्वी राजा अम्बरीष हत्तपत्त शुनःशेफलाई रथमा बसाली झट्टै हिंडिहाले ।।२४।।

सर्ग—६२

विश्वामित्रको उपदेशद्वारा शुनःशेफको रक्षा हुन्छ ।

हे रामचन्द्र ! शुनःशेफलाई लिएर जान लागेका महायशस्वी राजा अम्बरीषले मध्याह्नको समयमा पुष्करक्षेत्रमा विश्राम गरे ।।१।। विश्राम गर्न लागेको राजालाई छोडेर महायशस्वी ऋषिकुमार शुनःशेफ पुष्करक्षेत्रमा डुल-फिर गर्नलागे र यहाँ यिनले विश्वामित्रलाई देखे ।।२।। यिनले आफ्ना मामा विश्वामित्रलाई यहाँ ऋषिहरूको साथमा तपस्या गर्नलागेको देखे । शुनःशेफको मुख सुकिसकेको थियो र प्यास तथा थकाइले गर्दा यिनी बडो कमजोर भइराखेका थिए ।।३।। विश्वामित्रको काखमा हामफालेर यिनले भने—यहाँ मेरा आमा बाबु छैनन्भने अरू कुलकुटुम्बी कहाँ भेट्टिएलान् ।।४।। हे मुनिश्रेष्ठ ! धर्म संझेर मेरो रक्षा गर्नुहोस् किन कि तपाईं सबैको रक्षक र शरण पर्न आउनेहरूको मनोरथ पूर्ण गर्नें हुनुहुन्छ ।।५।। तपाईं यस्तो उपाय गर्नुहोस् जसले गर्दा यी राजाको मनोरथ पूर्ण होस् र म पनि दीर्घायु भई उत्तम उत्तम तपस्या गरेर स्वर्गलोकमा जान पाऊँ ।।६।। हे भगवन् ! म अनाथ छु, प्रसन्न चित्तले मेरो रक्षा गर्नुहोस्, हे धर्मात्मा मुनिजी ! जसरी बाबुले छोराको रक्षा गर्दछन् त्यसै गरी तपाईं पनि यस विपत्तिबाट मेरो रक्षा गर्नुहोस् ।।७।।

शुनःशेफको कुरा सुनेपछि महातपस्वी विश्वामित्रले अनेक तरहबाट यिनको मनमा ढाडस दिए र अनि आफ्ना छोराहरूलाई भने ।।८।। कल्याणको कामना गर्नें पिताले जुन पारलौकिक हितको लागि

छोरा उत्पन्न गर्दछन् त्यो हित गर्ने वेला तिमीहरूको लागि आइराखेको छ ।।९।। यी ऋषिकुमार मेरो शरण पर्न आइराखेका छन्, तसर्थ यिनको प्राण रक्षा गरेर तिमीहरूले मलाई निको लाग्ने काम गर्नुपर्खो ।।१०।। तिमीहरू सबै पुण्य कार्य गर्ने र धर्मात्मा छौ अतएव राजाको यज्ञमा पशु बनेर अग्निलाई प्रसन्न गराऊ ।।११।। यसो गर्नाले शुनःशेफको रक्षा हुनेछ, निर्विघ्नपूर्वक यज्ञ समाप्त हुनेछ, देवताहरू तृप्त हुनेछन् र साथसाथै मेरो वचनको पनि पालना हुनेछ ।।१२।। मुनिजीका कुरा सुन्नासाथ मधुष्यन्दादि गरिएका यिनका छोराहरू बडो अभिमानका साथ ठट्टा गरेर भन्नलागे ।।१३।। आफ्ना छोराको परित्याग गरेर किन तपाईं अर्काको छोराको रक्षा गर्नपट्टि लाग्नुभएको हो ? यो ता आफ्नो मासु आफैंले खानेसमानको पाप हो ।।१४।। आफ्नो छोराहरूको कुरा सुन्दा मुनिश्रेष्ठ विश्वामित्र रिसले आँखा राता तुल्याएर भन्नलागे ।।१५।।

तिमीहरूले निर्भय भई यो कुरा भन्यौ, तिमीहरूको यो कुरा धर्म-निन्दित हो, तिमीहरूले मेरो वचनको तिरस्कार गर्खौ र बडो कडा उत्तर दियौ ।।१६।। यसकारण तिमीहरूले कुक्कुरको मासु खाने भएर वशिष्ठका छोराहरू झैं चाण्डाल बन्नुपर्नेछ र यही अवस्थामा हजार वर्षसम्म यस पृथ्वीमा रहनुपर्नेछ ।।१७।। यस प्रकारसंग आफ्ना छोराहरूलाई श्राप दिइसकेपछि मुनिश्रेष्ठ विश्वामित्रले दिक्दार भइराखेको शुनःशेफको सबै दुखः दूर हुने गरी मन्त्रद्वारा रक्षा गरेर उनलाई भने ।।१८।।

जब तिमी अम्बरीषको यज्ञमा रातो माला तथा तथा रातो चन्दनले सिंगारिएर कुशको डोरीले वैष्णव थाममा बाँधिनेछौ त्यस बखतमा अग्निको स्तुति गरे ।।१९।। हे मुनिपुत्र ! राजा अम्बरीषको यज्ञमा तिमीले यी दुई वैदिक मन्त्रको गान गर्नु । यसबाट तिम्रो सबै काम सिद्ध हुनेछ ।।२०।। शुनःशेफले बडो सावधान भईकन यी दुवै मन्त्र ग्रहण गरे र हत्तपत्त राजा अम्बरीष भएको ठाउँमा आएर भन्नलागे ।।२१।। हे बुद्धिमान् राजश्रेष्ठ! हामी झट्टै यहाँबाट हिंडिहालौं । तपाईं यज्ञको दीक्षा लिनुहोस् र मेरो बलिदान गर्नुहोस् ।।२२।। ऋषिपुत्रको कुरा सुन्नाले राजा बहुतै खुशी भए र छिटोसंग यज्ञमण्डपतिर जानलागे ।।२३।।

उहां पुगेपछि यज्ञगराउनेहरूको सम्मतिले राजाले शुनःशेफलाई यज्ञपशुको सबै चिह्नले युक्त गराई, रातो वस्त्र पहिराएर थाममा बाँधिदिए ।।२४।। थाममा बाँधिएका मुनिपुत्र दिव्य वाणीले उत्तम उत्तम वेद मन्त्रद्वारा इन्द्र र विष्णुको स्तुति गर्नलागे ।।२५।। यिनको रहस्यमय स्तुति सुन्नाले प्रसन्न भएका इन्द्रले यिनलाई दीर्घायु हुने वर दिए ।।२६।। यस प्रकारसंग नरश्रेष्ठ राजा अम्बरीषले यज्ञ समाप्त गरे र इन्द्रको कृपाले यस यज्ञको अनेक फल पाए ।।२७।। हे राम ! यसपछि महात्मा विश्वामित्र फेरि तपस्या गर्नलागे, यिनले एक हजार वर्षसम्म पुष्कर क्षेत्रमा तपस्या गरे ।।२८।।

सर्ग—६३

विश्वामित्रकहाँ मेनका आउँछिन् र ब्रह्माबाट मुनि वर पाउँछन् ।

तपस्या गर्न लागेको हजार वर्ष बितेपछि विश्वामित्रले व्रतको स्नान गरे र यस बखतमा तपस्याको फल दिनाको लागि सबै देवताहरूलाई साथमा लिई ब्रह्मा उनीकहाँ आए र बड़ो मधुरो स्वरमा आफ्नो तपस्याको प्रभावले तिमीले ऋषि-पद पायौ तिम्रो कल्याण होस् भन्ने कुरा सुनाए ॥१-२॥ यति कुरा सुनाएर देवताहरूका ईश्वर ब्रह्मा स्वर्गतिर लागे, यता विश्वामित्र पनि फेरि कठोर तपस्या गर्नलागे ॥३॥ तपस्या गर्दा गर्दैमा धेरै समय बितेपछि कुनै एक दिन मेनका नाम गरेकी एउटी अप्सरा पुष्कर-क्षेत्रमा स्नान गर्न आइन् ॥४॥ महातेजस्वी कौशिक विश्वामित्रले मेघमा विजुली चम्के झैं यी अद्वितीय सुन्दरी मेनकालाई देखे ॥५॥ यिनलाई देख्नासाथ कामको वशमा परेका मुनिले भने—हे अप्सरे ! तिम्रो स्वागत गर्दछु, मेरो आश्रममा बस, तिमीलाई देख्नाले म कामले पीडित भइरहेको छु तसर्थ मेराउपर कृपा गर। ऋषिको यस्तो कुरा सुनेपछि राम्रो अनुहारकी ती मेनका त्यहाँ आश्रममा रहन लागिन् ॥६-७॥ मेनका यहाँ रहनाले विश्वामित्रको तपस्यामा एउटा ठूलो विघ्न पर्‍यो। यिनले दश वर्ष विश्वामित्रको रमणीय आश्रममा सुखसंग बिताइन्। केही कालपछि विश्वामित्रजीलाई लाज लाग्यो र यिनी शोक चिन्ता गर्नलागे, यस समयमा यिनी केही रिसाए र यिनको मनमा यस्तो विचार उत्पन्न भयो—यो सबै देवताहरूकै काम हो, यिनीहरूले नै मेरो तपस्या भङ्ग गरेका हुन् , अफसोस ! एक एक दिन एक एक रात गर्दैमा मेरो दश वर्ष बित्यो ॥८-११॥ कामको वशमा परेकोले यो विघ्न आइपरेको हो। यस प्रकारको पश्चात्तापले गर्दा मुनि दुःखित भए र लामो लामो सुस्केरा हाल्नलागे ॥१२॥ डराएर थर-थर कामिरहेकी, हाथ जोरेर उभिरहेकी मेनका अप्सरालाई मुनिले मीठा मीठा कुरा गरेर बिदा गरिदिए ॥१३॥ हे राम ! यहाँबाट मुनिजी कामलाई जित्ने दृढ संकल्प गरेर उत्तर दिशाको पर्वततिर लागे र कौशिकी नदीको तीरमा बसेर कठोर तपस्या गर्नलागे, यहाँ तपस्या गर्दा गर्दैमा यिनको हजार वर्ष बित्यो ॥१४-१५॥ उत्तर पर्वतमा विश्वामित्रले तप गरेको देख्ता देवताहरू डराए र सबै मिलेर ब्रह्मा-कहाँ आई प्रार्थना गर्नलागे ॥१६॥ हे भगवन् ! अब ता विश्वामित्रलाई महर्षिपद दिनैमा बेश होला। देवताहरूको कुरा सुनेपछि सबै लोकका पितामह ब्रह्माजीले तपस्वी विश्वामित्रकहाँ गई भने—हे महर्षे ! म तिम्रो स्वागत गर्दछु, तिम्रो उग्र तपस्यादेखि म प्रसन्न भएँ, म तिमीलाई महर्षिको पद दिन्छु। ब्रह्माको कुरा सुनेपछि तपस्वी विश्वामित्र हात जोडेर नम्रतासाथ पितामहलाई निवेदन गर्नलागे— हे ब्रह्मन् ! आफ्ना उत्तम कर्मद्वारा श्रेष्ठ ब्रह्मर्षि पद पाउन सकेको भए म आफूलाई जितेन्द्रिय संझने थिएँ अर्थात् ब्रह्मर्षि नभनेर केवल महर्षि भन्नुभएकोले मैले इन्द्रियहरूलाई वशमा राख्न सकेको रहेनछु जस्तो लाग्दछ। ऋषिको अभिप्राय बुझेर ब्रह्माजीले भन्नुभयो—अहिलेसम्म तिमी जितेन्द्रिय हुन सकेका छैनौ, हे मुनिश्रेष्ठ ! इन्द्रियहरूलाई जित्ने प्रयत्न गर। यति भनेर उहाँ स्वर्गतिर लाग्नुभयो।

देवताहरू गएपछि महामुनि विश्वामित्र, विनाआधारको, माथितिर हात उठाएर, केवल वायुको

आहारा गरी फेरि तपस्या गर्नलागे । गर्मीको दिनमा पञ्चाग्नि तापेर, वर्षाको समयमा खुला मैदानमा बसेर, जाडोको मौसिममा दिन रात पानीमा रही तपस्या गर्नलागे । यी तपस्वीले यस प्रकारसँग एक हजार वर्षसम्म कठोर तपस्या गरे ।।१७–२४।। महामुनि विश्वामित्रले यसरी कठोर तपस्या गरेको देख्ता इन्द्र तथा देवताहरूलाई ठूलो ताप पऱ्यो ।।२५।। सबै देवताहरूका साथमा इन्द्रले रम्भा नाम गरेकी अप्सरालाई आफ्नो कल्याण हुने तर विश्वामित्रको कुभलो हुने कुरा सुनाए ।।२६।।

सर्ग—६४

विश्वामित्रको तपस्या भङ्ग गर्न आएकी रम्भा श्राप पाउँछे ।

हे रम्भे ! देवताहरूको तिमीले यो एउटा ठूलो काम गरिदिनुपऱ्यो । कौशिक मुनिलाई कामको वशमा पारेर मोहित गराइदेऊ ।।१।। बुद्धिमान् इन्द्रको यो कुरा सुनेर लज्जित भएकी ती अप्सरा हात जोरेर इन्द्रलाई भन्नलागिन् ।।२।। हे देवराज ! यी विश्वामित्र मुनि बड़ा डरलाग्दा छन् , रिसले चूर भई यिनी अवश्यै मलाई श्राप दिनेछन् ।।३।। हे भगवन् ! तपाईंको कल्याण होस् , यो काम गर्न मलाई डर लागिरहेको छ, कृपया मलाई क्षमा गर्नुहोस् । यति भनेर थरथर कामिरहेकी, हात जोरेर उभिइरहेकी रम्भालाई इन्द्र भन्नलागे—हे रम्भे ! नडराऊ, तिम्रो कल्याण हुनेछ, मैले भनेको मान ।।४-५।। वसन्त कालमा, रमणीय रूखमा, एउटा राम्रो कोइलीको रूप लिएर म पनि कामदेवको साथ तिम्रो नजीकै रहनेछु ।।६।। तिमी पनि खूब राम्रो रूप बनाएर नाना प्रकारको छाल पारेर ती तपस्वीको मनलाई तपस्याबाट हटाई आफूतिर ताने ।।७।। इन्द्रले अह्राएमुताबिक राम्रो हँसिलो मुख भएकी ती सुन्दरीले दिव्यरूप धारण गरी नाना प्रकारको छाल पारेर विश्वामित्रको मनमा कामको भावना उत्पन्न गर्ने चेष्टा गर्नलागिन् ।।८।। यस समयमा कोइलीको मधुरो शब्द सुन्दा मनमा प्रसन्न भइराखेका विश्वामित्र रम्भातिर हेर्नलागे ।।९।। कोइलीको मीठो बोली, रम्भाको अति राम्रो गीत सुन्नाले तथा यी अप्सरालाई देख्नाले मुनिको मनमा सन्देह उत्पन्न भयो ।।१०।। यो सब काम इन्द्रकै हो भन्ने निश्चय भएकोले महामुनि विश्वामित्रले रिस थाम्न नसकी रम्भालाई श्राप दिए ।।११।। हे रम्भे ! काम क्रोधलाई जित्न खोज्ने मलाई तँ लोभ्याउन खोजिरहेकी छस् , तसर्थ हे अभागिनी ! तैंले दश हजार वर्षसम्म ढुङ्गा भएर रहनुपर्नेछ ।।१२।। मेरो रिसमा पर्नाले ढुङ्गा बनेर दुःख भोगिरहेकी तेरो कुनै तेजस्वी तपस्वी ब्राह्मणले उद्धार गर्नेछन् ।।१३।। रिसलाई वशमा राख्न नसकेकोले महातेजस्वी विश्वामित्र मुनिले रम्भालाई श्राप ता दिए तर रिस रोक्न नसकेकोले तपस्या नष्ट भएकोमा यिनको मनमा ताप पऱ्यो ।।१४।। मुनिको यस कठोर श्रापले रम्भा उत्निखेरै ढुङ्गा भइहालिन् र यिनको वचन सुन्दैमा इन्द्र तथा कामदेव त्यहाँबाट भागिहाले ।।१५।। रिस देखाएकोले तेजस्वी मुनिको तपस्या नष्ट भयो र इन्द्रियहरूलाई पूरा तवरसंग जित्न नसकेकोमा मुनिको मनमा अशान्ति हुनलाग्यो ।।१६।। तपस्या नष्ट भएकोले मुनिले अब उप्रान्त म न रिस देखाउनेछु न कसैलाई केही भन्नेछु भनेर आफ्नो मनमा निश्चय गरे ।।१८।। अथवा सयकडौं

वर्षसम्म सासै नफेरी जितेन्द्रिय बनेर आफ्नो शरीरलाई सुकाइदिन्छु ।।१८।। जबसम्म तपस्याद्वारा ब्राह्मणपद पाउँदिनँ तबसम्म जति वर्ष बिते तापनि सासै फेर्दिनँ खाँदा पनि खान्नँ ।।१९।। यस प्रकारसंग हजारौं वर्षसम्म तपस्या गर्दाखेरि पनि मेरो शरीर नष्ट होला भन्ने डर छैन ।

हे राम ! यस प्रकारको निश्चय गरेर मुनिले हजार वर्षसम्म तपस्या गर्ने दिक्षा लिए र यस्तो अद्‌भुत प्रतिज्ञाअनुसारको काम गर्नामा प्रवृत्त भए ।।२०।।

सर्ग—६५

विश्वामित्र उग्र तपस्या गरेर ब्रह्मर्षिपद भेट्टाउँछन्

यस्तो निश्चय गरेर हे रामचन्द्र ! विश्वामित्रले उत्तर दिशामा बस्न छोडिदिए र पूर्व दिशामा आएर कठोर तपस्या गर्नलागे।।१।। अरूबाट हुन नसक्ने एकहजार वर्षसम्म मौन रहने यस्तो गाह्रो प्रतिज्ञा गरेर यिनी अतिशय कठोर तपस्या गर्नलागे ।।२।। एकहजार वर्ष बितेपछि मुनिको शरीर काठ जस्तो भयो । यस बीचमा अनेक विघ्नबाधा परिआएको थियो तर कसै गरेर पनि मुनिको मनमा रिस पस्न सकेन ।।३।। कुनै किसिमबाट पनि नडग्ने निश्चय गरेर मुनिले तपस्या गरेका हुन् । हजार वर्ष पूरा भएपछि आफ्नो व्रत पूर्ण भएको भन्ठानेर मुनिले अन्नको भोजन गर्न आँटेकै बेलामा इन्द्र ब्राह्मणको रूप लिएर सो पाकेको अन्न माग्न आए ।।४-५।। जति अन्न तयार पारेको थियो सो सबै मुनिले ब्राह्मणको रूप लिएर आएका इन्द्रलाई दिए र अरू अन्न बाँकी नरहेकोले आफू भोकै बसे ।।६।। मौनव्रत धारण गरेकोले यिनले ब्राह्मणलाई केही पनि भनेनन् र पुनः पहिले जस्तै मौन भएर तथा सास रोकेर तपस्या गर्नलागे ।।७।।

यस प्रकारसंग सासै नफेरेर मुनिले फेरि एक हजार वर्षसम्म तपस्या गरे । सास नफेरेकोले मुनिको मस्तकबाट धूवाँ निस्कनलाग्यो ।।८।। यस धूवाँले गर्दा तीनै लोक तातेर हडबडाउनलाग्यो । अब ता देवता, ऋषि, गन्धर्व, यक्ष, राक्षस, नाग यी सबै विश्वामित्रको तपस्या देखेर छक्क परे र मुनिको तेजको सामुन्नेमा यिनीहरूको तेज धमिलो देखिनलाग्यो । यिनीहरू सबै दुःखले आकुल व्याकुल भई पितामह ब्रह्माकहाँ गएर प्रार्थना गर्नलागे ।।९-१०।। हे पितामह ! हामीले अनेक उपायले महामुनि विश्वामित्रलाई लोभ्याउने तथा जंग्याउने प्रयत्न गर्‍यौं तर अझै पनि उनी तपस्या गरिनै रहेका छन् ।।११।। यिनमा काम, क्रोध आदि गरिएका दोष लेशमात्र पनि देखिन्न, यिनले मनमा चिताएको कुरा पूरा हुन सकेनभने ता स्थावर जङ्गमसहितको यो तीनै लोकको यिनले विनाश पारिदिनेछन् । अहिलें नै समस्त दिशा अन्धकारले व्याप्त भइसकेको छ उज्यालो भनेको कतै देखिन्न ।।१२-१३।। सबै समुद्र थरथर भइरहेका छन्, पहाड फुट्‌नलागेका छन्, पृथ्वीमा कम्प हुनलागेको छ र हावा बडो व्याकुल भएर बग्नलागिरहेको छ ।।१४।। हे ब्रह्मन् ! अब संसारको के दशा हुने हो हामी भन्न सक्तैनौं, सबैको नास्तिक हुने संभावनासमेत देखिन्छ । तीनै लोकवासीको मन यस समयमा चञ्चल भइराखेको छ, कुनै प्राणीले आफ्नो कर्तव्य निश्चय गर्नसकेका छैनन् ।।१५।। यी महर्षिको तेजले गर्दा सूर्यको तेजसमेत धमिलो देखिनलागेको

छ, हे प्रभो ! अग्निसमानका तेजस्वी यी मुनिले हाम्रो विनाश गर्ने निश्चय गर्नुको अगाडि नै यिनलाई प्रसन्न गराइहाल्नुपर्दछ नत्र जसरी उहिले कालाग्निले भस्म पारेको थियो त्यसै गरी यिनको क्रोधले तीनै लोकलाई भस्म पारिदिनेछ ।।१६-१७।। यिनले इच्छा गरेको कुरो दिनुहोस् , देवताहरूको राज्य अर्थात् इन्द्रासन चाहन्छन्भने पनि दिनुहोस् ।

यस्तो निश्चय गरेर ब्रह्मालाई अघि लगाई सबै देवताहरू विश्वामित्र भएको ठाउँमा आएर मीठो बोली गरेर उनलाई भन्नलागे—हे ब्रह्मर्षे ! तिम्रो कल्याण होस् ; तिम्रो तपस्यादेखि हामी सबै प्रसन्न छौं । हे कौशिक ! उग्र तपस्याको प्रभावले तपाईंले ब्राह्मणको पद पाउनुभयो, ब्रह्मालगायत हामी सबै देवता मिलेर तपाईंलाई दीर्घायु हुने वर दिन्छौं, तपाईंको कल्याण होस् । हे सज्जन ! अब तपाईंले सुखसंग आफूले इच्छा गरेको ठाउँमा गए हुन्छ ।

ब्रह्मा तथा अरू अरू देवताको यो कुरा सुन्दा विश्वामित्रले प्रसन्नतासाथ सबैलाई प्रणाम गरेर भनेः—तपाईंहरूले मलाई ब्राह्मणको पद र दीर्घायुसमेत दिएपछि ता ओंकार, वषट्कारद्वारा हुने सबै क्रिया तथा वेदको ज्ञानसमेत दिनुहोस् । धनुर्वेद जान्ने तथा ब्रह्मवेद जान्नेहरूमा म श्रेष्ठ हुन पाऊँ । देवता तथा ब्रह्माका छोरा वशिष्ठले समेत मलाई "ब्रह्मर्षि" भनून् । तपाईंहरूको कृपाले मेरो यो अभिलाषा पूर्ण हुन्छभने प्रसन्नतासाथ यहाँहरू पाल्नुभए पनि हुन्छ ।।१८-२४।।

यसपछि देवताहरूले ऋषिश्रेष्ठ वशिष्ठलाई खुशी पारेर विश्वामित्रको ब्रह्मत्व स्वीकार गर्न लगाए । वशिष्ठले विश्वामित्रसंग मित्रतासमेत गरे ।।२५।। तपाईंको ब्रह्मर्षि बन्नेमा अब कुनै प्रकारको सन्देह रहेन, तपाईंले चिताएको सबै कुरा पुग्यो, यति भनेर देवताहरू आफ्नो आफ्नो ठाउँमा गए ।।२६।। धर्मात्मा विश्वामित्रले पनि उत्तम ब्राह्मणपद पाएकोले ऋषिश्रेष्ट ब्रह्मर्षि वशिष्ठको पूजा गरे ।।२७।।

यस प्रकारसंग मनोरथ सिद्ध गरेर विश्वामित्र तपस्या गर्दै समस्त पृथ्वीमा घुम्नलागे । हे रामचन्द्र ! यस प्रकारसंग यी महात्माले ब्राह्मणको पद पाएका हुन् ।।२८।। हे राम ! यिनी मुनिहरूमा श्रेष्ठ हुन् तपस्याको ता साक्षात् मूर्ति नै हुन् । सदा धर्ममा तत्पर रहन्छन् र पराक्रमको ता यिनी घरै हुन् भने पनि हुन्छ ।।२९।। यति भनेर महातेजस्वी शतानन्दले कथा समाप्त गरे ।

शतानन्दका यी कुरा सुन्नासाथ राम लक्ष्मणको सामुन्नेमा राजा जनक हात जोरेर विश्वामित्रलाई भन्नलागे—हे मुनिराज ! म भाग्यमानी रहेछु, राम लक्ष्मणलाई साथमा लिएर तपाईं मेरो यज्ञमा पाल्नुभएकोले म आज अनुगृहीत भएको छु, तपाईंको दर्शन पाउनाले पवित्र भएँ ।।३०-३२।। तपाईंको दर्शन पाएकोले मलाई अनेक प्रकारका गुणको लाभ भएको छ । शतानन्दद्वारा तपाईंको उग्र तपस्याको विस्तारपूर्वकको वर्णन मैले, महात्मा रामचन्द्रले तथा यस यज्ञका सदस्यहरूले सुन्न पायौं, तपाईंका अरू अरू गुणको बयान पनि सुन्यौं ।।३३-३४।। हे कौशिकमुनि ! तपाईंको तपस्या अद्वितीय र बल बड़ो अचम्म लाग्ने किसिमको रहेछ । जस्तो तपाईंको तपस्या र बल छ त्यस्तै तपाईंमा अनेक अपार गुण पनि छन् ।।३५।। तपाईंको आश्चर्यमय कथा सुन्नाले मलाई तृप्ति ता भएको छैन तर सूर्यमण्डल अस्ता-

चलतिर लागेकोले सन्ध्योपासनादि गर्ने वेला हुनलाग्यो।।३६।। हे महातेजस्वी मुनिजी! भोलि विहान मलाई फेरि दर्शन दिनुहोला। हे मुनिश्रेष्ठ! तपाईंको स्वागत छ, अहिलेलाई जाने आज्ञा दिनुहोस् ।।३७।।

पुरुषश्रेष्ठ राजा जनकको यस्तो कुरा सुन्दा विश्वामित्रले यिनको प्रशंसा गरे र प्रसन्नतासाथ जान बिदा पनि दिए ।।३८।। आज्ञा पाउनासाथ मिथिलाधिपति राजा जनकले उपाध्याय तथा आफ्ना बन्धुवर्गलाई साथमा राखेर मुनिजीको प्रदक्षिणा गरे ।।३९।। धर्मात्मा विश्वामित्र पनि महात्माहरूले गरेको पूजा ग्रहण गरी राम लक्ष्मणलाई साथमा लिएर आफ्नो डेरामा फर्केर आए ।।४०।।

सर्ग—६६

विश्वामित्र जनकलाई रामचन्द्रलाई धनु देखाउन भन्दछन्। सीताको उत्पत्तिको वर्णन।

अर्को दिन विहान हुनासाथ राजा जनकले प्रातः कालको नित्यकर्म सिध्याइसकेपछि राम लक्ष्मणको साथमा महात्मा विश्वामित्रलाई आफ्नो यज्ञमण्डपमा बोलाउन पठाए ।।१।। धर्मात्मा जनकले शास्त्रोक्त विधिले ऋषिको तथा राम लक्ष्मणको पूजा गरे र अनि विश्वामित्रलाई भन्नलागे ।।२।। हे पापरहित भगवन्! तपाईंको स्वागत छ, तपाईंको लागि मैले के गर्नुपर्ने हो? सो आज्ञा होस्, कारण म तपाईंको आज्ञाकारी सेवक हुँ ।।३।।

महात्मा धर्मात्मा जनकले यस्तो भनेको सुन्दा कुरा गर्नामा सिपालु मुनिश्रेष्ठ विश्वामित्र भन्न-लागे ।।४।। यी दुवै राजा दशरथका छोरा लोकप्रसिद्ध क्षत्रिय हुन्, तपाईंकहाँ राखेको श्रेष्ठ धनु यिनीहरू हेर्न चाहन्छन् ।।५।। कृपा गरेर यिनीहरूलाई धनु देखाइदिनुहोस् तपाईंको कल्याण हुनेछ, यी राज-कुमारहरू सो धनु देख्तैमा तृप्त भएर फर्कनेछन्, यिनीहरूले केवल एकचोटि हेर्न खोजेका हुन् ।।६।।

यो कुरा सुनेपछि राजाले महामुनि विश्वामित्रलाई भने :—जुन कामको लागि यो धनु यहाँ राखि-एको छ सो वृत्तान्त सुन्नुहोस् ।।७।। निमिका जेठा छोरा देवरात नामका प्रसिद्ध राजा थिए, यिनै महात्माकहाँ भगवान् रुद्रदेवले यो धनु थाती राखेका हुन् ।।८।। प्राचीनकालमा दक्षको यज्ञको विध्वंस पार्नाको लागि यस धनुमा ताँदो चढाएर महादेवले रिसले चूर भई देवताहरूको हँसी गरेर यसो भनेको थिए ।।९।। हे देवताहो! यज्ञको भाग लिनआएको मलाई तिमीहरूले भाग दिएनौ तसर्थ यही धनुले तिमीहरूको टाउको उडाइदिन्छु ।।१०।। हे मुनिश्रेष्ठ! महादेवको यस्तो कुरा सुन्दा सबै देवताहरू बडो खिन्न भए। यिनलाई प्रसन्न गराउन स्तुति गर्नलागे र महादेव पनि प्रसन्न भए ।।११।। प्रसन्न भएका महादेवले उनीहरूलाई यो धनु दिए। यो उनै महादेवको श्रेष्ठ धनु हो ।।१२।। हे प्रभो! देवताहरूले पनि थाती जस्तो गरेर यो धनु मेरा पुरुखा देवरातकहाँ सुम्पिदिए, त्यही वेलादेखि यो मकहाँ रहेको छ।

कुनै कालमा यज्ञ गर्नको निम्ति म हलोले भूईं जोतिरहेको थिएँ। त्यही वेलामा हलोको टुप्पोमाथि एउटी कन्या पृथ्वीभित्रबाट बाहिर निस्किन् ।।१३।। हलोको टुप्पोलाई सीता भन्दछन्, यसैले हलो

जोत्ताखेरि पाएकोले मैले यिनको नाम सीता राखें। पृथ्वीबाट निस्केकी मेरी यी कन्या दिन दिनै मकहाँ बढ्न लागिन् ॥१४॥ योनिबाट उत्पन्न नभएकी यी कन्या ठूली भएपछि मैले यिनलाई वीर्यशुल्का भनेर यज्ञ गरेको हुँ अर्थात् पराक्रम देखाउनाले मात्र यी कन्या विवाह गर्न पाउने गरी यज्ञ गरेको हुँ। हे मुनिश्रेष्ठ ! पृथ्वीबाट निस्केकी र मेरो घरमा बढेकी यी कन्यालाई अनेक राजाहरूले बिहे गर्न भनी मसित मागे तर कन्या माग्न आउने सबै राजालाई यी कन्या वीर्यशुल्का हुन्, विना पराक्रम देखाई कसैलाई दिने होइन भन्ने जवाफ दिएँ। यसपछि सबै राजाहरू जम्मा भएर मिथिलामा आए र सीता-को लागि हामीले कस्तो पराक्रम देखाउनुपर्ने हो भनेर सोधे। यसरी सोध्नेहरूको अगाडि मैले पनि शिवजीको धनु राखिदिएँ ॥१५-१८॥ हे महामुने ! धनु भाँच्ने कुरा ता परै रहोस् यिनीहरूमध्ये कसैको पनि यो धनु हातले समात्ने र उचाल्नेसमेत सामर्थ्य देखिएन तसर्थ मैले यी सबै राजालाई निर्धो भन्ठानेर बिदा गरिदिएँ। हे मुनिश्रेष्ठ ! यसपछि यी सबै राजा रिसले मुरमुरिंदै मिथिलापुरी घेरेर बसे। यिनीहरूलाई हामी पराक्रमी रहेनछौं भन्ने सन्देह हुनलाग्यो। धनुले गर्दा आफ्नो अनादर भएको संझेर यिनीहरूले रिसैले मिथिलापुरीलाई दुःख दिनलागे। यस्तै घेरा-घेरीमा एक वर्ष बितेपछि मेरो बाँड्ने भोजन, लुगाफाटो, युद्धको सामग्री इत्यादि सबै सामान सकियो, आफू यस्तो अवस्थामा परेको देख्ता बहुतै दुःखित भएँ र तपस्याद्वारा देवताहरूलाई खुशी पारें ॥१९-२३॥ देवताहरूले पनि प्रसन्न भएर मलाई चतुरंगिणी सेना दिए जसको सहायताले मिथिलालाई घेरिराखेका अलिकता पनि पराक्रम नभएका आफूलाई पराक्रमी संझने, दुष्ट्याइँ गर्नेहरूलाई, यिनका मन्त्रीहरूको साथसाथै हराएर भगाइदिएँ र यिनीहरू आफ्नो आफ्नो घरतिर लागे। हे मुनिश्रेष्ठ ! यो उही परमतेजस्वी धनु हो ॥२४-२५॥ राम लक्ष्मणलाई पनि म यो धनु देखाइदिन्छु। दशरथपुत्र रामचन्द्रले यस धनुमा ताँदो चढाउन सकेभने योनिबाट उत्पन्न नभएकी आफ्नी कन्यासित यिनको बिहे गरिदिनेछु ॥२६॥

सर्ग—६७

राजा जनक रामचन्द्रलाई धनु देखाउँछन् र राम सजिलैसंग धनु भाँचिदिन्छन्।

जनकको कुरा सुनेपछि महामुनि विश्वामित्रले भने :—हे राजन् ! रामलाई धनु देखाइदिनुहोस् ॥१॥ राजा जनकले पनि आफ्ना मन्त्रीहरूलाई गन्ध माला इत्यादिले सुशोभित भइराखेको दिव्य-धनु लिएर आउनु भन्ने आज्ञा दिए ॥२॥ जनकको आज्ञा पाउनासाथ मन्त्रीहरू शहरमा गए र धनु-ल्याएर यी पराक्रमीहरूले राजाको अगाडि राखिदिए ॥३॥ बडा बलिया बलिया पाँच हजार मानिसले आठ पांग्रा लागेको बाकसभित्र राखिएको त्यस धनुलाई बल्लतल्ल तानेर ल्याए ॥४॥ त्यो धनु राखिएको फलामको बाकस ल्याइसकेपछि मन्त्रीहरूले देवतासमानका राजा जनकलाई भने ॥५॥ हे राजन् ! सबै राजाहरूले पूजा गरिआएको श्रेष्ठ धनु यही हो, हे मिथिलाका राजा ! देखाउन उचित पर्ला भन्ने संझनुहुन्छभने रामचन्द्रलाई देखाउनुहोस् ॥६॥

यिनको कुरा सुनेपछि राजा जनकले हात जोरेर महर्षि विश्वामित्रलाई र रामलक्ष्मणलाई निवेदन गरे ॥७॥ हे ब्रह्मन् ! यो उही श्रेष्ठ धनु हो जसको जनक आदि गरिएका राजाहरूले केवल पूजा गरि- आएका हुन् । यी राजाहरू पराक्रमी भए तापनि यस धनुलाई उठाउन चलाउन सक्तैनथे ॥८॥ मानिसको कुरा त कता छ कता, देवता, असुर, राक्षस, गन्धर्व, यक्ष, किन्नर, नाग यी कुनै पनि यसलाई तान्न, उचाल्न, ताँदो लगाउन, बाण चढाउन यी कुनै थोक पनि गर्न सक्तैनन्॥९-१०॥ हे मुनिवर ! धनुहरूमध्ये- को सर्वश्रेष्ठ यो धनु यहाँ ल्याइराखेको छ, हे महाभाग ! यी राजपुत्रहरूलाई देखाइदिनुभए हुन्छ ॥११॥

रामचन्द्र र विश्वामित्रले जनकले भनेको कुरा सुने अनि विश्वामित्रले ए बाबु राम ! यो धनु हेर भनेर रामचन्द्रलाई भने ॥१२॥

महर्षिबाट आज्ञा पाएकोले रामचन्द्र धनु राखेको ठाउँमा गए र बाकस उघारेर धनु हेरेपछि भन्न- लागे ॥१३॥ मैले यस अलौकिक र श्रेष्ठ धनुलाई हातले ता छोएँ यसलाई उचालेर यसमा ताँदो चढाउने प्रयत्न पनि गर्दछु ॥१४॥ राजा जनक र मुनिले रामलाई आफूलाई इच्छा लागेको कुरा गर्ने आज्ञा दिए । मुनिको अनुमति पाएकाले रामले सजिलैसंग माझमा समातेर त्यो धनु उचालिदिए ॥१५॥ हजारौं मानिसको आँखाको अगाडि नै महायशस्वी नरश्रेष्ठ रामचन्द्रले सजिलैसंग यो धनुलाई बेसरी तानेर त्यसमा ताँदो चढाई त्यसबाट टंकार झिक्नलागे । यत्तिकैमा यो धनु बीचमा भाँचिएर दुई टुक्रा भयो ॥१६-१७॥ यो धनु भाँचिदाखेरि पर्वत फुटेको अथवा बिजुली चड्केको जस्तो डरलाग्दो आवाज आयो, पृथ्वीसमेत काम्न लागिन् ॥१८॥ विश्वामित्र, जनक र राम लक्ष्मणबाहेक त्यहाँ जति मानिस थिए ती सबै धनु भाँचिदाखेरिको आवाज सुन्दा बेहोश भएर लडे ॥१९॥

यी सबै मानिस होशमा आएपछि राजा जनकको मनको पीर गयो र बोल्नामा सिपालु भएका यी राजा हात जोरेर विश्वामित्रलाई भन्नलागे ॥२०॥

हे ब्रह्मन् ! दशरथका छोरा रामचन्द्रको पराक्रम हामी सबैले देख्यौं, यिनको पराक्रम बडो अच- म्भको रहेछ, यस्तो पराक्रमको ता म आफ्नो मनमा तर्कना गर्न अथवा चिन्तनासमेत गर्न सक्तिनँ ॥२१॥ दशरथका छोरा रामचन्द्रलाई पति बनाउन पाएकीले मेरी छोरी सीताले जनककुलको कीर्ति बढाउने- छन् ॥२२॥ हे कौशिक ! सीताको विवाहको लागि मैले जो पराक्रमशुल्कको प्रतिज्ञा गरेथें सो मेरो प्रतिज्ञा पूरा भयो, अबलाई आफ्नो प्राणभन्दा पनि प्यारी यी सीता रामचन्द्रलाई दिन्छु ॥२३॥ हे ब्रह्मन् ! तपाईंको अनुमति छभने म अहिले झट्टै मंत्रीहरूलाई रथमा चढाएर अयोध्या पठाइदिन्छु, तपाईंको कल्याण, होस् झट्टै आज्ञा गर्नुहोस् ॥२४॥ विनयपूर्वक राजालाई मेरो राजधानीमा लिएर आऊन्, रामले धनु भाँचेको र सीतासंग यिनको बिहे हुने कुरा पनि जतातत्तै सुनाइदिऊन् ॥२५॥ विश्वामित्रद्वारा रक्षित भएर रामलक्ष्मण सुखसंग यहाँ बसेका छन् भन्ने कुरा राजा दशरथलाई सुनाएर झट्टै उनलाई प्रीतिपूर्वक यहाँ लिएर आऊन् ॥२६॥

विश्वामित्रले राजा जनकलाई आफ्नो विचारअनुसार काम गर्ने अनुमति दिए । यहाँ भएको

जम्मै कुरा राजालाई सुनाउन तथा उनलाई आफूकहाँ ल्याउनलाई धर्मात्मा राजा जनकले आफ्ना मन्त्री-हरूलाई अयोध्या पठाए ॥२७॥

सर्ग—६८

राजा जनकले पठाएका दूतहरू अयोध्यामा गएर राजा दशरथसित भेट गर्दछन् ।

राजा जनकले अह्राएका दूतहरूले प्रस्थान गरे, जाँदा जाँदा बाटोमा यिनका घोडाहरू थाके । तीन दिन बाटोमा वास बसेर चौथो दिनका दिन यिनीहरूले अयोध्यापुरीमा प्रवेश गरे ॥१॥

राजाको आज्ञाले दरबारभित्र प्रवेश गरेर यिनीहरूले देवतासमानका बूढा राजा दशरथलाई देखे ॥२॥ दूतहरू सबै यिनलाई देख्नासाथ हात जोरेर, प्रसन्न चित्तले, बडो नम्रतासंग मीठो बोली गरेर भन्नलागे ॥३॥ हे महाराज ! मिथिलाका अग्निहोत्री राजा जनकले बड़ो प्रेमसंग वारंवार अतिशय नम्र भई उपाध्याय तथा पुरोहितको साथसाथै तपाईंको कुशल मङ्गल सोध्नुभएको छ, क्षेम कुशलको समाचार सोधिसकेपछि, विश्वामित्रको आज्ञा पाएकोले, उहाँ मिथिलादेशका राजाले बडो सावधानीसंग तपाईंलाई सुनाउनको निम्ति यो खबर पठाउनुभएको छ ॥४-६॥ महाराजलाई जसले धनु भाँच्नेछ त्यसैसंग सीताको विवाह हुनेछ भनेर मैले प्रतिज्ञा गरेको कुरा थाहै होला, अनेक राजाहरू रिस देखाउँदै यहाँ आए तर पराक्रम देखाउन नसकेकाले यी सबैले फर्केर जानुपर्‍यो ॥७॥ हे राजन् ! विश्वामित्रको साथमा डुल्दै आएका तपाईंका छोराहरूले मेरी कन्यालाई जिते ॥८॥ किन कि हे महाबाहो ! महात्मा रामचन्द्रले त्यस बडे सभामा यो दिव्य धनुलाई बीचैबाट भाँचेर दुई टुक्रा पारिदिए ॥९॥ तसर्थ यी वीरशुल्का कन्या महात्मा रामचन्द्रलाई समर्पण गरेर आफ्नो प्रतिज्ञाबाट उद्धार पाउने इच्छा गर्दछु । हे महाराज ! यस विषयमा आफ्नो अनुमति दिनुहोस् ॥१०॥ आफ्ना पुरोहित तथा उपाध्यायहरूलाई साथमा लिई झट्टै यहाँ आउनुहोस्, तपाईंको कल्याण हुनेछ, यहाँ आएपछि रामलक्ष्मणलाई देख्नुहुनेछ ॥११॥ हे राजेन्द्र ! कन्याको ऋणबाट उद्धार गराई मेरो प्रतिज्ञा पूरा गराइदिनुहोस्, यहाँ मिथिलामा आएर आफ्ना दुई छोरालाई देख्ता तपाईं प्रसन्न हुनुहुनेछ॥१२॥ विदेहराज जनकले विश्वामित्रको आज्ञाले तथा शतानन्दको सल्लाहले तपाईंलाई मधुरो बोली गरेर यो समाचार सुनाइदिनु भनेर हामीलाई पठाएका छन् ॥१३॥

दूतहरूको कुरा सुन्दा राजा दशरथ बडो खुशी भए र वशिष्ठ, वामदेव तथा अरू मन्त्रीहरूलाई भन्नलागे ॥१४॥ विश्वामित्रद्वारा रक्षित भई कौशल्याको आनन्द बढाउने रामचन्द्र भाइ लक्ष्मणको साथमा अहिले मिथिलामा बसेका रहेछन् ॥१५॥ महात्मा जनकले रामचन्द्रको पराक्रम देखेछन् र आफ्नी छोरी सीताको विवाह रामसित गर्न खोजिरहेका छन् ॥१६॥ महात्मा जनकसितको यो सम्बन्ध तपाईंहरूलाई निको लाग्दछभने हामीले झट्टै मिथिलाको राजधानीमा जानुपर्‍यो विलम्ब गर्नाको केही प्रयोजन छैन ॥१७॥

महर्षि तथा मन्त्रीहरूले राजा दशरथको यो कुरा स्वीकार गरे र राजाले पनि बडो खुशी भएर भोलि नै यात्रा गर्नुपर्दछ भन्ने कुरा मन्त्रीहरूलाई सुनाए ॥१८॥

मन्त्रीमा हुनुपर्ने सबै गुण भएका राजा जनकका ती मन्त्रीहरू राजाद्वारा ठूलो सत्कार पाएर बडो प्रसन्नतासाथ त्यो रात त्यहीं बसे ॥१९॥

सर्ग—६९

राजा दशरथको जनकपुरीतिरको प्रस्थान ।

रात बितेर बिहान भएपछि मनमा दंग परेका राजा दशरथले आफ्ना उपाध्याय तथा कुल-कुटुम्बी-लाई साथमा राखेर सुमन्त्रलाई भने ॥१॥ आज सबै खजाञ्चीहरू प्रशस्त धन र नाना प्रकारका रत्न लिएर सावधानीसाथ अघिअघि जाऊन् ॥२॥ चतुरंगिणी सेना पनि अगाडि जाओस् । मेरो आज्ञा हुनासाथ सवारी र घोडा तयार पारेर ल्याइहाल्नू ॥३॥ वशिष्ठ, वामदेव, जाबालि, कश्यप, दीर्घायु मार्कण्डेय र कात्यायन यी सबै ब्राह्मणहरू अघिबाटै जाऊन् । मेरो रथ पनि तयार पारिराख्नू, राजा जनकका दूतहरू हतार गरिरहेका छन् तसर्थ विलम्ब हुन नपाओस् ॥४-५॥

राजाको आज्ञा पाउनासाथ ऋषिहरूको साथमा चतुरङ्गिणी सेना अघि लाग्यो र यसको पछि राजा-को सवारी चल्यो ॥६॥ बाटोमा चार दिन लगाएर यिनीहरू मिथिलादेशमा पुगे ।

राजा दशरथ आउनलागेको खबर पाउनासाथ श्रीमान् राजा जनक पूजाको सामग्री तयार पार्न लागे ॥७॥ बूढा राजा दशरथको नगीच जाँदा स्वभावैले सदा प्रसन्न रहने राजा जनक हुनासम्म खुशी भए॥८॥

मनमा दङ्गादङ्गी परिराखेका राजा दशरथलाई जनक भन्नलागेः—हे नरश्रेष्ठ राजन् ! तपाईंको स्वागत छ, तपाईं यहाँ पाल्नुभएकोले म आफूलाई भाग्यमानी संझिरहेको छु ॥९॥ पराक्रमद्वारा तपाईंका छोराहरूले कमाएको कीर्ति सुन्दा प्रसन्न हुनुहुनेछ; भगवान् वशिष्ठ ऋषि पनि यहाँ पाल्नुभएको रहेछ यो झन् बर्ता सौभाग्यको कुरो हो ॥१०॥ जसरी देवताहरूलाई साथमा लिएर इन्द्र आउँछन् त्यसै गरी ब्राह्मणहरूलाई साथमा लिएर वशिष्ठजी पाल्नुभएको छ । यो भाग्यको कुरा हो कि उहाँका आगमनले मेरा सबै विघ्न दूर हुने भए, मेरो कुलेसमेत पवित्र हुने भयो ॥११॥ महाबली, पराक्रमी रघुवंशीहरूसित सम्बन्ध हुनाले मेरो कुलको प्रतिष्ठा बढ्ने भयो । हे राजन् ! भोलि बिहान यज्ञको समाप्ति भएपछि ऋषि-हरूसित सम्मति लिएर विवाहको काम थालिहाल्नुहोस् ।

ऋषिहरूको सभामा जनकका यी कुरा सुन्दा बोल्नामा सिपालु भएका राजा दशरथले भनेः—हे धर्मज्ञ ! दान ता दाताको अधीनमा हुन्छ भन्ने मैले सुनेको छु तसर्थ तपाईं जसो भन्नुहुन्छ हामी पनि उसै गर्दछौं ।

सत्यवादी राजा दशरथका, यश बढाउने तथा धर्मका यी कुरा सुन्दा राजा जनकलाई बडो आश्चर्य भयो । यसपछि मुनिहरू आफू आफूमा भेटघाट गर्नलागे ॥१२-१६॥ मनमा बडो प्रसन्न भएर

महर्षिहरूले त्यो रात बिताए, राजा दशरथ पनि आफ्ना छोराहरूलाई देख्ता बडो प्रसन्न भए ।।१७।। राजा जनकले आफ्नो आदर सत्कार गरेको देख्ता प्रसन्न भइराखेका राजा दशरथले त्यो रात मज्जासंग सुतेर बिताए । महातेजस्वी जनकले पनि शास्त्रोक्त विधिले यज्ञको काम सिध्याएर छोरीको विवाहमा गर्नुपर्ने लौकिक क्रिया गरे र अनि केही बेर विश्राम गरेर रात बिताए ।।१८।।

सर्ग—७०

राजा जनक आफ्ना भाइ कुशध्वजलाई बोलाउन पठाउँछन् र वशिष्ठ ऋषि राजा दशरथको वंशावली सुनाउँछन् ।

भोलिपल्ट बिहान प्रातःकालमा गर्नुपर्ने नित्य कर्म सिध्याइसकेपछि कुरा गर्नामा सिपालु भएका राजा जनक महर्षिहरूलाई साथमा राखी पुरोहित शतानन्दलाई भन्नलागे ।।१।। उहिले महातेजस्वी पराक्रमी, धर्मात्मा कुशध्वज नाम गरेका मेरा भाइ यहीं पवित्र शहरमा रहन्थे ।।२।। अहिले उनी चारैतिरबाट पर्खालले घेरिएको, नाना प्रकारका यन्त्रले सुसज्जित भएको, इक्षुनदीको तीरमा रहेको, पुष्पकविमान जस्तै रमाइलो सांकाश्या नाम गरेको पवित्र नगरीमा बसेका छन् ।।३।। म यिनीसित भेट गर्न चाहन्छु, यज्ञको रक्षा गर्नामा उनी मेरा सहायक हुनेछन् र छोरीको विवाहको उत्सव पनि हेर्नेछन् ।।४।। राजा जनकले शतानन्दसित यस्तो कुरा गरिरहेकै वेलामा कामकाज गर्नामा सिपालु भएका कईएक दूत त्यहाँ उपस्थित भए र राजा जनकले पनि तिनलाई कुशध्वजलाई बोलाउने आज्ञा दिए ।।५।। राजाको आज्ञा पाउनासाथ छिटो दगुर्ने घोडामा चढेका यिनीहरू इन्द्रको आज्ञाले विष्णुलाई बोलाउन गएझैं कुशध्वजलाई बोलाउन भनी रवाना भए ।।६।। सांकाश्या नगरीमा प्रवेश गरेर यिनीहरूले कुशध्वजलाई भेटे र सबै हाल खबर तथा राजा जनकको विचार उनलाई निवेदन गरे ।।७।। हतपत गर्दै आएका दूतहरूको मुखबाट महाराज जनकको सबै वृत्तान्त तथा आज्ञा सुन्नासाथ कुशध्वज पनि मिथिलामा आए ।।८।।

यिनले महात्मा, धर्ममा तत्पर रहने राजा जनक र धर्मात्मा शतानन्दलाई भेटे र यिनीहरूलाई प्रणाम गरे ।।९।। राजाहरूले बस्न सुहाउने राम्रो आसनमा यिनी बसे । अतिशय तेजिलो कान्ति भएका यी दुवै भाइ आफ्ना ठाउँमा बसिसकेपछि यिनीहरूले सुदामा नाम गरेको प्रधान मन्त्रीलाई बोलाएर आज्ञा दिए—तिमी प्रभावशाली महाराज दशरथलाई हामीकहाँ झट्टै लिएर आऊ ।।१०-११।। शत्रुहरूले जित्न नसक्ने राजा दशरथलाई छोरा तथा मन्त्रीहरूको साथमा यहाँ लिएर आऊ । आज्ञा पाउनासाथ यी मन्त्री रघुवंशीहरूको कुलको वृद्धि गर्ने राजा दशरथ वास बसेको ठाउँमा पुगे ।।१२।। राजा दशरथलाई देख्नासाथ यिनले टाउको निहुराएर प्रणाम गरी भने—हे अयोध्याका महाराज ! मिथिलाका राजा जनक पुरोहित र उपाध्यायहरूको साथमा तपाईंसित भेट गर्न चाहनुहुन्छ । प्रधान मन्त्रीको कुरा सुन्नासाथ ऋषि तथा बन्धुवर्गलाई साथमा लिई राजा दशरथ जनक भएको ठाउँमा आए । मन्त्री पुरोहित तथा उपाध्यायहरूलाई साथमा लिएर आएका, कुरा गर्नामा निपुण भएका राजा दशरथले

जनकलाई भने—हे महाराज ! भगवान् वशिष्ठ इक्ष्वाकुवंशका देवता हुन् भन्ने कुरा तपाईंलाई थाहै होला, यिनैको सम्मति तथा आज्ञाले हाम्रो सबै कामकाज हुन्छ । विश्वामित्र तथा अरू अरू महर्षिहरूसित सल्लाह गरी यिनै धर्मात्मा वशिष्ठले हाम्रो गोत्रावलीको वर्णन गर्नेछन् ।

यति भनेर राजा दशरथ चूपलागेपछि भगवान् वशिष्ठ ऋषि राजा जनक र यिनका पुरोहितलाई भन्नलागे:—भगवान् ब्रह्माको जन्म कहिले भएको हो कसैलाई थाहा छैन, यिनी सनातन, नित्य र अविनाशी छन् ॥१३-१९॥ यिनीबाट मरीचि र मरीचिबाट कश्यप जन्मेका हुन् । कश्यपबाट सूर्य्य र सूर्य्यबाट वैवस्वत मनु जन्मे, यिनैको नाम प्रजापति भएको हो । मनुबाट इक्ष्वाकु भए, यिनै इक्ष्वाकु अयोध्याका पहिला राजा हुन् ॥२०-२१॥ इक्ष्वाकुका छोरा श्रीमान् कुक्षि र कुक्षिका विकुक्षि भए । विकुक्षिका छोरा वाणको नामले प्रसिद्ध भए । यिनी बडा तेजस्वी र प्रतापी थिए। वाणका छोरा प्रतापी र तेजस्वी अनरण्य हुन्॥२२-२३॥ अनरण्यका छोरा पृथु र पृथुका छोरा त्रिशंकु भए। त्रिशंकुका महायशस्वी धुन्धुकार नाम गरेका छोरा जन्मे ॥२४॥ धुन्धुकारबाट महातेजस्वी महारथ युवनाश्व उत्पन्न भए । युवनाश्वका छोरा राजा मान्धाता हुन् ॥२५॥ मान्धाताका छोरा सुसन्धि र सुसन्धिका ध्रुवसन्धि र प्रसेनजित, नाम गरेका दुई छोरा उत्पन्न भए ॥२६॥ यशस्वी ध्रुवसन्धिका भरत नाम गरेका छोरा र भरतबाट महातेजस्वी असित जन्मे ॥२७॥ यी असित राजाका हैहय, तालजंघ र शशविन्दु यी तीन राजा शत्रु थिए । यी सबै बडा शूरा थिए । यिनीहरूले राजा असितलाई युद्धमा हराएर राज्यबाट निकालिदिए । यसपछि राजा आफ्ना दोटी रानी र अलिकता फौज साथमा लिएर हिमवान् पर्वतमा गई तपस्या गर्नलागे । यहीं यिनको परलोकवास भयो । यस समयमा यिनकी दुवै ओटी रानी गर्भिणी थिए भन्ने सुनिएको हो ॥२८-३०॥ एउटीले आफ्नो सौताको गर्भ नष्ट गर्नाको लागि उनलाई विष (गर) दिइछन् । यिनै ताक यस रमणीय हिमवान् पर्वतमा भार्गवका छोरा च्यवन मुनि तप गरेर बसेका थिए । विष खानेचाहिं रानी यिनै देवतासमानका तेजस्वी महर्षि च्यवनकहाँ पुगिन् ॥३१-३२॥ आफ्नो कोखबाट उत्तम छोरो जन्मोस् भन्ने इच्छा भएकी कमलको पात जस्ता आँखा भएकी यी कालिन्दी रानी मुनिलाई प्रणाम गरेर त्यहाँ बसिन् ॥३३॥ महर्षिले पुत्रोत्पत्तिको कामना राख्ने ती रानीलाई छोरा जन्मने विषयमा यस प्रकारसंग भने—हे महाभागे ! तिम्रो कोखबाट एउटा महाबली महातपस्वी, महापराक्रमी सुपुत्र विषका साथसाथै झट्टै जन्मनेछ र त्यो बडो राम्रोसमेत हुनेछ । हे कमलका जस्ता आँखा भएकी महारानी ! शोक नगर ॥३४-३५॥

ती पतिव्रता राजपुत्री च्यवन मुनिलाई प्रणाम गरेर बिदा भइन् र मुनिको आशीर्वादको प्रभावले विधवा अवस्थामा यिनले छोरा जन्माइन् ॥३६॥ सौताले गर्भ नष्ट गर्नाको लागि विष ता ख्वाएकी हुन् तर विषको साथसाथै यिनको छोरो जन्म्यो र सगर यसको नाम रह्यो ॥३७॥ सगरबाट असमंज र असमंजबाट अंशुमान जन्मे । अंशुमानका छोरा दिलीप र दिलीपका छोरा भगीरथ हुन् ॥३८॥ भगीरथका छोरा ककुत्स्थ र ककुत्स्थका छोरा रघु भए, रघुका छोरा बडा तेजस्वी र बहुतै उद्धत थिए,

यिनी मानिसको मासु खाने राक्षस भए । यिनको नाम कल्माषपाद भयो । यिनको शंखण नाम गरेका छोरा जन्मे, शंखणका सुदर्शन, सुदर्शनका अग्निवर्ण, अग्निवर्णका शीघ्रग, शीघ्रगका मरु, मरुका प्रशुश्रुक, प्रशुश्रुकका अम्बरीष, अम्बरीषका नहुष, नहुषका ययाति र ययातिका छोरा नाभाग भए ॥३९-४२॥ नाभागबाट अज र अजबाट दशरथ उत्पन्न भए, यिनै राजा दशरथका छोरा यी दुई भाइ रामलक्ष्मण हुन् ॥४३॥ हे राजन् ! मैले इक्ष्वाकुवंशी राजाहरूको विशुद्ध वंशको वर्णन गरें । यस वंशका सबै राजा धर्मात्मा र सत्यवादी छन् । अब म यी रामलक्ष्मणका लागि तपाईंका दोटी छोरी माग्दछु, योग्य वरलाई योग्य कन्या दिनुहोस्, मेरो यही निवेदन छ ॥४४-४५॥

सर्ग–७१

राजा जनकका वंशको वर्णन तथा विवाहको दिनको ठेगान लाग्नु ।

यस प्रकारसंग वशिष्ठले वंशको वर्णन गरिसकेपछि राजा जनक हात जोरेर उनलाई भन्नलागे—हे महर्षि ! तपाईंको कल्याण होस्, अब म आफ्नो वंशको पनि परिचय दिन्छु, सुन्नुहोस् ॥१॥ कन्यादानको समयमा कुलीन मानिसले आफ्नो कुलको आदिदेखि लिएर अन्तसम्म वर्णन गर्नै पर्दछ, यसकारण मेरो कुलको वर्णन सुन्नुहोस् ॥२॥ आफ्ना सुकर्मले तीनै लोकमा विख्यात भएका परमधर्मात्मा, सबै वीरहरूमा श्रेष्ठ निमि नाम गरेका राजा थिए ॥३॥ यिनका छोरा मिथि र मिथिका छोरा जनक भए । हाम्रो कुलका पहिला जनक यिनै हुन् । जनकका उदावसु नाम गरेका छोरा भए । उदावसुबाट नन्दि-वर्द्धन नामका धर्मात्मा छोरा जन्मे । नन्दिवर्धनका सुकेतु नाम गरेका बडा वीर छोरा थिए । सुकेतुबाट महाबली धर्मात्मा देवरात छोरा जन्मे, राजर्षि देवरातबाट बृहद्रथ नामका छोरा भए । बृहद्रथका महावीर नामक छोरा वीर र प्रतापी थिए । महावीरका छोरा सुधृति सत्यपराक्रमी र धीर थिए । सुधृतिका धर्मात्मा धृष्टकेतु छोरा जन्मे । राजर्षि धृष्टकेतुका हर्यश्वनामक छोरा थिए । हर्यश्वबाट मरू मरूबाट प्रतीन्धक, धर्मात्मा प्रतीन्धकबाट कीर्तिरथ भए । कीर्तिरथका छोरा देवमीड, देवमीडका बिबुध, विबुधका महीध्रक, महीध्रकका कीर्तिरात, कीर्तिरातका महारोमा, महारोमाका स्वर्णरोमा, स्वर्णरोमाका ह्रस्वरोमा र धर्मात्मा ह्रस्वरोमाका दुई छोरा भए, जेठो म हुँ कान्छा मेरा भाइ वीर कुशध्वज हुन् ॥४-१३॥ पिताजीले मलाई राज्य दिएर तथा भाइ कुशध्वजलाई मेरो जिम्मामा छाडेर आफू वन जानु-भयो ॥१४॥ पिताको स्वर्गवास भएपछि मैले धर्मपूर्वक राज्य चलाउन तथा देवतासमानको आफ्नो भाइ कुशध्वजमाथि स्नेहको दृष्टि राख्नलागें ॥१५॥

केही दिनपछि सांकाश्या नगरीबाट सुधन्वा नाम गरेको पराक्रमी राजाले आएर मिथिलापुरीमा घेरा हाल्यो ॥१६॥ त्यसले शिवको धनु र सीता नाम गरेकी आफ्नी राम्री छोरी मलाई देऊ भन्न पठायो ॥१७॥ म उसको प्रार्थना स्वीकार गर्नामा सम्मत भइनँ र हे महर्षे ! हामी दुवैको बीचमा ठूलो युद्ध पर्‍यो, अन्तमा युद्धमा हार खाएर सुधन्वा मेरो हातबाट मारियो ॥१८॥ हे मुनिश्रेष्ठ ! राजा

सुधन्वालाई मारेर मैले सांकाश्या नगरीमा आफ्नो वीर भाइ कुशध्वजको राज्याभिषेक गरिदिएँ ॥१९॥ म जेठो हुँ र यी मेरा कान्छा भाइ हुन् । म प्रसन्नतासाथ आफ्ना छोरीहरूको दान गर्न चाहन्छु ॥२०॥ म रामचन्द्रजीलाई सीता नामकी छोरी र लक्ष्मणलाई उर्मिला समर्पण गर्दछु । मेरी छोरी सीता देवकन्यासमान छन् र यिनको शुल्क पराक्रम नै हो । आफ्नो पराक्रमद्वारा रामचन्द्रको यिनीमाथि अधिकार भइसकेको छ । यी सीताको र अर्की उर्मिलाको कन्यादान गर्ने मेरो अभिप्राय छ । म यो वचन तीनचोटि भन्दछु अर्थात् यो कुरा म अवश्यै गर्नेछु यसमा कुनै किसिमको फरक पर्नेछैन । हे मुनिश्रेष्ठ ! म तपाईंले भनेअनुसार आफ्ना यी दुवै छोरी दिन्छु ॥२१-२२॥ हे महाराज दशरथ ! अब तपाईं रामलक्ष्मणको मुण्डन गराउन लगाउनुहोस् र आफूले नान्दीमुख श्राद्ध गर्नुहोस्, यसपछि विवाहसम्बन्धी काम गर्नुहोस् ॥२३॥ हे महाराज ! आज मघा नक्षत्र छ, आजको तेस्रो दिनमा उत्तरफाल्गुनीको उत्तम नक्षत्रमा वैवाहिक कृत्य गर्नुहोला । छोराको विवाह जस्तो शुभ काममा दान गर्नुपर्दछ तसर्थ राम लक्ष्मणको कल्याणका निमित्त गाई, सुन, जग्गा इत्यादि दान गर्नुहोस् ॥२४॥

सर्ग–७२

विश्वामित्र र वशिष्ठ भरत शत्रुघ्नका लागि कुशध्वजका दुई छोरी माग्दछन् ।

आफ्ना कुलको वर्णन गरेर राजा जनक चूपलागेपछि महामुनि वशिष्ठ तथा विश्वामित्र यी दुवै ती वीर राजालाई भन्नलागे ॥१॥ इक्ष्वाकुवंशी तथा विदेहवंशी राजाहरूको कुल बडो पवित्र र श्रेष्ठ हो। पृथ्वीमा यी दुई कुलसित दाँजिन सक्ने अर्को कुल छँदै छैन॥२॥ सीता र उर्मिलाको साथमा राम, लक्ष्मणको सम्बन्ध हुनु धर्मानुकूल देखिन्छ, रूप र धनमा यिनीहरू बराबरै छन् ॥३॥ हे राजन् ! हामीले एउटा अर्को कुरा भन्नुपरेको छ, सो सुन्नुहोस् । तपाईंका यी धर्मात्मा भाइ कुशध्वजका बडा राम्रा दुई छोरी छन् ! कुमार भरत र बुद्धिमान् शत्रुघ्नको साथमा यी दुवै कन्याको विवाह होस् भन्ने हाम्रो इच्छा छ, भरत शत्रुघ्नका लागि हामी तपाईंका यी दुई छोरी माग्दछौं ॥४-६॥ राजा दशरथका चारै छोरा देख्नमा राम्रा र जवान छन्, लोकपाल जस्तै तेजस्वी र देवतासमानका पराक्रमी पनि छन्॥७॥ यी दुवैसित पनि आफ्ना छोरीहरूको विवाह गरेर आफ्नो वंशको पुण्यकर्म गर्ने इक्ष्वाकुवंशसित घनिष्ट सम्बन्ध जोर्नुहोस्, यसो गर्नाले तपाईं निश्चिन्त हुनुहुनेछ ॥८॥ महर्षि वशिष्ठको अभिप्राय-अनुसारका विश्वामित्रले भनेको कुरा सुनेपछि राजा जनक हात जोरेर यी दुवै मुनिलाई भन्नलागे ॥९॥ म आफ्नो यस कुललाई धन्य संझनलागेको छु किन कि तपाईं दुवै मुनिश्रेष्ठहरू यस कुललाई सुहाउने कुलसित सम्बन्ध गर्न आफैं भनिरहनुभएको छ ॥१०॥ तपाईंहरू जसो भन्नुहुन्छ उस्तै हुनेछ, तपाईं-हरूको कल्याण होस् । भरत र शत्रुघ्नका साथमा कुशध्वजका यी दुवै छोरीको विवाह गरिदिन्छु ॥११॥

हे महामुने ! एकै दिनमा महाराज दशरथका यी महाबली छोराहरूको साथमा यी चार राजपुत्री-हरूको विवाह होस् ॥१२॥ आजको दोस्रो दिनमा उत्तराफाल्गुनी नक्षत्र परेको छ, विवाहको निम्ति यो

नक्षत्र बडो शुभ छ किनकि भग नाम गरेका देवता यसका प्रजापति हुन् । विद्वान्हरूले यस दिनको विवाह-को बडो प्रशंसा पनि गरेका छन् ॥१३॥ यस प्रकारको मीठो कुरा गरेर राजा जनक उठी हात जोडेर दुवै मुनिवरलाई भन्नलागे ॥१४॥ तपाईंहरू दुवै जनाको कृपाले मैले कन्यादानरूपी धर्म पाउने भएँ, म तपाईं दुवै महर्षिको शिष्य हुँ, तपाईंहरू दुवै जना यस उत्तम आसनमा बस्नुहोस् ॥१५॥ राजा दशरथको अयोध्यापुरीमा जस्तो हुकूमत चल्दछ त्यस्तै मेरो यो मिथिलामा पनि चल्नेछ, मनमा कुनै प्रकारको सन्देह नराखी आफ्नो इच्छाअनुसारको काम गर्नुहोस् ॥१६॥ राजा जनकले यस्तो भनेको सुन्दा राजा दशरथ बडो प्रसन्नतासाथ उनलाई भन्नलागे ॥१७॥ हे मिथिलेश्वर ! तपाईं दुवै भाइ असंख्य गुणले युक्त हुनुहुन्छ, राजा तथा ऋषिहरूले तपाईंहरूबाट सदा ठूलो आदर सम्मान पाइआएका छन् ॥१८॥ तपाईंको कल्याण होस् अब म आफ्नो वासमा जान्छु । उहाँ विधिपूर्वक नान्दीमुखश्राद्ध आदि गरिएका गर्नुपर्ने कृत्य गर्नेछु ॥१९॥

यस प्रकारसंग राजा जनकसित बिदा भई महायशस्वी राजा दशरथ वशिष्ठ र विश्वामित्रलाई अघिलगाएर झट्टै आफू बसेको ठाउँमा आए ॥२०॥ आफ्नो वासमा आएपछि राजा दशरथले विधि-पूर्वक श्राद्ध गरे र बिहान हुनासाथ आफ्ना छोराहरूलाई मुण्डन गर्न लगाए ॥२१॥ यिनले आफ्ना एक एक छोराको निम्ति यिनीहरूको कल्याण होस् भन्ने विचारले एक एक लाख गाई दान गरेर ब्राह्मण-हरूलाई सन्तुष्ट गराए ॥२२॥ यी गाईको सीङ सुनले मोरेको थियो, सबैका सबै बाच्छा बाच्छी भएका थिए, काँसको भाँडामा यिनीहरूको दूध दुहिन्थ्यो, यस्ता चार लाख गाई राजा दशरथले दान गरे ॥२३॥ छोराहरूमा प्रेम राख्ने राजाले अरू पनि धेरै धेरै धन छोराहरूको गोदानमा ब्राह्मणहरूलाई बाँडिदिए ॥२४॥ गोदानको काम सिध्याएर चार छोरालाई साथमा राखेर बसेका राजा दशरथको शोभा लोकपालहरूलाई चारैतिर राखेर बसेका ब्रह्माको जस्तो देखिनलागेको थियो ॥२५॥

सर्ग—७३

राम, भरत, लक्ष्मण, शत्रुघ्नको विवाह ।

जुन दिन राजाले आफ्ना छोराहरूको गोदान संस्कार गराए सोही दिन महावीर युधाजित पनि मिथिलामा उपस्थित भए ॥१॥ यी युधाजित केकयराजाका छोरा थिए र भरतका साख्खै मामा पर्दथे । यिनी, दशरथसंग भेटघाट गरी क्षेमकुशलको हालखबर सोधिसकेपछि भन्नलागे ॥२॥ हे महाराज ! केकयदेशका राजाले आफ्नो क्षेमकुशलको समाचार तपाईंलाई निवेदन गर्नाको लागि मलाई पठाउनुभए-को हो, जसजसको तपाईं कुशल चाहनुहुन्छ ती सबैलाई आरामै छ ॥३॥ हे महाराज ! मेरा पिताजीले भानिज भरतलाई हेर्न बडो आग्रह गर्नुभएको छ, यसले यिनलाई लिन भनी म अयोध्या गएको थिएँ ॥४॥ तर अयोध्यामा पुग्दा तपाईं छोराहरूको विवाहको लागि यिनीहरूलाई साथमा लिई मिथिला-तिर जानुभएको छ भन्ने सुनें ॥५॥ यसले भानिजलाई भेटूँ भनी हतपत गर्दै उहाँबाट आएको हुँ ।

९

राजा दशरथले पनि आफूकहाँ आएका, सत्कार पाउने योग्यका आफ्ना प्यारा पाहुनाको उत्तम उत्तम प्रकारका सत्कारले स्वागत गरे ।

राजा दशरथले आफ्ना छोरा र महात्माहरूको साथमा त्यो रात बिताए ॥६-७॥ भोलिपल्ट बिहान उठी प्रातःकालको आफ्नो नित्यकर्म सिध्याइसकेपछि ऋषिहरूलाई साथमा लिएर यी तत्व जान्ने राजा यज्ञमण्डपमा गए ॥८॥ विवाहको शुभ मुहूर्तको समय आएपछि रामचन्द्र वैवाहिक भेषमा नाना प्रकारका गहनाले सिंगारिएका आफ्ना भाइहरूको साथमा, वशिष्ठ तथा अरू अरू ऋषिलाई अघिलगाएर यज्ञमण्डपमा उपस्थित भए । यज्ञमण्डपमा पुगेपछि भगवान् वशिष्ठ राजा जनकलाई भन्नलागे ॥९-१०॥

हे राजन् ! राजा दशरथ छोराहरूको माङ्गलिक विधान सिध्याएर यिनीहरूलाई साथमा लिई ढोकामा दातालाई अर्थात् तपाईंलाई भेटुँ भनेर पर्खिरहेका छन् ॥११॥ दान दिने र दान लिने दुवै थरी एकै ठाउँमा भएपछि समस्त कामको सिद्धि हुन्छ, तसर्थ विवाहको काम सिध्याएर उहाँलाई भित्र आउने अनुमति दिनुपर्‍यो ॥१२॥ महात्मा वशिष्ठको यस्तो कुरा सुन्दा परम धर्मात्मा, उदार, महातेजस्वी राजा जनकले भने—ढोकामा कुनै ढोके ता बसेको छैन फेरि महाराजले कसको आज्ञा लिनुपर्‍यो ? यस राज्यमा मेरो जत्तिकै उहाँको पनि अधिकार छ, तसर्थ आफ्नो घरभित्र आउनलाई यस्तो कुराको विचार गर्नु-पर्दैन ॥१३-१४॥ हे मुनिश्रेष्ठ ! वैवाहिक भेष धारण गरेर मेरा छोरीहरू वेदीनेर आई उभिरहेका छन्, यस समयमा यिनीहरूको अनुहार आगोको ज्वालासमान तेजिलो देखिनलागेको छ ॥१५॥ म स्वयं वेदीनेर बसेर तपाईंलाई पर्खिराखेको छु, निर्विघ्नपूर्वक गर्नुपर्ने सबै काम सिध्याइहाल्नुहोस्, अबलाई विलम्ब किन गर्ने ? ॥१६॥

जनकका यी कुरा सुनेपछि महाराज दशरथले आफ्ना चारै छोरा र सबै ऋषिहरूलाई विवाह मण्डपमा लगे ॥१७॥ यसपछि विदेहराज जनक वशिष्ठलाई भन्नलागे:—हे मुने ! सबै ऋषिहरूलाई साथमा राखेर तपाईं संसारका प्यारा रामचन्द्रको विवाहसम्बन्धी जम्मै काम गर्न लगाउनुहोस् । जनक-लाई "हुन्छ गराउँछु" भनेर भगवान् ऋषि वशिष्ठले धार्मिक विश्वामित्र र शतानन्दलाई आफूसंग लगेर यज्ञमण्डपको बीचमा विधिपूर्वक विवाहको वेदी बनाए ॥१८-२०॥ र यसपछि गन्ध पुष्पद्वारा वेदीलाई चारैतिरबाट सिंगारिदिए । सुनै सुनले बनेका जौको जमरा उम्रिराखेका किसिम किसिमका घडाले, अङ्कुर उम्रिराखेका घल्चाले, धूप राखेका धूपौरोले, शङ्खपात्रले, स्रुवा, अर्घ्यपात्र इत्यादि सबैले चारैतिर शोभा दिइरहेका थिए ॥२१-२२॥ लावा भरेर राखेका साना साना भाँडा र रंगाएका अक्षताले पनि वेदीलाई सुशोभित गराएका थिए । महातेजस्वी मुनिश्रेष्ठ वशिष्ठले एकैनासका कुश मन्त्र पढ्दै विधिपूर्वक वेदीमा बिच्छ्याए अनि मन्त्रको उच्चारण गर्दै विधानअनुसार वेदीमा अग्निको स्थापना गरे र सो अग्निमा होम गर्नलागे ॥२३-२४॥ यसपछि राजा जनक नाना प्रकारका गहना लगाएर सिंगारिएकी सीतालाई रामचन्द्रको आगाडि ल्याएर आगोको नजीक बसाली, कौशल्याका छोरा रामलाई भन्न लागे—हे रामचन्द्र ! मेरी छोरी यी सीता आजदेखि तिम्री सहधर्मिणी हुने भइन्, तिम्रो कल्याण होस्, आफ्नो हातले यिनको

हात समात; सौभाग्यवती यी पतिव्रता सदा तिम्रो साथमा छायाझैं रहनेछन् । यति भनेर राजाले मन्त्र पढेर पवित्र तुल्याएको जल छर्किदिए । यस समयमा देवता तथा ऋषिहरूले "बेश भयो बेश भयो" भन्ने बोली झिके ॥२५-२८॥ देवताहरूको दुन्दुभि बज्न र आकाशबाट पुष्पवृष्टि हुनलाग्यो ।

यस प्रकारसंग मन्त्र पढेर तथा जलको संस्कार गरेर आफ्नी छोरी सीतालाई दान गरिसकेपछि हर्षले दङ्ग परिराखेका राजा लक्ष्मणतिर फर्की भन्नलागे, हे लक्ष्मण ! आऊ, मेरी छोरी उर्मिला तिमीलाई दान दिन भनी ठीक पारिराखेको छु, आफ्नै संझेर विलम्ब नगरी यिनको पाणिग्रहण गर, तिम्रो कल्याण हुनेछ । लक्ष्मणलाई यति भनिसकेपछि भरतलाई भने—हे रघुनन्दन ! माण्डवीको पाणिग्रहण गर । धर्मात्मा मिथिलेश्वरले शत्रुघ्नलाई पनि भने—हे महाबाहो ! तिमी श्रुतकीर्तिको पाणिग्रहण गर । तिमी-हरू सबै देख्नामा राम्रा, असल स्वभाव भएका र प्रतिज्ञा पाऊन गर्नामा तत्पर छौ ॥२९-३३॥ ककुत्स्थ-वंशमा जन्मेका हे राजकुमारहो ! अब तिमीहरू आफ्ना आफ्ना स्त्रीहरूको पाणिग्रहण गर, विलम्ब नगर ।

राजा जनकको यो कुरा सुनेपछि चारै भाइले यी चारै राजकुमारीको हात आफ्ना आफ्ना हातले छोए, वशिष्ठको आज्ञाले यी चारै जनाले आफ्ना आफ्ना स्त्रीलाई साथमा राखी, अग्नि, वेदी, जनक, तथा महात्मा ऋषिहरूको प्रदक्षिणा गरे । वेदमा लेखिएको विधानअनुसार यी सबैको विवाह भयो ॥३४-३६॥ यस समयमा आकाशबाट राम्रा राम्रा फूलको वृष्टि हुनलाग्यो । गीत र बाजाको साथ साथै देवताहरूको दुन्दुभि बज्नलाग्यो ॥३७॥ अप्सराहरू नाच्न र गन्धर्वहरू राम्रा राम्रा गीत गाउनलागे । रामचन्द्रहरूको विवाहमा जति काम भए ती सबै अचम्म लाग्ने किसिमका थिए ॥३८॥ यता नाच, गान इत्यादि भइराखेका थिए उता रामचन्द्रहरूले तीनचोटि आगोको प्रदक्षिणा गरेर विवाह-को काम सिध्याए ॥३९॥ यसपछि आफ्ना आफ्ना रानीलाई साथमा लिएर यी चारै राजकुमारहरू वास बसेको ठाउँमा गए, राजा दशरथ पनि ऋषि तथा बंधुवर्गसहित छोरा बुहारीलाई हेर्दै यिनीहरूको पछिलागेर डेरातिर लागे ॥४०॥

सर्ग—७४

जनकसित बिदावारी भई दशरथ अयोध्यातिर लाग्दछन् र बाटोमा परशुरामसित भेट हुन्छ ।

रात बितेर उज्यालो भएपछि महामुनि विश्वामित्र, दशरथ र जनक यी दुवैसित बिदावारी भई उत्तर पर्वतपट्टिको आफ्नो आश्रमतिर लागे ॥१॥ विश्वामित्र गएपछि राजा दशरथले पनि मिथिलाका राजा जनकसित बिदा भई आफ्नो राजधानीतिर प्रस्थान गरे ॥२॥

विदेहराज जनकले धेरै धेरै दाइजो दिए, लाखभन्दा बर्ता ता गाई नै दिएका होलान् ॥३॥ राम्रा राम्रा गहना लगाएर सिंगारेका हात्ती, घोडा, रथ, पैदल सिपाही, सयसयओटा कमारा कमारी, असल असल सुन, मोती, मुगा इत्यादि नाना प्रकारका दाइजो प्रत्येक छोरीलाई दिएर राजा जनकले बडो

प्रसन्नतासाथ राजा दशरथलाई बिदा गरे र आफू पनि उनीसित बिदा भएर आफ्नो दरबारतिर लागे।

अयोध्याका राजा आफ्ना महात्मा छोराहरूलाई र फौजलाई साथमा राखी ऋषिहरूलाई अघिलगाएर आफ्नो राजधानीतिर लागे। ऋषिहरूलाई तथा छोराहरूलाई साथमा लिएर जब राजा हिंड्नलागे त्यस बखतमा यिनको चारैतिर आकाशबाट चराचुरुङ्गीले भयानक आवाज निकाल्न लागे र जमीनमा मृगहरू यिनलाई दाहिने पार्दै जानलागे ॥४-९॥ अकस्मात्‌संग खराब शकुन देखेकोले राजा दशरथले वशिष्ठलाई सोधे—एकातिर यी दुष्ट चराहरू डरलाग्दो आवाज निकालिरहेका छन् अर्कोतिर भने हरिणहरू दाहिनेपट्टिबाट जान लागेका छन्। हृदयलाई कमाउने यो केको उत्पात हो ? यसले गर्दा मेरो मनमा पीर पर्नलागेको छ। राजा दशरथको यो कुरा सुनेपछि महर्षि वशिष्ठ मधुरो स्वर गरेर भन्न लागे—सुन्नुहोस्, म यसको जो फल हो सो भन्दछु। यिनीहरूको डरलाग्दो आवाज सुन्नाले भयानक दैवी आपत्ति आइपर्ने संभावना देखिन्छ, तर हरिणहरूले दाहिनेपट्टिबाट जानु अशुभ होइन, यिनीहरूको यो चाल देख्ता आपत्ति टरेर जाने जस्तो छ तसर्थ ताप नलिनुहोस्। यिनीहरूमा यस प्रकारको कुरा हुँदा हुँदैमा हावा यस्तो जोरसंग चल्न लाग्यो कि समस्त पृथ्वीभरी नै कम्प हुन थाल्यो, ठूला ठूला रूख ढल्नलागे, अन्धकारले सूर्यलाई ढाकिदियो, यो फलानो दिशा हो भनेर छुट्ट्याउनसमेत नसकिने भयो, चारैतिर धूलै धूलोसिवाय केही नदेखिने भयो, राजाको फौजका सिपाही बेहोश हुन लागे। यस समयमा वशिष्ठ र अरू ऋषिहरू तथा राजा र यिनका छोराहरू मात्र होशमा थिए अरू बाँकी ता सबै बेहोश परे। यस अन्धकारमा समस्त फौज धूलोले ढाकिएको थियो ॥१०-१६॥

यही वेलामा डरलाग्दो रूप भएका, जटामण्डल धारण गरिराखेका, राजाहरूको विनाश पार्ने, जमदग्निका छोरा परशुराम त्यहाँ उपस्थित भए ॥१७॥ यिनको आकृति कैलास पर्वतसमानको पराजित हुन नसक्ने किसिमको थियो, प्रलयकालको अग्निसमान खप्न नसकिने तेजले जाज्वल्यमान भइरहेका यिनीतिर साधारण मानिसलाई हेर्नसमेत गाह्रो पर्दथ्यो ॥१८॥ यिनले काँधमा बञ्चरो राखेका थिए। हातमा बिजुलीसमान चहकिलो धनुबाण लिएका यिनी त्रिपुरको संहार पार्ने शिवजी जत्तिकै डरलाग्दा देखिन लागेका थिए ॥१९॥

बल्दो आगोसमानको यिनको डरलाग्दो अनुहार देख्नासाथ वशिष्ठ लगायत जप होम गर्नामा तत्पर रहने सबै मुनिहरू एकत्रित भई आफू आफूमा भन्नलागे—पिताको वध हुनाले जङ्गिएका यिनले फेरि क्षत्रियहरूको संहार पो पार्ने हुन् कि ? ॥२०-२१॥ पहिले ता क्षत्रिय कुलको संहार पार्नाले यिनको रिस साम्य भएको थियो, फेरि पनि क्षत्रियहरूको विध्वंस पार्नालाई यिनी उद्यत भएका हुन् कि ?॥२२॥

मनमा यस्तो विचार गरीकन ऋषिहरूले हातमा अर्घ्य लिएर डरलाग्दोरूप भएका यिनलाई हे राम ! हे राम ! भनेर सम्बोधन गरे ॥२३॥ प्रतापी जमदग्निपुत्र परशुराम पनि ऋषिहरूले गरेको पूजा ग्रहण गरिसकेपछि दशरथका छोरा रामलाई भन्नलागे ॥२४॥

सर्ग—७५

राम परशुरामको सम्वाद ।

हे दशरथका छोरा वीर रामचन्द्र ! मैले तिम्रो अद्भुत पराक्रमको कुरा सुनिसकेको छु । शिव धनु भाँचेको जम्मै वृत्तान्त राम्रै गरी थाहा पाइसकेको छु ॥१॥ यस धनुलाई भाँच्ने कुरा ता साँच्चिकै आश्चर्य लाग्ने र विचारै गर्न नसकिने कुरो हो ! त्यो धनु भाँच्चिएको सुनेर म अर्को एउटा धनु लिएर तिमीकहाँ आएको छु ॥२॥ अब तिमी परशुरामको यस डरलाग्दो धनुमा बाण चढाएर आफ्नो पुरुषार्थ देखाऊ ॥३॥ यस धनुमा बाण चढाउँदाखेरिको तिम्रो बल देखेपछि तिमीसित द्वन्द युद्ध गर्नेछु र अनि पो तिमी यत्तिका बलिया रहेछौ भन्ने थाहा पाउनेछु ॥४॥

परशुराममा यी कुरा सुन्दा राजा दशरथ बडो दुःखित भए र माया उठ्ने किसिमले हात जोडेर भन्नलागे ॥५॥ तपाईं ता तपस्वी ब्राह्मण पो हुनुहुन्छ, क्षत्रियहरूको वध गर्ने काम छोडिसक्नुभएको छ, तसर्थ मेरा यी बालक छोराहरूलाई अभय दान दिनुहोस् ॥६॥ वेदाध्ययन गर्नामा तत्पर रहने भार्गव कुलमा तपाईंको जन्म भएको हो र इन्द्रको सामुन्नेमा प्रतिज्ञा गरेर अस्त्र चलाउन छाडिसक्नुभएको छ ॥७॥ धर्मतिर मन दिएर महात्मा कश्यपलाई जम्मै पृथ्वी दान गरी तपाईं वनवासी बनीकन महेन्द्र पर्वतको टाकुरामा रहनलाग्नुभएको थियो ॥८॥ हे महामुने ! मेरो सर्वनाश पार्न तपाईं यहाँ आउनु-भएको हो कि ? किनकि राम एक जना मरेपछि हामी कोही पनि जीउँदो रहनेछैनौं ॥९॥

यस प्रकारसंग प्रार्थना गरिरहेका दशरथको कुरा सुनेको नसुन्यै गरी प्रतापी परशुराम रामचन्द्रलाई भन्नलागे ॥ ०॥

संसारमा विख्यात भएका, अति उत्तम, अलौकिक, लोकपूज्य, दृढ र बलिया यी दुवै धनुलाई विश्व-कर्माले बडो परिश्रमसाथ बनाएका हुन् ॥११॥ हे राम ! जुन तिमीले भाँच्यौ त्यो त्रिपुरासुरको संहार पार्नलाई देवताहरूले महादेवलाई दिएका थिए ॥१२॥ मेरो साथमा रहेको यो दोस्रो धनु देवताहरूले विष्णुलाई दिएका थिए । हे राम ! शत्रुहरूको विनाश पार्ने यो वैष्णव धनु हो ॥१३॥ हे राम ! यो धनु पनि शिवको धनु जत्तिकै बलियो छ ।

कुनै एक समयमा देवताहरूले ब्रह्माजीसित विष्णु र शिवमा को बलियो र को निर्धो हो भनी सोधेका थिए । देवताहरूको अभिप्राय बुझेर सत्यवादीहरूमाका श्रेष्ठ ब्रह्माले यी दुवैमा विरोध उत्पन्न गराइदिए । यस विरोधमा रोमाञ्च गराउने बडो ठूलो युद्ध भयो ॥१४-१६॥ परस्परमा एउटाले अर्कोलाई जित्ने अभिलाषा राखेका यी महादेव र विष्णुको युद्धमा महादेवको महापराक्रमी धनु शिथिल परेको देखियो ॥१७॥

विष्णुको हुंकारले गर्दा यस समयमा त्रिलोचन महादेव स्तम्भित भइगए र चारण तथा ऋषिहरूको साथमा देवताहरूले त्यहाँ उपस्थित भई यी दुवैलाई शान्त हुने प्रार्थना गरे । यिनीहरू पनि लड्न छोडेर आफ्नो आफ्नो ठाउँमा गए । शिवको धनु शिथिल परेको देख्ता देवता र ऋषिहरूले विष्णुको बललाई

९–क

बर्ता संझेका थिए। यसपछि महायशस्वी महादेवले क्रुद्ध भई बाणसमेतको आफ्नो धनु मिथिलाका राजर्षि देवरातका हातमा सुम्पिदिए। हे राम ! शत्रुहरूको संहार पार्ने मेरो हातमा भएको यो वैष्णव धनु हो ॥१८-२१॥ विष्णुले, भृगुवंशी ऋचिककहाँ नासो जस्तो गरेर यो धनु राखेका थिए। महातेजस्वी ऋचिकले पनि सहनशील आफ्ना छोरालाई अर्थात् मेरा पिता महात्मा जमदग्निलाई यो दिव्य धनु दिए। मेरा पिताले अस्त्र शस्त्रको परित्याग गरी तपस्या गर्नलागेको बेलामा कार्तवीर्य अर्जुनले साधारण मानिसको जस्तो बुद्धि गरेर उनलाई मारिदिए। पिताको यस प्रकारसंग भयानक मरण भएको सुन्दा रिस खप्नै नसकेर मैले अनेकबाजि क्षत्रियकुलको विनाश पारिदिएँ ॥२२-२४॥ समस्त पृथ्वीमा आपनो कब्जा जमाइसकेपछि, पुण्यकर्म गर्ने महात्मा कश्यपलाई यज्ञको अन्तमा दक्षिणा जस्तो गरेर यो जम्मै पृथ्वी दिइदिएँ ॥२५॥ पृथ्वी दान गरिसकेपछि म महेन्द्र पर्वतमा गएर तपस्या गर्नलागें। शिवधनु भाँच्चियो भन्ने सुनेकोले म हतपत गर्दै यहाँ आएको हुँ ॥२६॥ तसर्थ हे राम ! आफ्नो क्षत्रियधर्मको गौरवको रक्षाका लागि बाबु-बराज्यूको पालादेखि आइराखेको यो उत्तम वैष्णव धनु समात ॥२७॥ शत्रुहरूका शहरको विध्वंश पार्ने यस उत्तम धनुमा बाण चढाऊ, यो काम गर्नसक्यौभने म तिमीसित द्वन्द्वयुद्ध गर्नेछु ॥२८॥

सर्ग—७६

रामचन्द्र वैष्णव धनुमा बाण चढाउँछन् र परशुराम आफ्नो हार स्वीकार गरी महेन्द्र पर्वततिर लाग्दछन्।

परशुरामको कुरा सुनेपछि दशरथपुत्र रामचन्द्र पिता तथा वशिष्ठ सामुन्ने हुनाले यिनीहरूको अदबले गर्दा कठोर वचनको प्रयोग नगरी मधुरैसंग भन्नलागे ॥१॥ पितृवधको बदला लिनाको लागि तपाईंले जति काम गर्नुभएको छ, त्यो सब मैले सुनिसकेको छु। वैरीमाथि साटो फेर्नु वीरहरूको काम हो तसर्थ तपाईंको प्रशंसा गर्दछु ॥२॥ तर मलाई क्षत्रियधर्मदेखि हीन तथा निर्धो सम्झेर मेरो निरादर गर्नलाग्नुभएको छ तसर्थ मेरो पराक्रम र तेज कस्तो रहेछ आज हेरिहाल्नुहोस् ॥३॥

यति भनेर झोंक्किँदै रामचन्द्रले परशुरामको हातबाट हत्तपत्त धनु बाण खोसिहाले ॥४॥ रामले धनु तानेर त्यसमा बाण चढाई रिसले चूर हुँदै परशुरामलाई भन्नलागे ॥५॥ हे परशुरामजी ! एक ता तपाईं पूज्य ब्राह्मण हुनुहुन्छ दोस्रो विश्वामित्रको भानिज पर्नुहुन्छ, यसै कारण तपाईंको प्राण लिनाको लागि म यो बाण छोड्ने होइन ॥६॥ म यस बाणले या त तपाईंको आकाशमण्डलमा विचरण गर्ने शक्ति नष्ट गरिदिन्छु या तपस्याको प्रभावले तपाईंले पाउनुभएका लोकको विनाश पारिदिन्छु। भन्नुहोस् तपाईं के चाहनुहुन्छ ? ॥७॥ कारण यो अलौकिक वैष्णव बाणले शत्रुको शक्ति नाश गर्न सक्तछ, आफ्नो पराक्रमले शत्रुको बल र घमण्डलाई तोडिदिन्छ, कदापि निष्फल हुन सक्तैन ॥८॥

रामले वैष्णव धनुमा बाण चढाएको यो अद्‌भुत दृश्य हेर्नाको लागि ब्रह्मालाई अघिलगाएका देवता र ऋषिहरू तथा गन्धर्व, अप्सरा, सिद्ध, किन्नर, यक्ष, राक्षस, नाग आदि गरिएकाहरूसमेत यहाँ जम्मा भए ॥९–१०॥ रामचन्द्रले यो वैष्णव धनु धारण गरेको देख्तैमा परशुरामको होशहवास उडिहाल्यो, यिनको जम्मै तेज रामले आफूतिर खिंचेर लिए र यिनी जडसमान पराक्रमहीन देखिनलागे ॥११॥

तेज निस्केकोले स्तम्भित जस्तो भई यिनी दुर्बल भइसक्केका थिए। कमलको पात जस्तो आँखा भएका रामलाई यिनी बिस्तारै बिस्तारै भन्नलागे ॥१२॥ हे राम ! कश्यपमुनिलाई यो जम्मै पृथ्वी दान दिंदाखेरि उनले मलाई अबउप्रान्त मेरो राज्यमा नबस्नु भनेका हुन् ॥१३॥ गुरुको वचनअनुसार मैले त्यस वेलादेखि एक रात पनि पृथ्वीमा वास गरेको छैन किन कि मैले कश्यपसित यस्तै प्रतिज्ञा गरेको छ ॥१४॥ अतएव हे वीर ! तिमी मेरो सबै ठाउँमा पुग्नसक्ने शक्ति नाश नगरिदेऊ, यही शक्तिको सहायताले, मनसमानका वेगले मैले अहिले नै उत्तम महेन्द्राचल पर्वतमा पुग्नुपरेको छ ॥१५॥ मैले आफ्नो तपस्याको प्रभावले ठूला ठूला उत्तम उत्तम लोक जितिराखेको छ, हे राम ! तिमी यही बाणले यिनै लोकको नाश पारिदेऊ, अबलाई विलम्ब नगर ॥१६॥ यो बाण चढाउन सकेकोले तिमी देवता-हरूका मालिक मधु दैत्यको संहार पार्ने अविनाशी विष्णु भगवान् रहेछौ भन्ने थाहा पाएँ, शत्रुको विनाश पार्ने हे रामचन्द्र ! तिम्रो कल्याण होस् ॥१७॥ युद्धमा कसैले सामना गर्न नसक्ने, आश्चर्य्यलाग्दो काम गर्ने तिमीलाई यी सबै देवता यहाँ आएर हेरिरहेका छन् ॥१८॥ तिमी ता तीनै लोकका मालिक नै ह्वौ तसर्थ तिम्रो हातबाट मेरो हार हुनु कुनै लाजको कुरो होइन ॥१९॥ उत्तम उत्तम व्रत धारण गर्ने हे राम ! अब यो बाण चलाइहाल, तिम्रो बाण छुटेपछि मात्र म महेन्द्राचलतिर लाग्नेछु ॥२०॥

जमदग्निपुत्र परशुरामले यति भनेपछि दशरथपुत्र प्रतापी रामचन्द्रले त्यो उत्तम बाण चलाए ॥२१॥ आफ्नो तपस्याद्वारा प्राप्त भएका लोकको. रामचन्द्रद्वारा विनाश भएको देखेपछि परशुरामले हत्तपत्त महेन्द्राचलपर्वततिर प्रस्थान गरिहाले ॥२२॥ परशुराम गएपछि सबै दिशा तथा दिग्मण्डल निर्मल भयो र ऋषि र देवताहरू शस्त्रधारी रामको प्रशंसा गर्नलागे ॥२३॥ महेन्द्र पर्वततिर लाग्नुको अगाडि परशुरामले रामचन्द्रको पूजा र प्रदक्षिणा गरे अनि आफ्नो ठाउँमा गए ॥२४॥

सर्ग—७७

राजा दशरथ फौजसहित अयोध्यामा पुग्दछन्। भरत शत्रुघ्न आफ्ना मामाकहाँ जान्छन्।

परशुराम गएपछि रामचन्द्रको रिस साम्य भयो र यिनले आफ्नो हातको धनु पराक्रमी वरुण-लाई दिइदिए ॥१॥ वशिष्ठ आदि ऋषिहरूलाई प्रणाम गरिसकेपछि आफ्ना पिताजीलाई आकुल व्याकुल देखेकोले यिनले उहाँलाई भने ॥२॥ परशुराम गइसके, अब तपाईंले आफूद्वारा रक्षा गरिएको यस चतु-रङ्गिणी सेनालाई अयोध्यातिर लाग्ने आज्ञा गर्नुभए हुन्छ ॥३॥

रामचन्द्रको यो कुरा सुनेपछि राजा दशरथले दुवै हातले यिनलाई अँगालो हाली यिनको माथ सुँघे ॥४॥ परशुराम गए भन्ने सुन्दा राजा दशरथ बडो खुशी भए । यिनले आफ्नो तथा छोराहरूको नयाँ जन्म भएको सम्झे ॥५॥

यिनले आफ्नो सेनालाई प्रस्थान गर्ने आज्ञा दिए र फौजको साथसाथै आफू पनि हतपत गर्दै अयोध्यातिर लागे । ध्वजा पताकाले शोभायमान भएको अयोध्यामा नाना किसिमका बाजा बजिराखेका थिए ॥६॥ सडकमा पानी छर्केको र जताततै फूल छरिराखेकोले सधैंको भन्दा बर्ता यसको शोभा देखिएको थियो । राजा आउने बाटोमा शहरवासीहरू हातमा सगुनका चीजबीज लिएर उभिराखेका थिए ॥७॥ यस प्रकारसंग चारैतिर मानिसको भीड लागिराखेको अयोध्यापुरीमा राजाले प्रवेश गरे ।

राजाको सवारी हुनलाग्यो भन्ने सुनेपछि शहरवासी प्रजा र ब्राह्मणहरूले टाढासम्म आएर यिनको स्वागत गरे ॥८॥ श्रीमान् यशस्वी राजा दशरथले आफ्ना राम्रा राम्रा छोराहरूको साथमा हिमाचल जस्तो सेतो कान्ति भएको प्यारो दरबारभित्र प्रवेश गरे ॥९॥ राजा आफ्नो घरको सम्पूर्ण सुख भोगले तृप्त भई आफ्ना कुलकुटुम्बीको साथमा नाना प्रकारको आमोद प्रमोदमा समय बिताउनलागे । महारानी कौशल्या, सुमित्रा, कैकेयी र राजाका अरू जति रानी थिए यी सबै महाभागा सीता, यशस्विनी उर्मिला र कुशध्वजका माण्डवी, श्रुतकीर्ति दुई छोरीलाई बुहारी बनाउन पाएकाले अतिशय प्रसन्न भए र विधिपूर्वक मङ्गलाचरण तथा होम गर्नलगाएर रेशमी वस्त्र धारण गरेका यी बुहारीहरूलाई महारानीहरूले अन्तःपुरभित्र लगे ॥१०-१२॥ दरबारभित्र पसेपछि यी राजकन्याहरूले सबै देवमन्दिरमा गई देवताहरूको पूजा गरे र आफूले मान्नुपर्नेहरूलाई ढोग गरे ॥१३॥ यी सबै राजकुमारीहरू आफूसुहाउँदा पति पाएकाले आनन्दसंग बस्न लागे ।

विवाह सकिएपछि अस्त्रनिपुण यी पुरुषश्रेष्ठ राजकुमारहरू पनि धन जनले पूर्ण भई पिताको सेवामा सदा तत्पर रहेर प्रसन्नतासाथ आनन्दमा समय बिताउनलागे ।

केही दिन बितेपछि राजा दशरथले कैकेयीका छोरा भरतलाई भने—ए बाबु ! केकयराजाका छोरा यहाँ आइराखेका छन् ॥१४-१६॥ यी तिम्रा मामा युधाजित् तिमीलाई लैजान भनी आएका हुन् । दशरथको यो कुरा सुनेपछि कैकेयीपुत्र भरत, शत्रुघ्नलाई साथमा लिएर जान तय्यार भए । पिताको आज्ञा लिइसकेपछि पुण्यात्मा रामचन्द्र तथा आमाहरूसंग बिदाबारी भई यिनी शत्रुघ्नसंग युधाजित् भएका ठाउँमा गए । भरत शत्रुघ्नलाई आएको देख्ता युधाजित् पनि खुशी भए ॥१७-१९॥ वीर युधाजित् आफ्नो शहरमा गए । यिनलाई फर्केर आएको देख्ता बाबु खुशी भए ।

भरत गएपछि महाबली राम लक्ष्मण देवतासमानका आफ्नो बाबुको सेवा गर्नमा लागे । पिताको आज्ञाले रामचन्द्र राजकाजपट्टि पनि दृष्टि दिनलागे ॥२०-२१॥ रामचन्द्र सबैलाई निको लाग्ने र सबैको भलो हुने काम गर्नलागे । आमाहरूप्रति जस्तो व्यवहार गर्नुपर्ने हो सो गर्दथे र घमण्ड भनेको यिनमा छँदै थिएन ॥२२॥ वेला वेलामा आफूले मान्नुपर्नेहरूको काममा ध्यान दिन्थे ।

रामचन्द्रको यस्तो स्वभाव र चालचलन देख्ता राजा दशरथ, ब्राह्मण, व्यापारी र राज्यका प्रजागण यी सबै बडा प्रसन्न थिए। यस प्रकारसंग सत्यपराक्रमी रामचन्द्रको यश चारैतिर फिंजियो ॥२३-२४॥

प्राणीहरूमा ब्रह्माझैं रामचन्द्र सबैभन्दा गुणी थिए। यिनले कईएक वर्षसम्म सीताको साथमा मोजमज्जा गरे ॥२५॥ मनस्वी रामचन्द्र सीतालाई जत्तिको प्यारो गर्दथे उत्तिकै सीता पनि भित्र दिलै-देखि यिनीमाथि प्रेम राख्तथिन्। पिताले सीतालाई स्त्रीरूपमा आफूलाई दिएकोले यिनी यस्ती प्यारी भएकी हुन् ॥२६॥ सीताको गुण र रूपले गर्दा रामको यिनीमाथिको प्रेम दिन दिनै बढ्न लाग्यो। सीताले पनि दोब्बर प्रेम गरेर आफ्ना पतिलाई हृदयमा धारण गरेकी थिइन् ॥२७॥ रामचन्द्रजी भन्नै न-परीकन सीताको मनभित्र भएको कुरा जान्दथे, त्यसै गरी देवकन्या जस्ती साक्षात् लक्ष्मीको रूप भएकी जनकपुत्री सीता पनि रामको अभिप्राय बुझ्दथिन् र यिनीमाथि खूबै प्रेम राख्तथिन् ॥२८॥ जसरी देवताहरूका मालिक विष्णु भगवान् लक्ष्मीलाई पाउनाले सन्तुष्ट भएथे त्यसै गरी रामचन्द्र पनि आफ्नो इच्छाअनुसार चल्ने राजर्षि जनककी छोरी मनमोहिनी सीतालाई भेट्टाउनाले अतिशय सन्तुष्ट र शोभा-युक्त देखिनलागे ॥२९॥

बालकाण्ड समाप्त

श्रीमद्वाल्मीकीय रामायण

अयोध्याकाण्ड—२

सर्ग—१

रामचन्द्रका गुणहरूको वर्णन, रामलाई राज्य दिने दशरथको विचार ।

मामाको घर जानलागेका भरतले शत्रुहरूको नाश गर्ने (क) पापरहित शत्रुघ्नलाई पनि आफूमाथि प्रेम राख्ने भएकाले संगै लिएर गए ।।१।। मामा अश्वपतिका उत्तम सत्कारले आदर पाएका तथा उनै द्वारा छोराझैं पालन-पोषण गरिएका भरत आफ्ना भाइ शत्रुघ्नसंग त्यहाँ बस्नलागे ।।२।। मामाकहाँ बस्ताखेरि ती दाजु भाइ जुन समयमा आफूले जे इच्छा गर्‍यो सो पाउँदथे तापनि ती दुवै वीर बूढा दशरथको संझना गर्दथे ।।३।। महातेजस्वी राजा दशरथ पनि घरबाट बाहिर गएका, इन्द्र र वरुणसंग दांज्न हुने, आफ्ना छोरा भरत शत्रुघ्नलाई सम्झँदै गर्दथे ।।४।। राजा दशरथका यी चारै श्रेष्ठ छोराहरू आफ्ना शरीरबाट निस्केका चार हातसमान यिनका प्यारा थिए ।।५।।

तर यी चारोटैमा महतेजस्वी राम बाबुका अत्यन्त प्यारा थिए, यिनी प्राणीहरूमा ब्रह्मासमान गुणवान् थिए ।।६।। बढेको रावणको मृत्यु चाहने देवताहरूको प्रार्थनाले स्वयं सनातन भगवान् विष्णु नै रामरूप धारण गरेर मनुष्यलोकमा प्रकट भएका थिए ।।७।। जसरी वज्रपाणि देवराज इन्द्रबाट अदितिको शोभा भएको थियो त्यसै गरी अपरिमित पराक्रम भएका ती छोराबाट कौशल्याको पनि शोभा भयो ।।८।। यी कौशल्याका छोरा राम्रा र बलिया थिए, कसैको डाह गर्दैनथे, पृथ्वीमा यिनको समान कोही थिएन, अनेक गुणहरूले गर्दा यिनी दशरथसमान थिए ।।९।। शान्त चित्त भएका यिनी बडो नम्र भएर कुरा गर्दथे, कसैले कठोर वचन भनिहाल्योभने पनि कडा उत्तर दिनुको सट्टा चूप लाग्दथे ।।१०।। कसैले एकचोटि मात्र उपकार गर्‍योभने पनि त्योदेखि सन्तुष्ट रहन्थे, आत्मवान् अर्थात् आफ्नो मनमाथि पूरा अधिकार भएकोले कसैले उनको सयकडौं अपकार गरे तापनि त्यतापट्टि ख्यालै राख्तैनथे ।।११।। अस्त्र शस्त्रको अध्ययनबाट फुर्सत पाएको समयमा समेत यिनी सुशील, ज्ञानी, बूढापाका सज्जनहरूसंग धर्म चर्चा गर्दथे अर्थात् यिनको समय सदा असल काममा नै व्यतीत हुन्थ्यो ।।१२।। यिनी बुद्धिमान् थिए, मधुरोसंग बोल्ने यिनको स्वभाव थियो, आफूकहाँ आएकासित यिनी पहिले आफैं बोल्दथे र जो बोल्दथे सो मीठो बोल्दथे । यिनी पराक्रमी थिए तर आफ्नो ठूलो पराक्रमको यिनलाई घमण्ड थिएन

"नित्यशत्रुघ्न" को अर्थ राग द्वेष आदि नित्य शत्रुहरूलाई जित्ने पनि हुनसक्छ ।

।।१३।। यिनी कहिले पनि झूटो बोल्दैनथे, विद्वान् थिए, ज्ञान तथा उमेरमा आफूभन्दा ठूलाको आदर गर्दथे, यिनको प्रजामाथि प्रेम थियो र प्रजा पनि भित्र दिलैदेखि यिनको चाहना गर्दथ्यो ।।१४।। यिनी धर्मका ज्ञाता तथा ब्राह्मणका भक्त थिए, यिनको अन्तःकरण पवित्र र चरित्र शुद्ध थियो, रिसलाई यिनले जितेका थिए, दीन दुःखी र आपत्तिमा परेकामाथि दया गर्दथे ।।१५।। कुल-धर्मको रक्षा गर्नामा यिनको ध्यान रहन्थ्यो, प्रजारक्षणरूपी क्षात्र-धर्मलाई आफ्नो धर्म संझी यसको पालना गर्दथे, क्षात्रधर्मको पालन गर्नाले ठूलो कीर्ति र स्वर्ग पाइन्छ भन्ने यिनलाई थाहा थियो ।।१६।। यिनी निष्फल काम गर्दैनथे, शास्त्रविरुद्ध विषयपट्टि यिनको रूचि थिएन, वादविवादमा आफ्नो कुराको समर्थनको लागि नयाँ नयाँ प्रमाण दिनामा यिनी बृहस्पतिसमान वक्ता थिए ।।१७।। यिनी नीरोगी थिए, तरुना थिए अर्थात् यिनको यौवन स्थायी थियो, शरीरका हृष्टपुष्ट र असल वक्ता थिए, देश कालको यिनलाई ज्ञान थियो अर्थात् लौकिक र वैदिक कर्मको निम्ति कुन देश र कुन काल उचित छ भन्ने यिनलाई ज्ञान थियो, मानिसको मनभित्रको कुरा जान्ने यिनको शक्ति थियो, यिनी संसारमा अद्वितीय साधु अर्थात् यिनको समान सज्जन अरू कोही थिएन ।।१८।। राजकुमार रामचन्द्र आफ्ना श्रेष्ठ गुणले प्रजाको बाहिरी प्राण जस्तै भएका थिए, (प्राण निस्कनासाथ प्राणीको मृत्यु भइहाल्दछ तर यिनी प्राण भईकन पनि बाहिर रहन्थे तसर्थ यिनी साधारण प्राणभन्दा पनि श्रेष्ठ थिए), गुणले गर्दा यी प्रजाका प्यारा थिए ।।१९।। विधिपूर्वक वेद वेदाङ्ग पढेर यिनले समावर्त्तन (विद्या पढिसकेपछि व्रतहरूको निमित्तको स्नान) गरेका थिए, अस्त्र शस्त्र विद्यामा ता भरतका दाजु राम बाबुभन्दा पनि बढ्ता पण्डित थिए ।।२०।। यिनी कल्याणाभिजन थिए अर्थात् यिनका आमा बाबुको वंश विशुद्ध थियो, यिनी साधु, शुद्ध स्वभाव भएका अदीन (कठिन समयमा पनि शास्त्र-कुलधर्म्मविरुद्ध काम नगर्ने), सत्यवादी तथा नम्र थिए, धर्म अर्थ आदि गरिएका पुरुषार्थको तत्व जान्ने बूढा ब्राह्मणद्वारा यिनले शिक्षा पाएका थिए ।।२१।। (यसै कारणले) यिनी धर्म, अर्थ, कामको तत्वलाई जान्दथे, यिनको स्मरण शक्ति ठीक थियो, आफ्नो तीक्ष्ण बुद्धिले नयाँ नयाँ कुराको विचार तथा निर्णय गर्नसक्थे, लौकिक व्यवहारमा खूब सिपालु र धार्मिक आचरणमा ता पारंगतै थिए ।।२२।। यिनी नम्र थिए, मनमा उठेका ठूला ठूला विचारलाई बाहिरी मुखको आकारले प्रकट हुन दिंदैनथे, काम समाप्त नभएसम्म यिनले के निश्चय गरेको छ सो कोही थाहा पाउँदैनथ्यो, उपकार तथा सद्व्यवहारले यिनले अनेकलाई आफ्नो सहायक बनाएका थिए, यिनको क्रोध र हर्ष निष्फल हुँदैनथ्यो, कुन वेलामा के छाड्नुपर्दछ र कुन वेलामा के ग्रहण गर्नुपर्दछ सो यिनलाई थाहा थियो ।।२३।। यिनी देवता गुरु आदिमा अटल भक्ति राख्ने र स्थिरबुद्धि (आफूले निश्चय गरेको कुरामा डेग नचल्ने) भएका थिए, खराब उपायले अथवा खराब वस्तुको संग्रह गर्ने इच्छा गर्दैनथे, कडा वचन बोल्दैनथे, आलस्यरहित र सावधान थिए, आफ्नो तथा अर्काको दोष जान्दथे, ।।२४।। यिनी शास्त्रका उपदेशहरूको रहस्य जान्दथे कसैले गरेको उपकारलाई बिर्सदैनथे, अर्काको मनमा भएको कुरा जान्दथे, न्यायपूर्वक दमन गर्न र दया देखाउनामा प्रवीण थिए ।।२५।।

सज्जनहरूको संग्रह गर्नामा र संग्रह गरिएकाहरूप्रति दया गर्न जान्दथे (देश विदेशबाट योग्य मानिस बोलाएर सपरिवार उनको पालन गर्दथे), दुष्टहरूमाथि शासन गर्न जान्दथे, राज्यको आमदानी बढाउने उपाय यिनलाई थाहा थियो, कहाँ कति खर्च गर्नुपर्दछ सो कुराको पनि ज्ञान थियो ।।२६।। अस्त्रादिको यिनलाई विशेष ज्ञान थियो, व्यामिश्रक अर्थात् अस्त्र-शस्त्रसम्बन्धी साना साना कुरा पनि यिनले जान्न बाँकी राखेका थिएनन्, अर्थ र धर्मको सेवा गरेर यिनी सुखको इच्छा गर्दथे, आफ्नो कर्तव्य पालन गर्नामा यिनी अलसी थिएनन् ।।२७।। दिलबहलाउका लागि चाहिने शिल्पहरू (गाना, बजाना, चित्रकारी) का यिनी ज्ञाता थिए, कुन कुन काममा कति खर्च गर्ने सो पनि यिनलाई थाहा थियो अर्थात् गाना बजानामा यिनको ठिकको खर्च थियो, हात्ती घोडाका यिनी पक्का सवार थिए र तिनलाई तालीम गर्नामा समेत सिपालु थिए ।।२८।। यिनी धनुर्विद्यामा पारंगत र अतिरथद्वारा सम्मानित थिए, फौंजलाई अगाडि बढाउन वा पछि हटाउनामा तथा चक्रादि व्यूहको रचनामा सिपालु थिए ।।२९।। देवता राक्षसहरू रिसाए तापनि यिनलाई लडाइँमा हराउन सक्तैनथे, कसैको डाह गर्दैनथे, रिस आफ्नो वशमा थियो, घमण्डी थिएनन् अर्काको बढती भएमा यिनलाई द्वेष हुँदैनथ्यो ।।३०।। यी राजकुमारलाई कसैले तिरस्कार गर्न सक्तैनथे अर्थात् सबैले यिनको आदर गर्दथे, यिनका अनुचर समयका अधीन थिएनन् अर्थात् वेला वेलामा यिनलाई बेग्ला बेग्लै नोकर चाहिन्नथे, यस प्रकारसँग यिनी श्रेष्ठ गुणले युक्त थिए ।।३१।। यिनी क्षमामा पृथ्वीसमान, बुद्धिमा बृहस्पति जस्ता र वीरतामा इन्द्रतुल्य थिए, यस्ता गुणले गर्दा यिनी तीनै लोकमा प्रजाका पूजनीय थिए ।।३२।। सबै प्रकारका प्रजाका प्यारा हुनाले र बाबुलाई खुशी गराउने गुणले गर्दा किरणले सुशोभित भएका सूर्यझैं रामचन्द्र सुशोभित थिए ।।३३।। यस्ता प्रकारका गुणले युक्त भएका र कतै पनि यिनको शक्ति रोकिन नसक्ने देखेर पृथ्वीले यिनलाई आफ्नो पति बनाउने इच्छा गरिन्, कारण लोकपालहरूमा हुनुपर्ने गुणले यिनी विभूषित थिए ।।३४।।

शत्रुसंतापी राजा दशरथले यस्ता प्रकारका अनेक सुन्दर गुणले युक्त भएका आफ्ना छोरा देखेर मनमा विचार गर्नलागे ।।३५।। राजा दशरथ बूढा भइसकेका थिए तापनि अझै पनि धेरै कालसम्म बाँच्नेवाला थिए, यसकारण रामचन्द्रका यस्ता गुण र उनीमाथिको आफ्नो प्रेमले गर्दा म बाँच्तैमा राम कसरी राजा होलान् भन्ने कुराको उनी विचार गर्नलागे ।।३६।। म कहिले आफ्ना प्यारा पुत्रलाई राजसिंहासनमा बसेको देख्न पाउँला भन्ने यो अभिलाषा राजा दशरथको मनमा वारंवार उत्पन्न हुन्थ्यो ।।३७।। राम प्रजाको वृद्धि चाहन्छन्, सबै प्राणीमाथि समान भावले दया गर्दछन्, जलको वर्षा गराउने मेघ जस्तै यिनी प्रजालाई मभन्दा पनि प्यारा छन् ।।३८।। यी पराक्रममा यम र इन्द्रको समान, बृहस्पति झैं बुद्धिमान्, पर्वततुल्य धीर र गुणमा मभन्दा पनि बर्ता छन् ।।३९।। म आफ्नो छोराले सम्पूर्ण पृथ्वीको शासन गरेको देखेर यस उमेरमा आफ्नो कर्मअनुसार स्वर्ग जान पाऊं ।।४०।।

अरू राजाहरूमा नभेटिने, लोकमा अन्यत्र नपाइने किसिमका असंख्य उत्तम गुणले युक्त भएका छोरालाई देखेर मंत्रीहरूसंग सल्लाह गरी राजा दशरथले रामलाई युवराज बनाउने निश्चय गरे ।।४१-४२।।

बुद्धिमान् राजाले स्वर्ग, अन्तरीक्ष (स्वर्गमुनिको भाग) तथा पृथ्वीतलमा हुनलागेका भयङ्कर उत्पात र डरका कुरा र आफ्नो शरीरमा बुढ्याइँले प्रवेश गरेको हाल आफ्ना मन्त्रीहरूलाई बताए ॥४३॥ यस कारण आफ्नो चित्तको शोक हटाउनाको लागि पूर्णचन्द्रमा जस्ता मुख भएका रामलाई युवराज-पद दिने मेरो इच्छा छ, यस कुरामा राम र प्रजाहरू सहमत होलान् भन्ने मेरो विचार छ ॥४४॥ आफ्नो र प्रजाको हितको निमित्त धर्मात्मा राजाले अभिषेकको समयमा हतार गरे, कारण प्रजाको राममा अत्यन्त प्रेम थियो र आफूलाई पनि अनिष्टको भय थियो तसर्थ विलम्ब गर्नु उचित थिएन ॥४५॥

राज्याभिषेकमा सम्मिलित हुनाको लागि राजा दशरथले भिन्न भिन्न नगर तथा राष्ट्रका राजा र मुख्य-मुख्य नगरवासीलाई अयोध्यामा बोलाए ॥४६॥ निमन्त्रित राजाहरूलाई दशरथले बस्न घर दिए र दर्जा-अनुसारको अनेक अलङ्कार दिएर उनको सत्कार गरे र आफैं पनि राम्रा राम्रा पोशाक र गहनाले सिंगारिएर ब्रह्माले आफ्ना प्रजाहरूसित भेट गरेझैं उनीहरूसित भेट गरे ॥४७॥ हतपत परेकोले राजाले केकय राज (भरतका मामा) र राजा जनकलाई बोलाउन सकेनन् ; पछि यी दुवैले खुशीयालीको खबर सुन्लान् भन्ने राजा दशरथले विचार गरेका थिए ॥४८॥ शत्रुविजयी राजा दशरथले आसन ग्रहण गरेपछि दुनियाँले मानेका अरू राजाहरूले उहाँ प्रवेश गरे ॥४९॥ राजा दशरथले दिएको भिन्न भिन्न आसनमा राजाहरू उनको सामुन्ने बसे, आफूलाई तोकिएको ठाउँमा नै सबै बसे ॥५०॥ सम्मान पाएका विनयी राजाहरू, राजसेवाको निम्ति अयोध्यामा नै बसेका, तथा भिन्न भिन्न देशबाट आएका प्रधान व्यक्तिहरू जब राजा दशरथको चारैतिर बसे, त्यस बखतमा देवताले घेरिएका इन्द्रको जस्तो ती दशरथको शोभा भइरहेको थियो ॥५१॥

सर्ग—२

रामलाई युवराज बनाउने विषयमा राजा दशरथको मन्त्रीहरूसितको सल्लाह ।

त्यसपछि महाराज दशरथले सभामा जम्मा भएका सबैलाई सम्बोधन गरी, हित र आनन्द गराउने तथा सबैले सुन्न योग्य, मतलबले भरिएको कुरा, दुन्दुभिको स्वरसमान प्रतिध्वनित हुने, मेघसमानको आफ्नो बडो गम्भीर स्वरले सभामण्डललाई गुञ्जायमान गराउँदै भन्नलागे ॥१-२॥ दशरथले आफ्नो रसिलो स्वरले राजाहरूलाई भने, उनको बोली राजाहरूलाई सुहाउने किसिमको र उपमारहित थियो ॥३॥

यो मेरो उत्तम राज्यलाई मेरा पुरुखा राजाहरूले आफ्नो पुत्रसमान पालन गरेको कुरा तपाईंहरूलाई थाहै छ ॥४॥ इक्ष्वाकुवंशका राजाहरूद्वारा प्रतिपालन गरिएको अतएव समस्त संसारलाई सुखी गराउने शक्ति भएको यस राज्यलाई म अझ बर्ता कल्याण गराउने बनाउन चाहन्छु ॥५॥ आफ्ना पुरुखाहरूले देखाएको बाटोमा हिंडी आलस्यलाई सकेसम्म त्याग गरी सदा सर्वदा प्रजाको रक्षामा म पनि लागेकै हुँ ॥६॥ समस्त प्रजाको कल्याण चिताउँदै मैले यो आफ्नो शरीरलाई श्वेत राजछत्रछायामुनि

जीर्ण गराइसकें ।।७।। मैले हजारौँ वर्षको आयु पाएको हुँ, जुन समयमा ता साधारण मानिसका अनेक जीवन बित्छन् । अब म यो बूढो शरीरलाई विश्राम दिन चाहन्छु ।।८।।

प्रजापालनरूपी धर्मभारलाई इन्द्रियलाई जित्न नसकेका मानिसले बोक्न सक्दैनन्, म यो राज्य भारलाई बोक्ता बोक्ता थाकिसकेको छु ।।९।। अब म आफ्ना प्रजाको कल्याण होस् भन्ने हेतुले, मेरा नजीक बसेका यी श्रेष्ठ ब्राह्मणहरूको सम्मति लिई छोरालाई आफ्नो ठाउँमा राखेर आराम लिन चाहन्छु ।।१०।। मेरा जेठा छोरा सब किसिमको गुणमा मेरो समान छन्, शत्रुहरूमाथि विजय गर्ने यी राम इन्द्र जस्तै पराक्रमी छन् ।।११।। पुण्य नक्षत्रले युक्त भएका चन्द्रमा जस्ता र धर्मात्माहरूमा श्रेष्ठ यी पुरुषोत्तम रामलाई भोलि नै बिहान युवराज बनाउन चाहन्छु ।।१२।। लक्ष्मणका दाजु तपाईं-हरूका लागि योग्य राजा छन्, तीनै लोकको शासन गर्ने शक्ति भएका केवल तपाईंहरूकै शासक भए-भने योभन्दा बढ्ता अहोभाग्यका कुरो के होला ? ।।१३।। म चाँडै नै यो पृथ्वीलाई यो कल्याण पाउने गराउँछु अर्थात् रामलाई युवराज बनाउँछु, छोरामाथि राज्य भार सुम्पेर मनको चिन्ता दूर गर्दछु ।।१४।।

मैले तपाईंहरूको सम्मुख राखेको यो प्रस्ताव तपाईंहरूलाई लाभदायक छभने आफ्नो स्वीकृति दिनुहोस्, हैनभने अब मैले के गर्ने हो सो बताउनुहोस् ।।१५।। रामलाई युवराज बनाउने कुरा मलाई प्रिय छ तापनि आफ्नो भलो हुने अरू कुनै कुरा छभने भन्नुहोस् किन कि मध्यस्थ मानिसहरूले आफू आफूमा छलफल गरेर जो विचार प्रकट गर्दछन् त्यसबाट झन् बर्ता भलो हुने सम्भावना छ ।।१६।।

जसरी वर्षा कालमा मेघको गर्जन सुनेर मयूर आनन्द मानी सो गर्जनाको नकल आफ्नो बोलीले गर्दछ त्यसै गरी राजसभामा उपस्थित भएका राजाहरूले प्रसन्न भई दशरथको यो कुराको अनुमोदन गरे ।।१७।। दशरथको विचारलाई राजाहरूले स्वीकार गरेपछि सभाका अरू मानिसले हर्षको स्वरले यो कुरा मञ्जूर गर्दै आनन्द प्रकट गरे । यिनीहरूको आनन्दमय ध्वनिले पृथ्वीसमेत काम्न थाल्यो ।।१८।।

धर्म र अर्थको ज्ञान भएका (वृद्धावस्थाको आफ्नो कर्त्तव्य र प्रजाको कल्याण कसरी हुन्छ सो जान्ने भएका) राजा दशरथको विचार ठीक हो भन्ठानेर ब्राह्मण र सामन्त राजाहरूले शहरवासी तथा प्रजाका प्रतिनिधिहरूसंग सल्लाह गरे । सबैको एक मत भएपछि यिनीहरूले विचार गरेर राजालाई भने ।।१९-२०।।

हे राजन् ! हजूर कई हजार वर्षको बूढो भइबक्सिएको छ तसर्थ रामलाई युवराज बनाइबक्सि-योस् ।।२१।। हामी महाबली दीर्घबाहु रामलाई ठूलो हात्तीमा सवार भई राजछत्र ओढेर हिंडेको हेर्ने चाहन्छौं ।।२२।।

आफूलाई निको लाग्ने उनीहरूको कुरा सुनेर अज्ञानी जस्तो भई उनीहरूको अभिप्राय बुझ्नालाई राजाले भने ।।२३।। हे राजन् ! तपाईंहरूले मेरो अभिप्राय हुनाले रामलाई युवराज बनाउनामा राय दिनुभएको हो वा तपाईंहरूको समेत यथार्थमा यै मत छ, मलाई यस विषयमा शंका छ, यथार्थ कुरा

भन्नुहोस् ।।२४।। पृथ्वीको पालन ता म धर्मपूर्वक गरि नै रहेको छु फेरि तपाईंहरू किन महाबली रामलाई युवराज भएको हेर्न चाहनुहुन्छ ? ।।२५।।

तब यी राजाहरूले अयोध्यावासी तथा अरू देशबाट आएका मानिसको तर्फबाट भने—हे राजन् ! हजूरका छोरामा हित गर्ने अनेक गुण छन् ।।२६।। बुद्धिमान्, देवतुल्य रामका सबैलाई मन पर्ने र आनन्द गराउने जम्मै गुण हामी भन्दछौं, हजूर सुनिबक्सियोस् ।।२७।।

दिव्य गुणले गर्दा राम इन्द्रसमान छन्, यिनको पराक्रम जहिले पनि सफल हुन्छ, इक्ष्वाकुवंशी राजाहरूमा यिनी श्रेष्ठ छन् ।।२८।। संसारमा राम मात्र एक सत्पुरुष छन्, यिनी सत्यवादी र सत्य आचरणमा चल्दछन्, साक्षात् धर्म र अर्थले यिनैमा आश्रय पाएका छन् ।।२९।। जसरी चन्द्रमा केही भेदभाव नराखी सबैलाई आनन्द गराउँछन् त्यसै गरी राम पनि सबै प्रजालाई सुखी राख्तछन्, क्षमा गुणमा पृथ्वीसमान, बुद्धिमा बृहस्पति र पराक्रममा इन्द्रतुल्य छन् ।।३०।। राम धर्मको तत्व जान्ने, आफूले प्रतिज्ञा गरेको कुरा पूरा गर्ने, असल स्वभावका, ईर्ष्या नभएका, क्षमाशील, दुःखीको दुःख हटाउने, मीठो बोल्ने, अर्काले गरेको उपकार संझने, आफ्ना इन्द्रियहरूमाथि पूर्ण अधिकार भएका, कोमल, विकट परिस्थितिमा नहडबडाउने, सधैं राम्रा, अर्काको डाह नगर्ने, सबैसित राम्रो बोली र साँचो बोल्ने, तथा पढे गुनेका बूढापाका ब्राह्मणको सेवा गर्ने हुनाले यिनको अतुल कीर्ति, यश र पराक्रम दिन दिनै बढिरहेको छ ।।३१-३३।। देवता, मनुष्य तथा राक्षस यी सबैको अस्त्रविद्यामा राम निपुण छन्, यिनले विधिपूर्वक विद्या ग्रहण गर्ने व्रत पालन गरी स्नान गरेका छन् र अङ्गसहितको वेदको अध्ययन पनि गरेका छन् ।।३४।। भरतका दाजु राम गानविद्यामा संसारमा सबभन्दा श्रेष्ठ छन्, यिनका आमा बाबुको कुल शुद्ध छ, यिनी सज्जन छन्, आपत्तिको समयमा हडबडाउँदैनन् र बडा बुद्धिमान् छन् ।।३५।। धर्म अर्थका ज्ञाता प्रसिद्ध ब्राह्मणहरूद्वारा यिनले शिक्षा पाएको छ, राम जब लडाइँ गर्न लक्ष्मणसँग गाउँ अथवा शहरमा जान्छन् यिनी विजय नगरी फर्कन्नन्, विजयपछि हात्ती अथवा रथमा चढ़ेर फर्कन्छन् ।।३६-३७।। फर्कंदाखेरि बाबुले छोरासित क्षेम कुशल सोधेझैं, आफ्नै मानिस जस्तो गरेर शहरवासीहरूसित छोरा, अग्निहोत्र, स्वास्नी, नोकर-चाकर तथा शिष्यहरूको बारेमा क्रमैले आराम विरामको हाल सोद्धछन्, (ब्राह्मणहरूसित) के शिष्यहरू तपाईंहरूको सेवा ता गर्दछन् र धर्ममा तत्पर ता छन् भनी सोद्धछन् ।।३८-३९।। पुरुषश्रेष्ठ राम एवं प्रकारले हामी सबैसित बोल्दछन्, कोही मानिसमाथि दुःख आइपर्‍योभने स्वयं उसको दुःखमा पीर मान्दछन्, बढ़ती भएको देख्ता बाबुझैं प्रसन्न हुन्छन् ।

यिनी सत्यवादी, धनुर्धारी, वृद्धजनको सेवा गर्ने तथा जितेन्द्रिय छन् ।।४०-४१।। यिनको हाँसेर कुरा गर्ने बानी छ, धर्मको आश्रय लिएर सबै काम गर्दछन्, आफूबाट हुनेसम्म अर्काको कल्याणमा‍‍ दृष्टि लाग्दछन्, झगडा हुने कुरा यिनलाई निको लाग्दैन, छलफल हुँदा प्रामाणिक कुरा गर्नामा बृहस्पतिसमान वक्ता छन्, यिनका आँखीभुईं राम्रा, आँखा ठूला र राता छन्, यिनी स्वयं विष्णुसमान

छन् ॥४२-४३॥ शूरता, वीरता र पराक्रमले दुनियाँका प्यारा भएका यी राम सदा प्रजापालनमा लागिरहन्छन्, नाना प्रकारका भोग विलासले यिनलाई लठ्ठ पार्न सकेको छैन ॥४४॥ केवल यस पृथ्वीको ता के कुरा यिनी तीनै लोकको शासन गर्न सक्तछन्, यिनका क्रोध र प्रसन्नता कहिले पनि व्यर्थ हुन्नन् ॥४५॥ यिनी राजनियमको अनुसार मार्नुपर्नेलाई मार्दछन्, निरपराधीमाथि कहिले पनि रिस देखाउन्नन्, राम जोसित खुशी हुन्छन् त्यसलाई धन दिन्छन् ॥४६॥ रामको आफ्नो मनमाथि अधिकार छ, समस्त प्रजाको हित गर्ने र सबै मानिसलाई खुशी राख्ने यिनका गुण प्रदीप्त भएका सूर्यसमान शोभायमान छन् ॥४७॥ माथि कहिएका गुणले युक्त भएका, सत्यपराक्रम, लोकपाल जस्ता रामलाई पृथ्वी पनि आफ्नो स्वामी बनाउन चाहन्छिन् ॥४८॥ हे राजन् ! हजूरका छोरा रामचन्द्र प्रजाको रक्षा गर्नामा समर्थ हुनु हाम्रो भाग्यको कुरा हो, मरीचि प्रजापतिका छोरा काश्यपमा जस्तो छोरामा हुनुपर्ने सबै गुण थिए त्यस्तै राममा पनि सबै गुण छन् ॥४९॥ देवता, राक्षस, मानिस, गन्धर्व, नाग, राज्य तथा अरू अरू देशका शहरभित्र वा बाहिर बस्ने सबै आइमाई, बूढा, तन्नेरी जम्माका जम्मै रोज रोज शुद्ध भईकन बिहान बेलुकी हात जोरेर देवतालाई नमस्कार गर्दछन् र रामका लागि बल, आरोग्य तथा आयु माग्दछन्, हे राजन् ! यिनीहरूको यो अभिप्राय रामलाई युवराज बनाएर पुऱ्याइदिनुहोस् ॥५०-५२॥ हे राजन् ! सबै प्रकारका दुश्मनहरूलाई दमन गर्ने, नीलकमल जस्तो श्याम वर्ण भएका, हजूरका श्रेष्ठ पुत्र रामले युवराजको पद ग्रहण गरेको हेर्न पाऊँ ॥५३॥ समस्त दुनियाँको कल्याणमा लागेका, विष्णुसमान, उदार गुणले युक्त, आफ्ना छोरा रामको, हामीहरूको हितका लागि, हे महाराज दशरथ ! चाँडै नै प्रसन्नतापूर्वक राज्याभिषेक गरिबक्सियोस् ॥५४॥

सर्ग—३

राज्याभिषेकका सामग्रीहरू जम्मा पार्ने आज्ञा ।

एवं प्रकार हात जोडेर प्रार्थना गरिरहेका ती सबैको कुरा सुनेर राजा दशरथ उनीहरूको प्रिय र हित हुने कुरा भन्नलागे ॥१॥ तपाईंहरू सबै मेरा जेठा छोरालाई युवराज बनाउन चाहनुहुन्छ, यसबाट मेरो अतुल प्रभावको परिचय मिल्दछ, म यसमा बहुत खुशी छु ॥२॥ यस प्रकारले सबै ब्राह्मणहरूको सत्कार गरेर राजा दशरथले उनीहरूकै सामुन्नेमा वशिष्ठ, वामदेव आदि ब्राह्मणहरूलाई भने ॥३॥

यो चैत्रको महीना पवित्र र राम्रो छ, वनमा फूल फुलेका छन्, रामको अभिषेकलाई चाहिने सबै सामग्री तपाईंहरू तय्यार पार्नुहोस् ॥४॥

राजा दशरथले यसो भन्नासाथ सबै जनाले एकै स्वरले आनन्दको ध्वनि निकाले; हल्ला शान्त भएपछि राजाले मुनिश्रेष्ठ वशिष्ठलाई भने :—हे भगवन् ! रामको अभिषेकको निम्ति जे जे सामग्री चाहिन्छन् ती सब जम्मा पार्न आजै अह्राइदिनोस् । मुनिश्रेष्ठ वशिष्ठले राजाको यो कुरा सुनेर हात

जोरेर उनको अगाडि उभिएका कर्म्मचारीहरूलाई आज्ञा दिए । सुन आदि रत्न, पूजा सरजाम, सबै औषधिहरू, सेतो फूल, लावा, घिउ र मह भिन्नै भिन्नै, नयाँ वस्त्र, रथ, सब किसिमका हतियार, चतुरङ्गिणी सेना, राम्रा राम्रा लक्षणले युक्त भएका हात्ती, दोटा चंवर र पंखा, ध्वजा, सेतो छाता, आगो जस्तो चम्कने सुनका सयओटा घडा, सुनले सीङ मोरेको साँढे र सिङ्गो बाघका छाला, यी बाहेक अरू जुन चीजबीज तपाईंहरू चहिएला भन्ठान्नुहुन्छ ती सबै पनि जम्मा पार्नुहोला र भोलि बिहानै राजाको अग्निशालामा राखिदिनुहोला ।।५-१२।। अन्तःपुरका र शहरका जम्मै ढोकाको चन्दन मालाले र सुगन्धि धूप बालेर पूजा हुनुपर्दछ ।।१३।। एक लाख ब्राह्मणलाई भोजन गराउन प्रशस्त पुग्ने दही र दूधले मुछिएको मीठो स्वादको अन्न तय्यार हुनुपर्दछ ।।१४।। श्रेष्ठ ब्राह्मणहरूको सत्कार गरीकन यो अन्न भोलि बिहान बाँडियोस्, यसबाहेक घिउ, दही, लावा तथा निकै निकै दक्षिणासमेत दिइयोस् ।।१५।। भोलि बिहान सूर्योदय हुनेबित्तिकै स्वस्तिवाचन हुनेछ, यस कामको निम्ति बाहुनहरूलाई निम्तो गरी उनीहरूले बस्ने ठाउँ ठाउँमा आसनी राखिदेऊ ।।१६।। झण्डा गाड्न र सडकमा पानी छर्कन लगाऊ, सबै बाजा बजाउनेहरू र गहना लगाई सिंगारिएका आइमाईहरू राजाको दरबारको दोस्रो चोकमा आएर बसून्; देव-मन्दिर र चौबाटामा अन्न अर्थात् भात आदि, भक्ष्य अर्थात् पूवा आदि, दक्षिणा लिने किसिमका तथा मालाले सत्कार गर्नुपर्नेहरू, यी सबै बेग्ला बेग्लै राखिऊन्; विशाल खड्गधारी, ढाल कवच धारण गरेका तथा शुद्ध लुगा अलङ्कार आदि लगाएका शूर योद्धाहरू उत्सव हुनलागेको महाराजको चोकमा सामेल होऊन् ।

दुवै मुनिले यस प्रकारको आज्ञा दिई गर्नुपर्ने सबै कुरा ठीकठाक पारिदिए ।।१७-२०।। ती दुवै मुनिले बाँकी रहेको काम पनि राजालाई जाहेर गरी सिध्याइदिए र राजाको नगीच गै "गऱ्यौं" भनी निवेदन गरे ।।२१।।

द्विजश्रेष्ठ वशिष्ठ वामदेवले प्रसन्न भई भनेको कुरा सुनेपछि द्युतिमान् राजा दशरथले सुमन्त्रलाई भने :—आफूले राम्रोसित तालीम गरेको रामलाई चाँडै यहाँ लिएर आउनुहोस् । राजाको आज्ञा सुनेर सुमन्त्रले पनि "हवस् ल्याउँछु" भनी प्रतिज्ञा गरेर रथीहरूमा श्रेष्ठ रामलाई रथमा सवार गराई त्यहाँ लिएर आए ।

यस समयमा पूर्व, पश्चिम, उत्तर, दक्षिण देशका राजाहरू, म्लेच्छ आर्यराजा (मध्यदेशवासी) तथा वन पर्वतमा बस्ने राजाहरू महाराजको सभामा, जुन प्रकारसंग इन्द्रको सभामा देवताहरू बस्तछन्, त्यै प्रकारसँग बसेका थिए । यिनीहरूको बीचमा महाराज राजर्षि दशरथ देवताको बीचमा इन्द्र जस्तै देखिएका थिए ।।२२-२६।। गन्धर्वराज जस्ता, लोकविख्यात पराक्रमी, घुँडासम्म हात पुग्ने, बडा बलिया, मतवाला हात्ती जस्तो हिंड्ने, चन्द्रमा जस्तो राम्रो मुख भएका, सबैले हेर्न रुचाउने, रूप र उदारताका गुणले मानिसको दृष्टि तथा मनलाई आफूतिर तान्न सक्ने, (घामले पीडित भएको प्राणी बादल देख्ता जसरी खुशी हुन्छ ठीक त्यसै गरी यिनलाई देख्ता प्रजा खुशी हुन्ये) अटालीमा बसेका राजा दशरथले यस्ता छोरालाई आउन लागेको

देखे, तर यिनको चित्त बुझेन अर्थात् रामलाई हेर्ने इच्छा बढ्दै गयो, सुमन्त्रले पनि उत्तम रथबाट रामलाई ओह्राले ॥२७-३०॥

जब राम बाबुनेर जानलागे, उनको पछिपछि सुमन्त्र पनि हात जोरेर हिंडे । कैलाश पर्वतको टाकुरासमान अग्लो अटालीमा रामचन्द्र बाबुलाई भेट्न भनी छिटो छिटो चढ्नलागे । पिताको नगीच पुगेरछि हात जोरी, नम्रतापूर्वक आफ्नो नाम सुनाउँदै उनको चरणमा ढोग दिए । हात जोरेर साष्टाङ्ग प्रणाम गरिरहेका रामलाई देखेर राजाले प्यारा छोराको हात समाती आफूतिर तानेर अँगालो हाले र अनि मणि तथा सुन जडेको राम्रो र रमणीय आसनमा बस्ने आज्ञा दिए । राजाको आज्ञाले बसेका रामले त्यो आसनलाई ठीक त्यै किसिमले शोभित गराए जसरी निर्मल सूर्य उदयकालमा आफ्नो प्रभाले मेरुपर्वतलाई सुशोभित गर्दछ । निर्मल ग्रह र नक्षत्र चम्कने शरत् कालको आकाश जसरी चन्द्रमाद्वारा शोभित हुन्छ ठीक त्यसै गरी त्यो सभा पनि रामले गर्दा प्रकाशमान भइरहेको थियो ।

सिंगारिएको आफ्नो मुख ऐनामा देख्ता मानिस जसरी प्रसन्न हुन्छन् त्यसै गरी आफ्नो प्यारो छोरालाई देखेर दशरथ खुशी भए । जसरी काश्यप इन्द्रसंग बोल्दछन् त्यसै गरी आसनमा बसेका रामलाई सम्बोधन गरेर पुत्रवान्हरूमा श्रेष्ठ दशरथ यो कुरा भन्नलागे :—

तिमी मलाई सुहाउने मेरी जेठी महारानीबाट जन्मेका म जस्तै योग्य मेरा जेठा छोरा हौ, गुणले गर्दा तिमी श्रेष्ठ र मेरा प्यारा छौ, तिमीले आफ्ना गुणले गर्दा प्रजालाई प्रसन्न गराइराखेका छौ, यसकारण तिमी पुष्यनक्षत्रमा युवराजको पद ग्रहण गर, आफ्नै इच्छाले प्रकृति अर्थात् प्रजा र राजकर्मचारीले तिमीलाई गुणवान् भनेका छन् । हे पुत्र ! तिमी गुणी छौ तापनि स्नेहले गर्दा म तिमीलाई केही हितका कुरा भन्दछु:—नम्र भई सदा इन्द्रियहरूलाई आफ्नो वशमा राखे, काम क्रोधबाट उत्पन्न भएका कुलत (स्त्री, जुवा आदि) छाडिदिए, परोक्ष तथा प्रत्यक्ष वृत्तिले मन्त्रीगण तथा प्रजालाई आफ्नो अधीनमा गराई प्रसन्न राखे, (दूतहरूद्वारा आएको खबर परोक्षवृत्ति र स्वयं राजसभामा बसी प्रमाणद्वारा निर्णय गरेको प्रत्यक्षवृत्ति हो) अन्नको भंडार तथा शस्त्रका कारखाना खूब बढाए ॥३१-४४॥ प्रजालाई प्रसन्न गराई जो राजा पृथ्वीको शासन गर्दछ उसका मित्रहरू, अमृत पिउनाले देवताहरू खुशी भएझैं, खुशी हुन्छन् ॥४५॥ यसकारण हे छोरा ! सावधान भई मैले उपदेश गरेअनुसार काम गरे ।

राजाको यो कुरा सुनेर रामका हितेच्छु मित्रहरूले चाँडै नै कौशल्याकहाँ गई सब कुरा विन्ति गरे । स्त्रीहरूमा श्रेष्ठ कौशल्याले पनि यो खुशखबरी सुनाउनेहरूलाई सुन, गाई र किसिम किसिमका रत्न दिइन् । उता राम पनि राजालाई ढोग दिएर आफ्नो सुन्दर महलतिर लागे । यस बखतमा प्रजाले उनको पूजा गरे ॥४६-४८॥ नगरवासीहरू पनि राजाको कुरा सुनेर उनको तारीफ गर्दै, आफूले चिताएको कुरा पाएझैं खुशी भए । आफ्ना आफ्ना घर पुगेपछि यिनीहरूले (रामको अभिषेकमा कुनै किसिमको बाधा नपरोस् भन्ने हेतुले) प्रसन्नतापूर्वक देवताहरूको पूजा गरे ॥४९॥

सर्ग—४

दशरथले रामलाई फेरि बोलाउँछन् र मन्दिरमा रामको कौशल्यासित भेट हुन्छ ।

सभाबाट नगरवासीहरू गएपछि विचार-विधान (कहाँ र कोसित सल्लाह गरी विचार गर्ने) जान्ने राजा दशरथले मन्त्रीहरूसंग सल्लाह गरी फेरि विचार गरे ॥१॥ भोलि पुष्य-नक्षत्रको योग छ, कमल जस्तो आँखा भएका मेरा छोरा रामलाई भोलि नै युवराजपद दिनुपर्दछ ॥२॥ यस्तो निश्चय गरी राजा रानीहरूको महलमा गए र सुमन्त्रलाई बोलाउन पठाएर रामलाई फेरि आफूकहाँ लिएर आउने आज्ञा दिए ॥३॥

राजाको आज्ञा मानेर रामलाई ल्याउनको निम्ति सुमन्त्र चाँडै नै उनको दरबारमा गए ॥४॥ ढोकेले सारथि हाजिर भएको खबर पुर्‍याए, सुमन्त्र फेरि आएको सुन्दा रामलाई शङ्का लाग्यो ॥५॥ रामको आज्ञाले सारथि उनको नगीच गए र रामले भनेः—तिम्रो फेरि आउनाको कारण क्या हो सो आद्योपान्त भन ॥६॥ सारथिले भने—राजा हजूरलाई हेर्न चाहनुहुन्छ, यो सुनेपछि जाने नजाने हजूरको तजवीज ॥७॥ सारथिको यो कुरा सुनेर राम पनि हतपत गर्दै राजालाई भेट्नाका निंति दरबारमा गए ॥८॥

राम आए भन्ने थाहा पाएपछि राजा दशरथले उनलाई आफूनेर बोलाए, राजा उनीसित हितको केही असल कुरा भन्न चाहन्थे ॥९॥ दरबारभित्र पसेर रामले टाढैबाट बाबुलाई देखेर साष्टाङ्ग दण्डवत् गरी हात जोरे ॥१०॥ ढोग्नलागेका छोरालाई उठाएर राजाले अँगालो हाले र बस्ने ठाउँ देखाएर फेरि भन्नलागे ॥११॥

हे राम ! म बूढो भइसकें, मैले लामो आयु पाएको छ, इच्छामुताबिकको मैले सुख भोग गरिसकें, धेरै धेरै अन्न लाग्ने र ठूला ठूला दक्षिणा दिनुपर्ने सयकड़ौं यज्ञ पनि मैले गरिसकेको छु ॥१२॥ संसारमा अद्वितीय, आफूले इच्छा गरे जस्तो तिमी छोरा जन्मेका छौ । हे नरश्रेष्ठ ! मैले दान, यज्ञ, अध्ययन सब गरिसकें ॥१३॥ हे वीर ! मैले इच्छा अनुसारको भोग गरें, देवता, ऋषि, पितृ, ब्राह्मण र आफ्नोसमेत ऋणबाट मुक्त भइसकेको छु ॥१४॥ तिम्रो अभिषेक गर्नुसिवाय मेरो अरू कुनै काम बाँकी छैन, यसकारण म जे भन्दछु सो गर ॥१५॥ अहिले प्रजा तथा राजकर्म्मचारीहरू तिमीलाई राजा बनाउन चाहन्छन् , अतः हे छोरा ! म तिमीलाई युवराज-पदमा अभिषिक्त गर्दछु ॥१६। अचेल म नराम्रा नराम्रा सपना देख्तछु, आकाशमा भयङ्कर शब्द गर्ने वज्रपातसहित बड़े बड़े उल्का खसेको देख्तछु ॥१७॥ मेरो जन्म नक्षत्रलाई सूर्य, मंगल, राहु आदि गरिएका डरलाग्दा नक्षत्रले घेरेका छन् , ज्योतिषीहरूको यस्तै भनाइ छ ॥१८॥ यस प्रकारका दुष्ट निमित्त उत्पन्न भएमा या त राजाको मृत्यु हुन्छ या त कुनै ठूलो विपत्ति आइपर्दछ ॥१९॥ अतएव मेरो चित्तलाई मोहले व्याप्त गर्न नपाउँदै अथवा ममाथि कुनै आपत्ति नआइपर्दैमा आफ्नो अभिषेक गराइहाल, किन कि मानिसको चित्त स्वभावैले चञ्चल छ ॥२०॥ आज पुष्यको पूर्ववर्ती पुनर्वसुमा चन्द्रमा आएका छन् , अतः भोलि पुष्ययोग हुनु निश्चय छ, ज्योतिषीहरूको

भनाइ यस्तै छ ॥२१॥ यै पुष्ययोगमा अभिषेक भइहालोस् भनेर मेरो मन मलाई हतार गर्न भन्दछ । हे शत्रुलाई भय गराउने राम ! भोलि बिहानै म तिम्रो युवराज-पदमा अभिषेक गर्दछु ॥२२॥ यस-कारण तिमी अहिलेदेखि नै बुहारीको साथसाथै नियमानुसार बस र राती ढुङ्गामा कुश ओच्छ्याएर सुते ॥२३॥ आज तिम्रा साथीहरू बडो होशियार भई चारैतिरबाट तिम्रो रक्षा गरून् किन कि यस प्रकारका काममा अनेक विघ्न बाधा परिआउँछन् ॥२४॥ जहिलेसम्म भरत यस शहरबाहिर रहन्छन् उहिलेसम्ममा तिम्रो अभिषेक हुनु मलाई उचित लाग्दछ (क) ॥२५॥ हुन ता तिम्रा भाइ भरत सज्जनहरूको बाटोमा छन्, आफ्ना जेठा दाजुको मनअनुसार काम गर्दछन् र धर्मात्मा, दयालु तथा जितेन्द्रिय पनि छन्, यसो भए तापनि मेरो विचारमा मनुष्यको चित्त सधैं स्थिर रहन सक्तैन; धार्मिक तथा सज्जन मानिसको समेत मौकामा राग द्वेषले गर्दा चित्त आकुल हुन सक्तछ ॥२६–२७॥ राजाको कुरा सुनेपछि, भोलि हुने अभिषेकका लागि जानलाई बिदा पाएका रामले बाबुलाई ढोग दिएर घर गए ॥२८॥ राजाबाट अभिषेकको आज्ञा सुनेर रामचन्द्र आफ्नो घर गए र त्यहाँबाट चाँडै नै निस्केर आमाको खोपीतिर लागे ॥२९॥ त्यहाँ रामले राजमहिषी आफ्नी मुमालाई रेशमी लुगा लगाई, मौन धारण गरेर मन्दिरमा देवताको पूजा र आफ्नो निम्ति राज्यलक्ष्मीको प्रार्थना गरिरहेको देखे ॥३०॥ सुमित्रा र लक्ष्मण त्यहाँ पहिलेदेखि नै आइराखेका रहेछन्, अभिषेकको राम्रो खबर सुनेर यिनीहरूले सीतालाई समेत बोलाइराखेका थिए ॥३१॥ यस बेलामा कौशल्या आँखा चिम्लेर ध्यान गरि-रहेकी थिइन्, सुमित्रा, लक्ष्मण र सीता उनको उपासना गरिरहेका थिए ॥३२॥

पुष्य-योगमा छोराको राज्याभिषेक हुन्छ भन्ने सुनेर कौशल्या प्राणायामद्वारा भगवान् जनार्दनको ध्यान गरिरहेकी थिइन् ॥३३॥ यस प्रकार नियममा बसेकी आमानेर गएर रामले उनलाई ढोग दिए र उनलाई प्रसन्न गराउँदै यो आनन्दको कुरा भन्नलागे ॥३४॥ हे मुमा ! पिताजीले मलाई प्रजापालनको काममा नियुक्त गर्नुभएको छ, भोलि मेरो अभिषेक हुने भएको छ, उहाँको यस्तै आज्ञा छ ॥३५॥ आज राती सीताले पनि मेरो साथसाथमा उपवास बस्नुपर्दछ, यो कुरा उपाध्यायहरूले पिताजीलाई भने, उहाँले मलाई भन्नुभयो ॥३६॥ भोलि हुने अभिषेकको लागि मैले र सीताले अहिले जे जे मङ्गल काम गर्नुपर्दछ सो सबै तपाईं आजै हामीहरूलाई गराइदिनोस् ॥३७॥ धेरै कालदेखि सुन्न इच्छा गरेको समाचार सुन्दा आँखाभरी हर्षको आँसु गरेर कौशल्याले रामलाई यो कुरा भन्नलागिन् ॥३८॥ हे छोरा राम ! चिरञ्जीवी होऊ, तिम्रा शत्रुहरूको नाश होस्, राज्यश्री प्राप्त गरेर मेरा र सुमित्राका भाइ-बन्धुलाई आनन्द गराऊ ॥३९॥ हे छोरा ! तिमी असल नक्षत्रमा जन्मेका रहेछौ त्यसैले तिमीले आफ्ना गुणले पिता दशरथलाई खुशी पार्‍यौ ॥४०॥ भगवान् पुरुषोत्तमको मैले गरेको उपासना सफल भयो, कारण इक्ष्वाकुवंशको राज्यश्री तिमीले पाउने भयौ ॥४१॥

(क) कैकेयीलाई विवाह गर्दा यी रानीबाट जन्मेको छोरो राज्यको अधिकारी हुनेछ भन्ने राजाले प्रतिज्ञा गरेका थिए, तर अहिले अर्कै छोरालाई राज्य दिन लागेकोले भरत आइपुग्दछन् कि भन्ने डरले यसो भनेका होलान् ।

रामले आमाको यो कुरा सुनेर हात जोरी विनीत भावले बसेका भाइतिर हेरेर मुसुक्क हाँसीकन भन्नलागे ।।४२।। हे लक्ष्मण ! तिमी मेरो साथसाथै यस पृथ्वीको शासन गर, किन कि तिमी मेरा दोस्रो अन्तरात्मा छौ, यसैले यी राज्यश्री तिमीकहाँ आएकी छन् ।।४३।। हे लक्ष्मण ! आफूले इच्छा गरेका भोग र राज्यफलको मज्जा लेऊ, तिम्रै निम्ति म यो जीवन र राज्यको चाहना गर्दछु ।।४४।। लक्ष्मणलाई यस्तो भनेर रामले दुवै महतारीलाई ढोगी उनीहरूसित बिदा मागे र सीतालई पनि बिदा गराएर आफ्नो घरतिर लागे ।।४५।।

सर्ग–५

राम र सीतालाई उपवास बस्ने वशिष्ठको आज्ञा ।

रामलाई भोलि हुने राज्याभिषेकको सूचना दिएर राजाले पुरोहित वशिष्ठलाई बोलाउन पठाएर भने ।।१।। हे नियमशील, तपोधन ! जानुहोस्, कल्याणका लागि र राज्य-प्राप्तिको निम्ति रामलाई सीता-सहित उपवास बस्न लगाउनुहोस् ।।२।। वेद जान्नेहरूमा श्रेष्ठ, मन्त्रवेत्ता तथा व्रतधारी भगवान् वशिष्ठले राजाको आज्ञा स्वीकार गरीकन बाहुनले चढ्ने योग्य उत्तम रथमा सवार भई मन्त्र जान्ने महावीर राम-लाई उपवास राख्नाको निम्ति उनको दरबारमा गए ।।३-४।।

उहाँ पुगेर हेर्छन् ता रामको महल सेतो बादलको टुक्रा जस्तै चम्किरहेको छ; मुनिश्रेष्ठ वशिष्ठ ता तीन ढोकासम्म रथैमा चढेर गए ।।५।। मुनि आएको सुन्नासाथ हतपत गर्दै उनको आदरपूर्वक सम्मान गर्न भनी राम दरबारबाहिर आए ।।६।। झटपट वशिष्ठको रथनेर आएर आफ्नो हातले उनको हात समाती स्वयं आफैंले उनलाई रथबाट ओह्राले ।।७।। विनीत रामचन्द्रलाई देखेर भलाकुसारी गरिसके-पछि, मीठो बोलीले बोलिने योग्य रामलाई प्रसन्न गराउँदै बडो प्यारो गरेर वशिष्ठजी भन्नलागे ।।८।। हे राम ! तिम्रा पिता तिमीदेखि खुशी छन्, यसैले तिमी राज्य पाउन लागेका छौ, आज तिमी सीता-संग उपवास बस ।।९।। जसरी नहुषले आफ्ना छोरा ययातिको राज्याभिषेक गरेथे त्यसै गरी तिम्रा उपर प्रेम हुनाले भोलि बिहानै तिम्रा पिता दशरथले तिम्रो युवराज-पदमा अभिषेक गर्नेछन् ।।१०।। यसो भनेर शुद्ध र नियममा बस्ने तिनले जानकीसहित रामको हातबाट उपवास बस्ने सङ्कल्प मन्त्रपूर्वक गराए ।।११।। यसपछि रामले राजा दशरथका गुरु वशिष्ठको पूजा गरे, वशिष्ठजी पनि रामसित बिदा भई दरबार गए ।।१२।। राम प्रिय बोल्ने आफ्ना साथीहरूसंग बसेका थिए, यी साथीहरूले उनको पूजा गरे; उनीहरूलाई जाने आज्ञा दिएर राम घरभित्र पसे ।।१३।। यस समयमा हर्षित नर-नारीले युक्त भएको रामको दरबारको ठीक त्यस्तै शोभा भइरहेको थियो जस्तो कि फुलेका कमल भएको तलाउको मत्त भएका भ्रमराहरूद्वारा हुन्छ ।।१४।।

राजभवनको समान रामको घरबाट निस्कँदा वशिष्ठले बाटो मानिसले टम्म भरिएको देखे ।।१५।। अभिषेक हेर्नेलाई उत्सुक भई चारैतिरबाट आएका मानिसको हूलका हूलले अयोध्याका सबै सडक

भरिभराऊ थिए, त्यहाँ ता हिंड्न पनि गाह्रो भइसकेको थियो ॥१६॥ मानिसको जमातका जमातले गर्दा सडकमा बडो भीड भइरहेको थियो र त्यताबाट निस्केको हर्षध्वनिले ता समुद्र गर्जेको हो कि भन्ने भान पार्दथ्यो ॥१७॥ त्यो दिन अयोध्याका सडकहरू पानी छर्किएका र बढारिएका थिए, हरेक घर बडे बडे मालाले सिंगारिएका र फरफराइरहेका ध्वजा पताकाले शोभायमान थिए ॥१८॥ त्यस दिन अयोध्या शहरका आइमाई, बालक, लोग्ने मानिस सबै रामचन्द्रको राज्याभिषेक हेर्नालाई उत्सुक थिए, सबै व्याकुल भइरहेका थिए अतएव चाँडै नै सूर्योदय होस् भन्नामा थिए ॥१९॥ प्रजाको अलङ्कार-रूप, सबैको आनन्द बढाउने अयोध्याको महोत्सव हेर्नालाई सबै उत्सुक भइरहेका थिए ॥२०॥

राजपुरोहित वशिष्ठजी राजमार्गमा व्यूह जस्तै लागेको मानिसको त्यो भीडलाई बिस्तारै बिस्तारै हटाउँदै राजमहलमा पुगे ॥२१॥ सेतो बादलको टुप्पो जस्तै अग्लो अटालीमा चढ्रे बृहस्पतिले इन्द्र-सँग भेट गरे जस्तै यिनले महाराज दशरथसंग भेट गरे ॥२२॥

उनलाई आएको देखेर राजाले आफ्नो ठाउँबाट उठीकन सोधे, "तपाईंले मैले भनेको गर्नुभयो त ?" उनले पनि "हो गरें" भन्ने जवाफ दिए ॥२३॥ राजाको साथमा बसेका सभासदहरू पुरोहितजीको सम्मान गर्नाका लागि आफ्ना आफ्ना ठाउँबाट उठे ॥२४॥

गुरु वशिष्ठको सङ्केतले राजाले सबै सभासदलाई जाने आज्ञा दिए र त्यसपछि जसरी सिंह पर्वतको गुफाभित्र पस्तछ त्यसै गरी आफ्नो अन्तःपुरभित्र पसे ॥२५॥ यस समयमा यिनको अन्तः-पुर सिंगारिएका अनेक स्वास्नी मानिसले भरिएकोले इन्द्रको दरबारसमान देखिन्थ्यो, तारागणले युक्त भएको आकाशको जसरी चन्द्रोदयले शोभा हुन्छ ठीक त्यसै गरी राजाले आफू गएर त्यो अन्तःपुरको शोभा बढाइदिए ॥२६॥

सर्ग—६

रामचन्द्रको नियम पालन र अयोध्याको महोत्सवको वर्णन ।

पुरोहितजी गएपछि रामचन्द्रले स्नान गरी विशालाक्षी पत्नीसहित भई एकाग्रचित्तले नारायणको उपासना गर्नलागे ॥१॥ यिनले विधिपूर्वक नमस्कार गरी घृत-पात्र लिए र बलिरहेको आगोमा भगवान नारायणको मन्त्रले घिउको होम गर्नलागे ॥२॥ होम गरेर बाँकीरहेको घिउ आफूले खाई, आफ्नो मनोरथ सिद्धिको लागि प्रार्थना गर्दै, नारायणको ध्यानमा मग्न भई, सुन्दर कुशको बिछ्याउनामा मौनी र पवित्र चित्त भईकन जानकीको साथमा, विष्णुको निम्ति बनेको उत्तम घरमा अर्थात् यज्ञमण्ड-पमा राजपुत्र रामचन्द्रजीले सुकला गरे ॥३-४॥

एक पहर रात बाँकी छँदैमा रामचन्द्रले उठेर आफ्नो घरलाई किसिम किसिमका वस्तुले सिंगार्ने आज्ञा दिए ॥५॥ सूत, मागध र बन्दीजनका आनन्द दिने वचन सुन्दै यिनले प्रातःकालको संध्याको उपासना गरेर एकाग्र मनले जप गर्नलागे ॥६॥ प्रणामपूर्वक यिनले भगवान् मधुसूदनको स्तुति गरे

र शुद्ध रेशमी वस्त्र धारण गरेर ब्राह्मणद्वारा स्वस्तिवाचन गराए ॥७॥ यस समयमा ब्राह्मणद्वारा गरिएको पुण्याहवाचनको गम्भीर र मधुरो स्वर तुरही बाजाको शब्दसंग मिसिएर समस्त अयोध्यामा फैलियो ॥८॥

सीतासहित रामचन्द्रले उपवास गरे भन्ने समाचार सुन्दा अयोध्यावासी सबै प्रसन्न भए ॥९॥ रामचन्द्रको राज्याभिषेक हुन्छ भन्ने सुनेकोले नगरवासीहरूले रात्रि समाप्त हुँदैखेरिदेखि शहरलाई सिंगार्नथाले ॥१०॥ सेता बादलका टुप्पा जस्ता राम्रा देवमन्दिरमा, चौबाटामा, गल्लीहरूमा, चैत्यहरूमा (भिन्न भिन्न धर्मावलम्बीहरूका मन्दिर) अटालीहरूमा, किसिम किसिमका चीजबीजले भरिएका बनियाँका पसलहरूमा, आप्तजनका अग्ला र राम्रा घरहरूमा, सब किसिमका सभाहरूमा, टाढैबाट देखिने रूखहरूमा, सुन्दर ध्वजा र पताका फरफराउनथाले ॥११-१३॥ नट, नटुवा तथा गाउनलागेका गवैयाका, मन र कानलाई आनन्द गराउने गाना प्रजाहरू सुन्नलागे ॥१४॥ सबै जना परस्परमा रामको राज्याभिषेकसम्बन्धी कुरा गर्नलागे, यहाँसम्म कि जब अभिषेकको समय नगीचै आयो अनि ता चौबाटा, घर र घरको ढोकामा जो बालक हूल बाँधेर खेलिरहेका थिए तिनीहरू-समेत आफू आफूमा अभिषेकको कुरा गर्नलागे ॥१५-१६॥ रामको अभिकेकको समयमा नगरवासी-हरूले सडकलाई धूप र किसिम किसिमका सुगन्धिले सुवासित गराई फूलका माला झुण्ड्याई खूबै सिंगारे ॥१७॥ रात परेपछि अँध्यारो होला भन्ने शङ्काले दुनियाँले प्रत्येक गल्लीमा उज्यालोका लागि दीपवृक्ष अर्थात् पानस इत्यादिको प्रबन्ध मिलाए ॥१८॥ यस प्रकारसंग शहरलाई शोभायमान गराएर दुनियाँहरू रामको राज्याभिषेकको समयको प्रतीक्षा गर्नलागे ॥१९॥ चारदोबाटोमा अथवा बैठकमा हूलका हूल जम्मा भई दुनियाँहरू परस्परमा कुरा गर्न र राजा दशरथको प्रशंसा गर्नलागे ॥२०॥ इक्ष्वाकुकुल-नन्दन राजा बडा महात्मा छन्, आफूलाई बूढो भएको देखेर यिनी रामलाई राज्य भार दिन तत्पर भएका छन् ॥२१॥ रामचन्द्र हाम्रा राजा भएकामा हामी सबै राजा दशरथको अनुग्रह मान्दछौं, धेरै कालसम्म यिनले हाम्रो पालन गर्नेछन्, यिनी दुनियाँको भलो कुभलो सबै जान्दछन् ॥२२॥ यी राम उद्धत छैनन्, विद्वान् र धर्मात्मा छन्, भाइहरूलाई माया गर्दछन्, राम आफ्ना भाइहरूमाथि जस्तो प्रेम राख्तछन् उस्तै हामीमाथि पनि राख्तछन् ॥२३॥ पाप-रहित, धर्मात्मा राजा दशरथ चिरञ्जीवी होउन्, यिनैको कृपाले आज हामी रामलाई राजा भएको देख्नेछौं ॥२४॥ रामचन्द्रको राज्याभिषेकको खबर थाहा पाएर भिन्न भिन्न दिशाबाट आएका मानिसहरूले, अयोध्यावासीहरूले आफू-आफूमा यस्तो कुरा गरेको सुने ॥२५॥

रामाभिषेक हेर्नको निम्ति भिन्न भिन्न दिशाबाट आएका मानिसहरूले अयोध्या शहरलाई भरिने दिए ॥२६॥ बिस्तारै बिस्तारै डुल-फिर गरिरहेको त्यो मानिसको जमातले पूर्णिमाका दिन खूब छाल बढेको समुद्रको आवाज जस्तो आवाज सुन्यो अर्थात् मानिसहरूले आफू-आफूमा कुरा गर्दा निस्केको आवाज समुद्र गर्जनको समान भयो ॥२७॥ इन्द्रपुरी जस्तो यो शहरलाई हेर्ने इच्छाले जम्मा भएका मानिसको भीडले गर्दा यो शहर चारैतिरबाट त्यै किसिमले गुञ्जायमान हुनलाग्यो जसरी कि

समुद्रका जल जन्तुले गर्दा समुद्रको जल शब्दायमान हुन जान्छ ।।२८।।

सर्ग–७

मन्थरा अटालीमा चढेर शहरको शोभा हेर्दछे र सो कुरा कैकेयीलाई सुनाउँछे ।

कैकेयीका बाबुकहाँकी मन्थरा नामकी एउटी दासी थिई, यो पहिलेदेखि नै कैकेयीसित रहन्थी । यो आफ्नै इच्छाले चन्द्रमा जस्तो सेतो राजमहलको अटालीमा चढी ।।१।। त्यस अटालीबाट त्यसले सबै सडकमा पानी छर्केको, कमलको फूल जताततै छरेको, चारैतिर अग्ला अग्ला ध्वजा पताकाले सिंगारिएको, चन्दनले सुवासित भएको जल छर्केको, स्नान गरेका मानिसले भरिपूर्ण भएको, माला र मिठाई हातमा लिएका ब्राह्मणहरूको स्वरले गुञ्जायमान भएको, देवताका मन्दिरहरूको ढोका खूब सिंगारिएको, जताततै वाजा बजिरहेको, आनन्द मनाइरहेका मानिसले भरिभराऊ भएको, वेदध्वनिले शब्दायमान भएको, मत्त परेका असल असल जातका हात्ती घोडा भएको, गर्जन गरिरहेका गाई गोरु भएको, प्रसन्न भई आनन्द मनाइरहेका नगरवासीले ठाउँ ठाउँमा अग्ला ध्वजा र माला टाँगिराखेको यस्तो अयोध्यालाई देख्ता मन्थरा मनमा वडो छक्क परी ।।२-६।। त्यसले नगीचैमा हर्षले आँखा ठूला ठूला पारेकी, सेतो रेशमी लुगा लगाएकी, रामचन्द्रकी धाईलाई देखेर सोधी ।।७।।

धनवती रामकी आमा ले बड़ो आनन्दमा मग्न भई के यिनीहरूलाई धन दिन आँटेकी छन् कि ? ।।८।। यी सब दुनियाँको यस्तो प्रसन्न हुने कारण क्या हो मलाई भन अथवा प्रसन्न भएर राजाले केही विशेष काम गर्न आँटेका छन् कि ? ।।९।।

यो धाई हर्षले हुनसम्म गद्‌गद् परेकी थिई तसर्थ प्रसन्नतापूर्वक कुब्जालाई रामले राज्य-लक्ष्मी पाउने समाचार सुनाइदिई ।।१०।। भोलि पुष्य योगमा क्रोधलाई वशमा राख्न सक्ने, पापको लेश मात्र पनि नभएका रामचन्द्रलाई राजा दशरथ युवराज बनाउनेछन् ।।११।।

धाईका कुरा सुन्नासाथ मन्थरालाई रिसले छोपिहाल्यो र त्यो कैलाशको टाकुरा जस्तो अग्लो महल-बाट तल ओर्ली ।।१२।। पाप चिताउने, रिसले मुर्मुरिएकी मन्थरा सुतिरहेकी कैकेयीलाई यसो भन्नलागी ।।१३।।

ए मूर्खे ! उठ, के सुतिरहेकी, तिमीमाथि आपत्ति पर्न लागेको छ, पापकर्मको फल तिम्रो सामुमा आइसक्यो र तैपनि तिमीलाई केही पत्तो छैन ।।१४।। तिमी राजाकी प्यारी छैनौ, राजाबाट केही धन-सम्म पाइहाल्छ्यौ, तिमीलाई आफ्नो सौभाग्यको खूब घमण्ड छ । जस्तो ग्रीष्म ऋतुमा खोलाको पानीको केही भर हुँदैन ठीक त्यस्तै किसिमले तिम्रो भाग्यको पनि केही भर छैन ।।१५।।

पाप चिताउने रिसले चूर भएकी मन्थराको यस्तो कुरा सुन्दा कैकेयीलाई ज्यादै पीर पऱ्यो ।।१६।। तिनले मन्थरालाई भनिन्ः—हे मन्थरे ! मेरो केही कुभलो भएको छ कि ? म तिमीलाई ठूलो पीरमा परेकी र मुख झ्याउरो भएको देख्तछु ।।१७।।

कैकेयीको मीठो कुरा सुनेर, कुरा गर्नामा सिपालु, कैकेयीको भलो चाहने मन्थरा रिसले चुरिएर बडो अफसोस मनाउँदै, कैकेयीको चित्तमा समेत ग्लानि गराउँदै र रामपट्टिको माया मर्ने किसिमले भन्नलागी ॥१८–१९॥ हे देवी ! तिम्रो नाश हुनलागेको छ, यस नाशको कुनै प्रकारले प्रतीकार हुन सक्नेछैन । राजा दशरथ रामलाई युवराज पदमा नियुक्त गर्नलागेका छन् ॥२०॥ दुःख र शोकमा परेकी म अगाध गहिरो भयरूपी समुद्रमा डुबेकी छु, मलाई आगोले पोले जस्तो भइरहेको छ, तिम्रै हित गर्नाको लागी म यहाँ आएकी हुँ ॥२१॥ हे कैकेयी ! तिम्रो दुःखले मलाई झन् बर्ता दुःख हुन्छ र तिम्रो बढ्ती भएमा मेरोसमेत बढ्ती हुन्छ, यस कुरामा केही शङ्का छैन ॥२॥ तिमी राजाको कुलमा जन्मेकी ह्वौ र राजाकी महारानी पनि ह्वौ र तैपनि तिमीले राजधर्मको कठोरपनालाई किन नबुझेकी ? ॥२३॥ तिम्रा लोग्ने धर्मका कुरा ता गर्छन् तर छन् तिनी धूर्त्त, मीठो कुरा ता गर्छन् तर छन् निर्दयी, तिमी उनको कुरालाई शुद्ध मनले भनेको भन्ठान्दछ्यौ यसैले ता यसरी ठगिएकी छ्यौ ॥२४॥ तिम्रा लोग्ने तिमीकहाँ आउँदा मीठा मीठा कुरा गरेर तिमीलाई जो लठ्ठ पार्दछन् त्यो सब केही मतलबको ह्वैन, हेर ! आज ता उनी कौशल्याको मनको कुरा पूरा गर्नलागेका छन् ॥२५॥ ती दुष्टात्मा राजाले भरतलाई तिम्रो माइतमा धपाएर निष्कण्टक राज्यमा भोलि रामको अभिषेक गर्नलागे ॥२६॥ तिमीले पतिको नामले शत्रु पाएकी ह्वौ, जसरी भलो गर्ने मनसायले साँपको बच्चा पाल्ने आइमाईलाई साँपबाट भलो हुँदैन त्यसै गरी यो पतिरूपी साँपबाट तिम्रो इच्छा पूर्ण हुनु असम्भव छ, तिमीले ता सर्पजस्तो क्रूर राजालाई पो शरीरले धारण गरेकी रहिछौ ॥२७॥ शत्रु वा सर्पको विषयमा लापरवाही गर्नाले मानिस जुन दशामा पुग्दछ ठीक त्यै दशा राजा दशरथले तिम्रो र तिम्रा छोराको गराइदिए ॥२८॥ सधैं सुखमा बसेकी ए नानी ! पापी र झूटो कुराको लोभ देखाउने यी राजाले रामलाई राज्यमा राखेर तिमीलाई र तिम्रा साथसाथमा तिम्रा नोकर-चाकरलाई समेत मारि नै दिए ॥२९॥ छक्क परेर हेरिरहेकी ए कैकेयी ! बेला त आइसक्यो, आफ्नो भलो हुने काम गर, चाँडै नै आफ्ना छोराको र मेरो रक्षा गर ॥३०॥

मन्थराको कुरा सुनेर राम्रो मुख भएकी कैकेयी शरद्‌कालको चन्द्रमा जस्तै हर्षले गद्गद भई आफ्नो बिछ्याउनाबाट उठिन् ॥३१॥ बड़ो प्रसन्न भएकी र आश्चर्य्यमा परेकी ती कैकेयीले धेरै मोल पर्ने आफ्नो एउटा राम्रो गहना त्यो कुब्जालाई दिइन् ॥३२॥ आइमाईहरूमा श्रेष्ठ कैकेयीले कुब्जालाई त्यो गहना दिएर बडो खुशी भईकन यो कुरा भन्नलागिन् ॥३३॥ ए मन्थरे ! तिमीले मलाई बडो आनन्द लाग्ने कुरा सुनायौ, यो आनन्द लाग्ने कुरा सुनाए बापत म तिम्रो अरू के उपकार गरूँ ॥३४॥ म राम र भरतमा कुनै कुराको भेद देख्तिनँ, यसै कारणले राजाले रामको अभिषेक गर्नलागे भन्ने सुन्दा म प्रसन्न छु ॥३५॥ ए मीठो बोली बोल्ने मन्थरे ! तिमीले मलाई यो रामचन्द्रको राज्याभिषेकको जुन कुरा सुनायौ त्योभन्दा बर्ता मलाई आनन्द गराउने अरू कुनै कुरै छैन, तिमीले मलाई यो अमृतरूपी वचन सुनाएकोमा अरू कोही वर माग्छ्यौभने माग म त्यै तिमीलाई दिन्छु ॥३६॥

सर्ग—८

मन्थराले कैकेयीलाई अनेक तरहबाट संझाई रामलाई वन पठाउनामा र भरतलाई राज्य दिलाउनामा मञ्जूर गराउँछे ।

यो कुरा सुनेर मन्थरा कैकेयीदेखि रिसाई र उनले दिएको गहना फ्याँकी रिस तथा दुःखले आकुल व्याकुल भई भन्नलागी ।।१।।

ए मूर्खे ! विनाकारणले किन यस्तो हर्ष देखाउँछ्यौ, आफू शोक-सागरमा डुबेको कुरा तिमीलाई थाहै छैन ।।२।। तिम्रो दुःखले म दुःखी भएकी छु तर यस्तो ठूलो आपत्ति पर्दा पनि शोक गर्ने सट्टामा तिमीले खुशीयाली मनाएको देख्ता मेरो मनमा हाँसो उठ्तछ ।।३।। तिम्रो दुर्मति देख्ता अफसोस लाग्दछ, शत्रुसमान सौताको छोराको बढ्ती ता मृत्यु आएको बराबर हो, यस्तो आइपरेको देख्ता को बुद्धि भएकी स्वास्नीलाई हर्ष होला ? ।।४।। यस राज्यमा राम र भरतको उत्तिकै अधिकार छ, यसै कारणले रामलाई भरतदेखि डर छ, यै कुरा विचार गर्दा मलाई बडो खेद हुन्छ, कारण डराएका मानिस-देखि नै भय मान्नुपर्दछ ।।५।।

जस्तो महाबाहु लक्ष्मण सबै तरहबाट रामका आज्ञाकारी छन् उस्तै शत्रुघ्न पनि भरतका आज्ञाकारी छन् ।।६।। हे मानिनी ! उत्पत्तिको हिसाबले पनि भरतकै राज्यमा हक पुग्दछ, लक्ष्मण र शत्रुघ्न ता कान्छा हुनाले यिनीहरूको राज्यमा अधिकारै छैन ।।७।। राम विद्वान्, क्षत्रियधर्म जान्ने र समयानुसार काम गर्न सिपालु छन्, यसैले ता तिम्रो छोराको विषयमा विचार गर्दा म रामको भयले थर्कायमान हुन्छु ।।८।। कौशल्या नै भाग्यमानी रहिछन् जसको छोराको भोलि बिहान पुष्ययोगमा श्रेष्ठ ब्राह्मण-हरूले युवराजको ठूलो पदमा अभिषेक गर्नेछन् ।।९।। कौशल्या राज्य पाएर प्रसन्न हुनेछन्, शत्रुहरू निर्धो भई दब्नेछन् र उनको ख्याति फैलिनेछ, तिमी ता कमारी जस्तीभई हात जोरेर उनको सामुन्ने उभिरहनेछ्यौ ।।१०।। यस प्रकारसङ्ग तिमी हामीहरूको साथसाथमा उनकी कमारी बन्नेछ्यौ र तिम्रो छोरालाई रामले कमारो बनाउनेछन् ।।११।। रामकी रानीका केटीहरूसमेत बडो आनन्दमा रहनेछन्, तिम्री बुहारी ता भरतको हीनावस्था भएकोले अप्रसन्न रहनेछन् ।।१२।।

यस प्रकारले मन्थराले बोलेको देख्ता देवी कैकेयी बडो हर्ष मानेर रामचन्द्रका गुणको प्रशंसा गर्नलागिन् ।।१३।। रामचन्द्र ता धर्मज्ञ, गुणवान्, जितेन्द्रिय, कृतज्ञ, सत्यवादी, पवित्र र राजाका जेठा छोरा हुन्, यसै कारण युवराज हुन उनी योग्य छन् ।।१४।। दीर्घायु यिनी भाइ र नोकर-चाकरलाई बाबुले पालेको झैं पाल्नेछन्, रामको अभिषेकको कुरा सुनेर हे कुब्जे ! तिमी किन दुःखी हुन्छ्यौ ।।१५।। भरत पनि ता रामचन्द्रभन्दा सय वर्षपछि बाबु बराजूबाट आएको राज्य पाइहाल्नेछन् ।।१६।। हे मन्थरे ! अब ता उत्सवको समय आइपुग्यो तिमी किन जल्दछ्यौ ? यो हुन लागेको कल्याणमा तिमी किन ताप गर्दछ्यौ ? ।।१७।। मेरो निम्ति जत्तिको भरत बरु त्यो भन्दा पनि बर्ता राम प्यारा छन् किन कि उनी कौशल्याको भन्दा पनि बर्ता मेरो सेवा गर्दछन् ।।१८।।

रामले राज्य पाउँछन्भने भरतले पनि पाएकै संझनुपर्दछ किन कि राम भाइहरूलाई आफूसमान देख्तछन् ॥१९॥

कैकेयीका कुरा सुनेर मन्थरा ज्यादै दुःखित भई र तातो लामो सास फेद उनलाई भन्न-लागी ॥२०॥

मूर्खताले गर्दा तिमी आफ्नो कुभलो हुन लागेको देख्तिनौ, दुःख र आपत्तिको शोकसागरमा डुब्न लागेको तिमीलाई पत्तै छैन ॥२१॥ राम राजा भएभने उनको पछि उनकै छोरा पो राजा हुनेछन्, हे कैकेयी ! यस प्रकारले ता भरत सदाका लागि राज्यको हकबाट दूरै रहनेछन् ॥२२॥ हे भामिनी ! राजाका सबै छोरा राज्यासनमा बस्न पाउन्नन्, बस्न पाएभने ता घोर अन्याय हुनेछ ॥२३॥ यस निम्ति हे सुन्दरी कैकेयी ! राजाहरू आफ्नो जेठो छोरालाई नै राज्यभार सुम्पन्छन्, कहिलेकाहीं जेठो गुणहीन छ र उभन्दा कान्छो गुणवान् छभने कान्छोले नै राज्य पाउँछ ॥२४॥ हे प्रिये ! रामको अभिषेकपछि तिम्रा छोरा अनाथ जस्तै भई राजवंश तथा सुखबाट समेत वञ्चित हुनेछन् ॥२५॥ यस कारण तिम्रो हित गर्न भनी म यहाँ आएकी हुँ, तिमी ता मेरो कुरा सुन्दै सुन्दिनौ, उल्टो सौताको बढ्ती भएकोमा मलाई बकस दिन चाहन्छ्यौ ॥२६॥ यो कुरा तिमी जानिराख कि अकण्टक राज्य पाएपछि रामले कि ता भरतलाई देशबाट निकालिदिनेछन् कि ता मारि नै दिनेछन् ॥२७॥ बाल्यावस्थामा नै तिमीले भरतलाई मामाकहाँ पठाइदियौ यो कुरा बेश गरिनौ, नजीकमा रहनाले अचेतन पदार्थमा समेत मानिसको माया बस्न जान्छ ॥२८॥ भरतका अनुगामी हुनाले शत्रुघ्न पनि उनीसित गए, जस्तो लक्ष्मण रामका प्यारा छन् उस्तै शत्रुघ्न पनि भरतका प्यारा छन् ॥२९॥ सुनिन्छ कि वनमा कुनै एउटा रूख थियो रे, वनमा बस्नेहरूले त्यसलाई काट्न खोजेछन् तर नजीकैमा रहेको ईषिका नामको काँढादार लह-राले त्यस रूखलाई बेही यो घोर आपत्तिबाट बचाइदिएछ ॥३०॥ जसरी लक्ष्मण रामको रक्षा गर्द-छन् उसै गरी राम लक्ष्मणको रक्षा गर्दछन्, यी दुवै भाइको प्रेम अश्विनीकुमारहरूको प्रेम जस्तै छ भन्ने कुरा लोकमा प्रसिद्ध छ ॥३१॥ यसकारण राम लक्ष्मणको कुनै कुभलो गर्नेछैनन् तर भरतको विषयमा ता जरूरै अनिष्ट गर्नेछन्, यसमा केही शङ्का छैन ॥३२॥

तसर्थ राम राजभवन छोडेर वनमा जाऊन्, मलाई ता यै कुरा सबभन्दा बर्ता निको लाग्दछ र यसैमा तिम्रो कल्याण छ ॥३३॥ भरतले धर्म्मपूर्वक बाबुको राज्य पाएभने तिम्रा कुटुम्बीहरूको कल्याण हुनेछ ॥३४॥ भरत तिम्रा सुखका लागि बालक छन् तर रामको ता जन्मैदेखिका शत्रु हुन् । समृद्धि अर्थात् राज्य पाएका रामको वशमा रहेर आफ्नो अभिलाषा पूर्ण हुने केही आशा नभएका भरत कसरी बाँच्लान् ॥३५॥ जसरी वनमा सिंहले हात्तीको बथानमा ठालू हात्तीमाथि आक्रमण गर्दछ, ठीक त्यै किसिमले रामले भरतमाथि गरेका छन्, यस्तो हालतमा तिमीले भरतको रक्षा गर्नु उचित छ ॥३६॥ पतिकी प्यारी छु भन्ने घमण्डले तिमीले पहिले कौशल्यालाई हेला गरेकी थियौ, रामकी आमा तिम्री सौताले कसरी त्यो इबीको साटो नलिई छाड्लिन् ॥३७॥ ठूला ठूला समुद्र

र पर्वतले भरिएकी यी पृथ्वी जब रामले पाउनेछन् त्यस वेला हे भामिनी ! दुःखी भरतको साथ-साथमा तिम्रो नराम्रो बेइज्जती हुनेछ ॥३८॥ जब राम पृथ्वीको राज्य पाउनेछन् तब ता अवश्यै भरतको नाश हुनेछ, यसकारण कुनै यस्तो उपाय विचार गर जसले गर्दा तिम्रा छोराले राज्य पाऊन् र रामको वनवास होस् ॥३९॥

सर्ग—९

कैकेयीको कोपभवनमा प्रवेश ।

मन्थराले यस प्रकारसंग संझाउँदा कैकेयीको मुख रिसले बल्नलाग्यो; उनी तातो लामो सास फेद मन्थरालाई भन्नलागिन् ॥१॥ आजै म विलम्ब नगरी यहाँबाट रामलाई वनमा पठाउँछु र युवराजको पदमा भरतको अभिषेक गराउँछु ॥२॥ अब तिमी विचार गर कि कुन युक्तिले म आफ्नो यो इच्छा पूर्ण गरूँ, जसले गर्दा कि भरतले राज्य पाऊन्, रामले ता नपाऊन् ॥३॥

देवी कैकेयीले यसो भनेपछि पाप चिताउने मन्थरा रामको द्वेष गर्दै भन्नलागी ॥४॥ हे कैकेयी ! जुन उपायले केवल तिम्रा छोरा भरतले राज्य पाउँछन् सो कुरा सुन ॥५॥ हे कैकेयी ! के तिमी संझन्नौ वा संझँदा संझँदै पनि लुकाउँछ्यौ, आफूले भन्नुपर्ने उपाय के तिमी मबाट सुन्न चाहन्छ्यौ ॥६॥ हे विलासिनी ! यदि तिमीलाई मेरो मुखबाट नै सुन्ने इच्छा छभने सुन, म भन्दछु, र सुनेमुताबिक काम गर ॥७॥

मन्थराको यो कुरा सुनेर कैकेयी आफ्नो उत्तम पलङ्गबाट अलिकता उठेर यसो भन्नलागिन् ॥८॥ हे मन्थरे ! मलाई त्यो उपाय बताऊ जुन उपायले भरतले राज्य पाऊन् रामले ता नपाऊन् ॥९॥ देवी कैकेयीले यसो भनेपछि पाप चिताउने मन्थरा रामको द्वेष गर्दै भन्नलागी ॥१०॥

उहिले देवासुरको युद्धमा अरू अरू राजर्षिहरूको साथमा, इन्द्रको सहायताको लागि तिम्रा पति पनि तिमीलाई संगमा लिएर गएका थिए ॥११॥ हे कैकेयी ! दक्षिण दिशामा दण्डक वननेर वैजयन्त नामले प्रसिद्ध भएको शहर छ, त्यहाँ तिमिध्वज असुर रहन्थ्यो ॥१२॥ यो शम्बरको नामले प्रसिद्ध थियो, यो ठूलो असुर सयकडौं किसिमको माया (जाल) जान्दथ्यो, देवताहरूद्वारा नजितिएको यो इन्द्रसित लड्न तय्यार भयो ॥१३॥ त्यस महासंग्राममा घाइते भएका मानिसहरूलाई राती सुतेको वेलामा राक्षसहरू बलजफ्तीसंग बिछ्याउनाबाट तानेर लैजान्थे र मारिदिन्थे ॥१४॥ त्यहाँ महाबाहु राजा दशरथले यी राक्षसहरूसित घनघोरको युद्ध गरे र यिनीहरूको हातबाट शस्त्रले घाइते भए ॥१५॥ त्यस समयमा बेहोश भएका राजालाई तिमीले युद्धभूमिबाट टाढा लग्यौ र त्यहाँ हतियारले घाइते भएका पतिको रक्षा गर्‍यौ ॥१६॥ हे राम्री कैकेयी ! खुशी भएका राजाले तिमीलाई दोटा वर दिए, त्यस वेला तिमीले हे नाथ ! जुन वेला इच्छा होला त्यै वेला लिउँला भनी भन्यौ ॥१७॥ महात्मा राजाले पनि तिम्रो यो कुरा स्वीकार गरे । हे देवी ! मलाई ता यो कुरा थाहै थिएन, तिमीले नै

पहिले मलाई भनेकी ह्रौ ॥१८॥ तिमीमाथिको प्रेमले गर्दा मैले यो कुरा अझसम्म मनमा संझि-राखेकी छु, अब तिमी यस बखतमा जिद्दी गरेर राजालाई रामको अभिषेक गर्न नदेऊ ॥१९॥ अब तिमी ती दोटा वर माग, एउटाले भरतले राज्य पाऊन् र अर्कोले चौद्ध वर्षका लागि राम वन-वासी बनून् ॥२०॥ चौद्ध वर्षका लागि राम वनमा गएपछि, पालन गर्नाले प्रजाको प्रेम हुनेछ र तिम्रा छोराको राज्य अटल रहनेछ ॥२१॥ हे अश्वपतिकी छोरी ! अब तिमी रिसाएकी जस्ती भएर कोपभवनमा पस र खाली भूइँमा मैलो लुगा लगाएर सुत ॥२२॥ राजा आउँदाखेरि उनलाई हेर्दा पनि नहेर्नू, उनीसित कुरा पनि नगर्नू, राजालाई देख्नासाथ रुँदै शोकले विह्वल भएर भूइँमा लडिरहनू ॥२३॥ तिमी राजाकी प्यारी छौ यसमा मलाई शङ्का छैन, तिम्रो लागि राजा आगोमा समेत होमिन सक्तछन् ॥२४॥ राजा न तिमीलाई चिढाउन सक्तछन्, न तिमीलाई रिसाएकी देख्न सक्तछन्, तिमीलाई खुशी गराउन राजा आफ्नो प्राणसमेत त्याग गर्न तय्यार हुनेछन् ॥२५॥ तिम्रो कुरा काट्ने राजाको ताकत छैन । हे सोझो स्वभाव भएकी कैकेयी ! आफ्नो सौभाग्यको बल जाँचेर हेर ॥२६॥ राजा दशरथ तिमीलाई मणि, मोती, सुन तथा किसिम किसिमका जुहारात दिने कुरा गर्नेछन् तर तिमीले त्यतापट्टि मन नगरे ॥२७॥ राजा दशरथले देवासुर संग्राममा तिमीलाई जुन दोटा वर दिएका थिए ती दुई वर संझाउनू, र हे सौभाग्य भएकी कैकेयी ! आफ्नो मतलब नबिर्सनू ॥२८॥ राजाले तिमीलाई आफैं उठाएर वर दिन तय्यार भएमा तिमीले उनको प्रशंसा गर्दै यस प्रकारसँग वर माग्नू ॥२९॥ हे श्रेष्ठ राजन् ! चौद्ध वर्षका लागि राम टाढा वनमा जाऊन् र भरत पृथ्वीका राजा बनून् ॥३०॥ राम चौद्ध वर्षसम्म वनमा रहेपछि तिम्रा छोराको रवाफ प्रजामाथि जम्नेछ र पछिलाई समेत यिनै राजा हुनेछन् ॥३१॥ हे देवी ! वरमा रामको वनवास मागे, यसले तिम्रा छोराको सबै मतलब पूरा हुनेछ ॥३२॥ यस प्रकारसँग वनवासी भएपछि राममाथिको प्रजाको माया हट्नेछ र तिम्रा छोरा भरत शत्रुरहित भई राज्य गर्नेछन् ॥३३॥ जुन वेला राम वनबाट फर्केर आउनेछन् त्यस वेलासम्ममा तिम्रा छोराको राज्यको भित्र र बाहिर जरो जमिसक्नेछ ॥३४॥ भरत पनि आत्मवान् छन्, आफ्ना मित्रहरूको साथसाथै प्रजालाई समेत खुशी गराएर आफूतिर मिलाउनेछन् । भयलाई त्याग गरेर राजालाई वशमा ल्याउने वेला यै हो भन्ने मेरो विचार छ ॥३५॥ राजालाई आफ्नो काबुमा ल्याएर रामको अभिषेक गर्ने कुरा उनको मनबाट हटाइदेऊ ।

यस प्रकार मन्थराले कैकेयीलाई यो कुभलो हुने मौकामा आफ्नो भलो हुने गरी काम गर्न सिकाई ॥३६॥ सानी लडकीलाई जसरी कसैले फकाएर कुबाटोमा लगिदिन्छ ठीक त्यसै गरी मन्थ-राको कुरा सुनेर उचालिएकी राम्री कैकेयी उसको कुरामा पत्यार गरेर बडो प्रसन्नतासाथ खूब छक्क परेर उसलाई भन्नलागिनः—

चाकर्नीहरूमा श्रेष्ठ, राम्रो कुरा गर्ने ए मन्थरे ! मैले तिम्रो बुद्धि जानेकी रहिनछु, आफ्नो मतलब पूरा गर्ने उपाय बताउनामा तिमी संसारका सबै कुब्जाहरूमा श्रेष्ठ छौ, तिमी मेरो भलो चाहने ह्रौ

र सधैं मेरो असल हुने काममा लागिरहन्छयौ ।।३७-३९।। राजाले के गर्न आँटेका छन् सो मैले बुझेकी थिइनँ, तिमीबाहेक ए कुब्जे ! अरू पनि चाकर्नी छन् तर ती सबैको मनमा पाप छ र तिनीहरू कपटी छन्, तिनीहरूलाई हेर्दैमा पाप लाग्दछ ।।४०।। तिमी हावाले निहुरेको कमल जस्तै राम्री छयौ, तिम्रो छाती काँधसम्म मासुले भरिएको र उठेको छ ।।४१।। राम्रो नाइटो भएको तिम्रो पेट छातीलाई देख्ता लाज मानेझैं गरी भित्र पसेको छ, तिम्रा तिघ्रा मासुले पुष्ट भएका र दोटा स्तन निकै ठूला छन् ।।४२।। तिम्रो मुख निर्मल चन्द्रमा जस्तो छ । ए मन्थरे ! तिमी कस्ती राम्री देखिएकी छ्यौ, तिम्रा तिघ्रा मोटा, चिप्ला र कन्धनीले शोभायमान छन् ।।४३।। तिम्रा तिघ्रा टाँस्सिएका छन्, दोटै खुट्टा लामा छन् । रेशमी लुगा लगाउने ए मन्थरे ! लामा लामा तिघ्राले गर्दा तिमी बडी राम्री देखिएकी छयौ ।।४४।। मेरो अघिल्तिर हिंड्दा तिमी बडी राम्री देखिन्छयौ, असुरराज शम्बर दैत्यसित जो हजाराँ माया थिए ती सब तिम्रो पेटमा छन्, यी बाहेक अरू पनि हजाराँ माया तिमी जान्दछयौ, यसै कारणले रथको अघिल्लो भाग जस्तै तिम्रो छाती लामो र ठूलो भएको होला ।।४५-४६।। म विचार गर्दछु कि तिम्रो पेटमा वीरता, विद्या र माया वास गर्दछन् । भरतको राज्याभिषेक भएपछि र राम वन गएपछि हे कुब्जे ! म तिम्रो घाँटीमा सुनको माला लगाइदिनेछु, मेरो मनको कुरा पूरा तथा चित्त प्रसन्न भएपछि असल जातको सुनले तिम्रो यो मासुको डल्लो ढाकिदिनेछु, तिम्रो मुखमा राम्रो सुनको टीको लगाउन लगाइदिनेछु । ए कुब्जे ! तिम्रो निम्ति राम्रा राम्रा गहना बनाउन लगाइदिनेछु, त्यस बखतमा तिमी राम्रा राम्रा लुगा लगाई देवता जस्तै भई हिंड्नेछौ ।।४७-५०।। चन्द्रमासित दाँजिन खोज्ने तिम्रो यो मुखले तिमी राम्री देखिएकी छयौ, तिमी ठूलो दर्जा पाउनेछयौ, आफ्ना शत्रुहरूको सामुन्ने तिमी घमण्ड गर्न सक्नेछयौ ।।५१।। जसरी तिमी मेरो चरणको सेवा गर्दछयौ त्यसै गरी गहनाले सिंगारिएका अरू कुब्जाहरू तिम्रो सेवा गर्नेछन् ।।५२।।

यस प्रकार तारीफ पाएकी मन्थरा वेदीमा आगोको ज्वाला जस्तै शोभा दिइरहेको ओछयानमा सुतेकी कैकेयीसँग भन्नलागी ।।५३।। हे कैकेयी ! पानी गइसकेपछि बाँध बाँधिन्न, उठ कल्याण हुने काम गर, राजालाई आफ्नो रिस देखाऊ ।।५४।। ठूला ठूला आँखा भएकी, आफ्नो सौभाग्यको घमण्डमा मस्त भएकी कैकेयी यस प्रकारसँग उचालिएकी हुँदी मन्थरासँग कोप-भवनमा पसेर सयकडौं हजार रुपियाँको मोतीको माला र अरू अरू धेरै मोल पर्ने गहनाहरू झिकेर, सुन जस्तो वर्ण भएकी यिनी कुब्जा मन्थराको कुरामा लागेर भूइँमा बसिन् र मन्थरालाई भन्नलागिन् ।।५५-५७।। हे कुब्जे ! कि ता तिमीले म कोपभवनमा मरें भनेर राजालाई सुनाउनुपर्नेछ, कि ता राम वन गएर भरतले राज्य पाउनेछन् ।।५८।। सुन, जुहारात तथा खाने कुरासित मलाई केही वास्ता छैन, रामको अभिषेक भयोभने निश्चय मेरो प्राणको अन्त हुनेछ ।।५९।।

यस्तो कुरा सुन्दा सुन्दै पनि महाराजकी रानी, भरतकी आमालाई मन्थराले बडो प्रभाव पर्ने शब्दले भरतको भलो र रामको कुभलो हुने कुराको उपदेश गर्नलागी ।।६०।। रामले राज्य पाएभने

निश्चय जान कि छोराको साथमा तिमी दुःख पाउनेछ्यौ, त्यसकारण हे कल्याणी ! यस्तो यत्न गर कि तिम्रा छोरा भरतको अभिषेक होस् ।।६१।।

कुब्जाको वचनरूपी बाणले बारंबार घोचिएकी महारानी छातीमा हात राखी बडो आश्चर्यमा परेर र रिसाएर मन्थरालाई भन्नलागिन् ।।६२।। हे कुब्जे ! या त मलाई यहाँ मरेको देखेर राजालाई खबर दिन जाउली या त राम वन गएपछि भरतको अभिलाषा पूर्ण भएको देखौली ।।६३।। यदि राम यहाँबाट वन गएनन्भने म बिछ्याउना, माला, चन्दन, गाजल, खाने पिउने कुरा, अरू ता के आफ्नो जिन्दगानीको समेत चाहना गर्नेछैन ।।६४।।

यस्तो कठोर वचन भनेर कैकेयीले 'आफ्ना सबै गहना राखिदिइन्, बिछ्याउना नभएको भूइँमा सुतिदिइन् । यस बखतमा यिनी पुण्य सकिएर स्वर्गबाट झरेकी किन्नरी जस्ती देखिन्थिन् ।।६५।। खूब चढेको क्रोधरूपी अन्धकारले मुख छोपिएकोले तथा माला र सब गहना झिकेर मिल्काएकोले ती राजाकी रानी त्यस समयमा तारा नभएको, अन्धकारले छोपेको आकाशजस्तै झ्याउरी देखिएकी थिइन् ।।६६।।

सर्ग–१०

राजा कैकेयीको खोपीमा गएर उनलाई संझाउँछन् ।

विशाल वाण बिझेकी किन्नरी जस्तै भएर कैकेयी त्यो पापिनी मन्थराको उपदेशले भूइँमा सुतिन् ।।१।। मनै मनले आफ्नो सबै कामको ठीकसित निश्चय गरी ती बुद्धिमती कैकेयीले बिस्तारै बिस्तारै सबै कुरा मन्थरालाई बताइन् ।।२।। मन्थराको कुरामा लठ्ठ परेकी ती बिचरी कैकेयीले, मन्थराको उपदेशअनुसार काम गर्दछु भनी निश्चय गरेर नागिनीले झैं तातो लामो सास फेर्दै, केही बेरसम्म ता आफ्नो भलो हुने उपायको विचार गरिन् । कैकेयीले मेरो उपदेशअनुसार काम गर्ने निश्चय गरिन् भन्ने थाहा पाएर उनको भलो गर्ने मित्र त्यो मन्थरा, आफ्नो इच्छा पूर्ण भए जस्तै गरेर बहुतै खुशी भई ।

रिसाएकी कैकेयी पनि दृढ निश्चय गरेर मुखतिर आँखीभुइँ बंग्याउँदै भूइँमा सुतिन् । कैकेयीले झिकेर फ्याँकेका किसिम किसिमका माला, उत्तम उत्तम गहना सबै भूइँमा पडिरहेका थिए । फ्याँकिएका यी गहना आकाशलाई नक्षत्रले शोभित गराए झैं जमीनलाई शोभित गरिरहेका थिए । मैलो लुगा लगाएर कोप-भवनमा लडेकी, बलियोसँग एउटा चुल्ठो बाटेकी ती कैकेयी मरेकी किन्नरी जस्तै देखिन्थिन् ।

उता महाराज दशरथ वशिष्ठलाई रामचन्द्रको अभिषेकलाई चाहिने सरजाम जम्मा पार्नू भन्ने आज्ञा दिएर मानिसहरूलाई बिदा दिई अन्तःपुरमा गए । आजै रामको अभिषेक हुने निश्चय भएको छ भन्ने मीठो खबर आफ्नी प्यारी रानी कैकेयीलाई सुनाउनको निम्ति जितेन्द्रिय महायशस्वी राजा अन्तःपुरमा कैकेयीको राम्रो खोपीमा पसे ।।३-११।। जुन किसिमले सेतो बादलले ढाकिएको आकाशमा राहुले घेरिएका चन्द्रमा जान्छन् ठीक त्यै किसिमले राजा त्यो खोपीभित्र पसे । यस घरमा सुगा, मजूर पालिएका थिए, हाँस सारस जतातत्तै बोलिरहेका थिए, कहीं बाजा बजिरहेको थियो, कुब्जा तथा

वामनी (अन्तःपुरको रक्षा गर्ने आइमाई) आफ्ना आफ्ना ठाउँमा हाजिर थिए; कतै चम्पक तथा अशोक वृक्षले शोभा दिइरहेका थिए, कतै लहरै लहराले बनेका, कतै चित्रै चित्रले सिंगारिएका घर थिए ॥१२-१३॥ हात्तीदाँत, चाँदी तथा सुनका वेदी बनेका थिए; सधैं फूल फूल्ने फल लाग्ने रूख लगाइएका थिए; कतै तलाउले शोभा दिइरहेको थियो; हात्तीदाँत, चाँदी र सुनका आसन बिछ्याइएका थिए, किसिम किसिमका खाने पिउने चीज र अनेक प्रकारका भोजनका सामग्री राखिएका थिए ॥१४-१५॥ धेरै धेरै मोल पर्ने गहना राखिएकोले त्यो महल स्वर्ग जस्तो देखिन्थ्यो। महाराजले यस्तो ऐश्वर्यले भरिएको घरमा प्रवेश गरेर हेर्दा राम्रो पलङ्गमा रानी कैकैयीलाई देखेनन्। उहाँ जाँदा राजाको मनमा कामको भावना उत्पन्न भयो र उनी रतिको इच्छा गर्नलागे ॥१६-१७॥ प्यारी रानीलाई नदेख्ता राजाले सोधे र उनी दिक्क भए किन कि पहिले कहिले पनि यस्तो वेलामा रानी घरबाहेक अन्यत्र कहीं जान्नथिन् ॥१८॥ शून्य घरमा राजाले अहिलेसम्म कहिले पनि प्रवेश गरेका थिएनन् अतएव उनले कैकेयी कहाँ गइन् भनेर सोध्नै पर्‍यो ॥१९॥ अविवेकिनी कैकेयीले आफ्नो मतलब सिद्ध गर्न खोजि-रहेकी छ भन्ने कुरा राजालाई थाहै थिएन यसैले उनले सधैं जस्तो गरेर एउटी केटीसँग सोधे; केटी पनि डराएर हात जोरीकन भन्नलागी ॥२०॥ हे प्रभु ! महारानी ता अत्यन्त रिसाएर कोपभवनमा पसिब-क्सिएको छ। केटीको कुरा सुनेर राजा बडो दिक्क भए ॥२१॥

कैकेयीलाई नदेख्ता राजा यसै ता दिक्क थिए, उनी रिसाएकी छन् भन्ने सुन्दा ता झन् बर्ता दिक्क भए; उनका सबै इन्द्रियहरू आकुल-व्याकुल भए; गएर हेर्दा ता रानीलाई अनुचित अवस्थामा भूइँमा लडिरहेकी देखे ॥२२॥ दुःखले मुर्मुरिइरहेका राजाले तिनलाई हेरे; बूढा राजा ती तरुनी रानीलाई आफ्नो प्राणभन्दा पनि बर्ता प्यारो गर्दथे ॥२३॥ निष्कपटी कैकेयीलाई छिनेको लहरासमान, आकाश-बाट खसेको देवता, हेलाँ गरिएकी किन्नरी, स्वर्गबाट निकालिएकी अप्सरा, सफल हुन नसकेकी माया, पासोमा परेकी हरिणी, व्याधाको विषालु बाण बिझेकी हतिनी जस्तै गरेर भूइँमा लडिरहेकी देखे। प्रेमले गर्दा मनमा डराउँदै डराउँदै, वनमा ठूलो हात्तीलाई छोए झैं ती कामातुर राजाले कमलनयनी, अत्यन्त दुःखिनी कैकेयीलाई हातले बिस्तारै बिस्तारै सुमसुम्याउँदै भन्नलागे ॥२४-२७॥

तिमी मदेखि रिसाएकी छ्यौ भन्ने कुरा मलाई थाहा थिएन। हे देवी ! मलाई भनन तिमीलाई कसले हेलाँ गर्‍यो वा कसले तिम्रो निन्दा गर्‍यो ॥२८॥ मलाई दुःख दिन तिमी किन धूलोमा सुतेकी ?। राम्रो मन भएकी हे कैकेयी ! म छँदा छँदै तिमीले किन भूइँमा सुत्नुपर्‍यो ? ॥२९॥ भूत प्रेत लागेको मानिस जस्तै लडेर किन मेरो चित्तलाई दुःखी गराइरहेकी ?। मेरा सिपालु र मदेखि सबै तरहबाट सन्तुष्ट रहेका वैद्यहरू छन् ॥३०॥ हे भामिनी ! रोग ता बताऊ, तिनीहरूले चाँडै नै तिमीलाई निको पारिदिने-छन्; अथवा तिमी कसैलाई भलो गर्न चाहन्छ्यौ वा कसैले तिम्रो कुभलो गरेको छ कि ? भन ॥३१॥ अब बताऊ कसले अफ्नो इच्छा पूर्ण गर्ने हो ? र को ठूलो संकष्टमा पर्ने हो ? हे देवी ! नरोऊ, यसरी आफ्नो शरीरलाई नसुकाऊ ॥३२॥ मारिने योग्य नभएको को मानिसलाई मार्नुपर्‍यो, अथवा

मारिन योग्य भएको कसलाई छाडिदिनुपर्‍यो, कुन गरीबलाई धनी बनाउनुपर्‍यो वा कुन धनीलाई कङ्गाल तुल्याउनुपर्‍यो ॥३३॥ म र मेरा सबै मानिस तिम्रा वशमा छन्, म तिम्रो कुनै इच्छा पनि अपूर्ण गर्ने साहस गर्न सक्तिनँ ॥३४॥ आफ्नो मनमा जे कुरा छ भन, म आफ्नो प्राण दिएर भने पनि तिम्रो इच्छा पूर्ण गर्न तय्यार छु, ममाथि तिम्रो कत्तिको प्रभाव छ सो तिमीलाई थाहै छ, यसो हुँदा हुँदै तिमीले ममाथि शङ्का गर्नु उचित हैन ॥३५॥ आफ्नो धर्मको किरिया हालेर भन्दछु कि म तिमीले भनेको कुरा गर्नेछु; जहाँसम्म सूर्य घुम्दछन् त्यहाँसम्मको सारा पृथ्वी मेरो वशमा छ ॥३६॥ सिन्धु, सौवीर, सौराष्ट्र, दक्षिण देश, बंग, अंग, मगध, मत्स्य तथा धन-धान्यले पूर्ण भएको काशी, कोशल, यी सबमा मेरो अधिकार छ ॥३७॥ यी देशमा उत्पन्न भएका धन-धान्य, भेडा बाख्रा सब मेरा हुन्, यिनमा तिमीलाई जे इच्छा लाग्दछ लेऊ ॥३८॥ हे सुन्दरी ! किन तिमी दुःख पाइरहेकी छयौ, उठ, त्यो कुरा के हो सो भन जसले गर्दा तिमी यसरी डराएकी छयौ, जसरी सूर्यले कुहिरोलाई फट्टाइदिन्छन् त्यसै गरी म पनि तिम्रो डरको कुरालाई नाश गरिदिनेछु ॥३९॥

राजाको यस्तो कुरा सुन्दा कैकेयीका मनमा केही ढाढस आयो; उनी राजालाई अप्रिय लाग्ने आफ्नो मनको कुरा भन्नलाई तय्यार भइन् र फेरि राजालाई अत्यन्त पीडा दिनथालिन् ॥४०॥

सर्ग--११

कैकेयी राजासित वर माग्दछिन् ।

कामदेवको बाण लागेका अतः कामको वशमा परेका राजा दशरथलाई कैकेयी कठोर वचन भन्नलागिन् ॥१॥ न कसैले मेराउपर रिस देखाएको छ, न कसैले मेरो अपमानै गरेको छ, मेरो कुनै एक अभिप्राय छ, तपाईंबाट त्यो पूरा होस् भन्ने मेरो इच्छा छ ॥२॥ यदि तपाईं पूरा गर्न चाहनुहुन्छभने प्रतिज्ञा गर्नुहोस् अनिपछि मात्र म आफ्नो मतलब तपाईंलाई सुनाउँला ॥३॥

कैकेयीको कुरा सुन्दा कामले व्याकुल भएका राजालाई अलिकता हाँसो आयो र उनी भूइँमा सुतेकी रानीको कपालका रौं सुमसुम्याउँदै भन्नलागे ॥४॥ ए अभिमान राख्ने कैकेयी ! मानिसहरूमा श्रेष्ठ रामबाहेक मलाई तिमीभन्दा बर्ता प्यारो अरू कोही छैन भन्ने कुरा के तिमीलाई थाहा छैन ॥५॥ उनै अजेय, मेरो प्राणभन्दा पनि श्रेष्ठ महात्मा रामको नामले किरिया हाल्दछु, भन तिम्रो मनमा के कुराको इच्छा छ ॥६॥ जुन रामलाई एक छिन पनि नहेरीकन म बाँच्न सक्तिनँ तिनैको नामले म किरिया हाल्दछु कि तिम्रो वचन म अवश्य पूरा गर्नेछु ॥७॥ आफूभन्दा र आफ्ना अरू तीन छोराभन्दा जुन रामलाई म बर्ता ठान्दछु तिनैलाई छोएर म किरिया हाल्दछु कि तिम्रो वचन म अवश्य पूरा गर्नेछु ॥८॥ हे कैकेयी ! यसरी किरिया हाल्दा मेरो मनमा कस्तो भो होला तिमी नै विचार गर, यस दुःखबाट मेरो हृदयको उद्धार गर, म जो भन्दछु त्यै नै गर्दछु भन्ने कुराको विचार राखेर तिमीलाई जे कुरा निको लाग्दछ सो भन ॥९॥ ममाथि तिम्रो कत्तिको दबाउ छ सो कुराको विचार राखी तिमीले मेरा-

उपर शङ्का गर्नु मुनासीब छैन, म आफ्नो पुण्य संझेर किरिया हाल्दछु कि तिमीलाई म अवश्य प्रसन्न गराउनेछु ॥१०॥

आफ्नो मतलब मनमा राखेकी कैकेयीले मनोरथ सिद्धिको वेला आयो भन्ने ठानेर प्रसन्नतापूर्वक कठोर वचन भन्नलागिन् ॥११॥ राजाका कुराले प्रसन्न भएकी कैकेयीले नजीक आएका यमराजले झैं राजासित आफ्नो कठोर अभिप्राय भन्नलागिन् ॥१२॥ तपाईंले मसित किरिया हाल्नुभएको छ र मलाई वरदान दिन भन्नुभएको छ, यो कुरा इन्द्रलगायत तेत्तीस कोटि देवता, चन्द्र, सूर्य, आकाश, ग्रह, रात, दिन, दिशा, जगत्, पृथ्वी, गन्धर्व, राक्षस, निशाचर भूत-प्रेत, घरका देवता र यी बाहेक जुन जुन प्राणी छन् ती सब तपाईंको कुरा सुनून् ॥१३-१५॥ आफूले भनेको कुरा पूरा गर्ने, महातेजस्वी, धर्मात्मा, सत्यवादी तथा शुद्ध राजा मलाई वर दिन लागेका छन्, यो सबै देवताले सुनून् अर्थात् साक्षी हुन् ॥१६॥ यस रीतिले धनुर्धारी राजालाई आफ्नो जालमा फसाएर र उनको केही प्रशंसा पनि गर्दै, वर दिन उत्सुक र कामपीडित राजालाई कैकेयी भन्नलागिन् ॥१७॥

हे राजन् ! देवासुर संग्राममा पहिले भएको कुरा संझनुहोस्, शत्रुले तपाईंलाई पराक्रमहीन गराइदिएका थिए, केवल प्राण लिएका थिएनन् ॥१८॥ हे महाराज ! त्यस बखतमा मैले जागा रहीकन हजूरको रक्षा गरेकी थिएँ, हजूरको प्राण बचाउने यत्न गरें त्यसैले हजूरले मलाई दोटा वर बक्सिएको थियो ॥१९॥ महाराज ! ती दुवै वर मैले हजूरैसित नासो राखेकी थिएँ, अहिले म यिनै दुई वर खोज्दछु अर्थात् माग्न चाहन्छु ॥२०॥ यस प्रकार धर्मपूर्वक प्रतिज्ञा गरेका यी दुइ वर बक्सिएनभने हजूरको हातबाट अनादर पाएकी म आफैं आफ्नो प्राण त्याग गरिदिनेछु ॥२१॥ वचनद्वारा कैकेयीको वशमा परेका राजा आफ्नो नाशका लागि हरिण झैं पाशोको नगीच गए ॥२२॥ त्यसपछि कामले पीडित भएका, वर दिन आँटेका राजालाई कैकेयीले फेरि भनिन्, हे राजन् ! त्यस बखत दिएका ती दुई वर बक्सियोस् ॥२३॥ ती दुई वर म अहिले नै भन्दछु, सुन्नुहोसः—

रामको अभिषेकको निम्ति तपाईंले जो सामग्री तय्यार गर्नुभएको छ त्यै सामग्रीले मेरो भरतको अभिषेक गर्नुहोस् । हे राजन् ! देवासुर संग्राममा प्रसन्न भई तपाईंले मलाई जो अर्को वर दिनुभएको थियो त्यसको पनि वेला आइपुग्यो; चौद्ध वर्षसम्म दण्डक वनमा गएर, रूखका बोक्रा मृगछाला लगाएर धीर राम तपस्वी बनून् र भरत शत्रुहीन युवराज पदको भोग गरून् ॥२४-२७॥ यै मेरो सबभन्दा ठूलो इच्छा हो, हजूरले दिएकै वर मैले मागेकी हुँ, आजै म रामले वन गएको हेर्न चाहन्छु ॥२८॥ हे राजराजेश्वर ! आफ्नो प्रतिज्ञालाई पूरा गर्नुहोस् ; कुल, शील र जन्मको रक्षा गर्नुहोस्, तपस्वीहरू भन्दछन् कि परलोकमा सत्य नै मानिसको सबभन्दा बर्ता हित गर्ने कुरो हो ॥२९॥

सर्ग–१२

महाराज दशरथको पश्चात्ताप र कैकेयीसितको कुरा।

कैकेयीको यो कठोर वचन सुन्दा राजा दशरथलाई बडो चिन्ता भयो र उनी एक छिनसम्म मूर्च्छा परे ॥१॥ राजा दशरथ विचार गर्नलागेः—यो मेरो दिनको सपना हो वा चित्तमा भ्रम भएको हो, वा पूर्वजन्ममा गरेको मैले केही कुरा संझेको हो, मानसिक विकार अर्थात् उन्माद रोग यो मलाई हुन लागेको हो कि ? ॥२॥

कैकेयीको वचनले पीडित भएका राजाले यस्तो विचार गर्दा पनि मनमा केही शान्ति पाउन सकेनन् । केही बेरमा होश आएपछि बघिनीलाई देख्ता हरिणीलाई भए जस्तै, दुःखी र आकुल व्याकुल परेका राजाले, ओछ्यानै नभएको भूइँमा बसेर, मन्त्रको बलले घेराभित्र बाँधिएको महाविषालु सर्प झैं, लामो लामो सास फेर्दै, रिसाएर भने, "अहो धिक्कार छ" ॥३-५॥ उनी फेरि मूर्च्छा परे, कारण शोकले गर्दा उनको बुद्धि नै ठेगानमा थिएन, धेरै बेरपछि पो उनलाई होश आयो र उनी बड़ा दुःखित थिए ॥६॥

आफ्नो तेजले आफैंलाई पोल्न लागेको जस्तो गरेर अत्यन्त रिसाई कैकेयीलाई भन्नलागेः—दुष्ट काम गर्ने, यस कुलको नाश गर्ने ए निठुरी ! मैले अथवा रामले तेरो के बिगार गरेको छ; राम त सधैं तँसँग आमासँग जस्तो व्यवहार गर्दछन् ॥७-८॥ आज उनैको नाश गर्न तँ के कारणले तय्यार भएकी छस्, आफ्नो नाश गर्न पो तँलाई मैले घरमा पसालेको रहेछु ॥९॥ मैले ता तँलाई राजाकी छोरी पो भन्ठानेको थिएँ, तँ ता महाविषालु सर्पिणी पो रहिछस् ; सबै मानिसले रामको गुणको प्रशंसा गर्दा गर्दै के दोष लगाएर म आफ्नो प्यारो छोरालाई त्याग गरूँ । कौशल्या, सुमित्रा तथा यस राज्यलाई र आफ्नो प्राणसमेत त्याग गर्न सक्तछु तर पितृभक्त रामलाई त्याग गर्न सक्तिन । यी जेठा छोरालाई देख्नाले मलाई बडो आनन्द हुन्छ, यिनलाई देख्न पाइनँभने ता मेरो होशै उडेर जान्छ । सूर्यविना पृथ्वी अडिहालोस्, पानीविना धान बाँचिहालोस् तर रामविना मेरो शरीरमा प्राण अड्न सक्तैन, यस-कारण हे पापिनी ! आफ्नो यो ढिपी छाडिदे ॥१०-१४॥ म आफ्नो टाउकाले तेरो खुट्टा छुन्छु, मदेखि खुशी भइजा । हे पापिनी ! तैंले के कारणले यस्तो पाप चिताएकी होस् ? ॥१५॥ यदि तैंले भरतमाथि राजा प्रेम गर्दछन् वा गर्दैनन् भन्ने कुरा जान्न खोजेकी होस्भने भरतको निम्ति पहिले तैंले जो वर मागेकी थिइस् सो मलाई मन्जूर छ ॥१६॥

तैंले मलाई राम हजूरका जेठा छोरा हुन् धर्मले पनि ठूला हुन् भन्ने जो कुरा भनिथिस् त्यो ता केवल मलाई खुशी पार्न तैंले रामको तारीफ गरेकी रहिछस् ॥१७॥ यसै कारणले रामको अभिषेकको कुरा सुन्दा तँ दुःखी भएकी र मलाईसमेत ठूलो दुःख दिइरहेकी होलिस् ; अर्काको कुरामा लागेर तँ यो शून्य घरमा बसेकी होलिस् ॥१८॥ नीतिमा चल्ने यो इक्ष्वाकुकुलमा घोर अन्याय हुन लाग्यो कारण यस

समयमा तेरो बुद्धि विग्रन गएको छ ।।१९।। तर ठूला ठूला आँखा भएकी हे कैकेयी ! तिमीले अहिलेसम्म मेरो कुनै अपराध अथवा मलाई मन नपर्ने केही कुरो पनि गरेकी छैनौ तसर्थ तिम्रो यो कुरामा म पत्यार गर्दिनँ ।।२०।। तिमीले पहिले धेरै बाजि मलाई भनेकी थियौ कि मलाई महात्मा भरत जत्तिका प्यारा छन् उत्तिकै राम पनि छन् ।।२१।। यिनै धर्मात्मा यशस्वी रामलाई चौद्ध वर्षसम्म वनमा राख्ने कुरा हे देवी ! तिमीलाई कसरी निको लाग्यो ? ।।२२।। धीर रामचन्द्र अत्यन्त सुकुमार तथा धर्ममा श्रेष्ठ छन्, तिनले अत्यन्त भयानक वनमा बस्ने कुरा तिमीलाई कसरी निको लाग्यो ? ।।२३।। राम्रो आँखा भएकी हे कैकेयी ! सबैका प्यारा राम जो तिम्रो सेवा टहल गर्दछन् तिनलाई देशनिकाला गरिदिने कुरा तिमीलाई कसरी मन पर्‍यो ? ।।२४।। रामचन्द्र भरतले भन्दा बर्ता तिम्रो सेवा गर्दछन्, रामचन्द्रले भन्दा बर्ता भरतले तिम्रो सेवा गरेको देखिएको छैन ।।२५।। तिम्रो सेवा, तिम्रो मान, तिम्रो महत्त्व तथा तिम्रो आज्ञापालन पुरुषश्रेष्ठ रामचन्द्रको सिवाय अरू कसले गर्ला ? ।।२६।।

मकहाँ हजारौं आइमाई, अनेकौं नोकर छन् तर कसैले पनि रामको सम्बन्धमा निन्दा वा बद-ख्वाइँ गरेको सुनिएको छैन ।।२७।। राम शुद्ध चित्तले सबै प्राणीहरूको साथमा व्यवहार गर्दछन् र देशवासीहरूलाई उनको भलो गरेर आफ्नो वशमा राख्तछन् ।।२८।। राम दुनियाँलाई सत्यद्वारा (राघव नीतिले), ब्राह्मणलाई दानद्वारा, आफूभन्दा ठूलालाई सेवाद्वारा, तथा युद्धमा शत्रुलाई धनुद्वारा जित्तछन् ।।२९।। सत्य, दान, तप, त्याग, भित्रता, पवित्रता, कोमलता, विद्या र गुरुजनको सेवा यी सबै गुण रामचन्द्रमा नै छन् ।।३०।। यस्ता विनययुक्त, देवतुल्य, महर्षि जस्ता तेजस्वी, रामचन्द्रको विषयमा हे कैकेयी ! किन यस्तो कुभलो कुराको विचार गर्दछ्यौ ? ।।३१।। कसैलाई आफूले कठोर वचन भनेको मलाई संझना छैन, तिम्रो निम्ति संसारैसँग मीठो वचन बोल्ने प्यारा रामलाई मैले कसरी कठोर वचन भन्ने हो ? ।।३२।। जुन राममा क्षमा, तप, त्याग, सत्य, धर्म, कृतज्ञता र प्राणीहरूको अहिंसा इत्यादि सबै गुण छन् ती रामविना मेरो के गति होला ? ।।३३।। म बूढो भइसकेको छु, मेरा दिन अब धेरै बाँकी छैनन्, म शोचनीय अवस्थामा पुगेको छु; म तिम्रो अगाडि लाचार भई प्रार्थना गर्दछु, हे कैकेयी ! म तपस्वीमाथि दया गर ।।३४।। समुद्रपर्य्यन्त यस पृथ्वीमा जे जे पाइन्छन् ती सब म तिमीलाई दिन्छु, मृत्युपट्टि नजाऊ ।।३५।। हे कैकेयी ! म हात जोर्दछु, तिम्रा खुट्टा छुन्छु, रामचन्द्रको रक्षा गर जसमा कि मलाई पापले छुन नपाओस् अर्थात् मलाई अधर्म नलागोस् ।।३६।।

यस प्रकारसँग शोकले व्याकुल भएका, विलाप गरिरहेका, बेहोश भएका, भ्रान्तिमा परेका, चिन्ताले छटपटाइरहेका, शोकसमुद्रबाट पार हुनलाई वारंवार बडबडाइरहेका महाराजलाई निष्ठुरी कैकेयी कठोर वचन भन्नलागिन् ।।३७-३८।।

हे राजन् ! यदि वर दिएर तपाईं पश्चात्ताप गर्नुहुन्छभने ता हे वीर ! तपाईं कसरी पृथ्वीमा धार्मिक कहलिन सक्नुहुन्छ ।।३९।। हे धर्मज्ञ ! अनेक राजर्षि जम्मा भएर तपाईंलाई सोधेको

वेलामा उनीहरूलाई के जवाफ दिनुहोला ? ॥४०॥ जसको कृपाले म बाँचेको छु, जसले मेरो रक्षा गरिन् तिनै कैकेयीसित मैले जो प्रतिज्ञा गरेको थिएँ सो प्रतिज्ञाको मैले पालन गरिनँ'' के यै उत्तर दिनुहुने हो ॥४१॥ हे राजन् ! तपाईंले आफ्ना वंशमा जन्मेका राजाहरूको नाममा कलङ्क लगाउन लाग्नुभो, किन कि आजै वर दिएर त्यसको विपरीत कुरा गर्नलाग्नुभएको छ ॥४२॥ बाज र परेवाको लडाइँमा राजा शिविले बाजलाई आफ्नो मासु दिई परेवाको रक्षा गरेका थिए, र अलर्कले अन्धो ब्राह्मणलाई आफ्नो आँखा दिईकन उत्तम गति अर्थात् स्वर्ग पाएका थिए ॥४३॥ प्रतिज्ञा गरेकोले समुद्र पनि आफ्नो पानीलाई किनारा नाघेर जान दिंदैन, पहिले भएको कुरा संझेर आफ्नो प्रतिज्ञा भङ्ग नगर्नुहोस् ॥४४॥ हे दुर्बुद्धि ! तिमी ता धर्म छाडीकन रामको राज्याभिषेक गरेर सधैं कौशल्यासँग विहार गर्न चाहन्छौ ॥४५॥ धर्म होस् वा अधर्म, सत्य होस् वा असत्य, जेसुकै होस्, तिमीले मसित जो प्रतिज्ञा गरेका छौ त्यसमा अदलबदल हुन सक्तैन ॥४६॥ रामको राज्याभिषेक गर्‍यौभने यहीं तिम्रो सामुन्नेमा तिमीले हेर्दा हेर्दै धेरै विष पिएर मरिदिनेछु ॥४७॥ रामकी आमालाई मानिसले हात जोरेर प्रणाम गरेको एकलै टुलुटुलु हेरिरहनुभन्दा ता मैले मर्नु नै निको हो ॥४८॥ हे महाराज ! आफूलाई र भरतलाई छोएर किरिया खान्छु कि रामलाई वनवास पठाउने-सिवाय अरू कुनै कुराले म प्रसन्न हुन सक्तिनँ ॥४९॥

यति कुरा भनेर कैकेयी चूप लागिन्, राजा विलाप गरि नै रहेका थिए तर उनीसित केही पनि भनिनन् ॥५०॥ "रामचन्द्रको वनवास र भरतको राज्याभिषेक" कैकेयीको यो अत्यन्त अनुचित कुरा सुनेर राजा एकछिनसम्म कैकेयीसित बोलेनन् किन कि यिनका इन्द्रियहरू व्याकुल भएका थिए, अप्रिय कुरा बोलिरहेकी ती रानीतिर एक दृष्टि लगाएर हेरिरहेका थिए ॥५१-५२॥ मनलाई न-राम्रो लाग्ने, वज्रसमानको, दुःख र शोकले भरिएका उनका कुरा सुनेर राजा कसै गरेर पनि शान्त भएनन् ॥५३॥ कैकेयीको रामलाई वनमा पठाउने अभिप्राय तथा उनको डरलाग्दो किरिया यी दुवै-लाई संझेर, "हे राम !" यति भन्दै लामो सुस्केरा हालेर, नकाटिएको रूख ढले झैं राजा लडे ॥५४॥ यस समयमा राजा होश हराएको बौलाहा, विपरीत बुद्धि भएको रोगी र मन्त्रको प्रभावले तेजहीन भएको सर्पसमान भएका थिए ॥५५॥

केही बेरमा लाचार तथा व्याकुल भई राजा कैकेयीलाई भन्नलागेः—यो कुभलो हुने कुरालाई कसले तँलाई भलो गर्ने हो भनेर उपदेश गर्‍यो ॥५६॥ भूत लागेकी जस्ती भएर तँ मेरो सामुन्नेमा यस्तो कुरा गर्दछेस्, तँलाई लाज लाग्दैन ? तेरो स्वभाव यत्तिको खराब भयो होला भन्ने कुरा मैले पहिले थाहा पाएको थिइनँ ॥५७॥ बाल्यावस्थामा ता तिमी असल स्वभावकी थियौ, अहिले ता म उल्टो पो देख्न लागिरहेको छु, तिमीलाई कहाँबाट यस्तो हुन गयो र यस्तो वर माग्न लागिरहेकी छयौ ॥५८॥ भरतलाई राज्य दिलाउन र रामलाई वन पठाउन चाहन्छयौ, हे कैकेयी ! यदि तिमीलाई आफ्नो पतिको, दुनियाँको र भरतको भलो गर्नुछभने यो झूटो अभिप्रायलाई छाडिदेऊ ।

पाप गर्न तत्पर भएकी, छोटो विचार भएकी ए निठुरी पापिनी ! तैंले राममा अथवा ममा कुन दुःखको कारण अथवा अपराध देखिस् ? रामविना भरतले कदापि राज्य ग्रहण गर्नेछैन ॥५९-६१॥ किन कि म उसलाई रामभन्दा पनि बर्त्ता धर्मात्मा भनिठान्दछु, "वन जाऊ" यो वचन तँ नै रामलाई कसरी भन्न सक्लिस् । मैले रामलाई "वन जाऊ" भन्नासाथ उनको मुख राहुले ग्रस्त गरेको चन्द्रमा जस्तो हुनेछ, त्यस्तो मुख मैले कसरी हेर्नें ? मैले आफ्ना मित्रहरूसँग सल्लाह गरेर जुन कुरा निश्चय गरेको छु, रणभूमिबाट मार खाएर भागेको सेनालाई जस्तै, मैले त्यो कुरा बदलिएको कसरी हेर्नें ? । देश देशान्तरबाट आएका राजा मलाई के भन्लान् ? । तिनीहरू मलाई यसै त भन्लान् :—"इक्ष्वाकुवंशी राजा ता केटाकेटी जस्ता पो रहेछन्, यतिका दिन थिनले कसरी राज्य चलाए होलान्" । अनेक गुणवान्, विद्वान्, बूढापाकाले रामचन्द्रको सम्बन्धमा सोधेभने मैले त्यस वेलामा के भन्ने ? मैले ता यै न भन्नुपर्ला "कैकेयीद्वारा पीडित भएर मैले रामको वनवास गराएँ" ॥६२-६६ ॥

मैले साँचो कुरा गरेंभने मेरो पहिलेको रामलाई राज्य दिने कुरा झूटो ठहरिनेछ; रामलाई वन पठाउँदा कौशल्या मलाई के भन्लिन् । उनको यस्तो कुभलो गरेर मैले उनलाई के जवाफ दिने ? तिनले सदा कमारी, मित्र, पत्नी, बहिनी र आमाको समान मसँग व्यवहार गरिआएकी छन्, छोरालाई प्यारो गर्ने, सदा मीठो बोल्ने कौशल्याले सधैं मेरो भलो गरेकी छन् ॥६७-६९॥ देवी कौशल्या सत्कार गरिने योग्य हुन् तर तिम्रो खातिर अर्थात् तिम्रो डरले मैले उनको आदर सम्मान गरिनँ । जुन कुरो मैले तिम्रो मन राख्नाका लागि गरेथें त्यसले अहिले, कुपथ्य साग तरकारीको साथमा अन्न खानाले रोगीको रोगले अकैं रूप लिएझैं, रामको वनवासरूपी अनादरको रूप लियो । रामको वन जाने कुरा सुनेर डराएकी सुमित्रा कसरी मेरो विश्वास गर्लिन् ।

यो बडो अफसोसको कुरा छ कि सीताले राम वन गएको र मेरो मृत्यु भएको यी दोटा अशुभ समाचार सुन्नेछिन्, म मरेकोमा शोक गर्दै सीता दुब्लाउनेछिन् ॥७०-७३॥ हिमालयको नगीच शशुरा किन्नर नहुनाले किन्नरीहरूको जुन दशा हुन्छ सीताको पनि त्यै दशा हुनेछ । वन जानलाई प्रस्थान गर्नलागेका राम र रुन लागेकी सीतालाई देखेर म धेरै दिनसम्म बाँच्ने आशा गर्न सक्तिनँ, त्यस बखतमा विधवा भएर तिमीले आफ्ना छोराको साथमा राज्य चलाए ॥७४-७५॥ जसरी देख्नमा राम्रो तर विष मिसिएको मदिरा पान गर्नाले मानिसलाई पछि पश्चात्ताप हुन्छ त्यसै गरी पहिलेका तेरा काम देख्नाले म तँलाई पतिव्रता भनिठान्दथें, तर यस कामले ता म तँलाई अत्यन्त असती संझन्छु ॥७६॥ जसरी व्याधा गीतद्वारा हरिणलाई भुलाएर मारिदिन्छ तैंले पनि त्यसै गरी झूटा झूटा लोभ्याउने कुराले शान्ति दिंदै मारि नै दिइस् ॥७७॥ रक्सी पिउने बाहुनको गल्ली गल्लीमा जस्तो अनादर हुन्छ त्यस्तै गरी छोरो बेच्ने पापी भनेर भलाद्मीहरू मेरो गिल्ला गर्नेछन् ॥७८॥

अहो ! यो बडो खेदको कुरा हो कि म तेरो वचन सहिरहेको छु, पूर्वजन्ममा गरेको पापको फलस्वरूप म आज यो दुःख भोगिरहेको छु ॥७९॥ हे पापिनी ! म पापीले धेरै कालसम्म तेरो रक्षा

गरें र अज्ञानले गर्दा फाँसी दिने डोरी समातिराखेझैं तँलाई आफ्नो साथमा राखें ॥८०॥ जसरी बालक एकान्तमा अज्ञानले गर्दा कालो साँपसित खेल्दछ त्यसै गरी तेरा साथमा मैले विहार गरें तर तँ मेरो मृत्युको कारण होस् भन्ने बुझेको थिइनँ ॥८१॥ यो समस्त संसार अवश्य मेरो निन्दा गर्नेछ किनकि महात्मा रामलाई मैले बाबु नभएको छोरो जस्तो गराइदिएँ ॥८२॥ दुनियाँले अवश्यै भन्नेछ कि स्वास्नीको लागि छोरालाई वन पठाउने राजा दशरथ अत्यन्त मूर्ख र कामी रहेछन् ॥८३॥ वेद पढ्नाले, ब्रह्मचर्यका नियम पालन गर्नाले र गुरुहरूको सेवा गर्दा राम दुब्लो भइसकेका छन् , अब भोग गर्ने समयमा उनले फेरि वनवासको ठूलो कष्ट सहनुपऱ्यो ॥८४॥ मेरा छोरा रामको मैले भनेको कुराको जवाफमा अर्को कुरा गर्ने बानी छैन अर्थात् म जो भन्दछु सो उनी मान्दछन् । ''वन जाऊ'' भन्नासाथ उनी ''हुन्छ'' भन्नेछन् ॥८५॥ मैले वन जाऊ भन्दा उनले मेरो कुरा नमानिदिए ता मेरो वडो भलो हुने थियो तर उनी किन यसो गर्थे ॥८६॥ राम वन गएपछि सबैले मलाई धिक्कार्नेछन् र यो अपमान सहन नसक्ने हुनाले मृत्युले मलाई यमलोकतिर लैजानेछ ॥८७॥ म मरेपछि र पुरुषश्रेष्ठ राम वन गएपछि तैंले बाँकी बचेका मेरा बन्धुवर्गमाथि के के अत्याचार गर्नेहोस् ॥८८॥ मलाई, रामलाई अथवा राम लक्ष्मणलाई छाड्नुपर्दा कौशल्यालाई जो दुःख हुनेछ सो सहन नसकी मेरो पछि लाग्नेछन् अर्थात् मर्नेछन् ॥८९॥ राम, लक्ष्मण, शत्रुघ्न तीनै छोराको साथसाथै कौशल्या, सुमित्रा र मलाई नरकसमान दुःखमा पारेर हे कैकेयी ! तँ खुशी भएस् ॥९०॥ कुल परम्परादेखि गुणी राजाहरूद्वारा राम्रो व्यवस्था भएकोले कुनै प्रकारको गोलमाल उठ्न नपाएको तर राम जानाले गोलमालमा परेको यो इक्ष्वाकुकुलको तैंले पालना गरेस् ॥९१॥ रामको वन जाने कुरा भरतलाई निको लाग्दछभने म मरेपछि उनले मेरो प्रेत क्रिया (दाह आदि) नगरुन् ॥९२॥ म मरेपछि र पुरुषश्रेष्ठ वन गएपछि विधवा भएर तैंले छोराको साथसाथमा राज्य गरेस् ॥९३॥ हे राजपुत्री ! मेरो दुर्भाग्यले तैंले मेरो घरमा वास गरिस्, यसैले संसारमा मेरो ठूलो अपगाल र निन्दा नभई छाड्नेछैन, पापीझैं सबै प्राणीमा मेरो अनादर हुनेछ ॥९४॥

जुन राम आजसम्म रथ, घोडा र हात्तीमा सवार भई हिंड्थे तिनै प्यारा रामचन्द्र भयानक वनमा कसरी पैदल हिंड्लान् ॥९५॥ कानमा कुण्डल लगाएका भान्छेहरू पहिले म पकाउँछु पहिले म पकाउँछु भन्दै प्रसन्नतासाथ जसको भोजनको निम्ति खाने कुरो तय्यार पार्दथे तिनै मेरा प्यारा छोरा रामले पगलिंदो, तीतो, टर्रो जंगली खाने कुरा खाएर कसरी समय बिताउलान् ॥९६-९७॥ धेरै मोल पर्ने लुगा लगाएर पहिलेदेखि नै सुखभोग गरिआएका रामले गेरुवा वस्त्र लगाएर कसरी रहने हो ॥९८॥ ''रामले वन जानुपर्दछ र भरतको अभिषेक हुनुपर्दछ'' भन्ने कठोर वचन भन्नलाई तिमीलाई कसले उपदेश दियो ॥९९॥ आफ्नो स्वार्थ चाहने र धूर्त स्त्रीजातिलाई धिक्कार छ; मैले केवल भरतकी आमालाई लक्ष्य गरेर यसो भनेको हुँ सबै आइमाईलाई भनेको हैन ॥१००॥

ए मतलबी, निठूरी, अनर्थ गर्न तय्यार भएकी कैकेयी ! तँ ता केवल मलाई दुःख दिनका लागि

आएकी रहिछस्; मैले गर्दा तँलाई के कष्ट भएको छ र हित गर्ने राममा तैंले के खराब कुरो देखिस्? ॥१०१॥ रामलाई दुःखमा परेको देख्ता संसारका सबै मानिस रिसाउनेछन्, माया गर्ने बाबुले आफ्ना छोरालाई र स्वास्नीहरूले आफ्ना लोग्नेलाई छाडिदिनेछन् ॥१०२॥ देवकुमार जस्ता राम्रा, गहना लगाएर सिंगारिएका रामलाई जब म आउन लागेको देख्तछु त्यस बखतमा म बडो खुशी हुन्छु र उनलाई देखेपछि म फेरि तरुनो जस्तो हुन्छु ॥१०३॥ सूर्यविना संसारको काम चल्न सक्ला, इन्द्रले वर्षा नगराए तापनि जीवन-निर्वाह हुन सक्ला, तर रामलाई यहाँबाट जान लागेको देख्ता ता कोही पनि बाँच्ने छैन, मेरो ता यस्तै विचार छ ॥१०४॥ आफ्नो विनाशको इच्छा गर्ने, कुभलो चिताउने, शत्रुजस्ती तँलाई मैले घरमा वास दिएर मृत्युलाई पो बोलाएँछु, अफसोस ! भयङ्कर विषालु सर्पिनी-लाई मैले अज्ञानरूपी मोहमा परेर काखमा राखेछु, यसै कारणले आज म मारिनलागें ॥१०५॥ अब म, राम र लक्ष्मण यी कोही पनि नभएर भरत, एकलै तेरा साथमा मेरा बन्धुवर्गलाई मारी, मेरा शत्रुहरू-सँग मीठो मीठो कुरा गर्दै शहर र राज्यको शासन गरून् ॥१०६॥ कुभलो गर्न तत्पर भएकी, दुःखको समयमा ममाथि प्रहार गर्ने ए कैकेयी ! यस समयमा तँ जिद्दी गरेर जुन कुरा भनिरहेकी छस् त्यो भन्दाखेरि मुखबाट तेरा दाँत हजार टुक्रा भई भूइँमा किन नखसेका होलान् ॥१०७॥

राम कहिले पनि अप्रिय र कुभलो वचन बोल्दैनन्, रामले कडा बोली बोल्न जानेकै छैन, मीठो बोली बोल्ने र आफ्नो गुणले गर्दा सधैं सबैसित मिलेर बस्ने यिनलाई तँ के दोष लगाउँछेस्? ॥१०८॥ चाहे तँ अग्निमा प्रवेश गर्, चाहे पासो लगाएर झुण्डी, चाहे नाश हो, चाहे हजार टुक्रा भई पृथ्वी-भित्र पस्, तर, कैकयराजकुलमा कलङ्क लगाउने हे कैकेयी ! म कुनै प्रकारले पनि आफ्नो कुभलो हुने तेरो कठोर वचन मान्नेछैन ॥१०९॥ छुराको धारसमान तँ भयङ्कर छेस्, तँ सधैं झूटो तर मनलाई लोभ्याउने कुरा गर्दछेस्; तेरो स्वभाव दुष्ट छ, तँ आफ्नो कुलको नाश गर्ने होस्, प्राणसमेतको हृदयलाई डढाउने होस्, तँ मनलाई प्रिय छैनस्, म तँ बाँचेको सहन सक्तिनँ ॥११०॥ पुत्रको विना ता मेरो प्राण रहनै सक्तैन, सुखको आशा र तँमाथिको प्रेमको कुरा त कता छ कता, हे देवी ! तैंले मेरो कुभलो गर्नु उचित छैन, जनि गर, म तेरा खुट्टा छुन्छु, खुशी भइजा ॥१११॥

दृढनिश्चय भएकी स्त्रीले राजाको हृदयलाई खूब बलियोसँग समातेकी थिइन्, उनी अनाथझैं विलाप गर्दै, पसारेका कैकेयीका खुट्टा नभेट्टाएर रोगग्रस्त मानिसझैं लडे ॥११२॥

सर्ग—१३

दशरथको व्याकुल अवस्थाको वर्णन ।

भूइँमा सुत्न र शोक गर्न योग्य नभए तापनि राजा दशरथ भूइँमा सुतिरहेका र दुःखको अनुभव गरिरहेका थिए; पुण्य सकिएमा देवलोकबाट खसेका ययाति जस्ता उनी देखिएका थिए ॥१॥ राजाको

विरुद्ध आफ्नो मनोरथ पूर्ण गर्न खोज्ने, केही डर नभएकी, डर देखाउने भएकी कैकेयी फेरि त्यै वरको कुरा भन्नलागिन् ॥२॥

तपाईंलाई सबैले सत्यवादी र आफ्नो प्रतिज्ञा पालन गर्नामा पक्का भन्दछन्, तर, तपाईं किन मेरो वर रोक्न चाहनुहुन्छ ॥३॥

कैकेयीको यो कुरा सुनेर राजा दशरथ विह्वल भएर क्रोधपूर्वक भन्नलागे ॥४॥ ए मेरी शत्रु ! ए दुष्ट ! म मरेपछि र पुरुषश्रेष्ठ राम वन गएपछि तेरो अभिलाषा पूर्ण हुनेछ र तँ सुखी हुनेछस् ॥५॥ स्वर्गमा पनि देवताहरूले रामको क्षेम कुशल सोध्दा म उनलाई के जवाफ दिउँला, रामलाई चौध्र वर्षका लागि वन पठाएँ भन्दा उनीहरूले मलाई जो भन्नेछन् त्यो मैले कसरी सहने ? ॥६॥ कैकेयीलाई प्रसन्न गराउन मैले रामलाई वन पठाएको हो भन्दा मेरो यो जवाफ ता सत्य हुनेछ तर अर्को कुरा (रामको अभिषेक गर्छु भनेर नगरेको) ता असत्यै हुनेछ ॥७॥ म पुत्रहीन थिएँ, बडो परिश्रमले राम जस्तो तेजस्वी श्रेष्ठ छोरा पाएँ, यस्ता रामलाई म कसरी त्याग गर्न सक्तछु ॥८॥ राम शूरा, विद्वान्, रिसलाई जितेका र क्षमाशील छन्, यस्ता कमल जस्ता आँखा भएका रामलाई मैले कसरी निकाल्ने ? ॥९॥ कमल जस्तो श्याम वर्ण भएका, आजानबाहु (घुँडासम्म हात पुग्ने) बडा पराक्रमी, सबैको मन पर्ने रामलाई मैले कसरी दण्डक वनमा पठाउने ? ॥१०॥ राम सुख भोग गर्न योग्य छन्, कुनै प्रकारले पनि दुःख पाउन योग्य छैनन्; बुद्धिमान् रामचन्द्रको दुःख मैले कसरी हेर्ने हो ? ॥११॥ दुःख पाउन अयोग्य रामलाई दुःख नदिईकन नै स्वर्गमा जान पाए म सुखी हुनेछु ॥१२॥ ए निष्ठुरी ! पाप गर्न निश्चय गरेकी कैकेयी ! सत्यपराक्रमी राम मेरा प्यारा छन्, तँ किन उनीसित मेरो वियोग गराउन लागेकी छस् ॥१३॥ यसो गर्नाले संसारमा ठूलो दुर्नाम फैलिनेछ; यसरी विलाप गर्दा गर्दै राजाको चित्त आकुल व्याकुल भयो ॥१४॥

यै समयमा सूर्यास्त भयो र रात पऱ्यो, चन्द्रमाको प्रकाशले शोभायमान भएको रात्रिले पनि, दुःखी र विलाप गरिरहेका राजालाई केही आनन्द दिएन । यस समयमा बूढा राजा आकाशतिर दृष्टि लगाएर मुखबाट वारंवार तातो राँको झिक्तै रोगपीडित मानिसझैं दुःखपूर्वक विलाप गर्नलागे । नक्षत्रहरूले शोभित भएको हे रात्रि ! म चाहन्नँ कि तिम्रो समाप्तिपछि विहान होस् ॥१५-१७॥ हे सज्जन ! हेर मैले हात जोरें, ममाथि दया गर, अथवा चाँडै नै जाऊ, किन कि म यो निर्घृणी, दया नभएकी कैकेयीलाई हेर्न चाहन्नँ यै कैकेयीले गर्दा मैले अहिले यस्तो कष्ट भोगिरहन परेको छ, यति भनेर राजधर्म जान्ने राजा फेरि हात जोरेर कैकेयीलाई भन्नलागे—हे सज्जन देवी ! कहिले पनि छल-कपट नगर्ने, दुःखी, तिम्रो वशमा परेको, अलि दिन मात्र बाँच्ने राजामाथि प्रसन्न भइजाऊ, मैले यो कुरा कोही नभएको शून्य जग्गामा भनेको हैन, तिमीलाई भनेको हो, मैले भनेको कुरामा तिमीले दयापूर्वक विचार गर्नु उचित छ, मेरो यै अभिप्राय हो ॥१८-२१॥ हे कैकेयी ! तिमी दयालु छौ अतः मदेखि प्रसन्न भइजाऊ, तिमी नै प्रसन्नतापूर्वक रामलाई राजगद्दी देऊ, तिमीले दिएको अक्षय राज्य रामले पाऊन् । हे राम्रो

मुख र आँखा भएकी कैकेयी ! तिमीले यसो गर्यौभने तिम्रो ठूलो यश हुनेछ, मलाई, रामलाई, प्रजा तथा वशिष्ठ आदि गुरुहरूलाई यै कुरो प्रिय छ, तिमी पनि यै गर ॥२२-२३॥ सरल स्वभाव भएका, दुःखी तथा अत्यन्त विलाप गर्दा गर्दा आँसु भरिएका राता राता आँखा भएका राजाको अद्भुत र दया उठ्ने किसिमको विलाप सुन्दा पनि दुष्ट तथा निर्दयी कैकेयीले उनको वचन मानिनन् ॥२४॥

कैकेयीलाई असन्तुष्ट, उल्टो उल्टो कुरा गर्न लागेकी, तथा रामलाई वन पठाउने उनको जिद्दी देख्ता, दुःखी भई मूर्च्छा परेर निश्चल भएका राजा भूईंमा लडे ॥२५॥

यस प्रकारसँग, मनस्वी तर यस समयमा दुःखमा परेका राजा दशरथले लामो लामो सास फेर्दै बडो कष्टले त्यो रात काटे । बिहानीपख आफूलाई जागा गराउनाको निम्ति हुनलागेको गाना बजानालाई राजाले रोकिदिए ॥२६॥

सर्ग—१४

अभिषेकको सामग्री लिएर वशिष्ठ आउँछन् र सुमन्त्र राजालाई जागा गराउँछन् ।

पुत्रशोकले पीडित भई बेहोश भएर भूईंमा लडेका राजालाई छटपटाइरहेको देखेर पापिनी कैकेयी भन्नलागिन् ॥१॥ वर दिने प्रतिज्ञा गरेर किन तपाई भूईंमा सुत्नुभएको, पाप गरेर पश्चात्तापमा परे झैं पो तपाई लड्नुभएको छ; सत्यमर्यादाको पालन गर्नाका लागि तपाईंले स्थिर रहनु उचित छ ॥२॥ धर्मको रहस्य जान्ने मानिसहरू सत्यलाई नै श्रेष्ठ धर्म भन्दछन् । यै सत्यरूपी धर्मको पालन गर्न म तपाईंलाई आग्रह गरिरहेकी छु ॥३॥ राजा शिविले बाज पक्षीलाई आफ्नो शरीर दिने प्रतिज्ञा गरी परेवाको सट्टामा सो बाजलाई आफ्नो शरीरको मासु दिईकन उत्तम गति पाए ॥४॥ त्यसै गरी तेजस्वी अलर्कले वेदपाठी एउटा अन्धा ब्राह्मणले माग्दाखेरि प्रसन्नतासाथ आफ्ना दुवै आँखा झिकेर दिए ॥५॥ समुद्रको पनि सत्य नै मर्यादा हो अतएव सत्यको अनुरोधले (अगस्त्यसित गरेको प्रतिज्ञा पालन गर्नुपरेकोले) आफ्नो तीरको अलिकता जग्गालाई पनि बिगार्दैन ॥६॥ सत्य नै एकपदरूपी (ॐ) ब्रह्म हो; सत्यमा नै धर्म अडेको छ, सत्य नै कहिले नाश नहुने वेद हो, सत्यले नै ब्रह्मस्वरूप परमपद पाइन्छ ॥७॥

हे सज्जन ! तपाईंलाई यदि धर्ममा विश्वास छभने सत्यको पालना गर्नुहोस्, मलाई जो वर दिनुभएको छ सो मुताबिक काम गरेर तिनलाई सफल बनाउनुहोस्, फिन कि तपाईं श्रेष्ठ वर दिने हुनुहुन्छ ॥८॥ धर्मपालनको निम्ति, तथा मेरो भनाइले पनि छोरा रामलाई वनमा पठाउनुहोस्, यो कुरा म तपाईंलाई तीनचोटि भन्दछु ॥९॥ हे सज्जन ! यदि तपाईं यस प्रतिज्ञाको पालन नगरेर मलाई त्याग गर्नुहुन्छभने म अहिलै नै तपाईंको सामुन्नेमा प्राण त्याग गरिदिन्छु ॥१०॥

यस प्रकारसँग निडर भई जब कैकेयीले फेरि यै कुरा भनिन् तब ता राजा इन्द्रको पासोबाट बलि उम्कन नसकेझैं, सत्यरूपी पासोको बन्धनबाट उम्कन सकेनन् ॥११॥ राजाको हृदय व्याकुल भो,

मुखको रंग झ्याउरो भो, यस बखतमा उनको अवस्था दुई पांग्राको बीचमा घुम्ने धुराको जस्तो अस्थिर भयो ॥१२॥ आँसु भरिनाले व्याकुल भएका आँखाले राजाले केही पनि देख्न सकेनन्, बडो कष्टले आफ्नो चित्तलाई सम्हालेर कैकेयीलाई भन्नलागे ॥१३॥ हे पापिनी ! विधिपूर्वक स्थापना गरेको आगोको सामुन्ने, मन्त्रले शुद्ध गरिएको मैले तेरो जो पाणि-ग्रहण गरेथें सो पाणि-ग्रहण र त्यसका साथसाथमा मबाट जन्मेको छोरा र तँलाई पनि त्याग गर्दछु ॥१४॥ रात बितिसक्यो, सूर्योदय हुन लाग्यो, पुरोहित-हरू अभिषेकको निम्ति मलाई छिटो गर्न भन्नेछन् ॥१५॥ हे कुभलो चिताउने ! रामको अभिषेकमा तैंले बाधा पारिस्‌भने राज्याभिषेकको निम्ति जो सरजाम तय्यार पारेको छ त्यै सरजामले रामचन्द्रबाट वशिष्ठहरूले मेरो प्रेत-क्रिया गराउनेछन्, आफ्नो छोरासंग तैंले मलाई पानी दिने काम अर्थात् मेरो श्राद्ध नगर्नू ॥१६-१७॥ मैले आज रामको हँसिलो मुख देखेको हुँ, अब उनै रामचन्द्रको हर्ष र आनन्दले रहित भएको तथा झोक्रिएको मुख कसरी हेर्न सकुँला ॥१८॥ महात्मा राजाले कैकेयीसँग यसरी बोल्दा बोल्दैमा चन्द्रमा र नक्षत्रहरूको माला धारण गर्ने पवित्र रात्रिको समाप्ति भयो ॥१९॥

बोल्नामा बडी चतुरी, मनमा पाप चिताउने कैकेयी रिसले मुर्मुरिंदै राजासित फेरि कठोर वचन बोल्नलागिन् ॥२०॥ हे राजन् ! विष र बर्छी जस्तो दुःख दिने यस्तो वचन किन बोल्नुहुन्छ, तपाईंले प्रसन्नतापूर्वक रामलाई यहाँ बोलाउनु उचित छ ॥२१॥ मेरा छोरालाई राजसिंहासनमा बसाली, रामलाई वन पठाएर, मलाई शत्रुरहित गराएपछि तपाईं कृतकृत्य अर्थात् सुखी हुन सक्नुहोला ॥२२॥

साह्रो कोर्राले पिटिएको असल घोडा जस्तै वारंवार कैकेयीको वचनले सताइएका राजा भन्न-लागे ॥२३॥ म धर्मको पासोले बाँधिएको छु, मेरो सुद्धि हराइसकेको छ, धर्मात्मा मेरा जेठा छोरा रामलाई म भेट्न चाहन्छु ॥२४॥

रात बितेर सूर्योदय भएपछि, शुभनक्षत्रको योग र मुहूर्त्तको समय आएपछि, सबै गुणले सम्पन्न भएका गुरु वशिष्ठ सबै सामग्री लिएर शिष्यहरूको साथमा त्यस उत्तम शहरभित्र पसे ॥२५-२६॥ शहरको सडकमा पानी छर्केको र बढारेको थियो, असल असल ध्वजा पताकाले जताततै सिंगारेको थियो, त्यहाँका मानिस बडा प्रसन्न थिए, बजारका गल्ली र पसलहरू खूब सिंगारिएका थिए, ठाउँ ठाउँमा किसिम किसिमका उत्सव हुनलागेका थिए, त्यहाँका मानिस रामलाई हेर्नाको लागि उत्सुक थिए, चन्दन, अगरू तथा धूपले समस्त शहर सुवासित भइरहेको थियो ॥२७-२८॥ इन्द्रको अमरापुरी जस्तो राम्रो त्यो शहरमा गएर वशिष्ठजीले राजाको अन्तःपुर देखे, चारैतिर अनेक ध्वजा लगाइएका थिए, त्यहाँ नगरवासी तथा राज्यका मानिस भरिभराउ थिए, दण्डधारी ब्राह्मणहरू पनि आफ्नो आगमनले त्यस ठाउँलाई सुशोभित गराइरहेका थिए, सिंगारिएका घोडा त्यहाँ भरिपूर्ण थिए ॥२९-३०॥ महर्षि वशिष्ठ बडो खुशीसाथ अरू अनेक ऋषिहरूलाई आफ्नो साथमा लिई त्यो भीड हटाउँदै राजमहल-भित्र पसे ॥३१॥

वशिष्ठले मनुजसिंह राजा दशरथको ढोकामा दरबारभित्रबाट आएका मन्त्री तथा सारथि प्रियद-

र्शन (जसलाई हेर्दा मनमा हर्ष हुन्छ) सुमन्त्रलाई देखे ।।३२।। महातेजस्वी वशिष्ठले सूत-पुत्र सुमन्त्रलाई भनेः—चाँडै गएर महाराजलाई विन्ति चढाइदेऊ, म यहाँ हाजिर भएको छु ।।३३।। अभिषेकको निम्ति यी यी कुरा लिएर आएको छुः—गङ्गाजल तथा समुद्रका जलले भरिएका सुनका घडा, डुम्रीको काठको पिर्का, सबै प्रकारका बीउ, चन्दन, किसिम किसिमका रत्न, मह, दही, लावा, फूल, दूध, आठ जना कन्या, असल जातका मत्ता हात्ती, चार-घोडे रथ, राम्रो तरवार, असल धनु, मानिसले बोक्ने पाल्की, चन्द्रमा जस्तो राम्रो छाता, सेतो चँवर, सुनको झारी, सुनको माला लगाएको तथा जूरो भएको पहेंलो साँढे, चार-दाँते सिंह, असल बलियो घोडा, सिंहासन, बाघको छाला, समिधा, आगो, सबै प्रकारका बाजा, वेश्याहरू तथा सिंगारिएका आइमाईहरू, आचार्य्य, वाहन, गाई, पवित्र पशु-पक्षी, प्रजाका प्रतिनिधि, आफ्नो जमातको साथमा बनियाँहरू र यी बाहेक रामको अभिषेकले प्रसन्न भएका मीठो कुरा गर्ने अरूहरू पनि राजाहरूको साथमा बाहिर उभिएका छन् । यी सबै रामको अभिषेक हेर्नाका लागि आएका हुन् ।।३४–४१।। महाराजलाई छिटो गर्न विन्ति चढाइदेऊ, सूर्योदय हुनेबित्तिकै पुष्य नक्षत्रमा रामको अभिषेक भइहालोस् ।।४२।।

वशिष्ठको यो कुरा सुनेर सूतपुत्र सुमन्त्र राजश्रेष्ठ दशरथको प्रशंसा गर्दै महलभित्र गए ।।४३।। सुमन्त्रलाई राजाको आज्ञा मान्ने तथा उनको भलो चिताउने ढोकेहरूले रोकेनन् किन कि यी बूढालाई नरोक्नु भन्ने हुकुम राजाले पहिले नै दिइराखेका थिए ।।४४।। राजाको नगीचमा बसेका तर उनको वर्तमान अवस्था नजानेका हुनाले हर्ष प्रकट गर्ने वचनद्वारा उनको प्रशंसा गर्नथाले ।।४५।।

राजाको घरमा सारथि सुमन्त्र हात जोरेर साविकबमोजिम उनको स्तुति गर्नलागे ।।४६।। जसरी सूर्योदय भएपछि तेजस्वी समुद्र खुशी हुन्छ त्यसै गरी प्रसन्न भई प्रसन्न मनले तपाईं हामीहरूलाई खुशी गराउनुहोस् ।।४७।। यै वेलामा अर्थात् प्रातःकालमा मातलिले इन्द्रको स्तुति गर्दा उनले उठेर सबै दानवहरूलाई जितिदिए, म पनि तपाईंलाई त्यै किसिमसँग जागा गराउँछु ।।४८।। अङ्गसहितको वेद तथा अन्य विद्याहरूले जसरी आत्मयोनि ब्रह्मालाई जागा गराउँछन् म पनि ठीक त्यसै गरी तपाईंलाई जागा गराउँछु ।।४९।। जसरी सूर्य, चन्द्रमाको साथमा सब जीवलाई धारण गर्ने यस मङ्गलमयी पृथ्वीलाई अहिले जागा गराइरहेका छन्, ठीक त्यसै गरी म पनि हजूरलाई जागा गराउँछु ।।५०।। हे महाराज ! सुमेरु पर्वतबाट जसरी सूर्य भगवान्को उदय हुन्छ तपाईं पनि त्यसै गरी उठ्नुहोस् र पोशाकहरू लगाई शोभायमान भईकन मङ्गल काम (अभिषेकको उत्सव) गर्नुहोस् ।।५१।। रामको अभिषेकलाई चाहिने सबै सरजाम जम्मा भइसकेको छ; शहरवासी तथा राज्यका प्रजा र जमातसहितका बनियाँहरू हात जोरेर उभिराखेका छन् ।।५२।। भगवान् वशिष्ठ पनि ब्राह्मणहरूको साथमा तपाईंलाई पर्खिरहनुभएको छ, अतएव हे राजन्, अब चाँडै नै यिनीहरूलाई रामको अभिषेक गर्नको निम्ति आज्ञा दिनुहोस् ।।५३।। गोठाला नभएका पशु, सेनापति नभएको फौज, चन्द्रमा नभएको रात्रि र साँढे नभएको गाईको बथानको जुन दशा हुन्छ ठीक त्यै अवस्था राजा नभएको राज्यको पनि हुन्छ ।

सुमन्त्रको मतलबले भरिएका तथा कोमल यस्ता वचन सुन्दा राजा फेरि शोकले व्याकुल भए। छोराको अभिषेकसम्बन्धी उनको जो खुशीयाली थियो त्यो सब नष्ट भइसकेको थियो। शोकले राता राता आँखा भएका ती धार्मिक राजा सुमन्त्रलाई हेरेर भन्नलागेः—हे सुमन्त्र ! यी सब कुराले तिमी किन मेरो मुटु छेडिरहेका छौ ॥५४-५७॥

राजाको यस्तो मुटु पगाल्ने कुरा सुन्दा र उनको दुःखी अवस्था देख्ता सुमन्त्र हात जोरेको जोरै त्यहांबाट अलि पर हटे ॥५८॥ जब राजा अत्यन्त दुःखित भएकोले आफैं बोल्न सकेनन् अनि ता बोल्नमा चतुरी कैकेयीले सुमन्त्रलाई भन्नथालिन् ॥५९॥

हे सुमन्त्र ! रामको अभिषेकले गद्गद परेका राजा रातभरी जागा नै रहे, अहिले सो जाग्रणले थाकेका यिनी निद्रामा परेका छन् ॥६०॥ यसकारण हे सारथि ! चाँडै जाऊ, यशस्वी राजपुत्र रामलाई यहाँ लिएर आऊ, यस कुरामा विचार नगर ॥६१॥

सुमन्त्रले भनेः—हे महारानी ! राजाको आज्ञाविना म कसरी जाऊँ ? मन्त्रीको कुरा सुनेर राजा ले भने ॥६२॥ हे सुमन्त्र ! म राम्रा रामचन्द्रलाई हेर्न चाहन्छु, तिमी चाँडै नै उनलाई लिएर आऊ। यस समयमा दशरथ रामलाई भेट्नमा नै आफ्नो कल्याण सम्झन्थे, यसै कारण उनी मनै मनमा प्रसन्न भए ॥६३॥

राजाको आज्ञा पाउनासाथ मनमा आनन्द मानेर चाँडै नै सुमन्त्र दरबारबाट निस्के। कैकेयीले मलाई रामलाई चाँडै ल्याउनू भन्नाको कारण के होला भन्ने सुमन्त्रको मनमा पीर पऱ्यो ॥६४॥ अवश्यै रामको अभिषेकको बन्दोबस्तमा लागेकाले राजा थाकेका होलान् भन्ने विचार गरेर फेरि बड़ो प्रसन्नतासँग महातेजस्वी सुमन्त्र, समुद्रको बीचको तलाउ जस्तो त्यो राजमहलबाट, रामचन्द्रलाई भेट्ने इच्छाले निस्के ॥६५-६६॥ सुमन्त्रले बाहिर निस्केर पहिले राजाको दरबारको ढोकामा ढोकेहरूलाई देखे र फेरि बडा बडा धनी शहरवासी तथा महाजनहरूलाई ढोकामा उभिरहेको देखे। ढोकामा यिनीहरूको बडो भीड थियो ॥६७॥

सर्ग—१५

सुमन्त्र रामचन्द्रको घरमा जान्छन्।

रात वितेपछि वेदपाठी ब्राह्मणहरू पुरोहितको साथमा ढोकामा हाजिर भए ॥१॥ मन्त्री, सेनापति, बनियाँका प्रतिनिधिहरू, यी सबै प्रसन्नतापूर्वक रामको अभिषेकको निम्ति राजाको ढोकामा जम्मा भएका थिए ॥२॥

विमल सूर्य उदाएपछि, दिनमा पुष्य नक्षत्रमा रामको जन्म भएको कर्कट लग्नको समय जब आइपुग्यो अनि रामको अभिषेकको निम्ति ब्राह्मणहरूले सबै सरजाम तयार पारे। (अभिषेकका सामग्री यस प्रकारका थिएः—) जलले भरिएको सुनको कलश, सिंगारेको सिंहासन, राम्रो बाघको

छाला बिछ्याएको रथ, गंगा यमुनाको पवित्र संगमबाट ल्याएको जल; अरू अरू पनि पवित्र नदीहरू जो पूर्वतिर बहन्छन् उत्तर दक्षिणतिर बहन्छन्, यी सबैबाट र तलाउ, इनार, पोखरी तथा समुद्रबाट पनि ल्याएको जल; मह, दही, घिउ, लावा, कुश, फूल, दूध, आठओटी राम्री कन्या, एउटा मत्त हात्ती, दूध निस्कने रूखका पातले ढाकिएका र कमल, उत्पल (यसको अर्थ पनि कमलै हो) राखेर उत्तम जलले भरिएका सुन चाँदीका घडा शोभायमान छन्; चन्द्रमाको ज्योतिसमान तेज फैलाइरहेका सेता रङ्गका रत्न जडिएको पंखा र दोटा चमर रामको निम्ति तय्यार छन्, चन्द्रमण्डल जस्तो सेतो तथा टल्कने, धेरै मोल पर्ने छाता पनि तय्यार छ, अभिषेकका सामग्रीमा यो छाता सबभन्दा मुख्य छ, सेतो घोडा र सेतो गोरू पनि तय्यार पारेको छ, सबै प्रकारका बाजा छन् गुणगान गर्ने भाटहरू पनि आएका छन्, इक्ष्वाकुवंशमा अभिषेकको निम्ति जस्तो सरजाम जम्मा पार्नुपर्दछ त्यै किसिमको सरजाम राजपुत्रको अभिषेकका लागि लिएर राजाको आज्ञाले यी राजाहरू आएका छन् ॥३–१३॥ राजा दशरथलाई नदेखेर यिनीहरू भन्नलागे, हामी आएको खबर राजाकहाँ कसले पुऱ्याइदिने हो, हामी यहाँ राजालाई देख्तैनौं, सूर्योदय पनि भइसक्यो बुद्धिमान् रामचन्द्रको अभिषेकका सबै सामग्री तय्यार छन्।

राजाहरूले यसो भनेको सुन्दा राजाबाट सम्मान पाएका ती सुमन्त्रले त्यहाँ जम्मा भएका राजाहरूलाई भने :—राजाको आज्ञाले रामलाई ल्याउन भनी म हतपत गर्दै जानलागेको छु ॥१४-१६॥ तपाईंहरू राजाका, विशेष गरेर रामका पूज्य हुनुहुन्छ, यसै कारणले हे आयुष्मान्! म तपाईंहरूको आज्ञाले जागा भएका राजालाई उहाँको यहाँ नआउनाको कारण सोध्न जान्छु। यति भनेर प्राचीन कथा जान्ने सुमन्त्र राजमहलको ढोकामा आए ॥१७-१८॥ सुमन्त्रलाई दरबारभित्र जानलाई रोकटोक थिएन, यसै कारण उनी सरासर दरबारभित्र गए र उहाँ पुगेपछि राजाको वंशको प्रशंसा गर्नलागे ॥१९॥ सुमन्त्र राजाको सुत्ने कोठाभित्र पसी उनीनेर पुगे। उनको र राजाको बीचमा एउटा पर्दा थियो ॥२०॥ उहाँ पुगेपछि मंगलमय आशीर्वादले राजालाई प्रसन्न गराई प्रशंसा गर्नलागे :—हे राजन्! चन्द्रमा, सूर्य, शिव, कुबेर, वरुण, अग्नि र इन्द्रले तपाईंलाई विजय दिऊन्, भगवती रात्रिको समाप्ति भइसक्यो, यो उत्सवको दिनको बिहान हो, हे राजश्रेष्ठ! जो काम गर्नुपर्दछ सो गर्नुहोस्। ब्राह्मण, सेनापति, साहूकारहरू आएका छन् र तपाईंको दर्शन गर्न चाहन्छन्, उठ्नुहोस्।

राज्यको भित्री कुरा जान्ने सारथि सुमन्त्रको स्तुति सुनेर राजा उठे र उनलाई भन्नलागे :— कैकेयीले तिमीलाई रामलाई यहाँ लिएर आउनू भन्ने आज्ञा दिएकी हुन्, मेरो आज्ञाको यसरी उल्लंघन गर्नाको कारण क्या हो? म सुतेको छैन, चाँडै रामलाई यहाँ लिएर आऊ ॥२१-२६॥ यस प्रकार राजा दशरथले सुमन्त्रलाई फेरि आज्ञा दिए।

राजाको वचन सुनेर टाउको निहुराई उनलाई प्रणाम गरेर सुमन्त्र खुशी हुँदै राजमहलबाट निस्केर ध्वजा पताकाले सिंगारिएको सडकमा आए ॥२७-२८॥ हर्षमा परेका तथा प्रसन्न भएका सुमन्त्र चारै

तिर हेर्दै छिटो छिटो हिंड्नलागे । बाटामा तिनले हर्षमा परेका मानिसद्वारा कहिएको रामचन्द्र तथा उनको अभिषेकसम्बन्धी अनेक कुरा सुने ।

यसपछि तिनले कैलाश जस्तो अग्लो, राम्रो र इन्द्रको दरबार जत्तिकै रामचन्द्रको महल देखे । यसमा ठूला ठूला ढोका लागेका थिए, सयकड़ौं वेदी बनेका थिए । यसको अघिल्लो भागमा सुनका मूर्त्ति जडिएका थिए, मणि र मूगाको तोरण लागेको थियो । शरत् कालको बादल जस्तो सफा र मेरु पर्वतको गुफा जस्तो चहकिलो थियो । यो महल राम्रा राम्रा मालाले सुशोभित भइरहेको थियो जसको बीच बीचमा ठूला ठूला मणिहरू लगाइएका थिए । मोती र मणिहरूले सिंगारिएको यो महल चन्दन र अगरुले शोभायमान थियो तथा मनलाई आनन्द गराउने सुगन्धले गर्दा दर्दुराचल (क) पर्वतको टाकुरो झैं सुवासित थियो । बोलिरहेका सारस र मयूरले गर्दा यो बडो शोभा पाइरहेको थियो । यसका भित्ता र खम्बामा राम्रा राम्रा भेडाहरूका तस्वीर थिए, ठाउँ ठाउँमा किसिम किसिमका बुट्टा काढिएका थिए । रामचन्द्रको महलको तीक्ष्ण तेजले मानिसको मन र आँखा दुवैलाई तृप्त गरिदिन्थ्यो । चन्द्र-सूर्यको प्रकाश जस्तो चहकिलो रामको दरबार कुवेर र इन्द्रको भवन जस्तै थियो । यहाँ पक्षीहरू थिए । मेरुको टाकुरो जस्तो अग्लो यो रामको महललाई सुमन्त्रले देखे ।

यस समयमा रामको यो दरबार हात जोरेर उभिएका मानिसले भरिएको थियो ॥२९-३७॥ रामको अभिषेकका लागि कोसेली लिएर आएका प्रजाहरू बाहिरै रोकिएका हुनाले टाउको उठाई उठाई कन रामको दरबारको शोभा हेरिरहेका थिए । यिनीहरूले गर्दा महल खूबै राम्रो देखिएको थियो ॥३८॥ महामेघ जस्तो अग्लो यो महल खूबै सिंगारिएको थियो, अनेक तरहका रत्न यसमा जडिएका थिए, कुब्जाहरू पनि यताउति घुमिरहेका थिए ॥३९॥ घोडाको रथमा सवार भईकन, मानिसको भीडले भरिएको सडकलाई शोभायमान गराउँदै तथा नगरवासीहरूको मनलाई प्रफुल्लित गराउँदै सुमन्त्र राजमहलतिर लागे ॥४०॥ ठाउँ ठाउँमा अनेक प्रकारका धन राखिएको त्यो महलमा पस्ता सारथि बहुतै प्रसन्न भए; हर्षले उनका शरीरका रौं ठाड् ठाडा भए ।

त्यहाँ पशुपक्षी मयूर आदि सबै थिए; मानिसको हडबडीले घरै व्याकुल भए जस्तो थियो, उत्तम उत्तम चीजवीजको संग्रह भएको इन्द्रको घरको जस्तो त्यस घरको शोभा थियो ॥४१॥ कैलाश जस्तो अग्लो र स्वर्ग जस्तो मनोहर कईएक ढोका नाघेर, रामलाई भेट्न भनी आएका अतएव श्रेष्ठ अनेक मानिसलाई बाटैमा छाडेर अर्थात् उनीहरूसित कुरै पनि नगरेर सुमन्त्र रामको महलमा पुगे ॥४२॥ त्यहाँ सुमन्त्रले अभिषेकको काम गर्ने प्रसन्न चित्त भएका मानिसहरूको मुखबाट रामको अभिषेक-सम्बन्धी अनेक मङ्गलमय कुरा सुने । मानिसहरूमा त्यहाँ आफूआफूमा अभिषेककै चर्चा चलिरहेको थियो ॥४३॥ रामको रमणीय घर इन्द्रको घर जस्तै थियो, यहाँ किसिम किसिमका पशु-पक्षी थिए, मेरु पर्वतको टाकुरो जत्तिकै अग्लो थियो । आफ्नो तेजले प्रकाशमान भइरहेको यस घरलाई सुमन्त्रले

(क) मलयाचलको नगीचको पर्वत, यो चन्दनका लागि प्रसिद्ध छ ।

देखे ।।४४।। सुमन्त्रले त्यस घरको ढोकामा प्रणाम तथा आशीर्वाद गर्ने, कोसेली लिएर आएका प्रजाहरूलाई करोडौंको संख्यामा देखे । यिनीहरू आफ्ना आफ्ना सवारीबाट ओर्लेर ढोकामा उभिएका थिए ।।४५।। यसपछि सुमन्त्रले रामचन्द्रको सवारीको शत्रुञ्जयनामक हात्ती देखे, यसको शरीर बडो विशाल थियो, कस्तो विशाल भने ठूला ठूला मेघ भएको पर्वतसमान विशाल, यसको अङ्कुश अरू अरू अङ्कुशभन्दा विलक्षण थियो र यो हात्ती अङ्कुशलाई सहनै सक्तैनथ्यो ।।४६।। यसपछि सुमन्त्रले रामचन्द्रका प्यारा प्रधान मन्त्रीहरूलाई देखे, यिनीहरू सजिसजाउ भई घोडा हात्ती र रथमा सवार थिए । सुमन्त्रलाई देखेर यिनीहरू यिनको नगीच आए, तर सुमन्त्रले यिनीहरूलाई यहीं छोडेर राजमहलभित्र गए ।।४७।।

जुन प्रकारले रत्नले पूर्ण भएको समुद्रभित्र ग्राह पस्तछ ठीक त्यसै गरी विनारोकटोकले सुमन्त्र त्यो महलभित्र पसे । यो महल टाकुरामा निश्चल मेघ भएको पर्वतसमान थियो र यस महलमा अनेक महाविमान थिए (सात तले घरलाई महाविमान भन्दछन्) ।।४८।।

सर्ग—१६

दशरथ कहाँ जान भनी राम आफ्नो महलबाट निस्कन्छन् ।

मानिसको भीडले भरिएको राजमहलको ढोकालाई नाघेर प्राचीन कथा जान्ने सुमन्त्र भित्री ढोकामा पुगे जहाँ मानिसको भीड थिएन ।।१।। राम्रा राम्रा कुण्डल लगाएका, सदा सर्वदा सावधान रहने, आफ्नो काममा सदा तत्पर, रामचन्द्रमा प्रेम राख्ने तरुना ढोकेहरूलाई भाला र धनु लिएर त्यहाँ पहरा दिइरहेको देखे ।।२।। त्यहाँ सुमन्त्रले गेरुवा वस्त्र धारण गरेका, हातमा बेत लिएका, लुगा गहनाले सजिसजाउ भएका, आइमाईको रक्षा गर्ने, बडा सावधान बूढाहरूलाई ढोकामा बसेको देखे ।।३।। रामको भलो गर्ने यिनीहरू, सुमन्त्रलाई आएको देखेर हतपत गर्दै आदरपूर्वक आफू बसेको ठाउँबाट उठे ।।४।।

सेवामा निपुण भएका सुमन्त्रले विनयपूर्वक यिनीहरूलाई भनेः—छिटो गरेर रामलाई खबर गर कि सुमन्त्र ढोकामा हाजिर भएका छन् ।।५।। रामको भलो गर्ने यिनीहरूले झट्टै रामनेर गएर राम र सीता दुवैलाई यो खबर सुनाए ।।६।। ढोकेले भनेपछि आफ्ना बाबुका भित्रिया सारथि सुमन्त्रलाई रामले त्यहीं भित्रै बोलाए, यस निम्ति कि उनी खुशी भइहालुन् ।।७।। यिनले डसना तन्ना ओछ्याएको सुनको पलङ्गमा सजिसजाउ भएर रामलाई बसेको देखे । यस समयमा राम कुवेर जस्तै ऐश्वर्य्यशाली देखिएका थिए ।।८।। शत्रुको संहार पार्ने रामले सूँगुरको रगत जस्तै अत्यन्त रातो, पवित्र, सुगन्धी उत्तम चन्दनको लेप लगाएका थिए ।।९।। उनको नगीचै बगलमा बसेर सीता चँवर हल्लाइरहेकी थिइन्, चित्राको योगले चन्द्रमाको जस्तै त्यस समयमा रामको शोभा भइरहेको थियो ।।१०।। सूर्यसमानको आफ्नो तेजले प्रकाशमान भइरहेका रामलाई देखेर विनय जान्ने सुमन्त्रले नम्र भई प्रणाम गरे ।।११।। हँसिलो मुख लगाएका तथा पलङ्गमा बसेका रामलाई हात जोरेर, राजाबाट सम्मान पाएका सुमन्त्रले भन्नथाले

।।१२।। हे राम ! तपाईंलाई जन्माएर कौशल्या सुपुत्र जन्माउने हुनुभयो, पिताजी तपाईंलाई भेट्न चाहनुहुन्छ, महारानी कैकेयी पनि उहीं नै हुनुहुन्छ, उहीं हिंड्नुहोस्, विलम्ब नगर्नुहोस् ।।१३।।

सुमन्त्रको कुरा सुनेपछि अति तेजिला पुरुषसिंह रामचन्द्र सीताको आदर गर्दै उनलाई भन्न-लागे ।।१४।। हे सीते ! पिताजी र माता कैकेयी अवश्य आफूआफूमा अभिषेकसम्बन्धी मेरो विषयको केही कुरा गरिरहनुभएको होला ।।१५।। राजाको अभिप्राय बुझेर मेरी हितैषिणी कैकेयी माता, मेरो भलो गर्ने इच्छाले मेरो खातिर राजालाई छिटो गर्न भन्नलाग्नुभएको होला ।।१६।। सदा प्रसन्न रहने कैकेयी राजाको भलो चाहनुहुन्छ, केकयराजकी छोरी उहाँ मेरी आमा मेरो भलो हुने कुराको इच्छा गर्नुहुन्छ ।।१७।। महाराज र महारानी दुवैले मेरो अभिलाषालाई पूर्ण गराउने सुमन्त्रलाई नै मकहाँ दूत बनाएर पठाउनु यो बडो हर्षको कुरा हो ।।१८।। जस्तो उहाँको सभा छ उस्तै यी दूत पनि आएका छन् अर्थात् उहाँको सभाले मेरो हित गर्ने हुनाले, मेरै हित गर्ने दूत पनि आएका होलान् अतएव राजाले आजै मलाई युवराज-पद दिन निश्चय गर्नुभएछ ।।१९।। अब म चाँडै नै यहाँबाट गएर राजाको दर्शन गर्दछु, तिमी पनि यहाँ आफ्ना सहेलीहरूसित बसी दिलबहलाउ गर ।।२०।।

कमल जस्ता आँखा भएकी सीता पनि पतिको आदरयुक्त वचन सुनेर उनको मङ्गल चिताउँदै पछि पछि लागेर ढोकासम्म आइन् ।।२१।। (जाने वेलामा उनले भनिन्) प्रजापति ब्रह्माले जुन किसिमसित इन्द्रको अभिषेक गरेथे त्यै किसिमसित ब्राह्मणादिहरूसहित भई राजाले युवराज-पदमा तपाईंको अभिषेक गर्नुहोस् र यसपछि राजसूय यज्ञ गरेर समस्त राज्यमा तपाईंलाई पूरा अधिकार दिनुहोस् ।।२२।। यज्ञको निम्ति दीक्षित भई व्रतधारण गरेको, उत्तम र शुद्ध मृगछाला लिएको, र हातमा हरिणको सींग लिएको तपाईंलाई हेर्ने मेरो ठूलो अभिलाषा छ ।।२३।। पूर्व दिशामा इन्द्रले, दक्षिणमा यमराजले, पश्चिममा वरुणले र उत्तर दिशामा कुवेरले तपाईंको रक्षा गरून् ।।२४।।

यस प्रकारसँग मङ्गल वचन बोलिरहेकी सीतालाई बिदा गरेर, राजाकहाँ जाँदा लाउने योग्य पोशाक गहना लगाई राम सुमन्त्रको साथमा आफ्नो घरबाट निस्के ।।२५।। पर्वतको गुफामा बस्ने सिंह जुन प्रकारले गुफाबाहिर निस्कन्छ त्यसै गरी राम आफ्नो महलबाट निस्के र ढोकामा हात जोरेर उभिरहेका लक्ष्मणलाई देखे ।।२६।। यसपछि बीचको ढोकामा आएर त्यहाँ आफ्ना मित्र तथा आफ्नो आशा राख्नेहरूसित भेट गरी, उनीहरूको सम्मान गर्दै, आगोसमान चम्कने, बाघको छाला मढिएको रथमा सवार भई पुरुषसिंह राजपुत्र रामचन्द्रजी हिंडे ।।२७-२८।। यस रथको शब्द बादल गर्जेको जस्तो थियो, यसको अगाडि भीड थिएन, मणि र सुन यसमा लगेका थिए, मेरु पर्वतसमान आफ्नो तेजले यो हेर्ने मानिसको आँखा आफूतिर तान्दथ्यो ।।२९।। यस रथमा जोतिएका घोडाहरू हत्तिनीका बच्चा जस्ता थिए, यो रथ देख्नामा घोडा जोतिएको इन्द्रको रथ जस्तै छिटो जान सक्ने जस्तो थियो ।।३०।। आफ्नो तेजले शोभायमान भएका रामचन्द्र त्यस रथमा सवार भई आकाशमा गर्जने मेघसमान रथको आवाजले सबै दिशालाई गुञ्जायमान गर्दै, बडे भारी बादलबाट चन्द्रमा निस्केझैं राजमहलबाट निस्के ।

रामका भाइ लक्ष्मण हातमा विचित्र चमर लिएर रथको पछाडि बसी दाजुको रक्षा गर्नलागे । त्यस समयमा बडो भारी शब्द निस्क्यो ॥३१-३३॥ रामचन्द्र निस्केपछि मानिसको भीड जतातत्तैबाट निस्कनलाग्यो । यसपछि घोडा र पर्वतसमानका हात्ती निस्के ॥३४॥ यिनीहरू सयौं हजारौंका संख्यामा रामचन्द्रको पछिपछि लागे । यिनीहरूको अगाडि चन्दन र अगरुको लेपले सिंगारिएका, तरवार धनु धारण गरेका शूरा योद्धाहरू रामको गुणको प्रशंसा गर्दै हिंडे । यसको पछिपछि बाटामा बाजाको आवाज, भाटहरूले गरेको स्तुतिको शब्द, तथा शूर वीरहरूको सिंहनाद सुनिनलाग्यो । चारै तिर कोठाको झ्यालमा बसेका, सिंगारिएका आइमाईहरू शत्रुको नाश पार्ने रामचन्द्रमाथि फूलको वर्षा गर्नलागे र उनी यसैको बीचबाट हिंडे । रामलाई प्रसन्न गर्नको निम्ति कोठामा बसेका तथा तल सडकमा उभिएका, सबै अंग राम्रा भएका आइमाईहरूले अति मीठो बोलीले उनको स्तुति गर्दै प्रणाम गरे । हे मातृनन्दन ! कौशल्या अवश्यै तिमीले गर्दा भाग्यवती भइन् ॥३५-३९॥ आफ्ना पतिले यात्रा सफल गरेको तथा बाबुको राज्य पाएको देख्न पाउने सीता अवश्यै स्त्री जातिमा ठूली हुन् ॥४०॥ यिनीहरूले विचार गरे कि रामको हृदयको धन, सीता देवीले पहिले अवश्यै कुनै ठूलो तप गरेको हुनुपर्दछ यसैले ता यिनले रोहिणीले चन्द्रमा पाएझैं रामलाई पाइन् । बाटोमा हिंड्दा हिंड्दै नरश्रेष्ठ रामले कोठामा आइमाईहरूले यसरी कुरा गरिरहेको सुने ॥४१-४२॥ यस समयमा रामचन्द्रले त्यहाँ जम्मा-भएका हर्ष मनाइरहेका मानिसहरूका, आफूसम्बन्धी, अनेक प्रकारका कुरा सुने ॥४३॥ मानिसहरू भन्नलागेका थिए:—आज राजाको कृपाले राज्याभिषेक गराउनको निम्ति यी रामचन्द्र बाबुको घर जानलागेका छन्, अब हाम्रा सबै अभिलाषा पूर्ण भए किन कि अब यिनी हाम्रा शासनकर्त्ता हुनेछन् ॥४४॥ हामी दुनियाँको निम्ति यो बडो लाभको कुरा हो कि रामचन्द्रको हातमा राज्यको भार चिर-कालका लागि आउन लागेको छ, कारण यिनको राज्य शासनमा न त कसैको कुभलो हुनेछ न कसैले दुःख भोग्नुपर्नेछ ॥४५॥ अघि अघि हिंड्ने स्वस्तिक, सूत तथा मागधद्वारा (मंगल पढनेलाई स्वस्तिक, पुराणको कथा भन्नेलाई सूत तथा वंश वर्णन गर्नेलाई मागध भन्दछन्) प्रशंसा गरिएका, नामी नामी बाजा बजाउनेहरूद्वारा तारिफ गरिएका रामचन्द्र, आवाज निकालिरहेका हात्ती घोडासहित कुबेर झैं हिंडे ॥४६॥ रामले हतिनी, हात्ती, रथ, घोडाले भरिभराउ भएको, चारदोबाटोमा मानिसको, अनेक प्रकारका बिक्री गर्ने मालताल राखेको, तथा जुहारातका थुप्राका थुप्रा भएको राजमार्ग (सडक) देखे ॥४७॥

सर्ग—१७

रामचन्द्र राजा दशरथकहाँ पुग्दछन् ।

जसका मित्र प्रसन्न छन् यस्ता श्री रामचन्द्रले रथमा सवार भई, ध्वजा पताकाले सिंगारिएको, धेरै मोल पर्ने अगरूले सुवासित भएको शहर देखे । यो शहर किसिम किसिमका मानिसले भरिपूर्ण थियो, बादलसमान अग्ला र स्वच्छ घरले यसको शोभा बढाइरहेका थिए ॥१–२॥ बीच बीचमा

अगरू धूप बाल्नाले सुवासित भएको सडकबाट रामचन्द्र गए; यो सडक, उत्तम जातका चन्दन, अगरु तथा अरू सुगन्धि वस्तु जम्मा पारिराखेकोले, रेशमी तथा ऊनी लुगाका थुप्राका थुप्राले, मोतीका माला र फट्टिकका चीजबीजले शोभायमान भइरहेको थियो ।।३-४।। यो सडक खूब चौडा थियो, किसिम किसिमका फूल तथा अनेक प्रकारका खाने पदार्थले यो भरिपूर्ण थियो ।।५।। इन्द्रले स्वर्गमा हिंडेझैं रामचन्द्र यी सब कुरा हेर्दै त्यस सडकको बाटो गरेर गए । यस सडकको चार-दोबाटोमा दहि, अक्षता घिउ, लावा, धूप, अगरु, चम्दन तथा अनेक प्रकारका माला र सुगन्ध आउने चीजबीजले पूजा भएको थियो । मानिसहरूको आशीर्वादलाई ग्रहण गर्दै र उनीहरूको यथायोग्य आदर सम्मान गर्दै राम त्यस बाटोबाट हिंडे । रामलाई लक्ष्य गरेर मानिसहरू भन्दथेः—तपाईंका बाबु, बाजे, बूढा बाजे जुन बाटोमा हिंडेका थिए तपाईंले पनि सोही बाटोमा हिंडेर हामीहरूको पालना गर्नुहोस् । यिनका बाबु बाजेको पालामा हाम्रो जुन प्रकारसँग पालना भएको हो, जुन किसिमको सुख भोगेका थियौं, हामीलाई त्योभन्दा पनि बर्ता सुख रामचन्द्रको राज्यकालमा हुनेछ ।।६–९।। राज्याभिषेक गराएर घरबाट निस्केका रामलाई हामीले देख्न पायौंभने हामीलाई यसलोक तथा परलोकको सुखको केही वास्ता रहनेछैन अर्थात् रामलाई राजा भएको देख्न पाउनु सबै सुखभन्दा बर्ता छ ।।१०।। वास्तवमा अपरिमित तेज भएका रामचन्द्रको अभिषेकभन्दा बर्ता खुशी लाग्ने कुरा हाम्रो अर्को कुनै छँदै छैन ।।११।। आफ्नो प्रशंसामा, हितेच्छुहरुले भनेका यी र अरू पनि यस्तै प्रकारका अनेक कुरा, उदासीन भावले (अर्थात् न ता प्रसन्न न अप्रसन्न भई) सुन्दै राम सडकबाट हिंडे ।।१२।। यी नरश्रेष्ठ राम टाढा गइसकेपछि पनि कसैले उनी कहाँबाट न आफ्नो मन झिक्न सक्यो न आँखा ।।१३।। जसले रामलाई देखेन त्यसको लोकमा निन्दा हुनलाग्यो र त्यो स्वयं आफूलाई धिक्कार्नलाग्यो ।।१४।। धर्मात्मा राम चारै वर्णमाथि तथा बूढाहरूमाथि दया गर्दथे यसै कारण सबै जना राममा बडो प्रेम गर्दथे ।।१५।।

राजपुत्र रामचन्द्र चारदोबाटो, देवालयको जग्गा, चैत्य आदिलाई दाहिनेतिर पार्दै राजमहलको ढोकामा पुगे । मेघमण्डल जस्ता सेता र कैलासको टाकुरा जस्तै अग्ला अग्ला किसिम किसिमका महलका अटालीहरूले सेतो विमान फैलिएझैं, आकाशलाई रोकिरहेका थिए, त्यहाँ रत्न जडिएका अनेक जाली लागेका थिए र विहार गर्ने अनेक घर पनि थिए ।।१६–१८।। इन्द्रको दरबारसँग दाँजिन हुने, पृथ्वीका घरहरूमा सबभन्दा श्रेष्ठ, यो बाबुको दरबारमा, आफ्नो कान्तिले शोभायमान भइरहेका राजपुत्रले प्रवेश गरे ।।१९।। मानिसहरूमा श्रेष्ठ यी रामचन्द्र धनुर्धारीहरूले रक्षा गरिरहेका तीन फाटकसम्म ता रथैमा चढेर गए र बाँकी दुइ फाटकमा रथबाट ओर्लेर पैदलै गए ।।२०।। यस प्रकारसंग सबै फाटक पार गरी, आफ्ना साथका सबै मानिसलाई फर्काई, दशरथका छोरा राम पवित्र अन्तःपुरभित्र पसे ।।२१।। राजपुत्र राम अन्तःपुरमा बाबुको नगीच गएपछि सबै जना अत्यन्त खुशी भए र समुद्रले चन्द्रमाको उदयको प्रतीक्षा गरेझैं यिनी कहिले राजमहलबाट बाहिर निस्कलान् भनेर बाटो हेरिरहे ।।२२।।

सर्ग—१८

कैकेयीको रामलाई वन जाने आज्ञा ।

रामले आफ्ना पितालाई राम्रो पलङ्गमा ता बसेको तर ज्यादै झोक्रिएको, दुःखले मुख सुकाएको देखे, कैकेयी पनि उनीनेर उहीं थिइन् ।।१।। रामले विनयपूर्वक पहिले आफ्ना पिताको चरणामा ढोग गरी बडो सावधान भएर कैकेयीको खुट्टामा पनि ढोग दिए ।।२।।

छोराले ढोग दिएको देख्ता राजाले केवल "राम" भन्ने शब्दको उच्चारण गरे र अरू केही बोल्नै सकेनन्, उनका आँखा आँसुले भरिएका थिए, दुःखमा परेका राजा न रामलाई हेर्नै सक्तथे न उनीसित केही कुरै गर्न सक्तथे ।।३।। खुट्टाले सर्पलाई छुँदा जसरी मानिसलाई डर हुन्छ त्यसै गरी राजाको त्यो भयङ्कर रूप देख्ता रामलाई समेत मनमा भय भयो ।।४।। राजाका कुनै इन्द्रिय पनि प्रसन्न थिएनन्, शोक र तापले उनको शरीर दुब्लो भएको थियो, चित्त आकुल व्याकुल परेको थियो र उनी लामो लामो सास फेरिरहेका थिए ।।५।।

कहिले पनि नउर्लने तरङ्गै तरङ्गले भरिपूर्ण भएको समुद्र खलबलिएझैं, राहुले ग्रस्त गरेको सूर्य झैं, झूटो बोल्ने ऋषिको झैं राजाको हालत देखेर राम अत्यन्तै डराए ।।६।। राजाले शोक गर्नुपर्ने कारण ता केही थिएन, तैपनि किन यसो गरेको होला भन्ने विचारले पूर्णिमाको दिन समुद्र उर्लेझैं रामको मनमा खलबली पर्‍यो ।।७।। सदा बाबुको हित गर्ने रामले विचार गरे कि किन आज राजा मलाई देखेर खुशी भएनन् , अरू वेलामा ता रिसाएको भए तापनि मलाई देख्नासाथ खुशी हुन्थे तर आज किन मलाई देख्नेबित्तिकै यिनलाई यस्तो दिक्दारी भयो ।।८-९।।

यस विचारले रामको मुखको रंग झ्याउरो भयो, उनी बडो दुःखी र शोकले आकुल व्याकुल भई कैकेयीलाई प्रणाम गरी भन्नलागे ।।१०।। मैले अज्ञानमा पनि पिताजीको केही अपराध गरेको छैन, के कारणले उहाँ रिसाउनुभएको हो सो मलाई भन्नुहोस् तपाईं नै उहाँलाई प्रसन्न गराउनुहोस् ।।११।। महाराज सदा मेराउपर प्रसन्न रहनुहुन्थ्यो तर आज ता अप्रसन्न हुनुहुन्छ, उहाँले आज बडो दुःखी र खिन्न भएर मसित बोल्नुभयो ।।१२।। शारीरिक व्यथा अथवा मानसिक चिन्ताले ता उहाँलाई दुःख दिइरहेको छैन ? कारण, सदा सुखी रहनु ता असम्भवै छ ।।१३।। प्यारा कुमार भरतको, महापराक्रमी शत्रुघ्नको अथवा हाम्रा माताहरूको सम्बन्धमा ता कुनै अशुभ कुरो भएन ? ।।१४।। राजालाई खुशी नगराई, पिताको आज्ञा पालन नगरी र उहाँलाई क्रुद्ध राखेर म एक छिन पनि बाँच्न चाहन्नँ ।।१५।। जसले गर्दा मानिसको जन्म हुन्छ तिनै प्रत्यक्ष देवतारूपी पिताको आज्ञाविरुद्ध को मानिस चल्ला ? ।।१६।। तपाईंले नै अभिमानमा पिताजीलाई कुनै कठोर वचन भन्नुभो कि ? वा रिसमा उहाँलाई केही भन्नुभयो कि जसले गर्दा उहाँको मन दुख्न गयो ।।१७।। हे महारानी ! ठीक ठीक बताउनोस् म तपाईंसित सोध्दछु, यो अद्भुत रोग महाराजमा के कारणले देखियो ।।१८।।

महात्मा रामले यसो भनेपछि हठी र निर्लज्ज कैकेयी आफ्नो मतलबको कुरा भन्नलागिन् ।।१९।। हे राम ! राजा न रिसाएका छन्, न यिनलाई कुनै रोग लागेको छ, यिनको मनमा केही कुरा छ जो यिनले तिम्रो डरले भन्न सकेका छैनन् ।।२०।। तिमी यिनका प्यारा छौ यसैले तिमीलाई अप्रिय कुरा भन्न यिनको मुख खुल्दैन तसर्थ यिनले मेरो अगाडि जुन कुराको प्रतिज्ञा गरेका छन् सो तिमीले अवश्यै गर्नुपर्दछ ।।२१।। पहिले यिनले मलाई वर दिएका थिए र सोही वरले मलाई प्रसन्न पनि गराएका थिए, तर अहिले सो वरअनुसार काम गर्नुपरेकोले साधारण मानिसले झैं पश्चात्ताप गरिरहेका छन् ।।२२।। "वर दिन्छु" भन्ने प्रतिज्ञा गरिसकेपछि अब राजा यसको उल्टो काम गर्न खोज्दछन्, तर पानी गइसकेपछि नदीमा पुल बाँध्न खोज्नु जस्तै, राजाको यो विचार व्यर्थ हो ।।२३।। सत्य धर्मको मूल हो भन्ने कुरा सज्जनहरूलाई थाहा छ, तर हे राम ! तिम्रो लागि रिसको वशमा परेर राजाले सत्यलाई नछाडून् ।।२४।। राजाले तिमीलाई भलो वा कुभलो जो भन्दछन् सो गर्न तिमी राजी छौ-भने म तिमीलाई सबै कुरा भन्दछु ।।२५।। राजाले भनेको कुरालाई तिमी निष्फल गर्दैनौभने म नै तिमीलाई भन्दछु, राजा ता आफैं भन्नेछैनन् ।।२६।।

कैकेयीको यस्तो कुरा सुन्दा रामचन्द्रले बडो दुःखित भई राजाको सामुन्नेमा उनलाई (कैकेयीलाई) भन्नलागे ।।२७।। हे देवी ! धिक्कार छ तपाईंले मलाई यस्तो कुरा भन्नु मनासीब छैन, म राजाको आज्ञाले आगोमा हामफाल्नसमेत तय्यार छु ।।२८।। आफ्ना गुरु, पिता, राजा तथा भलो गर्नेको वचनले म कडा विष खान वा समुद्रमा फालहाल्न सक्तछु ।।२९।। यसकारण, हे देवी ! राजाले जे इच्छा गरेका छन् सो मलाई भन्नुहोस्, म प्रतिज्ञा गर्दछु कि सो काम म अवश्यै गर्नेछु, राम कहिले पनि दोटा कुरा गर्दैनन् ।।३०।।

अब विनयी र सत्यवादी रामलाई अधम कैकेयी अतिकठोर कुरा भन्नलागिन् ।।३१।। राम ! पहिले देवासुर संग्राममा तिम्रा पितालाई बाण लागेको थियो, त्यस बखतमा मैले उनको रक्षा गरेथें र त्यै वेलामा उनले मलाई दोटा वर दिन भनेका थिए ।।३२।। यी दोटा वरमध्ये एउटाले भरत-को अभिषेक र अर्कोले आजै तिमीलाई दण्डकवनमा पठाउने भनेर मागेकी छु ।।३३।। हे राम ! यदि तिमी आफ्ना बाबुको प्रतिज्ञा सत्य गराउन र आफूलाई समेत सत्यवादी सिद्ध गर्न खोज्दछौभने म जो भन्दछु, सो सुन ।।३४।। तिम्रा पिताले जो प्रतिज्ञा गरेका छन् त्यसलाई तिमी मान र चौद्ध वर्षका लागि वनमा जाऊ ।।३५।। हे राम ! तिम्रो अभिषेकको निम्ति राजाले यहाँ जो सामग्री तय्यार पारेका छन् ती सामग्रीले भरतको अभिषेक होस् ।।३६।। तिमी चौद्ध वर्षसम्म दण्डक वनमा बस, यो अभिषे-कलाई त्यागेर जटा वल्कल धारण गर ।।३७।। घोडा, हात्ती, रथले पूर्ण भएको, अनेक प्रकारका रत्नले भरिएको, राजा दशरथको यो राज्यको शासन भरतले गरून् ।।३८।। यसै कारण राजा करुणाको वशमा परेका छन्, शोकले यिनको मुख खिन्न भएको छ, अतः तिमीतिर हेर्न पनि सक्तैनन् ।।३९।। हे राम ! राजाको यो कुरालाई तिमी मान र सत्यको रक्षा गरेर यिनको उद्धार गर ।।४०।।

यस प्रकारसँग कैकेयीले कठोर वचन भन्दा पनि रामचन्द्र दुःखी भएनन् तर, वन जानाले छोरालाई दुःख होला भन्ने पीरले सताइएका महाप्रतापी राजालाई अत्यन्त दुःख भयो ॥४१॥

सर्ग—१९

कैकेयीबाट राजाको शोकको कारण सुनेर राम कौशल्याकहाँ आउँछन् ।

शत्रुको नाश गर्ने रामचन्द्रले मरणतुल्य कैकेयीको कठोर वचन सुन्दा अलिकता पनि पीर मानेनन् र भन्नलागे ॥१॥ ठीक हो, जटावल्कल धारण गरी, राजाको आज्ञा पालन गर्नको निम्ति म वनमा बस्नको लागि यहाँबाट जान्छु ॥२॥ तर म जान्न चाहन्छु कि शत्रुहरूको दमन गर्ने, कहिले पनि पराजित नहुने महाराज पहिलेपहिले झैं किन मसित व्यवहार गर्नुहुन्न ॥३॥ हे देवी ! तपाईंको सामुन्नेमा म यी कुरा भन्दछु, नरिसाउनुहोला, जटा वल्कल धारण गरी म वन जान्छु, तपाईं खुशी हुनुहोस् ॥४॥ हित चाहने गुरु,पिता, महाराजको आज्ञाले, निःशङ्कचित्त भई, तपाईंलाई निको लाग्ने काम किन गर्दिनथें॥५॥ तर एउटा दुःखको कुराले मेरो मनलाई पोलिरहेको छ, त्यो यै हो, भरतको अभिषेकसम्बन्धी कुरा राजाले स्वयं मलाई किन नभनेको होला ॥६॥ म ता सीता, राज्य, प्राण र धन आफ्नै मनले प्रसन्नतापूर्वक भरतलाई दिन सक्तछुभने स्वयं मेरा पिता महाराज यो काम गर्न आज्ञा हुन्छ, तपाईंको इच्छा पूर्ण हुन्छ, पिताको प्रतिज्ञा पालन हुन्छभने म सो काम कसरी नगरूँला ? ॥७-८॥

तपाईं महाराजको चित्त बुझाइदिनुहोस्, उहाँ किन लाज मानेर भूईंतिर हेरिरहनुभएको छ र बिस्तारै बिस्तारै आँसु खसालिरहनुभएको छ ॥९॥ राजाको आज्ञाले आजै भरतलाई मामाको घरबाट ल्याउनाको निम्ति तेजिला घोडा चढेर दूतहरू जाऊन् ॥१०॥ म अहिले तुरन्तै, पिताको कुराको विचारै नगरीकन, चौद्ध वर्षसम्म दण्डकवनमा बस्नाको निम्ति जानलागें ॥११॥

रामचन्द्रको कुरा सुनेर कैकेयी खुशी भइन्, रामको वन जाने कुरामा यिनलाई विश्वास भयो र रामलाई छिटो गर्न भन्नलागिन् ॥१२॥ तिमीले भनेकै कुरा होस्, मामाकहाँबाट भरतलाई यहाँ फर्काएर ल्याउनाको निम्ति तेजिला घोडा चढेर दूतहरू जानेछन् ॥१३॥ तर मलाई तिमीले यहाँ विलम्ब गर्नु ठीक होला जस्तो लाग्दैन, तिमी वन जानामा उत्सुकै छौभने, चाँडै नै यहाँबाट वनतिर जानलाई तय्यार भइजाऊ ॥१४॥ राजा लाजमा परेका छन्, यसैले आफैं तिमीलाई केही भन्दैनन्, हे राम ! यो केही कुरा हैन, पिताले आफैं मलाई भनेनन् भन्ने खेद छाडिदेऊ ॥१५॥ हे राम ! जबसम्म तिमी छिटो गरेर वन जानाको निम्ति यो शहर छाड्दैनौ तबसम्म तिम्रा पिताले न स्नान गर्नेछन् न केही खानेछन् ॥१६॥

कैकेयीको यो कुरा सुनेर, शोकले व्याकुल भएका राजा धिक्कार छ धिक्कार छ भन्दै, लामो लामो सास फेरेर, सुनको पलङ्गमा मूर्छा परेर लडे ॥१७॥ रामले राजालाई उठाए र कैकेयीले भनेको कुराले, घोडालाई कोर्रा लगाए जस्तो भई वन जानालाई हतपत गर्न लागे ॥१८॥

दुष्ट कैकेयीको, पछि भयङ्कर घटना गराउने अप्रिय वचन रामले सुने तर यिनलाई यो कुरा सुन्दा केही दुःख भएन र कैकेयीलाई भन्नलागे ॥१९॥ हे देवी ! म धनको लोभले संसारमा रहन चाहन्नँ । मलाई तिमी विशुद्ध धर्मको पालन गर्ने ऋषि जस्तै धार्मिक भन्ठान ॥२०॥ पूज्य पिताजीलाई मन पर्ने जुन काम छ त्यसलाई मैले आफ्नो प्राण दिएर भए पनि गरेकै भन्ठान ॥२१॥ पिताको सेवा तथा उनको आज्ञा पालन गर्नुभन्दा ठूलो अरू कुनै धर्मको कामै छैन ॥२२॥ राजाले नभने तापनि केवल तपाईंकै भनाइमा म चौद्ध वर्षसम्म निर्जन वनमा बस्नेछु ॥२३॥ हे कैकेयी ! तपाईं मेरो गुण जान्नुहुन्न, यसैले तपाईंले यस कामको निम्ति अर्थात् मलाई वन पठाउनको निम्ति राजालाई भन्नुभो, स्वयं तपाईं मेरी मालिक्नी हुनुहुन्छ, तपाईंले नै भनेको भए म जाइहाल्थें नि ॥२४॥ म आमासित विदावारी भई सीतालाई संझाउँछु अनि आजै (१) दण्डकको ठूलो वनतिर प्रस्थान गर्दछु ॥२५॥

तपाईं यस्तो बन्दोबस्त गर्नुहोस् जसमा कि भरतले राज्यको पालना गरून् र पिताजीको सेवा गरून्, किन कि सनातन धर्म भनेको यै हो ॥२६॥

रामको यो कुरा सुन्दा दशरथको दुःख झन् बढ्यो, उनी बोल्न ता केही सकेनन् तर डाँको छाडेर रुनलागे ॥२७॥ बेहोश परेका पिताको चरणमा तथा दुष्ट कैकेयीको खुट्टामा ढोग दिएर महा-तेजस्वी राम त्यहाँबाट बाहिर निस्के ॥२८॥ पिता र कैकेयीको प्रदक्षिणा गरी त्यो अन्तः पुरबाट बाहिर निस्कँदा रामले आफ्ना मित्रहरूलाई देखे ॥२९॥

रामको पछिपछि अत्यन्त रिसाएका र आँखाभरी आँसु गरेका सुमित्राका छोरा लक्ष्मण पनि हिंडे ॥३०॥ भाँडामा राखेको अभिषेकका सबै सामग्रीको प्रदक्षिणा गरी त्यहाँ बसेका सबैका सबै मानिसतिर आफ्नो दृष्टि दिंदै राम बिस्तारै हिंड्नथाले ॥३१॥ राज्य गुमेको चिन्ताले रामको शरीरको तेजलाई अलिकता पनि बिगार्न सकेन, किन कि दुनियाँका प्यारा यिनमा स्वाभाविक सुन्दरता थियो; चन्द्रमा चाहे घटोस् चाहे बढ़ोस् जुन अवस्थामा पनि लोकप्रिय हुन्छ, यिनी पनि त्यस्तै गरी हर हालतमा लोकप्रिय थिए ॥३२॥

पृथ्वीको राज्यलाई छाडेर वन जान भनी तय्यार भएका रामको चित्तमा, जीवन्मुक्त मनुष्यलाई (जसलाई कुनै कुराको अभिलाषै रहँदैन) झैं कुनै प्रकारको विकार देखिएन ॥३३॥ रामले उत्तम छाता र सिंगारिएको चमरलाई त्यागिदिए, आफ्ना बन्धुवर्ग तथा शहरवासीहरूलाई बिदा गरी रथ-समेत छाडिदिए ॥३४॥ दशरथको दुःखले दुःखी थिए तापनि आफ्ना इन्द्रियहरूलाई यिनले यसरी काबूमा राखेका थिए कि मनको दुःखलाई बाहिर देखिन दिएनन् । यस्ता आत्मवान् राम अप्रिय समाचार सुनाउनलाई आमाको घरमा पसे ॥३५॥ अभिषेकको समयमा सिंगारिएर आएका बन्धुहरूले पनि श्रीमान् सत्यवादी रामको मुखमा कुनै प्रकारको दिक्दारीको चिह्न देखेनन् ॥३६॥ शरद् ऋतुको तेज बढेको चन्द्रमाले आफ्नो तेज़लाई नछाडे झैं आत्मवान् महाबाहु रामले पनि आफ्नो स्वाभाविक

(१) दण्डक इक्ष्वाकुका छोरा थिए, यिनको राजधानी यहीं थियो । शुक्रको श्रापले यो वन भएको हो ।

हर्षलाई छाडेनन् ।।३७।। महायशस्वी धर्मात्मा राम मधुरो बोलीले सबैको सन्मान गर्दै आफ्नी आमाको नगीच गए ।।३८।। गुणहरूले गर्दा रामको समान भएका महापराक्रमी भाइ लक्ष्मण पनि मनको दुःख मनै भित्र राखेर रामको पछि लागे ।।३९।। रामचन्द्र खूब सजिसजाउ भएको आफ्नो आमाको घरमा आनन्दपूर्वक पसे, आफूमाथि पर्न लागेका विपत्ति थाहा पाउँदा पाउँदै पनि आफ्ना इष्ट-मित्रलाई कष्ट होला भन्ने शङ्काले यिनले मनलाई बिगारेनन् ।।४०।।

सर्ग—२०

रामको वन जाने समाचार सुन्दा कौशल्याको विलाप।

पुरुषसिंह रामचन्द्र हात जोरेर बाहिर निस्कँदा अन्तःपुरका आइमाईहरूमा ठूलो हाहाकार मच्चियो ।।१।। बाबुले नभने तापनि सबै कामको प्रबन्ध मिलाउने, अन्तःपुरको रक्षा गर्ने राम आज वन जानलागे भनेर सबै आइमाई विलाप गर्नथाले ।।२।। आफ्नी आमा कौशल्यासित जन्मैदेखि यिनले जस्तो व्यवहार गरिआएका छन् त्यस्तै व्यवहार हामी सबैसित पनि गर्दथे ।।३।। कसैले कठोर वचन भन्दा पनि यिनी रिस गर्दैनथे, यिनी कुनै यस्तो काम गर्दैनथे जसबाट अरूलाई रिस उठोस्, बरु रिसाएका मानिसलाई खुशी पार्दथे, यस्ता रामले वनवास पाउने भए ।।४।। यी हाम्रा राजा बुद्धिहीन भई हामी सबैको विनाश गर्नलागे, किन कि जुन राममा सबै प्राणीको आधार छ तिनैलाई यिनी त्याग गर्न लागिरहेका छन् ।।५।। यस प्रकारसँग सबै रानीहरू बाच्छो नभएकी गाई जस्तै भई पतिको निन्दा गर्न र डाँको छाडी रुनलागे ।।६।। यस समयमा पुत्रशोकले दुःखी भएको राजा अन्तःपुरको यस्तो भयानक बिलौना सुनेर बिछौनामा लुके जस्तो भए ।।७।।

उता रामचन्द्र आफ्ना मानिसको दुःख देख्ता अत्यन्त व्याकुल भई हात्तीले झैं सास फेर्नलागे, तर इन्द्रियहरूलाई आफ्नो वशमा राखेका हुनाले आफूलाई सह्मालेर भाइका साथमा आमाको महलभित्र पसे ।।८।। त्यहाँ तिनले ढोकामा ठूलो इज्जत पाएको एउटा बूढो मानिसलाई बसेको देखे, त्यहाँ ढोकामा बसेका अरू अरूलाई पनि देखे ।।९।। रामलाई देख्नासाथ, बसेका ती सबै मानिस नजीक आएर, विजयीहरूमाका श्रेष्ठ रामको जय जयकार गर्नलागे ।।१०।। पहिलो ढोका नाघेर दोस्रोमा पुगेपछि रामले त्यहाँ बूढा, वेद जान्ने, राजाबाट सन्मान पाएका बाहुनहरूलाई देखे ।।११।। यी बूढाहरूलाई प्रणाम गरेर जब राम तेस्रो ढोकामा पुगेथे, त्यहाँ यिनले बालक, बूढा र आइमाई ढोकामा पहरा दिन लागिरहेका देखे ।।१२।। यी आइमाईहरूले रामलाई आशीर्वाद दिएर प्रसन्नतापूर्वक भित्र गई राम आएको खुशीयालीको खबर कौशल्यालाई सुनाए ।।१३।।

यस बखतमा छोराको भलो चाहना गर्ने कौशल्या नियमपूर्वक रात बिताएर प्रातःकालमा विष्णुको पूजा गरिरहेकी थिइन् ।।१४।। रेशमी वस्त्र पहिरेकी, सधैं मनमा प्रसन्न रहने र व्रत बस्ने कौशल्या मन्त्रको उच्चारण गर्दै होम गरिरहेकी थिइन् ।।१५।। आमाको सुन्दर महलभित्र पसेर हेर्दा रामले

उनलाई आगोमा होम गरिरहेकी देखे ।।१६।। देवताको पूजाको निमित्त रामचन्द्रले त्यहाँ जम्मा पारि-राखेको दही, अक्षता, घिउ, लड्डु, होम गर्ने वस्तु, लावा, सेतो माला, खीर, कृसर (तिल र चामल), दाउरा र भरी गाग्रो देखे ।।१७-१८।। रामले सेतो रेशमी लुगा लगाएकी, व्रत बस्नाले दुब्लाएकी कौशल्यालाई जलले देवताको तर्पण गरिरहेकी देखे ।।१९।।

आमालाई प्रसन्न राख्ने छोरालाई धेरै दिनमा आएको देखेर कौशल्या, घोडी आफ्नो सानो बच्चा-नेर जसरी जान्छे, ठीक त्यसै गरेर उनीनेर गइन् ।।२०।। आमालाई नजीक आएको देखेर राम उनको घाँटीमा झुण्डिए, आमाले पनि दुवै हातले अँगालो हाली टाउको सुँघिन् ।।२१।। कौशल्या आफ्नो अजेय छोरा रामलाई, उनीमाथिको आफ्नो प्रेमले गर्दा हित गर्ने प्रियवचन भन्नलागिन् ।।२२।। धर्मात्मा, वृद्ध महात्मा राजर्षिहरूको जस्तो तिमीले आयु र कीर्ति पाए र आफ्नो वंशमा चलिआएको धर्मको पालना गरे ।।२३।। हे राम ! हेर तिम्रा पिता सत्यप्रतिज्ञ छन्, यी धर्मात्मा राजाले आजै तिम्रो युवराजपदमा अभिषेक गर्नेछन् ।।२४।।

आमाले खाने कुरा खान भनेकोले, खाँदाखेरिलाई बस्नाको निम्ति जुन आसन राखेको थियो त्यसलाई हातले छोएर रामले फेरि हात जोरी आमालाई भन्नलागे ।।२५।। राम स्वभावैले नम्र ता छँदै थिए, माताउपरको आफ्नो आदरले गर्दा, अहिले झन् नम्र भई दण्डकारण्यमा जान बिदा माग्नलागे ।।२६।। हे देवी ! हजूरलाई थाहा छैन, हजूरको, सीताको र लक्ष्मणको लागि ठूलो भय आइपरेको छ, यसले गर्दा तपाईंहरू दिक्दार हुनुहुनेछ ।।२७।। म ता अब दण्डक वनमा जानलागें, मलाई यो आसनको के प्रयोजन छ, मेरो लागि ता कुशासनको योग्य समय आइसक्यो अर्थात् अब ता मलाई कुशासन चाहिने भो ।।२८।। मुनिहरूले झैं माछा मासु छाडी कन्द, मूल, फलले आफ्नो जीविका निर्वाह गर्दै म चौध्र वर्षसम्म निर्जन वनमा बस्नेछु ।।२९।। महाराजले भरतलाई युवराजको पद दिन लाग्नुभएको छ र मलाई तपस्वीको भेषमा दण्डकारण्यमा पठाउन लाग्नुभएको छ ।।३०।। फलमूलको आहार गरी र जङ्गली वस्त्र पहिरी म चौध्र वर्षसम्म वनमा बस्नेछु ।।३१।।

यो कुरा सुन्नासाथ महारानी कौशल्या बञ्चरोले काटेको सालको हाँगोझैं, स्वर्गबाट कुनै देवी खसेकी जस्तो गरेर एक्कासि भूइँमा लडिन् ।।३२।। दुःखमा पर्ने योग्य नभएकी माता कौशल्यालाई बेहोश भई केराको थाम लडे जस्तै गरी लडेकी देख्ता रामले उनलाई उठाए ।।३३।। कोल्टे फर्केर, भारी लादिएकी घोडी उठेझैं दुःखी कौशल्या उठिन्; उनको आँगमा जताततै धूलो लागेको थियो, रामले आफ्नो हातले त्यो सब धूलो झारिदिए ।।३४।।

यस समयमा कौशल्यालाई सुख हुनुपर्ने हो तर दुःख भयो; उनी पुरुषसिंह रामलाई भन्नलागिन्-लक्ष्मण पनि सुनिरहेका थिए ।।३५।। हे राम ! तिमी नजन्मेको भए, आफ्नो सन्तान नभएकोमा मलाई दुःख ता हुन्थ्यो, तर यो पुत्र-वियोगको दुःख ता हुने थिएन ।।३६।। हे छोरा ! वन्ध्या स्त्रीलाई मेरो सन्तान छैन भन्ने मनमा एउटा दुःख मात्र हुन्छ, यसको सिवाय अरू कुनै दुःख हुँदैन

॥३७॥ हे राम ! मैले पतिको पुरुषार्थमा कुनै प्रकारको कल्याण वा सुख पाइनँ, छोराको पालामा सुख भोगुँला भन्ने आशा थियो सो पनि गयो ॥३८॥ सबभन्दा जेठी भए तापनि अब मैले आफ्ना सौताहरूको मुटु छेड्ने, बाङ्गो-टिङ्गो वचन सुन्नुपर्नेछ ॥३९॥ सौताहरूको कडा वचन सुन्नुभन्दा बर्ता आइमाईहरूको निम्ति अर्को के दुःख हुन सक्तछ ? मलाई जस्तो शोक र दुःख ता कसैलाई परेको होवैन ॥४०॥ हे छोरा ! तिमी छँदाखेरि ता मेरो यस्तो अनादर हुन्थ्योभने तिमी गएपछिको ता कुरै छैन, त्यस समयमा ता अवश्यै मेरो मरण हुनेछ ॥४१॥ पतिबाट सम्मान नपाएकोले म ज्यादै हेलाँ गरिएकी छु, म ता कैकेयीका चाकर्नी जत्तिको अथवा उनीहरूभन्दा पनि होची संझिएकी छु ॥४२॥ जो मेरा चाकर छन् र जो मेरो पछि लाग्दछन् यिनीहरूसमेत कैकेयीका छोरा भरततिर हेरेर मसित बोल्दैनन् ॥४३॥ स्वभावैले रिसाही, कैकेयीको कठोर बोली बोल्ने मुख, दुःखमा परेकी मैले कसरी हेर्ने हो ॥४४॥ तिम्रो व्रतवन्ध भएको अहिले सत्र वर्ष भइसक्यो, मेरो छोरो युवराज भएपछि सबै दुःखको समाप्ति हुनेछ भन्ने कामनाले मैले यतिका वर्ष बिताएकी हुँ ॥४५॥ हे राम ! मेरो इच्छा-विरुद्ध, कहिले पनि नाश नहुने दुःख ममाथि आइपर्‍यो, यसै त सौताहरूले गरेको अपमानले गर्दा मेरो शरीर क्षीण भइसकेको छ, अतः अव यो दुःख सहने शक्ति ममा छैन ॥४६॥ पूर्णचन्द्रमा जस्तो राम्रो तिम्रो मुख हेर्न नपाएर म अभागिनीले कसरी आफ्नो दुःखी जीवन बिताउने हो ॥४७॥ उपवास, ध्यान र अनेक किसिमका परिश्रमले तिम्रो पालन पोषण गरेको व्यर्थै भो, किन कि तिमी अहिले, सो पालन पोषणको फल पाइने वेलामा वन जानलागिरहेका छौ ॥४८॥ वर्षाकालमा नयाँ पानीको तोडले गङ्गा आदि गरिएका महानदीको किनारा फुटे झैं मेरो यो हृदय पनि फुट्नुपर्ने हो तर फुटेन, साँची नै यो बडो कडा रहेछ ॥४९॥ निश्चय मेरो भाग्यमा मरण रहेन छ, यमपुरीमा समेत मेरो निम्ति ठाउँ रहेन छ, ठाउँ भएको भए ता रुन लागेकी हरिणीलाई सिंहले एक्कासि पक्रेर लगेझैं, यमराजले मलाई आजै लइजाने थिए ॥५०॥ मेरो हृदय साँची नै फलामको बनेको रहेछ, यसैले यस्तो दुःख आइपर्दा पनि यो फुटेन, भूइँमा लड्दा पनि भाँचिएन, काल नआईकन कसैको मृत्यु हुन्न भन्ने कुरा साँचो हो ॥५१॥ बाँझो खेतमा छरेको बीउ जसरी निष्फल हुन्छ, ठीक त्यसै गरी पुत्रको कल्याण होस् भन्ने कामनाले मैले जो व्रत, दान, धर्म गरेथें सो सब व्यर्थ भो, मैले गरेको तपस्या पनि निरर्थकै भो ॥५२॥ महादुःखले व्याकुल भएको कसैले, कालै नआईकन आफ्नो इच्छाले मर्न पाउनेभएदेखि, म तिमीलाई यहाँ छाडेर बाच्छो नभएकी गाई जस्तै भई, आजै यमराजको सभामा जाइहाल्ने थिएँ ॥५३॥ हे चन्द्रमा जस्तो मुख भएको राम ! तिमीविना मेरो यो जिन्दगी व्यर्थ छ, दुब्ली गाई आफ्नो बाच्छोसँग हिंडेझैं, म पनि सुखको इच्छाले तिम्रो साथमा जान्छु ॥५४॥

पुण्य क्षीण भई पृथ्वीमा आएकी किन्नरीले विलाप गरेझैं, कौशल्याले आफ्ना छोरालाई सत्यको पाशोमा बाँधिएको देखेर, र राम गएपछि सौताहरूको बाटोबाट आफूलाई हुने अनादर संझेर, दुःख खप्नै नसकेर, विलाप गर्नलागिन् ॥५५॥

सर्ग--२१

रामचन्द्र कौशल्या र लक्ष्मणलाई धर्मको उपदेश गर्दछन् ।

रामचन्द्रकी आमा कौशल्याले विलाप गरेको देख्ता दुःखले पीडित भई लक्ष्मण यस वेलालाई सुहाउने किसिमको कुरा भन्नलागे ॥१॥ हे देवी ! रामले राज्य छाडेर वन जाने कुरा मलाईसमेत निको लागेको छैन, राजा स्त्रीको कुरा सुनेर उनको वशमा परेका छन् ॥२॥ राजा बूढा भइसकेका छन्, उनको बुद्धि उल्टो भएको छ, विषय वासनाले उनलाई थिचिराखेको छ, यसबाहेक उनी कामको वशमा परेका छन्, यस्ताले स्वास्नीको वशमा परेर जे पनि गर्न सक्तछ ॥३॥ राज्यबाट निकालिएर वनमा गई बस्नुपर्ने किसिमको रामले न कुनै अपराध गरेको देख्तछु, न यिनमा कुनै किसिमको पापै देखिन्छ ॥४॥ आँखापछाडि पनि, चाहे त्यो मित्र होस् चाहे शत्रु, मैले ता कसैले पनि यिनको दोष भनेको सुनेको छैन ॥५॥ राम देवतासमान शुद्ध छन्, सुधा छन्, शत्रुहरूका समेत प्यारा छन् । यस्ता छोरालाई विनाकारणले को धर्मात्मा पिताले त्याग गर्ला ? ॥६॥ यसकारण केटा-केटीको जस्तो बुद्धि भएका राजाको वचन राजनीति जान्ने कुनचाहिँ छोराले मनमा लेला ? ॥७॥ यो कुरा अर्थात् राजाले रामलाई वन पठाए भन्ने कुरा फैलिनुको अगाडि नै मेरो सहायताले राज्यमा अधिकार गरिहाल्नुहोस् ॥८॥ धनु लिएर यमराजको समान म तपाईंको रक्षा गर्नलाई साथमा रहन्छु, म छँदा छँदै तपाईंमाथि अधिकार गर्न खोज्ने कसको ताकत छ ? ॥९॥ हे नरश्रेष्ठ ! पातईंको विरोधमा कोही उभियोभने, आफ्ना तीखा बाणले म यो समस्त अयोध्यालाई नै निर्जन बनाइदिनेछु ॥१०॥ भरतको पक्ष लिने अथवा उसको हित गर्ने सबैलाई म मारिदिन्छु ।

सुधो हुनु मनासीब छैन, सुधालाई नै सबैले दबाउँछन् ॥११॥ कैकेयीले उचालिराखेका राजा, हाम्रा पिता उनीदेखि खूबै सन्तुष्ट छन्, यदि यिनी शत्रुको पक्ष लिन्छन्भने यिनलाई समेत निःशङ्क भई कैद गर्नुपर्दछ वा मारिदिनुपर्दछ ॥१२॥ गुरु अर्थात् पितासमेत यदि अहङ्कारी भई गर्न हुने गर्न नहुने कुराको विचार नराखी कुबाटोमा हिंड्दछन्भने, यिनको समेत शासन गर्नुपर्दछ अर्थात् यिनलाई दण्ड दिनुपर्दछ ॥१३॥ हे पुरुषोत्तम ! यी राजा कुन नीतिको आश्रय लिएर अथवा कुन कारणले, तपाईंले पाएको राज्यको अधिकार कैकेयीलाई दिन चाहन्छन् ? ॥१४॥ शत्रुको नाश गर्ने हे राम ! तपाईंसित र मसित दुश्मनी गरेर भरतलाई राज्य दिने यी राजाको के ताकत छ ? ॥१५॥

हे कौशल्या ! म सत्य, धनु, दत्त (दान), इष्ट (यज्ञ) संझेर किरिया खान्छु कि म भित्र दिलैदेखि सबै प्रकारले दाजुउपर प्रेम राख्तछु॥१६॥ यदि राम बल्दो आगोमा अथवा वन पस्तछन्भने,हे कौशल्या! यिनी पस्नुभन्दा अगाडि नै मलाई पसेको भन्ठान्नुहोस् ॥१७॥ जसरी सूर्य उदाएर अन्धकारलाई नाश गर्दछन् त्यसै गरी म आफ्नो पराक्रमले तपाईंको शोकलाई हटाइदिन्छु । हे देवी ! तपाईं मेरो बहादुरी हेर्नुहोस र राम पनि हेरून् ॥१८॥ बुढ्याइँले गर्दा केटाकेटीझैं विवेकशून्य राजा निन्दित भएका छन्, कैकेयीको प्रेमको वशमा परेका निष्ठुरी बूढा राजालाई म अहिलै नै दूर गरिदिन्छु ॥१९॥

महात्मा लक्ष्मणको कुरा सुनेर, शोकले व्याकुल भएकी रोइरहेकी कौशल्या रामलाई भन्नलागिन् ॥२०॥ हे राम ! तिमीले भाइ लक्ष्मणको कुरा सुनिहाल्यौ, अब तिमीलाई जे ठीक लाग्दछ सो गर ॥२१॥ मेरी सौता कैकेयीको अधर्मी कुरा सुनेर, शोकमा परेकी मलाई यहाँ छाडी, तिमीले जानु उचित छैन ॥२२॥ हे धर्मज्ञ ! हे धर्मशील ! यदि तिमी धर्मको आचरण गर्न खोज्दछौभने यहीं बसेर मेरो सेवा गर, तिम्रो निम्ति यै उत्तम धर्म हो ॥२३॥ हेर, आफ्नो घरमा नियमपूर्वक रहेर कश्यपका छोरा माताको सेवारूपी उत्तम तपस्याको बलले स्वर्ग गए ॥२४॥ जुन गुरुभावले राजा तिम्रा पूज्य छन्, म पनि ता त्यै गौरवले पूज्य छु, तिमीले मान्नुपर्ने, म तिमीलाई आज्ञा दिन्छु कि तिमी वन नजाऊ ॥२५॥ तिम्रो वियोगमा मेरो जीवन र सुख दुवै व्यर्थ छन्, तिम्रो साथमा बसेर घाँस खानुपरे तापनि मेरा लागि सुखको कुरा छ ॥२६॥ यसरी शोकमा व्याकुल परेकी मलाई छाडेर वन गयौभने म खान पनि छाडिदिनेछु र भोक भोकै मर्नेछु ॥२७॥ जसरी अधर्म गर्नाले नदीहरूका स्वामी समुद्रलाई ब्रह्महत्या लागेर नरकको वास भोग्नुपरेथ्यो, त्यसै गरी मलाई दुःख दिनाले तिमी नरकमा जानेछौ ॥२८॥

यसरी विलाप गरिरहेकी दुःखिनी आमा कौशल्यालाई धर्मात्मा राम धर्मयुक्त कुरा भन्नलागे ॥२९॥ पिताको आज्ञा उलंघन गर्ने शक्ति ममा छैन, म तपाईंका चरणमा टाउको राखेर ढोग दिन्छु, तपाईं प्रसन्न हुनुहोस्, म ता वनैमा जान चाहन्छु ॥३०॥ पिताको आज्ञा पालन गर्नाको निम्ति वनवासी ऋषि कण्डुले, विद्वान् भईकन तथा यो अधर्म हो भन्ने जान्दा जान्दै पनि गाई मारेथे ॥३१॥ हाम्रै कुलमा पिता सगरको आज्ञाले उनका साठी हजार छोराले पृथ्वी खन्दा खन्दै प्राण त्याग गरेथे ॥३२॥ जमदग्निका छोरा रामले पनि पिताको आज्ञाले वनमा खास आफ्नी आमा रेणुकाको टाउको बञ्चरोले काटिदिएथे ॥३३॥ यिनीहरूले तथा अरू अरू देवतासमानका मानिसले प्रसन्न भई पिताको आज्ञा पालन गरेका हुन्, म पनि पिताको भलो हुने काम गर्दछु ॥३४॥ पिताको आज्ञा पालन गर्ने केवल म मात्र एकलो छैन, किन्तु मैले अहिले भनेका यी सबैले बाबुको आज्ञा मानेका हुन् ॥३५॥ म कुनै नयाँ धर्मको जो तपाईंलाई अनुकूल पर्ने भएको छैन, स्थापना गर्न लागेको ह्वैन; यो धर्मको बाटो पहिलेका मानिसलाई समेत प्यारो थियो, म पनि त्यै बाटोबाट हिड्न लागेको छु ॥३६॥ संसारमा जुन काम (पिताको आज्ञा पालन) गरिन्छ, म पनि त्यै गरिरहेको छु, यसको विपरीत केही गरेको छैन। पिताको आज्ञा पालनले कसैको धर्म लोप हुन्न ॥३७॥

यस प्रकारसंग आमालाई संझाई बुझाईकन, धनुर्धारीहरूमा श्रेष्ठ, तथा वाक्यको गुण दोष जान्नेहरूमा श्रेष्ठ रामचन्द्रजी लक्ष्मणलाई भन्नलागे ॥३८॥ हे लक्ष्मण ! तिम्रो ममा ठूलो प्रेम छ सो कुरा मलाई थाहा छ, तिम्रो कसैले जित्न नसक्ने बल, पराक्रम र तेजको पनि मलाई ज्ञान छ ॥३९॥ हे शुभलक्षण ! सत्य र शान्तिको अभिप्राय नबुझेकी हुनाले मेरी आमालाई यो दुःख बडो असह्य भइरहेको छ ॥४०॥ हे वीर ! संसारमा धर्म नै श्रेष्ठ छ, धर्ममा नै सत्य अडेको छ, पिताको यो वचन धर्म र सत्यले युक्त भएको छ, अतएव यो श्रेष्ठ छ, तसर्थ हामीले यसको पालन गर्नुपर्दछ ॥४१॥ ह

बीर ! धर्मको आश्रय गर्नेहरूले पिता माता अथवा ब्राह्मणको आज्ञा पालन गर्ने प्रतिज्ञा गरेर सो प्रतिज्ञाको विपरीत चल्नु हुँदैन ।।४२।। मैले पिताको आज्ञा पालन गर्ने प्रतिज्ञा गरेको छु, म त्यसको उल्लंघन गर्न सक्तिनँ, पिताको आज्ञा मैले कैकेयीको मुखबाट सुनेको हुँ ।।४३।। यसकारण, हे लक्ष्मण ! तिमी आफ्नो यो छोटो विचारलाई क्षात्रधर्मको अनुकूल भए तापनि त्याग गरिदेऊ, विशुद्ध धर्मको अनुसार काम गर ।।४४।।

यस प्रकारले भाइ लक्ष्मणलाई संझाइसकेपछि, रामले हात जोरी टाउको निहुराएर कौशल्यालाई फेरि भन्नलागे ।।४५।। हे देवी ! यतैबाट वन जानलागेको मलाई बिदा दिनोस्, तपाईंलाई मलाई मार्ने हत्या लाग्नेछ, मेरो यात्राका लागि मङ्गल विधान गर्नुहोस् ।।४६।। कारणवश जसरी ययाति स्वर्गबाट पृथ्वीमा आएर फेरि स्वर्ग गएका थिए म पनि त्यसै गरी प्रतिज्ञा पूरा भएपछि वनबाट फर्केर फेरि अयोध्या आउनेछु ।।४७।। हे आमा ! शोकलाई मनभित्र लुकाउनुहोस्, चिन्ता लिन छाडिदिनुहोस्, पिताको आज्ञा पालन गरेर म वनवासबाट यहीं फर्केर आउनेछु ।।४८ तपाईंले, मैले, सीताले, लक्ष्मणले हाम्रा पिताको आज्ञा पालन गर्नुपर्दछ । सनातन धर्म भनेको यै नै हो ।।४९।। हे आमा ! अब अभिषेकका सामग्रीलाई एकातिर पन्छाउनुहोस्, दुःखलाई मनै भित्र रोक्नुहोस्, वन जाने धर्मानुकूल मेरो इच्छालाई मान्नुहोस् अर्थात् मलाई वन जाने आज्ञा दिनुहोस् ।।५०।।

व्याकुलपना र कातरपना नभएको रामको यो धर्मयुक्त कुरा सुनेर, होशमा आएको मरेको मानिसझैं, कौशल्या रामलाई हेरेर फेरि भन्नलागिन् ।।५१।।

धर्म र स्नेहको दृष्टिले तिम्रो निम्ति जत्तिको पिता मान्य छन् उत्तिकै म पनि छु, दुःखमा परेकी मलाई यहाँ छाडेर तिमीले वन जानु उचित छैन, म तिमीलाई वन जाने आज्ञा दिन सक्तिनँ ।।५२।। तिम्रो विना मलाई न त आफ्नो जीवनसित, न लोकसित, न पितृहरूको आराधनासित, न अमृतसित, कसैसित पनि केही प्रयोजन छैन, एक छिनलाई भए पनि मेरो अगाडिको तिम्रो बसाइ सबै सुखभन्दा बर्ता छ ।।५३।।

रात्रिको समयमा हातमा मसाल लिएका मानिसद्वारा लखेटिएको मत्ता हात्ती अन्धकारमा पर्नाले जसरी दुःख र क्रोधले जाग्दछ त्यसै गरी फेरि आमाको करुणायुक्त विलाप सुन्दा रामलाई केही ता रिस उठ्यो केही ता सन्ताप पनि पर्‍यो ।।५४।। बेहोश जस्ती भएकी आमालाई र दुःख तथा सन्तापमा परेका लक्ष्मणलाई, धर्मात्मा राम धर्मयुक्त कुरा भन्नलागे, यी कुरा यिनै भन्न सक्तथे र यिनै जस्ता धर्मात्माले भन्न सुहाउने कुरा थियो ।।५५।।

हे लक्ष्मण ! तिम्रो ममा जो भक्ति छ र जत्तिको तिम्रो पराक्रम छ, सो सब मलाई थाहा छ । मेरो अभिप्रायलाई नबुझी, तिमी आमाको साथसाथमा, दुःखमा परेको मलाई झन् दुःखी बनाइरहेका-छौ ।।५६।। धर्मको फलरूप ऐश्वर्य, सुख आदिको प्राप्तिमा, धर्म, अर्थ, र काम यी तीनै धर्मकै आधारमा छन् अर्थात् धर्म गर्नाले यी तीनै थोक पाइन्छन्, यसमा केही शङ्का छैन । जस्तै कि एउटै

स्वास्नी पतिको वशमा भएर धर्मको, प्यारी बनेर कामको, र सुपुत्रा भएर अर्थको सम्पादन गर्दछे ॥५७॥ तसर्थ जुन कामले यी तीनैको प्राप्तिमा बाधा पर्दछ त्यसलाई छाडिदेऊ र जसबाट धर्मको लाभ हुन्छ त्यसैलाई गर्न थाल, किन कि केवल अर्थसाधनमा लागेकासित दुनियाँ द्वेष गर्दछन्, कामपरायण हुनु ता सर्वथा निन्दितै हो ॥५८॥ हेर, दशरथ हाम्रा पिता, बूढापाका, राजा र गुरु हुन्, रिसले, खुशीले अथवा स्वार्थले जेले भए पनि यिनले दिएको आज्ञालाई आफ्नो धर्म संझेर पालन गर्नुपर्दछ, असल बुद्धि भएको कुन छोराले पिताको आज्ञा नमान्ला ॥५९॥ यसकारण, पिताको सम्पूर्ण प्रतिज्ञाको म पालन नगरिछाड्दिनँ, मलाई र भरतलाई आज्ञा दिने उनैलाई अधिकार छ, कौशल्याका उनी पति हुन्, पति स्त्रीहरूका आधार र धर्म हुन् ॥६०॥ धर्मराजतुल्य राजा दशरथ जीउँदैछन् र आफ्नो बाटोमा चलिरहेका छन् अर्थात् धर्म्मपूर्वक शासन गरी नै रहेका छन्, यस हालतमा साधारण विधवा आइमाईको जस्तो गरेर कौशल्याले मेरो साथमा कसरी वन जाने ? ॥६१॥ अतएव हे देवी ! मलाई वन जाने आज्ञा दिनुहोस् र मेरो निम्ति स्वस्तिवाचन आदि गर्नुहोस् जसमा कि म ययाति स्वर्गमा फर्केर गएझैं, अवधि समाप्त भएपछि फेरि फर्केर आउन पाऊँ ॥६२॥ म केवल राज्यको लोभमा परेर ठूलो फल दिने यशलाई, पिठिउँ देखाउन अर्थात् छाड्न सक्तिनँ । हे देवी ! यो जिन्दगानी थोरै कालको छ तसर्थ म अधर्मले पृथ्वीलाई लिन चाहन्नँ ॥६३॥

नरश्रेष्ठ रामचन्द्रले, धीरतापूर्वक वन जाने इच्छाले आमालाई संझाईकन प्रसन्न गराए र भाइ लक्ष्मणलाई आफ्नो अभिप्राय बुझाए र मनै मनले आमाको प्रदक्षिणा गरे ॥६४॥

सर्ग—२२

दैवी बलको वर्णन ।

रामचन्द्रको अभिषेकमा विघ्न पर्नाले लक्ष्मण अतिशय व्याकुल भएका थिए, अरूलाई भन्दा बर्ता यिनलाई रिस उठेको थियो, रिसाएको हात्ती झैं यिनले रिसले आँखा ठूलाठूला पारेका थिए ॥१॥ प्यारा भाइ तथा मित्र लक्ष्मणलाई आत्मवान् रामले आफूनेर बोलाई धैर्य्यपूर्वक आफ्नो चित्त सम्हाली उनलाई भन्नलागे ॥२॥ पितातिरको रिस र मेरो सम्बन्धको तिम्रो दुःख यी दुवैलाई केवल धैर्य्य गरेर रोक; मेरो वनवासको अपमानलाई बिर्सी मनमा उत्तम हर्ष धारण गर अर्थात् सत्यपालनले पिताको रक्षा गरूँला भन्ने विचारले प्रसन्न होऊ ॥३॥ मेरो अभिषेकको निम्ति जम्मा गरिएका यी उत्तम सामग्रीलाई एकातिर पन्छाइदेऊ र अहिले जे गर्नुपर्ने काम छ त्यसलाई निर्विघ्नपूर्वक गर ॥४॥ हे लक्ष्मण ! मेरो अभिषेकको निम्ति सामग्री जम्मा गर्नामा तिमीले जो उत्साह देखाएका थियौ त्यै उत्साह अहिले अभिषेकको निवृत्तिमा अर्थात् वनवासलाई चाहिने सरजाम जम्मा पार्नामा देखाऊ ॥५॥

मेरो अभिषेकको कुराले जसको मनमा कष्ट भइरहेको छ, ती हाम्री आमा कैकेयीलाई जुन किसिसले शङ्का पर्दैन त्यै किसिमले काम गर अर्थात् लक्ष्मणसित मिलेर राम राज्यमा अधिकार गर्ने प्रयत्नमा

लागेका छन् भन्ने कुराको उनलाई शङ्का नपरोस् ॥६॥ हे लक्ष्मण ! एक छिनका लागि भए पनि, उनको मनमा शङ्काले उत्पन्न भएको दुःख म न देख्न सक्तछु न सहन सक्तछु ॥७॥ जानेर अथवा नजानेर कहिले पनि माता पिताको अपराध गरेको मलाई संझना छैन ॥८॥ सत्यवादी, सत्यप्रतिज्ञ, पराक्रमी, र परलोकको भयले डराउने किसिमका मेरा पिता निर्भय भई जाउन् ॥९॥ मेरो अभिषेकको निर्वृति नभएसम्म, मेरो वचन सत्य होला वा नहोला भन्ने सन्देहले उनको मनमा ताप होला, उनको यो तापले मेरो मनको पीडालाई झन् बढ़ाइदिनेछ ॥१०॥ अतएव अभिषेकको सामग्रीलाई ठेगान लगाउनुको अगाडि नै म यस शहरबाट वन जानाका लागि प्रस्थान गर्दछु ॥११॥ यहाँबाट म आज वनतिर लागेपछि राजपुत्री कैकेयी कृतकृत्य भई निश्चिन्त भएर आफ्ना छोरा भरतको अभिषेक गरून् ॥१२॥ म जब वल्कल वस्त्र, मृगचर्म तथा जटा धारण गरी वनतिर हिँड्नेछु अनि पो कैकेयीको मन प्रसन्न हुनेछ ॥१३॥

जसले गर्दा कैकेयीको यस्तो बुद्धि भो र यस विषयमा उनको मन यस्तो दृढ भो, म त्यस विधातालाई क्लेश दिन चाहन्नँ अतएव म चाँडै नै वनतिर लाग्दछु ॥१४॥ हे लक्ष्मण ! मेरो वनवासमा र पाएको राज्य खोसिएकोमा काललैलाई कारण भन्ठान ॥१५॥ यदि कालले गर्दा उनको बुद्धि यसरी नबिग्रँदो हो ता उनी किन मलाई यसरी दुःख दिन तत्पर हुन्थिन् ॥१६॥ हे साधु लक्ष्मण ! तिमीलाई थाहै होला कि आजसम्म कौशल्या कैकेयी आमाहरुप्रति मतर्फबाट कुनै भिन्न व्यवहार भएको छैन, उता कैकेयीको पनि आफ्ना छोरा भरत र मेरो विषयमा समानै व्यवहार थियो ॥१७॥ मेरो अभिषेकको निर्वृतिको निम्ति तथा मलाई वन पठाउनाको निम्ति उनले जुन कठोर र दुर्वाक्यको व्यवहार गरिन् त्यसमा भाग्यको सिवाय अरू कुनै कारण होला भन्ने म विचार गर्न सक्तिनँ ॥१८॥ त्यसो नभए त्यस्ता उत्तम गुण र असल स्वभाव भएकी कैकेयी आफ्नो पतिको सामुन्नेमा एउटी साधारण आइमाईले झैं मलाई पीडा हुने कुरा किन भन्थिन् ॥१९॥ जुन कुरामा केही विचार गर्न सकिन्न त्यै दैव अर्थात् भाग्य हो, यसको प्रभाव देवताहरूमा समेत पर्न सक्तछ, निश्चय यै दैवले मेरो र कैकेयीको बीचमा यस्तो फाटो पारिदियो ॥२०॥ हे लक्ष्मण ! कर्मको फल भोग्नुसिवाय जसलाई जान्ने कुनै उपाय छैन, त्यस्ता भाग्यसित युद्ध गर्न को मानिस साहस गर्ला । यसको रूपलाई कसैले देख्न सक्तैन, यसका कामको फल मात्र देखिन्छ ॥२१॥ सुख, दुःख, डर, रिस, लाभ, हानि, जन्मनु, मर्नु तथा कारणै थाहा नभईकन आइपर्ने यस प्रकारका अरू जे जे छन् ती सब भाग्यका काम हुन् ॥२२॥ वडा वडा उग्र तपस्या गर्ने ऋषिहरूसमेत भाग्यको वशमा परेर तीव्र नियमलाई छाडी काम, क्रोधले गर्दा भ्रष्ट भएका छन् ॥२३॥ वडो प्रयत्नले थालेको काम रोकिएर कल्पनै नगरेको वस्तु अकस्मात् आइपर्दछ, यसमा भाग्यलाई नै कारण संझनुपर्दछ, अर्थात् राज्याभिषेकको तय्यारी हुनलागेको थियो, वनवासको कुरा कसैले विचारै गरेको थिएन, राज्याभिषेक रोकियो र वनवास भयो ॥२४॥

यस प्रकारको तत्व बुद्धिले मैले आफैं आफ्नो मनलाई सम्झालेको छु तसर्थ अभिषेक रोकिएकोमा

मलाई ताप छैन ॥२५॥ अतएव तिमी पनि मेरो देखासिकी गरेर जस्तो मैले गरें उस्तै गरी सन्ताप-रहित होऊ र चाँडै नै यो अभिषेकको कामलाई हटाइदेऊ ॥२६॥ हे लक्ष्मण ! मेरो अभिषेकको निम्ति जम्मा पारेका यी घडाबाट मेरो तपस्वीस्नान हुनेछ अर्थात् तपस्वी भेष धारण गरेपछि म यिनले स्नान गर्नेछु ॥२७॥ अथवा अब अभिषेकलाई काम लाग्ने सामग्रीसित मलाई प्रयोजनै के छ र ? म आफ्नै हातले झिकेको पानीले व्रतस्नान गर्नेछु ॥२८॥

हे लक्ष्मण ! राज्याधिकार नपाएकोमा दिक्दार नहोऊ, संसारमा राज्य र वनवास यी दुई कुरा छन्, मलाई ता यिनमा वनवासै बेस लाग्दछ ॥२९॥ हे लक्ष्मण ! राज्यप्राप्तिको विघ्नमा सानी-आमा कैकेयीमाथि सन्देह नगर । यो दैवले पारेको काम हो, पितामाथि पनि सन्देह नगर, उनी निर्दोष छन्, तिमीलाई दैवको बल थाहै छ ॥३०॥

सर्ग—२३

लक्ष्मणको रिस ।

रामले यस्तो भन्दाखेरि लक्ष्मणले टाउको निहुराएर विचार गरे, तर चाँडै नै उनी दुःख र हर्षको बीचमा परे । रामको धर्मपालन गर्ने कुरामा उनी खुशी थिए तर उनैको वनवासले गर्दा दुःखी थिए ॥१॥ दुइ आँखीभूइँको बीच निधारमा गाँठो पारेर, रिसाएर प्वालमा बसेको सर्पझैं, लामो लामो सास फेर्नलागे ॥२॥ आँखीभूइँमा गाँठो पारेकोले हेर्नै नहुने लक्ष्मणको मुख झोक्किएको सिंहको मुख जस्तो भयङ्कर देखियो ॥३॥ अब लक्ष्मण हात्तीले सूँढ हल्लाए जस्तो गरेर आफ्नो हात कमाउँदै र घाँटीलाई सोझो तेर्सो पार्दै दाजुतिर टेढा आँखाले हेरेर उनलाई भन्नलागे :—

व्यर्थमा तपाईंको मनमा यो भ्रम उत्पन्न भयो ॥४–५॥ हामीले पिताको आज्ञा पालन गरेनौंभने बाबुले भनेको समेत नमान्ने यस्ताले कसरी हाम्रो धर्म्मपूर्वक पालन गर्लान् भन्ने दुनियाँको मनमा पर्ला भनी तपाईंले विचार गर्नुभो, तपाईंलाई यस्तो भ्रम नपरेको भए तपाईं जस्तो मानिसले यो सबै भाग्यको खेल हो भनेर कसरी भन्न सक्तो हो ॥६॥ क्षत्रियहरूमा श्रेष्ठ र समर्थ हुँदा हुँदै पनि तपाईं असमर्थ मानिसको झैं भाग्यको प्रशंसा गर्नुहुन्छ; भाग्य भनेको यथार्थमा कुनै चीजै हैन, पुरुषार्थको अगाडि त्यसको के लाग्न सक्तछ ? ॥७॥ तपाईंलाई यी दुई पापीहरूमाथि किन शङ्का नपरेको ? हे धर्मात्मा ! संसारमा यस्ता मानिस धेरै छन् जो दुनियाँलाई ठग्नाको निम्ति छलले धर्मात्मा बनेका छन्, के तपाईंलाई यो कुरा थाहा छैन ? ॥८॥

आफ्नो स्वार्थसिद्धिको निम्ति धर्मको निहुँले तपाईं जस्तो धर्मात्मालाई त्याग गर्ने दशरथ र कैकेयी-को काम तपाईंले बुझ्नुभएन । यिनीहरूको यस्तो अभिप्राय नभएको भए र वरको कुरा साँचो भएको भए पहिले नै वर लिने दिने काम सिध्याएको हुने थियो तर आज तपाईंको अभिषेक निश्चय भएपछि वरको कुरा उठ्यो, अतः वरको कुरा साँचो होइन भन्ने स्पष्टै देखिन्छ ॥९॥ अहिले यिनीहरूले लोकमा

नचलेको चालले भरतको अभिषेक गर्न खोजेका छन्, हे वीर ! म यो कुरा सहन सक्तिनँ, यस विषयमा मेरो अपराध क्षमा गर्नुहोस् ॥१०॥ जुन धर्मले गर्दा तपाईंको बुद्धि यस्तो हुनगएको छ, म त्यस धर्मको विरोधी छु, यै धर्मको प्रसंगले गर्दा तपाईंमा भ्रम उत्पन्न हुनगएको छ ॥११॥ पराक्रमी र समर्थ हुँदा हुँदै पनि कैकेयीको वशमा परेका पिताको धर्मविरुद्ध अतएव निन्दित वचनको तपाईं कसरी पालन गर्नुहुन्छ ॥१२॥ वरको झूटो कुरा उठाएर यिनीहरूले तपाईंको अभिषेक रोकिदिए तर तपाईं यस कामलाई कपट संझनुहुन्न, यसैमा मेरो चित्त दुःख्तछ, यस्ता धर्मको आदर गर्नु पनि निन्दितै हो ॥१३॥

आफ्नो धर्म संझेर वनवास स्वीकार गर्नुभएको कुरा प्रजाको इच्छाविरुद्ध छ, तपाईं बाहेक को यस्तो मानिस होला, जसले कि आफ्नो मनपर्दो गर्ने, कुभलो चिताउने मातापितारूपी शत्रुहरूले भनेको कुरा गर्न मन गर्ला ॥१४॥ पिता माताको यो विचार तपाईंले दैवी हो भन्ने संझनुभएको छ, आफ्नो यो समझ हटाइदिनुहोस्, मलाई ता तपाईंको यो मत निको लागेन ॥१५॥ पुरुषार्थ गर्न नसक्ने कातर मानिस मात्र भाग्यको भर पर्दछन् । जो वीर छन् जसको पराक्रम लोकमा प्रसिद्ध छ ती कहिले पनि भाग्यको भरोसा गर्दैनन् ॥१६॥ जो मानिस पुरुषार्थले भाग्यलाई दबाउन सक्तछ त्यसलाई भाग्यले केही पनि गर्न सक्तैन र यस्तो मानिसले कहिले पनि दुःख पाउन्न ॥१७॥ आज मानिसले भाग्य र मानिसको पराक्रम देख्नेछन्, आजै भाग्य र मानिसमा को निर्धो को बलियो रहेछ सो कुराको निर्णय हुनेछ ॥१८॥ जुन मानिसले भाग्यले गर्दा तपाईंको राज्याभिषेकमा बाधा परेको देखेका छन् तिनैले आज मेरो पुरुषार्थले भाग्यलाई नष्ट भएको देख्नेछन् ॥१९॥ अंकुशीको वास्ता नगर्ने, उद्दण्ड, माद बगिरहेको, लखेट्तै आएको हात्ती जस्तो यो भाग्यलाई म आफ्नो पुरुषार्थले हटाइदिन्छु ॥२०॥ आज हुने भएको रामको अभिषेकलाई समस्त लोकपाल तथा तीनै लोकका मानिस मिलेर ता रोक्न सक्तैनन्-भने हाम्रा पिता दशरथले के रोक्लान् ॥२१॥ हे राजन् ! जो जो मिलेर तपाईंको वनवास गराउने निश्चय गरेका छन् तिनैले अब चौद्ध वर्षसम्म वनमा बस्नुपर्नेछ ॥२२॥ तपाईंको अभिषेकमा विघ्न पारेर आफ्नो छोरालाई राज्य दिन चाहने आमा बाबुको आशालाई भस्म गरिदिन्छु ॥२३॥ मेरो बलसित विरोध गर्ने भाग्यको ताकत छैन, यदि छभने पनि त्यसलाई नाश गर्नको निम्ति मेरो प्रचण्ड पुरुषार्थ जति भने पनि छ ॥२४॥

हजार वर्षसम्म प्रजाको पालन गरी जब तपाईं वनमा जानुहुनेछ तब तपाईंका छोराले प्रजापालन गर्नेछन् । भरतले राज्य पाउने ता सम्भावनै देखिन्न ॥२५॥ पहिलेका राजर्षिहरू आफ्नो बुढेस-कालमा छोराझैं पालन गर्नाको निम्ति आफ्ना प्रजालाई छोराको हातमा सुम्पेर वन जान्थे, तपाईं पनि त्यसै गरी राज्यभार छोरालाई सुम्पेर वन जानुहोला ॥२६॥ हे राम ! राजाको वचनविरुद्ध राज्य लिनाले राज्यमा गोलमाल होला कि भन्ने शङ्काले राज्य नलिएको होभने म तपाईंसित प्रतिज्ञा गर्दछु कि किनाराले समुद्रको रक्षा गरेझैं मैले तपाईंको राज्यको रक्षा गर्न सकिनँभने म वीरहरू बस्ने

लोकमा बस्न नपाऊँ ।।२७-२८।। तपाईं वशिष्ठ आदि महर्षिहरूद्वारा मंगलपूर्वक आफ्नो अभिषेक गराउनुहोस्, तपाईं अभिषेककै उद्योगमा लाग्नुहोस्, म एक्लै बलपूर्वक राजाहरूलाई हटाउन सक्तछु ।।२९।। मेरा यी दुई हात शोभाका लागि ह्वैनन्, धनु गहना होइन, केवल बाँध्नाको निम्तिको मेरो तरवार होइन, कसैलाई रोक्नाको निम्तिको मेरो बाण होइन । यी मेरा चारै थोक शत्रुलाई दमन गर्नाको निम्ति रहेका हुन्, जो मेरो शत्रु हो त्यसलाई ता म आफ्नो सामुन्ने क्यै गन्दै गन्दिन ।।३०-३१।। बिजुली जस्तो चम्कने र खूब तीखो धार भएको खड्ग जब म हातमा लिउँला त्यस बखतमा ता इन्द्रलाई समेत आफ्नो सामुन्ने केही गन्ने छैन ।।३२।। यस खड्गको प्रहारले काटिएका हात्ती, घोडा, रथ, हात, तिघ्रा र टाउकाले पृथ्वीलाई यसरी टम्म भरिदिनेछु कि आवतजावत गर्ने बाटोसम्म पनि रहनेछैन ।।३३।। मेरो तरवारले काटिएका र रगत बग्नाले आगोसमान देखिएका शत्रुहरू बिजुलीको साथमा मेघ खसे जस्तै गरेर पृथ्वीमा धमाधमी खस्नेछन् ।।३४।। जब म गोहीको पञ्जा लगाएर धनु लिनेछु त्यस समयमा हेरूँ, आफ्नो पुरुषार्थको घमण्ड राख्ने को मानिस मेरो सामुन्ने लड्न खडा हुँदोरहेछ ? ।।३५।। म एक्लै छु भन्ने कुराको केही फिक्री छैन, प्रधान वीरहरूलाई अनेक बाणले, साधारण अनेक सिपाहीलाई एउटै बाणले सिध्याइदिनेछु । मानिस, घोडा, हात्तीहरूको मर्मस्थानमा बाण चलाउनेछु ।।३६।। हे प्रभो ! राजा दशरथको प्रभाव नष्ट गर्नाको निम्ति र तपाईंको प्रभुत्व स्थापित गर्नाको निम्ति मेरो अस्त्रसम्बन्धी पराक्रम तथा प्रतापले आफ्नो आफ्नो प्रभुत्व फैलाउनेछन् ।।३७।। हे राम ! मेरा यी हातले आजसम्म चन्दनको लेप तथा गहना धारण गरिआएका छन्, धनको दान र मित्रहरूको पालन गर्नमा लागिआएका छन् । आज तपाईंको अभिषेकमा विघ्न पार्ने मानिसहरूको निवारण गर्ने अतः आफू सुहाउँदो काममा मेरा यी हात लाग्नेछन् ।।३८-३९।। हे प्रभो ! मलाई आज्ञा गर्नुहोस्, तपाईंको कुनचाहिं शत्रुलाई प्राण, यश र मित्रहरूदेखि अलग गराइदिऊँ, जुन प्रकारले यी पृथ्वी तपाईंको वशमा आउने हुन् सो मलाई आज्ञा गर्नुहोस् । म ता तपाईंको नोकर हुँ ।।४०।।

रघुकुललाई बढाउने रामचन्द्रले लक्ष्मणको आँसु पुछेर उनलाई वारंवार संझाउँदै बुझाउँदै भन्न-लागेः—हे सज्जन ! मलाई आमा-बाबुको आज्ञाको अधीनमा रहेको भनिठान, असल मार्ग पनि यही हो ।।४१।।

सर्ग—२४

कौशल्याको रामलाई वन जाने आज्ञा ।

धर्मात्मा रामलाई पिताको आज्ञा पालन गर्नामा तत्पर भएको देखेर कौशल्याले आँसु थामेर भन्न-लागिन् ।।१।।

जसले अहिलेसम्म दुःख देखेको छैन, जो धर्ममा तत्पर र सबैसित मीठो गरी बोल्दछ, जो

राजा दशरथद्वारा मेरो गर्भबाट जन्मेको हो, त्यसले उञ्छद्वारा कसरी जीवन निर्वाह गर्ने (खसेको अन्न बटुलेर जीविका चलाउने कामलाई उञ्छ भन्दछन्) ॥२॥ जसका नोकर-चाकरसमेत मीठा मीठा परिकार खान्छन् त्यस्ता रामले वनमा फल-मूल कसरी खालान् ॥३॥ गुणवान् तथा राजाका प्यारा राम वनमा निकालिए भन्ने कुरामा कसले विश्वास गर्ला, यो सुन्दा कसलाई भय होओइन ? ॥४॥ भाग्य-लाई नै बलवान् र सुख दुःखको नियम बनाउन सक्ने भन्नुपर्दछ, हे राम ! यै भाग्यले गर्दा सबका प्यारा भए तापनि तिमीले वन जानुपऱ्यो ॥५॥

तिम्रो वनवासले गर्दा मेरो मनबाट शोकरूपी अग्नि उत्पन्न हुनेछ, तिमीलाई देख्न नपाउने कुराले वायुको रूप लिएर सो अग्निलाई बढाउनेछ, दुःख र विलाप सो अग्निको लागि दाउरा बन्नेछन्, रुँदा-खेरि आएको आँसु आहुति (घिउ) बन्नेछ, चिन्ताबाट उत्पन्न भएको श्वास धूवाँ हुनेछ, मेरो सासले आगो सल्काइदिनेछ; गर्मीको दिनमा सूर्यले घाँस-पात डढाए झैं यो महाशोकाग्निले मलाई अत्यन्त दुःखी बनाएर भस्म गरिदिनेछ ॥६–८॥ जसरी गाई आफ्नो बाच्छोपछिपछि जहाँ ऊ जान्छ उहीं जान्छिन्, त्यसै गरी म पनि तिमीसँग जहाँ तिमी जान्छौ उहीं जान्छु ॥९॥

आमाले भनेका यी कुरा सुनेर रामचन्द्र अत्यन्त दुःखित भई उनलाई भन्नलागे ॥१०॥

कैकेयीले राजालाई छकाइन्, म वन जान लागेको छु, तपाईं पनि राजालाई छाडेर छानुभोभने ता उनी बाँच्नेछैनन् ॥११॥ पतिको त्याग गर्नु आइमाईका लागि बडो दुष्ट काम हो, यस्तो दुष्ट काम गर्ने कुरा ता परै रहोस् मनमा चिताउनुसमेत पाप हो ॥१२॥ हाम्रा पिता पृथ्वीपति दशरथ बाँचेसम्म तपाईं उहाँको सेवा गर्नुहोस् ; यै सनातन धर्म हो ॥१३॥

रामचन्द्रले यसो भनेपछि कौशल्याले प्रसन्न भई उत्तम काम गर्न उद्यत भएका तिनको कुरा मानिन् ॥१४॥ आमाले आफ्नो कुरा मानेपछि धर्मात्माहरूमा श्रेष्ठ रामचन्द्रले अत्यन्त दुःखमा परेकी कौशल्या-लाई फेरि भन्नलागे ॥१५॥

मैले र तपाईंले राजाको आज्ञा मान्नुपर्दछ, कारण उनी तपाईंका पति हुन्, मेरा गुरु हुन् । उनी सबैमा श्रेष्ठ, सबका स्वामी र पराक्रमी छन् ॥१६॥ यी चौद्ध वर्ष वनमा बिताएर फर्केपछि बडो खुशी-साथ म तपाईंको आज्ञा पालन गर्नेछु ॥१७॥

रामले यसो भनेको सुन्दा कौशल्याको आँखामा आँसु भरियो । छोरामाथि प्रेम गर्ने कौशल्या बडो दुःखित भई आफ्ना प्यारा छोरालाई भन्नलागिन् ॥१८॥ हे राम ! मैले यी सौताहरूको बीचमा बस्नु उचित पर्दैन, पिताको वचनले तिमीले वन जान निश्चय गरेका छौभने वनमा रमाउने हरिणी जस्तै मलाई पनि सँगै वनमा लिएर हिंड ।

यसो भनेर रुन लागेकी आमालाई रामले रुँदै भन्नलागे ॥१९–२०॥ जीउँदो आइमाईका लागि पति नै देवता र स्वामी हुन् , राजा दशरथ तपाईंका र मेरा मालिक हुन् ॥२१॥ लोकका मालिक, बुद्धिमान् राजा दशरथ भएसम्म हामी अनाथ हुँदैनौं । भरत पनि धर्मात्मा छन् र सबैसित मीठो

बोली बोल्दछन् । उनले सदा तपाईंको सेवा गर्नेछन् किनभने धर्ममा उनको प्रेम छ । म गएपछि राजालाई जसरी हुन्छ पुत्रशोकले दुःख नहुने किसिमले तपाईंले सावधान भएर प्रयत्न गर्नुपर्दछ, यस निम्ति कि यो कडा शोकले राजाको विनाश नगरोस् ॥२२–२४॥ सधैं सावधान भई, व्रत उपवास आदि गर्दै बूढा राजाको भलो हुनेपट्टि चित्त दिनुहोला, आइमाईको उत्तम लक्षण यही हो ॥२५॥ जो स्वास्नी लोग्नेको सेवा गर्दिन त्यो पापिनी हो, लोग्नेको सेवा गर्नाले स्वास्नी मानिसले स्वर्ग पाउँछन् ॥२६॥ देवतालाई नढोगीकन अथवा देवपूजा छाडेर भए पनि आइमाईहरूले आफ्नो लोग्नेको भलो होस् भन्ने चिन्तना गरेर उनको सेवा गर्नुपर्दछ ॥२७॥ लोकमा र वेदमा कहिएको स्वास्नी मानिसका लागिको सनातन धर्म यही हो । हे देवी ! मेरो निम्ति होम इत्यादि अग्निकार्यमा फूलले देवताको पूजा गर्नु होला । ब्राह्मणहरूको सत्कार सम्मान गर्दै मेरो फर्केर आउने समयको प्रतीक्षा गर्नु होला ॥२८–२९॥ पवित्र भावनाले परिमित भोजन गर्दै पतिसेवामा लागिरहनुभो र धर्मात्माहरूमा श्रेष्ठ राजा दशरथ त्यस वेलासम्म बाँचिरहनुभोभने, म वनबाट फर्केर आएपछि तपाईंले आफ्ना सबै अभिलाषा पूर्ण भएको देख्नुहुनेछ ।

रामचन्द्रले यसो भन्दा कौशल्याको आँखाभरी आँसु आयो र पुत्रशोकले व्याकुल भएकी उनी रामलाई भन्नलागिन्ः—तिमीले जानलाई पक्का इरादा गरिसकेका छौ, म तिमीलाई रोक्न चाहन्न, कालको अगाडि कसैको केही चल्दैन । हे छोरा ! तिमी निश्चिन्त भएर जाऊ, तिम्रो कल्याण होओस् ॥३०-३३॥ व्रतको अनुष्ठान सिध्याई सफल भएर फर्केपछि र यस प्रकारसंग पिताको आज्ञा पालन गरी उनको ऋणबाट मुक्त भएपछि मेरा सबै दुःख हट्नेछन् र म सुखसँग सुत्न पाउनेछु ॥३४-३५॥ हे राम ! संसारमा भाग्यको कुरा जानिसक्नु छैन, हेर, त्यै भाग्यले मेरो कुरा काटेर तिमीलाई वन पठाउन लागेको छ ॥३६॥ हे छोरा ! जाऊ, कुशलपूर्वक फर्केर आएपछि मीठा मीठा राम्रा राम्रा बोलीले मलाई प्रसन्न गराए ॥३७॥ हे छोरा ! त्यो वेला कहिल्यै आउला के जब कि म वनबाट फर्केर आएको तिमीलाई जटा वल्कल धारण गरेको देख्न पाउँला ॥३८॥

रामले वनवासमा जान निश्चय गरेका छन् भन्ने कुरा कौशल्याले आफ्नो मनमा देखिन् र उनको भलो चाहने भएकी हुनाले स्वस्तिवाचन गर्नलागिन् ॥३९॥

सर्ग–२५

रामको वन यात्राको लागि कौशल्याको स्वस्तिवाचन ।

बुद्धिमती कौशल्याले पुत्रशोकलाई त्याग गरेर पवित्र जलको आचमन गरिन् र रामको निम्ति स्वस्तिवाचन गर्नलागिन् ॥१॥ हे राम ! यस समयमा तिमीलाई रोक्नु ठीक छैन, जाऊ, चाँडै नै फर्केर आए, सज्जनहरूले देखाएको बाटोमा हिंड ॥२॥ हे रघुकुलका श्रेष्ठ ! जुन धर्मको तिमी प्रेम र नियमले पालना गरिरहेका छौ त्यै धर्मले तिम्रो रक्षा गरोस् ॥३॥ हे छोरा ! मन्दिरमा तिमी जुन देवतालाई प्रणाम गर्दछौ तिनैले महर्षिहरूको साथसाथमा वनमा तिम्रो रक्षा गरून् ॥४॥ बुद्धिमान् विश्वा-

मित्रले तिमीलाई जुन अस्त्र दिएका छन्, सबै गुणले युक्त भएका तिमीलाई तिनै अस्त्रले रक्षा गरून् ॥५॥ हे छोरा ! पिताको सेवा, आमाको सेवा तथा सत्यपालनद्वारा तिम्रो रक्षा भएर तिमी चिरञ्जीवी भए ॥६॥ हे नरोत्तम ! समिधा, कुश, पवित्र मन्दिर र वेदी, ब्राह्मणहरूको चौतारा, पर्वत, रूख, तलाउ, पोखरी, आश्रम, सर्प तथा सिंहले तिम्रो रक्षा गरून् ॥७॥ साध्य, विश्वदेव, वायु, महर्षिले तिम्रो कल्याण गरून् । धाता, विधाता, पूषा, भग, अर्यमाले तिम्रो कल्याण गरून् । इन्द्रलगायत लोकपाल, छ ऋतु, सबै महीना, वर्ष, रात्रि, दिन, मुहूर्त यी सबैले तिम्रो रक्षा गरून् । श्रुति, स्मृति र धर्मले सबै प्रकारबाट तिम्रो रक्षा गरून् । भगवान् स्कन्ददेव, बृहस्पतिको साथमा चन्द्रमा, सातै ऋषि, तथा नारदले सबै तरह-बाट तिम्रो रक्षा गरून् । हे छोरा ! दिशाहरूका दिक्पाल तथा सिद्धहरू जसको मैले स्तुति गरेकी छु, ती सबैले सधैं वनमा तिम्रो रक्षा गरून् । सबै पर्वत, सबै समुद्र, राजा वरुण, स्वर्ग, आकाश, पृथ्वी, चर, अचर, सबै नक्षत्र, देवताहरूको साथमा सबै ग्रहहरू, दिन, रात्रि तथा दुवै संध्याले वनमा तिम्रो रक्षा गरून् । छओटै ऋतु, महीना, संवत्सर, कला काष्ठा, यी सबैले तिमीलाई कल्याण दिऊन् ॥८-१५॥ मुनिको भेष लिएर घनघोरको जङ्गलमा घुम्दाखेरि देवता तथा दैत्य तिमीलाई सुख दिने होऊन् ॥१६॥ हे छोरा ! डरलाग्दो र निष्ठुरी काम गर्ने तथा मासु खाने राक्षस, पिशाचबाट पनि तिमीलाई डर नहोस् ॥१७॥ वानर. बिच्छी, वनझीङा, लाम्खुट्टे, सर्प तथा अरू कीरा तिमी बस्ने घनघोरको जंगलमा नहोऊन् ॥१८॥ ठूला ठूला हात्ती, सिंह, बाघ, भयंकर दाँत भएका भालू, तीखो सीङ भएका भैंसी, यी कसैले पनि तिम्रो कुभलो नगरून् ॥१९॥ मानिसको मासु खाने अरू भयानक जन्तुले पनि तिम्रो हानि नगरून्, किन कि म ती सबैको यहाँ पूजा गर्नेछु ॥२०॥ तिम्रो बाटो कल्याणमय होस्, तिम्रा पराक्रम सफल हुन्, वनवासको समयमा जे जे कुरा चाहिन्छ ती सब तिमीलाई मिलोस्, तिम्रो कल्याण होस्, ए छोरा ! जाऊ ॥२१॥ अन्तरीक्षमा तथा पृथ्वीमा बस्ने र ती सबै देवता जो तिम्रा विरोधी छन्, यी सबैको पनि कल्याण होस् ॥२२॥ शुक्र, चन्द्रमा, सूर्य, कुवेर तथा यम यी सबै म-बाट पूजित भएर दण्डक वनमा बस्ने वेलामा तिम्रो रक्षा गरून् ॥२३॥ अग्नि, वायु, धूवाँ तथा ऋषि-हरूको मुखबाट निस्केको मन्त्रले, छुन नहुने कुरा छुँदाखेरि तिम्रो रक्षा गरून् ॥२४॥ सबै लोकका प्रभु र चराचरका कर्त्ता ब्रह्मा, ऋषि तथा अरू अरू देवताले वनवासको समयमा तिम्रो रक्षा गरून् ॥२५॥

यस प्रकारका मङ्गल वचन भनेर यशस्विनी कौशल्याले माला, गन्ध तथा देवताहरूको स्तुतिको मन्त्रले उनीहरूको पूजा गरिन् ॥२६॥ अग्निको स्थापन गरेर रामको मङ्गलका लागि महात्मा ब्राह्मण-हरूद्वारा विधिपूर्वक होम गराइन् ॥२७॥ आइमाईमा श्रेष्ठ कौशल्याले घिउ, सेतो माला, समिधा, सस्यूँ होमको निम्ति जम्मा पार्नलगाइन् ॥२८॥ उपाध्यायले सब प्रकारका उपद्रवहरूको शान्ति र आरोग्यका लागि विधिपूर्वक होम गरे र होम गरेर बाँकी रहेको वस्तुले होम गर्ने ठाउँको बाहिरपट्टि लोकपालहरूलाई वलि अर्थात् भाग दिए ॥२९॥ स्वस्तिवाचनको निम्ति बाहुनहरूलाई दही, मह, अक्षता, घिउ दिएर रामको वनमा कल्याण होस् भन्ने हेतुले कौशल्याले उनीहरूद्वारा स्वस्तिवाचन गराइन् ॥३०॥

यसपछि यशस्विनी रामकी आमा कौशल्याले ब्राह्मणलाई प्रशस्त दक्षिणा दिएर रामलाई भन्नलागिन् ।।३१।। देवताहरूद्वारा पूजा गरिएका इन्द्रलाई वृत्रासुरको नाश गर्ने बेलामा जस्तो मङ्गल भएथ्यो त्यै मङ्गल तिमीलाई पनि होओस् ।।३२।। गरुडकी आमा विनताले अमृत खोज्न जाँदाखेरि उनको निम्ति जुन मङ्गलको कल्पना गरेकी थिइन् त्यै मङ्गल तिमीलाई पनि होओस् ।।३३।। अमृत निकाल्ने समयमा दैत्यहरूको नाश गर्नलागेका इन्द्रलाई अदितिले जुन मङ्गल दिइथिन् त्यै मङ्गल तिमीलाई पनि मिलोस् ।।३४।। तीन पाइलाले त्रिलोक नाप्ताखेरि अत्यन्त तेजस्वी भगवान् विष्णुलाई जुन मङ्गल भएथ्यो सोही मङ्गल तिमीलाई पनि होओस् ।।३५।। हे राम ! ऋषि, सागर, द्वीप, वेद, लोक तथा दिशाहरूले तिमीलाई शुभ मङ्गल दिऊन् ।।३६।। यस प्रकारका मङ्गल वचन भनेर कौशल्याले छोरा रामचन्द्रको माथमा अक्षता राखिन् र सुगन्धित चन्दन लगाइदिइन् ।।३७।। मनको अभिलाषा पूर्ण गर्ने शक्ति भएको विशल्यकरणी नाम गरेको औषधि कौशल्याले रक्षाका लागि रामचन्द्रको हातमा बाँधिदिइन् र मन्त्रको जप गर्नलागिन् ।।३८।।

यद्यपि दुःखित थिइन् तापनि खुशीयाली देखाउँदै कौशल्याले भनिन्; कौशल्याले केवल वचनले प्रसन्नता देखाएकी हुन् भित्र दिलैदेखि ता होइन किनकि उनको अन्तस्करण दुःखी थियो ।।३९।। कौशल्याले निहुरेर रामको टाउको सुँघिन् र अँगालो हालेर भन्नलागिन्ः—हे राम ! आफ्नो इष्टसिद्धिका लागि सुखपूर्वक जाऊ ।।४०।। आफ्नो इच्छा पूर्ण गरेर केही रोग नलागीकन जब तिमी फेरि अयोध्यामा फर्कनेछौ त्यस बखतमा म तिमीलाई सडकमा उभिएको देखुँला ।।४१।। सब प्रकारका मंगलले युक्त भएर तिमी वनमा जाऊ, उहाँबाट फर्केपछि मेरी बुहारी सीताको मनोरथ पूरा गर ।।४२।। मैले शिव आदि गरिएका देवताहरूको, महर्षिहरूको, भूतहरूको तथा दिव्य सर्पहरूको पूजा गरेकी छु । यी सबैले र सबै दिशाहरूले धेरै कालसम्म वनयात्रा गर्ने तिम्रो कल्याण गरून् ।।४३।। कौशल्याका आँखाभरी आँसु थिए, यिनले विधिपूर्वक स्वस्तिवाचन सिध्याएर वारंवार रामलाई हेरिन् र उनलाई अँगालो हालिन् ।।४४।।

माताद्वारा प्रदक्षिणा गरिएका रामले वारंवार उनको चरणमा ढोग दिए र आमाले गरेका विधि विधानद्वारा प्राप्त भएको शोभाले यिनी पहिलेभन्दा पनि बर्ता शोभायमान भएको देखिए । यहाँबाट महायशस्वी राम सीताको महलतिर लागे ।।४५।।

सर्ग—२६

आफ्नो वन जाने कुरा सुनाएर राम सीतालाई घरै बस्ने सल्लाह दिन्छन् ।

आमाले स्वस्तिवाचन गरिसकेपछि, धर्म-मार्गमा रहेका राम उनीसित बिदाबारी भई वन जानाको निम्ति तय्यार भए ।।१।। आमाको घरबाट यिनी मानिसको खूब भीड लागेको राजमार्गमा आए ।

आफ्नो शोभाले सो भीडलाई शोभित गर्दै, आफ्नो गुणरूपी मधानीले मानिसको मनलाई मत्थै यिनी हिंडे ॥२॥ अहिलेसम्म तपस्विनी सीताले यी सब कुरा सुनेकै थिइनन् । उनको मनमा अझसम्म अभिषेककै कुरा खेलिरहेको थियो ॥३॥ राजधर्म्म जान्ने, अर्काले गरेको उपकार संझने राजपुत्री सीता देवताको पूजा गरी प्रसन्न मनले रामचन्द्रलाई पर्खिरहेकी थिइन् ॥४॥ रामचन्द्र आफ्नो सजिसजाउ भएको तथा मन प्रसन्न भएका मानिसले भरिभराउ भएको घरमा पसे । रामले यस बखतमा लाजले टाउको अलि निहुराएका थिए ॥५॥

शोकले दुःखित र चिन्ताले व्याकुल भएका आफ्ना पतिलाई देखेर सीता काम्नलागिन् ॥६॥ सीतालाई देखेपछि धर्मात्मा रामले आफ्नो मनमा भएको शोक लुकाउन सकेनन् अतएव यो शोक प्रकट भई गयो ॥७॥

आफ्नो पतिको बिग्रेको मुख, शरीरबाट पसीना आइरहेको तथा यिनलाई मनको दुःख सह्याल्न नसकेको देख्ता, दुःखले आकुल-व्याकुल भएकी सीता भन्नलागिन्ः—हे प्रभो ! यो के देख्नुपर्‍यो । हे राम ! विद्वान्हरू आज बृहस्पति देवताले युक्त भएको पुष्य नक्षत्रको योग हो भन्दछन् । यो अभिषेकको समयमा तपाईंले प्रसन्न पो रहनुपर्ने, किन यस्तो दिक्दार देखिनुभएको ॥८–९॥ पानीको फींज जस्तो सेतो, सयओटा कमानी भएको छाताले तपाईंको मुखलाई ढाकेको छैन अर्थात् तपाईंले राजाले ओढ्नुपर्ने छाता ओढ्नुभएको छैन, चन्द्रमा र हाँस जस्ता चहकिला दुईटा चँवर तपाईंको कमलसमानको राम्रो मुखको वरिपरि हम्किएका छैनन् । हे नरश्रेष्ठ, आज न ता बोल्नमा चतुरा भाटहरू तपाईंको स्तुति गरिरहेका छन् न सूत मागधहरू प्रसन्न भएर मंगल पढिरहेका छन् ॥१०–१२॥ जसमा अभिषेक भएको छ त्यस्तो तपाईंको माथमा वेद पढेका बाहुनहरूले किन विधिपूर्वक मह र घिउ नहालेका होलान् ॥१३॥ सबै प्रजाहरू, मन्त्रीहरू, शहरवासी, राष्ट्रवासीहरू सिंगारिएर तपाईंको पछिपछि हिंड्न चाहन्नन् ॥१४॥ सुनको गहनाले सिंगारिएको, खूब छिटो हिंड्ने चार-घोडे सवारीको रथ तपाईंको अघिअघि किन नहिंडेको ? ॥१५॥ कालो बादल भएको पहाड जस्तो, सबै शुभलक्षणले युक्त भएको, हेर्नामा राम्रो हात्ती तपाईंको यात्रामा अघिअघि हिंडेको देखिंदैन ॥१६॥ सुनले बनेको, अति राम्रो तपाईंको सिंहासन बोकेर अघिअघि हिंड्ने तपाईंका सेवकहरूलाई म देख्तिनँ ॥१७॥ अभिषेकको तैयारी हुन लागेको वेलामा तपाईंलाई यो के भएको हो, मुखको रंग किन यस्तो अपूर्व देखिएको, मुखमा ता खुशीयालीको चिन्ह अलिकता पनि देखिन्न ॥१८॥

यसरी दुःखले विलाप गरिरहेकी सीतालाई रामले भन्नलागेः—हे सीते ! पूज्य पिताजीले मलाई वन पठाउन लाग्नुभएको छ ॥१९॥ ठूलो कुलमा जन्मेकी, स्वयं धर्म जान्ने, धर्म कर्म गर्ने हे जानकी ! कसरी मेरो वनवास भयो सो म तिमीलाई भन्दछु, सुन ॥२०॥

आफ्नो कबोल पूरा गर्ने राजा दशरथले पहिले मेरी आमा कैकेयीलाई दुई वर दिनुभएको रहेछ ॥२१॥ राजाले मेरो अभिषेकको प्रस्ताव गरेर यसको लागि तैयारी गर्न लागेको वेलामा कैकेयीले पहिलेका

ती दुई वरको कुरा संझाएर राजालाई धर्ममार्गले आफ्नो वशमा गराइन् ॥२२॥ चौध्र वर्षसम्म मैले दण्डक वनमा बस्नुपर्ने भयो, पिताले भरतलाई युवराजको पद दिनुभयो ॥२३॥ यसै कारणले वन जान-लागेको म तिमीलाई भेट्न आएको हुँ । भरतको अगाडि कहिले पनि मेरो प्रशंसा नगरे, कारण धनी मानिस अर्काको तारीफ गरेको सहन सक्तैनन् । तसर्थ भरतको अघिल्तिर मेरो गुणको वर्णन नगरे ॥२४–२५॥ भरतको सामुन्नेमा तिमीले मलाई श्रेष्ठ नभन्नू, साधारण रीतिले जसरी घरका अरू बस्त-छन् त्यसै गरी बस्नू, यसो गर्यौभने मात्र भरतकहाँ तिम्रो बसाइ हुनसक्नेछ ॥२६॥ परम्परादेखि आएको राज्य राजाले भरतलाई नै दिनुभएको छ, तिमीले उनलाई खुशी राख्नु उचित छ, किन कि उनी राजा हुन् ॥२७॥ पिताको आज्ञा पालन गर्नाको निम्ति म वन जानलागेको छु, हे मनस्विनी ! धैर्य धारण गर ॥२८॥ हे कल्याणी ! जब म मुनिहरूले बस्ने वनमा जानेछु तब पापको लेश पनि नभएकी हे सीते ! तिमीले व्रत उपवास आदि गरेर आफ्नो समय बिताउनू ॥२९॥ बिहान सबेरै उठी विधि-पूर्वक देवताहरूको पूजा गर्नू अनि मेरा पिता राजा दशरथको दर्शन गर्नू ॥३०॥ मेरी आमा कौशल्या वृद्धा र सन्तापले व्याकुल छिन्, उनको सम्मान गर्नु तिम्रो धर्म हो ॥३१॥ मेरा जो अरू आमा छन् तिनलाई पनि ढोग दिनू, मेरा अरू आमाहरू पनि प्रेम, स्नेह तथा पालनले गर्दा कौशल्याकै समान छन् ॥३२॥ भरत र शत्रुघ्नलाई तिमीले भाइ छोराको दृष्टिले हेर्नु, कारण यी दुवै भाइ मलाई प्राणभन्दा पनि बर्ता प्यारा छन् ॥३३॥ हे वैदेही ! भरतलाई निको नलाग्ने काम कहिले पनि नगरे किन कि उनी देशका र कुलका राजा हुन् ॥३४॥ तिमी जानिराख कि राम्रो स्वभावले आराधना गरिएका तथा भिन्न भिन्न उपायले सेवा गरिएका राजाहरू प्रसन्न हुन्छन्, यसो गरेनभने उनीहरू रिसाउँछन् ॥३५॥ राजाहरू आफ्नै छोरालाई समेत, यदि त्यो आफ्नो हित गर्दैनभने त्याग गरिदिन्छन् । राज्यको हित गर्ने साधारण मानिस छभने पनि त्यसलाई ग्रहण गर्दछन् ॥३६॥ हे कल्याणी ! राजा भरतको इच्छानुसार काम गरेर, धर्म र सत्यरूपी व्रतमा तत्पर भएर यहीं बस ॥३७॥ हे प्रिये सीते ! अब म वन जानलागें, तिमी यहीं नै बस, जसरी तिमीले आजसम्म मैले भनेको कुरा काटेर मेरो भनाइको विरुद्ध काम गरेकी छैनौ त्यसै गरी अहिले मैले भनेको कुरा पनि मान ॥३८॥

सर्ग—२७

सीताको अयोध्यामा नबस्ने जिद्दी ।

रामचन्द्रको यस्तो कुरा सुनेर सधैं मीठो कुरा गर्ने सीता प्रेमले नै क्रुद्ध भएर पतिलाई भन्नलागिन् ॥१॥ हे राम ! तपाईंले के यस्तो छोटो मानिसले झैं कुरा गरेको ? तपाईंको कुरा सुन्दा ता मलाई हाँसो पो आउन लाग्यो ॥२॥ तपाईंले जुन कुरा भन्नुभयो त्यो ता अस्त्र-शस्त्र जान्ने, वीर, राजपुत्रहरूका लागि अयोग्य र निन्दित छ अतएव यो सुन्नालाई पनि उचित छैन ॥३॥

हे आर्यपुत्र ! बाबु, आमा, भाइ, छोरा, बुहारी, यी सबै आफ्ना आफ्ना पुण्यको अनुसार सुख

दुःखको भोग गर्दछन् तर स्वास्नी ता केवल पतिले गरेको कर्मको फल भोग्दछे अतएव तपाईंको निम्ति वनवासको जो आज्ञा भयो सो मेरा लागि पनि भयो ॥४-५॥ बाबु, छोरा, अथवा आफ्नै आमा, सखीहरू यी कुनै पनि यस लोकमा वा परलोकमा कतै पनि स्त्रीका लागि सहायक हुन सक्तैनन्, आइमाईका केवल पति नै एकमात्र आधार हुन् ॥६॥ यदि तपाईं आजै घनघोर जंगलमा जान तैयार हुनुभएको छभने म पनि तपाईंको अघिअघि कुश र काश कुल्चँदै जान्छु ॥७॥ यो आइमाई भएर वनमा कसरी जाली भन्ने विचारबाट उत्पन्न भएको ईर्ष्या तथा मैले भनेको नमान्ने भन्ने कुराको रिसलाई जूठो पानी झैं त्याग गरी निःशङ्क भएर मलाई साथमा लिएर हिंड्नुहोस्, मलाई त्यागै गर्नुपर्ने किसिमको कुनै पाप ता ममा छैन ॥८॥

राजमहलमा होस्, देवताहरूको विमानमा होस् वा अणिमा आदि गरिएका अष्टसिद्धिहरूद्वारा आकाशमा भ्रमण गर्दा होस्, यी जुनसुकै अवस्थामा पाइने सुखभन्दा, आइमाईलाई पतिको चरणको सेवा गर्दा पाइने सुख बर्ता छ ॥९॥ बाबु-आमाद्वारा मैले अनेक बाजि उपदेश पाइसकेकी छु, यस विषयमा तपाईंले मलाई उपदेश गर्नुपर्दैन, यस समयमा मैले जो गर्नुपर्दछ सो मलाई थाहा छ ॥१०॥ कोही मानिस नभएको तर अनेक प्रकारका पशु तथा बाघहरूका बथानले भरिएको अनकण्टारको जंगलमा म जानेछु ॥११॥ बाबुको घरमा बसेजत्तिकै सुखसित म वनमा बस्नेछु, तीनै लोकको आधिपत्यको वास्ता नराखेर म पतिसेवामा नै प्रसन्न रहनेछु ॥१२॥ म सधैं तपाईंको सेवा गर्नेछु, ब्रह्मचर्य्यमा बस्नेछु, तपाईंले बताएका नियमको पालना गर्नेछु, तपाईंका साथ मधुरो गन्ध भएको जंगलमा विहार गर्नेछु ॥१३॥ तपाईं ता जंगलमा अरू मानिसको रक्षा गर्नसक्नुहुन्छ, तसर्थ मेरो रक्षा गर्नामा तपाईंलाई के मुश्किल पर्ला ? ॥१४॥ म तपाईंका साथमा वन जान्छु, यस कुरामा सन्देह नलिनुहोस्, म वन जान तैयार छु, कुनै तरहले म रोकिन सक्तिनँ ॥१५॥ सधैं फल-मूल खाएर रहनेछु, तपाईंसँग वनमा बस्ताखेरि म कुनै प्रकारको दुःख दिनेछैन ॥१६॥

तपाईंको अघिअघि हिंड्नेछु, तपाईंका साथमा निर्भय भई म पहाड, खोला, हाँस-कलहाँसले भरिपूर्ण भएको र कमल खूब फुलेको तलाउ हेर्न चाहन्छु ॥१७-१८॥ तपाईंका साथमा रहेर प्रसन्नतापूर्वक यी सब हेर्न चाहन्छु, म नित्य तपाईंको देखासिकी गरेर यिनमा स्नान गर्नेछु ॥१९॥ त्यहाँ बडो आनन्दसाथ तपाईंसित जल-क्रीडा गर्नेछु, यसरी तपाईंसँग सैकडौं हजारौं वर्ष बस्न परे पनि मलाई दुःख थाहा हुनेछैन, तपाईंविना मैले स्वर्गमा बस्नुपरे तापनि हे राम ! म त्यो स्वर्गको वास रुचाउन्नँ ॥२०-२१॥ वानर, हात्ती, तथा अरू अरू पशु भएको दुर्गम जंगलमा म जानेछु र तपाईंका चरणको सेवा गर्दै बाबुको घरमा बसेझैं त्यहाँ वनमा बस्नेछु ॥२२॥ म तपाईंबाहेक अरू कसैलाई चिन्दिनँ, तपाईंसिवाय अरू कसैमा मेरो अनुराग छैन, तपाईंको वियोगमा मेरो मृत्यु निश्चित छ, मलाई सँगै लैजानुहोस्; मेरो प्रार्थना सफल गर्नुहोस्, मलाई लिएर जाँदा तपाईंलाई केही भार हुनेछैन ॥२३॥

सीताले यस्तो भन्दाखेरि पनि धर्मात्मा राम उनलाई लैजान तैय्यार भएनन् । वनवासको विचार बदलुन् भनेर रामले सीतालाई वनवासमा हुने दुःखको वर्णन गरे ।।२४।।

सर्ग—२८

रामले सीतालाई संझाउन भनी गरेको वनवासका दुःखको वर्णन ।

धर्म्म जान्ने सीताले यस्तो भन्दाखेरि पनि धर्मात्मा रामले वनमा हुने दुःख संझेर उनलाई वनमा लैजाने इच्छा गरेनन् ।।१।। सीताका आँखा आँसुले भरिएका थिए, रामले उनलाई संझाई बुझाईकन आफ्नो विचार बदल्नाको निम्ति भन्नलागे ।।२।।

हे सीते ! तिमी ठूलो कुलमा जन्मेकी हौ, तिम्रो मन सदा धर्ममा लागिरहन्छ, तिमी यहीं बसेर धर्म्मकर्म्म गर जसमा कि मेरो मन प्रसन्न रहोस् ।।३।। तिमी अवला छौ, म तिमीलाई जसो भन्दछु उसै गर, वनमा बस्नेहरूलाई अनेक दुःख हुन्छन्, ती दुःख सुन ।।४।। हे सीते ! वन जाने इच्छा त्याग गरिदेऊ, त्यहाँ ठूला ठूला कष्ट पर्ने हुनाले वनलाई कान्तार अर्थात् जानलाई अयोग्य भनेको हो ।।५।। मैले तिम्रै भलोका लागि भनेको हुँ, वनमा सधैं सुख हुन्छ भन्ने कुरा म जान्दिनँ तर दुःख भने सधैं हुन्छ भन्ने कुरा मलाई निश्चय छ ।।६।। पहाडका खोलाहरूको शब्दसँग मिसिएको पहाडका गुफामा बस्ने सिंहहरूको गर्जना सुन्दा बडो दुःखदायी हुन्छ, तसर्थ वन दुःख दिने नै हो ।।७।। निर्जन वनमा क्रीडा गर्ने मत्त परेका पशुहरू नडराईकन मानिसलाई देख्नासाथ उनीमाथि जाइलाग्दछन्, यसकारण वन दुःख दिने नै हो ।।८।। खोलाहरूमा ग्राह हुन्छन्, र हिलोले गर्दा यिनलाई पार गर्न कठिन पर्दछ र मत्त हात्ती त्यसमा खेलिरहेका हुन्छन्, तसर्थ वन दुःख दिने नै हो ।।९।। त्यहाँको बाटो लहरा र काँढाले बेह्रिएको हुन्छ, त्यहाँ कुखुरा, मयूर आदिले कराएको सुनिन्छ, पानी नपाइने हुन्छ, यस तरहले त्यहाँको बाटो बडो दुःख दिने हुन्छ, यसकारण वन दुःख दिने नै हो ।।१०।। थकाइले लत्रङ्ग परेको मानिस राती आफैं झरेका पात भूइँमा बिछ्याएर सुत्तछ, यसकारण वन दुःख दिने नै हो ।।११।। हे सीते ! मन थामेर रूखबाट झरेका फलहरू मात्र खाएर सन्तोष गर्नुपर्दछ, यसैले वन दुःख दिने नै हो ।।१२।। हे सीते ! उहाँ आफूले सकेसम्म उपवास बस्नुपर्दछ, जटा बाँध्न र वल्कलको लुगासमेत लगाउनुपर्दछ तस्मात् वन दुःख दिने नै हो ।।१३।। देवता, पितृ र आश्रममा आएका पाहुनाहरूको सधैं विधिपूर्वक पूजा गर्नुपर्दछ, यसैले वन दुःख दिने नै हो ।।१४।। नियमपूर्वक समय विताउन खोज्नेले रोज रोजै दिनको तीनबाजि (बिहान, दिउँसो, बेलुकी) नुहाउनुपर्दछ, तसर्थ वन दुःख दिने नै हो ।।१५।।

आफैंले टिपेर ल्याएका फलले वानप्रस्थको विधिअनुसार वेदीमा पूजा गर्नुपर्दछ, त्यसैले हे सीते ! वन दुःखदायी नै हो ।।१६।। जुन वेलामा जति आहारा पाइयो त्यत्तिकैमा वनवासीहरूले सन्तोष गर्नुपर्दछ, तसर्थ हे सीते ! वन दुःख दिने हो ।।१७।। त्यहाँ हावा खूबसित चल्दछ, रात्रिमा घोर अन्धकार

हुन्छ, भोक लागिरहन्छ र सधैं मनमा ठूलो डर परिरहेको हुन्छ, अतः हे सीते ! वन दुःखदायी नै छ ।।१८।।

उहाँ अनेक रूपका धेरै साँप निर्भय भई हिंडिरहेका हुन्छन्, तसर्थ हे देवी ! वन दुःख दिने नै हो ।।१९।। खोलामा बस्ने तथा खोला जस्तो बाङ्गो भई हिंड्ने सर्पहरू बाटो नै रोकेर बसिदिन्छन् यसैले वन दुःखदायी छ ।।२०।। कीरा, फट्याङ्ग्रा, बिच्छी, झीङ्गा, माहुरी र लाम्खुट्टेले सधैं दुःख दिइरहन्छन् यसैले हे सीते ! वनमा केवल दुःखै हुन्छ ।।२१।। वनमा काँढा भएका अनेक रूख हुन्छन्, यिनका हाँगा जताततै फैलिएका हुन्छन्, कुश र काशले जताततै ढाकेको हुन्छ तसर्थ वन केवल दुःख दिने हो ।।२२।। वनमा बस्नेहरूले शारीरिक परिश्रम निकै नै गर्नुपर्दछ र मनमा नाना प्रकारका भय उत्पन्न भइरहन्छन् तसर्थ वनमा सधैं दुःखै छ ।।२३।। त्यहाँ रिस र लोभलाई त्याग गरेर तपस्यातिर मन लगाउनुपर्दछ, डराउनुपर्ने समय आइपर्दा पनि डराउनु हुँदैन ।।२४।। तसर्थ तिमीले वनमा जानु व्यर्थ हो, वनमा तिमीलाई सुख हुनेछैन, अनेक सोच-विचार गरेर हेर्दा पनि वनमा धेरै नै दोष देख्तछु ।।२५।।

जब महात्मा रामचन्द्रले सीतालाई वनमा लैजान मन गरेनन्, तब ता दुःखमा परेकी सीताले पनि रामचन्द्रको कुरा नमानेर उनलाई भन्नलागिन् ।।२६।।

सर्ग–२९

सीताको रामसँग वन जाने ढिपी ।

रामका यी कुरा सुन्दा सीता दुःखित भइन्, यिनका आँखाबाट आँसु झर्नलागे र बिस्तारै बिस्तारै भन्नलागिन् ।।१।। तपाईंले वनवासको सम्बन्धमा जति दोष देखाउनुभयो म ता तपाईंमाथिको प्रेमले गर्दा ती सबैलाई गुणसमान देख्तछु ।।२।। हरिण, सिंह, हात्ती, बाघ, शरभ (आठखुट्टे जन्तु) चमरी गाई, नीलगाई तथा अरू जात वनमा बस्ने जन्तु छन् ती सबै तपाईंको रूप देख्नासाथ भाग्नेछन्, तपाईंको रूप उनीहरूले कहिले पनि देखेका छैनन्, नयाँ कुरो देखेर डराउनु ता पशुको स्वभावै हो ।।३-४।। हे राम ! तपाईंसँग मैले जानै पर्दछ भन्ने मेरा आमा बाबुको आज्ञा छ, होइनभने तपाईंको वियोगमा मैले प्राण त्याग गर्नुपर्नेछ ।।५।। हे राम ! तपाईंको साथमा रहँदाखेरि देवताका राजा इन्द्रको समेत आफ्नो पराक्रमले मलाई दुःख दिने ताकत हुनेछैन ।।६।। लोग्नेविना स्वास्नी बाँच्नै सक्तिन, तपाईंले मलाई भन्नुभएको पनि यस्तै हो, तसर्थ तपाईंविना मैले कसरी बाँच्ने ? ।।७।। मैले पहिले बाबुको घरमा बस्ताखेरि ब्राह्मणहरूको यो वचन सुनेकी थिएँ कि मैले निश्चय वनमा बस्नुपर्नेछ ।।८।। ज्योतिषी ब्राह्मणहरूको मुखबाट यो कुरा सुनेदेखि म सदा वनवासका लागि उत्साहपूर्वक तय्यार रहेकी छु ।।९।। ब्राह्मणहरूको वचनअनुसार मैले वनमा अवश्यै बस्नु छभने म तपाईंकै साथमा वनमा बस्तछु, तसर्थ मैले वनवासको आज्ञा पाउनै पर्दछ, हे प्राणनाथ ! म तपाईंसँग जान्छु अरूसंग जान्नँ ।।१०।। यस प्रकारसंग ब्राह्मणहरूको वचन पनि पूरा हुनेछ र तपाईंको साथमा रहन पनि पाइनेछ, मौका खूब राम्रो परेको छ,

ब्राह्मणहरूको वचन सत्य भई जावोस् ॥११॥ वनवासमा अनेक दुःख हुन्छन् भन्ने कुरा मलाई थाहा छ, आफ्ना इन्द्रियलाई वशमा राख्न नसक्नेलाई ती दुःख हुन्छन्, तपाईंलाई मलाई हुने छैन ॥१२॥ कन्या छँदाखेरि जब म बाबुको घरमा थिएँ त्यस बखतमा मैले आफ्नी आमाको सामुन्नेमा एउटी सोझो स्वभाव भएकी भीख माग्ने आइमाईले मेरो वनवासको कुरा गरेको सुनेकी थिएँ ॥१३॥ हे प्रभो ! कइएकचोटि मैले तपाईंसँग आफूलाई इच्छा भएको यो वन-विहारमा जानाका लागि प्रार्थना पनि गरिसकेकी छु ॥१४॥ हे राम ! तपाईं कहिले हिंड्नुहुने हो भनेर म पर्खिरहेकी छु, वनवासी वीरको सेवा मलाई निको लाग्दछ अर्थात् अयोध्याका रामको भन्दा वनमा बसेका रामको सेवा म विशेषरूपले गर्नेछु ॥१५॥ हे शुद्धचित्त भएका राम ! प्रेमपूर्वक तपाईंको पछिपछि लाग्दा म पापरहित भइजानेछु, पति स्त्रीका लागि सबभन्दा ठूला देवता हुन् ॥१६॥ मरेपछि पनि तपाईंसँग मेरो सुखमय समागम हुनेछ, यशस्वी ब्राह्मणहरूको मुखबाट मैले यो वेदको वचन सुनेकी छु ॥१७॥ यस लोकमा बाबुले जलले संकल्प गरेर जसलाई छोरी दिन्छन् सोही मानिस परलोकमा समेत पतिव्रताधर्मको प्रभावले त्यस स्त्रीको पति हुन्छ ॥१८॥ के कारणले तपाईं आफ्नी सुशीला र पतिव्रता स्वास्नीलाई यहाँबाट वनमा लैजान चाहनुहुन्न ॥१९॥

हे राम ! म तपाईंमा भक्ति राख्ने, पतिव्रता र दयाको पात्र छु; सुख दुःखमा एकनासकी रहने मलाई तपाईंले आफ्नो साथमा लैजानु उचित छ, कारण म तपाईंकी सुख-दुःखकी साथी हुँ ॥२०॥ यस प्रकारकी दुःखिनी मलाई तपाईंले साथमा वनमा लैजानुभएनभने आफ्नो मृत्युका लागि म विष, अग्नि वा जलको उपयोग गर्ने विचार गर्नेछु ॥२१॥ एवं प्रकार वन जानाको लागि सीताले अनेक तरहले रामलाई प्रार्थना गरिन् तर महाबाहु रामले निर्जन वनमा जाने अनुमति दिएनन् ॥२२॥ यसरी आफूसँग लैजानलाई निषेध गरेको देख्ता सीता ज्यादै चिन्तित भइन् र आँखाबाट झरेका ताता आँसुले भूइँ भिजाउनलागिन् ॥२३॥ यस प्रकारसँग चिन्तामा परेकी र रिसाएकी सीतालाई आफ्नो निश्चय बदल्नाको निम्ति रामले धेरै धेरै सम्झाए ॥२४॥

सर्ग—३०

सीताको वन जाने कुरामा रामको मञ्जूरी ।

वन नजानालाई रामले सम्झाउँदा सीता वन जाने उनको आज्ञा प्राप्त गर्नका लागि फेरि भन्नलागिन् ॥१॥ सीता रामचन्द्रको निश्चय देखेर डराइन् र प्रेम तथा अभिमानले, ठूलो छाती भएका रामको निन्दा गर्नलागिन् ॥२॥

हे राम ! मेरा पिता जनकले तपाईंलाई लोग्ने मानिसको भेषमा आइमाई भन्ठान्नुभएको थिएन यसैले ता तपाईंलाई आफ्नो ज्वाइँ बनाउनुभएको हो ॥३॥ तपाईंले मलाई साथमा लैजानुभएनभने, यथार्थ कारण नजान्नाले, राम सूर्यजस्ता तेजस्वी ता देखिन्छन् तर यिनमा तेज ता रहेनछ भन्ने कुरा साँचो नभए तापनि सबैले जरूरै भन्नेछन् ॥४॥

तपाईंलाई के कारणले यस्तो दिक्दारी भइरहेको छ, अथवा कोदेखि यस्तो डराउनुभएको छ कि केवल आफ्नो आधारमा बस्ने मलाई त्याग गर्न चाहनुहुन्छ ।।५।। द्युमत्सेनका छोरा सत्यवान्को आधारमा जुन प्रकारले सावित्री रहेकी थिइन् मलाई पनि त्यै किसिमले आफ्नो आधारमा रहेकी भनि-ठान्नुहोस् ।।६।। हे राम ! म तपाईंबाहेक अर्कोलाई मनले समेत हेर्ने छैन, म अरूमा लग्गू भएकी कुलको नाश गर्ने आइमाई होइन, यसकारण म तपाईंसँगै जान्छु ।।७।।

बाल्यावस्थामा तपाईंले मसित बिहे गरेको हो, धेरै कालदेखि म तपाईंको घरमा बसेकी छु, म पतिव्रता छु, यस्ती स्वास्नीलाई तपाईं नटुवाझैं अर्काको अधीनमा राख्न खोज्नुहुन्छ ।।८।। पाप नभएका हे राम ! जसको अधीनमा भएर तपाईं मलाई रहन भन्नुहुन्छ र जसले गर्दा तपाईंको अभिषेक रोकिन गयो, तपाईं नै उनको वशमा भएर आज्ञाकारी बन्नुहोस्, म ता वशमा रहने होइन ।।९।। अतएव मलाई सँग नलगी तपाईंले वन जानु उचित छैन । तप, वन, अथवा स्वर्ग जहाँ पनि मैले तपाईंको साथमा रहनु मुनासीब छ ।।१०।। जसरी यहाँको तपाईंसँगको विहार र शयनमा मलाई कुनै प्रकारको कष्ट छैन त्यसै गरी तपाईंको पछिपछि लाग्दा वनको हिंडाइमा मलाई कष्ट हुनेछैन ।।११।। बाटामा कुश, काश, सरकण्ड तथा अरू जो काँढादार रूख छन्, यी सबै तपाईंको साथमा रहँदाखेरि मलाई कपास र मृगचर्मसमान कोमल लाग्नेछन् ।।१२।। हे प्रिय राम ! आँधी उठ्नाले मेरो शरीर धूलोले मुछियोभने म सो धूलोलाई उत्तम चन्दनको समान सम्झनेछु ।।१३।। वनमा रहँदाखेरि म उहाँको घाँसमा सुत्नेछु, धेरै मोल पर्ने बिछ्याउना भएको पलङमा के त्योभन्दा बर्ता आनन्द होला त ? ।।१४।। पात, फलफूल धेरै या थोरै जो तपाईं मलाई ल्याएर दिनुहुनेछ सो मेरा लागि अमृततुल्य हुनेछ ।।१५।। त्यहाँ गएर म आमा बाबु अथवा घर केही पनि सम्झनेछैन, जुन ऋतुमा जे फल फूल हुन्छ सोही खाएर बस्नेछु ।।१६।। मैले गर्दा तपाईंले केही अनिष्ट देख्नुपर्नेछैन, कुनै प्रकारको कष्ट हुनेछैन, तपाईंको निम्ति भार बन्नेछैन ।।१७।। तपाईंसँग जहाँ बस्न पाइयो त्यै स्वर्ग हो, तपाईंविना कहीं रहनुपर्‍योभने त्यो नरक हो, यस प्रकारको तपाईंसँगको मेरो प्रेमको ख्याल राखेर मलाई सँगै लैजानुहोस् ।।१८।। वनदेखि नड-राउने मलाई तपाईंले वनमा लैजानुभएनभने म आजै विष पिउनेछु, शत्रुहरूको (तपाईंलाई वनवासमा पठाउनेहरूको) वशमा ता बस्ने होइन ।।१९।। तपाईं वनमा गएपछि मैले दुःखले मर्नै छभने तपाईंले छाडेर जानलागेको वेलामा मैले प्राण त्याग गर्नु बेश होला ।।२०।। म दुःखिनी यो वियोग-दुःखलाई एक छिन पनि सहन सक्तिनँ, चौद्ध वर्षसम्म सहने कुरा ता कता छ कता ।।२१।।

यस प्रकारसँग शोकले आकुल-व्याकुल भई दुःखपूर्वक विलाप गर्दा गर्दा सीता थाकिन् र अनि रामलाई अँगालो हालेर डाँको छाडी रुनलागिन् ।।२२।। अरणि काठले (आगो निकाल्ने एक किसिमको काठ) आगो निकालेझैं, विषालु वाण बिझेकी हतिनीसमान रामको कुराले छटपटाउनलागेकी सीता धेरै कालदेखि जम्मा भइराखेको आँसु झिक्नथालिन् ।।२३।। जसरी कमलबाट पानीको थोपो खस्तछ त्यसै गरी सीताका आँखाबाट स्फटिकसमान सेता रंगका दुःखका आँसु झर्नथाले ।।२४।। पानीबाट बाहिर

झिकेको कमल वैलाएझैं लामा लामा आँखा भएकी, पूर्णिमाको निर्मल चन्द्रमा जस्तो मुख भएकी सीता रुँदा रुँदा वैलाइन् ॥२५॥

दुःखमा परेकी, बेहोश हुन लागेकी सीतालाई दुवै हातले समातेर रामले अँगालो हाले र उनको मनमा विश्वास पर्ने किसिमले भन्नलागे ॥२६॥ हे देवी ! तिम्रो वियोगको दुःख हुन्छभने मलाई स्वर्ग पनि चाहिन्न, स्वयम्भू ब्रह्मालाई कसैको डर नभएझैं मलाई पनि कसैसितको डर छैन ॥२७॥ हे राम्रो मुख भएकी सीते ! तिम्रो रक्षाका लागि समर्थ छु तापनि तिम्रो अभिप्राय राम्रोसँग नजानेकोले मैले वनवासको सल्लाह नदिएको हो ॥२८॥

तिमी मेरा साथमा वनवास गर्नैका लागि जन्मेकी ह्वौ तसर्थ म तिमीलाई, आत्मज्ञानी मानिसले दयालाई छाड्न नसकेझैं, छाड्न सक्तिनँ ॥२९॥ पहिलेका सज्जनहरू पतिव्रता स्त्रीलाई साथमा लिई वानप्रस्थ-धर्मको पालन गर्न वनमा जान्थे, म पनि उनीहरूले देखाएको बाटोमा हिंड्नेछु । सूर्य भगवान्‌की पत्नी सुवर्चला जसरी उनको पछिपछि हिंड्दछिन् त्यसै गरी तिमी पनि मेरो पछिपछि हिंड ॥३०॥ हे जनक राजाकी छोरी ! मेरो वन नजाने कुरा हुन सक्तैन । सत्ययुक्त पिताको वचनले गर्दा मैले जानुपरेको छ, तसर्थ यो आवश्यक छ ॥३१॥ हे सीते ! पिता माताको आज्ञा पालन गर्नु नै धर्म हो, पिताको आज्ञाको उल्लंघन गरेर बाँच्नु ता म उचित देख्तिनँ ॥३२॥

देवता प्रत्यक्ष छैनन्, अनेक प्रकारले उनको आराधना गर्नाले सधैं सफलता पाइएला नै भन्न सकिन्न, पिता माता ता प्रत्यक्ष छन्, यिनीहरूको आज्ञाको उल्लंघन गरेर केवल देवताको आराधनामा कसरी भर पर्ने ॥३३॥ पिता माताको सेवाले धर्म, अर्थ, काम यी तिनैको प्राप्ति र तीनै लोकको पूजा हुन्छ, अतएव यो समान पवित्र अरू केही छैन, यसै कारणले मानिस पिता माताको पूजा गर्दछन् ॥३४॥ हे सीते ! पिताको सेवा गर्नाले जुन फल परलोकमा पाइन्छ त्यो फल साँचो बोल्नाले, दान, मान तथा दक्षिणा दिनुपर्ने यज्ञ गर्नाले पाइन्न ॥३५॥ स्वर्ग, धन, धान्य, विद्या, छोरा र सुख यी सबै पिताको मनअनुसार चल्नाले नभेटिने ह्वैन ॥३६॥ जुन महात्माहरू माता पिताको सेवामा लागेका छन् तिनीहरू देवलोक, गन्धर्वलोक, गोलोक, ब्रह्मलोक तथा अरू अरू लोक पनि पाउँछन् ॥३७॥ यसकारण सत्य मार्गमा रहेका मेरा पिताजीले जो आज्ञा दिनुहुन्छ, म त्यसको पालना गर्न चाहन्छु, किन कि सनातन धर्म भनेको यै नै हो ॥३८॥

वनमा बस्ने तिम्रो दृढ विश्वास देख्ता देख्तै पनि तिमीलाई नलैजाने जो मेरो विचार थियो सो अबलाई गयो, मसँग तिम्रो जाने कुरा निश्चय भयो ॥३९॥ हे सुन्दरी सीते ! मैले तिमीलाई वन जाने आज्ञा दिएँ, मेरो पछिपछि हिंड र मेरा साथसाथमा धर्म्म कर्म्म गर ॥४०॥ हे प्रिये ! पतिको साथमा वन जाने कुराको तिमीले जो निश्चय गर्‍यौ सो बहुत ठीक गर्‍यौ । तिम्रो पिताको र मेरो कुललाई सुहाउने यो कुरा हो ॥४१॥ वन जाँदाखेरि गर्नुपर्ने काम गर्न थाल । हे सीते ! अबता मलाई तिमीविना स्वर्ग पनि निको लाग्दैन ॥४२॥ आशीष दिइरहेका ब्राह्मणलाई रत्न र माग्नेहरूलाई खाने कुरा देऊ,

छिटो गर, ढीलो नहोस् ।।४३।। बाहुनहरूलाई दान दिइसकेपछि धेरै मोल पर्ने गहना, राम्रा लुगा तथा दिलबहलाउका सामग्रीहरू, पलङ्ग, सवारीका पालकी घोडा र अरू पनि जे जे मेरा माल छन् ती सब नोकरहरूलाई दिइहाल ।।४४-४५।।

रामले मलाई वन लैजान स्वीकार गरे भन्ने कुरा थाहा पाएर सीता बहुतै प्रसन्न भइन् र रत्न आदि आफ्ना सबै चीजहरू दिनलागिन् ।।४६।।

सर्ग–३१

लक्ष्मणलाई सँगै लैजानमा रामको मञ्जूरी ।

राम र सीताको कुरा सुन्दा पहिलेदेखि आइराखेका लक्ष्मणको, आँसुले मुख नै बिगारिदियो । रामले मलाई सँगै लैजाने हुन् वा होइनन् भन्ने कुराको शङ्काले उनी दुःखित भए र यो दुःखलाई सहनै सकेनन् ।।१।।

लक्ष्मण, बलियोसँग रामका दुवै पाउ समाती अतियशस्विनी सीता र महाव्रती रामचन्द्रलाई भन्नलागे ।।२।। तपाईंले पशु, हात्तीले युक्त भएको जंगलमा जान निश्चयै गर्नुभयोभने म पनि तपाईंको आवअघि धनु लिएर हिंड्दछु ।।३।। मेरो साथमा रहनाले, चारैतिर पशु-पक्षीहरूले नाना प्रकारका शब्द गरिरहेको रमणीय वनमा, तपाईं डुलफिर गर्न सक्नुहुनेछ ।।४।। हे राम ! तपाईंको विना म न देवलोकमा जान चाहन्छु न देवता बन्न चाहन्छु, न मलाई संसारको ऐश्वर्य्य चाहिन्छ ।।५।।

वन जान भनी निश्चय गरेका लक्ष्मणलाई रामले अनेक प्रकारले संझाए परन्तु नमानेर लक्ष्मण फेरि भन्नलागे ।।६।। हे दाजैज्यू ! पहिले ता तपाईंले मलाई आज्ञा दिनुभएको थियो, अहिले किन मलाई वन जान रोक्नुभएको ? ।।७।। हे राम ! जुन कारणले तपाईंले मलाई वन जान रोक्नुभएको हो सो कारण म जान्न चाहन्छु, मलाई यस विषयमा बडो शङ्का छ ।।८।।

हात जोरेर आज्ञा मागिरहेका, यात्राको निम्ति पहिलेदेखि नै तय्यार भएर दाजूको अगाडि उभिरहेका लक्ष्मणलाई महातेजस्वी राम भन्नलागे ।।९।। हे लक्ष्मण ! तिमी मेरा प्यारा छौ, धर्मात्मा र धैर्य्य राख्न सक्ने छौ, तिमी सदा सन्मार्गमा रहेका छौ, प्राणभन्दा पनि प्यारा मेरो अधीनमा रहेका तिमी मेरा भाइ र मित्र पनि हौ ।।१०।। तिमी पनि मेरा साथ वनमा हिंड्यौभने यहाँ कौशल्या र यशस्विनी सुमित्राको सेवा कसले गर्ला ? ।।११।। मेघले पृथ्वीलाई वर्षाद्वारा आनन्दित गरेझैं सबैको अभिलाषालाई पूरा गर्ने महातेजस्वी राजा अहिले कामपाशले बाँधिएर कैकेयीको अधीनमा परेका छन् ।।१२।। राजा अश्वपतिकी छोरी कैकेयीले राज्य पाएर दुःखमा परेका सौताहरूलाई सुख दिनेछैनन् ।।१३।। भरत पनि कैकेयीको आज्ञामा चल्ने भएकोले राज्य पाएर दुःखिनी कौशल्या र सुमित्राको पालन-पोषण गर्नेछैनन् ।।१४।। हे लक्ष्मण ! यसकारण तिमी मैले भनेको मान र यहाँ बसेर राजाको अनुग्रहले आफैं सुशीला कौशल्याको पालन पोषण गर ।।१५।। यसो गर्नाले मेरो सम्बन्धमा तिम्रो ठूलो

भक्ति देखिनेछ र धर्मज्ञ पिताको सेवाले गर्दा ठूलो पुण्य पनि पाइनेछ ।।१६।। हे लक्ष्मण ! मेरा लागि यति काम गर, किन कि हामीहरू नभएको वेलामा ह्राम्रा महतारीहरूलाई सुख हुनेछैन ।।१७।।

बोल्नामा चतुरा लक्ष्मण वाक्यविशारद रामको यो कुरा सुनेर बडो मधुरो स्वरले भन्नलागे ।।१८।। हे वीर ! तपाईंकै तेज र बलको प्रभावले भरत, कौशल्या र सुमित्राको नियमपूर्वक सेवा गर्नेछ, यसमा केही सन्देह छैन ।।१९।। भरतले राज्य पाएर कुबाटोमा हिंडेर दुष्ट मनले वा घमण्डले यिनीहरूलाई रक्षा गरेनभने म त्यो दुष्टमति, निष्टुरीलाई निःसन्देह मारि ने दिनेछु, उसको पक्ष लिने तीनै लोक भए तापनि सबैलाई सिध्याइदिनेछु ।।२०-२१।। आर्य्या कौशल्या म जस्ता हजारौंको पालन पोषण गर्न सक्नुहुन्छ, किन कि जसका नोकर-चाकरले हजारौं गाउँ पाएका छन् त्यस्ताले आफ्नो, मेरी आमाको, अथवा मै जस्ताको पालन गर्न किन नसक्नु ? ।।२२-२३।। तपाईं मलाई आफ्नो नोकर बनाउनुहोस्, यसमा धर्मविरुद्ध कुरो छैन; मेरो इच्छा पूर्ण हुनेछ र फल-फूल टिपेर ल्याई तपाईंको हित गर्नेछु ।।२४।। ताँदो चढाएको धनु, कोदाली र डालो लिई तपाईंको अघिअघि बाटो देखाउँदै हिंड्नेछु ।।२५।। म तपाईंलाई रोज रोजै वनका वनफूल र तपस्वीहरूलाई चाहिने होमको निम्तिको सामग्री ल्याएर दिनेछु ।।२६।। तपाईं सीताको साथमा पर्वतका टाकुरामा विहार गर्नुहोला र म तपाईंको सुत्ताखेरिको तथा जागा छँदाखेरिको सबै काम गर्नेछु ।।२७।।

लक्ष्मणका यी कुरा सुनेर रामचन्द्रजी बहुतै खुशी भई भन्नलागेः—भइगो, आफ्ना मित्रहरूसँग बिदा लिएर हिंड ।।२८।। राजा जनकको महायज्ञमा प्रसन्न भई वरुणले मलाई दिएका, देख्नामा बडा डरलाग्दा दुईटा दिव्य धनु, छेड्न नसकिने दुईटा कवच, कहिले पनि बाण नघट्ने दुईटा ठोक्रा, सूर्य-समान चहकिला, सुनको जलप लगाएका दुईटा खड्ग, यी सबै हतियार पूजा गरेर आचार्य्यको घरमा राखेको छ, यिनलाई लिएर तिमी चाँडै आऊ ।।२९-३१।।

वन जान भनी निश्चय गरेका, क्षत्रियश्रेष्ठ लक्ष्मणले आफ्ना मित्रहरूसँग बिदाबारी भई, इक्ष्वाकु-वंशका गुरुको घरमा गएर राम्ररी राखिएका तथा मालाले सिंगारिराखेका यी हतियारहरूलाई रामनेर ल्याएर उनलाई देखाए ।।३२-३३।। लक्ष्मण आएपछि आत्मवान् रामचन्द्रले प्रेमपूर्वक भन्नथालेः—तिमी ठीक वेलामा आयौ, मैले जुन वेलामा आउला भन्ठिानेको थिएँ त्यै वेलामा आयौ ।।३४।। शत्रु-हरूको संहार गर्ने हे लक्ष्मण ! अब म तिमीसँग बसेर आफ्नो धन तपस्वी ब्राह्मणहरूलाई दिन चाहन्छु ।।३५।। त्यहाँ अनेक ब्राह्मण भक्तिपूर्वक गुरुकुलमा बसेका छन्, तिनलाई र मेरा नोकर-चाकरलाई, वशिष्ठका छोरा तथा सबै ब्राह्मणमा श्रेष्ठ सुयज्ञलाई समेत चाँडै डाकेर ल्याऊ । यिनको र अरू शिष्ट ब्राह्मणहरूको पूजा गरेर म वनतिरको यात्रा गर्दछु ।।३६-३७।।

सर्ग—३२

रामचन्द्रको ब्राह्मणहरूलाई धन-दान

दाजुको आज्ञालाई प्रिय र हित गर्ने संझेर लक्ष्मण तुरुन्तै सुयज्ञको घरमा गए ॥१॥ अग्निशालामा बसेका सुयज्ञलाई प्रणाम गरेर लक्ष्मणले भनेः—हे सखे ! आउनुहोस्, वनयात्राको कठिन काम गर्न-लागेका रामचन्द्रको घर हेर्नुहोस् ॥२॥

सन्ध्या सिध्याएर ती ब्राह्मण लक्ष्मणको साथमा सबै सामग्री तथा सब प्रकारका सम्पत्तिले भरि-भराउ भएको रामचन्द्रको घरमा आए ॥३॥ सबै वेद वेदान्त जान्ने, बल्दो आगो जस्ता तेजस्वी सुयज्ञ-लाई आएको देखेर सीताको साथसाथै हात जोरेर रामले उनको सत्कार गरे ॥४॥ सुनका असल असल गहना, राम्रा राम्रा कुण्डल, सुनको तारमा उनेको मणिको माला, केयूर (हातमा लगाउने एक किसिमको गहना) कङ्गन र अरू अरू धेरै धेरै रत्न दान गरेर रामचन्द्रले सुयज्ञको पूजा गरे । यसपछि सीताजीको प्रेरणाले राम सुयज्ञलाई भन्नलागे ॥५-६॥ हे सज्जन ! मसँग वनमा जान लागेकी तपाईंकी यी सखी सीता तपाईंकी पत्नीलाई हार, सुनको सिक्री, चन्द्रहार, विचित्र बाजू, राम्रो केयूर, अनेक रत्न जडेका राम्रा राम्रा बिछ्याउना भएको पलङ दिन चाहन्छिन् ॥७-९॥ ब्राह्मणहरूमा श्रेष्ठ हे सुयज्ञ ! यो शत्रुञ्जय नाम गरेको हात्ती मामाले मलाई दिनुभएको हो, म यो हात्ती एक हजार असर्फीको दक्षिणासहित तपाईंलाई दिन्छु ॥१०॥ रामचन्द्रले यसो भनेपछि सुयज्ञले सबै चीजबीज लिई राम, लक्ष्मण र सीता-लाई शुभ आशीर्वाद दिए ॥११॥

ब्रह्मा जसरी इन्द्रलाई आज्ञा दिन्छन् त्यसै गरी, निश्चिन्त भई बसेका, प्यारा, मीठो बोल्ने लक्ष्मण-लाई रामले भने ॥१२॥ हे लक्ष्मण ! अगस्त्य र विश्वामित्रका छोरा यी दुवै उत्तम ब्राह्मणलाई पनि बोलाएर, धानको खेतमा पानी पटाए झैं, रत्नहरू दिएर यिनको पूजा गर ॥१३॥ हे महाबाहो लक्ष्मण ! यिनीहरूलाई एक हजार गाई, सुन, चाँदी तथा धेरै धेरै मोल पर्ने जुहारात दिएर तृप्त गर ॥१४॥ यजुर्वेदको तैत्तिरीय शाखाका आचार्य, सबै वेद वेदान्त जान्ने, कौशल्यालाई बडो भक्तिले आशीर्वाद दिने ब्राह्मणलाई यिनी सन्तुष्ट हुने गरी, रथ, दास, दासी, रेशमी लुगा देऊ ॥१५-१६॥

चित्ररथ नाम गरेका सारथि जो मन्त्री पनि हुन्, यी बूढालाई धेरै मोल पर्ने रत्न, लुगा र धन दिएर सन्तुष्ट गर ॥१७॥ यज्ञलाई योग्य हुने पवित्र पशु, बाख्री र हजार गाई कठकलाप शाखाको अध्ययन गर्ने ब्रह्मचारीहरूलाई देऊ ॥१८॥ नित्य आफ्नो स्वाध्यायमा लागेर अर्को दोस्रो काम नगर्ने भिक्षा माग्नालाई अल्छी गर्ने, मीठो खान खोज्ने, सज्जनहरूमा प्रतिष्ठा पाएकाहरूलाई रत्न, अलङ्कार लगाएका असीओटा ऊँट देऊ, एक हजार गोरु र खेतीपातीलाई हुने दुई सय अर्का बैल पनि देऊ ॥१९-२०॥ दहि, दूधको निम्ति यिनलाई एक हजार गाई देऊ । ब्रह्मचारीहरूको एउटा बथानै कौशल्याकहाँ आइराखेको छ, तिनमा प्रत्येकलाई एक एक हजार असर्फी र एक एक हजार गाई देऊ ॥२१॥ हे

लक्ष्मण ! यी सबै ब्राह्मणको यस्तो किसिमले सत्कार गर र यस्तो दक्षिणा देऊ कि हाम्री आमा कौशल्या यो देख्ता खुशी भइजाऊन् ।।२२।।

रामचन्द्रको वचनअनुसार पुरुषश्रेष्ठ लक्ष्मणले कुबेरले दिएझैं यी सबै ब्राह्मणलाई धन दिए ।।२३।। रामचन्द्रका नोकरहरू रूँदै उभिएका थिए, यी प्रत्येकलाई जीवननिर्वाह गर्न पुग्ने प्रशस्त धन दिएर भनेः—म वनबाट फर्केर नआएसम्म तिमीहरूले मेरो र लक्ष्मणको घरमा बस्नू ।।२४-२५।। दुःखित भएका आफ्ना ती नोकर-चाकरलाई यसो भनेर तिनले खजाञ्चीलाई आफ्नो धन ल्याउन भने ।।२६।। आज्ञा पाउनासाथ सबै नोकरहरूले रामको धन ल्याएर थुप्रो लगाइदिए, त्यो ठूलो थुप्रो हेर्न योग्य थियो ।।२७।। पुरुषश्रेष्ठ रामले लक्ष्मणलाई साथमा राखेर त्यो धन ब्राह्मण, बालक, बूढा र गरीबहरूलाई बाँडिदिए ।।२८।।

त्यस समयमा गर्गगोत्री त्रिजट नाम गरेका, पहेंलो वर्ण भएका एउटा ब्राह्मण थिए । उनको कुनै वृत्ति थिएन, सधैं वनमा बञ्चरो, कोदाली र हलो लिएर हिंड्दथे ।।२९।। उनकी तरुनी पत्नीले आफ्ना साना साना बच्चालाई सँगमा राखेर आफ्ना बूढा पतिलाई भन्नलागिन्ः—लोग्ने नै स्त्रीहरूका देवता हुन्, बञ्चरो, कोदाली फालेर म जो भन्दछु सो गर्नुहोस् । रामचन्द्रकहाँ जानुहोस् शायद् केही पाइहाल्नुहुन्छ कि ? ।।३०-३१।। पत्नीको कुरा सुनेर झुत्रो पुरानो लुगा जसोतसो गरेर बेह्री रामको महलतिर जान भनी हिंडे ।।३२।। यी ब्राह्मणको भृगु र अङ्गिराको जस्तो तेज देखेर पाँचौं ढोकासम्म जानालाई कसैले रोकेन ।।३३।।

रामको नगीच गएर यी त्रिजटले भनेः—हे महाबली राम ! म गरीब छु र मेरा छोरा धेरै छन् ।।३४।। म वनमा बस्तछु, मेरो कुनै वृत्ति छैन, ममाथि पनि दृष्टि दिनुहोस् । तब रामचन्द्रले ठट्टा गरेर तिनलाई भने ।।३५।। यी हजार गाईमा मैले एउटा पनि दान गरेको छैन, तिमी आफ्नो लौह्रो फ्याँक, तिम्रो लौह्रोले जति गाई नाघ्दछ त्यति सबै तिमी पाउनेछौ ।।३६।। यो कुरा सुनेपछि ब्राह्मणले झुत्रो धोती कम्मरमा कसी आफ्नो भएभरको बलले लौह्रो फ्याँके । उनको हातबाट छुटेको लौह्रो हज्जारौं गाईको बथानलाई नाघेर सरयूको परिपट्टि साँढेहरू भएको ठाउँमा खस्यो ।।३७-३८।। धर्मात्मा रामले त्रिजटलाई अँगालो हाले र सरयू पारिसम्मका जम्मै गाई उनको आश्रममा पठाइदिए ।।३९।।

राम त्रिजटलाई खुशी गराउँदै भन्नलागेः—मैले तपाईंसित ठट्टा गरेकोमा मदेखि नरिसाउनुहोला ।।४०।। तपाईंको बल्दो तेज देखेर यसैको परीक्षाका लागि मैले तपाईंलाई लौह्रो फ्याँक्ने कुरा भनेको हो । यी गाईबाहेक तपाईंलाई अरू केही चाहिन्छभने भन्नुहोस् ।।४१।। मैले भनेको कुरा साँचो हो, तपाईंले संकोच मान्नुपर्दैन, मेरो जो धन छ, सो ब्राह्मणैका निमित्तको हो । आफूले कमाएको धन तपाईंहरूलाई दिन पाए ठूलो यश हुनेछ ।।४२।।

त्रिजट महामुनि र यिनकी पत्नी यतिका गाई पाएर खुशी भए र यिनीहरूले रामको यश, बल, प्रीति र सुख बढ्ने आशीष दिए ।।४३।। पराक्रमी रामचन्द्रले पनि धर्मबलले कमाएको त्यतिको धन

आफ्ना मित्रहरूलाई यथायोग्य सत्कार गर्दै बाँडिदिए ॥४४॥ ब्राह्मण, मित्र, नोकर, गरीब, भिखारी जो यस समयमा यहाँ आए ती सबै उचित सम्मान तथा दान पाएर सन्तुष्ट भए ॥४५॥

सर्ग—३३

राम, लक्ष्मण र सीताको दशरथको दरबारमा प्रवेश ।

यस प्रकार राम र सीताले ब्राह्मणलाई धेरै धन दिइसकेपछि राम लक्ष्मण दुवै भाइ सीतालाई साथमा लिएर राजा दशरथलाई भेट्न गए ॥१॥ राम र लक्ष्मणका फूल मालाले सिंगारिएका अत्यन्त राम्रा धनु नोकरले लिएका थिए । सीताले यिनलाई झन् सजिसजाउ पारिदिएकी थिइन् ॥२॥

यस समयमा धनी पुरवासीहरू प्रासाद (तीनतले घर) हर्म्य (अन्न धन सम्पत्ति राख्ने घर) र विमान (साततले घर) मा चढेर मनमा खिन्न भई यी तीनै जनालाई हेर्नलागे ॥३॥ मानिसको भीडले सडक यसरी भरिएको थियो कि त्यहाँ हिंड्नसमेत गाह्रो भयो, यसैले मानिसहरू आफ्ना आफ्ना महल-माथि चढेर दिक्दारी मनले रामलाई हेर्नलागे ॥४॥ भाइ लक्ष्मण र सीताको साथमा रामलाई पैदल हिंड्न लागेको देखेर मानिसहरू शोकले मनमा व्याकुल भई अनेक किसिमको कुरा गर्नलागे ॥५॥ हेर, जसको पछिपछि चतुरङ्गिणी सेना हिंड्थ्यो तिनै आज एकलै सीता र लक्ष्मणलाई साथमा लिएर गइ-रहेका छन् ॥६॥ सबै ऐश्वर्यको सुखलाई जान्ने, प्रजाको अभिलाषालाई पूर्ण गर्न तत्पर रहने राम धर्मको गौरवले पिताको वचनलाई झूटो गराउन चाहन्नन् ॥७॥ जुन सीतालाई आकाशमा हिंड्ने प्राणीसमेत हेर्न पाउँदैनथे तिनैलाई आज सडकमा हिंड्नेहरू हेरिरहेका छन् ॥८॥ जुन सीता सधैं अङ्गराग (सुग-न्धित लेप) र रक्तचन्दन लगाउँथिन् तिनको रंग अब पानी, र घाम जाडोले गर्दा वैलाउनेछ ॥९॥ महाराज दशरथलाई अवश्यै भूत, पिशाच लागेछ नत्र आफ्नो प्यारो छोरालाई किन वनवासमा पठाउँथे ॥१०॥ मानिस आफ्नो निर्गुणी छोरालाई समेत त घरबाट निकाल्दैनन्भने, आफ्नो असल स्वभावले सबै लोकलाई जित्ने प्यारा छोरालाई कसरी निकाल्ने ? ॥११॥

अहिंसा, दया, विद्या, शील, दम, शम यी छवटै गुण पुरुषश्रेष्ठ रामचन्द्रमा विद्यमान् छन् ॥१२॥ ग्रीष्म ऋतुमा पानी सुक्नाले जसरी जल-जन्तु पीडित हुन्छन् त्यसै गरी अहिले रामलाई दुःख परेको देख्ता सबै प्रजा पीडित छन् ॥१३॥ जसरी जरो सुक्नाले फलफूलसहितको जम्मै रूख सुकेर जान्छ त्यसै गरी जगत्पति रामको दुःखले सबै जगतै दुःखी भइरहेको छ ॥१४॥ महातेजस्वी, धर्मका अव-तार राम नै मानिसका मूल हुन् अरू बाँकी मानिस ता फल, फूल, पात र हाँगा हुन् ॥१५॥ तसर्थ हे भाइहो ! लक्ष्मणजी गएझैं हामीहरू पनि आफ्ना आफ्ना स्वास्नी तथा कुटुम्बलाई साथमा लिएर रामको पछिपछि लागेर जाऔं ॥१६॥ हामीहरू आफ्नो खेत, बारी, घर छाडेर धर्मात्मा रामचन्द्रको सुख दुःखका साथी भई उनको सँगसँगै जाऔं ॥१७॥ जुन घर हामी छाडेर जान्छौं ती घरबाट भूइँमा गाडिराखेको धन झिकौं, आँगन ध्वस्त भएको होस्, त्यहाँको धन धान्य तथा धेरै मोल पर्ने

बीजबीज झिकेर लिऔं; हामीले छोडेको घर धूलोले भरियोस्, देवता पनि त्यहाँ नबसुन्, जतातत्तै प्वाल होस् र त्यसको चारैतिर मूसा दगुरून्; त्यहाँ पानी पनि छर्किनेछैन, घाम पनि लाग्नेछैन, झाड बढार केही हुनेछैन। त्यहाँ बलि कर्म, होम, यज्ञ, जप, केही हुनेछैन, प्रलयकालको आपत्तिको समयमा झैं भाँडाकुँडा कुच्चिएका, फुटेका हुनेछन्। हामीले छोड़ेका यस्त किसिमका घर कैकेयीले लिऊन् ॥१८-२१॥ राम वन जानलागेका छन् तसर्थ वन नै शहर होस् र हामीले छाडेको यो शहर वन बनोस् ॥२२॥ हाम्रो डरले डराएका सर्पहरू प्वाल छाडिदिऊन्, पशु-पक्षीहरू पर्वतको टाकुरामा बस्न छाडिदिऊन्, हात्ती तथा सिंहहरू वन छाडेर जाऊन् ॥२३॥ हामीले छाडेको ठाउँमा यिनीहरू आएर बसून् र हामी जान लागेको ठाउँ छाडिदिऊन् अर्थात् वन छाडेर अयोध्यामा आई बसून्, यस किसिमले यो ठाउँ घाँस, मासु, फल खाने प्राणी तथा साँप, मृग र चराहरूको वासस्थान बन्नेछ ॥२४॥ आफ्ना छोरा र कुटुम्बीको साथमा कैकेयी यस किसिमको शहरमा बसून्, हामी सबै ता सुखपूर्वक रामको साथमा वनमा बसौं ॥२५॥

अनेक मानिसले गरेका यस प्रकारका अनेक कुरा रामले सुने तर यी सब कुराले यिनको मनमा कुनै प्रकारको विकार भएन ॥२६॥ मत्त परेको हात्ती जस्तै पराक्रमी, धर्मात्मा रामले माता कैकेयीको कैलाशको टाकुरा जस्तो अग्लो घरमा प्रवेश गरे ॥२७॥

राजाको दरबारमा प्रवेश गर्दा रामले त्यहाँ वीर योद्धाहरूले नम्रतापूर्वक पहरा दिइरहेको र अलि टाढा मनमा दिक्दार भई बसिरहेका सुमन्त्रलाई देखे ॥२८॥ आफ्ना नोकर-चाकर तथा अरू आपना मानिसलाई आफ्नो वियोगमा दुःखी भएको देख्ता पनि हँसिलो मुख लगाएका, पिताको आज्ञालाई विधिपूर्वक पालन गर्न तत्पर भएका राम, पिताको दर्शन गर्नाका लागि ढोकामा गए ॥२९॥ दुःखले व्याकुल भएका राजालाई भेट्न गएका रामले पितालाई भेट्नुको अगाडि नै सुमन्त्रलाई देखे र पिताकहाँ आफू आएको खबर पठाउनाका लागि त्यहीं अडिए ॥३०॥ धर्मका प्रेमी तथा पिताको आज्ञाले वन जान निश्चय गरेका रामले सुमन्त्रलाई देखेर भनेः—"पिताजीकहाँ म आएको खबर पुग्याइदेऊ ॥३१॥

सर्ग—३४

दशरथ र रामको वार्त्तालाप।

त्यसपछि कमलको पात जस्तो आँखा भएका, श्याम वर्णका, तथा अनुपम सौन्दर्य्यका रामले सुमन्त्रलाई बोलाएर भने, म आएको खबर पिताजीकहाँ पुग्याइदेऊ ॥१॥

रामको आज्ञाले तुरन्तै गएका सुमन्त्रले दुःखले गर्दा इन्द्रिय व्याकुल भइराखेका, लामो सास फेरिरहेका राजालाई देखे ॥२॥ यस बखतमा सुमन्त्रले राजाको अवस्था राहुले ग्रस्त गरेको सूर्य जस्तो, खरानीले छोपिएको आगोको जस्तो अथवा पानी नभएको तलाउको जस्तो देखे ॥३॥ ठूला पण्डित सुमन्त्रले अत्यन्त व्याकुल भएका, रामलाई संझिरहेका राजालाई सम्बोधन गरी हात जोरेर भन्नलागे

॥४॥ पहिले सुमन्त्रले "जय जय"को आशीर्वाद दिए र अनि डराउँदै मधुरो तथा कमलो स्वरले भन्न-लागे ॥५॥ हे पुरुषसिंह राजन् ! हजूरका छोरा राम, ब्राह्मण र नोकरहरूलाई धन बाँडी सिध्याएर ढोकामा हाजिर भएका छन् ॥६॥ हजूरको दर्शन गर्न हाजिर हुन् कि ? सबै मित्र तथा अरूहरूसँग विदावारी भइसकेका सत्यपरायण राम केवल हजूरको दर्शन गर्न चाहन्छन् ॥७॥ यिनी वन जान-लागेका छन्, तसर्थ हे राजन्, यिनीसित भेट गरिबक्सियोस् । सूर्यकिरणले युक्त भएझैं यिनी राजामा हुनुपर्ने सबै गुणले युक्त छन् ॥८॥

गम्भीरताले गर्दा समुद्रसमानका, पापरहित हुनाले आकाशतुल्यका ती धर्मात्मा सत्यवादी राजाले सुमन्त्रलाई भन्नलागे ॥९॥ हे सुमन्त्र ! मेरा आइमाईहरूलाई र अरू जो मेरा छन् ती सबलाई बोलाएर ल्याऊ, म आफ्ना सबै रानीहरूलाई सँगमा राखेर रामलाई भेट्न चाहन्छु ॥१०॥ सुमन्त्रले अन्तः-पुरभित्र गई सबै रानीहरूलाई भने, राजाले तपाईंहरूलाई बोलाइबक्सिएको छ, विलम्ब नगरी उहाँ आउनुपर्‍यो ॥११॥ राजाको आज्ञाले सुमन्त्रले यसो भनेपछि मालिकको आज्ञा हुनाले सबै रानीहरू राजमहलतिर लागे ॥१२॥ शोकले गर्दा राता राता आँखा पारेका साढे तीन सय आइमाईहरू पतिव्रता धर्म धारण गर्ने कौशल्यालाई बीचमा राखी बिस्तारै बिस्तारै हिंड्नलागे ॥१३॥ आफ्ना रानीहरूलाई आएको देखेर राजाले सुमन्त्रलाई छोरालाई लिएर आउने आज्ञा दिए ॥१४॥ राम, लक्ष्मण र सीतालाई साथमा ली तुरन्तै सुमन्त्र राजाको नगीच आइपुगे ॥१५॥

टाढैबाट हात जोरेर आउन लागेका छोरालाई देख्ता दुःखमा परेका, आइमाईहरूले चारैतिरबाट घेरिराखेका राजा तुरन्तै आफ्नो आसनबाट उठी बडो वेगले उनीतिर दुगुरे, तर उनीकहाँ पुग्न नपाउँदै बीचैमा लडेर मूर्च्छा परे ॥१६-१७॥ त्यस समयमा महारथी लक्ष्मण र धर्मात्मा रामले शोकले व्याकुल भई मूर्च्छा परेका राजालाई भूइँबाट उठाए ॥१८॥ गहनाको आवाजका साथसाथै हजारौं आइमाईले "हा राम" भनेको शब्द राजमहलमा गुञ्जायमान भयो ॥१९॥

सीतासहित राम र लक्ष्मणमा दुवैले रुँदै राजालाई दुवै हातले समाती उठाएर पलङ्गमा राखिदिए ॥२०॥ केही बेरमा होश आएपछि रामचन्द्रले हात जोरेर, रोइरहेका, शोक-सागरमा डुबेका राजालाई भन्नलागे ॥२१॥

हे महाराज ! म हजूरसँग बिदा हुन आएको छु, हजूर हामी सबैका ईश्वर होइबक्सिन्छ । अब म दण्डक वनतिर हिंड्नलागें । प्रसन्न भई मतिर नजर गरिबक्सियोस् ॥२२॥ लक्ष्मण र सीतालाई पनि मसँग जाने आज्ञा बक्सियोस्, मैले यी दुवैलाई अनेक कारण देखाएर रोकेको हुँ, तर यिनीहरू यहाँ रहन चाहन्नन् ॥२३॥ हे महाराज ! प्रजापतिले आफ्ना छोराहरूलाई आज्ञा दिएझैं, शोकलाई त्याग गरी, हामी सबैलाई (लक्ष्मण, सीता र मलाई) आज्ञा बक्सियोस् ॥२४॥ कहिले पनि व्याकुल नहुने, वनवासका लागि राजाको आज्ञा पर्खिरहेका रामलाई देखेर राजाले भने ॥२५॥

हे राम ! वरदानद्वारा कैकेयीले मलाई ता मोहित गराइदिएकी छ अर्थात् म आफ्नो अधीनमा

छैन तसर्थ राज्य गर्न योग्य छैन, मलाई कैदी तुल्याएर तिमी नै अयोध्याको राजा बन ।।२६।।

राजाले यसो भनेको सुन्दा धर्मात्माहरूमा श्रेष्ठ, बोल्नामा सिपालु राम हात जोरेर पितालाई भन्न-लागे ।।२७।। हे महाराज ! हजूर हजारौं वर्षसम्म पृथ्वीको भोग गरिबक्सियोस्, म ता वनमा गएर बस्तछु, राज्य गर्ने मेरो इच्छा छैन ।।२८।। चौद्ध वर्षसम्म वनमा बसी प्रतिज्ञा पूरा भएपछि फेरि चरणमा हाजिर हुनेछु ।।२९।।

राजा दुःखमा परेका थिए, रोइरहेका थिए, तर सत्यरूपी पासोले बाँधिएका थिए; कैकेयीले प्रेरणा गरेकोले फेरि उनलाई भन्नलागे ।।३०।। हे छोरा ! कल्याणको निम्ति, वृद्धिका लागि र फेरि यहाँ फर्केर आउने हेतुले निश्चिन्त भई जाऊ, तिम्रो बाटो निर्भय तथा शत्रुशून्य होस् ।।३१।।

हे छोरा ! तिमी स्वभावैले सत्यप्रेमी र धर्मसाधनमा तत्पर भएका छौ, तिम्रो वन जाने विचार अब बदलिन सक्तैन ।।३२।। तर जसो गरेर भए पनि आज एक दिन ता नजाऊ, एक दिन र एक रात ता तिमीलाई हेरेर म सुखसँग समय बिताउन पाऊँ ।।३३।। मलाई र आफ्नी आमालाई हेरेर आजको रात ता यहीं बस, मेरो अभिलाषा पूर्ण गरी भोलि बिहानै जाउला ।।३४।। हे प्यारा छोरा राम ! अरूबाट हुन नसक्ने बडो गाह्रो काम तिमी गर्न लागिरहेका छौ, कारण मेरो लागि तिमीले वन जाने विचार गरेका छौ ।।३५।। सत्यको नाममा म किरिया खान्छु कि तिम्रो यो वन जाने कुरा मलाई निको लागेको छैन, तर खरानीले छोपिएको आगोसमानकी यस स्त्रीले मलाई डेग चल्न दिएकी छैन ।।३६।।

कुलमा कलङ्क लगाउने यस कैकेयीको कुरामा लाग्दा मलाई धोखा पर्‍यो र यसको फल तिमीले भोग्नुपरिरहेको छ ।।३७।। हे राम ! यो बडो आश्चर्य्यको कुरो होइन, कारण, तिमी मेरो जेठा छोरा हुनाले आफ्नो बाबुलाई सत्यवादी बनाउन खोजिरहेका छौ ।।३८।।

दुःखमा परेका बाबुको यस्तो वचन सुन्दा रामचन्द्र भाइ लक्ष्मणको साथमा बडो दीन भावले राजा-लाई भन्नलागे ।।३९।। आज म जुन चीज-बीजको भोग गरुँला ती चीज भोलि मलाई कसले देला ! तसर्थ यहाँबाट सकेसम्म चाँडो जाने कुरालाई म अरू सुखभन्दा उत्तम सम्झन्छु ।।४०।। राज्य, मानिस तथा धन-धान्यले पूर्ण भएको यो पृथ्वी छाडेर म जान लागेको छु, तपाईंले यो भरतलाई दिनुहोला ।।४१।। वनवासको सम्बन्धमा मैले जो निश्चय गरेको छु सो अब बदलिन सक्तैन, किन कि युद्धमा सन्तुष्ट भएर तपाईंले कैकेयीलाई यस्तै वर दिनुभएको छ ।।४२।। कैकेयीलाई तपाईंले जुन जुन वर दिनुभएको छ ती सबै पूरा हुन्, तपाईंको प्रतिज्ञा सत्य होस्, भनेमुताबिक तपाईंको आज्ञाको पालन गर्दै म चाद्ध वर्षसम्म वनमा वनचरहरूको साथमा बस्तछु, तपाईं यस विषयमा केही विचार नगर्नुहोस्, यो पृथ्वी भरतलाई दिनुहोस् ।।४३-४४।। मलाई राज्यको चाहना अथवा सुखको अभिलाषा केही पनि छैन, विधि-पूर्वक तपाईंको आज्ञा पालन गर्न पाए मेरो इच्छा पूर्ण हुनेछ ।।४५।। दुःखलाई त्याग गर्नुहोस्, आँखामा आँसु नभर्नुहोस्, नदीहरूका मालिक समुद्र के कहिले आफ्नो चाल छोड्छन् ? अर्थात् सधैं एकैनास रहन्छन् ।।४६।। हेर्नुहोस्, मलाई राज्य, सुख, पृथ्वी, भोग र स्वर्गको ता कुरा परै रहोस् आफ्नो

जिन्दगानीको समेत चाहना छैन ॥४७॥ म ता केवल तपाईंलाई मिथ्या-भाषणको दोषबाट मुक्त गराएर सत्यवादी बनाउन चाहन्छु, म यो कुरा तपाईंको सामुन्ने सत्य र धर्म संझी किरिया हालेर भन्दछु ॥४८॥ तसर्थ हे प्रभो ! एक छिन पनि यहाँ बस्नु मेरा लागि उचित छैन, आफ्नो शोकलाई रोक्नुहोस्, मैले निश्चय गरेको कुरामा फेरफार हुन सक्तैन ॥४९॥ कैकेयीले मलाई वन जाने आज्ञा दिनुभयो र मैले "जान्छु" भनेर स्वीकार गरें, अहिले म त्यै प्रतिज्ञाको पालन गरिरहेको छु ॥५०॥ हे महाराज ! तपाईं कुनै कुराको फिक्री नलिनुहोस्, हामी वनमा बडो आनन्दसित बस्नेछौं, त्यहाँ अनेक सुधा मृग होलान् र किसिम किसिमका पक्षीले बोलेको शब्द सुनिनेछ ॥५१॥ पिता भनेका देवताहरूका पनि देवता हुन्, यसै कारण तपाईंलाई परमदेवता संझेर म तपाईंको प्रतिज्ञा पालन गर्न जानलागेको छु ॥५२॥ राजाहरूमा श्रेष्ठ हे मेरा पिताजी ! चौद्ध वर्ष बितेपछि फर्केर आएको मलाई तपाईंले देख्नुहुन्यैछ, तसर्थ यो सन्ताप छाडिदिनुहोस् ॥५३॥ मेरा निम्ति रोइरहेका यी सबैलाई संझाउनुपर्नेमा ता तपाईं स्वयं व्याकुल भई रोइरहनुभएको छ, यसो त गर्न भएन ॥५४॥ मैले त्याग गरेका शहर, राज्य पृथ्वी यी सबै तपाईं भरतलाई दिनुहोस्, धेरै दिनसम्म वनमा बसी तपाईंको आज्ञा पालन गर्न म जानलागें ॥५५॥ मैले छाडेको शहर, पहाड, वन आदिले भरिएको यस पृथ्वीको सीमानासम्म विना कुनै प्रकारको रोक-टोकले भरत शासन गरून्, तपाईंले कैकेयीलाई दिएका वर यस प्रकारसँग पूरा हुन् भन्ने मेरो इच्छा छ ॥५६॥ सज्जनहरूले सह्राएको तपाईंको आज्ञा पालन गर्नामा मलाई जत्तिको मन लाग्दछ त्यत्तिको ता ठूला ठूला भोग गर्ने वस्तुमा अथवा आफूलाई मन परेका कुरामा समेत दिल जाँदैन ॥५७॥ न मलाई यो ठूलो राज्यसितको वास्ता छ, न सुख सम्पत्तिसित नै केही प्रयोजन छ। हे पापरहित राजा ! तपाईंलाई असत्यवादी बनाएर जानकीसमेत मेरो चिन्ताको विषय हुन सक्तिनन्, तपाईंको व्रत सत्य होस् भन्ने मेरो एकमात्र अभिलाषा छ ॥५८॥ वनमा गई फलमूलको भक्षण गर्दै, पर्वत, नदी, पोखरी तथा उहाँका अनौठा अनौठा रूखहरू हेरेर म प्रसन्न हुनेछु, तपाईं पनि खुशी भइजानुहोस् ॥५९॥

संकष्टमा परेका तथा ताप र दुःखले व्याकुल भएका राजा छोरा रामचन्द्रलाई अँगालो हाल्दै बेहोश भएर भूइँमा लडे, उनी विलकुलै हल न चल भएका थिए ॥६०॥ कैकेयीबाहेक सबै रानीहरू विलाप गर्नथाले, रुँदा रुँदा सुमन्त्रसमेत मूर्च्छा परे, त्यहाँ जताततै हाहाकार मच्चियो ॥६१॥

सर्ग—३५

कैकेयी प्रति सुमन्त्रको कठोर वचन।

केही बेरमा होशमा आएपछि सुमन्त्र टाउको हल्लाउँदै, लामो सास फेर्दै, पाखुरा खैँचँदै, दाँत किट्तै आँखा राता राता तुल्याई अत्यन्त रिसाएर बडो दुःखित भए ॥१–२॥ राजा दशरथको अभिप्राय बुझेका हुनाले वचनरूपी तीखा बाणले कैकेयीको मुटु हल्लाउँदै र वज्ररूपी तीखा तीखा

वाक्यले उनको हृदय छेदन गर्दै सुमन्त्र भन्नलागे ।।३–४।। हे देवी ! तिमीले चराचर जगत्का मालिक र आफ्ना लोग्ने दशरथको त्याग गर्‍यौभने अब तिमीले गर्न नहुने के काम बाँकी रह्यो ? । यस-कारण म तिमीलाई पतिघातिनी र कुलनाशिनी सम्झन्छु ।।५–६।। जुन महाराज इन्द्रसमान अजेय, पर्वत जस्ता स्थिर र समुद्र जस्ता गम्भीर छन् , तिनलाई समेत तिमी आफ्ना दुष्ट कर्मले सन्ताप दिइरहेकी छौ ।।७।। हे कैकेयी ! तिमी यस्तो वर दिने पतिको अनादर नगर ! पतिको इच्छाअनुसार काम गर्नु ता करोड छोराको इच्छाअनुसार काम गर्नुभन्दा धेरै उत्तम छ ।।८।। हेर, आफ्ना उमेर-अनुसार राजा मरेपछि, छोरा नाति राजगद्दीमा बस्तछन्, तिमीले ता इक्ष्वाकुकुलका राजा छँदा छँदैमा यस स्थितिको लोप गर्न खोज्यौ ।।९।। भइगो, तिम्रा छोरा भरत नै राजा होऊन्, पृथ्वीको शासन गरून् , हामी ता राम जहाँ जान्छन् उहीं जान्छौं ।।१०।। तिमी आज जस्तो निन्दित काम गर्नलागेकी छौ त्यसले ता कुनै ब्राह्मण पनि तिम्रो राज्यमा बस्नेछैनन् ।।११।। हामीहरू ता अवश्यै जुन बाटोबाट राम जानेछन् सोही बाटोबाट जानेछौं, यस प्रकारसंग सबै कुटुम्ब सबै ब्राह्मण तथा सज्जनहरूले छाडेको राज्य पाइहाल्यौभने पनि तिमीलाई त्यसबाट के लाभ होला ? आज ता तिमीले यस्तै घीनलाग्दो काम गर्ने विचार गरेकी छौ ।।१२–१३।। तिमीले यस्तो निन्दित काम गर्दा पनि यो पृथ्वी किन नचिरिएको होला भन्ने मलाई आश्चर्य लागिरहेको छ ।।१४।। रामलाई वनवास पठाउन तत्पर भएकी तिमीमाथि वशिष्ठादि ब्रह्मर्षिहरूको अग्नितुल्य भयङ्कर धिक्काररूपी वाग्दण्ड बज्रेर तिमीलाई किन भस्म नगराएको होला ? ।।१५।। आँपको रूखलाई बञ्चरोले काटेर कसले नीमको रूखको सेवा गर्ला ? नीमको रूखमा दूध हाले पनि के त्यो मीठो होला ? ।।१६।। तिम्री आमाको जस्तो चाल-चलन थियो तिम्रो पनि उस्तै छ, नीमलाई निचोरेर दूध निस्कन्न भन्ने लोकमा चलेको उखान बिलकुल ठीक हो ।।१७।। तिम्री आमाको जिद्दीको कुरा हामीले पहिले नै सुनिसकेका छौं ।

तिम्रा बाबुलाई कुनै वर दिनेले बडो उत्तम वर दिएका थिए ।।१८।। यस वरको प्रभावले सबै प्राणीको बोली बुझ्न सक्ने भएकाले उनी चराहरूको बोलीसमेत बुझ्नथाले ।।१९।। कुनै एक समयमा तिम्रा बाबा, आफ्नो पलङ्गनेर सुनौला रङ्ग भएको कमिलाको कुरा बुझेर अनेक बाजि हाँसे रे ।।२०।। राजाले हाँसेको देख्ता तिम्री आमालाई खूब रिस उठ्यो र मृत्यु चाहने भएकी हुनाले राजालाई सोधिन् , "तपाईं हाँस्नाको कारण म जान्न चाहन्छु" ।।२१।। मैले आफ्नो हाँस्नाको कारण बताएँभने चाँडै नै मेरो मृत्यु हुनेछ, यसमा केही शङ्का छैन भनी राजाले जवाफ दिए ।।२२।। तिम्री आमाले राजालाई भनिन् :—"चाहे तिमी मर चाहे बाँच, यसको रहस्य ता मलाई भन्नैपर्दछ, नत्र पछि तिमी मेरो गिल्ला गर्नेछौ" ।।२३।।

आफ्नी रानीको यस्तो कुरा सुनेर राजा केकयले यो सबै कुरा आफूलाई वर दिने ऋषिलाई भने ।।२४।। वर दिने ती साधुले राजालाई भने :—"तिम्री रानी मरून् वा बाँचून्, कदापि तिमीले उन-लाई आफ्नो हाँस्ने कारण नसुनाए ।।२५।। वरदाताको कुरा सुनेर तिम्रा पिताले तिम्री आमालाई खुशी

मनले छाडिदिए र आफू कुबेरझैं जतातत‍ै विहार गर्नलागे ।।२६।। त्यसै गरी तिमी पनि दुर्जनहरूको बाटोमा हिंडेर राजालाई मोहमा पारी उनीद्वारा निन्दित काम गराउन खोज्दछ्यौ यसकारण तिमी पापिनी हौ ।।२७।। छोरा बाबुको स्वभावअनुसारका र छोरी आमाको अनुसार हुन्छन् भन्ने लोकमा चलेको यो उखान मलाई ता बिलकुल ठीक लाग्यो ।।२८।। तिमी यस्ती नहोऊ, राजाले भनेको मानेर उनी जसो भन्छन् उसै गर, पतिको इच्छाअनुसार काम गरेर उनको रक्षा गर ।।२९।। पापको वशमा परेर इन्द्र जस्ता, लोकका मालिक आफ्ना पतिबाट असत् कर्म नगराऊ ।।३०।। राजा दशरथले तिम्रो सामुन्नेमा जो प्रतिज्ञा गरेका छन्, त्यसको त्याग उनी कदापि गर्नेछैनन्, तिमीले नभनीकन रामलाई वनमा पठाउने प्रतिज्ञा उनी बदल्न सक्तैनन् ।।३१।। हे देवी ! जेठा, दाता, काम गर्नामा निपुण, आफ्नो धर्म तथा प्रजाको रक्षा गर्ने, बलिया रामको अभिषेक हुन देऊ ।।३२।। हे रानी ! बाबुलाई छाडेर राम वनमा गएभने यस लोकमा तिम्रो ठूलो निन्दा फैलिनेछ ।।३३।। राम आफ्नो राज्य पाऊन् र तिम्रो सन्ताप पनि भागोस्, रामको सिवाय अरू कोही पनि यस शहरमा बसेर राजा हुन सक्तैन ।।३४।। राम युवराज भएपछि महाधनुर्धारी राजा दशरथ पहिलेका राजाहरूले बाँधेको थितिबमोजिम स्वयं वनमा जानेछन्।।३५।।

यस प्रकारसँग राजाको सभामा सुमन्त्रले हात जोरेर तीखा तथा कोमल वचनले कैकेयीलाई जंग्याए, तर कैकेयी आफ्नो कुरामा डेग पनि चलिनन्, अलिकता पनि दुःख मानिनन्, उनको मुखको रंग अलिकता पनि बदलिएको देखिएन ।।३६-३७।।

सर्ग—३६

दशरथ कैकेयी संवाद । सिद्धार्थको कैकेयीलाई उपदेश ।

सुमन्त्रको कुराले समेत कैकेयीमा केही प्रभाव नपरेको देख्ता आफ्ना प्रतिज्ञाले दुःखी भएका राजा आँसु बगाउँदै, लामो लामो सास फेर्दै फेरि सुमन्त्रलाई भन्नलागे ।।१।। हे सारथि ! रत्नहरूले पूर्ण भएको चतुरङ्गिणी सेना रामचन्द्रको साथमा जानालाई तयार पार ।।२।। कुरा गर्नामा चतुरा वेश्याहरू, बडा बडा धनी व्यापारी बनियाँहरू आफ्नो बिक्रीको चीजबीज फिजाएर राजकुमारको सेनाको शोभा बढाऊन् ।।३।। रामका जो नोकर-चाकर छन् र जसको पराक्रमले उनी प्रसन्न छन् तिनीहरू-लाई समेत धेरै धन दिएर यिनको साथमा जानू भन ।।४।। मुख्य मुख्य हतियारहरू, नगरवा-सीहरू, अन्न ओसार्ने गाडा तथा जंगलका जानिफकार शिकारीहरू यिनको साथमा जाऊन् ।।५।। वनमा गएर यिनी उहाँ मृगहरूको तथा हात्तीहरूको शिकार गर्नेछन्, मधुपान गर्नाले तथा खोला नालाको दृश्य हेर्नाले यिनलाई राज्यको स्मरण नहोला ।।६।। अन्न र धनको जो मेरो भण्डार छ त्यो पनि वनमा बस्ने रामका साथमा जाओस् ।।७।। तीर्थस्थानमा पूजा गर्नाले, ब्राह्मणहरूलाई दक्षिणा दिनाले र ऋषिहरूको संगतले यिनी सुखपूर्वक वनमा बस्नेछन् ।।८।। महाबाहु भरत यहाँ शून्य अयोध्याको पालन गर्नेछन्, तिमीहरू सबै आवश्यक चीजबीज साथमा लगाएर रामलाई बिदा गर ।।९।।

राजाको मुखबाट यस्तो कुरा निस्कनासाथ कैकेयी डराइन्, उनको ओठ मुख सुक्यो र वाक्य पनि बन्द भयो ॥१०॥ खिन्न भएकी, डराएकी, ओठ मुख सुकेकी कैकैयी राजाको सामुमा फेरि भन्न-लागिन् ॥११॥ सार झिकेको स्वादै नभएको मदिरासमानको धन जन नभएको यो शून्य राज्य भरतले लिंदैनन् ॥१२॥

ठूला ठूला आँखा भएकी कैकेयीले जब लाज नमानेर यस्तो कठोर वचन भनिथिन् अनि ता राजाले पनि भन्नलागे ॥१३॥ हे दुष्टे ! मेरी शत्रु ! ममाथि रामलाई वन पठाउने र भरतलाई राज्य दिने वरको भारी बोकाएर पुगेन र अझ पनि मलाई सताइरहेकी छस् ? रामको साथमा धन, फौज नपठाउने यो तेरो इच्छा अन्याय हो, वरदानको समयमा रामलाई एकलै पठाउने कुरा तैंले गरेकी थिइनस् ॥१४॥

राजाले रिसाएर भनेको यो कुरा सुन्दा कैकेयी पहिलेभन्दा दोब्बर रिसाइन् र उनलाई भन्न-लागिन् ॥१५॥ तिम्रै वंशमा राजा सगरले आफ्ना छोरा असमंजसलाई एकलै निकालिदिएका थिए, राम पनि त्यसै गरी वनमा जाऊन् ॥१६॥ कैकेयीले यसो भन्दाखेरि राजाले उनलाई धिक्कार गरे, उहाँ बसेका सबै लज्जित भए, तर असमंजस र रामको तुलना गर्दा मैले के मुर्ख्याइँ गरें भन्ने कुरा कैकेयीले बुझिनन् ॥१७॥

त्यहाँ एउटा बूढा, बडो पवित्र आचरण भएका सिद्धार्थ नाम गरेका मन्त्रीले कैकेयीलाई उपदेश दिनलागे ॥१८॥ हे देवी ! असमंजस ता बाटोमा खेलिरहेका बालकलाई समाती सरयूमा फ्यांकि-दिन्थ्यो र यस कामले त्यो मूर्ख प्रसन्न हुन्थ्यो ॥१९॥ यो देखेर नगरवासीहरू बहुतै क्रुद्ध भई राजालाई भन्नलागे, महाराज ! कि ता तपाईं एकलो असमंजसलाई शहरमा राख्नुहोस् कि ता हामी सबै-लाई ॥२०॥ राजाले के कारणले तिमीहरूलाई यस्तो डर भएको हो भनेर सोधे । राजाले सोधेपछि प्रजाहरूले पनि भने ॥२१॥ हाम्रा साना साना अज्ञान बालकलाई समातेर यिनी सरयूमा फ्याँकि-दिन्छन् र मूर्खताले गर्दा यस काममा बडो आनन्द मान्दछन् ॥२२॥ प्रजाको यो कुरा सुनेपछि उनी-हरूको कल्याणका लागि राजाले त्यो कुभलो गर्ने छोरालाई त्याग गरिदिए ॥२३॥ यसलाई जिन्दगानी-भरीका लागि निकालिदिनू भन्ने आज्ञा दिएर स्वास्नी तथा वनमा चाहिने सामग्री साथमा लगाई रथमा चढाएर धपाइदिए ॥२४॥ यस प्रकारले त्यो पापबुद्धि असमंजस कोदाळी र डालो लिई चारैतिर घुम्दै घुम्दै पहाड र गुफामा रहन लाग्यो ॥२५॥ यति कारणले धर्मात्मा राजा सगरले असमंजसलाई त्याग गर्नुपरेको थियो, रामले ता वनमा निकालिनुपर्ने के पाप गरेका छन् ? ॥२६॥ हामी ता राममा कुनै दुर्गुण देख्तैनौं, जस्तो चन्द्रमामा कुनै कलङ्क छैन त्यस्तै यिनमा पनि कुनै दोष छैन ॥२७॥ हे देवी ! तिम्रो दृष्टिमा रामको कुनै दोष छभने भन अनि पो हामीले रामलाई वनवास पठाउन सुहाउला ॥२८॥ जो पापी छैन, जो धर्मको बाटोमा हिंडिरहेको छ त्यस्तालाई त्याग गर्नाले इन्द्रको लक्ष्मीसमेत नष्ट भएर जान्छिन्, कारण यो धर्मविरुद्ध काम हो ॥२९॥ हे देवी ! तिमीले व्यर्थमा रामको

अभिषेक किन रोकिराखेकी ? संसारमा हुने निन्दाबाट पनि ता तिमीले आफ्नो बचाउ गर्नुपर्दछ ॥३०॥

सिद्धार्थको कुरा सुनेर बडो मधुरो स्वरले तथा शोकले व्याकुल भई राजाले कैकेयीलाई भने ॥३१॥ हे पापिनी ! तैंले सिद्धार्थको कुरा माननिसभने तँलाई निश्चय आफ्नो र मेरो भलो हुनेपट्टि ख्याल रहेनछ, तँलाई सज्जनहरूले हिंड्ने बाटोमा हिंड्ने इच्छा रहेनछ, तँलाई अधम कुत्सित काम नै निको लाग्दो रहेछ भनिठान्नेछु ॥३२॥ राज्य, सुख र धन छाडेर म रामसँगै वन जान्छु । तिमीहरू सबै जना राजा भरतको साथमा रही धेरै दिनसम्म सुखपूर्वक राज्यको भोग गर ॥३३॥

सर्ग--३७

कैकेयीले दिएका चीर-वस्त्र रामचन्द्रजी लगाउँछन् र गुरु वशिष्ठ कैकेयालाई संझाउँछन् ।

मन्त्री सिद्धार्थको कुरा सुनिसकेपछि विनय जान्ने रामचन्द्र नम्रतापूर्वक दशरथलाई भन्नलागे ॥१॥ मैले ता भोगहरूलाई छाडिसकें, वनमा पाइने चीजबीजले जीवननिर्वाह गर्न आँटेको छु, तसर्थ हे राजन् ! सबै अभिलाषा त्याग गरिसकेको मेरो साथमा फौज इत्यादि पठाउनाको के आवश्यक छ ॥२॥ जसले हात्ती नै दिइसकेको छ, त्यस्ता मानिसलाई हात्तीको पेटमा बाँध्ने डोरी आफूसँग राख्नामा के फाइदा होला ? ॥३॥ अतएव सज्जनहरूमा श्रेष्ठ हे राजन् ! अब मलाई फौजसित केही मतलब छैन, मैले सबै कुरा भरतलाई दिइसकें । मेरो निम्ति तपाईंहरू चीर (वल्कल-वस्त्र) ल्याउन लगाइदिनुहोस् ॥४॥ एउटा कोदाली, एउटा डालो गएर ल्याइदेऊ, चौद्ध वर्षसम्म वनमा बस्ने मलाई यिनै चीजको जरूरत छ ॥५॥

रामको मुखबाट यो कुरा निस्कनासाथ कैकेयीले आफैं गएर चीर लिएर आइन् र सबैको सामुन्नेमा लाज नमानेर "लौ लेऊ लगाऊ" भनेर रामलाई भनिन् ॥६॥

यसपछि पुरुषोत्तम रामचन्द्रले कैकेयीको हातबाट चीर लिएर मुनिहरूले लगाउने यो वल्कल लगाए र आफूले लगाइराखेको मसिनो पोशाक फुकालेर राखिदिए ॥७॥ लक्ष्मणले पनि त्यहीं नै बाबुको सामुन्नेमा आफ्नो राम्रो पोशाक फुकालेर मुनिहरूले लगाउने लुगा लगाए ॥८॥ सधैं रेशमी लुगा लगाउने सीता आफूले लगाउनुपर्ने वल्कल वस्त्र देखेर जाललाई देख्ता हरिणी डराएझैं डराइन् ॥९॥ शुभ लक्षणले युक्त भएकी सीता कैकेयीका हातबाट वल्कल वस्त्र लिंदा दुःखित भइन् र लाजसमेत मानिन् ॥१०॥ धर्म जान्ने र धार्मिक नियमानुसार चल्ने सीता आँखाभरी आँसु गरेर गन्धर्वराजसमान आफ्ना पतिलाई भन्नलागिन् ॥११॥ वनमा बस्ने मुनिहरू कसरी चीर लगाउँदा हुन् । यति भनेर चीर लगाउन नजानेकी सीता अनेक बाजि हड़बडाइन् ॥१२॥ एउटा चीरलाई काँधमा हाली अर्को हातैमा लिएर उभिरहिन्, सीताले चीर धारण गर्न जानेकी थिइनन्, त्यसैले उनलाई लाज भयो । बिचरी राजकुमारी कसरी लगाउन जानून् ! ॥१३॥ सीताको त्यस्तो अवस्था देखेर धर्मात्माहरूमा श्रेष्ठ रामचन्द्र त्यहीं आए

र आफैंले रेशमी पोशाकको माथिबाट चीर बेह्रिदिए ।।१४।। रामले सीतालाई वल्कल वस्त्र लगाइदिन-लागेको देख्ता दरबारका आइमाई रुनलागे ।।१५।। यी आइमाईहरू अत्यन्त खिन्न भएर तेजस्वी रामलाई भन्नलागेः—सीताको लागि वनवासको आज्ञा भएको छैन । हे राम ! पिताको आज्ञाले तिमी वन जान्छौभने जाऊ, तिमी नभएको वेलामा हामी सीतालाई नै हेरेर चित्त बुझाऔंला ।।१६-१७।। लक्ष्मण तिमीलाई सहायता गर्ने छँदै छन्, यिनैलाई लिएर वन जाऊ, तर बिचरी सीता ता तपस्विनीझैं वनमा रहन सक्तिनन् ।।१८।। यदि तिमी धर्ममा तत्पर भएकोले यहाँ बस्न चाहन्नौभने सीतालाई ता यहाँ बस्न देऊ, हे राम ! हाम्रो यति प्रार्थना त मान ।।१९।।

यिनीहरूको यस्तो कुरा सुन्दा सुन्दै रामले सीतालाई चीर लगाइदिए, कारण सीता पनि उनी झैं वन जाने भएकी थिइन् ।।२०।। सीताले चीर धारण गरेको देख्ता राजगुरु वशिष्ठको आँखामा आँसु आयो र उनी सीतालाई एकातिर लगाएर कैकेयीलाई भन्नलागे ।।२१।। हे मूर्खे, कुलकलङ्किनी कैकेयी ! तिमी ता असाध्यै बढिछौ, थिति बिगारेर काम गर्न खोज्दछ्यौ, राजालाई धोखामा पारेर यिनलाई कुबाटोमा लैजान लागेकी छौ ।।२२।। खोटो मिजाज भएकी हे कैकेयी ! सीता ता वन जाने होइनन्, राम नआएसम्म यिनी उनको सट्टामा राज्य गर्नेछन् ।।२३।। गृहस्थीका स्वास्नी उनको आत्माबराबर हुन् तसर्थ सीता पनि रामकी आत्मा हुन्, यिनैले पृथ्वीको पालन गर्नेछन् ।।२४।। सीताजी रामको साथमा वन गइन्भने हामीहरू तथा जम्मै शहर रामसँग जानेछौं ।।२५।। जहाँ सीताको साथमा राम रहनेछन् उहीं अन्तःपाल (महलको रक्षा गर्नेहरू), नोकर-चाकर आफ्ना आफ्ना स्वास्नी तथा परिवारै लिएर रामको साथमा जानेछन् । यो जम्मै राज्य र शहरका मानिस आफ्नो माल असबाब लिई जानेछन् ।।२६।। राम वनमा बस्ताखेरि भरत, शत्रुघ्न पनि चीर पहिरेर वनवासी बन्नेछन् , यिनीहरू अवश्यै दाजुको पछि लाग्नेछन् ।।२७।। सबै मानिस गएपछि शून्य भएको यस राज्यको शासन रूखहरूलाई साथमा लिएर प्रजाको कुभलो गर्ने र दुष्कर्ममा लागेकी तिमीले गर्नू ।।२८।। जहाँ राजा रामचन्द्र छैनन् त्यो राज्य नै हुन सक्तैन, जहाँ राम बस्तछन् त्यो वन नै भए पनि राज्य हुनेछ ।।२९।। भरत यदि राजा दशरथबाट जन्मेका हुन्भने पिताले नदिएको पृथ्वीको उनी कदापि शासन गर्नेछैनन् र न तिमीसँग छोराको जस्तो व्यवहार गर्नेछन् ।।३०।। तिमी पृथ्वीबाट उडेर आकाशमा गए तापनि कुलाचार जान्ने भरतले कदापि अन्याय गर्नेछैनन् ।।३१।। छोराको कल्याण गर्न खोज्ने तिमीले छोरैको कुभलो हुने काम गर्‍यौ, संसारमा कोही यस्तो मानिस होओइन जो रामको पछि नलागोस् ।।३२।। हे कैकेयी ! तिमी आजै पशु, सर्प, मृग, चरालाई रामसँग जानलागेको देख्नेछौ, अरूको ता के कुरा रूखहरूसमेत जानालाई उत्सुक भएझैं रामतिर निहुरनेछन् ।।३३।। तसर्थ हे कैकेयी ! यो चीर लिएर बुहारी सीतालाई राम्रा राम्रा लुगा गहना देऊ, हेर सीतालाई चीर लगाएको सुहाएन । यति भनेर वशिष्ठले सीतालाई चीर दिन दिएनन् ।।३४।। हे केकयराजकी छोरी ! तिमीले ता केवल रामका लागि वनवास मागेकी छौ, तसर्थ लुगा गहनाले सिंगारिएर सीता वनमा आफ्नो स्वामीको सेवा गर्न जान्छिन्भने तिमीलाई के हानि भो ?

॥३५॥ सीतालाई वन पठाउने वर तिमीले नमागेकोले उनी उत्तम सवारीमा चढी, दास-दासीलाई साथमा लिई नाना प्रकारका गहना लुगाले सिंगारिएर वन जाऊन् ॥३६॥

अत्यन्त प्रभाव भएका, ब्राह्मणमा श्रेष्ठ, राजगुरु वशिष्ठले यसो भन्दा पनि सीताले आफ्नो विचार बदलिनन् ,कारण उनी राम झैं तापसी भेषमा जान चाहन्थिन् । पति वल्कलको लुगा लगाउने आफूभने उत्तम उत्तम वस्त्र पहिरने कुरा कसरी हुन्थ्यो ॥३७॥

सर्ग—३८

कैकेयीप्रति राजाको कठोर वचन, माताको विषयमा रामचन्द्रको दशरथसितको प्रार्थना ।

आफ्नो स्वामी छँदा छँदै पनि अनाथिनीझैं सीताले चीर धारण गरेको देख्ता त्यहाँ बसेका सबै जना रुनलागे र दशरथलाई धिक्कार दिनलागे ॥१॥

यस्तो हाहाकार सुन्दा राजा दुःखित भए र तातो तातो लामो लामो सास फेर्दै रानी कैकैयीलाई भन्नलागे ॥२॥ सुकुमारी, सधैं सुखमा पालिएकी बालिका सीता वन जाने योग्य छैनन्, यो कुरा जो गुरु वशिष्ठले भने सो ठीक भने ॥३॥ यी राजकुमारीले कसको के बिगार गरेकी छन् र यिनले चीर लगाएर तपस्विनी बन्नुपर्‍यो ! यिनी चीर धारण गरेर, माग्ने जस्ती भई निश्चल भएर यहाँ मानिसको जमातको बीचमा उभिरहेकी छन् ॥४॥ राजा जनककी छोरीले चीर झिकिदिऊन्, मैले यिनले चीर लगाउनुपर्दछ भन्ने प्रतिज्ञा गरेको छैन, तसर्थ सबै सरजाम तथा रत्नहरू लिएर यिनी वन जाऊन् ॥५॥ मैले ता मर्नैको निम्ति तँसित रामलाई वनवास पठाउने दुष्टप्रतिज्ञा किरिया हालेर गरें । तैंले ता मुर्ख्याइँ गरेर यस्तो काम गर्नथालेकी छस् कि त्यो प्रतिज्ञाले बाँसको फूलले बाँसलाई नै भस्म पार्नेझैं मलाई भस्म पार्नेछ ॥६॥ हे अधम पापिनी ! रामले तेरो केही बिगार गरेको भए तापनि यस सीताले ता तेरो केही कुभलो गरेकी छैनन् ॥७॥ हरिणीका जस्ता यिनका ठूला ठूला आँखा छन्, यिनको स्वभाव नम्र र चित्त शुद्ध छ, यी विचरीले तेरो के अपकार गर्न सक्तछिन् ? ॥८॥ हे पापिनी ! रामलाई वनवास दिनु नै तेरो नरक-वासको लागि यथेष्ट छ, फेरि यो दुष्ट काम गरेर तेरो कस्तो कस्तो दशा हुने हो ॥९॥ अभिषेकको निम्ति जब राम मकहाँ आएथे त्यस बखतमा तैंले केवल यिनलाई वन पठाउने कुरा भनिस्, मैले पनि तेरो कुरा मानेर प्रतिज्ञा गरें, अब त्यो प्रतिज्ञाको कुरालाई समेत नाघेर तँ सीताले चीर लगाएको हेर्न खोज्दछेस्, तँ कुन्नि कुन नरकमा जानेहोस् ॥१०-११॥

वन जान तैयार भएका रामले यस्तो भनिरहेका र टाउको निहुराइराखेका पितालाई भन्नलागे ॥१२॥ हे धर्मात्मा महाराज ! यशस्विनी मेरी आमा कौशल्या बूढी भएकी छन्, यिनको स्वभाव उत्तम छ, यिनी कहिले पनि तपाईंको निन्दा गर्दिनन्, म नहुनाले यिनलाई बडो ताप पर्नेछ, यस्तो ताप यिनलाई अहिलेसम्म कहिले पनि परेको छैन तसर्थ तपाईंद्वारा यिनको आदर हुँदै रहोस् ॥१३-१४॥ हे

इन्द्रजस्ता महाराज ! छोराको माया गर्ने मेरी आमालाई यस किसिमले राख्नुहोला कि म वनमा भएको बेलामा शोकले दुब्लाएकी यिनको कतै मृत्यु नभइहालोस् ॥१५॥

सर्ग—३९

कौशल्याको सीतालाई उपदेश ।

रामको कुरा सुन्दा तथा यिनलाई स्त्रीसहित मुनिभेषमा देख्ता राजा बेहोश भए ॥१॥ दुःखले व्याकुल भएका राजाले न यिनलाई हेर्न सके र न हेरीकन क्यै भन्नै सके ॥२॥ दुःखमा परेका राजा केही बेर बेहोश भए अनि रामसम्बन्धी कुराको विचार गर्दै विलाप गर्नलागे ॥३॥ मलाई लाग्दछ मैले पहिले अनेक गाईलाई बाच्छाहरूदेखि अलग गराएको र अनेक प्राणीको वध गरेको रहेछु जसको फल आज मेरो सामुन्ने आइराखेको छ ॥४॥ बेला नआइपुगीकन कुनै प्राणीको मृत्यु हुँदैन, यसैले कैकेयी द्वारा यस्तो कष्ट पाउँदा पनि म नमरेको हुँला ॥५॥ मसिनो पोशाक छाडेर तपस्वीको लुगा लगाएका, अग्निसमान तेजिला छोरालाई आफ्नो अगाडि देखिरहेको छु तापनि म मर्न सक्तिनँ ॥६॥ केवल एउटी कैकेयीले गर्दा यतिका मानिसलाई दुःख भइरहेको छ, यो आफ्नो स्वार्थ सिद्धिको लागि यत्न गरिरहेकी छ र दुष्ट मार्गमा चल्न तत्पर भएकी छ ॥७॥ यति भन्दा भन्दै दशरथका आँखा आँसुले भरिए, एक चोटि "राम" भने, अनि फेरि उनी बोल्नै सकेनन् ॥८॥

एक्कै छिनमा होश आएपछि आँखाभरि आँसु गरेर उनले सुमन्त्रलाई भने ॥९॥ उत्तम घोडा जोतेर औपवाह्य रथ (सवारीलाई सुहाउने, युद्धमा लैजाने किसिमको होइन) तिमी लिएर आऊ र त्यसमा भाग्यशाली रामलाई चढाएर शहरबाहिर पुऱ्याइदेऊ ॥१०॥ शास्त्रहरूमा गुणवान्हरूको गुणको फल छोराले आमा बाबुको आज्ञा मान्नु हो भनेर लेखिएको छ त्यसैले यी वीर सज्जन राम आज बाबु-आमाद्वारा वनमा निकालिन लागेका छन् ॥११॥ राजाको आज्ञा पाउनासाथ झटपट काम गर्ने सुमन्त्रले घोडा जोतेर त्यहाँ रथ लिएर आए ॥१२॥ सुनले सिंगारिएको र उत्तम घोडा जोतिएको रथ लिएर आएपछि उनले हात जोडी राजपुत्र रामचन्द्रलाई रथ तैयार छ भनी निवेदन गरे ॥१३॥ सबै प्रकारले पवित्र र देश तथा कालका ज्ञाता राजाले खजाञ्चीलाई बोलाएर भने ॥१४॥ जति वर्ष वनमा बस्नुपर्दछ त्यति वर्ष गनेर उत्तम गहना र लुगा सीताको निम्ति लिएर आऊ अर्थात् चौद्ध वर्षसम्म लगाउन पुग्ने गरी लुगा गहना लिएर आऊ ॥१५॥ राजाको आज्ञा पाउनासाथ खजाञ्ची ढुकुटीमा गए र चाँडै नै सबै थोक ल्याएर सीतालाई दिए ॥१६॥ उत्तम कुलमा जन्मेकी सीता, यी चित्र विचित्रका गहना र लुगाले आफ्नो सुन्दर शरीरलाई सिंगारी वन जान तैयार भइन् ॥१७॥ जसरी उदय हुन लागेका सूर्यको तेजले आकाश शोभायमान हुन्छ ठीक त्यसै गरी गहना लुगाले सिंगारिएकी सीताले त्यस घरलाई नै राम्रो तुल्याइदिइन् ॥१८॥

उत्तम आचरण भएकी सीतालाई दुवै हातले अँगालो हाली माथ सुँघेर सासू भन्नलागिन् ॥१९॥

पतिद्वारा सब किसिमको आदर पाउँदा पाउँदै पनि जो स्त्री गरीबी अवस्थामा पतिको सेवा गर्दैनन् त्यस्ता स्त्रीलाई संसारमा असती भन्दछन् ॥२०॥ त्यस्ता स्त्रीहरूको स्वभावै यस्तो हुन्छ कि लोग्नेको उन्नत अवस्थामा सबै प्रकारका सुख भोग गर्दछन् र पतिलाई अलिकता पनि आपत्ति पर्‍यो कि उसलाई अनेक दोष लगाउन थाल्दछन् र छाडीसमेत दिन्छन् ॥२१॥ यस्ता आइमाई प्रायः झूटो बोल्ने, विकारले भरिएका, मनमा दया नभएका, मनको कुरा थाहा नपाइने, मनमा अनेक पाप भएका र एक्कै छिनमा रिसाउने हुन्छन् ॥२२॥ यिनीहरू आफ्नो कुल, कसैले गरेको उपकार, उपदेश, गहना इत्यादिको केही ख्याल राख्तैनन्, यिनीहरूको चित्त पनि बडो चञ्चल हुन्छ ॥२३॥ जो स्त्री सती छन् तिनीहरू असल स्वभावका, साँचो बोल्ने, ठूलाले गरेको उपदेश मान्ने र कुलमा चलेको रीति-थितिमा हिंड्ने हुन्छन्, यिनीहरूका लागि पति परम पवित्र र सर्वश्रेष्ठ हुन्छन् ॥२४॥ आज मेरा छोराको निकाला भएको छ, तिमीले उसलाई हेला नगर्नू, धनी भए पनि गरीब भए पनि तिम्रा लागि उ देवतै हो ॥२५॥

सासूको यस्तो धर्मयुक्त कुरा सुन्दा, सीता हात जोडी उनको सामुन्ने उभिएर भन्नलागिन् ॥२६॥ तपाईंले मलाई जो उपदेश दिनुभएको छ सो सब म गर्नेछु, पतिको साथमा कस्तो व्यवहार गर्नुपर्दछ त्यो मलाई थाहा छ, यस विषयमा मैले उपदेश पाइसकेकी छु ॥२७॥ हे आर्ये ! तपाईंले असती स्त्रीहरूको साथमा मेरो तुलना गर्नु उचित छैन, चन्द्रमाको किरण जसरी चन्द्रमालाई छाडेर अन्यत्र जान सक्तैन, म पनि त्यसै गरी पतिव्रता धर्मदेखि विचलित हुन सक्तिनँ ॥२८॥ विनातारको वीणा, पांग्रा नभएको रथ जसरी बेकम्मा हुन्छन्, त्यसै गरी सय छोरा भए तापनि विनालोग्नेकी स्त्रीलाई सुख हुन सक्तैन ॥२९॥ बाबु, दाजु-भाइ, छोरा यी सबै अलि अलि मात्र सुख दिने हुन् तर पतिबाट जो सुख पाइन्छ त्यसको ता यति उति भनेर गणनै हुन सक्तैन, तसर्थ पतिको सेवा नगर्ने को स्त्री होली ? ॥३०॥ मैले आफूभन्दा ठूलाबाट उत्तम र अधम स्त्रीको विषयमा सबै सुनिसकेकी छु; लोग्ने ता स्वास्नीका देवतै हुन्, म किन उनको अनादर गर्थें ॥३१॥

सीताका यस्ता मनमा गड्ने किसिमका कुरा सुन्दा शुद्ध हृदय भएकी कौशल्याका आँखाबाट अकस्मात् हर्ष र विस्मातका आँसु बग्नथाले ॥३२॥

माताहरूमा सर्वश्रेष्ठ माता कौशल्यातिर हेरेर परम धर्मात्मा रामचन्द्र हात जोडेर भन्नलागे ॥३३॥ पिताले गर्दा मेरो वनवास भएको हो भन्ने कुरा संझेर मनमा दुःख मानी पितालाई नहेर्नुहोला, वनवासको अवधि ता चाँडै नै पूरा हुनेछ ॥३४॥ यी चौद्ध वर्ष ता तपाईंको सुत्ता सुत्तैमा बित्नेछन्, सुतेर उठ्ताखेरि झैं तपाईंले एक दिन म आफ्ना मित्रहरूसहित आइपुगें भन्ने सुन्नुहुनेछ ॥३५॥ आफ्नी आमालाई यसरी यथार्थ कुरा भनिसकेपछि आफ्ना अरू साढे तीन सय आमाहरूतिर फर्की उनीहरूलाई भन्नलागे ॥३६॥ दशरथका छोरा रामचन्द्रले हात जोडी ती आमाहरूलाई यो धर्मयुक्त कुरा भन्नलागे ॥३७॥ सधैं सँगै बस्ने हुनाले मैले तपाईंहरूलाई केही कठोर वचन भनेको भए अथवा नजानेर कुनै अनुचित व्यवहार गरेको भए तपाईंहरूलाई विन्ति गरेर भन्दछु कि सो मेरो अपराध क्षमा गर्नुहोला ॥३८॥

रामको यस्तो धर्मयुक्त तथा मीठो कुरा सुन्दा ती सबै रानीहरू मनमा दुःखले आकुल व्याकुल भए ॥३९॥ रामचन्द्रले यस्तो कुरा भन्दाखेरि राजा दशरथका ती रानीहरू कल्याङकुरुङ चराको आवाजझैं बडो दया उत्पन्न हुने किसिमको स्वरले रुनलागे ॥४०॥ राजा दशरथको जुन घरमा पहिले मेघको शब्दझैं मृदङ्ग, ढोलक आदि गरिएका बाजाको शब्द हुन्थ्यो त्यहीं आज विलाप गर्नलागेको र रुनलागेको आवाज सुनियो, सोही घर आज अनेक कारणले यिनलाई आकुल व्याकुल पार्ने भयो ॥४१॥

सर्ग--४०

रामको वनयात्रा ।

यसपछि पिता माताको दुःखले दुःखी भएका राम, सीता र लक्ष्मणले हात जोडी राजालाई ढोग दिएर यिनको प्रदक्षिणा गरे ॥१॥ शोकले व्याकुल भएका धर्म जान्ने रामले राजाबाट बिदा लिई सीतालाई साथमा लिएर आमालाई ढोग दिए ॥२॥ रामचन्द्रपछि लक्ष्मणले कौशल्यालाई ढोग दिए र अनि आफ्नी आमा सुमित्राको पाउमा पनि ढोग गरे ॥३॥

ढोग गर्न लागेका महाबाहु लक्ष्मणलाई उनको भलो चिताउने आमाले रुँदै टाउको सुँघेर भन्न लागिन् ॥४॥ हे छोरा ! तिमी सज्जनहरूका प्यारा छौ तापनि तिम्रा दाजु वन जान लागेका हुनाले तिमीले उनको साथमा जानु उचित छ, उनको सेवामा कुनै प्रकारको हेलचेक्र्याइँ नगरे ॥५॥ दुःखमा परुन् वा सुखमा, जुन अवस्थामा पनि यिनै तिम्रा आधार हुन्, आफूभन्दा जेठाको वशमा रहनु नै संसारमा सज्जनको धर्म संझिन्छ ॥६॥ दान दिनु, यज्ञ गर्नु र संग्राममा शरीर त्याग गर्नु यो इक्ष्वाकुकुलमा परम्परादेखि चलिआएको थिति हो ॥७॥ रामचन्द्रका प्यारा र वन जान भनी तैयार भएका लक्ष्मणलाई सुमित्राले वारंवार "जाऊ जाऊ" भनिन् ॥८॥ रामलाई महाराज दशरथको तुल्य, सीतालाई मसमान र वनलाई अयोध्या नै संझनू , हे छोरा ! अब तिमी सुखपूर्वक जाऊ ॥९॥

मातलि जसरी इन्द्रसित बोल्दछन् त्यसै गरी नम्र स्वभावका सुमन्त्रले हात जोडीकन विनयपूर्वक रामचन्द्रलाई भन्नलागे ॥१०॥ हे यशस्वी राजपुत्र ! रथमा चढ्नुहोस् जहाँ तपाईं आज्ञा गर्नुहुन्छ त्यहीं म झट्ट पुऱ्याइदिन्छु ॥११॥ देवी कैकेयीको प्रेरणाले तपाईंले चौध्र वर्ष वनमा बस्नुपरेको छ, सो वनवासको दिन आजैदेखि शुरू हुन्छ ॥१२॥

सूर्य जस्तो चहकिलो त्यस रथमा आफूलाई सिंगारेर कुलवती सीता मनमा प्रसन्न भई चढिन् ॥१३॥ पतिको साथमा जानलागेकी सीतालाई वनवासका दिन गनेर ससुराले लुगा र गहना दिएका थिए ॥१४॥ राम र लक्ष्मणका लागि अस्त्र, शस्त्र, कवच, छालाले मोरेको पेटी, कोदाली रथमा राखियो ॥१५॥ मालताल राखिसकेपछि सुनै सुनले मोरेको, आगोसमानको चहकिलो त्यस रथमा राम र लक्ष्मण दुवै भाइ चढे ॥१६॥

सीतालगायत तीनै जनालाई रथमा बसेको देखेपछि सुमन्त्रले राम्ररी सधिएका र हावासमान छिटो जाने घोडाहरूलाई चलाए ।।१७।। धेरै दिनसम्म वनमा बस्नाको निम्ति रामचन्द्रलाई गएको देख्ता शहरै जम्मै मूर्च्छा पऱ्यो र फौजका हात्ती इत्यादि पशुहरूसमेत मूर्च्छित भए ।। १८।। नगरवासी आकुल परेर हडबडाउन लागे, हात्ती बौलाहा जस्ता भए, घोडाहरू हिह्निन थाले, यस प्रकार शहरै जम्मै शव्दायमान भयो ।।१९।। गर्मीले सताइएको मानिस पानीतिर दगुरेझैं केटा-केटी, बूढा इत्यादि नगरका सबै मानिस दुःखले व्याकुल भई रामको पछि लागे ।।२०।।

त्यस समयमा कोही रथको अगल-बगलबाट, कोही पछाडितिर झुण्डिएर आँखाभरि आँसु गरी रामलाई एक टकसित हेरीरहे र कराएर सुमन्त्रलाई भन्नलागे ।।२१।। हे सारथि ! घोडाको रास तानेर बिस्तारै बिस्तारै रथ चलाऊ, हामीलाई रामको मुख हेर्न देऊ, किनकि अब ता यिनको दर्शन पाउन हामीलाई दुर्लभै हुनेछ ।।२२।। रामकी आमाको छाती साँच्चिकै फलामको रहेछ, यसैले ता देव जस्ता आफ्ना छोरालाई वन जानलागेको देख्ता पनि नफुटेको होला ।।२३।। मेरुपर्वतलाई सूर्यको प्रकाशले नछाडेझैं सीताले रामलाई छाडिनन्, धर्ममा तत्पर भएकी यिनी छाया झैं आफ्ना पतिसँग लागेकी हुनाले यिनका सबै इच्छा पूर्ण भए ।।२४।। हे लक्ष्मण ! तिम्रो अभिलाषा पनि पूर्ण भयो, कारण तिमीले सदा प्रिय बोल्ने, देवता जस्ता दाजुको सेवा गर्न पायौ ।।२५।। रामचन्द्रसँग जाने तिम्रो विचार प्रशंसनीय हो, जुन मार्गको तिमीले अवलम्बन गरेका छौ वास्तवमा त्यसैबाट तिम्रो उन्नति र मोक्षको प्राप्तिसमेत हुनेछ ।।२६।।

यस प्रकारसँग कुरा गरिरहेका र रामको रथपछिपछि दगुरिरहेका मानिसहरूले अशुभ होला भनेर सकेसम्म आँसु थामेका हुन् तर केही गरेर पनि थाम्न सकेनन् ।।२७।। यता दुःखमा परेका राजा दुःखिनी रानीहरूलाई साथमा लिई म आफ्ना प्यारा छोरा गएको हेर्दछु भन्दै घरबाट बाहिर आए।।२८।। बगालको नाइके हात्ती पक्राउ पर्दाखेरि अरू हतिनीहरू दिक्क भएर कराएझैं राजाको सामुन्नेमा रानीहरूले रोएको ठूलो आवाज सुनियो ।।२९।। पूर्णिमाको परिपूर्ण चन्द्रमा राहुग्रस्त हुँदा जस्तो खिन्न भएको देखिन्छ त्यसै गरी यस समयमा महाराज दशरथ शोकका मूर्त्ति नै हुन् कि जस्ता भएका थिए ।।३०।।

मनमा भएको कुरा थाहा नदिने किसिमका दशरथका छोरा रामले सारथिलाई चाँडै रथ हिंडाउने आज्ञा दिए ।।३१।। राम सारथिलाई रथ हिंडाउन भन्दथे उता दुनियाँ थाम्न भन्दथ्यो, दुवै काम एकै चोटि पूरा गर्न सुमन्त्रलाई कठिन पऱ्यो ।।३२।। महाबाहु रामचन्द्र जाँदाखेरि दुनियाँहरूको आँखाबाट निस्केको आँसुले सडकको धूलोलाई नै बसालिदियो ।।३३।। राम जानाले त्यो शहर बडो दुःखी भयो, सबै जना दिक्क भए, रुनलागे, हाहाकार गर्नथाले र बेहोश जस्ता पनि भए ।।३४।। माछाहरूले यताउति गर्दा हल्लेको कमलबाट पानीको थोपा झरेझैं दुःखले व्याकुल भएका रानीहरूका आँखाबाट आँसु बग्न थाल्यो ।।३५।। जब राजा दशरथले शहरै जम्मैलाई एकैनासको दुःखले दुःखी भएको देखेथे तब ता उनी काटेको रूखझैं भूइँमा ढलिहाले ।।३६।। राजा दशरथलाई यस प्रकारसँग

विह्वल भएको देख्ता रामको रथपछि हिंड्ने मानिसले ठूलो हाहाकार गरे ।।३७।। अन्तःपुरका सबै रानी-हरूको साथसाथै राजालाई यस्तो व्याकुल परेको देख्ता कोही हा राम ! कोही हा कौशल्ये ! भन्दै विलाप गर्नलागे ।।३८।।

रामले दुःखले खिन्न भएका, चित्त थाम्न नसक्ता बौलाहा जस्ता भएका आफ्ना आमाबाबुलाई बाटोमा पछिपछि आइरहेको देखे ।।३९।। जंजीरले बाँधिएको घोडीको बच्चा जसरी आफ्नो आमालाई हेर्न पाउँदैन त्यसै गरी रामले पनि आफू धर्मको पाशोले बाँधिएको हुनाले बाबु-आमाको त्यस्तो अवस्था देख्ता देख्तै पनि त्यताबाट आफ्नो दृष्टि फर्काए ।।४०।। सधैं सवारीमा चढ्ने र सुख भोग गर्ने आफ्ना आमा-बाबुलाई पैदल आइरहेका र दुःखमा परेको देखेर रामले सारथिलाई रथ चाँडो बढाउने आज्ञा दिए ।।४१।। अंकुशीले हिर्काइएको हात्ती जसरी पछाडि फर्केर हेर्न सक्तैन त्यसै गरी रामले पनि बाबु आमाको दुःखदायक अवस्था फर्केर हेर्न सकेनन् ।।४२।। घरमा बाच्छो बाँधिएको हुनाले जसरी गाई दगुर्दै आउँछिन् त्यसै गरी कौशल्या पनि हा राम ! हा सीते ! हा लक्ष्मण ! भनेर विलाप गर्दै र रुँदै रामको रथपछिपछि दगुर्दै आइन् ।।४३-४४।। राम, लक्ष्मण र सीताको लागि यिनका आँखाबाट आँसु निस्किरहेको थियो । रथको यताउति ढुनमुनिंदै आइरहेकी आमालाई रामले कईएकचोटि हेरे ।।४५।। यता राजा "थाम थाम" भन्ने उता राम "चलाऊ चलाऊ" भन्ने हुनाले सुमन्त्र दुई पांग्राको बीचमा परेको मानिसको जस्तो अवस्थामा परे ।।४६।।

रामले भने :—यस दुःखलाई अझ लम्ब्याउनु ता उचित छैन, तसर्थ तिमी रथ चलाऊ, राजाले मेरो आज्ञा किन नमानेको भनेर हप्काएभने रथको आवाजले गर्दा हजूरले भनेको सुन्दै सुनिनँ भनी जवाफ दिनू ।।४७।।

रामको वचन मानेर सुमन्त्रले पुरवासीहरू फर्कुन् भनेर हिंडिरहेका घोडालाई झन् छिटो छिटो दगुराए ।।४८।। रामको प्रदक्षिणा गरेर राजकर्मचारीहरू फर्कन ता फर्के, तर न उनीहरूको मन फर्क्यो न आँसु नै थामियो ।।४९।।

मन्त्रीहरूले राजा दशरथलाई भने, जो मानिस चाँडै फर्केर आओस् भनिन्छ त्यसलाई टाढासम्म पुऱ्याउन जान हुँदैन ।।५०।। सबै गुणले युक्त भएका शरीरबाट पसीना निस्किरहेका, अत्यन्त दुःखमा परेर खिन्न भएका राजाले मन्त्रीहरूको यो कुरा सुनेर छोरालाई हेर्दै कौशल्यालाई साथमा लिई त्यहीं बसे ।।५१।।

सर्ग—४१

अयोध्यावासीहरूको दुःख र विलापको वर्णन ।

हात जोरेर आमा बाबुसित बिदा भई रामचन्द्र दरबारबाट निस्केपछि अन्तःपुरका सबै रानीहरूले ठूलो हाहाकारको शब्द निकाले ।।१।। अनाथ, निर्धो मानिसको र तपस्वीहरूको आधार तथा शरण

भएका ती हाम्रा मालिक कहाँ जानलागेका हुन् ? ॥२॥ झूटो निन्दा सुन्दा पनि नरिसाउने, अर्को रिसाउने गरी काम नगर्ने, रिसाएकोलाई खुशी गराउने, अर्काको दुःख देखेर दुःखी हुने यस्ता राम कहाँ जानलागेका हुन् ? ॥३॥ आफ्नी आमा कौशल्यासित जस्तो व्यवहार गर्दथे उस्तै हामीसित पनि गर्दथे, यस्ता महात्मा कहाँ जानलागेका हुन् ? ॥४॥ कैकेयीद्वारा सताइएका राजाले उनलाई वनमा पठाइदिए । हाम्रो अथवा समस्त जगतैका रक्षक कहाँ जानलागेका हुन् ? ॥५॥ अहो ! हाम्रा राजा निर्बुद्धि नै रहेछन्, किनकि सबैका आधारस्वरूप, धर्मात्मा, सत्यवादी रामलाई यिनी वनमा पठाउनलागेका छन् ॥६॥ यस प्रकारसँग सबै रानीहरू दुःखले पीडित भएर बाच्छो नभएकी गाईझैं रुन्थे र आफ्नो भाग्यको निन्दा गर्थे ॥७॥ राजमहलको यस्तो घोर आर्त्तनाद सुनेर पुत्रशोकले पीडित भइराखेका राजा झन् दुःखित भए ॥८॥ त्यस दिन अग्निहोत्रीले होम गरेनन्, बेटाइममा बादल आएर सूर्यलाई ढाकिदियो, हात्तीहरूले आफ्नो खानेकुरा छाडिदिए, गाईहरूले आफ्ना बाच्छालाई समेत दूध खुवाएनन् ॥९॥ त्रिशंकु (दक्षिण दिशाको एउटा नक्षत्र), मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि आदि क्रूर ग्रहले चन्द्रमालाई घेरे अर्थात् दुःखी भएर चन्द्रमानेर आई स्थिर भए ॥१०॥ नक्षत्रहरूको तेज धमिलो भयो, ग्रहहरू तेजहीन भए, यिनीहरू सबैले आफ्नो आफ्नो ठाउँ छाडे र धूवाँ जस्तै धमिलो देखिनलागे ॥११॥ रामचन्द्र वन जाँदाखेरि प्रलयकालको समान प्रचण्ड हावा चल्न लाग्यो जसले गर्दा समुद्रमा बडे बडे लहरी उठे, अयोध्या शहरै पल्टन्छ कि जस्तो गरेर थर्र काम्नथाल्यो ॥१२॥ दशै दिशा व्याकुल भई अन्धकारले ढाकियो, आकाशमा न कुनै ग्रह चम्कन्थे न कुनै नक्षत्र ॥१३॥ अकस्मात् समस्त नगरवासीहरूमा दिक्दारी फैलियो, आहार विहारपट्टि कसैको मनै गएन ॥१४॥ जति अयोध्यावासी थिए, ती सबै अत्यन्त शोक पर्नाले व्याकुल थिए, तिनीहरू लामा लामा सास फेर्दै राजा दशरथको नै निन्दा गर्नलागे ॥१५॥ सडकमा हिंड्ने सबै मानिसको मुख आँसुले भिजेको थियो, खुशी मानिरहेको मानिस ता एक पनि थिएन, सर्वत्र शोक फैलिएको थियो ॥१६॥ त्यस बखतमा न ठण्डा हावा चल्दथ्यो, न चन्द्रमा राम्रा देखिन्थे, न सूर्यको किरणमा नै तेज थियो, समस्त जगतै व्याकुल थियो ॥१७॥ छोरा-छोरीको आमा-बाबुले, स्वास्नीको लोग्नेले, भाइको दाजुले केही वास्ता नराखेर सबै केवल रामको चिन्तामा डुबिरहेका थिए ॥१८॥ रामका जो मित्र थिए ती ता शोकले यस्ता विह्वल भएका थिए कि दुःखले गर्दा यिनलाई निद्रासमेत परेन ॥१९॥ वज्र धारण गर्ने इन्द्रको वज्रले पहाडसहितको यो पृथ्वी कामेझैं रामचन्द्रजीको विरहले अयोध्या नगरी काम्नलाग्यो, जताततै भय तथा शोकले छोप्यो; घोडा हात्तीको चिच्च्याहट तथा वीर योद्धाहरूको आर्तनादले शहरै व्याप्त भयो ॥२०॥

सर्ग—४२

राजा दशरथको शोकको वर्णन ।

वन जानलागेका रामचन्द्रको रथले उडाएको धूलो जबसम्म देखिइरह्यो तबसम्म राजाले आफ्नो

दृष्टि उताबाट हटाएनन् ॥१॥ जबसम्म अत्यन्त धार्मिक, प्यारा छोराको रथको धूलो देखिइरह्यो तबसम्म राजाको शरीर पृथ्वीमाथि बढिरहेको जस्तो देखियो अर्थात् उनी उचालिएर धूलो हेरिरहेका थिए ॥२॥ जब रामको रथको धूलो देखिन छाड्यो तब ता उनी बडो दुःखी र व्याकुल भई पृथ्वीमा लडे ॥३॥

राजालाई उठाउनाको निम्ति कौशल्या उनको दाहिने हातनेर गइन् र सुन्दरी कैकेयी देब्रे हातनेर ॥४॥ नीतिनिपुण, धर्मात्मा र विनयी राजा कैकेयीलाई देख्ता बडो हडबडाएर उनलाई भन्नलागे ॥५॥

पाप गर्न तत्पर रहने हे कैकेयी ! तँ मेरा अङ्गहरूलाई नछो, म तेरो मुख हेर्न पनि चाहन्नँ, तँ न मेरी स्वास्नी होस् न तँसित मेरो क्यै सम्बन्धै छ; जो तेरा पक्षका मानिस छन् ती न मेरा हुन् न म तिनको हुँ; तैंले खालि आफ्नो स्वार्थका लागि धर्म छाडिदिइस् तसर्थ म तँलाई त्याग गर्दछु ॥६-७॥ मैले तेरो जो पाणि ग्रहण गरें र तेरा साथमा अग्निको प्रदक्षिणा गरें तिनलाई समेत यस लोक तथा परलोक दुवैमा त्याग गर्दछु ॥८॥ यो अक्षय राज्य पाएर भरत खुशी भयोभने बाबुको निम्ति त्यसले गरेको पिण्डदान मैले परलोकमा नपाऊँ ॥९॥

यसपछि शोकले आकुल भएकी कौशल्या धूलोमा मुछिएका राजालाई उठाएर घरभित्र फर्किन् ॥१०॥ ब्रह्महत्या गरेपछि तथा आगो छोएपछि मानिस जत्तिको दुःखी हुन्छ धर्मात्मा राजा दशरथ पनि रामलाई संझेर त्यत्तिकै दुःखी भए ॥११॥ रथ गएको बाटो फर्की फर्की हेरेर राजा अत्यन्त दुःखी भए, राहुग्रस्त चन्द्रमामा झैं यिनको मुखमा तेज भनेको छँदै थिएन ॥१२॥ आफ्ना प्यारा छोरालाई संझेर राजा मनमा बडो दुःखित भएर विलाप गर्नलागे, रामको रथ शहरबाहिर पुग्यो होला भनी ठानेर उनी भन्नलागे ॥१३॥ मेरो छोरालाई लिएर जाने मुख्य मुख्य घोडाका पाइलाको चिह्न ता देखिन्छ, तर उनी ता देखिन्नन् ॥१४॥ छोराहरूमा सबै भन्दा उत्तम मेरा राम चन्दनको लेप लगाएर तकियामा सिहान गरी सुत्तथे र लुगा गहनाले सिंगारिएका आइमाईहरू पंखा हम्कन्थे, आज उनी अवश्यै कुनै रूखमुनि काठ वा ढुङ्गाको तकिया बनाएर सुतेका होलान् ॥१५-१६॥ पहाडको खोलानेर बगालको नाइके हात्ती उठेझैं उनी बिहानीपख शरीरभरी धूलै धूलो भएर दुःखी अवस्थामा लामा लामा सास फेर्दै भूइँबाट उठ्नेछन् ॥१७॥ वनवासीहरू लोकनाथ महाबाहु रामचन्द्रलाई अनाथझैं हिंडिरहेको देख्नेछन् ॥१८॥ आज सबै सुख भोगेकी जनककी प्यारी छोरी सीता काँढा भएको बाटोमा हिंड्नाले पीडित भई वनभित्र पस्नेछन् ॥१९॥ बाघ आदि गरिएका पशुहरूको रोमाञ्च गराउने गर्जना सुनेर कहिले पनि वन नदेखेकी सीता निश्चय डराउनेछन् ॥२०॥ हे कैकेयी ! तिम्रो इच्छा पूर्ण होस्, विधवा भई राज्य गर, म ता पुरुषश्रेष्ठ रामविना बाँच्न सक्तिनँ ॥२१॥ यस प्रकारसँग विलाप गर्दै अनेक मानिसले घेरिराखेका राजा, आफन्त मरेको वेलामा नुहाएर आएको झैं गरी घरभित्र पसे ॥२२॥ घरबाहिरको चौतारा, घरभित्र समेत जम्मै शून्य थियो, बजार बन्द थियो, शहरका मानिस थाकेका, दुःखी र निर्धा देखिन्थे, सडकमा कतै कतै मात्र अलि अलि मानिस देखिन्थे ॥२३॥ शहरको यस्तो हालत देख्ता रामलाई संझदै तथा विलाप गर्दै राजा बादलभित्र सूर्य पसेझैं घर-

भित्र पसे ।।२४।। कुनै ठूलो तलाउबाट गरुडले साँपहरूलाई तानेर लैजाँदा जस्तो त्यो शून्य हुन्छ त्यस्तै राम, लक्ष्मण र सीता नहुनाले शून्य भइराखेको त्यस घरभित्र राजा पसे ।।२५।। राजाको घाँटी नै ख्याप्प बसेको थियो, उनी विलाप गरिरहेका थिए, बिस्तारै बिस्तारै बडो मधुरो स्वरले, अलिकता मात्र मतलब भएका शब्दमा "मलाई रामकी आमा कौशल्याको घरमा लगिदेऊ, अरू ठाउँमा मेरो हृदयले शान्ति पाउनेछैन" भन्ने कुरा यिनले बडो दुःखी भएर भने ।।२६-२७।।

राजाको यस्तो कुरा सुनेपछि ढोकेहरूले यिनलाई कौशल्याको घरमा लगेर राखिदिए ।।२८।। कौशल्याको घरमा गई पलङ्गमा सुत्ता पनि राजाको मनको पीर शान्त भएन ।।२९।। राजाले आफ्ना दुई छोरा र बुहारी नभएको त्यस घरलाई चन्द्रमा नभएको आकाश जस्तो देखे ।।३०।। घरको यस्तो अवस्था देख्ता पराक्रमी राजाले हात उचालेर चर्को स्वरले कराए :—"हा राम ! तिमी हामी दुवैलाई छाडी गयौ नि" ।।३१।। राम फर्केपछि उनलाई अँगालो हाल्न पाउने मानिसलाई नै सुखसँग बाँचेको भन्नुपर्दछ अर्थात् म ता त्यस वेलासम्म बाँच्नेछैन ।।३२।।

दशरथका लागि कालरात्रिको समान भइराखेको त्यस रातको आधा रात भएपछि यिनले कौशल्यालाई भने ।।३३।। हे कौशल्ये ! मैले तिमीलाई देखेको छैन तसर्थ मेरो हात समात, रामसँग गएको मेरो दृष्टि अझ फर्केको छैन ।।३४।।

पलङ्गमा सुतेका राजा रामलाई नै संझिरहेका र बडो गाह्रोसँग सास फेरिरहेका थिए, राजाको यस्तो अवस्था देख्ता दिक्दारीमा परेकी कौशल्या उनीनेर बसेर विलाप गर्नलागिन् ।।३५।।

सर्ग—४३

कौशल्याको विलाप ।

पुत्रशोकले व्याकुल परेकी कौशल्याले शोकले खिन्न भएका राजालाई बिछ्याउनामा लडिराखेको देखेर उनलाई भन्नलागिन् ।।१।। हे पुरुषसिंह ! रामचन्द्रमाथि विष फ्याँकेर काँचुली नभएकी सर्पिणी झैं अब कैकेयी आनन्दपूर्वक विहार गर्लिन् ।।२।। रामको वनवास गराएर आफ्नो अभिलाषा पूर्ण गरेकी कैकेयी अब दुष्ट सर्पिणीझैं मलाई घरमा दुःख दिनेछन् ।।३।। घरमा रहेर रामले शहरमा भिक्षा मागी जीविका चलाऊन् अथवा भरतको कमारो बनेर रहून् भन्ने वर मागेको भए ता भइहाल्थ्यो नि ।।४।। तर यिनले ता, अग्निहोत्रीहरूले पर्वकालमा राक्षसहरूका लागि फ्याँकेको अन्नझैं, रामलाई आफ्नो ठाउँवाट राम्रै गरी खसालेर राक्षसहरू बस्ने ठाउँमा धपाइदिइन् ।।५।। अहिले ता हात्ती हिंडे जस्तो हिंड्ने महाबाहु, धनुर्धारी वीर राम, सीता र लक्ष्मणलाई लिएर वनभित्र पसे होलान् ।।६।। कहिले पनि दुःख नदेखेकाहरूलाई तपाईंले कैकेयीको कुरामा लागेर वनमा पठाइदिनुभयो, वनवासको दुःख सहनुसिवाय यिनीहरू अरू के गर्न सक्तछन् ।।७।। यिनीहरू तरुना थिए, सुख भोग गर्ने समयमा जम्मै उत्तम चीज बीज खोसेर तपाईंले वनमा पठाइदिनुभयो, फल-मूल खाएर ती बिचराहरू कसरी निर्वाह गर्दा होलान्

।।८।। अब म आफ्नो दुःखको अन्त गर्ने कल्याणमय समय पर्खिरहन्छु, जब कि भाइ तथा स्त्रीको साथमा म रामलाई देख्न पाउँला ।।९।। राम र लक्ष्मण आए भन्ने सुनेर कहिले यो अयोध्या शहर यशले पूर्ण होला, कहिले यहाँका मानिस प्रसन्न भएका देखिएलान् र कहिले यहाँका घरघरमा ध्वजा पताका फर्फराउन थाल्लान् ।।१०।। कहिले वनबाट फर्केर आएका राम लक्ष्मणलाई देखेर, पूर्णिमाको दिन चन्द्रमालाई देख्ता समुद्र प्रसन्न भएझैं यस शहरका बासिन्दा प्रसन्न होलान् ।।११।। गाईको बथानमा साँढे अघि लागेझैं सीतालाई रथमा अघिल्तिर राखेर महाबाहु वीर राम कहिले अयोध्या शहरमा प्रवेश गर्लान् ।।१२।। शत्रुहरूको संहार पार्ने मेरा दुई छोराले शहरमा प्रवेश गर्दाखेरि हजारौं मानिसले लावाको अभिषेक गरेको दिन कहिले होला ।।१३।। राम्रा राम्रा कुण्डल लगाएका, अस्त्र शस्त्र माथि उठाइराख्ने हुनाले टाकुरासहितको पर्वतझैं देखिने मेरा दुई छोराले अयोध्यामा प्रवेश गरेको कहिले देख्न पाउँला ।।१४।। कुन दिन शहरमा पस्ताखेरि कन्या र ब्राह्मणहरूले दिएको फलफूल लिई यिनीहरू प्रसन्न भई शहरको सैर गर्लान् ।।१५।। धर्मात्मा र बुद्धिमा परिपक्व भएका मेरा तरुना छोरा, वर्षाकालमा जलको धाराले सबलाई खुशी पार्नेझैं, कहिले सबलाई खुशी पार्दै फर्कने हुन् ।।१६।। निस्सन्देह मैले पूर्वजन्ममा अधर्म बुद्धिले गर्दा बालकहरूले दूध चुस्ने समयमा आमाहरूको दूधको थैलो काटिदिएकी रहिछु, यसैले जसरी बाच्छा बाच्छीको माया गर्ने तथा सानी बाच्छी भएकी गाईलाई सिंहले बाच्छी नभएकी पारिदिन्छ त्यसै गरी हे पुरुषसिंह दशरथ ! कैकेयीद्वारा म पनि वत्सहीन (छोरा नभएकी) भएँ ।।१७-१८।। मेरा छोरा सबै गुणले युक्त छन् र सबै शास्त्र जान्दछन्, यी मेरा एक मात्र छोरा हुन्, यिनीविना म बाँच्न सक्तिनँ ।।१९।। आफ्ना प्यारा छोरा र महाबली लक्ष्मणलाई हेर्न नपाई मेरो बाँच्नाको केही आवश्यकता छैन, मलाई बचाउने कसैको शक्ति पनि छैन ।।२०।। पुत्रशोकबाट उत्पन्न भएको, ठूलो अनर्थ गर्ने आगोले मलाई ठीक त्यसै गरी पोलिरहेको छ जसरी कि ग्रीष्मकालमा सूर्य भगवान् आफ्ना किरणले यस पृथ्वीलाई पोल्नुहुन्छ ।।२१।।

सर्ग—४४

शोकमा परेको कौशल्यालाई सुमित्राले दिएको सान्त्वना ।

स्त्रीजातिमा श्रेष्ठ कौशल्यालाई यसरी विलाप गरिरहेकी देख्ता धर्ममा तत्पर रहने सुमित्राले उनलाई यस प्रकारका धर्मयुक्त कुरा भन्नलागिन् ।।१।। हे देवी ! तिम्रा छोरा असल असल गुणले युक्त भएका र मानिसमा सबभन्दा उत्तम छन्, उनको निम्तिमा यसरी विलाप गर्नाले अथवा खिन्न भई रुनाले के फाइदा छ ? ।।२।। तिम्रा छोरा राम आफ्नो पितालाई सत्यवादी बनाउनाका लागि वनमा गएका हुन्, सज्जनहरूले गर्नुपर्ने काम पनि यै हो ।।३।। धर्मात्माहरूद्वारा पालन गरिएको र परलोकमा पाइने धर्ममा लागेका रामको निम्ति शोक गर्नु उचित छैन ।।४।। पापतिर मन नदिने र सब प्राणिमाथि दया देखाउने लक्ष्मणले रामको सेवा गर्न जो मञ्जूर गरे त्यो बडो असल भयो, यसबाट महात्मा रामलाई सुख

हुनेछ ।।५।। सधैं सुखमा बसेकी सीता वनवासको दुःख जान्दा जान्दै पनि धर्मात्मा तिम्रा छोराको साथमा गइन् ।।६।। राम आफ्नो कीर्तिरूपी ध्वजा संसारमा उडाइरहेका छन् , सत्यव्रतधारी, साक्षात् धर्मस्वरूप यी तिम्रा छोराले कुन कल्याण पाएनन् ? अर्थात् यिनको जताबाट पनि भलो नै हुनेछ ।।७।। रामको पवित्रता र माहात्म्य जानेर सूर्य भगवान्‌समेत आफ्नो किरणले यिनको शरीर तताउनेछैनन् ।।८।। वनबाट निस्केका सबै कालमा मङ्गल गर्ने र सुख दिने हावाले न अति चिसो न अति तातो भएर वेला वेलामा रामको सेवा गर्नेछ ।।९।। राती सुतेको वेलामा, गर्मीलाई नाश गर्ने, शीतल पार्ने चन्द्रमाले, छोरालाई बाबुले अँगालो हालेर आनन्दमा पारेझैं, आफ्नो किरणले पापरहित रामको शरीरलाई बेह्रेर यिनलाई आनन्दित पार्नेछन् ।।१०।। तिमिध्वजका छोरा दानवराज सुबाहुलाई लडाइँमा मारेको देखेर ब्राह्मण विश्वामित्रले जुन महापराक्रमीलाई दिव्य अस्त्र दिएका थिए ती वीर पुरुषसिंह आफ्नो बाहुबलको भरमा घरमा झैं निर्भय भएर वनमा बस्नेछन् ।।११-१२।। जसको बाणको सामुन्ने पर्दा शत्रु नाश भएर जान्छन् त्यस्ताको आज्ञाको अधीन भई यो पृथ्वी किन नरहला ? ।।१३।। रामचन्द्रको सम्पत्ति, शुख्याइँ र कल्याण गर्ने बल छ, यी सबले गर्दा वनवास समाप्त हुनासाथ यिनी चाँडै नै राज्य पाउनेछन् ।।१४।। रामचन्द्र सूर्यका पनि सूर्य, अग्निका पनि अग्नि, प्रभुका पनि प्रभु, लक्ष्मीका पनि लक्ष्मी, कीर्तिका पनि कीर्ति, क्षमाका पनि क्षमा, देवताहरूका पनि देवता र प्राणीहरूमा सबभन्दा उत्तम प्राणी हुन्, यिनमा कुन गुण छैन ?, शहरमा बसून् वा वनमा, जहाँसुकै बसून् कसैले कुनै प्रकारको दोष यिनमा देख्न सक्तैन ।।१५-१६।। पृथ्वी, सीता, र लक्ष्मी यी तिनैका साथमा रामको अभिषेक चाँडै नै हुनेछ ।।१७।। अयोध्यामा जति मानिस छन् ती सबै राम वन जानलागेको देख्ता शोकले व्याकुल भई दुःखको आँसु खसालिरहेका छन् ।।१८।। कसैले पनि जित्न नसक्ने वीर राम जब कुश चीर पहिरेर वन जानलागे त्यस ससयमा लक्ष्मी जस्ती सीता पनि उनको पछि लागेर गइन्, यस्ता रामलाई कुन कुराको खाँचो हुन सक्तछ ? ।।१९।। धनुर्धारीहरूमा श्रेष्ठ लक्ष्मण आफैं बाण र तरवार लिएर जसको अघिअघि हिँड्दछन् त्यस्ता रामलाई के कुराको खाँचो हुन सक्तछ ? ।।२०।। हे देवी ! शोक र मोहलाई छाडिदेऊ, म साँची साँची भन्दछु वनवासको अवधि सिध्याएर फर्केका रामलाई तिमी अवश्यै देख्नेछ्यौ ।।२१।। हे दोषरहित कल्याणी ! आफ्ना चरणमा टाउको राखेर ढोग दिनलागेका, भर्खर उदाएका चन्द्रमा जस्ता रामलाई तिमी अवश्यै देख्नेछ्यौ ।।२२।। अयोध्यामा फर्केर आएका, अभिषेक भएकोले राजलक्ष्मीले युक्त भएका आफ्ना छोरालाई चाँडै नै देखेर तिमी आँखाबाट आनन्दका आँसु बगाउनेछ्यौ ।।२३।। यसकारण हे देवी ! तिमी शोक दुःख केही नगर, कारण रामको सम्बन्धमा कुनै अमङ्गल देखिन्न; सीता र लक्ष्मणको साथमा तिमी यिनलाई चाँडै नै देख्न पाउनेछ्यौ ।।२४।। हे पाप नभएकी देवी ! तिमीले ता यी सबैलाई संझाउनु बुझाउनुपर्दछ, फेरि किन अहिले मनमा यस्तो पीर लिएर व्याकुल भएकी ? ।।२५।। हे देवी ! राम जस्तो छोरो हुने तिमीले शोक गर्न हुन्न, राम जस्तो सन्मार्गमा हिंड्ने अरू कोही छैन ।।२६।। वर्षासम्बन्धी मेघ अर्थात् पानी पार्ने मेघबाट जसरी जलवृष्टि हुन्छ त्यसै गरी मित्रहरूको साथमा ढोग

दिनलागेका रामलाई देख्ता तिमी आनन्दको आँसु बर्साउनेछ्यौ ॥२७॥ तिम्रा छोरा चाँडै नै अयोध्यामा आउनेछन् र आफ्नो कमलो तथा मोटो हातले तिम्रा चरण छुनेछन् ॥२८॥ बादलले पानीद्वारा पर्वतलाई भिजाएझैं, अभिवादन (आफ्नो परिचय) पछि मित्रहरूको साथमा ढोग दिनलागेका आफ्ना छोरालाई देख्ता तिमी पनि यी वीर छोरालाई आनन्दको आँसुले भिजाउनेछ्यौ ॥२९॥

निर्दोष तथा बोल्न जान्ने सुमित्रा यस प्रकारसंग अनेक तरहका कुराले रामकी आमालाई संझाई बुझाईकन चूप लागिन् ॥३०॥ शरत्कालको अलिकता पानी भएको बादल जसरी बिलाएर जान्छ त्यसै गरी लक्ष्मणकी आमा सुमित्राको कुरा सुन्दा महारानी कौशल्याको सबै शोक हराएर गयो ॥३१॥

सर्ग—४५

आफ्नो पछिपछि आएका शहरवासीहरूसित रामको कुराकानी ।

अयोध्यावासीहरूको सत्यपराक्रमी, महात्मा राममा प्रेम हुनाले यिनीहरू उनको पछिपछि लागेर गए ॥१॥ सुहृद्धर्मअनुसार कुनै प्रकारले दशरथलाई फर्काए तापनि अरू शहरवासीहरूले ता उनको पछि लाग्न छाडेनन् ॥२॥ अयोध्यामा बस्ने मानिसहरूलाई महायशस्वी र सबै गुणले युक्त भएका राम पूर्णिमाको चन्द्रमा जत्तिकै प्यारा थिए ॥३॥ यी प्रजाहरूले रामलाई फर्कने प्रार्थना गरे, तर पितालाई सत्यवादी बनाउनाका लागि उनी वनै जानामा तत्पर थिए ॥४॥

आफ्ना छोराहरूलाई झैं ती प्रजाहरूलाई स्नेहपूर्ण दृष्टिले पिउन लागेको जस्तो गरी हेरेर राम भन्न-लागे ॥५॥ अयोध्यावासीहरूको जो प्रेम र आदर ममाथि छ त्योभन्दा बर्ता प्रेम र आदर, मलाई प्रसन्न राख्नाको लागि, भरतलाई देखाए ॥६॥ किनकि ती कैकेयीका छोरा बहुतै सुशील छन्, तिमीहरूले रुचाउने र तिमीहरूको भलो हुने काम उनी अवश्यै गर्नेछन् ॥७॥ उनी बालक भए तापनि बडा ज्ञानी छन्, उनको चित्त कमलो छ, पराक्रमका सबै गुण उनमा देखिन्छ, तिमीहरूको निम्ति उनी योग्य राजा छन्, उनैले तिमीहरूको सबै भय दूर गर्नेछन् ॥८॥ राजाले राजगुणले युक्त भएका उनैलाई युवराज बनाउने निश्चय गरेका छन्, मैले नै भरतलाई राजधर्मको शिक्षा दिएको हुँ, राजाको आज्ञा मान्नु तिमी-हरूका लागि सबै तरहबाट बेश छ ॥९॥ मेरो वनवासको शोकले राजालाई पीडा नहुने किसिमले, मलाई खुशी गराउन खोज्ने तिमीहरूले काम गर्नुपर्दछ ॥१०॥ जति जति राम पिताको आज्ञापालनरूपी धर्ममा तत्पर हुन्थे उति उति प्रजा उनलाई आफ्नो राजा बनाउन खोज्दथे ॥११॥ डोरीले बाँधिएका मानिसलाई झैं राम र लक्ष्मण ती दुःखी र रोइरहेका तथा गुणरूपी डोरीले बाँधिएका शहरवासीहरूलाई आफूतिर तान्दथे ॥१२॥

ज्ञान, उमेर तथा तपोबल यी तीनै गुणले गर्दा श्रेष्ठ ठहरिएका ब्राह्मणहरू, जसका मस्तक बुढ्याइँले गर्दा हल्लिरहेका थिए, टाढैबाट रामलाई भन्नलागे ॥१३॥ असल जातका ए फुर्तिला घोडाहो ! अब फर्क, अरू अगाडि नजाओ, आफ्ना मालिक रामको कल्याण गर ॥१४॥ सबै प्राणीका कान हुन्छन्,

तर घोडाको सबभन्दा बर्ता सुन्ने शक्ति हुन्छ, तिमीहरूले हाम्रो प्रार्थना सुनिहाल्यौ होला, अब फर्किहाल ।।१५।। तिमीहरूका मालिक रामचन्द्र धर्मात्मा, पवित्र मन भएका, शूर, राम्रा र आफ्नो विचारमा दृढ रहने किसिमका छन्, यसकारण तिमीहरूले यिनलाई शहरभित्र लैजानुपर्दछ, शहरबाहिर वनमा लैजान हुन्न ।।१६।।

यी वृद्ध ब्राह्मणहरूले दुःखी भएर यसरी विलाप गरिरहेको देख्ता राम झट्टै रथबाट ओर्ले ।।१७।। वन जान तत्पर भएका राम, सीता र लक्ष्मणको साथमा पैदल हिंड्नलागे र उनीहरू आफूनेर नआइ-पुगुञ्जेल खूब बिस्तारै बिस्तारै हिंडे, कारण सदाचारी र दयालु राम, पैदल हिंड्ने ती ब्राह्मणहरूलाई, रथलाई खूब छिटोसँग दगुराएर, टाढा राख्न चाहन्नथे ।।१८-१९।। रामलाई, नफर्केर वनतिर जान लागेको देख्ता यी ब्राह्मणहरू अत्यन्त हडबडाएर बडो दुःखी भईकन उनलाई भन्नलागे ।।२०।। तिमी ब्राह्मणको हित गर्ने हुनाले यो बाहुनको बथान तिम्रो पछिपछि आइरहेको छ, बाहुनको काँधमा चढेर यज्ञको सामग्री पनि तिम्रो पछि लागेर आउनलागेको छ ।।२१।। शरदृऋतुको बादल जस्ता सेता, बाजपेय यज्ञमा पाइएका हाम्रा यी छाता हेर्नुहोस्, तपाईंको पछि आइरहेका छन् ।।२२।। तपाईंसित छाता छैन तसर्थ घामले तपाईंलाई कष्ट हुँदाखेरि हामी बाजपेय यज्ञमा पाइएका यी छाताले तपाईंमाथि छाया गर्नेछौं अर्थात् हामी साथमा रहनाले तपाईंलाई सुखै हुनेछ, दुःख हुनेछैन ।।२३।। अहिलेसम्म हामीहरू वेद मन्त्रको अभ्यास गर्थ्यौं, हामी यसैमा लागेका थियौं, अब ता हामीले तपाईंको निम्ति आफ्नो मनलाई वनवासतिर लगाएका छौं अर्थात् हामी पनि तपाईंका साथ वन जान्छौं ।।२४।। वेद जो हाम्रो श्रेष्ठ धन हो त्यो ता हाम्रो हृदयमा नै छ, हाम्रा स्वास्नीहरू पतिव्रताधर्मले आफ्नो आफ्नो रक्षा गरेर घरैमा बस्नेछन् ।।२५।। हामीले तपाईंसँग वन जाने दृढ निश्चय गरेको हुनाले कसैसित यस विषयमा सल्लाह लिने आवश्यक छैन, तपाईंले नै ब्राह्मणहरूको वचन नमानेर धर्मको तिरस्कार गर्नुभयो-भने ता अरू कसले धर्मको पालना गर्ला ? ।।२६।। तपाईं धर्म्मकार्यमा अचल हुनुहुन्छ, हाँसको जस्तो-सेतो रौं भएको टाउको भूइँमा राखेर तपाईंलाई प्रार्थना गर्दछौं कि तपाईं फर्किहाल्नुहोस्, भूइँमा टेक्काले हाम्रो टाउको धूलोमा मुछिसकियो ।।२७।। यहाँ आएका धेरै बाहुनले थालेको यज्ञ छाडेर तपाईंसँग आएका छन्, ती यज्ञहरूको समाप्ति तपाईंको फर्कनामा अडिएको छ ।।२८।। चर, अचर सबै किसिमका प्राणी तपाईंमा भक्ति राख्तछन्, यिनीहरू सबै तपाईंलाई फर्कने प्रार्थना गरिरहेका छन्, यिनीहरू तपाईं-लाई प्रेम गर्दछन् तपाईं पनि यिनीहरूमाथि प्रेम देखाउनुहोस् ।।२९।। हेर्नुहोस्, यी ठूला ठूला रूखहरू भूइँमा जरो गाडिएकोले वेगहीन भई तपाईंको पछि लाग्नमा असमर्थ छन्, तर वायुको वेगले गर्दा जो शब्द भइरहेको छ त्यो ता तपाईंलाई फर्काउनाका लागि यिनीहरूले कराएको बुझ्नुपर्दछ ।।३०।। यी चराहरूले पनि घुमफिर गर्न छाडिदिए, केवल आहारको निम्ति डुल्दछन्, यिनीहरूले एउटै रूखमा बस्ने निश्चय गरेका छन्, यस्ता पक्षीहरू पनि सबै प्राणीमाथि दया गर्ने तपाईंलाई फर्कने आग्रह गरिरहेका छन् ।।३१।।

यस प्रकारसँग जब ब्राह्मणहरू रामलाई फर्कने प्रार्थना गरिरहेका थिए त्यै बखतमा रामले आफूलाई अगाडि जान रोक्ने तमसा नदीलाई देखे ॥३२॥ यसपछि सुमन्त्रले पनि थाकेका घोडालाई रथबाट खोलिदिए, पानी पियाए, पानीले पखाले, र तमसाको नजीक लगेर डुलाए ॥३३॥

सर्ग—४६

तमसा नदीको तीरमा रात्रिको विश्राम र बिहानीपख नगरवासीलाई छाडी वनतिरको प्रस्थान ।

त्यसपछि रमणीय तमसाको किनारामा पुगेर सीतापट्टि नजर दिई लक्ष्मणसँग राम भन्नलागे ॥१॥ हे लक्ष्मण ! वनवासको आज हाम्रो यो पहिलो रात हो, तिम्रो कल्याण होस्, अयोध्या शहरका लागि तिमीले उत्कण्ठित हुन हुँदैन ॥२॥ हेर, निर्जन वनमा पशु पक्षीहरू आफ्ना आफ्ना ठाउँमा लुकेर आवाज गरिरहेका छन्, हामीलाई देखेर रोइरहेका हुन् कि जस्तो लाग्दछ ॥३॥ हाम्रो पिताको राजधानी अयोध्याका लोग्ने मानिस आइमाई यता आएका हाम्रो निम्ति अवश्यै दुःखमनाउ गरिरहेका होलान् ॥४॥ किनकि अयोध्याका मानिस, राजामा अनेक गुण हुनाले उनीमाथि प्रेम गर्दछन्, हे नरश्रेष्ठ ! तिमीमा, ममा, भरत शत्रुघ्नमा पनि प्रेम राख्तछन् ॥५॥ मलाई पनि पिता र यशस्विनी माताका लागि चिन्ता लागिरहेको छ, हाम्रो लागि सधैं रोइरहनाले सम्भव छ कि यिनीहरू अन्धा भइ-जाउन् ॥६॥ तर भरत धर्मात्मा छन् तसर्थ धर्म, अर्थ र कामयुक्त वचनले माता पितालाई आश्वासन देलान् ॥७॥ भरतको शील स्वभाव वारंवार संझन्छु, यसैले हे महाबाहु ! पिता माताको उस्तो फिक्री लागेको छैन ॥८॥ हे नरश्रेष्ठ ! मेरो साथमा वनमा आउनाले तिमीले ठूलो काम गर्‍यौ नत्रभने सीताको रक्षाका लागि मैले सहायक खोज्नुपर्ने थियो ॥९॥ हे लक्ष्मण ! यहाँ वनमा नाना प्रकारका फलफूल छन् तापनि आज राती पानी मात्र पिएर रहन चाहन्छु किनकि यस किसिमसँग रहन मलाई निको लाग्दछ ॥१०॥

लक्ष्मणलाई यति भनिसकेपछि रामले सुमन्त्रलाई सावधान भई घोडाको हेर विचार गर्ने भने ॥११॥ सूर्य अस्ताएपछि सुमन्त्रले घोडा बाँधिदिए र अघिल्तिर प्रशस्त घाँस थुपारिदिई आफू अरू काममा लागे ॥१२॥

रात पर्नलागेको देखेर कल्याण गराउने सन्ध्याको उपासना सिद्ध्याई सुमन्त्रले लक्ष्मणको साथमा लागी रामको सुत्ने ठाउँ ठीक पारिदिए॥१३॥ तमसाको तीरमा रूखका पातले बनेको बिछ्याउना देखेर रामचन्द्रले सीता र लक्ष्मणका साथमा त्यसमा विश्राम गरे ॥१४॥ थाकेका रामचन्द्रलाई सीतासँग सुतिरहेको देखेर लक्ष्मणले सुमन्त्रसँग रामका अनेक गुणको वर्णन गर्नलागे ॥१५॥ तमसाको तीरमा त्यो राती लक्ष्मण र सुमन्त्र रामका गुणको वर्णन गर्दै जागा रहे, कुरा गर्दा गर्दैमा सूर्योदय भइहाल्यो ॥१६॥ तमसाको किनारामा गाईहरूको बथान थियो, यहाँदेखि अलि पर रामले आफ्नो पछि आएका

प्रजाहरूको साथमा त्यस दिन राती डेरा गरे ।।१७।।

राम बिहान सबेरै उठे र आफ्ना प्रजावर्गलाई सुतिरहेको देखेर उत्तम लक्षणले युक्त भएका लक्ष्मणलाई भन्नथाले ।।१८।। हेर, यी प्रजाहरू आफ्ना घर छाडी हाम्रो पछि लागेर आइराखेका छन् र अहिले रूखमुनि सुतिरहेका छन् ।।१९।। यी शहरवासी हामीलाई फर्काउने चेष्टा गरिरहेका छन्, प्राण दिनुपरे तापनि यिनीहरू आफ्नो निश्चयबाट डग्ने होइनन् ।।२०।। यसकारण यिनीहरू सुतेको छँदैमा हामी झटपट रथमा चढेर गइहालौं, यो बाटोमा कतै डर पनि छैन ।।२१।। यसो गर्नाले हामीमाथि प्रेम गर्ने यी अयोध्यावासीहरूले फेरि हामीसंग रूखको फेदमा सुत्नुपर्नेछैन ।।२२।। राजपुत्र हरूले शहरवासीको दुःख हटाउनुपर्दछ, उनलाई समेत आफ्नो दुःखमा गाभ्नु उचित पर्दैन ।।२३।।

यसपछि साक्षात् धर्मतुल्य रामचन्द्रलाई लक्ष्मणले भने, "हे प्राज्ञ ! मलाई पनि यै कुरा ठीक लाग्दछ, तसर्थ झट्टै रथमा चढिहाल्नुहोस्" ।।२४।। लक्ष्मणको अनुमति पाउनासाथ रामले सुमन्त्रलाई-भने, "चाँडै नै रथ तैयार पार, म यताबाट झट्टै वनतिर लाग्दछु" ।।२५।।

सारथिले हतपतसँग रथमा उत्तम घोडा जोते र रामलाई हात जोरेर रथ तैयार छ, हे रथीहरूमा श्रेष्ठ, महाबाहो ! सीता र लक्ष्मणलाई साथमा लिई यो छिटो दुगुर्ने रथमा सवारी होस् भनी विन्ति गरे ।।२६–२७।। तब आफ्ना साथीहरूलाई साथमा लिई राम रथमा चढे र भुँवरी पर्ने तथा वेगले बग्ने तमसा नदी पारे गरे ।।२८।। महाबाहु श्रीमान् रामले नदी पार गरिसकेपछि डराउने किसिमका मानिसलाई समेत डर नलाग्ने, काँढा नभएको, राम्रो बाटो फेला पारे ।।२९।। अब रामचन्द्रले अयोध्या-वासीहरूलाई बहकाउनाको लागि सारथिलाई भने, "हे सारथि ! रथमा चढेर तपाईं यसलाई उत्तरतिर लैजानुहोस् , अलि पर गएपछि फेरि रथ फर्काउनोस् , नगरवासीहरूले म कता गएँ भन्ने कुराको पत्तै नपाउने गरी सावधान भएर काम गर्नुहोस् ।।३०–३१।। रामको आज्ञा पाएर सारथिले त्यसै गरे र उनीनेर आई रथमा चढ्न निवेदन गरे ।।३२।। घोडा जोतिएको रथमा उनी राम, लक्ष्मण र सीता-लाई सँगमा लिएर चढे र तपोवनतिर जाने बाटोबाट रथ हिंडाए ।।३३।। दशरथका छोरा, महारथी रामचन्द्र रथमा बसे, सारथिले शुभ सगुनको निम्ति पहिले उत्तरतिर र अनि दक्षिणतिर रथ हिंडाए ।।३४।।

सर्ग—४७

रामलाई नदेख्ता अयोध्यावासीहरू दुःख मानेर फर्कन्छन् ।

रात बितेर बिहान भएपछि रामलाई नदेख्ता शहरवासीहरूले शोकले यस्तो विलाप गरे कि यिनी-हरू निश्चल भई मूर्च्छा पर्लान् जस्ता हुनलागे ।।१।। शोकको आँसुले भिजेका यिनीहरू यताउति हेर्न लागे तर रामचन्द्र गएको बाटोको कुनै चिन्ह पनि नदेख्ता बडो दुःखी भए ।।२।। राम नहुनाले यिनी-हरू बडो दुःखी भए , दुःखले गर्दा मुख ङ्याउरो भयो, बुद्धिमान् थिए तापनि खिन्न भई आफू आफूमा

करुणा उठ्ने कुरा भन्नलागे ।।३।।

हाम्रो निद्रालाई धिक्कार छ जसले गर्दा बेहोश भएर हामीले ठूलो छाती र घुँडासम्म हात आइ-पुग्ने रामलाई आज देख्न सकेनौं ।।४।। सधैं मर्यादा पालन गर्ने महाबाहु रामचन्द्र हामी भक्तलाई छाडेर तपस्वीभेषमा कसरी गए होलान् ? ।।५।। जसरी बाबु आफूबाट जन्मेको छोराको पालन गर्दछ त्यसै गरी राम हाम्रो पालन गर्दछन्, रघुवंशीहरूमा श्रेष्ठ राम हामीलाई छाडेर वनमा किन गए होलान् ? ।।६।। हामीहरू यहीं मर्दछौं अथवा मर्नाको निम्ति हिमालयतिर लाग्दछौं, विनारामका हामीले बाँच्नामा के फाइदा छ ? ।।७।। यहाँ सुकेका ठूला ठूला धेरै काठ छन्, यिनको चिता बनाऔं र आगो सल्काई त्यसमा प्रवेश गरौं ।।८।। अयोध्या फर्केर गयौंभने त्यहाँका मानिसले रामचन्द्रको हाल सोध्नेछन्, त्यस बेलामा हामीले महाबाहु, कसैको डाह नगर्ने, मीठोसँग बोल्ने रामलाई वनमा पुऱ्याएर आयौं भन्ने जवाफ कसरी दिने ? ।।९।। रामचन्द्रलाई नलिई फर्केको देख्ता अयोध्या शहर अवश्यै दुःखी हुनेछ, त्यहाँका आइमाई, बालक, बूढा सबै दुःखमनाउ गर्नेछन् ।।१०।। हामीहरू शहरबाट वीर, महात्मा रामको साथमा निस्केका थियौं अब उनलाई नलिईकन हामीले कसरी त्यहाँ पस्ने ? ।।११।। बाच्छो नहुनाले दुःखी भएका गाईहरूझैं दुःखमा परेका यिनीहरू हात उठाई उठाई किसिम किसिमको विलाप गर्नलागे ।।१२।।

बडो कोशिशसाथ यिनीहरूले राम गएको बाटोको पत्ता लगाई त्यतैपट्टि लागे तर केही टाढा पुगे पछि बाटोमा चिन्ह देखिन छाडेकोले झन् बर्ता दुःखी भए ।।१३।। रथ गएको बाटोबाट फर्की यिनीहरू भन्नलागे, "यो कस्तो चमत्कार हो ? हामीले के गर्ने ? हाम्रो भाग्यै खोटो रहेछ" ।।१४।। यसपछि हताश भई जुन बाटो गरेर आएका थिए त्यै बाटो समातेर अयोध्या फर्केर गए । यस समयमा अयोध्याका सज्जनहरू बडो पीरमा परेका थिए ।।१५।। शहरलाई देख्ता यिनीहरूको चित्त व्याकुल भयो र शोकपीडित आँखाबाट आँसु बग्न लाग्यो ।।१६।। गरुडले सर्पलाई तानेर लैजाँदा तलाउको शोभा जसरी नाश भएर जान्छ त्यसै गरी राम नहुनाले अयोध्या शहरको शोभा पनि बिलकुलै नष्ट भइसकेको थियो ।।१७।। चन्द्रमा नभएको आकाश, पानी नभएको समुद्र झैं यिनीहरूले यस शहरलाई आनन्दहीन देखे र बेहोश भए ।।१८।। दुःखमा परेका शहरवासी धन तथा अन्नले पूर्ण भएको घरमा दुःख मानी मानी पसे, यिनीहरूलाई मनमा अलिकता पनि हर्ष थिएन, यिनीहरू हेर्ने ता हेरिरहेका थिए तर यो आफ्नो हो, यो बिरानो हो भनी छुट्ट्याउन सक्तैनथे ।।१९।।

सर्ग—४८

अयोध्या शहरका आइमाईको विलाप ।

रामलाई वनमा पठाएर आएका शहरवासीहरू खिन्न र अत्यन्त पीडित भएका थिए, शोकले गर्दा यिनका आँखाबाट आँसु झरिरहेको थियो, कुनै काममा पनि यिनीहरूको मन जाँदैनथ्यो, मर्ने इच्छा

गर्ने यिनीहरूको प्राण निस्कन लागेको हो कि जस्तो देखिन्थ्यो ॥१–२॥ आफ्ना आफ्ना घरमा आएर छोरा स्वास्नीलाई साथमा राखी आँसु बगाउनलागे, आँसुले यिनीहरूको मुखै ढाकिदिएको थियो ॥३॥ बनियाँहरूले पसल खोलेनन्, कोही पनि प्रसन्न अथवा सन्तुष्ट देखिन्नथे, बजारमा शोभा भनेको छँदै थिएन, गृहस्थीहरूको घरमा खानेकुरासमेत पाकेन ॥४॥ चोरिएको माल पाउनाले अथवा धेरै धन हात लाग्नाले पनि कोही खुशी हुन्नथ्यो, पहिलो छोरो जन्मदाखेरि समेत आमाहरू खुशी हुन्नथे । ॥५॥ लोग्नेलाई आएको देख्ता प्रत्येक घरका आइमाई रुनलागे, अंकुशले हात्तीलाई घोचेझैं दुःखी भएर यिनीहरू कडा वचन भन्दै लोग्नेलाई धिक्कार दिनलागे ॥६॥ यी आइमाई आफ्ना आफ्ना लोग्नेलाई भन्दथेः—रामको दर्शन दुर्लभ भएपछि घर, स्वास्नी, धन, छोरा अथवा सुखको के प्रयोजन छ ? ॥७॥ यस संसारमा सत्पुरुष भनेका एउटा लक्ष्मण नै रहेछन्, जो सीतासहित रामको सेवा गर्न वन गएका छन् ॥८॥ ती नदी र कमल भएका तलाउ‌ले पुण्य गरेका रहेछन् जसको स्वच्छ जलमा स्नान गरेर राम वनतिर लाग्नेछन् ॥९॥ रमणीय वन, राम्रा राम्रा घाट भएका नदी तथा मनोहर टाकुरा भएका पर्वत यी सबैले रामलाई शोभित गराउनेछन् ॥१०॥ राम जुनसुकै वन अथवा पर्वतमा गए तापनि यिनीहरूले, आफूकहाँ आएको प्यारो पाहुनालाई झैं रामको सत्कार नगरी छाड्नेछैनन् ॥११॥ किसिम किसिमका फूलले गर्दा सिंगारिएको टुप्पो भएका, धेरै धेरै मञ्जरी धारण गर्ने, र भ्रमराले शोभायमान भएका पर्वत रामलाई आफ्नो स्वरूप देखाउनेछन् ॥१२॥ पर्वतका रूखहरू फल फल्ने समयबाहेक अरू समयमा समेत, रामको अत्यन्त आदर गर्ने हुनाले यिनलाई फल-फूल देखाउनेछन् ॥१३॥ पर्वतहरू निर्मल पानी बगाउनेछन् र किसिम किसिमका राम्रा पानीको झरना देखाउनेछन् ॥१४॥ पर्वतको टाकुरामा रूखहरूले रामलाई प्रसन्न गराउनेछन् । जहाँ राम छन् त्यहाँ केको डर छ, कताबाट पराजय होला भन्ने शङ्का छ ? ॥१५॥ दशरथका छोरा महाबाहु वीर राम टाढा जान नपाउँदैमा हामीहरू उनी भएको ठाउँमा जाऔं ॥१६॥ किनकि यस्ता महात्मा मालिकको चरणनेर बस्नाले बडो सुख पाइन्छ, उनी हामी सबैका आधार हुन् र परमगति अर्थात् मुक्तिसमेत दिन सक्ने हुन् ॥१७॥ हामी सीताको सेवा गर्नेछौं तपाईंहरू रामको गर्नुहोला । शहरका आइमाईहरूले दुःखमा परेका आफ्ना आफ्ना लोग्नेसित यस किसिमको कुरा गरे ॥१८॥ वनमा सीताले हाम्रो र रामले तपाईंहरूको भरण पोषण गर्नेछन् ॥१९॥ सज्जनहरूले बस्न अयोग्य यस शहरमा बसेर को प्रसन्न रहला, कारण यहाँ रहनाले रामको संझनाले सदा दुःखै हुनेछ, कुनै कुशातिर मन जानेछैन र चित्तमा समेत भ्रम हुने छ, यस्तो बसाइलाई को रुचाउला ? ॥२०॥

राम नहुनाले यो राज्य कैकेयीको हुनेछ, यस अधर्म राज्यमा हामी अनाथ जस्ता हुनेछौं, यस्तो अवस्थामा छोरा, धन, दौलतको कुरा ता परै रहोस्, हामीले बाँच्नुसमेत व्यर्थ छ ॥२१॥ जुन कुल-कलङ्किनी कैकेयीले धनको लागि छोरा लोग्नेलाई समेत त्याग गरी, त्यसले अरू कसलाई बाँकी राख्ली ॥२२॥ हामी आफ्ना छोरालाई छोएर किरिया हाल्दछौं कि कैकेयी बाँचुन्जेल, हाम्रो प्राण रहेसम्म,

यिनले हाम्रो पालन पोषण गरे तापनि यिनका कमारी भएर बस्ने होइनौं ।।२३।। जुन निर्दयी कैकेयीले दशरथका छोरालाई वन पठाइन्, त्यस्ती अधर्मी दुष्टको राज्यमा को सुखसँग बस्न सक्ला ।।२४।। कैकेयीले गर्दा यस राज्यमा अनेक उपद्रव हुनेछन् कोही शासक रहनेछैन, याग यज्ञादि सब बन्द हुनेछन्, यस प्रकारसँग जम्मै राज्य नै नाश हुनेछ ।।२५।। राम गएपछि राजा दशरथ बाँच्न सक्तैनन्, राजा मरेपछि अवश्यै सबै लोप हुनेछ ।।२६।। हाम्रा पुण्य सकिएछन्, हामी बडा दुःखी भएका छौं, हामी या त विष खाऔं या त रामको पछि लागौं अथवा कैकेयीको नामै नसुनिने ठाउँमा गएर बसौं ।।२७।। सीता र लक्ष्मणलाई साथमा ली राम व्यर्थै वन गए, कसाईको अधीनमा पशु परेझैं हामी भरतको अधीनमा पर्यौं ।।२८।। घनश्याम रामचन्द्रको मुख चन्द्रमा जस्तो राम्रो छ, उनको कुमको हाड छोपिएको छ, यिनी शत्रुहरूलाई जित्न सक्ने हुन्, यिनका हात घुँडासम्म पुग्दछन्, कमल जस्ता यिनका आँखा छन्, यिनी लक्ष्मणका दाजु हुन्, भेटिएका मानिससित पहिले आफैं बोल्दछन् र मीठो बोली गरेर बोल्दछन्, सत्यवादी र बडा बलिया छन् , यिनी बड़ा सज्जन असल स्वभावका छन्, चन्द्रमालाई देख्ता खुशी भएझैं यिनलाई देख्ता सबै खुशी हुन्छन् , यी महारथी जुन वनमा घुम्नेछन् त्यै वनको यिनले शोभा बढाउनेछन् ।।२९-३१।। यस प्रकारसँग शहरका आइमाई दुःखमा परेकाले विलाप गर्दै मृत्युको डरले चिच्च्याएझैं चर्को स्वरले चिच्च्याउन थाले ।।३२।।

यस किसिमले आफ्ना आफ्ना घरमा आइमाईहरूले रामको निम्तिमा विलाप गर्दा गर्दैमा सूर्यास्त भयो, रात परिहाल्यो ।।३३।। यस समयमा होम, ब्राह्मणहरूको अध्ययन र पवित्र कथा सबै बन्द थिए, चारैतिरबाट अन्धकारले शहरलाई निलेको जस्तो लाग्दथ्यो ।।३४।। बनियाँहरूका पसल बन्द थिए, खुशीयाली भनेको कतै देखिन्नथ्यो, राम नहुनाले निराधार भएको यो शहर तारा नभएको आकाश जस्तो देखियो ।।३५।। छोरा भाइ निकालिंदाखेरि जस्तो दुःख हुन्छ, त्यै किसिमको दुःख अयोध्याका आइमाईले देखाए, यी दुःखिनीहरू विलाप गरेर रुँदा रुँदै बेहोश भए । यस समयमा राम यिनका छोराहरूभन्दा पनि बढ्ता भए ।।३६।। यस समयमा अयोध्यामा गाना बजाना, उत्सव इत्यादि सबै बन्द भए, कतै पनि आनन्दको चिह्न थिएन, बजार बन्द थियो । यस प्रकारसँग अयोध्या शहर पानी नभएको समुद्रसमान उजाड देखियो ।।३७।।

सर्ग—४९

वनयात्राको वर्णन

राम पनि पिताको आज्ञालाई संझँदै रात बित्ता नबित्तैमा निकै टाढासम्म पुगे ।।१।। यस प्रकारसँग हिंड्दै रामचन्द्रको त्यो कल्याणमयी रात्रि बित्यो, प्रातःकालको सन्ध्योपासन गरी अकैं देशतिर पसे ।।२।। कोशलदेशको सीमानाका गाउँहरूका जोतिएका खेत र फूल फुलेका वनहरूको शोभा हेर्दै, बेश बेश घोडा जोतिएको रथमा सवार भई रामचन्द्रजी अगाडि बढ्दै गए ।।३।। ठूला तथा साना गाउँमा बस्ने

मानिसहरूको यिनी कुरा सुन्दै थिए, यहाँका मानिस भन्दथे:—कामको वशमा पर्ने राजालाई धिक्कार छ ।।४।। ए पापिनी कैकेयी ! तँ सधैं पाप गर्ने होस्, तँ सधैं झूटो बोल्ने, थिति बिगार्ने र निष्ठुरी काम गर्ने होस्, किन कि तैंले यस्ता धर्मात्मा, पण्डित, दयालु र जितेन्द्रिय राजकुमारलाई वन पठाउन लगाइस् ।।५-६।। बडो आश्चर्य छ, राजा दशरथ आफ्नो छोराको यत्तिको माया नगर्ने कसरी भए, किनकि यिनी प्रजाको दुःख हटाउने, दोषरहित रामको त्याग गर्न खोज्दछन् ।।७।। ठूला र साना गाउँका मानिसको यस किसिमको कुरा सुन्दै वीर कोशलेश्वर कोशलदेशबाहिर पुगे ।।८।। यसपछि निर्मल जल बग्ने वेदश्रुति नाम गरेकी नदी पार गरेर अगस्त्यको दिशा अर्थात् दक्षिण दिशातिर लागे ।।९।। यहाँबाट निकै टाढा गएपछि शीतल जल भएकी, समुद्रमा गएर मिसिने गोमती नदीलाई यिनले पार गरे । यी नदीको तीरमा धेरै गाई चरिरहेका थिए ।।१०।।छिटो दगुर्ने घोडाहरूद्वारा गोमती पार गरी राम स्यन्दिका नदीको पारिपट्टि पुगे, यहाँ किनारामा हाँस र मयूरहरू आवाज गरिरहेका थिए ।।११।। यो नदी तरेपछि, मनुले इक्ष्वाकुलाई दिएको, धेरै टाढासम्म फैलिएको, अनेक राज्यले बेह्रिएको, कोशल राज्यको दक्षिणी सीमा रामले सीतालाई देखाउनलागे ।।१२।।

उता सारथिलाई "हे सूत" भनेर बोलाई मत्त परेको हाँसको जस्तो स्वर गरेर श्रीमान् पुरुषोत्तम रामचन्द्र भन्नलागे ।।१३।। अब मैले कहिले फर्केर आमा-बाबुसँग भेट गर्ने र सरयूतटका फूल फुलेका वनमा शिकारको लागि घुम्ने हो ।।१४।। सरयूको वनमा शिकार खेल्नालाई मलाई उस्तो इच्छा ता छैन, तर लोकमा यो शिकार रुचाउने कुराको राजर्षिहरूले प्रशंसा गरेका छन् अर्थात् यो गर्नै नहुने काम होइन ।।१५।। वनमा शिकार गर्नु राजर्षिहरूको दिलबहलाउको कुरो हो, मनुका छोराहरूले वेला वेलामा शिकार खेलेकै हुन्; धनुर्धारीहरूलाई यो निको लाग्ने कुरो हो ।।१६।।

यस तरहले भिन्न भिन्न विषयमा सारथिसँग कुरा गर्दै रामचन्द्र त्यो बाटोमा जानलागे ।।१७।।

सर्ग—५०

श्रृङ्गवेरपुरमा रामको आगमन र गुहसितको भेट ।

लक्ष्मणका दाजु रामले विशाल र रमणीय कोशलदेश पार गरिसकेपछि अयोध्यातिर फर्की हात जोडेर भने ।।१।। ककुत्स्थवंशी राजाहरूद्वारा पालिएकी, शहरहरूमा श्रेष्ठ हे अयोध्यापुरी ! म तिमीसित, तिमीकहाँ बस्ने देवताहरूसित र तिम्रो पालना गर्नेहरूसित बिदा हुन्छु ।।२।। वनवासको अवधि सकिएपछि, पिताको ऋणदेखि मुक्त भई फर्केर आउँला र अनि पो तिमीलाई हेरुँला र माता-पितासँग भेट गरुँला ।।३।।

यसपछि राम्रा र राता आँखा भएका रामचन्द्रले दाहिने हात उठाएर रुँदै मनमा बडो दिक्क मानी शहरवासीहरूलाई भने ।।४।। तपाईंहरूले मेरो आदर गर्नामा र ममाथि दया देखाउनामा केही कुरा बाँकी राख्नुभएन, धेरै दिनसम्म दुःख पाउनु ठीक छैन, तपाईंहरू फर्कनुहोस्, हामी पनि आफ्नो काम पूरा

गर्न वन पस्तछौं ॥५॥

महात्मा रामचन्द्रलाई प्रणाम गर्दै यिनीहरूले उनको प्रदक्षिणा गरे र घोर विलाप गर्दै घरतिर लागे ॥६॥ विलाप गरिरहेका यिनीहरूलाई रामचन्द्रलाई हेर्ने कुरामा तृप्ति भएको थिएन, सायङ्कालमा सूर्य मानिसहरूको दृष्टिले नदेखिने भएझैं राम पनि यिनीहरूको दृष्टिले नभेटिने भए ॥७॥

यसपछि धनधान्यले पूर्ण भएको, दानी मानिस बस्ने, सबैको कल्याण गर्ने, बासिन्दाहरूलाई कतै-बाट दुःख नभएको, रमाइलो, ठाउँ ठाउँमा चैत्य र यज्ञ गर्ने ठाउँ भएको, आँपका बगैंचा भएको, पानीले भरिएका तलाउ भएको, सन्तुष्ट मानिस र हृष्ट पुष्ट गाई तथा अरू पशुले भरिभराउ भएको, राजाहरूको रक्षा गर्न सक्ने, जताततै वेदध्वनि सुनिने यस्तो कोशलदेशलाई रामचन्द्रले रथमा चढेर हेर्दै पार गरे ॥८-१०॥ बीचमा रामले अर्को राज्य पनि भेटे । यो राज्य राम्रो, सफा, अनेक रमणीय बगैंचा भएको तथा राजाहरूले भोग गर्न योग्य थियो ॥११॥ अब अलि पर पुगेपछि रामले शीतल पानी भएको, झ्याउ उम्रन नपाएकी त्रिपथगामिनी दिव्य गंगा नदी देखे, यिनको तीरमा ऋषिहरू बसेका थिए ॥१२॥ यी नदीको किनारमा नर्जीकै नर्जीक ऋषिहरूका राम्रा राम्रा आश्रम थिए, स्नानको समयमा अप्सराहरू प्रसन्नतापूर्वक यहाँ आउँदथे, यहाँ पानी भएका झील थिए, यी नदी सबैको कल्याण गर्दथिन् ॥१३॥ देव, दानव, गन्धर्व र किन्नर यी नदीको शोभा बढाउँथे; नाग र गन्धर्वका स्त्रीहरू यिनको तीरमा रहन्थे ॥१४॥

देवताहरूले विहार गर्न सुहाउने सयकडौं पर्वत तथा यिनका अनेक बगैंचा यिनका किनारमा छन्, देवताहरूको निम्ति यी गङ्गा आकाशको बाटो गरी बगेकी छन् र त्यहाँ देवपद्मिनीको नामले विख्यात-छन् ॥१५॥ चट्टानमा पानी ठक्कर खानाले अट्टहास (ठट्टाको हाँसो) झैं शब्द निस्कन्छ, निर्मल फींज यिनको हाँसो हो, कहीं चुल्ठोझैं पानी बगेको छ, कतै ता भुँवरी पर्नाले शोभा बढिरहेको छ ॥१६॥ कुनै ठाउँ स्थिर र गहीरा छन्, कुनै ठाउँमा पानीको बडो वेग छ, कहीं पानीको गम्भीर र कतै बडो डर-लाग्दो शब्द निस्कन्छ ॥१७॥ यहाँको जलमा कतै देवताहरू स्नान गर्दछन्, कतै निर्मल कमल फुलेका छन्, किनारा कतै पानीले ढाकिएको र कतै टाढासम्म निर्मल बालुवै बालुवा छ ॥१८॥ कतै हाँस, सारस बोलिरहेका छन्, कतै चखेवा चराले किनाराको शोभा बढाइराखेको छ, सधैं प्रसन्न रहने चरा यहाँ तीरमा बस्तछन्, यी नदी बहुतै राम्री छन् ॥१९॥ किनारामा रहेका रूखले मालाको शोभा दिइरहेका छन्, कतै फुलेको कमलले पानीलाई छोपेको छ, कतै कमलको वनै छ ॥२०॥ कहीं कमल फुलिरहेका छन्, कहीं भर्खर भर्खर लागेका कमलका कोपिलाले शोभा दिइरहेका छन्, नाना प्रकारका फूलको धूलो पानीमा तरिरहेको छ, कतै ता गंगाजी मत्त भएकी जस्ती देखिन्छिन् ॥२१॥ यहाँको पानीले सबै मैल पखालिदिन्छ र मणिझैं सफा देखिन्छ । दिग्गज (दिशाहरूका हात्ती), मत्त परेका बनैयाँ हात्ती, पालुवा हात्ती, इन्द्रको ऐरावत हात्ती, यी सबै आएर नदीको तीरको वनमा गर्जना गर्दछन्, राम्रा राम्रा गहनाले बडो प्रयत्नसित सिंगारिएकी आइमाईझैं यी गङ्गा शोभा दिइरहेकी छन् ॥२२-२३॥ फल, फूल,

पात, गुल्म, चरा आदि गरिएका यिनका गहना हुन्, यी विष्णुको चरणबाट निस्केकी, दिव्य, पापरहित र पाप नाश गर्ने हुन् ।।२४।। सोंस, ग्राह, तथा सर्प यी नदीमा छन्, भगीरथको तपस्याले शिवजीको जटाबाट निस्केर यिनी पृथ्वीमा आएकी हुन् ।।२५।। गंगा समुद्रकी महारानी हुन्, सारस कख्याङ-कुरुङ यिनको तीरमा बोलिरहन्छन् ।

महाबाहु रामचन्द्र शृङ्गवेरपुरको सामुन्ने गङ्गाको किनारमा आइपुगे ।।२६।। गङ्गामा भुँवरी पर्ने छाल उठेको देख्ता रामले सारथि सुमन्त्रलाई आज यहीं बसौं भने ।।२७।। हे सारथि ! यस नदीको नजीकै धेरै फूल र पात भएको इङ्गदी (चिउरी) को रूख छ, आज हामी यै रूखमुनि बसौं ।।२८।। हामी आज नदीहरूमा श्रेष्ठ सबैको कल्याण गर्ने, पवित्र जल भएकी गङ्गा नदीको दर्शन गरौं, यी गङ्गाको देव, दानव, गन्धर्व, मृग, सांप, चरा यी सबै सेवा गर्दछन् ।।२९।। सुमन्त्र, लक्ष्मण दुवैले रामको आज्ञा स्वीकार गरे र त्यो इङ्गुदीको रूखनेर रथ चढेर गए ।।३०।। रूखनेर रथ पुगेपछि रामचन्द्र सीता र लक्ष्मणको साथसाथै रथबाट ओर्ले ।।३१।। सुमन्त्रले पनि रथबाट ओर्लेर घोडाहरूलाई खोलिदिए र रूखमुनि बसेका रामनेर हात जोरेर गए ।।३२।।

यस देशका राजाको नाम गुह थियो, यिनी रामका प्राण जस्ता प्यारा मित्र थिए, बडा बलिया र जातका निषाद थिए, स्थपतिको नामले यिनी प्रसिद्ध थिए ।।३३।। राम मेरो देशमा आएका छन् भन्ने सुन्नासाथ यिनी आफ्ना बूढापाका मन्त्री तथा साथीहरूलाई साथमा लिई त्यहाँ आए ।।३४।। टाढैबाट निषादका राजालाई आउन लागेको देखेर राम, लक्ष्मणलाई साथमा लिएर उनलाई भेट्न गए ।।३५।। दुःखमा परेका गुहले रामलाई अँगालो हालेर भने—तपाईंको निम्ति जस्तो अयोध्या हो उस्तै मेरो देश पनि हो, मैले के गर्नुपर्दछ सो आज्ञा होस् ।।३६।।

हे महाबाहो राम ! यस्ता प्यारा पाहुना कसकहाँ आउलान् ? यसपछि किसिम किसिमका अन्न, भोजनका सामग्री तथा अर्घ्य लिएर रामनेर आई भन्नलागे, हे महाबाहो ! तपाईंलाई स्वागत छ, यो मेरो राज्यको जम्मै जग्गा तपाईंकै हो, हामी सबै तपाईंका सेवक हौं, तपाई हाम्रा मालिक हुनुहुन्छ, हजूर यस राज्यको शासन गरिबक्सियोस् , हजूरहरूको खानपीनका लागि सबै सामान तैयार पारेर ल्याएको छु, तपाईंहरूको निम्ति पलंग र घोडाका लागि घाँस पनि ल्याएको छ ।।३७–३९।।

गुहले यस्तो भनेको सुन्दा रामले यिनलाई उत्तर दिए—हामीले सधैं तपाईंबाट सत्कार पाइआएका छौं र हामी सदा तपाईंदेखि प्रसन्न छौं ।।४०।। तपाईंले हिंडेर नै यहाँसम्म आएर हामीमाथिको स्नेह देखाउनुभयो ।

यति भनेर आफ्ना बाटुला हातले गुहलाई अँगालो हाल्दै रामचन्द्र भन्नलागे ।।४१।। हे गुह ! यो बडो खुशीको कुरा हो कि मैले तिमीलाई सकुटुम्ब नीरोग देख्न पाएँ, आफ्नो राज्य, मित्र र वनको क्षेम कुशल भन ।।४२।। तिमीले प्रेमले यी चीजबीज जो मेरा निम्ति ल्याएका छौ तिनलाई म स्वीकार ता गर्दछु, तर ग्रहण गर्न सक्तिनँ, किनकि आजकल मैले अर्काले दिएको कुरा लिनछाडेको छु ।।४३।।

हे गुह ! मलाई कुश, चीर, मृगको छाला धारण गर्ने, फलमूल खाने वनवासी तपस्वी भन्ठान, म अचेल यै धर्ममा दीक्षित भइराखेको छु ॥४४॥ घोडालाई खानाको निम्ति तिमीले जो ल्याएका छौ सो ता लिन्छु, योबाहेक अरू केही लिन्नँ, यति वस्तु लिनाले नै तिमीद्वारा मेरो सत्कार पुग्यो ॥४५॥ यी घोडा राजा दशरथका बडा प्यारा छन् अतः यिनले राम्ररी खान पाएपछि हाम्रो पूरा तवरसँग सत्कार भएको भन्ठान ॥४६॥ रामको यो कुरा सुन्नासाथ गुहले आफ्ना मानिसलाई झट्टै घोडालाई घाँस दाना ख्वाउन र पानी पियाउन अह्राए ॥४७॥

यसपछि चीरको पछ्यौरा ओढेका रामले साँझको सन्ध्या गरे र लक्ष्मणले ल्याएको पानी मात्र पिए ॥४८॥ सीतासहित भूईँमा सुतेका रामको पाउ लक्ष्मणले धोए र अनि रूखमुनि आएर बसे ॥४९॥ सारथिसँग गुह पनि लक्ष्मणनेर आए र रामका गुणसम्बन्धी कुरा गर्दै धनु लिएर रातभरि सावधानीसाथ जागा बसे ॥५०॥ दुःख देख्तै नदेखेका, सदा सुखमा पालिएका, यशस्वी, मनस्वी, दशरथपुत्र, महात्मा रामचन्द्रका लागि त्यो रात बडो लामो जस्तो भएर बित्यो ॥५१॥

सर्ग—५१

गुहसितको लक्ष्मणका कुरा ।

लक्ष्मणलाई निष्कपट भई दाजुको रक्षाको लागि जागा बसेको देख्ता मनमा ताप पर्नाले दुःखित भएका गुह उनलाई भन्नलागे ॥१॥ हे राजकुमार ! तपाईंको निम्ति यो सुत्ने ठाउँ बनाएको छ, यसमा आनन्दसँग सुतेर आफ्नो थकान मार्नुहोस् ॥२॥ हामी सबै प्रकारका कष्ट सहन सक्तछौं, तपाईं ता सुखमा पालिएको हुनुहुन्छ, सुत्नुहोस्, रामको रक्षाका लागि हामी जागा बस्तछौं ॥३॥ यस संसारमा मलाई रामभन्दा बर्ता प्यारो लाग्ने अर्को कोही छैन, म आफ्नो सत्य संझेर किरिया हालेर भन्दछु कि मैले यो साँचो कुरा भनेको हो ॥४॥ यिनै रामको कृपाले मैले यस संसारमा ठूलो यश, धर्म, अर्थ र काम यी चारै थोक पाउने आशा राखेको छु ॥५॥ सीतासहित सुतेका मेरा प्यारा मित्र रामचन्द्रको रक्षा आफ्ना जातका मानिसलाई साथमा लिई धनु भिरेर गर्दछु ॥६॥ यस वनमा घुमिरहने हुनाले यहाँको कुनै कुरा मलाई थाहा नभएको छैन । बलवान् शत्रुको चतुरङ्गिणी सेनालाई समेत हामी जित्न सक्तछौं ॥७॥

लक्ष्मणले भने—हे पापरहित गुहजी ! धर्म जान्ने तिमीले हाम्रो रखवालीको जिम्मा लिएको हुनाले हामीलाई कुनै कुराको डर छैन ॥८॥ सीतासहित रामले भूईँमा सुतेको देख्ता देख्तै म कसरी सुत्न सक्तछु अथवा जीवनका अरू अरू सुखको कसरी भोग गर्न सक्तछु ॥९॥ युद्धमा जसको पराक्रमलाई देवता असुर पनि सहन सक्तैनथे, हेर, तिनै राम आज सीतालाई लिएर सुखसँग भूईँमा सुतेका छन् ॥१०॥ बडा बडा उद्योग मन्त्र तथा तपस्याको बलले राजा दशरथका यी छोरा जन्मेका हुन् , पुरुषोत्तम-समानको लक्षणले युक्त भएका, यिनको हेर आज यस्तो दशा छ ॥११॥ यिनी वनवासमा आएपछि

राजा दशरथ अब धेरै दिन बाँच्न सक्तैनन्, यी पृथ्वी चाँडै नै विधवा हुनेछन् ।।१२।। धेरै बेरसम्म डाँको छाडेर रुँदा रुँदा थाकेका आइमाईहरू चूप लागेहोलान्, यसकारण मेरो विचारले ता, राजाको घर शब्द नसुनिने भएकोले शून्य भइराखेको होला ।।१३।। कौशल्या, राजा र मेरी आमा आज राती यस वेलासम्म बाँचेका होलान् भन्ने मलाई थोरै आशा छ ।।१४।। सम्भव छ मेरी आमा शत्रुघ्नलाई हेर्ने आशाले बाँचेकी होलिन् । वीर पुत्र जन्माउने कौशल्या मरिन्भने ता बडो सहिनसक्नुको दुःख हुनेछ ।।१५।। राममा प्रेम राख्ने मानिसले भरिएको, सदा सुख दिने तथा दुनियाँको त्यो अयोध्या सहर अवश्यै राजाको मरणरूपी दुःखले नष्ट हुनेछ ।।१६।। महात्मा आफ्नो जेठो छोरोलाई देख्न नपाएर राजाको प्राणले कसरी शरीर धारण गर्ला अर्थात् रामविना राजा कसरी बाँच्लान् ।।१७।। राजा मरेपछि कौशल्या मर्नेछन् अनि मेरी आमा पनि मर्नेछन् ।।१८।। मेरा पिताले रामचन्द्रको अभिषेक गर्न पाएनन्, आफ्नो सर्वश्रेष्ठ अभिलाषा पूर्ण हुन नसकेकोले उनी अवश्यै मर्नेछन् ।।१९।। पिताको मृत्युपछि जसले उनको प्रेतकार्य गर्नेछ त्यो नै भाग्यमानी बन्नेछ अर्थात् राजा बन्न पाउनेछ ।।२०।। राम्रा राम्रा चार दोबाटा भएको, ठाउँ ठाउँमा सडक बनेको, ठूला ठूला घर र महलले युक्त भएको, नाच्ने आइमाईहरूले शोभित भएको, रथ हात्ती र घोडाले भरिएको, नाना किसिमका बाजा बजिरहने, सबको कल्याण गर्ने, सब प्रकारका वस्तुले पूर्ण भएको, हृष्ट-पुष्ट मानिसले परिपूर्ण भइराखेको, साधारण तथा ठूला बगैंचाले शोभायमान भएको, सदा किसिम किसिमका जातीय सभा हुने यस्तो हाम्रो पिताको राजाधानी अयोध्या शहरमा डुल-फिर गर्न पाउने मानिस पनि भाग्यमानी हुन् ।।२१-२३।। वनवासबाट फर्कंदासम्म राजा बाँचिरहेदेखि ता हामी आपना महात्मा सुव्रती पिताको दर्शन गर्न पाउने थियौं ।।२४।। त्यस समयमा आफ्नो प्रतिज्ञालाई पूरा गर्ने रामचन्द्रको साथमा वनवासको अवधि समाप्त गरी यो अयोध्या शहरमा प्रवेश गर्ने थियौं ।।२५।।

यस प्रकारसँग विलाप गर्दा गर्दै दुःखले पीडित भएका लक्ष्मणको उभिएको उभियैमा त्यो रात वित्यो ।।२६।। प्रजाको भलो गर्ने राजकुमार लक्ष्मणले यस प्रकारसँग साँचो कुरा भन्दा राममा ठूलो प्रेम हुनाले, दुःखले आकुल व्याकुल भई, गुह ज्वरोले हडबडाएको हात्तीले रोएझैं, रुनलागे ।।२७।।

सर्ग–५२

राम सुमन्त्रलाई संझाई बुझाई बिदा गरेर गङ्गापारि जान्छन् ।

रात बितेर विहान भएपछि विशाल छाती भएका, महायशस्वी रामचन्द्रले शुभ लक्षणले युक्त भएका, सुमित्राका छोरा लक्ष्मणलाई भन्नुभयो ।।१।। सूर्य उदाउने वेला हुनलाग्यो, रात बितिसक्यो, काली कोइली चरा बोलिरहेकी छ ।।२।। वनमा मयूरहरूले बोलेको आवाज सुनिनलागेको छ । हे सज्जन ! अब हामी समुद्रमा गएर मिसिने र खूब वेगले बहने गङ्गा पार गरौं ।।३।।

मित्रहरूलाई खुशी राख्ने लक्ष्मणले रामचन्द्रको मनसाय बुझेर सारथि र गुहलाई डुङ्गा ल्याउन

अह्राए र आफू दाजुको अगाडि गएर उभिए ॥४॥ गुहले रामको आज्ञा सुन्नासाथ सो आज्ञा स्वीकार गरी तुरुन्तै आफ्ना मन्त्रीहरूलाई बोलाएर भने ॥५॥ रामले चढ्न सुहाउने, असल डाँडी र कर्णधार भएको, बलियो, छिटो जाने डुङ्गा घाटमा लिएर आऊ ॥६॥ गुहको आज्ञा सुन्नासाथ उनको प्रधान मन्त्रीले झट्टै गएर असल डुङ्गा घाटमा ल्याई गुहलाई खबर दियो ॥७॥

यसपछि गुहले हात जोरेर रामचन्द्रलाई निवेदन गरे—हे प्रभो ! डुङ्गा तैय्यार छ, अब मैले हजूरको निम्ति के गर्नुपर्दछ ॥८॥ देवकुमारसमानका हे रामचन्द्र ! गङ्गा पार गर्नाको निम्ति अब हजूर झट्टै यस डुङ्गामा चढिबक्सियोस् ॥९॥ महातेजस्वी रामले गुहलाई भन्नुभयो—तपाईंले हामीहरूको इच्छा पूर्ण गरिदिनुभो, हाम्रो मालताल डुङ्गामा राख्न लगाइदिनुहोस् ॥१०॥ यसपछि कवच पहिरेर ठोक्रो बाण र तरवार भिरेर धनुर्धारी राम तथा लक्ष्मण सीतालाई साथमा लिई डुङ्गा लाग्ने ठाउँमा पुग्ने बाटोबाट गङ्गाको किनारमा आए ॥११॥

यस समयमा धर्मात्मा रामनेर आएर सुमन्त्रले हात जोरी विनयपूर्वक अब मैले के गर्ने हो भनी विन्ति गरे ॥१२॥ आफ्नो उत्तम दाहिने हातले सुमन्त्रलाई छुँदै दशरथपुत्र रामचन्द्र भन्नलाग्नुभयो—हे सुमन्त्र ! अब तिमी झट्टै पिताजीकहाँ जाऊ र उहाँ सावधान भई बस ॥१३॥ तिमी फर्केर जाऊ, हामीले गङ्गाको तीरसम्म रथमा जाने आज्ञा स्वीकार गरेका छौं, अब हामी रथ छाडेर हिंडेर नै यस महावनमा पस्तछौं ॥१४॥ आफूले फर्केर जाने आज्ञा पाएको सुन्दा सारथि सुमन्त्र मनमा बडो दुःखी भई इक्ष्वाकु-वंशी रामचन्द्रलाई भन्नलागे ॥१५॥ साधारण मानिसझैं भाइ स्वास्नी साथमा लिई तपाईंले वनमा बसेको कसैलाई निको लाग्दैन, सो कुरा मलाई कसरी निको लाग्ला ? ॥१६॥ तपाईंलाई समेत यस्तो आपत्ति परेको देख्ता, ब्रह्मचर्य्यको पालन गर्नाले, वेदाध्ययनमा लाग्नाले, दयालु र निष्कपटी हुनाले कुनै फल मिल्दो रहेनछ भन्ने मैले जानें ॥१७॥ भाइ र सीतालाई साथमा लिई वनमा बस्नाले हे राम ! तीनै लोक जितेको जस्तो ख्याति तपाईंलाई मिल्नेछ ॥१८॥ तपाईंबाट त्याग गरिएका हामी मरेबराबर भयौं, अब हामी पापिनी कैकेयीको अधीनमा रहेर दुःख भोग्नेछौं ॥१९॥ आफ्नो दर्जाअनुसार यति कुरा भनेर सारथि सुमन्त्र, रामलाई टाढा जानलागेको देखी, धेरै बेरसम्म रोइरहे ॥२०॥ आँसु थामिएपछि सुमन्त्र आचमन गरेर शुद्ध भए र राम वारंवार मधुरो स्वरमा उनलाई यो कुरा भन्नलागे ॥२१॥ तिमीबराबरको इक्ष्वाकुवंशको मित्र अरू कोही देख्तिनँ, तसर्थ अब तिमीले यस्तो काम गर्नुपर्दछ जसबाट कि राजा मेरो लागि दुःखी नहोऊन् ॥२२॥ राजा शोकले व्याकुल भएका छन्, बूढा छन्, काम र राज्यको भारले उनलाई थिचिराखेको छ, यसै कारणले मैले तिमीलाई यसो भनेको हो ॥२३॥ यी महात्मा राजा कैकेयीलाई खुशी पार्नाको निम्ति जे जे आज्ञा गर्दछन् सो सबै आदरपूर्वक उनले भनेअनुसार गरे ॥२४॥ राजाका सबै इच्छा विनारोकटोकले पूर्ण हुनुपर्दछ, यत्तिका लागि ता राजाहरू राज्यको शासन गर्दछन् ॥२५॥ राजा अप्रसन्न नहुने जति काम छन् तिनलाई र जसो गर्दा राजालाई शोकले ग्लानि हुँदैन, हे सुमन्त्र ! तिमीले त्यसै गरी गर्नुपर्दछ ॥२६॥ कहिले पनि दुःखमा नपरेका, जितेन्द्रिय, बूढा र

सज्जन राजालाई प्रणाम गरी मेरो विषयको यो कुरा उहाँलाई विन्ति गरे ।।२७।। अयोध्याबाट निस्कनुपर्‍यो भन्ने कुराको न मलाई पीर छ न लक्ष्मणलाई, वनमा बस्नुपर्‍यो भन्ने कुराको पनि हामीलाई सुर्ता छैन ।।२८।। चौद्ध वर्षपछि जब हामी फर्कनेछौं त्यस बखतमा तपाईं लक्ष्मण, सीता र मलाई आएको देख्नुहुनेछ ।।२९।। हे सुमन्त्र ! यस प्रकारको कुरा मेरा तर्फबाट राजालाई, मेरी आमालाई, अरू रानीहरूलाई र कैकेयीलाई समेत विन्ति गरिदिए ।।३०।। कौशल्यालाई राम र सीता नीरोग छन्, लक्ष्मणको तर्फबाट पनि उनलाई सञ्चै छ, भन्ने कुरा सुनाई हाम्रो दण्डवत् विन्ति चढाइदिए ।।३१।। महाराजलाई भरतलाई चाँडै बोलाई, उनी आउनासाथ युवराजपदमा अभिषेक गरिबक्सियोस् भनी विन्ति चढाए ।।३२।। भरतको युवराजपदमा अभिषेक गरी उनलाई अँगालो हालेपछि हजूरलाई हाम्रो वियोगको दुःख हुनेछैन ।।३३।। राजासित जस्तो व्यवहार गर्दछौ त्यस्तै व्यवहार आमाहरूसित पनि केही भेदभाव नराखी गर भनी भरतलाई पनि हाम्रो तर्फबाट सुनाइदिए ।।३४।। जस्तो कैकेयी तिम्री आमा हुन् उस्तै सुमित्रा र मेरी आमा कौशल्या पनि हुन् । यी तीनै आमामा केही फरक नदेखे ।।३५।। पितालाई प्रसन्न राख्नाले र युवराजपदको यथोचित पालना गर्नाले तिमी यस लोक परलोक दुवै लोकमा सुख पाउन सक्तछौ ।।३६।। यस प्रकारसँग संझाई बुझाईकन जब राम सुमन्त्रलाई बिदा गर्नलागे, त्यस समयमा यी सब कुरा सुनेर स्नेहले सुमन्त्र फेरि भन्नलागे ।।३७।।

हे राम ! मायाले लाचार भई अदब काइदाको केही वास्ता नराखी म जे कुरा भन्दछु त्यसका लागि मलाई भक्त संझी क्षमा गर्नुहोला ।।३८।। पुत्रशोकले दुःखी भएझैं अयोध्या शहर तपाईंको वियोगमा दुःखी छ, तपाईंविना त्यस शहरमा मैले कसरी जाने ? ।।३९।। पहिले मानिसले रामलाई मेरो रथमा बसेको देखेका थिए, अहिले राम नभएको सो रथ देख्ता उनीहरूको के दशा होला, समस्त शहरै दुःखले फुट्नेछ ।।४०।।महारथी वीर संग्राममा मारिएमा, सारथिले खाली रथ ल्याएको देख्ता फौज जुन प्रकारले शोक गर्दछ त्यसै गरी तपाईं नभएको रथ देख्ता अयोध्या शहर पनि दुःखी हुनेछ ।।४१।। अहिले तपाईं अयोध्याका प्रजादेखि टाढा हुनुहुन्छ तापनि, सदा उनीहरूको मनमा रहनाले, अगाडि नै भए जस्तो हुनुहुन्छ । आज मैले तपाईं नभएको रथ लगेंभने तपाईंको बारेमा चिन्ता गरी उनीहरू खान पिउनसमेत छाडी मर्नेछन् ।।४२।। हे राम ! तपाईंले प्रस्थान गर्दाखेरि वियोगको दुःखले व्याकुल भएका प्रजाले कसरी आफ्नो दुःख देखाएथे सो तपाईंले देख्नुभएकै हो ।।४३।। तपाईं यता आउँदाखेरि शहरवासीले रोएको जो शब्द सुनिएथ्यो, रथमा मलाई एकलै आएको देख्ता, त्योभन्दा सय दोब्बर बर्ता शब्द हुनेछ ।।४४।। गएर मैले कौशल्यालाई के भन्ने ? हे देवी ! मैले तपाईंका छोरालाई मामाकहाँ पुर्‍याएर आएँ, फिक्री नमान्नुहोस्, भन्ने हो कि ? यस्तो झूटो कुरा त म भन्ने नै होइन, साँचो कुरा (मैले तपाईंका छोरालाई वनमा पुर्‍याइदिएँ) अप्रिय हुनाले यो पनि कसरी भन्ने ? ।।४५–४६।। यी घोडाहरूले, जसको हेर-विचार गर्ने काम मेरो अधीनमा छ, सधैं तपाईंका कुटुम्बीहरूलाई बोकेर लैजाने गरेका छन्, तपाईंहरू कोही पनि नबसेपछि यी श्रेष्ठ घोडाहरूले कसरी रथ तानेर लैजालान् ।।४७।। तसर्थ हे पापरहित राम ! म

तपाईंलाई नलिईं अयोध्या फर्कन सक्तिनँ, यसकारण मलाई पनि आफूसँग वन जाने आज्ञा दिनुहोस् ॥४८॥ यसरी प्रार्थना गर्दा पनि मलाई सँग नलगेर छाड्नुभयोभने म रथको साथसाथै आगोमा हामफाली मर्नेछु ॥४९॥ तपाईंसँग वन जान पाएदेखि यै रथद्वारा तपाईंको तपस्यामा विघ्न गर्ने सबैलाई दूर भगाइदिन्थें ॥५०॥ तपाईंले नै मलाई सारथिको दर्जा दिएर सुखी बनाउनुभएको हो, अब पनि तपाईंद्वारा नै वनवासको सुख भोग्ने आशा राखेको छु ॥५१॥ तपाईं खुशी हुनुहोस् , वनमा म तपाईंको साथी बन्न चाहन्छु, तपाईंले प्रेमपूर्वक तिमी पनि मसित हिंड भनेको सुन्न चाहन्छु ॥५२॥ यी घोडाले वनवासी तपाईंको सेवा गर्न पाएभने, मालिकको सेवा गरेबापत यिनीहरूले पनि ठूलो सुख पाउनेछन् ॥५३॥ वनमा रहेर म टाउको टेकेर अर्थात् हरतरहबाट तपाईंको सेवा गर्नेछु, तपाईंको निम्ति अयोध्याको ता के कुरा स्वर्गसम्म पनि त्याग गर्न म राजी छु ॥५४॥ जसरी पापी इन्द्रको राजधानी अमरावतीमा प्रवेश गर्न सक्तैनन् त्यसै गरी म पनि तपाईंलाई साथमा नलिईं अयोध्याभित्र जान अशक्त छु ॥५५॥ वनवासको अवधि सकिएपछि तपाईंलाई फेरि यै रथमा चढाएर अयोध्या लैजाउँला भन्ने मेरो इच्छा छ ॥५६॥ तपाईंका साथमा रहनाले यी चौध्र वर्ष मलाई क्षणबराबर लाग्नेछन् नत्र ता यो समय मलाई सय वर्ष जति हुनेछ ॥५७॥ हे भक्तवत्सल राम ! मालिकका छोराले जुन बाटो लिएका छन् म पनि सोही बाटोमा जान चाहन्छु अर्थात् तपाईंका साथमा जान खोज्दछु, सबै नोकरमा म तपाईंको बर्ता भक्त छु र नोकरै झैं रहन चाहन्छु तसर्थ तपाईंले मलाई छोड्नामा उचित पर्दैन ॥५८॥

यस प्रकारसँग अनेक तरहले सुमन्त्रले प्रार्थना गर्दा नोकरहरूमाथि प्रेम गर्ने रामचन्द्र उनलाई भन्न-लाग्नुभयो ॥५९॥ हे स्वामिभक्त ! तिमी मेरा परमभक्त छौ भन्ने कुरा मलाई थाहा छ, मैले के कारणले तिमीलाई अयोध्या फर्काउन लागेको हो, सो सुन ॥६०॥ तिमी यहाँबाट अयोध्या फर्केर गएको देखेपछि मेरी कान्छी आमालाई राम वन गएछन् भन्ने कुराको विश्वास पर्नेछ ॥६१॥ तिमी गएनौभने उनलाई विश्वास पर्नेछैन, म वन गएँ भन्ने भएपछि उनी खुशी हुने र राजालाई धार्मिक संझेर उनको मिथ्या-वादी हुनामा शङ्का गर्नेछैनन् ॥६२॥ मेरी कान्छी आमाले भरतद्वारा शासन गरिएको राज्यको सुखभोग गर्न पाऊन् भन्ने मेरो मुख्य उद्देश्य हुनाले तिमीलाई अयोध्या पठाउनलागेको हुँ ॥६३॥ हे सुमन्त्र ! मलाई र राजालाई खुशी राख्नाको निम्ति अयोध्या जाऊ र जसजसलाई मैले जे जे भनेको छ उसउस-लाई सो सुनाइदिए ॥६४॥

सारथिलाई यस्तो भनेर तथा वारंवार उनलाई संझाएर राम दीनभावले उभिएका गुहलाई मतलब-पूर्ण कुरा भन्नलाग्नुभयो ॥६५॥ हे गुह ! अब मानिस भएको वनमा बस्न ठीक पर्दैन, अब ता मैले आश्रममा पो बस्नुपर्दछ र आश्रममा रहनेहरूका लागि जुन नियम बाँधिएको छ सोहीअनुसार चल्नु-पर्दछ ॥६६॥ यसकारण म तपस्वीहरूको नियम (भूइँमा सुत्ने, जटा बनाउने) धारण गर्दछु । पिताको इच्छा पूर्ण गर्नाका लागि, सीता र लक्ष्मणको अनुमति लिएर, तपस्वीहरूको गहना जटा बनाएर यताबाट जान्छु, तिमी वरको दूध लिईं आऊ । गुहले पनि झट्टै वरको दूध ल्याएर रामलाई दिए ॥६७-६८॥

रामले त्यस दूधले आफ्नो तथा लक्ष्मणको जटा बनाए, नरसिंह दीर्घबाहु राम जटाधारी भए ॥६९॥ यस समयमा राम, लक्ष्मण दुवै भाई चीर र जटा धारण गरेकोले ऋषिसमान शोभित भए ॥७०॥ यसपछि रामले लक्ष्मणसहित वानप्रस्थ-धर्म ग्रहण गरी ब्रह्मचर्यका नियम पालन गर्ने निश्चय गरेर सहायक गुहलाई भन्नलाग्नुभयो ॥७१॥ हे गुह ! फौज, ढुकुटी, किल्ला तथा राज्यसम्बन्धी कुरामा खूब दृष्टि पुऱ्याए किनकि राज्यको रक्षा गर्ने काम बडो गाह्रो हुन्छ ॥७२॥ इक्ष्वाकुवंशी राम गुहलाई यस प्रकारसँग अर्ती दिइसकेपछि, सीता र लक्ष्मणलाई साथमा लिई, चित्तलाई शान्त राखेर त्यहाँबाट झट्टै हिंडे ॥७३॥ नदीको तीरमा नाउ देखेपछि, वेगले बग्ने गङ्गालाई पार गर्ने इच्छाले रामले लक्ष्मणलाई भने ॥७४॥ हे नरश्रेष्ठ ! डुङ्गा तैय्यार छ, सीतालाई समातेर बिस्तारै चढाऊ अनि पछि आफू पनि चढ ॥७५॥ दाजुको आज्ञा सुनेपछि उनको मनसाय बुझ्ने लक्ष्मणले, डुङ्गा चढ्ने सबै साधन ठिक पारी जानकीलाई पहिले बसाले र त्यसपछि आफू चढे ॥७६॥ सबैले चढेको देखेपछि निषादका राजा गुहले आफ्ना नोकरहरूलाई नाउ चलाउने आज्ञा दिए ॥७७॥ महातेजस्वी राम नाउ चढेपछि, कुशलपूर्वक पारि पुगियोस् भन्ने उद्देश्यले ब्राह्मण र क्षत्रियहरूले जप्नुपर्ने मन्त्र जप्न लाग्नुभयो ॥७८॥ शास्त्रमा लेखिएबमोजिम आचमन गरेर राम, लक्ष्मण र सीताले प्रसन्नतापूर्वक गंगालाई प्रणाम गरे ॥७९॥ रामले सुमन्त्रलाई तथा सेनासहितका गुहलाई फर्कने आज्ञा दिएर माझीहरूलाई डुङ्गा चलाउन अह्राउनुभयो ॥८०॥ होशियार मल्लाह भएको त्यो डुङ्गा, वेगले डाँडी चलाइएको हुनाले झट्टै पानीमा हिंड्नथाल्यो ॥८१॥

गंगाको माझमा पुगेपछि सुन्दरी सीता हात जोरेर नदीलाई प्रार्थना गर्नलागिन् ॥८२॥ हे गङ्गे ! बुद्धिमान् महाराज दशरथका छोरा तपाईंद्वारा रक्षित भई पिताको आज्ञा पालन गर्नामा समर्थ होऊन् ॥८३॥ पूरा चौध्र वर्ष वनमा बसिसकेपछि भाइ लक्ष्मण र मसित यिनी फेरि फर्कनेछन् ॥८४॥ त्यस समयमा कुशलपूर्वक फर्केकी म प्रसन्नतासाथ, सबै इच्छा पूर्ण गर्ने तिम्रो पूजा गर्नेछु ॥८५॥ हे त्रिपथगे गङ्गे देवी ! तिमी ब्रह्मलोकसम्म पनि व्याप्त भएकी छौ र यस लोकमा पनि समुद्रकी स्त्रीको रूपमा देखापरेकी छौ ॥८६॥ हे देवी ! म तिमीलाई प्रणाम गर्दछु र तिम्रो स्तुति गर्दछु । कुशलपूर्वक फर्केर रामले राज्य पाएपछि तिम्रो प्रसन्नताका लागि म सय हजार गाई, वस्त्र तथा उत्तम अन्न ब्राह्मणहरूलाई दिनेछु ॥८७-८८॥ शहरमा फेरि फर्केर आएपछि हजार घडा रक्सी तथा मासुले मुछिएको भातले तिम्रो पूजा गर्नेछु, हे देवी ! प्रसन्न होऊ ॥८९॥ तिम्रा तीरमा जुनजुन देवता, तीर्थ र प्रसिद्ध देवस्थान छन् ती सबैको म पूजा गर्नेछु ॥९०॥ हे अनघे ! यी महाबाहु रामचन्द्रजी मेरो र लक्ष्मणको साथमा फर्केर फेरि अयोध्यामा प्रवेश गरून् भन्ने मेरो तिमीसित प्रार्थना छ ॥९१॥

यस प्रकारसँग सीताले गङ्गासित प्रार्थना गर्दा गर्दैमा डुङ्गा गंगाको दक्षिण किनारामा पुगेर अडियो ॥९२॥ शत्रुलाई ताप पार्ने नरश्रेष्ठ रामले तीरमा पुगेपछि डुङ्गाबाट ओर्लेर सीता तथा लक्ष्मणलाई साथमा लिई त्यहाँबाट प्रस्थान गरे ॥९३॥ निर्जन वा मानिस भएको जुनसुकै ठाउँमा भए पनि तिमी सीताको

रक्षा गर्नामा तैयार भइराख ॥९४॥ हामीले यस्तो निर्जन वनमा सदा सर्वदा रक्षा गर्नालाई तैय्यार भइराख्नुपर्दछ । लक्ष्मण, तिमी अघिअघि हिंड र सीता तिम्रो पछिपछि हिंड्नन् ॥९५॥ तिम्रो र सीताको रक्षा गर्दै म पछिपछि आउँछु, हामीले परस्पर आफू आफूमा रक्षा गर्नुपर्दछ ॥९६॥ कठिन कामको समाप्ति अहिले भएको छैन, भर्खर शुरू पो भएको छ, वनवासको दुःख आज जानकी जान्लिन् ॥९७॥ आज मानिस नभएको, खेत बर्घैंचा केही पनि नदेखिने, अग्लो होचो बाटो तथा खाल्डो भएको वनमा प्रवेश गर्नेछन् ॥९८॥

रामको कुरा सुनेपछि लक्ष्मण अघिअघि, उनको पछि सीता र सबभन्दा पछि राम हिंड्नलागे ॥९९॥ रामलाई गंगाको पारिपट्टि पुगेको देख्ता दुःखी र पीडित भएका सुमन्त्रले धेरै बेरसम्म उतै हेरिरहे, राम निकै टाढा गएपछि यिनले बडो मुश्किलसँग उताबाट आफ्नो दृष्टि हटाएर रुनलागे ॥१००॥

लोकपालहरूको जस्तो प्रभाव भएका महात्मा राम एकै छिनमा गङ्गा पार गरी वत्स देशमा पुगे; वत्स देश बडो धनी तथा अन्नले परिपूर्ण भएको थियो र त्यहाँका मानिस बडो प्रसन्न रहन्थे ॥१०१॥ उहाँ पुगेपछि दुवै भाइले चारओटा पवित्र पशु वराह, ऋष्य, पृषत् र रुरु मारेर ल्याए र मेध्य (ऋषिहरूको भोजन) तथा मासु लिएर भोकाएका यी दुवै विश्राम गर्नाको निम्ति रूखमुनि गएर बसे ॥१०२॥

सर्ग—५३

राती रामको लक्ष्मणसितको कुरा ।

यस रूखनेर गएपछि आफ्नो गुणले सबैलाई रमाउने राम, साँझको सन्ध्या गरी लक्ष्मणलाई यस प्रकारसँग भन्नलाग्नुभयो ॥१॥ शहरबाहिरको यो हाम्रो पहिलो रात हो, आज सुमन्त्र पनि छैनन्, तिमी नहडबडाए ॥२॥ आजदेखि हामीले आलस्यलाई त्याग गरी राती जागा बस्नुपर्दछ, किनकि सीताको रक्षा गर्ने भार हामीमा नै रहेको छ ॥३॥ हे लक्ष्मण ! आजको रात जसोतसो गरेर बिताऔं, कुश, घाँस आफैले ल्याई भूइँमा बिच्छ्याएर पल्टौं ॥४॥ धेरै धेरै मोल पर्ने पलङ्गमा सुत्ने राम भूइँमा सुते र लक्ष्मणसित यी राम्रा राम्रा कुरा गर्नलागे ॥५॥

हे लक्ष्मण ! निश्चय आज राजा दशरथ दुःख मानेर सुतेका होलान् तर कैकेयी ता आफ्नो अभिलाषा पूर्ण भएकोले खुशी भएकी होलिन् ॥६॥ भरत आएको देखेर राज्यमा पूर्ण अधिकार पाउने इरादाले कैकेयीले राजाको प्राण लिने हो कि ? ॥७॥ म आउनाले वृद्ध राजा यस समयमा अनाथ भएका होलान्, कामी राजा अहिले कैकेयीको अधीनमा परेका छन्, बिचरा के गर्न सक्तछन् ? ॥८॥ हामीलाई परेको यो दुःख र राजाको बुद्धि भ्रममा परेको देख्ता ता अर्थ र धर्म यी दुवै भन्दा काम पो ठूलो रहेछ भन्ने विचार आउँछ ॥९॥ हे लक्ष्मण ! पिताले मलाई त्याग गरेझैं को बुद्धिमान् मानिस स्वास्नीको वशमा परेर आफ्ना आज्ञाकारी छोरालाई त्याग गर्ला ? ॥१०॥ कैकेयीका छोरा भरत सुखी हुन्, उनकी स्वास्नी भाग्यमानी हुन्, किनकि भरत एकलै राजा जस्तै भएर, उन्नत अवस्थामा पुगेको

कोशल देशको भोग गर्नेछन् ।।११।। राजा दशरथ अत्यन्त बूढा भएका र म वनमा आएकोले, जम्मै राज्यको सुख केवल भरतलाई मात्र हुनेछ ।।१२।। जो राजा धर्म र अर्थलाई त्याग गरी केवल कामको अनुसरण गर्दछ त्यसले राजा दशरथझैं आपत्तिमा पर्नुपर्दछ ।।१३।। हे सज्जन ! म ता विचार गर्दछु कि दशरथको मृत्यु, मेरो वनवास र भरतको राज्यको निम्ति नै कैकेयीको जन्म भएको रहेछ ।।१४।। आफ्नो सौभाग्यले उन्मत्त भएर कैकेयीले, मेरो कारणले, आमा कौशल्या र सुमित्रालाई दुःख दिन वा उहाँहरूको अपमान गर्न सम्भव छ ।।१५।। हामीले गर्दा माता कौशल्या र सुमित्राले कष्ट भोग्नुपर्नेछ तसर्थ हे लक्ष्मण ! तिमी भोलि बिहानै यताबाट अयोध्यातिर लाग ।।१६।। म एकलै सीतासँग दण्डक वनमा प्रवेश गर्दछु, तिमी अयोध्या जानाले अनाथ भएकी कौशल्या आधार पाउनेछिन् ।।१७।। हे धर्मज्ञ ! नीच कर्म गर्ने कैकेयीले द्वेषले अन्याय गर्न अथवा तिम्री मेरी आमालाई विष खुवाउनेसमेत सम्भावना छ ।।१८।। हे लक्ष्मण ! पूर्व जन्ममा मेरी आमाले अवश्यै आइमाईहरूलाई पुत्रहीन गराइदिएकी रहिछन्, त्यसैको फल अब यस जन्ममा यसरी पर्न आयो ।।१९।। आमाले दुःख सही धेरै दिनसम्म मेरो पालन पोषण गरिन्, फलको समयमा अर्थात् मद्वारा सेवा पाउने वेलामा उनको मेरो वियोग हुन गयो, मलाई धिक्कार छ ।।२०।। कुनै आइमाईले पनि म जस्तो छोरा नजन्माऊन्, हे लक्ष्मण ! हेर, आफ्नी आमालाई म कस्तो दुःख दिइरहेको छु ।।२१।। हे लक्ष्मण ! मेरो भन्दा बर्ता ता त्यो मैनाको कौशल्यामा प्रेम रहेछ जो सधैं उनलाई "हे शुगे ! शत्रुको खुट्टा काट" भन्ने वाक्य सुनाउँछे, मैले ता यति पनि भन्न पाइनँ ।।२२।। खोटो कर्म भएकी मेरी आमा दुःखमा परेकी होलिन्, उनको छोरो भएर मैले केही उपकार गर्न सकिनँ, म भएर उनलाई के लाभ भयो ? एक किसिमले ता उनलाई छोरा नभएकी भने पनि भयो ।।२३।। म नहुनाले मेरी आमा अभागिनी भइन् । यस समयमा उनी दुःखले अत्यन्त पीडित भएकी र शोकसागरमा डुब्न लागेकी होलिन् ।।२४।। म एकलै नै, रिसाएर अयोध्याको ता के कुरा समस्त पृथ्वीलाई नै बाणद्वारा जित्न सक्तछु तर यहाँ पराक्रम देखाउने मौका छैन ।।२५।। हे लक्ष्मण ! म एक ता अधर्मदेखि दोस्रो परलोकदेखि डराउँछु, त्यसैले मैले आफ्नो अभिषेक नगराएको ।।२६।। यस निर्जन वनमा यस किसिमको तथा अरू पनि विलाप गरेर दुःखमा परेका रामको मुख आँसुले ढाकिदियो, राती उनी चूप लागेर बसे ।।२७।।

विलाप गरेर चूप लागेका राम, ज्वाला नभएको आगो तथा तरंग नभएको समुद्र जस्तै शान्त भए र लक्ष्मण उनलाई संझाउन लागे ।।२८।। हे वीरश्रेष्ठ राम ! तपाईं आउनाले अवश्यै अयोध्या आज चन्द्रमा नभएको रात जस्तै अँध्यारो देखिंदो हो ।।२९।। हे राम ! तपाईंले यस्तो ताप गर्न मनासीव पर्दैन, यसो गर्नाले तपाईं सीता र मलाई दुःख दिइरहनुभएको छ ।।३०।। जसरी पानीबाट झिकेको माछो बाँच्न सक्तैन् त्यसै गरी तपाईंविना न सीता बाँच्न सक्तछिन् न म बाँच्न सक्तछु ।।३१।। शत्रुलाई ताप गराउने हे राम ! तपाईंलाई छाडेर म बाबु, आमा सुमित्रा, शत्रुघ्न यी कसैलाई पनि हेर्न चाहन्नँ, तपाईंविना म स्वर्गसमेत रुचाउन्नँ ।।३२।।

यसरी कुरा गर्दा गर्दै यिनीहरू वरको रूखमुनि बसे, केही बेरपछि नगीचै रूखमुनि सुत्ने ठाउँ तय्यार पारेको देखेर धर्मवत्सल राम र सीता त्यसमा सुते ॥३३॥ लक्ष्मणका उत्तम तथा अनेक कुरा आदरपूर्वक सुनेपछि रामचन्द्रले वनवासको धर्मलाई स्वीकार गरी जम्मै वर्ष वनमा बिताउने इच्छा गर्नुभयो ॥३४॥ अब ता रघुको वंशलाई बढ़ाउने राम लक्ष्मण यी दुवै महाबली त्यस निर्जन वनमा नडराईकन नहडबडाईकन पर्वतको टाकुरामा बस्ने दोटा सिंह जस्तै भएर रहनलागे ॥३५॥

सर्ग—५४

राम भरद्वाज मुनिको आश्रममा पुग्दछन्, मुनि उनलाई चित्रकूटमा बस्ने उपदेश दिन्छन् ।

यी तीनै जनाले यो रमाइलो रात त्यै ठूलो रूखमुनि बिताए । भोलिपल्ट विहान निर्मल सूर्यको उदय भएपछि यिनीहरू त्यताबाट हिंडे ॥१॥ जहाँ भागीरथी गङ्गा यमुनासित मिसिएकी छन्, त्यहाँ जानाको निम्ति यिनीहरू घनघोरको जङ्गलको बाटो गरी हिंड्नलागे ॥२॥ यी यशस्वीहरू आफूले पहिले नदेखेका मैदान र अनेक प्रकारका रमाइला देश हेर्दै जानलागे ॥३॥ राम आनन्दपूर्वक फूल फुलेका रूख हेर्दै जानलागेका थिए । दिन सकिन सकिन लागेको वेलामा यिनी लक्ष्मणलाई भन्न-लागे ॥४॥

हे लक्ष्मण ! हेर, भगवान अग्निको ध्वजा अर्थात् सुगन्धि धूवाँ प्रयागको चारैतिर फैलिरहेको छ तसर्थ मुनिजी यहीं होलान् भन्ने अनुमान गर्दछु ॥५॥ निश्चय हामीहरू गङ्गा यमुनाको संगमस्थानमा आइपुग्यौं किनकि दुवै नदीको जलले ठक्कर खाएको आवाज सुनिन लागेको छ ॥६॥ जङ्गली चीज बीजले जीवन निर्वाह गर्नेहरूले काटेको काठ देखिनथाल्यो र आश्रममा नाना प्रकारका काटिएका रूख देखिन्छन् ॥७॥ यस प्रकारसँग आनन्दसाथ कुरा गर्दै यी दुवै धनुर्धारी दिन ढल्कँदा नढल्कँदै गंगा यमुनाको सङ्गममा मुनिको आश्रममा पुगे ॥८॥

आश्रमनेर पुगेपछि त्यहाँका पशु तथा चराहरूलाई तर्साउँदै एक छिन हिंडेर रामचन्द्र भरद्वाज मुनि बसेको आश्रममा पुगे ॥९॥ आश्रममा पुगेर सीतासहित यी दुवै वीर मुनिको दर्शन गर्ने अभिलाषाले अलि टाढै अडिए ॥१०॥ एक्कै छिनपछि लक्ष्मण र सीतालाई साथमा लिएर महात्मा रामचन्द्र हात जोर्दै आश्रमभित्र पसे र त्यहाँ ऋषिलाई देख्नासाथ सबैले प्रणाम गरे । कडा तपस्या गर्ने तपद्वारा ज्ञानदृष्टि पाएका, होम सिद्ध्याइसकेका ती ऋषि एकाग्र भई आफ्ना शिष्यहरूको साथमा बसेका थिए ॥११-१२॥ रामले यस प्रकारसँग ऋषिलाई आफ्नो परिचय दिए—हे भगवन् ! हामी राजा दशरथका छोरा हौं, राम लक्ष्मण हाम्रो नाम हो, यिनी मेरी पत्नी राजा जनककी छोरी हुन्, यिनको नाम वैदेही हो, यी सुन्दरी पनि मेरो साथमा वनमा आएकी छन् ॥१३-१४॥ पिताजीले वनवास दिंदा, यी

सुमित्राका छोरा मेरा प्यारा भाइ पनि मसँगै वनमा आए र मेरो साथसाथै यिनले पनि वनवासको व्रत धारण गरेका छन् ॥१५॥ हे भगवन् ! पिताको आज्ञाले हामी तपोवनमा आएका छौं, वनवासको समयमा हामी धर्माचरणमा रही फल-मूलको आहारा गर्नेछौं ॥१६॥

बुद्धिमान् राजपुत्रको यो कुरा सुनेपछि धर्मात्मा भरद्वाज ऋषिले मधुपर्कको निम्ति गाई र अर्घको निम्ति जल ल्याइदिए ॥१७॥ तपस्वी ऋषिले अनेक प्रकारका रसिला कन्दमूल, फल-फूल तथा किसिम किसिमका अन्न ल्याएर दिए र बस्नको निम्ति ठाउँ पनि ठीक पारिदिए ॥१८॥ यी भरद्वाज, ऋषि तथा पशु पक्षीको साथमा बसेका थिए । आफूकहाँ आएका रामचन्द्रको यिनले स्वागत गरेर सत्कार गरे ॥१९॥ मुनिले गरेको स्वागतरूपी पूजा स्वीकार गरेर राम बसिसकेपछि भरद्वाज मुनि धर्मयुक्त कुरा भन्नलागे ॥२०॥

हे राम ! तिमी धेरै दिनपछि यस आश्रममा आयौ, विनाकारणमा तिमीलाई वनवास दिएको कुरा मैले सुनिसकेको छु ॥२१॥ गंगा यमुना यी दुई नदीहरूको यो संगमस्थान बडो एकान्त, पवित्र र रमाइलो छ, आनन्दसँग यहीं बस ॥२२॥

भरद्वाजको कुरा सुन्दा सबैको भलो गर्नामा लागेका रामले मीठो कुरा भनेर उत्तर दिए ॥२३॥ हे भगवन् ! पुरवासी र राष्ट्रवासीहरूलाई यो ठाउँ बडो नजीक पर्दछ, यसैले मलाई र सीतालाई हेर्न सजिलैसँग यहाँ आश्रममा मानिस आउनेछन्, यसै कारण म यहाँ बस्न निको मान्दिनँ ॥२४-२५॥ मेरो निम्ति अर्को कुनै उत्तम एकान्त ठाउँ भन्नुहोस् जहाँ कि सुखको चाहना गर्ने सीताको चित्त प्रसन्न रहोस् ॥२६॥

रामचन्द्रको यो कुरा सुन्दा भरद्वाज मुनि गूढ अर्थ भएको कुरा भन्नलागे ॥२७॥ हे राम ! यहाँ-देखि दश कोस पर तिमीले बस्न सुहाउने एउटा पर्वत छ । यो पर्वत बडो राम्रो र पवित्र छ, यहाँ मुनि-हरू बस्तछन्, गन्धमादनको जस्तो शोभा भएको यो पर्वत चित्रकूटको नामले प्रख्यात छ । यहाँ लंगूर, वानर भालु बस्तछन्, जहाँदेखि मानिस चित्रकूट पर्वतको टाकुरा देख्नथाल्दछन् , त्यहींदेखि तिनको मन पुण्य कर्मतिर लाग्दछ, पापतिर तिनको मनै जाँदैन ॥२८-३०॥ यहाँ सयकडौं वर्षसम्म शिवजीका साथमा विहार गरेर, आफ्नो तपको बलले ऋषिहरू सशरीर स्वर्गमा गएका छन् ॥३१॥ त्यहाँ दुष्टहरू बस्तैनन्, यो आनन्दको ठाउँ तिमीलाई बस्नाको निम्ति बेश होला भनी ठान्दछु अथवा यहीं मसँग बस्ने भए पनि हुन्छ ॥३२॥

भरद्वाजले आफ्ना प्यारा पाहुना सपत्नीक रामचन्द्रको लक्ष्मणका साथसाथै सबै मनोरथ पूर्ण गरे र त्यो दिन राती आफूकहाँ नै राखे ॥३३॥ प्रयागमा महर्षि भरद्वाजसँग बस्ता अनेक तरहका कुरा गर्दा गर्दैमा रामचन्द्रको त्यो रमाइलो रात वितिहाल्यो ॥३४॥ सीता, लक्ष्मण र तेस्रा राम यी सबै थाकेका थिए, यिनीहरूलाई विश्राम चाहिएको थियो, यो रात यिनीहरूले सुखपूर्वक भरद्वाजको आश्रममा बास बसे ॥३५॥ रात वितेर विहान भएपछि नरश्रेष्ठ राम, तेजले बलिरहेका मुनिनेर गई भन्नलागे ॥३६॥ हे

सत्यशील भगवन् ! हामीले सुखपूर्वक तपाईंको आश्रममा रात बितायौं, अब कृपा गरेर हामीलाई आफ्नो वासस्थानमा जाने आज्ञा दिनुहोस् ।।३७।।

रात बितेर प्रातःकाल भएपछि भरद्वाजले भने—अब तपाईं मधु, फलमूलले युक्त भएको चित्रकूटमा जानुहोस् ।।३८।। हे महाबली राम ! तपाईंलाई बस्नाको निम्ति त्यै ठाउँ ठीक छ, त्यहाँ अनेक पर्वत छन् र किन्नर, नाग आदि बस्तछन् ।।३९।। त्यहाँ मयूरको आवाज सुनिन्छ, बडा बडा हात्ती रहन्छन्, तपाईं चित्रकूटको नामले प्रसिद्ध भएको पर्वतमा नै जानुहोस् ।।४०।। त्यो पर्वत बडो पवित्र र रमाइलो छ, त्यहाँ अनेक फलमूल हुन्छन्, हात्ती तथा मृगका बथानका बथान देखिन्छन् ।।४१।। वनमा सीतासँग घुम्दाखेरि नदी, खोला, पर्वतका टाकुरा, गुफा, झरना देख्ता प्रसन्न हुनुहुनेछ ।।४२।। आनन्दमा परेका हुटिस्याउँ र कोइली चराको शब्दले मानिसको मन रमाइलो पार्ने, बडो सुख दिने तथा कल्याण गर्ने, हरिण तथा मत्त हात्तीले सुशोभित भएको चित्रकूटमा गई त्यहीं आफ्नो आश्रम बनाएर बस्नुहोस् ।।४३।।

सर्ग—५५

कालिन्दी नदी पार गरी राम यमुनाको वनमा जान्छन् ।

शत्रुहरूको दमन गर्ने यी दुई राजकुमार त्यो रात त्यहीं वास बसी बिहानीपख महर्षिलाई प्रणाम गरेर चित्रकूटतिर लागे ।।१।। बाबुले आफूबाट जन्मेको छोरालाई आशीर्वाद दिए झैं, मुनिले यिनीहरूलाई जानलागेको देखेर, हिंड्ने समयमा मङ्गल पढी आशीर्वाद दिए ।।२।। यसपछि परम तेजस्वी महर्षि भरद्वाज सत्यपराक्रम रामचन्द्रलाई यस प्रकारसँग भन्नलागे ।।३।।

हे नरश्रेष्ठ ! गंगा यमुनाको संगमस्थानदेखि अलि पर जहाँ यमुना नदी पश्चिम मुख भई बगेकी छन् त्यतैबाट यमुनाको किनारै किनार तपाईंहरू जानुहोला ।।४।। हे राम ! यमुना नदीको जलको साथमा अनेक नदीहरू आएर मिसिएका छन् । उनको पवित्र जल बगेको हेरेर तपाईंहरूले नाउद्वारा सूर्यकन्या यमुनालाई पार गर्नू ।।५।। त्यहाँबाट अलि पर गएपछि तपाईंहरूले वरको एउटा ठूलो रूख देख्नुहुनेछ, यसका पात हरिया छन् र अनेक रूख यसमा मिसिएका छन्, यहाँ सिद्धहरू बस्तछन् ।।६।। सीताले हात जोरेर त्यो रूखसित आशीर्वाद मागून्; त्यहाँ पुगेपछि केही काल त्यहीं विश्राम गरे पनि हुन्छ अथवा बाटो लागे पनि हुन्छ ।।७।। त्यहाँबाट एक कोस पर गएपछि नीलो रंगको वन भेटिनेछ, यस वनमा साल, बयर र जंगली जामुनका रूख छन् ।।८।। चित्रकूट जाने बाटो यै हो, धेरैचोटि म यै बाटोबाट गएको छु, यो बाटो बडो राम्रो र रमाइलो छ, दावानल (वनको डढेलो) यहाँ कहिले पनि लाग्दैन ।।९।। बाटो बताएर महर्षि चूप लागे; रामले पनि उनलाई प्रणाम गरी ''तपाईंले भन्नुभएको बाटोबाट हामी जानेछौं'' भनेर उनलाई फर्काइदिए । मुनि फर्केर गएपछि राम, लक्ष्मणलाई भन्नलागे ।।१०-११।।

तिम्रो कल्याण होस्, हामी पुण्यात्मा रहेछौं किनकि मुनि हामीमाथि दया गर्दछन् । यस प्रकार-

सँग विचार गरेर यी दुवै पुरुषसिंह सीतालाई अगाडि राखेर यमुनाको तीरै तीर हिंड्नलागे। बडो वेगले बग्ने यमुनाको घाटनेर आइपुगेपछि नदी पार गर्नुपरेकोले यिनीहरू चिन्तामा परे। यी दुवै जनाले सुकेको काठ जम्मा पारेर एउटा ठूलो डुङ्गा तय्यार पारे ॥१२-१४॥ यसमा वनका सुकेका काठ र खस बिच्छ्याइदिएर पराक्रमी लक्ष्मणले वेत र जामुनको हाँगा काटेर सीतालाई बस्नाको निम्ति एउटा सुविस्ताको ठाउँ बनाइदिए। लक्ष्मीको झैं विचारै गर्न नसकिने प्रभाव भएकी, यस बखतमा केही लाज मानिरहेकी आफ्नी प्यारी सीतालाई स्वयं दशरथपुत्र रामचन्द्रले डुङ्गामा चढाइदिए। यस डुङ्गामा सीताको नगीचै रामले लुगा, गहना कोदाली र डालो बडो सावधान भई राखे। डुङ्गा समातेर दुवै भाइले सीतालाई बसाले र अनि सावधानीसाथ प्रसन्नतापूर्वक डुङ्गा चलाउनथाले।

नदीको बीचमा पुगेपछि यमुनालाई प्रणाम गरेर सीता भन्नलागिन् ॥१५-१९॥ हे देवी ! म तपाईंलाई पार गर्न लागेकी छु, मेरा पतिले कल्याणपूर्वक आफ्नो व्रत पूरा गरून्। राम सकुशल आफ्नो शहर अयोध्यामा फर्केपछि हजार गाई तथा सय घडा रक्सीले म तपाईंको पूजा गर्नेछु। सीताले यस प्रकारसँग हात जोरेर यमुनाको स्तुति गर्दा गर्दैमा यिनीहरू दक्षिण तीरमा पुगिहाले। यमुनानदीको यस किनारमा अनेक वृक्ष लागेका थिए, लहरीको माला नदीले धारण गरेकी थिइन् र वेगले बगिरहेकी थिइन्। यस किसिमकी यमुना नदीलाई यिनीहरूले डुङ्गाद्वारा पार गरे। डुङ्गालाई त्यहीं छाडेर यिनीहरू यमुनाको किनारको वनको बाटो गरेर शीतल, हरियो पात भएको श्याम रंगको वरको रूखनेर पुगे। सीता यो रूखनेर गई त्यसलाई प्रणाम गरी भन्नलागिन् ॥२०-२४॥

हे वटवृक्ष ! म तिमीलाई नमस्कार गर्दछु, मेरा पतिले चौध्र वर्षको वनवासको व्रत पूरा गरून्, कौशल्या र यशस्विनी सुमित्रालाई हामीले हेर्न पाऔं। हात जोरेर यस किसिमले प्रार्थना गरिसकेपछि सीताले सो ठूलो रूखको प्रदक्षिणा गरिन्। सुन्दरी र प्यारी सीतालाई वरको रूखसित प्रार्थना गरिरहेकी देखेर रामले लक्ष्मणलाई भने—हे नरश्रेष्ठ, भरतका भाइ, तिमी सीतालाई लिएर अघिअघि जाऊ, शस्त्र लिएर म पछिपछि आउँछु। सीता जुन जुन फल अथवा जे जे फूल भन्दछिन् सो यिनलाई दिंदै गरे, यसनिम्ति कि यिनको मन प्रसन्न भइरहोस्। अब सीता आफूले पहिले नदेखेका प्रत्येक रूख, झुप्पा, अथवा फूल लागेका लहराको बारेमा रामसित सोध्नलागिन्। सीता जे जे माग्दथिन् लक्ष्मण झट्टै गएर, फूल फुलेका, किसिम किसिमका राम्रा रूखहरूका हाँगा ल्याइदिन्थे। यमुना नदीको तटमा अनेक किसिमका बालुवा देख्ता तथा हाँस र सारसको शब्द सुन्दा सीता बहुतै खुशी भइन्।

अब दुई भाइले कोसभर जति गएर अनेक पवित्र हरिणहरूलाई मारे र यमुनाको वनमा घुम्नलागे ॥२५-३२॥ बोलिरहेका मयूरद्वारा शब्दायमान भएको, हात्ती तथा वानरले युक्त भएको, रमाइलो त्यस वनमा, देख्नामा राम्रा राम लक्ष्मण नदीको तीरमा आएर घुम्नलागे र साँझतिर आफ्नो ठाउँमा फर्केर आए ॥३३॥

सर्ग—५६

राम चित्रकूट पुगी त्यहाँ कुटी बनाएर बस्तछन् ।

रात बितेपछि पनि सुतिरहेका लक्ष्मणलाई रामचन्द्रले बिस्तारै बिस्तारै उठाए ॥१॥ हे लक्ष्मण ! सुन, जङ्गलका पशु पक्षीहरू मधुरो स्वरले बोलिरहेका छन्, अब प्रस्थानको वेला भयो, हामी बाटो लागौं ॥२॥ रामचन्द्रले उठाउँदा सुतिरहेका लक्ष्मणले निद्रालाई त्याग गरे, यिनको थकाइ तथा आलस्य सब दूर भयो ॥३॥ उठीकन यिनीहरूले नदीको पवित्र जलमा स्नान संध्या सिध्याई ऋषिगणद्वारा सेवित भएको चित्रकूट जाने बाटोबाट हिंड्नथाले ॥४॥ प्रातःकालमा लक्ष्मणलाई साथमा लिई प्रस्थान गरेका राम, बाटोमा कमलको पात जस्ता आँखा भएकी सीतालाई भन्नलागे ॥५॥

हे सीते ! हेर, वसन्त ऋतु लागेको हुनाले पलाशका रूखले आफ्ना फूलको माला पहिरेको जस्तो देखिन्छ, फूल फुलेका यी पलाशका रूखमा आगो लागेको जस्तो देखिन्छ ॥६॥ हेर, यी भलायो र बेलका रूख फलफूलको भारले निहुरिरहेका छन् , मानिसले यिनमा लागेका फल टिप्न पाएका छैनन् , यिनैद्वारा हाम्रो जीवन निर्वाह हुन सक्तछ ॥७॥ हे लक्ष्मण ! हेर, प्रत्येक रूखमा माहुरीहरूले जम्मा पारेका द्रोण परिमाणका अर्थात् ठूला ठूला महका चाका झुण्डिरहेका छन् (क) ॥८॥ दात्यूह नामको चरा बोलिरहेको छ, यसको शब्द सुनेर मयूर पनि बोल्नलागिरहेको छ । यता रमणीय वनप्रदेशमा फूलको वृष्टि भइरहेको जस्तो छ, हात्तीको बथान डुलिरहेको छ, चराहरूले बोलेको आवाज सुनिन्छ, ठूला ठूला टाकुरा भएको यस्तो चित्रकूट पर्वतलाई हेर ॥९–१०॥ पवित्र चित्रकूटको वनमा आनन्दपूर्वक बसेर हामी बिहार गर्नेछौं ॥११॥

यसरी कुरा गर्दै सीतासँग पैदल हिंडिरहेका दुवै भाइ रमणीय तथा राम्रो चित्रकूट पर्वतमा पुगे ॥१२॥ यस वनमा, नाना प्रकारका चराचुरुङ्गी, किसिम किसिमका फल-मूलले तथा स्वादिलो पानीले भरिएका तलाउले शोभा पाइरहेको, मनलाई आनन्द गराउने पर्वतमा पुगेर रामले भनेः—हे लक्ष्मण ! हेर, यो पर्वत बडो रमाइलो छ, किसिम किसिमका रूख, लहरा, फल, मूल भरिभराउ छन् , मलाई ता यहाँ हामी सबैलाई सजिलैसँग आहारा पाइएला जस्तो लाग्दछ ॥१३-१४॥महात्मा र मुनिहरू यस पर्वतमा निर्वाह गर्दछन्, यो बस्ने योग्य ठाउँ छ, हामी यहीं बसौं ॥१५॥

यस्तो विचार गरी राम, लक्ष्मण र सीता यी तीनै जनाले आश्रममा गई हात जोरेर वाल्मीकि मुनिलाई प्रणाम गरे ॥१६॥ धर्म जान्ने मुनिले "बस्नुहोस्, तपाईंहरूलाई स्वागत छ" भनेर प्रसन्न भई उनीहरूको पूजा गरे ॥१७॥ ऋषिलाई विधिपूर्वक आफ्नो परिचय दिइसकेपछि महाबाहु रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥१८॥ हे लक्ष्मण ! असल र राम्रो काठ लिएर आऊ, यहाँ घर बनाऔं, मलाई यहाँ बस्न निको लागेको छ ॥१९॥ रामको यो कुरा सुनेर शत्रुलाई ताप गराउने

(क) द्रोण शब्दको अर्थ बत्तीस सेर मह भएको चाका हो ।

लक्ष्मणले अनेक रूख काटेर ल्याई त्यहाँ पातको छाप्रो बनाए ॥२०॥ बलियो काठले बनेको तथा राम्री छाइएको हुनाले वर्षा आँधीमा अड्न सक्ने कुटी देखेर रामले सेवा गर्नामा तत्पर, एकाग्र मनले उभिरहेका लक्ष्मणलाई भने ॥२१॥ हरिणको मासु ल्याएर हामी यस कुटीमा होम गरौं, दीर्घायु हुने इच्छा भएको मानिसले अवश्यै वास्तु शान्ति गर्नुपर्दछ ॥२२॥ हे लक्ष्मण ! एउटा हरिण मारेर ल्याऊ, शास्त्रको अनुसार विधि गर्नुपर्दछ, धर्मको संझना राख ॥२३॥

शत्रुलाई नाश गर्ने लक्ष्मणले दाजुको आज्ञा सुनेर सोही मुताबिक गरे । यो देख्ता राम फेरि भन्न-लागे ॥२४॥ तिमी यस हरिणको मासु पकाऊ, म कुटीमा यज्ञ गर्दछु, हे लक्ष्मण ! छिटो गर, अहिले दिन राम्रो छ र मुहूर्त्त पनि असल छ ॥२५॥

प्रतापी लक्ष्मणले आगो बालेर मारेर ल्याएको त्यो पवित्र कृष्ण मृगलाई त्यसमा हाले ॥२६॥ राम्ररी पाकेको तथा रगत बग्न थामिएको देखेर लक्ष्मणले पुरुषश्रेष्ठ रामलाई भने ॥२७॥ यो कृष्ण मृगको अङ्ग प्रत्यङ्ग सबै राम्ररी पाकिसक्यो, हे देवता जस्ता राम ! तपाईं यसले देवताको पूजा गर्नुहोस्, देवपूजनमा तपाईं सिपालु हुनुहुन्छ ॥२८॥ मन्त्रको रहस्य जान्ने गुणी रामचन्द्रले स्नान गरेर जप गरे अनि संक्षेपमा यज्ञ मन्त्र पढेर यज्ञको जम्मै काम गरिदिए ॥२९॥ सबै देवताको पूजा गरिसकेपछि पवित्र रामले घरमा प्रवेश गरे । अत्यन्त तेजिला रामको मनमा यस बखतमा बडो हर्ष भयो ॥३०॥ यसपछि वैश्वदेवबलि, रौद्रबलि तथा वैष्णवबलि गरेर घरको दोष दूर गर्ने वास्तु, शान्तिका मङ्गल वचन पढ्नथाले ॥३१॥ विधिपूर्वक नदीमा स्नान गरेर तथा विधिपूर्वक जप गरेर रामले दोष दूर गर्ने उत्तम बलि गरे ॥३२॥ रामचन्द्रले आश्रमलाई सुहाउने किसिमको वेदि (बलि दिने स्थान) चैत्य (गणेशको स्थान) र आयतन (विष्णु आदिको स्थान)को स्थापना गरे ॥३३॥

रूखका पातले छाइएको यो कुटी खूब राम्रो बनेको थियो, यसमा हावा आदिको बचाउ थियो र रमाइलो ठाउँमा बनेको थियो । देवताहरूले सुधर्मा नामको सभामा प्रवेश गरेझैं सबै राम, लक्ष्मण र सीताले बस्नाको निम्ति यसभित्र प्रवेश गरे ॥३४॥ रमाइलो चित्रकूट पर्वत तथा मनोहर घाट भएको माल्यवती नदी भेट्टाउनाले राम खूब प्रसन्न भए र यिनले अयोध्याको वियोगको दुःख बिर्सिदिए ॥३५॥

सर्ग—५७

अयोध्यामा पुगेर सुमन्त्रले खबर सुनाउँदा दशरथ मूर्च्छा पर्दछन् ।

यता गुह दुःखित भएर धेरै बेरसम्म सुमन्त्रसित कुरा गरिरहे र रामचन्द्र गङ्गाको दक्षिण किनारामा पुगेपछि आफ्नो घरतिर लागे ॥१॥ प्रयागमा रामचन्द्र भरद्वाजको आश्रममा गएका, मुनिबाट उनको सत्कार भएको र पुगुन्जेलसम्मको सबै वृत्तान्त गुहले आफ्ना दूतहरूद्वारा थाहा पाए ॥२॥

सुमन्त्रले पनि गुहद्वारा यी सबै कुरा थाहा पाए । आफ्ना उत्तम घोडालाई रथमा जोती, मनमा

बडो दुःख मानी अयोध्यातिर हिंडे ।।३।। यिनी बास्ना आइरहेका वन, नदी, तलाउ, गाउँ शहर हेर्दै छिटो छिटो जानलागे ।।४।। सारथि दोस्रो दिन साँझतिर अयोध्यामा आइपुगे र शहरमा यिनले कतै पनि आनन्द देखेनन् ।।५।। शून्य, कतैबाट आवाजसम्म पनि नआउने शहर देख्ता शोकको वेगले पीडित भएका सुमन्त्र चिन्ता गर्नलागे ।।६।। हात्ती, घोडा, मानिस तथा राजासहित यो जम्मै शहरै, रामको वियोगको दुःखले जलेर भस्म भएको हो कि ? ।।७।। यस प्रकारको चिन्ता गर्दै छिटो दगुर्ने घोडाद्वारा शहरको ढोकासम्म आइपुगे र फेरि झट्टै शहरभित्र पसे ।।८।। सारथिलाई देख्नासाथ सैकडौं, हजारौं मानिस "राम कहाँ छन्" भनेर सोध्दै उनको पछिपछि दगुरे ।।९।।

सुमन्त्रले यिनीहरूलाई भने, गङ्गाको किनारमा पुगेपछि धार्मिक महात्मा रामलाई सोधेर तथा उनको आज्ञा लिएर म फर्केर आएको हुँ ।।१०।। राम गङ्गापारि गए भन्ने थाहा पाएर यिनीहरू रुन र आफूलाई धिक्कार दिनलागे । लामा लामा सास फेद "हा राम, हा राम" भनेर विलाप गर्नलागे ।।११।। बेग्ला बेग्लै गोल बाँधेर बसेका ती मानिसहरूले "खोइ, राम ता देखिंदैनन्, अफसोस हामी मारियौं" भनेको सुमन्त्रले सुने ।।१२।। अब हामी दान, यज्ञ, विवाह, तथा ठूला ठूला उत्सवमा धर्मात्मा रामलाई मानिसको बीचमा देख्न पाउनेछैनौं ।।१३।। रामचन्द्र बाबुले झैं नगरको परिपालना गर्दथे र प्रजाको निम्ति के गर्नुपर्दछ, प्रजा कसरी सुखी होलान्, यिनीहरूलाई के मन पर्दछ भन्ने कुरा सदा विचार गर्दथे ।।१४।। यसपछि सुमन्त्रले बजारको बीचबाट जाँदाखेरि झ्यालमा बसेका तथा रामको लागि दुःखी भएका आइमाईहरूले विलाप गरिरहेको सुने ।।१५।। आफ्नो मुख छोपेर सडकको बीचबाट सुमन्त्र त्यस घरमा गए जहाँ कि राजा दशरथ थिए ।।१६।। रथबाट झटपट ओर्लेर यिनी मानिसको भीड लागेको सातओटा ढोका पार गर्दै राजमहलभित्र पसे ।।१७।। रामलाई नदेख्नाले व्याकुल भएका आइमाईहरूले अटाली, साततले घर तथा राजाको दरबारबाट, सुमन्त्रलाई एक्लै फर्केको देख्ता, गरेको हाहाकारको शब्द सुनियो ।।१८।। यिनीहरूका ठूला ठूला चहकिला आँखा आँसुले भरिएका थिए, यिनीहरू दुःखले रुँदै आपसमा हेराहेर गर्नलागे ।।१९।। राजाको दरबारमा जतातत्तै रामको शोकले पीडित भएका दशरथका रानीहरूले यस प्रकारसँग विलाप गरेको सुनियो ।।२०।।

सुमन्त्र रामलाई लिएर यताबाट गएथे, तर अहिले ता उनलाई नलिईकन फर्के, रोइरहेकी कौशल्यालाई यिनले के जवाफ देलान् ? ।।२१।। राम जाँदाखेरि पनि कौशल्यालाई जीउँदै रहेको देख्ता हाम्रो यो जीवन बडो दुःखमयको रहेछ र आफूले चाहेको वेलामा मृत्यु हुँदो रहेनछ भन्ने थाहा भयो ।।२२।। रानीहरूको यस किसिमको साँचो कुरा सुन्दा सुमन्त्र शोकले डढेझैं भएर हतपत गर्दै राजाको महलभित्र पसे ।।२३।।

आठौं फाटक पार गरेपछि सुमन्त्रले राजालाई सेतो घरमा पुत्रशोकले मलिन दुःखी र उद्विग्न अवस्थामा परेको देखे ।।२४।। सुमन्त्रले बसिराखेका राजानेर गई प्रणाम गरेर रामले भनेका जम्मै कुरा उनलाई सुनाए ।।२५।। राजाले चूप लागेर सुमन्त्रको सबै कुरा ता सुने तर सुन्नासाथ मनमा आकुल

व्याकुल भई यिनी रामको शोकले मूर्च्छा खाएर भूईँमा लडिहाले ॥२६॥ राजा मूर्च्छा परेर भूईँमा लडेकोले अन्तःपुरका सबै रानीहरू बडो दुःखित भए र हात उठाई उठाईकन रुनलागे ॥२७॥

कौशल्याले सुमित्रालाई साथमा लिई लडेका राजालाई उठाइन् र अनि भन्नलागिन् ॥२८॥ हे महाभाग ! गाह्रो काम गर्ने रामका यी दूत वनबाट फर्केर आएका छन्, तपाईंले यिनीसित किन नबोलेको ? ॥२९॥ हे राजन् ! अन्याय गरिसकेपछि अब किन लाज मान्नुहुन्छ ? रामलाई वनवास पठाउने काम त तपाईंको सत्यपालन हो, उठ्नुहोस्, तपाईंले नै यस्तो शोक गर्नुभयोभने अरूको के गति होला ? तपाईंलाई कसले सहायता गर्ला ? ॥३०॥ हे राजन् ! जसको डर मानेर तपाईंले सारथिसित रामको हाल खबर बुझ्न सक्नुभएको छैन ती कैकेयी यहाँ छैनन्, तपाईं निश्चिन्त भएर यिनीसित कुरा गर्नुहोस् ॥३१॥

शोकले पीडित भएकी कौशल्या राजालाई यति भन्नासाथ भूईँमा लडिहालिन्; आँसु बर्बरी खसिरहेकोले घाँटी थुनिएर बोली नै फुटेन ॥३२॥ कौशल्यालाई भूईँमा लडेर विलाप गरिरहेको र राजाको त्यस्तो अवस्था देख्ता सबै रानीहरू चारैतिरबाट रुनलागे ॥३३॥

अन्तःपुरबाट रोएको आवाज निस्केकोले शहरका बूढा तन्नेरी, लोग्ने मानिस, आइमाई सबै जताततै रुनथाले, फेरि जम्मै शहरमा कोलाहल मच्चियो ॥३४॥

सर्ग—५८

सुमन्त्र राजालाई रामको समस्त वृत्तान्त विस्तारपूर्वक सुनाउँछन् ।

मूर्च्छाबाट विउँझेपछि होशमा आएका राजाको चित्त जब अलि शाम्य भयो अनि यिनले रामको समाचार सुन्नाका लागि सारथिलाई बोलाइपठाए ॥१॥ सुमन्त्र हात जोरेर राजाको सामुन्ने आए। राजा रामलाई नै संझिरहेका थिए र दुःख तथा शोकले व्याप्त भएका थिए ॥२॥ बूढा राजा भर्खर पक्राउमा परेको हात्ती जस्तै शोकले व्यस्त थिए, रामलाई संझिरहेका यिनी बिरामी हात्ती जस्तै स्वाँ स्वाँ गरिरहेका थिए ॥३॥ राजा दशरथ आफ्नो अगाडि आएका सारथिसित बडो निन्याउरो मुख लगाएर भन्नलागे; सारथिको शरीर धूलोले मुछिएको थियो, मुखमा आँसुका धारा बगिरहेका थिए र मन दुःखले व्याकुल भइराखेको थियो ॥४॥

हे सारथि ! अहिले धर्मात्मा राम कहाँ बसेका होलान् ? रूखको फेदमा ता बसेका होलान्, के खैँदा होलान् ? उनले तिमीलाई के भनी पठाएका छन् ? ॥५॥ हे सुमन्त्र ! दुःख नपाउनुपर्नेले दुःख पाइरहेका छन्, पलङ्गमा सुत्नुपर्ने ती राजकुमारले अनाथझैं भूईँमा कसरी सुत्ने हो ? ॥६॥ बाहिर निस्कँदा जुन रामको सँगमा पैदल फौज, रथ र हात्ती जान्थे तिनै अब निर्जन वनमा कसरी बस्लान् ? ॥७॥ नाना प्रकारका दुष्ट पशु, अजिङ्गर, कालो सर्प तथा हरिणले भरिभराउ भएको वनमा दुवै राजकुमार सीताको साथमा कसरी बस्लान् ? ॥८॥ हे सुमन्त्र ! सुकुमारी सीतासँग ती दुई राजकुमार

१७

रथबाट ओर्लेपछि हिंडेर कसरी गए ? ।।९।। अश्विनीकुमारले मन्दराचलमा प्रवेश गरेझैं मेरा दुइ छोराले वनमा प्रवेश गर्नलागेको देख्न पाउने तिमी भाग्यमानी रहेछौ, तिम्रै अभिलाषा पूर्ण भयो ।।१०।। हे सुमन्त्र ! वनमा पुगेर राम, लक्ष्मण र सीताले के के कुरा भने ।।११।। हे सारथि ! रामले बसेको, खाएको, सुतेको जम्मै कुरा भन । साधुको समागमले राजा ययाति बाँचेझैं म पनि यी कुरा सुनेर बाँचिहाल्दछु कि ! ।।१२।।

राजाको आज्ञा पाएकोले सारथि रामसम्बन्धी कुरा भन्नलागे । आँसुले गर्दा घाँटी रोकिएको हुनाले यिनी बोल्दाखेरि लर्बरिन्थे ।।१३।। हे महाराज ! धर्मको पालना गर्ने रामचन्द्रले हात जोरी र टाउकोले ढोगी मलाई भनेका छन् ।।१४।। हे सारथि ! संसारमा धर्मात्माको नामले प्रख्यात भएका, ढोग दिन योग्य महात्मा मेरा पिताका चरणमा मेरा तर्फबाट तिमीले ढोग दिए ।।१५।। हे सूत ! अन्तःपुरका सबै रानीहरूलाई कुशल मङ्गलको खबर दिएर मेरा तर्फबाट यथोचित प्रणाम सुनाउनू ।।१६।। मेरी माता कौशल्यालाई अवश्यै मेरो कुशल तथा दण्डवत् सुनाएर यति कुरा भन्नू ।।१७।। सदा धर्मको पालना तथा बेला बेलामा अग्निहोत्र गरेर देवतालाई झैं राजाका चरणको सेवा गर्नुहोला ।।१८।। मेरा अरू आमाहरूको साथमा अभिमान, मान छाडेर व्यवहार गर्नुहोला, राजा कैकेयीको भनाइमुताबिक चल्दछन्, तसर्थ उनलाई मान्नुहोला ।।१९।। कुमार भरतसित राजाको जस्तो व्यवहार गर्नू, सानो भए तापनि राजा भएपछि ता मान्नै पर्दछ—राजधर्ममा यस्तै छ, यो कुरा संझनुहोला ।।२०।। भरतलाई मेरो कुशलको खबर सुनाएर, मेरा तर्फबाट, सबै आमाहरूको साथमा धर्मानुसारको व्यवहार गर्नू भनिदिए ।।२१।। इक्ष्वाकुकुलनन्दन महाबाहु भरतलाई तिमीले युवराज पद पाएका छौ तसर्थ राज्यासनमा रहेका पिताको आज्ञा पालन गर्नू भनेर पनि सुनाइदिए ।।२२।। राजा बूढा भइसकेका छन् तसर्थ लोभले राज्यासनको अभिलाषा नराख्नू, राजाको आज्ञामुताबिक चलेर युवराज पदमा नै सन्तोष गर्नू ।।२३।। छोराको माया गर्ने मेरी आमालाई आफ्नै आमा संझनू भन्ने कुरा पनि आँखाबाट आँसु झार्दै भनेका छन् ।।२४।। महाबाहु, कमल जस्ता आँखा भएका रामले मलाई यस प्रकारको कुरा भनेर अखण्ड धारा आँसु बगाए ।।२५।।

लक्ष्मणले ता खूब झोंकिएर लामो लामो सास फेर्दै भने—कुन अपराधमा राजपुत्र निकालिएका हुन् ? राजाले ता झटपट कैकेयीलाई राज्य दिइहाले, उनले गरेको यो काम उचित होस् वा अनुचित, हामीलाई वनवासले गर्दा दुःख भइरहेको छ ।।२६-२७।। राजाले रामलाई जो वनवास दिए, त्यो यशको लोभले हो वा वरदानले गर्दा हो, जे भए पनि राजाले यो पापै गरेको हो ।।२८।। यो रामचन्द्रको वनवास ईश्वरको प्रेरणाले भएको हो भनूँभने पनि, यिनमा वन पठाउनुपर्ने कुनै दोष देखिन्न ।।२९।। बुद्धिको अभावले सोच विचार नगरीकन रामको विरुद्ध यो जो कार्रवाई भएको छ त्यसले अवश्यै रामलाई वन पठाउनेहरूको निन्दा हुनेछ ।।३०।। म राजालाई आफ्नो बाबु सम्झन्नँ, मेरो दाजु, मालिक, बन्धु, बाबु जे भने पनि राम नै हुन् ।।३१।। राजा सबको भलो गर्ने भए तापनि, सबैका प्यारा रामलाई वन-

वास पठाउने एउटै कामले गर्दा यिनीमाथि कसको अनुराग हुन सक्तछ ।।३२।। सबै प्रजाका प्यारा, धार्मिक रामचन्द्रलाई वनमा पठाएर राजा सबैका विरोधी भए, अब यिनी कसरी राजा भएर रहन सक्तछन् ।।३३।।

हे महाराज ! तपस्विनी सीता ता भूत लागेको मानिस हडबडाएको झैं हडबडाएर लामो सास फेर्दै एक दृष्टि लगाएर अचल भई बसिरहिन्, केही पनि बोलिनन्।।३४।। यी राजपुत्रीले योभन्दा अघि कहिले पनि दुःख देखेकी थिइनन्, यै दुःखले गर्दा यिनले मुखले केही बोलिनन्, केवल रोई मात्र रहिन्।।३५।। मलाई अयोध्यातिर फर्कनलागेको देख्ता सुक्खा मुख लगाएर आफ्ना पतितिर हेरिरहेकी थिइन्, एक्कासि यिनी रुन पो लागिन्।।३६।। हे राजन् ! लक्ष्मणले हात समातिराखेका रामचन्द्र जबसम्म हात जोरेर रुँदै मसित कुरा गरिरहे, तबसम्मै तपस्विनी सीता पनि उसै गरी रुँदै तपाईंको रथ र मलाई हेरिरहिन्।।३७।।

सर्ग—५९

सुमन्त्रको मुखबाट रामचन्द्रको समाचार सुन्दा दशरथको विलाप ।

राम वनतिर लागेपछि जब म फर्कें, मेरा घोडाहरू तातो तातो आँसु झार्दै बाटोमा अडिनथाले ।।१।। दुवै राजपुत्रहरूलाई हात जोरी, उनीहरूदेखिको विछोडले गर्दा दुःखी भएको भए तापनि, रथमा बसेर मैले प्रस्थान गरें ।।२।। रामले फेरि बोलाइहाल्दछन् कि भन्ने आशाले म धेरै दिनसम्म त्यहीं गङ्गाको तीरमा गुहकहाँ बसें ।।३।। हे महाराज ! तपाईंको देशमा फूल, टुसा, कोपिलासहितका रूखहरू पनि यस महाविपत्तिले गर्दा दुःखी भएका छन् अतएव यिनीहरू वैलाउनथालेका छन् ।।४।। खोला नाला तलाउको पानी सुकिसक्यो, वन बगैंचाका पातहरू पनि सुक्नथाले ।।५।। वनमा कुनै प्राणी पनि डुलफिर गर्दैनन्, सबै जहाँको तहीं बसिरहेका छन्, जम्मै वन रामको दुःखले पीडित भई आवाजै नसुन्ने भइसक्यो ।।६।। नदीहरूको पानी मैलो भएको छ, कमलका पातहरू सुकेका छन्, तलाउका कमल पनि वैलाइसके, माछा र चराहरू जहाँको तहीं लीन भइसके अर्थात् देखा पर्दैनन् ।।७।। जल र स्थलमा उम्रने फूलहरूको वास्ना ज्यादै नै घटिसक्यो, यसैले यिनीहरू राम्रा देखिंदैनन् र फलहरूको स्वाद पनि पहिलेको जस्तो छैन ।।८।। अयोध्याका फूलवारीहरू शून्य भइसके, चराहरू चूपचाप छन्, हे महाराज ! बगैंचाहरू पनि अब उस्ता राम्रा देखिंदैनन् ।।९।। अयोध्यामा प्रवेश गर्दा कसैले पनि मेरो स्वागत गरेनन्, किनकि रामलाई नदेख्ता सबै दुःखित भई वारंवार सुस्केरो हाल्नथाले ।।१०।। टाढैबाट, राम नवसेको तपाईंको रथ फर्केको देख्ता सडकका सबै मानिस रुनलागे ।।११।। रथ फर्केको देख्ता, उनीहरूको महल, सात-तले घर तथा राजाको दरबारबाट, रामलाई नदेखेकोले, सबै आइमाईहरू दुःखले हाहाकार गर्नलागे ।।१२।। चहकिला र ठूला तिनका आँखा आँसुले भरिए र मनमा खिन्न भई रुँदै आफू आफूमा एउटाले अर्कोलाई हेर्नलागे ।।१३।। शत्रु, मित्र तथा निरपेक्ष यी तीनै थरीका मानिसलाई भएको दुःखमा मैले केही फरक देखिनँ अर्थात् सबैले एकैनासको ताप माने ।।१४।। हे महाराज !

रामचन्द्र वन जानाले छोरा नभएकी कौशल्या जस्तै यो शहर हुन गएको छ, दुःखिनी महारानीका सबै आनन्द नष्ट भए । अयोध्याका सबै मानिस, हाती घोडालगायत दुःखी छन्, रुनु रुवाउनुले गर्दा सबै मलिन देखिएका छन्, यस समयमा अयोध्याका मानिसले सुस्केरो हालेको शब्द मात्र सुनिन्छ॥१५-१६॥

सारथिको कुरा सुन्दा राजा अत्यन्त खिन्न भई लर्बरिँदो स्वरले उनलाई भन्नलागे ॥१७॥ पापी कुल, पापी देशमा जन्मेकी तथा पापी अभिप्राय भएकी कैकेयीको कुरामा लागेर सल्लाह दिनामा सिपालु बूढा-पाकासित, मन्त्रीसित, वेद जान्नेहरूसित यी कसैसित पनि यस विषयमा सल्लाह लिइनँ । स्वास्नीको भनाइमा लागेर झट्टै नै मैले रामलाई वनवास दिने निश्चय गरें ॥१८-१९॥ भवितव्यले गर्दा यो महान् आपत्ति आइपरेको हो, अथवा यस कुललाई नाश गर्नाको निम्ति विनाकारणको आपत्ति आएको हो ॥२०॥ हे सुमन्त्र ! मैले कहिले तिम्रो केही भलो गरेको छुभने, मलाई चाँडै नै राम भएको ठाउँमा पुऱ्याइदेऊ, किनकि मेरो प्राण निस्कनालाई हतपत गरिरहेको छ ॥२१॥ यदि आज पनि मेरो हुकूम चल्दछभने झट्टै रामलाई फर्काएर ल्याऊ, रामलाई नहेरीकन म एक छिन पनि बाँच्न सक्तिनँ ॥२२॥ अथवा रामचन्द्र धेरै टाढा गइसकेका होलान् तसर्थ मलाई नै रथमा राखेर लैजाऊ र रामसँग भेट गराइदेऊ ॥२३॥ कुन्द फूल जस्तो दाँत भएका, महाधनुर्धारी, लक्ष्मणका दाजु रामचन्द्र कहाँ गए होलान्, म बाँचिरहेंभने अवश्यै सीताको साथमा देख्न पाउँला ॥२४॥ यस्तो अवस्थामा मैले इक्ष्वाकुनन्दन रामचन्द्रलाई देख्न नपाउनु योभन्दा बढ्ता दुःखको कुरा अरू के होला ? ॥२५॥ हा राम ! हा लक्ष्मण ! हा तपस्विनी सीते ! म दुःखले अनाथझैं मर्नलागेको छु, तिमीहरूलाई यो कुरा थाहा नै छैन ॥२६॥ यसपछि राजा दशरथ यस दुःखले गर्दा बेहोश जस्तो भई पार गर्न नसकिने दुःखसागरमा डुबेर भन्नलागे अर्थात् आफ्नो दुःखरूपी समुद्रको वर्णन गर्नलागे ॥२७॥ रामचन्द्रजीको शोक समुद्रको धारासमान हो, सीताको विरह अर्कोपट्टिको किनारा जस्तो हो, सास-फेराइ समुद्रका लहरी र भुँवरी हुन्, आँसुको धारा निस्कनु पानी धमिलो हुनुसमान हो । हात फ्याँक्नु माछा हो, रुनु समुद्रको गर्जना हो, छरिएका कपालका रौं झ्याउ हुन्, कैकेयीचाहिं वडवानल हो ! मेरो आँखाको पानी यसको वेग उत्पन्न गर्ने हो, मन्थराका कुरा ठूला ग्राह हुन्, कैकेयीको वर यस समुद्रको किनारा हो, रामचन्द्रको वनवास यसको विस्तार (फैलाव) हो ॥२८-३०॥ हे कौशल्ये ! रामचन्द्र नहुनाले म यस समुद्रमा डुबेको छु, जीउँदैमा म यसलाई पार गर्न सक्तिनँ ॥३१॥ लक्ष्मणसहित रामचन्द्रलाई हेर्ने मेरो इच्छा हुँदाहुँदै पनि हेर्न नपाउनु यो मेरो पाप हो । महायशस्वी राजा यस प्रकारले विलाप गर्दा गर्दै झट्टै नै मूर्च्छा परेर पलङ्गमा लडे ॥३२॥

यस प्रकारसँग रामचन्द्रको निम्ति बडो दुःखी भएर विलाप गर्दै जब राजा मूर्च्छा परे तब ता उनको कुरा सुन्नाले कौशल्यालाई फेरि पहिलेको भन्दा दोब्बर डरले छोपिहाल्यो ॥३३॥

सर्ग—६०

सुमन्त्र कौशल्याको मनमा ढाढस दिन्छन् ।

भूत प्रेत लागेझैं थरथर काम्दै भूईंमा लडेकी कौशल्या स्वप्नबाट बिउँझे जस्तो गरेर सुमन्त्रलाई भन्नलागिन् ।।१।। जहाँ राम, लक्ष्मण र सीता छन् उहीं मलाई पनि लिएर जाऊ, यिनीहरू नभईकन म एक छिन पनि बाँच्न सक्तिनँ ।।२।। रथ फर्काऊ र मलाई पनि झट्टै दण्डक वनमा लैजाऊ, यिनीहरू-कहाँ जान पाइनभने अवश्य मर्नेछु ।।३।।

हात जोरेर, घाँटी बसेको हुनाले लर्बरिंदो बोली झिकेर सुमन्त्र कौशल्यालाई संझाउँदै बुझाउँदै भन्नलागे ।।४।। शोक, मोह र दुःखबाट उत्पन्न भएको मनको हडबडीलाई हटाइदिनुहोस्, किनकि रामचन्द्र सबै ताप बिर्सेर वनमा बस्नेछन् ।।५।। धर्मात्मा जितेन्द्रिय लक्ष्मण पनि वनमा रामचन्द्रको पाउ रखवारी गर्दै आफ्नो परलोक सुधारिरहेका छन् ।।६।। निर्जन वनमा पनि सीता घरमा जस्तै निर्भय भएर बसेकी छन्, रामचन्द्रमा मन लगाएर विश्वासपूर्वक व्यवहार गरिरहेकी छन् ।।७।। वनवासले गर्दा सीताले अलिकता पनि ताप मानेको देखिंदैन, सीता वनवासका निमित्त सबै तरहबाट योग्य रहिछन् भन्ने पो मलाई लाग्दछ ।।८।। जसरी सीता पहिले शहरको बगैंचामा गएर विहार गर्दथिन् त्यसै गरी अहिले पनि निर्जन वनमा विहार गर्दछिन्, यिनले शहर र वनमा केही फरक देखेकी छैनन् ।।९।। पूर्ण चन्द्रमाको जस्तो मुख भएकी सीता निर्जन वनमा रामचन्द्रसँग सानी नानी जस्तै भएर खेल्दछिन् ।।१०।। सीताको मन राममा छ, उनको जीवन रामचन्द्रको अधीनमा छ तसर्थ रामसँग भएकीले सीतालाई वन अयोध्या भएको छ, रामविनाको अयोध्या उनलाई वन-बराबर छ ।।११।। नदी, गाउँ शहर, तथा किसिम किसिमका रूख देख्ता जानकी यिनीहरूको बारेमा राम अथवा लक्ष्मणसिहत सोद्धछिन् र सोधेर सबै हाल ज्ञान गर्दछिन् । अयोध्यादेखि एक कोस टाढाको विहार गर्ने ठाउँमा उनी जत्तिको प्रसन्न रहन्थिन् उत्तिकै प्रसन्न अहिले पनि छन् ।।१२–१३।। सीताको बारेमा मलाई यिनै कुराको मात्र संझना छ, कैकेयीको सम्बन्धमा अकस्मात् उनको मुखबाट निस्केको कुराको मलाई संझना छैन ।।१४।। असावधानीले कैकेयीको नाम सारथिको मुखबाट निस्किहाले तापनि यिनले झट्टै त्यो कुरा काटेर कौशल्यालाई प्रसन्न गराउने किसिमको मीठो कुरा भन्नलागे ।।१५।। बाटोको हिंडाइको थकाइले, हावाको झोकाले, वनका पशुहरू देख्ता मनमा भएको डरले, घामको रापले यी कसैले पनि कमलको जस्तो तथा पूर्ण चन्द्रमाको जस्तो कान्ति भएको सीताको मुखलाई मलिन गराउन सक्तैनन् ।।१६–१७।। यिनका दुवै पाउ स्वभावैले माहुर जस्तै राता रंगका छन् त्यसैले माहुर नलगाए तापनि यिनीहरू आजसम्म पनि कमलको डाँठभित्रको केसर जस्तै रातो वर्णका छन् ।।१८।। रामचन्द्र-माथि प्रेम हुनाले सीताले गहना लगाउन छाडेकी छैनन्, तसर्थ पाउजेबले गर्दा हाँस इत्यादिको हिंडाइलाई माथ गर्दै यिनी वडो मज्जासँग हिंड्दछिन् ।।१९।। वनमा बसेकी सीता हात्ती, सिंह, बाघ देख्ता डराउन्नन् किनकि यिनी रामचन्द्रको बाहुको आधारमा बसेकी छन् ।।२०।। तपाईंले यी तीनै जनाको निम्ति, अथवा

१७–क

राजाको निम्ति केही शोक गर्नुपर्दैन, यो चरित्र अनन्तकालसम्म विख्यात भएर संसारमा प्रतिष्ठा पाउनेछ ॥२१॥ रामचन्द्रले शोक त्याग गरेर प्रसन्नतापूर्वक महर्षिहरूको बाटो लिएका छन्, यिनी वनैमा प्रसन्न छन्, वनका फलफूल खान्छन् र पिताको परमपवित्र आज्ञा पालन गरिरहेका छन् ॥२२॥

यस प्रकारसँग उचित कुरा गर्ने सारथिले कौशल्यालाई धेरै धेरै संझाए बुझाए तापनि पुत्रशोकले पीडित भएकी यिनले हा राम ! हा पुत्र ! भन्दै वारंवार विलाप गर्न छाडिनन् ॥२३॥

सर्ग—६१

कौशल्या विलाप गर्दै राजालाई कठोर वचन भन्दछिन् ।

धर्मात्मा रामचन्द्र वन जानाले दुःखित भएकी कौशल्या रुँदै आफ्ना लोग्नेलाई यस प्रकारसँग भन्न-लागिन् ॥१॥ यद्यपि तीनै लोकमा तपाईं दयालु, दाता र प्रियवादी हुनहुन्छ भन्ने यश फैलिएको छ तापनि हे नरश्रेष्ठ ! सुखमा पालिएका सीतासहितका ती दुवै छोराले कसरी दुःखी भएर वनको कष्ट सहलान् ॥२–३॥ सुख भोग गर्ने योग्य, सुकुमारी, तरुणी सीता वनमा कुन प्रकारले जाडो र गर्मी सहन सक्लिन् ॥४॥ मीठो भोजन गर्ने, ठूला ठूला आँखा भएकी सीता जङ्गली चामल खाएर कसरी बस्लिन् ॥५॥ मनलाई आनन्द गराउने गाना बजाना सुन्ने सीताले वनमा काँचो मासु खाने पशुहरूको तथा सिंहहरूको भयानक शब्द कसरी सुन्न सक्छिन् ॥६॥ इन्द्रको ध्वजा जस्तै सबैलाई उत्सव गराउने महाबाहु महाबली रामचन्द्र फलामको आग्लो जस्तो आफ्नो हातको तकिया बनाएर यस समयमा कहाँ सुतेका होलान् ? ॥७॥ कमल जस्तो मुख भएको, कपालका रौं नरम भएको, कमलको बास्ना जस्तो सुगन्धी सास फेर्ने रामचन्द्रको मुखकमल म कहिले हेर्न पाउँला ? ॥८॥ अवश्य मेरो यो हृदय फलामको बनेको रहेछ, यसैले रामचन्द्रलाई नदेख्ता पनि यो हजार टुक्रा भएर नफुटेको होला ॥९॥ मेरा बन्धुवर्ग सँग सल्लाह नगरीकन एक्कासि सुखभोग गर्न योग्य भएका राम लक्ष्मणलाई जो तपाईंले वनमा पठाउनु-भयो सो बडो निर्दयी काम गर्नुभयो, अहिले ती बिचराहरू जंगलमा दुःख भोगिरहेका होलान् ॥१०॥ पन्ध्रौं वर्षमा रामचन्द्र फर्केर आएभने पनि भरतले राज्य र खजाना छोडिदेलान् भन्ने कुरामा मलाई विश्वास लाग्दैन ॥११॥ कोही कोही मानिस श्राद्धमा पहिले आफ्ना बन्धुवर्गलाई खुवाइसकेर सबै काम सकिएपछि निस्तो गरेका श्रेष्ठ बाहुनलाई खुवाउन बोलाउँछन् ॥१२॥ त्यस बखतमा जो गुणी र विद्वान् ब्राह्मण छन् ती अमृततुल्य अन्नको पनि आदर गर्दैनन् अर्थात् भोजन गर्न चाहन्नन् । पहिले भोजन गर्ने बाहुनै भए तापनि यी बुद्धिमान् ब्राह्मणहरू जसरी गोरुले आफ्नो सीङ कटाउन निको मान्दैन त्यसै गरी यसमा आफ्नो अपमान संझेर खाएर बाँकी रहेको अन्न खान मञ्जूर गर्दैनन् ॥१३-१४॥ यसै किसिमले हे महाराज ! आफ्नो भाइले भोग गरेको राज्यको, उमेरमा ठूला र गुणमा बढ्ता भएका दाजुले कसरी तिरस्कार नगर्लान् ! ॥१५॥ जसरी बाघ अर्काले ल्याएको भोजन खान चाहन्न त्यसै गरी नरव्याघ्र रामचन्द्र पनि अर्काले भोग गरेको राज्य स्वीकार गर्दैनन् ॥१६॥ हवि, घिउ, पुरोडास,

कुश, यज्ञीय खम्बा, खयरका काठले बनेका चीज एउटा यज्ञमा काम लागिसकेपछि अर्को यज्ञमा यिनीहरू काम लाग्दैनन् ॥१७॥ सार झिकेको रक्सी र सोम नभएको यज्ञसमानको, भरतद्वारा भोग गरिइसकेको, यस राज्यलाई रामचन्द्र कसरी ग्रहण गर्लान् ! ॥१८॥ जसरी बलवान् सिंह कसैले आफ्नो पुच्छर समातेको सहन सक्तैन ठीक त्यसै गरी रामचन्द्र पनि यस प्रकारको तिरस्कार सहन सक्नेछैनन् ॥१९॥ सबै जना मिलेर पनि महायुद्धमा रामचन्द्रलाई तर्साउन सक्तैनन्, रामचन्द्रले डराएर राज्य छोडेको होइन, अधर्मीलाई धर्म सिकाउने धर्मात्माले कसरी अधर्म गर्ने ! ॥२०॥ यी महाबली र महाबाहु रामचन्द्र आफ्ना सुवर्णभूषित बाणले प्रलयकालमा महादेवले झैं सबै प्राणी तथा समुद्रलाई थर्कायमान गराउन सक्तछन् ॥२१॥ जसरी माछाले आफ्नो बच्चालाई खाइदिन्छ त्यसै गरी सिंह जस्ता बलिया, साँढेको जस्तो काँध भएका यी रामचन्द्र स्वयं आफ्ना बाबुद्वारा राज्यबाट निकालिएका हुन् ॥२२॥ सनातन ऋषिहरूले द्विजातिहरूको निम्ति शास्त्रमा जो धर्म बताएका छन् त्यही धर्मको पालन गर्ने मेरा छोरालाई तपाईंले वनवास दिनुभएको छ ॥२३॥ आइमाईको निम्ति लोग्ने प्रधान रक्षक हो, दोस्रो रक्षक छोरो हो, तेस्रो रक्षक आफ्ना बन्धुवर्ग हुन्, यिनीहरूको चौथो रक्षक अरू कोही छैन ॥२४॥ यी तीनमध्ये तपाईं ता मेरो हुँदै हुनुहुन्न, रामलाई वनमा पठाइदिनुभयो, मैले भने वनमा जाने इच्छा गर्न उचित परेन, अफसोस ! तपाईंले सबै तरहबाट मेरो सर्वनाश गरिदिनुभयो ॥२५॥ हे राजन् ! तपाईंले ता अनेक राज्यसहितको यस राजधानीलाई, मन्त्रीहरूलाई, अन्तःपुरका सबै रानीहरूलाई, शहरवासीहरूलाई सबै प्रजाहरूलाई र छोराको साथसाथैमा मलाईसमेत नाश गरिदिनुभयो, तपाईंका छोरा भरत र रानी कैकेयी ता प्रसन्न छन् अर्थात् यी दुईलाई खुशी राख्नाको निम्ति तपाईंले यस्तो अनर्थ गर्नुभयो ॥२६॥

कौशल्याका यस्ता मुटु छेड्ने कुरा सुन्दा दुःखमा परेका राजा हा राम ! भन्दै मूर्च्छा परे र आफूले गरेका पापको स्मरण गर्दै यिनी शोकसागरमा डुबे ॥२७॥

सर्ग—६२

कौशल्याको कठोर वचन सुन्दा राजाको उनीसितको प्रार्थना ।

शोकको वेगले क्रुद्ध भइराखेकी रामकी महतारीको यस्तो कठोर वचन सुन्दा राजा मनमा दुःखित भई चिन्ता गर्नलागे ॥१॥ विलाप गर्दा गर्दै राजा मूर्च्छा परे, यिनका सबै इन्द्रिय शिथिल हुन गए । धेरै बेरपछि यिनलाई होश आयो ॥२॥ होश आएपछि यिनले तातो लामो सास फेरे र कौशल्यालाई आफ्नो वगलमा बसेको देख्ता फेरि विचार गर्नलागे ॥३॥ विचार गर्दा गर्दै यिनलाई पहिले आफूले गरेको पापको संज्ञना हुन आयो । अज्ञानमा यिनले शब्दवेधी बाणद्वारा ऋषिकुमारलाई मारेका थिए ॥४॥ आफ्नो यो पुरानो पापको संज्ञना तथा रामचन्द्रको शोकले गर्दा राजा व्याकुल भए । यी दुवै शोकले गर्दा राजाको मनमा डाह भइराखेको थियो ॥५॥ यिनै दुई शोकले गर्दा डढ्न लागेका दुःखित

राजा थरथर काम्दै, हात जोरेर तथा टाउको निहुराएर कौशल्यालाई प्रसन्न गराउनाको निम्ति भन्न-लागे ॥६॥

हे कौशल्ये ! तिमी शत्रुहरूमाथि पनि दया गर्दछ्यौ, तिम्रो स्वभाव दयालु छ, म हात जोरेर विन्ति गर्दछु, जनि गर, नरिसाऊ ॥७॥ हे देवी ! धर्मको विचार राख्ने आइमाईका लागि गुणी अथवा निर्गुणी जे भए पनि लोग्ने नै प्रत्यक्ष देवता हुन् ॥८॥ तिमी सदा धर्ममा तत्पर रहन्छ्यौ, संसारमा भलो हुने तथा कुभलो हुने कुराको तिमीलाई विचार छ, यस्तो मुटु छेड्ने कुरा भन्न तिमीलाई मनासीब पर्दैन, तिमीलाई दुःख परेको छभने मलाई तिम्रो भन्दा बर्ता दुःख परेको छ ॥९॥ दुःखी राजाको मन पगाल्ने कुरा सुन्दा, वर्षाकालमा डूँडबाट पानी निस्केझैं, कौशल्याका आँखाबाट आँसुका धारा बग्न-थाले ॥१०॥

कौशल्याले राजाका जोरिराखेका हातलाई कमल जस्तै गरेर आफ्नो टाउकोमाथि राखी, डरले हडबडाएकी छँदी, रुँदै हत्तपत्त भन्नलागिन् ॥११॥ भूँइमा टाउको टेकाएर विन्ति गर्दछु—हे प्रभु ! प्रसन्न हुनुहोस्, तपाईंले मसित माफी माग्दा ता मलाई मर्नुभयो, मसित तपाईंले क्षमा माग्ने कुरा उचित होइन ॥१२॥ पति यस लोकमा तथा परलोक दुवैमा आदर गरिन योग्य हुन्, यस्ता पतिले स्वास्नीलाई विन्ति गरी प्रसन्न गराउनुपऱ्योभने त्यस स्त्रीको कुलीन स्त्रीहरूमा गणना हुँदैन ॥१३॥ हे धर्म जान्ने महाराज ! मलाई आइमाईले गर्नुपर्ने धर्म तथा तपाईं सत्यवादी हुनुहुन्छ भन्ने यी दुवै कुरा थाहा छ, मैले अहिले तपाईंलाई जो भनें त्यो सब केवल पुत्रशोकले पीडित भएर भनेकी हुँ, किनकि शोकले धैर्य्य, ज्ञान तथा अरू सबै कुराको नाश गरिदिन्छ, शोक जस्तो अर्को शत्रु छँदै छैन, शत्रुको हातको प्रहार आइपऱ्योभने सहन सकिएला, तर शोक ता अलिकता पनि सहन सकिन्न ॥१४-१६॥ राम वनवास गएको आज पाँचौं रात हो, तर शोकले गर्दा सबै आनन्द नष्ट भएकोले मेरो लागि ता यी पाँच वर्षझैं भए ॥१७॥ रामचन्द्रको विषयमा चिन्ता गर्नाले मेरो हृदयको शोक, नदीको वेगले समुद्रको जल बढ्झैं बढ्दछ ॥१८॥

कौशल्याले यस प्रकारसँग मीठो कुरा गर्दा गर्दैमा, सूर्यनारायणका किरण धमिलो हुँदै आए, रात पनि परिहाल्यो ॥१९॥ शोकले पीडित भएका राजा दशरथलाई, कौशल्याका मीठा बोलीले केही ठण्डा गरायो र उनलाई निद्रा पनि पऱ्यो ॥२०॥

सर्ग—६३

राजा दशरथ कौशल्यालाई श्रवण मुनिको कथा आद्योपान्त सुनाउँछन् ।

एक छिनपछि राजा बिउँझे, बिउँझनासाथ वनवासको शोकले व्याकुल परिहाल्यो र उनी फेरि चिन्ता गर्नलागे ॥१॥ ग्रहणको समयमा राहुसम्बन्धी अन्धकारले सूर्यनारायणलाई घेरेझैं, राम र लक्ष्मणलाई वनवास पठाएको शोकले इन्द्रसमानका राजा दशरथलाई सताउनथाल्यो ॥२॥ सीतालाई

साथमा लिई रामचन्द्र वन गएपछि कोशलेश्वर राजा दशरथलाई आफूले पहिले गरेको पापको संझना भयो र उनी सो कुरा कौशल्यालाई सुनाउन तैय्यार भए ॥३॥ राम वन गएको छैटौं दिनको आधा राततिर राजालाई आफूले पहिले गरेको पापको स्मरण भयो ॥४॥ पुत्रशोकले पीडित भएका राजा, आफ्नो खोटो काम संझेर, छोराको वियोगमा दुःखित भएकी कौशल्यालाई यस प्रकारसँग भन्नलागे ॥५॥

हे कल्याणी ! मानिसले असल नअसल जति काम गर्दछ, त्यसको फल सुख वा दुःख त्यसले आफ्नो कर्मानुसार भोग्नै पर्दछ ॥६॥ यस लोक तथा परलोकको काम गर्नथाल्दा जो मानिस त्यस कामको फसलसम्बन्धी बढत्व वा ह्रोचाइको ख्याल राख्तैन अथवा त्यसको गुण दोषपट्टि दृष्टि दिंदैन-भने त्यस्ता मानिसलाई बालक भन्नुपर्दछ ॥७॥ कोही लोभी पलाशको फूल देख्ता यसको फल पनि उत्तम होला भन्ने आशाले आँपको रूख काटेर पलाशको जरामा पानी हाल्दछभने, फलको समयमा त्यसले अवश्यै पछिताउनुपर्नेछ, कारण पलाशमा कुनै प्रकारको फल लाग्दैन ॥८॥ फलको केही वास्ता नराखी केवल काम गर्ने मानिसलाई, आफ्नो कामको फल पाउने वेलामा, पलाशको रूख लगाउने हताश भएझैं, हताश हुनुपर्नेछ ॥९॥ रामचन्द्रलाई त्याग गर्नामा मैले पनि आँपको रूख काटेर पलाशको जरामा पानी हालेको हुँ, तसर्थ अहिले फल भोग गर्ने समयमा म मूर्खले शोक गर्नुपरि-रहेको छ ॥१०॥

हे कौशल्ये ! बालककालमा "यी कुमार शब्दवेधी बाण चलाउन सक्तछन्" भन्ने ख्याति पाउनाका लागि मैले धनु भिरेर जो पाप गरेथें, अहिले त्यै पापले गर्दा यो दुःख आइपरेको हो ॥११॥ अज्ञानमा विष खाएर बालकले दुःख भोग्नुपरेझैं म अहिले आफ्नो हातले गरेको कामको फल भोगिरहेको छु ॥१२॥ साधारण मानिसले पलाशको फलमा लोभिएर त्यसको फलपट्टि दृष्टि नदिएझैं, शब्दवेधी हुनाको फल यस्तो होला भन्ने कुराको ख्याल नराख्नाले मैले अहिले यस्तो दुःख भोग्नुपरेको हो ॥१३॥

हे देवी ! जुन समयमा म युवराजै थिएँ र तिमीसित बिहे पनि भएको थिएन, त्यस समयमा मेरो कामोदीपन गर्ने वर्षाकाल प्रारम्भ भयो ॥१४॥ सूर्यले आफ्ना किरणद्वारा पृथ्वीको रस सुकाएर तथा संसारलाई तपाएर प्रेतहरूद्वारा सेवित भएको भयङ्कर दक्षिण दिशातिर आफ्नो रथ चलाए अर्थात् सूर्य दक्षिणायन भए ॥१५॥ गर्मी हराएर गयो, हेर्दा आँखालाई निको लाग्ने बादल चारैतिर देखिनलागे; भ्यागुता, हरिण, मयूर सबै प्रसन्न भए ॥१६॥ चराहरूको पखेटाको माथिल्लो भाग पानीले भिजेको थियो, यिनीहरू बडो कष्टले पानी र हावाले गर्दा टुप्पा हल्लिराखेको रूखमा गई बस्नलागे ॥१७॥ यस समयमा परिसकेको अथवा पर्नलागिरहेको पानीले ढाकिएका र मत्त हरिण भएका पर्वत निश्चल समुद्र जस्ता देखिन्थे ॥१८॥ निर्मल पानीका झरना, पर्वतका धातुहरूसितको सम्पर्कले गर्दा कतै पहेंला, कतै राता र कतै खरानीको रंग जस्ता भै, साँप जस्तै बाङ्गोटिङ्गो भएर बग्नथाले ॥१९॥ यस प्रकारको अत्यन्त रमाइलो वर्षाकालमा धनुर्बाण लिई तथा रथमा सवार भई शिकार र विहारका लागि म सरयू

नदीको किनारामा पुगें ॥२०॥ रात्रिको वेलामा तीरमा पानी पिउन आएका अर्ना, हात्ती, हरिण अथवा अरू अरू जंगली पशुलाई मार्नाको निम्ति सरयूको किनारमा पुगें, यस समयमा मेरा इन्द्रियहरू आफ्नो अधीनमा थिएनन् ॥२१॥

यस अन्धकारको समयमा घडामा पानी भर्नलागेको आवाज सुनियो, आँखाले नदेखिने ठाउँबाट आवाज आएकोले मलाई सो आवाज हात्तीले गर्जनलागेको जस्तो लाग्यो ॥२२॥ यसपछि ता मैले विषालु साँप जस्तो आफ्नो तीखो बाण झिकेर त्यस हात्तीलाई छेड्ने मनसुबाले, आवाजको लक्ष्य गरेर चलाइहालें ॥२३॥ सर्पसमानको भयानक बाण छोड्नासाथ, त्यताबाट कुनै तपस्वीले बोलेको जस्तो स्पष्ट आवाज सुनिनलाग्यो ॥२४॥ बाणले तपस्वीको मर्मस्थान छेडेको हुनाले, पानीमा ढल्न लागेको त्यसले गरेको हा हा शब्द सुनियो, भूइँमा लडेपछि ता स्पष्ट मानिसको बोली सुनियो ॥२५॥ म जस्तो तपस्वीलाई यो शस्त्र किन लाग्यो होला, रात्रिको समयमा निर्जन नदीको किनारामा पानी लिन भनी आएको हुँ ॥२६॥ ममाथि कसले बाण चलायो होला, मैले ता कसैको अपराध गरेको छैन, म ऋषि हुँ, मैले अर्कालाई पीर-पिराउ गर्न छाडिदिएको छ, वनमा उम्रने चीजबीजले मेरो जीविका चलेको छ ॥२७॥ शस्त्रले म जस्ता ऋषिको कसरी वध हुन गयो, म ता जटाधारण गर्ने मृगछाला र वल्कल पैह्रने हुँ ॥२८॥ मलाई मार्नाले कसलाई के फायदा भयो होला ? मैले कसैको कुभलो गरेको छैन, यो काम गर्नेले निष्फल काम गऱ्यो, यसबाट उसलाई हानि नै हुनेछ ॥२९॥ जसरी गुरुको ओच्छ्यानमा सुत्ने मानिसलाई कोही पनि असल भन्दैनन् त्यसै गरी व्यर्थमा ऋषिको हत्या गर्ने यसलाई पनि कोही असल भन्नेछैनन्। म आफ्नो मृत्युको चिन्ता गर्ने थिइनँ, तर धेरै कालदेखि आफूले खुवाए पियाएका बूढा आमा-बाबुका लागि अफसोस मानेको हूँ ॥३०-३१॥ म ता यहाँ एक बाण लाग्नाले मरें तर म मरेपछि मेरा बूढा बूढी बाबा-आमा कसरी बाँच्लान्, उनको गुजारा कसरी चल्ला ? ॥३२॥ कुनवाहिं दुर्बुद्धि मूर्खले मलाई माऱ्यो होला ?

धर्ममा अनुराग हुने मेरो कानमा यो मायालाग्दो कुरा पर्नासाथ, बाणसहितको धनु मेरो हात-बाट छुटेर भूइँमा खसिहाल्यो। त्यो दिन रातभरि, विलाप गर्ने ऋषिको दया उठ्ने कुरा सुन्दा म अत्यन्त पीडित भएँ, हडबडाएँ र शोकको वेगले बेहोश पनि भएँ। यसपछि मनमा बडो खिन्न र निर्धो जस्तो भएर जहाँ ती ऋषिकुमार लडिरहेका थिए त्यस ठाउँमा आएँ ॥३३-३५॥ सरयूको किनारमा पुगेर हेर्दा ता बाणले मारिएका तपस्वीलाई लडिरहेको देखें। उनको जटा छरिएको र घडाको पानी पोखिएको थियो ॥ ३६ ॥ उनको शरीर रगत र धूलोमा मुछिएको थियो, बाणले छेडिएर ती लडिरहेका थिए। ऋषिले आँखा उठाएर मतिर हेर्नासाथ ता डरले मेरो होशै उड्यो ॥३७॥

आफ्नो तेजले भस्मै पारुँला जस्तो गरेर ती ऋषिले मतिर हेरेर कठोर वचन भन्नलागेः—हे राजन् ! म वनवासीले तिम्रो के अपराध गरेको छु ॥३८॥ म ता आफ्ना आमा-बाबुको निम्ति पानी लिन आएको थिएँ, तपाईंले भने मारिदिनुभयो। हेर्नुहोस्, एउटै बाण मेरो मर्मस्थलमा गडेको छ ॥३९॥

मलाई मार्नाले तपाईंले मेरा अन्धा बाबुलाई पनि मारदिनुभयो, दुब्ला र अन्धा मेरा आमा-बावु यस समयमा तिर्खाएका हुनाले मेरो प्रतीक्षा गरिरहेका होलान् ।।४०।। पानी लिएर म फर्कुंला भन्ने आशाले उनीहरू धेरै बेरसम्म तिर्खा रोक्छेन् । तपस्याको अथवा अध्ययन गरेका शास्त्रको केही फल भएन ।।४१।। किनकि म यहाँ भूईँमा लडिरहेको छु भन्ने कुराको मेरा पितालाई ज्ञान भएन, ज्ञान भए तापनि उनी के गर्न सक्तछन्, कारण उनी असक्त छन्, हिंड्नेसम्मको शक्ति पनि उनमा छैन ।।४२।। लड्न लागेको रूखले अर्को रूखलाई रक्षा गर्न असक्त भए झैं मेरो रक्षा गर्नामा उनी असमर्थ छन्, तसर्थ हे दशरथ ! तिमी नै झट्ट गएर मेरा पितालाई यो खबर सुनाइदेऊ ।।४३।। वायुको वेगले दनदनाएको आगोले वनलाई भस्म पार्नेझैं पिताले रिस गरेर तिमीलाई डढाइदिनेछैनन्, यो देखिएको गोरेटो मेरा वावुको आश्रममा जाने बाटो हो ।।४४।। गएर पहिले उनलाई प्रसन्न गराऊ नत्र ता रिसाएर तिमीलाई श्राप दिनेछन् । हे राजन् ! मेरो मर्मस्थानमा धसेको यो तीखो बाण झिकिदेऊ ।।४५।। नदीको जलको वेगले किनाराको बालुवाको ढिस्कोलाई काटेर फ्याँकेझैं मेरो कमलो मर्मस्थानमा यस बाणले बडो पीडा दिइरहेको छ, छातीबाट यो बाण झिकिदियौभने मेरो मरण भइहाल्नेछ ।।४६।।

बाण भएसम्म ऋषिकुमारलाई बडो पीडा भइरहनेछ, तर मैले बाण झिक्नासाथ यिनको प्राण पनि जानेछ र मलाई ब्रह्महत्या पनि लाग्नेछ भन्ने विचारले बाण झिक्ने कुरामा मलाई यस प्रकारको चिन्ता हुनलाग्यो । यस समयमा म बडो दुःखी र शोकले व्याकुल भएँ ।।४७।। मेरो चिन्ताको कारण मुनि-कुमारले थाहा पाए, यथार्थ कुरा जान्न सक्ने उनी पीडाले छटपटाउँदै बडो कष्टसँग मलाई भन्नलागे ।।४८।। ऋषिलाई बडो कष्ट भइरहेको थियो, हात खुट्टा चल्न छाडिसकेका थिए तापनि यिनी धैर्य्य-पूर्वक आफ्नो शोकलाई थामेर भन्नलागे—

अब म आफ्नो चित्तलाई स्थिर गर्दछु; हे राजन् ! ममाथि ब्रह्महत्या लाग्यो भन्ने कुराको सन्देह आफ्नो मनबाट झिकिदेऊ, म ब्राह्मण होइन, तसर्थ मनको व्यथा हटाइदेऊ अर्थात् ब्रह्महत्या पापको भय नगर ।।४९-५०।। हे महाराज ! म शूद्र माताको गर्भबाट वैश्य जातका पिताद्वारा जन्मेको हुँ । वाणले यिनको मर्मस्थान छेडिराखेको थियो, अतः बडो कष्टले यति कुरा भन्न सके ।।५१।। कष्ट भइ-रहेकोले आँखाका गेडी घुम्नलागे, कहिले मुनि निश्चल हुन्थे, कहिले भने भूईँमा लडीबुडी खेल्न थाल्दथे । यस प्रकारसँग कष्ट पाइरहेका मुनिको शरीरबाट मैले बाण झिकिदिएँ । मलाई देख्ता ती ऋषि डराए र उनको प्राण पनि निस्किहाल्यो ।।५२।। सरयूको जलमा लडेको हुनाले यिनको शरीर भिजेको थियो, मर्मस्थानमा आघात पर्नाले बडो कष्टले विलाप गरिरहेका थिए, बीच बीचमा सास फेर्दथे । मुनिपुत्रलाई यस अवस्थामा देख्ता मलाई हुनासम्मको कष्ट भयो ।।५३।।

———

सर्ग—६४

मुनिपुत्रको कथा सुनाउँदा सुनाउँदै राजा दशरथको प्राण जान्छ ।

धर्मात्मा राजा दशरथ, मुनिकुमारको अयोग्य वधको कुरा संझेर विलाप गर्दै कौशल्यालाई भन्न-लागे ॥१॥ अज्ञानमा यस्तो घोर पाप गरेकोले मेरो मन आकुल व्याकुल भयो, एकलै बसेर म त्यहाँ अब के गरेर कल्याण होला भन्ने कुराको चिन्तना गर्नलागें ॥२॥ सरयूको पवित्र जलले भरिएको त्यो घडा लिएर म मुनिकुमारले देखाएको बाटो गरी त्यस आश्रममा आएँ ॥३॥ त्यहाँ मैले दुब्ला, अन्धा, बूढा, अर्को कोही सहारा नभएका; उनका आमा-बाबुलाई देखें ! पखेटा काटिएको चरा-समान यिनीहरू असहाय थिए ॥४॥ पुत्रसम्बन्धी कुरा गर्नामा रमाउने यिनीहरू छोरो कहिले आउला भन्ने आशा लिएर बसिरहेका थिए, तर मैले गर्दा यो आशा नष्ट भैसकेकोले यिनीहरू बिलकुलै अनाथ भइसकेका थिए ॥५॥ म पहिलेदेखि नै शोकले व्याकुल भई डराएको ता छँदै थिएँ, त्यहाँ आश्रममा पुग्नासाथ मेरो शोक झन् बढेर आयो ॥६॥

मेरो पाइलाको आवाज सुन्नासाथ मुनिले भने, ए छोरा ! किन ढीलो गरेको, झट्टै पानी ल्याऊन ॥७॥ अहिलेसम्म तिमी पानीमा खेलिरहेकोले तिम्री आमा तिमीलाई केही भयो कि भन्ने शङ्काले बडो हडबडाएकी छन्, अब झट्टै कुटीमा पस ॥८॥ मैले अथवा तिम्री आमाले केही नराम्रो कुरा भनेको भए तिमीले सो कुरा मनमा लिन हुँदैन, किनकि तिमी ता तपस्वी न हौ ॥९॥ आधार नभएका हाम्रा तिमी नै आधार हौ, हामी अन्धाका तिमी नै आँखा छौ, हाम्रो प्राण तिमीमा नै टाँसिएको छ, होइन तिमीले किन नबोलेको ॥१०॥

मुनिलाई देख्नैमा डरले थर्कायमान भइसकेको थिएँ, व्यञ्जन अक्षर नभएको, अस्पष्ट, लर्बरिएको स्वरले मैले मुनिलाई यी कुरा भनें ॥११॥ बोल्ने बेलामा मनभित्रको डरलाई बाहिरी चेष्टाले लुका-एर, हुनेसम्म बोली फुट्ने गरी मुनिलाई पुत्रको मृत्युको वृत्तान्त यसरी सुनाएँ ॥१२॥ हे भगवन् ! म दशरथ नाम गरेको क्षत्रिय हुँ, तपाईंको छोरो होइन, सज्जनहरूले तिरस्कार गरेको आफ्नो पाप-कर्मको दुःख पाइरहेको छु ॥१३॥ हे भगवन् ! हातमा बाण लिई घाटमा पानी पिउन आएका कोही क्रूर जंगली पशु वा हात्तीलाई मार्न भनी सरयूको तीरमा गएको थिएँ ॥१४॥ . पानीमा घडा भर्न लागेको सुन्दा हो न हो यो हात्तीको आवाज हो भन्ठानेर मैले बाण चलाएँ ॥१५॥ सरयूको तीरमा गएर हेर्दा ता छातीमा बाण लाग्नाले प्राण निस्कन लागेको एउटा तपस्वीलाई भूइँमा लडिराखेको पो देखें ॥१६॥ बाण लाग्नाले ती ऋषिलाई बडो कष्ट भइरहेको थियो; उनले भनेको हुनाले नजीक गई छातीबाट बाण झिकिदिएँ ॥१७॥ बाण झिक्नासाथ ती मुनि स्वर्ग गए, मर्नुभन्दा अघि उनले आफ्ना असहाय माता-पिताको बारेमा बडो शोक गरेका थिए ॥१८॥ हे भगवन् ! मैले अज्ञानमा तपाईंको छोरालाई मारेको हुँ, हुने कुरा भइगयो, तपाईं मुनि हुनुहुन्छ, ममाथि कृपा गर्नुहोस् ॥१९॥

यस प्रकारसँग मेरो मुखबाट यस्तो कठोर वचन सुन्दा पनि, आफैंले अपराध सुनाएको हुनाले, ती ऋषिले, आफूमा श्राप दिने शक्ति भए तापनि मलाई कडा श्राप दिएनन् ॥२०॥ बरु उनका आँखाबाट आँसु बग्नथाल्यो, शोकले मूर्च्छा परे। लामो लामो सास फेर्दै ती महातेजस्वी ऋषिले, हात जोरेर नजीकै उभिरहेको मलाई भन्नलागे ॥२१॥ हे राजन् ! आफूले गरेको यो अशुभ काम स्वयं आफैंले मलाई नभनेको भए अवश्यै तिम्रो टाउको हजारौं टुक्रा भएर फुट्ने थियो ॥२२॥ हे राजन् ! कुनै क्षत्रियले जानीजानीकन वानप्रस्थाश्रममा बसेको मानिसलाई मार्‍योभने, त्यो इन्द्रै भए तापनि आफ्नो स्थानबाट भ्रष्ट हुन्छ ॥२३॥ तपस्या गर्नलागेका ब्रह्मवादी मुनिमाथि कसैले जानीजानीकन शस्त्रको प्रहार गर्‍योभने त्यसको टाउको सात टुक्रा भइजान्छ ॥२४॥ अज्ञानमा यो कार्य गरेको हुनाले तिमी अहिलेसम्म बाँचिरहेका छौ नत्र ता अहिले रघुकुलै निर्मूल भइजान्थ्यो, तिम्रो ता कुरै छैन ॥२५॥ तिनले मलाई भनेः—हे राजन् ! मलाई त्यस जग्गामा लैजाऊ जहाँ मेरा छोरा पडिरहेका छन्, हामी एकचोटि जम्मै शरीर रगतमा मुछिएको, मृगचर्म्म तथा वस्त्र यताउति छरिएको, मर्नाले यमराजको अधीनमा परेको र भूइँमा लडिरहेको आफ्नो छोराको अन्तिम दर्शन गर्न चाहन्छौं ॥२६-२७॥

मैले एक्लै ती दुवै दुःखीहरूलाई उहाँ लिएर गएँ, मुनि र उनकी स्त्रीलाई छोरालाई छुन लगाएँ ॥२८॥ यी दुवै तपस्वी आफ्नो छोरालाई छोएर उसको जीउमाथि लडे र बाबुचाहिं छोरालाई सम्बोधन गरी भन्नलागे ॥२९॥ हे छोरा ! तिमी ता हामीलाई प्रणाम पनि गर्दैनौ, बोल्दा पनि बोल्दैनौ, भूइँमा किन सुतिरहेको ? हामीहरूदेखि रिसाएका पो छौ कि ? ॥३०॥ म तिम्रो मन परेको छैनभने आफ्नी धर्मात्मा आमातिर ता हेर। हे सुकुमार ! आफ्नी आमालाई किन अँगालो नहालेको ? हे छोरा ! बोलन ॥३१॥ अब हामीले आधा रात सकिएपछि पनि रातमा कसले शास्त्र तथा पुराणादि पढ्न लागेको, मधुरो र हाम्रो मनलाई आनन्द गराउने आवाज सुन्ने हो ? ॥३२॥ अब कसले स्नान, सन्ध्योपासन र अग्निहोम गरिसिध्याएर पुत्रशोकको डरले कातर भएका हामीनेर बसी हामीलाई प्रसन्न गराउला ? ॥३३॥ कुनै काम गर्ने शक्ति नभएको दरिद्र र अनाथ मलाई प्यारो पाहुनालाई जस्तै गरेर कसले कन्द मूल फल ल्याई खान देला ? ॥३४॥ हे छोरा ! अब मैले अन्धी, बूढी, बिचरी तिम्री आमालाई कसरी पाल्ने हो, किनकि म स्वयं अन्धो छु, यी गरीब आमा तिम्रो बडो माया गर्दछिन् ॥३५॥ हे छोरा ! पर्ख, आज यमराजको घरतिर नजाऊ, भोलि आमालाई र मलाई साथमा लिएर जानू ॥३६॥ शोकले पीडित भएका, अनाथ, दुःखी हामी दुवै तिमीविना यस वनमा कुनै तरहले रहन सक्तैनौं, तसर्थ हामी पनि झट्टै पछि यमपुरीको बाटो लिन्छौं ॥३७॥ उहाँ पुगेर यमराजको दर्शन गरी हाम्रो जुन दोषले गर्दा छोरासित विछोड भएको हो सो दोष माफ गरी यिनले आफ्ना आमा-बाबुको सेवा गर्न पाउने गराइदिनुहोस् भनी उनलाई विन्ति गर्नेछौं ॥३८॥ लोकपाल धर्मराज बडा यशस्वी र धर्मात्मा छन् , तिनले अवश्यै मलाई यो एउटा अक्षय, अभय दक्षिणा दिनेछन् ॥३९॥ हे छोरा ! तिमीमा पाप छैन, पापी क्षत्रियले गर्दा तिम्रो मरण भएको हो, तसर्थ

आफ्नो सत्यको बलले, युद्धमा अस्त्रद्वारा मारिनेहरू जाने लोकमा अर्थात् स्वर्गमा जाऊ ॥४०॥ हे छोरा ! संग्राममा पिठिउँ नदेखाई शत्रुको हातबाट मर्ने शूर योद्धाहरू जुन गतिमा प्राप्त हुन्छन् , तिमी पनि त्यै श्रेष्ठ गतिमा प्राप्त भए ॥४१॥ राजा सगर, शिवि, दिलीप, जनमेजय, नहुष, धुन्धुमारहरू जुन गतिमा प्राप्त भएका छन् , हे छोरा ! तिमीलाई पनि सोही गति प्राप्त होओस् ॥४२॥ वेदाध्ययन, तपस्या, भूमिदान, अग्निमा हवन, अथवा एकपत्नीव्रत पालन गर्नाले जो सबै प्राणीको गति हुन्छ, तिम्रो पनि हे छोरा ! त्यै गति होस् ॥४३॥ हजार गाई दान गर्ने, गुरुको सेवा तथा पालन-पोषण गर्ने, हिमालयमा गई शरीर त्याग गर्नेले जो गति पाउँछन् , हे छोरा ! तिमीले पनि सोही गति पाए ॥४४॥ यस कुलमा जसको जन्म हुन्छ त्यसले खराब गति पाउन सक्तैन, खराब गति ता त्यसैको होला जसद्वारा तिम्रो वध भएको छ ॥४५॥

यस प्रकारसँग विलाप गर्दै ती दुःखियाहरू धेरै बेरसम्म रोए र अनि मुनि आफ्नी स्वास्नी-साथमा लिई छोरालाई जलाञ्जलि दिनलागे ॥४६॥ ती धर्मात्मा मुनिपुत्र झट्टै आफ्ना सुकर्मले गर्दा दिव्यरूप धारण गरी इन्द्रको साथसाथै स्वर्ग गए ॥४७॥ स्वर्ग जानलागेको समयमा, इन्द्रको साथमा रहेका ती तपस्वीले आफ्ना माता-पितालाई ढाढस दिए र एक्कै छिनपछि फेरि बाबुलाई भन्नलागे ॥४८॥ तपाईं आमा-बाबुको सेवा गर्नाले मैले बडो उच्च स्थान पाएँ, अब तपाईंहरू पनि चाँडै नै म भएको ठाउँमा आउनुहुनेछ ॥४९॥

यति भनेर जितेन्द्रिय मुनि-पुत्र अति राम्रो दिव्य विमानमा चढी स्वर्गतिर लागे ॥५०॥ ती तपस्वीले आफ्नी स्वास्नीको साथमा तुरन्तै छोरालाई जलाञ्जलि दिए र हात जोरेर उभिरहेको मलाई फेरि भन्नलागे ॥५१॥ हे राजन् ! अहिले नै मलाई पनि मारिदेऊ, अब मलाई मर्दा दुःख हुनेछैन, मेरो एकमात्र छोरालाई बाणद्वारा मारेर तिमीले छोरो नभएको तुल्याइदियौ ॥५२॥ तिमीले अज्ञानले मेरो छोरोलाई मारेको भए तापनि म तिमीलाई बडो कडा अति दुःख दिने सराप दिन्छु ॥५३॥ हे राजन् ! यस समयमा मलाई जस्तो पुत्रशोक भइरहेको छ, तिम्रो पनि यस्तै पुत्रशोकले मृत्यु होस् ॥५४॥ क्षत्रिय भएर अज्ञानमा तिमीले मुनि वध गरेको हुनाले तिमीलाई ब्रह्महत्याको पाप ता लाग्नेछैन ॥५५॥ तर यस समयमा मेरो जस्तो दशा भइरहेको छ, दान गर्नेले आफ्नो दानको फल पाएझैं, यस्तै भयानक र प्राण लिने किसिमको अवस्था तिमीमाथि पनि झट्टै आइपर्नेछ ॥५६॥

यस प्रकारसँग मलाई सराप दिई तथा दुःखले अनेक विलाप गरी ती दुवै लोग्ने स्वास्नी चितामा आफ्नो शरीर जलाएर स्वर्ग गए ॥५७॥ अहिले चिन्ता गर्दा गर्दै हे देवी ! बालककालमा शब्दवेधी हुने आकर्षणले अजानमा मैले जो पाप गरेथें सो पापको संझना हुन आयो ॥५८॥ अपथ्य पदार्थसित खाएको अन्नले रोग व्याधि उत्पन्न गरेझैं त्यस पापकर्मको यो फल आइपरेको हो ॥५९॥ हे देवी ! ती उदार मुनिको वचन आज ममाथि फल्नलागिरहेको छ । मनमा डराएका राजा दशरथ रुँदै कौशल्या-लाई भन्नलागे ॥६०॥

हे कौशल्ये ! अब म पुत्रशोकले प्राण त्याग गर्दछु, म आँखाले तिमीलाई देख्तिनँ, तिमी मलाई छोऊ ॥६१॥ मर्नलागेका मानिसले केही पनि देख्न सक्तैनन्, तर रामचन्द्रले यहाँ आएर आफ्नो हात अथवा अरू कुनै वस्तुद्वारा मलाई छोए, ढुकुटीमा अधिकार गरे, युवराजपद ग्रहण गरेभने ता म बाँच्न सकुँला जस्तो लाग्दछ, तर रामको साथमा जो व्यवहार गरें सो मैले गर्न नहुने हो ॥६२-६३॥ तर रामले मेरो साथमा गरेको व्यवहार अर्थात् मेरो आज्ञा मानेर वनमा जानु सर्वथा उनको लागि उचित हो, को बुद्धिमान् मानिसले यस संसारमा आफ्नो कुपुत्रको समेत त्याग गर्ला ?॥६४॥ वनमा निकालिन लागेको कुनचाहिं छोराले बाबुमाथि रिस देखाओइन । अहिले मैले तिमीलाई आँखाले देख्न सकेको छैन, मेरो संझने शक्ति पनि क्षीण हुनलागिरहेको छ ॥६५॥ हे कौशल्ये ! हेर, यी यमराजका दूतहरू मलाई लैजान हतपत गरिरहेका छन् । मर्ने समयमा समेत मैले सत्यपराक्रम धर्मज्ञ रामचन्द्रको मुख हेर्न नपाउनु, योभन्दा बर्ता दुःखको कुरा अरू के हुन सक्तछ ? छोराको कर्तव्य पालन गर्नामा सर्वश्रेष्ठ भएका रामलाई देख्न नपाउने शोकले, अलिकता पानीलाई घामले सुकाएझैं, मेरा प्राणलाई सुकाइरहेछ । ती मानिस देवता हुन् जो पन्ध्रौं वर्षमा अति सुन्दर कुण्डल धारण गर्ने, कमल जस्तो आँखा भएका, राम्रो आँखीभूइँ भएका, तथा सुन्दर नाक भएका रामचन्द्रको मुख देख्न पाउनेछन् ॥६६-६९॥ ती मानिस भाग्यमानी हुन् जो चन्द्रमाको जस्तो, शरदृऋतुको चन्द्रमासमानको, फुलेको कमल जस्तो, रामको मुख हेर्न पाउनेछन् ॥७०॥ वनवासबाट फर्केर फेरि अयोध्यामा आएको वेलामा सुगन्धित रामचन्द्रको मुख देख्न पाउने मानिस धन्य हुन् ॥७१॥ आफ्नो बाटो लिएको शुक्रलाई देख्ता मानिस जसरी प्रसन्न हुन्छन् त्यसै गरी अयोध्याको सडकमा रामलाई देख्ता मानिस खुशी हुनेछन् । ठूलो शोक खप्नुपर्दा मूर्च्छा खाएकोले मेरो हृदयमा भयानक पीडा भइरहेकोछ ॥७२॥ यस पीडाले गर्दा शब्द, स्पर्श, रस यी सबै इन्द्रियहरूका काम मेरो मगजमा घुस्तैनन्, तेल नहुनाले बत्तीको प्रकाश जसरी घटेर जान्छ, त्यसै गरी होश हराएकोले मेरा सबै इन्द्रियहरू शिथिल भइरहेका छन् ॥७३॥ जसरी नदीको वेगले किनारालाई भत्काइदिन्छ त्यसै गरी आफूद्वारा नै उत्पन्न भएको यस शोकले अनाथ, होश हराएको मलाई घात गर्नलागेको छ ॥७४॥ हे राघव ! हा मेरो दुःख दूर गर्ने महाबाहो ! हा बाबुका प्यारा, हा मेरा मालिक, हा मेरा छोरा ! तिमी गयौ नि ! ॥७५॥ हा कौशल्ये ! हा तपस्विनी सुमित्रे ! हा निठुरी, कुलको नाश गर्ने मेरी शत्रु कैकेयी ! म अहिले केही पनि देख्तिनँ ॥७६॥ यस प्रकारसंग महाराज दशरथले रामकी आमा कौशल्या र सुमित्राको नगीच शोक गर्दै प्राण त्याग गरे ॥७७॥ आफ्नो प्यारो छोराको वनवासले व्याकुल भएका, अत्यन्त दुःखले पीडित भएका, शोकाकुल, देख्नामा राम्रा राजाले यस प्रकारसंग विलाप गर्दै आधा रातको समयमा प्राण छाडे ॥७८॥

सर्ग–६५

राजाको निम्ति अन्तःपुरमा विलाप ।

रात बितेर भोलिपल्ट बिहान भएपछि स्तुति पाठ गर्ने बन्दीगणहरू राजभवनमा उपस्थित भए ॥१॥ व्याकरणादिको राम्रो शिक्षा पाएका, पौराणिक कथा हाल्न जान्ने सूत, पढे गुनेका र वंशको वर्णन गर्न जान्ने मागध, ताल-लय-स्वर जान्ने असल गवैया आफ्नो आफ्नो दस्तूरमुताबिक राजाको गुण गान गर्नलागे ॥२॥ यिनीहरू तीखो स्वरले राजालाई आशीर्वाद दिन तथा उनको स्तुति गर्नलागे, यिनीहरूको स्तुतिशब्दले जम्मै राजमहल प्रतिध्वनित हुनलाग्यो ॥३॥ यी सब स्तुतिपाठ गर्नेहरूमा जो ताली बजाएर राजाको गुण गान गर्दथे तिनीहरू राजा दशरथका अद्‌भुत कामको बखान गर्दै ताली बजाउनलागे ॥४॥ यी तालीका शब्दले बिउँझेका, राजभवनमा पालिएका, रूखका हाँगामा बसेका वा पिंजराभित्रका सबै चराहरू च्याँ च्याँ चूँ चूँ गर्नलागे ॥५॥ यस प्रकारसँग चराहरूको मीठो स्वरले, वीणाको शब्दले, ब्राह्मणहरूका आशीर्वादका वाक्यले, गवैयाहरूको गीतनादले राजमहल भरिन गयो ॥६॥ यसपछि शुद्ध व्यवहार गर्ने, राजसेवामा सिपालु भएका चतुरा आइमाई र नपुंसकहरू सधैंको जस्तो गरेर उपस्थित भए ॥७॥ यस समयमा स्नान गराउन जान्नेहरू, राजालाई स्नान गराउनाका निमित्त, सुनको घडामा चन्दन मिसाएको पानी भरेर नियमानुसार आफ्नो वेलामा लिएर आए ॥८॥ बिहान उठ्नेबित्तिकै छुन योग्य चीजबीज, मुखारी गरिसकेपछिलाई चाहिने सामग्री, लुगा, गहना, इत्यादि कुमारीको संख्या बर्ता भएका आइमाईहरूले लिएर आए ॥९॥ यस प्रकारसँग महाराजकहाँ, बिहानीपख ल्याउनुपर्ने सबै सामग्री जम्मा भए । यी चीज असल असल लक्षणले युक्त भएका, विधिपूर्वक पूजा गरिएका, उत्तम-गुण दिने तथा राम्रा पनि थिए ॥१०॥ सूर्योदय नभएसम्म राजाको दर्शन गर्न भनी सबै मानिस उत्सुक भई बसेका थिए, तर यति वेलासम्म पनि राजालाई नआएको देख्ता, के कारणले राजा अहिलेसम्म नउठेका हुन् भन्ने कुराको सबैलाई शङ्का पर्न गयो ॥११॥

कोशलेन्द्र राजा दशरथको खोपीमा काम गर्ने आइमाईहरू नजीक गएर मालिकलाई उठाउन-थाले ॥१२॥ जागा गराउँदा पनि नबिउँझेको देख्ता, राजालाई छुन हुने आइमाईहरूले, विनय तथा नीतिको अनुसार हात लगाएर हेर्दा निद्राको कुनै लक्षण पनि देखिएन ॥१३॥ निद्राको लक्षण जान्ने स्वास्नीमानिसले नाडी छामे, छातीमा ढुकढुक गरेको छ कि छैन भन्ने जाँच गरे, तर कतै पनि केही नदेख्ता राजा मरेछन् कि भन्ने सन्देहले काम्नथाले ॥१४॥ यस समयमा यी आइमाईहरू खोलानेरको बेत कामेझैं काम्नथाले । राजालाई देख्ता यिनीहरूलाई जुन अशुभ कुराको सन्देह भएथ्यो सो अब निश्चय भइहाल्यो ॥१५॥

पुत्रशोकले ग्रस्त भएका कौशल्या सुमित्रा मरेझैं भई सुती नै रहेका थिए; अहिलेसम्म उठ्न

सकेका थिएनन् ॥१६॥ शोकले गर्दा निन्याउरी, कालो नीलो र तेजहीन भएकी कौशल्या अन्धकारले ढाकेको तारासमान देखिएकी थिइन् ॥१७॥ राजा शोभाहीन भएपछि कौशल्या र त्यसपछि सुमित्राको पनि शोभा नष्ट भएर गयो अर्थात् मरेका राजा र कौशल्या सुमित्रामा केही फरक देखिएन, यी दुवैका आँखा आँसुले टम्म भरिएका थिए ॥१८॥ कौशल्या सुमित्रा दुवै महारानीलाई सुतेको तथा निद्रावस्थैमा राजाको प्राण गएको देख्ता यी दुःखमा परेका आइमाईहरू, वनमा बथानको नाइके हात्ती जानाले हतिनीहरूले चिच्च्याएझैं, डाँको छाडेर रुनलागे ॥१९-२०॥ यिनीहरूको रोएको आवाजले कौशल्या र सुमित्रालाई होश आयो र झट्टै निद्राबाट बिउँझे ॥२१॥ कौशल्या र सुमित्रा दुवैले राजालाई हेरे र अनि छोए, त्यसपछि हा स्वामी ! भन्दै भूइँमा लडे ॥२२॥

कोशलराजकी छोरी कौशल्या भूइँमा छटपटाउनलागिन्, तमाम शरीरमा धूलो लागेकी यिनी, आकाशबाट खसेको ताराझैं शोभाहीन भइन् ॥२३॥ राजा मर्नाले भूइँमा लडिरहेकी कौशल्यालाई त्यहाँका सबै आइमाईले मरेकी नागिनी जस्तै देखे ॥२४॥ यसपछि राजाका कैकेयीलगायत अरू सबै रानीहरू शोकले ग्रस्त भई रुनलागे र बेहोश हुँदै भूइँमा लड्नथाले ॥२५॥ पहिलेदेखि रोइरहेका रानीहरूको आवाजसित पछि आएका कैकेयी प्रभृति रानीहरूले रोएको आवाज मिसिनाले ठूलो कोलाहल मच्चियो र जम्मै राजमहलभरि फैलिन गयो ॥२६॥

अब ता जम्मै दरबारै डराएका, हडबडाएका रुनाको कारण बुझ्न उत्कण्ठित भएका मानिसले भरियो, चारैतिरबाट रुनलागेको ठूलो आवाज निस्कनथाल्यो, राजाका जम्मै नाता-कुटुम्ब तापले आकुल व्याकुल भए ॥२७॥ स्वर्गवास भएका राजाको घरको सबै आनन्द उत्तिखेरै बिलाएर गयो, घरै बडो दुःखी र हेर्दाखेरि नै मानिसको मनमा दुःख उत्पन्न गराउने जस्तो भयो ॥२८॥ राजाहरूमा श्रेष्ठ यशस्वी महाराज दशरथ मरे भन्ने थाहा पाएपछि सबै रानीहरू यिनलाई चारैतिरबाट घेरी, मनमा अत्यन्त दुःखित भई मायालाग्दो गरी रुनलागे र एउटाले अर्काको हात समातेर अनाथिनीहरूले झैं विलाप गर्नलागे ॥२९॥

सर्ग—६६

दशरथ मर्दा रानीहरूको विलाप।

स्वर्गवास भएका राजालाई, निभेको आगो, पानी नभएको समुद्र तथा तेज नभएका सूर्यसमान भएको देख्ता, शोकले ग्रस्त भएकी, आँखाभरि आँसु गरेकी कौशल्या राजाको माथलाई आफ्नो काखमा राखी कैकेयीलाई भन्नलागिन् ॥१-२॥ ए निठुरी, क्रूर कर्म गर्ने कैकेयी ! राजालाई यस लोकबाट पठाएर निश्चिन्त भईकन निर्विघ्नसित राज्यको भोग गर, आफ्नो अभिलाषा पूर्ण भएकोले आनन्द मनाऊ ॥३॥ राम मलाई छाडेर गए र मेरा पतिको पनि स्वर्गवास भयो, अब म भयानक बाटोमा साथी नभएको बटुवाझैं बाँच्न साहस गर्दिनँ ॥४॥ आफ्ना देवतातुल्य पतिलाई त्याग गरेर धर्मे

१८

छाड्ने, कैकेयीबाहेक अरू कुनचाहिं स्वास्नी बाँच्ने इच्छा गर्ली ॥५॥ लोभी मानिस दोषतिर ख्याल नराखी केवल शरीरको सुख चाहन्छ, यसै कारणले अभक्ष्य पदार्थ खाइदिन्छ, तर यो खानाले यस्तो हानि होला भन्नेपट्टि विचारै राख्तैन, यसै गरी तिमीले पनि मन्थराको कुरामा लागेर यस रघुकुलको सत्यानाश पारिदियौ ॥६॥ अनुचित रीतिले दबाउमा परेका महाराज दशरथले राम र सीतालाई वनवास दिए भन्ने कुरा सुन्दा राजा जनकलाई पनि हामीलाई जस्तै ताप पर्नेछ ॥७॥ म विधवा भएर अनाथिनी भएँ भन्ने कुरा, कमलको पात जस्तो आँखा भएका धर्मात्मा रामचन्द्रलाई थाहा छैन अफ-सोस ! राम ता जीउँदै मेरो लागि अदृश्य भइगए ॥८॥ विदेह राजाकी छोरी, दुःख सहन योग्य नभएकी, तपस्विनी सीता वनमा दुःख पाएर व्याकुल हुनेछिन् ॥९॥ भयानक आवाज गर्ने पशु-पक्षीको आवाज रातमा सुन्दा उनी डराउनेछिन् र रामलाई अँगालो हाल्न पुग्नेछिन् ॥१०॥ राजा जनक पनि बूढा भइसकेका छन् , सन्तानको नाममा उनकी यिनै एउटी छोरी हुन् , सदा सीताका लागि फिक्री गर्ने हुनाले यस शोकले व्याकुल भई प्राणत्याग गर्नेछन् ॥११॥ म पनि आजै शरीर त्याग गर्दछु, म पतिव्रता हुँ तसर्थ महाराजको शरीरलाई अँगालो हालेर अग्निमा प्रवेश गर्दछु ॥१२॥

राजाको जीउ समातेर विलाप गरिरहेकी दुःखिनी कौशल्यालाई व्यवहारमा चतुरा भएका राज-कर्मचारीहरूले त्यहाँबाट लिएर गए ॥१३॥ मन्त्रीहरूले तेल भएको खड्कौंलोमा राजाको लाश राखी, यसपछि गर्नुपर्ने राजाको सबै काम वशिष्ठले अह्राएमुताबिक गरे ॥१४॥ सबै कुरा जान्ने भएका मन्त्रीहरूले छोरा त्यहाँ नभएकाले राजाको दाह आदि कर्म गर्न उचित देखेनन् , तसर्थ यिनीहरूले राजाको लाशलाई हिफाजतसित राखे ॥१५॥

तैलद्रोणी अर्थात् तेल भएको खड्कौंलोमा मन्त्रीहरूले राजाको शरीर राखेको देख्ता, राजा मरेको साँचो नै रहेछ भन्ने थाहा पाएर सबै रानीहरू "हा राजा मरे नि" भन्दै विलाप गर्नलागे ॥१६॥ आँखाबाट आँसुको खोलो बगाउँदै, शोकले ग्रस्त भएका तथा दुःखमा परेका यिनीहरू बडो माया लाग्ने गरी हात उचाली उचालीकन यसरी विलाप गर्नलागे ॥१७॥ हे महाराज ! सधैं मीठो बोल्ने, सत्यवादी रामसित ता हाम्रो बिछोड भएकै थियो, फेरि तपाईं पनि हामीलाई छाडेर किन जानु-भएको ? ॥१८॥ कैकेयी बडो दुष्ट स्वभावकी छ, रामचन्द्र भने यहाँ छैनन् , बिधवा भएर हामीले सौतासँग मिलेर कसरी बस्ने हो ? ॥१९॥ श्रीमान्, आत्मवान् राम सबैका मालिक थिए, तपाईंको हाम्रो रक्षा गर्दथे, उनै पनि राजलक्ष्मीको त्याग गरेर वनमा गएका छन् ॥२०॥ तपाईंबाट र रामचन्द्रबाट बिछोड भएकोले हामी विरहले दुःखी भएका छौं, कैकेयीले गरेको अपमानलाई सही सहीकन हामीले कसरी बस्ने हो ? ॥२१॥ जुन कैकेयीले राजा, राम, महाबली लक्ष्मण र सीताको परित्याग गरिन् तिनले अब कसलाई त्याग गर्न बाँकी राख्लिन् ॥२२॥ राजा दशरथका श्रेष्ठ रानीहरू महाशोकले पीडित भई, आँसुको धारा बगाउँदै तथा आनन्दरहित भई छटपटाउनलागे ॥२३॥ यस समयमा अयोध्या शहर, महात्मा राजा दशरथ नभएकोले, नक्षत्रहीन रात्रि तथा पतिहीन स्त्रीसमान शोभा नष्ट भएको

देखिनलाग्यो ॥२४॥ शहरवासीहरूको आँखाबाट आँसु बग्नलाग्यो, सबै आइमाईहरू हाहाकार मच्चाउनलागे, घर तथा चारदोबाटा सबै शून्य भइगए, शहरको शोभा पहिले जस्तो बिलकुलै रहेन ॥२५॥ पुत्रशोकले गर्दा राजा दशरथको स्वर्गवास भएपछि, भूईँमा छटपटाउँदै रानीहरू रोइरहेकै बेलामा आफ्ना सबै किरणलाई बटुलेर सूर्यनारायण अस्ताचलतिर लागे र अन्धकारलाई साथमा लिई रात आइहाल्यो ॥२६॥ यस समयमा त्यहाँ आएका राजाका मित्रहरूले छोरा नभएकोले अग्निमा दाह गर्न उचित देखेनन् तसर्थ अब फेरि दर्शन नपाइने राजाको लाशलाई यिनीहरूले तेलको कुण्डमा डुबाइराखे ॥२७॥ महाराज दशरथको मृत्यु भएकोले यस समयमा अयोध्याका सडक तथा चार दोबाटामा आँखाभरि आँसु लिई सुँक्क सुँक्क गरिरहेका मानिसको भीड लागेको थियो, यसो हुनाले शहर सूर्य नभएको आकाश, तथा नक्षत्रहीन रात्रिसमान निस्तेज र प्रभाहीन देखिनलाग्यो ॥२८॥

महाराजको मृत्यु भएकोले अयोध्याका लोग्ने मानिस स्वास्नी मानिस हूलका हूल जम्मा भई भरतकी आमा कैकेयीको निन्दा गर्नलागे । सबै जना शोकले आकुल व्याकुल परेका थिए, सुखी भनेको ता कोही पनि थिएन ॥२९॥

सर्ग—६७

वशिष्ठप्रभृति सभासद्हरू राज्यको विषयमा विचार गर्दछन् ।

कसैको मनमा कुनै प्रकारको आनन्द थिएन, सबै रोइ नै रहेका थिए, रुँदा रुँदा सबैको घाँटी बसिसकेको थियो । एवं प्रकारले अयोध्यामा यो लामो रात जिनतिन गरेर बित्यो ॥१॥ रात बितेर सूर्योदय भएपछि राज्यका सबै फाँटका कर्मचारीहरू तथा ब्राह्मणहरू जम्मा भई सभामा उपस्थित भए ॥२॥ मार्कण्डेय, मोद्गल्य, वामदेव, काश्यप, कात्यायन गौतम र महायशस्वी जाबालि यी सबै ब्राह्मणहरूले मन्त्रीहरूको साथमा मिलेर भिन्ना भिन्न राय प्रकट गरे, तर कुनै कुरो पनि निश्चय हुन नसकेकोले यिनीहरू सबै राजपुरोहित वशिष्ठतिर हेरेर निर्णयका लागि उनको राय लिनालाई भन्नलागे ॥३-४॥

पुत्रशोकले राजाको स्वर्गवास भएकोले हामीलाई यो दुःखको रात सय वर्ष जति लामो लाग्यो ॥५॥ महाराज परलोक जानुभयो, राम वनमा बसेका छन्, तेजस्वी लक्ष्मण रामसँग वन गएका छन्, शत्रुहरूको संहार गर्ने भरत, शत्रुघ्न यी दुवै पनि कैकेयदेशमा आफ्नो मामाको राजगृह-नामक शहरमा, राम्रो महलमा बसेका छन् ॥६-७॥ यसकारण आजै इक्ष्वाकुवंशको कसैलाई राजा बनाउनुपर्दछ नत्र ता राजा नहुनाले हाम्रो यो राज्य नष्ट भइजानेछ ॥८॥ राजा नभएको देशमा, विजुलीको चमक हुने बादल बडो जोरको शब्दले गर्जन गर्दै पृथ्वीमा दिव्य जलको वर्षा गराउँदैन ॥९॥ राजा नभएको देशमा खेतमा बीउ छरिन्न, न छोरा बाबुको वशमा रहन्छ न स्वास्नी लोग्नेको अधीनमा

रहन्छे ।।१०।। राजा नभएको देशमा आफ्नो धन धनै हुँदैन, किनकि डाँकूहरूले लुटेर लैजान्छन्, स्वास्नी पनि स्वास्नी हुँदैन (राजाको डर नहुनाले व्यभिचारतिर लागी बिग्रेर जान्छे), यस्तो महाभयङ्कर व्यवस्था भएपछि ता अरू अरू व्यवहारमा कताबाट सत्यता रहला ।।११।। राजा नभएको देशमा कुनै कुराको निर्णय गर्नाका लागि मानिस सभा गर्न सक्तैनन्, न निश्चिन्त भएर राम्रा राम्रा बगैंचा बनाउन पाउँछन्, न देवताका मन्दिर ।।१२।। राजा नभएको देशमा यज्ञ गर्ने, जितेन्द्रिय, कठोर व्रत धारण गर्ने बाहुनहरू यज्ञ गर्न पाउँदैनन् ।।१३।। राजा नभएको देशमा ठूलो ठूलो यज्ञमा यज्ञ गर्ने धनी ब्राह्मणहरू पनि ऋत्विजहरूलाई शास्त्रोक्त दक्षिणा दिंदैनन् ।।१४।। राजा नभएको देशमा, नाटक गर्ने, नाच गर्नेहरू प्रसन्न रहँदैनन्, देशको उन्नति हुने उत्सव तथा सभाहरू हुन पाउन्नन् ।।१५।। राजा नभएको देशमा व्यवहारीहरूको अर्थात् पसलेहरूको अभिलाषा पूर्ण हुन सक्तैन; कथा बाँच्नेहरू कथा सुन्न निको मान्ने मानिसहरूलाई अनुरागसहित कथा पुराण सुनाउन पाउँदैनन् ।।१६।। राजा नभएको देशमा साँझतिर सुनको गहना लगाएर सिंगारिएका कन्याकुमारीहरू जम्मा भई बगैंचामा खेलकूद गर्न जान पाउँदैनन् ।।१७।। राजा नभएको देशमा धनी तथा खेतीपाती गाईको रक्षा गरेर जीविका गर्नेहरू सुरक्षित रहँदैनन्, ढोका खुला राखेर राती घरमा सुत्न पाउँदैनन् ।।१८।। राजा नभएको देशमा कामी मानिस आफ्ना स्वास्नीहरूलाई साथमा लिई, छिटो छिटो दगुर्ने वाहनमा चढेर जंगलमा विहार गर्न जान पाउँदैनन् ।।१९।। राजा नभएको देशमा बडा बडा दाँत भएका साठी वर्षका हात्ती, घण्टाको आवाज गर्दै सडकमा हिंड्दैनन् ।।२०।। राजा नभएको मुलुकमा बाण चलाउन सिक्नेहरूले अभ्यास गर्न लागेको वेलामा ताल ठोकेको आवाज सुनिदैन अर्थात् धनुर्विद्याको कोही पनि अभ्यास गर्दैन ।।२१।। राजा नभएको मुलुकमा टाढा टाढा जाने व्यापारीहरू बिक्री गर्ने धेरै मालताल लिएर कुशलपूर्वक बाटोमा हिंड्न पाउँदैनन् ।।२२।। राजा नभएको देशमा, एकलै आफ्नो मनलाई ब्रह्मको ध्यान गर्नामा लगाउने जितेन्द्रिय ऋषिहरू र जहाँ साँझ पर्‍यो उहीं बस्ने मुनिहरू डुल-फिर गर्न पाउँदैनन् ।।२३।। राजा नभएको देशमा मानिसलाई न लाभ हुन्छ, न यिनका मालतालको रक्षै हुन्छ; संग्राममा सेनाले शत्रुको सामुन्ना पनि गर्न सक्तैन ।।२४।। राजा नभएको देशमा मानिस उत्तम उत्तम घोडामा अथवा रथमा सवारी गरी सिंगारिएर एक्कासि बाहिर निस्कन सक्तैनन् ।।२५।। राजा नभएको देशमा शास्त्र जान्ने मानिसहरू निर्धक्क भई वन वा बगैंचामा आफू-आफूमा शास्त्रार्थ गर्न पाउँदैनन् ।।२६।। राजा नभएको देशमा व्रत गर्ने मानिसहरू देवताको पूजा गर्नाको निम्ति माला, लड्डु, दक्षिणा जम्मा पार्न सक्तैनन् ।।२७।। राजा नभएको देशमा चन्दन र अगरुले सुगन्धित भई, बसन्त ऋतुमा रूखहरू सुशोभित भएझैं, राजपुत्रहरू शोभायमान हुँदैनन् ।।२८।।

विनाजलको नदी, विनाघाँसको जंगल तथा गोठालो नभएको गाईको जस्तो शोचनीय अवस्था हुन्छ त्यस्तै अवस्था राजा नभएको देशको पनि हुन्छ ।।२९।। ध्वजाले रथ चिह्निन्छ, धूवाँबाट आगोको ज्ञान हुन्छ, राजकर्मचारीहरूका तथा हाम्रा ध्वजारूप जो राजा थिए ती ता स्वर्गतिर लागि-

हाले ॥३०॥ राजा नभएको मुलुकमा मानिसको कुनै कुरो पनि आफ्नो हुँदैन, ठूलो माछाले सानो माछालाई खानेझैं दुनियाँमा परस्पर एउटाले अर्कोलाई नाश गर्नेथाल्दछन् ॥३१॥ शास्त्र मर्य्यादालाई त्याग गरी नास्तिक बनेका तर राजदण्डको डरले दबेर बसेकाहरू पनि राजा नभएको देशमा दण्डको भय नहुनाले आफ्नो प्रभुता देखाउन खोज्दछन् ॥३२॥ जसरी दृष्टि शरीरलाई हित गर्नामा र कुभलो गर्ने कुरालाई हटाउनामा तत्पर रहन्छ त्यसै गरी राजा पनि सत्य र धर्मको रक्षा गरेर प्रजाको भलो हुने काम गर्दछन् ॥३३॥ राजा नै सत्य, धर्म र कुलीनहरूका कुल हुन् , राजा नै आमा-बाबु र दुनियाँको भलो गर्ने हुन् ॥३४॥ मर्यादा पालन गर्ने राजा, यम, कुबेर, इन्द्र र महाबली वरुणभन्दा पनि ठूला हुन् ॥३५॥ उचित अनुचित कुराको ख्याल नराखी राजाले लोकको पालन नगरे ता सबैतिर अन्धकार भइजान्थ्यो, कतै केही देखिने थिएन ॥३६॥

राजा दशरथ बाँचेकै वेलामा पनि हामीले, समुद्रले आफ्नो तीरको जग्गा ननाघेझैं तपाईंका वचनको उल्लंघन गरेका थिएनौं ॥३७॥ अतएव हे वशिष्ठजी ! तपाईंप्रति हाम्रो व्यवहारको तथा राजा नहुनाले जङ्गल जस्तो हुनलागेको यो देशको ख्याल गरेर इक्ष्वाकुवंशी कुनै कुमारलाई अथवा अरू कसैलाई राज्यासनमा राखेर अभिषेक गरिदिनुहोस् ॥३८॥

सर्ग–६८

वशिष्ठ भरतलाई बोलाउनाको निम्ति दूत पठाउँछन् ।

मार्कण्डेय आदि ब्राह्मणहरूको कुरा सुन्दा वशिष्ठ, मित्र, मन्त्री तथा ब्राह्मणहरूलाई यस प्रकारले भन्नलागे ॥१॥ जुन भरतलाई राजाले राज्य दिएका छन् ती अहिले मामाको घरमा भाइका साथमा सुखपूर्वक बसेका छन् ॥२॥ यसकारण छिटो जान सक्ने दूतहरू ती दुवै भाइलाई बोलाएर ल्याउनाको निम्ति झट्टै तेजिला घोडामा चढेर जाऊन् । यसमा हामीले विचार गर्ने कुरै छैन अर्थात् राजाले भरतलाई राज्य दिएकै छन् ॥३॥ सबैले वशिष्ठलाई दूत पठाउनुपर्दछ भने । यिनीहरूको कुरा सुनेर वशिष्ठ फेरि भन्नलागे ॥४॥

सिद्धार्थ, विजय, जयन्त, अशोक, नन्दन, तपाईंहरू सबै आफ्नो कर्तव्य सुन्नुहोस् , म तपाईं सबैलाई भन्दछु ॥५॥ छिटो दगुर्ने घोडामा सवार भई झट्टै राजगृह नामको शहरमा जानुहोस् र शोकलाई त्याग गरेर मेरा तर्फबाट भरतलाई यसो भन्नुहोस् ॥६॥ पुरोहितले तथा मन्त्रीहरूले तपाईंको क्षेम कुशल सोधेका छन् , झट्टै यहाँबाट हिंड्नुहोस् , अयोध्यामा तपाईंले गर्नुपर्ने एउटा अत्यावश्यक काम परेको छ ॥७॥ तर खबरदार रघुकुलको यो अशुभ समाचार "राम वन गए र राजा दशरथको परलोकवास भयो" भनेर कसै गरेर पनि नसुनाउनू ॥८॥ राजा केकयराजको निम्ति र भरतको निम्ति रेशमी लुगा र गहना झट्टै लिएर जाऊ ॥९॥

केकयदेशमा जान खटिएका दूतहरू घोडामा सवार भई बाटामा खानुपर्ने कुरा साथमा लिई

१८–क

आफ्ना आफ्ना घरतिर लागे ॥१०॥ प्रस्थानको समयमा गर्नुपर्ने मङ्गल कृत्य गरिसकेपछि, यात्रामा चाहिने सामग्री साथमा लिई, फेरि वशिष्ठजीको आज्ञा लिएर यिनीहरू तुरुन्तै रवाना भए ॥११॥ अपर-तालनामक देशको दाहिनेपट्टिबाट तथा प्रलम्ब देशको देब्रेपट्टिबाट अर्थात् यी दुवै देशको देब्रेपट्टिबाट अर्थात् यी दुवै देशको बीचबाट मालिनी नदीको तीरै तीर लागेर गए ॥१२॥

यी दूतहरू हस्तिनापुरमा गङ्गा पार गरी पश्चिमतिर लागे, त्यहाँबाट पाञ्चाल देशमा पुगेपछि कुरु-जाङ्गल देशको माझबाट हिंड्नलागे ॥१३॥ फुलेका कमल भएका तलाउ र निर्मल जल भएका नदी हेर्दै यिनीहरू, काम आवश्यक हुनाले कतै पनि विलम्ब नगरी, छिटो छिटो बाटो काट्नलागे ॥१४॥ अलि पर गएपछि यिनीहरूले नाना प्रकारका चराहरूले वास गरेको, निर्मल जलले परिपूर्ण भएको शरदण्डा नाम गरेको नदी देखे ॥१५॥ यस नदीको तीरमा "सत्योपयाचन" नाम गरेको एउटा रूख थियो । यस रूखको एउटा विशेष गुण के थियो भने यससित प्रार्थना गरेको कुरा सिद्ध नभई छाड्दैनथ्यो, यसैले यसको नाम सत्योपयाचन भएको हो । यसै कारण यो सबैले नमस्कार गरिने योग्य थियो । यी दूतहरू पनि यस रूखनेर गई यसलाई प्रदक्षिणा गरी कुलिङ्गानामक शहरमा पसे ॥१६॥

यताबाट अभिकाल र अभिकालबाट तेजोभिभवन शहरमा पुगेर यिनीहरूले इक्ष्वाकुवंशीहरूको पितृ पितामहहरूको पवित्र इक्षुमती नदी पार गरे ॥१७॥ अञ्जुलीभरि पानी पिएर, तपस्या गर्नेलागेका ब्राह्मणहरूलाई हेर्दै वाल्हीक देशको माझबाट गएर यिनीहरू सुदामा नामको पर्वतमा पुगे ॥१८॥ यहाँ विष्णुको चरणचिह्नको दर्शन गरी, विपाशा नदी, यसको तीरको शाल्मली (सिमल) को रूख, नदी, पोखरी, तलाउ, ताल झील, तथा अनेक प्रकारका सिंह, बाघ, हरिण, हात्ती हेर्दै, मालिकको आज्ञा पूर्ण गर्नाका लागि यिनीहरू बडो लामो बाटोमा गइ नै रहे ॥१९–२०॥ यी दूतहरू निर्विघ्नपूर्वक लम्बे बाटो पार गरी चाँडै नै गिरिव्रज नामको राम्रो शहरमा पुगे । यिनीहरूका घोडा थाकिसकेका थिए ॥२१॥

आफ्नो मालिकलाई खुशी गराउनाको निम्ति, कुल रक्षाको निम्ति, दशरथका सन्तानलाई राज्य-ग्रहण गराउनाका लागि, यी दूतहरू कुनै प्रकारको विलम्ब नगरी रात्रिकै समयमा केकय देशमा पुगे ॥२२॥

सर्ग—६९

भरत नराम्रा सपना देख्तछन् ।

जुन दिन राती यी दूतहरूले त्यस शहरमा प्रवेश गरे त्यै रातमा भरतले एउटा नराम्रो सपना देखे ॥१॥ बिहान हुँदैखेरिदेखि रातीको त्यो सपना संझेर राजाधिराज दशरथका छोरा भरतलाई अत्यन्त ताप पर्‍यो ॥२॥ भरतलाई ताप परेको देख्ता यिनका प्रियवादी मित्रहरू उनको ताप हटाउन भनी सभामा किसिम किसिमका कथा भन्नलागे ॥३॥

भरतको शान्तिका लागि कसैले वीणा बजाउनथाले, कोही नाच गराउनलागे, कोही हास्यरस प्रधान भएका अनेक नाटक बाँचेर सुनाउनलागे ।।४।। यिनलाई खुशी गराउने दोस्तहरूले अनेक किसिमका हँसी ठट्टाका कुरा गर्दा पनि महात्मा भरत प्रसन्न भएनन् ।।५।।

मित्रहरूले घेरिराखेका भरतलाई उनको एउटा अत्यन्त प्यारो मित्रले सोध्यो, "तपाईं ता आफ्ना मित्रमण्डलीमा बस्नुभएको छ तैपनि किन प्रसन्न नहुनुभएको ।।६।। साथीले यस्तो भनेकोले भरतले म जुन कारणले यस्तो दुःखी भएको छु सो सुन भनी जवाफ दिए ।।७।।

मैले सपनामा पिताजीलाई देखें, उहाँ निन्याउरो हुनुहुन्थ्यो, कपालका रौं फुकेका थिए, पर्वतको टाकुराबाट गोबरले भरिएको तलाउमा उहाँ खस्नुभयो ।।८।। मैले उहाँलाई यस गोबरको तलाउमा पौडी खेल्न लागेको, अञ्जुलीले तेल पिउन लागेको र वारंवार हाँस्नलागेको देखें ।।९।। फेरि उहाँले तेल र चामल खानुभयो, टाउको निहुरेको थियो, जम्मै शरीरमा तेल लगाएर उहाँलाई तेलमा डुबाएको देखें ।।१०।। यो पहिलो सपना हो, अब दोस्रो सुन । मैले समुद्र सुकेको, चन्द्रमा पृथ्वीमा खसेको, समस्त संसार राक्षसद्वारा पीडित भएको र अन्धकारले ढाकिएको देखें ।।११।। राजाले चढ्ने गरेको हात्तीको दाँत टुक्रा टुक्रा भई झरेको र बल्दो आगो झ्याप्प निभेको देखियो ।।१२।। मैले पृथ्वीलाई चिरिएको, अनेक रूख सुकेको, पर्वत ढलेको र त्यताबाट धूवाँ निस्कनलागेको देखें ।।१३।। मैले फलामको पिरकामा कालो लुगा लगाएर पिताजीलाई बसेको र काला पहेंला लुगा लगाएका आइमाईले उहाँलाई पिटिरहेको देखें ।।१४।। धर्मात्मा राजाले रातो माला तथा रातो चन्दन लगाई, गदहा जोतिएको रथमा सवार भई छिटो छिटो दक्षिणतिर जानलागेको देखें ।।१५।। मैले सपनामा रातो लुगा लगाएकी, भयानक मुख भएकी एउटी राक्षसीले राजालाई तानिरहेको र हाँसिरहेको देखें ।।१६।।

आजको भयानक रात्रिमा मैले यस्ता सपना देखें; राजा दशरथ, राम लक्ष्मण अथवा स्वयं म, यी हामीमध्ये कोही न कोही अवश्य मर्नेछौं ।।१७।। सपनामा गधा जोतिएको रथमा चढेर जान लागेको जो मानिस देखिन्छ, चाँडै नै त्यसको चिताबाट धूवाँ निस्केको देखिन्छ अर्थात् त्यो मर्दछ ।।१८।। यसकारणले म दुःखी भएको हुँ, तपाईंहरूको कुराले मलाई प्रसन्न गराउन सक्तैन, के भनूँ, यस समयमा मेरो घाँटी सुकिरहेको छ र मन पनि बडो चञ्चल भइराखेको छ ।।१९।। भय मान्नुपर्ने कारण ता केही छैन तैपनि मलाई डर अनुभव हुन्छ, मेरो घाँटीको स्वर बिग्रिसकेको छ र मुखको रंग पनि बदलिसकेको छ, म आफूलाई धिक्कार दिन लागिरहेको छु तर कारण ता केही पनि देखिंदैन ।।२०।। यस्ता खराब सपनाको मैले पहिले कल्पनासम्म पनि गरेको थिइनँ, यो सपना देखेदेखि पिताजीको दर्शन हुन्छ कि हुन्न भन्ने चिन्ता मनमा उत्पन्न हुनलागिरहेको छ, यसै कारण मनमा बडो हडबडी भइरहेको छ र यो कसै गरे पनि हट्तैन, योभन्दा पहिले ता राजाको दर्शन पाउने कुरामा कुनै प्रकारको चिन्तै थिएन ।।२१।।

सर्ग—७०

अयोध्यातिर भरतको प्रस्थान ।

यस प्रकारसँग भरतले आफ्नो सपनाको वृत्तान्त भनिरहेको वेलामा, चारैतिर नाघ्न नहुने खाल्डो भएको, राम्रो शहरभित्र, थाकेका घोडामा चढेका यी दूतहरू पसिहाले ।।१।। आएका यी दूतहरूको राजा र राजपुत्र भरतले सत्कार गरे, यिनीहरू पनि राजालाई पाउमा प्रणाम गरी भरतलाई भन्नलागे ।।२।। पुरोहित वशिष्ठजीले र अरू सबै मन्त्रीहरूले तपाईंको क्षेम कुशल सोधेका छन् , छिटो गरेर यहाँबाट हिँड्नुहोस् , उहाँ बडो आवश्यक काम छ ।।३।। हे विशाललोचन भरत ! यी बहुमूल्य वस्त्र र गहना लिएर आफ्ना मामालाई दिनुहोस् ।।४।। यी चीजबीजमा बीस करोडका राजाका हुन् र दश करोडका तपाईंका मामाका हुन् ।।५।।

दूतले दिएका सबै गहना कपडा लिई भरतले राजा र मामालाई बुझाइदिए र अनि आवश्यक वस्तुले (खाने पिउने कुरा दिएर) यिनीहरूको आदर सत्कार गरी भन्नलागे ।।६।। मेरा पिता राजा दशरथलाई आरामै छ ? महात्मा राम र लक्ष्मण ता नीरोगी नै छन् ? ।।७।। धर्म कर्म गर्ने, धर्म जान्ने, धर्मको उपदेश गर्ने बुद्धिमती रामकी आमा कौशल्या नीरोगी ता छन् ? ।।८।। धर्म जान्ने लक्ष्मण र शत्रुघ्नकी आमा, मेरी माहिली मुमा सुमित्रा त नीरोगी नै छन् ? ।।९।। आफ्नो मतलब पूरा गर्नामा सिपालु, सदा क्रोध गर्ने, आफूमा ठूलो बुद्धि भएको संझने मेरी आमा कैकेयी कुशल ता छन् ? उनले केही भनी पठाएको छ कि ? ।।१०।।

महात्मा भरतले यति भनेपछि यी दूतहरू विनयपूर्वक उनलाई यी कुरा निवेदन गर्नलागे ।।११।। हे नरश्रेष्ठ ! जसजसको क्षेम कुशल तपाईंले सोध्नुभयो ती सबैलाई आराम छ, यस समयमा पद्मालया लक्ष्मी तपाईंको वरण गर्नामा उद्यत भएकी छन् , तसर्थ चाँडै नै रथ जोत्न लगाउनुहोस् ।।१२।। दूतहरूको कुरा सुन्दा भरतले भने, हुन्छ, म अहिले नै राजासित बिदा भएर आउँछु र दूतहरू मलाई छिटो गर्न भनिरहेका छन् भनेर विन्ति चढाउँछु ।।१३।।

राजकुमार भरतले दूतहरूलाई यस किसिमको जवाफ दिए र उनीहरूको भनाइमुताबिक आफ्नो बाजेलाई भन्नलागे ।।१४।। हे राजन् ! दूतहरूले भनेको हुनाले म पिताजीकहाँ जानलागें, संझना राख्नुभयोभने फेरि आउनेछु ।।१५।। भरतको यस्तो कुरा सुनेपछि यिनका बाजे केकयराज माथ सुँघी यी शुभ कुरा भन्नलागे ।।१६।।

ए बाबु ! जाऊ, म बिदा दिन्छु, तिमी जस्तो छोरा पाएर कैकेयी सुपुत्रवती भएकी छन् । हे शत्रु-लाई ताप पार्ने ! आफ्ना बाबुलाई, पुरोहित वशिष्ठजीलाई, अरू श्रेष्ठ ब्राह्मणहरूलाई, तथा महा-धनुर्धारी राम लक्ष्मण दुवै दाजुभाइलाई, हामी सबैलाई यहाँ कुशल छ भनी सुनाइदिए ।।१७-१८।।

केकयराजले भरतलाई उत्तम उत्तम हात्ती, चित्र विचित्रका कम्बल र मृगछाला इत्यादि वस्तु

सत्कारपूर्वक दिएर धन पनि दिए ॥१९॥ यी सब चीजबाहेक अन्तःपुरमा बडो यत्नले पालिएका, बल वीर्यमा बाघसमानका, तीखा तीखा दाँत भएका, विशाल आकारका कुक्कुर पनि कोसेलीको रूपमा दिए ॥२०॥ यसपछि केकयराजले भरतलाई दुई हजार सुनका असर्फी, गहना तथा सोह्र सय घोडा पनि बडो आदरभावले दिए ॥२१॥ आफ्ना मन परेका विश्वासी, गुणी मन्त्रीहरूलाई भरतसँग जान भनी राजा अश्वपतिले पठाए ॥२२॥ भरतका मामाले यिनलाई ऐरावत खानदानको तथा इन्द्रशिर देशमा जन्मेको हात्ती र राम्ररी सधिएका तथा छिटो दगुन सक्ने खच्चर पनि दिए ॥२३॥ हिंड्नालाई हतपत परेकोले कैकेयीका छोरा भरत, केकयराजले दिएका यी धन माल असबाबले प्रसन्न हुन सकेनन् ॥२४॥

दूतहरूले हतार गरेको र आफूले नराम्रा नराम्रा सपना देखेकोले यस समयमा भरतको मनमा बडो चिन्ता परेको थियो ॥२५॥ मानिस, हात्ती, घोडाले परिपूर्ण भएको त्यस राजमहलबाट बाहिर निस्केर श्रीमान् भरत बड़े सडकमा आइपुगे ॥२६॥ यस सडकलाई पार गरेपछि भरतजीले अति राम्रो अन्तःपुर देखे र विनारोकटोकको यस महलभित्र प्रवेश गरे ॥२७॥ आफ्ना बाजे तथा मामा युधाजितसित विदा भई भाइ शत्रुघ्नसहित रथमा चढेर प्रस्थान गरे ॥२८॥ वाटुलो पांग्रा भएका सयकडौं रथमा ऊँट, घोडा तथा खच्चर जोतेर भरतका नोकर-चाकर यिनको पछि लागे ॥२९॥ आफ्नो बाजेले पठाएको फौजद्वारा रक्षित भई भरतजी आफूसमानका मन्त्रीहरूलाई साथमा लिई, भाइ शत्रुघ्नसहित, इन्द्रलोकबाट सिद्धहरू हिंडेझैं, राजगृहबाट आफ्नो घरतिर लागे ॥३०॥

सर्ग—७१

भरत अयोध्यामा पुगेर शहरको अवस्था देख्ता चिन्तामा पर्दछन् ।

राजगृह शहरबाट निस्केर पराक्रमी भरत पूर्वतिर लागे, यिनले सुदामा नामको नदीको शोभा हेद त्यसलाई पार गरे ॥१॥ निकै फराकिलो भएको पश्चिमतिर बग्ने ह्लादिनी नदी तरी इक्ष्वाकुनन्दन भरतले शतद्रु नदी पार गरे ॥२॥ ऐलधन नाउँ गरेको गाउँको नजीकको नदी तरेर भरत अपरपर्वत नामको देशमा आइपुगे । यहाँको शिलानदी तरेपछि आग्नेय र शल्यकर्षण नाम गरेका गाउँमा पुगे ॥३॥ सत्यप्रतिज्ञ भरत स्नानादिले पवित्र भई, शिलावह नदी हेर्दै, ठूला ठूला पर्वत पार गरेर चैत्ररथ नाम गरेको वननेर आइपुगे ॥४॥ यहाँबाट सरस्वती, गङ्गा यी दुई नदीको सङ्गममा आएर, वीरमत्स्यनामक देशको उत्तरपट्टिबाट गई भारुण्डनामक वनमा पुगे ॥५॥ यसपछि छिटो बग्ने, स्नान गर्नेलाई आनन्दित गराउने, पर्वतहरूले घेरिएको कुलिङ्गा नदी तरी यमुनाको किनारमा आइपुगे र यहाँ आफ्नो फौजलाई विश्राम गर्ने आज्ञा दिए ॥६॥ थाकेका घोडालाई नुहाउन लगाएर ठण्डा पारी घाँस खान दिएर सन्तुष्ट गराउन लगाए । आफू पनि स्नान, जलपान गरी, तीर्थको जल लिएर, यहाँबाट हिंडे ॥७॥ राजपुत्र भरतले वायुले आकाशलाई पार गरेझैं, राम्रो रथमा सवार भई, मानिसको आवतजावत नभएको सुनसानको महारण्यलाई पार गरे ॥८॥ यसपछि अंशुधाम गाउँको नजीक भागीरथी नामकी महानदीलाई पार गर्न गाह्रो

देखेर यिनी प्राग्वट नाम गरेको प्रख्यात शहरमा आई यहाँबाट बडो यत्नले नदी तरी कुटिकोष्ठका नदीनेर आइपुगे । यस नदीलाई पनि पार गरेपछि धर्मवर्धन नाम गरेको शहरमा आइपुगे ॥९–१०॥ यहाँबाट तोरण गाउँको दक्षिणपट्टिबाट जम्बूप्रस्थ भन्ने शरहमा पुगे । यहाँबाट दशरथका छोरा भरत बरुथ नाम गरेको रमणीय गाउँमा आइपुगे ॥११॥ यसको नगीचको रमाइलो वनमा बास बसेर भरत पूर्वतिर लागे र उज्जिहाना शहरको बगैँचामा आइपुगे । यस बगैँचामा कदमका रूख लागेका थिए ॥१२॥ यी कदमका रूखनेर आइपुगेपछि आफू छिटो दगुर्ने घोडामा सवार भई फौजलाई पछिपछि आउनू भन्ने आज्ञा दिएर भरत हतपत गर्दै हिंडे ॥१३॥ सर्वतीर्थ नाउँ गरेको गाउँमा राती बास बसेर उत्तरतिर बग्ने नदी तथा अरू अरू नदीलाई पनि पहाडी घोडामा सवार भई पार गरे ॥१४॥ हात्तीमा चढेर यिनले कुटिका नदी तरे र फेरि लौहित्य शहरको नगीचको कपीवती नदी पार गरे ॥१५॥ एकसालनेरको स्थाणुमती र विनतानेर गोमती नदीलाई पार गर्दै भरत कलिङ्ग शहरको नगीचको सालवनमा आइपुगे ॥१६॥ घोडा थाकेको भए तापनि राता-रात गरेर भरतले त्यो वन पार गरे । भोलिपल्ट बिहान राजा मनुले बसाएको अयोध्या शहर देखे । बाटोमा सात दिन बास बसेर आठौं दिनको बिहानीपख यिनी अयोध्या आइपुगे ॥१७–१८॥

आफ्नो अघिल्तिर अयोध्या देख्ता भरत सारथिलाई भन्नलागे—पवित्र बाग बगैँचा भएको यो यशस्विनी अयोध्या किन प्रसन्न नभए जस्तो मलाई लागेको ? ॥१९॥ अयोध्या टाढैबाट देखिनलागेको छ, लिप-पोत नभएकोले यहाँको माटोको रंग सेतो भएको छ । यज्ञ गर्ने गुणी वेदपाठी ब्राह्मण यहाँ बस्तथे ॥२०॥ यस शहरमा अनेक धनी मानिस रहन्थे, राजा दशरथबाट यसको पालना भएको हो, पहिले ता यहाँ चारैतिर ठूलो खलबल सुनिन्थ्यो ॥२१॥ जताततै लोग्ने मानिस आइमाईले हल्ला गरेको म सुन्दिनँ । पहिले कामी पुरुष साँझतिर बगैँचामा पसी समस्त रात मोज मज्जामा बिताई बिहानीपख यताउति दगुर्नलागेका देखिन्थे, आज ता यी बगैँचा अर्कै किसिमका देखिनलागेका छन्, कामी पुरुषहरूले छाडिदिएकोले यिनीहरू रुनलागेका जस्ता देखिन्छन् ॥२२–२३॥ हे सारथे ! यो शहर ता मलाई जंगल जस्तो देखिनलागेको छ, पहिले झैं यहाँ धनी मानिस हात्ती, घोडा, तथा अन्य किसिमका सवारीमा बसी न अयोध्याभित्र पस्तछन् न बाहिर निस्कन्छन् ॥२४॥ यी बगैँचाहरू पहिले बडा सन्तुष्ट र प्रसन्न देखिन्थे, प्रेमीहरूको भेटघाट तथा मोज मज्जाको निम्ति बडा गुणवान् थिए, यिनै बगैँचालाई आज म जताततै आनन्दहीन भएको देख्तछु, रूखका पात बाटोमा झरिराखेका छन् र यी रूख रोइरहेका जस्ता देखिन्छन् ॥२५–२६॥ मत्त परेका हरिण, चरा कसैको पनि आवाज सुनिन्न, यिनीहरू ता पहिले मस्त भएर मधुरो तथा मनलाई आनन्द गराउने स्वर निकाल्दथे ॥२७॥ चन्दन, अगरु मिसिएको धूपको सुगन्धले सुवासित भएको हावा पहिले यहाँ चल्दथ्यो सो आज किन नचलेको हो ? ॥२८॥ पहिले ता यहाँ भेरि, मृदङ्ग, वीणा आदि गरिएका बाजाहरूबाट सधैं मनोहर आवाज निस्कन्थ्यो, तर आज के कारणले सो आवाज रोकिएको हो ? ॥२९॥ म बडा नराम्रा नराम्रा अपशकुन

देख्न लागिरहेको छु, यसैले मेरो मन बडो व्याकुल भएर कामिरहेको छ ॥३०॥ यी खराब अपशकुनबाट मेरा बन्धुवर्गमा सबैलाई कुशल हुन ता गाह्रै छ, यसैले मेरो मन विकल भएर दुःखी भइरहेको छ ॥३१॥

यसपछि खिन्न भएका, मनमा दुःखित भएका, डराएका, इन्द्रियहरू शिथिल हुन लागेका भरत, इक्ष्वाकुराजाहरूबाट पालन भइआएको अयोध्या शहरमा झट्टै पसे ॥३२॥ भरतका वाहन भने थाकिसकेका थिए । वैजयन्त नामको ढोकाबाट यिनले प्रवेश गरे । यस समयमा ढोकेहरूले उभिएर रीतिअनुसार भरतसित विजयको प्रश्न सोधे ! भरत यिनीहरूलाई साथमा लिई अगाडि बढ्नलागे ॥३३॥ भरतको चित्त ठेगानमा थिएन तापनि यिनले ढोकेहरूको यथायोग्य सत्कार गरी उनीहरूलाई फर्काइदिए र थाकेका अश्वपतिका सारथिसँग भन्नलागे ॥३४॥

हे सूत ! विनाकारणले किन म दूतहरूद्वारा चाँडो बोलाइएको हुँला, कारण नभनेकोले मेरो मनमा अशुभ कुराको शङ्का हुन लागिरहेको छ, मेरो स्वभाव खस्न लागिरहेको छ अर्थात् म हडबडाइरहेको छु ॥३५॥ राजाको मृत्युमा जुन लक्षण देखिन्छन् भन्ने सुनेको थिएँ ती सब लक्षण आज देख्न लागिरहेको छु ॥३६॥ हेर, गृहस्थीहरूको घरमा झाडबढार भएको छैन, यसैले यिनीहरू रूखा देखिन्छन्, ढोका सब खुला छन्, जतातत्तै शोभा नष्ट भएको देखिन्छ ॥३७॥ कतै पनि देवता पितृहरूको निम्ति बलि दिइएको छैन, कतैबाट पनि धूपको सुगन्ध आउँदैन, परिवारका मानिसले भोजन गरेका छैनन्, सबैको मुख निस्तेज देखिन्छ ॥३८॥ कुटुम्बीहरूको घर शोभाहीन देख्तछु, देव मन्दिरमा फूलमालाको शोभा छैन, आँगनमा झाडबढार भएको देखिन्न ॥३९॥ देवताका मन्दिरहरूको पहिलेको जस्तो शोभा छैन, मानिस नहुनाले शून्य छन्, देवताहरूको पूजा बन्द भइसकेको छ, यज्ञस्थानमा यज्ञ पनि हुनलागेको छैन ॥४०॥ फूलमालाको पसलमा बिक्री गर्ने वस्तु केही पनि छैन, पहिले झैं बनियाँहरू पनि यहाँ देखिन्नन् ॥४१॥ चिन्ताले बनियाँहरूको चित्त व्याकुल छ, व्यापार नष्ट भएकोले पसल थुनिराखेका छन्; देवालय, मठ आदि स्थानमा पशु पक्षी चूपचाप लागेर घुमिरहेका छन् ॥४२॥ शहरमा लोग्ने मानिस आइमाई सबै जना निन्याउरो मुख लगाएर आँखाभरि आँसु गरी, चिन्ताले ग्रस्त भई दुब्लाएका देखिन्छन्, अब के हुने हो भन्ने कुरामा उत्कण्ठित भइरहेका छन् ॥४३॥

यस प्रकारसँग मनमा दुःखित भई सारथिसित कुरा गर्दै तथा अयोध्याका अनिष्ट चिह्न हेर्दै भरत राजमहलभित्र पसे ॥४४॥ इन्द्रपुरीसमानको अयोध्याका चारदोबाटा, घर, गल्ली सबै शून्य छन्, धूलोले गर्दा ढोकाका सिक्री काँटा सबै मलिन छन्, शहरको यस्तो दशा देख्ता भरतजी अत्यन्तै व्याकुल भए ॥४५॥ जुन कुरा यस शहरमा पहिले कहिले पनि देखिएका थिएनन् ती अप्रिय चिह्न देख्ता भरतले टाउको निहुराएर, मनमा बडो खिन्न भई दिक्दारीसाथ पिताको घरमा प्रवेश गरे ॥४६॥

सर्ग—७२

कैकेयीको महलमा पुगेर भरत आफ्नो बाबुको मृत्युको खबर सुन्दछन् ।

पिताको दरबारमा पिताजीलाई नदेख्ता भरत आमालाई भेट्न भनी उनको महलमा गए ॥१॥ परदेशमा गएको छोरो फर्केर आएको देख्ता कैकेयी प्रसन्न भएर सुनको आसनबाट उफ्रेर आइन् ॥२॥ धर्मात्मा भरतले आमाको घरभित्र प्रवेश गर्दैखेरि घरको शोभा नष्ट भएको देखे । यिनले आफ्ना आमाको पवित्र चरणमा ढोग दिए ॥३॥

यशस्वी भरतको माथ सुँघेर तथा उनलाई अँगालो हालेर काखमा राखी कैकेयी सोध्न-लागिन् ॥४॥ मामाको घर छाडेको आज कति रात भयो, रथमा हतपत गर्दै आउनुपरेकोले के तिमीलाई बाटोको थकाइ लागेको छैन ॥५॥ तिम्रा बाजे तथा मामा युधाजित्‌लाई सञ्चै त छ ? परदेश-मा रहँदाखेरि तिमीलाई सधैं सुख ता थियो ? यी सब मेरा प्रश्नका उत्तर देऊ ॥६॥

यस प्रकारसँग कैकेयीले शुभ समाचार सोधेपछि राजीवलोचन भरतजी आमालाई सबै कुरा भन्नलागे ॥७॥ मामाको घर छाडेको आज सातौं रात हो, आमाको बाबालाई अर्थात् मेरो बाजेलाई तथा मामा युधाजित्‌लाई संचै छ ॥८॥ शत्रुलाई ताप पार्ने राजाले मलाई जो धन र जुहारात दिए तिनले गर्दा वाहनहरू बाटोमा थाके पनि, अतएव म पहिले आएँ, उनीहरू पछि आउनेछन् ॥९॥ राजाको हुकूम लैजाने दूतहरूले हतपत गरेकोले म छिटो गरी आएको हुँ, अब म जो सोद्धछु त्यसको आमाले जवाफ दिनुपर्दछ ॥१०॥ सुनले मोहोरिएको यो तपाईंको पलङ्ग आज किन शून्य देखिन्छ ? राजाका नोकर-चाकरलाई म प्रसन्न देख्तिनँ ॥११॥ राजा प्रायः यहाँ तपाईंको घरमा बस्ने गर्नु-हुन्थ्यो, तर आज म उहाँलाई देख्तिनँ, उहींलाई भेट्न भनी म यहाँ आएको हुँ ॥१२॥ म पिताजीको चरणमा ढोग दिन चाहन्छु, तपाईंसित म पिताको सम्बन्धमा सोधिरहेको छु, भन्नुहोस्, उहाँ जेठी आमा कौशल्याको घरमा हुनुहुन्छ कि ? ॥१३॥

राज्यको लोभमा मोहित भएकी, सबै कुरा थाहा पाएकी कैकेयी, केही पनि थाहा नपाएका भरतलाई घोर अप्रिय कुरालाई बडो प्रिय जस्तो गरेर भन्नलागिन् ॥१४॥ सब प्राणीहरूको जुन गति हुन्छ, तिम्रा पिताको पनि त्यै गति भयो; महात्मा, तेजस्वी र यज्ञ गर्ने राजाले सज्जनहरूले पाउने गति पाए ॥१५॥

धार्मिक कुलीन, पवित्र भरत यो कुरा सुन्दा पितृशोकले पीडित भई एक्कासि भूईंमा लडे ॥१६॥ "अहो म मरें" यस्तो दीन र करुणाको वचन भन्दै महाबाहु, बलवान् भरत दुवै हात पृथ्वीमा बजार्दै भूईंमा लडे ॥१७॥ पिताको मृत्युले दुःखी र शोकग्रस्त भएका भरत विलाप गर्नलागे । यी महातेजस्वीका सबै इन्द्रिय शिथिल भई यिनी अचेत पान भए ॥१८॥ जसरी बादल फाट्नाले रात्रिको समयमा चन्द्रमाले गर्दा आकाशको शोभा हुन्छ त्यसै गरी पिताजीले गर्दा पहिले यो पलङ्ग

बडो राम्रो देखिन्थ्यो ॥१९॥ जसरी चन्द्रमा नहुनाले आकाशको र जल सुक्नाले समुद्रको शोभा हुँदैन त्यसै गरी बुद्धिमान् राजा दशरथ नहुनाले आज यो पलङ्गको शोभा छैन ॥२०॥ शोकले ग्रस्त भएका, तपस्वीहरूमा श्रेष्ठ भरत, लुगाले मुख छोपेर, आँखाभरि आँसु गरी सुँक्क सुँक्क गर्दै विलाप गर्न-लागेका थिए ॥२१॥ वनमा बञ्चरोले काटिएको साल रूखको मोटो हाँगा जस्तै देवतुल्य भरतलाई भूइँमा लडेको देख्ता, आमाले हात्ती जस्तो ठूलो शरीर भएका, चन्द्रमा र सूर्य समान तेजिला, शोकले पीडित भएका, छोरालाई उठाएर भन्नलागिन् ॥२२-२३॥

हे महायशस्वी राजन् ! उठ, उठ, भूइँमा किन यसरी लडेको ? तिमी जस्ता सज्जन र सभ्य मानिस कहिले पनि शोक गर्दैनन् ॥२४॥ हे बुद्धिमान् भरत ! दान, यज्ञतिर लागेको सदाचार र शास्त्रको अध्ययन तथा तपस्यामा तत्पर भएको तिम्रो बुद्धि सूर्यको ज्योतिझैं शोभा दिन्छ ॥२५॥ धेरै बेरसम्म रोएर र भूइँमा छटपटाएर शोकले अत्यन्त व्याकुल भएका भरत आमालाई भन्नलागे ॥२६॥

राजाले रामको अभिषेक गर्लान् र स्वयं यज्ञ गर्लान् भनिठानेर मैले बडो प्रसन्नतासँग यात्रा गरेको हुँ ॥२७॥ यहाँ ता उल्टो भएको देखें, मेरो हृदय टुक्रा टुक्रा भएर फुट्न लागिरहेको छ; सधैं मेरो कल्याणमा लागिरहने पितालाई मैले देख्न पाइनँ ॥२८॥ म गएपछि कुन रोग लाग्नाले पिताजीको मृत्यु भयो, पिताको अन्तिम संस्कार गर्न पाउने राम र अरू धन्य रहेछन् ॥२९॥ म यहाँ आइ-पुगेको कुरा यशस्वी महाराजलाई थाहा छैन, थाहा भएको भए ता उहाँले जरूरै निहुरेर मेरो टाउको सुँघ्नुहुनेथियो ॥३०॥ अहो ! छुँदैखेरि मनलाई आनन्द गराउने, सरल स्वभाव भएका पिताजीको हात कहाँ छ; मेरो आँगमा जब धूलो लाग्दथ्यो उहाँ तिनै हातले झारझुर पार्नुहुन्थ्यो ॥३१॥ मेरा दाजु, पिता, बन्धु र जसको म आज्ञाकारी दास हुँ ती सरल स्वभावका रामको विषयमा मलाई झट्टै भन, कहाँ छन् र उनलाई कस्तो छ ॥३२॥ धर्म जान्ने श्रेष्ठ पुरुषका लागि दाजु पितातुल्य हून्छन्, म उनको चरणमा ढोग गर्न चाहन्छु, यस समयमा उनी नै मेरा आधार छन् ॥३३॥ धर्म जान्ने, धर्मात्मा, दृढव्रत, सत्यपराक्रम, महाभाग मेरा पिताले मलाई के भन्नुभएको छ ॥३४॥ आफ्नो सम्बन्धमा पिताको आखिरी आज्ञा सुन्न चाहन्छु ।

भरतले यसरी सोधेको सुन्दा कैकेयी यथार्थ कुरा भन्नलागिन् ॥३५॥ हा राम ! हा लक्ष्मण ! हा सीते ! यस्तो विलाप गर्दै बुद्धिमान्हरूमा श्रेष्ठ महात्मा राजाले परलोकको बाटो लिए ॥३६॥ पाशोमा पक्रिएको हात्ती जुन प्रकारले लाचार हुन्छ त्यसै गरी कालपाशमा परेका तिम्रा पिताले विवश भएर अन्त्य समयमा यस्तो भनेका थिए ॥३७॥ सीताको साथमा फर्केका राम र महाबाहु लक्ष्मणलाई जो मानिस देख्न पाउनेछन्, तिनैका सब मनोरथ पूर्ण हुनेछन् ॥३८॥ कैकेयीको यो दोस्रो अप्रिय कुरा सुन्दा भरतलाई मनमा ठूलो खेद भयो र उनी दुःखित भएर फेरि आमालाई सोध्नलागे ॥३९॥

धर्मात्मा, कौशल्याको आनन्द बढाउने दाजु अहिले सीता र लक्ष्मणको साथमा कहाँ गएका छन् ? ॥४०॥ भरतले यसरी सोधेको सुन्दा कैकेयीले विधिपूर्वक सबै वृत्तान्त भन्ने विचार गरिन् ।

यो अप्रिय कुरा सुन्दा भरत प्रसन्न होलान् भन्ने यिनले ठानेकी थिइन् ।।४१।।

हे छोरा ! यी राजपुत्र वल्कल धारण गरेर सीता र लक्ष्मणको साथमा दण्डकवनमा गएका छन् ।।४२।। आफ्नो वंशको माहात्म्य जान्ने हुनाले यो कुरा सुन्दा रामचन्द्रको चरित्रमा कलङ्क लागेछ कि भन्ने शङ्काले भरत डराए, अतः उनी फेरि आमासित सोध्नलागे ।।४३।।

रामले कुनै ब्राह्मण अथवा अरू कसैको धन ता हरण गरेनन् ? अथवा विनाअपराधमा कुनै धनाढ्य वा गरीबलाई ता मारेनन् ? अथवा उनले कुनै परस्त्रीसित संसर्ग ता गरेनन् ? कुन अपराधमा मेरा दाजु दण्डकवनमा निकालिएका हुन् ? ।।४४-४५।।

भरतकी चञ्चले आमा, आफ्नो चञ्चल स्वभावले गर्दा आफूले जे जे गरिथिन्, सो सबै काम आद्योपान्त भन्नलागिन् ।।४६।। महात्मा भरतले यसो भनेको सुन्दा आफूलाई व्यर्थमा बुद्धिमती भनिठान्ने कैकेयी प्रसन्न भई भन्नलागिन् ।।४७।। रामले ब्राह्मणको वा अरू कसैको धन हरण गरेको छैन, विनाअपराधमा कुनै धनी वा गरीबलाई मारेको छैन, अर्काकी स्वास्नीलाई ता राम आँखाले हेर्दा पनि हेर्दैनन् ।।४८।। हे छोरा ! रामको राज्याभिषेक हुनलाग्यो भन्ने सुनेकोले मैले तिम्रा पितासित तिम्रो निम्ति राज्य र रामको निम्ति वनवासको प्रार्थना गरें ।।४९।। तिम्रा पिताले पनि आफ्नो प्रतिज्ञा संझेर मैले भने जस्तै गरेर लक्ष्मण र सीताको साथमा रामलाई वनवास दिए ।।५०।। आफ्ना प्यारा छोरा रामलाई देख्न नपाउँदा महायशस्वी राजा पुत्रशोकले क्षीण भई परलोकवासी भए ।।५१।। हे धर्म जान्ने छोरा ! अब तिमी राज्य ग्रहण गर, तिम्रै निम्ति मैले यो सब काम गरेकी हुँ ।।५२।। हे प्यारा छोरा ! शोक सन्ताप छाडिदेऊ, मनमा धैर्य्य धारण गर । यो शहर र उपद्रवरहित राज्य तिम्रो अधीनमा आएको छ ।।५३।। यसकारण विधि विधान जान्ने वशिष्ठ आदि गरिएका उत्तम ब्राह्मणहरूको साथमा पराक्रमी राजाको प्रेतक्रिया समाप्त गरेर पृथ्वीको राज्यमा आफ्नो अभिषेक गराऊ ।।५४।।

सर्ग—७३

भरत आमालाई धिक्कार्दछन् ।

पिताको मरण र दुवै दाजु-भाइको वनवास भएको सुन्दा भरत दुःखले सन्तप्त भएर भन्न-लागे ।।१।। पिता र पितासमानका दाजुसित मेरो बिछोड भयो, म ता मारिएँ, अब राज्य लिनाको मलाई के काम छ ।।२।। तिमीले मलाई दुःखमा दुःख थपिदियौ, घाउमा नून छर्क्यौ, पितालाई मारेर पुगेन र दाजुको समेत वनवास गरायौ ।।३।। मेरो नाशको निम्ति तिमी कालरात्रि बनेर आएकी रहिछौ, हा ! मेरा पिताले बल्दो फिलिङ्गो भेट्टाउँदा पनि चिह्न सक्नुभएनछ ।।४।। पापी मन भएकी तिमीले राजालाई मारिदियौ, कुलको नाश गर्ने भएकी तिमीले अज्ञानमा यस कुलको सुख नष्ट गरि-दियौ ।।५।। तिमीले नै गर्दा सत्यप्रतिज्ञ महायशस्वी मेरा पिता राजा दशरथ भयानक दुःखमा परेर मरेका हुन् ।।६।। धर्मवत्सल मेरा पिता महाराजलाई के कारणले तिमीले माऱ्यौ, के कारणले रामलाई

निकाल्न लगायौ, किन उनी वनमा गए ? ॥७॥ पुत्रशोकले पीडित भएका कौशल्या सुमित्राले तिम्रा साथमा रहेर बाँच्नु ता बडो गाह्रो देख्तछु ॥८॥

आफूले मान्नुपर्नेसित कस्तो व्यवहार गर्नुपर्दछ सो रामचन्द्र जान्दथे यसै कारणले धर्मात्मा उनी आफ्नी आमाको समान तिमीसंग व्यवहार गर्दथे ॥९॥ पछि हुने कुराको ख्याल राख्ने मेरी जेठी मुमा कौशल्याले पनि धर्मपूर्वक तिमीसँग बहिनीसित झैं व्यवहार गरिआएकी हुन् ॥१०॥ यिनका महात्मा छोरालाई चीर वल्कल लगाउन लगाएर वनमा पठाइदियौ तैपनि हे पापिनी ! तिमीलाई यस कुरामा शोक हुँदैन ॥११॥ आफ्ना आश्रितहरूले गरेको अपराधमा विचार नराख्ने, उदार, शूरा, यशस्वी रामलाई वल्कल धारण गर्न लगाएर वन पठाउनाले तिमीलाई के फाइदा भयो ॥१२॥ रामचन्द्रमा मेरो कस्तो अटल भक्ति छ, सो राज्यको लोभले अन्धी भएकी तिमीले थाहा पाइनौ यसैले तिमीले यो भारी अन्यायको काम गर्‍यौ ॥१३॥ पुरुषसिंह राम र लक्ष्मणलाई देख्न नपाई म कुन शक्तिको प्रभावले यस राज्यको रक्षा गर्न सकुँला ? ॥१४॥ मेरु पर्वतले मेरुवनको आधार लिए झैं धर्मात्मा महाराज बली र पराक्रमी रामचन्द्रको सधैं आश्रय लिन्थे ॥१५॥ महाधुरन्धरले उठाइराखेको यो राज्यभार विनारामको म कुन पराक्रमले उठाउन सकुँला ? ॥१६॥ अथवा योगबल बुद्धिबलले यस राज्यको भार थाम्न सके तापनि केवल छोराको हित चाहने तिम्रो अभिलाषा कदापि पूर्ण हुन दिन्नँ ॥१७॥ रामचन्द्रको सदा तिमीमथि आमाको समान दृष्टि नहुँदो हो ता पापी मन भएकी तिम्रो म अवश्यै त्याग गर्ने थिएँ ॥१८॥ हे पापिनी ! सज्जनहरूको चरित्रदेखि तिमी खसिसक्यौ, हाम्रा पुरुषहरू जुन बुद्धिको निन्दा गर्दथे सो बुद्धि तिमीमा कसरी उत्पन्न भयो ? ॥१९॥ यस कुलमा जो सबभन्दा जेठो हुन्छ उसैको राज्याभिषेक हुन्छ, अरू भाइहरू उसको अधीनमा भई काम गर्दछन् ॥२०॥

ए निठुरी ! मलाई लाग्दछ कि तिमीलाई राज्यधर्मको कुरा केही पनि थाहा रहेनछ, राजधर्मको पालना गर्नाले जो अक्षय फल मिल्दछ सो पनि तिमीलाई थाहा रहेनछ ॥२१॥ राजपुत्रहरूमा जो सबभन्दा जेठो हुन्छ त्यो नै राजा बन्दछ, यो थितिलाई सबै राजा मान्दछन्, इक्ष्वाकुवंशी राजाहरू ता यस कुरालाई विशेष गरी मान्दछन् ॥२२॥ सदा कुलधर्मको रक्षा गरिआएका, आफ्नो कुलमा चलिआएको रीति थितिको पालना गर्नाले प्रसिद्ध भएका इक्ष्वाकुवंशीहरूको यो चरित्रसम्बन्धी अभिमान तिमीले गर्दा नष्ट भइगयो ॥२३॥ तिमी अति ठूलो ऐश्वर्यसम्पन्न केकयराजाको कुलमा जन्मेकी छ्यौ, यो निन्दित कुबुद्धि तिमीमा कसरी उत्पन्न हुन आयो ? ॥२४॥ तिमीले मेरो प्राणको अन्त गर्ने दुःख उत्पन्न गरेकी छौ, अतएव हे पापिनी ! म तिम्रो अभिलाषा कदापि पूरा हुनदिन्नँ ॥२५॥ हेरत, म तिमीलाई दुःख दिनाको निम्ति आफ्ना बन्धुवर्गका प्यारा दाजु रामचन्द्रलाई वनबाट फर्काएर ल्याउँछु॥२६॥ अतितेजस्वी रामलाई वनबाट फर्काई म उनको दास बनेर मन सुस्थिर गरी बस्नेछु ॥२७॥

यस प्रकारसंग अनेक कठोर वचनद्वारा कैकेयीलाई पीर पार्दै महात्मा भरतले यी कुरा भने अनि मन्दर पर्वतको गुफामा सिंह गर्जेझैं शोकले पीडित भई चिच्च्याउनथाले ॥२८॥

सर्ग–७४

भरत आमालाई कठोर वचन भनेर विलाप गर्छन् र रुन्छन् ।

यस प्रकारसँग आमाको निन्दा गरेर अत्यन्त क्रोधयुक्त भई फेरि यसरी भन्नलागे ।।१।। हे निठुरी कैकेयी ! तिमी राज्यभ्रष्ट भइजाऊ, तिम्रो स्वभाव दुष्ट छ, तिमीले स्त्रीधर्मको त्यागै गरिदियौ तसर्थ मरिसकेका पतिको निम्ति रुने तिम्रो अधिकार छैन ।।२।। रामले तिम्रो के कुभलो गरेका थिए, परम-धर्मात्मा राजाले तिम्रो के बिगार गरेका थिए र तिमीले एकै साथ एउटाको वनवास र अर्कोको मृत्यु गराइदियौ ।।३।। यस कुलको नाश गर्नाले तिमीलाई गर्भपात गराउने पाप लागेको छ । नरकमा तिम्रो वास होस्, पिताजी गएको लोकमा जाने तिम्रो अधिकार छैन ।।४।। तिमीले सबै लोकका प्यारा राम-चन्द्रलाई वनमा पठाउन लगाएर स्वामीहत्यारूपी यो घोर पाप गर्‍यौ, यसले गर्दा मलाईसमेत ठूलो डर हुनलागेको छ ।।५।। तिमीले गर्दा पिताको मृत्यु भयो र राम वनवासी भए, तिम्रै कारणले सर्वत्र संसारमा मेरो अपयश फैलियो ।।६।। हे निठुरी ! राज्यको चाहना गर्ने तिमी आमाको रूपमा मेरी शत्रु रहिछौ, तिमीले मसँग बोल्नु ठीक छैन, दुष्ट स्वभाव भएकी तिमीले आफ्नो लोग्नेलाई मार्‍यौ ।।७।। कौशल्या, सुमित्रा तथा मेरा अरू आमाहरू कुलको संहार पार्ने तिमीले गर्दा अहिले महादुःखले पीडित भएका छन् ।।८।। धर्मात्मा बुद्धिमान् अश्वपतिकी तिमी छोरी रहिनछौ, हाम्रो पिताको कुल नाश गर्ने तिमी केकयराजको घरमा राक्षसी जन्मेकी रहिछौ ।।९।। किनकि सदा सत्यमा तत्पर रहने धर्मात्मा रामचन्द्र-लाई वनमा पठाउन लगायौ र पिताको परलोकवास गरायौ ।।१०।। पाप ता तिमीले गर्‍यौ तर त्यसको फल भोग्नुपर्‍यो मैले, पिताहीन तथा दाजुदेखि छुट्टिएर र सबैको अप्रिय भई मैले बस्नुपर्‍यो ।।११।।

धार्मिक कौशल्यालाई पति तथा पुत्ररहित गराएर हे नरक जाने कैकेयी ! तिमीले कुन लोकमा जाने हो ? ।।१२।। हे निष्ठुरी ! के तिमीलाई थाहा छैन कि सबै इन्द्रियलाई जित्ने राम बन्धुवर्गका आश्रयदाता हुन्, कौशल्याका छोरा हुन् र पितासमानका मेरा दाजु हुन् ।।१३।। छोरा, आमाको प्रत्येक अङ्ग र हृदयबाट उत्पन्न हुन्छ यसै कारणले आमाको अत्यन्त प्यारो हुन्छ, अरू जो बन्धुवर्ग छन् ती साधारण रूपले प्यारा हुन्छन् ।।१४।।

कुनै एक समयमा देवताहरूकी पूज्य र आफ्नो धर्म जान्ने कामधेनुले आफ्ना दुई छोरालाई पृथ्वीमा हलो जोत्ता जोत्ता बेहोश भएको देखिन् ।।१५।। मध्याह्न कालसम्म हलो जोत्नाले थाकेर भूइँमा लडेका आफ्ना छोरालाई देख्ता कामधेनु पुत्र शोकले रुनलागिन्, उनका आँखाभरि आँसु थियो ।।१६।। यै समयमा कामधेनुको मुनिमुनि भूलोकतिर यात्रा गर्नलागेका देवराज महात्मा इन्द्रको शरीरमा सुरभिका सुगन्धित दुई थोपा आँसु खसे ।।१७।। माथितिर आँखा उठाएर हेर्दा आकाशमा कामधेनुलाई दुःखी भई बसेकी र रोइरहेकी देखे ।।१८।। यशस्विनी कामधेनुलाई शोकले पीडित भएको देखेर वज्रपाणि इन्द्र बडो दिक्क भएर हात जोरी भन्नलागे ।।१९।। हे सबै लोकको हित गर्ने ! तिमी किन रुनलागेकी

छौ ? कुनै शत्रुद्वारा हामीमाथि आपत्ति पर्नलागेको देखेर तिमीले यो शोक गरेको हो कि ? ॥२०॥ बुद्धिमान् देवराज इन्द्रले यसो भनेको सुन्दा कुरा गर्नामा सिपालु कामधेनु मनमा धैर्य्य गरेर भन्नलागिन् ॥२१॥ हे देवराज ! यस्तो कुरा ता केही छैन, तपाईंहरूमाथि कुनै आपत्ति पर्नलागेको छैन, म ता संकष्टमा परेका आफ्ना दुई छोराको निम्ति दुःखित भएकी हुँ ॥२२॥ मेरा छोरा गोरूहरू दुब्ला भइसकेका छन्, सूर्यको किरणले तातेका छन् तैपनि दुष्ट किसान यिनीहरूलाई पिटि नै रहेको छ॥२३॥ यी मेरा शरीरबाट जन्मेका हुन्, हलोको बोझले पीडित भई अहिले दुःख भोगिरहेका छन्, यिनको यो अवस्था देखेर मलाई ताप परिरहेको छ किनकि यस संसारमा छोरो जत्तिको प्यारो अरू कोही हुँदैन ॥२४॥

जुन कामधेनुका हजारौं छोराले यो पृथ्वी व्याप्त भएको छ त्यस्तालाई समेत आफ्ना दुई छोराको निम्ति रोइरहेको देख्ता आमालाई छोरासमान अरू कोही प्यारो हुँदो रहेनछ भन्ने कुरा इन्द्रले बुझे ॥२५॥ आफ्नो शरीरमा कामधेनुका आँसुका जुन थोपा खसेका थिए तिनमा अति उत्तम सुवास हुनाले कामधेनु संसारमा सर्वश्रेष्ठ रहिछन् भन्ने कुरा इन्द्रले थाहा पाए ॥२६॥ कामधेनु सबैसित एक-नासको उत्तम व्यवहार गर्दछिन्, मानिसको मनोरथ पूर्ण गर्ने हुन्, लोकको पालना गर्ने इच्छा राख्तछिन्, यिनमा सत्वगुण प्रधान छ, यस्ती यिनीसमेत स्वभावको आधीनमा भएकीले आफ्ना हजारौं छोरा छँदा छँदै पनि दुई छोराको निम्ति शोक गर्दछिन्भने एक छोरा भएकी कौशल्याले रामविना कसरी जीवन धारण गर्लिन् ॥२७-२८॥ एउटै छोरो भएकी पतिव्रता कौशल्यालाई तिमीले पुत्रहीन बनाइदियौ, यसकारण तिमी सदा यस लोकमा तथा परलोकमा दुःख पाउनेछौ ॥२९॥ म ता आफ्नो दाजु र पिताको सेवा गर्दछु अर्थात् दाजुलाई राज्य दिन्छु र पिताको पिण्डदान गर्दछु, यसो गर्नाले मेरो यश बढ्नेछ, तिम्रो छोरो भएकोले जो कलङ्क लागेको छ सो जानेछ, यसमा केही सन्देह छैन ॥३०॥ महाबली महाबाहु कोशलाधीश रामचन्द्रलाई यहाँ ल्याई म आफैं मुनिहरूले बस्ने वनमा गई बस्नेछु ॥३१॥ हे पापिनी, रोइरहेका नगरवासीहरूलाई देखाई देखाईकन तिमीद्वारा गरिएको यो पाप म सहन सक्तिनँ अर्थात् रामलाई वनमा राखेर राज्य गर्न सक्तिनँ ॥३२॥ यसकारण अब तिमी कि ता आगोमा हामफाल कि दण्डक वनमा जाऊ अथवा घाँटीमा डोरी बाँधेर मर, यो बाहेक तिम्रो अर्को कुनै गति छैन ॥३३॥ सत्यपराक्रम रामचन्द्र अयोध्यामा फर्केर आएपछि म पनि कृतार्थ हुनेछु, मेरो उपरको कलङ्क पनि हटेर जानेछ ॥३४॥

भरत यस प्रकारले विलाप गर्दै तोमर र अंकुशीले घोपिएको हात्तीझैं झोंक्किएर, सर्पले सास फेरेझैं स्वाँ स्वाँ गर्दै भूइँमा लडे ॥३५॥ शत्रुलाई ताप गराउने भरतका आँखा राता भए, लुगा सबै खुकुला भए, शरीरका सबै गहना छ्यान्नब्यान्न भई झरे, उत्सव सकिएपछि इन्द्रको ध्वजा ढलेझैं स्वयं राजकुमार पनि भूइँमा लडे ॥३६॥

सर्ग--७५

भरतको बोली सुनेर कौशल्या आउंछिन् र यिनको सामुन्ने म निर्दोष छु भनेर देखाउन भरत अनेक किरिया हाल्दछन् ।

धेरै बेरपछि होशमा आएका बलिया भरतले भूइँबाट उठेर मनोरथ भंग भएकोले दुःखमा परेकी आमातिर हेरे ॥१॥ भरत मन्त्रीहरूको सामुन्नेमा नै कैकेयीको निन्दा गर्दै भन्नलागेः—मैले न कहिल्यै राज्यको इच्छा गरेको हुँ न राज्यको निम्ति आमालाई केही भनेको हुँ ॥२॥ राजाले जुन अभिषेकको तैयारी गर्नलाग्नुभएको थियो त्यसको समेत मलाई पत्तो थिएन, त्यस बखत म र शत्रुघ्न यहाँदेखि धेरै टाढाको देशमा थियौं ॥३॥ रामचन्द्रको वनवासको कुरो मलाई थाहा छैन, सीता र लक्ष्मणको निर्वासन कसरी भयो सो पनि थाहा छैन ॥४॥

यस प्रकारसंग विलाप गरिरहेका भरतको बोली चिह्नेर कौशल्याले भरत आएको थाहा पाई सुमित्रालाई भनिन् ॥५॥ क्रूर काम गर्ने कैकेयीका छोरा भरत आएछन्, पछि हुने कुराको ख्याल राख्ने तिनलाई म भेट्न चाहन्छु ॥६॥ सुमित्रालाई यति भनेर, दुब्ली मुख झ्याउरी भएकी, सुद्धी हराएकी, थरथर कामिरहेकी कौशल्या भरत भएको ठाउँमा आइन् ॥७॥ राजकुमार भरत पनि शत्रुघ्नलाई साथमा लिएर कौशल्याको घरतिर जाने बाटो गरेर हिंडे ॥८॥ कौशल्यालाई देख्ता भरत र शत्रुघ्न अत्यन्त दुःखित भए र यिनीहरू दुवैले दुःखसागरमा डुबेकी, तथा भूइँमा बेहोश भई लडिरहेकी कौशल्यालाई अंगालो हाली रुनलागे । यिनीहरूनेर आएर दुःखले रोइरहेकी, शोकले ग्रस्त भएकी, मनस्विनी कौशल्या भरतलाई भन्नलागिन् ॥९-१०॥ राज्यको चाहना गर्ने तिमीले झट्टै शत्रुहीन राज्य पायौ, तर कैकेयीले बडो निठुरी काम गरेर राजाबाट यो राज्य पाएकी छन् ॥११॥ निष्ठुरी कैकेयीले वल्कल धारण गर्नलगाएर मेरो छोरालाई वनवासी बनाइदिइन्, यति गरेर यिनले के फल पाइन् ? ॥१२॥ अब कैकेयीले मलाई पनि मेरा राम्रा र महायशस्वी छोरा भएको जंगलमा झट्टै पठाइदिऊन् ॥१३॥ अथवा म आफैं सुमित्रासँग अग्निहोमको सामग्री साथमा लिई सुखपूर्वक त्यस ठाउँमा जान्छु जहाँ मेरा राम छन् ॥१४॥ अथवा पुरुषश्रेष्ठ मेरा छोरा जहाँ तपस्या गर्नलागेका छन् त्यहीं नै तिमी आफै मलाई लगिदेऊ ॥१५॥ धन-धान्यले युक्त भएको, हात्ती घोडा रथले परिपूर्ण भएको यो विशाल राज्य कैकेयीले राजाबाट लिएर तिमीलाई दिएकी छन् ॥१६॥

यस प्रकारसँग अनेक कठोर वचन भनेर कौशल्याले भरतको तिरस्कार गरिन् जसले गर्दा भरतलाई घाउमा सियो घोपे जस्तो दुःख भयो ॥१७॥ बेहोश भएर भरत कौशल्याका पाउमा लडे, धेरै विलाप गरेर उनी फेरि बेहोश भए, केही बेरपछि उनलाई होश आयो ॥१८॥

यस प्रकारसंग विलाप गरिरहेकी तथा अनेक किसिमका शोकले व्याकुल परेकी कौशल्यालाई हात जोरेर भरत भन्नलागे ॥१९॥ केही पनि थाहा नभएको निर्दोषी मलाई किन यसरी धिक्कार

दितुहुन्छ ! रामचन्द्रमा मेरो कत्तिको ठूलो प्रेम छ सो तपाईंलाई थाहै छ ॥२०॥ सत्यवादी, सज्जनहरूमा श्रेष्ठ रामचन्द्रलाई वन पठाउनामा जसले सल्लाह दिएको छ त्यसको बुद्धिले अभ्यास गरिराखेको शास्त्रलाई बिर्सोस् ॥२१॥ जसको सम्मतिले राम वन गएका छन् त्यो पापीको कमारो होस्, सूर्यतिर फर्केर झाडा पिसाब गरोस्, सुतिरहेकी गाईलाई खुट्टा लगाएर उठाओस् ॥२२॥ जसको सम्मतिले रामलाई वन जानुपरेको छ त्यसलाई नोकरबाट ठूलो काम गराएर त्यसलाई केही नदिने अथवा त्यसको धन खोस्नेलाई लाग्ने पाप लागोस् ॥२३॥ जसको रायले राम वन गएका छन् त्यसलाई, छोरासमान पालना गर्ने राजाको विरुद्ध विद्रोह गर्नेलाई लाग्ने पाप लागोस् ॥२४॥ जसको सल्लाहले राम वन गएका छन् त्यसलाई प्रजाबाट कर लिएर उनको रक्षा नगर्ने राजालाई लाग्ने पाप लागोस् ॥२५॥ जसको बुद्धिले गर्दा रामले वन जानुपरेको छ त्यसलाई यज्ञमा तपस्वीहरूलाई दक्षिणा दिने प्रतिज्ञा गरेर पछि सो प्रतिज्ञा बदल्नेलाई लाग्ने पाप लागोस् ॥२६॥ जसको सल्लाहले रामले वन जानुपर्‍यो त्यसलाई हात्ती घोडा रथ आदिले युक्त भएको तथा शस्त्र अस्त्र चलिरहेको संग्राममा सज्जनहरूको धर्म पालन नगर्नेलाई लाग्ने पाप लागोस् ॥२७॥ जसको सम्मतिले गर्दा रामको वनवास भयो त्यस दुष्टले बुद्धिमान् गुरुद्वारा यत्नपूर्वक उपदेश गरिएको शास्त्रलाई बिर्सोस् ॥२८॥ जसको रायले राम वन गए त्यसले दीर्घबाहु, ठूलो काँध भएका चन्द्र सूर्यसमान तेजस्वी रामलाई राज्यसिंहासनमा बसेको देख्न नपाओस् अर्थात् त्यस वेलासम्म नबाँचोस् ॥२९॥ जसको सम्मतिले राम वन गएका छन् त्यसले देवतालाई अर्पण नगरी निर्लज्ज भई खीर, खिचडी, बोकाको मासु खाओस् र गुरुहरूलाई हेला गरोस् ॥३०॥ जसको अनुमतिले रामले वन जानुपर्‍यो त्यसले खुट्टाले गाईलाई छोओस्, गुरुको निन्दा गरोस् र मित्रको अत्यन्त द्रोह गरोस् ॥३१॥ जसको रायले रामले वन जानुपरेको छ त्यसलाई, विश्वास गरेर कसैले कसैसित निन्दा गर्‍यो र विश्वासघात गरी सो कुरा प्रकाश गरिदिनाले त्यस दुष्टलाई जो पाप लाग्दछ सो पाप लागोस् ॥३२॥ जसको अनुमतिले राम वन गएका छन् त्यसले लोकमा कसैको उपकार नगरोस्, कसैले गरेको उपकारलाई पनि नसंझोस् अर्थात् कृतघ्न होओस्, सज्जनहरूले त्यसको त्याग गरुन्, त्यो निर्लज्ज र सबैको बैरी होओस् ॥३३॥ जसको रायले राम वन गएका छन् त्यसलाई, घरमा छोरा-छोरी, नोकर-चाकर छँदा छँदै पनि उनलाई खान नदिई आफैंले मात्र मीठो चोखो कुरो खानेलाई लाग्ने पाप लागोस् ॥३४॥ जसले गर्दा रामले वन जानुपर्‍यो त्यसले आफूसुहाउँदी स्वास्नी नपाई निस्सन्तान भई मर्नुपरोस्, धार्मिक कामको फल नपाईकन नै त्यो मरोस् ॥३५॥ जसको सम्मतिले राम वन गएका छन् त्यसले आफ्नो स्वास्नीबाट जन्मेको छोराको मुख देख्न नपाई पूरा आयु भोग्न नपाई मर्नुपरोस् ॥३६॥ राजा, स्वास्नी मानिस, बालक, बूढालाई मार्नाले र नोकर-चाकरलाई निकाल्नाले जो पाप लाग्दछ सो पाप त्यस मानिसलाई लागोस् जसले गर्दा रामले वनवास पाए ॥३७॥ जसको रायले रामले वनवास जानुपर्‍यो त्यसले लाहा, रक्सी, मासु, फलाम विष बेचेर त्यसबाट भएको मुनाफाले आफ्ना जहान बच्चाको पालन पोषण गर्नुपरोस् ॥३८॥ जसको

अनुमतिले राम वन गएका छन् त्यसले संग्राममा शत्रुको भयङ्कर फौज देखेर भाग्दाखेरि उनीहरूकै हातबाट मर्नुपरोस् ।।३९।। जसको सम्मतिले रामले वन जानुपर्‍यो त्यसले हातमा खप्पर लिई मैलो झुत्रो लुगा लगाई, बौलाहा जस्तै भएर भीख मागी मागी हिंड्नुपरोस् ।।४०।। जसको रायले गर्दा राम वन गएका छन् त्यो रक्सी, स्वास्नी र जूवामा लम्पट भई जाओस् र काम, क्रोधले त्यसलाई सदा सताओस् ।।४१।। जसको सम्मतिले रामले वन जानुपर्‍यो त्यसको मन कहिले पनि धर्मतिर नलागोस्, सदा अधर्मतिर नै लागोस् र अपात्रलाई दान दिने होओस् ।।४२।। जसको बुद्धिले गर्दा रामले वनवास भोग्नुपर्‍यो त्यसको अनेक प्रकारले जम्मा पारेको हज्जारौं रुपियाँको धन चोरद्वारा लुटियोस् ।।४३।। जसको रायले राम वन गएका छन् त्यसलाई प्रातःकाल र साँझतिर, दुवै सन्ध्याकालमा सुत्नेलाई लाग्ने पाप लागोस् ।।४४।। घरमा आगो लगाइदिने, गुरुकी स्त्रीसँग सम्भोग गर्ने, आफ्नो मित्रको द्रोह गर्ने-लाई जो पाप लाग्दछ सो पाप त्यस मानिसलाई लागोस् जसको रायले रामले वनवासी बन्नुपरेको छ ।।४५।। जसको सल्लाहले गर्दा राम वन गएका छन् त्यसले देवता, पितृ, तथा आमा-बाबुको सेवा शुश्रूषा गर्न नपाओस् ।।४६।। जसको रायले गर्दा रामले वन जानुपरेको छ त्यो अहिले नै सज्जनहरूको कीर्ति, सज्जनहरूको लोक तथा सत्कर्मबाट पतित भइजाओस् ।।४७।। विशालबाहु, च्याप्टो छाती भएका रामले जसको बुद्धिले गर्दा वन जानुपरेको छ त्यो मानिस माताको सेवा गर्न छाडेर खराब काममा लागु होओस् ।।४८।। जसको रायले गर्दा रामले वनवासी बन्नुपरेको छ त्यसले धेरै छोरा भईकन पनि दरिद्री हुनुपरोस्, ज्वरोको रोगले सदा पीडित भई दुःख भोग्नुपरोस् ।।४९।। जसको बुद्धिले गर्दा राम वन गएका छन् त्यसको आशा निष्फल होस्, आफ्नो इच्छा सुनाएर मायालाग्दो मुख लगाई दातातिर हेर्दा पनि दाताले त्यसको आशालाई व्यर्थ गरिदेओस् ।।५०।। जसको अनुमतिले राम वन गएका छन् त्यो मानिस छल कपट गर्ने, यताको कुरा उता लगाउने, अपवित्र र अधर्मी भई सदा राजभयदेखि डराएर बसोस् ।।५१।। जसको सम्मतिले रामलाई वन जानुपरेको छ त्यो दुष्ट ऋतु समयमा स्नान गरिसकेकी आफ्नी पतिव्रता स्त्रीको प्रार्थनालाई मान्न नपाओस् अर्थात् ऋतुमती स्वास्नी-सँग नजानेलाई लाग्ने पाप लागोस् ।।५२।। आफ्ना बाल बच्चालाई खान पिउन नदिई भोकभोकै मार्ने ब्राह्मणलाई जो पाप लाग्दछ सो पाप त्यो मानिसलाई लागोस् जसको बुद्धिले गर्दा रामले वन जानु-परेको छ ।।५३।। ब्राह्मणको प्रतिष्ठालाई नाश गर्ने तथा साना बाच्छा बाच्छी भएकी गाईको दूध मर्यादाभन्दा बर्ता दुहुने अजितेन्द्रिय मानिसलाई जो पाप लाग्दछ सो पाप त्यस मानिसलाई लागोस् जसको अनुमतिले गर्दा रामले वन जानुपरेको छ ।।५४।। धर्ममर्यादाको ख्याल नराखी आफ्नी विवाहिता स्त्रीलाई त्याग गरेर परस्त्रीको सेवन गर्ने कुबुद्धिलाई लाग्ने पाप रामलाई वन पठाउने मानिस-लाई लागोस् ।।५५।। पिउने पानीमा विष मिलाउनाले जो पाप हुन्छ अथवा विष खुवाउनाले जो पाप हुन्छ यी दुवै पाप त्यस मानिसलाई लागोस् जसको बुद्धिले गर्दा रामले वन जानुपरेको छ ।।५६।। पानी छँदा छँदै पनि पानी लुकाएर तिर्खाएकोलाई पिउन नदिनेलाई लाग्ने पाप रामलाई वन पठाउनामा

अनुमति दिनेलाई लागोस् ।।५७।। भक्तिपूर्वक शास्त्रसम्बन्धी विचारमा छलफल गरिरहेका मानिसको बीचमा गएर बोल्ने मानिसलाई जो पाप लाग्दछ सो पाप रामलाई वनवासी तुल्याउनामा सल्लाह दिने मानिसलाई लागोस् ।।५८।।

पति-पुत्र-विहीना कौशल्यालाई यस प्रकारसँग संझाउँदा संझाउँदै राजकुमार भरत दुःखले पीडित भई भूइँमा लडे ।।५९।। अत्यन्त कडा कडा किरिया खाँदा खाँदा शोकले ग्रस्त भई बेहोश पर्न लागेका भरतलाई कौशल्याले भन्नलागिन् ।।६०।। हे छोरा ! तिम्रा यी किरियाले मेरो निस्कन लागेको प्राण पनि रोकियो र मेरो दुःख झन् बढेर गयो ।।६१।। हे छोरा ! यो बडो आनन्दको कुरा छ कि अनेक शुभ लक्षणले युक्त भएको तिम्रो यो मन धर्मदेखि विचलित भएको रहेनछ, तिम्रो प्रतिज्ञा साँचो हो-भने निश्चय तिमीले सज्जनहरूले पाउने लोक अर्थात् सद्गति पाउनेछौ ।।६२।।

यसो भनेर दाजुमाथि प्रेम राख्ने महाबाहु भरतलाई काखमा राखी अँगालो हालेर अत्यन्त दुःखी भई कौशल्या रुनलागिन् ।।६३।।

यस प्रकारसंग दुःखले पीडित भई रोइरहेका महात्मा भरतको मन शोकले र शोकद्वारा उत्पन्न भएको मोहले गर्दा आकुल व्याकुल भयो ।।६४।। विलाप गर्दै बेहोश भई भूइँमा छटपटाउँदै, वारंवार लामो लामो सास फेर्दै, एवं प्रकारले भरतको त्यो रात बडो कष्टले बित्यो ।।६५।।

सर्ग—७६

राजा दशरथको अन्त्येष्टि-क्रिया ।

यस प्रकारसँग शोकले ग्रस्त भएका कैकेयीका छोरा भरतलाई, बोल्नेहरूमा श्रेष्ठ, मीठो कुरा गर्ने भगवान् वशिष्ठ ऋषि भन्नलागे ।।१।। हे महायशस्वी राजपुत्र ! तिम्रो कल्याण होस्, अब शोक गर्नु व्यर्थ छ, विधिपूर्वक राजाको अन्त्येष्टि क्रिया गर्ने वेला भइसक्यो ।।२।।

वशिष्ठको कुरा सुनेर धर्म जान्ने भरतले उनलाई प्रणाम गरे र मन्त्रीद्वारा राजाको प्रेतकर्मलाई चाहिने सबै कुराको प्रबन्ध गराउन लगाए ।।३।। राजाको लाशलाई तेलको कुण्डबाट झिक्न लगाएर भूइँमा राख्न लगाए, राजाको शरीर केही पहेंलो भएको थियो र उनी सुतिरहेका जस्ता देखिए ।।४।। उनको शरीर किसिम किसिमका रत्न जडिएको खूब राम्रो बिछ्याउनामा राखियो, राजालाई त्यस दशामा देख्ता भरत अत्यन्त दुःखी भई विलाप गर्नलागे ।।५।।

हे राजन् ! धर्मज्ञ राम र महाबली लक्ष्मणलाई वनमा पठाएर विदेशमा गएको म आउनुभन्दा पहिले नै तपाईंले स्वर्ग जाने विचार किन गर्नुभयो ? ।।६।। पुरुषसिंह, साधारण मानिसले गर्न नसक्ने काम गर्ने रामबाट हाम्रो विछोड गराएर दुःखमा परेका हामीलाई छाडेर हे महाराज ! तपाईं कहाँ जानु-हुन्छ ? ।।७।। तपाईंको स्वर्गवास भएपछि र रामचन्द्र वन गएपछि कसले मनमा धैर्य्य राखेर यस

अयोध्याका प्रजाको हित हुने काम गर्ने हो ? ॥८॥ हे राजन् ? तपाईंविना यस पृथ्वीको विधवासमान केही शोभा छैन, यो अयोध्या शहर ता चन्द्रमा नभएको रात जस्तो पो म देख्तछु ॥९॥

मनमा दुःखित भई भरतलाई यसरी विलाप गर्नलागेको देख्ता महामुनि वशिष्ठ फेरी भन्नलागे ॥१०॥ हे महाबाहो ! अब यस समयमा मनमा धैर्य राखी केही कुराको ख्याल नगरेर राजाको निम्ति जति प्रेतकर्म गर्नुपर्दछ ती सबै गर्दै जाऊ ॥११॥

"हवस्" भनेर भरतले वशिष्ठको आज्ञा स्वीकार गरे र ऋत्विक्, पुरोहित तथा आचार्य्यहरूलाई छिटो काम गर्ने आज्ञा दिए ॥१२॥ राजाको अग्निशालामा जुन जुन अग्निको स्थापना भएको थियो ती सबैलाई बाहिर झिकेर ऋत्विक् र याजकहरू तिनमा विधिपूर्वक होम गर्नलागे ॥१३॥

यसपछि प्राण निस्किसकेको राजाको शरीरलाई पालकीमा राखेर मनमा दिक्क भएका, रोइरहेका सजातीय सेवकहरू सो पालकी बोकेर हिंडे ॥१४॥ राजाको पालकीको अघिअघि, बाटामा सुन, चाँदी किसिम किसिमका वस्त्र लुटाउँदै मानिस हिंड्न लागे ॥१५॥ चन्दन, अगरु, गुग्गुल, पद्मक तथा देवदारु आदिका काठ ल्याएर मानिस चिता बनाउन लागे ॥१६॥ त्यस चितामा अनेक सुगन्धी वस्तु राखेर ऋत्विग्हरूले चिताको नजीक गई राजाको लाशलाई त्यसमा सुताइदिए ॥१७॥ राजाका ऋत्विग्हरूले चितामा अग्निको हवन गरेर मन्त्रहरूको जप गर्नलागे र सामगान गर्ने ब्राह्मणहरूले शास्त्रानुसार सामवेदको गान गर्नथाले ॥१८॥ राजाका सबै रानीहरू यथायोग्य रथ पालकी आदि सवारीमा चढी वृद्धहरूलाई साथमा लिई शहरबाहिर निस्केर राजाको चिता जलिरहेको ठाउँमा आए ॥१९॥ यसपछि ऋत्विक्हरूले तथा शोकले पीडित भएका कौशल्यालगायत सबै रानी महारानीहरूले चितामा जल्नलागेका राजाको प्रदक्षिणा गरे ॥२०॥ यस बखतमा करुणामय स्वरले रोइरहेका र शोकले विह्वल भई विलाप गरिरहेका हजारौं आइमाईले चिच्याएको आवाज कुन्याङ कुरुङ चराको बथानले कराएको जस्तो सुनियो ॥२१॥

यसपछि शोकले व्याकुल भएर रुँदै विलाप गर्दै यी रानीहरू सवारीमा चढेर सरयूको किनारामा आए ॥२२॥ राजाका यी रानीहरूले मन्त्री, पुरोहित तथा भरतको साथमा राजालाई जलको अञ्जलि दिए र अनि रुँदै शहरमा प्रवेश गरे र दश दिनसम्म भूइँमा सुत्नु बस्नु गरी कष्टले समय बिताए ॥२३॥

सर्ग—७७

राजा दशरथको सपिंडी श्राद्ध ।

दश दिन बितेपछि एघारौंका दिन आत्मशुद्धि हुने काम गरेर बाह्रौं दिन लागेपछि राजाको सपिण्डी श्राद्ध-कर्म्म गर्नलागे ॥१॥ राजाको परलोकको निम्ति भरतले धन, रत्न, धेरै धेरै अन्न, अनेक प्रकारका दामी लुगा, बोका, अनेक गाई, दास-दासी, हस्ती, घोडा आदि सवारी तथा ठूला ठूला घर ब्राह्मणहरू-लाई दिए ॥२–३॥

तेह्रौं दिनको बिहानीपख महाबाहु भरतले राजाको निम्ति विलाप गरे र शोकले मूर्च्छासमेत परे ॥४॥ यसपछि उनी दशरथको दाह भएको ठाउँमा अस्थि (हाड) बटुल्नालाई गए, घाँटी बसेर यिनको स्वर पनि निस्कन्नथ्यो, दुःखले व्याकुल भई बाबुलाई सम्बोधन गरेर भन्नलागे ॥५॥ हे बाबा ! जुन दाजु रामचन्द्रको आधारमा तपाईंले मलाई सुम्पनुभएको थियो, उहाँ त वनमा गइसक्नुभयो, मलाई निराधार तुल्याएर तपाईंले छाड्नुभयो ॥६॥ अभागिनी कौशल्याका एकमात्र छोरा वनमा गइगए, हे राजन् ! यिनलाई एक्लै छाडेर अनाथिनी बनाएर तपाईं कहाँ जानुभयो ? ॥७॥

यसपछि भरत बाबुको लाश जलाएको ठाउँमा गएर बसे, यो जग्गा पोलिनाले रातो भएको थियो । यो ठाउँ देख्ता उनी शोकले ज्यादै विह्वल भई डाँको छाडेर रुनलागे ॥८॥ रुँदा रुँदा दुःखमा परेका भरत भूइँमा लडे, उनलाई लडेको देख्ता मानिसले उठाउँदा उठाउँदै पनि उनी माथि उचालिएको इन्द्रको ध्वजा जस्तै भएर फेरि पनि लडे ॥९॥ अन्तकालमा राजर्षि ययाति भूइँमा खस्ताखेरि जसरी ऋषिगण उनको नगीच आएका थिए त्यसै गरी शुद्ध व्रत धारण गर्ने भरतलाई लडेको देख्ता उनका मन्त्रीहरू उनको नजीक आए ॥१०॥ भरतलाई शोकले व्याप्त भएको देखी शत्रुघ्न पनि राजालाई संझेर बेहोश भई भूइँमा लडे ॥११॥ यिनी पिताका एक एक गरेर सबै गुण तथा अंगहरूलाई संझँदै नितान्त दुःखित भई बेहोश जस्तो भएर बौलाहाले झैं विलाप गर्नलागे ॥१२॥ मन्थराद्वारा उत्पन्न भएको कैकेयीको वचनरूपी ग्राहले भरिएको, वरदानरूपी घोर अपार शोकसागरले शत्रुघ्नलाई डुबाइदियो ॥१३॥ हे बाबा ! जुन सुकुमार बालकलाई तपाईं सधैं प्यारो गर्नुहुन्थ्यो ती रोइरहेका भरतलाई छाडेर कहाँ जानुभयो ? ॥१४॥ तपाईं सधैं हामीलाई खाने पिउने कुरा, लुगा, गहना, छात्र लगाउनुहुन्थ्यो, यो सबै अब हामीलाई कसले गराउला ॥१५॥ तपाईं जस्तो धर्म जान्ने, महात्मा राजा नहुँदाखेरि ता यो पृथ्वीले फाट्नुपर्ने हो, सो अझ किन नफाटेको होला ? ॥१६॥ पिताको स्वर्गवास र रामचन्द्र वन गएपछि मेरा अब बाँच्ने के सामर्थ्य रहला ? म पनि अग्निमा प्रवेश गर्दछु ॥१७॥ बाबु र दाजुले शून्य भएको, इक्ष्वाकुवंशी राजाहरूद्वारा पालना गरिएको यस अयोध्या शहरभित्र अब म पस्नेछैन, म ता अब तपोवनतिर जान्छु ॥१८॥

दुवै भरत शत्रुघ्नले यसरी विलाप गरेको सुनेर, तथा यिनीहरूमाथि आइपरेको संकट देख्ता साथमा गएका सबै नोकर-चाकर अत्यन्त दुःखित भए ॥१९॥ यसपछि खिन्न भएका र थाकेका भरत शत्रुघ्न दुवै सींङ भाँचिएका दुईओटा गोरूझैं भूइँमा छटपटाउनलागे ॥२०॥

यसपछि उदार स्वभाव भएका, ब्रह्मज्ञानी, महाराजका पुरोहित वशिष्ठले भरतलाई उठाएर भन्न-लागे ॥२१॥ हे राजन् ! आज तिम्रा पिताजीको मृत्यु भएको तेह्रौं दिन हो, अस्थि बटुल्ने काम अझ बाँकी नै छ, किन यसरी विलम्ब गरिरहेको ? ॥२२॥ हेर, यी छ कुरा (भोक, प्यास, शोक, मोह, बुढ्याइँ, मृत्यु) सबै प्राणीलाई नभई छाड्दैन, कोही पनि यिनीबाट बाँच्न सक्तैन, नभई नछाड्ने विषयमा तिमीले यस्तो शोक गर्नु उचित छैन ॥२३॥ उता सुमन्त्रले पनि शत्रुघ्नलाई उठाएर

प्राणीहरूको जन्म तथा मरणको कुरा सुनाएर मनमा धैर्य्य लिन लगाए ॥२४॥

यी दुवै यशस्वी, नरश्रेष्ठ उठेर उभिंदाखेरि वर्षा र घामले मलिन भएका इन्द्रका दुईओटा ध्वजा जस्ता देखिए ॥२५॥ राता राता आँखा भएका यी दुवै आँसु पुछ्तै बडो दीन भावले बोलिरहेका थिए, मन्त्रीहरूले यिनीहरूलाई गर्न बाँकी रहेको काम झट्टै झट्टै सिध्याउनू भने ॥२६॥

सर्ग—७८

शत्रुघ्न मन्थरालाई समातेर भूइँमा घिसार्दछन् ।

शोकले ग्रस्त भएका र रामचन्द्रकहाँ जाने विचार गर्न लागेका भरतलाई लक्ष्मणका भाइ शत्रुघ्न भन्नलागे ॥१॥ हाम्रो ता कुरै छैन, दुःख पर्दा सबै प्राणीका आधार हुने यस्ता महापराक्रमी रामचन्द्र सीतासहित वनमा निकालिएका छन् ॥२॥ लक्ष्मण ता बलिया र शूरा पनि हुन्, यिनले किन पिताजीलाई यस्तो निन्दित काम गर्न रोकेर रामलाई वनवासबाट नबचाएका होलान् ॥३॥ राजाले स्वास्नीको वशमा परेर अन्यायको बाटो लिई रामलाई वन पठाउनुको पहिले नै उचित अनुचितको विचार राखी यिनले राजालाई रोक्नुपर्ने हो ॥४॥

लक्ष्मणका भाइ शत्रुघ्नले यसरी कुरा गरिरहेको वेलामा सबै गहना लगाएर सिंगारिएकी मन्थरा पूर्वपट्टिको ढोकामा उभिइरहेकी देखा परी ॥५॥ यसले चन्दनसार (चन्दनको अत्तर) घसेकी थिई, राजा रानीहरूले लगाउने लुगा लगाएकी थिई, ठाउँ ठाउँमा किसिम किसिमका गहना पहिरेर सिंगारिएकी थिई ॥६॥ जडाउ कम्मरपेटी बाँधेकी, पाउजेब लगाएकी, यी बाहेक अरू पनि किसिम किसिमका गहना लगाएकी यो मन्थरा यस बखतमा डोरीले बाँधिएकी बानर्नी जस्ती देखिएकी थिई ॥७॥

घोर पाप गर्ने मन्थरालाई ढोकामा उभिएको देखेर भरतले जबर्दस्तीसँग त्यसलाई समाती शत्रुघ्ननेर लगेर भने ॥८॥

हे शत्रुघ्न ! यो त्यै निठुरी पापिनी हो जसले गर्दा रामले वन जानुपर्‍यो र हाम्रा पिताको मरण भयो, यसको साथमा तिमीलाई जस्तो इच्छा लाग्दछ उस्तै व्यवहार गर ॥९॥

भरतको कुरा सुनेपछि, नितान्त दुःखी भएका धर्मात्मा शत्रुघ्नले अन्तःपुरमा बसेका सबैलाई सुनाएर भन्नलागे ॥१०॥ यस कुब्जाले जसरी हाम्रा पिता र दाजुलाई घोर दुःख दिई त्यसै गरी अब यो सो क्रूर पाप गरेको फल यस बखतमा भोगोस् ॥११॥

यसो भनेर शत्रुघ्नले केटीहरूको बीचमा बसेकी मन्थरालाई जबर्दस्तीसंग घिसारे, तानिंदाखेरि त्यसले चिच्च्याएको आवाजले जम्मै घरै भरियो ॥१२॥ मन्थराको यो अवस्था देख्ता उसका सबै सखीहरू अत्यन्त हडबडाए र शत्रुघ्न रिसाएका छन् भनिठानेर यताउति भागे ॥१३॥ शत्रुघ्नको यो ढाँचा देख्ता ता यिनले हामी सबैलाई मार्ने पो हुन् कि जस्तो लाग्दछ भनेर उसका सबै सखीहरूले

आपसमा भन्नलागे ।।१४।। अतएव अब हामी सबै दयालु, दानी, धर्म जान्ने, यशस्विनी कौशल्याको शरण पर्न जाऔं, यस बखत तिनीसिवाय अरू कसैले हाम्रो रक्षा गर्न सक्तैन ।।१५।।

शत्रुहरूमाथि शासन गर्ने शत्रुघ्नले झोकिएर त्यसलाई भूइँमा पछारेर घिसार्नलागे र त्यो चिच्च्याउनथाली ।।१६।। घिसार्दाखेरि उसका चित्र विचित्र गहना छ्यान्नव्यान्न भई फुटेर कुच्चिए र जतातत्तै छरिए ।।१७।। यस समयमा जतातत्तै छरिएका ती गहनाले गर्दा त्यो अत्यन्त राम्रो राजभवन ताराले शोभित भएको शरत्कालको आकाश जस्तो देखियो ।।१८।। यस बखतमा पुरुषश्रेष्ठ बलवान् शत्रुघ्न रिसले चूर भई बलजफतीसँग मन्थरालाई लछारपछार पार्नलागेका थिए र जब कैकेयी छुट्ट्याउन भनेर आइन्, तिनलाई पनि अतिकठोर वचन सुनाएर डाँट खुवाए ।।१९।। यी कठोर तथा असह्य वचन सुन्दा कैकेयी बडो दुःखित भइन् र शत्रुघ्नको डरले आफ्ना छोराको शरण लिन पुगिन् ।।२०।।

शत्रुघ्नलाई रिसाएको देखेर भरत भन्नलागे, हे भाइ ! स्त्रीजातिलाई मार्नु कसैलाई पनि उचित छैन, तसर्थ यसलाई माफ देऊ ।।२१।। धर्मात्मा रामचन्द्रले मातृहत्या गर्ने भनेर मलाई घृणा नगर्ने भएदेखि ता म यिनै पापिनी, दुष्ट कर्म गर्ने कैकेयीलाई समेत मारिदिने थिएँ ।।२२।। तिमीद्वारा कुब्जाको मरण भयो भन्ने सुनेपछि निश्चय जान कि धर्मात्मा रामले तिमीसित मसित बोल्न पनि छाडिदिनेछन् ।।२३।।

भरतका कुरा सुनेर लक्ष्मणका भाई शत्रुघ्नले मन्थराको वध गर्ने विचार त्याग गरे र त्यसलाई मूर्छित अवस्थामा छाडिदिए ।।२४।।

मन्थरा कैकेयीको खुट्टानेर गएर लडी र लामो लामो सास फेर्दै मनमा बडो दुःखित भई माया लाग्ने गरी विलाप गर्नलागी ।।२५।।

शत्रुघ्नले गरेको लछारपछारबाट बेहोश परेकी मन्थरालाई जालमा परेकी क्रौञ्ची चरी झैं यताउति हेर्न लागेकी देखेर भरतकी आमा कैकेयीले उसलाई बिस्तारै बिस्तारै संझाउन लागिन् ।।२६।।

सर्ग—७९

राज्यलाई स्वीकार नगरेर भरत आफ्ना मन्त्रीहरूलाई रामकहाँ जाने आज्ञा दिन्छन् ।

यसपछि चौद्धौं दिनको विहानीपख राजकर्मचारीहरू जम्मा भई भरतकहाँ गएर उनलाई भन्नलागे ।।१।।

हाम्रा गुरुका पनि गुरु राजा दशरथ जेठा छोरा रामचन्द्र र महाबली लक्ष्मणलाई वनमा पठाएर स्वयं परलोकवासी भए ।।२।। यस समयमा यस राज्यको कोही पनि राजा छैन, तसर्थ तपाईं राजा बन्नुहोस

किनकि तपाईं राजाका महायशस्वी छोरा हुनुहुन्छ, दाजु छँदा छँदै पनि, पिताको आज्ञाले राज्य ग्रहण गरेको हुनाले तपाईंलाई कुनै दोष लाग्न सक्तैन ॥३॥ हे राजपुत्र ! यी मन्त्री तथा शहरवासीहरू अभिषेकको सरजाम जम्मा पारेर तपाईंको बाटो हेरिरहेका छन् ॥४॥ हे भरतजी ! बाबु बराज्यूको यो राज्य ग्रहण गरेर आफ्नो अभिषेक गराउनुहोस् र हामी सबैको पालना गर्नुहोस् ॥५॥

उनीहरूको यो कुरा सुनेर दृढव्रतधारी भरतले अभिषेकका सबै सामग्रीको प्रदक्षिणा गरेर उनीहरू सबैलाई भन्नलागे ॥६॥ हाम्रो कुलमा सधैं जेठा दाजुले नै राज्य पाइआएका छन्, तपाईंहरूले यो कुरा थाहा पाईपाईकन पनि मलाई यसो नभन्नुहोस् ॥७॥ रामचन्द्र हाम्रा जेठा दाजु हुन्, उनी नै राजा हुनेछन्, म ता चौध्र वर्षसम्म बनवास गर्दछु ॥८॥ अब तपाईंहरू महाबली चतुरंगिणी सेना तैय्यार पार्नुहोस्, म जेठा दाजुलाई वनबाट फर्काएर ल्याउँछु ॥९॥ जम्मा पारिराखेका अभिषेकका यी सबै सामग्रीलाई साथमा लिएर रामको अभिषेकको निम्ति म वन जान्छु ॥१०॥ उहीं नै रामचन्द्रजीको अभिषेक गरेर यज्ञशालाबाट अग्नि ल्याए झैं उहाँलाई फर्काएर ल्याउँछु ॥११॥ मेरी आमा भनाउँदी यी कैकेयीको अभिलाषा पूर्ण हुन दिन्नँ, म राजा बनूँ भन्ने यिनको इच्छा छ, तर म ता यसको विपरीत वनमा गएर बस्नेछु र यहाँ राम राजा हुनेछन् ॥१२॥ कालिगडहरूले अग्लो होचो जग्गालाई सम्म पारेर बाटो बनाऊन्, बाटोमा डरलाग्दा ठाउँको संज्ञना भएका मानिसहरू सबैको रक्षाका लागि उनका पछि जाऊन् ॥१३॥

श्रीमान् भरतजीले रामचन्द्रको निम्ति यसो भनेपछि सबै जनाले बडो मीठो कुराले उनलाई जवाफ दिए ॥१४॥ सम्पूर्ण पृथ्वीको राज्य जेठा रामचन्द्रजीलाई दिने अभिलाषा गरेर तपाईंले जो अभिप्राय प्रकट गर्नुभयो त्यसले गर्दा पद्मासना लक्ष्मी सदा तपाईंको आश्रयमा रहून् ॥१५॥

रामचन्द्रको सम्बन्धमा भरतको यस्तो उत्तम कुरा सुन्दा त्यहाँ जम्मा भएका सबै सज्जनहरूको आँखाबाट हर्षको आँसु झर्नथाल्यो ॥१६॥ भरतका यी कुरा सुनेर मन्त्रीगण तथा सभासद्‌हरू शोकलाई त्यागी प्रसन्नचित्त भई भन्नलागेः—हे नरश्रेष्ठ ! तपाईंको आज्ञाअनुसार तपाईंमाथि भक्ति राख्ने कालिगडहरूलाई बाटो ठीक पार्नाको निम्ति अह्राइसकेको छ ॥१७॥

सर्ग—८०

भरतको यात्राको निम्ति बाटो बन्दछ ।

अग्लो होचो जग्गा थाहा पाउनेहरू, छाउनी इत्यादि बनाउन जान्ने, आफ्ना आफ्ना काममा शूरा तथा सिपालु भएका खन्नेहरू, पुल इत्यादि तय्यार परेर पानीको वेग रोक्न सक्नेहरू, रथ बनाउनेहरू मिस्त्रीहरू, यन्त्र बनाउन सक्ने सिकर्मी, बाटो चिह्नेहरू, रूख ढाल्नेहरू, बाँस र छाताको काम गर्नेहरू विदेशका सबै हाल थाहा पाउनेहरू, यी सबै अघिअघि हिंड्नलागे ॥१-३॥ रामचन्द्रकहाँ जाने हर्षले

हिंडेको यो मानिसको भीड पूर्णिमाको दिनमा समुद्रमा ठूलो भेल आएको जस्तो देखिन्थ्यो ।।४।। बाटो बनाउने काममा सिपालु भएका कालिगडहरू आफ्नो जमात बाँधेर, अनेक प्रकारका उपयोगी सामग्रीहरू साथमा लिई आफूलाई खटाएको काम गर्न भनी सबभन्दा अघिअघि हिंड्नलागे ।।५।। यी मानिसहरूले लहरा, वल्ली, गुल्म, काँडा पत्थर इत्यादिलाई काटकूट, पीटपाट पारेर तथा रूखहरूलाई ढालेर बाटो सफा पारिदिए ।।६।। कसै कसैले रूख नभएको ठाउँमा नयाँ नयाँ बिरुवा लगाए, कोही कोही बाटोमा पर्ने रूख ढुङ्गालाई बञ्चरो तथा टाँकीले ढाल्दै छाँट्तै, खरलाई हँसियाले काट्तै हिंडे ।।७।। कुनै कुनै बलिया मानिसले रूखको बलियोसँग गडेका जराहरूलाई हातले उखेल्दै दुर्गम स्थानलाई सजिलोसँग हिंड्न हुने गराइदिए ।।८।। कसै कसैले बाटोमा पर्ने इनार ठूला ठूला खाल्डालाई माटोले पुरिदिए, यस प्रकारसँग खाल्डा-खुल्डीलाई टम्म पारेर बाटो सम्म तुल्याइदिए ।।९।। कसैले पुल बनाउनुपर्ने खोलामा पुल तैय्यार पारे, कसैले कंकड साना साना ढुङ्गालाई बटुलेर फ्यांकिदिए, पानी थुनिएको ठाउँमा खनखान पारेर पानी आउने गराइदिए ।।१०।। थोरै समयमा अनेक धारा भएका नदीहरूमा खनेर सबै धारालाई एकै ठाउँमा मिलाई अगाध जल भएको समुद्र जस्तो तुल्याइदिए र ठाउँ ठाउँमा घाट पनि बनाइदिए ।।११।। पानी नभएको ठाउँमा राम्रा राम्रा इनार तथा तलाउ खनिए र यिनको नजीक चौतराहरू बने ।।१२।। यी चौतराहरू चूनले पोतिएका र बलियो किसिमले नै बनेका थिए, यहाँ फूल फुलेका रूख लगाइएका थिए जहाँ कि चराहरू मस्त भई बोलिरहन्थे, यो ठाउँ ध्वजा पताकाले सिंगारिएको थियो ।।१३।। चन्दनको जल छर्किएको थियो, किसिम किसिमका फूलले सिंगारिएको, सेनाको निम्ति बनेको यो बाटो देवताहरूले हिंड्ने बाटोझैं अत्यन्त शोभायुक्त भएको थियो ।।१४।।

बाटोको प्रबन्ध मिलाउन खटिएकाहरूले भरतको आज्ञाअनुसार काम गर्नेहरूलाई अनेक प्रकारका पानीको मीठो स्वाद भएका तलाउहरू तथा स्वादिला फल हुने बिरुवाहरू भएको रमणीय जग्गामा फौजलाई वास बस्नाको निम्ति, महात्मा भरतको इच्छाअनुसारका छाउनीहरू बनाउन अह्राए । यी काम गर्नेहरूले फेरि यी वास बस्ने जग्गालाई नाना प्रकारका सामग्रीले सिंगार्नथाले ।।१५-१६।।

नक्षत्र र मुहूर्तको शुभाशुभ फल जान्ने ज्योतिषीहरूले शुभ नक्षत्र र मुहूर्तमा महात्मा भरतको निम्ति वास बस्ने घरहरू बनाउन लगाए ।।१७।। यी घरका चारैतिर माटाका ढिस्का र पानी भएका खाल्डा बनाउन लगाए । यहाँ इन्द्रनील मणिका प्रतिमाहरू खचित थिए र ज़ग्गा जग्गामा उक्लन ओर्लनाको निम्ति अनेक भऱ्याङले यो घर शोभायमान थियो ।।१८।। अनेक अटालीहरू बनेका थिए, चून लगाएका पर्खालले चारैतिरबाट घेरिएका थिए, ठाउँ ठाउँमा ध्वजा पताका गाडिएका थिए, जतातते ठूला ठूला सडक बनेका थिए ।।१९।। परेवा पाल्ने छतरी भएका, आकाशमा विमान जस्तो देखिने, साततले अग्ला घर भएको यो भरतको निवासस्थान इन्द्रपुरीसमान देखिनलागेको थियो ।।२०।। अनेक प्रकारका वृक्षहरूको वन भएको, ठूला ठूला माछा भएको शीतल र निर्मल जल भएको, गंगाकिनारसम्म भरतको निम्ति बाटो बन्यो ।।२१।। चन्द्रमा र ताराहरूले युक्त भएको निर्मल आकाश

रात्रिको समयमा जुन प्रकारले शोभायमान देखिन्छ ठीक त्यै प्रकारले सिपालु कालिगडहरूद्वारा बनेको भरतको सवारीको यो बाटो पनि शोभायमान भयो ॥२२॥

सर्ग—८१

सभाको वर्णन ।

भरतको सम्बन्धमा विशेषरूपले जानिफकार भएका सूत र मागधहरू आज ता नान्दीमुखी रात्रि हो (जुन रात्रिपछि आनन्दको दिन आउँछ) भन्ने विचारले मंगलस्तोत्रहरूद्वारा भरतको स्तुति गर्न-लागे ॥१॥ एक प्रहर रात बाँकी छँदाखेरि जागा गराउनाको निम्ति बजाइने दुन्दुभि बाजा सुवर्ण-दण्डको आघातले बज्नथाल्यो, शंखध्वनि हुनलाग्यो र चर्को किसिम किसिमका बाजा बज्न-थाले ॥२॥ बाजाहरूको यो चर्को स्वरले आकाशलाई गुञ्जायमान गराउँदै शोकले ग्रस्त भएका भरत-लाई झन् बढ्ता दुःखी बनाइदियो ॥३॥ बाजाको शब्दले भरतजी ब्युँझे, म राजा ह्वैन भनेर बाजा बजाउन रोकेर शत्रुघ्नलाई भन्नलागे ॥४॥ हे शत्रुघ्न ! हेरत, कैकेयीले गर्दा दुनियाँको कत्तिको कुभलो भएको छ, ममाथि यो सब दुःख छाडेर महाराज दशरथ स्वर्ग जानुभयो ॥५॥ धर्मात्मा महाराज दशरथकी यी राजलक्ष्मी आज नदीमा बहना नभएको डुङ्गासमान चारैतिर घुमिरहेकी छन् ॥६॥ हाम्रा ठूला रक्षक रामचन्द्रलाई समेत हाम्री आमा कैकेयीले धर्म छाडेर वनमा पठाइ-दिइन् ॥७॥

भरतलाई यस प्रकारसँग बेहोश जस्तै भएर विलाप गरिरहेको देख्ता दुःखमा परेका सबै आइ-माईहरू डाँको छाडेर मायालाग्दो गरी रुनलागे ॥८॥ भरतले यसरी विलाप गरिरहेको सम-यमा राजधर्म जान्ने महायशस्वी वशिष्ठजी राजा दशरथको सभामा आए ॥९॥ सुनले बनेको यो सभाभवनमा सुनैले बनेका र मणि जडिएका खम्बा थिए, सुधर्मानामक देवसभाझैं शोभायुक्त यस सभामा आफ्ना साथीहरूलाई साथमा लिई वशिष्ठजी पसे ॥१०॥ सबै वेद जान्ने मुनिजी अत्यु-त्तम आसन ओच्छ्याइएको सुनको सिंहासनमा गएर बसे अनि दूतहरूलाई आज्ञा दिए ॥११॥ ब्राह्मण, क्षत्रिय, योद्धा सेनापति तथा मन्त्रीहरूलाई झट्टै बोलाएर ल्याओ, मलाई बडो जरूरी काम परेको छ ॥१२॥ भरत, शत्रुघ्न, अरू अरू राजकुमार, युधाजित्, सुमन्त्र तथा भरतका अरू पनि हितेच्छु-हरूलाई समेत बोलाऊ ॥१३॥

यसपछि घोडा रथ हात्तीमा चढेर आएका मानिसले गर्दा त्यहाँ एक प्रकारको ठूलो शब्द भयो ॥१४॥ सभामा आएका इन्द्रलाई देख्ता जसरी देवताहरू प्रसन्न हुन्छन् त्यसै गरी यहाँ मन्त्रीहरू पनि भरतलाई देख्ता दशरथलाई देखेझैं प्रसन्न भए ॥१५॥ तिमि (एक प्रकारको माछो)

जल-हात्ती, मणि, शंखले युक्त भएको तथा निश्चल जल भएको तलाउसमानको त्यो सभा दशरथका छोरा हुनाले स्वयं राजा दशरथ नै सभामा आएर बसेका छन् कि भने जस्तो देखियो ।।१६।।

सर्ग--८२

वशिष्ठको कुरा काटेर भरत वन-यात्राको निम्ति आज्ञा दिन्छन् ।

सज्जनहरूले भरिभराउ भएको नियमबद्ध त्यस सभालाई बुद्धिमान् भरतले पूर्णिमाको रात्रि जस्तो शोभा पाइरहेको देखे ।।१।। मर्यादाअनुसार आफ्नो आफ्नो जग्गामा बसेका ती सज्जनहरूको लुगा तथा अङ्गरागको तेजले त्यो उत्तम सभा शोभित भएको थियो ।।२।। विद्वान्‌हरूले भरिभराउ भएको त्यो सुन्दर सभा शरत्‌कालको पूर्णचन्द्र भएको रात्रिसमान शोभित थियो ।।३।। धर्म जान्ने पुरोहित वशिष्ठजीले दशरथका सबै प्रजागण जम्मा भएको देखेर भरतलाई मधुरो बोलीले भन्नलागे ।।४।।

हे भरत ! धन्यधान्यले युक्त भएको, उन्नत अवस्थामा पुगेको यो पृथ्वी तिमीलाई दिएर सदा धर्म-मार्गमा रहने राजा दशरथ स्वर्ग गए ।।५।। सत्य मार्गमा तत्पर रहने रामचन्द्रले सज्जनहरूको धर्म-को संझना राखेर उदाएका चन्द्रमाले आफ्नो प्रभालाई नछाड्नेझैं पिताको आज्ञालाई त्याग गरे-नन् ।।६।। बाबु तथा दाजुले तिमीलाई यो शत्रुरहित राज्य दिएका छन्, तसर्थ मन्त्रीहरूलाई प्रसन्न राखेर यस राज्यको भोग गर र चाँडै नै आफ्नो अभिषेक गराऊ ।।७।। उत्तर, पश्चिम, दक्षिण र पूर्व देशका तथा द्वीपवासी राजाहरू र समुद्रमा व्यापार गर्नेहरू करोडौंको रत्न तिमीलाई चढाऊन् ।।८।।

वशिष्ठका कुरा सुनेर भरत शोकले अत्यन्त दुःखित भए र धर्म जान्ने इच्छाले मनले रामको स्मरण गरे ।।९।। आँसुले गर्दा घाँटी बसेकोले हाँसको समान घर्घरे स्वरले युवक भरत सभामा विलाप गर्न र पुरोहितजीको निन्दा गर्नलागे ।।१०।।

ब्रह्मचर्यको पालन गर्ने, विद्यामा पारङ्गत भएका, बुद्धिमान् र धर्ममा तत्पर रहने रामको राज्य म जस्ताले कसरी चलाउन सक्ला ? ।।११।। राजा दशरथको छोरो भएर मैले अर्काको राज्य कसरी लिने ? म र यो राज्य दुवै रामका हौं, तपाईंले ता धर्मको उपदेश गर्नुपर्दछ अर्थात् रामलाई यो राज्य ग्रहण गराउने युक्ति बताउनुपर्दछ ।।१२।। राम मभन्दा गुणमा तथा उमेरमा ठूला छन्, राजा दिलीप तथा नहुषसमान धर्मात्मा छन् । जसरी राजा दशरथले यो राज्य पाएथे त्यसै गरी रामले पाउनुपर्दछ ।।१३।। यो राज्याधिकाररूपी पापलाई सज्जनहरू घृणाको दृष्टिले हेर्दछन्, यो पाप स्वर्गमा जाने बाटोलाई रोक्ने हो, मैले यो पाप गरेंभने संसारमा इक्ष्वाकुकुलको नाश गर्ने ठहरिनेछु ।।१४।। मेरी आमाले जो पाप गरेकी छन् म त्यसलाई रुचाउन्न, म यहाँ बसेको भए तापनि वनमा रहने रामचन्द्रलाई हात जोरेर नमस्कार गर्दछु ।।१५।। म पनि रामको पछि लाग्दछु । मानिसहरूमा श्रेष्ठ यिनी नै राजा हुन योग्य छन् ; यस पृथ्वीको ता के कुरा यी तीनै लोकमा राजा हुन समर्थ छन्।।१६।।

भरतको यस्तो धर्मयुक्त कुरा सुनेर राममा प्रेम भएका ती सबै सभासद्‌हरू हर्षले रुनलागे ॥१७॥

भरत फेरि भन्नलागेः—यदि मैले रामलाई वनबाट फर्काएर ल्याउन सकिनँभने म पनि लक्ष्मण-झैं त्यहीं वनमा बस्नेछु ॥१८॥ हेर्नुहोस्, तपाईंहरू सबै सज्जन र गुणीहरूको सामुन्नेमा उनलाई फर्काएर ल्याउनालाई आफूले हुनेसम्मको उपाय गर्नेछु ॥१९॥ सित्तैंमा काम गर्ने, ज्याला लिएर काम गर्ने तथा बाटो बनाउनामा सिपालु भएकाहरूलाई मैले पहिले नै पठाइसकेको छु, यहाँबाट वनतिर यात्रा गर्नु नै म मनासीब देख्तछु ॥२०॥

दाजुमा प्रेम राख्ने धर्मात्मा भरतले यति भनेर नजीकमा बसेका सल्लाह दिनामा चतुरा सुमन्त्रलाई भन्नलागे ॥२१॥हे सुमन्त्र ! मेरो आज्ञाले झट्टै यहाँबाट उठेर जाऊ, हामीले यात्रा गर्ने कुरा सबैलाई सुनाइदेऊ, फौज पनि झट्टै तैयार पार ॥२२॥

महात्मा भरतले यसो भनेपछि सुमन्त्रले आफ्नै काम गरे जस्तो गरेर प्रसन्नतापूर्वक सबै कुरा ठीकठाक पारिदिए ॥२३॥ रामचन्द्रलाई फर्काउनाको निम्ति जानेहरूको साथमा फौज पनि जाने रे भन्ने सुनेर प्रजागण तथा सेनापतिहरू हुनासम्म खुशी भए ॥२४॥ यात्रामा जानुपर्दछ भन्ने थाहा पाएर सिपाहीका स्वास्नीहरू पनि प्रसन्न भई घरमा आपना आपना लोग्नेहरूलाई छिटो छिटो गर्न भन्न-लागे ॥२५॥ घोडा, बैलगाडी र छिटो दगुर्ने रथमा चढेका, स्वास्नी साथमा लिएका सेनापतिहरू फौजलाई छिटो गर्ने आज्ञा दिनलागे ॥२६॥

फौजलाई तैयार परेको देखेर गुरुको नजीक उभिएका भरतले छेउमा उभिइरहेका सुमन्त्रलाई मेरो रथ झट्टै लिएर आऊ भनी अह्राए ॥२७॥ भरतको आज्ञा सुनेर सुमन्त्र बहुतै खुशी भए र असल घोडा जोती रथ लिएर आए ॥२८॥

सत्यमा प्रेम राख्ने सत्यपराक्रमी तथा प्रतापी भरत, महावनमा गएका यशस्वी, गुरु, रामचन्द्र-लाई वनबाट फर्काएर ल्याउने मन गरेर भन्नलागे ॥२९॥ हे सुमन्त्र ! तिमी झट्टै गएर सेनापतिहरू-लाई फौज जम्मा पार्नू भनेर सुनाइदेऊ, संसारको कल्याणको निम्ति वनवासी रामचन्द्रलाई प्रसन्न गराई फर्काएर ल्याउन चाहन्छु ॥३०॥

आफ्नो अभिलाषा पूर्ण भएका सुमन्त्रले भरतको आज्ञा पाउनासाथ, प्रजाका मुखियाहरू, सेनापति, तथा मित्रहरूलाई सबै कुरा बुझाएर सुनाइदिए ॥३१॥ यसपछि आपनो आपनो मंडलीमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रहरू उद्योगी भई ऊँट, रथ, खच्चर, हात्ती तथा असल असल जातका घोडाहरूलाई यात्राको निम्ति तैयार पार्नलागे ॥३२॥

सर्ग—८३

भरतजी गंगाकिनारमा पुग्दछन् ।

यसपछि बिहान सबेरै उठेर उत्तम रथमा सवार भई रामचन्द्रको दर्शन गर्ने अभिलाषाले शीघ्रतापूर्वक भरतले प्रस्थान गरे ॥१॥ घोडा जोतिएका सूर्यको रथसमान उत्तम रथमा सवार भई मन्त्री तथा पुरोहितहरू अघिअघि हिंडे ॥२॥ खूबसित सिंगारिएका नौ हजार हात्ती वन जानलागेका भरतको साथमा गए ॥३॥ नाना प्रकारका शस्त्र धारण गरेका धनुर्धारीहरू बसेका साठी हजार रथ र घोडामा चढेका एक लाख घोडचढी वन जानलागेका यशस्वी भरतको साथमा गए ॥४-५॥ कैकेयी, सुमित्रा र यशस्विनी कौशल्या रामचन्द्रलाई फर्काएर ल्याउने भनेर संतुष्ट भई उत्तम उत्तम चहकिला सवारीमा चढी हिंडे ॥६॥ यस प्रकारसँग राम र लक्ष्मणलाई भेट्न भनी यो सज्जनहरूको जमात हिंड्यो, बाटामा यिनीहरू प्रसन्नतापूर्वक रामसम्बन्धी अनेक कुरा गर्दै जानलागेका थिए ॥७॥ यिनीहरू भन्दथेः—हामी मेघसमान श्याम वर्णका महाबाहु पराक्रमी, दृढव्रत, जगत्को शोकलाई नाश गर्ने, रामचन्द्रलाई कहिले देख्न पाऔंला ॥८॥ उनलाई हेर्दैखेरि सूर्य उदाउनासाथ लोकको अन्धकार हटेर जानेझैं, हाम्रो सबै शोक दूर भइजानेछ ॥९॥

प्रसन्नतापूर्वक यस प्रकारका मीठा कुरा गर्दै तथा परस्परमा एउटाले अर्कोलाई अँगालो हाल्दै शहरवासीहरू हिंड्नलागेका थिए ॥१०॥ राममा प्रेम राख्ने प्रजाहरू भरतले हिंड्न भनेका, नभनेका व्यापारीहरू सबै प्रसन्न भई रामको दर्शनका लागि हिंडे ॥११॥ मणिकार (मणि खरीद बिक्री गर्ने) आफ्नो कामका सिपालु भएका कुम्हाले, कपडा बुन्नेहरू हतियार बनाएर जीविका चलाउनेहरू, मायूरक (मयूरको प्वाँखको पंखा बनाउने), क्राकचिक (आराले काठ चिर्ने), वेधक (मोतीमा प्वाल पार्ने), रोचक (रंग-रोगन गर्ने चित्रकारी), दन्तकार (दाँतको चीजबीज बनाउने), सुधाकार (चून लगाउने), गन्धोपजीवी (अतर बेच्ने), सुनार, नामी कम्बल बुन्नेहरू, तातो पानीले नुहाउने वैद्य, धूप बेच्नेहरू, खसी बेच्ने, धोबी, सूचीकार, गाउँ टोलका थकाली, नाच्ने नटुवा, माझी, योगी, वेद जान्नेहरू, हजाराँ सदाचारी ब्राह्मणहरू, बैलगाडीमा चढेर, वन जानलागेका भरतको साथसाथमा गए ॥१२-१६॥ यी सबै राम्रो भेष गरेर, शुद्ध कपडा पहिरेर, रक्त चन्दन धारण गरी, तेजिला सवारीमा चढी बिस्तारै बिस्तारै भरतको पछिपछि हिंडे ॥१७॥ दाजुलाई ल्याउन भनी हिंडेका, दाजुमा प्रेम राख्ने भरतको साथसाथमा हर्ष मनाइरहेको आनन्दयुक्त फौज पनि हिंड्यो ॥१८॥

यिनीहरू सबै रथ, सवारी, घोडा, हात्तीमा चढेर धेरै टाढा गएपछि शृङ्गवेरपुरको सामुन्ने गंगा नदीनेर पुगे ॥१९॥ जहाँ रामचन्द्रका मित्र वीर गुह आफ्ना बन्धुवर्गसहित त्यस प्रान्तको सावधानीसाथ पालन गरेर बसेका थिए ॥२०॥

भरतको साथमा आएको फौज, चक्रवाक पक्षीद्वारा सुशोभित भएको गङ्गाको तीरमा आइपुगेपछि विश्राम गर्न भनी त्यहीं अडियो ॥२१॥ गङ्गाको किनारमा विश्राम गरिरहेको आफ्नो फौजलाई तथा

पवित्र जल भएकी गङ्गाजीलाई देखेर बोल्नामा सिपालु भएका भरतले आफ्ना सबै मन्त्रीहरूलाई भने ॥२२॥ आज जसजसलाई जहाँ इच्छा लाग्दछ त्यहीं गङ्गाको किनारमा विश्राम गर्नू, भोलि समुद्रमा गै मिसिने यी नदीलाई हामी पार गरौंला ॥२३॥ भोलि गङ्गाको पारिपट्टि गएर स्वर्गीय आफ्ना पिताको पारलौकिक कल्याणको निम्ति म गङ्गाजलले तर्पण दिन चाहन्छु ॥२४॥

सावधान भई भरतको आज्ञा सुनेर सबै मन्त्रीहरूले उनको कुरा स्वीकार गरे र आफ्ना आफ्ना इच्छाअनुसार फौजलाई बेग्ला बेग्लै ठाउँमा राखिदिए ॥२५॥ महानदी गङ्गाको किनारमा डेरा आदिको प्रबन्ध गरेर फौजले विश्राम गर्‍यो, रामचन्द्रलाई फर्काउने कुराको विचार गर्दै महात्मा भरत पनि त्यहीं वास बसे ॥२६॥

सर्ग—८४

निषादाधिपति गुहसित भरतजीको भेट।

गङ्गा नदीको किनारमा जताततै विश्राम गरिरहेको फौजलाई देखेर गुह आफ्ना नाता कुटुम्बी-हरूलाई भन्नलागे ॥१॥ यहाँ यो ठूलो फौज समुद्र जस्तो देखिनलागेको छ, यहाँसम्म फैलिएको होला भन्ने कुरा मनले विचार गर्दा पनि अडकल गर्न सकिन्न ॥२॥ दुर्बुद्धि भरत आफैं आएका रहेछन् जस्तो लाग्दछ किनकि यिनको अतिशय लामो कोविदार झण्डा रथमा देखिनलागेको छ ॥३॥ यिनी हामीलाई पाशोले बाँध्नेछन् र अनि बाबुद्वारा राज्यबाट निकालिएका छोरा रामको वध गर्नेछन् ॥४॥ राजा दशरथको समग्र परमदुर्लभ राज्यश्री आफ्नो अधिकारमा राख्नाको निम्ति कैकेयीका छोरा भरत रामलाई मार्न जानलागेका होलान् ॥५॥ राम मेरा मालिक र मित्र हुन्, उनको हित गर्न खोज्ने तपाईंहरू सावधान भई गङ्गाकिनारमा तैय्यार भएर बस्नुहोस् ॥६॥ सबै बलिया माझीहरू फौज साथमा लिई गंगा नदीको घाटको रक्षा गर्नाको निम्ति यहाँ गंगातीरमा मासु फल मूल खाएर रहून् ॥७॥ पाँच सय डुंगामा प्रत्येकमा सय सय हृष्ट पुष्ट माझीहरू युद्धको निम्ति तय्यार भई रहून्। गुहले आफ्ना दाजु-भाइलाई यस्तो आज्ञा दिए ॥८॥ रामको कुभलो गर्न ता जानलागेको रहेनछभने यस फौजले निर्विघ्नतापूर्वक गंगा पार गर्न सक्ला ॥९॥

यति भनेर निषादहरूका राजा गुह माछा, मासु, मह, आदि कोसेली लिएर भरतलाई भेट्न भनी गए ॥१०॥ गुहलाई आउनलागेको देखेर प्रतापी, समयानुसार काम गर्न जान्ने, सुमन्त्रले नम्रतापूर्वक भरतलाई निवेदन गरे ॥११॥

यी बूढा आफ्ना हजारौं दाजु-भाइको साथमा यहाँ रहन्छन्, यहाँका यी मालिक हुन्। दण्डका-रण्यको विषयमा यिनलाई सबै कुरा थाहा छ र तपाईंका दाजुका मित्र हुन् ॥१२॥ तसर्थ हे भरतजी ! तपाईं अवश्यै निषादहरूका राजा गुहसित भेट गर्नुहोस्, राम लक्ष्मण बसेको ठाउँ यिनलाई जरूरै थाहा हुनुपर्दछ ॥१३॥

सुमन्त्रको यो मीठो कुरा सुनेर भरतले भने, "हुन्छ, गुहलाई झट्टै आएर मलाई भेट्न भन"।।१४।।

भरतको आज्ञा सुनेर हर्ष मानेका गुह आफ्ना दाजु-भाइको साथमा गई नम्रतापूर्वक भरतलाई भन्नलागे ।।१५।। हे प्रभो ! यो देश तपाईंको घरको बगैंचा जस्तो छ, पहिले नै आफ्नो आउने खबर नदिएर हामीलाई ठगिदिनुभयो, हामी सबै तपाईंका नोकर ह्वौं, यहीं हामीकहाँ बस्नुहोस् भन्ने हाम्रो प्रार्थना छ ।।१६।। निषादहरूले आफैं ल्याएका यी फल मूल हुन्, सुक्खा रसिला किसिम किसिमका वनका फल-फूल छन्, मासु पनि छ, यी चीजबीज ग्रहण गर्ने आज्ञा होस् ।।१७।। खानेकुरा खाएर यो फौज आज राती यहीं विश्राम गरोस् भन्ने मेरो इच्छा छ, हामी आफ्नो इच्छाअनुसार तपाईंको सत्कार गर्न पाऔं, भोलि बिहान यहाँबाट जानुहोला ।।१८।।

सर्ग–८५

भरत गुहसित कुरा गर्दछन् र रामका चिन्ताले दुःखी हुन्छन् ।

निषादका राजा गुहको कुरा सुनेपछि महाबुद्धिमान् भरतजी प्रामाणिक तथा मतलबपूर्ण कुरा भन्न-लागे ।।१।। हे मेरा गुरुका मित्र ! मेरो यत्रो ठूलो फौजको सत्कार गर्ने खोज्नु तिम्रो प्रशंसनीय विचार हो, तिमी आफ्नो इच्छा पूरा भएको संझ ।।२।। परमतेजस्वी श्रीमान् भरतले गुहलाई यस प्रकारसँग उत्तर दिएर औंलाले बाटाको इशारा गर्दै भन्नलागे ।।३।। कुन बाटोबाट जानाले हामी भरद्वाजको आश्रममा पुगौंला ? गंगातीरको यो देश पत्तो नपाइसक्नु छ, बाटो थाहा नपाईकन यहाँ प्रवेश गर्न गाह्रो छ ।।४।।

बुद्धिमान् भरतजीको यो कुरा सुनेर वनको जम्मै कुरा थाहा पाउने गुह हात जोरेर भन्नलागे ।।५।। हे महाबली राजपुत्र ! यस प्रदेशको जम्मै हाल थाहा पाउने यी माझीहरू सावधान भई तपाईंको साथमा जानेछन्, म पनि तपाईंको पछि लाग्दछु ।।६।। उदार प्रकृतिका रामको केही अनिष्ट गर्न ता तपाईं जान-लाग्नुभएको होइन ? तपाईंको यो विशाल फौज देख्ता मेरो मनमा शंका हुनलागेको छ ।।७।। गुहको यस प्रकारको कुरा सुनेर आकाशसमान निर्मल मन भएका भरत मधुरो स्वरले उनलाई भन्नलागे ।।८।। हे गुह ! ईश्वरले कहिले पनि मबाट रामको कुभलो नगराऊन्, तिमीले मेराउपर शङ्का गर्नु उचित छैन, मेरा दाजु रामलाई म आफ्नो पितातुल्य संझन्छु ।।९।। वनवासी रामलाई फर्काउन भनी म जानलागेको हुँ, मेरो अर्को कुनै विचार होला भन्ने तिमीले शङ्का गर्नुपर्दैन । हे गुह ! मैले तिमीलाई यो साँचो कुरो भनेको हो ।।१०।। भरतको कुरा सुनेर गुह खुशी भए र प्रसन्नचित्तले फेरि उनलाई भन्नलागे ।।११।। हे भरत ! तपाईं धन्य हुनुहुँदो रहेछ, यस पृथ्वीतलमा तपाईंबराबरको अरू कसैलाई देख्तिनँ, किनकि विनापरिश्रमले हात परेको राज्यलाई तपाईं त्याग गर्नलाग्नुभएको छ ।।१२।। दुःखमा परेका रामलाई तपाईं फर्काएर लैजान चाहनुहुन्छ, तपाईंको यो कीर्ति अनन्तकालसम्म संसारमा गाइनेछ ।।१३।।

गुह र भरतले यस प्रकारसँग कुरा गर्दा गर्दैमा सूर्यको उज्यालो हराएर गयो, रात पनि परिहाल्यो

।।१४।। गुहदेखि सन्तुष्ट भएका भरतले फौजलाई आराम गर्ने आज्ञा दिए र शत्रुघ्नलाई साथमा लिई सुत्न गए ।।१५।। अब ता यस्ता धार्मिक विचार भएका दुःख सहन योग्य नभएका महात्मा भरतलाई रामसम्बन्धी कुराको विचार गर्दा गर्दै चिन्ताले छोपिहाल्यो ।।१६।। डढेलोले सुक्खा पारेको रूखलाई टोडकाभित्रको आगोले जलाए झैं मनभित्रको शोकरूपी अग्निले भरतलाई पोल्नथाल्यो ।।१७।। सूर्यको तापले तातेको हिमालयबाट हिउं पग्लेर खसेझैं उनको जम्मै शरीरबाट शोकाग्निद्वारा उत्पन्न भएको पसीना निस्कनथाल्यो ।।१८।। यस समयमा भरतजी अतिशय ठूलो दुःखरूपी पर्वतले थिचिए; यस पर्वतमा रामचन्द्रको ध्यान ठूला ठूला ढुङ्गासमान छ, वारंवार लामो सास फेर्नु यहाँका धातु हुन्, भरतको दीनावस्था रूखको समूह हो; शोक, श्रम, तथा मनको पीडा पर्वतका टाकुरा हुन्, मूर्च्छा पर्वतका अनेक प्राणीको समान हो, सन्ताप भनेको औषधि र बाँस हो ।।१९-२०।।

यस प्रकारको दुःखरूपी पर्वतले थिचिएका भरतको सुद्धी नै हरायो, मन अत्यन्त व्याकुल भयो, लामो लामो सास फेर्नलागे, हृदय ज्वरले पीडित भएका नरश्रेष्ठ भरतलाई बथानबाट छुट्टिएको बैललाई झैं कुनै प्रकारले पनि मनमा शान्ति भएन ।।२१।। महानुभाव भरतजीले गुहसित भेट गरे, आफ्ना दाजुको निम्ति यिनी बड़ा दुःखित थिए, आफ्ना दाजुभाइलाई साथमा राखेर सावधान भई गुहले भरतजीलाई ढाढस दिनलागे ।।२२।।

सर्ग—८६

गुह भरतसित लक्ष्मणको प्रशंसा गर्दछन् ।

वनवासी गुह अपरिमित गुणशाली भरतसित महात्मा लक्ष्मणको रामप्रतिको उत्तम व्यवहारको बखान गर्नलागे ।।१।। दाजुको रक्षाका लागि हातमा धनु, बाण लिई जागा बसिरहेको वेलामा गुणवान् लक्ष्मणलाई मैले यस प्रकारसँग भनेथें ।।२।। हे लक्ष्मण, तपाईंको निम्ति आनन्द दिने यो ओछ्यान तय्यार पारेको छ, हामीउपर विश्वास गरेर सुखपूर्वक यसमा सुत्नुहोस् ।।३।। सबै प्रकारको दुःख सहने हाम्रो बानी परिसकेको छ, तपाईं आजसम्म सुक्खै पाई आउनुभएको छ । हे धर्मात्मा ! रामचन्द्रको रक्षाका लागि हामी जागा बस्तछौं ।।४।। रामभन्दा बर्ता प्यारो मेरो यस संसारमा कोही छैन, तपाईंले कत्ति पनि हडबडाउनुपर्दैन, मैले तपाईंसित यो साँचो कुरो भनेको हो ।।५।। यिनको अनुग्रहले मैले यस लोकमा ठूलो यश, धर्म, अर्थ र काम प्राप्त गर्ने आशा राखेको छु ।।६।। सीतालाई साथमा लिई सुतिरहेका मेरा प्यारा दोस्त रामको आफ्ना बन्धुवर्गसहित भई हातमा धनु लिएर म रक्षा गर्दछु ।।७।। सदा घुमिरहने हुनाले मलाई थाहा नभएको यस वनमा केही कुरो छैन, चतुरङ्गिणी सेनालाई समेत हामी युद्धमा रोक्न सक्तछौं ।।८।। हाम्रो यो कुरा सुनेर महात्मा लक्ष्मण धर्मानुसार विनयपूर्वक हामीलाई संझाउनलागे ।।९।। महाराज रामचन्द्रलाई सीतासहित भूइँमा सुतेको देख्ता देख्तै मलाई कसरी निद्रा लाग्ला ? यस्तो अवस्थामा मेरो जीवन कसरी सुखदायी हुन सक्तछ ।।१०।। जुन रामचन्द्र

युद्धमा देवता र असुरलाई समेत सहन सक्तैनन् , हे गुह ! हेर, तिनै आज सीतालाई लिएर घाँसमाथि सुतिरहेका छन् ॥११॥ ठूलो तपस्या र कडा परिश्रम गरेर दशरथले आफूसमान गुण भएका यी मात्र एउटा छोरा पाएका हुन् ॥१२॥ यिनी वनमा आएपछि राजा अब धेरै बाँच्नेछैनन्, राजा नहुनाले यो पृथ्वी चाँडै नै विधवा हुनेछ ॥१३॥ डाँको छाडेर रुँदा रुँदा राजमहलका आइमाईहरू थाकेर चूप लागे होलान्, अहिले दरबारमा कुनै प्रकारको आवाज सुनिंदो होओइन ॥१४॥ कौशल्या, राजा, तथा मेरी आमा आजको रातीसम्म बाँचेकै होलान् जस्तो मलाई लाग्दैन ॥१५॥ शत्रुघ्नलाई हेर्नाको निम्ति मेरी आमाले बाँच्नु सम्भव छ, तर वीरमाता कौशल्या ता यस दुःखले अवश्यै मर्नेछन् ॥१६॥ रामचन्द्रलाई राज्य दिने पिताजीको अभिलाषा थियो, तर यो अभिलाषा सिद्ध हुन सकेकोले उनी अवश्यै नष्ट हुनेछन् ॥१७॥ पिताको मृत्युपछि अन्तिम संस्कार गर्ने समय आइपरेमा जो उनको प्रेतकार्य गर्नेछन् तिनैको अभिलाषा पूर्ण हुनेछ अर्थात् तिनैले राज्यको भोग गर्नेछन् ॥१८॥ यिनीहरू नै मेरा पिताको राजधानी अयोध्यामा डुल-फिर गर्नेछन् । यस अयोध्यामा राम्रा राम्रा चारदोबाटा छन्, जताततै ठूला ठूला सडक बनेका छन्, अनेक किसिमका रत्नले सुशोभित भएका धनीहरूका घर तथा राजाका महल छन्, हात्ती घोडा रथको भीड लागेको हुन्छ, थरी थरीका बाजा बज्दछन्, कल्याण गर्ने सब किसिमका चीज छन्, हृष्ट-पुष्ट मानिसले भरिएको छ, जताततै बाग बगैंचा छन्, सभा र उत्सव भनेको ता यहाँ सधैं भइरहन्छ ॥१९-२१॥ चौध्र वर्ष बितेपछि सत्यप्रतिज्ञ रामचन्द्रको साथमा के हामी पनि कुशलपूर्वक यस अयोध्यामा पस्न पाऔंला ? ॥२२॥

लक्ष्मणले यस प्रकारसँग विलाप गर्दा गर्दै उठेको उठै रात बितिहाल्यो ॥२३॥ भोलिपल्ट विहान सूर्योदयको समयमा दुवै भाइले जटा बनाए र यै घाटबाट मैले उनीहरूलाई नदी पार गराएर अर्कोपट्टि लगिदिएँ ॥२४॥ बथानका ठाल्ठ हात्तीसमानका महाबली यी दुवै भाइ जटा धारण गरी वल्कलको लुगा लगाई, धनुबाण हातमा लिई, शत्रुलाई ताप पार्ने राम र लक्ष्मण मतिर हेर्दै सीतालाई साथमा लिएर गए ॥२५॥

सर्ग—८७

गुहको कुरा सुनेर भरत मूर्च्छा पर्दछन् र विलाप गर्न थाल्दछन् ।

गुहको यस्तो घोर अप्रिय कुरा सुनेर भरत बडो सोच-विचारमा परे, उनको मनमा अनेक प्रकारका चिन्ता उत्पन्न हुनलागे ॥१॥ सुकुमार, महाबली, सिंहको जस्तो काँध भएका, कमल जस्ता ठूला ठूला आँखा भएका, तरुना, देख्नामा राम्रा, भरतले एक छिनमा आफ्नो चित्त सह्माले, तर फेरि मनमा दुःखित भई अंकुशीले मुटुमा घोचिएको हात्तीझैं अकस्मात् मूर्च्छा परे ॥२–३॥ भरतलाई मूर्च्छा परेको देख्ता गुहको मुख कालो नीलो भयो, भूइँचालोमा रूख कामेझैं काम्दै त्यो बडो दुःखी भयो ॥४॥ भरतको यस्तो हालत देख्ता नजीकैमा रहेका शत्रुघ्न पनि शोकले आकुल व्याकुल भई

डाँको छाडेर रुनलागे र केही बेरपछि बेहोश भए ॥५॥ यसपछि पतिको मरणले शोकमा परेका, उपवास बस्नाले दुब्लाएका, भरतका सबै आमाहरू त्यहाँ आए ॥६॥ रुनलागेका ती रानीहरूले चारैतिरबाट भूइँमा लडेका भरतलाई घेरे । दुःखिनी कौशल्याले भरतनेर आएर उनलाई अँगालो हालिन् ॥७॥

बाच्छोलाई माया गर्ने गाईले आफ्नो बाच्छालाई काखमा राखेझैं शोकले व्याकुल भएकी कौशल्याले भरतलाई काखमा राखेर रुँदै रुँदै उनलाई सोध्नलागिन् ॥८॥ हे छोरा ! कुनै रोगले तिम्रो शरीरलाई पीडा दिइरहेको छ कि ? हेर, अब यस राजकुलको जीवन तिम्रै आधारमा छ ॥९॥ भाइको साथमा राम वन गएपछि म तिमीलाई नै हेरेर बाँचिरहेकी छु, राजा दशरथको स्वर्गवास भएपछि ता तिमी नै हाम्रा मालिक भयौ ॥१०॥ लक्ष्मणको बारेमा तिमीले कुनै नराम्रो कुरा सुन्यौ कि ? मेरा ता एउटै छोरा छन्, ती पनि सीतालाई लिएर वन गएका छन्, ती मेरा छोराको बारेमा केही सुन्यौ कि ? ॥११॥

केही बेरपछि होशमा आएका महायशस्वी भरतले रुँदै कौशल्यालाई संझाई बुझाईकन गुहलाई भन्नलागे ॥१२॥ मेरा दाजु राती कहाँ बसे, सीता र लक्ष्मण कहाँ बसे, के के खाए, कहाँ कहाँ सुते, हे गुह ! मलाई यी सबै कुरा भन ॥१३॥

भरतको कुरा सुन्दा मनमा प्रसन्न भई निषादका राजा गुहले प्यारा, हित गर्ने पाहुना रामचन्द्रसंग उनले जस्तो व्यवहार गरेथे, सो सब भन्नलागे ॥४॥ अन्न, किसिम किसिमका खाने चीजबीज, नाना प्रकारका फल खानाको निम्ति मैले रामको नगीच लगेर राखें ॥१५॥ सत्यपराक्रम रामले यी सब थोक मनैले मात्र ग्रहण गरी फेरि मलाई फर्काइदिनुभयो, क्षत्रिय धर्मको संझना राखेर उहाँले कुनै चीज पनि लिनुभएन ॥१६॥ महात्मा रामचन्द्रले प्रेमपूर्वक संझाउनुभयो कि हामी क्षत्रिय हुनाले हामीले पो सदा दिनुपर्दछ कसैले दिएको ता लिन हुँदैन ॥१७॥ यति भनेर उहाँले लक्ष्मणले ल्याएको पानी मात्र पिउनुभयो र सीताको साथमा त्यो दिन राती उपवास गर्नुभयो ॥१८॥ बाँकी बचेको पानी लक्ष्मणले पिउनुभयो, मौन र सावधान भई उहाँ तीनै जनाले संध्या गर्नुभयो ॥१९॥ यसपछि झट्टै लक्ष्मणले आफैं कुश ल्याएर रामको निम्ति राम्रो सुत्ने ठाउँ तैयार पारिदिए ॥२०॥ त्यस सुन्दर ओछ्यानमा सीतालाई लिएर राम बस्नुभयो अनि लक्ष्मण यी दुवैको चरण पखालेर उहाँबाट फर्के ॥२१॥ यो त्यै इंगुदी रूखको जरा हो, यो त्यै घाँस हो, यहीं त्यस दिन राती राम र सीता सुत्नुभएको थियो ॥२२॥ शत्रुलाई ताप पार्ने लक्ष्मण पिठिउँमा बाणले पूर्ण भएको ठोक्रो बाँधेर, हात तथा औंलामा पञ्जा र अंगुलीत्राण लगाएर, ठूलो धनुष हातमा लिई रातभरी एक्लै रामचन्द्रको चारैतिर पहरा दिइराखेका थिए ॥२३॥ यसपछि म पनि आलस्यलाई त्याग गरेका आफ्ना भैयादहरूलाई साथमा लिई, धनुबाण भिरेर जहाँ लक्ष्मण बसेका थिए उहीं गएँ र हामी पनि धनु बाण लिएर रातभरी जागा बसी रामको रखवारीमा रह्यौं ॥२४॥

सर्ग—८८

रामले सुतेको ठाउँ देख्ता भरत बडो शोक गर्दछन् ।

निषादले भनेका यी सबै कुरा सुनेर भरतले मन्त्रीहरूलाई साथमा लिई इंगुदीको रूखनेर आएर रामले सुतेको ठाउँ हेरे ॥१॥ भरत आफ्ना आमाहरूलाई भन्नलागे—महात्मा राम राती यहीं सुत्नुभएको रहेछ, उहाँको शरीरले माडिएका कुश यिनै हुन् ॥२॥ परम भाग्यशाली बुद्धिमान् राम महाराजको कुलमा जन्मेका र दशरथका छोरा हुन्, भूइँमा सुत्नुपर्ने किसिमका ता होइनन् ॥३॥ उत्तम छालाको तन्ना ओछ्याइएको अतिसुन्दर बिछ्याउनामा सुत्ने नरश्रेष्ठ रामचन्द्र भूइँमा कसरी सुते होलान् ! ॥४॥ सुन र चाँदी छापेको, धेरै मोल पर्ने बिछ्याउना ओछ्याएको, विमान जस्तो अग्लो अटालीको कोठामा राम सुतिआएका हुन् ॥५॥ यहाँ किसिम किसिमका फूल जम्मा परिराखेको हुन्थ्यो, चन्दन र अगरुको धूपले सुवासित भइरहन्थ्यो, स्वच्छ आकाश जस्तो चहकिलो यस कोठामा सुगा मैना आदि चराहरूको बोली सुनिन्थ्यो ॥६॥ बास्ना आइरहने, शीतल, मेरुपर्वतसमान अग्लो, भित्तामा सुनको कालिगडी गरिराखेको यस्तो अटालीको कोठामा सुत्ने राम भूइँमा सुतिराखेका थिए ॥७॥ गाना, वजाना, उत्तम गहनाको झङ्कार, तथा पखवाजको मीठो आवाजले सदा राम जागा गराइन्थे ॥८॥ गुणगान गर्ने अनेक सूत, मागध समयानुसारको कथा र स्तुतिले रामचन्द्रको प्रशंसा गर्दथे र उनी उठ्तथे, यस्ता राम अहिले भूइँमा कसरी सुते होलान् ! ॥९॥ यिनको यो दुःखित अवस्था विश्वासको योग्य छैन, मलाई ता साँचो होला जस्तो लाग्दैन । यसको विचार गर्दा मेरो मनलाई मोहले व्याप्त गर्दछ, यो ता सपना पो हो कि जस्तो मलाई लाग्दछ ॥१०॥

अब पो बुझें, कालभन्दा बर्ता बलियो कुनै देवता पनि रहेनछन्, यै कालले गर्दा दशरथका छोरा रामले भूइँमा सुत्नुपरेको हो ॥११॥ यै कालले गर्दा विदेहराजाकी छोरी, रामचन्द्रकी अर्धाङ्गिनी, दशरथकी बुहारी सुन्दरी सीताले भूइँमा सुत्नुपरेको हो ॥१२॥ मेरो दाजु सुतेको ठाउँ यै हो, सोही जग्गामा कोल्टे पर्दा उनको शरीरले माडिएका घाँस यिनै हुन् ॥१३॥ यस ठाउँमा सुन्दरी सीताले गहनै लगाएर सुतेकी रहिछन् किनकि यहाँ जताततै सुनका साना साना दाना टाँसिएका देखिन्छन् ॥१४॥ यहाँ तपस्विनी सीताको पछ्यौरा अल्झेको स्पष्टै थाहा हुन्छ किनकि रेशमको धागो कुशमा बेह्रिएर शोभा दिइरहेको छ ॥१५॥ पतिको ओच्छ्यान स्त्रीहरूका लागि सदा सुख दिने हुन्छ भन्ने कुरा मलाई थाहा छ, यसै कारणले ता बिचरी, बाला, तपस्विनी, पतिव्रता सीतालाई आफू सुकुमारी भए तापनि कुनै प्रकारको कष्ट थाहा भएन ॥१६॥ अफसोस ! म जीउँदै मरें, म बडो निष्ठुरी रहेछु, मैले गर्दा रामले अनाथझैं सीतासहित यस्तो ठाउँमा सुत्नुपर्‍यो ॥१७॥ चक्रवर्ती राजाहरूको कुलमा जन्मेका, सबैलाई सुख दिने, सबैको भलो गर्ने, नीलकमल जस्ता राम्रा, रातो रंगको आँखा भएका, हेर्दाखेरि राम्रा, सदा सुखभोग गर्ने योग्यका, कहिले पनि दुःख नपाउनुपर्ने किसिमका रामचन्द्र यस्तो उन्नत अवस्थामा पुगेको राज्यलाई त्याग गरेर भूइँमा कसरी सुत्ता होलान् ? ॥१८-१९॥ अनेक प्रकारका शुभ लक्षणले युक्त भएका लक्ष्मण-

लाई नै बडो भाग्यमानी भन्नुपर्दछ, किनकि यस्तो सङ्कटको समयमा उनी दाजुको साथमा छन् ॥२०॥ सीताको अभिलाषा पनि पूर्ण भयो, किनकि उनी पतिको साथमा वन गएकी छन् । ती महात्मादेखि बिछोड भएकोले हामी पो न यताका भयौं न उताका, अर्थात् न उनको सेवा गर्न पायौं न हामीले राज्यै गर्‍यौं ॥२१॥ दशरथको स्वर्गवास हुनाले तथा राम वन जानाले मलाई यो पृथ्वी माझी नभएको डुङ्गा जस्तो शून्य अनुभव हुन लागिरहेछ ॥२२॥ वनमा भए तापनि रामचन्द्रको बाहुबलले रक्षित भएको यो राज्य कोही पनि लिने इच्छा मनमा समेत गर्दैन ॥२३॥ हेर, शहरको किल्लाको रक्षा गर्ने बन्दोबस्त छैन, हात्ती घोडा सब फुकेका छन्, शहरको ढोका खुलै छ, राजधानी बिलकुल अरक्षित अवस्थामा छ ॥२४॥ फौज सबै दुःखी छन्, शहरको रक्षा गर्ने यिनीहरूलाई होशै छैन, बाहिरी आक्रमण रोक्ने कुनै प्रबन्ध नभए तापनि विष सिसिएको अन्नझैं कुनै शत्रु यतापट्टि दृष्टि नै दिंदैनन् अर्थात् हमला गर्ने साहस गर्दैनन् ॥२५॥ आजदेखि म पनि भूइँमा घाँस बिछ्याएर सुत्तछु, सधैं फल-मूल खान्छु, र जटा वल्कल धारण गर्दछु ॥२६॥ उनको सट्टामा बाँकी रहेको समयसम्म म वनमा बसिदिन्छु, यस्तो गरेपछि ता वनवास गर्ने उनको प्रतिज्ञा झूटो ठहरिनेछैन ॥२७॥ दाजुलाई वनबाट फर्काउनालाई मैले वनवास बस्ताखेरि शत्रुघ्न पनि मेरो साथमा वनमा बस्नेछन्, लक्ष्मणको साथ राम अयोध्याको पालना गर्नेछन् ॥२८॥ ब्राह्मणहरूले अयोध्यामा रामको अभिषेक गर्नेछन्, यो मेरो मनोरथलाई सफल गराइदिऊन् भन्ने देवताहरूसित मेरो प्रार्थना छ ॥२९॥ उनको चरणमा टाउको राखी आफूबाट हुनेसम्म अनेक प्रकारले वनबाट फर्केर आउनाको निम्ति संझाउनेछु, यति गर्दा पनि पिताको आज्ञालाई त्याग गरी अयोध्या फर्कन राजी भएनन्भने म पनि उनको साथमा वनैमा बसी उनको सेवा गर्नेछु, सेवक-हरूमा कसो मलाई स्थान देओइनन्, मलाई त्यागी ता हालोइनन् ॥३०॥

सर्ग—८९

भरत गङ्गा तरेर प्रयाग पुग्दछन् ।

त्यो रात त्यहीं गङ्गाकिनारमा वास बसी बिहान सबेरै उठेर भरतले शत्रुघ्नलाई भने ॥१॥ हे शत्रुघ्न ! के सुतिरहेको, उठ, तिम्रो कल्याण होस्, निषादराज गुहलाई झट्टै बोलाऊ, उनले फौजलाई पारि लगिदिनेछन् ॥२॥ भरतको आज्ञा सुनेर शत्रुघ्नले भने, म ब्यूंझै छु, सुतेको छैन, तपाईंझैं म पनि रामसम्बन्धी कुराको चिन्ता गरिरहेको छु ॥३॥ यस प्रकारसँग नरश्रेष्ठ दुवै भाइ आफू आफूमा कुरा गरिरहेको वेलामा गुह आएर हात जोरीकन भन्नलाग्यो ॥४॥ हे भरतजी ! गंगाकिनारमा सुखसित रात ता काट्नुभयो ? फौज तथा तपाईंहरूलाई कुनै प्रकारको कष्ट ता भएन ? ॥५॥ गुहले स्नेहपूर्वक भनेको यो कुरा सुनेर रामको वशमा रहने भरत भन्नलागे ॥६॥ हे बुद्धिमान् गुह ! रात हामीले सुखसित बितायौं तिमीले हाम्रो सत्कार पनि गर्‍यौ, अब अनेक डुङ्गा ल्याएर तिम्रा माझीहरूले हामीलाई पारि लगिदिऊन् ॥७॥

भरतको यस्तो आज्ञा सुन्नासाथ गुह हतपत गर्दै शहरमा गएर आफ्ना दाजुभाइलाई भन्नलागे ।।८।। हे भाइहो ! उठ, सधैं तिमीहरूको कल्याण होस्, डुङ्गा ल्याउनुपर्‍यो, फौजलाई पारि लगिदिनु छ ।।९।। राजाको आज्ञा सुन्नासाथ झटपट उठेर यिनका मानिसले चारैतिरबाट जम्मा पारेर पाँच सय डुङ्गा लिएर आए ।।१०।। यी बाहेक राजाहरूले बस्नालाई सुहाउने किसिमका अनेक "स्वस्तिक" नामक डुङ्गाहरू पनि ल्याइए, यिनमा ठूला ठूला घण्टा टाँगिएका थिए, ध्वजा पताका फरफराइरहेका थिए, र यसलाई चलाउन भनी सिपालु माझी खटिएका थिए ।।११।। यी स्वस्तिकनामक डुङ्गाहरूमध्ये एउटा गुहले आफैंले लिएर आए, यसमा राजाहरूले बस्न योग्य कम्बल ओच्छ्याएको थियो र साना साना घण्टी बजिरहेका थिए ।।१२।। यस डुङ्गामा महाबली भरत, शत्रुघ्न, कौशल्या सुमित्रा तथा राजाका अरू रानीहरू बसे ।।१३।। यसपछि गुरु, पुरोहित ब्राह्मण, आश्रित राजाहरूका रानीहरू, गाडाहरू, तथा चीजबीज डुङ्गा राखिए ।।१४।। हिंड्ने वेलामा केही माल छुटेको छ कि भनेर हेर्ने मसालचीहरूको शब्द गंगामा स्नान गरिरहेकाहरूको आवाज तथा आफ्ना आफ्ना मालताल ओसार्दाखेरिको खलबल आकाश-सम्म फैलियो ।।१५।। छिटो छिटो हिंड्ने, मल्लाहहरूले युक्त भएका, झण्डा फरफराइरहेका डुङ्गाहरू भरतलगायत सबै मानिसलाई राखेर पारिपट्टि जानलागे ।।१६।। कुनै डुङ्गा आइमाईले भरिएका, कुनैमा घोडा लादिएका, र कसै कसैमा रथ, पालकी, सवारीमा जोतिने किम्मती घोडा बैल राखिएका थिए ।।१७।। यी डुङ्गाहरूले पारि पुगेर सबैलाई उतारिदिए, उताबाट फर्कंदाखेरि माझीहरूले डुङ्गाहरूको अद्भुत खेल देखाए ।।१८।। माहुतेहरू ध्वजा भएका हात्तीहरूलाई पौडाएर पारी लैजानलागे, यस समयमा यी हात्तीहरू पखेटा भएका पर्वतसमान देखिएका थिए ।।१९।। धेरै डुङ्गामा बसेर पारि गए, कोही कोही बाँस आदिले बनेका प्लवमा चढेर गए, कोही कोही ता घल्चा आदि बाँधेर गए, धेरै हातैले पौडेर पनि पारि गए ।।२०।।

यस पवित्र फौजलाई माझीहरूले गंगा पारिपट्टि लगिदिए र सूर्योदय भएपछिको मैत्रनामक तेस्रो मुहूर्तमा यो फौज अत्यन्त रमाइलो प्रयाग जान भनी हिंड्यो ।।२१।। प्रयागमा पुगेपछि महात्मा भरतले आफ्नो फौजलाई आफूले रोजे रोजेको ठाउँमा राखेर आराम गर्ने आज्ञा दिई पुरोहित, मन्त्री, तथा सभासद्हरूलाई साथमा लिएर ऋषिश्रेष्ठ भरद्वाजको दर्शनका लागि उनको आश्रमतिर हिंडे ।।२२।। देव-पुरोहित महात्मा ब्राह्मणको आश्रममा पुगेर सबैले उनको राम्रा रूख भएको रमणीय पर्णशाला र वनलाई हेरे ।।२३।।

सर्ग—९०

भरत भरद्वाजमुनिसित भेट गरेर उनैबाट राम बसेको ठाउँको पत्ता पाउँछन् ।

नरश्रेष्ठ भरतले भरद्वाजको आश्रमनेर पुगेपछि एक कोस जति टाढामा आफ्ना मानिसलाई राखेर मन्त्रीहरूलाई सँगमा लिई हिंडे ।।१।। धर्म जान्ने भरतले अस्त्र, शस्त्र तथा पोशाक त्यहीं राखेर

केवल रेशमी धोती पछ्यौरा ओढी पुरोहित वशिष्ठलाई अघि लगाएर पैदल हिंडे ॥२॥ आश्रममा पुगेर भरद्वाज मुनिलाई देखेपछि मन्त्रीहरूलाई समेत त्यहीं राखेर केवल पुरोहितजीलाई अघि लगाएर हिंडे॥३॥

महातपस्वी भरद्वाजले वशिष्ठलाई देख्नासाथ झटपट आफ्नो आसनबाट उठी शिष्यहरूलाई अर्घ्य ल्याउनू भनी अह्राएर उनीसित भेट गरे । भरतले पनि मुनिलाई प्रणाम गरे । महातेजस्वी मुनिले भरतलाई यी दशरथका छोरा हुन् भनेर चिह्निहाले ॥४–५॥ गुरु शिष्य दुवैलाई अर्घ्य, पाद्यले पूजा गरी खानालाई फलफूल दिएर क्रमैले उनीहरूका कुलको क्षेम कुशल सोधे ॥६॥ अयोध्यामा रहेको, फौज, खजाना मित्र तथा मन्त्रीहरूको कुरा पनि सोधे । राजा दशरथ परलोक गएको कुरा उनलाई थाहा थियो यसैले राजाको विषयमा केही पनि सोधेनन् ॥७॥ वशिष्ठ र भरतले पनि ऋषिको क्षेम कुशल तथा उनको शरीर, अग्नि, शिष्य, रूख, कुटीनेर बस्ने पशु-पक्षीको हाल-खबर सोधे ॥८॥ महायशस्वी भरद्वाजले यी सबै प्रश्नको उत्तर दिएर रामचन्द्रमा प्रेम हुनाले भरतसँग भन्नलागे ॥९॥ तिमी ता राज्यको शासन गरिरहेका छौ, फेरि तिम्रो यहाँ आउनाको प्रयोजन क्या हो, यी सब कुरा मलाई भन, मेरो मनमा सन्देह लागिरहेको छ ॥१०॥ सबैलाई आनन्द गराउने, शत्रुहरूको नाश पार्ने कौशल्याबाट जन्मेका रामचन्द्र भाइ र स्त्री लिई धेरै दिनसम्म वनमा बस्नाका लागि गएका छन् ॥११॥ यी महायशस्वीलाई स्वास्नीको वशमा परेकोले बाबुले, चौध्र वर्षसम्म वनमा बस्ने आज्ञा दिए ॥१२॥ शत्रुहीन भई राज्यभोग गर्ने इच्छाले पापरहित रामचन्द्र तथा उनको भाइको केही कुभलो गर्ने पो विचार गरेका छौ कि ? ॥१३॥

भरद्वाजका यी कुरा सुनेर दुःखित भएका भरतका आँखाभरि आँसु आयो र लर्बरिंदो बोलीले उत्तर दिनलागे ॥१४॥ तपाईंले पनि मलाई यसो भन्नुभयोभने ता म जीउँदै मरिहालें । रामलाई वन पठाउने अपराध मबाट भएको होइन, तसर्थ तपाईंले मलाई यस्तो कठोर वचन भन्नु मुनासीब छैन ॥१५॥ मेरो सम्बन्धमा मेरी आमाले राजासित जो कुरा भनिन् त्यसमा म बिलकुलै सहमत छैन, मलाई यसमा अलिकता पनि खुशीयाली छैन, मैले आमाको आज्ञापालन पनि गरेको छैन ॥१६॥ म ता नरश्रेष्ठ रामलाई प्रसन्न गराउन, अयोध्यामा फर्काएर लैजान र उनको चरणमा ढोग दिन जानलागिरहेको छु ॥१७॥ अब मेरो यस्तो अभिप्राय बुझेपछि मउपर प्रसन्न हुनुहोस् र यस बखत रामचन्द्रजी कहाँ बस्नुभएको छ कृपा गरी बताउनुहोस् ॥१८॥

यसपछि वशिष्ठ आदि ऋत्विग्हरूले पनि मुनिसँग यै कुराको प्रार्थना गरेकोले भगवान् भरद्वाज प्रसन्न भई भरतलाई भन्नलागे ॥१९॥ हे भरत ! तिमी रघुको कुलमा जन्मेका छौ तसर्थ आफूभन्दा ठूलाको सेवा, दुष्टहरूको दमन र सज्जनहरूको अनुकरण यी तीनै कुरा तिमीमा हुनुपर्दछ ॥२०॥ म विचार गर्दछु कि तिम्रो मनमा अहिले जे कुरा छ, त्यो पछिसम्म दृढ रहला, तिम्रो कीर्ति बढाउने मतलबले मैले तिमीलाई यसरी सोधेको हो ॥२१॥ लक्ष्मण र सीतासहित राम कहाँ बसेका छन् सो मलाई थाहा छ । यै चित्रकूट पर्वतमा तिम्रा दाजु बसेका छन् ॥२२॥ आज आफ्ना मन्त्रीहरूको

साथमा यहीं बस, भोलि उहाँ जाउला । अर्काको इच्छा पूरा गर्ने हे बुद्धिमान् भरत ! तिमीले मेरो यो इच्छा पूरा गर्नै पर्दछ अर्थात् आज यहाँ बस्नै पर्दछ ॥२३॥ यसपछि आफ्नो गुणले गर्दा ठूला देखिने प्रसिद्ध यशस्वी भरतले मुनिको प्रार्थना स्वीकार गरी त्यो दिन राती त्यहीं आश्रममा आराम गर्ने निश्चय गरे ॥२४॥

सर्ग—९१

भरद्वाज मुनिले भरतका सेनाको अतिथि-सत्कार गरेको वर्णन ।

त्यो दिन रातमा त्यहीं आश्रममा वास बस्ने निश्चय गरेका कैकेयीका छोरा भरतलाई मुनिले अतिथि-सत्कार गर्नाको निम्ति निमन्त्रणा दिए ॥१॥ निम्तो पाएपछि भरत भन्दछन्ः—हे भगवन् ! वनमा पाइने पाद्य अर्घले ता तपाईंले हाम्रो यथायोग्य सत्कार गरिहाल्नुभयो नि, अब फेरि बर्ता दुःख किन गर्ने ? ॥२॥ भरद्वाजले हाँसी हाँसीकन भरतलाई जवाफ दिए, ममा प्रेम हुनाले जुनसुकै वस्तुले पनि सन्तुष्ट हुन्छौ भन्ने कुरा मलाई थाहा छ ॥३॥ तिम्रो यस फौजलाई भोजन गराउने मेरो इच्छा भएको छ, हे नरेश्वर ! म जसरी सन्तुष्ट हुन्छु तिमीले त्यै काम गर्नु मुनासीब छ ॥४॥ आफ्नो फौजलाई टाढै राखेर किन यहाँ आएको ? आफ्नो फौजसहित भई किन यहाँ नआएको ? ॥५॥ भरतले हात जोरेर तपस्वीलाई उत्तर दिएः—हे भगवन् ! तपाईं रिसाउनुहोला भन्ने डरले म फौज नलिईकन यहाँ आएको हुँ ॥६॥ राजा अथवा राजपुत्रले तपस्वीहरूको आश्रमदेखि टाढै रहनु उचित छ, कारण यिनीहरूको यहाँ आउनाले आश्रमवासीहरूलाई कष्ट हुने संभावना छ ॥७॥ हे भगवन् ! ठूला ठूला घोडा, धेरै मानिस, मत्त भएका हात्तीहरू धेरै जग्गा ढाकेर मेरो साथमा हिंड्दछन् ॥८॥ यिनीहरूले रूख, पानी, भूइँ, आश्रमका कुटीहरूको नाश पार्लान् भन्ने शङ्काले म यहाँ एकलै आएको हुँ ॥९॥

ऋषिले यहाँ आफ्नो फौज लिएर आऊ भन्ने आज्ञा दिएपछि उनको आज्ञानुसार भरतले फौज त्यहीं बोलाए ॥१०॥

अग्निशालामा गएर ऋषिले तीनबाजि आचमन गरी विधिपूर्वक मार्जन गरे र भरतको अतिथि-सत्कार गर्नाको लागि विश्वकर्माको आह्वान गर्नथाले ॥११॥

देवताहरूको घर बनाउने विश्वकर्मालाई म बोलाउँछु, सेनासहित म भरतको अतिथि-सत्कार गर्न चाहन्छु, यस काममा उनी मलाई सहायता गरून् ॥१२॥ अतिथिसत्कारको कामनाले म इन्द्र, यम, वरुण, कुवेर, यी चारै लोकपालको आह्वान गर्दछु, यस कामको उनीहरू प्रबन्ध गरिदिऊन् ॥१३॥ पृथ्वी र अन्तरिक्षमा पूर्वतिर बग्ने र टेढो बांगो भई बग्ने नदीहरू सबै अहिले यहाँ आऊन् ॥१४॥ कुनै नदीमा रक्सीको धारा बगोस्, कुनैमा गरुडले बनाएको उत्तम मदिराको धारा बगोस् र कुनै कुनैमा उखुको रस जस्तो मीठो स्वाद भएको चीसो पानी बगोस् ॥१५॥ म विश्वावसु र हाहा हूहू देव गन्धर्वहरूलाई, देव गन्धर्वहरूको साथमा अप्सराहरूलाई घृताची, विश्वाची, मिश्रकेशी, अलंबुषा,

नागदत्ता, हेमा पर्वतमा वास गर्ने सोमा र इन्द्र तथा ब्रह्माको सभामा नाच्ने राम्रा राम्रा लुगा गहना लाउने सबै अप्सराहरूलाई तुम्बुरु गन्धर्वको साथसाथै आह्वान गर्दछु ॥१६-१८॥ कुरु देशमा कुवेरको चित्ररथ नाम गरेको वन जसका रूखहरूका पात वस्त्र र आभूषण हुन् र जसका फल दिव्य स्त्रीहरू हुन्, यहाँ प्रकट होस् ॥१९॥ किसिम किसिमका उत्तम उत्तम अन्नहरू, भक्ष्य, भोज्य, चाट्ने, चुस्ने नाना प्रकारका पदार्थ, रूखबाट स्वयं झरेका चित्र-विचित्रका फूलहरू, पिउने रक्सी र अनेक प्रकारका मासु चन्द्रमाले उत्पन्न गराइदिऊन् ॥२०-२१॥

यस प्रकारसँग समाधिद्वारा अद्वितीय तपस्याको प्रभावले, व्रतधारी महर्षि भरद्वाजले, उपयुक्त स्वरले र वर्णको ठीक ठीक उच्चारण गरी सबैको आह्वान गरे ॥२२॥ पूर्वतिर फर्केर हात जोरीकन मुनिले ध्यान गरे, उनले ध्यान गर्दा गर्दैमा सबै देवताहरू एक एक गरेर आउनथाले ॥२३॥

यस समयमा पसीना दूर गर्ने, चिसो, सुगन्धित हुनाले मनलाई आनन्द गराउने, सबैको कल्याण गर्ने हावा मलयाचल र उदयाचल चन्दनका पहाड़हरूको स्पर्श गर्दै बहनलाग्यो ॥२४॥ सबै दिव्य मेघले फूलको वृष्टि गर्नलागे, देवताहरूको दुन्दुभिको आवाज सबै दिशामा सुनिनलाग्यो ॥२५॥ मनोहर हावा बहनथाल्यो, अप्सराहरू नाच्नलागे, देवता गन्धर्वहरूले गाउनथाले र वीणाको स्वर सुनिनलाग्यो ॥२६॥ सम र लयले युक्त नाना प्रकारका मनोहर ध्वनि पृथ्वी आकाशलाई व्याप्त गर्दै प्राणीहरूको कानमा पस्नलाग्यो ॥२७॥ मानिसहरूको कानलाई आनन्द गराउने यस प्रकारको दिव्य शब्द हुनलागेको बखतमा भरतका फौजले विश्वकर्माको रचना देख्नथाले ॥२८॥ पाँच योजनसम्मको भूइँ सम्म पारेर त्यसमा, नीर तथा पन्नासमानका अनेक प्रकारका हरिया घाँस छापेको देखियो ॥२९॥ यसमा बेल, कैथ (कपित्थ) कटहर, निबुवा, अमला तथा आँपका रूखहरू फलले शोभित भइरहेका देखिए ॥३०॥ उत्तरकुरु देशबाट स्वर्गीय मानिसहरूले भोग गर्ने सामग्रीले युक्त भएको वन र तीरमा उम्रेका अनेक रूखको साथमा सौम्या नदी पनि आइन् ॥३१॥ सेतो रंगका चतुशाल, घोडा, हात्ती बस्ने तबेला, हात्तीशाल, सुन्दर तोरण लागेका धनी तथा राजाहरूले बस्ने घर यी सबै त्यहाँ आए ॥३२॥ त्यहाँ उत्तम उत्तम तोरण लगाइएका, सेतो मालाले सिंगारिएका, दिव्य, सुगन्धी पदार्थ छर्किएका सेतो मेघसमानका राजभवन थिए ॥३३॥ यसमा चारकुना परेका सुत्ने, बस्ने, सवारीहरू राख्ने बेग्ला बेग्लै घर थिए, यहाँ दिव्य रस दिव्य भोजन तथा दिव्य पोशाक सबै थोक थिए ॥३४॥ यस भवनमा सबै प्रकारका अन्न, धोई सफा पारेका निर्मल भाँडाहरू, ठाउँ ठाउँमा आसन र राम्रा राम्रा पलङ्ग ओछ्याइएका थिए ॥३५॥ महर्षिको आज्ञाले यस प्रकारसँग रत्नले भरिभराउ भएको घरमा कैकैयीपुत्र महाबाहु भरतले प्रवेश गरे ॥३६॥ मन्त्री र पुरोहितहरू पनि भरतसँगसँगै त्यस घरमा गए र त्यस घरको सबै सामग्री देख्ता बहुतै खुशी भए ॥३७॥

भरतले त्यहाँ दिव्य राज्यसिंहासन, पंखा र छाता देखे र राजालाई प्रणाम गरेझैं मन्त्रीहरूलाई साथमा लिई ती सबलाई प्रणाम गरे ॥३८॥ राजसिंहासनमा रामचन्द्र बसेका हुन् जस्तो गरेर त्यसलाई

प्रणाम गरी पूजा गरे र चँवर हातमा लिई मन्त्री बस्ने ठाउँमा बसे ।।३९।। उनी बसेपछि मन्त्री, पुरोहित, सेनापति, प्रशास्ता (छाउनीको रक्षा गर्ने) यी सबै क्रमैले आफ्ना ठाउँमा बसे ।।४०।। अलि बेरपछि भरद्वाजको आज्ञाले भरतको नजीकमा खीरले लदाब्रदी भएको नदी बग्नथाल्यो ।।४१।। भरद्वाजको महिमाले यी नदीका दुवै किनारामा पहेंलो माटो पोतिएका अनेक राम्रा राम्रा घरहरू देखिनलागे ।।४२।। यै समयमा ब्रह्माले पठाएका, स्वर्गीय गहनाले सिंगारिएका, बीस हज्जार आइमाईहरू आए ।।४३।। सुन, मणि, मोती र मूँगाले शोभित भएका कुवेरले पठाएका अरू बीस हज्जार आइमाई पनि आए ।।४४।। नन्दनवनबाट पनि बीस हज्जार यस्ता अप्सराहरू आए जसलाई देख्नैमा मानिस उनको वशमा परेर उन्मत्त भइजान्छन् ।।४५।। नारद, तुम्बुरु र गोप आदि गरिएका सूर्यसमानका तेजस्वी गन्धर्वराजहरू उहाँ आए र भरतको सामुन्नेमा गाना गाउनलागे ।।४६।। अलम्बुषा, मित्रकेशी, पुण्डरीका, वामना अप्सराहरू भरद्वाजको आज्ञाले भरतको सामुन्ने नाच्नथाले ।।४७।। देवताहरूको बगैंचामा तथा चैत्ररथ वनमा देखिने फूलहरू भरद्वाजको तेजोबलले प्रयागमा देखिनलागे ।।४८।। मुनिको तेजले बेलका रूख मृदङ्ग बजाउन, शमीका रूख ताल दिन र पीपलका रूख नाच्नलागे ।।४९।। यसपछि देवदारु, ताड, तिलक र तमालका रूखहरू प्रसन्नतापूर्वक कुब्जा र बाउन्नेका रूप धारण गरेर उहाँ आए ।।५०।। शिंशिपा, आमलकी, जामुना तथा अरू अरू जंगली लहराहरू भरद्वाजको आश्रममा स्त्रीको रूप लिएर रहनलागे ।।५१।।

यी लतारूपी स्त्रीहरू यस प्रकारसङ्ग त्यहाँ भएका मानिसहरूलाई भन्नलागे:—जसलाई सुरा पिउने इच्छा छ उसले सुरा पान गरोस्, भोक लागेकाले खीर र पवित्र मासु खाओस् अथवा जसलाई जे मीठो लाग्दछ सोही खाओस् ।।५२।।

अब सात आठ आइमाई मिलेर एउटा लोग्ने मानिसलाई बुकुवा आदि लगाउँदै रमणीय नदीको किनारमा स्नान गराउनलागे ।।५३।। ठूला ठूला आँखा भएका आइमाईहरू नदीतीरमा आएर नुहाएका मानिसको चिसो शरीर लुगाले पुछेर सुधातुल्य पदार्थ पिलाउनलागे ।।५४।। सवारीका अधिकारीहरूले (साईस, माहुते, गाडावान्) घोडा, हात्ती, खच्चर, ऊँट तथा बैलहरूलाई यिनीहरूले खान योग्य खाने कुरा विधिपूर्वक खुवाउनलागे ।।५५।। इक्ष्वाकुवंशी प्रधान प्रधान महाबली जो योद्धा थिए तिनीहरूले आफ्ना आफ्ना वाहनलाई उखु, लावा, जिलेबी आदि चीजबीज खुवाउनलगाए ।।५६।। यस समयमा भरतको फौजमा न घोडा बाँध्नेलाई घोडाको केही खबर थियो, न हात्ती बाँध्नेलाई हात्तीको, नशा लाग्ने चीज खाएका हुनाले यी सबै मस्त थिए, मनमा प्रसन्न हुनाले कुनै कुराको चिन्ता थिएन ।।५७।। रक्तचन्दन लगाएका तथा अप्सराहरूमा रमाएका सिपाहीहरू आफ्ना इच्छाअनुसार चीजबीजको भोगले तृप्त भई आपसमा भन्नलागे ।।५८।। अब ता हामी न अयोध्या फर्कन चाहन्छौं न दण्डक वनमा पस्न चाहन्छौं, भरतको कल्याण होस्, रामचन्द्र सुखसित बसून् ।।५९।। सिपाही हात्तीका माहुते, घोडसवार, हात्ती घोडाको स्याहार गर्नेहरू, यी सबै जो गरीबै थिए यस किसिमको आनन्द पाएका हुनाले यस प्रकारको कुरा गर्नलागे ।।६०।।

भरतका हजारौं मानिस अत्यन्त हर्ष मानेका हुनाले "स्वर्ग यै हो" भन्दै चिच्च्याउनलागे ॥६१॥ हजारौं सैनिकहरू माला लाउँदै नाच्तै हाँस्तै गाउँदै चारैतिर दगुर्नलागे ॥६२॥ अमृतसमानको स्वादिष्ट पदार्थ खाइसकेकाहरूलाई पनि स्वर्गीय पदार्थ देख्ता फेरि पनि भोजन गर्ने इच्छा भयो ॥६३॥ सेनामा जति दास, दासी, आइमाई काम गर्ने स्वास्नी मानिस थिए ती सबै नयाँ लुगा पाएकोले अत्यन्त प्रसन्न भए ॥६४॥ मुनिले दिएको पदार्थले हात्ती, खच्चर, ऊँट, बैल, घोडा, मृग, चरा सबै राम्रै गरी तृप्त भए, यिनीहरूले फेरि अरू कुनै कुराको इच्छा गरेनन् ॥६५॥ यस समयमा यहाँ मैलो लुगा लगाएको, भोको, निन्याउरो मुख लगाएको अथवा कपालमा धूलो लागेको कोही मानिस देखिंदैनथ्यो ॥ ६६॥ फलको रसमा पकाइएको, बोका, बनेलको मासु, सुगन्धी वस्तुले झानेको दाल तथा अरू पनि असल असल परिकार थुप्राका थुप्रा थिए ॥६७॥ उत्तम उत्तम प्रकारका भातले भरिएका हजारौं फलामका भाँडा देख्ता मानिसहरूलाई बडो अचम्भ लाग्यो, शोभाको निम्ति यी भाँडामा फूलले बनेका ध्वजा खडा गरिएका थिए ॥६८॥ वनको नजीक जति इनार थिए ती सबै खीरले भरिएका थिए, जति गाई थिए ती सबै कामधेनु थिए, रूखबाट मह चुहिरहेको थियो ॥६९॥ रक्सीले भरिएका तलाउ थिए, हरिण, मयूर, कुखुराको मासु आगोमा पोलेर तातो भाँडोमा राखेको थियो ॥७०॥ अन्न राख्नाको निम्ति सुनका साना साना हजारौं भाँडा थिए, साग पात राख्ने सुनका लाख थालहरू र भोजन गर्नाको निम्ति सुनका दश करोड थाल थिए ॥७१॥ साना साना कराही, साना घलचा, ठूला ठूला गाग्रा मसालादार दहीले भरिएका थिए, न धेरै ताजा न धेरै बासी सेतो सुगन्धित मट्ठाले भरिएका कई एक तलाउ थिए ॥७२॥ यहाँ कुनै तलाउमा सिखर्नी, कुनैमा दही, कुनैमा दूध र कुनैमा शक्करै शक्कर थिए ॥७३॥ नदीहरूको घाटमा किसिम किसिमका बुकुवा, सुगन्धित चूर्ण, स्नान गर्नको निम्ति तातो पानी तथा अरू सामग्रीहरू नाना प्रकारका भाँडामा राखिएका थिए ॥७४॥ दाँत सफा पार्नाको निम्ति सेता र चहकिला दतिवनहरू थुप्राका थुप्रा र निर्मल चन्दन घोटेर साना कचौरा र कचौरीहरूमा राखिएका थिए ॥७५॥ हजारौं निर्मल ऐना, कपडाको थुप्रो, हजारौं जोर जुत्ता, खराउ, सुरमादानी, काइँयो, छाता, धनु, मर्मस्थानको रक्षा गर्ने कवच, चित्र विचित्रका पलङ्ग र आसन सबै ठाउँ ठाउँमा राखिएका थिए ॥७६-७७॥ खाएको अन्न पाचन गराउने शक्ति भएको जलले भरिएको तलाउ थियो, गधा, ऊँट, हात्ती, र घोडाहरूलाई नुहाउनाको निम्ति राम्रा राम्रा घाट भएका, फुलेका कमल भएका, आकाश जस्तै स्वच्छ र सजिलैसँग पौडी खेल्न हुने गरी प्रशस्त पानी भएका तलाउ देखिन्थे ॥७८॥ पशुहरूलाई खानाको निम्ति नीर पन्नाको जस्तो रंग भएका हरिया घाँस थुप्राका थुप्रा थिए, भरतका मानिसहरूले यी सबै चीज देखे ॥७९॥ स्वप्नसमान अद्भुत, भरद्वाज महर्षिले गरेको अतिथिसत्कार देखेर सबै मानिस छक्क परे ॥८०॥

नन्दनवनमा देवताहरूले विहार गरेझैं भरतका मानिसहरूले पनि त्यहाँ भरद्वाजको आश्रममा विहार गर्दा गर्दै रात बितिहाल्यो ॥८१॥ बिहानीपख गन्धर्वहरू तथा अप्सराहरू भरद्वाजसँग बिदा भई जहाँ जहाँबाट आएका थिए उहाँ उहाँ गए ॥८२॥ तर यस वेलासम्म पनि भरतका मानिसहरूको

रक्सीको नशा उत्रेको थिएन, सबै मतवाला बनेका थिए, उनीहरूको शरीरमा स्वर्गीय चन्दन र अगरु लागेको लाग्यै थिए, फूलका किसिम किसिमका स्वर्गीय माला जताततै फ्याँकिएका थिए र मानिसहरू यिनलाई कुल्चिरहेका थिए ॥८३॥

सर्ग—९२

मुनिसित बिदा भई भरत आफ्नो फौज लिएर यात्रा गर्दछन् ।

सेनासहित त्यो दिन राती त्यहाँ वास बसी तथा भरद्वाजको अतिथिसत्कार ग्रहण गरेर भरत रामचन्द्रकहाँ जाने अभिप्रायले मुनिनेर आए ॥१॥ पुरुषसिंह भरतलाई हात जोरेर आएको देखी मुनि होम सिध्याएर उनलाई भन्नलागे ॥२॥ आजको रात मेरो आश्रममा सुखपूर्वक ता बित्यो ? हे पाप-रहित भरत ! तिम्रा मानिस मेरो अतिथिसत्कारले तृप्त भए कि भएनन् सो ता मलाई भन ॥३॥

आफूसित कुरा गर्न भनी आश्रमबाट बाहिर आएका महातेजस्वी मुनिलाई हात जोरी भरत प्रणाम गरेर भन्नलागे ॥४॥ हे भगवन् ! आफ्नो समस्त फौज तथा हात्ती घोडा आदि गरिएका वाहनसहित मैले रात सुखसँग विताएँ, महातपोबल सम्पन्न तपाईंले मलाई सेनासहित राम्रै गरी तृप्त गराउनुभयो ॥५॥ नोकर-चाकरलगायत हामी सबैले सुखसँग वास बसेर रात बितायौं, राम्रो भोजन गर्‍यौं, बस्ने उत्तम ठाउँ भेट्टायौं, बाटाको हिंडाइले हामीलाई लागेको थकाइ दूर भइगयो ॥६॥ ऋषिश्रेष्ठ भगवन् ! दाजुकहाँ जानलागेको ममाथि तपाईंले विशेष कृपादृष्टि दिनुपर्दछ भन्ने मेरो निवेदन छ ॥७॥ हे धर्मज्ञ ! मलाई बताउनुहोस् ती धर्मात्माको आश्रममा जाने बाटो कुन हो ? र त्यो आश्रम यहाँबाट कति टाढा छ ? ॥८॥

दाजुको दर्शनलाई उत्कण्ठित भएका भरतले यसरी सोधेपछि महातेजस्वी महातपस्वी भरद्वाज उनलाई भन्नलागे ॥९॥ हे भरत ! यहाँबाट साढे तीन योजनको दूरीमा निर्जन वनमा चित्रकूट नामको पर्वत छ, त्यहाँ अनेक रमणीय पानीका झर्ना तथा वन छन् ॥१०॥ यस पर्वतको उत्तरतिरबाट दुवै तीरमा फुले फलेका रूखले बेह्रिएकी र जताततै फूल फुलेको जङ्गलले गर्दा रमणीय भएकी मन्दाकिनी नदी बगेकी छन् ॥११॥ यस नदीको पारिपट्टि चित्रकूट पर्वत छ, यहाँ पर्णकुटीमा अवश्यै तिमी राम र लक्ष्मणलाई बसेका देख्नेछौ ॥१२॥ हे सेनापते ! यमुना नदीको दाहिने किनाराबाट केही टाढा गए-पछि एउटा देब्रेपट्टि र अर्को दाहिनेपट्टि गएको तिमी छोटा बाटा भेट्नेछौ, दाहिनेपट्टिको बाटोबाट आफ्नो फौज लिएर गए ॥१३॥ हे महाभाग ! यस प्रकारसँग गएपछि तिमी रामचन्द्रलाई भेट्नेछौ ।

अब यहाँबाट हिंड्नुपर्ने भयो भन्ने सुनेर राजा दशरथका रानीहरू, कहिले पनि पैदल नहिंडेका भए तापनि, आफ्ना आफ्ना सवारी छाडेर ऋषिलाई चारैतिरबाट घेरेर खड़ा भए, थरथर काम्रिरहेकी दुब्ली तथा दुःखित अवस्थामा परेकी कौशल्याले देवी सुमित्राको साथमा गई आफ्ना दुवै हातले मुनिको

चरण समातिन्, अभिलाषा पूरा हुन नपाएकी, संसारमा जतातते निन्दित भएकी कैकेयीले लाज मान्दै त्यहाँ आएर भगवान् महामुनिको चरण समाती उनको प्रदक्षिणा गरिन्, प्रदक्षिणा गरिसकेपछि मनमा दुःखित भई भरतको नगीच गई उभिइरहिन्; यसपछि महामुनि भरद्वाजले भरतलाई सोधे ॥१४-१८॥ हे भरत ! म तिम्रा आमाहरूको विशेष परिचय जान्न चाहन्छु । भरद्वाजले यसो भनेपछि बोल्नामा सिपालु भरत हात जोरेर भन्नलागे :—शोक र खान छोडेकोले दुब्लाएकी, मनमा दुःखित भएकी देवीसमान देखिने मेरा पिताकी मुख्य महारानी यिनी कौशल्या हुन्, जसरी अदितिले प्रजापतिलाईं जन्माइथिन् त्यसै गरी यिनले पनि सिंहझैं पराक्रमसाथ हिंड्ने रामचन्द्रलाई जन्माएकी हुन् । यिनको देब्रेपट्टि मनमा खिन्न र दिक्दार भई जो उभिएकी छन् तिनी राजाकी माहिली महारानी सुमित्रा हुन् । वनमा फल नभएको कर्णिकार रूखको हाँगो जस्तै यिनी देखिएकी छन् । सत्यपराक्रमी, वीर र देवता जस्ता राम्रा लक्ष्मण र शत्रुघ्न दुवै यिनैका छोरा हुन् ॥१९–२४॥ जसले गर्दा पुरुषसिंह दुवै राम र लक्ष्मणले ज्यानको डर हुने दण्डक वनमा जानुपर्‍यो र राजा दशरथले पुत्रवियोगको दुःखले स्वर्ग जानुपर्‍यो, यी रिसाही, बुद्धि नभएकी, घमण्डी, लोग्नेको प्यारी छु भन्ने विचार गर्ने, धनकी लोभिनी, अनार्य (नीच) भईकन पनि आफूलाई आर्य संझने, निष्ठुरी, पाप गर्न तत्पर हुने कैकेयीलाई तपाईं मेरी आमा संझनुहोस्, यिनैले गर्दा मेराउपर यस्तो कष्ट आइपरेको छ ॥२५—२७॥

यसो भन्दा भन्दै नरश्रेष्ठ भरतको घाँटी बसेर बोली लर्बरिन थाल्यो, हात्तीझैं लामो सास फेर्न लागे, र रिसले आँखा राता राता भए ॥२८॥

भरतले यसरी भनिसकेपछि महाबुद्धिमान् महर्षि भरद्वाज उनलाई मतलबले भरिएको कुरा भन्नलागे ॥२९॥ हे भरत ! तिमी कैकेयीलाई दोष नलगाऊ, रामचन्द्रको वनवासको अन्तिम परिणाम बडो सुख दिने हुनेछ ॥३०॥ रामचन्द्र वन जानाले, देवता, दानव तथा आत्मज्ञानी ऋषिहरूको कल्याणै हुनेछ ॥३१॥ रामचन्द्रको ठेगाना थाहा पाएर भरतले ऋषिलाई प्रणाम गरी प्रदक्षिणा गरे र उनीसित बिदा भई आफ्नो फौजलाई प्रस्थान गर्ने आज्ञा दिए ॥३२॥

भरतको आज्ञा सुनेपछि अनेक मानिस सुनको कालिगडी भएका स्वर्गीय रथमा घोडा जोतेर तिनमा सवार भई हिंड्नलागे ॥३३॥ कोही हमीमा, कोही पताका भएको, सुनको सिक्रीले कसिएका वर्षा कालको मेघसमान गर्जने हात्तीमा सवार भई हिंड्नथाले ॥३४॥ ठूला साना किसिम किसिमका धेरै मोल पर्ने सवारीहरू रवाना भए र पैदल सिपाहीहरू हिंडेर नै गए ॥३५॥ कौशल्या आदि रानीहरू उत्तम उत्तम रथमा सवार भई रामको दर्शनको इच्छाले मनमा प्रसन्न भई जानलागे ॥३६॥ भरत तरुण सूर्य चन्द्रसमान तेजिलो रथमा आज्ञा लिएर सवार भए र आफ्ना परिवारलाई साथमा लिई हिंडे ॥३७॥

हात्ती घोडा साथमा भएको यो महासेना दक्षिण दिशालाई ढाकेर उठेको बादल जस्तो भई अगाडि बढ्नथाल्यो ॥३८॥ पशु–पक्षीले युक्त भएको वनलाई पार गर्दै गंगाको पश्चिम तीरपट्टिका पर्वत र

नदीहरूका बीच बीच यो फौज हिंड्यो ।।३९।। सेनामा जो हात्ती घोड़ा थिए ती सबै बडा प्रसन्न थिए, पशु–पक्षीलाई तर्साउँदै, ठूला ठूला जंगलको बीचबाट जानलागेको भरतको फौजको बड़ो शोभा देखियो ।।४०।।

सर्ग—९३

चित्रकूटको नजीक मन्दाकिनी नदीको किनारमा फौज अड्याएर भरत रामचन्द्रको आश्रमतिर लाग्दछन् ।

त्यो महासेनाले यस प्रकारसँग प्रस्थान गरेपछि वनमा बस्ने हात्तीको बथानको नाइके हात्ती सेनाद्वारा पीडित भई आफ्ना आफ्ना बथान साथमा लिई भाग्नलागे ।।१।। भालू, छिरबुट्टे र सादा हरिणहरू सेनाद्वारा पीडित भई पर्वतको टाकुरामा, वनमा र नदीहरूको किनारामा देखिनलागे ।।२।। धर्मात्मा दशरथका छोरा भरत गर्जन गर्ने ठूलो चतुरङ्गिणी सेना साथमा लिई प्रसन्नतापूर्वक हिंड्नलागे ।।३।। बर्सातमा बादलले आकाशलाई छोपेझैं समुद्रको भेलसमानको महात्मा भरतको फौजले समस्त पृथ्वीलाई ढाकिदियो ।।४।। घोडाको बथान तथा महाबली हात्तीहरूले गर्दा ढाकिएको त्यहाँको भूइँ धेरै बेरसम्म देखिंदै देखिएन ।।५।।

धेरै टाढा गइसकेपछि हात्ती घोडालाई थाकेको देखेर श्रीमान् भरत मन्त्रीहरूमा श्रेष्ठ वशिष्ठलाई भन्नलागे ।।६।। भरद्वाजले जस्तो बयान गरेथे र जस्तो मैले सुनेको थिएँ ठीक त्यस्तै यस ठाउँको रूप देखिन्छ, तसर्थ हामी चित्रकूट पुगेछौं भन्ने स्पष्ट थाहा हुन्छ ।।७।। हेर्नुहोस्, यै चित्रकूट पर्वत हो, मन्दाकिनी नदी यिनै हुन्, नीलो मेघसमानको यो वन टाढैबाट देखिन्छ ।।८।। चित्रकूट पर्वतका रमणीय टाकुरालाई पर्वतको आकारसमानका मेरा हात्तीहरू पीडा दिन लागिरहेका छन् ।।९।। जसरी वर्षा ऋतुमा पानी बोकेर ल्याउने श्याम वर्णको बादलले पानी बर्साउँछ त्यसै गरी पर्वतको टाकुरामाथिका रूखहरू हात्तीको आघातले हल्लिंदा फूलको वर्षा गरिरहेका छन् ।।१०।। हे शत्रुघ्न ! पर्वतमा किन्नरहरूले डुलफिर गर्ने ठाउँ हेर, समुद्रमा ग्राह देखिएझैं यहाँ जताततै घोडै घोडा देखिनलागेका छन् ।।११।। शरद्ऋतुमा वायुको वेगले आकाशमा बादल यताउता दगुरेझैं फौजले जिस्क्याएका यी छिटो दगुर्ने हरिणहरू जताततै दगुर्दै शोभा दिइरहेका छन् ।।१२।। दक्षिण देशवासी मानिसले मेघसमानको नीलो ढाल आफ्नो कपालमा भिरेझैं यी रूखहरू आफ्ना आफ्ना टाउकामा बास्ना आउने फूलका झुप्पा धारण गरिरहेका छन् ।।१३।। यो वन पहिले आवाजसम्म पनि नसुनिने हुनाले बडो भयानक थियो, अहिले ता मानिसहरू भरिएकोले दोस्रो अयोध्या जस्तो देखिनलागेको छ ।।१४।। घोडाको खुरले उठाएको धूलोले आकाशलाई ढाक्तछ र मेरो भलो गर्नलागेको झैं गरेर हावाले त्यसलाई झट्टै यताउति पारिदिन्छ ।।१५।। हे शत्रुघ्न ! हेर घोडा जोतिएका र सारथिहरू बसेका यी रथहरू बडो वेगले वनमा आइरहेका

छन् ॥१६॥ देख्नामा राम्रा र तर्सेका यी मयूरहरूलाई र पर्वतमा आफ्नो बस्ने ठाउँमा आउनलागेका यी चराहरूलाई हेर ॥१७॥ यो जग्गा मलाई बडो रमाइलो जस्तो लाग्दछ । हे पापरहित शत्रुघ्न ! यो तपस्वीहरूको बस्ने ठाउँ हुनाले स्वर्ग जाने बाटो जस्तो देखिन्छ ॥१८॥ यस वनमा अनेक छिरबुट्टे पृषत् नामक हरिणहरू हरिणीको साथमा फूलैले चित्र-विचित्रको रचना भए झैं कस्ता राम्रा देखिएका छन् ॥१९॥ फौजहरू वनमा जाऊन् र होशियारीसँग पुरुषश्रेष्ठ दुवै राम लक्ष्मण कहाँ बसेका छन् सो जग्गाको पत्ता लगाऊन् ॥२०॥

भरतको आज्ञा पाएर शूर वीर योद्धाहरू आफ्ना आफ्ना हातमा शस्त्र लिई त्यस वनभित्र पसे र केही टाढा गएपछि धूवाँ देखे ॥२१॥ धूवाँ देख्नासाथ भरतकहाँ फर्केर आई भन्नलागे, मानिस नभएको ठाउँमा आगो हुँदैन तसर्थ राम लक्ष्मण यहीं नै बसेका हुनुपर्दछ ॥२२॥ अथवा शत्रुलाई ताप पार्ने राजपुत्र राम लक्ष्मण नभए राम जस्तै अवश्य अरू नै तपस्वी यहाँ बसेका होलान् ॥२३॥ यिनीहरूको यो प्रामाणिक कुरा सुनेर शत्रुको फौजलाई ध्वस्त पार्ने भरत आफ्ना सबै सिपाहीहरूलाई भन्नलागे ॥२४॥

सावधान भई तिमीहरू यहीं बस, यहाँबाट अगाडि नगए, सुमन्त्र र धृतिलाई साथमा लिई म नै जान्छु ॥२५॥

भरतको यस्तो आज्ञा सुनेर सबै फौज त्यहीं अडियो र उनी धूवाँ देखिनलागेको ठाउँतिर हेर्नलागे ॥२६॥ सामुन्ने उठ्नलागेको धूवाँ देख्ता देख्तै पनि भरतको आज्ञाले त्यो फौज त्यहीं अडियो । अब ता प्यारा रामचन्द्रको दर्शन चाँडै नै पाइनेछ भन्ने विचारले यिनीहरू प्रसन्न भए ॥२७॥

सर्ग—९४

चित्रकूट पर्वतमा राम सीतासँग वनको शोभा वर्णन गर्दछन् ।

पहाड़को बसाइ निको मान्ने देवतासमानका रामचन्द्रले चित्रकूट पर्वतमा धेरै दिन बसिसकेपछि एक दिन सीताको दिलबहलाउ र आफ्नो चित्तलाई समेत प्रसन्न राख्नाको निम्ति इन्द्रले शचीको दिलबहलाउ गरेझैं रमणीय चित्रकूटको शोभा उनलाई देखाउनलागे ॥१-२॥

हे सीते ! यो रमाइलो पर्वतको शोभा हेर्न पाएकोले राज्यको नाश तथा मित्रहरूदेखिको वियोगले मेरो मनलाई दुःखित पार्दैन ॥३॥ हेर, यस पर्वतमा नाना प्रकारका चराचुरुङ्गी छन् , आकाशलाई छेड्न भनी उठेका झैं यसका टाकुराहरू छन् , र नाना प्रकारका धातुले यो शोभायमान भएको छ ॥४॥ चित्रकूटमा कतैको जग्गा चाँदी जस्तो सेतो, कतै रगत जस्तो रातो, कतै पहेंलो, कतै माञ्जिष्ठको वर्ण जस्तो र कतै नीलमणि जस्तो कालो छ ॥५॥ कहींको जग्गा पुष्पराज जस्तो, कहींको स्फटिक जस्तो, कहींको केवडा फूल जस्तो, कहींको तारासमान चम्कने र कहींको पारोसमान देखिन्छ ॥६॥ यस पर्वतमा अनेक प्रकारका मृग जति भने पनि छन् , यहाँ ठूला साना जातका बाघ भालु देखिन्छन् , तपस्वीहरूको

प्रभावले यिनीहरू दुष्ट छैनन् , यहाँ अनेक चराहरू पनि बस्तछन् ॥७॥ यहाँ आँप, जामुन, विजयसार, ल्वाङ, मेवा, कटहर, कंकोल-भव्य-तिनिश नामका रूख, बेल, तिन्दुक, बाँस, काश्मीर, नीम, साखु, महुआ तिलक, बैर, अमला, कदम्ब, बेंत, इन्द्रजौ, अनार आदि धेरै बीयाँ हुने फलका रूख छन्, सदा फल फल्ने, फूल लाग्ने, छायादार, राम्रा राम्रा रूखले यो पर्वत भरिएको छ, यिनैले गर्दा यसको शोभासमेत बढेको छ ॥८-१०॥ हे सीते ! कामोदीपन गर्ने यस पर्वतका रमणीय जग्गा हेर, यहाँ यी किन्नरहरू आफ्ना आफ्ना स्वास्नी साथमा लिएर आनन्द गरिरहेका छन् ॥११॥ यिनका तरवार र धेरै धेरै मोल पर्ने लुगा हाँगामा झुण्डिरहेका छन् । हेर, विद्याधरका स्वास्नीहरूले विहार गर्ने यो ठाउँ कत्तिको राम्रो छ ॥१२॥ माथिबाट झर्ने पानीको झरना, तथा भूइँभित्रै भित्रबाट बग्ने पानीको कुलो कहीं बिस्तारै बिस्तारै बगिरहेको छ, कतै अडिएको छ, यिनले गर्दा यो पर्वत माद बगाउने हात्ती जस्तो देखिएको छ ॥१३॥ गुफाको हावाले अनेक फूलहरूको बास्ना ल्याएर नाकलाई तृप्त गर्दछ, यसले को मानिसलाई प्रसन्न गराओइन ॥१४॥ हे सुन्दरी ! तिम्रो र लक्ष्मणको साथमा मैले यहाँ धेरै वर्ष बस्नुपरे तापनि मलाई कुनै प्रकारको शोक ताप हुनेछैन ॥१५॥ हे भामिनी ! यस पर्वतमा अनेक फल फूल छन् , यसका टाकुरा बडा रमणीय र चित्र विचित्रका छुन् , अनेक चराचुरुंगी यहाँ बस्तछन् , यस पर्वतमा बस्नाले मेरो मन बडो आनन्द भएको छ ॥१६॥ यस वनवासबाट मैले दोटा फल पाएँ, एउटा ता धर्मको पालना गरेर पिताजीको ऋणबाट मुक्त भएँ र दोस्रो भरत प्रसन्न भए ॥१७॥ हे सीते ! मसँग चित्रकूटमा बसेर मन वचन र शरीरलाई अनुकूल पर्ने यी किसिम किसिमका चीजबीज देख्ता तिम्रो चित्तलाई आनन्द ता हुन्छ ? ॥१८॥ हे देवी ! यस प्रकारको नियमपूर्वकको वनवासलाई संसारको कल्याण गर्नामा प्रवृत्त भएका हाम्रा पुरुखा, स्वर्गवासी मनु आदि गरिएका राजर्षिहरूले अमृतबराबर भनेका छन् ॥१९॥

हे सीते ! चारैतिर चित्रकूटका सैकड़ौं ठूला ठूला चित्र-विचित्रका ढुङ्गाहरू सेतो, पहेंलो, नीलो, रातो, किसिम किसिमका रंगले शोभा पाइरहेका छन् ॥२०॥ रातको समयमा यस पर्वतमा उम्रेका हजारौं औषधिहरू आफ्ना आफ्ना चहकिलो प्रभाले गर्दा आगोको ज्वालासमान चम्कन्छन् ॥२१॥ हे भामिनी ! यस पर्वतको कुनै ठाउँ घर जस्ता, कुनै बगैंचा जस्ता, कुनै चट्टानमय छन् ॥२२॥ यो चित्र-कूट पर्वत पृथ्वीलाई फोरेर बाहिर निस्केको जस्तो देखिन्छ, यसको माथिल्लो भाग अर्थात् टाकुरा चारैतिरबाट कस्तो राम्रो देखिएको छ ॥२३॥ यहाँ कामी मानिसहरूको बिछ्याउना हेर, जसको तलतिर कमलको पात र माथितिर कुष्ट, तगर, पुन्नाग र भूजापत्रका पात बिछ्याइएका छन् ॥२४॥ कामी जनहरूले लगाएर माड़मुड भएको र चुँडिएका कमलका मालाहरू यताउति छरिएका देखिन्छन् । हे सीते ! यिनीहरूले खाएका अनेक तरहका फलफूल पनि जताततै देखिन्छन् ॥२५॥ धेरै धेरै फलमूल भएको र जलले भरिभराउ भएको यो चित्रकूट पर्वत कुबेरको अलकापुरी, इन्द्रको अमरावती तथा उत्तरकुरुको देशलाई आफ्नो शोभाले जित्नलागिरहेको छ ॥२६॥

२१
हे सीते ! तिम्रो र लक्ष्मणको साथमा, सज्जनहरूको बाटोमा स्थिर भई, श्रेष्ठ नियमहरूको अनुसरण गर्दै भैले चौद्ध वर्ष आनन्दसाथ बिताउन सकेंभने कुल र धर्मको उन्नति गरेर सुख पाउनेछु ॥२७॥

सर्ग—९५

रामचन्द्र मन्दाकिनी नदीको तीरमा आउँछन् र सीतासँग यी नदीको वर्णन गर्दछन् ।

कोशलेश्वर रामचन्द्र पर्वतबाट निस्केर मैथिली सीतालाई पवित्र जल भएकी रमणीय मन्दाकिनी नदी देखाउनलागे ॥१॥ कमलनयन रामचन्द्र, चन्द्रमा जस्तो मुख भएकी, स्त्री जातिमा श्रेष्ठ सीतालाई भन्नलागे ॥२॥ हे सीते ! विचित्र तट भएकी, रमणीय मन्दाकिनीलाई हेर । यहाँ अनेक हाँस सारस बसेका छन् , फूलहरू पनि यहाँ निकै छन् , नाना प्रकारका फूल लटरम्म गरी फलेका तीरका रूखहरूले यिनलाई बेह्रिराखेको छ, कुवेरको कमलवनको समान यिनको शोभा भइरहेको छ ॥३-४॥ यी नदीका राम्रा घाट देख्ता मेरो चित्त प्रसन्न हुन्छ, यस समयमा हरिणहरूले यहाँ पानी पिएर जललाई धमिलो पारिदिएका छन् ॥५॥ हे प्रिये ! जटा र मृगचर्म्म धारण गर्ने तथा वल्कल ओढ्ने ऋषिहरू आफ्नो वेलामा यी मन्दाकिनी नदीमा स्नान गर्दछन् ॥६॥ हे विशालाक्षी ! यी बाहेक नियम पालन गर्ने मुनिहरू शास्त्रीय विधानको अनुसार माथि हात उठाएर यहाँ सूर्यको उपस्थान गर्दछन् ॥७॥ हावाको वेगले टुप्पो हल्लिरहेका रूखहरू जताततै नदीमा फूल र पात झार्दछन् , यिनीहरू हल्लनाले पर्वत नाच्न लागेको जस्तो देखिन्छ ॥८॥ यी मन्दाकिनी नदीलाई हेर, कहीं यिनको जल मोतीसमान सफा छ, कहीं बालुवा देखिन्छ, कतै कतै सिद्धहरूको भीड लागेको देखिन्छ ॥९॥ पातलो कम्मर भएकी हे सीते ! हावाले जलमा चारैतिर यताउति पारेका यी फूलहरूलाई हेर, उता अरू फूलहरू पनि पानीमा बग्दै आइरहेका छन् यिनलाई पनि हेर ॥१०॥ हे कल्याणी ! मीठो बोली बोल्ने चक्रवाक (चखेवा) नाम गरेका चराहरू मीठो स्वरले बोल्दै नदीको तीरमा गइरहेका छन् ॥११॥ हे सुन्दरी ! अयोध्यामा रहँदाखेरि मलाई जो आनन्द हुन्थ्यो त्योभन्दा बर्ता आनन्द तिमीलाई, चित्रकूट र मन्दाकिनीलाई हेर्दा हुन लागिरहेको छ ॥१२॥ हे सीते ! अब तिमी मेरो साथमा यस नदीमा स्नान गर, जप, शम र दमले युक्त भएका पापरहित सिद्धहरू यहाँ रोज रोज स्नान गर्दछन् ॥१३॥ हे सीते ! तिमी यहाँ जलमा सेतो र रातो कमल डुबाउँदै मेरी सखी झैं यी मन्दाकित्ती नदीमा स्नान गर ॥१४॥ हे प्रिये ! तिमी यहाँका वनवासीलाई शहरवासी, चित्रकूटलाई अयोध्या र मन्दाकिनीलाई सरयू भनिठान ॥१५॥ धर्मात्मा लक्ष्मण सदा मेरो आज्ञामा तत्पर रहन्छन्, तिमी पनि सदा मेरो आज्ञाको अनुसार चल्दछ्यौ, यो देख्ता मलाई बडो खुशी लाग्दछ ॥१६॥ यहाँ त्रिकालस्नान गर्नाले र तिम्रा साथमा मधु, मूल, फल खान पाएकोले म न अयोध्याको न राज्यको केही चाहना गर्दछु ॥१७॥ यस नदीको जलमा हात्तीको बथान क्रीडा गर्दछन्, सिंह र वानर यहाँ पानी पिउन आउँछन् , यिनको चारैतिर फूल फुलेका रूख

छन् र यिनी स्वयं फूलले सिंगारिएकी छन्, यस्तो नदीमा स्नान गर्नाले थकाइ दूर भएको को मानिस सुखी नहोला ? ॥१८॥ रघुको वंशलाई बढाउने रामचन्द्रले नदीको सम्बन्धमा यस प्रकारका अनेक उत्तम कुरा गरेर, गाजल जस्तो रंग भएको रमणीय चित्रकूट पर्वतमा सीतालाई साथ लिई भ्रमण गर्न लागे ॥१९॥

सर्ग—९६

रामचन्द्र टाढैबाट फौज आउन लागेको देख्तछन् र लक्ष्मण यो भरतैको फौज हो भनेर कडा कडा वचन भन्दछन् ।

सीतालाई मन्दाकिनी नदीको शोभा देखाएर रामचन्द्र पर्वतको एउटा ढुङ्गाको ढिस्कोमा बसी मासुको टुक्रा देखाउँदै सीतालाई प्रसन्न गराउनलागे ॥१॥ यो मासु बडो पवित्र र स्वादिलो छ, यो आगोमा भुटिएको हो । सीतासंग यस प्रकारसंग कुरा गर्दै रामचन्द्र बसिरहेको वेलामा भरतको फौज हिंड्नाले उठेको धूलो र कोलाहल शब्द दुवै आकाशलाई व्याप्त गर्नलागेका देखिए ॥२-३॥ यस महाशब्दले तर्सेका ठूला ठूला हात्ती मनमा व्याकुल भई आफ्ना आफ्ना बथान लिएर यताउति भाग्न लागे ॥४॥

रामचन्द्रले पनि फौजद्वारा उत्पन्न भएको त्यो शब्द सुने र भाग्न लागेका बथानका नाइके हात्तीहरूलाई पनि देखे ॥५॥ भाग्न लागेका हात्तीहरूलाई देखेर र त्यो महाभयानक शब्दलाई सुनेर रामचन्द्र उग्र तेजिला लक्ष्मणलाई भन्नलागे ॥६॥ हे लक्ष्मण ! तिमी जस्तो छोरा पाएर देवी सुमित्रा सुपुत्रवती भएकी छन्, मेघ गर्जेको झैं यो भयानक र गहिरो स्वर कताबाट सुनिनलागेको हो ॥७॥ यस महावनमा सिंहदेखि डराएझैं हात्तीको बथान, जंगली अर्ना र हरिणहरूको झुण्ड अकस्मात् दशै दिशातिर भाग्नलागेको छ ॥८॥ कुनै राजा वा राजपुत्र यस वनमा शिकार गर्न आएको हो वा कुनै हिंस्रक जन्तु यहाँ घुम्नलागेको हो, पत्ता लगाउनुपर्छ ॥९॥ हे लक्ष्मण ! यस पर्वतमा ता चराहरूलाई समेत आउन गाह्रो छ, ठीक ठीकसंग पत्ता लगाएर यथार्थ कुरा निश्चय गर्नुपर्छ ॥१०॥

लक्ष्मण झट्टै एउटा फूल फुलेको सालको रूखमा चढेर चारैतिर नजर फिराई पूर्व दिशातिर हेर्न लागे ॥११॥ उत्तरतिर हेर्दा एउटा ठूलो फौज देखियो, यस फौजमा हात्ती, घोडा, रथ तथा पैदल सिपाही खचिखचाउ थिए ॥१२॥ घोडा रथले पूर्ण भएको तथा रथको ध्वजाले शोभित भएको त्यस फौजको कुरा रामलाई सुनाएर लक्ष्मण भन्नलागे ॥१३॥

आगो निभाइदिनुहोस्, सीतालाई गुफाभित्र जान भन्नुहोस् र धनु, बाण, कवच लिएर तय्यार हुनुहोस् ॥१४॥

पुरुषसिंह राम, लक्ष्मणलाई भन्नलागे, "हे भाइ ! तिमी राम्रोसँग ता हेर, यो कसको फौज होला भनिठान्दछौ ?" ॥१५॥

रामले यसो भनेको सुनेर लक्ष्मण रिसले चूर भई आगोसमान भएर जम्मै फौजलाई डढाउँछन् जस्तो गरेर भन्नलागे ॥१६॥ राजगद्दी पाएकोले अकण्टक राज्य गर्ने इच्छाले कैकेयीका छोरा भरत हामी दुवैलाई मार्न भनी आउनलागेका होलान् ॥१७॥ हेर्नुहोस्, यहाँबाट यो जो ठूलो रूख देखिएको छ, त्यसैको नजीक रथमा कोविदारको झण्डा फर्फराइरहेको छ ॥१८॥ तेजिला घोडामा चढेका सवारहरू यतै आउनलागेका छन्, हात्तीमा चढेकाहरू मनमा बडो प्रसन्न भई विराजमान भइरहेका छन् ॥१९॥ हामी वीरहरू पनि धनु लिएर पर्वतमा चढौं अथवा कवच धारण गरेर अस्त्र शस्त्र लिएर तैयार भई यही उभिइरहौं ॥२०॥ कोविदारको झण्डा भएको रथ लडाइँमा हाम्रो वशमा पऱ्योभने भरतको के गति हुँदो रहेछ हेरौंला, यसैले गर्दा तपाईंले सीताले र मैले यत्रो कष्ट भोग्नुपरेको छ, यै भरतले गर्दा तपाईं आफ्नो सनातन राज्यबाट च्युत हुनुभएको छ ॥२१-२२॥ हे वीर ! हाम्रो वैरी यो भरत अहिले हामीनेर आएको छ यसलाई मार्नै पर्दछ, भरतलाई मार्नामा ता म केही दोष देख्तिनँ ॥२३॥ पहिलेदेखि आफ्नो अपकार गर्नेलाई मार्नामा केही पनि अधर्म हुन्न; भरतले पहिले हाम्रो अपकार गरेको हो यसलाई मार्नाले ता धर्मैं हुने छ ॥२४॥ यो मारिएपछि तपाईं समस्त पृथ्वीको शासन गर्नुहोस्, राज्यकी लोभिनी कैकेयी हात्तीले भाँचेको रूखसमान युद्धमा मद्वारा मारिएको छोरालाई, दुःखित भई हेरोस्। म कैकेयीलाई समेत, मन्थरा तथा उसका बन्धुवर्गसहित मारिदिनेछु ॥२५-२६॥ आज यो पृथ्वी कैकेयीरूपी महापापबाट मुक्त भइजाओस्, सुक्खा घाँसको थुप्रामा आगोको फिलिङ्गो हालेझैं आज म आफ्नो रोकिएको रिस तथा तिरस्कारलाई शत्रुको फौजमाथि छोड्दछु । आजै म आफ्ना तीखा तीखा बाणले शत्रुहरूको शरीरलाई छिया छिया पारेर चित्रकूट वनमा रगतको खोलो बगाउँछु; मेरो बाणद्वारा छिया छिया भई मुटु फुटेका हात्ती, घोडा तथा मेरा हातबाट मरेका मानिसलाई जंगली जन्तुहरू तानून्, आज म यस महासंग्राममा सेनासहित भरतलाई मारेर आफ्ना धनुषबाणको ऋणदेखि उत्तीर्ण हुनेछु, यसमा केही शङ्का छैन ॥२७-३०॥

सर्ग—१७

लक्ष्मणलाई रिसाएको देखेर रामचन्द्र उनलाई संझाउँछन् र भरतको फौजको केही वर्णन गर्दछन्।

भरतसँग युद्ध गर्न तैयार भएका र अत्यन्त रिसाएका लक्ष्मणलाई रामचन्द्रजी संझाउँदै भन्नलागे ॥१॥ महोत्साही, महाबली भरत आफैं आएपछि, धनु ढाल तरवारको प्रयोजन के भयो र ? ॥२॥ पिताको सत्यको रक्षा गर्ने प्रतिज्ञा गरेर मैले भरतलाई मारेर राज्य लिएँभने पनि ता त्यस्तो निन्दित राज्य लिएर हे लक्ष्मण ! मैले के गर्ने ? ॥३॥ बन्धुवर्ग तथा मित्रको नाश गरेर जुन धन मिल्दछ, सो मलाई चाहिन्न, त्यो विष मिसिएको अन्नबराबर हो ॥४॥ हे लक्ष्मण ! धर्म, अर्थ, काम

र पृथ्वी जो म चाहन्छु त्यो सबै तिमीहरूकै निम्ति हो, मैले प्रतिज्ञापूर्वक यो साँचो कुरा भनेको हो ।।५।। भाइहरूलाई धनको प्राप्ति होस् तथा सुख होस् भन्ने हेतुले नै म राज्यको चाहना गर्ने हुँ, हे लक्ष्मण ! हतियार छोईं किरिया हालेर मैले तिमीलाई यो कुरा भनेको हो ।।६।। समुद्रले बेढ़िएकी यो पृथ्वी मेरो निम्ति दुर्लभ छैन, तर अधर्मद्वारा ता म इन्द्रको पदसमेत चाहन्नँ ।।७।। भरत, तिमी र शत्रुघ्नविना मलाई कुनै कुरामा सुख मिल्दछभने आगोले त्यसलाई भस्म गराइदेओस् ।।८।। म विचार गर्दछु कि मेरो प्राणभन्दा प्यारा, दाजु-भाइमाथि प्रेम गर्ने भरत अयोध्यामा आए होलान् र उनलाई कुलधर्मको संझना भयो होला अर्थात् जेठा दाजुले नै राजा हुनुपर्दछ भन्ने कुराको विचार भयो होला ।।९।। हे पुरुषश्रेष्ठ ! जटा वल्कल धारण गरी म तिमीलाई र सीतालाई साथमा लिई वनमा आएँ भन्ने कुरा सुने होलान् ।।१०।। अतएव स्नेहले पूर्णहृदय तथा शोकले व्याकुलचित्त भई यी भरत मलाई भेट्न आएका हुन्, यिनको आउनाको अरू कुनै प्रयोजन हुन सक्तैन ।।११।। श्रीमान् भरतले आमा-देखि क्रुद्ध भई उनीमाथि कठोर वचनको प्रहार गरी पितालाई प्रसन्न गराए होलान् र मलाई राज्य दिन आउनलागेका होलान् ।।१२।। यस्तो आपत्तिको समयमा समेत भरत हामीलाई भेट्न आएभने यिनले मनले समेत हाम्रो विषयमा केही कुभलो चिताउलान् भनी शङ्का गर्न सकिन्न ।।१३।। भरतले तिम्रो कहिले र के कुभलो गरेका छन् र तिमी आज उनीदेखि डराएर उनीमाथि यस्तो शङ्का गर्दछौ ।।१४।। तिमीले भरतलाई कुनै अप्रिय अथवा क्रूर वचन भन्नु हुँदैन, भरतमाथि तिमीले केही अपकार गर्‍यौभने त्यो अपकार ममाथि गरेको भनिठान्नेछु ।।१५।। हे लक्ष्मण ! कस्तै आपत्तिको समय आइ-परे तापनि प्राणसमानका प्यारा बाबुलाई कुनचाहिं छोराले मार्न सक्ला, दाजु-भाइमा कसरी मार-काट चल्ला ।।१६।। यदि राज्यको निम्ति तिमीले यो कुरा भनेका हौभने भरत यहाँ आएपछि लक्ष्मणलाई राज्य दिइहाल भन्नेछु ।।१७।। हे लक्ष्मण ! जब म भरतसँग लक्ष्मणलाई राज्य दिइहाल भन्नेछु, तब ता उनी निश्चय "हुन्छ" भनेर मेरो कुरा मान्नेछन् ।।१८।।

दाजुको हित गर्नामा तत्पर भएका लक्ष्मण, धर्मात्मा दाजुको यो कुरा सुन्नासाथ अत्यन्त लज्जित भए, लाजले संकुचित भई उनी आफ्नै शरीरभित्र प्रवेश गर्नलागेका जस्ता देखिए ।।१९।।

रामचन्द्रको कुराले लाजमा परेका लक्ष्मण फेरि भन्नलागेः—तपाईंलाई भेट्न स्वयं पिता दशरथ पो आएका हुन् कि भनिठान्दछु ।।२०।। लक्ष्मणलाई लज्जित भएको देखेर रामले पनि उनैको मनको अनुसार म पनि पिताजी हामीलाई भेट्न आउनुभएको हो कि भनिठान्दछु भन्ने जवाफ दिए ।।२१।। हामी दुवैलाई सुखभोग गर्ने योग्य संझेर वनमा हुने कष्टको विचार गरी यिनी हामीलाई घर फर्काएर लैजालान् ।।२२।। अथवा श्रीमान् हाम्रा पिताजी यी सीतालाई वनबाट फर्काएर लैजान आएका होलान् किनभने यिनी बिलकुलै सुखमा बस्न योग्य छिन् ।।२३।। हेर ! यी दोटा घोडा जो देखिएका छन् ती असल जातका, बडा राम्रा, र हावासमान छिटो दगुर्ने सक्ने किसिमका छन् ।।२४।। हेर ! यो ठूलो शरीर भएको हाम्रो बुद्धिमान् पिताजीको शत्रुञ्जय नामको बूढो हात्ती सेनाको अघिअघि बिस्तारै हल्ली-हल्ली

आइरहेको छ ।।२५।। तर हे महाभाग ! म ता पिताजीको त्यो लोकप्रसिद्ध दिव्य सेतो छाता देख्तिनँ, यसकारण उहाँको आउने कुरामा मलाई सन्देह हुन लागेको छ ।।२६।। हे लक्ष्मण ! अब तिमी रूखबाट तल ओर्ल, मैले भनेको मान; धर्मात्मा रामले लक्ष्मणलाई यै कुरा भने ।।२७।। दाजुको आज्ञा मानेर युद्ध जित्ने लक्ष्मण त्यस सालको रूखबाट तल ओर्ले र हात जोरेर रामको बगलमा उभिए ।।२८।।

उता भरतले आफ्नो सेनालाई खबरदार कुनै रूख नभाँचियोस् भन्ने आज्ञा दिए तसर्थ फौजले पर्वतको नजीक अर्थात् आश्रमदेखि टाढै आफ्नो डेरा डण्डा जमायो ।।२९।। त्यस पर्वतको बगलमा छ कोस जति जगा ढाकेर हात्ती घोडा र मानिसले भरिएको त्यो फौजले आफ्नो डेरा गऱ्यो ।।३०।। अहंकारलाई त्याग गरी धर्मपूर्वक नीति जान्ने भरतद्वारा तालीम भएको, र रामचन्द्रलाई प्रसन्न गराउन चित्रकूटमा आएको त्यो फौज अत्यन्त शोभित भयो ।।३१।।

सर्ग—९८

भरत शत्रुघ्नसित कुरा गर्दछन् र चित्रकूटमा रामको आश्रम खोज्दछन् ।

प्राणीहरूमाका श्रेष्ठ भरत, फौजलाई अड्याएर पिताको आज्ञा पालन गर्ने रामचन्द्रकहाँ पैदल जान भनी तैयार भए ।।१।। राम्रोसँग सिकाए सधाएको फौज आफ्नो इच्छाअनुसार अडिएपछि भरत आफ्ना भाइ शत्रुघ्नलाई यस प्रकारसँग भन्नलागे ।।२।। हे सौम्य ! तिमी चाँडै नै यी मानिस र व्याधाहरूलाई साथमा लिई वनमा रामको आश्रम खोज्न थालिहाल ।।३।। धनु बाण धारण गर्ने आफ्ना हजारौं बन्धुवर्गलाई साथमा लिई गुह पनि यस वनमा राम र लक्ष्मणलाई खोजून् ।।४।। म पनि यी मन्त्री, शहरवासी, गुरु र ब्राह्मणहरूलाई साथमा लिई यस समग्र वनमा पैदल भ्रमण गर्दछु ।।५।। जबसम्म म राम, महाबली लक्ष्मण र महाभागा सीतालाई देख्तिनँ तबसम्म मलाई शान्ति हुन सक्तैन ।।६।। जबसम्म म आफ्ना दाजुको कमलका पात जस्ता ठूला ठूला आँखा भएको चन्द्रमासमानको मुख देख्नेछैन तबसम्म मलाई शान्ति हुनेछैन ।।७।। अहिलेलाई लक्ष्मण नै कृतार्थ भए जो सधैं निर्मल चन्द्रमा जस्तो राम्रो, कमलनेत्र भएको, अत्यन्त तेजिलो, रामचन्द्रको मुख हेर्न पाउँछन् ।।८।। राजचिह्नले युक्त भएको दाजुको चरणमा जबसम्म म आफ्नो टाउको टेकाउन पाउनेछैन तबसम्म मलाई शान्ति हुनेछैन ।।९।। राज्य पाउन योग्य रामचन्द्र जबसम्म पिता, पितामहहरूको सिंहासनमा विराजमान भई अभिषेकको जलले भिज्दैनन् तबसम्म मेरो अन्तःकरणलाई सन्तोष हुनेछैन ।।१०।। जनककी छोरी, महाभाग्यवती सीताजी धन्य रहिछन् जो अहिले सागरपर्य्यन्तको पृथ्वीका मालिक रामचन्द्रको साथमा वन गएकी छन् ।।११।। हिमालय पर्वतसमानको यो चित्रकूट पनि धन्य रहेछ किनकि नन्दन वनमा कुवेर बसेझैं रामचन्द्रजी स्वयं यहाँ बसेका छन् ।।१२।। सर्पादि दुष्ट जन्तुहरूले पूर्ण भएको यो दुर्गम वन पनि कृतार्थ भयो, कारण शस्त्रधारीहरूमाका श्रेष्ठ महाराज रामचन्द्र यहाँ वास गर्दछन् ।।१३।।

महाबाहु, पुरुषश्रेष्ठ, महातेजस्वी भरतले यति भनेर पैदलै त्यस भयानक वनमा प्रवेश गरे ।।१४।।

बोल्नेहरूमाका श्रेष्ठ भरतजी पर्वतका टाकुरामा उम्रेका, फूल फुलेका रूखहरूको बीचबाट जानलागे ।।१५।। चित्रकूट पर्वतको एउटा सालको रूखमा झट्टै चढेर हेर्दा यिनले रामको आश्रमको अग्लो ध्वजा र आगोको धूवाँ पनि देखे ।।१६।। यी चिह्न देख्ता रामचन्द्र अवश्य यहीं छन् भन्ने निश्चय भएकोले भरत आफ्ना बन्धुवर्गसहित बडो खुशी भए । पानीमा डुब्न लागेको मानिसलाई पारिपट्टि पुग्दा जत्तिको खुशी हुन्छ यिनलाई पनि अहिले उत्तिकै खुशी लाग्यो ।।१७।।

भरतले चित्रकूटमा तपस्वीहरूले युक्त भएको रामचन्द्रको आश्रम देखे । रामलाई खोज्न आएका मानिसलाई त्यहीं अड्याएर महात्मा भरत गुरुको साथमा आश्रममा गए ।।१८।।

सर्ग—९९

राम, लक्ष्मण र सीतालाई देख्ना भरत विलाप गर्दछन् ।

सेनालाई त्यहीं अड्याएर शत्रुघ्नलाई रामचन्द्रको आश्रमको चिह्न देखाउँदै भरत दाजुको दर्शनलाई उत्सुक भई हिंडे ।।१।। आफ्ना आमाहरूलाई झट्टै ल्याउनाको निम्ति वशिष्ठलाई खबर पठाएर दाजुमा प्रेम राख्ने भरत हतपत गर्दै अगाडि बढ्नलागे ।।२।। सुमन्त्र पनि शत्रुघ्नको अलि पछिपछि दगुर्दै गए, यिनीसमेत रामलाई भेट्न भरत जत्तिकै उत्सुक थिए ।।३।।

जाँदा जाँदा श्रीमान् भरतले तपस्वीहरूको आश्रमको माझमा बनेको आफ्ना दाजुको पर्णकुटी (अग्निशाला) र उटज (सुन्ने, आए गएका मानिससित भेट गर्ने घर) देखे ।।४।। कुटीको अघिल्तिर भरतले होमको निम्ति भाँचेका साना साना दाउरा र धेरै फूल जम्मा पारिराखेको देखे ।।५।। आफ्नो आश्रमलाई चिह्नको निम्ति राम, लक्ष्मणले रूखहरूमा कहीं कहीं फाटेको चीर र कुश बांधिराखेका थिए, भरतले यो पनि देखे ।।६।। भरतले त्यहाँ घरमा हरिण र भैंसीको सुक्खा गोबर ठण्डी दूर गर्नालाई ताप्नाको निम्ति थुन्याइराखेको देखे ।।७।।

हिंड्दा हिंड्दै नै महाबाहु द्युतिमान् भरत प्रसन्न भई आफ्ना मन्त्री तथा शत्रुघ्नलाई भन्नलागे ।।८।। भरद्वाज मुनिले जुन ठाउँ बताएका थिए त्यै ठाउँमा हामी आइपुगेको जस्तो लाग्दछ, यहाँबाट मन्दाकिनी नदी धेरै टाढा होओइनन् भनिठान्दछु ।।९।। रूखहरूमा माथिमाथि यी कपडा लक्ष्मणले बाँधेका होलान् । रात विरात हिंड्दाखेरि बाटो पैल्ह्याउने यी चिह्न होलान् ।।१०।। परस्परमा देखादेखी हुँदा गर्जने, ठूला ठूला दाँत भएका, वेगले दगुर्ने हात्तीहरूले हिंड्ने बाटो पर्वतको नगीचै देखिनलागेको छ ।।११।। तपस्वीहरू होमको निम्ति जुन आगोको सदा स्थापना गरिराख्तछन् तिनैको यो बाक्लो धूवाँ देखिएको होला ।।१२।। आफूभन्दा ठूलाको सत्कार गर्ने, पुरुषश्रेष्ठ प्रसन्नचित्त आफ्ना दाजु रामलाई महर्षिको भेषमा देख्नेछु ।।१३।।

अलि बेर हिंडेपछि मन्दाकिनी नदीको नगीचै चित्रकूटमा पुगी भरत आफ्ना मन्त्रीहरूलाई भन्न-लागे ।।१४।। संसारका सबै मानिसहरूमाका श्रेष्ठ रामचन्द्र निर्जन वनमा वीरासन बाँधेर भूइँमा बसिरहेका

छन्, म यता बाँचिरहेको छु, मलाई धिक्कार छ ।।१५।। मैले गर्दा द्युतिमान् लोकका प्रभु रामलाई यस्तो कष्ट भइरहेको छ, यिनी आफ्ना सबै अभिलाषालाई त्यागी वनमा आएर बसेका छन् ।।१६।। लोकमा मेरो निन्दा भइरहेको छ । राम, लक्ष्मण र सीताको खुट्टामा लम्पसार परेर आज म रामलाई प्रसन्न गराउनेछु ।।१७।।

दशरथका छोरा भरतले, यसरी विलाप गर्दा गर्दैमा अति विशाल, पवित्र र मनोहर पर्णकुटी वनमा देखिहाले ।।१८।। कोमल, विशाल यज्ञवेदी फूलको थुप्राले वा कुशले ढाकिएको झैं यो पर्णशाला साल, ताल र अश्वकर्ण आदि गरिएका रूखहरूका पातले छाइएको थियो ।।१९।। यो पर्णशाला इन्द्रधनु जस्ता, अति बलिया, सुनले मढ़िएका, बडा बडा काम गर्ने, शत्रुलाई नाश पार्ने धनु राखिएकोले शोभायमान भइरहेको थियो ।।२०।। ठोक्रामा सूर्यका किरणसमानका तेजिला, भयानक बाण राखिएकाले, सर्पद्वारा भोगवती नगरीको शोभा भएझैं, त्यहाँ शोभा भइरहेको थियो ।।२१।। सुनको म्यानमा राखिएका दुइटा तरवारले र सुनका थोप्ला थोप्लीले चित्र विचित्रका भइराखेका दुईटा ढालले पनि त्यो पर्णशालाको शोभा भइरहेको थियो ।।२२।। सुनले मढ़िएका चित्र-विचित्रका गोधा र अंगुलित्राण त्यहाँ राखिएका थिए । सिंह बसेको गुफाभित्र मृगहरूको प्रवेश असम्भव भएझैं यस पर्णशालामा शत्रुहरूको आक्रमण हुनु असम्भव थियो ।।२३।। भरतले रामचन्द्रको त्यो पवित्र पर्णशालाको ईशान कुनातिर एउटा अति ठूलो, आगो बलिरहेको वेदी देखे ।।२४।।

वेदी देखेको एक्कै छिनपछि जटामण्डल धारण गरेका, चीर वल्कल पहिरेका, कालो मृगछाला ओढेका अग्निसमान तेजस्वी रामलाई भरतले कुटीमा बसिरहेको देखे ।।२५-२६।। सिंह जस्तो काँध भएका, कमलको पात जस्तो आँखा भएका, समुद्रपर्यन्तको पृथ्वीका मालिक, महाबाहु, धर्मचारी रामचन्द्र कुश बिच्छ्याइएको चौतारामा सीता र लक्ष्मणलाई साथमा लिई साक्षात् सनातन ब्रह्माझैं बसिराखेका थिए ।।२७-२८।। उनलाई यस अवस्थामा देख्ता शोक र मोहले व्याकुल भएका श्रीमान्, धर्मात्मा, कैकेयीका छोरा भरत उनीतिर दगुरे ।।२९।।

रामलाई देख्तैमा भरत दुःखित भए, लर्बरिने स्वरले विलाप गर्नलागे, कसै गरेर पनि यिनले दुःखलाई रोक्न सकेनन् । केही बेरपछि मनमा धैर्य गरी भन्नलागे ।।३०।। सभामा राजकर्मचारी तथा प्रजा जसको उपासना गर्दथे तिनै मेरा दाजुको आज जंगलका पशुहरू उपासना गरिरहेका छन् ।।३१।। जुन महात्मा पहिले हजारौं रुपियाँ पर्ने लुगा लगाउँथे उनै आज धर्माचरणको निम्ति दोटा मृगचर्म धारण गरेर बसिरहेका छन् ।।३२।। अनेक प्रकारका राम्रा राम्रा फूलको माला सदा धारण गर्ने यी रामचन्द्र आज यो जटाभार कसरी सहिरहेका होलान् ।।३३।। जसको धर्मसञ्चयको निम्ति पहिले ऋत्विग्हरू विधिपूर्वक यज्ञ गर्दथे, उनै आज स्वयं शरीरको क्लेश सहेर धर्मको आर्जन गरिरहेका छन् ।।३४।। जसको शरीरमा पहिले धेरै धेरै मोल पर्ने चन्दनको लेप लाग्दथ्यो, आज तिनै सज्जन रामचन्द्रको अंग मलिन देखिन्छ, उनी कसरी सहिराखेका होलान् ? ।।३५।। सुख भोग गर्ने योग्य रामचन्द्रले,

मैले गर्दामा यो दुःख भोग्नुपरेको छ, लोकमा निन्दित भएको म निष्ठुरीको जीवनलाई धिक्कार छ।।३६।।

यस प्रकारसँग विलाप गरिरहेका दुःखित भरतको मुखभरी पसीना आयो, रुँदा रुँदा अति खिन्न भएकोले यिनी रामचन्द्रको खुट्टासम्म पुग्न सकेनन्, बीचैमा लडे ।।३७।। महाबली राजपुत्र भरत दुःखले व्याकुल भएका हुनाले यिनले केवल एकचोटि बडो मायालाग्दो गरी "हे आर्य !" मात्रै भन्न सके, यसपछि ता यिनको बोली नै बन्द भइगयो ।।३८।। यशस्वी रामचन्द्रलाई देख्ता भरतको घाँटी नै ख्याप्प भएर बस्यो, तसर्थ यिनले एकचोटि मात्र "हे आर्य" भन्न सके, यसपछि ता केही बोल्नै सकेनन् ।।३९।।

शत्रुघ्नले रुँदै रामचन्द्रको पाउमा ढोग दिए । यी दुवैलाई आलिङ्गन गरेर रामचन्द्रले आँसु बगाउनथाले ।।४०।। यसपछि वनमा राम, लक्ष्मणले आकाशमा सूर्य चन्द्रसाले शुक्र र बृहस्पतिलाई भेटेझैं गुह र सुमन्त्रसँग भेट गरे ।।४१।। हात्तीमा सवार भई डुलफिर गर्न योग्य ती राजपुत्रहरूलाई वनमा हिंडेर आएको देख्ता त्यहाँका वनवासीहरूसमेत आनन्दरहित भई आँसु बर्साउनलागे ।।४२।।

सर्ग—१००

रामचन्द्र भरतलाई संझाउँछन् बुझाउँछन् र राज्यको हाल खबर सोद्धछन् ।

जटा बनाएका, चीरवस्त्र धारण गरेका, हात जोरेको जोग्यै भूइँमा लडेका भरतलाई रामचन्द्रले प्रलयकालमा बडो मुश्किलसँग देखिने, तेजहीन भई पृथ्वीमा लडेका सूर्यनारायण जस्तो पो देखे ।।१।। भरतको मुख मलिन थियो, यिनी दुब्लाएका पनि थिए बल्ल तल्ल चिह्नेर रामचन्द्रले उनलाई हात समाती उठाए ।।२।। रामचन्द्र भरतलाई अँगालो हाली, माथ सुँघी, काखमा राखेर आदरपूर्वक सोध्न लागे ।।३।।

हे बाबु ! पिताजी कहाँ जानुभयो र तिमी वनमा आयौ ? उहाँ छँदा छँदै तिमीले वनमा आउनु ठीक होइन ।।४।। तिमी धेरै टाढाबाट आएका छौ, आज धेरै दिनमा तिमीसित भेट भयो । हे भाइ ! तिमी यस्तो भयङ्कर आकार भएको जङ्गलमा किन आयौ ? ।।५।। दुःखमा परेका राजा जीउँदै ता छन् ? अथवा अकस्मात् उनको परलोकवास भएकोले तिमी यहाँ आएका हौ कि ? ।।६।। हे बाबु ! तिमी बालक हुनाले, प्रजा विद्रोही भएर, चिरस्थायी राज्य ता नष्ट भएन ? सत्यपराक्रमी पिताजीको सेवा ता गर्दै गरेका छौ ? ।।७।। धर्ममा तत्पर रहने, राजसूय र अश्वमेध यज्ञ गर्ने सत्यवादी राजालाई ता कुशलै छ ? ।।८।। हे भाइ ! इक्ष्वाकुवंशका आचार्य, विद्वान्, सदा धर्मशील, महातेजस्वी, ब्राह्मण श्रेष्ठ वशिष्ठको पूजा विधिपूर्वक गर्दै गरेका छौ ? ।।९।।

हे बाबु ! कौशल्या, सुपुत्रवती सुमित्रा र देवी कैकेयी यी सबै प्रसन्नै ता होलान् ? ।।१०।। तिम्रा पुरोहित बडा नम्र, कुलीनका छोरा, खूब पढे-गुनेका, कसैको डाह नगर्ने बानी भएका छन् । उनी तिम्रो सबै काम गर्दछन्, उनको सत्कार ता तिमी गर्छौ ? ।।११।। तिम्रो अग्निहोत्रको कामका नियुक्त

भएका, होमको सबै विधि विधान जान्ने, कमलो चित्त भएका पुरोहित तिमीलाई होम गर्नुको अगाडि र होम गरिसकेपछि खबर ता दिन्छन् ? ॥१२॥ हे भाइ ! तिमी देवता, पितृ, नोकर-चाकर, पिता-समानका गुरुजन, बूढा-पाका, वैद्य र ब्राह्मणहरूको आदर ता गर्दछौ ? ॥१३॥ सुधन्वानामक उपाध्याय धनुर्विद्या र शस्त्रविद्यामा सम्पन्न तथा अर्थ-शास्त्रमा निपुण छन् । हे भाइ ! तिमीले सत्कार-पूर्वक यिनलाई मानेको ता छ ? ॥१४॥ आफूसमानका शूरा, विद्वान्, जितेन्द्रिय, कुलीन, इशाराले भनेको कुरा जान्ने यी सब गुणले युक्त भएकालाई तिमीले आफ्नो मन्त्री ता बनाएका छौ ? ॥१५॥ हे भरत ! नीतिशास्त्र जान्ने श्रेष्ठ मन्त्रीहरूसँग गुप्ती तवरले सल्लाह लिनु नै राजाहरूको निम्ति विजयको मूल हो, तिमीले यसो गरेका ता छौ ? ॥१६॥ तिमी धेरै सुत्ता होओइनौ, ठीक समयमा ता ब्यूँझन्छौ, रात्रिको पछिल्लो प्रहरमा अर्थ प्राप्तिको उपाय ता विचार गर्दछौ ? ॥१७॥ एकलै अथवा धेरै मानिसलाई राखेर सल्लाह ता गरोइनौ, तिमीले निश्चय गरेको कुरा राज्यभरी फैलिन ता पाओइन ॥१८॥ थोरै प्रयत्नले साध्य हुने र अत्यन्त ठूलो फल दिने जुन उपाय तिमी निश्चित गर्दछौ त्यसलाई चाँडै नै थालिहाल्दछौ न ? विलम्ब ता गर्दैनौ न ? ॥१९॥ सामन्त राजाहरू तिम्रा सिद्ध भएका अथवा सिद्ध हुन आँटेका काम मात्र ता थाहा पाउँछन् न ? तिमीले गर्न आँटेको काम यिनीहरू पहिले नै थाहा ता पाओइनन् ? ॥२०॥ तिमीले अथवा तिम्रा मन्त्रीहरूले निश्चय गरेको कुरा अरू राजाहरू कुनै युक्ति वा तर्कले पत्ता लगाउन ता सकोइनन्, तिमी र तिम्रा मन्त्रीहरू अरू राजाले निश्चय गरेको कुरा ता थाहा पाउँछौ न ? ॥२१॥ हजार मूर्खलाई छाडेर एउटा पण्डितलाई राख्न चाहन्छौ न ? किनकि सङ्कटको समयमा पण्डितबाट बडो ठूलो कल्याण हुन्छ ॥२२॥ राजाले हजार दशहजार मूर्ख राखे तापनि मौकामा तिनीहरूबाट केही फायदा हुन सक्तैन ॥२३॥ बुद्धिमान्, शूरो, नीतिशास्त्र जान्ने एउटै मन्त्रीले पनि राजा अथवा राजपुत्रलाई धेरै धनको प्राप्ति गराउन सक्तछ ॥२४॥ हे बाबु ! ठूलो काममा ठूलालाई, मामूली काममा साधारण मानिसलाई र सानो काममा छोटा चाकरलाई नियुक्त ता गरेका छौ न ? ॥२५॥

छलकपट नगर्ने, बाबु बराजुको पालादेखि आफूकहाँ रहेका, शुद्ध चित्त भएका तथा श्रेष्ठ मन्त्री-हरूलाई ठूला ठूला काममा नियुक्त ता गर्दछौ ? ॥२६॥ कैकेयीका छोरा हे भरत ! तिम्रो कठोर दण्डले प्रजा अत्यन्त हडबडाएका ता छैनन् ? मन्त्रीहरूले तिमीलाई हेला ता गर्दैनन् ? ॥२७॥ बलात्कार परस्त्रीगमन गर्ने अत्यन्त कामी पुरुषलाई पतित संझेर कुलीन स्त्रीहरूले हेला गरेझैं यज्ञ गराउने ऋषिहरू तिम्रो अनादर ता गर्दैनन् न ? ॥२८॥ धनको लोभले रोग लम्ब्याउने वैद्यलाई, सज्जनलाई दोष लगाउन खोज्ने नोकरलाई, ऐश्वर्य्यको आकाङ्क्षा गर्ने शूरा मानिसलाई जो राजा मार्दैन त्यो आफैं मारिन्छ ॥२९॥ हे भरत ! तिमीले जसलाई सेनापति बनाएका छौ त्यो तिमीदेखि प्रसन्न, शूरो, धैर्य्य राख्न सक्ने, शुद्धहृदय, बुद्धिमान्, कुलीन, तिमीमा प्रेम राख्ने र चतुरो ता छ ? ॥३०॥ बलिया, सेनाका मुख्य मुख्य योद्धा, लडाइँ लड्नामा सिपालु, आफ्नो पराक्रमको अनेक बाजि परीक्षा दिइसकेकाको

तिमी आदर सत्कार गर्छौ कि गर्दैनौ ? ॥३१॥ सेनालाई उचित भोजन र महीना महीनामा तलब दिनुपर्दछ, तिमी ता दिन्छौ न ? विलम्ब ता गर्दैनौ ? ॥३२॥ नोकर-चाकरले ठीक ठीक समयमा भत्ता तलब पाएनन्‌भने, मालिकदेखि मन मरेकोले यिनीहरू रिस गर्न थाल्दछन् । नोकर-चाकरको मालिकमाथिको विरक्तिले ठूलो अनर्थ हुन्छ ॥३३॥ तिम्रो कुलका मुख्य मुख्य मानिस तिमीमा प्रेम ता राख्छन् ? र एकाग्रचित्त भई तिम्रो निम्ति प्राणत्याग गर्नामा तत्पर ता रहन्छन् ? ॥३४॥ हे भाइ ! आफ्नै देशमा बस्ने, विद्वान्, चतुरो, मौकाअनुसारको काम गर्ने बुद्धि भएको, भनेमुताबिकको खबर लैजाने पण्डितलाई तिमीले आफ्नो दूत बनाएका छौ कि छैनौ ? ॥३५॥ एउटाले अर्कोलाई नचिह्ने यस्ता तीन तीनओटा दूतलाई प्रत्येक व्यक्तिको हाल खबर बुझ्न पठाएर शत्रुपट्टिका अठार र आफू-पट्टिका पन्ध्र तीर्थहरूको (राजकर्मचारीहरूको) सबै काम बुझ्ने गरेका छौ कि छैनौ ? (क) ॥३६॥ हे शत्रुहरूको दमन गर्ने भरत ! आफ्नो वा राज्यको कुभलो गर्ने भनिठानेर निकालिएका शत्रुहरू फेरि-आफ्नो राज्यमा बस्न आएभने यिनलाई निर्धो सम्झेर तिमीले वास्ता गर्न ता छाडेका होओइनौ ॥३७॥

नास्तिक ब्राह्मणहरूको संगत ता तिमी गर्दा होओइनौ, यिनीहरू अज्ञानी भए तापनि आफूलाई पण्डित संझन्छन्, यिनीद्वारा अनेक अनर्थ हुन जान्छ ॥३८॥ यी दुष्टहरू प्रामाणिक धर्मशास्त्र छँदा छँदै पनि शुष्क तार्किक बुद्धिको सहायताले निरर्थक बकवाद गर्दछन् ॥३९॥ हाम्रा वीर पुरुखा-हरूको वासस्थान, सार्थक नाम धारण गर्ने, बलिया बलिया ढोका भएको; हात्ती घोडा र रथले भरिएको; आफ्ना आफ्ना काममा लागेका जितेन्द्रिय, उत्साही र श्रेष्ठ हजारौं ब्राह्मण, क्षत्रिय, वैश्यले युक्त भएको, नाना प्रकारका महल भएको, किसिम किसिमका विद्या जान्ने मानिसले व्याप्त भएको, उन्नत अवस्थामा पुगेको विशाल अयोध्या नगरीको तिमीले उत्तम प्रकारले रक्षा ता गरेका छौ ? ॥४०-४२॥ तिम्रो रमाइलो राज्य कोशलदेश ता खुशी छ ? जहाँ सयकडौं देवस्थान छन्, मानिसको प्रशस्त बस्ती छ, जहाँ मन्दिर, पौसाला, तलाउ शोभित भइरहेका छन्, जहाँका लोग्ने मानिस आइमाई सबै प्रसन्न छन्, जहाँ सदा सभा र उत्सव भइरहन्छन्, जहाँ असल खेती हुन्छ, जहाँ धेरै पशु छन्, जहाँ कुनै प्रकारको हिंसा हुँदैन, जहाँका खेतीवालले मेघको भरमा बस्नुपर्दैन, जहाँ हिंस्रक पशु छैनन्, जहाँ कुनै प्रकारको भय छैन, जहाँ खानिहरू छन्, जहाँ पापी मानिसको वास छैन र जसको रक्षा हाम्रा पुरुखाहरूले गरेका हुन् ॥४३-४६॥ खेती गरेर र पशु पालेर आफ्नो गुजारा गर्नेहरू तिम्रा प्यारा ता छन् ? यिनीहरू व्यापारको काममा लागेर सुखपूर्वक ता बसेका छन् ? ॥४७॥ चोरी, डकैतीबाट बचाएर यिनीहरूको राम्ररी पालना ता गरेका छौ ? आफ्ना राज्यका समस्त प्रजाको धर्मपूर्वक रक्षा

(क) मन्त्री, पुरोहित, युवराज, सेनापति, द्वारपाल, अन्तःपुरको रक्षा गर्ने, झ्यालखानको हाकिम, खजाञ्ची, राजाको आज्ञाअनुसार अरूलाई अह्राउने, वकील, धर्माध्यक्ष, पञ्च, फौजको तलब बाँड्ने, ठेकेदार, कोतवाल, राज्यको चारैतिर रखवारी गर्ने, दुष्टहरूलाई दण्ड दिने; जल, पर्वत, वन र किल्लाको रक्षा गर्ने, यिनीलाई राजनीतिमा अठार तीर्थ भन्दछन् । मन्त्री, पुरोहित र युवराजलाई बाद गर्दा पन्ध्र हुन आउँछ ।

गर्नु राजाको कर्तव्य हो ॥४८॥ तिमी स्त्रीहरूलाई प्रसन्न राखेर उनको रक्षा त गर्दछौ ? यिनीहरूको कुरामा विश्वास ता गर्दा होवैनौ र यिनलाई गुप्ती कुरा पनि भन्दा होवैनौ ॥४९॥ तिम्रा हात्तीहरू रहने वन ता सुरक्षितै होला, तिमी गाई बैललाई राम्रै गरी पाल्दा त होउला; हात्ती हतिनी घोडाहरू पाल्नाले तिमीलाई तृप्ति ता हुँदो होओइन ॥५०॥ हे राजपुत्र ! प्रतिदिन खूब सजिसजाउ भएर प्रातः-कालमा राजमार्गमा गई नगरवासीहरूलाई दर्शन दिन्छौ कि दिन्नौ ? ॥५१॥ कर्मचारीहरू निःशङ्क भई तिमीनेर आउँछन् वा डरले टाढै रहन्छन्, यिनीहरूको सम्बन्धमा मध्यम मार्ग नै बेश छ अर्थात् कहिले प्रत्यक्ष (नजीक) र कहिले अप्रत्यक्ष (टाढा) राख्नुपर्दछ ॥५२॥ तिम्रा सबै किल्ला धन, धान्य, हतियार, जल, अनेक प्रकारका कल, कालिगड र धनुर्धारीले पूरै हुँदा हुन् ? ॥५३॥ हे भरत ! तिम्रो आमदानी बर्ता र खर्च कम हुँदै होला ? कुपात्रहरूलाई दिनामा ता तिम्रो धन खर्च हुँदो होओइन ॥५४॥ देवता, पितृ, ब्राह्मण, पाहुना, योद्धा, र मित्रहरूको निम्तिमा नै तिम्रो धन खर्च हुँदो हो ॥५५॥ सदाचारी साधु कुनै अपराधमा दोषी हुन गएभने नीतिशास्त्र जान्ने मानिसद्वारा निर्णय नगराई केवल धनको लोभले यिनलाई सजाय दिंदा होओइनौ ॥५६॥ चोरी गर्दा पक्रिएको, सोधपूछ गर्दा वा साक्षी दसीद्वारा चोरी गरेको प्रमाण पाइएका चोरहरू ता हे राजन् ! तिम्रो राज्यमा धनको लोभले छाडिंदा होओइनन् ॥५७॥ धनी वा गरीब को झगडा पर्दाखेरि तिम्रा शास्त्र बेश जान्ने मन्त्रीहरू लोभरहित भई यी दुवैको मुद्दा ठीक ठीकसँग ता छिन्दछन् ? ॥५८॥ झूटो दोष लागेर व्यर्थमा दण्ड पाएका मानिसहरूको आँखाबाट जो आँसु झर्दछ त्यसले दण्ड दिनेलाई र भोग विलासको निम्ति मात्र राज्य गर्ने राजाको छोरा र पशुहरूलाई नष्ट गरिदिन्छ ॥५९॥ वृद्धलाई दानले, बालकहरू-लाई प्रेमले र प्रधान वैद्यहरूलाई मीठो बोलीले ता सत्कार गर्दछौ ॥६०॥ बूढा, गुरु, तपस्वी, देवता पाहुना, चारदोबाटोमा रहेको रूख, तपस्यादि द्वारा कृतार्थ भएका ब्राह्मणहरूलाई ता नमस्कार गर्दछौ ? ॥६१॥ अर्थद्वारा धर्मलाई अथवा धर्मद्वारा अर्थलाई वा काम र लोभले अर्थ धर्म दुवैलाई बाधा ता पारोइनौ ? ॥६२॥ समयको भाग लगाएर अर्थ, धर्म र कामको यथायोग्य सेवन ता गर्दछौ अर्थात् कुनै एउटैमा ता लग्गू भएका छैनौ ? ॥६३॥ हे महाप्राज्ञ ! सम्पूर्ण शास्त्रको अर्थ जान्ने ब्राह्मणहरू नगरवासी तथा देशवासी प्रजाहरूसित मिलेर सबै प्रकारले तिम्रो कल्याणको चाहना ता गर्दछन् ? ॥६४॥ नास्तिकपना, झूटो बोल्नु, रिस, अहङ्कार, सुस्ती, सज्जनहरूसित भेट नगर्ने, आलस्य, इन्द्रिय-हरूको वशमा पर्नु, एकलै राज्यसम्बन्धी कुराको निर्णय गर्नु, राजाको विपरीत बोल्नेहरूसँग सल्लाह गर्नु, निश्चय गरिसकेको कुरालाई नथाल्नु, गुप्ती कुरा भनी भनी हिंड्नु, काम शुरू गर्नुको अगाडि मङ्गल कार्य्य नगर्नु, सबै शत्रुमाथि एकैचोटि हमला गर्नु यी चौद्धवटा राजाका दोष हुन्, तिमीले यिनलाई त्याग ता गरेकै होउला ॥६५-६७॥ दशवर्ग, पञ्च वर्ग, सप्तवर्ग, चतुर्वर्ग, अष्टवर्ग र तीन विद्यातिर तिम्रो ध्यान ता ठीक तवरले रहन्छ ? (क) ॥६८॥

बुद्धिद्वारा इन्द्रियहरूलाई जित्ने उपाय अर्थात् योगाभ्यास; सन्धि, विग्रह, यान, आसन, द्वैध,

र आश्रय—यी छ गुण; अग्नि, जल व्याधि, दुर्भिक्ष र महामारी—यी पाँच प्रकारका दैवी आपत्ति; राज्यका कर्मचारीहरू, चोर, दुश्मन, राजाका कुटुम्बी र राजा लोभी हुने मनुष्यसम्बन्धी आपत्ति, राजकृत्य[1], बीस वर्ग[2], पाँच प्रकृति मण्डल[3], पाँच प्रकारका यात्रा[4] विधान, दण्ड विधान[5], दुई प्रकारको[6] सन्धि, दुई किसिमका[7] विग्रह यी सब विषयलाई तिमीले राम्ररी जानेको र विचार गर्ने गरेको ता छ ? ॥६९-७०॥

नीतिशास्त्रमा सल्लाह गर्ने जो नियम लेखिएको छ त्यै मुताबिक तिमी तीन या चार मन्त्रीलाई बोलाएर तिनीहरूमध्ये प्रत्येकसित बेग्ला बेग्लै सल्लाह गर्दछौ वा सबैलाई एकै ठाउँमा राखी सल्लाह गर्दछौ ? ॥७१॥ तिम्रो वेदको अध्ययन सफल ता भएको छ ? अर्थात् तिमी त्यसको अनुसार ता चल्दछौ ? तिम्रा कामहरू ता सफल भएका छन् ? तिम्रा स्त्रीहरू सन्तानद्वारा सफल भएका ता छन् र शास्त्रको पढाइ सफल भएको छ वा छैन ? ॥७२॥ हे भरत ! मैले अहिले भनेमुताबिकको तिम्रो बुद्धि भन्ने होला मैले विचार लिएको छु । यस प्रकारको बुद्धिले आयु, बल र यशको वृद्धि गराउँछ । यो बुद्धि धर्म, अर्थ र काम यी तीनैको अनुकूल पनि छ ॥७३॥ हे बाबु ! हाम्रा पिता जस्तो व्यवहार गर्नुहुन्छ अथवा हाम्रा बाजेहरू जस्तो व्यवहार गर्दथे तिम्रो पनि ता त्यस्तै न होला, किनकि यो परम

(क) शिकार, जुवा, दिनमा सुत्नु, निन्दा, आइमाईमा लम्पट हुनु, लागु कुरा खानु, गाना गर्नु, बाजा बजाउनु, नाच हेर्नु, व्यर्थमा यताउति डुल्नु—यी दश वर्ग हुन् । नदी तलाउको बीचमा, पहाडमा, रूख भएको ठाउँमा, बाँझो जग्गामा र पानी नभएको ठाउँमा किल्ला बनाउने कामलाई पञ्च वर्ग भन्दछन् । स्वामी, मन्त्री, राष्ट्र, किल्ला, खजाना, फौज, मित्र यी सात वर्ग राजाका अंग हुन् । साम, दान, दण्ड, भेद यी चतुर्वर्ग हुन् । छुल्याइँ, साहस, द्रोह, डाह, अर्काको गुणमा दोष लगाउनु, निन्दा, कडा वचन भन्नु, तीक्ष्ण दण्ड दिनु, आठ वर्ग यिनै हुन् । त्रिवर्ग भनेको धर्म, अर्थ र काम हो । प्रभुशक्ति, मन्त्रशक्ति र उत्साहशक्तिलाई तीन विद्या भन्दछन् ।

१ नजाँचीबुझीकन नोकर नराख्नु, लोभी नहुनु, मान्नुपर्नेको अपमान नगर्नु, सधैँ रिसको वशमा नपर्नु, अर्कालाई नजंग्याउनु, नडराउनु, इत्यादि राजकृत्य हुन् ।

२ बालक, वृद्ध, दीर्घरोगी, जातबाहिर भएको, डरछेरुवा, लोभी, झर्किने मिजास भएको, इन्द्रियग्रहरूको सुखमा अति लग्गू, किसिम किसिमको विचार गरेर एउटामा दृढ नरहने, देव ब्राह्मणको निन्दा गर्ने, अभागी, केवल भाग्यको भर गरेर बस्ने, दुर्भिक्षको क्लेशले पीडित भएको, सेनाबाट दुःख पाएको, आफ्नो देशमा नबस्ने, धेरै शत्रु भएको, वेला वेलाको काम नगर्ने, सत्यधर्ममा तत्पर नरहने यी बीस सन्धिका लागि अयोग्य छन् ।

३ मन्त्री, राष्ट्र, दुर्ग, कोष, सेना ।

४ विगृह्ययान, सन्धायान, सम्भूययान, प्रसंगतोयान, उपेक्ष्ययान । बहादुरीसाथ सेनापतिहरूलाई साथमा लिई आक्रमण गर्नेलाई विगृह्ययान; हमला गर्न आँटेको शत्रुसित मिलाप गरी अर्को शत्रुमाथिको हमलालाई सन्धायान; वीर योद्धाहरूलाई साथमा लिई खुल्लमखुल्ला आक्रमण गर्न जानेलाई सम्भूययान; एउटा दुश्मनमाथि हमला गर्न तैयारी गरेकोमा अर्कोमाथि जाइलाग्नेलाई प्रसंगतोयान; र शत्रुलाई प्रबल देखेर उसको मित्रमाथि हमला गर्नेलाई उपेक्ष्ययान भन्दछन् ।

५ सेनाको व्यूह रचनालाई दण्डविधान भन्दछन् ।

६ दुई शत्रुको बीचमा देखा नपरीकन रहने र बलियोपट्टि मिल्न जाने ।

७ झट्टै हमला गर्ने र मौका पारेर हमला गर्ने ।

पवित्र र कल्याण गर्ने बाटो हो ॥७४॥ हे भरत ! मीठो चोखो कुरो ता तिमी एकलै खाँदा होओइनौ ? यी भोजनको चाह गर्नेलाई ता जरूरै दिंदा होउला ॥७५॥ विद्वान् , धर्मात्मा राजा, यस प्रकारसँग धर्मानुसार क्षत्रियदण्ड धारण गरी प्रजाको पालना गरेर समग्र पृथ्वीमा आफ्नो प्रभुत्व स्थापित गरी अन्त्यकालमा स्वर्ग जान्छन् ॥७६॥

सर्ग—१०१

भरत रामलाई पिताको मृत्युको खबर सुनाएर उहाँलाई अयोध्या फर्केर जाने प्रार्थना गर्दछन् ।

गुरुभक्त भाइलाई यस प्रकारसंग उपदेश गरिसकेपछि भाई लक्ष्मणको साथमा नै रामचन्द्र भरत-लाई फेरि सोध्नलागे ॥१॥ चीर, मृगचर्म र जटा धारण गरी तिमी के कारणले यहाँ वनमा आएका छौ सो हामी तिम्रो मुखबाट सुन्न चाहन्छौं ॥२॥ कालो मृगचर्म र जटा धारण गरी राज्य छाडेर तिमी जुन कारणले यहाँ वनमा आएका छौ सो सब हामीलाई भन ॥३॥

काकुत्स्थ कुलमा जन्मेका रामचन्द्रले यसो भनेपछि भरत बडो कष्टसँग शोकको वेगलाई रोकी हात जोरेर भन्नलागे ॥४॥

हे आर्य ! मेरी आमा कैकेयीको भनाइमा लागेर महाबाहु पिताजीले बडो कठिन काम गरी पुत्र-शोकले पीडित भई हामी सबैलाई छाडी स्वर्ग जानुभयो । कैकेयीले यो ठूलो पाप गरिन् , यसैले उनको सबै यश नष्ट हुन गयो ॥५-६॥ राज्यरूपी फल ता मेरी आमाले पाइनन् । विधवा भएर, शोकले पीडित भई उनी महाघोर नरकमा खस्नेछन् ॥७॥ तपाईंको सेवक ममाथि दया गरेर आजै इन्द्रको समान आफ्नो अभिषेक गराएर राज्यासन ग्रहण गर्नुहोस् ॥८॥ हेर्नुहोस् , सबै प्रजाहरू, विधवा आमाहरू तपाईंकहाँ आइराखेका छन् , तपाईंले कृपा गर्नुपर्दछ ॥९॥ परम्परादेखि चलिआएको थितिले तपाईंकै राज्याभिषेक हुनु उचित छ, तसर्थ धर्म्मपूर्वक राज्य ग्रहण गरेर सबै इष्टमित्रको अभिलाषा पूर्ण गरिदिनुहोस् ॥१०॥ शरद्ऋतुको रात्रिले निर्मल चन्द्रमा पाएर निर्दोष र शोभायुक्त भएझैं तपाईंलाई आफ्नो स्वामी बनाएर यो समग्र पृथ्वी वैधव्य दोषबाट मुक्त होओस् ॥११॥ यी मन्त्रीहरूको साथमा म आफ्नो टाउको निहुराएर तपाईंसित प्रार्थना गर्दछु । म तपाईंको भाइ, शिष्य र दास पनि हुँ, मेरा-उपर दया गर्नुहोस् ॥१२॥ पुरुषश्रेष्ठ ! हाम्रो यो मन्त्रिमण्डल परम्परादेखि चलिआएको हो । यी सबै मन्त्री हाम्रा बाबुका पालाका हुन । पहिले ता तपाईंले यिनीहरूको वचन मानेको हो, अतएव आज पनि यिनको प्रार्थना उल्लङ्घन नगर्नुहोस् ॥१३॥

महाबाहु कैकेयी-पुत्र भरतले रुँदै रुँदै यसो भनेर फेरि रामचन्द्रको चरणमा आफ्नो टाउको राखे ॥१४॥

मतवाला हात्तीझैं वारंवार लामो सास फेरिरहेका भाइ भरतलाई अंगालो हालेर रामचन्द्र फेरि

भन्नलाग्नुभयो ॥१५॥ सत्कुलमा जन्मेको, बल भएको, तेजस्वी र व्रतको अनुष्ठान गर्ने म जस्तो मानिसले राज्यको निम्ति कसरी पाप गर्ला ? ॥१६॥ हे शत्रुसूदन ! तिमीमा पनि म केही दोष देख्तिनँ, बालकपनको चञ्चलताले गर्दा तिमीले आमाको निन्दा गर्नु उचित होइन ॥१७॥ हे पापरहित बुद्धिमान् भरत ! पिता आदि गुरुजनलाई आफ्ना अधीनमा रहेका स्वास्नी तथा छोराहरूसँग इच्छा-अनुसारको व्यवहार गर्ने अधिकार छ । यिनीहरू जस्तोसुकै आज्ञा पनि दिन सक्तछन् ॥१८॥ हे सौम्य ! संसारमा सज्जनहरू स्वास्नी छोरा र शिष्यलाई आफ्नो आज्ञाकारी संझन्छन् । हामी पनि राजा दशरथका छोरा ह्रौं भन्ने कुरा तिमीले विचार गर्नुपर्दछ, तसर्थ महाराजलाई चीर वस्त्र धारण गरेर वनमा बस्ने अथवा राज्य गर्ने जे पनि आज्ञा दिने अधिकार छ ॥१९-२०॥ लोकपूजित पितालाई जति आदर देखाइन्छ त्यत्तिकै आमालाई पनि देखाउनुपर्दछ, शास्त्रकारहरूको मत यस्तै छ ॥२१॥ धर्मात्मा आमा बाबुले मलाई वन जाने आज्ञा दिएका छन् , यस आज्ञाको म कसरी उल्लङ्घन गर्न सक्तछु ॥२२॥ लोकमा विख्यात भएको अयोध्याको राज्य तिमीले पाएका छौ र वल्कल वस्त्र पहिरेर दण्डक वनमा बस्ने आज्ञा मैले पाएको छु ॥२३॥ मन्त्री पुरोहितको सामुन्नेमा महाराज दशरथले यस प्रकारको विभाग गरे र यसको पालना गर्नू भन्ने आज्ञा दिएर आफू स्वर्ग गए ॥२४॥ धर्मात्मा राजा दुनियाँका र तिम्रा पनि गुरु हुन्, उनलाई यस्तो आज्ञा दिने अधिकार छ, तसर्थ पिताले दिएको राज्यको तिमीले भोग गर्नुपर्दछ ॥२५॥ यस लोकमा पूजित भएका इन्द्रसमानका महात्मा पिताले मलाई जो आज्ञा दिएका छन् त्यसैलाई म आफ्नो हित गर्ने संझन्छु । पिताको आज्ञाविरुद्ध सबै लोकको अक्षय राज्यसमेत मेरा लागि उचित छैन ॥२६॥

सर्ग—१०२

भरत फेरि रामलाई राज्य ग्रहण गर्ने आग्रह गर्दछन् ।

रामको कुरा सुनेर भरत भन्नलागे—कुलको रीति त्याग गर्ने राजधर्मको उपदेश मलाई निरर्थक छ ॥१॥ हे नरश्रेष्ठ ! जेठो छोरो छँदा छँदै कान्छो छोरो राजा हुँदैन भन्ने नियम हाम्रो कुलमा सनातन कालदेखि चलिआएको हो ॥२॥ अतएव हे रामचन्द्रजी ! मसँग धनधान्यले युक्त भएको अयोध्यामा हिंड्नुहोस् र आफ्नो अभिषेक गराएर हाम्रो कुलको रक्षा गर्नुहोस् ॥३॥ सबै दुनियाँले राजालाई मानिस संझे तापनि म ता उनलाई देवता भनिठान्दछु किनकि धर्म र अर्थ मिसिएका यिनका सबै व्यवहार साधारण मानिसको व्यवहारदेखि बिलकुलै भिन्न देखिन्छन् ॥४॥ म केकयदेशमा थिएँ र तपाईं वनमा आइसक्नुभएको थियो, यै वखतमा अश्वमेधादि यज्ञ गर्ने र सज्जनहरूका प्रिय हाम्रा पिताजीको स्वर्गवास भयो ॥५॥ सीता र लक्ष्मणका साथ तपाईं अयोध्याबाट निस्कनासाथ दुःख र शोकले पीडित भएका राजाको स्वर्गवास भयो ॥६॥ हे पुरुषसिंह ! उठ्नुहोस् र पिताको नाममा जलाञ्जलि दिनुहोस्, मैले र शत्रुघ्नले पहिले नै तर्पण गरिसकेका छौं ॥७॥ प्यारो छोराले दिएको पिण्ड इत्यादि पितृलोकमा

अक्षय हुन्छ भन्ने पण्डितहरूको मत छ र तपाईं पिताका प्यारा हुनुहुन्छ ॥८॥ किनकि पिताजी, तपाईंलाई संझंदै, तपाईंसँग भेट गर्ने इच्छा गर्दै, तपाईंमा लागेको चित्तलाई फर्काउन नसकी, तपाईंदेखिको बिछोडले गर्दा शोकपीडित भई र तपाईंको नामको उच्चारण गर्दै स्वर्ग जानुभयो ॥९॥

सर्ग—१०३

रामचन्द्र पिताका लागि विलाप गर्दछन् र उनको नाममा पिण्ड तर्पण गर्दछन्।

भरतको मुखबाट पिताको मृत्युको अशुभ समाचार सुन्दा रामचन्द्र बेहोश भए ॥१॥ दैत्यहरूका शत्रु इन्द्रले युद्धमा दानवहरूमाथि वज्रको प्रहार गरेझैं भरतद्वारा त्यस्तो अप्रिय वचनरूपी वज्रसमानको खबर सुन्दा शत्रुहरूलाई ताप पार्ने रामचन्द्र, दुवै हात माथमा राखेर, वनमा वञ्चरोले काटिएको फूल फुलेको रूख ढलेझैं भूइँमा ढले ॥२–३॥

जगत्पति रामचन्द्रजी यस प्रकारसँग पृथ्वीमा लड्दा, नदीको तीरलाई बिगार्दा बिगार्दा थाकेको हात्ती सुतेको झैं देखिए ॥४॥ शोकले पीडित भएका महाधनुर्धारी रामचन्द्रको शरीरमा तीनै भाइ र सीता रुँदै रुँदै पानी छर्कनलागे ॥५॥

होशमा आएपछि रामचन्द्रका आँखाबाट आँसु झर्नथाले र उनी बडो मायालाग्ने गरी विलाप गर्नलागे ॥६॥ पृथ्वीपति पिताको स्वर्गवासको कुरा सुनेर धर्मात्मा रामचन्द्र भरतलाई धर्मयुक्त कुरा भन्नलागे ॥७॥

पिताजी नै अन्तगतिमा (मृत्युमा) प्राप्त भएपछि मैले अयोध्या गएर नै के गर्ने ? ती राजश्रेष्ठबाट विहीन भएको अयोध्याको कसले पालन गर्ला ? ॥८॥ व्यर्थमा जन्म लिएको म जस्तो छोराले ती महात्मा पिताको निम्ति के गर्न सक्तछ ? मेरो शोकले गर्दा उनको प्राण गयो र मैले भने उनको संस्कार पनि गर्न सकिनँ ॥९॥ हे पापरहित भरत ! तिमीहरूको मनोरथ सिद्ध भयो किनकि तिमीले र शत्रुघ्नले पिताको क्रियाकर्म गर्न पायौ ॥१०॥ वनवासको अवधि सकिएपछि पनि प्रधानरहित, बहुनायक, राजा नभएको अयोध्यामा जाने मेरो इच्छा छैन ॥११॥ पिताको स्वर्गवास भएपछि, वनवासको अवधि सिध्याएर अयोध्यामा फर्के पनि कसले मलाई अर्ती देला ॥१२॥ पिताजी मलाई आफ्नो आज्ञा पालनमा तत्पर रहने देखेर संझाई बुझाईकन कानलाई आनन्द गराउने जुन वचन भन्नुहुन्थ्यो अब त्यो वचन कसले भन्ला ? ॥१३॥

भरतलाई यति कुरा भनेर शोकले विह्वल भएका रामचन्द्र पूर्णचन्द्रमाको जस्तो मुख भएकी सीता-कहाँ गई भन्नलागे ॥१४॥ हे सीते ! तिम्रा ससुरा मरेछन् । हे लक्ष्मण ! तिमी पितृहीन भयौ । भरत, पिताको मृत्युको दुःखदायी समाचार लिएर आएका छन् ॥१५॥

रामचन्द्रले यसो भन्दा यी यशस्वी कुमारहरूको आँखाबाट धेरै आँसु निस्क्यो ॥१६॥ अत्यन्त दुःखित भएका रामचन्द्रलाई सबै भाइले संझाए बुझाए र राजालाई जलाञ्जलि दिने आग्रह गरे ॥१७॥

महाराज ससुराको स्वर्गवास भयो भन्ने सुन्दा सीताको आँखाभरी आँसु भयो र यिनले प्यारा रामचन्द्रतिर हेर्न पनि सकिनन् ।।१८।। रुनलागेकी सीतालाई संझाइसकेपछि दुःखित भएका रामचन्द्र, शोकले विह्वल भएका लक्ष्मणलाई भन्नलागे ।।१९।।

इंगुदीको पिण्याक (गुदी) र फेर्नालाई नयाँ चीर लिएर आऊ, म महात्मा पितालाई तर्पण दिन जान्छु ।।२०।। सीता अधिअघि जाऊन्, तिमी उनको पछिपछि हिंड; म सबैको पछि हिंड्दछु; मरेकोलाई जलाञ्जलि दिने वेलामा हिंड्ने यै काइदा हो ।।२१।।

यसपछि रामचन्द्रको स्वभाव जान्ने र यिनमा भक्ति राख्ने, सोझा स्वभावका, नियमी, तेजस्वी, इक्ष्वाकुवंशका पहिलेदेखिका सेवक सुमन्त्रले तीनै राजकुमारको साथमा रामचन्द्रलाई संझाए र यिनको हात समाती पवित्र जल भएकी मन्दाकिनीको घाटमा बिस्तारै बिस्तारै ओह्राले ।।२२-२३।। यी यशस्वीहरू राम्रा राम्रा घाट भएको, रमणीय, चारैतिर फूल फुलेका वन भएको, बडो वेगले बग्ने, मन्दाकिनीको राम्रो र हिलो नभएको घाटमा बडो मुश्किलले पुगेर राजाको गोत्र र नामको उच्चारण गर्दै अंजुलीले जल दिनलागे ।।२४-२५।। रामचन्द्रजी आफ्नो अंजुलीमा जल भरेर दक्षिणतिर मुख फर्काई रुँदै रुँदै भन्नलागे—हे राजसिंह ! आज मैले दिएको यो निर्मल जल, पितृलोकमा तपाईंलाई अक्षय भएर मिलोस् ।।२६-२७।।

यसपछि मन्दाकिनीको तीरदेखि माथि आएर भाइहरूको साथमा रामचन्द्रले पिण्डदान गरे; बिच्छ्याएका कुशमाथि इंगुदीको पिण्याक र बयरको फल राखी दुःखित भई रुँदै रुँदै भन्नलागे ।।२८-२९।। हे महाराज ! प्रसन्नतापूर्वक यिनको भोजन गर्नुहोस् हामी पनि यहाँ यै खान्छौं, मानिस जुन अन्न खान्छ उसका देवता पनि त्यै अन्न खान्छन् ।।३०।।

यसपछि ती नरश्रेष्ठ नदीको तट छाडेर पहिलेकै बाटो गरेर, राम्रो टाकुरा भएको पर्वतमा चढी पर्णशालाको ढोकामा पुगे । त्यहाँ भरत र लक्ष्मणलाई आफ्नो हातले समाती रुनलागे ।।३१-३२।। सिंहले गर्जेको आवाज फैलिएझैं सीतासहित ती चार भाइले रोएको शब्द त्यस पर्वतमा जतातत्तै फैलियो ।।३३।। पितालाई जलाञ्जली दिएर ती चारै भाइले रोएको भयानक शब्द सुन्दा भरतका सिपाहीहरू डराए ।।३४।। अवश्यै भरत र रामको भेट भएछ, पिताको मरणले शोक गरिरहेका तिनीहरूकै यो रोएको महान् शब्द हो भनी तिनीहरूले विचार गरे ।।३५।। अब सैनिकहरू आफ्ना आफ्ना सवारी छाडी जताबाट शब्द आउनलागेको सुनिएथ्यो त्यतैपट्टि एकचित्त भई दगुरे ।।३६।। जो सुकुमार थिए, हिंड्न सक्तैनथे, तिनीहरूमा कोही घोडामा, कोही हात्तीमा र कोही रथमा सवार भए, धेरै ता हिंडेर नै गए ।।३७।। राम वनमा आएको थोरै दिन भएको थियो तापनि यिनीहरूलाई धेरै दिन भए जस्तो लाग्यो, यसै कारण रामलाई हेर्ने इच्छाले यिनीहरू हतपत गर्दै आश्रमतिर लागे ।।३८।। चारै भाइको भेटघाट भएको हेर्नालाई घोडाको खुर र रथको पांग्राले भूइँ खन्दै यिनीहरू भिन्ना भिन्न किसिमको सवारीमा चढी गए ।।३९।।

२२

मेघको आगमनले आकाश शब्दायमान भए झैं यस समयमा त्यहाँको भूइँ अनेक सवारीले तथा रथका पांग्राको आवातले गर्दा गर्जनलाग्यो ।।४०।। यो शब्द सुन्दा हात्तीहरू डराए र आफ्नो मन्द गन्धले वनलाई सुवासित गर्दै हतिनीलाई साथमा लिई अर्को वनमा गए ।।४१।। वनेल, हरिणी, सिंह, भैंसी, नीलगाई, बाघ, गोकर्ण (एक किसिमको मृग) चौंरी गाई, पृषत् (एक किसिमको मृग) यी सबै त्यो शब्द सुनेर डराए ।।४२।। चखेवा, जलकुक्कुट, कारण्डव, प्लव (यी दुवै जल पक्षी हुन्) कोइली, कन्याङ कुरुङ यी सबै चरा त्यो शब्द सुन्दा हडबडाएर दशै दिशातिर भागे ।।४३।। त्यस शब्दले तर्सेका चराहरूले ढाकिएको आकाश र मानिसले टम्म भरिएको पृथ्वी यी दुवैको अतिशय शोभा देखियो ।।४४।।

पुरुषसिंह, यशस्वी, पापरहित रामचन्द्रलाई चौतारामा बसेको यी मानिसले देखे ।।४५।। कैकेयी र कुभलो गर्ने मन्थराको निन्दा गर्दै यी मानिसहरू आँखाभरि आँसु गरी रामको अघिल्तिर गएर उभिए ।।४६।। यी दुःखित मानिसहरूको आँखाभरि आँसु देख्ता धर्मात्मा रामचन्द्रले बाबु-आमाले झैं यिनीहरूलाई अँगालो हाले ।।४७।। रामचन्द्रले कैएक मानिसलाई अँगालो हाले, अनेकले रामचन्द्र-लाई प्रणाम गरे । यस समयमा रामचन्द्रले आफ्ना मित्र र नाता कुटुम्बीको यथोचित सत्कार गरे ।।४८।।

यी आएका महात्माहरूले रोएको आवाज पृथ्वी, आकाश, पर्वतको गुफा तथा दशै दिशामा प्रतिध्वनित हुनलाग्यो र मृदङ्गको आवाजझैं चारैतिरबाट सुनिनलाग्यो ।।४९।।

सर्ग—१०४

आमाहरू र वशिष्ठसँग रामचन्द्रको भेट हुन्छ ।

रामचन्द्रलाई भेट्न उत्सुक भएका वशिष्ठ पनि राजा दशरथका रानीहरूलाई अघि लगाएर त्यस ठाउँमा आइपुगे ।।१।। बिस्तारै बिस्तारै हिंडेर रानीहरू मन्दाकिनी नदीको तीरमा पुगे र त्यहाँ राम लक्ष्मणले स्नान गर्ने गरेको घाट देखे ।।२।। कौशल्याका आँखाभरि आँसु थिए र सुकेको मुख लिएर यिनी दुःखिनी सुमित्रा र अरू रानीहरूलाई भन्नलागिन ।।३।। राज्यबाट वनमा निका-लिएका, अमानुषिक काम गर्न सक्ने, हाम्रो प्राणभन्दा पनि प्यारा राम, लक्ष्मण र सीताको यो नुहाउने घाट हो, यिनीहरू यहाँ बडो कष्टले स्नान गर्दा होलान् ।।४।। हे सुमित्रे ! तिम्रा छोरा लक्ष्मण आलस्यको त्याग गरी, मेरो छोराको निम्ति आफ्नो हातले पानी भरेर यहाँबाट लैजाँदा होलान् ।।५।। यस्तो छोटो काम गर्नाले समेत तिम्रो छोराको निन्दा हुनेछैन, दाजु रामको निम्तिको यो काम नहुँदो हो ता अवश्यै गुणीहरू यसको निन्दा गर्थे ।।६।। तिम्रा छोरा कष्ट सहन योग्य छैनन्, उनी आजैदेखि यो छोटो र दुःख हुने काम गर्न छाडिदिऊन् (राम अवश्यै अयोध्या फर्कलान् भन्ने विचारले कौशल्याले यसो भनेकी होलिन्) ।।७।।

यस्तो कुरा गर्दा गर्दैमा ठूला ठूला आँखा भएकी कौशल्याले दक्षिणतिर टुप्पो फर्काइराखेका

कुशमाथि भूइँमा बाबुको निम्ति दिएको इंगुदी फलको पिण्ड देखिन् ।।८।। दुःखी रामद्वारा, बाबुको निम्ति भूइँमा राखिएको त्यो पिण्ड देखेर देवी कौशल्या दशरथका जम्मै रानीहरूलाई भन्नलागिन् ।।९।। हेर, इक्ष्वाकुनाथ महात्मा आफ्ना पिताको निम्ति रामचन्द्रले विधिपूर्वक यो पिण्ड दिएको हो ।।१०।। साक्षात् देवताहरूले झैं नाना प्रकारको भोजन गर्ने महात्मा दशरथको निम्ति यो पिण्ड उचित होला जस्तो मलाई लाग्दैन ।।११।। इन्द्रले झैं, चारैतिर समुद्रले बेह्रिएकी पृथ्वीको भोग गरेर महाराजले अब इंगुदीको पिण्ड कसरी खाने होला ।।१२।। ऋद्धिमान् रामले आफ्ना बाबुको निम्ति इङ्गुदी फलको पिण्ड दिएभने मेरो निम्ति यस संसारमा योभन्दा बर्ता दुःखको कुरो के होला ? ।।१३।। रामले आफ्ना बाबुलाई इङ्गुदी फलको पिण्ड दिएको देख्ता मेरो मुटु दुःखले किन हजार टुक्रा नभएको होला ? ।।१४।।

मानिस जुन प्रकारको अन्न खान्छ त्यसका पितृहरू पनि त्यै अन्न खान्छन् भन्ने संसारमा चलेको उखान साँचो रहेछ भनेर मैले आज थाहा पाएँ ।।१५।। यस प्रकारसँग दुःखमा परेकी कौशल्यालाई सौताहरूले संझाउँदै बुझाउँदै आश्रमतिर लगे र यहाँ यिनीहरूले स्वर्गबाट खसेका देवतासमान रामलाई बसेको देखे ।।१६।। रामले सुख भोगका सबै पदार्थ त्याग गरेको देख्ता सबै आमाहरू शोकले पीडित भई डाँको छोडेर रुनलागे ।।१७।।

सत्यप्रतिज्ञ, मानिसहरूमाका श्रेष्ठ रामचन्द्रले, आफ्ना महतारीहरूलाई देख्नासाथ बसेको ठाउँबाट उठी, सबैको गोडामा ढोग दिए ।।१८।। ठूला ठूला आँखा भएका आमाहरूले आफ्ना कोमल, अति राम्रा, छुँदैमा आनन्द लाग्ने हातले रामको पिठिउँको धूलो झार्न र पुछ्नलागे ।।१९।। दुःखी लक्ष्मणले पनि आमाहरूलाई देख्नासाथ, रामले ढोग गरिसकेपछि, प्रेमपूर्वक सबैलाई ढोग दिए ।।२०।। यी सबै आमाहरूले रामचन्द्रसँग जस्तो व्यवहार गरे उस्तै व्यवहार शुभलक्षणले युक्त भएका दशरथपुत्र लक्ष्मणसँग पनि गरे ।।२१।। आँखाभरि आँसु लिएकी दुःखिनी सीता पनि, आफ्ना सबै सासुहरूलाई ढोग दिएर उनीहरूको अघिल्तिर उभिरहिन् ।।२२।। वनवासले गर्दा दुब्लाएकी सीतालाई दुःखले पीडित भएकी कौशल्याले, आमाले छोरीलाई अङ्कमाल गरेझैं अँगालो हालेर भन्नलागिन् ।।२३।।

विदेहराजकी छोरी, राजा दशरथकी बुहारी, रामचन्द्रकी पत्नी तिमी यस निर्जन वनमा किन दुःख भोगिरहेकी छौ ? ।।२४।। घामले सुकेको कमलसमान, माडमुड भएको रक्तकमलसमान, धूलो टाँस्सिएको सुनसमान, बादलले ढाकिएको चन्द्रमासमानको तिम्रो यो मुख देख्ता, दुःखरूपी अरणी (आगो निस्कने काठ) बाट निस्केको मेरो यो मनको शोकले आगोले आफ्नो आश्रयमा रहेकोलाई डढाएझैं, मलाई डढाउनलागेको छ ।।२५-२६।।

दुःखिनी आमाले यस प्रकारसँग भनिरहेको वेलामा रामचन्द्रले वशिष्ठलाई आएको देखेर उत्रिखेरै गएर उनको गोडामा ढोग दिए ।।२७।। अग्निसमानका तेजस्वी बृहस्पतिलाई इन्द्रले ढोग दिएझैं रामचन्द्रले पनि अतितेजस्वी वशिष्ठलाई ढोग गरी उनको सँगै एउटै आसनमा बसे ।।२८।। आफ्नो

दाजु बसिसकेपछि धर्मात्मा भरत पनि मन्त्री, शहरका मुख्य मुख्य मानिस, सैनिक तथा धर्मात्माहरूको साथमा अलि होचो जग्गा खोजेर बसे अर्थात् रामचन्द्र बसेको ठाउँभन्दा अलि मन्तिर बसे ॥२९॥ रामचन्द्रको नगीचै बसेका महाबली भरतले, शोभाले प्रकाशमान भइरहेका रामचन्द्रलाई तपस्वी भेषमा देखेर, इन्द्रले ब्रह्माको सामुन्ने हात जोरेर बसेझैं, हात जोरेर उनीतिर हेरिरहे ॥३०॥ यस समयमा त्यहाँ जम्मा भएका मानिसहरू आफ्नो-आफ्नो मनमा बडो उत्कठित भई हेर्थे, अब भरत हात जोरेर नम्रतापूर्वक रामचन्द्रलाई के भन्दा रहेछन् भन्ने कुरा विचार गरिहेका थिए ॥३१॥ यस समयमा आफ्ना मित्रमण्डलीले घेरिएर बसेका, सत्यवचन बोल्ने रामचन्द्र, महानुभाव लक्ष्मण र धर्मात्मा भरत, यज्ञमा सभासद्हरूको साथमा बसेका तीनओटा अग्निसमान शोभित भइरहेका थिए ॥३२॥

सर्ग—१०५

राज्य गर्ने आग्रह गर्दा रामचन्द्र भरतलाई धर्मको उपदेश गर्दछन् ।

इष्टमित्र, बन्धुवर्गले घेरिएका भरत आदि गरिएका पुरुषसिंहहरूको, रामलाई फर्काएर लैजाने उपाय विचार गर्दा गर्दैमा, त्यो रात कष्टसंग बित्यो ॥१॥ रात बितेर बिहान भएपछि भाइहरू आफ्ना इष्ट-मित्रसहित मन्दाकिनीमा स्नान, होम, जप गरेर रामचन्द्रनेर आए ॥२॥ त्यहाँ आएर सबै जना, चूपचाप भई बसे, कसैले पनि केही बोलेन । मित्रमण्डलीको बीचमा बसेका भरत नै रामचन्द्रलाई भन्नलागे ॥३॥

राजा दशरथले पहिले मेरी आमालाई राज्य दिएर सन्तुष्ट गराउनुभयो, आमाले सो राज्य मलाई दिइन् । यै राज्य अब म तपाईंलाई समर्पण गर्दछु, म तपाईंकै हुँ, तपाईं यस अकण्टक राज्यको भोग गर्नुहोस् ॥४॥ वर्षाकालमा जलको ठक्कर खानाले भत्केको पुलले के पानीको वेग रोक्न सक्तछ ? यसै गरी तपाईंसिवाय अरू कसैले यो विशाल अयोध्याको राज्य सम्हाल्न सक्तैन ॥५॥ हे महाराज ! जसरी गधा घोडाको चालमा हिंड्न सक्तैन, अरू चरा गरुडको चालमा जान सक्तैनन्, त्यसै गरी ममा पनि तपाईंले झैं राज्यको पालन गर्ने सामर्थ्य छैन ॥६॥ सधैं अर्काको सेवा गरेर रहने मानिसको जीवन दुःखमय हुन्छ, अरू मानिसद्वारा सेवित भई रहने कुनै मानिसको जीवन उत्तम जीवन हो ॥७॥ मानिसले रूखको बिरुवा लगाएर सेवा यत्नले त्यसलाई हुर्कायो, त्यो सानो रूख आफ्ना हाँगाबिंगा फैलाएर सानो मानिसले चढ्न नसक्ने गरी ठूलो पनि भयो, तर त्यसमा फूल मात्रै फुल्ने फल नलाग्ने भयोभने त्यो रूख रोप्नेलाई सन्तोष हुँदैन कारण उसले फलैको निम्ति त्यसलाई लगाएको हो ॥८-९॥ हे महाराज ! मैले यो कुरा उपमाको ढाँचामा भनें, तपाईं यसको अर्थ बुझ्ने योग्य हुनुहुन्छ, तपाईं हामी सबैका मालिक हुनुहुन्छ; राज्यको पालना गर्ने शक्ति हुँदा हुँदै पनि तपाईंले हाम्रो पालन पोषण गर्नु भएनभने तपाईंको बुद्धिको कामै के भयो ? ॥१०॥ अतएव हे महाराज ! थरी थरी जातिका अगुवाहरूले, सूर्यसमानका तेजस्वी, शत्रुलाई ताप पार्ने तपाईंले राज्यासनमा बसेको देख्न पाऊन् ॥११॥

हे काकुत्स्थ ! यी मतवाला हात्तीहरू गर्जन गर्दै तपाईंका साथमा हिंड्दून् र अन्तःपुरका आइमाईहरू प्रसन्न भई एकाग्रचित्तले मङ्गलध्वनि गरून् ।।१२।। रामलाई प्रार्थना गर्नलागेका भरतको कुरा सुन्दा सबै नगरवासीहरूले "ठीक हो, ठीक हो" भन्दै उनका कुराको अनुमोदन गरे ।।१३।।

यशस्वी भरतले मनमा दुःखित भई यस प्रकारसँग विलाप गर्नलागेको देख्ता, धैर्य्य धारण गर्ने, शुद्धचित्त भएका रामचन्द्र उनलाई यस प्रकारसँग संझाउनलागे ।।१४।। मानिस जन्मैदेखिको पराधीन छ, आफ्नो इच्छाअनुसारको काम गर्ने यसमा कुनै पनि शक्ति छैन, भाग्यले नै यसलाई यताबाट उता र उताबाट यता तानेर लैजान्छ अर्थात् राजा वा कैकेयी कोही पनि मेरो वनवासका कारण होइनन्, यो सब भाग्यले गराएको हो ।।१५।। जति संग्रह गरिएका पदार्थ छन् ती सबै नाश हुने हुन्, जो माथि पुगेका छन् ती एक दिन तल खस्नेछन्, जति संयोग छन् ती सबै वियोगान्त छन् अर्थात् एक दिन अलग अलग हुनेछन्, जहाँ जीवन छ त्यहाँ मरण पनि अवश्यै छ ।।१६।। जसरी पाकेको फललाई तल झर्नुसिवाय अर्को गति नै छैन त्यसै गरी जन्म लिएको मानिसलाई नमरी सुक्खै छैन, फेरि मृत्युदेखि डराउनु किन ? ।।१७।। जसरी बलियो थाम भएको घर पनि पुरानो भएपछि ढल्दछ त्यसै गरी बुढ्याइँ र मृत्युको वशमा परेर मानिस मर्दछ ।।१८।। बितेको रात फेरि फर्केर आउन्न, यमुनाको जुन जल पूर्ण समुद्रमा गएर मिसियो त्यो फेरि फर्केर आउन्न ।।१९।। ग्रीष्म कालमा सूर्यका किरणले पानीलाई सोसेझैं यी बितिरहेका दिन रातले सबै प्राणीको आयु क्षीण गराइरहेका छन् ।।२०।। तिमी आफ्नै चिन्ता गर, अर्काको अर्थात् मरेका राजाको निम्ति किन चिन्ता गर्दछौ ? मानिस चाहे बसिरहोस् वा डुल-फिर गरोस् त्यसको उमेर क्षीण हुँदै जान्छ ।।२१।। मृत्यु सदा साथमा हिंड्दछ, संगै बस्तछ, सँगै बाटोमा टाढासम्म गएर फेरि फर्कन्छ ।।२२।। शरीरमा चाउरी परिसक्यो, रौं सेता भइसके, बुढ्याइँले गर्दा शरीर जीर्ण भइसक्यो, यसो भएपछि मानिस कसरी आफूलाई समर्थ र स्वाधीन भन्न सक्तछ ।।२३।। मानिस सूर्यास्त भएको देख्ता मनमा प्रसन्न हुन्छन् तर आफ्नो जीवन नाश भइरहेकोतिर यिनको दृष्टि जाँदैन ।।२४।। वसन्तादि नयाँ नयाँ ऋतु आएको देख्ता मानिस प्रसन्न हुन्छन्, तर यी ऋतुको अदली बदलीले आफ्नो उमेर घटिरहेको कुरा ख्याल राख्तैनन् ।।२५।। जसरी महासमुद्रमा दुई काठ बग्दै आएर एकै ठाउँमा केही बेर मिसिएर रहन्छन् र फेरि वेला आइपुगेपछि अलग अलग हुन्छन् त्यसै गरी स्वास्नी, छोरा, कुल कुटुम्बी, धन भेटिन्छन् फेरि अलग अलग भइजान्छन् । यिनीसितको वियोग नभइछाड्दैन ।।२६-२७।। यस संसारमा कोही मानिस पनि जन्म र मरणको नियमलाई उल्लंघन गर्न सक्तैन, मरेका मानिसको निम्तिमा शोक गर्नेसित आफ्नो प्रेतत्व दूर गर्ने शक्ति छैन ।।२८।।

बाटोमा जानलागेको मानिसको जमातलाई देखेर बाटोमा बसेको मानिसले म पनि तपाईंहरूसँग जान्छु भनेझैं हामीले पनि आफ्ना बाजे बराजूले चलाएको बाटोमा नहिंडी सुक्ख छैन । उपाय नभएको कुरामा चिन्ता गर्नाले के फाइदा ? अर्थात् एक दिन आफूले पनि मर्नैं छभने मरेका मानिसको निम्ति

२२–क

शोक गर्नु उचित होइन ।।२९-३०।। जसरी खोलामा बगेर गएको पानी फेरि फर्केर आउँदैन त्यसै गरी हाम्रो बितेको आयु फर्केर आउने होइन । यो कुराको ख्याल राखेर आतमाको सुखका लागि धर्मकार्यमा लाग्नु उचित छ, कारण सुखभोग गर्नाको निम्तिमा नै मानिसको जन्म भएको हो ।।३१।। महाराज दशरथ धर्मात्मा थिए, सज्जनहरू उहाँको सम्मान गर्दथे, यथाविधि दक्षिणा दिएर अनेक पवित्र यज्ञ गरी उनी स्वर्ग गएका छन् , उहाँ पनि उनको सत्कारै हुनेछ, स्वर्गमा प्राप्त भएका पिताको निम्ति हामीले शोक गर्नु ठीक होइन ।।३२।। हाम्रा पिताले पुरानो मनुष्य चोलालाई त्याग गरी दैवी सम्पत्ति पाएका छन् , अहिले उनी ब्रह्मलोकमा विहार गरिरहेका होलान् ।।३३।। तिमी र म जस्तो शास्त्र जान्ने कोही बुद्धिमान् मानिस पनि राजा दशरथको निम्ति शोक गर्ला जस्तो लाग्दैन ।।३४।। अनेक प्रकारका विलाप, शोक, रुनु रुवाउनु धैर्य्य राख्न सक्ने मानिसले छाडिदिनुपर्दछ ।।३५।। अब तिमी सावधान होऊ, शोक नगर र अयोध्यामा गई बस । हे वाग्मिश्रेष्ठ ! सत्यवादी पिता तिमीलाई अयोध्यामा बस्ने आज्ञा दिएर जानुभएको छ ।।३६।। पुण्यकर्म गर्ने पिताजीले मलाई जहाँ नियुक्त गर्नुभएको छ म उहीं आफ्ना पूजनीय पिताको आज्ञा पालन गर्दछु ।।३७।। हे शत्रुहरूको दमन गर्ने भरत ! पिताको आज्ञा त्याग गर्न मलाई उचित पर्दैन, उनी तिम्रा पनि मान्य हुन् , उनी हाम्रा पिता, बन्धु र शासनकर्ता पनि हुन् ।।३८।। धर्मात्माहरूद्वारा सम्मत भएको पिताजीको वचन म वनवासरूपी कर्मले पालन गर्दछु ।।३९।। हे नरश्रेष्ठ ! परलोकलाई जित्तछु भन्ने इच्छा भएको मानिसले धार्मिक, दयालु र आफूभन्दा ठूलाको आज्ञा मान्ने हुनुपर्दछ ।।४०।। हे नरोत्तम ! राजा दशरथको पवित्र आचरणपट्टि दृष्टि राखेर आफ्नो धार्मिक स्वभावद्वारा परलोकमा आफ्नो भलो हुने चिन्तामा लाग ।।४१।।

महात्मा रामचन्द्र पिताको आज्ञा पालन गर्ने सम्बन्धमा आफ्नो सानो भाइलाई यस प्रकारसँग मतलबले पूर्ण भएको कुरा भनेर चूप लागे ।।४२।।

सर्ग—१०६

फेरि पनि भरत रामलाई अयोध्यामा गएर राज्य गर्ने आग्रह गर्दछन् ।

मन्दाकिनीको तीरमा यस प्रकारसँग मतलबले पूर्ण भएको वचन भनेर रामचन्द्र चूप लागेपछि, धार्मिक भरत प्रजाका प्रिय र धर्मात्मा रामलाई यस किसिमको युक्ति-युक्त कुरा भन्नलागे । हे शत्रुलाई ताप पार्ने रामचन्द्र ! यस पृथ्वीमा तपाईंसमानको अर्को को छ ? ।।१-२।। तपाईंलाई न कुनै दुःखले पीडा दिन सक्तछ न कुनै हर्षले प्रफुल्लित गराउन सक्तछः सबै बूढा-पाकाहरू तपाईंलाई मान्दछन् , तैपनि धर्मको कुरामा केही सन्देह हुन गयोभने तपाईं उनीहरूसित सोध्नुहुन्छ ।।३।। तपाईंको लेखामा जस्तो मृत्यु छ उस्तै जीवन छ, कुनै पदार्थ भए पनि केही छैन, नभए पनि केही छैन, जुन मानिसको यस्तो बुद्धि छ त्यसलाई कताबाट सन्ताप पर्न सक्तछ ! ।।४।। जो मानिस तपाईंझैं परावरज्ञ

अर्थात् यस लोक परलोक दुवैको वृत्तान्त जान्दछन् तिनै मात्र यस्तो विषम अवस्थामा पर्दाखेरि पनि शोक गर्दैनन् ।।५।। रघुनाथ ! तपाईं देवतासमान पराक्रमी, महात्मा, सत्यप्रतिज्ञ, सबै कुरा जान्ने, सर्वदर्शी र बुद्धिमान् हुनुहुन्छ ।।६।। यस्ता गुणले युक्त हुनुभएको र जन्म मृत्युको रहस्य जान्ने तपाईंलाई कुनै प्रकारको दुःख पनि असह्य हुन सक्तैन ।।७।।

तर म परदेशमा छँदाखेरि मेरी यी नीच माताले मेरो निम्तिमा जो पाप गरिन् त्यो मलाई अनिष्ट छ अर्थात् मेरो इच्छाअनुसारको छैन, तसर्थ तपाईं ममाथि प्रसन्न भइजानुहोस् ।।८।। म धर्मको बन्धनले बाँधिएको छु, यसैले ता यस्तो पाप गर्ने अतएव दण्ड पाउन योग्यकी आमालाई कठोर दण्ड दिएर मारिनँ ।।९।। श्रेष्ठ कुलमा र पुण्यकर्म गर्ने दशरथबाट जन्मेको, धर्म अधर्म जान्ने मैले कसरी यस्तो निन्दित काम गर्नामा लाग्ने ? ।।१०।। म यस सभामा महाराजको समेत निन्दा गर्न सक्तिन किनकि उहाँ हाम्रा गुरु, यज्ञ गर्ने राजा, वृद्धावस्थामा प्राप्त भई परलोक जानुभएकोले देवतातुल्य हुनुभएको छ ।।११।। मैले निन्दा ता गरेको होइन, तर हे धर्मज्ञ राम ! धर्म जान्ने कुनचाहिं मानिसले स्वास्नी-लाई प्रसन्न गराउनाको निम्ति धर्म र अर्थले हीन भएको यस प्रकारको पापकर्म गर्न सक्ला ? ।।१२।। अन्तकालमा मानिसको बुद्धि नष्ट हुन्छ भन्ने यो उखान प्राचीन कालदेखि चलिआएको हो, यस प्रकारको काम गरेर राजाले सो उखानलाई प्रत्यक्षै गरेर देखाइदिए ।।१३।। राजाले यो काम कैकेयीको डरले, चित्तको चञ्चलपनाले, अज्ञानले अथवा साहसले जेले गरेको भए तापनि तपाईंले यस दुष्कर्मको संशोधन गर्नु उचित छ ।।१४।। जुन छोराले पिताको दोषलाई निवारण गर्दछ, छोरो भनेको त्यै हो; यसको विपरीत काम गर्ने छोरो सुपुत्र कहिन सक्तैन ।।१५।। पिताको उत्तम पुत्र बन्नुहोस् र उहाँले गरेको पाप कर्मको समर्थन गर्नपट्टि नलाग्नुहोस् । पिताले धर्मको उल्लंघन गरेर जो यो काम गर्नुभएको छ, लोकमा पण्डितहरू त्यसको निन्दा गर्नेछन् ।।१६।। कैकेयीको, मेरो, बाबाको, इष्टमित्रको, कुल-कुटुम्बीको, समग्र प्रजाको, यी सबैको रक्षा तपाईं नै गर्न सक्नुहुन्छ ।।१७।।

कहाँ क्षत्रियधर्म, कहाँ यो कठोर वनवास, कहाँ प्रजापालन, कहाँको यो जटाधारण । यस प्रकारका परस्पर विरोधी काममा तपाईंले प्रवृत्त हुनु मुनासीब छैन ।।१८।। हे महाप्राज्ञ ! आफ्नो अभिषेक गराउनु क्षत्रियको पहिला धर्म हो जसले गर्दा कि उ आफ्ना प्रजाको पालना गर्न पाओस् ।।१९।। कुन क्षत्रिय यस प्रकारको प्रत्यक्ष धर्मलाई छाडी यस्तो अनिश्चित धर्मको (वानप्रस्थ धर्मको) पालन गर्ला जुन धर्म कि संशयले युक्त भएको, सुखरहित र वृद्धावस्थामा नै गरिन योग्य छ ।।२०।। शरीरलाई कष्ट दिने धर्म गर्ने नै तपाईंको इच्छा छभने धर्मानुसार ब्राह्मणादि चारै वर्णको पालना गर्नामा जो क्लेश हुन्छ त्यसलाई स्वीकार गर्नुहोस् ।।२१।। हे धर्मज्ञ ! धर्म जान्नेहरू चारै आश्रममा गृहस्थाश्रम-लाई नै श्रेष्ठ भन्दछन, फेरि तपाईंले त्यसलाई किन छाड्न चाहेको ? ।।२२।। विद्यामा, जन्ममा र स्थानमा पनि म तपाईंको सामुन्ने बालक छु, तपाईं छँदा छँदै मैले कसरी पृथ्वीको पालन गर्ने ?।।२३।। एक ता म बुद्धिहीन, गुणरहित छु, दोस्रो तपाईंभन्दा कान्छो बालखै छु, तपाईंविना म बाँच्नसमेत

ता सक्तिनभने राज्य गर्ने कुरा त कता छ कता ! ॥२४॥ तसर्थ हे धर्मज्ञ ! आफ्ना बन्धुवर्गलाई साथमा लिई पिताको यो शत्रुहीन र श्रेष्ठ, सम्पूर्ण राज्यको धर्मपूर्वक पालना गर्नुहोस् ॥२५॥ मन्त्र जान्ने वशिष्ठ आदि सबै ऋत्विग्, तथा समस्त प्रजाले यहीं नै तपाईंको अभिषेक गरून् ॥२६॥ हामीहरूद्वारा अभिषिक्त भएपछि जसरी देवराज इन्द्रले, आफ्ना शत्रुहरूलाई जिती देवताहरूको साथमा स्वर्गमा प्रवेश गरेथे त्यसै गरी तपाईं पनि हामीहरूको साथमा शत्रुगणलाई जित्तै झट्टपट्ट प्रजाको पालन गर्नालाई अयोध्यामा प्रवेश गर्नुहोस् ॥२७॥ देवता, ऋषि र पितृ यी तीनैको ऋणबाट मुक्त हुँदै, दुष्टको संहार गर्दै र मित्रहरूको इच्छा पूर्ण गर्दै तपाईं अयोध्यामा मलाई शिक्षा दिंदै गर्नुहोला ॥२८॥ आज तपाईंको अभिषेकले इष्टमित्रहरू प्रसन्न होऊन् र दुःख दिन इच्छा गर्ने दुष्टहरू डराएर दशै दिशातिर भागून् ॥२९॥ हे पुरुषश्रेष्ठ ! मेरो र मेरी आमाको यो लोकनिन्दा मेटिदिनुहोस् र पूज्य पिताको पनि पापदेखि रक्षा गर्नुहोस् ॥३०॥ टाउको निहुराएर म तपाईंसंग प्रार्थना गर्दछु कि विष्णु भगवान्ले प्राणीहरूउपर कृपा गरेझैं तपाईं पनि ममाथि र समस्त बन्धुवर्गमाथि गर्नुहोस् ॥३१॥ यदि तपाईं मेरो कुरा मान्नुहुन्न र यताबाट अकैं वनमा जानुहुन्छभने म पनि तपाईंसँग नगइछाड्दिन ॥३२॥

व्याकुल भएका भरतले यस प्रकारसँग टाउको निहुराएर प्रार्थना गर्दै रामचन्द्रलाई प्रसन्न गराउन खोजे, तर यति गर्दा पनि पिताको आज्ञा पालन गर्नामा दृढ सङ्कल्प गरेका सत्यवान् रामले फर्कने इच्छा गरेनन् ॥३३॥ यस समयमा यहाँ जति मानिस थिए ती दुःखित ता थिए, तर रामको यो अद्भुत धैर्य्य देख्ता यिनीहरूलाई हर्ष भयो । राम अयोध्या जान्नन् भन्ने कुराले दुःखित भए, तर आफ्नो प्रतिज्ञामा अटल रहेको देख्ता यिनलाई हर्ष भयो ॥३४॥ ऋत्विक्, नगरवासी, मन्त्री, प्रजाका अगुवा, तथा बेहोश हुन लागेका र रोइरहेका आमाहरूले यस प्रकारसँग बोलिरहेका भरतको प्रशंसा गरे र रामचन्द्रलाई प्रणाम तथा आशीर्वाद दिएर सँगै अयोध्यातिर फर्कने आग्रह गरे ॥३५॥

सर्ग—१०७

बारंबार आग्रह गरिरहेका भरतलाई रामचन्द्रजी फेरि पनि संझाउँछन् ।

यस प्रकारसँग फेरि पनि प्रार्थना गर्नलागेका भरतलाई श्रीमान्, परममाननीय रामचन्द्र जातिवालाहरूको सामुन्नेमा भन्नलागे ॥१॥ राजश्रेष्ठ दशरथबाट तिमी कैकेयीको कोखमा जन्मेका छोरा हुनाले तिमीले भनेका सबै कुरा ठीक छन् ॥२॥ हे भाइ ! पिताजीले, तिम्री आमालाई विवाह गर्दा, तिम्रा बाजेलाई तपाईंकी छोरीबाट जन्मेको छोरालाई म राजगद्दी दिनेछु भनी प्रतिज्ञा गरेको थियो ॥३॥ देवासुर संग्राममा तिम्री आमाको उपकारले प्रसन्न भई पिताजीले उनलाई वर दिएको थियो ॥४॥ यशस्विनी, मीठो बोल्ने तिम्री आमाले नरश्रेष्ठ राजालाई सो कुरा संझाएर दुईटा वर मागिन्— एउटाले तिमीलाई राज्य र अर्कोले मलाई वनवास; प्रतिज्ञाले बाँधिएका राजाले उनलाई यी दुवै वर दिनै पऱ्यो ॥५-६॥ हे पुरुषवर ! यै वरदानको अनुसार म पिताजीको आज्ञाले चौद्ध वर्षसम्म वनमा

बस्नाका लागि नियुक्त भएको छु ।।७।। यसै कारणले पिताको सत्यरक्षाको निम्ति लक्ष्मण र सीताको साथमा विवादरहित भई म निर्जन वनमा आएको हुँ ।।८।। हे राजेन्द्र ! तिमी पनि उनको कुरा मानेर झट्टै आफ्नो राज्याभिषेक गराई उनलाई सत्यवादी बनाऊ ।।९।। हे भरत ! मेरो निम्ति राजालाई ऋणदेखि मुक्त गर र आमालाई खुशी राख ।।१०।। गयामा यज्ञ गर्दाखेरि बुद्धिमान् यशस्वी गय राजाले पितृहरूलाई प्रसन्न गराउनाका लागि यो गाथा गाएका थिए रे भन्ने सुनिएको छ ।।११।।

पुन्नामक नरकबाट बाबुलाई बचाउने हुनाले र सबै तरहबाट पितृहरूको रक्षा गर्ने हुनाले छोरा 'पुत्र' भनिएको हो ।।१२।। गुणी र ज्ञानी अनेक छोरा उत्पन्न हुन् भन्ने इच्छा गर्नुपर्दछ, यिनीहरूमध्ये एउटा पनि गया गयोभने त्यसले पितृहरूलाई तारिदिनेछ ।।१३।। हे रघुनन्दन ! सबै राजर्षिहरूको यस कुरामा विश्वास छ । हे नरश्रेष्ठ ! नरकबाट पिताजीको उद्धार गर ।।१४।। शत्रुघ्न र सबै द्विजातिहरूलाई साथमा लिई अयोध्या जाऊ र प्रजाहरूलाई आनन्दित गराऊ ।।१५।। हे वीर ! म पनि सीता र लक्ष्मण यी दुई जनालाई साथमा लिई झट्टै दण्डक वनमा प्रवेश गर्दछु ।।१६।। हे भरत ! तिमी मानिसहरूको राजा बन, म वनमा पशुहरूको राजा बन्दछु, तिमी प्रसन्न भई अयोध्या जाऊ र म पनि आनन्द मनाउँदै झट्टै दण्डकवनमा प्रवेश गर्दछु ।।१७।। सूर्यको किरणलाई रोक्ने राजच्छत्रले तिम्रो माथमा शीतल गरोस्, म पनि यी जंगली रूखहरूको अति बाक्लो छायामुनि बिस्तारै आश्रय लिन्छु ।।१८।। हे भरत ! अतिशय बुद्धिमान् शत्रुघ्नले तिम्रो सहायता गर्नेछन्, सबै लोकमा विख्यात भएका लक्ष्मण मेरो प्रधान मित्र छँदै छन्; हामी चारै जनाले महाराजको सत्यको रक्षा गर्नुपर्दछ । हे भरत ! तिमी शोक नगर ।।१९।।

सर्ग—१०८

जाबालि ब्राह्मण रामचन्द्रलाई संझाउँछन् ।

धर्मज्ञ रामचन्द्रले यस प्रकारसँग भरतलाई संझाइरहेको वेलामा ब्राह्मणमाका श्रेष्ठ जाबालि रामलाई धर्म्मविरुद्ध यो कुरा भन्नलागे ।।१।। हे रामचन्द्र ! तपाईं श्रेष्ठ बुद्धि भएको तपस्वी हुनुहुन्छ, तसर्थ साधारण मानिसको झैं पिताको आज्ञा पालन गर्ने विषयमा तपाईंको बुद्धि निरर्थक हुन हुँदैन ।।२।। जगत्‌मा को कसको भाइ बन्धु हो ? कसलाई कसबाट के भलो अथवा कुभलो हुन सक्तछ ? प्राणी ता एक्लै जन्मन्छ र एक्लै मर्दछ ।।३।। हे राम ! यी मेरी आमा हुन्, यी मेरा बाबु हुन्, यस्तो समझ राखेर जो मानिस व्यक्तिविशेषमा प्रेम गर्दछ त्यसलाई उन्मत्ततुल्य नै संझनुपर्दछ; वास्तवमा कोही कसैको छैन ।।४।। जुन प्रकारले आफ्नो गाउँबाट अर्को गाउँमा जान लागेको मानिस बाटोमा वास बसी भोलिपल्ट सो जग्गालाई छाडिदिन्छ त्यसै गरी माता, पिता, घर, धन, यी सबै मानिसका वास बस्ने जग्गा हुन्; यसै कारण सज्जनहरू यिनमा आसक्त हुन्नन् ।।५-६।। हे नरोत्तम ! तपाईंले, पिताको राज्य छाडेर अनेक विघ्न बाधा पर्ने, भयंकर, दुःखदायी, वनको यो कुमार्गको आश्रय लिनु उचित होइन

।।७।। उन्नत अवस्थामा पुगेको अयोध्या राजधानीमा आफ्नो अभिषेक गराउनुहोस्, तपाईंको अनु-पस्थितिमा विरहिणीको धर्मपालन गरिरहेकी, अयोध्या नगरी तपाईंको बाटो हेरिरहेकी छन् ।।८।। हे राजपुत्र ! इन्द्रले अमरावतीमा विहार गरेझैं तपाईं पनि धेरै धेरै मोल पर्ने राजाहरूलाई सुहाउने भोग्य वस्तुको भोग गर्दै अयोध्यामा विहार गर्नुहोस् ।।९।। न दशरथ तपाईंका कोही हुन्, न तपाईं दशरथको कोही हुनुहुन्छ, राजा अरू कुनै दोस्रै हुन् र तपाईं पनि अर्कै भिन्नै हुनुहुन्छ, यसकारण म जो भन्दछु सो गर्नुहोस् ।।१०।। जीवको जन्मने विषयमा पिता ता केवल वीर्य्यका कारण मात्र हुन्, ऋतुमती आमाको गर्भमा वीर्य्य र रगत मिसिनाले जीवको जन्म हुन्छ ।।११।। राजा उहीं गएका छन् जहाँ उनले अवश्यै जानुपर्थ्यो, प्राणीहरूको यो गति नभइछाड्दैन, तपाईं व्यर्थैमा राज्य-भोगरूपी पुरुषार्थको त्याग गर्न लाग्नुभएको छ ।।१२।। प्रत्यक्ष अर्थलाई छाडेर जो अप्रत्यक्ष धर्ममा तत्पर हुन्छन् तिनका लागि मलाई अफसोस लाग्दछ, अरूको निम्ति ता लाग्दैन, किनकि यिनीहरू यस लोकमा कष्ट भोग्दछन् र परलोकमा नष्ट हुन्छन् ।।१३।। पितृहरूको मंगलका लागि श्राद्ध गर्ने विधान जो लोकमा चलेको छ त्यसले ता केवल अन्नको नाश मात्र हुने हो, कारण मरिसकेको मानिसकहाँ कसरी त्यो अन्न पुग्न सक्ला र कसरी त्यसले खाला ? ।।१४।। एउटाले खाएको अन्न अर्काको शरीरमा पस्तछभने ता परदेशमा जानेहरूको पनि श्राद्ध गरे भइहाल्यो नि, बाटोमा उसले भोजन पाइहाल्ला ।।१५।। जुन ग्रन्थमा यज्ञ गर, दान देऊ, दीक्षा देऊ तप गर, संन्यास ग्रहण गर, इत्यादि कुरा लेखिएका छन्, तिनलाई ता विनापरिश्रमले धन पाइयोस् र मानिस वशमा परून् भन्ने विचारले बुद्धिमान्हरूले बनाएका हुन् ।।१६।। हे महामते ! यस लोकसिवाय अर्को लोक छैन यो कुरा तपाईं जानिराख्नुहोस्, जो प्रत्यक्ष छ त्यसलाई लिनुहोस् र अप्रत्यक्षलाई छाडिदिनु-होस्; अर्थात् प्रत्यक्ष राज्य सुख भोग गर्नुहोस्, पिताको वचनको पालना गर्नाले धर्म होला भन्ने कुरा अप्रत्यक्ष हो यसतिर मन नलगाउनुहोस् ।।१७।। सज्जनहरूको सल्लाह मानेर राज्य ग्रहण गर्नुहोस्, भरत तपाईंलाई विन्ति गरिरहेका छन्, यै कुरा सबैलाई मन पनि परेको छ ।।१८।।

सर्ग—१०९

रामचन्द्र जाबालिको कुराको खण्डन गर्दछन् ।

जाबालिको यो कुरा सुनेपछि सत्यपराक्रमी रामचन्द्र, यस कुराको विरुद्धमा आफ्ना उत्तम अव्वल बुद्धिले विचार गरेको, वेदको प्रमाणित कुरा भन्नलागे ।।१।। मेरो भलो गर्ने अभिप्रायले तपाईंले यो जो कुरा भन्नुभयो ती अनुचित र कुभलो गर्ने हुन् तापनि यसो हेर्दा ता गर्नयोग्य र भलो गर्ने जस्ता लाग्छन् ।।२।। जो मानिस वेद-मार्गलाई छाडी वेदविरुद्ध नास्तिकहरूको शास्त्रमा रुचि देखाउँछ त्यो पापी हो र सज्जन मानिसले त्यसको मान गर्दैनन् ।।३।। चरित्रले नै अर्थात् वेदमा बताएबमोजिम चल्नाले अकुलीन कुलीन बन्दछ, कातर शूरो हुन्छ र अपवित्रलाई पवित्र विख्यात गराइदिन्छ ।।४।। तपाईंको मत स्वीकार गरेको खण्डमा ता अनार्य मानिस पनि आफूलाई आर्य सम्झन थाल्नेछ, अपवित्र पनि

म पवित्र हुँ भन्ने धाक लगाउनेछ, लक्षणहीन आफूलाई लक्षणले युक्त भएको भन्ठान्नेछ र दुःशील मानिस सुशील ठहरिनेछ ॥५॥ धर्मको नाममा मैले संसारमा अनाचार फैलाउने बाटो समातेंभने ता वेदविरुद्ध काम गर्नाले म अशुभ फल पाउनेछु ॥६॥ गर्न हुने, गर्न नहुने कामको विचार राख्ने कुन-चाहिँ चेत भएको मानिसले वेदविरुद्ध काम गर्ने र संसारलाई दूषित गर्ने मेरो आदर गर्ला ? ॥७॥ तपाईंको आज्ञाअनुसार काम गरेंभने ता सत्यको पालना गर्ने मेरो जो प्रतिज्ञा छ त्यो भङ्ग हुनेछ, त्यसो भएपछि मैले स्वर्ग कसरी पाउने र कसको आचरणको अनुकरण गर्ने, किन कि मेरा पुरुखाहरूमा ता कसैको पनि यस्तो आचरण थिएन ॥८॥ तपाईंले भनेबमोजिम चलेंभने ता म स्वेच्छाचारी बन्नेछु र मेरो देखासिकी सबै मानिस मनपर्दो गर्न थाल्नेछन्, किनकि राजाको जस्तो व्यवहार हुन्छ प्रजाको पनि उस्तै व्यवहार हुन्छ ॥९॥

दयाले युक्त भएको सत्य नै सनातन राजधर्म हो, यसैले राज्यलाई सत्यस्वरूप भन्दछन् र यो लोक पनि सत्यमा नै अडिएको छ ॥१०॥ ऋषि र देवताहरू केवल सत्यको आदर गर्दछन्; संसारमा केवल सत्य वचन बोल्नेले अक्षय ब्रह्मलोक भेट्टाउँछ ॥११॥ जसरी मानिस साँपदेखि डराउँछन् त्यसै गरी झूटो बोल्ने मानिसदेखि पनि डराउँछन्, संसारमा धर्मको पूर्ति सत्यद्वारा नै हुन्छ, यसैले सत्यलाई सबै व्यवहारको मूल भनेको हो ॥१२॥ यस संसारमा सत्यलाई नै ईश्वर भन्नुपर्दछ; धर्म सदा सत्यको नै आश्रय लिन्छ, सत्यलाई नै सबैको मूल भन्ठान्नुपर्दछ, सत्यभन्दा ठूलो अरू कुनै कुरो पनि छैन ॥१३॥ दान, यज्ञ, होम, तपस्या, वेद यी सबै सत्यमा नै अडिएका छन्, तसर्थ मानिसले सदा सत्यमा तत्पर रहनुपर्दछ ॥१४॥ कोही राजा राज्यको पालन गर्दछ, कोही ता केवल आफ्ना कुल-कुटुम्बीको पालन गर्दछ, एउटा स्वर्गमा पूज्य हुन्छ, अर्को नरकमा जान्छ ॥१५॥ सत्यमा तत्पर भई मैले पिताको आज्ञा पालन किन नगर्ने ? उहाँ सत्यप्रतिज्ञ र सदाचारी हुनुहुन्थ्यो, सत्यको परिपालन गर्न नै उहाँले मलाई आज्ञा दिनुभएको छ ॥१६॥ लोभ, मोह, अज्ञान, क्रोध यी कसैको वशमा परेर म पिताको सत्यरूपी पुल भाँच्ने होइन, मैले जो भनें सो भनें, अब यसमा शोच विचार गर्ने कुरै छैन ॥१७॥ मैले सुनेको छु, जो मानिस प्रतिज्ञा पालन गर्दैन, धर्मदेखि च्युत भएको त्यो चञ्चल मानिसले देवता पितृहरूलाई हव्य कव्य दियोभने पनि उनीहरू ग्रहण गर्दैनन् ॥१८॥ जीवनको स्थिति बढाउनाको निम्ति नै सत्यपालनरूपी धर्मको सृष्टि भएको हो, यसैले म यो सत्यपालनलाई सबै धर्ममा श्रेष्ठ भन्ठान्दछु, वनवासरूपी अथवा सत्यपालनरूपी भार प्राचीन कालमा सज्जनहरूले बोकेका हुन्, यसै कारणले म पनि यसलाई आदरको दृष्टिले हेर्दछु ॥१९॥ नीच, निर्लज्ज, लोभी, पापीहरूले, धर्म जस्तो देखिने अधर्म काम गरेर जुन क्षात्रधर्मको अवलम्बन गर्दछन् त्यस्तो क्षात्रधर्मलाई म त्याग गर्दछु, तर ठीक क्षत्रिय-धर्मलाई ता म कहिले पनि त्याग गर्ने होइन ॥२०॥ मानिसहरू केवल शरीरद्वारा पाप गरिन्छ भनिठान्दछन्, तर पाप मानसिक, वाचिक र कायिक तीन प्रकारका हुन्छन्। सबभन्दा पहिले पाप गर्ने विचार मनमा उठ्तछ, त्यसपछि यसको साधनको निम्ति

मुखले झूटो बोल्नुपर्दछ, अनि पछि शरीरद्वारा सो पाप गरिन्छ ।।२१।। भूमि, कीर्ति, यश, लक्ष्मी यी सबै सत्यवादी पुरुषको नै चाहना गर्दछन् । सज्जनहरू केवल सत्यको अनुसार काम गर्दछन्, तसर्थ मानिसले सत्यको नै सेवन गर्नुपर्दछ ।।२२।। तपाईंले आफ्नो मनमा निश्चय गरी, युक्तियुक्त वचन-द्वारा मलाई जुन काम गर्ने उपदेश दिनुभएको छ (अर्थात् यो राज्य तिम्रो निम्ति कल्याण गर्ने हो, यसको पालन गर) र जसलाई उचित सम्झनुहुन्छ त्यो सर्वथा अनुचित छ ।।२३।। पिताजीको सामुन्नेमा वनवास गर्ने प्रतिज्ञा गरेर मैले अहिले कसरी भरतको कुरा मान्ने र पिताको कुरा नमान्ने ।।२४।। जुन समयमा मैले पिताको सामुन्नेमा यो दृढ प्रतिज्ञा गरेथें त्यस समयमा देवी कैकेयी मेरो प्रतिज्ञा सुनेर प्रसन्न हुनुभएथ्यो ।।२५।। म वनैमा बसेर पवित्र चित्तले नियमित समयमा कन्दमूल, फल फूल भोजन गर्दछु र यिनै पदार्थले देवता र पितृहरूलाई तृप्त गर्दछु ।।२६।। यस प्रकारसँग आफ्ना पाँचै इन्द्रियलाई सन्तुष्ट गराई समय बिताउनेछु, कपटको त्याग गरी गर्न हुने गर्न नहुने काममा चतुरो भई श्रद्धापूर्वक आफ्नो कुलमर्यादा थाम्नेछु ।।२७।। कर्मभूमिमा आएर हामीले पुण्यकर्म गर्नुपर्दछ, यस्तो शुभ कर्म गर्नेहरूले आफ्नो कर्मअनुसार अग्नि, वायु, चन्द्र आदि गरिएका देवताहरूको लोकमा जान पाउँछन् ।।२८।। सय यज्ञ गरेर देवराज इन्द्र स्वर्ग गए, कठोर तपस्या गरेर महर्षिहरूले स्वर्ग भेट्टाए ।।२९।।

उग्र तेजिला रामचन्द्र यस प्रकारको जाबालिको नास्तिक, हेतुवादको कुरा सुन्दा ती कुरालाई सहन नसकेर तिनको निन्दा गर्दै फेरि भन्नलागे ।।३०।। सत्य, पराक्रम, प्राणीहरूमाथिको दया, मीठो बोलाइ, ब्राह्मण, देवता र अतिथिहरूको पूजन यी कामलाई सज्जनहरू स्वर्गको बाटो भन्दछन् ।।३१।। यसै कारण ब्राह्मणहरू धर्मलाई मुख्य संझी एकाग्रचित्तले बडो सावधान भई आफ्ना आफ्ना वर्णाश्रमको अनुकूल धर्मको पालना गर्दछन् र यसैबाट स्वर्गलोकको चाहना गर्दछन् ।।३२।। हे जाबालि ! तपाईं धर्मबाट बिलकुलै भ्रष्ट हुनुभएको छ, बडो नास्तिक हुनुँदो रहेछ, चार्वाकको मतअनुसार बुद्धि गराएर संसारलाई नाश गर्न भ्रमण गर्नुहुँदो रहेछ, पिताजीले व्यर्थैमा तपाईंलाई यज्ञमा याजक बनाउनुभएछ, उहाँको यस कामको म निन्दा गर्दछु ।।३३।। चोरहरूलाई जुन प्रकारको दण्ड दिइन्छ, बौद्धमत मान्ने नास्तिकहरूलाई पनि त्यै किसिमको सजाय दिनुपर्दछ; प्रजाहरूको बुद्धि शुद्ध गर्नाको निम्ति राजाहरूले नास्तिकलाई दण्ड दिनु मुनासिब हो, अधर्ममा हिंड्ने नास्तिकहरूसित ब्राह्मण अथवा ज्ञानी पुरुषले बोल्नु पनि ठीक छैन ।।३४।। पहिलेका ब्राह्मणहरू तिमीभन्दा श्रेष्ठ थिए, यिनीहरूले अनेक पुण्य कर्म गरे, यस लोक परलोकको कामना छाडी यिनीहरूले अहिंसा, सत्य, तप, दान, इत्यादि जो काम गरे त्यो सबै वेदको आज्ञा हुनाले नै गरेका हुन् । धर्माचरण गर्ने सज्जनहरूको साथमा रहने, दानी र हिंसारहित मुनिहरू तेजस्वी र पापहीन भई लोकमा प्रधान तथा पूज्य हुन्छन् ।।३५-३६।।

दीनताशून्य, महात्मा रामचन्द्रले यसो भन्दै अनेक दोष देखाएकोले यी बाहुन फेरि विनयपूर्वक, आस्तिक, भलो गर्ने र सत्य कुरा भन्नलागे ।।३७।। हे राघव ! मैले नास्तिकहरूको कुरा गरेको होइन, म नास्तिक हुँदा पनि होइन, परलोक इत्यादि छैनन् भन्ने कुरा ता हुनै सक्तैन । म मौका हेरेर आस्तिक,

नास्तिक दुवै प्रकारको बन्दछु ॥३८॥ जुन समयमा मैले नास्तिकझैं कुरा गरेथें त्यो समय अब गयो, तपाईंलाई वनवासबाट फर्काउने अभिप्रायले मैले यस्तो भनेको हुँ । अब तपाईंलाई प्रसन्न गराउनाको निम्ति·आस्तिक वचन भन्नलागेंको छु ॥३९॥

सर्ग—११०

वशिष्ठ रामको वंशावलीको वर्णन गर्दै राज्य लिन आग्रह गर्दछन् ।

रामलाई रिसाएको देखेर वशिष्ठ भन्नलागेः—जाबालि पनि यस लोकको गति अगति (जन्म-मरण) को कुरा जान्दछन्, यिनी नास्तिक होइनन् ॥१॥ तिमीलाई फर्काउने इच्छाले उनले यसो भनेको हो । हे लोकनाथ ! यस लोकको उत्पत्तिको हाल मबाट सुन ॥२॥ पहिले सबै जलै जल थियो, यसमा पृथ्वीको उत्पत्ति भयो, त्यसपछि इन्द्र आदि देवताहरूको साथमा स्वयम्भू ब्रह्मा उत्पन्न भए ॥३॥ फेरि यिनले वराहको रूप लिएर जलबाट पृथ्वीलाई निकाली प्रयत्नशील छोराहरूको साथमा सम्पूर्ण जगत् बनाए ॥४॥ यस प्रकारसँग सनातन, नित्य र अक्षय ब्रह्मा आकाशबाट उत्पन्न भए, यिनीबाट मरीचि, मरीचिबाट काश्यप, काश्यपबाट सूर्य र सूर्यबाट वैवस्वत मनु भए, यी वैवस्वत मनु प्रजापतिहरूमा पहिला हुन् । आफ्ना छोरा इक्ष्वाकुलाई सबभन्दा पहिले यो धनपूर्ण पृथ्वी मनुले दिएको हो, यिने इक्ष्वाकुलाई अयोध्याको पहिलो राजा संझ ॥५-७॥ इक्ष्वाकुका छोरा प्रसिद्ध श्रीमान् कुक्षि भए, कुक्षिका छोरा वीर विकुक्षि भए, विकुक्षिका छोरा महातेजस्वी वाण भए, वाणका छोरा महातपस्वी अनरण्य भए ॥८-९॥ यी अनरण्यको राज्यकालमा पानी नपर्ने भएन, अनिकाल पनि परेन, न कतै चोरै देखिन्थे ॥१०॥ अनरण्यबाट राजा पृथु जन्मे र पृथुबाट महातेजस्वी त्रिशङ्कु ॥११॥ यी त्रिशङ्कु आफ्नो सत्यप्रतिज्ञाले गर्दा शरीर-सहित स्वर्गमा गए, त्रिशङ्कुका छोरा महायशस्वी धुन्धुमार भए॥१२॥ धुन्धुमारबाट महायशस्वी युवनाश्व र युवनाश्वका छोरा श्रीमान् मान्धाता भए ॥१३॥ मान्धाताका छोरा महातेजस्वी सुसंधि भए; सुसंधिका ध्रुवसंधि र प्रसेनजित् दुईवटा छोरा उत्पन्न भए ॥१४॥ ध्रुवसंधिका छोरा रिपुसूदन भरत र महाबाहु भरतबाट असित जन्मे ॥१५॥ असितका हैहय, तालजंघ, सूर र शशविन्दु यी चार राजाहरू शत्रु भए ॥१६॥ असितले आफ्नो फौजले यी राजाहरूलाई युद्धमा घेर्ने ता घेरे र पराजयको शङ्काले बाबुले यिनलाई वनमा पठाइदिए, यिनी रमणीय पर्वतमा गई परमात्मचिन्तन गर्नलागे ॥१७॥ यस्तो सुनिन्छ कि यी राजाका दुवै रानी गर्भवती थिए, यिनीमध्येकी एउटी उत्तम पुत्रको चाहना गर्दथिन्, यिनले देवतासमान-का तेजस्वी भार्गव च्यवनकहाँ गई उनलाई प्रणाम गरिन्, अर्कीले गर्भनाश गर्नालाई सौतालाई विष दिइन् । भार्गव च्यवन हिमवान् पर्वतमा तपस्या गर्न लागेका थिए, गएर कालिन्दी नाम गरेकी पहिली रानीले उनलाई प्रणाम गरिन् । पुत्र जन्मोस् भन्ने वर चाहने तिनीदेखि प्रसन्न भई मुनिले भनेः—तिम्रो छोरो महात्मा, लोकविख्यात धार्मिक, बडा बलियो, वंश बढाउने र शत्रुहरूको नाश पार्ने हुनेछ । यो सुनेर मुनिलाई प्रदक्षिणा गरी तथा उनीसित बिदा भई ती राजपत्नी घर आइन्, घर आएपछि ती

रानीको कमल जस्तो आँखा भएको र ब्रह्मा जस्तो राम्रो छोरो जन्म्यो। सौताले गर्भ नष्ट गर्नाको निम्ति गर अर्थात् विष दिएकी थिई त्यै गरको साथमा जन्मेको हुनाले यिनको नाम सगर भएको हो ॥१८-२४॥ यी उनै सगर राजा हुन् जसले समुद्र खन्न लगाएका थिए। यिनी अमावास्याको दिन यज्ञ दीक्षा लिई बडो वेगले प्रजालाई तर्साउँथे ॥२५॥ हामीहरूले सुनेका छौं, सगरका छोरा असमञ्ज बडा पापी थिए, यसैले बाबुले आफ्नो जीवित अवस्थामा नै उनलाई निकालिदिए ॥२६॥ असमञ्जका छोरा अंशुमान् भए; यिनी पराक्रमी थिए। अंशुमान्का छोरा दिलीप र दिलीपका छोरा भगीरथ भए ॥२७॥ भगीरथका छोरा ककुत्स्थ भए, यतैबाट तिमीहरूको नाम काकुत्स्थ परेको हो, ककुत्स्थका छोरा रघु भए, यतैबाट तिमीहरू राघव कहिएका छौ ॥२८॥ रघुका छोरा बडा तेजस्वी भए। यिनी प्रवृद्ध, पुरुषादक, कल्माषपाद, र सौदास यी चार नामले प्रसिद्ध भए ॥२९॥ कल्माषपादका छोरा शंखण वशिष्ठको सरापले राक्षस भई आफ्नो सेनासहित नष्ट भए भन्ने हामीले सुनेका छौं ॥३०॥ शंखणका छोरा श्रीमान् सुदर्शन भए, यिनी शूरा थिए। सुदर्शनका छोरा अग्निवर्ण र अग्निवर्णका छोरा शीघ्रग भए ॥३१॥ शीघ्रगका छोरा मरु र मरुका छोरा प्रशुश्रुव भए। प्रशुश्रुवका छोरा महामति अम्बरीष भए ॥३२॥ अम्बरीषका छोरा सत्यपराक्रम नहुष भए। नहुषका छोरा परमधार्मिक नाभाग भए ॥३३॥ नाभागका अज र सुव्रत यी दुइटा छोरा भए। अजका छोरा दशरथ थिए ॥३४॥ दशरथका जेठा छोरा राम तिमी छौ र यिनको धनको अधिकारी पनि छौ। हे राजन्! आफ्नो राज्य ग्रहण गरी जगत्को पालना गर ॥३५॥ इक्ष्वाकुवंशमा जेठो छोरो नै राजा हुन्छ, जेठो छँदा छँदै कान्छो हुँदैन, जेठोको नै राज्याभिषेक गरिन्छ ॥३६॥ आफ्नो रघुकुलमा चलिआएको सनातन धर्मको लोप गर्ने तिमीलाई मुनासीब पर्दैन। आफ्नो पिताले झैं यशस्वी भएर, अनेक राज्य तथा यथेष्ट रत्नले संयुक्त भएकी यस पृथ्वीको शासन गर ॥३७॥

सर्ग—१११

रामलाई वशिष्ठले संझाइसकेपछि भरत ढिपी गर्दछन्, तर राम उनको कुरा मान्दैनन्।

राजपुरोहित वशिष्ठ, रामलाई यसो भनिसकेपछि फेरि अर्को धर्मयुक्त कुरा यस प्रकारसँग भन्न-लागे ॥१॥ हे राघव! यस संसारमा उत्पन्न हुने मानिसका तीन गुरु हुन्छन्—आचार्य्य, पिता र माता ॥२॥ हे पुरुषश्रेष्ठ! पिता माता यसलाई जन्म दिने हुनाले गुरु हुने नै भए, तर आचार्य्य पनि ज्ञान दिने हुनाले गुरु कहिन्छन् ॥३॥ हे शत्रुलाई ताप पार्ने राम! म तिम्रो र तिम्रा बाबुको पनि आचार्य्य हुँ, मेरो कुरा मान्नाले तिमीलाई सज्जनहरूको बाटो छाड्ने दोष लाग्नेछैन ॥४॥ यी सभासद्, कुटुम्बी र जो राजा आएका छन्, यिनको साथमा धर्माचरण गर्नाले अर्थात् यिनीहरूको प्रार्थना स्वीकार गर्नाले तिमीलाई सज्जनहरूको बाटो त्याग गर्ने दोष लाग्नेछैन ॥५॥ यी बिचरी बूढी,

धर्मात्मा तिम्री आमाले भनेको कुरा नमान्नु उचित होइन, यिनको आज्ञा मान्नाले तिमीलाई सज्जनको बाटो उल्लंघन गर्ने दोष लाग्नेछैन ॥६॥ हे सत्यधर्म-पराक्रमी राम ! हेर, भरत तिमीलाई अभिषेक गर्ने प्रार्थना गरिरहेका छन् । यिनको कुरा नमान्नु उचित छैन ॥७॥

गुरुले भनेको यस प्रकारको मीठो वचन सुन्दा पुरुषश्रेष्ठ रामचन्द्रजी बसिराखेका वशिष्ठलाई भन्नलागे ॥८॥ आमा-बाबुले छोरासित जो व्यवहार गर्दछन् त्यसको बदला दिन सकिन्न । माता-पिताको व्यवहारको सट्टामा दिने कुनै वस्तु नै छैन ॥९॥ सबै आमा-बाबु आफ्ना छोरालाई यथाशक्ति भोजन दिन्छन्, समयमा सुताउने, तेल लगाइदिने गर्दछन्, मीठो मीठो कुरा गरेर उसलाई हुर्काउने अनेक उपायमा लाग्दछन् ॥१०॥ राजा दशरथ मलाई जन्माउने बाबु हुन्, उनले मलाई जो आज्ञा दिएका छन् त्यो झूटो हुन सक्तैन ॥११॥

रामले यति भनेपछि ठूलो छाती भएका भरत अत्यन्त दुःखित भई नजीकै बसेका सारथिलाई भन्नलागे ॥१२॥ हे सारथे ! यहाँ चौतारामा झट्टै कुश बिछ्याइदेऊ, जबसम्म यिनी मदेखि प्रसन्न हुँदैनन् तबसम्म म यहाँ धर्ना कस्तछु ॥१३॥ जबसम्म यिनी मेरो साथमा अयोध्या जाँदैनन् तबसम्म म केही नखाई आँखा थुनेर गरीब बाहुन जस्तै भएर यिनको कुटीको अघिल्तिर सुतिरहन्छु ॥१४॥

सुमन्त्रलाई रामचन्द्रतिर हेरिरहेको देख्ता दुःखमा परेका भरतले आफैं कुशको चटाई ल्याई भूइँमा बिछ्याएर बसे ॥१५॥

यो देख्ता राजर्षि-श्रेष्ठ, महातेजस्वी रामचन्द्र भरतलाई भन्नलागे—हे भाइ भरत ! मैले तिम्रो के अन्याय गरेको छु र तिमीले यसरी धर्ना कसेको ? ॥१६॥ बाहुनले मात्र एकै कोल्टे परेर मानिसलाई अन्यायको बाटोबाट रोक्न धर्ना कस्तछन्, राज्याभिषेकको अधिकार हुने क्षत्रियलाई ता यस किसिमको धर्ना दिने काम ठीक होइन ॥१७॥ हे नरश्रेष्ठ ! यो भयानक व्रत त्याग गरेर उठ, अब झट्टै यताबाट अयोध्यातिर लाग ॥१८॥

बसेको बस्यै भरतले आफ्नो चारैतिर शहरवासी, राष्ट्रवासीतिर हेरेर भने—रामचन्द्रलाई तपाईं-हरूले किन केही नभनेको ? ॥१९॥

भरतले यस्तो भनेको सुन्दा पुरवासीहरूले ती महात्मा भरतलाई यसो भनेर जवाफ दिए—तपाईंले रामचन्द्रजीलाई जो भन्नुभयो त्यो ठीक हो, तर यी महाभाग राम पनि आफ्ना बाबुको प्रतिज्ञापालन गर्नामा दृढ छन्, यसैले यिनलाई बलजफ्तीसँग फर्काएर लैजाने हाम्रो सामर्थ्य छैन ॥२०-२१॥

यिनीहरूको यो कुरा सुनेर रामले भने—धर्मपट्टि दृष्टि भएका मानिसहरूको कुरा सुन ॥२२॥ आफ्नो सम्बन्धका र मेरो सम्बन्धका जति कुरा छन्, तिनलाई राम्ररी विचार गरेर उठ, अब फेरि यसो गर्ने छैन भनेर पानी र मलाई छोएर प्रतिज्ञा गर ॥२३॥

भरत उठेर पानी छोईकन भन्नलागे—हे सभासद्हो, हे मित्रहो, सुन ॥२४॥ मैले पिताजी-सँग राज्य मागेको पनि होइन, आमालाई मागिदेऊ पनि भनेको होइन, धर्मात्मा रामलाई वन पठाएको

कुरासम्मको पनि मलाई पत्तो छैन ॥२५॥ यदि रामले अवश्यै वनमा बसेर पिताको आज्ञा पालन गर्ने होभने म पनि चौद्ध वर्षसम्म वनैमा बस्तछु ॥२६॥

धर्मात्मा राम भाइ भरतको यो साँचो कुरा सुन्दा छक्क परेर पुरवासीहरूतिर फर्की भन्न लागे ॥२७॥ पिताजीले आफू बाँचेकै बेलामा जे चीज किन्नुभएको छ, बन्धक राख्नुभएको छ अथवा बिक्री गर्नुभएको छ त्यसलाई न मैले न भरतले लोप गर्न उचित पर्दछ ॥२८॥ वनवासको निम्ति म भरतलाई आफ्नो प्रतिनिधि बनाउन चाहन्नँ, भरतलाई वनको कष्ट भोग्न लगाउनु निन्दित काम हो, कैकेयीले त्यस समयमा जो मागिन् त्यो ठीक हो र पिताजीले त्यसलाई स्वीकार गर्नुभयो सो पनि वेश भयो ॥२९॥ भरत क्षमाशील तथा आफूभन्दा ठूलाको सत्कार गर्दछन् भन्ने कुरा मलाई थाहा छ, आफ्नो प्रतिज्ञा पूरा गर्ने यी महात्मामा सबै असल असल गुण देखिन्छन् ॥३०॥ वनबाट फर्केपछि म यी धर्मशील भरतको साथसाथमा श्रेष्ठ राजा बन्नेछु ॥३१॥ कैकेयीले राजासित वर मागिन्, मैले पनि पिताको आज्ञापालन गरें; हाम्रा पिता महाराजलाई असत्यबाट मुक्त गर ॥३२॥

सर्ग—११२

ऋषिहरू भरतलाई जिद्दी नगर भनेर संझाउँछन्, केही नलाग्ने देखेकोले भरत रामको खराउ लिएर बिदा हुन्छन्।

ऋषिहरू अत्यन्त तेजिला यी दुई भाइको रोमाञ्च गराउने भेटघाट देखेर बहुतै छक्क परे ॥१॥ अदृश्यरूपमा तथा प्रत्यक्षरूपमा रहेका यी ठूला ठूला ऋषिहरू काकुत्स्थवंशी दुवै भाइको प्रशंसा गर्नलागे ॥२॥ दुवै राजपुत्र सदाचारी, धर्म जान्ने र धर्मको प्रचार गर्ने रहेछन्। यिनीहरूको कुरा सुन्दा हामी बहुतै प्रसन्न भयौं, फेरि पनि सुन्न पाए हुँदो हो जस्तो लाग्दछ ॥३॥ रावणको मृत्यु चाहने ऋषिहरू जम्मा भएर झट्टै राजश्रेष्ठ भरतनेर गई भन्नलागे ॥४॥ हे महायशस्वी, महाचरित्रवान्, महाबुद्धिमान् भरत ! तिमी ठूलो कुलमा जन्मेका हौ, यदि तिमी पितालाई सुखी राख्न चाहन्छौभने रामले भनेको मान ॥५॥ रामको विषयमा हामी सबैको यै इच्छा छ कि यिनी सदा पिताको ऋणदेखि मुक्त रहून्, कैकेयीको ऋणदेखि मुक्त भई राजा दशरथले स्वर्ग भेट्टाए ॥६॥

यति भनेर गन्धर्व, महर्षि, राजर्षिहरू सबै आफ्नो आफ्नो ठाउँमा गए ॥७॥

शुभदर्शन (जसको दर्शन गर्नाले पुण्य मिल्दछ) राम यो कुरा सुन्दा बडो प्रसन्न भएकोले शोभायमान भए र हँसिलो मुख लगाएर ती ऋषिहरूको प्रशंसा गर्नलागे ॥८॥ यो कुरा सुन्दा भरत डराए र हात जोरी लरबरिंदो बोली गरेर फेरि रामलाई भन्नलागे ॥९॥ जेठाले नै राज्यको अधिकारी हुनुपर्दछ भन्ने हाम्रो परम्परादेखि चलिआएको कुलधर्मपट्टि दृष्टि दिएर मेरो र मेरी आमाको प्रार्थना स्वीकार गर्नुहोस् ॥१०॥ यस्तो विशाल राज्यको शासन म एक्लै गर्न सक्तिनँ, हामी दुवैमा प्रेम राख्ने यी पुरवासीहरूलाई पनि प्रसन्न राख्न म समर्थ छैन ॥११॥ कुलकुटुम्बी,

योद्धा, इष्टमित्र, यी सबै, खेतीवालले मेघलाई पर्खेझैं, तपाईंलाई पर्खिरहेका छन् ॥१२॥ हे महा-बुद्धिमान् ! तपाईंमा लोकको पालन गर्ने शक्ति छ, तसर्थ अयोध्याको राज्य ग्रहण गरेर यसको रक्षा गर्नुहोस् ॥१३॥ यति भनेर भरत रामको पाउमा परेर "हे राघव, हे राघव" भन्ने मीठो बोली बोलेर वारंवार प्रार्थना गर्नलागे ॥१४॥

रामचन्द्र, कमलको पात जस्तो आँखा भएका, श्याम वर्णका भाइ भरतलाई काखमा राखी, मस्त परेको हाँसको जस्तो स्वर गरेर भन्नलागे ॥१५॥ यस्तो विनययुक्त बुद्धि तिमीमा आफैं आएपछि तिमी राम्रोसँग यस पृथ्वीको रक्षा गर्न सक्तछौ ॥१६॥ अब तिमी मित्र तथा बुद्धिमान् मन्त्री-हरूसँग ठूला ठूला काममा सल्लाह गरी राज्यको व्यवस्था गर ॥१७॥ चन्द्रमाको शोभाले चन्द्रमा-लाई छोडिदेओस्, हिमालयले आफ्नो हिउँलाई त्यागिदेओस्, चाहे समुद्रले आफ्नो मर्य्यादा छाडोस् तर म ता पिताको प्रतिज्ञा नाघ्न सक्तिनँ ॥१८॥ तिम्री आमाले इच्छाले हो वा लोभले हो, केले हो, जो मलाई वनमा पठाइन् सो कुराको चिन्ता तिमी मनमा नराखेर आमासित गर्नुपर्ने व्यवहार यिनीसँग गरे ॥१९॥

प्रतिपद्‌का चन्द्रमा जस्ता राम्रा र सूर्यसमान तेजस्वी कौशल्याका छोराले यसो भनेपछि भरत उनलाई भन्नलागे ॥२०॥

हे आर्य ! त्यसो भए सुनले सिंगारिएका यी खराउ आफ्ना पाउले छोई मलाई दिनुहोस्, यी दुवै खराउमा सबै लोकको पालना गर्ने शक्ति हुन जानेछ ॥२१॥ महातेजस्वी नरश्रेष्ठ रामचन्द्रले दुवै खराउ लगाए र फेरि तिनलाई झिकी महात्मा भरतलाई दिए ॥२२॥ खराउलाई ढोगेर भरत रामलाई भन्नलागेः—चौद्ध वर्षसम्म म जटा र चीर धारण गर्दछु ॥२३॥ हे वीर रघुनन्दन ! फलमूल खाई, शहरबाहिर बसी, राज्यभार यी चरणपादुकालाई अर्पण गरी म तपाईंको फर्कने दिनसम्म पर्खि-राख्नेछु र जुन दिन चौद्ध वर्ष पुग्दछ सो दिनमा तपाईंलाई देख्न पाइनँभने आगामा हामफालिदिनेछु ।

रामले पनि भरतको यस कुरालाई "तथास्तु" भनेर प्रतिज्ञा गरे र अनि आदरपूर्वक भरत शत्रुघ्न लाई अँगालो हाली भन्नलागेः—हे शत्रुघ्न ! कैकेयीको रक्षा गरे र कहिले पनि उनीमाथि रिस नदेखाए ॥२४-२७॥ यदि यिनको साथमा तिमीले नराम्रो व्यवहार गर्‍यौभने मलाई र सीतालाई मारेको पाप लाग्नेछ । यति भन्दै आँखाभरि आँसु गरेर भाइलाई बिदा गरे ॥२८॥

धर्मात्मा भरतले सिंगारिएका, अति तेजिला यी दुई खराउ लिएर रामको प्रदक्षिणा गरे र अनि यी खराउलाई राजा दशरथ चढ्ने हात्तीको टाउकोमा राखिदिए ॥२९॥ क्रमैले गुरु, मन्त्री, प्रजा तथा भाइहरू-को सत्कार गरी यी सबैलाई बिदा गरेर रघुको वंशलाई बढाउने रामचन्द्र हिमालयसमान आफ्नो धर्ममा अचल भई अडिए ॥३०॥ शोकले अत्यन्त व्याकुल भएका आमाहरूको घाँटी बसिसकेको थियो तसर्थ विदा हुने वेलामा यिनीहरू रामसँग बोल्न सकेनन् । रामचन्द्र पनि सबै आमाहरूलाई ढोग दिएर रुँदै कुटीभित्र पसे ॥३१॥

२३

सर्ग—११३

भरत भरद्वाजसित भेट गरेर अयोध्यातिर लाग्दछन् ।

यसपछि रामचन्द्रको खराउ हात्तीको टाउकोमा राखी मनसा केही प्रसन्न भई भरत शत्रुघ्नलाई साथमा लिएर रथमा सवार भए ।।१।। वशिष्ठ, वामदेव, दृढव्रतको पालना गर्ने जाबालि तथा सल्लाह दिनामा चतुरा सबै मन्त्रीहरू अघिअघि लागे ।।२।। रमणीय मन्दाकिनीको तीरमा आएपछि चित्रकूट महापर्वतको प्रदक्षिणा गर्दै यिनीहरू पूर्वतिर लागे ।।३।। अनेक प्रकारका राम्रा राम्रा धातुहरू हेर्दै भरत आफ्नो फौज लिएर चित्रकूटदेखि उत्तरतिर लागे ।।४।।

चित्रकूटको नजीकै भरतले, भरद्वाज मुनि बस्ने गरेको एउटा आश्रम देखे ।।५।। कुललाई प्रसन्न गराउने बुद्धिमान् भरतले, भरद्वाजको आश्रमनेर आइपुगेपछि, रथबाट ओर्ली उनको चरणमा ढोग दिए ।।६।। तब मुनिले प्रसन्न भएर भरतलाई भने—हे बाबु ! कार्य ता सिद्ध भयो ? रामसँग भेट त भयो होला ? ।।७।। बुद्धिमान् भरद्वाजले यसो भनेको सुन्दा धर्ममा प्रेम राख्ने भरत उनलाई भन्नलागे ।।८।। मैले र मेरा गुरुले दृढविक्रमी रामचन्द्रसँग फर्कने प्रार्थना गर्दा मनमा प्रसन्न भई उहांले वशिष्ठजीलाई यस्तो जवाफ दिनुभयो ।।९।। चौद्ध वर्षसम्म मैले वनमा वास गर्ने पिताको जो प्रतिज्ञा छ म सोही प्रतिज्ञाको पूरा तवरले पालन गर्दछु ।।१०।। महाबुद्धिमान् , कुराको मतलब बुझ्ने वशिष्ठले यो कुरा सुनेर बोल्नामा सिपालु भएका रामचन्द्रलाई भने ।।११।। प्रसन्नतापूर्वक यो सुवर्णभूषित पादुका दिएर हे महाप्राज्ञ ! तिमी अयोध्याको कल्याण गर्नामा तत्पर होऊ ।।१२।। वशिष्ठले यसो भनेपछि पूर्वतिर मुख फर्काएर बसेका रामचन्द्रले, राज्यको पालना गर्ने सामर्थ्य भएका सुवर्णभूषित यी पादुका मलाई दिए ।।१३।। महात्मा रामचन्द्रको आज्ञाले म फर्केर आएँ, उनको पवित्र पादुका लिएर अयोध्या जानलागेको छु ।।१४।।

महात्मा भरतका यी मीठा कुरा सुनेपछि भरद्वाज मुनि झन् मीठो कुरा भन्नलागे ।।१५।। उत्तमचरित्र भएका हे नरश्रेष्ठ ! तिम्रो लागि यो आश्चर्य्यको कुरा होइन, जसरी तल झरेको पानी एक ठाउँमा जम्मा भएर स्थिर रहन्छ, त्यसै गरी दाजुको अनुकरण तिमीमा स्थिर भइरहनेछ ।।१६।। तिमी जस्ता धार्मिक र धर्ममा प्रेम राख्ने छोरा हुनाले महाबाहु तिम्रा पिता दशरथ आफ्नो ऋणबाट मुक्त भए ।।१७।। महाबुद्धिमान् ऋषिले यति भनिसकेपछि भरतले हात जोरेर उनको चरणमा ढोग दिए र जानलाई बिदा मागे ।।१८।।

भरद्वाज मुनिलाई वारंवार प्रणाम गरेर भरत आफ्ना मन्त्रीहरूलाई साथमा लिई अयोध्यातिर लागे ।।१९।। घोडागाडी, बैलगाडी, घोडा, हात्तीले गर्दा विशाल रूप धारण गरेको, भरतको पछि लागेको त्यो फौज फेरि फर्क्यो ।।२०।। यसपछि भेल उठिरहेको दिव्य यमुना नदीलाई पार गरी यिनीहरू पवित्र जल भएकी गङ्गानदीको किनारमा पुगे ।।२१।। भरतले, अति उत्तम जलले भरिएकी गङ्गालाई आफ्ना कुलकुटुम्बीहरूको साथमा पार गरेर सेनालाई सँगमा लिई रमणीय शृङ्गवेरपुरमा प्रवेश गरे

।।२२।। शृङ्गवेरपुरबाट यिनले फेरि अयोध्या शहर देखे, दाजु र बाबु नभएको अयोध्या देख्ता यिनी बडो दुःखित भई सारथिलाई भन्नलागे—हे सारथे ! हेर, यो अयोध्या शहर कस्तो ध्वस्त भएको छ, अब यसमा अलिकता पनि शोभा देखिन्न, अहिले यसको न पहिलेको आकार छ, न आनन्द नै छ मानिसहरूले आनन्द मनाइरहेको शब्द नसुनिनाले यो बडो हीन अवस्थामा परेको देखिन्छ ।।२३-२५।।

सर्ग—११४

अयोध्याको दुर्दशा देख्ता भरत विलाप गर्दछन् ।

गम्भीर ध्वनि निस्कने रथमा सवार भई महायशस्वी प्रभु भरत अयोध्यामा आए र यिनले झट्टै शहरमा प्रवेश गरे ।।१।। अहिले अयोध्या बिरालो र लाटोकोस्यारो बस्ने ठाउँ भएको थियो । घरका ढोका बन्द थिए, कृष्णपक्षको रात्रिमा जताततै अन्धकार भएझैं, अयोध्या शहर अन्धकारले नदेखिने जस्तो भएको थियो ।।२।। चन्द्रमालाई राहुले ग्रस्त पार्दा, उनको (चन्द्रमाको) शोभाले युक्त भएकी प्रियपत्नी रोहिणी असहाय भएझैं अयोध्या शहर पनि यस समयमा असहाय भएको थियो ।।३।। गर्मीको समयमा पहाडका खोलाहरूको पानी घामले गर्दा तातो र धमिलो पनि हुन्छ, त्यहाँका चराहरू पनि गरमले गर्दा उडेर अन्यत्रै जान्छन्, माछा मर्दछन्, जलजन्तु पनि देखिंदैनन् । यस समयमा पहाडका खोलाहरूको जस्तो शोचनीय अवस्था हुन्छ अयोध्याको पनि ठीक त्यस्तै अवस्था भइरहेको थियो ।।४।। जुन अयोध्या शहर रामचन्द्रको समयमा धूवाँ ननिस्कने, सुन जस्तो चम्कने आगोको ज्वालासमान चहकिलो थियो त्यै शहर अहिले राम वन जानाले त्यो आगोसमान भएको थियो जसको ज्वाला कि कुनै गीलो पदार्थ हाल्नाले निभेको हुन्छ ।।५।। सबै कवच नष्ट भएको, वीर योद्धाहरू मारिएको बडो आपत्तिमा परेको सेनाझैं अयोध्या शहर देखिनलागेको थियो ।।६।। प्रवल वायुको वेगले जसरी समुद्रको भेल पहिले फीं‌जसमेत भई गर्जन गरेर उठ्‌तछ र पछि मन्द हावा चल्नाले शान्त र आवाज ननिस्कने हुन्छ, अयोध्या पनि अहिले ठीक यस्तै शान्त अवस्थामा थियो ।।७।। अहिले अयोध्याको हालत त्यस यज्ञशालाको समान थियो जसलाई कि यज्ञ सकिएकोले ऋत्विग्‌हरूले छाडि-दिएका हुन्छन्, जहाँ स्रुक्, स्रुव आदि यज्ञपात्रहरू देखिंदैनन् र जहाँ कि पहिलेझैं वेदपाठ गरेको शब्द पनि सुनिंदैन ।।८।। साँढेलाई लगिदिनाले तरुनी गाई उसको विरहमा व्याकुल भएर नयाँ नयाँ घाँस खान छाडिदिन्छिन् र बडो मुश्किलले गोठमा टिक्तछिन्, अहिले अयोध्या शहरको पनि यस्तै शोचनीय अवस्था भइरहेको थियो ।।९।। खूब चहक भएका राम्रा राम्रा मणि झिकिदिनाले मोतीको मालाको शोभा जसरी घटेर जान्छ ठीक त्यसै गरी अहिले अयोध्या शहर पनि शोभाहीन देखिनलागेको थियो ।।१०।। पुण्य क्षीण भएपछि जसरी नक्षत्रहरू आफ्नो ठाउँ छाडेर आकाशबाट पृथ्वीमा झरेर चहक नभएका हुन्छन् अहिले अयोध्या पनि यस्तै प्रभाहीन देखिनलागेको थियो ।।११।। वसन्त ऋतुको अन्तमा मधुपान गर्नाले मस्त परेर घूँ घूँ गरिरहेका भ्रमराहरू भएको, फूल फुलेको वनको लहरा

दावानलले डढ्दा जस्तो देखिन्छ अहिले अयोध्या पनि त्यस्तै देखिनलागेको थियो ।।१२।। अयोध्यामा न कतै पसलै देखिन्थे, न कतै बिक्री गर्ने मालै राखेको थियो, बादलले गर्दा चन्द्रमा र तारा छोपिनाले आकाशको जुन दशा हुन्छ अहिले अयोध्याको पनि त्यै दशा भइरहेको थियो ।।१३।। अयोध्या झाड बढार नगरिएकोले त्यस भट्टीसमान देखिन्थ्यो जहाँ रित्ता, फुटेका, रक्सी खाने भाँडा यताउति पडिरहेका हुन्छन् मानो कि यिनै भाँडाले हानाहान गरेर सबै शराबीहरू नष्ट भएका छन् ।।१४।। अयोध्या त्यस पौशालासमान देखिन्थ्यो जसको चौतारा भत्केको छ, जताततै खाल्डो परेको छ, पानीपिउने भाँडा फुटेर यताउति पडिरहेका छन् र जहाँ कि तिर्खाएका मानिसहरू आएर लडिरहेका छन् ।।१५।। बलवान् वीर योद्धाको वाण लाग्नाले चुँडिएर धनुबाट पृथ्वीमा खसेको, बडेमानको धनुको ताँदोको जस्तो अयोध्याको यस बखतको हालत थियो ।।१६।। युद्धमा निपुण भएको सवारद्वारा हाँकिएकी घोडी शत्रुको प्रहारले मारिएर जसरी पृथ्वीमा लडिरहेकी हुन्छे अहिले अयोध्याको पनि यस्तै निश्चल अवस्था थियो ।।१७।।

रथमा बसेका श्रीमान् भरत रथ हाँक्नामा सिपालु सारथिलाई यस प्रकारसंग भन्नलागे ।।१८।। पहिले अयोध्यामा दशै दिशालाई ढाक्ने गाना बजानाको आवाज सुनिन्थ्यो त्यो आवाज अहिले किन नसुनिएको होला ।।१९।। फूल, चन्दन, अगरु शराबको गन्ध जसरी पहिले चारैतिरबाट आउँथ्यो अहिले ता त्यसरी आउनलागेको छैन ।।२०।। उत्तम उत्तम सवारीहरूको घर्घर गर्ने आवाज, घोडाहरूको मीठो स्वर, हात्तीहरूले गर्जेको शब्द तथा रथ चल्दाखेरि निस्केको आवाज, यो केही पनि सुनिंदैन ।।२१।। राम वन गएकोले यो कुनै आवाज पनि नसुनिएको होला । रामचन्द्र गएको हुनाले यहाँका तरुना मानिसहरू दुःखले ग्रस्त भई अगरु, चन्दन तथा धेरै मोल पर्ने फूलको माला धारण गर्दैनन् । अरू मानिस पनि चित्र-विचित्रको माला पहिरेर बाहिर निस्कन्नन् ।।२२-२३।। रामको शोकले पीडित भएको शहरमा कतै पनि उत्सव भएको देखिंदैन, निश्चय यसको सबै शोभा दाजुकै साथमा गएछ ।।२४।। खूब पानी पर्नलागेको शरत्कालको शुक्ल पक्षको रात्रिको समान यस शहरको केही पनि शोभा छैन । बडो भारी उत्सव जस्ता मेरा दाजु कहिले आउने हुन् ? ।।२५।। ग्रीष्म ऋतुमा बादल देखिनाले जस्तो आनन्द हुन्छ त्यस्तो आनन्द यिनले कहिले गराउने हुन् , उत्साहपूर्वक आवत जावत गर्ने, राम्रा राम्रा लुगा पहिरेका तरुना मानिसले सडकको पहिलेको जस्तो शोभा भएको छैन ।

यस प्रकारसँग विलाप गर्दै दुःखित भरत सारथिको साथमा, सिंह नभएको गुफासमानको, राजा दशरथ नभएको दरबारभित्र पसे ।।२६-२८।। अति प्राचीन कालमा देवासुर संग्राममा राहुग्रस्त सूर्यलाई तेजहीन भएको देखेर जसरी देवताहरूले शोक गरेका थिए, त्यसै गरी अहिले दशरथको अन्तःपुरलाई शोभाहीन देख्ता भरतले शोक गरे, अन्तःपुरको यस्तो हालत देख्ता धैर्य्य धारण गर्न सक्ने भरत पनि दुःखित भई रुनलागे ।।२९।।

सर्ग—११५

भरत आमाहरूलाई अयोध्यामा राखी नन्दीग्राममा जान्छन् ।

आमाहरूलाई अयोध्यामा थन्क्याएर दृढव्रतधारी भरत शोकले ग्रस्त भई गुरुहरूलाई यस प्रकारसँग भन्नलागे ॥१॥ म नन्दीग्राममा जानलागें, तपाईंहरू सबैसित बिदा हुन्छु, उहीं रामचन्द्रको वियोगको सबै दुःख सहनेछु ॥२॥ राजाको स्वर्गवास भयो, पितासमानका दाजु वनवासमा हुनुहुन्छ, राज्यको निम्ति म उहींलाई पर्खेर बस्तछु, किनकि महायशस्वी राम नै अयोध्याको राजा हुनुहुन्छ ॥३॥

महात्मा भरतको यो मीठो कुरा सुनिसकेपछि सबै मन्त्री तथा पुरोहित वशिष्ठ भन्नलागे ॥४॥ दाजुमा प्रेम हुनाले तिमीले जुन कुरा भन्यौ त्यो साँच्ची नै प्रशंसा गरिन योग्य छ, यो कुरा तिमीलाई नै सुहाउने किसिमको छ ॥५॥ तिमी सदा आफ्ना बन्धुवर्गको पालन गर्नामा तत्पर रहन्छौ, दाजुभाइ-माथिको प्रेम अटल राख्न तिमी प्रयत्न गरिरहन्छौ र उत्तम मार्ग समातेका छौ, फेरि कसले तिम्रो कुरा मानोइन ॥६॥

आफ्नो इच्छाको अनुकूल र आफूलाई मन पर्ने मन्त्रीहरूको कुरा सुनेर भरतले सारथिलाई आफ्नो रथ तय्यार पार्ने आज्ञा दिए ॥७॥ हँसिलो मुख लगाएर श्रीमान् भरत सबै आमाहरूसित बिदा भई शत्रुघ्नलाई साथमा लिई रथमा चढे ॥८॥ झट्टै रथमा बसेर भरत र शत्रुघ्न दुवै, मन्त्री र पुरोहि-तलाई साथमा लिई बडो प्रसन्नतासाथ हिंडे ॥९॥ वशिष्ठलाई अगुवा बनाएका गुरु र ब्राह्मणहरू पूर्व-तिर लागेर, नन्दीग्राम जाने बाटोमा अघिअघि हिंड्नलागे ॥१०॥ भरतले प्रस्थान गरेपछि हात्ती घोडा रथले युक्त भएको फौज तथा सबै पुरवासीहरू नबोलाएको भए पनि उनको साथ लागेर उहीं जान भनी हिंडे ॥११॥

दाजुमा प्रेम राख्ने, रथमा चढेका महात्मा भरत माथमा पादुका राखेको राख्यै झट्टै नन्दीग्राममा पुगिहाले ॥१२॥ नन्दीग्राममा पुग्नासाथ रथबाट ओर्लेर भरत आफ्ना गुरुहरूलाई भन्नलागे ॥१३॥ मेरा दाजुले मलाई यो राज्य नासोको रूपमा दिनुभएको छ र राज्य चलाउनाको निम्ति सुवर्णभूषित यो खराउ पनि दिनुभएको छ ॥१४॥ पादुकारूपी नासोलाई माथमा राखी दुःखले पीडित भएका भरत आफ्ना प्रजावर्गलाई भन्नलागे ॥१५॥ यी पादुका रामचन्द्रका पाउका प्रतिनिधि हुन्, तसर्थ यिनलाई छाता ओढाइहाल, यिनै पादुकाद्वारा मेरा गुरु रामचन्द्रको धार्मिक व्यवहार यस राज्यमा स्थापित हुनेछ ॥१६॥ ममाथि प्रेम हुनाले दाजुले मलाई यो थाती राख्न दिनुभएको हो, जहाँसम्म उहाँ फर्केर आउनुहुन्न त्यहाँसम्म म यसको रक्षा गर्दछु ॥१७॥ रामचन्द्रजी फर्केर आउनासाथ उहाँका चरणमा यी पादुका पहिराई पादुकायुक्त उहाँका चरणको दर्शन गर्नेछु ॥१८॥ रामचन्द्रजी वनबाट फर्केर आउनुभएपछि म यो राज्य उहींलाई सुम्पिदिनेछु, अनि पो मेरो भारी हलुको हुनेछ, र म

२३–क

उहाँको आज्ञाअनुसार उहाँको सेवा टहल गर्नेछु ॥१९॥ नासो जस्तो गरेर राखिएका यी पादुका, यो राज्य तथा अयोध्या शहर उहाँलाई बुझाएपछि मात्र म पापबाट मुक्त हुनेछु ॥२०॥

जटा वल्कल धारण गरी मुनि भेष लिएर धैर्य्य राख्न सक्ने भरत आफ्नो सेनासहित त्यहाँ नन्दीग्राममा रहनलागे ॥२१॥ भरतले आफ्नै हातले चमर र छत्र धारण गरे र राज्यको शासन-सम्बन्धी जम्मै कुरा यिनी पादुकालाई निवेदन गर्दथे ॥२२॥ रामचन्द्रका पादुकाको अभिषेक गरेर, आफू स्वयं उसको अधीन भई भरत राज्यको पालना गर्नलागे ॥२३॥

राज्यको शासन गर्दा जे जे काम परिआउँदथ्यो त्यो सबै र कसैले चढाउन ल्याएका धेरै मोल पर्ने चीजबीजको कुरासमेत भरत पहिले पादुकालाई निवेदन गर्दथे र अनि पछि मात्र यथोचित बन्दोबस्त गर्दथे ॥२४॥

सर्ग––११६

चित्रकूटमा बसेका ऋषिहरू आफ्नो आश्रम छाडेर अन्यत्रै बस्न जान्छन् ।

भरत फर्केर गएपछि वनमा बसेका रामचन्द्रले त्यहाँका तपस्वीहरू केही डराएका र त्यहाँबाट अन्यत्रै जान उत्सुक भएका देखे ॥१॥ जुन तपस्वीहरू चित्रकूट नगीच तापसाश्रममा रामको आधारमा बसेका थिए तिनलाई समेत रामचन्द्रले अन्यत्र जान उत्सुक भएका देखे ॥२॥ शङ्कामा परेका यी मुनि-हरू, आँखा र आँखीभूइँको इशाराले, रामतिर हेर्दै परस्पर कुरा गर्दथे र बिस्तारै बिस्तारै भन्दथे ॥३॥

यी तपस्वीहरूलाई यस्तो उत्सुक भएको देख्ता रामलाई आफ्नो सम्बन्धमा शङ्का हुनलाग्यो र यिनी हात जोरेर आश्रमका अध्यक्ष ऋषिलाई भन्नलागे ॥४॥ हे भगवन् ! के मेरो व्यवहार पहिलेको जस्तो छैन ? मेरो व्यवहारमा केही फरक पर्न गएकोले तपस्वीहरूको मदेखि मन सरेको हो कि ? ॥५॥ अथवा मेरा भाइले भूलले गर्दा कुनै अनुचित आचरण गर्नलागेको यी ऋषिहरूले देखेछन् कि ? ॥६॥ अथवा मेरो सेवामा लागेकी हुनाले सीताले भ्रममा परेर तपाईंहरूसित कुनै अनुचित व्यवहार गरिन् कि ? ॥७॥

तपस्या गर्दा गर्दा जीर्ण भइसकेका एउटा बूढा महर्षि थरथर काम्दै प्राणीहरूमाथि दया गर्ने रामलाई भन्नलागे ॥८॥ हे बाबु ! शुद्ध अन्तःकरण भएकी र कल्याण गर्नामा तत्पर रहने सीताको कसैसंगको विशेष गरेर तपस्वीहरूसंगको व्यवहार कसरी अनुचित हुन सक्ला ? ॥९॥ तिमीले गर्दा ऋषिहरूलाई राक्षसदेखि डर हुनलागेको छ, यसैले व्याकुल भएर यिनीहरू आपसमा यसरी कुरा गर्न-लागेका हुन् ॥१०॥ हे राघव ! रावणको भाइ खर नाम गरेको राक्षस यहाँ बस्तछ, जनस्थानमा रहने सबै तपस्वीलाई यो दुःख दिन्छ । यो दुष्ट बडो ढीठ छ, मानिसको मासु खाने यस निर्लज्जले काशीपुरी-लाई पनि जितिसक्यो; यो घमण्डी, पापीले तिमी यहाँ बसेको सहन लागेको छैन ॥११-१२॥ जहिले-देखि तिमी यस आश्रममा आएर रहन लागेका छौ उहिलेदेखि यी राक्षसहरूले तपस्वीहरूलाई दुःख दिन

लागेका छन् ।।१३।। यिनीहरू नाना प्रकारका डरलाग्दा, वीभत्स, क्रूर, विकट मूर्त्ति धारण गरेर तपस्वी हरूलाई तर्साउन लागेका छन् ।।१४।। यी अनार्य राक्षसहरू पाप उत्पन्न गराउने अपवित्र चीज आश्रममा फ्याँकी ऋषिहरूको कुभलो गर्दछन् र सुधा साधा ऋषिलाई भेट्टाएमा उनलाई दुःख दिन्छन् ।।१५।। यिनीहरू अज्ञातरूपमा लुकी लुकी सर्वत्र हिंडिरहन्छन् र सुतेका तथा अचेत ऋषिलाई भेट्टाउनासाथ यिनलाई मारेर खुशीयाली मनाउँछन् ।।१६।। होम गर्ने समयमा यिनीहरू स्रुव तथा अरू यज्ञपात्रलाई फ्याँकिदिन्छन्, आगोमा पानी खत्त्याइदिन्छन् र घडा फोरफार पारिदिन्छन् ।।१७।। यी दुरात्माहरूले गर्दा आश्रममा उत्पात मच्चिरहेको छ, यसै कारण यी ऋषिहरू यो आश्रम छाडेर अन्यत्र जान मलाई भनिरहेका छन् ।।१८।। हे रामचन्द्र ! पापात्मा राक्षसहरूले ऋषिहरूको वध गर्न नपाऊन् भन्ने हेतुले हामी यस आश्रमलाई छाड्नलागेका छौं ।।१९।। यहाँदेखि अलि पर एउटा राम्रो वन छ, त्यहाँ फल मूल प्रशस्त पाइन्छ, त्यहीं अश्व ऋषिको आश्रम छ, म आफ्ना साथीहरूलाई लिएर त्यहीं जान्छु ।।२०।। हे बाबु ! यस खरले तिम्रो साथमा पनि दुष्टता नगरिछाड्नेछैन, हाम्रो सल्लाह मान्दछौभने तिमी पनि यो वन छाडेर हामीसित हिंड ।।२१।। तिमी सदा सावधान रहन्छौ र समर्थ पनि छौ, तापनि यस्तो ठाउँमा स्वास्नी लिएर बस्नु उचित छैन ।।२२।।

तपस्वीको यो कुरा सुन्दा र उनलाई अर्को आश्रममा जान ज्यादै उत्सुक भएको देख्ता रामचन्द्रले कुनै यस्तो कुरा भन्न सकेनन् जसले गर्दा कि ऋषिहरू त्यहाँबाट नजाऊन् ।।२३।। यसपछि आश्रमका अध्यक्षले, रामको प्रशंसा गरी उनलाई संझाई बुझाईकन, आफ्ना साथी-संगातीलाई साथमा लिई त्यो आश्रम छाडेर गए ।।२४।। त्यहाँबाट जानलागेका ऋषिहरूलाई केही टाढासम्म पुऱ्याएर, अध्यक्ष ऋषि-लाई प्रणाम गरी, प्रसन्नतापूर्वक यिनीहरूले दिएको आज्ञा तथा उपदेश मनमा लिई, विश्राम गर्नाको निम्ति रामचन्द्र आफ्नो पवित्र आश्रममा पसे ।।२५।। रामचन्द्रले ऋषिहरू नभएको त्यस आश्रमलाई एक छिन पनि एकलै छाडेनन् ; रामचन्द्रको ऋषितुल्य आचरण देखेर यिनमा विश्वास राख्ने अनेक ऋषिहरू त्यहीं नै बसे अर्को आश्रममा गएनन् ।।२६।।

सर्ग--११७

राम अत्रिको आश्रममा जान्छन्, उहाँ अनसूयाले सीतलाई धर्मको उपदेश दिन्छिन् ।

तपस्वीहरू त्यहाँबाट गएपछि रामचन्द्रले अनेक कुराको विचार गरेर त्यहाँ बस्न निको मानेनन् ।।१।। यहाँ भरत, आमाहरू, तथा नगरवासीहरूसित मेरो भेट भएको हो, यसै कारणले यिनीहरूलाई संझँदा सदा सर्वदा मेरो चित्तवृत्ति उतैपट्टि गइरहन्छ ।।२।। महात्मा भरतको फौज यै ठाउँमा बसेको हो, घोडा हात्तीको लादीले यो ठाउँ ज्यादै अपवित्र भइसकेको छ ।।३।। तसर्थ यस ठाउँलाई छाडेर अन्यत्रै जाऊँ । यस्तो विचार गरेर रामचन्द्रले सीता र लक्ष्मणलाई साथमा लिई त्यस ठाउँबाट प्रस्थान गरे ।।४।।

अत्रिको आश्रममा पुगेर रामले मुनिलाई प्रणाम गरे । अत्रिले पनि उनीसित छोरासित गर्ने व्यवहार गरे ॥५॥ मुनि स्वयं यिनीहरूको अतिथिसत्कार गरी प्रेमपूर्वक महाभाग लक्ष्मण र सीतातिर हेर्न लागे ॥६॥ सबै प्राणीको भलो गर्नामा तत्पर रहने, धर्म जान्ने अत्रिले आफ्नी पत्नी वृद्धा अनसूयालाई त्यहाँ बोलाई, बडो आदरले बसाली मीठो बोली वचनले सन्तुष्ट गराए ॥७॥ यसपछि महाभागा, तपस्विनी, धर्मचारिणी अनसूयालाई ऋषिश्रेष्ठले सीताको आलिङ्गन गर्न भने ॥८॥ मुनिले रामलाई धर्मचारिणी तापसीको परिचय यस प्रकारले दिए:—दश वर्षसम्म पानी नपर्नाले संसार डढ्नलागेको वेलामा यिनले ऋषिहरूको भोजनको निम्ति फलमूल उत्पन्न गराइन् र स्नानको निम्ति गङ्गालाई यहाँ बग्ने तुल्याइन् । यिनले दश हजार वर्षसम्म कठोर तपस्या गरिन् , यिनको तपस्या बडो उग्र र उत्तम नियमले सुशोभित थियो; यिनैको व्रतको प्रभावले ऋषिहरूका तपका विघ्न बाधा दूर भएका थिए । यिनै अनसूयाले देवताहरूको कार्यसाधनको निम्ति हतपत गरेर दश रातलाई एक रात बनाइदिइथिन् (क) । हे पापरहित राम ! यी अनसूयालाई आफ्नी आमासमान पूज्य भनिठान ॥९-१२॥ सबै प्राणीले आदर गरिन योग्य, वृद्धा र रिस नभएकी यी तपस्विनीकहाँ सीता जाऊन् ॥१३॥

ऋषिले यसो भनेपछि रामले उनको कुरा मन्जूर गरेर फेरि धर्म जान्ने सीतातिर फर्केर भन्नलागे ॥१४॥ हे राजपुत्री ! तिमीले मुनिले भनेको कुरा सुनिहाल्यौ होली, अब झट्टै आफ्नो कल्याणको निम्ति यी तपस्विनी भएको ठाउँमा जाऊ ॥१५॥ यिनी आफ्नो कर्मद्वारा लोकमा अनसूयाको नामले विख्यात छन् । सबैले यिनीकहाँ जानु उचित छ । तिमी पनि झट्टै यी तपस्विनीकहाँ गइहाल ॥१६॥

रामचन्द्रको यो कुरा सुनेपछि यशस्विनी सीता धर्म जान्ने ती अत्रिपत्नीकहाँ गइन् ॥१७॥ यिनका अंग शिथिल भइसकेका थिए, जतातत्तै चाउरी परेको थियो, वृद्धावस्थाले गर्दा कपालका रौं सब सेता भइसकेका थिए, हावाले केराको थाम हल्लाए झैं यिनी सधैं कामिरहन्थिन् ॥१८॥ पतिव्रता, महाभागा अनसूयालाई सीताले सावधान भई प्रणाम गरिन् र नाम बताएर आफ्नो परिचय दिइन् ॥१९॥ ती दयावती तापसीलाई प्रणाम गरेर हात जोरीकन सीताले आनन्दपूर्वक उनको क्षेमकुशल सोधिन् ॥२०॥

महाभागा धर्मचारिणी सीतालाई देखेर उनलाई सन्तुष्ट गराउँदै अनसूया भन्नलागिन्—हे सीते ! तिमी धर्मतिर दृष्टि राखिरहिछौ यो बडो खुशीको कुरा हो ॥२१॥ आफ्ना कुल कुटुम्बी, मान, धन, सम्पत्ति यी सब त्याग गरेर वनवासको व्रत धारण गर्ने रामचन्द्रसँग जो तिमी आएकी छौ यो पनि बडो खुशीको कुरा हो ॥२२॥ जुन स्त्रीलाई आफ्नो पति प्यारो छ, चाहे त्यो शहरमा होस् चाहे वनमा चाहे राम्रो होस्, चाहे कुरूप; यिनै पतिव्रता स्त्रीहरूको निम्ति उत्तमोत्तम लोकको सृष्टि भएको

(क) कुनै एक समयमा माण्डव्य ऋषिले अनसूयाकी सखीलाई तँ रातको बीचमा कुनै न कुनै दिन बिहान हुँदा विधवा भइहालेस् भनेर सराप दिए । आफ्नी सखी विधवा नहोस् भन्ने हेतुले यिनले दश दिनसम्म रातै बनाइराखिन् , बिहान हुनै दिइनन् । सरापको प्रभाव दश दिनसम्म मात्र पर्ने हुनाले र दश दिनसम्म रातै भइरहेकोले यो सराप विफल भयो । यस प्रकारले यिनले आफ्नी सखीलाई विधवापनबाट मुक्त गराइन् ।

हो ।।२३।। श्रेष्ठ स्वभाव भएका आइमाईहरूको निम्ति पति नै देवता हुन्, चाहे त्यो दुष्ट होस्, चाहे मनपर्दो काम गर्ने होस्, चाहे दरिद्री नै किन नहोस् ।।२४।। धेरै धेरै विचार गरेर हेर्दा मैले यस लोकमा अथवा परलोकमा आइमाईको निम्ति पतिसमान हित गर्ने अर्को कुनै बन्धु देखिनँ । तपस्याको कहिले पनि नसकिने फलले जसरी यस लोक र परलोक दुवैमा हित गर्दछ त्यसै गरी हित गर्ने योग्यता पतिमा नै छ अरूमा छैन ।।२५।। जसको हृदय कामको वशमा परेको छ, जो केवल भरण पोषणको निम्ति आफ्नो लोग्नेलाई लोग्ने संझन्छन् यस्ता दुष्ट स्त्रीहरू पतिको इच्छाअनुसार र यसो गर्नाको गुण दोष केही पनि जान्दैनन् ।।२६।। हे सीते ! यस्ता स्त्रीहरू, जसको वर्णन अहिले मैले गरें, निश्चय कुकर्मको वशमा परी आफ्नो दुर्नाम फैलाउँछन् र यिनको धर्म पनि भ्रष्ट भएर जान्छ ।।२७।। तिमी जस्ता गुणवती स्त्रीहरू, जसले संसारका असल नअसल काम जानेका छन्, पुण्यात्माहरूले झैं स्वर्गमा विहार गर्न पाउँछन् ।।२८।। हे सीते ! यसै गरी आफ्नो पतिको इच्छाअनुसार चलेर, पतिलाई नै आफ्नो सर्वस्व संझेर पतिको सेवालाई आफ्नो मुख्य धर्म भन्ठानेर सदा पतिको साथमा धर्मको आचरण गर्ने गर । यसो गर्नाले यश र धर्म दुवै पाउनेछौ ।।२९।।

सर्ग—११८

सीता आफ्नो स्वयंवरको वर्णन गर्दछिन् र अनसूया प्रसन्न भई सीतालाई दिव्य शृङ्गार दिन्छिन् ।

अनसूयाले यसो भनेको सुनेपछि रिस नभएकी सीताले उनको कुराको प्रशंसा गरिन् र फेरि विस्तारै विस्तारै भन्नलागिन् ।।१।। हे आर्ये ! तपाईंले मलाई यो जुन उपदेश दिनुभयो सो तपाईंका लागि आश्चर्यको कुरो होइन । स्त्रीका गुरु पति नै हुन् भन्ने कुरा ता मलाई पनि थाहा छ ।।२।। यी मेरा पति खराब स्वभावका अथवा गरीब हुँदा हुन् तापनि म यिनको साथमा अद्वैतभावले अर्थात् अत्यन्त प्रेमले व्यवहार गर्ने थिएँ ।।३।। यी मेरा पति ता आफ्ना गुणले गर्दा सहाउनुपर्ने किसिमका दयालु, जितेन्द्रिय, दृढानुरागी र धर्मात्मा छन्, आमा-बाबु झैं मेरो माया गर्दछन् ।।४।। महाबली राम कौशल्यासित जस्तो व्यवहार गर्दछन् उस्तै व्यवहार राजाका अरू रानीहरूसित पनि गर्दछन् ।।५।। राजाले एकचोटि पनि स्वास्नीको दृष्टिले हेरेका आइमाईलाई समेत, राजामा प्रेम राख्ने धर्मात्मा राम मान गर्दछन् र उनीसित आमाको जस्तो व्यवहार गर्दछन् ।।६।। यस डरलागदो निर्जन वनमा आउँदा-खेरि सासूले मलाई जो उपदेश दिनुभएथ्यो सो अहिलेसम्म पनि मेरो मनमा गडेकै छ ।।७।। कन्यादानको समयमा, आगोको नजीक आमाले मलाई जुन कुरा भन्नुभएको थियो सो पनि संझी नै राखेकी छु ।।८।। हे धर्मचारिणी ! पतिसेवाबाहेक आइमाईको लागि अर्को तपस्या छैन भन्ने मेरा बन्धुवर्गले जो कुरा भनेथे सो सब मैले अहिलेसम्म पनि बिर्सेकी छैन ।।९।। पतिको सेवा गर्नाले सावित्री स्वर्गमा पूजित भई बसेकी छन्, सावित्रीसमान आचरण भएको तपाईं पनि पतिसेवाले स्वर्ग

पाउनुहुनेछ ॥१०॥ सबै स्त्रीहरूमध्येकी श्रेष्ठ, स्वर्गको देवता रोहिणी पनि आफ्ना पति चन्द्रमादेखि फरक भएको कहिले पनि देखिन्नन् ॥११॥ यस प्रकारसँग आफ्ना पतिमा दृढ प्रेम राख्ने उत्तम स्त्रीहरू आफ्ना पवित्र कामद्वारा देवलोकमा पूजित हुन्छन् ॥१२॥

सीताका यी कुरा सुन्दा प्रसन्न भएकी अनुसूया उनको माथ सुँघेर उनलाई खुशी गराउँदै भन्न-लागिन् ॥१३॥ अनेक प्रकारका नियमको पालना गरेर मैले धेरै धेरै तपस्या गरेकी छु, ममा ती तपस्याको बल छ, यसै कारण हे पवित्र व्रत गर्ने सीते ! म तिमीलाई वर माग्न भन्दछु ॥१४॥ हे सीते ! तिमीले भनेका सबै कुरा ठीक र उचित छन्, तिमीदेखि म बहुतै खुशी छु, अब भन, मैले तिम्रो कुन भलो हुने काम गर्ने हो ॥१५॥

अनसूयाका यी कुरा सुन्दा सीता छक्क परिन् र मुसुक्क हाँस्तै तपस्याको बल भएकी उनलाई तपाईंको कृपाले मेरो सबै इच्छा पूर्ण भएको छ भनेर जवाफ दिइन् ॥१६॥ सीताका यस्ता कुरा सुन्दा धर्म जान्ने अनसूया अत्यन्त खुशी भई भन्नलागिन्ः—हे सीते ! तिम्रो यो आनन्दलाई म सफल बनाउँछु । मैले तिमीलाई दिएका यी उत्तम दिव्य माला, वस्त्र, गहना, अङ्गराग (बुकुवा), केशर कपूर मिसिएको धेरै मोल पर्ने चन्दनको लेपले तिम्रा अङ्गहरूलाई शोभित गरून् । यी पदार्थ यस्ता छन् कि यिनको जति उपयोग गरे तापनि कहिले पनि बिग्रन्नन्, यी तिमीलाई नै सुहाउने किसिमका छन् ॥१७-१९॥ हे जनकपुत्री ! यो दिव्य अङ्गराग शरीरमा लगाएपछि तिमी लक्ष्मीले विष्णु भगवान्लाई सुशोभित गरेझैं, आफ्नो पतिलाई शोभित गर्नेछौ ॥२०॥

यसपछि सीताले अनसूयाले बडो प्रेमले दिएका उत्तम वस्त्र, गहना, अंगराग, माला, इत्यादि ग्रहण गरिन् ॥२१॥ यस प्रकारले प्रेमले दिइएका यी वस्तु लिएर, जानकीजी हात जोरी मनमा धैर्य राखी तपस्विनी अनसूयाको उपासना गर्नलागिन् ॥२२॥ सीतालाई यस किसिमसँग उभिएको देखेर दृढव्रत धारण गर्ने अनसूया कुनै रमाइलो कुरा सुन्ने इच्छाले उनलाई भन्नलागिन् ॥२३॥ हे सीते ! यशस्वी रामचन्द्रले तिमीलाई स्वयंवरमा जुन किसिमले पाएका हुन् सो कथा मैले संक्षेपमा सुनिसकेकी छु । सोही कथा म अहिले विस्तारपूर्वक सुन्न चाहन्छु, उहाँ जे जे भएथ्यो सो सब मलाई विस्तारपूर्वक भन ॥२४-२५॥ यस्तो भनेको सुन्दा सीता धर्मचारिणी तापसी अनसूयालाई सुन्नुहोस् भनेर स्वयंवरको वृत्तान्त भन्नलागिन् ॥२६॥

मिथिलाका महाराज जनक वीर र धर्मात्मा छन्, क्षत्रियधर्मका विशेष अनुरागी भई न्यायपूर्वक पृथ्वीको शासन गर्दछन् ॥२७॥ एकचोटि यी राजाले आफ्नो हातमा हलो लिई खेत जोतिरहेको वेलामा म राजाकी छोरीको रूप लिएर पृथ्वी फोरी उत्पन्न भएँ ॥२८॥ राजा मुट्ठीमा लिएको बीउ छर्नलागेका थिए, यस समयमा मेरो जम्मै शरीर धूलोमा मुछिएको देख्ता राजा छक्क परे ॥२९॥ राजाका कुनै सन्तान थिएनन् तसर्थ प्रेमपूर्वक मलाई काखमा राखेर "यो मेरी छोरी हो" भने र मेरो माया गर्नलागे ॥३०॥ यस समयमा मानिसले बोलेको जस्तो गरेर आकाशबाट यस्तो शब्द सुनियो—हे

राजन् ! तिमीले भनेको कुरा ठीक हो, धर्मले यी तिम्री छोरी नै हुन् ॥३१॥ यसपछि मिथिलाका महाराज धर्मात्मा मेरा पिता बहुतै खुशी भए र मलाई पाउनाले ठूलो सम्पत्ति भेट्टाएझैं प्रसन्न भए ॥३२॥

राजाले मलाई आफ्नी प्यारी, पुण्यात्मा जेठी महारानीको जिम्मामा सुम्पिदिए र उनी बडो आदर तथा आमाझैं प्यारो गरेर मेरो पालन पोषण गर्नलागिन् ॥३३॥ धनको नाश हुनाले गरीब मानिस चिन्तत र दुःखित भएझैं उनी पनि पतिको साथमा बस्ने मेरो अवस्था भएको देख्ता बडो चिन्ता-ग्रस्त तथा दुःखित भए ॥३४॥ यस संसारमा छोरीको बाबुले आफू इन्द्रसमान भए तापनि आफू-समानको अथवा आफूभन्दा सानो वरपट्टिको मानिसबाट अपमानित हुनुपर्दछ ॥३५॥ डुङ्गा नभएको मानिस जसरी समुद्र पार गर्न सक्तैन त्यसै गरी आफ्नो अनादर हुने समय नजीक आएको देखेर मेरा पिता चिन्तासागरमा मग्न भए र यिनले यताबाट पार लाग्ने उपाय नै देखेनन् ॥३६॥ म मानवी गर्भबाट ता उत्पन्न भएकी ह्वैन, तसर्थ मलाई कस्तो पति योग्य होला यस कुरालाई राजाले अनेक विचार गर्दा पनि निर्णय गर्न सकेनन् ॥३७॥ धेरै सोच विचार गरेपछि म छोरीको धर्म्मपूर्वक स्वयंवरै गर्दछु भन्ने कुराको यिनले निश्चय गरे ॥३८॥ कुनै एक समयमा महात्मा वरुणले एउटा महायज्ञमा मेरा पिताका कुनै एक पुरुखालाई प्रसन्नतापूर्वक एउटा श्रेष्ठ धनु र अक्षय्यसायक (बाण जहिले पनि जत्तिको तत्ति नै रहने) दोटा ठोक्रा दिएका थिए ॥३९॥ गह्रौं हुनाले यत्न गर्दा पनि मानिस त्यसलाई उठाउन सक्तैनथे । राजाहरू सपनामा समेत त्यसलाई निहुराउने विचार गर्दैनथे ॥४०॥ त्यो धनु मेरा पिता राजा जनक-सित थियो । सत्यवादी मेरा पिताले पहिले राजाहरूलाई निम्तो गरे र अनि उनीहरूको बीचमा भन्न-लागे ॥४१॥ जो मानिस यस धनुलाई उठाएर यसमा ताँदो चढाउन सक्तछ, मेरी छोरीको तिनैसँग विवाह हुनेछ, यसमा केही सन्देह छैन ॥४२॥ पर्वतसमानको गह्रौं त्यस उत्तम धनुलाई उचाल्न असमर्थ भएका राजाहरू त्यसलाई नमस्कार गर्दै आफ्नो आफ्नो बाटो लागे ॥४३॥

धेरै दिनपछि श्रीमान् राम, विश्वामित्रको साथमा मेरा पिताको यज्ञ हेर्न आए ॥४४॥ धर्मात्मा विश्वामित्र र सत्यपराक्रमी राम लक्ष्मणको मेरा पिताले पूजा गरे ॥४५॥ विश्वामित्रले मेरा पितालाई भनेः—यी राम, लक्ष्मण रघुवंशी दशरथका छोरा हुन्, यिनीहरू तपाईंको धनु हेर्न चाहन्छन् ॥४६॥ विश्वामित्रले यसो भन्नासाथ मेरा पिताले देवताको सो धनुलाई त्यहाँ झिकाई रामचन्द्रलाई देखाए ॥४७॥ छिनको छिनैमा महावली रामले त्यो धनुलाई उचालेर त्यसमा ताँदो चढाई टङ्कार दिनलागे ॥४८॥ बलले तानेको हुनाले त्यो धनु बीचैमा भाँचिएर दुई टुक्रा भयो, भाँचिदाखेरि वज्र खसेको जस्तो ठूलो आवाज भयो ॥४९॥ यसपछि आफ्नो कबूल पूरा गर्ने मेरा पिता पवित्र जलपात्र मगाएर मलाई रामको हातमा सुम्पन तत्पर भए ॥५०॥ तर अयोध्याका राजा, आफ्ना पिताको आज्ञाविना रामचन्द्रले मेरो दान लिन स्वीकार गरेनन् ॥५१॥ यसपछि पिताले मेरा बूढा ससुरा महाराज दशरथलाई निमन्त्रणा गरेर उनको आज्ञाले लोकविख्यात रामचन्द्रको साथमा मेरो विवाह गरिदिए ॥५२॥ यसपछि मेरी बहिनी

साध्वी सुन्दरी उर्मिलाको लक्ष्मणसँग विवाह गरिदिए ।।५३।। यस प्रकारले त्यस स्वयंवरमा म रामलाई समर्पण गरिएकी हुँ, प्रभावशालीहरूमध्येका श्रेष्ठ पतिको धर्मानुसार सेवा गर्नामा म अनुरक्त छु ।।५४।।

सर्ग—११९

अनसूया सन्ध्याकालको वर्णन गर्दछिन् र राम त्यो राती त्यहीं बास बस्तछन् ।

धर्म जान्ने अनसूयाले स्वयंवरको यो लम्बे कथा सुनेर सीताको माथ सुँघिन् र उनलाई अंगालो हालिन् ।।१।। जुन किसिमले स्वयंवर भएथ्यो सो सब तिमीले स्पष्ट अक्षर र पदले बडो मीठो स्वरमा वर्णन गर्‍यौ, मैले सबै सुनें ।।२।। हे मधुरभाषिणी ! तिम्रो कुरा सुन्नाले मलाई बडो आनन्द लाग्यो, हेर, रात्रिलाई बोलाएर सूर्य भगवान् अस्ताचलतिर जानलागे ।।३।। दिनमा अहारा खोज्न चारैतिर गएका, अहिले साँझ पर्न लागेको देखेर बास बस्नालाई आफ्ना आफ्ना गुँडमा जम्मा भएका चराहरूको शब्द सुनिनलागेको छ ।।४।। हातमा घडा लिएका, स्नान गर्नाले भिजेका, यी मुनिहरू साथी साथी मिलेर आफ्ना आश्रमतिर फर्कन लागेका छन्, यिनीहरूको चीर वत्कल पानीले भिजेको छ ।।५।। ऋषिहरूले विधिपूर्वक अग्निहोत्रमा होम गरिसके, परेवाको शरीरको रंग भएको धूवाँ वायुको वेगले आकाशतिर उठेको देखिन्छ।।६।।

अन्धकार हुनलाग्यो, थोरै पात भएका रूख पनि अन्धकारले गर्दा झम्म परेका देखिनलागे, यिनीहरू स्पष्ट देखिन्नन्, अन्धकारले दिशा पनि प्रकाशरहित भइसक्यो ।।७।। राती घुम्ने प्राणीहरू (राक्षस) यताउति घुमिरहेका छन्, तपोवनका यी मृगहरू अग्निहोत्रको पवित्र वेदीमा सुतिरहेका छन् ।।८।। हे सीते ! तारागणले सुशोभित भएकी रात्रि आइहालिन् । जूनको पछ्यौरा ओढेर चन्द्रमा आकाशमा उदाउन लागेका देखिन्छन् ।।९।। जाऊ अब म तिमीलाई बिदा दिन्छु, रामको सेवा गर । मीठो मीठो कुरा गरेर तिमीले मलाई निकै खुशी पार्‍यौ ।।१०।। हे सीते ! मेरै सामुन्नेमा गहना, लुगा, अङ्गराग लगाएर आफूलाई सिंगार, स्वर्गीय गहनाले सिंगार-पटार पारेर मलाई प्रसन्न पार ।।११।। ऋषिपत्नीको आज्ञाले देवकन्या जस्ती सीताले गहना लगाइन् र उनको पाउमा ढोग दिएर रामचन्द्र भएको ठाउँमा गइन् ।।१२।।

सीतालाई सिंगारिएको देख्ता तथा तपस्विनी अनसूयाले प्रीतिपूर्वक दिएका चीजबीज देख्ता राम बडो खुशी भए ।।१३।। यसपछि लुगा, गहना, माला, इत्यादि प्रीतिपूर्वक तपस्विनीले जे दिइथिन् ती सबैको वृत्तान्त सीताले रामलाई बयान गरेर सुनाइन् ।।१४।। रामचन्द्र र महारथी लक्ष्मण, मानिसले पाउन नसक्ने सीताजीको यस्तो सत्कार भएको देख्ता खुशी भए ।।१५।।

सबै तपस्वीहरूद्वारा सत्कार पाएकी, चन्द्रमा जस्तो मुख भएकी सीतालाई देख्ता खुशी भएका

रामचन्द्रले त्यो जुनेली रातमा त्यहीं वास बसे ॥१६॥ रात बितेर विहान भएपछि राम लक्ष्मणले स्नान, जप, होम इत्यादि प्रातःकर्म सिध्याएर वनवासी तपस्वीहरूसँग अर्को वनमा जाने आज्ञा मागे ॥१७॥ धर्मात्मा वनवासी तपस्वीहरूले वनको बाटोमा राक्षसहरूले बडो उपद्रव मच्चाइराखेका छन् भनेर उनलाई सुनाए ॥१८॥ यस महावनमा मानिस खाने, अनेक प्रकारको रूप भएका राक्षसहरू र मानिसको रगत चुस्ने साँप आदि गरिएका हिंस्रक जन्तु बसेका छन् ॥१९॥ यस महावनमा यी राक्षसहरूले कुनै धर्मचारी तपस्वीलाई अलिकता पनि असावधान र अशुद्ध अवस्थामा भेट्टाए कि तिनलाई खाइदिन्छन्; तसर्थ हे राम तपाईंले यिनलाई रोकिदिनोस् ॥२०॥ वनबाट फलफूल ल्याउने महर्षिहरूको यै बाटो हो, यै बाटोबाट तपाईंले दुर्गम वनमा जान बेश पर्छ ॥२१॥

तपस्वी ब्राह्मणहरूले हात जोरी यति भनेर मंगल आशीर्वाद दिएपछि शत्रुलाई ताप पार्ने रामचन्द्रले, लक्ष्मण र सीतालाई साथमा लिएर मेघमण्डलमा सूर्यले प्रवेश गरेझैं दुर्गम वनमा प्रवेश गरे ॥२२॥

अयोध्याकाण्ड समाप्त ।

श्रीमद्वाल्मीकीय रामायण

अरण्यकाण्ड—३

सर्ग—१

ऋषिहरू रामको अतिथि सत्कार गर्दछन् र राक्षसहरूबाट आफ्नो रक्षा गर्ने प्रार्थना गर्दछन् ।

शत्रुहरूद्वारा नजितिने आत्मवान् रामले दण्डक महावनमा प्रवेश गरेर तपस्वीहरूको आश्रम देखे ॥१॥ यस आश्रममा जतातत्तै कुश र वल्कल वस्त्र फिजिइराखेका थिए । जसरी सूर्यनारायण आकाशमा भएको बेलामा यिनको प्रकाशले गर्दा सजिलोसँग कसैले आकाशतिर हेर्न सक्तैन त्यसै गरी ब्रह्मविद्याको तेजले व्याप्त भएको यस आश्रमतिर हेर्न सजिलो थिएन ॥२॥ यस आश्रममा सबै प्राणीले आश्रय पाउँथे, आंगन सधैं सफा सुग्घर रहन्थ्यो र चारैतिर नाना प्रकारका पशु-पक्षीको समूहले पूर्ण रहन्थ्यो ॥३॥ प्रतिदिन अप्सराहरूको बथान यहाँ आएर नाच्ने र पूजा गर्ने गर्दथे, यहाँ ठूला ठूला यज्ञशाला बनेका थिए र यिनको अग्निकुण्डमा स्रुव आदि गरिएका यज्ञपात्र, मृगचर्म र कुश राखिएका थिए ॥४॥ समिधा, जलले भरिएका घडा फलफूलले शोभित थिए । मीठो स्वाद भएका फल लाग्ने ठूला ठूला पवित्र जङ्गली रूखले आश्रमको शोभा बढाइरहेका थिए ॥५॥ यी आश्रममा नित्यप्रति बलि र होम हुन्थ्यो, पवित्र वेदध्वनि सुनिन्थ्यो, यहाँ अनेक प्रकारका फूल छरिएका हुन्थे, फुलेको कमल भएको तलाउ पनि थियो ॥६॥ यी आश्रममा कन्दमूल, फल खाने, चीर मृगचर्म धारण गर्ने, सूर्य अग्निसमान तेज भएका, जितेन्द्रिय बूढा बूढा मुनिहरू वास गर्दथे ॥७॥ नियमित भोजन गर्ने पवित्र परमर्षिहरूले शोभित भएको तथा वेदाध्ययनको शब्दले गुञ्जायमान भएको यो आश्रम-मण्डल ब्रह्मलोकसमान देखिएको थियो ॥८॥ ब्रह्मवेत्ता महाभाग्यशाली ब्राह्मणहरूले शोभित भएको तपस्वीहरूको यस आश्रम-मण्डललाई देखेर श्रीमान् महातेजस्वी रामचन्द्र आफ्नो विशाल धनुको तांदो झिकेर उहाँभित्र गए ।

रामचन्द्रलाई देखेर दिव्य ज्ञानले सम्पन्न भएका महर्षिहरू उनी तथा यशस्विनी जानकीतिर आए । चन्द्रमासमान, धर्मको आचरण गर्ने रामको उदय भएको तथा लक्ष्मण र यशस्विनी सीतालाई देखेर यी दृढव्रती महर्षिहरूले मंगल आशीर्वाद दिएर राम्रा तवरसँग यिनीहरूको आदर सम्मान गरे ॥९-१२॥ त्यहाँका वनवासीहरू रामचन्द्रको रूपको शोभा, उनको सुकुमारपना, तथा सुवेष देखेर छक्क परे ॥१३॥ यी वनवासीहरू आश्चर्यमा परेर राम, लक्ष्मण र सीतालाई आँखा पनि झिम्म नपारेर एकटक्ष्टिले हेर्न लागे ॥१४॥

सबै प्राणीहरूको हित गर्नामा तत्पर भएका यी महाभाग्यशाली ऋषिहरूले रामचन्द्रलाई पर्णशालामा लगेर राखे ॥१५॥ अग्निसमान तेजस्वी धर्मात्मा ऋषिहरूले रामको विधिपूर्वक सत्कार गरे र उनको निम्ति जल लिएर आए ॥१६॥ धर्म जान्ने ऋषिहरूले अत्यन्त प्रसन्न भई आशीर्वाद दिए र अनि कन्द-मूल फल-फूल तथा जम्मै आश्रम उनलाई देखाई हात जोरेर भन्नलागेः—

तपाईं धर्मको पालन गर्ने, बडा यशस्वी र हाम्रा रक्षक हुनुहुन्छ ॥१७-१८॥ शासन गर्ने राजा मान्य तथा पूजनीय हुन्छन् , प्रजाको लागि यिनी पितातुल्य हुन्छन्, राजा इन्द्रका चतुर्थ भाग र प्रजाको रक्षा गर्ने हुन् ॥१९॥ यसै कारणले राजा उत्तम र रमणीय पदार्थ भोग गर्दछन् र सबैले उनलाई नमस्कार गर्दछन्। हामी तपाईंको राज्यमा बस्तछौं, यसकारण हाम्रो रक्षा गर्नुपर्दछ। तपाईं चाहे शहरमा बस्नुहोस् चाहे वनमा हाम्रो राजा ता तपाईं नै हुनुहुन्छ ॥२०॥ हे राजन् ! हामीले क्रोधलाई जितेका छौं, दण्ड दिन छोडिसकेका छौं, इन्द्रियलाई आफ्नो वशमा तुल्याइसकेका छौं, तसर्थ गर्भको बालकको रक्षा गरेझैं तपाईंले हाम्रो रक्षा गर्नुपर्छ ॥२१॥

यति भनेर ती तपस्वीहरूले फल, मूल, फूल तथा वनमा उम्रने अनेक प्रकारका आहारले राम र लक्ष्मणलाई सन्तुष्ट गराए ॥२२॥ त्यहाँका धर्ममय चरित्र भएका अग्निसमान तेजस्वी अनेक सिद्ध तपस्वीहरूले विधिपूर्वक रामचन्द्रलाई प्रसन्न गराए ॥२३॥

सर्ग—२

विराध राक्षसले सीतालाई उडाएर लैजान्छ ।

यस प्रकारसँग अतिथिसत्कार पाएका रामचन्द्रले भोलिपल्ट सूर्योदय भएपछि सब ऋषिहरूसँग बिदा भई वनको बाटो लिए ॥१॥ यो वन नाना प्रकारका पशुले युक्त थियो, भालु सिंह यहाँ बास गर्थे, यहाँका रूख, लहरा, घाँसपात सब सुकिसकेका थिए, तलाउहरू पानी नहुनाले भयङ्कर देखिएका थिए, चराहरूको बोली पनि सुनिन्नथ्यो । यहाँ केवल झ्याउँकीरी बोलेको सुनिन्थ्यो । राम, लक्ष्मण र सीताले वनको माझमा यस्तो अवस्था देखे ॥२-३॥

डरलाग्दा पशुहरूको वासस्थान भएको यस वनमा रामले सीताको साथमा पर्वतको टाकुरा-समान अग्लो, भयानक आवाज निकाल्ने, मानिस खाने एउटा राक्षस देखे ॥४॥ यसको आँखा खाल्डो परेका, मुख ठूलो, शरीर खूब मोटो र पेट बडो भारी थियो, यो देख्नामा बहुतै नराम्रो थियो । यसको शरीरको कुनै भाग धेरै अग्लो र कुनै धेरै होचो थियो, देख्तैमा मानिस तर्सने किसिमको यसको बडो डरलाग्दो रूप थियो ॥५॥ रगतले मुछिएको बाघको छाला यसले ओढेको थियो, सबै प्राणीको मनमा त्रास पार्ने यस राक्षसले कालले झैं मुख बाइराखेको थियो ॥६॥ तीन सिंह, चार बाघ, दुइटा हुँडार, दशओटा हरिण र दाँतसहितको बोसो भएको हात्तीको एउटा ठूलो टाउको फलामको डण्डीमा उनेर बडो भयानक स्वरले यो गर्जिरहेको थियो ।

राम, लक्ष्मण र सीतालाई देख्नासाथ बडो डरलाग्दो स्वरले गर्जेर पृथ्वीलाई कँपाउँदै, प्रलय कालमा कालले झम्टन आएझैं गरी रिसले चूर भई यिनीहरूमाथि जाइलाग्यो ॥७-९॥ सीतालाई काखमा राखेर केही टाढा लगेपछि भन्नलाग्योः—तिमीहरू दुवै जटा पालेर वल्कल वस्त्र पहिरी आइमाईको साथमा यहाँ बसेका हुनाले, तिमीहरूको अब बाँच्ने आशा छैन ॥१०॥ धनु, बाण, तरवार हातमा लिएर तिमीहरू यस दण्डक वनमा किन आएका हौ ? स्त्रीको साथमा तपस्वीहरूको बसाइ कसरी सम्भव हुन्छ ? ॥११॥ अधर्मको आचरण गर्ने, पापी स्वभावका र मुनिहरूको बदनामी गराउने तिमीहरू को हौ ? म ता विराध नाम गरेको राक्षस हुँ र अस्त्र शस्त्र लिएर ऋषिमुनिहरूको मासु खाँदै यस दुर्गम वनमा सधैं भ्रमण गर्छु, यो राम्री आइमाई मेरी स्वास्नी बन्नेछ ॥१२-१३॥ म तिमी दुवै पापीहरूको रगत संग्राममा पिउनेछु ।

दुष्ट विराधको यस प्रकारको घमण्ड र नराम्रो कुरा सुन्दा सीता हडबडाएर हावाको वेगले केराको पात हल्लेझैं काम्नथालिन् ॥१४-१५॥ सुन्दरी सीतालाई विराधका फन्दामा परेको देख्ता रामचन्द्र ओठ मुख सुकाएर लक्ष्मणलाई भन्नलागे ॥१६॥

हे लक्ष्मण ! हेर, राजा जनककी छोरी, मेरी स्त्री, सदाचारिणी सीता विराधका पञ्जामा परिन् ॥१७॥ अत्यन्त सुखपूर्वक पालन पोषण गरिएकी यशस्विनी यी राजपुत्री राक्षसको वशमा पर्न गइन्, वरदान माग्नामा कैकेयीको जो इच्छा थियो सो आज सफल भयो ॥१८॥ परिणामको विचार राख्ने कैकेयी आफ्नो छोराले राज्य पाएकोले मात्र सन्तुष्ट भइनन् । हामी रहनाले उनको छोराको राज्य अटल होओइन भन्ने विचारले हाम्रो वनवास पनि गराइन्, आज उनको मनोरथ पूर्ण भयो ॥१९॥ म उहाँ सबै मानिसको प्यारो थिएँ, तैपनि उनले मलाई वनमा पठाउन लगाइन्, आज हाम्री कान्छी आमा कैकेयीको मनोरथ पूर्ण भयो ॥२०॥ हे लक्ष्मण ! सीतालाई अर्काले छोएको देख्ता मलाई जो दुःख भइरहेछ त्यस्तो दुःख ता पिताजी मर्दाखेरि अथवा राज्य हरिंदाखेरि पनि भएको थिएन ॥२१॥

रामको यस्तो कुरा सुन्दा लक्ष्मणको आँखाभरी आँसु भयो, चित्त शोकले व्याप्त भयो, मंत्रले बाँधिएको सर्पझैं उनी लामो सास फेर्दै रिसले चूर भई भन्नलागे ॥२२॥ हे रामचन्द्र ! तपाईं सबका मालिक हुनुहुन्छ, इन्द्रसमान बलियो पनि हुनुहुन्छ, म तपाईंको चाकर छँदाछँदै किन यसरी अनाथझैं विलाप गरिरहेको ! ॥२३॥ म अब रिस खप्न सक्तिनँ, यस राक्षसलाई बाणले मारि नै दिन्छु, यो विराध मरेपछि पृथ्वीले यसको रगत अवश्य पिउनेछन् ॥२४॥ इन्द्रले पर्वतमाथि वज्रको प्रहार गरेझैं म यस राक्षसमाथि तपाईंको राज्य लिन खोज्ने भरतसँग उठेको रिस पोख्तछु ॥२५॥ मेरो बाहुबलको वेगले चलाइएको यो महाबाण यसको ठूलो छातीलाई छेडेर प्राणहरण गरिदेओस् र यो राक्षस चक्कर खाएर भूइँमा लडोस् ॥२६॥

सर्ग—३

विराध सीतालाई छाडेर राम लक्ष्मणलाई बोकी वनभित्र भाग्दछ ।

समस्त वनलाई आफ्नो स्वरले घन्काउदै विराध फेरि भन्नलाग्यो, "मैले सोधेको कुराको अवाफ देऊ, तिमीहरू को ह्वौ र कहाँ जानलागेका छौ ? ॥१॥

आगोको फिलिङ्गो जस्तो रातो मुख भएको त्यस राक्षसले यसरी सोधेको देख्ता तेजस्वी रामचन्द्र आफ्नो इक्ष्वाकुकुलको नाम बताएर भन्नलागे ॥२॥ हामी दुवैलाई क्षत्रिय जान् , क्षत्रियधर्मको पालन गर्दै हामी वनमा आएका छौं, हामी पनि जान्न चाहन्छौं तँ को होस् र किन यस दण्डक वनमा घुमि-रहेको छस् ? ॥३॥

सत्यपराक्रम रामचन्द्रलाई विराध यस प्रकारसंग आफ्नो परिचय दिनलाग्योः—हे राम ! म आफ्नो वृत्तान्त भन्दछु, मलाई चिह्निराख ॥४॥ म "जव" नाम राक्षसको छोरो हुँ, मेरी आमाको नाम शतह्रदा हो, पृथ्वीमा सबै राक्षस मलाई विराध भन्दछन् ॥५॥ तपस्याद्वारा ब्रह्मालाई प्रसन्न गरा-एर उहाँबाट मैले न शस्त्रले मर्नुपरोस् , न शस्त्रले मेरो कुनै अङ्ग काट्न वा छेड्न सकोस् भन्ने वरदान पाएको छु ॥६॥ तसर्थ तिमीहरू यस स्त्रीको र युद्धद्वारा यसको उद्धार गर्ने आशा छोडिदेओ र यहाँबाट झट्टै भाग; म तिमीहरूको प्राण लिन चाहन्नँ ॥७॥

यसपछि रामचन्द्र रिसले आँखा रातो तुल्याएर, पापी कुरूप विराध राक्षसलाई भन्नलागे ॥८॥ नीच कर्म गर्ने छोटो बुद्धि भएको तँलाई धिक्कार छ, तँ निश्चय आफ्नो मृत्यु खोजिरहेछस् , पर्खी, आज संग्राममा तेरो मृत्यु हुन्छ, म तँलाई जीउँदै छाड्दिनँ ॥९॥ यसपछि रामचन्द्रले झट्टै धनु तयार पारी अनेक तीखा बाण त्यसमा चढाई राक्षसलाई ताकेर प्रहार गरे ॥१०॥ रामचन्द्रले धनुमा ताँदो चढाई सुनको पुच्छर भएका, बडो वेगले जाने, गरुड, वायुसमान छिटो दगुर्ने सात बाण चलाए ॥११॥ आगोसमान तेजिला यी बाण मयूरको प्वाँखजस्तो चित्र-विचित्रको राक्षसको शरीरलाई छेडेर रगतमा मुछिएर भूइँमा खसे ॥१२॥ बाण बिझेकोले सीतालाई छाडेर फलामको डण्डी समाती रिसले चूर भई त्यो राम र लक्ष्मणतिर जाइलाग्यो ॥१३॥ बडो चर्को स्वरले चिच्च्याउँदै, इन्द्रको लिङ्गोसमानको फलामको त्रिशूल हातमा लिएको त्यो, मुख बाएर दौडिरहेका यमराज जस्तो देखिनलाग्यो ॥१४॥ राक्षसलाई आफूतिर आउनलागेको देखेर दुवै भाइ यमराजझैं त्यस विराधमाथि तेजिला बाणको वर्षा गर्नलागे ॥१५॥ अति डरलाग्दो त्यो राक्षस हाँसेर हाइ गर्नलाग्यो, हाइ गर्दा ती छिटो छिटो दगुर्ने बाण उसको शरीर-बाट निस्कदै भूइँमा खस्नलागे ॥१६॥ वरदानको प्रभावले त्यसले प्राण वायु निस्कन दिएन र त्रिशूल लिएर राम लक्ष्मणतिर दगुर्‍यो ॥१७॥ वज्रसमानको त्यो त्रिशूलको टुप्पो, आकाशलाई छोला जस्तो गरेर आगोसमान चम्किरहेको थियो, शस्त्रधारीहरूमाका श्रेष्ठ रामचन्द्रले त्यस त्रिशूललाई दुई बाणले टुक्रा टुक्रा पारिदिए ॥१८॥ वज्रले काटिएर मेरु पर्वतका ठूला ठूला ढुङ्गा खसेझैं रामचन्द्रको बाणले टुक्रा टुक्रा

२४

भएको त्यो त्रिशूल भूइँमा खस्यो ॥१९॥ युद्ध गर्न तैय्यार परेका दुवै भाइ कालो सांप जस्तो खड्ग उजाएर झट्टै ऊनेर गई बलपूर्वक प्रहार गर्नलागे ॥२०॥ तरवारको चोटले अत्यन्त पीडित भएको यो भयानक राक्षस कसैले पनि डेग चलाउन नसक्ने नरश्रेष्ठ यी दुवै भाइलाई, आफ्ना दुइ हातले उचा-लेर कतै लैजाने इच्छा गर्नलाग्यो ॥२१॥ यसको अभिप्राय बुझेर रामचन्द्र लक्ष्मणलाई भन्नलागेः— राक्षसले हामीलाई यै बाटोबाट लैजाओस् ॥२२॥ हे लक्ष्मण ! जताबाट यसलाई मन लाग्छ उतैबाट लैजान देऊ, जुन बाटोबाट यो राक्षस गइरहेको छ हामीले जाने बाटो पनि यै हो ॥२३॥

अत्यन्त बलियो हुनाले उद्धत भएको यो विराध राक्षस आफ्नो बल र पराक्रमले राम लक्ष्मणलाई दुइटा केटाकेटी जस्तो तुल्याएर आफ्नो काँधमा राखी भयानक स्वरले चिच्च्याउँदै वनभित्र दगुख्यो ॥२४–२५॥ यस वनमा ठूला ठूला अनेक प्रकारका रूख थिए, नाना किसिमका चराचुरुङ्गीले यो वन विचित्र देखिनलागेको थियो, यहाँ स्याल तथा अनेक किसिमका दुष्ट जीव जन्तु थिए, यस्तो महामेघ जस्तो वनमा राक्षसले प्रवेश गर्‍यो ॥२६॥

सर्ग—४

विराधलाई मारेर रामचन्द्र यसलाई भूइँमा गाडिदिन्छन् ।

राक्षसले रघुश्रेष्ठ राम लक्ष्मणलाई लैजानलागेको देखेर आफ्ना लामा दुवै हात माथि उचालेर सीता चर्को स्वरले विलाप गर्नलागिन् ॥१॥ दशरथका छोरा, सत्यवादी, साधु स्वभावका र पवित्र रामचन्द्रलाई लक्ष्मणको साथमा भयानक राक्षसले हरेर लैजान लागेको छ ॥२॥ बाघ, भालु, चितुवाले मलाई खाइदिनेछन्, हे राक्षसश्रेष्ठ ! म तँलाई नमस्कार गर्दछु, राम लक्ष्मणलाई छाडी मलाई लिएर जा ॥३॥

सीताको यस्तो बिलौना सुन्दा राम लक्ष्मण दुवै भाइ त्यस दुष्ट राक्षसको वध गर्न हतपत गर्न-लागे ॥४॥ लक्ष्मणले बडो वेगले त्यस राक्षसको देब्रे हात र रामले दाहिने हात भाँचिदिए ॥५॥ हात भाँचिनाले त्यो व्याकुल भयो र मेघसमानको त्यो राक्षस, वज्र लाग्नाले फुटेर ढलेको पहाडझैं बेहोश भएर भूइँमा लड्यो ॥६॥ यी दुवै भाइ यसलाई मुका लगाउँदै, हातले खुट्टाले लछार-पछार गर्दै उचाल्दै पछार्दै भूइँमा पिँध्नलागे ॥७॥ अनेक बाण बिझेको, तरवारले काटिएको, कैएकबाजि भूइँमा पछारिएको भए तापनि त्यो राक्षस मरेन ॥८॥ पर्वतसमानको यो राक्षस कुनै प्रकारले नमरेको देख्ता भय गर्नुपर्ने मौकामा समेत अभय दिने श्रीमान् रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥९॥ हे लक्ष्मण, तपस्याको बलले यो राक्षस शस्त्रद्वारा संग्राममा जितिन सक्तैन यसकारण हामी यसलाई गाडिदिऔं ॥१०॥ डरलाग्दो हात्तीझैं भय उत्पन्न गराउने यो राक्षसको निम्ति यहाँ वनमा एउटा ठूलो खाल्डो खनौं ॥११॥ यस प्रकारसँग लक्ष्मणलाई खाल्डो खन्ने आज्ञा दिएर वीर्यवान रामचन्द्र विराधको घाँटी खुट्टाले थिचेर उभिरहे ॥१२॥

रामचन्द्रको यो कुरा सुनेर त्यो विराध, पुरुषश्रेष्ठ रामलाई विनयपूर्वक यसरी भन्नलाग्यो ॥१३॥ हे पुरुषसिंह ! इन्द्रसमानका पराक्रमी तपाईंले मेरो वध गर्नुभयो, मूर्खताले गर्दा तपाईलाई पहिले चिह्न सकिनँ ॥१४॥ तपाईंले गर्दा कौशल्या सुपुत्रवती भएकी हुन् , तपाईं रामचन्द्र हुनुहुँदो रहेछ भनेर मैले चिह्नें, भाग्यशाली र महायशस्वी लक्ष्मणलाई पनि चिह्नें ॥१५॥ सरापले गर्दा मैले यो राक्षसको डरलाग्दो शरीर पाएको हुँ, म तुम्बुरु नाम गरिएको गन्धर्व हुँ, मलाई सराप दिने कुवेर हुन् ॥१६॥ सराप दिइसकेपछि मैले ती महायशस्वीलाई खुशी पारें र उनले मलाई भनेथे, भैगयो दशरथका छोरा रामचन्द्रले युद्धमा मारेपछि तिमी आफ्नो पहिलेको शरीर धारण गरी स्वर्ग जानेछौ । वेलामा टहलको निम्ति हाजिर हुन नसकेबापत उनले मलाई सराप दिएका हुन् ॥१७-१८॥

रम्भा नाम भएकी अप्सरामाथि म आशक भएको थिएँ, यसै कारण कुवेरले मलाई सराप दिएथे, हे रामचन्द्र ! तपाईंको कृपाले म यस भयानक सरापबाट मुक्त भएँ ॥१९॥ म अब आफ्नो लोकमा जान्छु, शत्रुलाई ताप पार्ने हे रामचन्द्र ! तपाईंको कल्याण होस् , यहींनेर प्रतापी धर्मात्मा शरभङ्ग ऋषि बस्तछन् ॥२०॥ यहाँदेखि डेढ योजन जति टाढामा सूर्यसमान तेजस्वी महर्षिको आश्रम छ, तपाईं झट्टै उनीकहाँ जानुहोस् , उनले तपाईंको कल्याण गर्नेछन् ॥२१॥ हे राम ! मलाई खाल्डोमा पुरेर कुशलपूर्वक जानुहोस् , मरेको राक्षसलाई खाल्डोमा पुरिदिनाले त्यसले स्वर्ग पाउँछ, मरेपछिको राक्षसको यही सनातन धर्म हो । बाण लाग्नाले पीडित भएको महाबली विराध राक्षस रामचन्द्रलाई यति भनेर आफ्नो राक्षस शरीर त्यागी स्वर्गमा गयो, यसको कुरा सुनेर रामले लक्ष्मणलाई यस्तो आज्ञा दिए ॥२२-२४॥

डरलाग्दो हात्तीझैं भय उत्पन्न गराउने यो राक्षसको निम्ति यहाँ वनमा एउटा ठूलो खाल्डो खनौं ॥२५॥ यस प्रकारसँग लक्ष्मणलाई खाल्डो खन्ने आज्ञा दिएर वीर्यवान् रामचन्द्र विराधको घाँटी खुट्टाले थिचेर उभिरहे ॥२६॥

यसपछि लक्ष्मणले एउटा खन्ती लिएर महात्मा विराधको नगीचै एउटा उत्तम ठूलो खाल्डो खनिदिए ॥२७॥ यसपछि रामचन्द्रले गधाको जस्तो कान भएको विराधको घाँटीबाट आफ्नो पाउ झिकी त्यसलाई उचालेर खाल्डोमा हालिदिए । यस समयमा विराधले बडो भयङ्कर स्वरले चिच्यायो ॥२८॥

झटपट आफ्नो पराक्रम देखाउने, युद्धमा अचल भइरहने दुवै राम लक्ष्मणले प्रसन्नतापूर्वक युद्धमा डरलाग्दो रूप देखाउने, भयंकर आवाज गर्ने त्यस राक्षसलाई बलसंग उचालेर खाल्डोमा फ्याँकिदिए ॥२९॥ सबै कुरा बुझ्ने शक्ति भएका नरश्रेष्ठ राम र लक्ष्मण दुवै भाइले तीखा बाणद्वारा यस विराध असुरको मृत्यु नहुने देखेर बडो प्रयत्नले खाल्डो खनी त्यसमा पुरेर यसको वध गरे ॥३०॥ स्वयं विराध पनि वनचारी रामचन्द्रद्वारा आफ्नो मृत्यु चाहन्थ्यो, यसै कारणले यसले रामलाई शस्त्रद्वारा मेरो मृत्यु हुने छैन भनी यथार्थ कुरा भनिदिएको थियो ॥३१॥ यसको कुरा सुन्दा रामले त्यसलाई खाल्डोमा पुर्ने निश्चय गरिसकेका थिए; रामले बडो बल लगाएर त्यसलाई खाल्डोमा धकेले, खाल्डोमा पर्दाखेरि त्यसले चिच्च्याएको स्वरले त्यो खाल्डो र समस्त वन नै प्रतिध्वनित

भयो ॥३२॥ त्यस विराधलाई पृथ्वीमा खाल्डोमा फ्याँकेपछि राम र लक्ष्मण बडो प्रसन्न भए, यिनीहरूको डर हराएर गयो । त्यस महावनमा त्यो खाल्डोलाई ढुङ्गाले पुरिदिए ॥३३॥

राक्षसलाई मारेपछि ती दुवै भाइ सुनले सिंगारेको धनु लिएर, जानकीको साथमा त्यस महावनमा, सूर्य र चन्द्रमाले आकाशमा भ्रमण गरेझैं, प्रसन्नचित्तले भ्रमण गर्नलागे ॥३४॥

सर्ग—५

रामचन्द्र शरभङ्गको आश्रममा इन्द्रलाई देख्तछन् । रामलाई सुतीक्ष्णको आश्रममा जाने उपदेश दिएर शरभङ्ग अग्निमा प्रवेश गर्दछन् ।

महाबली विराध राक्षसलाई वनमा मारेर पराक्रमी रामचन्द्र सीतालाई अंगालो हाली अनेक तरहले यिनको मनमा ढाढस दिई तेजस्वी भाइ लक्ष्मणलाई भन्नलागे, "हे भाइ ! यो वन ता बडो कष्ट दिने र दुर्गम रहेछ, हामीले योभन्दा पहिले यस्तो वन देखेकै थिएनौं ॥१-२॥ हामी झट्टै यहाँबाट शरभङ्ग मुनिको आश्रममा जाऔं, यति भनेर राम शरभङ्गको आश्रममा गए ॥३॥

शरभङ्ग मुनिको देवतातुल्य प्रभाव थियो, तपस्याले उनको अन्तःकरण शुद्ध भइसकेको थियो । शरभङ्गको आश्रमको नगीचमा रामले एउटा बडो चमत्कार देखे ॥४॥ यहाँ यिनले सूर्य र अग्निसमान तेजस्वी साक्षात् देवराज इन्द्रलाई श्रेष्ठ रथमा बसेको देखे । यिनको शरीरको कान्तिले आकाशको शोभा भइरहेको थियो, देवताहरू पछि लागेर हिंडिरहेका थिए, यिनको रथले पृथ्वीलाई छुँदैनथ्यो, यिनका गहना बडा चहकिला थिए, र कहिल्यै नमैलिने लुगा लगाएका थिए ॥५-६॥ आफू जस्तै महात्माहरूले उनको पूजा गरिरहेका थिए; यिनको रथमा हरियो रङ्गका घोडा लागेका थिए, रथ पृथ्वीमाथि आकाशमा चलिरहेको थियो, सेतो बादलको जस्तो यसको रंग थियो, मध्याह्नका सूर्यको समान यसको तेज थियो, चन्द्रमाको जस्तो बाटुलो यसको आकार थियो । रामचन्द्रले आफूदेखि केही टाढामा यस्तो रथ देखे । रामले सुनका फूल र मालाले सिंगारिएको सेतो छाता पनि देखे, दुवैपट्टि राम्रा राम्रा दुइटा देवाङ्गनाहरू सुनका डाँठ भएका चँवर पंखा मस्तकमाथि हल्लाइरहेका थिए ।

इन्द्र शरभङ्गसित कुरा गरिरहेका थिए । गन्धर्व, देवता, सिद्ध, तथा अनेक ऋषिहरू आकाशमा रहेका ती इन्द्रका उत्तम उत्तम वाक्यले स्तुति गरिरहेका थिए ॥७-११॥ त्यहाँ शरभङ्गको आश्रममा इन्द्रलाई देख्ता रामले रथलाई लक्ष्य गरेर लक्ष्मणलाई रथको विचित्रता देखाउनलागे ॥१२॥

हे लक्ष्मण ! आकाशमा चलिरहेको यस रथलाई हेर, यो कस्तो चहकिलो छ, राम्रो छ र सूर्यको समान यसको तेज छ ॥१३॥ अनेक यज्ञ गर्ने इन्द्रका जुन घोडाको बारेमा हामीले सुनेका थियौं तिनै दिव्य घोडा आज आकाशमा देखिनलागेका छन् ॥१४॥ हे पुरुषव्याघ्र ! रथको चारैतिर उभिएका कुण्डल धारण गरेका, हातमा तरवार लिएका यी सयकडौं जवान मानिसलाई हेर, यिनका छाती र काँध विशाल छन्, यिनको हात परिघसमान लामो छ, रातो रंगको लुगा लगाएका छन्, यिनको नजीक

जानाले बाघको नजीक गए जस्तो भय उत्पन्न हुन्छ, सबैको छातीमा आगो जस्तो चहकिलो हार झुण्डि-रहेको छ; यिनको उमेर पच्चीस वर्षको मात्र जस्तो देखिन्छ । यी पुरुषव्याघ्रहरूको जस्तो उमेर र सुन्दरता छ त्यस्तै उमेर र सौन्दर्य देवताहरूको हुन्छ ॥१५-१८॥ हे लक्ष्मण ! तिमी सीतालाई लिएर यहाँ एक्कै छिन पर्खिराख तबसंम ती रथमा बसेका तेजस्वी को रहेछन् म ठीक ठीकसँग पत्ता लगाउँछु ॥१९॥

लक्ष्मणलाई त्यहीं पर्खने आज्ञा दिएर रामचन्द्र शरभङ्गको आश्रमतिर लागे ॥२०॥ रामचन्द्रलाई आउनलागेको देखेर इन्द्रले शरभङ्गलाई बिदा दिएर देवताहरूलाई भन्नलागे ॥२१॥ रामचन्द्र यता आइरहेका छन्, यिनले मसित बोल्न नपाउँदैमा मलाई अर्कै ठाउँमा लैजाओ, मलाई भेट्ने योग्यता यिनमा अझ भएको छैन ॥२२॥ अरूले गर्न नसक्ने ठूला ठूला काम यिनले गर्न बाँकी नै छ, राक्षस-हरूलाई जितेर जब यिनी कृतार्थ हुनेछन् तब पो म यिनलाई भेट्नेछु ॥२३॥

यसपछि वज्रधारी इन्द्र तपस्वी शरभङ्गसित बिदा मागी उनको विशेष संमान गरी घोडा जोति-एको रथमा सवार भई स्वर्गतिर लागे ॥२४॥

इन्द्र गइसकेपछि रामचन्द्र सीता र लक्ष्मणलाई साथ लिई अग्निहोत्री शरभङ्गनेर आए ॥२५॥ राम लक्ष्मण र सीताले मुनिको चरणमा ढोग गरे, मुनिको आज्ञा पाएर बसे; मुनिले उनीहरूलाई बस्ने ठाउँ दिए र भोजनको निम्ति निमन्त्रणा दिए ॥२६॥

यसपछि रामचन्द्रले मुनिसित इन्द्र आउनाको कारण सोधे र मुनि पनि सबै वृत्तान्त सुनाउन लागे ॥२७॥

हे राम ! यी वर दिने इन्द्र मलाई ब्रह्मलोकमा लैजान चाहन्छन्, आफ्नो उग्र तपस्याको बलले मैले त्यो लोक पाउने भएको छु, अजितेन्द्रिय मानिसहरू यो लोक भेट्टाउन सक्तैनन् ॥२८॥ हे नरश्रेष्ठ ! मेरा प्यारा अतिथि तिमी अलि पर आइपुगेका छौ भन्ने सुनेर मैले तिमीसित भेट नगरी ब्रह्मलोकमा जान्नँ भन्ने निश्चय गरें ॥२९॥ हे पुरुषसिंह ! धार्मिक र महात्मा तिमीसित भेट गरेपछि मात्र म देवताहरूले वास गरेको स्वर्ग र ब्रह्मलोकमा जानेछु ॥३०॥ हे नरश्रेष्ठ ! अक्षय ब्रह्मलोक तथा स्वर्ग-लोकमा जाने अधिकार मैले पाइसकेको छु । म तिमीलाई यी लोक अर्पण गर्दछु, यिनलाई लेऊ ॥३१॥

मुनि शरभङ्गको यस प्रकारका कुरा सुनेर सबै शास्त्रको तत्व जान्ने रामचन्द्र भन्नलागे ॥३२॥ हे महामुने ! म स्वयं तपाईंले भन्नुभएका यी लोक प्राप्त गर्नेछु, म ता अहिले यस वनको तपाईंले बताएको ठाउँमा बस्न चाहन्छु ॥३३॥

इन्द्रसमानका बलवान् रामचन्द्रले यसो भनेको सुनेर महाबुद्धिमान् शरभङ्ग मुनि फेरि भन्न-लागे ॥३४॥ हे राम ! यस वनमा सुतीक्ष्ण नामका महातेजस्वी धर्मात्मा ब्रह्मचारी बस्तछन्, यिनले तिम्रो कल्याण गर्नेछन् अर्थात् तिम्रो बस्ने सबै प्रबन्ध गरिदिनेछन् ॥३५॥ हे राम ! यी मन्दाकिनी नदी जो यतातिर बगिरहेकी छन्, जसमा ठूला ठूला फूलहरू साना साना डुङ्गा जस्तै बगिरहेका छन्, तिमी यिनको तीरै तीर गयौ भने उहाँ पुग्नेछौ ॥३६॥

२४–क

हे बाबु ! उहाँ जाने बाटो यै हो, तर तिमी एकै छिन यहाँ बसेर मलाई हेरिराख ! सांपले पुरानो काँचुली फेरेझैं म आफ्नो शरीर त्याग गर्दछु ॥३७॥

यसपछि महातेजस्वी शरभङ्गले अग्निको स्थापना गरे, त्यसमा मन्त्र पढेर घिउको आहुति दिए र अनि सो अग्निमा प्रवेश गरे ॥३८॥ यस समयमा आगोले ती महात्मा शरभङ्गका केश, पुरानो छाला, हाड, मासु, रगत, जे थिए ती सब डढाइदियो ॥३९॥ यी शरभङ्ग मुनि त्यस आगाको थुप्रोबाट निस्केर आगोतुल्य चहक भएको कुमारको रूप धारण गरी शोभायमान हुनलागे ॥४०॥ यस-पछि उनी अग्निहोत्रीहरूको, महात्मा ऋषिहरूको तथा देवताहरूको लोकलाई पार गर्दै ब्रह्मलोकमा गए ॥४१॥ पुण्यकर्म गर्ने ब्राह्मणहरूमा श्रेष्ठ शरभङ्गजीले उहाँ पुगेर आफ्ना अनुचरहरूको साथमा बसेका ब्रह्मालाई देखे । यी ब्राह्मणलाई देख्ता ब्रह्माजीले पनि खुशी भएर उनको स्वागत गरे ॥४२॥

सर्ग—६

शरभङ्ग स्वर्ग गएपछि ऋषिहरू रामलाई आफ्नो रक्षा गर्ने प्रार्थना गर्दछन् ।

शरभङ्ग मुनि स्वर्ग गएपछि दण्डकारण्यमा बस्ने मुनिहरूको जमात अति तेजस्वी काकुत्स्थ रामको नजीक आयो ॥१॥ यिनीहरूमा, वैखानस (प्रजापतिका नङबाट उत्पन्न भएका) बालखिल्य (प्रजा-पतिको रौंबाट उत्पन्न भएका), संप्रक्षाल (प्रजापतिको चरण पखालेको जलबाट उत्पन्न भएका), मरीचिप (सूर्य वा चन्द्रको किरण पिएर रहने), अश्मकुट्ट (अन्नलाई नपकाई कुटकाट पारेर खाने), पत्राहार (पात खाएर बाँच्ने), दन्तोलूखली (काँचो अन्नलाई दाँतले चपाएर खाने), उन्मज्जक (घाँटीसम्म पानीमा डुबेर तपस्या गर्ने), गात्रशय्य (खाली भूइँमा सुत्ने), अशय्य (सुत्तै नसुत्ने), अनवकाशिक (एउटा खुट्टाले उभिएर तपस्या गर्ने), सलिलाहार (केवल पानी पिएर रहने), वायुभक्ष (वायु खाई बाँच्ने), आकाशनिलय (छाया नभएको ठाउँमा बस्ने), स्थण्डिलशायिन (लिप पोत गरेको पवित्र भूइँमा सुत्ने), ऊर्ध्ववासी (पर्वतको टाकुरामा बस्ने), दान्त (मनलाई आफ्नो अधीनमा राख्ने), आर्द्रपटवासी (भिजेको लुगा लाइरहने), सजप (सधैं जप गरिरहने), तपोनिष्ठ (सदा तप गर्ने), पञ्च तपोन्वित (पञ्चाग्नि तापेर तप गर्ने), इत्यादि सबै किसिमका ऋषिहरू थिए ॥२-५॥ ब्रह्मविद्याको शोभाले युक्त र आफ्नो दृढ योगाभ्यासमा एकाग्रचित्त भएका यी सबै तपस्वीहरू शरभङ्गको आश्रममा रामचन्द्रनेर आए ॥६॥

त्यहाँ आएका धर्म जान्ने ऋषिहरू, धर्मात्माहरूमा श्रेष्ठ, परमधर्मज्ञ रामचन्द्रलाई यस प्रकारसँग भन्नलागे ॥७॥ जस्तो इन्द्र देवताहरूका मालिक हुन् त्यस्तै तपाईं पनि इक्ष्वाकुकुल तथा यस पृथ्वीको शिरोमणि र स्वामी हुनुहुन्छ ॥८॥ आफ्नो यश तथा पराक्रमले गर्दा तीनै लोकमा प्रसिद्ध हुनुहुन्छ, तपाईंमा पिताको आज्ञापालन, सत्य र यथेष्ट धर्म अडिरहेका छन् ॥९॥ धर्ममा प्रेम राख्ने, धर्मज्ञ तपाईं जस्तो महात्मालाई भेटेको हुनाले हामी याचक भई केही प्रार्थना गर्दछौं, हाम्रो अपराध क्षमा गर्नुहोला ॥१०॥ हे नाथ ! त्यस राजालाई बडो अधर्म लाग्छ जो दुनियाँबाट छैटौं भागको

रूपमा कर असूल गर्दछ, तर प्रजालाई छोराझैं प्यारो गर्दैन ॥११॥ जो राजा प्रजाको रक्षाको निम्ति सदा कोशिश गर्दछ र समस्त देशवासीलाई आफ्नो प्राणभन्दा पनि बर्ता संझेर यिनको रक्षा गर्नामा सदा सावधान रहन्छ त्यसले यस लोकमा धेरै कालसम्म टिक्ने कीर्ति पाउँछ र पछि ब्रह्माको साथ-साथै पूजित हुन्छ ॥१२-१३॥ धर्मपूर्वक आफ्ना प्रजाको रक्षा गर्ने राजाले फल मूल खाएर धर्मको आचरण गर्ने मुनिहरूको धर्मको चार खण्डको एक खण्ड पाउँछ ॥१४॥ हे राम ! वानप्रस्थहरूको यो बडो जमात जसमा ब्राह्मणहरूको संख्या धेरै छ, स्वयं तपाईं स्वामी हुँदा हुँदै आज अनाथ जस्तो भई राक्षसहरूद्वारा धमाधम मारिनलागेको छ ॥१५॥ हे रामचन्द्र ! यता आउनुहोस्, यस जङ्गलमा क्रूर राक्षसहरूद्वारा अनेक प्रकारले मारिएका ब्रह्मज्ञानी ऋषिहरूको शरीर हेर्नुहोस् ॥१६॥ पम्पाको तीरमा, मन्दाकिनीको किनारमा तथा चित्रकूटमा बस्ने अनेक ऋषिहरू धमाधम नाश हुनलागेका छन् ॥१७॥ यी भयङ्कर राक्षसहरूद्वारा यस प्रकारसँग मुनिहरूको विनाश भएको अब हामी सहन सक्तैनौं ॥१८॥ आफ्नो शरण पर्न आएकाको रक्षा गर्ने तपाईंको हामी शरण पर्न आएका छौं, राक्षसद्वारा मारिनलागेका हाम्रो रक्षा गर्नुहोस् ॥१९॥ यस पृथ्वीमा तपाईंबाहेक हाम्रो रक्षा गर्ने अरू कोही छैन, तसर्थ हे राजपुत्र ! यी राक्षसदेखि हाम्रो रक्षा गर्नुहोस् ॥२०॥

तपस्वी ऋषिहरूको यो कुरा सुनेर धर्मात्मा रामचन्द्र ती सबै ऋषिहरूलाई भन्नलागे ॥२१॥ तपाईं सबै ऋषिहरूले मलाई आफ्नो आफ्नो काम अह्राउनु पो पर्दछ, म ता तपाईंहरूको आज्ञाकारी हुँ, तपाईंहरूले यसरी मसित प्रार्थना गर्नु ता उचित देखिन्न । राक्षसहरूले मुनिहरूलाई दुःख दिइरहेका छन्, मारिरहेका छन् भन्ने सुनेर सो दुःख हटाउनाका लागि म पिताको आज्ञा लिई वनमा आएको छु ॥२२-२३॥ तपाईंहरूको प्रयोजनसिद्धिका लागि म आफ्नो इच्छाले तपाईंहरूनेर आएको छु, यस वनको मेरो बसाइले ठूलो लाभ हुनेछ ॥२४॥ म तपस्वीहरूका शत्रु, राक्षसहरूलाई युद्धमा मार्न चाहन्छु, तपस्वीहरू मेरो र मेरा भाइको पराक्रम हेरिहाल्नून् ॥२५॥

धर्मात्मा रामचन्द्र तपस्वीहरूलाई यस प्रकारको वर दिई मुनिहरूले गरेको आदर सत्कार ग्रहण गरी, लक्ष्मण र यी तपस्वीहरूलाई साथ लिई सुतीक्ष्णको आश्रमतिर लागे ॥२६॥

सर्ग—७

राम सुतीक्ष्णको आश्रममा पुग्दछन् ।

शत्रुहरूलाई ताप पार्ने रामचन्द्र भाइ लक्ष्मण, सीता र यी मुनिहरूलाई साथमा लिई सुतीक्ष्णको आश्रमतिर लागे ॥१॥ रामचन्द्रले, बाटोमा परेका अनेक गहिरा नदी पार गर्दै निकै टाढा पुगेपछि महामेरु जस्तो अग्लो एउटा राम्रो पर्वत देखे ॥२॥ इक्ष्वाकुश्रेष्ठ राम, लक्ष्मण र सीतालाई साथमा लिई अनेक प्रकारका रूख भएको त्यस वनमा गए ॥३॥ रामचन्द्रले त्यस घोर वनमा प्रवेश

गरेर अनेक प्रकारका फल फूल लागेका रूखले चारैतिर घेरेको, चीरको मालाले सिंगारिएको, एकान्त ठाउँमा एउटा आश्रम देखे ॥४॥

त्यस आश्रममा आफ्नो पाप हटाउन कमलासन बाँधेर बसेका सुतीक्ष्ण तपस्वीनेर गई रामचन्द्र विधिपूर्वक उनीसित बोल्नलागे ॥५॥ हे भगवन् ! मेरो नाम रामचन्द्र हो, तपाईंको दर्शन गर्न यहाँ आएको छु । हे महर्षे ! मसित बोल्नुहोस् । तपाईं धर्मज्ञ हुनुहुन्छ र तपाईंको तपस्याको प्रभाव अमोघ छ ॥६॥

धर्मात्माहरूमा श्रेष्ठ रामचन्द्रलाई देखेर ती धीर सुतीक्ष्णले आफ्ना दुवै हातले उनलाई अँगालो हाली भन्नलागे ॥७॥ सत्यवादीहरूमा श्रेष्ठ, रघुकुलका श्रेष्ठ हे राम ! तपाईंलाई स्वागत छ, तपाईं आउनाले यो आश्रम अहिले सनाथ जस्तो भएको छ ॥८॥ हे महायशस्वी ! म तपाईं कहिले आउनु-होला भनेर पर्खिरहेको थिएँ । तपाईंकै निम्ति यस पृथ्वीमा आफ्नो शरीर त्यागी अहिलेसम्म ब्रह्मलोकमा नगई बसिरहेको छु ॥९॥ चित्रकूटमा बस्तैखेरि तपाईं राज्य छाडेर वनमा आउनुभएको छ भन्ने सुनेको थिएँ । हे काकुत्स्थ ! देवराज इन्द्र यहाँ मेरो आश्रममा आएका थिए ॥१०॥ महादेव देवराजले यहाँ आएर मलाई तिमीले आफ्ना पुण्यकर्मद्वारा सबै लोकको अधिकार पाइसक्यौ भनेर सुनाए ॥११॥ तपस्याको बलले मैले जुन लोकलाई जितेको छु, जसमा देवता-ऋषिहरू बस्तछन्, हे रामचन्द्र ! मेरा अनुग्रहले तपाईं लक्ष्मण र सीताको साथमा ती लोकमा गई विहार गर्नुहोस् ॥१२॥

ब्रह्माले इन्द्रसँग बोलेझैं रामचन्द्र ती उग्रतपस्वी, सत्यवादी, अतितेजस्वी महर्षिलाई भन्नलागे ॥१३॥ हे महामुने ! म स्वयं तपाईंले भनेका यी लोक प्राप्त गर्नेछु । म ता अहिले यस वनमा तपाईंले बताएको ठाउँमा बस्न चाहन्छु ॥१४॥ महात्मा गौतम शरभङ्गले तपाईं सबै प्राणीको कल्याण गर्ने र सबै विषयमा निपुण हुनुहुन्छ भनेर भनेका थिए ॥१५॥

रामचन्द्रले यसो भनेपछि लोकमा विख्यात भएका महर्षि बडो प्रसन्न भई रामसँग यो मीठो कुरा भन्नलागे ॥१६॥ हे राम ! तपाईं यै आश्रममा बस्नुहोस् किनकि यहाँ हरेक कुराको सुबिस्ता छ, यहाँ अनेक ऋषिहरू बसेका छन्, फलफूल पनि यहाँ सधैं पाइन्छन् ॥१७॥ कसैदेखि नडराउने ठूला ठूला हरिणको बथान यहाँ आउँछ, यिनीमाथि कोही पनि हात उठाउँदैनन्, केवल ऋषिहरूलाई लोभ्याएर यिनीहरू फर्कन्छन् ॥१८॥ हरिणहरूले गरेको उपद्रवसिवाय यस आश्रममा अरू कुनै उपद्रव हुन्न ।

यी महर्षिको यो कुरा सुनेर लक्ष्मणका दाजु रामचन्द्र भन्नलागे ॥१९॥ आफ्नो धनु, बाण उठाएर रामचन्द्रले भने, हे महाभाग ! ती आएका हरिणहरूलाई म आफ्नो तीखो धार भएको बाणले मारिदिनेछु, यी आश्रमका मृग मारिनाले तपाईंलाई बडो कष्ट हुनेछ, मलाई योभन्दा बर्ता कष्ट हुने कुरा के होला ? ॥२०-२१॥ अतएव सधैं यो आश्रममा बस्न म निको मान्दिनँ ।

मुनिलाई यति भनेर राम चूप लागे र सन्ध्या गर्न गए ॥२२॥ साँझको सन्ध्या सिध्याएर रामचन्द्र, सीता र लक्ष्मणको साथमा सुतीक्ष्णको यो रमाइलो आश्रममा वास बसे ॥२३॥ संध्याकाल बित्यो

रात पर्‍यो भन्ने थाहा पाएपछि सुतीक्ष्णले तपस्वीहरूले खाने किसिमका अन्न ती पुरुषश्रेष्ठ राम र लक्ष्मणलाई सत्कारपूर्वक दिए ॥२४॥

सर्ग—८

राम, सीता र लक्ष्मणलाई साथ लिई वन हेर्न जान्छन् ।

सुतीक्ष्णद्वारा सत्कार पाएका राम र लक्ष्मणले त्यो रात त्यहीं बिताए र बिहानीपख उठे ॥१॥ प्रातः कालमा उठेर रामचन्द्रले सीतालाई साथमा लिई कमलको गन्धले सुवासित भएको शीतल जलमा स्नान गरे ॥२॥ राम, लक्ष्मण र सीताले तपस्वीहरूको त्यस आश्रममा विधिपूर्वक अग्नि र अरू देवताको पूजा गरे ॥३॥ सूर्य उदाउनलागेको देखेर पापरहित तीनै जना फेरि सुतीक्ष्णनेर आई मधुरो बोलीले भन्नलागे ॥४॥ हे भगवन् ! हामीले सुखसँग तपाईंको आश्रममा वास बस्यौं, तपाईंले हाम्रो ठूलो सत्कार गर्नुभयो, अहिले हामी बिदा हुन आएका छौं, मुनिहरू हामीलाई छिटो गर्न भनिरहेका छन्॥५॥ दण्डकारण्यमा बस्ने जम्मै पुण्यात्मा ऋषिहरूको आश्रम हेर्नाको निम्ति हामी पनि हतपत गरिरहेका छौं ॥६॥ सधैं धर्ममा तत्पर रहने, जितेन्द्रिय, ज्वाला नभएको आगो जस्ता यी ऋषिहरूलाई सँगमा लैजाने आज्ञा माग्दछौं ॥७॥ अन्यायले धन कमाएर छोटो कुलको मानिस जसरी सहि नसक्नुहुन्छ त्यसै गरी सूर्यको तेज खपी नसक्नु हुनुभन्दा अघि नै हामी यहाँबाट जान चाहन्छौं ।

यति भनेर रामचन्द्रले लक्ष्मण र सीताको साथमा मुनिको चरणको वन्दना गरे ॥८-९॥ ढोग दिन लागेका ती दुवै भाइलाई उठाएर मुनिले खूबसँग अँगालो हाले र अनि प्रेमपूर्वक यो कुरा भन्न-लागे ॥१०॥ छायाझैं सधैं आफूसँग रहने यी सीता र लक्ष्मणको साथमा निर्विघ्नपूर्वक यात्रा गर्नुहोस् ॥११॥ दण्डकारण्यमा बस्ने तपस्याद्वारा ब्रह्मज्ञान प्राप्त गरेका ती तपस्वीहरूलाई तथा तिनका रमणीय आश्रम हेर्न जानुहोस् ॥१२॥ यथेष्ट फल फूल उत्पन्न हुने, फूल फुलेको, निर्दोष हरिणहरूको बथान भएको, शान्त चराहरूका डफ्फाका डफ्फा भएको त्यस वनलाई देख्नुहुनेछ ॥१३॥ फूल फुलेका कमलले शोभायमान भएका, सफा पानी भएका, हाँस आदि गरिएका पानीचरा भएका तलाउ पोखरी देख्नुहुनेछ ॥१४॥ हे दैंमा आँखालाई आनन्द दिने पर्वतमा झांगहरू देख्नुहुनेछ, मयूरको शब्दले भरिएका रमाइला वन पनि देख्नुहुनेछ ॥१५॥ हे प्यारा लक्ष्मण ! जाऊ, रामचन्द्र ! तपाईं पनि जानुहोस् , ती आश्रमहरू हेरेर फेरि यै आश्रममा फर्केर आउनुहोला ॥१६॥

महर्षिको कुरालाई स्वीकार गरी राम लक्ष्मणले मुनिको प्रदक्षिणा गरेर उहाँबाट प्रस्थान गर्न तैयार भए ॥१७॥ यसपछि ठूला ठूला आँखा भएकी सीताले दुइटा राम्रा ठोक्रा, दुइटा धनु तथा दुइटा चह-किला तरवार दुवै भाइलाई दिइन् ॥१८॥ दुइटा राम्रा ठोक्रा बाँधेर तथा शब्द गर्ने दुइटा धनु लिएर राम लक्ष्मण दुवै भाइ यात्रा गर्नाको निम्ति आश्रमबाट निस्के ॥१९॥ राम्रा दुवै रघुवीरले महर्षिको आज्ञा पाई धनुबाण तरवार भिरी सीताको साथमा प्रस्थान गरे ॥२०॥

सर्ग—९

सीता रामलाई खड्गसेवी मुनिको कथा सुनाउँछिन् ।

सुतीक्ष्णको आज्ञाले वन हेर्न जानलागेका आफ्ना पति रामचन्द्रलाई सीता स्नेहपूर्वक केही मीठो कुरा भन्नलागिन् ॥१॥ हे राम ! तपाईं महापुरुष हुनुहुन्छ, तर सूक्ष्मदृष्टिले विचार गर्दा मृगहरूलाई मार्ने प्रतिज्ञा गर्नु भएकोले तपाईं अवश्यै पापको भागी हुनुहुनेछ; तर इच्छाले उत्पन्न भएको यस पापको निवारण गर्नाले तपाईं अधर्मबाट बच्न सक्नुहुन्छ ॥२॥ इच्छाबाट उत्पन्न हुने तीन किसिमका पाप छन्, पहिलो ता झूटो बोल्नु हो; यो ठूलो पाप हो तर अरू दुइटा योभन्दा पनि ठूला छन् ॥३॥ परस्त्रीगमन, विनाविरोधको व्यर्थमा प्राणीलाई मार्नु यी बडा भारी पाप हुन् । हे राम ! तपाईंको वचन न कहिले झूटो भएको छ न पछि कहिले हुनेछ ॥४॥ हे नरश्रेष्ठ ! परस्त्री-गमन धर्मको नाश गर्ने हो, यो अभिलाषा तपाईंमा किन भइरहन्थ्यो, यो भाव तपाईंमा न अहिले छ न पहिले पनि कहिल्यै थियो ॥५॥ यो भाव तपाईंको मनैमा छैन, हे राजकुमार ! तपाईं सधैं आफ्नी स्त्री-मा सन्तुष्ट रहनुहुन्छ ॥६॥ तपाईं धर्मात्मा, आफ्नो प्रतिज्ञालाई पूरा गर्ने, पिताको आज्ञा पालन गर्ने हुनुहुन्छ, तसर्थ कर्म, सत्य इत्यादि अनेक गुण तपाईंमा अडिएका छन् ॥७॥ हे महाबाहो ! जो मानिस जितेन्द्रिय छन् तिनै मात्र यी गुण धारण गर्न सक्तछन्, तपाईं जितेन्द्रिय हुनुहुन्छ भन्ने कुरा सबै प्राणीलाई थाहा छ, तर हे शुभदर्शन ! विनाअपराधले प्राणीको हिंसा गर्ने यो दोष अज्ञानले गर्दा तपाईंमा आउनलागेको छ ॥८-९॥ तपाईंले दण्डक वनमा बस्ने ऋषिहरूको रक्षाको निम्ति राक्ष-सहरूलाई युद्धमा मार्ने प्रतिज्ञा गर्नुभएको छ ॥१०॥ दण्डक नामले प्रसिद्ध भएको जंगलमा भाइको साथमा धनुबाण लिएर तपाईं जानलाग्नुभएको छ, यसै कारणले मैले तपाईंलाई यो कुरा भनेकी हुँ ॥११॥ तपाईंको चरित्र मलाई राम्रै गरी थाहा छ, राक्षसहरूलाई मार्ने जो प्रतिज्ञा तपाईंले गर्नु-भएको छ त्यसलाई अवश्यै पूरा गर्नुहुनेछ, तपाईंलाई वनमा जान लागेको देख्ता तथा तपाईंको यस लोक र परलोकको कल्याणको कुरा विचार गर्दा मेरो मन बडो आकुल व्याकुल भइरहेको छ ॥ १२॥ हे वीर ! तपाईंले यस दण्डक वनमा प्रवेश गर्ने कुरा मलाई निको लागेन, मैले भनेको यसको कारण सुन्नुहोस् ॥१३॥ धनुबाण लिई तपाईं भाइको साथमा वन जानलाग्नुभएको छ, उहाँ सबै वनचरलाई देख्ता अवश्यै कसैमाथि बाण चलाउनुहुनेछ ॥१४॥ नजीकमा राखेको काठले जसरी आगोको बल बढाउँछ त्यसै गरी साथमा रहेको धनुले क्षत्रियको बल र तेजलाई बढाइदिन्छ ॥१५॥

पहिले मृग पक्षीले युक्त भएको कुनै एक पवित्र वनमा सत्यवान् नाम गरेका एउटा पवित्र तपस्वी बस्तथे ॥१६॥ तपस्यामा विघ्न पार्नाको निम्ति सिपाहीको रूप धारण गरी इन्द्र तरवार लिएर उनको आश्रममा आए ॥१७॥ इन्द्रले त्यो उत्तम तरवार त्यस आश्रममा पवित्र तपस्या गर्ने मुनिकहाँ नासो राखेर गए ॥१८॥ यस तरवारलाई पाएपछि मुनिजी यसको रक्षा गर्न धेरै धेरै यत्न गर्नलागे र

विश्वासघाती बन्नुपर्ला भन्ने डरले यसलाई साथैमा लिई वनमा घुम्नथाले ।।१९।। मूल फल लिन जाँदा पनि तरवार लिई जान्थे, नासोको रक्षा गर्नामा लागेका यिनी तरवार नलिई कतै जाँदै जाँदैनथे ।।२०।। सधैं शस्त्र लिई भ्रमण गर्ने हुनाले तपस्वीले आफ्नो बुद्धिलाई क्रूर बनाइदिए र तपस्यातिरबाट यिनको विश्वास घटेर गयो ।।२१।। यी मुनि, सधैं शस्त्रलाई साथमा राख्ने हुनाले हिंसा कर्म पनि गर्नलागे र मतवाला जस्ता पनि भए, अन्तमा धर्म नष्ट भएकोले नरकमा गए ।।२२।। शस्त्र सँगमा राख्नाले पहिले यस्तो घटना भएथ्यो, अग्निसितको संयोगले जसरी काठको नाश हुन्छ त्यसै गरी शस्त्रको संयोगले मानिसको नाश हुन्छ ।।२३।। हजूरउपरको मेरो आदर तथा स्नेहले मैले हजूरलाई यस कुराको संझना मात्र गराएकी हुँ, शिक्षा ता दिएको होइन, धनु लिएर कुनै अनपराधी प्राणीको हिंसा नगरिबक्सेला ।।२४।। विनाअपराधले दण्डकारण्यमा बस्ने राक्षसलाई मार्ने इच्छा नगर्नु होला किनकि हे वीर ! विनाअपराधमा मार्ने मानिसको लोकले प्रशंसा गर्दैन ।।२५।। वनमा विचरण गर्ने, नियममा चल्ने, वीर क्षत्रियहरूको धनु धारण गर्नु निरपराध जीवलाई मार्नाको निम्ति होइन, दुःखीहरूको रक्षा गर्नाका निम्ति पो हो ।।२६।। कहाँ शस्त्र, कहाँ वन; कहाँ क्षत्रियधर्म, कहाँ तपस्या-यी सबै परस्पर विरुद्ध छन्, तसर्थ हामीले यिनको आदर गर्न हुन्न । किन्तु देशधर्म अर्थात् तपोवनधर्मको आदर गर्नुपर्दछ ।।२७।। शस्त्र धारण गर्नाले निष्ठुरहरूको झैं बुद्धि बिग्रेर जान्छ, अयोध्यामा गएपछि क्षत्रियधर्मको सेवन गरिबक्सेला ।।२८।। राज्यलाई त्याग गरेर तपाईंले वनमा, नियममा बस्ने मुनिको आचरण गर्नुभयोभने मेरा सासू ससुरालाई पनि बडो हर्ष हुनेछ ।।२९।। धर्मले अर्थको लाभ हुन्छ र धर्मबाट नै सुख उत्पन्न हुन्छ, धर्मैले सबै थोक पाइन्छ, धर्म नै संसारमा एकमात्र सार वस्तु हो ।।३०।। चतुरा मानिस नाना प्रकारको नियम पालन गरेर यत्नपूर्वक कष्ट सही धर्मको साधन गर्दछन्, किनकि सुख गरेर सुख पाइन्न अर्थात् शारीरिक सुखले धर्मको प्राप्ति हुन सक्तैन ।।३१।। हे सौम्य ! चित्तलाई सधैं शुद्ध राखी तपोवनमा गर्नुपर्ने धर्मतिर मन दिनुहोस्, तीनै लोकको सानोमा पनि अति सानो सबै विषय तपाईंलाई थाहै छ, कसले तपाईंलाई अर्ती शिक्षा दिन सक्तछ ? ।।३२।। स्त्रीजातिको स्वभाव जन्मँदैदेखिको चञ्चल हुनाले तपाईंलाई यी कुरा भनेकी हुँ, नत्र ता तपाईंलाई धर्मको विषयमा उपदेश गर्न कसले साहस गर्ला ? आफ्ना भाइका साथमा बुद्धिपूर्वक विचार गरेर जो ठीक संझनुहुन्छ सो गर्नुहोस्, ढीलो नगर्नुहोस् ।।३३।।

सर्ग—१०

रामचन्द्र सीताको शङ्का दूर गरी उनको चित्त बुझाउँछन् ।

पतिमा भक्ति राख्ने सीताले भनेका यी कुरा सुनेर धर्मात्मा राम उनलाई यस प्रकारसँग जवाफ दिनलागे ।।१।। धर्म जान्ने देवी जानकी ! ममाथि प्रेम राख्ने तिमीले मेरो भलो हुने कुरा भन्यौ, तिमीले क्षत्रिय कुललाई सुहाउने धर्मको उपदेश गर्नु मुनासीब हो ।।२।। हे देवी ! म तिमीलाई के

जवाफ दिऊँ, तिमीले आफैं भनिहाल्यौ नि, दुःखीको आर्त शब्द सुन्न नपरोस् भनेर क्षत्रियहरू धनु धारण गर्दछन् ॥३॥ दण्डकारण्यमा बस्ने तीक्ष्णव्रत मुनिहरू दुःखमा परेका हुनाले स्वयं मकहाँ, म सबैलाई शरण दिने हुँ भनिठानेर शरण पर्न आएका छन् ॥४॥ वनमा सधैं फल-मूल खाएर समय बिताउने यी ऋषिहरूले क्रूरकर्म गर्ने राक्षसहरूले गर्दा सुखपूर्वक बस्न पाएका छैनन् ॥५॥ मानिसको मासु खाएर जीविका चलाउने यी डरलाग्दा राक्षसहरू दण्डक वनमा बस्ने मुनिहरूलाई खाइदिन्छन्, यिनीहरूको मार-बाट बचेका ब्राह्मणश्रेष्ठ मुनिहरूले मकहाँ आई आफ्नो सबै वृत्तान्त सुनाए । उनीहरूकै मुखबाट निस्केको कुरा सुनेर मैले उनीहरूलाई भनें, "तपाईंहरू आनन्दसँग बस्नुहोस्, स्वयं मैले ब्राह्मणहरूनेर जानुपर्नेमा तपाईंहरू नै मकहाँ आउनुभएकोमा मलाई बडो लाज लागिरहेको छ" । मैले ब्राह्मणहरूलाई अब मैले के गर्नुपर्ने हो भनेर सोधें ॥६-९॥ मैले यति भनेपछि यी सबैले मनेर आई भनेः—हे राम ! दण्ड-कारण्यमा आफ्नो मनपर्दो रूप धारण गर्ने अनेक राक्षसहरूद्वारा हामीहरू अत्यन्त पीडित भइरहेछौं, तपाईं हाम्रो रक्षा गर्नुहोस् । होम गर्ने वेलामा अथवा पूर्णिमा, अमावास्याका दिन जब हामी होम गर्न थाल्दछौं त्यस वेलामा मासु खाने यी बडा बलिया राक्षसहरू आई हामीलाई चौपट्टै सताउँछन् । यी राक्षसहरूले गर्दा व्याकुल भएका तपस्वी मुनिहरू आफ्नो रक्षा गर्ने मानिस खोजिरहेका छन्, हाम्रो दृष्टिमा तपाईं नै हाम्रा सर्वश्रेष्ठ रक्षक हुनुहुन्छ । आफ्नो तपस्याको प्रभावले स्वयं राक्षसहरूलाई मार्ने हाम्रो शक्ति छ तापनि धेरै कालदेखि सञ्चित गरिराखेको तप हामीहरू खण्डित गर्न चाहन्नौं । हे रामचन्द्र ! तपस्यामा बडा विघ्न पर्नलागेका छन् र तिनको आचरणमा बडो कष्ट हुनलागेको छ ॥१०-१४॥ यसै कारणले राक्षसहरूले हामीलाई खाँदाखेरि पनि हामी उनलाई सराप दिन्नौं । दण्डकारण्यमा बस्ने राक्षसहरूद्वारा सताइएका हामीहरूको रक्षक आफ्ना भाइका साथमा तपाईं नै हुनुहुन्छ । वनमा बस्ने हामीहरूको मालिक तपाईं नै हुनुहुन्छ । उनीहरूको यो कुरा सुन्दा मैले दण्डकारण्यमा बस्ने मुनि-हरूको पूरा तवरसँग रक्षा गर्ने प्रतिज्ञा गरें । हे सीते ! प्रतिज्ञा गरिसकेपछि आफूमा ज्यान रहेसंम ऋषिहरूलाई गरेको यो प्रतिज्ञा पालन गर्नामा विमुख हुन सक्तिनँ किनकि सत्य मेरो सधैंको प्यारो छ । हे सीते ! म आफ्नो प्राण छोड्न सक्तछु, लक्ष्मणसहित तिमीलाई छाड्न सक्तछु; तर आफूले गरेको प्रतिज्ञा खास गरेर ब्राह्मणसम्बन्धी प्रतिज्ञालाई कदापि छाड्न सक्तिनँ । अतएव ऋषिहरूको रक्षा मैले अवश्य गर्नै पर्दछ ॥१५-१९॥ हे सीते ! ऋषिहरूले नभनेको भए पनि म उनको रक्षा गर्ने थिएँ, झन् प्रतिज्ञा गरिसकेपछि ता कुरै रहेन । तिमीले मलाई जो भन्यौ मेराउपरको स्नेह र प्रेमले गर्दा भनेकी ह्वौ ॥२०॥ यसकारण हे सीते ! म तिमीदेखि सन्तुष्ट छु, जो मानिस आफूलाई माया गर्दैन त्यसले कहिल्यै पनि उपदेश गर्दैन । तिमीले जे भन्यौ सो सब ठीक र उचित छ र कुललाई सुहाउने किसिमको छ, तिमी मेरी सहधर्मचारिणी ह्वौ र मलाई आफ्नो प्राणभन्दा पनि बर्ता प्यारी छौ ॥२१॥

मैथिल-राजकन्या सीतालाई यति कुरा भनेर महात्मा रामचन्द्र धनुसहित लक्ष्मणलाई सँगमा लिई रमणीय तपोवनतिर लागे ॥२२॥

सर्ग–११

अनेक आश्रममा डुलेर रामचन्द्र फेरि सुतीक्ष्णको आश्रममा आउँछन् र त्यहाँबाट अगस्त्य ऋषिको आश्रमतिर प्रस्थान गर्दछन् ।

अघिअघि राम थिए, माझमा सुन्दरी सीता र सबैको पछडि हातमा धनु लिएर लक्ष्मण हिंड्न-लागे ॥१॥ दुवै भाइ सीताको साथमा पर्वतका अनेक टाकुरा, वन, तथा नाना प्रकारका रमणीय नदी हेर्द जानलागे ॥२॥ नदीको तीरमा विहार गरिरहेका सारस र चखेवा चरालाई यिनले देखे, जलचर पक्षीले युक्त भएका, फूल फुलेका, कमल भएका तलाउ देखे ॥३॥ हरिणको बथान, मदले उन्मत्त परेका, ठूला सीङ भएका अर्नाहरू, वनेल र रूखका वैरी हात्तीहरूलाई हेर्दै गए ॥४॥ धेरै टाढा गइसकेपछि सूर्य अस्ताउने वेलामा यिनीहरूले एक योजन लामो एउटा खूब राम्रो तलाउ देखे ॥५॥ भिन्ना भिन्न जातका कमल त्यसमा फुलिराखेका थिए, हात्तीको बथानले गर्दा योसुशोभित थियो, यो तलाउ जलचारी सारस र हाँसको बथानले भरिपूर थियो ॥६॥ सफा पानी भएको रमणीय त्यस तलाउमा गीत गाएको र बाजा बजाएको शब्द सुनिन्थ्यो, तर गीत गाउने बाजा बजाउने कोही पनि देखिन्नथ्यो ॥७॥ त्यहाँ-को हाल जान्न उत्सुक भएका महारथी राम र लक्ष्मण धर्मभृत् नामक ऋषिसँग सोध्नलागे ॥८॥ हे महामुने ! यहाँको यो अद्भुत शब्द सुन्दा हामी सबै आश्चर्य भएका छौं, यो के हो ? हामीलाई यथार्थ कुरा भन्नुहोस् ॥९॥ रामचन्द्रले यसरी सोधेपछि धर्मात्मा मुनि झट्टै त्यस तलाउको प्रभाव वर्णन गर्न-लागे ॥१०॥

हे राम ! यो पञ्चाप्सर नाम गरेको तलाउ हो, यसमा पानी सदा रहिरहन्छ, माण्डकर्णीनामक मुनिले आफ्नो तपस्याको बलले यसलाई बनाएका हुन् ॥११॥ महामुनि माण्डकर्णीले पानीमा बसी तथा वायु भक्षण गरी दश हजार वर्षसम्म बडो कठोर तपस्या गरे ॥१२॥ उनको यस्तो कठोर तपस्या देख्ता अग्नि आदि गरिएका देवताहरू बडो दुःखित भए र एकै ठाउँमा जम्मा भई आपसमा भन्नलागे ॥१३॥ यी मुनिले हामीहरूमध्ये कसैको स्थान लिंन खोजेका हुन् भन्ने कुराको विचारले यी देवताहरू झन् झन् हडबडाइरहेका थिए ॥१४॥ यी मुनिको तपस्यामा विघ्न पार्नाको निम्ति सबै देवताहरूले मिलेर विजुली जस्तो चहक भएका पाँचओटी अप्सराहरूलाई नियुक्त गरे ॥१५॥ अप्सराहरूले पनि देवताहरूको काम सिद्ध गर्नाको निम्ति यस लोक परलोकका सबै विषय जान्ने महर्षिलाई कामको वशमा पारिदिए ॥१६॥ यी पाँचै अप्सरा मुनिका स्वास्नी भए, मुनिले पनि आफ्नो तपस्याको प्रभावले उनी-हरूको निम्ति यस तलाउभित्र एउटा अदृश्य घर बनाइदिए ॥१७॥ यी पाँचै अप्सरा यहाँ सुखपूर्वक रहन्छन्, र तपस्याको प्रभावले यौवन प्राप्त गरेका मुनिको साथमा विहार गर्दछन् ॥१८॥ मुनिको साथमा विहार गर्नलागेका ती अप्सराहरूले गाएको र बाजा बजाएको शब्द यै हो; गहनाको झङ्कारसित मिसिएको हुनाले यो आवाज यस्तो मीठो सुनिएको हो ॥१९॥

ब्रह्मज्ञानी मुनिको कुरा सुन्दा महायशस्वी रामचन्द्र र उनका भाइ लक्ष्मण बडो आश्चर्यमा परे ॥२०॥ यै कुरा गर्दा गर्दैमा रामचन्द्रले एउटा आश्रम देखे, यहाँ जताततै कुश र चीर फिंजिराखेको थियो तथा ब्राह्मी शोभाले यो शोभायमान भइरहेको थियो ॥२१॥ यस रमणीय आश्रमभित्र रामचन्द्रजीले सीता र लक्ष्मणलाई साथमा लिई प्रवेश गरे ॥२२॥ महर्षिहरूद्वारा सत्कार पाएका रामचन्द्रले सुखपूर्वक त्यहाँ वास बसे र त्यसपछि पालैसंग जुन जुन महर्षिको आश्रममा पहिले यी अस्त्रविद्यामा निपुण भएका रामचन्द्र गएका थिए, तिनैको आश्रममा फेरि पनि गए । रामचन्द्र कुनै आश्रममा दश महीनाभन्दा बर्ता बसे, कहीं एक वर्ष बसे कहीं चार, कहीं पाँच, कहीं छ, कहीं यसभन्दा पनि बढ्ता अर्थात् सात महीनाभन्दा अलि बर्ता, कहीं पन्ध्र बीस दिन बसे । रामचन्द्रले कुनै आश्रममा तीन महीना, कुनैमा आठ महीना सुखपूर्वक बिताए । यस प्रकारसँग मुनिहरूको आश्रममा बस्ता तथा प्रसन्नतापूर्वक भ्रमण गर्दा गर्दा रामचन्द्रका दश वर्ष बिते ।

सीताको साथमा यस किसिमले सबै पवित्र आश्रममा घुमघाम गरेर धर्म जान्ने रामचन्द्रजी फेरि सुतीक्ष्णको आश्रममा आए । यस आश्रममा आएपछि मुनिहरूले यिनको सत्कार गरे ॥२३-२८॥ शत्रुहरूको दमन गर्ने रामचन्द्र यहाँ पनि केही दिन बसे । यस आश्रममा रहँदाखेरि एकचोटि रामचन्द्र महामुनि सुतीक्ष्णनेर गई विनयपूर्वक भन्नलागेः——हे भगवन् ! यस वनमा मुनिश्रेष्ठ अगस्त्य रहन्छन् भन्ने कुरा मैले कथा भन्नेहरूको मुखबाट सुनेको हुँ, तर यो वन अति ठूलो हुनाले उनी बसेका ठाउँको मैले पत्ता पाइनँ ॥२९–३१॥ ती बुद्धिमान् महर्षिको रमणीय आश्रम कहाँ छ ? ती अगस्त्य मुनिलाई प्रसन्न गराउन र उनलाई प्रणाम गर्नाको निम्ति म सीता र लक्ष्मणको साथमा उहाँ जान चाहन्छु । स्वयं उहाँ गई ती मुनिश्रेष्ठको सेवा गरूँ भन्ने मेरो मनको ठूलो अभिलाषा छ ।

धर्मात्मा रामको यो कुरा सुन्दा प्रसन्न भएका ती सुतीक्ष्ण मुनि दशरथका छोरा रामचन्द्रलाई यस प्रकारसंग भन्नलागेः– मलाई पनि तिमी र लक्ष्मणसंग यो कुरा भनुँला भन्ने लागेको थियो । हे राम ! सीतालाई साथमा ली अगस्त्य बसेको ठाउँमा जाऊ । तिमीले आफैं यो कुरा सोध्नु बडो खुशीको कुरा हो, म तिमीलाई महामुनि अगस्त्यको आश्रम बताउँदछु सुन ॥३२–३६॥ यस आश्रमको दक्षिण दिशा-तिरबाट सोह्र कोससम्म जाऊ, अनि तिमी अगस्त्यका भाइको ठूलो आश्रम देख्नेछौ ॥३७॥ त्यहाँ वनको जग्गा सम्म परेको छ, पीपलका रूखको वनले शोभा दिइरहेको छ, नाना प्रकारका चरा चुरुङ्गी बोलिरहेका हुन्छन्, फल फूलले युक्त भएका रूखहरू भएको यो जग्गा अत्यन्त रमणीय छ ॥३८॥ त्यहाँ सफा पानी भएका, कमल फुलिरहेका अनेक किसिमका तलाउ छन्, हाँस, कारण्डव, चखेवा, चखेवी, सारस आदि पक्षीहरू पानीमा खेलबाड गरिरहेका हुन्छन् ॥३९॥ त्यहाँ आश्रममा एक रात बसी भोलिपल्ट बिहान वनको बगलबाट दक्षिणतिर लागे ॥४०॥ एक योजन जति गएपछि वनको रमणीय स्थानमा अनेक रूखले शोभित भएको अगस्त्यको आश्रम छ ॥४१॥ त्यहाँ सीता र लक्ष्मण तिम्रो साथमा रमाउनेछन् , अनेक रूखहरूले युक्त भएको यो वनभित्रको जग्गा बडो रमाइलो छ ॥४२॥ हे

बुद्धिमान् राम ! यदि तिमीलाई महामुनि अगस्त्यको दर्शन गर्ने अभिलाषा छभने आजै यात्रा गर्ने निश्चय गर ॥४३॥

मुनिको कुरा सुनेर रामचन्द्रले भाइका साथमा ती मुनिलाई प्रणाम गरे; दुवै भाइ सीतासहित भई अगस्त्यको आश्रमतिर जान भनी हिंडे ॥४४॥ बाटामा पर्ने अनेक अद्भुत वन, मेघसमानका पर्वत तथा नदी पोखरी हेर्द तिनीहरू गए ॥४५॥ सुतीक्ष्णले बताएको बाटोबाट आनन्दपूर्वक गएर बडो प्रसन्नता-साथ रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥४६॥ निश्चय यो देखिएको आश्रम पुण्यकर्म गर्ने महात्मा अगस्त्य ऋषिका भाइको हुनुपर्दछ ॥४७॥ जस्तो सुनेका थियौं त्यस्तै फल-फूलको भारले निहुरेका हजारौं रूख यस वनको बाटोमा देखिनलागेका छन् ॥४८॥ पाकेका पिप्पलीहरूको कडा गन्ध वायुको वेगले गर्दा यस वनबाट एक्कासि आउनलागेको छ ॥४९॥ जम्मा पारिराखेका दाउराका थुप्रा जतातते पडिरहेका छन् र वैदूर्य मणिको रंग भएका काटिएका कुश जहाँतहीं पडिरहेका देखिन्छन् ॥५०॥ हेर, वनको माझमा कालो बादलको टुप्पो जस्तो आश्रमको धूवाँ देखिनलागेको छ ॥५१॥ एकान्त तीर्थमा स्नान गरेका यी ब्राह्मणहरू आफ्नै हातले टिपेर ल्याएका फूलले पूजा गरिरहेका छन् ॥५२॥ हे भाइ ! महर्षि सुतीक्ष्णको मुखबाट हामीले जस्तो सुनेका थियौं त्यै अनुसार यहाँ सबै थोक देख्दा यो अगस्त्यजीका भाइको आश्रम रहेछ भन्ने हामीलाई निश्चय हुन्छ ॥५३॥ यिनका पुण्यकर्म गर्ने दाजु अगस्त्यले लोकको कल्याण गर्ने इच्छाले मृत्युसमान डरलाग्दो दैत्यलाई बलपूर्वक मारेर यस दक्षिण दिशालाई मानिसले बस्न योग्य बनाइदिए ॥५४॥

कुनै समयमा यहाँ ब्राह्मणहरूलाई मार्ने निष्ठुर काम गर्ने वातापी र इल्वल नाम गरेका दुइटा दाजु भाइ, ठूला असुर सँगै बस्तथे ॥५५॥ निर्दयी इल्वल ब्राह्मणको रूप धारण गरी संस्कृत बोल्दथ्यो र श्राद्धको भान पारेर बाहुनहरूलाई निम्तो गर्दथ्यो ॥५६॥ यसको भाइ वातापी भेडो बन्थ्यो, श्राद्धको विधिले इल्वल यसलाई मारी यसको मासु पकाएर बाहुनहरूलाई खान दिन्थ्यो ॥५७॥ ब्राह्मणहरूले भोजन गरिसकेपछि इल्वल बडो चर्को स्वरले वातापीलाई बाहिर आ भनी बोलाउँथ्यो ॥५८॥ दाजुको आवाज सुन्नासाथ वातापी भेडाको जस्तो शब्द गर्दै बाहुनहरूको भुँडी चिरेर बाहिर निस्कन्थ्यो ॥५९॥ यस प्रकारसँग इच्छामुताबिकको रूप धारण गर्ने मासु खाने यी दुइटा राक्षसले मिलेर हजारौं बाहुनहरूलाई दिनहुँ मार्ने गरेका थिए ॥६०॥ तब देवताहरूले आएर महर्षि अगस्त्यको प्रार्थना गरे; राक्षसद्वारा श्राद्धमा निमन्त्रित भएका अगस्त्यले त्यो महाराक्षस वातापीलाई खाइदिए ॥६१॥ यसपछि इल्वलले "सम्पन्न" (श्राद्ध समाप्त भयो) शब्दको उच्चारण गरेर अगस्त्यको हातमा आचमन गर्ने पानी हाल्दैखेरि भाइलाई बाहिर आऊ भन्यो ॥६२॥ यो ब्राह्मणघाती राक्षसले आफ्नो भाइलाई बोलाइरहेको वेलामा मुनिश्रेष्ठ बुद्धिमान् अगस्त्यले हाँसेर उसलाई भने ॥६३॥ भेडाको रूप धारण गर्ने तिम्रो भाइलाई मैले पचाइदिएँ, उ ता मरिसक्यो, अब कसरी बाहिर निस्कन सक्तछ ॥६४॥

मुनिको मुखबाट आफ्नो भाइ मरेको खबर सुन्दा त्यो राक्षस रिसले चूर भई उनलाई मार्ने उद्योग गर्नलाग्यो ॥६५॥ जसै त्यो मुनिमाथि जाइलागेथ्यो, ती तेजस्वी मुनिले प्रज्वलित अग्नितुल्य आफ्ना आँखाले त्यसलाई हेरेर डढाइ नै दिए ॥६६॥ उनै अगस्त्यका भाइको यो आश्रम हो, जो कि तलाउ र वनले गर्दा शोभित भएको छ, ब्राह्मणउपर दया गरेर नै उनले यस्तो कठिन काम गरेथे ॥६७॥

रामचन्द्रले लक्ष्मणसँग यस्तो कुरा गर्दा गर्दैमा सूर्य अस्ताए र साँझ परिहाल्यो ॥६८॥ भाइको साथमा विधिपूर्वक सायङ्कालको सन्ध्या गरी रामचन्द्र मुनिको आश्रममा गए र उहाँ मुनिलाई प्रणाम गरे ॥६९॥ मुनिले आदरपूर्वक उनको स्वागत गरे, फल-मूल खाई रामचन्द्र एक रात त्यही आश्रममा बसे ॥७०॥ त्यो रात बितेर सूर्योदय भएपछि राम अगस्त्यका ती भाइसँग भन्न-लागे ॥७१॥ हे भगवन्! म तपाईंलाई प्रणाम गर्दछु, आज रातभरी हामी बडो सुखसँग बस्यौं, अब तपाईंकहाँबाट बिदा हुन चाहुन्छु, म तपाईंका दाजुको दर्शन गर्न भनी जानलागेको छु ॥७२॥

हुन्छ जाउ भन्ने मुनिको आज्ञा पाएर रामचन्द्र, सुतीक्ष्णले बताएको बाटोबाट त्यो वन हेर्दै हिंडे ॥७३॥ नीवार, कटहर, साल, अशोक, तिनीश, बेल, मडुवा, तिन्दुक, चिरिविल्व आदि गरिएका फूल फुलेका अथवा फूल फुलेका लहराले शोभित भइरहेका वनका सयकडौं रूख देखे ॥७४-७५॥

यी रूखहरूमध्ये सयकडौंलाई हात्तीले आफ्ना सूँडले भाँचभुँच पारिदिएका थिए, कुनैमा वानरहरू बसिरहेका थिए, कैएक रूखमा मत्त भएका चराका बथान आवाज गरिरहेका थिए ॥७६॥

यो देखेर राजीवलोचन रामचन्द्रजी नजीकै आफ्नो पछिपछि आइरहेका लक्ष्मीलाई बढाउने वीर लक्ष्मणलाई भन्नलागे ॥७७॥ यी रूखका पातहरू चिल्ला देखिएका र यी चराचुरुङ्गी शान्त देखिएकाले ब्रह्मज्ञानी महर्षिको आश्रम धेरै टाढा होला जस्तो लाग्दैन ॥७८॥ लोकमा आफ्नो काम-द्वारा "अगस्त्य" को नामले विख्यात भएका महर्षिको यो आश्रम देखिनलाग्यो जसले थाकेका मानिसको थकाइ दूर गरिदिन्छ ॥७९॥ वनमा धेरै धेरै धूवाँ फैलिरहेको छ, रूखका हाँगामा चीर-वस्त्र झुण्ड्याइराखेको छ, हरिणको बथान शान्त देखिन्छ र नाना प्रकारका पक्षीहरू मधुरो बोल बोलिरहेका छन् ॥८०॥ पुण्यकर्म गर्ने यिनै महर्षिले लोकको कल्याण गर्ने इच्छाले मृत्युसमान डरलाग्दो राक्षसलाई बलपूर्वक मारेर यस दक्षिण दिशालाई मानिस बस्न योग्य बनाइदिए ॥८१॥ उनैको यो आश्रम हो जसको प्रभावले राक्षसहरू यो दक्षिण दिशातिर डराएर हेर्दछन् र पहिले झैं ऋषिहरूलाई खान्नन् ॥८२॥ जहिलेदेखि यी पुण्यकर्म गर्ने ऋषि यस दिशामा आई बस्नलागे उहिलेदेखि यहाँका राक्षसहरू विरोध गर्न छाडेर शान्त भई बसेका छन् ॥८३॥ यो दक्षिण दिशा भगवान् अगस्त्यको नामबाट तीनै लोकमा प्रसिद्ध छ, यिनको प्रभावले क्रूर कर्म गर्ने राक्षसहरू यहाँ उपद्रव गर्न पाउँदैनन् ॥८४॥

सूर्यको बाटो रोक्न भनी पर्वतहरूमाको श्रेष्ठ विन्ध्याचल उठेको थियो, तर अगस्त्यको आज्ञाले यो नम्र भयो र अझसम्म उनको आज्ञा मानेको हुनाले बढेको छैन ॥८५॥ संसारमा विख्यात काम गर्ने

दीर्घायु अगस्त्यको रमणीय आश्रम यै हो, यहाँका मृगहरू बडा शान्त छन् ॥८६॥ सबै लोकमा पूजित भएका, सज्जनहरूको कल्याण गर्नामा लागेका यी साधु अगस्त्यकहाँ जब हामी पुग्नेछौं तब ता यिनले अवश्य हाम्रो कल्याण गर्नेछन् ॥८७॥ यहाँ म महामुनि अगस्त्यको आराधना गर्नेछु, र वनवासको शेष समय यहीं नै बिताउनेछु ॥८८॥ यस आश्रममा देवता, गन्धर्व, सिद्ध, महर्षिहरू निराहार बसी सदा सर्वदा अगस्त्यको सेवा गर्दछन् ॥८९॥ यी मुनि यस्ता छन् कि यिनको आश्रममा झूटो बोल्ने, निष्ठुरी, धूर्त, हिंसा गर्ने, तथा पापी बाँच्नै सक्तैन ॥९०॥ धर्मको आराधना गर्नाको निम्ति यहाँ देवता, यक्ष, नाग, पक्षिगण नियताहारी भई वास गर्दछन् ॥९१॥ जो सिद्ध महात्मा र महर्षिहरू यहाँ शरीर त्याग गर्दछन् तिनीहरू दिव्य शरीर धारण गरी सूर्य जस्तो तेजिलो रथमा बसी स्वर्ग जान्छन् ॥९२॥ समस्त पवित्र कर्म गर्ने प्राणीगण जो यस आश्रममा बसेका छन् तिनीहरूले, देवताको उपासना गर्नाले उनको (देवताको) अनुग्रह बाट देवयोनि, यक्षयोनि तथा अनेक राज्य पाएका छन् ॥९३॥ हे लक्ष्मण ! अब हामी आश्रममा आइपुग्यौं, अब तिमी अघिबाट गएर मुनिलाई म र सीता आएको समाचार भनिदेऊ ॥९४॥

सर्ग—१२

रामको अगस्त्य मुनिसँग भेट हुन्छ र ऋषिले रामलाई शस्त्र दिन्छन् ।

रामचन्द्रका भाइ लक्ष्मणले आश्रममा नै अगस्त्यका एक जना शिष्यलाई भेटी भने ॥१॥ राजा दशरथका जेठा छोरा महाबलवान् रामचन्द्रजी आफ्नी स्त्री सीतासहित मुनिको दर्शन गर्न भनी आएका छन् ॥२॥ म उनको भाइ लक्ष्मण हुँ । म उनको भलो चाहने परमभक्त, उनको इच्छाअनुसार चल्ने सेवक हुँ । पिताको आज्ञाले हामी यस भयानक वनमा आएका छौं भन्ने कुरा शायद तपाईंले सुन्नुभएको होला, हामी सबै भगवान् अगस्त्यजीको दर्शन गर्न चाहन्छौं, तसर्थ उहाँलाई खबर गरिदिनु-होस् ॥३-४॥

लक्ष्मणको यो कुरा सुनेर तपस्वीले ''हुन्छ'' भने र होमशालामा ऋषिलाई खबर दिन गए ॥५॥ अग्निशालामा प्रवेश गरी तिनले हात जोरीकन तपोबलले आगोसमान तेजिलो देखिएका मुनिश्रेष्ठ अगस्त्यजीलाई रामचन्द्र आएको खबर भन्नलागे ॥६॥ अगस्त्यका प्रिय शिष्य, लक्ष्मणको भनाइमुताबिक भन्नलागे, राम, लक्ष्मण यी दुवै दशरथका छोरा हुन्, सीता नामकी पत्नीसहित यिनीहरू आश्रममा आएका छन् । शत्रुलाई ताप पार्ने यी दुवै भाइ तपाईंको दर्शन गर्न तथा सेवा गर्नाको निम्ति आएका हुन् । यस विषयमा अब जे गर्नु पर्ने हो सो झट्टै आज्ञा गर्नुहोस् ।

शिष्यको मुखबाट राम, लक्ष्मण र सीता आएका छन् भन्ने सुनेर अगस्त्यजी भन्नलागे :— यो बडो खुशीको कुरा हो कि आज धेरै दिनमा राम मलाई भेट्न आए ॥७-१०॥ म पनि मनले राम-चन्द्रको यस आश्रममा आउने आकांक्षा गरिरहेको थिएँ । जाऊ, आदरपूर्वक लक्ष्मण र सीतासहित राम-

२५

चन्द्रलाई मकहाँ लिएर आऊ, तिमीले अघि नै किन नल्याएको ? धर्मज्ञ महात्मा मुनिले यसो भनेपछि शिष्यले हात जोरी उनलाई प्रणाम गरे र "हवस्" भने ।

यी शिष्य झट्टै आश्रमबाट बाहिर आएर लक्ष्मणलाई भन्नलागे ॥११-१३॥ राम कुनचाहिं हुन्, भगवान् अगस्त्यको दर्शन गर्न आऊन् र आफैं आश्रमभित्र जाऊन् । यसपछि लक्ष्मण ती शिष्यको साथमा रामचन्द्र भएको ठाउँमा आए ॥१४॥ लक्ष्मणले शिष्यलाई जनककी छोरी सीता र रामचन्द्रलाई देखाइदिए, शिष्यले पनि नम्रतापूर्वक अगस्त्यले भनेको कुरा रामचन्द्रलाई सुनाए ॥१५॥ सत्कार गरिन योग्य रामचन्द्रको विधिपूर्वक सम्मान गरेर भित्र लिएर गए । सीता र लक्ष्मणको साथमा रामचन्द्र आश्रममा गए ॥१६॥

शान्त स्वभावका हरिण जताततै बसेको त्यो आश्रम हेर्दा हेर्दै रामचन्द्रले त्यहाँ ब्रह्मा, अग्नि, विष्णु, इन्द्र, सूर्य, चन्द्र, भग, कुबेर, धाता, विधाता, वायु, पाशहस्त महात्मा वरुण, गायत्री, आठै ओटा वसु, नागराज गरुड, कार्तिकेय र धर्मका स्थान देखे । यत्तिकैमा शिष्यहरूलाई साथमा लिई मुनि पनि आइहाले ॥१७-२१॥

वीर रामचन्द्रले मुनिहरूको अघिअघि अति तेजस्वी अगस्त्यलाई देखेर लक्ष्मीको वृद्धि गर्ने लक्ष्मणलाई भने ॥२२॥ हे लक्ष्मण ! भगवान् अगस्त्य ऋषि आफैं बाहिर आइरहनुभएको छ, आफ्नो उदारताले गर्दा उहाँ तपस्याको ढुकुटी नै हुनुहुन्छ भन्ने कुरा मलाई थाहा छ ॥२३॥

यति भनेर महाबाहु रामचन्द्रले आफूनेर आउनलागेका सूर्यसमान तेजस्वी अगस्त्य ऋषिको चरण छोए ॥२४॥ सीता र लक्ष्मणको साथमा उनलाई प्रणाम गरी धर्मात्मा रामचन्द्र हात जोरी उभिरहे ॥२५॥ अगस्त्य ऋषिले उनको स्वागत गरे, भोजन र जल दिई सत्कार गरे, क्षेम-कुशल सोधे र बस्न भने ॥२६॥ फेरि महर्षिले अग्निको हवन गरी अर्घ्य दिएर अतिथिहरूको पूजा गरी वानप्रस्थ धर्मको अनुसार भोजन गर्ने सामग्री दिए ॥२७॥

यसपछि धर्म जान्ने महर्षि अगस्त्यजी, पहिले आफू बसिसकेपछि हात जोडी बसिरहेका धर्मका तत्व जान्ने रामचन्द्रलाई भन्नलागे ॥२८॥ हे राम ! जुन तपस्वी, पाहुनाको सत्कार नगरी उसको साथमा धर्मविरुद्ध आचरण गर्दछ त्यो झूटो साक्षी बक्ने झैं परलोकमा आफ्नो मासु आफैं खान्छ ॥२९॥ तपाईं सबैका राजा, धर्मको आचरण गर्ने महारथी हुनुहुन्छ । तपाईंहरू प्रिय अतिथि बनेर हाम्रो आश्रममा आउनुभएको छ, तसर्थ तपाईंहरूको पूजा र सत्कार गर्नु हाम्रो कर्तव्य हो ॥३०॥ यति भनेर उनले फल, मूल, फूल तथा अरू अरू पदार्थ पनि ल्याएर रामचन्द्रको यथेष्ट सत्कार गरी फेरि भन्नथाले ॥३१॥ हे पुरुषसिंह ! यो ठूलो दिव्य धनु सुन हीराले सिंगारिएको छ, यो विष्णुको धनु हो र विश्वकर्माले यसलाई बनाएका हुन् ॥३२॥ सूर्य जस्तो चहकिलो, यो उत्तम अमोघ वाण ब्रह्माले दिएको हो । यो ठोक्रो इन्द्रले दिएका हुन्, यसका वाण कहिले पनि घट्तैनन्, यो अग्निझैं चम्कने तीखा वाणले भरिएको छ । सुनको कालिगडी भएको तथा सुनैको म्यान भएको यो तरवार हो

।।३३-३४।। हे राम ! पहिले यै धनुले संग्राममा भयानक राक्षसहरूलाई मारेर भगवान् विष्णुले देवताहरूको निम्ति जय-लक्ष्मी प्राप्त गरेका थिए ।।३५।। इन्द्रले वज्र धारण गरेझैं तपाईं पनि विजयको निम्ति यो धनु, यी दुइटा ठोक्रा, बाण र तरवार ग्रहण गर्नुहोस् ।।३६।।

यति भनेर भगवान् अगस्त्यजी, यी सबै उत्तम उत्तम अस्त्रहरू रामचन्द्रलाई दिएर भन्नलागे ।।३७।।

सर्ग—१३

रामचन्द्र अगस्त्य ऋषिसित बिदा भई पञ्चवटीतिर लाग्छन् ।

सीतासँग तिमीहरू मलाई प्रणाम गर्न आयौ, तसर्थ हे राम ! म तिमीदेखि प्रसन्न छु, लक्ष्मण ! तिमीदेखि पनि खुशी छु, तिमीहरूको कल्याण होस् ।।१।। बाटोको हिंडाइको थकाइले तिमीहरूलाई ठूलो कष्ट भयो भन्ने स्पष्टै देखिन्छ, जनककुमारी सीताजी विश्राम गर्न खोजिरहेकी छन् ।।२।। हेर, यी सुकुमारी सीताले पहिले कहिल्यै यस्तो दुःख सहनुपरेको थिएन, पतिस्नेहले गर्दा यिनी यस्तो कष्ट दिने वनमा आएकी छन् ।।३।। हे राम ! सीतालाई जसो गर्नाले सुख हुन्छ त्यसै गर, तिम्रो साथमा वनमा आउनाले यिनलाई साँच्ची नै गाह्रो भयो ।।४।। हे राम ! सुख सम्पत्तिमा पतिमाथि प्रेम देखाउने र दुःख परिआएमा त्याग गर्ने आइमाईको स्वभाव सृष्टिको प्रारम्भदेखि चलिआएको छ ।।५।। यी आइमाई विजुलीको चमक जस्ता चञ्चल, शस्त्रका धार जस्ता तीखा, र वायु तथा गरुडको छिटोपनाको नक्कल गर्ने शक्ति भएका हुन्छन् ।।६।। तर हे राम ! तपाईंकी स्त्रीमा कुनै दोष पनि छैनन्, यिनी प्रशंसा गरिन योग्य छिन् । देवताहरूमा अरून्धतीको झैं पतिव्रताहरूमा यिनको पहिलो स्थान छ ।।७।। लक्ष्मण र सीताको साथ यस आश्रममा आउनाले यसलाई शोभायमान गराइदियौ, शत्रुको नाश गर्ने हे राम ! अब तिमी यहीं नै बस ।।८।।

ऋषिको यस्तो वचन सुन्दा रामचन्द्र हात जोरेर विनयपूर्वक अग्निसमान तेजस्वी मुनिलाई भन्नलागे ।।९।। हे मुनिवर ! मेरो, मेरी पत्नीको, तथा मेरो भाइको गुणले मेरा गुरु तपाईंलाई प्रसन्न भएको देख्ता आफूलाई धन्य र अनुगृहीत संझन्छु ।।१०।। अब तपाईं मलाई यस्तो ठाउँ बताउनुहोस् जहाँ कि पानी, घनो जङ्गल होस् र हामी आश्रम बनाएर सुखपूर्वक बस्न सकौं ।।११।।

रामचन्द्रको कुरा सुनेर धर्मात्मा मुनिले अलि बेर विचार गरी उनलाई हित हुने कुरा भन्नलागे ।।१२।। हे बाबु ! यहाँदेखि दुई योजन जति टाढामा पञ्चवटी नामले विख्यात भएको एउटा राम्रो ठाउँछ । त्यहाँ फलफूल प्रशस्त पाइन्छ, पानीको दुःख छैन, हरिणहरू पनि निकै छन् ।।१३।। लक्ष्मणको साथमा उहाँ गई आश्रम बनाएर पिताको आज्ञा पालन गर्दै सुखसँग बस ।।१४।। हे पापरहित राम ! तपस्याको प्रभावले तथा दशरथमाथिको प्रेमले गर्दा मलाई तिम्रो यो सबै वृत्तान्त थाहा छ ।।१५।। यो तपोवनमा मसँग बस्ने प्रतिज्ञा गरेर फेरि मैसंग बस्ने ठाउँ सोध्छौ, तपस्याको प्रभावले तिम्रो मनको

अभिप्राय मैले सबै बुझिसकें ।।१६।। यसकारण तिमीलाई भन्दछु कि तिमी पञ्चवटीमा जाऊ, त्यो स्थान बडो रमणीय छ, त्यहाँ सीता रमाउनेछन् ।।१७।। त्यो ठाउँ सह्नाउन योग्य छ, धेरै टाढा पनि छैन, गोदावरीको नगीचै पर्छ, त्यहाँ बस्नाले सीता प्रसन्न हुनेछन् ।।१८।। फूल मूल त्यहाँ धेरै पाइन्छ, नाना प्रकारका चरा छन् । हे महाबाहो ! यो एकान्त, पवित्र र रमणीय ठाउँ छ ।।१९।। हे राम ! तिमी सदाचारी र रक्षा गर्नामा समर्थ छौ, उहाँ बस्नाले तिमी तपस्वीहरूको पालन गर्न सक्नेछौ ।।२०।। हे वीर ! हेर, यो महुवाको ठूलो जङ्गल देखिएको छ, यसको उत्तरपट्टिबाट जानाले तिमीले न्यग्रोधको ठूलो रूख भेट्नेछौ ।।२१।। यहाँबाट मैदान पार गरेपछि, पर्वतको नगीचमा, फूल फुलेको वनले नित्य सुशोभित भइरहने पञ्चवटी छ ।।२२।।

ऋषिका यी कुरा सुनेपछि राम र लक्ष्मणले ती सत्यवादी ऋषिसित सत्कारपूर्वक जाने बिदा मागे ।।२३।। मुनिको आज्ञा पाएपछि ती दुवैले मुनिका पाउमा ढोग दिए र सीतालाई साथमा लिई पञ्चवटीको आश्रमतिर लागे ।।२४।। लडाइँमा नडराउने यी दुवै राजपुत्र, धनु धारण गरी, ठोक्रो पछाडि बाँधी, महर्षि अगस्त्यले बताएको बाटोबाट सावधान भई पञ्चवटी जान भनी हिंडे ।।२५।।

सर्ग—१४

पञ्चवटीमा जाँदाखेरि रामचन्द्रको बाटोमा जटायुसँग भेट हुन्छ ।

यसपछि पञ्चवटी जानलागेका रामले बाटामा बडो पराक्रमी ठूलो शरीर भएको एउटा गिद्ध देखे ।।१।। महाभाग्यशाली राम र लक्ष्मणले वनमा यस चरालाई देख्ता यो कुनै राक्षस हो कि भनिठानेर उसलाई "तिमी को हौ" भनी सोधे ।।२।।

त्यो बडो मधुरो र मीठो स्वरले यिनीहरूलाई खुशी पार्दै भन्नलाग्यो, हे बाबुहो ! तिमीहरू मलाई आफ्नो बाबुको मित्र संझ ।।३।। रामले त्यसलाई आफ्नो बाबुको मित्र संझेर पूजा गरे र नहडबडाईकन उसको कुल र नाम सोधे ।।४।।

रामचन्द्रको कुरा सुन्दा त्यस चराले आफ्नो नाम र कुल बतायो, सबै प्राणीको उत्पत्ति कसरी भएको हो सो पनि बतायो ।।५।। हे महाबाहो ! पहिले जति प्रजापति भएका छन्, म क्रमैले ती सबैको आदिदेखि वर्णन गर्दछु, तिमी सुन ।।६।। प्रजापतिहरूमा सबभन्दा पहिला "कर्दम" हुन्, त्यसपछि विकृत, शेष, संश्रय, पराक्रमी बहुपुत्र, स्थाणु, मरीचि, अत्रि, महाबली क्रतु, पुलस्त्य, अङ्गिरा, प्रचेता, पुलह, दक्ष, विवस्वान्, अरिष्टनेमी र सबभन्दा पछि महातेजस्वी कश्यप भए ।।७–९।। हे राम ! महायशस्वी दक्षप्रजापतिका बडा यशस्विनी लोकमा विख्यात भएका साठीओटी कन्या उत्पन्न भए ।।१०।। यिनमा आठओटी राम्रा कन्याहरूलाई कश्यपले विवाह गरे, तिनका नाम अदिति, दिति, दनु, कालका, ताम्रा, क्रोधवशा, मनु र अनला हो । प्रसन्न भएर कश्यपले यी कन्याहरूलाई भने ।।११–१२।। त्रिलोकको पालन गर्ने मजस्ता छोरा तिमीहरू उत्पन्न गर । अदिति, दिति, दनु र

कालकाले कश्यपको कुरा माने, तर अरू बाँकीले कश्यपको कुरामा ध्यान दिएनन् । अदितिको गर्भबाट तेत्तीस देवता उत्पन्न भए ॥१३-१४॥ हे परन्तप ! बाह्र आदित्य, आठ वसु, एघार रुद्र, र दुईटा अश्विनीकुमार अदितिले जन्माइन् । हे बाबु ! दितिबाट यशस्वी दैत्यहरू जन्मे ॥१५॥ पहिले वन र समुद्रसहितको यो समस्त पृथ्वी यिनैको अधिकारमा थियो । हे अरिन्दम ! दनुले अश्वग्रीव नामको छोरा जन्माइन् ॥१६॥ कालकाले पनि नरक र कालक नामका दुई छोरा जन्माइन् । क्रौंची, भासी, श्येनी, धृतराष्ट्री तथा शुकी नाम गरेका लोकमा विख्यात भएका पाँचओटी छोरी ताम्राबाट जन्मे, यिनमध्ये क्रौञ्चीबाट उलूक र भासीबाट भास जन्मे ॥१७–१८॥ श्येनीले बाज र गिद्ध उत्पन्न गरिन्, धृतराष्ट्रीले हाँस, रजहाँस, तथा चखेवा जन्माइन् । शुकीबाट नता नाम गरेकी छोरी जन्मिन् र नताकी छोरी विनता भइन् ॥१९–२०॥ क्रोधवशाले मृगी, मृगमन्दा, हरी, भद्रमदा, मातङ्गी, शार्दूली, श्वेता, सुरभि, तथा सबै लक्षणले युक्त भएकी सुरसा र कद्रू यी दशओटी छोरी पाइन् ॥२१–२२॥ हे नरश्रेष्ठ ! मृगीबाट जन्मेका मृगहरू हुन्, मृगमन्दाबाट ऋक्ष, सृमर, चमर-नामक मृग जन्मे ॥२३॥ भद्रमदाले दूरवती नाम गरेकी छोरी जन्माइन्, ऐरावत नामको दिग्गज यिनैबाट जन्मेको हो । हरी नामकी स्त्रीबाट सिंह, वानर, गोलाङ्गुल (एक प्रकारको वानर) जन्मे, शार्दूलीले बाघ जन्माइन् जसको पुच्छर गाईको जस्तो हुन्छ ॥२४–२५॥ हे मनुष्यश्रेष्ठ ! मातङ्गीले हात्ती छोरा जन्माइन् र दिग्गजहरू श्वेताका छोरा भई जन्मे ॥२६॥ हे राम ! देवी सुरभीका दुई छोरी भए, एउटी रोहिणी र अर्की यशस्विनी गन्धर्वी ॥२७॥ रोहिणीले गाई जन्माइन् र गन्धर्वीले घोडाहरू, सुरसाले नाग (धेरै फण भएको सांप) पैदा गरिन् र कद्रूले पन्नग (साधारण सांप) ॥२८॥

महात्मा कश्यपजीकी अर्की पत्नीबाट ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार वर्णका मानिस जन्मे ॥२९॥ यिनमध्ये मुखबाट ब्राह्मण, हातबाट क्षत्रिय, तिघ्राबाट वैश्य र खुट्टाबाट शूद्र जन्मे, श्रुति (वेद) मा यस्तै लेखिएको छ ॥३०॥ अनलाले पवित्र फल फल्ने रूख उत्पन्न गराइन्, शुकीकी नातिनी विनताले सुरसा र कद्रू नाम गरेका दुईटी दिदी-बहिनी छोरी जन्माइन् ॥३१॥ कद्रूले हजारौं नाग पाइन्, जो पृथ्वीलाई धारण गरिरहेका छन्, विनताका एउटा गरुड र अर्को अरुण दुईटा छोरा पनि जन्मे ॥३२॥ म यिनै अरुणबाट जन्मेको हुँ, मेरो दाजुको नाम सम्पाति र मेरो नाम जटायु हो, म श्येनी वंशको हुँ ॥३३॥ हे राम ! यदि तिमी चाहन्छौभने तिम्रो वनवासमा म मदद दिन्छु । तिमी र लक्ष्मणले आश्रम छाडेर बाहिर गएको वेलामा म सीताको रक्षा गर्नेछु ॥३४॥

रामचन्द्रले प्रसन्नतापूर्वक जटायुको स्वागत गरे, उसलाई अँगालो हाली प्रणाम पनि गरे, वारंवार उसले म तिम्रा बाबुको मित्र हुँ भनेको कुरा पनि सुने ॥३५॥ बलवान् जटायुको हातमा सीताको रक्षाको भार सुम्पी उसलाई र लक्ष्मणलाई साथमा लिई, शत्रुलाई भस्म गर्नाको निमित्त तथा वनको रक्षा गर्नाको लागि रामचन्द्र पञ्चवटीमा गए ॥३६॥

सर्ग—१५

पञ्चवटीको वर्णन ।

नाना प्रकारका मृग र सर्पले भरिएको पञ्चवटीमा पुगेपछि राम आफ्ना तेजस्वी भाइ लक्ष्मणलाई भन्नलागे ॥१॥ हे सौम्य ! हामीले जहाँ आउनुपरेको थियो र जुन ठाउँ ऋषिले हामीलाई बताएका थिए त्यहाँ हामी आइपुग्यौं । फूल फुलेको वन भएको पञ्चवटी देश यै हो ॥२॥ वनसंबन्धी कुरामा तिमी सिपालु छौ तसर्थ चारैतिर नजर दौडाएर हेर, कुन ठाउँमा हाम्रो मनमाफिकको आश्रम बनाउन ठीक पर्ला ॥३॥ हे लक्ष्मण ! यस्तो ठाउँको तजवीज गर जहाँ सीता, तिमी, म आनन्दसित रहन सकौं, यसको नगीचैमा पानी पनि हुनुपर्छ ॥४॥ त्यहाँ जल र वन दुवैको सुन्दरता हुनुपर्छ; फूल, कुश, पानी नजीकैमा पाइने होस् ॥५॥

रामचन्द्रको यस्तो कुरा सुन्दा सीताको सामुन्नेमा हात जोडेर लक्ष्मणले उनलाई भने ॥६॥ हे रामचन्द्रजी ! तपाईंले सय वर्षसम्म वनवास गरे तापनि म तपाईंकै अधीनमा छु, तपाईं नै एउटा रमाइलो ठाउँ छानेर मलाई त्यहाँ आश्रम बनाउने आज्ञा दिनुहोस् ॥७॥

लक्ष्मणको यो कुरा सुनेर महातेजस्वी राम बडो खुशी भए, सबै गुणले युक्त भएको एउटा ठाउँ खोजेर छाने ॥८॥ आश्रमलाई सुहाउने राम्रो ठाउँमा गएर लक्ष्मणको हातलाई आफ्नो हातले समाती रामचन्द्रले भन्नथाले ॥९॥ यो ठाउँ सम्म परेको छ, राम्रो छ, फूल फुल्ने रूख यहाँ छन्, यहाँ तिमीले राम्रो आश्रम बनाए हुन्छ ॥१०॥ नगीचैमा कमलले शोभायमान भएको राम्रो तलाउ छ, यहाँ सूर्य जस्ता चहकिला, मनलाई प्रसन्न गराउने, सुगन्ध भएका कमल फुलिरहेका छन् ॥११॥ ब्रह्मज्ञानी अगस्त्य मुनिले बताएको गोदावरी नदी यै हो, यसका दुवै किनारामा फूल फुलेका रूख लागेका छन् ॥१२॥ यहाँ पानीहाँस, हाँस प्रशस्त छन् , चखेवाले यसको शोभा बढाइरहेको छ, यो नदी यहाँबाट न धेरै टाढा छ, न धेरै नगीच, यसको तीरमा हरिणका बथान घुमिरहेका छन् ॥१३॥ यहाँ अग्ला अग्ला रमणीय पर्वत छन्, जहाँ मयूर बोलिरहेका छन्, जसमा अनेक गुफा छन् र जो फूल फुलेका रूखले ढाकिराखेको छ ॥१४॥ ठाउँ ठाउँमा सुन, चाँदी, ताँबोसमानका धातुले गर्दा यो पर्वत झ्याल जस्तो र सिंगारिएको हात्ती झैं देखिनलागेको छ ॥१५॥ साल, ताल, तमाल, खजूर, कटहर, निवार, तिनिश र सुपारीका बोटले यो पर्वतको शोभा भइरहेको छ ॥१६॥ आँप, अशोक, तिलक, केतकी, चम्पाका बोटहरू फूल, झुप्पा र लहराले बेह्रिएका छन् । यिनै बोटले यो पर्वतलाई ढाकिराखेको छ ॥१७॥ स्यन्दन,चन्दन, कदम, बडहर, धव, अश्वकर्ण, खैर, शमी, पलाश, पाटलका रूख पनि यस पर्वतमा छन् ॥१८॥ यो ठाउँ बडो पवित्र, रमाइलो र अनेक प्रकारका मृग र चराले युक्त भएको छ, तसर्थ हामीहरू यहीं यो जटायु चरासँग बसौं ॥१९॥

रामले यति भन्नासाथ महाबली, शत्रुलाई नाश गर्ने लक्ष्मण झट्टै आश्रम बनाउनथाले ॥२०॥

लक्ष्मणले माटो जम्मा पारेर गाह्रो उठाईकन एउटा ठूलो र राम्रो पर्णशाला बनाए, यसमा राम्रा राम्रा खम्बा गाडिएका थिए, ठूला ठूला बाँसले सत्तरीको काम दिए ।।२१।। यी बाँसमाथि शमी रूखका हाँगा फिंजाएर यिनलाई डोरीले खूब बलियोसँग बाँधी यसमाथि कुश, काश, शरपत्र छापेर सम्म पारिदिए ।।२२।। महाबली लक्ष्मणले तलको भूइँ सम्म पारेर बडो राम्रो पारिदिए, रामचन्द्रलाई बस्नाको निम्ति यो बडो राम्रो र उत्तम ठाउँ बन्यो ।।२३।। यसपछि श्रीमान् लक्ष्मणले गोदावरीको किनारामा गई स्नान गरे र फर्कंदा कमल तथा अरू फूल लिएर कुटीमा आए ।।२४।। पुष्पबलि र विधिपूर्वकको वास्तु शान्तिले त्यस कुटीलाई पवित्र तुल्याएर आफूले बनाएको सो आश्रम यिनले रामचन्द्रजीलाई देखाए ।।२५।। रामचन्द्र सीतालाई साथमा लिई लक्ष्मणले बनाएको त्यो आश्रम हेर्न गए र त्यो देख्दा बहुतै खुशी भए ।।२६।।

अति प्रसन्न भई रामचन्द्र आफ्ना दुई हातले लक्ष्मणलाई अँगालो हाली बडो प्रेमले यी मीठा कुरा भन्नलागे ।।२७।। हे लक्ष्मण ! तिमीले यो ठूलो काम गर्‍यौ, मलाई बडो खुशी लाग्यो, यसको निम्ति तिमीलाई केही इनाम दिनुपर्ने हो, अँगालो हाल्नुसिवाय यसलाई सुहाउने दोस्रो इनाम नहुनाले मैले अँगालो हालेको हुँ ।।२८।। हे लक्ष्मण ! तिमी अर्काको मनको अभिप्राय बुझ्दछौ, कसैले गरेको उपकार बिर्सन्नौ, धर्मको कुरा पनि जान्दछौ, तिमी जस्ता छोरा हुनाले ता म मेरा धर्मात्मा पितालाई मरेको भन्ठान्दिनँ ।।२९।।

लक्ष्मीलाई बढाउने रामचन्द्र लक्ष्मणलाई यति भनेर प्रशस्त फल हुने त्यस ठाउँमा सुखपूर्वक रहन लागे ।।३०।। देवताहरू स्वर्गमा बसेझैं धर्मात्मा श्रीरामचन्द्रजी सीता र लक्ष्मणबाट सेवा पाउँदै केही कालसम्म यहाँ बसे ।।३१।।

सर्ग—१६

लक्ष्मण हेमन्त ऋतुको वर्णन गर्दछन् ।

रामचन्द्रले त्यहाँ सुखपूर्वक रहँदा रहँदैमा शरद्ऋतु बितेर सबैको प्यारो हेमन्त ऋतु आइहाल्यो ।।१।। एक दिन रात बितेर बिहान भएपछि रामचन्द्र स्नान गर्नाको निम्ति रमणीय गोदावरी नदीमा गए ।।२।। यस समयमा पराक्रमी र विनयी भाइ लक्ष्मण हातमा घडा लिएर सीतासँग रामको पछिपछि जान लागेका थिए ।

हिँड्दा हिँड्दै उनी भन्नलागे ।।३।। हे मीठो बोली बोल्ने रामचन्द्रजी ! तपाईंलाई मनपर्ने हेमन्त काल अब शुरू भयो, यस हेमन्तले गर्दा यो समस्त वर्ष सिंगारिएको जस्तो लाग्दछ ।।४।। ठण्डीले गर्दा सबैको शरीर रूखियो, पृथ्वी अन्नले पूर्ण भएकी देखिन्छिन्, यस समयमा आगो सबैलाई निको लाग्छ, पानी भने छुन पनि सकिन्न ।।५।। यस समयमा मानिसहरू नयाँ अन्नले देवता पितृहरूको विशेषरूपले पूजा गरी आग्रहयण यज्ञ गरेर पापरहित भएका छन् (नयाँ आगो ग्रहण गर्नाको

अगाडि जो होम हुन्छ त्यसलाई आग्रहयण भन्दछन्) ॥६॥ सबै देशवासीहरूको मनोरथ पूर्ण भएको देखिन्छ, दूध, दहि, घिउ प्रशस्त पाइन्छ, प्रजा रक्षा तथा विजयको निम्ति राजाहरू पनि यात्रा गर्दछन् ॥७॥ सूर्यनारायण दक्षिण दिशातिर लागेका हुनाले उत्तर दिशा टीका नलाएकी आइमाई जस्तो भई राम्रो देखिन्न ॥८॥ हिमालय स्वभावैले हिउँको खजाना हो, अहिले ता झन् सूर्यनारायण धेरै टाढा भएकाले हिमालय पर्वतको हिमवान् नाम ठिक्क मिल्न आयो ॥९॥ मध्याह्नको समयमा डुल-फिर गर्न निको लाग्दछ, घाम लागेको बडो मज्जा लाग्दछ, सूर्यको तापले गर्दा दिन बडो रमाइलो देखिन्छ, रूखको छहारी तथा पानी कसैको मन पर्ने हुँदैन ॥१०॥ सूर्यको तेज पहिलेको जस्तो छैन, तुसारो पर्दछ, चिसो हावा चल्दछ, यसैले जाडो बढे जस्तो छ, जाडैले गर्दा वन शून्य देखिएको छ, तुसारोले गर्दा रूखका पात सब झरिसकेका छन् , आजकालको दिन यस्तै छ ॥११॥ राती बाहिर सुत्न सकिन्न, पुष्य नक्षत्रद्वारा रात्रिको समय पत्ता लाउनुपर्छ, हिउँले रातको रंग धमिलो हुन्छ, राती निकै जाडो हुन्छ र प्रहर पनि निक्कै लामो लाग्दछ ॥१२॥ अहिले चन्द्रमाको जम्मै सुन्दरता सूर्यले खोसेर लिएका छन् , तुसारोको बाफले गर्दा सूर्यमण्डल केही धमिलो देखिन्छ, सासको बाफ लाग्नाले जसरी ऐना धमिलो हुन्छ त्यस्तै धमिला भएका चन्द्रमाको उस्तो शोभा छैन ॥१३॥ जस्तो पूर्णिमाको रातको जून तुसाराको बाफले धमिलो भएको हुनाले नराम्रो देखिएको छ, त्यस्तै सीतादेवी पनि घामले गर्दा काली भई नराम्री देखिएकी छन् ॥१४॥ स्वभावैले चिसो भएको त्यो पश्चिमी हावा अहिले विहानको हिउँसँगको संसर्गले गर्दा दोबर चिसो भएको छ ॥१५॥ यस वनमा उम्रिराखेका जौ, गहुँलाई कुहिरोले छोपिराखेको छ, यहाँ चखेवा चराहरू बोलिरहेका छन् , सूर्य देखिएपछि यहाँको वन र जौ, गहुँका खेत बडा राम्रा हुनेछन् ॥१६॥ खजूरको फूलको जस्तो आकार परेका, सुनको जस्तो पहेंलो रंग भएका, यी बालाहरूका टुप्पा धानका गेडाको बोझले गर्दा निहुरेका छन् र बडा राम्रा देखिएका छन् ॥१७॥ सूर्य आकाशमा निक्कै माथि आइसकेका भए तापनि यताउति फैलिएका यिनका किरणहरू तुसारो र कुहिरोले ढाकिएका हुनाले चन्द्रमाझैं शीतल र तेजरहित देखिन्छन् ॥१८॥ विहानीपख ता सूर्यको तेज अलिकता पनि थाहा हुँदैन, मध्याह्नमा भने अलि आनन्द दिने हुन्छ, यसै बखतमा वर्ण अलि पहेंला भएका सूर्य आफ्नो प्रकाश पृथ्वीमा फिजाउँछन् ॥१९॥ विहानीपख ओसको थोपा पर्नाले हरिया घाँस भिजेका छन् , यी घाँसमा सूर्यको किरण पर्नाले वनको अत्यन्त शोभा भइरहेको छ ॥२०॥ पानी बहुतै चिसो भएको छ, हेर्नुहोस् , यो जंगली हात्ती प्यासो छ तापनि चिसो पानी छुनासाथ आफ्नो सूँड फेरि झिकिहाल्दछ ॥२१॥ कातर मानिस युद्धदेखि डराएझैं यी जलमा विहार गर्ने चराहरू पानीको नगीचै छन् तापनि पानीमा पस्न डराउँछन् ॥२२॥ रातमा हिउँ र कुहिरोले ढाकिएको, फल फूल नभएको यो समस्त वन विहानीपखको कुहिरोले ढाकेपछि निदाएको जस्तो देखिन्छ ॥२३॥ कुहिरोले टम्म छोपिराखेको नदीको जलमा बोलीबाट सारस छ भन्ने थाहा हुन्छ, किनाराको बालुवा पनि हिउँले भिजेको छ, यस

समयमा नदीको शोभा अनौठाको छ ॥२४॥ हिउँ पर्नाले, सूर्यको तेज कम हुनाले तथा ठण्डीले गर्दा पर्वतको ढुङ्गामाथिको पानी पनि स्वादिष्ट भएको छ ॥२५॥ कमलवनको शोभा नष्टप्रायः भइसक्यो, पात पुरानो हुनाले झरिसकेको छ, केसर र कर्णिका ओइलाइसके, हिउँले ध्वस्त भएको हुनाले केवल डाँठ मात्रै बाँकी रहेको छ ॥२६॥

हे पुरुषव्याघ्र ! यस समयमा दुःखले व्याकुल भएका धर्मात्मा भरत तपाईंमा भक्ति भएकोले अयोध्या शहरमा तपस्या गरिरहेका होलान् ॥२७॥ भरत राज्य, मान तथा अनेक प्रकारका राज्योचित सुखभोग छाडी, नियत समयमा भोजन गरेर तपस्वी बनी चिसो भूईंमा सुत्ता होलान् ॥२८॥ उनी पनि यस समयमा अर्थात् बिहानीपख मन्त्रीहरूलाई साथमा लिई रोजै सरयू नदीमा स्नान गर्न जाँदाहोलान् ॥२९॥ अत्यन्त सुखमा पालिएका सुकुमार भरत यस्तो हिउँ पर्ने समयमा रातको पछिल्लो भागमा कसरी सरयूमा नुहाउन जाँदा हुन् ॥३०॥ कमल जस्तो आँखा भएका श्यामवर्ण, श्रीमान् , ठूलो भूँडी भएका, धर्मात्मा, सत्यवादी, लज्जाशील, जितेन्द्रिय, मीठो बोली बोल्ने, राम्रा, दीर्घबाहु, शत्रुहरूलाई दमन गर्ने, महात्मा भरत सबै प्रकारका सुखभोग त्याग गरी अन्तःकरणदेखि तपाईंको सेवामा लागेका छन् ॥३१-३२॥ तपाईंका भाइ महात्मा भरतले स्वर्ग पाउने भए किनकि उनी वनवासमा बस्नुभएको तपाईंको अनुकरण तपस्याद्वारा गरिरहेका छन् ॥३३॥ दुई खुट्टे मानिस आमाको स्वभावको हुन्छ, बाबुको स्वभावको हुँदैन भन्ने जो संसारमा प्रसिद्ध छ सो कुरा भरतले झूटो गराइदिए ॥३४॥ महाराज दशरथ जसका पति र साधु भरत जसका छोरा छन् यस्ती आमा कैकेयी किन यस्ती निठुरी भइहोलिन् ॥३५॥

राम र भरतमा प्रेम हुनाले धर्मात्मा लक्ष्मणले माता कैकेयीको सम्बन्धमा यस्तो निन्दाको कुरा गरे । रामचन्द्र यो सहन नसकी भन्नलागे ॥३६॥

हे बाबु ! तिमीले हाम्री कान्छी आमा कैकेयीको यसरी निन्दा गर्नु उचित छैन, राजा दशरथ र भरतको मात्र कुरा गरन ॥३७॥ मेरो बुद्धि वनवासमा दृढ र निश्चित भइसकेको छ तापनि कहिले-कहीं भरतमाथिको प्रेमले चञ्चल हुन लाग्दछ र भरतलाई भेट्नाको निम्ति व्याकुल हुन थाल्दछ ॥३८॥ मनलाई प्रसन्न गराउने, हृदयलाई अमृत जस्तो लाग्ने भरतका प्यारा र मीठा कुरा म बारंबार संझन्छु ॥३९॥ महात्मा भरत र वीर शत्रुघ्नलाई तिम्रा साथमा म कहिले भेट्न पाउँला अर्थात् हामी चारै भाइले कहिले सँगै बस्न पाइने हो ॥४०॥

यस प्रकारसँग विलाप गर्दै रामचन्द्र सीता र लक्ष्मणको साथमा गोदावरी नदीको तीरमा पुगे र उहाँ स्नान गरे ॥४१॥ पितृ देवताहरूको जलले तर्पण गरे; सूर्योदय भएपछि सूर्यनारायणको र अरू देवताको स्तुति गरे ॥४२॥ पार्वती र नन्दीको साथमा भगवान् शिवको जस्तो शोभा हुन्छ उस्तै शोभा अहिले नुहाइसकेपछि रामचन्द्रको सीता र लक्ष्मणको साथमा भयो ॥४३॥

सर्ग—१७

शूर्पणखा रामलाई देखेर मोहित हुन्छे र उनलाई आफ्नो पति बनाउन चाहन्छे ।

राम, सीता, र लक्ष्मण स्नान गरिसकेपछि गोदावरीको तीरबाट आफ्नो आश्रममा फर्केर आए ॥१॥ आश्रममा आएपछि रामचन्द्रले लक्ष्मणको साथमा पूर्वाह्नको नित्यकर्म गरेर पर्णशालामा प्रवेश गरे ॥२॥ महर्षिहरूबाट पूजित भएका, सीताको साथमा बसेका रामचन्द्र त्यस पर्णशालामा सुखपूर्वक रहनथाले ॥३॥ चित्राको योगले चन्द्रमाको शोभा भएझैं सीताको साथमा रहनाले रामको शोभा भइरहेको थियो, त्यहाँ रामचन्द्र लक्ष्मणलाई अनेक प्रकारका पुराण र इतिहासको कथा सुनाउँथे ॥४॥

एक दिन रामचन्द्र कथा भन्नलागेको वेलामा एउटी राक्षसी विनाकारणले त्यस ठाउँमा आई ॥५॥ यो राक्षसी रावणकी बहिनी शूर्पणखा थिई, त्यहाँ आउँदा त्यसले देवतासमानका राम्रा रामचन्द्रलाई देखी ॥६॥ रामचन्द्रको मुख बडो तेजिलो थियो, यिनका हात निकै लामा, कमलका पातसमानका ठूला आँखा, हात्तीको जस्तो हिंडाइ र जटा धारण गरेका थिए । यस्ता सुकुमार, महाबली, राजलक्षणले युक्त भएका, नीलकमल जस्तो, श्याम वर्णका, कामदेव जस्ता राम्रा, इन्द्रतुल्य, पातलो कम्मर भएका, राम्रो अनुहार भएका रामलाई देखेर त्यो कुरूप, ठूलो पेट भएकी राक्षसी कामले मोहित भइगई ॥७–९॥ रामचन्द्र विशालाक्ष थिए, त्यो विरूपाक्षी थिई, रामचन्द्रका कपालका रौं राम्रा थिए, उसको भने राता थिए, राम राम्रा त्यो नराम्री थिई, रामको स्वर मधुरो र उसको भने रूखो थियो, राम जवान थिए र उ भने बूढी थिई, रामको बोली मीठो थियो र उसको कठोर थियो, राम सदाचारी तर उ भने दुराचारिणी थिई, राम राम्रा थिए र उ भने नराम्री थिई ॥१०–११॥ कामले मोहित भई त्यो राक्षसी रामलाई भन्नलागी :—जटा, धनु, वाण, धारण गरी स्वास्नीलाई साथमा लिई तपस्वीको भेषमा राक्षसहरूको यस देशमा तिमी कसरी आयौ, तिम्रो यहाँ आउनाको मतलब क्या हो सो मलाई ठीक ठीकसँग भन ॥१२–१३॥

राक्षसी शूर्पणखाले यसो भनेको सुन्दा सोझो स्वभाव भएका हुनाले रामचन्द्र सबै वृत्तान्त भन्नलागे ॥१४॥ देवतासमानका पराक्रमी दशरथ नाम गरेका एक राजा थिए, रामचन्द्रको नामले प्रसिद्ध भएको म उनैको जेठो छोरो हुँ ॥१५॥ मेरो सेवामा तत्पर रहने यी मेरा भाइ हुन्, यी विदेहराजाकी छोरी, सीता मेरी स्त्री हुन् ॥१६॥ पिताको आज्ञा तथा माताको प्रेरणाले धर्मको निम्ति म यस वनमा वास गर्न आएको छु, किनकि मलाई धर्मको आचरण गर्न निको लाग्छ ॥१७॥ म पनि तिमीलाई चिन्ह चाहन्छु, तिमी कुन देशकी कसकी छोरी हौ, तिम्रो नाम क्या हो । हे राम्रो शरीर भएकी ! म ता तिमीलाई राक्षसी जस्तो पो देख्तछु । यहाँ तिमी आउनाको कारण मलाई ठीकसँग भन ॥१८॥

रामको कुरा सुनेपछि कामले पीडित भएकी राक्षसी भन्नलागी ॥१९॥ हे राम ! म यथार्थ कुरा भन्दछु सुन :—म शूर्पणखा नाम गरेकी राक्षसी हुँ, म आफ्नो इच्छाअनुसार रूप धारण गर्न सक्तछु

॥२०॥ सबैलाई डर पार्ने यस वनमा एक्लै डुल्दछु, मेरो दाज्यूको नाम रावण हो, शायद तिमीले उनको नाम सुनेका होलाऊ ॥२१॥ विश्रवाका छोरा महाबली, वीर कुम्भकर्णको नाम पनि तिमीले सुनेको हुनुपर्दछ, यिनलाई खूब सुत्नुपर्छ ॥२२॥ विभीषण धर्मात्मा छन्, यिनको स्वभाव राक्षसहरूको जस्तो छैन, खर र दूषण नाम गरेका मेरा अरू पनि दुइटा भाइहरू छन्, यिनीहरू संग्राममा प्रसिद्ध पराक्रमी छन् ॥२३॥ म यिनीहरूलाई आफ्नो अधिल्तिर केही पनि मान्दिनँ। हे राम ! म तिमीलाई पहिलोबाजि देख्तैमा तिम्राउपर आसक्त भएँ, म तिमी पुरुषोत्तमलाई आफ्नो पति बनाउन भनी आएकी हुँ ॥२४॥ हे राम ! म तेजस्वी छु, म आफ्नो पुरुषार्थले स्वाधीन भई सर्वत्र डुलफिर गर्न सक्तछु, सधैंका लागि तिमी मेरो लोग्ने होऊ, सीतालाई सँगमा राखेर तिमी के गर्छौ ? ॥२५॥ यो सीता, नराम्री, डरलाग्दी हुनाले तिमीलाई सुहाउन्न, म तिमीलाई खूब सुहाउँछु तसर्थ मलाई नै आफ्नी स्वास्नी भनिठान ॥२६॥ म नराम्री, असती डरलाग्दो अनुहार भएकी, ठूलो पेट भएकी मानुषी सीता तथा तिम्रो भाइलाई खाइदिन्छु ॥२७॥ तब तिमी कामभोगमा तत्पर भई मेरा साथमा पर्वतका टाकुराहरू तथा नाना प्रकारका वन हेर्दै दण्डक वनमा विहार गरे ॥२८॥

यस्ता कुरा सुन्दा बोल्नामा चतुरा रामचन्द्रजी आँखा घुमाइरहेकी त्यस शूर्पणखालाई मुसुक्क हाँसेर भन्नलागे ॥२९॥

सर्ग—१८

रामको आज्ञाले लक्ष्मण शूर्पणखाको नाक कान काटिदिन्छन्।

कामको पाशोले बाँधिएकी शूर्पणखालाई रामचन्द्रले ठट्टाका तवरसँग हाँसी मधुरो बोलीले भन्न-लागे ॥१॥ हे श्रीमती ! मेरो ता विवाह भइसकेको छ, मेरी यो स्वास्नी मलाई बडी प्यारी छ, तिमी जस्ती आइमाईलाई सौतासँग बस्न बडो दुःख हुनेछ ॥२॥ मेरा भाइ लक्ष्मण राम्रा स्वभाव भएका देख्नामा सुन्दर, सबै प्रकारको धन संपत्ति भएका, बिहे नभएका र पराक्रमी पनि छन् ॥३॥ यिनले अहिलेसम्म स्वास्नीको सुख पनि देखेका छैनन्। यी राम्रा, पठ्ठा स्वास्नीको खोजीमा छन्, तिम्रो राम्रो अनुहारलाई पति हुन यिनै सुहाउँछन् ॥४॥ हे ठूला आँखा भएकी ! तिमी यी मेरा भाइलाई नै पति बनाऊ, मेरुपर्वतमा सूर्यको तेज रहेझैं, यिनको साथमा विनासौताको तिमी रहनेछ्यौ ॥५॥

कामले मोहित भएकी त्यो राक्षसी रामचन्द्रको यो कुरा सुन्दा झट्टै उनलाई छाडेर लक्ष्मणनेर आई भन्नलागी ॥६॥ म सब स्वास्नीमानिसमा राम्री छु, तिम्रो यो राम्रो अनुहारलाई स्वास्नी बन्न म मात्र सुहाउँछु, मेरा साथमा रहनाले तिमी जम्मै दण्डक वनमा सुखसित डुल्न पाउनेछौ ॥७॥

राक्षसीको कुरा सुनेर बोल्नामा सिपालु लक्ष्मण हाँसेर शूर्पणखालाई वाजीब कुरा भन्नलागे ॥८॥ कमलको जस्तो वर्ण भएकी हे शूर्पणखे ! म ता रामचन्द्रको दास हुँ, मेरी स्वास्नी भएर तिमी किन दासी बन्न चाहन्छ्यौ, म ता आफ्नो दाजु रामचन्द्रको अधीनमा छु ॥९॥ रामचन्द्रसँग सबै प्रकारका

ऐश्वर्य छन् । हे ठूला आँखा भएकी शूर्पणखे ! तिमी यिनकी कान्छी स्वास्नी होऊ, यिनको श्याम वर्ण तिम्रो वर्णसित मिल्दछ । तिमी यिनको साथमा रहनाले प्रसन्न पनि रहनेछ्यौ, तिम्रो सबै अभिलाषा पनि पूर्ण हुनेछ ॥१०॥ रामचन्द्रकी स्त्री सीता कुरूपा, असती, डरलाग्दी, र कम्मर पातलो भएकी छन्, उनी बूढी स्वास्नी सीतालाई छाडेर तिम्रो आदर गर्नेछन् ॥११॥ हे सुन्दरी ! को यस्तो बुद्धिमान् होला जो कि तिम्रो यो राम्रो रूप छाडेर मनुष्य जातकी स्त्रीमा प्रेम गर्ला ? ॥१२॥

ठूलो पेट भएकी यो डरलाग्दी राक्षसी ठट्टा गर्नामा सिपालु थिइन, यसै कारण लक्ष्मणले भनेको कुरालाई यसले साँचो भनिठानी ॥१३॥ शत्रुबाट हार नखाने तर उसैलाई हार खुवाउने रामचन्द्र सीताको साथमा पर्णशालामा बसिरहेका थिए, कामले मोहित भएकी यो राक्षसी उनीनेर गई भन्नलागी ॥१४॥ यो कुरूपा, असती, डरलाग्दी, बूढी स्वास्नी हुनाले तिमी मेरो आदर गर्नलागेका छैनौ ॥१५॥ भैगो, तिमीलाई देखाई देखाई आजै म यो मानुषीलाई खाइदिन्छु र अनि सौता नहुनाले सुखसँग तिम्रो साथमा यहाँ डुलफिर गर्दछु ॥१६॥

यति भनेर बल्दो आगाका फिलिङ्गो जस्ता आँखा भएकी राक्षसी रिसले चूर भई रोहिणीतिर उल्का दगुरेझैं हरिणका बच्चाका जस्तो आँखा भएकी सीतालाई झम्टन पुगी ॥१७॥ मृत्युको पाशोसमान त्यस राक्षसीलाई आउनलागेको देखेर रामचन्द्रले त्यसलाई झट्टै रोकिदिए र रिसाएर लक्ष्मणलाई भन्नलागे ॥१८॥ हे लक्ष्मण ! दुष्ट स्वभाव भएका असभ्यहरूसित ठट्टा गर्नु ठीक छैन, हेर, यस ठट्टाले गर्दा झण्डै सीताको ज्यान गएथ्यो ॥१९॥ हे पुरुषव्याघ्र ! यो कुरूपा, असती, ठूलो पेट भएकी, कामले मत्त परेकी राक्षसीलाई झन् कुरूपा बनाइदेऊ अर्थात् यसको अंग भंग गरिदेऊ ॥२०॥

रामले यति भन्नासाथ, रिसले चूर भएका महाबली लक्ष्मणले उनको सामुन्नेमा तरवार झिकी त्यस राक्षसीको नाक र कान काटिदिए ॥२१॥ नाक, कान काटिएकी त्यो शूर्पणखा राक्षसी ठूलो स्वरले चिच्च्याएर जताबाट आइथी वनको उतैतिर दगुर्दै गई ॥२२॥ रगतले मुछिएकी, डरलाग्दी यो कुरूप राक्षसी वर्षाको बादलसमान अनेक प्रकारका शब्द गर्नलागी ॥२३॥ त्यो अति डरलाग्दी राक्षसी हात उठाएर, घाउबाट रगत बगाउँदै वनभित्र पसी ॥२४॥

नाक, कान काटिएकी यो शूर्पणखा राक्षसहरूको फौज लिई जनस्थानमा बस्ने आफ्नो अतितेजस्वी भाइ खरनेर गएर आकाशबाट बिजुली खसेझैं भूइँमा लडी ॥२५॥ भय र मोहले गर्दा चित्त ठेगानमा नभएकी, आँगभरी रगत लागेकी खरकी बहिनी त्यस शूर्पणखाले, लक्ष्मण र आफ्नी स्वास्नी सीतालाई सँगै लिएर रामचन्द्र वनमा आएको कुरा र आफ्नो नाक, कान काटिएको जम्मै कुरा बताई ॥२६॥

सर्ग—१९

खर रिसले चूर भई रामलाई मार्न भनी चौध्र जना राक्षस पठाउँछ ।

यस प्रकारसँग रगतमा मुछिएकी, विरूप पारिएकी आफ्नी बहिनीलाई सामुन्ने भूइँमा लडेको देख्ता

खर राक्षसलाई बडो रिस उठ्यो र उ भन्नलाग्यो ।।१।। उठेर बस, मूर्छा र हडबडीलाई हटाऊ र सबै कुरा साफ साफसँग भन कि तिमीलाई कसले यस्तो विरूप बनाइदियो ।।२।। कसले चूप लागेर बसिरहेको निरपराधी विषालु कालो साँपलाई खेलबाड गरेर औँलाले चलाई चलाई जिस्क्याइरहेको होला ।।३।। तिम्रो साथमा यस्तो व्यवहार गरेर कसले जहरिलो विष खाएको होला, आफ्नो घाँटीमा कालको फाँसी लगाएको होला, तर मूर्खताले गर्दा त्यसलाई यस कुराको पत्तो छैन ।।४।। बल पुरुषार्थले संपन्न भएकी छौ, आफ्नो मनलागेको ठाउँमा जान आउन सक्तछ्यौ, मनपर्दो रूप धारण गर्न सक्तछ्यौ, तिमी आफैं यमराज जस्ती छौ, तिमी कसकहाँ गयौ जसले तिम्रो यो दुर्गति गरिदियो ।।५।। देव, गन्धर्व, ऋषि, महात्मा तथा अरू प्राणीमा को यस्तो पराक्रमी रहेछ जसले तिम्रो यो रूप बनाइदियो ।।६।। यस लोकमा मेरो अप्रिय काम गर्न सक्ने ता कोही पनि देखिएको छैन, देवताहरूमा हजार आँखा भएका इन्द्र पनि यस्तो गर्न सक्तैनन् अरूको ता के कुरा ।।७।। जसरी हाँस पानी मिसाएको दूध अलग्गै छुट्ट्याएर पिउँदछ त्यसै गरी प्राण हरण गर्ने मेरा यी बाणद्वारा त्यो अपराधीको प्राण नलिई छाड्नेछैन ।।८।। आज पृथ्वीले मेरो बाणद्वारा मुटु छ्यान्नव्यान्न भई मारिएकाको फींजसहितको रगत पिउन खोजेकी हुन् ।।९।। मद्वारा लडाइँमा मारिएको कसको मासु चराहरूले प्रसन्न भई एकै ठाउँमा जम्मा भई लुछी लुछी खाने हुन् ।।१०।। म जुन अपराधीलाई मार्न भनी युद्धमा आफ्नो तरवार उठाउनेछु, त्यसलाई देवता, गन्धर्व, पिशाच, राक्षससमेत कोही पनि रक्षा गर्न समर्थ हुनेछैनन् ।।११।। तिमी बिस्तारै बिस्तारै होशमा आएर मलाई त्यो दुष्ट मानिसको नाम बताऊ जसले वनमा आफ्नो पराक्रम देखाएर तिमीलाई हरायो ।।१२।।

अत्यन्त रिसाएका आफ्ना भाइका यी कुरा सुनेर शूर्पणखा रुँदै भन्नलागी ।।१३।। दशरथका राम, लक्ष्मण नाम गरेका दुइ भाइ छोरा छन् । यिनीहरू जवान, सुकुमार, बडा बलिया, कमल जस्तो ठूला ठूला आँखा भएका, चीर र मृगचर्म धारण गरेका, कन्द मूल, फूल खाने, जितेन्द्रिय, तपस्वी र ब्रह्मचारी छन् । यिनीहरू देख्नामा गन्धर्वराज जस्ता छन् र सबै राजलक्षणले युक्त भएका छन्, यिनीहरू देवता हुन् वा दानव म ठीक ठीक भन्न सक्तिनँ ।।१४-१६।। यिनीहरूको साथमा मैले एउटी राम्री, सबै गहना लगाएर सिंगारिएकी उमेरदार आइमाई देखें ।।१७।। यै आइमाईको भनाइमा लागेर ती दुवै भाइले मिलेर, अनाथ लखौटी स्त्रीको झैं मेरो यो दुर्दशा पारिदिए ।।१८।। हे भाइ ! अब म चाहन्छु कि त्यो कुटिल स्वभाव भएकी आइमाई र ती दुवै भाइ लडाइँमा मारियून् र म तिनीहरूको फींज उठेको रगत पिउन पाऊँ ।।१९।। म त्यो आइमाईको तथा ती दुवै भाइको रगत पिउन चाहन्छु, के तिमी यो मुख्य अभिलाषा पूरा गराउन सक्तछौ ? ।।२०।।

शूर्पणखाको यो कुरा सुन्दा खरले रिसले चूर भई यमराजसमानका अत्यन्त बलिया चौद्धओटा राक्षसलाई हुकूम दियो ।। २१।। चीर र मृगचर्म धारण गर्ने शस्त्रधारी दुइटा मानिस एउटा आइमाईलाई साथमा लिई यस भयानक दण्डक वनमा बसेका छन्, ती दुवै भाइलाई मारिसकेपछि त्यो दुष्ट स्वभाव भएकी आइमाईलाई पनि मारिदेऊ, मेरी यी बहिनी तिनीहरूको रगत पिउनेछिन् ।।२२-२३।। हे राक्षस-

हो ! मेरी बहिनीको यसमा ठूलो इच्छा छ, तसर्थ तिमीहरू झट्टै गई आफ्नो बलले ती दुवैलाई मारी मेरी बहिनीको इच्छा पूर्ण गराइदेऊ ।।२४।। युद्धमा ती दुवै भाइ तिमीद्वारा मारिएको देख्ता सन्तुष्ट र प्रसन्न भई यिनी उनीहरूको रगत पिउनेछिन् ।।२५।।

यस प्रकारको आज्ञा पाएका ती चौद्ध जना राक्षसहरू त्यस शूर्पणखाको साथ लागेर वायुले उडाएको बादलझैं रामचन्द्र भएको ठाउँमा गए ।।२६।।

सर्ग—२०

चौद्ध जना राक्षस रामको हातबाट मर्दछन् ।

यसपछि त्यो शूर्पणखाले रामको आश्रममा आई सीताको साथमा रहेका ती दुवै भाइलाई देखाइदिई ।।१।। राक्षसहरूले महाबली रामचन्द्रलाई पर्णशालामा बसेको र सीता, लक्ष्मणले उनको टहल गरिरहेको देखे ।।२।।

शूर्पणखा र राक्षसहरूलाई आएको देखेर श्रीमान् रामचन्द्रले आफ्ना तेजस्वी भाइलाई भने ।।३।। हे लक्ष्मण ! तिमी एकै छिन यहाँ सीतानेर बस, यस राक्षसीका पक्षपाती यी सबै राक्षसलाई मारिदिन्छु ।।४।।

आफ्नो पराक्रम थाहा पाएका रामचन्द्रको यो कुरा सुनेर लक्ष्मणले उनको कुरा स्वीकार गरी आज्ञा पालन गरे ।।५।।

यता धर्मात्मा रामचन्द्र पनि सुनले सिंगारिएको आफ्नो धनुमा ताँदो चढाई ती राक्षसहरूलाई भन्नलागे ।।६।। हामी राम लक्ष्मण नाम गरेका दुइ भाइ राजा दशरथका छोरा ह्वौं, सीतासहित हामी यस दुर्गम दण्डक वनमा आएका छौं ।।७।। फलमूल नै हाम्रो खाने कुरा छ, हामी जितेन्द्रिय, तपस्वी र ब्रह्मचारी भई यस दण्डक वनमा बस्तछौं, तसर्थ तिमीहरू किन हामीलाई मार्ने इच्छाले यहाँ आयौ ? ।।८।। तिमीहरू मारिनै योग्य छौ किनकि तिमीहरूले ऋषिहरूको ठूलो अपकार गरेका छौ, यिनै ऋषिहरूको आज्ञाले तिमीहरूलाई मार्न भनी म धनु लिएर आएको हुँ ।।९।। यदि तिमीहरू लड्न आएका ह्वौभने पर्ख, नफर्क, ह्वैन आफ्नो प्राण जोगाउन खोज्छौभने यहाँबाट भाग ।।१०।।

ब्राह्मणहरूलाई मार्ने, हातमा त्रिशूल लिएका यी चौद्धओटा राक्षस रामचन्द्रको कुरा सुन्दा रिसले चूर भई भन्नलागे ।।११।। आँखा रातो पारेका, रूखो स्वभाव भएका, रामको पराक्रम थाहा नपाएकोले हर्षमा परेका यी डरलाग्दा राक्षसहरू रातो रंगको आँखा, मधुरो बोली बोल्ने रामचन्द्रलाई भन्नलागे ।।१२।। हाम्रा मालिक महात्मा खरलाई तिमीले जङ्ग्यायौ, त्यसै कारण अब युद्धमा तिमी हाम्रो हातबाट मारिएर आफ्नो प्राण गुमाउनेछौ ।।१३।। तिमी एकलो छौ, हामी धेरै छौं, तसर्थ युद्ध गर्ने कुरा त कता छ कता ? युद्धमा हाम्रो सामुन्नेमा उभिनेसंमको तागत पनि तिम्रो छैन ।।१४।। हाम्रा हातबाट

छुटेका यी परिघ, त्रिशूल तथा तरवारले घाइते भई तिमी आफ्नो प्राण, पराक्रम तथा हातले बलियोसँग समातेको यो धनुलाई छाडिदिनेछौ अर्थात् झट्टै हाम्रो हातबाट मारिनेछौ ॥१५॥

यति भनेर चौद्धै जना राक्षस रिसले चुर्दिदै शस्त्र र तरवार उजाएर रामचन्द्रमाथि जाइलागे ॥१६॥ हराउन नसकिने रामचन्द्रमाथि यिनीहरूले शूल नामको शस्त्र चलाए, रामले पनि ती चौद्धैवटा शूललाई आफ्ना सुवर्णभूषित चौद्धवटा बाणले काटेर खसालिदिए। यसपछि महातेजस्वी रामले सूर्यको जस्तो चहक भएका ढुङ्गामा साँध लाएका १४ वटा बाण झिकी आफ्नो धनुमा चढाएर रिसले मुर्मुरिंदै इन्द्रले वज्र छाडेझैं राक्षसहरूमाथि ताकेर छोडे। वल्मीकबाट साँप निस्केझैं रगतमा मुछिएका यी बाणहरू राक्षसहरूको छाती चिर्दै धमाधम भूइँमा खस्नलागे; यी बाणहरूले गर्दा राक्षसहरूको छाती चिरियो र काटिएका रूख-झैं भूइँमा लड्नथाले ॥१७-२१॥ प्राण निस्केका, रगतले नुहाएका, कुरूप भएका, यी राक्षसहरू भूइँमा लडे, यिनलाई यसरी लडेको देख्ता राक्षसी क्रोधले मूर्छा परी ॥२२॥ यो मनमा अत्यन्त दुःखित भई खरनेर गएर फेरि लडी, काटिएका नाक कानबाट निस्केको रगत जमेकोले यो वैलाएको लहरो जस्तो देखिन लागेकी थिई ॥२३॥ शोकले अत्यन्त पीड़ित भएकी त्यो राक्षसी आफ्नो भाइनेर पुगेपछि डाँको छाडेर रुँदै आँसु खसाल्नथाली, शोकले गर्दा यसको मुखको रंगै बदलिएको थियो ॥२४॥

युद्धमा राक्षसहरूलाई मरेको देखेर खरकी बहिनी शूर्पणखा दगुर्दै भाइनेर आई र उसलाई राक्षस-हरू मारिएको जम्मै वृत्तान्त सुनाउनलागी ॥२५॥

सर्ग—२१

शूर्पणखाको विलाप।

राक्षसकुलको संहार पार्न आएकी शूर्पणखालाई भूइँमा लडिराखेको देख्ता खर रिसाएर चर्को स्वरले भन्नलाग्यो ॥१॥ मैले तिम्रो इच्छा पूर्ण गर्नाको निम्ति मासु खाने राक्षसहरूलाई पठाइहालेको छु नि, अब फेरि किन रोइरहेकी ? ॥२॥ मैले पठाएका ती राक्षसहरू मेरा भक्त, अनुरक्त तथा सदा मेरो भलो गर्नामा तत्पर रहन्छन्, कसैले मारेर तिनीहरू मर्ने होइनन्, अवश्य तिनीहरूले मेरो आज्ञा पालन गर्ने-छन् ॥३॥ हा नाथ ! भन्दै चिच्च्याएर भूइँमा सर्पझैं रिङ्नाको के कारण हो ? म यसको कारण जान्न चाहन्छु ॥४॥ म तिम्रो रक्षा गर्ने छँदा छँदै किन अनाथिनी जस्तो भएर विलाप गरिरहेकी ? उठ, यसरी व्याकुल नहोऊ ॥५॥

यस प्रकारसँग खरले अनेक तरहबाट संझाए बुझाएपछि त्यो दुर्धर्ष राक्षसी आँसुले भरिएको आँखा पुछेर भाइ खरलाई भन्नलागी ॥६॥ नाक कान काटिनाले रगतले भिजेकी म तिमीकहाँ आएकी छु र तिमीले मलाई ढाढ़स पनि दिएका थियौ ॥७॥ मेरा इच्छा पूरा गर्नाको निम्ति डरलाग्दा राम र लक्ष्मणलाई मार्न भनी तिमीले चौद्धवटा वीर राक्षस पठाएका थियौ ॥८॥ कसैको अपराध सहन नसक्ने हातमा शूल, तरवार लिएका ती सबै वीर राक्षसहरू रामको मुट्ठु छेड्ने बाणद्वारा युद्धमा मारिए ॥९॥

अतिशय तेजस्वी ती राक्षसहरूलाई एक्कै छिनमा भूइँमा लडेको तथा रामको यस्तो ठूलो काम देख्ता मलाई निकै डर लाग्नलागेको छ ।।१०।। हे निशाचर ! म डरले खिन्न र हडबडाएकी छु, म जताततै डरै डर देख्तछु, यसैले म फेरि तिम्रो शरणमा पर्न आएकी हुँ ।।११।। म अगाध गहिरो शोकसागरमा डुबिरहेकी छु, यसमा शोकरूपी ग्राह बस्तछन् , भयरूपी भेल उठिरहेको छ, तिमीले किन मेरो रक्षा नगरेको ? ।।१२।। मेरो साथमा मासु खाने जुन राक्षसहरूलाई तिमीले पठाएका थियौ ती सबै रामका तीखा बाण लाग्नाले मरे र अहिले भूइँमा पडिरहेका छन् ।।१३।। तिमीलाई मेरो अथवा ती राक्षसहरूको दया लाग्दछभने, रामको साथमा युद्ध गर्ने तिम्रो शक्ति, पराक्रम छभने, हे निशाचर ! राक्षसहरूको शत्रु दण्डक वनमा बस्ने त्यो रामलाई मारिहाल । शत्रुहरूको संहार पार्ने रामलाई आजै मारेनौभने म तिम्रै सामुमा निर्लज्ज भई आफ्नो प्राण त्यागिदिनेछु । तर बलियो भए तापनि तिमी युद्धमा रामको सामुन्ने टिक्न सकौला जस्तो मलाई लाग्दैन । किनकि तिमीले व्यर्थमा आफूलाई पराक्रमी ठानेका छौ, तिमीलाई केवल वीरताको घमण्ड छ, तिमी शूरो ता छैनौ ।।१४-१७।। कि ता आफ्ना कुल कुटुम्ब लिएर यस जनस्थानबाट भागिजाऊ कि ता हे मूर्ख कुलाधम ! युद्धमा रामलाई मार ।।१८।। यदि तिमीले युद्धमा मानिस जातिका राम लक्ष्मणलाई मार्न सकेनौभने तिम्रो समान बलहीन अल्पपराक्रमीले यहाँ कसरी बस्ने ? ।।१९।। दशरथका छोरा राम स्वभावैले तेजस्वी छन् , उनको तेजले तिमी चाँडै नै पराजित भई नाश हुनेछौ ।।२०।। यसको भाइ बडो पराक्रमी छ, त्यसैले मेरो यस्तो दुर्दशा गरायो ।

ठूलो पेट भएकी त्यस राक्षसीले यस प्रकारसँग धेरै विलाप गरी ।।२१।। अत्यन्त दुःखित भई त्यो हातले छाती पिट्तै रुनलागी र शोकले आकुल व्याकुल भई भाइको सामुमा बेहोश भई लडी ।।२२।।

सर्ग—२२

खर युद्ध गर्नाको निम्ति उद्यत रहन्छ ।

शूर्पणखाद्वारा धिक्कारिएको खर राक्षसहरूको बीचमा अति कठोर वचन भन्नलाग्यो ।।१।। तिम्रो अपमान भएको देख्ता मलाई साह्रै रिस उठिरहेछ । जसरी घाउमा नुनिलो पानी हालेको सहन सकिन्न त्यसै गरी म यो रिस खप्न सक्तिनँ ।।२।। म आफ्नो पराक्रमको दृष्टिले रामलाई अलिकति पनि गन्दिनँ, यो क्षणभर बाँच्ने मानिस हो, त्यो आफ्नै अपराधले गर्दा मारिएर प्राण त्याग गर्नेछ ।।३।। रुन बन्द गर, हडबडी छाडिदेऊ, म रामलाई भाइको साथमा यमपुरी पठाइदिन्छु ।।४।। मरणोन्मुख राम जब मेरो शरले मारिएर भूइँमा लड्नेछ, हे राक्षसी ! त्यस बखतमा तिमी त्यसको तातो रगत पिउनेछौ ।।५।।

खरको कुरा सुनेर शूर्पणखा बहुतै खुशी भई र मूर्खताले गर्दा राक्षसश्रेष्ठ आफ्नो भाइको प्रशंसा गर्नलागी ॥६॥ शूर्पणखाले पहिले ता खरलाई धिक्कार गरी, फेरि उसको तारीफ पनि गरी। यस समयमा खर, दूषण नाम गरेको आफ्नो सेनापतिलाई भन्नलाग्यो ॥७॥ मेरो आज्ञाअनुसार चल्ने चौद्ध हजार राक्षसहरूलाई युद्धको निम्ति तैयार पार, यी राक्षसहरू बडा वीर छन्, लडाइँमा कहिल्यै पीठ फर्काउन्नन्, कालो मेघ जस्तो यिनीहरूको वर्ण छ, प्राणीको हिंसा गर्नामा यिनीहरू आनन्द मान्छन्, युद्धमा उत्साह देखाउने यी राक्षसहरूलाई सबै सामग्री दिएर तैयार पार ॥८-९॥ मेरो रथ धनु, वाण, चित्र विचित्रका खड्ग र नाना प्रकारका तीखा तीखा शस्त्रहरू ल्याएर तयार पार ॥१०॥ हे रणविद्याका पण्डित! यस दुराचारी रामलाई मार्नाको निम्ति पुलस्त्यकुलमा जन्मेका महाबली राक्षसहरू अघिअघि जाऊन् भन्ने मेरो इच्छा छ ॥११॥

खरको यो कुरा सुन्नासाथ दूषणले सूर्यसमानका चहकिला छिरबुट्टे, असल जातका घोडा जोतिएको ठूलो रथ तैयार पारेर सामुन्ने खडा गरिदियो ॥१२॥ यस रथको आकार मेरु पर्वतको समान थियो, आगोमा खारिएका सुनका गहना यसमा लगाइराखेको थियो, सुनका पांग्रा थिए र दुवै गुम्बज वैदूर्य मणिका बनेका थिए ॥१३॥ यस रथमा सुन र चन्द्रकान्त मणिले बनेका माछा, फूल, रूख, पर्वत, साइत पार्ने चरा र ताराहरूको चित्र बनाइएको थियो ॥१४॥ ध्वजा फरफराइरहेको, तरवार आदि हतियार राखेको, राम्रा राम्रा घुँगुरा लागेको, असल जातका घोडा जोतिएको त्यस रथमा खर रिसले चूर भई सवार भयो ॥१५॥ खर र दूषण दुवैले रथ, ढाल शस्त्र तथा ध्वजाले युक्त भएको त्यस ठूलो फौजलाई देखेर सबै राक्षसहरूलाई यात्रा गर्ने आज्ञा दिए ॥१६॥

राक्षसहरूको यो ठूलो फौज, भयानक ढाल, शस्त्र र ध्वजाले युक्त भई बडो वेगले, ठूलो कोलाहल मचाउँदै जनस्थानबाट निस्क्यो ॥१७॥ यस सेनामा मुद्गर, पटा, शूल, फरसा, खड्ग, चक्र, र तोमरादि शस्त्र धारण गरेका, रथमा बसेका राक्षसहरू देखिन्थे ॥१८॥ शक्ति, परिघ, विशाल धनु, गदा, तरवार, मुसल र अरू अरू भयङ्कर हात हतियार राक्षसहरूले भिरेका थिए ॥१९॥ खरको आज्ञा मान्ने यस्ता चौद्ध हजार डरलाग्दा राक्षसहरू जनस्थानबाट निस्के ॥२०॥

यी भयङ्कर राक्षसहरू बडो वेगले जानलागेको देखेर खरको रथ पनि अलि पछिपछि बिस्तारै हिंड्न लाग्यो ॥२१॥ खरको अभिप्राय बुझेर सारथिले, सुनले सिङारिएको अति उत्तम छिरबुट्टे घोडा जोतिएको रथ चलायो ॥२२॥ यस समयमा हाँकिएको खरको रिपुघाती रथले आफ्नो शब्दले सबै दिशा, विदिशाहरूलाई व्याप्त गरिदियो ॥२३॥ बडो चर्को स्वर भएको खर अब अत्यन्त रिसाएर दुश्मनलाई मार्नाको निम्ति शीघ्रतापूर्वक यमराजझैं भएर हिंड्यो। पत्थर बर्साउने मेघ गर्जेझैं गर्जेर खरले सारथिलाई रथ छिटो छिटो चलाउने आज्ञा दियो ॥२४॥

सर्ग--२३

खरको फौजको तथा अपशकुनको वर्णन

खरको फौजले यात्रा गर्ने बेलामा गधाको जस्तो खैरो रंग भएको बादल आकाशमा उठेर अति डरलाग्दो शब्द गर्दै अपशकुन गराउने, रगत मिसिएको पानी बर्साउनथाल्यो ॥१॥ उसको रथमा जोतिएका खूब छिटो दुगुर्ने घोडाहरू जतातत्तै फूल भएको सम्म परेको सड़कको भूइँमा धमाधमी ढल्न-थाले ॥२॥ सूर्यको चारैतिर श्याम वर्णको घेरा देखियो, यस घेराको बाहिरी हिस्सा रातो रंगको थियो र आकार अङ्गारचक्रको जस्तो बाटुलो थियो ॥३॥ खरको रथमा सुनको डण्डीमा धेरै नै अग्लो गरेर ध्वजा टाँगेको थियो, त्यसमाथि एउटा बडो डरलाग्दो शरीर भएको गिद्ध आएर बसिदियो ॥४॥ जन-स्थानको नजीक आइपुग्दा भयानक शब्द गर्ने तथा मासु खाने पशु पक्षीहरू अनेक प्रकारका अपशकुन गराउने डरलाग्दा शब्द गर्नथाले ॥५॥ सूर्य प्रकाशित भइरहेको दिशातिर फर्केर स्यालहरू राक्षसहरूलाई कुसाइत पर्ने भयानक शब्द गर्नलागे ॥६॥

मतवाला हात्तीसमानका विशाल र रगत जस्तो पानी धारण गरेका डरलाग्दा बादलहरूले यस समयमा आकाशै छोपिदिए ॥७॥ यहाँ यस्तो डरलाग्दो रोमाञ्च गराउने घोर अन्धकार भयो कि जम्मै दिशा विदिशालाई यसले ढाकिदियो र कतै पनि केही नदेखिने भयो ॥८॥ सूर्यास्त नहुँदैमा रगतमा मुछिएको लुगा जस्तो सन्ध्या देखिनलाग्यो र खरको सामुन्नेमा डरलाग्दा पशु, पक्षी आई आवाज गर्नलागे ॥९॥ सेता चील, स्याल र गिद्धहरू खरको सनमा डर पार्दै चर्को स्वरले चिच्च्याउनलागे । युद्धमा जसको बोली सुन्दा निश्चय अपशकुन हुन्छ त्यस्ता स्यालहरू मनमा भय उत्पन्न गराउँदै, फौजको अगाडि मुखबाट आगेको ज्वाला निकाल्दै बडो डरलाग्दो आवाज गर्नलागे । सूर्यको नजीक परिघाकार-को कबन्ध (टाउको नभएको शरीर) देखिनलाग्यो ॥१०-११॥ विनाअमावास्याको महाग्रह राहुले सूर्यलाई ग्रस्त पार्‍यो हावा खूब जोरसँग चल्नलाग्यो र सूर्यको तेज पनि धमिलो भयो ॥१२॥ रात नपर्दैमा जूनकीरी जस्ता तारा आकाशमा देखिनलागे, तलाउमा माछा लुके र चराहरू जहाँको तहीं चूपचापसँग रहे, कमलका फूल सबै वैलाए ॥१३॥ यस समयमा रूखमा फलेका फल र फूलहरू सबै नाश भए, विनाहावाको रातो रातो रंगको धूलो उड्नथाल्यो ॥१४॥ मैनाहरू चाँ चाँ चीं ची गर्नलागे, डरलाग्दा उल्काहरू भयानक शब्द गर्दै पृथ्वीमा खस्नथाले ॥१५॥ गर्जन गर्ने रथमा बस्ने बुद्धिमान् खरको आसपासको पृथ्वी र यसका साथसाथमा वन, पर्वतसमेत काम्नथाले ॥१६॥ खरको देब्रे हात फर्फराउन लाग्यो, स्वर पनि बिग्र्यो, जता हेर्दा पनि यसका आँखामा आँसु भरिनथाल्यो ॥१७॥ टाउको दुख्न थाल्यो । यतिका डरलाग्दा उत्पात हुँदाखेरि पनि त्यो मूर्खताले गर्दा फर्केन ॥१८॥

यी डरलाग्दा उत्पातहरूलाई उपस्थित भएको देख्ता झन् हाँसेर आफ्ना राक्षसहरूलाई भन्न-लाग्यो ॥१९॥ जसरी बलियो निर्धोलाई केही गन्दैन त्यसै गरी म पनि आफूमा पराक्रम हुनाले यी

उत्पातहरूलाई केही संझन्न, म आफ्ना तीखा वाणले आकाशबाट ताराहरूलाई पनि खसाल्न सक्तछु ॥२०॥ म रिसाएँभने मृत्युलाई समेत मार्न सक्तछु । म ता अहिले आफूलाई खूब बलियो भनिठान्ने राम र त्यसको भाइ लक्ष्मणलाई आफ्ना तीखा वाणले नमारीकन फर्कन सक्तिनँ, यी राम लक्ष्मणको विपरीत बुद्धिले गर्दा मेरी बहिनीको नाक कान काटिन गएको छ ॥२१-२२॥ यी दुवैको रगत पिए-पछि मेरी बहिनीको इच्छा पूर्ण हुनेछ; आजसंम कुनै युद्धमा मेरो हार भएको छैन, तिमीहरूलाई पनि यो कुरा थाहै छ, मैले झूटो बोलेको होइन । म रिसाएँभने मत्त हात्तीमा सवार हुने, हातमा वज्र लिने इन्द्रलाई समेत संग्राममा मार्न सक्तछु, यी दुइटा मानिस ता मेरा लेखामा के छन् र ?

खरको यो गर्जन सुनेर राक्षसहरूको ठूलो फौज बडो खुशी भयो, कारण यो फौज मृत्युको पाशोले बाँधिइसकेको थियो । यस समयमा ऋषि, देवता, सिद्ध, चारण, सबै पुण्यात्मा महात्माहरू जम्मा भई युद्ध हेर्नाको निम्ति त्यहाँ आए र आपसमा भन्नलागे ॥२३-२७॥ सुदर्शन चक्रले जसरी भगवान् विष्णुले सबै राक्षसहरूको संहार पारेका थिए, त्यसै गरी रामचन्द्र पनि यी पुलस्त्यकुलमा जन्मेका राक्षसहरूलाई मारी गाई ब्राह्मण र ऋषिहरूको कल्याण गरून् ।

यस्तो तथा यस किसिमका अनेक कुरा गर्दै ऋषिश्रेष्ठहरू त्यहाँ आए ॥२८-२९॥ विमानमा बसेका युद्ध हेर्न उत्सुक भएका देवताहरूले पनि त्यहाँ आएर मृत्युनगीचै आएका राक्षसहरूको फौज हेरे ॥३०॥ खर रथमा बसेर बडो वेगले आफ्नो फौजको अगाडि पुग्यो । यस समयमा श्येनगामी, पृथुग्रीव, यज्ञशत्रु, विहङ्गम, दुर्जय, करवीराक्ष, परुष, कालकार्मुक, हेममाली, महामाली, सर्पास्य, रुधिराशन, नाम गरेका यी बाह्रवटा बडा पराक्रमी राक्षस खरको दुवैतिर हिंड्नलागेका थिए । महा-कपाल, स्थूलाक्ष, प्रमाथ, त्रिशिरा यी चार राक्षस सेनाको अघि दूषणको पछिपछि लागेका थिए ॥३१-३३॥ ग्रहहरूको माला चन्द्र-सूर्यको नगीच आएझैं युद्ध गर्न इच्छा गर्ने, बडो डरलाग्दो यो वीर राक्षसको फौज बडो वेगले राम लक्ष्मण भएको ठाउँमा पुग्यो ॥३४॥

सर्ग—२४

रामचन्द्र युद्धको निम्ति तैयार हुन्छन् ।

तीक्ष्ण पराक्रम गर्न सक्ने खर आश्रमनेर आएपछि रामचन्द्र र भाइ लक्ष्मणले उसको यात्रामा भएका उत्पातहरू देखे ॥१॥ प्रजाहरूको कुभलो गर्ने यी घोर उत्पात देख्ता मुनिहरूको कष्ट सहन नसकेर रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥२॥ हे महाबाहो ! सबै प्राणीहरूको विनाश गर्ने यी उत्पातहरू राक्षसकुलको संहार गर्नाका लागि भइरहेकाछन् , तिमी यी उत्पात हेर ॥३॥ हेर, तीक्ष्ण गर्जन गर्ने गधाको जस्तो खैरो रंग भएका बादल आकाशमा उठेर रगतको धारा बर्साइरहेका छन् ॥४॥ हे चतुर लक्ष्मण ! मेरा यी वाणबाट धूवाँ निस्कन लागेको छ, तसर्थ यिनीहरू युद्ध हुनलागेकोमा आनन्द मानि-रहेका छन् , पिठिउँ सुनले मोडिएका यी धनुहरू उफ्रन लागिरहेका छन् ॥५॥ वनचर पक्षीहरूले

शब्द गरेको देख्ता हाम्रा सामुन्नेमा ठूलो डर आइपर्ने र प्राण संकटमा पर्ने देखिन्छ ।।६।। अब चाँडै नै महायुद्ध हुनेछ, यसमा केही सन्देह छैन, तर हे वीर ! मेरो यो दाहिने हात बारंवार फर्फराएर विजयको सूचना दिइरहेको छ ।।७।। हाम्रो जय र शत्रुको पराजय झट्टै हुनेछ किनकि हे लक्ष्मण ! तिम्रो मुख बडो प्रसन्न र तेजिलो देखिनलागेको छ ।।८।। हे लक्ष्मण ! युद्ध गर्नालाई तैयार परेका मानिसको मुख निन्याउरो देखियोभने यसको आयु क्षीण भएछ, संग्राममा यो अवश्य मारिनेछ भनिठान्नू ।।९।। राक्षसहरूको डरलाग्दो र गम्भीर गर्जनको शब्द सुनिनलागेको छ, क्रूर काम गर्ने राक्षसहरूले बजाएको भेरीको ध्वनि पनि सुनिनथालेको छ ।।१०।। आपत्ति आइपर्ने शङ्का भएपछि, आफ्नो कल्याण चिताउने बुद्धिमान् मानिसले त्यस आपत्तिबाट बच्ने उपाय पहिलेदेखि नै विचार गरिराख्नुपर्दछ ।।११।। यसकारण धनुबाण भिरेर रूखले झ्याम्म परेको, अरू जान नसक्ने, पर्वतको गुफामा यी सीतालाई लिएर जाऊ ।।१२।। मेरो यस कुराको विपरीत तिमी काम गरौला जस्तो लाग्दैन, तसर्थ हे बाबु ! तिमीलाई मेरो खुट्टाको किरिया छ, जाइहाल, ढीलो नगर ।।१३।। तिमी शूरो छौ र सबैलाई मार्न सक्छौ, यसमा केही सन्देह छैन, तर म आफैं यी सबै राक्षसलाई मार्न चाहन्छु ।।१४।।

रामचन्द्रले यसो भन्नासाथ लक्ष्मणले धनुबाण लिएर सीताको साथमा गुफाको आश्रय लिए ।।१५।। सीतालाई साथमा लिई लक्ष्मण गुफातिर लागेपछि आफ्नो आज्ञा तुरन्तै मानिएको देख्ता रामचन्द्र खुशी भए र यिनले स्वयं कवच धारण गरे ।।१६।। आगोसमान चहकिलो त्यो कवच धारण गरेपछि उनी अन्धकारमा खूबसित बलेको आगोको ज्वाला जस्तो देखिनलागे ।।१७।। पराक्रमी रामचन्द्र विशाल धनु र बाण लिई त्यहाँ तय्यार भई बसे र आफ्नो धनुको टङ्कारले दशै दिशा गुञ्जायमान गराउनलागे ।।१८।।

यसपछि ऋषि, देवता, गन्धर्व, सिद्ध, चारण, त्रिलोकप्रसिद्ध श्रेष्ठ ब्रह्मर्षि र सबै पुण्यात्मा महात्माहरू जम्मा भई युद्ध हेर्नाको निम्ति त्यहाँ आए र आपसमा भन्नलागे ।।१९-२०।। सुदर्शन चक्रले जसरी भगवान् विष्णुले सब राक्षसहरूको संहार पारेका थिए त्यसै गरी रामचन्द्र पनि पुलस्त्यकुलमा जन्मेका यी राक्षसहरूलाई मारी गाई, बाहुन र ऋषिहरूको कल्याण गरुन् । यति भनिसकेपछि आपसमा हेराहेर गरेर यिनीहरू फेरि भन्नलागे ।।२१-२२।। यता भयानक काम गर्ने चौद्ध हजार राक्षस छन् उता धर्मात्मा, रामचन्द्र एकलो छन्, यो युद्ध कसरी होला ? ।।२३।। राजर्षिगणहरूको साथमा सिद्धहरू, श्रेष्ठ ब्राह्मण तथा विमानमा बसेका देवताहरू युद्धमा कसो होला भनेर उत्सुक भई त्यहाँ खडा थिए ।।२४।। यस समयमा तेजले परिपूर्ण भएका रामचन्द्रलाई रणक्षेत्रमा युद्ध गर्न भनी तैयार भएको देख्ता सबै प्राणीहरू भयले व्याकुल भए ।।२५।। कसैलाई पीरपिराउ नपार्ने रामचन्द्रको यस वेलाको अद्भुत रूप रिसले चूर भएका महात्मा रुद्रको रूप जस्तो देखिनलागेको थियो ।।२६।।

देव, गन्धर्व, चारणहरू आपसमा यसरी कुरा गरिरहेको वेलामा उता डरलाग्दो शब्द निकाल्ने, भयानक ढाल, तरवार आदि गरिएका हतियार लिएका तथा ध्वजा भएका राक्षसहरूको फौज चारैतिरबाट रामचन्द्रको नगीच आइपुग्यो । यी राक्षसहरू आफू आफूमा वीरताको कुरा गरिरहेका थिए र

युद्धको रीतिको वर्णन गर्नलागेका थिए । यिनीहरूमध्ये कोही धनुमा टंकार दिइरहेका थिए, कोही बारंबार हाई गर्नलागेका थिए, कोही जोरसँग चिच्याइरहेका थिए र कोही नगाडा बजाउनलागेका थिए ।।२७-२९।। यी राक्षसहरूबाट निस्केको चर्को स्वरले समस्त वन नै व्याप्त भयो र यो शब्द सुन्दा तर्सेका वनचारी, पशुपक्षीहरू हडबडाउनथाले ।।३०।। यिनीहरू यो शब्द नसुनिने ठाउँमा भागेर जान लागे र भाग्दाखेरि यिनीहरू पछि फर्केर हेर्नसम्म पनि हेर्दैनथे । यता राक्षसी सेना धूमधामसँग रामचन्द्रको नगीच आइपुग्यो, यो फौज समुद्र जस्तो विशाल थियो र यसका सैनिकले नाना प्रकारका अस्त्र शस्त्र धारण गरेका थिए । युद्धविद्यामा कुशल भएका रामचन्द्रले चारैतिर दृष्टि दौडाएर खरको फौजलाई हेरे, र युद्ध गर्नाको निम्ति यसको सामुन्ने आई खडा भए । रामचन्द्रले आफ्नो भयांनक धनु उठाएर ठोक्रोबाट बाण झिके ।।३१-३३।। सबै राक्षसहरूलाई मार्नाको निम्ति यिनले बडो डरलाग्दो रिस देखाए, प्रलयकालको अग्निसमान यिनको रूप बडो विकट देखिनलाग्यो, यिनीतिर हेर्न पनि नसकिने भयो ।।३४।। वनदेवताहरू रामचन्द्रको यस्तो तेजिलो मुख देख्ता दुःखित भए, किनकि यिनीहरूले यिनको यस्तो डरलाग्दो अनुहार कहिले पनि देखेका थिएनन् । रिसाएका रामको यस बेलाको अनुहार दक्षको यज्ञ विनाश गर्न भनी तैय्यार भएका महादेवको अनुहारसित मिल्दथ्यो ।।३५।।

सूर्योदयको समयमा नीलो बादलको जस्तो शोभा हुन्छ ठीक त्यस्तै शोभा आगो जस्तो वर्ण भएको कवच, धनु, गहना रथ इत्यादिले गर्दा मासु खाने यो राक्षसी सेनाको पनि भइरहेको थियो ।।३६।।

सर्ग—२५

रामचन्द्रको राक्षसहरूसित युद्ध ।

आफ्ना साथीहरूसँग आश्रममा आएर खरले शत्रुहरूको संहार पार्ने रामचन्द्रलाई रिसाएको र धनु लिएको देख्यो ।।१।। यिनलाई देख्नासाथ रूखो शब्द निकाल्ने ताँदो भएको धनु उठाएर यसले बडो चर्को स्वरले सारथिलाई रामचन्द्रको सामुन्ने रथ लैजा भन्यो ।।२।। खरको आज्ञाले जहाँ महाबाहु राम एक्लै धनुमा टंकार झिकिरहेका थिए त्यहीं सारथिले घोडालाई हाँकेर लग्यो।।३।। खरलाई रामको नगीच गएको देख्ता यसका मुख्य बाह्र जना राक्षसहरूले ठूलो आवाज गर्दै यसलाई चारैतिरबाट घेरे ।।४।। यी राक्षसहरूको बीचमा, रथमा सवार भइराखेको खर, ताराहरूको बीचमा तेजिलो मंगलग्रहझैं देखिनलागेको थियो ।।५।। यसपछि अत्यन्त पराक्रमी रामचन्द्रमाथि युद्धमा हजार बाण चलाएर खर बडो रूखो स्वरले गर्जनलाग्यो ।।६।। भयानक धनु लिएका, कसैले जित्न नसक्ने राममाथि सबै राक्षसहरू रिसले मुर्मुरिँदै अस्त्र शस्त्रको वर्षा गर्नलागे ।।७।। रिसाएका राक्षसहरू संग्राममा फलामको मुद्गर, शूल, प्रास, खड्ग, तरवार आदि अस्त्रले वीर रामचन्द्रमाथि प्रहार गर्नलागे ।।८।। मेघसमानका काला विशाल शरीर भएका, महाबलिया राक्षसहरू रथ र घोडामा चढी रामचन्द्रतिर दगुरे ।।९।। पर्वतको टाकुरासमान अग्लो हात्तीमा बसेका राक्षसहरू युद्धमा रामलाई मार्नाको निम्ति, बडे ठूलो मेघले

२६–क

पर्वतमाथि जलधाराको वर्षा गराएझैं उनीमाथि वाणको वर्षा गर्नलागे। भयानक रूप भएका राक्षसहरूले रामलाई घेरिराखेका थिए; यस समयमा यिनी प्रदोष तिथिमा आफ्ना गणले घेरिएका महादेव-समान देखिएका थिए।

नदीका धाराहरूलाई समुद्रले ग्रहण गरेझैं, राक्षसहरूले चलाएका ती शस्त्रहरूलाई रामचन्द्र आफ्ना वाणद्वारा समात्तै जान्थे, यी डरलाग्दा अस्त्र शस्त्रहरू रामचन्द्रको शरीरमा लागेका ता थिए, तर यिनबाट यिनलाई केही पीडा भएको थिएन ॥१०-१३॥ जसरी अनेक तेजिला वज्र लाग्नाले पनि हिमालय पर्वलाई पीडा हुँदैन त्यसै गरी राक्षसहरूका अनेक बाण सर्वाङ्गमा बिझेर रगत आइरहेको भए तापनि रामचन्द्रलाई पीडा भएको थिएन ॥१४॥ सायंकालको बादलले ढाकिएका सूर्यझैं रामचन्द्र देखिनलागेका थिए। यिनको यो अवस्था देख्ता सिद्ध, गन्धर्व, देवता तथा महर्षिहरू बडो दुःखित भए ॥१५॥ किनकि यिनीहरूले एकलो रामलाई हजारौं राक्षसले घेरिराखेको देखे।

यसपछि रामचन्द्रले आफ्नो धनु तानेर यसलाई बाटुलो पारी सैकडौं हजारौं तीखा बाण छाड्न-लागे, यी बाणको मार सहिनसक्नु थियो र यमराजको पाशोसमान यिनलाई कसैले रोक्न सक्तैनथ्यो ॥१६-१७॥ राम विनाप्रयासले कंकपत्रयुक्त तथा सुनले सिंगारिएका बाण छोड्नलागे। रामद्वारा शत्रुको फौजमाथि विनापरिश्रमले छाडिएका यी बाण, यमराजको पाशोझैं भएर राक्षसहरूको शरीरलाई छेड्दै उनको प्राण लिनलागे र तमाम शरीर रगतमा मुछियो ॥१८-१९॥ रामको धनुबाट निस्केका बल्दो आगोसमानका चहकिला अनगिन्ती बाण आकाशमा फैलिएर शोभा दिनलागे ॥२०॥ डरलाग्दा र राक्षसहरूको प्राण लिने बाण रामचन्द्रको धनुबाट निस्के। रामले आफ्ना यी बाणद्वारा राक्षसहरूका सैकडौं हजारौं धनु, ध्वजा, ढाल, कवच, गहना लाएका हात, र हात्तीका सूँड जस्ता तिघ्रा रणभूमिमा काटिदिए ॥२१-२२॥ यिनको सिवाय रामको धनुबाट छुटेका बाणले, रथमा जोतिएका तथा सुनको कवच लगाएका घोडा, सारथि, सवारसहितका हात्ती र घोडा तथा पैदल सिपाही यी सबैलाई छ्यान्न ब्यान्न पार्दै यमपुरी पठाइदिए ॥२३-२४॥ नालीक, नाराच र तीखो धार भएका विकर्णी नाम गरेका रामचन्द्रका बाणले घाइते भएका राक्षसहरू बडो भयङ्कर स्वरले विलाप गर्नलागे ॥२५॥ आगो लाग्नाले सुक्खा जङ्गलको जुन दुर्दशा हुन्छ ठीक त्यस्तै हालत मुटु छेड्ने, रामचन्द्रका अनेक बाणद्वारा पीडित भएको त्यस राक्षसहरूको फौजको भयो ॥२६॥ बडा बडा बलिया कुनै कुनै राक्षसले बडो क्रुद्ध भई रामचन्द्रमाथि भाला, शूल र परश्वधनामक अस्त्र चलाए ॥२७॥ परन्तु महाबाहु पराक्रमी रामचन्द्रले आफ्ना बाणद्वारा ती शस्त्रहरूलाई रोके र शस्त्र चलाउनेहरूको प्राण लिई टाउको उडाइदिए ॥२८॥ गरुडका पखेटाको हावा लाग्नाले भूईंमा रूख ढलेझैं राक्षसहरू पनि टाउको काटिएकोले छ्यान्नब्यान्न भएका, ढाल धनु लिएको लियै भूईंमा लडे ॥२९॥ जति राक्षस नमरी बाँचेका थिए ती पनि रामका बाण लाग्नाले आकुल व्याकुल भई शरण लिनाको निम्ति खरनेर पुगे ॥३०॥

दूषण नामको राक्षस यी सबैलाई ढाड्स दिई धनु लिएर, बडो क्रुद्ध भई, रिसाएका यमराज दगुरे-

झैं, रिसले चूर भइराखेका रामचन्द्रतिर दगुर्‍यो ॥३१॥ दूषणको आधार पाउनाले निर्भय भई फर्केका राक्षसहरू साल, ताल आदि गरिएका रूख र ढुङ्गा उजाउँदै राम भएतिर दगुरे ॥३२॥ संग्राममा आउनासाथ शूल, मुद्गर र पाश हातमा लिएका महाबली राक्षसहरू बाण तथा अस्त्र शस्त्रको वर्षा गर्न-लागे । कोही रूखको वर्षा गर्नलाग्यो र कोही ढुङ्गाको, अतएव यो युद्ध बडो अद्भुत, डरलाग्दो र आङ जुरुङ्ग पार्ने किसिमको भयो ॥३३-३४॥ राम र दूषणको राम र अरू राक्षसको परस्पर घोर युद्ध हुनलाग्यो । रिसले मुर्मुरिंदै यी राक्षसले फेरि एकबाजि रामलाई दबाए ॥३५॥ राक्षसहरूले चारै दिशा व्याप्त गरेको र उनीहरूले चलाएको बाणले आफूलाई ढाक्न लागेको देख्ता रामले बडो डरलाग्दो गर्जन गरी अत्यन्त चहकिलो गन्धर्व अस्त्र राक्षसहरूमाथि चलाए ॥३६-३७॥ यस समयमा रामको धनुबाट हजार बाण निस्के र यी बाणले दशै दिशा व्याप्त गरिदिए ॥३८॥ रामचन्द्र कुन वेला यी श्रेष्ठ र डर-लाग्दा बाण लिन्छन् र कुन वेला चलाउँछन् यो कुनै कुरा पनि राक्षस देख्तैनथे । बाणले पीडित भएका राक्षसहरू रामले केवल धनु तानिरहेको मात्र देख्तथे ॥३९॥ रामका बाणबाट उत्पन्न भएको अन्धकारले सूर्यसहितको आकाश मण्डललाई छोपिदियो । राम चूपचाप बसेर धमाधम बाण फ्याँकिरहेका हुन् कि जस्तो देखिन्थ्यो ॥४०॥ यी बाणले कति राक्षस एकै बाजि ढल्दथे, कति एकै बाजि मारिन्थे, कति एकै बाजि घाइते हुन्थे । यी सबैको शरीरले पृथ्वी नै टम्म भरियो ॥४१॥ मरिसकेका, ढल्न लागेका, मर्न लागेका, काटिएका, चिथोरिएका हजारौं राक्षस जताततै देखिनलागे ॥४२॥ कसैको पगरीसहितको टाउको, कसैको बाजू लगाइराखेको हात, कसैका तिघ्रा, कसैको आँग काटिएका थिए र जताततै गहना पडिराखेका देखिन्थे ॥४३॥ रामको बाण लाग्नाले घाइते भएका, शूल र अरू अरू अस्त्रद्वारा काटिएका हात्ती, घोडा, भाँचिएका अनेक रथ, चँवर, पंखा, छाता र ध्वजाहरूले युद्धभूमि ढाकिएको र बडो डरलाग्दो देखिनलाग्यो ॥४४-४५॥ बाण लाग्नाले मरेका अनेक राक्षसलाई देख्ता बाँकी बचेका राक्षसहरू यसरी आकुल व्याकुल परे कि शत्रुहरूलाई जित्ने रामको अगाडि पर्ने यिनीहरूको साहसै भएन ॥४६॥

सर्ग—२६

खर र त्रिशिराबाहेक जम्मै राक्षस मर्दछन् ।

दूषणले आफ्नो फौजलाई रामद्वारा मारिएको देखेर आफ्ना पाँच हजार राक्षसहरूलाई युद्ध गर्ने आज्ञा दियो । यिनीहरू डरलाग्दोसँग हमला गर्दथे, बडा बलिया थिए र संग्रामबाट कहिले पनि भाग्दैनथे । यिनीहरू राममाथि शूल, पट्टिश, तरवार, ढुङ्गा, रूख र बाणको निरवच्छिन्न वर्षा गर्नलागे । रूख र ढुङ्गाको यो वर्षा प्राण लिने किसिमको थियो ॥१-३॥ धर्मात्मा रामचन्द्रले आफ्ना तीखा तीखा बाणद्वारा यी सबै प्रहारलाई आँखा चिम्लेर गोरुले जलको वृष्टि सहेझैं रोकिदिए ॥४॥ सबै राक्षसलाई मार्नाको निम्ति राम अत्यन्त रिसाए । रिसाएका राम आफ्नो तेजले बल्नलागेका जस्ता देखिएका थिए ॥५॥

दूषणलगायत जम्मै फौजमाथि रामले बाणको वृष्टि गरे। यो देख्ता शत्रुहरूलाई दूषित गर्ने सेनापति दूषण पनि झोकिएर राममाथि वज्रतुल्य बाणको वृष्टि गर्नलाग्यो। तब ता रामले रिसाएर क्षुर-नामक अस्त्रले उसको धनु काटिदिए, चार बाणले चारै घोडालाई मारिदिए, अर्द्धचन्द्र बाणले उसको सारथिको टाउको काटिदिए र त्यस राक्षसको छातीमा तीन बाणले हाने। यस प्रकारसँग राक्षसको धनु काटियो, घोडा मारिए र सारथि पनि मऱ्यो ॥६-९॥ यसपछि दूषणले पहाडको टाकुरोसमानको एउटा परिघ उजायो। यो परिघ देख्तैमा मानिसलाई रोमाञ्च हुन्थ्यो, सुनको पाताले यो मोरिएको थियो। देवताको फौजलाई त्रास दिन्थ्यो, यसमा फलामका तीखा तीखा काँढा लागेका थिए, शत्रुहरूको बोसोले भिजेको थियो, वज्रसमान साह्रो थियो, शत्रुहरूको शहरको ढोका फोर्न सक्ने किसिमको थियो, बडो भयंकर सांप जस्तो यस परिघलाई लिएर क्रूरकर्म गर्ने दूषण राममाथि जाइलाग्यो ॥१०-१२॥ रामचन्द्रले, दगुर्दै आफूतिर आउनलागेको त्यस दूषणको गहना लगाइराखेका दुइटा हात दुइटा बाणले काटिदिए ॥१३॥ हात काटिएपछि त्यो विशाल परिघ पनि हातबाट छुट्टिएर इन्द्रध्वज जस्तो भएर रणक्षेत्रमा ढलिहाल्यो ॥१४॥ दाँत खस्नाले महामनस्वी हात्ती भूइँमा जसरी ढल्दछ त्यस्तै गरी हात काटिनाले दूषण पनि भूइँमा लड्यो ॥१५॥

दूषणलाई संग्राममा मारिएर भूइँमा लडेको देख्ता सबै प्राणी रामचन्द्रको प्रशंसा गर्नलागे ॥१६॥ यस समयमा फौजको अघिअघि हिंड्ने महाकपाल, स्थूलाक्ष र महाबली प्रमाथि यी तीनै जम्मा भई अत्यन्त झोकिएर मृत्युको पाशोले बाँधिएझैं भएर रामचन्द्रतिर हिंडे। राक्षस महाकपालले ठूलो शूल उचाल्यो, स्थूलाक्षले पट्टिश र प्रमाथिले परश्वध। यी तीनै राक्षसलाई आफूतिर आउनलागेका देखेर रामचन्द्रले पाहुनाहरूको झैं तीखा तीखा बाणले यिनीहरूको स्वागत गरे र सबभन्दा पहिले महाकपालको टाउको उडाइदिए। असंख्य बाणले प्रमाथिको बध गरे। ठूला ठूला आँखा भएको स्थूलाक्षको आँखा बाणले यसरी टम्म पारिदिए कि त्यो मरेर बडो रूख ढले जस्तै भूइँमा लड्यो। यसपछि क्रुद्ध भएका रामले पाँच हजार बाणद्वारा दूषणको पछि लाग्ने पाँच हजार राक्षसलाई यमपुरी पठाइदिए।

दूषण र उसको पछि लाग्ने राक्षसहरू मारिएको सुन्दा खर बहुतै रिसायो र त्यसले अत्यन्त बलिया सेनाध्यक्षहरूलाई यस प्रकारसँग आज्ञा दियो—हेर, दूषण ता आफ्ना साथीहरूका साथमा मारिएर रणभूमिमा पडिरहेका छन्। अब तिमीहरू ठूलो फौज लिएर त्यो अधम मानिस रामसित युद्ध गर र सबै राक्षस मिलेर नाना प्रकारका शस्त्रअस्त्रले त्यसलाई मारिदेओ ॥१७-२५॥

सेनापतिहरूलाई यति भनेर रिसले चुरिंदै खर रामको सम्मुख दगुऱ्यो। यसपछि श्येनगामी, यक्षशत्रु, विहंगम, दुर्जय, करवीराक्ष, कालकार्मुक, परुश, हेममाली, महामाली, सर्पास्य, रुधिराशय यी महाबली सेनानायक आफ्ना आफ्ना सैनिकहरूलाई साथ लिई उत्तम बाण चलाउँदै रामनेर जान भनी दगुरे ॥२६-२८॥ अब ता तेजस्वी रामले यिनीहरूलाई आफूमाथि आइलागेको देखेर सुन र हीराले सुशोभित भएका तथा आगो जस्ता चहकिला बाणले खरको बाँकी रहेको फौजलाई मारिदिए ॥२९॥

वज्राघातले ठूला ठूला रूख नाश भएझैं सुनको पखेटा भएका, धूवाँसहितको अग्निसमानका यी बाणले राम राक्षसहरूको संहार पार्नलागे ॥३०॥ रणभूमिमा रामले सयओटा कर्णिक बाणले सय जना राक्षसलाई र हजार बाणले हजार राक्षसलाई मारिदिए ॥३१॥ यी बाणले कुनै राक्षसको धनु भाँचिदिए, कसैको कवच काटिदिए र कसैको गहना फुटाइदिए; रगतमा मुछिएका राक्षसहरू धमाधमी भूइँमा लड्नलागे ॥३२॥ यज्ञको वेदीमा जसरी कुश बिछ्याएको हुन्छ त्यसै गरी संग्रामको समस्त भूइँ, रगतमा साँधिएका, कपालको रौं फुकेका राक्षसले भरिभराउ भयो ॥३३॥ सबै राक्षस मारिएका हुनाले यस बखत वनको भूइँमा रगत र मासुको हिलो जम्नगयो जसले गर्दा यो वन बडो भयानक नरकसमान देखिनलाग्यो ॥३४॥

मनुष्य-शरीरधारी रामचन्द्रले एक्लै रथमा सवार नभई भयलाग्दो काम गर्ने चौद्ध हजार राक्षसहरूलाई मारिदिए ॥३५॥ संग्रामभूमिमा महारथी खर र त्रिशिरा दुइटा राक्षस तथा शत्रुघाती राम यी तीन व्यक्ति मात्र बाँकी बचेका थिए॥३६॥ पराक्रमी, भयानक तथा प्रचण्ड बाँकी रहेका सबै राक्षसलाई लक्ष्मणका दाजु रामले संग्राममा मारिदिए ॥३७॥

यस्तो ठूलो फौजलाई बलिया रामचन्द्रले धर्मपूर्वक मारेको देख्ता खर ठूलो रथमा सवार भई हातमा वज्र लिएका इन्द्रझैं रामको अघिल्तिर आयो ॥३८॥

सर्ग—२७

राम युद्धमा त्रिशिरा राक्षसलाई मार्दछन् ।

खरलाई रामचन्द्रनेर जानलागेको देखेर त्रिशिरा नामको राक्षसको सेनापति उनेर आएर भन्नलाग्यो ॥१॥ हे मालिक ! म पराक्रमी छु, तपाईं यस साहसलाई छाडेर मेरो जिम्मामा यो काम सुम्पनोस्, संग्राममा मद्द्वारा महाबाहु रामचन्द्रलाई मरेको हेर्नुहोस् ॥२॥ म शस्त्र छोएर तपाईंको सामुन्ने साँचो साँचो प्रतिज्ञा गर्दछु कि जुनसुकै राक्षसले पनि मार्न सक्ने यस रामचन्द्रलाई म अवश्यै मार्नेछु ॥३॥ या त संग्राममा म नै मर्नेछु या त यस रामलाई मार्नेछु, तपाईं एक्कै छिन युद्ध गर्ने उत्साह छाडेर हामी दुवैको युद्ध हेर्नुहोस् ॥४॥ राम मारिएपछि तपाईं प्रसन्न भई जनस्थान फर्कनुहोला अथवा म मारिएपछि युद्धको निम्ति रामको सामुन्ने आउनुहोला ॥५॥

आफ्नो मृत्युको निम्ति यस प्रकारसँग खरलाई प्रसन्न गराएर, युद्ध गर्नाको निम्ति उसको आज्ञा ली त्रिशिरा रामको सम्मुख आयो ॥६॥ तीन टाकुरा भएको पर्वतसमानको त्यो तीन टाउके राक्षस घोडा जोतिएको चहकिलो रथमा सवार भई रामनेर आयो ॥७॥ महामेघसमान बाणधाराको वृष्टि गर्दै भिजेको दुन्दुभि बजेझैं गर्जेर आवाज गर्नलाग्यो ॥८॥ रामचन्द्रले त्रिशिरालाई यसरी आफूतिर आउनलागेको देखेर तीखा बाणको प्रहार गरे र धनुले उसलाई रोकिदिए ॥९॥ सिंह र हात्ती लडेझैं अत्यन्त बलवान् राम र त्रिशिराको यस समयमा बडो घनघोरको युद्ध भयो ॥१०॥ त्रिशिराले

रामको मस्तकमा तीनओटा बाण चलायो । यसपछि रिस खप्न नसकेर झोकिएका रामचन्द्रले राक्षसको क्रोध बढाउने किसिमको कुरा भन्नलागे ॥११॥ अहो ! पराक्रमको घमण्ड राख्ने राक्षसको यत्तिकै बल रहेछ, यसले चलाएको बाण ता मेरो निधारमा फूल जत्तिको पो लाग्यो ॥१२॥ अब तँ पनि मेरो धनुबाट छुटेका बाणलाई ग्रहण गर् ।

यति भनेर राक्षसउपर रिस देखाउँदै सर्पसमानका डरलाग्दा चौद्धओटा बाण यिनले त्रिशिराको छातीमा चलाए, चारओटा तीखा तीखा बाणले यसका चार घोडालाई मारिदिए, आठओटा बाणले त्यसको सारथिलाई मारेर रथबाट तल खसालिदिए ॥१३-१५॥ रामचन्द्रले एउटा बाणले त्यसको माथि उचालिराखेको ध्वजालाई काटिदिए । भाँचिएको रथबाट उठ्नलागेको त्यसको छातीमा अनेक बाण चलाएर रामले त्यसलाई बेहोश पारिदिए, अनि पछि तीनओटा बाणले झट्टै उसको तीनै ओटा टाउको काटिदिए । रामको बाण लाग्नाले पीडित भएको त्यो धूवाँ र रगत उकेल्नलागेको थियो ॥१६-१८॥ आफ्ना तीनै ओटा टाउका खसेका हुनाले त्यो राक्षस पनि भूइँमा लड्यो ।

नमरेर बाँचेका घाइते भएका राक्षसहरू व्याधादेखि डराएका हरिणझैं भाग्नलागे । यिनलाई भाग्नलागेको देखेर खरले झोंक्किएर यी सबैलाई फर्कायो र चन्द्रमातिर राहु दगुरेझैं आफू रामचन्द्रतिर दगुर्‍यो ॥१९-२०॥

सर्ग—२८

रामचन्द्रको खरसित युद्ध ।

दूषण र त्रिशिरालाई मारिएको तथा संग्राममा रामचन्द्रको पराक्रम देख्ता खरको मनमा पनि डर पर्नलाग्यो ॥१॥ दूषण, त्रिशिरालगायत महाबलवान् तथा असहनीय राक्षसहरूको सेनालाई रामचन्द्रले एक्लै मारेको देख्ता र आफ्ना फौजका अनेक वीर मरेको सुन्दा खर राक्षस मनमा खिन्न भई नमुचि-नामक राक्षस इन्द्रको सामुन्नेमा आएझैं, रामको सामुन्ने आयो ॥२-३॥ बडो बलले धनु तानेर त्यो राममाथि रगत पिउने बाणको वर्षा गर्नलाग्यो, यी बाण साक्षात् रिसाएका सांप जस्ता थिए ॥४॥ वारंवार धनुको ताँदोबाट टंकार झिक्तै, अस्त्रसम्बन्धी आफ्नो फूर्ति देखाउंदै, किसिम किसिमका बाणको प्रहार गर्दै, यो खर रणभूमिमा रथमा सवार भई जताततै घुम्नलाग्यो ॥५॥ महारथी खरले आफ्नो बाणले दशै दिशा व्याप्त गरिदियो । यो देख्ता रामले पनि ठूलो धनु उठाए र आगोको फिलिङ्गो जस्ता, सहन नसकिने बाणले, बादलबाट पानी बर्सेझैं, समस्त आकाशलाई ढाकिदिए ॥६-७॥ खर र रामले चलाएका तीखा बाणले आकाश र पृथ्वीको बीचको जम्मै जग्गा टम्म भएर भरियो, अलिकता जग्गा सम्म पनि कतै खाली रहेन ॥८॥ एउटाले अर्कोलाई मार्ने इच्छाले युद्ध गर्नलागेका यी दुवैका बाणले यस्तो अन्धकार भयो कि सूर्यको प्रकाश माथिको माथि नै अडियो ॥९॥ माहुतेले हात्तीलाई जसरी

अंकुशले हान्दछ त्यसै गरी खर, नालीक, नाराच र तीखा विकर्णिनामक बाणले रामचन्द्रलाई चोट पार्नलाग्यो ॥१०॥ हातमा धनु लिई रथमा बसेको त्यस राक्षसलाई सबै प्राणीले हातमा पाशो लिएका यमराज जस्तो देखे ॥११॥ आफ्नो सबै सेनाको संहार पार्ने, महापराक्रमी र आफ्नो पुरुषार्थमा अडिराखेका रामचन्द्रलाई खरले यस समयमा थाकेको जस्तो देख्यो ॥१२॥ जसरी सिंह साना पशुलाई देख्ता डराउँदैन त्यसै गरी राम पनि सिंह जस्तो पराक्रमी र सिंहझैं हिंड्ने खरलाई देख्ता डराएनन् ॥१३॥ फत्यांग्राहरू आगोनेर झुम्मिएझैं सूर्यसमान तेजिलो, ठूलो रथमा चढेर खर रामनेर गयो ॥१४॥ यसपछि खरले आफ्नो हातको सफाइ देखाउँदै महात्मा रामको बाणसहितको धनुको, मुट्ठीले समात्ने ठाउँमा काटिदियो ॥१५॥ फेरि रिसले झोकिएर खरले इन्द्रको वज्रसमानको सातओटा वाण रामचन्द्रको मर्मस्थानमा चलायो ॥१६॥ अरू पनि हजार बाणले अत्यन्त पराक्रमी रामचन्द्रलाई पीडित गर्दै त्यसले संग्राममा घोर गर्जन गर्‍यो ॥१७॥

यसपछि देख्नामा राम्रा र अति तीखा, खरले चलाएका बाणको आघातले रामचन्द्रको सूर्य जस्तो चहकिलो कवच काटिएर भूइँमा खस्यो ॥१८॥ रिसाइरहेका रामको जम्मै शरीरमा बाण बिझ्न गयो र यस समयमा उनी रणक्षेत्रमा धूवाँ नभएको बल्दो आगो जस्तो देखिनलागे ॥१९॥ यसपछि शत्रुको संहार पार्ने रामचन्द्रले खरलाई मार्नाको निम्ति बडो गंभीर ध्वनि भएको, तैय्यार पारिराखेको अर्को ठूलो धनु उठाए ॥२०॥ महर्षि अगस्त्यले दिएको विशाल वैष्णव धनु लिएर रामचन्द्र खरतिर दगुरे ॥२१॥

सुनको पखेटा लागेका तीखा तीखा बाणले रिसाएका रामचन्द्रले संग्राममा खरको ध्वजा काटिदिए ॥२२॥ देख्नामा अत्यन्त राम्रो सुनको त्यो ध्वजा भूइँमा खस्यो, देवताहरूको आज्ञाले पृथ्वीमा आएका सूर्यको समान त्यस ध्वजाको चहक थियो ॥२३॥ मर्मस्थान चिन्ने खरले रिसाएर हात्तीलाई भालाले हिर्काएझैं चार बाण रामचन्द्रको शरीरमा छातीमै चलायो ॥२४॥ अब ता खरको धनुबाट निस्केका अनेक वाणको चोट पर्नाले उनको शरीर रगतले भिजिगयो र उनी बहुतै क्रोधित भए ॥२५॥ धनुर्धारीमा श्रेष्ठ रामचन्द्रले त्यस भयानक युद्धक्षेत्रमा धनु बलियोसँग समातेर खरलाई ताकेर छओटा ठूला ठूला बाण चलाए ॥२६॥ एउटा बाण टाउकोमा, दुइटा बाण दुवै हातमा र अर्द्धचन्द्र॰ जस्ता तीनओटा बांगा बाण छातीमा चलाए ॥२७॥ यसपछि रिसाएका महातेजस्वी रामचन्द्रले सूर्य जस्ता चहकिला र तीखा तीखा नाराच नाम गरेका तेह्रओटा बाण खरलाई ताकेर चलाए ॥२८॥ एउटा बाणले रथको जुआलाई चारओटाले चित्र विचित्रका चार घोडालाई र छओटाले खरको सारथिको टाउको युद्धमा काटिदिए॥२९॥ तीन बाणले रथको बम्बा, दुइटाले रथको पाङ्ग्रा र बाह्र बाणले खरको हातसहितको धनु काटेर इन्द्रसमानका रामचन्द्रले हाँस्तै वज्रसमानको एउटा तेह्रौं बाण खरमाथि चलाए ॥३०-३१॥ रथ भाँचिनाले, घोडा मारिनाले र सारथिसमेत मारिएकोले हातमा गदा लिएर खर उफ्रेर तल आयो र रामको सामुन्ने खडा भयो ॥३२॥ यस समयमा महारथी रामचन्द्रको यस्तो काम देख्ता विमानमा बसेका

देवता र ऋषिहरू बडो प्रसन्न भए र परस्पर एकै ठाउँमा जम्मा भई हात जोडेर रामको प्रशंसा गर्न-लागे ।।३३।।

सर्ग—२९

रामचन्द्र खरलाई दुर्वचन भन्दछन् र उसको गदा काटिदिन्छन् ।

रथ नभएको तर गदा लिएर रणभूमिमा खडा रहेको खरलाई महातेजस्वी रामचन्द्र कोमलतापूर्वक कठोर वचन भन्नलागे ।।१।।

हात्ती घोडा र रथले युक्त भएको ठूलो फौज आफ्ना साथमा छँदाखेरि तिमीले सबै दुनियाँले निन्दा गर्ने किसिमको बडो निष्ठुरी काम गऱ्यौ ।।२।। प्राणीहरूलाई दुःख दिने, पाप कर्म गर्ने निष्ठुरी तीनै लोकको मालिक भए तापनि अड्न सक्तैन ।।३।। लोकले निन्दा गर्ने किसिमको कठोर काम गर्ने मानिस घरमा आयोभने पनि, घरभित्र पसेको दुष्ट साँपलाई झैं त्यसलाई सबैले मारिदिन्छन् ।।४।। अविवेकी भई अथवा लोभले जो मानिस पाप गर्दछ र मनमा प्रसन्न भई पापकर्म गर्न छोड्दैन त्यसले, ब्राह्मणी-नामक कीराले असिना खाएर मरेझैं, झट्टै आफ्नो पापको परिणाम नभोगी सुख पाउँदैन ।।५।। हे राक्षस ! धर्मको आचरण गरेर दण्डक वनमा बस्ने महात्मा तपस्वीहरूलाई मारेर तैंले कत्रो ठूलो फल पाइस् ।।६।। जरा खुकुलो भइसकेको पुरानो रूख जसरी धेरै कालसम्म अड्न सक्तैन त्यसै गरी पापी, निष्ठुरी र लोकले निन्दा गरेको मानिस ऐश्वर्य पाए तापनि धेरै समयसम्म टिक्न सक्तैन ।।७।। जसरी ऋतु आएपछि रूखमा फूल नफुली छाड्दैन त्यसै गरी पाप गर्ने मानिस आफ्नो पापको कडा फल समयमा अवश्य नभोगी छाड्दैन ।।८।। हे निशाचर ! विष मिसिएको अन्न खानेले, झट्टै मृत्युरूपी त्यसको फल पाएझैं मानिस पनि आफ्ना पापकर्मको फल झट्टै भेट्टाइहाल्छन्, धेरै विलम्ब हुँदैन ।।९।। दुनियाँको कुभलो चिताउने, ठूला ठूला पापकर्म गर्ने तेरो प्राण हरण गर्नाको निम्ति राजाले मलाई वनमा पठाएका हुन् ।।१०।। मेरा हातबाट छुटेका यी सुनले सिंगारिएका मेरा बाण तेरो शरीरलाई छिया छिया पारी सर्प भित्र पसेझैं पृथ्वीभित्र घुस्नेछन् ।।११।। धर्मको आचरण गर्ने दण्डक वनमा बस्ने जुन तपस्वीहरूलाई तैंले मारेर खाएको छस्, आज सेनासहित युद्धमा मरेर तँ पनि उनको पछिपछि लाग्नेछस् ।।१२।। तेरा हातबाट पहिलेपहिले मरेका ऋषिहरू विमानमा बसी मेरा बाणद्वारा मारिएको र नरकमा पडिरहेको तँलाई देख्नेछन् ।।१३।। हे राक्षसकुलको अधम ! आफूलाई मनलागे जति प्रहार गर्, जति सक्तछस् उति कोशिश गर्, आज म तेरो टाउकोलाई ताडको फललाई झैं काटेर खसालिदिन्छु ।।१४।।

रामको यो कुरा सुन्दा रिसले खरका आँखा राता राता भए र रिसले मुर्मुरिंदै हाँस्तै त्यो रामलाई भन्नलाग्यो ।।१५।। हे दशरथका छोरा राम ! साना साना राक्षसलाई युद्धमा मारेर तिमीले किन आफैं आफ्नो प्रशंसा गरिरहेको ? यो ता प्रशंसालायकको कुरै होइन ।।१६।। जो राजा बलवान् पराक्रमी हुन्छन् र आफ्नो तेजको घमण्डमा परेका हुन्छन् ती श्रेष्ठ राजाहरू आफैं आफ्नो प्रशंसा गर्दैनन् ।।१७।।

जो छोटा चञ्चल हुन्छन्, क्षत्रियहरूको नाममा कलङ्क लाउने यिनीहरू मात्र, हे राम ! तिमीले आफ्नो तारीफ गरेझैं व्यर्थमा आफ्नो प्रशंसा गर्दछन् ।।१८।। रणभूमिमा, जहाँ कि मृत्युको समय निकट आइराखेको छ, कुनचाहिं वीरले विनाप्रशंसाको कुलको परिचय दिएर आफैं आफ्नो स्तुति गर्ला ? ।।१९।। जसरी आगोमा पोल्नाले सुनको जस्तो रङ्ग भएको पीतलको कालोपना स्पष्ट देखिन्छ त्यसै गरी यस प्रशंसाले तिमीले सर्वथा आफ्नो छोटोपना झल्काइहाल्यौ ।।२०।। पर्वतसमान अचल भई, गदा धारण गरेर नाना प्रकारका धातुले सिंगारिएको पर्वतझैं तिम्रो अगाडि उभिएको मलाई के तिमी देख्तैनौ अर्थात् मेरो पराक्रमको के तिमीलाई केही ज्ञान छैन ? ।।२१।। म सजिलैसँग हातमा गदा लिएर, पाशो लिएका यमराजले झैं, युद्धमा तिम्रो मात्र होइन कि त्रिलोकका सबै प्राणीको संहार गर्न सक्तछु ।।२२।। तिम्रो सम्बन्धमा मैले भन्ने कुरा धेरै छ, तर म केही पनि भन्दिनँ किनकि अब सूर्यास्तको वेला हुन लाग्यो, ढीलो गर्नाले युद्धमा विघ्न पर्नजाला अर्थात् रोकिन जाला ।।२३।। तिमीले चौद्ध हजार राक्षसलाई मारिदियौ, अब तिमीलाई आजै मारेर ती राक्षसहरूका स्वास्नी छोरा-छोरीको आँसु पुछ्तछु ।।२४।।

यति भनेर खरले अत्यन्त क्रुद्ध भई प्रदीप्त वज्रसमानको त्यो महागदा राममाथि चलायो ।।२५।। खरको हातबाट छुटेको त्यो प्रज्वलित महागदा अगल बगलका रूख लहरालाई डढाउँदै रामचन्द्रको नजीक आउनलाग्यो ।।२६।। मृत्युको पाशोसमानको त्यो महागदा आफूतिर आउनलागेको देखेर रामचन्द्रले अनेक वाण चलाएर त्यसलाई आकाशैमा टुक्रा टुक्रा पारिदिए ।।२७।। मन्त्र र औषधिको प्रयोगले जसरी सर्पिणी मरेर भूइँमा खस्तछे त्यसै गरी बाणले छिया छिया भई काटिएको त्यो गदा भूइँमा खस्यो ।।।२८।

सर्ग—३०

खर मारिन्छ ।

धर्ममा प्रेम राख्ने रामचन्द्र, खरको गदालाई बाणले टुक्रा टुक्रा पारिसकेपछि हाँस्तै, हडबडाइरहेको खरलाई भन्नलागे ।।१।। हे नीच राक्षस ! तैंले अहिले मलाई देखाएको नै तेरो सर्वस्व बल होभने ता तँ मभन्दा निर्धो रहिछस्, व्यर्थैमा बढेर किन कुरा गर्छस् ।।२।। हेर्, मेरा बाणले काटिएको तेरो गदा भूइँमा पडिरहेको छ । यस गदाले, म अवश्यै शत्रुलाई मार्दछु भन्ने तेरो विश्वासलाई नाश गरिदियो, तँ ता केवल कुरा गर्न जान्दो रहेछस् भन्ने पो देखिन्छ ।।३।। म तिमीलाई मारेर मरेका वीर राक्षसहरूको साटो फेर्दछु भन्ने कुरा जो तैंले भनिथिस् सो पनि झूटो हुन गयो ।।४।। मिथ्या व्यवहार गर्ने क्षुद्र स्वभावको ए नीच राक्षस ! गरुडले जसरी अमृतको हरण गरेथे त्यसै गरी म तेरो प्राणको हरण गर्दछु ।।५।। आज मेरो बाणले काटिएको तेरो घाँटीको फींज र भुल्का उठेको रगत पृथ्वीले पिउनेछिन् ।।६।। कामी पुरुषले सितिमितीमा नपाइने आइमाईलाई अँगालो हालेर सुतेझैं, जम्मै शरीरमा धूलै

धूलो भई काटिएका दुवै हात फैलाएर पृथ्वीलाई अँगालो हालेर सुत्नेछस् ।।७।। हे राक्षसकुलमा कलङ्क लगाउने खर ! तँ यस प्रकारसँग घोर निद्रामा सुतेपछि यस दण्डक वनमा अरूलाई शरण दिनेहरूले शरण पाउनेछन् ।।८।। जब मेरा बाणद्वारा जनस्थानमा बस्ने राक्षसहरूको निवसस्थान नष्ट हुनेछ तब पो मुनिहरू निर्भय भएर यहाँ डुलफिर गर्न पाउनेछन् ।।९।। अर्काको मनमा त्रास गराउने राक्षसीहरू आफ्ना बन्धुवर्ग मारिएकोमा दुःखित हुनेछन्, उनको मुख आँसुले भिज्नेछ र उनीहरू यहाँबाट भागि-हाल्नेछन् ।।१०।। तेरोसमान जसका पापी पति छन् ती आफ्नो कुलको अनुसार दुष्ट काममा लाग्ने राक्षसीहरू आज पो शोकको मर्म थाहा पाउनेछन् ।।११।। ए निर्लज्ज, छोटो बुद्धि भएको, ब्राह्मणहरूको कंटक ! तैंले गर्दा डराएका मुनिहरू मनमा शंका लिईलिईकन अग्निमा होम गर्दथे, आजदेखि ता यो डर जाने भयो ।।१२।।

क्रोधले यसरी बोलिरहेका रामदेखि झर्किएर रिसले चूर भई खर उनलाई बड़ो चर्को स्वरले दुर्वाक्य भन्नलाग्यो ।।१३।।

तिमी ता बडो घमण्डी पो रहेछौ, कारण यस्तो डरलाग्दो समयमा पनि निर्भय देखिन्छौ, मृत्युको वशमा परिसकेको हुनाले कस्तो बोल्नुपर्छ कस्तो बोल्न हुँदैन सो कुराको तिमीलाई ज्ञानै छैन ।।१४।। कालको पाशोले बेह्रिसकेको मानिसलाई गर्न हुने गर्न नहुने कुनै कुराको ज्ञान हुँदैन, कारण यसका छ-ओटै इन्द्रियका शक्तिको नाश भइसकेको हुन्छ ।।१५।।

यति भनिसकेपछि, रामचन्द्रतिर हेर्दै राक्षसले आफ्नो निधारमा गाँठो पार्‍यो र नजीकैमा रहेको एउटा ठूलो शालको रूखतिर आफ्नो दृष्टि लगायो ।।१६।। रणभूमिमा अस्त्र बनाउनाको निम्ति त्यो कुनै चीज खोजिरहेको थियो, दाँतले ओठ टोक्तै त्यसले त्यो रूखलाई उखेलिहाल्यो ।।१७।। महाबली राक्षसले बडो गंभीर गर्जन गर्दै दुवै हातले त्यस रूखलाई उचालेर "लौ अब ता मारियौ" भन्दै राम-चन्द्रमाथि फ्याँकिदियो ।।१८।। प्रतापी रामचन्द्रले आफूमाथि आउनलागेको त्यस रूखलाई अनेक बाणले काटिदिए र संग्राममा खरलाई मार्नाको निम्ति ठूलो रिस देखाए ।।१९।। यस समयमा राम-चन्द्रको शरीरबाट पसीना निस्कनलाग्यो, रिसले दुवै आँखाका कुना राता भए र यिनले हजारौं बाण चलाएर खरलाई मारिदिए ।।२०।। बाणले छेडिएको खरको शरीरबाट, प्रस्रवण पर्वतबाट पानीको धारा बगेझैं, फींज उठेको धेरै धेरै रगत निस्क्यो ।।२१।। रामचन्द्रको बाणले खर युद्धभूमिमा आकुल व्याकुल पर्‍यो, तर रगतको गन्धले मस्त भई त्यो फेरि रामचन्द्रतिर दगुर्‍यो ।।२२।। रगतमा मुछिएको र अतिशय झोकिएको खर यसरी झम्टन आयो कि अस्त्र चलाउन जान्ने, झट्टै आफ्नो पराक्रम देखाउन सक्ने राम दुई तीन पाइला पछि हटे ।।२३।। रणभूमिमा खरलाई मार्नाको निम्ति अर्को ब्रह्मदण्ड जस्तो अग्निसमानको बाण रामले धनुमा चढाए ।।२४।। बुद्धिमान् देवराज इन्द्रले दिएको त्यो बाण धर्मात्मा रामले खरमाथि चलाए ।।२५।। वज्रपात जस्तो भयङ्कर शब्द गर्ने त्यो महाबाण जब रामचन्द्रले धनु तानेर चलाएथे, त्यो गएर खरको छातीमा लाग्यो ।।२६।। जसरी श्वेतारण्यमा भगवान् रुद्रले अन्ध-

कलाई डढाएर ढलाएथे त्यसै गरी बाणको आगोले डढ्नलागेको त्यो खर भूइँमा ढल्यो ॥२७॥ जसरी वज्रद्वारा वृत्रासुर, फींजद्वारा नमुचि र इन्द्रको वज्रले बलासुर प्राणहीन भएका थिए त्यसै गरी रामको बाणले मारिएको खर भूइँमा ढल्यो ॥२८॥

यसै समयमा देवता र चारण एकै ठाउँमा जम्मा भई दुन्दुभि बजाउनलागे र चारैतिरबाट राममाथि फूलको वर्षा गर्नलागे ॥२९॥ मनमा प्रसन्न भएका र रामका पराक्रम देख्ता छक्क परेका हुनाले उनीहरूले यिनीमाथि पुष्पवृष्टि गरेका हुन् । लगभग तीन घडी जतिमा रामले तीखो धार भएका बाणले, आफ्ना इच्छामुताबिक रूप धारण गर्न सक्ने खर, दूषण आदि गरिएका चौद्ध हजार राक्षस-हरूलाई युद्धमा मारिदिए ॥३०-३१॥

देवताहरू भन्नलागे—अहो ! आत्मविश्वासी रामचन्द्रको यो काम अद्भुतै हो, यिनको पराक्रम पनि अद्भुतै छ, विष्णुको समान यिनको धैर्य्य देखिन्छ ॥३२॥ यति भनेर देवताहरू आफ्ना आफ्ना ठाउँमा गए र अनि पछि राजर्षि र ब्रह्मर्षिहरू जम्मा भएर आए ॥३३॥

रामचन्द्रको पूजा गरेर अगस्त्य आदि गरिएका मुनिहरू यस प्रकारसँग भन्नलागे—महातेजस्वी पाकशासन इन्द्र यतिको निम्ति शरभंगको पवित्र आश्रममा आएका थिए, यिनै पापी राक्षसहरूको वध गराउनाको निम्ति मुनिहरूले युक्ति गरेर तपाईंलाई यहाँ ल्याएका हुन् । हे दशरथका छोरा ! यी दुष्ट राक्षसहरूलाई मारेर तपाईंले हाम्रो ठूलो काम गरिदिनुभयो ॥३४-३६॥ अब महर्षिहरू दण्डकवनमा धर्मको अनुष्ठान गर्नेछन् ।

यै वेलामा पहाडको गुफाबाट निस्केर वीर लक्ष्मण र सीताले सुखपूर्वक आश्रममा प्रवेश गरे । यसपछि महर्षिहरूबाट र लक्ष्मणबाट पूजा गरिएका विजयी रामचन्द्रले पनि आश्रममा प्रवेश गरे । शत्रुहरूलाई मार्ने र महर्षिहरूलाई सुख दिने आफ्ना पति रामचन्द्रलाई देख्ता सीता प्रसन्न भइन् र उनलाई अँगालो हालिन् । राक्षसहरूको बथान नष्ट भएको र रामलाई कतै पनि केही चोट नलागेको देख्ता अत्यन्त आनन्द मानेकी सीता सन्तुष्ट भइन् ॥३७-४०॥ राक्षसको बथानको विनाश पार्ने, प्रसन्न भएका महात्माहरूद्वारा पूजित भएका आफ्ना पतिलाई सीताले फेरि पनि प्रसन्नतापूर्वक अँगालो हालिन् र मनमा बडो आनन्द मानिन् ॥४१॥

सर्ग—३१

अकम्पन रावणलाई राक्षसहरू मारिएको खबर दिन जान्छ, सो खबर थाहा पाएपछि रावण मारीचकहाँ आउँछ र मारीचको उप-देशले फेरि लङ्का फर्केर जान्छ ।

यसपछि अकम्पन नाउँ गरेको राक्षस हत्तपत्त जनस्थानबाट प्रस्थान गरी बडो वेगले लङ्कामा पुगेर

रावणलाई यस प्रकारसँग भन्नलाग्यो ।।१।। हे राजन् ! जनस्थानमा वस्ने धेरै राक्षसहरू मारिए, युद्धमा खर पनि मारिए । म बल्लतल्ल यहाँ आएको छु ।।२।।

यति सुन्दैमा रावणका आँखा रिसले राता भइगए । आफ्नो तेजले डढाउने हो कि जस्तो गरेर त्यो अकम्पनलाई भन्नलाग्यो ।।३।। मेरो त्यो भयङ्कर जनस्थानलाई नाश पार्ने कसको आयु सकिएको हो ? कसले यी तीनै लोकमा रहने इच्छा नगरेको हो ? ।।४।। मसँग विरोध गरेर त इन्द्र, कुवेर, यम, र विष्णु पनि सुखपूर्वक रहन सक्तैनन् ।।५।। म कालको पनि काल हुँ, म आगोलाई पनि डढाउन सक्तछु, मृत्युलाई समेत मार्ने ममा सामर्थ्य छ ।।६।। म वायुको वेगलाई आफ्नो वेगले बलैसँग रोक्न सक्तछु, रिसाएपछि ता आफ्नो तेजले सूर्य र अग्निलाई डढाउन सक्तछु ।।७।। यस प्रकारसँग दश टाउको भएको रावणलाई रिसाएको देख्ता त्यो अकम्पन डरायो र हात जोरेर सन्देहयुक्त वचनले उसँग अभय माग्नलाग्यो ।।८।। राक्षसहरूमा श्रेष्ठ रावणले अभय दिएपछि अकम्पन निडर भएर स्पष्ट कुरा भन्नलाग्यो ।।९।।

महाराज दशरथका छोराको नाम राम हो, सिंहको जस्तो यिनको शरीरको बनोट छ, यिनी तरुना छन् , यिनको काँध अग्लो र हात बाटुला र लामा छन् ।।१०।। साँवलो यिनको वर्ण छ । यिनी महायशस्वी, राम्रा र अत्यन्त पराक्रमी छन् । खर र दूषणलाई यिनैले मारेका हुन् ।।११।।

अकम्पनको कुरा सुन्दा राक्षसहरूको राजा रावण सर्पझैं स्वाँ स्वाँ गरेर यो कुरा सोध्नलाग्यो ।।१२।। हे अकम्पन ! के यो रामचन्द्र सबै देवता र इन्द्रलाई साथमा लिएर जनस्थानमा आएको छ ? ।।१३।।

रावणको कुरा सुन्दा अकम्पन फेरि पनि महात्मा रामचन्द्रको बल र पराक्रमको वर्णन गर्न-लाग्यो ।।१४।। राम बडा तेजस्वी, र सबै धनुर्धारीमा श्रेष्ठ छन् , देवताहरूका अस्त्रको यिनलाई बेश ज्ञान छ र यिनी धर्मपूर्वक युद्ध गर्दछन् ।।१५।। यिनी जत्तिकै बलिया यिनका भाइ लक्ष्मण छन् , यिनका आँखा राता छन् , दुन्दुभिको जस्तो स्वर छ र पूर्ण चन्द्रमा जस्तो राम्रो मुख छ ।।१६।।

जसरी आगो वायुलाई आफ्नो साथमा लिएर भस्म गर्दछ त्यसै गरी आफ्नो भाइलाई साथमा लिई राजश्रेष्ठ रामचन्द्रले जनस्थानको विनाश पारिदिए ।।१७।। त्यहाँ देवता अथवा महात्मा कोही पनि थिएनन् , यस कुराको तपाईं विचारै नगर्नुहोस् । रामले सुन जडेको पखेटा भएका बाण चलाएथे ।।१८।। रामको धनुबाट छुटेका बाणले पाँच मुख भएका सर्प भई राक्षसहरूलाई खाइदिए । डराएका राक्षसहरू जता जता भाग्दथे त्यतै त्यतै रामलाई आफ्नो सामुन्ने उभिइराखेको देख्तथे, यस प्रकारसँग हे पापरहित रावण ! रामचन्द्रले तपाईंको जनस्थानको विनाश पारेका हुन् ।।१९-२०।।

अकम्पनको कुरा सुनेर रावण म राम र लक्ष्मणलाई मार्नाको निम्ति जनस्थानमा जान्छु भन्न-लाग्यो ।।२१।। रावणले यस्तो भनेका सुन्दा अकम्पनले भन्यो ।—

हे राजन् ! रामचन्द्रको जस्तो बल र पराक्रम छ सो यथार्थ मबाट सुन्नुहोस् ।।२२।। महायशस्वी

रामचन्द्र रिसाएर रणभूमिमा आएको खण्डमा कसैले पराक्रमद्वारा उनलाई रोक्न सक्तैन । रामचन्द्र पानीले पूर्ण भएको नदीको वेगलाई आफ्ना वाणले रोक्न सक्तछन् ॥२३॥ तारा, ग्रह र नक्षत्रसहितको आकाशलाई नष्ट गर्न सक्तछन् । यी श्रीमान् राम दुःखमा परेकी समस्त पृथ्वीको उद्धार गर्न सक्तछन् ॥२४॥ समुद्रको तीरलाई फोरफार पारेर रामचन्द्र समस्त संसारलाई डुबाइदिन सक्तछन्, समुद्र र वायुको वेगलाई आफ्ना वाणले रोक्न सक्तछन् ॥२५॥ पुरुषश्रेष्ठ महायशस्वी रामचन्द्र आफ्नो पराक्रमले समस्त लोकको संहार पारेर फेरि नयाँ प्रजालाई उत्पन्न गराउन सक्तछन् ॥२६॥ हे रावण ! तपाईं रामचन्द्रलाई युद्धमा जित्न सक्नुहुन्न, जसरी पापीले स्वर्गलाई जित्न सक्तैन त्यसै गरी तपाईंका कसैले पनि उनलाई जित्न सक्नेछैनन् ॥२७॥ सबै देवता र असुरहरू मिलेर पनि यिनलाई मार्न सक्तैनन्, तर यिनलाई मार्ने एउटा उपाय छ, तपाईं मन दिएर सुन्नुहोस् ॥२८॥ यिनकी सीता नाउँ गरेकी स्त्री बडी राम्री र तरुणी छन्, यिनका सबै अङ्ग राम्रा छन्, रत्नै रत्नले सुशोभित भएकी यिनी स्त्रीहरूमा एउटा रत्न हुन् ॥२९॥ देवी, गन्धर्वी, अप्सरा, पन्नगी कुनै स्त्रीको पनि यिनीसित तुलना हुन सक्तैन, मनुष्यकी कन्या ता कसरी त्यस्तो हुन सक्लिन् ॥३०॥ त्यस घोर वनमा रामलाई धोकामा पारेर तपाईं उनकी स्त्रीलाई हरेर ल्याउनुहोस्, सीताविना राम बाँच्न सक्तैनन् ॥३१॥

राक्षसको राजा महाबाहु रावणले अकम्पनको कुरा निको मानेर विचार गरेर उसलाई भन्नलाग्यो ॥३२॥ ठीक हो, भोलि सबेरै सारथिलाई साथमा लिई म एक्लै जान्छु र प्रसन्नतापूर्वक जानकीलाई हरेर यस लंकापुरीमा लिई आउँछु ॥३३॥

यति भनेर रावण सूर्यसमान चहकिलो, गधा जोतिएका रथमा सवार भई आफ्नो तेजले दशै दिशालाई प्रकाशमान तुल्याउँदै हिंड्यो ॥३४॥ यस समयमा आकाशमा जानलागेको रावणको रथ मेघमण्डलमा चन्द्रमाले झैं शोभा दिइरहेको थियो ॥३५॥

धेरै टाढा गएपछि रावण ताडकाको छोरो मारीचको आश्रममा पुग्यो; मानिसलाई दुर्लभ हुने खाने चीजबीजले मारीचले आफ्नो राजाको सत्कार गर्‍यो ॥३६॥ आसन र जलले स्वयं रावणको सत्कार गरी मारीच मतलब भरिएको कुरा भन्नलाग्यो ॥३७॥

हे राक्षसेश्वर राजन् ! बताउनुहोस्, के राजधानीमा सबैलाई कुशल ता छ ? तपाईंलाई यहाँ हतपत गर्दै आएको देख्ता मलाई शङ्का लाग्नलागेको छ, यसको मैले केही कारण बुझ्न सकिनँ ॥३८॥

मारीचको यो कुरा सुनेर महातेजस्वी र बोल्नामा चतुरो रावण यस प्रकारसँग भन्नलाग्यो ॥३९॥ हे बाबु ! वडो कठिन काम गर्न सक्ने रामचन्द्रले खर आदि गरिएका जो मेरा सिमानाको रखवाली गर्नेहरू थिए तिनलाई मारिदिए, जुन जनस्थान अवध्य थियो त्यो जम्मैलाई युद्धमा सखाप पारिदिए ॥४०॥ तसर्थ रामकी स्त्री हरण गर्ने काममा मलाई मदत गर ।

राक्षसराजको कुरा सुनेर मारीच भन्नलाग्यो ॥४१॥ कुन मित्ररूपी शत्रुले तपाईंलाई सीता हरण गर्ने कुरा भनेछ, तपाईंले कसलाई यसरी बढाउनुभएछ जो तपाईंको बढती भएको हेर्न सक्तैन

२७
तपाईंलाई सीतालाई लिएर आउने सल्लाह कसले दिएको हो मलाई भन्नुहोस् । राक्षसहरूको ॥४२॥ तपाईंलाई सीतालाई लिएर आउने सल्लाह कसले दिएको हो ... गौरव कसले नाश गर्न खोजेको रहेछ ॥४३॥ यस विषयमा जसले तपाईंलाई उत्साह दिइरहेको छ त्यो अवश्य तपाईंका हातबाट भयङ्कर साँपको मुखबाट दाँत उखेल्न खोजिरहेको छ ॥४४॥ यस्तो काम गराउन लगाएर कसले तपाईंलाई कुबाटोमा लैजान खोजेको हो ? सुखसित सुतिरहनुभएको तपाईंको माथमा कसले यो प्रहार गरेको हो ? ॥४५॥ हे रावण ! यी रामचन्द्र गन्धहस्ती छन् अर्थात् यिनको गन्धले हात्ती भाग्दछन्, रणभूमिमा यिनीतिर हेर्न पनि सकिन्न, उत्तम कुलमा उत्पन्न हुनु यिनको सूँड हो, मद यिनको प्रताप हो, दुइटा राम्रा हात यिनका दाँत हुन् ॥४६॥ यी मनुष्यरूपी सिंह सुतिरहेका छन्, यिनलाई ब्यूँझाउनु उचित छैन । रण-भूमिमा जो कल, बल, छल हुन्छन् ती यिनका रौं हुन्, चतुरा राक्षसरूपी मृगलाई नाश पार्ने वाण यिनका अंग हुन्, तीखा तीखा तरवार दाँत हुन् ॥४७॥ हे राक्षसराज ! रामरूपी भयानक पातालको मुखमा तपाईंले हामफाल्नु उचित छैन, धनु यस पातालका हिंस्रक जन्तु हुन्, बाहुबललाई यहाँको हिलो भन्ठान्नोस्, वाणलाई तरङ्ग संझनोस् र घनघोर संग्राम यसको बहाउ हो ॥४८॥ हे लङ्केश्वर ! तपाईं प्रसन्न रहनुहोस् र लङ्कालाई आनन्दमा राख्नुहोस्, सुखसंग फर्किहाल्नुहोस्, आफ्ना आइमाईसंग विहार गर्नुहोस् ॥४९॥

मारीचको यो कुरा सुनेर रावण लंकामा फर्केर आयो र आफ्नो सुन्दर राजभवनमा रहन लाग्यो ॥५०॥

सर्ग—३२

शूर्पणखा लङ्कामा पुग्दछे ।

एक्लै रामचन्द्रले भयंकर काम गर्न सक्ने चौद्ध हजार राक्षसलाई मारेको र खर, दूषण तथा त्रिशिरासमेत लडाइँमा मरेको देख्ता शूर्पणखा मेघको समान गंभीर शब्द झिकेर गर्जन गर्नलागी ॥१-२॥ अरूको हातबाट हुन नसक्ने किसिमको रामचन्द्रको यो अद्भुत काम देख्ता शूर्पणखा ज्यादै व्याकुल भएर रावणद्वारा पालन गरिएको लंकामा गई ॥३॥

देवताहरूको साथमा इन्द्र बसेझैं त्यसले अतितेजस्वी रावणलाई साततले महलमाथि मन्त्रीहरूलाई साथमा लिई बसेको देखी ॥४॥ सूर्यसमान चहकिलो सुनको अत्युत्तम आसनमा त्यो बसेको थियो । सुनले बनेको वेदीमा बल्दो आगोको झैं त्यसको शोभा देखिन्थ्यो ॥५॥ देवता, गन्धर्व, महात्मा ऋषि तथा अरू कुनै प्राणीले पनि त्यसलाई युद्धमा जित्न सक्तैनथे । मुख बाएर बसेका यमराज जस्तै त्यो भयानक देखिन्थ्यो ॥६॥ देवासुर संग्राममा वज्रको चोट लागेको चिह्न यसको शरीरमा छँदै थियो, ऐरावतको दाँतका आघातका चिह्न उसको छातीमा अहिलेसम्म देखिंदै थिए ॥७॥ यसका बीस हात, दश टाउको, बडो राम्रो पोशाक, च्याप्टो छाती, र राजलक्षणले युक्त भएको शरीर थियो ॥८॥ वैदूर्य्य मणिको जस्तो उसको शरीरको कान्ति थियो, आगोमा बेस गरी खारेको सुनको कुण्डल पहिरेको थियो,

हात चौपट्टै राम्रा, दाँत सेता, मुख ठूलो र आकार पर्वतको समान थियो ॥९॥ देवताहरूसितको सैकडौं संग्राममा विष्णुको चक्र लाग्नाले तथा अरू अरू घोर युद्धमा नाना प्रकारका शस्त्रका कई एक चोट यसले खाइसकेको थियो ॥१०॥ यसको जम्मै शरीरमा देवताहरूको अस्त्र शस्त्रको घाउ लागेको थियो, कसैले खलबल्याउन नसक्ने समुद्रलाई यो खलबल्याउन सक्तथ्यो र यो झट्टै सबै काम गर्न सक्तथ्यो ॥११॥ यो ठूला ठूला पर्वत फ्याँक्न, देवताहरूलाई दुःख दिन, धर्मलाई जरैदेखि उखेल्न तथा अर्काकी स्वास्नीलाई बलजफ्ती हरण गर्न सक्तथ्यो ॥१२॥ यो सबै दिव्य अस्त्र चलाउन जान्दथ्यो, सदा यज्ञमा विघ्न पार्दथ्यो, भोगवती नगरीमा गई नागराज वासुकिलाई जितेर तक्षककी प्यारी स्त्रीलाई यसले हरेर ल्याएको थियो । कैलाश पर्वतमा गएर कुवेरलाई जितीकन यसले उनको इच्छाअनुसार जाने पुष्पक विमान हरेर ल्याएको थियो । रिसाएर यस पराक्रमीले कुवेरका चैत्ररथवन, नलिनीनामक उनको तलाउ, इन्द्रको नन्दनवन र अरू अरू देवताका अनेक बगैंचाहरू ध्वस्त पारिदिएको थियो । उदाउन लागेका शत्रुतापी चन्द्र र सूर्यलाई, पर्वतको टाकुरासमानको अग्लो रावणले आफ्ना दुई हातले रोकिदिएको थियो । यस धीर रावणले पहिले वनमा दश हजार वर्षसम्म तपस्या गरी आफ्नो टाउको काटी काटी शिवलाई चढाएको थियो । मनुष्यबाहेक देवता, दानव, गन्धर्व, पिशाच, पक्षी, यी सबैबाट संग्राममा मरण नहुनें अभयदान यसले पाइसकेको थियो । यज्ञमा द्विजातिहरू मन्त्रद्वारा यसको स्तुति गर्दथे ॥१३-१९॥ यो महाबली सोम तय्यार पार्ने ठाउँमा गई सोम नाश पारिदिन्थ्यो, समाप्त हुन लागेको यज्ञमा विघ्न पार्दथ्यो ।

यस्तो दुष्ट, ब्राह्मणघाती, क्रूर कर्म गर्ने, निर्दयी, दया नभएको, प्राणीहरूको सदा कुभलो गर्ने, सबै प्राणी र लोकलाई डर देखाउने अत्यन्त बलियो दाजुलाई राक्षसीले देखी । दिव्य वस्त्र र गहना धारण गरी र दिव्य माला लगाएर यो सुशोभित भइरहेको थियो ॥२०-२२॥ आसनमा बसेको पौलस्त्यकुलनन्दन राक्षसराज, प्रलयकालमा उद्यत भई बसेका यमराजसमान देखिन्थ्यो ॥२३॥

डरले आकुल व्याकुल परेकी राक्षसी शत्रुहरूलाई मार्ने मन्त्रीहरूको बीचमा बसेको रावणनेर गई भन्नलागी ॥२४॥ महात्मा रामचन्द्रद्वारा कुरूप भएकी चारैतिर घुम्ने शूर्पणखा भय र लोभले मोहित भई आफ्नो हालत देखाउँदै, तेजिलो ठूला ठूला आँखा भएको रावणलाई अति कठोर वचन भन्नलागी ॥२५॥

सर्ग—३३

शूर्पणखा रावणलाई धिक्कार गर्दछे ।

रिसले चूर भएकी शूर्पणखा सबै लोकलाई रुवाउने, मन्त्रीहरूको बीचमा बसेको रावणलाई कडा वचन भन्नलागी ॥१॥ तिमी स्वेच्छाचारी सदा कामभोगमा मस्त भइरहेका छौ, राक्षसहरूमाथि कस्तो विकट अवस्था परेको छ सो थाहा हुनुपर्ने कुराको तिमीलाई अत्तोपत्तो नै छैन ॥२॥ जो राजा स्त्री आदिमा लम्पट भई स्वेच्छाचारी र लोभी बन्दछ प्रजाहरूले त्यस्ता राजाको श्मशानको आगोको झैं केही

आदर गर्दैनन् ।।३।। जुन राजा बेला बेलामा आफूले हेर्नुपर्ने काम हेर्दैन, त्यो राजा ती काम र आफ्नो राज्यसहित नाश भइजान्छ ।।४।। अयोग्य काम गर्ने, दूतहरूद्वारा आफ्नो राज्यको खबर नराख्ने, पराधीन राजालाई, हात्तीले टाढैबाट नदीको हिलोलाई त्याग गरेझैं, प्रजाले त्याग गर्दछन् ।।५।। आफ्नो अधीनमा रहेका देशको रक्षा नगर्ने राजाको, समुद्रभित्रको पर्वतको वृद्धि नभए झैं, कहिले पनि वृद्धि हुँदैन ।।६।। एक त तिमी स्वभावैले चञ्चल छौ, दोस्रो अयोग्य काम गरी हिंड्छौ, यस्ताले शुद्धचित्त भएका, देव, गन्धर्व, दानवहरूसित विरोध गरेर कसरी राज्य गर्न सक्छाउ ।।७।। हे राक्षस ! तिम्रो बुद्धि छैन, केटाकेटीको जस्तो स्वभाव छ । जुन कुरा थाहा पाउनुपर्ने हो सो तिमीलाई थाहा हुँदैन, यस्ता तिमीले कसरी राज्य चलाउन सकौला ? ।।८।। हे विजयीहरूमा श्रेष्ठ रावण ! जुन राजाका गुप्तीदूत, खजाना र राज्यको व्यवस्था आफ्नो अधीनमा रहँदैनन् त्यस्ता राजा साधारण मानिससमान बन्दछन् ।।९।। राजाहरू गुप्ती दूतद्वारा टाढा टाढाका देशको सबै कुरा थाहा पाउँछन् , यसै कारणले यिनीहरूलाई दीर्घचक्षु भनेको हो ।।१०।। तिमी सदा मूर्ख मन्त्रीहरूको साथमा बस्तछौ, गुप्ती दूत पनि नियुक्त गरेका छैनौ । यसैले आफ्ना बन्धुको तथा जनस्थानको नाश भएको तिमीलाई पत्तो छैन ।।११।। हेर, खर र दूषणलगायत भयानक काम गर्न सक्ने चौद्ध हजार राक्षसहरूलाई एकलो रामचन्द्रले मारिदिए ।।१२।। ऋषिहरूलाई अभय दान दिएर दण्डकारण्यलाई निष्कंटक बनाइदिए, पुण्यात्मा रामचन्द्रले यस प्रकारसँग जनस्थानको विनाश पारिदिएको छ ।।१३।। लोभी, आइमाईमा लम्पट, विषयभोगको अधीनमा परेको हुनाले तिमीलाई आफ्नो राज्यमा आइपरेको आपत्तिको खबरै छैन ।।१४।। जो राजा अति कठोर स्वभावका, असावधान, घमण्डी, मूर्ख, अर्कालाई थोरै दिने हुन्छन्, यस्तामाथि दुःख आइपर्दा दुनियाँले रक्षा गर्ने केही यत्न गर्दैनन् ।।१५।। जो राजा अत्यन्त घमण्डी, अर्काको कुरामा ध्यान नदिने, आफूलाई सबैभन्दा ठूलो संझने, र रिसाहा हुन्छन् , आपत्तिको समयमा त्यस्ता राजालाई आफ्नै मानिसले मारिदिन्छन् ।।१६।। जो राजा आफूले गर्नुपर्ने काम गर्दैन, आपत्ति आइपर्दा पनि निडर रहन्छ, त्यो चाँडै राज्यबाट च्युत हुन्छ र सबैले दुःखमा परेको यसलाई तृणबराबर मान्दछन् ।।१७।। सुकेको काठ, माटाको थुप्रोबाट पनि मानिसको कार्यसिद्धि हुन सक्छ, तर राज्यबाट च्युत भएको राजाबाट केही पनि हुन सक्तैन ।।१८।। जसरी लगाएर फाटेको लुगा, वैलाइसकेको फूलको माला कुनै काम लाग्ने हुँदैन, त्यसै गरी राज्यभ्रष्ट राजा सामर्थ्य भएको भए तापनि निरर्थक संझिन्छ ।।१९।। सदा सावधान रहने, आफ्नो राज्यको पूरा खबर राख्ने, आफ्ना इन्द्रियलाई वशमा राख्ने, कृतज्ञ, धर्मात्मा राजा धेरै दिनसम्म राज्य गर्दछ ।।२०।। जुन राजा आँखा थुनेर सुते तापनि नीतिशास्त्ररूपी आँखाले ता जागै रहन्छ र जसको रिस अथवा प्रसन्नताको फल प्रकट हुन्छ, संसारमा यस्तै राजाको प्रशंसा हुन्छ ।।२१।। हे रावण ! तिमी ता दुर्बुद्धि छौ, तिमीमा यी गुण छैनन् । यतिका राक्षस मारिएको खबर तिम्रा दूतहरूले अझ तिमीलाई बताएका छैनन् ।।२२।। तिमी ता केवल अर्काको अपमान गर्दछौ, भोग विलासमा मस्त रहन्छौ,

देशको, कालको, विभागको तत्व बुझ्दैनौ । गुण-दोषको निश्चय गर्ने सामर्थ्य तिम्रो बुद्धिमा छैन, यसकारण तिमीले चाँडै नै आपत्तिमा परेर राज्यभ्रष्ट हुनुपर्नेछ ॥२३॥

राक्षसहरूको राजा रावणले शूर्पणखाले बताएका आफ्ना दोषहरूको बुद्धिले विचार गर्‍यो । धन, गर्व र बलले युक्त भएको रावण धेरै बेरसम्म विचार गर्दैरह्यो ॥२४॥

सर्ग—३४

शूर्पणखा रावणलाई राम, लक्ष्मण र सीताको वृत्तान्त सुनाउँछे ।

मन्त्रीहरूको बीचमा शूर्पणखाले यस प्रकारसँग कडा वचन भनेको सुन्दा रावण रिसाएर सोध्नलाग्यो ॥१॥ राम भनेको को हो ? यसको बल, रूप र पराक्रम कस्तो छ ? के कारणले यो दुर्गम दण्डक वनमा आएको हो ॥२॥ योसँग कस्तो अस्त्र रहेछ जसले कि यसले खर, दूषण र त्रिशिरा आदि गरिएका राक्षसहरूलाई मारिदियो ? ॥३॥ हे सुन्दरी ! तिमीलाई कसले कुरूप बनाइदियो सो मलाई ठीक ठीकसँग भन ।

राक्षसराजले यसो भनेको सुन्दा शूर्पणखा रिसले चूर भई ठीक ठीकसंग रामचन्द्रको वृत्तान्त वर्णन गर्नलागीः—रामचन्द्रका हात निकै लामा छन्, आँखा ठूला छन्, यिनी वल्कल र मृगचर्म धारण गर्दछन ॥४–५॥ दशरथका छोरा रामचन्द्र कामदेवसमान राम्रा छन्, सुवर्णभूषित, चक्रसमान बाटुलो धनु हातमा लिएर यिनी महाविषालु सर्प जस्तो, बल्दो नाराचनामक बाण चलाउँ छन् । युद्धमा महाबली रामले डरलाग्दो बाण लिएको, चलाएको अथवा धनु तानेको समेत कसैले देख्तैन, बाणको वर्षाले मरेका सैनिक मात्र देखिन्छन् ॥६–८॥ जसरी इन्द्र असिना वर्साएर उत्तम उत्तम अन्नको खेत नाश गरिदिन्छन् त्यसै गरी बड़ा पराक्रमी चौद्ध हजार राक्षसहरूलाई एकलो पैदल रामचन्द्रले तीन घडीमा आफ्ना तीखा तीखा बाणले मारिदिए । दूषणको साथसाथै खरलाई पनि मारिदिए । ऋषिहरूलाई अभय दान दिएर दण्डक वनमा आनन्द मंगल गराइदिए॥९–१०॥ स्त्रीवध होला भन्ने डरले आत्मज्ञानी महात्मा रामचन्द्रले मेरो अपमान गरेर अर्थात् केवल नाक कान काटी मलाई एक्लै छाडिदिए ॥११॥

यिनका महातेजस्वी भाइ गुणमा यिनै बराबर छन् यिनी रामका प्रेमी र भक्त छन्, यिनको नाम लक्ष्मण हो । यिनी बडा पराक्रमी, क्रोधी, सबैलाई जित्न सक्ने तर आफू भने कसैद्वारा नजितिने किसिमका, बुद्धिमान् र बलिया छन् । यिनी रामका दाहिने हात र बाहिरिया प्राणसमान छन् ॥१२–१३॥ रामचन्द्रकी धर्मपत्नी सीताका आँखा ठूला ठूला र पूर्णिमाको चन्द्रमा जस्तो मुख छ, यिनी आफ्ना पतिलाई खुशी राख्नामा सदा तत्पर रहन्छिन् ॥१४॥ यी यशस्विनी स्त्रीका केश, नाक, तिघ्रा र रूप खूब राम्रा छन् । दोस्री लक्ष्मीसमानकी यी वनकी देवी देखिन्छिन् ॥१५॥ आगोमा खारेको सुनको जस्तो यिनको शरीरको रंग छ, राता र उठेका नङ छन्, कम्मर पातलो छ, स्त्रीजातिकी यिनी रत्न हुन् । विदेह राजाकी छोरी यिनी सीताको नामले प्रख्यात छन् ॥१६॥ पृथ्वीमा मैले अझसम्म यिनीबराबरकी

२७–क

देवी, गन्धर्वी, यक्षी, किन्नरी कुनै आइमाई पनि देखेकी थिइनँ ॥१७॥ जसकी सीता जस्ती स्त्री छन्, र जसले प्रसन्न भई यिनलाई अँगालो हाल्न पाउँछ, त्यै नै सबै लोकमा इन्द्रले भन्दा पनि बर्ता सुखसँग जीवन बिताउँछ ॥१८॥ यिनी सुशीला छन्, यिनको शरीर राम्रो छ, यिनीबराबर राम्री संसारमा अर्की कुनै स्त्री छैन, तिमीलाई सुहाउने यिनै स्त्री छन् र उनलाई सुहाउने पति तिमी नै छौ॥१९॥ मोटा मोटा तिघ्रा भएकी, अग्ला अग्ला स्तन भएकी, अनुहार राम्रो भएकी, यस सीतालाई तिम्री स्वास्नी बनाउन लगाउँ भनेर म लिन गएकी थिएँ ॥२०॥ हे रावण ! क्रूर लक्ष्मणले मलाई विरूप बनाइदियो । पूर्णिमाको चन्द्रमा जस्ती राम्री तिनलाई जब देख्नेछौ त्यस बखतमा तिमी अवश्यै कामदेवका बाणको वशमा पर्नेछौ, यदि तिमीलाई यिनलाई आफ्नो स्वास्नी बनाउने इच्छा छभने रामचन्द्रलाई जित्नाका निम्ति झट्टै आफ्नो दाहिने खुट्टा बढाइहाल अर्थात् युद्धको निम्ति प्रस्थान गरिहाल ॥२१–२२॥ हे राक्षसहरूका राजा ! यदि तिमीलाई मैले भनेको कुरा निको लाग्छभने निःशंक भई मैले भनेअनुसार काम गर ॥२३॥ हे महाबली रावण ! यिनीहरूलाई असमर्थ र आफूलाई समर्थ भनिठानेर यी सर्वाङ्गसुन्दरी सीतालाई आफ्नो बनाउने उद्योगमा लाग ॥२४॥ रामचन्द्रले आफ्नो सोझो जाने बाणद्वारा खर दूषणलगायत जनस्थानमा रहेका सबै राक्षसहरूलाई मारिदिए भन्ने खबर सुनेपछि, अब आफ्नो जो कर्तव्य हो सो गर ॥२५॥

सर्ग—३५

रावण फेरि मारीचकहाँ पुग्दछ ।

शूर्पणखाको रोमाञ्च गराउने कुरा सुनेपछि मन्त्रीहरूसँग सल्लाह गरेर कर्तव्यको निश्चय गरी रावण जनस्थानतिर जान तैयार भयो ॥१॥ रावणले सीतालाई हरेर ल्याउने कामको बारेमा आफ्नो मनमा खूब गौड गर्‍यो, यसको गुण दोषतिर विचार दियो, बलाबलको निर्णय गर्‍यो र आखिरमा यो काम गर्नैपर्दछ भन्ने निश्चय गरी रमणीय रथशालातिर लाग्यो ॥२–३॥

रथशालामा पुगेपछि राक्षसराज रावणले गुप्ती तवरसँग सारथिलाई झट्टै रथ तैयार पार्ने आज्ञा दियो ॥४॥ झटपट काम गर्ने सारथिले रावणको आज्ञा पाउनासाथ एकै छिनमा उसको मनमाफिकको उत्तम रथ तैयार पारिदियो ॥५॥ आफ्नो इच्छाअनुसार हिंड्ने, रत्न जडिएको, सुनले बनेको रथमा रावण सवार भयो । यस रथमा पिशाचको जस्तो मुख भएका र सुनको गहनाले सिंगारिएका गधा जोतिएका थिए ॥६॥ मेघ जस्तो आवाज गर्ने त्यस रथमा चढेर कुवेरको भाइ राक्षसराज रावण समुद्र-तिर लाग्यो ॥७॥ रावणका छाता र चमर दुईटै सेता थिए, यसको शरीरको कान्ति वैदूर्य मणि जस्तो नीलो थियो र यसले आँगमा खारेको सुनको गहना लगाएको थियो ॥८॥ दशओटा टाउका र बीस हात भएको राम्रो पोशाक लगाएको, देवताहरूको शत्रु, मुनिहरूको घात गर्ने रावण दशओटा टाकुरा भएको हिमालय पर्वतसमान देखिएको थियो ॥९॥ इच्छाअनुसार चल्ने रथमा सवार भएको राक्षसा-धिपति रावणको ठीक त्यस्तै शोभा भइरहेको थियो जस्तो कि बीचबीचमा बिजुली चम्कने, बकुल्लाको

पंक्तिले युक्त भएको आकाशमा बादलको हुन्छ ।।१०।।

पराक्रमी रावण पर्वत, समुद्र तथा समुद्रतीरका फलफूल लागेका हजारौं रूखले भरिभराउ भएको ठाउँ हेर्दै हिंड्यो ।।११।। चिसो स्वादिलो पानी भएका, फुलिरहेका कमल भएका तलाउ त्यहाँ देखिन्थे। चारैतिर ठूला ठूला आश्रममा वेदीहरू बनेकाले शोभायमान भएका ठाउँ देखिन्थे ।।१२।। केराको वन चारैतिर लागेको थियो, नरिवलको रूख जताततै लहलह भइरहेका थिए; फूल फुलेका साल, ताल, तमाल आदि गरिएका रूख जहाँतहीं देखिन्थे ।।१३।। नियमित भोजनमा तत्पर रहने ठूला ठूला ऋषिहरू त्यहाँ रहन्थे, नाग, देवता, गन्धर्व र किन्नरहरू पनि हजारौंको संख्यामा देखिन्थे ।।१४।। विषयवासनालाई जितेका सिद्ध र चारणले शोभायमान भएका ठाउँ देखिन्थे । आज्य, वैखानस, माष, वालखिल्य, मरीचिप नामका परमर्षिले गर्दा यो प्रदेश सुशोभित थियो ।।१५।। स्वर्गीय गहना, स्वर्गीय माला तथा दिव्यरूप भएका नाना प्रकारका रतिविधान जान्ने हजारौं अप्सराहरूले सुशोभित भएको ठाउँ देखिन्थ्यो ।।१६।। श्रीसम्पन्न देवपत्नीहरू जताततै घुमफिर गरिरहेका थिए, अमृत पान गर्ने देवता र दानवहरूले वास गरेका ठाउँ थिए ।।१७।। हाँस, क्रौञ्च, सारस पक्षी र भ्यागुताहरू जताततै बोलिरहेका थिए, समुद्रको प्रभावले वैदूर्यमणिसमानका रंग भएका ढुङ्गा शीतल र चिल्ला रहन्थे ।।१८।। रावणले त्यहाँ चारैतिर सेता रंगका ठूला ठूला विमान फैलिरहेका देख्यो, जसमा दिव्य माला लगाइएका थिए र जहाँ गाना बजाना भइरहेको थियो ।।१९।। तपस्याको प्रभावले सबै लोकमा आउने जाने अधिकार पाएकाहरूको विमान, तथा गन्धर्व र अप्सराहरूलाई रावणले देख्यो ।।२०।। त्यहाँ वनमा जराबाट गूँद निस्कने र आफ्नो सुगन्धले नाकलाई तृप्त गर्ने हजारौं राम्रा चन्दनका रूख देख्यो ।।२१।। अगरू नै मुख्य भएको वन, उपवन, उत्तम उत्तम फल लाग्ने मीठो बास्ना आउने रूखहरूको वन तथा तक्कोल वृक्षको वन देख्यो ।।२२।। समुद्रको तीरमा तमालका फूल, मरीचका झुप्पा, र सुकिरहेका मोतीका थुप्रा देख्यो ।।२३।। ढुङ्गा, राम्रा राम्रा मूगाका चट्टान, सुन-चाँदीका शिखर, मनलाई आनन्द गराउने सफा जलले भरिएका राम्रा अनौठा किसिमका पानीका झरना, धन-धान्य, राम्रा राम्रा आइमाईहरू, हात्ती रथ आदिले युक्त भएका शहरहरू रावणले देख्यो ।

रावणले समुद्रको किनारामा शीतल मन्द हावा बहिरहेको, स्वर्ग झैं राम्रो, चारैतिर सम्म परेको जग्गा देख्यो । रावणले यहाँ मेघको रङ्गको एउटा ठूलो वरको रूख देख्यो, जसलाई घेरेर अनेक मुनिहरू बसिरहेका थिए ।।२४-२७।। यस रूखका हाँगाहरू चारैतिर सय योजनसम्म फैलिराखेका थिए, कुनै समयमा महाबली गरुड एउटा बडेमानको हात्ती र त्यस्तै एउटा कछुवा लिएर खानाको निम्ति यस वरको रूखको हाँगामा आएर बसे । पक्षिराज गरुड र यी दुइ जन्तुको भारले धेरै पात भएको यसको एउटा हाँगो भाँचियो । यस शाखाको आश्रय लिएर वैखानस, माष, बालखिल्य, मरीचि, आजा (ब्रह्माका छोरा) तथा धूम्र नामका ठूला ठूला ऋषिहरू जम्मा भई तपस्या गरिरहेका थिए । यिनीहरूमाथि दया गरेर गरुडले एउटा खुट्टाले भाँचिएको सय योजन लामो यो हाँगो समातेर तथा अर्को खुट्टाले हात्ती

कछुवालाई थिची यिनको मासु खाइदिए ॥२८–३२॥ पक्षिराज गरुडले यस हाँगाको सहायताले समस्त निषाद देशलाई नाश गरिदिए। यस प्रकारसँग मुनिहरूको रक्षा गरेर उनी बडो प्रसन्न भए ॥३३॥ यस आनन्दले गर्दा गरुडको पराक्रम दोब्बर भएर आयो र यी बुद्धिमान्‌ले अमृत ल्याउने इच्छा गरे ॥३४॥ फलामको डँडाली भाँची, रत्नले बनेको घर भत्काई, इन्द्रको घरमा बडो गुप्ती तवरसंग राखेको अमृत गरुडले लिएर आए ॥३५॥ रावणले गरुडद्वारा चिह्नित भएको तथा महर्षिहरूद्वारा सेवा गरिएको यो सुभद्र नाउँ गरेको बरको रूख देख्यो ॥३६॥

नदीपति समुद्रको अर्को किनारामा गएर पवित्र, रमणीय एकान्त वनमा त्यसले एउटा आश्रम देख्यो ॥३७॥ मारीच नामक राक्षसलाई मृगचर्म र जटाधारण गरी नियमित आहार गरेर त्यहाँ बसेको देख्यो ॥३८॥

रावणलाई आएको देखेर मारीचले नाना किसिमका अमानुषी भोग्य वस्तुले विधिपूर्वक उसको पूजा गर्‍यो ॥३९॥ भोजन र जलले स्वयं रावणको सत्कार गरिसकेपछि मारीच उसलाई मतलबै मतलबले भरिएको कुरा भन्नलाग्यो ॥४०॥

हे राक्षसेश्वर ! तपाईंको लङ्कामा कुशल मंगल ता छ ? के कारणले तपाईं फेरि झट्टै फर्केर आउनुभयो ? ॥४१॥

मारीचको यो कुरा सुनेपछि बोल्नामा चतुरो महातेजस्वी रावण यस प्रकारसंग भन्नलाग्यो ॥४२॥

सर्ग—३६

रावण मारीचलाई आफ्नो अभिप्राय भन्दछ।

हे भाइ मारीच ! म जो कुरा भन्दछु सो सुन ! यस समयमा म बडो दुःखमा परेको छु, अहिलेलाई तिमी नै मेरो ठूलो आधार छौ ॥१॥

मेरो भाइ खर, महाबाहु दूषण र मेरी बहिनी शूर्पणखा बस्ने गरेको जनस्थान तिमीलाई थाहै होला ॥२॥ महाबाहु त्रिशिरा राक्षस, तथा मासु खाने र युद्धमा उत्साह देखाउने अनेक वीर राक्षसहरू पनि त्यहाँ बस्तथे ॥३॥ यी राक्षसहरू मेरो आज्ञाले त्यहाँ बस्तथे र त्यहाँ वनमा धर्मको आचरण गरेर बसेका मुनिहरूलाई दुःख दिन्थे ॥४॥ भयानक काम गर्न सक्ने, खरको आज्ञाअनुसार चल्ने, युद्धमा उत्साह देखाउने चौद्ध हजार शूरा राक्षसहरू त्यहाँ रहन्थे ॥५॥ जनस्थानमा बस्ने यी महाबली राक्षसहरू रामचन्द्रसँग युद्ध गर्नाको निम्ति तैय्यार भए ॥६॥ अनेक प्रकारका शस्त्र अस्त्रको प्रहार गर्न सक्ने खर आदि गरिएका राक्षसहरूसित रामचन्द्रको युद्ध भयो, युद्धमा रामले न कुनै कडा वचन भने न सुने, तर एक्कासि रिसाएर एकला पैदल मनुष्यजातिका ती रामले धनुमा बाण चढाएर महातेजिला चौद्ध हजार राक्षसहरूलाई युद्धमा आफ्ना तीखा तीखा बाणद्वारा मारिदिए। युद्धमा खर र

दूषणलाई पनि समाप्त पारिदिए ॥७-९॥ त्रिशिरालाई पनि मारेर तिनले दण्डक वनलाई निर्भय बनाइदिएका छन् ।

बाबुले रिसाएर यिनलाई स्त्रीसहित निकालिदिएका छन्, यिनको आयु क्षीण भएको जस्तो देखिन्छ ॥१०॥ क्षत्रियकुलको कलङ्क यै राम यस फौजलाई मार्ने भएर निस्क्यो । मलाई थाहा छ कि यो राम दुष्ट स्वभावको कर्कश, तीक्ष्ण, मूर्ख, लोभी, अजितेन्द्रिय, क्षत्रिय धर्मको त्याग गर्ने, अधर्मी, र प्राणीहरूको कुभलो गर्नामा सदा तत्पर रहन्छ, किनकि विना कुनै इबीले केवल आफ्नो बलको घमण्डमा परेर यसले मेरी बहिनीको कान नाक काटिदियो । अब म पनि देवकन्या जस्ती राम्री यसकी स्वास्नीलाई बलजफ्तीसँग जनस्थानबाट हरेर ल्याउँछु, यस काममा तिमी मलाई मदद गर । हे महाबली ! तिमी र मेरा भाइहरू मेरा सहायक भई साथमा रहेका खण्डमा म जम्मै देवताहरूलाई समेत केही गन्दिनँ, तसर्थ हे राक्षस ! मेरो सहायता गर किनकि तिमी समर्थ छौ ॥११-१५॥ पराक्रममा, युद्धमा कोही पनि तिम्रो बराबरीको छैन, तिमी बडा शूरा छौ, राम्रा राम्रा उपाय जान्दछौ र अनेक किसिमका मायामा तिमी सिपालु छौ ॥१६॥ हे निशाचर ! यसै कारणले म तिमीनेर आएको छु; यस समयमा मेरो सहायता गर्नाको निम्ति तिमीले जो गर्नुपर्नेछ सो म भन्दछु, सुन ॥१७॥ चाँदीको थोप्ला थोप्ली भएको सुनको हरिण बनेर रामको आश्रमनेर गई सीताले देख्ने गरी यताउति घुमिरहू ॥१८॥ मृगरूपी तिमीलाई देख्ता सीताले अवश्यै लक्ष्मण र आफ्नो लोग्नेलाई तिमीलाई समात्न भन्नेछन् ॥१९॥ ती दुवै जना गएपछि शून्य आश्रमबाट विना कुनै बाधाको सुखपूर्वक, राहुले चन्द्रमाको प्रकाशलाई हरण गरेझैं, म सीतालाई हरेर ल्याउनेछु ॥२०॥ यसपछि स्वास्नी हरिएकोले दुःखमा परेको रामलाई मनमा कृतार्थ र निशङ्क भई सजिलैसँग लडाइँमा जित्नेछु ॥२१॥

रावणको कुरा सुन्दा महात्मा मारीचको मुख ओठ सुक्यो र त्यो डरायो ॥२२॥ सुकेको ओठ चाटिरहेको, एक टक लगाएर हेरिरहेको मर्न आँटेको झैं दुःखी भएको रावणलाई मारीचले देख्यो ॥२३॥ पहिलेदेखि नै महावनमा रामचन्द्रको पराक्रम थाहा पाएकोले डरमा परेको, चित्तमा दुःखित भएको मारीच हात जोरेर आफूलाई र रावणलाई समेत भलो हुने किसिमको यथार्थ कुरा उसलाई सुनाउनलाग्यो ॥२४॥

सर्ग—३७

मारीच रावणलाई रामसँग विरोध नगर्नू भनेर अनेक तरहबाट संझाउँछ ।

राक्षसराजको यो कुरा सुनेर वाक्यको अर्थ बुझ्नामा चतुरो महातेजस्वी मारीच उसलाई भन्न-लाग्यो ॥१॥ हे राजन् ! मीठो कुरा गर्ने अर्थात् मुख हेरेर कुरा गर्ने मानिस धेरै नै भेट्टिन्छन्, सुन्नामा नराम्रो लाग्ने तर हित गर्ने कुरा भन्ने र सुन्ने मानिस बहुतै कम पाइन्छन् ॥२॥ इन्द्र र वरुण जस्ता पराक्रमी तथा सबै गुणले सम्पन्न भएका रामलाई निश्चय तिमीले चिन्हेका छैनौ, किनकि गुप्ती

दूत ता तिम्रा छँदै छैनन् र तिमी चञ्चल स्वभावका पनि छौ ।।३।। रामसँग विरोध गर्नाले के सबै राक्षसहरूको कल्याण होला त ? कहीं यस्तो नहोस् कि रामचन्द्रले रिसाएर संसारमा एउटा राक्षस पनि बाँकी नराखून् ।।४।। सीता तिम्रो नाश पार्न ता जन्मेकी होइनन् ? यस्तो नहोस् कि सीताले गर्दा तिमीले ठूलो आपत्तिमा पर्नुपरोस् ।।५।। कहीं यस्तो नहोस् कि तिमी जस्तो मनपर्दो गर्ने र कसैको दबाउ नभएको राजा पाउनाले यो लङ्कापुरी समस्त राक्षसहरूको साथसाथै नष्ट भइजाओस् ।।६।। तिमी जस्तो मनपर्दो गर्ने पापी विचार भएको मूर्ख राजाले आफ्नो, आफ्ना बन्धुवर्गको तथा राज्यको समेत विनाश पार्दछ ।।७।।

रामचन्द्रलाई बाबुले निकालेका होइनन्, यिनी मर्यादाको उल्लंघन गर्ने लोभी, दुष्ट स्वभावका, र क्षत्रियकुलका कलंक केही पनि होइनन् ।।८।। यिनमा धर्म र गुण नभएको होइन, आफ्नी आमाको आनन्दलाई बढाउने यिनको स्वभाव तीक्ष्ण छैन, प्राणीको कुभलोपट्टि होइन कि सबैको भलो गर्नामा यिनी सदा तत्पर रहन्छन् ।।९।। आफ्ना सत्यवादी पितालाई कैकेयीद्वारा ठगिएको देखेर यिनी उनको सत्यको रक्षा गर्नाको निम्ति वनमा आएका हुन् ।।१०।। कैकेयी र पिता दशरथलाई खुशी पार्ने मनसायले राज्य र राज्यसम्बन्धी भोगहरूलाई त्याग गरी दण्डक वनमा आएका हुन् ।।११।। हे भाइ ! रामचन्द्र कडा स्वभावका छैनन्, मूर्ख र अजितेन्द्रिय पनि छैनन्, तिमीले झूटो कुरा सुनेछौ, यस्तो कुरा भन्न तिमीलाई मुनासीब पर्दैन ।।१२।। रामचन्द्र साक्षात् धर्मका मूर्ति हुन्, यिनी सज्जन र सत्यपराक्रमी छन्, जसरी इन्द्र सबै देवताहरूका राजा हुन् त्यसै गरी यिनी पनि सबै लोकका राजा हुन् ।।१३।। यिनी आफ्नो तेजले सीताको रक्षा गरिरहेका छन्, तिमी कुन प्रकारले यस्ती सीताको हरण गर्ने इच्छा गर्दछौ ? यिनीलाई बलजफती हरण गर्ने इच्छा गर्नु र सूर्यको किरणलाई हातले समात्न खोज्नु बराबर हो।।१४।।

राम बल्दो आगोसमान छन्, बाण यिनका ज्वाला हुन्, धनु र तरवार दाउरा हुन्, यस्तो पार गर्न नसकिने रामरूपी अग्निमा तिमी कसरी प्रवेश गर्लौऊ ! ।।१५।। राम यमराजसमान छन्, धनु यिनको बाइराखेको बल्दो मुख हो, बाण यिनको ज्योति हो, धनुबाण धारण गर्ने यिनी कठोर र शत्रुसेनालाई ध्वस्त पार्ने हुन् ; तिमी आफ्नो राज्य, सुख तथा आफ्नो प्यारो ज्यानको आशा मारेर किन उनीनेर जान खोज्दछौ ? ।।१६–१७।। यिनको तेजको तुलना गरी साध्य छैन, यिनकी स्त्री सीतालाई हरण गर्ने सामर्थ तिमीमा छैन, कारण यिनी वनमा सदा रामको धनुद्वारा रक्षित भएर रहन्छिन् ।।१८।। सिंहको जस्तो छाती भएका नरसिंह रामचन्द्रकी सदा आफ्नो मनअनुसार चल्ने यी सीता आफ्नो प्राणभन्दा पनि बर्ता यिनलाई प्यारी छन्, बल्दो आगोको ज्वाला जस्ता तेजस्वी रामचन्द्रकी प्यारी, तरुणी अवस्थाकी यी सीतालाई हेर्ने कसैको ताकत छैन ।।१९–२०।। हे राक्षसका राजा रावण ! यस्तो निरर्थक उद्योग गर्नाले तिमीलाई के फल मिल्दछ ? जुन बखतमा रामले तिमीलाई युद्धमा देख्नेछन् त्यही वेला आफ्नो अन्त हुने संझिराख ।।२१।। आफ्नो जीवन, सुख, तथा दुर्लभ राज्यको रक्षाका लागि विभीषण तथा अरू जम्मै धर्मात्मा मन्त्रीहरूसँग सल्लाह गरेर आफूले गर्नुपर्ने कामको निर्णय गरिहाल; गुण र दोषको

विचार गरी राम र आफ्नो बलको संझना राख ॥२२-२३॥ रामको बलको अगाडि आफ्नो बललाई मिथ्या जानी तिमीले चूप लाग्नैमा श्रेय छ, यसैमा तिम्रो कल्याण छ, मैले तिम्रो भलोको निम्ति जो कडा वचन भनें त्यसमा मलाई क्षमा गरे ॥२४॥ हे निशाचरराज ! मेरो विचारमा ता कोशलराजपुत्र रामसित तिमीले युद्ध गर्नु बिलकुलै उचित छैन, फेरि पनि तिम्रो भलो हुने म केही योग्य कुरा भन्दछु, सुन ॥२५॥

सर्ग—३८

मारीच् विश्वामित्रको यज्ञमा आफ्नो हार भएको वृत्तान्त रावणलाई सुनाउँछ ।

कुनै समयमा आफूमा खूब पराक्रम हुनाले म यस पृथ्वीमा भ्रमण गर्न लागेको थिएँ । मेरो पर्वत जस्तो अग्लो शरीरमा हजार हात्तीको बल थियो ॥१॥ नीलो बादलसमान मेरो शरीरको रंग थियो, माथमा किरीट र कानमा आगोमा खारेको सुनको कुण्डल पहिरेको थिएँ, हातमा परिघ लिएको थिएँ, मानिस मलाई देखेर डराउँथे ॥२॥ ऋषिहरूको मासु खाँदै म दण्डक वनमा डुलिरहन्थे । महामुनि धर्मात्मा विश्वामित्र मदेखि धेरै डराएका थिए ॥३॥ यिनले राजा दशरथकहाँ गएर भनेः—यी रामचन्द्र यज्ञको समयमा सावधान भई मेरो रक्षा गरून् ॥४॥ मारीच राक्षसले गर्दा मलाई अत्यन्त डर लाग्नलागेको छ । यस्तो सुनेर धर्मात्मा राजा दशरथले महाभाग महामुनि विश्वामित्रलाई यस प्रकारले जवाफ दिएः—अहिले यी रामचन्द्र बाह्र वर्ष पनि भएका छैनन् , यिनले अस्त्र शस्त्रमा शिक्षा अझ पाइसकेको छैन ॥५–६॥ मेरो फौज मेरा साथमा जानेछ, यस चतुरंगिणी सेनासित म आफैं गएर तपाईंको शत्रु राक्षसलाई तपाईंले भनेबमोजिम मारिदिनेछु । राजाको कुरा सुनेपछि मुनि यस प्रकारसंग भन्नलागे ॥७–८॥ त्यस राक्षसलाई मार्नालाई रामचन्द्रको सिवाय अरू कसैको बल काम लाग्ने होइन, युद्धमा तपाईंले देवताहरूलाई समेत मदत गर्नुभएको कुरा लोकमा प्रख्यात छ । हे राजन् ! तपाईंले गरेका अचम्म लाग्ने काम तीनै लोकमा सबैलाई थाहा छ, तपाईंसित फौज पनि प्रशस्त छ, तर यी सबैलाई यहीं रहन दिनुहोस् ॥९–१०॥ तेजस्वी रामचन्द्र बालक छन् तापनि यसलाई दण्ड दिन सक्तछन् । हे शत्रुलाई ताप पार्ने राजा, म रामलाई लिएर जान्छु, तपाईंको कल्याण होस् ॥११॥ यति भनेर ती राजपुत्रलाई साथमा लिई अत्यन्त प्रसन्न भएका विश्वामित्र आफ्नो आश्रममा गए ॥१२॥ विश्वामित्रले दण्डक वनमा दीक्षा लिए, उता रामचन्द्र आफ्नो अद्भुत धनु फिंजाएर उहाँ उपस्थित भए ॥१३॥ यस समयमा रामचन्द्रको जुँघासम्म पनि आएको थिएन, बालक नै थिए, एउटा वस्त्र लगाएका थिए, हातमा धनु थियो, राम्रो शिखा थियो, घाँटीमा सुनको माला थियो, साँवलो रंग र राम्रा आँखा भएका यिनी, भर्खर उदाएका चन्द्रमाझैं आफ्नो बल्दो तेजले दण्डक वनलाई सुशोभित गर्नलागेका देखिन्थे ॥१४–१५॥

आगोमा खारेका सुनको कुण्डल लगाएको, मेघको रंग धारण गर्ने म पनि आफ्नो बलको अहंका-

रले चूर भई त्यस आश्रममा गएँ, किनकि देवताहरूको हातबाट नमर्ने वर मैले ब्रह्माबाट पाएको थिएँ ॥१६॥ मलाई हतियार लिएर आश्रममा प्रवेश गरेको देख्नासाथ रामचन्द्रले झट्टै धनु उठाइहाले र अलिकता पनि नहडबडाएर त्यसमा ताँदो चढाइहाले ॥१७॥

आफ्नो मुर्ख्याइँले रामचन्द्रलाई चिन्ह नसकी यिनलाई बालक भनिठानेर हत्तपत्त विश्वामित्रको वेदीनिर दगुरें ॥१८॥ यस वेलामा रामले शत्रुहरूको विनाश गर्ने एउटा तीखो बाण ममाथि चलाए जसले गर्दा घाइते भई म सय योजन टाढा समुद्रमा आएर खसें ॥१९॥ हे भाइ ! त्यस वेलामा रामचन्द्रलाई मलाई मार्ने इच्छा थिएन, यसै कारण ती वीरले मेरो ज्यान बचाइदिए । रामको बाणको वेगले बेहोश भई म यति टाढा फ्याँकिए, यस समयमा म अगाध गहिरो समुद्रको जलमा परें, धेरै बेरपछि होशमा आएपछि म फेरि लङ्कापुरीमा गएँ ॥२०–२१॥

यस प्रकारसँग हात-हतियारको ज्ञान नभएका बालक पुण्यात्मा रामचन्द्रले मलाई छाडिदिए, तर मेरा सहायक राक्षसहरूलाई निभाइदिए ॥२२॥

यसै कारण म तिमीलाई रोकिरहेको छु, यति भन्दा पनि रामसँग विरोध गर्‍यौभने तिमी ठूलो आपत्तिमा पर्नेछौ र चाँडै नै नाश पनि हुनेछौ ॥२३॥ क्रीडा र रतिको काइदा जान्ने अर्थात् मोजमज्जा गर्न जान्ने र समाजको उत्सव हेर्ने राक्षसहरूलाई तिमीले दुःख दिनेछौ र उनको मृत्यु बोलाउनेछौ ॥२४॥ सीताले गर्दा, कोठा अटाली तथा नाना प्रकारका रत्नले शोभायमान भएको लंकापुरीलाई चाँडै नै नाश भएको देख्नेछौ ॥२५॥

सर्प भरिभराउ भएको तलाउमा रहने माछा नाश भएझैं पाप नगर्ने पवित्र पुरुषसमेत पापीको संसर्गमा पर्नाले अर्काको पापले गर्दा नष्ट हुन्छन् ॥२६॥ आफ्नो दोषले गर्दा शरीरमा दिव्य चन्दन लगाउने तथा स्वर्गीय गहनाले सिंगारिएका राक्षसहरूलाई तिमी मरेर भूइँमा पडिरहेको देख्नेछौ ॥२७॥ नमरेर बाँचेका राक्षसहरूमा पनि कतै शरण नपाएर कसैलाई आफ्ना स्वास्नीको साथमा र कसैलाई विनास्वास्नीको दशै दिशातिर भाग्नलागेको देख्नेछौ ॥२८॥ तिमी अवश्यै लंकापुरीलाई बाणै बाणले भरिएको र आगो लागेर यहाँका महलहरू जलिरहेका देख्नेछौ ॥२९॥

अर्काकी स्वास्नी हर्नुभन्दा ठूलो पाप अरू कुनै छैन । हे राजन् ! तिम्रा अन्तःपुरमा हज्जारौं आइमाई छँदैछन् ॥३०॥ आफ्नै स्वास्नीहरूमा सन्तुष्ट भई, आफ्नो कुलको, राक्षसहरूको; तथा मान, उन्नति, राज्य र आफ्नो प्यारो जीवनको रक्षा गर ॥३१॥ हे राजन्, यदि तिमी आफ्ना राम्रा आइमाईहरूसँग तथा मित्रहरूसँग केही कालका लागि बस्न चाहन्छौभने रामसँग विरोध नगर ॥३२॥ हे रावण ! म तिम्रो मित्र हुनाले तिमीलाई रोकिरहेको छु, कदाचित् तिमीले बलजफ्तीसँग सीताको हरण गर्‍यौभने आफ्ना बन्धुवर्गसहित आफ्नो बल गुमाई रामको बाणद्वारा मरेर यमलोकको बाटो लिनुपर्नेछ ॥३३॥

सर्ग—३९

अनेक दृष्टान्त दिएर मारीच फेरि पनि रावणलाई सीताको हरण गर्ने कुरामा रोक्तछ ।

त्यस युद्धमा रामचन्द्रले मलाई एक प्रकारले छाडिदिए, यसपछि जे जे भयो म भन्दछु, सुन ।।१।। यस्तो अवस्थामा पर्दा पनि मेरो मनमा कुनै प्रकारको ग्लानि उत्पन्न भएन र मृगको रूप धारण गर्ने दुइटा राक्षसलाई साथमा लिएर म फेरि एकचोटि दण्डक वनमा पसें ।।२।। त्यस समयमा मैले महाबली, मृगको जस्तो आफ्नो रूप बनाएको थियो, बल्दो आगोको ज्वाला जस्तो मेरो जिब्रो थियो, ठूला ठूला दाँत र तीखा सीङ थिए, मासु खाँदै म दण्डक वनमा घुम्नलागें ।।३।। अग्निहोत्र हुने ठाउँमा, नदीको घाटमा, तीर्थरूपी रूखनेर, भयानक रूप धारण गरेको म, तपस्वीहरूको मनमा त्रास पार्दै घुम्नलागें ।।४।। दण्डक वनमा धर्मात्मा तपस्वीहरूलाई मारी उनको रगत पिउने र मासु खाने गर्नलागें ।।५।। ऋषिहरूको मासु खाँदै, वनमा बस्नेहरूको मनमा डर पार्दै, रगत पिउनाले मत्त भएको र कुटिल स्वभावको म दण्डक वनमा जतातत‍ै घुम्नलागें ।।६।।

यस समयमा धर्मको नाश गर्ने म दण्डकारण्यमा घुम्दा घुम्दै तपस्वी धर्मको पालन गर्ने रामचन्द्रनेर पुगें ।।७।। महाभाग्यशाली सीता र नियमित भोजन गर्ने, सबै प्राणीको भलो गर्नामा तत्पर रहने महारथी तपस्वी लक्ष्मण पनि त्यहीं थिए ।।८।। महाबली, वनवासी रामको पराक्रम मैले बिर्सिदिएँ र यिनलाई साधारण तपस्वी जस्तो भनिठानेर तथा यिनीसितको पहिलेको इबी सम्झी, तीखा तीखा सीङ भएको मृगको रूप धारण गर्ने म रिसले चुरिंदै मार्छु नै भनेर उनीतिर दगुरें । मैले यस समयमा पछि हुने परिणामको विचार राखिनँ, यिनको पहिलेको प्रहार संझेको नै थिएँ ।।९-१०।। यसपछि यिनले शत्रुहरूलाई मार्ने, गरुड र वायुसमान छिटो जाने तीनओटा तीखा बाण आफ्नो ठूलो धनुमा चढाएर छोडे ।।११।। वज्रसमानका डरलाग्दा, रगत पिउने, यी तीनै ओटा बाण एकै चोटि हामी तीन जनातिर आए ।।१२।। रामचन्द्रको पराक्रम जान्दा जान्दै पनि उनीसित जोरी खोज्न जानु मेरो मुर्ख्याइँ हो, बाण छुट्नासाथ डरले थर्कायमान भएको म भागेर कुनै प्रकारले बाँचें, तर ती दुइटा राक्षस ता मारिए ।।१३।। रामचन्द्रको बाणबाट कुनै प्रकारले आफ्नो ज्यान बचाएर त्यस वेलादेखि यस ठाउँमा योगाभ्यासी, तपस्वी भई बसेको छु ।।१४।। म प्रत्येक रूखमा चीर, मृगचर्म, र धनु धारण गर्ने रामचन्द्रलाई पाशो हातमा लिएका यमराज जस्तो देख्नलागेको छु ।।१५।।' हे रावण ! म कहिलेकहीं डरले थर्कायमान भई एकै चोटिमा हजारौं राम देख्तछु, यो समस्त वन मलाई रामै रामले भरिभराउ भएको जस्तो लाग्दछ ।।१६।। हे राक्षसेश्वर ! यहाँ राम छैनन् तापनि म उनलाई देखिरहेको छु, सपनामा समेत रामचन्द्रलाई देख्ता म हडबडाएर बर्बराउन थाल्दछु ।।१७।। हे रावण ! म तिमीलाई कति भनूँ, रामको मलाई यस्तो डर छ कि रकार अगाडि भएका रत्न, रथ, इत्यादिको नाम सुन्दैमा पनि डर लाग्न थाल्दछ ।।१८।। हे राजन् ! मलाई उनको प्रभाव थाहा भएकोले तिम्रो उनीसितको युद्ध अनुचित हो भनेको हुँ, रामचन्द्रमा बलि र नमुचिलाई समेत मार्ने सामर्थ्य छ ।।१९।। हे रावण ! तिमी मन लागे

रामसित लड वा उनलाई क्षमा गर, तर यदि मलाई भेट्ने तिम्रो अभिलाषा छभने मेरो अगाडि रामचन्द्रको कुरासमेत नगर ।।२०।। योगाभ्यासमा लागेका धर्मको आचरण गर्ने अनेक सज्जन मानिस यस लोकमा अर्काको अपराधले गर्दा परिवारसहित नष्ट भएका देखिएका छन् ।।२१।। तर अर्काको अपराधले गर्दा म आफ्नो विनाश गराउन चाहन्नँ । हे निशाचर ! तिमीलाई जे मन लाग्दछ गर, म यस काममा तिम्रो सहायता गर्न सक्तिनँ ।।२२।।

राम बड़ा तेजस्वी अत्यन्त पराक्रमी र बलिया छन्, यस्तो नहोस् कि यिनले सबै राक्षसलाई खतम पारिदिऊन् ।।२३।। शूर्पणखाको कुरामा लागेर खरले जनस्थानमा आक्रमण गऱ्यो र पुण्य कर्म गर्ने रामचन्द्रले त्यसलाई मारिदिए, यसमा रामको के अपराध छ ? यसको निर्णय तिमी नै गरन ।।२४।। तिमी मेरो कुटुम्बी हौ, तिम्रो भलो होस् भन्ने विचारले यी कुरा भनेको हुँ, मेरो कुरा मान्दैनौभने, सोझै जाने रामचन्द्रको बाणद्वारा युद्धमा आफ्ना परिवार बन्धुवर्गसहित मारिनेछौ ।।२५।।

सर्ग—४०

रावण आफ्नो कुरामा जिद्दी कस्तछ र मारीचलाई धम्की दिन्छ ।

मर्न आँटेको मानिसले औषधिको परवाह नराखेझैं, रावणले मारीचको वाजिब र मान्नुपर्ने कुराको अलिकता पनि वास्ता राखेन ।।१।। भलो हुने र मुनासीबको कुरा भन्ने मारीचलाई कालले कुतकुत्याएको राक्षसहरूको राजा रावण कठोर र अनुचित कुरा भन्नलाग्यो ।।२।।

ए छोटो कुलको मारीच ! मेरो सम्बन्धका तिमीले भनेका यी अनुचित कुरा बाँझो जग्गामा छरेको बीउसमान मेरा लागि बिलकुलै निरर्थक छन् ।।३।। मूर्ख, पापी, साधारण मानिस रामचन्द्रसित लड्न भनी तैयार परेको मलाई तिम्रा यी कुराले रोक्न सक्तैनन् ।।४।। एउटी आइमाईको कुरामा लागेर मित्र, माता, पिता र राज्यलाई छाडी एक्कासि वनमा आउने, खरलाई मार्ने यस रामकी प्राणभन्दा पनि प्यारी सीताको तेरो सामुन्नेमा युद्धमा अवश्य हरण गर्नेछु ।।५-६।। हे मारीच ! यस विषयमा मेरो मनको यो दृढ विचार हो, यस विचारलाई इन्द्रलगायत सबै देवता र राक्षसहरूले पनि पल्टाउन सक्तैनन् ।।७।। यस कामको निर्णय गर्नालाई तिमीसँग यसका गुण र दोष, विघ्न तथा सिद्धिका लागि उपाय सोधेको भए तिमीले यसो भन्नु मुनासीब थियो ।।८।। आफ्नो कल्याण चाहने बुद्धिमान् मन्त्रीले राजाले सोधेपछि मात्र हात जोरेर सोधेको विषयमा आफ्नो उचित अभिप्राय प्रकट गर्नुपर्दछ ।।९।। राजालाई कुनै प्रतिकूल अर्थात् उनको मनसाय विरुद्ध कुरा भन्न हुन्न, राजालाई नम्रतापूर्वक उनलाई मन पर्ने र उनको हित गर्ने कुरा अदबसाथ भन्नुपर्दछ ।।१०।। आफ्नो भलो गर्ने किसिमको भए तापनि बेअदबीसित भनिएको कुरा राजालाई मन पर्दैन, राजा आफ्नो आदर चाहन्छन्, निरादर गरेर भनेको कुरा उनी किन मानिरहन्छन् ? ।।११।। हे मारीच ! अत्यन्त तेजस्वी राजाले अग्नि, इन्द्र, चन्द्रमा, यम र वरुण यी पाँच देवताका रूप धारण गरेको हुन्छ ।।१२।।

यसै कारण हे राक्षस ! महात्मा राजाहरूले अग्निको उष्णता, इन्द्रको पराक्रम चन्द्रमाको कोमलता, यमको दण्ड र वरुणको प्रसन्नता धारण गरेका हुन्छन् ॥१३॥ अतएव जुनसुकै अवस्थामा पनि राजा मान्य र पूज्य छन्, तर तिमी ता मन्त्रि-धर्म केही पनि नजानेर केवल मायाको अधीनमा परिरहेका छौ ॥१४॥ म तिमीकहाँ अतिथिको रूपमा आएको छु, तर तिमी ता दुष्टयाइँको वशमा परेर मलाई यस्तो कठोर वचन भन्नलागेका छौ । हे राक्षस ! मैले तिमीसँग आफ्नो कर्तव्यको गुण, दोष अथवा आफ्नो नाश हुने कुरा ता सोधेको थिइनँ ॥१५॥ हे अतिपराक्रमी मारीच ! यस काममा मलाई मद्दत गर्न सक्तछौ कि भनेर यति मात्र तिमीसँग सोधेको हुँ ॥१६॥ यस समयमा मेरो सहायता गर्नाको निम्ति तिमीले जो गर्नुपर्दछ सो म भन्दछु, सुन । चाँदीको थोप्ला थोप्ली भएको सुनको हरिण बनेर रामको आश्रमनेर गई सीताले देख्ने गरी यताउति घुमिराख, सीतालाई लोभ्याइसकेपछि जता मन लाग्दछ उता जाऊ ॥१७-१८॥ मायावी सुनको हरिण देख्नासाथ सीता आश्चर्यमा परेर रामलाई यो हरिण झट्टै ल्याउनुहोस् भन्नेछन् ॥१९॥ रामचन्द्र आश्रमदेखि अलि टाढा पुगेपछि तिमीले उनको स्वर गरेर हा सीते ! हा लक्ष्मण ! भनेर कराउनू ॥२०॥ तिम्रो बोली सुन्नासाथ सीताको प्रेरणाले र दाजुमाथिको प्रेमले हडबडाउँदै लक्ष्मण रामको पछिपछि जानेछन् ॥२१॥ राम र लक्ष्मण दुवै गइसकेपछि, इन्द्रले शचीको हरण गरेझैं, सजिलैसँग सीतालाई हरेर ल्याउनेछु ॥२२॥ हे मारीच ! मेरो यति काम गरिसकेपछि तिमीले आफ्नो मनपर्दो ठाउँमा गए हुन्छ । हे सुव्रत राक्षस ! म तिमीलाई आफ्नो आधा राज्य दिनेछु ॥२३॥ यस कामलाई पूरा गर्नाको निम्ति बाटो लाग, तिम्रो यात्रामा कल्याण होस् , म पनि रथमा सवार भई तिम्रो पछिपछि दण्डक वनमा आउँछु ॥२४॥ रामचन्द्रलाई धोकामा पारी विनायुद्धले सीताको हरण गरी, यस प्रकारसँग आफ्नो मनोरथलाई सफल गराई तिम्रो साथसाथमा लंका फर्कनेछु ॥२५॥

हे मारीच ! मैले भनेको यति काम गरेनौभने म आजै तिमीलाई मारिदिनेछु, बलजफ्तीसँग भए पनि तिमीले मेरो यो काम गर्नैपर्दछ । राजाको मनसाय विरुद्ध चल्नाले कसैलाई पनि सुख हुँदैन ॥२६॥ रामको नजीक पर्नाले तिम्रो जीवन संशयमा मात्र पर्दछ, तर मेरो विरोध गर्नाले ता मृत्यु निश्चय छ, तसर्थ यी दुवै कुराको विचार गरेर आफूलाई जताबाट भलो हुन्छ त्यै काम गर ॥२७॥

सर्ग—४१

मारीच रावणलाई कडा वचन भनेर सम्झाउँछ ।

राजासमानको राक्षसाधिपति रावणको, आफ्नो मनसाय नमिल्ने आज्ञा सुनेर मारीच निःशंक भावले उसलाई कडा कडा वचन भन्नलाग्यो ॥१॥ हे राक्षस ! कुनचाहिं पापीले पुत्र, राज्य र मन्त्रीहरूको साथसाथै तिम्रो विनाश हुने यो अर्ती दिएछ ? ॥२॥ कुन पापी तिम्रो सुख देख्ता खुशी हुँदोरहेनछ, कसले छल गरेर तिमीलाई यो मृत्युको बाटो देखाइदिएछ ? ॥३॥ हे राक्षसनाथ !

तिम्रो कुनै निर्धो शत्रुले तिमीलाई बलियोसँग भिडाएर निश्चय तिम्रो विनाश भएको हेर्न खोजेको रहेछ ।।४।। तिम्रो कुभलो चिताउने दुष्टबुद्धि भएको कुनचाहिँ शत्रुले तिमीलाई यो उपदेश दिएछ, त्यसले तिमीलाई आफ्नै कामद्वारा नष्ट गराउन खोजेको रहेछ ।।५।। हे रावण ! कुवाटोमा जानलागेको तिमीलाई नरोक्ने ती मन्त्रीहरूलाई किन मारिदिन्नौ ? ।।६।। जो असल मन्त्री हुन् तिनले मनपर्दो गरेर कुबाटोमा हिंड्नलागेको राजालाई रोक्नुपर्दछ, तर तिम्रा मन्त्रीहरू ता तिमीलाई रोक्न लागेका छैनन् ।।७।। हे विजयीश्रेष्ठ राक्षस ! धर्म, अर्थ, काम यश यी चारै थोक मन्त्रीहरू, राजाको अनुग्रहले मात्र भेट्टाउँछन् ।।८।। मालिक संकष्टमा परेभने ता यी सबै व्यर्थै हुन् । राजा कष्टमा पर्नाले राज्यका अरू मानिसलाई पनि कष्ट हुन्छ ।।९।। हे विजयीहरूमाका श्रेष्ठ ! राजाले गर्दामा नै धर्म र यश पाइने हो, यसकारण जुनसकै अवस्थामा पनि राजाको रक्षा गर्नुपर्दछ ।।१०।। हे राक्षस ! उद्दण्ड भएर राज्यको पालना हुन सक्तैन, प्रजाहरूसित विरोध गरेर तथा इन्द्रियहरूको वशमा परेर पनि राज्यको पालना गर्न सकिन्न ।।११।। खाल्डाखुल्डी परेको बाटोमा मूर्ख सारथिले मालिकको साथसाथै कष्ट भोग्नुपरेझैं राजावाट कठोर हुकूम जारी गराउने मन्त्रीहरूले पनि राजाको साथसाथै दुःख भोग्नुपर्दछ ।।१२।। योगाभ्यासमा लागेका धर्मको आचरण गर्ने अनेक सज्जन मानिस यस लोकमा अर्काको अपराधले गर्दा नष्ट भएका देखिएका छन् ।।१३।। जसरी स्यालद्वारा रक्षा गरिएका मृगहरूको वनमा वृद्धि हुँदैन, त्यसै गरी कडा स्वभाव भएको तथा प्रजाको मनसायविरुद्ध चल्ने राजाद्वारा रक्षित भएका दुनियाँको वृद्धि हुँदैन ।।१४।। हे रावण ! अवश्यै सबै राक्षसको विनाश हुनेछ किनकि उनीहरूका राजा तिमी कठोर, कुबुद्धि, र इन्द्रियहरूको वशमा परेका छौ ।।१५।। तिमीले गर्दा मेरो मृत्यु हुनु यो अकस्मात् आइपरेको घटना हो, तिमी पनि आफ्ना समस्त सेनासहित नष्ट हुनेछौ, यसै कारण म तिम्रो लागि शोक गरिरहेको छु ।।१६।। किनकि मलाई मार्नासाथ रामचन्द्रले तिमीलाई पनि मारिदिनेछन् । राजाको हातबाट मर्नुभन्दा शत्रुको हातबाट मर्नु बेश हो भन्ने कुराले ता म कृतार्थ छु ।।१७।। रामचन्द्रको सामुन्ने पर्नासाथ म मारिनेछु, यो निश्चय जान र सीतालाई हरेर ल्याएपछि बन्धुवर्गको साथमा आफूलाई पनि मरेकै भनिठान ।।१८।। मेरो साथमा गएर तिमीले आश्रमबाट हरेर ल्यायौभने म, तिमी, लंका अथवा समस्त राक्षसमध्ये कोही पनि बाँच्नेछैन ।।१९।।

हे निशाचर ! तिम्रो भलो चाहने म तिमीलाई रोकिरहेको छु तर तिमी मेरो कुरा मान्दैनौ । आयु क्षीण भइसकेको, मर्न आँटेको मानिसले आफ्ना मित्रहरूको भलो हुने कुरा सुन्दैन ।।२०।।

सर्ग—४२

सुनको हरिण बनेर मारीच रामको आश्रमनेर गई सीतालाई लोभ्याउँछ ।

राक्षसराज रावणलाई यस्ता कठोर वचन भनिसकेपछि, उसको डरले थर्कायमान भएको मारीचले "लौ भइगो, हामी जाऔं" भन्यो ।।१।। धनु, बाण तरवार धारण गर्ने रामचन्द्रले शस्त्र उठाएर मतिर

हेरेभने मेरो ज्यान गयो भनिठाने ॥२॥ रामचन्द्रको अगाडि कस्तै पराक्रम देखाए तापनि कोही बाँचेर फर्कन सक्तैन, म ता तिम्रो खोटो स्वभावले गर्दा यमराजरूपी रामचन्द्रको बाणले मृत्युमा प्राप्त भई तिमी जस्तै हुनेछु अर्थात् तिमी र म दुवै मारिनेछौं ॥३॥ तिमी ता यस्तो पापी भइसकेका छौ कि तिमीसित मेरो केही चल्दै चल्दैन । हे भाइ ! हेर, म हिंडे, तिम्रो कल्याण होस् ॥४॥

मारीचको यो कुरा सुनेर रावण प्रसन्न भयो र उसलाई खूबसँग अँगालो हालेर यी कुरा भन्न-लाग्यो ॥५॥ तिम्रो यो पराक्रमयुक्त वचन मेरो मनमाफिकको भयो, अहिले पो तिमी मारीच भयौ, अघि ता तिमी साधारण राक्षस जस्तै थियौ ॥६॥ पिशाचको जस्तो मुख भएका खच्चर जोतिएको रत्नै रत्नले सिंगारिएको, आकाशमा हिंड्ने यस रथमा झट्टै मसँग बस ॥७॥ सीतालाई लोभाइसकेपछि तिमीले जहाँ गए पनि हुन्छ, सीतालाई एकान्तमा भेट्टाउनासाथ म उनलाई बलजफ्तीसँग हरेर ल्याउँछु ॥८॥

ताडकाको छोरो मारीचले रावणको कुरा मान्यो । यसपछि रावण र मारीच विमान जस्तो अग्लो रथमा सवार भई झट्टै त्यस आश्रमबाट हिंडे र बाटामा पर्ने अनेक शहर, वन, पर्वत, नदी र देशलाई हेर्दै राक्षसाधिपति रावण र मारीच यी दुवै रामचन्द्रको आश्रम भएको ठाउँमा दण्डक वनमा आइपुगे र आश्रमलाई देख्नासाथ सुनले सिंगारिएको त्यस रथबाट ओर्लेर रावणले मारीचको हात समातेर उसलाई भन्नलाग्यो :—केराका बोटले चारैतिरबाट घेरिएको यै रामचन्द्रको आश्रम हो ॥९–१३॥ हे मित्र ! जुन कामको निम्ति हामी आएका छौं त्यो झट्टै गरिहाल ।

रावणको यो कुरा सुन्नासाथ मारीच राक्षसले मृगको बडो अचम्म लाग्ने रूप धारण गरी रामको आश्रमको ढोकातिर घुम्नलाग्यो ॥१४–१५॥ यसको सीङ्को टुप्पो बडो राम्रो मणि जस्तो थियो, यसको मुख कहीं सेतो र कहीं कालो थियो । यसको मुख रक्त कमल जस्तो र कान नील कमल जस्तो देखिन्थ्यो, घाँटी अलिकता उठेको थियो, पेट इन्द्रनील जस्तो थियो, पछाडिको पुठ्ठाको महुवाको फूल जस्तो रंग थियो, कमलको परागको रंग जस्तो उसको रंग थियो, नीर जस्ता यसका खुर थिए, तिघ्रा पातला थिए र सबै ठाउँका जोर्नी बलिया थिए । इन्द्रको धनुझैं यसको पुच्छर उठिराखेकोले बडो राम्रो देखिएको थियो । यसको वर्ण चिल्लो र मनलाई लोभ्याउने किसिमको थियो, नाना प्रकारका रत्नले सिंगा-रिएको थियो, छिनको छिनैमा यो राक्षस अति राम्रो हरिण बन्यो ॥१६–१९॥ त्यस राक्षसले अनेक प्रकारका धातुले हेर्ने लायकको अत्यन्त राम्रो रूप धारण गरी त्यस वनलाई र रामचन्द्रको आश्रमलाई प्रकाशमान गराउँदै सीतालाई लोभ्याउनाको निम्ति हरियो घाँस चर्दै यताउति घुम्नलाग्यो ॥२०–२१॥

चाँदीका सैकडौं थोप्ला थोप्लीले छिर्बिरे बुट्टा भएको, देख्तैमा मनलाई आनन्द गराउने यो मृग रूखका पात खाँदै घुम्नलाग्यो ॥२२॥ कहिले केराको बगैंचाभित्र पस्ने, कहिले कर्णिकारका रूखहरू भएको ठाउँमा जाने, कहिले सीताको देखा पर्ने गरेर आश्रमको वरिपरि विस्तारै विस्तारै घुम्नलाग्यो ॥२३॥ चित्र विचित्र शरीर भएको यो महामृग बडो राम्रो देखिनलागेको थियो । यो सुखपूर्वक रामका आश्रमवरिपरि घुमिरहेको थियो ॥२४॥ आश्रमको यताउति घुम्दाखेरि यो मृगश्रेष्ठ कहिले

दगुर्थ्यो, कहिले टक्क अडिन्थ्यो, कहिले आश्रमबाट अलि पर जाने र फेरि झट्टै फर्केर आउने गर्नलाग्यो ॥२५॥ कहिले यताउति खेल्दथ्यो, कहिले भूइँमा सुतिदिन्थ्यो, कहिले भने आश्रमको ढोकानेर आएर हरिणहरूको बथानमा मिसिएर चर्नलाग्दथ्यो ॥२६॥ हरिणको बथान आफूनेर आउनलागेको देख्ता सीताले देखून् भन्ने अभिलाषाले मृगको रूप धारण गरेको यो फेरि आश्रममा फर्केर आउँथ्यो ॥२७॥ सीताको नजीक जाँदै किसिम किसिमका मण्डलाकार चक्कर लगाउँदै दगुर्नलाग्यो, वनमा रहने अरू अरू मृगहरू यसलाई देखेर यसको नजीक आउँथे, यसको शरीरको गन्ध सुँघेर दशै दिशातिर भागिजान्थे । मृगहरूलाई मार्ने यो राक्षस पनि अरू मृगहरूले आफ्नो रूप थाहा नपाऊन् भनेर उनीहरूलाई खाँदैनथ्यो, केवल छुन्थ्यो ।

यै समयमा राम्रो आँखा भएकी लट्ठ परेर हेरिरहेकी सीता फूल टिप्नै, कर्णिकार, अशोक र आँपको रूखनेर आइपुगिन् ॥२८-३१॥ फूल टिप्न लागेकी, वनवासको क्लेश सहन अयोग्य, राम्रो मुख भएकी स्त्रीहरूमाकी श्रेष्ठ सीताले रत्नभूषित, मोती र मणिले रंगीबिरंगी देखिएको, राम्रो ओठ र चाँदीको रौं भएको मृगलाई देखिन् ॥३२-३३॥

यस्तो मृग देख्ता आश्चर्यमा परेर आँखा ठूला ठूला पारी बडो स्नेहले योतिर हेर्नलागिन्, सीतातिर हेर्दै यो मायामृग वनलाई झलमल्ल पारेर घुम्नलाग्यो । कहिले पनि नदेखेको नाना प्रकारका रत्न जडिएको यस्तो अद्भुत मृग देख्ता सीतालाई बडो अचम्म लाग्यो ॥३४-३५॥

सर्ग—४३

सीताको प्रेरणाले राम मृगको पछि लाग्दछन् र लक्ष्मणलाई सीताको रक्षा गर्नामा सावधान रहनू भन्दछन् ।

फूल टिप्न लागेकी, राम्रा अंग भएकी, सुनको जस्तो वर्ण भएकी, सुश्रोणी सीता, सुन र चाँदीको रङ्ग भएका, दुइटा कोखा हुनाले सुशोभित भएको हरिणलाई देख्ता बहुतै प्रसन्न भइन् र आफ्ना पति तथा अस्त्र लिएका लक्ष्मणलाई बोलाउनलागिन् ॥१-२॥ हे आर्य्यपुत्र ! लक्ष्मणलाई लिएर झट्टै आउनुहोस् भनेर यता वारंवार बोलाउँदै गर्दथिन् र उता मृगतिर पनि हेर्दै गर्दथिन् ॥३॥

यस प्रकारसँग सीताले बोलाएको सुन्दा राम, लक्ष्मण दुवै भाइ उतातिर हेर्दै त्यहाँ आए र यिनीहरूले मृगलाई देखे ॥४॥

मृगलाई देख्ता लक्ष्मणलाई शङ्का भयो र उनी भन्नलागे, मलाई ता यो मृग उही मारीच राक्षस जस्तो पो लाग्दछ ॥५॥ हे राम ! आफ्नो इच्छामुताबिकको रूप धारण गर्न सक्ने यस पापीले कपटी रूप बनाएर प्रसन्न चित्तले वनमा शिकारको निम्ति आएका अनेक राजाहरूलाई मारिदिएको छ ॥६॥ चहकिलो र गन्धर्व नगर जस्तो यसको जो रंग छ त्यो मायाले बनाएको हो । हे पुरुषव्याघ्र ! रूप बनाउने, माया जान्ने यो राक्षसले मायाको बलले यस प्रकारको मृगको रूप धारण गरेको हो ॥७॥ हे

पृथ्वीनाथ, रामचन्द्रजी ! यस पृथ्वीतलमा रत्नले चित्रविचित्र देखिने यस्तो मृग हुन सक्तैन, यसकारण यो अवश्य माया नै हो यसमा केही सन्देह छैन ॥८॥

राक्षसको छलले लट्टपरेकी सीता मुसुक्क हाँस्तै, यस प्रकारसँग बोलिरहेका लक्ष्मणलाई रोकेर मनमा प्रसन्न भई भन्नलागिन् ॥९॥ हे आर्य्यपुत्र ! यो हरिण चौपट्टै राम्रो छ, यसले मेरो मन हरिदियो । हे महावाहो ! तपाईं यसलाई समातेर ल्याइदिनुहोस्, यो हामीहरूको खेल्ने काममा लाग्नेछ ॥१०॥ हे महाबाहो ! हाम्रो यस आश्रमनेर बलिया राम्रो-राम्रो रूप भएका भिन्न-भिन्न जातका मृग, चमर, सृमर, ऋक्ष, पृषत्, वानर र किन्नरहरू सँगसँगै चर्दछन् ॥११–१२॥ तर हे राजन् ! पहिले कहिले पनि यस्तो मृग मेरो दृष्टिमा परेको थिएन । तेज, क्षमा, र प्रकाशमा यो समानको अर्को मृग होओइन ॥१३॥ नाना प्रकारका रंगले यसको शरीर चित्रविचित्र देखिनलागेको छ, रत्नै रत्नले भरिपूर्ण छ, चन्द्रमा जस्तो राम्रो यो मृग समस्त वनलाई झलमल्ल पार्दै मेरो सामुन्ने देखापर्नलागिरहेछ ॥१४॥ आहा ! कस्तो यसको रूप छ, कस्तो शोभा छ, कस्तो राम्रो बोली छ । हे राम ! यो अद्भुत, विचित्र शरीर भएको मृगले मेरो मन हर्न लागिरहेको छ ॥१५॥ जीउँदै यो मृग समातिन सकियोभने ता यसले सबैलाई आश्चर्य र छक्क पारिदिनेछ ॥१६ वनवासको अवधि समाप्त गरेर जब हामी राज्य पाउनेछौं, त्यस बखतमा यो मृग हाम्रो अन्तःपुरमा शोभाका लागि रहनेछ ॥१७॥ भरतलाई, तपाईंलाई तथा मेरी सासूहरूलाई यो दिव्य मृगरूपी खेलौनाले छक्क पारिदिनेछ ॥१८॥ जीउँदै यो मृग समात्न नसकिए तापनि हे पुरुषोत्तम ! यसको छालै भने पनि बडो राम्रो हुनेछ ॥१९॥ यो मृग मारिएपछि कुशासन-माथि यसको सुवर्णमय छाला बिछ्याएर तपाईंको साथमा बस्नेछु ॥२०॥ आफ्नो मतलब हासिल गर्ने इच्छाले स्वामीलाई यस प्रकारसँग प्रेरणा गर्नु स्त्रीहरूका लागि अनुचित र भयङ्कर भए तापनि यस जन्तुको शरीर देख्नाले मलाई बडो विस्मय भइरहेको छ ॥२१॥

सुनका रौं भएको, मणिले सिंगारिएका सीङ भएको बिहानीपखको सूर्यसमान तेज भएको र छायापथ जस्तै बुट्टा परेको यस अद्भुत मृगलाई देख्ता र सीताले भनेको सुन्दा रामचन्द्रको मनमा समेत विस्मय उत्पन्न भयो ॥२२-२३॥ यसको रूप देख्ता लठ्ठ परेका र सीताको भनाइमा समेत लागेका रामचन्द्र लक्ष्मणलाई यस प्रकारसँग भन्नलागे ॥२४॥ हे लक्ष्मण ! यस मृगको अत्युत्तम रूप देख्ता सीताको अभिलाषा कत्तिको बढिरहेको छ अतएव यो मृग जीउँदो रहन सक्तैन ॥२५॥ हे लक्ष्मण ! नन्दनवन र चैत्ररथ वनमा समेत यस किसिमका मृग हुँदैनन्भने यस पृथ्वीतलमा ता कताबाट होलान् ॥२६॥ सुनका थोप्ला थोप्लीले चित्र-विचित्र देखिनलागेका यस मृगका रौं कहीं सोझा र बाँगा छन्, यसैले यो बडो राम्रो देखिनलागेको छ ॥२७॥ हाइ गर्दाखेरि मुखबाट बाहिर निस्केको यसको जिब्रो, मेघ-मण्डलबाट बिजुली निस्केझैं आगोको ज्वाला जस्तो बल्दो देखिन्छ ॥२८॥ यसको मुख इन्द्रनील मणिको कचौरा जस्तो र पेट शंख तथा मोती जस्तो देखिन्छ, वर्णन गरी साध्य नहुने यस मृगलाई देख्ता को मोहित होओइन ? ॥२९॥ सुनै सुनले बनेको र जताततै रत्नै रत्न खचिखचाउ भएको यसको

दिव्यरूप देखता कसको मनमा विस्मय उत्पन्न होओइन ॥३०॥ हे लक्ष्मण ! मासुको निम्ति र विहारका लागि पनि धनुर्धारी राजाहरू शिकारमा आउँदा मृगहरूलाई मार्दछन् ॥३१॥ मणि, रत्न र सुन आदि अनेक धातुलाई वनमा मृगको शिकार गर्ने समयमा राजाहरू वडो उद्योग गरेर जम्मा पार्दछन् ॥३२॥ यी जंगलमा पाइने धन मानिसको ढुकुटीको वृद्धि गर्ने सबभन्दा उत्तम धन हुन् । हे लक्ष्मण ! जसरी मुक्ति मानिसले भेट्टाउन सक्ने वस्तुमा श्रेष्ठ छ त्यसै गरी जंगलमा भेट्टिने यी धन सबै धनमा श्रेष्ठ छन् ॥३३॥ हे लक्ष्मण ! अर्थी मानिस विनाशोच-विचार गरीकन कुनै वस्तुको प्राप्तिका लागि त्योनेर पुग्दछभने, अर्थशास्त्र जान्ने अथवा धन कमाउनामा लागेका मानिस त्यस वस्तुलाई अर्थ भन्दछन्, अतएव यो मृग पनि अर्थ भयो ॥३४॥ यस मृगरत्नको अमूल्य सुवर्णमय छालामा पातलो कम्मर भएकी सीता मेरो सँगसगै बस्नेछन् ॥३५॥ कदली (कमलो छिरबुट्टे रौँ हुने मृग) प्रियक (कमलो लामो बाक्लो रौँ हुने मृग) प्रवेणी (यो पनि एक प्रकारको मृग हो) अथवा भेडा यी कसैको छाला पनि यो मृगको जस्तो कमलो होला भन्ने मलाई लाग्दैन ॥३६॥ यो राम्रो मृग र आकाशमा घुम्ने मृग अर्थात् मृगशिरा नक्षत्ररूपी मृग यी दुइटै नै (अर्थात् तारामृग र महीमृग) दिव्य हुन् ॥३७॥ तिमीले भनेमुताविक यदि यो मृग राक्षसको माया होभने पनि ता मैले यसको वध गर्नु आवश्यकै छ ॥३८॥ यस पापी र दुष्ट मारीचले पहिलेपहिले यस वनमा घुम्दाखेरि अनेक महर्षिहरूलाई मारिदिएको छ ॥३९॥ शिकार खेल्न आएका अनेक ठूला धनुर्धारी राजाहरूलाई यसले बाहिर निस्कीकन मारिदिएको छ, अतएव मैले यस मृगलाई मार्नैपर्दछ ॥४०॥ पहिले यहाँ वातापी नामक राक्षस थियो, यो तपस्वीहरूको अनादर गरी उनीहरूको पेटभित्र पसी पसीकन, पेटभित्र रहेको गर्भले पोथी खच्चरलाई मार्ने झैं, उनीहरूलाई मारिदिन्थ्यो ॥४१॥ धेरै दिनपछि यो एकचोटि तेजस्वी महामुनि अगस्त्यनेर आयो र उनको आहार बन्नगयो ॥४२॥ श्राद्ध सकिएपछि फेरि आफ्नो स्वरूप धारण गर्ने त्यस राक्षसको इच्छा देखता अगस्त्य मुनिले हाँसेर वातापीलाई यस प्रकारसँग भनेका थिए ॥४३॥ हे वातापी ! तैंले यस जीवलोकमा केही विचार नराखी अनेक श्रेष्ठ बाहुनलाई आफ्नो तेजले नाश गरिदिइस्, यसकारण तँ आज मेरो पेटभित्र पच्ने भइस् ॥४४॥ हे लक्ष्मण ! सदा धर्ममा तत्पर रहने जितेन्द्रिय मजस्ता व्यक्तिमाथि जुन राक्षसले आक्रमण गर्नेछ त्यो राक्षस पनि वातापीझैं नष्ट भइजानेछ ॥४५॥ जसरी अगस्त्यले वातापीलाई मारिदिएथे त्यसै गरी मनेर आएको यस राक्षसलाई पनि म मारिदिन्छु, अब तिमी हातहतियार लिई तैय्यार परेर सावधानीसाथ सीताको रक्षा गर ॥४६॥ हाम्रा जति काम छन् ती सब सीताका अधीनमा छन्, अर्थात् सीतालाई प्रसन्न राख्नु हाम्रो लागि आवश्यक छ । हे लक्ष्मण ! कि ता म यो मृगलाई जीउँदै समात्तछु कि ता मारी नै दिन्छु ॥४७॥ हे लक्ष्मण ! तसर्थ म यो मृगलाई ल्याउनाको निम्ति झट्टै गइहाल्दछु, हेर त, सीतालाई यसको छालाका लागि कस्तो इच्छा भइरहेको छ ॥४८॥ यस मृगको छाला सबै मृगको छालाभन्दा राम्रो छ, तसर्थ अब यो जीउँदै रहन सक्तैन, तर तिमीले सावधानीसाथ आश्रममा रहेर सीताको रक्षा गर्नुपर्दछ ॥४९॥ म एउटै बाणले यसलाई मारेर झट्टै यसको छाला

लिएर आउँछु, म फर्केर नआएसम्म सावधानी भई बसे ॥५०॥ सीताको रक्षाको निम्ति यो बुद्धिमान्, चतुरो र अत्यन्त बलियो जटायु चरालाई पनि सावधान रहन भने र आफू हरबखत चनाखो भई चारैतिर हेर्दै गरेर सीताको रक्षा गरे ॥५१॥

सर्ग—४४

मृगरूपी राक्षसलाई मारेर रामचन्द्र फर्कन्छन् ।

यस प्रकारसँग भाइलाई सावधान रहन अह्राएर अत्यन्त पराक्रमी रामचन्द्र सुनको मूठ भएको तरवार र तीन ठाउँमा निहुरेको आफूलाई सुहाउने धनु लिएर तथा दुइटा ठोक्रो बाँधीकन मृगको पछि-पछि दगुरे ॥१–२॥

रामचन्द्रलाई आफ्नो पछिपछि आउन लागेको देखेर त्यो मृगराज कहिले डरले लुक्तथ्यो र कहिले देखा पनि परिहाल्थ्यो ॥३॥ तरवार बाँधेका रामचन्द्र धनु लिएर जता मृग दगुर्दथ्यो आफू पनि उतै दगुर्दथे, यो मृग आफ्नो रूपले गर्दा रामको अघिल्तिर नै जगमगाउन लागेको जस्तो देखिन्थ्यो ॥४॥ हातमा धनु लिएका रामचन्द्र, वनमा आफूलाई हेर्दै दगुर्नलागेको मृगलाई कहिले धेरै टाढा गएको र कहिले आफ्नो नजीकै आएर लोभ्याउनलागेको देख्तथे ॥५॥ डराएको हडबडीमा परेको यो मृग कहिले आकाशतिर उफ्रन्थ्यो, कहिले सामुन्ने देखा पर्न आउँथ्यो र कहिले झाडीभित्र लुकिदिन्थ्यो ॥६॥ साना साना बादलका टुक्राले घेरिएको शरत्कालको चन्द्रमाझैं कहिले एकछिन देखिन्थ्यो र कहिले ता धेरै टाढाबाट यसको प्रकाश आउनलागेको जस्तो हुन्थ्यो ॥७॥ मृगको रूप धारण गरेको मारीच नामक राक्षसले यस प्रकारसँग कहिले देखिने र कहिले लुक्ने गरेर रामचन्द्रलाई आश्रमदेखि धेरै टाढा पुर्‍याइदियो ॥८॥

अब ता मायामृगले गर्दा मोहमा परेका रामचन्द्र विवश भई रिसले चूर भएर थाकेका हुनाले छाया भएको ठाउँमा हरियो दूबोमाथि बसे ॥९॥ यस मृगरूपी निशाचरले रामलाई बौलाहा जस्तो बनाइदियो, फेरि यो अरू मृगहरूको साथमा रामचन्द्रको नजीकै देखा पर्नथाल्यो ॥१०॥ रामचन्द्रले आफूलाई समात्न खोजेको देख्ता त्यो फेरि दगुर्‍यो र डराएर कतै लुकिदियो ॥११॥ यसपछि महातेजस्वी रामचन्द्रले त्यसलाई फेरि रूखहरू झ्याम्म परेको ठाउँबाट निस्केको देखे र अब ता यसलाई मारि नै दिन्छु भन्ने निश्चय गरे ॥१२॥ रिसाएका बलिया रामचन्द्रले सूर्यको किरणसमान चहकिलो र शत्रुहरूको विनाश गर्ने बाण झिकेर धनुमा चढाए र बलैसँग त्यसलाई ताने, यसपछि मृगलाई ताकेर सर्प जस्तो बल्दो, ब्रह्माले बनाएको त्यो प्रज्वलित अस्त्र चलाइहाले । वज्रसमानको यो उत्तम बाणले मृगरूपी मारीचको छातीलाई छेडिदियो, बाण लाग्नासाथ ताडको रूख जति माथि उफ्रेर अत्यन्त पीडित भईकन भूइँमा लड्यो ॥१३-१६॥ प्राण क्षीण भएर मर्नलागेको त्यस राक्षसले भूइँमा लड्दा भयङ्कर शब्द गरेर चिच्च्यायो र यसले आफ्नो मृगको बनावटी रूप पनि छाडिदियो ॥१७॥ यस समयमा रावणको कुरा

संझेर मारीचले अब कुन उपाय गर्नाले सीताले लक्ष्मणलाई यहाँ पठाउने हुन् र रावणले एकान्तमा भेट्टाएर सीतालाई हर्ने हुन् भन्ने विचार गर्नलाग्यो ॥१८॥ आफ्नो काल आइपुगेको देखेर रावणको सम्मतिअनुसार यो राक्षस रामचन्द्रको जस्तो स्वर गरेर "हा सीते, हा लक्ष्मण" भनेर कराउन लाग्यो ॥१९॥

रामचन्द्रका तीखा वाणले मुटु छेडिएको त्यस राक्षसले प्राण त्याग गर्ने समयमा मृगको रूप छाडेर वडो विशाल राक्षसको रूप लियो ।

यो भयङ्कर राक्षस भूइँमा लडिराखेको थियो र रगतमा मुछिएर छटपटाइरहेको थियो, यसको यस्तो अवस्था देख्ता रामचन्द्र लक्ष्मणको कुरा संझेर सीताको बारेमा चिन्ता गर्नलागे ॥२०-२२॥ लक्ष्मणले ता पहिले नै मलाई यो मारीचको छल हो भनेका थिए, जस्तो भनेथे उस्तै भयो, मेरो हातवाट यो मारीच मारियो ॥२३॥ यो राक्षस "हा सीते ! हा लक्ष्मण !" भनेर चिच्च्याउँदै मरेको छ, यो शब्द सुन्दा सीताको कस्तो अवस्था भयो होला, महाबाहु लक्ष्मणको के हालत भयो होला, यो कुराको विचार गर्दा रामको आँगै जुरुङ्ग भयो ॥२४–२५॥ मृगरूपी राक्षसलाई मारेर यस प्रकारको यसको आवाज सुन्दा रामलाई जुन पीर पऱ्यो त्यस पीरले गर्दा यिनी ज्यादै डराए ॥२६॥

अर्को एउटा मृग मारी त्यसको मासु लिएर रामचन्द्र हतपत गर्दै जनस्थानतिर लागे ॥२७॥

सर्ग—४५

सीता लक्ष्मणलाई रामचन्द्रकहाँ पठाउँछिन् ।

वनमा आफ्नो पतिको जस्तो करुणाको शब्द सुनेर सीताले लक्ष्मणलाई रामचन्द्रजीलाई के भएछ हेरेर आउनुहोस् भनिन् ॥१॥ ज्यादै पीडित भएका रामचन्द्रले करुणा उत्पन्न हुने गरी चिच्च्याएको मैले सुनें, यो सुन्नाले मेरो प्राण र मन ठेगानमा रहेको छैन अर्थात् म ज्यादै हड़बडाएकी छु ॥२॥ शरणको इच्छा गर्नलागेका तथा आर्तनाद गरिरहेका दाजुको तिमीले रक्षा गर्नुपर्दछ, झट्टै दगुरेर उनीनेर गइहाल ॥३॥ जसरी गोरू सिंहको चपेटामा पर्दछ त्यसै गरी तिम्रा दाजु पनि राक्षसको पञ्जामा परेहोलान् ।

सीताका यस्ता कुरा सुन्दा पनि रामको आज्ञा संझेर लक्ष्मण त्यहाँबाट गएनन् ॥४॥ अब ता सीता रिसाएर भन्नलागिन्—हे लक्ष्मण ! तिमी ता दाजुको मित्ररूपी शत्रु पो रहेछौ ॥५॥ यस्तो अवस्थामा पनि तिमी दाजुको रक्षा गर्न जानलागेका छैनौभने मलाई भेट्टाउने अभिलाषाले तिमी रामचन्द्रको विनाश चाहनलागेका रहेछौ ॥६॥ मलाई भेट्टाउने लोभले तिमी रामचन्द्रतिर जानलागेका छैनौ, राममाथि परेको आपत्ति तिमीलाई निको लाग्नलागेको छ, दाजुमा तिम्रो प्रेम रहेनछ ॥७॥ यसै कारणले महाद्युतिमान् रामचन्द्रलाई नदेख्ता पनि तिमी यहाँ निश्चिन्त भई बसेका छौ । रामको जीवनमा संकष्ट पऱ्योभने मेरो रक्षा गर्नाले नै के फाइदा होला ?॥८॥ हामीहरूमा राम मुख्य हुन्, उनैको साथमा तिमी आएका हौ, उनलाई केही भयोभने मैले यहाँ बसेर नै के गर्ने ? हरिणीझैं डराएकी,

शोकले रुनलागेकी सीतालाई लक्ष्मण यस प्रकारसँग भन्नलागेः—हे देवी ! तपाईंका पतिलाई नाग, असुर, गन्धर्व, देव, दानव र राक्षस कसैले पनि जित्न सक्तैन, यस कुरामा सन्देह नगर्नुहोस् । हे देवी ! देवता, मनुष्य, गन्धर्व, यक्ष, राक्षस, पिशाच, किन्नर, पशु तथा भयङ्कर दानव यी सबैमा कोही पनि यस्तो छैन जो कि इन्द्रसमानका रामचन्द्रको युद्धमा सामुन्ना गर्न सकोस् । संग्राममा रामचन्द्रलाई कसैले मार्न सक्तैन, तसर्थ हे सीते ! तपाईंले यस्तो कुरा भन्नु मुनासीब छैन ॥९-१३॥ रामचन्द्र नभएको वेलामा तपाईंलाई यहाँ वनमा एकलै छाड्ने साहस म गर्न सक्तिनँ, इन्द्रादि बलवान् देवता पनि आफ्नो बलले रामको बललाई रोक्न सक्तैनन् ॥१४॥ शङ्कर इत्यादि देवताहरूको साथमा तीनै लोक जम्मा भए तापनि रामलाई हराउने सामर्थ्य हुन सक्तैन, यसकारण तपाईं मनलाई स्थिर गर्नुहोस्, सन्ताप छाडिदिनुहोस् ॥१५॥ तपाईंका पति चाँडै नै त्यो राम्रो मृगलाई मारेर फर्कनुहुनेछ, तपाईंले सुनेको यो शब्द न रामको हो न कुनै देवताको ॥१६॥ यो त्यै राक्षसको गन्धर्वनगर जस्तै झूटो माया हो, महात्मा रामचन्द्रले तपाईंको रक्षा गर्ने भार मलाई सुम्पनुभएको छ ॥१७॥ अतएव हे सीते ! राम नभएको वेलामा तपाईंलाई एकलै छाड्ने साहस म गर्न सक्तिनँ । हे कल्याणी ! यस समयमा हामीहरूको यी राक्षसहरूसँग शत्रुता भएको छ ॥१८॥ खर मारिनाले तथा जनस्थानको विनाश भएको हुनाले यी राक्षसहरू यस महावनमा किसिम किसिमका आवाज गर्दछन् ॥१९॥ साधुहरूको हिंसा गर्नु नै राक्षसहरूको एकमात्र खेल हो । हे सीते ! तपाईं कुनै किसिमको चिन्ता नगर्नुहोस् ।

लक्ष्मणले यसो भनेको सुन्दा रिसले सीताका आँखा राता राता भइगए ॥२०॥ सत्यवादी लक्ष्मणलाई यिनी कडा वचन भन्नलागिन्—हे निर्दयी, अनार्य, कुलको कलङ्क, रामचन्द्रको विनाश गराएर तिमी ममाथि दया देखाउन खोज्दछौ ॥२१॥ रामलाई ठूलो आपत्ति परेको देख्ता तिमीलाई खुशी पो लाग्नलागेको छ; रामको दुःख देखेर तिमी यस्तो कुरा गरिरहेका छौ ॥२२॥ हे लक्ष्मण ! तिमी जस्ता निर्दयी लुकी लुकी व्यवहार गर्नेबाट यस किसिमको निन्दनीय पाप भएकोमा केही आश्चर्य छैन ॥२३॥ तिमी बडा दुष्ट रहेछौ, यसैले निस्सहाय एकला रामचन्द्रको साथमा मलाई पाउने अभिलाषाले वनमा आएका रहेछौ, अथवा गुप्ती तवरले भरतले तिमीलाई यहाँ पठाएको रहेछ ॥२४॥ तर हे लक्ष्मण ! तिम्रो अथवा भरतको मनसाय म पूरा हुन दिनेछैन । नीलकमलको जस्तो श्यामवर्ण भएका, कमल जस्तो आँखा भएका, रामचन्द्रजीकी स्त्री भईकन म कसरी अरू मानिसको चाहना गरूँला । हे लक्ष्मण ! म अवश्यै तिम्रै अघिल्तिर आफ्नो प्राण त्याग गरिदिन्छु ॥२५–२६॥ रामविना म एक छिन पनि यस पृथ्वीमा बाँच्न सक्तिनँ ।

रोमाञ्च गराउने सीताका यस्ता कठोर वचन सुन्दा जितेन्द्रिय लक्ष्मण हात जोरेर भन्नथाले—म तपाईंलाई उत्तर दिने साहस गर्न सक्तिनँ कारण तपाईं मेरी देवता हुनुहुन्छ ॥२७–२८॥ तर हे सीते ! आइमाईको मुखबाट यस्तो अनुचित वचन निस्कनु ता कुनै आश्चर्यको कुरा छैन, किनकि यस संसारमा आइमाईको यस्तै स्वभाव देखिंदै आएको छ ॥२९॥ आइमाईहरू धर्म छाड्दछन्, चञ्चल र क्रूर स्वभावका

हुन्छन्, घरमा फाटो पार्दछन् । हे जनकपुत्री वैदेही ! तपाईंले भनेका यी कुरा म सहन सक्तिनँ ॥३०॥ तपाईंका यी वचन मेरा कानलाई तताएको बाणले झैं छेडिरहेका छन् , वनवासी देवताहरू साक्षी बसेर यी कुरा सुनून् ॥३१॥ मैले तपाईंलाई यथार्थ कुरा भनेको हुँ, तर तपाईंले मलाई कडा कडा कुरा सुनाउनुभयो । हे सीते ! तपाईंलाई धिक्कार छ, तपाईंको विनाश हुने वेला आएछ यसैले मेरोउपर यस्तो शङ्का गर्नुभयो ॥३२॥ स्त्रीजातिमा हुने दुष्ट स्वभावले गर्दा आफूभन्दा ठूलाको आज्ञा पालन गर्नामा अडिराखेको ममाथि शङ्का गर्नलाग्नुभयो, अब म रामचन्द्र भएको ठाउँमा जानलागें, तपाईंको कल्याण होस् ॥३३॥ हे ठूला ठूला आँखा भएकी सीते ! सबै वन देवताले तपाईंको रक्षा गरून् । वडा डरलाग्दा अपशकुन देखा पर्नलागेका छन् , रामचन्द्रको साथमा फर्केर आएर फेरि तपाईंलाई देख्न पाऊँ ॥३४॥

लक्ष्मणको यो कुरा सुनेपछि आँसुको धाराले भिजेकी सीता उनलाई भन्नलागिन् ॥३५॥ हे लक्ष्मण ! राम नभएको खण्डमा म गोदावरीमा डुबेर मर्नेछु, घाँटीमा पासो लगाइदिनेछु, अग्लो पर्वतको टाकुराबाट हामफालेर प्राण दिनेछु, कडा विष खाइदिनेछु, अथवा आगोमा प्रवेश गर्नेछु, तर रामचन्द्रबाहेक म अरू कुनै मानिसलाई छुनेछैन ॥३६-३७॥ शोकले पीडित भएकी सीता लक्ष्मणलाई यति भनेर दुवै हातले छाती पिट्तै रुनलागिन् ॥३८॥ दुःख मानेर रोइरहेकी ठूला ठूला आँखा भएकी सीताको यस्तो अवस्था देखेर लक्ष्मणले दिक्दार भई उनलाई संझाउन बुझाउनलागे, तर पतिका भाइसित सीता बोल्दै बोलिनन् ॥३९॥ यसपछि जितेन्द्रिय, शुद्धचित्त भएका लक्ष्मणले हात जोरेर खूब निहुरीकन सीतालाई प्रणाम गरे र वारंवार उनीतिर हेर्दै रामचन्द्र भएका ठाउँमा गए ॥४०॥

सर्ग—४६

संन्यासीको भेष गरेर रावण सीता भएको ठाउँमा आउँछ ।

सीताका यस्ता कठोर वचन सुन्दा लक्ष्मण रिसाएर रामकहाँ चाँडै पुग्ने इच्छाले झट्टै त्यहाँबाट हिंडिहाले ॥१॥ लक्ष्मण गएपछि मौका भेट्टाएर संन्यासीको रूप लिएको रावण झट्टै सीताको सामुन्ने आयो ॥२॥ यस समयमा रावणले चहकिलो गेरुवा वस्त्र लगाएको थियो, टाउकोमा शिखा पालेको, छाता ओढेको, र जुत्ता लगाएको थियो, देब्रे काँधमा डण्डा धारण गरेको र हातमा कमण्डलु लिएको थियो ॥३॥ यस प्रकार संन्यासीको रूपमा त्यो सीतानेर पुग्यो, राम लक्ष्मण नभएको वेलामा अत्यन्त बलियो रावणले सीतालाई एकली भेट्टायो ॥४॥ जसरी सूर्य चन्द्रमा नभएको संध्याकालमा घोर अन्धकारले छोप्तछ त्यसै गरी राम लक्ष्मण नभएको वेलामा परम यशस्विनी, राजपुत्री सीतालाई रावणले हेर्नलाग्यो ॥५॥ जसरी चन्द्रहीन रोहिणीलाई शनि वा मङ्गल ग्रहले हेर्दछन् त्यसै गरी रावण सीतालाई हेर्नलाग्यो । यस भयानक पापीलाई देख्ता जनस्थानका रूखहरूले हल्लनसम्म पनि छाडिदिए, हावा चल्न बन्द भयो, राता राता आँखा लगाएर आफूतिर हेरिरहेको देख्ता छिटो बग्ने गोदावरी पनि बिस्तारै बिस्तारै बग्नलागिन् ।

रामचन्द्रको अनुपस्थिति चाहने रावण भिक्षुकको रूप लिएर सीताको नजीक गयो, अभव्य भए तापनि भव्य रूप धारण गरेर चित्रा नक्षत्रनेर शनि आएझैं, यो रावण पतिको निम्ति शोक गरिरहेकी सीतानेर आयो। यस समयको रावणको साधुको भेष झारले माथितिर छोपिराखेको इनार जस्तो थियो ॥६-१०॥ यशस्विनी रामकी पत्नी सीतालाई देख्ता रावण अडियो र उभिएको उभियै उनलाई हेर्न-लाग्यो ॥११॥

सीता बडी राम्री थिइन्। यिनका दाँत र ओठ राम्रा थिए, पूर्ण चन्द्रमाको जस्तो यिनको मुख थियो, पर्णशालामा बसेकी यिनी पतिको शोकले पीडित भइरहेकी थिइन् ॥१२॥ कमलका पात जस्ता आँखा भएकी पीताम्बर पहिरेकी सीतानेर मनमा हर्ष मानिरहेको रावण पुग्यो ॥१३॥

सीतालाई देख्नासाथ यो कामपीडित भइगयो र वेद मन्त्रको उच्चारण गर्दै त्रैलोक्यसुन्दरी, कमल-रहित लक्ष्मीको जस्तो शरीरले सुशोभित भएकी सीताको प्रशंसा गर्नलाग्यो ॥१४-१५॥ हे राम्रा राम्रा आँखा भएकी सीते ! तिम्रो वर्ण असल सुनको जस्तो छ, पीताम्बरको वस्त्र पहिरेकी छौ, कमल वनझैं कमलका राम्रा माला धारण गरेकी छौ (आँखा र मुखलाई लक्ष्य गरेर कमलको माला भनेको हो), तिमी गौरी हौ, श्री हौ, कीर्ति हौ, लक्ष्मी हौ वा अप्सरा हौ ? तिमी अणिमादि गरिएका सिद्धि हौ अथवा आफ्नो इच्छाअनुसार विहार गर्ने कामदेवकी स्त्री रति हौ ? ॥१६-१७॥ तिम्रा तीखा, चिल्ला र सेता दाँत सबै बराबर छन्, तिम्रा आँखा चहकिला र ठूला छन्, छेउ छेउमा रातो छ र नानी कालो छ ॥१८॥ तिम्रा तिघ्रा लामा र मोटा छन्, तीभन्दा तलको भाग हात्तीको सूँड जस्तो छ, वाटुला, माथि उठेका, आपसमा टम्म टाँसिएका, अलि अलि हल्लने तिम्रा ठूला ठूला स्तन राम्रा चिल्ला ताडफल जस्ता छन्, यिनीमाथि उत्तम उत्तम मणिहरूको माला लटकिरहेको छ ॥१९-२०॥ हे विलासिनी, हे राम्रो मुसकान भएकी, हे राम्रो दाँत भएकी, हे राम्रो आँखा भएकी सीते ! जसरी जलको वेगले नदीको तटलाई हरण गर्दछ त्यसै गरी तिमी पनि मेरो मनलाई हरण गर्नलागिरहेकी छौ ॥२१॥ हे कपा-लको रौं राम्रो भएकी सीते ! तिम्रो कम्मर मुट्ठीभित्र अटाउला जस्तो छ, तिम्रा स्तन आपसमा टाँसिएका छन्। देवी, गन्धर्वी, यक्षी, किन्नरी, यी कुनै स्त्रीलाई पनि मैले यस पृथ्वीमा तिम्रो बराबर देखिनँ। तिम्रो यो राम्रो रूप, सुकुमारपना, यो उमेर र निर्जन वनको बसाइ—यी सब कुराले मेरो मनलाई व्याकुल पारिरहेछ, यसकारण तिमी यो ठाउँ छाडिदेऊ, यहाँ तिमीले वस्न सुहाउँदैन ॥२२-२४॥ यो ता आफ्नो इच्छाअनुसार रूप धारण गर्ने क्रूर राक्षसहरूले रहने ठाउँ हो; तिमीले ता राम्रा राम्रा अटालीका कोठामा, भोगविलासका सबै सामग्री तथा सुगन्धी वस्तुले युक्त भएको रमाइलो शहर वा बगैंचामा बस्नुपर्दछ। हे सुन्दरी ! तिमीलाई ता राम्रो माला, मीठो वास्ना आउने सुगन्धी वस्तु, राम्रो लुगा र पति पनि राम्रो चाहिनुपर्ने हो, जोसित तिम्रो सम्बन्ध भएको छ म तिनलाई बेश ठहऱ्याउँछु। तिमी को हौ ? तिमी ता मलाई रुद्र, मरुत्, अथवा वसुहरूमध्ये कसैकी स्त्री जस्ती लाग्छ्यौ, तिमी साक्षात् देवी जस्ती देखिन्छ्यौ, यो राक्षसहरूको वासस्थान हुनाले यहाँ गन्धर्व, देवता, किन्नर कोही पनि आउन्नन्,

तिमी भने कसरी आयौ ? यहाँ वानर, सिंह, चितुवा, बाघ, मृग, हुँडार, गैंडा, भालू, कंक (मासु खाने चरा) रहन्छन्, के तिमीलाई यिनीहरूदेखि डर लाग्दैन ? हे सुन्दरी ! मतवाला क्रूर, छिटो दगुर्ने हात्तीदेखि तिमी एकली कसरी यस महावनमा नडराएकी ? तिमी को हौ ? कसकी हौ ? कहाँबाट आएकी हौ ? र के कारणले राक्षसहरू बस्ने यस डरलाग्दो दण्डक वनमा एक्लै घुमिरहेकी छौ ? यस प्रकारसँग महात्मा रावणले सीताको प्रशंसा गर्‍यो ॥२५–३२॥

रावणलाई ब्राह्मणको भेषमा आएको देख्ता सीताले पूर्ण रीतिले उसको अतिथिसत्कार गरिन् ॥३३॥ पहिले बस्नालाई आसनी दिइन्, यसपछि चरण धुन पानी ल्याइदिइन्, अनि वडो सज्जन जस्तो देखिएको रावणलाई भोजन गर्न भनी निवेदन गरिन् ॥३४॥

कमण्डलु र गेरुवा वस्त्र धारण गरेर संन्यासीको वेषमा रावण आएको हुनाले सीताले कुनै तरहबाट पनि उसको तिरस्कार गर्न सकिनन् । रावणमा ब्राह्मणको चिन्ह देखेर सीताले बाहुनलाई जस्तै यसलाई भन्नलागिन् ॥३५॥ हे ब्राह्मण ! यस आसनीमा सुविस्तासाथ बस्नुहोस्, पाउ धुने यो पानी लिनुहोस्, वनमा उत्पन्न हुने पदार्थले वनेको यो भोजन तपाईंकै निम्तिको हो, निर्भय भई खानुहोस् ॥३६॥

पाहुनालाई गर्नुपर्ने सबै व्यवहार गरिसकेकी राजपत्नी सीतालाई देख्ता तथा यिनको मीठो बोली सुन्दा, रावणले आफ्नो वध गराउनाको निम्ति बलजफ्तीसँग यिनलाई हरण गर्ने विचार निश्चित गर्‍यो ॥३७॥ यसपछि सीता शिकारमा गएका आफ्ना परमप्रिय पति र लक्ष्मण कहिले आउने हुन् भनेर यताउति हेर्नलागिन्, यिनले चारैतिर फैलिएको हरियो वर्ण भएको विशाल वन मात्र देखिन् तर राम र लक्ष्मण भने कतै पनि देखिएनन् ॥३८॥

सर्ग—४७

आफूलाई हर्न भनी आएको रावणलाई सीता कडा वचन सुनाउँछिन् र धिक्कार दिन्छिन् ।

संन्यासीको भेष धारण गरेको र सीतालाई हर्न इच्छा भएको रावणले यसरी सोद्धा सीता स्वयं आफ्नो परिचय दिनलागिन् ॥१॥ यो एक ता बाहुन हो दोस्रो पाहुना, योसित म बोलिनँभने शायद मलाई सराप देला ।

एक्कै छिन यस्तो विचार गरेर सीता भन्नलागिन् ॥२॥ तिम्रो कल्याण होस्, मिथिला देशका राजा महात्मा जनककी म छोरी हुँ, मेरो नाम सीता हो, र म रामचन्द्रकी प्यारी महारानी हुँ ॥३॥ ईक्ष्वाकुहरूको घरमा बाह्र वर्षसम्म बसें । त्यहाँ मैले मानिसले भोग गर्ने सबै योग्य पदार्थको भोग गरें, मेरा सबै इच्छा पूर्ण हुन्थे ॥४॥ तेह्रौं वर्षको प्रारम्भमा राजमन्त्रीहरूसँग सल्लाह गरी राजाले रामचन्द्रको अभिषेक गर्ने विचार गरे ॥५॥ जब रामचन्द्रको अभिषेकको बरबन्दोबस्त हुनलागेथ्यो मेरी सासू कैकेयीले

आफ्ना पतिसँग वर मागिन् ।।६।। यिनले मेरो ससुरालाई सत्यको बन्धनमा बाँधेर मेरा पतिको वनवास र भरतको राज्याभिषेक होस् भनेर वर मागिन् ।।७।। सत्यप्रतिज्ञ र श्रेष्ठ राजा आफ्नो पतिसँग यी दुइटा वर मागेर भन्नलागिन्—रामचन्द्रको राज्याभिषेक भयोभने म नखानेछु नसुत्नेछु, न पिउनेछु, आजै म आफ्नो प्राण त्यागिदिनेछु । यस प्रकारसँग बोलिरहेकी कैकेयीलाई मेरा ससुराले वरको सट्टामा धेरै धन लिने प्रार्थना गरे, तर यिनले अरू कुनै कुरा लिने चाहना गरिनन् । मेरा महातेजस्वी पतिको उमेर पच्चीस वर्षको छ ।।८–१०।। म जन्मेको अठार वर्ष भयो । मेरा पति रामचन्द्र लोकमा सत्यवादी, सुशील, निर्मल स्वभावका, विशालाक्ष, महाबाहु र सबै प्राणीको भलो गर्ने संझिएका छन्, तर महाराज दशरथले कामासक्त भई कैकेयीलाई खुशी पार्नाको निम्ति रामचन्द्रको अभिषेक गरेनन् । जब रामचन्द्र आफ्नो पिताकहाँ अभिषेकको निम्ति पुगेथे त्यसै बखतमा कैकेयीले झट्टै मेरा पतिलाई यो कुरा भनिन् । हे रामचन्द्र ! पिताले तिमीलाई जो आज्ञा दिएका छन् सो म भन्दछु सुन ।।११–१४।। यो अकंटक राज्य भरतलाई दिएर तिमीले चौद्ध वर्ष वनवास जानुपर्‍यो ।।१५।। हे राम ! तिमी वनमा जाऊ र आफ्नो पितालाई असत्यबाट बचाऊ ।

मेरा पतिले निर्भय भई कैकेयीको यो कुरा माने ।।१६।। मेरा दृढव्रती पतिले उनको कुरा सुनेर त्यै मुताबिक काम गरे । यिनी दिन्छन्, तर कहिले पनि लिन्नन्, साँचो बोल्दछन्, झूटो कदापि बोल्दैनन् ।।१७।। हे ब्राह्मण ! रामचन्द्रले यै उत्तमोत्तम व्रत लिएका छन् । यिनका लक्ष्मण नाम गरेका सौतैनी भाइ बडा पराक्रमी छन् ।।१८।। युद्धमा शत्रुहरूलाई मार्ने यी पुरुषसिंह रामका सहायक छन्, यी ब्रह्मचारी आफ्नो व्रतमा दृढ छन् ।।१९।। वनमा आएका आफ्ना दाज्यूको साथमा, हातमा धनु ली, यिनी पनि आएका छन् । जटा धारण गरी तपस्वीको भेषमा मेरो र आफ्नो भाइको साथमा धर्मात्मा रामचन्द्र यस दण्डक वनमा आएका छन् । यस प्रकारसंग हामी तीनै जना कैकेयीले गर्दा राज्यबाट च्युत भएका छौं ।।२०–२१।। हे द्विजश्रेष्ठ ! हामी आफ्नो पराक्रमले गर्दा यस गम्भीर वनमा डुलफिर गर्दछौं । यदि तिमी पर्खन सक्तछौभने एकै छिन यहाँ विश्राम गर ।।२२।। मेरा पतिहरू बँदेल, गोधालाई मारी धेरै धेरै मासु र प्रशस्त जङ्गली फलफूल लिएर :आउनलागेका होलान् ।।२३।। तिम्रो नाम, कुल र गोत्र क्या हो सो मलाई ठीक ठीकसँग भन । हे ब्राह्मण ! तिमी किन यस दण्डक वनमा एकलै घुमिरहेका छौ ।।२४।।

रामचन्द्रकी स्त्री सीताले यस्तो भनेको सुन्दा त्यो महाबली राक्षसराज रावण अत्यन्त कठोर वचन भन्नलाग्यो ।।२५।। हे सीते ! जसदेखि देवता, असुर, मनुष्यसहित समस्त लोक डराउँछ म त्यै राक्षसहरूको राजा रावण हुँ ।।२६।। पीताम्बर पहिरेकी, सुन जस्तो राम्रो शरीर भएकी, तिमीलाई देख्ता अब मेरो मन आफ्ना रानीहरूमा जाँदैन ।।२७।। मैले यताउतिबाट अनेक आइमाई हरेर ल्याएको छु । अब तिमी यी सबैको बीचमा बडामहारानी भएर बस, तिम्रो कल्याण होस् ।।२८।। समुद्रको बीचमा लंका नाम गरेको मेरो राजधानी छ । यो चारैतिर समुद्रले बेह्रिएको र पर्वतको टुप्पामा छ ।।२९।।

हे सीते ! त्यहाँ गएपछि तिमी मेरो साथमा वनमा घुमौली, उहाँ विहार गर्नलागेपछि ता तिमी फेरि यस किसिमको वनवास निको मान्नेछैनौ ॥३०॥ हे सीते ! तिमी मेरो स्वास्नी बन्यौभने अनेक प्रकारका गहना लगाएर सिंगारिएका पाँच हजार केटीहरूले तिम्रो सेवा टहल गर्नेछन् ॥३१॥

रावणको यस्तो कुरा सुन्दा शरीरमा कुनै प्रकारको खोट नभएकी सीता अतिशय झोकिएर त्यस राक्षसको तिरस्कार गर्दै भन्नलागिन् ॥३२॥ महागिरिसमान अचल र समुद्रझैं गम्भीर रहने यस्ता इन्द्र-समानका आफ्ना पति रामचन्द्रको म पछि लाग्ने हुँ ॥३३॥ सबै लक्षणले युक्त भएका, वरको रूखझैं आफ्ना आश्रितहरूको रक्षा गर्ने, सत्यप्रतिज्ञ रामचन्द्रकी म अनुरागिणी हुँ ॥३४॥ महाबाहु, ठूलो छाती भएका, सिंहको जस्तो हिंडाइ भएका, सिंह जस्ता नरश्रेष्ठ रामचन्द्रकी म अनुगामिनी हुँ ॥३५॥ पूर्ण चन्द्रमा जस्तो मुख भएका, जताततै कीर्ति फैलिएका, आजानुबाहु, जितेन्द्रिय राजकुमार रामचन्द्रकी म पत्नी हुँ ॥३६॥ तँ आफू स्याल भएर दुर्लभ सिंहिनी जस्ती मलाई पाउन खोज्दछस् ?

जसरी सूर्यकी प्रभालाई कसैले छुन सक्तैन त्यसै गरी रामचन्द्रको तेजरूपी अग्निले बेह्रिएकी मलाई तैंले भेट्टाउन सक्तैनस् ॥३७॥ हे अभागी राक्षस, तँ अवश्यै सुनका रूखहरू देख्तो होलास् यसैले रामचन्द्रकी प्रिय पत्नीलाई लैजान खोजिरहेको छस् (मृत्यु नजीकै आइपुगेको मानिसले सपनामा सुनको रूख देख्तछन्) ॥३८॥ मृगहरूको शत्रु, अति छिटो दगुर्न सक्ने भोको सिंहको, अथवा महा-विषालु सर्पको मुखबाट तँ दाँत झिक्न खोजिरहेको छस् ॥३९॥ तँ मन्दराचल पर्वतश्रेष्ठलाई हातले उचाल्न अथवा कालकूट विष पिएर यहाँबाट निर्विघ्नपूर्वक फर्कन खोज्दछस् ॥४०॥ तँ सियोले आफ्नो आँखा कन्याउन अथवा जिब्रोले छुरा चाट्न खोजिरहेको छस् , यसैले ता तँ रामकी प्रिय पत्नीलाई लैजान इच्छा गर्दछस् ॥४१॥ घाँटीमा ढुङ्गा झुण्ड्याएर समुद्र तर्न खोज्दछस् , सूर्य र चन्द्रमालाई आफ्ना दुवै हातले तान्न चाहन्छस् ॥४२॥ बल्दो आगोलाई लुगामा बेह्रेर लैजान खोज्नु र रामकी प्रिय पत्नीमाथि बलजफ्ती गर्नु बराबर हो ॥४३॥ शुद्ध आचरण भएकी रामकी स्त्रीलाई जो हरेर लैजान खोज्दछ, त्यसले फलामका शूलीमाथि हिंड्न खोजेको हो भन्नुपर्दछ, यसैले रामलाई सुहाउने स्त्री तँ हरेर लैजान खोजिरहेको होलास् ॥४४॥ वनमा सिंह र स्यालमा, सानो खोला र समुद्रमा, अमृत र सिरकामा जति फरक छ त्यत्तिकै फरक तेरो र रामचन्द्रको बीचमा छ ॥४५॥ सुन र शीशा फलाममा, चन्दन र हिलोमा, हात्ती र बिरालोमा जति फरक छ त्यत्तिकै तँमा र रामचन्द्रमा छ ॥४६॥ काग र गरुडमा, मयूर र पानीकागमा, हाँस र गिद्धमा जति फरक छ त्यत्तिकै तेरो र रामचन्द्रको बीचमा फरक पर्दछ ॥४७॥ इन्द्रसमान पराक्रमी रामचन्द्र हातमा धनु वाण लिएर यस पृथ्वीमा रहेसम्म तैंले मलाई हरेर लगिस्भने पनि मलाई बुढ्याइँले छुनेछैन अर्थात् तँलाई चाँडै नै मारेर मलाई फर्काएर लैजानेछन् । जसरी झीङाले निलेको घिउ पचाउन सक्तैन, त्यसै गरी तैंले पनि मलाई पचाउन सक्नेछैनस् ॥४८॥

त्यस दुष्ट राक्षसलाई यति कुरा भनिसकेपछि शुद्ध चित्त भएकी सीता, हावाले झिनो केराको

थामलाई हल्लाएझैं, आफ्ना जम्मै अंग काम्नलागेकोले अत्यन्त पीडित भइन् ।।४९।। सीतालाई काम्नलागेको देखेर, मृत्युसमान प्रभाव भएको रावण सीतालाई आफ्नो कुल, नाम र कामको वर्णन गर्न लाग्यो ।।५०।।

सर्ग— ४८

रावण आफ्नो प्रशंसा गर्दछ र सीता उसलाई धिक्कार दिन्छिन् ।

सीताका यस्ता कठोर वचन सुन्दा रावण क्रुद्ध भयो र निधारमा गाँठो पारेर कडा वचन बोल्नलाग्यो ।।१।। सुन्दरी ! तिम्रो कल्याण होस् , म कुवेरको भाइ हुँ, महाप्रतापी, दश टाउको भएको भ रावणको नामले विख्यात छु ।।२।। जसरी प्रजागण मृत्युदेखि डराउँछन्, त्यसै गरी पिशाच, पक्षी, सर्प, देवता गन्धर्व आदि मदेखि डराएर भागी भागी हिंड्दछन् ।।३।। मेरो सौताने दाजु कुवेरसँग कुनै कारणले झगड़ा पर्नगयो र मैले आफ्नो पराक्रमद्वारा उनलाई युद्धमा जितिदिएँ ।।४।। यिनै कुवेर मेरो डरले समृद्धिशाली लंका नगरी छाडेर कैलाश पर्वतमा गई बसेका छन् ।।५।। हे सीते ! मैले आफ्नो बलको प्रभावले यिनै कुवेरको, इच्छाअनुसार जतातत्तै हिंड्ने, अति राम्रो पुष्पक विमान खोसेर लिएँ, यसैमा चढेर म आकाशमा सैर गर्दछु ।।६।। हे मैथिली ! जब मलाई रिस उठ्तछ त्यस बखतमा इन्द्रलगायत सबै देवताहरू मेरो मुहार देख्नैमा तर्सेर भाग्दछन् ।।७।। जहाँ म हुन्छ त्यहाँ हावा समेत डराई डराईकन वहन्छ मदेखि डराएकोले आकाशमा सूर्यको किरण चन्द्रमाको जस्तो शीतल हुन जान्छ ।।८।। ज़हाँ म त्रसेको हुन्छु अथवा डुल-फिर गरिरहेको हुन्छु त्यहाँ रूखका पातसमेत हल्लन्नन् र नदीको वेग पनि रोकिन्छ ।।९।। समुद्रपारि लंका नाम गरेको मेरो रमणीय सहर छ, जसरी इन्द्रको अमरावती देवताहरूले भरिएको हुन्छ त्यसै गरी यो शहर डरलाग्दा राक्षसहरूले भरिभराउ छ ।।१०।। यसको चारैतिर सेतो पर्खाल शोभित भइरहेको छ, यहाँका महलहरूका आँगन सुनले बनेका र बाहिरका ढोका नीरले बनेका छन् ।।११।। हात्ती, घोडा, रथको भीड लागेको हुन्छ, बाजा बजिरहेका हुन्छन् , सधैं फल फल्ने रूखहरू बगैंचामा लगाइएका छन् ।।१२।। हे राजपुत्री सीते ! तिमी मेरो साथमा त्यहाँ गई बस, त्यहाँ बस्ताखेरि तिमीलाई मनुष्यजातिका आइमाईको संझना हुनेछैन ।।१३।। हे सुन्दरी ! मानिस र देवताहरूले भोग गर्ने पदार्थको त्यहाँ भोग गर्दाखेरि, तिमीलाई यो अल्पायु मानिस रामचन्द्रको संझनासम्म पनि रहनेछैन ।।१४।। राजा दशरथले आफ्नो प्यारो छोरो भरतलाई राज्य दिए, जेठा भए तापनि निर्धो रामचन्द्रलाई वनमा पठाइदिए ।।१५।। राज्यबाट निकालिएको, बुद्धि ठेगानमा नभएको, तपस्या गर्ने, तपस्वी रामचन्द्रलाई लिएर हे विशालाक्षी सीते ! तिमी के गर्छ्यौ ? ।।१६।। राक्षसका मालिकको रक्षा गर, स्वयं तिमीकहाँ आएका उनीमाथि प्रेम देखाऊ, कामदेवको बाणले पीडित भएका यिनलाई त्याग गर्नु तिमीलाई मुनासीब पर्दैन ।।१७।। हे भीरु ! मेरो तिरस्कार गर्यौभने जसरी उर्वशी

नामकी अप्सराले महाराज पुरुरवालाई लात मार्नाले पछुताउनुपरेथ्यो त्यसै गरी तिमीले पनि पछि पछुताउनुपर्नेछ ॥१८॥ हे सुन्दरी ! यो रामचन्द्र युद्धमा मेरो औंलोबराबर पनि छैन, तिम्रै भाग्यले म यहाँ आएको हुँ, यसकारण तिमी मलाई स्वीकार गरिहाल ॥१९॥

रावणका यी कुरा सुन्दा सीताले रिसले आँखा राता राता तुल्याइन् र रामचन्द्र नभएको त्यस आश्रममा उसलाई कठोर वचन भन्नलागिन् ॥२०॥ सबै देवताले मान्नुपर्ने कुवेरलाई आफ्नो दाजु बताएर तँ किन यस्तो खराब काम गर्नामा तैयार भएको छस् ॥२१॥ हे रावण ! अवश्यै सबै राक्षसहरूको विनाश हुनेछ किनकि उनीहरूको राजा तँ, बडो खराब काम गर्ने, दुर्बुद्धि र इन्द्रियको वशमा परेको छस् ॥२२॥ इन्द्राणीलाई हरेर शायद कोही बाँचिहालोस् तर रामचन्द्रकी स्त्री मलाई हरेर लैजाने कसैको पनि कल्याण हुन सक्तैन ॥२३॥ वज्रधारी इन्द्र नभएको वेलामा उनकी परम सुन्दरी स्त्रीलाई बलजफ्तीसँग हरेर लैजानेको बाँच्ने सम्भावना छ, तर हे राक्षस ! म जस्तीको अपमान गर्नाले ता अमृत पान गर्नाले पनि छुटकारा हुनेछैन अर्थात् तँ बाँच्नेछैनस् ॥२४॥

सर्ग—४९

रावण आफ्नो स्वरूप प्रकट गरेर सीताको हरण गर्दछ ।

सीताका यी कुरा सुन्नासाथ प्रतापी रावणले पाखुरा निमोठेर आफ्नो स्वरूप प्रकट गऱ्यो ॥१॥ कुरा गर्नामा सिपालु रावण फेरि सीतालाई भन्नलाग्यो :—उन्मत्त भएकी हुनाले तिमीले मेरो बल र पराक्रमको कुरा नसुनेको जस्तो पो मलाई लाग्दछ ॥२॥ आकाशमा अडिएर म यस पृथ्वीलाई आफ्ना हातले उचाल्न सक्तछु, र मृत्युलाई संग्राममा मारिदिन सक्तछु ॥३॥ आफ्ना तीखा बाणले सूर्यलाई पीडित गर्न र पृथ्वीतललाई फोर्न सक्तछु । आफ्नो इच्छाअनुसार भ्रमण गर्ने उन्मत्त परेकी हे सीते ! आफ्नो इच्छामुताबिकको रूप धारण गर्न सक्ने मलाई हेर ॥४॥

यात भन्दा भन्दैमा रिसले चूर भएको रावणका काला आँखा राता भए र आगोको ज्वाला जस्ता देखिनलागे ॥५॥ उत्नीखेरै कुवेरको भाइ रावणले संन्यासीको रूप त्यागेर कालको समान आफ्नो असली वड़ो उग्ररूप धारण गरिहाल्यो ॥६॥ आँखा राता राता पारेको, उत्तम सुनका गहना पहिरेको रावण अत्यन्त रिसाएको हुनाले नीलो मेघ जस्तो देखिनलाग्यो ॥७॥ यसले संन्यासीको रूप छाडेर दश टाउको र बीस हात भएको बडो विशाल शरीर धारण गऱ्यो ॥८॥ आफ्नो असली रूप धारण गरेको, रातो वस्त्र पहिरेको राक्षसहरूको राजा रावण स्त्रीरत्न सीतातिर हेर्दै खडा रह्यो ॥९॥ सूर्यको जस्तो तेज भएकी, कालो रौं भएकी, गहना लुगा पहिरेकी सीतालाई रावण भन्नलाग्यो ॥१०॥ तीनै लोकमा प्रसिद्ध भएको पुरुषलाई आफ्नो पति बनाउन चाहन्छ्यौभने हे सुन्दरी ! मेरो शरणमा आइहाल, किनकि म मात्र तिमीलाई सुहाउने किसिमको पति छु ॥११॥ अनन्त कालसम्म मेरो साथमा बस, म तिमीलाई प्यारो गर्ने पति हुनेछु । हे सीते ! म तिमीलाई मन नपर्ने कुरा कहिले पनि

गर्नेछैन ॥१२॥ मानिसमाथिको प्रेमलाई त्याग गरेर ममाथि प्रेम गर, राज्यबाट निकालिएको, अभिलाषा पूर्ण गर्न नसकेको, अल्पायु राममा के के गुण देखेर तिमी प्रेम गर्दछ्यौ। ए मूर्ख ! तिमी आफूलाई खूब बुद्धि भएकी भन्ठान्छ्यौ, एउटी आइमाईको भनाइमा लागेर आफ्ना इष्टमित्र, राज्य छाडी हिंस्रक पशुहरूले वास गर्ने वनमा आएर त्यो मूर्ख रहनलागेको छ ।

सधैं मीठो कुरा सुन्ने सीतालाई यस्तो कठोर वचन भनेर कामले मोहित भएको दुष्ट रावण सीताको नजीक आयो र आकाशमा बुधले रोहिणीलाई पक्रेझैं उनलाई समातिहाल्यो ॥१३-१६॥ रावणले देब्रे हातले सीताका कपालका रौं र दाहिने हातले दुवै चरण समात्यो ॥१७॥ पर्वतको टाकुराझैं अग्लो लामो हात र तीखा दाँत भएको, मृत्युसमानको रावणलाई देख्ता वनका सबै देवताहरू डराएर भागे ॥१८॥

यसपछि मायाले बनेको, गधा जोतिएको भयङ्कर शब्द उत्पन्न गर्ने सुनको पांग्रा भएको, रावणको विशाल दिव्य रथ देखापऱ्यो ॥१९॥ चर्को स्वर भएको रावण कडा वचनद्वारा सीतालाई हप्काई तथा उनलाई आफ्नो काखमा राखी रथमा सवार भयो ॥२०॥

रावणको वशमा परेकी यशस्विनी सीता अत्यन्त दुःखले पीडित भई वनमा टाढा गइसकेका रामलाई "राम राम" भनेर बोलाउँदै रुनलागिन् ॥२१॥ रावणमाथि अलिकता मात्र पनि प्रेम नभएकी, अतएव फुत्कनालाई सर्पिणीझैं छट्पटाइरहेकी सीतालाई समातेर कामपीडित रावण आकाशतिर उड्यो ॥२२॥ यस प्रकारसँग रावण सीतालाई हरेर आकाशको बाटो गरेर जानलाग्यो र उनी बौलाही जस्ती भई वनमा आकुल व्याकुल परेर चिच्च्याउनथालिन् ॥२३॥ दाजुलाई प्रसन्न राख्न खोज्ने हे महाबाहो लक्ष्मण ! आफ्नो इच्छाअनुसारको रूप धारण गर्ने राक्षस मलाई हरेर लैजानलागेको छ, यो कुरा तिमीलाई थाहा छैन ॥२४॥ हे राम ! तपाईंले धर्मको निम्ति, जीवनको सुख र धनको त्याग गर्नुभयो तर अधर्मी राक्षसले मलाई हरेर लैजानलागेको देख्नुभएन ॥२५॥ हे शत्रुहरूलाई ताप पार्ने राम ! तपाईं कुबाटोमा हिंड्नेहरूलाई सजाय गर्नुहुन्छ, तर यस किसिमको पाप गर्नेलागेको रावणलाई किन दण्ड नदिएको ? ॥२६॥ ठीक हो, दुष्ट काम गर्नेहरूले उहिखेरै आफ्नो कर्मको फल पाउन्नन्, अन्न पाक्नालाई समय लाग्नेझैं यसको लागि पनि केही समयको आवश्यक पर्दछ ॥२७॥ हे रावण ! कालले तेरो बुद्धिलाई नाश गरिदिएको छ, यसैले तैंले प्राणको नाश गर्ने यस्तो दुष्ट काम गरिस्, तैंले रामको हातबाट आपत्ति भोग्नुपर्नेछ ॥२८॥ अफसोस ! अहिले कैकेयीको र उनका बन्धुवर्गको मनोरथ पूर्ण भयो, किनकि धर्मात्मा यशस्वी रामचन्द्रकी धर्मपत्नी म हरिनलागेकी छु ॥२९॥

अब म जनस्थानलाई र यहाँका फुलेका यी कर्णिकार रूखलाई झट्टै रामलाई, रावण सीतालाई हरेर लैजानलागेको छ भनेर सुनाइदिए भनी प्रार्थना गर्दछु ॥३०॥ हाँस र सारसले भरिभराउ भएकी गोदावरी नदीलाई प्रणाम गर्दछु, झट्टै रामलाई रावण सीतालाई हरेर लैजानलागेको छ भनेर सुनाइदिनु-

होला ॥३१॥ नाना प्रकारका रूख भएका यस वनमा जति देवता छन् ती सबैलाई म नमस्कार गर्दछु, तपाईंहरूले मेरा पतिलाई मेरो हरणको कुरा सुनाइदिनुहोला ॥३२॥ यहाँ जति प्रकारका जीव जन्तु, चराचुरुङ्गी छन् म ती सबैको शरण परेकी छु, यिनीहरूले मेरा पतिलाई, प्राणभन्दा पनि प्यारी तिम्री स्त्रीलाई विवश पारेर रावणले हरेर लग्यो भनेर सुनाइदिऊन् ॥३३-३४॥ यति थाहा पाएपछि, महाबली महाबाहु रामचन्द्र यमराजद्वारा हरिएर परलोकमा गएकी भए पनि मलाई आफ्नो पराक्रमले फर्काएर ल्याउनेछन् ॥३५॥

यस प्रकारसँग आपत्तिमा परेकी, ठूला, ठूला आँखा भएकी सीताले मन पग्लने गरी विलाप गर्दा गर्दैमा रूखमा बसेको एउटा गिद्धलाई देखिन् ॥३६॥ रावणको वशमा परेकी सीता त्यस गिद्धलाई देख्नासाथ डराउँदै डराउँदै दुःखित शब्दमा रुँदै त्यसलाई भन्नलागिन् ॥३७॥ हे सज्जन जटायु ! यो पापी, राक्षसको राजाले अनाथिनीझैं मलाई निर्दयतासित हरेर लैजानलागेको छ ॥३८॥ तिमी यस दुष्ट राक्षसलाई रोक्न सक्तैनौ, किनकि यो बलियो छ, यसले धेरैलाई जितेको छ र यस पापीसित हतियार पनि छ ॥३९॥ तर हे जटायो ! मलाई हरेर लगेको यो सबै वृत्तान्त जस्ताको तस्तै राम र लक्ष्मणलाई सुनाइदिए ॥४०॥

सर्ग—५०

जटायु पहिले रावणलाई संझाउँछन् र अनि लड्न भनी तैयार हुन्छन् ।

मस्तसँग सुतेको भए तापनि जटायुले यो शब्द सुने । बिउँझेर यताउति हेर्नासाथ यसले सीता र रावणलाई देखिहाले ॥१॥ चराहरूमाका श्रेष्ठ, पर्वत समानका अग्ला, तीखो चुच्चो भएका श्रीमान् जटायु रूखमा बसेर नै यो मीठो कुरा भन्नलागे ॥२॥

हे भाइ रावण ! म आफ्नो धर्ममा तत्पर रहने, प्रतिज्ञा पूरा गर्ने, महाबली, गिद्धहरूको राजा जटायु हुँ । मेरो सामुन्ने तिमीले यस्तो निन्दित काम गर्न उचित पर्दैन । साक्षात् महेन्द्र र वरुणसमान सबैका मालिक, समस्त संसारको हित गर्नामा लागेका, राजा दशरथका छोरा रामचन्द्रकी यी यशस्विनी धर्मपत्नी हुन् ॥३-५॥ जसलाई तिमी हर्न खोजिरहेकाछौ तिनको नाम सीता हो, आफ्नो धर्ममा अडिएको राजाले कसरी अर्काकी स्वास्नी हर्ने हो ? ॥६॥ हे महाबली रावण ! विशेष गरेर राजाका स्त्रीहरूको ता सबै तरहबाट रक्षा गर्नुपर्दछ, तसर्थ अर्काकी स्त्री हरण गर्ने यो छोटो बुद्धिलाई त्याग गरेर नीच मार्गबाट दूर भइजाऊ ॥७॥ जुन काम गर्नाले संसारमा निन्दा हुन्छ सज्जनले त्यो काम कदापि गर्न हुन्न, आफ्नी स्वास्नीलाई झैं अर्काकी स्वास्नीलाई पनि, अर्काले छुन नपाउने गरी रक्षा गर्नु सबैको कर्तव्य हो ॥८॥ हे पौलस्त्यनन्दन ! जुन अर्थ वा कामको विषयमा शास्त्रद्वारा राम्रोसँग ज्ञान हुन सक्तैन त्यस्ता विषयमा राजाले जस्तो आचरण गरे, त्यसैलाई आदर्श मानेर सज्जनहरू त्यै किसिमले काम गर्दछन् ॥९॥ धर्म,

कल्याण, पाप राजाबाट नै प्रारम्भ भएर दुनियाँमा फैलिन्छ तसर्थ राजालाई धर्म, काम तथा धनको ढुकुटी भन्नुपर्दछ ।।१०।। हे राक्षसश्रेष्ठ ! तिमी ता पापी स्वभावका र चञ्चल छौ, फेरि तिमीले, दुष्ट काम गर्नेले देवविमान पाएझैं, यत्रो ठूलो ऐश्वर्य कसरी पायौ ? ।।११।। जो मानिस आफ्नो मनपर्दो गरेर हिंड्दछ त्यसको यो बानी कहिले पनि छुट्टैन । दुष्टको घरमा पुण्य अथवा पुण्यको फलरूप ऐश्वर्य्य धेरै दिनसम्म टिक्न सक्तैन ।।१२।। तिम्रो देश अथवा शहरमा महाबली रामचन्द्रले कुनै प्रकारको अपराध गरेका छैनन्, फेरि तिमी ती धर्मात्माको किन हानि गर्नलागिरहेका छौ ? ।।१३।।

शूर्पणखाको भनाइमा लागेर जनस्थानमा आएको घमण्डी खरलाई पुण्यात्मा रामचन्द्रले मारिदिए-भने यसमा, यिनको यथार्थमा कति दोष रहेछ सो कुराको निर्णय गर; यै कुरा लिएर तिमी समस्त संसारका प्रभु यिनकी स्त्री हरेर लैजानलागेका छौ ।।१४-१५ ।। झट्टै जानकीजीलाई छाडिदेऊ नत्र इन्द्रको वज्रले वज्रासुरलाई डढाएझैं, बल्दो आगोसमानको डरडाग्दो आँखाले रामचन्द्रले तिमीलाई डढाइदिनेछन् ।।१६।। विषालु सर्पलाई तिमीले पछ्यौराको टुप्पामा बाँधिराखेका छौं, तर तिमीलाई यो कुराको पत्तो छैन, घाँटीमा यमराजको पासो बेह्रिराखेको तिमी आँखाले देख्तैनौ ।।१७।। हे सज्जन ! मानिसले आफ्नो शरीरलाई तकलीफ नपर्ने जति भारी मात्र बोक्नुपर्दछ र खाँदाखेरि पनि त्यै अन्न खानुपर्दछ जो राम्ररी पचोस् र शरीरमा कुनै प्रकारको रोग उत्पन्न नगरोस् ।।१८।। जुन काम गर्नाले धर्म, कीर्ति, यश केही पनि हुँदैन र शरीरमा केवल बाधा हुन्छ, त्यो काम कसले गर्ला ? ।।१९।।

हे रावण ! म जन्मेको र आफ्ना बाबा बराज्यूको राज्यको यथायोग्य पालना गरिरहेको साठी हजार वर्ष भइसक्यो ।।२०।। म बूढो छु, तिमी छौ तरुनो, धनु, कवच, वाण धारण गरी रथमा सवार भइराखेका छौ तैपनि मेरो सामुन्नेमा सीतालाई हरेर कुशलपूर्वक जान सक्तैनौ ।।२१।। जसरी न्यायको हेतुवादले, सनातनी वेदश्रुतिलाई कसैले काट्न सक्तैन त्यसै गरी मैले हेर्दा हेर्दैमा तिमी बलजफ्तीसँग सीतालाई हरेर लैजान सक्तैनौ ।।२२।। हे रावण ! यदि वीर ह्वौभने एकै छिन अड, जसरी पहिले खर लडेथ्यो त्यसै गरी तिमीले पनि मरेर भूइँमा सुत्नुपर्नेछ ।।२३।। अनेकौं युद्धमा दैत्य र दानवलाई मार्ने, चीर धारण गर्ने रामचन्द्रले तिम्रो पनि झट्टै युद्धमा वध गरिदिनेछन् ।।२४।। म यस बखतमा के गर्न सक्तछु, ती दुवै राजपुत्र वनमा धेरै टाढा गएका छन् । तिमीले झट्टै उनीदेखि डराएर विनाश हुनुपर्नेछ, यसमा कुनै कुराको सन्देह छैन ।।२५।। मेरो ज्यान रहेसम्म कमलका जस्ता आँखा भएकी, सदाचारिणी, रामचन्द्रकी प्यारी महारानीलाई यहाँबाट लैजान पाउँदैनौ ।।२६।। मैले अवश्यै महात्मा रामचन्द्र तथा दशरथको भलो हुने काममा आफ्नो प्राणको समर्पण गर्नुपर्दछ ।।२७।। हे दश टाउका भएको रावण ! पर्खी, एक्कै छिन पर्खी, म तँलाई झट्टै हाँगाबाट फल झारेझैं रथबाट झारिदिन्छु । हे राक्षस ! म आफ्नो बलअनुसारको युद्धले तेरो अतिथिसत्कार गर्दछु ।।२८।।

सर्ग—५१

रावण र जटायुको युद्ध ।

जटायुले यसो भनेको सुन्दा असल सुनको कुण्डल धारण गरेको, रिसाहा राक्षसको राजा रिसले आँखा राता राता तुल्याई जटायुमाथि जाइलाग्यो ॥१॥ हावाले उडाएर ल्याएका दुइटा बादल आकाशमा ठक्कर खाएझैं जटायु र रावणको यस भयानक युद्धमा विकट प्रहार हुनलाग्यो ॥२॥ पखेटा भएका तथा माला पहिरेका दुइटा श्रेष्ठ पर्वतहरूको झैं गृध्रराज जटायु र रावणको बडो अद्‌भुत संग्राम हुनलाग्यो ॥३॥ नालीक, नाराच, र विकर्णी नाम गरेका तीखा डरलाग्दा बाणले महाबली गृध्रराजलाई ढाकिदियो ॥४॥ पक्षीराज जटायुले युद्धमा रावणले चलाएका अस्त्र र बाण-लाई रोकिदिए ॥५॥ पक्षिश्रेष्ठ महाबाहु जटायुले तीखा नंग्रा भएका खुट्टाले रावणको शरीरमा नाना प्रकारका घाउ गराइदिए ॥६॥ आफ्नो शरीरमा घाउ लागेको देखेर रावणले रिसले चूर भई यमराजका दण्ड जस्ता डरलाग्दा दशओटा बाण शत्रुलाई मार्न भनी उठायो ॥७॥ रावणले कानसम्म धनु तानेर, सोझो जाने, शान चढाएका, तीखा, रगतका प्यासा अतएव भयङ्कर बाण चलाएर जटायुलाई छेड्यो ॥८॥ राक्षसको रथमा रुँदै बसिरहेकी सीतालाई देख्ता जटायुले पनि यी बाणको केही वास्तै नराखी रावणमाथि जाइलागे ॥९॥ मुक्ता र मणिले सिंगारिएको, बाण चढाइराखेको रावणको धनुलाई महातेजस्वी जटायुले आफ्ना खुट्टाले भाँचिदिए ॥१०॥

आफ्नो धनु भाँचिएको देख्ता रावण अत्यन्त क्रुद्ध भई अर्को धनु लिएर सैकड़ौं हजारौं बाणको वर्षा गर्नलाग्यो ॥११॥ युद्धमा रावणको बाणले घेरिएका जटायु गुँडभित्र बसेको चरा जस्तो पो देखिनलागे ॥१२॥ फेरि पनि महातेजस्वी जटायुले आफ्ना पखेटाले ती बाणलाई पञ्छाएर दुईटा खुट्टाले त्यसको बडेमानको धनुलाई भाँचिदिए ॥१३॥ यसपछि आफ्ना पखेटाले ती महा-तेजस्वी जटायुले आगोको जस्तो चहक भएको त्यसको कवचलाई छिया-छिया पारिदिए ॥१४॥ महाबली जटायुले पिशाचको जस्तो मुख भएका, खूब छिटो दगुर्ने, सुनको माला लगाएका, रावणको रथमा जोतिएका खच्चरहरूलाई पनि मारिदिए ॥१५॥ फेरि अग्निसमान चहकिलो, मणिको भर्‍याङ्ग लागेको, आफ्नो इच्छामुताबिक चल्ने, तीनओटा बाँस भएको रावणको रथ भाँचिदिए ॥१६॥ चन्द्रमा र चँवर जस्तो रावणको छाता तथा यिनलाई बोक्ने राक्षसहरूलाई समेत मारेर तल खसालिदिए ॥१७॥ महाबली, पक्षिराज श्रीमान् जटायुले सारथिको बडेमानको टाउको चुच्चोको बडो वेगको प्रहारले काटिदिए ॥१८॥ धनु र रथ भाँचिनाले तथा घोडा र सारथि मारिएका हुनाले रावण सीतालाई काखमा लिएर भूइँमा खस्यो ॥१९॥

रथ भाँचिनाले रावणलाई भूइँमा खसेको देख्ता सबै प्राणीहरू वाह वाह भनेर जटायुको प्रशंसा गर्नलागे ॥२०॥ वृद्धावस्थाले गर्दा जटायुलाई थाकेको देख्ता रावण प्रसन्न भई सीतालाई लिएर आकाशतिर उड्यो ॥२१॥ सीतालाई काखमा राखेर अरू सबै साधन नाश भएकोले

केवल एउटा तरवार लिई, मनमा प्रसन्न भई जानलागेको रावणमाथि गृध्रराजले उडेर फेरि आक्रमण गरे, त्यसलाई चारैतिरबाट घेरेर महातेजस्वी जटायु भन्नलागे ।।२२-२३।। जसका वाण वज्रको समान लाग्दछन् त्यस्ता रामचन्द्रकी पत्नीलाई, हे मूर्ख ! तँ सबै राक्षसहरूको वध गराउनाको निम्ति हरेर लैजानलागेको छस् ।।२४।। प्यासो मानिसले पानी पिएझैं तँ आफ्ना इष्ट-मित्र, बन्धुवर्ग, मन्त्री, सेना तथा नोकर-चाकर सबैको साथसाथै यो विष पिउनलागिरहेको छस् ।।२५।। हे रावण ! आफ्नो कामको फलको ख्याल नराख्नाले जसरी मूर्ख मानिसको झट्टै विनाश हुन्छ त्यसै गरी तिम्रो पनि सबै परिवारको साथसाथै सत्यानाश हुनेछ ।।२६।। तिमी कालको पाशोले बाँधिएका छौ, यसबाट तिम्रो कसरी मुक्ति होला ? जसरी मासुको टुक्रो भएको बल्छी समातेर माछा मर्दछ तिम्रो पनि ठीक त्यस्तै दशा हुनेछ ।।२७।। हे रावण ! कसैले पनि जित्न नसक्ने राम र लक्ष्मण आफ्नो आश्रमको तिमीद्वारा यस्तो अपमान भएको कदापि सहन सक्नेछैनन् ।।२८।। तिमी डरछेरुवाले सबै लोकमा निन्दा हुने जो काम गर्नलागेका छौ त्यो ता चोरले गर्ने किसिमको काम हो, शूराहरू-लाई सुहाउने किसिमको यो बाटो होइन ।।२९।। हे रावण ! यदि तिमी शूरो छौभने एकै छिन अडेर मसित युद्ध गर, जसरी तिम्रो भाइ खर युद्धभूमिमा लडेथ्यो त्यसै गरेर तिमीलाई मारेर सुताइदिन्छु ।।३०।। मर्ने वेलामा आफ्नो विनाशको निम्ति मानिस जस्तो काम गर्दछन्, तिमी पनि त्यस्तै अधर्मको काम गरिरहेका छौ ।।३१।। पापसित सम्बन्ध भएको कामलाई ता लोकका अधिपति इन्द्र तथा स्वयं स्वयम्भू भगवान् पनि गर्दैनन्भने कुनचाहिं मानिस त्यो काममा हात हाल्ला ? ।।३२।।

यस प्रकारसँग राक्षसलाई राम्रा कुरा सुनाएर पराक्रमी जटायु उसको पिठिउँमा बलियोसँग टाँसिए ।।३३।। दुष्ट हात्तीमा चढेको माहुतेले जसरी अंकुशी भालाले उसको टाउकोलाई छेड्दछ त्यसै गरी जटायुले पनि रावणलाई पक्रेर आफ्ना तीखा नंग्राले वाइते बनाइदिए ।।३४।। चुच्चोको आघात तथा नंग्राको प्रहारले रावणको पिठिउँमा घाउ तुल्याएर सबै रौं उखेलिदिए; नंग्रा, पखेटा र चुचो नै जटायुका हतियार थिए ।।३५।। गृध्रराजको वारंवारको प्रहारले अत्यन्त पीडित भई त्यो राक्षस रिसले ओठ कमाउँदै काम्नथाल्यो ।।३६।। देब्रे कोखातिर सीतालाई च्यापेर, आकुल परेको तथा अत्यन्त क्रुद्ध भएको राक्षसले जटायुलाई एक लात हान्यो ।।३७।। शत्रुको दमन गर्ने, पक्षिराज जटायुले त्यो लातको प्रहार बचाएर, आफ्नो चुचोले देब्रे पट्टिको यसको दशओटा हात उखेलिदिए ।।३८।। दूलोबाट विषको ज्वाला भरिएका साँप निस्केझैं हात उखेलिनासाथ नयाँ नयाँ हात झट्टै निस्कनलागे ।।३९।। यसपछि पराक्रमी रावण, सीतालाई छाडेर रिसले मुर्मुरिंदै गृध्रराजलाई मुक्की र लात मार्नलाग्यो ।।४०।। अत्यन्त पराक्रमी राक्षसहरूको राजा तथा पक्षीहरूका स्वामी यी दुवैको एकै छिनसम्म युद्ध भयो ।।४१।। रामचन्द्रको उपकार गर्न भनी युद्ध गरिरहेका जटायुका दुवै खुट्टा, पखेटा र दुवै कोखा रावणले तरवार झिकेर काटिदियो ।।४२।। दुष्ट काम गर्ने रावणद्वारा पखेटा काटिए-पछि मर्नलागेका गृध्रराज जटायु उल्लिखेरै भूइँमा लडे ।।४३।।

रगतमा मुछिएका जटायुलाई भूइँमा झर्नलागेको देख्ता दुःखिनी सीता आफ्नो कुनै कुटुम्बी मर्नलागेको जस्तो गरी उनीतिर दगुरिन् ।।४४।। लङ्कापति रावणले नीलो बादल जस्ता, सेतो छाती भएका अत्यन्त पराक्रमी जटायुलाई निभेको दावानल जस्तै भूइँमा शान्त भएर लडिरहेका देख्यो ।।४५।। रावणको वेगले मर्दित भएका भूइँमा लडिराखेका ती पक्षिराज जटायुलाई समातेर चन्द्रमा जस्तो मुख भएकी सीता रुनलागिन् ।।४६।।

सर्ग—५२

सीतालाई लिएर रावण बाटो लाग्दछ र सीता विलाप गर्दछिन् ।

चन्द्रमुखी सीता गृध्रराजलाई रावणद्वारा मारिएको देखेर अत्यन्त दुःखित भई विलाप गर्नलागिन् ।।१।। आँखा फरफराउनु, चराहरूको दाहिने देब्रेतिर जानु अथवा बोल्नु तथा नराम्रा सपना देख्नु इत्यादि कुराले मानिसलाई आइपर्ने सुख दुःखको निश्चय सूचना दिन्छ ।।२।। हे राम ! हरिण र चराहरू मेरो सम्बन्धको अशुभ सूचना दिनालाई यताउति दगुरिरहेका छन्, तर तपाईं आफूमाथि आइपरेको यस विपत्तिलाई थाहा पाउनुहुन्न ।।३।। हे राम ! यी पक्षिराज कृपा गरेर मेरो रक्षा गर्न यहाँ आएका थिए, तर मेरो दुर्भाग्यले गर्दा यी मरेर भूइँमा लडिरहेका छन् ।।४।।

हे राम ! हे-लक्ष्मण ! आज मेरो रक्षा गर । डराएकी सीता यस प्रकारसँग विलाप गर्नलागिन्, तिनले रोएको आवाज त्यहाँका प्राणीहरूले पनि सुने ।।५।। वैलाएको माला तथा मैलो गहना लगाएकी, अनाथिनीझैं विलाप गरिरहेकी सीतातिर राक्षसहरूको राजा रावण दगुर्‍यो ।।६।। लहराझैं सीता ठूला ठूला रूखलाई अँगालो हाल्दै तिनमा टाँसिनलागिन्, वारंवार छोड् छोड् भन्दै रावण उनीनेर पुग्यो ।।७।। राम नभएको वनमा राम राम भनेर चिच्च्याइरहेकी सीताको केश यमराज जस्तो रावणले समातिहाल्यो ।।८।।

रावणले सीताको यस प्रकारसँग अनादर गर्दाखेरि चराचरसहितको समस्त जगत् मर्य्यादा-शून्य भई घोर अन्धकारमा निमग्न भयो ।।९।। हावा चल्न बन्द भयो, सूर्य भगवान्को तेज हराएर गयो । रावणद्वारा सीताको अपमान भएको घटना पितामह ब्रह्माले दिव्य दृष्टिले देखेर अब काम सिद्ध हुने भयो भने । सबै महर्षिहरू रावणको विनाश हुने देखेर खुशी भए, तर सीताको दुःख देख्ता दुःखित भए ।।१०-११।। त्यस दण्डक वनमा बस्नेहरूले सीताको यस्तो बेइज्जती भएको देख्ता अब निस्सन्देह रावणको विनाश हुने समय नगीचै आइपुगेछ भन्ने कुरा थाहा पाए ।।१२।।

हा राम ! हा लक्ष्मण ! भन्दै विलाप गरिरहेकी सीतालाई पक्रेर राक्षसहरूको राजा रावण आकाशको बाटो गरी उड्यो ।।१३।। यस समयमा आगोमा खारेको सुनको गहना जस्तै शरीरको वर्ण भएकी तथा पहेंलो रेशमी वस्त्र पहिरेकी सीता आकाशमा बिजुली जस्तो देखिनलागेकी थिइन् ।।१४।। यस समयमा सीताको पीताम्बर उड्नलागेकाले अग्निद्वारा प्रकाशमा भएको पर्वतझैं रावणको शोभा

बढिरहेको थियो ।।१५।। अत्यन्त भाग्यमानी सीताको शरीरमा राता राता मीठो बास्ना आउने जुन कमलका पात थिए ती धमाधम रावणको आँगमा झर्नलागे ।।१६।। आकाशमा उडिरहेको सुनको रंग जस्तो सीताको वस्त्र, साँझतिर सूर्यको किरणले गर्दा रातो देखिने बादल जस्तो देखिनलाग्यो ।।१७।। जसरी विनाडाँठको कमलको फूलको शोभा हुँदैन त्यसै गरी आकाशमा रावणको काखमा बसेकी सीताको त्यो राम्रो मुख राम नहुनाले राम्रो देखिन्नथ्यो ।।१८।। ठूलो निधार भएको, कपालको राम्रो रौं भएको, कमलगर्भ जस्तो टल्कने, कतै दाग नभएको सफा टल्कने दाँतले शोभायमान भएको, राम्रा राम्रा आँखा भएको, सीताको त्यो सुन्दर मुख, रावणको काखमा बसेको हुनाले, आकाशमा नीलो बादललाई छेडेर उदाएका चन्द्रमा जस्तो देखिनलागेको थियो ।।१९-२०।। हरदम रोइरहेको, आँसु झर्नाले मलिन भएको, चन्द्रमाले झैं सबैलाई आनन्द गराउने, राम्रो नाक भएको, रातो ओठ भएको, सुन जस्तो सीताको त्यो राम्रो मुख राक्षसको छिटो चालले गर्दा कामिरहेको थियो । जसरी दिनमा आकाशमा उदाएका चन्द्रमाको केही शोभा हुँदैन त्यसै गरी राम नहुनाले सीताको बिलकुलै शोभा थिएन ।।२१-२२।। जसरी नीलो हात्तीको शरीरमा सुनको सिक्रीको केही शोभा हुन्न त्यसै गरी सुनको जस्तो वर्ण भएकी सीता, कालो रावणको साथमा बसेकी हुनाले यिनको अलिकता पनि शोभा भएको थिएन ।।२३।। कमलको केसर र सुन जस्तो वर्ण भएकी, चहकिलो गहना लगाएकी सीता रावणको साथमा हुनाले मेघको बीचमा चम्किरहेको बिजुलीसमान देखिनलागेकी थिइन् ।।२४।। सीताका गहनाको आवाजले गर्दा रावण गर्जिरहेको नीलो बादल जस्तो लाग्दथ्यो ।।२५।। रावणले सीतालाई हरेर लैजानलागेको वेलामा उनको माथबाट झरेका फूल पृथ्वीमा जताततै बर्सन लाग्यो ।।२६।। तर यै पुष्पवृष्टिमा झरेका फूलहरू, रावणको चलाइको वेगले उत्पन्न भएको हावाद्वारा उडाइएका हुनाले, नक्षत्रहरूको विमल माला सुमेरु पर्वतको चारैतिर घुमेझैं, कुवेरको भाइ रावणको नजीक आउनलागे ।।२७-२८।।

जानकीजीको पाउबाट झरेको, रत्न जड़िएको नूपुर (पाउजेब) बिजुली जस्तो भएर पृथ्वीमा खस्यो ।।२९।। सुवर्णमय झूलले हात्तीलाई सुशोभित गराएझैं रूखमा भर्खर भर्खर लागेका पालुवा जस्तै रातो वर्ण भएकी सीताले कालो, राक्षसहरूको राजालाई शोभित गराइन् ।।३०।। सीता महाज्वाला जस्तै आफ्नो तेजले प्रकाशमान भइरहेकी थिइन्; यस्तो अवस्थामा कुवेरको भाइ रावणले यिनलाई आकाशमार्गबाट हरेर लग्यो ।।३१।। आगोको ज्वाला जस्ता चहकिला सीताका गहना आवाज गर्दै आकाशबाट तारा खसेझैं गरेर पृथ्वीमा खस्नलागे ।।३२।। सीताजीका दुवै स्तनको बीचबाट झरेको चन्द्रमा जस्तो चहकिलो हार, आकाशबाट झर्नलागेकी गङ्गाको समान शोभा दिनलागेको थियो ।।३३।। नाना प्रकारका चराचुरुङ्गी बसिराखेका, उत्पातको वायु चल्नाले हल्लिरहेका रूखहरू, आफ्नो टुप्पा हल्लाएर सीतालाई "नडराऊ" भन्नलागेका जस्ता देखिन्थे ।।३४।। यस समयमा तलाउमा कमलका बोट नष्ट भइसकेका थिए, माछाआदि गरिएका जलजन्तु डरले आकुल व्याकुल परेका थिए ।

उत्साहहीन भएका यी तलाउहरू आफ्नो सखीको निम्ति शोक गरेझैं, सीताको लागि शोक गरिरहेका जस्ता देखिन्थे ।।३५।। सिंह, बाघ, हरिणी र पक्षीहरू जम्मा भई रिसाएर चारैतिरबाट सीताको छाया पछिपछि दगुरिरहेका थिए ।।३६।। सीताको हरण समयमा झरनारूपी आँसु बगाउँदै, शिखररूपी हात उठाएर पर्वतहरू रोइरहेका हुन् कि जस्तो देखिनलागेका थिए ।।३७।।

सीताको हरण हुनलागेको देखेर श्रीमान् सूर्य भगवान् दुःखित भए, उनको तेज हराएर गयो र मण्डल धमिलो देखिनलाग्यो ।।३८।। रावणले रामकी पत्नी सीतालाई हरेर लैजान्छभने सत्य, दया, धर्म, सरलता, सुशीलता यी सबै संसारमा लोप भएछन् ।।३९।। सबै प्राणी आफ्ना आफ्ना बगालमा यसो भन्दै विलाप गर्नलागे । हरिणका बच्चाहरू डराएर तथा दुःखित भएर रुनलागे ।।४०।। आफ्नो शोभाहीन आँखाले वारंवार माथितिर हेर्नलागेका वन-देवताहरूको शरीर, अत्यन्त डराएका हुनाले थरथर कामिरहेको थियो ।।४१।।

यस प्रकारसँग आफूमाथि आइपरेको दुःख देख्ता सीता चिच्याउँथिन्, मधुरो स्वरले हा राम ! हा लक्ष्मण ! भन्दै रुन्थिन्, वारंवार पृथ्वीतिर हेर्दथिन्; यिनका कपालका रौं फुकेका थिए, चन्दनको टीका मेटिएको थियो । यी यशस्विनी सीतालाई रावणले आफ्नो सर्वनाश गराउनाको लागि हरेर लग्यो ।। ४२–४३।। राम्रो दाँत भएकी, राम्रो किसिमले मुसुक्क हाँस्ने, बन्धुवर्ग कोही पनि नभएकी सीता राम र लक्ष्मण यी दुवैमा कसैलाई पनि नदेख्ता अत्यन्त डराएकी हुनाले यिनको मुख झ्याउरो देखिनलागेको थियो ।।४४।।

सर्ग—५३

सीता रावणलाई धिक्कार्दै विलाप गर्दछिन् ।

रावणलाई आकाशमा उड्नलागेको देख्ता सीता दुःखित अत्यन्त व्याकुल तथा ठूलो डरमा परेकी थिइन् ।।१।। रिसले गर्दा तथा रुँदा रुँदा यिनका आँखा राता भएका थिए । डरलाग्दो आँखा भएको राक्षसराज रावणले आफूलाई हरेर लैजानलागेको देखेर सीता रुँदै उसलाई भन्नलागिन् ।।२।।

हे नीच रावण ! मलाई एकली फेला पारेर तँ चोरी गरेर भाग्नलागेको छस्, तँलाई आफ्नो यो नीच काम देख्ता के लाज लाग्दैन ? ।।३।। हे काथर ! तैंले नै मलाई हरेर लैजाने इच्छा गरेर मायामृगद्वारा मेरा पतिलाई टाढा पठाइदिइस् ।।४।। मेरा ससुराका मित्र बूढा गृध्रराज मेरो रक्षाको लागि तय्यार थिए, तैंले उनलाई पनि मारिदिइस् ।।५।। हे राक्षसहरूमध्येको अधम ! तेरो पराक्रम ता निकै ठूलो रहेछ, तैंले आफ्नो नाम सुनाएर राम लक्ष्मणसँग युद्ध गरेर मलाई जितेको होइन ।।६।। यस्तो निन्दित काम गरेर तँलाई कसो लाज नलागेको होला ! हे नीच ! तैंले अर्काकी विवाहिता स्वास्नीलाई एकली पारेर हरिस् ।।७।। आफूलाई शूरो भनिठान्ने तैंले यो अत्यन्त लाज हुने निन्दनीय काम गरिस् । सबै मानिसले यसको चर्चा गरेर तँलाई खराब भन्नेछन् ।।८।। मेरो हरण गर्ने समयमा तैंले वर्णन गरेको

तेरो बल र पराक्रमलाई धिक्कार छ, आफ्नो कुलमा कलंक लगाउने तेरो यस चरित्रलाई पनि धिक्कार छ ।।९।। तँ मेरो हरण गरेर भागेर जान लागेकोछस् । यस्तो अवस्थामा के गर्न सकिन्छ ? तँ एकै छिन पनि यहाँ अडिइस् भने जीउँदो फर्केर जान पाउनेछैनस् ।।१०।। ती दुवै राजकुमारको आँखाको सामुन्ने परेपछि, तँ आफ्नो जम्मै फौजको साथमा भए तापनि एक छिन पनि बाँच्न पाउनेछैनस् ।।११।। जसरी वनमा बल्दो आगोलाई चराले छुन सक्तैनन् त्यसै गरी कुनै तरहबाट ती राजकुमारहरूका बाणको स्पर्श सहन गर्ने शक्ति तँमा छैन ।।१२।। तसर्थ हे रावण ! आफ्नो कल्याणको राम्ररी विचार गरेर सोझो हिसाबले मलाई छाडिदे, मलाई छाडिनस्भने, मेरो हरणले क्रुद्ध भएका मेरा पति, आफ्ना भाइका साथमा तेरो विनाश पार्ने उद्योग गर्नेछन् । जुन अभिप्रायले तँ बलजफ्तीसँग मेरो हरण गरिरहेको छस्, हे नीच ! तेरो त्यो अभिप्राय निरर्थक हुनेछ, देवतासमानका आफ्ना पतिलाई नदेख्ता तथा शत्रुको अधीनमा रहेर म धेरै दिनसम्म बाँच्न सक्तिनँ ।

अवश्यै तँ वर्तमान र भविष्यको आफ्नो हित हुने कुराको विचार गर्नलागेको छैनस् ।।१३-१६।। जसरी मृत्यु हुने समयमा मानिस बेफायदा गर्ने पदार्थको मात्र सेवन गर्दछन् । मर्न लागेका मानिसलाई फाइदा गर्ने कुरा निको लाग्दैन ।।१७।। हे राक्षस ! तेरो घाँटीमा म यमराजको फाँसी बाँधिएको देख्तछु, यसै कारणले डराउनुपर्ने मौकामा पनि तँ डराउन्नस् ।।१८।। मृत्यु निकट आएको हुनाले तँ अवश्यै सुनै सुनको रूख, रगतको खोलो बगाउने डरलाग्दो वैतरणी नदी देख्तो होलास् ।।१९।। हे रावण ! तँ डरलाग्दो तरवारको जस्तो पात भएको रूखको वन देख्नेछस्, तँ अब झट्टै चहिकलो सुनको फूल लागेका, नीरको पात भएका, फलामका तीखा काँढै काँढाले वेहिएका शाल्मलीको रूख देख्नेछस् । हे निर्लज्ज ! जसरी विष पान गरेर कोही मानिस बाँच्न सक्तैन त्यसै गरी ती महात्मालाई निको नलाग्ने काम गरेर तँ धेरै दिनसम्म बाँच्न सक्तैनस् । हे रावण ! तँ हटाउन नसकिने कालको बलियो पाशोले बाँधिएको छस् ।।२०-२२।। ती महात्मा मेरा पतिको अपराध गरेर तँ कहीं गए पनि सुख पाउन सक्तैनस् । विनाभाइको सहायताले यिनले एकलै एक्कै छिनमा चौद्ध हजार राक्षसलाई युद्धमा मारिदिए । सबै अस्त्र शस्त्रको प्रयोग जान्ने बलिया र शूरा यी रामचन्द्रले आफ्नी प्यारी स्वास्नीको हरण गर्ने तँलाई के आफ्ना तीखा बाणले मार्न बाँकी राख्लान् ?

रावणको हातमा परेकी, भय र शोकले आकुल व्याकुल परेकी सीताले यस्ता तथा यस प्रकारका अरू पनि कठोर वचन भन्दै मन पग्लने गरी विलाप गर्नलागिन् ।।२३-२५।।

नितान्त दुःखिनी, दया लाग्ने गरी विलाप गर्दै अनेक कुरा भन्नलागेकी, छटपटाइरहेकी, तरुनी, थर्थर कामिरहेकी, राजपुत्रीलाई पापी रावणले हरेर लैजानलाग्यो ।।२६।।

सर्ग--५४

पर्वतमा वानरहरूलाई बसेको देखेर सीता आफ्नो गहनाको पोको खसाल्दछिन् र रावण सीतालाई अशोक वनमा लगेर राख्तछ ।

रावणद्वारा हरिएकी सीताले आफ्नो उद्धार गर्न सक्ने कसैलाई देखिनन्, उनको दृष्टि पर्वतको टाकुरामा बसेका पाँचओटा प्रधान वानरहरूमाथि पर्नगयो ॥१॥ यसपछि ठूला ठूला आँखा भएकी सीताले सुनको जस्तो रंग भएको आफ्नो पछ्यौरा तथा गहना झिकेर ती वानरहरूको बीचमा, शायद यिनीहरूले रामचन्द्रलाई सबै वृत्तान्त सुनाइदेलान् भन्ने आशाले खसालिदिइन् । पछ्यौरामा पोको पारेको गहना वानरहरूको बीचमा खस्यो॥२–३॥ हडबडीमा परेको रावणले सीताको यो काम बुझ्न सकेन ।

विलाप गर्नलागेकी, ठूला ठूला आँखा भएकी सीतालाई ती खैरा आँखा भएका श्रेष्ठ वानरहरूले एकदृष्टि लगाएर हेरे । राक्षसहरूको राजा रावण पम्पा सरोवर पार गरेर रोइरहेकी सीतालाई साथमा लिई लङ्कापुरीतिर लाग्यो । तीखो दाँत भएकी, महाविषालु सर्पिणीलाई आफ्नो काखमा राखेर प्रसन्न भएको मानिसझैं, आफ्नो मृत्युस्वरूप सीतालाई हरण गरेर बडो खुशी मान्दै रावण जानलाग्यो ।

वन, नदी, पर्वत तलाउहरूलाई पार गर्दै धनुबाट छुटेको बाणझैं रावण आकाशमार्गबाट शीघ्रता-पूर्वक जानलाग्यो । तिमीनामक माछा, र ग्राह बस्ने ठाउँ, वरुणको वासस्थान, तथा नदीहरूले शरण पर्न जाने समुद्रलाई समेत नाघेर गयो । सीताको हरण भएको देख्ता क्रुद्ध भएकोले समुद्रमा भेल उठ्न बन्द भयो । माछा तथा ठूला ठूला साँपले यताउति गर्न छाडिदिए ॥४-९॥ सीताको हरण भएको समयमा समुद्रको ता यस्तो अवस्था थियो, उता आकाशमा बस्ने चारणहरू तथा सिद्धहरूसमेत यै नै रावणको अन्त्य हो भनेर आपसमा कुरा गर्नलागे ।

छटपटाइरहेकी सीतालाई साक्षात् मृत्युलाई आफ्नो काखमा राखेझैं राखेर रावणले लङ्कापुरीमा प्रवेश गऱ्यो । लङ्का शहर ठूला ठूला सडकमा विभक्त भएको थियो, ढोकामा खूब भीड लागेको थियो, यस्तो लङ्कामा पसेर रावण आफ्नो महलभित्र गयो । मय नामको असुरले आफ्नी मायालाई राखेझैं कालो आँखा भएकी शोक र मोहले पीडित भएकी सीतालाई त्यसले त्यहाँ राखिदियो र यसपछि रावणले डरलाग्दो अनुहार भएका राक्षसीहरूलाई यस प्रकारसँग अह्रायो ॥१०–१४॥

मेरो आज्ञाविना कुनै पुरुष, अथवा कुनै स्त्री यी सीता भएको ठाउँमा नआओस् । मोती, मणि, सुन, लुगा, गहना इत्यादि जे कुरा यिनी भन्दछिन् सो तुरुन्त दिइहाल्नू, मेरो यै आज्ञा छ । जानी जानीकन अथवा नजानेर कुनै आइमाईले यिनलाई कडा वचन भन्योभने त्यसले अवश्यै आफ्नो प्यारो ज्यान गुमेको भनिठान्नू ।

ती राक्षसीहरूलाई यस प्रकारको आज्ञा दिइसकेपछि अबउप्रान्तलाई के गर्नुपर्ने हो सो कुराको विचार गर्दै प्रतापी राक्षसराज आफ्नो महलबाट बाहिर निस्क्यो । बाहिर आउनासाथ त्यसले मासु खाने बलिया, आठ जना राक्षसलाई आफ्नो सामुन्ने देख्यो ॥१५–१८॥ अत्यन्त बलियो तथा ब्रह्माको

वरदानले मोहित भएको रावण यिनीहरूलाई देखेर यिनको बल र पराक्रमको तारीफ गरी भन्नलाग्यो ॥१९॥ तिमीहरू झट्टै नाना प्रकारका हात हतियार लिएर त्यस जनस्थानमा जाओ जहाँ पहिले खर बस्ने गर्दथ्यो र जसलाई अहिले रामले शून्य बनाइदिको छ ॥२०॥ सबै राक्षसहरू मारिएको त्यस शून्य जनस्थानमा आफ्नो बल र पराक्रममा भरोसा राखी, कुनै कुरादेखि नडराएर बस ॥२१॥ त्यहाँ मैले ठूलो तथा बलियो फौजका साथमा खर र दूषणलाई राखेको थिएँ । यी सबै रामको बाणले युद्धमा मारिएछन् ॥२२॥ यसकारण धैर्य्यलाई समेत दबाएर मेरो मनमा अहिले ठूलो रिस उत्पन्न भइराखेको छ । रामको साथमा मेरो ठूलो दुश्मनी पैदा भएको छ ॥२३॥ त्यस परम शत्रुमाथि म साटो फेर्ने खोजिरहेको छु । संग्राममा शत्रुलाई नमारेसम्म मलाई निद्रा पनि पर्नेछैन ॥२४॥ जब म खर र दूषणलाई मार्ने शत्रु रामलाई मार्नेछु तब पो दरिद्रले धन पाएकोमा खुशी भए झैं खुशी हुनेछु ॥२५॥ जनस्थानमा बसेर तिमीहरूले रामचन्द्र के गर्नलागिरहेको छ, सो सब यथार्थ खबर मकहाँ पठाउँदै गर्नू ॥२६॥ तिमीहरू सबैले बडो सावधान भई उहाँ जानू र रामचन्द्रलाई मार्ने उपायमा लागिरहनू ॥२७॥ कईएक युद्धमा मैले तिमीहरूको बलको परिचय पाइसकेको छु । यसै कारण मैले तिमीहरूलाई जनस्थानमा पठाउन-लागेको हो ॥२८॥

रावणका मीठा र आवश्यक कुरा सुनिसकेपछि यी आठै ओटा राक्षसले उसलाई प्रणाम गरी, एकै साथ लङ्का छाडेर अदृश्य भईकन जनस्थानतिर प्रस्थान गरे ॥२९॥

सीतालाई भेट्टाउन सकेकोमा तथा उनलाई आफ्नो घरभित्र राख्न पाएकोमा रावण बहुतै प्रसन्न भयो । रामचन्द्रको साथमा ठूलो वैरभाव भएको कुरा संझेर अज्ञानले गर्दा त्यो बडो खुशी भयो ॥३०॥

सर्ग—५५

रावण अनेक प्रकारले सीतालाई लोभ्याउने चेष्टा गर्दछ ।

अत्यन्त बलिया, डरलाग्दा आठओटा राक्षसहरूलाई उहाँ पठाएर बुद्धि बिग्रेको हुनाले रावण आफूलाई कृतार्थ भएको संझनलाग्यो ॥१॥ कामबाणले पीडित भएको त्यो रावण सीतालाई संझेर हत्तपत्त उनलाई हेर्न भनी उनी बसेको रमणीय घरमा गयो ॥२॥ राक्षसहरूको राजा रावणले त्यस घरमा प्रवेश गरेर राक्षसीहरूको बीचमा बसेकी दुःखिनी सीतालाई देख्यो ॥३॥ उनको मुख आँसुले भिजिराखेको थियो । शोकले पीडित भएकी यिनी बडो दुःखित अवस्थामा परेकी थिइन् । वायुको वेगले समुद्रमा डुब्न लागेको डुङ्गाको जस्तो यिनको अवस्था देखिन्थ्यो ॥४॥ बथानबाट छुट्टिएकी, कुकुरले घेरिराखेकी हरिणीझैं मुण्टो निहुराएर बसिरहेकी सीतानेर त्यो राक्षस पुग्यो ॥५॥ शोकले गर्दा दुःखित अवस्थामा परेकी, अनाथिनी सीतालाई राक्षसहरूको राजा रावण उनको इच्छाविरुद्ध देवताहरूको जस्तो आफ्नो घर देखाउनलाग्यो ॥६॥

साना ठूला सबै प्रकारका घर यहाँ बनेका थिए, हजारौं आइमाई यहाँ बसेका थिए, नाना

प्रकारका चराचुरुङ्गी थिए र जताततै किसिम किसिमका रत्न जडिएका थिए ।।७।। हात्तीदाँत, फट्टिक र चाँदीका थाम बनेका थिए जसमा हीरा र नीरको बुट्टा हुनाले मनलाई आफूतिर आकर्षित गर्दथे ।।८।। देवताहरूको जस्तो दुन्दुभि त्यहाँ बजिरहन्थ्यो, बाहिरी ढोका असल सुनले बनेको थियो, सुनका चित्र विचित्रका भऱ्याङ बनेका थिए । सीतालाई साथमा लिएर रावण यै भऱ्याङबाट उक्ल्यो ।।९।। हात्ती-दाँत र चाँदीका बनेका तथा देख्नामा बडा राम्रा झ्याल थिए, यिनमा सुनको जाली लागेको थियो, यस्ता राम्रा महलको त्यहाँ घेरा लागेको थियो ।।१०।। रावणले सीतालाई चून तथा मणिहरूले चित्र विचित्रको पारेर आफ्नो घरमा जताततै तला छापिराखेको देखायो ।।११।। शोकमा डुबेकी सीतालाई रावणले किसिम किसिमका फूल लगाइराखेका साना ठूला पोखरीहरू देखायो ।।१२।।

यस प्रकारसँग आफ्नो जम्मै रमणीय घर देखाइसकेपछि सीतालाई लोभ्याउने इच्छाले पापी रावण भन्नलाग्यो ।।१३।। बूढा, बालकबाहेक दश र बाईस अर्थात् बत्तीस करोड, डरलाग्दो काम गर्ने सबै राक्षसहरूको म मालिक छु, केवल मेरो सेवा टहल गर्ने हजार जना छन् ।।१४-१५।। यो मेरो राज्य तथा जीवनसमेत तिम्रो अधीनमा छ । हे ठूला ठूला आँखा भएकी सीते ! तिमी मेरी प्राण-भन्दा पनि बर्ता प्यारी छौ ।।१६।। उत्तम उत्तम आइमाईहरू, जो मेरा रानी हुन् तिमी उनीहरूकी मालिकी बन, हे प्यारी सीते ! मेरी स्वास्नी बन ।।१७।। मैले भनेको कुरा मान, अरू कुराको विचार गर्नाले तिमीलाई केही फाइदा छैन, मलाई स्वीकार गर, कामले पीडित भएको ममाथि प्रसन्न होऊ ।।१८।।

सय योजनसम्म फैलिएको लङ्का चारैतिर समुद्रले घेरिएको छ । इन्द्रसहितका देवता र असुरहरूले समेत यसमाथि हमला गर्न सक्तैनन् ।।१९।। देवता, यक्ष, गन्धर्व र ऋषिहरूमा म कसैलाई पनि आफूबराबरको पराक्रमी देख्तिनँ ।।२०।। राज्यबाट निकालिएको, दीन, तपस्वी, पैदल हिंड्ने, थोरै तेज भएको रामलाई लिएर के गर्दछ्यौ ।।२१।। हे सीते ! मलाई स्वीकार गर, म नै तिमीलाई सुहाउने किसिमको पति छु, यौवन अस्थिर छ, तसर्थ मेरो साथमा आनन्द गर ।।२२।। हे सीते ! रामचन्द्रको दर्शन पाउँला भन्ने आशा नगर, मनोरथद्वारा पनि उसको यहाँ आउने के ताकत ? अर्थात् उसले यहाँ आउने विचारसम्म पनि गर्न सक्तैन ।।२३।। आकाशमा बडो वेगले चल्ने वायुलाई कसैले डोरीले बाँध्न सक्तैन, बल्दो आगोको ज्वालालाई कसैले समात्न सक्तैन ।।२४।। हे सुन्दरी ! म तीनै लोकमा यस्तो कोही देख्तिनँ, जो कि आफ्नो पराक्रमले, मेरो बाहुद्वारा रक्षित भएकी तिमीलाई यहाँबाट लैजान सकोस् ।।२५।। तिमी लङ्काको यस बडे राज्यको पालना गर । म तथा देवता मात्र होइन कि यो समस्त चराचर जगत्ले समेत तिम्रो टहल गर्नेछ ।।२६।। अभिषेकको जलले भिजेर प्रसन्न भई मेरो साथमा विहार गर, तिम्रा पहिलेका जति पाप थिए ती सब वनवासरूपी प्रायश्चित्तले नष्ट भइसके ।।२७।। अब तिमी आफ्ना पुण्यकर्मको फल यहाँ बसेर भोग । हे मैथिली ! यहाँ सबै प्रकारका फूल, माला, दिव्य गन्ध तथा उत्तम प्रकारका गहना छन्, यी सबैको मेरा साथमा रहेर भोग गर । मेरो दाजु कुबेरको पुष्पकनामक विमान सूर्य जस्तो चहकिलो, विशाल, रमणीय, तथा मन जत्तिकै छिटो

दगुर्न सक्तछ, जसलाई मैले युद्धमा जितेर आफ्नो गराइसकेको छु, यस विमानमा मेरो साथमा बसेर सुखसँग विहार गर । कमल जस्तो निर्मल र राम्रो देखिने तिम्रो मुख, हे सुन्दरी ! शोकले गर्दा शोभा-हीन भइरहेको छ ।

रावणले यसो भन्दाखेरि आफ्नो चन्द्रमासमान मुखलाई पछ्यौरांको टुप्पोले छोपेर सीता बिस्तारै बिस्तारै रोइरहेकी थिइन् । चिन्ताले गर्दा उनको शरीर झ्याउरो भइसकेको थियो । अस्वस्थ अवस्था भएकी, रामचन्द्रको ध्यानमा मग्न भएकी सीतालाई शूरो राक्षसले भन्नलाग्यो :—

हे वैदेही ! धर्म लोप होला भन्ने शङ्का लिएर लाज नमान ।।२८-३४।। हे देवी ! तिमीसँग म जो प्रेमको प्रार्थना गरिरहेको छु, यो पनि ता ऋषिहरूले उपदेश गरेकै विधि हो अर्थात् राक्षसविवाहको पनि ऋषिहरूले उल्लेख गरेकै छन्, हेर, म तिम्रा यी कोमल पाउमा आफ्नो टाउको राखेर ढोग गर्दछु ।।३५।। तिमी ममाथि झट्टै प्रसन्न होऊ, म तिम्रो अधीनमा रहेको दास हुँ; कामले पीडित भएर मैले भनेका यी कुरालाई व्यर्थ नपारिदेऊ ।।३६।। रावण कुनै आइमाईको खुट्टामा टाउको राखेर ढोग दिने किसिमको होइन ।

कालको वशमा परिसकेको रावण जनककी छोरी सीतालाई यति भनिसकेपछि यी मेरी भइन् भन्ने विचार गर्नलाग्यो ।।३७।।

सर्ग—५६

रावण सीतालाई बाह्र महीनाको अवधि दिन्छ ।

शोकले पीडित भएकी भए तापनि मनमा कुनै प्रकारको डर नलिएकी सीताले रावणले यसो भनेको सुन्दा मनै मनमा त्यसलाई तृणबराबर संझेर भन्नलागिन् ।।१।। राजा दशरथ धर्मका, कसैले डेग चलाउन नसक्ने सेतुसमान थिए; उनका छोरा रामचन्द्र आफ्नो सत्यप्रतिज्ञाले जताततै विख्यात छन् । यी धर्मात्मा रामको नामले तीनै लोकमा प्रसिद्ध छन् । यिनका हात लामा र आँखा ठूला छन्, सबका देवता यिनी मेरा पति हुन् ।।२-३।। यी इक्ष्वाकुकुलमा जन्मेका हुन्, सिंहको जस्तो यिनको काँध छ, बडा तेजस्वी छन्, आफ्ना भाइ लक्ष्मणलाई साथमा लिएर तेरो वध गर्नेछन् ।।४।। उनको सामुन्नेमा तैंले मेरो बलजफ्तीसँग हरण गरेको भए त्यहीं जनस्थानमा खरलाई झैं तँलाई युद्धमा मारेर सुताइदिन्थे ।।५।। अहिले भर्खर तैंले जुन डरलाग्दो र महाबली राक्षसहरूको वर्णन गरिस्, गरुडको सामुन्नेमा सर्पहरू विषहीन भएझैं, यिनीहरू उनको अगाडि निर्धो भइजानेछन् ।।६।। जसरी गङ्गा आफ्नो भेलले तीरको जग्गा भत्काउँछिन् त्यसै गरी रामचन्द्र आफ्नो धनुबाट छुटेका, सुनले सिंगारिएका वाणले तेरो शरीरलाई छेड्नेछन् ।।७।। हे रावण ! तँ देवता तथा असुरहरूद्वारा नमारिने भएको भए तापनि रामचन्द्रको साथमा यो परम शत्रुता गरेर बाँच्न सक्तैनस् ।।८।। बलवान् रामचन्द्रले तेरो प्राणको अन्त गराइदिनेछन् । यज्ञस्तम्भमा बाँधिएको पशुको झैं तेरो जीवन दुर्लभ भइसकेको

छ । ॥९॥ हे राक्षस ! रिसले जाज्वल्यमान भएका आँखाले रामचन्द्रले तँलाई हेरेभने, रुद्रको नेत्राग्निले कामदेव भस्म भएझैं तँ आजै भस्म हुनेछस् ॥१०॥ जो आकाशबाट चन्द्रमालाई भूईँमा खसाल्न अथवा नष्ट गर्न सक्तछन्, जो समुद्रलाई सुकाउन सक्तछन् तिनैले सीतालाई यहाँबाट छोडाएर लैजानेछन् ॥११॥ आफूले गरेको पापले गर्दा तँ मारिनेछस्, तेरी लक्ष्मीको नाश हुनेछ, तेरा पराक्रम तथा शक्ति सबै नष्ट हुनेछन् र लङ्काले विधवा बन्नुपर्नेछ ॥१२॥ तेरो यस पापकर्मको नतीजा सुखमय हुनेछैन, किनकि पतिकहाँबाट तैंले मलाई बलजफ्तीसँग केही विचार नराखी तानेर ल्याएको छस् ॥१३॥ महातेजस्वी मेरा ती पति देवरको साथमा, आफ्नो बलमा भरोसा राखी निर्भय भई निर्जन दण्डक वनमा रहेका छन् ॥१४॥ तेरो बल, पराक्रम, अहङ्कार, कसैको कुरा नमान्ने तेरो बुद्धि यी सबैलाई आफ्ना बाणवृष्टिद्वारा युद्धमा तेरो शरीरबाट निकालेर दूर गरिदिनेछन् ॥१५॥ विनाशको समय नगीच आएमा प्राणीहरू कालको वशमा परेर आफ्ना काममा, कालको प्रेरणाले गर्दा प्रमाद अर्थात् भूल गर्नथाल्दछन् ॥१६॥ हे राक्षसहरूमाको अधम ! मेरो अपमान गरेको हुनाले तेरो, सबै राक्षसहरूको तथा अन्तःपुरका आइमाईको वध गर्नाका लागि काल आइपुगेको छ ॥१७॥ जसरी स्रुक् आदि गरिएका यज्ञपात्रहरूले भूषित भएको तथा ब्राह्मणहरूको मन्त्रद्वारा पवित्र तुल्याइएको यज्ञमण्डपको बीचको वेदीलाई चाण्डालले छुन सक्तैन ॥१८॥ ठीक त्यै किसिमले सदा धर्मको आचरण गर्ने, राममा दृढ भक्ति राख्ने म उनकी धर्मपत्नी हुँ। हे राक्षसाधम ! तँ पापीले मलाई छुन सक्तैनस् ॥१९॥ राजहंसको साथमा कमलवनमा सदा विहार गर्ने राजहंसिनीले घाँसको माझमा रहने मुद्गर (पानीको किनारामा रहने एक किसिमको काग) माथि कसरी दृष्टि देली ॥२०॥ हे राक्षस ! चेष्टारहितको यस शरीरलाई तेरो इच्छामुताबिक बाँध् अथवा मारिदे, कुनै प्रकारले पनि म यस शरीरको रक्षा गर्ने होइन, प्राणसित मलाई केही प्रयोजन छैन ॥२१॥ यस पृथ्वीमा म आफ्नो निन्दा गराउन चाहन्नँ । रावणलाई रिसले यस प्रकारका कठोर वचन सुनाएर जानकी चूप लागिन्, फेरि रावणसित बोलिनन् ।

रोमाञ्च गराउने सीताका यी कठोर वचन सुनेर रावण उनको मनमा डर पार्ने किसिमको कुरा भन्नलाग्योः—हे सीते ! मैले भनेको सुन, म बाह्र महीनासम्म पर्खन्छु, यतिञ्जेलसम्म पनि तिमी मेरो नजीक आइनौभने, भान्सेहरूले बिहानीपखको जलपानका लागि तिमीलाई टुक्रा टुक्रा पारेर काटिदिनेछन् ॥२२-२५॥

शत्रुहरूलाई रुवाउने रावण, यस प्रकारको कठोर वचन भनेर फेरि क्रुद्ध भई त्यहाँका राक्षसीहरूलाई भन्नलाग्यो ॥२६॥ विकट रूप भएका, देख्ता डरलाग्ने रगत मासु खाने हे राक्षसीहो ! तिमीहरू सबैले मिलेर झट्टै यस सीताको घमण्ड तोडिदेओ ॥२७॥

रावणको आज्ञा सुन्नासाथ काम र शरीरले गर्दा डरलाग्दा देखिने राक्षसीहरूले हात जोरेर सीतालाई चारैतिरबाट घेरे ॥२८॥ आफ्ना पाइलाको आघातले भूईँ भत्काउँदै कैएक कदम हिंडेर, डरलाग्दो अनुहार भएका ती राक्षसीहरूलाई राजा रावण फेरि पनि अह्राउन लाग्यो ॥२९॥ तिमीहरू यस

सीतालाई अशोक वनमा लिएर जाओ, सदा यसको साथमा रहेर राम्रोसँग यसको रक्षा गर ॥३०॥ वनकी हतिनीलाई वशमा ल्याएझैं घोर गर्जन गरेर यसलाई हप्काई तथा मीठो बोलीले संझाई बुझाईकन मेरो वशमा पारिदेओ ॥३१॥

रावणको यस्तो आज्ञा पाउनासाथ ती राक्षसीहरू सीतालाई साथमा लिएर अशोक वनमा गए ॥३२॥ अशोकवाटिकामा सबै इच्छा पूर्ण गर्ने, नाना प्रकारका फल-फूल लागेका रूख तथा सबै ऋतुमा मस्त रहने चराहरू थिए ॥३३॥

बघिनीको वशमा परेका हरिणीहरूको झैं शोकले गर्दा दुब्लाएकी तथा राक्षसीहरूको वशमा परेकी सीताको दशा भइराखेको थियो ॥३४॥ जसरी पाशोमा बाँधिएकी हरिणी सुखी हुन सक्तिन त्यसै गरी महाशोकले गर्दा डराएकी सीता सुखी हुन सकिनन् ॥३५॥ डरलाग्दा आँखा भएका राक्षसीहरूले हप्काएकोले सीताको मनमा शान्ति आउन सकेन । आफ्ना पति तथा प्यारा देवरलाई संझदै डर र शोकले पीडित भएकी सीता बेहोश परिन् ॥३६॥

सर्ग—५७

राम अपशकुन देखेर चिन्तामा पर्दछन् र लक्ष्मणलाई आफूतिर आउनलागेको देख्ता झन् शोकले व्याकुल पर्दछन् ।

मृगरूप धारण गरेर दगुरिरहेको कामरूपी राक्षस मारीचलाई मारेर रामचन्द्र आश्रमतिर आउने बाटो समातेर झट्टै फर्कनलागे ॥१॥ सीतालाई हेर्न भनी हतपत गर्दै आइरहेका रामचन्द्रको पछाडि-पट्टिबाट स्याल बडो तीखो स्वरले चिच्च्याउनथाल्यो ॥२॥ रोमाञ्च गराउने यसको डरलाग्दो आवाज सुनेर रामचन्द्र डराएर मनै मनमा शङ्का गर्नलागे ॥३॥ स्याल जुन किसिमले कराइरहेको छ, यो सुन्दा ता सीतालाई केही अनिष्ट भयो कि भन्ने शङ्का लाग्दछ, राक्षसहरूले तिनलाई नखाइदिएको भए मात्र मङ्गल हुनेछ ॥४॥ शायद् लक्ष्मणले सुनिहाल्नू भन्ने मतलबले मृगरूपी मारीचले जानीकन मेरो जस्तो स्वर गरेर चिच्च्याएको हो ॥५॥ त्यो शब्द सुन्नासाथ सीतालाई छाडेर अथवा उनैले पठाएर लक्ष्मण झट्टै मनेर आउलान् ॥६॥ सबै राक्षसहरूले मिलेर सीतालाई मार्ने विचार गरेका छन् , यसै कारणले सुवर्ण मृगको रूप धारण गरेर मारीचले मलाई आश्रमदेखि निकै टाढा पुऱ्याइदियो ॥७॥ मलाई आश्रमदेखि धेरै टाढा पुऱ्याइसकेपछि बाणको आघात पर्नासाथ त्यस मारीचले राक्षसको रूप लियो र हा लक्ष्मण ! म मरें भन्दै प्राण छाड्यो ॥८॥ यो शब्द सुन्नासाथ ता लक्ष्मण हिंडिहाले होलान् , वनमा आश्रममा हामी दुवै जना नभएपछि कल्याण भयो होला भनेर कसरी भन्ने । जनस्थान नाश गरिदिएकोले राक्षसहरूसित मेरो ठूलो शत्रुता भएको छ ॥९॥ आज अनेक डरलाग्दा अपशकुन देखिनलागेका छन् । आत्मवान् रामचन्द्र स्यालको शब्द सुन्दा तथा मारीचले आफूलाई आश्रमदेखि

धेरै टाढा पुऱ्याएको कुरा संझी यस प्रकारका अनेक चिन्ता गर्दै हतपतसँग आश्रमतिर फर्कनलागे ॥१०-११॥ मनमा शङ्का लिएका रामचन्द्र जनस्थानमा आइपुगे।

मनमा खिन्न भएका रामचन्द्र त्यहाँ जति मृग र चराहरूलाई भेट्तथे यी सबै ती महात्मालाई देब्रे पारेर डरलाग्दो शब्द गरी चिच्च्याउँथे। यी डरलाग्दा अपशकुन देख्ता रामचन्द्रको शङ्का झन् झन् बढ्यो ॥१२-१३॥ यत्तिकैमा यिनले मनमा दिक्क भएका लक्ष्मणलाई आउनलागेको देखे। देख्ता देख्तैमा लक्ष्मण रामको नगीच आइपुगे ॥१४॥ खिन्न र दुःखित भएका लक्ष्मणले झोक्रिएका तथा मनमा पीर लिएका रामलाई भेटे। निर्जन तथा राक्षस भएको वनमा सीतालाई छाडेर लक्ष्मणलाई आएको देख्ता उनको देब्रे हात समातेर रामचन्द्र, सुन्दा कड़ा लाग्ने तर विचार गर्दा मधुरो देखिने वचन भन्नलागे :—

सीतालाई छाडेर जो तिमी यहाँ आयौ सो बडो अनुचित काम गऱ्यौ। हे सज्जन! यसबाट के सीतालाई भलो भयो होला त? हे वीर! कि ता वनचारी राक्षसहरूले सीतालाई खाइदिए होलान् वा मारिदिए होलान्, यसमा केही शङ्का छैन, किनकि म यहाँ जताततै अपशकुन मात्र देखिरहेको छु ॥१५–१९॥ हे लक्ष्मण! के हामी सीतालाई सबै प्रकारले कुशलपूर्वक रहेको देख्न पाऔँला त? हे पुरुषसिंह! के हामी जनककी छोरीलाई बाँचेको देख्न पाऔँला? ॥२०॥ हे महाबली लक्ष्मण! यी मृग, स्याल, तथा चराहरू सूर्यतिर फर्केर महाभयङ्कर शब्द गर्दै आगो लागेको हो कि जस्तो गरेर दशै दिशातिर हेर्नलागिरहेका छन्। यस्तो नराम्रो अपशकुन देखेपछि कसरी सीतालाई कुशल होला भनेर भन्ने? ॥२१॥ मृगको रूप धारण गरेर त्यस राक्षसले मलाई छकाएर धेरै टाढा पुऱ्याइदियो। बड़ो परिश्रम गरेर जब मैले त्यसलाई मारें अनि पो त्यसले राक्षसको रूप लियो ॥२२॥ मेरो मन बड़ो हडबडाएको र दुःखित छ, देब्रे आँखा फरफराइरहेको छ, हे लक्ष्मण! निश्चय सीता आश्रममा छैनन्, उनलाई कि ता कसैले हरेर लग्यो, कि ता उनी बाटोमा मरेर पडिरहेकी होलन् ॥२३॥

सर्ग—५८

आश्रममा सीतालाई नदेख्ता राम बडो व्याकुल हुन्छन्।

मनमा खिन्न भएका, सीतालाई एक्लै छाडेर आएका लक्ष्मणलाई देखेर धर्मात्मा रामचन्द्र उनीसित सोध्नलागे ॥१॥

हे लक्ष्मण! दण्डकारण्यतिर प्रस्थान गर्दा मेरो साथमा आएकी ती सीता कहाँ छन् जसलाई एकली छाडेर तिमी यहाँ आएका छौ ॥२॥ राज्यबाट निकालिएको, दीनभावले दण्डक वनमा घुमिरहने, मेरो दुःखकी साथी तरुनी सीता कहाँ छन्? ॥३॥ हे वीर! जो नहुनाले म एक छिन पनि बाँच्न सक्तिनँ, मेरो प्राणकी सहायिका, देवकन्या जस्ती ती सीता कहाँ छन्? ॥४॥ असल सुनको जस्तो रंग भएकी सीताविना, हे लक्ष्मण! म देवताहरूको तथा पृथ्वीको कुनै राज्यको पनि चाहना गर्दिनँ ॥५॥

मेरो प्राणभन्दा पनि प्यारी सीता के बाँचेकी होलिन् ? हे वीर ! सीताले गर्दा मेरो वनवासको व्रत पूरा नहुने हो कि ? अर्थात् सीता नरहेमा मेरो मृत्यु अनिवार्य्य छ ॥६॥ हे लक्ष्मण ! सीताको वियोगमा मृत्यु भएपछि तिमी अयोध्या फर्कनेछौ । आफ्नो अभिलाषा पूरा भएकोले के कैकेयी सुखी होओइनन् ? ॥७॥ यस प्रकारसँग छोराले राज्य पाएकोले अभिलाषा पूर्ण भएकी कैकेयीको, के छोरा नभएकी कौशल्याले विनयपूर्वक सेवा गर्नुपर्ने भयो त ? ॥८॥ हे लक्ष्मण ! सीता बाँचेकी छन्‌भने म फेरि आश्रमभित्र पस्तछु, ती सदाचारिणी मरिसकेकी छन्‌भने म पनि प्राण त्याग गर्दछु ॥९॥ हे लक्ष्मण ! आश्रममा पुगेपछि पहिलेपहिलेझैं सीताले मेरो साम्नुन्नेमा आएर हाँसेर बोलिनन्‌भने म अवश्यै मरिदिनेछु ॥१०॥ हे भाइ ! सीता बाँचेकी छन् वा छैनन् सो मलाई ठीक ठीक भन, तिम्रो लापरवाहीले गर्दा ती तपस्विनीलाई राक्षसहरूले खाई ता दिएनन् ॥११॥ सीता सुकुमारी बालिका छन्, दुःख भोग्ने योग्य छैनन्, यस समयमा उनी निश्चय मेरो वियोगले दुःखित भई शोक गरिरहेकी होलिन् ॥१२॥ यो छल गर्ने दुष्ट मारीच राक्षसले "हा लक्ष्मण !" भन्ने शब्दको चर्को स्वरले उच्चारण गरेर तिम्रो मनमा सबै प्रकारले डर उत्पन्न गराइदियो ॥१३॥ मैले थाहा पाएँ, मेरो स्वर जस्तो त्यो शब्द सुनेर सीताले डराएर मलाई हेर्न भनी तिमीलाई पठाएकी होलिन्, यसैले तिमी हत्तपत्त यहाँ आएका होउला ॥१४॥ सीतालाई तिमीले एकलै वनमा छाड्ने काम ठीक गरेनौ; ती दुष्ट राक्षसहरूलाई साटो फेर्ने मौका दियौ ॥१५॥ मासु खाने राक्षसहरू खर मारिएकोले दुःखित भएका छन्, यी डरलाग्दा राक्षसहरूले अवश्यै सीतालाई मारिदिए होलान्, यसमा केही सन्देह छैन ॥१६॥ हे शत्रुको नाश गर्ने लक्ष्मण ! म सबै तिरबाट ठूलो आपत्तिमा परें, अब म के गर्न सक्तछु ? यो आइपरेको दुःखलाई अवश्य भोग्नैपर्नेछ ॥१७॥

यस प्रकारसँग सुन्दरी सीतासम्बन्धी कुराको विचार गर्दै रामचन्द्र लक्ष्मणको साथसाथै झट्टै जनस्थानमा आइपुगे ॥१८॥ यस प्रकारसँग दुःखित भाइलाई हप्काउँदै, भोक प्यास र थकाइले गर्दा झ्याउरो मुख लगाएका रामचन्द्र मनमा खिन्न भई लामो लामो सास फेर्दै आश्रमतिर आए र त्यहाँ आश्रमलाई शून्य देखे ॥१९॥

आफ्नो आश्रममा आएपछि ती वीर रामचन्द्रले सीताले खेल्ने गरेका अनेक ठाउँमा खोज खबर गरे, तर उहाँ पनि सीतालाई नदेख्ता "खेल्ने गरेका ठाउँ ता यिनै हुन्" भन्दै आफू बस्ने ठाउँमा आएर रोमाञ्चित भई बडो दुःखित भए ॥२०॥

सर्ग—५९

रामचन्द्र लक्ष्मणसित फेरि सीतासम्बन्धी कुरा सोद्धछन् र लक्ष्मण उनलाई जवाफ दिन्छन् ।

आश्रमबाट गएका लक्ष्मणलाई मनमा दुःखित भएका रामचन्द्रले बीचका यी कुरा सोध्नलागे ॥१॥

रामले लक्ष्मणलाई भनेः—मैले तिमीमाथि विश्वास गरेर वनमा सीतालाई एक्लै छाडेको हुँ, उनलाई छाडेर तिमी किन गयौ ? ॥२॥ हे लक्ष्मण ! सीतालाई छाडेर तिमीलाई आएको देख्तैमा अनेक अशुभ कुराको शंका उठेर मेरो मन पीडित हुनलाग्यो, मेरो शङ्का साँचो हुनआयो ॥३॥ जुन वेलामा मैले तिमीलाई टाढैबाट बाटोमा सीताविनाको एक्लै देखें त्यै वेलामा मेरो देब्रे आँखो, देब्रे हात, छातीको देब्रेपट्टिको भाग फरफराउनथाल्यो ॥४॥

असल लक्षणले युक्त भएका लक्ष्मण, रामले फेरि पनि यसो भनेको सुन्दा बडो दुःखित भए र दुःखमा परेका रामलाई भन्नलागे ॥५॥ मैले आफ्नै इच्छाले उनलाई छाडेर आएको होइन, उनकै कठोर वचनले पीडित भई तपाईंकहाँ आएको हुँ ॥६॥ तपाईंकै स्वरले "हे लक्ष्मण ! मलाई बचाऊ" भनेर कराएको आवाज सुनियो । तपाईंको यो स्वर सीताको कानमा पऱ्यो ॥७॥ त्यो दुःखको शब्द सुन्दा, तपाईंमाथिको प्रेमले गर्दा डराएर व्याकुल भएकी सीता रुँदै मलाई "जाऊ जाऊ" भन्नलागिन् ॥८॥ यद्यपि उनले मलाई जानाको निम्ति अनेक बाजि प्रेरणा गरिन् तापनि मैले उनको कुरा नमानेर, उनको मनमा विश्वास पार्नाको निम्ति यो कुरा भनें ॥९॥ मैले यस्तो कुनै राक्षस देखेको छैन जसबाट रामले डराउनुपरोस् । यो केही पनि होइन, तपाईं निश्चिन्त रहनुहोस्, यो अरू कसैले कराएको आवाज होला ॥१०॥ हे सीते ! देवताहरूलाई समेत बचाउन सक्ने रामचन्द्रले "बचाऊ बचाऊ" भन्ने यो निन्दित र नीच वचन कसरी भन्लान् ॥११॥ खराब अभिप्राय भएको अरू कसैले मेरो दाजुको जस्तो स्वर गरेर "हे लक्ष्मण ! मेरो रक्षा गर" भनेर कराएको होला ॥१२॥ हे सुन्दरी ! डरले थर्कायमान भएर राक्षसले "बचाऊ, बचाऊ" भन्ने शब्द भनेको होला । नीच आइमाईझैं तपाईंले यसरी शोक गर्न उचित पर्दैन ॥१३॥ हडबडाउन छाडेर शान्त हुनुहोस्, व्याकुल हुने केही प्रयोजन छैन, तीनै लोकमा यस्तो कुनै मानिस जन्मेको छैन, जन्मने पनि छैन जसले कि युद्धमा रामचन्द्रलाई जित्न सकोस् । इन्द्रलाई अघि लगाएर हिंड्ने देवताहरूले पनि रामलाई युद्धमा जित्न सक्तैनन् ॥१४–१५॥

मैले यसो भनेपछि, तपाईंमाथिको प्रेमले गर्दा व्याकुल भएकी सीता रुँदै मलाई यस्तो कठोर वचन भन्नलागिन् ॥१६॥ दाजू मरेपछि म यिनलाई भेट्टाउनेछु भन्ने पापी विचार तिम्रो मनमा रहेछ, तर तिमी मलाई पाउन सक्तेनौ ॥१७॥ तिमी भरतको भनाइमा लागेर रामको पछिलागेर आएका रहेछौ, यसै कारण उनले कराउँदा पनि उनीनेर जान्नौ ॥१८॥ तिमी ता गुप्ती शत्रु रहेछौ, मलाई भेट्टाउने मौका पार्नाको निम्ति रामचन्द्रसँग आएका रहेछौ, यसै कारण उनीनेर नगएका होउला ॥१९॥

सीताजीले यस्तो भनेको सुन्दा मलाई रिस उठ्यो, आँखा राता राता भए, रिसले गर्दा ओठ फरफराउनलाग्यो र म आश्रमबाट बाहिर निस्कें ॥२०॥

लक्ष्मणले यसो भनेको सुनेपछि तापले आकुल व्याकुल परेका रामचन्द्र भन्नलागेः—हे सज्जन ! सीतालाई छोडेर जो तिमी आयौ सो बडो नकाम गऱ्यौ ॥२१॥ राक्षसहरूलाई मार्नाको लागि ममा

सामर्थ्य छ भन्ने थाहा पाउँदा पाउँदै पनि सीताका रिसका कुरा सुनेर तिमी आश्रमबाट निस्क्यौ ।।२२।। सीतालाई छाडेर आएकोमा म तिमीदेखि प्रसन्न छैन, रिसाएकी आइमाईको कडा वचन सुन्दैमा उसलाई छाडेर तिमीले जान नहुने हो ।।२३।। सीताले प्रेरणा गर्दैमा रिसमा परेर मेरो जो तिमीले आज्ञा मानेनौ सो साँच्चिकै नीतिविरुद्ध काम गर्‍यौ ।।२४।। हेर ! मेरो बाणले मारिएको यो राक्षस मरेर पडिरहेको छ, जसले मृगको रूप धारण गरेर मलाई आश्रमदेखि निकै टाढा पुर्‍याइदिएको थियो ।।२५।। धनु तानेर त्यसमा बाण चढाई मैले सजिलैसँग यसलाई मारिदिएँ, धेरै बल गरेर मैले धनु तान्नु पनि परेन । यत्तिकै सानो चोटमा त्यसले आफ्नो मृगको शरीर छाडेर विकल शब्द गर्दै हातमा बाजू लगाएको राक्षसको रूप लिइहाल्यो ।।२६।। मेरो बाणको चोटले घाइते हुनासाथ, यसले मेरो स्वरको नक्कल गरेर टाढासम्म सुनिने भयानक शब्दले चिच्च्यायो र यो चिच्च्याएको सुन्दा तिमी सीतालाई छाडेर हिंडिहाल्यौ ।।२७।।

सर्ग—६०

सीतालाई आश्रममा नदेख्ता रामचन्द्र बौलाहा जस्तो भएर विलाप गर्दछन् र जताततै सोधी सोधी हिंड्दछन् ।

आश्रमतिर आउँदाखेरि रामचन्द्रको देब्रे आँखामुनि फरफर गर्नलाग्यो, हिंड्दा हिंड्दै यिनी चिप्लिए र जम्मै शरीर काम्नलाग्यो ।।१।। वारंवार यस्ता नराम्रा अपशकुन देख्ता रामचन्द्र सीतालाई कुशल होला भन्ने कुरामा शङ्कै लाग्दछ भनेर भन्नलागे ।।२।। सीतालाई हेर्न भनी उत्सुक भएका रामचन्द्र हतपत गर्दै हिंड्नलागे । आश्रमलाई शून्य देख्नासाथ यिनको मन व्याकुल भइहाल्यो ।।३।। सीतालाई खोज्नाको निम्ति रामचन्द्र आश्रमको वरिपरि बडो वेगले घुम्नलागे । सीतालाई कतै पनि नदेख्ता बौलाहाले जस्तै आफ्ना हात-खुट्टा पछार्नलागे ।।४।।

रामचन्द्रले सीता नभएको पर्णशालालाई, हेमन्त ऋतुमा ध्वस्त भएको कमल वन जस्तै बिलकुलै शोभा नभएको देखे ।।५।। यिनले रूखहरूलाई रुनलागेका जस्तो देखे, त्यहाँका फूल, पशु पक्षी सबै मलिन भइराखेका थिए । वनदेवताहरूले छाडेको हुनाले त्यो कुटी ध्वस्त भएको तथा शोभाहीन देखिनलागेको थियो । मृगचर्म र कुश जताततै छरिएका थिए, कुशासनी छिन्नभिन्न भई पडिरहेको थियो, यस्तो शून्य कुटी देख्ता रामचन्द्र वारंवार विलाप गर्नलागे ।।६–७।।

कि ता सीतालाई कसैले हरेर लग्यो कि ता उनी मारिइन् अथवा हराइन्, कुनै राक्षसले खाइदियो कि डराएर कहीं लुकिरहेकी छन् कि ? वनमा गएकी छन् कि ? फल फूल लिन कतै गएकी छन् ? अथवा कुनै तलाउ, नदीमा पानी लिन भनेर गएकी छन् कि ? (रामचन्द्रले मनमा यस किसिमका अनेक विचार गरे) ।।८–९।।

यत्नपूर्वक खोज्दा पनि जब रामचन्द्रले प्यारी सीतालाई कतै देखेनन् तब ता यिनका आँखा

शोकले गर्दा राता राता भए र यी श्रीमान् बौलाहा जस्तो देखिनलागे ॥१०॥ यस समयमा यिनी एउटा रूखबाट अर्को रूखसम्म दगुर्दै जान्थे; पर्वत, नदी, खोलानेर गई विलाप गर्दै घुम्दथे; यिनी शोकरूपी समुद्रको हिलोमा डुब्नलागिरहेका थिए ॥११॥

यसपछि श्रीमान् रामचन्द्रजी बौलाहा जस्तो भएर कदम्ब आदि गरिएका रूखहरूसित सीताको बारेमा सोध्नलागेः—हे कदम्ब ! कदम्ब रूखमाथि प्रेम गर्ने मेरी प्यारीलाई के तिमीले देखेका छौ ? तिमीले सुन्दरी सीतालाई देखेका छौभने मलाई खबर देऊ ॥१२॥ हे बेलको बोट ! बेलसमान स्तन भएकी सीतालाई तिमीले देखेका छौभने मलाई भन, उनी चिल्लो पात जत्तिकै कोमल छन् र पहेंलो रेशमी लुगा लगाएकी छन् ॥१३॥ हे अर्जुन वृक्ष ! तिम्रो अतिशय चाहना गर्ने मेरी प्यारीलाई कतै देखेका छौ कि ? ती दुब्ली जनककी छोरी बाँचेकी छन् वा छैनन् सो मलाई भन ॥१४॥ यो ककुभ वृक्षलाई ककुभको जस्तो तिघ्रा भएकी सीताको बारेमा अवश्यै थाहा होला, यो वनस्पति, लहरा, पात, तथा फूलले सजिसजाउ भएको देखिन्छ ॥१५॥ यो तिलकको रूख अवश्यै आफूलाई प्यारो गर्ने सीताको बारेमा जान्दो होला। यसको वरिपरि भुमराहरू भूँ भूँ गरिरहेका छन्, सबै रूखहरूमा यो श्रेष्ठ देखिन्छ ॥१६॥ शोकलाई दूर गर्ने हे अशोक वृक्ष ! शोकले गर्दा म बेहोश हुनलागेको छु तसर्थ मलाई मेरी प्यारी देखाएर आफ्नो नाम जस्तै अर्थात् अशोक बनाइदेऊ ॥१७॥ हे तालको रूख ! पाकेको तालफल जस्तै स्तन भएकी सीतालाई के तिमीले देखेका छौ ? मेराउपर तिम्रो दया छभने ती कहाँ छन् सो मलाई भनिदेऊ ॥१८॥ हे जामुनाको रूख ! सुनको जस्तो वर्ण भएकी मेरी प्यारीलाई तिमीले देखेका छौभने निःशङ्कचित्तले मलाई बताइदेऊ ॥१९॥ हे कर्णिकार ! फूल फुलेकोले अहिले तिम्रो अत्यन्त शोभा भइरहेको छ, तिमीमाथि प्रेम गर्ने मेरी पतिव्रता प्यारीलाई देखेका छौभने मलाई बताइदेऊ ॥२०॥

यस प्रकारसँग आँप, नीम, साल, कटहर, कुरर, अनार आदि वृक्षलाई देखेर महायशस्वी रामचन्द्रजी उनीनेर जाँदै सोध्नलागे ॥२१॥ बबूल, सुपारी, चन्दन, केवडा आदि वृक्षको मुनि जाँदै भ्रान्त चित्त भएका रामचन्द्र बौलाहा जस्तो भएर वनमा घुम्नलागे ॥२२॥

यसपछि रामचन्द्र मृग आदि गरिएका पशुहरूसित सोध्नलागे—हे हरिण ! हरिणका बच्चाको जस्तो आँखा भएकी सीताको बारेमा तिमीलाई केही थाहा छ कि ? हरिणले हेरे जस्तै हेर्ने ती मेरी प्यारी अवश्यै हरिणहरूको साथमा घुमिरहेकी होलिन् ॥२३॥ हे हात्ती ! तिम्रो सूँड जस्तो तिघ्रा भएकी सीतालाई तिमीले देखेको हुनुपर्दछ, ती सीताको बारेमा तिमीलाई थाहा होला जस्तो मलाई लाग्दछ, यस कारण हे गजराज ! मलाई बताइदेऊ ती कहाँ छन् ॥२४॥ हे शार्दूल ! चन्द्रमा जस्तो मुख भएकी सीतालाई देखेका छौभने ममाथि विश्वास गरेर बताइदेऊ, तिमीलाई कुनै कुराको डर छैन अर्थात् तिमीलाई मारूँला कि भनेर नडराऊ ॥२५॥

हे कमलको जस्तो आँखा भएकी प्यारी ! तिमी किन दगुरिरहेकी छयौ, मैले ता तिमीलाई देखिहालें,

तिमी रूखको आड लिएर लुकिरहेकी छ्यौ, मसित किन नबोलेकी ? ॥२६॥ हे सुन्दरी ! पर्ख, पर्ख, के तिम्रो ममाथि दया छैन ? तिम्रो ता यस्तो ठट्टा गर्ने बानी थिएन, फेरि किन यसरी मेरो वास्ता नगरेकी ? ॥२७॥ हे राम्रो वर्ण भएकी सीते ! पहेंलो रेशमी लुगाले मैले तिमीलाई चिन्हिहालें, तिमीलाई दगुर्न लागेको मैले देखें, ममाथि तिम्रो प्रेम छभने अड ॥२८॥ अफसोस ! यी ता सीता होइनन्, निश्चय राम्रो लाग्ने गरी हाँस्ने सीतालाई राक्षसहरूले मारिदिएछन्, नत्र ता मलाई यस्तो दुःख परेको देख्ता उनी कदापि मलाई छाड्ने थिइनन् ॥२९॥ म नभएको वेलामा अवश्यै मासु खाने राक्षसहरूले ती बालिका सीतालाई मारेर उनका सबै अंग बाँडचूँड पारेर खाइदिए ॥३०॥ राम्रा दाँत, ओठ र नाक भएकी तथा उत्तम कुण्डल पहिरेकी ती सीताको पूर्ण चन्द्रमाको जस्तो मुख, राक्षसहरूद्वारा ग्रस्त भएकोले, अहिले बिलकुलै शोभाहीन भएको होला ॥३१॥ अफसोस ! चन्दनको जस्तो वर्ण भएकी, हार पैह्रने योग्यको, विलाप गरिरहेकी मेरी प्यारी सीताको कोमल घाँटी राक्षसहरूले निमोठेर खाइदिए होलान् ॥३२॥ नयाँ पात जस्तो कमलो हात छटपटाउँदै उनी यताउति पछारिरहेकी होलिन्, यसको टुप्पो अवश्यै कामिरहेको होला, गहनाले सिंगारिएका यी हातलाई राक्षसहरूले अवश्यै खाइदिए होलान् ॥३३॥ जसरी ठूलो कुटुम्ब भएकी आइमाई आफ्ना कुनै बन्धुवर्ग नहुनाले अरूको आहारा बन्न जान्छे ठीक त्यसै गरी राक्षसहरूको आहारा बन्नाको निम्ति नै ती बालिका मदेखि अलग गराइएकी रहिछन् ॥३४॥ हे महाबाहो लक्ष्मण ! मेरी प्यारीलाई तिमी कतै देख्तछौ कि ? हा प्रिये ! हा भद्रे ! हा सीते, तिमी कहाँ गयौ ?

यस प्रकारसँग वारंवार विलाप गर्दै रामचन्द्र एउटा वनबाट अर्को वनमा दगुर्नलागे, कहिले सीताको झझल्को लाग्नाले बौलाहा जस्तो भई उफ्रन्थे ॥३५–३६॥ सीताको पत्ता लगाउनामा लागेका रामचन्द्र कतै बौलाहा जस्तो हुन्थे कहिले भने वन, नदी, पर्वत, खोला-नालामा बडो वेगले घुम्दथे, विश्राम भनेको कतै गर्दैनथे ॥३७॥ सीतालाई भेट्नामा निराश नभएका रामचन्द्र, त्यो विशाल वनमा सर्वत्र खोजिसकेपछि फेरि पनि आफ्नी प्रियाको पत्ता लगाउन कठोर परिश्रम गर्नलागे ॥३८॥

सर्ग—६१

विलाप गर्नलागेका रामलाई लक्ष्मण संझाउँछन्।

दशरथका छोरा रामचन्द्रले आश्रमलाई शून्य, सीता नभएको पर्णशाला, तथा आसनहरू यताउति फ्याँकिराखेको देखे ॥१॥ चारैतिर खोज्दा पनि सीतालाई देख्न नसकेका रामचन्द्र, लक्ष्मणका दुवै राम्रा हात समातेर विलाप गर्दै भन्नलागे ॥२॥ हे लक्ष्मण ! सीता यहाँबाट कहाँ गइन्, उनी कहाँ छिन् ? कसैले उनलाई हरेर लग्यो अथवा कसैले खाइदियो कि ? ॥३॥ हे सीते ! रूखको आडमा लुकेर मसित ठट्टा गरिरहेको भए झट्टै मनेर आइहाल, यो ठट्टा गर्ने वेला होइन, म अत्यन्त दुःखित भइरहेको छु ॥४॥ हे सीते ! हरिणका जुन पलुवा बच्चासित तिमी खेल्दथ्यौ ती अहिले तिमी नहुनाले आँखाभरि

आँसु गरेर तिम्रो लागि चिन्ता गरिरहेका छन् ॥५॥ हे लक्ष्मण ! सीताविना म बाँच्न सक्तिनँ, सीताको हरणबाट उत्पन्न भएको शोकले व्याप्त भएको मलाई महाराज पिताजीले अवश्यै परलोकमा देख्नुहुनेछ र मेरो प्रेरणाले प्रतिज्ञा गरेको अवधि पूरा नगरी किन मकहाँ आएको भन्नुहुनेछ, तिमी ता मनपर्दो गरी हिंड्ने, अधम, मिथ्यावादी रहेछौ भनी पिताजीले अवश्यै मलाई परलोकमा धिक्कार गर्नुहुनेछ । लाचारी हालतमा परेको शोकले आकुल व्याकुल परेको, दुःखित, अभिलाषा पूर्ण हुन नसकेको, दया गर्नुपर्ने योग्यको मलाई छाडेर, कीर्तिले कुटिल मानिसलाई छाडेर जानेझैं, हे सुन्दरी ! हे तरुणी सीते ! तिमी कहाँ गइरहेकी छौ ? ॥६-१०॥ म तिम्रो वियोगमा आफ्नो प्राण त्यागिदिनेछु । सीतालाई हेर्न भनी उत्सुक भएका रामचन्द्र यस प्रकारका धेरै धेरै विलाप गरेर बडो दुःखित भए, तर सीता भने कतै देखा परिनन् ।

सीताको शोकमा निमग्न भएका रामचन्द्र हिलोमा गाडिएको हात्तीझैं अत्यन्त व्याकुल परेका थिए । रामको यस्तो अवस्था देखेर उनको हित गर्ने इच्छाले लक्ष्मण भन्नलागे ॥११-१३॥ हे महाबुद्धे ! यस्तो पीर नमान्नुहोस्, मेरो साथमा उनको पत्ता लगाउने प्रयत्नमा लाग्नुहोस् । हेर्नुहोस्, यस पर्वतमा अनेक गुफा छन्; सीतालाई वनमा डुलफिर गर्न बडो निको लाग्दछ, वन देख्ता ता उनी बौलाही जस्ती भइजान्छिन्, उनी वनभित्र पसेकी होलिन् अथवा कमल फुलिराखेको तलाउमा गएकी होलिन्, माछा तथा वेतको वन भएको नदीको किनारमा गएकी होलिन् अथवा हाम्रो मनमा डर पार्नाको निम्ति वनमा कतै लुकिदिएकी होलिन् ॥१४-१६॥ हाम्रो पत्ता लगाउने शक्ति कत्तिको रहेछ सो हेर्न खोजेकी होलिन्; यसकारण, हे श्रीमान् ! हामी झट्टै उनको पत्ता लगाउने काममा लागिहालौं ॥१७॥ जहाँ सीता होलिन् भन्ने संभावना देख्नुहुन्छ त्यहाँ त्यहाँ हामी, सबै वनमा खोज पत्ता लगाऔं । हे राम ! अब मनमा शोक नगर्नुहोस् ॥१८॥

प्रेमपूर्वक लक्ष्मणले यसो भनेको सुनेपछि रामचन्द्र सावधान भई लक्ष्मणको साथमा लागेर सीतालाई खोज्नलागे ॥१९॥ दशरथका ती दुवै छोरा वन, पर्वत, नदी, पोखरी एक एक गरेर सीताको पत्ता लगाउनाको निम्ति छानबीन गर्नलागे ॥२०॥ यिनीहरूले पर्वतका टाकुरा, बस्न हुने ढुङ्गा आदि सबै ठाउँमा राम्रो गरी खोजपत्ता लगाए, तर सीतालाई भने कतै देखेनन् ॥२१॥ पर्वतको चारैतिर हेरिसकेपछि रामचन्द्रले भने—हे लक्ष्मण ! हामीले पर्वतमा सबै ठाउँमा हेर्‍यौं, तर प्यारी सीतालाई कतै पनि देखेनौं ॥२२॥ सीतालाई नदेख्ता दुःखले सन्तप्त भएका, अतितेजस्वी, दण्डकवनमा घुमिरहेका दाजुलाई लक्ष्मणले यी कुरा भन्नलागे ॥२३॥

महाबली विष्णुले जसरी बलिलाई बाँधेर यो पृथ्वी पाएथे त्यसै गरी हे बुद्धिमान् ! तपाईं पनि जनकपुत्री सीतालाई पाउनुहुनेछ ॥२४॥ वीर लक्ष्मणको यो कुरा सुनेर दुःखले गर्दा होश हराएका रामचन्द्र बडो दीन भावले भन्नलागे ॥२५॥ वनमा हामीले राम्रै गरी खोज्यौं, कमल फुलिराखेको तलाउमा हेर्‍यौं, अनेक गुफा तथा पानीका झर्ना भएको यो पर्वतमा जताततै दृष्टि दियौं, तर प्राणप्यारी

सीता कतै देखा परिनन् ॥२६॥

सीताहरणले गर्दा दुःखित भएका रामचन्द्र मनमा आकुल व्याकुल भई विलाप गर्दा गर्दै एक छिनसम्म मूर्च्छा परे ॥२७॥ यिनको सबै शरीर शिथिल भयो, बुद्धि सुद्धी सबै हरायो। अतिशय व्याकुल र निश्चल भएका रामचन्द्र दुःख खप्न नशकेर ताता ताता लामा लामा सास फेर्नलागे ॥२८॥ राजीवलोचन रामचन्द्र वारंवार लामो सास फेर्दै, मुठुमा गाँठो पारी "हा प्रिये !" भन्दै रुनलागे ॥२९॥

यस समयमा शोकले पीडित भएका लक्ष्मण नम्रतापूर्वक हात जोरेर अनेक प्रकारसँग आफ्ना प्यारा दाजुलाई संझाउनलागे ॥३०॥ लक्ष्मणको मुखबाट निस्केको कुरा सुन्दै नसुनेर, रामचन्द्रजी प्यारी सीतालाई नदेख्ता, वारंवार उनलाई बोलाउनलागे ॥३१

सर्ग—६२

सीतालाई नदेख्ता रामचन्द्र फेरि पनि विलाप गर्दछन्।

शोकले गर्दा सुद्धी हराएका, कमल जस्तो आँखा भएका, धर्मात्मा महाबाहु रामचन्द्र विलाप गर्नलागे ॥१॥ सीता त्यहाँ नभए तापनि, उनी त्यहीं छन् भन्ने विचारले कामबाणले पीडित भएका रामचन्द्र भन्नलागे। रामचन्द्रको यो विलाप हुनाले उनले भनेका कुरा भन्न हुने योग्य ता थिएनन् ॥२॥

फूलमाथि प्रेम राख्ने हे प्यारी सीते ! तिमी अशोकको हाँगाले आफ्नो शरीर लुकाइरहेकी छौ, तर मेरो शोकलाई बढाउने हे सीते ! केराको थाम जस्तो आफ्नो तिघ्रा केराको पातले लुकाउन खोजिरहेको भए तापनि लुकाउन सकिनौ, मैले ता देखिहालें ॥३-४॥ हे देवी ! तिमी हाँस्तै अशोक वनमा बसिरहेकी छौ, तिमीले यसरी ठट्टा गर्नु उचित छैन, कारण यसबाट मलाई पीडा भइरहेको छ ॥५॥ हे प्रिये ! तिमीलाई ठट्टा निको लाग्दछ र तिम्रो स्वभावै यस्तो छ भन्ने कुरा मलाई थाहा छ, तर आश्रमको नगीचमा यस्तो ठट्टा गर्न मुनासीब पर्दैन ॥६॥ हे ठूला ठूला आँखा भएकी सीते ! आऊ, हेर, तिम्रो छाप्रो खाली छ।

हे लक्ष्मण ! अवश्यै सीतालाई राक्षसहरूले खाइदिएछन् अथवा हरेर लगेछन्, कारण मैले यसरी विलाप गर्दा पनि उनी मनेर आइनन्। हे लक्ष्मण ! आँखाभरि आँसु गरेका यी हरिणका बथान, सीतालाई राक्षसहरूले खाइदिए भन्नलागेका जस्ता देखिन्छन्। हे राम्रो वर्ण भएकी पतिव्रते सीते ! तिमी कहाँ गयौ ? ॥७-९॥ सीताको साथमा अयोध्याबाट निस्केको मलाई सीतालाई नलिई फर्केको देख्ता महारानी कैकेयीको अभिलाषा पूर्ण हुनेछ ॥१०॥ सीतालाई नलिई मैले कसरी आफ्नो महलमा प्रवेश गर्ने ! मानिस मलाई निर्बलियो र निर्दयी भन्नेछन् ॥११॥ सीताको हरणबाट मेरो कातरपना स्पष्टै देखिनेछ। वनवासबाट फर्केपछि मिथिलाका राजा जनकले जब मसित क्षेम कुशल सोध्नेछन् त्यस बखतमा म कसरी उनीतिर हेर्न सकुँला। मेरो साथमा सीतालाई नदेख्ता विदेहराज, छोरी नाश भएकोले अवश्यै शोकले पीडित भई मूर्च्छा पर्नेछन्। अथवा अब म भरतद्वारा पालन गरिएको अयोध्या शहरमा

फर्कंदै फर्कन्नँ ।।१२-१४।। सीता नभएमा ता स्वर्गसमेत मेरो लागि शून्य छ, तसर्थ हे लक्ष्मण ! मलाई यहीं छाडेर तिमी अयोध्या फर्केर जाऊ ।।१५।। सीता नभई ता म कुनै तरहले बाँच्नै सक्तिनँ । भरतलाई खूबसँग अँगालो हालेर मेरो तर्फबाट यी कुरा भनिदिएः—रामचन्द्रले तिमीलाई यस पृथ्वीको पालन गर्ने आज्ञा दिएका छन् । मेरो आज्ञाले माता कैकेयी, सुमित्रा र कौशल्यालाई यथायोग्य प्रणाम निवेदन गरिदिए र यत्नपूर्वक यिनीहरूको रक्षा गर्दै गरे ।।१६-१८।। शत्रुहरूलाई नाश पार्ने हे लक्ष्मण ! सीताको र मेरो विनाश भएको सबै कुरा विस्तारपूर्वक मेरी आमालाई सुनाइदिए ।।१९।।

सुकेशी सीताको विरहमा अत्यन्त व्याकुल भई रामचन्द्र वनमा यसरी विलाप गर्नलागे । दाजुको यस्तो अवस्था देख्ता लक्ष्मणको मुख डरले कालो नीलो भयो, मन आकुल भयो र उनी हडबडाउन पनि लागे ।।२०।।

सर्ग—६३

रामचन्द्रको विलाप तथा लक्ष्मणको आश्वासन ।

सीतादेखि बिछोड भएका तथा ताप र मोहले पीडित भएका दुःखी रामचन्द्र, आफ्नो भाईलाई दिक्दार गराउँदै फेरि पनि अत्यन्त शोक गर्नलागे ।।१।। लक्ष्मण शोकले गर्दा खिन्न भइरहेका थिए । ठूलो तापमा डुबेका रामचन्द्र दुःखित मानिसझैं, शोकले गर्दा रुँदै तथा तातो सास फेर्दै, शोकपूर्वक उनलाई भन्नलागे ।।२।। म जस्तो पापी यस संसारमा अर्को कोही होओइन जस्तो लाग्दछ, किनकि अवच्छिन्न एउटा शोकपछि अर्को शोक आइपरेर मेरो मन र मुटुलाई छेडिरहेको छ ।।३।। पहिले मैले जानी जानीकन वारंवार अनेक पापकर्म गरेको रहेंछु, मैले आज तिनैको फल भोग्नुपरेको छ, जसले गर्दा एउटा दुःखपछि अर्को दुःख आइपर्दो छ ।।४।। राज्यको नाश, आफ्ना बन्धुवर्गदेखिको बिछोड, पिताको मृत्यु, आमादेखिको वियोग, हे लक्ष्मण ! यी सबै कुराको विचार गर्दा मेरो शोक झन् बढेर जान्छ ।।५।। हे लक्ष्मण ! वनमा आएर शारीरिक कष्टद्वारा मैले यी सबै दुःख सहेको थिएँ, तर आज सीताको वियोगले गर्दा, दाउरा हाल्दा सहसा आगो बल्नेझैं, ती सबै दुःख फेरि प्रबल भई उठिरहेका छन् ।।६।।

हे लक्ष्मण ! ती मेरी श्रेष्ठ, काथर स्वभाव भएकी सीतालाई कुनै राक्षसले आकाशको बाटो गरेर हरेर लगेछ । मधुरो स्वर गरेर रुने सीता अहिले डरले गर्दा आवाजै नझिकेर वारंवार रोइरहेकी होलिन् ।।७।। देख्नामा राम्रा, उत्तम रक्तचन्दन लगाउन योग्य, मेरी प्यारी सीताका ती बाटुला स्तन रगतले भिजेहोलान्, अझै पनि मेरो शरीरको विनाश हुँदैन ।।८।। जसरी चन्द्रमाको मुख राहुको मुखमा पर्नाले शोभित हुँदैन त्यसै गरी राम्रो घुँगुरिएको रौंले सिंगारिएको, मधुरो प्रलाप गर्ने सीताको त्यो मुख, राक्षसको वशमा पर्नाले शोभित भएको होओइन ।।९।। हार लगाउनालाई सुहाउने मेरी पतिव्रता सीताको घाँटी, एकान्तमा भेट्टाएकोले फुटाएर, रगत पिउने राक्षसहरूले खूबसँग रगत पिए-

होलान् ।।१०।। म नहुनाले राक्षसहरूले उनलाई निर्जन वनमा लछार-पछार पारे होलान्, त्यस समयमा ठूला तथा राम्रा आँखा भएकी सीताले न्याहुलीले झैं विलाप गरिहोलिन् ।।११।।

हे लक्ष्मण ! पहिले यै ढुङ्गामा उदार स्वभाव भएकी सीता मसँग बसेकी थिइन् । खूब राम्रो गरी मुसुक्क हाँस्ने सीताले हाँसेर तिमीसित अनेक कुरा गरिथिन् ।।१२।। नदीहरूमाकी श्रेष्ठ यी गोदावरी मेरी प्यारी सीताकी सदा प्यारी हुन्, म विचार गर्दछु कि शायद उनी यसको तीरमा गइ-होलिन्, तर उनी ता एकलै कतै पनि जान्नन् ।।१३।। कमलको जस्तो मुख तथा कमलको पात जस्तो आँखा भएकी सीता कदाचित् कमल भाँचेर ल्याउन गएकी छन् कि ? तर यो कुरा पनि ठीक होइन, कारण मलाई साथमा नलिई उनी कहिले पनि कमलनेर जाँदै जान्नथिन् ।।१४।। शायद उनी त्यस वनमा गइन् कि, जहाँ रूखमा फूल फुलिराखेका छन् र नाना प्रकारका पक्षी विहार गरिरहेका छन्, तर यो कुरा पनि ठीक होइन, कारण, कातर स्वभाव भएकी यिनी एकलै जान डराउँछिन् ।।१५।।

हे भगवन् सूर्य ! तपाईं संसारमा गरिएका र नगरिएका सबै कामको ख्याल राख्नुहुन्छ, झूटो साँचो कामको पनि साक्षी हुनुहुन्छ । मेरी प्यारी कहाँ गइन् ? उनलाई कसैले हरेर लग्यो कि ? यी सब कुरा मलाई भन्नुहोस्, किनकि म शोकले अत्यन्त दुःखित भइरहेको छु ।।१६।। हे वायो ! संसारमा तपाईंलाई थाहा नभएको कुनै चीजै छैन, मेरो कुलको मर्य्यादाको रक्षा गर्ने सीता कहाँ गइन्, मलाई बताउनुहोस्; उनी मरिसकिन्, उनलाई कसैले हरेर लग्यो वा बाटोमा आइरहेकी छन् ।।१७।।

यस प्रकारसँग शोकको वशमा परी विलाप गरिरहेका, सुद्धी हराएका रामचन्द्रलाई धैर्य्य धारण गर्न सक्ने तथा न्यायमार्गमा अडिएका लक्ष्मण यस मौकामा सुहाउने किसिमको कुरा भन्न-लागे ।।१८।। हे दाजैज्यु ! शोकलाई त्यागी, मनमा धैर्य्य लिएर सीताको पत्ता लगाउने काममा उत्साह वढाउनुहोस् । उत्साह भएका मानिस अत्यन्त कठिन काम गर्दा पनि हडबडाउन्नन् ।।१९।।

ठूलो पुरुषार्थ भएका, दुःखित लक्ष्मण यसरी संझाई बुझाइरहेका थिए तापनि रामचन्द्रको ध्यान उनको कुरापट्टि थिएन । यिनले धैर्य्य लिन नसकेर फेरि अत्यन्त दुःख मान्नलागे ।।२०।।

सर्ग—६४

विलाप गर्दै दक्षिण दिशातिर गइरहेका रामचन्द्र, रावण र जटायुको बीचमा लडाइँ भएको जग्गा देख्तछन् ।

शोचनीय अवस्थामा परेका रामचन्द्र वडो मायालाग्ने वचन लक्ष्मणलाई भन्नलागे :—हे लक्ष्मण ! झट्टै गोदावरी नदीमा गई पत्ता लगाऊ, शायद कमल टिप्न भनी सीता त्यहाँ गएकी छन् कि ?

रामचन्द्रको यो कुरा सुन्नेवित्तिकै लक्ष्मण छिटोसँग हिंडेर रमणीय गोदावरीको तीरमा आए

र त्यहाँ घाटमा जतातत्तै खोज पत्ता लगाई फेरि रामचन्द्र कहाँ गई भन्नलागे ॥१-३॥ घाटहरूमा ता मैले कतै पनि सीतालाई देखिनँ, मैले चिच्च्याएको आवाज पनि उनले सुनिनन्, छ्लेश हरण गर्ने सीता कुन ठाउँमा गइहोलिन् ? ॥४॥ पातलो कम्मर भएकी सीता गएको ठाउँको मैले पत्ता लगाउन सकिनँ ।

लक्ष्मणका यी कुरा सुन्दा दुःखित तथा तापले होश ठेगानमा नभएका रामचन्द्र स्वयं गोदावरीको तीरमा गए । त्यहाँ गएपछि यिनी "सीता कहाँ गइन् ?" भनेर सोध्नलागे ॥५-६॥ त्यहाँ भएका सबै प्राणीलाई मारिनु योग्य रावणले सीतालाई हरेर लग्यो भन्ने कुरा थाहा थियो तापनि कसैले गोदावरी नदीले समेत रामचन्द्रलाई यो कुरा भनेनन् ॥७॥ त्यहाँ भएका सबै प्राणीले रामचन्द्र-लाई सीताको कुरा सुनाइदिन भनी गोदावरीलाई प्रेरणा गरे, रामले उनीसित सोधे पनि, तर उनले केही जवाफ दिइनन् ॥८॥ किनकि दुष्ट रावणको त्यो डरलाग्दो रूप र काम नदीले देखिसकेकी थिइन्, यसैले डराएर यिनले सीताको खबर भन्न सकिनन् ॥९॥

यस प्रकारसँग गोदावरी नदीले, सीताको दर्शनसम्बन्धी कुरामा निराश गराएपछि सीतालाई देख्न नपाउँदा दुःखित भएका रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥१०॥ हे सज्जन ! हेर, यी गोदावरी ता मलाई केही पनि जवाफ दिन्नन्, अब मैले सीताका बाबुकहाँ गएर के भन्ने ? ॥११॥ उनकी आमालाई सीताविनाको यो नराम्रो कुरा कसरी सुनाउने ? राज्यबाट निकालिएको, वनमा कन्दमूल खाएर जीवन निर्वाह गर्ने मेरो सबै दुःख दूर गर्ने सीता कहाँ गइन् ? बन्धुवर्गदेखि ता मेरो बिछोड भएकै थियो अब ता सीतालाई समेत देख्न नपाउँदा र निद्रासमेत नपर्नाले यी रात मेरा लागि खूबै लामो हुनेछन् । मन्दाकिनी, जनस्थान र जम्मै प्रस्रवण पर्वतमा म घुमी घुमी खोज्नेछु, शायद यिनी कतै भेट्टिइहाल्दछिन् कि ? यी ठूला ठूला हरिण मतिर वारंवार हेरिरहेका छन् । यिनीहरूको चेष्टाले मलाई केही बताउन खोजेको जस्तो बुझिन्छ । यी मृगहरूलाई देखेर रामचन्द्र भन्नलागे ॥१२-१६॥

रामचन्द्रले यिनीहरुतिर हेर्दै घाँटी बसेकोले लर्बरिएको बोलीले सोधे, "सीता कहाँ गइन् ?" रामचन्द्रले यसो भनेको सुन्दा मृगहरू एक्कासि उठे र जुन दिशातिर रावणले सीतालाई हरेर लगेथ्यो त्यै दक्षिणतिर मुख फर्काई आकाशमार्ग देखाउँदै हिंड्नलागे ॥१७-१८॥ यी मृगहरू त्यै दक्षिण दिशातिर मुख फर्काई वारंवार रामचन्द्रतिर दृष्टि दिंदै, पृथ्वी र आकाशमार्गलाई हेर्दै दगुर्नलागे ॥१९॥

लक्ष्मणले यिनीहरूको बोली तथा इशारा बुझेर यिनीहरूको मनभित्र भएको कुरा बुझिहाले ॥२०॥ बुद्धिमान् लक्ष्मण दुःखमा परेको मानिसले झैं आफ्ना दाजुलाई भन्नलागेः—तपाईंले सीता कहाँ छन् भनेर सोध्नासाथ यी मृगहरूले उठेर दक्षिण दिशातिरको जग्गा हामीलाई देखाउनलागे, यसकारण हामीहरू पनि यै दक्षिण दिशातिर लागौं ॥२१-२२॥ शायद सीता नै भेट्टिइहाल्दछिन् अथवा उनको पत्ता लागिहाल्दछ कि ?

लक्ष्मणको यो कुरा मानेर राम दक्षिण दिशातिर लागे ॥२३॥ लक्ष्मणलाई पछि लगाएर श्रीमान्

रामचन्द्रजी भूइँमा जतातत्तै हेर्दै हिंड्नलागे। यी दुवै भाइ आफू आफूमा कुरा गर्दै जानलागेका थिए ॥२४॥ यी दुवैले बाटोमा आकाशबाट खसेका फूल देखे, पृथ्वीमा आकाशबाट पुष्पवृष्टि भएको देख्ता दुःखमा परेका वीर रामचन्द्र दुःखित लक्ष्मणलाई भन्नलागेः—हे लक्ष्मण ! मैले यी फूल चिन्हें, वनमा मैले यीं फूल सीतालाई दिएको हुँ र उनले यिनलाई आफ्नो कपालमा घुसारेकी थिइन्, सूर्य, वायु र यशस्विनी पृथ्वीले यी फूलको रक्षा गरेर मेरो भलो गरेको भन्ठान्दछु।

पुरुषश्रेष्ठ लक्ष्मणलाई यति भनेर महाबाहु धर्मात्मा रामचन्द्र प्रस्रवण पर्वतसित सोध्नलागे—हे पर्वतहरूका मालिक ! तिमीले यस रमणीय वनमा मदेखि बिछोड भएकी सर्वाङ्गसुन्दरी मेरी प्यारी सीतालाई देख्यौ कि ? पर्वतले केही जवाफ नदिएको देख्ता सिंहले साना साना मृगलाई भनेझैं, रिसाएर यसलाई भन्नलागे ॥२५-३०॥ हे पर्वत ! मैले तिम्रा यी टाकुरालाई ध्वस्त नपार्दैमा, सुन जस्तो वर्ण भएकी मेरी सीतालाई देखाइदिइहाल ॥३१॥

सीताको सम्बन्धमा रामचन्द्रले यसो भन्दाखेरि बताउन इच्छा भएको भए तापनि रावणको डरले गर्दा यस पर्वतले उनलाई केही पनि बताएन ॥३२॥ यसपछि दशरथका छोरा रामचन्द्र पर्वतलाई भन्न-लागेः—मेरो बाणको आगोले डढेर तिमी भस्म भइजानेछौ, घाँस, रूख, पात, सबै नाश हुनाले तिमी, कसैले वास गर्न योग्यका रहनेछैनौ। हे लक्ष्मण ! म आज यी गोदावरी नदीलाई, यदि यिनी चन्द्रमा-को जस्तो मुख भएकी मेरी सीताको पत्ता बताउन्नन्भने, सुकाइ नै दिन्छु। यस प्रकारसँग रिसाएर आँखाबाट आगो निकालुँला जस्तो गर्नलागेका रामचन्द्रले भूइँमा राक्षसको बडेमानको पाइलाको चिह्न देखे। रामचन्द्रको दर्शनको इच्छा गर्न, डराएर यताउति दगुरिरहेकी तथा राक्षसद्वारा लखेटिएकी सीताका पाइलाको चिह्न पनि देखे। सीता र राक्षसको पाइला एक्कै ठाउँमा मिसिएको, भाँचिएको धनु, ठोक्रो तथा रथका टुक्रा टुक्री जतातत्तै छरिएका देख्ता मनमा हडबडाएका रामचन्द्रजी आफ्ना प्यारा भाइलाई भन्नलागे ॥३३-३८॥

हे लक्ष्मण ! हेर, सीताका गहनामा लगाइएका यी सुनका घुँघुरा तथा नाना प्रकारका माला जता-तत्तै छरिएका छन् ॥३९॥ हे भाइ ! यता ता हेर, भूइँमा जतातत्तै, खारेको सुनको थोप्ला थोप्ली जस्तै, नाना प्रकारको आकार भएका रगतका थोपाहरू चुहेका देखिन्छन् ॥४०॥ हे लक्ष्मण ! कामरूपी राक्षस-हरूले सीतालाई टुक्रा टुक्रा पारेर आफू आफूमा बाँडचूँड गरी खाएको जस्तो पो लाग्दछ ॥४१॥ हे लक्ष्मण ! यी सीताको निम्तिमा यस ठाउँमा दुई राक्षसहरूको बीचमा घनघोरको युद्ध भएको जस्तो पनि देखिन्छ ॥४२॥ हे सज्जन ! मुक्ता र मणि जडेर सिंगारेको अत्यन्त राम्रो कसको यो ठूलो धनु भाँचिएर भूइँमा खसेको होला ? ॥४३॥ हे बाबु ! यो धनु कि ता राक्षसको हुनुपर्दछ, कि ता देवता-हरूको, हेरन, यो मध्याह्नकालको सूर्य जस्तो चम्किरहेको छ र यसमा पन्नाका डल्लाहरू जडिएका छन् ॥४४॥ कसको सुनको यो विशाल कवच छिया छिया भएर पृथ्वीमा खसेको होला, सय कमानीवाला, दिव्य मालाले सुशोभित भएको, डाँठ भाँचिएको, यो कसको छातो भूइँमा खसिराखेको होला ?

पिशाचको जस्तो मुख, बडेमानको शरीर, तथा छातीको रक्षाको लागि सुनको कवच बाँधिएका यी कसका डरलाग्दा खच्चरहरू यहाँ लडाइँमा मारिएका होलान् ? बल्दो आगोसमानको चहकिलो, लडाइँको ध्वजाले युक्त भएको, कसको यो संग्रामरथ चूर चूर भई यहाँ खसेको होला ? रथको, अक्षदण्डसमानका लामा, सुनले सिंगारिएका, देख्नामा डरलाग्दा, पखेटारहितका यी कसका बाण यहाँ जताततै छरिएका होलान् ? बाणले भरिपूर्ण भएका दुइटा ठोक्रा, हे लक्ष्मण ! हेर, भूइँमा पडिराखेका छन् ।।४५-४९।। हातमा कोर्रा र लगाम अझसम्म पनि समातिराखेको यो कसको सारथि मारिएको होला ? यो पाइलाको चिह्न कुनै पुरुष राक्षसको बुझिन्छ ।।५०।। हे सज्जन ! कठोर मन भएका कामरूपी राक्षसहरूसित अब मेरो शत्रुता पहिलेभन्दा सय दोब्बर बढेर आयो । हेर, अब यी राक्षसहरूको प्राणको संहार नभई रहँदैन ।।५१।। राक्षसहरूले सीतालाई हरेर लगे होलान्, मारिदिए होलान् अथवा खाइदिए होलान्, यस घोर वनमा हरिंदाखेरि अथवा भक्षण गर्दाखेरि समेत पनि धैर्यले तपस्विनी सीताको रक्षा गरेनभने, लक्ष्मण ! अब संसारमा को मेरो भलो गर्नामा समर्थ होला ? ।।५२-५३।।

हे लक्ष्मण ! यसै कारणले संसारका मानिस अज्ञानको वशमा परेर सृष्टिको रचना गर्ने परम दयालु परमेश्वरको निन्दा गर्दछन् ।।५४।। कमलो मन भएको, सदा संसारको भलो गर्नामा लागेको, क्षमाशील, तथा दयाको व्यवहार गर्ने मैले सीताको उद्धार गर्न सकिनँभने देवताहरूले मलाई निर्धो भनिठान्नेछन् ।।५५।। हे लक्ष्मण ! विचार गरेर हेर, यी सबै गुण मेरो संसर्गमा पर्नाले दोष पो बन्न गए; आज सबै प्राणी तथा राक्षसहरूको विनाश पार्नाको निम्ति मेरो गुण दोष बन्न गयो अर्थात् गुण त्याग गरी म सबै राक्षसहरूलाई नाश पारिदिन्छु ।।५६।। जसरी अत्यन्त तेजिला सूर्य चन्द्रमाको प्रकाशलाई नाश पारेर उदाउँछन् त्यसै गरी सबै गुणलाई नाश पारेर मेरो तेज पनि प्रकट हुनेछ ।।५७।। हे लक्ष्मण ! अब यक्ष, गन्धर्व, पिशाच, राक्षस, किन्नर तथा मानिस कोही पनि सुखसंग बस्न पाउनेछैन ।।५८।। हेर, म आज आफ्ना बाण र अस्त्रले आकाशलाई टम्म पारेर तीनै लोकमा भ्रमण गर्न सक्ने राक्षसहरूको बाटो नै थुनिदिन्छु ।।५९।। हेर, ग्रहहरूको हिंडाइ बन्द गरिदिन्छु, चन्द्रमालाई ढाकिदिन्छु, अग्नि, सूर्य, वायु, सबैको प्रकाश नाश हुनाले सर्वत्र घोर अन्धकारले व्याप्त गर्नेछ ।।६०।। म पर्वतका टाकुराहरूलाई काटेर खसालिदिनेछु; तलाउको पानी सुकाइदिनेछु; वृक्ष, लता, गुल्म, ध्वस्त हुनाले वन उजाड भइजानेछ, समुद्रलाई समेत ध्वस्त पारिदिनेछु ।।६१।। इन्द्रादि देवताहरूले कुशलपूर्वक मलाई सीता फर्काइदिएनन्-भने म तीनै लोकलाई नाश पारिदिनेछु ।।६२।। हे लक्ष्मण ! अब पो यिनीहरू सबैले मेरो पराक्रम देख्नेछन्, कुनै प्राणी पनि आकाशमा उड्न सक्नेछैन ।।६३।। हे लक्ष्मण ! आज तिमी सबै संसारलाई आकुल व्याकुल परेको र हडबडाएको देख्नेछौ । कानसम्म तानेर छुटेका कसैले पनि रोक्न नसक्ने मेरा बाणले सीताको निम्ति, म यस समस्त ब्रह्माण्डमा पिशाच र राक्षसहरूलाई शून्य गराइदिनेछु । रिसमा चलाइएका र टाढासम्म जाने मेरा बाणको बल आज देवताहरूले देख्नेछन् । रिसाएर जब म तीनै लोकको नाश गर्नेछु त्यस बखतमा देवता, दानव, पिशाच, राक्षस, यी कुनै पनि रहन पाउनेछैनन् ।

देवता, दानव, यक्ष र पिशाचहरूको लोक पनि मेरो बाणले टुक्रा टुक्रा भई तल झर्नेछन् । म आज आफ्ना बाणले जम्मै लोकलाई आकुल व्याकुल पारिदिनेछु ।।६४-६८।। सीतालाई हरेर लगेको अथवा उनी मरेकै भए पनि, मेरी प्यारी जुन अवस्थामा छन् त्यै अवस्थामा देवताहरूले मलाई सुम्पिदिएनन्-भने चराचरसहितको यो तीनै लोकको म विनाश गरिदिनेछु । जबसम्म म सीतालाई देख्न पाउनेछैन तबसम्म सबैलाई आफ्ना बाणले सन्तप्त पार्न छाड्नेछैन ।।६९-७०।।

यति भनेर रामचन्द्रजी वल्कल र मृगचर्म कम्मरमा बेह्री जटालाई राम्रोसंग बाँध्नलागे । यस समयमा यिनका आँखा राता र ओठ फरफराइरहेका थिए ।।७१।। पूर्वकालमा त्रिपुरासुरको वध गर्ने समयमा शिवको शरीर जस्तो भयङ्कर भएथ्यो त्यस्तै भयङ्कर यस समयमा रिसाएका बुद्धिमान् रामचन्द्र-को शरीर देखिनलागेको थियो ।।७२।।

यसपछि शत्रुहरूको शहर जित्ने रामचन्द्रले लक्ष्मणको हातबाट धनु लिएर त्यसलाई राम्रो गरी समाती त्यसमा अत्यन्त तेजिलो, डरलाग्दो, विषालु सर्पसमानको बाण चढाए । प्रलयकालको अग्निझैं क्रुद्ध भएर रामचन्द्र यस प्रकारसँग बोल्नलागे ।।७३-७४।। हे लक्ष्मण ! जसरी बुढ्याइँ, मृत्युकाल, तथा भाग्यलाई कुनै प्राणीले रोक्न सक्तैन त्यसै गरी रिस चढेको बखतमा कसैले मलाई रोक्न सक्तैन, यो कुरामा केही सन्देह छैन ।।७५।। राम्रो दाँत भएकी, कुनै खोट नभएकी सीतालाई पहिलेकै अवस्था-मा मलाई फर्काइदिएभने ता भइगयो, नत्र ता देवता, गन्धर्व, मनुष्य, नाग तथा पर्वतको साथसाथै यस समस्त संसारको उलटपुलट गराइदिनेछु ।।७६।।

सर्ग—६५

रिसाएका रामलाई लक्ष्मण संझाउँछन् ।

सीताको हरणले दुःखित भएका तथा भित्रभित्रै जलिरहेका, प्रलयकालको अग्निले झैं समस्त संसारलाई नाश पार्न तय्यार भएका, ताँदो चढाएको धनुलाई हेर्दै वारंवार लामो सास फेरिरहेका, प्रलयकालमा समस्त जगत्‌लाई भस्म पार्ने अभिलाषा राखेका महादेवसमानका रामचन्द्रलाई विलक्षण क्रोधले भरिएको देखेर लक्ष्मणले मुख सुकाएर हात जोरी भन्नलागे ।।१-३।। पहिले ता तपाईं बडो कमलो, विनयी सबै प्राणीको कल्याण गर्ने हुनुहुन्थ्यो । यस समयमा क्रोधको वशमा परेर तपाईंले आफ्नो स्वभाव छाड्नामा उचित पर्दैन ।।४।। जसरी चन्द्रमामा लक्ष्मी, सूर्यमा तेज, वायुमा गति, पृथ्वीमा क्षमा नियतसँग रहेका छन् त्यसै गरी सर्वोत्तम यश तपाईंमा नियत रूपले अडिराखेको छ ।।५।। एउटाको अपराधले गर्दा समस्त लोकको नाश पार्न तपाईंलाई उचित पर्दैन ।

यो कसको युद्धको रथ भाँचिएको रहेछ सो कुरा ता मलाई थाहा छैन ।।६।। कोसित र कसको निम्ति यो युद्ध भएको हो सो पनि मलाई थाहा छैन । यहाँको भूइँ खुर र पांग्राले खनिएको तथा रगतको थोपाले भिजेको देखिन्छ ।।७।। तसर्थ हे राजकुमार ! यस ठाउँमा बडो डरलाग्दो युद्ध भएको हुनु-

पर्दछ, यहाँको जग्गा एउटैले गर्दा माडमुड भएको देखिन्छ, दुइटाले गर्दा ता होइन जस्तो छ ॥८॥ कुनै ठूलो फौजको पाइलाको चिह्न पनि म देख्तिनँ। एउटाले गर्दा लोकैको नाश पार्नु तपाईंलाई उचित पर्दैन ॥९॥ राजाहरू अपराधको अनुसार सजाय दिन्छन्। यिनीहरूको मन कमलो र स्वभाव शान्त हुन्छ। तपाईंले सबै प्राणीको रक्षा गर्नुभएको छ र उनीहरूको आधार हुनुहुन्छ ॥१०॥ तपाईंकी पत्नीको नाश भएको कसलाई निको लागेको होला। जसरी सज्जनहरू यज्ञमा दीक्षित भएको मानिसको अपकार गर्दैनन् त्यसै गरी नदी, पर्वत, देवता, दानव, गन्धर्व यी कसैले पनि तपाईंको अपकार गर्न सक्तैनन्। हे राजन्! जसले सीतालाई हरेर लगेको छ, तपाईंले त्यसको पत्ता लगाउनुपर्दछ ॥११-१२॥ म हातमा धनु लिएर तपाईंको सहायता गर्न तत्पर छु, ऋषिहरूले पनि तपाईंको सहायता गर्नेछन्। जबसम्म हामी तपाईंकी स्त्रीको हरण गर्नेको पत्ता लगाउन सक्तैनौं तबसम्म समुद्र, वन, पर्वत, भयङ्कर गुफा, कमल फुलिरहेका नाना प्रकारका तलाउ, देवलोक तथा गन्धर्वलोकमा सावधान भई सीतालाई खोज्दै जाऔं। हे राजन्! यस प्रकारसँग शान्त भावले खोज्दा पनि देवताहरूले तपाईंकी पत्नीलाई फर्काएनन्भने त्यस समयमा जे ठीक ठहऱ्याउनुहोला सो गर्नुहोला ॥१३-१५॥ हे राजन्! शील, साम, विनय, तथा नीतिले सीतालाई भेट्टाउन सक्नुभएनभने, सुनको पखेटा भएका, इन्द्रको वज्रसमानका बाण लोकलाई नाश पार्नाको निम्ति चलाउनुहोला ॥१६॥

सर्ग—६६

लक्ष्मण फेरि पनि रामलाई संझाउँछन्।

शोकले पीडित भएका, अनाथझैं विलाप गरिरहेका, ठूलो मोहमा परेका, विवेकशक्ति हराएका, दुर्बल भइरहेका रामचन्द्रका दुवै पाउ समातेर सुमित्राका छोरा लक्ष्मणले एकै छिनमा उनको मनमा आश्वासन दिएर संझाउँदै बुझाउँदै भन्नलागे ॥१-२॥

जसरी देवताहरूले अमृत पाएथे त्यसै गरी ठूलो तपस्या तथा अनेक धर्मानुष्ठान गरी राजा दशरथले तपाईंलाई पाएका हुन् ॥३॥ तपाईंका गुणमा उनको विशेष अनुराग थियो, त्यसैले तपाईंसितको बिछोड हुनासाथ उनी देवता भइगए अर्थात् देवलोकमा गए। यो कुरा मैले भरतको मुखबाट सुनेको हुँ ॥४॥ हे रामचन्द्र! तपाईंले समेत आफूमाथि आइपरेको यस दुःखलाई सहन सक्नुभएनभने सानो बुद्धि तथा बल भएका साधारण मानिसले कसरी सहन सक्लान्? ॥५॥ हे नरश्रेष्ठ! तपाईंले धैर्य्य गर्नुपर्दछ, कुन प्राणी यस्तो होला जसमाथि कि आपत्ति नपरेको होस्। विपत्ति आगोझैं झट्टै मानिसलाई छोएर झट्टै भागि पनि हाल्दछ ॥६॥ यो ता संसारको स्वभावै हो। नहुषका छोरा ययातिले इन्द्रलोक ता भेट्टाए, तर आफ्नो नीतिविरुद्धको कामले गर्दा स्वर्गबाट झर्नुपऱ्यो ॥७॥ हाम्रा पिताजीका पुरोहित वशिष्ठका सय छोरा जन्मेका थिए, तर यी सबै एकै दिनमा विश्वामित्रद्वारा मारिए ॥८॥ हे कोशलेश्वर! सबैकी आमा तथा सबैद्वारा पूजा गरिएकी यी पृथ्वीले पनि ता कहिलेकहीं काम्नुपर्दछ

अर्थात् भूकम्प आदि गरिएका दुःख सहनुपर्दछ ॥९॥ जगत्‌को आँखासमानका साक्षात् धर्मस्वरूप सूर्य र चन्द्रमा, जसले गर्दा संसार अडिएको छ, यी महाबलीलाई पनि ता राहुले ग्रस्त गर्न छाड्दैन ॥१०॥ हे पुरुषश्रेष्ठ ! यस प्रकारसँग ठूला ठूला प्राणी तथा देवताहरूले समेत भाग्यको वशमा पर्नुपर्दछभने साधारण शरीरधारीको कुरा ता कता छ कता ॥११॥ इन्द्र आदि गरिएका देवताहरूलाई पनि सुख दुःख भइरहन्छ भन्ने कुरा सुनिएको छ, तसर्थ हे नरश्रेष्ठ ! तपाईंले पीर लिन मुनासीब पर्दैन ॥१२॥ हे राम ! सीतालाई कसैले हरेर लगेको होस् अथवा उनी मरेकी हुन् जे भए तापनि तपाईंले साधारण मानिसले झैं मनमा ताप लिन उचित पर्दैन ॥१३॥ सबै कुरा जाने बुझेका तपाईं जस्ता महापुरुष ठूला ठूला कष्ट आइपर्दा पनि पीर लिन्नन्, सदा प्रसन्न रहेको देखिन्छन् ॥१४॥ तसर्थ हे नरश्रेष्ठ ! आफ्नो बुद्धिद्वारा भलो कुभलोको विचार गर्नुहोस्, किनकि बुद्धिद्वारा नै ठूला ठूला बुद्धिमान् मानिस भलो, कुभलोको विचार गर्दछन् ॥१५॥ जसका गुण र दोष प्रत्यक्षरूपले विदित भएका छैनन् त्यस्ता अनिश्चित काम गर्नाले इच्छामुताबिकको फल पाइएला भन्ने आशा गर्न सकिन्न, क्रियायोगको विना यिनको ज्ञान पनि हुन सक्तैन ॥१६॥

हे वीर ! तपाईंले नै पहिले मलाई यस प्रकारका अनेक कुरा सिकाउनुभएथ्यो, फेरि तपाईंलाई कसले सिकाउन सक्तछ ? अरूको ता के कुरा साक्षात् बृहस्पति तपाईंलाई सिकाउन सक्तैनन् ॥१७॥ हे महाबुद्धिमान् ! देवताहरूले समेत तपाईंको बुद्धिको पत्तो लगाउन सक्तैनन्। यस समयमा शोकले गर्दा तपाईंको बुद्धि निदाएको छ, म त्यसलाई बिउँझाउन खोजिरहेको छु ॥१८॥ हे इक्ष्वाकुकुलका श्रेष्ठ रामचन्द्रजी ! तपाईंले आफ्नो दिव्य तथा मनुष्यसम्बन्धी पराक्रमपट्टि दृष्टि दिएर शत्रुहरूको वध गर्ने उपाय गर्नुपर्दछ ॥१९॥ हे पुरुषश्रेष्ठ ! सबैलाई नाश पार्नाले तपाईंलाई के फाइदा हुन्छ ? जसले तपाईंको अपराध गरेको छ त्यै शत्रुको पत्ता लगाई तपाईंले त्यसलाई नाश गर्ने प्रयत्नमा लाग्नुपर्दछ ॥२०॥

सर्ग—६७

जटायुलाई पृथ्वीमा पडिरहेको देखेर राम उसलाई सोद्धछन्।

लक्ष्मणले यस प्रकारका अतिशय सारगर्भित मीठा कुरा भनेपछि सार कुराको ग्रहण गर्ने रामचन्द्रले उनका कुराको सार ग्रहण गरे ॥१॥ आफ्नो बढेको रिसलाई थामेर तथा धनुलाई एकातिर राखेर यिनी लक्ष्मणलाई भन्नलागे ॥२॥ हे बाबु ! अब हामीले के गर्ने र कहाँ जाने ? हे लक्ष्मण ! कुन उपायले सीता भेटिने हुन् त्यसको विचार गर ॥३॥

दुःखले पीडित भएका रामचन्द्रलाई लक्ष्मण भन्नलागे—यै जनस्थानमा तपाईंले सीतालाई खोज्न उचित पर्ला ॥४॥ नाना प्रकारका रूख तथा लहराले युक्त भएको यो वन राक्षसै राक्षसले भरिएको छ, यहाँ अनेक दुर्गम पर्वत, खाल्डा र गुफा छन् ॥५॥ यी गुफामा नाना किसिमका डरलाग्दा पशु पक्षीहरू रहन्छन्, यहाँ किन्नरहरूको बस्ने तथा गन्धर्वहरूका भवन पनि छन् ॥६॥ मेरो साथमा लागेर तपाईं

यी सब जग्गामा खोज्नुहोस् तपाईंसमानका बुद्धिमान्, श्रेष्ठ मानिस आपत्ति आइपर्दा, वायुको वेगले पर्वत नहल्लेझैं, हडबडाउँदैनन् ।

लक्ष्मणले यति भनेपछि रिसाएका रामचन्द्र धनुमा क्षुर नाम गरेको डरलाग्दो बाण चढाएर उनको साथमा समस्त वनमा भ्रमण गर्नलागे । वनमा घुम्दाखेरि रामचन्द्रले पर्वतको टाकुरासमानका विशाल, रगतले मुछिएका पक्षिश्रेष्ठ जटायुलाई भूईंमा पडिरहेको देखे । यिनलाई देखेपछि रामचन्द्र लक्ष्मणलाई भन्नलागे ॥७-१०॥ सीतालाई खाने यै रहेछ, यसमा केही शङ्का छैन, निश्चय गिद्धको रूप लिने यो राक्षस यस वनमा घुम्दो फिर्दो रहेछ ॥११॥ विशालाक्षी सीतालाई खाएर यो सुखसँग बसिरहेको छ, यसकारण अब म आफ्ना सोझो जाने, अग्निसमान प्रकाशमान, तीखा बाणले यसको संहार गर्दछु॥१२॥

यति भनेर रिसाएका रामचन्द्र समुद्रसम्मको पृथ्वीलाई कँपाउँदै, धनुमा क्षुरनामक बाण चढाई उसलाई हेर्न भनी उसको नगीच गए ॥१३॥

दशरथका छोरा रामलाई आउनलागेको देखेर त्यो चरो फींज उठेको रगत बान्ता गर्दै बडो दीन वचनले उनलाई भन्नलाग्यो ॥१४॥ यस महावनमा औषधि खोजेझैं जसलाई तिमी खोजिरहेका छौ ती देवी सीता र मेरो प्राण यी दुवैलाई रावणले हरेर लग्यो ॥१५॥ तिमी र लक्ष्मण नभएको वेलामा बलियो रावणले उनलाई हरेर लैजानलागेको मैले देखें ॥१६॥ हे प्रभो ! सीताको निम्ति म आएँ र युद्धमा रावणको रथ तथा छाता भाँचेर उसलाई पृथ्वीमा खसालिदिएँ ॥१७॥ उसको भाँचिएको यो धनु यहाँ पडिरहेको छ, यी उसका बाण हुन् । हे राम ! संग्राममा लैजाने यो उसको रथ युद्धमा भाँचिएर यहाँ पडिरहेको छ ॥१८॥ मेरा पखेटाको प्रहारले मरेर भूईंमा लडिराखेको यो उसको सारथि हो । लड्दा लड्दा थाकेपछि रावणले आफ्ना तरवारले मेरा पखेटा काटिदियो र सीतालाई लिएर आकाशको बाटो गरी उडेर गयो । राक्षसद्वारा पहिले नै मरिसकेको मलाई तिमीले मार्नु उचित छैन ॥१९-२०॥

गिद्धको मुखबाट सीतासम्बन्धी मायालाग्ने कथा सुन्नासाथ रामचन्द्रले आफ्नो ठूलो धनु एकातिर राखेर उसलाई अँगालो हाले ॥२१॥ धैर्य्य राख्न सक्ने भए तापनि यस समयमा रामचन्द्रको मनको ताप दोब्बर भएर आयो र उनी विवश भई भूईँमा लडेर लक्ष्मणको साथमा रुनलागे ॥२२॥ असहाय जटायुलाई कोही नभएको ठाउँमा लामो सास फेरिरहेको देख्ता शोकमा परेका राम लक्ष्मणलाई भन्नलागे ॥२३॥ राज्य नष्ट भयो, वनवास गर्नुपर्‍यो, सीताको अत्तोपत्तो छैन, जटायुले पनि मर्नुपर्‍यो, मेरो यस प्रकारको दुर्भाग्यले ता सबैलाई डढाउन सक्ने आगोलाई समेत भस्म गरिदेला ॥२४॥ आज म आफ्नो दुःखको तापबाट शान्ति पाउनाको निम्ति समुद्रमा पौडी खेल्न गएँभने पनि मेरो दुर्भाग्यले गर्दा ती नदीहरूका स्वामी पनि सुक्नेछन् ॥२५॥ यस चराचर संसारमा मभन्दा बढ्ता अभागी अरू कोही छैन, यसैले ता मैले यस्तो दुःखको जालमा बाँधिनुपरेको छ ॥२६॥ मेरा पिताका मित्र यी गृध्रराज मेरो भाग्यको दोषले आज मरेर भूईंमा लडिराखेका छन् ॥२७॥

यस प्रकारका अनेक कुरा गरेर पिताको जस्तो स्नेह देखाउँदै राम लक्ष्मण दुवैले जटायुलाई सुमसुम्याए ।।२८।। पखेटा काटिएका, रगतमा मुछिएका जटायुलाई अँगालो हाली 'मेरी प्राणप्यारी सीता कहाँ गइन् नि'' भन्दै रामचन्द्रजी भूइँमा लडे ।।२९।।

सर्ग—६८

जटायुको मुखबाट रामचन्द्र रावणको वृत्तान्त सुन्दछन् र उसले प्राण छाडेपछि उसको अन्तिम क्रिया गर्दछन् ।

भयङ्कर राक्षसको प्रहारले भूइँमा लडिराखेको जटायुलाई देखेर रामचन्द्र सबैसित मेल राख्ने लक्ष्मणलाई भन्नलागे ।।१।। यो चरो अवश्य मेरो निम्ति अर्थात् सीतालाई छोडाउनाको लागि प्रयत्न गरिरहेको थियो, यै प्रयत्नमा लागेको वेलामा युद्धमा राक्षसले यसलाई मारिदिएछ । मेरो लागि यो प्राण छाड्नलागिरहेको छ ।।२।। हे लक्ष्मण ! यसको शरीरमा अलिकता मात्र प्राण बाँकी रहेको छ, यसै कारणले यसको स्वर अत्यन्त मधुरो भइराखेको छ र आकुल व्याकुल परेर यताउति हेरिरहेको छ ।।३।। हे जटायो ! तिम्रो कल्याण होस्, तिमीमा बोल्ने केही ताकत छभने सीता हरणको वृत्तान्त तथा आफ्नो वध भएको कुरा मलाई भन ।।४।। के कारणले रावणले साध्वी सीताको हरण गऱ्यो ? मैले त्यसको के अपराध गरेको छु र त्यसले मेरी प्यारी सीतालाई हरेर लग्यो ।।५।। पक्षिश्रेष्ठ ! त्यस समयमा चन्द्रमाको जस्तो सीताको राम्रो मुख कस्तो देखिएको थियो ? सीताले के के कुरा भनिन् ? रावणको प्रभाच कस्तो छ ? त्यसले कस्तो रूप धारण गरेको छ, के काम गर्दछ र त्यसको बस्ने घर कहाँ छ ? हे जटायो ! मैले सोधेका यी सबै कुराको जवाफ देऊ ।।६-७।।

रामचन्द्रलाई अनाथझैं विलाप गरिरहेको देख्ता धर्मात्मा जटायु लर्वरिने स्वर झिकेर भन्नलाग्यो ।।८।। राक्षसहरूको राजा दुष्ट रावणले आफ्नो महामायाको बलले आँधी बादल उठाएर सीताको हरण गऱ्यो ।।९।। लड्दा लड्दा जब म थाकें तब त्यस राक्षसले मेरो पखेटा काटिदियो र सीताजीलाई लिएर दक्षिण दिशातिर लाग्यो ।।१०।। हे राम ! मेरो प्राण निस्कन खोजिरहेको छ, आँखा घुम्न-लागिरहेछन्; म यस समयमा सुनै सुनका रूख र यिनको टुप्पामा खस तथा बकुलको माला झुण्डिरहेको देख्नलागेको छु ।।११।। जुन मुहूर्त्तमा रावणले सीतालाई हरेथ्यो त्यो मुहूर्त्त यस्तो छ कि त्यस समयमा हराएको माल त्यसको मालिकले पाउनैपर्दछ ।।१२।। हे राम ! रावणले सीताको हरण गरेको वेलामा विन्दनामक मुहूर्त्त थियो, तर त्यसले मुहूर्त्तपट्टि ध्यान दिएन, बल्छी समातेको माछोझैं त्यो चाँडै नै नाश हुनेछ ।।१३।। यसकारण सीताको विषयमा तिमी मनमा फिक्री नगर, रावणलाई झट्टै युद्धमा मारेर सीताको साथमा विहार गर्न पाउनेछौ ।।१४।।

यसपछि रामचन्द्रसँग सावधान भई कुरा गरिरहेको, मर्ने वेला नगीचै आइपुगेको त्यस गिद्धको मुखबाट रगतमा मुछिएको मासुको टुक्रा निस्क्यो ।।१५।।

यस समयमा जटाथुले "रावण विश्रवा मुनिको छोरो र कुवेरको भाइ हो" यति भनेर आफ्नो दुर्लभ प्राण छाड्यो ॥१६॥

रामचन्द्रले हात जोरेर "भन, भन" भन्दा भन्दैमा गिद्धको प्राण शरीर छाडेर आकाशतिर लाग्यो ॥१७॥ मरण भएपछि त्यो पक्षी आफ्नो टाउको तलतिर फर्काई, दुवै खुट्टा भूईँतिर फिंजाई, शरीर फटफट गर्दै पृथ्वीमा खस्यो ॥१८॥

राता राता आँखा भएको, पर्वतसमानको त्यस गिद्धलाई मरेको देखेपछि नाना प्रकारका दुःखले पीडित भएका रामचन्द्र बडो मायालाग्ने गरी लक्ष्मणलाई भन्नलागे ॥१९॥ हेर, यस चराले धेरै वर्षसम्म राक्षसहरूको वासस्थान दण्डकारण्यमा रहेर आज आफ्नो प्राण त्याग गऱ्यो ॥२०॥ यो धेरै वर्षको पुरानो हो, कहिले पनि सुस्ती नगरी सदा सर्वदा सावधान भइरहन्थ्यो, यस्ताले समेत आज मरेर भूईँमा लड्नुपऱ्यो; कालको कसैले उल्लंघन गर्न सक्तो रहेनछ ॥२१॥ हे लक्ष्मण ! हेर, मेरो उपकार गर्ने यो गिद्ध मारियो, सीताको रक्षा गर्ने काममा लाग्दाखेरि बलियो रावणको हातबाट यसको मृत्यु भयो ॥२२॥ हेर, यस पक्षिराजले बाबु बराज्यूबाट पाइआएको ठूलो गृध्रराज्यलाई छाडी मेरो निम्ति आफ्नो प्राण त्यागिदियो ॥२३॥ धर्मात्मा सज्जन सर्वत्र भेटिन्छन् , शूरा, शरण पर्न आएकाको रक्षा गर्ने पक्षियोनिमा समेत देखिन्छन् ॥२४॥ हे शत्रुलाई ताप गर्ने सज्जन ! यस समयमा सीताहरणको क्लेशले मलाई त्यत्तिको दुःख दिएको छैन, जत्तिको दुःख आफ्नो लागि यस गिद्धको मरण भएको देख्ता मलाई भइरहेको छ ॥२५॥ महायशस्वी राजा दशरथ जत्तिको मेरा लेखा मान्य र पूजनीय छन् त्यत्तिकै यो पक्षिराज पनि छ ॥२६॥ हे लक्ष्मण ! दाउरा जम्मा पार, म मथेर आगो उत्पन्न गराउँछु र मेरो निम्ति प्राण त्याग गर्ने यस पक्षिराजको दाहकर्म गर्दछु ॥२७॥ हे लक्ष्मण ! भयानक राक्षसद्वारा मारिएका, चराहरूका स्वामी यिनलाई चितामा राखेर म यिनको दाह गर्नेछु ॥२८॥ यज्ञ गर्नेहरूको, अग्निहोत्रीहरूको, युद्धमा पिठिउँ नफर्काई युद्ध गर्नेहरूको तथा जमीन दान गर्नेहरूको जुन गति हुन्छ हे महापराक्रमी गृध्रराज ! मेरो आज्ञाले तथा मेरो हातबाट संस्कार पाएको हुनाले तिमीले पनि सोही उत्तम गति पाए ॥२९–३०॥

यति भनिसकेपछि धर्मात्मा दुःखित रामचन्द्रले बल्दो चितामा, आफ्नो बन्धुझैं पक्षिराजलाई राखेर उसको दाह गरिदिए ॥३१॥

पराक्रमी रामचन्द्र लक्ष्मणलाई साथमा लिई वनमा गए र त्यहाँ रोहीनामक ठूलो मृगलाई मारी त्यसको मासु लिएर फेरि त्यै ठाउँमा आए । मासुलाई टुक्रा टुक्रा पारी त्यहाँ हरियो घाँस ओछ्याएर त्यसै माथि महायशस्वी रामचन्द्रले गृध्रराजको निम्ति पिण्ड दान गरे ॥३२-३३॥ ब्राह्मणहरू मरेका मानिसको स्वर्गप्राप्तिका निम्ति जुन मन्त्रको जप गर्दछन् , रामचन्द्रजी पनि जटायुले झट्टै स्वर्ग पाऊन् भनेर सोही मन्त्रको जप गर्नलागे ॥३४॥ यसपछि यी दुवै राजपुत्रले गोदावरीको तीरमा आएर यहाँ जटायुको निम्ति तर्पण गरे ॥३५॥ शास्त्रोक्त विधिको अनुसार राम र लक्ष्मणले स्नान गरी गृध्रराजलाई

तिलाञ्जलि दिए ॥३६॥ युद्धमा मारिएका गृध्रराजले यश बढाउने किसिमको अत्यन्त कठोर काम गरेका थिए । रामद्वारा महर्षिहरूको जस्तो संस्कार पाएर तिनले परम पवित्र गति प्राप्त गरे ॥३७॥

यसपछि पक्षिश्रेष्ठ जटायुमाथि विचलित नहुने प्रेम राखेका यी दुवै भाइले जल दिने काम सिध्याई सीताजीको पत्ता लगाउने काममा मन लगाएर, देवस्वामी विष्णु र इन्द्रझैं वनमा प्रवेश गरे ॥३८॥

सर्ग—६९

लक्ष्मण अयोमुखी नाम गरेकी राक्षसीको नाक कान काटिदिन्छन् र कबन्ध राक्षससित दुवै भाइको भेट हुन्छ ।

यस प्रकारसँग जटायुलाई तर्पण दिइसकेपछि राम र लक्ष्मण दुवै भाइ वनमा सीतालाई खोज्दै त्यहाँबाट पश्चिम दिशातिर लागे ॥१॥ बाण, धनु र तरवार लिएका यी दुवै भाइ केही दक्षिण दिशातिर लागेर अहिलेसम्म मानिस नहिंडेको बाटोमा पुगे ॥२॥ यो बाटो नाना प्रकारका झाडी, रूख तथा लहराले टम्म भरिएर चारैतिरबाट छोपिएको थियो । यो हेर्दा डरलाग्दो र भित्र प्रवेश गर्न गाह्रो थियो ॥३॥ महाबली राम र लक्ष्मणले दक्षिण दिशातिर लागेर बडो छिटो चालसँग यस बाटोलाई पार गरी अर्को एउटा डरलाग्दो वनलाई पनि नाघेर गए ॥४॥ यस प्रकारसँग जाँदा जाँदा जनस्थानदेखि तीन कोसपर पुगेपछि तेजस्वी राम र लक्ष्मणले क्रौञ्चनामक घनो जङ्गलमा प्रवेश गरे ॥५॥ अनेक बादलका टुक्रा जम्मा भएको जस्तो देखिने यो बाक्लो क्रौञ्च वन, जताततै नाना रंगका फूल फुलेका हुनाले बडो प्रसन्न देखिन्थ्यो । किसिम किसिमका राम्रा फूल, पशु पक्षीले यो भरिभराउ थियो ॥६॥ सीताको हरणले दुःखमा परेका यी दुवै भाइ यस वनमा जताततै बस्तै सीतालाई खोज्न लागे ॥७॥ यहाँबाट पूर्वतिर तीन कोस जति टाढा गइसकेपछि क्रौञ्च वनलाई नाघेर यिनीहरू बाटामा पर्ने मतङ्ग मुनिको आश्रममा पुगे ॥८॥ यो आश्रम भएको वन ज्यादै डरलाग्दो र भयङ्कर स्वभावका नाना प्रकारका पशु-पक्षीहरूले वास गरिएको थियो । किसिम किसिमका रूखले भरिएको हुनाले यो वन खूब बाक्लो थियो ॥९॥ यस वनमा दुवै भाइले पाताल जस्तो गहिरो एउटा पर्वतको गुफा देखे, यस गुफामा सधैं अँध्यारै भइरहन्थ्यो ॥१०॥ यस गुफाको नगीच पुगेपछि यी दुवै पुरुषश्रेष्ठले विशाल शरीर र डरलाग्दो मुख भएकी एउटी राक्षसीलाई देखे ॥११॥ सानो पराक्रम हुनेहरूको मनमा भय उत्पन्न गराउने, देख्ता घीन लाग्ने, लामो पेट, तीखो दाँत तथा साह्रो छाती भएकी, देख्तैमा डरलाग्ने भयानक पशुहरूको मासु खाने, कपाल फुकाइराखेकी, विकट रूप भएकी यस राक्षसीलाई राम र लक्ष्मण दुवै भाइले देखे ॥१२–१३॥ यी दुवै वीरको नगीच पुगेपछि, दाजुको अघिअघि हिंडिरहेका लक्ष्मणलाई यस राक्षसीले "आऊ हामीहरू विहार गरौं" भन्दै समातिहाली ॥१४॥ लक्ष्मणलाई अँगालो हालेर यो राक्षसी उनलाई भन्न लागी—मेरो नाम अयोमुखी हो, तिमी मेरा प्यारा ह्वौ, ठूलो भाग्यले मैले तिमीलाई भेट्टाएँ ॥१५॥ हे

नाथ ! पर्वत, वन तथा नदीका तीरमा आफ्नो यो लामो जिन्दगानीभरि तिमी मसँग विहार गर्नेछौ ॥१६॥

यो सुन्दा शत्रुहरूको नाश गर्ने लक्ष्मण बहुतै रिसाए र तरवार झिकेर यसको नाक, कान तथा स्तन काटिदिए ॥१७॥ नाक कान काटिएपछि यो अद्भुत स्वरले विलाप गर्नलागी। भयानक रूप भएकी यो राक्षसी जहाँबाट आइथी त्यहीं भागेर गई ॥१८॥

राक्षसी गएपछि बडो वेगले हिंडिरहेका, शत्रुहरूको विनाश पार्ने राम लक्ष्मण दुवै भाइ बडो दुर्गम वनभित्र पुगे ॥१९॥ यहाँ पुगेपछि पराक्रमी सत्यवादी, राम्रो स्वभाव भएका, पवित्र लक्ष्मण हात जोरेर तेजस्वी दाजुलाई भन्नलागे ॥२०॥ मेरा हात खूब फरफराउन र मन हडबडाउन लागिरहेको छ र म प्रायः नराम्रा अपशकुन देख्नलागेको छु ॥२१॥ यसकारण हे दाजैज्यू ! मेरो कुरा मानेर तपाईं तैय्यार भएर रहनुहोस्। यी सबै लक्षण ममाथि आइपर्ने भयको सूचना दिइरहेका छन् ॥२२॥ हेर्नुहोस्, यो अत्यन्त डरलाग्दो वञ्चुलक नाम गरेको पक्षी युद्धमा हाम्रो विजय हुने कुरा सूचित गर्दै आवाज गरिरहेको छ॥२३॥

यस प्रकारसँग बडो वेगले यी दुवैले समस्त वनमा खोज पत्ता लगाइरहेको वेलामा एउटा बडो ठूलो आवाज निस्क्यो, यस आवाजले गर्दा वनै नष्ट हुन्छ कि जस्तो देखियो ॥२४॥ चारैतिरबाट यो वन हावाले भरियो। समस्त वनलाई गुञ्जायमान गराउँदै यो शब्द जंगलको बीचबाट निस्क्यो ॥२५॥ भाइको साथमा रहेका खड्गधारी रामले, यो शब्द कताबाट आयो होला भनेर जान्नालाई बताउति हेर्न-लागेको वेलामा, ठूलो छाती तथा बडेमानको आकार भएको एउटा राक्षस अकस्मात् त्यहाँ देखा पर्न आयो ॥२६॥ दुवै जनाको सामुन्ने आएर यो राक्षस उभियो। यसको न टाउको थियो न घाँटी; अत्यन्त ठूलो शरीर भएको कबन्ध नाम गरेको यस राक्षसको मुख पेटमा थियो ॥२७॥ यसको आङ्का रौं भाला जस्ता तीखा र महापर्वतसमानको अग्लो यसको आकार थियो। नील मेघ जस्तो भयानक यो राक्षस मेघ गर्जे जस्तो गरी आवाज गर्दथ्यो ॥२८॥ उसको टाउकोमा आगोको ज्वाला जस्तो टल्कने एउटा आँखो थियो, यसका ठूला ठूला खैरो रंगका परेला थिए र आँखा ज्यादै ठूला थिए॥२९॥ यसको छातीमा एउटा डरलाग्दो आँखो थियो जसद्वारा यो खूब धेरै देख्न सक्तथ्यो, मुखमा ठूला ठूला दाँत थिए र जिभ्रोले ओठ चाटिरहन्थ्यो ॥३०॥ डरलाग्दा भालु, सिंह, मृग तथा पक्षीहरूलाई आफ्ना चार चार कोस लामा, डरलाग्दा हात फिजाउँदै खाइरहेको थियो ॥३१॥ यो आफ्ना हातले नाना प्रकारका भालु चरा-चुरुङ्गी, तथा मृगहरूको बथानलाई तान्दै पछार्नलागेको थियो ॥३२॥

बाटामा हिंडिरहेका ती दुवै भाइको बाटो छेकेर त्यो राक्षस उभियो। राम लक्ष्मणले घुमेर एक कोस पर गएर हेर्दा डरलाग्दो, भयङ्कर आकार भएको, बडेमानको शरीर भएको कबन्ध नाम गरेको राक्षसलाई देखे। यो आफ्नो हातले जीव जन्तुलाई जथाभावीसँग समात्तथ्यो र यसको शरीरको बनौट हेर्दा ठीक कबन्ध जस्तो देखिन्थ्यो ॥३३-३४॥

महाबाहु कबन्धले आफ्ना लामा लामा हात फिंजाएर राम र लक्ष्मण दुवैलाई एकै चोटि बलैले

थिचथाच पारेर समातिहाल्यो ॥३५॥ तरवार र धनु भिरेका, महातेजस्वी, महाबाहु यी दुवै भाइ कबन्धद्वारा तानिएका हुनाले लाचारी हालतमा परे ॥३६॥ रामचन्द्र ता आफ्नो सुखाइँ तथा धैर्य्यले गर्दा हडबडाएनन्, तर लक्ष्मण ता बालक हुनाले मनमा धैर्य्य राख्न नसकेकोले अत्यन्त दुःखित भए ॥३७॥ दिक्दार भएका लक्ष्मण दाजुलाई भन्नलागेः—हे वीर ! हेर्नुहोस्, म ता राक्षसको पञ्जामा परेर विवश भइरहेको छु ॥३८॥ म एक जनालाई मात्र दिएर तपाईं आफूलाई छुटाउनुहोस्। राक्षसको लागि मेरो बलिदान गरेर तपाईं यहाँबाट सुखपूर्वक भागिजानुहोस् अर्थात् मलाई बचाउनपट्टि नलागेर आफ्नो रक्षा गर्नुहोस् ॥३९॥ तपाईंको चाँडै नै सीतासँग भेट हुनेछ भन्ने मेरो विचार छ । हे रामचन्द्र ! बाबु, वराज्यूद्वारा पालना गरिएको पृथ्वीको राजा भएपछि मलाई सधैं संझँदै गर्नु होला ।

लक्ष्मणले यस्तो भनेको सुनेपछि रामचन्द्रजी उनलाई भन्नलागे ॥४०-४१॥ हे वीर ! व्यर्थमा तिमी किन डराएको ? तिमी जस्ता वीरले मनमा ताप लिनु उचित छैन ।

यै वेलामा दानवश्रेष्ठ, महाबाहु, डरलाग्दो स्वभाव भएको कबन्ध राम, लक्ष्मण दुवै भाइलाई भन्नलाग्यो—साँढेको जस्तो काँध भएका तरवार धनु भिरेका तिमी दुवै को हौ ? ॥४२-४३॥ यस भयानक देशमा आएका तथा मेरो आँखाको सामुन्ने परेका तिमी दुवै को हौ ? यहाँ तिमीहरूको के काम ? केको लागि तिमीहरू यहाँ आएका हौ ? ॥४४॥ म ता यस समयमा भोकले पीडित भई बसिरहेको छु, तिमीहरू भने धनु, बाण, तरवार भिरी तीखो सीङ भएको गोरू जस्तै भई मेरो नजीक आएका छौ । मेरो मुखमा परेका तिमीहरूको जीवन अबलाई दुर्लभ भयो ।

दुष्ट कबन्धका यी कुरा सुनेपछि रामचन्द्रले नीलो कालो मुख लगाएर लक्ष्मणलाई भन्नलागे :—हे सत्यपराक्रमी ! यो ता कठोरभन्दा पनि कठोर सहनै नसकिने किसिमको दुःख हामीमाथि आइपर्‍यो । अब हाम्रो प्राण जाने भयो । प्यारी सीतालाई भेट्ने हाम्रो आशा पनि गयो । हे लक्ष्मण ! सबै प्राणीमाथि कालको ठूलो प्रभाव पर्दछ ॥४५-४८॥ हे नरव्याघ्र ! हेर, तिमी र म दुवै जना कालको प्रभावले कस्तो दुःखमा परेका छौं; प्राणीहरूलाई दुःख दिनमा काललाई केही पनि डर लाग्दैन ॥४९॥ कालको वशमा परेर बलिया, शूरा, अस्त्र शस्त्रको प्रयोग जान्ने मानिस पनि संग्राममा बालुवाको पुल जस्तै भएर नष्ट हुन्छन् ॥५०॥

सत्यपराक्रमी, महायशस्वी, प्रतापी रामचन्द्रले लक्ष्मणतिर हेर्दै यति भनेर ज्ञानको प्रभावले आफ्नो चित्तलाई सम्हाले ॥५१॥

सर्ग—७०

राम लक्ष्मण कबन्धको हात काटिदिन्छन् ।

राम, लक्ष्मण दुवै भाइलाई आफ्नो हातको पाशोभित्र परेर त्यहाँ उभिइराखेको देखेर कबन्ध उनीहरूलाई भन्नलाग्यो ॥१॥ हे क्षत्रियश्रेष्ठ ! मलाई भोको देख्ता देख्तै पनि तिमीहरू किन त्यसै उभिइरहेका

छौ, भाग्यले नै तिमीहरूको बुद्धि बिगारेर मेरो आहाराको निम्ति तिमीहरूलाई यहाँ पठाइदिएको हो ॥२॥

दुःखमा परेको भए तापनि आफ्नो पराक्रम देखाउन निश्चय गरेका लक्ष्मणले उसको कुरा सुन्दा मौकाअनुसारको कुरा रामचन्द्रलाई भन्नलागे ॥३॥ यो नीच राक्षसले तपाईंलाई तथा मलाई हामी दुवैलाई अब झट्टै समातिहाल्नेछ, तसर्थ हामीहरू तरवारले यसका दुवै लामा लामा हात काटिदिइहालौं ॥४॥ यो विशाल शरीर भएको डरलाग्दो राक्षसले आफ्ना बाहुबलले सबैलाई जितिसकेको छ अब हामीहरूलाई पनि जित्न खोजिरहेको छ ॥५॥ हे राजन् ! जसरी यज्ञमा आएको पशुलाई मार्न उचित पर्दैन त्यसै गरी पराक्रम देखाउन नसक्ने प्राणीको वध गर्न पनि राजाका लागि मुनासीव पर्दैन ॥६॥

यी दुवैको यस्तो कुरा सुन्दा राक्षस रिसायो र डरलाग्दो मुख बाएर दुइटैलाई खान तैयार भयो ॥७॥ तब ता देश र कालको ज्ञान भएका यी दुवैले तरवार झिकेर काँधबाट यसका दुवै हात काटिदिए ॥८॥ उसको दाहिनेतिर उभिएका रामले सजिलैसँग दाहिने हात र देब्रेपट्टि उभिएका वीर लक्ष्मणले देब्रे हात काटिदिए ॥९॥

हात काटिएकोले यो महाबाहु राक्षस डरलाग्दो शब्द गरेर भूईंमा लड्यो । मेघसमानको गर्जना गरेर यसले आकाश पृथ्वी तथा दशै दिशालाई गुञ्जायमान गराइदियो ॥१०॥ हात काटिनाले आफूलाई रगतमा मुछिएको देख्ता यो दुःखी राक्षस दुवै भाइलाई "हे वीरहो ! तिमीहरू दुवै को हौ ?" भनेर सोध्नलाग्यो ॥११॥ उसले यसरी सोधेपछि शुभलक्षणले युक्त भएका महाबली लक्ष्मण कबन्धलाई रामचन्द्रको परिचय दिनलागे ॥१२॥ यी इक्ष्वाकुवंशका उत्तराधिकारी संसारमा रामको नामले विख्यात छन्, म यिनकै भाइ हुँ, लक्ष्मण मेरो नाम हो ॥१३॥ सौतेनी आमाले गर्दा राज्यप्राप्तिमा रुकावट परेकोले यिनी वनमा आएका हुन् । मेरो र आफ्नी पत्नीको साथमा यिनी यस डरलाग्दो वनमा भ्रमण गर्दछन् ॥१४॥ देवतासमानको प्रभाव भएका यिनको स्त्रीलाई निर्जन वनमा बस्ताखेरि कुनै एक राक्षसले हरेर लगिदिएको छ । हामी दुवै उनकै खोज पत्ता लगाउँदा लगाउँदै यहाँ आइपुगेका हौं ॥१५॥ तिमी को हौ ? कबन्ध जस्तो भएर किन वनमा घुमिरहेका छौ, तिम्रा तिम्रा भाँचिएका छन्, तेजिलो मुख किन छातीमा रहेको हो ? ॥१६॥

लक्ष्मणको यो सवाल सुनेपछि, इन्द्रको वचन स्मरण गरेर कबन्धले खुशीसाथ भन्नथाल्यो ॥१७॥ हे नरश्रेष्ठ ! म तिमी दुवैको स्वागत गर्दछु, तिमीहरूलाई देख्न पाएकोले म खुशी छु, तिमीहरूले मेरो बन्धनरूपी यो हात जो काटिदियौ सो मेरा लागि बडो सौभाग्यको कुरा भयो ॥१८॥ आफ्नो अविनयले गर्दा मेरो रूप कुरूप भएको हो, यस्तो कसरी हुन गयो सो कुरा म तिमीहरूलाई जस्ताको तस्तै भन्दछु, सुन ॥१९॥

सर्ग—७१

कबन्ध आफू कुरूप भएको वृत्तान्त रामलाई सुनाउँछ र आफ्नो शरीर भस्म गर्नाको लागि उनीसँग प्रार्थना गर्दछ ।

हे महावाहो रामचन्द्र ! म पहिले बडो पराक्रमी र बलियो थिएँ । मेरो वर्णनै गर्न नसकिने रूप तीनै लोकमा प्रख्यात थियो ॥१॥ सूर्य, चन्द्रमा र इन्द्रको जस्तो मेरो शरीर थियो, तीनै लोकका प्राणीलाई तर्साउनाका लागि म राक्षसको रूप धारण गरी वनमा रहने ऋषिहरूलाई तर्साउने गर्दथें । केही कालपछि स्थूलशिरा नाम गरेका ऋषि मदेखि रिसाए ॥२-३॥ किसिम किसिमका जङ्गली फल फूल टिपिरहेको वेलामा मैले उनलाई यस रूपले तर्साइदिएँ । डरलाग्दो सराप दिन सक्ने ती ऋषिले मतिर हेरेर यसो भने:—॥४॥ "तेरो यै डरलाग्दो र निन्दित रूप सधैं भइरहोस्" ।

उनको यो सराप सुनेपछि मैले यस सरापको अन्त गर्नाको लागि रिसाएका उनीसित प्रार्थना गरें । तब ऋषिले भने:—जब रामचन्द्रले तेरो हात काटेर तँलाई निर्जन वनमा भस्म गर्नेछन् तव तँ आफ्नो ठूलो र राम्रो रूप पाउनेछस् ।

हे लक्ष्मण ! म दनुको राम्रो छोरो हुँ ॥५-७॥ इन्द्रको सरापले गर्दा युद्ध-भूमिमा मैले यो कबन्धको जस्तो रूप पाएँ । मुनिले सराप दिइसकेपछि मैले उग्र तपस्याको बलले ब्रह्मालाई खुशी पारें ॥८॥ उनले मलाई दीर्घायु बनाइदिए, यसैले गर्दा मेरो मनमा घमण्ड उत्पन्न भयो । दीर्घायु पाइसकेपछि मलाई इन्द्रले कसरी हराउन सक्लान् भन्ने विचार आयो ॥९॥ मनमा यस प्रकारको निश्चय गरी मैले इन्द्रलाई युद्धको निम्ति हाँक दिएँ । उनको हातबाट छुटेको सय धार भएको वज्रको प्रहारले गर्दा मेरो टाउको र तिघ्रा शरीरभित्र पसिगए । मैले प्रार्थना गरेकोले उनले मलाई मारि ता हालेनन् ॥१०-११॥ उनले भने:—"जा, ब्रह्माको वचन सत्य भइहालोस् ।" मैले पनि उनलाई भने:—"मेरा तिघ्रा, टाउको, मुख तपाईंले वज्रले हानेर शरीरभित्र पसाइदिनुभयो, अब म केही नखाईकन कसरी धेरै दिनसम्म बाँच्न सकूँला ?" मेरो यो कुरा सुनेपछि धेरै कालसम्म जीउँदो राख्नाको निम्ति इन्द्रले चार कोस लामो मेरो हात बनाइदिए र पेटमा तीखो दाँत भएको मुख टाँसिदिए । त्यस वेलादेखि म आफ्नो लामो हातले सिंह, हात्ती, बाघ, आदि गरिएका वनचर पशुहरूलाई चारैतिरबाट तान्दै खाने गरेको छु । इन्द्रले मलाई यसो पनि भनेका थिए—जब राम र लक्ष्मणले युद्धमा तेरो हात काट्नेछन् तब तँ स्वर्ग जानेछस् ।

हे राजश्रेष्ठ ! म यस वनमा जे जे राम्रो कुरा देख्तछु ती सबैलाई आफ्नो यै शरीरले तान्दछु । कहिले न कहिले रामचन्द्रसमेत मेरो यस बाहु बन्धनमा अवश्यै पर्नेछन् भन्ने विचार लिएको थिएँ ॥१२-१७॥ म यस प्रकारसङ्ग आफ्नो देहत्याग गर्ने प्रयत्न गरि नै रहेको थिएँ, मैले खोजेको राम तपाईं नै हुनुहुँदो रहेछ, तपाईंको कल्याण होस् । हे रामचन्द्र ! तपाईंसिवाय अरू कसैले मलाई मार्न सक्तैन । महर्षिले पनि मलाई यै कुरा भनेका थिए । हे नरश्रेष्ठ ! सल्लाह दिएर म तपाईंहरूको सहायता गर्नेछु ॥१८-१९॥ तपाईंहरूले मेरो अग्निसंस्कार गरेपछि म एउटा मित्रको पत्ता दिनेछु ।

दनुका छोराले यसो भनेको सुनेपछि धर्मात्मा रामचन्द्र लक्ष्मणको सामुन्नेमा उसलाई भन्नलागे— मेरी यशस्विनी स्वास्नी सीतालाई रावणले हरेर लगेको छ ॥२०-२१॥ म त्यस समयमा भाइको साथमा आनन्दसङ्ग जनस्थानदेखि बाहिर निस्केको थिएँ। मैले त्यस राक्षसको नामसम्म सुनेको छु त्यसको अनुहार भने देखेको छैन; त्यो कहाँ बस्तछ, त्यसको प्रभाव कस्तो छ सो मलाई केही पनि थाहा छैन। हामीहरू शोकले पीडित भई अनाथ बनेर यस वनमा भट्किरहेका छौं ॥२२-२३॥ तसर्थ दया गरेर हामीमाथि गर्नुपर्ने उपकार गर। समय समयमा हात्तीहरूले भाँचेका सुकेका काठ जम्मा पारी, एउटा ठूलो खाल्डो खनेर हे वीर ! हामी तिमीलाई जलाइदिन्छौं। सीता कहाँ छिन्, उनलाई कसले लग्यो र कहाँ लग्यो सो सब हामी-लाई बताइदेऊ ॥२४-२५॥ तिमीले यथार्थ रूपले यी कुरा जानेको भए हाम्रो ठूलो कल्याण हुने थियो।

रामचन्द्रका यी कुरा सुनेपछि बोल्नामा सिपालु भएको, राम्ररी बोल्न सक्ने दानव उनलाई भन्न-लाग्यो:—अहिले मेरो दिव्य ज्ञान नष्ट भइराखेको छ यसैले सीता कहाँ छिन् सो मलाई थाहा छैन ॥२६-२७॥ तर भस्म भएपछि जब म आफ्नो असली रूप धारण गर्नेछु तव म सीताको पत्ता लगाउन सक्ने व्यक्तिको तिमीहरूलाई पत्तो दिन सक्नेछु ॥२८॥ तर दाह नभईकन त्यसलाई चिन्ने शक्ति ममा आउन सक्तैन। जुन महापराक्रमी राक्षसले सीताको हरण गरेको छ म त्यसको बारेमा केही पनि भन्न सक्तिनँ ॥२९॥ हे राम ! सरापले गर्दा मेरो बुद्धि नष्ट भइसकेको छ। मैले आफैंले गर्दा संसारमा सबैले निन्दा गर्ने यो रूप पाएको हुँ ॥३०॥ हे रामचन्द्र ! घोडा थाक्नाले सूर्य भगवान् अस्ताचलतिर नलाग्दैमा मलाई खाल्डोभित्र हालेर विधिपूर्वक जलाइदिनुहोस् ॥३१॥ मलाई खाल्डोमा हालेर तपाईंहरूले विधिपूर्वक भस्म गरिदिएपछि हे रामचन्द्रजी ! म तपाईंहरूलाई त्यो राक्षस चिन्ने व्यक्तिको पत्तो बताउन सक्नेछु ॥३२॥ हे वीर रामचन्द्रजी ! असल स्वभाव भएको त्योसँग तपाईंले मीत लाउनुहोला, त्यो पराक्रमी वीरले तपाईंहरूको ठूलो सहायता गर्नेछ ॥३३॥ तीनै लोकमा उसले थाहा नपाएको कुनै कुरो पनि छैन, पहिले कुनै कारणले गर्दा त्यसले एकबाजि जम्मै लोकमा घुमिसकेको छ ॥३४॥

सर्ग— ७२

दिव्यरूप धारण गरिसकेपछि कबन्ध राम लक्ष्मणलाई सुग्रीवसँग मितेरी लगाउने उपदेश गर्दछ।

कबन्धले यति भनेपछि नरश्रेष्ठ राम र लक्ष्मण दुवै वीरले पर्वतको कुनै एक ठूलो खाल्डोमा त्यसको शरीर हालेर त्यसमा आगो सल्काइदिए ॥१॥ लक्ष्मणले ठूला ठूला अगुल्टा सल्काएर चितामा चारैतिरबाट आगो झोसिदिए र अनि चिता खूबसँग बल्नलाग्यो ॥२॥ कबन्धको शरीर बडेमानको घिउको डल्लो जस्तो थियो। बोसो भरिएको हुनाले आगोले यसलाई बिस्तारै बिस्तारै डढाउनलागेको थियो ॥३॥

झट्टै कबन्ध, चितालाई हल्लाएर धूवाँ नभएको आगो जस्तै भई त्यहाँ खडा भयो। यसले दुइटा निर्मल वस्त्र तथा दिव्य माला पहिरेको थियो ॥४॥ समस्त शरीरमा गहना लगाएको, तेजिलो, मनमा

दङ्ग परेको कबन्ध, स्वर्गीय शोभाले युक्त भएको शरीरै सुद्धा झट्टै नै चिताबाट निस्केर आकाशतिर लाग्यो ॥५॥ चहकिला हाँस जोतिएको तथा यश बढाउने रथमा यो बसेको थियो । यो तेजस्वी आफ्नो शरीरको प्रभाले दशै दिशालाई शोभित गराइरहेको थियो ॥६॥

यो कबन्ध आकाशमा अडिएर रामचन्द्रतिर फर्की भन्नलाग्योः—जुन उपायले तिमी सीता पाउन सक्नेछौ, सो हे राम ! म तिमीलाई ठीक ठीकसङ्ग बताउँछु, सुन ॥७॥ संसारमा छ (सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव, समाश्रय) युक्ति छन् जसद्वारा राजाहरू सबै कुराको विचार गर्दछन् र तिनलाई प्राप्त गर्दछन् । दुर्दशा गराउने कालको वशमा परेपछि ता मानिसले दुर्दशा भोग्नैपर्दछ ॥८॥ हे राम, यस्तै दुर्दशामा परेकोले तिमीले र लक्ष्मणले दुवैले यस्तो भुक्तमान खप्नुपरेको छ । यसैले गर्दा स्त्रीहरणरूपी दुःख तिमीमाथि आइपरेको हो ॥९॥ तसर्थ मित्रहरूमाका श्रेष्ठ हे राम ! तिमीले अवश्यै त्योसङ्ग मितेरी लगाउनुपर्दछ । त्योसङ्ग दोस्ती नगरीकन विचार गरेर हेर्दा पनि म तिम्रो कार्य सिद्ध हुने कुनै उपाय देख्तिनँ ॥१०॥

हे राम ! सुन, म भन्दछु; सुग्रीव नाम गरेका एउटा वानर छन् ; यिनका दाजु, इन्द्रका छोरा वालिले रिस गरेर यिनलाई घरबाहिर निकालिदिएको छ ॥११॥ ऋष्यमूक नाम गरेको रमणीय पर्वत, पम्पा सरोवरसम्म शोभित भइरहेको छ । यी आत्मविश्वासी, चार वीर वानरलाई साथमा लिई यहाँ बसेका छन् ॥१२॥ यी वानरराज बडा बलिया, तेजस्वी, ठूलो कान्ति भएका, आफूले भनेको कुरा पूरा गर्ने, विनयी, मनमा धैर्य्य राख्ने, ठूलो बुद्धि भएका, सिपालु, चतुरा, तेजिला तथा बल र पराक्रमले युक्त भएका छन्, तर महात्मा दाजु बालिले यिनलाई राज्यको लागि निकालिदिएका छन् ॥१३–१४॥ यी तिम्रा मित्र बन्नेछन् र सीताको पत्ता लगाउने काममा सहायता दिनेछन्, अतएव हे राम ! तिमी आफ्नो मनमा सुर्ता नलेऊ ॥१५॥ हे इक्ष्वाकुश्रेष्ठ ! हुने कुरालाई कसैले पनि टार्न सक्तैन, कालको गतिको कसैले पनि उल्लंघन गर्न सक्तैन ॥१६॥ हे रामचन्द्र ! तिमी झट्टै यहाँबाट महाबली सुग्रीवनेर जाइहाल र आजै यहाँबाट गएर उनीसँग मितेरी लगाइहाल ॥१७॥ आपसमा कहिले पनि द्रोह नहोस् भन्नाका खातिर बल्दो आगोलाई आफ्नो साक्षी बनाउनू । वानरका राजा सुग्रीवको तिमीले कहिले पनि अनादर नगरे ॥१८॥ उनी अर्काले गरेको उपकार संझन्छन्, इच्छाअनुसारको रूप धारण गर्न सक्तछन् र पराक्रमी भए तापनि यस समयमा यिनलाई अरू कसैको सहायता चाहिएको छ, उनले इच्छा गरेको कुरा गर्ने शक्ति तिमी दुवैमा छ ॥१९॥ आफ्नो काममा सफल भए पनि नभए पनि तिनले अवश्य तिमीहरूको काम गरिदिनेछन् । ऋक्षरजा (सुग्रीवकी आमाको नाम) का छोरा यिनी अचेल दाजुदेखि शङ्कित भई पम्पाको वरिपरि घुमिरहन्छन् ॥२०॥ सूर्य भगवान्‌बाट यिनको उत्पत्ति भएको हो, अहिले बालिसँग यिनको दुश्मनी हुनगएको छ ।

अब हे राम ! तपाईं सबै हात-हतियार अघिल्तिर राखी सत्यको नाममा किरिया हालेर ऋष्यमूक पर्वतमा रहने वानरहरूसँग मितेरी लगाउनुहोस् । वानरहरूमाका श्रेष्ठ यिनी, मानिसको मासु

खाने राक्षसहरू बसेको जम्मै ठाउँ राम्रै गरी थाहा पाउँछन् । यहाँ यिनलाई पत्तो नभएको कुनै कुरै छैन ॥२१-२३॥ हे शत्रुहरूलाई ताप पार्ने राम ! जहाँसम्म सूर्यको प्रकाश फैलिएको छ त्यहाँसम्मका सबै नदी, ठूला ठूला पर्वत, पर्वतका गुफा तथा खाल्डामा वानरहरूलाई साथमा लिई ती खोज्न जानेछन् र तिम्री सीताको पत्ता लगाइछाड्नेछन् । तिम्रो वियोगमा शोक गरिरहेकी सीतालाई खोज्नाको निम्ति विशाल शरीर भएका वानरहरूलाई दशै दिशामा पठाउनेछन् । रावणको घरमा समेत सीताको पत्ता लगाइछाड्नेछन् ॥२४-२६॥ वानरका राजा सुग्रीव यस्ता छन् कि तिम्री अनाथिनी, कुनै प्रकारको खोट नभएकी सीता मेरु पर्वतको टाकुरामा हुन् अथवा पातालमा लुकिराखेकी हुन् जहाँ भए पनि राक्षसहरूलाई मारी तिनले उनलाई तिमीनेर ल्याइदिनेछन् ॥२७॥

सर्ग—७३

कबन्ध पम्पासरोवरको र सुग्रीव बस्ने ठाउँको वर्णन गर्दछ ।

सीताको पत्ता लगाउने उपाय बताइसकेपछि, अर्थको ज्ञान हुने कबन्ध फेरि पनि मतलबले पूर्ण भएको कुरा रामचन्द्रलाई भन्नलाग्यो ॥१॥ पश्चिमतिरको यो बाटो, जहाँ फूल फुलेका रमणीय रूख देखिन लागेका छन्, तपाईंको निम्ति कल्याण गर्ने हुनेछ ॥२॥ हेर, जामुनो, मेवा, कटहर, बर, पाकड, तिन्दुक, पीपल, कर्णिकार, आँप, धन्वन्, नागकेशर, तिलक, नक्तमाल, नील, अशोक, कदम्ब, करबीर, अग्निमुख, रक्तचन्दन, मन्दार यी सब रूखमा फल फूल लागेका छन् । यी रूखमा चढेर भए पनि अथवा बलैले यिनका हाँगा निहुराएर भए पनि अमृत जस्तो फल खाँदै तपाईंहरू जानुहोला । फल फूल लागेका रूख भएको यो वन पार गरिसकेपछि हे राम ! तपाईंहरूले नन्दन वनसमानको र उत्तर कुरु जस्तो रमणीय, सधैं मीठो स्वाद भएका फल लाग्ने रूख भएको जङ्गल भेट्नुहुनेछ ॥३-७॥ चैत्ररथ वनमा झैं यहाँ सदा सर्वदा सबै ऋतुहरूको वास भएको हुन्छ, यहाँका लामा लामा हाँगा भएका रूख फलको बोझले निहुरिरहेका हुन्छन् ॥८॥ मेघ तथा पर्वतसमानका यी रूख त्यहाँ जताततै शोभा दिइरहेका छन्, यिनमा चढेर अथवा हाँगा निहुराएर लक्ष्मणले तपाईंलाई अमृत जस्ता फल दिनेछन् ।

एवं प्रकारसँग भ्रमण गर्दै एउटा पर्वतबाट अर्को पर्वतमा र एउटा वनबाट अर्को वनमा जाँदा जाँदै तपाईं दुवै वीर पम्पासरोवरनेर पुग्नुहुनेछ । यस सरोवरमा न कङ्कड छन् न झ्याउ, यहाँको जग्गा कतै पनि भत्के बिग्रेको छैन, सबै घाट बराबरसँग बनेका छन् ॥९-११॥ हे राम ! यस सरोवरका तीरमा बालुवा छ, रक्तकमल तथा नील कमलले शोभायमान भइरहेको छ । उहाँ हाँस, भ्यागुता, क्रौञ्च तथा कुरर आदि गरिएका पम्पा सरोवरको जलमा रहने पक्षीहरू बडो मधुरो स्वरले आवाज गर्दछन्, यिनीहरू मानिसलाई देख्ता डराउन्नन्, किनकि अहिलेसम्म कसैले पनि यिनलाई मार्ने गरेको छैन ॥१२-१३॥ हे राम ! घिउका डल्ला जस्ता मोटा यी चराहरूलाई मारेर खानुहोला । पम्पा तलाउमा रहने रोहु, चक्रतुण्ड, नलमीन नाम गरेका असल असल माछालाई बाणले मारी, यिनको माथिको छाला, पखेटा र

काँढा झिकेर आगोमा पकाई लक्ष्मण भक्तिपूर्वक तपाईंलाई दिनेछन्। तपाईं यी माछा खूब खानुहोला। फूलै फूल भएको पम्पासरोवरको जल, कमलको जस्तो सुगन्ध भएको, कल्याण गर्ने, स्वास्थ्यलाई बेश गर्ने, चिसो, रोग हटाउने, चाँदी र स्फटिकसमान निर्मल छ। लक्ष्मणले कमलको पातमा यो जल ल्याएर तपाईंलाई पिउन दिनेछन्। पर्वतको गुफामा घुमिरहने, मोटा वानर बेलुकीपख डुल्दाखेरि लक्ष्मणले तपाईंलाई देखाउनेछन्। पानी पिउनाको निम्ति यिनीहरू पम्पाको तीरमा आउनेछन् र साँढेले गरे जस्तै आवाज गर्नेछन्। हे नरश्रेष्ठ! तपाईं यी मोटा, पहेंला वानरलाई पम्पाको किनारमा देख्नुहुनेछ। बेलुकीपख डुल्दाखेरि तपाईं ठूला ठूला हाँगा भएका, फल लटरम्म फलिरहेका रूख तथा पम्पाको सफा पानी देखेर आफ्नो सबै शोक सुर्ता बिर्सिदिनुहुनेछ। हे रामचन्द्र! त्यहाँका तिलक र नक्तमालका बोट तलदेखि माथिसम्म फूलले ढकमक्क भइराखेका छन्। फूल फुलिराखेका नीलकमल तथा अरू प्रकारका कमल पम्पा तलाउमा देखिन्छन्। यी फूलहरूको माला बनाएर लाउने मानिस त्यहाँ कोही पनि छैन ॥१४–२२॥ यी फूलहरू न कहिले वैलाउँछन् न कहिले झर्दछन्। (यसको कारण भन्दछु सुन्नुहोस्:—)

कुनै समयमा मतङ्ग ऋषिका शिष्यहरू यहाँ सावधान भई रहन्थे, गुरुको निम्ति जंगली वस्तु लिएर आउँदाखेरि, बोझले गर्दा, थाकेका यिनीहरूको शरीरबाट पसीनाको जो थोपा खस्तथे तिनै मुनिहरूको तपस्याको प्रभावले फूलको रूप लिन्थे। यसै कारणले यिनीहरू कहिले पनि नष्ट नभएका हुन्। हे रामचन्द्र! यी ऋषिहरू ता अहिले गइसके, तर यिनीहरूको सेवा टहल गर्ने, धेरै धेरै कालसम्म बाँचिरहने शबरी नाम गरेकी संन्यासिनी अझसम्म पनि त्यहीं आश्रममा देखिन्छिन् ॥२३-२६॥ सधैं धर्ममा तत्पर रहने यी शबरी, देवतासमानका, सबैले नमस्कार गर्ने योग्य तपाईंको दर्शन पाउनाले आज स्वर्ग लोकतिर जानेछिन् ॥२७॥

हे रामचन्द्र! पम्पातीरको पश्चिमपट्टि एउटा बहुतै राम्रो गुप्ती आश्रम देख्नुहुनेछ ॥२८॥ त्यस आश्रममा हात्तीहरू आक्रमण गर्ने साहस गर्दैनन्। यो आश्रमनेरको वन मतङ्ग ऋषिले बनाएको हुनाले मतङ्गवनको नामले विख्यात छ। हे राम! नन्दन वन तथा देवताहरूको वन जस्तै नाना प्रकारका चराचुरुङ्गीले पूर्ण भएको यस वनमा तपाईं आनन्दसँग डुल-फिर गर्नुहोला। पम्पा तलाउको सामुन्नेमा फूल फुलेका रूख भएको ऋष्यमूक पर्वत छ॥ ॥२९-३१॥ बडो मुश्किलसँग यसमा चढ्न सकिन्छ, साना साना साँपले यसको रक्षा गरिरहेका छन्। प्राचीन कालमा स्वयं ब्रह्माले यो ठूलो पर्वत बनाएका थिए ॥३२॥ हे राम! यस पर्वतको टाकुरामा सुत्ने मानिसले सपनामा धन भेट्टाएको देख्योभने बिउँझेपछि पनि सो धन पाइहाल्दछ ॥३३॥ कुनै दुराचारी मानिस कदाचित् यस पर्वतमाथि चढ्योभने राती सुतेको वेलामा राक्षसहरूले त्यसलाई मारिदिन्छन् ॥३४॥ हे रामचन्द्र! मतङ्गाश्रमनेर बस्ने र पम्पा तलाउमा विहार गर्ने साना साना हात्तीहरूले कराएको चर्को आवाज यतैबाट सुनिन्छ ॥३५॥ रातो रंगको मादको धारा बगाइरहेका, बादल जस्ता काला, खूब छिटो हिंड्न सक्ने ठूला ठूला हात्तीहरू कहिले ता जमात भएर, कहिले छुट्टा-छुट्टै भएर यताउति घुमिरहन्छन् ॥३६॥ पम्पाको निर्मल, राम्रो,

छुँदैखेरि खूब आनन्द लाग्ने, बास्ना आउने जल पिएर प्रसन्नतापूर्वक वनमा घुमिरहन्छन्; भालू, बाघ र नीलो कमलो रौं भएका पराजय हुने सन्देह नभएका रूरू नाम गरेका मृगलाई देख्ता तपाईं आफ्नो शोक बिर्सनुहुनेछ । हे राम ! यस पर्वतमा एउटा बडो गुफा छ, यसको ढोका सधैं ढुङ्गाले छोपिराखेको हुन्छ, यसैले सजिलोसँग यसभित्र प्रवेश गर्न सकिन्न, यस गुफाको पूर्वपट्टिको ढोकानेर चिसो पानी भएको एउटा ठूलो तलाउ छ ॥३७-४०॥ यहाँ अनेक फल-मूल पाइन्छन्, यो ठाउँ रमाइलो र नाना किसिमका रूखले सुशोभित छ; धर्मात्मा सुग्रीव वानरहरूको साथमा यहीं बस्तछन् ॥४१॥ कहिलेकहीं पर्वतको टाकुरामा पनि बस्तछन् ।

राम लक्ष्मण दुवैलाई यस प्रकारसँग कुरा बताइसकेपछि, सूर्यझैं चम्किरहेको, माला पहिरेको, पराक्रमी, भाग्यशाली कबन्धलाई आकाशमा अडिएर शोभायमान भइरहेको देख्ता राम लक्ष्मणले उनेर गई "हामी जान्छौं, तिमी पनि जाऊ" भने ।

कबन्धले पनि "कार्यसिद्धिको निम्ति तपाईंहरू जानुहोस्" भनेर दुवै भाइलाई भन्यो । प्रसन्न भएका राम लक्ष्मणसँग बिदा भई कबन्ध आफ्नो बाटो लाग्यो ॥४२-४५॥ आफ्नो पहिलेको रूप पाउनाले कबन्धको जम्मै शरीर शोभाले चम्किरहेको थियो । आकाशमा अडिएर रामतिर दृष्टि दिई मितेरी लगाउने सल्लाह दिएर यो आकाशको बाटो गरी गयो ॥४६॥

सर्ग—७४

पम्पाको नगीच राम लक्ष्मणको शबरीसँग भेटघाट कुराकानी हुन्छ ।

यस प्रकारसँग सबै कुरा बताएर कबन्ध स्वर्ग गएपछि राम, लक्ष्मण दुवै भाइ यसले भनेको बाटोबाट पम्पा सरोवरमा जान भनी पश्चिम दिशातिर लागे ॥१॥ यी दुवै भाइ, मह जस्तो मीठो फल फूल लागेका पर्वतका अनेक रूख हेर्दै सुग्रीवलाई भेट्न भनी जानलागे ॥२॥

यी दुई भाइ बाटोमा पर्वतमाथि एक रात वास बसी भोलिपल्ट बिहानै पम्पाको पश्चिम तीरमा पुगे ॥३॥ पम्पा सरोवरको पश्चिम तीरमा पुगेपछि यिनीहरूले त्यहाँ शबरीको रमणीय आश्रम देखे॥४॥ अनेक रूखले झ्याम्म पारिराखेको रमाइलो त्यस आश्रमलाई हेर्दै त्यसभित्र पसेर यी दुवै शबरीको नगीच पुगे ॥५॥ यिनलाई देख्नासाथ सिद्धा शबरी हात जोरेर खडा भई र अनि रामचन्द्र तथा बुद्धिमान् लक्ष्मणको पाउमा ढोग दिई ॥६॥ पाद्य, आचमन गर्ने जल दिएर यिनको विधिपूर्वक अतिथिसत्कार गरी ।

धर्ममा तत्पर रहने शबरीलाई रामचन्द्रजी भन्नलागे ॥७॥ तिम्रा सबै विघ्न वाधा ता हटेका छन् ? तिम्रो तपस्याको वृद्धि भइरहेको छ, छैन,के छ ? तिमीले रिसलाई ता जितेकी छौ ? हे तपोधने ! तिम्रो आहार ता नियमित छ ? ॥८॥ तिमीले पालन गरेका नियम सफल ता भएका छन् ? तिम्रो मनमा शान्ति ता रहन्छ ? हे मीठो बोल्ने शबरी ! तिम्रो गुरुसेवा ता सफल भएको छ ? ॥९॥

सिद्धहरूले समेत मान्नुपर्ने ती सिद्धा तपस्विनी बूढी शबरी, रामले यसरी सोधेपछि उनको

सामुन्नेमा सबै कुरा भन्नलागी ।।१०।। हे रामचन्द्र ! आज तपाईंको दर्शन पाउनाले मेरो तपस्याको सिद्धि भयो, जन्म आज सुफल भयो, आज पो मैले गुरुहरूको राम्रोसँग पूजा गरें ।।११।। बरु आज मेरो तपस्या सफल भयो । हे देवश्रेष्ठ रामचन्द्रजी ! तपाईंको पूजा गर्नाले मलाई स्वर्ग मिलोस् ।।१२।। हे सज्जन ! तपाईंको सुन्दर दृष्टि पर्नाले म आज पवित्र भएँ । हे शत्रुघाती राम ! तपाईंको कृपाले अब मलाई सबै अक्षयलोकको प्राप्ति हुनेछ ।।१३।। जुन ऋषिहरूको म सेवा गर्दथें तिनीहरू अत्यन्त चहकिलो रथमा चढेर त्यै वेलामा यताबाट स्वर्गतिर लागे जुन वेलामा तपाईं चित्रकूटमा आइपुग्नु-भएको थियो ।।१४।। धर्म जान्ने ठूलो भाग्य भएका ती महर्षिहरूले रामचन्द्र तिम्रो यस पवित्र आश्रममा आउनेछन् भनेर भनेका थिए ।।१५।। लक्ष्मणको साथमा आएका उनको तिमीले स्वागत गरे । उनको दर्शन पाउनाले तिमी श्रेष्ठ, अक्षय लोकमा जान पाउनेछौ ।।१६।।

हे पुरुषश्रेष्ठ ! ती ठूलो भाग्य भएका महर्षिहरूले मलाई यस्तै भनेर गएका थिए । पम्पातीरमा उत्पन्न हुने नाना प्रकारका जंगली फल मैले तपाईंको निम्ति जम्मा पारिराखेको छ ।

शबरीले यस्तो भनेको सुनेपछि धर्मात्मा रामचन्द्र उसलाई भन्नलागे :—हे शबरे ! तिमीलाई परमात्माको समेत राम्रोसँग ज्ञान छ, मैले कबन्धको मुखबाट तिम्रा महात्मा ऋषिहरूको प्रभाव राम्रै गरी सुनिसकेको छु, तिमी मञ्जूर गर्दछयौभने म ती प्रभावलाई आफ्नै आँखाले हेर्न पाऊँ ।

रामचन्द्रको मुखबाट यो कुरा निस्कनासाथ शबरी राम लक्ष्मणलाई त्यो विशाल वन देखाउँदै भन्नलागीः—हेर्नुहोस्, पशुपक्षीले भरिभराउ भएको, कालो बादलसमानको यो जुन वन देखिनलागेको छ, यै मतङ्गवनको नामले प्रख्यात भएको जङ्गल हो ।।१७-२१।। हे महाद्युतिमान् ! आत्मतत्व जान्ने मेरा गुरुहरू यहाँ मन्त्रपूजित यज्ञ गर्नाको निम्ति वेदका मन्त्रहरूद्वारा आफ्नो समय बिताउँथे ।।२२।। यो त्यै प्रत्यक्‌स्थली नाम गरेको वेदी हो, जुन वेदीमा बसेर मेरा पूज्य आचार्य्यहरू थकाइले गर्दा कामिरहेको हातले देवताहरूलाई फूल चढाउने गर्दथे ।।२३।। हे रघुश्रेष्ठ ! उनैको तपस्याको प्रभावले अनुपम तेज भएको यो वेदी अझसम्म आफ्नो शोभाले सबै दिशालाई प्रकाशमान गराइरहेको छ ।।२४।। उपवासले गर्दा निर्धो भएर जब यिनीहरू स्नान गर्नाको निम्ति समुद्रसम्म जान नसक्ने भए त्यस बखतमा यिनीहरूले संझनासाथ यहाँ आएका यी सातै समुद्रलाई हेर्नुहोस् ।।२५।। हे रघुनन्दन ! यी समुद्रमा स्नान गरेर मेरा गुरुहरूले भिजेका जुन लुगा रूखमा टाँगिदिएका थिए सो आजसम्म पनि सुकेका छैनन् ।।२६।। देवताको पूजा गर्दाखेरि मेरा आचार्य्यहरूले कमलको साथसाथै जुन फूल चढाएका थिए ती अझसम्म पनि जस्ताको तस्तै छन्, वैलाएका छैनन् ।।२७।। मैले यो जम्मै वन तपाईंलाई देखाइदिएँ र आफूले जे सुनेकी थिएँ सो पनि सुनाइदिएँ, अब म तपाईंको आज्ञाले यस शरीरलाई त्याग गर्न चाहन्छु ।।२८।। अब म जसको यो आश्रम हो र जसकी म दासी हुँ तिनै ब्रह्मज्ञानी ऋषिहरू भएको ठाउँमा जान चाहन्छु ।।२९।।

शबरीका यी धर्मयुक्त कुरा सुन्दा लक्ष्मणका साथसाथै रामचन्द्रजीले बहुतै खुशी भएर "यो

बडो आश्चर्यको कुरा हो'' भने ॥३०॥ यसपछि रामचन्द्रले कठोर तपस्या गर्ने शबरीलाई तिमीले मेरो पूजा गरिसक्यौ, अब जहाँ तिम्रो जाने इच्छा छ तहाँ सुखसँग गए हुन्छ भन्ने कुरा सुनाए ॥३१॥

जटा धारण गरेकी, चीर र कृष्ण मृगचर्म पहिरेकी शबरीले रामचन्द्रको आज्ञा पाउनासाथ आगोमा आफ्नो शरीरको आहुति दिइहालिन् ॥३२॥

बल्दो आगोको जस्तो रूप लिएर यिनी स्वर्गतिर लागिन् । यस समयमा दिव्य गहनाले सिंगारिएकी, दिव्यमाला पहिरेकी तथा चन्दनले सुगन्धित भएकी शबरी दिव्य वस्त्र लगाएकी हुनाले हेर्दाखेरि बडो राम्रो देखिने भइन् । जसरी बिजुली आफ्नो चमकले वरिपरिको जग्गालाई चहकिलो तुल्याइदिन्छिन् त्यसै गरी शबरीले पनि सो जग्गालाई चहकिलो तुल्याइदिइन् ॥३३-३४॥ यिनका पुण्यात्मा महर्षिहरू जुन लोकमा विहार गरी बसेका थिए त्यै पुण्यलोकमा यी शबरी पनि आफ्नो समाधिबलले पुगिन् ॥३५॥

सर्ग—७५

राम लक्ष्मण पम्पासरोवर तीरमा पुग्दछन् ।

आफ्नो तपको प्रभावले शबरी स्वर्गतिर लागेपछि भाइ लक्ष्मणको साथमा रामचन्द्रजी विचार गर्नेलागे ॥१॥ ती महात्माहरूको प्रभावको विचार गरेर धर्मात्मा रामचन्द्र आफ्नो हित गर्नामा तत्पर भएका, एकाग्र मन गरेर निश्चल भई बसेका लक्ष्मणलाई भन्नलागे ॥२॥

हे सज्जन ! ब्रह्मज्ञानी ती महर्षिहरूको आश्चर्यलाग्दो आश्रम मैले हेरें । यहाँ हरिण, बाघ वैर भाव छाडी घुम्दा रहेछन् र नाना प्रकारका चराहरू बस्ता रहेछन् ॥३॥ मैले ती मुनिहरूले स्थापना गरेको सातै समुद्रको तीर्थजलको मार्जन गरें र पितृहरूलाई तर्पण पनि दिएँ ॥४॥ हे लक्ष्मण ! हामीहरूका जति अशुभ कुरा थिए ती सबै नष्ट भए, अबलाई कल्याण गराउने समय आउने भयो, यसैले मेरो मन हर्षित भइराखेको छ ॥५॥ हे नरव्याघ्र ! मेरो मनमा कुनै एक असल कुरा उत्पन्न हुनलागेको छ, तसर्थ आऊ, हामीहरू राम्रो पम्पा सरोवर हेर्न जाऔं ॥६॥

यसको नगीचैमा ऋष्यमूक पर्वत देखिनेछ, जहाँ सूर्यका छोरा धर्मात्मा सुग्रीव बस्तछन् ॥७॥ वालिको डरले सदा भयभीत रहने तिनी चार वानरलाई साथमा लिई बसेका छन्, वानरश्रेष्ठ सुग्रीवलाई भेट्नाको निम्ति मेरो मनमा हतपत लागिरहेको छ ॥८॥ किनकि सीताको पत्ता लगाउने हाम्रो काम उनैको अधीनमा छ ।

यस प्रकारसँग बोलिरहेका रामचन्द्रलाई लक्ष्मण यो कुरा सुनाउनलागे ॥९॥ हामीले झट्टै त्यहाँ जानुपर्दछ, मेरो मन पनि हतार गर्न भनिरहेको छ ।

राजा रामचन्द्र त्यस आश्रमबाट निस्केर लक्ष्मणको साथमा फूल फुलेका अनेक रूख हेर्दै पम्पासरोवरको तीरमा आइपुगे ॥१०-११॥ कोइली, अर्जुन, मयूर, सुगा तथा अरू अरू चराहरूले गर्दा यो विशाल वन शब्दायमान भइरहेको थियो ॥१२॥ भिन्नाभिन्न जातका रूख तथा नाना प्रकारका

पोखरी हेर्दै कामले अत्यन्त पीडित भएका रामचन्द्र ठूलो पम्पासरोवरको तीरमा पुगे ॥१३॥ टाढैदेखि पिउन योग्य पानी धारण गर्ने पम्पासरोवरको तीरमा पुगेपछि दशरथ-पुत्र रामचन्द्रले मतङ्गसर नामको तलाउमा स्नान गरे ॥१४॥ राम र लक्ष्मण दुवै सावधान तथा निर्भय भई त्यहाँ गए । शोकले पीडित भएका दशरथपुत्र रामचन्द्रले कमलले भरिपूर्ण भएको त्यस रमणीय तलाउमा प्रवेश गरे । तिलक अशोक, पुन्नाग, बकुल, मौलसरी आदि गरिएका रूखहरूले सो ठाउँ सुशोभित भइरहेको थियो ॥१५-१६॥ यस तलाउको किनारमा अनेक रमणीय वगैंचा लगाइएका थिए । स्फटिक जस्तो निर्मल तथा मनलाई आनन्द गराउने जल त्यहाँ जम्मा भइराखेको थियो । चिल्लो बालुवा धेरै टाढासम्म फैलिराखेको थियो ॥१७॥ पम्पासरोवरमा माछा, कछुवा खूब थिए, तीरमा लगाइएका रूखले यसको शोभा बढिराखेको थियो, लतारूपी सखीहरूले यसलाई चारैतिरबाट बेह्रिराखेका थिए ॥१८॥ किन्नर, सर्प, गन्धर्व, यक्ष, राक्षसहरूले यहाँ वास गरेका थिए । नाना प्रकारका रूख तथा लताहरू त्यहाँ निक्कै नै थिए । स्वच्छ तथा शीतल जलले यो परिपूर्ण थियो ॥१९॥ रातो कमलले गर्दा कहीं रातो, नील कमलले गर्दा कहीं नीलो र बबूरको छाया पर्नाले कहीं सेतो देखिन्थ्यो । यस प्रकारसँग नाना रङ्गले गर्दा यो रङ्गी-विरङ्गी हात्तीको झूल जस्तो देखिनलागेको थियो ॥२०॥ राता तथा नीला कमल त्यहाँ फुलिरहेका थिए, आँपका बोटमा मजूरा लागिरहेका थिए र मयूरको बोलीले शब्दायमान भइरहेको थियो ॥२१॥

दशरथपुत्र तेजस्वी रामचन्द्र भाइ लक्ष्मणको साथसाथमा यो पम्पासरोवर देखेर विलाप गर्न-लागे ॥२२॥ तिलक, बीजपूर, वर, शुक्लद्रुम, फूल फूलेका करवीर र पुन्नाग, मालती, कुन्द, गुल्म, भंडीर, निचुल, अशोक, सप्तपर्ण, केतकी, चमेली, अतिमुक्तक तथा अरू अरू अनेक बोटले यो पम्पा तलाउ बडो रमणीय तथा तरुनी आइमाईझैं सिंगारिएको देखिन्थ्यो ।

यसको तीरमा पहिले वर्णन गरिसकेको, नाना किसिमका धातुले सजिसजाउ भएको, ऋष्यमूक नामले विख्यात भएको पर्वत छ । यसका रूखमा नाना प्रकारका फूल फुलिराखेका छन् । ऋक्षरजाका छोरा, सुग्रीवको नामले प्रख्यात भएका महाबली वानर त्यहाँ रहन्छन् । हे लक्ष्मण ! तिमी वानरराज सुग्रीवनेर जाऊ ॥२३-२७॥ हे लक्ष्मण ! म सीताविना कसरी बाँच्न सकुँला ! यो कुरा सत्यपराक्रमी रामचन्द्रले फेरि पनि लक्ष्मणलाई भने ॥२८॥

सीतामा नै चित्त लगाइराखेका, कामबाणले पीडित भएका रामचन्द्रले लक्ष्मणलाई यति भनिसके-पछि शोक प्रकट गर्दै, कमलका फूलले युक्त भएको पम्पासरोवरमा प्रवेश गरे ॥२९॥ चारैतिरका नाना किसिमका वनलाई क्रमैले हेर्दै गइरहेका रामचन्द्रले भिन्नाभिन्न जातका पक्षीले भरिभराउ भएको, चारैतिर रमणीय वन हुनाले शोभायमान भइराखेको पम्पासरोवरलाई देखे र लक्ष्मणको साथमा सो तलाउमा प्रवेश गरे ॥३०॥

अरण्यकाण्ड समाप्त ।

श्रीमद्वाल्मीकीय रामायण

किष्किन्धाकाण्ड—४

सर्ग—१

पम्पातीरमा पुगेपछि रामचन्द्र कामोन्मत्त भई सीतालाई संझेर विलाप गर्दछन्

कमल, नीलकमल तथा माछाले भरिभराउ भएको पम्पासरोवरको किनारमा पुगेपछि रामचन्द्रका सबै इन्द्रियहरू व्याकुल भए र लक्ष्मणको साथमा भए तापनि यिनी विलाप गर्नलागे ॥१॥ पम्पा-सरोवरलाई देख्तैमा हर्षले गर्दा रामचन्द्रका इन्द्रियहरू काम्नलागे (कमललाई देख्ता सीताजीको आँखा-को संझना हुन गयो र उनी यहीं नै छन् भन्ने विचारले रामको मनमा हर्ष भएको हो)। कामदेवको वशमा परेका राम लक्ष्मणलाई भन्नलागे ॥२॥

हे लक्ष्मण ! हेर, यो पम्पा कस्तो राम्रो देखिन्छ, नीर जस्तो सफा यसको पानी छ, नाना किसिमका कमल यहाँ फुलिरहेका छन् तथा भिन्न भिन्न प्रकारका रूखले यो शोभित भइरहेको छ ॥३॥ हे लक्ष्मण ! हेर त, पम्पाको नगीचको वन कस्तो राम्रो देखिन लागेको छ, यहाँका अग्ला अग्ला रूख, टाकुरा भएका पर्वतसमान शोभित भइरहेका छन् ॥४॥ भरतको दुःख तथा सीताको हरणले गर्दा शोकले आकुल व्याकुल परेको मलाई मानसिक पीडाले दुःख दिइरहेको छ ॥५॥ शोकले पीडित भएको भए तापनि चित्र विचित्रका वन भएको यो पम्पा मलाई राम्रो देखिनलागेको छ, यहाँ किसिमका किसिमका फूल फुलिरहेका छन् र यसको जल चिसो तथा मनलाई आनन्द दिने किसिमको छ ॥६॥ कमलले यसको जललाई छोपिराखेको छ, सर्प तथा यस जातका अरू अरू जन्तु यहाँ सदा घुमिरहने भएकोले अत्यन्त राम्रो देखिनलागेको छ, यो पम्पा पशु-पक्षीले भरिपूर्ण छ ॥७॥ यसको नीलो पहेंलो रंगको घाँस मलाई खूबै राम्रो लाग्न लागेको छ, अनेक प्रकारका रूखका भिन्ना भिन्न किसिमका फूल एकै ठाउँमा थुप्रो लगाइराखेको कि भन्ने भान पर्दछ ॥८॥ रूखका टुप्पाहरू फूलले टम्म भइराखेका छन् र फूल फूलेका अनेक लहराले यिनलाई चारैतिरबाट बेह्रिराखेको छ ॥९॥ हे लक्ष्मण ! मनलाई आनन्द दिने हावा बहिरहेको छ; कामदेवलाई जागा गराउने वसन्त ऋतुको यो समय हो; रमाइलो चैत्र महीना मीठा मीठा बास्ना साथमा लिई आएको छ ;र रूखहरूमा फल-फूल लागिराखेका छन् ॥१०॥ हे लक्ष्मण ! फूल फुलिराखेको यस वनको रमणीय रूप हेर, यी रूखहरू मेघले पानी बर्साएझैं फूलको वर्षा गरिरहेका छन् ॥११॥ वनका यी अनेक रूखहरू, हावाले हल्लिएर सम्म परेको ढुङ्गामाथि फूलको वृष्टि गरेर पृथ्वीलाई ढाक्नलागेका छन् ॥१२॥ हे लक्ष्मण ! हेर, रूखबाट खसिसकेका,

खस्न लागेका र अहिलेसम्म रूखैमा भइराखेका फूलसित हावा चारैतिर खेल्न लागिरहेको छ ॥१३॥ ढकमक्क फुलिराखेको रूखको हाँगालाई हल्लाएर जब हावा त्यहाँबाट अन्यत्र बहन लाग्दछ त्यस बखतमा गाइरहेका भ्रमराहरू उसको पछिपछि लाग्दछन् ॥१४॥ पर्वतको गुफाबाट निस्केको हावा, रूखहरूलाई नचाउँदै, मस्त परेका कोइलीहरूको मधुर शब्दद्वारा गाना गरिरहेको जस्तो देखिन्छ ॥१५॥ हावा चारैतिरबाट रूखलाई हल्लाइरहेको छ, यसैले यिनका हाँगाका टुप्पा टम्म जोरिन पुगेका छन्, अतएव यी रूख गाँसिएका जस्ता देखिन्छन् ॥१६॥ चन्दन जस्तै शीतल यो हावा शरीरमा लाग्नासाथ आनन्द गराउँछ, पवित्र गन्धले सुवासित भएकोले यसले थकाइ पनि मारिदिन्छ ॥१७॥ मीठो बास्ना आउने यस वनमा भ्रमराहरू शब्द गरिरहेका छन्, हावाले हल्लिरहेका रूखले गाना गर्नलागेको र भ्रमराहरूले यिनको नक्कल गरिरहेको जस्तो भान हुन्छ ॥१८॥ पर्वतको रमणीय टाकुरामा उम्रेका, फूल फुलिराखेका, अग्ला अग्ला राम्रा राम्रा रूखले गर्दा पर्वतका टाकुराहरू एकै ठाउँमा जोरिएका जस्ता देखिन्छन् ॥१९॥ यी सबै रूखले नाच गान गर्नथालेको जस्तो लाग्दछ, यिनका हाँगाका टुप्पा फूलले छोपिएका छन्, हावा चल्नाले हल्लिराखेका छन् र भ्रमराहरू यिनमाथि बसेर मधुरो स्वरले गाना गरिरहेका छन् ॥२०॥ चारैतिर फिंजिएको तथा खूबै फूल फुलिराखेको कर्णिकार नाम गरेको यस रूखलाई हेर; यो पीताम्बर पहिरेर माथमा सुनको मुकुट लगाइराखेको मानिस जस्तो देखिनलागेको छ ॥२१॥ हे लक्ष्मण ! यस वसन्त ऋतुमा नाना प्रकारका चरा बोलिरहेका छन् । यस ऋतुले ता सीताको वियोगको मेरो दुःखलाई झन् वढाइरहेको छ ॥२२॥ शोकले पीडित भएको मलाई कामदेवले दुःख दिन लागिरहेका छन्, प्रसन्नतापूर्वक बोलिरहेकी कोइली मलाई हाँक दिनलागिरहेकी छ ॥२३॥ यो दङ्ग परिराखेको जलकुक्कुट वनको रमणीय खोलानेर वसीकन आफ्नो शब्दले, कामले पीडित भएको मलाई झन् झन् दुःखी बनाउन लागिरहेको छ ॥२४॥ आश्रममा बस्ताखेरि मेरी सीता जब जब यसको शब्द सुन्दथिन् तब तब मनमा दङ्ग परेर मलाई बोलाउँथिन् र खूब हर्ष प्रकट गर्दथिन् ॥२५॥

हे लक्ष्मण ! हेर, नाना प्रकारका शब्द गर्ने यी रङ्गी-विरङ्गी चराहरू चारैतिरबाट आएर रूख, झुप्पा तथा लहराहरूमा बस्न लागेका छन् ॥२६॥ यी पोथी चराहरू भाले चराहरूसंग मिलेर बथानका बथान भई आनन्द मनाइरहेका छन् र भ्रमराहरूको जस्तो मधुरो आवाज निकालिरहेका छन् ॥२७॥ यस पम्पाको किनारमा चराको बथानको बथान, जलकुकुट र भाले कोइलीको जस्तै आवाज गरेर आनन्द मनाइरहेका छन् ॥२८॥ चराहरूले गर्दा यी रूखहरू बोलिरहेका र मेरो कामलाई वढाइरहेका छन् । यस वसन्त ऋतुले अग्निको रूप लिएर मलाई डढाउनेछ, अशोकका झुप्पा यस अग्निका फिलिङ्गा हुन्, भमराहरूको शब्द यसको आवाज हो, भर्खर पह्लाएका पातको रातो रंग यसको ज्वाला हो । कमल जस्तो आँखा भएकी, राम्रो कपालको रौं भएकी, मीठो बोली बोल्ने सीतालाई देख्न नपाएपछि मैले बाँचिरहनाको के प्रयोजन छ ? यो वसन्तको समय सीतालाई

खूब मन पर्दछ, कारण यस समयमा वनको शोभा बढेको हुन्छ ।।२९-३१।। यस समयमा कोइलीहरूको शब्दले समस्त वन गुञ्जायमान हुन्छ । हे लक्ष्मण ! कामदेवको पीडाले उत्पन्न भएको र वसन्तको गुणले बढेको यस शोकाग्निले मलाई झट्टै डढाइदिनेछ, ढीलो गर्ने छैन । प्राणप्यारी सीतालाई देख्न नपाईकन, यी राम्रा रूखहरूलाई मात्र हेर्नाले मेरो कामाग्नि बढ्दै जानेछ । सीतालाई देख्न नपाएकोले मेरो शोक झन् झन् बढिरहेको छ ।।३२-३४।। थकाइको पसीनालाई दूर गर्ने वसन्त प्रत्यक्ष रूपमा अगाडि नै छ । यस समयमा म चिन्ता र शोकले गर्दा व्याकुल भइराखेको छु । यस्तो अवस्थामा यो वसन्त र हरिणको बच्चाको जस्तो आँखा भएकी सीताले समेत मलाई दुःख दिइरहेकी छन् ।।३५।। हे लक्ष्मण ! चैत्र महीनाको, वनको यस निष्ठुरी हावाले मलाई पीडा दिइरहेको छ ।

यताउति नाचिरहेका यी मयूरहरू बडा राम्रा देखिनलागेका छन् ।।३६।। वायुको वेगले उडाएका यिनका प्वाँख स्फटिकको झ्याल जस्ता देखिन्छन् । आफ्ना मयूरीहरूले यिनलाई घेरिराखेका छन्, अतएव मतवाला भई यिनीहरू नाचिरहेका छन् ।।३७।। म पहिलेदेखि नै कामपीडित छँदै थिएँ, मयूरहरूको यो दृश्य देख्नाले मेरो पीडा झन् झन् बढ्नलागेको छ । हे लक्ष्मण ! हेर, नाच्नलागेका मयूरनेर गएर यो मयूरी पनि नाच्नलागी ।।३८।। पर्वतको टाकुरामा नाच्नलागेको लोग्नेनेर गई कामपीडित यो मयूरी नाच्नलागिरहेकी छ । मयूर पनि मन मनमा आफ्नी प्यारीनेर जाने इच्छा गर्नलागेको छ ।।३९।। मयूरकी स्वास्नीलाई ता राक्षसले वनबाट उडाएर लगेको छैन, यसै कारण यिनीहरू आफ्ना दुवै पखेटा फिंजाएर मधुरो वोलीले मेरो हँसी गर्नलागेका जस्ता देखिन्छन् ।।४०।। यस मयूरकी स्वास्नीको हरण नभएकोले यो आफ्नी प्रियतमाको साथमा रमणीय वनमा नाचिरहेको छ । यस वसन्त ऋतुमा प्यारी सीताविना मलाई बस्न गाह्रो भइरहेको छ ।।४१।। हे लक्ष्मण ! हेर, पक्षीहरूमा समेत यस्तो अद्भुत प्रेम देखिन्छ; अहिलेसम्म यो मयूरी कामको अभिलाषाले आफ्नो पतिको सेवा गरिरहेकी छ, मेरी विशालाक्षी सीतालाई पनि राक्षसले हरेर नलगेको भए उनी पनि अहिले कामले चञ्चलायमान भई मनेर आउने इच्छा गर्ने थिइन् ।।४२-४३।।

हे लक्ष्मण ! हेर, यस वसन्त ऋतुमा फूलै फूलले ढाकिएका वनका यी रूखहरूका फूल मेरा लागि निष्फल भइराखेका छन् ।।४४।। अत्यन्त राम्रा भए तापनि रूखका यी फूलहरू निष्फल भएकाले भ्रमराहरूको साथसाथमा भूइँमा खसिरहेका छन् ।।४५।। आपसमा एउटाले अर्कोलाई वोलाएझैं गरेर यी चराहरू बथान बाँधीकन मधुरो स्वरले वोलिरहेका छन् । यिनीहरू कामको मेरो उन्मादावस्थालाई बढाइरहेका छन् ।।४६।। मेरी प्यारी सीता जहाँ अहिले पराधीन भई बसेकी छन् त्यहाँ पनि वसन्त ऋतुको समय भएको भए उनी पनि मैले यहाँ शोक गरेझैं शोक गरिरहेकी होलिन् ।।४७।। जहाँ मेरी प्यारी सीता छन् त्यहाँ अहिले वसन्त ऋतुका चिह्न प्रकट भएका होओइनन्, यो कुरा निश्चय गरी भन्न सकिन्छ, किनकि वसन्त ऋतु शुरू भइसकेको भए नीलकमल जस्तो आँखा भएकी मेरी प्यारी सीता म नभईकन कसरी रहन सक्लिन् ।।४८।। अथवा

उनी भएको ठाउँमा वसन्त ऋतु भएकै भए पनि ती मेरी प्यारी सीता शत्रुहरूको हातमा परेकोले के गर्न सक्तिहोलिन् ? ॥४९॥ श्यामा, कमल जस्तो आँखा भएकी, मीठो बोली बोल्ने मेरी प्यारी सीता अवश्यै वसन्त ऋतु लाग्नासाथ आफ्नो प्राण त्याग गरिदिनेछन् ॥५०॥ मेरो विरहमा पतिव्रता सीता कुनै हालतमा पनि बाँच्नै सक्तिनन् भन्ने मेरो ता दृढ विश्वास छ ॥५१॥ किनकि मेरो यथार्थ प्रेम सीतामाथि छ र सीताको यथार्थ प्रेम ममाथि छ ॥५२॥

बास्ना आइरहेको, चिसो, मनमा आनन्द गराउने यो हावा अहिले सीताको खोज पत्ता लगाइ-रहेको वेलामा, मलाई आगो जस्तो लाग्नलागिरहेको छ ॥५३॥ सीताको साथमा रहँदाखेरि जुन हावालाई म आनन्द गराउने संझन्थे त्यै हावा आज सीता नभएकोले मलाई दुःख दिने भइरहेको छ ॥५४॥ सीतासितको संभोगको समयमा यो कागले आकाशमा उड्दै आफ्नो कठोर बोलीद्वारा वियोगको सूचना दिएको थियो, त्यै चरो आज प्रसन्नतापूर्वक रूखमा बसेर बोल्दै उनीसित भेट हुने कुराको सूचना दिइरहेको छ ॥५५॥ यै कागको अशुभसूचक शब्द हुँदाखेरि सीताको हरण भएथ्यो, आज यसैले ठूला ठूला आँखा भएकी सीतासँग मेरो भेट गराइदिनेछ अर्थात् आजको यसको शुभ शव्दले सीतासँगको भेटघाट सूचित गरिरहेको छ ॥५६॥

सुन्दैखेरिमा मानिसलाई कामातुर बनाइदिने, चराहरूले वनमा गरेको आवाज सुन । यी चराहरू फूलेका रूखमा बसेर बोलिरहेका छन् ॥५७॥ मदमत्त मानिस आफ्नी प्यारीकहाँ गएझैं, हावा लाग्नाले हल्लिरहेको यस अशोक (तिलके फूलको) मञ्जरीनेर भमरो बडो हतपत गर्दै गइरहेको छ ॥५८॥ हेर, यो अशोक, हावाले हल्लिराखेको आफ्नो फूलको झुप्पाले कामी पुरुषको शोकलाई अत्यन्तै बढाइरहेको छ, हावाद्वारा हल्लिरहेका आफ्ना पातले यसले मलाई हप्काइरहेको जस्तो लाग्दछ ॥५९॥

हे लक्ष्मण ! हेर, फूल फुलेका यी आँपका रूख, कामले उन्मत्त भएको, अङ्गराग धारण गरिराखेको मानिसझैं खडा भइराखेका छन् ॥६०॥ हे सौमित्र ! पम्पाको तीरमा रहेको, चित्र विचित्रको वनमा यताउति घुमिरहेका किन्नरहरूलाई हेर ॥६१॥ हे लक्ष्मण ! यस समयमा, मीठो बास्ना भएका, यी राता कमल पानीमा तरुनो सूर्यझैं शोभा दिइरहेका छन् ॥६२॥ स्वच्छ जल भएको यस पम्पासरोवरमा कमल, नीलकमल फुलिराखेका छन्, हाँस, कारण्डव पक्षीले युक्त भइराखेको छ, सौगन्धित जातको कमल पनि यहाँ छ ॥६३॥ तरुणो सूर्यसमानका, भ्रमरहरूले गर्दा हल्लिरहेका, केसर भएका कमलले यस सरोवरको जल व्याप्त भइराखेको छ अर्थात् जलमा केसर तर्किराखेको छ ॥६४॥ यहाँ सदा चक्रवाक चराहरू रहन्छन्; यहाँ वनमा अनेक राम्रा राम्रा ठाउँ छन्, हात्ती तथा हरिणहरूको बथान यहाँ पानी पिउनाको निम्ति आउँछ ॥६५॥ हे लक्ष्मण ! वायुको वेगले गर्दा पम्पाको स्वच्छ जलमा जो भेल उठ्तछ त्यसले गर्दा हल्लिरहेका कमल कसैले ताडना पो गरेको हो कि जस्तो भई शोभा दिन्छन् ॥६६॥

कमल जस्तो आँखा भएकी तथा कमलमा प्रेम राख्ने सीतालाई देख्न नपाउनाले यस समयमा मलाई आफ्नो जीवनधारण गर्नामा समेत अभिलाषा छैन ॥६७॥ अहो ! कामको कुटिलपना ता हेर, जुन कल्याणी सीता मेरो लागि दुर्लभ भएकी छन् तिनै मधुरभाषिणी सीताको आज यसले मलाई स्मरण गराइरहेको छ ॥६८॥ म आफ्नो अतिथि कामदेवलाई समेत धारण गर्ने थिएँ, तर जताततै रूखमा फूल फुलिरहेको यो वसन्त ऋतुले मेरो घात गर्नलागेको छ अर्थात् वसन्तले सीताको वियोगलाई झन् असह्य बनाइरहेको छ ॥६९॥

सीताको साथमा रहँदाखेरि जुन कुरा मलाई निको लाग्दथ्यो त्यही कुरा अहिले सीता नहुनाले नराम्रो लागिरहेको छ ॥७०॥ हे लक्ष्मण ! कमलका फूलको पात हेर्नालाई मेरा आँखाले मन लगाइरहेका छन् किनकि यिनीहरू ठीक सीताका आँखाका कोश जस्ता देखिन्छन् ॥७१॥ कमलका केसरलाई छुँदै रूखको बीचबाट वहिरहेको यो मनोहर हावा सीताले सास फेर्दाखेरि निस्केको हावा जस्तो छ ॥२७॥

हे लक्ष्मण ! हेर, पम्पाको दक्षिणतिर पर्वतको टाकुरामा, फूल फुलिराखेको कनकचम्पाको रूखको हाँगा कस्तो राम्रो देखिनलागेको छ ॥७३॥ अनेक प्रकारका धातुले सिंगारिएको यो पर्वतराज हावाको ठक्कर खानाले, नाना किसिमका धूलो उडाइरहेको छ ॥७४॥ हे लक्ष्मण ! हेर, जताततै यो पहाड़ी प्रदेश, फूल फुलिराखेका, पात नभएका रमणीय पलाशका रूखले गर्दा, बल्दो आगो जस्तो देखिनलागेको छ ॥७५॥ यस पम्पातीरका रूखहरू यसैको जलले बढेर बडो बास्ना आउने भइरहेका छन् । जूही, बेली, कमल र करवीर यस समयमा फुलिरहेका छन् ॥७६॥ केतकी, सिन्दुवार, र चमेली फुलिराखेका छन् । मातुलिङ्ग र खूब बास्ना भएको कुन्दको झुप्पा जताततै फुलिरहेको छ । चिरविल्ल, महुवा, वंजुल, बकुल, चम्पक, तिलक, नागकेसर, पद्मक, नील, अशोक, लोध्र, सिंहकेसर, पिञ्जर यी सबै पर्वतमा फुलिराखेका छन् । अङ्कोल, कुरन्ट, चूर्णक, पारिभद्रक (वन नीम), आँप, गुलाब, र कोविदार पनि फुलिराखेका छन् । पर्वतको टाकुरामा मुचकुन्द, अर्जुन, केतक, उद्दालक, शिरीष, सिसौ, धव, शाल्मली, किंशुक, रक्त कुवरक, तिनिश, रक्तमाल, चन्दन, स्यन्दन, हिन्ताल, तिलक, नागवृक्ष यी सबै रूख फुलिराखेका छन् र फूल फुलेका लहराले बेह्रिएका छन् ॥७७–८३॥ हे लक्ष्मण ! पम्पाको किनारमा नाना प्रकारका अनेक राम्रा रूख छन्, यिनीहरू नजीकै नजीक छन् र हावाले यिनको हाँगा हल्लाइरहेको छ ॥८४॥ यी लहराहरू कामले उन्मत्त भएका श्रेष्ठ आइमाईहरू आफ्ना लोग्नेसँग टाँसिन गएझैं रूखहरूमा बेह्रिन गएका छन् ।

एउटा रूखबाट अर्को रूखमा, एउटा पर्वतबाट अर्को पर्वतमा, एउटा वनबाट अर्को वनमा, नाना प्रकारका रस चाख्नाले आनन्द मनाइरहेको हावा चल्नलागेको छ । कुनै कुनै रूखमा यथेष्ट फूल फुलिराखेका छन् र तिनबाट मीठो बास्ना निस्किरहेको छ ॥८५–८६॥ कुनै रूखमा केवल कोपिला लागेकोले यिनीहरू हरियै देखिएका छन् । यो मीठो छ, यो स्वादिलो छ, यो फुलिराखेको छ, एवं प्रकारको अनुभव गर्दै प्रेमले मत्त परेको भमरो फूलभित्र पस्तछ र झट्टै त्यहाँबाट निस्केर अन्यत्र घुम्न जान्छ ।

महको लोभ गर्ने भमरो यस प्रकारसँग पम्पाको तीरमा रहेका रूखहरूमा विहार गरिरहेको छ ॥८७–८८॥ यहाँको भूइँ आफैं झरेका फूलले ढाकिएको छ जसले गर्दा यो आनन्द दिने बिछ्याउना जस्तो देखिनलागेको छ ॥८९॥ हे लक्ष्मण ! नाना प्रकारका यी फूलहरूले गर्दा पर्वतका टाकुरामाथिका ढुङ्गासमेत रङ्गी-बिरङ्गी देखिनलागेका छन् । ढुङ्गाहरू कतै रातो फूलले गर्दा रातो र कतै पहेंलो फूलले गर्दा पहेंलो बन्न गएका छन् ॥९०॥ हे लक्ष्मण ! हिमको अन्तमा अर्थात् वसन्त ऋतुमा रूखहरूमा फूलको उत्पत्ति भएको ता हेर । यी रूखहरू यस ऋतुमा आपसमा होड थापेर फूल उत्पन्न गरिरहेका हुन् कि भन्ने भान पर्दछ ॥९१॥ हे लक्ष्मण ! भमराहरूको शब्दले गर्दा गुञ्जायमान भइरहेका यी रूखहरूले आपसमा एउटाले अर्कोलाई हाँक दिनलागिरहेका जस्ता देखिन्छन् । यी रूखहरूका हाँगा फुलेका फूलले टोपीको जस्तो शोभा दिइरहेका छन् ॥९२॥ हेर, यो जलकुक्कुट स्वच्छन्द जलमा स्नान गरेर आफ्नी स्त्रीसँग विहार गरिरहेको छ र मेरो कामको अभिलाषालाई वढाइरहेको छ ॥९३॥ मन्दाकिनीको झैं यस पम्पासरोवरको रूप पनि मनलाई खूबै रमाउने किसिमको छ, अतएव मन्दाकिनीका रमणीय गुणहरूको संसारमा प्रसिद्धि हुनु ठीकै कुरा हो ॥९४॥ पतिव्रता सीताको साथमा मैले यहाँ बस्न पाएको भए, हे रघुश्रेष्ठ लक्ष्मण ! म न इन्द्रको पदको अभिलाषा गर्थें, न अयोध्याको राज्यैको वास्ता राख्थें ॥९५॥ यस्तो रमणीय हरियो घाँस भएको मैदानमा सीताको साथमा विहार गर्दाखेरि मलाई न कुनै कुराको चिन्ता हुने थियो न कुनै पदार्थ पाउने मेरो इच्छा हुने थियो ॥९६॥ नाना प्रकारका पात भएका तथा किसिम किसिमका फूल फुलिराखेका यी रूखहरूले सीता नहुँदाखेरि मलाई यस वनमा चिन्तित बनाइरहेका छन् ॥९७॥

हे लक्ष्मण ! चिसो जल भएको यो पम्पासरोवरलाई ता हेर, यसमा चारैतिर कमल फुलिराखेका छन्; चक्रवाक तथा कारण्डव पक्षीले कहिले पनि यसको तीरलाई छाड्दैनन्, प्लव र कख्याङ्कुरुङ चरा यहाँ भरिभराउ छन्, अरू पनि नाना किसिमका पशु यहाँ रहेका छन्; चराहरू बोलिरहेका हुनाले पम्पाको शोभा झन् बढिराखेको छ ॥ ९८–९९॥ प्रसन्न चित्त भएका यी नाना प्रकारका चरा-चुरुङ्गीले चन्द्रमा जस्तो मुख तथा कमल जस्तो आँखा भएकी मेरी प्यारी तरुनी सीताको संझना गराएर मेरो कामको अभिलाषालाई उत्तेजित गराइरहेका छन् । पर्वतको रङ्गी-बिरङ्गी टाकुरामा हरिणीहरूको साथमा विहार गरिरहेका हरिणहरूलाई हेर ॥१००॥ हरिणका बच्चाहरूका जस्ता आँखा भएकी मेरी सीतादेखि वियोग भएको वेलामा यताउति घुमिराखेका यी हरिणहरू मेरो मनमा पीडा गराइरहेका छन् ॥१०१॥ मत्त परेका चराहरूले भ्रमण गरिरहेको यस रमणीय पर्वतको टाकुरामा आफ्नी प्यारी सीतालाई भेट्न पाए मेरो कल्याण हुने थियो ॥१०२॥ हे लक्ष्मण ! सुन्दरी सीताले मेरो साथमा यस पम्पाको पवित्र मनोहर वायुको सेवन गरेदेखि ता म आफ्नो जीवन धारण गर्न सक्ने थिएँ ॥१०३॥ कमलको सुगन्धलाई साथमा लिई वहने, थकाइ मार्ने, पम्पाको जंगली पवित्र वायुको जो सेवन गर्न पाउँछन् ती धन्य हुन् ॥१०४॥

कमलको पात जस्ता आँखा भएकी, तरुनी, मेरी प्यारी सीता मेरो विरहमा विवश भई कसरी आफ्नो प्राण धारण गर्नामा समर्थ भएकी होलिन् ? ।।१०५।। धर्मज्ञ, सत्यवादी राजा जनकले सभामा मसँग सीताको क्षेम कुशल सोद्धा म उनलाई के जवाफ दिउँला ? ।।१०६।। पिताजीले वन पठाउँदा- खेरि पनि तिनले म अभागीलाई छाडिनन्, धर्मको पालना गर्ने मेरी सीता अहिले कहाँ होलिन् ? ।।२०७।। हे लक्ष्मण ! सीताविना म त्रिचरोले कसरी प्राण धारण गर्न सक्ने हो ? तिनले मलाई कहिले पनि छाडिनन्, राज्यबाट निकालिंदाखेरिको व्याकुल समयमा समेत मलाई छाडिनन् ।।१०८।। उत्तम कमलसमानका आँखा भएको, सुगन्धित, देख्तैमा मनलाई आनन्द गराउने, कुनै खत नभएको ती सीताको मुख देख्न नपाउनाले मेरो बुद्धि नष्ट हुन लागिरहेको छ ।।१०९।। हे लक्ष्मण ! ती सीताको अत्यन्त हित गर्ने, मीठो बोली मैले कहिले सुन्न पाउने हो, जुन बोलीमा कहिले मुसकान, कहिले हाँसो देखिन्थ्यो र जसमा अनेक गुण थिए ।।११०।। वनको दुःखले दुःखित भएकी भए तापनि ती पतिव्रता सीता, मलाई कामपीडित अवस्थामा देख्ता, मेरो दुःख घटाउनाको निम्ति, आफूलाई कुनै प्रकारको दुःख नभएझैं, बाहिरी प्रसन्नता देखाएर मसँग मीठो बोली बोल्दथिन् ।।१११।। हे लक्ष्मण ! अयोध्यामा मनस्विनी कौशल्याले मेरी बुहारी कहाँ छिन् भनेर सोद्धा मैले उनलाई के भन्ने हो ? ।।११२।। हे लक्ष्मण ! तिमी अयोध्या फर्केर जाऊ र दाजुमाथि प्रेम गर्ने भरतलाई भेट, ममा ता सीताविना बाँच्ने शक्ति छैन ।।२१३।।

महात्मा रामलाई यस प्रकारसँग अनाथले झैं विलाप गरिरहेको देख्ता लक्ष्मण उनलाई उचित र सारगर्भित कुरा भन्नलागे ।।११४।। हे पुरुषोत्तम राम ! तपाईंको कल्याण होस्, मन सह्यालनु- होस्, यसरी शोक नगर्नुहोस्, तपाईंजस्ती निर्मल बुद्धि भएकाले यस्तो शोक बुद्धि गर्न मुनासीब पर्दैन ।।११५।। जहाँ संयोग भयो त्यहाँ वियोग हुन्छ र वियोग ता दुःख दिने नै हुन्छ, यो कुराको संज्ञना राखेर आफ्नो प्रियजनमाथिको प्रेम घटाउनुहोस्, धेरै नै स्नेह अर्थात् तेलले भिजेको वत्ती समेत निभ्दछ ।।११६।। हे दाजेज्यू ! रावण पातालमा होस् अथवा योभन्दा पनि बर्ता गुप्ती ठाउँमा होस्, जहाँ भए पनि त्यो कदापि बाँच्न सक्तैन ।।११७।। पहिले यो पापी राक्षसको पत्तो लगाउनु- पर्दछ, पत्तो लागेपछि कि ता यसले सीतालाई फर्काइदिनुपर्नेछ कि ता आफ्नो प्राणै त्याग गर्नुपर्ने- छ ।।११८।। सीतालाई साथमा लिएर रावणले आफ्नी आमा दितिको गर्भभित्र प्रवेश गरे तापनि, सीतालाई नफर्काएको खण्डमा म त्यसलाई जहाँ भए पनि नमारी छाड्नेछैन ।।११९।। तसर्थ हे सज्जन ! आफ्नो मनको तापलाई छाडेर धैर्य गर्नुहोस्, हराएको कुरा विनायत्नले फेरि पाउन सकिन्न भन्ने कुरा तपाईंलाई थाहै छ ।।१२०।। हे सज्जन ! उत्साहमा ठूलो बल हुन्छ, उत्साहभन्दा बर्ता बलियो अरू दोस्रो कोही छैन, उत्साहीहरूका लागि यस संसारमा कुनै कुरा पनि दुर्लभ हुन्न ।।१२१।। उत्साही मानिस जस्तै गाह्रो काम परिआए पनि हडबडाउन्नन् हामी केवल उत्साहको सहायताले सीताजीलाई पाउन सक्नेछौं ।।१२२।। तसर्थ मनको शोकलाई हटाएर कामी पुरुषको जस्तो व्यवहार गर्न छाडिदि-

नुहोस् । तपाईंले यस समयमा आफ्नो शिक्षित र धैर्य राख्न सक्ने मनलाई बिर्सिदिनुभएको छ ॥१२३॥

लक्ष्मणले यस प्रकारसँग संझाए बुझाएपछि शोकले गर्दा सुद्धी बुद्धि हराएका रामचन्द्रले शोक र मोहको त्याग गरी मनमा धैर्य गरे ॥१२४॥ यसपछि वर्णनै गर्न नसकिने पराक्रम भएका रामचन्द्र मनमा नहडबडाईकन, रूखै रूखले परिपूर्ण भएका तथा रमणीय पम्पासरोवरभन्दा अगाडिको यात्रा गर्नलागे ॥१२५॥ मनमा उद्विग्न तथा दुःखित भएका महात्मा रामचन्द्र सीतालाई खोज्नै पर्दछ भन्ने विचार गरेर समस्त वन, खोला नाला तथा गुफाहरूलाई हेर्दै लक्ष्मणलाई साथमा लिएर अगाडि जान लागे ॥१२६॥ मतवाला हात्तीको चालले हिंड्ने, सुस्थिर चित्त भएका, रामचन्द्रको अभिप्राय बुझ्ने, महात्मा लक्ष्मण धर्मको बलले तथा पराक्रमले उनको अर्थात् रामको रक्षा गरिरहेका थिए ॥१२७॥

ऋष्यमूकनेर डुलिरहेका, अद्भुत रूप भएका यी राम, लक्ष्मणलाई देख्ता वानरहरूका राजा सुग्रीव वहुतै डराए र यिनीहरूप्रति आफूले के के गर्नुपर्ने हो सो कुराको निश्चय गर्न सकेनन् ॥१२८॥ हात्तीको जस्तो मंद चालले हिंडिरहेका यी दुवैलाई देख्ता वानरहरूका राजा अत्यन्त दुःखित भए, चिन्ताले व्याकुल परेकोले यिनको सबै उत्साह हराएर गयो ॥१२९॥ यो मतङ्गको आश्रम पवित्र र सबैलाई सुख दिने किसिमको थियो । मुनिहरूलाई शरण दिने यस आश्रममा सदादेखि वानरहरू बसिआएका थिए, पराक्रमी राम लक्ष्मणलाई देख्ता डराएका अरू वानरहरू पनि आश्रमभित्र पसे॥१३०॥

सर्ग--२

दुवै भाइ को रहेछन् भनेर पत्ता लगाउनाको निम्ति सुग्रीव हनुमान्लाई रामनेर पठाउँछन् ।

अतिश्रेष्ठ हात-हतियार भिरेका, शूरा, महात्मा राम लक्ष्मण दुवै भाइलाई देख्ता सुग्रीवको मनमा शङ्का पर्‍यो ॥१॥ मनमा हडबडाएर यिनी दशै दिशातिर हेर्नलागे, कुनै ठाउँमा पनि स्थिर भएर अडिन सकेनन् ॥२॥ महाबली राम र लक्ष्मणलाई देखेपछि ता सुग्रीव निश्चिन्त भई एक ठाउँमा बस्नै सकेनन्, किनकि यिनी ज्यादै डराएका र मनमा दुःखित भएका थिए ॥३॥ धर्मात्मा सुग्रीव आफ्ना मन्त्रीहरूको साथमा हानि लाभको अर्थात् यस आश्रममा बस्नाले अथवा यहाँबाट भाग्नाले कुन कुरो गर्नाले वेश होला भनी सल्लाह गर्नलागे र यी सुग्रीव सबै वानरहरूको साथसाथै वडो चिन्तित भए ॥४॥ वानरराज सुग्रीव श्रीराम लक्ष्मण दुवै भाइलाई देख्ता वडो हडबडाएर आफ्ना मन्त्रीहरूलाई भन्नलागे ॥५॥ अवश्यै वालिले पठाएका हुनाले यी दुवै भाइ यस दुर्गम वनमा आएका हुन्, आफ्नो असली रूपलाई लुकाउनाको निम्ति चीरवस्त्र धारण गरी यिनीहरू घुम्दै यहाँ आएका हुन् ॥६॥

यी महाधनुधारी राम लक्ष्मणलाई देख्ता सुग्रीवका मन्त्रीहरू यस पर्वतको टाकुराबाट अर्को पर्वतको टाकुरामा भागेर गए ॥७॥ यी सबै वानरमन्त्रीहरू झट्टै यहाँबाट जानासाथ आफ्ना राजा वानरश्रेष्ठ सुग्रीवलाई चारैतिरबाट घेरेर बसे ॥८॥ आपस आपसको सुख दुःखमा साथ रहने यी सबै

वानरहरू आफ्नो वेगले पर्वतको टाकुरालाई समेत कमाउँदै एउटा पर्वतबाट अर्को पर्वतमा भाग्नलागे ॥९॥ दुर्गम स्थानमा रहेका तथा फूल फुलिराखेका रूखहरूलाई यी महाबली वानरहरूले उफ्रँदै भाँच्नलागे ॥१०॥ यिनीहरू त्यस विशाल पर्वतको चारैतिर फिंजिए र त्यहाँ भएका हरिण, बिराला तथा बाघहरूलाई तर्साउँदै सुग्रीवनेर पुगे ॥११॥

सुग्रीवका सबै मन्त्रीहरू उनीनेर पुगेपछि एकाग्र चित्त भई हात जोरेर उनको सामुन्नेमा उभिए॥१२॥ बालिको डरले अनिष्टको शङ्का गर्दै मनमा डराएका सुग्रीवलाई बोल्नामा सिपालु हनुमान् भन्नलागे ॥१३॥ बालिले गर्दा कुभलो आइपर्ने शङ्का तपाईंहरू छाडिदिनुहोस् किनकि यो मलयाचल पर्वत हो, यहाँ बालिले केही गर्न सक्ला भन्ने डर छैन ॥१४॥ हे वानरश्रेष्ठ ! जसले गर्दा तपाईंले भाग्नुपर्‍यो र मनमा डराएर व्याकुल हुनुपर्‍यो, देख्तै डर लाग्ने, निष्ठुरी काम गर्ने त्यो बालिलाई ता म यहाँ कतै पनि देख्तिनँ ॥१५॥ हे सज्जन ! पापी दाजुले गर्दा तपाईंको मनमा डर भइरहेको छ, म त्यो दुष्ट बालिलाई ता यहाँ कतै पनि देख्तिनँ, तसर्थ तपाईंले डराउनुपर्ने केही कारण छैन ॥१६॥

तर यो आश्चर्यको कुरा हो कि अज्ञानले गर्दा तपाईं बुद्धिपूर्वक कुराको विचार गर्नलाग्नुभएको छैन, तसर्थ यस समयमा तपाईंको वानरपना देखिनलागेको छ अर्थात् डराउनु नपर्ने मौकामा पनि डराइरहनुभएको छ ॥१७॥ बुद्धि तथा विज्ञानले युक्त भई तपाईंले संकेतद्वारा अर्काको मनभित्रको कुरा बुझेर आफ्नो रक्षाको उपाय गर्नुपर्दछ । बुद्धिहीन राजा आफ्ना सबै प्रजाको रक्षा गर्न सक्तैन ॥१८॥

हनुमान्‌का हित गर्ने सबै कुरा सुनेपछि सुग्रीव उनलाई झन् मीठो कुरा भन्नलागे ॥१९॥ लामा हात, ठूला ठूला आँखा भएका, धनुबाण धारण गरेका, देवपुत्रसमानका यी दुवैलाई देख्ता कसको मनमा डर पसोइन ॥२०॥ यी दुवै पुरुषश्रेष्ठलाई बालिले नै पठाएको हो भन्ने मलाई शङ्का हुनलागेको छ, किनकि राजाका अनेक मित्र हुन्छन्, तसर्थ यस विषयमा विश्वास गर्नु उचित छैन ॥२१॥ गुप्ती तवरले घुमिरहने शत्रुमाथि मानिसले विशेष ध्यान दिनुपर्दछ । यी अविश्वासी शत्रुहरू विश्वासमा परेका मानिसमाथि मौका पर्नासाथ प्रहार गरिहाल्दछन् ॥२२॥ राजाहरू अनेक उपाय जान्दछन् र शत्रुलाई मार्ने उद्योग गरिरहेका हुन्छन् । हामीहरूले गुप्ती दूतद्वारा यिनीहरूको अभिप्राय जानिराख्नुपर्दछ । यस्ता कुरामा बालि पनि बडो सिपालु छ, अतएव हामीले उदेखि सावधान भई रहनुपर्दछ ॥२३॥ अतएव हे वानर ! तिमी आफ्नो साधारण भेषमा जाऊ र चेष्टा, रूप तथा कुराकानीबाट उनीहरूको मनको अभिप्राय बुझेर आऊ ॥२४॥ उनीहरू मनमा प्रसन्न रहेछन्‌भने प्रशंसा तथा इशाराद्वारा आफूमाथि उनीहरूको विश्वास उत्पन्न गराएर मनको अभिप्राय बुझ ॥२५॥ हे वानरश्रेष्ठ हनुमान् ! मेरै सामुन्नेमा उभिएर तिमी ती धनुर्धारीहरूसित यस वनमा प्रवेश गर्नाको कारण सोध ॥२६॥ यी दुवैको मन शुद्ध छ भन्ने थाहा भए पनि कुराकानी तथा मुखको आकारले भित्री अभिप्राय जान्ने कोशिश गर । मनमा केही कपट रहेछभने तिमीले पत्तो पाइहाल्नेछौ ॥२७॥

वानरराज सुग्रीवको यस्तो आज्ञा पाएपछि वायुपुत्र हनुमान्‌ले राम लक्ष्मण भएको ठाउँमा जाने

निश्चय गरे ।।२८।। डराएका, सजिलैसँग जितिन नसकिने सुग्रीवको कुरा मानेर महानुभाव हनुमान् त्यस ठाउँमा गए जहाँ लक्ष्मणको साथमा महाबली रामचन्द्र बसिरहेका थिए ।।२९।।

सर्ग—३

राम लक्ष्मणसँग हनुमान्को कुराकानी हुन्छ ।

महात्मा सुग्रीवको आज्ञा मानेर हनुमान ऋष्यमूक पर्वतबाट उफ्रेर राम लक्ष्मण भएको ठाउँमा पुगे ।।१।। वायुपुत्र हनुमान्ले वानरको रूप छाडेर भिक्षुकको रूप लिए, किनकि वानरको रूप कुराकानी गर्दा काम लाग्ने हुन्न र कसैले त्यसमाथि विश्वास पनि गर्दैनन् ।।२।। वानरश्रेष्ठ हनुमान्ले राम लक्ष्मण दुवै वीरनेर पुगेपछि नम्रतापूर्वक यिनीहरूलाई प्रणाम गरी तथा विधिपूर्वक पूजा गरी यिनीहरूको प्रशंसा गरे र अनि मीठो बोली गरेर, सत्यपराक्रमी, राजर्षि तथा देवतासमान यी दुवै तपस्वीहरूसँग आफ्नो इच्छामुताबिक (अर्थात् सुग्रीवले सिकाएबमोजिम ता होइन) यी कुरा सोध्नलागे ।।३—५।।

तपाईं महानुभावहरू यस देशमा के कारणले आउनुभएको हो ? तपाईंहरूलाई देख्ता यहाँका पशु तथा अरू अरू वनचारी जीवहरू तर्सिराखेका छन् ।।६।। पम्पा-तीरमा उभ्रिराखेका रूखहरूलाई तथा स्वच्छ जल भएको यस तलाउलाई हेर्दै तपाईंहरूले यहाँ पदार्पण गर्नुभएको छ ।।७।। मनमा धैर्य्य भएका, सुनको रङ्ग जस्तो शरीरको वर्ण भएका, चीरवस्त्र धारण गर्ने तपाईं दुवै को हुनुहुन्छ ? महाबाहु तपाईंहरूलाई लामो लामो सास फेरिरहेको देख्ता यहाँका प्रजाहरू दुःखी भइरहेका छन् अर्थात् तपाईंको दुःख देख्ता यिनीहरूलाई पनि दुःख भइरहेको छ ।।८।। सिंहको जस्तो तपाईंहरूको दृष्टि छ । महाबली र पराक्रमी तपाईं दुवै, इन्द्रको धनु जस्तो धनु भिरेर, यस देशमा किन आउनुभएको हो ? तपाईंहरू श्रीमान्, शत्रुको नाश गर्ने, राम्रो अनुहार भएका तथा साँढे जस्तो पराक्रमी देखिनुहुन्छ । हात्तीका सूँड जस्ता तपाईंहरूका हात छन्, अति तेजिला तपाईं पुरुषोत्तमहरूको तेजले यो पर्वतै जम्मै टल्कन लागिरहेको छ, देवता समानका तपाईं दुवै राज्य गर्न योग्यका हुनुहुन्छ ।।९—११।। तपाईं दुवै वीरले जटा धारण गर्नुभएको छ, कमलका पात जस्ता तपाईंहरूका आँखा छन्, तपाईं दुवैको रूप उस्तै उस्तै देखिन्छ, देवलोकबाट यहाँ आउनुभएको हो कि ? ।।१२।। आफ्नै इच्छाले सूर्य-चन्द्र पृथ्वीमा आएको भान पर्दछ । ठूला ठूला छाती भएका, मनुष्यको रूप धारण गरेका तपाईं वीरहरू देवतै हुनुहोला ।।१३।। सिंहको जस्तो तपाईंहरूको काँध छ, मस्त परेका साँढेझैं उत्साही देखिनुहुन्छ, तपाईं-हरूका हात घुनेत्रो जस्तै लामा र बाटुला छन् ।।१४।। सबै प्रकारका गहना लगाउन योग्य तपाईंहरूले किन कुनै गहना पनि नलगाएको ? सागर, वन, विन्ध्य, मेरु आदि गरिएका पर्वतले युक्त भएको यस समस्त पृथ्वीको रक्षा गर्न योग्य म तपाईंहरूलाई देख्तछु । तपाईंहरूले धारण गरेका यी दुवै धनु, चित्र-विचित्र, चिल्ला, चन्दनादि गरिएका किसिम किसिमका लेपले युक्त छन् र सुवर्णभूषित इन्द्रको वज्र जस्तै शोभा दिइरहेका छन् । हेर्दा राम्रो लाग्ने तपाईंहरूका यी ठोक्रामा प्राण लिने, भयंकर तथा

प्रज्वलित सर्प जस्ता डरलाग्दा तीखा बाण भरिएका छन् । खारिएको सुनले सिंगारिएका, विशाल तथा मोटा तपाईंहरूका यी दुवै खड्ग काँचुली फ्याँकेको सर्पझैं चम्किरहेका छन् । म तपाईंहरूसँग यस प्रकारसँग कुरा गरिरहेको छु तर तपाईंहरू भने बोल्दै बोल्नुहुन्न ।।१५–१९।।

सुग्रीव नाम गरेका वानरहरूका राजा धर्मात्मा र वीर छन्, दाजुले निकालिदिएको हुनाले यस पृथ्वीमा दुःखित भई जतातते घुमिरहेका छन् ।।२०।। वानरहरूका राजा यिनै महात्मा सुग्रीवले पठाएको हुनाले म तपाईंहरूनेर आएको हुँ । हनुमान् नाम गरेको म वानर हुँ ।।२१।। धर्मात्मा सुग्रीवले तपाईं दुवैसित मितेरी लाउन खोजेका छन्, वायुको छोरो म यिनै सुग्रीवको मन्त्री हुँ, साथी पनि हुँ ।।२२।। सुग्रीवकै कार्यसिद्धिका लागि मैले यो भिक्षुकरूप धारण गरेर आफ्नो असली रूप लुकाएको हुँ । म ऋष्यमूक पर्वतबाट यहाँ आएको हुँ । म इच्छाअनुसारको रूप धारण गर्न तथा मन लागेको ठाउँमा जान सक्छु ।।२३।। राम, लक्ष्मण दुवै भाइलाई यस प्रकारको कुरा भनिसकेपछि, कुरा बुझ्ने तथा बोल्नामा सिपालु भएका हनुमान् चूप लागे, अरू बर्ता केही पनि बोलेनन् ।।२४।।

हनुमान्‌का यी कुरा सुनेपछि हँसिलो मुख लगाएका श्रीमान् रामचन्द्रले बगलमा वसेका भाइ लक्ष्मणलाई भन्नलागे ।।२५।। वानरहरूका राजा महात्मा सुग्रीवका यी मन्त्री रहेछन् र उनैको इच्छाले यिनी हामीकहाँ आएका छन् ।।२६।। हे लक्ष्मण ! सुग्रीवका मन्त्री यी वानरसँग कुरा गर, कुरा बुझ्ने, शत्रुको दमन गर्न सक्ने यिनीसँग स्नेहपूर्वक मीठो बोली गरेर कुरा गर ।।२७।। ऋग्वेदको शिक्षा नपाएको, यजुर्वेदको ज्ञान नभएको तथा सामवेद नपढेकोले यस किसिमसङ्ग कुरा गर्न सक्तैन ।।२८।। यिनले सम्पूर्ण व्याकरणको राम्रो तवरसङ्ग अध्ययन गरेको रहेछ, किनकि धेरै बोले तापनि यिनको मुखबाट अशुद्ध वाक्य निस्केन ।।२९।। बोल्दाखेरि, मुख, आँखा, निधार, आँखीभूइँ तथा अरू अरू अंगमा समेत, कुनै प्रकारको दोष प्रकट भएन ।।३०।। यिनले जति कुरा गरे ती सब छोटकरीमा नै गरे, सन्देह हुने कुनै कुरा भनेनन् । अडिएर तथा शब्दलाई बंग्याएर यिनले उच्चारण गरेनन् । न धेरै चर्को न धेरै मधुरो किन्तु मध्यम स्वरले आफ्नो अभिप्राय प्रकट गरे ।।३१।। संस्कारको क्रमले युक्त भएको, अद्भुत, विलम्बरहित, हृदयलाई प्रसन्न गराउने, कल्याण गर्ने वचन यिनले बोलेका छन्।।३२।। हृदय, घाँटी तथा मस्तक यी तीनै स्थानबाट निस्केको वचनले कसको मनलाई आनन्दित गराओइन ? खड्ग उजाएर मार्न तय्यार परेको शत्रुले समेत यस्तो कुरा सुन्योभने पग्लनेछ ।।३३।। हे लक्ष्मण ! राजाका यस्ता दूत भएनन्‌भने तिनका सबै काम कसरी सिद्ध होलान् ! ।।३४।। जुन राजासँग यस प्रकारका गुणले युक्त भएका, काम सफल गराउन सक्ने दूत हुन्छन् तिनका सबै काम दूतको वचनले गर्दामा नै सिद्ध भइजान्छन् ।।३५।।

रामचन्द्रले यस्तो भनेको सुनेपछि सुग्रीवका मन्त्री, बुझ्न सक्ने, वायुका छोरा हनुमान्‌लाई बोल्नामा सिपालु भएका लक्ष्मणले भन्नलागे ।।३६।। हे विद्वान् ! महात्मा सुग्रीवको गुण हामीलाई थाहा छ, हामी पनि यिनै वानरका राजा सुग्रीवलाई खोजिरहेका छौं ।।३७।। हे हनुमन् ! सुग्रीवको

इच्छाअनुसार तिमीले हामीलाई जो कुरा भन्यौ हामी पनि तिमीले भनेको हुनाले त्यसै गर्न चाहन्छौं॥३८॥

लक्ष्मणका यी कुरा सुनेपछि वायुपुत्र हनुमान् खुशी भए। सुग्रीवको जयसिद्धिको आशा गरेर यिनले यी दुवैसँग (राम र सुग्रीवको बीचमा) मित्रता गराउने कुराको इच्छा गर्नलागे॥३९॥

सर्ग—४

हनुमान् रामलाई सुग्रीवको चरित्र सुनाउँछन् र दुवै भाइलाई बोकेर सुग्रीवकहाँ लैजान्छन्।

लक्ष्मणको मधुर भावले युक्त भएको कुरा सुन्दा हनुमान् अत्यन्त प्रसन्न भए र मनै मनमा अब सुग्रीवको मनोरथ सिद्ध हुने भो भन्ने विचार गर्नलागे॥१॥ महात्मा सुग्रीवलाई अवश्यै राज्यको प्राप्ति हुनेछ, किनकि यी रामचन्द्र यहाँ कुनै कामको निमित्त आएका रहेछन् र यिनको यो काम सुग्रीवकै अधीनमा रहेछ॥२॥

मनमा अत्यन्त प्रसन्न भएका वानरश्रेष्ठ हनुमान् बोल्नामा सिपालु रामचन्द्रलाई फेरि भन्न-लागे॥३॥ हे राम! पम्पाको वनले सुशोभित भएको, दुर्गम तथा नाना प्रकारका सर्प र हिंस्रक पशुले परिपूर्ण भएको यस घोर जंगलमा भाइलाई साथमा लिई तपाईं के कारणले आउनुभएको हो?॥४॥

हनुमान्‌को यो कुरा सुनेपछि लक्ष्मण, महात्मा रामचन्द्रको आज्ञाले उनको कुरा यस प्रकारसँग भन्नलागे॥५॥ दशरथ नाम गरेका बडा तेजस्वी र धर्मात्मा राजा थिए। यिनी आफ्ना आफ्ना धर्मको अनुसार सदा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चारै वर्णका प्रजाको पालन गर्दथे। यिनका न कुनै शत्रु थिए न कसैसित यिनी द्वेष गर्दथे। प्राणीहरूमा यिनी ब्रह्मासमानका दोस्रा प्रजापालक थिए॥६–७॥ अग्निष्टोम आदि गरिएका यज्ञ गरेर यिनले निक्कै निक्कै दक्षिणा दिएका थिए, उनैका यी जेठा छोरा हुन्, यिनी रामको नामले लोकमा विख्यात छन्॥८॥ सबै प्राणीलाई शरण दिन सक्ने, छोराहरूमा सबभन्दा गुणी, पिताको आज्ञापालन गर्नामा तत्पर रहने यिनी राजा दशरथका जेठा छोरा हुन्॥९॥ राजलक्षण तथा राज्यसम्पत्तिले युक्त भएका यिनी राज्य नपाइने भएकोले, मलाई साथमा लिई यहाँ वनमा बस्नाको निम्ति आएका छन्॥१०॥ जसरी दिनको अन्त हुँदा सूर्यको साथसाथै उनको प्रभा पनि जान्छ त्यसै गरी हे महाभाग! यिनकी पत्नी सीता पनि यिनको साथमा आएकी थिइन्॥११॥ म यिनको भाइ हुँ। यिनको कृतज्ञता बहुज्ञता तथा अरू अरू गुणको वशमा परेर दासझैं यिनको सेवा गर्दछु, लक्ष्मण मेरो नाम हो॥१२॥ सबै प्रकारका सुख भोग गर्न योग्य, सबैका पूज्य, सबै प्राणीको भलो चाहने यी रामचन्द्र निर्धन भई वनमा बस्नलागे॥१३॥ यिनी नभएको मौका पारेर इच्छाअनु-सारको रूप लिन सक्ने राक्षसले यिनकी प्राणप्यारीलाई हरेर लगिदियो। सीताको हरण गर्ने राक्षसको हामीले अझसम्म पत्ता लगाउनसकेका छैनौं॥१४॥ सरापले गर्दा राक्षस भएको दनु नाम गरेको दितिको छोरोले सुग्रीवको नाम बताएर हामीलाई भनेको थियो; वानरहरूका राजा यिनी

समर्थ र महापराक्रमी छन् , यिनैले तिम्री स्वास्नी हरेर लैजानेको पत्तो लगाउन सक्नेछन्। यति भनेर दनु दिव्यरूप धारण गरी अत्यन्त प्रकाशमान भएर स्वर्गतिर लाग्यो ॥१५-१६॥

हे हनुमान् ! तिमीले सोधेको हुनाले मैले भएको कुरा जस्ताको तस्तै सुनाइदिएँ । रामचन्द्र र म हामी दुवै सुग्रीवको शरणमा आएका छौं ॥१७॥ धेरै धेरै धन दान गरेर ठूलो यश कमाएका तथा पहिले लोकको स्वामी भइसकेका राम अहिले सुग्रीवको आश्रय लिन खोजिरहेका छन् ॥१८॥ महाराज दशरथ शरण पर्न आएकाहरूको रक्षा गर्दथे, धर्मात्मा पनि थिए, सीता यिनकी बुहारी हुन् । यस्ताका छोरा आज सुग्रीवको शरण लिन आएका छन् ॥१९॥ पहिले सबैलाई शरण दिन सक्ने धर्मात्मा मेरा दाजु रामचन्द्र आज सुग्रीवको शरण लिन आएका छन् ॥२०॥ जसको प्रसन्नताले गर्दा समस्त लोक प्रसन्न हुन्थ्यो आज उनै रामचन्द्र वानरका राजा सुग्रीवलाई प्रसन्न गराउन खोजि-रहेका छन् ॥२१॥ जुन राजा दशरथले सबै गुणले युक्त भएका जम्मै राजाहरूलाई आफ्नो सेवक बनाएका थिए र जसको यी सबैले आदर सम्मान गरेका थिए, उनैका तीनै लोकमा विख्यात भएका जेठा छोरा यी रामचन्द्र आज वानरहरूका राजा सुग्रीवको शरण पर्न आएका छन् ॥२२-२३॥ यस समयमा, शोकलाई वशमा राख्न सक्ने यी राम सीताको शोकले व्याकुल भई शरण पर्न आएका छन्, तसर्थ मन्त्रीहरूको साथसाथैमा सुग्रीवले यिनीमाथि प्रसन्नता देखाउनु उचित छ ॥२४॥

यस प्रकारसँग माया लाग्ने गरी आँखाबाट आँसु झार्दै लक्ष्मणले भनेको सुन्दा बोल्नामा सिपालु हनुमान् जवाफमा यस किसिमको कुरा भन्नलागे ॥२५॥ यस प्रकारका बुद्धिमान्, रिस तथा इन्द्रियलाई वशमा राख्न सक्ने, जितेन्द्रिय महापुरुषको दर्शन सुग्रीवले अवश्यै गर्नुपर्दछ, यस्ता मानिस ठूलो भाग्यले मात्र भेटिन्छन् ॥२६॥ सुग्रीव पनि राज्यबाट च्युत भएका छन् , बालिसँग यिनको दुश्मनी छ, स्वास्नी हरिएकी हुनाले यिनी दुःखित छन्, दाजुद्वारा निकालिएका यिनी भय-भीत भई वनमा यताउति घुमिरहन्छन् ॥२७॥ यी सूर्यपुत्र सुग्रीव हाम्रो साथमा लागेर अवश्यै तपाईंलाई सीताको खोज पत्ता लगाउने काममा सहायता गर्नेछन् ॥२८॥

यस प्रकारसँग मीठा वचनद्वारा आफ्नो दिलभित्रको आशय प्रकट गरेर हनुमान्‌ले अब हामी सुग्रीवनेर जाऔं भनी रामचन्द्रलाई निवेदन गरे ॥२९॥

हनुमान्‌ले यसो भनेको सुन्दा लक्ष्मणले विधिपूर्वक उनको प्रशंसा गरे र अनि रामचन्द्रलाई भन्नलागे ॥३०॥ हे राम ! यी वायुपुत्र वानरले प्रसन्न भई भनेको कुरा सुन्दा सुग्रीवले पनि तपाईं-बाट केही काम गराउन खोजेको रहेछ भन्ने बुझिन्छ, तसर्थ अब तपाईंको काम पनि सिद्ध हुने देखियो ॥३१॥ मनमा प्रसन्न भई वायुपुत्र हनुमान्‌ले साफ साफसँग यी कुरा भनिरहेका छन् , अवश्य यी वीरले ता झूटो बोलोइनन् ॥३२॥

यसपछि महाबुद्धिमान् वायुपुत्र हनुमान् यी दुवै वीर राघवहरूलाई लिएर सुग्रीवकहाँ जान भनी तैयार भए॥३३॥ भिक्षुक रूपलाई छाडेर वानररूप धारण गरी कपिश्रेष्ठ हनुमान्‌ले यी दुवैलाई पिठिउँमा

बोकेर प्रस्थान गरे ॥३४॥ राम्रो बुद्धि भएका, परमपराक्रमी, महायशस्वी कपिश्रेष्ठ पवनपुत्र हनुमान् कार्यसिद्धि भएझैं मनमा प्रसन्न भई राम लक्ष्मणलाई साथमा लिई ऋष्यमूक पर्वतमा आए ॥३५॥

सर्ग—५

राम र सुग्रीव आगोलाई साक्षी राखी मितेरी लगाउँछन्।

ऋष्यमूक पर्वतमा राम र लक्ष्मणलाई राखी वीर हनुमान् मलयपर्वतमा सुग्रीव भएको ठाउँमा गएर उनलाई दुवै भाइको परिचय दिनलागे ॥१॥ हे महाबुद्धिमान् सुग्रीव ! दृढ पराक्रमी रामचन्द्र, भाइ लक्ष्मणको साथमा सत्यपालनको निम्ति यहाँ वनमा आएका छन् ॥२॥ इक्ष्वाकुकुलमा जन्मेका यिनी दशरथका छोरा हुन्, पिताको आज्ञा पालन गर्नामा तत्पर रहने यिनी पिताको प्रेरणाले धर्म-पालनको निम्ति वनमा आएका छन् ॥३॥ राजसूय तथा अश्वमेधयज्ञद्वारा अग्निलाई तृप्त गराउने, बाहुनहरूलाई धेरै धेरै दक्षिणा तथा सैकड़ौं हजारौं गाई दिने, तपस्या गरेर तथा साँचो बोलेर पृथ्वीको पालना गर्ने राजा दशरथका छोरा यी रामचन्द्र, रानीको वचनले गर्दा, वनमा आइराखेका छन् ॥४-५॥ महात्मा रामचन्द्र नियमपूर्वक वनमा बसिराखेका थिए, रावणले यिनकी स्त्रीलाई हरेर लगिदिएछ, यसैले यिनी तपाईंको शरण पर्न आएका छन् ॥६॥ तपाईंसँग मितेरी लगाउन राम लक्ष्मण दुवै भाइ आइराखेका छन्, तसर्थ यिनीहरूनेर गई यिनको पूजा गर्नुहोस्, कारण यी दुवै पूजा गरिन योग्य छन् ॥७॥

वानरराज सुग्रीव हनुमान्‌को कुरा सुनिसकेपछि बडो राम्रो मनुष्यको रूप धारण गरी, प्रेम-पूर्वक रामचन्द्रलाई भन्नलागे ॥८॥ तपाईंले धर्ममा शिक्षा पाउनुभएको छ, तपस्वी र सबको प्यारो हुनुहुन्छ, हनुमान्‌ले तपाईंको सबै गुण मलाई ठीक ठीकसँग बताइसके ॥९॥ म वानरसँग तपाईंले मितेरी लगाउन खोज्नु, हे प्रभो ! यो मेरो ठूलो सत्कार तथा उत्तम लाभको कुरो हो ॥१०॥ मसँग मित्रता गर्न चाहनुहुन्छभने, मैले यो हात पसारिराखेको छ, यसलाई आफ्नो हातले समात्नुहोस् र कहिले पनि नटुट्ने मित्रता बाँध्नुहोस् ॥११॥

सुग्रीवको यो मीठो कुरा सुन्दा रामचन्द्रले प्रसन्न भई आफ्नो हातले उनको हात समाते ॥१२॥ मितेरी बाँधिएकोमा खुशी भई सुग्रीवले रामचन्द्रलाई अँगालो हाले। शत्रुलाई दमन गर्ने हनुमान्‌ले भिक्षु-रूप छाडी आफ्नो असली रूप लिएर दुइटा काठलाई मथेर आगो उत्पन्न गरे र आदरपूर्वक फूलले यो बल्दो आगोको पूजा गरी, प्रसन्न चित्तले, बडो सावधानीसँग सो आगो राम र सुग्रीवको बीचमा राखिदिए। यस बल्दो आगोको राम सुग्रीव दुवैले प्रदक्षिणा गरे ॥१३-१५॥

यस प्रकारसँग राम र सुग्रीव दुवै मीत बन्न गए। यसपछि राम सुग्रीव दुवै मनमा अत्यन्त खुशी भई आपसमा हेराहेर गर्नलागे, आफू आफूमा एउटा अर्कोलाई हेरेर तृप्त भएन। "तपाईं सदा मेरो हृदयमा वास गर्ने मित्र हुनुहुन्छ, मेरो र तपाईंको सुख दुःख एउटै हो"। सुग्रीवले प्रसन्नता-पूर्वक रामचन्द्रलाई यति कुरा भने र अनि बाक्लोसँग पात तथा फूल फुलिराखेको सालको एउटा

हाँगो भाँची त्यसलाई बिछ्याए । राम सुग्रीव त्यस हाँगोमाथि बसे । मनमा हर्ष मानिरहेका वायुपुत्र हनुमान्‌ले लक्ष्मणलाई पनि बस्नाको निम्ति खूब फूल फुलिराखेको चन्दनको एउटा हाँगो दिए ।

यसपछि खूबै खुशी भएका तथा हर्षका आँसुले आँखा टम्म भइराखेका सुग्रीव मधुरो स्वरले रामचन्द्रलाई भन्नलागे—हे राम ! घरबाट निकालिएको हुनाले म सदा भयभीत भई यताउति घुमिरहन्छु । मेरी स्वास्नीको समेत हरण गरेकोले म डराएर यस दुर्गम वनमा वास गर्नलागेको हुँ । मेरो मन सधैं त्रासले गर्दा व्याकुल भइरहन्छ ॥१६–२२॥ मलाई निकालेर मेरो दाजु बालिले ममाथि शत्रु-भाव लिइराखेको छ । हे महाभाग ! बालिको डरले थर्कायमान भइराखेको मलाई निर्भय गराइदिनुहोस् ॥२३॥ हे राम ! बालिको डरदेखि मैले मुक्त हुन सक्ने किसिमको उपाय तपाईंले गर्नुपर्दछ ।

सुग्रीवका यी कुरा सुनेपछि तेजस्वी, धर्मात्मा, धर्मको पालना गर्ने रामचन्द्र हाँसी हाँसीकन उनलाई भन्नलाग्नुभयो—हे सुग्रीव ! मसँग मित्रता गर्नाले तपाईंको ठूलो उपकार हुनेछ भन्ने कुरा मलाई थाहा छ । तपाईंकी स्वास्नी हरेर लैजाने त्यो बालिलाई म मारिदिन्छु । सूर्य जस्तै टल्कने मेरा यी तीखा वाण कहिले पनि निष्फल हुँदैनन् ॥२४–२६॥ कङ्कपत्रले सुशोभित भएका, इन्द्रको वज्रसमानका मेरा यी बाण बडो वेगले पापी बालिमाथि खस्नेछन् ॥२७॥ सोझो जाने, तीखो टुप्पा भएका मेरा यी बाण रिसाएको सर्पझैं बालिमाथि पर्नेछन् । तीखा र सर्प जस्ता मेरा बाण लाग्नाले मरेको बालिलाई तपाईं चाँडै नै पर्वतझैं भूइँमा लडिराखेको देख्न पाउनुहुनेछ ।

रामचन्द्रका, आफ्नो भलो गर्ने, यी कुरा सुन्दा सुग्रीव बहुतै खुशी भई भन्नलागे ॥२८–२९॥ हे पुरुषोत्तम ! तपाईंको कृपाले म आफ्नी स्वास्नी तथा राज्य भेट्टाइहाल्नेछु । हे नरसिंह वीर ! मेरो वैरी दाजुले मलाई कहिले पनि मार्न नसक्ने उपाय गरिदिनुहोस् ॥३०॥

जुन समयमा सुग्रीव र रामचन्द्रको बीचमा मित्रता भइरहेको थियो त्यसै समयमा सीता, बालि तथा राक्षसहरूका देब्रे आँखा एकै साथमा फरफराउनथाले । सीताका आँखा कमल जस्ता, बालिका सुन जस्ता र राक्षसहरूका अग्नि जस्ता थिए ॥३१॥

सर्ग—६

सीताले खसालेका गहना लुगा देख्ता रामचन्द्र विलाप गर्दछन् ।

सुग्रीव प्रसन्न भई फेरि रामचन्द्रलाई भन्नलागे—हे राम ! मेरा यी श्रेष्ठ मन्त्री तथा तपाईंका सेवक हनुमान्‌ले, तपाईं जुन कारणले यहाँ निर्जन वनमा आउनुभएको हो सो सब मलाई बताइसकेका छन् । भाइ लक्ष्मणको साथमा वनमा बस्ताखेरि, रोइरहेकी तपाईंकी पत्नी जनकपुत्री सीतालाई राक्षसले हरेर लगेछ । त्यस समयमा तपाईं र बुद्धिमान लक्ष्मण दुवै जना आश्रममा हुनुहुँदोरहेनछ । यै मौका पारेर, सीताको हरण गर्ने काममा विरोध गर्ने जटायु गिद्धलाई मारेर राक्षसले तपाईंलाई स्त्री-वियोगको दुःखमा पारेछ ॥१-४॥ अब चाँडै नै तपाईंको यो स्त्री-वियोगको दुःख दूर हुनेछ । नष्ट भएको वेदवाणी-

झैं म चाँडै नै उनको उद्धार गरेर तपाईंकहाँ ल्याइदिनेछु ॥५॥ हे शत्रुको दमन गर्ने राम ! पातालमा हुन् वा आकाशमा, जहाँबाट भए पनि तपाईंकी सीतालाई फर्काएर ल्याइदिनेछु ॥६॥ हे रामचन्द्र ! मैले भनेको यो कुरालाई साँचो भनिठानेर विश्वास गर्नुहोस् । इन्द्रादि गरिएका देवता तथा राक्षस कसैले पनि तपाईंकी पत्नीलाई लुकाएर राख्न सक्तैन ॥ हे महाबाहो ! विष मिसिएको अन्नलाई जसरी कसैले पचाउन सक्तैन त्यसै गरी तपाईंकी सीतालाई पचाउने शक्ति कसैमा पनि छैन । म तपाईंकी प्यारी-लाई अवश्यै फर्काएर ल्याउनेछु, तसर्थ चिन्ता गर्नछाडिदिनुहोस् ॥८॥

हे राम ! म ठीक ठीक ता भन्न सक्तिनँ तर अनुमानले ता ती सीता नै हुनुपर्दछ । डरलाग्दो काम गर्न सक्ने राक्षसले एउटी स्त्रीलाई हरेर लैजानलागेको मैले देखेथें ॥९॥ त्यस समयमा उनी "राम, राम, लक्ष्मण" भन्दै डाँको छाडेर चिच्याइरहेकी थिइन् । रावणको पञ्जामा परेकी उनी सर्पराजकी पत्नी जस्तै शोभा दिनलागेकी थिइन् ॥१०॥ मलाई र मेरा चार जना मन्त्रीहरूलाई पर्वतमाथि बसेको देख्ता उनले आफ्नो पछ्यौरा तथा राम्रा राम्रा केही गहना तल खसालिथिन् ॥११॥ हे राम ! हामीले ता ती सब कुरो लिएर राखिछाडेका छौं, ल्याएर देखाउँछु, तपाईं चिन्नुहोस् ॥१२॥

यो कुरा सुनेपछि शुभ समाचार सुनाउने सुग्रीवलाई रामचन्द्रले भने––हे मित्र ! झट्टै ल्याउनुहोस्, किन यसरी विलम्ब गरिरहनुभएको ? ॥१३॥ यस्तो वचन सुन्नासाथ रामचन्द्रलाई प्रसन्न गराउनका निमित्त सुग्रीवले पर्वतको गहिरो गुफाभित्र प्रवेश गरे ॥१४॥ सुग्रीवले गहना तथा पछ्यौरा ल्याई लौ हेर्नुहोस् भनी रामचन्द्रलाई देखाइदिए ॥१५॥

यी गहना तथा लुगा लिएर रामचन्द्र रुनलागे । कुहिराले चन्द्रमालाई ढाकेझैं आँसुले यिनको मुख ढाकिदियो ॥१६॥ सीताको प्रेमले गर्दा निस्केको आँसुले रामचन्द्रलाई भिजाइदियो । यिनी हा प्रिये ! भन्दै रुनलागे र मनमा धैर्य राख्न नसकेर भूइँमा लडे ॥१७॥ यी गहनालाई छातीमा राखेर, प्वालमा बसेको, रिसले चूर भइराखेको सर्पझैं यिनी लामो लामो सास फेर्नलागे ॥१८॥ रामचन्द्रको आँसुको धारा केही गरे पनि रोकिएन, लक्ष्मणलाई आफूनेर बसेको देख्ता यिनी मायालाग्दो गरी विलाप गर्नलागे ॥१९॥ हे लक्ष्मण ! हेर, हरण गरेर लैजानलागेको वेलामा सीताले यो पछ्यौरा र शरीरका यी गहना फ्याँकिदिएकी रहिछन् ॥२०॥ हरणको समयमा सीताले अवश्यै यी गहना फुकालेर हरियो घाँस भएको मैदानमा मिल्काइदिएकी रहिछन्, कारण यिनीहरू जस्ताको तस्तै छन् अलिकता पनि मैलो भएका छैनन् ॥२१॥

रामचन्द्रले यति भनिसकेपछि लक्ष्मण भन्नलागे––म ता हातमा लगाउने केयूर तथा कानमा पहिरने यी कुनै पनि चिन्ह सक्तिनँ, रोज रोज खुट्टामा ढोग दिने हुनाले केवल पाउजेब चिन्न सक्तछु ।

यसपछि रामचन्द्रजी सुग्रीवसँग सोध्नलागे ॥२२–२३॥ हे सुग्रीव ! तिमीले मेरी प्राणप्यारीलाई भयङ्कर राक्षसले कतातिर लैजानलागेको देख्यौ, सो मलाई भन ॥२४॥

मलाई यत्रो ठूलो आपत्तिमा पार्ने त्यो राक्षस कहाँ बस्तछ, म त्यसको लागि सबै राक्षसहरूको

संहार गर्नेछु २५॥ जसले सीताको हरण गरेर मेरो क्रोध उत्पन्न गरायो त्यसले आफ्नो जीवनको अन्त गर्नाका लागि मृत्युको ढोका उघारिदियो ॥२६॥ जुन राक्षसले छल गरी मेरी प्यारी सीताको अपमान गरेर उनलाई वनबाट हरेर लग्यो, हे वानरराज ! मलाई त्यस शत्रुको नाम बताइदेऊ, म अहिले नै त्यसलाई यमपुरीमा पुर्‍याइदिन्छु ॥२७॥

सर्ग—७

सुग्रीव र रामचन्द्र दुवै परस्परको दुःख दूर गर्ने प्रतिज्ञा गर्दछन् ।

दुःखित रामचन्द्रका यस्ता कुरा सुनेपछि सुग्रीवले आँखाभरी आँसु गरी रुँदै हात जोरेर उनलाई भन्नलागे ॥१॥ हे रामचन्द्रजी ! मलाई ता त्यस पापी राक्षसको घर, सामर्थ्य, पराक्रम तथा त्यस दुष्टको कुल कुनै कुराको पनि पत्तो छैन ॥२॥ तर हे शत्रुलाई नाश गर्ने राम ! म साँच्चिकै तपाईंसित सीताको पत्ता लाग्ने किसिमको प्रयत्न गर्ने प्रतिज्ञा गर्दछु, तसर्थ शोक गर्न छाडिदिनुहोस् ॥३॥ सपरिवार रावणको संहार पारी, आफ्नो फौजलाई समेत सन्तुष्ट गराई, तपाईं प्रसन्न हुने काम म चाँडै नै गर्नेछु ॥४॥ यसरी नहडबडाउनुहोस्, धैर्य्य धारण गर्नुहोस्, तपाईं जस्ता महापुरुषले आफ्नो बुद्धिलाई यसरी होच्याउन उचित पर्दैन ॥५॥ स्त्रीवियोगको महादुःख ममाथि पनि आइपरेको छ, तर मैले ता न यस प्रकारको शोक गरेको छु न मनमा हरेसै खाएको छु ॥६॥ नीच जातिको वानर भए तापनि म आफ्नी स्वास्नीको निम्ति शोक गर्दिनँभने तपाईं जस्ता महात्मा, धैर्य्य राख्न सक्ने, शिक्षित महापुरुषले यस्तो विलाप गर्नु ता सर्वथा अनुचितै देखिन्छ ॥७॥ अब धैर्य्य गरी झर्नलागेका यी आँसुलाई थाम्नुहोस्, सज्जनहरूको मर्य्यादारूप धैर्य्यलाई त्याग गर्नामा तपाईंलाई मुनासीब पर्दैन ॥८॥ विपदको समयमा, गरीबीमा, डर हुने मौकामा तथा प्राण गुम्ने संभावना भएको वेलामा समेत मनमा धैर्य्य राखेर जो मानिस आफ्नो बुद्धिले विचार गरी काम गर्दछ त्यसले कहिले पनि दुःख पाउनुपर्दैन ॥९॥ सधैं काथर भएर व्याकुल पर्ने मूर्ख मानिस, अवश्यै गह्रौं बोझ लादिएको डुङ्गा पानीमा डुबेझैं, शोकसागरमा डुब्दछ ॥१०॥ म प्रेमपूर्वक हात जोरेर तपाईंलाई उद्योग गर्न तथा आफ्नो पुरुषार्थ देखाउन प्रार्थना गरिरहेको छु, आफ्नो दिलभित्र शोकलाई प्रवेश गर्न नदिनुहोस् ॥११॥ शोक गर्नेलाई कहिले पनि सुख हुँदैन र यस्ताको तेज घट्तै जान्छ, अतएव तपाईंले शोक गर्न हुन्न ॥१२॥ हे राजेन्द्र ! शोकको अधीनमा परेकाहरूको जीवनसमेत संशयमा परेको हुन्छ तसर्थ तपाईंले शोक गर्न छाडी केवल धैर्य्यको अवलम्बन गर्नुपर्दछ ॥१३॥ मैले केवल मित्रभावले यो हित हुने कुरा भनेको हुँ, तपाईंलाई अर्ती ता दिएको हैन अतएव मेरो मित्रताको आदरका लागि पनि तपाईंले शोक गर्न हुन्न ॥१४॥ नम्रतापूर्वक सुग्रीवले रामचन्द्रलाई संझाए र लुगाको छेउले आँसुले भिजिराखेको उनको मुख पुछिदिए ॥१५॥

सुग्रीवले यसरी संझाए बुझाएपछि रामचन्द्र शान्त भए र उनलाई अँगालो हालेर यस प्रकारसँग

भन्नलागे ॥१६॥ हे सुग्रीव ! माया गर्ने तथा भलो गर्न खोज्ने मित्रले जो गर्नुपर्ने हो सोही मुताविक तिमीले सबै गर्नुपर्ने कुरा गर्‍यौ ॥१७॥ हे मित्र ! तिमीले संझाएको हुनाले मेरो बुद्धि ठेगानमा आयो, मेरो शोक दूर भयो, तिमीसमानको मित्र पाइन मुश्किल छ, खास गरेर यस्तो आपत्तिको समयमा भेटिनु ता दुर्लभै छ ॥१८॥ तर हे मीत ! तिमीले सीताको तथा त्यो दुरात्मा, भयङ्कर राक्षस रावणको पत्ता लगाउने प्रयत्न गर्नुपर्दछ ॥१९॥ मैले अब तिम्रो लागि के गर्नुपर्ने हो सो कुराको पनि विचार गरी मलाई भन, असल खेतमा छरेका बीउ वर्षाकालमा उम्रेझैं तिम्रा सबै विचार सफल हुनेछन् ॥२०॥ हे वानरश्रेष्ठ ! अभिमान गरेर मैले जो कुरा भनें त्यसलाई तिमी साँचो भनिठान; केवल धाक लगाएर मैले यो कुरा भनेको छैन ॥२१॥ मैले अझसम्म झूटो बोलेको छैन बोल्ने पनि छैन, सत्यलाई साक्षी राखी म तिम्रो अगाडि किरिया हाल्दछु र प्रतिज्ञा गर्दछु ॥२२॥

रामचन्द्रका कुरा विशेष गरेर उनको प्रतिज्ञा सुन्दा सुग्रीव आफ्ना मन्त्रीहरूको साथसाथै बडो खुशी भए ॥२३॥ यस प्रकारसँग एकान्तमा बसेका राम र सुग्रीव दुवैले आपसमा दुःख सुखको कुरा गरे ॥२४॥

राजराज महानुभाव रामचन्द्रको कुरा सुन्दा वानराधिपति विद्वान् सुग्रीव, अब निस्सन्देह मेरो काम सिद्ध हुनलाग्यो भनी मनै मनमा विचार गर्नलागे ॥२५॥

सर्ग—८

सुग्रीव रामलाई बालिसँग भएको आफ्नो दुश्मनीको वर्णन गर्दछन् ।

रामचन्द्रका यी कुरा सुनेर हर्षमा परेका सुग्रीव सन्तुष्ट भई वीर रामलाई यस प्रकारसँग भन्नलागे ॥१॥ सबै गुणले युक्त भएका तपाईं मेरो मित्र भएपछि अब म अवश्यै देवताहरूको अनुग्रहको पात्र भएँ ॥२॥ हे रामचन्द्र ! तपाईं सहायक भएपछि देवताहरूको राज्यसमेत म पाउन सक्तछु, आफ्नो राज्य लिनु ता एउटा साधारण कुरो हो ॥३॥ हे राम ! अब म आफ्ना बन्धुवर्ग तथा मित्रहरूको पूजनीय भएँ, किनकि रघुवंशमा उत्पन्न भएका राजपुत्रले आगोलाई साक्षी राखी मसँग मितेरी लगाएका छन् ॥४॥ म पनि तपाईंलाई सुहाउने किसिमकै मित्र रहेछु भन्ने कुरा पछिपछि थाहा पाउनुहुनेछ, म तपाईंका सामुमा स्वयं आफ्नो गुणको वखान गर्न सक्तिनँ ॥५॥ हे इन्द्रियहरूलाई जित्नेहरूमा श्रेष्ठ राम ! तपाईं जस्तो असल स्वभाव भएका, स्वाधीन, निश्चल, धैर्य भएका महात्माहरूको प्रीति सदा निश्चल रहन्छ, यसमा सन्देह केही छैन ॥६॥ चाँदी सुनका उत्तम उत्तम गहना सज्जन मित्रहरू आफू आफूमा बाँडिएको संझनन् अर्थात् एउटा मित्रको वस्तु अर्को मित्रको पनि हुन्छ ॥७॥ धनी होस् वा गरीब, दुःखी होस् वा सुखी, निर्दोष होस् वा दोषी, मित्र नै मित्रको ठूलो आधार हो ॥८॥ हे मनमा पाप नभएका राम ! यसै कारणले मित्रहरू आपसको उत्कट प्रेम देखेर मित्रका लागि धनत्याग, सुखत्याग तथा देशत्यागसमेत गरिदिन्छन् ॥९॥

कान्तिमा इन्द्रसमानका, प्रियदर्शन सुग्रीवलाई बुद्धिमान् लक्ष्मणको सामुन्नेमा रामचन्द्रले तपाईंले भनेको कुरा बहुत ठीक हो भनी जवाब दिए ॥१०॥

महाबली राम र लक्ष्मण दुवैलाई बसेको देखेर सुग्रीवले आफ्नो चञ्चल दृष्टि दौडाएर वनमा चारैतिर हेरे ॥११॥ वानरराज सुग्रीवले नजीकैमा एउटा सालको रूख देखे, यसमा फूल खूब फुलेका थिए, पात भने थोर थिए र भवँराहरूले यसलाई सुशोभित गराइरहेका थिए ॥१२ यै रूखको, धेरै पात भएको एउटा राम्रो हाँगा भाँची त्यसलाई बिछ्याएर रामचन्द्रको साथमा सुग्रीव बसे ॥१३॥

यी दुवैलाई बसेको देखेर हनुमानले सालको रूखको अर्को एउटा हाँगो भाँची विनयपूर्वक लक्ष्मणलाई त्यसमा बस्न लगाए ॥१४॥

सालका फूलले भरिभराउ भएको रमणीय पर्वतमा सुप्रसन्न सागरसमानका, गम्भीर स्वभाव भएका, रामचन्द्रलाई सुखसँग बसेको देख्दा सुग्रीव मनमा प्रसन्न भई प्रेमपूर्वक उनलाई राम्रो र मीठो कुरा भन्नलागे, हर्षले गर्दा यिनको मुखबाट स्पष्टसँग बोली निस्कनलागेको थिएन ॥१५-१६॥ दाजुले मलाई निकालिदिएका छन्, उनको डरले म यस ऋष्यमूक पर्वतमा यताउता भागी भागी हिंड्दछु, मेरी स्त्रीको हरण भएकोले म अत्यन्त दुःखित भइराखेको छु ॥१७॥ हे रामचन्द्र ! मनमा त्रास परेको, तथा भयले गर्दा आकुल व्याकुल परेको म यस वनमां बस्तछु, दाजु बालिले मलाई निकालिदिएका छन् र उनी ममाथि दुश्मनी राख्तछन् ॥१८॥ तपाईं सबैलाई अभय दिनुहुन्छ, म वालिदेखि भयभीत भइराखेको छु, कृपया मेरो उपर अनुग्रह गर्नुहोस् ॥१९॥

सुग्रीवले यसो भनेको सुन्दा तेजस्वी, धर्मात्मा, धर्मवत्सल राम हाँसेर भन्नलागे ॥२०॥ उपकार गर्नु मित्रको र अपकार गर्नु शत्रुको लक्षण हो, तिम्री स्त्रीको हरण गर्नेलाई म आजै मारिदिन्छु ॥२१॥ हे महाभाग ! कार्त्तिकेय वनमा उत्पन्न भएका, सुनै सुनले सिंगारिएका, ठूलो तेज भएका मेरा यी बाणलाई हेर ॥२२॥ कंकपत्रले युक्त भएका, इन्द्रको वज्रसमानका मेरा यी बाण तीखा र सोझो जाने किसिमका छन् अतएव यिनीहरू झोंकिएका सर्प जस्ता छन् ॥२३॥ तिम्रा उपर पाप गर्ने तिम्रो शत्रु दाजु बालिलाई मेरा यी बाणद्वारा मारिएर भुइँमा पर्वत जस्तै लडेको देख्नेछौ ॥२४॥

रामचन्द्रको कुरा सुनेर सेनापति सुग्रीव बहुतै प्रसन्न भए र वाह वाह भनेर उनको प्रशंसा गरे ॥२५॥ हे राम ! म शोकले पीडित भइरहेको छु र शोकले पीडित भएकाहरूको तपाईं रक्षक हुनुहुन्छ । तपाईंलाई आफ्नो मित्र संझी तपाईंको अगाडि आफ्नो दुःखको कुरा भनेको हुँ ॥२६॥ तपाईंले हात समातेर तथा अग्निलाई साक्षी राखी मसित मितेरी लगाउनुभएको छ, अतएव तपाईं प्राणभन्दा पनि बर्ता प्यारो हुनुहुन्छ, म यो कुरा सत्यतापूर्वक किरिया हालेर भन्दछु ॥२७॥ तपाईं मेरो मित्र हुनुभएकोले, विश्वासपूर्वक, मलाई सदा दुःखित गराइरहने मेरो भित्री दुःख तपाईंलाई भनेको हुँ ॥२८॥

यति भन्दा भन्दैमा सुग्रीवका आँखा आँसुले भरिए, आँसुले गर्दा घाँटी क्याप्प बसेकोले उनले

साह्रो स्वरले बोल्न सकेनन् ॥२९॥ नदीको भेलसमान बग्नलागेको आँसुको वेगलाई सुग्रीवले मनमा बडो धैर्य्य गरेर रामचन्द्रको सामुन्नेमा रोके ॥३०॥ आँसुलाई थामेर, दुवै आँखा पुछीकन तथा लामो सास फेरेर तेजस्वी सुग्रीव फेरि रामचन्द्रलाई भन्नलागे ॥३१॥ हे रामचन्द्र ! पहिले बालिले मलाई राज्यबाट च्युत गरिदियो र अनि वलियो हुनाले अनेक गाली गरेर मेरो बेइज्जती गऱ्यो ॥३२॥ प्राण-भन्दा पनि प्यारी मेरी स्वास्नीलाई त्यसले हरेर लग्यो, र मेरा मित्र-बन्धुवर्गलाई त्यसले झ्यालखानमा थुनिदियो ॥३३॥ हे रामचन्द्र ! मेरो नाशका लागि यो दुष्ट यत्न गरिरहन्छ, त्यसले पठाएका अनेक वानरलाई मैले मारिदिएँ ॥३४॥ हे राघव ! यै शङ्काले गर्दा तपाईंलाई देखेर पनि म यहाँबाट तपाईंलाई भेट्न जान सकिनँ, किनकि भयको कारणदेखि सबैले डराउनैपर्दछ ॥३५॥ केवल हनुमान् आदि गरिएका अलिकता वानर मेरा सहायक छन्, यसैले यस्तो कष्ट आइपर्दा पनि जिनतिन आफ्नो प्राण अडाइराखेको छु ॥३६॥ यी वानरहरू मेरो माया गर्दछन् र चारैतिरबाट मेरो रक्षा गरिरहन्छन्, जहाँ जानुपर्छ त्यहाँ सँगै जान्छन् र जहाँ बस्तछु उहीं सँगै बस्तछन् ॥३७॥ हे रामचन्द्र ! मैले छोटकरीमा तपाईंलाई सबै भनिदिएँ, कुरा लम्ब्याउनामा के फायदा छ ? विख्यात पराक्रम भएको मेरो दाजु शत्रु भइराखेको छ ॥३८॥ यसको संहार हुनासाथ मेरो दुःख हटेर जानेछ । मेरो जीवन तथा सुख त्यसैको विनाशमा अडिरहेको छ॥३९॥ हे राम ! दुःखी होस् वा सुखी, मित्र नै मित्रको आधार हुन्छ, यसै कारणले शोकले पीडित भइरहेको मैले आफ्नो शोक दूर गर्ने उपाय तपाईंलाई बाताएको हुँ ॥४०॥

यी कुरा सुनेपछि रामचन्द्रले सुग्रीवलाई के कारणले तिमीहरूको वैरभाव उत्पन्न भएको हो सो म सुन्न चाहन्छु भनेर सोधे ॥४१॥ शत्रुताको कारण सुनेपछि तिमीहरूमा को वलियो र को निर्धो छ सो कुराको निर्णय गरी तिमीलाई सुखी बनाउने प्रयत्नमा लाग्नेछु ॥४२॥ तिम्रो बेइज्जत भएको कुरा सुन्दा वर्षाकालमा पानीको भेल बढ़ेझैं मुटु थर्काउने मेरो रिस बढिरहेको छ ॥४३॥ मैले धनु तैयार नपारेसम्म प्रसन्नतापूर्वक आफ्नो सबै कुरा भन, मैले बाण छोड्नासाथ ता तिम्रो शत्रु मरिहाल्नेछ ॥४४॥

महात्मा रामचन्द्रले यति भनेपछि ता सुग्रीव तथा यिनका चारैओटा वानर हुनासम्मको खुशी भए ॥४५॥ यसपछि हँसिलो मुख लगाएर सुग्रीव शत्रुता हुनाको असली कारण रामचन्द्रलाई सुनाउन-लागे ॥४६॥

सर्ग—९

सुग्रीव आफ्नो दाजु बालिसँग शत्रुता पर्नाको कारण भन्छन् ।

शत्रुहरूको संहार गर्ने बालि नाम गरेको मेरो दाजु हे रामचन्द्र ! पहिले ता पिताजीको तथा मेरो समेत बडो प्यारो थियो ॥१॥ पिताको मृत्युपछि यो जेठो हो भनिठानेर मन्त्रीहरूले आपसमा सल्लाह गरी यसलाई वानरहरूको राजा बनाइदिए ॥२॥ बालि बाबु बराज्यूबाट पाइआएको राज्यको शासन गर्नलाग्यो र म नोकरझैं सदा नम्र भई उसको नजीक रहनलागें ॥३॥

मायावी नाम गरेको दुन्दुभिको जेठो छोरो बडो तेजस्वी थियो, स्वास्नीका लागि बालिको योसँग पहिले ठूलो दुश्मनी भएको थियो ।।४।। एकदिन रात्रिको समयमा सबै सुतिराखेको वेलामा किष्किन्धाको बाहिरी ढोकामा आएर त्यो रिसले चूर भई गर्जनलाग्यो र लड्नको निम्ति बालिलाई हाँक दिनथाल्यो ।।५।। राक्षसको त्यो भयानक गर्जना सुन्दा सुतिरहेको मेरो दाजु बालि रिस खप्न नसकी, झटपट बाहिर आयो ।।६।। त्यस राक्षसलाई मार्न भनी रिसले चूर भई बालि घरबाहिर आयो, उसकी स्वास्नी तथा मैले पनि नम्रतापूर्वक रोकें, तर महाबली बालि हामी सबैलाई हटाएर बाहिर निस्किहाल्यो, म पनि दाजुमाथिको प्रेमले गर्दा सँगसँगै बाहिर आएँ ।।७-८।।

त्यो राक्षस, मेरो दाजुलाई तथा मलाई टाढैबाट आउनलागेको देखी डरायो र बडो वेगले कुलेलम ठोक्यो ।।९।। डराएर भाग्नलागेको त्यस राक्षसलाई हामी दुवै भाइले लखेट्यौं, यसै समयमा चन्द्रमा देखा परेका हुनाले जूनको उज्यालोले बाटो देखिनलागेको थियो ।।१०।। पृथ्वीमा, घाँसले मुख छोपिएको एउटा ठूलो दुर्गम प्वाल थियो, त्यो राक्षस यस प्वालभित्र बडो वेगले पस्यो र हामी दुवै त्यहीं अडिराख्यौं ।।११।। शत्रुलाई प्वालभित्र पसेको देख्ता बालि अत्यन्त रिसायो र यसका सबै इन्द्रियहरू आकुल व्याकुल परे । यस अवस्थामा त्यसले मलाई भन्यो ।।१२।। हे सुग्रीव ! तिमी सावधान भई यै प्वालनेर अडिराख, म प्वालभित्र गई शत्रुलाई युद्धमा मारिदिन्छु ।।१३।। उसको यस्तो कुरा सुन्दा मैले उसँग जाने प्रार्थना गरें तर आफ्ना चरणको किरिया हाल्नलगाएर उ आफू मात्र प्वालभित्र गयो ।।१४।।

प्वालभित्र पसेको एक वर्षभन्दा पनि बढ्ता बितिसके तापनि म त्यतिन्जेलसम्म प्वालनेर बसिरहें ।।१५।। बालि मारियो होला भन्ने समझले मायाले गर्दा म हडबडाउनलागें । एक वर्षसम्म दाजुलाई नदेख्ता मेरो मनमा अनिष्टको शङ्का उठ्नलाग्यो ।।१६।। धेरै दिनपछि त्यस प्वालबाट फींज उठिरहेको रगतको धारा निस्कनलाग्यो, यो देखेपछि ता म ज्यादै दुःखित भएँ ।।१७।। राक्षसहरू गर्जेको आवाज भने सुनिनलाग्यो, तर युद्ध गर्न भनी गएका दाजुको ता कुनै शब्द पनि सुनिएन ।।१८।। यी सब लक्षण देख्ता दाजु अवश्यै मारिएछन् भन्ने मैले निश्चय गरें र पर्वतसमानको एउटा ढुङ्गाले प्वालको ढोका थुनिदिएँ ।।१९।। हे मित्र ! दुःखले पीडित भई दाजुलाई जलाञ्जलि दिएर म किष्किन्धा फर्केर आएँ, मन्त्रीहरूलाई यथार्थ कुरा नभनेर कुरा लुकाइराखेको थिएँ, तर उनीहरूले पत्तो लगाइहाले ।।२०।। यसपछि हे राम ! सबैले मिलेर मेरो अभिषेक गरे र म न्यायपूर्वक राज्य गर्नलागें ।।२१।।

राक्षसशत्रुलाई मारी बालि फर्केर आयो र मलाई राजा भएको देख्ता रिसले उसका आँखा राता भए ।।२२।। मेरा मन्त्रीहरूलाई बाँधेर त्यसले उनलाई कठोर वचन भन्यो । आफ्ना मन्त्रीहरूसँग खराब व्यवहार गरेकोमा म त्यस पापीमाथि साटो फेर्न सक्तथें, तर दाजुउपरको आदरले गर्दा मेरो यस किसिमको इच्छै उठेन । शत्रुलाई मारेर मेरो दाजु शहरमा आएको रहेछ ।।२३-२४।। मैले महात्मा बालिको सम्मान गरें र विधिपूर्वक प्रणाम गरें, तर मनमा प्रसन्न भएर त्यसले मलाई आशीर्वाद दिएन ।।२५।।

हे प्रभो ! मैले आफ्नो मुकुटले उसको चरण छोएर ढोग गरें, तर केही गरे पनि बालिको रिस गएन र उ ममाथि प्रसन्न भएन ।।२६।।

सर्ग—१०

सुग्रीव बालिसम्बन्धी अरू समाचार सुनाउँछन् ।

आफ्नो कल्याणको निम्ति, धेरै कालपछि आएका र रिसाएर बसिराखेका दाजुलाई खुशी गराउनको लागि म यस प्रकारसंग भन्नलागें ।।१।। यो बडो खुशीको कुरा हो, तपाईं शत्रुलाई मारी कुशलपूर्वक फर्केर आउनुभयो । म अनाथको लागि तपाईं नै एकमात्र स्वामी र मलाई आनन्द गराउने हुनुहुन्छ ।।२।। धेरै कमानीहरू भएको, पूर्ण चन्द्रमा जस्तो शोभायमान यो छाता र चँवर लिनुहोस् जसलाई कि तपाईं नहुँदाखेरि मैले धारण गरिराखेको थिएँ ।।३।। हे महाराज ! प्वालको ढोकामा मनमा दुःखित भई एक वर्षसम्म अडिराखेको थिएँ, प्वालको मुखबाट रगतको धारा निस्कनलागेको देख्ता मेरो शोक ज्यादै बढेर आयो र सबै इन्द्रियहरू आकुल व्याकुल भए र पर्वतको एउटा ढुङ्गाले प्वालको मुख थुनिदिएँ ।।४–५।। त्यहाँबाट म किष्किन्धा फर्केर आएँ । शहरवासी तथा मन्त्रीहरूले मलाई दिक्दार भएको देखेर बलजफ्तीसँग राज्यसिंहासनमा राखिदिए । मैले आफ्नो इच्छाले यो पद ग्रहण गरेको हैन, तसर्थ तपाईंले मलाई क्षमा गर्नुपर्दछ । तपाईं नै मान्य राजा हुनुहुन्छ । म पहिले जस्तै तपाईंको सेवक भई रहनेछु ।।६–७।। तपाईं नहुनाले मात्र यिनीहरूले मलाई राजा बनाएका हुन्, पुरवासी तथा मन्त्रीहरूले युक्त भएको तपाईंको यो निष्कण्टक राज्य जस्ताको तस्तै छ । मकहाँ धरौटीको रूपमा रहेको तपाईंको यो राज्य म तपाईंलाई नै फिर्ता गरिरहेको छु; हे शत्रुहरूको घात गर्ने सज्जन ! ममाथि रिस नगर्नुहोस् ।।८–९।। हात जोरी तथा टाउको निहुराएर म तपाईंलाई प्रार्थना गर्दछु, राजा नभएको शून्य राज्यमा शत्रुहरूले आक्रमण गर्न नसकून् भन्ने मनसायले मन्त्री तथा शहरवासीहरूले जिद्दी गरेर मलाई राजा बनाएका हुन् ।

मैले प्रेमपूर्वक यस्तो भन्दा भन्दैमा बालिले बेसरी मलाई हप्काएर "तँलाई धिक्कार छ" भन्यो । मलाई यस्तो भनिसकेपछि प्रजा तथा माननीय मन्त्रीहरूलाई समेत बोलाएर त्यसले यिनीहरूलाई अनेक कडा वचन भन्यो ।।१०–१२।। मन्त्रीहरूको बीचमा त्यसले मलाई अतिशय दुर्वचन भन्यो । यसपछि मन्त्रीहरूतिर फर्केर भन्नलाग्योः—एक दिन राती मायावी नाम गरेको राक्षस यहाँ आएको कुरा तिमीहरूलाई थाहै होला ।।१३।। मसँग लड्ने अभिलाषा भएको, त्यो रिसाएको राक्षस मलाई हाँक दिनलाग्यो । यसले हाँक दिएको आवाज सुन्दा म राजभवनबाट बाहिर निस्कें ।।१४।। त्यस समयमा मेरो यो डरलाग्दो भाइ पनि मेरो साथमा गएको थियो । त्यस रात्रिमा त्यो महाबली राक्षस अर्को एउटालाई साथमा लिई मलाई आउनलागेको देखेर डरले थर्कायमान भई भाग्नलाग्यो । हामी पनि उसको पछिपछि दगुर्दै गयौं र आखिरमा त्यो बडो वेगले एउटा प्वालभित्र

पस्यो ।।१५-१६।। त्यसलाई भयङ्कर अतिशय ठूलो प्वालभित्र पसेको देख्ता मैले कठोर चित्त भएको यस भाइलाई भनें ।।१७।। शत्रुलाई नमारीकन शहरतिर फर्कने शक्ति ममा छैन, यसलाई मारेर नफर्कुञ्जेल प्वालको ढोकामा पर्खेर बसिराख ।।१८।। यो बाहिर बसिरहेको होला भनेर म प्वालभित्र पसें, तर त्यो राक्षसको पत्ता लगाउँदैमा एक वर्ष बितिहाल्यो ।।१९।। निदानमा मैले त्यस डरलाग्दो शत्रुलाई देखें र देख्नासाथ सजिलैसंग परिवारसहित त्यसलाई मारिदिएँ ।।२०।। भूइँमा लडेर त्यो गर्जनलाग्यो, त्यसको मुखबाट निस्केको रगतको धाराले प्वाललाई यसरी टम्म पारिदियो कि हिंड्ने बाटोसम्म पनि रहेन ।।२१।। त्यस पराक्रमी शत्रुलाई सजिलैसंग मारेर फर्कंदा मैले प्वालबाट बाहिर निस्कने बाटो पाइनँ, किनकि त्यसको मुख थुनिएको थियो ।।२२।। "सुग्रीव, सुग्रीव" भनेर वारंवार चिच्याउँदा पनि मैले केही जवाब नपाएकोले बडो दुःखित भएँ ।।२३।। मैले अनेक बाजि लात्तीले हिर्काएर त्यस ढुङ्गालाई हटाइदिएँ र प्वालबाहिर निस्केर शहरतिर लागें ।।२४।। आफैं राजा हुन इच्छा गर्ने यस निर्दयी सुग्रीवले दाजुमाथिको प्रेमको केही वास्ता नगरी राजा हुनाको लागि मलाई त्यहाँ थुनिदिएको हो ।।२५।।

यति भनेर केवल एउटा लुगा लगाउन दिई मनमा डर नभएको वानरराज बालिले मलाई घरबाट निकालिदियो ।।२६।। त्यसले मलाई निकालेको मात्र ह्वैन कि मेरी स्वास्नी समेत हरण गरेको छ । हे राम ! त्यसको डरले मैले वन र पर्वतले युक्त भएको यस समस्त पृथ्वीको भ्रमण गरिसकें ।।२७।। स्वास्नीको हरणले दुःखित भई म यस ऋष्यमूक पर्वतमा आइराखेको छु किनकि यहाँ कुनै कारण विशेषले बालिको आक्रमण हुन सक्तैन ।।२८।। हे रामचन्द्र ! बालिसंग शत्रुता हुनाको जम्मै कारण मैले तपाईंलाई निवेदन गरिहालें, हेर्नुहोस् , विना अपराधको म यो दुःख पाइरहेको छु ।।२९।। सबैको भयलाई हटाउन सक्ने हे रामचन्द्रजी ! मेराउपर कृपा गरी बालिको भयबाट मेरो रक्षा गर्नुहोस् र उसको अत्याचारबाट मलाई बचाउनुहोस् ।।३०।।

सुग्रीवका यी कुरा सुनेपछि, धर्मात्मा र तेजस्वी रामचन्द्र हाँस्तै उसलाई धर्मयुक्त कुरा भन्नलागे ।।३१।। सूर्य जस्ता तेजिला, कहिले पनि निष्फल नहुने मेरा यी तीखा बाण दुराचारी बालिमाथि रिसले चूर भई खस्नेछन् ।।३२।। तिम्री स्वास्नीको हरण गर्ने बालिलाई जबसम्म म देख्तिनँ तबसम्म चरित्रलाई दूषित गर्ने पापाचारी त्यो बाँचोस् , तर मेरो दृष्टिमा पर्नासाथ त्यो कदापि जीवित रहन पाउनेछैन ।।३३।। आफूझैं तिमीलाई पनि म शोक-सागरमा डुबिराखेको देख्तछु, तर तिम्रो उद्धार म गरिछोड्नेछु, झट्टै तिमी आफ्नो राज्य तथा स्त्रीलाई पाउनेछौ ।।३४।।

हर्ष तथा पुरुषार्थलाई बढाउने रामचन्द्रका यी कुरा सुनेपछि सुग्रीव अत्यन्त प्रसन्न भई ठूलो आशय भएको कुरा रामचन्द्रलाई भन्नलागे ।।३५।।

सर्ग--११

दुन्दुभि वध र मतङ्ग ऋषिको सराप ।

रामचन्द्रका हर्ष तथा पुरुषार्थ बढाउने कुरा सुनेपछि सुग्रीव उनको पूजा गरी प्रशंसा गर्न-थाले ॥१॥ क्रुद्ध भएर तपाईं अवश्यै यी अतिशय तेजिला, तीखा र मुट्ठु छेड्ने बाणले, प्रलयकालका सूर्य भगवान्ले झैं, समस्त लोकलाई भस्म पार्नसक्नुहुन्छ ॥२॥ पहिले बालिको पुरुषार्थ, बल तथा धैर्यको वर्णन एकाग्रचित्त भई सुन्नुहोस् र त्यसपछि जस्तो गर्न उचित ठहऱ्याउनुहुन्छ सो गर्नुहोस् ॥३॥

बालि सूर्योदय हुनुभन्दा अगाडि नै पश्चिम समुद्रबाट पूर्वसमुद्रसम्म र दक्षिण समुद्रबाट उत्तर समुद्रसम्म घुमेर आउँछ, तर यति हिंड्दा पनि उसलाई अलिकता पनि थकाइ लाग्दैन ॥४॥ यो महाबली बालि पर्वतका टुप्पामा चढेर त्यसका टाकुरालाई उखेल्दै माथि फ्याँकिदिन्छ र अनि भकुण्डोझैं तिनलाई हातले समात्तछ ॥५॥ आफ्नो बलको अजमायस गर्नालाई बालिले वनमा बलियोसँग जरा हालेका ठूला ठूला अनेक रूखलाई उखेलेर भाँचिदिएको छ ॥६॥

कैलाशको टाकुरा जस्तो अग्लो, भैंसीको रूप धारण गर्ने दुन्दुभि नाम गरेको एउटा बडो बलियो राक्षस थियो ॥७॥ विशाल शरीर भएको यो दुष्ट राक्षस आफ्नो अतिशय बल हुनाले तथा वरदानले मोहित भएकोले नदीहरूका स्वामी समुद्रकहाँ गयो ॥८॥ रत्नहरूको खानी तथा लहरीले परिपूर्ण भएको समुद्रलाई रोकेर त्यसले उनलाई आफूसंग युद्ध गर्न भन्यो ॥९॥ हे राजन् ! यसपछि यहाँ बलवान् धर्मात्मा समुद्रले उठेर कालले कुत्कुत्याइराखेको त्यस दुष्ट राक्षसलाई भनेः—॥१०॥ हे युद्धविशारद ! तिमीसँग युद्ध गर्ने मेरो ताकत छैन, तर तिमीसंग लड्न सक्ने व्यक्तिको म तिमीलाई खबर दिन्छु, सुन ॥११॥ शंकरका ससुरा, तपस्वीहरूलाई शरण दिने, हिमवान्को नामले विख्यात भएका, पर्वतहरूका राजा घोर जङ्गलमा रहन्छन् ॥१२॥ यस पर्वतमा अनेक खोला नाला तथा गुफा छन्, यिनी तिमीसँग युद्ध गर्न समर्थ छन् र युद्ध गरेर तिमीलाई खुशी पारिदिनेछन् ॥१३॥

समुद्रलाई डराएको भनिठानेर यो राक्षस धनुबाट छुटेको बाण झैं झट्टै हिमवान्को वनमा पुगिहाल्यो ॥१४॥ त्यहाँ पुग्नासाथ यो दुन्दुभि राक्षस हिउँ पर्नाले सेता भएका ऐरावत हात्तीसमानका ठूला ठूला ढुङ्गालाई उचाल्दै भूइँमा फ्याँक्न र गर्जन गर्नलाग्यो ॥१५॥ यसपछि हिमवान् पर्वत, सेतो बादल जस्तै राम्रो र मनलाई आनन्द गराउने आकार धारण गरी आफ्नै टाकुरामाथि उभिएर उसलाई भन्नलागे ॥१६॥ हे धर्मप्रेमी दुन्दुभि ! मलाई दुःख दिन तिमीलाई योग्य पर्दैन, कारण म युद्धविद्यामा निपुण छैन, मकहाँ ता केवल तपस्वीहरू वास गर्दछन् ॥१७॥

बुद्धिमान् पर्वतराजको कुरा सुन्दा रिसले आँखा रातो रातो गराएर दुन्दुभिले भन्नलाग्यो ॥१८॥ तिमी युद्ध गर्न चाहन्नौभने मसंग युद्ध गर्न सक्नेको नाम बताइदेऊ किनकि अहिले मलाई युद्ध गर्ने ठूलो इच्छा भइराखेको छ ॥१९॥ यसको कुरा सुन्दा रिसाएका, बोल्नामा सिपालु ती धर्मात्मा हिमवान्ले त्यस राक्षसलाई अहिलेसम्म कसैले पनि नभनेको कुरा भने ॥२०॥ रमणीय किष्किन्धा नगरीमा

महापण्डित, अतिशय प्रतापी, इन्द्रको छोरो, वालि नाम गरेको वानर बस्तछ ।।२१।। युद्धविद्यामा सिपालु, त्यो महापण्डित बालि तिमीसँग युद्ध गर्न समर्थ छ । नमुचि नाम गरेको दानवले जसरी इन्द्रसँग युद्ध गरेथ्यो त्यसै गरी त्यसले तिमीसँग युद्ध गर्नेछ ।।२२।। युद्ध गर्न चाहन्छौभने झट्टै उसकहाँ ज़ाऊ, उ युद्ध-कर्ममा सिपालु छ र कसैले हाँक दिएको सहनै सक्तैन ।।२३।।

हिमवान्‌का यी कुरा सुन्दा रिसले चूर भएको दुन्दुभि बालिको किष्किन्धा शहरमा आयो ।।२४।। भैंसीको रूप धारण गरेको, यसको सीङ खूब तीखो तथा शरीर बडो डरलाग्दो थियो । वर्षाकालमा जलले भरिभराउ भएको आकाशमा रहेको बादल जस्तो यो देखिन्थ्यो ।।२५।। यो महाबली दुन्दुभि राक्षस किष्किन्धाको ढोकानेर आएर पृथ्वीलाई कम्पायमान गराउँदै दुन्दुभिको जस्तै स्वर निकालेर गर्जनलाग्यो ।।२६।। नजीकमा रहेका रूख भाँच्ने सुरले भूईं खोस्रनलागेको तथा घमण्डले चूर भएको मतवाला हात्तीझैं शहरको ढोका फुटाल्नथाल्यो ।।२७।। बालि यस समयमा अन्तःपुरभित्र थियो, तर कुनै वीरले हाँक दिएको खप्न नसक्ने हुनाले, तारागणले युक्त भएको चन्द्रमाझैं, स्वास्नीहरूलाई साथमा लिई बाहिर निस्क्यो ।।२८।। वानर तथा समस्त वनचारीहरूको राजा बालि अति संक्षेपमा स्पष्टसंग दुन्दुभिलाई भन्नलाग्यो ।।२९।। शहरको ढोका रोकेर तिमी किन यसरी गर्जनलागेका छौ ? हे महाबली दुन्दुभि ! मैले तिमीलाई चिनेको छ, अब आफ्नो प्राणको रक्षा गर ।।३०।।

बुद्धिमान् वानरराजको यो कुरा सुनेर दुन्दुभि रिसले आँखा रातो गराएर भन्नलाग्यो ।।३१।। हे वीर ! तिमीले आफ्ना स्वास्नीहरूको अगाडि यसरी वीरताको बखान गर्न उचित पर्दैन । मसँग युद्ध गर अनि पो यत्तिको बलिया रहेछौ भन्ने मलाई थाहा हुनेछ ।।३२।। अथवा आज रातभरीलाई म आफ्नो रिस थाम्दछु, भोलि सूर्य्य नउदाएसम्म कामभोगमा आसक्त भई यी आइमाईहरूको साथमा रात बिताऊ ।।३३।। वानरहरूलाई अँगालो हालेर जसलाई जे दिनुपर्छ देऊ, किनकि तिमी वानरहरूका राजा हौ, आफ्ना मित्रहरूसँग भेटघाट गरी उनलाई प्रसन्न गराऊ ।।३४।। किष्किन्धालाई राम्रोसंग हेरिहाल, आफूसमानको कसैलाई यहाँको राजा बनाइहाल, आफ्ना स्वास्नीहरूसँग मोज पनि गरिहाल, सूर्य्योदय हुनाको अगाडि नै यी सब काम सिध्याऊ, किनकि तिम्रो घमण्ड चूर पार्न भनी म यहाँ आइराखेको छु ।।३५।। लागु खाएर मत्त परेको, सावधान नभएको, भाग्न लागेको, हतियार नलिएको, दुब्लो अथवा तिमी जस्तै आइमाईसँग बसेर लट्ठ परिराखेकोलाई मार्नाले भ्रूण हत्याको पाप लाग्दछ ।।३६।।

राक्षसका यी कुरा सुनेपछि वालि तारा आदि गरिएका सबै आइमाईहरूलाई बिदा गरेर हाँस्तै क्रोधपूर्वक त्यस दुन्दुभिलाई भन्नलाग्यो ।।३७।। यदि तिमी युद्धदेखि डराउन्नौभने मलाई स्त्रीहरूको साथमा रहेर लट्ठ परेको नभनिठान, आइमाईहरूसितको यस संसर्गलाई युद्धमा बल उत्पन्न गराउनाको निम्ति वीरहरूले मदपान गरेको जस्तो संझ ।।३८।। रिसले चूर भएर त्यस राक्षसलाई यति

भनिसकेपछि बालि आफ्ना पिता इन्द्रले दिएको सुनको माला पहिरेर युद्ध गर्नाको निम्ति तय्यार भयो ।।३९।। वानरश्रेष्ठ बालिले पर्वतसमानको त्यस दुन्दुभिको दुवै सीङ समातेर खूबसंग घुमाएर त्यसलाई निकै टाढा भूईँमा पछारिदियो र अनि खूब चर्को स्वरले गर्जनलाग्यो, राक्षस यस्तो जोर-सँग पछारियो कि त्यसको कानबाट रगत बग्नथाल्यो ।।४०-४१।। रिसले चूर भएका तथा परस्पर एउटाले अर्कोलाई जित्ने इच्छा भएका, वालि र दुन्दुभि यी दुवैको घोर घमासानको युद्ध हुन-लाग्यो ।।४२।। यस समयमा इन्द्रसमानको पराक्रमी बालि त्यसको साथमा लात, मुक्का, तिघ्रा ढुङ्गा तथा रूखको प्रहार गर्दै युद्ध गर्नलाग्यो ।।४३।। यस प्रकारसँग वानर र असुरको युद्ध हुनलाग्यो, युद्ध हुँदा हुँदैमा असुरको बल घट्नलाग्यो, तर बालिको भने बढ्नलाग्यो ।।४४।।

प्राणको विनाश पार्ने यस युद्धमा वालिले दुन्दुभिलाई उचालेर भूईँमा पटकिदियो र अनि उसलाई पिंध्नलाग्यो ।।४५।। भूईँमा पछारिएपछि दुन्दुभिको कान नाकबाट रगत खूबसंग निस्क्यो, भूईँमा पछारिनासाथ यस महावाहु असुरले प्राण पनि त्याग गरिहाल्यो ।।४६।। प्राण निस्कि-सकेको तथा चेतना हराइसकेको राक्षसलाई बालिले दुवै हातले उचालेर बडो वेगले एक योजन टाढा फ्याँकिदियो ।।४७।।

वेगले फ्याँकिएको हुनाले त्यसको मुखबाट निस्कनलागेका रगतका थोपा हावाको वेगले गर्दा मतङ्ग मुनिको आश्रममा खस्न पुगे ।।४८।। रगतको थोपा खस्नलागेको देखेर मुनि बहुतै रिसाए र यो खसाल्ने को होला भनेर विचार गर्नलागे ।।४९।। सहसा ममाथि यी रगतका थोपा पार्ने दुरात्मा को होला ? यो दुष्ट, बुद्धिहीन, उन्मत्त, तथा मूर्ख को रहेछ ? ।।५०।। यति भनेर जसै मुनिश्रेष्ठ आफ्नो आश्रमबाहिर निस्केथे तिनले पर्वतसमानको आकार भएको, मरेर भूईँमा पडिराखेको एउटा राँगो देखे ।।५१।। तपस्याको प्रभावले मुनिले यो वानरले गरेको काम हो भन्ने थाहा पाइहाले. अतएव त्यो राँगो फ्याँक्नेलाई बडो कडा सराप दिए ।।५२।। जसले यो मुर्दालाई यहाँ फ्याँकेर रगतको थोपाले यस आश्रमलाई दूषित गराएको हो त्यो यस आश्रममा आउन सक्तैन, कदाचित् आयोभने आउनासाथ मर्नेछ ।।५३।। असुरको लाश फ्याँकेर जसले मेरा आश्रमका अनेक रूख भाँचिदिएको छ, त्यसले मेरा आश्रमको वरिपरिको एक योजनसम्म पनि प्रवेश गर्योभने त्यो दुर्बुद्धि रहन पाउनेछैन अर्थात् मर्नेछ । उसका कुनै मन्त्री मेरो वनमा बसेका भए तिनले समेत यहाँ बस्नु उचित छैन, तिनीहरू मेरो कुरा सुनेर सुखपूर्वक यहाँबाट जाइहालून्, कदाचित् तिनीहरू यहाँ बसे-भने तिनलाई समेत सराप दिनेछु ।।५४-५६।। छोराको झैं मैले यस वनको रक्षा गरिआएको छ, बालिको पक्षको कोही वानर यहाँ बस्योभने मेरो वनका पात, टुसा, फल, मूल इत्यादि सबैको नाश हुनेछ ।।५७।। आजको दिनसम्म मेरो सरापको अवधि छ, भोलि बिहानीपखदेखि बालितर्फको कुनै वानरलाई मैले देखेंभने त्यसले हजारौं वर्ष यहाँ ढुङ्गो बनेर बस्नुपर्नेछ ।।५८।। मुनिले भनेको कुरा सुन्नासाथ बालिको पक्षका सबै वानरहरू त्यस वनबाट भागेर गए । यिनीहरूलाई त्यहाँबाट आएको

देखेर बालिले सोध्यो ।।५९।। मतंग ऋषिको वनमा बस्ने तिमीहरू सबै मकहाँ किन आएका हौ, सबै वनवासीहरूलाई कुशल ता छ के ? ।।६०।।

यी सबै वानरहरूले सुनको माला पहिरेको बालिलाई सबै कारण बताए र मुनिले उनलाई सराप दिएको कुरा पनि सुनाए ।।६१।। वानरहरूले भनेको कुरा सुनेपछि बालि मतंग मुनिकहाँ गई हात जोरेर उनलाई प्रार्थना गर्नलाग्यो ।।६२।। तर महर्षि उसको कुरा सुनेको नसुन्यै गरेर आश्रमभित्र गए र बालिचाहिँ सरापको भयले आकुल व्याकुल पर्‍यो ।।६३।। हे नरनाथ ! सरापको भयले थर्कोयमान भएको बालि महागिरि ऋष्यमूकमा प्रवेश गर्ने कुरा ता कता छ कता, यतातिर हेर्नेसमेत मन गर्दैन ।।६४।। त्यो यहाँ आउन सक्तैन भन्ने थाहा पाएकोले म आफ्ना मन्त्रीहरूका साथमा यहाँ वनमा निर्भय भई बसेको छुँ ।।६५।। हेर्नुहोस् , यो त्यै दुन्दुभिको हाडको थुप्रो लागिराखेको हो जो कि पहाडको टाकुरो जस्तो देखिनलागेको छ जसलाई बालिले बलको घमण्डले यहाँ फ्याँकेको थियो ।।६६।। चारैतिर हाँगा फिंजिराखेका सातवटा सालका मोटा मोटा रूख एकै ठाउँमा गुच्चमुच्च परेर जमिराखेका छन्, कहिलेकहीं जब बालि आफ्नो पराक्रमले एउटा रूखको जरा समातेर हल्लाउँथ्यो त्यस बखतमा जम्मै रूखका पात झर्दथे ।।६७।। हे रामचन्द्र ! मैले बालिको अद्भुत पराक्रम तपाईंलाई सुनाइहालें । यस्तो बालिलाई तपाईं युद्धमा कसरी मार्न सक्नुहोला ? ।।६८।।

सुग्रीवले यसो भनेको सुन्दा लक्ष्मणले हाँस्तै भनेः—रामचन्द्रले कस्तो काम गरी देखाएमा तपाईं-लाई यिनले बालिको वध गर्न सक्तछन् भन्ने कुराको विश्वास पर्ने हो ।।६९।।

यसको जवाबमा सुग्रीवले लक्ष्मणलाई भनेः—उहिलेउहिले सामुन्ने देखिएका यी सातवटा सालका रूखहरूमध्ये प्रत्येकलाई बालिले अनेक बाजि छेडिदिएका छन् ।। ७०।। रामचन्द्रले यी रूखहरूमध्ये जुनसुकै एउटालाई पनि बाण चलाएर छेड्न सकेभने यिनले आफ्नो पराक्रमले बालिको वध गर्न सक्ने-छन् भन्ने कुराको मलाई विश्वास पर्नेछ ।।७१।। मरेको महिषासुरको हाडको थुप्रोलाई एउटै खुट्टाले दुईसय धनु टाढा फ्याँक्न सकेभने रामचन्द्रले बालिको वध गर्न सक्नेछन् भन्ने मलाई विश्वास पर्नेछ ।।७२।।

यति भनिसकेपछि आँखाका दुवै कुना रातो रातो तुल्याएर सुग्रीवले केही बेर विचार गरेर अनि फेरि रामचन्द्रलाई भन्नलागे ।।७३।। बालि शूरो छ, म शूरो छु भन्ने कुराको उसलाई घमण्ड छ, यसको बल, पराक्रमको बडो ख्याति छ, यस बलवान् बालिलाई अहिलेसम्म कसैले पनि युद्धमा हराउन सकेको छैन ।।७४।। देवताहरूलाई समेत गर्न गाह्रो परेको काम यो गरिदिन्छ, यिनै कामको संझना हुनाले डरले थर्कोयमान भई म यहाँ ऋष्यमूक पर्वतमा बस्नलागेको छुँ ।।७५।। जित्न नसकिने, हेलचेक्र्याइँ गर्न नहुने, रिस खप्न नसक्ने, वानरराज बालिलाई संझेर, मनमा खिन्न र शंकित भई हनुमान् आदि गरिएका आफूलाई माया गर्ने आफ्ना श्रेष्ठ मन्त्रीहरूलाई साथमा राखेर यस ऋष्यमूक पर्वतलाई छाड्ने साहस नभएकोले यहाँको वनमा यताउति घुमिरहन्छु ।।७६–७७।। हे मित्रवत्सल ! अब मैले स्तुति

गरिन योग्य तपाईं जस्तो असल मित्र भेट्टाएँ, हे पुरुषश्रेष्ठ ! हिमालयको आधार पाएर ढुक्क भए झैं तपाईंको आधार पाएर म ढुक्क परेको छु ।।७८।। मेरो बलियो दुष्ट दाजुको बलको ता मलाई ज्ञान छ, तर संग्राममा देखिने तपाईंको बलको ता मलाई केही अत्तोपत्तो छैन ।।७९।। मैले तपाईंको बलको परीक्षा गर्न खोजेको होइन, तपाईंको अनादर गर्न अथवा तपाईंलाई तर्साउन पनि खोजेको छैन, तर त्यसका डरलाग्दा कामको संझना हुनाले मेरो मनमा डर उत्पन्न भइरहेको छ ।।८०।। हे राम ! तपाईंको वाणी, धीरता, तथा शरीरको अग्लोपनाबाट नै तपाईंको वीरताको यथेष्ट प्रमाण मिल्नलागेको छ, यी सबै गुणले खरानीले छोपिराखेको आगोझैं तपाईंको तेजको सूचना दिइराखेका छन् ।।८१।।

महात्मा सुग्रीवका यी कुरा सुनेर रामचन्द्र हाँस्तै उनलाई भन्नलागे ।।८२।। हे वानर ! तिमीलाई मेरो पराक्रममा विश्वास छैनभने युद्धभूमिमा आफ्नो पराक्रमको विश्वास पारिदिउँला ।।८३।।

यस्ता कुराले सुग्रीवको मनमा ढाढस दिलाएर महाबाहु बलवान् रामचन्द्रले सजिलैसँग खुट्टाको बूढी औंलाले दुन्दुभिको सुकेको शरीरलाई उचालेर दश योजन टाढा फ्याँकिदिए ।।८४-८५।। दुन्दुभिको लाशलाई यस प्रकारसँग फ्याँकेको देख्ता सुग्रीव आफ्ना वानरहरूको सामुमा, सूर्यसमान प्रकाशमान भई लक्ष्मणको अविल्तिर उभिइराखेका रामचन्द्रलाई फेरि पनि मतलबले पूर्ण भएको कुरा भन्नलागे ।।८६।। हे मित्र ! युद्धमा थाकेका मतवाला मेरा दाजुले राक्षसको जुन शरीर फ्याँकेका थिए त्यसमा ता मासु समेत थियो, भर्खर मरेको तथा गीलो हुनाले गह्रौं थियो ।।८७।। हे रामचन्द्रजी ! अहिलेको यो शरीर ता मासु नभएकोले घाँस जस्तै हलुको भएको थियो, यसै कारणले तपाईंले खुशीसाथ सजिलै-सँग फ्याँकिदिनुभयो ।।८८।। चिसो र सुकेको वस्तुको गह्रौंपनामा धेरै नै फरक हुनाले तपाईंको बल बर्ता हो कि उसको बल बर्ता हो ठीकसँग भन्न सकिन्न ।।८९।। यसैले हे राम ! तपाईंको र उसको बलको सन्देह दूर हुन सकेन । एउटा सालको रूखलाई तपाईंले छोडिदिनुभए ता बलाबलको निर्णय भइहाल्ने थियो ।।९०।।

हात्तीको सूँड जस्तो यस धनुमा ताँदो चढाएर कानसम्म तानेर एउटा वाण चलाउनुहोस् ।।९१।। तपाईंले चलाएको वाणले अवश्यै त्यो सालको रूखलाई छेडिदिनेछ, यस कुरामा केही सन्देह छैन । यस विषयमा विचार गर्ने केही प्रयोजन छैन, तपाईंलाई म मारीहत्ते, मेरो मनमा लागेको यति कुरा गरेर देखाइदिनुहोस् ।।९२।। जसरी तेजस्वीहरूमा सूर्य सर्वश्रेष्ठ छन्, पर्वतमा हिमालय, पशुहरूमा सिंह, त्यसै गरी मानिसहरूमा तपाईं सबैभन्दा पराक्रमी हुनुहुन्छ ।।९३।।

सर्ग—१२

रामचन्द्र सालको रूख छेड्दछन् ; बालि-सुग्रीव युद्ध ।

सुग्रीवको यो मीठो कुरा सुनेर उनको मनमा विश्वास पार्नाको निम्ति तेजस्वी रामचन्द्रले आफ्नो धनु उचाले ।।१।। रामचन्द्रले आफ्नो भयङ्कर धनुमा एउटा वाण चढाएर त्यसको शब्दले दशै-

दिशालाई गुञ्जायमान गराउँदै सो बाण एउटा सालको रूखलाई ताकेर छोडे ।।२।। बलवान् रामचन्द्रको हातबाट छुटेको त्यो सुनै सुनले सिंगारिएको बाण सातैओटा रूखलाई छेडेर पृथ्वी तथा पर्वतलाई फोर्दै पातालमा पस्यो ।।३।। रामचन्द्रको छिटो जाने त्यो बाण छिनको छिनैमा सातैओटा सालका रूखलाई छेडेर फेरि उनको ठोक्रामा आएर पस्यो ।।४।।

वानरश्रेष्ठ सुग्रीवजी रामचन्द्रको बाणको प्रहारले सातैओटा सालका रूख छेडिएको देख्ता हुनासम्मको छक्क परे ।।५।। मनमा अति हर्ष मानेका सुग्रीवले हात जोरेर रामचन्द्रलाई साष्टांग प्रणाम गरे । टाउको निहुराउँदाखेरि यिनका सबै गहना तल झुण्डिइरहेका थिए ।।६।। यस कामले प्रसन्न भएका सुग्रीव धर्मात्मा, सबै हात-हतियार चलाउनामा सिपालु, सबैमा श्रेष्ठ, वीर रामचन्द्रलाई भन्नलागे ।।७।। हे प्रभो ! इच्छा गर्नुभयोभने तपाईं इन्द्रलगायत सबै देवताहरूलाई आफ्ना बाणले मार्न सक्नुहुन्छ, बालिको कुरा त कता छ कता ।।८।। हे राम ! सातओटा सालका ठूला ठूला रूख, पर्वत तथा भूईँलाई एउटै बाणले छेड्न सक्नेको अगाडि युद्धमा को अड्न सक्ला ? ।।९।। इन्द्र-वरुण जस्ता तपाईंसँग मित्रता हुनाले मेरा सबै शोक सुर्ता दूर भइगए, आज म बहुतै प्रसन्न छु ।।१०।। हे रामचन्द्र ! हात जोरेर विन्ति गर्दछु, मेरो प्रसन्नताका लागि दाजुको रूपमा रहेको मेरो शत्रुलाई आजै मारिदिनुहोस् ।।११।।

यसपछि देख्नामा राम्रा, लक्ष्मणसमानका प्यारा, सुग्रीवलाई अँगालो हालेर महाबुद्धिमान् रामचन्द्रले भने ।।१२।। हामीहरू झट्टै यहाँबाट किष्किन्धातिर लाग्दछौं । हे सुग्रीव ! तिमी अघि जाऊ र दाजु भनाउँदो बालिलाई हाँक दिंदै गर ।।१३।।

यहाँबाट यिनीहरू सबै बालिको शहर किष्किन्धातिर लागे र घना जङ्गलमा रूखको आडमा लुकेर बसे ।।१४।। लगौंटी कसिराखेका सुग्रीव बालि बाहिर निस्कोस् भन्ने मनसायले ठूलो स्वरले गर्जनलागे, यिनको चर्को स्वरले आकाशै फुट्ने हो कि जस्तो हुनलाग्यो ।।१५।।

भाइको यो गर्जना सुन्नासाथ महाबली बालि रिसले चूर भई युद्ध गर्नाको निम्ति सूर्य भगवान् अस्ताचलबाट उदयाचलमा आएझैं बाहिर आइहाल्यो ।।१६।। यसपछि आकाशमा बुध र मंगल ग्रहहरूको भयानक युद्ध भएझैं बालि र सुग्रीवको बीचमा घोर घमासानको युद्ध हुनलाग्यो ।।१७।। रिसले गर्दा होशै ठेगानमा नभएका यी दुवै भाइ वज्रसमानका हात खुट्टा तथा मुक्काले परस्परमा प्रहार गर्नलागे ।।१८।। धनुर्धारी रामचन्द्रले यी दुवैलाई हेरे, यी दुवै उस्तै उस्ता थिए, कुनचाहिं बालि हो कुन सुग्रीव हो यिनले छुट्ट्याउन सकेनन्, कारण अश्विनीकुमारहरूको झैं यिनीहरूको रूप ढाचाँकाँचामा केही फरक थिएन, अतएव यिनले शत्रुको प्राण लिने बाण चलाउन मन गरेनन् ।।१९-२०।।

यै बेलामा बालिले सुग्रीवलाई भगाइदियो, आफ्ना मालिक रामचन्द्रलाई नदेख्ता सुग्रीव ऋष्यमूकतिर भाग्नलागे ।।२१।। यिनी थाकेका थिए, रगतले जम्मै शरीर भिजिराखेको थियो, चोट लाग्नाले आकुल व्याकुल भएका थिए, रिसले मुर्मुरिएर बालि उनलाई लखेटिरहेको थियो र उनी जसोतसो

गरेर ऋष्यमूकको जङ्गलभित्र पसिहाले ॥२२॥ सुग्रीवलाई वनभित्र पसेको देख्ता बालि सरापको डरले त्यहाँ जान सकेन र "जा, बाँचिस्" भनेर त्यहाँबाट फर्केर आयो ॥२३॥

रामचन्द्र, भाइ तथा हनुमान्को साथमा सुग्रीव फर्केर आएकोले जङ्गलमा फर्केर आए ॥२४॥ लक्ष्मणको साथमा रामचन्द्रलाई फर्केर आएको देख्ता सुग्रीवलाई लाज लाग्यो र उनी भूईँतिर हेर्दै बडो खिन्न भएर भन्नलागे ॥२५॥ बालिलाई हाँक दिन मलाई भन्नुभयो, आफ्नो पराक्रम पनि देखाउनुभयो, अनि मलाई शत्रुको हातको मार ख्वाउनुभयो, हे महाराज ! तपाईंले के काम गरेको हो ? ॥२६॥ हे रामचन्द्र ! तपाईंले त्यै बेलामा म बालिलाई मार्ने होइन भनेर ठीक ठीक कुरा भनिदिनुभएको भए ता म त्यहाँ जाने नै थिइनँ ॥२७॥

महात्मा सुग्रीवले खिन्न भएर भनेको यस किसिमको कुरा सुनेर रामचन्द्र माया लाग्ने गरी फेरि भन्नलागे ॥२८॥ हे भाइ सुग्रीव ! रिसलाई दूर गरिदेऊ, मैले के कारणले बाण चलाइन सो कारण ता पहिले सुन ॥२९॥ गहनामा, भेषमा, कदमा तथा ढाँचा-काँचामा तिमी र बालि दुवै एकैनासका देखिन्थ्यौ ॥३०॥ स्वर, तेज, दृष्टि, पराक्रम, तथा बोलीमा तिमी दुवैमा मैले केही फरक देखिनँ, कुन सुग्रीव हो कुन बालि हो छुट्ट्याउन सकिनँ ॥३१॥ तिमी दुवैको एकनासको रूप देख्नाले मनमा शंका परेकोले मैले हे वानरश्रेष्ठ ! आफ्नो खूब छिटो जाने, शत्रुको प्राण हरण गर्ने बाण चलाउन नसकेको हुँ ॥३२॥ यै रूपसादृश्यको आशंकाले गर्दा मैले शत्रुको संहार गर्ने बाण चलाउन नसकेको हो, तिमी दुवैको एकैनासको रूप हुनाले कदाचित् बाण तिमीलाई लाग्नगएको खण्डमा ता हामी दुवैको मूलकै नाश हुने थियो अर्थात् तिमीले राज्य गर्न पाउने थिएनौ र मैले सीताको पत्ता पाउन सक्ने थिइनँ ॥३३॥ हे वानरराज ! मेरो अज्ञान तथा हतारले तिम्रो प्राण गएको भए ता मेरो मुर्ख्याइँ तथा लडकपनको कुरा चारैतिर फिंजिने थियो ॥३४॥

अभय दिइसकेकोलाई मार्नाले ठूलो पाप लाग्दछ, यस समयमा म, लक्ष्मण र उत्तम वर्ण भएकी सीता तीनै जना तिम्रो अधीनमा छौं, यस वनमा तिमी नै हाम्रा रक्षक छौ तसर्थ मनमा शङ्का नलिई फेरि एकबाजि युद्ध गर ॥३५-३६॥ अहिले नै तिमी युद्धमा मेरो एक बाण लाग्नाले बालिलाई पृथ्वीमा छटपटाउनलागेको देख्न पाउनेछौ ॥३७॥ तर हे वानरेश्वर ! बालिसँग युद्ध गर्दाखेरि तिमीलाई चिन्न सक्ने गरी एउटा चिन्ह्‌ लगाइराख ॥३८॥ हे लक्ष्मण ! महात्मा सुग्रीवको घाँटीमा यो राम्रो फुलिराखेको गजपुष्पीको लहरो उखेलेर लगाइदेऊ ॥३९॥ यसपछि पर्वतमा उम्रिराखेको, फूल फुलिराखेको गजपुष्पीको लहरो झिकेर लक्ष्मणले सुग्रीवको घाँटीमा लगाइदिए ॥४०॥ यो लहरो घाँटीमा लगाएपछि सुग्रीव अत्यन्त राम्रा देखिए । बकुल्लाको पंक्तिले युक्त भएको संध्याकालको बादलसमान यिनी देखिनलागेका थिए ॥४१॥ शरीरले गर्दा राम्रो देखिनलागेका सुग्रीव रामचन्द्रको कुरा मानेर सावधान भई उनको साथमा हिंड्नलागे र केही बेरपछि फेरि किष्किन्धा शहरमा आइपुगे ॥४२॥

सर्ग—१३

किष्किन्धा जाँदा बाटोको र सप्तजन आश्रमको वर्णन ।

धर्मात्मा रामचन्द्रजी सुग्रीवको साथसाथै ऋष्यमूक पर्वतबाट वालिको पराक्रमद्वारा पालना गरिएको किष्किन्धा नगरीमा आए ॥१॥ रणभूमिमा सफलता दिने तथा सूर्य जस्ता चहकिला वाण र सुनै सुनले सिंगारिएको आफ्नो बडेमानको धनु लिएर रामचन्द्रजी हिंड्नलागे ॥२॥ महात्मा रामचन्द्रको अघिअघि बलियो घाँटी भएका सुग्रीव र महाबली लक्ष्मण हिंड्नलागेका थिए ॥३॥ यिनी-हरूको पछिपछि वीर हनुमान्, नल, नील, अत्यन्त तेजस्वी तार, सुग्रीवका सेनापति यी चार वानर हिंड्नलागेका थिए ॥४॥ फलको बोझले निहुरिरहेका रूख तथा समुद्रमा गएर मिसिने स्वच्छ जल भएका नदीहरूलाई हेर्दै यिनीहरू जानलागेका थिए ॥५॥ यिनीहरू कन्दरा, पर्वत, पानीका झरना, गुफा, मुख्य मुख्य टाकुरा तथा डरलाग्दा खाल्डाहरू हेर्दै जानलागेका थिए ॥६॥ बाटामा यिनीहरूले पानीले भरिभराउ भएको तलाउ देखे जसको जल वैदूर्यमणिको समान सफा थियो र जहाँ कमलका कोपिला फुलिरहेका थिए ॥७॥ कारण्डव, सारस, हाँस, जलकुक्कुट, चखेवा तथा अरू अरू चराहरूको शब्दले गर्दा यी तलाउहरू प्रतिध्वनित भइरहेका थिए ॥८॥

निर्भय भई वनमा घुमिरहने हरिणहरूलाई मैदानमा वसेर कमलो घाँसमा चरिरहेको यिनी-हरूले देखे ॥९॥ नदीको किनारालाई बिगारिदिने, तलाउका शत्रु, सेतो दाँत भएका, एक्लै हिंडिरहने, डरलाग्दो शरीर भएका जङ्गली हात्ती पनि यिनीहरूले देखे ॥१०॥ पर्वतको किनारालाई ठक्कर दिइ-रहने, मतवाला, धूलोले मुछिएका, हिंडडुल गर्ने पर्वत जस्ता, हात्तीसमानका अग्ला वानरहरू यिनी-हरूको दृष्टिमा परे ॥११॥ वनमा अनेक वनचर पशु तथा आकाशमा उड्ने नाना प्रकारका चरा-चुरुङ्गीलाई हेर्दै यिनीहरू बडो हतपतसँग जानलागेका थिए, कारण यस समयमा यिनीहरू सुग्रीवको अधीनमा थिए, सुग्रीवलाई भने खूब हतार परेको थियो ॥१२॥

सबैजना छिटोसँग गइरहेको बखतमा रूखै रूखले झ्याम्म परेको वन देखेर रामचन्द्रले सुग्रीव-लाई सोधे ॥१३॥ हे मित्र ! आकाशलाई बादलले टम्म पारेझैं यहाँ रूखै रूखले टम्म पारिराखेको छ । यसको माथि बादल फैलिराखेको र चारैतिरबाट केराको रूखले यसलाई बेह्रिराखेको छ । यो के होला भनेर जान्नाको निम्ति मलाई उत्कट इच्छा भइरहेको छ, तपाईंले मेरो यो इच्छा दूर गरिदिनुभए बेश हुने थियो ॥१४-१५॥

महात्मा रामचन्द्रको यो कुरा सुनेर हिंड्दा हिंड्दै सुग्रीव त्यस वनको सम्बन्धमा भन्नलागे ॥१६॥ हे रामचन्द्र ! थकाइलाई दूर गरिदिने यो एउटा बडो ठूलो आश्रम हो । यहाँ, वन, उपवन, मीठो स्वाद भएका फलमूल तथा जल सबै थोक छन् ॥१७॥ यहाँ बडो कठोर व्रत गर्ने सप्तजन नाम गरेका सात जना ऋषिहरू तपस्या गर्दथे, यी सातै ऋषिहरू टाउको तल र खुट्टा माथि गरेर रात दिन पानीमा वस्तथे ॥१८॥ सात सात दिनमा यी मुनिहरू एकचोटि वायुको आहारा गरी अचल भई

बस्तथे । एवं प्रकारले सात सय वर्षसम्म तपस्या गरिसकेपछि यिनीहरू शरीरसहित स्वर्ग गए ॥१९॥ उनैको प्रभावले यो आश्रम रूखै रूखको पर्खालले सुरक्षित भइराखेको छ, इन्द्रलगायत सबै देवता तथा राक्षसहरूले यस आश्रममा कुनै प्रकारको उपद्रव गर्न सक्तैनन् ॥२०॥ कुनै चराचुरुङ्गी तथा कुनै वनचारी प्राणी पनि यस आश्रमभित्र पस्तैनन्, कदाचित् धोकामा परेर पसिहालेभने फेरि त्यहाँबाट फर्केर आउन्नन् ॥२१॥ हे राम ! यहाँ गहनाको झङ्कार तथा गाना बजानाको शब्द स्पष्टसँग सुनिन्छ, दिव्य गन्धको वास्ना पनि यहाँ आइरहन्छ ॥२२॥ अग्निहोत्रका तीनै प्रकारका अग्निहरू यहाँ बलिरहेका हुन्छन्, परेवाको शरीरको जस्तो रङ्ग भएको यिनको धूवाँले बादलको रूप लिएर रूखहरूको टुप्पालाई ढाकिराखेको छ ॥२३॥ टुप्पोलाई धूवाँले छोपिराखेको हुनाले यी रूखहरू, टाकुरा-लाई बादलले ढाकिराखेको वैदूर्य्य मणिको पर्वतसमान देखिनलागेका छन् ॥२४॥ हे धर्मात्मा रामचन्द्रजी ! भाइ लक्ष्मणसहित तपाईं हात जोरेर सावधान भई यी ऋषिहरूलाई प्रणाम गर्नुहोस् ॥२५॥ ब्रह्मज्ञानी यी ऋषिहरूलाई जो प्रणाम गर्दछन् तिनको शरीरलाई कुनै प्रकारको अनिष्ट हुन पाउँदैन ॥२६॥

रामचन्द्रले भाइ लक्ष्मणको साथसाथमा हात जोरेर महात्मा ऋषिहरूप्रति सम्मान प्रकट गर्नाको निम्ति प्रणाम गरे ॥२७॥ धर्मात्मा रामचन्द्र तथा यिनका भाइले प्रणाम गरिसकेपछि दाजु भाइ, सुग्रीव र अरू वानरहरू मनमा प्रसन्न भई हिंड्नलागे ॥२८॥ सप्तजन आश्रमबाट निक्कै पर पुगेपछि यिनीहरूले वालिद्वारा पालना गरिएको तथा शत्रुहरूले सहसा प्रवेश गर्न नसक्ने किष्किन्धा शहर देखे ॥२९॥ यसपछि राम, लक्ष्मण र वानरहरूले आफ्ना उग्रतेज भएका हातहतियार भिरी शत्रुलाई मार्नाको निम्ति इन्द्रपुत्र वालिले पालना गरेको किष्किन्धा शहरभित्र दोस्रोबाजि प्रवेश गरे ॥३०॥

सर्ग—१४

रामचन्द्र सुग्रीवलाई फेरि युद्ध गर्न उद्यत गराउँछन् ।

हतपतसँग वालिको किष्किन्धा शहरमा प्रवेश गरेर, रूखको आडमा आफू नदेखिने गरी यिनी-हरू सबै घना जङ्गलमा खडा भए ॥१॥ ठूलो घाँटी भएका, वन देख्ता रमाउने सुग्रीवले वनको चारैतिर नजर दौडाएर युद्ध गर्नाको निम्ति ठूलो रिस देखाउनलागे ॥२॥ यसपछि आफ्ना साथीहरूको साथ-साथै घोर गर्जन गरेर सुग्रीवले वालिलाई युद्ध गर्नाको निम्ति हाँक दिए, यिनको गर्जनले आकाश फुट्ला जस्तो हुनलागेको थियो ॥३॥

वायुको वेग जत्तिकै छिटो दगुर्न सक्ने, महामेघ गर्जे जस्तै गर्जने, भर्खर उदाएका सूर्य्यसमान तेजस्वी, मस्त परेको सिंहले हिंडे जस्तै हिंड्ने सुग्रीवले काम काज गर्नामा चतुरा रामतिर हेरी उनलाई भन्नलागे:—

हे वीर ! वानरहरूलाई फँसाउनाका लागि जाल फिंजाइराखेको सुनै सुनले सिंगारिएको, ध्वजा

शतघ्नी आदि गरिएका यन्त्रले परिपूर्ण भइराखेको बालिको यस किष्किन्धा शहरमा हामी आइपुग्यौं । बालिलाई मार्नाको निम्ति तपाईंले पहिले जुन प्रतिज्ञा गर्नुभएको थियो, मौसिमले लहरालाई वेला वेलामा फूल फुलाएर सफल गराएझैं, तपाईं पनि सो प्रतिज्ञालाई आजै विलम्ब नगरीकन सफल गराइदिनुहोस् ।

सुग्रीवले यति भनेपछि शत्रुको संहार गर्ने रामचन्द्र उनलाई भन्नलागेः—लक्ष्मणले उखेलेर गजपुष्पीको यो लहरा चिह्नको निम्ति जो तिम्रो घाँटीमा लगाइदिएका छन् त्यसले अब तिमी चिह्निने भएका छौ । आकाशमा नक्षत्रको मालाले युक्त भएका सूर्य्यको झैं यस मालाले गर्दा तिम्रो शोभा भइरहेको छ । बालिले गर्दा उत्पन्न भइराखेको शत्रुता तथा भयलाई आज युद्धमा एउटै बाण चलाएर खतम पारिदिन्छु ।

हे सुग्रीव ! दाजु भनाउँदो तिम्रो वैरीलाई एकचोटि मलाई देखाइसम्म देऊ ।।४-११।। मेरो बाण लाग्नाले मरेको बालि आज वनमा धूलोमा छटपटाउनलागेको देखिनेछ, मेरो सामुन्नेमा आएर पनि त्यो जीउँदो गयोभने तिमीले मलाई दोषी संझनू र मेरो निन्दा गर्नू, तिम्रै सामुन्नेमा मैले एउटै बाण चलाएर सातओटा सालका रूख छेडिदिएको हुँ, यस निम्ति कि बालिलाई मार्ने सामर्थ्य यिनमा छ भन्ने कुराको तिमीलाई विश्वास परोस् । ठूला ठूला आपत्ति आइपर्दा पनि मैले अहिलेसम्म झूटो बोलेको छैन । धर्म्म नष्ट होला भन्ने डरले कहिले झूटो बोल्ने पनि छैन । जसरी इन्द्र वर्षाद्वारा धानको खेतलाई फलयुक्त गराइदिन्छन् त्यसै गरी म आफ्नो प्रतिज्ञा अवश्यै सफल गराउनेछु, तिमी हडबडाउन छाडिदेऊ । हे सुग्रीव ! सुनको माला पहिरने बालिलाई बाहिर बोलाउनाको निम्ति गर्जना गर । तिम्रो आवाज सुन्नासाथ त्यो अवश्यै बाहिर आउनेछ कारण त्यो विजयको इच्छा गर्दै छ र त्यसले पहिले कहिल्यै तिमीदेखि हार पनि खाएको छैन । युद्ध गर्नामा रमाउने त्यो विलम्ब नगरीकन बाहिर निस्कनेछ । आफ्नो पराक्रममा विश्वास भएका वीरहरू खास गरेर स्वास्नीको साथमा रहेको वेलामा शत्रुले हाँक दिएको आवाज खप्न सक्तैनन् ।

सुन जस्तो पहलो रंग भएका सुग्रीव रामचन्द्रको कुरा सुनेर आकाशलाई फुटाउँला जस्तो गरेर ब्डो डरलाग्दोसँग गर्जनलागे । यिनको गर्जना सुन्दा डराएका तथा हडबडाएका गाईहरू, राजाको तर्फबाट केही प्रबन्ध नहुनाले परपुरुषको आक्रमणले गर्दा जसरी कुलका आइमाईहरू व्याकुल हुन्छन् त्यसै गरी आकुल व्याकुल भए । युद्धभूमिबाट भागेका घोडाझैं हरिणहरू यताउति भाग्नलागे, पुण्य क्षीण हुँदा ताराहरू खसेझैं आकाशमा उडिरहेका चराहरू धमाधम खस्नलागे ।।१२-२१।। चञ्चल लहरी भएको समुद्र जसरी हावाको वेगले गर्दा उर्लन्छ त्यसै गरी रामचन्द्रमाथि विश्वास भएकोले, सूर्यपुत्र सुग्रीवको वीरता बढ्नलागिरहेको थियो । बादल गर्जेको हो कि जस्तो गरेर यिनी झटपट गर्जनलागिहाले ।।२२।।

सर्ग—१५

ताराको कुरा नमानेर बालि युद्ध गर्नाको निम्ति निस्कन्छ ।

अन्तःपुरभित्र बसिराखेको, रिसाहा बालिले महात्मा भाइ सुग्रीवले गरेको त्यो गर्जना सुन्यो ॥१॥ सबै प्राणीलाई थर्कायमान गराउने त्यो गर्जना सुन्दा बालिको नशा उत्र्यो र ठूलो रिस देखाउनलाग्यो ॥२॥ सुन जस्तो पहेंलो वर्ण भएको बालि क्रोधले परिपूर्ण हुँदा ग्रहण लागेको सूर्यसमान उत्तिनैखेरि प्रभाहीन भएको देखिनलाग्यो ॥३॥ लामा लामा दाँत भएकोले यसको मुख डरलाग्दो देखिनलाग्यो र रिसले गर्दा आँखा राता राता भइगए । यस समयमा यो, कमलको फूल भाँचेर केवल डाँठ मात्र बाँकी रहेको तलाउ जस्तो देखिनलागेको थियो ॥४॥ सहिनसक्नुको शब्द सुनेर बालि वेगसंग बाहिर निस्क्यो । यस समयको यसको हिंडाइले पृथ्वी चिरिनलागेकी जस्ती लाग्दथिन् ॥५॥

यस बखतमा मायाले गर्दा, भलो चाहना गर्ने तारा उसलाई अंगालो हाली, डरले गर्दा आकुल व्याकुल भई पछिको भलोको निम्ति उसलाई यी कुरा भन्नलागी ॥६॥ हे वीर ! जसरी मानिस बिहानी-पख पलंगबाट उठ्ताखेरि रातभरि भोग गरेको माला मिल्काइदिन्छन् त्यसै गरी तपाईं पनि नदीको भेल जस्तो गरेर उठेको यस रिसलाई त्यागिदिनुहोस् ॥७॥ हे वानर ! भोलि बिहान युद्ध गर्नुहोला, तपाईं-भन्दा यो शत्रु बलियो छैन तथा तपाईं योभन्दा कुनै कुरामा सानो हुनुहुन्न तापनि यस समयमा सहसा घरबाट बाहिर निस्कने कुरा मलाई मन परेन । जुन कारणले तपाईंलाई रोकिरहेकी छु सो सुन्नुहोस् ॥८-९॥ पहिले सुग्रीवले रिस देखाएर तपाईंलाई युद्ध गर्नाको निम्ति हाँक दियो र तपाईंले पनि त्यसलाई हराइदिनुभयो । तपाईंको हातको मार खाएर त्यो भागेको पनि हो ॥१०॥

तपाईंद्वारा यस प्रकारसँग हार खाएको तथा पिटिएको शत्रुले फेरि आएर तपाईंलाई हाँक दिन-लागेको देख्ता मेरो मनमा शङ्का उठ्नलागेको छ ॥११॥ यस समयको यसको घमण्ड, युद्धको निम्तिको उद्योग तथा डरलाग्दोसँग गर्जेको देख्ता त्यो सानोतिनो कारणले यहाँ आएको होला जस्तो लाग्दैन ॥१२॥ कसैको सहायता नपाईकन सुग्रीव यहाँ आएको होला जस्तो मलाई लाग्दैन, कसैको मद्दत पाएकोले नै यो यहाँ आएर यसरी गर्जिरहेको छ ॥१३॥ सुग्रीव स्वभावको चतुरो र बुद्धिमान् वानर छ, बलको परीक्षा नगरीकन यसले कसैसंग मित्रता गरेको होओइन ॥१४॥

हे वीर ! कुमार अङ्गदको मुखबाट मैले पहिले यो कुरा सुनेको हुँ, आज तपाईंको कल्याणको निम्ति सो कुरा भन्दछु ॥१५॥

कुमार अङ्गद एक दिन वनमा घुम्न गएका थिए, गुप्ती खबर ल्याउने उनका दूतहरूले खबर लिएर आए कि अयोध्यापति इक्ष्वाकुवंशी महाराज दशरथका शूरा र लडाइँमा हराउन नसकिने, राम लक्ष्मण नाम गरेका दुई छोरा सुग्रीवको भलाइ गर्नाको लागि यस वनमा आएका छन्, यिनै सुविख्यात राम-चन्द्र युद्धमा तपाईंका भाइको सहायक भएका छन् ॥१६-१८॥ रामचन्द्र शत्रु सेनाको विनाश पार्नामा

प्रलयकालको प्रज्वलित अग्निसमान छन्, यिनी साधुहरूका आश्रयदाता तथा पीडितहरूका रक्षक छन् ।।१९।। यिनी दुःखीहरूका आधार, यशका पात्र, ज्ञान–विज्ञानले युक्त, तथा पिताको आज्ञा पालन गर्ने हुन् ।।२०।। जस्तै हिमालय धातुहरूका खानि हुन् त्यस्तै यी रामचन्द्र पनि गुणका खानि हुन् । अतएव यस्ता महात्मासित तपाईंले विरोध गर्नु उचित पर्दैन ।।२१।। संग्राममा यिनलाई कसैले जित्न सक्तैन र यिनको यत्तिको पराक्रम हो भनेर कसैले पनि भन्न सक्तैन ।

हे वीर ! म तपाईंलाई केही भन्न चाहन्छु, कृपया मनमा केही रिस नलिनुहोला ।।२२।। मैले भलो हुने कुरा भनेको सुन्नुहोस् र सोही अनुसार काम गर्नुहोस् । तपाईं झट्टै नै युवराज पदमा सुग्रीवको अभिषेक गरिदिइहाल्नुहोस् ।।२३।। हे राजन् ! आफूभन्दा सानो भाइसंग विरोध नगर्नुहोस्, यस समयमा तपाईंले रामचन्द्रसंग मित्रता गर्नैमा बेश होला जस्तो मलाई लाग्दछ ।।२४।। वैरभावको त्याग गरी सुग्रीवमाथि तपाईंले प्रेम गर्नुपर्दछ । हे वानरराज ! हेर्नुहोस्, यी तपाईंका कान्छा भाइ हुन्, तपाईंले यिनको लालन पालन गर्ने पर्दछ ।।२५।। यिनी चाहे यहाँ रहून् चाहे ऋष्यमूक पर्वतमा, आखिरमा हुन् तपाईंका भाइ नै, यिनीसमानको तपाईंको भाइ ता म यस पृथ्वीतलमा अरू कसैलाई देख्तिनँ ।।२६।। दान, मान आदि गरिएका सत्कारले यिनलाई आफ्नो तर्फ मिलाउनुपर्दछ, यिनीसँगको दुश्मनी छाडिदिनुहोस् र यिनलाई आफूनेर बस्न दिनुहोस् ।।२७।। लामो घाँटी भएका यी सुग्रीव तपाईंका बडा प्यारा बन्धु हुन्, यस समयमा भाइसँग मैत्री गर्नु सिवाय तपाईंको रक्षा हुने अर्को कुनै उपाय छैन ।।२८।। तपाईं मलाई आफ्नो भलो गर्ने भन्ठान्नुहुन्छ अथवा मलाई मन पर्ने कुरा गर्न चाहनुहुन्छ भने आफ्नो भलो संझेर मैले तपाईंसँग प्रार्थना गरेको कुरा गर्नुहोस् ।।२९।। हे वानरराज ! मनमा प्रसन्न भई मैले भनेको भलो गर्ने कुरा गर्नुहोस्, यस प्रकारसँग रिस गर्नु ठीक पर्दैन । इन्द्रसमानका तेजस्वी रामचन्द्रसँग विरोध गर्नाले सर्वथा तपाईंको कल्याण हुनेछैन ।।३०।।

यस प्रकारसँग ताराले बालिलाई भलो हुने असल कुरा भनिन् तर उनलाई यो कुरा निको लागेन, कारण विनाशको समय आइपुगेकोले उनीमाथि मृत्युको छाया परिसकेको थियो ।।३१।।

सर्ग—१६

रामको बाण लाग्नाले बालि घाइते भई लड्दछ ।

चन्द्रमाको जस्तो मुख भएकी ताराका यी कुरा सुनेपछि बालिले उनलाई धिक्कार दिंदै यी कुरा भन्न-लाग्यो ।।१।। हे राम्रो मुख भएकी तारे ! यो भाइ मेरो परम शत्रु हो, यस समयमा यो बडो घमण्ड-संग गर्जनलागिरहेको छ, यसले गर्जेको मैले कसरी सहने हो ? ।।२।। कहिले पनि हार नखाएको, रण-भूमिमा कहिले पनि पिठिउँ नफर्काउने वीरलाई ता शत्रुले हाँक दिएको सहनु मृत्युभन्दा पनि बर्ता कष्ट दिने हुन्छ ।।३।। मसँग युद्धमा लड्न खोजिरहेको, घाँटी नै नभएको सुग्रीवको यो घमण्ड तथा गर्जेको म कुनै हालममा पनि सहन सक्तिनँ ।।४।।

हे प्रिये ! रामचन्द्रका कामको संझना गरेर तिमीले मेरो लागि खेद गर्न मुनासीब पर्दैन, कारण यिनी धर्म्म जान्ने तथा कृतज्ञ छन्, अतएव पापकर्म कदापि गर्नेछैनन् ।।५।। आइमाईहरूलाई साथमा लिएर फर्किजाऊ, मेरो पछिपछि किन आइरहेकी छौ ? तिमीले ममाथिको आफ्नो प्रेम तथा भक्ति देखाइसक्यौ ।।६।। संग्राममा डटेर सुग्रीवसँग युद्ध गरेर म त्यसको घमण्ड तोडिदिन्छु, तर उसको प्राण भने लिन्नँ, लडाइँमा उ मर्ला भन्ने शङ्का मनमा नलेऊ ।।७।। रणक्षेत्रमा म तिम्रै इच्छाअनुसार काम गर्नेछु । मैले चलाएका रूख तथा मुक्काको प्रहारले पीडित भई त्यो स्वयं भाग्नेछ ।।८।। हे तारे ! त्यस दुष्टले घमण्डमा चूर भई मैले चलाएको प्रहारलाई कदापि सहन सक्नेछैन, आफूले दिनुपर्ने सहायता दिइसक्यौ र ममाथिको आफ्नो प्रेम पनि देखाइहाल्यौ ।।९।। यी सबै आइमाईलाई लिएर तिमी फर्कन्नौ-भने तिमीलाई मलाई मार्ने हत्या लाग्नेछ । यस भाइ भनाउँदोलाई युद्धमा जितेर म चाँडै नै फर्कने-छु ।।१०।।

मीठो बोली बोल्ने ताराले बालिलाई अँगालो हालिन् र सुँक्क सुँक्क गरेर रुँदै प्रदक्षिणा गरेर त्यहाँ-बाट फर्किन् ।।११।। मन्त्रको उच्चारण गर्न जान्ने, बालिको विजय चाहने, तारा स्वस्तिवाचन गरेर आइमाईलाई साथमा लिई शोकले दुःखित भई अन्तःपुरभित्र पसिन् ।।१२।। आइमाईलाई साथमा लिएर तारा महलभित्र पसेपछि, झोंक्किएको सर्पले झैं सास फेद बडो वेगले बाहिर निस्केको बालि रिसले चूर भई शत्रुलाई हेरूँ भनेर चारैतिर दृष्टि दौडाउनलाग्यो ।।१३-१४।। यसपछि यसले सुनको जस्तो पहेंलो वर्ण भएको सुग्रीवलाई कम्मर कसेर युद्ध गर्नाको निम्ति उभिराखेको देख्यो । यस समयमा सुग्रीव बल्दो आगोसमान देखिनलागेका थिए ।।१५।। सुग्रीवलाई यस प्रकारसँग खडा भइराखेको देख्ता, अत्यन्त रिसमा परेको महाबाहु बालिले पनि बलियोसँग धोती कम्मरमा कस्यो ।।१६।। लुगा सह्वारेर तथा मुक्का उठाएर महाबली बालि सुग्रीवतिर दगुर्दै गयो र युद्ध गर्ने समय पर्खिरह्यो ।।१७।। उता सुग्रीव पनि बलियोसँग मुक्का उठाएर सुनको माला पहिरिराखेको बालितिर बडो वेगले दगुर्दै आयो ।।१८।।

युद्धविद्यामा सिपालु भएको सुग्रीवलाई रिसले आँखा रातो तुल्याएर बडो वेगले आफूतिर आउन-लागेको देखी बालिले उसलाई भन्यो ।।१९।। हेर, सबै औंलालाई एकै ठाउँमा जम्मा पारेर बडो बलियोसँग मैले यो मुठ्ठी बाँधेको छु, ठूलो वेगसँग तँमाथि यसको प्रहार गर्नेछु, यो लाग्नासाथ तेरो प्राण निस्किहाल्नेछ ।।२०।।

बालिले यसो भनेको सुन्दा रिसले मुर्मुरिएका सुग्रीवले भने, "हेर्, मैले बाँधेको यो मुक्का, तेरो टाउकोमा पर्नासाथ तेरो प्राण हरण गर्नेछ ।।२१।।

अब ता क्रुद्ध भई बालिले हत्तपत्त सुग्रीवनेर गई उसमाथि प्रहार गरिहाल्यो । मुक्का लाग्ना-साथ पर्वतबाट पानीको झरना खसेझैं सुग्रीवको शरीरबाट रगतको धारो बग्नलाग्यो ।।२२।। जसरी इन्द्रले पर्वतमाथि वज्रको प्रहार गरेथे त्यसै गरी सुग्रीवले बडो वेगसँग सालको रूख उखे-

लेर निर्भय भई बालिको शरीरमाथि हिर्काए ॥२३॥ समुद्रको बीचमा, धेरै मानिस बस्नाले गह्रौं बोझले गर्दा डगमगाउन लागेको डुङ्गाझैं यस रूखको प्रहारले बालि व्याकुल भई लर्खराउनलाग्यो । ॥२४॥ भयङ्कर बल पराक्रम भएका, गरुडसमानका छिटा, विशाल शरीर भएका, यी दुवै भाई आकाशमा सूर्य, चन्द्रमा लडेझैं लड्नलागे ॥२५॥ आफ्नो आफ्नो शत्रुलाई मार्न खोजिरहेका यी दुवै परस्पर एउटाले अर्काको कमजोरी खोज्नलागे । लड्दा लड्दै बल, पराक्रमले युक्त भएको बालि जित्ला जस्तो हुनलाग्यो ॥२६॥ सूर्यपुत्र महाबली सुग्रीवको, बालिले घमण्ड चूर पारिदिए, अतएव यिनको पराक्रम पनि शिथिल हुन लाग्यो ॥२७॥ बालिमाथि रिस गरिरहेका सुग्रीवले रामचन्द्रलाई आफ्नो हालत देखाए । यसपछि हाँगासहितका रूख पर्वतका टाकुरा, वज्रको धारसमानका नङ्ग्रा, मुक्का, घुँडा, लात्ती, तथा हातको प्रहार गर्दै इन्द्र र वृत्रासुरको युद्ध भएझैं यी दुवैको बीचमा घोर घमासानको युद्ध हुनलाग्यो ॥२८–२९॥ वनचारी दुवै वानर रगतले भिजेको भिज्यै युद्ध गर्नलागे । दुवै मेघसमानको डरलाग्दो गर्जना गर्दै परस्पर हाँक दिनलागे ॥३०॥

रामचन्द्रले वानराधिपति सुग्रीवलाई कमजोर हुनलागेको तथा वारंवार यताउति हेर्नलागेको देखे ॥३१॥ महातेजस्वी रामचन्द्र, सुग्रीवलाई दुःखित भएको देख्ता, बालिको वध गर्ने इच्छाले वारंवार बाणतिर दृष्टि दिनलागे ॥३२॥ विषालु सर्पसमानको एउटा बाण झिकेर रामचन्द्रले धनुमा चढाए र यमराजको कालचक्र जस्तो त्यस धनुबाट शब्द निस्कनलाग्यो ॥३३॥ रामचन्द्रको टंकार सुन्दा ठूला ठूला चराहरू डरले थर्कायमान भए र प्रलयकाल पो आयो कि भनिठानेर पशुहरू बेहोश भई भाग्नलागे ॥३४॥ बल्दो वज्रझैं गर्जन गर्ने आफ्नो महाबाण रामचन्द्रले बालिको छातीमा ताकेर हिर्काए ॥३५॥ जसरी आश्विन महीनाको पूर्णिमाका दिन इन्द्रको ध्वजा पृथ्वीमा ढल्दछ त्यसै गरी बाण लाग्नासाथ त्यो महातेजस्वी र पराक्रमी बालि बेहोश भई प्राण निस्कनलागेको जस्तो गरेर भूइँमा ढलिहाल्यो । कफ जम्मा भएकोले उसको बाँटी बन्द भयो र पीडित भएको हुनाले विस्तारै विस्तारै भन्नलाग्यो ॥३६–३७॥

जसरी महादेव धूवाँसहितको बल्दो आगो आफ्नो मुखबाट निकाल्दछन् त्यसै गरी कालसमानका नरोत्तम रामचन्द्रले सुन चाँदीले सिंगारिएको, शत्रुको संहार गर्ने बाण बालिमाथि चलाए ॥३८॥ रगत तथा पसीना बग्नाले जम्मै शरीर भिजेको बालि पर्वतमाथि उम्रेको फूल फुलिराखेको अशोकको रूख जस्तो देखिनलागेको थियो । इन्द्रको छोरो यो बालि, पृथ्वीमा ढलेको इन्द्रधनुझैं, बेहोश भई रणभूमिमा लड्यो ॥३९॥

सर्ग—१७

बालि रामचन्द्रलाई कठोर वचन भन्दछ ।

रणशूर बालि रामको बाण लाग्नाले घाइते भईकन काटिएको रूख जस्तै भएर अकस्मात् भूइँमा

लोट्यो ॥१॥ डोरी चुँड्नाले इन्द्रको ध्वजा ढलेझैं, खारिएको सुनको गहना लगाएको त्यसको जम्मै शरीर पृथ्वीमा ढल्यो ॥२॥ जसरी चन्द्रमा नहुनाले आकाश शोभाहीन हुन्छ त्यसै गरी वानर र भालूका राजा वालि पृथ्वीमाथि लडेपछि पृथ्वी शोभाहीन हुन गयो ॥३॥ त्यस महात्माको शरीर भूमिमा ढलेपछि पनि शोभा, प्राण, तेज तथा पराक्रमले त्यसलाई छाडेनन् ॥४॥ रत्नै रत्न जडिएको इन्द्रले दिएको सुनको उत्तम मालाले बालिको प्राण, तेज, शोभा आदिको रक्षा गरिरहेको थियो ॥५॥ जसरी संध्याकालको रंग पर्नाले बादल सुशोभित हुन्छ त्यसै गरी त्यो माला पहिरेकोले वानरराज बालिको शोभा भइरहेको थियो ॥६॥ यस समयमा बालि भूइँमा ढलिराखेको भए तापनि माला, शरीर, तथा मुटु छेड्ने बाणद्वारा लक्ष्मी यी तिनै रूपमा विराजमान भइराखेकी जस्ती देखिन्थिन् ॥७॥ रामचन्द्रको बाण त्यस वीरलाई स्वर्ग लैजाने साधन भयो । रामको धनुबाट छुटेको यस बाणले गर्दा बालिले परमगति अर्थात् ब्रह्मलोकमा जाने योग्यता पायो ॥८॥ यस प्रकारसँग संग्राममा लडिराखेको बालि, ज्वालाहीन अग्निसमान तथा पुण्य क्षीण हुँदा स्वर्गलोकबाट झरेका ययाति जस्तो देखिनलागेको थियो ॥९॥ प्रलयकालमा कालले गर्दा पृथ्वीमा खसालिएका सूर्य्यसमानको, इन्द्रझैं कहिले पनि हराउन नसकिने, विष्णुतुल्य सहन नसकिने, ठूलो छाती, लामो हात, चहकिलो मुख, पहेलो आँखा तथा सुनको माला पहिरिराखेको, इन्द्रको छोरो बालिलाई रणभूमिमा देख्ता रामचन्द्र, लक्ष्मणलाई साथमा लिई उसको नजीक गए । यस प्रकारसँग लडिराखेको त्यो वीर ज्वाला नभएको अग्निसमान देखिनलागेको थियो ॥१०–१२॥ महापराक्रमी राम र लक्ष्मण, धेरै मान गर्नु योग्य त्यस बालिलाई हेर्दै बिस्तारै बिस्तारै उनेर पुगे ॥१३॥

महाबली रामचन्द्र र लक्ष्मणलाई आफूनेर आएको देख्ता बालि उनलाई धर्मयुक्त, कठोर वचन विनयपूर्वक भन्नलाग्यो ॥१४॥ घाउ लाग्नाले यद्यपि यो तेजहीन, प्राण निस्कनै लागेको, तथा मूर्च्छा परेझैं भई पृथ्वीमा लडिराखेको थियो तापनि यो बालि रणक्षेत्रमा घमण्ड देखाउने रामचन्द्रलाई मतलबले पूर्ण भएको घमण्डी कुरा सुनाउनलाग्यो ॥१५॥ हे राम ! म ता तपाईंको सामुन्ने परेर युद्ध गर्न लागेको थिइनँ, अर्कोसित युद्ध गर्नलागेकोलाई मारेर तपाईंले के गुण पाउनुभयो ? सुग्रीवसित लड्नलागेको मलाई तपाईंले मारिदिनुभयो ॥१६॥ हे राम ! तपाईंलाई ता यस पृथ्वीका सबै जना कुलीन, बलवान्, तेजस्वी, असल स्वभाव भएको, दुःखीहरूको दुःख थाहा पाउने, प्रजाको हित गर्ने, दयालु, उत्साही, ठीक बेठीक कुरा जान्ने, कठोर व्रत धारण गर्ने भनेर तपाईंको यशको बखान गर्दछन् ॥१७-१८॥ हे राजन् ! दाम, साम, क्षमा, धर्म, धैर्य्य सत्य, पराक्रम, तथा अपराधीहरूलाई दण्ड दिनु यी सबै राजाका गुण हुन् ॥१९॥ तिमीमा यी सबै गुण छन् र तिमी श्रेष्ठकुलका सन्तान हौ भनिठानेर ताराले रोक्ता रोक्तै पनि म सुग्रीवसित लड्नलागेको हुँ ॥२०॥ अर्कैसित लड्नलागिरहेको अतएव असावधान भइराखेको मलाई तिमीले अवश्यै मार्नेछैनौ भन्ने कुरा तिमीलाई नदेख्तैमा मैले विचार गरिसकेको थिएँ ॥२१॥ अब ता म तिमीलाई धर्मको भेषमा अधर्म गर्ने, आत्माको वध

गर्ने, धर्मको ध्वजा धारण गरेर अधर्मतिर लागेको पापी तथा घाँसले छोपिराखेको इनार जस्तो डरलाग्दो देखछु ॥२२॥ भेषमा मात्र सज्जन जस्तो देखिने तर वास्तवमा पापी, तिमी छोपिराखेको आगो जस्तो रहेछौ । कपट धर्मले आफूलाई छोपिराखेका छौ भन्ने कुरा मैले पहिले थाहा पाउन सकिनँ ॥२३॥ मैले न तिम्रो देश अथवा शहरमा कुनै प्रकारको उपद्रव गरेको छु न तिम्रो कहिले अनादरै गरेको छु अतएव कति कारणले म निरपराधीलाई तिमीले मार्‍यौ ? ॥२४॥ म वानर हुँ, वनमा रहन्छु, सदा फलफूल खान्छु, म तिमीसंग युद्ध गर्नलागेको थिइनँ, अर्कैसित लडिरहेको थिएँ, के कारणले मलाई मार्‍यौ ? ॥२५॥ तिमी राजाका छोरा विश्वासको पात्र तथा राम्रो रूप भएका ह्वौ । हे राजन् ! तिमीमा धर्मात्माहरूको चिह्न जस्तो पनि देखिन्छ ॥२६॥ क्षत्रीको कुलमा जन्मेको, शास्त्र जान्ने अतएव संशय गर्न नहुने, धर्मको चिह्न धारणा गर्ने, कुन मानिसले यस्तो निष्ठुरी काम गर्ला ? ॥२७॥

तिमी रघुको कुलमा जन्मेका ह्वौ, धर्मात्माको नामले संसारमा विख्यात छौ, तर वास्तवमा ता तिमी निष्ठुरी पो रहेछौ, सौम्य रूप धारण गरेर तिमी पृथ्वीमा किन घुमिरहेको ह्वौला ? ॥२८॥ हे राजन् ! साम, दाम, क्षमा, सत्य, धैर्य्य, पराक्रम तथा अपराधीहरूलाई दण्ड दिनु यी सबै राजाका गुण हुन् ॥२९॥ हे रामचन्द्र ! हामी ता फल मूल खाने वनवासी पशु ह्वौं, हाम्रो स्वभाव पशुसमान भयो भन्ने कुरामा आश्चर्य्य छैन, तर शहरवासी मानिस भईकन पनि तिम्रो कसरी यस्तो स्वभाव भयो होला ? ॥३०॥ पृथ्वी, सुन, रुपियाँ पैसाको निम्ति मानिस युद्धमा अर्काको प्राण लिन्छन्, के तिमीलाई मेरो वनको अथवा मेरो वनमा फलिराखेका फल-फूलका लागि लोभ भयो त ? ॥३१॥ नीति, नम्रता, निग्रह, अनुग्रह यी राजधर्म हुन्, समयानुसार यिनको उपयोग गर्नु राजाको धर्म हो । राजाले आफ्नो मनपर्दो गर्न हुन्न ॥३२॥ तिमी ता आफ्नो मनपर्दो गरी हिंड्ने रहेछौ, रिसाहा मिजास तथा चञ्चल स्वभाव भएका तिमी राजकार्यको निम्ति अयोग्य देखिन्छौ, जहाँतहीं केवल धनुबाणको आधार लिई हिंड्दा रहेछौ ॥३३॥ मानिसको राजा हुँदा हुँदै पनि धर्मपट्टि तिम्रो श्रद्धा देखिन्न, अर्थमा पनि बुद्धि स्थिर रहेको छैन, तिमी ता केवल स्वेच्छाचारी भई इन्द्रियका वशमा परेर जतातै तानिन-लागेका छौ ॥३४॥ हे रामचन्द्र ! निरपराधी मलाई बाणले मारेर अर्थात् अति निन्दनीय काम गरेपछि तिमीले सज्जनहरूको सभामा के उत्तर दिने हो ? ॥३५॥ राजा, ब्राह्मण तथा गाईको हत्या गर्ने, चोर, प्राणीको हिंसा गर्नामा तत्पर रहने, नास्तिक र परिवेत्ता (दाजुको बिहे हुनुभन्दा अगाडि नै आफ्नो बिहे गर्ने) यी सबैले नरकको भोग गर्नुपर्दछ ॥३६॥ चुक्ली लगाउने, लोभी, मित्रको घात गर्ने तथा गुरुकी स्त्रीसंग भोग गर्ने यी सबै निस्सन्देह पापीहरू बस्ने लोकमा जान्छन् ॥३७॥

हामीहरूको छाला तपाईंहरूले धारण गर्न योग्य छैन, हाम्रा रौं तथा हाडलाई सज्जनहरूले छुँदै छुँदैनन्, तपाईं जस्ता धर्माचरण गर्नेहरूका लागि हाम्रो मासु भक्षण गरिन योग्य छैन, तैपनि पंचनख मलाई तपाईंले मार्नुभयो ॥३८॥ हे राघव ! गैंडा, श्वाविध (कुक्कुरलाई मार्ने एक प्रकारको जन्तु) गोही, खरायो र कछुवा, पंचनखमा यी पाँच प्रकारका जीवको मासु ब्राह्मण र क्षत्रियले खान हुन्छ

॥३९॥ हे राम ! बुद्धिमान्हरू वानरको छाला, हाडलाई छुनसम्म पनि छुँदैनन्, हाम्रो मासु अभक्ष्य ता छँदैछ, तसर्थ पाँचवटा नङ भएको म वानरलाई तिमीले के कारणले माऱ्यौ ? ॥४०॥ ताराले मलाई साँचो र भलो गर्ने कुरा भनेकी थिइन्, उनलाई सबै कुरा थाहा रहेछ, तर अज्ञानले गर्दा उनको कुरा नमानी म कालको वशमा पर्न आएँ ॥४१॥ अधर्मी पति पाउनाले सुशील आइमाई जसरी अनाथिनी हुन्छन् त्यसै गरी तिमी जस्तालाई आफ्नो स्वामी बनाउनुपरेकोले यो पृथ्वी पनि सनाथ हुनेछैन ॥४२॥ लुकी लुकी पाप गर्ने, नीच, छुच्चो, झूटो शान्तिलाई धारण गर्ने तिमीसमानको पापी छोरो महात्मा दशरथले कसरी जन्माए होलान् ॥४३॥ चरित्र मर्यादा भङ्ग गर्ने, सज्जनहरूको धर्म्मको उल्लंघन गर्ने, धर्म्मरूपी अंकुशीको केही वास्ता नराख्ने, रामरूपी हात्तीले मलाई मारिदियो ॥४४॥ यस प्रकारको अशुभ, अनुचित, सज्जनहरूले निन्दा गरेको काम गरेर सज्जनहरूसित भेट हुँदा तिमीले उनलाई के भन्ने हो ? ॥४५॥ हे राम ! म उदासीन (न शत्रु, न मित्र) का उपर तिमीले यो जो पराक्रम देखायौ सो पराक्रम ता तिमीले आफ्नो कुभलो गर्नेमाथि पनि देखाएको देख्तिनँ ॥४६॥ हे राजपुत्र ! रणभूमिमा सामुन्ने परेर तिमीले मसित युद्ध गरेको भए अवश्यै मद्वारा मारिएर तिमीले सूर्य्यदेवको अर्थात् यमराजको दर्शन गर्नुपर्ने थियो ॥४७॥ हे राम ! जसरी मानिसहरू सुतिरहेको सांपलाई मार्दछन् त्यसै गरी तिमीले पनि पराजित हुन नसक्ने मलाई लुकेर युद्धमा मारिदियौ, अतएव तिमी पापको वशमा परेका छौ ॥४८॥ सुग्रीवलाई प्रसन्न गराउनाको लागि तिमीले मलाई मारेका हौ, आफ्नो अभिप्राय तिमीले मलाई पहिले नै भनेको भए म एकै दिनमा सीतालाई तिम्रो सामुन्नेमा ल्याइदिने थिएँ ॥४९॥ तिम्री स्वास्नी हरण गरेर लैजाने दुष्ट राक्षस रावणलाई घाँटीमा बाँधेर लडाइँमा नमारीकन जीउँदै तिम्रो अगाडि ल्याइदिने थिएँ ॥५०॥ जसरी मधुकैटभ दैत्यहरूद्वारा हरण गरिएकी शुक्लयजुर्वेदकी श्रुतिलाई हयग्रीवावतार भगवान्ले फर्काएर ल्याएथे त्यसै गरी म पनि तिम्री स्वास्नीलाई समुद्रको जलभित्र अथवा पातालमा जहाँ भए पनि तिम्रो आज्ञा पाउनासाथ लिएर आउने थिएँ ॥५१॥ मेरो स्वर्गवास भएपछि सुग्रीवले राज्य पाउने कुरा ता मुनासीबै भयो, तर अधर्मले तिमीले जो मेरो वध गऱ्यौ सो ता अत्यन्त अनुचित काम भयो ॥५२॥ सृष्टिको स्वभावले प्राणीको कुनै न कुनै दिन ता मृत्यु नभई छाड्दैन तसर्थ मरें म भन्ने कुरामा के भयो र ? तर निरपराधलाई मारेर राज्य ग्रहण गर्दा प्रजाले सोधेको खण्डमा तिमीले के जवाब दिने हो सो कुराको विचार गरिराख ॥५३॥

वाणको चोट लाग्नाले व्याकुल भइरहेको तथा कालो नीलो मुख भइराखेको वालि, यति भनिसके-पछि सूर्य्यसमानका तेजस्वी रामचन्द्रतिर दृष्टि लगाएर चूप भयो ॥५४॥

सर्ग—१८

रामचन्द्र को उत्तर; वालि उनीसित क्षमा माग्दछ ।

रामचन्द्रको वाणद्वारा घाइते भएको सुद्धी हराउनलागेको वालिले उनलाई धर्म र अर्थले युक्त

भएको, हित गर्ने तर सुन्दा कडा लाग्ने वचन भन्यो ॥१॥ प्रकाश नभएको सूर्यसमानको, पानी नभएको मेघ जस्तो, निभेको आगोतुल्य देखिएको त्यस वानरश्रेष्ठ बालिको धर्म र अर्थले युक्त भएको वचनद्वारा निन्दा गरिएपछि रामचन्द्र उसलाई भन्नलागे ॥२–३॥ धर्म, अर्थ, काम तथा लौकिक आचार यी सबैको ज्ञान नभएका तिमी केटाकेटीझैं व्यर्थमा किन मेरो निन्दा गर्दछौ ॥४॥ बुद्धिमान्, आचार्य्यहरूले मानिआएका बूढापाकासित यस समयमा केही सोधपूछ नगरी वानरपनाको चञ्चल स्वभावले नै प्रेरित भई तिमी मलाई अर्ती दिन खोजिरहेका छौ ॥५॥

पर्वत, वन आदिले युक्त भएको यो समस्त पृथ्वी इक्ष्वाकुवंशी राजाहरूको हो, अतएव पशु, पक्षी तथा मानिसमाथि दया गर्ने तथा यिनीलाई दण्ड दिने पूरा अधिकार यिनीहरूलाई छ ॥६॥ धर्मात्मा, सत्यवादी, सोझो स्वभावका भरत अहिले यस पृथ्वीको शासन गरिरहेका छन्, धर्म, अर्थ र कामको तत्व जान्ने यिनी दण्ड दिने अथवा दया देखाउने काममा लागिरहेका छन् ॥७॥ नीति, नम्रता र सत्य यी सबै भरतमा स्थिर भई रहेका छन् । यी पराक्रमी राजालाई देश तथा कालको राम्रो ज्ञान छ ॥८॥ हामी तथा अरू अरू राजाहरू धर्म बढाउने इच्छाले धर्म कर्मको देखरेखका लागि राजाद्वारा नियुक्त भएका छौं, यसै कारणले समस्त पृथ्वीमा भ्रमण गरिरहेका छौं ॥९॥ राजसिंह धर्मवत्सल राजा भरतले पालना गरिरहेको वेलामा कसले धर्मविरुद्ध काम गर्न साहस गर्ला ? ॥१०॥ हामीहरू भरतको आज्ञा-लाई शिरोपर गरी, आफ्नो उत्तम धर्ममा अडिएर धर्ममार्गलाई छाड्ने व्यक्तिहरूको विधिपूर्वक विचार गर्दछौं ॥११॥ तिमीले धर्मको नाश गरेका छौ, सदा कुकर्ममा लागिरहेका छौ, तिमी केवल कामलाई पुरुषार्थ संझन्छौ र राजधर्मको अनुसार चलेका पनि छैनौ ॥१२॥ जेठो दाजु, पिता, विद्या पढाउने गुरु यी तीनै जना धर्मको बाटोमा हिंड्नेहरूको लागि पिताबराबरका छन् ॥१३॥ आफूभन्दा सानो भाइ, छोरो, गुणवान् शिष्य यी तीनै जनालाई छोरा संझनुपर्दछ, यस्तो समझ राख्ने कारण पनि धर्म नै हो ॥१४॥ हे वानर ! सज्जनहरूको धर्म अति सूक्ष्म छ, यसलाई जान्न सकिन्न, तर सबै प्राणीहरूको हृदयमा रहेको आत्माले नै पाप, पुण्य थाहा पाउन सक्तछ ॥१५॥ जो जन्मैदेखि अन्धो छ त्यसले जन्मान्धसित कुरा गरेर कसरी बाटो पत्ता लगाउन सक्ला ? त्यसैले तिमी पनि स्वभावैले चञ्चल वानर जातिका हौ, तसर्थ अशिक्षित चञ्चल स्वभाव भएका वानरहरूका साथमा सल्लाह गरेर तथा यिनीहरूको साथमा बस-उठ गर्नाले कताबाट तिमीलाई धर्मको ज्ञान हुन सक्तछ ॥१६॥ म तिमीलाई साफ साफसँग कुरा भन्दछु, सुन, केवल रिस गरेर मेरो निन्दा गर्नु तिमीलाई मुनासीब पर्दैन ॥१७॥

सनातन धर्मको त्याग गरेर तिमी आफूभन्दा कान्छो भाइकी स्वास्नीसँग भोग गरिरहेका छौ । मेरो तिमीलाई मार्नाको कारण पनि यही हो ॥१८॥ हे पापकर्म गर्ने बालि ! महात्मा सुग्रीव जीउँदा छँदा छँदैमा तिमी उनकी स्वास्नी अर्थात् आफ्नी बुहारी रुमाको साथमा काम-क्रीडा गरिरहेका छौ ॥१९॥ तिमी धर्म-मार्गलाई छाडी काममार्गमा प्रवृत्त भएका छौ । भाइकी स्वास्नीसँग भोग गर्नेलाई प्राणदण्ड नै तोकिएको छ ॥२०॥ हे वानरराज ! लोकमा चलिआएको व्यवहारको मर्यादा भङ्ग गर्ने,

लोकविरुद्ध निन्दित काम गर्नेलाई प्राणदण्डको सिवाय अर्को कुनै प्रायश्चित्त मैले देखिनँ ॥२१॥ म क्षत्रिय कुलमा जन्मेको हुँ, तसर्थ तिमीले गरेको पाप सहन सक्तिनँ । एकै पेटकी बहिनी तथा भाइकी स्वास्नीका साथमा जो भोग गर्दछ त्यसको लागि प्राणदण्ड नै (सजाय) तोकिएको छ, हामी ता महाराज भरतको आज्ञा पालन गर्ने हौं । यसैले धर्म छाड्ने तिमीलाई दण्ड दिएका हौं ॥२२-२३॥ कामको वशमा परेर मनपर्दो गरी हिंड्नेहरूलाई सजाय दिने बन्दोबस्त गरेर भरत धर्मपूर्वक प्रजाको पालना गरिरहेका छन् । उनको आज्ञाअनुसार चल्ने हामीहरू तिमीसमानका धर्मद्रोहीलाई सजाय दिनका लागि खटाइएका छौं ॥२४-२५॥

जस्तो लक्ष्मणको साथमा मेरो मित्रता छ त्यस्तै मित्रता सुग्रीवको साथमा पनि छ, आफ्नो राज्य तथा स्वास्नी पाउनाका लागि उनले मसँग मित्रता गरेका हुन्, यी दुवै पाइसकेपछि मेरो कल्याण गर्ने उनले प्रतिज्ञा गरेका छन् । सबै वानरहरूको सामुन्नेमा मैले पनि उनलाई राज्य तथा स्त्री दिलाइदिने प्रतिज्ञा गरेको छु । मसमानको मानिसबाट प्रतिज्ञाको उपेक्षा कसरी हुन सक्छ ? ॥२६-२७॥ यी सबै धर्म्मयुक्त ठूला ठूला कारणले गर्दा मैले तिमीलाई जस्तो सजाय दिनुपर्ने हो सो दिएको हुँ । तिम्रो सजाय शास्त्रको अनुकूल भएको हो भन्ने कुरा तिमी पनि मानिहाल ॥२८॥ यो तिम्रो दण्ड सर्वथा धर्मको अनुसार भएको देख्नुपर्दछ, मित्रको उपकार गर्नु पनि धर्मको आचरण गर्ने मानिसले गर्नै पर्ने काम हो ॥२९॥ धर्मको पालना गर्नाको निम्ति तिमीले पनि यस्तै काम गर्नुपर्ने थियो । चरित्ररक्षाका लागि मनुले पनि दुइटा श्लोकमा यही कुरा भनेका छन् र धर्ममा तत्पर रहनेहरूले सो कुरा मानेका छन् । मैले पनि सोही अनुसार गरेको छु ॥३०॥ पाप गर्ने मानिसहरू राजाद्वारा दण्ड पाएपछि सो पापबाट मुक्त भई पुण्यात्माहरूझैं स्वर्ग पाउँछन् ॥३१॥ शारीरिक दण्ड अथवा देशनिकालाको सजायले चोर आदि गरिएका पापीहरू पापबाट छुटकारा पाउँछन् । राजाले दण्ड दिएनन्भने ता सो पापको भोग उनैले गर्नुपर्दछ ॥३२॥ तिमीले गरेको जस्तै पाप श्रमण नाम गरेको कुनै संन्यासीले गरेको थियो र त्यसलाई मेरा पुरुखा मान्धाताले शास्त्रानुसारको कठोर सजाय दिएका थिए ॥३३॥ अरू अरू राजाहरूले पनि पाप गर्ने दोषीलाई दण्ड दिएकै छन् । कहिलेकहीं ता पापीहरू स्वयं आफ्नो पापको प्रायश्चित्त गरी शुद्ध भएका छन् ॥३४॥ अतएव हे वानरश्रेष्ठ ! अब तिमीले पश्चात्ताप गर्नु व्यर्थ हो किनकि धर्म रक्षाको निम्ति नै धर्मानुसार तिम्रो संहार भएको छ । हामी पनि धर्मशास्त्रकै वशमा छौं स्वाधीन ता छैनौं ॥३५॥

हे वानरश्रेष्ठ ! अब अर्को कारण पनि भन्दछु सुन । शायद यो सुनेपछि तिमी रिस गर्न छाडिदेउला ॥३६॥ लुकेर तिमीलाई मारेकोमा मलाई न पश्चात्ताप छ, न मनमा कुनै प्रकारको दुःख भइराखेको छ किनकि अनेक मांसाहारी मानिस, जाल, पासो, तथा अनेक प्रकारको छलले, लुकेर होस् वा देखा परेर होस् , भाग्न लागेका, डराएका, विश्वासमा परेर बसेका सावधान, सबै किसिमका चरा र मृगहरूलाई मार्दछन्, तर यिनलाई यसमा केही पाप लाग्दैन ॥३७-३९॥ धर्म जान्ने ठूला ठूला

राजाहरू पनि ता शिकार गर्न जाँदा अनेक पशुहरूलाई मार्दछन् सोही मुताबिक मैले पनि युद्धमा वाण चलाएर तिम्रो संहार गरें। तिमी वानर जातिका पशु हुनाले तिमीसंग युद्ध गरेर अथवा युद्ध नगरीकन नै मैले मारेकोमा कुनै प्रकारको दोष लाग्न सक्तैन ॥४०॥ हे वानरराज ! दुर्लभ धर्म, जीवन तथा कल्याण दिन सक्ने राजा नै हुन्, यसमा कुनै प्रकारको सन्देह छैन, तसर्थं राजालाई मार्न निन्दा गर्न, धिक्कार दिन अथवा कठोर वचन भन्न हुँदैन। राजा भनेका देवता हुन् जो पृथ्वीमा मनुष्यको रूप लिएर घुमिरहन्छन् ॥४१-४२॥ तिमीलाई ता धर्मको ज्ञान छँदै छैन केवल रिसको वशमा परेर बाबु बराज्यूको पालादेखि चलिआएको धर्मको पालना गर्ने मेरो निन्दा गरिरहेकाछौ ॥४३॥

रामचन्द्रले यसो भनेको सुन्दा बालि आफूले पहिले भनेको कुरा संझेर बडो पछुताउ गर्नलाग्यो, धर्मको तत्वलाई राम्रै गरी बुझेपछि यसले रामलाई दोषी ठह्‌राएन ॥४४॥ वानरराज बालि हात जोरेर रामलाई भन्नलाग्यो।

"हे नरश्रेष्ठ ! तपाईंले मसँग भनेका कुरा सबै ठीक हुन् यसमा सन्देहको कुरा केही छैन ॥४५॥ ठूला ठूला महात्माहरूको साथमा सवाल जवाफ गर्ने ताकत छोटा मानिसमा कताबाट हुन सक्ला ? अज्ञानताले गर्दा तपाईंलाई मैले जो कठोर वचन भनें त्यसमा पनि मलाई दोष नदिनुहोला। तपाईं धर्मको तत्वलाई राम्रै गरी जान्नुहुन्छ, प्रजाको भलो गर्नामा लाग्नुभएको छ, कार्य तथा कारणको सिद्धिमा तपाईंको बुद्धि निर्मल र पक्का छ ॥४६-४७॥ पहिला नम्बरको अधर्मी म तपाईंको सन्मुख आइराखेको छु। हे धर्मज्ञ ! धर्मयुक्त वचनद्वारा तपाईंले मेरो रक्षा गर्नुपर्दछ ॥४८॥

आँसुले गर्दा बालिको घाँटी ख्याप्प बसिसकेको थियो, हिलोमा गाडिएको हात्तीझैं शोचनीय अवस्थामा परेको बालि बडो कष्टले रामतिर फर्केर बिस्तारै बिस्तारै भन्नलाग्यो ॥४९॥ आफ्नो निम्ति, ताराको निम्ति अथवा आफ्ना नाता कुटुम्बीका लागि मलाई कुनै प्रकारको चिन्ता छैन, केही चिन्ता छ-भने केवल सुनको बाजू लगाउने मेरो गुणी छोरो अङ्गदको निम्तिमा छ ॥५०॥ बाल्यावस्थादेखि नै मैले यसको पालन पोषण गरेको हुँ। मलाई न देख्नाले यो हात्तीले पानी पिउनाले सुक्खा भइराखेको तलाउ जस्तै सुकेर जानेछ ॥५१॥ यो अहिले बालकै छ, बुद्धि पनि काँचै छ, ताराको गर्भबाट जन्मेको एकमात्र प्यारो छोरो महाबली अङ्गदको तपाईंले रक्षा गर्नुहोला ॥५२॥ सुग्रीव र अङ्गदमा एकैनास-को कृपादृष्टि राख्नुहोला किनकि रक्षा गर्ने तथा शासन गर्ने तपाईं नै हुनुहुन्छ, गर्न हुने तथा गर्न नहुने कामको शिक्षा दिने पनि तपाईं नै हुनुहुन्छ ॥५३॥ हे राजन् ! लक्ष्मण र भरतका साथमा तपाईं जस्तो व्यवहार गर्नु हुन्छ त्यस्तै व्यवहार सुग्रीव र अङ्गदका साथमा पनि गर्नु होला ॥५४॥ मेरो दोषले गर्दा तपस्विनी तारालाई समेत दोषी ठहराएर सुग्रीवले उनको अपमान गर्न नपाओस् सो कुराको पनि बन्दोबस्त मिलाइदिनुहोला ॥५५॥ तपाईंको अनुग्रहले, तपाईंको वशमा रहनाले तथा तपाईंको इच्छा-मुताबिक चल्नाले सुग्रीवले राज्य चलाउन सक्नेछ ॥५६॥ तपाईंले भनेमुताबिक चल्नाले स्वर्ग तथा पृथ्वीको राज्य दुवै मिल्न सक्तछ। तपाईंको हातबाट मर्ने इच्छा भएकोले ताराले रोक्तारोक्तै पनि म

भाइ सुग्रीवसँग लड्न आएँ। रामलाई यति भनिसकेपछि वानरराज वालि चूप लाग्यो ॥५७-५८॥

यसपछि रामचन्द्रजी सज्जनहरूलाई सम्झाउने किसिमले धर्मका कुरा भनेर ज्ञानी वालिलाई सम्झाउनलागे ॥५९॥ तिमीले हामीहरूको निम्ति अथवा आफ्नै निम्ति पनि चिन्ता गर्ने केही आवश्यक छैन, किनकि तिमीमाथि प्रेम भएकोले तिमीले भनेअनुसार काम गर्ने निश्चय मैले पहिले नै गरिसकेको छु ॥६०॥ जो राजा दण्ड दिनुपर्नेलाई दण्ड दिन्छ र जुन दण्ड पाउने अपराधीले दण्ड पाउँछ यी दुवै, कार्य तथा कारणको सिद्धि भएकोले दुःख पाउँदैनन् ॥६१॥ तसर्थ दण्ड पाउनाले तिम्रो पाप हटिसक्यो र दण्डले बताएबमोजिमको मार्गद्वारा तिमीले धार्मिक गति पनि पायौ ॥६२॥

अब तिमी शोक, मोह तथा मनभित्र रहेको भयलाई छाडिदेऊ। हे वानरश्रेष्ठ! पहिले आफूले गरेको कामको फल नभोगी तिमी छुटकारा पाउन सक्तैनौ ॥६३॥ हे वानरराज! अङ्गद जुन किसिमको व्यवहार तिमीसित गर्दथे सोही किसिमको व्यवहार सुग्रीवसँग र मसँग पनि गर्नेछन्, यसमा कुनै कुराको सन्देह छैन ॥६४॥

रणविजयी महात्मा रामचन्द्रको धर्मयुक्त तथा सावधान भई भनेको मीठो वचन सुनेर वालिले उनलाई मुनासीब कुरा भन्यो ॥६५॥

हे इन्द्रसमानको भयङ्कर पराक्रम भएका रामचन्द्रजी! बाणको आघातले बेहोश परेको वेलामा अनजानमा मैले तपाईंलाई जो अनुचित कुरा भनेथें सो कुराका लागि मेरोउपर दया गरी मलाई क्षमा गर्नु होला ॥६६॥

सर्ग—१९

पतिलाई मूर्छित देखेर ताराको विलाप।

बाणको चोटले घाइते भई वानरराज वालि भूइँमा लडिराखेको थियो। मुनासीब कुराले रामचन्द्रले संझाएको हुनाले उसले केही जवाबै दिन सकेन ॥१॥ सुग्रीवले चलाएका ढुङ्गा तथा रूखको चोटले वालिको शरीर छिन्न-भिन्न भइराखेको थियो, त्यसमाथि फेरि रामचन्द्रको बाणको प्रहार परेकोले मरणावस्थामा पुगेको वालि मूर्च्छा पर्‍यो ॥२॥

युद्धमा रामचन्द्रको बाण लाग्नाले वानरराज बालि मरे भन्ने खबर उसकी स्वास्नी ताराले सुनिन् ॥३॥ पति मारिएको भयङ्कर र अप्रिय समाचार सुन्नासाथ छोरालाई साथमा लिई मनमा उद्विग्न भएकी उनी गुफाबाट बाहिर निस्किन् ॥४॥ अंगदलाई चारैतिरबाट घेरेर हिंड्ने महाबली कहलिएका वानरहरू रामचन्द्रलाई धनु लिएको देख्ता डराएर भाग्नलागे ॥५॥ आफ्नो बथानको अगुवा मारिएपछि बथानबाट छुट्टिएका मृगहरू भागेर गएझैं ताराले ती वानरहरूलाई डराएर भाग्नलागेको देखिन् ॥६॥ बाण बिझे झैं गरी डराएर भागेका ती दुःखी वानरहरूनेर गई मनमा दुःखित भएकी तारा उनीहरूलाई भन्नलागिन् ॥७॥

हे वानरहो ! जुन राजसिंहको अगाडिअगाडि तिमीहरू हिंड्दथ्यौ त्यसलाई आज छाडेर किन यसरी डराएर भागिरहेका छौ ? ॥८॥ राज्यको निम्ति निर्दयी सुग्रीवले पठाएका रामचन्द्रले टाढै उभिएर टाढासम्म जाने आफ्ना बाणले वानरराज वालिलाई मारिदिएछन् ॥९॥

वालिकी स्वास्नी ताराको यो कुरा सुनेर इच्छाअनुसारको रूप धारण गर्न सक्ने ती वानरहरू उनलाई मौका अनुसारको र स्पष्ट कुरा भन्नलागे ॥१०॥ हे तारे ! तपाईंका छोरा अङ्ग ता बाँचेकै छन्, तसर्थ फर्कनुहोस् र आफ्ना छोराको रक्षा गर्नुहोस्, किनकि रामको रूप लिएका यमराज वालिलाई मारेर लैजानलागेका छन् ॥११॥ वालिले फ्याँकेका अनेक ठूला ठूला ढुङ्गा तथा रूखलाई एकातिर पारेर रामचन्द्रले इन्द्रजस्ता उनलाई वज्रसमानका बाण चलाएर मारिदिएछन् ॥१२॥ इन्द्रसमानका वानरराज वालिलाई मारिएको देखेर हाम्रो यो जम्मै फौज रामचन्द्रको बलले तर्सेर चारैतिर भागिरहेको छ ॥१३॥ अब यस समयमा शूरा वानरहरूद्वारा आफ्नो शहरको रक्षा गराएर अंगदको राज्याभिषेक गरिदिनुहोस् । वालिका छोरालाई राजगद्दीमा बसेको देखेपछि सबै वानरहरू यिनको सेवामा लाग्नेछन् ॥१४॥ हे राम्रो अनुहार भएकी तारे ! तपाईंले यहीं बस्न निको मान्नुभयोभने ता सुग्रीवपट्टिका वानरहरू अब चाँडै नै हामीहरूको किल्लाभित्र प्रवेश गरिहाल्नेछन् ॥१५॥ स्वास्नी साथमा भएका अथवा बिहे नभएका सुग्रीवपट्टिका अनेक वानर हाम्रो किल्लाभित्र पस्नेछन् । यी सबै राज्यका लोभी छन् र हामीले यिनलाई सदा सर्वदा निष्फल गराइराखेका छौं, तसर्थ हामीलाई यिनीहरूदेखि ठूलो भय छ ॥१६॥

अलि टाढा उभिएका वानरहरूको यो कुरा सुनेपछि हँसिलो मुख भएकी ताराले उनीहरूलाई आफूलाई सुहाउने किसिमको उत्तर दिनलागिन् ॥१७॥ महाभाग्यशाली, कपिश्रेष्ठ मेरा पति नै मारिएपछि मलाई छोरा, राज्य अथवा स्वयं आफ्नो शरीरसित नै के प्रयोजन रह्यो ? ॥१८॥ रामचन्द्रले चलाएका बाणद्वारा मारिएका मेरा महात्मा पतिको चरणकमलमा म शरण लिन जान्छु ॥१९॥

यति भनेर शोकले विह्वल भएकी तारा रुँदै दुःखले पीडित भई आफ्नो दुवै हातले टाउको तथा छाती पिट्दै लोग्नेतिर दगुरिन् ॥२०॥ युद्धभूमिबाट कहिले पनि नभाग्ने, दानवहरूलाई मार्ने इन्द्रले जसरी वज्र फ्याँक्तछन् त्यसै गरी पर्वतहरूलाई फ्याँक्न सक्ने, महावायुले भरिएको मेघझैं गर्जने, इन्द्रसमानका पराक्रमी, जलको वर्षा गरेर गर्जने मेघसमान गर्जन गर्ने, वानरहरूमा श्रेष्ठ, मासुको निम्ति बाघले मोटो हरिणलाई मारेझैं वीर रामचन्द्रद्वारा मारिएको वीर वालिलाई ताराले केही टाढा गएपछि भूइँमा लडिराखेको देखिन् ॥२१-२३॥ सबैको पूजनीय, पताका र वेदीले सुशोभित भएको देवालयलाई, जसरी गरुड नागलाई समात्नाको निम्ति फोरफार गर्दछन् त्यसै गरी रामले वालिलाई मारिदिएका थिए ॥२४॥ ताराले विशाल धनु लिएर बसेका राम, लक्ष्मण तथा आफ्ना लोग्नेका भाइ सुग्रीवलाई देखिन् ॥२५॥

यी सबैलाई नाघेर केही पर पुगेपछि यिनी रणभूमिमा मारिएका आफ्ना लोग्नेनेर पुगिन् । यिनलाई देख्नासाथ दुःखित तथा उद्विग्न भई यिनी भूइँमा लडिहालिन् ॥२६॥ सुतेर उठेझैं गरी यिनी

मृत्युको पाशोले बाँधिएका आफ्ना लोग्नेलाई देखेपछि "हे आर्यपुत्र" भनी उनलाई सम्बोधन गरेर रुनलागिन् ॥२७॥

सुग्रीव न्याहुलीझैं रोइरहेकी तारा तथा यिनको छोरा अंगदलाई देख्ता बडो दुःखित भए ॥२८॥

सर्ग---२०

ताराको विलाप।

रामचन्द्रको धनुबाट छुटेको, प्राणको विनाश पार्ने वाणद्वारा आफ्ना लोग्नेलाई भूईँमा मरिराखेको देख्ता चन्द्रमुखी ताराले उनलाई अँगालो हालिन्। हात्तीसमान विशाल तथा पर्वतजस्ता बालिलाई वाणद्वारा मारिएको देख्ता ताराको मन शोकले व्याकुल भयो र उनी जरा उखेलिएर ढलेको रूखझैं आफ्नो लोग्नेलाई लडेको देख्ता हडबडाएर विलाप गर्नलागिन् ॥१–३॥

हे वानरश्रेष्ठ वीर ! रणभूमिमा घोर पराक्रम देखाउने बालि ! के तिमी मलाई अत्यन्त अपराधिनी संझेर मसित नबोलेका ह्वौ कि ? हे वानरश्रेष्ठ ! उठ, राम्रो बिछ्याउनामा सुत, तिमी जस्ता श्रेष्ठ राजाले भूईँमा सुत्नु मुनासीब पर्दैन ॥४-५॥ हे पृथ्वीनाथ ! पृथ्वी तपाईंकी अत्यन्त प्यारी छन् भन्ने कुरा मलाई थाहा छ, यसैले ता तपाईं प्राणीहीन भएपछि पनि मलाई छोडेर आफ्नो शरीरले पृथ्वीलाई च्यापिरहनुभएको छ ॥६॥ हे वीर ! धर्मपूर्वक युद्ध गरेर तपाईंले निस्सन्देह किष्किन्धा जस्तै स्वर्गमा पनि रमणीय शहर बनाउनुभयो ॥७॥ तपाईंको साथमा हामीले उत्तम गन्ध भएका यी वनमा जो विहार गर्दथ्यौं तिनको अब समाप्ति भइगयो त ? ॥८॥ हे महायूथपतिहरूका मालिक ! तपाईंको मरणले गर्दा मेरो आनन्द नष्ट भयो, मेरा सबै आशा विलाएर गए, म शोकसागरमा डुबिराखेकी छु ॥९॥ अफसोस ! मेरो मन ज्यादै कठोर रहेछ, कारण तपाईंलाई भूईँमा लडिराखेको देख्ता, शोकले आकुल व्याकुल भएको भए तापनि टुक्रा टुक्रा भएर फुट्न सकेको छैन ॥१०॥ सुग्रीवकी स्वास्नीको तपाईंले हरण गर्नुभयो र त्यसलाई निकालिदिनुभयो, हे वानरराज ! तपाईंले त्यसैको यो फल पाएको हो ॥११॥ तपाईंको कल्याण होस् भनी इच्छा गर्ने म तपाईंलाई हितको कुरा भनिरहेकी थिएँ, तर मोहको वशमा परी सो कुरा नमानी तपाईंले मेरो निन्दा गर्नुभयो ॥१२॥ हे आर्य ! अब तपाईं स्वर्गमा गएर रूप र यौवनको घमण्डले मस्त भइराखेका बडा बडा चतुरा अप्सराहरूको मनमा उद्वेग पैदा गर्नुहुनेछ अर्थात् उनको मनमा कामको अभिलाषा उत्पन्न गर्नु हुनेछ, यसमा केही सन्देह छैन ॥१३॥ हे वीर ! मलाई यस कुराको निश्चय छ कि कालले गर्दा नै तपाईंको जीवनको अन्त भएको हो, यै कालले स्वाधीन भइराखेको तपाईंलाई बलजफ्तीसङ्ग सुग्रीवको अधीनमा गराइदियो ॥१४॥ अर्कैसित लडिराखेको बालिलाई अनुचित रीतिले मारेर पनि रामचन्द्र पश्चात्ताप गर्नलागेका छैनन्; यस प्रकारको निन्दित काम गरेमा ता यिनले अवश्यै पश्चात्ताप गर्नुपर्ने हो ॥१५॥ अहिलेसम्म मैले दुःख देख्नु अथवा कष्ट सहनुपरेको थिएन, अब ता मैले अनाथिनी आइमाईको झैं विधवा भएर शोक र सन्तापको भोग

गर्नुपर्नेछ ॥१६॥ मैले सुख भोग गर्न योग्य यी वीर सुकुमार अंगदको बडो प्रेमले पालन पोषण गरेकी हुँ, अब ता काका रिसले मूर्च्छित भइरहेका हुनाले यिनको कस्तो दशा हुने हो ? ॥१७॥ हे छोरा ! धर्मवत्सल पितालाई अहिले खूब राम्रोसङ्ग हेरिहाल किनकि अब उप्रान्त तिमीलाई यिनको दर्शन पाउन दुर्लभ हुनेछ ॥१८॥ छोराको माथ सुँघेर यिनलाई आश्वासन दिनुहोस् र मलाई जे भन्नु छ सो भन्नुहोस् किनकि तपाईं ता सदाका लागि परदेश जानलाग्नुभएको छ ॥१९॥ तपाईंलाई मारेर रामचन्द्र सुग्रीवसित गरेको प्रतिज्ञारूपी ऋणबाट मुक्त भए, रामले यो बडो ठूलो काम गरे ॥२०॥ हे सुग्रीव ! तिम्रा दाजु, तिम्रा शत्रु मारिए, तिम्रो मनोरथ सफल होस्, तिमी रुमालाई पनि पाउनेछौ, अब तिमी निश्चिन्त भई राज्य गर ॥२१॥

यस प्रकारसङ्ग विलाप गरिरहेकी तपाईंकी प्यारी स्वास्नीसङ्ग तपाईं किन बोल्नुहुन्न ? हे वानरेश्वर, तपाईंका अनेक सुन्दरी स्त्रीहरू तपाईंलाई घेरिराखेका छन् यिनीलाई पनि ता हेर्नुहोस् ॥२२॥

ताराको यस्तो विलाप सुन्दा यी सबै वानरीहरू अंगदलाई चारैतिरबाट समातेर मनमा बडो दुःखित भई चिच्याई चिच्याई रुनलागे ॥२३॥

वीरहरूको मृत्यु गराउने हे महाबाहो ! अङ्गदलाई छाडेर तपाईं किन सदाका लागि परदेश जानलाग्नुभएको हो ? यस्तो गुणी, राम्रो छोरालाई छाडेर जान तपाईंलाई मुनासीब पर्दैन ॥२४॥ हे महाबाहो ! मद्वारा भएको कुनै अप्रिय अथवा अनुचित काम देखेर तपाईं परदेश जानलाग्नुभएको हो भने मलाई सो कामका लागि क्षमा गर्नुहोस्, हे वीर वानरराज ! तपाईंका चरणमा टाउको राखेर ढोग गर्दछु ॥२५॥

निन्दारहित ताराले, सबै वानरीहरूको साथमा मनमा दया उठ्ने गरी विलाप गरेर, भूइँमा लडिराखेका बालिको नजीक रहेर अन्न, जल त्याग गरी प्राण विसर्जन गर्ने निश्चय गरिन् ॥२६॥

सर्ग—२१

हनुमान् तारालाई संझाउँछन् ।

आकाशबाट झरेको तारासमानकी तारालाई भूइँमा लडिराखेको देख्ता वानरहरूका अगुवा हनुमान्जी उनलाई बिस्तारै बिस्तारै संझाउनलागे ॥१॥

समस्त प्राणिगणले, आफ्ना असल तथा खराब कामको फल चाहे त्यो सुख होस् चाहे दुःख, मरेर अर्को लोकमा गएपछि अवश्य भोग्नै पर्छ ॥२॥ पाप-पुण्यको पाशोमा बाँधिएकी हुनाले तिमी स्वयं शोचनीय अवस्थामा पुगेकी छौभने अर्काको निम्ति के शोक गर्दछ्यौ ? कर्मको फल भोग्नुपरेकोले तिमी स्वयं दुःखिनी छौभने अर्काको दुःखमा के दया देखाउँछ्यौ ? पानीका भुल्कासरीको यस शरीरको निम्ति कसले कसको लागि शोक गर्ने हो सो ता मलाई बताइदेऊ ॥३॥ तिम्रो छोरा बाँचेकै छ, कुमार अंगदको राम्रोसंग पालन पोषण गरेर यसको जताबाट भलो हुन्छ सो कुराको तिमीले

चिन्तना गर्नुपर्दछ ।।४।। प्राणीहरूको जन्मने मर्ने कुरा अनियत छ भन्ने कुरा तिमीलाई थाहै छ, तसर्थ तिमीसमानकी बुद्धिमती स्त्रीले लौकिक शुभकर्म गर्नपट्टि लाग्नुपर्दछ ।।५।। जुन वानरराजको जीवन-समयमा हजारौं करोडौं वानर यिनको अधीनमा रहेर यिनकै आशा राखेर जीवन निर्वाह गर्दथे तिनै आज आफ्ना आयुको अवधि पुगेकोले आफ्ना पुण्यकर्मको फल भोग्न जानलागिरहेछन् ।।६।। नीति-शास्त्रानुसारको राज्यको पालन गरी, साम, दान, क्षमा आदिमा परायण भई यिनी धर्मात्माहरूले जाने लोकमा गए, तसर्थ तिमीले यिनका लागि शोक गर्नु उचित छैन ।।७।। हे निन्दारहित चरित्र भएकी ! यी सबै श्रेष्ठ वानर तथा तिम्रा छोरा अंगद तिम्रै अधीनमा छन् । वानर र भालुहरूको यो राज्य पनि तिम्रै अधीनमा छ अर्थात् तिमी अनाथिनी भएकी छैनौ ।।८।। हे महारानी ! शोक र सन्ताप यी दुवैलाई बिस्तारै बिस्तारै घटाउने काम गर । तिम्रो अधीनमा रहेर यी अंगद पृथ्वीको पालना गरून् ।।९।।

छोराको निम्ति शास्त्रमा जे गर्नु भनेर लेखिएको छ र राजा बालिको निम्ति यस समयमा जे गर्नु उचित छ सो सब तपाईं गर्नुहोस् । वर्त्तमान समयमा यै काम गर्न मुनासीब देखिन्छ ।।१०।।

वानरराजको अन्तिम संस्कार तथा अंगदको अभिषेक गर्नुहोस् । छोरालाई राजसिंहासनमा बसेको देखेपछि तपाईंको चित्तमा शान्ति हुनेछ ।।११।।

पतिवियोगले पीडित भएकी ताराले आफ्नो नजीक उभिइरहेका हनुमान्‌का यी कुरा सुनेर उनलाई भन्नलागिन् ।।१२।। अंगद जस्ता सय छोरा एकातिर र मरेका यी वीरको शरीरको आलिङ्गन एकातिर भएमा वीर श्रेष्ठ मेरा स्वामीको शरीरको आलिङ्गन नै मेरा लागि उत्तम छ ।।१३।। यस वानरराज्यको न म मालिकी बन्न सक्तछु न मेरो छोरो अंगद । मेरो स्वामीपछि ता अंगदका काका सुग्रीव नै सबै राजकाजका अधिष्ठाता हुने छन् ।।१४।। हे वानरश्रेष्ठ हनुमान् ! अंगदको विषयमा मैले यिनको राज्या-भिषेक गरौं भन्ने किसिमको बुद्धि तिमीहरूले लिन हुँदैन, किनकि बाबु नै छोराका बन्धु हुन सक्तछन् र माता हुन सक्तिनन् ।।१५।। वानरराज बालिको निवासस्थानसिवाय मेरो निम्ति ता यस लोकमा र परलोकमा कतै पनि सुख दिने ठाउँ हुन सक्तैन । सामुन्ने मरेर पडिराखेका यी वीर जुन आसनमा सुतिरहेका छन् सोही मेरा लागि योग्य छ ।।१६।।

सर्ग—२२

बालि प्राण त्याग गर्दछ ।

शिथिल भएका बालिको प्राणवायु बिस्तारै बिस्तारै चलिरहेको थियो र उनी चारैतिर हेरिरहेका थिए । यिनले सबभन्दा पहिले भाइ सुग्रीवलाई आफ्नो अघिल्तिर उभिइराखेको देखे ।।१।। विजयप्राप्त गरेका वानरेश्वर सुग्रीवलाई देखिपछि बालि स्पष्ट शब्दले यिनलाई सम्बोधन गरी स्नेहपूर्वक भन्नलागे ।।२।।

हे सुग्रीव ! पूर्व जन्मको पापले गर्दामा तथा भावीको वशमा परेकोले दुर्बुद्धिले गर्दा तिम्रा साथमा मैले जो व्यवहार गरेथें त्यसमा तिमीले मलाई दोषी नभनिठाने ।।३।। हे बाबु ! विधाताले

हामी दुवैलाई एकै साथमा राज्यको सुख भोग्न र आफूआफूमा दाजु भाइमा हुनुपर्ने प्रेम नहोस् भनेर लेखेका रहेछन् । यसै कारणले यो विपरीत घटना हुन गएको हो ।।४।। मलाई आजै यमपुरीतिर जानलागेको भनिठान, अतएव वानरहरूको यो राज्य आजै तिमी ग्रहण गर ।।५।। म आफ्नो जीवन, राज्य, ठूलो सम्पत्ति तथा निन्दारहितको यश, यी सबैको आजै त्याग गर्नलागेको छु ।।६।। हे वीर ! यस मरणावस्थामा म तिमीलाई जे भन्नलागेको छु सो मुताबिक काम गर्न गाह्रो भए तापनि अवश्यै सो मुताबिक काम गरे ।।७।। सुखभोग गर्न योग्य तथा सुखसंग पालन पोषण गरिएको यस बुद्धिमान् बालक अंगदलाई हेर । यो पृथ्वीमा लडिराखेको र रोइरहेको छ ।।८।। प्राणभन्दा पनि प्यारो मेरो यस छोरालाई तिमीले आफ्नै छोरा जस्तो सम्झे । म नहुनाले यसलाई कुनै प्रकारको दुःख नहुने गरी यसका सबै इच्छा पूर्ण गरेर सब तरहबाट यसको पालन पोषण गरे ।।९।। हे वानर ! तिमी पनि म जस्तै यसका पिता, दाता, रक्षक तथा भयको समयमा अभय दिने हौ ।।१०।। ताराको यो श्रीमान् छोरो तिमी जत्तिकै पराक्रमी छ । राक्षसहरूको वध गर्ने समयमा यो तिम्रो अघिअघि हिंड्नेछ ।।११।। बलियो, तेजस्वी तरुनो ताराको यो छोरो अंगद रणक्षेत्रमा विक्रम प्रकट गरेर मेरै समानको काम गर्नेछ ।।१२।। सुषेणकी छोरी यी तारा सूक्ष्म विषयको अर्थ निर्णय गर्नामा तथा नाना प्रकारका उत्पातबाट हुने डरलाग्दा कुरा जान्नामा बडी सिपालु छिन् ।।१३।। जुन कामलाई ताराले हुन्छ भनेर अनुमति दिन्छिन् सो काम केही सन्देह नराखी गरे, किनकि ताराले सम्मति दिएको काम कदापि अन्यथा हुन सक्तैन ।।१४।। रामचन्द्रजीको काम पनि मनमा कुनै प्रकारको शंका नलिई गरे, गरेनौभने तिमीलाई पाप लाग्नेछ, र अनादर भएकोले तिमीलाई मारिदिनेछन् ।।१५।। हे सुग्रीव ! यो स्वर्गीय सुनको माला मेरो घाँटीबाट झिकेर आफ्नो घाँटीमा लगाऊ, यसमा अतिउत्तम विजय-लक्ष्मीले वास गरेकी छन्, मरेपछि मैले लगाइराखेंभने यसको श्री नष्ट भइजानेछ, यसकारण अहिले नै लगाइहाल ।।१६।।

भाइउपरको प्रेमले गर्दा बालिले सुग्रीवलाई यति कुरा भनेपछि सुग्रीवको मुखबाट प्रसन्नताको चिन्ह बिलाएर राहुग्रस्त चन्द्रमा जस्तो त्यो मलिन देखिनलाग्यो ।।१७।। बालिको कुरा सुन्नाले उनको वैरभाव शान्त भइगो, तत्पर भई उनी गर्नुपर्ने काम गर्नलागे, दाजुको आज्ञाले सुनको माला झिकेर लगाइहाले ।।१८।। सुनको माला दिएर मर्न तयार भएका बालिले आफ्नो सामुन्नेमा उभिइराखेका अंगदलाई स्नेहपूर्वक भन्नलागे ।।१९।। देश-कालको अनुसार चलेर, प्रिय अप्रिय वचन सहँदै, मौकामा परिआएको सुख-दुःखको भोग गर्दै सुग्रीवको अधीनमा बसे ।।२०।। हे महाबाहो ! पहिले म तिमीले अपराध गर्दा पनि तिम्रो लालन पालन गर्दथें, तर अब तिमीले अपराध गर्‍यौभने सुग्रीवले तिमीलाई निको गर्नेछैनन्, तसर्थ सुग्रीवका शत्रुहरूसंग तथा शत्रुका साथीहरूसँग मित्रता नगरे । हे शत्रुलाई ताप पार्ने अंगद ! मालिकको भलो गर्नपट्टि लागेर शान्त भई सुग्रीवको अधीनमा बसे ।।२१–२२।। अत्यन्त प्रेम पनि नगर्नू, अत्यन्त द्वेष पनि नगर्नू, कारण यी दुवै दोषका खानि हुन्, तसर्थ यी दुवैको बीचमा रहेर आफ्नो निर्वाह गरे ।।२३।।

यति भनिसकेपछि बाणको प्रहारले पीडित भइरहेको बालिले आँखा उघार्‍यो, डरलाग्दो दाँत भएको मुख बाएर त्यसले प्राण विसर्जन गर्‍यो ॥२४॥

आफ्नो यूथपति मरेकोले त्यहाँ सबै श्रेष्ठ वानरहरू रुँदै विलाप गर्नलागे ॥२५॥ वानरनाथ बालि स्वर्ग जानाले किष्किन्धा शहर तथा यहाँका सबै वन, बगैंचा, पर्वत शून्य भइगए ॥२६॥ वानरेश्वर मारिनाले सबै वानरहरू शोभाहीन भए; यिनले महात्मा गन्धर्वको साथमा बडो ठूलो युद्ध गरेका थिए ॥२७॥ गोलभ नाम गरेको गन्धर्वसितको युद्ध पन्ध्र वर्षसम्म चलिरहेको थियो, यो युद्ध दिनरात कहिले पनि रोकिन्नथ्यो ॥२८॥ सोह्रौं वर्षमा बालिले गोलभलाई मारेर लडाइदिए, डरलाग्दा दाह्रा भएको त्यस दुष्टलाई मारेर बालिले हामीलाई निर्भय गराइदिएका थिए, यस्ता बालि कसरी मारिए होलान् ॥२९॥

जसरी सिंहले परिपूर्ण भएको महाजंगलमा गाईको बथानको स्वामी मारिएपछि गाईलाई सुख हुँदैन, त्यसै गरी वानरहरूका राजा वीर बालि मारिनाले वनचारी वानरहरूलाई सुख भएन ॥३०॥

दुःखसमुद्रमा डुबिराखेकी तारा, मरेका आफ्ना लोग्नेको मुख हेरेर, ढलेको बडे रूखमा बेह्रिएको लहराझैं बालिलाई अंगालो हालेर भूइँमा लडिन् ॥३१॥

सर्ग–२३

ताराको विलाप ।

कपिराजको मुख सुँघ्दै लोकप्रसिद्ध तारा आफ्नो मरेका पतिलाई यी कुरा भन्नलागिन् ॥१॥ हे वीर ! तिमी यस समयमा मेरो कुरा नमानेर अग्लो, होचो, ढुङ्गै ढुङ्गा भएको अतएव शरीरलाई दुःख-दिने भूइँमा सुतिरहेका छौ ॥२॥ हे वानरेन्द्र ! यो पृथ्वी तिमीलाई मभन्दा पनि बर्ता मनपर्दो रहेछ जस्तो देखिन्छ, किनकि तिमी मलाई छोडेर तिनैलाई च्यापेर सुतिरहेका छौ, मसित बोल्दा पनि बोल्दैनौ ॥३॥ भाग्यले सुग्रीवको पक्ष लियो अर्थात् भाग्यरूपी रामचन्द्रले सुग्रीवको साथ दिए, अतएव हे साहसमा प्रेम राख्ने वीर ! यस समयमा सुग्रीव नै पराक्रमी भए भन्नुपर्‍यो ॥४॥ तिम्रो उपासना गर्ने ठूलठूला भालु तथा मुख्य मुख्य वानरहरूको र दुःखी अङ्गदको विलाप र मेरा यी कुरा सुनेर पनि तिमी किन नबिउँझेको ? हे वीर ! यो त्यै शय्या हो जहाँ तिमीले आफ्ना शत्रुलाई मारेर सुताइदिएका थियौ, अफसोस ! युद्धमा प्रेम राख्ने र कपटरहित पुरुषहरूको संगत गर्ने हे मेरा प्यारा बालि ! आज तिमीले आफै नै त्यहाँ मरेर सुत्न पर्‍यो ॥५-७॥ हे मेरो आदर मान गर्ने प्रभो ! म अनाथिनीलाई एक्लै छोडेर तपाईं कहाँ जानलाग्नुभयो नि । विद्वान् जनले कहिले पनि आफ्नी छोरी शूरा मानिसहरूलाई बिहे गरेर नदेओस् ॥८॥ हेर, शूराकी स्वास्नी भएकी हुनाले मैले चाँडै नै विधवा भएर मरेतुल्य हुनु-पर्‍यो, अफसोस मेरा मान तथा चिरकालसम्म रहने सुख नाश भइगए ॥९॥ म यस समयमा अगाध तथा बड़ेमानको शोकसागरमा डुब्नलागिरहेकी छु, साँची नै मेरो यो कठोर हृदय ढुङ्गैले बनेको रहेछ ॥१०॥ नत्र यस्ता पतिलाई मरेको देख्ता यो आज सैकडौं टुक्रा भएर फुट्ने थियो, प्यारा बालि

स्वभावैले मेरा पति तथा मित्र पनि थिए ।।११।। संग्राममा पराक्रमपूर्वक शत्रुहरूमाथि प्रहार गर्न सक्ने वीरले समेत आज मर्नुपर्‍यो । आइमाई चाहे छोरा भएकी होस्, चाहे धन धान्यले युक्त भएकी होस्, लोग्ने मरेपछि विद्वान्‌ले त्यसलाई विधवा नै भन्दछन्। हे वीर ! तिमी अहिले लाहाको जस्तो रातो रंगको आफ्नो बिछ्याउनामा सुतेझैं शरीरबाट निस्केको रगतमा मुछिएर सुतिरहेका छौ, तिम्रो शरीरमा जताततै रगत र धूलो लागिरहेको छ ।।१२-१४।। यस अवस्थामा शोक तथा निर्बलताले गर्दा आफ्ना हातले तपाईंलाई अँगालो हाल्न सक्तिनँ । यस भयानक शत्रुतामा सुग्रीव नै आज कृतकृत्य भएको देखिए ।।१५।। रामको हातबाट छुटेको एउटै बाणले उनको भयलाई दूर गरिदियो । हे वीर ! तिम्रो छातीमा गडिराखेको यस बाणले गर्दा मैले राम्रो सँग तिमीलाई अँगालो हाल्न पाइनँ ।।१६।। तिमीलाई मरेको देख्ता देख्तै पनि मैले अँगालो हाल्न नपाउनु योभन्दा कष्टको कुरा अर्को के होला ?

यै मौकामा नील नाम गरेको वानरले उसको शरीरमा गडिराखेको बाण झिकिदियो ।।१७।। पर्वतको गुफाभित्र लुकिराखेको सर्पको बाहिर निस्कँदा जस्तो शोभा देखिन्छ त्यस्तै शरीबाट झिक्ता त्यस बाणको पनि शोभा देखियो ।।१८।। अस्ताचल पर्वतको टाकुरामा पुगेका सूर्य भगवान्‌को किरण जसरी चारैतिर फिंजिएको हुन्छ, त्यसै गरी बालिको शरीरको घाउको जताततैबाट रगतको धारो बग्नलाग्यो ।।१९।। पर्वतबाट रातो गेरुको धारो बगेझैं बालिको शरीरबाट रगतको धारो बग्नलाग्यो । अब तारा रणभूमिको धूलोले मुछिएको आफ्ना लोग्नेको शरीर पुछ्न र अस्त्र लाग्नाले घाउ भइराखेको तथा रगतले सर्वांग भिजिराखेको उनको शरीर आँसुले पखाल्नलागिन् ।।२०-२१।। आफ्ना लोग्नेलाई मरेको देखेर तारा पहेंलो आँखा भएका छोरा अङ्गदलाई भन्नलागिन्ः—

हे छोरा ! पिताजीको यो डरलाग्दो अन्तिम अवस्था हेर ।।२२।। बलजफ्तीसँग यिनले जुन शत्रुता गरेथे त्यही पापकर्मको यो फल हो, प्रातःकालीन सूर्य भगवान्‌को जस्तो प्रकाशमान शरीर आज यमराज-कहाँ गइगयो ।।२३।। हे छोरा ! आदर मान दिने आफ्ना बाबु तथा राजालाई ढोग देऊ। यति सुन्नासाथ अङ्गदले उठेर आफ्ना बाटुला दुइटा हातले बालिको चरण समाती, "म अङ्गद हुँ" भन्दै ढोगदिए ।

फेरि ताराले भनिन्, पहिले ता तपाईं अङ्गदले ढोग गर्दा "हे छोरा दीर्घायु भए" भनेर आशीर्वाद दिनुहुन्थ्यो, तर आज किन केही पनि नभन्नुभएको ? जसरी सिंहले मारेको साँढेनेर बाच्छोलाई साथमा लिई गाई उभिन्छिन् त्यसै गरी म पनि छोरालाई साथमा लिएर तपाईंको लाशनेर उभिराखेकी छु ।।२४-२६।। तपाईंले संग्रामरूपी यज्ञ गर्नुभयो, तर त्यसमा रामको अस्त्ररूपी जलले म स्वास्नीविनाको तपाईंको यज्ञान्त स्नान कसरी पूर्ण हुन सक्तछ ? ।।२७।। संग्राममा सन्तुष्ट भई इन्द्रले तपाईंलाई सुनको जुन माला दिएका थिए त्यो माला अहिले तपाईंको घाँटीमा देख्तिनँ, यसको कारण क्या हो ? ।।२८।। हे मान आदर दिने वालि ! जसरी चारैतिर भ्रमण गरिरहने सूर्य्य भगवान्‌को प्रभालाई अस्ताचल पर्वतले छाड्दैन त्यसै गरी मरिसकेपछि पनि राज्यलक्ष्मीले तपाईंको शरीरलाई छाडेकी छैनन् ।।२९।। अफसोस ! मेरो हित कुरा सुनेर पनि तपाईं सो मुताविक चल्नुभएन । मैले पनि तपाईंलाई रोक्न सकिनँ । रण-

भूमिमा तपाईंको मृत्यु भएकोले छोराको साथसाथै मेरो विनाश भयो । जसरी राजलक्ष्मीले तपाईंलाई छाडिन् त्यसै गरी मलाई तथा छोरालाई समेत छाडिदिइन् ॥३०॥

सर्ग--२४

सुग्रीवको विलाप र तारालाई रामको सान्त्वना ।

अत्यन्त छिटो बग्ने, वडो मुश्किलसँग तर्न सकिने बडेमानको शोकसमुद्रमा डुबेकी ताराले विलाप गरेको देख्ता बालिका भाइ सुग्रीव अनुपम घातले दाजु मरेकोमा बडो दुखित भए ॥१॥ तारालाई रुन-लागेको देख्ता मनस्वी सुग्रीवको मुख आँसुले भिजिगयो । मनमा अत्यन्त दुःखित तथा खिन्न भएका यिनी आफ्ना चारै जना सेवकहरूलाई साथमा लिई बिस्तारै बिस्तारै रामचन्द्रजी भएको ठाउँमा पुगे ॥२॥ सुग्रीवले त्यहाँ पुगेर सूर्यसमानको तीखो बाण चढाइराखेको धनु लिएका, शास्त्रमा वर्णन गरिएका सबै असल लक्षणले युक्त भएका यशस्वी रामचन्द्रलाई देखेर उनलाई भन्नलागे ॥३॥

राजन् ! तपाईंले जस्तो प्रतिज्ञा गर्नु भएथ्यो सो पूरा गर्नु भयो र मैले सो कामको फल पनि देखें अर्थात् तपाईंले बालिलाई मार्नुभएकोले मैले राज्य पाएँ, तर हे राजपुत्र ! अब मलाई यस निन्द-नीय जीवनको भोग गर्ने इच्छा छैन ॥४॥ हे राम ! यी महारानी अत्यन्त विलाप गरिरहेकी छन्, पुरवासीहरू दुःखित भई रोइरहेका छन्, राजा मारिएकाले अङ्गदलाई आफ्नो जीवनमा सन्देह भइरहेको छ, तसर्थ राज्यप्राप्तिमा मेरो मनलाई सुख शान्ति हुन सक्तैन ॥५॥ हे इक्ष्वाकुश्रेष्ठ ! रिसले, डाहले, अथवा अत्यन्त अपमान भएकोले पहिले मैले दाजुको वध गराउन चाहेको थिएँ, तर अहिले वानर-राज बालि मारिएपछि ता मलाई ठूलो ताप पर्नलागिरहेको छ ॥६॥ अहिले ता मलाई उही पर्वतश्रेष्ठ ऋष्यमूक पर्वतमा सदा वास गरेर कुनै प्रकारसंग आफ्नो जीवन निर्वाह गर्न निको लागिरहेको छ । दाजुलाई मारेर स्वर्गलाभसम्मको पनि मेरो इच्छा छैन ॥७॥ ती बुद्धिमान् महात्माले मलाई भनेका थिए कि तँलाई मार्ने मेरो इच्छा छैन, आफ्नो मनपर्दो ठाउँमा घुमिराख्, यस्तो वचन उनको योग्य थियो र मैले जो उनको वध गराएँ सो मलाई सुहाउँदो काम हो ॥८॥ हे राम ! अत्यन्त लोभी भाइले पनि राज्यको सुख तथा दाजुको वध गराइसकेपछि हुने दुःख, यी दुवैको -तारतम्य विचार गरेर, कहिले पनि दाजुको वध गर्न इच्छा गरोइन ॥९॥ बालि मेरो वध गर्न चाहन्नथे कारण यसो गर्नाले उनको गौरवमा कलंक लाग्ने भय थियो, तर मेरो बुद्धि भने यस्तो दुष्ट थियो कि त्यसले गर्दामा मैले दाजुको प्राण लिने काम गरिहालें ॥१०॥ जब उनले रूखको हाँगाले मलाई पिटेथे र मैले केही बेरसम्म बडो दीनभावले तिमीलाई बोलाएथें त्यस वेलामा उनले मलाई सँझाएर भनेका थिए "अब फेरि नगरे है" ॥११॥ बालिले भाइमाथिको प्रेम, आफ्नो बढत्व तथा धर्मको रक्षा गरे, तर मैले ता रिस, स्वार्थ तथा वानर-पना देखाएँ ॥१२॥ हे मित्र ! दाजूको वध गराउनाले मलाई यस्तो पाप लागेको छ कि त्यसको विचारै गर्न योग्य छैन, यस पापको परित्याग गर्नामा श्रेय थियो, यस पापको इच्छासम्म गर्नु

पनि योग्य होइन, यसतिर दृष्टि दिन पनि मुनासीब थिएन । विश्वरूपलाई मार्नाले इन्द्रलाई जस्तो महापाप लागेको थियो त्यस्तै पाप मलाई पनि लागेको छ ॥१३॥ इन्द्रको यस पापलाई ता पृथ्वी, जल, रूख र आइमाईले इच्छापूर्वक आफू आफूमा बाँडेर लिएका थिए तर म वानरले गरेको यस पाप-लाई कसले बाँडेर लिन मञ्जूर गर्ला (क) ॥१४॥ हे राम ! कुलको नाश गर्ने तथा अधर्मयुक्त यस्तो पाप गरेपछि म प्रजाहरूद्वारा आदर गरिन योग्य छैन, राज्य लिने कुरा ता परै रहोस्, युवराजसम्म बन्ने इच्छा पनि मेरो छैन ॥१५॥ मैले निन्दित, छोटो मानिसले गर्ने जस्तो, लोकको अपकार हुने यो पाप गरें, वर्षाको जलको वेगले तलतिर रहेको जग्गालाई डुबाएझैं मलाई यस महाशोकले सताइरहको छ ॥१६॥ जंगली हात्तीले नदीको तीरलाई बिगारेझैं पाप-रूपी यो मतवाला हात्तीले मलाई हुनासम्मको आघात पुऱ्याइरहेको छ । दाजुको मृत्यु नै यसको पुच्छरको रौं हो र नाना प्रकारका सन्ताप यसका सूँड, आँखा, कान, मस्तक तथा दाँत हुन् ॥१७॥ हे नरश्रेष्ठ ! जसरी खराब सुनलाई आगोमा खार्नाले त्यसको मैल नाश भएर जान्छ त्यसै गरी यस असह्य पापले गर्दा मेरो मनको सज्जनपना नाश भइ-रहेको छ ॥१८॥ हे राम ! मैले गर्दा अंगदलाई जुन शोक सन्ताप परेको छ त्यसले ता महाबली वानर-राजहरूको आधा कुललाई नाश गरिदियो अब ता बाँकी रहेको केवल आधा भाग मात्र मेरो साथमा रहेको छ भन्ने मेरो विचार भइरहेको छ ॥१९॥ छोरा हुने सम्भव छ र त्यसले सज्जन भएर बाबुको वशमा पनि रहन सक्तछ तर अंगद जस्तो गुणवान् छोरा कहाँ भेटिएला ? कारण यिनी रोई रोईकन प्राण फ्याँक्न खोजिरहेका छन् । हे वीर ! म यस्तो कुनै देश देख्तिनँ जहाँ गएर म आफ्ना सहोदर दाजुलाई भेट्न सकूँ ॥२०॥

हे वीरवर ! बाबु मरेकोले अंगदको जीवित रहनामा सन्देह छ, जीवित रहेभने यिनको पालन पोषण गर्ने आमा पनि बाँचिहाल्दथिन् कि, छोरा बाँचिराखेनन्भने ता अत्यन्त तापले गर्दा क्षीण भई तारा बाँच्न सकोइनन् भन्ने मेरो निश्चय छ ॥२१॥ आफ्ना दाजु तथा उनका छोरासंग मैत्री गर्ने इच्छाले अब म बल्दो आगोमा प्रवेश गर्दछु, यी वानर वीरहरू घुमीघुमीकन तपाईंको इच्छामुताबिक चलेर सीताको खोज पत्ता लगाउनेछन् ॥२२॥ हे राजपुत्र राम ! म मरेपछि पनि तपाईंको काम सफल हुनेछ, हे राजन् ! कुलको नाश गर्ने म बाँचिराख्न योग्य छैन, तसर्थ अब म अपराधीलाई मर्ने आज्ञा दिनुहोस् ॥२३॥

बालिका भाइ, दुःखित सुग्रीवका यस्ता कुरा सुन्दा रामचन्द्रको आँखाभरि आँसु आयो, शत्रुहरूको विनाश गर्ने उहाँ एक छिनका लागि उदास हुनुभयो ॥२४॥ पृथ्वी जस्ता क्षमावान, संसारका रक्षक

(क) विश्वरूपलाई इन्द्रले आफ्नो पुरोहित बनाएका थिए तर यिनलाई राक्षसहरूपट्टि मिलेको चाल पाएपछि मारिदिए र यिनलाई ब्रह्महत्या लाग्यो । ब्रह्माले सो पापलाई चार ठाउँमा बाँडिदिए । एक भाग पृथ्वीलाई पर्न गयो जसले गर्दा जहाँतहाँ बाँझो रहने भयो । रूखलाई एक भाग दिए जसले गूँदको रूप लियो । जललाई परेको भाग काई भयो, आइमाईलाई परेको भागले गर्दा यिनीहरू महीना महीनामा रजस्वला हुने भए ।

श्री रामचन्द्रजी यस समयमा शोकले गर्दा हडबडाइरहेकी, दुःखमा परेर रोइरहेकी तारातिर वारंवार दृष्टि दिएर उनलाई हेर्नलागनुभयो ॥२५॥

राम्रो आँखा भएकी, कपिराजकी पत्नी तारालाई आफ्नो लोग्नेको लाशलाई अँगालो हालेर लडिराखेकी देख्ता प्रधान मन्त्रीहरूले तिनलाई त्यहाँबाट उठाए ॥२६॥ पतिको आलिङ्गन गरेर सुतिरहेकी, हात खुट्टा फ्याँकेर लोग्नेनेर जान खोजिरहेकी तारालाई जब मन्त्रीहरूले लोग्नेकहाँबाट लिएर आए तब यिनले हातमा धनु बाण लिएका आफ्नो तेजले सूर्यझैं प्रकाशमान भैरहेका रामचन्द्रजीलाई देखिन् ॥२७॥ राजामा हुनुपर्ने लक्षणले युक्त भएका, राम्रो आँखा भएका, आफूले पहिले कहिले पनि नदेखेका श्रेष्ठ पुरुषलाई देख्ता रामचन्द्र यिनै रहेछन् भनेर हरिणका आँखा जस्ता आँखा भएकी ताराले जानिन् ॥२८॥ इन्द्रझैं कहिले पनि पराजित हुन नसक्ने, महाप्रभावशाली रामचन्द्रनेर अति दुःखित, घोर विपत्तिमा परेकी, हिंड्न पनि नसक्ने तारा बिस्तारै बिस्तारै पुगिन् ॥२९॥ शोकले गर्दा मनस्विनी तारालाई आफ्नो शरीरको दशातिर समेत ध्यान थिएन । शुद्ध भावले युक्त भएका, रणविद्यामा निपुण भएकोले लक्ष्यवेधमा चतुरा रामलाई तिनी भन्नलागिन् ॥३०॥

तपाईंको प्रभाव यत्तिको छ भनेर जानिसक्नु छैन, तपाईंलाई कसैले परास्त गर्न सक्तैन, तपाईं जितेन्द्रिय तथा श्रेष्ठ धर्मको रक्षक हुनुहुन्छ, तपाईंको कीर्ति कहिले पनि लुप्त हुँदैन, सिपालु हुनुहुन्छ, पृथ्वीझैं क्षमा गर्नुहुन्छ, तपाईंका आँखा राता छन् , हातमा धनु बाण धारण गर्नुभएको छ, बडो बलियो हुनुहुन्छ, शरीर खूब खँदिलो छ, मनुष्य शरीरको अभ्युदयलाई छाडेर दिव्य शरीरको अभ्युदयले युक्त हुनुभएको छ ॥३१–३२॥ हे वीर ! जुन बाणले तपाईंले बालिलाई मार्नुभयो त्यसैले मलाई पनि मारिदिनुहोस् जसमा कि म उनीनेर पुग्न सकूँ, किनकि म नभईकन बालिलाई आनन्द मिल्न सक्तैन ॥३३॥ निर्मल कमलका पात जस्ता आँखा भएका हे राम ! स्वर्गमा पुगेर पनि बालिले, उहाँ मलाई नदेख्ता, विचित्र वेष धारण गरेका तथा नाना प्रकारका रक्त पुष्पले कपाल सिंगारिराखेका अप्सराहरूको साथमा समेत विहार गर्नेछैनन् ॥३४॥ हे वीर ! जसरी तपाईं रमणीय ऋष्यमूक पर्वतको मैदानमा सीताविना खिन्न भइरहनुभएको छ, त्यसै गरी स्वर्गमा समेत म नहुनाले बालि दुःखित र उदास रहनेछन् ॥३५॥

स्वास्नी नहुनाले जवान मानिसलाई कत्तिको दुःख हुन्छ सो कुरा तपाईंलाई थाहै छ, यो तत्व थाहा भएकोले मलाई मारिदिनुहोस् यस निम्ति कि बालिलाई मलाई देख्न नपाउने दुःख नहोस् ॥३६॥ हे महात्मा राजकुमार ! मलाई मार्नाले स्त्रीवधको दोष लाग्ला भन्ने विचार छ भने सो शङ्का छाडिदिनुहोस् । तारा पनि बालिकै आत्माको एउटा अंश हो भन्ने संझेको खण्डमा ता तपाईंलाई स्त्रीवधको पाप लाग्नेछैन ॥३७॥ शास्त्रीय प्रयोगमा, वैदिक कार्यमा तथा श्रुतिहरूमा स्त्री तथा पुरुषको आत्मा बेग्ला बेग्लै हुन सक्तैन भनेर लेखिएको छ, यसै कारणले ज्ञानीहरूले संसारमा स्त्रीदानभन्दा ठूलो अर्को दान कुनै छैन भनेर भनेको हो ॥३८॥ हे वीर ! धर्मपत्नि दृष्टि दिएर तपाईंले मलाई बालिलाई दान गरेर

दिनुभोभने तपाईंलाई स्त्रीदान गर्ने धर्म हुनेछ, स्त्रीहत्या गर्ने पाप ता कदापि लाग्न सक्नेछैन ॥३९॥ दुःखिनी, अनाथिनी, लोग्नेलाई अँगालो हालिराखेको वेलामा अलग गराएर ल्याइएकी यस्तो दुःख दशामा परेकी मलाईले तपाईं अवश्य मार्नुपर्छ । हे रामचन्द्र ! मतवाला हात्तीझैं हिंड्ने वानरहरूका राजा, उत्तम सुनको माला धारण गर्ने बालिविना म धेरै दिनसम्म बाँच्न सक्नेछैन ।

ताराले यस्तो भनेको सुन्दा महात्मा राम, उनको मनमा ढाढस दिएर भलो गर्ने कुराको उपदेश दिनलाग्नुभयो ॥४०-४१॥ हे वीरपत्नी ! यस्तो कुबुद्धिको कुरा नगर, कारण यस समस्त संसारलाई विधाताले बनाएको हो । यिनै विधाताले सबैको साथमा सुख दुःखको संयोग गरिदिएका छन्, वेदमा यस्तै उपदेश दिएको छ । तीनै लोकमा बस्ने कसैले पनि विधाताले निश्चित गरिदिएको विधानको उल्लंघन गर्न सक्तैन, कारण सबैले उनको अधीनमा भएर रहनुपर्दछ । जब तिम्रा छोरा युवराज हुनेछन् तब ता तिमी फेरि पहिले झैं अत्यन्त प्रसन्न रहनेछयौ ॥४२-४३॥ विधाताले शूराहरूका लागि यस्तै प्रकारको विधान गरिराखेका रहेछन् भनिठान । शूर वीरका स्त्रीहरू कहिले पनि विलाप गर्दैनन् ।

शत्रुहरूलाई ताप पार्ने, प्रभावशाली महात्मा रामचन्द्रले यस्ता प्रकारसँग सम्झाएपछि वीरपत्नी ताराले विलाप गर्न छाडिदिइन्; उनको हृदयमा शान्ति भयो जुन कुरा कि उनको मुखको सुन्दरताले प्रकट भइरहेको थिए ॥४४॥

सर्ग—२५

रामचन्द्र संझाई बुझाईकन बालिको क्रिया गर्न लगाउँछन् ।

सुग्रीव, तारा र अङ्गदलाई सम्झाउँदै रामचन्द्र भन्नलाग्नुभो । राम र लक्ष्मणलाई पनि यिनीहरूलाई जत्तिकै शोक परेको थियो ॥१॥

शोक, ताप गर्नाले मरेका प्राणीको कल्याण हुँदैन, अवलाई जे गर्नुपर्ने काम हो सो पो तिमीहरूले गर्नुपर्छ ॥२॥ लोकमा चलिआएको व्यवहार तिमीहरूले गर्नुपर्छ । रुने, विलाप गर्ने काम पुग्यो, जुन वेलामा जे काम गर्नु भनेर लेखिएको छ त्यो वेलामा गरिहाल्नुपर्दछ । त्यस वेलामा अर्कै काम गरेर समय बिताउन उचित पर्दैन ॥३॥ नियति अर्थात् काल नै लोकको उत्पन्न गराउने कारण हो, कालले गर्दा नै कामको सिद्धि हुन्छ । प्राणीमात्रलाई काममा नियुक्त गर्ने कारण काल नै हो ॥४॥ कुनै प्राणी पनि कुनै काम गर्नामा स्वाधीन छैन, न त्यसले कसैलाई कुनै काम गर्न लगाउन सक्तछ । सबै जना आफ्नो स्वभावको अर्थात् पहिले गरेका कामको अधीनमा छन् र काल यस स्वभावको साथी भईकन सब काम गर्छ ॥५॥ काल-रूप ईश्वर, काललाई अर्थात् आफूले बनाएको जन्ममरणको व्यवस्थालाई नाघेर काम गर्न सक्तैन, कालको कुनै प्रकारले पनि विनाश हुन सक्तैन स्वभावको अनुसार नै सबै काम हुन्छ, त्यसको विपरीत कुनै काम हुन सक्तैन ॥६॥ कालको कसैसँग मित्रता छैन अर्थात् काल आइपुगेपछि यसले सबको संहार गर्दछ, न यसको कोही हेतु छ, यसको विरुद्ध कसैको पराक्रम

काम लाग्न सक्तैन । धेरै मित्र अथवा बन्धु हुनाले पनि कसैको यसबाट रक्षा हुन सक्तैन, ईश्वर जीवको अधीनमा छैनन्, तसर्थ तत्वज्ञानीहरूले धर्म, अर्थ र कामलाई कालको क्रमले उत्पन्न भएको सम्झेर यिनलाई कालको परिणाम भनिठानून् । यी बानरराज बालि साम, दान र अर्थको संयोगले यस लोकको भोग गरी पवित्र क्रियाफल अर्थात् स्वर्गमा प्राप्त भईआफ्नो प्रकृति अर्थात् इन्द्रलोकमा गए ॥७-९॥ आफ्नो धर्मले गर्दा यी महात्मा बालिले स्वर्ग जितिसकेका छन् र प्राण त्याग गरेर त्यहाँ पुगेका छन् ॥१०॥ वानरराज बालिले भेट्टाएको यो नियति अर्थात् काल-कृत व्यवस्था सर्वश्रेष्ठ छ, तसर्थ यिनका लागि शोक गर्नु व्यर्थ हो । अबलाई तिमीहरूले यस मौकाको जो गर्नुपर्ने काम छ त्यो गर्नुपर्छ ॥११॥

रामचन्द्रले यी कुरा भनिसकेपछि शत्रुघाती लक्ष्मणले बेहोश भइराखेका सुग्रीवलाई नम्रतापूर्वक भन्नलागे ॥१२॥ हे सुग्रीव ! अब तिमी तारा र अङ्गदको साथमा बालिको अन्तिम संस्कार गर्न-थालेर पहिले यिनको दाह गर्ने कामको व्यवस्था गर ॥१३॥ बालिको दाहक्रिया गर्नाको निम्ति चन्दन तथा अरू दिव्य रूखका सुकेका काठ ल्याउन आफ्ना नोकर चाकरलाई अह्राऊ ॥१४॥ दुःखित अङ्गद खिन्न भइरहेका छन्, यस मौकामा यिनलाई सम्झाऊ बुझाऊ, आफैं बुद्धिहीन नबन, किनकि अहिले यो शहर तिम्रै अधीनमा छ ॥१५॥ माला, नाना प्रकारका वस्त्र, घिउ, तेल, सुगन्धी वस्तु तथा अरू चाहिने कुरा अङ्गदले झट्टै ल्याइहाल्नून् ॥१६॥ हे तार ! (सुग्रीवको मन्त्रीको नाम) तिमी झट्टै गएर एउटा पालकी लिएर आऊ । अहिले हतपत गर्नु परेको छ । पालकी जति छिटो ल्याउन सक्यो उति असल हुनेछ ॥१७॥ पालकी बोक्न सक्ने वानरहरू तैय्यार भइराखून् । बालिलाई श्मशानमा लैजाने वानर बलिया हुनुपर्दछ ॥१८॥

सुग्रीवलाई यति भनिसकेपछि सुमित्राका छोरा शत्रुघाती लक्ष्मण आफ्नो दाजुनेर गई बसे ॥१९॥ लक्ष्मणको वचन सुन्नासाथ तार नाम गरेको वानर हतपतसाथ पालकी लिएर आउनाको निम्ति गुफा-मा गयो ॥२०॥ पालकी बोक्न सक्ने शूरा बलिया बानरहरूलाई पालकी बोकाएर त्यो झट्टै फर्केर आयो ॥२१॥ यस पालकीमा राजाले बस्न हुने किसिमको उत्तम आसन थियो, यो रथ जस्तो थियो । यसमा चरा तथा रूखहरूको तस्वीर बनाइराखेको थियो ॥२२॥ यसमा पैदल सिपाहीहरूको तस्वीर लेखिराखेको तथा चारैतिरबाट ठीक ठीकसँग बनेको थियो । सिद्धहरूको विमानमा जस्तै यसमा झ्याल तथा जाली जडिराखेको थियो ॥२३॥ यो बडो बलियो थियो, कालिगडहरूले यसलाई निकै ठूलो र खूब राम्रोसँग बनाएका थिए । शोभाको निम्ति भित्रपट्टि काठको एउटा क्रीडापर्वत बनाइराखेको थियो, कालिगडहरूले यसमा आफ्नो खूब मसिनो उत्तम कालिगडी देखाएका थिए ॥२४॥ धेरै मोल पर्ने गहना, हार तथा चित्र विचित्रका फूल राखिएकाले यो पालकी बडो शोभायमान भइरहेको थियो । गुफा तथा वनका चित्र यसमा लेखिएका थिए र रक्तचन्दनले यो जताततै सिंगारिएको थियो ॥२५॥ यसमा धेरै धेरै फूल राखिएका थिए । प्रातःकालीन सूर्यसमानका रंग तथा चहक भएका कमलका मालाहरू

पालकीको चारैतिर झुण्ड्याइराखेको थियो ॥२६॥

यस्तो पालकी देख्नासाथ रामचन्द्रले लक्ष्मणलाई भन्नुभयो, अब झट्टै बालिलाई यसमा राखेर लैजाऔं र यिनको अन्तिम संस्कार पनि गराइहालौं ॥२७॥ यसपछि अङ्गदलाई साथमा राखेर सुग्रीवले रुँदै बालिलाई हातले उठाई पालकीभित्र राखे ॥२८॥ मरेका बालिलाई पालकीभित्र राखेपछि किसिम किसिमका गहना, माला तथा वस्त्रले बालिको लाशलाई सिंगारे ॥२९॥ यसपछि वानरराज सुग्रीवले मेरा दाजुको अन्तिम संस्कार नदीको तीरमा हुनुपर्दछ भन्ने आज्ञा दिए ॥३०॥ नाना किसिमका रत्न छर्दै वानरहरू अघिअघि जाऊन् र उनको पछिपछि पालकी जाओस् ॥३१॥ हे वानरहो ! यस पृथ्वीतलमा राजाहरूको जत्तिको धूमधामसँग अन्तिम संस्कार हुन्छ त्यत्तिकै धूमधामसँग मेरा दाजु बालिको पनि अन्तिम संस्कार हुनुपर्दछ ॥३२॥

यस्तो आज्ञा पाउनासाथ तार आदि गरिएका वानरहरू, अंगदलाई अगाडि राखेर राजाहरूको जस्तै गरेर बालिको अन्तिम संस्कार झट्टै गर्नथालिहाले ॥३३॥ परमबन्धु, स्नेही मित्र मरेकोले सबै वानर रुँदै विलाप गर्दै हिंड्नलागे र यिनको पछिपछि बालिको अधीनमा रहेका स्वास्नीहरू थिए। प्राणपति मरेकोले तारा आदि गरिएका वानर्नीहरू आफ्नो लोग्नेने र गई "हे वीर" भन्दै धेरै विलाप गर्नलागे ॥३४-३५॥ मनमा दया उत्पन्न हुने स्वरले यिनीहरू रुँदै पतिको साथसाथमा हिंड्नलागे। यी वान-र्नीहरूको रोएको आवाजले चारैतिरको वन तथा पर्वतसमेत हल्लनलागेको हो कि जस्तो भान पर्दथ्यो।

जलले भरिभराउ भएको पहाडी नदीको तीरको एकान्त ठाउँमा अनेक वनचारी वानरहरूले मिलेर चिता बनाए। पालकी बोकेका वानरहरूले काँधबाट पालकी झिकेर चिताको नजीक राखिदिए ॥३६-३८॥ शोकले आकुल व्याकुल भएका यी सबै वानरहरू एकान्त ठाउँमा गएर बसे।

आफ्नो लोग्नेलाई पालकीभित्र पडिरहेको देख्ता तारा उनको मस्तक आफ्नो काखमा राखी बडो दुःखित भई विलाप गर्नलागिन्ः—हे वानरका महाराज ! हे मेरा प्यारा ! हा नाथ ! हा उत्तम भोगको भोग गर्ने योग्य महाबाहो ! हे मेरा प्रेमी ! मलाई ता हेर्नुहोस्, म शोकले कसरी पीडित भइरहेकी छु सो के तपाईं देख्नुहुन्न ? ॥३९-४१॥ मेरो मान आदर गर्ने हे बालि ! प्राण निस्किसकेपछि पनि म ता तिम्रो मुखलाई प्रसन्नै देख्तछु। जीवित कालमा, अस्ताउनलागेका सूर्यको जस्तो तिम्रो मुखको शोभा देखिन्थ्यो अहिले पनि उस्तै देखिनलागेको छ ॥४२॥ हे वानरराज ! कालले रामको रूप धारण गरी तिमीलाई उठाएर लग्यो, जसको युद्धमा एक बाण लाग्नाले हामी सबै विधवा भइगयौं ॥४३॥ हे राजेन्द्र ! यी तपाईंका सबै वानर्नीहरूलाई हिंड्न अभ्यास थिएन तापनि यिनीहरू पैदलै हिंडेर यति टाढासम्म आएका छन्, के तपाईंलाई यो कुरा थाहा भएको छैन ? ॥४४॥ हे वानरराज ! चन्द्रमुखी यी सबै वानर्नीहरू तपाईंका प्यारी हुन्, यिनीहरूतिर तथा सुग्रीवतिर तपाईंले अहिले किन नहेर्नुभएको ? ॥४५॥ हे राजन् ! तार आदि गरिएका सबै मन्त्रीहरू तथा पुरवासीहरू तपाईंको चारैतिर उभिएर शोक गरिरहेका छन् ॥४६॥ जसरी तपाईं पहिले यी मन्त्रीहरूलाई जानू भनेर हुकुम दिनुहुन्थ्यो

त्यसै गरी अहिले पनि आज्ञा गर्नुहोस् र अनि हामी यस वनमा विहार गरौं ॥४७॥

यस प्रकारसंग पतिशोकले व्याकुल भई विलाप गरिरहेकी तारालाई शोकले पीडित भइरहेका वानर्रीहरूले उठाए ॥४८॥

यसपछि सुग्रीवको साथमा अंगदले रुँदै वालिको लाशलाई चितामाथि राखिदिए। यस समयमा शोकले गर्दा अंगदका इन्द्रिय आकुल व्याकुल परेका थिए ॥४९॥ पिताले कहिले पनि नफर्कने लम्बे यात्राको प्रस्थान गरे भन्ने कुराले अंगदका सबै इन्द्रिय शिथिल भइरहेका थिए। यिनले विधिपूर्वक चितामा आगो सल्काएर देब्रेपट्टिबाट चिताको प्रदक्षिणा गरे ॥५०॥

विधिपूर्वक वालिको संस्कार गरिसकेपछि सबै वानरहरू स्वच्छ तथा पवित्र जल भएका नदीको तीरमा प्रेतलाई जलप्रदान गर्नाको निम्ति आए ॥५१॥ सुग्रीव, तारासहित अंगदलाई अगाडि राखेर यी सबै वानरहरूले मिलेर तर्पण गरे ॥५२॥

सुग्रीवको दुःखले दुःखित भएका महाबली रामचन्द्रले सबै प्रेतकार्य गराउन लगाए। रामचन्द्रलाई पनि सुग्रीवलाई जत्तिकै सुर्ता लागेको थियो ॥५३॥ यसपछि रामचन्द्रको बाणले मारिएका प्रसिद्ध पराक्रमी वालिलाई जलाइसकेपछि बल्दो अग्निसमानका तेजस्वी लक्ष्मणलाई संगमा राखेर बसेका रामचन्द्रनेर सुग्रीव आए ॥५४॥

सर्ग—२६

सुग्रीवको राज्याभिषेक।

शोकरूपी अग्निले सन्तप्त भइराखेका सुग्रीव भिजेको लुगा लगाइराखेका थिए र उनका प्रधान मन्त्रीहरू चारैतिरबाट उनलाई घेरेर अगाडि बढ्नलागे ॥१॥ यिनीहरू सबै पुण्यकर्म गर्ने महाबाहु रामचन्द्रनेर पुगी, ब्रह्माको नजीक ऋषिहरू खडा भएझैं हात जोडेर उभिइरहे ॥२॥ यसपछि सुवर्ण पर्वत जस्ता चहकिला तथा तरुण सूर्यसमान सुशोभित मुख भएका वायुपुत्र हनुमान् हात जोडेर भन्नलागे ॥३॥ हे रामचन्द्र ! तपाईंको कृपाले सुग्रीवले आफ्नो बाबु बराज्यूको पालादेखि चलिआएको यो दुर्लभ विशाल राज्य भेट्टाए। तीखा तीखा दाँत भएका, बलिया महात्मा वानरहरूका यिनी राजा भएका छन्। अब तपाईंको आज्ञा लिएर यिनी रमणीय किष्किन्धा नगरीमा प्रवेश गरी आफ्ना समस्त मित्रहरूलाई साथमा राखेर गर्नुपर्ने सबै काम गरून्। नाना प्रकारका सुगन्धितवस्तु तथा औषधिहरूले यिनी विधिपूर्वक स्नान गर्नेछन्। माला तथा रत्नहरूद्वारा विशेष रूपले यिनले तपाईंको पूजा गर्नेछन्, तसर्थ कृपा गरेर पर्वतको यस रमणीय गुफाभित्र प्रवेश गरिदिनुहोस् ॥४-७॥ सुग्रीवलाई मालिक बनाएर सबै वानरहरूलाई आनन्दित गराइदिनुहोस्।

हनुमान्ले यसो भनेको सुन्दा, बुद्धिमान्, बोल्नामा सिपालु, शत्रुघाती रामचन्द्र उनलाई भन्नलागेः—हे हनुमान् ! पिताको आज्ञापालन गर्नुपरेकोले चौध्र वर्षसम्म म कुनै गाउँ अथवा शहरभित्र प्रवेश गर्दिनँ। वानरश्रेष्ठ सुग्रीव समृद्धिशाली यस दिव्य गुफाभित्र प्रवेश गरून् र तिमीहरू सबै जना

मिलेर झट्टै यिनको विधिपूर्वक राज्यभिषेक गरिदिइहाल ।

हनुमान्‌लाई यति भनिसकेपछि रामचन्द्रजी सुग्रीवलाई भन्नलाग्नुभयो ॥८-११॥ हे सुग्रीव ! हेर, तिमी लोकव्यवहारमा चतुरा छौ, तसर्थ तिमीले यी वीर, चरित्रसम्पन्न, बली तथा पराक्रमी अंगदलाई युवराज पद दिनुपर्दछ ॥१२॥

यी तिम्रा जेठा दाजुका जेठा छोरा हुन् र पराक्रममा बाबुसमानका छन्, यिनको आत्मा उदार छ, अतएव यिनी युवराज हुने योग्य छन् ॥१३॥ हे सज्जन ! चौमासा शुरू भइसक्यो, यस चतुर्मासको यो श्रावण पहिला महीना हो, वर्षा ऋतुको चार महीनामा जलको वर्षा हुन्छ, तसर्थ अचेल उद्योग गर्ने समय होइन अर्थात् यस वर्षा ऋतुमा सीताजीको पत्ता लगाउने काम हुन सक्तैन, यसकारण तिमी आफ्नो रमणीय शहरभित्र प्रवेश गर र म लक्ष्मणको साथमा यस पर्वतमा वास गर्दछु ॥१४-१५॥

हे सज्जन ! पर्वतको यो गुफा रमाइलो र ठूलो छ, यहाँ हावा लाग्दछ, पानी प्रशस्त छ र कमलले सुशोभित पनि छ ॥१६॥ कार्तिकको महीना लागेपछि रावण-वधका लागि उद्योग गरे, हामीहरूले यस्तै निश्चय गरेका छौं, तसर्थ हे सज्जन ! अहिले आफ्नो घर जाऊ ॥१७॥ राज्यमा आफ्नो अभिषेक गराऊ र मित्र वानरहरूलाई प्रसन्न राख ।

रामचन्द्रजीको यस्तो आज्ञा पाएपछि वानरश्रेष्ठ सुग्रीवले, बालिले पालन गरिराखेको रमणीय किष्किन्धा नगरीमा प्रवेश गरे ।

वानरेश्वर सुग्रीवका साथसाथमा हज्जारौं वानर चारैतिरबाट यिनलाई घेरेर शहरभित्र पसे । वानरराज सुग्रीवलाई देख्नासाथ प्रजाहरूले भूइँमा टाउको राखी यिनलाई प्रणाम गरे र बलिया सुग्रीवले पनि यिनीहरू सबैलाई क्षेमकुशलको खबर सोधेर उठाए ॥१८-२१॥ महाबली सुग्रीवले बालिको महलभित्र प्रवेश गरे ।

परम पराक्रमी वानरश्रेष्ठ सुग्रीव महलभित्र आएपछि, जसरी देवताहरूले इन्द्रको अभिषेक गरेथे, त्यसै गरी मित्रहरूले यिनको अभिषेक गरे र सुनको डाँठ भएको सेतो छाता यिनका लागि लिएर आए ॥२२-२३॥ सुनको डाँठ भएका दुइटा सेता उत्तम चँवर, सबै प्रकारका रत्न, समस्त बीज तथा औषधिहरू, दूध निस्कने रूखका टुसा र फूलहरू, सेतो वस्त्र, सेतो बुकुवा, जल र स्थलमा हुने बास्ना आउने फूलका माला, दिव्य चन्दन, नाना प्रकारका सुगान्धत वस्तु, अक्षता, सुन, प्रियंगु, मह, सर्स्यु, घिउ, दहि, बाघको छाला, धेरै मोल पर्ने जुत्ता, समालम्भन नाम गरेको लेप, गोरोचन, मैनशील इत्यादि अभिषेकका वस्तु जम्मा पारिएका थिए र हँसिलो मुख भएका सोह्रओटी राम्रा राम्रा कन्या पनि त्यहाँ आइराखेका थिए ॥२४-२८॥ यसपछि वानरश्रेष्ठ सुग्रीवको विधिपूर्वक अभिषेक गर्नाका लागि वानर-हरूले रत्न, वस्तु तथा खाने पदार्थले सज्जन ब्राह्मणहरूलाई सन्तुष्ट गराए ॥२९॥ यसपछि वेदशास्त्र जान्नेहरूले वेदीमाथि कुश बिछ्याएर मन्त्र पढ्दै बल्दो आगोमा धिउको आहुति दिनलागे ॥३०॥ होम भइसकेपछि चित्र विचित्रका मालाले सुशोभित भइरहेको, रमणीय महलको अग्लो जग्गामा, सुनका

खुट्टा भएको, राम्रो ओछ्यान बिछ्याएको आसनमा विविध प्रकारका मन्त्र पढ्दै पूर्वतिर मुख फर्काएर सुग्रीवलाई बसाले । सबै नद, नदी जताततैको तीर्थस्थान तथा सबै समुद्रबाट ल्याइराखेको पवित्र जल वानरहरूले सुनको घडामा भरेर राखेका थिए ॥३१-३२॥

अब गज, गवाक्ष, गवय, शरभ, गन्धमादन, मैन्द, द्विविद, हनुमान्, जाम्बवान्, यी प्रधान वानरहरूले राम्रा राम्रा गोरूका सीङले बनेको पात्र तथा सुनको कलशमा यो सुगन्धित तथा निर्मल जल भरेर शास्त्रमा लेखिएको विधिअनुसार तथा महर्षिहरूको आज्ञाअनुसार, जसरी आठ वसुहरूले इन्द्रको अभिषेक गरेथे, त्यसै गरी सुग्रीवलाई स्नान गराई यिनको अभिषेक गरे ॥३३-३६॥ यस प्रकारसँग सुग्रीवको अभिषेक भएपछि सयकडौं हज्जारौं प्रधान महात्मा वानरहरूले आनन्दको ध्वनि गरेर आफ्नो हर्ष प्रकट गरे ॥३७॥

वानरराज सुग्रीवले रामचन्द्रको आज्ञा मानेर अंगदलाई अँगालो हाली युवराजको पदमा यिनको अभिषेक गराइदिए ॥३८॥ अंगदको अभिषेक भएको देख्ता सबै दयालु महात्मा वानरहरूले 'वाह वाह' भनेर सुग्रीवको प्रशंसा गरे ॥३९॥ सुग्रीवको र अंगदको अभिषेक भइसकेपछि सबै वानरहरू खुशी भई वारंवार महात्मा राम र लक्ष्मणको पनि प्रशंसा गर्नलागे ॥४०॥ पर्वतको गुफाभित्र रहेको किष्किन्धा नगरी, प्रसन्न चित्त भएका मानिसले भरिभराउ भएको तथा ध्वजा-पताकाले सुशोभित भएको हुनाले बडो रमणीय देखिनलाग्यो ॥४१॥

वानरराज सुग्रीवले महात्मा रामचन्द्रलाई अभिषेकको सबै कुरा सुनाए । आफ्नी स्वास्नी रुमालाई पाए र वीर्यवान् सुग्रीवले, इन्द्रले झैं, वानरहरूको राज्य भेट्टाए ॥४२॥

सर्ग—२७

राम, लक्ष्मण दुवै भाइको प्रस्रवण पर्वतमा कुरा ।

अभिषेक भइसकेपछि वानरराज सुग्रीवले किष्किन्धाभित्र प्रवेश गरे र रामचन्द्रजी भाइ लक्ष्मणलाई साथमा लिएर प्रस्रवण पर्वतमा आए ॥१॥ यो पर्वत बाघ र मृगहरूको शब्दले प्रतिध्वनित भइरहेको थियो, भयङ्कर आवाज निकाल्ने सिंहहरू जताततै घुमिरहेका थिए, नाना प्रकारका लता गुल्म तथा किसिम किसिमका रूखले यो परिपूर्ण थियो॥२॥ भालु, वानर, गोपुच्छ तथा वनबिरालाहरू यहाँ वास गर्दथे, यो पर्वत मेघको घटा जस्तो देखिन्थ्यो, यो बडो पवित्र र सदा कल्याण गर्ने ठाउँ थियो ॥३॥ यस पर्वतको टाकुरामा बडेमानको एउटा गुफा देखेर रामचन्द्रले भाइ लक्ष्मणको साथमा यहाँ वास गर्ने इरादा गरे ॥४॥ निष्पाप रामले सुग्रीवको साथमा वर्षाभरि यहीं बस्ने निर्णय गरिसकेका थिए ।

यस समयमा रामचन्द्रजी वर्षाकाललाई सुहाउने किसिमको रमाइलो कुरा लक्ष्मीको वृद्धि गर्ने, आफ्ना नम्र भाइ लक्ष्मणलाई भन्नलागे :—पर्वतको यो गुफा ठूलो र रमणीय छ, यहाँ हावा पनि लाग्दछ ॥५-६॥ हे शत्रुलाई ताप पार्ने लक्ष्मण ! वर्षाभरि हामी यहीं बसौं । हे राजपुत्र ! पर्वतको यो

टाकुरा बडो राम्रो र रमणीय छ ॥७॥ यहाँ जताततै सेता, काला, राता ढुङ्गा देखिन्छन्, नाना प्रकारका धातु छन् । यस ठाउँमा खोलाका झ्यागुताहरूको आवाज सुनिन्छ ॥८॥ यहाँ नाना प्रकारका रूखहरूको समूह तथा किसिम किसिमका लहराहरू छन् । अनेक किसिमका चरा चुरुङ्गीहरू बोलिरहेका छन्, मयूरहरूको बोली पनि जताततै सुनिन्छ ॥९॥ मालती, कुन्द, गुल्म, सिन्दुवार, शिरीष, कदम्ब, अर्जुन, सर्ज आदि गरिएका रूखमा फूल फुलिरहेका छन् र यिनले गर्दा वनको शोभा बढिरहेको छ ॥१०॥ हे राजपुत्र ! फूल फुलेका कमलले गर्दा यो सानो तलाउ सुशोभित भइरहेको छ, हाम्रो गुफाबाट यो धेरै टाढा पर्दैन ॥११॥ यस गुफाको पूर्वपट्टिको जग्गा होचो हुनाले यहाँ बस्न बडो सुविस्ता हुनेछ र पश्चिमपट्टिको जग्गा अग्लो परेकोले वर्षाकालमा हावाको झोंका आउन पाउनेछैन ॥१२॥ हे लक्ष्मण ! गुफाको ढोकानेरको यो सम्म परेको लामो च्याप्टो कालो ढुङ्गा अञ्जन थुपारेर राखेको जस्तो देखिन्छ ॥१३॥ हे लक्ष्मण ! हेर त यो पर्वतको टाकुराको उत्तरपट्टि कस्तो राम्रो देखिनलागेको छ, अञ्जन थुप्र्याइराखेको अथवा कालो बादल उठिरहेको जस्तो देखिनलागेको छ ॥१४॥ दक्षिण दिशातिर पनि कैलाश पर्वतको टाकुरा जस्तो सेतो वस्त्रसमानको नाना किसिमका धातुले रंगिएको टाकुरा देखिनलागेको छ ॥१५॥ चित्रकूट पर्वतमा गंगाले शोभा दिएझैं गुफाको अघिल्तिर पूर्ववाहिनी नदीले शोभा दिइरहेकी छन् । यसमा हिलो भनेको छँदैछैन ॥१६॥ चन्दन, तिलक, साल, तमाल, अतिमुक्तक, पद्मक, सरल र अशोकका रूखले यो नदी शोभायमान भइरहेको छ ॥१७॥ वानीर, तिमिद, बकुल, केतक, हिन्ताल, तिनिस, कदम र बेतका रूखको माला यस नदीले धारण गरिराखेको छ ॥१८॥ लुगा, गहनाले सिंगारिएकी आइमाईको जस्तो शोभा हुन्छ त्यस्तै गरी किनारमा जताततै उम्रेका नाना प्रकारका यी रूखले गर्दा यस नदीको शोभा भइरहेको छ ॥१९॥ नाना प्रकारका रत्नले युक्त भएको, रमणीय किनारा भएको, हाँस, सारस आदि गरिएका पक्षीले वास गरिएको यो नदी नील कमलले ढाकिएको देखिन्छ, कहीं रातो कमलले कही सेतो कमलले र कतै दिव्य पुष्पको कोपिलाले यसको शोभा भइरहेको छ ॥२०-२२॥ जलमा रहने परिप्लव नाम गरेका सयकडौं पक्षीले यहाँ वास गरेका छन् । :मयूर, क्रौञ्च, यस नदीको तीरमा आवाज गर्दछन्, मुनिजनहरूद्वारा वास गरिएको यो नदी हेर्दा बडो राम्रो र रमणीय छ ॥२३॥

चन्दन, वृक्ष, तथा ककुभ वृक्षका पंक्तिलाई ता हेर, यी पंक्तिहरू मनअनुसार नै उत्पन्न भएका जस्ता देखिन्छन् ॥२४॥ हे शत्रुको विनाश पार्ने लक्ष्मण ! यो ठाउँ बडो रमाइलो रहेछ । हामीहरू यहाँ बडो आनन्दसँग सुखपूर्वक बसौंला ॥२५॥ हे राजकुमार ! राम्रो वन भएको सुग्रीवको रमणीय किष्किन्धा नगर पनि यहाँबाट टाढा पर्दैन ॥२६॥ हे विजयीहरूमा श्रेष्ठ ! गर्जना गर्ने बानरहरूले मृदङ्गको आवाजको साथमा गरेको गाना बजानाको शब्द यहाँबाट सुनिन्छ ॥२७॥ स्त्री र राज्य-भेट्टाएको तथा ठूलो सम्पत्ति पाएकोले अवश्यै सुग्रीव आफ्ना साथीहरूको साथमा आनन्द मनाइरहेका होलान् ॥२८॥

यति भनेर रामचन्द्रजी लक्ष्मणको साथमा त्यस प्रस्रवण पर्वतमा बस्नलागे जहाँ कि अनेक गुफा

तथा लताले बेह्रिएका कुञ्ज थिए ॥२९॥ त्यस पर्वतमा सुखका अनेक साधन थिए तापनि त्यहाँ बस्ताखेरि रामचन्द्रलाई अलिकता पनि खुशीयाली भएन ॥३०॥ प्राणभन्दा पनि प्यारी, आफ्नी हरिएकी स्वास्नीको संझना हुँदा, विशेष गरेर उदयाचलमा चन्द्रमालाई उदाएको देखेपछि रातमा ओच्छयानमा सुत्ताखेरि रामचन्द्रलाई निद्रा पर्दैनथ्यो, सीताको वियोगमा यिनी ज्यादै रुन्थे र बेहोश जस्तो पर्दथे ॥३१-३२॥

यस प्रकारसँग सदा शोक सुर्ता गरिरहने रामचन्द्रलाई उनका दुःखका साथी लक्ष्मणले नम्रतापूर्वक भने ॥३३॥ हे वीर ! चित्तलाई चञ्चल पार्नु ठीक छैन, तपाईंले शोक गर्न मुनासीब पर्दैन कारण तपाईंलाई यो कुरा थाहै छ कि शोक गर्ने मानिसले सधैं दुःख भोग्नुपर्दछ ॥३४॥ हे राम ! तपाईं ता यस संसारमा उद्योग गर्ने, देवताहरूमा भक्ति राख्ने, ईश्वरविश्वासी, धर्मात्मा, तथा मेहनती ठहरिनु-भएको छ ॥३५॥ कुनै प्रकारको उद्योग नगरेर तपाईंले आफ्नो चित्त यस्तै व्याकुल पारिराख्नुभयोभने ता पराक्रमको विषयमा छल कपट गर्ने आफ्नो शत्रु राक्षसलाई युद्धमा कसरी मार्न सक्नुहोला ? ॥३६॥ आफ्नो मनबाट शोकरूपी रूखलाई जरैदेखि उखेलिदिनुहोस् र उद्योग गर्नेपट्टि मन स्थिर गर्नु-होस् त्यसो गरेमात्र तपाईं सपरिवार राक्षसको अर्थात् रावणको वध गर्न सक्नुहुनेछ ॥३७॥ हे राम ! तपाईं ता सागर, वन तथा पर्वतसहितको यस पृथ्वीलाई पल्टाउन सक्नुहुन्छभने रावणलाई मार्नु ता एउटा मामूली कुरा हो ॥३८॥ अहिले वर्षाकाल लागिहाल्यो, अब शरत्कालसम्म पर्खनुहोस् अनि राज्य तथा परिवारसहित रावणलाई मार्नुहोला ॥३९॥ जसरी खरानीले छोपिएको आगोलाई आहुति द्वारा प्रदीप्त गरिन्छ त्यसै गरी सुतिराखेको तपाईंको पराक्रमलाई म बिउँझाइरहेको छु ॥४०॥

लक्ष्मणका हित गर्ने तथा मंगलमय कुरा सम्मानपूर्वक मानेर रामचन्द्रजी स्नेही मित्र लक्ष्मणलाई यी कुरा भन्नलाग्नुभो ॥४१॥ अनुरागी, स्नेही, हितेच्छु तथा सत्यपराक्रमीलाई जसरी संझाउनुपर्दछ, हे लक्ष्मण ! तिमीले पनि मलाई त्यसै गरी संझायौ ॥४२॥ सब प्रकारको कामलाई बिगार्ने शोक अबलाई मैले छाडिदिएँ, अब म पराक्रमसम्बन्धी आफ्नो रोकिएर रहेको तेजको स्मरण गर्दछु ॥४३॥ सुग्रीव तथा नदीहरूको प्रसन्नताको चाहना गर्दै (धेरै दिनसम्म दुःख पाएकोले सुग्रीवले विश्वासघात गर्ने-छैनन् र वर्षाकाल सकिएपछि नदीहरूलाई पनि पार गर्न सकिनेछ) म तिम्रो कुरा मानेर शरत्कालको प्रतीक्षा गरी बस्तछु ॥४४॥ वीर पुरुषका साथमा कसैले केही उपकार गर्योभने तिनीहरू अवश्यै त्यसको सट्टामा आफूले पनि उपकार गर्दछन्, अकृतज्ञ भएर अर्काले गरेको उपकार बिर्सी प्रत्युपकार नगर्नु ता यिनीहरूबाट हुन सक्तैन । यस्तो कुराको विचार गर्दा महात्माहरूको मनमा घात पर्न जान्छ अर्थात् मैत्री स्थिर रहन सक्तैन ॥४५॥

रामचन्द्रले भनेको कुरा ठीक हो भन्ने संझेर लक्ष्मणले हात जोरेर उनको कुराको प्रशंसा गरे र आफ्नो सुन्दर ज्ञान प्रकाशित गर्दै, हेर्दैखेरि मनलाई आनन्द गराउने रामलाई भन्नलागे ॥४६॥ हे नरेन्द्र ! तपाईंले भन्नुभएको कुरामा म पनि सहमत छु, वानरवर सुग्रीव अब चाँडै नै तपाईंलाई

सहायता गर्ने काममा लाग्नेछन्। शत्रुवधका लागि दृढ प्रतिज्ञा गर्ने तपाईंले यो बर्सातको समय बिताउनै पर्‍यो र शरत्कालसम्म पर्खेर बस्नुपर्‍यो ॥४७॥ रिस थामेर शरत्कालको प्रतीक्षा गर्नुहोस्। सिंहले वास गरिएको यस पर्वतमा, चार महीना, मेरो साथमा बसेर बिताउनुहोस्। जुनसुकै समयमा पनि शत्रुलाई मार्न समर्थ हुनुहुन्छ तापनि तपाईंले यस धर्मको पालना गर्नुपर्दछ ॥४८॥

सर्ग—२८

रामचन्द्र वर्षा ऋतुको शोभा वर्णन गर्दछन्।

बालिलाई मारी सुग्रीवको अभिषेक गरेर माल्यवान् पर्वतमा बस्नलागेका राम लक्ष्मणलाई भन्नलागे ॥१॥ हेर, पानी बर्सने समय आइपुग्यो, पर्वतसमानका मेघले आकाशलाई घेरिराखेको हेर ॥२॥ आकाश-मण्डल, सूर्यका किरणद्वारा समुद्रका जलको पान गरी नौ महीनासम्म सो जललाई गर्भमा धारण गरिसकेपछि लोकको उपकार गर्ने रसायनस्वरूप जलको वर्षा गर्दछ ॥३॥ यस समयमा यी मेघरूपी भर्‍याङद्वारा आकाशमा चढेर कुटज, अर्जुन आदि गरिएका फूलका माला सूर्य भगवानलाई पहिराउन सकिन्छ ॥४॥

सन्ध्या कालको रातो रंगले रंगिएका सेतो किनारा भएका रसिला मेघरूपी लुगाले आकाशले आफ्नो घाउमा पट्टी बाँधिराखेको जस्तो देखिन्छ ॥५॥ विस्तारै बहने हावा जसको निश्वास छ र जसले सन्ध्यारूपी चन्दन धारण गरिराखेको छ, र जसमा सेतो रङ्गको बादल वर्तमान छ, यस्तो यो आकाश कामातुर जस्तो देखिनलागेको छ ॥६॥ ग्रीष्म ऋतुको घामले तातेकी यी पृथ्वी नयाँ पानी छर्किएकोले शोकले पीडित भएकी सीताजीझैं आँसु (बाफ) निकालिरहेकी छन् ॥७॥ मेघको गर्भबाट निस्केको, कपूरको पात जस्तो शीतल, केवडाको गन्धले गर्दा बास्ना आइरहेको हावा अँजुलीले पिइने योग्य भइरहेको छ ॥८॥ यस पर्वतमा अर्जुनका रूख फुलिराखेका छन्, यो केवडाको सुगन्धले गर्दा सुवासित भइरहेको छ। सुग्रीव जस्तै शत्रुहीन भएको यस पर्वतलाई जलको धाराले अभिषेक गरिरहेको छ ॥९॥ मेघरूपी कालो मृगचर्म धारण गर्ने जलधारारूपी जनै धारण गर्ने, वायुपूर्ण गुफा भएका यी पर्वत वेदाध्ययन गर्नलागेका बटुकहरूको जस्तै शोभा दिइरहेका छन् ॥१०॥ यस वर्षाकालमा आकाशको बीचमा जो मेघ गर्जेको सुनिन्छ त्यो ता बिजुलीरूपी सुनको कोर्राले ठोकिएको हुँदा आकाशले पीडित भई आर्तनाद गरेको जस्तो लाग्द छ ॥११॥ काला काला बादलमा चम्किरहेको यो बिजुली रावणको काखमा छटपटाउनलागेकी तपस्विनी वैदेही जस्तो देखिनलागेको छ ॥१२॥ मेघले परिपूर्ण भएको आकाशमा ग्रह तथा चन्द्रमा केही पनि देखिनलागेको छैन, पूर्व, पश्चिमको भेदसम्म पनि थाहा हुँदैन, अतएव यी दिशाहरू कामी जनलाई सुख दिने भइरहेका छन् ॥१३॥

हे लक्ष्मण! यस पर्वतका टाकुरामा फूल फुलिराखेका कुटजका रूखलाई ता हेर, पानी पर्नाले पृथ्वीबाट उठेको बाफले युक्त भएका यिनीहरू वर्षाका लागि अति उत्कण्ठित भइरहेका छन् र शोकले

पीडित भइराखेको मेरो कामलाई प्रज्वलित गर्दै खडा भइरहेका छन् ॥१४॥ यस वर्षा कालमा धूलो उड्न बन्द भइसक्यो, चिसो हावा चल्नथालेको छ, गर्मीका जति दोष थिए, ती सबै दूर भइगए, राजाहरूको अन्य देशमाथिको आक्रमण रोकिरहेको छ, परदेशतिर लागेका मानिस आफ्ना आफ्ना प्यारीको विरह खप्न नसकी आफ्नो आफ्नो देशतिर फर्कनलागिरहेका छन् ॥१५॥ मानसरोवरमा बस्न रुचाउने चखेवा चराहरू आफ्ना आफ्ना प्यारी चखेवीलाई साथमा लिई मानसरोवरतिर लागे। निरन्तरको वर्षाले गर्दा ठाउँठाउँमा बाटो बिग्रन गएकोले रथ आदि गरिएका सवारीहरूको आवत जावत बन्द भइराखेको छ ॥१६॥ जसरी शान्त महासागरको स्वरूप बीचबीचमा पर्वत पर्नाले कहीं देखिन्छ कहीं देखिन्न त्यस्तै गरी जताततै मेघ छरिइरहेकोले कतै आकाशमा प्रकाश देखिन्छ कतै देखिन्न ॥१७॥ यी पर्वतका खोलाहरू वर्षाको नयाँ जल पर्नाले कस्तो छिटोसँग बगिरहेका छन्। साखू, तथा कदम्बका फूलले युक्त भएको यो जल, पर्वतका धातुहरूसंग मिसिएकोले तामाको जस्तो रातो रंगको भइरहेको छ, हेर त, यो जल बग्दाखेरि मयूरहरू कसरी बोल्दछन् ॥१८॥ रस भरिएको, भमरा जस्तो कालो जामुनको फल मानिसहरू खूबसंग खाइरहेका छन्, अनेक रंगका पाकेका आँपका फल हावाको झोंकाले भूइँमा झरिरहेका छन् ॥१९॥

बिजुलीरूपी पताका लगाएका, बकुल्लाको पंक्तिको माला पहिरेका, पर्वतको टाकुरासमान विशाल, घोर गर्जन गर्ने यी मेघहरू, रणभूमिमा उभिएका मतवाला हात्तीहरूझैं गर्जना गरिरहेका छन् ॥२०॥

वर्षाको जलले जसको घाँस पखालिएको छ, जहाँ मयूरहरू नाच्नथालिसकेका छन्, जहाँ मेघहरू खूब पानी बर्साएर अहिले थामिएका छन्, यस्तो वन मध्यान्हकालपछि कस्तो शोभा दिइरहेको छ, हेर त ॥२१॥ पानीको गह्रौं भारी बोकेका, बकुल्लाको पंक्तिले युक्त भएका, गर्जन गर्ने यी मेघहरू, पर्वतका ठूला ठूला टाकुरामा वारंवार विश्राम गर्दै अगाडि अगाडि गइरहेका छन् ॥२२॥ गर्भ धारणका लागि मेघप्रति अनुराग राख्ने प्रसन्नचित्त बकुल्लाको पंक्तिले, हावाले कम्पायमान गराइरहेको आकाशको रमणीय घाँटीमा झुण्डिएको अत्युत्तम सेतो कमलको लामो माला झैं शोभा दिइरहेको छ ॥२३॥ बीच बीचमा इन्द्रगोपले सिंगारिएका हरिया हरिया घाँसले यस पृथ्वीको ठीक त्यस्तै शोभा भइरहेको छ जस्तो कि रातो बुट्टा भएको हरियो पछ्यौरा ओढ्नाले कुनै आइमाईको शोभा हुन्छ ॥२४॥ यस वर्षा कालमा निद्रा विष्णु भगवान्कहाँ जान्छिन्, नदी वेगसित समुद्रमा मिसिन पुग्दछन्, बकुल्लाको पंक्ति प्रसन्न भई मेघ-मण्डलतिर उड्दछ र कामिनी स्त्रीहरू आफ्ना प्रियतम पतिको नजीक पुग्दछन् ॥२५॥ वनमा चारैतिर मयूरको नाच हुनलागेको छ, कदमको रूखको हाँगामा कदमका फूल फुलिरहेका छन्; गोरूहरू गाईमाथि कामातुर भइरहेका छन्, र अन्नको बालीले गर्दा पृथ्वी रमणीय देखिनलागेको छ ॥२६॥

नदी बगिरहेका छन्, मेघ बर्सिरहेका छन्, मतवाला हात्ती गर्जिरहेका छन्, वनभित्रको जग्गाले शोभा दिइरहेको छ, प्यारीको विरहमा स्त्रीरहित पुरुष ध्यान गरिरहेका छन्, मयूर नाच्न-

लागिरहेका छन् र वानरहरू चित्तलाई संझाइरहेका छन् ॥२७॥ केवडाको फूलको गन्ध सुँघ्नाले प्रसन्न भएका, वनभित्र खोलानालामा पानी खसेको आवाज सुन्दा चित्त चञ्चल भएका, मतवाला हात्तीहरू पानीको झरनानेर मयूरको साथसाथै गर्जिरहेका छन् ॥२८॥ कदमको हाँगामा झुण्डिरहेका भ्रमराहरू पानीको धाराको धक्का खानाले, फूलको रस पान गर्नाले त्यै वेलामा उत्पन्न भएको आफ्नो मद विस्तारै विस्तारै त्याग गरिरहेका छन् ॥२९॥ कोइलाको धूलोको थुप्रो जस्तो कालो, रस भरिएको धेरै धेरै फलले गर्दा जामुनाको रूखको हाँगा भमराहरू टाँसिएर त्यहाँ रसपान गरिरहेका छन् कि जस्तो देखिनलागेको छ ॥३०॥ विजुलीरूपी पताकाले सिंगारिएका, टाढासम्म फैलिएका, बडो गम्भीर शब्द निकाल्ने, यी मेघहरूको रूप युद्ध गर्न तयार भइराखेका हात्तीहरूको जस्तो देखिन्छ ॥३१॥ पर्वतको वनमा भ्रमण गर्ने, युद्ध गर्ने इच्छाले बाटोमा गइरहेको यो मतवाला हात्ती मेघको शब्द सुन्दा शत्रुदलको हात्तीले गर्जेको हो कि भन्ने शंका गरेर युद्ध गर्नालाई फेरि फर्किरहेको छ ॥३२॥ वनभित्रको जग्गा अनेक प्रकारका वस्तुले भिन्नाभिन्न किसिमको देखिनलागेको छ, भ्रमराहरूको बथानले गर्दा कहीं गाउनलागेको जस्तो, मयूरहरूले गर्दा कतै नाच्नलागेको जस्तो र मत्ता हातीले गर्दा कुनै ठाउँमा प्रमत्त जस्तो भइरहेको छ ॥३३॥ कदम, सर्ज, अर्जुन, स्थलकमलले युक्त भएको, जलरूपी मेघले परिपूर्ण भइराखेको यो वनभूमि मत्त परेका मयूरहरूको शब्द तथा नाचले गर्दा रक्सी बेच्ने भट्टीवालाको पसल जस्तो देखिनलागेको छ ॥३४॥

पानीले गर्दा प्वाँख नराम्रो भइराखेका तिर्खाएका चराहरू इन्द्रले दिएको, मोतीसमान, झरेको पातको टुप्पामा टाँसिरहेको निर्मल जल प्रसन्न भई पिइरहेका छन् ॥३५॥ भ्रमराहरू भूं भूं गरिरहेका छन् मानो त्यो वीणाको शब्द भइरहेको छ, भ्यागुताहरूको शब्द ता यिनीहरूले घाँटीद्वारा ताल दिइरहेको जस्तो छ, मेघको गर्जना हुनलागेको छ । त्यो ता मृदङ्ग बजिरहको जस्तो छ, यस प्रकारसँग वनमा संगीत प्रारम्भ भएको जस्तो देखिन्छ ॥३६॥ यी मयूर कहीं नाचिरहेका छन् , कहीं शब्द गरि-रहेका छन् र कहीं गहनास्वरूप आफ्नो लामो पुच्छर लतारेर रूखको हाँगामा बसिरहेका छन्, अत-एव यिनीहरूद्वारा वनमा संगीत प्रारम्भ भएको जस्तो भान हुन्छ ॥३७॥ धेरै बेरदेखि सुतिरहेका यी वानरहरू मेघको शब्द सुन्दा बिउँझेर उठेका छन् । अनेक रूप, अनेक आकार, अनेक वर्ण तथा अनेक प्रकारका शब्द गर्ने यी वानरहरू नयाँ जलको धाराले भिजेर आवाज गरिरहेका छन्॥३८॥ चखेवा चराहरू नदीमा पौडनलागेका देखिन्छन् , आफ्नो जीर्ण तटलाई भत्काएर नदीले बगाइदिएका छन् । वर्षाको नयाँ जलले पूर्ण भएकोले गर्वित भएका यी नदीहरू भोग गराउने इच्छाले समुद्ररूपी आफ्ना पतिकहाँ हतपतसँग जानलागिरहेका छन् ॥३९॥ जसरी दावाग्निले डढेको पर्वतमा नीलो जलले भरिएको बादल भित्र आउँदा त्योसमेत डढेलो लागेको पर्वत जस्तो देखिन्छ त्यसै गरी नीला नीला बादलका जलले भरिएको नीलो मेघ मिसिन आउँदा यी दुवै थरीका बादल एउटै जरोमा बाँधिएका जस्ता देखिन्छन् ॥४०॥ जहाँ मतवाला मयूरहरू बोलिरहेका छन् , जहाँ इन्द्रगोपले युक्त भएको घाँस लहलहाइरहेको छ र जो

कदम तथा अर्जुनका फूलले सुवासित भइरहेको छ, यस्तो रमणीय जंगलमा हात्तीहरू डुलफिर गरिरहेका छन् ॥४१॥ भ्रमराहरू नयाँ जलको धाराले केशर छ्यान्नब्यान्न भइराखेका कमलको फूललाई छाडेर प्रसन्नतासाथ केशरयुक्त नयाँ कदमका फूलको रसपान गरिरहेका छन् ॥४२॥ वर्षाकालको यस समयमा हात्तीहरू मस्त छन्, गोरूहरू प्रसन्न भइराखेका छन्, सिंहहरू अतिशय पराक्रम गरिरहेका छन्, पर्वतहरू मनोहर देखिनलागेका छन्, राजाहरू चूपचाप लागेर बसेका छन् र इन्द्रजी मेघहरूसित क्रीडा गर्न लागेका छन् ॥४३॥ मेघको गर्जनाले समुद्रको शब्दलाई दबाइदियो, जलको भारी बोकिराखेका आकाशमा झुण्डिरहेका यी बादलहरूले जलधाराद्वारा नदी, तलाउ, सरोवर, पोखरी र सम्पूर्ण पृथ्वीलाई भर्नलागेका छन् ॥४४॥ बडो वेगले निरन्तर पानी बर्सिरहेको छ, हावा पनि बडो जोरसँग चल्नलागेको छ, यी नदीहरू मर्यादारूपी आफ्ना किनारालाई फोरफार पारेर अत्यन्त वेगसँग कुमार्गमा बग्नलागिरहेका छन् ॥४५॥ जसरी राजा मनुष्यद्वारा ल्याइएको जलद्वारा अभिषिक्त भई शोभित हुन्छन् त्यसै गरी इन्द्रले दिएका, हावाले उडाएर ल्याएको मेघरूपी घडाको जलले अभिषिक्त भई यी बडा बडा पर्वत आफ्नो रूप तथा शोभा देखाइरहेका छन् ॥४६॥ आकाशलाई मेघले यसरी ढाकिदिएको छ कि न तारा देखिन्छन् न सूर्यको दर्शनै पाइन्छ । पृथ्वी नयाँ जलको धाराले तृप्त भइसकिन्, अन्धकारले सबै दिशालाई यसरी छोपिराखेको छ कि कतै पनि यिनको प्रकाश देखिनलागेको छैन ॥४७॥ पहाडहरूका ठूला ठूला शिखरहरू पानीको धारा खस्नाले पखालिएका छन्, बडे बडे पानीका झरनाले गर्दा टाकुराहरूको यस्तो शोभा भइरहेको छ मानो यिनीहरूले अतिशय लामो मोतीको माला पहिरिराखेका हुन् ॥४८॥ पर्वतका ठूला ठूला झरनाको पानी चट्टानमा वेगसँग ठक्कर खाएर मयूरको शब्दले गुंजायमान भइराखेको गुफामाथि यताउति छरिएर खस्दा धागो चुँडिनाले हारको मोती छरिएको हो कि जस्तो देखिन्छ ॥४९॥ बडो वेगसँग बग्ने पर्वतका पानीका छहराहरू, पर्वतको टाकुराका नजीकका अनेक ठाउँलाई छुँदै पखाल्दै बडो जोरसँग जब तल झर्दछन् त्यस बखतमा यिनीहरूलाई ठूलाठूला गुफाले काखमा मोती बटुलेर राखेझैं त्यहीं रोकिदिन्छन् ॥५०॥ रति समयमा झड्काले चुँडेको स्वर्गीय आइमाइको हारको मोती छरिएझैं यो जलधारा चारै दिशातिर जताततै झर्न लागिरहेको छ ॥५१॥ चराहरू नदेखिनाले, कमलको फूल संकुचित भएकोले, र मालतीको कोपिला फुल्नाले सूर्य अस्ताएछन् भन्ने थाहा हुन्छ ॥५२॥ यस समयमा राजाहरूको यात्रा बन्द भइराखेको छ । फौज जहाँको तहीं बाटोमा अडिरहेको छ । यस बखतमा जलवृष्टिले दुश्मनी तथा बाटो दुवैलाई एकैनासको गराइदियो अर्थात् दुवैलाई रोकिदियो ॥५३॥

हे लक्ष्मण ! सामवेदको अध्ययन गर्न खोज्ने ब्राह्मणहरूको लागि यो भदौको महीना अध्ययन गर्ने समय हो अर्थात् उपकरण काल हो (भदौ महीनामा सामवेदको अध्ययन प्रारम्भ हुन्छ) ॥५४॥ कोशलाधिपति भरतले ता कर इत्यादि असूल गर्ने काम सिध्याएर चतुर्मासको निम्ति खाने लाउने कुरा घरमा जम्मा गरी आषाढको पूर्णिमादेखि कुनै व्रत अवश्यै गर्नथालेका होलान् ॥५५॥ वनयात्राबाट

मैले घर फर्कंदाखेरि अयोध्यावासीहरूको जस्तो शब्द हुनेछ त्यस्तै शब्द अहिले वर्षाको जलले पूर्ण भएकोले, वेग बढिरहेको सरयूनदीको भइरहेको होला ।।५६।। वर्षाका समस्त गुण पूरा तवरसँग प्रकाशित भइरहेका छन्, यस समयमा सुग्रीव सुख भोग गरिरहेका होलान्, किनकि यिनको शत्रुको विनाश भइहाल्यो, स्वास्नी पनि भेट्टाइहाले र आफ्नो ठूलो राज्यसमेत पाइहाले ।।५७।। मेरी स्त्रीको भने हरण भइराखेको छ, ठूलो राज्यबाट आफ्नो निकाला भइराखेको छ । हे लक्ष्मण ! यस समयमा म जलको वेगले भत्केको नदीको तीरझैं दुःख पाइरहेको छु ।।५८।। मेरो शोक बढिराखेको छ, अत्यन्त दुर्गम वर्षाकाल आइराखेको छ र रावण बडो ठूलो शत्रु छ; अतएव यी सबै मलाई अपार देखिनलागेका छन् ।।५९।। वर्षाले गर्दा शत्रुमाथि आक्रमण हुन सक्तैन कारण बाटो बिग्रिराखेको छ, यसैले सुग्रीवले सीताको खोज पत्ता लगाउने कुरा गर्दा पनि मैले उनलाई केही पनि भनिनँ ।।६०।। अनेक कष्ट भोगेर धेरै दिनपछि सुग्रीवको आफ्नी स्वास्नीसँग भेट भएको छ र मेरो काम ठूलो हुनाले थोरै दिनमा सकिने किसिमको छैन, अतएव म अहिले सुग्रीवलाई केही पनि भन्न चाहन्नँ ।।६१।। विश्राम गरिसकेपछि उद्योग गर्ने समय आएमा सुग्रीव आफैं मैले गरेको उपकार संझिहाल्लान्, यसमा केही सन्देह छैन ।।६२।। यसै कारणले हे लक्ष्मण ! नदी तथा सुग्रीवको प्रसन्नताको चाहना गर्दै म समय पर्खेर बसिरहेको छु ।।६३।। जो वीर छन् तिनीहरू अवश्यै उपकार गर्नेहरूमाथि प्रत्युपकार गर्दछन्, जो कृतघ्न हुन्छ त्यसले मात्र उपकारको सट्टामा प्रत्युपकार गर्दैन, यस्तो कुराको विचार गर्दा महात्माहरूको मनमा घात पर्न जान्छ अर्थात् मैत्री स्थिर रहन सक्तैन ।।६४।।

रामचन्द्रले भनेको कुरा ठीक हो भन्ने संझेर लक्ष्मणले हात जोरेर उनका कुराको प्रशंसा गरे र आफ्नो सुन्दर ज्ञान प्रकाशित गर्दै, हेदखेरि मनलाई आनन्द गराउने रामलाई भन्नलागे ।।६५।। हे नरेन्द्र ! तपाईंले भन्नुभएको कुरामा म पनि सहमत छु, वानरवर सुग्रीव अब चाँडै नै तपाईंलाई सहायता गर्ने काममा लाग्ने छन् । शत्रुवधका लागि दृढ प्रतिज्ञा गर्ने तपाईंले यो बर्सातको समय बिताउनै पर्‍यो र शरत्कालसम्म पर्खेर बस्नुपर्‍यो ।।६६।।

सर्ग—२९

हनुमान् सुग्रीवलाई सीताको खोजमा लाग्न संझाउँछन् ।

आकाशलाई निर्मल भएको, बिजुली चम्कन छोडेको, बकुल्लाको झुण्ड हटेको, आकाशमा सारसको बथान बोल्नलागेको र रमणीय जूनको उज्यालो फैलिनलागेको देखेर हनुमान् सुग्रीवको नजीक गए ।।१।। यिनले सुग्रीवलाई आफ्नो मनोरथ पूर्ण गरेर धर्म र अर्थको संग्रह गर्नामा शिथिल हुनलागेको, असत् मानिसको बाटो पक्रेर काम भोगको निम्ति एकान्त ठाउँ रुचाउनलागेको देखे ।।२।। आफ्नो शत्रु बालिको वध भएकोले यिनले निष्कण्टक राज्य भेट्टाइहालेका थिए । आफ्ना सबै अभिलाषा पूर्ण भएकोले यिनी आइमाईमा लग्गु भइरहेका थिए ।।३।। आफ्नी स्वास्नी रुमा र सुन्दरी प्यारी तारालाई

पाएकोले मनमा कुनै प्रकारको फिक्री नलिई कृतार्थ भई दिनरात यिनीहरूको साथमा आमोद प्रमोदमा व्यस्त रहन्थे ॥४॥ देवराज इन्द्र जसरी गन्धर्व र अप्सराहरूले घेरिएर क्रीडा गर्नामा लागिरहन्छन् त्यसै गरी यिनी पनि विहार गर्नामा लागेका थिए, राजकाजको काम जम्मै मन्त्रीहरूको जिम्मामा छाडेर यसतर्फ दृष्टि दिन छाडिसकेका थिए ॥५॥ मन्त्रीहरू कामकाजमा सिपालु भएकोले राज्यमा कुनै किसिम-को गडवड होला भन्ने शङ्का नभएकोले यिनी मनपर्दो गरी बसेका थिए ।

सुग्रीवको यस्तो अवस्था देखेर देश-कालका ज्ञाता, वाक्यको तत्व बुझ्ने वायुपुत्र हनुमान्‌ले नाना प्रकारका प्रामाणिक, मनोहर कुरा गरी, वाक्यको तत्व बुझ्ने वानरराज सुग्रीवलाई संझाइ-बुझाईकन खुशी पारे र यिनको नजीक गई नम्रता तथा प्रेमपूर्वक भलो गर्ने, साँचो, उपकार गर्ने, साम, धर्म र नीतिले युक्त भएको, विश्वास गर्न हुने कुरा भन्नलागे ।

हे वानरराज ! तपाईंले राज्य र यश पाउनुभयो र आफ्नो कुलको लक्ष्मीलाई पनि बढाउनुभयो, तर मित्रहरूको काम गर्न ता बाँकी नै छ, अब तपाईंले सो काम गर्नपट्टि लाग्नुपर्दछ । समयानुसार काम गर्न जान्ने जो मानिस आफ्ना मित्रहरूको साथमा असल व्यवहार गर्दछ त्यसको राज्य, कीर्ति र प्रताप दिन दिनै बढ्दै जान्छ । हे राजन् ! जो राजा आफ्नो खजाना, फौज, मित्र तथा शरीर यी चारैलाई समान सम्झन्छ, अर्थात् यिनीहरूमाथि बराबरको प्रेम राख्तछ त्यसले ठूलो राज्यको भोग गर्न पाउँदछ ॥६-११॥ अतएव असल चरित्र भएको, बाधारहित मार्गमा आरूढ हुनुभएको तपाईंले मित्रको काम राम्रोसङ्ग गर्नुपर्दछ जसको लागि आफूले वचन दिइसक्नुभएको छ ॥१२॥ जो मानिस आफ्नो सबै काम छाडेर मित्रको काम गर्नपट्टि लाग्दैन त्यो उत्साहविहीन तथा चञ्चल चित्त भई अनर्थमा फँसेर उन्नति गर्न सक्तैन ॥१३॥ समय टरिसकेपछि जो मित्रको कामको निम्ति उद्योग गर्दछ त्यसले जस्तोसुकै ठूलो काम गरे तापनि मित्रको निम्ति यसले काम गऱ्यो भनेर कसैले भन्दैन अर्थात् समय बितेपछि काम गर्नु नगर्नु बराबर हुन्छ ॥१४॥ हे शत्रुको विनाश पार्ने सुग्रीव ! हाम्रा मित्रको काम गर्ने समय पनि बित्नै लागेको छ तसर्थ हामीले रामचन्द्रको निम्ति सीताको खोज पत्ता लगाउने काम थालिहाल्नुपऱ्यो ॥१५॥ रामचन्द्रलाई समयको ज्ञान छ, र काम पनि झट्टै गर्नुपरेको छ तापनि बुद्धिमान् तथा तपाईंको वशमा परेकोले समय बित्नलागेको कुरा उनले तपाईंलाई नभनेको हो ॥१६॥ रामचन्द्रले गर्दामा तपाईंले आफ्नो कुलको यो ठूलो राज्य पाउनुभएको छ, धेरै कालसम्मका उनी तपाईंका मित्र हुन्, यिनको प्रभावको तुलना गरी साध्य छैन र गुणमा यिनी सर्वश्रेष्ठ छन् ॥१७॥ हे वानरेश्वर ! पहिले उनले नै तपाईंको काम पूरा गरिदिए तसर्थ अहिले उनको काम गर्नाको निम्ति आफ्ना मुख्य मुख्य वानरहरूलाई आज्ञा दिनुहोस् ॥१८॥ रामचन्द्रले नभन्दैमा हामीले काम गर्न-थाल्यौंभने समय बितेको ठहरिन्न, यिनले कामको निम्ति प्रेरणा गरेपछि ता वेला टरेकै संझिनेछ ॥१९॥ हे वानरराज ! जसले तपाईंको केही काम गरेको छैन त्यसको समेत ता आफ्नो राज्य तथा धनद्वारा उपकार गर्न सक्नुहुन्छभने जसले तपाईंको उपकार गरेको छ यसको ता कुरै छैन ॥२०॥

हे बानर र भालूका मालिक ! तपाईं शक्तिमान् तथा पराक्रमी हुनुहुन्छ, फेरि किन अहिले रामचन्द्रलाई प्रसन्न गराउनाका निम्ति बानरहरूलाई आज्ञा दिन विलम्ब गरिरहेको ? ॥२१॥ दशरथकुमार रामचन्द्रजी बाणद्वारा देवता, राक्षस तथा ठूला ठूला नागलाई सजिलैसङ्ग आफ्नो वशमा गराउन सक्तछन् तापनि अहिले तपाईंको प्रतिज्ञाको प्रतीक्षा गरिराखेका छन् अर्थात् तपाईंले आफ्नो प्रतिज्ञा पूरा गर्ने हो वा हुँदैन भनेर जाँचिरहेका छन् ॥२२॥ बालिवधको विषयमा कुनै प्रकारको शंका नगरेर यिनले हाम्रो ठूलो उपकार गरेका छन् तसर्थ हामीले पृथ्वी आकाश जहाँ भए पनि सीताको पत्ता लगाउनैपर्दछ ॥२३॥ देवता, दानव, गन्धर्व, असुर, वायुगण तथा यक्षगण यी कसैले पनि रामचन्द्रको मनमा डर पार्न सक्तैनन् भने राक्षसको कुरा ता कता छ कता ॥२४॥ यस प्रकारका शक्तिमान् रामचन्द्रले पहिले नै तिम्रो उपकार गरिसकेका छन्, हे वानरराज ! तसर्थ तिमीले यिनको भलो हुने काम जसरी भए पनि गर्नैपर्दछ ॥२५॥ हे कपीश्वर ! हाम्रो गति न पातालमा रोकिन सक्तछ, न पृथ्वीमा, न जलमा न माथि आकाशमा, केवल तिम्रो आज्ञा पाउनाको विलम्ब छ ॥२६॥ हे अनघ ! अब तिमी आज्ञा देऊ कि कसले, तिम्रो कुनचाहिं आज्ञापालन कहाँ गर्ने हो । करोडभन्दा पनि बर्ता जो तिम्रा बानर छन् ती पराजित हुने किसिमका छैनन् ॥२७॥

हनुमान्‌ले ठीक समयमा भनेको उत्तम कुरा सुनेर बलवान् सुग्रीवले यिनले भनेको काम गर्नालाई आफ्नो बुद्धि दृढ गरे ॥२८॥ अत्यन्त बुद्धिमान् सुग्रीवले सदा उद्योगमा लागिरहने नील नामको वानरलाई सबै दिशामा रहेको आफ्नो फौजलाई जम्मा पार्ने आज्ञा दिए ॥२९॥ सेनापतिहरूको साथमा मेरो समस्त फौज तथा यूथपालहरू जसरी विलम्ब नगरी यहाँ जम्मा हुन सक्तछन् सो काम तिमी गर॥३०॥ सिमानामा रहने, उद्योगी, छिटो हिंड्न सक्ने वानरहरूलाई मेरो आज्ञाले झट्टै यहाँ लिएर आऊ, सेनाको गणना गर्ने तथा त्यसको व्यवस्था मिलाउने जति काम छन् ती सबै तिमी आफैं गर ॥३१॥ पन्ध्र दिनभित्रमा जो बानर यहाँ हाजिर हुन सक्नेछैन त्यसले निश्चय प्राणदण्ड पाउनेछ । यस आज्ञाको पछि फेरि विचार हुनेछैन ॥३२॥ मेरो आज्ञाले अंगदलाई साथमा लिएर तिमी आफैं बूढा बानरहरूनेर जाऊ ।

वीर्यवान् वानरश्रेष्ठ सुग्रीवजी यस प्रकारको बन्दोबस्त मिलाएर दरबारभित्र पसे ॥३३॥

सर्ग--३०

शरत्काल देखेर रामको विलाप र सुग्रीवको विषयमा भनाइ ।

सुग्रीव घरभित्र गई बस्नलागेपछि तथा आकाश मेघशून्य भएपछि पर्वतमा चतुर्मासको समय बिताएका रामचन्द्रजी सीतालाई भेट्ने इच्छा भएको तर उनलाई भेट्न नपाएकोमा अत्यन्त दुःखी भए ॥१॥ आकाश निर्मल भएको, तथा शरत्कालको रात्रिलाई स्वच्छ चन्द्रमण्डलको जूनले युक्त भएको देख्ता र सुग्रीवलाई काममा आसक्त भएको, जनककुमारी सीताको हरण भएको तथा समय बित्नलागेको देखेर रामचन्द्रजी बडो दुःखित भई बेहोश भए॥२-३॥ केही बेरमा होश आएपछि बुद्धिमान्

राजा राम मनमा वास गरिरहेकी सीताको चिन्तना गर्नलागे ॥४॥ आकाशलाई निर्मल भएको तथा बिजुली र बकुल्लाका बथानले छाडिसकेको र तलाउहरूमा सारस चराहरूले बोलेको सुन्दा रामचन्द्र बडो मायालाग्दो स्वरले विलाप गर्नलागे ॥५॥ सुन तथा अरू अरू धातुले सुशोभित भइरहेको पर्वतको टाकुरामा बसेका रामचन्द्र शरत्कालको रात्रिलाई देख्ता मनै मनले सीतानेर पुगे अर्थात् यिनको ध्यान गर्नलागे॥६॥

सारसको जस्तो स्वर गरेर बोल्ने मेरी प्यारी सीता सारसहरूको शब्द सुन्दा आनन्द मानेर आश्रममा मेरो साथमा क्रीडा गर्दथिन्। यस घडी कसरी उनी आफ्नो मन बलहाइरहेकी होलिन् ॥७॥ सुन जस्ता चहकिला असल रूखको फूल देख्ता तर मलाई देख्न नपाउँदा ती बाला सीता कसरी प्रसन्न रहँदी होलिन्! ॥८॥ मधुरो बोली बोल्ने जुन सीता पहिले रजहाँसको शब्द सुनेर ब्यूँझन्थिन् ती सर्वाङ्गसुन्दरी अहिले कसरी रमाउँदी होलिन्! ॥९॥ स्वास्नीलाई साथमा लिएर हिंड्ने चखेवा चराहरूको शब्द सुन्दा कमल जस्तो ठूला ठूला आँखा भएकी तिनले कसरी आफ्नो प्राणको बचाउ गरेकी होलिन्! ॥१०॥ म तलाउ, नदी, पोखरी, वन, उपवनमा डुलिरहेको छु तर ती मृगनयनी यस समय मेरो साथमा नहुनाले मलाई आनन्द लागेको छैन ॥११॥ मेरो वियोगले तथा सुकुमार भएकोले, शरत्कालको गुणले गर्दा बढिराखेको कामले ती सीतालाई अवश्यै अत्यन्त दुःख दिइरहेको होला ॥१२॥

सारंग नाम गरेको चातक चरो जसरी इन्द्रसंग जलको लागि विलाप गर्दछ त्यसै गरी राजपुत्र नर-श्रेष्ठ रामचन्द्र अनेक प्रकारले विलाप गर्नलागे ॥१३॥ यसपछि फल ल्याउनाको निम्ति पर्वतको टाकुरामा गइराखेका र अहिले फर्केर आइसकेका शोभायुक्त लक्ष्मणले आफ्नो दाजुलाई देखे ॥१४॥ दुःसह चिन्तामा परेर निर्जनस्थानमा एक्लै बेहोश भएर पडिरहेका दाजुलाई देख्ता, यिनको दुःखले दुःखित भएका मनस्वी लक्ष्मण यिनको चिन्ता दूर गर्नाका लागि हत्तपत्त बडो दीनभावसँग भन्नलागे ॥१५॥ हे आर्य! कामको वशमा पर्नाले के फाइदा होला? आफ्नो पराक्रमलाई बिर्सनाले के लाभ होला? शोकले गर्दा तपाईंको चित्तको स्थिरता नष्ट भइरहेको छ, के तपाईं आफ्नो योगबलले अर्थात् चित्तलाई स्थिर गरेर यसको निवारण गर्न सक्नुहुन्न? ॥१६॥ हे दाजैज्यू! मनमा धैर्य राखेर स्नानादि काम गर्नुहोस् र मनलाई प्रसन्न राख्नुहोस्। यस समयलाई आफ्नो समाधि योगले युक्त गराएर आफ्नो पराक्रम देखाउनपट्टि लगाइहाल्नुहोस्। देवपूजन इत्यादि काम गर्न थाल्नुहोस् जसले गर्दा पुरुषार्थको वृद्धि तथा कार्यको सिद्धि हुन्छ ॥१७॥ हे मनुकुलनाथ! तपाईंकी पत्नी जानकी तपाईंको सिवाय अरू कसैको अधीनमा रहन सक्तिनन्! हे वीरवर! बल्दो आगोको नजीक आगोको सिवाय अरू कोही गयोभने के त्यो भस्म नभई रहन सक्छ? ॥१८॥

शुभलक्षणले युक्त भएका, पराजित हुन नसक्ने लक्ष्मणलाई रामचन्द्रजी हितकारी, उचित, नीति-सम्मत तथा साम, धर्म र अर्थले युक्त भएको कुरा भन्नलागे ॥१९॥ हे कुमार! निस्सन्देह आफ्नो कामपट्टि दृष्टि दिनैपर्दछ र यसको साधनका लागि उचित उद्योग गर्नैपर्दछ, बडो दुःखले वृद्धिमा प्राप्त भएको,

सहन गर्न नसकिने आफ्नो वीर्यबलको फलको पनि अवश्य चिन्तना गर्नैपर्दछ ॥२०॥

कमलको पात जस्तो आँखा भएकी सीताको ध्यान गर्दै रामचन्द्र लक्ष्मणलाई कुरा भनिराखेका थिए र यिनको मुख सुकिरहेको थियो ॥२१॥ इन्द्रले जलधाराले पृथ्वीलाई तृप्त गराई अन्न उब्जाउने काम सिध्याइसके। यस प्रकारसँग यिनले आफूले गर्नुपर्ने काम समाप्त गरिसके ॥२२॥ हे राजपुत्र ! अत्यन्त गम्भीर शब्द गर्ने मेघहरू पनि पर्वत, रूख र नगरहरूमाथि घुमीघुमी जलको वृष्टि गराएर शान्त भइसके ॥२३॥ हेर, यी मेघहरू नीलकमलको पात जस्तै श्याम वर्णका थिए, दशै दिशालाई हरियो तुल्याएर अहिले यिनीहरू मदहीन हात्ती जस्तै शिथिल भइराखेका छन् ॥२४॥ जल-रूपी गर्भ धारण गर्ने कुटज र अर्जुनको गन्धले युक्त भएका जलको वर्षा गराउने हावा चारैतिर घुमेर अहिले शान्त भइराखेको छ ॥२५॥ हे पापरहित लक्ष्मण ! मेघ, हात्ती, मयूर तथा पानीका झरनाको शब्द अहिले सहसा शान्त भइराखेको छ ॥२६॥ महामेघको जलले पखालिएका अतएव निर्मल भइराखेका, चित्रविचित्रको टाकुरा भएका पर्वत चन्द्रमाको किरणद्वारा लिपिएका हुनाले बडो शोभा दिइरहेका छन् ॥२७॥ शतावरीको हाँगामा, तारा, सूर्य र चन्द्रमाको किरणमा तथा उत्तम हात्तीहरूको क्रीडामा आफ्नो शोभा बाँडेर यो शरद्ऋतु आइराखेको छ ॥२८॥ शरत्कालको गुणले उत्पन्न भएको शोभा यद्यपि अहिले अनेक वस्तुलाई शोभायमान गराइरहेको छ तापनि सूर्यको किरण लाग्नाले फुलिराखेको कमल-समूहमा यो ज्यादै शोभित भएको देखिन्छ ॥२९॥ शतावरीको गन्धले युक्त भएको, भमराहरूमा ध्वनि उब्जाउने, वायुको अनुसरण गर्ने यो शरत्काल मतवाला हात्तीको अहंकारलाई चूर्ण गर्दै अधिक शोभित भइ-रहेको छ ॥३०॥

मानसरोवरबाट आइराखेका, राम्रा ठूला प्वाँख भएका, कमलको धूलोले मुछिएका, ठूला ठूला नदीको किनारमा उभिरहेका, कामप्रिय यी चखेवा चराहरूको साथसाथै हाँसहरू क्रीडा गरिरहेका छन् ॥३१॥ मतवाला हात्तीहरूको झुण्डमा, घमण्डी साँढेहरूको बथानमा, स्वच्छ जल भएका नदीहरूमा, यस शरत्कालको शोभा बाँडिएर शोभा दिइरहेको छ ॥३२॥ आकाशमण्डललाई बादलरहित भएको देख्ता मयूरहरूले प्वाँखरूपी आफ्नो गहनालाई वनैमा छाडिदिए, आफ्ना स्वास्नीहरूप्रति यिनीहरूको अनुराग घटेर गएको छ, शोभाहीन तथा उत्सवशून्य भई यिनीहरू ध्यान गरिरहेका जस्ता देखिन्छन् ॥३३॥ फूलको बोझले हाँगाको टुप्पा निहुरिराखेका, मनलाई आनन्द गराउने बास्ना भएका, सुन जस्तो रंग भएको आफ्नो फूलले आँखालाई लोभ्याइरहेका, अनेक असनका रूखले वन भूमिलाई प्रकाश-मान गराइरहेका छन् ॥३४॥ कमल र वनप्रति प्रेम भएका, आफ्ना आफ्ना प्यारीको साथमा रहेका, वनका फूलको बास्ना सुँघ्ने, मादले गर्दा उद्धत भइराखेका, काम भोगमा लवलीन भइरहेका यी उत्तम उत्तम हात्तीहरूको गमन यस समयमा मन्द भइरहेको छ ॥३५॥ यस समयमा आकाश शान लगाएको तरवार झैं टल्किरहेको छ, नदीहरूको जलको वेग धेरै नै घटेर गएको छ, श्वेतकमलको गन्धले भरि-एको हावा बिस्तारै चलिरहेको छ र अन्धकार हटेकोले दिशाहरू प्रकाशित भइरहेका छन् ॥३६॥ सूर्य-

नारायणको किरण लाग्नाले हिलो सुकिसकेको छ, पृथ्वीमा बल्ल अलिअलि धूलो उड्नथालेको छ । यो शरद्ऋतु परस्परमा शत्रुभाव भएका राजाहरूको उद्योग गर्ने अर्थात् आक्रमण गर्ने समय हो ॥३७॥ शरत्कालको गुणले गर्दा रूप र शोभा बढ़िराखेका, शरीरमा जतातत्तै धूलो लागिराखेका, युद्ध गर्ने इच्छा भएका यी प्रसन्नचित्त साँढेहरू गाईहरूको बीचमा कस्तोसंग शब्द गरिरहेका छन् ॥३८॥ कामले व्याकुल भएकोले अनुराग अत्यन्त बढ़िराखेको, परिवारको साथसाथै बिस्तारै बिस्तारै गमन गरिरहेकी हतिनी, वनमा हिंडिरहेको मतवाला आफ्नो पतिको पछिपछि लागेर हिंडिरहेकी छ ॥३९॥ उत्तम आभरण स्वरूप आफ्नो प्वाँख फालेर नदीको तीरमा आइराखेका, दिक्दार भएका मयूरहरू सारसद्धारा तिरस्कृत भएकाले दुःखी भएर फर्किरहेका छन् ॥४०॥ माद बगाइरहेका ठूला ठूला गजराजहरू आफ्नो गर्जनाले कारण्डव, चक्रवाक आदि गरिएका चराहरूलाई तर्साउँदै फुलिराखेका कमलले युक्त भएको तलाउभित्र पसी पानी चलाई चलाईकन पिउनलागिरहेका छन् ॥४१॥ सारसहरूको शब्दले गुञ्जायमान भइरहेको, हिलो नभएको, बालुवाले पूर्ण भइराखेको, निर्मल जलले भरिएको, गाईको बथान बसिराखेको नदीहरूको तीरमा हाँस प्रसन्न भई आइरहेका छन् ॥४२॥ यस समयमा खोलानाला, बादल, पानीका झाँग, अति प्रचण्ड वायु, मुजुर र मनमा दिक्क भइरहेका वानरहरूको शब्द बन्द भइराखेको छ ॥४३॥ नयाँ नयाँ मेघको उदय हुनाले डुलफिर गर्न नपाएका अनेक रंगका महाविषालु सांपको शरीर भोकले गर्दा दुब्लो भइरहेको छ, यिनीहरू धेर कालसम्म आफ्नो प्वालभित्र पसेर अहिले बाहिर निस्कनलागिरहेका छन् ॥४४॥ चन्द्रमाको चहकिलो किरणको स्पर्शले प्रसन्न भएको सन्ध्या, ताराहरूलाई प्रकाशमान गराउँदै तथा रागवती (रातो रंग भएकी अथवा अनुराग भएकी) भएर स्वयं अम्बर (आकाश वा वस्त्र) को त्याग गरिरहेकी छन् ॥४५॥ यो रात्रि सेतो वस्त्र पहिरेकी आइमाई जस्ती देखिनलागेकी छ, उदाइराखेका चन्द्रमा यसको मुख हो, ताराहरू उघारिराखेका यसका राम्रा राम्रा आँखा हुन्, जूनको उज्यालो यसको सेतो पोशाक हो ॥४६॥ पाकेका धानको बाला खाई खाईकन प्रसन्न भइराखेको, यो सारसहरूको झुण्ड वायुवेगले उडिराखेको उनेको मालाझैं बडो वेगसँग आकाशमा उडेर जानलागेको छ ॥४७॥ यस महाकुण्डको जलमा एउटा हाँस सुतिरहेको छ, यसको निर्मल जलमा चन्द्रमाको प्रतिबिम्ब पर्नाले सेतो कमल फुलिरहेको छ, यस समयको यसको शोभा रात्रिको समयमा बादल नभएको ताराहरूले भरिभराउ भएको, पूर्ण चन्द्रमा उदाइराखेको आकाशको समान देखिनलागेको छ ॥४८॥ यस शरत्कालमा फिंजिएर बसेका हाँसको झुण्ड कन्धनीसमान देखिन्छ, फुलेका कमल माला जस्तो देखिनलागेको छ । यसरी शोभायमान भएका तलाउ सिंगारिएका राम्रा राम्रा आइमाईको जस्तो शोभा दिइरहेका छन् ॥४९॥ प्रातः कालको समयमा यो वायु प्वाल भएका बाँसभित्र पसेर बाँसुरीको जस्तो शब्द निकाल्दछ। यो शब्द गुफाहरूको ध्वनि तथा वनबैलको आवाजसंग मिसिएकोले चर्को सुनिनलागेको छ । यी दुवै शब्द परस्पर एउटाले अर्कोलाई बढाइरहेका जस्ता लाग्दछन् ॥५०॥ यी नदीहरूको तटमा नयाँ नयाँ काशका फूल फुलिरहेका छन् र मन्द हावा लाग्नाले हल्लि पनि रहेका छन्, फुलेका काशको फूलले गर्दा नदीको किनाराले, धोएको सेतो रेशमी

वस्त्र धारण गरेको जस्तो देखिनलागेको छ ॥५१॥ वनभित्र घुमिरहने, फूलको रस पान गर्नाले मत्त भइराखेका, आपना आपना प्यारीलाई साथमा लिएर घुमिरहेका, खुशीयाली मनाइरहेका यी भ्रमराहरू कमल तथा असनका फूलको धूलोमा रंगिएकोले पहेंलो वर्णको भएर सुगन्धको लोभले जता हावा बहिरहेको छ उतै उडिरहेका छन् ॥५२॥ हेर, जल निर्मल भइसक्यो, फूल फुलिरहेका छन्, कखाङ्कुरुङ चरा आवाज गरिरहेका छन्, खेतमा धान पाकिराखेको छ, मन्द हावा चलिरहेको छ, चन्द्रमा निर्मल छन् । यी सबै वर्षाकालको समाप्तिको सूचना दिइरहेका छन् ॥५३॥ जसरी पतिद्वारा उपभोग गरिएका आइमाई बिहानीपख आलस्य मानेर बिस्तारै बिस्तारै हिंड्दछन्, त्यसै गरी माछारूपी कन्धनी देखाइरहेका यी नदीरूपी आइमाई बडो मन्दसँग बहिरहेका छन् ॥५४॥ चखेवा चरा तथा झ्याउले सिंगारिएको र वस्त्ररूपी काशको फूलले बेह्रिएको नदीको किनारा पत्ररेखाले युक्त भएको र रोचन लगाइराखेको आइमाईको मुख जस्तो देखिनलागेको छ ॥५५॥ बाण तथा असन रूखमा फूल फुलिराखेकोले यो वन चित्र-विचित्रको भइरहेको छ, मनमा प्रसन्न भएका भमराहरूको शब्दले यो गुञ्जायमान भइरहेको छ । यस प्रकारको वनमा विशाल धनु धारण गर्ने कामदेव विरहीहरूलाई दण्ड दिनाका लागि अत्यन्त प्रचण्ड भइराखेका छन् ॥५६॥ सुवृष्टिले मानिसलाई सन्तुष्ट गराएर, नदी तलाउहरूलाई पूर्ण गराएर तथा पृथ्वीमा धान आदि अन्नको उत्पत्ति गराएर बादलहरू आकाशलाई छाडेर गइसकेका छन् ॥५७॥ जसरी भर्खर बिहे भएकी आइमाई पहिलाबाजिको संगममा लाज मानेर बिस्तारै बिस्तारै आफ्नो तिघ्रा देखाउँछे त्यसै गरी शरत्कालका यी नदीहरू बिस्तारै बिस्तारै आपनो किनारा देखाइरहेका छन् ॥५८॥ निर्मल जल भएका, सारसको शब्दले गर्दा शब्दायमान भइराखेका, चखेवा चराले भरिपूर्ण भएका यी जलाशयहरू, हे लक्ष्मण ! हेर कस्तो रमणीय देखिनलागेका छन् ॥५९॥ हे राजपुत्र ! परस्परमा शत्रुभाव भएका तथा आफ्नो विजय होस् भनेर चाहना गर्ने राजाहरूको उद्योग गर्ने समय आइराखेको छ ॥६०॥ हे राजपुत्र ! राजाहरूले यात्रा गर्ने मुख्य समय यै हो, तर म न सुग्रीवलाई देख्तछु छ उनले यस प्रकारको कुनै उद्योगै गरेको देख्तछु ॥६१॥ पर्वतका टाकुरामा असन, शतावरी, कोविदारका फूल फुलेका देखिनलागेका छन् र बन्धुजीव तथा तमालको रूखमा पनि फूल लागेको देखिनलागेको छ ॥६२॥ हे लक्ष्मण ! हेर, हाँस, सारस, चखेवा तथा कुरर आदि गरिएका चराहरू नदीको किनारामा बसिरहेका छन् ॥६३॥ शोकले व्याकुल भएको र सीतालाई देख्न नपाएकोले वर्षा कालका यी चार महीना मेरा लागि सय वर्ष जस्ता भएर बिते ॥६४॥

जसरी चखेवी आफ्नो पति चखेवाको पछिपछि लाग्दछे त्यसै गरी यस भयङ्कर दण्डकारण्यलाई बगैंचा संझेर प्यारी सीता मेरो पछि लागेर आएकी थिइन् ॥६५॥ हे लक्ष्मण ! हेर, मेरी प्यारी सीताको मरण भएको छ, राज्य खोसिएको छ, घरबाट निकाला भएको छ, यस्तो दुःखमा परेको ममाथि राजा सुग्रीव दया गर्दैनन् ॥६६॥ म अनाथ छु; मेरो हातबाट राज्य खोसिएको छ, मेरो घर यहाँबाट धेरै टाढा छ, म कामले सताइएको छु यस्तो हीनावस्थामा परेको म सुग्रीवको शरण पर्न आइराखेको छु

।।६७।। यिनै सब कारणले अर्थात् मलाई तुच्छ र पराजित संझेर दुरात्मा वानरराज सुग्रीवले मेरो तिरस्कार गरेको होला ।।६८।। यिनले सीताको खोज पत्ता लगाउने समय नियत गरेका थिए र यसका लागि प्रतिज्ञासमेत गरेका थिए, तर अहिले आफ्नो काम सिद्ध भएकोले ती मूर्खलाई कुनै कुराको संझनै छैन ।।६९।। तिमी किष्किन्धामा जाऊ र घरको आनन्दमा लवलीन भइराखेको, वानरको राजा मूर्ख सुग्रीवलाई मेरातर्फबाट यति कुरा सुनाइदेऊ ।।७०।। पहिले आफ्नो उपकार गर्ने र प्रार्थी भएर आफू-कहाँ आउनेको आशा पूरा गर्ने प्रतिज्ञा गरेर जो प्रतिज्ञामुताबिक काम गर्दैन त्यस मानिसको यस संसारमा अधम पुरुषमा गणना हुन्छ ।।७१।। आफूले भनेको कुरालाई चाहे असल होस् वा खराब होस्, जो मानिस सत्यतापूर्वक पूरा गर्दछ त्यै मानिस वीर र पुरुषश्रेष्ठ हो ।।७२।। आफ्नो काम सिद्ध भएपछि जो मानिस काम सिद्ध नभएका आफ्ना मित्रको काममा सहायता गर्दैन, त्यो कृतघ्न मरेपछि काँचो मासु खाने पशुपक्षीले समेत त्यसको लाशको मासु खाँदैनन् ।।७३।। तिमीले निश्चय सुनले मोरिएको पिठिउँ भएका, रणभूमिमा मैले चढाएका, बिजुलीसमान झल्कने बाणको रूप हेर्न खोजेका छौ ।।७४।। युद्धमा क्रोधित भएर मैले उठाएको धनुको वज्रसमानको डरलाग्दो शब्द तिमीले फेरि सुन्न खोजेको हो कि ? ।।७५।।

जसको तिमी जस्ता सहायक छन् त्यस्तो म जस्ताको पराक्रमको ज्ञान ता सुग्रीवलाई भइसकेको छ तैपनि हे वीर राजकुमार ! त्यो कसरी निश्चिन्त भई बसेको छ ? अर्थात् बालिलाई झैं यिनले मलाई पनि अवश्य मार्नेछन् भन्ने कुराको चिन्ता नहुनु ता बडो आश्चर्यको कुरा हो ।।७६।। शत्रुको शहर जित्ने हे लक्ष्मण ! आफ्नो काम सिद्ध भएकोले बानरराज सुग्रीवलाई कति कारणले बालिको वध तथा आफूसित हाम्रो मैत्री भएको हो सो कुराको संझनै छैन ।।७७।। वानरराज सुग्रीवले वर्षाकालको समाप्ति भएपछि सीताको पत्ता लगाउने प्रतिज्ञा गरेका थिए, तर मोजमजामा लागेकोले यिनलाई यी चार महीना बितेको पत्तै छैन ।।७८।। यिनी आफ्ना इष्टमित्र तथा मन्त्रीहरूलाई साथमा राखेर मदिरा पान गरिरहेका होलन्, शोकले गर्दा दीन अवस्थामा भएका हामीमाथि यिनी दया देखाउँदैनन् ।।७९।। यसकारण हे महाबली वीर ! जाऊ, मैले भनेका यी सबै कुरा सुनाइदेऊ र मेरो क्रोधले कस्तो रूप लिने हो सो पनि बताइदेऊ ।।८०।। जुन बाटोबाट बालि मरेर गएका छन् त्यो बाटो अहिले नै बन्द भएको छैन, तसर्थ हे सुग्रीव ! आफ्नो प्रतिज्ञामा स्थिर होऊ, बालि गएको बाटोमा जाने इच्छा नगर ।।८१।। मैले रणभूमिमा बाणले केवल बालिलाई मात्र मारें, तर असत्यवादी भएकोले ता तिमीलाई सपरिवार नै मारिदिनेछु ।।८२।। हे पुरुषश्रेष्ठ ! यस विषयमा तिमी जे जे उचित भनिठान्दछौ ती सब कुरा सुग्रीवलाई सुनाइदिए, किनकि झट्टपट्ट गर्नुपर्ने काममा विलम्ब भइरहेको छ ।।८३।। सुग्रीवलाई यो कुरा पनि सुनाइदिएः—हे वानरराज ! सनातन धर्मपट्टि दृष्टि दिएर तिमीले मेरो निम्ति जे प्रतिज्ञा गरेका थियौ सो पूरा गर, मेरो हातबाट छुटेका बाणले मरेर तिमीले यमलोकमा बालिलाई हेर्न नपरोस् ।।८४।।

आफ्नो दाजुलाई अत्यन्त क्रोधित भएको तथा बड़ो दीन भावले विलाप गरिरहेको देख्ता मानव-

वंशको वृद्धि गर्ने, अति तेजिला लक्ष्मणले सुग्रीवप्रति तीव्र बुद्धि धारण गरे अर्थात् बडो कठोर व्यवहार गर्ने निश्चय गरे ॥८५॥

सर्ग—३१

लक्ष्मण किष्किन्धातिर प्रस्थान गर्दछन् ।

सीतावियोगले विह्वल भइरहेका, महापराक्रमी भए तापनि यस समयमा दीनावस्थामा प्राप्त भएका, शोकमा परेका, सीतालाई भेट्न व्याकुल भइरहेका जेठा दाजु राजपुत्र रामचन्द्रलाई, राजाका छोरा लक्ष्मण यस प्रकारसँग भन्नलागे ॥१॥ हामीले गरेको उपकारको यसले संझना नराखेकोले यो वानरराज सज्जनहरूको बाटोमा अडिएर रहन सक्तैन, प्रेम पालनमा यसको बुद्धि समर्थ नभएकोले यो वानरले राज्यलक्ष्मीको उपयोग पनि गर्न पाउनेछैन ॥२॥ बुद्धि नष्ट भएकोले यो विषय-सुखमा लम्पट भइराखेको छ, उपकारको बदला दिनपर्छ यसको बुद्धि नै गएको छैन, अब यो पनि मरेर आफ्नो दाजु वालिलाई भेटोस्, यस्ता गुणहीनलाई राज्य दिन पनि मुनासीब पर्दैन ॥३॥ म आफ्नो बढिराखेको रिसलाई थाम्न सक्तिनँ, म अहिले नै असत्यवादी सुग्रीवको वध गरिदिन्छु, बालिपुत्र अङ्गद मुख्य मुख्य वानर-हरूलाई साथमा लिएर सीताको खोज पत्ता लगाओस् ॥४॥

हातमा धनुवाण लिएर उभिएका, युद्ध गर्नको निम्ति अत्यन्त क्रुद्ध भइराखेका लक्ष्मणलाई वीर शत्रुको घात गर्ने रामचन्द्र नम्रतापूर्वक आफूले विचार गरिराखेको कुरा भन्नलागे ॥५॥

तिमी जस्ता मानिसले यस्तो पाप गर्नु उचित छैन, राम्रोसँग विचार गरेर जो आफ्नो रिसलाई शान्त गर्दछ त्यै नै वीर, पुरुषोत्तम हो ॥६॥ हे लक्ष्मण ! सच्चरित्र भएका तिमीले सुग्रीवलाई मार्ने कुराको विचारै गर्न हुन्न । पहिले भएको हाम्रो मित्रताको स्मरण गरेर यिनीप्रति प्रेम पो राख्नुपर्दछ ॥७॥ सुग्रीवलाई कठोर वचन नभने, जुन समयको तिमीले प्रतिज्ञा गरेका थियौ त्यो ता बित्नलाग्यो, केवल यति मात्र संझाए जस्तो गरेर भने ॥८॥

दाजुद्वारा जम्मै कुरा राम्ररी बुझिसकेपछि शत्रुको घात गर्ने पुरुषश्रेष्ठ वीर लक्ष्मणले किष्किन्धा-पुरीमा प्रवेश गरे ॥९॥ राम्रो बुद्धि भएका दाजुको भलो गर्नमा लागेका, बुद्धिमान् लक्ष्मण रिस प्रकट गर्दै सुग्रीवको घरभित्र पसे ॥१०॥ लक्ष्मणले धारण गरेको धनु इन्द्रको धनु जस्तो थियो र यमराजको धनु जस्तै विशाल थियो । यसलाई हातमा लिएका हुनाले लक्ष्मण टाकुराले शोभायमान भएको मन्दराचल पर्वत जस्तो देखिनलागे ॥११॥ दाजुको आज्ञाअनुसार काम गर्ने, बृहस्पतिको जस्तो बुद्धि भएका लक्ष्मण आफ्नो मनमा सुग्रीवलाई दिने उत्तर, प्रत्युत्तरको कुरा विचार गर्दै जानलागे ॥१२॥ सुग्रीवको असावधानीले गर्दा उत्पन्न भएको क्रोधले जलिरहेका तथा दाजुको काम र क्रोधको अग्निले गर्दा संतापमा परेका, अप्रसन्न लक्ष्मण तीव्र आँधी जस्तै गरेर बडो वेगसँग जानलागे ॥१३॥ बाटोमा परेका पर्वतका ठूला ठूला ढुङ्गालाई यताउति फ्याँक्तै र साल, ताल, अश्व-कर्ण आदि गरिएका

रूख तथा अरू अरू रूखलाई समेत बलैले उखेलेर मिल्काउँदै जानलागे ॥१४॥ छिटो छिटो दगुर्न लागेको हात्तीझैं थिनी ढुङ्गालाई पैतालाले चूर्ण पार्दै लामो लामो पाइला गरेर कार्यवश बडो छिटोसँग जानलागे ॥१५॥

इक्ष्वाकुश्रेष्ठ लक्ष्मणले ठूला ठूला पर्वतको माझमा रहेको, फौजले परिपूर्ण भइराखेको सजिलैसँग प्रवेश गर्न नसकिने वानरराजको किष्किन्धानामक ठूलो शहर देखे ॥१६॥ सुग्रीवमाथि रिस उठेकोले यिनको ओठ फर्फराउनलागेको थियो । किष्किन्धा शहरबाहिर घुमिरहेका अनेक डरलाग्दा वानरलाई यिनले देखे ॥१७॥ हात्ती जस्तो विशाल शरीर भएका यी वानरहरू पुरुषश्रेष्ठ लक्ष्मणलाई देख्नासाथ पर्वतको टाकुरामा चढेर सैकड़ौं ठूला ठूला रूख तथा ढुङ्गा लिएर पहाडभित्र पसे ॥१८॥ यी वानरहरू-लाई हातमा अस्त्र लिएको देख्ता दाउरा थप्नाले जसरी आगो दन्दनाएर बल्दछ, त्यसै गरी लक्ष्मणको रिस पनि दोबर भएर आयो ॥१९॥

प्रलयकालीन मृत्युझैं लक्ष्मणलाई रिसाएको देख्ता डरले थर्कायमान भएका सैकडौं वानर चारै दिशातिर भाग्नलागे ॥२०॥ यिनमध्ये मुख्य मुख्य वानरहरूले सुग्रीवको घरभित्र पसेर रिसले चूर भई लक्ष्मण आएको समस्त वृत्तान्त उनलाई सुनाए ॥२१॥ काममा आसक्त भएको कपिराज सुग्रीव यस समयमा तारालाई साथमा राखेर सुख भोग गरिरहेको थियो, अतएव यी प्रधान वानरहरूले भनेको कुरा यसले सुनेन ॥२२॥ मन्त्रीहरूको आज्ञाले पर्वत हात्ती तथा मेघसमानका देख्तैमा रोमाञ्च गराउने ठूला-ठूला वानरहरू लक्ष्मणलाई रोक्नाको निम्ति किष्किन्धा शहरबाट बाहिर निस्के ॥२३॥ यी सबै वानरहरूका आफ्ना नङ र दाँत नै हतियार थिए । यी वीरहरू देख्नामा डरलाग्दो रूप भएका तथा दाँतले गर्दा बाघ जस्ता देखिन्थे ॥२४॥ यी वानरहरूमा कसैको दस हात्तीको कसैको सय हात्ती र कसैको हजार हात्तीको बल थियो र यी सबैको एकै किसिमको तेज देखिन्थ्यो ॥२५॥ यसपछि ता रिसमा परेका लक्ष्मणले किष्किन्धा नगरीलाई हातमा रूख लिइराखेका, महाबली वानरहरूले भरिभराउ भएको र शत्रुहरूद्वारा जित्न नसकिने भएको देखे ॥२६॥ शहरको पर्खाल तथा खाल्डोबाट बाहिर निस्केर यी महापराक्रमी वानरहरू प्रत्यक्ष रूपले लड्नाको निम्ति उभिए ॥२७॥ सुग्रीवको बेपरवाही देख्ता तथा रामचन्द्रको आवश्यक कामको विचार गर्दा जितेन्द्रिय महाबली लक्ष्मण फेरि पनि अत्यन्त क्रुद्ध भए ॥२८॥ लामा लामा ताता ताता सास फेर्नलागेको र रिसले गर्दा आँखा राता राता भएकाले यी नरश्रेष्ठ लक्ष्मण धूवाँ उठिरहेको आगो जस्तो देखिनलागे ॥२९॥ लक्ष्मण पाँचओटा मुख भएको सर्प जस्तो देखिनलागे, बाणको टुप्पो ल्यापल्याप गरिरहेको जिब्रोसमान थियो, धनु नै सर्पको शरीर थियो र लक्ष्मणको तेज विषसमान थियो ॥३०॥

कालाग्निसमान प्रज्वलित भइराखेका र रिसाएको हात्ती जस्तो देखिनलागेका लक्ष्मणनेर जाँदा अंगद डराएर बडो दुःखित भए ॥३१॥ रिसले आँखा राता राता तुल्याएर महायशस्वी लक्ष्मणले अंगदलाई आज्ञा दिए कि हे बाबु ! सुग्रीवलाई म यहाँ आएको कुरा सुनाइदेऊ ॥३२॥ हे शत्रुको नाश

पार्ने ! रामचन्द्रका भाइ लक्ष्मण दाजुको दुःखले दुःखित भई तिम्रो ढोकामा आइराखेका छन् , तिमीलाई यिनको कुरा सुन्ने इच्छा छभने झट्टै आएर सुन । हे बाबु ! यति भनेर झट्टै मकहाँ फर्केर आऊ ।।३३-३४।।

लक्ष्मणको कुरा सुन्दा अंगद बडो शोकमा परेर बाबुकहाँ गई लक्ष्मणजी आएका छन् भन्ने खबर दिए ।।३५।। लक्ष्मणको कडा वचन सुन्दा अंगद बडो हडबडाएका थिए र यिनको मुख झ्याउरो भइराखेको थियो । पहिले पितालाई हत्तपत्तसँग यो खबर सुनाएर उहाँबाट बाहिर निस्की रुमा अर्थात् सुग्रीवकी स्वास्नीको खुट्टामा ढोग दिए ।।३६।। उग्र तेजस्वी अंगदले पहिले बाबुको र अनि आमाको चरणमा ढोग गरे । यसपछि रुमाको खुट्टा समातेर यिनले लक्ष्मणले भनिदिनू भनेको खबर सुनाए ।।३७।। तर सुग्रीव ता निद्रामा लठ्ठ परेका र कामासक्त भई यसरी मदमत्त भइराखेका थिए कि यिनी उठ्तै उठेनन् ।।३८।।

वानरहरूको मन डरले गर्दा थर्कायमान भइरहेको थियो, लक्ष्मणलाई रिसाएको देख्ता यिनलाई खुशी पार्नाको निम्ति यिनीहरूले बडो चर्को स्वरसँग खित्का छोडेर आवाज निकाले ।।३९।। यी वानरहरूले लक्ष्मणलाई देख्ता सुग्रीवको नजीक गई यिनलाई बिउँझाउने मतलबले एकै साथ मिलेर यस्तो सिंहनाद गरे कि यो शब्द बिजुली कड्केको तथा महासमुद्रको तरङ्ग उर्लेको जस्तो सुनियो ।।४०।। यस महाशब्दले गर्दा सुग्रीव बिउँझन ता बिउँझ्यो, तर यसका आँखा मदमस्त भएकोले लठ्ठ परेका र राता थिएँ, घाँटीमा माला पहिरिराखेको यो व्याकुल देखिएको थियो ।।४१।।

सुग्रीवले बिउँझेर अंगदको मुखबाट सबै कुरा सुनिसकेपछि, सल्लाह दिनामा सिपालु, देख्नामा राम्रा, राज्यका प्यारा दुइटा मन्त्री यिनको नजीक आए ।।४२।। प्लक्ष र प्रभाव यिनको नाम थियो, यिनीहरू अर्थ र धर्मका मन्त्री थिए र राजालाई मीठो नमीठो सबै कुरा भन्दथे । यी दुवैले राजालाई लक्ष्मण आएको विषयमा कुरा भन्नलागे ।। ४३ ।। देवराज इन्द्रसमानका सुग्रीव बसेपछि यी दुवै इन्द्रको वरिपरि बसेझैं यिनको अगल बगलमा बसे र पहिले अर्थयुक्त कुराले सुग्रीवलाई प्रसन्न गराएर भन्नलागे ।।४४।। हे राजन् ! तपाईंलाई राज्य दिलाउने, तीनै लोकको राजा हुन योग्य, महाभाग्यशाली, प्रतिज्ञा पूरा गर्ने यी राम लक्ष्मण दुवै भाइले मनुष्यको रूप पो धारण गरेका छन् अर्थात् यिनीहरू मानिस होइनन् ईश्वरै हुन् ।।४५।। यिनीहरूमध्ये एकजना लक्ष्मण हातमा धनु लिएर ढोकामा उभिइराखेका छन्, यिनको डरले थर्कायमान भएका वानरहरू चिच्याइरहेका छन् ।।४६।। यी उनै रामचन्द्रका भाइ लक्ष्मण हुन्, रामचन्द्रको वचन यिनको सारथि र आफ्नो उद्योग यिनको रथ हो । रामचन्द्रकै आज्ञाले उनी यहाँ आइराखेका छन् ।।४७।। हे पापरहित राजन् ! यिनैले ताराका प्यारा छोरा अंगदलाई तत्पर गरेर तिमीकहाँ पठाएका हुन् ।।४८।। हे वानरराज ! रिसले आँखा रातो तुल्याएका यी वीर ढोकामा उभिइराखेका छन्, नेत्राग्निले वानरलाई भस्म पार्ने हुन् कि जस्तो गरेर यिनी खडा छन् ।।४९।। हे महाराज ! झट्टै आफ्ना छोरा तथा बन्धुवर्गलाई साथमा लिएर

जानुहोस् र टाउको निहुराएर प्रणाम गर्नुहोस् शायद यसो गर्नाले यिनको रिस शान्त हुन जाला ॥५०॥ हे राजन् ! जसरी धर्मात्मा रामचन्द्रले तपाईंको काम सिद्ध गरिदिएका थिए त्यसै गरी तपाईं पनि सावधान चित्तले उनीसित गरेको प्रतिज्ञा पालन गरी आफ्नो प्रतिज्ञा पूरा गर्ने बन्नुहोस् ॥५१॥

सर्ग—३२

सुग्रीव पश्चात्ताप गर्दछन् र हनुमान् यिनलाई संझाउँछन् ।

अङ्गदको कुरा सुन्दा लक्ष्मण रिसाएका छन् भन्ने थाहा पाएर जितेन्द्रिय सुग्रीव यिनलाई प्रसन्न गराउनाको निम्ति मन्त्रीहरूको साथसाथै आफ्नो आसनबाट उठेर खडा भए ॥१॥ उचित अनुचित कुराको विचार गरेर, मन्त्रका ज्ञाता, मन्त्रको प्रयोग गर्नामा सिपालु सुग्रीव मन्त्र जान्ने भएका मन्त्रीहरूलाई भन्नलागे ॥२॥ मैले ता न कुनै खराब वचन बोलेको छ न कुनै दुष्ट कामै गरेको छ, रामचन्द्रका भाइ लक्ष्मण ममाथि किन रिसाएका होलान् मलाई यस कुराको ठूलो चिन्ता परिरहेको छ ॥३॥ सधैं मेरो दोष पत्ता लगाउनामा लागेका मेरा शत्रुहरूले मेरो कुभलो गर्न खोज्नेहरूले, निश्चय मेरो दोष लक्ष्मणलाई सुनाइदिए होलान् ॥४॥ अब तिमीहरूले यस विषयमा आफ्नो बुद्धिअनुसार विधिपूर्वक लक्ष्मणको आशय बुझ्नुपर्‍यो अर्थात् यिनले के खोजेका हुन् र किन रिसाएका हुन् ॥५॥ मलाई न रामचन्द्रदेखि डर छ न लक्ष्मणदेखि तर विनाकारण मित्र रिसाएको देख्ता मन हडबडाउँछ ॥६॥ कसैसित मित्रता गर्नु ता बडो सजिलो हुन्छ, तर सो मित्रता कायम राख्न बडो गाह्रो पर्दछ, किनकि चित्त सधैं एकनासको रहन सक्तैन, तसर्थ सानो कुराले पनि प्रीति भ्रष्ट हुन सक्तछ ॥७॥ महात्मा रामचन्द्रले मेरो साथमा जो उपकार गरेका थिए त्यसको प्रत्युपकार गर्न मैले अहिलेसम्म सकेको छैन, यै कुराको विचार गर्दा मलाई डर लाग्दछ ॥८॥

सुग्रीवले यसो भनेको सुनेपछि वानरश्रेष्ठ हनुमान् आफ्नो तर्कले विचार गरेर वानर-मन्त्रीहरूको बीचमा भन्नलागे ॥९॥ हे वानरेश्वर ! तपाईंले निश्चिन्त भएर आफूमाथि गरेको उत्तम उपकार नबिर्संनु ता कुनै आश्चर्यको कुरा छैन, कारण महात्माहरूको स्वभावै यस्तो हुन्छ ॥१०॥ हेर, वीर रामचन्द्रले मनमा कुनै प्रकारको शंका नलिएर तिम्रो भलो गर्नाको निम्ति इन्द्रसमान पराक्रमी बालिलाई टाढैबाट मारिदिएका हुन् ॥११॥ यसकारण सर्वथा प्रेमैले गर्दा रामचन्द्र तिमीमाथि रिसाएका हुन्, यसमा सन्देह गर्ने कुरै छैन, प्रेमले गर्दा रिस उठेकोले नै लक्ष्मीको वृद्धि गर्ने आफ्नो भाइ लक्ष्मणलाई तिमीकहाँ पठाएका हुन् ॥१२॥ हे समयको विचार राख्नेहरूमा श्रेष्ठ ! अहिले ता तिमी यसरी प्रमत्त भइराखेका छौ कि समयको विचारसम्म पनि गर्दैनौ ।

हेर, हरिया हरिया पात भएको शतावरीको बोटमा फूल फुलिराखेका छन्, अतएव निर्मल शरद् ऋतुको आगमन भइसक्यो ॥१३॥ आकाशमण्डलमा ग्रह नक्षत्र सबै निर्मल भइसके, आकाशमा बादल जहाँको तहीं विलाइसक्यो, सम्पूर्ण दिशा, नदी तथा तलाउहरू पनि सबै निर्मल भइराखेका छन् ॥१४॥

हे कपिश्रेष्ठ ! सीताको खोज पत्ता लगाउनाका लागि उद्योग गर्ने समय आइसक्यो, तर तिमीलाई सो कुराको ज्ञानै छैन, भोगविलासमा तिमीलाई आसक्त भएको भनिठानेर नै लक्ष्मण यहाँ आएका हुन् ॥१५॥ रामचन्द्रजी दुःखी छन्, यिनकी स्त्रीको हरण भइराखेको छ, अतएव यी महात्माले भनेको कठोर वचन जो तिमीले अर्को मानिस अर्थात् लक्ष्मणको मुखबाट सुन्यौ त्यो तिमीले सहनैपर्दछ ॥१६॥ तिमीले अपराध गरेका छौ अतएव हात जोडेर लक्ष्मणलाई प्रसन्न गराउनेसिवाय तिम्रा लागि म अर्को कुनै उपाय देख्तिनँ ॥१७॥ राजकार्यमा नियुक्त भएका मन्त्रीहरूले अवश्यै राजाको भलो हुने कुरा भन्नुपर्दछ त्यसै कारण भय नमानी मैले तिमीलाई न्यायको कुरा भनेको हुँ ॥१८॥ रिस गरेर रामचन्द्रले धनु उठाएभने ता यिनले देवता, असुर, गन्धर्वसहितको यस समस्त संसारलाई आफ्नो वशमा ल्याउन सक्तछन् ॥१९॥ जसलाई पछि आफूले खुशी राख्नुछ त्यसलाई रिसाउन दिन हुँदैन, तिमी कृतज्ञ छौ तसर्थ यिनले पहिले गरेको उपकार संझी तिमीले यिनलाई प्रसन्न गराउनैपर्दछ ॥२०॥ छोरा तथा बन्धुवर्गलाई साथमा लिई जाऊ र टाउको निहुराएर उनलाई प्रणाम गरेर आफ्नो प्रतिज्ञामा स्थिर होऊ । जसरी स्त्रीलाई पतिको अधीनमा रहनाले कल्याण हुन्छ त्यसै गरी तिमीलाई पनि यिनको अधीनमा रहनाले कल्याण हुनेछ ॥२१॥ हे कपिराज ! राम र लक्ष्मणको तिमीले आज्ञाको मनद्वारा समेत तिरस्कार गर्न हुँदैन, इन्द्रसमान पराक्रमी राम लक्ष्मणको मानवीय बल तिम्रो मनले थाहा पाएकै छ ॥२२॥

सर्ग—३३

लक्ष्मणको तारासित कुराकानी ।

यसपछि शत्रुघाती लक्ष्मणले अङ्गदद्वारा सुग्रीवबाट उत्तर पाएपछि रामचन्द्रको आज्ञा पालन गर्नाको निम्ति रमणीय गुफामा रहेको किष्किन्धा नगरीमा प्रवेश गरे ॥१॥ महाबली विशाल शरीर भएका जो वानर ढोकामा थिए यिनीहरू सबै लक्ष्मणलाई देख्नासाथ हात जोडेर उभिए ॥२॥ दशरथपुत्र लक्ष्मणलाई रिसाएर लामो लामो सास फेरिराखेको देख्ता यी वानरहरू डराए र यिनको साथमा भित्र जान सकेनन् ॥३॥

श्रीमान् लक्ष्मणले रत्नै रत्नले भरिभराउ भएको, दिव्य रत्नले बनेको, फूल फुलिराखेका वनले शोभायमान भइराखेको, रमणीय बडेमानको गुफा देखे ॥४॥ यो शहर धनी तथा राजाका ठूला ठूला घरले खचिखचाउ थियो, र नाना प्रकारका रत्न तथा सदा फूल फुल्ने, फल फल्ने रूखले गर्दा सुशोभित भइराखेको थियो ॥५॥ दिव्य माला तथा वस्त्र धारण गर्ने राम्रा राम्रा देवता, गन्धर्वपुत्र र इच्छामुताबिकको रूप लिन सक्ने बानरहरूले यस शहरलाई राम्रो तुल्याइराखेका थिए ॥६॥ चन्दन, अगरु र कमलको गन्धले यो गुफा सुगन्धित भइरहेको थियो र यहाँको सडकमा मैरेय तथा मधुनामक मदिरा पान गर्ने मानिसहरू आनन्दमा मग्न भई डुलिरहेका थिए ॥७॥ यस शहरमा कई एक तला भएका विन्ध्याचल र मेरु पर्वतसमानका विशाल राजाका महल थिए । यहाँ लक्ष्मणले पहाडी नदीमा निर्मल

जल बगिरहेको पनि देखे ॥८॥ लक्ष्मणले राजमार्गमा अङ्गद, मैन्द, द्विविद, गवय, गवाक्ष, गज, शरभ, विद्युन्माली, सम्पाति, सूर्याक्ष, हनुमान्, वीरबाहु, सुबाहु, नल, कुमुद, सुषेण, तार, जाम्बवान्, दधिवक्त्र, नील, सुपाटल, सुनेत्र यी प्रधान वानरहरूका ठूला, राम्रा र बलियोसङ्ग बनेका घर देखे ॥९-१२॥ यी घरहरू सेतो बादलझैं टल्कने, गन्ध र मालाले सुशोभित, धेरै धेरै अन्न, धन र राम्रा राम्रा आइमाईले भरिभराउ थिए ॥१३॥ वानरराजको घर सेता सेता पर्वतले घेरिएको, सजिलैसङ्ग प्रवेश गर्न नसकिने, र इन्द्रको भवन जत्तिकै रमणीय थियो ॥१४॥ कैलाश पर्वतका टाकुरासमानका सेता सेता अटालीले यो घर सुशोभित थियो र सदा सर्वदा फूल फुल्ने तथा फल फल्ने रूखहरूले गर्दा यसको शोभा बढिरहेको थियो ॥१५॥ यहाँ इन्द्रले दिएका यस्ता रमणीय रूखहरू थिए जसमा कि दिव्य पुष्प तथा फल लाग्दथे, यी रूख राम्रा काला बादलको समूह जस्ता थिए र शीतल यिनको छाया थियो ॥१६॥ हातमा हतियार लिएका बलिया बलिया बानर यस घरको ढोकामा पहरा दिइरहेका थिए, दिव्य माला यहाँ झुण्ड्याइएका थिए, सेतो रङ्गको यो महल सुनका तोरणले सुशोभित भइराखेको थियो ॥१७॥

मेघ-मण्डलमा जसरी सूर्य प्रवेश गर्दछन् त्यसै गरी सुग्रीवको यस रमणीय घरमा विना कुनै प्रकारको रोकटोकले महाबली लक्ष्मणले प्रवेश गरे ॥१८॥ सवारी तथा आसनले परिपूर्ण भएका सातओटा ढोका नाघेर गएपछि धर्मात्मा लक्ष्मणले बडो गुप्ती तवरले रहेको सुग्रीवको विशाल अन्तःपुर देखे ॥१९॥ उहाँ सुन चाँदीका पलंग र बस्नका लागि धेरै धेरै मोल परेका अनेक आसन जतातते रहिरहेका थिए र यिनमाथि निकै दाम परेका बिछ्याउना बिछ्याइएका थिए ॥२०॥ यहाँ अन्तःपुरभित्र प्रवेश गर्दैमा लक्ष्मणले पदका अक्षरले युक्त भएको, समतालसहितको वीणा आदि गरिएका बाजाहरूबाट उत्पन्न भएको मधुरो स्वर सुने ॥२१ महाबली लक्ष्मणले सुग्रीवको घरभित्र रूप तथा यौवनले सम्पन्न भएकोले फुरुङ्ग परिराखेका, अनेक आकारका धेरै धेरै आइमाई देखे ॥२२॥ उत्तम कुलमा जन्मेका, फूलको माला पहिरिराखेका राम्रा राम्रा गहनाले सिंगारिएका र राम्रो माला उन्नामा लागेका यी आइमाई देखिसकेपछि लक्ष्मणले सुग्रीवका नोकर-चाकरलाई पनि देखे, यिनीहरू सुख भोगले तृप्त भएका, मनमा कुनै प्रकारको हड्बड़ी नभएका र राम्रा राम्रा लुगा गहनाले सिंगारिएका थिए ॥२३-२४॥

श्रीमान् लक्ष्मण पाउजेबका घुँघुराको तथा करधनीको मधुरो आवाज सुन्दा लाजमा परे ॥२५॥ रिसाएका ता यिनी पहिलेदेखि नै थिए, तर अहिले गहनाको आवाज सुन्दा झन् क्रुद्ध भए, आइमाईको गहनाको आवाज नसुनियोस् भन्ने हेतुले यिनले धनुको टङ्कार गरे जसले गर्दा दशै दिशा गुञ्जायमान भए ॥२६॥ आफ्नो चरित्ररक्षाको मतलबले अर्थात् आइमाईको हूलमा जानु ठीक छैन भन्ने विचारले महाबाहु लक्ष्मण अडिए, रामको काममा हेलचेक्र्याइँ गरेमा सुग्रीवमाथि रिसाएका यिनी एकान्त ठाउँ खोजी उहीं बसे ॥२७॥

धनुको यस टङ्कारले वानरराज सुग्रीवलाई लक्ष्मण आएको कुराको पत्तो भयो र यिनी डरले

थर्कायमान भई राजगद्दीबाट उठेर खडा भए ।।२८।। अंगदले मलाई पहिले जो खबर दिएका थिए सो ठीक रहेछ, दाजुमाथि प्रेम राख्ने लक्ष्मण साँच्ची नै आइपुगेछन् ।।२९।। अंगदले भनेकोले र अहिले धनुको टङ्कार सुनेकोले सुग्रीवलाई लक्ष्मण आए भन्ने कुराको निश्चय भयो र यिनको मुख ओठ पनि सुकिहाल्यो ।।३०।। यसपछि वानरराज सुग्रीव डरले मनमा आकुल व्याकुल परी बडो सावधानीसाथ देख्नामा राम्रो अनुहार भएकी तारालाई हित गर्ने कुरा भन्नलागे ।।३१।। हे सुभ्रू (आँखीभूइँ राम्रो भएकी) ! क्रोधको केही कारण बुझ्न सकिएन, यी रामचन्द्रका भाइ किन रिसाएझैं भएर यहाँ आएका होलान् , यिनको चित्त ता स्वभावैले कमलो छ ।।३२।। हे कुनै प्रकारको खोट नभएकी तारे ! कुमार लक्ष्मणले रिस गर्नाको तिमीले के कारण होला भनिठान्यौ ? यी नरश्रेष्ठ विनाकारणले ता यसरी कदापि रिसाउने होइनन् ।।३३।।

हामीले यिनको कुनै अपराध गरेका छौं भन्ने तिम्रो विचार छभने आफ्नो बुद्धिले राम्रै गरी सो कुराको निर्णय गरी झट्टै मलाई भनिहाल ।।३४।। अथवा हे भामिनी ! तिमी स्वयं लक्ष्मणनेर गएर उनको दर्शन गर र कोमल वचनले संझाई बुझाईकन उनलाई खुशी पार ।।३५।। तिमीलाई देखेपछि शुद्ध अन्तःकरण भएका लक्ष्मण रिस गर्न छाडिदिनेछन् कारण महात्माहरू कहिले पनि स्त्रीजातिमाथि कठोर व्यवहार गर्दैनन् ।।३६।। कोमल वचनद्वारा संझाई बुझाई तिमीले उनलाई प्रसन्नेन्द्रिय तथा प्रसन्नमन पारेपछि कमलको पात जस्तो आँखा भएका शत्रुनाशी लक्ष्मणलाई म भेट्न जानेछु ।।३७।। यति सुनेपछि स्तनभारले अलि निहुरेकी, मदपान गर्नाले आँखा लट्ठ पारेकी, कन्धनीको सुनको सिक्री लट्काइराखेकी, शुभलक्षणले युक्त भएकी तारा ढुनमुनिदो चालले लक्ष्मणनेर गइन् ।।३८।।

वानरराजकी स्वास्नी तारालाई देख्नासाथ राजपुत्र महात्मा लक्ष्मण मनमा दिक्क भएकोले टाउको तल निहुराएर बसे । आइमाईलाई देख्नासाथ यिनको रिस पनि शान्त भयो ।।३९।। मदिरापान गर्नाले तारा यसै ता लज्जाहीन भएकी थिइन् त्यसमाथि लक्ष्मणको दृष्टिमा प्रसन्नताको चिह्न देख्ता बडो ढीठ भएर प्रसन्नतासाथ शान्त गराउने किसिमका अर्थयुक्त कुरा भन्नलागिन् ।।४०।।

हे राजपुत्र ! तपाईंले रिस गर्नाको कारण क्या हो ? कसले तपाईंको आज्ञाअनुसार काम गरेन ? सुक्खा रूख भएको वनलाई डढाउने अगोमा को मानिस निश्चिन्त भएर पर्न खोजेको होला ? ।।४१।।

ताराका शान्तपूर्ण तथा शङ्कारहित कुरा सुनेपछि लक्ष्मण यिनलाई निःशङ्क भावले प्रेमगर्भित कुरा भन्नलागे ।।४२।। तिम्रा पतिले काममा आसक्त भएकोले धर्म र अर्थको संग्रह गर्न छाड़िदिएका छन् , पतिको हित गर्न खोज्ने हे तारे ! के तिमीलाई यस कुराको याद विचार छैन ? ।।४३।। उनी राज्यको रक्षा गर्नपट्टि केही चिन्ता गर्दैनन् र शोकले पीडित भइराखेका हाम्रो यिनी केही याद विचार राख्तैनन् । हे तारे ! राज्यको रक्षाका लागि एउटा साधारण सभा खड़ा गरेको छ र आफू सदा काममा मग्न भइरहेका छन् ।।४४।। वानरराज सुग्रीवले हाम्रो काम गर्नाको निम्ति जुन चार महीनाको अवधि दिएका थिए सो ता बितिसक्यो, मदमत्त वानरराजलाई ता कामविहारमा मग्न भएकोले आफ्नो प्रतिज्ञा

तथा हाम्रो कामपट्टि विचारै छैन ।।४५।। धर्म र अर्थको साधनका लागि मदिरापान गर्नु ठीक छैन्, मद्यपान गर्नाले धर्म, अर्थ र काम यी तीनैको नाश हुन्छ ।।४६।। उपकार गर्ने मानिसको साथमा प्रत्युपकार नगर्नाले धर्मको लोप हुन्छ, गुणवान् मित्रको विनाश भएमा ता अर्थसम्बन्धी आफ्नो ठूलो हानि भएको भनिठान्नुपर्दछ—।।४७।। निष्कपटसंग आफ्ना मित्रको काम गर्नु र सत्यधर्ममा तत्पर रहनु मित्रका यी दुई गुण हुन् , तिम्रो लोग्नेले ता यी दुवै गुणलाई र धर्ममा तत्पर रहनसमेत छाडि-दिएका छन् ।।४८।। हे तारे ! तिमी ता कामको तत्व बुझ्दछ्यौ, तसर्थ मलाई बताऊ कि अहिले यस प्रकारको परिस्थिति भएमा हामीले अवउप्रान्तलाई के गर्नामा उचित पर्ला, तिमीले यै सबै कुरा सुग्रीव-लाई गई सुनाइदिनुपर्खो ।।४९।।

धर्म र अर्थले युक्त भएका तथा मधुर स्वभावका बोधक लक्ष्मणका यी कुरा सुनेपछि तारा रामचन्द्रको कामको उल्लंघन भएको विषयमा विश्वासपूर्वक फेरि भन्नलागिन् ।।५०।। हे राजपुत्र ! यो रिस गर्ने वेला होइन, आफ्ना मानिसमाथि तपाईंले रिस गर्न पनि मुनासीब पर्दैन । हे वीर ! तपाईं-को काम पूर्ण गर्नामा दत्तचित्त भइराखेका सुग्रीवले कुनै अपराध गरेको भए क्षमा गर्नुहोस् ।।५१।। हे कुमार ! तपाईंसदृश गुणवान् व्यक्तिले बलहीन व्यक्तिमाथि रिस देखाउन मुनासीब पर्दैन, सत्व-गुणले युक्त भएका तपाईं जस्ता मानिस रिसलाई वशमा राख्ने तपस्याको आधारमा रहेका हुन्छन् , तसर्थ तपाईं कसरी क्रोधको वशमा पर्न सक्नुहुन्छ ? ।।५२।। वानरराजका मित्र अर्थात् रामचन्द्रको रिसाउनाको कारण मलाई थाहा छ, उनको काममा विलम्ब भएको कुरासमेत मलाई थाहा छ, तपाईंको अधीनमा भएको हाम्रो जो काम तपाईंले गर्नुभयो, त्यसको पनि मलाई ज्ञान छ र तपाईंका लागि हामीले जे गर्नु छ सो समेत मैले जानेकै छु ।।५३।। हे नरश्रेष्ठ ! शरीरबाट उत्पन्न भएको कामदेवको बल यत्तिको हुन्छ भन्ने मलाई थाहा छ, यै कामदेवको उत्कृष्ट बलले गर्दा सुग्रीव आइमाईमा लम्पट भएका हुन् भन्ने कुरा मलाई थाहा छ र आज उनी आसक्तिरहित भइसकेका छन् सो कुराको मलाई ज्ञान छ ।।५४।। तपाईंको बुद्धि, अहिलेसम्म कामको विषयमा अनुरक्त नभएकोले यसरी क्रोधको वशमा पर्नुभएको छ, काममा आसक्त भएको मानिस जसरी देश, कालको विचार राख्तैन, त्यसै गरी धर्म र अर्थपट्टि पनि ख्याल दिंदैन ।।५५।। अतएव हे शत्रुको संहार पार्ने लक्ष्मण ! वानरवंशका मालिक तपाईंका भाइ सुग्रीवलाई क्षमा गर्नुहोस् , कामको व्यवहारमा फसेकोले उनी मेरो नजीक थिए र कामको आवेशले गर्दा लज्जाहीन भइराखेका छन् ।।५६।। धर्म र तपस्यामा आरूढ भएका ठूला ठूला महर्षिहरूसमेत ता कामको वशमा पर्नाले अज्ञानमा पर्दछन्भने, यी राजा ता वानर हुन् जो कि स्वभावैले चञ्चल हुन्छन् , यिनी सुखभोगमा आसक्त भए भन्ने कुरामा ता केही आश्चर्य्य छैन ।।५७।।

नशा लागेकोले आँखा लट्ठ पारेकी त्यो वानरी यस प्रकारसँग अतुल पराक्रम भएका लक्ष्मणलाई संझाइ-बुझाइसकेपछि फेरि पनि आफ्नो पतिको कल्याण गर्ने हेतुले बडो खेद मानेर यी कुरा भन्न-

लागी ॥५८॥ हे नरश्रेष्ठ ! कामको अधीनमा परेको भए तापनि सुग्रीवले तपाईंको कार्य साधनको निम्ति धेरै दिनअघि नै उद्योग गर्ने आज्ञा दिइराखेका छन् ॥५९॥ इच्छाअनुसारको रूप धारण गर्न सक्ने, भिन्नाभिन्न पर्वतमा वास गर्ने महाबली सैकडौं, हजारौं, करोडौं बानर यहाँ आइराखेका छन् ॥६०॥ हे महाबाहो ! आउनुहोस्, कसैको घरमा गएर आइमाईलाई हेर्नु अनुचित हो भन्ने विचार राखेर तपाईंले बाहिरै बसीकन आफ्नो सदाचारको रक्षा गर्नुभयो, छलरहित भई मित्रभावले मित्रकी स्वास्नी हेर्नामा अधर्म हुँदैन, तसर्थ अन्तःपुरभित्र प्रवेश गर्नुहोस् ॥६१॥

ताराको आज्ञा पाएपछि तथा झट्टै भित्र जाने यिनको प्रेरणा हुनाले शत्रुको नाश पार्ने महाबाहु लक्ष्मण घरभित्र गए ॥६२॥ उहाँ लक्ष्मणले धेरै मोल पर्ने बिछ्याउना बिछ्याइराखेको सुनको उत्तम आसनमा सूर्यसमान चहकिला सुग्रीवलाई बसिराखेको देखे ॥६३॥ दिव्य गहनाले आफ्नो शरीरलाई चित्र विचित्रको बनाइराखेका यी यशस्वीको रूप दिव्य भइराखेको थियो, इन्द्रझैं पराजित हुन नसक्ने यिनले दिव्य माला र वस्त्र पहिरिराखेका थिए ॥६४॥ दिव्य गहना तथा माला धारण गर्ने आइमाईले सुग्रीवलाई घेरिराखेको देख्ता रिस बढेका लक्ष्मण क्रोधले आँखा रातो तुल्याएका यमराज जस्ता देखिए ॥६५॥ असल सुनको जस्तो रंग भएका, उत्तम आसनमा बसिराखेका, ठूला ठूला आँखा भएका सुग्रीवले विशाल नेत्र भएका महाबली लक्ष्मणलाई देखे ॥६६॥

सर्ग—३४

लक्ष्मण सुग्रीवलाई कडा वचन भन्दछन् ।

विनारोकटोकले, रिसले चूर भइराखेका पुरुषश्रेष्ठ लक्ष्मणलाई अन्तःपुरभित्र आएको देख्ता सुग्रीव अत्यन्त हडबडाए, यिनका सबै इन्द्रियहरू विवश भए ॥१॥ रिसमा परेका, लामो लामो सास फेरिराखेका, तेजले जाज्वल्यमान देखिएका, दाजुको दुःखले गर्दा दुःखित भइरहेका लक्ष्मणलाई देख्नासाथ कपिश्रेष्ठ सुग्रीव आफ्नो सुनको आसन छाडी इन्द्रको सिंगारिएको बडेमानको ध्वजा जस्तै भएर खडा भए ॥२-३॥ जसरी पूर्ण चन्द्रमा आकाशमा उदाएपछि ताराहरू उदाउँछन् त्यसै गरी सुग्रीव उठ्नासाथ रुमा आदि गरिएका आइमाईहरू पनि उठे ॥४॥ श्रीमान् लक्ष्मण आँखा रातो रातो तुल्याएर यताउति टहल्नलागे र सुग्रीव ठूलो कल्पवृक्षझैं हात जोरेर यिनको नजीक आई उभिइरहे ॥५॥

ताराहरूको बीचमा रहेको चन्द्रमा जस्तै रुमालाई साथमा राखेर आइमाईको माझमा बसेका सुग्रीवलाई रिसले चूर भइराखेका लक्ष्मण भन्नलागे ॥६॥ बलवान्, कुलीन, दयालु, जितेन्द्रिय, कृतज्ञ र सत्यवादी राजाले लोकमा यश पाउँछन् ॥७॥ तर जो राजा अधर्मपट्टि लागेर उपकार गर्ने मित्रहरूको साथमा गरेको प्रतिज्ञा पूरा गर्दैन त्योभन्दा बढ्ता निठुरी मानिस को होला ? ॥८॥ घोडाको विषयमा झूटो बोल्नाले सय घोडा मारेको पाप लाग्दछ, गाईको विषयमा झूटो बोल्नाले हजार गाई मारेको पाप लाग्दछ, र मानिसको विषयमा असत्य बोल्नाले आत्मघातको तथा

कुलकुटुम्बीलाई मारे जत्तिकै पाप लाग्दछ ॥९॥ हे कपिराज ! जो मित्रद्वारा पहिले आफ्नो मनोरथ सिद्ध गराएर फेरि उनको प्रत्युपकार गर्दैन त्यो कृतघ्न हो र सबै प्राणीद्वारा वध गरिन योग्य हो ॥१०॥ सबैले मान्नुपर्ने ब्रह्माले कृतघ्नलाई देख्ता क्रुद्ध भई भनेको यो श्लोक हो, हे कपिराज ! तिमी सुनी राख ॥११॥ गाई मार्ने, मदिरा पान गर्ने, चोर तथा व्रतभंग गर्ने यी सबैका लागि सज्जन-हरूले उद्धार हुने बाटो बताएका छन्, तर कृतघ्नको उद्धार ता कतैबाट पनि हुन सक्तैन ॥१२॥ हे बानर ! तिमी ता अनार्य, कृतघ्न र मिथ्यावादी रहेछौ, किनकि पहिले रामचन्द्रबाट आफ्नो काम भने गराइहाल्यौ तर फेरि त्यसको सट्टामा कुनै प्रकारको प्रतिकार गरेनौ ॥१३॥ हे वानर ! आफ्नो मनोरथ सिद्ध भएकोले रामचन्द्रले पहिले गरेको उपकार संझी तिमीले अहिले सीताको पत्ता लगाउने काममा लाग्नुपर्ने हो ॥१४॥ तिमी ता अहिले आफ्नो प्रतिज्ञालाई झूटो गराएर तुच्छ भोग विलासमा आसक्त भइराखेका छौ, भ्यागुताको बोली बोल्ने तिमी सांप पो रहेछौ भन्ने कुरा रामचन्द्रलाई थाहा छैन ॥१५॥ हेर, महाभाग, दयालु, महात्मा रामचन्द्रले तिमी जस्तो पापी, दुरात्मालाई बानरहरूको राजा बनाइदिए ॥१६॥ महात्मा रामचन्द्रको उपकारको तिमीले संझना राखेनौभने अब झट्टै उनका तीखा बाणद्वारा मारिएर बालिलाई भेट्न पुग्नेछौ ॥१७॥ जुन बाटोबाट बालि मरेर गएका छन् त्यो बाटो अहिले नै बन्द भएको छैन, तसर्थ हे सुग्रीव ! आफ्नो प्रतिज्ञामा स्थिर होऊ, बालि गएको बाटोमा जाने इच्छा नगर ॥१८॥ तिमी रामचन्द्रको कामलाई मनले समेत संझन्नौ, तसर्थ यिनको धनुबाट निस्केका वज्र-समानका वाण देख्नेछौ र सुखी भएर भोगविलासको अनुभव गर्न सक्नेछैनौ ॥१९॥

सर्ग—३५

ताराको विन्ति सुन्दा लक्ष्मणको रिस साम्य हुन्छ ।

आफ्नो तेजले देदीप्यमान भइरहेका लक्ष्मणले यस प्रकारसँग भनेपछि चन्द्रमुखी तारा उनलाई भन्न-लागिन् ॥१॥ हे लक्ष्मण ! यी बानरहरूका राजा हुन् ! खास गरेर तपाईं जस्ता महात्माहरूको मुखबाट यिनी कठोर वचन सुन्ने योग्य छैनन् ॥२॥ हे वीर ! यी बानरराज सुग्रीव कृतघ्न, मूर्ख, निठुरी, झूटो बोल्ने र कपटी कुनै थोक पनि छैनन् ॥३॥ हे लक्ष्मण ! युद्धमा अरूबाट हुन नसक्ने काम गरेर रामले सुग्रीवको जो उपकार गरेका छन् सो यी वानरराजले बिर्सेका छैनन् ॥४॥ हे शत्रुको विनाश पार्ने लक्ष्मण ! रामकै कृपाले सुग्रीवले कीर्ति, यो सदा स्थिर रहने राज्य, रुमा र मलाई पाएका हुन् ॥५॥ पहिले सुग्रीवले दुःखसँग सुत्नुपर्दथ्यो र अहिले यस्तो उत्तम सुख पाएकोले मुनि विश्वा मित्रलाई झैं यिनलाई समयको अन्त भएको पत्तै भएन ॥६॥ महामुनि विश्वामित्रलाई घृताची अप्सरा-माथि आसक्त भएकोले दश वर्ष वितेको ता एक दिन बिते जस्तो लागेथ्यो ॥७॥ काल जान्नेहरूमा श्रेष्ठ महातेजस्वी विश्वामित्रलाई ता बितेको समयको ख्याल रहन सकेनभने नीच जातिको व्यक्तिको ता कुरै छैन ॥८॥ दैहिक धर्ममा अडिएका, पहिले धेरै कष्ट पाइसकेका, काम भोगले तृप्त नभएका सुग्रीव

कामासक्त भए भन्ने कुरामा आश्चर्य छैन, तसर्थ रामले यिनलाई क्षमा गर्नु उचित छ ।।९।। हे लक्ष्मण ! यथार्थ कुरा नबुझीकन साधारण मानिसझैं तपाईंले रिस गर्न मुनासीब पर्दैन, हे पुरुषश्रेष्ठ ! तपाईं जस्ता पराक्रमी मानिस विचार नगरी सहसा क्रोधको अधीनमा पर्दैनन् ।।१०–११।। हे धर्मज्ञ ! नम्रतापूर्वक सुग्रीवका लागि म तपाईंलाई प्रसन्न गराउन खोजिरहेकी छु, तसर्थ अब क्रोधबाट उत्पन्न भएको यस ठूलो सन्तापलाई छाडिदिनुहोस् ।।१२।। रामको कामका लागि सुग्रीव मेरो, अङ्गदको, राज्यको, धन-धान्यको र पशु आदिको पनि त्याग गर्नेछन् भन्ने मेरो विचार छ ।।१३।। त्यस अधम राक्षसलाई मारी, चन्द्रमाको साथमा रोहिणीलाई झैं रामको साथमा सीतालाई फर्काएर ल्याउनेछन् ।।१४।। लङ्कामा सयहजार करोड राक्षसहरूको संख्या छ र यससिवाय छत्तीस हजार छत्तीस सय अरू राक्षस पनि छन् ।।१५।। इच्छाअनुसार रूप धारण गर्न सक्ने, सजिलैसँग जित्न नसकिने यी राक्षसहरूलाई नमारीकन सीतालाई हरण गरेर लैजाने रावणलाई मार्नु असम्भव छ ।।१६।। सहायक नभईकन यतिका राक्षसलाई मार्नु लक्ष्मणका लागि सम्भव छैन, यसबाहेक रावणको पराक्रम बडो डरलाग्दो छ, तसर्थ विशेषरूपले सुग्रीवको सहायताको अपेक्षा गर्नैपर्दछ ।।१७।। वानरराज बालिले राक्षसहरूको यो संख्या मलाई बताएका थिए, राक्षसहरूको यत्रो संख्या कताबाट हुनगयो सो मलाई थाहा छैन, बालिबाट सुनेको कुरा मैले भनेकी हुँ ।।१८।। तपाईंको सहायताका लागि सुग्रीवले अनेक प्रधान बानरहरूलाई युद्धको निम्ति धेरै धेरै बानर जम्मा गर्न पठाइराखेका छन् ।।१९।। रामचन्द्रको कामको निम्ति सुग्रीव यी पराक्रमी र बलवान् बानरको प्रतीक्षा गरी बसेका छन्, यसै कारणले यिनी अहिलेसम्म बाहिर ननिस्केका हुन् ।।२०।। हे लक्ष्मण ! पन्ध्र दिनभित्र नआउने बानर मारिनेछन् भन्ने सुग्रीवले जो व्यवस्था गरेका छन्, त्यसअनुसार ता यी सबै महाबली बानरहरूले आजैतिर आइपुग्नु-पर्दछ ।।२१।। हजार करोड भालू, गोलांगुल जातिका सय करोड बानर र सयकडौँ करोड अतितेजस्वी बानरको फौज आज तपाईंनेर आइपुग्नेछ, तसर्थ हे शत्रुनाशक लक्ष्मण ! क्रोधको परित्याग गरिदिनुहोस् ।।२२।। हे लक्ष्मण ! रिसले चूर भएको तपाईंको मुख र रगतसमानका राता तपाईंका आँखा देख्ता बानरराजका आइमाईहरूलाई शान्ति भएको छैन, कारण यिनीहरू पहिलेदेखि डरले संकित भइराखेका छन् ।।२३।।

सर्ग—३६

सुग्रीवको प्रार्थनाले लक्ष्मण प्रसन्न हुन्छन् ।

ताराले यस्तो नम्र र धर्मयुक्त कुरा भनेपछि कमलो स्वभाव भएका लक्ष्मणले यिनले भनेको कुरा माने अर्थात् रिस शान्त गरे ।।१।। ताराले भनेको कुरालाई मानेपछि सुग्रीवले लक्ष्मणबाट उत्पन्न भएको डर, भिजेको लुगाझैं छाडिदिए ।।२।। यसपछि बानरराज सुग्रीवले घाँटीमा लगाइराखेको नाना प्रकारका बास्ना आउने फूलले बनेको राम्रो माला चुँडालिदिए र सावधान भई बसे ।।३।। सबै बानरहरूमा श्रेष्ठ

सुग्रीव महाबली लक्ष्मणलाई प्रसन्न गराउनाको निम्ति नम्र वचन बोल्नलागे ।।४।। हे लक्ष्मण ! मेरो श्री, कीर्ति तथा सदा स्थिर रहने बानरहरूको राज्य यी सबै पहिले नष्ट भइसकेका थिए, रामचन्द्रकै कृपाले मैले यी सबैलाइ फेरि पाएको हुँ ।।५।। हे राजकुमार ! आफ्नै कामले प्रसिद्ध भइराखेका ती देवताको उपकारको अलिकता पनि बदला दिन को समर्थ होला ? ।।६।। धर्मात्मा रामचन्द्र आफ्नै तेजले सीतालाई भेट्टाउनेछन् र रावणको वध गर्नेछन्, म ता केवल नाम मात्रको सहायक बन्नेछु ।।७।। जसले एउटै बाणले सातओटा बडे बडे रूख, पर्वत र पृथ्वीलाई छेडिदिए त्यस्तालाई सहायता गर्नाको के आवश्यकता छ ? ।।८।। हे लक्ष्मण ! जसको धनुको टङ्कारको शब्दले पर्वतसहितकी पृथ्वी काँप्नछिन्, त्यस्तालाई सहायता गर्ने व्यक्तिको के जरूरी पर्ला ? ।।९।। हे नरश्रेष्ठ ! वैरी रावणलाई मार्नाको निम्ति जब रामचन्द्र अघिअघि हिंड्नेहरूको साथमा गमन गर्नेछन्, त्यस बेलामा म पनि उनको पछिपछि लागेर जानेछु ।।१०।। विश्वासले गर्दा अथवा प्रेमले गर्दा यस सेवकबाट केही अपराध हुन गएको छ-भने तपाईंले सो अपराध क्षमा गर्नुपर्दछ, मालिकको केही अपराध नगर्ने को सेवक होला ? ।।११।।

महात्मा सुग्रीवले यस्तो कुरा भनेपछि लक्ष्मण प्रसन्न भएर प्रेमपूर्वक भन्नलागे ।।१२।। हे वानरेश्वर ! तिमी जस्ता नम्रलाई नाथ अर्थात् सहायक बनाउन पाएपछि मेरा दाजु सर्वथा सनाथ अर्थात् कार्यसिद्ध गर्ने भए भने पनि हुन्छ ।।१३।। हे सुग्रीव ! तिम्रो यस प्रकारको प्रभाव र यस किसिमको शुद्ध मन भएपछि ता तिमी यस बानर-राज्यको उत्तम लक्ष्मीको भोग गर्न योग्य छौ ।।१४।। प्रतापी रामचन्द्रले तिमी जस्तालाई सहायक बनाउन पाएपछि युद्धमा झट्टै रावणलाई मारिदिनेछन्, यसमा संदेह गर्ने कुरो केही छैन ।।१५।। हे सुग्रीव ! तिमी धर्मज्ञ तथा कृतज्ञ छौ र संग्राममा पिठिउँ फर्काउने किसिमका होइनौ, तिमीले भनेको कुरा सर्वथा उचित र ठीक छ ।।१६।। हे वानरराज ! तिमी र मेरा दाजु-बाहेक को यस्तो विद्वान् होला जो कि बोल्ने शक्ति भए तापनि यसरी बोल्न सक्ला ? ।।१७।। पराक्रम र बलमा तिमी रामचन्द्र जत्तिकै छौ, यसैले देवताहरूले सदाका लागि तिमीलाई उनको सहायक बनाएका हुन् ।।१८।। हे वीर ! अब झट्टै यहाँबाट मेरो साथमा हिंड्नुहोस् र स्त्रीहरणले दुःखी भएका आफ्ना मित्रलाई संझाउनुहोस् ।।१९।। शोकपीडित रामचन्द्रको कुरा सुनेर मैले तपाईंलाई जो कडा वचन भनें, हे मित्र ! त्यसको निम्ति मलाई क्षमा गर्नुहोस् ।।२०।।

सर्ग—३७

सुग्रीवको आज्ञाले हनुमान् बानरहरूलाई बोलाउन पठाउँछन् ।

महात्मा लक्ष्मणले यति कुरा भनिसकेपछि नजीक उभिइरहेका हनुमान्लाई सुग्रीव यस प्रकार-सँग भन्नलागे ।।१।। महेन्द्र, हिमालय, विन्ध्य, कैलाश पर्वतका टाकुरामा र सेतो टाकुरा भएको मंदराचलमा, यी पाँचै पर्वतमा जति बानर बसेका छन् तिनलाई, समुद्रको पारिपट्टि सदा मध्याह्न-कालका सूर्य जत्तिकै टल्कने पर्वतमा बसेकालाई, सन्ध्याकालीन मेघसमानको रक्तवर्ण भएका उद-

याचल पर्वतमा तथा पश्चाचल पर्वतको वनमा जति भयङ्कर बानर छन् तिनलाई, अञ्जनपर्वतमा हात्ती-समानका पराक्रमी र गाजल तथा मेघ जस्तो वर्ण भएका जति बानर छन् तिनलाई, महाशैलनामक पर्वतको गुफामा बस्ने सुनको जस्तो वर्ण भएका बानरहरूलाई, मेरुको नजीक धूम्रपर्वतमा वास गर्नेलाई, महारुण नाम भएको पर्वतमा वास गर्ने, मध्याह्नकालका सूर्यको जस्तो रातो वर्ण भएका, मदिरा पान गर्ने पराक्रमी बानरहरूलाई, बास्ना आउने ठूला ठूला रमणीय वनमा जति बानर बसेका छन् तिनलाई, वनको बीचमा तपस्वीहरूको राम्रो राम्रो आश्रममा बसेका बानरहरूलाई र चारै दिशाको वनको प्रान्त भागमा जति बानर बसेका छन् यी सबै छिटो चाल भएका बानरहरूलाई साम, दान आदि अनेक उपायले झट्टै बोलाउन पठाऊ ॥२-९॥ तिमीले पहिले नै यी सबै बानरलाई बोलाउनाको निम्ति ठूलो वेग भएका बानरहरू पठाइराखेका छौ भन्ने कुरा मलाई थाहा छ, त्यसो भए तापनि छिटो गर्नाका लागि अरू अरू मुख्य बानरलाई फेरि पनि पठाऊ ॥१०॥ कामभोगमा आसक्त भइराखेका तथा ढीलो गरेर काम गर्ने स्वभाव भएका जति बानर छन् ती सबैलाई झट्टै यहाँ लिई आऊ ॥११॥ मेरो आज्ञा पाउँदा पाउँदै पनि जो बानर दश दिनभित्रमा यहाँ आइपुग्दैनन् राजाको आज्ञा नमान्ने यी पापीहरूलाई मारिदेऊ ॥१२॥ मेरो आज्ञाले मेघ र पर्वतसमान देखिने र डरलाग्दो रूप भएका सैकडौं, हजारौं, करोडौं जो बानर अहिले यहाँ छन् ती सबै आकाशमा उड्दै गएर ती बानरहरूलाई बोलाएर ल्याऊन् ॥१३-१४॥ जस-जसलाई ती बानरहरू बसेको ठाउँ थाहा छ ती सबै मेरो आज्ञाले पृथ्वीको ती ती ठाउँमा गई झट्टै उनीहरूलाई बोलाएर ल्याऊन् ॥१५॥

वानरराज सुग्रीवको कुरा सुन्नासाथ वायुपुत्र हनुमान्ले पराक्रमी बानरहरूलाई सबै दिशातिर पठाए ॥१६॥ वानरराजद्वारा पठाइएका यी सबै बानरहरू उत्निखेरै पक्षी तथा नक्षत्रको बाटो लिई आकाशमार्गबाट जानलागे ॥१७॥ यिनीहरूले समुद्र, पर्वत, वन तथा तलाउमा बस्ने बानरहरूलाई रामचन्द्रको कामको निम्ति झट्टै आउनू भन्ने राजाको आज्ञा छ भन्ने कुरा सुनाए ॥१८॥ दण्ड दिनामा मृत्यु काल जस्ता राजश्रेष्ठ सुग्रीवको आज्ञा सुन्नासाथ, यिनको डरले थर्कायमान भएका सबै बानर-हरूले प्रस्थान गरिहाले ॥१९॥ यसपछि गाजलसमानको त्यस पर्वतबाट तीन करोड महाबली बानर रामचन्द्रनेर आए ॥२०॥ सूर्य अस्ताउने पर्वतमा बसेका, खारेको सुन जस्तो रंग भएका दस करोड बानर पनि आए ॥२१॥ कैलाशको टाकुरामा बस्ने, सिंहको केशर जस्तो रंग भएका हजार करोड बानर पनि रवाना भए ॥२२॥ फलमूल खाएर जीवन निर्वाह गर्ने हिमालय पर्वतमा बसेका हजार हजार करोड बानर किष्किन्धामा आए ॥२३॥ डरलाग्दो रूप र डरलाग्दो काम गर्न सक्ने, कालो कोइला जस्तो रंग भएका हजार करोड बानर झट्टै विन्ध्यपर्वतबाट हिंडे ॥२४॥

क्षीरसमुद्रको तीरमा बस्ने, तमाल वनमा रहने, नरिवल खाने बानर ता यति आए भन्ने गणनै छैन ॥२५॥ वन, गुफा तथा नदीहरूबाट निस्केको महाबली बानरहरूको विशाल सेना सूर्य नारायणलाई पिउँदै अगाडि बढ्यो अर्थात् यिनीहरूले उडाएको धूलोले गर्दा सूर्य नदेखिने भए ॥२६॥

यी सबै बानरलाई झट्ट बोलाउनाको निम्ति जो बानर पठाइएका थिए तिनले हिमालय पर्वतमा एउटा ठूलो रूख देखे ॥२७॥ यस पर्वतमा उहिले महादेवले एउटा ठूलो यज्ञ गरेका थिए जुन मनोहर यज्ञले गर्दा सबै देवताहरू प्रसन्न भएका थिए ॥२८॥ यहाँ अन्नको रसले उत्पन्न भएका, अमृत जस्ता स्वादिला नाना प्रकारका फलमूल बानरहरूले देखे ॥२९॥ अन्नबाट उत्पन्न भएका यी मनोहर फलमूल कसैले खायोभने त्यसलाई एक महीनासम्म तृप्ति भैरहन्छ अर्थात् एक महीनासम्म भोक लाग्दैन ॥३०॥ फल खाने मुख्य मुख्य बानरहरूले यी दिव्य फलमूल र नाना प्रकारका दिव्य औषधिहरू पनि लिए ॥३१॥ सुग्रीवलाई प्रसन्न गराउनका लागि यज्ञ भएको ठाउँबाट मीठो बास्ना आउने फूल पनि बानरहरूले लिंदै आए ॥३२॥

यी प्रधान बानरहरूले यस प्रकारसँग पृथ्वीका सबै बानरहरूलाई खबर दिई तथा हतपतसँग हिंड्नलगाई आफू यिनका जमातको अघिअघि नै आए ॥३३॥ छिटोसँग हिंड्ने बानरहरूको झुण्ड छिनको छिनैमा हतपतसाथ किष्किन्धामा सुग्रीव भएको ठाउँमा आइपुग्यो ॥३४॥ यिनीहरू आफूले यज्ञस्थानबाट ल्याएका सबै फलमूल तथा औषधिहरू सुग्रीवलाई चढाएर यस प्रकारसँग भन्नलागे ॥३५॥ सबै पर्वत, नदी तथा वनमा हामीहरू गयौं, पृथ्वीमा जति बानर छन् ती सबै तपाईंको आज्ञाले आइरहेका छन् ॥३६॥ वानरराज सुग्रीव, यो कुरा सुन्दा खुशी भए र प्रसन्नतापूर्वक यिनीहरूले चढाएको चीजबीज लिए ॥३७॥

सर्ग—३८

लक्ष्मणको साथमा सुग्रीव रामचन्द्रकहाँ आउँछन् ।

वानरराज सुग्रीवले यी बानरहरूले ल्याएको कोसेली ग्रहण गरी यिनलाई आश्वासन दिएर बिदा गरे ॥१॥ मौका मौकामा ठूलो ठूलो काम दिएका यी हजारौं बानरलाई बिदा दिएपछि सुग्रीव आफूलाई तथा महाबली रामचन्द्रलाई कृतार्थ संझनलागे ॥२॥ लक्ष्मणले महाबली वानरराज सुग्रीवलाई प्रसन्नतापूर्वक भने—हे सज्जन ! तपाईंको इच्छा छभने अब हामी किष्किन्धाबाट प्रस्थान गरौं ।

लक्ष्मणको यस्तो मीठो कुरा सुनेपछि सुग्रीवले मनमा अत्यन्त प्रसन्न भई भने—हुन्छ, हिंड्नुहोस्, हामी पनि तपाईंको आज्ञाको अधीन भई आउँछौं ॥३-५॥

शुभलक्षणले युक्त भएका लक्ष्मणलाई यति कुरा भनेपछि सुग्रीवले तारा आदि गरिएका आइमाईलाई बिदा गरिदिए ॥६॥ यसपछि सुग्रीवले "आओ" भनेर चर्को स्वरले प्रधान बानरहरूलाई बोलाए र यिनीहरू पनि उनको आज्ञा सुन्नासाथ झट्टै त्यहाँ आइपुगे ॥७॥ आइमाईको नजीक आउन हुने बानरहरू हात जोरेर त्यहाँ उभिए र सूर्यको जस्तो चहक भएका सुग्रीवले उनलाई भने, हे बानरहो ! झट्टै मेरो पालकी लिएर आओ । सुग्रीवको आज्ञा सुन्नासाथ छिटोसँग काम गर्ने बानरहरूले झटपटसँग राम्रो पालकी लिएर आए । पालकी आइपुगेको देखेपछि सुग्रीवले भने, हे

लक्ष्मण ! तपाईं झट्ट चढ्नुहोस् ।

यति भनिसकेपछि सूर्यसमानको तेजिलो पालकीमा सुग्रीव लक्ष्मणलाई साथमा लिई चढ़े, अनेक वानरले यस पालकीलाई बोकिराखेका थिए र यस समयमा सुग्रीवलाई सेतो छाता ओढाइराखेको थियो ।।८-१२।। सेतो रंगको चँवर चारैतिरबाट हम्कन लागिएको थियो, शंख, भेरी आदिको शब्द भइरहेको थियो र बन्दीहरू गुणगान गरिरहेका थिए ।।१३।। अत्युत्तम राजलक्ष्मीको शोभा पाएका सुग्रीवले, हातमा तीखा शस्त्र लिएका सैकडौं वानरलाई साथमा लिई राम भएको ठाउँमा जान भनी प्रस्थान गरे । एवं प्रकारसँग घेरिएका महातेजस्वी सुग्रीव, रामचन्द्रको रमणीय निवासस्थानमा पुगेपछि, लक्ष्मणको साथसाथै पालकीबाट ओर्ले र उनको नगीच गई हात जोरेर उभिरहे ।।१४-१५।।

सुग्रीवलाई हात जोरेर उभिरहेको देख्ता अरू वानरहरू पनि त्यसै गरी हात जोरेर उभिरहे । फूल फुलिराखेको कमलले युक्त भएको तलाउझैं बानरहरूको त्यो विशाल सेना देख्ता रामचन्द्र सुग्रीव-माथि प्रसन्न भए ।

आफ्नो चरणमा मस्तक राखिरहेका सुग्रीवलाई उठाएर प्रेम तथा आदरले अँगालो हाली धर्मात्मा रामचन्द्रले उनलाई बस्ने आज्ञा दिए ।।१६-१९।। यी सुग्रीवलाई भूइँमा बसेको देखेपछि रामचन्द्रजी भन्नलागे:—हे वानरश्रेष्ठ ! समयको विभाग गरी जो राजा समय समयमा धर्म अर्थ र कामको सेवन गर्दछ त्यै राजा राज्य गर्न योग्य हुन्छ । धर्म तथा अर्थलाई त्याग गरेर जो केवल काममा आसक्त भइरहन्छ त्यो, रूखको हाँगामा सुतिरहने मानिसझैं, खसेपछि मात्र बिउँझन्छ । जो राजा शत्रुको वध गर्नामा र मित्रहरूको संग्रह गर्नामा तत्पर रहन्छ त्यसैले त्रिवर्गको अर्थात् धर्म, अर्थ र कामको फल भोग्न पाउँछ र धर्मले समेत युक्त भएको हुन्छ । हे शत्रुनाशक ! सीताको पत्ता लगाउनाको लागि हामीले उद्योग गर्ने समय आइसक्यो, तसर्थ हे वानरराज ! आफ्ना मन्त्रीहरूको साथमा यस विषयमा सल्लाह गर्नुहोस् ।

रामचन्द्रले यसो भनेपछि सुग्रीव उनलाई भन्नलागे ।।२०-२४।। हे महाबाहो ! श्री, कीर्ति तथा परम्परादेखि चलिआएको यो वानरराज्य नष्ट भइसकेको थियो । तपाईंकै कृपाले मैले फेरि यिनलाई पाएको हुँ ।।२५।। तपाईंको र तपाईंका भाइको कृपाले गर्दा यी सबै फेरि मेरो हात परेका हुन् । उपकार-को बदलामा जो प्रत्युपकार गर्दैन त्यो मानिस दोषी ठहरिन्छ भन्ने कुरा ठीक हो ।।२६।। हे शत्रुनाशन ! यी सैकडौं प्रधान वानर पृथ्वीका सबै बलिया बानरलाई लिएर हाजिर भइराखेका छन् । हे राम ! यी भालु, बानर तथा गोलाङ्गुल बडा डरलाग्दा र शूरा छन्, यिनलाई पर्वत तथा वनका सबै दुर्गम स्थान थाहा छ ।।२७-२८।। हे राम ! इच्छाअनुसारको रूप धारण गर्न सक्ने देवपुत्र र गन्धर्वपुत्र वानरहरू आफ्ना आफ्ना फौज साथमा लिई बाटामा आइरहेका छन् ।।२९।। सैकडौं, लाखौं, करोडौं, अयुत, शङ्ख, अर्बुद, मध्य, अन्त्य, समुद्र तथा परार्द्ध संख्याका बानर तथा यूथपति आउने छन्, यिनीहरू इन्द्रसमानका पराक्रमी, मेघ तथा पर्वतसमानको विशाल रूप भएका छन् र मेरु तथा विन्ध्य पर्वतमा

बस्तछन् ।।३०-३२ ।। यिनीहरू लडाइँमा राक्षसहरूसित युद्ध गर्नाका लागि तपाईंको साथमा जानेछन् र युद्धमा रावणलाई मारी सीतालाई फर्काएर ल्याउनेछन् ।।३३।।

आज्ञामा रहने वानरराज सुग्रीवको उद्योग देख्ता वीर्यवान् राजपुत्र रामचन्द्र मनमा प्रसन्न भएकोले फूल फुलेको नील कमल जस्तो राम्रो देखिनलागे ।।३४।।

सर्ग—३९

सुग्रीवको आज्ञाले यूथपतिहरू सेनासहित उपस्थित हुन्छन् ।

हात जोरेर यस प्रकारसंग भनिरहेका सुग्रीवलाई धर्मात्माहरूमाका श्रेष्ठ रामचन्द्रले दुवै हातले अङ्कमाल गरी भन्नलागे ।।१।। इन्द्रले जलको वर्षा गराएकोमा आश्चर्य्यको कुरो केही छैन, हजार किरण भएका सूर्यले आकाशलाई अन्धकारहीन गराएकोमा पनि केही आश्चर्य्य छैन ।।२।। हे शत्रुको संहार पार्ने सज्जन सुग्रीव ! चन्द्रमाले आफ्नो प्रकाशले आकाशलाई निर्मल तुल्याएकोमा विचित्रको कुरो केही छैन, त्यसै गरी तिमी जस्ता सत्पुरुषले मित्रको भलो हुने काम गरेकोमा केको आश्चर्य्य ? ।।३।। एवं प्रकार तिमीबाट जति असल काम हुन्छन् त्यसमा पनि आश्चर्य्य मान्नुपर्ने कुरो छैन । हे सुग्रीव ! तिमी सदा मीठो बोली बोल्दछौ भन्ने कुरा मलाई थाहा छ ।।४।। हे मीत ! युद्धमा तिमी जस्तो सहायक पाएपछि ता म जम्मै शत्रुलाई जित्नेछु, तिमी मेरा घनिष्ठ मित्र हौ, तसर्थ मेरो सहायता गर्नु तिम्रो कर्तव्य हो ।।५।। जसरी छल गरेर अनुह्लादले पुलोमाको अनुमति ली शचीको हरण गरेथ्यो त्यसै गरी अधम राक्षस रावणले आफ्नो विनाशका लागि सीताको हरण गरेको हो ।।६।। जसरी शत्रुको संहार पार्ने इन्द्रले शचीका अहङ्कारी पिता पुलोमालाई मारेथे त्यसै गरी म पनि आफ्ना तीखा बाणले रावणलाई अब झट्टै मारिदिन्छु ।।७।।

रामचन्द्रले यस प्रकारसँग कुरा गर्दा गर्दैमा यसरी धूलो उड्नलाग्यो कि यस धूलोल गर्दामा आकाशमा सूर्यका ताता किरणको उज्यालो नै ढाकिन गयो ।।८।। यस धूलोले दूषित भएकोले सबै दिशा अन्धकारमय भए र पर्वत, वन, तथा काननसहितकी जम्मै पृथ्वी काम्नलागिन् ।।९।। यसपछि पर्वतसमानका अग्ला, तीखा तीखा दाँत भएका, महाबली, असंख्य वानरहरूले गर्दा जम्मै पृथ्वी नै ढाकियो ।।१०।। छिनको छिनैमा यी सेनापति तथा सैकडौं करोड बानरका सेनापति त्यहाँ देखिनलागे ।।११।। नदी, पर्वत, तथा समुद्रमा वास गर्ने, मेघ गर्जे जस्तै गर्जने बलिया बलिया बानरहरूले गर्दा र वनमा बस्ने वानरहरूले गर्दा पृथ्वी टम्मै भएर भरियो ।।१२।। यिनमा कुनै वानर मध्याह्नकालका सूर्यसमान चहकिला, कुनै चन्द्रमा जत्तिकै गोरा र कुनै कमलको केशर जस्ता पहेंला थिए । हिमालयमा वास गर्नेहरूको रंग सेतो थियो ।।१३।।

दशहजार करोड वानरलाई साथमा लिई श्रीमान् शतबली नाम गरेको वीर वानर देखा पर्‍यो।।१४।। सुमेरु पर्वतको जस्तो आकार भएका ताराका बलवान् पिता सुषेण कई एक हजार करोड वानरलाई

साथमा लिई त्यहाँ उपस्थित भए ।।१५।। यसपछि रुमाका बाबु अर्थात् वानरेश्वरका ससुरा अर्को हजार करोड वानरको सेना लिएर त्यहाँ आइपुगे ।।१६।। सबै वानरहरूमा श्रेष्ठ, हनुमान्‌का पिता, केसरी नाम गरेका वानरको रंग कमलको केशर जस्तो थियो, मध्याह्नकालका सूर्यको जस्तो चहकिलो यिनको मुख थियो । यी बुद्धिमान् वानर अनेक हजार वानर साथमा लिई आइराखेका देखिए ।।१७-१८।। यसपछि गोलाङ्गूल जातिका वानरहरूका राजा महापराक्रमी गवाक्ष हजार करोड वानर साथमा लिई त्यहाँ आइपुगे ।।१९।। डरलाग्दो वेग भएका दुई हजार करोड भालुहरूको साथमा धूम्र नाम गरेका भालुहरूका राजा त्यहाँ आए ।।२०।। पनस नाम गरेको महाबली सेनापति, डरलाग्दो रूप भएका खूब बलिया बलिया तीन करोड बानरको साथमा त्यहाँ आयो ।।२१।। नीलपर्वतसमानको आकार भएको, विशाल शरीरवाला नील नामक सेनापति दश करोड बानर साथमा लिई आइराखेको देखियो ।।२२।। गवयनामक सेनापतिको आकार सुमेरु पर्वतको जस्तो थियो, यी महाबली पाँच करोड बानरको साथमा आएका थिए ।।२३।। दरीमुख नाम गरेको महाबली सेनापति आयो, हजार करोड बानर यसका साथमा थिए र यो सुग्रीवनेर गई बस्यो ।।२४।। महाबली मैन्द र द्विविद अश्विनीकुमारका छोरा थिए, यिनीहरू हजार करोड बानरको फौज लिएर आइराखेका थिए ।।२५।। गज नाम गरेका बलवान् वीर आए, यिनको साथमा तीन हजार करोड बानर थिए । महातेजस्वी जाम्बवान्‌नामक ऋक्षराज पनि सुग्रीवको अधीनमा रहने दश करोडको फौज लिएर उपस्थित भए । रुमण्वान् नाम गरेका तेजस्वी यूथपति सय करोड पराक्रमी बानरसहित झट्टै हाजिर भए । यसपछि लाख करोड बानरलाई साथमा लिई गंधमादन नाम गरेका सेनापति आइपुगे । यसपछि हजार पद्म र सय शङ्कु बानरसहित वायुसमानका पराक्रमी युवराज अङ्गद आइपुगे । अनि पछि ताराको जस्तो प्रकाश भएका तार नाम गरेका सेनापति डरलाग्दो पराक्रम गर्नसक्ने पाँच करोड बानरलाई साथमा लिई टाढैबाढ आउनलागेका देखिए । इन्द्रजानु नाम गरेका सेनापति आउनलागेका देखिए । यिनी एघार करोड वानरका मालिक थिए र सबैलाई सँगमा लिएर आइरहेका थिए । मध्याह्नकालका सूर्यसमान तेजस्वी रम्भनामक सेनापति सय करोड, दश हजार, एक सय बानरको फौज लिएर आइपुगे । यसपछि दुर्मुख नाम गरेका वीर सेनापति आए, यी महाबलीसँग दुई करोड बानर आउनलागेका देखिए । कैलाशको टाकुराको जस्तो आकार भएका, डरलाग्दो पराक्रम देखाउने हजार करोड बानर साथमा लिई वीर हनुमान् आउनलागेका देखिए । फेरि नल नामका महाबली सय करोड, एक हजार एक सय बानर संगमा लिएर आए । श्रीमान् दरीमुख पनि आए, यिनको साथमा दश करोड बानर थिए ।।२६-३६।। शरभ, कुमुद, वह्नि र रम्भ नाम गरेका बानर गर्जन गर्दै महात्मा सुग्रीवनेर आए ।।३७।। यिनीहरू र इच्छाअनुसारको रूप धारण गर्न सक्ने अनेक बानर समस्त पर्वत, वन तथा पृथ्वीलाई आच्छादित गर्दै त्यहाँ आइपुगे ।।३८।। यति उति सेनापति आए भन्ने कुराको लेखै छैन । यी सबै वानरहरू आएर पृथ्वीमा बसे ।।३९।।

जसरी सूर्यको नजीक मेघ आउँछन् त्यसै गरी हाँगामा उफ्रँदै तथा गर्जना गर्दै बानरहरू सुग्रीवको नजीक आइपुगे ॥४०॥ बाहुमा बल भएका यी बानरहरूले नाना प्रकारको शब्द गरी तथा टाउको निहुराएर सुग्रीवलाई आफू आएको सूचना दिए ॥४१॥ कोही कोही श्रेष्ठ बानरहरू विधिपूर्वक सन्मान गरी हात जोरेर यिनको नजीक उभिइरहे ॥४२॥

धर्म जान्ने सुग्रीवले रामलाई झटपट यिनीहरू आएको खबर दिएर आफू हात जोरेर बसे र अनि सेनापतिहरूलाई भन्नलागे ॥४३॥ पर्वत, पानीको खोलाको नजीक तथा वनमा आफ्ना आफ्ना फौजलाई सुखपूर्वक अड्याएर, बानरका सेनापतिहरू आफ्नो आफ्नो फौजको परिचय भएकोले कुन बानर आए कुन आएनन् सो कुराको निर्णय गरून् ॥४४॥

सर्ग—४०

सीतालाई खोज्न सुग्रीव बानरहरूलाई पठाउँछन् ।

बानरराज सुग्रीव सबै सामग्री जम्मा पारिसकेपछि शत्रुसेनाको विनाश गर्ने रामचन्द्रलाई भन्नलागे ॥१॥ मेरो राज्यमा रहने, इच्छाअनुसारको रूप धारण गर्न सक्ने इन्द्रसमानका बलिया बानर आइराखेका छन् र यथायोग्य ठाउँमा यिनलाई राखिछाडेको छ ॥२॥ अनेक देशमा भ्रमण गरिसकेका बलिया बानर आइराखेका छन् । दैत्य दानवसमान यिनीहरू पराक्रमी र भयानक छन् ॥३॥ युद्धमा यिनीहरूले आफ्नो वीरताको परिचय दिसकेका छन्, यिनीहरू दुःख खप्न सक्तछन्, पराक्रमको विषयमा प्रख्यात छन् र उद्योग गर्नामा उत्तम छन् ॥४॥ पृथ्वीमा तथा जलमा वास गर्ने र अनेक पर्वतमा रहेका तर अहिले यहाँ आइराखेका करोडौं बानर तपाईंका सेवक हुन् ॥५॥ हे शत्रुनाशी ! यी सबै तपाईंको अधीनमा छन्, आफ्ना मालिकको भलो गर्नामा तत्पर रहने यिनीहरू अवश्यै तपाईंको अभिलाषा पूर्ण गर्नामा समर्थ हुनेछन् ॥६॥ हजारौं करोडौंको संख्यामा जो बडा बडा पराक्रमी बानर यहाँ आइराखेका छन् यिनीहरू दैत्य, दानव जत्तिकै डरलाग्दा छन् ॥७॥ हे नरश्रेष्ठ ! जुन कामलाई तपाईं यो समय सुहाउँदो भन्ठान्नुहुन्छ सोही कामको निम्ति आज्ञा गर्नुहोस् । यो फौज तपाईंको अधीनमा छ, तसर्थ तपाईंले नै आज्ञा दिनु मुनासीब छ ॥८॥ यिनीहरूले तपाईंको फलानो काम अर्थात् सीताको खोज गर्ने काम गर्नुपर्दछ भन्ने मलाई राम्रै गरी थाहा छ तपानि तपाईं जो उचित देख्नुहुन्छ सो कुराको यिनलाई आज्ञा गर्नुहोस् ॥९॥

सुग्रीवले यस्तो कुरा भनेको सुनेपछि दशरथपुत्र रामचन्द्र यिनलाई दुवै हातले अङ्कमाल गरी भन्नलागे ॥१०॥ हे सज्जन ! हे महापण्डित ! पहिले ता यस कुराको पत्ता लगाउनुपर्‍यो कि सीता बाँचेकै छिन् वा मरिसकिन् र त्यो देश कहाँ छ जहाँ कि रावण बसेको छ ? ॥११॥ सीता मरे वाँचेकी तथा रावणको बस्ने ठाउँको पत्ता लागेपछि मात्र म तिम्रा साथमा मौकामाफिकको काम गर्नामा उद्योग गर्नेछु ॥१२॥ हे वानरराज ! यो काम गर्नामा न म समर्थ छु न लक्ष्मण नै समर्थ

छन्, यो काम तिम्रै अधीनमा छ र तिमी नै यसलाई सिद्ध गर्न सक्तछौ ॥१३॥ कामको निर्णय गरी, कसो गर्न उचित पर्ला सो कुराको विचार राखी तिमी नै आज्ञा देऊ, तिमीलाई मेरो काम राम्रै गरी थाहा छ, यसमा सन्देह गर्ने कुरै छैन ॥१४॥ तिमी मेरा अनुपम मित्र ह्वौ, यससिवाय तिमी पराक्रमी, बुद्धिमान्, समयको विचार राख्ने, मेरो भलो गर्नामा लागेका, मित्रताको महत्व बुझ्ने तथा यथार्थ कुराको ज्ञान भएका छौ ॥१५॥

रामचन्द्रको यस्तो कुरा सुनेपछि सुग्रीवले पर्वतको जस्तो आकार भएको, मेघ गर्जे जस्तै गर्जने विनत नाम गरेको सेनापतिलाई राम तथा बुद्धिमान् लक्ष्मणको अगाडि भन्नलागेः—हे वानरश्रेष्ठ ! सूर्य, चन्द्रको जस्तो वर्ण भएका बानरहरूको साथमा देश, काल र नीतिशास्त्र जान्ने सय हजार बानर लिएर तिमी पूर्व दिशातिर जाऊ र त्यहाँ पर्वत, वन कानन आदि गरिएका ठाउँमा जनककुमारी सीताजीको र रावण बस्ने घरको पत्ता लगाऊ ॥१६-१९॥ सबै पर्वतका गुफामा, दुर्गम ठाउँमा, वनमा, नदीमा, रमणीय गंगा, सरयू, कौशिकी, कालिन्दी, यमुना, यामुननामक महापर्वत, सरस्वती, सिन्धु, मणितुल्य जल भएको शोणमा, वन र पर्वतले सुशोभित भइराखेका मही, कालमही यी दुवै नदीमा, ब्रह्ममाला, विदेह, मालव, काशी, कोशल, मगध, महाग्राम, पुंड्र, अङ्ग, रेशम उत्पन्न गर्ने कीरा भएको देश, चाँदीको खानी भएको जग्गा—यी सबै प्रदेशमा गई जताततै खोज पत्ता लगाउँदै दशरथकी बुहारी, रामकी प्यारी स्त्री सीतालाई खोजे ॥२०-२४॥ समुद्रको टापूमा रहेका पर्वत, शहरमा र मन्दर पर्वतको टाकुरामा जति देश छन् ती सबैमा राम्रो गरी खोजे ॥२५॥ कानसम्म लुगा बेह्रिराख्ने, ओठसम्म कान आइराखेका, फलाम जस्तो डरलाग्दो मुख भएका, एकखुट्टे भए तापनि छिटो हिंड्न सक्ने, घरबार नभएका, बलिया, मान्छे खाने, ठाडो टुपी भएका, सुनको जस्तो वर्ण भएका, देख्नामा राम्रा, काँचो माछा खाने, टापूमा बस्ने किरातहरूको देशमा पनि खोजे । देख्तैमा डरलाग्ने, पानीभित्र बस्नेहरूलाई वनव्याघ्र भन्दछन्, जंगलमा यिनीहरूले बस्ने गरेको ठाउँमा खोज्नू । पहाडबाट उफ्रेर अथवा डुंगा चढेर जुन जुन टापूमा जानुपर्दछ त्यहाँ पनि खोजे ॥२६-२९॥ सात राज्यले युक्त भएको यवद्वीपमा यत्नपूर्वक गए, सुन बनाउनेहरूले वास गरेको सुवर्ण द्वीप तथा रूप्यक द्वीपमा पनि तिमीहरू गए ॥३०॥ यवद्वीप छाडेर अगाडि लागेपछि शिशिर नाम गरेको पर्वत भेटिन्छ, यसको टाकुराले आकाशलाई छेडेर स्वर्गलाई छुँला जस्तो गरेको छ, यो देव दानवहरूको बस्ने ठाउँ हो ॥३१॥ यी द्वीप आदि गरिएका ठाउँका पर्वतका दुर्गम स्थानमा, खोलामा, वनमा तिमीहरू सबै जना मिलेर यशस्विनी रामपत्नीलाई खोजे ॥३२॥ समुद्रको पारिपट्टि गएपछि, सिद्धचारणहरूले वास गरेको, छिटो बग्ने, रातो जल भएको शोण नामको नदी भेटिनेछ ॥३३॥ यसको रमणीय घाटहरूमा, चित्र विचित्रका जङ्गलमा जताततै घुमेर सीता र रावणलाई खोजे ॥३४॥ पर्वतबाट निस्केका, भयङ्कर उपवनहरूले युक्त भएका नदी, गुफा भएका पर्वत तथा जङ्गल यी सबै ठाउँमा खोजे ॥३५॥

यसपछि तिमीहरू अत्यन्त डरलाग्दा समुद्रको टापूमा खोज्न गए; यहाँका अति उग्र तरङ्गहरूले,

हावाको झोंका लाग्नाले बडो डरलाग्दो आवाज निकाल्दछन् ।।३६।। यहाँ विशाल शरीर भएका असुरहरू सधैं छायाद्वारा समातेर प्राणीहरूको भक्षण गर्दछन्, धेरै दिनदेखि भोकाइराखेका हुनाले यिनीहरूले ब्रह्माबाट यस्तो गर्ने आज्ञा पाएका छन् ।।३७।। अतएव ठूला ठूला सर्पले युक्त भएको, कालमेघ झैं घोर गर्जन गर्ने यस समुद्रको किनारै किनारा लागेर गए ।।३८।। यहाँबाट तिमीहरू लोहित सागर नाम गरेको समुद्रमा पुग्नेछौ, यसको पानी रातो छ र यो देख्नामा डरलाग्दो छ । यहाँ विश्वकर्माले गरुडलाई बस्नाको निम्ति कैलाशसमानको, नाना रत्नले सुशोभित भएको घर बनाएका छन् ।।३९-४०।। यहाँ नाना किसिमको रूप धारण गरेका, पर्वत जस्तो डरलाग्दो शरीर भएका, मन्देह नाम गरेका भयङ्कर राक्षसहरू पर्वतको टाकुरामा तल्तिर टाउको गरेर झुण्डिराखेका हुन्छन् ।।४१।। सूर्यको उदय हुने वेलामा यिनीहरू पानीमा खस्तछन्, तर फेरि सूर्यको किरणद्वारा तातेर पर्वतको टाकुरामा झुण्डिन पुग्दछन् । यी राक्षसहरू प्रतिदिन सन्ध्याकालमा ब्राह्मणहरूको तेजले मर्दछन् ।

यसपछि तिमीहरू सेतो बादल जस्तो क्षीरसागर देख्नेछौ । यो क्षीरसागर आफ्ना लहरीहरूले गर्दा मोतीको हार पहिरिराखेको जस्तो देखिन्छ; यसको बीचमा ऋषभ नाम गरेको एउटा बिलकुल सेतो पहाड छ ।।४२-४४।। यो पर्वत दिव्य गन्धले युक्त भएका फूल फुलेका अनेक वृक्षले खचिखचाउ छ, यहीं सुदर्शन नाम गरेको एउटा तलाउ पनि छ; यसमा सुनको केसर भएका, बडा चहकिला चाँदीका कमल फुलिराखेका हुन्छन्, र यहाँ धेरै राजहंस बसेका हुन्छन् देवता, चारण, यक्ष, किन्नर, र अप्सराहरू मनमा प्रसन्न भई यहाँ विहार गर्न आउँछन् ।

यस क्षीरसागरपछि हे बानरहो ! तिमीहरू चाँडै नै सबै प्राणीको मनमा डर उत्पन्न गराउने जलोदधिनामक समुद्र देख्नेछौ, यहाँ और्व नामका ब्रह्मर्षिको क्रोधले उत्पन्न भएको बडेमानको हयमुख नाम भएको तेज अर्थात् बडवानल देखिनेछ ।।४५-४८।। अद्भुत वेग भएको यस बडवानलमा प्रलयकालको समयमा यो चराचर जगत् भात जस्तै गरी पाक्नेछ । समुद्रवासी असमर्थ प्राणी यो बड-वानल देख्ता डरले चिच्च्याउँछन् त्यहाँ सुनिने महान् शब्द यही हो ।।४९।। स्वादिलो जल भएको यस समुद्रको उत्तरपट्टिको तीरमा तेह्र योजनसम्म फैलिएको सुनै सुनको चट्टान भएको एउटा ठूलो पर्वत छ, यसै कारण जूनको जस्तै यसको शोभा पनि छ ।।५०।। हे वानरहो ! तिमीहरू यहाँ चन्द्रमाको जस्तो सेतो वर्ण भएका, कमलको पात जस्तो ठूला ठूला आँखा भएका, पृथ्वीलाई धारण गरिराखेका सर्पराजलाई देख्नेछौ ।।५१।। सबै देवताले नमस्कार गर्ने योग्य, हजार टाउको भएका, नीलो वस्त्र पहिरिराखेका यी अनन्तदेव पर्वतको टाकुरामा बसिराखेका देखिनेछन् ।।५२।। यस पर्वतको टाकुरानेर यी अनन्तदेवको सुनको ध्वजा छ, यसका तीन हाँगा छन्, यसको मुनि एउटा वेदी बनेको छ । यो ध्वजाको रूपमा सुनको तालवृक्षसमान देखिन्छ ।।५३।। देवताहरूले यस तालवृक्षलाई पूर्व दिशामा स्थापित गरेका छन् अर्थात् पूर्व दिशाको सीमाना यै हो ।

यसपछि सुनै सुनको रमणीय उदयाचल पर्वत छ ।।५४।। यसको टाकुरा सय योजन अग्लो छ

र आकाशलाई छुन्छ । यो सुनै सुनले बनेको दिव्य वेदीले युक्त भएकोले अतिशय शोभायमान छ ॥५५॥ यहाँ फूल फुलिराखेका साल, ताल, तमाल, कर्णिकारका जति रूख छन् ती सबै सुनैका छन्, अतएव सूर्यको जस्तै यिनीहरूको टलक देखिन्छ ॥५६॥ पर्वतमा सौमनस नाम गरेको एउटा सुवर्णमय टाकुरो छ, यो एक योजन लामो दश योजन अग्लो छ ॥५७॥ पहिले वामनावतारमा पुरुषोत्तम विष्णु भगवानले तीन पाइला जग्गा नाप्नाखेरि पहिलो पाइलो यहाँ र दोस्रो मेरुको शिखरमा राख्नुभएको थियो ॥५८॥ उत्तरपट्टिबाट जम्बुद्वीपको परिक्रमा गरेर जब सूर्यनारायण यस अग्लो टाकुरामा आउनुहुन्छ अनि मात्र यस द्वीपका मानिसले उहाँलाई राम्रोसँग देख्न पाउँछन् ॥५९॥ यही टाकुरामा वैखानस नाम गरेका बालखिल्य महर्षिहरू बास गर्दछन् । यी तपस्वीहरू सूर्यसमान तेजिला देखिन्छन् ॥६०॥ यै सौमनस टाकुरामा सूर्यको उदय भएपछि सबै प्राणीको आँखामा तेज आउँछ र सबैलाई यिनको प्रकाशको ज्ञान हुन्छ ॥६१॥ यस पर्वतमाथि, यहाँका गुफा र बनमा तिमीहरूले जताततै सीता र रावणलाई खोजे ॥६२॥ सुवर्णमय पर्वत तथा महात्मा सूर्यको प्रकाशले नै प्रातःकालको र सन्ध्याकालको रातो रंग देखिएको हो ॥६३॥ पृथ्वीका जम्मै भुवनमा प्रकाश गराउनाका लागि सूर्यको उदय हुनु आवश्यक देखेर ब्रह्माले माथि रहेकाहरूको प्रवेश गराउने हेतुले उदयगिरिलाई ढोकाको रूपमा खडा गरेका हुन्, यसले यसको नाम पूर्व परेको हो । यस दिशामा सूर्योदय हुने हुनाले यसलाई पूर्वदिशा भनेको हो ॥६४॥ यस उदयाचलमाथि, यसका पानीका झरना तथा गुफामा जताततै सीता र रावणलाई खोजे ॥६५॥ उदयाचलपछि पूर्व दिशा अगम्य छ अर्थात् कोही जान सक्तैनन् , यो देवताहरूको बस्ने ठाउँ हो, यहाँ सूर्य-चन्द्रको प्रकाश नहुने हुनाले सदा अन्धकार रहन्छ ॥६६॥ यी सबै पर्वत, गुफा तथा नदीहरूमा र मैले नाम नलिएका देशमा पनि तिमीहरूले सीतालाई खोजे ॥६७॥ हे वानरश्रेष्ठहो ! वानरहरूको यहीं-सम्म जाने शक्ति छ । यसभन्दा अगाडिको जग्गामा सूर्यको प्रकाश छैन र यसको मर्यादा पनि नभएकोले यहाँको विषयमा मलाई केही अत्तो पत्तो छैन ॥६८॥ सीताको र रावणको घरको पत्ता लगाई उदयाचल पर्वतसम्म पुगेर एक महीना पुग्दा नपुग्दैमा तिमीहरू फर्केर आए ॥६९॥ एक महीनाभन्दा बर्ता उहाँ नबसे, कोही बस्योभने म त्यसलाई मारिदिनेछु; जाओ सीताको पत्ता लगाई आफूलाई अह्राएको काम सिद्ध गरी फर्के ॥७०॥ हे वानरहो ! वनसमूहले सुशोभित भइरहेको, इन्द्रको प्यारो दिशा, पूर्वदिशातिर यात्रा गरेर रामचन्द्रकी प्यारी सीताको पत्ता लगाएर तिमी चतुरा वानरहरू फर्क्यौं-भने तिमीहरूले सुख पाउनेछौ ॥७१॥

सर्ग—४१

सुग्रीव दक्षिण दिशातिर बानर पठाउँछन् ।

बानरको यस विशाल सेनालाई पूर्वतिर बिदा गरेर सुग्रीवले पहिलेदेखि छानिराखेका बानरहरू-लाई दक्षिण दिशातिर पठाए ॥१॥ अग्निपुत्र नील, हनुमान्, पितामहका छोरा महाबली जाम्बवान्,

सुहोत्र, शरारि, शरगुल्म, गव, गवाक्ष, गवय, सुषेण, वृषभ, मैन्द, द्विविद, दोस्रा सुषेण, गन्धमादन, उल्कामुख, अनंग, हुताशनका दुई छोरा तथा अंगद आदि गरिएका बडो छिटोसँग जानसक्ने र पराक्रमी मुख्य मुख्य बानरहरूलाई, सबै देशको ज्ञान भएका कपिराज सुग्रीव भन्नलागे ॥२-५॥ ठूलो बल भएका अंगदलाई यस जमातको अगुवा बनाई सुग्रीवले यी वीर वानरहरूलाई दक्षिण दिशातिर पठाए ॥६॥ सुग्रीवले बानरहरुलाई यस दिशामा जति दुर्गम ठाउँ थिए ती सबैको पता र परिचय वताए ॥७॥

पहिले तिमीहरू नाना प्रकारका रूख र लताले युक्त भएको हजार टाकुरा भएको विन्ध्याचल पर्वत देख्नेछौ, अति ठूला ठूला सर्पले वास गरेका रमणीय नर्मदा नदी; अनि गोदावरी, कृष्णा, महानदी आदि गरिएका नदीहरू, यसपछि भेकल, उत्कल, दशार्ण देश; अनि आव्रवन्ती, अवन्ती, विदर्भ, ऋषिक, माहिषक आदि गरिएका रमणीय शहर देख्नेछौ, यी सबै ठाउँमा राम्रो गरी हेरे ॥८-१०॥ यसपछि मत्स्य, कलिङ्ग, र कौशिक प्रान्तमा राम्ररी खोजेर दण्डकारण्यका पर्वत, नदी र गुफामा राम्ररी हेरे। आंध्र, पुण्ड्र, चोल, पाण्ड्य; तथा केरल देशमा र गोदावरी नदीमा पनि हेरे ॥११-१२॥ यसपछि अयोमुख (मलय) पर्वतमा गए। यो नाना प्रकारका धातु, चित्र विचित्रका टाकुरा, किसिम किसिमका फूल फुलिराखेका वनले सिंगारिएको छ। यहाँ चन्दनका रूखहरूको जंगल छ, यस मलय पर्वतमा राम्रोसँग खोज खबर गरे। यहाँ तिमीहरू स्वच्छ जल भएकी, अप्सराहरूले बिहार गर्ने कावेरी नाम गरेकी नदी देख्नेछौ। यस मलय पर्वतको अधिल्तिर बडा ओजस्वी, सूर्यसमानको चहक भएका ऋषिश्रेष्ठ अगस्त्य मुनिलाई बसिराखेको देख्नेछौ। यी महात्माले प्रसन्नतापूर्वक आज्ञा दिएपछि ग्राहले परिपूर्ण भएको ताम्रपर्णी नामको ठूलो नदीलाई पार गरे। यस नदीका द्वीप र जल दुवैलाई चित्र-विचित्रका चन्दनवृक्षका वनले ढाकिराखेको छ; जसरी तरुनी आइमाई आफ्नो पतिदेवकहाँ जान्छन् त्यसै गरी यी नदी पनि समुद्रमा गएर मिसिन्छिन्।

यसपछि हे बानरहो! तिमीहरू पाण्ड्य राजाहरूको शहरको ढोका देख्नेछौ, यो दिव्य ढोका सुवर्णमय र मुक्ता-मणिले सिंगारिएको छ। यसपछि समुद्रको तीरमा गई आफ्नो कर्तव्य निश्चित गरे अर्थात् समुद्रपार गर्ने सम्बन्धमा आपसमा सल्लाह गरे ॥१३-१९॥ समुद्रको बीचमा अगस्त्यमुनिले महेन्द्राचल नामक एउटा राम्रो पर्वत स्थापित गरेका छन्, यसमा रंग-बिरङ्गका टाकुरा छन्, सुवर्णमय यो रमणीय पर्वत समुद्रको जलमा गडेर रहेको छ; नाना प्रकारका रूख तथा फूल फुलिराखेका लहराले यसको शोभा बढाएका छन्। देवता, ऋषि, यक्ष, अप्सरा, सिद्ध र चारणगणले वास गरेकोले यो अत्यन्त रमणीय देखिन्छ ॥२०-२२॥ यहाँ प्रत्येक अमावास्या र पूर्णिमाका दिन इन्द्र आउँछन्।

यस समुद्रको पारिपट्टि सय योजन लामो एउटा द्वीप छ, यहाँ मानिस जान सक्तैनन्, तिमीहरू त्यहाँ गै राम्रोसँग सीतालाई चारैतिर खोजे। वध गरिने योग्य दुष्ट रावणको देश यै हो, इन्द्रसमानको तेज भएको राक्षसराजको बस्ने ठाउँ यै नै हो ॥२३-२५॥ दक्षिण समुद्रको बीचमा अङ्गारका नाम गरे-

की एउटी राक्षसी रहन्छे, यो आकाशचारी प्राणीलाई छायाद्वारा पक्रेर खाइदिन्छे ॥२६॥ संशययुक्त यस प्रदेशमा राम्रोसँग खोज खबर गरेर मनमा कुनै प्रकारको सन्देह नरहने गरी अतितेजस्वी रामचन्द्र-की स्त्रीको पत्ता लगाए ॥२७॥

यस ठाउँबाट अगाडि बढेपछि सय योजनसम्म फैलिएको, सब प्रकारका सम्पत्तिले युक्त भएको, सिद्ध चारणले वास गरेको पुष्पितक नाम गरेको पर्वत समुद्रमा देख्नेछौ ॥२८॥ सूर्य चन्द्रसमान तेज भएको यो पर्वत समुद्रको जलको आड लिएर खडा छ, आफ्ना अग्ला अग्ला टाकुराले आकाशलाई छोए जस्तो गरेर यो विराजमान भइरहेको छ । यसको एउटा सुवर्णमय टाकुरामा सूर्यनारायण प्रतिदिन आउने गर्दछन् ; जो कृतघ्न, निष्ठुरी र नास्तिक छन्, तिनले यस टाकुरलाई देख्न सक्तैनन् ॥२९-३०॥ हे बानरहो ! टाउको निहुराएर यस पर्वतलाई प्रणाम गरी सीतालाई खोजे । यस दुर्धर्ष पर्वत-बाट अगाडि लागेपछि तिमीहरू सूर्यवान् नाम गरेको पर्वत भेट्नेछौ । यहाँबाट चौद्ध योजन जति खराब बाटो नाघेर गएपछि वैद्युत नाम गरेको पर्वत भेटिनेछ ॥३१-३२॥ सबै प्रकारको फल लाग्ने, सधैं रमणीय देखिने रूख यस पर्वतमा लागेका छन् । यहाँ हे बानरहो ! तिमीहरूले अत्युत्तम फलमूलको भोजन गरी, प्रसन्नतापूर्वक मधुपान गरी तृप्त हुनू र अनि अगाडि बढ्नू । यसपछि आँखा र मनलाई आनन्द गराउने कुंजर नाम भएको पर्वत भेट्नेछौ ॥३३-३४॥ यहाँ विश्वकर्माले अगस्त्य-को निम्ति घर बनाइराखेका छन् । यो एक योजन लामो र दश योजन अग्लो छ ॥३५॥ यो सुवर्णमय घर नाना प्रकारका दिव्य रत्नले सिंगारिएको छ । यै कुञ्जर पर्वतमा सर्पहरूले वास गर्ने भोगवती नाम गरेको शहर छ ॥३६॥ यस शहरका सडक ठूला छन्, बाहिरियालाई यहाँ भित्र प्रवेश गर्न गाह्रो छ, चारैतिरबाट यो रक्षित छ; तीखा दाँत भएका महाविषालु डरलाग्दा सर्प यसको रक्षा गरिरहन्छन् ॥३७॥ सर्पराज वासुकीले वास गरेको यस शहरमा बडो होशियारीसित गएर सीतालाई खोजे ॥३८॥ यहाँका टाढा टाढाका तथा गुप्त रहेका ठाउँमा पनि राम्रोसङ्ग खोज खबर गरे ।

यहाँबाट अगाडि लागेपछि तिमीहरूले ऋषभ नाम गरेको ठूलो पर्वत भेट्नेछौ ॥३९॥ यस पर्व-तमा सबै प्रकारका रत्न उत्पन्न हुन्छन् र यो बडो राम्रो छ । गोशीर्षक, पद्मक तथा हरिश्याम नामका, अग्निको वर्ण जस्तो वर्ण भएका दिव्य चन्दन यहाँ उत्पन्न हुन्छन्, तर यी चन्दनहरूलाई देखेपछि न-छोए ॥४०-४१॥ रोहित नाम गरेका गन्धर्व यस डरलाग्दो वनको रक्षा गरेर बसेका छन् । सूर्य-समानको वर्ण भएका शैलूष, ग्रामणी, शिक्ष, शुक्र र बभ्रू यी पाँच जना सूर्य, चन्द्र तथा अग्नितुल्य शरीर भएका पुण्यात्मा गन्धर्वपति यहाँ बस्तछन् ॥४२-४३॥

यसपछि पृथ्वीको अन्त पर्दछ । यहाँ जान बडो गाह्रो पर्दछ, आफ्नो पुण्य बलले स्वर्गलाई जि-तेका देवताहरू नै यहाँ बस्तछन्, यसको अगाडि तिमीहरूले जान नसक्ने डरलाग्दो पितृलोक पर्दछ । यहाँ कष्टदायक अन्धकारले ढाकिएको यमराजको राजधानी छ । हे वीर बानरहो ! तिमीहरूले जानु-पर्ने यहींसम्म हो, यहींसम्म गएर खोज्ने तिमीहरूको सामर्थ्य छ, योभन्दा पर जाने मनुष्यादि कसैको

पनि गति छैन ॥४४-४५॥ मैले बताएका यी सबै ठाउँमा र देखा परेका अरू अरू ठाउँमा समेत रामोसङ्ग खोज खबर गरी सीताको पत्ता लगाएर चाँडै नै फर्केर आए ॥४६॥ जसले एक महीना भित्रैमा मैले सीतालाई देखें भन्ने कुरा भन्ने छ त्यसले मेरो जत्तिकै विभव प्राप्त गरी नाना प्रकारका भोगले सुखसङ्ग विहार गर्न पाउनेछ ॥४७॥ त्यो भन्दा बर्ता प्यारो अरू कुनै वानर हुनेछैन, त्यो मलाई आफ्नो प्राणभन्दा पनि बर्ता प्यारो लाग्नेछ, अनेक अपराध गरे तापनि म त्यसलाई आफ्नो मित्र संझनेछु ॥४८॥ तपाईंहरू अतिशय बलिया र ठूला ठूला पराक्रमी हुनुहुन्छ, धेरै धेरै गुण भएको कुलमा तपाईंहरूको जन्म भएको छ, जनककुमारी सीता जुन उद्योग गर्नाले भेट्टिइन्छिन् सो उद्योगमा तपाईंहरूले आफूसुहाउँदो पुरुषार्थ देखाएर विशेषरूपले लाग्नुपर्दछ ॥४९॥

सर्ग—४२

सुग्रीव सुषेण आदि बानरलाई पश्चिम दिशातिर पठाउँछन् ।

यी वानरहरूलाई दक्षिण दिशातिर पठाइसकेपछि मेघको जस्तो वर्ण भएका सुषेण नामका वानरलाई सुग्रीव भन्नलागे ॥१॥ यी महापराक्रमी सुषेण ताराका बाबु र राजाका ससुरा पर्दथे, अतएव यिनको नजीक गई प्रणाम गरी हात जोरेर सुग्रीव भन्नलागे ॥२॥ महर्षि मरीचिका छोरा, अर्चिस्मान नाम गरेका महाकपि वीर बानरहरूले घेरिएका थिए । यिनी इन्द्रसमान तेजस्वी, बुद्धि विक्रमले सम्पन्न र गरुडतुल्य तेजिला थिए । मरीचि ऋषिका अरू अरू छोरा, अचिमल्यनामक महाबली वानरहरूलाई पनि पश्चिम दिशातिर जाने आज्ञा दिएर सुग्रीव भन्नलागे—हे कपिश्रेष्ठहो ! तिमीहरू दुई लाख वानरलाई साथमा लिएर सुषेणलाई आफ्नो अगुवा बनाई सीतालाई खोज्न जाओ । सौराष्ट्र बाल्हीक, चन्द्रचित्र आदि गरिएका रमणीय ठूला ठूला देशमा र बडे बडे शहरमा सीतालाई खोज । सुपारी, बकुल र उद्दालकका रूखले टम्म भरिएको, केतकका रूखले भरिभराउ भएको कुक्षि प्रदेशमा पनि खोजे, पश्चिमतिर बग्ने, चिसो पानी भएको पवित्र नदीमा, तपस्वीहरूले बस्ने जंगल तथा दुर्गम पर्वतमा, पानी नपाइने देशमा, अति अग्लो र चिसो अर्थात् हिउँले ढाकिएका पर्वतखण्डमा सीतालाई खोजे ॥३-९॥ पर्वतै पर्वतले बेह्रिएको, दुर्गम जग्गा भएको पश्चिम दिशापट्टि खोज खबर गरिसकेपछि तिमीहरू पश्चिम समुद्रतिर हेर्न गए ॥१०॥ तिमीहरूले यस समुद्रलाई तिमि नाम गरेको एक प्रकारको ठूलो माछाले र ग्राहले भरिभराउ भएको देख्नेछौ । त्यहाँको केतकी, तमाल र नरिवलको वनमा हे वानरहो ! तिमीहरूले विहार गर्नू र सीताको तथा रावणको घरको पता लगाउनू ॥११-१२॥ त्यहाँ समुद्रतीरको पर्वत तथा वनहरूमा पनि खोजे । मुरचीपत्तन, रमणीय जटापुर, अवन्ती, अङ्गलेपा, आलक्षित नाम गरेको वन, ठूला ठूला देश तथा बडे बडे शहर यी सबै ठाउँमा सीतालाई खोजे ॥१३-१४॥ उहाँ सिंधु र सागरको सङ्गममा सोमगिरि नाम गरेको एउटा बडो ठूलो पर्वत छ, यसका सय टाकुरा छन् र ठूला ठूला रूख यहाँ उभ्रिराखेका छन् ॥१५॥ यस पर्वतको रमणीय टाकुरामा सिंह

नाम गरेका पक्षी बस्तछन् , यिनीहरू तिमि माछा र हात्तीहरूलाई उचालेर गुँडमा पालन पोषण गर्नाको निम्ति राखिदिन्छन् ॥१६॥ यस पर्वतको टाकुरामा सिंह-पक्षीको गुँडमा पुगेका हात्ती आदि गरिएका जन्तुहरू सन्तुष्ट भई फुरुङ्ग पर्दछन्, मेघ गर्जेझैं गर्जन्छन् र जलपूर्ण यस विशाल पर्वतमा जतातत्तै भ्रमण गर्दछन् । यसको एउटा सुवर्णमय टाकुरा आकाश भेट्ने हो कि जस्तो ज्यादै अग्लो छ र यहाँ अचम्म पार्ने रूख लागेका छन् ॥१७-१८॥ इच्छाअनुसार रूप धारण गर्न सक्ने बानरहरूले यहाँ जतातत्तै राम्रोसँग खोज्नुपर्दछ ।

तिमीहरूले यहाँ समुद्रको बीचमा देख्तैमा डरलाग्ने पारियात्रनामक पर्वतको सय योजनसम्म फैलिएको एउटा सुनको शिखर देख्नेछौ । यहाँ चौबीस करोड गन्धर्व तपस्वीहरू तपस्या गर्दछन् १९-२०॥ यिनीहरू आगोसमान डरलाग्दा छन् । घोर पापीहरूलाई डढाउनाको निम्ति यिनीहरू आगोको ज्वालाझैं एकै ठाउँमा जम्मा भएर रहन्छन् ॥२१॥ पराक्रमी वानरहरूले न यिनीहरूको नजीक पर्नुहुन्छ न यस ठाउँको कुनै फल फूल लिन हुन्छ ॥२२॥ किनकि बडा शूरा, डरलाग्दो पराक्रम देखाउने महाबली यी गन्धर्वहरू यस पर्वतका फल फूलको रक्षा गर्दछन् ॥२३॥ यहाँ तिमीहरूले आफ्नो उद्योगपट्टि लाग्नुपर्दछ अर्थात् सीताको पता लगाउने काम गर्नुपर्दछ, बानरको रूपमा रहेका हुनाले तिमीहरूलाई यी गन्धर्वको कुनै प्रकारको डर हुनेछैन ॥२४॥

यहाँ पन्नाको जस्तो रंग भएको, हीरासमान साह्रो, नाना प्रकारका रूख तथा लहराले युक्त भएको वज्र नाम गरेको एउटा ठूलो पर्वत देख्नेछौ ॥२५॥ यो देख्नामा राम्रो र सय योजनसम्म फैलिएको छ । बानरहरूले यहाँका गुफामा प्रयत्नपूर्वक सीतालाई खोज्नुपर्दछ ॥२६॥

समुद्रको चौथो भागमा चक्रवान्नामक एउटा पर्वत खडा छ जहाँ विश्वकर्माले हजार आरा भएको एउटा चक्र बनाएका थिए ॥२७॥ भगवान् विष्णुले यहींका पंचजन र हयग्रीव दानवलाई मारेर शङ्ख र चक्र पाएका हुन् ॥२८॥ यस पर्वतका रमणीय टाकुराहरूमा र ठूला ठूला समस्त गुफाहरूमा सीता तथा रावणको खोज पत्ता लगाए ॥२९॥

समुद्रको अगाध जलमा सुनै सुनको शिखर भएको चौंसट्ठी योजन अग्लो वराह नाम गरेको एउटा पर्वत छ ॥३०॥ यहाँ प्राग्ज्योतिष नामक सुवर्णमय नगरी छ र नरक नाम गरेको दुष्टात्मा दानव यहाँ बस्तछ ॥३१॥ यस पर्वतका रमणीय टाकुराहरूमा र ठूला ठूला समस्त गुफाहरूमा सीता तथा रावणको खोज पत्ता लगाए ॥३२॥

भित्रपट्टि सुन देखिने यस पर्वतराजलाई छाडेर अगाडि बढेपछि पानीका झरना र धारा भएको जम्मै सुनको एउटा पर्वत भेट्नेछौ ॥३३॥ यस पर्वतमा जतातत्तै हात्ती, सुँगूर, सिंह र बाघ आफ्नो शब्दको प्रतिध्वनि सुन्दा घमण्डले चूर भई फेरि फेरि गर्जनथाल्दछन् ॥३४॥ यहाँबाट अगाडि बढेपछि मेघ नामको पर्वत भेट्टिन्छ । यै पर्वतमा देवताहरूले हरिया घोडा भएका पाकशासन श्रीमान् इन्द्रको अभिषेक गरेका हुन् ॥३५॥ इन्द्रद्वारा पालना गरिएको पर्वतराजलाई नाघेर गएपछि साठी

हजार सुवर्णमय पर्वतको समूहमा पुग्नेछौ ।।३६।। यी पर्वत मध्याह्नकालका सूर्यसमान चहकिला छन् र फूल फुलिराखेका सुवर्णमय वृक्षले गर्दा यिनको शोभा बढिरहेको छ ।।३७।।

यस समूहको बीचमा, पर्वतहरूको राजा मेरु नाम गरेको श्रेष्ठ पर्वत रहेको छ । उहिले सूर्यले प्रसन्न भई यसलाई वर दिएका थिए ।।३८।। यो वर यस प्रकारसँग दिइएको थियोः—कुनै एक समयमा सूर्यनारायणले पर्वतराजलाई भनेका थिए कि मेरा अनुग्रहले तिम्रा आश्रित जति पर्वत छन् ती सबै दिन रात सदा सुवर्णमय देखिनेछन् । देवता, गन्धर्व, दानव जो यस पर्वतमाथि बस्नेछ त्यसको सुनको जस्तो वर्ण हुनेछ र मेरो भक्त बन्नेछ ।।३९-४०।। विश्वदेव, वसु; मरुत् आदि गरिएका देवताहरू सन्ध्याकालमा पर्वतहरूमध्येको श्रेष्ठ यस मेरु पर्वतमा आएर सूर्यको उपस्थान गर्दछन् । यिनीहरूद्वारा पूजित भएपछि मात्र सबै प्राणीको अदृश्य भएर सूर्यनारायण अस्ताचल पर्वततिर लाग्दछन् ।।४१-४२।। यस समयमा श्री सूर्यनारायण झटपट आधै मुहूर्त्तमा दश हजार योजन टाढा रहेको अस्ताचल पर्वतमा पुग्दछन् ।।४३।। यस पर्वतको टाकुरामा सूर्य जस्तो चहकिलो, विश्वकर्माले बनाएको, अनेक अटारीले सुशोभित भइराखेको एउटा दिव्य घर छ ।।४४।। रङ्गी-विरङ्गी रूख तथा नाना प्रकारका चरा-चुरुङ्गीको झुण्डले गर्दा यो घर शोभायमान भइरहेको छ । पाशधारी महात्मा वरुणको घर यै हो ।।४५।। मेरु र अस्ताचल पर्वतको बीचमा दशओटा हाँगा भएको सुवर्णमय एउटा राम्रो तालको रूख छ र यसको फेदमा एउटा विचित्र किसिमको वेदी बनेको छ ।।४६।। यस पर्वतका सबै दुर्गम ठाउँमा, तलाउ तथा नदीहरूमा जतातते घुमेर सीतासहित रावणको पत्ता लगाए ।।४७।। यहाँ आफ्नो तपोबलले जाज्वल्यमान देखिएका, ।।४७।। साक्षात् ब्रह्मातुल्य, मेरुसावर्णिको नामले विख्यात भएका एक जना धर्मात्मा तपस्वी रहन्छन् ।।४८।। महर्षि मेरुसावर्णिलाई भूइँमा टाउको राखेर प्रणाम गरिसकेपछि उनीसित जानकीको हाल खबर सोध्नू ।।४९।। यहींसम्म प्राणीहरूको यात्रा हुन सक्तछ, सूर्यनारायण पनि रात्रि समाप्त भएपछि उदयाचलदेखि लिएर मेरुसावर्णिसम्मको अन्धकारलाई हटाई अस्ताचल पर्वततिर लाग्नुहुन्छ ।।५०।। तसर्थ हे बानरहो ! बानरहरूको यहीं-सम्म जाने सामर्थ्य छ, योभन्दा पछिको जग्गामा न सूर्यको प्रकाश छ, न त्यहाँ जाने कुनै व्यवस्था छ, तसर्थ यसको विषयमा मलाई केही पनि थाहा छैन ।।५१।। अस्ताचल पर्वतसम्म गई सीताको तथा रावणको घरको पत्ता लगाई एक महीनाभित्रैमा फर्केर आए, एक महीनाभन्दा बर्ता नबस्नू, जो महीना वितेपछि आउनेछ त्यसलाई म मारि नै दिनेछु । तिमीहरूको साथमा मेरा शूरा ससुरा पनि जानुहुन्छ ।।५२-५३।। तिमीहरू सबैले यिनको आज्ञा मान्नू, यिनले भनेको सुन्नू कारण यी महाबाहु महाबली मेरा ससुरा तिमीहरू सबै भन्दा ठूला छन् ।।५४।। तिमीहरू सबै पराक्रमी र स्वयं व्यवस्था गर्न सक्तछौ तापनि संचालनका लागि यिनलाई नियत गरेर पश्चिम दिशाको यात्रामा यिनले भनेबमोजिम काम गरे ।।५५।। उपकारको सट्टामा यस प्रकारसँग प्रत्युपकार गरेपछि हामी सबै कृतार्थ हुन पाउनेछौं । मैले भने बाहेक आफ्नो कार्य सिद्धिका लागि तिमीहरूले कुनै उचित कुरा देख्यौ

भने देश, काल तथा वस्तुको विचार राखी सो कुरा गरे हुन्छ ॥५६॥

सुषेणलाई अगुवा बनाएका वानरहरू सुग्रीवको नम्र कुरा सुनेपछि उनीसित बिदावारी भई वरुणद्वारा पालना गरिएको पश्चिम दिशातिर लागे ॥५७॥

सर्ग—४३

उत्तर दिशातिर वानरहरूको प्रस्थान ।

आफ्नो ससुरालाई पश्चिम दिशाको हाल खबर सुनाइसकेपछि सबै कुरा जान्ने वानरराज सुग्रीव शतबलि नाम गरेको वानरलाई रामचन्द्रको तथा आफ्नो हित गर्ने कुरा भन्नलागे ॥१-२॥ आफूसमानका सय हजार बनवासी वानरहरूलाई र यमराजबाट उत्पन्न भएका आफ्ना सबै मन्त्रीलाई साथमा लिई हिमालय पर्वतलाई आफ्नो कर्णफूल बनाइराखेको अर्थात् हिमालयले शोभित भएको उत्तर दिशातिर जाऊ र रामचन्द्रकी यशस्विनी सीताको जतातत्तै खोज खबर गर ॥३-४॥ अर्थ जान्नेहरूमा श्रेष्ठ हे शतबल ! यस कामबाट हामी निवृत्त हुन सक्यौं र रासचन्द्रको भलो गर्न सक्यौंभने हामी सबै ऋणबाट मुक्त भई कृतार्थ हुने थियौं ॥५॥ महात्मा रामचन्द्रले हाम्रो भलो गरेका छन्, हामीले पनि यसको सट्टामा उनको भलो गर्न सक्यौंभने हाम्रो जीवन सफल हुनेछ ॥६॥ जसले आफ्नो कुनै उपकार गरेको छैन त्यस्ता प्रार्थीको समेत मनोरथ सिद्ध गर्न सकियोभने जन्म सफल हुन्छभने जसले पहिले नै उपकार गरिसकेको छ त्यस्ताको भलो गर्नामा ता कुरै छैन ॥७॥ यस किसिमको विचार मनमा लिई मेरो भलो गर्न खोज्ने तिमीहरूले, जुन प्रकारले सीताको पत्तो लाग्न सक्तछ सो काममा उद्योग गर्नू ॥८॥ शत्रुको देश जित्ने यी नरश्रेष्ठ रामचन्द्र सबै प्राणीका लागि मान्य छन् र हामीमाथि यिनी प्रेम गर्दछन् ॥९॥ तसर्थ आफ्नो बुद्धि तथा पराक्रमद्वारा तिमीहरूले मैले बताउनलागेको अनेक दुर्गम स्थान, नदी, तथा पर्वतहरूमा गई सीताको पत्ता लगाउनुपर्‍यो ॥१०॥ म्लेच्छ, पुलिन्द, शूरसेन, प्रस्थल भरत, मद्रदेशसहितको कुरु, काम्बोज, वरद, र यवन तथा शकहरूको देशमा, शहरमा खोजेर हिमालय पर्वतमा खोज ॥११-१२॥ लोध्र, पद्म, देवदारूको वनमा पनि जतातत्तै सीता सहितको रावणको पत्ता लगाओ ॥१३॥

देवता र गन्धर्वले वास गरिएको सोमाश्रममा गई बडेमानको शिखर भएको कालनामक पर्वतमा जाओ र यस पर्वतका ठूला ठूला गुफा तथा दुर्गम ठाउँमा कुनै प्रकारको खोट नभएकी रामपत्नी सीतालाई खोज ॥१४-१५॥ सुवर्णगर्भ यस विशाल पर्वतबाट अगाडि लागेपछि तिमीहरू सुदर्शन नाम गरेको पर्वतमा पुग्नेछौ ॥१६॥ यसपछि तिमीहरू चरा-चुरुङ्गीको निवासस्थान, पक्षीहरूले भरिभराउ भएको, नाना प्रकारका रूखले शोभित भइराखेको देवसखा नाम गरेको पर्वत भेट्नेछौ ॥१७॥ यसका सुवर्णमय वनमा, गुफाहरूमा तथा पानीका खोला नालामा जतातत्तै सीतासहित रावणको खोज पत्ता लगाए ॥१८॥

यहाँबाट अगाडि लागेपछि तिमीहरूले सय योजनसम्म फैलिएको एउटा मैदान भेट्नेछौ, यहाँ नदी, रूख तथा पहाड पर्वत केही पनि छैन, कुनै जीव जन्तु यहाँ बसेका छैनन् ॥१९॥ यस डरलाग्दो मैदानलाई पार गरेर सेतो वर्ण भएको कैलाश पर्वतमा पुगेपछि तिमीहरू प्रसन्न हुनेछौ ॥२०॥ यहाँ सेतो बादलको जस्तो वर्ण भएको, सुनै सुनले सिंगारिएको, विश्वकर्माले बनाएको कुबेरको रमणीय घर छ ॥२१॥ यस घरमा धेरै धेरै कमल फुलिराखेको, हाँस तथा कारण्ड आदि गरिएका पक्षीहरूले परिपूर्ण भएको, अप्सराहरू बस्ने गरेको एउटा ठूलो तलाउ छ ॥२२॥ सबै प्राणीले नमस्कार गर्नुपर्ने योग्यका यक्षहरूका राजा श्रीमान् कुबेर गुह्यकहरूको साथमा यहाँ आनन्दसँग बस्तछन् ॥२३॥ त्यस कैलाशको चन्द्रमा जस्ता चहकिला पर्वतहरूमा जताततै सीतासहित रावणको खोज खबर गर्नुपर्दछ ॥२४॥

क्रौञ्च गिरिमा पुगेपछि तिमीहरू बडो सावधानीसँग यसका गुफामा पसे कारण यी गुफा बडा दुर्गम छन्; यहाँभित्र पस्न बडो गाह्रो छ भन्ने लोकको भनाइ छ ॥२५॥ यहाँ सूर्यसमानका तेजस्वी महात्मा ऋषिहरू बस्तछन्, देवताहरूसमेत यिनको पूजा गर्दछन्, यिनीहरू स्वयं देवरूप छन् ॥२६॥ क्रौञ्च पर्वतका अरू अरू गुफामा, साना तथा ठूला टाकुरामा, बीचबीचका खाल्डामा तथा फेदीमा जताततै राम्रोसँग खोजे ॥२७॥ यहीं मानस पर्वत छ जसलाई देख्तैमा मनको अभिलाषा पूर्ण हुन्छ, यहाँ कुनै रूख छैनन्, तर चराहरूको भने यां बस्ने ठाउँ हो, कुनै प्राणी तथा राक्षस देवतासमेत यहाँ जान सक्तैनन् ॥२८॥ तिमीहरूले यस पर्वतका टाकुरा तथा गुफामा जहाँतहाँ सीतालाई खोजे ।

क्रौञ्च पर्वतबाट अगाडि लागेपछि मैनाक पर्वत भेटिनेछ ॥२९॥ स्वयं मय दानवले यहाँ आफ्नो घर बनाइराखेको छ; यहाँका टाकुरा, ढुङ्गा तथा गुफाहरूमा खोजे ॥३०॥ यहाँ अश्वमुखी आइमाईहरूको (किन्नरीको) पनि घर छ । यसलाई पार गरेपछि तिमीहरूले सिद्धहरूले बस्ने गरेको आश्रम देख्नेछौ ॥३१॥ सिद्ध, वैखानस_ बालखिल्य तपस्वीहरू यहाँ बस्तछन् । यी पापरहित सिद्ध तपस्वीहरूलाई नमस्कार गर्नू र नम्रतापूर्वक यिनीहरूसित सीताको हाल खबर सोध्नू । सुवर्णमय कमलले ढकमक्क भइराखेको, वैखानस नाम गरेको त्यहाँ एउटा तलाउ छ, मध्याह्नकालका सूर्यसमान चहकिला र राम्रा राम्रा हाँस भ्रमण गरिरहन्छन् । कुबेरको सवारीको सार्वभौम नाम गरेको हात्ती सदा आफ्ना हतिनीहरूलाई साथमा लिएर यस ठाउँमा आउँदछ । यस सरोवरभन्दा पछिको जग्गामा सूर्य, चन्द्र, नक्षत्र, मेघ यी कोही पनि देखिनेछैनन् । आदि अन्त नभएको आकाश मात्र देखिनेछ ॥३२-३५॥ तर देवतातुल्य, त्यहाँ विश्राम गर्ने, तपस्या सिद्ध भइसकेका महर्षिहरूको तेजले यो जग्गा सूर्यको किरण जत्तिकै चहक भएको देखिन्छ ॥३६॥ यस देशलाई पार गरेपछि शैलोदा नाम गरेको नदी भेटिनेछ, यसको दुवैपट्टिको किनारामा कीचक नाम गरेका बाँस उम्रिराखेका छन् ॥३७॥ यिनै बाँसले सिद्धहरूलाई पारिपट्टि र फेरि वारिपट्टि लिएर आउँछन् ।

यहाँ पुण्यात्माहरूले वास गरेको उत्तर कुरु नाम गरेको देश छ, सुवर्णमय कमल भएको तलाउको पानीले यहाँ बस्नेहरू तर्पण गर्दछन् ॥३८॥ नीलो पन्नाको पात लागेका सुवर्णमय राता राता कमलले

गर्दा सुशोभित भइराखेका यहाँ हजारौं नदीहरू छन् ॥३९॥ धेरै धेरै मोल पर्ने मणि, रत्नले गर्दा तथा सुवर्णमय केसर भएका कमलले गर्दा यहाँका जलाशय मध्याह्नकालको सूर्यझैं टल्कने देखिन्छन् ॥४०॥ यो देश चारैतिरबाट नील कमलको वनले बेह्रिएको छ। बाटुला मोती र धेर मोल पर्ने मणिले युक्त भएको, अग्ला अग्ला सुवर्णमय तीरले गर्दा यहाँका नदीहरूको शोभा भइरहेको छ। अनेक रत्नले युक्त भएका नाना रंगका राम्रा राम्रा पर्वत यी नदीहरूको बीचमा रहेका छन् ॥४१-४२॥ आगो जस्तो चहक भएका यी सुवर्णमय पर्वतमा सदा सर्वदा फल फूल लाग्ने रूखहरू छन् र चराचुरुङ्गीले यिनलाई टम्म भरिराखेको छ ॥४३॥ कुनै कुनै रूखका गन्ध, रस, तथा स्पर्श सबै नै दिव्य छन्, यिनीहरू सबै अभिलाषा पूर्ण गर्दछन् र नाना प्रकारका वस्त्र उत्पन्न गर्दछन् ॥४४॥ आइमाई तथा लोग्ने मानिसले धारण गर्न योग्य मोती, पन्ना आदि गरिएका रत्नले सुशोभित भएका नाना रंगका आभूषण (गहना) समेत यी रूखहरूमध्ये कसै कसैले उत्पन्न गर्दछन् ॥४५॥ कुनै कुनै रूख सबै ऋतुमा सुखपूर्वक उपभोग गर्ने हुने वस्तु उत्पन्न गर्दछन्, कुनैचाहिं धेरै धेरै मोल पर्ने नाना रङ्गका जुहारात फलाउँछन् ॥४६॥ कसैमा राम्रा राम्रा रङ्गी-बिरङ्गी बिछौना भएका पलङ्ग र कसैमा मनलाई आनन्द गराउने नाना प्रकारका माला फल्दछन् ॥४७॥ धेरै मोल पर्ने पिउने पदार्थ, अनेक प्रकारका खाने चीजबीज, गुण रूप र यौवनले युक्त भएका आइमाई यहाँका रूखबाट उत्पन्न हुन्छन् ॥४८॥ अति उज्यालो मुख भएका गन्धर्व, किन्नर सिद्ध, नाग र विद्याधरहरू यहाँ सदा सर्वदा आफ्ना आफ्ना स्वास्नीलाई साथमा लिई विहार गर्दछन् ॥४९॥ यी सबै पुण्यात्मा छन्, रतिमा तत्पर छन् र कामासक्त भई आफ्ना स्वास्नीहरूको साथमा यहाँ बस्तछन् ॥५०॥ यहाँ सदा चर्को हाँसोको स्वरको साथ गाना बजानाको जो शब्द सुनिन्छ त्यसले सबै प्राणीको मनलाई आनन्द गराइदिन्छ ॥५१॥ यहाँ कोही पनि अप्रसन्न छैन, कोही पनि खराब काम गर्नपट्टि लागेको छैन, यहाँ ता सधैं राम्रा राम्रा गुणको दिन परदिन वृद्धि भइरहेको देखिन्छ ॥५२॥

यस पर्वतलाई नाघेर गएपछि उत्तर समुद्र भेटिनेछ। यस समुद्रको बीचमा सुनै सुनको सोमगिरि नाम गरेको पर्वत देखिनेछ ॥५३॥ यस प्रदेशमा सूर्यको प्रकाश छैन तापनि यै पर्वतको तेजले गर्दा यो सूर्यसमान प्रकाशमान भइरहेको छ। सूर्यनारायणले आफ्नै तेजले यसलाई उज्यालो दिइरहेका हुन् कि जस्तो भान हुन्छ ॥५४॥ यहाँ विश्वात्मा एकादशमूर्त्ति, भगवान् शम्भु, देवेश ब्रह्मा बस्तछन् र अनेक ब्रह्मर्षिले यिनको सेवा गर्दछन् ॥५५॥ यसकारण तिमीहरूले कदापि उत्तर कुरुमा नजानू, ब्रह्मर्षिहरूबाहेक अरू कसैको त्यहाँ जाने सामर्थ्य छैन ॥५६॥ यस सोमगिरि पर्वतमा देवताहरूलाई समेत जान कठिन पर्दछ, तिमीहरूले यस पर्वतलाई हेर्नू र चाँडै नै फर्किहाल्नू ॥५७॥ तसर्थ हे वानरश्रेष्ठहो ! बानरहरूको यहींसम्म जाने सामर्थ्य छ, योभन्दा पछिको जग्गामा न सूर्यको प्रकाश छ न त्यहाँ जाने व्यवस्था छ, तसर्थ यसको विषयमा मलाई केही थाहा छैन ॥५८॥ मैले जति ठाउँको नाम लिएँ ती सबैमा तिमीहरूले खोजे, मैले नभनेको ठाउँमा पनि आफ्नो बुद्धिअनुसार खोज खबर

गरे ॥५९॥ वायु र अग्निसमानको पराक्रम भएका हे बानरहो ! यति गर्नाले रामचन्द्रको र मेरो समेत बडो मन पर्ने काम हुनेछ, सीताको पत्ता लगाउनाले तिमी हामी सबै निस्सन्देह कृतकृत्य हुनेछौं ॥६०॥ हे बानरहो ! रामचन्द्रलाई मन पर्ने यति काम गरेपछि म तिमीहरूलाई रमणीय तथा उत्तम उत्तम पदार्थले सन्तुष्ट गर्नेछु । तिमीहरूको कुनै शत्रु रहन पाउनेछैन, मबाट खाना दानाको बन्दोबस्त भई तिमीहरू आफ्ना आफ्ना स्वास्नीका साथमा प्रसन्नतापूर्वक पृथ्वीमा भ्रमण गर्नेछौ ॥६१॥

सर्ग–४४

रामको औंठो लिएर हनुमान प्रस्थान गर्दछन् ।

सुग्रीव वानरश्रेष्ठ हनुमानलाई सबै कुरा राम्ररी बुझाएर भन्नलागे, किनकि यिनलाई विश्वास थियो कि कामको सिद्धि हनुमानैबाट हुनेछ ॥१॥ सबै वनवासी बानरहरूका मालिक सुग्रीव अत्यन्त प्रसन्न भई वायुपुत्र पराक्रमी हनुमानलाई भन्नलागे ॥२॥ हे वानरश्रेष्ठ ! पृथ्वी, अन्तरिक्ष, आकाश, अथवा जलमा कतै पनि तिम्रो गति रोकिन सक्तैन ॥३॥ असुर, गन्धर्व, नाग, नर, देवता, सागर, पर्वत, यी सबैका लोकको तिमीलाई ज्ञान छ ॥४॥ गति, वेग, तेज, लघुता यी सबैमा हे महावीर ! तिमी आफ्ना पराक्रमी पिता वायुसमानका छौ ॥५॥ यस पृथ्वीमा तिमीसमानको तेजस्वी अरू कोही छैन, यसकारण जुन उपायले सीता भेटिन सक्तछिन् सो तिमी नै निश्चय गर ॥६॥ हे नीतिकुशल हनुमन् ! तिमीमा बल, बुद्धि, पराक्रम, देश-कालको विचार तथा नीतिको ज्ञान पनि छ ॥७॥

कार्यसिद्धिको जम्मै भार हनुमान्माथि सुम्पिनलाग्यो भन्ने देखेर रामचन्द्र यिनको विषयमा विचार गर्नलागे ॥८॥ हनुमान्ले नै काम सफल गर्नेछन् भन्ने कुरामा वानरराज सुग्रीवको दृढ निश्चय छ र मलाई पनि यिनैद्वारा कामको सिद्धि हुनेछ भन्ने पूरा विश्वास छ ॥९॥ सुग्रीवद्वारा पठाइनलागे-का यी हनुमान्, पहिले पनि अनेक काम सिद्ध गरेकोले प्रख्यात भइसकेका छन्, मालिकको यिनी-माथि विश्वास छ, अतएव यिनीद्वारा अवश्यै कार्यसिद्धि हुनेछ ॥१०॥

महातेजस्वी रामचन्द्र, कार्यसाधन गर्नामा हनुमान् श्रेष्ठ छन् भन्ने विचारले अब आफ्नो काम सफल भयो भनेझैं गरी प्रसन्न भए, खुशीले गर्दा यिनको मन तथा इन्द्रिय सबै प्रफुल्लित भएको देखिनलाग्यो ॥११॥ यसपछि शत्रुघाती रामचन्द्रले प्रसन्न भई आफ्नो नामको अक्षर कुँदेको औंठी सीतालाई पत्यार परोस् भन्नाका लागि हनुमान्लाई दिए ॥१२॥ हे कपिश्रेष्ठ ! यो चिनो देखेपछि सीता-लाई तिमी मकहाँबाट आएका हौ भन्ने विश्वास पर्नेछ र तिमीलाई देखेर हडबडाउनेछैनन् ॥१३॥ हे वीर ! तिम्रो उद्योग, बल, पराक्रम, र सुग्रीवले तिमीलाई दिएको आदेश यी सबै विचार गर्दा मेरो काम पूरा हुने जस्तो देखिन्छ ॥१४॥

यसपछि कपिश्रेष्ठ हनुमान्ले त्यो औंठी ली हात जोरेर उनको चरणमा आफ्नो टाउको राखी ढोग दिए र जानलाई तैयार भए ॥१५॥ बादल नभएको निर्मल आकाशमा तारागणले युक्त भएका

३८–क

विमल चन्द्रमाको जस्तो शोभा हुन्छ, बानरहरूको विशाल सेना साथमा लिएर जानलागेका वायुपुत्र हनुमान्को पनि त्यस्तै शोभा देखिनलाग्यो ।।१६।।

हनुमान्लाई जानलागेको देखेर राम र सुग्रीव भन्दछन्ः—हे वायुपुत्र, अतिबली हनुमन् ! हामीले तिम्रै बलको आश्रय लिइराखेका छौं; जुन काम गर्नाले सीता भेट्टिन्छिन् सो काम तिमी आफ्नो अतिशय ठूलो पराक्रमले युक्त भई गर ।।१७।।

सर्ग—४५

आफ्नो आफ्नो बलको बखान गर्दै बानरहरू बाटो लाग्दछन् ।

वानरराज सुग्रीवले सबै बानरहरूलाई एकै ठाउँमा जम्मा पारी रामचन्द्रको कार्यसाधनका लागि भन्नलागे ।।१।। हे वानरश्रेष्ठहो ! मैले जसरी तिमीहरूलाई अह्राएको छु त्यसै गरी आफ्नो आफ्नो दिशामा गई सीतालाई खोज ।

राजाको कठोर शासनपट्टि दृष्टि दिई सबै वानरहरू सलहले झैं समस्त पृथ्वीलाई ढाकेर हिंड्न-लागे । सीताको पत्ता लगाउनाका लागि जुन महीना निश्चित गरिएको थियो त्यसैको प्रतीक्षा गरी राम-चन्द्र लक्ष्मणको साथमा प्रस्रवण पर्वतमा रहनलागे । हिमालयले युक्त भएको रमणीय उत्तर दिशापट्टि कपिश्रेष्ठ शतबलीले झट्टै प्रस्थान गरे, बानरका सेनापति विनत पूर्व दिशापट्टि लागे । तार, अंगद आदि गरिएका बानरको साथमा वायुपुत्र हनुमान् अगस्त्यजीले वास गरेतिर अर्थात् दक्षिणतिर गए । वरुण-द्वारा पालना गरिएको डरलाग्दो पश्चिम दिशातिर वानरश्रेष्ठ सुषेण हिंडे ।।२-७।। यस प्रकारसँग जम्मै बानरहरूलाई यथोचित रीतिले सबै दिशातिर पठाइसकेपछि वीर सुग्रीव प्रसन्न भए, राज्य पाउनाले यिनी पहिलेदेखि नै खुशी थिए, अहिले ता झन् बढ्ता खुशी भए ।।८।।

यस प्रकारसँग सुग्रीवको आज्ञा पाएका हुनाले बानर-सेनापतिहरू शीघ्रतापूर्वक आफ्ना दिशातिर जानलागे ।।९।। महाबली बानरहरूको फौज नाद, उच्चनाद, गर्जन सिंहनाद गर्दै तथा अनेक प्रकारका शब्दको उच्चारण गर्दै दगुर्नलाग्यो ।।१०।। सुग्रीवको आज्ञाले पठाइएका बानरसेनापतिहरू एवं प्रकारको कुरा गर्दै जानलागे—म नै एक्लै सीतालाई फर्काएर ल्याउँछु र रावणलाई मारिदिन्छु । कोही म नै एक्लै रावणलाई तथा यसका अरू राक्षसहरूलाई युद्धमा मारेर सीताजीलाई फर्काएर ल्याउँछु भन्दथ्यो । कोही भन्दथ्यो तपाईंहरू सबै यहीं पर्खिरहनुहोस्, म नै एक्लै गएर पातालमा भए पनि डरले थरथर कामिरहेकी सीतालाई लिएर आउँछु । कोही भन्दथ्यो, म रूखहरूको विध्वंस पारिदिन्छु, पृथ्वीलाई चिरिदिन्छु र समुद्रमा खलबली पारिदिन्छु, कोही म निस्सन्देह सय योजन उफ्रन सक्दछु, कोही म सय योजनभन्दा पनि बर्ता नाघेर उफ्रन सक्तछु भन्दथे ।।११-१५।। कोही भन्दथे पृथ्वी, समुद्र, पर्वत, वन अथवा पातालमा कतै पनि मेरो गति रोकिन सक्तैन ।।१६।।

आफ्नो आफ्नो बलको घमण्डले चूर भएका प्रत्येक बानरहरू सुग्रीवनेर एवं प्रकारसँग बोल्दै आफ्नो बाटो लागे ॥१७॥

सर्ग—४६

सम्पूर्ण पृथ्वीको ज्ञानबारे रामको प्रश्न र सुग्रीवको उत्तर ।

बानरहरू गइसकेपछि रामचन्द्रले तपाईंलाई समस्त पृथ्वीमण्डलको ज्ञान कसरी भयो भनी सुग्रीवलाई सोधे ॥१॥

यो कुरा सुनेपछि सुग्रीवले नम्रतापूर्वक टाउको निहुराएर भने, सुन्नुहोस्, म जम्मै कुरा विस्तार-पूर्वक भन्दछु ॥२॥

जब भैंसीको रूप धारण गरेको दुंदुभीनामक दानव, बालिसँग लड्न आएको बखतमा उनीदेखि डराई, मन्दराचल पर्वतको गुफाभित्र लुक्न गएथ्यो त्यस वेला उसलाई मार्ने इच्छाले बालि पनि सो गुफाभित्र पसे ॥३-४॥ यस मौकामा म बडो नम्र भई गुफाको ढोकामा बसिरहें। एक वर्ष बित्ता पनि बालि त्यहाँबाट बाहिर निस्केनन् ॥५॥ तर रगतको धारा भने यस्तो वेगसँग निस्कनलाग्यो कि त्यसले प्वालै थुनिदियो। यो देख्ता म विस्मित भएँ र दाजुको शोकमा विह्वल परें ॥६॥ बुद्धिहीन भएकोले दाजु अवश्यै मारिएछन् भन्ने मलाई निश्चय भयो र पर्वतसमानको एउटा ढुङ्गाले गुफाको प्वाल थुनिदिएँ ॥७॥ दानव गुफाबाहिर निस्कन नसकेर यहीं मरोस् भन्ने विचारले मैले ढुङ्गा राखेको हुँ। यसपछि बालिको जीवनमा निराश भई म किष्किन्धामा फर्केर आएँ र विशाल राज्य तथा तारालाई पाएकोले, सारा चिन्ता छाडी रुमा र मित्रहरूको साथमा सुखसँग रहनलागें ॥८-९॥ यै बीचमा वान-रश्रेष्ठ बालि पनि दानवलाई मारीकन फर्केर आए। उनको सन्मान तथा डरले हडबडाएर मैले उनलाई राज्य फर्काइदिएँ ॥१०॥ तर रिसले चूर भइराखेका दुष्ट बालि, मन्त्रीहरूलाई साथमा लिई भागिरहेको मलाई लखेट्नलागे ॥११॥

यस समयमा म जहाँ जहाँ जान्थे बालि पनि लखेट्तै उहीं आइपुग्दथ्यो। यस मौकामा मैले अनेक नदी, वन र शहर देखेथें ॥१२॥ मैले ऐनाको शीशाझैं पृथ्वीलाई साफ साफसँग देखें। कहीं बल्दो काठको चक्र जस्तो देखिन्थ्यो र कहीं गाईको खुरले पारेको, पानीले भरिएको खाल्डो जस्तो देखिन्थ्यो ॥१३॥ पहिले म पूर्व दिशातिर लागें, त्यहाँ मैले नाना प्रकारका रूख, गुफासहितका अनेक पर्वत र किसिम किसिमका रमणीय तलाउहरू देखें ॥१४॥ अनेक धातुले युक्त भएको उदय पर्वत देखें र नित्य अप्सराहरूले वास गर्ने क्षीर समुद्रलाई पनि देखें ॥१५॥ यहाँसमेत बालि मलाई लखेट्तै आइ-रहेको थियो, यसकारण हे प्रभो ! सहसा म त्यहाँबाट मोडिएर भाग्दै भाग्दै गएँ ॥१६॥ यस दिशालाई छाडेर म विन्ध्याचल पर्वत, नाना प्रकारका रूख र चन्दन वृक्षले सुशोभित भइरहेको दक्षिण दिशातिर लागें ॥१७॥ यहाँ पनि रूखको आडबाट बालिलाई लखेट्तै आइरहेको देख्ता म त्यहाँबाट

पनि अकैं दिशा अर्थात् पश्चिम दिशापट्टि लागें ॥१८॥ पश्चिम दिशामा नाना प्रकारका देश, पर्वतहरूमध्येको श्रेष्ठ अस्ताचल पर्वत तथा अरू अरू पहाड पनि देखें। यहाँ पनि बालि आएको खबर पाएकोले म उत्तर दिशापट्टि लागें ॥१९॥ मैले यहाँ हिमालय, मेरु र उत्तर समुद्रसम्म धावा गरें तर बालि लखेट्तै आइरहेकोले मैले कतै पनि शरण पाइनँ ॥२०॥

यस समयमा बुद्धिमान् हनुमानले मलाई भनेः—हे राजन् ! मैले अहिले संझें; मतङ्ग मुनिले वानरराज बालिलाई शराप दिएका छन् कि यदि त्यसले मेरो यस आश्रमको जग्गामा प्रवेश गर्‍योभने त्यसको टाउको सय टुक्रा भइजानेछ ॥२१-२२॥ तसर्थ हामीहरूले निर्धक्कसँग सुखपूर्वक त्यहीं नै बसे हुन्छ। हे राम ! हनुमान्‌ले यति भनेपछि म ऋष्यमूक पर्वतमा आएँ र मतंग ऋषिको डरले बालि त्यहाँ आउन सकेन। हे राजन् ! यस प्रकारसँग समस्त पृथ्वीमण्डलको दर्शन गरी म यस गुफामा आएको हुँ ॥२३-२४॥

सर्ग—४७

हनुमान्‌बाहेक सबै बानर फर्केर आउँछन्।

सीतालाई खोज्नाको निम्ति जुन जुन ठाउँमा सुग्रीवले वानरहरूलाई जानू भनी अह्राएका थिए ती ती ठाउँमा यिनीहरू वेगसँग गए ॥१॥ यिनीहरू तलाउ, नदी, कछार, आकाश, शहर, खोलानेरको दुर्गम ठाउँ, पहाड तथा देश देशमा जतातते खोज्नलागे ॥२॥

सीताको पत्ता लगाउन निश्चय गरेका यी बानरहरू दिनभरि ता सुग्रीवले बताएको देश, पर्वत, तथा वनमा खोजी खोजी हिंड्थे र जब रात पर्नलाग्दथ्यो तब ता पृथ्वीमा नियत ठाउँमा जम्मा हुन्थे ॥३-४॥ यी बानरहरू दिनभरि सबै ऋतुमा फल लाग्ने रूख भएका देशहरूमा घुम्दथे र राती त्यहीं रूखमा सुतिरहन्थे ॥५॥

प्रस्थान गरेको दिनलाई पहिलो दिन मानेर जब एक महीना पूरा भयो, अनि ता बानरसेनापतिहरू निराश भई प्रस्रवण पर्वतमा सुग्रीवनेर आउनलागे ॥६॥ सुग्रीवको आज्ञाअनुसार पूर्व दिशामा मन्त्रीहरूको साथमा सीताको खोज खबर गर्दा उनलाई भेट्न नसकेकोले महाबली बिनत फर्केर आए ॥७॥ महाबली शतबली पनि सम्पूर्ण उत्तर दिशामा खोज खबर गरी आफ्नो सेनासहित डराउँदै डराउँदै फर्केर आए ॥८॥ सुषेणले पनि पश्चिम दिशामा बानरहरूलाई साथमा राखेर खोज खबर गरे तर महीना पूरा हुनलागेको देख्ता सुग्रीवकहाँ फर्केर आए ॥९॥

प्रस्रवण गिरिमा रामचन्द्रसँग बसेका सुग्रीवनेर आई उनलाई प्रणाम गरेर सबै बानरहरू भन्नलागे ॥१०॥ हामीले जम्मै पहाड, पर्वत, बाक्ला बाक्ला जङ्गल, नदी, खोला, समुद्रतटका सबै देश शहरमा खोज खबर गर्‍यौं, तपाईंले बताएका जम्मै गुफाहरूमा हेर्‍यौं, नाना प्रकारका लतामण्डपमा खोज गर्‍यौं, ठूला ठूला जीव जन्तु बस्ने ठाउँमा पनि हेर्‍यौं र तिनलाई मार्‍यौं पनि। दुर्गम ठाउँमा हामीले

सन्देह मेटाउनाका लागि कईएकबाजि खोज्यौं ॥११–१३॥ हे वानरराज ! महाबली र ठूलो कुलमा जन्मेका हनुमान्‌ले अवश्यै सीताको पत्ता लगाउनेछन्, किनकि सीता जुन दिशातिर लागेकी छन् त्यै दिशातिर वायुपुत्र हनुमान् पनि गएका छन् ॥१४॥

सर्ग—४८

दक्षिण दिशातिर गएका अंगद एउटा भयानक राक्षसलाई मार्दछन् ।

तार र अंगदको साथमा हनुमान्‌ले सुग्रीवले बताएको देशमा जान भनी हतपतसाथ प्रस्थान गरे ॥१॥ ती जम्मै बानरहरूको साथमा निक्कै टाढा पुगेपछि यिनी विन्ध्याचल पर्वतमा पुगे । यस पर्वतका गुफा, बाक्ला बाक्ला जंगल, पर्वतमा, र पर्वतको अधित्तिर बगिरहेका नदी, दुर्गम स्थान, तलाउहरू, ठूला ठूला रूख, रूखले झ्याम्म पारेको ठाउँ, नाना प्रकारका रूखले युक्त भएका पर्वतहरू, यी सबै ठाउँमा जताततै ती वीर बानरले खोजे, तर जनककुमारी सीतालाई कतै पनि पाएनन् ॥२–४॥ नाना प्रकारका फल मूल भक्षण गर्दै , सीताको पत्ता लगाउन भनी निस्केका, पराजित हुन अयोग्य यी वानरहरू जताततै बस्तथे । यिनीहरू जल नपाइने, जीवजन्तु नभएको, यस्ता यस्ता उजाड जग्गामा पुगे, जसलाई हेर्दैमा मनमा डर उत्पन्न हुन्छ ॥५॥ यस्ता यस्ता जंगलमा खोज्दा यिनीहरूलाई हुनासम्मको दुःख भयो, कारण यी जग्गा बडा दुर्गम थिए, बड़ो दुःख गरेर मात्र यहाँ प्रवेश गर्न सकिन्थ्यो, यहाँ ठूला ठूला गुफा र घना जंगल थिए ॥६॥ मनमा रत्ती पनि डर नभएका बानरहरूले यस ठाउँलाई छाडेर अर्को ठाउँमा गए । यो ठाउँ पनि बड़ो डरलाग्दो थियो ॥७॥ यहाँका रूखमा फल, फूल, पात केही पनि थिएनन् । खोलाहरूमा पानी थिएन, कन्दमूल कतै पाइन्नथ्यो ॥८॥ यहाँ भैंसी, हरिण, बाघ, हात्ती, चराचुरुङ्गी तथा कुनै जङ्गली जीव जन्तु थिएनन् ॥९॥ यहाँ न कुनै औषधि थिए, न कुनै लहरा, न कुनै बिरुवा; हरिया हरिया पात भएका, फूल फुल्नाले सुशोभित भइराखेका, मीठो बास्नाले गर्दा रमणीय भएका कमल यहाँ देखिन्नथे, यसैले यहाँ भमरा पनि थिएनन् । यो जंगल यस्तो हुनाको कारण यो हो—यहाँ कण्डु नाम गरेका एक जना सत्यवादी तपस्वी रहन्थे ॥१०-११॥ यी महर्षि बडा क्रोधी थिए, ब्रह्मकर्मको नियम पालना गरेको कसैबाट पराजित हुने यिनलाई डर थिएन । यस वनमा उनको दश वर्षको एउटा छोराको मृत्यु भइगो, यसकारण रिसले चूर भई यी धर्मात्मा महर्षिले समस्त वनलाई सराप दिए ॥१२-१३॥ यसैले यो वन निरालम्ब दुर्गम भएको हो, पशु पक्षी कोही पनि नबस्नाको कारण पनि यै हो । यहाँ पनि यी वानरहरूले वन, पर्वतका गुफा, नदीहरूको उत्पत्ति स्थान इत्यादि सबै ठाउँमा बडो सावधान भएर खोजे, तर सुग्रीवको भलो चिताउने यी महात्मा वानरहरूले न सीताको न सीताको हरण गर्ने रावणको पत्तो पाउन सके ।

यसपछि यिनीहरू लता तथा झाडीले भरिभराउ भएको देख्तैमा डरलाग्ने अर्को वनमा पसे, यहाँ बानरहरूले पर्वतसमानको अग्लो, देवताहरूदेखि पनि नडराउने एउटा भयानक असुरलाई बसि-

राखेको देखे । पर्वतसमानको यस असुरलाई देख्नासाथ यिनीहरूले युद्ध गर्नाको निम्ति कम्मर कसे । बानरहरूलाई देखेपछि त्यो असुर पनि रिसले चूर भएर अब तिमीहरू मर्ने भयौ भन्दै मुक्की उजाएर यिनीहरूतिर जाइलाग्यो । यसलाई सहसा आफूतिर आउनलागेको देखेर बालिपुत्र अङ्गदले यो रावणै हो भनिठानेर यसलाई यस्तो थप्पड लगाए कि उनको चोट पर्नासाथ मुखबाट रगत उकेल्दै यो असुर फुटेको पर्वतझैं भूइँमा लड्यो । यसको प्राण गएपछि जितले फुरुङ्ग परेका बानरहरूले पर्वतको जम्मै गुफामा हेरे । वनवासी बानरहरू यहाँका जम्मै गुफामा खोज्दा खोज्दै अर्को डरलाग्दो पर्वतको गुफासम्म पनि पुगे । यहाँ पनि एक एक ठाउँ गरेर सबैतिर हेरे, तर कतै पनि नपाएकोले थकित भई मनमा खिन्न भएर यी सबै बानरहरू एउटा रूखको छायामुनि आएर बसे ॥१४–२२॥

सर्ग—४९

सीताको खोजमा बानरहरू लोध्र तथा सप्तपर्ण वनमा जान्छन् ।

यसपछि थाकेका बुद्धिमान् अंगदले वानरहरूको दिलमा ढाढस दिंदै बिस्तारै बिस्तारै भन्नलागे॥१॥ हामीहरूले वन, पर्वत, नदी, दुर्गम स्थान खाल्डा खुल्डी, पर्वतका गुफा जताततै खोज्यौं, तर यी कुनै ठाउँमा पनि हामीले न सीतालाई भेट्न सक्यौं न सीताको अपहरण गर्ने पापी राक्षसलाई देख्यौं ॥२-३॥ खोज्दा खोज्दैमा हाम्रो धेरै समय बितिसक्यो, सुग्रीव कत्तिको कठोर शासन गर्दछन् सो तिमीहरूलाई थाहै छ, तसर्थ अब फेरि तिमीहरूले मिलेर सावधान भई जताततै खोज्नुपर्‍यो ॥४॥ तन्द्रा, शोक, लाग्नलागेको निद्रा—यी सबैको परित्याग गरी तिमीहरूले जनककुमारी सीताको पत्तो लाग्ने गरी खोजखबर गर्नुपर्‍यो ॥५॥ मनमा खेद नमान्नू , चतुर्‍याइँ, मनले हरेश नखानू—यिनैबाट कार्यको सिद्धि हुन्छ, यसै कारणले मैले तिमीहरूलाई फेरि खोज्ने कुरा भनेको हुँ ॥६॥ हे वानरहो ! यस वनमा तिमीहरूले फेरि एकबाजि खोज्नुपर्‍यो, मनमा कुनै प्रकारको खेद नलिई फेरि एकचोटि यो जम्मै वनमा हेर ॥७॥ काम गर्नेले आफ्नो कामको फल अवश्यै पाउँछ, तसर्थ मनले हरेश खाएर हामीले विलम्ब गर्नामा उचित पर्दैन ॥८॥ राजा सुग्रीव क्रोधी छन् , कठोर दण्ड दिने यिनको बानी छ, तसर्थ यिनीदेखि तथा महात्मा रामचन्द्रदेखि सधैं डराउनुपर्दछ ॥९॥ तिमीहरूको कल्याणका लागि मैले यो कुरा भनेको हुँ, तिमीहरूको इच्छा छभने यो मुताबिक चल, हे बानरहो ! तिमीहरू सबैले गर्न योग्य कुरा विचार गरेका छौभने सो पनि भन ॥१०॥

तिर्खा र थकाइले व्याकुल भइराखेको गन्धमादन नामको बानर अंगदको यो कुरा सुनेपछि भन्न-लाग्यो ॥११॥ अंगदले जो कुरा भने सो हामी सबैका लागि ठीक, हित गर्ने र नीतिअनुसारको छ, अतएव यिनले भनेअनुसार हामीहरू काम गरौं ॥१२॥ आओ, हामीहरू फेरि एकबाजि पर्वत, गुफा शिला, शून्य जंगल, पहाडका खोला नाला सर्वत्र खोजौं ॥१३॥ महात्मा सुग्रीवले जति ठाउँ बताएका छन् त्यहाँका समस्त पर्वत र वनमा हामी सबै मिलेर खोज गरौं ॥१४॥

यसपछि सबै वानरहरू उठेर विन्ध्याचल पर्वतको जंगलले भरिपूर्ण भएको दक्षिण दिशामा भ्रमण गर्नलागे ।।१५।। घुम्दा घुम्दैमा यिनीहरूले शरत्कालको मेघसमानको रंग भएको, शिखर तथा गुफाहरूले युक्त भएको रमणीय रजत पर्वत देखे र त्यसमा चढेर सीतालाई भेट्ने इच्छा भएका वानरश्रेष्ठहरू रमणीय लोध्र वन तथा सप्तपूर्ण वनमा उनलाई खोज्नलागे ।।१६-१७।। ठूलो पराक्रम देखाउन सक्ने यी वानरहरू पर्वतको शिखरमा चढेर खोज्दा खोज्दै थाके, तर रामकी प्रियपत्नी सीतालाई कतै पनि देखेनन् ।।१८।। यस पर्वतमा अनेक गुफा छन् भन्ने थाहा पाएकोले यिनीहरू ती सबै गुफा हेद चारैतिर नजर दौडाउँदै पहाड चढ्नलागे ।।१९।। ज्यादै थाकेको हुनाले यिनीहरू मूर्च्छा पर्ने जस्तो गरी हडबडाउनलागे, तसर्थ पहाडबाट तल ओर्लेर एउटा रूखमुनि आएर बसे ।।२०।। अलि बेर विश्राम गर्नाले थकाइ केही मरेपछि यिनीहरू फेरि समस्त दक्षिण दिशामा खोज पत्ता लगाउनाको निम्ति तयार भए ।।२१।। हनुमान् आदि गरिएका वानरहरूले पहिले राम्रोसँग विन्ध्याचल पर्वतमा खोज्ने र अनि सुग्रीवले बताएअनुसार समस्त दक्षिण दिशामा खोज्नलागे ।।२२।।

सर्ग—५०

वानरहरू ऋक्षविल नाम गरेको दुर्गम ठाउँमा पुग्दछन् ।

तार र अंगदलाई साथमा लिएर हनुमान् विन्ध्याचल पर्वतको गुफा र वनमा खोज्नलागे ।।१।। सिंह र बाघले वास गरेको गुफामा, पर्वतका दुर्गम स्थानमा तथा ठूला ठूला खोलामा यिनीहरूले खोजे ।।२।। यस पर्वतको दक्षिण पश्चिमको कुनाबाट चढेर यिनीहरू खोज्नलागेका थिए । यिनीहरू यहाँ छँदा छँदैमा सुग्रीवले नियत गरेको समय बितिहाल्यो ।।३।। यस ठाउँमा बडो दुःख गरेर मात्र खोज्न सकिन्थ्यो, किनकि यहाँ ठूला ठूला गुफा तथा वन थिए, तर हनुमान् यस्तो ठाउँमा गएर पनि खोज्नलागे ।।४।। एकला एकलै भएर तर नजीकै नजीकमा रहेर गज, गवाक्ष, गवय, शरभ, गन्धमादन, मैंद, द्विविद, हनुमान्, जाम्बवान्, युवराज अंगद, तार, आदि बानरहरू पर्वतको जालोले ढाकिएको दक्षिण दिशाको देशमा घुमी घुमीकन खोज्नलागे । यहाँ खोज्दा खोज्दैमा यिनीहरूले ऋक्षविल नाम गरेको एउटा विशाल गुफा देखे । यस दुर्गम गुफाको कुनै एक दानव रक्षा गरिरहेको थियो ।

भोक तिर्खाले पीडित भइराखेका, पानी पिउन इच्छा भएका, थाकिराखेका यी बानरहरूले लहरा तथा रूखले ढाकिराखेको यो विशाल प्वाल देखे । त्यहाँबाट कखाङ-कुरुङ, हाँस, सारस, पानीले भिजेका र कमलको पहेंलो रंगमा रंगिएका चखेवा आदि चराहरू निस्कनलागेका पनि देखे । मीठो बास्ना आइरहेको यस दुर्गम प्वालनेर जाँदा बानरसेनापतिहरूको मन विस्मयमा परेर व्याकुल हुनलाग्यो । यस प्वालको सम्बन्धमा मुख्य मुख्य वानरहरूको मनमा ठूलो शङ्का उत्पन्न हुनलाग्यो ।।५-११।। जलको सम्भावना देखेर महाबली तेजस्वी वानरहरू त्यहाँ गएका हुन् । नाना

प्रकारका जीवजन्तुले भरिएको यो प्वाल पाताल जस्तो देखिन्थ्यो ॥१२॥ यस डरलाग्दो प्वालभित्र जाने कुरा त कता छ कता, यसलाई हेर्दैमा मनमा डर उत्पन्न हुन्थ्यो ।

पर्वतको टाकुरासमानको शरीर भएका, वन-पर्वतको सबै कुरा जान्ने वायुपुत्र हनुमान् देख्तै डरलाग्दा वानरहरूलाई भन्नलागे:—दक्षिण दिशाका पहाड पर्वतमा खोज्दा हामी थाकिसक्यौं, तर सीतालाई भने कतै देखेनौं । सारसहरूको साथसाथै यस प्वालबाट हाँस, कय्याङकुरुङ चखेवा आदि गरिएका चराहरू पानीले भिजेर बाहिर निस्किरहेका छन्, तसर्थ यो अवश्यै पानी भएको इनार अथवा तलाउ हुनुपर्दछ ॥१३-१६॥ यस प्वालको मुखमा हरिया हरिया रूख पनि देखिन्छन् तसर्थ यहाँ पानी हुनैपर्दछ ।

हनुमान्को मुखबाट यस्तो कुरा निस्कनासाथ यिनीहरू सबै त्यस अँध्यारो प्वालभित्र पसिहाले ॥१७॥ चन्द्रमा तथा सूर्यको प्रकाश नभएको, हेर्दैमा रौं ठाड्ठाडा हुने यस प्वालबाट सिंह, मृग, चराचुरुङ्गी निस्कनलागेको देखे ॥१८॥ यस किसिमको अन्धकारले छोपिराखेको प्वालभित्र पस्तै गए । यस समयमा यिनीहरूको दृष्टि, तेज वा पराक्रमको केही काम लागेन ॥१९॥ अन्धकारमा यिनीहरू वायुसमानको बडो वेगले जानलागेका देखिए । यस प्वालभित्र वेगले निकै पर पुगेपछि यी श्रेष्ठ बानरहरूले उज्यालो, अति उत्तम, एउटा रमणीय ठाउँ देखे । नाना प्रकारका रूख लागिराखेको यस भयानक प्वालभित्र, पानीको तिर्खा लागेका, होश हवाश हराएका, आकुल व्याकुल परेका यी वानरहरू परस्परमा एउटाले अर्काको हात समातेर एक योजनसम्म तल गए ॥२०-२२॥ थकाइले गर्दा यिनीहरू यस प्वालभित्र लड्नलागे, हिंडाइले गर्दा यिनीहरू दुब्लाएका थिए, आकुल व्याकुल हुँदा मूर्च्छा पर्ने जस्तो भएकोले केही बेरसम्म यहीं भित्र लडिरहे ॥२३॥ जीवनदेखि निराश हुन हुनलागेको वेलामा यी वीरहरूले उज्यालो देखे । यस ठाउँमा पुगेपछि यिनीहरूले अन्धकार नभएको एउटा वन देखे ॥२४॥ बल्दो आगो जस्ता सुवर्णमय ताल, साल, तमाल, पुन्नाग, वञ्जुल, धव, चम्पक, नाग र कर्णिकार आदि रूख यहाँ देखिए; यी सबैमा फूल फुलिराखेका थिए । राता राता पात, रंग-विरंगका सुनौला झुप्पा, मंजरी तथा लहराहरूले गर्दा कसैले यिनलाई सुनै सुनको गहना लगाएर सिंगारिदिएको जस्तो यिनको शोभा भइरहेको थियो । मध्याह्नकालका सूर्यझैं यी रूखहरू टल्किरहेका थिए, पन्नाको ता यिनको वेदी थियो ॥२५-२७॥ यी रूख सुवर्णमय हुनाले यिनको जम्मै शरीर चम्किरहेको थियो । यहाँको नीलो पन्ना जस्तो तलाउलाई अनेक चराचुरुङ्गीले घेरिराखेका थिए ॥२८॥ उदयकालका सूर्य जस्ता सुनका ठूला ठूला रूख, सुनका ठूला ठूला माछा र सुनै सुनका ठूला ठूला कमलले युक्त भएको, निर्मल जल भएको तलाउ यिनीहरूले देखे । सुन र चाँदीले बनेका विमान पनि यहाँ देखिए ॥२९-३०॥ बानरहरूले यहाँ सात तले ठूला ठूला घर देखे; यी घर सुन र चाँदीले बनेका थिए, सुनैको झ्याल लागेको थियो, मोतीको झल्लर झुण्डिरहेको थियो, भूइँ सुन र चाँदीले छापिएको थियो र बीच-बीचमा पन्ना तथा अरू जुहारात जडिराखेको थियो । मूँगाको जस्तो रंग भएका फल फूल लागेका

रूख पनि यिनीहरूले देखे ॥३१-३२॥ सुनका भमरा भूँ भूँ गरिरहेका थिए, जता हेर्‍यो उतै मह नै मह देखिन्थ्यो। यी घरमा मणि र सुनले बनेका नाना प्रकारका रंगी-बिरङ्गी ठूला ठूला पलंग तथा आसन जताततै राखिछाडेका यी बानरहरूले देखे। सुन, चाँदी तथा काँसका भाँडा थुप्राका थुप्रा थिए ॥३३-३४॥ कतै अगरु र दिव्य चन्दनको थुप्रो र कतै पवित्र खाने कुरा तथा फल मूलको थुप्रा देखिन्थे ॥३५॥ धेरै मोल पर्ने सवारी, स्वादिलो मह, राम्रा राम्रा लुगा, चित्र-विचित्रका कम्बल अर्थात् दुशालाहरू र मृगको छाला यहाँ जताततै थुप्राइराखेको थियो। यहाँ प्वालभित्र खोज्दाखेरि यी अति तेजिला वानरहरूले यी सबै चीजबीज देखे ॥३६-३७॥

केही टाढा गएपछि यी शूरा वानरहरूले कालो रंगको सारी लगाइराखेकी एउटी आइमाई देखे। नियमित भोजन गर्ने, आफ्नो तेजले प्रज्वलित भइरहेकी यस तपस्विनीलाई देख्ता सबै वानरहरू छक्क परेर त्यहीं उभिइरहे।

हनुमान्ले योसित तिमी को हौ र यो गुफा कसको हो भनेर सोधे ३८-३९॥ पर्वतसमानका हनुमान्ले हात जोरेर ती वृद्धालाई सोधे—तपाईं को हुनुहुन्छ, यो गुफा तथा घर कसको हो, यी जुहारातको मालिक को हो? यी सब कुरा कृपा गरी भन्नुहोस् ॥४०॥

सर्ग—५१

वृद्धा तपस्विनी आफ्नो वृत्तान्त सुनाउँछिन्।

यति भनिसकेपछि हनुमान्जी कृष्णमृगचर्म धारण गर्ने, धर्ममा तत्पर भएर बसेकी महाभाग्यशालिनी ती तपस्विनीलाई फेरि भन्नलागे ॥१॥ हामी सबै भोक प्यासले व्याकुल र थकाइले गर्दा खिन्न भएर सहसा यह अन्धकारमय गुफाभित्र आइराखेका छौं, हामीहरू ज्यादै तिर्खाएका हुनाले मात्र पृथ्वीको यस बडेमानको प्वालभित्र पसेका हौं। नाना प्रकारका, आश्चर्य लाग्ने चीजबीज देख्ता हामी दुःखित भयौं, हडबडाएको हुनाले हाम्रो होशहवासै उडनलाग्यो। मध्याह्नकालका सूर्यसमान चहकिला यी सुवर्णमय रूख, फलमूल आदि गरिएका यी पवित्र भोजनका सामग्री, सुनका विमान, सुनै सुनको झ्याल भएका, मणिको झल्लर झुण्डिराखेका चाँदीका घर यी सब कसका हुन्? फूलै फूलले युक्त भइराखेका यी रूखहरूको मनोहर सुगन्ध चारैतिर फैलिरहेको छ ॥२-६॥ यी रूखहरू कसको तेजले गर्दा सुवर्णमय देखिएका हुन्? निर्मल जलमा सुनको कमल कसको तेजले गर्दा उत्पन्न भएको हो? यी कछुवा र माछा कसरी सुन जस्ता देखिएका हुन्? यो चमत्कार तपाईंको प्रतापले हुन गएको हो वा अरू कसैको तपोबलले गर्दा भएको हो? ॥७-८॥ हामीहरूलाई यस विषयमा केही पनि थाहा छैन, तसर्थ कृपया हामी सबैलाई यो कुरा भनिदिनुहोस्।

हनुमान्ले यसो भनेको सुनेपछि सबै प्राणीको हित गर्नामा तत्पर भएकी, धर्मकर्ममा लागेकी तपस्विनी उनलाई भन्नलागिन्ः—हे वानरश्रेष्ठ! मय नामका महातेजस्वी एक दानव यहाँ रहन्थे,

उनैले आफ्नो मायाले यो जम्मै सुवर्णमय वन बनाएका हुन् । पहिले यी मय मुख्य मुख्य दानवका विश्वकर्मा (कालिगड) थिए, यो सुवर्णमय दिव्य उत्तम घर उनैले बनाएको हो । हजार वर्षसम्म महावनमा उग्र तपस्या गरेर ब्रह्माजीबाट यिनले शुक्राचार्यको समस्त धन अर्थात् शिल्पविद्या तथा शिल्पका सामग्री वरस्वरूपमा भेट्टाए । यस्तो वर पाएकोले बलवान् भएर उनले यस गुफामा आफ्नो विद्याको प्रभाव प्रकट गरे ॥९-१३॥

मय केही दिनसम्म यस वनमा सुखसँग बसेका थिए, पछि यी दानवश्रेष्ठ हेमा नाम गरेकी अप्सरामाथि आसक्त भए ॥१४॥ इन्द्रले यो कुरा चाल पाएपछि आफ्नो पराक्रम देखाएर वज्रले मयलाई मारिदिए । यसपछि ब्रह्माले यो उत्तम वन हेमालाई दिए ॥१५॥ र यो सुवर्णमय घर तथा यहाँका सबै पदार्थको इच्छाअनुसार उपभोग गर्ने आज्ञासमेत दिए । म मेरुसावर्णिकी छोरी हुँ, स्वयंप्रभा मेरो नाम हो ॥१६॥ हे वानरश्रेष्ठ ! म हेमाको यस घरको रक्षा गरेर बसेकी छु । मेरी प्यारी सखी हेमा नाच-गानमा बडी सिपालु छन् ॥१७॥ यस बडे घरको रक्षा गर्ने सामर्थ्य तिमीमा होस् भनेर उनले मलाई वर दिएकी छन् , यसैले म यस घरको रक्षा गरेर बसेकी छु, तिमीहरूको के काम छ र केका लागि यहाँ वनमा आएका छौ ? ॥१८॥ कसरी तिमीहरू यो दुर्गम वन देखन पुग्यौ ? शुद्ध भोजन, फलमूल इत्यादि सबै थोक खाएर तथा पानी पिएर मलाई आफ्नो आउनाको समस्त वृत्तान्त भन ॥१९॥

सर्ग—५२

हनुमान् वृत्तान्त सुनाउँछन् र स्वयंप्रभाको तपोबलले सबै बाहिर निस्कन्छन् ।

वानरहरूले केही बेर आराम गरिसकेपछि धर्मचारिणी तपस्विनी यिनीहरूलाई भन्नलागिन् ॥१॥ हे वानरहो ! फल फूल खानाले तिमीहरूको थकाइ मरिसकेको भए, मैले सुन्न हुने होभने म सुन्न तैयार छु, तिमीहरू जम्मै कथा मलाई सुनाओ ॥२॥

यिनको यस्तो कुरा सुनेपछि वायुपुत्र हनुमान् नम्रतापूर्वक यथार्थ कुरा भन्नलागे ॥३॥ समस्त लोकका राजा, इन्द्र वरुणसमानका, दशरथपुत्र श्रीमान् रामचन्द्र रानी सीता र भाइ लक्ष्मणलाई साथमा लिई दण्डक वनमा आएका थिए । जनस्थानमा यिनकी स्वास्नी सीतालाई रावणले बलजफ्तीसँग हरेर लगिदियो ॥४-५॥ सुग्रीव नाम गरेका वानरहरूका राजा रामचन्द्रका मित्र हुन् । यिनले हामीलाई यमराजद्वारा रक्षा गरिएको, अगस्त्य ऋषिले वास गरेको दक्षिण दिशामा अंगद आदि गरिएका मुख्य मुख्य वानरहरूको साथमा पठाएका हुन् ॥६-७॥ यी सुग्रीवले हामीलाई यस्तो आज्ञा दिएका छन्:—तिमीहरू सबै मिलेर इच्छाअनुसारको रूप धारण गर्न सक्ने रावणलाई र सीतालाई खोज ॥८॥ यै आज्ञाअनुसार दक्षिण दिशाका समस्त वन र समुद्रमा खोज्दा खोज्दा भोकले पीडित भई हामीहरू एउटा रूखको छायामुनि गई बस्यौं ॥९॥ हामी सबैको मुख झ्याउरो भइसकेको थियो,

सबै जना सोच विचार गर्नामा तत्पर भइराखेका थिए । चिन्तारूपी महासागरमा डुबेका हामी कुनै तरहबाट यसको पार लाग्न सकेनौं ॥१०॥

हामीहरू आफ्नो नजर दौडाएर चारैतिर हेरिरहेका थियौं, यत्तिकैमा लहरा रूखले ढाकिएको अन्धकारमय यो ठूलो प्वाल देखियो ॥११॥ हामीले यस प्वालबाट पानीले भिजेका तथा फूलको परागले प्वाँख रंगिएका हाँस, सारस, कख्याङ कुरुङ चराहरूलाई बाहिर निस्कनलागेका देख्यौं ॥१२॥ यस्तो देख्ता मैले सबै वानरहरूलाई "हामी पनि भित्र पसौं" भनें र सबै बानरको, यस कुरामा चित्त बुझेकोले, प्वालभित्र पस्ने सम्मति भयो ॥१३॥ काममा हतपत परेकोले हामी सबै परस्परमा हात समातासमात गरी बडो वेगसँग यसभित्र पस्यौं ॥१४॥ यस प्रकारसँग हामी यस अन्धकारमय प्वालभित्र अकस्मात्सँग पसेका छौं । यै हाम्रो काम हो र यै कामका लागि हामी आएका छौं ॥१५॥ भोकाएका र थाकेका हुनाले तपाईंको नजीक आयौं र तपाईंले पनि अतिथिसत्कारको धर्मअनुसार हामीलाई फल मूल खान दिनुभयो ॥१६॥ भोकले अत्यन्त पीडित भइराखेका हुनाले हामीले तपाईंले दिनुभएका चीजबीज खायौं, भोकले मर्न आँटेका हामी सबैको तपाईंले रक्षा गर्नुभयो ॥१७॥ अब यस उपकारको सट्टामा वानरहरूले के प्रत्युपकार गर्ने हो सो भन्नुहोस् ।

बानरहरूको यस्तो कुरा सुनेपछि सबै कुरा जान्ने स्वयंप्रभा यिनीहरू सबैलाई भन्नलागिन् :—काम गर्नामा चतुरा तिमी सबै बानरदेखि म प्रसन्न छु । आफ्नो धर्मअनुसार चल्ने हुनाले मलाई कुनै कुराको खाँचो छैन ।

तपस्विनीले धर्मयुक्त यस्तो कुरा भनेपछि हनुमान्, कुनै प्रकारको खोट नभएकी, अति राम्रो आँखा भएकी तिनलाई भन्नलागे :—हामी सबै, धर्मअनुसारको आचरण गर्ने तपाईंको शरणमा आइ-राखेका छौं ॥१८-२१॥ महात्मा सुग्रीवले हाम्रो लागि जति समय नियत गरिदिएका थिए त्यो समय ता प्वालभित्र वस्नुपरेकोले बितिसक्यो ॥२२॥ अतएव हामीलाई यस खाल्डोबाहिर झिकि-दिनुहोस् । सुग्रीवको आज्ञा उल्लंघन गरेकोले हाम्रो जीवन सङ्कष्टमा पर्ने भएको छ । सुग्रीवको डरले थर्कायमान भएका हामी सबैको उद्धार तपाईंले गर्नुपर्‍यो । हे धर्मचारिणी ! हामीले ठूलो काम गर्नुपरेको थियो सो काम पनि यहाँ बसिरहनुपरेकोले हामीबाट हुन सकेन ।

हनुमान्को यस्तो कुरा सुनेपछि तपस्विनी भन्नलागिन् ॥२३-२५॥ जो यस प्वालभित्र पस्तछ, त्यसले जीउँदै यहाँबाट बाहिर निस्कने कुरा ता बडो गाह्रो छ, तर धर्मका नियमको पालना गर्नाले प्राप्त भएको तथा तपस्याको प्रभावले म सबै बानरलाई बाहिर निकालिदिनेछु । हे बानरहो ! तिमीहरू सबैजना आफ्नो आफ्नो आँखा छोप, किनकि आँखा नछोपीकन तिमीहरू यहाँबाट बाहिर निस्कन सक्तैनौ ।

यति सुनेपछि सबै बानरले कमलो औंला भएको आफ्नो आफ्नो हातले आँखा थुने ॥२६-२८॥ जालबाट बाहिर निस्कने इच्छा भएका ती सबै महात्मा बानरले झटपट आँखा थुने र हातले मुख छोपे ॥२९॥ धर्मचारिणी तपस्विनीले छिनको छिनैमा सबै बानरलाई प्वालबाहिर निकालेर ती सबैलाई भन्न-

लागिन् ॥३०॥ यो विषम ठाउँबाट निस्केका बानरको मनमा ढाढस दिएर उनी भन्नलागिन् :—नाना प्रकारका रूख तथा लहराले युक्त भएको विन्ध्याचल पर्वत यै हो । यो प्रस्रवण नाम गरेको पर्वत हो । हेर, महोदधि समुद्र देखिनलागेको छ । हे बानरहो ! तिमीहरूको कल्याण होस्, अब म आफ्नो ठाउँमा जान्छु । यति भनेर स्वयंप्रभा तपस्विनी रमणीय प्वालभित्र पसिन् ॥३१-३२॥

सर्ग—५३

अवधि बितेकोमा बानरहरू बडो शोक गर्दछन् ।

बानरहरूले प्वालबाट बाहिर निस्केपछि वरुणको निवासस्थान भयानक समुद्र देखे । यसको पारि-पट्टिको किनाराको अत्तोपत्तो केही थिएन, निरवच्छिन्न बडा बडा लहरी उठिरहेका थिए र यो गर्जना गरिरहेको थियो ॥१॥

मयको मायाले बनेको दुर्गम पर्वतमा खोज्दा खोज्दै सुग्रीवले तोकिएको यिनीहरूको एक महीनाको अवधि बितिहाल्यो ॥२॥ विन्ध्याचल पर्वतमुनिको प्रदेशमा, जहाँ रूखमा फूल लहलह फुलिराखेका थिए, बसेर महात्मा बानरहरू चिन्ता गर्नलागे ॥३॥ बसन्तमा फूल फुल्ने रूखको टुप्पा फूलको बोझले निहुरेको तथा यिनलाई सैकडौं लहराले बेह्रेको देख्ता सबै थर्कायमान तथा चिन्तित भए ॥४॥ "हेर, बसन्त ता लागिसकेछ" आपसमा यति कुरा भनेर सुग्रीवकहाँ खबर लैजाने अवधि बितेकोले यिनीहरू धमाधम भूइँमा घोप्टिनलागे ॥५॥

यसपछि यी बूढा सज्जन बानरहरूको सम्मान गरी तथा मधुरो वचनले सोधपूछ गरी, सिंह र साँढेको जस्तो कुम भएका, मोटो र लामो हात भएका, बुद्धिमान् युवराज अंगद यस प्रकारसँग भन्न-लागे ॥६-७॥ सुग्रीवको आज्ञाले हामी सबै किष्किन्धाबाहिर निस्केका छौं, तर प्वालभित्र रहँदा रहँदैमा हाम्रो महीना पूरा भइगयो के यो कुराको बानरहरूलाई पत्तो छैन ? ॥८॥ एक महीनाको अवधि राखी आश्विनको महीनामा हामी सबैलाई जम्मा गरेर पठाएको हो, यो अवधि ता बितिसक्यो अब हामीले गर्ने क्या हो ? ॥९॥ तिमीहरू मालिकका विश्वासपात्र, नीतिमार्गका जानिफकार, मालिकको काममा तत्पर रहने, उनको भलो चिताउने, मालिकद्वारा सबै काममा खटिने छौ ॥१०॥ सबै प्रकारको काम गर्नामा तिमीहरूको अनुपम शक्ति देखिन्छ, आफ्ना आफ्ना पुरुषार्थले गर्दा तिमीहरू जतातते प्रख्यात भइराखेका छौ, पहेंलो आँखा भएका सुग्रीवको आज्ञाले मलाई अगुवा बनाएर तिमीहरू यहाँ आइराखेका छौ ॥११॥ काम सिद्ध नभएकोले अब निस्सन्देह हामी सबैको मरण हुनेछ, किनकि सुग्रीवको आज्ञा पालन नगरी को सुखसँग रहन सक्तछ ॥१२॥ स्वयं सुग्रीवले तोकेको समय बितेको हुनाले हामी सबै बानरले प्रायोपवेशन गरेर अर्थात् अन्न जलको त्याग गरेर मर्नुपर्दछ ॥१३॥

सुग्रीव स्वभावैले बडा कडा छन् र अहिले हामी सबैको मालिक भइराखेका छन्, तसर्थ अपराध गरेर हामी उनीकहाँ गयौंभने अवश्य उनले हामीलाई क्षमा गर्नेछैनन् ॥१४॥ सीताको पत्तो

नलागेकोले उनले जरूरै हाम्रो वध गर्नेछन्, यसकारण हामीले आजैदेखि अन्न जलको त्याग गरेर प्राण विसर्जन गर्नामा बढिया छ ॥१५॥ छोरा स्वास्नी धन, घरको मोह छाडेर हामीले मर्नैसा बढिया छ, यहाँबाट फर्केर उनीकहाँ गयौंभने निस्सन्देह हाम्रो वध गर्नेछन् ॥१६॥ अनुचित वधको अपेक्षा ता हाम्रा लागि यहीं मर्नैसा बेस छ। युवराजको पदमा सुग्रीवले मेरो अभिषेक गरेका होइनन्, धर्मात्मा राजा रामचन्द्रले पो मेरो अभिषेक गरेका हुन्। सुग्रीवले पहिलेदेखि नै मलाई आफ्नो बैरी संझिराखेका छन्, अतः यस आज्ञाको उल्लंघन भएको देख्ता उनी कठोर दण्ड दिने निश्चय गर्नेछन्, राजाले प्राणान्तदण्ड दिएको वखतमा मेरा बन्धुवर्गले पनि मेरा लागि केही गर्न सक्नेछैनन्, वरु मेरो वध हुन-लागेको देख्ता झन् दुःखी हुनेछन्, अतएव यै पवित्र समुद्रतीरमा प्रायोपवेशन गर्दछु ॥१७-१९॥

युवराज कुमारले यस प्रकारसँग भनेको सुन्दा सबै श्रेष्ठ बानरहरू मनमा दया उठ्ने किसिमको कुरा भन्नलागे ॥२०॥ सुग्रीव कडा मिजासका छन्, रामचन्द्र आफ्नी स्वास्नीका अनुरागी छन्, समय बिताएर आफ्नो काम पूरा नगरीकन हामीलाई फर्केर आएको देख्ता तथा सीतालाई देख्न नपाउँदा रामचन्द्रलाई प्रसन्न गराउनाका लागि सुग्रीवले अवश्य हाम्रो वध गर्नेछन् ॥२१-२२॥ अपराधीहरूले आफ्ना मालिकनेर जान उचित पर्दैन, हामी सबै सुग्रीवका प्रधान सेवक भएर यहाँ आइराखेका छौं ॥२३॥ सीतालाई भेटीकन अथवा उनको पत्ता लगाईकन हामी सुग्रीवकहाँ गएनौंभने हामीले अवश्यै यमपुरीमा जानुपर्नेछ ॥२४॥

डरले थर्कायमान भइराखेका बानरहरूको यो कुरा सुन्दा तार नाम गरेको बानर यस प्रकारसँग भन्न-लाग्योः—हामीले अफसोस गर्नु व्यर्थ हो, तिमीहरू सबैको इच्छा छभने यै प्वालभित्र पसेर बसौं ॥२५॥ मायाद्वारा बनेको हुनाले यहाँ कसैले प्रवेश गर्ने संभावना छैन, यहाँ प्रशस्त जल, भोजन तथा पिउने पदार्थ पाइन्छ, यहाँ हामीलाई इन्द्रको, रामचन्द्रको अथवा सुग्रीवको कसैदेखिको डर रहनेछैन ॥२६॥

अंगदको कुरासित मिल्ने तारको कुरा सुन्दा सबै बानरहरूले विश्वासपूर्वक भने, जसो गर्नाले हामी मारिन्नौं सो उपाय झटपट आजै गरिहाल्नुहोस् ॥२७॥

सर्ग—५४

हनुमान् अंगदलाई अर्ती दिन्छन्।

ताराधिपति अर्थात् चन्द्रमासमानको तेज भएका तारले यस प्रकारसँग भनेको सुन्दा हनुमान्ले अब बानरहरूको राज्य अंगदले लिने भए भन्ने संझे अर्थात् बानरहरू अंगदको सम्मतिमा आए ॥१॥ बालिका छोरा अंगदलाई हनुमान् अष्टाङ्ग बुद्धिले युक्त भएको, चार प्रकारका बलले परिपूर्ण तथा चौद्ध गुणले सुशोभित भएको संझन्थे (क) ॥२॥ हनुमान्ले यिनलाई तेज, बल र पराक्रमद्वारा शुक्ल पक्षको

(क) अष्टाङ्ग बुद्धि—सुन्ने इच्छा, श्रवण, ग्राण, धारण, उहापोह, अर्थ, विज्ञान, तत्वविज्ञान। चार बल—साम, दाम, भेद, विग्रह। चौद्ध गुण—देशकालको ज्ञान, दृढता, कष्ट सहन सक्ने शक्ति, सर्वविज्ञानता, दक्षता, उत्साह, मन्त्रगुप्ती, एकवाक्यता, शूरता, भक्तिज्ञान, कृतज्ञता, शरणागतवत्सलता, अमर्षित्व, अचापल।

चन्द्रमाझैं रोज रोजको बढ्दो शोभाले युक्त भएको देखे ॥३॥ बुद्धिमा बृहस्पतिसमानका, पराक्रममा पिताबराबरका, जसरी इन्द्रले शुक्रको उपदेश सुनेथे त्यसै गरी तारको उपदेश सुनिरहेका, मालिकको अर्थात् सुग्रीवको कार्यसिद्धिपट्टि विमुख भइरहेका अंगदलाई सबै शास्त्रको राम्रो ज्ञान भएका हनुमान् आफ्नो तर्फ ल्याउने अर्थात् तारबाट अलग गराउने उद्योग गर्नलागे ॥४-५॥ चार उपायहरूमध्ये दोस्रो उपायको वर्णन गर्दै सारयुक्त वचनद्वारा वानरहरूमा फूट गराउनलागे ॥६॥

वानरहरूमा फूट भइसकेपछि हनुमान् भय उत्पन्न गराउने तथा क्रोधलाई शान्त गर्ने नाना प्रकारका कुराले अंगदलाई तर्साउँदै संझाउन बुझाउनलागे ॥७॥ हे ताराका छोरा ! युद्ध गर्नामा निस्सन्देह तिम्रो बाबुसमानको सामर्थ्य छ, वानरहरूले तिम्रो हातमा राज्य सुम्पेको खण्डमा तिमी बाबुले झैं राज्यपालन गर्नामा समर्थ हुनेछौ ॥८॥ तर हे वानरश्रेष्ठ ! यी वानरहरू स्वभावैले चञ्चल चित्तका हुन्छन् । छोरा स्वास्नीलाई छाडेर यिनीहरू कदापि तिम्रो आज्ञा मान्नेछैनन् ॥९॥ हेर, म यिनीहरूको अगाडि नै भन्दछु, छोरा स्वास्नीलाई सुग्रीवको अधीनमा राखेर यी जाम्ववान् , नील, सुहोत्र, आदि गरिएका महाकपिहरू कदापि तिम्राउपर प्रीति गर्नेछैनन् ॥१०॥ म तथा यी सबै वानरहरू साम, दान, भेद, अथवा दण्ड कुनै उपायले पनि सुग्रीवलाई छाडेर तिमीतिर मिल्न सक्तैनन् ॥११॥ बलवान् व्यक्ति निर्धोसँग वैर गरेर चूपचापसँग बस्न सक्तछ तर निर्धो ता आफ्नो बचाउ गर्नुपरेकोले बलवान्सँग विरोध गरेर निर्भय रहन सक्तैन, तसर्थ निर्धाले विरोध गर्नामा उचित पर्दैन ॥१२॥ यस गुफालाई तिमीले आफ्नो रक्षक संझनु पनि ठीक छैन, तारको मुखबाट यो निर्भय छ भन्ने सुनेर ढुक्क परेका होउला, तर लक्ष्मणका बाणका लागि ता यसलाई छियाछिया पार्नु एउटा मामूली कुरा छ ॥१३॥ पहिले मयमाथि रिसाएर इन्द्रले वज्र हिर्काएर एउटा सानो प्वाल मात्र गराएका थिए, तर लक्ष्मणले ता तीखा तीखा बाण चलाएर यसलाई पातसमान छियाछिया पारिदिनेछन् ॥१४॥ लक्ष्मणको साथमा यस्ता बाण धेरै छन् जो कि वज्र झैं पर्वतलाई फुटाल्न सक्तछन् ॥१५॥ शत्रुलाई ताप पार्ने हे अंगद ! यस गुफाभित्र तिमीले आफ्नो वासस्थान बनाउनासाथ सबै वानरहरूले मनमा दृढ विचार गरी तिमीलाई अवश्यै छाडिदिनेछन् ॥१६॥ आफ्ना छोरा स्वास्नीको संझना हुने हुनाले यिनीहरू सदा उद्विग्न रहनेछन् , भोक तथा अरू अरू दुःखले गर्दा हडबडाएर यिनीहरू तिमीलाई छाडेर सुग्रीवतिर मिल्न जानेछन् ॥१७॥ आफ्नो हित चाहने मित्र तथा कुल कुटुम्बीबाट बिछोड भएकोले उड्ने परालको त्यान्द्रोभन्दा पनि हलुको हुनेछौ र सदा घबडाएर बस्नुपर्नेछ ॥१८॥ लक्ष्मणका अति उग्र, तीखा, डरलाग्दा, सहन नसकिने बाण, रामको कामबाट विमुख भएका तिमीलाई मार्नाको निम्ति तयार हुनेछन् ॥१९॥ हाम्रो साथमा लागेर गयौ र नम्रतापूर्वक सुग्रीवको अगाडि उभियौभने, आदिदेखि अन्तसम्मको जम्मै कुरा सुनिसकेपछि सुग्रीवले अवश्यै तिमीलाई राज्य दिनेछन् ॥२०॥

तिम्रा काका धर्मात्मा छन् , तिम्रो माया गर्दछन् , शुद्ध र आफ्नो प्रतिज्ञा पूरा गर्ने किसिमका छन्, अतएव यिनले कदापि तिम्रो संहार गर्नेछैनन् ॥२१॥ तिम्री आमाको भलो गर्नामा उनी सदा

तत्पर रहन्छन्, उनकै लागि यिनी बाँचेका छन्, सुग्रीवका अरू कुनै छोरा छैनन्, यसकारण, हे अंगद ! किष्किन्धा फर्केर जाऊ ॥२२॥

सर्ग—५५

सुग्रीवका दुर्गुणको बखान गरेर अङ्गद मर्ने विचार गर्दछन् ।

हनुमान्का धर्मयुक्त, मालिकले आदर गर्नुपर्ने किसिमका तथा नम्रतापूर्वकका कुरा सुनेपछि अंगद भन्नलागे ॥१॥ हे हनुमन् ! स्थिरता, मनको पवित्रता, दयालुता, कोमलता, पराक्रम र धीरता यी कुनै गुण पनि सुग्रीवमा देखिन्न ॥२॥ जेठा दाजुकी प्यारी स्वास्नी धर्मको दृष्टिले ता आमाबराबर हुन्, तर सुग्रीवले निर्लज्ज भई मेरो जीवितावस्थामा नै यिनलाई आफ्नो स्वास्नी बनाएर बडो घृणित काम गरे ॥३॥ युद्ध गर्नाका लागि गएका दाजुले प्वालको रक्षा गर्नु भनेर नियुक्त गरेको भाइले प्वालको मुख थुनिदिन्छभने त्यस दुष्टलाई धर्म जान्ने भनेर कसरी भन्ने ? ॥४॥ सत्यलाई साक्षी राखी हात समातेर जोसित मितेरी लगायो र जसले पहिले नै यसको उपकार गरिसकेको थियो त्यस्ता रामचन्द्रलाई ता यसले बिर्स्योभने यसले कसले गरेको उपकारको संझना राख्ला ? ॥५॥ जसले अधर्मको डरले होइन कि लक्ष्मणको डरले हामीलाई सीताको पत्ता लगाउन पठायो त्यस्ताको धर्म स्थिर रहला भनेर कसरी भन्ने ॥६॥ हे भाइहो ! यस्ता पापी, कृतघ्न, स्मृति-विरुद्ध काम गर्ने, चंचल स्वभावको सुग्रीवमाथि कसले, विशेष गरेर जो त्यै कुलमा जन्मेको छ त्यसले कसरी विश्वास गर्ला ? ॥७॥ सुग्रीव चाहे गुणी होस् चाहे निर्गुणी, म ता शत्रुकुलमा जन्मेको छोरो हुँ, तसर्थ मलाई राज्य दिए तापनि यसले कसरी जीउँदो राख्ला ? ॥८॥ गुफाभित्र पसेर रहने मेरो विचार ता फैलिने भइगयो, अतएव म अपराधी भइहालें । कुनै प्रकारको बल नभएको मैले निर्धो र अनाथझैं कसरी किष्किन्धामा गएर बस्ने ? ॥९॥ त्यो धूर्त, निष्ठुरी, घातक सुग्रीवलाई राज्यको ठूलो लोभ भएकोले त्यसले कि ता मलाई गुप्ती तवरसँग प्राणदण्ड दिनेछ कि ता बाँध्न लगाएर झ्यालखानामा कोचिदिनेछ ॥१०॥ मेरा लागि बन्धनमा पर्नुभन्दा अन्न जल त्याग गरेर मर्नैमा बढिया छ, यसकारण मलाई आज्ञा दिएर तिमी बानरहरू आफ्ना आफ्ना घर जाओ ॥११॥ म प्रतिज्ञा गरेर तिमीहरूलाई भन्दछु कि म कदापि किष्किन्धा जान्नँ, मर्नैमा श्रेय देखिएकोले यहीं मरणव्रत ग्रहण गरेर बस्तछु ॥१२॥ पहिले मेरो तर्फबाट मेरा काका बानरराज सुग्रीव राजालाई प्रणाम गरेर क्षेमकुशलको खबर सोधे अनि मेरो प्रणाम निवेदन गरी महाबली राम र लक्ष्मण-सित पनि क्षेम कुशलको हाल खबर सोधे, मेरी आमा रुमासित पनि आरोग्यपूर्वकको कुशल समाचार सोधे ॥१३-१४॥ मेरी आमा तारालाई तिमीहरूले राम्रोसँग संझाए बुझाए, कारण ती बिचरी तपस्विनी स्वभावैले छोरोको माया गर्ने र दयालु छन् ॥१५॥ म मरेको खबर सुन्नासाथ अवश्यै यिनले प्राण त्याग गर्नेछिन् ।

यति भनिसकेपछि अंगदले बूढा-पाका बानरहरूलाई प्रणाम गरे र अनि झ्याउरो मुख लगाएर

हुँदै भूइँमा कुश ओछ्याएर बसे । यिनलाई यसरी बसेको देख्नासाथ सबै वानरहरू रुनलागे ! दुःखित वानरहरूका आँखाबाट ताता ताता आँसुका धारा बग्नलागे । यस समयमा यिनीहरू सुग्रीवको निन्दा र बालिको प्रशंसा गर्नथाले ॥१६-१८॥

प्रायोपवेशन गर्ने निश्चय गरेर सबै वानरहरू चारैतिरबाट अंगदलाई घेरेर बसे । अंगदले भनेका कुरा संझेर वानरहरूले जलको आचमन गरी, समुद्रको तीरमा दक्षिणतिर टुप्पा फर्काएर राखेको कुशमाथि मर्नाका लागि पूर्वतिर आफ्नो मुख गरेर बसे ॥१९-२०॥ मर्न इच्छा गरेका वानरहरूले यसै गर्नामा श्रेय देखे । रामको वनवास, दशरथको मृत्यु, जनस्थानको विध्वंस, जटायुको वध, सीताको हरण, बालिको घात, रामचन्द्रको रिस इत्यादि कुराको वर्णन गर्दा गर्दैमा वानरहरूमाथि एउटा ठूलो आपत्ति आइपर्‍यो ॥२१-२२॥ पर्वतका टाकुरा समानका ठूला ठूला वानरहरू बसेकोले पानीका झरनासहितको यो पर्वत, आकाशमा मेघहरूले शब्द गरेझैं शब्दायमान हुनलाग्यो ॥२३॥

सर्ग—५६

सम्पातिसित वानरहरूको भेटघाट ।

पर्वतको जुन ठाउँमा सबै वानरहरू मर्ने निश्चय गरेर बसेका थिए सोही ठाउँमा जटायुको भाइ, सम्पाति नाम गरेको गिद्धहरूको राजा आइपुग्यो । यो चरो चिरजीवी र बल पराक्रममा विख्यात थियो ॥१-२॥ वानरहरूले बोलेको सुनेर यो विन्ध्यपर्वतको गुफाबाहिर निस्केर त्यहाँ आएको हो । वानरहरूलाई यसरी बसेको देख्ता बडो खुशी भएर भन्नलाग्यो ॥३॥ जसरी लोकमा मानिसले पहिले आफूले गरेका कर्मअनुसारको फल पाउँछन्, त्यै नियमअनुसार आज धेरै दिनपछि यो सब भोजनको सामग्री मेरो सामुन्नेमा आइराखेको छ ॥४॥ यी वानरहरूमा जो जो मर्नेछन् तिनलाई म क्रमानुसार खाँदै जानेछु । ती बानरहरूलाई देख्ता गिद्धले यस्तो कुरा भन्यो ॥५॥

वानरको मासु खानामा लोभ गर्ने त्यस चराको कुरा सुन्दा मनमा अत्यन्त दुःखित भएका अङ्गद हनुमान्‌लाई भन्नलागे ॥६॥ हेर, हामी ता सीतालाई खोज्न भनी निस्केका हौं, तर वानरमाथि विपत्ति पार्नाका लागि साक्षात् यमराजसमानको यो चरो यस ठाउँमा आइराखेको छ ॥७॥ हामीले न ता रामको काम गर्न सक्यौं न राजाको आज्ञा पालन गर्‍यौं, चिताउँदै नचिताएको यो आपत्ति एक्कासि कताबाट वानरमाथि आइपरेको हो ॥८॥ सीताको भलो गर्नाका लागि गृध्रराज जटायुले जो काम गरेका थिए सो तिमी हामी सबैलाई थाहा भएकै कुरा हो ॥९॥ पक्षीयोनिमा जन्मेका प्राणीसमेत रामचन्द्रको मनपर्ने काम, प्राणत्याग गरेर भए पनि गर्दछन्, जस्तो कि हामी सबैले गर्‍यौं ॥१०॥ रामचन्द्रको प्रेम तथा दयाको वशमा परेर सम्पूर्ण प्राणी उनको उपकार गर्दछन्, अतएव रामचन्द्रको भलोका लागि हामीहरू पनि आफ्ना आफ्ना शरीरको त्याग गरौं ॥११॥ धर्मज्ञ जटायुले रामचन्द्रको उपकार गरे, हामी पनि उनको काम गर्दा गर्दा थाकेर प्राण त्याग गर्न तैयार भई बसेका छौं ॥१२॥ हामी यस घोर वनसम्म

आयौं, तर सीतालाई कतै पनि देखेनौं । युद्धमा रावणको हातबाट मारिएका जटायु नै सुखी रहेछन्, सुग्रीवको भयदेखि छुटकारा पाएका यिनले परमगति अर्थात् स्वर्गलोकमा बस्न पाए ।।१३।। जटायु र दशरथ मर्नाले तथा सीताको हरण हुनाले आज वानरहरूमाथि यो आपत्ति आइपरेको हो ।।१४।। सीता-सहितको राम लक्ष्मणको वनवास, रामको वाणद्वारा बालिको मरण, रामको रिसले गर्दा समस्त राक्षस-हरूको वध यो सब अनर्थ कैकेयीले वरदान माग्नाले भएको हो ।।१५-१६।।

वानरहरूले भनेको यो दुःखमय कुरा सुन्दा तथा यिनलाई भूइँमा पडिराखेको देख्ता बुद्धिमान् गृध्रराज सम्पाति ज्यादै छक्क पर्‍यो र सुन्दा मनमा दया उत्पन्न हुने गरी भन्नलाग्यो ।।१७।। अंगदका मुखबाट निस्केका यी कुरा सुनेपछि, गम्भीर स्वर तथा तीखो चुच्चो भएको गृध्रराज, यस प्रकारसँग बोल्नलाग्यो ।।१८।। प्राणभन्दा पनि प्यारो मेरो भाइ जटायु मरेको खबर सुनाएर मेरो मनलाई कमा-उने यो को रहेछ ? ।।१९।। जनस्थानमा रावण र जटायुको बीचमा कसरी युद्ध पर्न गएछ ! आज धेरै दिनपछि मैले भाइको नाम सुन्न पाएँ ।।२०।। हे वानरहो ! म चाहन्छु कि तिमीहरू मलाई यस पर्वतबाट तल ओह्रालिदेओ, गुण र पराक्रमले गर्दा सहाउनुपर्ने मेरो भाइको धेरै दिनपछि समाचार पाएकोले म अत्यन्त सन्तुष्ट छु । हे श्रेष्ठ वानरहो ! यो कसरी मर्‍यो सो म सुन्न चाहन्छु ।।२१-२२।। मेरो भाइ जटायु जनस्थानमा बस्ने हो, दशरथसित कसरी यसको दोस्ती हुन गएछ ।।२३।। यिनै दशरथका रामचन्द्र प्यारा जेठा छोरा हुन्, यिनलाई सबै गुरुजनले प्यारो गर्दछन् । सूर्यको किरणले पखेटा डढेको हुनाले म उड्न सक्तिनँ । हे शत्रुको नाश गर्नेहो ! म यस पर्वतबाट तल ओर्लन चाहन्छु ।।२४।।

सर्ग—५७

सम्पातिलाई ओह्रालेर वानरहरू आफ्नो वृत्तान्त सुनाउँछन् ।

शोकले गर्दा सम्पातिको स्वर लरबरिन लागेको थियो तापनि वानरहरूले यसको कुरामा विश्वास गरेनन्, कारण यसको काम देख्तैमा यिनीहरूलाई शङ्का भइसकेको थियो ।।१।। मर्नाका लागि व्रत धारण गरेर बसेका वानरले गिद्धलाई देख्नासाथ यसले हामी सबैलाई खानेछ भन्ने भयङ्कर विचार गर्न-लागे ।।२।। हामी ता मर्नाका लागि व्रत गरेर बसेकै छौं सो यसले हामीलाई खाइदियोभने ता हामीले गरेको मरणको वासना सिद्ध हुनेछ र हामी चाँडै कृतार्थ हुनेछौं ।।३।।

यस प्रकारको विचार गरेर सबै वानरहरूले सम्पातिलाई पर्वतबाट तल ओह्राले र अंगद उस-लाई भन्नलागे ।।४।। हे गिद्ध ! ऋक्षरज नाम गरेका एक जना प्रतापी वानरहरूका राजा थिए, यी मेरा पितामह हुन् । यिनका वालि र सुग्रीव नाम गरेका बडा बलवान् र धर्मात्मा दुइटा छोरा उत्पन्न भए । राजा बालि वानरहरूका बडा विख्यात राजा थिए । मेरा बाबु यिनै हुन् ।।५-६।।

समस्त लोकका मालिक इक्ष्वाकुकुलमा उत्पन्न भएका, दशरथपुत्र श्रीमान् रामचन्द्रजी दण्डक वनमा

आए ।।७।। पिताको आज्ञाले धर्मपालन गर्नाका लागि भाइ लक्ष्मण र पत्नी सीतालाई लिई यिनी आएका हुन् ।।८।। रावणले जनस्थानबाट यिनकी स्वास्नी सीतालाई बलजफ्तीसँग हरेर लगिदियो । रामका बाबुका मित्र जटायु नाम गरेका गृध्रराजले सीतालाई आकाशको बाटो गरी हरेर लैजानलागेको देखे । यिनले रावणलाई रथबाट खसालेर सीतालाई भूइँमा बसाले पनि, तर बूढा भएको र लड्दा लड्दा थाकेको हुनाले यिनलाई रावणले युद्धमा मारिदियो ।।९-१०।। बलवान् रावणले यस प्रकारसँग गृध्रराजलाई मारेको हो तर रामचन्द्रको हातबाट अन्तिम संस्कार भएकोले यिनले स्वर्गको वास भेट्टाए ।।११।।

यसपछि मेरा काका महात्मा सुग्रीवले रामचन्द्रसँग मितेरी लगाए र रामले मेरा पितालाई मारि-दिए ।।१२।। मेरा बाबुले मन्त्रीहरूको साथमा सुग्रीवलाई निकालिदिएका थिए । बालिलाई मारेर राम-चन्द्रले सुग्रीवलाई वानरहरूको राजा बनाएर यिनको अभिषेक गरे । वानरहरूका राजा सुग्रीवले हामी-लाई पठाएका हुन् ।।१३-१४।। रामको आज्ञाले पठाइएका हामीहरू सीतालाई जताततै खोज्दैछौं, तर रात्रिकालमा जसरी सूर्यको प्रभा देखिन्न त्यसै गरी हामीले पनि अहिलेसम्म कतै पनि सीतालाई देख्न सकेका छैनौं ।।१५।। हामीले बडो सावधान भएर दण्डकारण्यमा खोज खबर गर्‍यौं र त्यसपछि बिना जानी बुझीकन पृथ्वीको एउटा प्वालभित्र पस्न पुग्यौं ।।१६।। मयको मायाले बनेको त्यस प्वालभित्र खोज्दा खोज्दैमा राजाले तोकिदिएको हाम्रो एक महीनाको अवधि बितिहाल्यो ।।१७।। हामी सबै वानर-राजका आज्ञाकारी सेवक हुनाले तोकिएको अवधि बितेकोमा डरले थर्कायमान भई मर्नाका लागि व्रत धारण गरेर बसिराखेका छौं ।।१८।। हामी त्यहाँ गयौंभने पनि राम, लक्ष्मण र सुग्रीव रिसले चूर हुने छन्, यिनीहरू रिसाएपछि ता हाम्रो प्राण रहने संभावनै छैन ।।१९।।

सर्ग—५८

सम्पाति सीताको समाचार सुनाउँछ ।

प्राण त्याग गर्न निश्चय गरेका वानरहरूले यस प्रकारसँग दया उठ्ने किसिमको कुरा गरेपछि, आँखाभरी आँसु गरेर गृध्रराज बडो गम्भीर स्वरले वानरहरूलाई भन्नलाग्यो ।।१।। हे वानरहो ! बलियो रावणको हातबाट जसलाई तिमीहरू युद्धमा मारिएको भन्दछौ त्यो जटायु मेरो भाइ हो ।।२।। बूढो भएकोले र पखेटा नभएकोले रावणमाथि भाइको शत्रुताको साटो फेर्ने शक्ति अहिले ममा छैन यसै कारण यस्तो कुरा सुन्दा पनि मैले सहेर बस्नुपर्‍यो ।।३।। उहिले वृत्रासुरको युद्ध हुने समयमा हामी दुईमा को बर्ता बलियो रहेछ भनेर जान्नाका लागि हामी दुवै भाइ उडेर बल्दो किरण भएका सूर्य नारायणसम्म पुगेका थियौं ।।४।। आकाशमार्गमा चक्कर मार्दै हामी बडो वेगसँग स्वर्गसम्म पुग्यौं, तर बीच बाटामा सूर्य भेटिएकोले जटायु बडो व्याकुल भयो ।।५।। सूर्यको किरण पर्नाले भाइलाई अत्यन्त पीडित भएको तथा आकुल व्याकुल परेको देख्ता मायामा परेर उसलाई आफ्नो पखेटाले ढाकिदिएँ ।।६।।

हे वानरहो ! पखेटा डढेकोले म यहाँ विन्ध्याचलपर्वतमा खसें र यहीं बसेको छु, अतः भाइको कुनै हाल खबर पाउन सकेको छैन ॥७॥

जटायुका दाजु सम्पातिले यति भनेपछि बुद्धिमान् युवराज अङ्गदजी भन्नलागे ॥८॥ तिमी जटायुका दाजु ह्यौ र मैले भनेको कुरा राम्ररी सुनेका छौभने त्यस राक्षसको घर तिमीलाई थाहा भए मलाई भन ॥९॥ परिणामको विचार नराख्ने त्यो अधम राक्षस रावण कहाँ छ ? टाढा छ कि नजीक ? थाहा भए मलाई भन ॥१०॥

जटायुको महातेजस्वी दाजु वानरहरूलाई प्रसन्न गराउँदै आफूलाई सुहाउँदो किसिमको कुरा भन्नलाग्यो ॥११॥ हे वानरहो ! मेरो पखेटा डढेको र अहिले बलहीन भएको भए तापनि केवल वचनद्वारा म राम्रोसँग रामचन्द्रको सहायता गर्न सक्तछु ॥१२॥ वरुणको लोकलाई, वामनावतारमा विष्णु भगवानले जुन जुन लोकमाथि आक्रमण गरेका थिए ती सबैलाई, देवासुर संग्रामलाई तथा अमृतमन्थनलाई समेत मैले जानेको छु अर्थात् यी सबैलाई मैले देखेको छ ॥१३॥ वृद्धावस्थाले गर्दा मेरो तेज हराइसकेको छ र प्राण पनि शिथिल हुँदै आएको छ नत्र ता रामचन्द्रको यो काम मैले नै सबभन्दा पहिले गर्नुपर्ने हो ॥१४॥ रूपयौवनले सम्पन्न भएकी, सबै प्रकारका गहनाले सिंगारिएकी एक तरुणी आइमाईलाई दुष्ट रावणले लैजानलागेको मैले देखेको हुँ ॥१५॥ ती आइमाई राम राम लक्ष्मण लक्ष्मण भनेर चिच्च्याउँदै शरीरबाट गहना झिक्तै पृथ्वीमा फ्याँक्न लागेकी थिइन् ॥१६॥ कालो राक्षसको शरीरमा उनको रेशमी वस्त्रले ठीक त्यस्तै शोभा दिइरहेको थियो जस्तो कि कालो पर्वतको टाकुरामा सूर्यको प्रभावले अथवा आकाशमा बिजुलीको चमकले दिन्छ ॥१७॥ रामको नाम लिएकीले ती आइमाई सीतै हुन् भनिठान्दछु । अब म त्यो राक्षसको घरको ठेगाना बताउँछु, सुन ॥१८॥

विश्रवा नाम गरेका मुनिको छोरो, कुवेरको साक्षात् भाइ रावण नाम गरेको यो राक्षस लङ्का नगरीमा बस्तछ ॥१९॥ यस समुद्रतटबाट चार सय कोस टाढा समुद्रको द्वीपमा लङ्कापुरी बसेको छ, यस रमणीय शहरलाई विश्वकर्माले बनाएका हुन् ॥२०॥ लङ्का शहरका ढोका सुनै सुनले बनेका छन्, जताततै सुनै सुनका चौतारा छन् र सुवर्णमय बडे बडे हवेलीले यसलाई सुशोभित गराइराखेको छ ॥२१॥ यसको चारैतिर सूर्यसमान चहकिला ठूला ठूला पर्खाल छन्, यै शहरमा रेशमी वस्त्र पहिरेकी दुःखिनी सीता बसेकी छन् ॥२२॥ रावणको अन्तःपुरभित्र राखिएकी सीताको राक्षसीहरूद्वारा रक्षा भइरहेको छ, त्यहाँ तिमीहरूले जनकपुत्री सीतालाई देख्नेछौ ॥२३॥ सीतालाई भेटेर तिमीहरू फर्कन सक्तछौ भन्ने कुरा म आफ्नो ज्ञानद्वारा देख्न लागिरहेको छु ।

समुद्रको पारिपट्टि जानलाई आकाशमार्गको आश्रय लिनुपर्दछ, यसका सात भेद छन्— आकाशमार्गको पहिलो बाटो कुलिंग चराको तथा अन्न खाने परेवा आदि गरिएका अरू अरू चराहरूको हो; योभन्दा केही माथिको दोस्रो बाटो रूखको फल फूल खाने तथा बलि खाने कागहरूको हो, बट्टाई, क्रौञ्च, कुरर आदि गरिएका चरा योभन्दा माथिको तेस्रो बाटोमा उड्दछन्, योभन्दा माथिको चौथो

बाटोमा बाज उड्‌दछन्, योभन्दा पनि माथिको पाचौं बाटोमा गिद्ध उड्‌दछन्, बल वीर्यले युक्त तथा रूप यौवनले सम्पन्न भएका हाँसहरूले उड्ने बाटो छैटौं हो, योभन्दा माथिको बाटो गरुडको हो, हे वानरहो ! हामी सबैको जन्म गरुडबाट भएको हो ॥२४-२७॥ रावणले निन्दित काम गरेको छ, तपाईंहरूद्वारा, भाइलाई मारेको बदला मैले लिनुपरेको छ ॥२८॥ म यहींबाट रावण र सीतालाई देखिरहेको छु, किनकि हाम्रा आँखा पनि गरुडका आँखा जस्तै दिव्य हुन्छन् ॥२९॥ मांसादि भक्षण गरेको बलले तथा स्वभावैले, हे वानरहो ! हामी सय योजनसम्मको अथवा योभन्दा पनि टाढाको वस्तु देख्न सक्छौं ॥३०॥ हामीहरूको जीविका टाढाबाट देखिएको वस्तुद्वारा हुन्छ, तसर्थ हाम्रो दृष्टि बडो तीखो हुन्छ, खुट्टाले लड्ने कुखुराहरूको जीवनवृत्ति रूखको जराको अगल बगलबाट हुने व्यवस्था विधाताले गरिदिएका छन् ॥३१॥ अब तिमीहरू क्षार समुद्रलाई नाघेर जाने कुनै उपाय खोज, यसो गरेको खण्डमा सीताको नजीक पुगेर तिमीहरू आफ्नो काम सिद्ध गरी किष्किन्धा फर्कनेछौ ॥३२॥ स्वर्गमा पुगेका महात्मा भाइलाई म जलाञ्जलि दिन चाहन्छु, तसर्थ तिमीहरू मलाई समुद्रको किनारासम्म लगिदेओ ॥३३॥

पराक्रमी वानरहरूले डढेको पखेटा भएका संपातिलाई समुद्रको तीरमा लिएर गए र फेरि त्यहाँबाट उनलाई उनको बस्ने ठाउँमा फर्काएर ल्याए, सीताको खबर पाएकोले वानरहरू बहुतै खुशी भए ॥३४-३५॥

सर्ग—५९

सम्पाति जानकीहरणको वृत्तान्त सुनाउँछ ।

गृध्रराजको अमृततुल्य वचन सुन्दा वानरहरू अत्यन्त खुशी भए र वारंवार यिनले भनेको कुरा भन्नलागे ॥१॥ वानरश्रेष्ठ जाम्बवान् एकासि भूइँबाट उठेर वानरहरूलाई साथमा लिई गृध्रराजनेर गयो र भन्नलाग्यो ॥२॥ 'सीता कहाँ छिन्, यिनलाई कसले देखेको हो र कसले यिनको हरण गरेको हो, यी सबै कुरा हामीलाई भन र हामी वानरको रक्षा गर ॥३॥ वज्रको जस्तो वेगले जोरसँग खस्ने, राम र लक्ष्मणको धनुबाट छुटेका बाणको पराक्रमको चिन्ता नगर्ने को व्यक्ति रहेछ ! ॥४॥

सीताको समाचार सुन्नाले सावधान र प्रसन्न भएका वानरहरूलाई फेरि संझाई बुझाईकन सम्पाति प्रेमपूर्वक यी कुरा भन्नलाग्यो ॥५॥ हे वानरहो ! सीताको हरणको वृत्तान्त जस्तो मैले सुनेको हुँ र अहिले ती ठूला ठूला आँखा भएकी जनककुमारी जहाँ छन् सो सब म भन्दछु, सुन; यी सब कुरा मलाई कसले भनेको हो सो पनि सुन ॥६॥ यस दुर्गम पर्वतको अनेक योजन च्याप्टो गुफामा खसेर म धेरै दिनदेखि बलहीन, बूढो तथा क्षीणप्राण भएर पडिराखेको छु ॥७॥ मेरो यस्तो अवस्था देखेकोले, पार्श्व नाम गरेको, चराहरूमध्येको श्रेष्ठ मेरो छोराले समय समयमा आहारा दिएर मेरो प्रतिपालन गर्ने गरेको छ ॥८॥ जसरी गन्धर्व बडा कामी, साँप महारिसाहा र पशु ज्यादै डरछेरुवा हुन्छन् त्यसै गरी

हामीहरूको भोक पनि बडो कडा हुन्छ ॥९॥

एकचोटि सूर्योदय हुनेबित्तिकै मेरो यो छोरो आहारा खोज्न भनी निस्केको थियो, तर साँझतिर मासु नलिईकन फर्क्यो, म भने भोकले व्याकुल भएर आहारा पर्खेर बसिरहेको थिएँ ॥१०॥ आहारा नपाएकोमा जब मैले उसलाई बेस गरी हप्काएँ, तब ता प्रीति बढाउने त्यस छोराले मसित क्षमा मागी यथार्थ कुरा भन्नलाग्यो ॥११॥ हे पिताजी ! म मासुको निम्ति बेलैमा आकाशमा उडेर गएको हुँ र महेन्द्राचल पर्वतको ढोका रोकेर पनि बसेको हुँ ॥१२॥ समुद्रमाथि चक्कर लगाउने हजारौं प्राणीको बाटो रोकेर म त्यहाँ टाउको तलतिर घोप्ट्याएर एक्लै बसिरहेको थिएँ ॥१३॥ यै बेलामा मैले गाजलको ढिस्को जस्तो कुनै एक कालो व्यक्तिले प्रातःकालको सूर्यको जस्तो तेज भएकी कुनै एउटी आइमाईलाई लिएर जानलागेको देखें ॥१४॥ यी दुवैलाई देख्नासाथ आज भोजनका लागि यिनलाई नै लैजाऊँ भन्ने निश्चय गरें, तर त्यसले नम्रतापूर्वक हात जोडेर बाटो छाडिदिनालाई विन्ति गऱ्यो ॥१५॥ यस संसारमा विनयपूर्वक व्यवहार गर्नेमाथि कस्तै नीचले पनि प्रहार गर्दैनभने म जस्तो जीवले कसरी त्यस्तो काम गर्ने ? ॥१६॥ मैले बाटो छाडिदिएपछि त्यो आफ्नो तेजले आकाशलाई प्रकाशित गर्दै बडो वेगसँग गइहाल्यो । यसपछि आकाशमा भ्रमण गर्ने प्राणीहरूले मेरो प्रशंसा र पूजा गरे ॥१७॥ महर्षिहरूले मलाई भनेः—सीता जीउँदै यहाँबाट उम्किन् यो बडो खुशीको कुरा भयो, कुनै तरहले स्त्रीसहित यो पुरुष तिम्रो हातबाट बाँच्यो, तिम्रो कल्याण होस् ॥१८॥ यसपछि अत्यन्त शोभाले युक्त भएका ती सिद्धहरूले मलाई यो रावण राक्षसहरूको राजा हो भनेर बताए ॥१९॥ जनकपुत्री, दशरथपुत्र रामकी पत्नी सीताको यस समयमा गहना झर्न लागिरहेको थियो, रेशमी लुगा खुकुलो हुँदै गएको थियो । शोकले आकुल व्याकुल परेर यिनी राम र लक्ष्मणको नाम लिंदै, रुँदै जानलागेकी थिइन्, कपालका रौं फुकिराखेका थिए । यिनलाई हेर्दा हेर्दैमा आज मलाई ढीलो भइहाल्यो । कुरा गर्न जान्नेहरूमा श्रेष्ठ सुपार्श्वले मलाई यो सब कुरा भनेको हो । उसको मुखबाट यस्तो सुन्दा पनि कुनै प्रकारको उद्योग गर्ने इच्छा मलाई भएन, कारण पखेटा नभएको चराले कसरी कुनै काम गर्न साहस गर्न सक्तछ ? तिमीहरूको पराक्रम सिद्ध गराउनाका लागि वचन, बुद्धि, अथवा गुणद्वारा म जे जे गर्न सक्तछु सो सब भन्दछु, सुन । म वचन र बुद्धिद्वारा तिमी सबैको भलो गर्नेछु ॥२०-२४॥ हेर, रामचन्द्रको जुन काम हो सो मेरै काम हो, यसमा कुनै सन्देह छैन । तिमीहरू पनि बुद्धिमान्, बलिया र शूरा छौ, देवताहरूलाई-समेत तिमीहरूसित सामुन्ना गर्न गाह्रो पर्नेछ, यसै कारणले सुग्रीवले तिमीहरूलाई पठाएका हुन् । कङ्कपत्रले युक्त भएका राम, लक्ष्मणका वाण तीनै लोकको रक्षा गर्नामा तथा यिनको संहार गर्नामा समर्थ छन् । रावण बलियो र तेजस्वी छ तापनि सबै काम गर्ने सामर्थ्य भएका तिमीहरूका लागि केही गाह्रो पर्ने छैन ॥२५-२७॥ अब अलिकता पनि ढीलो गर्ने बेला छैन, आफ्नो बुद्धिद्वारा गर्नुपर्ने कामको निश्चय गरिहाल । तिमीहरू जस्ता बुद्धिमान्ले आफ्नो काममा आलस्य गर्न मुनासीब पर्दैन ॥२८॥

सर्ग—६०

सम्पाति निशाकर मुनिको वृत्तान्त सुनाउँछ।

आफ्नो भाइको जलक्रिया सिध्याएर स्नान गरी संपाति बसेपछि वानरहरू पनि रमणीय पर्वतमाथि यसलाई चारैतिरबाट घेरेर बसे ॥१॥ सबै वानरहरूको साथमा बसेका अंगदलाई प्रसन्नतापूर्वक, वानरमाथि विश्वास जमिसकेको संपाति फेरि भन्नलाग्यो ॥२॥ हे वानरहो ! तिमीहरू एकाग्रचित्त भई चूप लागेर मैले भनेको कुरा सुन। सीतासम्बन्धी कुरा मलाई कसरी थाहा भएको हो सो सब म ठीक ठीकसँग भन्दछु ॥३॥

हे वानरहो ! पहिले सूर्यको तापले व्याकुल भएर र यिनको किरणले आफ्नो पखेटा डढेकोले म यही विन्ध्य पर्वतको टाकुरामाथि खसेथें ॥४॥ छ दिनपछि मलाई होश आयो, हात खुट्टा अचल भइराखेका थिए, व्याकुल भएर म सबै दिशातिर हेर्नलागें, तर कतै पनि कोही देखिएन ॥५॥ सागर, पर्वत, नदी, तलाउ, वन, र नाना प्रकारका ठाउँ देखेपछि मेरो बुद्धि ठेगानमा आयो ॥६॥ हृष्ट-पुष्ट चरा-चुरुङ्गीले भरिभराउ भएको, गुफा र टाकुराले युक्त भएको, दक्षिण समुद्रको तीरनेर रहेको विन्ध्याचल पर्वत यै रहेछ भन्ने मलाई थाहा भयो ॥७॥ यहाँ देवताहरूले समेत पूजा गर्नुयोग्य एउटा पवित्र आश्रम देखियो। यस आश्रममा उग्र तपस्या गर्ने निशाकर नाम गरेका ऋषि रहन्थे ॥८॥ धर्मात्मा निशाकर स्वर्गतिर लागेपछि उनीविना म यहाँ रहनलागेको पनि आठ हजार वर्ष बितिसक्यो ॥९॥ ती धर्मात्मा ऋषि यहाँ रहँदाखेरि म बडो कष्टले अग्लो होचो विन्ध्यपर्वतको टाकुराबाट बिस्तारै बिस्तारै ओर्लेर तीखा तीखा कुशले भरिएको ठाउँमा आएको हुँ ॥१०॥ ती ऋषिलाई भेट्ने इच्छा भएकोले म बडो दुःख गरेर आएथें, किनकि जटायुले र मैले पहिले कई एकबाजि यिनको सेवा गरिसकेका थियौं ॥११॥ यिनको आश्रमनेर सुगन्धी हावा चल्दथ्यो, फल अथवा फूल नभएको कुनै रूखै त्यहाँ देखिन्नथ्यो ॥१२॥ त्यस पवित्र आश्रममा पुगेपछि म एउटा रूखमुनि बसेर भगवान् निशाकर ऋषिको दर्शन गर्ने प्रतीक्षा गर्नलागें ॥१३॥ केही बेरपछि मैले टाढैबाट यी ऋषिलाई आउनलागेको देखें, यिनी आफ्नो तेजले बलिरहेका थिए, कसैले पनि पराजित गर्न नसक्ने यिनी आफ्नो स्नान सिध्याएर उत्तरपट्टि मुख गरेर आइरहेका थिए ॥१४॥ जसरी दातालाई याचकहरूले घेरेर हिंड्दछन् त्यसै गरी भालु, सिंह, बाघ, तथा नाना प्रकारका सर्प यिनलाई घेरेर आइरहेका थिए ॥१५॥ जसरी राजमहलभित्र पसेपछि मन्त्री, देवान आदि गरिएका भारादारहरू आफ्नो आफ्नो घरतिर लाग्दछन् त्यसै गरी ऋषिलाई आफ्नो आश्रममा पुगेको देखेपछि यी सबै जन्तु आफ्ना आफ्ना ठाउँमा फर्केर गए ॥१६॥ ऋषि मलाई देख्ता खुशी भए र आफ्नो आश्रमभित्र पसे। एक्कै छिनपछि बाहिर निस्केर म आउनाको कारण सोध्नलागे ॥१७॥

हे सौम्य ! तिम्रो पखेटाको विकार भएको देख्ता मैले तिमीलाई चिन्हैं सकिनँ, तिम्रा यी पखेटा आगोमा डढेछन्, शरीरमा प्राण मात्र रहन गएछ ॥१८॥ मैले पहिले हावासमानको वेग भएका,

इच्छाअनुसारको रूप धारण गर्न सक्ने, गिद्धका राजा दुई दाजु भाइलाई देखेको हुँ ॥१९॥ हे सम्पाते ! यी दुईमध्ये तिमी जेठा छौ, जटायु तिम्रो भाइ हो; मनुष्यको रूप लिएर कई एकबाजि तिमीहरूले मेरो खुट्टामा ढोग दिएका छौ । यो सब कुरा मलाई थाहा छ ॥२०॥ तिमीलाई के रोग लाग्यो ? यी पखेटा कसरी झरे ? अथवा कसैले तिमीलाई सजाय दिएको हो कि ? मैले सोधेका यी कुरा ठीक ठीकसँग भन ॥२१॥

सर्ग—६१

सम्पाति निशाकर मुनिलाई आफ्नो वृत्तान्त सुनाउँछ ।

मुनिले यस प्रकारसँग सोधेपछि सूर्य भगवान्नेर पुग्ने डरलाग्दो र कठिन काम विनाकारणले जो सम्पातिले गरेथ्यो त्यसको समस्त वृत्तान्त आफैं भन्नलाग्यो ॥१॥ हे भगवन् ! शरीरमा ठूला ठूला घाउ भएकोले र लाजले गर्दा मेरा इन्द्रियहरू व्याकुल भइरहेका छन्, यसमाथि थाकेको समेत हुनाले ममा राम्रोसँग बोल्ने शक्ति छैन ॥२॥ घमण्डले चूर भएका जटायु र म दुवै आफू आफूमा एउटाले अर्कोलाई जित्ने इच्छा गरेर आफ्नो पराक्रमको परीक्षाका लागि आकाशमा धेरै माथिसम्म उडेर गयौं ॥३॥ कैलाश पर्वतमा मुनिहरूको सामुन्ने हामीले, सूर्य अस्ताचल पर्वतमा नपुग्दै उनीकहाँ पुग्ने प्रण गर्‍यौं ॥४॥ हामीहरू एकैचोटि उड्यौं र माथि पुगेर हेर्दा ता पृथ्वीका शहरहरू रथका बेग्ला बेग्लै पांग्रा जस्ता देखिनलागे ॥५॥ कहीं गाना बजाना भइरहेको थियो, कहीं गहनाको झङ्कार सुनिन्थ्यो, कतै ता हामीले रातो लगाएका अनेक आइमाईले गाइराखेका देख्यौं ॥६॥ हामीहरू हतपतसँग उडेर आकाशमा सूर्यमार्गमा पुग्यौं, त्यहाँबाट तलतिर हेर्दा ता घाँसै घाँसको वन देखिनलाग्यो अर्थात् पृथ्वीका सबै रूख साना साना दूबो जस्तो देखिनलागे ॥७॥ त्यहाँबाट पृथ्वी ढुङ्गै ढुङ्गाले ढाकिएको देखियो अर्थात् पृथ्वीका पहाडहरू साना साना ढुङ्गा जस्ता देखिनलागे र नदीरूप डोरीले पृथ्वी गाँसिएको भान हुन लाग्यो ॥८॥ हिमालय, विन्ध्याचल, मेरु आदि गरिएका पृथ्वीका ठूला ठूला पर्वत तलाउभित्रका हात्ती-समान देखिए ॥९॥ यस समयमा हामी दुवैको शरीरबाट खूब पसीना निस्क्यो, ज्यादै थकाइ र डर लाग्नलाग्यो र हामी दुवै आकुल व्याकुल भएर डरलाग्दो मूर्च्छामा पर्नलाग्यौं ॥१०॥ दक्षिण, आग्नेय तथा पश्चिम कुनै दिशाको पनि हामीलाई पत्तो लागेन, प्रलयकालमा डढ्न नियत भइराखेको यो समस्त लोक यस समयमा आगोमा जल्नलागेको जस्तो देखियो ॥११॥ सूर्यलाई देख्तैमा मेरो मन र दुवै आँखा शक्तिहीन भइगए । यसो भए तापनि मैले मन र आँखालाई बडो प्रयत्न गरेर सूर्यतिर लगाएँ ॥१२॥ बडो प्रयत्नका साथ जब फेरि सूर्यतिर नजर दौडाएँथे त्यस वखतमा सूर्यमण्डललाई पृथ्वीसमान विशाल देख्नलागें ॥१३॥ जटायु ता मलाई सोद्धै नसोधीकन तल पृथ्वीमा झर्‍यो, उसलाई ओर्लेको देखेपछि म पनि झट्टै आकाशबाट हटिहालें ॥१४॥ जटायुलाई मैले आफ्ना पखेटाले ढाकेको हुनाले उसको पखेटा डढ्न पाएन, असावधानी गर्दा मेरो पखेटा डढ्न पुग्यो । वायुमार्गबाट तल

झर्नलागेका मैले कुनै प्रकारसँग जटायुलाई जनस्थानमा खसेको थाहा पाएँ। म भने पखेटा डढेकोले अचल भएर यस विन्ध्य पर्वतमा खसें ॥१५-१६॥ राज्य, पखेटा, भाइ, पराक्रम यी सबैबाट हीन भएको म मर्ने इच्छाले यस पर्वतको शिखरबाट हामफाल्न चाहन्छु ॥१७॥

सर्ग—६२

निशाकर मुनि संपातिलाई वर दिन्छन्।

मुनिलाई यति कुरा भनिसकेपछि म बडो दुःखित भई रुनलागें, केही बेरसम्म ध्यान गरेर भगवान् मुनिजी मलाई भन्नलागे ॥१॥ तिम्रा ठूला साना प्वाँख फेरि उम्रनेछन् र आँखा, प्राण, पराक्रम तथा बल जस्तो पहिले थियो फेरि पनि उस्तै हुनेछ ॥२॥ मैले पुराणमा एउटा ठूलो काम हुने भएको छ भनेर सुनेको छु र आफ्नो तपको प्रभावले सो काम जानिसकेको छु, सुन्नाले पनि मलाई ज्ञान भएको छ ॥३॥ इक्ष्वाकुकुलको वृद्धि गर्ने दशरथ नाम गरेका राजा हुनेछन्, यिनका महातेजस्वी राम नाम गरेका छोरा जन्मेछन् ॥४॥ यी सत्यपराक्रमी रामचन्द्र पिताको आज्ञाले भाइ लक्ष्मणको साथमा वन जानेछन् ॥५॥ देवता र दानवद्वारा मृत्यु नहुने रावण नाम गरेको राक्षसले जनस्थानमा यिनकी स्वास्नीलाई हरेर लैजाने छ ॥६॥ यशस्विनी सीतालाई रावणले इच्छापूर्त्तिद्वारा तथा भक्ष्य, भोज्य नाना प्रकारका वस्तुले लोभ्याउनेछ, तर रामको दुःखले पीडित भइरहेका यिनी कुनै चीज पनि ग्रहण गर्नेछैनन् ॥७॥ सीता राक्षसले दिएको अन्न खान्नन् भन्ने थाहा पाएपछि इन्द्रले यिनको निम्ति खीर पठाउनेछन्। यो अमृतसमानको अन्न देवताहरूका लागि पनि दुर्लभ छ ॥८॥ यो अन्न निश्चय इन्द्रले पठाएको हो भन्ने थाहा पाएपछि सीता त्यसलाई ग्रहण गर्नेछन् र त्यसको माथिको अलिकता झिकेर यति भन्दै रामका लागि भूईंमा राखिदिनेछन् ॥९॥ मेरा पति, मेरा देवर लक्ष्मण बाँचेकै छन् अथवा देवरूपमा प्राप्त भइसकेका छन्भने पनि यो मैले चढाएको अन्न उनीहरूकहाँ पुगोस् ॥१०॥ हे सम्पाते! रामले पठाएका दूत वानरहरू आउनेछन्, तिमीले उनीहरूलाई सीता महारानीको समाचार सुनाइदिए ॥११॥ तिमीले सर्वथा यताबाट कतै नजानू, यस्तो अवस्थामा तिम्रो जाने ठाउँ पो कहाँ छ? तसर्थ केवल देश कालको प्रतीक्षा गरेर बसिराख। तिम्रा दुवै पखेटा फेरि उम्रनेछन् ॥१२॥

इच्छा गरेको खण्डमा म अहिले नै तिमीलाई पखेटा भएको तुल्याइदिन सक्तछु, तर यहाँ बसेर लोकको कल्याण गर्नपट्टि लागौला भन्ने विचारले यसो नगरेको हुँ ॥१३॥ तिमीले पनि ती दुवै राजपुत्रको काम गर्नुपर्दछ; यिनको काम गर्नाले ब्राह्मण, ठूला ठूला मुनि तथा इन्द्रको ठूलो उपकार हुनेछ ॥१४॥ मेरो पनि राम लक्ष्मण यी दुवै भाइलाई भेट्ने इच्छा छ तर धेरै कालसम्म प्राण धारण गर्ने मेरो इच्छा छैन, अब म चाँडै नै (यी दुवैलाई भेट्नासाथ) शरीर त्याग गर्नेछु। यथार्थ तत्व जान्ने ऋषिले मलाई यसो भनेका थिए ॥१५॥

सर्ग—६३

सम्पातिको नयाँ पखेटा उम्रन्छ ।

कुरा गर्नामा सिपालु भएका मुनिले माथि कहिएका तथा अरू पनि नाना प्रकारका कुराले मलाई संझाई बुझाईकन बिदा गरेर आफू आश्रमभित्र गए ॥१॥ म त्यस पर्वतको कन्दराबाट बिस्तारै बिस्तारै घस्रिएर विन्ध्याचल पर्वतमाथि चढी तिमीहरू कहिले आउला भनेर पर्खेर बसिरहेको थिएँ ॥२॥

ती मुनिको कुरा मनमा लिएर, आज सय वर्षमन्दा पनि बर्ता भइसक्यो, म यस समयको प्रतीक्षा गरेर बसिराखेको छु ॥३॥ महाप्रस्थानद्वारा (हिमालयमा शरीर गलाएर) निशाकर मुनि स्वर्ग गएको वेलादेखि मेरो मनमा नाना प्रकारका तर्क वितर्क उठ्नलागे र यिनले गर्दा मलाई अत्यन्त सन्ताप हुन-थाल्यो ॥४॥ कहिले कहिले प्राण त्याग गर्ने इच्छा उत्पन्न हुन्थ्यो, तर मुनिको कुरा संझेर म सो विचार त्याग गरिदिन्थे । प्राणरक्षाका लागि मुनिले मलाई जुन बुद्धि दिएका थिए त्यसले आगोको ज्वालाले अन्धकार दूर गरेझैं मेरा सबै दुःख दूर गरिदिन्थ्यो । दुष्ट रावणको पराक्रम थाहा हुँदा हुँदै पनि मैले छोरालाई सीताको रक्षा किन गरिनस् भनेर खूबसँग हप्काएँ । सीताको विलाप सुन्दा सुन्दै र राम लक्ष्मणको सीतादेखि बिछोड भएको थाहा पाउँदा पाउँदै पनि दशरथका उपर मेरो जस्तो स्नेह थियो सोअनुसार छोराले मेरो भलो हुने काम नगरेकोमा मलाई बडो ताप भयो ।

वानरहरूको साथमा यस प्रकारको कुरा गर्दैमा, यिनीहरूको अगाडि नै गिद्धका दुवै पखेटा उम्रे । आफ्नो शरीरमा राता राता रंगका नयाँ पखेटा उम्रेको देख्ता गृध्रराज अत्यन्त खुशी भएर वानरहरू-लाई भन्नलाग्यो । अतितेजस्वी राजर्षि निशाकरको अनुग्रहले, सूर्यको किरणले डढेका मेरा दुवै पखेटा फेरि उम्रे । युवावस्थामा मेरो जस्तो पराक्रम थियो सोही बल, पराक्रम अहिले ममा आइसकेको जस्तो मलाई लाग्दछ । तिमीहरू मन लगाएर उद्योग गर अवश्यै सीतालाई भेट्नेछौ ॥५-१२॥ मेरो नयाँ पखेटा उम्रेकोले तिमीहरूको काम अवश्यै सिद्ध हुनेछ भन्ने कुराको विश्वास परिरहेछ ।

वानरहरूलाई यति कुरा भनेर पक्षिश्रेष्ठ सम्पाति आफ्नो आकाशगमनको शक्ति निर्णय गर्न भनी पर्वतको टाकुराबाट उड्यो । सम्पातिको कुरा सुन्दा वानरहरू खूबै प्रसन्न भए र पराक्रम गर्नाका लागि यिनीहरूको मनमा खूब उत्साह उठ्यो ॥१३-१४॥ हावासमानका पराक्रमी, सीताको समाचार पाएकोले आफ्नो आफ्नो बहादुरी प्राप्त गरेका सबै वानरहरू सीताजीलाई खोज्न भनी तैय्यार भए र अभिजित मुहूर्त्तमा दक्षिणतिर प्रवेश गरे ॥१५॥

सर्ग—६४

समुद्र पार गर्ने उपाय नदेख्ता वानरहरू दुःखित हुन्छन् ।

गृध्रराजले सीताको वृत्तान्त सुनाएपछि सिंहको जस्तो पराक्रम भएका वानरहरू प्रसन्नतासाथ एकै ठाउँमा जम्मा भए र उफ्री उफ्रीकन हर्षध्वनि गर्नलागे ॥१॥ सम्पातिका रावणको विनाश पार्ने कुरा

संझेर सीतालाई भेट्ने इच्छा भएका वानरहरू मनमा हर्ष मान्दै समुद्रको तीरमा आए ।।२।। डरलाग्दो पराक्रम देखाउन सक्ने वानरहरूले समुद्रको तीरमा पुगेपछि समस्त लोकको प्रतिविम्ब झैं यस ठाउँलाई देखे ।।३।। दक्षिण समुद्रको उत्तरपट्टिको किनारामा पुगेर महाबली वीर वानरहरूले त्यहीं आफ्नो डेरा जमाए ।।४।। समुद्र कहीं सुतिराखेको मानिसझैं शान्त देखिन्थ्यो, कतै खेल्नलागेको जस्तो देखिन्थ्यो, कतै ठूला ठूला पर्वतसमानका लहरीहरूले घेरिएको थियो । पातालवासी दानवेन्द्रहरूले भरिपूर्ण भइराखेको, रोमाञ्च गराउने समुद्रलाई देख्ता वानर सेनापतिहरू बहुतै हडबडाए ।।५-६।। आकाश जस्तै समुद्रलाई अपार देख्ता सबै वानरहरू आपसमा "अब कसरी काम सिद्ध हुने हो" भन्दै बडो व्याकुल हुनलागे ।।७।।

समुद्र देख्ता आफ्नो फौजलाई खिन्न भएको थाहा पाएर अङ्गदले डराइराखेका वानरहरूलाई संझाई बुझाईकन भन्नलागे ।।८।। हे भाइहो ! मनमा पीर नलेओ, किनकि शोक सुर्ता गर्नु बडो ठूलो दोष हो । रिसाएको विषालु साँपले जसरी बालकहरूलाई मारिदिन्छ त्यसै गरी शोकले पनि मानिसको संहार गर्दछ ।।९।। पुरुषार्थ देखाउने मौकामा जो शोक सुर्ता लिएर बस्तछ त्यो तेजहीन मानिसको काम कहिले पनि सिद्ध हुन्न ।।१०।।

यस प्रकारसँग कुरा गर्दा गर्दैमा रात बितिहाल्यो र अनि अंगद वानरहरूलाई साथमा लिई बूढा पाका वानरहरूको नजीकमा गएर सल्लाह गर्नलागे ।।११।। अंगदलाई चारैतिरबाट घेरेर बसेको त्यो वानरको फौज इन्द्रलाई चारैतिरबाट घेरेर बसेको देवसेना जस्तो देखिनलाग्यो ।।१२।। बालिपुत्र अंगद तथा हनुमान्बाहेक अरू कसले त्यस वानरको फौजलाई वशमा राख्न सक्तथ्यो ।।१३।। यी बूढा-पाका वानरहरूको र जम्मै फौजको आदर सन्मान गरी शत्रुको संहार पार्ने श्रीमान् अंगद सारगर्भित कुरा भन्नलागे ।।१४।। हे भाइहो ! यहाँ को यस्तो तेजस्वी वानर छ जो कि समुद्रलाई नाघ्न सक्तछ ? कसले शत्रुघाती सुग्रीवको प्रतिज्ञालाई साँचो गराउन सक्तछ ? यहाँ को यस्तो वीर छ जो कि सय योजन एकैचोटिमा नाघेर पार गर्न सकोस् ? र कसले यी सेनापतिहरूलाई भयबाट मुक्त गराउने हो ? ।।१५-१६।। कसको कृपाले हामी सबै वानरले काम सिद्ध गरी यहाँबाट फर्केर घर, स्वास्नी, छोरा छोरीलाई सुखसँग हेर्न पाउने हो ? ।।१७।। कसको अनुग्रहले हामी सबैले राम, महाबली लक्ष्मण र वनवासी वानरहरूका राजा सुग्रीवकहाँ प्रसन्नतापूर्वक जान पाउने हो ? ।।१८।। कुनै वानर समुद्र नाघ्नामा समर्थ छभने त्यसले झट्टै हामीलाई पवित्र अभय दक्षिणा दिइहालोस् ।।१९।।

अंगदको यो कुरा सुन्दा कुनै वानरले पनि केही भन्न सकेन, जम्मै वानरको फौज मौन धारण गरी चूपचापसँग बस्यो ।।२०।। वानरश्रेष्ठ अंगद फेरि यिनीहरूलाई भन्नलागे:—तिमीहरू सबै दृढ पराक्रमी छौ अर्थात् कसैले पनि तिमीहरूलाई जित्न सक्तैन, बलवान्हरूमा श्रेष्ठ छौ, उत्तम कुलमा जन्म लिएका छौ र वेलामा वीरताले गर्दा तिमीहरूको प्रशंसा भएको छ ।।२१।। हे वानरहो !

तिमीहरूमा कसैको सय योजन नाघ्ने शक्ति छैनभने कसको कति कतिसम्म जाने शक्ति छ सो मलाई भन ॥२२॥

सर्ग—६५

वानरहरू आफ्नो शक्तिको वर्णन गर्दछन् ।

अंगदको कुरा सुनेपछि सबै मुख्य मुख्य वानरहरूले क्रमैसँग उत्साहपूर्वक गतिको विषयमा आफ्नो आफ्नो सामर्थ्यको वर्णन गर्नलागे ॥१॥ गज, गवाक्ष, गवय, शरभ, गन्धमाधन, मैन्द, द्विविद, अंगद र जाम्बवान् यी सबैले आफ्नो आफ्नो बलको बखान गरे ॥२॥ गजले भन्यो—म दश योजन नाघ्न सक्तछु, गवाक्षले वीस योजन सक्तछु भन्यो ॥३॥ शरभ नाम गरेको वानरले अरू वानरहरूलाई एकबाजि उफ्रँदा तीस योजनसम्म ता जान सकुँला भन्यो ॥४॥ ऋषभ बानरले अरू वानरहरूलाई भन्यो—निस्सन्देह म चालीस योजनसम्म उफ्रन सक्तछु ॥५॥ महातेजस्वी गन्धमादनले वानरहरूलाई म पचास योजनसम्म नाघ्न सक्तछु, यसमा सन्देह मान्नुपर्दैन भन्यो ॥६॥ मैन्दले ती वानरहरूलाई साठी योजनसम्म उफ्रने उत्साह ता ममा छ भन्यो ॥७॥ महातेजस्वी द्विविदले भन्यो-सत्तरी योजन ता म पनि उफ्रन सकुँला, यसमा सन्देह मान्नुपर्दैन ॥८॥ बलवान् तेजस्वी सुषेणले भन्यो, अस्सी योजनसम्म जाने प्रतिज्ञा म पनि गर्दछु ॥९॥

यस प्रकारसँग आफ्नो आफ्नो शक्तिको बखान गर्ने वानरहरूको सम्मान गरेर थिनीहरूमध्येका सबभन्दा बूढापाका जाम्बवान् भन्नलागे ॥१०॥ पहिले अर्थात् युवावस्थामा उफ्रनामा म पराक्रमी थिएँ, तर अहिले यस बखतमा ता मेरो उमेर ढलिकसकेको छ ॥११॥ तर उमेर ढल्क्यो भन्दैमा यस काममा चूप लागेर बस्न मुनासीब पर्दैन, जुन काम राम र सुग्रीवले निश्चय गरेका छन् त्यो गर्नैपर्दछ ॥१२॥ यस समयमा म कति उफ्रन सक्तछु सो तपाईंहरू सुन्नुहोस्, नब्बे योजनसम्म ता अहिले पनि जान सक्तछु, यसमा सन्देह गर्ने कुरो छैन ॥१३॥ ती वानरलाई जाम्बवान्ले भने—पहिले मेरो उफ्रने बल यत्तिकै मात्र थिएन ॥१४॥ बलिको यज्ञमा सनातन विष्णु भगवान्ले तीन पाइलाले तीन लोक नाप्ना-खेरि मैले उनको प्रदक्षिणा गरेथें ॥१५॥ अहिले यस बखतमा म बूढो भइसकेको छु, नाघ्ने मेरो शक्ति शिथिल भइराखेको छ, युवावस्थामा ता मेरो बल अद्भुतको थियो ॥१६॥ यस समयमा म नव्वे योजन भन्दा वर्ता नाघ्न सक्तिनँ, तर यत्तिको चालले यस काममा सिद्धि हुनेछैन ॥१७॥

यसपछि बुद्धिमान् महाकपि अङ्गदजी जाम्ववान्को आदर गर्दै सारगर्भित कुरा भन्नलागे ॥१८॥ म यो सय योजन ता जान सक्तछु, तर फर्कनालाई मेरो ताकत रहनेछ वा छैन यसमा शङ्कै छ ॥१९॥

कुरा गर्नामा सिपालु भएका जाम्ववान् वानरश्रेष्ठ अङ्गदलाई भन्नलागेः—हे कपिवर ! तपाईंको उफ्रने शक्ति मलाई थाहा छ । तपाईं सैकडौं, हजारौं योजन नाघेर जान सक्नुहुन्छ र फर्कन पनि सक्नुहुन्छ, तर तपाईंलाई पठाउने कुरा उचित छैन ॥२०-२१॥ हे प्रभो ! तपाईं हामीलाई आज्ञा दिएर

पठाउनेवाला हुनुहुन्छ, हाम्रो मालिक हुनुहुन्छ, तपाईंलाई हामी पठाउन सक्तैनौं । हे वानरश्रेष्ठ ! यी सबै वानर तपाईंका आज्ञाकारी दूत हुन् ॥२२॥ मालिकको स्वरूपमा रहनुभएको तपाईं हामी सबैको कलत्र (स्वामी) हुनुहुन्छ अर्थात् स्वामीलाई झैं हामीले तपाईंको रक्षा गर्नुपर्दछ; मालिक भनेको सेनाको कलत्र हो अर्थात् स्वामीसमानको रक्षणीय हो; संसारमा चलेको नियम यै हो ॥२३॥ हे शत्रुनाशी ! तपाईं यस कामको मूल हुनुहुन्छ अर्थात् सीताको पत्ता लगाउने भार तपाईंउपर रहेको छ अतएव कलत्रसमान हामीले तपाईंको रक्षा गर्नुपर्दछ ॥२४॥ कामको जो मूल हो त्यसको रक्षा गर्नुपर्दछ, काम गर्नामा सिपालु भएका मानिसको यस्तै मत छ, प्रधान मूल रहेसम्म सबै उद्योग सिद्ध हुन्छन् र सबै गुण फलदायक हुन्छन् ॥२५॥हे शत्रुलाई ताप पार्ने ! सत्य, पराक्रम र बुद्धिले युक्त हुनुभएको तपाईं नै यस कामको सिद्धिका लागि मूल कारण हुनुहुन्छ ॥२६॥ हे कपिश्रेष्ठ ! तपाईं हाम्रा गुरु तथा गुरुपुत्र हुनुहुन्छ, तपाईंको आश्रयमा रहेर हामी कार्य साधन गर्नामा समर्थ हुन सकौंला ॥२७॥

बुद्धिमान् जाम्बवान्ले यस प्रकारसँग भनेको सुन्दा वालिपुत्र अङ्गदले उनलाई यस किसिमसँग जवाफ दिए ॥२८॥ म पनि नजाने अर्को कुनै वानर पनि नजाने भए ता अन्न जल त्याग गरेर हामीले प्राण छाड्नैमा बेस होला ॥२९॥ बुद्धिमान् वानरराज सुग्रीवको आज्ञा पालन नगरी हामी उहाँ गयौं-भने हाम्रो प्राणको रक्षा हुन सक्तैन ॥३०॥ सुग्रीव खुशी भएमा हाम्रो रक्षा गर्न तथा रिसाएमा संहार गर्न सक्तछन् । उनको आज्ञा पालन नगरी हामी किष्किन्धा गयौंभने अवश्यै हाम्रो विनाश हुने छ ॥३१॥ अतएव यस कामका लागि अरू कुनै उपाय देखिन्न, या त समुद्र पार गर्नुपर्‍यो या त प्राण विर्सजन गर्नुपर्‍यो, तपाईंहरू स्वयं तत्वदर्शी हुनुहुन्छ, तसर्थ कुनै उपाय विचार गर्नुहोस् ॥३२॥

अङ्गदले यसो भनेको सुनेपछि वीर वानर सेनापति जाम्बवान् फेरि उनलाई यस प्रकारसँग भन्न-लागे ॥३३॥ हे वीर ! तिम्रो यस काममा कुनै प्रकारको हानि हुन पाउनेछैन, हेर, जसले यो काम सिद्ध गर्न सक्तछ म त्यसैलाई पठाउँछु ॥३४॥

यसपछि कपिवर जाम्बवान्ले वानरहरूमध्येका श्रेष्ठ, एकान्त ठाउँमा चूप लागेर सुखपूर्वक बसि-राखेका हनुमानलाई उत्साहित गरेर भन्नलागे ॥३५॥

सर्ग—६६

हनुमान्लाई समुद्र नाघ्न जाम्बवान्को प्रेरणा ।

कई एक लाख वानरी सेनालाई खिन्न भइराखेको देख्ता जाम्बवान् हनुमान्लाई यस प्रकारसँग भन्नलागे ॥१॥ समस्त शास्त्र जान्ने हे वीर हनुमान् ! किन एकलै यसरी चूप लागेर बसिरहेको ! वानरहरूले गर्नुपर्ने काम किन भन्दैनौ ? ॥२॥ हे हनुमान् ! तिम्री सुग्रीवसमानका छौ, बल र तेजमा तिमीलाई राम लक्ष्मण जत्तिकै संझनुपर्दछ ॥३॥ अरिष्टनेमिका छोरा महाबली वैनतेय सबै चराहरूमा

श्रेष्ठ र विख्यात छन् , यिनै गरुडसमान तिमी पनि प्रख्यात छौ ।।४।। मैले अनेक बाजि यी महाबाहु, महाबली गरुड पक्षीले समुद्रमा ठूला ठूला साँप समात्नलागेको देखेको छु ।।५।। ती गरुडका दुवै पखेटामा जत्तिको बल छ त्यत्तिकै बल तिम्रो पाखुरामा पनि छ, पराक्रम तथा तेजमा तिमी उनीभन्दा घटी छैनौ ।।६।। अरू सबै प्राणीमा भन्दा तिमीमा बल, बुद्धि, तेज र पराक्रम वर्ता छ, तसर्थ हे वानरश्रेष्ठ ! समुद्र नाघ्नाका लागि किन कम्मर कस्तैनौ ? ।।७।।

अप्सराहरूमध्येकी श्रेष्ठ पुञ्जिकस्थला नामकी अप्सराको अर्को नाम अञ्जना पनि हो । यिनी केसरी-नामक वानरकी स्वास्नी थिइन् ।।८।। यिनी तीनै लोकमा विख्यात थिइन्, रूपमा यिनीबराबरको अरू कोही थिएन; कुनै एक सरापले गर्दा यिनले इच्छाअनुसारको रूप धारण गर्न सक्ने वानर्नी भएर जन्म लिनुपर्‍यो ।।९।। महात्मा वानरश्रेष्ठ कुञ्जरकी यिनी छोरी भइन् ।

कुनै एक समयमा रूपयौवनले सुशोभित भइराखेकी यिनी मनुष्यको रूप धारण गरेर चित्र विचित्रका फूल माला, गहना तथा रेशमी लुगा पहिरेर, वर्षाकालको मेघसमानको पर्वतको टाकुरामा घुमिराखेकी थिइन् ।।१०–११।। पर्वतको टाकुरामाथि बसेकी ती विशाल नेत्र भएकी अञ्जनाको रातो किनारा भएको पहेंलो वस्त्र वायु देवताले विस्तारै विस्तारै एकातिर पन्छाइदिए ।।१२।। यस समयमा वायुले यिनका बाटुला, पुष्ट तिघ्रा, ठाड ठाड़ा परेका एकै ठाउँमा टाँसिन पुगेका स्तन, तथा हिस्सी परेको राम्रो मुख देखे ।।१३।। सर्वाङ्गसुन्दरी, पातलो कम्मर र कम्मर पछाडिको भाग अति राम्रो भएकी यी यशस्विनीलाई देख्नासाथ वायु काममोहित भइहाले ।।१४।। कामदेवले समस्त अंगमा प्रवेश गरेकोले वायुलाई आफ्नो शरीरको समेत केही ख्याल थिएन । कुनै प्रकारको खोट नभएकी यी स्त्रीमा वायुको चित्त लागेकोले यिनले आफ्ना लामा लामा हातले उनलाई खूबसंग अँगालो हाले ।।१५।।

यस समयमा ती साधु स्वभाव भएकी स्त्रीले हडबडाएर भनिन्—मेरो पतिव्रता धर्म बिगार्न खोज्ने यो को रहेछ ? ।।१६।। अञ्जनाको कुरा सुनेर वायुले भने—हे सुन्दरी ! नडराऊ, मैले तिम्रो पतिव्रता धर्म नष्ट गरेको छैन । अँगालो मात्र हालेर तिम्रा साथमा मैले जो मानसिक संभोग गरें, यशस्विनी ! यतैबाट बुद्धिमान् बलवान् छोरो तिमीमा जन्मनेछ । महाबली, महापराक्रमी, महातेजस्वी यो छोरा उफ्रनमा, नाघ्नमा मेरो बराबर हुनेछ ।।१७–१९।।

हे कपिवर ! वायुले यस्तो भनेको सुनेपछि तिम्री आमा बहुतै खुशी भइन् र गुफाभित्र गएर तिमीलाई जन्माइन् ।।२०।। तिमी बालकै थियौ; एक दिन महावनमा बिहानीपख सूर्य उदाएको देख्ता यिनलाई कुनै एक फल संझेर तिमी लिन भनी आकाशमा उडेर गयौ ।।२१।। तिमी तीन सय योजनसम्म आकाशमा उड्दै गयौ, तर तैपनि सूर्यको किरणको तेजले तिमीलाई खिन्न गराएन ।।२२।। हे कपिवर ! तिमीलाई आकाशमा उड्दै आएको देख्ता तेजस्वी इन्द्रले रिसले चूर भई तिमीमाथि वज्रको प्रहार गरे ।।२३।। यस प्रहारले गर्दा तिमी पर्वतको टाकुरामाथि खस्न पुग्यौ र तिम्रो देब्रेपट्टिको चिउँडो भाँचियो, यै बेलादेखि तिम्रो नाम हनुमान् हुन गएको हो ।।२४।।

तिमीलाई वज्रले घाइते भएको देख्ता वायुदेव अत्यन्त रिसाए र तीनै लोकमा बहनै छाडिदिए ॥२५॥ हावा चल्न बन्द भएकोले तीनै लोक आकुल व्याकुल पऱ्यो र देवताहरूसमेत हडबडाएर रिसाएका वायुलाई प्रसन्न गराउने उपाय गर्नलागे ॥२६॥ वायु प्रसन्न भएपछि ब्रह्माले युद्धमा शस्त्रद्वारा मृत्यु हुनेछैन भन्ने वर तिमीलाई दिए ॥२७॥ वज्रको चोट पर्नाले पनि तिमीलाई पीडा नभएको देख्ता इन्द्रले प्रसन्न भएर जब इच्छा गरौला तब मात्र तिम्रो मृत्यु हुनेछ, नत्र हुनेछैन भन्ने उत्तम वर तिमीलाई दिए ।

हे हनुमन् ! तिमी केसरीका बडा पराक्रमी क्षेत्रज पुत्र र वायुका औरस पुत्र ह्रौ । तेजमा तिमी वायुसमान छौ, हे बाबु ! तिमी वायुका छोरा ह्रौ र उफ्रनामा उनी जत्तिकै छौ ॥२८-३०॥ हेर, आज हामी सबैको प्राण जानलागेको छ, चतुर्याइं र पराक्रमले सम्पन्न भएका तिमी हाम्रो बीचमा दोस्रो सुग्रीव जस्ता छौ ॥३१॥ हे भाइ ! वामनावतार विष्णु भगवान्ले तीन पाइलाले पृथ्वी नाप्ताखेरि वन पर्वतले युक्त भएको यस समस्त पृथ्वीको मैले एक्काईसचोटि प्रदक्षिणा गरेको हुँ ॥३२॥ देवताहरूको आज्ञाले हामीले अनेक औषधि जम्मा पारेका थियौं, यिनै औषधिलाई समुद्रमा हालेर मथीकन अमृत निकालेको हो । त्यस समयमा हाम्रो शरीरमा बडो बल थियो ॥३३॥ त्यस्तो म अहिले बूढो भइसकेको छु, बल पराक्रम हराइसकेको छ; अहिलेलाई तिमी नै हामीहरूमा पराक्रमी र सबै गुणले युक्त भएका छौ ॥३४॥ पराक्रम देखाउनामा, उफ्रनमा, नाघ्नामा तिमी सर्वश्रेष्ठ छौ, तसर्थ तैयार भइहाल;यो समस्त वानरको फौज तिम्रो बल वीर्य हेर्न खोजिरहेको छ ॥३५॥ हे वानरश्रेष्ठ ! उठ, समुद्र पार गर, हे हनुमन् ! तिमी गयौ भने सबैको उपकार हुनेछ; तिम्रो उफ्रने शक्ति सबै प्राणीको भन्दा बर्ता छ ॥३६॥ हे हनुमन् ! सबै वानर शोकले खिन्न भइराखेका छन् । अब पनि किन ढीलो गरेको ? जसरी विष्णु भगवान्ले पराक्रम देखाएर तीन पाइलाले पृथ्वी नापेथे त्यसै गरी तिमी पनि आफ्नो पराक्रम देखाएर समुद्र नाघिदेऊ ॥३७॥

वानरहरूका मालिक जाम्बवान्द्वारा यसरी प्रेरित भएकोले पवनपुत्र हनुमान्जीले (जसको वेग सबैलाई थाहा छ) वानरको फौजलाई प्रसन्न गराउँदै, समुद्र नाघ्न सुहाउने किसिमको शरीर धारण गरे ॥३८॥

सर्ग—६७

समुद्र नाघ्नाको निम्ति हनुमान् महेन्द्र पर्वतमा चढ्दछन् ।

वानरश्रेष्ठ हनुमान्लाई सय योजन समुद्र नाघ्नाको निम्ति तैयार भएको र वेगले परिपूर्ण हुन लागेको देख्ता वानरहरूले एक्कासि शोक गर्न छाडेर मनमा हर्ष मनाउँदै आनन्दको ध्वनि निकाल्न तथा हनुमान्को प्रशंसा गर्नलागे ॥१-२॥ बलिलाई छल्नाको निम्ति वामनावतार विष्णु भगवान्ले रूप धारण गरेको देख्ता जसरी प्रजा हर्षित भएका थिए त्यसै गरी हनुमान्को रूप देख्ता सबै वानरहरू

छक्क परेर प्रसन्न भए ॥३॥ आफ्नो स्तुति गरेको सुन्दा महाबली हनुमान्‌ले शरीर फुकाउनलागे र प्रसन्नतासाथ पुच्छर झट्कारेर बल जम्मा गरे ॥४॥ बूढा तथा श्रेष्ठ वानरहरूले यस प्रकारसँग प्रशंसा गरेपछि हनुमान् तेजले यसरी परिपूर्ण भएको यस बखतको यिनको रूपको बखानै गर्न सकिन्न ॥५॥ विशाल, पर्वतको गुफाभित्र जसरी सिंह हाइ गर्दछ त्यसै गरी वायुका औरस पुत्र हनुमान् पनि हाइ गर्नलागे ॥६॥ हाइ गर्दाखेरिको यी बुद्धिमान् हनुमान्‌को मुखको शोभा अम्बरीष अर्थात् सूर्यको जस्तो भयो र धूवाँ नभएको आगोसमान देखिनलाग्यो ॥७॥ अब हनुमान् हर्षले रोमाञ्चित हुँदै वानरहरूको बीचबाट उठे र बूढा पाका वानरहरूलाई प्रणाम गरेर भन्नलागे ॥८॥ अग्निका मित्र, आकाशचारी, बलवान्, अप्रमेय वायु पर्वतका टाकुरालाई हल्लाइदिन्छन् ; म यिनै महात्मा, शीघ्रवेग, शीघ्रगामी वायुको औरस पुत्र हुँ र उफ्रन नाघ्नामा उनी जत्तिकै छु ॥९-१०॥ विशाल आकाशलाई छुने जुन मेरु पर्वत छ म त्यहाँ विश्राम नगरीकन नै हज्जारौंबाजि ओहोरदोहोर गर्न सक्तछु ॥११॥ आफ्नो पाखुराको बलले समुद्रलाई हल्लाएर, पहाड, नदी, तलाउले युक्त भएको यस समस्त लोकलाई डुबाइदिने शक्ति ममा छ ॥१२॥ मेरो तिघ्रा तथा घुँडाको वेगले वरुणको निवासस्थान यस समुद्रले ठूला ठूला तरङ्ग उठाउनेछ र यसले गर्दा बडा बडा ग्राह माथि आएका देखिनेछन् ॥१३॥ पक्षीहरूका राजा, सर्पको भोजन गर्ने गरुड आकाशमा जति बेरमा जति टाढा जान सक्तछन् त्यत्तिकै बेरमा म उनीभन्दा हजारगुना बर्ता जान सक्तछु ॥१४॥ उदयाचलबाट निस्केका, किरणको माला धारण गर्ने, प्रकाशमान सूर्य अस्ताचल पर्वतमा नपुगुन्जेल म उनको साथसाथै जान सक्तछु ॥१५॥ हे वानरहो ! वेगसँग समुद्रको पारिसम्म पुगेर भूइँ नछोईकन नै अर्थात् विनाविश्राम गरी म फेरि फर्केर आउन सक्तछु ॥१६॥ म समस्त आकाशचारी ग्रह नक्षत्रहरूलाई नाघेर जान सक्तछु, समुद्रलाई सुकाउन तथा पृथ्वीलाई फोर्न सक्तछु ॥१७॥ वेगसँग उडेर जाँदाखेरि पर्वतहरूलाई चूर चूर पारिदिनेछु । समुद्र नाघ्दाखेरि आफ्नो तिघ्राको वेगले उसलाई तानेर आफूसँग लैजान सक्नेछु ॥१८॥ आकाशमा उडेर जाँदाखेरि अनेक लहरा तथा रूखका फुलहरू मेरी साथसाथै उडेर आउनेछन् ॥१९॥ माथि उठेर डरलाग्दो आकाशमार्गबाट प्रस्थान गर्ने समयमा मेरो बाटो स्वातिको बाटो समान देखिनेछ । (स्वातिको बाटोलाई छायापथ भन्दछन्) यसमा अनेक नक्षत्र हुन्छन्, फूलहरू उडिरहेकोले हनुमान्‌को बाटो पनि छायापथ जस्तै देखिनेछ ॥२०॥ समुद्रको पारिपट्टि पुगेपछि, हे वानरहो ! सबै प्राणीले मलाई मेरु पर्वत जत्तिकै विशाल देख्नेछन् ॥२१॥ समस्त आकाशमा फैलिएर उसलाई निल्नलागेको जस्तो गरेर म जानेछु, बादलहरूलाई चूर चूर पारिदिनेछु र पर्वतलाई कमाइदिनेछु । पारिपट्टि जाँदाखेरि म समुद्रलाई सुकाइ नै दिनेछु ॥२२॥ यस प्रकारसँग उडेर जाने शक्ति गरुड, वायु र ममा सिवाय अरू कसैमा छैन । गरुड वा महाबली वायु-बाहेक म अरू कुनै यस्तो प्राणी देख्तिनँ जो कि उफ्रन नाघ्नामा मेरो बराबरी गर्न सकोस् ॥२३॥ बादलमा ङ्वाट्ट बिजुली चम्कने जस्तो गरी म निमेषमात्रमा यस निरालम्ब आकाशमा उडेर जानेछु ॥२४॥ समुद्र पार गरेर जाँदाखेरिको मेरो रूप तीन पाइलाले पृथ्वीलाई नाप्न खोज्ने वामन विष्णुको

रूप जस्तो हुनेछ ।।२५।। हे वानरश्रेष्ठहो ! तिमीहरू आनन्द गर, म सीतालाई अवश्यै भेट्नेछु, किनकि मेरो बुद्धिले यस्तै देखिरहेछ र मनको उत्साह पनि यस्तै छ ।।२६।। म हिंडाइको वेगमा वायु र गरुडको बराबर छु, दश हजार योजनसम्म उडेर जाने साहस अहिले मेरो मनमा आइराखेको छ ।।२७।। वज्रधारी इन्द्र अथवा स्वयम्भू ब्रह्माको हातबाट आफ्नो पराक्रमद्वारा अमृत लिएर म यहाँ आउन सक्तछु ।।२८।। मैले इच्छा गरेंभने लङ्कालाई समेत उखेलेर यहाँ ल्याउन सक्तछु ।

अतितेजस्वी, वानरश्रेष्ठ हनुमान्‌लाई यस प्रकारसँग गर्जनलागेको देख्ता मन मनमा खुशी भएका वानरहरू छक्क परेर उनलाई हेर्नलागे ।

बन्धुवर्गको शोक हटाउने किसिमको हनुमान्‌को कुरा सुनेपछि वानराधिपति जाम्बवान् प्रसन्नतासाथ भन्नलागे:—हे केसरीपुत्र ! हे वेगवान् वायुका छोरा ! तिमीले आफ्ना जम्मै नाता कुटुम्बीको ठूलो शोक दूर गरिदियौ, तिम्रो कल्याणको चाहना गर्ने मुख्य मुख्य वानर आइराखेका छन् । तिम्रो यात्राको समयमा सावधानीसाथ यिनीहरूले अर्थसिद्धिका लागि मङ्गलाचार गर्नेछन् । ऋषिहरूको अनुग्रहले, वृद्ध वानरहरूको सल्लाहले तथा गुरुहरूको कृपाले तिमी यस समुद्रलाई नाघ्न सके । तिमी नआउन्जेल हामी एउटा खुट्टो टेकेर उभिइरहनेछौं । हामी सबै वानरहरूको जीवन तिम्रै अधीनमा छ ।

यसपछि कपिश्रेष्ठ हनुमान् वानरहरूलाई भन्नलागे ।।२९-३५।। उड्दाखेरिको मेरो वेग थाम्न सक्ने यस लोकमा कोही पनि छैन, यस महेन्द्राचल पर्वतका टाकुराका ढुङ्गा खूब ठूला र बडा स्थिर छन्, यहाँ टाकुराको चारैतिर नाना प्रकारका रूख लागेका छन् र पग्लेका धातुले यी सुशोभित भइराखेका छन् । यी ठूला ठूला टाकुराले उड्नथाल्दाखेरिको मेरो वेग थाम्न सक्नेछन्, तसर्थ यै महेन्द्राचल पर्वतको टाकुरामा चढेर उफ्रन्छु ।।३६-३८।। यहाँबाट सय योजन टाढासम्म उफ्रने मेरो वेग यिनीहरूले थाम्नेछन् ।

यति भनेर वायुसमानका, वायुपुत्र, शत्रुनाशी हनुमान् पर्वतश्रेष्ठ महेन्द्राचलमाथि चढे ।।३९।। यस पर्वतमा नाना प्रकारका फूल फुलिराखेका थिए, दूबो उम्रेको हरियो मैदानमा मृगहरू चरिरहेका थिए, सबै ऋतुमा फल फूल फल्ने रूख लागेका थिए, किसिम किसिमका लहरामा फूल फुलिराखेका थिए; सिंह, शार्दूल तथा मतवाला हात्ती सुखसँग विहार गर्दै घुमिराखेका थिए । यो पर्वत नाना प्रकारका मतवाला चराचुरुङ्गीले भरिपूर्ण थियो, जताततै पानीका झरना भएकोले रमणीय देखिएको थियो । इन्द्रसमानका पराक्रमी वानरश्रेष्ठ महाबली हनुमान् यस महेन्द्र पर्वतका प्रत्येक अग्ला अग्ला टाकुरामा घुम्नलागे ।।४०-४२।। जसरी सिंहको आघात पर्दा मतवाला हात्ती शब्द गर्दछ त्यसै गरी महात्मा हनुमान्‌ले आफ्ना दुई हातले थिच्ताखेरि यस पर्वतबाट आवाज निस्कनलाग्यो ।।४३।। उफ्रनाका लागि पर्वतको अजमाइश गर्दा ठूला ठूला ढुङ्गा फुटेर तल खसेकोले खोला नालाको पानी बग्न बन्द भयो, त्यहाँका हात्ती आदि गरिएका ठूला ठूला पशुहरू डराए र बडा बडा रूख काम्नलागे ।

मदिरा पान गर्नाले रतिकर्ममा अत्यन्त आसक्त भइराखेका गन्धर्वका अनेक लोग्ने स्वास्नी, उडि-

रहेका चरा-चुरुङ्गी तथा विद्याधरहरूको बथानका बथान यी सबै त्यस पर्वतलाई छाडेर आकाश मार्गबाट उडेर जानलागे। प्वालभित्र लुकिराखेका ठूला ठूला साँपहरू पनि त्यस पर्वतलाई छाडेर भाग्नलागे। टाकुराका ठूला ठूला ढुङ्गा खस्न लागेकोले यस पर्वतमा एक प्रकारको उत्पात मच्चिनलागेको जस्तो लाग्यो। हनुमान्‌को वेगले थिचिएको यो पर्वत, फूँ फूँ गर्दै आधा शरीर निकालिराखेका साँपहरूले गर्दा, ध्वजा पताकाले सिंगारिएको जस्तो देखिनलाग्यो ॥४४-४७॥ घनघोरको जंगलमा कष्ट भोग्नुपरेकोले जसरी बटुवा आफ्ना साथीहरूलाई छाडिदिन्छ त्यसै गरी डरले थर्कायमान भएका ऋषिहरूले यस पर्वतलाई छाडिदिए ॥४८॥

समुद्र नाघ्नाका लागि खूब बल गर्दछु भनेर दृढ विचार गरेका, वेगवान्, मनस्वी, शत्रुसंहारी, महानुभाव वानरश्रेष्ठ हनुमान् चित्तलाई सह्मालेर मनै मनले लङ्काको स्मरण गर्दै मनले त्यहाँ पुगे ॥४९॥

किष्किन्धाकाण्ड समाप्त।

श्रीमद्वाल्मीकीय रामायण

सुन्दरकाण्ड—५

सर्ग—१

हनुमान् समुद्र नाघेर त्रिकूट शिखरबाट लङ्कापुरी हेर्दछन्

जाम्बवान्ले उत्साह दिएपछि शत्रुहरूको दमन गर्न सक्ने हनुमान्ले, सिद्ध चारणहरूले आवतजावत गर्ने आकाशमार्गमा गई रावणद्वारा हरण भएकी सीताको खोज गर्ने इच्छा गरे ॥१॥ अरूबाट हुन नसक्ने गाह्रो काम गर्न तत्पर भएका हनुमान्ले निर्विघ्नपूर्वक आफ्नो घाँटी र टाउको ठाडो गरे। यस समयमा यिनी बडेमानको साँढे जस्तो देखिनलागे ॥२॥ यसपछि महाबली धीर हनुमान् नीरको जस्तो रंग भएको, समुद्रको पानीसमानको, पर्वतको हरियो घाँसमा सुखपूर्वक डुल-फिर गर्नलागे ॥३॥ यस समयमा बुद्धिमान् हनुमान् चराचुरुङ्गीलाई त्रास दिन र आफ्नो छातीको वेगले अनेक रूख ढाल्नलागे। यस मौकामा हनुमान् मृगहरूलाई मार्नलागेको, मस्त भइराखेको सिंह जस्तो देखिए ॥४॥ यो पर्वत नीलो, रातो, मांजिष्ठवर्णको कमलको रंग भएका तथा सेता काला स्वाभाविक रंगका निर्मल धातुहरूले सुशोभित थियो। यहाँ देवतासमानका, इच्छाअनुसारको रूप धारण गर्न सक्ने, किसिम किसिमका गहना लुगा लगाएका, परिवारसहितका यक्ष, किन्नर, गन्धर्व र नाग रहन्थे। उत्तम उत्तम हात्तीहरूको झुण्डले युक्त भएको त्यस पर्वतमाथि उभिंदाखेरि हनुमान्को, कुनै तलाउभित्र उभिइराखेको हात्तीको जस्तो शोभा देखिनलाग्यो ॥५-७॥

सूर्य, इन्द्र, वायु, ब्रह्मा तथा अरू अरू देवतालाई नमस्कार गरेर हनुमानजीले आकाशमार्गको यात्रा गर्ने इच्छा गरे ॥८॥ यिनले पूर्वतिर मुख फर्काएर सबै काम गर्न सक्ने आफ्ना पिता वायुलाई प्रणाम गरे र अनि दक्षिण दिशातिर जान उद्यत भए ॥९॥ समुद्र नाघ्नालाई निश्चय गरेका हनुमान्तिर श्रेष्ठ वानरहरू एक दृष्टिले हेरिरहेका थिए। पूर्णिमाको पूर्णचन्द्रमालाई देख्ता समुद्रको लहरी बढेझैं रामचन्द्रको कार्य सिद्धिको लागि हनुमान्जी आफ्नो शरीर बढाउनलागे ॥१०॥ समुद्रपारि जाने इच्छा गरेका हनुमान्ले आफ्नो शरीरलाई अतिशय ठूलो गराए, उफ्रने वेलामा यिनले आफ्ना दुवै हात र खुट्टाले पर्वतलाई यसरी थिचे कि यो केही बेरसम्म कम्पायमान भइरह्यो। फूल फुलेका रूखबाट सबै फूल झरेर तल खसे ॥११-१२॥ रूखबाट झरेका यी सुगन्धी फूलहरूले जताततै पर्वतलाई यस्तो

टम्मसँग ढाकिदिए कि यो समस्त पर्वत फूलै फुलले बनेको जस्तो देखिनलाग्यो ॥१३॥ महाबली हनुमान्‌ले थिच्ताखेरि, मदवाला हात्तीले माद बगाएझैं त्यस पर्वतबाट पानीका अनेक धारा बग्नलागे ॥१४॥ महाबली हनुमान्द्वारा थिचिएको त्यस महेन्द्रपर्वतले चारैतिरबाट सुन चाँदी तथा कालो रंगका नाना किसिमका धातुहरूको धारा बगाउनलाग्यो ॥१५॥ यो पर्वत मैनसिल (मनः शिला) सहितका अनेक ठूला ठूला ढुङ्गा खसाल्नलाग्यो; आगोको बीचमा धूवाँसहितको ज्वालाको जस्तो शोभा हुन्छ, त्यस्तै शोभा अहिले यस पर्वतको पनि देखिनलागेको थियो ॥१६॥ हनुमान्द्वारा पीडित भएकोले यस पर्वतका गुफामा रहने सबै प्राणीहरू हडबडाएर बडो डरलाग्दो स्वर झिक्नलागे ॥१७॥ पर्वतलाई थिच्नाले उत्पन्न भएको, प्राणीहरूको यस महान् कोलाहलले समस्त पृथ्वी, दशै दिशा तथा जङ्गल टम्मै भरियो ॥१८॥ यस समयमा पर्वतमा रहेका बडे बडे नागहरू, जसका स्वस्तिक चिह्न प्रत्यक्ष देखिनलागेका थिए, आफ्ना आफ्ना मुखबाट डरलाग्दोसँग आगो उकेल्न र ढुङ्गालाई दाँतले टोक्नलागे ॥१९॥ रिसाएका विषालु सांपहरूले टोकेको हुनाले यी ठूला ठूला ढुङ्गाहरू आगो लागेझैं गरी डढ्नलागे र हजारौं टुक्रा भएर फुटे ॥२०॥ सर्पहरूको विषलाई नाश गर्न सक्ने औषधि यस पर्वतमा अनेक थिए, तर यस बखतमा यिनीहरूले समेत सर्पको विषलाई शमन गर्न सकेनन् ॥२१॥

यस पर्वतलाई ब्रह्मराक्षस आदि गरिएका भूतगणहरूले फुटाल्नलागेका हुन् भन्ने समझ लिएर त्यहाँ पर्वतमा बस्ने तपस्वी र विद्याधरहरू आफ्ना आफ्ना स्वास्नीलाई साथमा लिई आकाशमार्गबाट जानलागे ॥२२॥ रक्सी पिउने सुनका प्याली, सुनका आसन, धेरै मोल पर्ने सुनका अरू अरू भाँडा, सुनका कचौरा, नाना प्रकारका चाट्ने चटनी, किसिम किसिमका खाने पदार्थ, भाँति भाँतिका मासुका परिकार, साबरको छालाले बनेका ढाल, सुनको बींड भएको तरवार, यी सबै थोक भट्टीमा नै जहाँको त्यहीं छोडेर मतवाला, घाँटीमा राम्रो राम्रो माला पहिरेका चन्दनादि सुगन्धी वस्तु दलेका, रातो र कमलको पात जस्तो आँखा भएका विद्याधरहरू उच्च स्वरले गाउँदै आकाशमार्गबाट जानलागे ॥२३-२५॥ हार, पाउजेब, बाजू, कंकण आदि गरिएका गहना पहिरेका विद्याधरका स्वास्नीहरू आफ्ना लोग्नेहरूको साथमा छक्क पर्दै तथा मुस्कुराउँदै आकाशमा अडिए ॥२६॥ यी विद्याधर र महर्षिहरू आफ्ना आफ्ना विद्याको प्रभावले आकाशमा अडिएर पर्वततिर हेर्नलागे । निर्मल आकाशमा अडिएका, विशुद्ध चित्त भएका महर्षि, सिद्ध तथा चारणहरूले यस्तो भनेको सुनियो—हेर, पर्वतसमानको विशाल शरीर भएका यी वायुपुत्र हनुमान् बडो वेगसंग समुद्र पार गरिरहेका छन् ॥२७॥ रामचन्द्रको कार्य्य सिद्धिका लागि र अरूबाट हुन नसक्ने गाह्रो काम गर्न मनमा निश्चय गरेर यिनी समुद्रको अर्कोपट्टि पुग्ने इच्छा गर्नलागेका छन्, अरूलाई ता त्यहाँ पुग्न बडो कठिन पर्नेछ ॥२८॥

यी तपस्वीहरूले भनेको यो कुरा सुनेपछि विद्याधरहरूले त्यस पर्वतमाथि वानरश्रेष्ठ, अतिशय पराक्रमी हनुमान्‌लाई देखे ॥२९॥ यस समयमा अग्निसमानका हनुमान्‌ले आफ्नो आङ्को रौं झट्कारेर जीउ हल्लाए र अनि ठूलो मेघ गर्जेझैं चर्को स्वरले गर्जनलागे ॥३०॥ आकाशमा उड्दाखेरि हनुमान्‌ले

रौं झ्याम्म परेको, क्रमैसंग बाटुलो पर्दै गएको आफ्नो पुच्छरलाई गरुडले सर्पलाई समातेर झट्कारेझैं झट्कारे ।।३१।। अति छिटोसंग जानलागेका हनुमान्को पछाडि हल्लिराखेको पुच्छर गरुडले समातेर लैजानलागेको सर्प जस्तो देखिनलागेको थियो ।।३२।।

उफ्रने वेलामा यिनले आफ्ना दुवै हात बलियोसंग पर्वतमाथि टेके, आफ्नो शरीरको अगाडिको भागलाई खुम्च्याएर कम्मरसम्म ल्याए अर्थात् बहुतै सानो रूप गराए; हात, खुट्टा, घाँटी यी सबैलाई खुम्च्याएर पराक्रमी हनुमान्ले तेज (शत्रुलाई परास्त गर्ने शक्ति), सत्व (शारीरिक बल), वीर्य (मानसिक-बल) मा प्रवेश गरे अर्थात् यिनलाई बढाए ।।३३-३४।। आफू जानुपर्ने लम्बे बाटो हेर्नाका लागि हनुमान्ले आँखा माथितिर उठाएर आकाशतिर दृष्टि दिए र प्राणवायुलाई हृदयभित्र रोकेर बलियोसँग भूइँमा खुट्टा जमाई आफ्ना दुवै कान खुम्च्याए। उफ्रने वेलामा वानरश्रेष्ठ हनुमान्ले अरू अरू वानर-लाई यस किसिमको कुरा भनेः—जसरी रामचन्द्रको हातबाट छुटेको बाण हावासमानको वेगले जान्छ त्यसै गरी म पनि रावणद्वारा पालना गरिएको लङ्कामा जान्छु। लङ्कामा सीतालाई भेट्न सकिनँभने यही वेगले देवलोकतिरको यात्रा गर्नेछु, परिश्रम गर्दा पनि त्यहाँसमेत सीतालाई देख्न पाइनँभने राक्षसहरूको राजा रावणलाई बाँधेर ल्याउनेछु। जसरी हुन्छ कार्य्य सिद्ध गरी सीतालाई लिएर नै फर्कनेछु ।।३५-४०।। अथवा रावणको साथसाथै लङ्कालाई नै उखेलेर ल्याउनेछु।

यति कुरा भनेर वानरश्रेष्ठ हनुमान्, समुद्र नाघ्दा कत्तिको कष्ट पर्नेछ सो कुराको विचारै न-गरी, उफ्री हाले; यस समयमा यिनले आफूलाई गरुडबराबर सम्झे ।।४१-४२।। हनुमान्जी वेगसँग उफ्रेकोले त्यस पर्वतमा उम्रिराखेका जम्मै रूखहरू आफ्ना हाँगालाई खुम्च्याउँदै जतातत्तै माथितिर उचालिनलागेका जस्ता देखिए ।।४३।। ढकमक्क फूल फुलिराखेका, मत्त परेका कोइली आदि गरिएका चराहरू बसेका रूखहरूलाई आफ्ना तिघ्राको वेगले उखेलेर हनुमान्जी निर्मल आकाशमा उडेर गए ।।४४।। जसरी दूरदेश लागेका आप्तजनलाई पुऱ्याउन भनी यिनका बन्धुवर्ग केही टाढासम्म जान्छन् त्यसै गरी हनुमान्को वेगले उखेलिएका यी रूखहरू पनि केही बेरसम्म यिनको पछिपछि लागे ।।४५।। यिनको तिघ्राको वेगले उखेलिएका सालका रूख तथा अरू अरू ठूला ठूला रूख राजाको पछिपछि फौज हिंडेझैं यिनको पछि लागे ।।४६।। फूल फुलेका अनेक वृक्ष साथमा भएकोले पर्वतसमानको आकार भएका हनुमान्को अचम्म लाग्ने रूप देखियो ।।४७।। गह्रौं गह्रौं जति रूख थिए ती सबै इन्द्रको डरले पर्वतहरू समुद्रमा डुबेझैं त्यहीं क्षीर सागरमा खसेर डुब्नलागे ।।४८।। टुसा उम्रेका र कोपिला लागेका नाना प्रकारका फूलले युक्त भएकोले मेघसमानका हनुमान् जुनकिरीले भरिभराउ भएको पर्वत जस्तो देखिनलागे ।।४९।। हनुमान्को वेगले छुट्टिएका ती रूखहरू आफ्नो फूल झार्दै, दूरदेश जानलागेको बटुवालाई अलि टाढा पुऱ्याएर उसका इष्ट मित्रहरू फर्केझैं, जतातत्तै छरिएर पानीमा डुब्नलागे ।।५०।। हनुमान्को वायु वेगले उडेका, रूखहरूका नाना किसिमका फूलहरू हलुको हुनाले अलग्गै समुद्रमा खसे ।।५१।। मीठो बास्ना भएका नाना रंगका फूलले युक्त भएको हुनाले हनुमान्जी बिजुलीको समूहले

भूषित भएको वेगसँग फैलिनलागेको बादलझैं देखिनलागे ॥५२॥ यिनको वेगले उडेका फूलहरू समुद्रको जलमा जतातत‌ै छरिएकोले राम्रा राम्रा ताराले शोभायमान भइराखेको आकाशसमान, समुद्रको शोभा देखिनलाग्यो ॥५३॥ आकाशमा फैलाइराखेका हनुमान्का दुई हात पर्वतबाट निस्केका पाँच मुखवाला दोटा साँपसमान देखिन्थे ॥५४॥ जब हनुमान् तल मुख फर्काएर हिंड्थे तब ता यिनी तिर्खाएको हुनाले लहरी उठिराखेको समुद्रलाई पिउनलागेका र माथितिर मुख फर्काएको वेलामा आकाशैलाई पिउनलागेका हुन् कि जस्ता देखिन्थे ॥५५॥ वायुमार्गमा गमन गरिरहेका हनुमान्को बिजुलीसमानको टलक भएका आँखा पर्वतमाथि बलिराखेका दुइटा आगो जस्तो देखिए ॥५६॥ वानर-श्रेष्ठ हनुमान्का बाटुला, पहेंलो वर्णका ठूला ठूला आँखा सूर्य चन्द्रझैं चम्किराखेका थिए ॥५७॥ जसरी संध्याकालको लालीले गर्दा सूर्यमण्डल रातो देखिन्छ त्यसै गरी रातो नाक भएकोले यिनको मुख रातो देखिनलागेको थियो ॥५८॥ आकाशमार्गबाट गइराखेका हनुमान्को हल्लिरहेको पुच्छरले इन्द्रको अग्लो ध्वजाको समान शोभा दिइराखेको थियो ॥५९॥ बाटुलो पुच्छर र सेता दाँत भएकोले महाबुद्धि-मान् वायुपुत्र हनुमान् मण्डल परेको सूर्यसमान देखिनलागे ॥६०॥ कम्मरमुनिको भाग ज्यादै रातो हुनाले यिनी बगिरहेको गेरुले ढाकिएको पर्वतसमान देखिन्थे ॥६१॥ वानरसिंह हनुमान्ले समुद्र पार गर्दाखेरि यिनको काखीमुनिबाट निस्केको हावा मेघ गर्जेझैं आवाज गर्नलाग्यो ॥६२॥ उत्तर दिशामा निस्केको पुच्छर भएको उल्का दक्षिणतिर लाग्दा जस्तो देखिन्छ त्यस्तै यस समयमा छिटो-संग गइराखेका कपिराज देखिनलागेका थिए ॥६३॥ आकाशमा चक्कर लगाइराखेका सूर्यसमानका तेजस्वी र विशाल आकारका हनुमान् कम्मरमा डोरीले बाँधिराखेको बडेमानको हात्ती जस्तो देखिएका थिए ॥६४॥ हनुमान्को शरीर माथि थियो, समुद्रको पानीमा यिनको शरीरको छाया परिराखेको थियो । यी दुवैको मिलान गर्दा यिनी पाल टाँगेर वायुको वेगले चलिराखेको डुङ्गा जस्तै देखिए ॥६५॥ महाकपि हनुमान् समुद्रमा जता जता जान्थे त्यता त्यता यिनको वेगले गर्दा छाल र फिंज उठ्न-लाग्दथ्यो र यसै कारणले समुद्रलाई उन्मादको रोग भए जस्तो देखिन्थ्यो ॥६६॥ हनुमान्जी पर्वतसमानको आफ्नो विशाल छातीले समुद्रको छाललाई धक्का दिंदै बडो वेगसंग उडेर जानलागे ॥६७॥ हनुमान्को हिंडाइको वेगबाट निस्केको हावा र मेघ-मण्डलबाट निस्केको हावा यी दुवै थरीले मिलेर गर्जन गरिरहेको समुद्रलाई बडो जोरसंग कम्पायमान गराइदिए ॥६८॥ कपिश्रेष्ठ हनुमानजी क्षार समुद्रको बडे बडे छाललाई जतातत‌ैबाट तान्दै, मानो आकाश र पृथ्वीलाई छुट्ट्याउनलागेका हुन् कि जस्तो गरेर जानलागे ॥६९॥ मेरु र मन्दराचल पर्वतसमानका अग्ला, समुद्रबाट उत्पन्न भएका छाललाई गन्दै जानलागेका हुन् कि जस्तो गरेर हनुमान्जी बडो वेगसंग समुद्र नाघ्नलागे ॥७०॥ हनुमान्को वेगले माथि मेघ-मण्डलसम्म उठेको जल, शरत् कालको बडेमानको मेघले जस्तै शोभा दिइरहेको थियो ॥७१॥

जसरी प्राणीहरूले लगाएको लुगा फुकाल्नाले यिनको जम्मै शरीर सफासँग देखिन्छ त्यसै गरी

पानीमाथि फ्याँकिएकोले तिमि (एक प्रकारको माछा) ग्राह, कछुवा, माछा यी सबै सफासँग देखा पर्नलागे ॥७२॥ कपिश्रेष्ठ हनुमान्लाई आकाशमार्गबाट समुद्र पार गर्नलागेको देख्ता समुद्रमा रहने साँपहरूले गरुड जानलागेका रहेछन् भन्ने विचार गरे ॥७३॥ चालीस कोस मोटो र एक सय बीस कोस लामो वानरश्रेष्ठ हनुमान्को छाया वेगले गइरहेको हुनाले समुद्रको जलमा बडो राम्रो देखिनलाग्यो ॥७४॥ क्षीर समुद्रमा परेको, हनुमान्को पछिपछि लागेर गइराखेको छाया सेतो बादलको पंक्तिसमान देखियो र विना कुनै आधारले वायु मार्गमा उडेर गइराखेका महातेजस्वी, विशाल शरीर भएका हनुमान् पखेटा भएको पर्वत जस्तै देखिए ॥७५-७६॥ बली हनुमान् वेगसँग जुन बाटो गरेर जान्थे त्यहाँको समुद्र अकस्मात्सँग डूँड जस्तो देखिनलाग्दथ्यो ॥७७॥ चरा उड्ने बाटोबाट गइराखेका हनुमान् गरुडसमान देखिएका थिए र यिनी वायुले झैं बादललाई तानेर आफूसँगै लैजानलागेका थिए ॥७८॥ पहेंलो, रातो, नीलो, गाढा रातो रंगका नाना प्रकारका बादल हनुमान्को साथसाथै जानलागेकाले बडो राम्रो देखिएका थिए ॥७९॥ हनुमान् कहिले बादलभित्र लुक्थे र कहिले बादलबाहिर निस्कन्थे, यस प्रकारसँग यिनी कहिले बादलभित्र पस्ने र कहिले बाहिर देखा पर्ने चन्द्रमा जस्तो भए ॥८०॥

हनुमान् हतपतसँग गइरहेका छन् भन्ने देखेर देवता, गन्धर्व र दानवहरूले फूलको वृष्टि गरे ॥८१॥ रामको कार्य सिद्धिका लागि समुद्र तरिरहेका हनुमान्लाई सूर्यले आफ्ना किरणद्वारा गर्मी गराएनन् र हावा पनि यिनको थकाइ मार्ने मनसायले बिस्तारै बिस्तारै चल्नलाग्यो ॥८२॥ ऋषिहरूले आकाश-मार्गबाट गइराखेका हनुमान्को स्तुति गरे र देवता तथा गन्धर्वहरूले प्रशंसा गर्दै यिनको गुण गान गर्न-लागे ॥८३॥ यस्तो गाह्रो काम गर्दा पनि हनुमान्लाई थकाइ नलागेको देख्ता नाग, यक्ष, राक्षस, यी सबै यिनको स्तुति गर्नलागे ॥८४॥

वानरश्रेष्ठ हनुमान्लाई आकाशको बाटो जानलागेको देख्ता, इक्ष्वाकुकुलको आदर गर्ने मनसाय भएको समुद्रले यस प्रकारको कुरा मनमा विचार गर्नलाग्यो ॥८५॥ यस समयमा मैले वानरराज हनुमान्को सहायता गरिनँभने सबै प्राणीले मेरो निन्दा गर्नेछन् ॥८६॥ किनकि इक्ष्वाकुवंशका मालिक सगरले मेरो वृद्धि गराएका हुन् र यी वानर इक्ष्वाकुवंशी रामचन्द्रका दूत हुन्, यसकारण यिनलाई कुनै कुराको कष्ट हुनु हुँदैन ॥८७॥ तसर्थ यस मौकामा मैले यस्तो उपाय गर्नुपर्दछ जसले गर्दा यी वानरले विश्राम गर्न पाउन्, विश्राम गरेपछि बाँकी बाटो यिनी सुखसंग पार गर्नेछन् ॥८८॥

यस्तो राम्रो विचार मनमा लिएर समुद्रले, पानीभित्र डुबिराखेको सुवर्णमय पर्वतश्रेष्ठ मैनाकलाई भन्नलाग्यो ॥८९॥ महात्मा देवराज इन्द्रले पातालवासी असुरहरू निस्कन नपाउन् भनेर तिमीलाई यहाँ राखेका हुन् ॥९०॥ ठूलो पराक्रम भएका र पातालबाट फेरि निस्कन खोज्ने यी राक्षसहरू निस्कन नपाऊन् भनेर तिमी पातालको विशाल ढोका रोकेर बसेका छौ ॥९१॥ हे पर्वतश्रेष्ठ ! तिमीमा तल, माथि, अगल बगल जताततै बढ्ने सामर्थ्य छ, यसै कारण म भन्दछु कि तिमी उठ ॥९२॥ हेर, यी पराक्रमी हनुमान् तिम्रोमाथि आउनै लागेका छन्, रामचन्द्रको कार्य्यसिद्धिका लागि ठूलो साहस गरेर

यिनी आकाशमा उड्नलागेका छन्, यिनको थकाइपट्टि विचार गरेर तिमीलाई उठ्नामा मुनासीव छ ।।९३।।

क्षार समुद्रको कुरा सुन्नेबित्तिकै ठूला ठूला रूख र लहराले भरिभराउ भइराखेको सुवर्णमय मैनाक पर्वत पानीमाथि उठिहाल्यो ।।९४।। जसरी तेजिलो किरण भएका सूर्य नारायण बादललाई छेडेर बाहिर निस्कन्छन् त्यसै गरी यो पनि समुद्रको पानीलाई छोडी धेरै अग्लो भएर बाहिर प्रकट भयो ।।९५।। यस प्रकारसंग पानीभित्र छोपिएको यो महात्मा पर्वतले समुद्रको कुरा मानेर झट्टै आफ्नो टाकुरालाई बाहिर निकालिदियो ।।९६।। यसको सुवर्णमय टाकुरामा किन्नर र बड़े बड़े साँप रहन्थे, उदयकालका सूर्यसमान यी टाकुरा सुशोभित थिए र आफ्नो ऊँचाइले गर्दा आकाशलाई छुनलागेका जस्ता देखिन्थे ।।९७।। यो पर्वत पानीबाहिर निस्केपछि यसका सुवर्णमय टाकुराले गर्दा नीलो आकाश सुनौला रंगको देखिनलाग्यो ।।९८।। चहकिलो र अतिशय तेज भएका सुनै सुनका टाकुराले गर्दा यस पर्वतको शोभा सयकडौं सूर्यको बराबर देखिनलाग्यो ।।९९।।

अकस्मात्संग पानीबाहिर निस्की आफ्नो अगाडि यस पर्वतलाई खडा भएको देख्ता हनुमान्‌ले यो एउटा विघ्न आइपरेको हो भन्ने विचार गरे ।।१००।। जसरी हावाले मेघलाई हटाइदिन्छ त्यसै गरी ठूलो वेगसंग गइराखेका हनुमान्‌ले आफ्नो छातीले ठक्कर दिएर यसको माथि उठिराखेको टाकुरालाई तल ढकेलिदिए ।।१०१।। हनुमान्‌को वेगले थिचिएको मैनाक पर्वत, यिनको बल यत्तिको रहेछ भन्ने थाहा पाएपछि खुशी भएर गर्जनलाग्यो ।।१०२।। आकाशको बाटो गरी गइराखेका हनुमान्‌लाई, माथि आकाशतिर टाकुरा उठाइराखेको पर्वतश्रेष्ठ मैनाक मनमा हर्षित भई प्रसन्नतासाथ भन्नलाग्यो ।।१०३।। यो पर्वत मानिसको रूप धारण गरी आफ्नो टाकुरामाथि बसेर हनुमान्‌लाई भन्नलाग्यो—हे वानर-श्रेष्ठ ! तिमी बडो गाह्रो काम गर्नलागेका छौ ।।१०४।। मेरो टाकुरामाथि बसेर केही बेर आरामी लिएर जाऊ । रामचन्द्रका पुरुखाहरूले समुद्रलाई उत्पन्न गरेका हुन् ।।१०५।। तिमी रामचन्द्रको भलो गर्नलागेका छौ तसर्थ यो समुद्र तिम्रो सत्कार गर्न खोजिरहेको छ, उपकारको सट्टामा प्रत्युपकार गर्नु यो उहिलेदेखि चलिआएको धर्म हो ।।१०६।। यो उही उपकारको बदला दिन चाहन्छ तसर्थ तिमीले यसको प्रार्थना स्वीकार गर्नुपर्दछ । तिम्रै खातिर यसले बडो आदरसंग मलाई यो काम सुम्पेको हो ।।१०७।। यिनले मलाई भनेः—हेर, यी वानर सय योजनको समुद्र पार गर्नाको निम्ति आकाशको बाटो गरी आइराखेका छन्, केही बेर तिम्रो टाकुरामा आराम लिएर यिनी आफ्नो बाँकी बाटो पार गरून् ।।१०८।। हे कपिश्रेष्ठ ! एकै छिन मेरो शिखरमाथि बसेर आराम गरेर मात्र जाऊ, यी रूखका सुगन्धी मीठा मीठा कन्दमूल, फल खाएर थकाइ मार र अनि आफ्नो यात्रा गर्न थाल्नाऊ । हे कपिराज ! तिमीसंग मेरो पनि सम्बन्ध पर्दछ । ठूला ठूला गुणले युक्त भएका तिमी ता तीनै लोकमा विख्यात छौ ।।१०९-११०।। हे वायुपुत्र वानरराज ! वेगसंग उफ्रने जति वानर छन् तिनमा म तिमीलाई नै सर्वश्रेष्ठ संझन्छु ।।१११।। ज्ञानी र धर्मात्माका लागि क्षुद्र अतिथिसमेत पूजाको योग्य हुन्छभने तिमीसमानको

अतिथिको कुरा के भन्ने ? ।।११२।। हे वानरराज ! देवश्रेष्ठ महात्मा वायुका तिमी छोरा हौ र वेगमा उनी जत्तिकै छौ ।।११३।। हे धर्मज्ञ ! तिम्रो पूजा गर्नु के हो वायुको पूजा गर्नु हो । यसकारण तिमी मेरा पूजनीय छौ, यस सम्बन्धमा एउटा अर्को कारण छ, सुन ।।११४।।

हे बाबु ! उहिले सत्ययुगमा पर्वतका पखेटा हुन्थे र यिनीहरू गरुडझैं चारै दिशाम भ्रमण गर्थे ।।११५।। पर्वतहरू उड्नाले देवता, ऋषि, मनुष्य यी सबै पर्वत कतै खस्ने हुन् कि भन्ने डरले सदा थर्कायमान भइरहन्थे ।।११६।। यसकारण इन्द्रले जंगिएर आफ्नो वज्रले धमाधमी सैकडौं हजारौं पर्वतको पखेटा काट्नथाले ।।११७।। रिसले चूर भएका इन्द्र वज्र उजाएर मनेर पनि आए तर यस मौकामा वायुले झटपट मलाई उचालेर फ्याँकिदिए ।।११८।। हे वानरश्रेष्ठ ! यही क्षार समुद्रमा तिम्रो पिताले मलाई फ्याँकिदिएका हुन्, यिनैले गर्दा मेरो पखेटा रहन गएको हो । यस प्रकारसंग तिम्रा पिताले मेरो रक्षा गरेका हुन् ।।११९।। अतएव हे वायुपुत्र ! तिमी मेरा पूज्य हौ र म तिम्रो सन्मान गर्न खोजिरहेको छु, हे गुणवान् कपिश्रेष्ठ ! तिमीसंगको मेरो यस्तो सम्बन्ध छ ।।१२०।। हे महाबुद्धिमान् हनुमान्जी ! आज प्रत्युपकार गर्ने मौका परेको छ, तसर्थ तिमीले प्रसन्नतापूर्वक मलाई र समुद्रलाई खुशी गराउने कृपा गर्नुपर्‍यो ।।१२१।। हे वानरश्रेष्ठ ! थकाइ मार र हामीले अर्पण गरेको पूजा स्वीकार गर, तिम्रा पितासंगको सम्बन्ध हुनाले म तिम्रो मान्य हुँ, तसर्थ मेरो प्रेम ग्रहण गर, तिमीलाई देख्नाले मलाई बडो खुशी लागेको छ ।।१२२।।

मैनाक पर्वतका यी कुरा सुनेपछि हनुमान्जी उसलाई भन्नलागेः—तपाईंको कुराले नै मेरो अतिथिसत्कार भइहाल्यो, म तपाईंदेखि बडो प्रसन्न छु, मैले यहाँ विश्राम नगरेको कुरामा दुःख मनाउ नगर्नुहोस् ।।१२३।। मैले बडो छिटोसँग काम सिध्याउनुपरेको छ, दिन भने बित्नलागिरहेछ, मैले बाटोमा नअडिने प्रतिज्ञा गरेको छु ।।१२४।।

यति भनेर हातले पर्वतको स्पर्श गरी महाबली हनुमान् हाँस्तै फेरि आकाशभित्र पसेर उड्नलागे ।।१२५।। पर्वत र समुद्र दुवैले बडो आदरसँग यिनीतिर हेरेर यिनको सन्मान गरे र हिंड्ने वेलामा पूजा गरेर आशीर्वादसमेत दिए ।।१२६।।

यसपछि हनुमान् पर्वत र समुद्रलाई छोडी झन् माथि उक्लेर वायुमार्गको अवलम्बन गरी निर्मल आकाशमा उड्नलागे ।।१२७।। वायुपुत्र वानरश्रेष्ठ हनुमान्जी पर्वततिर दृष्टि दिंदै झन् झन् माथि उक्लेर विना कुनै आधारमा उड्नलागे ।।१२८।। अरू कसैबाट हुन नसक्ने हनुमान्को यो दोस्रो काम देख्ता देवता, ऋषि, सिद्ध यी सबै यिनको प्रशंसा गर्न लागे ।।१२९।। सुवर्णमय मैनाक पर्वतले हनुमान्प्रति गरेको व्यवहार देख्ता इन्द्रलगायत सबै देवताहरू प्रसन्न भए र खुशीले गद्‌गद् भइराखेका बुद्धिमान् इन्द्र मैनाक पर्वतलाई भन्नलागे ।।१३०-१३१।। हे सुवर्णमय मैनाक ! म तिमीदेखि बडो खुशी छु । म तिमीलाई अभय दिन्छु, आफ्नो इच्छा पर्दो ठाउँमा जाऊ ।।१३२।। यद्यपि हनुमान्जी निर्भय भई विश्राम नगरीकन नै सय योजन पार गर्न तत्पर थिए तापनि यिनलाई सङ्कष्ट पर्ला भन्ने विचारले तिमीले

विश्रामको लागि यिनको सहायता गर्ने जो काम गर्‍यौ सो बहुत बेश गर्‍यौ ।।१३३।। यी वानर दशरथका छोरा रामचन्द्रको कल्याणका लागि जानलागेका छन्, आफ्नो शक्तिअनुसारको यिनको सत्कार गर्नाले तिमीले मलाई खूबै खुशी पार्‍यौ ।।१३४।।

देवराज इन्द्रलाई अत्यन्त प्रसन्न भएको देख्ता मैनाक पर्वत बडो खुशी भए ।।१३५।। यस प्रकारको वर पाएर यी पर्वत पानीभित्र पसे र उता हनुमान् पनि छिनको छिनैमा समुद्रमा निकै टाढा पुगे ।।१३६।।

हनुमान्‌ले समुद्र पार गरिरहेकै वेलामा देवता गन्धर्व, सिद्ध र ऋषिहरू, यिनको बुद्धि बलको परीक्षाका लागि सूर्यसमानकी तेजस्विनी नागमाता सुरसालाई भन्नलागे ।।१३७।। यी बुद्धिमान् वायुपुत्र हनुमान् समुद्र पार गर्नलागिराखेका छन्, तिमी एकै छिन यिनको बाटोमा विघ्न पारिदेऊ ।।१३८।। राक्षसको जस्तो डरलाग्दो र पर्वतसमानको अति ठूलो रूप बनाऊ, ठूला ठूला दाँत र पहेंलो आँखा भएको, आकाशलाई छुने जस्तो मुख बनाऊ ।।१३९।। हामी हनुमान्‌को बल र पराक्रम फेरि एकचोटि जाँच्न चाहन्छौं, यिनी कुनै उपायले तिमीलाई जित्न सक्ता रहेछन् वा खिन्न हुँदा रहेछन् सो हामीले जान्न खोजेका छौं ।।१४०।।

देवताहरूले आदरपूर्वक यसरी अह्राएपछि सुरसा राक्षसीको रूप धारण गरी समुद्रको बीचमा उभिन पुगी ।।१४१।। यसको रूप यस्तो विकट र विरूप थियो कि हेर्दैमा सबैको मनमा डर उत्पन्न हुन्थ्यो । समुद्र पारी जानलागेका हनुमान्‌को बाटो रोकेर यो भन्नलागी ।।१४२।। हे वानरश्रेष्ठ ! देवताहरूले तिमीलाई खानू भनेर मलाई अह्राएका छन्, तसर्थ म तिमीलाई खान्छु, आऊ मेरो मुखभित्र पसिहाल ।।१४३।। ब्रह्माले उहिले नै मलाई यो वर दिएका हुन् । यति भनेर झटपट आफ्नो मुख खूबसँग फैलाएर त्यो हनुमान्‌को सामुन्ने खडा भइहाली ।।१४४।।

सुरसाले यसो भनेको सुन्दा हनुमान् प्रसन्नतापूर्वक उसलाई भन्नलागे—दशरथका छोरा रामचन्द्र, भाइ लक्ष्मण र रानी सीताको साथमा दण्डक वनमा आइराखेका छन् ।।१४५।। यिनी अर्कै काममा लागेको वेलामा यिनीसँग वैरभाव राख्ने रावणले यिनकी यशस्विनी पत्नी सीतालाई हरेर लगिदियो ।।१४६।। रामचन्द्रको आज्ञाले यिनै सीताकहाँ म दूत भएर जानलागिराखेको छु, तिमी उनैको राज्यमा वस्ने ह्वौ तसर्थ तिमीले मेरो सहायता गर्नुपर्दछ ।।१४७।। ह्वैन मलाई खानै चाहन्छयौभने सीतालाई भेटेर पुण्यात्मा रामचन्द्रलाई खबर दिएर आउन देऊ अनि म स्वयं तिम्रो मुखमा प्रवेश गर्नेछु । तिम्रो अगाडि मैले यो साँचो प्रतिज्ञा गरेको हो ।।१४८।।

हनुमान्‌को यो कुरा सुनेपछि इच्छाअनुसारको रूप धारण गर्न सक्ने सुरसाले यिनलाई भनी, मेरो सामुन्नेबाट कोही जीउँदो जान सक्नेछैन भन्ने वरदान ब्रह्माले मलाई दिएका छन् ।।१४९।। हनुमान्‌लाई जान आँटेको देख्ता यिनको कत्तिको बल रहेछ भनेर पत्ता लगाउनाको लागि नागमाता सुरसाले यिनलाई भनी ।।१५०।। हे वानरश्रेष्ठ ! मेरो मुखभित्र पसेर तिम्रो जाने शक्ति छभने जाऊ, किनकि

ब्रह्माले पहिलेदेखि नै मलाई यस्तै वर दिइराखेको छ ॥१५१॥ यति भनेर आफ्नो विशाल मुख फैलाएर त्यो हनुमान्‌को अगाडि उभिइहाली, सुरसाको यो चमत्कार देख्ता हनुमान्‌ले जङ्गिएर भनेः— म जत्तिको मोटोलाई निल्न हुने मुख बना । सुरसालाई यति भनेर हनुमान्‌ले क्रुद्ध भई दश योजनको आफ्नो शरीर बनाए किनकि सुरसाले दश योजन लामो मुख बाइराखेकी थिई । हनुमान्‌को यो रूप देख्ता सुरसाले बीस योजन लामो आफ्नो मुख तुल्याई ॥१५२-१५४॥ बुद्धिमान् वायुपुत्र हनुमान्‌ले भयङ्कर, लामो जिब्रो भएको, नरकसमानको मुख सुरसाले बाएको देख्ता आफ्नो शरीर सानो बनाइदिए । हनुमान्‌ले उत्निखेरै बादलझैं आफ्नो शरीरलाई खुम्च्याएर औंलाबराबरको तुल्याइदिए ॥१५५-१५६॥ सुरसाको मुखभित्र पसी झट्टै बाहिर निस्केर महाबली श्रीमान् हनुमान् आकाशमा अडिएर उसलाई भन्नलागे ॥१५७॥ हे दाक्षायिणी ! म तिमीलाई नमस्कार गर्दछु, तिम्रो मुखभित्र पसेर म बाहिर निस्किहालें तसर्थ अब सीतानेर जान्छु, तिम्रो वर पनि सत्य भइहाल्यो ॥१५८॥

राहुको मुखबाट निस्केको चन्द्रमाझैं आफ्नो मुखबाट ती वानरलाई निस्केको देख्ता देवी सुरसा आफ्नो असली रूप धारण गरेर भन्नलागी ॥१५९॥ हे सज्जन वानरराज ! आफ्नो कार्य्य सिद्धिको लागि सुखसँग जाऊ र महात्मा रामचन्द्रसँग सीताको भेट गराइदेऊ ॥१६०॥

हनुमान्‌को यो तेस्रो अरूले गर्न नसक्ने गाह्रो काम देख्ता सबै प्राणी चारैतिरबाट वाह वाह भनेर यिनको प्रशंसा गर्नलागे ॥१६१॥ नाघ्न नसकिने समुद्रनेर आई गरुडसमानको वेग भएका हनुमान् फेरि आकाशमा प्रवेश गरी उड्नलागे ॥१६२॥ यस आकाशमा जलको धारा बगिरहेको थियो र पक्षीहरूले त्यहाँ वास गरेका थिए; गाना बजानामा सिपालु भएका तुम्बुरु आदि गरिएका गन्धर्व तथा इन्द्रको ऐरावत हात्तीसमेत यहाँ रहन्थे ॥१६३॥ सिंह, हात्ती, बाघ, पक्षी, सर्प आदि गरिएका वाहन जोतिएका राम्रा राम्रा विमानले यो ठाउँ सुशोभित थियो ॥१६४॥ वज्रसमानको स्पर्श भएको आगो यहाँ सदा बलिराखेको हुन्छ, आफ्नो तपस्याको प्रभावले स्वर्ग जितेका पुण्यात्मा महाभाग्यशालीहरूले यहाँ वास गर्दछन् ॥१६५॥ यो आकाश होमद्रव्यलाई धारण गर्ने चित्रभानुनामक अग्निको बस्ने ठाउँ हो । ग्रह, नक्षत्र, सूर्य, चन्द्रमा, र ताराले यो ठाउँ अलङ्कृत भइराखेको हुन्छ ॥१६६॥ महर्षि, गन्धर्व, नाग, यक्षहरूको यहाँ भीड लागेको हुन्छ । यो पवित्र र विमल स्थानमा विश्वावसु नाम गरेका गन्धर्वराज निवास गर्दछन् ॥१६७॥ इन्द्रको ऐरावत हात्तीले डुलफिर गर्ने र सूर्य चन्द्रमाले घुम्ने पवित्र बाटो यही हो । ब्रह्माले संसारको चदुँवा जस्तो तुल्याएर यो ठाउँ बनाएका हुन् ॥१६८॥ यहाँ अनेक वीर र विद्याधरहरू बस्तछन्, आकाशको यस प्रकारको वायुमार्गमा हनुमान्‌जी गरुडझैं उड्दै जानलागे ॥१६९॥ अगरु पर्वतसमानका काला, राता, पहेंला, सेता यी सबै रंगका बादललाई हावाले झैं आफूतिर तान्दै हनुमान्‌जी जानलागे ॥१७०॥ हनुमान्‌द्वारा तानिएका यी बादल बडा राम्रा देखिनलागेका थिए । कहिले मेघ-मण्डलभित्र पस्ने र कहिले बाहिर निस्कने हुनाले हनुमान् वर्षाकालको कहिले

लुक्ने कहिले देखा पर्ने चन्द्रमा जस्तो देखिनलागे । आकाशमा सर्वत्र देखा पर्ने हनुमान् निरालम्बको आकाशमार्गमा जाँदाखेरि पखेटा भएका हिमालय पर्वतसमान देखिनलागे ।

यिनलाई आकाशमा यसरी उड्नलागेको देख्ता, खूब बल भएकी र इच्छाअनुसारको रूप लिन सक्ने सिंहिका राक्षसीले विचार गरी, आज धेरै दिनमा मैले पेट भर्न पाउने भएँ ।।१७१-१७४।। यस्तो ठूलो प्राणी आज धेरै दिनपछि मेरो हात पर्न आएको छ । मनमा यस्तो विचार उठ्नासाथ यसले हनुमानको छाया समातिहाली ।।१७५।। छाया पक्रिएपछि हनुमान् विचार गर्नलागे—अहो ! कसैले अकस्मात् मलाई बन्धनमा पारेछ, मेरो पराक्रम नष्ट गरेर मलाई लगँडो नै तुल्याइदियो । विपरीत वायुले गर्दा समुद्रमा डुङ्गाको जुन हालत हुन्छ मेरो पनि ठीक त्यस्तै हालत भइराखेको छ ।

हनुमान्‌ले चारैतिर, अगल बगल, तल माथि सर्वत्र नजर दौडाए ।।१७६-१७७।। हेर्दा हेर्दैमा यिनले समुद्रमा पानीमाथि उत्रिराखेको एउटा बडेमानको प्राणीलाई देखे । यस्तो विकराल मुख भएकी आइमाईलाई देख्नासाथ हनुमानलाई सुग्रीवको कुराको संझना भयो । उनले एउटा अद्भुतको रूप भएको जीवले छाया समात्तछ र यो बडो पराक्रमी छ भनेका थिए । हनुमान्‌ले हो न हो यो उही जीव हो भन्ठाने ।।१७८-१७९।। यसको काम देख्ता :बुद्धिमान् हनुमान् यो सिंहिका नै हो भन्ने ठहऱ्याएर वर्षाकालको मेघझैं आफ्नो शरीर बढाउनलागे ।।१८०।।

हनुमान्‌ले आफ्नो शरीर बढाएको देख्ता त्यस राक्षसीले पनि पातालदेखि लिएर आकाशसम्म आफ्नो मुख फैलाइदिई ।।१८१।। बादल गर्जेझैं गर्जंदै यो वानरराजतिर दगुरी, बुद्धिमान् हनुमान्‌ले यसको अतिशय ठूलो र विकराल मुख देख्ता यसको शरीर र मुटु छेड्ने मनसायले मौका पारेर वज्र-समानको आफ्नो गठिएको शरीरलाई सानो तुल्याई यसको घीनलाग्दो मुखभित्र प्रवेश गरिहाले । पूर्णिमाको दिन पूर्ण चन्द्रमालाई जसरी राहुले ग्रास गर्दछ त्यसै गरी यिनलाई त्यस राक्षसीको मुखभित्र पस्नलागेको सिद्ध र चारणहरूले देखे । हनुमान्‌ले आफ्ना तीखा तीखा नङले यसको मुटु छिया छिया पारी, मनसमानको वेगले फेरि बाहिर निस्किहाले । यस प्रकारसँग देवताहरूको अनुग्रहले, आफ्नो चतुऱ्याइँ र धैर्य्यले त्यस राक्षसीलाई मारेर जितेन्द्रिय हनुमान् फेरि आफ्नो शरीर बढाउनलागे । हनुमान्‌द्वारा मुटु छिया छिया भएकी त्यो राक्षसी मरेर समुद्रको जलमा खसी । ब्रह्माले हनुमान्‌द्वारा नै यसको वध हुने निश्चय गरेका थिए ।।१८२-१८७।। हनुमान्‌द्वारा त्यो सिंहिका राक्षसी यति चाँडो मरेकी देख्ता आकाशमा रहने प्राणीहरू उनलाई (हनुमान्‌लाई) भन्नलागे ।।१८८।। हे वानरश्रेष्ठ ! यत्रो ठूलो प्राणीको वध गर्नाले तिमीले आज साँच्चिकै एउटा भयंकर काम गऱ्यौ; अब तिमी निष्कण्टक भएर आफ्नो मनोरथ पूर्ण गर, जाऊ, तिम्रो कल्याण होस् ।।१८९।। हे वानरराज ! जुन मानिसमा तिम्रो जस्तै धीरता, दृष्टि, बुद्धि र चतुऱ्याइँ यी चार गुण हुन्छन् त्यसलाई कदापि आफ्नो कार्य्य सिद्ध गर्नामा तकलीफ हुन्न ।।१९०।।

यी प्राणीहरूद्वारा पूजित भएका र आफ्नो कार्य्य सिद्धिका लागि आशीर्वाद पाएका पूज्य हनुमान्-

आकाशमा गरुडझैं उड्नलागे ।।१९१।। समुद्रको पारिपट्टि पुग्नै लागेको बेलामा नजर दौडाएर हेर्दा यिनले सय योजन जति टाढामा एउटा ठूलो वनले चारैतिर घेरिराखेको देखे ।।१९२।। यसपछि वानर-श्रेष्ठ हनुमान्‌ले उड्दा उड्दैमा अनेक वृक्षले शोभित भएको द्वीप, मलयपर्वतका बगैंचा, समुद्र, समुद्रको तीर, समुद्रतीरमा उम्रेका रूख, र नदीहरूको संगमस्थान देखे ।।१९३-१९४।। संयमी बुद्धिमान् हनुमान्‌ले आकाशसम्म फैलिएको आफ्नो विशाल शरीरतिर दृष्टि लगाएर विचार गरे कि राक्षसहरूले मेरो यत्रो ठूलो शरीर र मेरो चलाइको वेग देखेभने यिनीहरू वडो आश्चर्यमा पर्नेछन् ।।१९५-१९६।। यस्तो विचार गरेर हनुमान् पर्वतसमानको आफ्नो शरीरलाई सानो तुल्याउनलागे । मोहबाट छुटकारा पाएको योगको समान यिनले आफ्नो सधैंको सानो रूप लिए ।।१९७।। भगवान् वामनले वलिलाई छल्ने वेलामा जसरी आफ्नो शरीरलाई बढाएर तीन पाइला हिंडेपछि फेरि साधारण रूप लिएथे त्यसै गरी हनुमान्‌ले पनि आफ्नो बढेको रूपलाई छोड्याएर साबिकको स्वरूप धारण गरे ।।१९८।।

यस प्रकारसँग नाना प्रकारका राम्रा राम्रा रूप धारण गर्न सक्ने, सीताको पत्ता लगाउने युक्ति जानेका, आफ्नो काम अवश्य सिद्ध हुन्छ भन्ने विश्वास भएका हनुमान्, अरू कोही पुग्न नसक्ने समुद्र-को पारिपट्टि पुगेर फल फूलले भरिभराउ भइराखेको लम्बनामक पर्वतको टाकुरामाथि ओर्ले । यो पर्वत किसिम किसिमका शिखरले अलङ्कृत र समृद्धिसम्पन्न थियो । यहाँ केतकी, उद्दालक, र नरिवलका रूख जति भने पनि थिए । यस प्रकारको पर्वतमाथि वडेमानको मेघसमानका हनुमान्‌ले हामफाले ।।१९९-२००।। समुद्रको तीरमा पुगेर त्रिकूट पर्वतको शिखरमा रहेको लङ्का नगरीलाई देखेपछि हनुमान् त्यहाँका पशु पक्षीलाई तर्साउँदै आफ्नो साबिकको रूप धारण गरी त्यहाँ ओर्ले ।।२०१।। दानव र सर्पले भरिपूर्ण भएको ठूला ठूला छाल उठ्ने समुद्रलाई आफ्नो बल र पराक्रमद्वारा पार गरी हनुमान्‌ले समुद्रको तीरमा रहेको अमरावतीसमानको लङ्का नगरी देखे ।।२०२।।

सर्ग—२

लङ्काको वर्णन ।

अरूले पार गर्न नसक्ने समुद्र पार गरिसकेपछि महाबली हनुमान् त्रिकूट पर्वतमाथि बसेर सावधानीसाथ लङ्का शहर हेर्नलागे ।।१।। त्यहाँका रूखबाट झरेका फूलले टम्म ढाकेको हुनाले महावीर हनुमान् फूलै फूलले बनेका हुन् कि जस्तो देखिनलागे ।।२।। सय योजन नाघेर आउँदाखेरि पनि श्रेष्ठ, पराक्रमी हनुमान्‌लाई न केही थकाइ लाग्यो न अलिकता स्वाँ स्वाँ भयो ।।३।। हनुमान्‌ले आफ्नो मनमा विचार गरे मता कइएक सय योजन नाघ्न सक्तछु, गिन्ती भएको सय योजनको यो समुद्र नाघ्नु ता मेरालागि कत्रो कुरा हो र ? ।।४।। यस्तो विचार गर्दै बलियाहरूमध्येका श्रेष्ठ र उफ्रनेहरूमाका सब-भन्दा ठूला हनुमान् समुद्र नाघेर बडो वेगसँग समुद्रतिर लागे ।।५।। यिनी बाटोमा पर्ने, कमलको घाँस भरिपूर्ण भएको अतएव नीलो रंगको जङ्गल हेर्दै गए, मीठो बास्ना निस्किरहेको, महले युक्त भएको,

ठाउँ ठाउँमा साना साना पर्वत भएको वनको बीचबाट यिनी जानलागे ।।६।। रूखै रूखले टम्म भरिएका पर्वत र ढकमक्क फूल फुलिराखेका वनहरूलाई पार गर्दै वानरश्रेष्ठ, तेजस्वी हनुमान् अगाडि बढ्न् लागे ।।७।। यही लम्ब पर्वतमाथि बसेर वायुपुत्र हनुमान् त्रिकूट पर्वतमाथि रहेको लंकापुरी र यसका बाग बगैंचा हेर्नलागे ।।८।। देवदारू, कर्णिकार, खजूर, मेवा, निबुवा, कटुस, केतकी, बास्ना आइराखेको प्रियंगु, कदम, शतावरी, असन, कोविदार, फूल फुलेको करवीर यी सबैमा फूल ढकमक्क फुलिराखेका थिए र अनेकमा कोपिलासमेत लागिराखेका थिए । यी रूखमा चरा बसेका थिए र हावाले गर्दा यिनका टुप्पा हल्लिरहेका थिए ।।९-११।। यहाँका पोखरीमा हाँस र कारण्डव आदि गरिएका चराहरू खेलिरहेका थिए र किसिम किसिमका कमल फुलिराखेका थिए । यहाँ विहार गर्नाका लागि साना साना अनेक पर्वत र पोखरी बनेका देखिन्थे ।।१२।। सबै ऋतुमा फल फूल लाग्ने नाना किसिमका रूखले भरिभराउ भइराखेका अनेक रमणीय बगैंचा हनुमान्ले यहाँ देखे ।।१३।। यस प्रकार-संग चारैतिर हेर्द श्रीमान् हनुमान् रावणद्वारा पालना गरिएको लङ्कापुरीनेर आइपुगे । यस पुरीलाई चारैतिरबाट पानी भएको खाल्डोले बेह्रेको थियो ।।१४।। सीतालाई हरेर ल्याएको हुनाले रावणले विशेष-रूपले लङ्कालाई सुरक्षित राख्ने प्रबन्ध गरेको थियो, यसको चारैतिर शूरा, धनुर्धारी राक्षसहरू घुमिरहेका थिए ।।१५।।

यस वडे शहरको चारैतिर सुनै सुनका पर्खाल थिए । पर्वतसमानका अग्ला र शरत्कालका बादल जस्ता स्वच्छ घर यहाँ बनेका थिए ।।१६।। शहरभित्र अग्ला अग्ला पहेंलो रङ्गका सडक बनेका थिए र ध्वजा पताकाले शोभायमान भइराखेका सैकडौं अटाली देखिन्थे ।।१७।। शहरको सुवर्णमय दिव्य ढोकाहरूलाई नाना किसिमका फूल बुट्टा काढेर र तोरण झुण्ड्याएर सिंगारिराखेको थियो । जसरी इन्द्रले अमरावतीलाई हेर्दछन् त्यसै गरी हनुमान्ले पनि यस शहरलाई हेरे ।।१८।।

त्रिकूट पर्वतमाथि बसेको, सैकडौं हजारौं राम्रा राम्रा सेतो रंगका घरले युक्त भएको यस लंका नगरीलाई श्रीमान् हनुमान्ले आकाशलाई छुनै लागेको जस्तो देखे ।।१९।। राक्षसको राजा रावणद्वारा पालना गरिएको र विश्वकर्माले बनाएको यस शहरलाई हनुमान्ले आकाशमा उड्नै लागेको जस्तो देखे ।।२०।। पानी भएका चारैतिरका खाल्डा र पर्खाल यस लङ्कापुरीका तिघ्रासमान थिए, समुद्र र वन यसका लुगा थिए, शतघ्नी तथा शूल नामका अस्त्र यसका केश थिए र अटालीहरू यसका कानका गहनासमान थिए ।।२१।। विश्वकर्माले केवल मानसिक इच्छाले यस शहरलाई बनाएका हुन् । यस लङ्काको उत्तरपट्टिको ढोकामा पुगेपछि हनुमान् विचार गर्नलागे ।।२२।। यो उत्तरपट्टिको ढोका कैलाश पर्वत जत्तिकै अग्लो हुनाले आकाशलाई छोला छोला जस्तो थियो र आफ्ना राम्रा अग्ला घरले आकाशलाई थामिराखेको जस्तो देखिन्थ्यो ।।२३।। जसरी महाविषालु साँप गुफामा भरिभराउ हुन्छन् त्यसै गरी यस लङ्कापुरीमा पनि देख्तैमा डर लाग्ने राक्षसहरू भरिपूर्ण थिए । यस शहरको रक्षाको लागि यस्तो राम्रो बन्दोबस्त भएको र चारैतिरबाट समुद्रले बेह्रिराखेको देख्ता तथा

रावणलाई भयङ्कर शत्रु सम्झेर हनुमान् मनै मनमा विचार गर्नलागे ॥२४॥ वानरहरू यहाँ आइहाले भने पनि उनीहरूबाट केही हुन सक्ने छैन किनकि युद्धद्वारा यस लङ्कालाई जित्ने सामर्थ्य ता देवताहरूमा पनि देखिन्न ॥२५॥ रावणद्वारा पालना गरिएको यस परम दुर्गम लङ्का नगरीमा आएर पनि महाबाहु रामचन्द्र के गर्न सक्नान् ? ॥२६॥ सामद्वारा राक्षसहरूबाट केही काम लिन सकिएला भन्ने आशै गर्नुपर्दैन; दाम, भेद, युद्ध यी कुनैबाट पनि केही काम बन्न सक्तैन ॥२७॥ वेगवान् अङ्गद, नील, म र हाम्रा बुद्धिमान् राजा सुग्रीव यी चार जनासिवाय अरू कसैको यहाँ प्रवेश गर्न सक्ने सामर्थ्य छैन ॥२८॥ खैर अब जे होला । पहिले सीता जीउँदी छन् वा छैनन् सो कुराको पत्ता लगाउँछु, उनलाई भेटेपछि मात्र गर्नुपर्ने कुराको निर्णय गर्नुंपर्ला ॥२९॥

यही पर्वतको टाकुरामा केही बेर बसेर हनुमान् रामचन्द्रको इष्टसिद्धि हुने कुराको विचार गर्नलागे ॥३०॥ म यही रूप लिएर राक्षसहरूको शहरभित्र प्रवेश गर्न सक्तिनँ किनकि निष्ठुरी, बलिया बलिया राक्षसहरू यसको रक्षा गर्नामा तत्पर भइराखेका छन् ॥३१॥ जानकीको पत्ता लगाउनाका लागि मैले यी सबै पराक्रमी, बलिया महातेजस्वी राक्षसहरूलाई धोकामा पार्नुपर्दछ ॥३२॥ यस्तो ठूलो काम सफल गराउनाको निम्ति मैले रात्रिको समयमा नै लङ्कामा प्रवेश गर्न ठीक पर्ला र मेरो रूप कहिले देखिने र कहिले नदेखिने किसिमको हुनुपर्दछ ॥३३॥

देवता र असुरहरूले समेत प्रवेश गर्न नसक्ने किसिमको लङ्कापुरी देख्ता हनुमान् वारंवार लामो सुस्केरा हाल्दै विचार गर्नलागे ॥३४॥ मैले कुन उपायले राक्षसराज दुरात्मा रावणको देखा नपरीकन नै जनकपुत्री सीतालाई भेट्ने हो ॥३५॥ एकान्तमा बसेकी सीतालाई मैले एकलैमा भेट्न पाएँभने ता त्रिभुवन-विख्यात रामचन्द्रको काम कसै गरेर पनि बिग्रन पाउने थिएन ॥३६॥ जसरी सूर्यको उदय हुनाले अन्धकार नाश भएर जान्छ त्यसै गरी अविवेकी दूतले देश-काललाई नसुहाउने काम गरेर सिद्ध हुने कामलाई समेत बिगारिदिन्छ ॥३७॥ कर्तव्य र अकर्तव्यको विषयमा मालिक तथा मन्त्रीहरूले सल्लाह गरी पहिले नै निर्णय गरिसकेको भए तापनि, आफूलाई पण्डित सम्झने मूर्ख दूत भयोभने पहिले निर्णय गरिसकेको सो कुरा पनि नष्ट हुनजान्छ ॥३८॥ तसर्थ अब कुन उपायको आश्रय लिनाले काम बिग्रन नपाउने, आफूले आकुल व्याकुल नपर्नुपर्ने र समुद्र नाघेर आएको समेत व्यर्थ नजाने होला ॥३९॥ आफ्नो आत्मालाई चिह्न सकेका रामचन्द्र रावणको वध गर्नामा तत्पर भइराखेका छन्, राक्षसहरूले कदाचित् मलाई देखिहालेभने ता उनको यो काम नष्ट भइजानेछ ॥४०॥ राक्षसको शरीर धारण गरेर अथवा अरू जुनसुकै रूप लिएर पनि राक्षसहरूलाई पत्तो नलाग्ने गरी यस शहरमा बस्ने कसैको सामर्थ्य देखिन्न ॥४१॥ मेरो ता यस्तो विचार छ कि वायुसमेत यहाँ राक्षसहरूको दृष्टि बचाएर विचरण गर्न सकोइन । डरलाग्दो काम गर्न सक्ने राक्षसहरूलाई पत्तो नभएको यहाँ कुनै चीज होला जस्तो मलाई लाग्दैन ॥४२॥ आफ्नो असली रूपमा म यहाँ लुकेर बसेंभने पनि यिनीहरूले मलाई मारिदिने छन्, त्यसो भएपछि ता मालिकको काम बिग्रिहाल्नेछ ॥४३॥ तसर्थ रामचन्द्रको मनोरथ सफल

गराउनाका लागि म आफ्नो सानो रूप बनाएर रात्रिको समयमा लङ्कामा प्रवेश गर्दछु ।।४४।। प्रवेश गर्न गाह्रो भए तापनि म राती रावणको शहरभित्र पस्तछु र घर घरमा घुमेर सीताको पत्तो लगाउँछु ।।४५।। सीतालाई भेट्न उत्सुक भएका वीर हनुमान् मनमा यस्तो निश्चय गरी कहिले सूर्यास्त होला भनेर पर्खेर बसे ।।४६।।

सूर्यास्त भएपछि रात्रिको समयमा हनुमान्ले आफ्नो शरीरलाई खुम्च्याएर बिरालोको जत्रो, देख्तैमा अचम्भ लाग्ने किसिमको रूप धारण गरे ।।४७।। संध्याकालमा महाबली हनुमान्ले फुर्तीसाथ उफ्रेर ठूला ठूला सडक भएको रमणीय लङ्कापुरीमा प्रवेश गरिहाले ।।४८।। वडा अग्ला अग्ला घर, सुनैले बनेका जस्ता थाम, र सुनैका झ्याल, जाली लागेकोले यो लंका गन्धर्वहरूको शहर जस्तो लाग्दथ्यो ।।४९।। यहाँ लंकापुरीमा हनुमान्ले सात तले र आठ तले घर देखे । यी घरहरूको तलामा कहीं सुनै सुन छापेको थियो र कहीं स्फटिक जडिराखेको थियो । यस किसिमसंग तला छापेकोले राक्षसहरू-का यी घर अत्यन्त शोभायमान देखिएका थिए ।।५०।। राक्षसहरूका घरका ढोकामा किसिम किसिमका सुनका तोरण टाँगिएका थिए । जताततै सजिसजाउ भइराखेको यस शहरलाई यी घरहरूले झन् बत्तो चहकिलो तुल्याइराखेका थिए ।।५१।। लङ्का नगरीको यस प्रकारको मनमा विचारै गर्न नसकिने अद्भुत रूप देख्ता सीतालाई भेट्न उत्सुक भइराखेका हनुमान् कहिले दुःखित हुन्थे र कहिले ता प्रसन्न पनि भइहाल्थे ।।५२।। स्वच्छ वर्णका सात तले घर यति नजीक नजीक बनेका थिए कि टाढाबाट हेर्दा यिनीहरू माला जस्तो देखिन्थे, यिनमा धेरै धेरै मोल पर्ने सुनै सुनका झ्याल जडिएका थिए । बडा बलिया राक्षसहरू यस यशस्विनी नगरीको रक्षा गरिरहेका थिए र रावणद्वारा यसको शासन हुन्थ्यो ।।५३।।

यस समयमा चन्द्रमासमेत, हनुमान्को सहायता गर्न खोजेझैं, ताराहरूको साथसाथै आफ्ना हजाराँ किरणद्वारा संसारलाई उज्यालो तुल्याउँदै आकाशको माझमा उदय हुनलागे ।।५४।। हनुमान्ले तलाउमा हाँस पौडिरहेको झैं शंख, दूध र मृणालको जस्तो वर्ण भएका चन्द्रमालाई अतिशय सुशोभित भई आकाशमा उदय हुनलागेको देखे ।।५५।।

सर्ग—३

हनुमान लङ्किनी सम्वाद

लम्बायमान मेघसमानको, लम्ब नामको अग्लो शिखरमा बसेका बुद्धिमान् महाबली हनुमान्ले मनमा धैर्य्य राखेर रातको समयमा रमणीय वन र जलले सुशोभित भइराखेको र रावणद्वारा शासन गरिएको लङ्का शहरमा प्रवेश गरे ।।१-२।। यो शहर शरत्कालको बादलसमानका सेता सेता महलले सुशोभित थियो, समुद्र गर्जेझैं त्यहाँबाट आवाज आइराखेको थियो र समुद्रको हावाले यसको सेवा गर्दथ्यो ।।३।। अलकापुरीलाई झैं हृष्ट-पुष्ट राक्षसहरूको फौजले यसलाई सुरक्षित राखेको थियो, घरको ढोकाबाहिर राम्रा राम्रा चौतारा बनेका थिए र ढोकामा सेता तोरण लगाइएका थिए ।।४।। सर्पहरूको

राजधानी भोगवतीमा झैं यहाँ लङ्कामा पनि सर्पहरूको आवतजावत भइरहन्थ्यो, शहर विजुलीसहितको वादलले सदा घेरिएको र तारा नक्षत्रले शोभायमान भइराखेको हुन्थ्यो ।।५।। अमरावतीमा झैं यहाँ प्रचण्ड वायुको गर्जन भइरहन्थ्यो र सुनै सुनका वडे वडे पर्खालले यसलाई चारैतिरबाट घेरिराखेका थिए ।।६।। ध्वजा पताकाले सिंगारिएका यसका घरमा जताततै साना साना घण्टीको आवाज आइरहन्थ्यो । यस शहरमा पुगेपछि हनुमान् बडो प्रसन्न भए र उफ्रेर पर्खाल चढिहाले ।।७।। यसको चारैतिर हेर्दा हनुमान्लाई बडो आश्चर्य्य लाग्यो; सुनका त यसका ढोका थिए र वैदूर्य्य मणिका वेदी बनेका थिए ।।८।। शहरको ढोकानेरको भित्तामा मणि, स्फटिक र मोती जडिएका थिए, यसको माथिल्लो भाग सुन र चाँदीले बनेको थियो र खारिएको सुनले बनेको हात्ती यसमाथि राखिएको थियो ।।९।। पन्नाको ता भऱ्याङ थियो र भऱ्याङको बीचबीचमा स्फटिक जडिराखेको थियो । हनुमान्ले यहाँ ठूला ठूला सभाघर देखे जो ज्यादै अग्ला हुनाले आकाशलाई छोलान् जस्ता देखिन्थे ।।१०।। क्रौञ्च र मयूर चरा यहाँ बोलिराखेका थिए, रजहाँस पनि जताततै देखिन्थे, बाजा र गहनाको आवाजले गर्दा यो शहर गुञ्जायमान भइराखेको थियो ।।११।। कुवेरको अलकापुरीसमानको, आकाश-मण्डलसम्म उठेको यस लङ्का नगरीलाई देख्ता वानरराज हनुमान् बहुतै प्रसन्न भए ।।१२।। राक्षसराज रावणको यो सर्वश्रेष्ठ, धनले पूर्ण भएको रमणीय लङ्का शहर देखेपछि पराक्रमी हनुमान् विचार गर्नलागे ।।१३।। हातमा हतियार लिएका रावणका फौजले यसको रक्षा गरिराखेकोले कसैले बलजफ्तीसंग आक्रमण गरेर यसलाई आफ्नो कब्जामा ल्याउन सक्तैन ।।१४।। कुमुद, अङ्गद, वानरश्रेष्ठ सुषेण, मैन्द, द्विविद यस प्रसिद्ध नगरीमा आउन सक्तछन् ।।१५।। सूर्यका छोरा सुग्रीव, कुश जस्तो रौं भएका, भालु वानरहरूमा सर्वश्रेष्ठ जाम्बवान् र म यति मात्रको यहाँ प्रवेश हुन सक्तछ ।।१६।। यस्ता कुराको विचार गर्दा गर्दैमा हनुमान्लाई अकस्मात्संग महाबाहु रामचन्द्र र लक्ष्मणको पराक्रमको संझना भएकोले यिनी बडो प्रसन्न भए ।।१७।।

धनै धनले पूर्ण भएको यो लङ्का नगरी सिंगारिएकी आइमाईसमान देखिएको थियो, रत्नै रत्न जडिएका घर यसका लुगा थिए, गाई गोठ तथा पहरादारहरू बस्ने घर यसका कानका गहना थिए, हातहतियार राख्नाका लागि बनेका घर यसका स्तन थिए ।।१८।। नाना प्रकारका रत्नले गर्दा चहकिला भइराखेका घर र बत्तीको राम्रो बन्दोबस्त भएकोले यहाँ अन्धकार भनेको अलिकता पनि थिएन । हनुमान्ले रावणको यस किसिमको शहर देखे ।।१९।।

वानरश्रेष्ठ हनुमान्ले शहरभित्र प्रवेश गर्नलागेको देख्ता स्वयं लङ्का नगरी आफ्नो रूप धारण गरी यिनको सामुन्ने देखा पर्न आई ।।२०।। रावणद्वारा पालना गरिएकी लङ्का नगरी हनुमान्लाई देख्नासाथ आफैं उठेर उनीनेर आई, देख्तैमा डर लाग्ने किसिमको यसको मुख थियो ।।२१।। वायुपुत्र हनुमान्को सामुन्ने आएर यो खडा भई र बडो भयङ्कर गर्जन गर्दै यिनलाई भन्नलागी ।।२२।। ए वनवासी वानर ! तं को होस् र के कामका लागि यहाँ आएको होस् ? आफ्नो शरीरमा प्राण भएसम्म

ठीक ठीकसंग मलाई यी कुरा बताइदे ।।२३।। हे वानर ! रावणको सेनाले चारैतिरबाट यस शहरको रक्षा गरिराखेको हुनाले तँ कसै गरेर पनि यहाँ प्रवेश गर्न सक्तैनस् ।।२४।।

आफ्नो अगाडि उभिइराखेकी लङ्कालाई वीर हनुमान्ले भने–तिमीले जो कुरा मसित सोध्यौ सो म तिमीलाई ठीक ठीकसँग भनिदिन्छु तर पहिले मलाई यो कुरा त भन, यस्तो घीनलाग्दो आँखा भएकी, शहरको ढोकामा उभिरहने तिमी को हौ ? र किन यसरी रिसाएर मलाई तर्साइरहेकी छौ ।।२५-२६।।

इच्छाअनुसारको रूप धारण गर्न सक्ने लङ्किनी हनुमान्का यी कुरा सुन्दा रिसले चूर भई उनलाई यस प्रकारको कठोर वचन भन्नलागी ।।२७।। म राक्षसराज महात्मा रावणको आज्ञाले यस शहरको रक्षा गरेर बसेकी छु, मलाई कसैले जित्न सक्तैन ।।२८।। मेरो अनुमतिविना कसैको यस शहरभित्र पस्ने सामर्थ्य छैन । हेर् ! आज मद्वारा प्राणविहीन भई तैंले यहाँ भूईँमा सुत्नुपर्नेछ ।।२९।। हे वानर ! म स्वयं लङ्का नगरी हुँ र चारैतिरबाट यसको रक्षा गरिरहन्छु, यसै कारणले तँलाई मैले यी कुरा सोधेकी हुँ ।।३०।।

लङ्किनीका कुरा सुनेर यसलाई पराजित गर्ने उद्योगमा लागेका पवनकुमार हनुमान्जी पर्वतझैं अचल भएर उसको अगाडि उभिइरहे ।।३१।। वीभत्स स्त्रीरूपमा लङ्किनीलाई उभिइराखेको देख्ता बुद्धिमान् बलवान् हनुमान् भन्नलागे ।।३२।। अटाली, पर्खाल, तोरणले परिपूर्ण भइराखेको लंका शहर हेर्ने ठूलो इच्छा भएकोले म यहाँ आइराखेको छु ।।३३।। लङ्काका बाग बगैंचा, वन तथा ठूला ठूला घर हेर्नाको लागि म यहाँ आएको हुँ ।।३४।।

हनुमान्का यी कुरा सुनेपछि इच्छाअनुसारको रूप धारण गर्ने लङ्किनी फेरि उनलाई कठोर वचन सुनाउनलागी ।।३५।। हे दुर्बुद्धे वानराधम ! मलाई नजितीकन राक्षसराजद्वारा पालना गरिएको यस लंकापुरीलाई तँ हेर्न पाउन्नस् ।।३६।।

हनुमान्ले फेरि त्यस राक्षसीलाई भने—हे भद्रे ! यस शहरलाई हेरिसकेपछि म फेरि आफ्नो ठाउँमा फर्किहाल्नेछु ।।३७।।

यसपछि लङ्किनीले अति भयङ्कर गर्जन गरेर बडो जोरसंग हनुमान्लाई एक थप्पड लगाई ।।३८।। लङ्किनीको हातको थप्पड खाएपछि बलवान् वायुपुत्र हनुमान्ले खूब चर्को स्वरसंग गर्जना गरे र देब्रे हातको औंला खुम्च्याएर मुठ्ठी बाँधीकन यिनले अत्यन्त क्रुद्ध भई लङ्किनीलाई एक घुस्सी चलाए ।।३९-४०।। यो आइमाई हो भन्ठानेर हनुमान्ले धेरै रिस गरेनन् तर यही एक घुस्सी लाग्नाले यसको जम्मै शरीर शिथिल भइगो र घीनलाग्दो मुख तथा नराम्रो अनुहार भएकी यो राक्षसी उल्टिखैरै भूईँमा लडिहाली ।।४१।। यसलाई ढलेको देख्ता र यो आइमाई हो भन्ने समझ लिएर वीर र तेजस्वी हनुमान्ले यसमाथि दया देखाए ।।४२।।

लंकिनी ज्यादै आकुल व्याकुल परेकी थिई, घमण्ड गर्न छोडेर यसले मनमा दया उठ्ने गरी

हनुमान्‌लाई भन्नलागी ॥४३॥ हे महाबाहो वानरश्रेष्ठ ! तिमी प्रसन्न भइजाऊ र मेरो रक्षा गर, हे सज्जन ! पराक्रमी वीरहरू आफ्नो मर्य्यादामा अडिएर रहन्छन् अर्थात् स्त्रीहत्या गर्नामा कदापि तत्पर हुन्नन् ॥४४॥ हे महाबली वानर ! म स्वयं लङ्का नगरी हुँ, तिमीले ता आफ्नो पराक्रमले मलाई जितिहाल्यौ तसर्थ तिमीलाई म एउटा साँचो कुरा भन्दछु, सुन । उहिले स्वयं ब्रह्माले मलाई कसरी वरदान दिएथे सो कुरा सुनाउँछु ॥४५-४६॥ कुनै वानरले आफ्नो पराक्रमले तिमीलाई जित्योभने त्यस समयमा तिमीले अब राक्षसहरूमाथि आपत्ति पर्न आँत्यो भन्ठान्नू भनेर उनले मलाई भनेका थिए ॥४७॥ हे सज्जन ! आज तिम्रो दर्शन पाएकोले ब्रह्माजीले भनेको त्यो समय आएछ भन्ठान्दछु, ब्रह्माले भनेको कुरा साँचो हो यसमा फेरफार हुन सक्तैन ॥४८॥ सीताले गर्दा दुरात्मा रावणको तथा समस्त राक्षसको विनाशकाल आइराखेको छ ॥४९॥ हे वानरश्रेष्ठ ! रावणद्वारा पालना गरिएको यस शहरभित्र पस र आफूलाई जे जे गर्ने इच्छा छ सो गर ॥५०॥ रावणद्वारा पालना गरिएको यस लङ्कापुरीमाथि श्राप परिराखेको छ, तिमी अब यसभित्र जाऊ र इच्छामुताबिक सबै ठाउँमा सुखसँग घुमी सीताको पत्तो लगाऊ ॥५१॥

सर्ग—४

हनुमान् लङ्कापुरीमा रावणको अन्तःपुर हेर्दछन् ।

कपिश्रेष्ठ, महाबली, महातेजस्वी हनुमान्‌ले यस प्रकारसँग आफ्नो पराक्रमद्वारा इच्छाअनुसारको रूप लिन सक्ने सर्वश्रेष्ठ लङ्का नगरीलाई जितेर, ढोकामा नगईकन नै पर्खाल नाघेर रात्रिको समयमा शहरभित्र प्रवेश गरे ॥१-२॥ सुग्रीवको हित गर्नामा तत्पर भइराखेका हनुमान्‌ले शहरभित्र पस्ताखेरि शत्रुहरूको टाउकोमा देब्रे खुट्टा पहिले राखे किनकि शत्रुहरूको शहरभित्र पस्ता पहिले देब्रे खुट्टाले टेक्यो भने विजय हुन्छ भनेर पण्डितहरूले भनेका छन् ॥३॥

यस प्रकारसँग महाबली हनुमान्‌ले रात्रिको समयमा शहरभित्र प्रवेश गरी जतातते फूल छरिराखेकोले शोभायमान देखिनलागेको ठूलो सडकमा हिंड्नलागे ॥४॥ यस रमणीय शहरभित्र पसेपछि हनुमान्‌ले कतै खित्का छाडेर हाँसेको र कतै बाजा बजिराखेको आवाज सुने ॥५॥ जसरी मेघद्वारा आकाशको शोभा हुन्छ त्यसै गरी हीरा, मोती, मणि जडिराखेको झ्याल भएका अति उत्तम घरहरूले गर्दा यस नगरीको शोभा भइरहेको थियो ॥६॥ यस समयमा राक्षसहरूका राम्रा राम्रा घरले गर्दा लङ्का शहर बडो चहकिलो देखिनलागेको थियो, कुनै घर सेतो बादलसमानका थिए र कुनै रङ्गी बिरङ्गी थिए; कुनै घर कमलाकारका, कुनै स्वस्तिकाकारका र कुनै वर्धमाननामक घरको लक्षणले सुशोभित थिए (क), यिनमा ठाउँ ठाउँमा शोभाका लागि किसिम किसिमका फूलका माला झुण्ड्याइराखेका

(क) कमलको जस्तो आकार परेको घरलाई पद्म, दक्षिणतिर ढोका नभएकोलाई वर्धमान र पूर्व्वतिर ढोका नभएकोलाई स्वस्तिक भन्दछन् ।

थिए । सुग्रीवको हित गर्नामा तत्पर भएका र रामचन्द्रको काममा घुमिरहेका हनुमानले यस किसिमका महलहरू देख्ता मनमा बडो आनन्द माने । एउटा अटालीबाट अर्को अटालीमा उफ्रँदै हनुमान् नाना किसिमका घर हेर्दै जताततै जानलागे । यी घरहरूमा छाती, घाँटी र टाउकोबाट उत्पन्न भएका मन्द, मध्य र तार स्वरले युक्त भएका बडा मीठा मीठा गाना हुनलागेको सुनिन्थ्यो ॥७–१०॥ देवलोकमा बस्ने अप्सराहरूले गाएको रागको आवाजझैं कामले उन्मत्त भइराखेका आइमाईको करधनी र पाउजेब-बाट उत्पन्न भएको आवाज यिनले सुने ॥११॥ महात्मा यी राक्षसहरूको घरमा कतै आइमाईले भऱ्याङ चढेको ओर्लेको आवाज, कतै हर्षले ताली बजाइराखेको आवाज, र कतै सिंह गर्जेको जस्तो आवाज पनि सुनिन्थ्यो ॥१२॥ राक्षसहरूको घरमा यिनले कतै वेद मन्त्रको जप हुनलागेको सुने र कतै राक्षस-हरूले वेदपाठ गरिरहेको देखे ॥१३॥ हनुमान्‌ले कतै राक्षसहरूलाई रावणको स्तुति गर्नामा तत्पर भएर गर्जनलागेको र कतै जम्मै सडकै रोकेर उभिइराखेको देखे ॥१४॥ हनुमान्‌ले माझको चोकमा शहरको हाल खबर लैजाने गुप्ती पुलीसको काम गर्ने अनेक राक्षसहरूलाई देखे, यिनमा कोही गृहस्थीको भेषमा कोही जटाधारण गरेर वनवासीको रूपमा र कोही टाउको खौराएर संन्यासीको रूपमा थिए । कसैले गाईको छाला, कसैले हरिणको छाला ओढेका थिए र कोही ता बिलकुल नङ्गा थिए ॥१५॥ यसपछि हनुमान्‌ले अरू पनि किसिम किसिमका राक्षस देखे, कोही एक मुठ्ठी कुशलाई नै आफ्नो हतियार बनाएर लिइराखेका थिए, कसैले कूट र मुद्‌गरनामक अस्त्र लिएका थिए, कोही विजयका लागि अग्नि-कुण्डनेर बसिराखेका थिए, कसैले लठ्ठी र अरू किसिमका हतियार लिइराखेका थिए ॥१६॥ यी राक्षस-हरूमा कसैको एउटा आँखा, कसैको एउटा कान र कसैको छातीमा एउटा स्तन मात्र झुण्डिइरहेको थियो । वाङ्गो टिङ्गो मुख भएका, वेडौल रूप परेका साना साना राक्षसहरू पनि हनुमान्‌ले देखे ॥१७॥ हनु-मान्‌ले धनु धारण गरेका, हातमा तरवार लिएका, शतघ्नी, मुशल नामका हतियार भिरेका, राम्रा राम्रा घुयेंत्रो हातमा लिइराखेका राक्षसहरू पनि देखे; यी सबैको शरीरमा किसिम किसिमका कवच टल्किरहेका थिए । यिनीहरू न धेरै मोटा, न धेरै दुब्ला, न ज्यादै अग्ला, न ज्यादै पुड्का, न अति गोरा न अति काला, न धेरै कुप्रिएका, न धेरै पुड्का थिए ॥१८–१९॥ यी सबै विलक्षण रूपका थिए, कुनै वहुरूप-धारी, कुनै वहुतै राम्रा र कुनै बडा तेजस्वी थिए; कसैले ध्वजा पताका लिइराखेका थिए र कसैले किसिम किसिमका अस्त्र शस्त्र भिरिराखेका थिए ॥२०॥ शक्ति र रूखलाई नै हतियार बनाएर लिइ-राखेका पट्टिश, वज्र, क्षेपणी र पाशो लिइराखेका राक्षस हनुमान्‌ले देखे ॥२१॥ माला पहिरेका, अनेक प्रकारका वास्ना आउने लेप लगाएर सुशोभित भएका, धेरै धेरै मोल पर्ने गहना लगाएर सिंगारिएका, किसिम किसिमको भेष लिएका, आफ्नो इच्छामुताविक मोज मजा गर्ने, तीखा तीखा शूल र वज्र लिइ-राखेका, एक लाख महावली राक्षसहरूलाई हनुमानले बीचको चोकमा बडो सावधान भई पहरा दिन-लागेको देखे ॥२२–२३॥

अन्तःपुरको अगाडि राक्षस रावणको निम्ति तय्यार पारेर राखेको घर हनुमान्‌ले देखे । सुनै

सुनको तोरण लागेको यो घर हेरिसकेपछि हनुमान्‌ले पर्वतको टाकुरामा बनेको रावणको प्रसिद्ध महल देखे । यो सेता सेता कमल फुलिराखेको, पानीले भरिभराउ भएको खाल्डोले चारैतिरबाट घेरिएको थियो ॥२४–२५॥ चारैतिर खाल्डोले घेरिएको यो महल स्वर्गीय भवन जस्तो देखिएको थियो र यहाँबाट स्वर्गमा सुनिने जस्तो आवाज निस्कनलागेको सुनिन्थ्यो ॥२६॥ घोडाले हिहिएको आवाज यहाँ प्रतिध्वनित भइराखेको थियो । किसिम किसिमका घोडा, रथ, तथा अरू किसिमका सवारीले, विमानले, सेतो बादल जस्ता चार दाँत हात्तीले र आनन्दमा मग्न भइराखेका पशु पक्षीले गर्दा यस महलको फाटक बडो राम्रो देखिएको थियो ॥२७-२८॥ हजारौं महाबली राक्षसहरू यस घरको रक्षा गरिरहेका थिए, यस प्रकारसँग सुरक्षित रहेको रावणको यो घरभित्र हनुमान्‌ले प्रवेश गरे ॥२९॥

हनुमान् रावणको घरभित्र पसे, यहाँको चारैतिरको पर्खाल सुनै सुनले बनेको थियो; भित्र जहाँ तहीं धेरै धेरै मोल पर्ने मोती र मणि जडिराखेका थिए, कालो रंगको अति उत्तम प्रकारको अगरू र चन्दनले यो सुवासित भइरहेको थियो ॥३०॥

सर्ग—५

चन्द्रोदय र अन्तःपुरको वर्णन ।

रावणको अन्तःपुरभित्र प्रवेश गरेपछि हनुमान्‌ले आफ्नो किरणद्वारा संसारमा उज्यालो फैलाइरहेका, ताराहरूको बीचमा शोभायमान भइराखेका चन्द्रमालाई गोठमा मत्त भई घुमिरहने साँढे जस्तो देखे ॥१॥ चन्द्रमाले लोकको पापलाई नष्ट गरिदिन्छन्, समुद्रलाई बढाउँछन् र सबै प्राणीलाई उज्यालो दिन्छन्, यस्ता चन्द्रमालाई हनुमान्‌ले आकाशको बीचमा उदाएको देखे ॥२॥ पृथ्वीमा मन्दर पर्वतको जस्तो शोभा हुन्छ, सन्ध्याकालमा समुद्रको जस्तो शोभा हुन्छ, जलमा कमलको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले चन्द्रमामा देखिनलागेको थियो ॥३॥ जसरी चाँदीको पिंजराभित्र हाँसको शोभा हुन्छ मन्दराचलको गुफामा सिंहको शोभा हुन्छ र मत्त हात्तीमा चढेको वीरको शोभा हुन्छ त्यसै गरी आकाशको बीचमा चन्द्रमाको शोभा भइराखेको थियो ॥४॥ तीखा तीखा सींग भएको गोरूको जस्तो, अग्लो टाकुरा भएको श्वेत वर्णको पर्वतको जस्तो, सुनले दाँत मोरिराखेको हात्तीको जस्तो अहिले सम्पूर्ण कलाले युक्त भएका चन्द्रमाको शोभा देखिनलागेको थियो ॥५॥ शीतल जल र हिमरूपी हिलो नष्ट भइसकेका सूर्यका किरणको सम्पर्कले अन्धकार दूर भइसकेका, ज्यादै प्रकाश हुनाले कलङ्क नदेखिने भएका, बीचको भाग निर्मल भएका भगवान् चन्द्रमा शोभायमान देखिनलागेका थिए ॥६॥ गुफाबाहिर सम्म परेको ढुङ्गामा बसेको सिंहको जस्तो शोभा हुन्छ, युद्धभूमिमा उभिएको हात्तीको जस्तो शोभा हुन्छ अथवा राज्य पाउनाले राजाको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले चन्द्रमाको पनि भइराखेको थियो ॥७॥ प्रकाशमान चन्द्रमाको उदय हुनाले रात्रिको अन्धकाररूपी दोष नष्ट भइगयो, राक्षसहरूको मासु खाने दोष बढ्यो, आइमाईको मनमा आफ्ना पतिहरूतिरको प्रेमकलहको दोष उत्पन्न भयो, स्वर्गमा पाइने सुख

प्रकाशित गर्न सकेकोले प्रदोषकाल गौरव युक्त भई शोभायमान हुनलागेको छ ॥८॥ कानलाई आनन्द गराउने सितारको आवाज सुनिनलागेको छ । राक्षसका स्वास्नीहरू आफ्ना आफ्ना लोग्नेसँग सुति-राखेका छन् , अतिशय भयङ्कर स्वभाव भएका निशाचर राक्षसहरूसमेत मोजमज्जा गर्नामा लागि-राखेका छन् ॥९॥

बुद्धिमान् हनुमान्ले परस्परमा जोडिएका घरहरूका अनेक पङ्क्ति देखे । यहाँ धन र बलको घमण्ड भएका, रक्सीले चूर भइराखेका राक्षसहरू बस्तथे । रथ, घोडा र सिंहासन यी घरमा भरिभराउ थिए र वीरताका अनेक चिह्न यहाँ देखिन्थे ॥१०॥ यहाँ राक्षसहरू कुराकानी गर्दा आफू आफूमा खराब वचन बोल्नलागेका थिए, आफ्ना मोटा मोटा पाखुरा निमोठ्न र मतवाला झैं नचाहिने कुरा बडबडाउन लागेका थिए; रक्सीको नशामा चूर भई एउटाले अर्काको निन्दा गर्दथ्यो, ॥११॥ कहिले कोही आफ्नै छातीमा मुक्की हान्दथ्यो, कसैले आफ्नी स्वास्नीलाई च्यापिराखेको थियो, कोही राम्रो राम्रो रूप बनाइरहेका थिए र कोही आफ्नो बलियो धनु चढाउनलागेका थिए ॥१२॥ आइमाईहरू कतै आफ्नो शरीरमा चन्दनादिको लेप लगाइरहेका थिए, कतै सुतिरहेका थिए, कतै राम्रो अनुहार भएकाहरू हाँसिराखेका थिए र कोही रिसले चूर भई लामो लामो साँस फेर्नलागेका थिए ॥१३॥ गर्जन गर्ने ठूला ठूला हात्तीले, विभीषणादि पूजनीय सज्जनले र आनन्दसंग घुरिराखेका वीरहरूले युक्त भएको यो लङ्कापुरी फूँ फूँ गरिरहेका सर्पहरूले भरिभराउ भइराखेको तलाउ जस्तो देखिनलागेको थियो ॥१४॥ हनुमान्ले यहाँ बुद्धिमान् , मीठो बोली बोल्ने, आफूभन्दा ठूलाले भनेको कुरामा श्रद्धा राख्ने, संसारमा विख्यात भएका, नाना प्रकारको रूप भएका र राम्रो नाम भएका अनेक राक्षस देखे ॥१५॥ राम्रो अनुहार भएका, अनेक प्रकारको गुणले युक्त भई आफ्नो गुणअनुसारको व्यवहार गर्ने, कुनै राम्रा र कुनै कुरूप राक्षस-हरूलाई देख्ता हनुमान् बहुतै खुशी भए ॥१६॥

हनुमान्ले यहाँ राम्रा राम्रा गहना लुगा लुगाउने योग्य राक्षसीहरू देखे, यिनीहरूको स्वभाव राम्रो र भित्री दिल बडो शुद्ध थियो, यिनीहरू ठूलो प्रभाव भएका थिए । पतिप्रति प्रेम देखाउनामा र मद्यपान गर्नामा सदा तत्पर रहन्थे, यी सबै तारासमान देखिनलागेका थिए ॥१७॥ लाज मात्रै स्वभाव भएका र आफ्नो सौन्दर्यले प्रकाशमान भइराखेका राक्षसीहरूलाई हनुमान्ले, पोथी चरालाई भाले चराले च्यापेझैं, मध्य रातको समयमा लोग्नेहरूले अंगालो हालिराखेको देखे ॥१८॥ कुनै कुनै राक्षसीहरू कामोन्मत्त भई अटालीको छतमा बसेका थिए र कोही आनन्दसँग आफ्ना आफ्ना लोग्नेको काखमा बसिराखेका थिए । यिनीहरू सदा आफ्ना स्वामीको सेवारूपी धर्ममा तत्पर रहन्थे । हनुमान्को नजर यस्ता राक्षसीहरूमाथि पर्न गयो ॥१९॥ कुनै राक्षसी नाङ्गै बसेका थिए, यिनीहरू विरहिणी हुनाले सुनको तारसमान दुब्लो भइराखेका थिए, यिनको शरीरको रंग खारेको सुनको रंग जस्तो थियो, चन्द्रमाको जस्तो उज्यालो वर्ण भएका यिनीहरू देख्नामा बडा राम्रा थिए ॥२०॥ कोही आफ्नो मन-मनमाफिकको लोग्ने पाउनाले दङ्ग परिराखेका छन् , स्वभावैले अर्काको चित्तलाई आफूतिर तान्न सक्ने

यी परम सुन्दरी राक्षसीहरूलाई खूब फुरुङ्ग परेर घरमा यताउता गरिरहेको हनुमान्ले देखे ॥२१॥ यिनीहरूको मुख देख्ता अनेक चन्द्रमा पङ्क्ति बाँधेर एकै ठाउँमा उदय भएका हुन् कि भन्ने भान पर्दथ्यो। अति राम्रो आँखीभुइँ भएका यी मृगनयनीहरूका गहना अनेक बिजुली चम्केझैं टल्किराखेका थिए। यस्ता प्रकारका राक्षसीहरू हनुमान्जीको नजरको सामुन्ने परे ॥२२॥

हनुमान्ले यी सबैलाई ता देखे तर श्रेष्ठ कुलमा जन्मेकी, धर्ममार्गमा लागेकी, राजकुलमा हुर्केबढेकी, ब्रह्माको केवल मनको कल्पनाले उत्पन्न भएकी, बडो राम्रोसंग बढेको लहरासमानकी कोमलाङ्गी सीतालाई भने कतै देखेनन् ॥२३॥ यी सीताले सनातनमार्गको आश्रय लिएकी थिइन्, रामप्रति अतिशय अनुराग भएकोले सदा यिनको ध्यानमा मग्न रहन्थिन्; सधैं आफ्नो पतिको हृदयमा निवास गर्ने, स्त्रीजातिमा सर्वश्रेष्ठ सीतालाई हनुमान्ले देखेनन् ॥२४॥ आफ्ना पतिदेखि बिछोड भएकोले तापमा परेर सदा आँसु बगाइरहने, पहिले रामचन्द्रको साथमा रहँदाखेरि घाँटीमा उत्तम उत्तम गहना धारण गर्ने, राम्रो आँखीभुइँ र कमलो स्वर भएकी, वनको बीचमा नाचिरहने मयूरीसमानकी सीतालाई हनुमान्ले देखेनन् ॥२५॥

यस समयमा यिनी बादलले ढाकेको चन्द्रमा, धूलो टाँस्सिएको सुनको तार, घाउ पुरिएपछि त्यस ठाउँमा देखिने खत, हावाको झोक्काले छयान्नब्यान्न परेको बादलको टुक्रा जस्तो भएकी थिइन् ॥२६॥ मनुष्यश्रेष्ठ परम उदार रामचन्द्रकी प्रिया सीतालाई धेरै बेरसम्म खोज्दा पनि देख्न नपाएकाले वानरश्रेष्ठ हनुमान्जी केही बेरसम्म दुःखित भई शिथिल परे ॥२७॥

यी सबै घरमा चहारिसकेपछि श्रीमान् हनुमान् राक्षसराज रावणको घरमा पुगे ॥२८॥ वानरश्रेष्ठ हनुमान्ले यहाँ बडो डरलाग्दो आँखा भएका राक्षसहरूले पालैसंग रावणको सुत्ने कोठामा पहरा दिइराखेको देखे ॥२९॥ हनुमान्ले शूल, मुद्गर, शक्ति, तोमर धारण गरिराखेका राक्षसहरूका अनेक डफ्फा राक्षसराज रावणको घरमा देखे ॥३०॥ नाना प्रकारका हात-हतियार भिरेका, अति ठूलो जीउ भएका राक्षसहरूलाई र रातो, सेतो, फुस्रो रंग भएका तथा खूब छिटो दगुर्न सक्ने घोडाहरूलाई त्यहाँ बाँधिराखेको देखे ॥३१॥ हनुमान्ले त्यहाँ असल जातका राम्रा राम्रा हात्ती पनि देखे, यिनीहरू शत्रुको हात्तीलाई परास्त गर्ने किसिमका, राम्रो तालीम पाएका र युद्धमा ऐरावतझैं उपयोगी थिए ॥३२॥ यिनले शत्रु सेनाको विध्वंस पार्ने हात्तीहरूलाई पनि यस घरमा देखे। जसरी बादलबाट पानीको धारा र पर्वतबाट पानीको खोला बग्दछ त्यसै गरी यिनीहरू मादको खोलो बगाइरहेका थिए ॥३३॥ यी हात्तीहरू बादल गर्जेझैं गर्जिरहेका थिए र युद्धमा शत्रुले यिनलाई जित्न सक्तैनथे। यहाँ राक्षसराज रावणको घरमा हनुमान्ले सुनै सुन लगाएकोले सिंगारिएका, सुनैको जालीदार कवच पहिरेका, मध्याह्नकालको सूर्य जस्ता चहकिला हजारौं सिपाही देखे ॥३४-३५॥ वायुपुत्र हनुमान्ले यहाँ नाना किसिमका पालकी, चित्रविचित्रका लता-भवन, तस्वीरले खचिखचाउ भएका अनेक बैठक, विहार गर्न योग्य अनेक घर, मोज मज्जाका लागि बनेका काठै काठका पर्वत, रमणीय विलास घर र दिनमा ऐश आराम गर्नाको निम्ति बनेका अनेक घर

पनि देखे ॥३६–३७॥ मन्दराचल जत्तिकै ठूलो र चहकिलो राक्षसराज रावणको यस घरमा जतातत्तै ध्वजा, पताका, फरफराइरहेका थिए, कहीं रत्नै रत्न थुपारिराखेको थियो र कतै नाना प्रकारका पदार्थको भण्डार थियो, सिपालु कालिगडहरूले बनाएको कुवेरको जस्तो यस घरमा ठाउँ ठाउँमा पलुवा मजूरहरूलाई बस्ने ठाउँ तय्यार पारेको थियो ॥३८–३९॥ जसरी सूर्यनारायण आफ्ना किरणद्वारा शोभायमान हुन्छन् त्यसै गरी यो घर पनि रत्नहरूको चहकले र रावणको तेजले गर्दा सुशोभित भइराखेको थियो ॥४०॥ हनुमान्ले यहाँ पलङ्ग, चौकी, र नाना प्रकारका चहकिला भाँडाकुँडा सबै सुनै सुनले बनेको देखे ॥४१॥ कुवेरको जत्तिकै रमणीय यस घरमा जहाँतहीं रक्सीको झोलले गर्दा हिलै हिलो भइराखेको थियो, मदिरा पान गर्नाका लागि जतातत्तै रत्नै रत्न जड़िएका भाँडा तय्यार थिए, यहाँका सबै चीज बडा राम्रा र ठीक ठीक ठाउँमा काइदासाथ राखिएका थिए ॥४२॥ पाउजेबको झङ्कार, करधनीको ध्वनि, मृदङ्ग र अरू अरू किसिमका बाजाको शब्दले यो घर गुञ्जायमान भइरहेको थियो ॥४३॥ यस घरमा अनेक अटाली थिए जहाँ बडा राम्रा राम्रा सयकडौं आइमाई बसिराखेका थिए र यहाँका ढोका बडो बलियोसंग बनेका थिए । हनुमान्ले यस प्रकारको विशाल घरमा प्रवेश गरे ॥४४॥

सर्ग—६

राजदरबार र मुख्य मुख्य राक्षसहरूको घरमा सीताको खोजी ।

इच्छाअनुसारको रूप धारण गरेका हनुमान् फूर्तिसाथ अटाली अटाली चहार्दै समस्त लङ्कापुरीमा घुम्नलागे ॥१॥ घुम्दा घुम्दै हनुमान् राक्षसराज रावणको घरमा पुगे, यो घर सूर्यसमानको चहक भएका परखालले चारैतिरबाट घेरिएको थियो ॥२॥ जसरी सिंहले महावनको रक्षा गर्दछन् त्यसै गरी भयङ्कर राक्षसहरूले यस घरको रक्षा गरिरहेका थिए । यस राजभवनको प्रकाशले गर्दा हनुमान्समेत बडो चहकिलो देखिनलागे ॥३॥ चित्र-विचित्रको राजभवनको चाँदीको तोरणमा किसिम किसिमका सुनका बुट्टा काढिएका थिए, अनेक द्वार तथा नाना किसिमका ढोकाले गर्दा यो भवन बडो राम्रो देखिएको थियो ॥४॥ हात्तीमा सवार भएका हात्तीवान्हरू र कहिले पनि नथाक्ने वीर योद्धाहरू यहाँ उपस्थित थिए । बडो छिटोसँग दगुर्ने घोडाहरू रथमा जोतिएका थिए ॥५॥ सिंह बाघको छालाले मोरिएका, हात्तीदाँत, सुन र चाँदीले सिंगारिएका रथ यहाँ चारैतिर घुमिरहेका थिए र यिनमा झुण्ड्याइराखेको घण्टीबाट आवाज आइरहेको थियो ॥६॥ यी रथमा नाना तरहका रत्न जडिएका थिए, राम्रा राम्रा बिछौना ओच्छ्याइएका थिए र महारथीहरूले बस्न सुहाउने किसिमका ठूला ठूला रथ राख्ने ठाउँ तय्यार पारेको थियो ॥७॥ बहुतै राम्रा र हेर्न योग्य हजारौं किसिमका पशु पक्षी त्यहाँ जतातत्तै राखिछोडेको थियो ॥८॥ नम्र स्वभावका राक्षस-कोतवाल यस भवनको रक्षाको लागि नियुक्त थिए, राम्रा राम्रा मुख्य मुख्य आइमाई महलमा जतातत्तै भरिभराउ देखिन्थे ॥९॥ रावणराजको यो घर दङ्गादङ्गी परेका आइमाईले भरिपूर्ण थियो र यिनका किम्मती गहनाबाट समुद्रको आवाजसमानको

शब्द निस्किराखेको थियो ।।१०।। यस घरमा राजाले भोग गर्न सुहाउने किसिमका सबै सामग्री तय्यार पारिरखेको थियो र उत्तम प्रकारको चन्दनको बास्ना जतातत्तैबाट आइरहेको थियो; जसरी महावनलाई सिंहले भरेका हुन्छन् त्यसै गरी ठूला ठूला मानिसले यस घरलाई भरिराखेका थिए ।।११।। यो घर भेरी, मृदङ्ग र शङ्खको शब्दले गुञ्जायमान भइराखेको थियो र राक्षसहरू सदा यहाँ तिथि, पर्वको दिनमा आफ्ना इष्टदेवताको पूजा गर्दथे ।।१२।। मनस्वी रावणको यो बडेमानको घर समुद्रसमान गम्भीर थियो र समुद्रको जस्तै शब्द यहाँबाट निस्किरहेको थियो, यहाँ उत्तम उत्तम रत्नका सामग्री पनि जम्मा पारिराखेका थिए ।।१३।। महाकपि हनुमान्‌ले अनेक रत्नले युक्त भएको र स्वयं रावण विराजमान भएको यस घरलाई देखे, यहाँ जतातत्तै घोडा हात्ती रथले व्याप्त गरेको थियो ।।१४।। हनुमान्‌ले यस घरलाई लङ्काको गहनातुल्य संझेर रावणको यस घरको अगलबगलमा घुम्नलागे ।।१५।।

एउटा घरबाट अर्को घरमा उफ्रेर तथा राक्षसहरूको बाग बगैंचा हेर्दा, हनुमान् मनमा अलिकता पनि डर नमानी अटाली अटाली चहार्नलागे ।।१६।। ठूलो वेग भएका पराक्रमी हनुमान् प्रहस्त नाम गरेको राक्षसको घरबाट ओर्ली महापार्श्व नाम गरेको राक्षसको घरमा आए ।।१७।। मेघसमानको अग्लो कुम्भकर्ण तथा विभीषणको घरमा पनि महाकपि हनुमान् पुगे ।।१८।। यसपछि महोदर, विरूपाक्ष, विद्युज्जिह्व, विद्युन्माली, वज्रदंष्ट्र, शुक र बुद्धिमान् सारणको घरमा ठूलो वेग भएका हनुमान् उफ्रँदै गए ।।१९–२०।। इन्द्रजित, जम्बुमाली, सुमाली, रश्मिकेतु, वज्रकाय, धूम्राक्ष, सम्पाती, विद्युद्रूप, भीमघन, विघन, शुकनाभ, चक्र, शठ, कपट, ह्रस्वदंष्ट्र, लोमश, युद्धोन्मत्त, मत्त, ध्वजग्रीव, सादी, विद्युज्जिह्व, द्विजिह्व, हस्तिमुख, कराल, विशाल, शोणिताक्ष आदि गरिएका राक्षसहरूको घरमा ठूलो वेग भएका पराक्रमी हनुमान् क्रमैसँग उफ्रँदै गए ।।२१–२६।। यी धनी राक्षसहरूको उत्तम उत्तम प्रकारका घरमा महायशस्वी हनुमान्‌ले यिनका सबै धन सम्पत्ति देखे ।।२७।।

सर्ग—७

राजभवनको वर्णन ।

महाबली हनुमान्‌ले रावणका यी घरहरू देखे जहाँ कि सुनै सुनको झ्यालमा पन्ना जडिराखेको थियो । वर्षाकालमा बिजुली र बकुल्लाको पङ्क्तिले शोभायमान भइराखेका बादलको झैं यिनीहरूको शोभा देखिनलागेको थियो ।।१।। असल असल शङ्ख, हात-हतियार र धनु राख्नाको निम्ति बनेका अनेक ठूला ठूला कोठा हनुमान्‌ले त्यस घरमा देखे । पर्वतसमानको यस अग्लो रमणीय घरमा सबभन्दा माथिको टुप्पामा चन्द्रशाला नामले विख्यात भएको कोठा बनेको देखे ।।२।। लंकाधिपतिका यी घर किसिम किसिमका रत्न र नाना प्रकारका द्रव्यले परिपूर्ण थिए, देवता र असुरहरूसमेत यिनको प्रशंसा गर्दथे, यहाँ कुनै कुराको त्रुटि थिएन, रावणले आफ्नै बाहुबलले जितेका यी घर हनुमान्‌ले देखे ।।३।।

यी सबै घर बडो प्रयत्नले बनेका थिए, पृथ्वीतलमा स्वयं विश्वकर्माले नै यिनलाई बनाएका हुन् कि जस्तो भान हुन्थ्यो, हनुमान्‌ले सबै गुणले युक्त भएका यस्ता श्रेष्ठ महलहरू देखे ।।४।। मेघसमानका अग्ला, सुनको जत्तिकै चहक भएका, रावणको बललाई सुहाउने किसिमका बडा राम्रा राम्रा सर्वश्रेष्ठ घर हनुमान्‌ले देखे, यिनीसंग दाँजिन सक्ने अरू कुनै घरै थिएनन् ।।५।। नाना प्रकारका रत्नले परिपूर्ण भएकोले अतिशय शोभायमान भइराखेका यी घर पृथ्वीतलमा ओर्ल्हिराखेको स्वर्गसमान प्रकाशमान देखिन्थे । किसिम किसिमका रूखका फूलले व्याप्त भएकाले यी घर फूलको धूलोले ढाकिएका पर्वतका शिखरसमान देखिएका थिए ।।६।। जसरी बिजुलीले गर्दा बादल प्रकाशमान हुन्छ त्यसै गरी राम्रा राम्रा आइमाईले गर्दा यी घर प्रकाशमान भइराखेका थिए अथवा हाँसले तानिरहेका आकाशचारी राम्रा राम्रा विमानको जस्तो शोभा देखाइरहेका थिए ।।७।। जसरी अनेक प्रकारका धातुले गर्दा पर्वतको शिखर चित्र-विचित्रको देखिन्छ, जसरी चन्द्रमा र अरू अरू ग्रहले आकाश शोभित हुन्छ त्यसै गरी अनेक रत्न जडिराखेको र बडो प्रयत्नले मेघको राम्रो चित्र बनाएकोले अतिशय शोभायमान भइराखेको विमान हनुमान्‌ले देखे ।।८।। यस विमानमा जुन बस्ने ठाउँ थियो त्यहाँ नक्कली पहाड बनाइराखेको थियो र यस पर्वतमा पहाडी रूख भरिभराउ थिए । रूखमा फूल फुलिराखेका थिए र फूल, केशर तथा पातले भरिपूर्ण थिए ।।९।। यस विमानमा सेतो रंगका अनेक महल बनेका थिए र राम्रा राम्रा फूलले शोभित भएका अनेक पोखरी थिए, यी पोखरीमा केशरसहितका कमल फुलिराखेका थिए । यस विमानमा चित्र-विचित्रका वन र तलाउ पनि थिए ।।१०।। रत्नहरूको तेजले चहकिलो देखिएको, जताततै घुमिरहने, देवताहरूको विमानभन्दा पनि बढिया, पुष्पक नाम गरेको यस विमानलाई हनुमान्‌ले देखे ।।११।। यस विमान-मा पन्ना चाँदी र मूँगाले बनेका चरा र किसिम किसिमका धातु जडेकोले चित्रविचित्र देखिने सर्पहरू राखिएका थिए, विमानमा राख्न सुहाउने राम्रा राम्रा अङ्ग भएका घोडाहरू पनि बनेका थिए ।।१२।। यी चराहरूको पखेटामा मूँगा जडेको र सुनको पाता टाँसेको थियो, यिनीहरू सजिलैसँग आफ्ना पखेटा-लाई बंग्याउन र खुम्च्याउन सक्तथे, यिनीहरूको मुख अत्यन्त राम्रो थियो र पखेटा ता साक्षात् कामदेवकै पखेटासमान राम्रो थियो ।।१३।। यस विमानभित्रको एउटा तलाउमा श्रीलक्ष्मीको खूबै राम्रो मूर्त्ति बनेको थियो र मूर्त्तिको रमणीय हातमा कमल शोभायमान भइराखेको थियो, यसको अगल बगलमा अति उत्तम सूँड भएका हात्ती थिए जसको सूँडमा कि केसरसहितको कमल विराजमान थियो ।।१४।। राम्रा राम्रा गुफा भएको पर्वतसमानको रमणीय यस घरमा प्रवेश गरेपछि हनुमान् बहुतै छक्क परे । वसन्त ऋतुको आगमन समयमा अति मीठो बास्ना उत्पन्न गर्ने, राम्रा राम्रा टोड्का भएको रूखसमानको यस घरभित्र पस्ताखेरि हनुमान्‌ले बहुतै आश्चर्य्य माने ।।१५।।

यस प्रकारसँग हनुमान्‌जी रावणद्वारा पालना गरिएको, तारीफ गर्नुपर्ने किसिमको, लंकापुरीभित्र पसेर जताततै घुम्नलागे तर महात्माहरूद्वारा प्रशंसा पाएकी, पतिका गुणको स्मरण गर्नाले बाँचिराखेकी अतएव दुःखिनी सीतालाई नदेख्ता नीतिमार्गको अवलम्बन गरेका, शुद्ध अन्तस्करण भएका, शास्त्रीय

ज्ञानरूपी नेत्रले युक्त भएका, परिआएको कुराको निर्णय गर्नामा सिपालु भएका यी हनुमान्‌को चित्त बहुतै दुःखित भयो ॥१६-१७॥

सर्ग—८

पुष्पक विमानको वर्णन ।

बुद्धिमान् वायुपुत्र हनुमान्‌ले रावणको घरमा पुगेपछि नाना प्रकारका राम्रा राम्रा मणि जडेको, खारेका सुनले बनेको झ्याल लागेको पुष्पक नाम भएको एउटा अति ठूलो विमान देखे ॥१॥ अनुपम चित्रकारीले युक्त भएको यस विमानको स्वयं विश्वकर्मोले समेत प्रशंसा गरेका थिए । आकाशको वायुमार्गमा जाँदाखेरि यो विमान सूर्यमार्गको एउटा चिन्हो जस्तो देखिन्थ्यो ॥२॥ बडो प्रयत्नले नबनेको कुनै चीज पनि यस विमानमा देखिन्नथ्यो, यसको कुनै भाग यस्तो थिएन जहाँ कि धेरै मोल पर्ने रत्नहरू नजडिएका हुन्, यसको सुनसुकै कालिगडीमा केही न केही विशेषता देखिन्थ्यो, यस प्रकारको कालिगडी ता देवताहरूको विमानमा समेत देखिन्नथ्यो ॥३॥

रावणले तपस्या र भगवद्भक्तिद्वारा जुन पराक्रम भेट्टाएको हो त्यही पराक्रमको प्रभावले यो विमान भेट्टाउन सकेको हो; मनको इच्छाअनुसार यो विमान जतातत्तै जान सक्तथ्यो । यसमा नाना प्रकारका बैठक विशेषरूपले बनेका थिए । देवताहरूको विमान बनाउँदाखेरि काममा लगाइने धेरै धेरै मोल पर्ने रत्नहरूले यो बनेको थियो ॥४॥ मालिकको इच्छाअनुसार यो विमान खूबै छिटो जान सक्तथ्यो, यसको वेग वायुको वेग जत्तिकै थियो, अरू कसैले यसलाई लिने विचारै गर्नुपर्दैनथ्यो । यो विमान इन्द्रसमानका बडा यशस्वी, ठूलो सम्पत्ति भएका महात्माहरूको घर जस्तो थियो ॥५॥ यो विमान अक्सर गरेर आफ्नो विशेष गतिअनुसार शून्य आकाशमा घुमफिर गर्दथ्यो, नाना प्रकारका पदार्थ यसभित्र भरिएका थिए, किसिम किसिमका कोठा बैठक यहाँ मौजूद थिए, मनलाई आनन्द गराउने शरत् कालको चन्द्रमा जस्तै यो निर्मल थियो र चित्र-विचित्रका टाकुरा भएको पर्वतसमान देखिन्थ्यो ॥६॥ यसलाई चलाउनको निम्ति हजारौं आकाशचारी, छिटो दगुर्न सक्ने भूतहरू खटिएका थिए, रातमा भ्रमण गर्ने यी भूतहरूलाई खूब खानुपर्दथ्यो, कुण्डल धारण गरेका यिनीहरूको मुख निकै राम्रो देखिन्थ्यो, यिनका ठूला ठूला आँखा बाटुला र केही बाङ्गा पनि देखिन्थे ॥७॥ वसन्त ऋतुमा उत्पन्न भएका फूलहरूको थुप्रो लगाइराखेको यो विमान वसन्त ऋतुभन्दा पनि बढ्ता राम्रो देखिएको थियो । वानरश्रेष्ठ हनुमान्‌ले पुष्पक नाम गरेको यस उत्तम विमानलाई देखे ॥८॥

सर्ग—९

रावणको अन्तःपुरको वर्णन ।

त्यस श्रेष्ठ महलको बीचमा वायुपुत्र हनुमान्‌ले आधा योजन चौडा र एक योजन लामो एउटा बहुतै निर्मल तथा ठूलो राम्रो घर देखे, राक्षसराज रावणको यस घरमा अनेक अटाली थिए ॥१-२॥

शत्रुको विनाश पार्ने हनुमान्‌जी ठूला ठूला आँखा भएकी सीतालाई खोज्न भनी त्यस घरको चारैतिर घुम्नलागे ।।३।। अरू राक्षसहरूको घर घर चहार्दा चहार्दैमा श्रीमान् हनुमान्‌ले रावणको यो घर देखे ।।४।। यस घरमा चारदाँते र तीनदाँते हात्ती बेठेगान थिए र हतियार भिरेका राक्षसहरू यसको रक्षामा लागेका थिए ।।५।। रावणका राक्षसजातिका स्वास्नीहरूले र आफ्नो पराक्रमद्वारा हरण गरेर ल्याएका राजकुमारीहरूले यो घर भरिभराउ थियो ।।६।। नक्र, मकर, तिमिंगिलनामक माछा र सर्पले व्याप्त भएको यो घर वायुको वेगले गर्दा कम्पायमान भइराखेको समुद्र जस्तै देखिनलागेको थियो ।।७।। कुवेर, चन्द्रमा र इन्द्रकहाँ जुन शोभा देखिन्थ्यो, कहिले पनि नाश नहुने त्यही रमणीय शोभा रावणको घरमा पनि देखिएको थियो ।।८।। राजा कुवेर, यमराज र वरुणको घरमा जति सम्पत्ति हुन्छ त्यत्तिकै अथवा त्योभन्दा पनि बर्ता सम्पत्ति रावणको यस रमणीय घरमा थियो ।।९।। यस घरको बीचमा वायुपुत्र हनुमान्‌ले अनेक मतवाला हात्तीले परिपूर्ण भएको, वडो राम्रो ढाँचाले बनेको रावणले सुत्ने गरेको एउटा खण्ड देखे ।।१०।। ब्रह्माको निम्ति विश्वकर्माले स्वर्गमा बनाएको, नाना प्रकारका रत्नले सिंगारिएको जुन पुष्पक विमान थियो र जसलाई कुवेरले ठूलो तपस्या गरेर आफ्नो गराएथे त्यही विमान रावणले आफ्नो पराक्रमद्वारा कुवेरलाई जितेर आफूकहाँ ल्याइराखेको थियो ।।११-१२।। सुनै सुनका भेडाको चित्र अङ्कित भएको यो विमान नाना प्रकारका सुन र चाँदीका खम्बाले तथा आफ्नो तेजले अतिशय राम्रो देखिएको थियो ।।१३।। यस विमानमा मेरु र मन्दरसमानका अग्ला अग्ला गुप्ती घर र विहार गर्ने घर बनेका थिए जो कि ज्यादै अग्लो हुनाले आकाशलाई छुने जस्ता देखिन्थे ।।१४।। विश्वकर्माले वडो सिप लगाएर सूर्य र अग्निसमानका चहकिला यी गुप्ती घर र विहार घर बनाएका हुन् । यसमा सुनै सुनको भऱ्याङ र राम्रा राम्रा वेदी बनेका थिए ।।१५।। झ्यालहरूमा सुन र स्फटिकको जाली लागेको थियो । इन्द्रनील, महानील र अरू उत्तम प्रकारका मणि लगाएर बनेका वेदीहरूले शोभा दिइराखेका थिए ।।१६।। नाना प्रकारका मूँगा धेरै धेरै मोल पर्ने मणि र बाटुला मोती-का दाना यी वेदीहरूका तलामा छापेका थिए ।।१७।। सुनझैं टल्कने, मीठो बास्ना आइराखेको चन्दनको लेप लगाएको यो विमान मध्याह्न कालको सूर्यझैं चम्किराखेको थियो ।।१८।। यस प्रकारको दिव्य पुष्पक विमान देखेपछि वानरराज हनुमान् त्यसमा चढे, त्यहाँ बसेर यिनी खाने पिउने पदार्थको बास्ना सुँघ्नलागे । यो बास्ना अलौकिक थियो र सर्वत्र व्याप्त भइराखेको वायुले साक्षात् गन्धस्वरूप धारण गरेको हो कि जस्तो लाग्दथ्यो । यस गन्धले महाबली हनुमान्‌लाई, कुनै मीतले आफ्नो मीतलाई "यहाँ आऊ यहाँ आऊ" भनेर बोलाएझैं, रावण भएको ठाउँनेर बोलाउनलागेको थियो ।

पुष्पक विमानबाट ओर्लेपछि हनुमान्‌ले एउटा खूब राम्रो र ठूलो कोठा देखे ।।१९-२१।। यो कोठा रावणलाई आफ्नी प्यारी स्वास्नी जत्तिकै मन परेको थियो । यस कोठामा जाने भऱ्याङमा मणि नै मणि जडेको र यहाँको झ्यालमा सुनै सुनको जाली लागेको थियो ।।२२।। यहाँ भुइँमा स्फटिक ओछ्याइएको र बीच बीचमा हात्तीदाँत जडेको थियो । मोती, हीरा, मूँगा, चाँदी, सुन तथा अरू अरू किसि-

मका मणिले सिंगारिएका अनेक थाम यस कोठामा थिए। सोझा, चिल्ला, अग्ला, नाना किसिमले सिंगारिएका यी थामहरू यस कोठाका पखेटा जस्ता थिए, यिनैद्वारा यो कोठा आकाशमा उड्ने हो कि जस्तो भान पर्दथ्यो। पृथ्वीका तलाउ, समुद्र, पर्वत इत्यादिको चित्र भएको एउटा खूब ठूलो गलैंचा त्यहाँ ओछ्याइएको थियो ।।२३-२५।। यो सुत्ने कोठा, राज्य घर इत्यादिले युक्त भएको पृथ्वीसमान खूब ठूलो थियो। यहाँ मत्त परेका चराहरू बोलिरहेका थिए र बडो मीठो बास्ना आइराखेको थियो ।।२६।। धेरै मोल पर्ने ओच्छयान यहाँ ओच्छ्याइएका थिए र राक्षसराज रावण यहीं बस्तथ्यो। अगरूधूपको धूँवाले यो कोठा भरिएको थियो र हाँसको रंगझैं स्वच्छ देखिन्थ्यो ।।२७।। पत्र, पुष्प आदि गरिएका उपहारका पदार्थले गर्दा विचित्र वर्ण भएको यो कोठा वशिष्ठकी कल्मासी नाम गरेकी कामधेनु झैं मनले चिताएको कुरा पुऱ्याउने, चित्तलाई प्रसन्न गराउने शरीरको शोभा बढाउने, शोक हटाउने, साक्षात् दिव्य शोभा उत्पन्न गराउने किसिमको थियो। यस समयमा हनुमान्का आँखा, कान, आदि गरिएका पाँच इन्द्रियलाई रूप, रस, गन्ध, स्पर्श र शब्द यी पाँच विषयद्वारा यस कोठाले आमाले झैं तृप्त गरिदियो। रावणद्वारा पालना गरिएको यो ठाउँ, स्वर्ग, देवलोक, इन्द्रको राजधानी अथवा ब्रह्मलोक हुनुपर्दछ भन्ने विचार हनुमान्को मनमा आयो ।।२८-३०।। यहाँ बत्ती बलिराखेका सुनका पानस ठूलो जुवाडीद्वारा परास्त भएको सानो जुवाडीझैं अचल भएर ध्यान गर्नलागेका जस्ता देखिन्थे ।।३१।। बत्तीको उज्यालोले, रावणको तेजले र गहनाहरूको चमकले गर्दा यो घर आगोको ज्वाला जस्तो देखिएको थियो ।।३२।।

यसपछि हनुमान्ले नाना प्रकारको शृङ्गार गरेका, किसिम किसिमका माला र लुगा पहिरेका हजारौं राम्रा राम्रा आइमाईलाई गलैंचामा सुतिराखेका देखे ।।३३।। आधारात बितेको हुनाले मोजमज्जा सिध्याएर रक्सीको नशामा चूर भई यी आइमाई बेहोशसंग सुतिरहेका थिए ।।३४।। यी आइमाईहरू सुतेको बडो राम्रो देखिएको थियो, आवाज भनेको कतैबाट आउँदैनथ्यो र यी सबै सिंगारिएका थिए। यहाँको यस वेलाको शोभा हाँस र भ्रमराको शब्द नसुनिने बड़ेमानको कमलको वनको जस्तै थियो ।।३५।। हनुमान्ले कमलको जस्तो बास्ना आउने यिनीहरूको मुख देखे, यिनीहरूको दाँत टम्म जोरिएका र आँखा बन्द थिए ।।३६।। दिनमा जसरी कमल फुल्दछन् र रात्रिमा कोपिलाको रूप लिन्छन् त्यसै गरी रात्रिको समयमा यी आइमाईका मुखरूपी कमल टप्प बन्द भइराखेका थिए ।।३७।। जसरी फुलेका कमलहरूको भ्रमराहरू चाहना गर्दछन् त्यसै गरी यी मुखरूपी कमलको पनि मतवाला भ्रमराले अवश्य चाहना गर्नेछन्। महाकपि हनुमान्ले युक्तिद्वारा यस्तै कुरा विचार गरे। यिनले बास्ना आदि गुणले गर्दा कमलमा र यी आइमाईको मुखमा केही भेद देखेनन् ।।३८-३९।।

जसरी शरत्कालको निर्मल आकाश ताराहरूले गर्दा राम्रो देखिन्छ त्यसै गरी रावणको यो खण्ड यी आइमाईले गर्दा सुशोभित भइराखेको थियो ।।४०।। चारैतिरबाट ताराले घेरिएका चन्द्रमाको जस्तो शोभा हुन्छ, आइमाईले घेरिराखेको रावणको पनि त्यस्तै शोभा देखिएको थियो ।।४१।। पुण्य

साकएपछि आकाशबाट जो तारा खस्तछन् तिनै तारा आइमाईको रूप लिएर यहाँ जम्मा भएका हुन् भनेर हनुमान् मनमा तर्कना गर्नलागे ।।४२।। किनकि निर्मल तेज भएका ठूला ठूला ताराहरूको कान्ति, रूप, र सफाइ यी आइमाईमा पनि देखिन्थ्यो ।।४३।। अनेक स्वास्नी मानिसका कपालका रौं, फूलका मोटा मोटा माला, र लगाएका गहना फुकेका र जतातत्तै छरिएका थिए, किनकि मदिरा पान गरिसकेपछि नाच गानको परिश्रमले गर्दा थाकेर यिनीहरू निद्रामा बेहोश झैं सुतिराखेका थिए ।।४४।। कसैको निधारको टीका मेटिएको थियो, कसैको पाउजेब खुट्टाबाट झरिराखेको थियो र कुनै कुनै यी राम्रा आइमाईले लगाएको हार चुँडिएर यिनकै अगल बगलमा त्यसै पडिराखेको थियो ।।४५।। कसै कसैको मोतीको माला चुँडिएकाले मोतीका दाना यिनको चारैतिर फिंजिइराखेका थिए । कसैको लगाएको लुगा फुस्किराखेको थियो, कसैको कन्धनी झरेको थियो अतएव यिनीहरू भारी बोक्ता बोक्ता थाकेकी घोडी जस्ता देखिन्थे ।।४६।। धेरैको कानको कुण्डल झरेको थियो, कसैको माला चुँडिएकोले किचिमिची भइराखेको थियो तसर्थ यिनीहरू फूल फुलिराखेको तर हात्तीले कुल्चेका फूलको लहरा जस्तै देखिन्थे ।।४७।। कुनै कुनै आइमाईको चन्द्रमाको जस्तो टलक भएको हार झरेर दुई स्तनको बीचमा थुप्रिएकोले सुतिरहेको हाँस जस्तो देखिनलागेको थियो ।।४८।। कसै कसैको दुई स्तनको बीचमा आइराखेको पन्नाको हार कलहाँस जस्तो देखिएको थियो र कसैको स्तनको माझमा झुण्डिएको सुनको सिक्रीले चक्रवाक चराको शोभा दिइराखेको थियो ।।४९।। यी स्त्रीहरूको नदीहरूसँग उपमा दिनुपर्दछ, माथि कहिएका हाँस कलहाँस तथा चक्रवाक चरा यिनका गहना थिए र यिनका राम्रा राम्रा तिघ्रा नदीको किनारा जस्तै देखिएका थिए ।।५०।। यिनका कन्धनीले सुवर्णमय कमलका कोपिलाको शोभा दिइराखेका थिए । यिनका नाना प्रकारका श्रृङ्गारलाई ग्राह संझनुपर्दछ, पतिको अनुकूल चल्नाले उत्पन्न भएको यशलाई कीर्ति संझनुपर्दछ, यस प्रकारसँग यी सुतिरहेका आइमाईहरू नदीसमान देखिएका थिए।।५१।। कुनै कुनै स्त्रीको कोमल शरीरमा अथवा स्तनको टुप्पामा मर्दन गर्नाले परेको डामले पनि गहनाको जस्तो शोभा दिइराखेको थियो ।।५२।। कसै कसैको आँचलको टुप्पो मुखमाथि आइराखेको थियो, मुखबाट निस्केको सासको हावा लाग्नाले वारंवार फरफराइराखेकोले यसले पनि खूबै शोभा दिइराखेको थियो ।।५३।। रावणका स्वास्नीहरूको मुखको हावा लाग्नाले उडेका यी चहकिला लुगाहरू नाना रंगका सुवर्णमय तारा जडिएका हावामा फरफराइराखेका पताका जस्ता देखिनलागेका थिए ।।५४।। कुनै कुनै अति राम्रो तेज भएका आइमाईले लगाइराखेका कुण्डल मुखको हावा लाग्नाले बिस्तारै बिस्तारै हल्लिराखेका थिए ।।५५।। शर्करासव नामक गरेका मदिराबाट स्वभावैले मीठो बास्ना निस्कन्छ । यस सुगन्धसँग मिसिएको यी आइमाईको मुखबाट निस्केको हावा रावणको सेवा गर्नलागेको थियो ।।५६।। रावणका कुनै कुनै स्वास्नीहरू यो रावणको मुख हो भन्ठानेर वारंवार आफ्ना सौताहरूको मुखमा म्वाइँ खानलागे ।।५७।। यी सुन्दरीहरूको मन रावणमाथि अत्यन्त आसक्त भइराखेको थियो, अतएव शराबको नशाको वशमा परेकाले सौताको मुखलाई आफ्नो लोग्नेको मुख संझेर यिनीहरू प्रेमको व्यवहार

गर्नलागेका थिए ॥५८॥ कोही बाजू लगाएको हात टाउकोमुनि राखेर सुतेका थिए र कोही आफ्नो राम्रो पच्छयौरालाई तकिया जस्तो तुल्याएर सुतेका थिए ॥५९॥ कोही कसैको छातीमाथि, कोही कसैको पाखुरामा सिरान गरेर, कोही कसैको काखमा टाउको राखेर र कोही अर्काको स्तनलाई तकिया तुल्याएर सुतेका थिए ॥६०॥ शराबको नशामा परेकाले र पतिमाथिको प्रेमले गर्दा यी आइमाईहरू आफू आफूमा तिघ्रा, कम्मर, कोखा, पीठिउँ जोरी परस्पर टाँसिएर सुतेका थिए ॥६१॥ यी सुन्दरीहरू आफू आफूमा टाँस्सिएकोले बडो प्रसन्न थिए र एउटाले अर्कोको हात समातेको समात्यै मस्तसँग सुतिराखेका थिए ॥६२॥ परस्पर हातरूपी डोरीमा उनिएका यी आइमाईहरू एउटै माला जस्तो बनेका थिए । एउटै डोरीमा उनिएको, भ्रमरासहितको फूलको मालाझैं यस स्त्री-मालाको शोभा देखिएको थियो ॥६३॥ रावणका स्वास्नीहरूको यो जमात लहराको वन जस्तो थियो । वसन्त ऋतुमा लहरा र स्त्री-जाति यी दुवै थरी प्रफुल्लित देखिन्छन् । हावा लाग्नाले फूल फुलेका लहराहरू आफू आफूमा जोरिएर माला जस्तो बन्दछन्, रावणका स्वास्नीहरू पनि कपालमा फूल घुसारेकाले र आफू आफूमा टांस्सिएकाले ठीक यस्तै देखिएका थिए । लहरामा भ्रमरा हुनेमा आइमाईका कपालमा पनि भ्रमरा जस्तै काला काला रौं थिए ॥६४-६५॥ यी सुन्दरीहरूले ठीक ठीक ठाउँमा गहना, लुगा, फूलको माला पहिरेका थिए तापनि बेसरी टांस्सिएर सुतेकाले यो फलानीको शरीर, यो फलानीको गहना र यो यसको फूल हो भनेर छुट्ट्याउन गाह्रो थियो ॥६६॥ रावणलाई यस समयमा मस्तसँग सुतेको देखेर बलिरहेका सुवर्णमय बत्तीहरू एक टक लगाएर, नाना प्रकारका शोभाले सुशोभित भइराखेका यी सुन्दरीहरूलाई हेर्नलागेका थिए अर्थात् रावण ब्यूँझै भएको वेलामा यसका स्वास्नीहरूलाई हेर्ने कसैको ताकत थिएन ॥६७॥ राजर्षि, ब्राह्मण, दैत्य, गन्धर्व तथा राक्षसहरूका कन्या कामको वशमा परेर रावणका स्वास्नी बनेका थिए ॥६८॥ यिनीहरूमध्ये धेरै-जसोलाई रावणले युद्ध गर्ने इच्छाले अर्थात् यिनको हरण गर्नाले यिनका बाबुहरू मसित युद्ध गर्न आऊन् भन्ने मनसायले हरेर ल्याएको थियो, कोही कोही ता कामातुर भई स्वयं उसकहाँ आएका थिए ॥६९॥ रावण पराक्रमी थियो तापनि यसले कसैकी स्वास्नी बलजफ्तीसँग हरेर ल्याएको थिएन, केवल आफ्नो गुणको प्रभावले यसले यिनीहरूलाई भेट्टाएको हो, जानकीको सिवाय त्यहाँ अर्काको चाहना गर्ने अथवा पहिले नै अर्काकी स्वास्नी भइसकेका कुनै आइमाई थिएनन् ॥७०॥ यी सुन्दरीहरूमध्ये न कुनै छोटो कुलका, न कुनै नराम्रा, न कुनै पाखे मिजासका, न कुनै राम्रा गहना, लुगा नलगाएका, न कुनै अशक्त थिए, न यिनीहरूमध्ये कोही यस्ता थिए जो कि रावणको मन नपरेका हुन् ॥७१॥

अब राम्रो बुद्धि भएका हनुमान्‌जीको मनमा यस प्रकारको विचार उत्पन्न भयो—जसरी राक्षसराज रावणका यी स्वास्नीहरू रहेका छन् त्यसै गरी रामचन्द्रकी धर्मपत्नी सीता पनि रहेकी भए ता रावणको निम्ति यो कल्याणकै कुरो भयो भन्नुपर्दछ अर्थात् राममाथिको प्रेम बिर्सेर सीताले रावणको आश्रय लिएकी भए ता रामचन्द्रले न लङ्कामाथि हमला गर्नेछन् न रावणको विनाशै हुनेछ ॥७२॥ फेरि हनुमान्‌को मनमा यस्तो विचार उठ्यो—सीतामा यी स्त्रीहरूको भन्दा पतिव्रता गुण बढ्ता छ, मनस्वी

लङ्केश्वरले मायारूप धारण गरी अर्थात् निन्दित काम गरेर सीताको हरण गरेको हो, रावणका उपर यिनको प्रेम भए ता यसरी हरण गर्नै पर्ने थिएन तसर्थ सीतासम्बन्धी मैले पहिले गरेको विचार ठीक होइन ॥७३॥

सर्ग—१०

हनुमान् मन्दोदरीलाई देखेर सीता हुन् कि भन्ने शंका गर्दछन् ।

यसपछि हनुमान्ले यस ठाउँमा चारैतिर हेर्दा हेर्दैमा, नाना प्रकारको रत्नले सिंगारिएको, स्फटिकले बनेको, स्वर्गीय चीजबीज लगाएर तय्यार पारेको सर्वश्रेष्ठ सुत्ने ठाउँ अर्थात् पलङ्ग देखे ॥१॥ यस पलङ्गको खुट्टा र चारैतिरको घेरा सुनै सुनले बनेको र बीचबीचमा हात्ती दाँत जडेकोले यो बडो चित्र विचित्रको देखिएको थियो । यसमा धेरै धेरै मोल पर्ने, बडा राम्रा राम्रा, पन्ने पन्ना जडिएका बिछौना र तन्ना बिछ्याइएका थिए ॥२॥ हनुमान्ले यस पलङ्गको एक छेडमा स्वर्गीय मालाले शोभायमान भएको, चन्द्रमा जत्तिकै चहकिलो एउटा सेतो छाता राखिछाडेको देखे ॥३॥ जतातत्तै सुनै सुनको बुट्टा काढेको, आगोसमानको चहकिलो, र अशोकको फूलको मालाले सिंगारिएको एउटा विचित्रको पलङ्ग हनुमान्ले देखे ॥४॥ यसको चारैतिर केटीहरू हातमा साना साना चमर लिएर हम्किरहेका थिए । अनेक सुगन्धित पदार्थको बास्ना आइराखेको र उत्तम किसिमका धूप त्यहाँ बलिरहेका थिए ॥५॥ यस पलङ्गलाई बडो मुलायम पशमीनाले छोपेको र चारैतिर राम्रा राम्रा माला झुण्ड्याइराखेको थियो ॥६॥

हनुमान्ले यस पलङ्गमा रावणलाई सुतिराखेको देखे; यसको शरीरको वर्ण नीलो बादलको जस्तो थियो, चहकिला कुण्डलले शोभा दिइराखेका थिए, यसका हात घुँडासम्म पुग्ने र आँखा राता राता थिए, सुनौला रंगको लुगा यसले लगाएको थियो ॥७॥ खूब मीठो बास्ना आउने रक्तचन्दनको लेप लगाएको थियो, अतएव संध्याकालको अरुण आकाशमा बिजुलीसहितको बादलको जस्तो यसको शोभा देखिएको थियो ॥८॥ अलौकिक गहना पहिरेको यो हेर्दा बडो राम्रो देखिन्थ्यो, इच्छाअनुसारको रूप धारण गर्न सक्ने यो रावण रूख, वन, झाडीले युक्त भएको मन्दराचल पर्वत सुतिराखेको जस्तो देखिन्थ्यो ॥९॥ रात्रिको क्रीडा गरिसकेको, राम्रा राम्रा गहना पहिरेको, राक्षसहरूका कन्याहरूको प्यारो, निशाचरलाई सुख दिने, मदिरा र स्त्रीहरूको अधरामृत पान गर्नाले तृप्त भएको वीर राक्षसराज रावणलाई हनुमान्ले चहकिलो पलङ्गमा सुतिराखेको देखे ॥१०-११॥

हात्तीले सास फेरेझैं सास फेरिरहेको रावणको नजीक पुग्दा हनुमान् बडो हडबडाए र केही डराएझैं गरी त्यहाँबाट अलि टाढ़ा गएर उभिए ॥१२॥ भन्याङ्ग चढेर हनुमान् एउटा वेदीमाथि उक्ले र त्यहीं आड लागेर मदमत्त राक्षसश्रेष्ठ रावणलाई हेर्नलागे ॥१३॥ गन्धहस्ती (जसको मादको गन्धले अरू हात्तीहरू भाग्दछन्) ले गर्दा जसरी विशाल प्रस्रवण पर्वतको शोभा हुन्छ त्यसै गरी रावण सुत्नाले

यस रमणीय पलङ्गको शोभा भइराखेको थियो ॥१४॥

हनुमान्‌ले राक्षस रावणको बाजू लगाइराखेको हात इन्द्रध्वजा झैं बिछ्याउनामा पडिराखेको देखे ॥१५॥ यी हातमा संग्राममा ऐरावत हात्तीको दाँतको प्रहार पर्नाले भएको घाउको खत थियो, काँधमा वज्रको चोटको चिह्न थियो र विष्णुको चक्रले पनि यी दुवै हातको राम्रोसंग परीक्षा लिइसकेको थियो ॥१६॥ यसका हात खूब बाटुला कांधमा राम्रोसंग टाँसिएका र बड़ो बल भएका थिए। औंलाका नङ अतिशय राम्रा थिए; हातका औंलामा राम्रा राम्रा चिह्न देखिन्थे र उत्तम उत्तम औंठी लगाइराखेको थियो ॥१७॥ मासुले पुरिएका बाटुला यी विशाल हात हात्तीको सूँड जस्तै राम्रा थिए। पाँच टाउको भएका दोटा साँपझैं यी सेतो बिछ्याउनामा पडिराखेका थिए ॥१८॥ खरायोको रगत जस्तै गाढा रातो रङ्गको, शीतल, बास्ना आउने, उत्तम प्रकारको चन्दन यसका हातमा पोतिराखेको थियो ॥१९॥ यी हातले बडा राम्रा राम्रा आइमाई च्यापेको थियो र यिनमा वडो मीठो बास्ना आउने सुगन्धी पदार्थ लगाइराखेको थियो, यी हातले यक्ष, नाग, गन्धर्व र देवताहरूलाई रुवाएका हुन् ॥२०॥ मन्दराचल पर्वतको बीचमा रिसले चूर भइराखेका दोटा सर्प सुतेझैं हनुमान्‌ले रावणका यी दोटा हात पलङमाथि पडिरहेको देखे ॥२१॥ यस प्रकारका दुई हातले युक्त भएको रावण दुई टाकुरा भएको मन्दर पर्वत जस्तो देखिनलागेको थियो ॥२२॥ सुतिराखेको राक्षसराजको मुखबाट निस्केको सास जम्मै घरलाई सुवासित गराइरहेको थियो। आँप, सुपारी, बकुल, छओटै रसले युक्त भएको मिष्टान्न तथा रक्सीको गन्ध सासमा मिसिएर निस्किराखेको थियो ॥२३-२४॥ सुनै सुनले बनेको र मोती जडेको त्यसको मुकुट सुतेको वेला हुनाले अलितल झरिराखेको थियो र कानको कुण्डलले गर्दा यसको मुख चहकिलो देखिएको थियो ॥२५॥ यसको मोटो र च्याप्टो छातीमा रक्तचन्दनको लेप लगाएको थियो र हारले गर्दा यो छाती बडो शोभायमान भइराखेको थियो ॥२६॥ यसका दुवै आँखा राता थिए, चहकिलो रेशमी वस्त्र यसले पहिरेको र धेरै मोल पर्ने पिताम्बर ओढेको थियो ॥२७॥ मासको थुप्रो लगाइराखेको जस्तो यो देखिनलागेको थियो, सांपले झैं लामो लामो सास फेरिरहेको थियो र गङ्गाको अगाध जलमा सुतिराखेको हात्ती जस्तो देखिन्थ्यो ॥२८॥

यसको चारैतिर चारओटा सुनको पानसमा बत्ती बलिरहेका थिए जसले गर्दा विजुलीले बादलको जम्मै भागलाई प्रकाशित गरेझैं यसको जम्मै शरीर प्रकाशमान भइराखेको थियो ॥२९॥ राक्षसपति दुरात्मा रावणको घरमा हनुमान्‌ले यसका अनेक स्वास्नीहरूलाई खुट्टापट्टि सुतिराखेको देखे ॥३०॥ चन्द्रमाको जस्तो उज्यालो मुख भएका, राम्रा राम्रा कुण्डल पहिरेका, कहिले पनि नओइलाउने माला लगाएका यिनीहरूलाई हनुमान्‌ले देखे ॥३१॥ यी सबै गाना बजानामा सिपालु थिए, कोही यसको हात च्यापेर र कोही तिघ्रामा सिहान गरेर सुतेका थिए। राम्रा राम्रा गहना लुगा लगाएका यी सबैलाई हनुमान्‌ले देखे ॥३२॥ हनुमान्‌ले यी आइमाईको कानतेर हीरा, पन्ना जडेको सुनको कुण्डल र बाजू देखे (हातमा सिहान गरेर सुतेकोले कुण्डल र बाजू एकै ठाउँमा देखिएको होला) ॥३३॥

जसरी ताराहरूले गर्दा आकाश सुशोभित हुन्छ त्यसै गरी चन्द्रमा जस्तो यिनीहरूको मुख र सुनको कुण्डलले गर्दा त्यहाँको जम्मै ठाउँ सुशोभित भइराखेको थियो ॥३४॥ नशा लागेका र थकाइले खिन्न भएका हुनाले रावणका यी सुन्दरी स्वास्नीहरू जहाँ जहाँ ठाउँ पाए त्यहीं त्यहीं सुतिराखेका थिए ॥३५॥ कोमल शरीर भएका यिनीहरू बडो उटपटाङ्गसँग सुतेका थिए, कोही नाच्तै थाकेकोले हात पसारेर हावभाव देखाउनलागेका हुन् कि जस्तो गरेर सुतेका थिए ॥३६॥ कोही वीणा च्यापेर सुतेका सुन्दरी, महानदीको प्रवाहमा डुब्नलागेको तर संयोगले कुनै डुङ्गा भेट्टाउँदा त्यसमा टाँस्सिएको कमल जस्तो देखिनलागेका थिए ॥३७॥ कमल जस्तो आँखा भएका कुनै स्त्री डमरू कोखामा च्यापेको च्यापै सुतेका थिए र यिनीहरू सानो बालखलाई च्यापेर सुतेका आफ्ना छोरा-छोरीको माया गर्ने आइमाई जस्ता देखिन्थे ॥३८॥ कुनै सर्वाङ्ग सुन्दरी, राम्रो स्तन भएका आइमाई, धेरै दिनपछि लोग्नेलाई भेट्ता उसलाई खूबसँग च्यापेर सुतेकी स्त्रीझैं, तबला नै च्यापेर सुतेका थिए ॥३९॥ कुनै कमलनयनी, कामातुर भएर लोग्नेलाई च्यापेर सुत्ने कामिनीझैं वीणालाई अंगालो हालेर सुतिराखेका थिए ॥४०॥ सदा नाच्ने काममा लागेका सुन्दरीहरू, आफ्नो लोग्नेलाई अंगालो हालेर सुतेझैं सितार च्यापेर सुतेका थिए ॥४१॥ कुनै कुनै मत्त परेको आँखा भएका सुन्दरी आफ्नो सुनको जस्तो वर्ण भएको, कोमल, मोटो र राम्रो शरीरले मृदङ्ग च्यापेर सुतेका थिए ॥४२॥ रति समयको परिश्रमले थाकेका, पातलो कमर भएका, एक पनि खोट नभएका, कुनै कुनै सुन्दरी आफ्ना दुवै हातले प्रणव नाम गरेको बाजा समातेर सुतेका थिए ॥४३॥ अलि हुर्केको आफ्नो बच्चालाई च्यापेर सुतेझैं डमरू बाजा मनपराउने आइमाई सो बाजालाई आलिङ्गन गरी सुतेका थिए ॥४४॥ रक्सीको नशामा चूर भइराखेका, कमलको पात जस्तो आँखा भएका कुनै कुनै आइमाई आडम्बर नाम गरेको बाजालाई दुवै हातले च्यापेर सुतेका थिए ॥४५॥ कुनै स्त्री पानी भरिएको घडा नै च्यापेर सुतेका थिए, घडाको पानी पोखिएर यिनको शरीर भिजिराखेको थियो अतएव यिनीहरू वसन्त कालमा पानी छर्किराखेको फूलको माला जस्तो देखिन्थे ॥४६॥ कुनै स्त्री सुवर्ण कलश जस्ता आफ्ना स्तन आफ्नै हातले छोपेर सुतिराखेका थिए ॥४७॥ कमल जस्तो आँखा भएका, पूर्णिमाको चन्द्रमाको जस्तो अनुहार परेका कुनै कुनै स्त्री खूब राम्रो कम्मर भएका अर्का आइमाईलाई च्यापेर सुतेका थिए ॥४८॥ एवं प्रकार अरू अरू सुन्दरीहरू पनि नाना किसिमका बाजालाई आफ्नो स्तनले थिचेर सुतेका थिए, तसर्थ यिनीहरू कुनै कामी पुरुषद्वारा आफ्नो स्तन मर्दन गराउँदै सुतेका जस्ता देखिन्थे ॥४९॥

यी सबैदेखि फरक एउटा राम्रो पलङ्ग ओच्छ्याइराखेको थियो र यसमा अपूर्व रूप, यौवनले युक्त भएकी एउटी सुन्दरीलाई हनुमान्ले सुतिराखेको देखे ॥५०॥ मोती, मणि आदि जडिएका गहना लगाएर यो सिंगारिएकी थिई र आफ्नो कान्तिले त्यस उत्तम घरलाई शोभायमान गराइराखेकी थिई ॥५१॥ यसको गोरो शरीरमा सुवर्णको कान्ति टलिकरहेको थियो, यो रावणकी प्यारी र अन्तःपुरका आइमाईमा सर्वश्रेष्ठ थिई । यस प्रकारको राम्रो अनुहार भएकी मन्दोदरीलाई हनुमान्ले त्यहाँ

देखे ।।५२।। वानरराज, महाबाहु, वायुपुत्र हनुमान्‌को, यस किसिमसंग सजिसजाउ भइराखेकी मन्दोदरीमाथि दृष्टि पऱ्यो र यसको सौन्दर्य तथा यौवन देख्ता यिनै सीता होलिन् भन्ठानेर यिनी बडो दङ्ग परे ।।५३।। यिनी आफ्नो पुच्छर फट्कार्न र यसको म्वाइँ खानलागे, खुशी मनाउन, खेल्न र गाउनसमेत थाले । यताउति घुम्न, थाममा उक्लन ओर्लन पनि बाँकी राखेनन् । यस प्रकारसंग यिनले आफ्नो वानरको स्वभाव देखाइछोडे ।।५४।।

सर्ग—११

हनुमान् फेरि सीताको खोजमा लाग्दछन् ।

पहिले आफ्नो मनमा उत्पन्न भएको विचारलाई दूर गरेर हनुमान् फेरि सीताको विषयमा अर्कै किसिमको चिन्ता गर्नलागे ।।१।। रामदेखि फरक रहेर सीता न सुत्न सक्तछिन्, न खान सक्तछिन्, न शृङ्गार गर्न अथवा मादक पदार्थ पिउन सक्तछिन् ।।२।। अरूको ता के कुरा देवताहरूका राजा इन्द्रलाई समेत यिनी पति मानेर वस्न सक्तिनन्, किनकि देवताहरूमा समेत रामचन्द्र बराबरको अरू कोही छैन ।।३।।

यो अर्कै आइमाई हुनुपर्दछ भन्ने निश्चय गरेर सीतालाई भेट्न उत्सुक भएका हनुमान्‌जी फेरि रावणको शराबखानामा घुम्नलागे ।।४।। यहाँ हनुमान्‌ले कुनै स्त्रीलाई क्रीडा गर्नाले, कसैलाई गाना गर्नाले र कसै कसैलाई नाच गर्नाले थाकिराखेका देखे । कोही कोही रक्सीको नशामा चूर भई बेहोश जस्ता परेर मुरज, मृदङ्ग, तथा चेलिका आदि गरिएका बाजामाथि शरीरको भार दिएर सुतिराखेका, कोही भने राम्रो बिछ्याउनामा सुतिरहेका थिए ।।५–६।। राम्रा राम्रा गहना पहिरेर सिंगारिएका, आफ्ना आफ्ना रूप लावण्यको चर्चा गरिरहेका, गीतको ठीक ठीक अर्थ बताउनलागेका, देशकालको राम्रो ज्ञान भएका, उचित कुरा बोल्नामा सिपालु, रति क्रीडामा ज्यादै लाग्नुपर्ने हजारौं आइमाईलाई हनुमान्‌ले यहाँ देखे । यस शराबखानाको अर्को ठाउँमा ठीक यस्तै किसिमका देशकालअनुसार चल्न जान्ने, ठीक ठीक कुरा गर्नामा सिपालु भएका अरू हजारौं आइमाईलाई रतिक्रीडाले थाकेर सुतिराखेको देखे ।।७–१०।। यिनी-हरूको बीचमा महाबाहु राक्षसेश्वर रावण, सभामा सभापति र गाईगोठमा साँढेझैं शोभायमान भइराखेको थियो ।।११।। यी आइमाईले चारैतिबाट घेरिराखेको राक्षसराज रावण, वनमा हतिनीहरूले घेरिराखेको बडेमानको हात्ती जस्तो देखिनलागेको थियो ।।१२।। वानर हनुमान्‌ले महात्मा रावणको घरमा सुरापान गर्ने ठाउँ सबै आवश्यक सामग्रीले परिपूर्ण भइराखेको देखे ।।१३।। हनुमान्‌ले यस शराबखानामा हरिण, राँगो र बनेलको मासु भिन्ना भिन्नै ठाउँमा थुपारिराखेको देखे ।।१४।। यिनले सुनका ठूला ठूला थालमा कसैले नखाएको मजूर, कुखुराको मासु राखिछाडेको देखे ।।१५।। बनेल, बाध्रीण (एक किसिमको हरिण) साही, हरिण, र मयूर यी जन्तुहरूको मासु दही र नूनमा मुछेर राखिछोडेको यिनले देखे ।।१६।। क्रकल, (एक किसिमको चरा) किसिम किसिमका बाख्रा, खरायो, राँगो र एक-

शल्य माछाको मासु राम्रोसँग पकाएर आधा जति खाएर बाँकी त्यसै राखिछाडेको थियो ॥१७॥ नून, अमिलो हालेकोले जिब्रोलाई तिखार्ने किसिम किसिमका चटनी, दाख-अनारको रसमा चीनी मिलाएको र अरू अरू प्रकारको पिउने र खाने पदार्थ हनुमान्ले त्यहाँ देखे ॥१८॥ कुनै ठाउँमा किम्मती पाउजेब, बाजू, खाने पिउने भाँडा त्यसै लुड्काइराखेका थिए, कहीं प्यालीमा नाना किसिमका फल फूल राखिछाडेको थियो, कतै फूल छरिएका थिए, कतै राम्रा राम्रा बिच्छ्याउना बिच्छ्याएको थियो । यी सबैले गर्दा यो शराबखाना बडो शोभायमान देखिनलागेको थियो ॥१९–२०॥ यो शराबखाना विनाआगोले आगो झैं चम्किरहेको थियो, पकाउने काममा सिपालु भएका भान्छेहरूले पकाएको, किसिम किसिमका मसाला हालेको नाना प्रकारको मासु यहाँ भिन्न भिन्नै राखिछाडेको थियो; कतै निर्मल अनेक प्रकारका रक्सी राखेका थिए । नाना किसिमको बास्ना आउने मसाला मिसाएर सुगन्धित तुल्याइराखेको सखरको, महुवाको, फलको, फूलको, नाना प्रकारका रक्सी त्यहाँ भिन्ना भिन्नै राखेका देखिन्थे । यो शराबखाना सुवर्णमय कलशले, स्फटिकको खाने भाँडाले र जताततै फूल थुपारिराखेकोले बडो शोभायमान देखिनलागेको थियो । यस श्रेष्ठ शराबखानामा सुनै सुनका करुवा जताततै राखिछाडेका थिए, यहाँ पडिराखेका सुन र चाँदीका घडामा उत्तम उत्तम प्रकारका पिउने चीजबीज भरिभराउ भएको हनुमान्ले देखे । हनुमान्ले यहाँ कतै सुनको र कतै रत्नको भाँडामा रक्सी भरेर राखेको देखे, यिनीहरूमध्ये कुनैमा आधा खाली, कुनैमा भरिभराउ रक्सी थियो । कुनै ठाउँमा नाना किसिमका भोजन गर्ने पदार्थ र कतै पिउने पदार्थ बडो राम्रोसँग सजिसजाउ पारेर राखिएका थिए, कतै कसैको खाने पदार्थ आधी मात्र खाएको देखिन्थ्यो । कैयन् आइमाईको बिछ्याउना खाली देखिन्थ्यो, कतै सुन्दरीहरू आफू आफूमा अंगालिएर सुतेका थिए । हनुमान्जी यी सबैलाई एक एक गरेर हेर्दै डुल्नलागे ॥२१–२९॥ कतै सुन्दरीहरू अर्काको लुगा तानेर सो लुगाले आफ्नो शरीर बेह्री बडो मस्तसँग सुतिरहेका थिए ॥३०॥ यिनीहरूको मुखबाट निस्केको सासले गर्दा, बिस्तारै बिस्तारै चलिराखेको हावाले झैं, यिनको शरीरको चित्र विचित्रको लुगा र फूलको माला अलिअलि हल्लिराखेका थिए ॥३१॥ शीतल चन्दनको, मधुरो शरावको, किसिम किसिमका फूल र मालाको, स्नान गर्ने योग्य चन्दनको, धूपको तथा अरू अरू पनि अनेक किसिमका चीजबीजको गन्धलाई साथमा लिई मन्द मन्दसँग बहनलागेको हावाले रावणको पुष्पक विमानलाई व्याप्त गरिदियो । हनुमान्ले यहाँ गोरो, साँवलो र कालो रंगका अनेक राम्रा राम्रा आइमाई देखे॥३२–३४॥ रावणको यस घरमा अलिकता सुनको रंग जस्तो वर्ण भएका सुन्दरीहरू पनि थिए । कामले विह्वल भएका तथा निद्राको वशमा परेका यी सबै स्वास्नी मानिसहरू रात्रिको समयमा ओइलाएको कमल जस्तो देखिनलागेका थिए ।

यस प्रकारसँग हनुमान्ले रावणको अन्तःपुरको कुनाकाप्ची कतै पनि हेर्न बाँकी राखेनन्, तर सीतालाई भने कतै देखेनन् ॥३५-३६॥ जता हेर्‍यो उतै हनुमान्को दृष्टि आइमाईमाथि पर्न जान्थ्यो तसर्थ धर्मको लोप हुने शङ्कामा परेका हनुमान्को मनमा ठूलो शंका उत्पन्न भयो ॥३७॥ निद्रामा परेका,

वस्त्ररहित यी अर्काका स्वास्नीलाई मैले जो हेरें त्यसले ता मेरो धर्मलाई बिलकुलै नाश गर्ने हो कि भनेर यिनी विचार गर्नलागे ॥३८॥ अर्काका स्वास्नीहरूमाथि आजसम्म मेरो विषयको दृष्टि परेको छैन अर्थात् अर्काका स्वास्नीलाई हेर्दैमा मेरो मनमा विकार उत्पन्न हुन सक्तैन तर यिनीहरूको साथसाथै परस्त्रीको भोग गर्ने रावणलाई मैले जो हेरें त्यसले गर्दा ता मलाई अवश्य पाप लाग्नेछ ॥३९॥ मनस्वी हनुमान्‌को मनमा अर्को एउटा विचार उत्पन्न भयो । प्रमाणद्वारा सिद्ध सिद्धान्त जान्न सक्ने हनुमान्‌को यो विचार कर्तव्य र अकर्तव्यको निर्माण गर्न सक्ने किसिमको थियो ॥४०॥ यिनले विचार गरे—मैले लुकेर रावणका यी सबै स्वास्नीहरूलाई हेर्न ता हेरें तर यिनीहरूलाई हेर्नाले मेरो मनमा कुनै प्रकारको विकार उत्पन्न भएन ॥४१॥ मनले नै सबै इन्द्रियहरूलाई असल अथवा खराब काममा लगाइदिन्छ तसर्थ मेरो मन नै आफ्नो वशमा छभने मलाई कसरी पाप लाग्ला ? ॥४२॥ आइमाई बस्ने ठाउँ छोडेर मैले सीतालाई खोज्ने कहाँ ? किनकि खोज्नेहरूले आइमाईको पत्ता सदा आइमाईहरूकै बीचमा गएर लगाउनुपर्दछ ॥४३॥ जुन प्राणीको जुन जात हो त्यही जातमा त्यस प्राणीलाई खोज्नुपर्दछ, हराएकी आईमाईको, हरिणहरूको झुण्डमा खोज्नाले, पत्ता लाग्न सक्तैन ॥४४॥ मैले शुद्ध मनले रावणको जम्मै अन्तःपुर हेरें, तर सीता भने कतै देखा परिनन् ॥४५॥

देवता, गन्धर्व र नागका कन्याहरूलाई बली हनुमान्‌ले देखे तर जानकीलाई भने देख्न पाएनन् ॥४६॥ वीर हनुमान्‌ले त्यहाँ अनेक आइमाईलाई देखेको तर सीतालाई देख्न नपाएकोले त्यहाँबाट बाहिर निस्की अर्कै ठाउँतिर जान तय्यार भए ॥४७॥ श्रीमान् हनुमान् , सीताको पत्ता लगाउनाका लागि, सर्वत्र खोज्ने उद्योगमा लाग्ने इच्छाले त्यस शराबखानाबाट बाहिर निस्की अर्कै ठाउँमा खोज्न भनी गए ॥४८॥

सर्ग—१२

सीतालाई कतै पनि नदेख्ता हनुमान् दुःखित हुन्छन् ।

रावणको त्यस घरको बीचमा पुगेपछि सीतालाई भेट्न उत्सुक भएका हनुमान्‌ले लहरै लहराले ढाकिएको घर, चित्रशाला र रातमा सुत्ने घर यी सबैमा कुनाकाप्ची जतातत्तै खोजे, तर राम्रो अनुहार भएकी सीतालाई कतै पनि देखेनन् ॥१॥ रामकी प्राणप्यारी सीतालाई नदेख्ता हनुमान्‌ले आफ्नो मनै मनमा विचार गरे—सीता अवश्य जीउँदी छैनन्, बाँचेकी भए ता यसरी खोज्दा जरूरै देखिने थिइन् ॥२॥ आफ्नो धर्मको रक्षा गर्नामा तत्पर रहने र आर्यमार्गमा अर्थात् पातिव्रत्य धर्ममा अडिएकी सीतालाई यस दुष्ट राक्षसले मारिदियो होला ॥३॥ यी नकटी, कानी, अनुहार नपरेकी राक्षसीहरूलाई देख्ता सीताले स्वयं प्राण त्याग गर्ने पनि सम्भावना छ । राक्षसराजका यी केटीहरू बडा भयङ्कर, विशाल मुख भएका र बेढङ्गको शरीर परेका छन् ॥४॥ सीतालाई भेट्न नपाएकोले मैले आफ्नो परिश्रमको केही फल पाइनँ, केवल वानरहरूको साथमा रहेर मैले समय नष्ट गरें । अब सुग्रीवकहाँ फर्केर जाने मेरो बाटो नै छैन किनकि ती वानर अतिशय बलिया र बडो कडा दण्ड दिने किसिमका छन् ॥५॥

रावणको अन्तःपुरमा एक एक कोठा चहारें, यसका समस्त आइमाईलाई हेरें तर पतिव्रता सीता कतै पनि देखा परिनन्, मेरो परिश्रम व्यर्थैमा गयो ॥६॥ सीतालाई नभेटीकन पारि गएँभने सबै वानरले हे वीर ! तिमीले त्यहाँ गएर के के गर्‍यौ भनेर सोध्नेछन् त्यस वेलामा मैले तिनीहरूलाई के जवाफ दिने ? ॥७॥ जनकपुत्री सीतालाई नभेटेकोले मैले उनीहरूलाई के भन्ने ? तोकिएको समय बितेकोले मैले अवश्य अन्न जल खान छोडी प्राण त्याग गर्नुपर्नेछ ॥८॥ समुद्रपारि गएपछि बूढा जाम्बवान् र अङ्गदले मलाई के भन्लान् ? अरू अरू वानरले पनि मलाई भेटेर के भन्लान् ? ॥९॥ हताश नहुनु नै सफलताको मूल कारण हो, उत्साहले नै परम सुख भेटिन सक्तछ तसर्थ मैले जुन ठाउँमा खोजेको छैन ती ती ठाउँमा अब फेरि खोज्दछु ॥१०॥ उत्साहले नै सदा मानिसलाई सबै किसिमको काममा प्रवृत्त गराउँछ, मनमा उत्साह लिएर जो प्राणी काम गर्दछ त्यसको सो काम अवश्य सिद्ध हुन्छ ॥११॥ अतएव चित्तलाई सह्मालेर फेरि म उत्साहपूर्वक प्रयत्न रावणद्वारा रक्षित भएको जुन जुन ठाउँमा म गएको छैन त्यहाँ गएर सीताको खोज पत्ता लगाउँछु ॥१२॥ मैले शराबखाना, पुष्प-गृह, चित्रशाला, विहार गर्ने ठाउँ, घर घरका बगैंचा, गल्ली तथा विमान यी सबै ठाउँमा राम्रोसँग खोजिसकें। मनमा यस्तो विचार गरेर हनुमान् फेरि खोज गर्ने काममा लागे ॥१३–१४॥

अब हनुमान् घरमुनिको तहखानामा, देवालयहरूमा र एकान्तमा बनेका घरघरमा, कतै तल माथि गरेर, कतै अडिएर, कतै भित्र बाहिर गरेर, कतै ढोका थुनेर, कतै उघारेर कतै भित्र पस्तै बाहिर निस्कँदै गरेर, कतै माथि उक्लेर र कतै तल ओर्लेर सीतालाई खोज्नलागे ॥१५–१६॥ यस प्रकार-सँग हनुमान्ले कुनै ठाउँमा जान बाँकी राखेनन्। रावणको अन्तःपुरमा हनुमान् नपुगेको चार औंला जग्गा पनि बाँकी रहेन ॥१७॥ पर्खालहरूको बीचबीचको गल्ली, चार-दोबाटोमा रहेका रूखका चौतारा, खाल्डाखुल्डी, तलाउ यी कुनै ठाउँ पनि हनुमान्ले खोज्न बाँकी राखेनन् ॥१८॥ अनेक किसिमका अनुहार नपरेका, डरलाग्दो मुख भएका धेरै राक्षसीहरूलाई हनुमान्ले त्यहाँ देखे तर जनकपुत्री सीतालाई ता कतै देखेनन् ॥१९॥ विद्याधरका राम्रा स्वास्नीहरूलाई हनुमान्ले त्यहाँ देखे तर रामकी प्राणप्यारी सीताको भने दर्शन पाउन सकेनन् ॥२०॥ पूर्णिमाको चन्द्रमाको जस्तो मुख भएका राम्रा राम्रा नागकन्याहरूलाई त्यहाँ हनुमान्ले देखे तर जनकपुत्री सीता भने कतै देखापरिनन् ॥२१॥ नागहरूलाई जितेर रावणले बलजफ्तीसँग नागकन्याहरूलाई ल्याइराखेको थियो। हनुमान्ले यिनीहरूलाई समेत देखे तर वैदेहीको कतै पत्तो पाउन सकेनन् ॥२२॥ महाबाहु वायुपुत्र हनुमान् रावणका सबै सुन्दरीहरूलाई हेर्न पाएको तर सीतालाई देख्न नपाएकोले वडो दुःखित भए ॥२३॥ अरू अरू वानरहरूको उद्योग र आफ्नो सागर पार गरेर आएको परिश्रम व्यर्थ भएको देख्ता हनुमान् वडो चिन्ता गर्नलागे ॥२४॥ विमानबाट ओर्लेर वायुपुत्र हनुमान् मनमा वडो आकुल व्याकुल भई बसे। शोकले गर्दा यिनका सबै इन्द्रिय शिथिल भइराखेका थिए ॥२५॥

सर्ग–१३

हनुमान्‌को अशोक वाटिकाभित्र पस्ने विचार ।

हनुमान् विमानबाट ओर्लेर पर्खालमाथि चढे । मेघभित्र जत्तिको छिटोसँग बिजुली चम्कन्छ त्यत्तिकै छिटोसँग यिनी दगुर्नलागे ॥१॥

रावणको जम्मै घरमा घुम्दाखेरि पनि सीतालाई नभेटेकोले हनुमान् मनै मनमा भन्नलागे ॥२॥ रामचन्द्रलाई प्रसन्न गराउने मनसायले मैले वारंवार लङ्का शहरमा खोज गरें तर सर्वाङ्ग सुन्दरी सीतालाई कतै पनि देखिनँ ॥३॥ साना ठूला तलाउ, खोला नाला, नदीको किनाराका जङ्गल, किल्ला, पर्वत यी सबै ठाउँमा गई लङ्काको कुनै जग्गा खोज्न बाँकी राखिनँ तर सीतालाई भने कतै देखिनँ । गृध्रराज सम्पातिले सीता, रावणको यही घरमा बसेकी छन् भनेका हुन् । यसरी खोज्दा पनि मैले उनलाई किन नदेखेको होला ? ॥४–५॥ रावणले बलजफ्तीसँग सीताको हरण गरेको हो तसर्थ डरमा परेर लाचार भई यिनले कतै उसको अधीनमा रहन स्वीकार ता गरिनन् ॥६॥ अथवा सीतालाई लिएर वेगसँग उड्नलागेको वेलामा रामको बाण संझनाले थर्कायमान भएको रावणको हातबाट छुटेर बीचैमा यिनको प्राण जाने सम्भावना छ ॥७॥ अथवा आकाशमार्गबाट उडाएर ल्याउँदाखेरि समुद्रलाई देख्ता डराएकी सीताको मुटु फुटेर प्राण जाने पनि सम्भावना छ ॥८॥ रावण बडो वेगसँग उड्नलागेकोले र उसको हातले वेसरी थिचिराखेकोले ठूला ठूला आँखा भएकी सीताले प्राण छोडिहोलिन् जस्तो मलाई लाग्दछ ॥९॥ अथवा समुद्रमाथिबाट आउनलाग्दाखेरि सीता छटपटाउनलागिहोलिन् र समुद्रमा खसेर मरिहोलिन् ॥१०॥ अफसोस ! पतिव्रताधर्मको रक्षा गर्नामा लागेकी अनाथिनी तपस्विनी सीतालाई यो नीच रावणले कतै खाइ ता दिएन ॥११॥ अथवा खराब मनसाय भएका रावणका स्वास्नीहरूले कमलको पात जस्तो आँखा भएकी साध्वी सीतालाई खाइदिए कि ? ॥१२॥ अथवा रावणको घरमा कुनै गुप्ती ठाउँमा बन्द भएकी सीता पिंजरामा थुनिएकी मैनाझैं राम राम भन्दै विलाप गरिरहेकी पनि हुन सक्तछिन् ॥१३॥ जनकको कुलमा जन्मेकी, कमलको पात जस्तो आँखा भएकी रामकी प्राणप्यारी सुन्दरी सीता कसै गरे पनि रावणको वशमा पर्न सक्तिनन् ॥१४॥ सीता या त मरिहोलिन् या कसैले यिनलाई खाइदियो होला तर यिनीहरूमध्ये कुनै कुरा पनि उनीमाथि प्रेम राख्ने रामचन्द्रलाई निवेदन गर्न सकिन्न कारण यसको केही प्रमाण छैन ॥१५॥ यी कुरा रामचन्द्रलाई भन्नामा पनि दोष छ नभन्नामा पनि दोष छ, के गर्नुपर्ने हो सो कुराको निर्णय गर्न मलाई गाह्रो परिराखेको छ ॥१६॥ थालेको कामको यस्तो अवस्था परेकोले अब आफूले यस मौकामा के गर्नुपर्ने हो सो कुराको हनुमान् विचार गर्नलागे ॥१७॥

सीतालाई नभेटीकन नै म यहाँबाट किष्किन्धा फर्केर गएँभने यसमा मेरो के पुरुषार्थ होला ? ॥१८॥ मैले समुद्र नाघेर आएको, लंका शहरभित्र पसेको तथा यहाँका सबै राक्षसहरूलाई हेरेको यी सबै कुरा व्यर्थ हुनेछन् ॥१९॥ किष्किन्धामा पुगेपछि सुग्रीवले, भेटिएका वानरहरूले, अथवा दशरथका छोरा

राम लक्ष्मणले मलाई के भन्लान् ? ॥२०॥ सीतासित भेट भएन भन्ने यो कठोर वचन मैले रामचन्द्र-लाई सुनाएँभने तिनले अवश्यै प्राण त्याग गर्नेछन् ॥२१॥ सीतासम्बन्धी रूखो, मुटु छिया छिया पार्ने खप्नै नसकिने इन्द्रियलाई ताप पार्ने, यस्तो दुर्वचन सुन्दा रामचन्द्र कदापि जीउँदो रहन सक्ने-छैनन् ॥२२॥ यस्तो दुःखित अवस्थामा परेर रामचन्द्रलाई मर्न तैयार भएको देखेपछि उनीमाथि अत्यन्त प्रेम राख्ने बुद्धिमान् लक्ष्मण पनि जीउँदो रहनेछैनन् ॥२३॥ यी दुवै दाजु-भाइ मरेको सुनेपछि भरत पनि मर्नेछन् र भरत मरेको देखेपछि शत्रुघ्नसमेत जीउँदो रहन सक्नेछैनन् ॥२४॥ छोराहरूको मरण भएपछि ता कौशल्या, सुमित्रा र कैकेयी यी आमाहरू पनि बाँच्नेछैनन् , यसमा सन्देह छैन ॥२५॥ कृतज्ञ, आफ्नो वचन पूरा गर्ने वानरराज सुग्रीव पनि रामको यस्तो अवस्था देख्ता प्राण त्याग गर्ने-छन् ॥२६॥ सुग्रीव मरेपछि पतिशोकले दुःखित भइराखेकी, शोचनीय अवस्थामा परेकी विचरी तपस्विनी रुमा पनि प्राण त्याग गर्नेछन् ॥२७॥ तारा ता पहिलेदेखि नै आफ्ना पति मरेको शोकले पीडित भइराखेकी छन् , अहिले सुग्रीवलाई समेत मरेको देख्ता यिनी पनि जरूरै मर्नेछन् ॥२८॥ माता पिताको विनाश भएकोले र अहिले काका सुग्रीवसमेत मरेको समाचार सुन्दा कुमार अङ्गद पनि जीउँदो रहन सक्नेछैनन् ॥२९॥ वनवासी वानरहरू पनि आफ्नो पालना गर्ने मालिकदेखि वियोग भएकोले शोकले आकुल व्याकुल परी थप्पड़ र मुक्कीले हिर्काई हिर्काई टाउको छिया छिया पार्नेछन् ॥३०॥ यशस्वी वानरराज सुग्रीवले यी वानरहरूलाई सान्त्वना तथा वर बक्सिस दिई दिईकन बडो प्रेमसँग सम्मानपूर्वक पालेका हुन् , अहिले यिनको वंश क्षय भएको देख्ता जरूरै यिनीहरूले प्राण त्याग गर्नेछन् ॥३१॥ अबलाई यी वानरहरू न वनमा विहार गर्नेछन् न पर्वत तथा गुफामा यिनलाई कुनै प्रकारको आनन्द मिल्नेछ ॥३२॥ स्वामीको वियोगले दुःखित भएका यिनीहरू पर्वतको टाकुराबाट तल सम्म परेको अथवा खाल्डा-खुल्डी परेको जग्गामा हामफालेर मर्नेछन् ॥३३॥ विष खाएर, झुण्डिएर, आगोमा हामफालेर, उपवास बसेर अथवा शरीरमा शस्त्रको प्रहार गरेर कुनै न कुनै प्रकारले यिनीहरू अवश्य प्राण त्याग गर्नेछन् ॥३४॥ म त्यहाँ पुग्नासाथ डरलाग्दो रुवाबासी चल्नेछ, इक्ष्वाकुकुलको र वनवासी वानरहरूको विनाश पनि हुनेछ ॥३५॥ तसर्थ म यहाँबाट किष्किन्धा नगरीमा फर्केर जान्न, सीताको पत्तो नलगाई म सुग्रीवलाई भेट्न सक्तिनँ ॥३६॥ न-फर्केर म यहीं बसिरहेंभने ती धर्मात्मा, वीर राम लक्ष्मण आशाले बाँचिरहनेछन् र फूर्तिला वानरहरू-को समेत नाश हुन पाउनेछैन ॥३७॥ सीतालाई नभेटेसम्म खान लागेकाहरूको हात अथवा मुखबाट झरेको अन्न टिपेर खाँदै, जितेन्द्रिय भई वानप्रस्थ बनेर रूखमुनि वास गर्नेछु ॥३८॥ अथवा नाना प्रकारका फल मूल र जलले भरिपूर्ण भइराखेको समुद्रको किनारमा चिता बनाएर बल्दो आगोमा प्रवेश गर्नेछु ॥३९॥ अथवा अन्न जल त्याग गरेर प्राण विसर्जन गर्न बसेको वेलामा मेरो शरीरको मासु काग अथवा अरू अरू जङ्गली जानवरले खाइदिनेछन् ॥४०॥ जानकीलाई भेट्न सकिनँभने निश्चय पानीमा हामफालेर मर्नेछु कारण यस प्रकारसँग प्राण त्याग गर्ने कुरोलाई ऋषिहरूले उत्तम ठहराएका

छन् ॥४१॥ सीतालाई भेट्नाको निम्ति मैले समुद्र पार गर्ने जो उत्तम काम गरें त्यसले गर्दा मेरो ठूलो यश फिंजिएको छ, कदाचित् उनलाई भेट्न सकिनँभने मेरो कीर्ति सदाका लागि लोप भइजानेछ ॥४२॥ सीतालाई नभेटेसम्म म तपस्वी वनेर रूखको जरानेर बस्तछु तर काला काला आँखा भएकी ती जानकीको पत्तो नलगाई कदापि यहाँबाट फर्कन्नँ ॥४३॥ सीतालाई नभेटीकन म यहाँबाट फर्केर गएँ-भने अङ्गदको साथसाथै सबै वानरहरूको विनाश हुनेछ ॥४४॥ अथवा मैले किन मर्ने, कारण मर्नामा अनेक दोष छन्, बाँचिरहेदेखि प्राणीले कल्याण पाउन सक्तछ तसर्थ कहिले न कहिले सीतासित भेट भइहाल्दछ कि भन्ने आशाले प्राण धारण गरिरहन्छु ॥४५॥

यस प्रकारका अनेक दुःखदायी विचार हनुमान्‌को मनमा उत्पन्न भए तर कसै गरेर पनि यिनले शोकको अन्त गर्ने उपाय निर्णय गर्न सकेनन् ॥४६॥ केही बेरपछि धैर्य्य राख्न सक्ने वानरश्रेष्ठ हनुमान्-को मनमा उत्साह आयो र यिनी भन्नलागे—यस महाबली रावणलाई मारि नै दिन्छु, यसो गर्नाले सीताको हरण गरेको साटो ता फेरिनेछ ॥४७॥ अथवा यसलाई समुद्रमाथि उफार्दै यज्ञकर्ताले शिवजी-को अगाडि पशु चढाएझैं, यसलाई पनि रामचन्द्रको अगाडि समर्पण गरिदिन्छु ॥४८॥ सीतालाई भेट्न नसकेकोले यस प्रकारसँग चिन्तित भएका हनुमान्‌ले शोक सुर्ताले विह्वल भई फेरि विचार गर्न-लागे ॥४९॥

जहिलेसम्म रामकी प्राणप्यारी यशस्विनी सीतालाई देख्तिनँ तहिलेसम्म वारंवार यस लङ्कापुरीमा खोजिरहन्छु ॥५०॥ अथवा सम्पातिको कुरामा पत्यार गरेर रामचन्द्रलाई यहाँ लिएर आएँभने सीतालाई भेट्न नपाएकोले यिनले अवश्यै सबै वानरलाई डढाइदिनेछन् ॥५१॥ तसर्थ नियमित आहार गरेर र इन्द्रियहरूलाई आफ्नो वशमा राखेर यहीं बस्तछु यसनिम्ति कि मैले गर्दा सबै वानरको विनाश हुन नपाओस् ॥५२॥ अहो ! ठूला ठूला रूखले भरिभराउ भएको यो बडेमानको अशोक वाटिकामा ता मैले अहिलेसम्म खोजेको छैन, तसर्थ अब यहाँभित्र पनि पस्तछु ॥५३॥ राक्षसहरूको शोक बढाउने भएको म वसु, रुद्र, सूर्य, अश्विनीकुमार, वायु, यी सबैलाई नमस्कार गरेर भित्र पस्तछु ॥५४॥ राक्षसकुललाई जितेर, इक्ष्वाकुकुललाई आनन्द गराउने सीता, तपस्वीहरूलाई सिद्धि दिएझैं, रामचन्द्र-लाई समर्पण गर्नेछु ॥५५॥

चिन्ताले गर्दा इन्द्रिय व्याकुल भइराखेका वायुपुत्र महाबाहु हनुमान् एक्कै छिनसम्म यस प्रकार-को विचार गरेर उठे र मनै मनमा भन्नलागे—राम लक्ष्मणलाई नमस्कार छ, देवी सीतालाई नमस्कार छ; रुद्र, इन्द्र, यम, वायुलाई नमस्कार छ; चन्द्र, अग्नि र सबै देवताहरूलाई नमस्कार छ ॥५६-५७॥ यी सबैलाई र सुग्रीवलाई प्रणाम गरिसकेपछि हनुमान्‌ले सबै दिशातिर दृष्टि दौडाएर अशोक वाटिका-भित्र पस्ने दृढ विचार गरे ॥५८॥ वायुपुत्र हनुमान् मनले ता पहिले नै यस रमणीय अशोक वाटिकामा पुगिसकेका थिए, अहिले शरीरसहित त्यहाँ पुगेपछि अबलाई के गर्ने हो सो कुराको विचार गर्नलागे ॥५९॥ बडो ठूलो वनले युक्त भएको यस पवित्र अशोक वाटिकामा अवश्यै धेरै धेरै राक्षसहरूले पहरा

दिइराखेका होलान् र अनेक प्रकारको संस्कारले गर्दा यो सुशोभित भइराखेको होला ॥६०॥ रूखहरूका रक्षाका लागि अनेक राक्षस यहाँ नियुक्त भएका होलान् । भगवान् वायुसमेत यहाँ बडो वेगसँग बहँदा होवैनन् ॥६१॥ रामको कामका लागि र रावणले देख्न नसकोस् भन्ने हेतुले मैले आफ्नो शरीर सानो गराइराखेको छु; देवता र ऋषिहरूले मेरो कल्याण गरून् ॥६२॥ ब्रह्मा, भगवान् स्वयम्भू, देवता, तपस्वी, अग्नि, वज्रधारी इन्द्र यी सबैले मलाई सिद्धि दिऊन् ॥६३॥ पाशधारी वरुण, सूर्य, चन्द्रमा, दुवै महात्मा अश्विनीकुमार, उनञ्चासओटै वायु, सबै प्राणी तथा प्राणीहरूका स्वामी र अदृश्य भई बाटोमा घुमिरहने जति देवता छन् तिनले समेत मलाई सिद्धि दिऊन् ॥६४-६५॥ अहो ! मैले सीता देवीको मुख कहिले हेर्न पाउने हो । यिनको नाक अग्लो र दाँत सेता छन्, कमलका पात जस्ता यिनका आँखा छन्, यिनले मुसुक्क हाँस्ताखेरि सौन्दर्य्य झल्कन्छ र निर्मल चन्द्रमाको झैं तेज भएको यिनको अनुहार छ ॥६६॥ तुच्छ स्वभाव भएको, निर्लज्ज, घातक, डरलाग्दो रूप भए तापनि अलङ्कार धारण गर्ने रावणले ती अबला तपस्विनीलाई बलजफ्तीसँग हरेर ल्याइराखेको छ; अफसोस ! अब कसो गर्नाले यी सीता देवीको दर्शन पाइने हो ? ॥६७॥

सर्ग—१४

अशोक वाटिकाको वर्णन ।

केही बेरसम्म यस प्रकारको विचार गरिसकेपछि महातेजस्वी हनुमान् मनै मनमा सीताको ध्यान गर्दै रावणको घरबाट उफ्रेर तल अशोक वाटिकाको पर्खालमा आइपुगे ॥१॥ यस पर्खालमाथि बसेर यिनले वसन्त आदि गरिएका ऋतुहरूमा फूल लाग्ने नाना प्रकारका रूख देखे । यहाँका यी सबै रूख देख्ता यिनलाई यस्तो आनन्द लाग्यो कि यिनी रोमाञ्चित भइगए ॥२॥ साल, अशोक, भव्य, फूल फुलेका चम्पक, उद्दालक, नागवृक्ष, कपिमुख जातका आँपका रूख र सयकडौं लहराले छोपिराखेका आँपका रूखको वनै समेत हनुमान्ले देखे । यी सबलाई देख्ता यिनी धनुबाट छुटेको बाणझैं बडो वेगसँग वाटिकाको एक छेउबाट अर्को छेउसम्म उफ्रँदै गए ॥३-४॥ वाटिकाभित्र पसेपछि यिनी यसको शोभा हेर्नलागे । यो विचित्रको चरा-चुरुङ्गीले शब्दायमान भइराखेको र चारैतिर सुन र चाँदीको रूख लागेकाले शोभायमान देखिएको थियो ॥५॥ नाना प्रकारका हरिण र चराचुरुङ्गीले वास गरेकोले यस वाटिकाले अनेक किसिम रूपको शोभा धारण गरेको थियो र किसिम किसिमका रूखले गर्दा चित्र-विचित्र देखिएको थियो । उदयकालका सूर्यको जस्तो यसको चहक भइराखेको थियो । बली हनुमान्ले यस प्रकारको वाटिका देखे ॥६॥ यो वाटिका फल फूल लागेका अनेक प्रकारका रूखले भरिपूर्ण थियो र मत्त परेका कोइली तथा भ्रमराहरू यहाँ सदा वास गर्दथे ॥७॥ यहाँ भित्र पस्नासाथ मानिसको चित्त प्रसन्न हुन्थ्यो, पशु पक्षीहरू मस्त भएर जतातत‍ै घुमिरहेका थिए, मत्त परेका मयूरले आवाज झिकिरहेका थिए र अरू पनि अनेक किसिमका चरा यहाँ देखिन्थे ॥८॥ कुनै प्रकारको

खोट नभएकी सीतालाई खोज्दाखेरि हनुमान्‌ले त्यहाँ सुखसँग सुतिराखेका चराहरूलाई ब्यूँझाइदिए ।।९।। चराहरूले उड्दाखेरि यिनको पखेटाको हावा लाग्नाले फूल फुलिराखेका रूखले किसिम किसिमको रंग भएका फूलको वृष्टि गराए ।।१०।। वायुपुत्र हनुमान्, फूलै फूलले ढाकिएको हुनाले त्यस अशोक वाटिकामा फूलैको पर्वतसमान देखिनलागे ।।११।। रूख रूखमा चढेर हनुमान्‌लाई सर्वत्र दिशामा घुम्नलागेको देख्ता त्यहाँका राक्षसहरूले यो वसन्त ऋतु नै शरीर धारण गरेर डुलिरहेको भन्ठाने ।।१२।। रूखबाट झरेका, किसिम किसिमको रंग भएका फूलले ढाकिएकोले त्यहाँको भूइँ खूबसंग सिंगारिएकी आइमाई जस्तो देखियो ।।१३।। बली हनुमान्‌ले बडो वेगसंग अनेक रूख हल्लाए जसले गर्दा यिनबाट किसिम किसिमका फूल झरे ।।१४।। फल फूल पात सबै झरेकाले यी रूखहरू यस समयमा जूवामा हार्नाले गहना लुगा खोसिएका जुवाडी जस्ता देखिनलागेका थिए ।।१५।। वेगवान् हनुमान्‌द्वारा हल्लाइएका हुनाले फल फलाउने यी उत्तम उत्तम रूखहरूले आफ्ना पात फल फूल सबै झारिदिए ।।१६।। जोरसंग हावा लागेकोले चराहरूसमेत त्यहाँबाट उडेर गए अतः यी रूखहरूको केवल हाँगासम्म बाँकी रहन गयो र यिनीहरू कसैले विश्राम गर्न नहुने किसिमका भए ।।१७।। हनुमान्‌का हात, खुट्टा, पुच्छरले यस अशोक वनका सबै रूखहरू छयान्न ब्यान्न भए । यस समयको यसको शोभा कपालको रौं फुकेकी, टीका पुछिएकी, ओठमा दाँतको खत र अरू शरीरमा जताततै दाँत र नङको खत भएकी सुन्दरीको जस्तो थियो ।।१८-१९।। वर्षाकालमा प्रचण्ड हावाले जसरी बादललाई छयान्नब्यान्न पारिदिन्छ त्यसै गरी हनुमान्‌ले आफ्नो वेगले ठूला ठूला लहराको हाँगै भाँचिदिए ।।२०।। हनुमान्‌ले त्यहाँ घुम्दाखेरि कतै मणि, कतै चाँदी र कतै सुन छापिराखेको बडो रमणीय भूइँ देखे ।।२१।।

बडो स्वच्छ जलले भरिपूर्ण भइराखेका, किसिम किसिमको आकार भएका अनेक तलाउ पनि त्यहाँ देखिए । यी तलाउमा जताततै धेरै मोल पर्ने मणिहरूको खुड्किलो बनेका थिए ।।२२।। मोती मूँगा ता बालुवाझैं छरिएका थिए, तलाउभित्रको जलमुनिको भूइँमा स्फटिक छापेको थियो, तीरमा उम्रिराखेका सुनै सुनका चित्र विचित्रका रूखले गर्दा यसको शोभा झन् बढिराखेको थियो ।।२३।। यी सबै तलाउमा कमल फुलिराखेका थिए, चखेवा चराहरू विहार गर्नलागेका थिए र दात्यूह, हाँस, सारस आदि गरिएका चराहरू शब्द गरिरहेका थिए ।।२४।। यिनको चारैतिर साना साना खोला थिए जसमा अमृतसमानका स्वादिष्ट र स्वच्छ जल भरिभराउ थिए र तीरमा ठूला ठूला रूख लहलह भइराखेका थिए ।।२५।। सयकडौं लहराहरू यिनको जलमा झरिराखेका र कल्पवृक्षका फूलले यिनलाई ढाकिराखेको थियो । बीचबीचमा करवीरका फूल र नाना प्रकारका फूलका झुप्पाले यिनलाई शोभा-यमान गराएको थियो ।।२६।।

यसपछि हनुमान्‌ले बादलसमानको आकार परेको, अतिशय अग्लो र चित्र विचित्रको टाकुरा भएको, जताततै ढुङ्गै ढुङ्गाको गुफा भएको एउटा पर्वत देखे । यो पर्वत नाना किसिमका रूखले ढाकिएको र संसारका पर्वतहरूमा सबैभन्दा रमाइलो थियो ।।२७-२८।। त्यस पर्वतबाट निस्केर तल

बगिरहेको एउटा नदी, रिसले झोंकिएर लोग्नेको काख छोडेर भूइँमा पल्टिरहेकी एउटी सुन्दरी जस्तो देखिएको थियो ।।२९।। नदीको चारैतिरका रूख, आफ्नो टुप्पोमा पानीको धारा पर्नाले तल निहुरेकोले जंगिएकी सुन्दरीलाई उसका प्यारा सखीहरूले संझाई बुझाई फर्काउनलागेका हुन् कि जस्ता देखिन्थे ।।३०।। हनुमान्‌ले केही टाढा पुगेपछि यस नदीको जललाई फेरि पर्वततिर फर्केको देखे अतः पतिमाथि प्रसन्न भई सुन्दरीले घमण्ड छोडेर फेरि उनीकहाँ आउनलागेको जस्तो देखियो ।।३१।। यस पर्वतको नजीकैमा वानरश्रेष्ठ वायुपुत्र हनुमान्‌ले नाना प्रकारका चराले युक्त भएको, कमल फुलिराखेको, शीतल जल भरिएको, उत्तम उत्तम मणिको ता खुड्किला भएको, तीरमा बालुवाझैं मोती छरिराखेको एउटा स्वाभाविक होइन कि राक्षसहरूद्वारा बनेको पोखरी देखे ।।३२-३३।। हनुमान्‌ले यस अशोक वाटिकामा किसिम किसिमका पशुहरू डुलिरहेका र चित्र विचित्रका जंगलले यसलाई रमणीय तुल्याएको देखे, विश्वकर्माले बनाएका ठूला ठूला महल यसका चारैतिर थिए ।।३४।। नक्कली वनले यसलाई जतातत्तै शोभायमान गराइराखेको थियो, यहाँ जति रूख थिए ती सबैमा फल फूल लाग्दथे ।।३५।। यी रूखको आकार छाताको जस्तो परेको थियो र यिनको फेदमा सुनै सुनको वेदी बनेको थियो, थरिपरिका लहराका पातले यिनलाई छोपिराखेको थियो ।।३६।।

यहाँ हनुमान्‌ले सुवर्णमय एउटा शिंशपाको रूख देखे, यसका चारैतिर सुनै सुनका वेदी बनेका थिए ।।३७।। हनुमान्‌ले यहाँ मैदान, पर्वत, पानीको झाङ र आगोको जस्तो टलक भएका अरू अरू सुनका रूख पनि देखे ।।३८।। मेरु पर्वतको स्पर्शले जसरी सूर्य भगवान् अति उज्यालो देखिन्छन् त्यसै गरी मेघसमानका यी रूखहरूको तेजले गर्दा हनुमान् आफूलाई समेत सुवर्णमय संझनलागे ।।३९।। हावा लाग्नाले यी सुनै सुनका रूख हल्लँदाखेरि तिनमा झुण्ड्याइराखेका हजारौं घण्टीबाट आवाज निस्कनलागेको देख्ता हनुमान् छक्क परे ।।४०।। फूल फुलेका, कमलो पात भएका यी राम्रा राम्रा रूखमा उफ्रँदै हनुमान् खूब वाक्लोसँग पात लागेको शिंशपाको रूखमा चढेर विचार गर्नलागे ।।४१।।

दुःखले आकुल व्याकुल परेकी, रामको दर्शनका लागि उत्कण्ठित भइराखेकी सीता कदाचित् आफ्नो इच्छाले डुल्दै यता आइन्‌भने म देख्न पाउनेछु ।।४२।। दुष्ट रावणको यो अशोक वन चन्दन, चम्पक र बकुलका रूखहरूले सिंगारिएकोले बडो रमाइलो देखिनलागेको छ ।।४३।। कमलले भरिभराउ भएको, चराचुरुङ्गीको झुण्डका झुण्डले वास गरेको यस रमाइलो तलाउमा रामचन्द्रकी महारानी सीता अवश्यै आउँदिहोलिन् ।।४४।। रामकी प्राणप्यारी महारानी सीता वनमा डुलफिर गर्न बडो निको मान्दछिन् तसर्थ उनी जरूरै यहाँ आउँदिहोलिन् ।।४५।। रामको चिन्ताले दुब्लाएकी हरिणका बच्चाहरूको जस्तो आँखा भएकी सीता यस वनको परिचय पाएकोले आज अवश्यै यहाँ आउनेछिन् ।।४६।। रामको विरहले पीडित भइराखेकी पतिव्रता सीता वनवासमा प्रेम राख्ने हुनाले अवश्य यहाँ वनमा डुलफिर गर्न आउनेछिन् ।।४७।। रामचन्द्रकी प्राणप्यारी, जनकपुत्री, पतिव्रता सीता उहिले वनमा पशु पक्षीहरूको बडो चाहना गर्दिहोलिन् , अहिले बिहानीपखको समय पनि छ तसर्थ प्रातः-

कालको सन्ध्या पाठ पूजा इत्यादि गर्ने इच्छाले राम्रो वर्ण भएकी ती सुन्दरी पवित्र जल भएको यस नदीमा अवश्यै आउनेछिन् ॥४८-४९॥ राजेन्द्र रामचन्द्रकी प्राणप्यारी सुन्दरी सीतालाई सुहाउने किसिमको यो अशोकवाटिका छ ॥५०॥ चन्द्रमाको जस्तो मुख भएकी ती देवी जीउँदै छन्‌भने शीतल जल भएको यस नदीमा अवश्यै आउनेछिन् ॥५१॥

यस प्रकारसंग फूल फुलेको खूब बाक्लोसँग पात लागेको शिंशपाको रूखमा लुकेर महात्मा हनुमान् रामचन्द्रकी प्यारी सीता कहिले आउलिन् भनेर पर्खिरहे र जताततै आफ्नो नजर दौडाएर त्यो जम्मै वन हेर्नलागे ॥५२॥

सर्ग—१५

हनुमान् सीतालाई देख्तछन् ।

शिंशपा रूखमाथि बसेर हनुमान्‌जी चारैतिर दृष्टि दगुराउँदै सीताको पत्ता लगाउनाका लागि त्यहाँको पृथ्वी र समस्त वन हेर्नलागे ॥१॥ कल्पवृक्षका लहराहरूले र रूखहरूले शोभित भइराखेको दिव्य गन्ध र रसले युक्त भएको, जताततै सिंगारिएको, हेर्दा नन्दन वन जस्तो देखिने, पशुपक्षीले भरिपूर्ण भएको, अटाली र ठूला ठूला महलले गर्दा रमणीय भइराखेको, कोइलीहरूको स्वरले गुञ्जायमान भएको, सुवर्णमय कमल फुलिराखेका तलाउले सुशोभित भएको, अनेक बिछयाउना र गलैंचा ओच्छयाइ-राखेको, धेरै तले घर भएको, सबै ऋतुका फल फूल लाग्ने राम्रा राम्रा रूखले युक्त भएको, फूल फुलिराखेको अशोक वृक्षको शोभाले उदयकालका सूर्यझैं चहकिलो देखिनलागेको अशोक वाटिका हनुमान्‌ले त्यहाँ रूखमाथि बसेको वेलामा देखे । वारंवार उफ्रिरहेका चराहरू फूलरूपी गहनाले सिंगा-रिएका रूखको पातै नदेखिने गरी बसेका हुनाले रूखमा पातै छैन कि जस्तै देखिएको थियो, तल झरिराखेका फूलका झुप्पाले, जरोदेखि लिएर टुप्पोसम्म मनलाई आनन्द गराउने फूल फुलेका अशोकका रूखले र फूलको बोझले भूइँ छुने हो कि जस्तो गरी निहुरिराखेका ढकमक्क फूल फुलिराखेका कर्णिकार र पलासका रूखले गर्दा यो ठाउँ जताततै प्रज्वलित भइराखेको जस्तो देखिनलागेको थियो । पुन्नाग, सप्तपर्ण, चम्पक, उद्दालक आदि गरिएका मोटा मोटा जरा भएका रूख फूल फुलिराखेकाले शोभायमान देखिएका थिए । यहाँका हजारौं अशोकका रूखमध्ये कोही सुनको जस्तो वर्ण भएका, कोही आगोको ज्वालाझैं टल्कने र कोही गाजल जस्तो काला देखिन्थे । देवताहरूको नन्दन नामको उद्यान जत्तिकै मनलाई आनन्द गराउने र कुवेरको चैत्ररथनामक वन जस्तै यो अशोक वाटिका चित्र-विचित्रको थियो ॥२-११॥ नन्दन वन र चैत्ररथ वन यी दुवैलाई जित्ने यो अशोकवन मनले समेत चिन्तना गर्न नसकिने शोभाले युक्त भइराखेको थियो; फूल रूपी नक्षत्रले युक्त भएको यो वाटिका दोस्रो आकाशझैं देखिएको थियो अथवा पुष्परूपी सयकडौं रत्नले परिपूर्ण भएको यसलाई पाँचौं समुद्र भने पनि हुन्थ्यो। सबै ऋतुमा फूल फुल्ने र मीठो बास्नाले युक्त भएका रूखले यसको शोभा बढाइराखेका थिए ॥१२—

१३।। नाना प्रकारका पशुपक्षीको शब्दले गुञ्जायमान भएकोले रमणीय भइराखेको यो वाटिका नाना प्रकारका गन्धले सुवासित भएकोले दोस्रो गन्धमादन पर्वत जस्तो देखिएको थियो ।

यही अशोक वाटिकामा केही पर वानरश्रेष्ठ हनुमान्‌ले गोल आकार भएको एउटा मन्दिर देखे । यसमा हजारौं थाम जडिएका थिए र कैलाश पर्वतझैं सेतो थियो ।।१४–१६।। मूँगाको ता यहाँ सिंढी थियो र चहकिलो सुनको वेदी बनाइराखेको थियो, यो आफ्नो शोभाले यसरी प्रकाशमान भइराखेको थियो कि उतिर हेर्दा आँखै तिरमिराउँथ्यो । यो निर्मल मन्दिर यति अग्लो थियो कि आकाशलाई छोला छोला जस्तो देखिन्थ्यो । यहाँ हनुमान्‌ले मैलो लुगा लगाएकी, राक्षसीहरूले घेरिएकी, उपवास गर्नाले दुब्लाएकी, निन्याउरो मुख भएकी, वारंवार सुस्केरो हालिरहने, शुक्लपक्षको प्रतिपदाको चन्द्रमा जस्ती निर्मल एउटी आइमाई देखे ।।१७–१९।। रूप देख्ता यिनलाई चिह्न गाह्रो थियो तापनि यिनी आफ्नो तेजले धूँवाले छोपिराखेको आगोको ज्वाला जस्तै देखिएकी थिइन् ।।२०।। यिनले एउटा पुरानो पहेंलो रंगको उत्तम वस्त्र पहिरेकी थिइन्, शरीरमा गहना पनि थिएन अतएव कमल नभएको हिलै हिलो भएको तलाउझैं देखिएकी थिइन् ।।२१।। दुःखले आकुल व्याकुल परेकी, यी विचरी तपस्विनी बहुतै दुब्लाएकी र पीडित थिइन् र मंगल ग्रहद्वारा सताइएकी रोहिणीझैं देखिन्थिन् ।।२२।। यिनको आँखा-बाट आँसुको धारा बगिराखेको थियो र उपवास बस्नाले दुब्लाएकी पनि थिइन् । शोकले गर्दा सदा चिन्तामा परेकी यिनी बडो दुःखिनी र देख्तैमा करुणा उत्पन्न गराउने किसिमकी भइराखेकी थिइन् ।।२३।। आफ्ना राम लक्ष्मणलाई हेर्नाको सट्टामा यिनले राक्षसीहरूलाई हेर्नुपरेको थियो । आफ्नो बथानबाट छुट्टिएकी र कुक्कुरहरूद्वारा घेरिएकी हरिणीको झैं यिनको दशा भइराखेको थियो ।।२४।। यिनको पिठिउँमा कालो सर्प जस्तो तलसम्म एउटा चुल्ठो झुण्डिराखेको थियो अतएव यिनी वर्षाको अन्तमा नीलो रंगको वन धारण गर्ने पृथ्वीसमान देखिएकी थिइन् ।।२५।। सुख भोग गर्ने योग्यकी यिनी दुःख भोगिरहेकी थिइन् , कुनै दुःखको नामसम्म पनि नजानेकी ठूला ठूला आँखा भएकी, ज्यादै दुब्लाएकी र मैलो भइराखेकी यिनलाई देख्ता हनुमान्‌ले अनेक उचित कारणले यिनी सीता नै हुन् भन्ने ठहऱ्याए ।

कामरूपी राक्षसले हरेर लैजानलागेको वेलामा सीताको जस्तो रूप देखिएको थियो ठीक त्यस्तै रूप यी आइमाईको देखिन्छ ।

पूर्ण चन्द्रमाको जस्तो मुख, राम्रा राम्रा आँखीभूइँ र वाटुला वडा राम्रा स्तन भएकी उनी आफ्नो कान्तिले सबै दिशालाई उज्यालो गराइराखेकी थिइन् । नील मणिले भूषित भएकोले उनको घाँटी पनि नीलो देखिएको थियो, उनको ओठ विम्बफल जस्तो रातो, कम्मर पातलो र सबै अंग छाँट परेका थिए ।।२६–२९।। कमलको पात जस्तो आँखा भएकी सीता कामदेवकी स्वास्नी रति र पूर्णिमाको दिनको जूनझैं समस्त संसारको मनपरेकी थिइन् ।।३०।। सुन्दरी सीता नियम पालना गरिराखेकी तपस्विनी र डराएकोले वारंवार स्वाँ स्वाँ गरिराखेकी नागिनीझैं भूइँमा बसिराखेकी थिइन् ।।३१।।

जस्तो धूँवाले छोपिराखेको आगोको ज्वालाको कुनै शोभा देखिन्न त्यसै गरी बढिराखेको अतिशय ठूलो शोक समूहमा परेकोले यिनको पनि आज शोभा देखिन्नथ्यो ॥३२॥ यिनको अवस्था, अस्पष्ट अर्थ भएको स्मृतिको वचन, अन्यायले हरण गरिएको सम्पत्ति, नास्तिक बुद्धिले गर्दा आघात परेको श्रद्धा, भग्नावस्थामा परेको आशा विघ्नै विघ्नले परिपूर्ण भएको सिद्धि, अज्ञानले छोपेको बुद्धि, झूटो अपवादले भ्रष्ट भएको कीर्तिझैं बडो शोचनीय भइराखेको थियो ॥३३–३४॥ रामचन्द्रको सेवा गर्न नपाएकीले यिनी आफैं पीडित भइराखेकी थिइन् त्यसमाथि फेरि राक्षसीहरूले सताइराखेकोले हरिणको बच्चाको जस्तो आँखा भएकी यी बिचरी अबला यताउति हेरिरहेकी थिइन् ॥३५॥ आँसु भरिएको र काला काला परेलाले शोभित भएका आँखा भएको यिनको झ्याउरो मुखबाट वारंवार लामो सास निस्कनलागेको थियो ॥३६॥ गहना पैह्रन योग्य थिइन् तापनि यिनले अहिले कुनै गहना पहिरेको थिएन; मयलरूपी हिलो आँगमा दलिराखेकी यिनी बादलले छोपिराखेको चन्द्रमाको कान्तिझैं शोचनीय अवस्थामा परेकी थिइन् ॥३७॥

अभ्यास नगर्नाले बिर्सेको विद्याको झैं सीताजीको अवस्था देखता हनुमान्‌को मनमा सन्देह उत्पन्न भयो ॥३८॥ जसरी व्याकरणसम्बन्धी संस्कारले हीन भएको वाक्यले अर्कै अर्थ बुझाउँछ र विद्वान्‌हरूले बडो कष्टसँग त्यसको यथार्थ अर्थको पत्तो लगाउँछन् त्यसै गरी शरीरमा कुनै प्रकारको गहना नभएकोले हनुमान्‌ले बडो मुश्किलसँग यिनी सीता हुन् भनेर चिह्ने ॥३९॥ कुनै प्रकारको खोट नभएकी, ठूला ठूला आँखा भएकी यी स्त्रीलाई देखेपछि हनुमान्‌ले अनेक उचित कारणले यिनी राजपुत्री सीता नै हुन् भन्ने ठहऱ्याए ॥४०॥

रामचन्द्रले सीताको शरीरका जुन जुन गहनाको कुरा गरेका थिए हनुमान्‌ले शरीरलाई शोभित गराउने ती ती गहना नै देखे ॥४१॥ राम्रो ढाँचाले बनेका कानमा लगाउने कर्णफूल र कुण्डल आफ्नो आफ्नो ठाउँमा रहेका थिए र हातमा मणि मूँगा जडिएका गहना पडिराखेका थिए। धेरै दिनदेखि लगाइराखेको र माझ्दा पनि न माझेकोले यी गहना मैला थिए तापनि हनुमान्‌ले रामचन्द्रले बताएका गहना यिनै हुन् भन्ने विचार गरे ॥४२-४३॥ ऋष्यमूक पर्वतमा जुन जुन गहना खसालिएका थिए ती ता म यिनको शरीरमा देख्तिनँ र जो खसालिएका थिएनन् ती सबै निस्सन्देह आफ्नो आफ्नो ठाउँमा छँदै छन् ॥४४॥ सुनको रंग जस्तो पहेंलो रंगको दुपट्टा जो हरण समयमा पहाडमाथि खसेथ्यो, वानरहरूले त्यसलाई देखेकै हुन् र नाना प्रकारका राम्रा राम्रा गहना जो पृथ्वीमा आवाज गर्दै खसेथे सो सब यिनैले खसालेका हुन् ॥४५-४६॥ यिनले लगाइराखेको यो लुगा धेरै दिनदेखि लगाएको हुनाले मैलो भइसकेको छ तापनि निश्चय यो हामीले देखेकै रंग हो र त्यत्तिकै राम्रो पनि छ ॥४७॥ सुनको जस्तो शरीरको रंग भएकी यिनी अवश्यै रामचन्द्रकी प्यारी महारानी हुन्। यी पतिव्रता स्त्रीको हरण भएको छ तापनि यिनी रामको मनदेखि फरक भएकी छैनन् ॥४८॥ यिनी उनै सीता हुन् जसको निम्ति रामचन्द्र स्नेह, दया, शोक र काम यी चारै प्रकारले दुःखित भइराखेका छन् ॥४९॥ आपत्तिको

समयमा स्त्रीजातिमाथि दया गर्नुपर्नेमा मैले गर्न सकिनँ भन्ने स्नेह, वनमा समेत मलाई नछाड्ने यिनको हरण हुने समयमा रक्षा गर्न सकिनँ भन्ने दया, स्वास्नीको समेत पत्तो लगाउन पाइनँ भन्ने कुराको शोक र आफ्नी प्यारीदेखि फरक भएकोले कामदेवद्वारा सताइएका यिनी यी चारै कारणले पीडित भइराखेका छन् ॥५०॥ यी देवीका अङ्ग प्रत्यङ्ग जत्तिका राम्रा छन् उत्तिकै रामको शरीर पनि राम्रो छ तसर्थ यिनी उनलाई सुहाउन्यै किसिमकी छन् ॥५१॥ यी देवीको मन राममा र रामको मन यिनमा सदा अडिइराखको छ, त्यसैले यिनी र महात्मा रामचन्द्र यी दुवै अहिलेसम्म बाँचिराखेका छन् ॥५२॥ यिनको विरहमा शोकले गर्दा आकुल व्याकुल भई प्रभु रामचन्द्र प्राण त्याग नगरीकन जो बाँचिरहेका छन् सो साँच्चिकै बडो गाह्रो काम गरेको भन्नुपर्दछ ॥५३॥

वायुपुत्र हनुमान् यस प्रकारकी सीतालाई देख्ता प्रसन्न भए र मनै मनले रामनेर गई उनको प्रशंसा गर्नलागे ॥५४॥

सर्ग—१६

सीताको शोचनीय अवस्था देखेर हनुमान्को विलाप ।

प्रशंसनीय सीताको र आफ्नो गुणले गर्दा सबैका प्यारा भएका रामचन्द्रको यस प्रकारसंग प्रशंसा गरिसकेपछि वानरश्रेष्ठ हनुमान् फेरि चिन्ता गर्नलागे ॥१॥ केही बेरसम्म विचार गरिसकेपछि तेजस्वी हनुमान् आँखाभरि आँसु गरेर सीताका लागि विलाप गर्नलागे ॥२॥ गुरुहरूबाट राम्रो शिक्षा पाएकी, लक्ष्मणका दाजु रामचन्द्रकी प्यारी, सबैले मान्नुपर्ने किसिमकी सीताले समेत आज यस्तो दुःख भोग्न परिरहेको छ, अहो ! कालको उल्लंघन गर्न कसैले सक्तोरहेन छ ॥३॥ जसरी वर्षाको धाराले गंगामा अरू नदीहरूमा झैं धेरै हलचल हुँदैन त्यसै गरी रामचन्द्रको र बुद्धिमान् लक्ष्मणको पराक्रममा विश्वास भएकी यिनी धेर दुःखित भएकी छैनन् ॥४॥ स्वभाव, उमेर, व्यवहार, र कुलले रामचन्द्र सीतालाई सुहाउने र सीता रामलाई सुहाउने किसिमका छन् ॥५॥ सुनको जस्तो शरीरको वर्ण भएकी र लक्ष्मीसमान सबैलाई आनन्द गराउने सीतालाई देखेपछि हनुमान् मनै मनले रामचन्द्रनेर पुगी उनलाई भन्नलागे ॥६॥ यिनै ठूला ठूला आँखा भएकी सीताको निम्ति तपाईंले महाबली बालिलाई मार्नुभएको हो र रावण जत्तिकै पराक्रमी कवन्धको पनि यिनैका लागि मृत्यु भएको हो ॥७॥ जसरी इन्द्रले शम्बरलाई मारेथे त्यसै गरी वनमा आफ्नो पराक्रम देखाएर भयङ्कर पराक्रमी विराध राक्षसलाई रामचन्द्रले मारिदिनुभयो ॥८॥ डरलाग्दो काम गर्न सक्ने चौध हजार राक्षसहरूलाई जनस्थानमा आगोको ज्वालासमान वाणले तपाईंले मारिदिनुभयो ॥९॥ महात्मा रामचन्द्रले यिनैका लागि युद्धमा खर, त्रिशिरा, र महातेजस्वी दूषणको संहार गरेको हो ॥१०॥ यिनैको निम्ति बालिद्वारा पालना भइराखेको, वानरहरूको यो दुर्लभ राज्य लोकविख्यात सुग्रीवले पाएका हुन् ॥११॥ यिनै विशालाक्षी देवीका

लागि मैले ठूला साना नदीका स्वामी समुद्रलाई नाघें र यस शहरमा जतातत‍ै खोज खबर गरें ॥१२॥ यिनको निम्ति रामचन्द्रले समुद्रसहितको यो पृथ्वी अथवा समस्त संसारलाई नै पल्टाइदिएभने पनि मेरो विचारमा ता यो काम उचितै देखिने छ ॥१३॥ तीनै लोकको राज्य सीताको एक कलाको बराबर पनि छैन ॥१४॥ यी सीता मिथिला देशका, धर्मात्मा, महात्मा जनककी छोरी हुन् र बडो दृढतासंग पतिव्रता धर्मको पालना गर्दछिन् ॥१५॥ हलो जोतिएको भूईँलाई छाडेर यी बाहिर निस्केकी हुन्, त्यस समयमा कमलको पराग जस्तो खेतको धूलोले यिनको शरीरलाई छोपिराखेको थियो ॥१६॥ अतिशय पराक्रमी, धर्मशील र युद्धमा कहिले पनि पिठिउँ नफर्काउने राजा दशरथकी यी यशस्विनी जेठी बुहारी हुन् ॥१७॥ धर्मज्ञ, कृतज्ञ, र आफ्नो पराक्रमको ज्ञान भएका रामचन्द्रकी यिनी प्यारी पत्नी हुन्, अहिले यस समयमा यिनी राक्षसीहरूको वशमा परिराखेकी छन् ॥१८॥ पतिमाथिको प्रेमले गर्दा राजदरवारको सबै सुखलाई त्याग गरेर, जङ्गलमा पर्ने कष्टको केही परवाह नराखी पतिको साथमा निर्जन वनमा आएकी थिइन् ॥१९॥ फल मूलमा सन्तुष्ट भई पतिको सेवामा तत्पर रहेर यिनी राजमहलमा झैं वनमा समेत प्रसन्न रहन्थिन् ॥२०॥ सुनको जस्तो शरीरको वर्ण भएकी, सधैं हँसिलो मुख लगाएर बोल्ने, कहिले पनि कुनै आपत्तिमा नपरेकी यिनी आज यस्तो कडा यातना भोगिरहेकी छन् ॥२१॥ यी शीलवती सीतालाई रावणले हरेर ल्याएको हो तापनि, यिनलाई भेट्नाको निम्ति, तिर्खा लागेको मानिस पानीको पौशालाका लागि उत्कण्ठित भएझैं रामचन्द्र पनि उत्कण्ठित भइराखेका छन् ॥२२॥ राज्यबाट निकालिएको राजा फेरि आफ्नो राज्य पाउँदा जत्तिको खुशी हुन्छ त्यत्तिकै खुशी रामचन्द्र यी सीतालाई पाउँदा हुनेछन् ॥२३॥ सांसारिक सुखलाई त्याग गरेर बन्धुवर्गदेखि रहित भएकी छन् तापनि यिनी, रामचन्द्रको दर्शन पाइएला भन्ने आशाले, शरीर धारण गरिराखेकी छन् ॥२४॥ यिनले न राक्षसीहरूतिर दृष्टि लगाएकी छन् न फल फूल लागेका रूखतिर, यिनी ता एकाग्र चित्तले केवल रामचन्द्रको ध्यान गरिरहेकी छन् ॥२५॥ लोग्ने भनेका आइमाईहरूका लागि गहनाले भन्दा पनि बढ्ता सौन्दर्य्य उत्पन्न गराउने हुन् । यसै कारणले लोग्नेदेखि बिछोड भएकी यी सीता रूपवती भए तापनि अहिले शोभित भएकी छैनन् ॥२६॥ प्रभु रामचन्द्र यिनको विरहमा शोकले व्याकुल नभई जो प्राण धारण गरिरहेका छन् सो साँच्चिकै गाह्रो काम गरिरहेका छन् ॥२७॥ कपालको रौं कालो भएकी, कमल जस्तो आँखा भएकी, सुख भोग गर्ने योग्य यी सीताले दुःख पाइराखेको देख्ता मेरो मनमा पीर लागिराखेको छ ॥२८॥ पृथ्वीसमान धैर्य्य राख्न सक्ने, कमलजस्तो आँखा भएकी राम लक्ष्मणद्वारा रक्षित भएकी यी सीताको अहिले रूखमुनि बसिरहेका डरलाग्दो अनुहार भएका राक्षसीहरूले रक्षा गरिराखेका छन् ॥२९॥ तुसारोले खाएको कमलझैं शोभा नष्ट भएकी वारंवार दुःख पर्नाले पीडित भइराखेकी यी सीता चखेवा-देखि बिछोड भएकी चखेवीझैं आज शोचनीय अवस्थामा परिराखेकी छन् ॥३०॥ फूलको बोझले हाँगा निहुरिराखेका यी अशोकका रूखले र हजारौं किरण भएका चन्द्रमाले, शिशिर ऋतु बितेर वसन्तको प्रारम्भ भएको भए तापनि यिनको दुःखलाई बढाइरहेका छन् ॥३१॥

बलशाली, वानरश्रेष्ठ वेगवान् हनुमान् यस प्रकारको विचार गर्दै यिनै सीता हुन् भन्ने निश्चय गरेर त्यही रूखमाथि बसिरहे ॥३२॥

सर्ग—१७

अशोक वनमा सीताको रखवाली गर्ने राक्षसीहरू र सीताको वर्णन ।

नीलो जलमाथि आइराखेको हाँसको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले नीलो आकाशमा माथि आइराखेका श्वेत कमलसमानका निर्मल चन्द्रमाको देखिनलागेको थियो ॥१॥ चन्द्र भगवान् आफ्नो निर्मल प्रकाशद्वारा हनुमान्‌को सहायता गर्नलागेझैं यिनीमाथि आफ्ना शीतल किरण फिंजाउनलागे ॥२॥ यस समयमा हनुमान्‌ले ज्यादै गह्रौं भारी लादिएको जलमा डुब्नलागेको डुङ्गाको जस्तो अवस्था हुन्छ ठीक त्यस्तै अवस्था पूर्ण चन्द्रमाको जस्तो अनुहार भएकी, शोकरूपी भारले पीडित भइराखेकी सीताको पनि देखे ॥३॥ सीतालाई हेर्दा हेर्दै वायुपुत्र हनुमान्‌ले डरलाग्दो अनुहार भएका राक्षसीहरूलाई केही टाढा बसिराखेको देखे ॥४॥ यिनीहरूमध्ये कसैको एउटा कान, कसैको एउटा आँखा, कसैको ठूला ठूला कान, कसैको कानै नभएको र कसैको कीला जस्तो तीखो कान थियो र कसैको नाक टाउकोमाथि टाँस्सिएको थियो जसद्वारा यो सास फेर्दथी ॥५॥ कसैको शरीरको माथिल्लो हिस्सा लामो थियो ता कसैको टाउको लामो थियो, कसैको घाँटी सानो र कसैको अति ठूलो थियो, कसैको कपालका रौं झरेका थिए, कसैका छँदै थिएनन् र कोही ता ज्यादै धेरै रौं हुनाले रौंकै काम्लो ओढेका जस्ता देखिन्थे ॥६॥ कसैको लामो लासो कान, लामो निधार, लामो पेट, लामो स्तन, लामो मुख, लामो घुंडा र लामो ओठ थियो र कसैको चिउँडोसम्म पुगेको थियो ॥७॥ कुनै पुड्का, कुनै अग्ला, कुनै कुप्रिएका, कुनै बाङ्गा टिङ्गा, कुनै बाउन्ने, कुनै अति डरलाग्दा, कुनै बाङ्गो मुख भएका, कुनै कुइरो आँखा भएका र कुनै घीनलाग्दो अनुहार परेका थिए ॥८॥ कुनै डरलाग्दो आकार भएका, कुनै पहेंलो वर्णका, कुनै कालो रंगका, कुनै रिसाहा मिजासका र कुनै झगडालु थिए । कसैले फलामको महाशूल र कसैले काँढे काँढा भएको मुद्गर धारण गरेका थिए ॥९॥ कसैको मुख बनेलको जस्तो, कसैको बाघ, कसैको राँगो, कसैको बोको र कसैको स्यालको जस्तो थियो । कसैको खुट्टा हात्तीको जस्तो, कसैको घोडा र कसैको ऊँट जस्तो थियो, कसैको टाउको भित्र धसेको पनि थियो ॥१०॥ कसैको एउटा हात थियो, कसैको एउटा खुट्टा, कसैको कान गधाको जस्तो र कसैको घोडाको जस्तो थियो; कसै कसैका कान गाई, हात्ती र सिंहका जस्ता थिए ॥११॥ कसैको नाक ठूलो थियो, कसैको बाङ्गो र कसैको ता नाकै थिएन । कसैको नाक हात्तीको सूँड जस्तो थियो र कसैको नाक माथि टाउकोमा टाँस्सिएको थियो जसद्वारा यो सास फेर्दथी ॥१२॥ कसैका हात्तीका जस्ता मोटा मोटा खुट्टा थिए, कसैको गाईको जस्तो खुर थियो, कसैको खुट्टामा टुपीझैं रौं झ्याम्म परेका थिए, कसैको घाँटी, कसैको पेट र कसैका स्तन खूबै लामा लामा थिए ॥१३॥ कसैको नाक र मुख खूब ठूलो थियो, कसैको जिब्रो लामो थियो ।

यिनीहरूमध्ये कोही हात्तीको जस्तो मुख भएका, कोही बाख्राको जस्तो, कोही गाईको जस्तो र कोही सुंगुरको जस्तो मुख भएका थिए ॥१४॥ कसैको घोडाको जस्तो, कसैको ऊँटको जस्तो र कसैको गधाको जस्तो मुख थियो; कुनै कुनै राक्षसीको आकार देख्तैमा डरलाग्ने किसिमको थियो, कोही झगडालु स्वभावका थिए, कुनै राक्षसीले हातमा शूल र कुनैले मुद्गर लिइराखेका थिए ॥१५॥ कुनै कुनै विकट रूप भएका राक्षसीहरूको कपालको रौं धूँवासमानको कालो थियो, यिनीहरू सदा मदिरा पान गरिरहन्थे किनकि मासु र रक्सीको आहारा यिनलाई खूब मन पर्दथ्यो ॥१६॥ यिनीहरू सबैको जीउभरि रगत मासु लागिराखेको थियो ।

रगत मासु खाने यी राक्षसीहरूलाई हनुमान्ले देखे जसलाई हेर्दैमा शरीर रोमाञ्चित भइहाल्दथ्यो ॥१७॥ ठूला ठूला हाँगा भएको रूखलाई चारैतिर घेरेर यिनीहरू बसिराखेका थिए र यस रूखमुनि कुनै किसिमको खोट नभएकी जनकपुत्री सीता बसिराखेकी थिइन् ॥१८॥ श्रीमान् हनुमान्ले प्रभाहीन, शोकले व्याकुल परेकी र मयलले गर्दा कपालका रौं जटा जस्तो भएकी सीतालाई देखे ॥१९॥ सतीत्व रक्षाले गर्दा विख्यात भएकी, पतिको दर्शन नपाउनाले दुःखी भइराखेकी सीता पुण्य सकिएकोले भूइँमा खसिराखेको ताराझैं देखिएकी थिइन् ॥२०॥ यिनले कुनै राम्रो गहना पहिरेको थिएन तापनि पतिप्रेमले नै यिनी भूषित भइराखेकी थिइन् । राक्षसराज रावणद्वारा रोकिएकी, कुनै नाता कुटुम्बी संगमा नभएकी यिनी सिंहको पञ्जामा परेकी हतिनी र वर्षाको अन्तमा शरत्कालको बादलले ढाकिराखेको चन्द्रमाको रेखाझैं देखिएकी थिइन् ॥२१-२२॥ धेरै दिनसम्म बजाउने मानिसको हात नपर्नाले वीणाको जुन दशा हुन्छ धेरै कालदेखि पतिले स्पर्श नगरेकोले अहिले सीताको सौन्दर्य्यको पनि ठीक त्यस्तै दशा भइराखेको थियो । यिनी सदा पतिको अधीनमा रहन योग्यकी र राक्षसहरूको अधीनमा नपर्नुपर्ने किसिमकी थिइन् ॥२३॥ अशोक वाटिकामा वसेकी भए तापनि यिनी शोकसागरमा डुबिराखेकी थिइन् । राक्षसीहरूले चारैतिरबाट घेरिराखेकी सीता मंगल ग्रहले ग्रसेको रोहिणीसमान देखिएकी थिइन् ॥२४॥ हनुमान्ले सीतालाई फूलै नभएको लहरा जस्तो देखे । यिनको शरीरभरि मयल जमिराखेको थियो र कुनै गहना नपहिरेकोले हिलो लागिराखेको कमलझैं कहिले राम्रो र कहिले नराम्रो देखिनलागेकी थिइन् ॥२५॥ हनुमान्ले हरिणको बच्चाको जस्तो आँखा भएकी सीतालाई एउटा पुरानो र मैलो लुगाले आफ्नो शरीर ढाकिराखे-की देखे ॥२६॥ यी देवीको मुखमा तेज थिएन तापनि आफ्नो पतिको पराक्रम संझदा यिनको मन-भित्रको तेज नष्ट हुन पाएको थिएन । हरिणको बच्चाको जस्तो आँखा भएकी सीता केवल आफ्नो असल स्वभावको गुणले आफ्नो रक्षा गरिरहेकी थिइन् ॥२७॥ हनुमान्ले यी मृगनयनी सीतालाई डराएकी हरिणीले यताउति हेरिरहेझैं जतातै हेर्नलागेको देखे ॥२८॥ यिनी ताता ताता सासले फल फूल लागेका रूखलाई भस्म पार्ने हुन् कि जस्तो देखिएकी थिइन् र शोकसागरमा उर्लिरहेको दुःखरूपी लहरी पो हुन् कि जस्तो भान पर्दथ्यो ॥२९॥ विरह पीडाले दुब्लाएकी, ठिक प्रमाणअनुसारको सबै अङ्ग

भएकी यी सीता कुनै गहना नलगाएको भए तापनि रामै देखिएकी थिइन् । यस प्रकारकी देवी जानकीलाई देख्ता महाबली हनुमान् बडो खुशी भए र आँखाबाट हर्षको आँसु झार्नलागे । सीतालाई देख्न पाएकोले प्रसन्न भएका यिनी मनै मनले राम र लक्ष्मणलाई प्रणाम गरी त्यहीं रूखको पातमा लुकेर बसिरहे ॥३०-३२॥

सर्ग—१८

रावण सीतालाई भेट्न राती अशोक वाटिकामा आउँछ ।

यस प्रकारसंग फूल फुलिराखेको अशोक वाटिकालाई हेर्दा हेर्दैमा र सीतालाई भेटूँ भन्दा भन्दैमा हनुमान्‌को त्यो रात बित्नलाई अलिकता मात्र बाँकी रह्यो ॥१॥ रात्रि बित्नलागेको वेलामा हनुमान्‌ले षडङ्गसहितको वेद जान्ने, उत्तमोत्तम यज्ञ गर्ने ब्रह्मराक्षसहरूले गरेको वेदध्वनि सुने ॥२॥ यसपछि मङ्गलको वाजा बज्नलाग्यो । कानलाई आनन्द गराउने यी वाजाहरूको मनोहर शब्द सुन्दा महाबली महाबाहु रावण ब्यूंझ्यो ॥३॥ उठ्नासाथ राक्षसराज रावण सीताको चिन्तना गर्नलाग्यो । सुतेको वेलामा यसले लगाएका माला र लुगा यताउति भइराखेका थिए ॥४॥ शराब पिउनाले मत्त भइराखेको यो राक्षसको चित्त सीतामाथि खूब आशक्त थियो अतएव त्यसले आफ्नो यस इच्छालाई लुकाउन सकेन ॥५॥ सबै प्रकारका गहना र उत्तम शोभाले युक्त भएको रावण नाना किसिमका रूखले सुशोभित भइराखेको तथा नाना प्रकारका फल फूलले परिपूर्ण भएको त्यस अशोक वाटिकामा आयो ॥६॥

यस अशोक वाटिकामा तलाउहरू थिए, नाना तरहका फूलले यसको शोभा बढिराखेको थियो र सदा मस्त रहने चरा-चुरुङ्गीले गर्दा यो वन चित्र-विचित्रको देखिएको थियो ॥७॥ हेर्दैमा मनलाई आनन्द गराउने, सुन चाँदीका नक्कली पशुहरूले युक्त भएको, मणि र सुनको तोरण भएको त्यस वाटिकाका गल्लीहरूलाई हेर्दै रावण जानलागेको थियो ॥८॥ नाना किसिमका पशुहरूले भरिभराउ भइराखेको, झरेका फल जताततै छरिएको, वाङ्गा वाङ्गा रूखले व्याप्त भएको अशोक वाटिकाभित्र रावणले प्रवेश गर्‍यो ॥९॥ जसरी देवता र गन्धर्व जातिका आइमाई इन्द्रको पछिपछि लागेर हिंड्छन् त्यसै गरी सैकडौं आइमाई रावणको पछि हिंडिरहेका थिए ॥१०॥ कुनै आइमाईले सुनको लालटिन, कसैले चंवर र कसैले ताडको पंखा लिएका थिए ॥११॥ कुनै सुनको झारीमा पानी लिएर अगाडि अगाडि छर्कंदै हिंडेका थिए र कुनै बाटुलो पारेर बेह्रिराखेको बस्ने आसन लिएर पछिपछि लागेका थिए ॥१२॥ कुनै कुनै चतुरा आइमाई, रत्नै रत्न जडिएकोले टल्किराखेको, रक्सी भरिराखेको भाँडो दाहिने हातमा लिएर जानलागेका थिए ॥१३॥ कुनै राजहाँससमानको सेतो, चन्द्रमा जत्तिकै टल्कने, सुनको डाँठ भएको छाता बोकेर पछिपछि लागेका थिए ॥१४॥ रावणका यी सुन्दरीहरूको आँखा निद्रा र रक्सीले गर्दा झ्याम्म झ्याम्म भइरहेको थियो । जसरी विजुली बादलको पछिपछि चम्कंदै हिंड्छ त्यसै गरी आफ्नो वीर पति रावणको पछिपछि यी स्वास्नीहरू हिंडिराखेका थिए ॥१५॥ यिनीहरूको घाँटीको हार र

पाखुराको बाजू आफ्नो ठाउँदेखि अलि तल झरिराखेको थियो, शरीरमा लगाएको सुगन्धी लेप सुकेर खसिसकेको थियो । कपालका रौं फुकिराखेका र मुखमा पसीना टलिकराखेको थियो ॥१६॥ नशा उन्ननलागेको र निद्रा लागेकोले यी राम्रा राम्रा आँखा भएका आइमाई ढुनमुनिँदै हिंड्नलागेका थिए, फूलसमानको यिनीहरूको कोमल शरीरमा पसीना आइराखेको थियो र फुकिराखेका कपालका रौंमा माला अल्झिराखेको थियो ॥१७॥ अगाडि गइराखेको राक्षसराजको पछिपछि यसका मत्त परेका आँखा भएका प्यारा सुन्दरीहरू बडो सम्मानपूर्वक, कामको अधीन भई हिंड्नलागेका थिए ॥१८॥ यी सबै स्त्रीको त्यो महाबली पतिको, कामको अधीनमा परेकोले, सीतामाथि मन गडिरहेको थियो अतएव यो बेहोशी हालतमा बिस्तारै बिस्तारै हिंड्नलागेको थियो ॥१९॥

यसपछि हनुमान्ले रावणका राम्रा राम्रा स्वास्नीहरूले लगाइराखेको कन्धनी र पाउजेब बजेको आवाज सुने ॥२०॥ महाकपि हनुमान्ले अनुपम र अचिन्तनीय बल पौरखको काम गर्न सक्ने रावणलाई ढोकामा आइराखेको पनि देखे ॥२१॥ सुगन्धित तेल भएको बत्ती लिएर अनेक राक्षसीहरू अघि-अघि हिंडेकोले यसको शरीर चारैतिरबाट प्रकाशमान भइराखेको थियो ॥२२॥ काम, अहङ्कार र मद यी सबै रावणमा मौजूद थिए, यसका ठूला ठूला आँखा अलि बाङ्गिएका र राता देखिन्थे । यस समयमा रावणलाई देख्ता साक्षात् कामदेव धनु त्याग गरेर आइरहेका हुन् कि जस्तो भान पर्दथ्यो ॥२३॥ मथेको दूधको फींज जस्तो, सफासँग धोएको यसको उत्तम वस्त्र मालाको साथसाथै हातको बाजूमा अल्झेकोले अहिले यो यिनलाई तानेर आफ्नो आफ्नो ठाउँमा राख्नलागेको थियो ॥२४॥ पातै पात भएको रूखको माझमा लुकिराखेका र सयकडौं पात तथा फूलले बेह्रिएका हनुमान् यो नजीक नजीक आउनलागेको को होला भनेर चिन्ने प्रयत्न गर्नलागे ॥२५॥ हेर्दा हेर्दैमा वानरराज हनुमान्को दृष्टि पहिले रावणका रूप यौवनले युक्त भएका सुन्दरीहरूमाथि पर्न गयो ॥२६॥ यी सुन्दरीहरुद्वारा चारैतिरबाट घेरिएको महायशस्वी राक्षसराजले पशुपक्षीले गुञ्जायमान भइराखेको अशोक वाटिकाभित्र प्रवेश गर्‍यो ॥२७॥ यस समयमा उन्नत भइराखेको, चित्र विचित्रको गहना पहिरेको विश्रवाको छोरो राक्षसराज रावणलाई त्यो वनको रखवाली गर्ने शंकुकर्ण नाम गरेको एउटा राक्षसले मात्र देख्यो ॥२८॥ जसरी ताराहरुद्वारा चन्द्रमा घेरिएका हुन्छन् त्यसै गरी यी सुन्दरीहरूले चारैतिरबाट रावणलाई घेरि-राखेको देख्ता महाकपि हनुमान्ले विचार गरे—अघि लङ्काको त्यस उत्तम घरमा सुतिरहने महाबाहु रावण यही हो । यस्तो विचार गरेपछि महातेजस्वी हनुमान् जुन हाँगामा लुकिराखेका थिए त्योभन्दा माथिको हाँगामा उफ्रेर गए ॥२९–३०॥ बुद्धिमान् हनुमान् स्वयं अतितेजस्वी थिए तापनि अहिलेको रावणको तेजको सामुन्ने टिक्न नसकेर खूब बाक्लो पात भएको हाँगामा गएर लुकिरहे ॥३१॥ रावण कालो आँखा, कालो कपालको रौं, पातलो कम्मर, तथा ठाड ठाडा स्तन भएकी सीतालाई हेरूँ भनी उनको अगाडि आएर उभियो ॥३२॥

सर्ग—१९

रावणलाई देख्ता सीताको अवस्थाको वर्णन ।

यस समयमा, कुनै प्रकारको खोट नभएकी राम्रो अनुहार भएकी राजपुत्री वैदेही, रूप यौवनले युक्त भएको, राम्रा राम्रा गहना लगाएर सिंगारिएको राक्षस रावणलाई देख्ता हावामा केराको थाम हल्लेझैं काँप्नलागिन् ॥१–२॥ दुवै तिघ्राले आफ्नो पेट थिचेर र दुवै हातले आफ्ना स्तन छोपेर ती ठूला ठूला आँखा भएकी, सुन्दरीहरूमध्ये सर्वश्रेष्ठ सीता रुनलागिन् ॥३॥

रावणले त्यहाँ पुगेर राक्षसीहरूले घेरिराखेको समुद्रमा डुब्नलागेको डुङ्गाझैं, शोक-सागरमा परेकी सीतालाई दुःखले आकुल व्याकुल भइराखेको देख्यो ॥४॥ उग्र व्रत धारण गर्ने, बिछ्याउना नभएको भूइँमा बसिराखेकी सीता, रूखको कुनै एक हाँगा भाँचिएर जमीनमा खसिराखेको जस्ती देखिएकी थिइन् ॥५॥ जानकीको गहना पैह्रने ठाउँमा मयल जमिराखेको थियो, सिंगारिनुपर्ने किसिमकी थिइन् तापनि यस समयमा यिनले कुनै शृङ्गार गरेको थिएन, तसर्थ हिलो लागेको कमलझैं यिनी शोभित थिइन् र थिइनन् पनि ॥६॥ सङ्कल्परूपी घोडा जोतिएको मनरूपी रथमा चढेर यिनी राजसिंह आत्मविश्वासी रामचन्द्रनेर जानलागेकी जस्ती लाग्दथिन् ॥७॥ सुकेकी, रोइरहेकी, शोक र ध्यानमा डुबेकी, आफ्नो दुःखको कहिले पनि अन्त नहुने समझ लिएकी, केवल रामचन्द्रको चिन्तना गरिरहेकी सीतालाई रावणले देख्यो ॥८॥ मंत्रादिको प्रयोगले स्तम्भित भएकी नागिनीझैं यिनी छटपटाइरहेकी थिइन् र धूमकेतु ग्रहद्वारा पीडित भएकी रोहिणीसमान देखिन्थिन् ॥९॥ अति उत्तम शील स्वभाव र चरित्रले युक्त भएको धार्मिक कुलमा जन्मेर सो कुललाई सुहाउने विवाहको संस्कार पाएकी यिनी अहिले दुष्ट कुलमा जन्मेकी जस्ती देखिएकी थिइन् ॥१०॥ क्षीण भएको कीर्त्ति, अनादर गरिएको विश्वास, हीन भएको बुद्धि र भग्नावस्थामा प्राप्त भएको आशा जस्तै यिनी भइराखेकी थिइन् । नष्ट भएको धन, कसैले नटेर्ने आज्ञा, उत्पातको समयमा प्रज्वलित भएको दिशा र उचित समयमा नगरिएको पूजासमान यिनी देखिएकी थिइन् । अन्धकारले ढाकिएको पूर्णिमाको रात्रि, तुसारोले खाएको कमल, शूरवीर मारिनाले दिक्दारीमा परेको फौज, राहुले गर्दा धमिलो भइराखेको सूर्यनारायणको तेज, पानी सुकिराखेको नदी, चाण्डालहरूले छुनाले अपवित्र भएको यज्ञको वेदी र निभ्नलागेको आगोको ज्वालाको झैं अहिलेको यिनको अवस्था थियो । फूल र पातले शोभित भइराखेको कमललाई हात्तीले आफ्नो सूँडको आघातले ध्वस्त पारेको र चुराचुरुङ्गी डरले थर्थरायमान भई त्यहाँबाट उडेर गएको पोखरी जस्तै यिनी भएकी थिइन्; बाँध फुट्नाले पानी निस्केर सुक्खा भएको नदी, बुकुवा इत्यादि केही नलगाएकोले कृष्णपक्षको रात्रिझैं मलीन भएकी, पतिशोकले व्याकुल परेकी, जम्मै शरीर राम्रो भएकी, रत्नै रत्नको घरभित्र रहन योग्य भएकी यी सीतालाई रावणले घामले सुकेको भर्खर उखेलेको कमलको डाँठ जस्तो देख्यो ॥११-१७॥ पक्राउ परेर थाममा बाँधिएकी र आफ्नो बथानको मालिकदेखि बिछोड भएकी हतिनी झैं यिनी दुःखले पीडित भई वारंवार लामो लामो सास फेरिरहेकी थिइन् ॥१८॥ वर्षाको

अन्तमा नीलो वनपंक्तिले पृथ्वी शोभायमान भएझैं यिनी पनि विनाप्रयत्नले अल्झाइराखेको एउटा लामो चुल्ठोले शोभायमान भएकी थिइन् ॥१९॥ उपवास, शोक, ध्यान र डरले गर्दा क्षीण भएकी, अल्पाहार गर्ने, दुब्लाएकी, शोचनीय अवस्थामा परेकी, दुःखिनी तपस्विनी सीता हात जोडेर देवतासमानका रामचन्द्रको हातबाट रावणको पराजयको प्रार्थना मनै मनमा गर्नलागेकी थिइन् ॥२०-२१॥

सीताको राम्रो परेला भएको ठूलो आँखा, यसमा सेतो र कुना कुनामा रातो भइराखेको थियो । रावण आफ्नो वध गराउनाका लागि राममाथि प्रेम राख्ने, कुनै प्रकारको खोट नभएकी रोइरहेकी सीतालाई लोभ्याउन लाग्यो ॥२२॥

सर्ग--२०

रावण सीतालाई नाना प्रकारको लोभ देखाउँछ ।

राक्षसीहरूले घेरिराखेकी, दुःखमा परेकी, निरानन्दा, तपस्विनी सीतालाई रावण मीठो बोली गरेर अभिप्रायले युक्त भएको वचन भन्नलाग्यो ॥१॥ हात्तीको सूँड जस्तो तिघ्रा भएकी हे सुन्दरी ! तिमी मलाई देख्तैमा आफ्नो पेट र स्तन छोप्नलागेकी छौ, डराएकोले आफ्नो जम्मै शरीरलाई सम्पूर्णरूपले लुकाउन खोजिरहेकी छौ ॥२॥ सबैको मनलाई हरण गर्ने, ठूला ठूला आँखा भएकी हे सर्वाङ्गसुन्दरी ! म तिम्रो चाहना गर्दछु, तसर्थ हे प्रिये ! बडो मान गरेर मलाई स्वीकार गर ॥३॥ यहाँ न कुनै मानिस छन् न कुनै कामरूपी राक्षस, तसर्थ हे सीते ! मलाई देख्तामा उत्पन्न भएको डरलाई दूर गरिदेऊ ॥४॥ हे डरछेरुवी ! अर्काकी स्वास्नीसँग संभोग गर्नु, बलफ्तीसँग परस्त्रीको हरण गर्नु यो उहिलेदेखि चलिआएको राक्षसहरूको धर्म हो, यसमा केही सन्देह छैन ॥५॥ कामदेवले यथेष्टरूपले मेरो शरीरमा कामको वासना चढाएको भए तापनि ममाथि प्रेम नदेखाएसम्म तिमीलाई म छुंदै छुन्नँ ॥६॥ हे देवी ! मदेखि नडराऊ, हे प्रिये ! मेराउपर विश्वास गर र यथार्थ रूपले ममाथि प्रेम गर, यस प्रकारसँग शोकले आकुल नहोऊ ॥७॥ एउटै जूरो पार्नु, बिछाउना नभएको भूइँमा सुत्नु, सधैं चिन्तित रहनु, मैलो लगाउनु, विनाकारणको उपवास बस्नु, यी सबै तिमीलाई सुहाउने कुरा होइनन् ॥८॥ चित्रविचित्रका माला, चन्दन, अगरु, किसिम किसिमका लुगा, दिव्य आभूषण, धेरै मोल पर्ने पिउने चीज बीज, पलंग, बिछाउना, गाना, नाच, बाजा इत्यादि कुराको मेरा साथमा रहेर भोग गर ॥९-१०॥ तिमी स्त्रीहरूमा रत्नै छयौ तसर्थ यस्तो अवस्थामा नबस, आफ्नो शरीरमा गहना लगाऊ, हे सुन्दरी ! मलाई भेट्टाएपछि तिमी किन आफूलाई यस्तो अयोग्य ठह्याइरहेकी छौ ॥११॥ हेर, तिम्रो यो चढ्दो जवानी बित्नलागिरहेको छ, जसरी नदीको पानी बगेर गएपछि फेरि फर्कन्न त्यसै गरी यो यौवनावस्था बितेपछि फेरि फर्केर आउने होइन ॥१२॥ मलाई ता रूप बनाउने भएका ब्रह्माले तिम्रो रूप र लावण्य बनाइसकेपछि आफ्नो यो काम छाडिदिएको जस्तो लाग्दछ, किनकि हे सुन्दरी ! तिमीसमानको रूपवती

म अरू कुनै आइमाई नै देख्तिनँ ॥१३॥ हे वैदेही ! तिमीसमानको रूप र यौवनले युक्त भएकी स्त्री भेट्टाएपछि कसले मर्य्यादाको उल्लङ्घन गरोइन ? म ता विचार गर्दछु कि ब्रह्मासमेत तिमीलाई देखेपछि मर्य्यादा छोडी कामको वशमा पर्नेछन् ॥१४॥ चन्द्रमाको जस्तो अनुहार परेकी, पातलो कम्मर भएकी हे सीते ! तिम्रो शरीरको जुन अङ्गमा मेरो दृष्टि पर्दछ त्यहीं नै मेरो आँखा अल्झिहाल्दछ ॥१५॥ हे मैथिली ! तिमी मेरी स्वास्नी बनिहाल, यहाँबाट उम्कने आशा छोडिदेऊ, मेरा अनेक राम्रा राम्रा स्वास्नी छन् ती सबैमा तिमी मुख्य रानी बनेर बस ॥१६॥ हे डरछेरुवी ! तीनै लोकलाई मथन गरेर मैले जति रत्न हरण गरेर ल्याइराखेका छन् ती सबै र मेरो यो राज्य तिमीलाई दिन तय्यार छु ॥१७॥ हे विलासिनी ! नाना किसिमका शहरले युक्त भएको यो समस्त पृथ्वी जितेर तिम्रालागि तिम्रा पिता जनकलाई दिनेछु ॥१८॥ संग्राममा मेरो सामुन्ने आएर लड्न सक्ने म यस संसारमा कसै-लाई पनि देख्तिनँ, हेर, युद्धमा मेरो बल वीर्य्य अद्वितीय ठहरिएको छ ॥१९॥ मैले अनेक बाजि युद्धमा सुर असुरहरुलाई जितेर यिनको ध्वजा ध्वस्त पारिदिएको छु, यसैले यिनीहरूमध्ये कसैको पनि युद्धमा मेरो सामुन्ने उभिने सामर्थ्य छैन ॥२०॥ हे देवी ! मलाई स्वीकार गर, स्नानादिले आफ्नो शरीलाई निर्मल तुल्याऊ, चहकिला उत्तम प्रकारका गहनाले तिम्रो शरीर सुशोभित हुनेछ ॥२१॥ सिंगारपटार गरेको तिम्रो रूप म राम्रोसँग हेर्न चाहन्छु, हे सुन्दरी ! मेराउपर कृपा गरी सिंगार-पटार गरेर इच्छाअनुसार भोग विलासका वस्तुको उपभोग गर्दै विहार गर, पिउने कुरा पिऊ र आफूलाई इच्छा भए जति पृथ्वी, धन दान गरेर दिइहाल ॥२२-२३॥ मेराउपर विश्वास गरेर चाहिएको कुरा माग र निर्धक्कसंग आफ्नो हुकूमको प्रचार गर, ममाथि प्रेम गरेको देख्ता तिम्रा नाता कुटुम्बी सबै खुशी हुनेछन् ॥२४॥ हे यशस्विनी ! मैले आफ्नो पराक्रमद्वारा आर्जन गरेको धन सम्पत्तितिर दृष्टि देऊ, रूखको बोक्रा लगाएर बस्ने रामलाई तिमी के गर्न पाउली ? ॥२५॥ मलाई जित्न सक्ने कुनै सामग्री रामसित छैन, उनको शोभा नष्ट भइसकेको छ, उनी वनवासी हुन्, व्रत गर्दछन्, भूइँमा सुत्तछन्, अहिलेसम्म उनी बाँचेकै होलान् सो कुरामा समेत मलाई शङ्का लाग्दछ ॥२६॥ हे वैदेही ! जसरी अगाडि गइराखेको बकुल्लाको झुण्डले कालो बादलले ढाकेको चन्द्रमा-को प्रभालाई पछिल्तिर फर्केर हेर्न पाउन्न त्यसै गरी अबलाई रामचन्द्रले तिमीलाई देख्न पाउनेछैनन् ॥२७॥ जसरी हिरण्यकशिपुले इन्द्रको हातमा परेको कीर्तिलाई फिर्ता गर्न सकेनन् त्यसै गरी मेरो हातमा परेकी तिमीलाई रामचन्द्रले फर्काएर लैजान सक्नेछैनन् ॥२८॥ मनोहर दाँत र राम्रो आँखा भएकी तथा हँसिलो मुख लगाएर मुसुक्क हाँस्ने हे सीते ! जसरी गरुडले बलजफ्तीसंग सर्पलाई तानेर लैजान्छन् त्यसै गरी तिमी पनि मेरो मनलाई आफूतिर तानिरहेकी छौ ॥२९॥ मैलो रेशमी साडी पहिरे-की तिमी दुब्लाएकी छौ, कुनै गहना शरीरमा लगाएकी छैनौ तापनि तिमीलाई देख्ता आफ्ना स्वास्नीहरू-सँग भोग गर्नपट्टि मेरो इच्छा जाँदैन ॥३०॥ हे जानकी ! अन्तःपुरभित्र बस्ने, सबै गुणले युक्त भएका मेरा जति रानी छन् ती सबैमाथि तिमी आफ्नो हुकूम चलाऊ ॥३१॥ हे कालो कपाल भएकी सीते !

तीनै लोकका सुन्दरी मकहाँ जम्मा भएका छन्, जसरी अप्सराहरूले लक्ष्मीको सेवा गर्दछन् त्यसै गरी यिनीहरूले तिम्रो सेवा टहल गर्नेछन् ।।३२।। हे सुन्दरी ! कुवेरकहाँ जति रत्न र धन छ ती सबैको र समस्त संसारको मेरो साथमा रहेर सुखपूर्वक उपभोग गर ।।३३।। हे देवी ! तपस्या, बल, पराक्रम, धन, तेज र यश यी कुनै कुरामा पनि रामचन्द्र मेरो बराबरी गर्न सक्तैनन् ।।३४।। पान गर, विहार गर, क्रीडा गर, नाना प्रकारका भोग गर्ने वस्तुको भोग गर, म तिमीलाई धेरै धेरै धन र पृथ्वी दिन्छु । हे ललने ! मेरो साथमा रहेर सुखपूर्वक विलास गर र तिमीकहाँ आएर तिम्रा सबै नाता कुटुम्बीले मोज गरून् ।।३५।। फूल फुलिराखेका रूखले भरिभराउ भएको भ्रमराहरूले व्याप्त गरेको समुद्रतिरको वनमा, सुनको चहकिलो हार पहिरेर हे भीरु ! मेरो साथमा विहार गर ।।३६।।

सर्ग—२१

सीता कडा वचनमा रावणलाई जवाफ दिन्छिन् ।

त्यस भयङ्कर राक्षसका यी कुरा सुनेपछि दुःखमा परेकी सीता दया लाग्ने स्वर गरेर बिस्तारै बिस्तारै उसलाई भन्नलागिन् ।।१।। तपस्विनी सीता दुःखमा परेकीले रुनलागिन्; यी पतिव्रता आफ्नो मनमा केवल रामचन्द्रको ध्यान गरिरहेकी थिइन् र यिनको शरीर कामिरहेको थियो ।।२।। हँसिलो मुख भएकी सीताले माझमा एउटा परालको त्यान्द्रो राखेर उसलाई जवाफ दिनलागिन्—मेरो तर्फबाट आफ्नो मन हटाऊ र आफ्ना स्वास्नीहरूसित प्रेम गर ।।३।। जसरी पापी सिद्धिको प्रार्थना गर्न योग्य हुँदैन त्यसै गरी तिमी पनि मलाई प्रार्थना गर्न योग्य छैनौ, म ता पतिव्रता हुँ तसर्थ यो निन्दित काम मबाट हुन सक्तैन ।।४।। ठूलो कुलमा मेरो जन्म भएको र पवित्र कुलमा विवाह भएको छ ।

यशस्विनी सीताले रावणलाई यति भनिसकेपछि उतिर पिठिउँ फर्काएर फेरि भन्नथालिन्—

म ता सती छु र अर्काकी स्वास्नी हुँ तसर्थ लोभले तेरो स्वास्नी हुने योग्यकी छैन ।।५-६।। हे राक्षस ! धर्मपट्टि राम्रोसँग दृष्टि दे र सज्जनहरूको आचरणमुताबिक काम गर्, जसरी तँ आफ्ना स्वास्नीहरूको रक्षा गर्दछस् त्यसै गरी तैंले अर्काकी स्वास्नीको पनि रक्षा गर्नुपर्दछ ।।७।। आफ्नो दृष्टान्त मनमा राखेर तैंले आफ्ना स्वास्नीहरूको साथमा विहार गर्नुपर्दछ । जो चञ्चल मानिस आफ्ना स्वास्नीहरूदेखि सन्तुष्ट हुँदैन, त्यो खराब बुद्धि भएको, इन्द्रियलाई वशमा राख्न नसक्नेलाई अर्काका स्वास्नीहरूले नाश गरिदिन्छन् ।।८।। के यहाँ सज्जनहरू बसेका छैनन् ? बसेका ता होलान् तर तँ उनीहरूको सङ्गत गर्दो होओइनस् यसैले तेरो बुद्धि विपरीत र आचारहीन भएको हो ।।९।। अधर्मपट्टि लागेकाहरू, विवेकी मानिसले भनेको हितको कुरा झूटो भन्ठानेर ग्रहण गर्दैनन्; राक्षसहरूको नाश गराउनाका लागि तँ पनि सज्जनहरूको उपदेश मान्दो होओइनस् ।।१०।। हितको कुरा नसुन्ने अन्यायमा तत्पर भएको राजाले गर्दा अत्यन्त उन्नत अवस्थामा पुगेको राज्य तथा शहर विनाश भइजान्छ ।।११।। यसै कारण रत्नै रत्नले खचिखचाउ भएको यो लङ्का नगरी तेरो एउटाको अपराधले गर्दा अब चाँडै नै नाश हुन आँटेको छ

।।१२।। हे रावण ! आफ्नै कर्मको दोषले मृत्युनेर जानलागेको अदूरदर्शी पापीको मृत्यु भएको देख्ता सबै प्राणी खुशी हुन्छन् ।।१३।। यसै गरी तैंले गर्दा दुःख पाइराखेका सबै जना तँ पापीलाई आपत्तिमा परेको देख्ता खुशी भई यो भयङ्कर रावणमाथि विपत्ति परेको वेश भयो भन्ठान्नेछन् ।।१४।।

आफ्नो ऐश्वर्य अथवा धन देखाएर तँ मलाई लोभ्याउन सक्तैनस्, जसरी सूर्यका किरण उनलाई छोडेर अन्यत्र जाँदैनन् त्यसै गरी म पनि रामचन्द्रबाहेक अरू कसैकी हुन सक्तिनँ ।।१५।। मैले आदर-पूर्वक लोकनाथ रामचन्द्रको पाखुरालाई आफ्नो सिरानी बनाइसकेकी छु, अब मैले कसरी अरू कसैको पाखुरालाई तकिया बनाउने हो ? ।।१६।। विद्याव्रत समाप्त गर्ने आत्मज्ञानी ब्राह्मणका लागि जसरी ब्रह्मविद्या योग्य हुन्छ त्यसै गरी म पनि रामचन्द्रलाई सुहाउने स्त्री हुँ ।।१७।। जसरी वनमा हत्तिनीलाई हात्तीकहाँ पुऱ्याइदिन्छन् त्यसै गरी हे रावण ! तँ पनि म दुःखिनीलाई रामचन्द्र भएका ठाउँमा लगिदे, यसैमा तेरो कल्याण हुनेछ ।।१८।। लंकाको रक्षा गर्न र आफूलाई भयानक बन्धनबाट मुक्त गराउनाका लागि तैंले पुरुषश्रेष्ठ रामचन्द्रसँग दोस्ती गर्नु मुनासीब छ ।।१९।। रामचन्द्र सबै धर्मका ज्ञाता र आफ्नो शरण पर्न आएकाको रक्षा गर्दछन्, तँलाई बाँच्ने इच्छा छभने उनीसित मित्रता गरिहाल् ।।२०।। अतएव शरणागतवत्सल रामचन्द्रलाई प्रसन्न गरा र सावधानीसाथ मलाई उनको हातमा सुम्पिदे ।।२१।। मलाई रामचन्द्रको हातमा सुम्पनाले मात्र तेरो कल्याण हुनेछ, यसको विपरीत कुनै काम गरिस्भने तँ ठूलो आपत्तिमा पर्नेछस् ।।२२।। तँ जस्तालाई, चलाएको वज्रले शायद छोडिदेओस् अथवा यमराजले तँलाई धेरै कालसम्म जीवित राखून् तर लोकनाथ रामचन्द्र रिसाएभने तँलाई कदापि नमारिछोड्नेछैनन् ।।२३।। हे राक्षस ! तैंले इन्द्रले चलाएको वज्रको गर्जन जत्तिकै भयङ्कर रामचन्द्रको धनुको टङ्कार सुन्नुपर्नेछ ।।२४।। राम लक्ष्मणको नामले अङ्कित भएका, बल्दो मुख भएका, सर्पसमानका रामचन्द्रका तीखा तीखा बाण अब चाँडै नै यहाँ खस्नेछन् र निस्सन्देह यस शहरका राक्षसलाई मारिदिनेछन् । कङ्कपत्र लागेका यति बाण यहाँ खस्नेछन् कि तिल राख्ने ठाउँसम्म पनि खाली रहनेछैन ।।२५-२६।। हे रावण ! जसरी गरुडले बडो वेगसँग साँपहरूलाई उडाएर लैजान्छन् त्यसै गरी रामरूपी गरुडले पनि यहाँका राक्षसरूपी महासर्पहरूलाई मारिदिनेछन् ।।२७।। जसरी वामनावतार विष्णुभगवान्ले तीन पाइलाले नापेर असुरहरूको हातबाट उज्ज्वल लक्ष्मीको उद्धार गरेथे त्यसै गरी शत्रुहरूलाई दमन गर्ने मेरा पतिले अब झट्टै तेरो हातबाट उद्धार गरी मलाई लैजानेछन् ।।२८।। राक्षसहरूको सेना मारिएकोले जनस्थानमा राक्षसहरू शून्यै भइगए, यसको बदला लिन नसकेकोले तैंले अर्काकी स्त्रीको हरण गर्ने यो निन्दित काम गरिस् ।।२९।। हे अधम ! आश्रममा पुरुषसिंह राम-लक्ष्मणलाई नभएको देखेर तैंले त्यहाँभित्र पसी मलाई हरेर ल्याइस्, त्यस समयमा यी दुवै भाइ वनतिर गइराखेका थिए ।।३०।। राम र लक्ष्मणको गन्धसम्म पाएको भए पनि दुई बाघको बीचमा कुक्कुर अड्न नसकेझैं तँ त्यहाँ अड्न सक्ने थिइनस् ।।३१।। राम र लक्ष्मणको साथमा तैंले युद्ध गरेको खण्डमा तेरो जित हुने कुरा ता असम्भव छ, जसरी एउटा हात भएको वृत्रासुरलाई मार्नामा इन्द्रलाई अलिकता पनि प्रयास परेको

थिएन त्यसै गरी तँ एकलोलाई मार्न पनि ती दुवैलाई केही प्रयास पर्नेछैन ॥३२॥ जसरी सूर्यलाई अलिकता पानी सुकाउन धेरै बेर लाग्दैन त्यसै गरी लक्ष्मणसहितका रामले झट्टै आफ्ना वाणद्वारा तेरो प्राण हरण गर्नेछन् ॥३३॥ तँ कुवेरको पर्वतमा अथवा उनको घरमा वा वरुणको सभामा लुक्न गइस् भने पनि जसरी इन्द्रको वज्र लाग्नाले बडेमानको रूख ढल्दछ त्यसै गरी कालको वशमा परेको तैंले रामचन्द्रको हातबाट आफ्नो प्राण गुमाउनुपर्नेछ ॥३४॥

सर्ग—२२

रावण सीतालाई दुई महीनाको अवधि दिन्छ ।

सीताका यस्ता कठोर वचन सुनेपछि राक्षसराज रावण यी सुन्दरीलाई अप्रिय कुरा भन्नलाग्यो ॥१॥ पुरुषले जति जति आइमाईलाई संझाउँछन् उति उति ती उनको वशमा परेको देखिन्छन् तर तिमीलाई प्रसन्न गराउन म जति जति मीठो कुरा गर्दछु त्यति त्यति तिमी मलाई हेला गर्दछ्यौ ॥२॥ तिम्रा उपर मेरो जो आसक्ति उत्पन्न भएको छ त्यसैले मेरो रिसलाई रोकिराखेको छ जसरी कि खूब छिटो दगुर्नलागेको घोडालाई असल सारथिले रोक्तछ ॥३॥ काम पुरुषका लागि बडो बेढङ्गी हुन्छ, जसमाथि पुरुष आसक्त हुन्छ त्यसका लागि दया र स्नेह उत्पन्न भइहाल्दछ ॥४॥ यसै कारणले हे सुन्दरी ! मैले तिम्रो वध गर्न नसकेको हो, तिमी ता मारिने र तिरस्कार गरिने योग्यकी छौ, फजूलमा वनवासी रामका उपर प्रेम गरिरहेकी छौ ॥५॥ हे मैथिली ! तिमीले मलाई जति कठोर वचन सुनायौ त्यसका लागि ता बडो निष्ठुरतासँग तिम्रो वध गर्नुपर्ने हो ॥६॥

राक्षसराज रावण सीतालाई यति भनिसकेपछि फेरि रिसले चूर भई उनको कुराको उत्तर दिनलाग्यो ॥७॥ भइगो, दुई महीनाको मैले तिमीलाई जो अवधि दिएको छु त्यतिसम्म म पर्खन्छु, हे सुन्दरी ! यसपछि ता तिमीले मेरो पलङ्गमा सुत्न आउनुपर्नेछ ॥८॥ दुई महीनापछि पनि तिमीले मलाई आफ्नो पति बनाउन मञ्जूर गरिनौभने ता मेरा भान्सेहरूले बिहानको मेरो जलपानका लागि तिमीलाई टुक्रा टुक्रा पारिदिनेछन् ॥९॥

सीतालाई रावणले यस प्रकारसँग धम्की दिएको देख्ता देवता र गन्धर्वहरूका कन्या बडो दुःखित भए, यिनीहरूका आँखाको रूपै भ्रिरेर गयो ॥१०॥ राक्षसद्वारा हप्काई पाउनलागेकी सीतालाई यिनीहरूमध्ये कसैले ओठ चलाएर र कसै-कसैले आँखा मुखले इशारा गरेर संझाउन बुझाउनलागे ॥११॥

यिनीहरूद्वारा आश्वासन पाएकी हुनाले सीता, आफ्नो लोग्नेको बल वीर्य्यमा पूरा विश्वास भएकोले रावणको भलो गर्ने तथा अहङ्कारले भरिएको कुरा उसलाई सुनाउनलागिन् ॥१२॥ कसैले पनि तँलाई यो निन्दित काम गर्न नरोकेको देख्ता तेरो कल्याण चाहने यस लङ्का शहरमा कोही रहेनछ जस्तो लाग्दछ ॥१३॥ जस्तै शची इन्द्रकी स्वास्नी हुन् त्यस्तै म पनि धर्मात्मा रामचन्द्रकी स्वास्नी हुँ,

तँसिवाय तीनै लोकमा मनले समेत मेरो कामना गर्ने कोही होवैन ॥१४॥ राक्षसहरूमध्येको हे नीच ! अमिततेजस्वी रामचन्द्रकी स्वास्नीलाई यस किसिमको पापको कुरा भनेपछि तँ कहीं पनि उनको हात-बाट बाच्न पाँउनेछैनस् ॥१५॥ मतवाला हात्ती र खरायो यी दुवै वनवासी भए तापनि कदापि एक-नासका हुन सक्तैनन् अर्थात् रामचन्द्र मतवाला हात्ती हुन् र तँचाहिं उनको सामुन्नेमा खरायो जत्तिकै तुच्छ होस् ॥१६॥ इक्ष्वाकुनाथ रामचन्द्रको निन्दा गर्न तँलाई किन लाज नलागेको होला ? भइगो, उनको सामुन्नेमा नपरेसम्म गर्नु जति निन्दा गरिहाल् ॥१७॥ तँ खराव मनसायले मतिर हेरिरहेको छस् तसर्थ तेरा यी काला पहेंला निष्ठुरी आँखा किन भूईंमा खस्न नसक्केका होलान् ? ॥१८॥ ए पापी ! धर्मात्मा रामकी पत्नी र दशरथकी छोराबुहारी मसित यस्तो खराब कुरा गर्दा तेरो जिब्रो चुँडिएर किन नखसेको होला ? ॥१९॥ ए दशटाउके रावण ! ममा तंलाई भस्म पार्ने तेज ता छ, तर यस कामका लागि रामचन्द्रको आज्ञा नपाएकीले र तपस्या भङ्ग हुने डरले तँलाई भस्म नगरेकी हुँ ॥२०॥ बुद्धिमान् रामचन्द्रकी स्वास्नी मलाई तैंले हरेर ल्याउन सक्ने ता होइनस् तर विधाताले तेरै मरणका लागि यो उपाय रचेका हुन्, यसमा केही सन्देह छैन ॥२१॥ तँ कुवेरको भाइ होस् शूरो छस् र तँसित फौज पनि छ तैपनि तैंले किन मायाद्वारा रामचन्द्रलाई छकाएर उनकी स्वास्नीलाई चोरेर ल्याइस् ? ॥२२॥

सीताका यी कठोर वचन सुन्दा राक्षसराज रावण आफ्ना दुवै निष्ठुरी आँखा तरेर सीतातिर हेर्नलाग्यो ॥२३॥ रावणको शरीरको रंग नीलो बादलको जस्तो थियो, यसको हात लामो र घाँटी मोटो थियो, पराक्रममा र हिंडाइको चालमा सिंहसमान थियो, यसको जिब्रो र टल्कने आँखा वडो तेजिलो देखिन्थ्यो ॥२४॥ मुकुटको अगाडिपट्टिको भाग अलि तल झरेकोले यो झन् अग्लो देखिएको थियो, घाँटीमा किसिम किसिमका माला झुण्डिएका थिए र शरीरमा चन्दनादिको भाँति भाँतिको लेप लगाइराखेको थियो, यसले रातो रंगको माला र रातै रंगको वस्त्र पहिरेको थियो र हातमा टल्कने बाजू धारण गरिराखेको थियो ॥२५॥ कम्मरमा खूब मोटो कालो कन्धनी बाँधेकोले अमृतमन्थनको समयमा साँपै साँपले वेह्रिएको मन्दराचल पर्वतसमान देखिएको थियो ॥२६॥ आफ्ना दुई लम्बे लम्बे हातले गर्दा राक्षसराज रावण दुइटा अग्ला अग्ला टाकुरा भएको मन्दर पर्वतसमान देखिन्थ्यो ॥२७॥ मध्याह्न कालको सूर्यको जत्तिकै टलक भएका दोटा कुण्डल पहिरेकोले यो राता राता पात र फूल लट-रम्म फुलिराखेका दुइटा अशोकका रूखले सुशोभित भइराखेको पर्वत जस्तै देखिनलागेको थियो ॥२८॥ यसरी सिंगारिएकोले ता यो कल्पवृक्षझैं अथवा मूर्ति धारण गरेको वसन्त जत्तिकै राम्रो देखिनुपर्ने हो तर श्मशान भूमिमा वनेको मन्दिरझैं भयानक देखिएको थियो ॥२९॥ यस किसिमको रावण रिसले आँखा रातो तुल्याएर र सांप झैं स्वां स्वां गर्दै, सीतातिर एक दृष्टि लगाएर भन्नलाग्यो ॥३०॥

नीतिविहीन तथा दरिद्री रामचन्द्रमाथि तिमी अनुरक्त भइराखेकी छयौ तसर्थ म आजै तिमीलाई सूर्यले प्रातःकालको अन्धकारलाई नाश गरेझैं नाश गरिदिन्छु ॥३१॥

सीतालाई यति भनिसकेपछि शत्रुहरूलाई रुवाउने रावण देख्तैमा डरलाग्ने राक्षसीहरूतिर फर्केर भन्नलाग्यो ॥३२॥ यी राक्षसीहरूमा कसैको एउटा आँखा, कसैको एउटा कान, कोही कानै नभएका र कोही ठूला ठूला कान भएका थिए, कसै कसैको कान गाई र हात्तीको जत्रो थियो ॥३३॥ कुनै हात्तीको जस्तो, कुनै घोडाको जस्तो र कुनै गाईको जस्तो खुट्टा भएका थिए र कसै कसैको खुट्टामा धेरै नै रौं थिए । कोही एउटा आँखा भएका, कोही एउटा खुट्टा भएका, कोही मोटो मोटो खुट्टा भएका र कोही खुट्टै नभएका थिए ॥३४॥ कसैको टाउको र घाँटी खूब ठूलो थियो, कसैको स्तन र पेट अनौठा ढाँचाको थियो; कसैको जिब्रो र कसैको नंग खूब लामा लामा थिए ॥३५॥ कसैको नाकै थिएन, कसैको सिंहको जस्तो, कसैको गाईको जस्तो र कसैको सुंगुरको जस्तो मुखको आकार परेको थियो । यस किसिमका राक्षसीहरूतिर फर्केर रावण भन्नलाग्यो—जसरी हुन्छ सीता मेरो वशमा पर्ने उपाय तिमीहरूले गर्नुपर्‍यो । हे राक्षसीहो ! चाहे तिमीहरू एकला एकलै उपाय गर अथवा सबै जना मिलेर गर, सोझो बांगो जुन उपायले हुन्छ, अथवा साम, दान, दण्ड, भेदको प्रयोग गरेर हुन्छ कि, जसरी भए पनि मेरो वशमा गराइदेऊ ।

वारंवार यिनीहरूलाई यस किसिमको आज्ञा दिइसकेपछि, काम र क्रोधको वशमा परिराखेको राक्षसराज रावण जानकीतिर फर्केर गर्जनलाग्यो ।

यही मौकामा धान्यमालिनी नाम गरेकी राक्षसी झट्टै रावणनेर आई उसलाई अंगालो हालेर यी कुरा भन्नलागी—महाराज ! तपाईं मसित विहार गर्नुहोस्, यस सीतासँग तपाईंको केही प्रयोजन छैन ॥३६-४०॥ हे राक्षसराज ! मनुष्यकी स्वास्नी यो विरह पीडाले गर्दा फुस्रो भइराखेकी छ, यस्ती-लाई लिएर के गर्नुहुन्छ ? हजूरको बाहुबलले आर्जन गरेको ठूला ठूला भोगको भोग गर्नु भनेर ब्रह्माले यसको पुर्पुरोमा लेखेका छैनन् । आफूलाई चाह नगर्ने स्त्रीमाथि प्रेम गर्नाले पुरुषको शरीर तापले क्षीण हुन्छ ॥४१-४२॥ आफूमाथि प्रेम गर्ने स्त्रीको साथमा विहार गर्दा बडो आनन्द हुन्छ ।

यति भनेर राक्षसीले बलियो रावणलाई एकातिर तानेर लगी । बादलको जस्तो रंग भएको रावण पनि हाँस्तै त्यो ठाउँ छोडेर गयो ॥४३॥ पृथ्वीलाई कम्पायमान गराउँदै त्यसले त्यहाँबाट प्रस्थान गर्‍यो र मध्याह्नकालको सूर्यको जत्तिकै चहक भएको आफ्नो महलभित्र प्रवेश गर्‍यो ॥४४॥ देव, गन्धर्व र नागका कन्याहरू पनि यसलाई चारैतिरबाट घेरेर यसको साथसाथै महलभित्र पसे ॥४५॥ आफ्नो धर्ममा अडिइराखेकी, डरले थर्थर कामिरहेकी सीतालाई बेसगरी धम्की दिइसकेपछि, कामवासनाले पीडित भएकोले उनलाई छोडेर रावणले आफ्नो घरमा प्रवेश गर्‍यो ॥४६॥

सर्ग—२३

राक्षसीहरू सीतालाई तर्साउँछन् ।

सीतालाई यस किसिमको कुरा सुनाएर र राक्षसीहरूलाई एवं प्रकारसित अह्राइसकेपछि वान-

रहरूको मनमा भय उत्पन्न गराउने रावणले त्यहाँबाट प्रस्थान गऱ्यो ॥१॥ राक्षसराज रावण त्यहाँ-बाट निस्केर आफ्नो अन्तःपुरतिर लागेपछि डरलाग्दो अनुहार भएका राक्षसीहरू सीतानेर आए र बडो रिस देखाउँदै उनलाई अति कठोर वचन भन्नलागे ॥२-३॥ हे सीते ! पुलस्त्यको कुलमा उत्पन्न भएका-हरूमध्येका सर्वश्रेष्ठ मनस्वी रावणकी स्वास्नी हुन पाएकोमा के तिमी आफ्नो अहोभाग्य संझन्नौ ? ॥४॥ यसपछि एकजटा नाम गरेकी राक्षसीले रिसले आँखा राता राता तुल्याएर सानो पेट भएकी सीतालाई सम्बोधन गरी भन्नलागी ॥५॥ छ प्रजापतिहरूमध्येका यी पुलस्त्य लोकमा प्रख्यात भएका चौथा प्रजापति हुन् र ब्रह्माका मानसपुत्र हुन् ॥६॥ यी पुलस्यका मानसपुत्र तेजस्वी महर्षि विश्रवा हुन्, यिनको तेज प्रजापतिहरूको बराबरको थियो ॥७॥ हे ठूला ठूला आँखा भएकी सीते ! शत्रुहरूको मनमा भय उत्पन्न गराउने यी रावण यिनै विश्रवाका छोरा हुन्, तिमी यी राक्षसराजकी स्वास्नी हुन योग्य छ्यौ ॥८॥ ए सर्वाङ्गसुन्दरी सीते ! मैले भनेको कुरा किन तिम्रो मनले नखामेको ?

यसपछि हरिजटा नाम गरेकी राक्षसी भन्नलागी ॥९॥ बिरालोको जस्तो आँखा भएकी यो रिसले आफ्नो आँखा घुमाउँदै भन्नलागी—जसले तैंतीस देवता र इन्द्रलाई समेत जितेका छन् त्यस्ता राक्षसराजकी स्वास्नी बन्नामा तिमीलाई मुनासीब पर्नेछ, यिनी वडा पराक्रमी र शूरा छन् र युद्धमा कहिले पनि पिठिउं फर्काउन्नन्, यस्ता बलिया तथा पराक्रमी रावणकी स्वास्नी हुन तिमीले किन मन नगरेकी ? ॥१०-११॥ यी महाबली राजा रावण आफ्ना स्वास्नीहरूमध्ये सबभन्दा प्यारी, बडो आदर-संग राखिएकी, अतिशय भाग्यवती मन्दोदरीलाईसमेत छोडेर सदा तिम्रो साथमा रहनेछन् ॥१२॥ हजारौं स्त्रीले भरिपूर्ण भएको र नाना प्रकारका रत्नले सुशोभित भइराखेको अन्तःपुरलाई छोडेर रावण तिमीनेर आउनेछन् ॥१३॥

यसपछि विकटा नाम गरेकी अर्की राक्षसी भन्नलागी—डरलाग्दो पराक्रम भएका यी रावणले अनेक बाजि गन्धर्व, दानव तथा नागहरूलाई संग्राममा जितेका छन्, अहिले उनी आफैं तिमीनेर आइ-राखेका छन् ॥१४॥ हे अधम सीते ! यस्ता समृद्धिशाली मनस्वी रावणकी स्वास्नी वन्न तिमीले किन मन नगरेकी ? ॥१५॥

फेरि दुर्मुखी नाम गरेकी राक्षसी भन्नलागी—जसको डर मानेर सूर्यसमेत आफ्नो तेज रोक्छन्, वायु जोरसित चल्दैनन् यस्ता रावणकहाँ हे ठूला ठूला आँखा भएकी सीते ! तिमीले किन बस्न इच्छा नगरेकी ? ॥१६॥ यी राक्षसराज यस्ता छन् कि यिनीदेखि डराएर रूखहरू फूलको वृष्टि गर्दछन्, पर्वतहरू पानी बगाउँछन् र यिनले इच्छा गरेको वेलामा बादलले पानी बर्साउनैपर्दछ ॥१७॥ हे भामिनी ! यस्ता राजराजेश्वर रावणकी स्वास्नी वन्नपट्टि किन तिम्रो बुद्धि नगएको होला ? ॥१८॥ हे भामिनी ! तिम्रो भलो हुने तथा यथार्थ कुरा मैले भनेकी हुँ । हे सुन्दरी ! मैले भनेको कुरा मानिहाल नत्र तिमी आफ्नो ज्यान बचाउन सक्नेछैनौ ॥१९॥

———

सर्ग—२४

फेरि पनि राक्षसीहरू सीतालाई हप्काउँछन् ।

यसपछि नराम्रो अनुहार भएका सबै राक्षसीहरूले मिलेर कठोर वचन भन्न नहुने सीतालाई कठोर तथा अप्रिय वचन भन्नलागे ॥१॥ हे सीते ! सबै प्राणीको मनलाई आनन्द गराउने, धेरै धेरै मोल पर्ने पलङ्ग बिछ्याइराखेको अन्तःपुरमा तिमीले बस्न किन मन नगरेकी ? ॥२॥ मनुष्य जातिकी स्त्री हुनाले तिमीले मानिसकै स्वास्नी भएर बस्न बर्ता मन गरेकी होउली । अबलाई रामबाट आफ्नो मन हटाइहाल नत्र तिमी जीउँदी रहनपाउन्नौ ॥३॥ तीनै लोकको समृद्धिको भोग गर्ने राक्षसराज रावणलाई आफ्नो लोग्ने बनाएर सुखसँग मोज मज्जा गर ॥४॥ कुनै प्रकारको खोट नभएकी हे सुन्दरी सीते ! मनुष्य जातिकी हुनाले शायद तिमीले राज्यबाट निकालिएको, आफ्नो अभिलाषा पूर्ण गर्न नसकेको, विह्वल भइराखेको मनुष्य रामचन्द्रको चाहना गरेको होला ॥५॥

राक्षसीहरूको कुरा सुनेपछि कमल जस्तो आँखा भएकी सीता आँखाभरि आँसु गरेर उनीहरूलाई भन्नलागिन् ॥६॥ तिमीहरू सबैले मिलेर लोकमा नचलेको यो जो कुरा मलाई भन्यौ सो मेरो मनमा गड्न सकेन किनकि यो पापको कुरा हो ॥७॥ मनुष्य जातिकी आइमाईले राक्षसकी स्वास्नी बन्नामा उचित पर्दैन, तिमीहरू सबै जना मिलेर मलाई खान्छौभने पनि म तिमीहरूको यो कुरा मञ्जूर गर्न सक्तिनँ ॥८॥ मेरा पति चाहे शोचनीय अवस्थामा परेका हुन् चाहे राज्यबाट च्युत भएका हुन् मेरा लागि ता उनै देवतासमानका पूज्य छन्, जसरी सुवर्चला सूर्यमाथि अनुरक्त छन् त्यसै गरी म पनि सदा यिनकी अनुरागिणी छु ॥९॥ जस्तो किसिमसँग महाभाग शची इन्द्रको, अरुन्धती वशिष्ठको, रोहिणी चन्द्रमाको, लोपामुद्रा अगस्त्यको, सुकन्या च्यवनको, सावित्री सत्यवान्को, श्रीमती कपिलको, मदयन्ती सौदासको, केशिनी सगरको र दमयन्ती नलको चाहना गर्दथे त्यसै गरी म पनि रामलाई आफ्नो पति मानेर उनकी अनुरागिणी भई बसेकी छु ।

सीताका यस्ता कुरा सुन्दा राक्षसीहरूलाई बडो रिस उठ्यो र रावणको कुरा मानेर यिनीहरू उनलाई कडा कडा वचन भनेर हप्काउनलागे ॥१०-१३॥ हनुमान् चूपचापसँग लुकेर शिंशपाको रूखमा बसिराखेका थिए र यिनले राक्षसीहरूले सीतालाई हप्काएको पनि सुने ॥१४॥ यिनीहरू सबैका सबैले, रिसले थर्थर काम्दै सीतालाई हप्काउँदै, उनलाई चारैतिरबाट घेरे र उनको मनमा भय उत्पन्न गराउनाका लागि आफ्ना लामा लामा प्रज्वलित ओठ जिभ्रोले चाट्नलागे ॥१५॥ रिसले चूर भइराखेका यिनीहरूले झटपट हातमा बञ्चरो लिएर भने—यो सीता राक्षसराज रावणलाई आफ्नो पति बनाउने योग्य छैन ॥१६॥

डरलाग्दा राक्षसीहरूद्वारा यसरी हप्काइ खाएकी सीता आँसु पुछ्तै शिंशपाको रूखमुनि आइन् ॥१७॥ राक्षसीहरूको वशमा परेकी, ठूला ठूला आँखा भएकी सीता शोकले आकुल व्याकुल भई शिंशपाको रूखनेर आएर बसिन् ॥१८॥ निन्याउरो मुख लगाएकी, दुब्ली सीताले मैलो लुगा लगाइ-

राखेकी थिइन्; भयङ्कर राक्षसीहरूले यहाँ पनि यिनलाई चारैतिरबाट घेरेर हप्काउनलागे ॥१९॥ देख्तैमा डर लाग्ने अनुहार भएकी, पेट सुकेकी, विनता नाम गरेकी कराल राक्षसी रिस देखाउँदै भन्नलागी ॥२०॥ हे सीते ! आफ्ना पतिमाथिको प्रेम तिमीले देखाउनसम्म देखायौ, अबलाई अति नगर, हेर, जुनसुकै कुरामा पनि अति गर्नाले दुःख भोग्नुपर्दछ ॥२१॥ मनुष्यजातिलाई सुहाउने किसिमको व्यवहार तिमीले गरेको देख्ता म प्रसन्न छु, हे सीते ! अबलाई मैले भनेको तिम्रो भलो हुने कुरा गर ॥२२॥ सबै राक्षसहरूका मालिक रावणलाई आफ्नो पति बनाउन स्वीकार गर, यिनी देवराज इन्द्रको झैं पराक्रम देखाएर संग्राममा शत्रुहरूको सामना गर्दछन् ॥२३॥ यिनी बडा चतुरा र दानी छन् सबैसित मीठो बोली गरेर बोल्दछन् । बड़ो खराब हालतमा परेको मनुष्यजातिको रामलाई छोडेर रावणको आश्रय लेऊ ॥२४॥ हे सीते ! आजदेखि दिव्य आभूषणले सिंगारिएर सबै लोकको मालिक्नी बनेर बस ॥२५॥ जसरी स्वाहा अग्निकी र शची इन्द्रकी स्वास्नी बनेका छन् त्यसै गरी तिमी पनि रावणकी स्वास्नी होऊ; खराब हालतमा परेको, आयुक्षीण भएको रामलाई लिएर के गर्दछ्यौ ? ॥२६॥ मैले भनेको कुरा मानिनौभने अहिले नै हामी सबै मिलेर तिमीलाई खाइदिनेछौं ॥२७॥

यसपछि अति लामो स्तन भएकी विकटा नाम गरेकी राक्षसी रिसले मुक्की उजाएर सीतालाई हप्काउँदै भन्नलागी ॥२८॥ हे दुर्बुद्धे सीते ! तिमीले भनेका अनेक अनुचित कुरा हामीले दया गरेर र तिमीलाई अति सानो संझेर सह्यौं ॥२९॥ समयलाई सुहाउँदो र तिम्रो भलो हुने हामीले भनेको कुरा तिमी मान्दिनौ, हेर तिमीलाई समुद्रपारि ल्याइराखेको छ जहाँ अरू कसैको आउनु असम्भव छ ॥३०॥ हे मैथिली ! तिमी ता रावणको घरभित्र थुनुवा भएकी छौ र हामी सबै तिम्रो रखवाली गरिरहेका छौं ॥३१॥ साक्षात् इन्द्रले समेत तिमीलाई यहाँबाट छुटाएर लैजान सक्तैनन्, अतएव हे मैथिली ! तिम्रो भलो गर्न खोज्ने मैले भनेको कुरा मानिहाल ॥३२॥ आँसु झराल्नु व्यर्थ हो, फजूलको शोक गर्नाले कुनै फाइदा छैन, सधैंको यो दिक्दारी छोडेर प्रसन्नतासाथ आनन्द मनाऊ ॥३३॥ राक्षसराजको साथमा आनन्दसित विहार गर । हे डरछेरुवी सीते ! स्त्री जातिको यौवन धेरै दिनसम्म टिक्ने होइन भन्ने कुरा हामी सबैलाई थाहै छ ॥३४॥ जबसम्म तिम्रो यौवन बित्तैन तबसम्म सुख भोग गरिहाल । मत्त परेको आँखा भएकी हे सीते ! रमणीय बगैंचा र पर्वतको उपवनमा राक्षसराज रावणसँग मोज मज्जा गर । हे सुन्दरी देवी ! हज्जारौं आइमाई तिम्रो अधीनमा रहनेछन् ॥३५-३६॥ सबै राक्षसहरूका मालिक रावणलाई आफ्नो पति बनाऊ, हे सीते ! मैले भनेको उपदेशअनुसार काम गरिनौभने तिम्रो मुटु नै झिकेर खाइदिनेछु ।

यसपछि हेर्दैमा डरलाग्ने अनुहार भएकी चण्डोदरी नाम गरेकी राक्षसी आफ्नो बडेमानको शूल हल्लाउँदै भन्नलागी—हे राक्षसीहो ! हेर, यस समयमा हरिणको बच्चाको जस्तो आँखा भएकी सीताको स्तन डरले हल्लिराखेको छ । रावणले यिनलाई हरेर ल्याएको वेलादेखि यिनको पेटको दाहिने देब्रेपट्टिको भाग, छाती, दुवै काँधको बीचको भाग, अरू अरू अंग तथा टाउको खान पाए हुँदो हो भन्ने मेरो मनमा ठूलो इच्छा भइराखेको छ ।

यसपछि प्रघसा नाम गरेकी राक्षसी भन्नथाली—यसलाई मारेर हामी बराबरको टुक्रा बनाऊँ र आफू आफूमा बाँडेर लिऊँ, मलाई ता यो वादविवाद निको लाग्दैन ॥३७-४२॥ झटपट केही मदिरा र नाना प्रकारका फूल माला यहाँ ल्याइहाल ।

यसपछि शूर्पणखा नाम गरेकी राक्षसी भन्नलागी ॥४३॥ अजामुखीले भनेको कुरा मलाई पनि ठीक लाग्यो, सबै शोकलाई दूर गर्ने रक्सी झट्टै ल्याइहाल ॥४४॥ हामी सबै मानिसको मासु खाएर निकुम्भिला देवीको मन्दिरमा गएर नाचौं । नराम्रो अनुहार भएका राक्षसीहरूले यस प्रकारसँग डाँटेपछि ता देवकन्यासमानकी सीता मनमा धैर्य्य राख्न नसकेर रुनलागिन् ॥४५॥

सर्ग—२५

सीताको विलाप ।

भयंकर रूप भएका यी राक्षसीहरूले किसिम किसिमका मुटु छेड्ने कठोर वचन भनेको सुन्दा जानकी रुनलागिन् ॥१॥ मनस्विनी सीता राक्षसीहरूले यस किसिमको कुरा गरेको सुन्दा बहुतै डराइन् र सुँक्क सुँक्क गर्दै भन्नलागिन् ॥२॥ मानिसकी छोरी कदापि राक्षसकी स्वास्नी बन्न योग्य हुन्न, इच्छा छभने सबै जना मिलेर मलाई खाइदेऊ तर तिमीहरूले भनेको कुरा त म मान्ने होइनँ ॥३॥

देवकन्यासमानकी सीताले राक्षसीहरूको माझमा बस्ताखेरि मनमा शान्ति पाइनन्, यिनी यसै ता शोकले व्याकुल थिइन्, त्यसमाथि रावणको डाँटसमेत पाइसकेकी थिइन् ॥४॥ सीता ज्यादै काम्न-लागेकी थिइन्, वनमा आफ्नो झुण्डबाट छुट्टिएकी र हुँडारहरूद्वारा घेरिएकी हरिणीझैं खुम्चिएर एक डल्लो पर्नलागेकी थिइन् ॥५॥ यस समयमा सीता अशोक रूखको फूल फुलिराखेको एउटा हाँगा समातेर शोकले आकुल व्याकुल भई आफ्ना रामको चिन्तना गर्नलागिन् ॥६॥ आँखाबाट झरेका आँसुका धाराले यिनका दुवै मोटा मोटा स्तन भिजिगए, जति चिन्ता गरे तापनि यिनको मनको शोक हट्न सकेन ॥७॥ यिनी काम्दा काम्दै हावाको झोंकाले केराको थाम ढलेझैं ढलिन् । राक्षसीहरूको डरले थर्कीयमान भएकी सीताको मुख कालो नीलो भइराखेको थियो ॥८॥ शरीर कामेकोले सीताको लामो मोटो चुल्ठो पनि हल्लनलाग्यो तसर्थ यिनी रिङ्नलागेकी नागिनी जस्तै देखिइन् ॥९॥ शोकले पीडित भएकी तथा वारंवार सुस्केरा हालिरहेकी सीता रिसले बेहोश पर्लिन् जस्ती देखिइन् । यिनी दुःखित भई आँसुको धारा बगाउँदै विलाप गर्नलागिन् ॥१०॥

हा राम ! हा लक्ष्मण, हा मेरी प्यारी सासु कौशल्या, हा सुमित्रा ! तिमी सबै कहाँ छौ ? ॥११॥ काल नआईकन मानिस अथवा आइमाईको मृत्यु हुन सक्तैन भन्ने पण्डितहरूले भनेको उखान साँची नै रहेछ ॥१२॥ यी दुष्ट राक्षसीहरूले मलाई हप्काइरहेका छन्, तर्साइराखेका छन्, भनेको वेलामा मर्न पाइने भए के म रामचन्द्रविना एक छिन पनि बाँच्ने थिएँ त ? ॥१३॥ जसरी गह्रौं भारी लादिएको डुङ्गा हावाको झोकाले गर्दा समुद्रमा डुब्दछ त्यसै गरी पुण्य सकिएकी, हीन अवस्थामा परेकी

मैले अनाथिनीझैं आफ्नो ज्यान गुमाउनुपर्नेछ ॥१४॥ एक ता म आफ्ना प्राणप्याराको दर्शन पाउन्नँ, दोस्रो यी राक्षसीहरूको वशमा परेकी छु तसर्थ पानीको वेगले गर्दा नदीको किनाराको जस्तो दुर्दशा हुन्छ म पनि शोकले गर्दा ठीक त्यस्तै गरी पीडित भइराखेकी छु ॥१५॥ कमलको पात जस्तो आँखा भएका, सिंहको जस्तो पराक्रम र हिंडाइ भएका, कृतज्ञ र प्रियवादी मेरा प्रभुलाई जो हेर्न पाउँछन् तिनै भाग्यमानी हुन् ॥१६॥ जसरी तेजिलो विष खाएर जीवित रहनु असम्भव छ त्यसै गरी आफ्नो पराक्रमको ज्ञान भएका रामचन्द्रदेखि छुट्टिएर मैले बाँच्नु असम्भव छ ॥१७॥ अफसोस ! मैले पूर्वजन्ममा कस्तो महापाप गरेकी रहिछु जसले गर्दा मैले अहिले यस्तो भयङ्कर र अतिकठोर दुःख भोगिराख्नुपरेको छ ॥१८॥ अति ठूलो शोकमा परेकोले म आफ्नो जीवन त्याग गर्न चाहन्छु, यी राक्षसीहरूको हातमा परेकी मलाई रामचन्द्रले भेट्टाउन सक्नेछैनन् ॥१९॥ अर्काको वशमा पर्नु र मनुष्य जन्म यी दुवैलाई धिक्कार छ किनकि आफ्नो इच्छा भए तापनि अर्काको अधीनमा परेको मानिसले प्राण त्याग गर्न सक्तैन ॥२०॥

सर्ग—२६

राम लक्ष्मणलाई संझेर सीता फेरि विलाप गर्छिन् ।

यस प्रकारसँग बोल्दा बोल्दैमा सीताको मुख आँसुले भिजिगयो र यी बाला मुण्टो तल निहुराएर विलाप गर्नलागिन् ॥१॥ भारी झिकेपछि सानी घोडी जसरी भूईंमा लडीबुडी खेल्दछे त्यसै गरी सीता पनि बहुलाएझैं, भूत लागेझैं, ज्यादै आकुल व्याकुल परेझैं, भूईंमा छटपटाउँदै विलाप गर्नलागिन् ॥२॥ यिनी विलाप गर्दै भन्नलागिन्ः—यो कामरूपी राक्षसले मायारूपी मारीचद्वारा रामलाई छकाएर रोइराखेकी मलाई बलजफ्तीसँग हरेर यहाँ ल्यायो ॥३॥ यस समयमा म राक्षसीहरूको वशमा परेकी छु, यिनीहरू मलाई बडो निर्दयतासँग हप्काइरहेका छन् । अतिशय दुःखमा परेकीले रामको चिन्तना गरिरहेकी छु, यसकारण अबलाई मेरो बाँचिराख्ने अभिलाषा छैन ॥४॥ रामचन्द्रको विरह खपेर मैले राक्षसीहरूको बीचमा बस्नुपर्दछभने मलाई यस जीवनसित के प्रयोजन रह्यो ? मेरा यी धन र गहनासित पनि के प्रयोजन रह्यो ? ॥५॥ निश्चय मेरो हृदय ढुङ्गा जत्तिकै साह्रो रहेछ, अथवा अजर र अमर रहेछ किनकि यस्तो दुःख पाउँदा पनि यो फुट्न सकेन ॥६॥ रामचन्द्रदेखि अलग हुँदा पनि मैले क्षणभर पनि कसरी जीउँदो रहन सकेहुँला, यो देख्ता ता मेरो जीवन पापै पापले भरिएको जस्तो लाग्दछ, अपतिव्रताझैं काम गर्ने तथा दुष्टमति भएकी मलाई धिक्कार छ ॥७॥ म आफ्नो देब्रे खुट्टाले समेत राक्षस रावणलाई छुन सक्तिनँ त्यसको कामना गर्ने कुरा त कता छ कता ॥८॥ आफ्नो कुटिल स्वभावको वशमा परेकोले यो राक्षस मलाई आफ्नो गराउने प्रार्थना गरिरहेछ, मैले वारंवार निरादर गरेको कुरा उ बुझ्दैन, त्यसलाई न आफ्नो, न आफ्नो कुलको केही ज्ञान छ ॥९॥ हे राक्षसीहो ! चाहे तिमीहरू मलाई काट, चाहे छेड, चाहे टुक्रा टुक्रा पार, चाहे आगोमाथि राखेर भुट, केही गरे पनि

म रावणलाई अङ्गीकार गर्ने होइन, तिमीहरूले बकबक गर्नु सब व्यर्थ छ ॥१०॥ रामचन्द्र ता विख्यात विद्वान्, कृतज्ञ, दयालु र सदाचारी हुन्, मेरो भाग्यको दोषले अहिले उनी ममाथि निर्दयी भएका हुन् ॥११॥ जसले एक्लै जनस्थानमा चौद्ध हजार राक्षसको संहार गरे के तिनी मेरो उद्धार गर्न आओइनन् ? ॥१२॥ यो लङ्का समुद्रको माझमा रहेकोले अरूद्वारा यहाँ आक्रमण हुन नसके पनि रामचन्द्रको बाणको गति ता कुनै प्रकारले रोकिन सक्तैन ॥१३॥ दृढपराक्रमी रामचन्द्रले राक्षसद्वारा हरण गरिएकी आफ्नी प्यारी स्त्रीको खोज खबर नगर्नाको के कारण होला ? ॥१४॥ लक्ष्मणका दाजुले म यहाँ छु भन्ने थाहा पाएका छैनन् कि जस्तो मलाई लाग्दछ, थाहा पाएको भए ता ती तेजस्वीले मेरो यस्तो अपमान भएको कसरी सहँदा हुन् त ? ॥१५॥ मेरो हरणको खबर रामचन्द्रको कानमा पुर्‍याउने जटायुलाई समेत रावणले युद्धमा मारिदियो ॥१६॥ मेरो हरण हुनलागेको समयमा मलाई बचाउनाका लागि, बूढो भए तापनि यी गृध्रराजले रावणको वधको निम्ति उद्यत भएर ठूलो काम गरेका हुन् ॥१७॥ म यहाँ छु भन्ने थाहा पाए ता रामचन्द्र आजै रिसले चूर भई बाण चलाएर यस संसारलाई राक्षसहीन गराइदिन्थे ॥१८॥ लङ्कापुरीलाई जलाइदिन्थे, समुद्रलाई भस्म पारिदिन्थे, नीच रावणको नाम तथा यसको कीर्तिलाई नष्ट गरिदिन्थे ॥१९॥ जसरी म यहाँ रोइरहेकी छु त्यसै गरी आफ्ना पतिहरू मारिएकाले घरघरमा राक्षसीहरू रोइरहन्थे, यसमा केही सन्देह छैन ॥२०॥ लक्ष्मणको साथमा रामचन्द्रले राक्षसहरूको यस लङ्काको पत्ता लगाई अवश्यै यसको विनाश पार्नेछन्, यी दुवैको दृष्टिको सामुन्ने परेपछि ता शत्रु एक छिन पनि बाँच्न सक्तैन ॥२१॥ अब चाँडै नै यो लङ्काका सडकहरू चिताको धूवाँले व्याप्त हुनेछन्, जताततै गिद्धको झुण्ड देखिनेछ र जम्मै शहर श्मशानतुल्य हुनेछ ॥२२॥ मेरो यो अभिलाषा पूर्ण हुनालाई अब धेरै विलम्ब छैन, तिमी सबैको, शास्त्र विरुद्धको यो आचरण अब चाँडै नै फल्नेछ ॥२३॥ लङ्कामा अचेल जस्ता अशुभ चिन्ह देखिन्छन् तिनबाट ता यो अब थोरै दिनमा श्रीहीन हुनेछ भन्ने स्पष्टै देखिन्छ ॥२४॥ पापी राक्षसराज रावण मारिएपछि ता कसैले आक्रमण गर्न नसक्ने यो लङ्का विधवा आइमाईझैं ऐश्वर्य्यादिले हीन भइजानेछ ॥२५॥ आज जुन लङ्कामा नाना प्रकारका पुण्योत्सव भइराखेका छन् त्यही लङ्का आफ्नो राजा र राक्षसहरू मारिएकोले विधवा आइमाईझैं देखिन लाग्नेछ ॥२६॥ अवश्यै दुःखले पीडित भएका राक्षसका कन्याहरूले घरघरमा रोए कराएको शब्द म चाँडै नै सुन्न पाउनेछु ॥२७॥ रामचन्द्रको बाण लाग्नाले उत्तमोत्तम राक्षसहरू मारिएपछि ता यो लङ्कापुरी प्रकाशरहित र अन्धकारमय भएर भस्म हुनेछ ॥२८॥ राता राता आँखा भएका शूरा रामचन्द्रले जुन दिन म यहाँ राक्षसको घरमा छु भन्ने थाहा पाउनेछन् त्यही दिन यस लंका नगरीको यो दुर्दशा हुनेछ ॥२९॥ यो दुष्टमति अधम रावणले मेरो निम्ति जुन अवधि नियत गरेको थियो त्यो समाप्त हुने वेला पनि आइपुग्यो ॥३०॥ मेरो मृत्युको समय यस दुष्टले बताएकै छ सो कदापि टर्न सक्तैन, कर्तव्य र अकर्तव्यको ज्ञान नभएका यी राक्षसहरू निश्चय पापी हुन्छन् ॥३१॥ मासु खाने यी राक्षसहरू धर्म भनेको के चीज हो सो जान्दैनन् तसर्थ यही अधर्मले गर्दा यहाँ ठूलो उत्पात मच्चिनेछ ॥३२॥ अवश्यै

राक्षस रावणले विहानीपखको भोजनको निम्ति मलाई काट्नलगाउनेछ, मेरा प्यारा राम मेरो नजीक नभएकोले म के उपाय गर्न सक्तछु ? ।।३३।। अरुण-नयन आफ्ना पतिलाई देख्न नपाएकीले म अतिशय दुःखित भइराखेकी छु, पतिदेखि बिछोड भएकोले अब म चाँडै नै आगोमा प्रवेश गर्नेछु ।।३४।। भरतका दाजु रामलाई म बाँचेकै छु भन्ने पत्तो छैन; यी दुवै भाइलाई म बाँचेकै छु भन्ने थाहा भएको भए के समस्त पृथ्वीमा यिनले खोज पत्ता लगाउने थिएनन् त ? ।।३५।। अथवा लक्ष्मणका दाजु रामचन्द्र, मेरो शोकले व्याकुल भई पृथ्वीमा आफ्नो शरीर छोडेर देवलोकमा गए कि जस्तो पनि लाग्द- छ ।।३६।। देवलोकमा मेरा वीर राजीवलोचन रामको दर्शन पाउने ती देवता, गन्धर्व, सिद्ध तथा ऋषिहरू भाग्यमानी रहेछन् ।।३७।। परमात्मा, बुद्धिमान् श्री रामचन्द्रजी ता राजर्षि हुन् र केवल धर्मको चाहना गर्दछन्, त्यस्तालाई म स्वास्नीको के प्रयोजन छ र ? ।।३८।। जो आँखाको सामुन्ने रहन्छ त्यसमाथि मात्र प्रीति उत्पन्न हुन्छ, नजरले नदेखिने भएपछि ता प्रीति तथा सुहृद्भाव रहँदैन, तर होइन, यो चाला ता कृतघ्नहरूको हो, रामचन्द्र ता पहिलेको प्रेमलाई कदापि बिर्सन सक्तैनन् ।।३९।। ममा कुनै दुर्गुण अथवा मेरो सौभाग्यको अन्त भएकोले श्रेष्ठ पदार्थको ग्रहण गर्ने रामचन्द्रदेखि म सीता भनाउँदी-को बिछोड भएको होला ।।४०।। राम्रो स्वभाव भएका, शूरा, शत्रुहरूको विनाश पार्ने महात्मा राम-चन्द्रदेखि छुट्टा भएर बाँच्नुभन्दा ता मैले मर्नैमा बेश छ ।।४१।। अथवा वनमा फल मूल खाएर बस्ने, वनैमा डुलफिर गर्ने ती नरश्रेष्ठ दुवै भाइले हातहतियारको त्याग गरिदिएका हुन् कि ? ।।४२।। अथवा दुरात्मा राक्षसराज रावणले छल गरेर वीर राम लक्ष्मण दुवै भाइलाई मारिदियो कि ? ।।४३।। यस्तो कष्टको समयमा म भित्र दिलैदेखि मर्न चाहन्छु, तर यस्तो दुःख पर्दा पनि विधाताले मेरो मृत्यु होस् भनेर लेखेका रहेनछन् ।।४४।। सत्यवादी, जितेन्द्रिय, महात्मा मुनिहरू नै धन्य हुन् जसका लागि प्रिय अप्रिय केही पनि छैन ।।४५।। प्रियदेखि ता दुःख हुने संभावनै छैन, तर अप्रियको संयोगले ता निकै दुःख हुन सक्तछ, यिनीहरू यी दुवैदेखि फरक छन्, म यस्ता महात्माहरूलाई नमस्कार गर्दछु ।।४६।। एक ता आत्मज्ञानी प्यारा रामचन्द्रदेखि बिछोड भएको, दोस्रो यो पापी रावणको वशमा पर्नुपरेकोले म प्राण त्याग नगरी छोड्दिनँ ।।४७।।

सर्ग--२७

त्रिजटाले देखेको सपनाको वर्णन ।

सीताको मुखबाट यस्तो कठोर वचन निस्केको सुन्दा राक्षसीहरूले रिस खप्नै सकेनन् र यिनीहरू-मध्ये कोही कोही यो सब वृत्तान्त सुनाउन भनी दुष्ट रावणकहाँ पुगे ।।१।। रावणकहाँ नगएका डरलाग्दो अनुहार परेका अनेक राक्षसीहरू सीतानेर आई आफ्नो कल्याणको नाश गराउने किसिम किसिमका कठोर वचन एक स्वर गरी उनलाई भन्नलागे ।।२।। खराब मनसाय गरेकी हे असती सीते ! आज अहिले नै हामीहरू सबै जना मिलेर तिम्रो मासु आनन्दसँग खाइदिन्छौं ।।३।।

यी अनार्या राक्षसीहरूले सीतालाई तर्साइराखेको देख्ता निद्राबाट भर्खर ब्यूंझेकी त्रिजटा नाम गरेकी बूढी राक्षसी भन्नलागी ।।४।। हे पापिनीहो ! तिमीहरू आफ्नो शरीरलाई आफैं खाओ । जनककी प्यारी छोरी, दशरथकी छोराबुहारीलाई नखाओ ।।५।। आज मैले बडो डरलाग्दो रोमाञ्च गराउने सपना देखें जसबाट यसको लोग्नेको कल्याण हुने तर राक्षसहरूको विनाश हुने देखिन्छ ।।६।।

रिसले मुरमुरिइराखेका सबै राक्षसीहरू त्रिजटाको यस्तो कुरा सुन्दा डरले थर्कोयमान भएर उसलाई भन्नलागे ।।७।। आज राती तिमीले कस्तो सपना देख्यौ सो सब हामीलाई भन ।

राक्षसीहरूको मुखबाट निस्केको यो कुरा सुन्नासाथ त्रिजटा आफूले बिहानीपख देखेको सपनाको वृत्तान्त भन्नलागीः—हात्तीका दाँतले बनेको, हजार घोडा जोतिएको, आकाशमा भ्रमण गर्ने विमानमा चढेर सेतै लुगा र सेतो माला पहिरेका रामचन्द्र आफ्ना भाइ लक्ष्मणको साथमा लङ्कामा आए ।।८–१०।। आजको सपनामा मैले चारैतिरबाट क्षीर समुद्रले घेरिएको एउटा सेतो पर्वतमा सेतो वस्त्र पहिरेकी सीतालाई बसिराखेको देखें ।।११।। जसरी सूर्यसित उनको प्रभा मिलेको हुन्छ त्यसै गरी सीता पनि रामचन्द्रको साथमा मिलेकी थिइन् । फेरि मैले पर्वतसमानको अग्लो चार दाँते हात्तीमा राम लक्ष्मण दुवैलाई साथसाथै सवार भइराखेका देखें; आफ्नो प्रकाशले गर्दा सूर्यसमान चहकिला देखिएका, सेतो वस्त्र पहिरिराखेका राम लक्ष्मणनेर सीतालाई आइराखेको पनि देखें । यसपछि त्यस पर्वतको टुप्पाबाट, आकाशमा अडिइराखेको हात्तीको काँधमा सीतालाई बुर्लुक्क उफ्रेर चढेको देखें । यस हात्तीलाई स्वयं रामचन्द्र हाँकिरहेका थिए; फेरि कमलनयनी सीताले आफ्नो पतिको काखबाट उठेर सूर्य चन्द्रमालाई हातले मुसार्नलागेको देखें ।।१२–१५।। यसपछि राम, लक्ष्मण र ठूला ठूला आँखा भएकी सीता चढिराखेको सो हात्ती लङ्कामाथि आएर अडियो । यसपछि मैले सेता आठओटा बैल जोतिएको रथमा सेतो माला र सेतो वस्त्र पहिरेका राम र लक्ष्मणलाई सवार भई यहाँ आएको देखें । अनि मैले सत्य-पराक्रमी वीर्यवान् रामलाई भाइ लक्ष्मण र सीताको साथमा सूर्य जत्तिकै टल्कने दिव्य पुष्पक विमानमा चढेर उत्तर दिशातिर लागेको देखें ।

यसपछि मैले रावणलाई कपाल खौराएको र तेल लगाएको देखें, यसले रातो लुगा लगाएको थियो र मदिरा पिएर मत्त भइराखेको थियो; करबीरको माला पहिरेको यसलाई मैले पुष्पक विमानबाट तल खसेको देखें ।।१६-२०।। मैले रावणलाई कालो लुगा लगाएको, कपाल खौराएको र एउटी आइमाईले उसको लुगा समातेर तानिराखेको पनि देखें, यसले रातो रंगको माला पहिरेको र शरीरमा रक्त चन्दनको लेप दलेको थियो र गधा जोतिएको रथमा सवार थियो ।।२१।। यस प्रकारसंग मैले रावणलाई तेल पिउनलागेको, हाँस्तै नाच्नलागेको र बौलाहाको झैं मन र इन्द्रिय आकुल व्याकुल परेको देखें, गधामा चढेर यो हतपत गर्दै दक्षिण दिशातिर जानलागेको थियो ।।२२।। यसपछि मैले राक्षसराज रावणलाई भयले व्याकुल भई गधाबाट तल भूइँमा लडेको देखें, यस समयमा यसको टाउको शरीरबाट छुट्टिएको देखिन्थ्यो ।।२३।। डरले थर्कोयमान भएको, हडबडाएको यो मतवालाझैं भएर हत्तपत्त उठ्यो र

बौलाहाझैं नाङ्गै भुतुङ्गै भएर मुखबाट दुर्वचन निकाल्नलाग्यो ॥२४॥ खप्नै नसकिने दुर्गन्ध आइरहे-को, अन्धकारले ढाकिराखेको नरकसमानको विष्टाको हिलोनेर यो दगुर्दै गयो र त्यहीं चुर्लुम्म डुब्यो ॥२५॥ यसपछि मैले रावणलाई दक्षिण दिशातिर लागेर पानी हिलो केही नभएको तलाउमा डुबेको देखें, रातो वस्त्र पहिरेकी, जीउभरि हिलै हिलो भएकी एउटी काली आइमाईले रावणको घाँटी च्यापेर उसलाई दक्षिण दिशातिर तान्नलागेकी देखें। महाबली कुम्भकर्णलाई पनि मैले ठीक यस्तै अवस्थामा देखें ॥२६--२७॥ यस प्रकारसँग मैले रावणका सबै छोरालाई कपाल खौराएको र जीउभरी तेल लगाइराखेको देखें। रावण सुँगुरमा चढेर, मेघनाद शिंशुमारमा चढेर र कुम्भकर्ण ऊँटमा चढेर दक्षिण दिशातिर लागे। मैले एक जना विभीषणलाई सेतो छाता ओढेर चार मन्त्रीलाई साथमा लिई आकाशमा उड्नलागेको देखें ॥२८–२९॥ रातो लुगा पहिरेका रातै फूलका माला लगाएका, तेल पान गरिराखेका राक्षसहरूको एउटा ठूलो जमात एकत्रित भएको देखें र त्यहाँबाट गाना बजानाको आवाज निस्किराखेको थियो ॥३०॥ हात्ती, घोडा रथको साथसाथैमा फाटक र तोरण चूर चूर भएको रमणीय लंका नगरी समुद्रमा डुबेको देखियो ॥३१॥ मैले राक्षसका सबै स्वास्नीहरूलाई तेल पान गरी प्रमत्त भएर बडो चर्को स्वर झिकी हाँस्नलागेको देखें। धूलो उडेकोले लंकापुरी सुक्खा देखिएको थियो ॥३२॥ कुम्भकर्ण आदि गरिएका मुख्य मुख्य राक्षसहरूले राता राता लुगा लगाएर गोबरको कुण्डमा प्रवेश गरे ॥३३॥

यसकारण तिमीहरू यहाँबाट भागिहाल, हेर, अब चाँडै नै सीताले रामलाई भेट्नेछन्। ठूलो रिसमा परेका रामचन्द्रले राक्षसहरूको साथसाथै तिमीहरूलाई पनि नमारिछोड्नेछैनन् ॥३४॥ वनवासमा समेत आफ्नो पछि लागेकी, अत्यन्त मन परेकी प्यारी स्त्रीलाई तिमीहरूले हप्काएको तर्सा-एको कुरा रामचन्द्रले कदापि सहनेछैनन् ॥३५॥ अतएव सीतालाई कठोर वचन भन्न मनासीब छैन, जहाँसम्म हुन्छ हामीले यिनलाई प्रेमपूर्वक संझाउनु बुझाउनुपर्दछ। हामी सबै मिलेर सीतालाई प्रार्थना गरौं, मलाई ता त्यही कुरा निको लाग्दछ है ॥३६॥ जुन दुःखिनी सीताको सम्बन्धमा यस्तो सपना देखिन्छ तिनी ता अवश्यै सबै दुःखदेखि मुक्त भई अत्युत्तम कल्याण पाउनेछन् ॥३७॥ हे राक्षसी-हो ! तिमीहरूले अहिलेसम्म सीतालाई दुर्वचन भनेको भए तापनि यिनको प्रार्थना गर, अबलाई कठोर वचन भन्ने मौका छैन किनकि रामचन्द्रले गर्दा राक्षसहरूमाथि ठूलो आपद् आइपर्ने भएको छ ॥३८॥ जनककुमारी सीताजी प्रार्थना गर्नाले प्रसन्न भइन्भने ता यिनले अवश्यै तिमी राक्षसीहरूलाई यस ठूलो आपद्‌बाट बचाउनेछिन् ॥३९॥ ठूला ठूला आँखा भएकी सीताजीको शरीरमा कुनै किसिमको खराब चिन्ह देखिन्न तसर्थ यिनको प्रारब्धको उदय नहोला भनेर कसरी भन्ने ? ॥४०॥ सपनामा आकाशमा आइराखेको देखा परेकी, दुःख पाउनु नपर्ने यी देवीको यो दुःख चन्द्रमामा पर्ने छायाझैं एकै छिनको लागि मात्र हो ॥४१॥ सीताको अभिलाषा पूर्ण हुनालाई अब धेरै बेरको विलम्ब छैन, रावणको विनाश र रामचन्द्रको विजय पनि अब चाँडै नै होला जस्तो लाग्दछ ॥४२॥ कमलको पात

जस्तो ठूलो यिनको देब्रे आँखा फर्फराउनलागेको देख्ता अब चाँडै यिनले प्रिय सम्वाद सुन्नेछिन् भन्ने कुराको अनुमान गर्न सकिन्छ ॥४३॥ यी परम दयालु सीताको देब्रे हात पनि अकस्मात्संग अलिकता रोमाञ्चित भएको र कांप्नलागेको देखिन्छ ॥४४॥ हात्तीको सूँडसमानको यिनको देब्रे तिघ्रा फर्फराउन लागेको देख्ता रामचन्द्र अबलाई चाँडै नै सीताको अगाडि आउनेछन् भन्ने कुरा देखाइरहेको छ ॥४५॥ हाँगामा गुँड बनाएर बसेको यो चरा मनलाई आनन्द गराउने स्वर झिकेर बोलिराखेको छ तसर्थ यो सीता-लाई प्रसन्नतासाथ आश्वासन दिएर वारंवार मङ्गल प्राप्तिको सूचना दिइरहेको जस्तो लाग्दछ ॥४६॥

पतिको विजय हुने समाचार सुन्नाले प्रसन्न भएकी सीताले अलिकता लाज मानेर भनिन्—यो कुरा साँचो भयोभने म तिमी सबैको रक्षा गर्नेछु ॥४७॥

सर्ग—२८

सीता फेरि राम लक्ष्मणलाई संझँदै विलाप गर्दछिन् ।

त्रिजटाका यस्ता कुरा सुनेपछि रामचन्द्रको वियोगले दुःखित भएकी सीता रावणका कठोर वचन संझदा वनमा सिंहको पंजामा परेकी हतिनीको सानो बच्चाझैं डराउनलागिन् ॥१॥ डराउने स्वभाव भएकी, राक्षसीहरूद्वारा चारैतिरबाट घेरिएकी वारंवार रावणको मुखबाट धम्की सुनिसकेकी सीता निर्जन वनमा छाडिएकी कन्याझैं विलाप गर्नलागिन् ॥२॥ काल नआईकन प्राणीको मृत्यु हुन्न भन्ने कुरा जो पण्डितहरू यस संसारमा भन्दछन् सो बिलकुलै साँचो हो त्यसैले ता यस्तो अपमान हुँदा पनि म पापिनी बाँचि नै रहेकी छु । यस्तो अवस्थामा ता मैले एक छिन पनि नबाँच्नुपर्ने हो ॥३॥ सुखको नाममात्र पनि नभएको, दुःखै दुःखले भरिएको मेरो यो हृदय साँच्चिकै साह्रो रहेछ नत्र ता वज्रको आघात परेको पर्वतको टाकुराझैं यसले हजारौं टुक्रा भएर फुट्नुपर्ने हो ॥४॥ अन्तमा क्रूर रावणले मेरो घात गरिहाल्दछभने मैले अपहत्या गर्नामा केही दोष छैन, यस्तो दुर्मरणभन्दा ता आफ्नै हातले मर्नु बेश हो; जसरी ब्राह्मणहरू शूद्रलाई वेदमन्त्रको दान गर्दैनन् त्यसै गरी म पनि स्वास्नी बनेर ता कदापि यसलाई स्वीकार गर्ने होइन ॥५॥ लोकनाथ रामचन्द्र यहाँ आउनाको अगाडि नै, शस्त्रचिकि-त्सकले गर्भको बालकलाई गर्भकै अवस्थामा टुक्रा टुक्रा पारेझैं यस अनार्य रावणले आफ्ना तीखा तीखा बाणद्वारा मेरो शरीरलाई टुक्रा टुक्रा पारेर काटिदिनेछ ॥६॥ धेरै कालदेखि दुःख भोगिराखेकी मलाई रावणले दुई महीनाको यो जो अवधि दिएको छ त्यो पनि अब चाँडै नै समाप्त हुनेछ । भोलिपल्ट फाँसीमा चढ्ने, राजाको ढोकामा थुनुवा भएर रहेको चोरलाई मनमा जत्तिको दुःख हुन्छ त्यत्तिकै दुःख अहिले मलाई पनि भइराखेको छ ॥७॥ हा राम ! हा लक्ष्मण ! हा राममाता कौशल्ये ! हा मेरा मुमा-हो ! जसरी आँधीको झोंकामा परेको डुङ्गा समुद्रमा डुब्दछ त्यसै गरी म अभागिनी पनि यहाँ मर्न-लागेकी छु ॥८॥ मृगको रूप धारण गरेको त्यस जन्तुले, मेरा लागि, बिजुलीले प्राणीको संहार पारेझैं अवश्यै ती वेगवान् सिंहसमानको पराक्रम भएका दुवै राजपुत्रहरूलाई मारिदियो होला ॥९॥ मृगको

रूप धारण गरेको त्यो जन्तु साँच्चिकै कालस्वरूप रहेछ, जसले कि म अभागिनीलाई त्यस बेला लोभमा पारिदियो र यही लोभले गर्दा मैले राम लक्ष्मण दुवै दाजु भाइलाई मृगलाई लखेट्न भनी पठाएँ ॥१०॥ हा सत्यव्रत राम ! पूर्णचन्द्रमाको जस्तो मुख भएका दीर्घबाहु राम ! संसारको हित गर्नामा लागेका राम ! हा मेरा प्यारा राम ! राक्षसहरूको हातबाट यहाँ मेरो मृत्यु हुनलागेको कुराको तपाईंलाई पत्तै छैन ॥११॥ पतिको सिवाय अरू कसैको मैले उपासना नगरेको, मेरो यो क्षमा, भूइँको सुताइ, धार्मिक नियमको पालना, पतिव्रता धर्म यी सबै कृतघ्न मानिसका उपर गरेको उपकारझैं व्यर्थ भए ॥१२॥ तपाईंदेखिको वियोगले गर्दा म दुब्ली र झ्याउरी भइराखेकी छु तसर्थ मेरो पतिव्रता धर्म तथा धार्मिक नियमको पालना व्यर्थैमा गयो भन्नुपर्‍यो, तपाईंसित फेरि मेरो भेट होला भन्ने आशा हराइरखेको छ ॥१३॥ नियमपूर्वक पिताको आज्ञा पालन गरी आफ्नो व्रत सिध्याएर तपाइं वनबाट घर फर्केर जानुहुनेछ र त्यहाँ ठूला ठूला आँखा भएका सुन्दरीहरूसित निर्भय र निश्चिन्त भई विहार गर्नुहुनेछ भन्ने कुरा मलाई थाहा छ ॥१४॥ तर हे रामचन्द्र ! मैले ता केवल आफ्नो विनाशका लागि तपाईंको अभिलाषा तथा तपाईंमाथि प्रेम गरेकी रहिछु । मेरा तप, व्रत सबै निष्फल भए, म अभागिनीले बाँच्नु धिक्कार हो तसर्थ म आफ्नो यस जीवनलाई त्याग गर्दछु ॥१५॥ अब म झट्टै विषद्वारा अथवा तीखा शस्त्रद्वारा आफ्नो प्राणको विसर्जन गर्दछु, तर यहाँ राक्षसको घरमा मलाई विष अथवा शस्त्र दिने कोही पनि छैन ॥१६॥

शोकले आकुल व्याकुल परेकी सीताले यस प्रकारका अनेक विलाप गरिसकेपछि, बाटेको आफ्नो चुल्ठो हातले समाती, यै चुल्ठोको घाँटीमा पासो लगाएर यमपुरीतिरको बाटो लिन्छु भन्ने निश्चय गरिन् ॥१७॥ सर्वाङ्ग-कोमल सीता शिंशपा रूखमुनि पुगिन् र पासो लगाएर झुण्डिनको निम्ति यसको एउटा हाँगो समातेर रामचन्द्रको लक्ष्मणको र आफ्नो कुलको सम्बन्धमा विचार गर्नलागिन् ॥१८॥ यही मौकामा शोकलाई दूर गर्ने, मनमा धैर्य गराउने र पछि हुने कुराको सूचना दिने किसिमका अनेक लोकप्रसिद्ध राम्रा राम्रा शकुन देखिनलागे ॥१९॥

सर्ग—२९

सीतालाई राम्रा राम्रा शकुन हुन्छन् ।

जसरी सेवकहरू धनवान् पुरुषको सेवा गर्दछन् त्यसै गरी यी सबै शुभ शकुनहरू मर्न तैयार भएकी, अन्तस्करणमा दुःख मानिरहेकी, मनमा कुनै प्रकारको आनन्द नभएकी, अत्यन्त खिन्न भइराखेकी, कुनै किसिमको खोट नभएकी पवित्र सीताको सामुन्ने देखा पर्नलागे ॥१॥ माछाको धक्का लाग्नाले रातो कमल हल्लेझैं, बीचमा कालो नानी र वरिपरि सेतो वर्णले युक्त भएको, तेर्सो आँखीभूइँले सुशोभित भएको यिनको विशाल देब्रे आँखा फरफराउनलाग्यो ॥२॥ यिनको अतिशय राम्रो, बाटुलो, मोटो, धेरै मोल पर्ने कालो अगरु तथा चन्दन लगाउनुपर्ने योग्यको धेरै कालदेखि आफ्नो प्रीतमलाई

सहारा दिन नपाएको देब्रे हात धेरै बेरसम्म बडो छिटो-छिटोसँग फरफराउनलाग्यो ॥३॥ आफू आफूमा जोडिएका, हात्तीको सूँड जस्तो आकार भएका दुइटा मोटा तिघ्राहरूमध्ये देब्रेचाहिं फरफराउनलाग्यो, यो फरफराउनाले रामचन्द्र सीताको अगाडि चाँडै नै उपस्थित हुनेछन् भन्ने कुराको सूचना मिल्दथ्यो ॥४॥

अनारको दाना जस्तो दाँत भएकी, विशालाक्षी, अति राम्रो शरीर भएकी सीताको सुनौला रङ्गको लुगा, जो कि धूलो लाग्नाले अलि मैलो भइराखेको थियो, टाउकोबाट झरेर तल खस्न पुग्यो ॥५॥ हावा र घाम लाग्नाले सुक्खा भएको खेतमा छरेको बीउ जसरी पानी पर्नाले फेरि हरियो भई उम्रन्छ त्यसै गरी पहिलेदेखि नै मनोरथ सिद्धिको सूचना दिने यी तथा अरू अरू शुभ शकुनले गर्दा राम्रो आँखीभूइँ भएकी सीतालाई बडो आनन्द लाग्यो ॥६॥ सीताको ओठ विम्बफलसमान रातो थियो, यिनका आँखा खूब राम्रा, आँखीभूइँ तथा केशान्त बडा सुन्दर र दाँत मोतीसमान सेता सफा थिए। यिनको यस प्रकारको मुख मण्डल, राहुको ग्रासबाट मुक्त भएको चन्द्रमा शोभायमान भएझैं, फेरि पहिलेकै झैं सुशोभित हुनलागेको देखियो ॥७॥ सीताको शोक, आलस्य तथा सन्ताप सबै हटेर गए, हर्षले मन प्रफुल्लित भएकोले यिनी शुक्लपक्षको रात्रि, उदाएका चन्द्रमाले गर्दा जत्तिको शोभायुक्त देखिन्छ त्यत्तिकै शोभायमान देखिनलागिन् ॥८॥

सर्ग—३०

हनुमान्को सीतासित कुरा गर्ने विचार।

पराक्रमी हनुमान्ले सीताको विलाप, त्रिजटाको सपनाको वर्णन, तथा राक्षसीहरूको हप्कीदप्की यी सबै आदिदेखि लिएर अन्तसम्म सुनिसकेका थिए ॥१॥

नन्दन वनमा बसेकी देवीसमानकी सीतालाई अशोक वनमा बसेको देख्ता हनुमान्को मनमा अनेक प्रकारको चिन्ता उत्पन्न हुनलाग्यो ॥२॥ हेर, जुन सीताको पत्ता लगाउन भनी हजारौं लाखौं वानर सर्वत्र दिशामा खोज खबर गर्दै हिंडिराखेका छन् ती सीतालाई मैले यहाँ भेट्टाएँ ॥३॥ अहिलेसम्म ता दूतले गर्नुपर्ने काम मैले राम्ररी गरेको छु। शत्रुको शक्तिको पत्ता लगाउनाका लागि गुप्त रूप धारण गरी सर्वत्र घुमघाम गरेर मैले यी सबै कुरा देखें ॥४॥ मैले राक्षसहरूको धन सम्पत्ति, राक्षसराज रावणको प्रभाव र लङ्कापुरी यी सबैलाई हेर्नुसम्म हेरें ॥५॥ सबै प्राणीमाथि दया गर्ने, असीम प्रभाव भएका रामचन्द्रकी पत्नीलाई अब म संझाउँछु। यिनी अहिले आफ्नो पतिलाई भेट्न उत्सुक भइराखेकी छन्; योभन्दा अघि कहिले पनि दुःखमा नपरेकी यी चन्द्रमुखी सीता अहिले दुःखसागरमा डुब्नलागेकी छन् र कहिले यस दुःखको अन्त हुने हो सो कुराको यिनलाई ज्ञानै छैन तसर्थ अहिले नै मैले यिनको चित्त बुझाउनुपर्दछ ॥६–७॥ शोकले बेहोश पर्नलागेकी सीतालाई विना संझाई बुझाईकन म यहाँबाट फर्कें भने, मेरो फर्केर जाने काम दोषयुक्त ठहरिनेछ ॥८॥ म

फर्केर गएपछि यशस्विनी राजपुत्री सीता आफ्नो रक्षाको कुनै उपाय नदेख्नाले प्राण त्याग नगरी छाड्नेछैनन् ॥९॥ सीतालाई भेट्न भनी उत्कण्ठित भइराखेका, चन्द्रमाको जस्तो अनुहार परेका, महाबाहु रामचन्द्रलाई आश्वासन दिनु आवश्यक छ ॥१०॥ तर यी राक्षसीहरूको अगाडि सीतासँग कुरा गर्न मुनासीब परोइन, म ता वडो सङ्कटमा परें। आफ्नो कर्तव्यको कसरी पालना गर्ने हो। यो अलिकता बाँकी रहेको रात नबित्तैमा मैले यिनलाई संझाउन पाइनँभने ता यिनले निस्सन्देह पासो लगाएर आफ्नो प्राण त्याग गर्नेछिन् ॥११-१२॥ रामचन्द्रले सीताले के के भनिन् भनेर मसित सोधेभने यी सुन्दरीसित कुराकानी नगरेकोले म उनलाई के उत्तर दिउँला ? ॥१३॥ सीतासँग कुराकानी नगरी म यहाँबाट हतार हतार गरेर गएँभने रामचन्द्रले अवश्यै क्रोधपूर्ण दृष्टिले मलाई भस्म पारिदिनेछन् ॥१४॥ सीताजीसित बातचीत नगरीकन म राजा सुग्रीवनेर गई उनलाई रामचन्द्रको कामको निम्ति उत्साहित गरेर यहाँ लिएर आएँ भने पनि सेनासहित उनको यहाँ आउनु वृथा हुनेछ कारण त्यस वेलासम्ममा सीताले प्राण त्याग गरिसक्नेछन् ॥१५॥ यसै कारण म राक्षसीहरूको नजरबाट बच्ने अवसर पर्खेर बसिराखेको छु, मौका पर्नासाथ शोकले सन्तापित भइराखेकी सीतालाई बिस्तारै बिस्तारै संझाई बुझाइदिन्छु ॥१६॥ यद्यपि यस समयमा मैले बहुतै सानो भएर वानरको रूप लिइराखेको छु तापनि मानिसको जस्तो स्वर गरेर म संस्कृत वचन बोल्नेछु ॥१७॥ ब्राह्मणको जस्तो मेरो संस्कृत वचन सुन्दा मलाई रावण भन्ठानेर सीता डराइन्भने ता बडो मुश्किल पर्नेछ ॥१८॥ तसर्थ मानिसले बोल्ने अर्थयुक्त साधारण बोलीको व्यवहार गर्नामा नै उचित पर्ला। यही किसिमसंग यी अनिन्दित सीतालाई संझाउनुपर्दछ, अरू किसिमले ता हुँदैन ॥१९॥ राक्षसहरूले यिनलाई पहिलेदेखि नै तर्साइराखेका छन्, तसर्थ वानरको रूप धारण गरेको मैले मानिसले झैं बोलेको सुन्दा यिनी झन् बर्ता तर्सने हुन् कि ? ॥२०॥ डराएर मनस्विनी विशालाक्षी सीताले मलाई कामरूपी रावण भन्ठानेर चिच्च्याउने पो हुन् कि ? ॥२१॥ सीताले चिच्च्याउनासाथ झटपट यमराजसमानका भयंकर राक्षसहरू नाना प्रकारको अस्त्रशस्त्र लिएर यहाँ उपस्थित भइहाल्नेछन् ॥२२॥ विकृत अनुहार परेका महाबलिया राक्षसीहरूले चारैतिर खोज पत्ता गरेर मलाई समात्ने अथवा मार्ने प्रयत्न गर्नेछन् ॥२३॥ मलाई रूखको सानो ठूलो हांगामा र फेदमा दगुर्नलागेको देख्ता यिनीहरूको मनमा शङ्का उत्पन्न हुनेछ ॥२४॥ वनमा घुम्नलागेको बखतमा मेरो बडेमानको शरीर देख्ता यी राक्षसीहरू डरले थर्कायमान भई बडो चर्को स्वर गरेर चिच्च्याउन थाल्नेछन् ॥२५॥ यसपछि यी राक्षसीहरू रावणको आज्ञाले यस अशोक वाटिकाको रक्षाका लागि नियुक्त भइराखेका राक्षसलाई बोलाउनेछन् ॥२६॥ त्यसो भएपछि ता यी राक्षसहरू मनमा उद्विग्न भई शूल, बाण, तरवार आदि गरिएका शस्त्र हातमा लिई बडो वेगसंग यहाँ आउनेछन् ॥२७॥ यी राक्षसहरूले चारैतिरबाट मलाई घेरेको खण्डमा पनि म यिनीहरूको विनाश ता पार्न सक्तछु तर थकित भएकोले फेरि समुद्र पार गर्न सकोइनँ ॥२८॥ अथवा यिनीहरूले मलाई घेरेर झट्टै पक्रिहालेभने ता म थुनुवामा पर्नेछु र सीताले मेरो यहाँ आउनाको अभिप्राय थाहा पाउनेछैनन् ॥२९॥ हिंसा-

प्रिय यी राक्षसहरूले कदाचित् सीतालाई मारिदिएभने ता राम र सुग्रीवको जम्मै काम नष्ट भइहाल्नेछ ।।३०।। अरू कसैले चाल नपाएको, राक्षसहरूद्वारा रक्षित भइराखेको, आवतजावत गर्ने बाटै नभएको, चारैतिरबाट समुद्रले घेरिएको गुप्ती ठाउँमा सीताजी बसेकी छन् ।।३१।। राक्षसहरूले मलाई युद्धमा मारिदिए अथवा कैदी गराएभने ता रामचन्द्रको काममा मदत गर्न सक्ने अर्को दोस्रो कोही देख्तिनँ ।।३२।। म मारिएपछि यो सय योजन लामो समुद्र नाघेर यहाँ आउन सक्ने कुनै वानर होला जस्तो मेरो विचारमा आउँदैन ।।३३।। म एकलो भए तापनि सजिलैसंग हजारौं राक्षसलाई मार्न ता सक्तछु तर युद्धमा थाकेकोले त्यसपछि समुद्र नाघेर जाने सामर्थ्य ममा रहनेछैन ।।३४।। यससिवाय संग्राममा जय र पराजयको विषयमा सदा सन्देह भइरहन्छ र सन्देह भएको काममा लाग्ने मेरो इच्छा छैन, कुन यस्तो बुद्धिमान् होला जो कि सन्देहरहित कामलाई छाडेर सन्देहयुक्त काम गर्नपट्टि लाग्ला ।।३५।। सीतासंग कुरा गर्दा यी पूर्वोक्त महादोषको सम्भावना देखिन्छ; नगरूँ भने पनि सीताको अवश्यै प्राण जाने जस्तो छ ।।३६।। सिद्ध हुनलागेको काम पनि लापरवाह दूतको हातमा पर्नाले, देशकालको राम्रोसंग विचार राख्न नसकेकोले, सूर्योदयको समयमा अन्धकार नष्ट भएझैं नष्ट हुन्छ ।।३७।। मालिकले यो यो गर्नु यो यो नगर्नु भनेर निर्णय गरिदिएको भए तापनि आफूलाई पण्डित संझने दूतको हातमा पर्न गएको खण्डमा सो काम नबिग्री छाड्दैन ।।३८।। अब कसो गर्नाले काम नाश नहोला, मेरो लापरवाही नदेखिएला र मैले समुद्र नाघेर आएको समेत वृथा नजाला ।।३९।। कसो गर्नाले सीताले मनमा नहडबडाईकन मेरो कुरा सुन्न सक्लिन् ।

एवं प्रकारसंग विचार गरेर बुद्धिमान् हनुमान्‌ले मौकाअनुसारको काम गर्ने निश्चय गरे ।।४०।। अब म उत्तम उत्तम काम गर्ने रामचन्द्रका गुणहरूको कीर्तन गर्न थाल्दछु, यसो गर्नाले सीता हडबडाउनेछैनन्, कारण यिनको मन सदा उनैमा लीन भइरहेको हुन्छ ।।४१।। आफ्नो यत्तिको पराक्रम छ भन्ने कुराको ज्ञान भएका, इक्ष्वाकुवंशका रत्न श्रीरामचन्द्रका धर्मयुक्त तथा सुन्दर वचन आफैले सुनाएर मधुरो बोली गरेर म यिनलाई सबै वृत्तान्त सुनाइदिन्छु । जसो गर्नाले सीताको ममाथि विश्वास उत्पन्न हुन्छ सो सब म गर्नेछु ।।४२–४३।।

यस प्रकारका अनेक चिन्तना गरिसकेपछि, अति ठूलो प्रभाव भएका हनुमान् रूखको हाँगामा लुकेर पृथ्वीपति रामचन्द्रकी प्राणप्यारी सीतालाई हेर्दै मधुरो बोली गरेर साँचो साँचो कुरा भन्नलागे ।।४४।।

सर्ग——३१

रामचन्द्रको चरित्र वर्णन; सीता हनुमान्‌लाई देख्तछिन् ।

ठूलो बुद्धि भएका हनुमान्‌ले एवं प्रकारसंग अनेक विचार गरिसकेपछि सीताले सुन्ने गरी मधुरो बोली गरेर भन्नलागे ।।१।। इक्ष्वाकुवंशमा पुण्यात्मा, महाकीर्तिमान्, दशरथ नाम गरेका बडा

यशस्वी राजा थिए, यी राजाकहाँ रथ, हात्ती, घोडा यथेष्ट थिए ॥२॥ यी राजा अहिंसामा ठूलो प्रेम राख्तथे, ठूलो चित्त भएका, दयालु, सत्यपराक्रमी, इक्ष्वाकुवंशी राजाहरूमा प्रधान, लक्ष्मीवान् तथा लक्ष्मीको वृद्धि गराउनेवाला थिए ॥३॥ सबै राजचिह्नले युक्त भएका यिनी श्रेष्ठ राजा थिए। यिनको ठूलो शोभा थियो, यिनी आफैं पनि सुखी थिए र अर्कालाई समेत सुख दिन्थे, समुद्रले चारैतिर घेरिराखेको पृथ्वीमा यिनी जतातत्तै विख्यात थिए ॥४॥ यिनका जेठा छोराको नाम रामचन्द्र हो, यिनको मुख चन्द्रमाको जस्तो छ, यिनी बडा ज्ञानी, बाबुका खूबै प्यारा र सबै धनुर्धारीहरूमा श्रेष्ठ छन् ॥५॥ यी रामचन्द्र आफ्नो चरित्रको, आफ्ना नाता कुटुम्बीको, समस्त प्राणीको तथा धर्मको रक्षा गर्दछन् र शत्रुहरूको मनमा सदा ताप पार्दछन् ॥६॥ यी वीर रामचन्द्र आफ्ना सत्यवादी बूढा पिताको आज्ञाले भाइ र स्वास्नीलाई साथमा लिई वनमा आइराखेका थिए ॥७॥ महावनमा शिकार खेल्दाखेरि डुल्दा डुल्दैमां यिनले अनेक शूरा, कामरूपी राक्षसलाई मारिदिए ॥८॥ खर दूषण मारिएको तथा जनस्थानको विध्वंस भएको सुनेपछि, रावणले रिस खप्न नसकी डाहले, मृगरूपी मायाद्वारा रामचन्द्रलाई धोकामा पारेर, यिनकी प्राणप्यारी सीतालाई हरेर लग्यो। कुनै प्रकारको खोट नभएकी आफ्नी सीतालाई वनमा खोज्दै हिंडेको वेलामा रामचन्द्रको सुग्रीवनामक वानरसँग मैत्री हुन गयो। यसपछि शत्रुको देशलाई जित्ने रामचन्द्रले बालिलाई मारेर महात्मा सुग्रीवलाई वानरको राज्य दिइदिए। अहिले सुग्रीवको आज्ञा पाएर हजारौं कामरूपी वानरहरू सबै दिशामा ती देवीको खोज पत्ता लगाउनलागेका छन्। म पनि सम्पातिको वचन मानेर ती विशालाक्षी सीताका लागि सय योजन लामो समुद्र बडो वेगसँग नाघेर यहाँ आइराखेको छु, रामचन्द्रको मुखबाट मैले सीताको जस्तो रूप रंग तथा चिह्न छ भन्ने सुनेथें अहिले त्यस्तै देख्न पाएँ। यति सुनाइसकेपछि वानरश्रेष्ठ हनुमान्जी चूपचाप भए ॥९–१५॥

यी कुरा सुन्दा जानकीजीलाई बडो छक्क लाग्यो, घुँगुरिएका तथा राम्रा कपालको रौं भएकी यिनी रौंले ढाकिराखेको मुख माथितिर फर्काएर शिंशपाको रूखतिर हेर्नलागिन् ॥१६॥ वानरका यी कुरा सुनेपछि सीताले दिशा विदिशा जम्मैतिर नजर दौडाइन्, तर कतैतिर पनि कसैलाई नदेख्ता, सबैतिरबाट आफ्नो मनलाई झिकेर केवल रामको स्मरण गरिरहेकी यिनी आफै आफ प्रसन्न भइन् ॥१७॥ यिनले अगल-बगल तल-माथि सबैतिर हेर्दा हेर्दैमा उदयाचल पर्वतमा उदाएका सूर्यतुल्यका अतिशय ठूलो बुद्धि भएका, सुग्रीवका मन्त्री वायुपुत्र हनुमान्लाई देखिहालिन् ॥१८॥

सर्ग—३२

वानरको रूप देखेर सीताको बिलौना

हाँगाको बीचमा लुकिराखेका हनुमान्लाई देख्ता सीताको मन चञ्चल भयो। पहेंलो रंगको वस्त्र पहिरेका यिनी प्रिय वचन बोलिरहेका थिए, बिजुलीको समूहझैं यिनको वर्ण पनि पहेंलै थियो। फूल

फुलिराखेको अशोकसमानको कान्ति भएका, खारिएको सुन जस्तो नेत्रले सुशोभित भइराखेका यी वानरलाई सीताले वडो नम्रतासँग वसिरहेको देखिन्। यिनलाई देख्नासाथ सीता बडो छक्क मानेर विचार गर्नलागिन् ॥१–३॥ अहो ! यी वानरको शरीर ता बडो डरलाग्दो रहेछ, यिनीतिर हेर्न पनि गाह्रो पर्दछ। राक्षसहरूका लागि समेत यिनी भयङ्कर छन्। यति भनेर सीता डरले मूर्च्छा पर्ने जस्तो भइन् ॥४॥ डरले थर्कायमान भएकी सीता माया लाग्ने गरी विलाप गर्नलागिन्। हा राम ! हा लक्ष्मण ! भन्दै यी दुःखिनी सीता अकस्मात्सँग मधुरो स्वर गरेर रुनलागिन्। बडो नम्रतासाथ हनुमान्लाई आफ्नो अगाडि आएको देख्ता सीतालाई यो सपना हो कि भन्ने विचार आयो ॥५-६॥ सीताले सुग्रीवका दूत, वानरहरूमध्ये मुख्य; बुद्धिमान्हरूमा श्रेष्ठ, बाङ्गो तथा ठूलो मुख भएका, वायुका सुयोग्य छोरा हनुमान्लाई पहिले जस्तो देखिथिन् उस्तै अहिले पनि देखिन् ॥७॥ यिनलाई देख्नासाथ सीता अत्यन्त डराएर प्राणै निस्कने हो कि जस्तो गरी मूर्च्छा परिन्। धेरै बेरमा होश आएपछि यी विशालनयनी सीता यस प्रकारसँग विचार गर्नलागिन् ॥८॥ आज मैले बडो नराम्रो सपना देखें, सपनामा वानर देख्नु बडो खराब हो भनी शास्त्रमा लेखिएको छ। लक्ष्मणसहित रामको कल्याण होस्, मेरा पिता राजा जनकको पनि कल्याण होस् अर्थात् यस सपनाले गर्दा यिनीहरूमाथि कुनै प्रकारको आपत्ति नपरोस् ॥९॥ यस्तो विचार गर्दा गर्दैमा सीता फेरि भन्नलागिन्ः—यो सपना जस्तो पनि लाग्दैन कारण सपना निद्रा परेपछि मात्र देखिन्छ, शोक र दुःखले पीडित भएकी मलाई ता निद्रै परेको छैन; चन्द्रमाको जस्तो मुख भएका रामचन्द्रदेखि विछोड भएपछि ता मलाई सुख भनेको हुँदै भएको छैन तसर्थ मलाई निद्रा परोस् कसरी ? ॥१०॥ म सदा रामको ध्यान गर्दछु, यिनैको नाम जपिरहन्छु, त्यसैले आफ्नो विचारअनुसारको मैले आज कुरा सुनेकी तथा देखेकी हुँला ॥११॥ म एकाग्र मनले सदा यिनको चिन्तना गरिरहन्छु त्यसैले यिनको रूप मेरो मनमा उदित भएर आज मलाई पीडा दिनलागेको छ। सदा रामसम्बन्धी कुराको विचार गर्नाले मैले यस्तो देखेकी अथवा सुनेकी हुँला ॥१२॥ यो वानर मनको कल्पना मात्र हो भन्ने विचार पनि आउँछ तर खूब गौड गरेर बुद्धि लडाउँदा ता मनको कल्पना न बोल्न सक्तछ, न यसको कुनै रूप हुन्छ भन्ने तर्कना उत्पन्न हुन्छ, तर यसको रूप र यसले बोलेको स्पष्टसँग देखिन र सुनिनलागेको छ, यसको कारण क्या हो ? ॥१३॥ बृहस्पति, इन्द्र, स्वयम्भू ब्रह्मा तथा अग्नि यी सबैलाई प्रणाम गरेर म प्रार्थना गर्दछु कि यस वानरले मेरो सामुन्नेमा भनेको कुरा जम्मै साँचो भइहालोस् झूटो नहोस् ॥१४॥

सर्ग—३३

हनुमान्लाई सीता आफ्नो वृत्तान्त सुनाउँछिन्।

मूँगा जस्तो रातो मुख भएका, सीताको दुःख देख्ता दुःखित भइराखेका, महातेजस्वी वायुपुत्र हनुमान् रूखको हाँगाबाट तल ओर्ली, बडो नम्रतासँग दुवै हातले टाढाबाट प्रणाम गरी, मधुरो स्वर

गरेर सीतालाई भन्नलागे ॥१-२॥ हे कमलको पात जस्तो आँखा भएकी, मैलो रेशमी वस्त्र पहिरेकी, रूखको हाँगा समातेर उभिरहेकी, कुनै प्रकारको खोट नदेखिने तिमी को हौ ? ॥३॥ कमल जस्ता तिम्रा आँखाबाट शोकका आँसु किन झरिरहेका छन् ? प्वाल परेको घडाबाट जसरी पानी बगिरहन्छ त्यसै गरी तिम्रो आँखाबाट जल निस्किरहेको छ ॥४॥ हे सुन्दरी ! देवता, असुर, नाग, गन्धर्व, राक्षस, यक्ष, किन्नर, यिनीहरूमा तिमी कुनचाहिँ हौ ? ॥५॥ एकादश रुद्र, उनन्चास वायु र आठ वसुहरूमध्ये तिमी कुनचाहिँकी हौ ? हे सर्वाङ्गसुन्दरी ! तिमी ता मलाई देवता जस्तो पो लाग्दछ्यौ ॥६॥ श्रेष्ठ गुणहरूले गर्दा सबै नक्षत्रहरूमध्ये अग्रगण्य भएकी, चन्द्रमादेखि बिछोड भएकोले स्वर्गबाट तल झरेकी रोहिणी पो हौ कि ? ॥७॥ हे कल्याणी ! हे सुन्दर लोचने ! कोप अथवा मोहले आफ्ना पति वशिष्ठलाई जंग्याएर यहाँ आइराखेकी तिमी अरुन्धती पो हौ कि ? ॥८॥ हे पातलो कम्मर भएकी सुन्दरी ! तिम्रा लोग्ने, छोरा, पिता, अथवा दाजु भाइमा को यस लोकबाट परलोक गएको छ जसका लागि तिमी यस्तो चिन्ता गरिरहेकी छौ ॥९॥ रोई रोईकन लामा लामा सुस्केरा हालेको, पृथ्वी छोइराखेको र वारंवार रामचन्द्रको नाम लिइराखेकोले तिमी देवी होइनौ भन्ने मलाई निश्चय भयो, कारण देवतामा यी कुनै कुरा देखिन्नन् ॥१०॥ तिम्रा चिह्न र लक्षण देख्ता ता तिमी कुनै राजाकी महारानी, अथवा कुनै राजाकी छोरी जस्तो मलाई लाग्दछ्यौ ॥११॥ जनस्थानबाट बलजफ्तीसँग रावणले हरेर ल्याएकी सीता तिमी नै हौभने मैले सोधेका कुराको उत्तर देऊ, तिम्रो कल्याण हुनेछ ॥१२॥ तिम्रो शोचनीय अवस्था, अलौकिक रूप तथा तपस्विनी जस्तो वेष देख्ता ता तिमी अवश्यै रामचन्द्रकी महारानी हौ जस्तो लाग्दछ ॥१३॥ हनुमान्‌का यस्ता वचन तथा रामको नाम सुन्नाले प्रसन्न भएकी जानकी रूखको फेदमा बसिराखेका वानरलाई भन्नलागिन् ॥१४॥

पृथ्वीका श्रेष्ठ राजाहरूमध्येका मुख्य, आत्मज्ञानी, शत्रुसेनाको विनाश पार्ने महाराज दशरथकी म छोराबुहारी हुँ ॥१५॥ विदेहाधिपति महात्मा राजा जनक की म छोरी हुँ, सीता मेरो नाम हो र म बुद्धिमान् रामचन्द्रकी स्वास्नी हुँ ॥१६॥ बाह्र वर्षसम्म रामचन्द्रको घरमा बसेर आफ्ना सबै अभिलाषा पूर्ण गर्दै, मनुष्यले भोग गर्ने सबै पदार्थको उपभोग गरेकी हुँ ॥१७॥ तेह्रौं वर्ष लागेपछि राजा दशरथ आफ्ना पुरोहितको सम्मति लिएर इक्ष्वाकुकुमार श्री रामचन्द्रको राज्याभिषेक गर्न भनी तैयार भए ॥१८॥ रामको अभिषेकका लागि सबै सामग्री जम्मा हुनलागेका वेलामा कैकेयी नाम गरेकी महारानीले आफ्ना लोग्ने दशरथलाई भनिन् ॥१९॥ रामको अभिषेक भयोभने म न पानी पिउनेछु न रोजिन्दाको आफ्नो भोजन गर्नेछु, रामको अभिषेक हुनु नै मेरो जीवनको अन्त हो ॥२०॥ हे राजश्रेष्ठ ! उहिले देवासुर संग्राममा प्रसन्न भएर मलाई तपाईंले जुन वर दिनुभएको थियो तिनलाई सत्य गराउन खोज्नुहुन्छभने रामचन्द्रलाई वनमा पठाइदिनुहोस् ॥२१॥ सत्यवादी राजा दशरथ कैकेयीलाई दिएको वर संझँदा तथा यिनको निठुरी र अप्रिय वचन सुन्दा बेहोश भए ॥२२॥ होशमा आएपछि सत्यधर्ममा अडिएका बूढा राजा दशरथले विलाप गर्दै आफ्ना यशस्वी जेठा छोरासँग राज्य

मागे अर्थात् म राज्य ग्रहण गर्नेछैन भनेर यिनलाई प्रतिज्ञा गराए ॥२३॥ श्रीरामचन्द्रले मनै मनमा पिताको यस वचनलाई अभिषेकभन्दा पनि बर्ता प्यारो संझेका थिए, अतएव यिनले 'हुन्छ' भनेर सो आज्ञालाई वचनद्वारा स्वीकार गरे ॥२४॥ सत्यपराक्रमी रामचन्द्र आफूले दिएको कुरालाई प्राण गए पनि फेरि फिर्ता लिने होइनन्, सदा साँचो बोल्ने, झूटो कहिले पनि नबोल्ने ता यिनको स्वभावै छ ॥२५॥ यी महायशस्वी रामचन्द्रले धेरै धेरै मोल पर्ने राजसी वस्त्र फुकालेर भित्र अन्तस्करणदेखि नै राज्य त्यागिदिए र वन जाने वेलामा मलाई आफ्नी आमाको जिम्मामा सुम्पिदिए ॥२६॥ तर म ता झटपट वनचारिणीको वेष धारण गरी उनको अघिअघि वन जान भनी तय्यार भएँ, यिनी नभईकन ता मलाई स्वर्गमा समेत बस्न निको लाग्दैन ॥२७॥ मित्रहरूको आनन्दलाई बढाउने, सुमित्राका छोरा महाभाग्यशाली लक्ष्मण पनि आफ्ना दाजुसँग वन जानाका लागि पहिलेदेखि नै कुश चीर पहिरेर तय्यार भइराखेका थिए ॥२८॥ यस प्रकारसँग हामी तीनै जनाले, महाराज दशरथको आज्ञा आदरपूर्वक पालन गर्ने भनी कठोर व्रत धारण गरेर देख्तैखेरिमा डर लाग्ने, पहिले कहिले पनि आफूले नदेखेको वनमा प्रवेश गर्यौं ॥२९॥ दण्डकारण्यमा बस्ताखेरि अतुल पराक्रमी रामचन्द्रकी स्वास्नी मलाई दुरात्मा रावणले हरेर ल्यायो ॥३०॥ यसले अनुग्रह गरेर मलाई दुई महीनासम्म जीउँदो रहने अवधि दिएको छ, यो दुई महीना वितेपछि ता मैले अवश्यै प्राण त्याग गर्नुपर्नेछ ॥३१॥

सर्ग—३४

सीता हनुमान्‌लाई रावण भन्ठानेर डराउँछिन् ।

दुःखले पीडित भइराखेकी सीताका यी कुरा सुनेपछि वानरश्रेष्ठ हनुमान् यिनलाई संझाउँदै नम्रतासँग उत्तर दिनलागे ॥१॥ हे देवी ! रामको आज्ञाले दूत भएर म तपाईंकहाँ आएको हुँ । हे सीते ! रामचन्द्र सकुशल छन् र उनले तपाईंको कुशल सोधेका छन् ॥२॥ वेद जान्नेहरूमध्ये श्रेष्ठ दशरथपुत्र रामचन्द्रजी ब्रह्मास्त्र तथा वेद जान्दछन्, उनले तपाईंको क्षेम कुशल सोधिपठाएको छ ॥३॥ महातेजस्वी लक्ष्मण तपाईंका पतिका प्यारा सेवक हुन् । शोकले सन्तप्त भइराखेका यिनले पनि आफ्नो माथ निहुराएर तपाईंलाई प्रणाम निवेदन गरेको छ ॥४॥

राम, लक्ष्मण यी दुवै नरश्रेष्ठको समाचार सुन्न पाउँदा सीता बहुतै खुशी भइन्, यिनको शरीरै रोमाञ्चित भयो र हनुमान्‌लाई भन्नलागिन् ॥५॥ मानिस बाँचिरह्योभने सय वर्षपछि पनि त्यसलाई आनन्द मिल्न सक्तछ भन्ने दुनियाँमा चलेको जो उखान छ सो मलाई बडो ठीक जस्तो लाग्दछ ॥६॥ सीता हनुमान् यी दुवैको भेटघाटमा सीताको हनुमान्‌माथि अद्भुतको स्नेह उत्पन्न भयो र यी दुवै विश्वासपूर्वक आफू आफूमा कुराकानी गर्नलागे ॥७॥ शोकले सन्तापित भइराखेकी जानकीजीका यी कुरा सुनेपछि वायुपुत्र हनुमान् बिस्तारै बिस्तारै उनको नजीक पुगे ॥८॥ जति जति हनुमान् सीताको नजीक सर्दथे उति उति उनको मनमा यो रावण हो कि भन्ने सन्देह बढ्दथ्यो ॥९॥ अर्को रूप धारण

गरेको यो रावण भए ता मैले योसित कुरा गरेको बडो खराब भयो, अफसोस ! मलाई धिक्कार छ ॥१०॥

मनमा यस्तो विचार गरेर शोकले दुब्लाएकी सर्वाङ्गसुन्दरी सीता अशोकको हाँगालाई छाडेर त्यहीं भूइँमा बसिन् ॥११॥ यसपछि हनुमान्‌ले सीतालाई प्रणाम गरे तर मनमा डर पसेकोले सीताले फेरि उनीतिर हेरिनन् ॥१२॥ वानरले प्रणाम गर्नलागेको देख्ता चन्द्रमुखी सीता लामा लामा सुस्केरा हाल्दै मधुरो स्वर गरेर उनलाई भन्नलागिन् ॥१३॥ कपटरूप लिएर फेरि मलाई ताप पार्न आएको तिमी रावणै ह्यौ भने ता म तिमीलाई भन्दछु कि मलाई यसरी दुःख दिनु तिमीलाई मुनासीब पर्दैन ॥१४॥ आफ्नो रूप छाडेर संन्यासीको रूप लिने जुन रावणलाई मैले जनस्थानमा देखेथें, निश्चय तिमी उही रावण ह्यौ ॥१५॥ हे कामरूपी निशाचर ! हेर, उपवास बस्नाले म दुब्ली भइराखेकी तथा दीन भावले समय बिताउनलागेकी छु, यसमाथि पनि तिमीले फेरि मलाई ताप पार्नु ता ठीक कुरा होइन ॥१६॥ अथवा मेरो मनमा जो शङ्का उत्पन्न भइराखेको छ त्यो झूटो पनि हुन सक्तछ कारण तिमीलाई देख्ता मेरो मनमा प्रेम उत्पन्न भइराखेको छ ॥१७॥ रामचन्द्रको दूत भएर तिमी सकहाँ आएका ह्यौभने तिम्रो कल्याण होस्, तिमीसित म रामचन्द्रको कथा सोद्धछु कारण यिनको कथा नै मलाई सबभन्दा बर्ता प्यारो लाग्दछ ॥१८॥ हे वानर ! मेरा प्यारा रामको गुणको वर्णन गर, हे सज्जन ! जसरी जलको वेगले नदीको किनारालाई आफूतिर तान्दछ त्यसै गरी तिमी पनि मेरो मनलाई आफूतिर तानिरहेका छौ ॥१९॥ अहो ! सपनामा समेत कस्तो आनन्द हुँदोरहेछ, मेरो हरण भएको धेरै दिन भइसक्यो, बल्ल आज रामले पठाएको वानरलाई देख्न पाएँ ॥२०॥ सपनामा भए पनि मैले वीर रामलाई लक्ष्मणको साथमा देख्न पाएको भए म यत्तिको दुःखित हुनेथिइनँ तर सपनासमेत मदेखि रिसाइराखेको छ अर्थात् निद्रा ता पर्दैन सपनाको कुरा त कता छ कता ॥२१॥ तर यो सपना होला जस्तो मलाई लाग्दैन किनकि सपनामा वानर देख्नाले सुख पाइन सकिन्न तर अहिले ता मेरो मन प्रसन्न भइराखेको छ ॥२२॥ के यो मलाई चित्तको भ्रम भएको हो अथवा वायु तथा उन्मादले उत्पन्न गराएको विकार भइराखेको हो, वा मैले मृगतृष्णा देख्नलागेकी हुँ ॥२३॥ होइन, यो ता उन्माद अथवा त्यताबाट उत्पन्न भएको मोह हुन सक्तैन कारण मलाई पूरा पूरा होश छ, आफूलाई तथा यस वानरलाई म प्रत्यक्षै देखिरहेकी छु ॥२४॥

यस प्रकारसँग संभव असंभव दुवै थरीका कुराको बारेमा अनेक विचार गरिसकेपछि राक्षसहरूको इच्छाअनुसारको रूप धारण गर्ने शक्ति हुन्छ भन्ने संझेर सीताले ती वानरलाई रावणै भन्ठानिन् ॥२५॥ पातलो कम्मर भएकी सीताले मनमा यस्तो निर्णय गरी हनुमान्‌सित केही पनि बोलिनन् ॥२६॥ वायुपुत्र हनुमान्‌ले सीताको अभिप्राय बुझेकोले उनलाई प्रसन्न गराउनाका लागि सुन्दैमा कानलाई आनन्द गराउने रामचन्द्रको गुणको वर्णन गर्नलागे ॥२७॥ रामचन्द्र सूर्यसमान तेजस्वी छन् र चन्द्रमाले झैं सबै दुनियाँको आनन्द बढाउँछन्, यिनी कुवेरझैं सबै लोकका राजा हुन्। महायशस्वी विष्णुसमान पराक्रमी छन्, बृहस्पति झैं सत्यवादी तथा मधुरो बोली बोल्दछन्। यिनी रूपवान् तथा साक्षात् रमणीय

कामदेवको जस्तो कान्ति भएका छन् , जुन मौकामा रिस गर्नुपर्ने हो सोही मौकामा मात्र रिस देखाउँछन् , उचित दण्ड दिने यिनी लोकश्रेष्ठ महारथी हुन् ॥२८-३०॥ जसको भुजछायाको आश्रयमा रहनाले, दुनियाँ सुखी हुन्छन् त्यस्ता रामचन्द्रलाई मायामृगद्वारा आश्रमबाट टाढा लगी एकान्त पारेर जसले तपाईंलाई हरेर ल्यायो त्यसले अवश्यै आफ्नो कर्मको फल पाउनेछ । यी पराक्रमी रामचन्द्रले अब चाँडै नै रिसको झोकमा परी बल्दो आगोको ज्वालासमानका आफ्ना तीखा तीखा बाण चलाएर युद्धमा रावणको संहार पार्नेछन् । यिनै रामचन्द्रले पठाएको दूत म तपाईंकहाँ आइराखेको छु ॥३१-३३॥ तपाईंको वियोगले दुःखित भइराखेका रामले तपाईंको क्षेम कुशल सोधेका छन् र सुमित्राको आनन्द बढाउने महातेजस्वी महाबाहु लक्ष्मणले आफ्नो प्रणाम निवेदन गरी तपाईंको क्षेम कुशल सोध्नू भनेका छन् । रामका मित्र सुग्रीव नामका वानरहरूका राजाले पनि तपाईंको क्षेम कुशल सोधेका छन् । हे देवी ! सुग्रीव र लक्ष्मणको साथमा श्री रामचन्द्र सधैं तपाईंलाई संझिरहन्छन् ॥३४—३६॥ हे वैदेही ! यी राक्षसीहरूको वशमा परेर पनि तपाईंले बाँचिराख्नु ता बडो आनन्दको कुरा हो, अब चाँडै नै महारथी राम, लक्ष्मण तथा करोडौं वानरको बीचमा बडा पराक्रमी सुग्रीवलाई यहाँ आएको देख्नुहुनेछ । म सुग्रीवको मन्त्री हनुमान् नाम गरेको वानर हुँ ॥३७-३८॥ समुद्रलाई नाघेर, दुरात्मा रावणको टाउकोमाथि खुट्टा राखेर म यहाँ लङ्कापुरीमा आइराखेको छु ॥३९॥ आफ्नो पराक्रमको बलले तपाईंलाई भेट्न भनी म यहाँ आएको छु । हे देवी ! तपाईं ता मलाई रावण भन्ठान्नुहुन्छ, म रावण होइन, तसर्थ आफ्नो शङ्कालाई छाडेर मैले भनेको कुरामा विश्वास गर्नोस् ॥४०॥

सर्ग—३५

हनुमान् रामचन्द्र र लक्ष्मणको वर्णन गरी जम्मै कुरा सुनाउँछन् ।

वानरश्रेष्ठ हनुमान्जीको मुखबाट रामसम्बन्धी यी कुरा सुनिसकेपछि सीता बडो नम्रतासंग मधुरो स्वर गरेर उनलाई भन्नलागिन् ॥१॥ रामचन्द्रको साथमा तिम्रो कहाँ भेट भयो ? लक्ष्मणलाई कसरी चिन्ह्यौ ? वानर र मानिसको साथमा यो समागम कसरी हुन गयो ? ॥२॥ राम र लक्ष्मणका जति चिह्न छन् ती सब फेरि मलाई भनेर सुनाऊ, यो सुनेपछि मेरो मनको शोक हटेर जानेछ अर्थात् मनमा शङ्का रहन पाउनेछैन ॥३॥ रामचन्द्रको शरीरको बनौट कस्तो छ, यिनको अनुहार कस्तो छ, यिनका हात र तिघ्रा कस्ता छन् । यसपछि लक्ष्मणको शरीरको पनि वर्णन गरेर सुनाऊ ॥४॥

सीताले यसो भनेको सुनेपछि हनुमान् रामचन्द्रको रूपको ठीक ठीकसंग वर्णन गर्नलागे ॥५॥ हे वैदेही ! आफ्ना पति रामचन्द्रको शरीरको जम्मै चिह्न थाहा हुँदा हुँदै पनि तपाईं जो मसित यस सम्बन्धमा सोधिरहनुभएको छ सो मेरा लागि भाग्यको कुरा हो ॥६॥ हे विशालनयनी ! राम र लक्ष्मणको शरीरको मैले जति चिह्न देखेको छु सो सबै वर्णन गर्दछु, सुन्नोस् ॥७॥ रामको आँखा कमलको पात जस्तो र मुख पूर्णिमाको चन्द्रमासमानको छ । हे सीते ! यिनी उदारता र रूपलाई साथैमा

लिएर पृथ्वीमा उत्पन्न भएका हुन् ॥८॥ यिनी तेजमा सूर्य, क्षमामा पृथ्वी, बुद्धिमा बृहस्पति र यशमा इन्द्रसमानका छन् ॥९॥ शत्रुतापी रामचन्द्र सबै प्राणीको, आफ्ना नाता कुटुम्बीको, आफ्नो चरित्रको तथा धर्मको रक्षा गर्नेवाला हुन् ॥१०॥ हे सुन्दरी ! रामचन्द्र सबै लोकको र चारै वर्णका रक्षक हुन्। संसारको मर्यादा बाँध्ने, सो अनुसार आफैं चल्ने र अर्कालाई पनि चल्न लगाउने हुन् ॥११॥ सूर्यसमानका प्रकाशमान यिनी सबैद्वारा पूजित छन् , गृहस्थधर्ममा रहेको भए तापनि ब्रह्मचर्यव्रतको पालना गर्दछन् , कुन मौकामा सज्जनहरूको उपकार गर्ने हो सो कुरा जान्दछन् र सत्कर्मको जतातत्तै प्रचार गर्दछन् ॥१२॥ राजनीति यिनले राम्रै गरी सिकेका छन् , ब्राह्मणहरूको आज्ञा मान्दछन्। शत्रुलाई ताप गर्ने रामचन्द्र ज्ञानी, सुशील र नम्र छन् ॥१३॥ वेद जान्ने पण्डितहरूले यिनको खूब आदर गर्दछन् धनुर्वेद, चारै वेद तथा वेदाङ्ग यी सबैमा यिनी बडा निपुण छन् ॥१४॥ यिनको काँध ठूलो छ र हात घुँडासम्म पुग्दछन् , शङ्खको जस्तो आकार परेको घाँटी छ, मुखको बनौट राम्रो छ, काँधको जोर्नी मासुले ढाकिएको छ, र आँखा अरुणवर्णका छन् रामको नामले यिनी संसारमा विख्यात छन् ॥१५॥ यिनको घाँटीको स्वर दुन्दुभिको शब्द जस्तो छ र शरीरको रंग चिल्लो छ, यिनी प्रतापी छन् , शरीरको जम्मै अङ्ग ठिक्क ठिक्कको छ अर्थात् जति लामो च्याप्टो हुनुपर्ने हो त्यत्तिकै छ, लम्बाइअनुसार शरीरको मोटाइ छ, यिनी साँवलो रंगका छन् ॥१६॥ यिनका तिघ्रा, गट्टा र मुट्ठी साह्रा छन् , आँखीभूइँ, अण्डकोष, र हात यी तीनै थोक लामा छन् , रौंका टुप्पा, अण्डकोष, र घुँडा यी तीनै बराबरका छन् , नाइटोको भित्री भाग, काखी र छाती यी तीन माथि उठेका छन् , आँखाको कुना, नङ हात र खुट्टाको हतकेला र पाइला यी तीन राता छन् ; खुट्टाको रेखा, टाउकोको रौं र पुरुष चिह्न यी तीन कमलो छन् ; वचन, हिंडाइको चाल र नाइटो यी तीन गम्भीर छन् ॥१७॥ पेट र घाँटीमा त्रिवली परेको छ; पैताला, पैतालामा भएका रेखा र स्तनको अग्रभाग यी तीनै अंग गहिरा छन् ; यिनको घाँटी, लिंग, पिठिउँ, दुवै तिघ्रा साना साना छन् , माथमा तीनओटा भँवरी परेका छन् , बूढीऔंलामा चार रेखा परेका छन् जसबाट चारै वेदको अध्ययन देखिन्छ; निधारमा चार रेखा छन् जसबाट दीर्घायु हुने देखिन्छ; चौबीस अंगुलको एक हातको हिसाबले यिनी चार हात अग्ला छन् ॥१८॥ आँखीभूइँ, नाकका पोरा, आँखा, कान, ओठ, स्तनको चुचो, कुहिना, गट्टा, (नाडीको जोर्नी) घुँडा, अण्डकोश, कम्मर, हात, खुट्टा, कम्मर मुनिको फिला यी चौध अंगको जोडी बराबरको छ एउटा सानो अर्को ठूलो छैन; तल माथिको दाँतको पंक्तिको छेउ छेउमा शास्त्रोक्त लक्षणले युक्त भएका चारओटा दाँत छन् ; सिंह बाघ, हात्ती र साँढेको जस्तो यिनको हिंडाइ छ; ओठ, चिउँडो र नाक विशाल अर्थात् शास्त्रोक्त लक्षणले राम्रा छन् , वाणी, मुख, नङ, रौं र छाला कमलो छ; दुवै हात, खुट्टा दुवै नलीहाड, दुवै छाती, र दुवै तिघ्रा यी आठ अङ्ग निकै लामा छन् ॥१९॥ यिनका दश अङ्ग (मुख, आँखा, खाने मुख, ओठ, तालु, स्तन, नङ, हात, खुट्टा) कमलसमानका छन् ; छाती, माथ, निधार, घाँटी, हात, काँध, नाइटो, पिठिउँ, र कान यी दश अङ्ग ठूला छन् ; यश, श्री र तेज जतातत्तै फैलिएको छ;

आमा-बाबु दुवैको वंश विशुद्ध छ; काखी, पेट, छाती, नाक, काँध र निधार यी छ अंग माथि उठेका छन् ; औंलाको टुप्पा, कपालको केश, रौं, नङ, छाला, लिङ्ग, दाह्री, जुँघा, बुद्धि, दृष्टि यी नौ पदार्थ अति सूक्ष्म छन् ; यिनी धर्म, अर्थ र कामको यथोचित सेवन गर्दछन् ।।२०।। सत्यधर्ममा तत्पर रहने श्रीमान् रामचन्द्रजी दुनियाँबाट धन जनको संग्रह गरी यिनैद्वारा प्रजाको संरक्षण गर्दछन् ; कुन ठाउँमा, कुन समयमा कस्तो काम गर्नुपर्ने हो सो यिनलाई थाहा छ र सबै जनासित मीठो बोली गरेर बोल्दछन् ।।२१।। यिनका सौताने भाइ, सुमित्राका छोरा लक्ष्मण अतिशय तेजस्वी छन् ।।२२।। लक्ष्मणको वर्ण सुनको जस्तो छ, राम भने साँवलो रंगका छन् ; तपाईंलाई भेट्न भनी उत्सुक भएर सम्पूर्ण पृथ्वीमा खोज्दै हिंडेको वेलामा यी दुवै नरसिंहहरूसित हामी वानरहरूको भेट भयो । तपाईंलाई खोज्न भनी पृथ्वीमा भ्रमण गरिरहेको समयमा यिनीहरूले, दाजुद्वारा राज्यबाट निकालिएका सुग्रीवलाई, बाक्ला बाक्ला अनेक रूखले युक्त भएको ऋष्यमूक पर्वतको फेदीमा देखे ।।२३–२५।।

दाजुको डरले थर्कायमान भई बसिराखेका, सत्यप्रतिज्ञ, हेर्दैमा मनलाई आनन्द गराउने सुग्रीवको हामी सबै सेवा गरिरहेका थियौं किनकि दाजुले यिनलाई राज्यबाट निकालिदिएका थिए । वल्कलवस्त्र धारण गरेका, हातमा उत्तम धनु लिएका यी दुवै वीर धनुर्धारीलाई टाढैबाट देख्ता वानरराज सुग्रीव डराए र ऋष्यमूक पर्वतको माथिल्लो टाकुरामा उफ्रेर चढिहाले र त्यहीं सुविस्तासंग रहनलागे ।।२६–२८।। यहाँ पुगेपछि सुग्रीवले झटपट मलाई यी दुवै वीर भएको ठाउँमा पठाए । सुग्रीवको आज्ञाअनुसार म पनि रूप, लक्षणले युक्त भएका यी दुवै प्रभुको अगाडि हात जोडेर उभिइरहें; मेरो मुखजमानी सबै कुरा थाहा पाएपछि यिनीहरू प्रसन्न भए ।।२९–३०।। मैले पनि यी दुवै वीरलाई आफ्नो पिठिउँमा बोकेर सुग्रीव भएको ठाउँमा लिएर आएँ र महात्मा सुग्रीवलाई यिनीहरूको सबै समाचार सुनाइदिएँ ।।३१।। परस्परको वार्तालापले गर्दा यिनीहरूको बीचमा खूब ठूलो प्रेम उत्पन्न भयो । यस समयमा कीर्तिमान् रामचन्द्र र सुग्रीवले आफ्नो आफ्नो पूर्ववृत्तान्त बयान गरेर सुनाए र एउटाले अर्कोलाई ढाढस पनि दिए, स्वास्नी हरण गर्ने इच्छामा लागेका उग्र तेजस्वी दाजुले गर्दा निकालिएका सुग्रीवलाई रामचन्द्रले सांत्वना दिए । यसपछि तपाईंको हरण भएकोले अतिशय पराक्रमी रामचन्द्रलाई जो कष्ट भइराखेको थियो त्यो सबै कुरा लक्ष्मणले सुग्रीवलाई बयान गरेर सुनाए । लक्ष्मणले भनेका कुरा सुन्दा सुग्रीव अत्यन्त दुःखित भए र राहुग्रस्त सूर्यसमान तेज नभएको देखिनलागे । यसपछि राक्षसले हरेर लैजान लागेको वेलामा तपाईंले आफ्नो शरीरको शोभा बढाउने जुन जुन गहना भूइँमा खसाल्नुभएको थियो ती सबै गहना वानर सेनापतिहरूले प्रसन्नतासाथ ल्याउँदै रामचन्द्रलाई देखाउनलागे तर तपाईं कता लाग्नुभो सो कुराको यिनीहरूलाई केही पत्तो थिएन । छम् छम् आवाज गर्दै जब यी गहना भूइँमा झरेका थिए त्यस बखतमा मैले नै यिनलाई बटुलेर राखेको हो । यी गहना देख्नासाथ रामचन्द्र मूर्छा पर्लान् जस्तो भए, देवतासमानका यिनी यी सबै राम्रा राम्रा गहनालाई काखमा राखेर विलाप गर्न-लागे । यी गहनामा नजर पर्नेबित्तिकै रामचन्द्रको शोकाग्नि झन् बर्तो प्रज्वलित भएर आयो ।।३२-

४०।। दुःखले पीडित भएका महात्मा रामचन्द्र धेरै बेरसम्म भूइँमा लडिरहे । मैले अनेक किसिमका मीठा मीठा कुरा गरेर उनलाई संझाई बुझाई बल्ल तल्ल उठाएर बसालें ।।४१।। यी मूल्यवान् गहनालाई वारंवार आफूले हेरेर तथा हेर्न लगाएर राम लक्ष्मणले यिनलाई सुग्रीवको जिम्मामा सुम्पिदिए ।।४२।। जसरी ज्वालामुखी पर्वत अतिशय ठूलो बल्दो आगोले गर्दा सदा जलिरहेको हुन्छ त्यसै गरी हे आर्ये ! तपाईंको वियोगले गर्दा रामचन्द्र पनि ठूलो तापमा परेका छन् ।।४३।। हे देवी ! तपाईंका लागि रामचन्द्रलाई निद्रा पनि पर्दैन, जसरी तीन प्रकारका अग्निले अग्निगृहलाई सदा तपाइराख्तछ त्यसै गरी अनिद्रा, शोक र चिन्ताले महात्मा रामचन्द्रलाई तपाइराखेको छ ।।४४।। जसरी ठूलो भूकम्पले गर्दा बडेमानको पर्वतसमेत काँप्तछ त्यसै गरी तपाईंलाई देख्न नपाएको शोकले गर्दा उनी पनि चञ्चल भइराखेका छन् ।।४५।। हे राजपुत्री ! तपाईं साथमा नहुनाले रमणीय वन, नदी तथा पानीको झांगनेर सैर गर्दा पनि यिनलाई कुनै प्रकारको आनन्द हुँदैन ।।४६।। हे जनकपुत्री ! यी पुरुषसिंह रामचन्द्र अब झट्टै इष्ट मित्र र नाता कुटुम्बीको साथसाथै रावणलाई मारेर तपाईंनेर आउनेछन् ।।४७।। रामले बालिलाई मार्ने र सुग्रीवले तपाईंको खोज पत्ता लगाउने प्रतिज्ञा यी दुवै राम सुग्रीवले आफू आफूमा गरे ।।४८।। यसपछि यी दुवै वीर कुमारलाई साथमा लिई किष्किन्धामा गएर सुग्रीवले युद्धमा बालिलाई मारिदिए ।।४९।। झटपट युद्धमा बालिलाई मारेर रामचन्द्रले सुग्रीवलाई समस्त वानर र भालुको राजा बनाइदिए ।।५०।।

हे देवी ! यस प्रकारसँग राम र सुग्रीवको बीचमा मैत्री भएको हो, यी दुवैले पठाएको म हनुमान् नाम गरेको दूत तपाईंकहाँ आइराखेको छु ।।५१।। आफ्नो राज्य पाएपछि सुग्रीवले आफ्ना बलिया बलिया वानरलाई जम्मा गरेर तपाईंलाई खोज्न भनी यिनलाई दशै दिशातिर पठाए ।।५२।। महाओजस्वी वानरराज सुग्रीवको आज्ञाले, महापराक्रमी पर्वतसमानका विशाल हामी वानरहरूले पृथ्वीको चारैतिर प्रस्थान गर्यौं ।।५३।। सुग्रीवको आज्ञा सुन्नाले थर्कायमान भइराखेका ती वानरहरू तथा हामी त्यस वेलादेखि तपाईंको खोज पत्ता लगाउन भनी समस्त पृथ्वीमा डुलिराखेका छौं ।।५४।। बालिका छोरा रूपवान् महाबली अंगद जम्मा फौजको तीन खण्डको एक खण्ड फौज साथमा लिएर तपाईंलाई खोज्न भनी हिंडेका हुन् ।।५५।। पर्वतहरूमध्येको श्रेष्ठ विन्ध्याचलको पहाडमा बाटो बिर्सेकोले हामी शोकले अत्यन्त आकुल व्याकुल पर्यौं, यहाँ हामीहरूले अनेक दिन रात बिताउनुपर्‍यो ।।५६।। काम सिद्ध हुने आशा भङ्ग भएको र तोकिएको अवधि नाघेकोले, सुग्रीवको डरले थर्कायमान भएका हामी सबै यहाँ प्राण त्याग गर्नाका लागि तय्यार भयौं ।।५७।। पर्वतका गुफा, नदी खोला जताततै खोज्दा पनि देवी सीताको केही पत्तो लाग्न नसकेकोले हामी सबै प्राण त्याग गर्न भनी उद्यत भएका थ्यौं ।।५८।। त्यस पर्वतको टाकुरामाथि हामी सबै धर्ना कसेर उपवास गर्नलाग्यौं । सबै वानरगणलाई अन्न जल त्याग गरेर मर्न तय्यार परेको देख्ता अंगद शोकले अत्यन्त व्याकुल भई विलाप गर्नलागे । हे देवी ! तपाईंको हरण भएको, बालिको त्यस किसिमसंग वध भएको, जटायु मारिएको र हामी सबैले उपवास

बसेको कुरा संझी संझी यिनी विलाप गर्नलागे । मालिकले दिएको अवधि बितेको र कार्यसिद्धिको आशा हराएकोले मर्न भनी उद्यत भइराखेका हामीहरूनेर गृद्धराजको दाजु सम्पाति नाम गरेको महाबली गिद्ध पक्षी आयो ॥५९–६२॥ भाइ मारिएको सुन्दा रिसले चूर भई उ भन्नलाग्यो––मेरो भाइलाई कसले मार्‍यो र उसलाई कहाँ खसाल्यो ? ॥६३॥ हे वानरहो ! तिमीहरूको मुखबाट म यो सब वृत्तान्त सुन्न चाहन्छु । अङ्गदले पनि तपाईंका लागि डरलाग्दो अनुहार भएको राक्षस रावणले जनस्थानमा जटायुको जो नराम्रोसंग वध गरेको थियो सो सबै कुरा जस्ताको तस्तै गरी सुनाइदिए । जटायुको बध भएको सुन्दा त्यो अरुणपुत्र सम्पाति बहुतै दुःखित भयो ॥६४-६५॥ उसैले, हे सुन्दरी ! तपाईं रावणको घरमा बस्नुभएको छ भन्ने कुरा हामीलाई भनेको हो ।

सम्पातिले भनेको, मनमा आनन्द गराउने यो कुरा सुनेपछि अंगद आदि गरिएका हामी सबै विन्ध्यपर्वतबाट प्रस्थान गरेर समुद्रको रमणीय तीरमा आयौं ॥६६-६७॥ तपाईंको दर्शन पाइने आशाले उत्साहित भएका तथा मनमा प्रसन्न भइराखेका अंगद आदि गरिएका सबै बानरहरू समुद्रको तीरमा आए ॥६८॥ तपाईंलाई भेट्न भनी उत्कण्ठित भइराखेका वानरहरूलाई एउटा विषमचिन्ता पर्‍यो । समुद्र देख्ता हडबडाएको वानरी सेनाको ठूलो डर हटाउनाका लागि सय योजन फाँट भएको समुद्र नाघेर म यहाँ आएँ र राक्षसहरूले भरिपूर्ण भइराखेको लङ्कापुरीभित्र रात्रिको समयमा प्रवेश गरें ॥६९-७०॥ मैले रावणलाई देखें र शोकले पीडित भइराख्नुभएको तपाईंलाई पनि देखें ।

कुनै प्रकारको खोट नभएकी हे सीते ! आदिदेखि लिएर अन्तसम्म जे जे भएको हो सो सब तपाईं-लाई बयान गरेर सुनाइसकें ॥७१॥ हे देवी ! म ता दशरथका छोरा रामचन्द्रको दूत हुँ तसर्थ मसित कुराकानी गर्नोस, हेर्नोस्, रामचन्द्रका लागि तपाईंलाई भेट्न भनी मैले यो उद्योग गरेको हुँ ॥७२॥ हे देवी ! मलाई सुग्रीवको मन्त्री र वायुको छोरा संझेर आफ्नो शङ्का दूर गर्नोस् । समस्त शस्त्रधारी-हरूमा श्रेष्ठ तपाईंका रामचन्द्रलाई कुशल छ ॥७३॥ दाजुको सेवामा तत्पर रहने, शुभलक्षणले युक्त भएका लक्ष्मण पनि सकुशल छन् । हे देवी ! तपाईंका पराक्रमी पतिको हितको चाहना गर्ने म एक्लै सुग्रीवको आज्ञाले यहाँ आइराखेको छु । कसैको सहायता नपाएको, इच्छाअनुसारको रूप धारण गर्न सक्ने म तपाईंको पत्ता लगाउन भनी घुम्दै फिर्दै यहाँ दक्षिण दिशामा आइपुगेको छु । यो बडो खुशीको कुरा हो कि अब म, तपाईं मर्नुभो भन्ने कल्पना गरेर दुःखित भइराखेका वानर सैनिकहरूको दुःख, तपाईंको पत्ता बताएर हटाउन सक्नेछु । मेरो समुद्र नाघेर आउने काम व्यर्थ भएन सो बडो आनन्दको कुरा हो ॥७४-७७॥ हे देवी ! तपाईंको दर्शन पाएकोले म यश पाउनेछु र पराक्रमी रामचन्द्र अबलाई झट्टै तपाईंकहाँ आउनेछन् र उनले छोरा बन्धुवर्गको साथसाथै राक्षसराज रावणलाई मार्ने पनि छन् । हे वैदेही ! माल्यवान् नाम गरेको, पर्वतहरूमध्येको एउटा उत्तम पर्वत छ । मेरा पिता केसरी नाम गरेका वानर त्यहीं रहन्थे, कुनै एक समयमा देवर्षिहरूबाट आज्ञा पाएकोले यिनी यहाँबाट गोकर्ण-नामक पर्वतमा गए र त्यहाँ समुद्रको पवित्र तीरमा शंबसादन नाम गरेको राक्षसलाई यिनले मारिदिए

॥७८-८०॥ हे सीते ! यिनै केसरी वानरकी अञ्जना गरेकी पत्नीबाट वायुदेवताद्वारा मेरो उत्पत्ति भएको हो । आफ्नै पराक्रमको बलले म यस संसारमा हनुमान्को नामले विख्यात भएको छु ॥८१॥ हे वैदेही ! तपाईंको मनमा पत्यार परोस् भन्नाका लागि मैले रामचन्द्रको गुणको वर्णन गरेको हो, अब अलि दिनमा नै रामले तपाईंलाई यहाँबाट लिएर जानेछन् ॥८२॥

अनेक कारणले तथा राम लक्ष्मणको यथार्थ चिह्न सुनेकोले शोकले पीडित भइराखेकी सीताको मनमा विश्वास पऱ्यो र यिनले हनुमान्लाई रामचन्द्रको दूत भन्ठानिन् ॥८३॥ अतिशय हर्षित भएकी सीता, प्रसन्नताले गर्दा, तेर्सो आँखीभूइँ भएको आँखाबाट आनन्दको आँसु झराल्नलागिन् ॥८४॥ कुना कुनामा रातो र बाँकी भागमा सेतो रंग भएको, ठूला ठूला आँखा भएकी सीताको रमणीय मुख-मण्डल यस बखतमा राहुको ग्रासबाट छुटेको चन्द्रमाझैं शोभायमान देखिनलाग्यो ॥८५॥ हनुमान् साँच्चिकै वानर हुन्, मायाले यस्तो रूप लिएको ता होइन भन्ने सीतालाई पूरा विश्वास पऱ्यो । यसपछि हनुमान्जी देख्तैमा चित्तलाई आनन्द गराउने सीताजीलाई फेरि भन्नलागे ॥८६॥ हे मैथिली ! मैले तपाईंले सोधेका सबै प्रश्नको उत्तर दिइहालें, अब मनमा धैर्य गर्नोस्, अब मैले के गर्नुपर्ने हो ? तपाईंको इच्छा प्रकट गरिहाल्नोस्, किनकि मैले झट्टै रामचन्द्र भएको ठाउँमा जानुपर्दछ ॥८७॥ हे मैथिली ! महर्षिहरूको आज्ञाले वानरश्रेष्ठ केसरीले युद्धमा शंबसादन असुरलाई मारेपछि, यिनै महर्षिहरूको कृपाले वायुदेवताद्वारा आफ्नी आमाको कोखमा जन्म लिएँ । वायुको जत्तिकै बल भएको म वानर हुँ ॥८८॥

सर्ग—३६

हनुमान्ले रामको औंठी दिएपछि सीता बोल्दछिन् ।

महातेजस्वी वायुपुत्र हनुमान् सीताको मनमा विश्वास पार्नाका लागि फेरि पनि नम्रतापूर्वक बोल्नलागे ॥१॥ हे महाभागे देवी ! म बुद्धिमान् रामचन्द्रको दूत हुँ । तपाईंलाई विश्वास पार्नाको निम्ति मैले रामको नाम कुँदिराखेको औंठी ल्याएको छ, उनै महात्मा रामचन्द्रले मलाई यो औंठी दिएको हो । हे देवी ! अब चाँडै नै तपाईंको दुःखको अन्त हुनेछ तसर्थ चित्तलाई सम्हालेर बस्नोस् तपाईंको कल्याण हुनेछ ॥२-३॥

आफ्ना स्वामीले औंलामा लाइराख्ने औंठी लिएर हेर्दा सीता रामचन्द्र नै भेटिएका हुन् जस्तो गरेर प्रसन्न भइन् ॥४॥ कुना कुनामा रातो र बाँकी भागमा सेतो रंग भएको, ठूला ठूला आँखा भएकी सीताको रमणीय मुखमण्डल हर्षले प्रफुल्लित भएकोले राहुको ग्रासबाट छुटेको चन्द्रमाझैं शोभायमान देखिनलाग्यो ॥५॥ यी लज्जावती बाला पतिको समाचार पाएकोले मनमा प्रसन्न तथा सन्तुष्ट भई प्रेमसहित महाकपि हनुमान्को प्रशंसा गर्नलागिन् ॥६॥ हे वानरश्रेष्ठ ! तिमीले एक्लै यस राक्षसको राजधानीमा प्रवेश गरेको देख्तैमा मैले तिमी पराक्रमी, शक्तिमान् तथा बुद्धिमान् रहेछौ

भन्ने कुरा बुझिसकें ।।७।। सय योजनको फाँट भएको, ग्राह आदि गरिएका जन्तुहरूको वासस्थान भएको यस समुद्रलाई गाईको खुर जस्तो गरेर नाघेर आयौ तसर्थ तिम्रो पराक्रम प्रशंसनीय छ ।।८।। हे वानरश्रेष्ठ ! म ता तिमीलाई साधारण वानर भन्ठादिनँ कारण रावणदेखिको न तिमीलाई डर छ न उद्वेग छ ।।९।। आत्मविश्वासी रामचन्द्रले तिमीलाई पठाएको होभने ता तिमी निस्सन्देह मसित कुराकानी गर्न योग्य छौ ।।१०।। शत्रुले हराउन नसक्ने रामचन्द्रले परीक्षा नगरीकन दूत पठाएका होइनन्, खास गरेर मकहाँ आउनुपरेकोले ता पराक्रमको राम्रोसँग जाँच बूझ नगरी पठाएका होओइनन् ।।११।। सत्यप्रतिज्ञ रामचन्द्र तथा सुमित्राको आनन्द बढाउने महातेजस्वी लक्ष्मण कुशल रहेछन्, यो बडो भाग्यको कुरा हो ।।१२।। रामचन्द्र कुशल छन्भने ता किन यिनले मेरा लागि समुद्रसम्मको पृथ्वीलाई, प्रलयकालमा उठ्ने आगोले जसरी चराचर जम्मैलाई भस्म पारिदिन्छ त्यसै गरी रिसले नउडाइदिएका होलान् ।।१३।। अथवा यी दुवैमा ता देवताहरूलाई समेत दण्ड दिने शक्ति छ, अहिलेसम्म मेरो दुःखको अन्त हुने वेला आइपुगेको होओइन ।।१४।। मलाई यो कुरा त भन, रामचन्द्रलाई कुनै कुराको दुःख छ कि ? मेरो निम्ति उनले ताप लिएका छन् कि ? मेरो उद्धारका लागि यी पुरुषश्रेष्ठले केही प्रयत्न गर्नलागेका छन् कि ? ।।१५।। यिनी हताश भएका अथवा हडबडाएका छन् कि ? काममा भूल गर्दछन् कि ? पुरुषोचित काम गर्न ता यी राजपुत्र रामले बिर्सेका होओइनन् ।।१६।। शत्रुलाई ताप पार्ने रामचन्द्रजीले विजयको अभिलाषा राखेर मित्रहरूको साथमा साम दानको र शत्रुहरूको साथमा दान, दण्ड, भेद यी तीनै नीतिले काम लिने गरेका छन् वा छैनन् ।।१७।। के रामचन्द्र अरूहरूको साथमा मित्रता ता गर्दछन् ? के अरूहरू यिनीसित दोस्ती ता गर्न खोज्दछन् ? मित्रहरू यिनको सत्कार ता गर्छन् ? र यिनी पनि दोस्तहरूको आदर मान ता गर्दछन् ? ।।१८।। राजकुमार रामचन्द्रजी देवताहरूको अनुग्रहका लागि प्रार्थना ता गर्दछन् ? यिनले पुरुषार्थ तथा भाग्य यी दुवैको आश्रय ता लिएको छ ? ।।१९।। अन्यत्र रहनाले ममाथिको यिनको प्रेम के अझसम्म रहेकै छ त ? के रामले यस आपत्तिबाट मेरो उद्धार ता गर्नेछन् ? ।।२०।। सधैं सुख भोगिराखेका, दुःख भनेको भोग्दै नभोगेका रामचन्द्र यसरी दुःखमाथि दुःख आइपरेकोले व्याकुल भइराखेका छन् कि ? ।।२१।। कौशल्या, सुमित्रा तथा भरतको क्षेम कुशलका समाचार रामचन्द्रले बीच बीचमा पाएका ता छन् ? ।।२२।। सदा मान पाउने योग्यका रामचन्द्रजी मेरो वियोगको शोकले गर्दा तापमा परेका छन् कि ? यिनले मेरो उद्धार ता गर्लान् के ? ।।२३।। के दाजु-भाइमाथि प्रेम गर्ने भरतले मन्त्रीहरूको बुद्धिबलले रक्षित भइराखेको भयङ्कर अक्षौहिणी सेना मेरा लागि पठाउलान् ? ।।२४।। वानरराज श्रीमान् सुग्रीव, दाँत र नङ नै हतियार भएका वानरहरूको फौज साथमा लिई मेरो निम्ति यहाँ आउलान् त ?।।२५।। अस्त्र शस्त्रको ज्ञान भएका, सुमित्राको आनन्द बढाउने वीर लक्ष्मणले आफ्नो बाणको वर्षाले राक्षसहरूको विनाश ता पार्लान् ? ।।२६।। रामको हातबाट भयङ्कर अस्त्रद्वारा मित्रहरूको साथसाथै रावणलाई मरेको के म चाँडै नै देख्न पाउँला त ? ।।२७।। जल नहुँदा सूर्यको तापले पर्नाले कमल सुकेझैं, सुनको जस्तो वर्ण

भएको कमलको जस्तो गन्धले युक्त भएको रामचन्द्रको मुखमण्डल मेरो शोकले गर्दा मलिन भएर सुकिरहेको छ कि ? ॥२८॥ धर्मका लागि आफ्नो राज्य छाडेर मलाई साथमा लिई वनमा पैदल हिंड्दाखेरि पनि जसलाई शोक तथा भय केही भएको थिएन त्यस्ता रामचन्द्रले के अहिले मनमा धैर्य्य ता लिइराखेका छन् ? ॥२९॥ माता, पिता, अथवा अन्य व्यक्ति कसैमाथि पनि रामचन्द्रको, मेरोभन्दा बर्ता ता के मेरो जत्तिको पनि स्नेह छैन । हे दूत ! जबसम्म आफ्ना प्यारा रामको खबर पाउँछु तबसम्म म बाँचिरहन्छु ॥३०॥ देवी सीता, यस प्रकारको गम्भीर तथा मतलबै मतलबले भरिएका कुरा हनुमान्‌लाई सुनाइसकेपछि, फेरि यिनको मुखबाट रामसम्बन्धी मीठा मीठा कुरा सुन्नाका लागि चूप लागिन् ॥३१॥

सीताका कुरा सुनिसकेपछि महापराक्रमी हनुमान् टाउकोमाथि हात जोरेर यस प्रकारसंग उत्तर दिनलागे ॥३२॥ कमल जस्तो आँखा भएका रामचन्द्रलाई तपाईं यहाँ हुनुहुन्छ भन्ने कुराको पत्तो छैन, त्यसैले हे देवी ! इन्द्रले, दैत्यले हरेर लगेको शचीलाई लगेझैं, तपाईंलाई झट्टै यहाँबाट लैजान नसकेका हुन् ॥३३॥ मैले उहाँ गएर खबर दिनसाथ उनी भालु तथा वानरको ठूलो फौज साथमा लिई झट्टै यहाँ आउनेछन् ॥३४॥ बाणको वर्षाले समुद्रलाई बाँधेर यिनले लङ्कापुरीका सबै राक्षसहरूको संहार पारिदिनेछन् ॥३५॥ यो काम गर्दाखेरि बीचैमा गएर मृत्यु, देवता, तथा अरू कुनै ठूलो असुरले यिनको बाटोमा बाधा पार्‍योभने यिनले तिनको समेत वध गरिदिनेछन् ॥३६॥ जसरी सिंहद्वारा पीडित भइराखेको हात्तीलाई सुख हुँदैन त्यसै गरी तपाईंलाई देख्न नपाउनाले शोकले पीडित भइराखेका रामचन्द्रलाई शान्ति भनेको छँदै छैन ॥३७॥ हे देवी ! म फलमूल, मन्दराचल, मलयाचल, विन्ध्याचल, मेरु र दुर्दर यी सबै पर्वतको नाममा किरिया हालेर भन्दछु कि तपाईं चाँडै नै पूर्णचन्द्रमाझैं उदाएको रामचन्द्रको मुख देख्न पाउनुहुनेछ, जुन मुख कि राम्रा राम्रा कुण्डलले सुशोभित छ, जसमा विम्बफल जस्ता ओठ तथा अति सुन्दर आँखा विराजमान छन् ॥३८-३९॥ हे वैदेही ! प्रस्रवण पर्वतमाथि बसिराखेका रामचन्द्रलाई, ऐरावत हात्तीमा चढेका इन्द्रझैं अब तपाईं झट्टै देख्न पाउनुहुनेछ ॥४०॥ रामले मासु खान तथा मधु पान गर्न छाडिदिएका छन्; अरण्यवासीहरूको नियमानुसार यिनी सधैं दिनको पाँचौं प्रहरमा जङ्गली फलमूलको आहार गर्दछन् ॥४१॥ हे देवी ! यिनको मन तपाईंमा यस्तो आसक्त भइराखेको छ कि शरीरमा लामखुट्टे, उपियाँ, कीरा फट्याङ्ग्रा आएर बसे तापनि यिनलाई धपाउने यिनी चेष्टा गर्दैनन् ॥४२॥ सदा तपाईंमा चित्त लीन भएकोले यिनी तपाईंको निम्ति यस्तो व्याकुल छन् कि नित्य तपाईंको चिन्तना गरिरहन्छन्, कामको वशमा परेर शोकमग्न भई तपाईंको ध्यान गर्नुसिवाय यिनको दोस्रो काम छैन ॥४३॥ यिनलाई निद्रै पर्दैन, कदाचित् कहिले सुतिहाले भनेपनि मधुरो स्वरले हे सीते ! हे सीते ! भन्दै ब्यूँझिहाल्दछन् ॥४४॥ फलमूल आदि गरिएका आइमाईलाई मन पर्ने चीजबीज देख्नासाथ तपाईंलाई संझेर लामो लामो सुस्केरा हाल्दै हा प्रिये ! हा प्रिये ! भन्नथाल्दछन् ॥४५॥ हे देवी ! यिनी सदा दुःखी रहन्छन्, सधैं हा सीते ! हा सीते ! भनेर बोलाइरहन्छन् । व्रतधारण गरिराखेका ती महात्मा राजपुत्र रामचन्द्र तपाईंको उद्धार गर्ने प्रयत्नमा लागिराखेका छन् ॥४६॥

हनुमान्‌को मुखबाट रामको यस्तो चर्चा सुन्दा सीताको शोक ता हट्यो तर उनले सुर्ता मानेका हाल सुन्दा यिनी पनि उनी जत्तिकै शोकले व्याकुल भइन् । यस बखतमा सीता शरत्कालको प्रारम्भमा भर्खर भर्खर उदाएका तर उदाउनेबित्तिकै बादलको टुक्राले ढाकेका चन्द्रमा भएको रात्रिसमान भइन् ॥४७॥

सर्ग—३७

सीता र हनुमान्‌को बीचमा कुरा; हनुमान् आफ्नो विशालरूप देखाउँछन् ।

पूर्ण चन्द्रमाको जस्तो अनुहार भएकी सीता, हनुमान्‌ले भनेको कुरा सुनेपछि, धर्म र अर्थले युक्त भएका यी वचन उनलाई भन्नलागिन् ॥१॥ हे वानर ! रामचन्द्र सदा तिम्रो चिन्तना गरिरहन्छन् र यिनी दुःखी पनि छन् भन्ने कुरा जो तिमीले भन्यौ सो विष मिसिएको अमृतसमान छ ॥२॥ मानिस बडो ऐश्वर्य्यशाली होस् अथवा डरलाग्दो आपत्तिमा परेको होस् तापनि कालले यी दुवैलाई डोरीले बाँधेर तानिहाल्दछ अर्थात् दुःखीलाई सुखी बनाइदिन्छ र सुखीलाई दुःखी ॥३॥ हे वानरश्रेष्ठ ! भाग्यलाई पल्टाउनु मानिसको शक्ति बाहिरको कुरा हो, हेरन, लक्ष्मण, म र श्रीरामचन्द्रजी दुःखमा परेर कस्तो व्याकुल भइराखेका छौं ॥४॥ अब रामचन्द्रले यस शोकसागरलाई कसरी पार गर्ने होला ? डुङ्गा डुबेपछि हात खुट्टा चलाएर जसरी मानिस बडो मुश्किलसँग समुद्रको पारिपट्टि लाग्दछ त्यसै गरी रामले पनि बडो दुःखसँग यो विपत्तिबाट पार लाग्नुपर्ने छ ॥५॥ राक्षसहरूलाई मारेर, रावणको वध गरेर र लंका शहरलाई नै ध्वस्त पारेर मेरा पतिदेवले मलाई कहिले भेट्ने होलान् ? ॥६॥ रामचन्द्रलाई छिटो गर्न भनिदिए, यो वर्ष दिनको अवधि बित्न नपाओस्, किनकि त्यति वेलासम्म मात्र म जीवित रहनेछु ॥७॥ हे वानर ! यो दशौं महीना बितिरहेको छ, दुई महीनामात्र बाँकी बचेको छ, क्रूर रावणले मलाई यी दुई महीनाको जीवित रहने अवधि दिएको छ ॥८॥ यसका भाइ विभीषणले, मलाई फिर्ता पठाइदिनू भनी यसलाई अनेक प्रकारले संझाए तर रावणले यिनको एक कुरा पनि सुनेन ॥९॥ रावणलाई मलाई फिर्ता पठाउने कुरा निको लाग्दैन, किनकि कालको वशमा परेकोले यो युद्धभूमिमा आफ्नो मृत्यु खोज्दै हिंडेको छ ॥१०॥ हे वानर ! विभीषणको जेठी छोरीको नाम कला हो, यिनले नै मलाई यो कुरा सुनाएकी थिइन् स्वयं आमाले यिनलाई यो कुरा सुनाउन मकहाँ पठाएको हो ॥११॥ अविन्ध्य नाम गरेको एउटा राक्षसश्रेष्ठ छ, यो विद्वान् बुद्धिमान्, धैर्य भएको, बूढो र रावणको खूबै मन परेको छ ॥१२॥ यसले रामको हातबाट राक्षसहरूको क्षय हुने कुरा रावणलाई सुनायो तर कसै गरे पनि यो दुरात्मा राक्षसराजले यसले भनेको हितको कुरामा कानै लगाएन ॥१३॥

हे वानरश्रेष्ठ ! पतिदेवसंग झट्टै भेट होला भन्ने मलाई आशा लागिराखेको छ, कारण मेरो अन्तस्करण शुद्ध छ र राममा पनि अनेक गुण विद्यमान छन् ॥१४॥ हे वानर ! रामचन्द्रमा उत्साह, पुरुषार्थ, बल, दया, कृतज्ञता, पराक्रम, प्रभाव यी सबै गुण देखिन्छन् ॥१५॥ भाइको मद्दत नलिईकन नै अर्थात्

एकलै जसले जनस्थानमा चौध्र हजार राक्षसहरूको वध गऱ्यो त्यस्ताको अगाडि कुनचाहिं शत्रुलाई त्रास परोइन ॥१६॥ यी दुःख दिने राक्षसहरूको साथमा पुरुषश्रेष्ठ रामचन्द्रको तुलना हुन सक्तैन, जसरी शचीलाई इन्द्रको प्रभाव थाहा छ त्यसै गरी मलाई पनि रामको प्रभाव राम्रै गरी थाहा छ ॥१७॥ हे वानर ! रामरूपी सूर्य, आफ्नो बाणरूपी किरणले अब चाँडै नै हाम्रा शत्रु, जलरूपी राक्षसहरूलाई सुकाइदिनेछन् ॥१८॥

शोकले व्याकुल परेकी सीताले यस किसिमको कुरा गरेको सुन्दा हनुमान् उनलाई भन्नलागे । यस समयमा आँसुको धारले सीताको मुखलाई व्याप्त गरिराखेको थियो ॥१९॥ मैले उहाँ गएर खबर दिनासाथ उनी भालू तथा वानरको ठूलो फौज साथमा लिएर झट्टै यहाँ आउनेछन् ॥२०॥ अथवा कुनै प्रकारको खोट नभएकी हे सीते ! म आजै राक्षसहरूले उत्पन्न गरेको यस दुःखबाट तपाईंको उद्धार गरिदिन्छु, आउनोस् मेरो पिठिउँमा सवार हुनुहोस् ॥२१॥ ममा तपाईंलाई पिठिउँमा बसालेर समुद्र पार गर्ने शक्ति छ, रावणको साथसाथै समस्त लङ्कालाई समेत लिएर म उड्न सक्तछु ॥२२॥ जसरी अग्निले हवन गरेको हवि इन्द्रनेर पुऱ्याइदिन्छन् त्यसै गरी म पनि प्रस्रवण पर्वतमा बसिराखेका रामचन्द्रकहाँ तपाईंलाई आजै पुऱ्याइदिन्छु ॥२३॥ दैत्यहरूको वध गर्ने उद्योगमा लागेका विष्णुलाई जसरी देवताहरूले देखेथे त्यसै गरी तपाईं पनि लक्ष्मणको साथमा रामचन्द्रलाई आजै देख्न पाउनुहुनेछ ॥२४॥ तपाईंलाई भेट्न भनी उत्साहित भइराखेका, प्रस्रवण पर्वतको आश्रयमा बसिराखेका महाबली रामचन्द्रलाई तपाईं ऐरावतको पिठिउँमाथि सवार भएका इन्द्रझैं देख्नुहुनेछ ॥२५॥ हे सुन्दरी ! कुनै प्रकारको सन्देह नगरी झटपट मेरो पिठिउँमा चढिहाल्नोस्, जसरी रोहिणी चन्द्रमालाई भेट्ने इच्छा गर्दछिन् त्यसै गरी तपाईं पनि रामलाई भेट्ने इच्छा गर्नोस् ॥२६॥ कुरा सिद्धिन पाउँदा नपाउँदैमा, चन्द्रमासित रोहिणीको भेट भएझैं, म तपाईंको, रामसँग भेट गराइदिनेछु, मेरो पिठिउँमा चढिहाल्नोस्, आकाशमार्गबाट समुद्रपार गरौं ॥२७॥ तपाईंलाई लिएर यहाँबाट हिंडेपछि लंकावासी राक्षसहरूमध्ये कसैको यस्तो शक्ति छैन कि त्यसले पछि लागेर मलाई समात्न सकोस् ॥२८॥ जस्तो वेगसँग म यहाँ आएँ, हे वैदेही ! तपाईं देख्नुहुनेछ कि म त्यत्तिकै वेगले तपाईंलाई पिठिउँमा बसालेर आकाशको बाटो गरी समुद्रपारि पुऱ्याइदिनेछु, यसमा केही सन्देह छैन ॥२९॥

वानरश्रेष्ठका यी अद्भुतका कुरा सुन्दा आनन्द र विस्मयले गर्दा सीताको जम्मै शरीर रोमाञ्चित भइगयो र उनी हनुमान्लाई भन्नलागिन् ॥३०॥ हे हनुमन् ! तिमी किन मलाई यति टाढा लैजाने इच्छा गर्दछौ, म ता तिम्रो यस कुरालाई वानर जातिमा देखिने चञ्चलपना संझन्छु ॥३१॥ हे वानर-श्रेष्ठ ! यस्तो शरीर भएको तिमी, मलाई आफ्नो स्वामी रामचन्द्रकहाँ पुऱ्याउने इच्छा कुन साहसले गर्दछौ ? ॥३२॥

सीताको कुरा सुनेपछि लक्ष्मीवान् वायुपुत्र हनुमान्ले यो मेरो पहिलोचोटि अनादर भएको हो भन्ने विचार गरे ॥३३॥ यी कमलनयनी सीता ता न मेरो बल जान्दछिन् न मेरो प्रभाव, तसर्थ

इच्छाअनुसारको रूप धारण गर्ने मेरो शक्ति यिनी हेरिहाल्छन् ।।३४।। शत्रुनाशी वानरश्रेष्ठ हनुमान्‌ले मनमा यस्तो विचार गरेर सीतालाई आफ्नो रूप देखाइदिए ।।३५।। बुद्धिमान् हनुमान् त्यस रूखबाट तल ओर्ली, सीताको मनमा आफ्नो शक्तिको विश्वास पार्नाका लागि, बढ्नथाले ।।३६।। मेरु मन्दराचल-समानको विशाल शरीर तुल्याई, बल्दो आगो जत्तिकै तेजस्वी भएर हनुमान् सीताको अघिल्तिर उभिए ।।३७।। पर्वतसमानको शरीर, रातो मुख, वज्रसमानका नङ र दाँत भएका भयंकर महाबली हनुमान् सीतालाई यस प्रकारसँग भन्नलागे ।।३८।। पर्वत, वन, अटाली, तोरण तथा रावणको साथसाथै यस लंकापुरीलाई उचालेर लैजानै शक्ति ममा छ ।।३९।। तसर्थ हे देवी ! मेराउपर विश्वास गर्नोस्, व्यर्थ शंका नगर्नोस्, राम लक्ष्मण दुवै भाइको शोक दूर गरिदिनुहोस् ।।४०।।

वायुका खास छोरा हनुमान्‌को पर्वतसमानको शरीर देखेपछि कमलनयनी सीता उनलाई भन्न लागिन् ।।४१।। हे महाकपे ! मैले तिम्रो बल र पराक्रमको परिचय पाएँ । तिम्रो वायुसमानको वेग र अग्निसमानको अद्भुत तेज रहेछ ।।४२।। हे वानर सेनापति, तिमीसिवाय अरू कुन साधारण वानर यस विशाल समुद्रलाई पार गरेर यहाँ आउन सक्तो हो ? तिमीबाहेक अरू कसले यस लङ्का-पुरीमा प्रवेश गर्न सक्छ ? ।।४३।। समुद्र पार गर्ने र साथमा मलाईसमेत लैजाने शक्ति तिमीमा छ भन्ने कुरा मैले थाहा पाएँ, तर झट्टै आफ्नो कार्य्य सिद्धि होस् भन्ने विषयमा ता अवश्यै विचार गर्नु-पर्दछ ।।४४।। हे वानरश्रेष्ठ ! तिम्रो साथमा आफ्नो जाने कुरालाई मैले मुनासीब देखिनँ किनकि तिमीले वायुसमानको वेगले उड्दाखेरि म अवश्यै मूर्च्छा पर्नेछु ।।४५।। समुद्रको माथिमाथि आकाश मार्गबाट जाँदाखेरि अतिशय छिटो वेगले गर्दा म तिम्रो पिठिउँबाट तल खस्नेछु ।।४६।। तिमि, ग्राह, तथा माछाहरूले भरिपूर्ण भइराखेको समुद्रमा खस्नासाथ म विवश भएर जलजन्तुहरूको मीठो आहार बन्न पुग्नेछु ।।४७।। हे शत्रुनाशी हनुमन् ! म तिम्रो साथमा जान सक्तिनँ किनकि एउटी आइ-माईलाई साथमा लिई जानलागेको देख्ता अवश्यै राक्षसहरूले तिम्रा उपर शङ्का गर्नेछन् ।।४८।। मलाई लिएर जानलागेको देखेपछि ता पराक्रमी राक्षसहरू दुरात्मा रावणको आज्ञाले तिमीलाई लखेट्न आउनेछन् ।।४९।। हे वीर ! आइमाई साथमा भएकोले, शूल, मुद्गर हातमा लिएका शूरा राक्षसहरूले आफूलाई घेर्दा तिमी ठूलो सङ्कटमा पर्नेछौ ।।५०।। आकाशमा तिमी एकलो र साथमा कुनै हतियार पनि नभएको हुनेछौ, राक्षसहरूको जमात भने हात हतियार लिएको हुनेछ, यस मौकामा कसरी उनीहरूसित युद्ध गर्लाऊ र कसरी मेरो रक्षासमेत गर्लाऊ ।।५१।। क्रूर कर्म गर्ने राक्षस-हरूसित तिमीले युद्ध गर्दाखेरि हे वानरश्रेष्ठ ! म अवश्यै डरले थर्कायमान भई तिम्रो पिठिउँबाट तल खस्नेछु ।।५२।। हे वानरश्रेष्ठ ! कदाचित् अतिशय डरलाग्दो रूप भएका बलिया राक्षसहरूले युद्धमा तिमीलाई कुनै प्रकारले जिते अथवा युद्ध गर्दाखेरि मेरोपट्टि तिम्रो विचार नरहनाले म खसेंभने ता खस्नासाथ यी पापी राक्षसहरूले मलाई पक्रेर लैजानेछन् ।।५३-५४।। यी राक्षसहरूले मलाई तिम्रो हातबाट खोसेर लैजान अथवा मारिदिन पनि सक्तछन्, किनकि युद्धमा कसको जित हुने कसको हार

हुने ठेगान हुँदैन ।।५५।। अथवा राक्षसहरूको डाँट पाउनाले कदाचित् म मरेंभने ता हे वानरश्रेष्ठ ! तिम्रो समुद्रपार गरेर यहाँसम्म आउनाको प्रयत्न व्यर्थैमा जानेछ ।।५६।। सबै राक्षसहरूलाई मार्ने शक्ति तिमीमा छ भन्ने कुरा मानेको खण्डमा पनि ता तिम्रो हातबाट राक्षसहरूको वध भएकोमा रामचन्द्रको यश नाश हुनेछ ।।५७।। अथवा राक्षसहरूले मलाई फेरि पक्रेर यहाँ ल्याएभने ता यस्तो गुप्ती ठाउँमा राखिदिनेछन् कि सो ठाउँको न वानरहरूले न रामचन्द्रले नै पत्तो पाउन सक्नेछन् ।।५८।। यसो भएको खण्डमा ता तिमीले मेरा लागि गरेको प्रयत्न ता व्यर्थैमा जानेछ ।

तिम्रो साथमा रामचन्द्रको यहाँ आउने कुरामा अनेक गुण छन् ।।५९।। हे महाबाहो ! अतुल पराक्रमी रामचन्द्रको, यिनका भाइहरूको तथा राजा सुग्रीवको कुलको जीवन मेरो अधीनमा छ; शोकले पीडित भइराखेका यी दुवै भाइ मेरो तर्फबाट निराश भएभने ता अवश्यै प्राण त्याग गरिदिनेछन्, उनको साथ साथमा भालु र वानरको जम्मै फौजसमेत मारिनेछ ।।६०-६१।। हे वानर ! आफ्ना पतिदेवमाथि मेरो यस्तो भक्ति छ कि रामचन्द्रबाहेक अरू कसैको शरीर छुनेसम्मको पनि मेरो इच्छा छैन, रावणको अङ्गसित जो स्पर्श भो सो ता बलजफ्तीले भएको हो, त्यस बखतमा म विवश थिएँ, मेरो रक्षक कोही थिएन ।।६२-६३।। राक्षसहरूको साथसाथै रावणलाई मारेर रामचन्द्रले यहाँबाट मलाई लिएर गएभने उनी सुहाउँदो काम हुनेछ ।।६४।। युद्धमा शत्रुहरूको विनाश पार्ने महात्मा रामचन्द्रका अनेक पराक्रम मैले सुनेकी र देखेकी समेत छु, देवता, गन्धर्व, नाग र राक्षस यी कोही पनि युद्धमा रामचन्द्रको तुल्य हुन सक्तैनन् ।।६५।। संग्रामभूमिमा आफ्नो चित्र-विचित्रको धनु लिएर जब इन्द्रसमानका पराक्रमी महाबली राम खडा हुन्छन् र लक्ष्मण यिनको सहायता गर्न भनी तय्यार हुन्छन् त्यस बखतको, हावाको झोंका लाग्नाले दन्दनाइराखेको आगोको जस्तो, यिनको तेजलाई कसले सहन सक्ला ? ।।६६।। हे कपिश्रेष्ठ ! युद्धमा शत्रुहरूको विनाश पार्ने यिनी जब युद्धमा लक्ष्मणलाई साथमा राखेर मतवाला दिग्गजझैं अचल भएर खडा हुन्छन् र प्रलयकालीन सूर्यझैं आफ्ना बाणरूपी किरणले जाज्वल्यमान भइराखेका हुन्छन्, त्यस बखतमा कसले यिनको तेजलाई खप्न सक्ला ? ।।६७।। तसर्थ हे वानरश्रेष्ठ ! लक्ष्मण र वानर-सेनापतिहरूको साथमा मेरा प्यारा रामचन्द्रलाई झट्टै यहाँ लिई आऊ, उनको लागि धेरै कालदेखि शोकले विह्वल भइराखेकी मलाई प्रसन्न गराऊ ।।६८।।

सर्ग—३८

सीता चूडामणि दिएर कागको कथा भन्दछिन् ।

सीताको कुरा सुन्नाले सन्तुष्ट भएका, कुरा गर्नामा सिपालु वानरश्रेष्ठ हनुमान् सीतालाई भन्न लागे ।।१।। हे सुन्दरी ! तपाईंले जो भन्नुभो, सो ठीक भन्नुभो । तपाईंले भनेका कुरा आइमाईको स्वभावलाई, पतिव्रताहरूलाई तथा विनयलाई सुहाउने किसिमका छन् ।।२।। आइमाई भएर मेरो पिठिउँमा सवार भई सय योजनको फाँटको यस अपारको समुद्रलाई पार गर्न हुन्न, यो कुरा ठीक हो

।।३।। विनयले युक्त भएकी हे सीते ! रामचन्द्रको सिवाय अरू कुनै पुरुषको शरीर छुने मेरो अभिलाषा छैन भन्ने जो दोस्रो कारण बताउनुभयो, हे देवी ! यो पनि तपाईंले नै भन्न सुहाउने कुरा हो, किनकि तपाईं यस्ता ठूला महात्माकी सहधर्मिणी हुनुहुन्छ, तपाईंबाहेक अरू कुन स्त्रीले यस्तो कुरा भन्न सक्छी ? ।।४-५।। हे देवी ! मेरो सामुमा तपाईंले जे जे भन्नुभो र जुन जुन काम गर्नुभो सो सबै म आदिदेखि लिएर अन्तसम्म जस्ताको तस्तै गरी रामचन्द्रलाई सुनाइदिनेछु ।।६।। हे देवी ! रामचन्द्रको भलो गर्ने इच्छाले, स्नेहले गर्दा मन व्याकुल परेकोले लङ्कानगरीभित्र अरूको प्रवेश हुनु दुःसाध्य हुनाले, समुद्र पार गर्न कठिन पर्ने हुनाले र आफूमा सामर्थ्य हुनाले यी अनेक कारणले गर्दा मैले तपाईंलाई आफ्नो साथमा लैजाने कुरा भनेको हुँ ।।७-८।। रामचन्द्रमाथि मरो ठूलो स्नेह तथा भक्ति हुनाले आजै उनीसँग तपाईंको भेट गराइदिऊँ भन्ने इच्छाले भनेको हुँ, अरू कुनै कारणले ता भनेको होइन ।।९।। कुनै प्रकारको खोट नभएकी हे सीते ! यदि तपाईं मसंग जान चाहनुहुन्नभने मलाई कुनै चिन्हो दिनुहोस् जसलाई देख्ता मैले तपाईंसँग भेट गरेको कुरामा रामलाई विश्वास परोस् ।।१०।।

हनुमान्‌ले यसो भनेपछि देवकन्यासमानकी सीता बिस्तारै बिस्तारै उनलाई भन्नलागिन् । रोइराखेकोले यिनले बोलेका अक्षर स्पष्टसंग छुट्टिएका थिएनन् ।।११।। मेरा प्यारालाई तिमीले यो सर्वश्रेष्ठ चिन्हु सुनाइदिए । चित्रकूट पर्वतको नजीक एउटा सानो पर्वतको ईशान कोणतिर मन्दाकिनी नदीको नजीकमा एउटा आश्रम छ, यहाँ यथेष्ट फलमूल तथा प्रशस्त पानी छ, सिद्धहरूले वास गर्ने त्यस आश्रममा बस्ताखेरि जुन घटना भएथ्यो सो सुन ।। नाना प्रकारका फूलले गर्दा सुगन्धित भइराखेको त्यहाँको वनमा डुलफिर गर्दा शरीरभरि पसीनै पसीना भएकोले तपाईं मेरो काखमा सिरान गरेर सुत्नुभएको थियो ।।१२-१४।। यसै समयमा मेरो मासु खान भनी लोभिएको कुनै एक काग आएर मेरो छातीमा चुच्चोले ठुंग्न लाग्यो । माटोको डल्लो उझाएर मैले यसलाई धपाउने उद्योग गरें तर मलाई ठुंग्ने यो काग त्यहाँबाट जाँदै नगएर त्यहीं कतै लुकिरह्यो । मेरो मासु खान इच्छा गर्ने त्यस कागले चुच्चोले ठुंग्दै मेरो मासु खान छाडेन ।।१५-१६।। अब ता मलाई यस चरामाथि झोंक चलिहाल्यो र आफ्नो लुगा वेसरी कसूँ भनेर इजार खोल्दा ता मेरो लुगा अलि तल झरिहाल्यो । यस बखतमा मलाई हेरेर तपाईंले हाँसीदिनुभो । रिसाएकी ता म छँदै थिएँ, त्यसमाथि तपाईंले हाँसेको देख्ता म लज्जित पनि भएँ । मेरो मासु खानालाई लोभ गर्ने कागद्वारा घाइते भएर म तपाईंकहाँ आएँ ।।१७–१८।। कागलाई धपाउँदा धपाउँदा थाकेकी हुनाले म तपाईं बसिराखेको वेलामा तपाईंको काखमा आएर सुतें । यस वखतमा मलाई रिसाइराखेको देख्ता तपाईंले प्रसन्न चित्तले मलाई संझाउनु बुझाउनुभयो ।।१९।। मेरो मुखलाई आँसुले भिजाइदिएको थियो र म बिस्तारै बिस्तारै आँखा पुछिरहेकी थिएँ । हे नाथ ! यस वेला पो तपाईंले मलाई कागले ठुँगेकोले रिसाइराखेकी देख्नुभयो ।।२०।। यसपछि थाकेकी हुनाले म धेरै वेरसम्म रामचन्द्रको काखमा सिरान गरेर सुतिरहें र म ब्यूंझेपछि राम पनि काखमा आएर सुतिरहनुभयो ।।२१।।

त्यो काग फेरि त्यहीं आयो । म भर्खरै ब्यूँझेकोले तपाईंको काख छाडेर बसेकी मात्र थिएँ, यही मौकामा अकस्मात्सँग आएर त्यस कागले मेरो स्तनको बीचमा चुच्चोले ठुँगिहाल्यो ॥२२॥ अनेक बाजि उफ्रँदै आएर त्यसले मलाई छिया छिया पार्नलाग्यो । यस बखतमा मेरो शरीरबाट झरेको रगतको थोपाले रामचन्द्र ब्यूँझनुभयो ॥२३॥ स्तनको बीचमा घाउ भएको देख्ता महाबाहु श्रीरामचन्द्रजी रिसले झोंकिएको सर्पझैं लामो लामो सास फेर्दै भन्नलाग्नुभयो ॥२४॥ हात्तीको सूँड जस्तो तिम्रा भएकी हे सीते ! तिम्रा स्तनको बीचमा कसले घाउ गराएको हो ? पाँचओटा मुख भएको क्रोधित सर्पसँग कसले खेलवाड गर्ने इच्छा गरेको होला ? ॥२५॥ यताउति नजर दौडाएर हेर्दा रामचन्द्रले रगतले मुछिएको, तीखा तीखा नङ भएको कागलाई मतिर मुख फर्काएर बसिराखेको देख्नुभयो ॥२६॥ यो काग इन्द्रको छोरो थियो, वायुसमानको गति भएको यो काग पृथ्वीमा जताततै प्रवेश गर्न सक्तथ्यो ॥२७॥ महाबाहु रामचन्द्रको आँखा यस बखतमा कागलाई देख्ता रिसले फन्फनी घुम्नलाग्यो । बुद्धिमान्हरूमध्येका श्रेष्ठ रामले यस कागको विषयमा कठोर विचार गरे अर्थात् यसलाई मारिदिने इच्छा गरे ॥२८॥ आफूले ओच्छ्याएको आसनीबाट एउटा कुश झिकेर त्यसलाई मन्त्र पढेर अभिमन्त्रित गर्दै ब्रह्मास्त्रको प्रयोग गरिदिए, यो कुश प्रलयकालको अग्निझैं प्रज्वलित भएर त्यस कागको पछिपछि जानलाग्यो ॥२९॥ रामचन्द्रले कागलाई ताकेर त्यो बल्दो कुश चलाए र सो कुश कागको पछिपछि दगुर्दै आकाशतिर लाग्यो ॥३०॥ कागले यस अस्त्रबाट छुटकारा पाउनाका लागि किसिम किसिमको चाल गरेर एक एक गरी ब्रह्माण्डको जम्मै लोकमा घुम्यो तर कसैले पनि यसलाई आश्रय दिएनन् ॥३१॥ यसका बाबु इन्द्रले र ठूला ठूला ऋषिहरूले यसको केही वास्तै गरेनन् । यो बिचरो तीनै लोकमा घुमेर फेरि रामचन्द्रको शरण पर्न आयो ॥३२॥ जब यो शरण पर्न आएर पृथ्वीमा लडेथ्यो तब ता शरणागत-वत्सल रामचन्द्रले, यो काग वधयोग्य थियो तापनि कृपा गरेर यसको प्राणको रक्षा गरे ॥३३॥ काग शक्ति क्षीण भएर कालो नीलो भई आफ्नो सामुन्नेमा लडेपछि यिनले उसलाई भने—हे भाइ, ब्रह्मास्त्र कहिले पनि निष्फल जान सक्तैन तसर्थ बताऊ तिम्रो कुन अंग नष्ट गरिदिऊँ ॥३४॥ यसपछि रामचन्द्रले यसको दाहिने आँखा फोरिदिए, कागले यस प्रकारसँग दाहिने आँखा दिएर आफ्नो प्राणको रक्षा गर्‍यो ॥३५॥ राम र दशरथलाई प्रणाम गरेर तथा वीर रामचन्द्रसँग बिदाबारी भई आफ्नो घरतिर लाग्यो ॥३६॥

जसले मेरा लागि जाबो एउटा कागमाथि ब्रह्मास्त्रको प्रयोग गरेथे त्यस्ता राजा रामचन्द्रले मेरो हरण गर्नेलाई कसरी क्षमा गरिरहेका होलान् ? ॥३७॥ हे नरश्रेष्ठ ! अतिप्रबल उत्साहको आश्रय लिएर मेराउपर कृपा गर्नुहोस्, तपाईं जस्तो स्वामी हुँदा हुँदै पनि म अहिले अनाथिनी जस्तै भइराखेकी छु ॥३८॥ दया सबै धर्मभन्दा ठूलो हो भन्ने कुरा मैले तपाईंकै मुखबाट सुनेकी हुँ, तपाईं बडो उत्साही, पराक्रमी र बलियो हुनुहुन्छ भन्ने पनि मलाई थाहा छ ॥३९॥ तपाईंको महिमा अपार र प्रकृति स्थिर छ, गम्भीरपनामा समुद्रतुल्य हुनुहुन्छ, समुद्रपर्य्यन्त पृथ्वीका मालिक तपाईंलाई म इन्द्रबराबरको

संझन्छ ।।४०।। अस्त्रधारीहरूमा श्रेष्ठ, बलवान् र पराक्रमी हुँदा हुँदै पनि हे राम ! तपाईंले किन राक्षसहरूमाथि अस्त्र नचलाएको ? ।।४१।। नाग, गन्धर्व, दैत्य, देवता यी कसैले पनि रणभूमिमा प्रतिद्वन्द्वी भएर रामको वेग रोक्न सक्तैनन् ।।४२।। यदि यी पराक्रमी रामको दिलमा मेरा खातिर केही आदर छ भने किन यिनले आफ्ना तीखा तीखा बाण चलाएर राक्षसहरूलाई ध्वस्त नपारेको होला ।।४३।। अथवा दाजुको आज्ञा लिएर, शत्रुलाई ताप पार्ने महाबली वीर लक्ष्मणले किन मेरो उद्धार नगरेको होला ? ।।४४।। यी दुवै पुरुषसिंह वायु तथा इन्द्रसमान तेजस्वी छन्, देवताहरूले समेत यिनलाई जित्न सक्तैनन्, यस्तो हुँदा हुँदै पनि किन यिनीहरूले मेरो वास्ता नगरेको होला ? ।।४५।। निश्चय मेरै कुनै ठूलो पापको यो फल हुनुपर्दछ जसले गर्दा समर्थ हुँदा हुँदै पनि, शत्रुलाई ताप पार्न सक्ने यी दुवैले मेरो उपेक्षा गरेका होलान् ? ।।४६।।

जानकीले आँखाभरि आँसु गरेर मनमा दया उठ्ने गरी भनेका यी कुरा सुनेपछि महातेजस्वी वानरसेनापति हनुमान् उनलाई भन्नलागे ।।४७।। हे देवी ! म किरिया हालेर तपाईंलाई साँचो साँचो कुरा भन्दछु कि रामचन्द्र तपाईंको शोकले गर्दा सबै कामदेखि विमुख भइराखेका छन्, यिनलाई दुःखित भएको देख्ता लक्ष्मणले पनि ताप लिइराखेका छन् ।।४८।। हे सुन्दरी ! जसोतसो गरेर मैले तपाईंको दर्शन ता पाएँ, अबलाई शोक गर्ने वेला छैन, चाँडै नै आफ्नो शोकको अन्त भएको देख्नुहुनेछ ।।४९।। यी दुवै महाबली पुरुषसिंह राजपुत्रहरू तपाईंलाई भेट्न भनी उत्साहित भएर तीनै लोकलाई समेत भस्म पारिदिनेछन् ।।५०।। हे विशालाक्षी ! युद्धक्षेत्रमा बन्धुवर्गको साथसाथै दरात्मा रावणलाई मारेर रामचन्द्रले अब चाँडै नै तपाईंलाई आफ्नो शहरमा लिएर जानेछन् ।।५१।। राम, महाबली लक्ष्मण, तेजस्वी सुग्रीव र त्यहाँ जम्मा भइराखेका वानरहरूलाई मैले के के भन्नुपर्ने हो सो भन्नुहोस् ।।५२।।

हनुमान्ले यति भनेपछि सीता फेरि भन्नलागिन्—मनस्विनी कौशल्याले लोकको प्रतिपालन गर्ने जसलाई जन्माइन्, तिनीसित मेरो तर्फबाट क्षेमकुशल सोध्नू र टाउको निहुराएर मैले दण्डवत् चढाएको छु भनेर निवेदन गरिदिनू । माला, रत्न, प्यारा प्यारा सुन्दरी र समस्त पृथ्वीको दुर्लभ ऐश्वर्यलाई छाडेर, पिता माताको वचन मानेर उनलाई प्रसन्न गराउँदै जो रामको साथमा वनमा आए र जसले गर्दा सुमित्रा सुपुत्रवती कहलिएकी छन्, जुन धर्मात्माले रामको साथमा वन जानाका लागि सबै किसिमका सुखको परित्याग गरे र जो धर्मानुकूल आचारमा रहेर वनमा दाजुको रक्षा गर्दथे ती वीर लक्ष्मणले त्यस घडी मेरो हरण हुनलागेको कुरा थाहा पाएनन्; यी लक्ष्मणको काँध सिंहको जस्तो छ, हात घुँडासम्म पुग्दछन्, यिनी मनस्वी छन् र यिनको अनुहार देख्तैमा मनलाई आनन्द हुन्छ, यिनी रामलाई पितासमान र मलाई आमातुल्य संझन्छन् ।।५३-५८।। वृद्धजनको सेवा गर्ने यिनी लक्ष्मीवान् र समर्थ छन्, धेरै बोल्ने यिनको बानी छैन, रामचन्द्रका बडा प्यारा छन् र सबै कुरामा मेरा ससुरा जस्ता छन् ।।५९।। यी लक्ष्मणलाई रामचन्द्र मलाईभन्दा पनि बर्ता प्यारो गर्दछन्, दाजुले आफूलाई

जस्तोसुकै काम सुम्पे पनि त्यसलाई सिद्ध नगरिछाड्दैनन् ।।६०।। यिनलाई देख्नाले रामचन्द्रलाई आफ्ना मृतक पिताको व्यवहारको संझनासम्म पनि हुन्न । यस्ता लक्ष्मणसँग मेरो तर्फबाट क्षेमकुशलको हाल खबर सोधे ।।६१।। रामचन्द्रका प्यारा यी लक्ष्मण कमलो मन भएका र शुद्ध छन्, हे वानर ! तिमीले उनीसित यस्तो कुरा गरे जसलाई सुन्दैमा उनी मेरो दुःख हटाउनाका लागि उद्यत भइहाल्छन् ।।६२।। हे वानरसेनापति ! यस कामको सिद्धि हुने नहुने तिम्रै हातमा छ, तिमीले उत्साह दिएपछि रामचन्द्र मेरा लागि उद्योग गर्नेछन् ।।६३।। मेरा वीर पतिदेवलाई वारंवार यो कुरा सुनाइदिए कि हे राम ! सीता एक महीनासम्म जीउँदो रहनेछिन् ।।६४।। म साँची साँची भन्दछु कि एक महीनापछि म अवश्यै प्राण त्याग गर्नेछु । पातालबाट जसरी विष्णु भगवान्ले पृथ्वीको उद्धार गरेथे त्यसै गरी पापी राक्षस रावणकहाँ कैदी भइराखेकी मेरो उद्धार रघुनाथले गरून् ।।६५।।

यति भनिसकेपछि सीताले पछ्यौरामा बाँधिराखेको दिव्य चूडामणि झिकेर "यो रामचन्द्रलाई दिनू" भनेर हनुमान्लाई दिइन् ।।६६।।

हनुमान्ले यो श्रेष्ठ मणि लिएर हातमा ठिक नभएकोले यसलाई आफ्नो औंलामा लगाए ।।६७।। कपिश्रेष्ठले मणि लिइसकेपछि सीतालाई प्रणाम गरे र यिनको प्रदक्षिणा गरी नम्रतापूर्वक उनको नजीक गएर उभिए ।।६८।। सीतालाई भेट्न पाएकोले हनुमान् बहुतै प्रसन्न थिए । यिनी मनै मनले शुभलक्षणले युक्त भएका राम र लक्ष्मणनेर पुगे ।।६९।। अति उत्तम प्रभाव भएकोले, यतिका दिनसम्म सीताले पहिरिराखेको, धेरै धेरै मोल पर्ने यो उत्तम मणि लिइसकेपछि हनुमान् पर्वतको टाकुरामा, हावाको झोंकाबाट मुक्त भएको मानिसझैं मनमा प्रसन्न भएर त्यहाँबाट बिस्तारै बिस्तारै हिंड्नलागे ।।७०।।

सर्ग—३९

हनुमान् सीतालाई सान्त्वना दिन्छन् ।

चूडामणि दिइसकेपछि सीता फेरि हनुमान्लाई भन्नलागिन्—मैले दिएको यस चिन्होलाई रामले राम्रै गरी चिन्हेका छन् ।।१।। यस मणिलाई देख्नासाथ वीर रामचन्द्रले आमालाई, मलाई र राजा दशरथ यी तीनैलाई संझनेछन् ।।२।। हे वानरश्रेष्ठ ! यो मणि देख्नासाथ राम उत्साहित हुनेछन् र युद्ध गर्ने विषयमा तिमीलाई प्रेरित गर्नेछन् तसर्थ यस काममा उत्साह बढाउनाका लागि त्यस वेला के उत्तर दिनुपर्ला सो कुराको अहिलेदेखि नै विचार गरिराख ।।३।। हे कपिश्रेष्ठ ! यस कामको सिद्धि हुने नहुने तिम्रै हातमा छ तसर्थ जुन उपाय गर्नाले मेरो यो दुःख दूर हुनेछ त्यसको सोच विचार गर ।।४।। हे हनुमन् ! रामचन्द्रलाई यस काममा प्रवृत्त गराएर मेरो दुःख दूर गरिदेऊ ।

पराक्रमी हनुमान्ले पनि "हवस्" भनेर प्रतिज्ञा गरी टाउको निहुराएर सीतालाई प्रणाम गरी प्रस्थान गर्ने तैयारी गर्नलागे । वायुपुत्र हनुमान्लाई हिंड्नलागेको देख्ता सीता फेरि आँसुले गर्दा लरबरिएको स्वर झिकेर उनलाई भन्नलागिन्—हे हनुमन् ! राम लक्ष्मण दुवै भाइलाई मेरो क्षेम-कुशल

सुनाइदिए । सुग्रीव, यिनका मन्त्री तथा अरू बूढापाका वानरहरूलाई पनि मेरो तर्फबाट धर्मयुक्त कुशल समाचार सुनाइदिए ॥५-८॥ तिमीले यस्तो कुरा गरे जसलाई सुन्नाले कि महाबाहु रामचन्द्र यस दुःख सागरबाट मलाई पार लगाउने प्रयत्नमा लागून् ॥९॥ हे हनुमन् ! रामसँग यस्तो हिसाबले कुरा गरे कि म जीउँदी छँदैमा यिनले मलाई भेट्न सकून् । यस किसिमको कुरा गर्नाले तिमीलाई धर्म हुनेछ ॥१०॥ श्रीरामचन्द्र सदा उत्साहले पूर्ण भइराखेका हुन्छन्, तिम्रो मुखबाट मैले भनेका यी कुरा सुनेपछि ता मेरो प्राप्तिका लागि यिनले आफ्नो पुरुषार्थ झन् बढाउनेछन् ॥११॥ तिम्रो मुखबाट मेरो खबर भएको कुरा सुनेपछि ता वीर रामचन्द्र अवश्यै विधिपूर्वक पराक्रम प्रकाश गर्नपट्टि मन लगाउनेछन् ॥१२॥

सीताजीका यी कुरा सुनेपछि वायुपुत्र हनुमान् हात जोरेर टाउको निहुराई उनलाई उत्तर दिनलागे ॥१३॥ वानर भालुहरूलाई साथमा लिएर रामचन्द्र झट्टै आउनेछन् र युद्धमा शत्रुहरूलाई जितेर तपाईंको दुःख दूर गर्नेछन् ॥१४॥ हे देवी ! म ता मानिस, देवता तथा असुरहरूमध्ये कसैलाई पनि बाणको वर्षा गरिरहेका रामको सामुन्ने उभिने साहस भएको देख्तिनँ ॥१५॥ खास गरेर तपाईंको लागि ता यिनी युद्धमा सूर्य, इन्द्र, तथा यमराजसित लड्न र यिनलाई हराउन पनि सक्तछन् ॥१६॥ हे जानकी ! तपाईंका लागि यिनी समुद्रसम्म फैलिएको समस्त संसारलाई जित्न कटिबद्ध भइराखेका छन् र यिनको जय पनि अवश्य हुनेछ ॥१७॥ सीताले हनुमान्ले भनेका यी मीठा सत्य कुरा सुनिन् र यी वचनप्रति आफ्नो निकै आदर भाउ देखाइन् ॥१८॥

रामका कृपापात्र हनुमान् जान भनेर तय्यार भइराखेका थिए, वारंवार यिनीतिर नजर दिएर सीता वडो प्रेमसँग भन्नलागिन् ॥१९॥ शत्रुलाई ताप पार्ने हे वीर ! तिमी उचित संझन्छौभने कुनै गुप्ती ठाउँमा एक दिन अरू बस । थकाइ सकाइ मारेर भोलितिर जालाऊ ॥२०॥ हे वानर ! तिमी नजीक रहनाले म अभागिनीलाई एक्कै छिनलाई भने पनि यस अपार शोकबाट छुट्कारा मिल्नेछ ॥२१॥ हे वानरश्रेष्ठ ! यहाँबाट गएपछि तिमी आउने हौ वा नआउने हौ यसमा शङ्कै छ । दोस्रोबाजि तिम्रो यहाँ आउने वेलासम्म मेरो ज्यान रहने हो वा नरहने हो यसमा पनि शङ्कै छ ॥२२॥ तिमीलाई देख्न नपाएकोले मलाई एक किसिमको दुःख हुनेछ जसले दुःखमा परेकी मलाई झन् बर्ता दुःख दिएर पोल्न थाल्नेछ ॥२३॥ हे वीर ! तिम्रा सहायक वानर, भालु तथा सुग्रीवले यस अपार समुद्रलाई कसरी पार गर्लान् यो ठूलो सन्देह ता मेरो सन्मुख उपस्थितै छ, वानर भालुको फौजले तथा ती दुवै राजपुत्रले कुन उपायले समुद्र पार गरी यहाँ आउने होला ? ॥२४-२५॥ गरुडमा, तिमीमा र वायुमा यी तीन प्राणीमा मात्र समुद्र पार गर्ने शक्ति छ ॥२६॥ तसर्थ हे वीर ! यस उपायहीन कामलाई सिद्ध गर्नाका लागि तिमीले कुन उपाय विचार गरेका छौ, काम गर्न जान्नेहरूमा तिमी श्रेष्ठ छौ तसर्थ कुनै उपायले यस विघ्नलाई दूर गर्ने विचार ता गरेका छौ ? ॥२७॥ हे शत्रुनाशक हनुमन् ! तिमी ता सजिलैसँग एकलै यो काम गर्न सक्तछौ । यस कामको फल प्राप्त भएपछि तिम्रो ठूलो यश हुनेछ

॥२८॥ समस्त सेनाको साथसाथै रावणलाई युद्धमा जितेर रामले मलाई आफ्नो शहरमा लैजान सके भने यो उनलाई सुहाउने\काम हुनेछ ॥२९॥ शत्रुसेनालाई ध्वस्त पार्ने रामचन्द्रले आफ्नो फौजले लङ्कापुरीलाई घेरेर मलाई यहाँबाट लैजान सकेभने पो यो काम उनलाई सुहाउने किसिमको हुनेछ ॥३०॥ तसर्थ हे वीर ! जसो गर्नाले ती महात्मा रणवीर रामलाई सुहाउने किसिमको पराक्रम प्रकाशित हुन सक्तछ सोही उपाय तिमीले गर्नुपर्दछ ॥३१॥

सीताका अर्थयुक्त, स्नेहयुक्त तथा युक्तियुक्त यी अन्तिम कुरा सुनेपछि हनुमान् उनलाई यी सबै कुराको जवाफ दिनलागे ॥३२॥ हे देवी ! वानर र भालूहरूका फौजका मालिक, वानरश्रेष्ठ बलवान् सुग्रीवले तपाईंको उद्धार गर्ने प्रतिज्ञा गरिसकेका छन् ॥३३॥ हे देवी ! राक्षसहरूको विनाश पार्ने यिनी अब चाँडै नै करोडौं वानरलाई साथमा लिई यहाँ आउनेछन् ॥३४॥ बडा बडा पराक्रमी, साहसी, महाबली, मनमा विचार उठ्नासाथ काममा लागिहाल्ने वानरहरू यिनको आज्ञाको पालना गर्दछन् ॥३५॥ तल, माथि, तेर्सो जता जाँदा पनि यिनीहरूको चाल रोकिएला भन्नुपर्दैन, अति धेरै तेज भएका यिनीहरू ठूलो ठूलो काम गर्नुपर्दा पनि हडबडाउन्नन् ॥३६॥ यी महोत्साही वानरहरूले समुद्र र पर्वतको साथसाथै अनेकबाजि यस पृथ्वीको प्रदक्षिणा गरिसकेका छन् । यी सबै वायुमार्ग-बाट आवत जावत गर्दछन् ॥३७॥ सुग्रीवकहाँ मभन्दा बर्ता बलिया अथवा मसमानकै अनेक वनवासी वानर छन्, मभन्दा कम बलियो ता कोही छैन ॥३८॥ म ता यहाँ आइपुगेंभने ती महाबलीहरूको आइपुग्नामा के सन्देह छ, साना साना व्यक्तिलाई नै यस्तो काममा पठाउँछन्, ठूला ठूलालाई ता कहिले पनि पठाउन्नन् ॥३९॥ तसर्थ हे देवी ! अबलाई ताप गर्ने केही प्रयोजन छैन, आफ्नो शोकलाई दूर गरिदिनुहोस्; वानरका यी सेनापतिहरू एकचोटि उफ्रेभने यहाँ लङ्कामा आइपुग्नेछन् ॥४०॥ पुरुष-श्रेष्ठ ती दुवै भाइ मेरो पिठिउँमा सवार भई सूर्य चन्द्रमाझैं उदाएर, बडो विशाल फौज साथमा लिई-कन तपाईंनेर आउनेछन् ॥४१॥ वीर, नरश्रेष्ठ राम लक्ष्मण दुवै संगसंगै आएर बाणद्वारा लङ्का नगरी-लाई ध्वस्त पारिदिनेछन् ॥४२॥ रघुकुलको आनन्द बढाउने श्री रामचन्द्रजी परिवारसहित रावणको संहार गरेर तपाईंलाई आफ्नो अयोध्या नगरीमा लिएर जानेछन् ॥४३॥ तसर्थ हे देवी ! मनमा धैर्य्य लिनुहोस्, तपाईंको कल्याण हुनेछ, समयको प्रतीक्षा गरी बस्नोस् अब चाँडै नै बल्दो आगो-समानका रामलाई देख्न पाउनुहुनेछ ॥४४॥ छोरा मन्त्री र बन्धुवर्गको साथमा राक्षसराज मारिए-पछि चन्द्रमासंग रोहिणीले भेट गरेझैं तपाईं पनि रामसंग भेट गर्न पाउनुहुनेछ ॥४५॥ अब चाँडै नै आफ्नो यस दुःखको अन्त भएको तथा रामको हातबाट बलपूर्वक रावणको संहार भएको देख्न पाउनुहुनेछ ॥४६॥

यस प्रकारसंग सीतालाई संझाइ-बुझाइसकेपछि, प्रस्थान गर्न तत्पर भएका वायुपुत्र हनुमान् फेरि सीतालाई भन्नलागे ॥४७॥ हे जानकी ! शत्रुघाती, आत्मज्ञानी रामलाई र हातमा धनु लिएका लक्ष्मणलाई अब चाँडै नै तपाईं लंकाको ढोकामा उपस्थित भइराखेको देख्नुहुनेछ ॥४८॥ नङ र दाँत

नै हतियार भएका, सिंह बाघसमानका पराक्रमी, हात्तीको जस्तो विशाल शरीर भएका वानरहरूलाई यहाँ आएको देख्नुहुनेछ ॥४९॥ पर्वत र मेघसमानको विशाल शरीरवाला मुख्य मुख्य वानरहरूको अनेक बथानलाई लंकाको यस मलय पर्वतको शिखरमाथि गर्जनलागेको देख्नुहुनेछ ॥५०॥ तपाईं-लाई देख्न नपाएकोले कामदेवको बाणले गर्दा मर्मस्थलमा पीडित भइराखेका रामलाई, सिंहद्वारा घाइते भएको हात्तीलाई झैं एक छिनको पनि शान्ति छैन ॥५१॥ हे देवी ! अबलाई नरुनुहोस्, आफ्नो मनको भयलाई दूर गरिदिनुहोस्, पति इन्द्रसंग शचीले भेट गरेझैं, हे सुन्दरी ! तपाईंको पनि राम-संग भेट हुनेछ ॥५२॥ रामभन्दा ठूलो को छ ? लक्ष्मणसमानको अर्को को छ ? अग्नि र वायुसमानका यी दुवै भाइ तपाईंका रक्षक छन् ॥५३॥ हे देवी ! राक्षसहरूको अति डरलाग्दो यस वासस्थानमा अब तपाईंले धेरै दिन बस्नुपर्ने छैन; तपाईंका प्यारा पतिदेवलाई यहाँ आउनमा अब धेरै बेर लाग्नेछैन, जबसम्म उहाँ गएर म उनलाई भेट्तिन तबसम्म आफ्नो प्राणको रक्षा गरेर बस्नुहोस् ॥५४॥

सर्ग—४०

सीता रामलाई खबर पठाउँछिन् ।

यी महात्मा वायुपुत्रका कुरा सुनेपछि देवकन्यासमानकी सीता आफ्नो उद्धारसम्बन्धी कुरा भन्न-लागिन् ॥१॥ हे हनुमन् ! वृष्टिको अभावले गर्दा सुक्न लागेको आधा पाकेको बाली पुनः पानी पर्नाले जसरी बेसरी पलाएर आउँछ त्यसै गरी मीठो मीठो बोली बोल्ने तिमीलाई देख्न पाएकोले म रोमाञ्चित भइराखेकी छु ॥२॥ ममाथि यस्तो किसिमले दया गर कि शोकले क्षीण भइराखेका यी अङ्गले, कामको अभिलाषा उत्पन्न भई म ती पुरुषसिंहको स्पर्श गर्न पाऊं ॥३॥ हे वानरश्रेष्ठ ! रामलाई यो चूडा-मणि दिनू र साथसाथै रिसको झोंकमा परी कुशको बाण चलाएर कागको एउटा आँखा फोरि-दिएको कुरा पनि संझाउनू ॥४॥ सीताको टीका मेटिंदाखेरि तपाईंले उनको गालामा मैनसिल धातुको तिलक बनाएर लगाइदिनुभएथ्यो रे भनेर यस कुराको पनि संझना गराइदिए ॥५॥ वीर्यवान् रामचन्द्र इन्द्र र वरुण जत्तिकै पराक्रमी छन् तापनि राक्षसले मलाई हरेर ल्याएको र राक्षसहरूको माझमा मैले बस्नु परेको कुरा यिनले कसरी सहिराखेका होलान् ॥६॥ यस अलौकिक चूडामणि-लाई मैले आजसम्म बडो यत्न गरेर राखिछाडेकी हुँ । यस्तो आपत्तिमा परेकी छु तापनि अझै पनि यसलाई हेर्दा तपाईंलाई हेरे जत्तिकै मनमा आनन्द हुन्छ ॥७॥ जलबाट उत्पन्न भएको यस मणिलाई मैले चिन्हो जस्तो गरेर तपाईंकहाँ पठाएकी छु । शोकसागरमा डुबेकी हुनाले अब म धेरै दिन जीउँदी रहन सक्नेछैन ॥८॥ खप्नै नसकिने दुःख, मुटु छेड्ने वचन, राक्षसहरूको माझको बसाइ यी सबै यातना केवल तपाईंका लागि सहेर बसेकी छु ॥९॥ हे राजपुत्र ! एक महीनासम्म म बाँचिरहन्छु त्यसपछि ता तपाईंविना मेरो जीउने कुरा असम्भव छ ॥१०॥ राक्षसराज रावण बडो निर्दयी छ, मेरा उपरको यसको दृष्टि राम्रो छैन, तपाईं विलम्ब गर्न लाग्नुभएको छ भन्ने कुरा थाहा पाएपछि ता म

एक छिन पनि बाँच्न सक्नेछैन ॥११॥

आँखाभरि आँसु गरेर मनमा दया उठ्ने गरी सीताले भनेका यी कुरा सुनेपछि महातेजस्वी वायुपुत्र हनुमान् भन्नलागे ॥१२॥ हे देवी ! म सत्यको नाममा शपथ हालेर भन्दछु कि तपाईंको शोकले गर्दा राम सबै कामदेखि विमुख भइराखेका छन् । रामलाई दुःखमा परेको देख्ता लक्ष्मणसमेत ताप मानिरहेका छन् ॥१३॥ जसोतसो गरेर मैले तपाईंको पत्तो लगाइहालें, अबलाई ताप गर्ने केही प्रयोजन छैन । हे सुन्दरी ! अब चाँडै नै तपाईंले आफ्नो शोकको अन्त भएको देख्न पाउनुहुनेछ ॥१४॥ यी दुवै महावली, पुरुषसिंह राजपुत्रहरू तपाईंलाई भेट्नाका लागि उत्साहित भएर लङ्कालाई भस्म पारिदिनेछन् ॥१५॥ हे विशालाक्षी ! युद्धक्षेत्रमा बन्धुवर्गको साथसाथै रावणलाई मारेर यी दुवै राजकुमारले तपाईंलाई आफ्नो अयोध्या नगरीमा लिएर जानेछन् ॥१६॥ कुनै प्रकारको खोट नभएकी हे सीते ! जुन चिन्हो केवल रामचन्द्रलाई थाहा छ र जसमा दृष्टि पर्नासाथ यिनलाई प्रसन्नता हुन्छ त्यस्तो चिन्हो मलाई दिनुहोस् ॥१७॥

यसपछि सीताले छक्क परेर भनिन्—मैले ता तिमीलाई पहिले नै अति उत्तम चिन्हो दिइसकेकी छु । हे वीर ! यस गहनालाई सावधानीसंग हेर्नासाथ उनले तिम्रो कुरामा पत्यार गर्नेछन् । श्रीमान् हनुमान् त्यस श्रेष्ठ मणिलाई लिएर, सीतालाई टाउको निहुराएर प्रणाम गरी जान तय्यार भए । सीताले यिनलाई उड्नाका लागि उत्साहित भएको र बडो वेगसँग ठूलो ठूलो हुँदै गएको देखेपछि आँखाभरि आँसु गरेर, बडो दया लाग्ने गरी लरबराउँदो स्वर गरेर भन्नलागिन् ॥१८-२१॥ हे हनुमन् ! सिंहसमानका पराक्रमी राम, लक्ष्मण दुवै भाइलाई, सुग्रीवलाई तथा यिनका मन्त्री यी सबैलाई मेरो क्षेमकुशल सुनाइदिए ॥२२॥ तिमीले यस्तो कुरा गरे जसलाई सुन्नासाथ महाबाहु रामचन्द्र यस दुःखसागरबाट मलाई पार लगाउने प्रयत्नमा लागून् ॥२३॥ रामनेर गई मेरो यो कडा दुःखको र राक्षसहरूद्वारा भएको मेरो अपमानको सबै हाल सुनाइदिए । हे वानरश्रेष्ठ ! तिम्रो यात्रा मङ्गलमय होस् ॥२४॥ राजपुत्री सीताको अभिप्राय जान्नाले कृतार्थ र प्रसन्न भएका हनुमान्, अब ता काम अलिकता मात्र बाँकी रहन गयो भन्ने विचार गरेर उत्तर दिशातिर जानाका लागि मन गर्नलागे ॥२५॥

सर्ग—४१

हनुमान् अशोकवाटिका ध्वस्त पारिदिन्छन् ।

सुन्दर वचनद्वारा जानकीजीबाट आदर मान पाएका हनुमान् त्यहाँबाट अर्को ठाउँमा पुगेपछि विचार गर्नलागे ॥१॥ सीतालाई मैले भेटिहालें । अबलाई काम अलिकता मात्र बाँकी छ, शत्रुबलको अब अन्दाज गर्नुपर्दछ । यस कामका लागि साम, दान र भेद यी तीनै उपायलाई छाडेर चौथो दण्डको नै प्रयोग गर्न वेस होला जस्तो लाग्दछ ॥२॥ राक्षसहरूको साथमा सामको प्रयोग गर्नु निरर्थक छ, धनीलाई दान दिनाले केही फाइदा हुन्न, बलवान्, व्यक्तिहरूमा फूट पार्न सकिन्न, अतएव मैले यहाँ

पराक्रम देखाउनामा बेश होला जस्तो लाग्दछ ।।३।। पराक्रमसिवाय अरू कुनै उपायले यहाँ काम सफल होला जस्तो देख्तिनँ, मसंगको युद्धमा यहाँका ठूला ठूला राक्षस मारिएपछि ता शायद पछि युद्ध गर्नालाई यिनीहरू निराश भइहाल्दछन् कि ? ।।४।। मुख्य काम सिध्याइसकेपछि सो कामसित विरोध नपर्ने अरू अरू काम पनि जो गर्दछ त्यही व्यक्ति नै यथार्थमा काम गर्ने योग्य हो ।।५।। जो व्यक्ति सानो कामलाई पनि ठूलो यत्न गरेर सिद्ध गर्दछ त्यसलाई सो काम सिद्ध गर्ने भन्न सकिन्न, जो साधारण उपायले अनेक प्रकारसँग आफ्नो काम गर्न सक्तछ त्यसलाई काम सिद्ध गर्ने भन्नुपर्दछ ।।६।। सीताजीको पत्ता लगाउनु मेरो मुख्य काम हो सो ता मैले गरिहालें, अबलाई शत्रुको बल र आफ्नो बलमा कति अन्तर रहेछ सो कुरा राम्रै गरी बुझेर र शत्रुको विनाश पार्ने उपाय निर्णय गरेर यहांबाट सुग्रीवनेर जान सकेंभने मबाट मालिकको आज्ञा पूरा तवरसंग पालना भएको संझिने छ ।।७।। अबलाई के गर्नाले म यहाँ आएको सफल होला ? राक्षसहरूसंग अनायासैमा मेरो युद्ध कसरी होला ? र कुन उपायले रावणले युद्धमा आफ्नो फौजको बलसित मेरो बलको तुलना गर्न पाउला ? ।।८।। यस युद्धमा, मन्त्री, सेना र अनुयायीहरूको साथसाथै रावणलाई भेट्टाएपछि सजिलैसंग यसको मनभित्रको अभिप्राय तथा यसको यत्तिको बल रहेछ भनेर बुझ्न सक्नेछु अनि त्यसपछि यहाँबाट प्रस्थान गर्नेछु ।।९।।

यसका लागि मेरो मनमा यो विचार आउँछ कि यस क्रूर राक्षसको यो वन ध्वस्तै पारिदिऊँ । यसको यो वन नन्दनवनसमानको छ र आँखा तथा मनलाई आनन्द दिन्छ । यसमा नाना प्रकारका लहरा र किसिम किसिमका रूख छन् । जसरी आगोले सुक्खा भइराखेको वनलाई नष्ट गरिदिन्छ त्यसै गरी म पनि यस वनलाई ध्वस्त पारिदिन्छु । यो वन नष्ट भएपछि ता रावण जरूरै क्रुद्ध हुनेछ ।।१०-११।। तब ता यो राक्षसराज घोडा रथ हात्तीसहितको आफ्नो ठूलो फौज लिएर आउनेछ; त्रिशूल, फलामको मुद्गर घुयेंत्रो आदि गरिएका शस्त्र भिरेका ठूला ठूला राक्षस उपस्थित हुनेछन् र त्यसपछि यहाँ भयङ्कर युद्ध हुनेछ ।।१२।। म पनि यी महापराक्रमी राक्षसहरूसित युद्धमा लडेर, रावणले पठाएको फौजको संहार पारेर, आफ्नो शरीरमा कुनै प्रकारको चोट पटक नलाग्न दिई वानरराज सुग्रीवको घरतिर सुखपूर्वक प्रस्थान गर्नेछु ।।१३।।

मनमा यस्तो निर्णय गरी डरलाग्दो किसिमको पराक्रम भएका वायुपुत्र हनुमान् वायुझैं कुपित भई बडो वेगसँग धमाधमी रूख उखेल्नलागे ।।१४।। मतवाला चराचुरुङ्गीको शब्दले शब्दायमान भइराखेको, नाना किसिमका लहरा र रूखले भरिपूर्ण भएको प्रमदवनलाई वीर हनुमान्ले छिनको छिनैमा नष्ट गरिदिए ।।१५।। जम्मै रूख उखेलिएको, तलाउको डील भत्केको र देख्तैमा मनलाई आनन्द गराउने पर्वतका टाकुराहरू चूर्ण भएको, नाना प्रकारका जलचर पक्षीहरूको शब्दले शब्दायमान भइराखेका तलाउहरूको जल छचल्किएकोले, रातो रंगको कमलको फूल रूख र लहराहरू वैलाएकाले, डढेलो लाग्नाले नष्ट भएको वनको झैं यस वनको शोभा बिलकुलै नष्ट भइगए । आधार नरहनाले त्यहाँका लहराहरूको

अवस्था आकुल व्याकुल परेका आइमाईको जस्तो भइराखेको थियो ॥१६-१८॥ लतागृह तथा चित्रगृह यी सबैको विनाश भएकोले, नाना किसिमका हिंस्रक जन्तु तथा पशुपक्षीले आत्तिएर चिच्च्याएकोले, ढुङ्गाका घर भत्केकोले तथा अरू अरू सामान्य किसिमका घरसमेत ढलेकोले त्यस महावनको शोभा बिलकुलै नष्ट भयो ॥१९॥ अशोकवृक्षमा लागेका ठूला ठूला लहराहरू वैलाएकाले, रावणका सुन्दरीहरूको मनमा रतिको इच्छा बढाउने यो प्रमदवन, हनुमान्‌को बलले गर्दा, राक्षसराजका आइमाईका लागि शोक बढाउने लहराझैं भएर अतिशोचनीय अवस्थामा प्राप्त भयो ॥२०॥

यसपछि अनेक महाबली राक्षसहरूसित एक्लै लड्ने इच्छा गरिराखेका जलिरहेका यी हनुमान् रावणको ठूलो हानि गरेर यस वनको बाहिरी ढोकामा आएर बसे ॥२१॥

सर्ग—४२

रावणको फौजसित हनुमान्‌को युद्ध; राक्षसीहरू रावणलाई खबर दिन्छन् ।

चराहरूको कोलाहलले तथा रूख भाँचिएको शब्दले समस्त लंकावासीहरू डरले थर्कायमान हुन-लागे ॥१॥ यहाँका सबै पशु पक्षीहरू डराएकोले उड्दै अर्को ठाउँमा जान र कोलाहल मच्चाउनलागे । राक्षसहरूको सामुन्नेमा किसिम किसिमको अशुभ शकुन देखिनलाग्यो ॥२॥ झसङ्ग भएर निद्राबाट ब्यूँझेका, अति नराम्रो अनुहार परेका राक्षसहरूले त्यस वनलाई ध्वस्त भएको देखे र यिनीहरूको दृष्टि वीर हनुमान्‌माथि पर्न गयो ॥३॥

महाबली, दीर्घबाहु अति पराक्रमी हनुमान्‌ले यी राक्षसीहरूलाई देख्नेबित्तिकै, यिनलाई तर्सा-उनाका लागि अतिशय ठूलो रूप धारण गरे ॥४॥ पर्वतसमानको विशाल शरीर भएका, महाबली हनु-मान्‌लाई देख्नेबित्तिकै राक्षसीहरू सीतालाई सोध्नलागे ॥५॥ यो को हो ? कसले पठाएको हो ? कहाँबाट आएको र किन यहाँ आएको हो ? किन यसले तिमीसित कुरा गऱ्यो ? हे विशालाक्षी ! हामीलाई यी सबै कुरा भन, नडराऊ यसले तिमीसित के के कुरा गऱ्यो सो पनि भन ॥६-७॥

यसपछि सर्वाङ्गसुन्दरी पतिव्रता सीता भन्नलागिन्—कामरूपी राक्षसहरूको व्यवहार जान्ने शक्ति ममा छैन, यो को हो अथवा यसले के के गर्ने हो सो तिमीहरूलाई नै थाहा होला किनकि सर्पको खुट्टालाई सर्पले नै चिन्दछ ॥८-९॥ म पनि निक्कै डराइराखेकी छु, यो को हो मलाई थाहा छैन, म ता अड्कल गर्दछु कि यहाँ आइराखेको यो कुनै कामरूपी राक्षस होला ॥१०॥

सीताका यी कुरा सुन्नेबित्तिकै राक्षसीहरू भाग्नलागे, कोही ता त्यहीं नै अडिरहे, र कोही रावणलाई खबर दिन भनी हतार हतार गरेर दगुरे ॥११॥ नराम्रो अनुहार भएका राक्षसीहरू रावणनेर गई अचम्भ लाग्ने रूप भएको, भयङ्कर वानरको कुरा निवेदन गर्नलागे ॥१२॥ हे राजन् ! अशोक वाटिकामा डरलाग्दो शरीर भएको एउटा वानर आइराखेको छ, त्यो बडो पराक्रमी देखिन्छ र यसले सीतासँग कुरा पनि गऱ्यो ॥१३॥ हामीले ती मृगनयनी सीतासँग वारंवार सोध्यौं तर तिनले त्यस

वानरले भनेको कुरा हामीलाई भन्ने इच्छा गरिनन् ।।१४।। यो इन्द्रको दूत हुनुपर्दछ वा कुवेरको अथवा सीताको खोज पता लगाउनालाई रामैले पठाएको कोही दूत हुनुपर्दछ ।।१५।। अचम्म लाग्ने रूप भएको यस वानरले नाना किसिमका पशु पक्षीले भरिपूर्ण भइराखेको हजूरको रमणीय प्रमदवनलाई नाशै गरिदियो ।।१६।। यस वनमा त्यसले नबिगारेको कुनै जग्गै छैन तर जुन ठाउँमा सीता देवी बसेकी छन् त्यसलाई ता केही गरेन ।।१७।। जानकीको लागि अथवा थकाइले गर्दा हो, के कारणले यसले यो ठाउँ नाश नगरेको हो हामीले केही बुझ्न सकेनौं । यत्रो महावन ध्वस्त पार्नेलाई त्यति जाबो बिगार्न के थकाइ लाग्थ्यो ? तसर्थ यसले सीताको रक्षाका लागि नै त्यस ठाउँलाई नछोएको हो ।।१८।। राम्रा राम्रा पात भएको बडेमानको जुन शिंशपा रूखमुनि सीता बसेकी थिइन्, वानरले केवल त्यही रूख छाडिदियो ।।१९।। यो उग्रमूर्त्तिको वानरलाई हजूरले कडा सजाय दिनुपर्दछ कारण यसले सीतासँग कुराकानी गऱ्यो र वन ध्वस्त पारिदियो ।।२०।। हे राक्षसहरूका मालिक ! जुन सीतालाई हजूरले भित्र दिलैदेखि ग्रहण गरिसक्नुभएको छ त्यस्ती सीतासँग विना आफ्नो ज्यानको आशा नछाडी को बोल्न सक्तछ ।।२१।।

राक्षसीहरूको कुरा सुन्नासाथ राक्षसराज रावणको आँखा चिताको आगोझैं प्रज्वलित भयो र रिसले यसका आँखा फनफनी घुम्नलागे ।।२२।। बल्दो दोटा बत्तीबाट ज्वालासहितको तेलको थोपा झरेझैं रिसले मुर्मुरिएको राक्षसराजको आँखाबाट आँसुको थोपा झर्नलाग्यो ।।२३।। महातेजस्वी रावणले हनुमान्‌लाई दण्ड दिनाका लागि आफूसमानका शूरा किंकर नाम गरेका राक्षसहरू पठायो ।।२४।। खूब ठूलो वेग भएका अस्सी हजार किङ्कर कूट, मुद्गर आदि गरिएका अस्त्र हातमा लिएर रावणको घरबाट निस्के ।।२५।। डरलाग्दो अनुहार भएका यी सबैका सबै बडा बलिया थिए, यिनका पेट र दाँत खूबै ठूला थिए । युद्ध गर्नालाई तत्पर भइराखेका यिनीहरू हनुमान्‌लाई पक्रन भनी निस्के ।।२६।।

वाहिरी ढोकामा बसिराखेका हनुमान्‌नेर पुग्नासाथ बत्तीमा फत्याङ्ग्राहरू झुम्मिएझैं यी राक्षसहरू उनीमाथि जाइलागे ।।२७।। नाना किसिमका गदा, घुयेंत्रो, सुनको जञ्जीर, सूर्यको तेज जत्तिकै टल्कने बाण, मुद्गर, पटा र शूलले, हातमा पासो र भाला लिएका राक्षसहरूले वानरश्रेष्ठ हनुमान्‌-लाई चारैतिरबाट घेरेर सहसा उनको अगाडि गएर जमिए ।।२८–२९।। पर्वतसमानका विशाल तेजस्वी हनुमान् पनि भूइँमा आफ्नो पुच्छर बजारेर बडो चर्को स्वर झिकेर गर्जनलागे ।।३०।। वायुपुत्र हनु-मान् बडेमानको शरीर धारण गरी आफ्नो पुच्छर बजार्नलागे । यिनले पुच्छर बजार्नाले उत्पन्न भएको शब्द सम्पूर्ण लङ्कामा फैलियो ।।३१।। यिनले पुच्छर बजारेको शब्द तथा यसको प्रतिध्वनि सुन्नाले तर्सेका चराहरू धमाधम आकाशबाट खस्नलागे ।

हनुमान् चर्को स्वर गरेर भन्नलागे ।।३२।। अतिबलवान् श्रीरामचन्द्रको जय ! महाबली लक्ष्मणको जय ! रामद्वारा रक्षित भइराखेका सुग्रीवको जय ! ।।३३।। अतिशय पराक्रमी कोशलाधिपति रामचन्द्रको म दास हुँ । शत्रुको सेनालाई नाश पार्ने म वायुको छोरो हुँ र हनुमान् मेरो नाम हो ।।३४।। मैले

युद्धमा हजारौं ढुङ्गा र रुखको प्रहार गर्नलागेको वेलामा एउटा रावणको ता के कुरा हजारौं रावण आए पनि मेरो बराबरी गर्न सक्तैछैनन् ।।३५।। जम्मै राक्षसहरूको अगाडि नै लङ्कापुरीलाई ध्वस्त पारेर जानकीजीलाई प्रणाम गरी आफ्नो मनोरथ पूर्ण गरेर यहाँबाट जानेछु ।।३६।।

हनुमान्‌को यो सिंहनाद सुनेकाले राक्षसहरू डरले थर्कायमान भए । यिनीहरूले संध्याकालमा बढेको बादलको जस्तो हनुमान्‌को स्वरूप देखे ।।३७।। आफ्नो मालिकबाट हनुमान्‌लाई मार्ने आज्ञा पाएकोले यिनीहरू निर्धक्कसँग किसिम किसिमका डरलाग्दा अस्त्रहरूको चारैतिरबाट यिनीमाथि प्रहार गर्नलागे ।।३८।। महाबली हनुमान्‌लाई शूरा राक्षसहरूले चारैतिरबाट घेरे । यिनले पनि फाटकनेर राखिछाडेको एउटा भयङ्कर फलामको परिघ लिए र यसैले ती राक्षसहरूलाई मार्नलागे । जसरी गरुडले छटपटाइराखेका सर्पलाई मार्दछन् त्यसै गरी यिनले पनि राक्षसहरूलाई मार्नलागे ।।३९-४०।। जसरी सर्पलाई समातिराखेका गरुड आकाशमा उड्नलागेका देखिन्छन् त्यसै गरी परिघ लिएका हनुमान् आकाशमा जतातत्तै घुम्दै, सहस्राक्ष इन्द्रले वज्रद्वारा दैत्यहरूको विनाश पारेझैं, राक्षसहरूलाई मार्नलागे ।।४१।। यस प्रकारसंग किङ्कर नाम गरेका राक्षसहरूलाई मारिसकेपछि वायुपुत्र वीर हनुमान् फेरि युद्ध गर्ने इच्छाले सोही फाटकनेर आई बसे ।।४२।।

यी किङ्कर राक्षसहरूमध्ये कोही कोही मर्नाबाट बाँचेका थिए । यिनीहरूले रावणकहाँ गएर राक्षसहरूको विनाश भएको सबै वृत्तान्त सुनाए ।।४३।। राक्षसहरूको यत्रो ठूलो फौजको संहार भएको सुन्दा रावण रिसले भुतुक्क पऱ्यो र यसका आँखा फनफनी घुम्नलागे, तसर्थ युद्धमा जित्न गाह्रो पर्ने, प्रहस्तको छोरो, जम्बुमाली नाम गरेको राक्षसलाई राक्षसराजले संग्राममा जाने हुकूम दियो ।।४४।।

सर्ग—४३

राक्षसका कुलदेवताको मन्दिर ध्वस्त पारेर हनुमान् त्यहाँका राक्षसहरूलाई मार्दछन् ।

यी किङ्कर राक्षसहरूलाई मारिसकेपछि हनुमान् मनमा विचार गर्नलागे—मैले वनलाई ता उजाड पारिदिएँ तर राक्षसका कुलदेवताको मन्दिर (चैत्यप्रासाद) त्यसै छाडिदिएछु ।।१।। तसर्थ अहिले नै आफ्नो बल प्रकट गरेर यस मन्दिरलाई भत्काइदिन्छु । मनै मनमा यस्तो निर्णय गरी कपिश्रेष्ठ वायुपुत्र हनुमान्‌जी एक्कै बाजिमा उफ्रेर, मेरु पर्वतको टाकुरा जत्तिकै अग्लो त्यस विशाल मन्दिरमाथि चढिहाले ।।२-३।। पर्वतसमानको अग्लो त्यस मन्दिरमा चढेपछि तेजस्वी हनुमान् अर्को सूर्य उदाइराखेका हुन् कि जस्तो देखिनलागे ।।४।। यस अग्लो मन्दिरलाई फोरफार पारिसकेपछि कसैले जित्न नसक्ने हनुमान् विजयको गर्वले प्रज्वलित भई पारियात्र नामको पर्वत जस्तो देखिनलागे ।।५।। आफ्नो प्रभावले विशाल शरीर धारण गरी हनुमान् निर्धक्कसँग पुच्छर बजार्नलागे, यिनको यो शब्द जम्मै लङ्काभरि फैलियो ।।६।। कानको पर्दा फुटाल्ने, पुच्छर बजारेको त्यो भयानक शब्द सुन्नाले आत्तिएका आकाशका चराहरू

खस्नलागे र यस मन्दिरका रक्षकहरू पनि बेहोश भएर लडे ॥७॥ हनुमान् फेरि भन्नलागे—अस्त्रको प्रयोग जान्ने रामचन्द्रको जय होस् ! महाबली लक्ष्मणको जय होस् ! रामद्वारा रक्षित भइराखेका राजा सुग्रीवको जय होस् ! ॥८॥ अतिशय पराक्रमी कोशलाधिपति रामचन्द्रको म दास हुँ । शत्रु सेनालाई ध्वस्त पार्ने म वायुको छोरो हुँ र हनुमान् मेरो नाम हो ॥९॥ मैले युद्धमा हजारौं ढुङ्गा र रूखको प्रहार गर्नलागेको वेलामा एक रावणको ता के कुरा हजारौं रावण आएभने पनि बराबरी गर्न सक्ने-छैनन् ॥१०॥ जम्मै राक्षसहरूको अगाडि नै लङ्कापुरीलाई ध्वस्त पारेर, जानकीजीलाई प्रणाम गरी, आफ्नो मनोरथ पूर्ण गरेर यहाँबाट जानेछु ॥११॥

यस्तो घोषणा गरिसकेपछि मन्दिरमाथि बसिराखेका विशाल शरीरधारी हनुमान्ले बडो डरलाग्दो-सँग गर्जन गरे जसलाई सुन्नासाथ राक्षसहरू डरले थर्कायमान भइहाले ॥१२॥ यो भयङ्कर शब्द सुन्ने-बित्तिकै विशाल शरीर भएका सयकडौं चैत्यपालहरूले पासो, खड्ग, बञ्चरो आदि गरिएका नाना किसिम-का अनेक अस्त्र लिएर हनुमान्लाई चारैतिरबाट घेरे र यिनीमाथि अस्त्रको प्रहार गर्नलागे । नाना किसिमका गदा, घुयेंत्रो, सुनको जञ्जीर, सूर्यको तेज जत्तिकै टल्कने बाण, मुद्गर, पटा र शूल लिएर यिनीहरू वानरश्रेष्ठ हनुमान्नेर पुगे । गंगाको जलमा परेको ठूलो भुमरीसमानको शोभा दिनलागेको राक्षसहरूको यस बथानले हनुमान्माथि अस्त्र चलाउनलाग्यो, वायुपुत्र हनुमान्ले पनि क्रुद्ध भई डरलाग्दो रूप धारण गरे ॥१३-१६॥ महाबली हनुमान्ले झटपटसँग त्यस मन्दिरको सुनै सुनले बनेको सय धार भएको एउटा ठूलो थाम उखेलेर यसलाई फन्फनी घुमाउनलागे । यस थामबाट आगोको फिलिङ्गो निस्कन-लाग्यो जसले गर्दा मन्दिर दन्दनी बल्नथाल्यो ॥१७-१८॥ मन्दिर जल्नलागेको देखेपछि हनुमान्ले, इन्द्रले वज्रद्वारा असुरहरूलाई मारे झैं, त्यस थामले सयकडौं राक्षसहरूलाई मारिदिए ॥१९॥ यसपछि श्रीमान् हनुमान् आकाशमा अडिएर भन्नलागेः—म जत्तिकै बलिया हजारौं महात्मा वानर उत्पन्न भएका छन्, यी सबै वानर सुग्रीवको वशमा छन्, म र यी वानर समस्त पृथ्वीमण्डलमा घुमिराखेका छौं ॥२०-२१॥ कसैमा दश हात्तीको र कसैमा सय हात्तीको बल छ, कोही ता हजार हात्ती जत्तिकै बलिया छन् ॥२२॥ कुनै कुनै वानरमा हात्तीको फौजको जत्तिकै बल छ, कोही वायुसमान पराक्रमी छन् र कुनै वानर सेनापतिको ता यति बल होला भन्ने पत्तै लाग्न सक्तैन ॥२३॥ यस किसिमका दाँत र नङ नै हतियार भएका सयकडौं, हजारौं वानरलाई साथमा लिएर सुग्रीव तिमीहरूको संहार पार्न आउनेछन् । न यो लङ्कापुरी रहन पाउनेछ, न तिमीहरू जीउँदो रहनेछौ न तिम्रा रावण, किनकि तिमीहरूले इक्ष्वाकुवंशी महाराज रामचन्द्रसँग दुश्मनी गरिराखेका छौ ॥२४-२५॥

सर्ग—४४

हनुमान् जम्बुमालीलाई मार्दछन् ।

राक्षसराजबाट आज्ञा पाएपछि प्रहस्तको छोरो, ठूला ठूला दाँत भएको जम्बुमाली नाम गरेको

राक्षस धनु धारण गरेर शहरबाहिर निस्क्यो ॥१॥ यसले पहिरेका माला र लुगा दुवै राता थिए, राम्रा राम्रा कुण्डल लगाएको थियो, आफ्ना ठूला ठूला आँखा च्यातेर हेरिरहेको थियो, यो रिसाहा स्वभावको थियो र लडाइँमा यसलाई जित्न गाह्रो थियो । यसले भिरेको धनु इन्द्रको धनु जस्तो थियो र यसमा ठूला, राम्रा वाण चढाइएका थिए । वज्रको ध्वनि जस्तै यसको धनुबाट शब्द निस्कनलागेको थियो ॥२-३॥ यसको धनुबाट निस्केको, टाढा टाढासम्म फैलिने यस शब्दले दिशा, विदिशा र आकाशमण्डललाई अकस्मात्संग टम्म गरेर पूर्ण गरिदियो ॥४॥

गधा जोतिएको रथमा सवार भएर यसलाई आएको देख्ता ठूलो वेगसंग हिंड्ने हनुमान् बडो प्रसन्न भएर गर्जनलागे ॥५॥ बाहिरी ढोकाको माथितिर महाकपि हनुमान् बसेका थिए । यिनलाई देख्नेबित्तिकै तेजस्वी जम्बुमाली यिनीमाथि तीखा तीखा बाणको प्रहार गर्नलाग्यो ॥६॥ यसले अर्ध-चन्द्राकार बाण हनुमान्को मुखमा, कर्णी नाम गरेको बाण टाउकोमा र पाँच बाण यिनको दुवै हातमा ताकेर चलायो ॥७॥ हनुमान्को रातो मुख बाणको चोट पर्नाले, सूर्यको तेज परिराखेको, शरत्कालमा फुलेको कमलको जस्तो शोभा दिनलाग्यो ॥८॥ हनुमान्को मुख एक ता आफैं रातो थियो त्यसमाथि पनि जताततै रगतको थोपा पर्न गएकोले आकाशमा देखिने, सुनै सुनको थोप्ला भएको महाकमल जस्तो देखिनलाग्यो ॥९॥ बाणको चोट खाएपछि हनुमान् त्यस राक्षसमथि बहुतै क्रुद्ध भए र यिनले आफ्नो बगलैमा पडिरहेको एउटा बडेमानको ढुङ्गा देखे ॥१०॥ बलिया हनुमान्ले हतपतसँग त्यसलाई टिपेर बडो जोरसंग, राक्षसलाई ताकेर हिर्काए तर रिसले चूर भइराखेको राक्षसले दशओटा बाण चलाएर यसलाई चूर्ण पारिदियो ॥११॥ प्रचण्ड पराक्रमी हनुमान् आफूले फ्याँकेको ढुङ्गा निष्फल भएको देख्नेबित्तिकै सालको एउटा विशाल रूख उखेलेर, बडो फूर्तिसंग फन्फनी घुमाउनलागे ॥१२॥ हनुमान्ले सालको रूख घुमाउनलागेको देखेपछि महाबली जम्बुमालीले पनि अनेक बाणको वर्षा गर्‍यो ॥१३॥ चारओटा बाणले यसले सालको रूखलाई काटिदियो, पाँच बाण हनुमान्को हातमा, एउटा यिनको मुटुमा र दश बाण स्तनको बीचमा ताकेर चलायो ॥१४॥ बाण लाग्नाले हनुमान्को जम्मै शरीर छियाछिया भयो । अब ता यिनलाई हुनासम्मको रिस उठ्यो र जुन परिघले यिनले राक्षसहरू-लाई मारेथे त्यही परिघ हातमा लिएर बडो वेगसंग घुमाउनलागे ॥१५॥ अतिशय ठूलो वेग भएका हनुमान्ले रिस खप्नै नसकेर बडो फूर्तिसंग त्यस परिघलाई घुमाएर, जम्बुमालीको विशाल छाती ताकेर हिर्काइहाले ॥१६॥ यस परिघको चोट पर्नासाथ जम्बुमालीको टाउको, हात, घुँडा, धनु, रथ, गदा, र बाण यी कुनै थोक पनि त्यहाँ देखिएन ॥१७॥ महाबली जम्बुमाली, वानर हनुमान्को हातबाट उन्निखेरै मरेर चूर्ण चूर्ण भईकन, छिया छिया भएर उखेलिएको रूखझैं, भूइँमा ढल्यो ॥१८॥

जम्बुमाली तथा महाबली अस्सी हजार किंकर नामका राक्षसहरू मारिएको खबर पाएपछि रावण खूबै रिसायो र यसका दुवै आँखा अति रातो भएको देखियो ॥१९॥ यस प्रकारसंग प्रहस्तको छोरो महाबली जम्बुमाली मारिएपछि राक्षसराज रावणले, रिसले आँखा राता राता तुल्याएर उतिनखेरै आफ्ना

मन्त्रीहरूका बडा बलिया र अतिशय पराक्रमी छोराहरूलाई युद्धमा जाने आज्ञा दियो ॥२०॥

सर्ग—४५

रावणका मन्त्रीहरूका सात जना छोरा मारिन्छन् ।

राक्षसराज रावणबाट आज्ञा पाएपछि सूर्यसमानका तेजस्वी, मन्त्रीका सात जना छोराहरू आफ्ना आफ्ना घरबाट निस्के ॥१॥ यी सबै बडा बलिया, अस्त्र शस्त्रको प्रयोग जान्नेहरूमा श्रेष्ठ, परस्पर विजयको अभिलाषा राख्ने, ठूलो फौज साथमा लिएका धनुर्धारी थिए ॥२॥ यी वीरहरू चारैतिर सुनको जाली लागेको, ध्वजा पताकाले सुशोभित भइराखेको, मेघ गर्जेझैं गर्जने घोडा जोतिएको ठूलो ठूलो रथमा सवार भई, अतिशय प्रसन्न चित्तले चहकिलो सुनको धनुबाट टङ्कार झिक्तै, बिजुलीयुक्त मेघमालाझैं भएर आफ्ना आफ्ना घरबाट युद्धका लागि निस्के ॥३-४॥ अब यिनका आमाहरू असी हजार किङ्करहरू मारिएको खबर सुनेकोले बन्धुवर्ग तथा इष्टमित्रको साथसाथमा शोकले व्याकुल भए ॥५॥

सुनै सुनको गहनाले सिंगारिएका यी सात जना मन्त्रीका छोराहरू, कोभन्दा को कम छ भन्ने विचार मनमा लिई, फाटकमाथि बसिराखेका हनुमान्नेर पुगे ॥६॥ बाणको वृष्टि गर्नलागेका, रथ गर्जेको आवाजको साथसाथै आफू पनि गर्जनलागेका यी राक्षसहरू वर्षाकालको मेघझैं यताउति घुम्न लागे ॥७॥ यिनीहरूको बाणवृष्टिले ढाकिएका हनुमान्जी जलधाराले ढाकिएको हिमालय पर्वतझैं देखिनलागे ॥८॥ आकाशमा अति छिटोसंग भ्रमण गर्नलागेका हनुमान्जी अब यी राक्षसहरूको बाण तथा रथको वेग यी दुवैलाई निष्फल गर्नलागे अर्थात् यिनको छिटो चालले गर्दा राक्षसहरूको निशाना ठीक ठाउँमा पर्न सकेन ॥९॥ जसरी इन्द्रधनुले युक्त भएको बादलसँग वायु क्रीडा गर्दछन् त्यसै गरी यी वीर हनुमान् ती धनुर्धारी राक्षसहरूसँग आकाशमा खेलवाड गर्नलागेका जस्ता देखिए ॥१०॥ यसपछि पराक्रमी हनुमान् आफ्नो घोर गर्जनले त्यो बडेमानको फौजलाई तर्साएर ती राक्षसहरूमाथि बडो वेगसँग जाइलागे ॥११॥ हनुमान्ले कसैलाई थप्पड चखाए, कसैलाई लात्तीले हिर्काए, कसैलाई घुस्सी लगाए र कसैलाई नङले चिरेर छिया छिया पारिदिए ॥१२॥ कसैलाई छातीले र कसैलाई दुवै तिघ्राले थिचेर पिंधिदिए, कोही ता यिनको डरलाग्दो गर्जना सुन्दैमा भूईंमा लडेर मरे ॥१३॥ मन्त्रीका छोराहरूलाई यस प्रकारसँग मरेर भूइँमा ढलेको देखेपछि यिनको जम्मै फौज डराएर जताततै भाग्न लाग्यो ॥१४॥

फौजको हात्ती आर्त्त स्वर गरेर चिच्च्याउनलाग्यो, घोडाहरू भूइँमा धमाधम खस्नलागे, रथको आसन, ध्वजा र छत्र छिया छिया भएर खसेकोले पृथ्वी नै टम्म भरिएको देखिनलाग्यो ॥१५॥ बाटोमा रगतको खोलो बग्नलागेको देख्ता राक्षसहरूले किसिम किसिमको विकट शब्द झिकेर चिच्च्याउन लागेकाले लंका शहरै गुञ्जायमान भयो ॥१६॥ अतिशय ठूलो पराक्रम भएका महाबली हनुमान् यी

मुख्य राक्षसहरूको संहार गरिसकेपछि अरू राक्षसहरूसित समेत युद्ध गर्ने अभिलाषा गरेर फेरि त्यस फाटकमाथि उक्लेर बसे ॥१७॥

सर्ग—४६

विरूपाक्ष आदि गरिएका पाँच मन्त्रीहरू मारिन्छन् ।

महात्मा हनुमान्‌को हातबाट मन्त्रीका छोराहरू मारिएको थाहा पाएपछि ता रावण आफ्नो मनभित्रको डर लुकाएर बडो धैर्यसँग विचार गर्नलाग्यो ॥१॥ रावणले विरूपाक्ष, यूपाक्ष, दुर्धर्ष, प्रघस, र भासकर्ण यी पाँच शूरा, नीति जान्ने, युद्धमा वायुको झैं वेग देखाउने, झटपट काम गर्ने सेनापतिहरूलाई हनुमान्‌लाई पक्रेर ल्याउनू भन्ने आज्ञा दियो ॥२-३॥ हात्ती, घोडा, रथ र ठूलो फौज साथमा लिएर तिमीहरू जाओ त्यस वानरलाई समातेर ल्याओ, तिमीहरू सबै बडा बलिया सेनापति छौ ॥४॥ हेर, बडो सावधानीसँग त्यो वनवासी वानरनेर गए र देशकालको विचार राखेर मात्र काम गरे ॥५॥ यसले गरेको काम देख्ताखेरि मलाई यो वानर होला जस्तो लाग्दैन, विशाल सेनाको विध्वंस पार्न सक्ने यो कुनै ठूलो प्राणी हुनुपर्दछ ॥६॥ सबै जना "यो वानर हो, यो वानर हो" भन्दछन्, तर यस्तो कुरा सुन्नाले मेरो मन शुद्ध हुन सक्तैन । अहिले जस्तो कुरा सुनिएको छ त्यसमा विचार गर्दा ता यो वानर होला जस्तो मलाई लाग्दैन ॥७॥ हाम्रो कुभलो गर्नाका लागि इन्द्रले आफ्नो तपस्याको प्रभावले यसको सृष्टि गरेको होला । मेरो आज्ञाले अथवा मेरो साथमा गएर तिमीहरूले नाग, यक्ष, गन्धर्व, देवता, असुर र महर्षिहरूलाई जितेका छौ, तसर्थ यिनीहरू सबै अवश्य हाम्रो कुभलो गर्न खोजिरहेका होलान् ॥८-९॥ यथार्थमा कुरा यही हो, यसमा शङ्का लिनुपर्ने केही देखिन्न । हात्ती, घोडा र रथसहितको ठूलो फौज लिएर तिमी सबै महाबली सेनापतिहरू जाओ र बलपूर्वक त्यस वानरलाई समातेर यहाँ लिई आओ । यो वानर ता हो नि भन्ने संझेर यसलाई अनादरको दृष्टिले नहेर्नू, किनकि यो बडो पराक्रमी छ ॥१०-११॥ मैले बडा बडा पराक्रमी बालि, सुग्रीव, महाबली जाम्बवान्, सेनापति नील, द्विविद र अरू अरू वानरहरूलाई पनि देखेको छु तर यी कसैको काम यत्तिको डरलाग्दो छैन, न उनीहरूको यत्तिको तेज छ न पराक्रम ॥१२-१३॥ उनीहरूको यसको जस्तो बल बुद्धि, उत्साह केही पनि छैन, उनीहरूको यसको जस्तो रूप बदल्ने शक्ति पनि छैन । वानरको रूप लिएको यो कुनै ठूलो प्राणी यहाँ आएको हुनुपर्दछ ॥१४॥ ठूलो कोशिश गरेर तिमीहरूले यसलाई समात्नू । इन्द्रसहितका देवता, असुर, मनुष्य तथा तीनै लोकका वीरहरू संग्रामभूमिमा तिमीहरूको सामना गर्न सक्तैनन् भन्ने कुरा मलाई थाहा छ तापनि नीतिशास्त्र जान्ने तथा विजयको चाहना गर्ने प्राणीले बडो यत्नसँग आफ्नो रक्षा गर्नुपर्दछ, किनकि युद्धमा यसैको जित होला भन्न सकिन्न, विजयलक्ष्मी ता बडी चञ्चला छिन् ।

मालिकको यस्तो आज्ञा पाएपछि रथ, मतवाला हात्ती, तथा खूब छिटो दगुर्ने घोडामा सवार भएका, अग्निसमानका तेजिला यी पराक्रमी वीरहरू हिंडे ॥१५-१८॥

तीखा तीखा अस्त्र शस्त्र लिएका फौजको साथमा गएका यी वीरहरूले दीप्तिमान्, उदयाचलमा चढिराखेका सूर्य भगवान्झैं आफ्नो तेजिलो किरणले युक्त भई फाटकमाथि बसिराखेका, अतिशय ठूलो वेग भएका, महापराक्रमी, महाबुद्धिमान्, महोत्साही, लामा लामा हात भएका, विशाल स्वरूप लिएका महाकपि हनुमान्लाई देखे । यिनलाई देख्नेबित्तिकै सबै दिशातिर छरिएका यी राक्षसहरू टाढैमा उभिएर यिनीमाथि डरलाग्दो अस्त्र शस्त्रको प्रहार गर्नलागे । दुर्धर नाम गरेको राक्षसले बडो तीखो धार भएको, पहेंलो रंगको, कमलपत्रको जस्तो शोभाले युक्त भएको फलामको पाँचओटा बाण हनुमान्को टाउकोमा ताकेर चलायो ॥१९-२२॥ राक्षसको हातबाट छुटेका यी पाँच बाण टाउकोमा लागेपछि हनुमान् आफ्नो गर्जनले दशै दिशालाई गुञ्जायमान गराउँदै आकाशमा उडेर गए ॥२३॥ यसपछि धनुमा ताँदो चढाएर रथमा सवार भइराखेको वीर, महाबली दुर्धर पनि सयकडौं बाणको प्रहार गर्दै हनुमान्लाई लखेट्नलाग्यो ॥२४॥ जसरी वर्षाकालको अन्तमा अर्थात् शरत्कालमा हावाले बादललाई पानी बर्साउन दिन्न त्यसै गरी आकाशमा घुम्नलागेका हनुमान्ले बाणको वृष्टि गर्नलागेको यस दुर्धरलाई रोकिदिए अर्थात् यसको बाण आफ्नो शरीरमा लाग्न दिएनन् ॥२५॥ दुर्धरद्वारा पीडित भएका पराक्रमी वायुपुत्र हनुमान् बडो चर्को स्वरले गर्जंदै आफ्नो शरीर फुलाउनलागे ॥२६॥ यसपछि अकस्मात्सँग धेरै माथि उफ्रेर पर्वतमा वज्र परेझैं एक्कासि बडो वेगसँग दुर्धरको रथमाथि हामफाले ॥२७॥ हनुमान्ले हामफाल्नासाथ रथको पांग्रा, जुवा सबै भांचियो, आठै ओटा घोडासमेत मरे; दुर्धरले पनि चूर्ण भएको त्यस रथबाट तल भूइँमा खसेर प्राण त्याग गऱ्यो ॥२८॥

दुर्धरलाई यसरी भूइँमा लडेको देख्ता, युद्धमा सजिलोसंग पराजित नहुने, शत्रुहरूलाई ध्वस्त पार्ने विरूपाक्ष र यूपाक्ष यी दुवै खूबसंग झोक्किएर हनुमान्माथि जाइलागे ॥२९॥ निर्मल आकाशमा अडिराखेका महाबाहु हनुमान्को छातीमा एक्कासि उफ्रेर यी दुवैले दुई मुद्गर हिर्काए ॥३०॥ महाबली हनुमान्जी पनि अतिशय ठूलो वेग भएका यी दुवै राक्षसको अस्त्र प्रहारलाई निष्फल गराएर बडो वेगसँग गरुड ओर्लेझैं गरेर फेरि पृथ्वीमा हामफाले ॥३१॥ साल रूखनेर गई त्यसलाई उखेलेर त्यसैले हनुमान्ले यी दुवै वीरलाई मारिदिए ॥३२॥

वेगवान् हनुमान्द्वारा यी तीनै राक्षस मारिएको देखेपछि बडो छिटो छरितो प्रघस नाम गरेको महाबली सेनापति हाँस्तै हनुमान् भएको ठाउँमा आयो ॥३३॥ पराक्रमी भासकर्ण पनि रिसले झोक्किएर हातमा शूल लिई यशस्वी हनुमान्को एकातिर उभियो, यस प्रकारसँग यी दुवैले एक्कै बाजि दुईतिरबाट हनुमान्लाई घेरे ॥३४॥ यसपछि प्रघस तीखो पटाले र भासकर्ण शूलले वानरश्रेष्ठ हनुमान्माथि प्रहार गर्नलाग्यो ॥३५॥ शूल र पटा लाग्नाले हनुमान्को शरीरभरि घाउ नै घाउ भएर रगत बग्नलाग्यो, रगतले रौं रंगिएकोले यिनी बिहानीपखको सूर्य जस्तो देखिनलागे र क्रुद्ध पनि भए ॥३६॥ पशु, सर्प र रूखले भरिभराउ भइराखेको पर्वतको एउटा टाकुरालाई नै उचालेर कपिश्रेष्ठ वीर हनुमान्ले यी दुवै राक्षसलाई मारिदिए । यस टाकुराको चोट पर्नाले यिनीहरू तिल जस्तै भएर चूर्ण भए ॥३७॥

यी पाँचै सेनापतिहरू मारिएपछि हनुमान् यिनको बाँकी रहेको फौजलाई नाश पार्नलागे ॥३८॥ जसरी इन्द्रले असुरहरूलाई ध्वस्त पारेथे त्यसै गरी हनुमान्ले पनि घोडामाथि घोडा फ्याँकेर घोडाहरूलाई मारिदिए, हात्तीले हात्तीहरूलाई, सैनिकले सैनिकलाई र रथले रथलाई ध्वस्त गरिदिए ॥३९॥ मरेका हात्ती, घोडा र राक्षसले गर्दा तथा भाँचिएको कुचिएको पांग्रा र ठूला ठूला रथले भूईँलाई ढाकिदिएकोले चारैतिरबाट बाटै बन्द भयो ॥४०॥ यस प्रकारसँग सेना र वाहनको साथसाथै यी पाँच सेनापतिहरूको संहार गरिसकेपछि वीर हनुमान् फाटकमाथि बसेर लोकको नाश गर्ने कालले अवकाशको समय बिताउनलागेझैं आफ्नो समय बिताउनलागे ॥४१॥

सर्ग—४७

अक्षकुमारको वध ।

अनुचर र वाहनको साथसाथैमा पाँचै जना सेनापतिहरू हनुमान्को हातबाट मारिएको खबर सुनेपछि आफ्नो अगाडि बसिराखेको, लडाइँमा जान भनी उत्सुक भइराखेको, अक्ष नाम गरेको छोरोतिर रावणले दृष्टि दियो अर्थात् यसलाई संग्राममा जाने आज्ञा दियो ॥१॥ रावणको आँखाको इशारा पाउनासाथ सुनै सुनले सिंगारिएको, विचित्रको धनु धारण गर्ने यो अक्षकुमार, ब्राह्मणद्वारा हवन गरिएको घिउद्वारा प्रज्वलित भई उठेको आगोझैं, उत्तिखेरै उठिहाल्यो ॥२॥ यसपछि महाबली राक्षसश्रेष्ठ चारैतिर चहकिलो सुनको जाली लागेको, बिहानीपखको सूर्यझैं टल्कने रथमा सवार भई हनुमान्सित लड्न भनी हिंड्यो ॥३॥ यसको रथ तपस्याको प्रभावले हातलागी भएको हो, चहकिलो सुनको जालीले यो सिंगारिएको थियो, रत्नै रत्न जडिएका ध्वजा पताका यसमा फर्फराइराखेका थिए र मन जत्तिकै छिटो दगुर्ने आठओटा घोडा यसमा जोतिएका थिए ॥४॥ यस रथलाई देवता, दैत्य कसैले जित्न सक्तैनथे र खूब छिटोसँग यो दगुर्न सक्तथ्यो, बिजुली झैं चम्कने यो रथ आकाशमा समेत उड्न सक्तथ्यो । यसमा वाण राख्ने ठोक्रो राखेको थियो, आठओटा तरवार बडो काइदासँग चारैतिर मिलाएर राखेकोले पनि यो राम्रो देखिएको थियो । शक्ति, तोमर तथा संग्राममा चाहिने अरू चीज बीज पनि जुन जुन ठाउँमा राख्नुपर्ने हो त्यहीं राखिएका थिए । सुनै सुनको डोरीले चारैतिरबाट कसिएको यो रथ चन्द्र सूर्यझैं टल्किरहेको थियो । सूर्यको जस्तो चहक भएको यस्तो रथमा सवार भई देवतासमानको पराक्रमी यो अक्षकुमार निस्क्यो ॥५–६॥ हात्ती घोडा र रथको आवाजले पर्वतसहितको पृथ्वी र आकाशलाई गुञ्जायमान गराउँदै फौजलाई साथमा लिएर अक्षकुमार फाटकमाथि बसिराखेका शक्तिमान् हनुमान्नेर आयो ॥७॥ सिंहको जस्तो डरलाग्दो आँखा भएको अक्षकुमारले प्रलयकालको अग्निझैं बसिराखेका तथा आफूलाई देख्ता छक्क परेका र केही हडबडाएका हनुमान्लाई बडो आदरसँग हेर्‍यो ॥८॥ महात्मा हनुमान्को वेग तथा यिनको शत्रुलाई नाश पार्ने पराक्रमपट्टि दृष्टि दिएर र आफ्नो बलको विचार गरेर महाबली अक्षकुमार प्रलयकालको सूर्यझैं बढ्नलाग्यो ॥९॥ हनुमान्को पराक्रम देख्नाले

नै अक्षलाई रिस उठिसकेको थियो । यसले संग्राममा एकाग्रचित्त भई खूब स्थिर भएर, रणदेखि विमुख नहुने हनुमान्माथि तीनओटा तीखा तीखा बाण चलायो र उनलाई युद्ध गर्नाको निम्ति हाँक दिन लाग्यो ॥१०॥ युद्धका लागि उत्साहित भइराखेका हनुमान्लाई अक्षले हातमा धनु बाण लिइराखेका देख्यो । यिनले थकाइलाई जितेका थिए र केही घमण्डी जस्ता देखिन्थे, हेर्दैमा यिनी शत्रुलाई हराउन सक्ने योग्य पात्र लाग्दथे ॥११॥

घाँटीमा सुनको गहना, हातमा बाजू र कानमा कुण्डल लगाएको प्रचण्ड पराक्रमी अक्षकुमारले हनुमान्माथि आक्रमण गऱ्यो । यी दुवैमा घनघोरको, पहिले कहिले पनि नभएको जस्तो युद्ध हुन-लाग्यो । यो युद्ध देवता र दैत्यका लागि पनि भयंकर थियो ॥१२॥ यी दुवैको बीचमा बडो पराक्रम-सँग युद्ध हुँदाखेरि पृथ्वीका सबै प्राणी चिच्च्याउनलागे, सूर्यको ताप मधुरो भयो, हावा चल्न बन्द भो, पहाड हल्लन लाग्यो, आकाश गर्जनथाल्यो र समुद्रसमेत खलबलियो ॥१३॥ निशाना लगाउन, बाण चढाउन तथा चलाउनामा सिपालु भएको वीर अक्षकुमारले, सुवर्णमय पखेटा र तीखो टुप्पो भएका विषालु सर्प जस्ता तीनओटा बाण हनुमान्को टाउकोमा ताकेर चलायो ॥१४॥ यी तीनै ओटा बाण टाउकोमा एकैचोटि लागेकोले हनुमान्को मस्तकबाट रगतको धारा बग्नलाग्यो र आँखा फन्फनी घुम्न-थाले । यस समयको हनुमान्को शोभा उदयकालको सूर्यको जस्तो थियो । यी बाण किरणसमानका थिए अतएव हनुमान् किरणको माला धारण गर्ने सूर्यसमान शोभायमान हुनलागे ॥१५॥

सुग्रीवका श्रेष्ठ मन्त्री हनुमान् चित्र विचित्रको हात हतियार तथा धनु लिएर लड्नलागेको राक्षसराजको छोरो अक्षकुमारलाई देखेपछि मनमा प्रसन्न भएर उतिनखेरै युद्धको निम्ति तैयार भई आफ्नो रूप बढाउनलागे ॥१६॥ बल र पराक्रमले युक्त भएका हनुमान् रिस बढेकोले मन्दराचलको टाकुरमाथि चढिराखेका सूर्य भगवान् जस्तै देखिनलागे र नेत्राग्निको किरणले सेना तथा वाहनको साथ-साथै अक्षकुमारलाई भस्म पार्नलागे ॥१७॥ ज़सरी बादलले पर्वतमाथि जलको वृष्टि गर्दछ त्यसै गरी राक्षसरूपी मेघ पर्वतरूपी वानरमाथि बाणको वृष्टि गर्नलाग्यो । इन्द्रधनुसमानको यसको धनु थियो र बाणको वृष्टि जलधाराको वृष्टितुल्य थियो ॥१८॥ राक्षस अक्ष संग्राममा प्रचण्ड पराक्रम देखाइरहेको थियो; यसको तेज, बल, वीर्य्य सबै बढिराखेका थिए र यो बडो फूर्तिसँग बाण चलाउनलागेको थियो । यस प्रकारको अक्षलाई युद्धभूमिमा देखेपछि हनुमान् प्रसन्नतापूर्वक मेघ गर्जेको जस्तो गम्भीर स्वर झिकेर गर्जनलागे ॥१९॥ लडकपनले गर्दा अक्षलाई युद्धमा आफ्नो पराक्रमको निक्कै घमण्ड थियो, रिसले गर्दा यसका दुवै आँखा राता रात भइराखेका थिए । जसरी घाँसै घाँसले छोपिराखेको इनारनेर यहाँ खाल्डो छ भन्ने थाहा नभएर हात्ती त्यसनेर जान्छ त्यसै गरी प्रतापी अक्ष पनि यो बानर कालरूप हो भन्ने थाहा नपाएर योद्धाहरूमध्येका प्रधान वानरराज हनुमान्को नजीक पुग्यो ॥२०॥ अक्षले बडो वेगसँग चलाएका बाणको चोट लागेपछि वायुपुत्र हनुमान्जी हात र खुट्टा फिंजाएर अतिशय डरलाग्दो स्वरूप धारण गरी आकाशवासीहरूलाई त्रास पर्ने गरी बडो उत्साहसँग मेघ गर्जेझैं गर्जनलागे ॥२१॥

हनुमान्‌लाई आकाशमा चढ्नलागेको देखेपछि रथीहरूमध्येको श्रेष्ठ, रथमा सवार भएको, राक्षसहरूमाको प्रधान यो प्रतापी अक्षकुमार पनि आकाशमा उडेर गयो र मेघले पर्वतमाथि ढुङ्गाको वर्षा गरेझैं हनुमान्‌माथि बाणको वर्षा गर्नलाग्यो ॥२२॥ डरलाग्दो पराक्रमले युक्त भएका, मनसमानको वेगले उड्न सक्ने वीर हनुमान् पनि, अक्षले चलाएका बाणलाई निष्फल गराउँदै बाणको बीचबीचमा वायुझैं आकाशमण्डलको रणभूमिमा घुम-फिर गर्नलागे ॥२३॥ युद्धका लागि उत्साहित भइराखेको, धनुधारण गरेको अक्षले नाना प्रकारका उत्तम उत्तम बाण चलाएर आकाशलाई ढाकिदियो ।

वायुपुत्र हनुमान्‌ले यो कुरा देखेपछि आदरसँग अक्षलाई हेरेर मनै मनमा विचार गर्नलागे ॥२४॥ यत्तिकैमा मनस्वी कुमारश्रेष्ठ अक्षले बाणको प्रहार गरेर हनुमान्‌को छातीमा घाउ पारिदियो । महाबाहु हनुमान्‌जी कामको तत्व बुझ्दथे तसर्थ यिनी अक्षको युद्धसम्बन्धी पराक्रमको बारेमा गर्जन गर्दै विचार गर्नलागे ॥२५॥ भर्खर उदाएका सूर्यको जस्तो कान्ति भएको यो महाबली, बालक भए तापनि बडो सुन्याइँको काम गरिरहेको छ । युद्धसम्बन्धी सबै काममा यो सिपालु छ तसर्थ यसलाई मार्नेपट्टि मेरो मन जाँदैन ॥२६॥ यो मनस्वी, पराक्रमले गर्दा ठूलै छ, बडो होशियार छ र युद्धको कष्ट सहन सक्तछ । युद्धसम्बन्धी काममा सिपालु भएकोले यो नाग, यक्ष, तथा मुनिहरूद्वारा निस्सन्देह पूजित हुन योग्य छ ॥२७॥ पराक्रम र उत्साहले गर्दा यसको मन बढिराखेको छ, युद्धभूमिमा सामुन्ने उभिएर मतिर हेरिरहेको छ, शीघ्रतापूर्वक युद्ध गर्ने यसको पराक्रमले ता देवता र असुरहरूको समेत मन कँपाउन सक्तछ ॥२८॥ उपेक्षा गरेको खण्डमा ता अवश्यै यसले मलाई हराइदिनेछ, कारण युद्धमा यसको पराक्रम धमाधम बढ्नलागेको देखिन्छ, तसर्थ अहिले नै यसलाई मारिदिनामा बेश होला; बढ्नलागेको आगोलाई वास्ता नगरी त्यसै छाड्नामा उचित पर्दैन ॥२९॥

यस प्रकारसँग शत्रुको पराक्रम तथा शत्रुवधका लागि आफूले गर्नुपर्ने कर्तव्यको निश्चय गरी महाबली महापराक्रमी हनुमान्‌ले आफ्नो वेग प्रकट गरे र शत्रुको संहार पार्न भनी तयार पनि भए ॥३०॥ राम्रोसँग सधिएका, दाहिने देब्रेतिर मोडिदा रथको भार सह्याल्न सक्ने यसका रथका ठूला ठूला आठै ओटा घोडालाई, आकाशमार्गमा अडिइराखेका वीर वायुपुत्रले थप्पड चखाएर नै मारिदिए ॥३१॥ सुग्रीवका मन्त्रीद्वारा पराजित भएको र यिनको हातको थप्पड खाएको महारथी अक्ष, रथको धूरा भाँचिएकोले, घोडा मारिएको र रथ चूर चूर भएकोले, निराधार भईकन आकाशबाट तल भूइँमा खस्यो ॥३२॥

जसरी उग्र वीर्य भएका ऋषिहरू आफ्नो तपस्याको प्रभावले शरीरलाई छाडेर देवलोकतिर जान्छन् त्यसै गरी यो अक्ष पनि रथलाई छाडेर हातमा धनु तरवार लिई उफ्रँदै आकाशतिर लाग्यो ॥३३॥ यस प्रकारसँग यो अक्षकुमार पक्षीराज गरुड र सिद्धहरूले डुल-फिर गर्ने बाटोमा अर्थात् आकाशमा घुम्न लाग्यो ।

वायुको जस्तो वेग भएका पराक्रमी हनुमान्‌ले पनि नजीकै गएर यस राक्षसका दुवै खुट्टा खूब

बलियोसँग समतिदिए ।।३४।। जसरी गरुडले बडेमानको सर्पलाई समातेर फन्फनी घुमाउँछन् त्यसै गरी आफ्ना पिता वायुको जत्तिकै पराक्रम भएका वानरश्रेष्ठ हनुमान्ले पनि हजारौंचोटि अक्षलाई घुमाएर बडो जोरसँग तल युद्धभूमिमा पटकिदिए ।।३५।। यसका हात, तिघ्रा, कम्मर, छाती यी सबै भाँचिए, रगत बग्नलाग्यो, आँखाको हाड छिया छिया भयो, शरीरको जम्मै जोर्नी फुक्लेर छ्यान्नब्यान्न भयो, यस प्रकारसंग हनुमान्ले राक्षसलाई मारेर भूइँमा ढालिदिए ।।३६।।

अक्षलाई यस प्रकारसँग भूइँमा ढालेर महाकपि हनुमान्ले रावणको मनमा बडो ठूलो डर उत्पन्न गराए । यस समयमा तारामण्डलमा बस्नेहरू, ऋषिहरू अनेक प्रकारका प्राणी, यक्ष, नाग र इन्द्रको साथमा देवताहरू, यी सबै त्यहाँ जम्मा भए र अक्षकुमारलाई मरेको देख्ता बडो आश्चर्य्य मानेर हनुमान्-तिर हेर्नलागे ।।३७।। इन्द्रका छोरा जयन्तको जस्तो पराक्रम भएको, रातो रातो आँखा भएको अक्ष-कुमारलाई युद्धमा मारिसकेपछि वीर हनुमान् लोकको संहार पार्ने कालले अवकाशको समय बिताउनाका लागि उही फाटकमाथि चढेर बसे ।।३८।।

सर्ग—४८

इन्द्रजित् हनुमान्लाई पक्रेर लैजान्छ ।

हनुमान्ले युद्धमा अक्षकुमारलाई मारेपछि मनस्वी रावणले आफ्नो शोकको वेगलाई मनभित्रै रोकेर बडो क्रुद्ध भई देवतासमानको आफ्नो छोरो इन्द्रजित्लाई युद्धमा जाने आज्ञा दियो ।।१।।

रावणले भन्योः—हे छोरा ! तिमी अस्त्रधारीहरूमा श्रेष्ठ छौ र सबै अस्त्र शस्त्रको प्रयोग जान्दछौ, देवता र असुरहरूलाई ताप पार्न सक्तछौ, देवता र इन्द्रले तिम्रो पराक्रमको परिचय पाइसकेका छन्, ब्रह्माको आराधना गरेर तिमीले ब्रह्मास्त्रसमेत पाइराखेका छौ ।।२।। युद्धमा तिम्रो अस्त्रबलको सामुन्नेमा इन्द्रद्वारा रक्षित भएका देवता र उनञ्चास वायु अड्न सक्तैनन् ।।३।। तीनै लोकमा तिमी जत्तिकै युद्धमा नथाक्ने कोही पनि छैन । आफ्नै बाहुबल तथा तपस्याद्वारा रक्षित रहने तिमीसिवाय अरू कोही छैन । देश, कालको ज्ञान भएका र बुद्धिमानहरूमा श्रेष्ठ पनि तिमी नै छौ ।।४।। युद्धमा गर्नुपर्ने कुनै काम पनि तिमीबाट नहोला जस्तो छैन । शास्त्रीय बुद्धिद्वारा सबै कुराको विचार राखेर राजकाज चलाउने शक्ति पनि तिमीमै छ । तीनै लोकमा तिम्रो अस्त्रबल र पराक्रम नजान्ने कुनै व्यक्ति पनि छैन ।।५।। तिम्रो तपस्याको बल, पराक्रम र युद्धमा देखाउनुपर्ने अस्त्रबल यी सबै कुरा मेरो-जत्तिकै छ । संग्राममा तिमी भएपछि जित नहोला भन्ने कुरामा मलाई अलिकता पनि शङ्का लाग्दैन ।।६।। हेर ! अस्सी हजार किङ्कर मारिए, जम्बुमाली राक्षसको वध भइसक्यो, फौजको अघिअघि हिंड्ने मन्त्रीका पाँचओटा वीर छोराहरूको समेत मृत्यु भइसक्यो ।।७।। हात्ती, घोडा रथसहितको ठूलो फौज ध्वस्त भयो, महोदर र तिम्रो सहोदर भाइ अक्षकुमारको पनि वध भयो, तर हे शत्रुलाई मार्ने छोरा ! यी कुनैमा पनि तिम्रो जत्तिको बल थिएन, तिमी यी सबैभन्दा बलिया छौ ।।८।। आफ्नो

वडेमानको फौज नष्ट भएको हेर र यस वानरको पराक्रम र प्रभावको पनि विचार राख । आफ्नो बल र पराक्रमपट्टि दृष्टि दिएर आफ्नो पुरुषार्थलाई सुहाउने किसिमको पराक्रम झट्टै देखाइहाल ॥९॥ हे अस्त्रधारीहरूमध्येका श्रेष्ठ ! युद्धमा हनुमान्को नजीक पुगेपछि तिमीले आफ्नो र शत्रुको बलमा विचार राखेर यस्तो किसिमसँग काम गर्नुपर्दछ कि शत्रु ता शाम्य होस् तर फौज भने विनाश हुन नपाओस् ॥१०॥ अथवा हे वीर ! फौजलाई साथमा लैजाने केही प्रयोजन छैन कारण सैनिक भाग्नथालेभने डफफाका डफ्फा भएर भाग्दछन्, बडो ठूलो वज्र पनि संगमा लैजाने काम छैन, कारण यो वानर वायुको छोरो हो र वायुको यत्तिकै सामर्थ्य होला भन्ने विचार गर्न सकिन्न । अग्निसमानको तेजस्वी यस वानरको शस्त्रादिको प्रहारले संहार गर्न गाह्रो छ ॥११॥ मैले भनेको कुरामा सावधान चित्त भई राम्रोसँग विचार गर । स्वयं आफ्नो प्रयत्नद्वारा नै यस काममा सिद्धि हुनेछ, तसर्थ सावधानीसाथ यस कामका लागि दिव्यधनुको सामर्थ्यको संझना गर्दै युद्धभूमिमा जाऊ र आफ्नो कुनै प्रकारको हानि नहुने गरी काम गर्न थालिहाल ॥१२॥ तिमी जस्तो प्यारो छोरोलाई यस्तो सङ्कटको काममा पठाउनु ता नपर्ने हो तर के गर्नु शास्त्रको अनुसार राजधर्म र क्षत्रियत्वलाई सुहाउने कुरो यही छ ॥१३॥ हे शत्रुको संहार पार्ने छोरा ! रणमा विजयको चाहना गर्नेले अवश्यै नाना प्रकारका अस्त्र शस्त्रको प्रयोगमा र युद्ध-सम्बन्धी सबै विषयमा सिपालु भइराख्नुपर्दछ ॥१४॥

पिताको वचन सुनेपछि देवतासमानको प्रभाव भएको, युद्धमा जान भनी दृढ निश्चय गरेको इन्द्र-जित्ले एक छिन पनि विलम्ब नगरी रावणको प्रदक्षिणा गर्‍यो ॥१५॥ आफ्ना इष्टगणहरूबाट प्रशंसा पाएको, युद्धका लागि उत्साहित भइराखेको इन्द्रजित्ले संग्रामभूमिमा जान भनी प्रस्थान गर्‍यो ॥१६॥ कमलको पात जस्तै ठूला ठूला आँखा भएको, राक्षसराजको तेजस्वी छोरो श्रीमान् इन्द्रजित् पर्वकालमा समुद्र बढेझैं अगाडि बढ्नलाग्यो ॥१७॥ पक्षिराज गरुडको जस्तो फूर्ति भएको, इन्द्रसमानको असह्य वेग भएको इन्द्रजित् तीखा तीखा दाँत भएका चारओटा हात्ती जोतिएको रथमा सवार भयो ॥१८॥ धनुर्धारीहरूमध्येको श्रेष्ठ, शास्त्र जान्ने, अस्त्रवेत्ताहरूमध्येको अग्रगण्य इन्द्रजित् रथमा सवार भई हनुमान् भएको ठाउँमा गयो ॥१९॥ वानरश्रेष्ठ हनुमान्जी त्यसको रथको घर्घर र धनुको टङ्कार सुन्दा बहुतै प्रसन्न भए ॥२०॥ रणकुशल इन्द्रजित् हनुमान्लाई देख्नासाथ धनु र तीखा तीखा बाण लिएर उनीतिर जानलाग्यो ॥२१॥ जुन बखतमा प्रसन्नतासाथ इन्द्रजित्ले हातमा बाण लिएर युद्धको निम्ति प्रस्थान गर्‍यो, त्यस बखतमा जम्मै दिशा धमिलो देखिनलागे र स्याल आदि गरिएका पशुहरू वारंवार चिच्च्याएर भयङ्कर शब्द निकाल्नलागे ॥२२॥ त्यहाँ नाग, यक्ष, महर्षि, तारामण्डलमा डुल-फिर गर्ने सिद्धहरू संग्राम हेर्नको निम्ति जम्मा भए र पक्षीहरू आकाशमा जतातत्तै उड्दै संग्राम हुने भयो भन्ने हर्षले गद्गद भई, चर्को स्वर झिकेर आवाज गर्नलागे ॥२३॥

इन्द्रको ध्वजा जस्तै ध्वजा भएको इन्द्रजित्को रथ आफूतिर आउनलागेको देखेपछि हनुमान् बडो गम्भीर स्वरले गर्जन र आफ्नो शरीर बढाउनलागे ॥२४॥ दिव्य रथमा बसेको, चित्र विचित्रको

धनु धारण गरिराखेको इन्द्रजित् आफ्नो धनुमा टङ्कार दिंदै बिजुली चड्केको जस्तो भयङ्कर शब्द झिक्न लाग्यो ॥२५॥ आफू आफूमा स्वाभाविक शत्रुता भएका दैत्यराज र इन्द्रको बीचमा युद्ध भएझैं यी दुवै जनामा युद्ध हुनलाग्यो । राक्षसराजको छोरो र हनुमान् यी दुवै अति तीक्ष्ण वेग भएका, युद्धमा अलिकता पनि डर नलिने बडा बलिया थिए ॥२६॥

अद्वितीय पराक्रम भएका हनुमान्, युद्धमा प्रशंसा पाएको, धनुर्धारी, महारथी वीर इन्द्रजित्‌ले चलाएको बाणलाई निष्फल गराएर आफ्ना पिता वायुको मार्गमा अर्थात् आकाशमा घुम्नलागे ॥२७॥ यसपछि शत्रुको संहार पार्ने वीर इन्द्रजित्, तीखो टुप्पो भएका, राम्रा राम्रा पखेटाले भूषित भइ-राखेका, सुनै सुनले मोरिएकोले चित्र विचित्रको रूप लिएका, वज्रसमानको वेग भएका, अति विशाल बाण चलाउनलाग्यो ॥२८॥ इन्द्रजित्‌को रथको घर्घर, मृदङ्ग भेरी पटह आदि गरिएका बाजाको शब्द र धनुमा ताँदो चढाउँदाखेरिको स्वर सुनेपछि हनुमान् फेरि आकाशमा उफ्रँदै चढ्न लागे ॥२९॥ निशाना लगाउनामा सिपालु भएको त्यस इन्द्रजित्‌को लक्ष्यलाई निष्फल गराउँदै हनुमान् बाणको बीचबीचमा बडो फूर्तिसंग घुम्नलागे ॥३०॥ यिनी केही बेरका लागि बाणको अघि-ल्तिर आएर उभिन्थे र बाण छुट्नासाथ दुवै हात पसारेर ती बाणलाई समाती फेरि उफ्रँदै माथितिर लाग्दथे ॥३१॥ यी दुवै बडा बलिया र युद्ध गर्नामा खूबै सिपालु थिए । यी दुवै वीर सबैको मन रमा-उने गरी बडो उत्तम प्रकारसँग युद्ध गर्नलागेका थिए ॥३२॥ मेरो बाणको प्रहार हनुमान्‌ले कसरी रोकेको होला भन्ने कुराको न राक्षसलाई पत्तो थियो, न इन्द्रजित्‌ले कसरी यति छिटो बाण चलाएको होला भनेर हनुमान्‌ले बुझेका थिए । देवताको जस्तो पराक्रम भएका यी दुवै युद्ध गर्दा गर्दैमा एउटाले अर्काको मार खप्न नसक्ने भए ॥३३॥ कहिले पनि निष्फल नजाने अमोघ बाण चलाउँदा पनि हनुमान्-को शरीर नछेडिएको देख्ता महात्मा इन्द्रजित्, उनको शरीरको यथार्थरूप जान्नाका लागि ध्यानयोगको आश्रय लिएर, एकाग्र चित्तले विचार गर्नलाग्यो ॥३४॥ ध्यानयोगले वानरश्रेष्ठ हनुमान्‌जी अवध्य रहेछन् भन्ने कुरा थाहा पाएपछि राक्षसराजको छोरो कुन उपायले यिनलाई पक्रने हो भन्ने विषयमा चिन्तना गर्नलाग्यो ॥३५॥

यस्तो विचार गरेपछि अस्त्रधारीहरूमध्येको श्रेष्ठ महातेजस्वी वीर इन्द्रजित्‌ले हनुमान्‌माथि पितामह ब्रह्माजीले दिएको ब्रह्मास्त्रको प्रयोग गर्‍यो ॥३६॥ यिनी अवध्य छन् भन्ने थाहा पाएकोले अस्त्रको तत्व जान्ने इन्द्रजित्‌ले महाबाहु हनुमान्‌लाई यही ब्रह्मास्त्रद्वारा बन्धनमा पारिदियो ॥३७॥ राक्षसद्वारा प्रयोग भएको ब्रह्मास्त्रको बन्धनमा परेपछि हनुमान्‌जी हल न चल भएर भूइँमा खसे ॥३८॥ ब्रह्मास्त्रको बन्धनमा परेको भए तापनि रामचन्द्रको प्रभावले आफ्नो अलिकता मात्र वेग घटेको थाहा पाएपछि ता वानरश्रेष्ठ हनुमानले पितामह ब्रह्माजीको आफूमाथि ठूलो अनुग्रह रहेछ भन्ने कुरा बुझे ॥३९॥ ब्रह्माको मन्त्रद्वारा अभिमन्त्रित भएको ब्रह्मास्त्रमा आफू बाँधिएको देखेपछि हनुमान् ब्रह्माबाट पाएको वर-दानमा विचार गर्नलागे ॥४०॥ ब्रह्माको प्रभावले गर्दा यस बन्धनबाट उम्कने शक्ति ममा छैन तसर्थ

ब्रह्माको यस बन्धनलाई मैले खप्नै पर्दछ ॥४१॥ यस अस्त्रको बल, ब्रह्माको आफूमाथिको अनुग्रह र यसबाट छुटकारा पाउने आफ्नो शक्ति यी सबैको विचार गरेर हनुमान्‌ले ब्रह्माको आज्ञा पालन गर्नैमा उचित देखे ॥४२॥ अस्त्रले बाँधिएको भए तापनि मलाई कुनै कुराको डर छैन, किनकि ब्रह्मा, इन्द्र, वायु यी सबै मेरो रक्षा गरिरहेका छन् ॥४३॥ राक्षसद्वारा पक्रिएकोमा राक्षसराजसित कुराकानी गर्न पाइने फाइदा देखिन्छ, तसर्थ यिनीहरू मलाई पक्रून् ॥४४॥

यस प्रकारको कर्तव्यको निश्चय गरिसकेपछि, शत्रुको विनाश पार्ने, विचारपूर्वक काम गर्ने हनुमान् हल न चल भएर लडिरहे र चारैतिरबाट राक्षसहरूले घेरेर यिनलाई पीटपाट पार्न र हप्काउन लागेपछि ता यिनी चर्को स्वर झिकेर गर्जनलागे ॥४५॥ शत्रुको नाश पार्ने हनुमान्‌लाई हल न चल भएको देखेपछि राक्षसहरूले सनको डोरीले र रूखको बोक्राले खूब बलियोसंग यिनलाई बाँधिदिए ॥४६॥ कदाचित् उत्सुक भएर रावणले मलाई हेर्न खोजिहाल्दछ कि भन्ने विचारले वीर हनुमान्‌ले शत्रुहरूले आफूलाई बाँधेको तथा आफ्नो निन्दा गरेको खपिरहे ॥४७॥

सनको डोरीले बाँधिनासाथ पराक्रमी हनुमान्‌ले ब्रह्मास्त्रको बन्धनबाट छुटकारा पाइहाले किनकि अरू कुनै चीजले बाँधेपछि ता ब्रह्मास्त्रको बन्धन कायम रहनै सक्तैन ॥४८॥ यी वानरश्रेष्ठ हनुमान्‌लाई डोरीले बाँधेपछि ब्रह्मास्त्रको बन्धनबाट मुक्त भएको देखेपछि इन्द्रजित्‌ले विचार गऱ्यो—यो बडो आश्चर्य्यको कुरा हो कि अरू चीजले बाँधिदाखेरि पनि यो वानर ब्रह्मास्त्रले बाँधिए जत्तिकै भइराखेको छ ॥४९॥ अहो ! राक्षसहरूले मेरो अस्त्र बन्धनलाई निष्फल गराइदिए । यिनीहरूले मन्त्रको प्रभाव-पट्टि विचारै राखेनन् । एकबाजि यो अस्त्र निरर्थक भएपछि फेरि दोस्रोबाजि यसको प्रयोग हुन सक्तैन । अबलाई हामीहरूको जित हुनामा सन्देह देखिन्छ ॥५०॥ ब्रह्मास्त्रबाट मुक्त भएपछि पनि हनुमान्‌ले आफूलाई बन्धनबाट उम्केको जस्तो देखाएनन् । तसर्थ राक्षसहरूले साधारण डोरीले बाँधेर यिनलाई तान्न र घिच्च्याउनलागे ॥५१॥ यसपछि क्रूर स्वभाव भएका राक्षसहरूले यिनलाई काल-समानको मुक्की चखाउँदै, घिसार्दै पछार्दै रावणको नजीक पुऱ्याइदिए ॥५२॥

ब्रह्मास्त्रको बन्धनबाट मुक्त भए तापनि साधारण डोरीले बेसरी मस्किएको देख्ता इन्द्रजित्‌ले, ती वानरश्रेष्ठ महाबली हनुमान्‌लाई सभासद्‌हरूको बीचमा बसिराखेको रावणलाई देखायो ॥५३॥ यी राक्षसहरूले मतवाला हात्ती बाँधिएझैं बाँधिएका कपिश्रेष्ठ हनुमान्‌लाई राक्षसराज रावणको नजीक लिएर गए ॥५४॥ हनुमान्‌लाई देख्नेवित्तिकै राक्षसहरू आफू-आफूमा सोधासोध गर्नलागे, यो को हो ? कसको छोरो हो ? कहाँबाट र के कामका लागि आएको हो ? यसको मालिक को हो ? ॥५५॥ रिसले सुर्‌मुरिएका अर्को थरीका राक्षसहरू यसलाई मार्नैपर्दछ, जीउँदै डढाउनुपर्दछ अथवा खाइ नै दिनुपर्दछ भनेर आफू-आफूमा कुरा गर्नलागे ॥५६॥

महात्मा हनुमान् अलि टाढा जानासाथ अकस्मात्‌संग राक्षसराज रावणको चरणनेर पुगिहाले । यहाँ यिनले बूढा बूढा सेवकहरू र ठूला ठूला रत्न जडिएकोले विभूषित भइराखेका घर देखे ॥५७॥

महातेजस्वी रावणले नराम्रो अनुहार परेका राक्षसहरूले कपिश्रेष्ठ हनुमान्‌लाई जथाभावीसंग जतातत्तै लछार पछार पारिरहेको देख्यो ॥५८॥ कपिश्रेष्ठ हनुमान्‌ले पनि तेज र बलले युक्त भएको, सूर्यझैं धपक्क बलिराखेको राक्षसराज रावणलाई देखे ॥५९॥ हनुमान्‌लाई देख्नासाथ रावणको आँखा रिसले रातो रातो भएर फन्‌फनी घुम्नलाग्यो। यसले त्यहाँ बसिराखेका कुल शीलसम्पन्न बूढा पाका मुख्य मुख्य मन्त्रीहरूलाई यस वानरसंग जम्मै वृत्तान्त सोध्नू भनेर अह्रायो ॥६०॥ रावणको आज्ञा पाउनासाथ यी मन्त्रीहरूले क्रमैसंग तिमी को हौ, कसका छोरा हौ र कसलाई खोज्न यहाँ आएका छौ भनेर सोधे। यी प्रश्न सुन्नासाथ हनुमान्‌ले उत्तर दिए—म सुग्रीवको दूत हुँ र उनैकहाँबाट यहाँ आएको हुँ ॥६१॥

सर्ग—४९

हनुमान् रावणलाई दरबारमा देख्तछन्।

भयङ्कर पराक्रम देखाउन सक्ने हनुमान् इन्द्रजित्‌को यो काम देख्ता छक्क परे र रिसले आँखा रातो रातो तुल्याएर रावणतिर हेर्नलागे ॥१॥ अति ठूलो तेज भएको रावण मोतीको झल्लर लागेको, धेरै धेरै मोल पर्ने मणि र ठाउँ ठाउँमा हीरा जडिएको सुनको मुकुट तथा मानसिक कल्पनाले तय्यार भएका गहना पहिरिराखेकोले शोभायमान देखिएको थियो ॥२-३॥ यसले किम्मती रेशमी वस्त्रले शरीर ढाकिराखेको थियो, तमाम जीउभरि रक्तचन्दनको लेप लगाएको थियो र शरीरमा अङ्गरागद्वारा बनेका चित्र विचित्र-का रचना देखिन्थे ॥४॥ यसका राता राता आँखा देख्तैमा डरलाग्ने र राम्रा थिए, यसका दाँत चहकिला र तीखा थिए र ओठ खूब लामो थियो ॥५॥ बडा बडा सर्पले व्याप्त भएको मन्दराचलको टाकुरा जस्तो यसका दशओटा टाउका थिए र यी टाउकाले गर्दा यसको शोभा बढिराखेको थियो ॥६॥ रावणको शरीर नीलो गाजलको थुप्रो जस्तो देखिन्थ्यो, छातीमा हार लगाइराखेको थियो, पूर्णिमाका चन्द्रमाको जस्तो यसको मुख थियो अतएव यो भर्खर उदाएका सूर्यले युक्त भएको बादल जस्तो देखिन्थ्यो ॥७॥ हातमा बाजू बाँधिएका थिए, उत्तम प्रकारको चन्दनको लेप लगाएको थियो र कंकण आदि गहना पहिरेकोले यसका यी हात पाँचमुखे सर्प जत्तिकै भयंकर देखिन्थे ॥८॥ यो स्फटिकको अति राम्रो आसनमा बसिराखेको थियो; जुन आसन कि ठाउँ ठाउँमा रत्नै रत्न जडिएकोले चित्र विचित्रको देखिएको थियो र यसमाथि उत्तम प्रकारका बिछ्याउना ओछ्याइएका थिए ॥९॥ नाना किसिमको गहना लगाएर सिंगारिएका सुन्दरीहरू हातमा साना साना चमर लिएर नजीकैमा उभिएर चारैतिरबाट यसको सेवा गरिरहेका थिए ॥१०॥

मन्त्रको तत्व जान्ने दुर्धर, प्रहस्त, महापार्श्व र निकुम्भ नाम गरेका यी चार बलिया बलिया राक्षस मन्त्रीले यसलाई घेरेर बसेका थिए अतएव यो रावण चार समुद्रले बेह्रिएको पृथ्वीसमान देखिएको थियो ॥११-१२॥ जसरी देवताहरूले इन्द्रलाई आश्वासन दिन्छन् त्यसै गरी मन्त्रको तत्व

जान्ने अर्थात् सल्लाह दिनामा सिपालु यी मन्त्रीहरूले र यसको हित चाहने अरू अरू मन्त्रीले यसलाई आश्वासन दिइराखेका थिए ।।१३।।

हनुमान्‌ले महातेजस्वी राक्षसराज रावणलाई जलले भरिभराउ भएको मेरु पर्वतको टाकुरामाथि अडिएको बादल जस्तो पो देखे ।।१४।। यस समयमा वडा बलिया बलिया राक्षसले हनुमान्‌लाई सताइराखेका थिए तापनि यिनी बहुतै छक्क परेर राक्षसराजतिर हेर्नलागे ।।१५।। राक्षसराजको शोभा देखेकाले तथा यसको तेजले मोहित भएकाले हनुमान् मनै मनमा विचार गर्नलागे ।।१६।। अहो ! कस्तो यसको रूप रहेछ ! कस्तो धैर्य रहेछ, कस्तो पराक्रम रहेछ र कस्तो कान्ति रहेछ ! यो राक्षसराज ता साँच्चिकै सबै लक्षणले युक्त भएको देखिन्छ ।।१७।। यस राक्षसराजमा अधर्म वर्ता नभएको भए ता यो इन्द्रसहितको देवलोकको रक्षक बन्न सक्ने थियो ।।१८।। यसको क्रूर, निष्ठुरी तथा निन्दित काम देख्नाले दैत्य, दानव, देवता यी सबै योदेखि थर्कायमान रहन्छन् ।।१९।। रावण रिसको झोंकमा जम्मै जगतैलाई समुद्रमय गराइदिन अर्थात् नाश गर्न सक्तछ । तेजस्वी राक्षसराजको प्रभाव देखेपछि हनुमान्‌ले यस किसिमका अनेक कुराको विचार गरे ।।२०।।

सर्ग—५०

प्रहस्त-हनुमान् संवाद

पहेंला आँखा भएका हनुमान्‌लाई आफ्नो सामुन्ने उभिएको देख्ता संसारलाई रुवाउने रावण वडो क्रुद्ध भयो तर हनुमान्‌को तेजिलो शरीर देख्ता मनमा शंका उत्पन्न भएकोले साक्षात् भगवान् नन्दी पो यहाँ आएका हुन् कि ? भनेर मनमा विचार गर्नलाग्यो ।।१-२।। कैलाशमा हाँस्ताखेरि यिनले मलाई श्राप दिएका थिए, वानरको रूप लिएर उनै यहाँ आएका हुन् कि ? अथवा यो बाणासुर पनि हुन सक्तछ ।।३।।

यस प्रकारको चिन्तना गरिरहेको रावण रिसै रिसले आँखा रातो तुल्याएर मन्त्रीश्रेष्ठ प्रहस्तलाई मौकाअनुसारको, मतलबले भरिएको, गहिरो कुरा भन्नलाग्यो ।।४।। यस दुष्टलाई सोध कि यो कहाँ-वाट आएको हो ? र किन आएको हो, अशोक वाटिकालाई ध्वस्त पार्नाले अथवा राक्षसहरूलाई मार्नाले यसलाई के फाइदा भयो ? ।।५।। प्रवेश गर्नै नसकिने मेरो राजधानीमा आउनाको यसको के अभिप्राय हो र राक्षसहरूसँग युद्ध गर्नाको के मुराद हो यी कुरा पनि यस दुष्टलाई सोध ।।६।।

रावणको कुरा सुनेपछि प्रहस्त भन्नलाग्यो—हे वानर ! नहडबडाऊ, तिम्रो कल्याण हुनेछ, तिमीले हाम्रो डर मान्नुपर्दैन ।।७।। साँचो कुरा भन, इन्द्रले तिमीलाई रावणको राजधानीमा पठाएका हुन् कि ? डराउनुपर्दैन, यथार्थ कुरा भन्नासाथ तिमी अहिले नै छुट्कारा पाउनेछौ ।।८।। कुवेर, यम, अथवा वरुणले तिमीलाई यहाँ पठाएका हुन् कि ? शायद यसैले यस्तो राम्रो रूप बनाएर तिमी यस शहरभित्र पसेका होलाऊ ।।९।। अथवा विजयको चाहना गर्ने विष्णुले दूत बनाएर तिमीलाई पठाएका

हुन् कि ? तिम्रो तेज वानरको जस्तो छैन, केवल रूपले गर्दा तिमी वानर जस्तो देखिएका छौ ॥१०॥ साँचो साँचो कुरा भन्यौभने तिमी अहिले नै छुट्न पाउनेछौ, झूटो बोलेको खण्डमा ता तिम्रो ज्यान बच्न पनि गाह्रो छ ॥११॥ के मनसायले तिमीले रावणको राजधानीमा प्रवेश गरेको हो सो भन ।

प्रहस्तले यति कुरा भनेपछि वानरश्रेष्ठ हनुमान् उसलाई भन्नलागे—इन्द्र, यम अथवा वरुण यी कसैको म दूत होइन, न कुवेरसँग मेरो दोस्ती छ न विष्णुले मलाई पठाएका हुन् ॥१२-१३॥ म जन्मैदेखिको वानर हुँ, राक्षसराजको दर्शनका लागि यहाँ आएको हुँ, तर दर्शन पाउनु ता वडो गाह्रो थियो ॥१४॥ राक्षसराजको दर्शनका लागि मैले यो वन उजाड पारेको हुँ । म के गरूँ ? ठूला ठूला राक्षसहरू लड्न भनी मकहाँ आए । आफ्नो शरीरको रक्षाका लागि मैले यिनीहरूसित युद्धमा लड्नै पर्‍यो । देवता, असुर कसैले पनि अस्त्रको पाशोले मलाई बाँध्न सक्तैनन् ॥१५-१६॥ स्वयं पितामह ब्रह्माजीबाट मैले यो वर पाएको हुँ, केवल राजाको दर्शन पाइन्छ कि भन्ने मतलबले यस अस्त्रको बन्धनमा पर्न मानेको हुँ ॥१७॥ अस्त्रको बन्धनबाट म मुक्त भइसकेको छु, तर राक्षसहरूले म बाँधिएकै छु भन्ठानेर तिमीकहाँ ल्याएका हुन् । रामचन्द्रको कुनै एक कामका लागि म तिमीकहाँ आएको हुँ ॥१८॥ तसर्थ हे रावण ! मलाई अतुल पराक्रमी रामचन्द्रको दूत भन्ठान र मैले भनेको हितको कुरा सुन ॥१९॥

सर्ग—५१

हनुमान्को रावणलाई उपदेश ।

पराक्रमले युक्त भएका हनुमान्जी बलियो रावणलाई आफ्नो अगाडि देख्ता पनि मनमा किञ्चित् नहडबडाईकन साफ साफ कुरा भन्नलागे ॥१॥ हे राक्षसराज ! सुग्रीवको आज्ञाले म तिमीकहाँ आइराखेको छु; तिम्रा भाइ वानरराजले तिम्रो क्षेमकुशल सोधेका छन् ॥२॥ अब तिमी आफ्ना भाइ महात्मा सुग्रीवले पठाएको सन्देश सुन । यो सन्देश धर्म, अर्थ दुवैले युक्त भएको छ र यसलोक परलोक दुवै ठाउँमा कल्याण गर्ने किसिमको छ ॥३॥

दशरथ नामका राजा थिए, हात्ती घोडा रथ यी सबै यिनीसित प्रशस्त थिए, बाबुले छोराको रक्षा गरेझैं यिनी प्रजाको रक्षा गर्दथे र इन्द्र जत्तिकै तेजस्वी पनि थिए ॥४॥ यिनका अतिशय प्यारा, जेठा छोरा महाबाहु राम पिताको आज्ञाले घरबाट निस्केर दण्डक वनमा आए ॥५॥ धर्मानुकूल बाटोमा हिंड्ने यी महातेजस्वी राम, सीता नाम भएकी आफ्नी रानी तथा भाइ लक्ष्मणलाई साथमा लिई वनमा आएका हुन् ॥६॥ विदेह देशका राजा महात्मा जनककी छोरी, सीताको नामले विख्यात भएकी यिनकी रानी जनस्थानमा हराइन् ॥७॥ सीतालाई खोज्दा खोज्दैमा राम, भाइ लक्ष्मणको साथमा ऋष्यमूक पर्वतमा आइपुगे र यहाँ सुग्रीवसित यिनको भेट भयो ॥८॥ सुग्रीवले सीताको खोज पत्ता लगाउने प्रतिज्ञा गरे र रामले पनि सुग्रीवलाई वानरको राज्य दिलाउने प्रतिज्ञा गरे ॥९॥

राजकुमार रामले युद्धमा बालिलाई मारेर सुग्रीवलाई वानर भालुहरूको राजा बनाइदिए ॥१०॥ वानर-श्रेष्ठ बालिलाई ता तिमीले पनि पहिलेदेखि नै चिन्हेकै छौ । केवल एउटा वाण चलाएर रामले यी बानर-लाई संग्राममा मारिदिए ॥११॥

आफ्नो कबूललाई पूरा गर्ने सुग्रीव सीतालाई खोज्न व्याकुल भइराखेका छन् । यिनले सबै दिशामा वानरहरूलाई पठाइराखेका छन् ॥१२॥ सबै दिशामा, पातालमा, आकाशमा हजारौं लाखौं वानर सीता-लाई खोज्न गइराखेका छन् ॥१३॥ यी वीर वानरहरूमध्ये कोही गरुडसमानका छन् , कोही वायुसमान-का । यी महाबलीहरू विना कुनै प्रकारको रोकटोकले हिंड्दछन् र खूब छिटोसँग जहाँतहीं जान सक्तछन् ॥१४॥ म वायुको खास छोरो हुँ, हनुमान् मेरो नाम हो । सीतालाई भेट्न तथा तिम्रो दर्शन गर्नाका लागि सय योजनको फाँट भएको समुद्र नाघेर यहाँ आइराखेको छु, मैले घुम्दा घुम्दैमा तिम्रो घरमा जानकीजीलाई भेटे ॥१५-१६॥ हे महापण्डित ! तिमी ता धर्म र अर्थको रहस्य बुझ्दछौ, तपस्याको प्रभावले ठूलो ऐश्वर्य भेट्टाइराखेका छौ तसर्थ अर्काकी स्वास्नीलाई आफूकहाँ रोकि-राख्नु तिमी जस्तालाई सुहाउने काम होइन ॥१७॥ तिमी जस्ता बुद्धिमान् व्यक्ति अनेक अनर्थलाई उत्पन्न गराउने, मूलै समेतलाई ध्वस्त पार्ने धर्मविरुद्ध काममा कहिले पनि आसक्त हुन्नन् ॥१८॥ लक्ष्मणले चलाएको र रामले क्रुद्ध भई प्रहार गरेको बाणको सामुन्नेमा अड्न सक्ने देवता र असुरहरूमा समेत को होला ? ॥१९॥ हे राजन् ! रामसंग विरोध गरेर सुख पाउन सक्ने ता तीनै लोकमा कोही पनि छैन ॥२०॥ तसर्थ भूत, भविष्य, वर्त्तमान तीनै कालमा कल्याण गर्ने, धर्म र अर्थ दुवैलाई सुहाउने मैले भनेको कुरा मानिहाल, नरश्रेष्ठ रामचन्द्रकहाँ उनकी स्वास्नी पठाइदेऊ ॥२१॥ मैले सीतालाई यहाँ देखिहालें, जुन यश दुर्लभ थियो त्यसको ता मलाई प्राप्ति भइहाल्यो, अब बाँकी बचेको काम अर्थात् सीतालाई यहाँबाट लैजाने काम राम आफैं सिद्ध गर्नेछन् ॥२२॥ मैले सीतालाई तिम्रो घरमा शोकले बडो ग्रस्त भइराखेकी देखें । यी सीता पाँच फणी भएकी सर्पिणीझैं तिम्रो घरमा बसिराखेकी छन् भन्ने कुरा तिमीलाई थाहा छैन ॥२३॥ जसरी विष मिसिएको अन्नलाई पाचनशक्तिद्वारा कसैले पचाउन सक्तैन, त्यसै गरी यी सीतालाई पनि देवता असुर कसैले पनि लुकाएर राख्न सक्तैन ॥२४॥

तपस्याद्वारा आफूले पाइराखेको यो ऐश्वर्य तथा आफ्नो आयुको यसरी विनाश पार्नामा मुनासीब पर्दैन ॥२५॥ तपस्याद्वारा प्राप्त भएको वरले गर्दा म देवता र दैत्यको हातबाट मर्न सक्तिनँ भन्ने कुरा जो तिमी विचार गरिरहेका छौ यसमा पनि ता एउटा ठूलो कारण छ, सुन ॥२६॥ यी सुग्रीव र राम न देवता हुन्, न यक्ष हुन्, न राक्षस । राम मानिस हुन् र सुग्रीव वानरका राजा । हे राजन् ! यिनीहरूबाट तिमीले कसरी प्राणको रक्षा गर्ने हो ॥२७॥ धर्मले अधर्मलाई नाश गर्दछ भन्ने कुरा साँचो हो, तर अधर्मको फल फल्नै लागेको वेलामा कसैले धर्म गर्‍यो भने पनि त्यसले धर्मको फल पाउन्न केवल अधर्मकै फल पाउँछ अर्थात् तिम्रो धर्मभन्दा अधर्म बलियो भइराखेको छ ॥२८॥ पहिले तिमीले जो धर्म गरेका थियौ त्यसैको फलस्वरूप तिमीले यो ऐश्वर्य भेट्टाएको हो, यसमा

सन्देह छैन, अबलाई ता अर्काकी स्वास्नीको हरण गर्ने जो अधर्म तिमीले गर्‍यौ त्यसको फल पनि चांडै नै पाउने भएका छौ ॥२९॥ जनस्थानमा राक्षसहरू मारिएका, बालिको वध भएको तथा राम र सुग्रीवमा दोस्ती भएको कुरातिर दृष्टि दिएर आफ्नो कल्याण हुने उपाय विचार गर ॥३०॥ म एकलैले हात्ती घोडा र रथको साथसाथै यस लङ्कालाई नाश गर्न सक्तछु, तर रामचन्द्रले मलाई यसो गर्नू भन्ने आज्ञा दिएका छैनन् ॥३१॥ वानर र भालुहरूको सामुन्नेमा रामचन्द्रले सीताको अपमान गर्ने शत्रुको विनाश पार्ने प्रतिज्ञा गरेका छन् ॥३२॥ रामको अपकार गरेर साक्षात् इन्द्र-समेत सुखसंग बस्न पाउनेछैनन्; तिमी जस्ताको कुरा त कता छ कता ॥३३॥ जसलाई तिमी सीता भन्ठानिरहेका छौ र जो अहिले तिम्रो घरमा बसेकी छन् तिनलाई तिमी समस्त लङ्काको नाश पार्ने कालरात्रि संझ ॥३४॥ अतएव सीतारूपधारी यस कालको पाशोलाई स्वयं आफ्नै हातले आफ्नो घाँटीमा बाँध्नु उचित छैन, तसर्थ आफ्नो भलो हुने कुराको चिन्तना गर ॥३५॥ सीताको तेजले जल्नलागेको र रामको क्रोधले प्रज्वलित भई डढ्नलागेको अटाली र गल्लीको साथसाथै तिमी यस लङ्कालाई ध्वस्त भएको देख्नेछौ ॥३६॥ आफ्ना मित्र, मन्त्री, दाजु, भाइ, छोरा, हितेच्छुहरू, स्वास्नी, भोग गर्ने वस्तु तथा लङ्का यी सबैको सत्यानाश नपार ॥३७॥ हे राक्षसराज! मैले भनेको साँचो कुरा सुन, म रामको सेवक र दूत हुँ, तसर्थ मैले भनेको कुरामा तिमीले विशेष रूपले ध्यान दिनुपर्छ ॥३८॥ चराचरसहितको सबै प्राणीको विनाश गरेर फेरि नयाँ सृष्टि गर्ने शक्ति महायशस्वी राममा छ ॥३९॥ देवता, असुर, राजा, यक्ष, राक्षस, सर्प, विद्याधर, नाग, गन्धर्व, पशु, सिद्ध, किन्नर, पक्षी यी सबै प्राणीमा कुनै कालमा यस्तो व्यक्ति निस्कनेछैन जो कि विष्णुसमानका पराक्रमी रामचन्द्रसंग युद्धमा बराबरी गर्न सकोस्। सबै लोकका मालिक राजश्रेष्ठ रामचन्द्रको यस्तो अनिष्ट काम गरेको हुनाले तिम्रो ज्यान बच्न गाह्रो भएको हो ॥४०-४२॥ हे राक्षसराज! तीनै लोकका मालिक रामको अगाडि देवता, दैत्य, गन्धर्व, विद्याधर, नाग, यक्ष यी कोही पनि युद्धमा टिक्न सक्तैनन् ॥४३॥ स्वयम्भू ब्रह्मा चतुर्मुख भए तापनि, रुद्र त्रिनेत्र तथा त्रिपुरासुरलाई मार्ने भए तापनि, इन्द्र देवताहरूको राजा भए तापनि संग्राममा रामचन्द्रको अगाडि उभिन सक्नेछैनन् ॥४४॥

निर्भय भएर बोल्न सक्ने हनुमान्‌का यी कुरा बहुतै राम्रा र रावणको भलो गर्ने किसिमका थिए, तर पहिले कहिले पनि यस्तो वचन नसुनेकोले उसलाई यो कुरा निको लागेन, तसर्थ दशाननले रिसले आँखा घुमाउँदै हनुमान्‌को वध गर्ने हुकुम दियो ॥४५॥

सर्ग—५२

विभीषण हनुमान्‌को वध रोक्तछन्।

महात्मा हनुमान्‌को कुरा सुन्दा रिसले मुर्मुरिएको रावणले यिनको वध गर्ने हुकुम दियो ॥१॥ दुरात्मा रावणले हनुमान्‌को वध गर्ने आज्ञा दिएपछि विभीषणले यस आज्ञालाई उचित सम्झेनन्,

किनकि हनुमान्‌ले कई एकबाजि म दूत हुँ भनिसकेका थिए ।।२।। राक्षसराज रावणलाई रिसाएको तथा हनुमान्‌को वध हुन आँटेको देखेपछि असल काम गर्नपट्टि चित्त भएका विभीषण अब यस मौकामा के गर्ने हो भनेर विचार गर्नलागे ।।३।। केही बेरसम्म विचार गरेर आफूले गर्नुपर्ने कर्तव्यको निर्णय गरिसकेपछि शत्रुलाई जित्ने, कुरा गर्नामा सिपालु विभीषण आफ्ना पूज्य दाजुलाई नम्रतापूर्वक अत्यन्त हित गर्ने कुरा भन्नलागे ।।४।। हे राक्षसराज ! क्षमा गर्नुहोस्, रिसलाई हटाइदिनुहोस् । मैले भनेको कुरा प्रसन्नतासाथ सुन्नुहोस्, खराब असल कुराको विचार राख्ने सज्जन राजाहरू कहिले पनि दूतको वध गर्दैनन् ।।५।। हे वीर राजन् ! दूतको रूपमा आएको यस वानरलाई मार्नु ता धर्मविरुद्ध, लोक व्यवहारको दृष्टिले निन्दनीय, तथा तपाईं जस्तालाई नसुहाउने काम हो ।।६।। तपाईं ता धर्म जान्ने, कृतज्ञ, र राजधर्ममा निपुण हुनुहुन्छ, उचित अनुचित कुराको विचार राख्ने तथा सत्यको ज्ञान भएको तपाईं नै एक मात्र प्राणी हुनुहुन्छ ।।७।। तपाईं जस्तो बुद्धिमान् व्यक्ति पनि क्रोधको वशमा परेभने ता शास्त्रमा पाण्डित्य हासिल गर्नु ता केवल परिश्रम गर्नु ठहरिनेछ ।।८।। तसर्थ शत्रुको विनाश गर्ने, कसैले जित्न नसक्ने हे राक्षसराज ! मनमा प्रसन्न भएर पहिले योग्य अयोग्य कुरालाई विचार गर्नुहोस् अनि दूतलाई दण्ड दिनपट्टि लाग्नुहोला ।।९।।

विभीषणको यो कुरा सुन्दा राक्षसेश्वर रावण बहुतै रिसायो र उनलाई यस किसिमको उत्तर दियो ।।१०।। हे शत्रुको नाश पार्ने भाइ ! पापीलाई मार्नाले पाप लाग्दैन, तसर्थ यस पापी वानरलाई म नमारिछाड्दिन ।।११।।

बुद्धिमान्‌हरूमा श्रेष्ठ ठहरिएका विभीषण रावणको यो, नीच व्यक्तिले भन्ने किसिमको, दोषै दोषले युक्त भएको, अधर्मको मूल जस्तो कुरा सुनेपछि बडो गूढ आशय भएको कुरा भन्नलागे ।।१२।। हे लंकेश्वर ! हे राक्षसराज ! मनमा प्रसन्न भएर धर्म र अर्थले युक्त भएको मेरो कुरा सुन्नुहोस् । जुनसुकै अवस्थामा पनि आफ्नो मालिकको काम गर्नलागेको दूतलाई मार्न उचित पर्दैन भन्ने सज्जनहरूको भनाइ छ ।।१३।। निस्सन्देह यो शत्रु खूब बढिराखेको छ र यसले हाम्रो ठूलो अपराध पनि गरेको छ, तर सज्जनहरूको भनाइमुताबिक दूत कहिले पनि मारिन योग्य हुँदैन । शास्त्रमा यिनका लागि अनेक प्रकारको दण्ड लेखिएको छ ।।१४।। अङ्गभङ्ग गर्नु, कोर्रा ठोक्न लगाउनु, कपाल खौरिदिनु, तातो कुनै चीजले डामेर कपालमा खत पारिदिनु, यस प्रकारको दण्ड दूतहरूका लागि लेखिएको छ, तर दूतको वध गर्नु भनेर ता मैले कहीं लेखिएको छ भन्ने सुनेको छैन ।।१५।। तपाईंको बुद्धि धर्म र अर्थद्वारा शिक्षित भएको छ, योग्य अयोग्य कुराको तपाईंलाई ज्ञान पनि छ । तपाईं जस्तो व्यक्ति क्रोधको वशमा कसरी पर्न सक्छ ? जो प्राणी बलवान् छन् ती कहिले पनि रिस देखाउन्नन् ।।१६।। धर्मशास्त्रमा, लौकिक व्यवहारमा तथा बुद्धिद्वारा शास्त्रको मर्म बुझ्नामा हे वीर ! तपाईंसमानको अरू कोही छैन, तपाईं समस्त देवता र असुरहरूमा श्रेष्ठ हुनुहुन्छ ।।१७।। म ता यस वानरलाई मार्नाले केही फाइदा होला जस्तो देख्तिनँ । जसले यस वानरलाई यहाँ पठाएको हो त्यस-

लाई पो तपाईंले यो वधको दण्ड दिनुपर्दछ ।।१८।। यो सज्जन होस् वा दुर्जन, पठाएको ता यसलाई अर्कैले हो; अर्कोले सुनाइदिनु भनेको खबर यो तपाईंलाई भन्नलागेको छ, अतएव पराधीन यो दूत मारिन योग्य छैन ।।१९।। कदाचित् यो मारिएछभने यहाँ समुद्रपारि आउन सक्ने अर्को दोस्रो आकाशचारी ता म देख्तिनँ, तसर्थ हे शत्रुको शहरलाई ध्वस्त पार्ने राजन् ! यसको वध गर्ने प्रयत्न-पट्टि तपाईंले लाग्न हुन्न, बरु इन्द्रलगायत सबै देवताहरूलाई मार्ने कोशिश गर्नुपर्दछ ।।२०।। यो दूत मारिएको खण्डमा म कुनै अर्को प्राणी देख्तिनँ जो कि ती दुरात्मा युद्धप्रिय राजपुत्रहरूलाई तपाईंको विरुद्ध युद्ध गर्न उत्साहित गरोस् ।।२१।। हे राक्षसको मनलाई आनन्द गराउने राजन् ! पराक्रमी, उत्साही, तथा मनस्वी देवता र असुरहरूले समेत तपाईंलाई जित्न सक्तैनन् । राक्षसहरूको युद्ध गर्ने अभिलाषालाई तपाईंले यस दूतलाई मारेर नष्ट गरिदिनामा मुनासीब पर्दैन ।।२२।। यी सबै योद्धाहरू तपाईंको भलो गर्न खोज्ने, शूरा, एकाग्र चित्त भएका, कुलीन, महागुणी, मनस्वी, शस्त्रधारीहरूमध्येका श्रेष्ठ, प्रशस्त रिस भएका र तपाईंबाट राम्ररी पालिएका छन् ।।२३।। यी योद्धाहरू तपाईंको आज्ञाले फौजको केही भाग आफ्नो साथमा लिएर त्यहाँ जाऊन् र शत्रुहरूमाथि तपाईंको प्रभाव प्रकट गर्नाका लागि ती मूर्ख राजपुत्रहरूलाई पक्रेर यहाँ लिई आऊन् ।।२४।।

भाइको यो उत्तम सल्लाह राक्षसहरूको मालिक देवताहरूको शत्रु, महाबली राक्षसराज रावणले आफ्नो भलो गर्ने जस्तो ठहऱ्याएर मनै मनले स्वीकार गऱ्यो ।।२५।।

सर्ग—५३

रावण हनुमान्‌को पुच्छरमा आगो लगाइदिनू भन्ने आज्ञा दिन्छ ।

महात्मा भाइ विभीषणको देश-काललाई सुहाउने किसिमको कुरा सुनिसकेपछि रावण उनलाई भन्न-लाग्यो ।।१।। हे भाइ ! तिमील ठीक भन्यौ, दूतलाई मार्नु ता अवश्यै निन्दित काम हो, तर वध-बाहेकको अर्को सजाय ता यसलाई अवश्यमेव दिनैपर्दछ ।।२।। पुच्छर वानरहरूका लागि बडो प्यारो गहना हो तसर्थ झट्टै यसको पुच्छर डढाइदेऊ, डढेको पुच्छर लिएर यो यहाँबाट जाओस् ।।३।। यसका मित्र, जातिवालहरू, बन्धुवर्ग यी सबै अङ्ग भङ्ग भएकोले यसलाई दुब्लाएको र व्याकुल परेको देख्ने-छन् ।।४।। पुच्छरमा आगो सल्काएर राक्षसहरूले यस वानरलाई जम्मै शहर तथा चारदोबाटोमा घुमाउन् भनी रावणले आज्ञा दियो ।।५।।

रावणको यो आज्ञा सुन्नासाथ रिसाहा स्वभावका क्रूर राक्षसहरू धमाधमी यिनको पुच्छरमा पुरानो झुत्रो लुगा बेर्नलागे ।।६।। जसरी सुक्खा दाउरा भेट्टाएपछि वनमा आगो बढेर आउँछ त्यसै गरी जति जति टालो पुच्छरमा बेह्रिन्थ्यो त्यति त्यति हनुमान् आफ्नो शरीर बढाउँदै जान्थे ।।७।। टालो बेह्रिसकेपछि त्यसमा तेल खत्याएर राक्षसहरूले आगो सल्काइदिए । हनुमान् बल्दो पुच्छरले धमाधम राक्षसहरूलाई मार्नलागे ।।८।। रिस तथा क्रोधले हनुमान् चूर भइराखेका थिए, यस समयको यिन-

को मुख बिहानीपखको सूर्यको जस्तो देखिनलागेको थियो । यसपछि क्रूर स्वभाव भएका अनेक राक्षसहरूले मिलेर फेरि पनि खूब बलियोसँग हनुमान्लाई बाँधिदिए । यो देख्ता स्त्री, बालक, बूढा सबै किसिमका राक्षसहरू खूबै खुशी भए । बन्धनमा परेका हनुमान्ले मौकाअनुसारको विचार मनमा लिए ॥९-१०॥ म बन्धनमा परेको छु तापनि राक्षसहरूले मेरो केही बिगार गर्न सक्तैनन्, म अहिले नै यस बन्धनलाई छिनालेर उफ्री उफ्रीकन फेरि पनि यी राक्षसहरूको संहार गर्न सक्तछु ॥११॥ रामचन्द्रको हितका लागि घुम्नलागेको मलाई स्वामी रावणको आज्ञाले यी राक्षसहरूले बाँधेका छन्, तर जति हानि मैले यिनीहरूको गरेको छु त्यसको ता अलिकता पनि बदला लिन सकेका छैनन् ॥१२॥ म एकलै जम्मै राक्षसहरूलाई युद्धमा मार्न सक्तछु तापनि केवल रामचन्द्रको प्रसन्नताका लागि यो अपमान सहने नै छु, अर्थात् रामचन्द्रले यी सबै राक्षसलाई मार्ने प्रतिज्ञा गरेका छन्, अतएव मद्वारा यिनीहरूको वधभयो भने ता रामचन्द्रको प्रतिज्ञा भङ्ग हुनेछ ॥१३॥ मलाई यिनीहरूले समस्त लङ्कामा घुमाउन आँटेका छन् सो पनि बेसै हो, रात्रिको समयमा घुम्नुपरेकोले मैले जम्मै किल्ला राम्ररी हेर्न पनि पाएको थिइनँ, यस मौकामा घुमी घुमी समस्त शहर हेरुँला ॥१४॥ बिहानीपख मैले एकचोटि लङ्कामा घुम्नै परेको थियो । यिनीहरू मलाई बाँधून्, पुच्छरमा आगो लगाऊन् र हुनेसम्मको दुःख दिऊन्, तर राक्षसहरूको यो कुनै कामले पनि मेरो मनमा अलिकता पनि कष्ट भएको छैन । महाबली हनुमान्ले अहिलेसम्म आफ्नो आकारलाई लुकाइराखेका थिए ॥१५-१६॥

राक्षसहरूले प्रसन्नतासाथ यी वानरश्रेष्ठलाई पक्रेर शहर घुमाउनलागे र शङ्ख, भेरी आदि गरिएका बाजा बजाएर वानरको अपराध पनि सुनाउँदै जान्थे ॥१७॥ यस प्रकारसँग क्रूर स्वभाव भएका राक्षसहरू हनुमान्लाई लङ्कापुरीमा घुमाउनलागे । शत्रुनाशी हनुमान् पनि सुखपूर्वक यिनीहरूको साथसाथै हिंड्नलागे ॥१८॥ घुमघाम गरेर हनुमान्ले रासक्षहरूको समस्त शहर हेरिहाले । घुम्दाखेरि महाकपि हनुमान्ले चित्र विचित्रको विमान, सम्म परेको मैदान, ठाउँ ठाउँमा राम्रोसँग बनेको चारदोबाटो, खूब घनोसँग बनेका घरहरूको बीचको गल्ली, चोक, राजमार्गका ठूला साना सडक, गुप्ती घर यी सबै देखे । मैदान, चारदोबाटो तथा ठूला ठूला सडकमा सबै राक्षसहरू यो दूत हो भनेर घोषणा गर्दै हिंडदथे ।

हनुमान्को पुच्छरमा यस प्रकारसंग आगो लगाएपछि विकृत अनुहार परेका राक्षसीहरू सीता देवीनेर गई यो नराम्रो खबर सुनाउनलागे—हे सीते ! रातो मुख भएको जुन वानरले तिमीसंग कुरा गरेथ्यो त्यसलाई पुच्छरमा आगो सल्काएर शहर घुमाउनलागेका छन् ।

यिनीहरूको मुखबाट आफ्नो हरणसमानको कठोर यो वचन सुन्दा जानकीजी शोकले आकुल व्याकुल परिन् र यस समयमा हनुमान्को भलो होस् भन्ने चिन्तनामा लागेकी हुनाले यिनी अग्निको ध्यान गर्नलागिहालिन् ॥१९–२५॥ पवित्र भईकन विशालाक्षी सीता यस प्रकारसंग अग्निको स्तुति गर्नलागिन्—हे अग्ने ! यदि मैले पतिको सेवा टहल गरेकी छु, यदि मैले तपस्या गरेकी छु र यदि म रामकी मात्र स्वास्नी भएर रहेकी छुभने तिमी, हनुमान्को निम्ति शीतल भइजाऊ ।

अहिलेसम्म जुन अग्निदेव बडो तेजिलो ज्वाला झिकिरहेका थिए तिनै सीतादेवीको स्तुति सुन्नासाथ दक्षिणपट्टि ज्वाला फर्काएर सीतालाई शुभ समाचार सुनाउनलागेको जस्तो गरेर बल्नलागे। हनुमान्का पिता वायु, पुच्छरको आगोको साथमा रहेको भए तापनि सीतालाई सुखी गराउने इच्छाले हिउँ जत्तिकै शीतल भएर चल्नलागे ॥२६-२८॥ उता पुच्छरमा आगो सल्काएको देखेपछि हनुमान् विचार गर्नलागे—आगो प्रज्वलित भएर जताततै बल्नलागेको छ, तर किन हो मलाई ता पोल्दैन ? ज्वाला भने बढेको देखिन्छ तर मलाई ता यताबाट केही कष्ट भएको थाहा हुन्न, मेरो यो पुच्छरको आगो ता मलाई पुच्छरको छेउमा हिउँको डल्लो राखेको जस्तो लाग्दछ ॥२९-३०॥ अथवा यो कुरा ता स्पष्टै छ, समुद्र पार गर्दाखेरि मैले यस्तो आश्चर्यको कुरा आफ्नै आँखाले देखेथें। रामचन्द्रको प्रभावले समुद्रबाट पर्वत निस्केको थियो। समुद्रलाई बुद्धिमान् मैनाकलाई रामको कामका लागि यस्तो चिन्ता छभने अग्निलाई किन नहुने ? ॥३१-३२॥ सीताको दया, रामचन्द्रको तेज तथा मेरा पितासँगको दोस्ती यी तीनै कारणले गर्दा आगोले मलाई नपोलेको होला ॥३३॥

यसपछि वानरश्रेष्ठ हनुमानले एकै छिनसम्म विचार गरे कि म जस्तो पराक्रमी व्यक्तिले यस्ता अधम राक्षसहरूको बन्धनमा परिरहनु ठीक होइन ॥३४॥ ममा पराक्रम छभने अवश्यै यसको बदला लिनुपर्दछ। यसपछि खूब ठूलो वेग भएका हनुमान्ले बन्धन चुँडालिदिए र बडो फूर्तिसँग माथि उफ्रेर गर्जनथाले, अनि श्रीमान् हनुमान्जी पर्वतसमानको अग्लो शहरको ढोकानेर आए। यस वेलासम्ममा त्यहाँबाट राक्षसहरूको भीड हटिसकेको थियो। पर्वतसमानको शरीर भए तापनि उनी त्यस फाटकमाथि चढे र छिनको छिनैमा सानो रूप लिएर ती सबै बन्धनलाई मिल्काइदिए, बन्धन दूर हुनासाथ श्रीमान् हनुमान् फेरि पर्वतसमानको भए ॥३५-३८॥ कुनै अस्त्र भेटिन्छ कि भनेर यताउति हेर्दा हेर्दैमा ढोकानेर राखिछाडेको फलामको एउटा बडेमानको परिघमाथि यिनको दृष्टि परिहाल्यो। यसैलाई उठाएर महाबाहु हनुमान्ले फाटकको रखवाली गरेर बसेका राक्षसहरूलाई मारिदिए ॥३९॥ रणमा प्रचण्ड पराक्रम देखाउने हनुमान् यी राक्षसहरूलाई मारिसकेपछि फेरि लंकाको चारैतिर नजर दौडाउनलागे। पुच्छर सल्कनलागेकोले त्यताबाट निस्केको आगोको ज्वाला मालासमान भइराखेको थियो, अतएव यस समयमा हनुमान्जी किरणको माला धारण गर्ने सूर्यसमान प्रकाशमान भए ॥४०॥

सर्ग—५४

लङ्का-दहन

आफ्नो अभिलाषा सिद्ध गरेका, उत्साह बढाइराखेका हनुमान् लंकातिर दृष्टि दिंदै बाँकी रहेको आफूले गर्नुपर्ने काम विचार गर्नलागे ॥१॥ अब मैले लङ्कामा गर्नुपर्ने काममध्ये कुन काम बाँकी रहन गयो, जुन काम गर्दा कि यहाँका राक्षसहरूको मनमा सन्ताप पर्न जानेछ ॥२॥ वन ध्वस्त पारिदिहालें, बलवान् राक्षसहरूलाई मारिहालें, अलिकता फौज नाश गरिहालें, अब केवल किल्ला नाश

पार्न बाँकी छ ॥३॥ किल्लाको विनाश भएपछि मेरो परिश्रम सफल हुनेछ, अब अलिकता प्रयत्न गरेमा मेरो यस काममा पूरा सफलता हासिल हुनेछ ॥४॥ मेरो पुच्छरमा दन्दनी बलिराखेको यस आगोलाई यी असल असल घरहरू भस्म पारेर तृप्त गर्दछु ॥५॥

यस प्रकारको विचार लिएका हनुमान् बल्दो पुच्छरले गर्दा बिजुलीसहितको बादलझैं भएर लङ्काको अटाली अटालीमा घुम्नलागे ॥६॥ राक्षसहरूको यस घरबाट उस घरमा उफ्रँदै तथा घर घरको बाग बगैंचा हेर्दै हनुमान् निर्भयसँग अटाली अटाली चहार्नलागे ॥७॥ वायुसमानको वेग भएका महाबली हनुमान् प्रहस्तको घरमा उक्लेर त्यहाँ आगो सल्काएर महापार्श्वको अटालीमा उफ्रेर आए, त्यहाँ पनि प्रलयकालको आगो जस्तो आगो लगाइसकेपछि वज्रदंष्ट्रको घरमा उफ्रेर आई त्यहाँ समेत आगो सल्काइदिए । यस प्रकारसँग महातेजस्वी शुक, महाबुद्धिमान् सारण, इन्द्रजित्, जम्बुमाली, सुमाली, रश्मिकेतु, सूर्यशत्रु, ह्रस्वकर्ण, दंष्ट्र, रोमेश, युद्धोन्मत्त, मत्त, ध्वजग्रीव, विद्युज्जिह्व, घोर, हस्तिमुख, कराल, विशाल, शोणिताक्ष, कुम्भकर्ण, मकराक्ष, नरान्तक, कुम्भ, महात्मा निकुम्भ, यज्ञशत्रु, ब्रह्मशत्रु यी सबैको घरमा हनुमान्ले आगो लगाइदिए ॥८-१५॥ केवल विभीषणको घरलाई छाडेर वानरश्रेष्ठ महायशस्वी हनुमान्ले यी सबै राक्षसको घरमा क्रमैसँग गएर आगो सल्काई तिनलाई भस्म पारिदिए ॥१६॥ महायशस्वी कपिश्रेष्ठ हनुमान्ले धनीहरूका यी उत्तम घर मात्र भस्म पारेका होइनन् कि यहाँ जति धन सम्पत्ति वस्त्र अन्न थिए ती समेत जलाइदिए ॥१७॥

यी सबै घर डढाइसकेपछि पराक्रमी श्रीमान् हनुमान् राक्षसराज रावणको घरमा पुगे ॥१८॥ नाना प्रकारका रत्नले सिंगारिएको अनेक मंगलमय पदार्थले सुशोभित भएको, मेरु मन्दराचल जस्तो देखिने यस सर्वश्रेष्ठ घरमा बल्दो आगोको पुच्छर सल्काएर वीर हनुमान् प्रलयकालमा गर्जने मेघको जस्तो वडो गम्भीर स्वर झिकेर गर्जनलागे ॥१९-२०॥ वायुसंगको संयोगले गर्दा यो अति ठूलो वेग भएको महाबली आगो, कालाग्नि जत्तिकै प्रज्वलित भएर बल्नलाग्यो । यस प्रज्वलित आगोलाई वायुले चारैतिर घरघरै फैलाउनलाग्यो । सुनै सुनको जाली लागेका, मणि मोतीले खचिखचाउ भएका, रत्नै रत्नले सिंगारिएका यी ठूला ठूला महलहरू धमाधम ढल्नलागे । यी महलका अग्ला अग्ला अटालीहरू भस्म भएर पृथ्वीमा खस्नलागे ॥२१-२३॥ जसरी पुण्य क्षीण भएपछि सिद्धहरूको घर आकाशबाट छुट्टिएर तल भूइँमा झर्दछन् त्यसै गरी यी घरहरू पनि भूइँमा ढल्नलागेका थिए । यस समयमा राक्षसहरू यताउति भाग्नलागेकोले वडो भयंकर आवाज सुनिनलाग्यो ॥२४॥ यी राक्षसहरूमा आफ्ना आफ्ना घरको रक्षा गर्ने उत्साह हराइसकेको थियो, आफ्नो सम्पत्ति छाड्दै भाग्नलागेका यिनीहरू यस किसिमसंग विलाप गर्नलागे—अफसोस, निश्चय अग्नि नै वानरको रूप लिएर यहाँ आएका रहेछन् ॥२५॥ दूध खाने बालक काखमा लिएका, सर्वाङ्गमा आगो सल्किराखेका, कपाल फुकाइराखेका राक्षसीहरू रुँदै अकस्मात्संग अटालीवाट खस्नलागे ॥२६॥ यी खसेका राक्षसीहरू आकाशमा मेघबाट खसेका बिजुली जस्ता देखिनलागेका थिए ।

४८

हनुमान्ले हीरा, मूँगा, पन्ना, मोती, चाँदी आदिले बनेका यी चित्र विचित्रका घरबाट नाना किसिमको धातु पग्लेर बग्नलागेको देखे। जसरी आगो, दाउरा र परालले कहिले पनि तृप्त हुन्न त्यसै गरी राक्षसहरूलाई मार्नाले हनुमान् पनि कहिले तृप्त भएनन्; हनुमान्को हातबाट यति राक्षस मरे कि लङ्कामा यिनको लाश राख्नेसम्म पनि जग्गा भएन ॥२७-२९॥ जसरी शिवजीले त्रिपुरलाई भस्म पारिदिएथे त्यसै गरी वेगवान् महात्मा हनुमान्ले पनि सम्पूर्ण लङ्कालाई जलाइदिए ॥३०॥ लंका नगरीको पर्वत अर्थात् त्रिकूट पर्वतको शिखरमा वेगवान् हनुमान्ले सल्काएको, बडो डरलाग्दो पराक्रम भएको आगो, प्रलयकालको आगो जस्तो भएर, जताततै आफ्नो ज्वालामण्डल-लाई फिजाउँदै बल्नलाग्यो ॥३१॥ प्रलयकालको आगोको जस्तो रूप लिएको यो आगो वायुको सहायता पाएकोले आकाश छुने जस्तो गरेर बढ्नलाग्यो। राक्षसहरूको घरमा सल्केको यस आगोको ज्वाला राक्षसहरूको शरीररूपी विउले बढिराखेको थियो र यसमा धूवाँ भनेको छँदै थिएन ॥३२॥ यस समयमा यो आगो करोडौं सूर्य जस्तो तेजस्वी भएर सम्पूर्ण लंकामा फैलियो। वज्रको शब्दसमान-का अनेक प्रकारका डरलाग्दा आवाज झिक्तै यो महाग्नि ब्रह्माण्डलाई फुटाल्ने हो कि जस्तो गरेर चारैतिरबाट लंका शहरलाई घेर्नलाग्यो ॥३३॥ यो आगो लंका शहरमाथिको आकाशमा धेरै टाढासम्म फैलियो र आफ्नो रूखो प्रभाले गर्दा फूल फुलिराखेको पलासको जङ्गल जस्तै देखियो। जब यो दन्दना-एर माथितिर धूँवा फ्याँक्तथ्यो त्यस बखतमा ता नीलकमलको जस्तो कान्ति भएको मेघमण्डल आकाशमा फैलिराखेको हो कि भन्ने भान पर्दथ्यो ॥३४॥ त्यहाँ जम्मा भइराखेका राक्षसहरू आफू आफूमा भन्दथे—यी वानर वज्रधारी देवराज इन्द्र पो हुन् कि? साक्षात् यमराज हुन् कि? अथवा वरुण, वायु, रुद्र, अग्नि, सूर्य, कुवेर, चन्द्र यी मध्येमा कुनै एक हुन् कि? हे भाइहो! यो वानर होइन, साक्षात् काल हो ॥३५॥ हाम्रो विचारमा ता. लोकको सृष्टि गर्ने, सबैका पितामह, चतुर्मुख ब्रह्माको रिस वानरको रूप लिएर सबै राक्षसहरूको संहार गर्नाका लागि यहाँ आइराखेको हो ॥३६॥ अथवा विष्णुको अचिन्त्य, अव्यक्त, अनन्त, अद्वितीय तेज मायाको सहायताले वानरको रूप धारण गरी सबै राक्षसहरूको संहार पार्ने मनसायले यहाँ लंकामा उपस्थित भएको होला ॥३७॥ प्राणी, घर, रूख यी सबैको साथसाथै अकस्मात्संग लंका शहरलाई भस्म हुनलागेको देख्ता त्यहाँ जम्मा भएको राक्षसको बथान यही किसिमको अनेक तर्क बितर्क गरिरहेको थियो ॥३८॥ पशु, पक्षी, रूख, हात्ती, घोडा, रथ तथा राक्षसहरूको साथसाथैमा लङ्कापुरी डढेर झट्टै भस्म भइहाल्यो र त्यहाँ बडो आकुल व्याकुल भएर रुनलागेको हाहाकारको शब्द सुनिनलाग्यो ॥३९॥ हा तात! हा पुत्र! हा कान्त! हा पुत्र! हा प्राणनाथ! अफसोस, हाम्रा सबै पुण्य सकिएछन्। यस किसिमका नाना प्रकारका विलाप गर्नलागेका राक्षसहरूको मुखबाट त्यहाँ भयङ्कर आवाज निस्केको सुनिनलाग्यो ॥४०॥ आगो-को ज्वालाले चारैतिरबाट घेरिएको, हनुमान्को क्रोधले परास्त भएको लङ्का नगरी, आफ्ना वीर योद्धाहरू मारिएको तथा मर्नाबाट बाँचेका राक्षसहरूसमेत अतिशय हडबडाएका हुनाले, यस शहरमा कसैको

श्राप परेको हो कि जस्तो देखिन्थ्यो ॥४१॥ यस समयमा लङ्काका राक्षसहरू हडबडाएका, डरले थर्कायमान भइराखेका र दुःखित थिए, दन्दनी बलिराखेको आगोको ज्वालाले चारैतिरबाट यसलाई घेरिराखेको थियो । महामनस्वी हनुमान्‌ले यस्तो अवस्थामा परेको लङ्काको, ब्रह्माको क्रोधले उजाड भएको पृथ्वीको जस्तै शोचनीय अवस्था भइराखेको देखे ॥४२॥

राम्रा राम्रा रूख भएको वनलाई ध्वस्त पारेर, युद्धमा राक्षसहरूलाई मारेर तथा गृहरूपी रत्नको माला धारण गर्ने लङ्का नगरीलाई जलाएर, वायुपुत्र हनुमान्‌जी केही बेर विश्राम गर्नाका लागि स्थिर भएर बसे ॥४३॥ अनेक राक्षसहरूलाई मार्ने, धेरै धेरै रूख भएको वनलाई ध्वस्त पार्ने तथा राक्षसहरूको घरघरमा आगो सल्काउने काम सिध्याइसकेपछि महात्मा हनुमान् मनै मनले रामचन्द्रको स्मरण गर्नलागे ॥४४॥

यसपछि वानर वीरहरूमध्येका श्रेष्ठ, महाबली, वायुको जत्तिकै वेग भएका, महाबुद्धिमान्, सर्वश्रेष्ठ, वायुपुत्रको सबै देवताहरू स्तुति गर्नलागे ॥४५॥ सबै देवताहरू, ठूला ठूला महर्षिहरू, गन्धर्व, विद्याधर, नाग, आदि गरिएका सबै प्राणीहरू हनुमान्‌को यो काम देख्ता अतिशय प्रसन्न भए ॥४६॥ वनलाई उजाड पारेपछि, राक्षसहरूलाई मारेपछि र लङ्कामा आगो सल्काएपछि हनुमान् बडो शोभायमान देखिनलागे ॥४७॥ यस समयमा वानरराजसिंह हनुमान् एउटा विचित्र रूप भएको घरको टुप्पामाथि बसिराखेका थिए । सल्किराखेको पुच्छरको आगोको ज्वालाले गर्दा यिनी किरणको माला धारण गर्ने सूर्य जस्तै देखिएका थिए ॥४८॥ महाकपि हनुमान्‌ले समस्त लङ्कालाई भस्म पारिसकेपछि आफ्नो पुच्छरको आगोलाई समुद्रको जलले निभाए ॥४९॥ यसपछि गन्धर्व, देवता, सिद्ध, महर्षि, यी सबै लंका भस्म भएको देख्ता हुनासम्मको छक्क परे ॥५०॥

सर्ग—५५

हनुमान् सीताको लागि चिन्ता गर्दछन् ।

लंकापुरीलाई डढेको, ध्वस्त भएको र त्यहाँका राक्षसलाई डरले थर्कायमान भइराखेको देख्ता हनुमान् विचार गर्नलागे ॥१॥ विचार गर्दा गर्दैमा यिनको मनमा ठूलो डर पर्‍यो र आफैंले आफ्नो निन्दा गर्दै भन्नलागे—यसरी लंका जलाउन मैले कस्तो अनर्थ गरे हुँला ॥२॥ ती महात्माहरू धन्य हुन् जो कि बल्दो आगोलाई पानीले निभाए झैं आफ्नो उठिराखेको रिसलाई बुद्धिद्वारा रोकिराख्तछन् ॥३॥ रिस उठेको वेलामा पाप नगर्ने को होला ? रिसको झोकमा मानिसबाट आफ्ना मान्य अर्थात् पिता गुरुहरूको समेत वध हुने सम्भावना छ । क्रुद्ध मानिसले कठोर बोली बोलेर सज्जनहरूको अपमान पनि गर्न सक्तछ ॥४॥ रिसमा परेको मानिसले यो कुरा बोल्ने हो यो नबोल्ने हो यसको विचार राख्तैन । क्रोधीका लागि न कुनै काम आश्चर्य्य छ न केही अवाच्य नै हुन्छ ॥५॥ जसरी सांपले पुरानो काँचुलीको त्याग गर्दछ त्यसै गरी क्षमाद्वारा उठ्नलागेको रिसलाई जसले नष्ट

गर्न सक्तछ त्यसैलाई मानिस भन्नुपर्दछ ॥६॥ म मूर्ख, निर्लज्ज, पापीलाई धिक्कार छ। सीताको विचारै नराखी लंकामा आगो सल्काइदिएँ र साथै साथमा आफ्नो मालिकको हत्या गरें ॥७॥ समस्त लंका डढेपछि ता जानकी देवी पनि अवश्यै जलिहोलिन्। मालिकको कामपट्टि ध्यान राख्न नसकेकोले मैले उनकै जम्मै काम बिगारिदिए ॥८॥ जसको निम्ति मैले यो उद्योग गरेको हुँ त्यो काम नै मैले नाश पारिदिएँ, लंकालाई ध्वस्त पार्दा मबाट सीताको रक्षा हुन सकेन ॥९॥ लंकालाई भस्म पार्नु ता निस्सन्देह मेरा लागि बहुतै साधारण कुरो हो, तर यति जाबो काम गर्दा पनि क्रोधान्ध भएर मैले रामचन्द्रको कामको जरै उखेलिदिएँ ॥१०॥ अवश्यै जानकी डढिहोलिन्, कारण लंकाको कुनै ठाउँ पनि नजलेको देखिंदैन। मैले ता जम्मै लंका जलाइदिएँ ॥११॥ बुद्धि विनाश भएकोले मैले यस्तो काम गरेपछि ता अहिले यहीं नै आफ्नो प्राण त्याग गर्न बेश होला जस्तो मलाई लाग्दछ ॥१२॥ अब मैले आगोमा हामफाल्ने हो वा वडवानलमा ? अथवा समुद्रमा बस्ने प्राणीहरूलाई आफ्नो यो शरीर सुम्पने हो कि ? ॥१३॥ जीउँदै म सुग्रीवको सामुन्ने कसरी पर्न सक्तछु ? जम्मै काम बिगारेपछि मैले राम र लक्ष्मणको अगाडि कसरी पर्ने ? ॥१४॥ वानरको स्वभाव चञ्चल हुन्छ भन्ने तीनै लोकमा थाहा भएको कुरा हो, क्रोधले अन्धो बनेर मैले आज आफ्नो त्यही चञ्चलपना देखाउन पुगें ॥१५॥ रजोगुण धर्मलाई धिक्कार छ जो कि काम गर्नामा असमर्थ र व्यवस्थारहित छ, त्यही रजोगुणको वशमा परेकोले मैले समर्थ हुँदा हुँदै पनि सीताको रक्षा गर्न सकिनँ ॥१६॥ सीताको मृत्यु भएपछि ती दुवै राम लक्ष्मणको पनि मृत्यु हुनेछ, यी दुवै मरेपछि सुग्रीव पनि आफ्ना बन्धुवर्गको साथसाथै नमरी रहनेछैनन् ॥१७॥ यो कुरा सुनेपछि भरत र शत्रुघ्न पनि कदापि जीउँदो रहन सक्नेछैनन्, किनकि यिनीहरू दाजुलाई प्रेम गर्ने र धर्मात्मासमेत छन् ॥१८॥ धर्मात्मा इक्ष्वाकुवंशको विनाश भएपछि निस्सन्देह समस्त प्रजागण शोक र सन्तापले पीडित हुनेछ ॥१९॥ धर्म र अर्थको संग्रहबाट हीन भएको, क्रोधरूपी दोषले व्याप्त भएको म अभागी लोकको नाश पार्ने एकमात्र व्यक्ति ठहरिनेछु ॥२०॥

यस प्रकारसँग विचार गर्दा गर्दैमा हनुमान्‌को अगाडि अनेक प्रकारका शुभसूचक शकुन देखा पर्न-लागे, यस्ता शकुन पहिले पनि यिनले देखेका थिए। यिनलाई देखेपछि हनुमान् फेरि विचार गर्नलागे ॥२१॥ सर्वाङ्गसुन्दरी सीताले आफ्नै तेजले आफ्नो रक्षा गरिन् कि ? कल्याणी सीताको नाश हुनै सक्तैन, आगोले कदापि आगोलाई जलाउन सक्तैन ॥२२॥ अतुल तेजस्वी धर्मात्मा रामचन्द्रकी प्राण-प्यारी आफ्नै पतिव्रता धर्मले रक्षित छन्, यस्तालाई आगोले छुनसम्म पनि सक्तैन ॥२३॥ रामचन्द्रको प्रभाव तथा सीताको पुण्यले डढाउन सक्ने यस आगोले मलाई डढाउन सकेन भने यसले सीता देवीलाई कसरी डढायो होला त ? ॥२४॥ सीता रामकी प्राणभन्दा पनि बर्ता प्यारी छन् र भरत आदि गरिए-का तीन भाइका लागि देवतातुल्य छन्, तसर्थ यिनी कसै गरे पनि नष्ट हुन सक्तिनन् ॥२५॥ सबै ठाउँमा सबै चीजलाई डढाउन सक्ने यस आगोले मेरो पुच्छरलाई डढाउन सकेन भने यसले सीतादेवी-लाई कसरी डढायो होला त ? ॥२६॥

फेरि हनुमान् छक्क परेर समुद्रको बीचमा मैनाक पर्वत देखा परेको कुरा संझनलागे ॥२७॥ तपस्या, सत्यता र पतिव्रता-धर्मले गर्दा सीता नै आगोलाई डढाउन सक्तछिन् आगोले ता कदापि यिन-लाई जलाउन सक्तैन ॥२८॥

यस प्रकारसँग सीताको धर्मनिष्ठाको सम्बन्धमा विचार गरिरहेको बखतमा हनुमान्‌ले त्यहाँ महात्मा चारणहरूले भनेका यी कुरा सुने ॥२९॥ अहो ! हनुमान्‌ले यो जो काम गरे त्यो ता अरूबाट हुन नसक्ने काम हो । यिनले भयंकर लंकापुरीमा आगो सल्काएर राक्षसहरूको घर भस्म पारिदिए ॥३०॥ आकुल भएर राक्षसका स्वास्नीहरू, बालबच्चा, बूढा-खाडा सबै भागिसके, जनताको कोलाहलले व्याप्त भइराखेको यस नगरीबाट पर्वतको गुफाबाट झैं आवाज आउनलागिराखेको छ ॥३१॥ अटाली, पर्खाल, तथा फाटकको साथसाथै लंकानगरी भस्म भयो, तर सीता भने जलिनन् । हामीलाई ता यो बडो आश्चर्य्य तथा अचम्मको कुरा भइराखेको छ ॥३२॥

अमृतसमानका यी वचन हनुमान्‌ले सुने र सुन्नेवित्तिकै यिनको मनमा हर्ष उत्पन्न भयो ॥३३॥ शुभ शकुन, मङ्गलमय अनेक कारण तथा गुणसम्पन्न ऋषिहरूले कुरा गर्दा हनुमान्‌को मन अतिशय प्रसन्न भयो ॥३४॥

यसपछि हनुमान्‌ले आफ्नो मनोरथ सफल भएको, तथा सीतालाई केही पनि हानि नभएको ख्याल गरेर, एकचोटि आफैले यिनको दर्शन गरी फर्केर जाने विचार गरे ॥३५॥

सर्ग—५६

हनुमान् सीतासित बिदा हुन्छन् ।

यसपछि शिंशपाको रुखमुनि बसिराखेकी सीतालाई प्रणाम गरेर हनुमान्‌ले भने—शरीरमा कुनै प्रकारको चोट पटक नलागेर कुशलपूर्वक तपाईंलाई यसरी बसिराखेको देख्ता मलाई बडो आनन्द लाग्यो ॥१॥

यसपछि जान भनी तैय्यार भइराखेका हनुमान्तिर वारंवार दृष्टि दिएर आफ्ना पतिको स्नेहमा लीन भइराखेकी सीता उनलाई भन्नलागिन् ॥२॥ पापको लेशमात्र पनि नभएका हे हनुमन् ! तिम्रो मनले खान्छ भने आजको एक दिन कुनै गुप्ती ठाउँमा बस, थकाइ मारेर भोलि जाउलाऊ ॥३॥ हे वानर ! तिमी नजीक रहनाले म अभागिनीको यो विशाल दुःख एक छिनलाई भने पनि ता केही हलुको हुनेछ ॥४॥ हे वानरश्रेष्ठ ! तिमी गए पछि फेरि फर्केर आउने वेलासम्म मेरो प्राण रहने हो वा नरहने हो यसमा शङ्कै छ ॥५॥ मनको शोकले व्याकुल भएर म यसै ता अतिशय दुःखित भइ-राखेकी छु, त्यसमाथि पनि तिमीलाई देख्न नपाउँदा ता मलाई झन् चर्को दुःखले छियाछिया पार्नेछ ॥६॥ हे वीर ! मेरो मनमा अझसम्म यो शङ्का जमि नै राखेको छ कि ठूला ठूला भालु तथा वानरहरू सहायक भए तापनि, वानर भालुको फौजले तथा राजपुत्र राम लक्ष्मणले, पार गर्ने

नसकिने यस समुद्रलाई कसरी पार गर्न सक्छान् ? ।।७–८।। गरुडमा, तिमीमा र वायुमा यी तीन प्राणीमा मात्र समुद्र पार गर्ने शक्ति छ ।।९।। तसर्थ यो कठिन काम आइपरेपछि तिमीले कुन उपायले यसलाई सिद्ध गर्न आँटेका छौ ? तिमी ता काम गर्नामा बडा सिपालु छौ ।।१०।। हे शत्रुनाशक हनुमन् ! तिमी ता सजिलैसँग एकलैले यो काम गर्न सक्तछौ । यस कामको फल प्राप्त भएपछि तिम्रो ठूलो यश हुनेछ ।।११।। शत्रुसेनालाई ध्वस्त पार्ने रामचन्द्रले आफ्नो फौजले लङ्कापुरीलाई घेरेर मलाई यहाँबाट लैजान सकेभने पो यो काम उनलाई सुहाउने किसिमको हुनेछ ।।१२।। तसर्थ हे वीर ! जसो गर्नाले ती महात्मा रणवीर रामलाई सुहाउने किसिमको पराक्रम प्रकाशित हुन सक्तछ सोही उपाय तिमीले गर्नुपर्दछ ।।१३।।

सीताका अर्थयुक्त, स्नेहयुक्त तथा युक्तियुक्त यी कुरा सुनेपछि हनुमान् उनलाई यी सबै कुराको जवाफ दिनलागे ।।१४।। हे देवी ! वानर र भालूहरूको फौजका मालिक, वानरश्रेष्ठ बलवान् सुग्रीवले तपाईंको उद्धार गर्ने दृढ सङ्कल्प गरिसकेका छन् ।।१५।। हे देवी ! वानरहरूका राजा सुग्रीव अब चाँडै नै करोडौं वानरलाई साथमा लिई यहाँ आउनेछन् ।।१६।। वीर, नरश्रेष्ठ राम लक्ष्मण दुवै सँगसँगै आएर वाणद्वारा लङ्का नगरीलाई ध्वस्त पारिदिनेछन् ।।१७।। रघुकुलको आनन्द बढाउने श्री रामचन्द्रजी अब चाँडै नै परिवारसहित रावणको संहार गरेर तपाईंलाई आफ्नो अयोध्या नगरीमा लिएर जानेछन् ।।१८।। तसर्थ हे देवी ! मनमा धैर्य्य लिनुहोस्, तपाईंको कल्याण हुनेछ, केही कालसम्म पर्खेर बस्नुहोस्, तपाईं चाँडै नै रामद्वारा रावणलाई युद्धमा मारिएको देख्न पाउनुहुनेछ ।।१९।। छोरा, मन्त्री र बन्धुवर्गको साथमा राक्षसराज मारिएपछि चन्द्रमासँग रोहिणीले भेट गरेझैं तपाईं पनि रामसँग भेट गर्न पाउनुहुनेछ ।।२०।। वानर भालूहरूका सेनापतिहरूको साथमा अब रामचन्द्र चाँडै नै यहाँ आउनेछन् जसले कि युद्धमा शत्रुलाई जितेर तपाईंको शोक दूर गरिदिनेछन् ।।२१।।

यस प्रकारसँग सीतालाई संझाई बुझाइसकेपछि हनुमान् प्रस्थान गर्न तय्यार भए र सीतालाई प्रणाम गरे ।।२२।। वीर राक्षसहरूलाई मारेर, आफ्नो नाम प्रसिद्ध गराएर, सीतालाई संझाएर, आफ्नो पराक्रम देखाएर, लंकापुरीलाई आकुल व्याकुल पारेर; रावणलाई धोका दिएर, आफ्नो घनघोरको बल देखाएर, सीतालाई प्रणाम गरेर, मालिकलाई भेट्न उत्सुक भइराखेका यी वानरश्रेष्ठ हनुमान् फेरि समुद्रको बीचबाट जान तय्यार भए ।।२३-२५।। शत्रुको संहार पार्ने हनुमान् अग्ला अग्ला पद्मकका रूख भएको, वनको हरियो पंक्तिले शोभायमान भइराखेको अरिष्टनामक श्रेष्ठ पर्वतमाथि चढे ।।२६।। यसका टाकुराको माझमाझमा झुण्डिराखेका बादलहरूले दुपट्टाको शोभा दिइराखेका थिए र यसमाथि परेका शुभकारी सूर्यका किरण बडो प्रेमसँग त्यहाँ भएका चीज बीजलाई निद्राबाट ब्यूँझाउनलागेका जस्ता देखिन्थे ।।२७।। नाना प्रकारका धातुले गर्दा यो आफ्ना हजारौं आँखा उघार्न चिम्लनलागेको जस्तो देखिन्थ्यो र चारैतिर पानी झरेको आवाजले गर्दा यो पढ्न लागेको हो कि जस्तो भान पर्दथ्यो ।।२८।। अनेक प्रकारका झरनाको शब्दले गर्दा यो स्पष्टसंग गाना गर्नलागेको जस्तो लाग्दथ्यो र अग्ला

अग्ला देवदारुका रूखहरूको पंक्तिले गर्दा पर्वतराज हात उचालेर उभिइराखेका जस्ता देखिन्थे ॥२९॥ चारैतिर झरनाको पानी झरेको आवाजले गर्दा चिच्च्याउनलागेको जस्तो देखिन्थ्यो; शरत्कालका रूखहरू हावाको झोंक्काले हल्लनलागेका थिए र यिनले गर्दा स्वयं पर्वत काम्नलागेको जस्तो भान हुन्थ्यो ॥३०॥ प्वालै प्वाल भएको पुरानो बांसमा हावा भरिएकोले पर्वतले बांसुरी बजाउनलागेको हो कि भन्ने भान पर्दथ्यो र डरलाग्दो विषालु सांपले फ्वाँ फ्वाँ गरेकोले पर्वत रिसलेझोंक्किएर लामो लामो सास फेर्नलागेको जस्तो देखिन्थ्यो ॥३१॥ कुइरोले टम्म पारेर ढाकिराखेका गुफाहरूले यस्तो गम्भीर भाव धारण गरेका थिए कि यिनले गर्दा पर्वतराज ध्यानमा मग्न भइराखेका जस्ता देखिन्थे । बादल टुक्रा जस्तै वरिपरिका साना साना पर्वतले गर्दा यो जताततै हिंड्न तय्यार भइराखेको जस्तो देखिन्थ्यो ॥३२॥ बादललाई छुने हो कि जस्तो गरेर माथि आकाशतिर उठिराखेका टाकुराले गर्दा आङ तानेर हाइ हाइ गर्न लागेको जस्तो देखिन्थ्यो । अनेक टाकुरा र गुफाले गर्दा यो पर्वत शोभायमान भइराखेको थियो ॥३३॥ साल, ताल अश्वकर्ण र नाना प्रकार बाँस यहाँ भरिपूर्ण थिए, फूल फुलिराखेका जताततै फैलिएका लहराहरूले गर्दा ठाउँ ठाउँमा पर्वत शोभायमान भइराखेको थियो ॥३४॥ किसिम किसिमका पशुहरूको बथान जताततै घुमिराखेको थियो र ठाउँ ठाउँमा पग्लेर बगेको धातुले पर्वतलाई शोभायमान गराउन लागेको थियो । यसमा अनेक झरना थिए र जताततै ढुङ्गाका ठूला ठूला ढिस्का त्यसै पडिराखेका थिए ॥३५॥ महर्षि, यक्ष, गन्धर्व, किन्नर र नागले यहाँ वास गरेको थियो, लहरा र रूख यहाँ खूबै थिए र यसको गुफामा सिंहहरू बस्तथे ॥३६॥ बाघ आदि गरिएका पशुहरू यहाँ खूबै थिए र सबै रूखका फल मूल खूब स्वादिला थिए । वानरराज वायुपुत्र हनुमान्जी यस किसिमको पर्वतमाथि चढे ॥३७॥

रामको दर्शनका लागि अतिशय हतपत गरिराखेका र काम सफल भएकोले मनमा खूब प्रसन्न भएका हनुमान्को खुट्टाको आघातले गर्दा यस रमणीय पर्वतका टाकुराका ढुङ्गाहरू आवाज गर्दै चूर चूर हुनलागे र यस पर्वतमा चढेपछि हनुमान्जी आफ्नो शरीर बढाउनलागे ॥३८-३९॥ पर्वतमा चढिसकेपछि वायुपुत्र हनुमान् समुद्रको दक्षिणतिरबाट उत्तरतिर जाने मनसुबा गर्नलागे ॥४०॥

वायुका छोरा हनुमान्ले भयानक सर्पहरूले युक्त भएको डरलाग्दो समुद्र देखे । जसरी हावा आकाशमा एकापट्टिबाट अर्कोपट्टितिर बहेर जान्छ त्यसै गरी हनुमान्जी पनि समुद्रको दक्षिण तीरबाट उत्तर तीरतिर लागे । हनुमान्को मच्कोले थिचिएको यो पर्वत, अनेक प्राणीहरूको चिच्च्याहटको साथ साथै, कांप्नलागेका रूखलाई साथमा लिई पृथ्वीमा भासिनलाग्यो ॥४१-४३॥ फूल फुलिराखेका रूख, यिनको तिघ्राको झड्का परेकोले, कांप्तै इन्द्रको वज्र पर्नाले चूर चूर भएझैं धमाधम भूईँमा ढल्नलागे ॥४४॥ गुफाभित्र वसेका महावली सिंहहरू हनुमान्को थिचाइले तर्सेर बडो चर्को स्वरले गर्जन लागे । यो गर्जन चारैतिर प्रतिध्वनित भएकोले आकाशैलाई फुटाउने हो कि जस्तो गरेर सुनिनलाग्यो ॥४५॥ विद्याधरका आइमाईहरू डरले थर्कायमान भएकोले हतपतसंग आफ्ना

आफ्ना फरिया उचालेर गहना च्यात्रै त्यस पर्वतबाट उडेर आकाशतिर लागे ॥४६॥ अतिशय ठूलो शरीर भएका, लामा लामा टल्कने जिब्रो भएका महाबली विषालु सांपहरू टाउको र वाँटी थिचिएकोले बाटुलो परेर छटपटाउनलागे ॥४७॥ त्यहाँका किन्नर, नाग, गन्धर्व, यक्ष र विद्याधरहरू त्यस पर्वतराजलाई पीडित भएको देख्ता त्यसलाई छाडेर आकाशतिर लागे ॥४८॥ महाबली हनुमान्‌को थिचाइमा परेको यो अरिष्ट पर्वत अग्ला अग्ला टाकुरा र रूखलाई साथमा लिई पृथ्वीमा भासिन लायो ॥४९॥ दश योजन लामो र तीस योजन अग्लो यो पर्वत तल भासिएकोले पृथ्वीको तहसंग वराबर हुन आयो ॥५०॥

ठूला ठूला भेलहरूले तीरको स्पर्श गर्ने, नुनिलो पानी भएको यस समुद्रलाई सजिलैसंग नाघेर पार गर्ने इच्छाले हनुमान्‌जी उडेर आकाश मार्गतिर लागे ॥५१॥

सर्ग—५७

समुद्रपारि अङ्गद आदि वानरहरूसित भेट ।

ठूलो वेग भएका हनुमान् पखेटा भएको पर्वतझैं उफ्रेर सजिलैसंग आकाशरूपी समुद्रलाई पार गर्नलागे । नाग, यक्ष र गन्धर्वहरू नै यस आकाशरूपी समुद्रका फुलिराखेका कमल जस्ता थिए ॥१॥ चन्द्रमा रमणीय सेतो कमल जस्तो, सूर्य कारण्डव चरा जस्तो, तिष्य श्रवण आदि गरिएका नक्षत्र हाँस जस्ता र मेघ नीलो रंगका झ्याउ जस्ता थिए ॥२॥ पुनर्वसु नक्षत्र ठूलो माछासमानको र मंगल ग्रह बडेमानको ग्राहसमान थियो । ऐरावत एउटा महाद्वीप जस्तो थियो र स्वातिरूपी हाँसले यो सुशोभित भइराखेको थियो । प्रचण्ड वायुको झोंका भेलसमानको थियो र चन्द्रमाको किरण शीतल जल जस्तै थियो । यस आकाशरूपी समुद्रमा हनुमान्‌जी बिलकुलै थकाइ नमानेर उड्‌दै जानलागे ॥३-४॥ उड्‌दाखेरि हनुमान्‌जी आकाशलाई ग्रास गर्नलागेझैं, चन्द्रमालाई छेड्‌नलागेझैं, नक्षत्र तथा सूर्य मण्डलसहितको आकाशलाई हरण गर्नलागेझैं विनापरिश्रमले समुद्रको बीचबाट जानलागेका थिए । कहीं कहीं बीचबीचमा मेघमण्डललाई आफूतिर तान्नलागेका हुन् कि भन्ने भानसमेत पर्दथ्यो ॥५-६॥ यस समयमा कहीं सेतो, कहीं अरुण रंगको, कहीं नीलो, कहीं रातो, कहीं हरियो र कहीं गाढा रातो रंगका ठूला ठूला बादल आकाशमा शोभायमान भइराखेका थिए ॥७॥ हनुमान्‌जी कहिले बादलभित्र पस्ने र कहिले बाहिर निस्कने भएकाले कहिले लुक्ने कहिले प्रकट हुने चन्द्रमा जस्ता देखिन लागेका थिए ॥८॥ सेतो वस्त्र धारण गरिराखेका वीर हनुमान्‌जी नाना प्रकारका बादलको बीच बाटो-बाट कहिले देखिने कहिले नदेखिने गरी उड्‌नलागेकोले आकाशमा चन्द्रमा जस्तो देखिनलागेका थिए ॥९॥ वारंवार बादललाई फोरफार पार्दै बाहिर निस्कने भएकोले यी वायुपुत्र हनुमान् आकाशमा उड्‌नलागेका गरुड जस्तै देखिएका थिए ॥१०॥ मेघ गर्जेझैं चर्को स्वर गरेर गर्जनलागेका महातेजस्वी हनुमान् वीर राक्षसहरूलाई मारेर, आफ्नो नाम प्रसिद्ध गराएर, लंकापुरीलाई आकुल व्याकुल

पारेर, रावणलाई अत्यन्त पीडित गरेर, बडा बडा वीरहरूलाई दुःखमा पारेर, सीताजीलाई प्रणाम गरेर फेरि समुद्रको बीचमा आइपुगे। बीच समुद्रमा यी वीर्यवान् वेगवान् हनुमान्‌ले मैनाक पर्वतलाई छोएर सत्कार गरे र अनि धनुबाट छुटेको बाणझैं बडो वेगसंग यसको पारिपट्टि आइपुगे। केही टाढैबाट महेन्द्र पर्वतलाई देखेपछि महेन्द्र पर्वतसमानका महाकपि हनुमान्‌ले यस्तो जोरसंग गर्जन गरे कि यिनको आवाजले दशै दिशा प्रतिध्वनित भइगयो ॥११-१५॥ आफ्ना मित्रहरूलाई भेट्न उत्सुक भइराखेका हनुमान् मेघ गर्जेझैं जोरसंग गर्जंदै मित्रहरू बसेको ठाउँमा आइपुगे ॥१६॥ यहाँ पुगेपछि यिनी चर्को स्वरले गर्जन तथा आफ्नो पुच्छर झट्कार्नलागे। बारंबार आकाशमार्गमा गर्जेकोले सूर्य-मण्डलको साथसाथमा आकाश फुट्ने हो कि जस्तो हुनलाग्यो।

समुद्रको उत्तरपट्टिको तीरमा हनुमान् कहिले फर्कने हुन् भनेर जो महाबली वानर पर्खेर बसिराखेका थिए ती सबैले वायुप्रेरित बादल गर्जेझैं हनुमान्‌ले गर्जेको र यिनको तिघ्राको वेगबाट उत्पन्न भएको शब्द पनि सुने ॥१७-१९॥ दिक्क भएर बसिराखेका यी सबै वनवासी वानर भालुले मेघ गर्जे जस्तो हनुमान्‌को सिंहनाद सुने ॥२०॥ मित्रलाई भेटने आकांक्षा लिइराखेका यी वानरहरू गर्जनलागेका हनुमान्‌को सिंहनाद सुन्नासाथ मित्रलाई भेट्नाका लागि चटपटाउनलागे ॥२१॥ वानरश्रेष्ठ जाम्बवान् अत्यन्त हर्षित भई सबै बानरलाई एकै ठाउँमा जम्मा गरेर यस प्रकारसंग भन्नलागे ॥२२॥ हे भाइहो! काम सफल गरेर हनुमान् आइरहेका छन्, यसमा अलिकता पनि सन्देह छैन, काम सिद्ध नभएको भए यिनको गर्जना कदापि यस किसिमको हुने थिएन ॥२३॥

यिनले हात-तिघ्रा चलाएको भयङ्कर शब्द तथा यिनले गर्जेको सुन्दा सबै वानरहरू खुशी भएर यताउति उफ्रनलागे ॥२४॥ हनुमान्‌को दर्शन गर्नाका लागि यी वानरहरू एउटा पर्वतबाट अर्को पर्वतमा र एउटा हाँगाबाट अर्को हाँगामा प्रसन्नतासाथ उफ्रनलागे ॥२५॥ मनमा हर्ष मानिराखेका यी वानरहरू रूखका हाँगै हाँगा समातेर माथि टुप्पामा पुगे र सफासंग देखिने आफ्ना वस्त्र हल्लाउनलागे ॥२६॥

पर्वतको गुफाभित्र पसेको हावा जस्तो किसिमको आवाज गर्दछ त्यसै गरी वायुपुत्र बलिया हनुमान्‌ले गर्जना गरे ॥२७॥ घनो बादलसमानका ती हनुमान्‌लाई आउनलागेको देखेपछि यी सबै वानरहरू हात जोरेर उभिए ॥२८॥ पर्वतको जस्तो आकार भएका, वेगवान् वीर हनुमान्‌ले अरिष्ट पर्वतबाट उफ्रेर महेन्द्र पर्वतको रूखै रूख भएको टाकुरामा हामफाले ॥२९॥ आनन्दले परिपूर्ण भइराखेका हनुमान्‌ले पखेटा काटिएको पर्वत आकाशबाट झरेझैं अति मनोहर झरना भएको यस पर्वतमाथि हामफाले ॥३०॥

दिलमा आनन्द मानेका यी सबै श्रेष्ठ वानरहरू महात्मा हनुमान्‌लाई चारैतिरबाट घेरेर बसे ॥३१॥ हनुमान्‌लाई घेरेर वस्त्र पाएकोले यी वानरहरू बडो खुशी भइराखेका थिए। यिनीहरूको मुखमा प्रसन्नता झल्किराखेको थियो र यी सबै हनुमान्‌नेर आएर बसे ॥३२॥ यसपछि यी वानरहरू फलफूल आदि गरिएका चढाउने चीजबीज ल्याएर वायुपुत्र हनुमान्‌को पूजा गर्नलागे ॥३३॥

आनन्दमा मग्न भएका यी वानरहरूमध्ये कोही गर्जनलागे, कोही किलकिल शब्द झिक्न लागे र कोही प्रसन्न भएर हनुमान्‌लाई बस्न भनी रूखको हाँगा ल्याउनलागे ॥३४॥

महाकपि हनुमान्‌ले आफूले मान्नुपर्ने बूढापाका जाम्बवान् आदि गरिएकालाई तथा कुमार अङ्गद्‌लाई प्रणाम गरे ॥३५॥ सत्कार पाउन योग्य हनुमान्‌को यो दुवैले सत्कार गरे र अरू वानरहरूले पनि यिनलाई प्रसन्न गराए। यसपछि पराक्रमी हनुमान्‌ले संक्षेपमा "मैले सीतादेवीलाई भेट भन्ने कुरा सुनाए ॥३६॥ वालिका छोरा अंगदको हात समातेर हनुमान् महेन्द्र पर्वतको कुनै एक रमाइलो ठाउँमा बसे ॥३७॥ वानरहरूले सोधेपछि हनुमान्‌ले यी श्रेष्ठ वानरहरूलाई अशोक वाटिकामा बसेकी जनकपुत्री सीतालाई मैले भेटें ॥३८॥ डरलाग्दो अनुहार भएका राक्षसीहरू यी निन्दारहित सीताको रक्षा गरिरहेका छन्। रामलाई भेट्न उत्कण्ठित भइराखेकी यिनले केवल एउटा चुल्ठो बाटेकी छन् अर्थात् सिंगार-पटार केही गरेकी छैनन् ॥३९॥ उपवास बस्नाले यिनी थकित, दुब्ली तथा झ्याउरी भइराखेकी छन्, यिनको कपालका रौं जटा जस्तो भइराखेका छन्! मैले सीतालाई भेटें" भन्ने यो अमृतसमानको तथा ठूलो काम सिद्ध गराउने शब्द हनुमान्‌को मुखबाट सुन्नासाथ सबै वानरहरू हर्षले गद्‌गद भए।

यी महाबली वानरहरूमध्ये कोही सिंहनाद गर्नलागे, कोही साधारण तवरसंग गर्जनलागे, कोही अस्पष्ट शब्द निकाल्नलागे, कोही किलकिल शब्द झिक्नलागे, कोही कसैले गर्जेको सुन्दा त्यसै गरी गर्जेर जवाफ दिनलागे, कसैले पुच्छर माथि ठाडो पारे, कोही आफ्नो मोटो लामो पुच्छर हल्लाउन लागे। एक थरि वानरहरू प्रसन्नतासाथ पर्वतको टाकुराबाट तल हामफाल्दै वानरश्रेष्ठ हनुमान्‌लाई छुनलागे।

हनुमान्‌ले सीतालाई भेटेको कुरा सुनेपछि समस्त वानरवीरहरूको बीचमा अंगद उनलाई यस किसिमको मीठो कुरा भन्नलागे—बल र पराक्रममा तिमीसमानको अर्को दोस्रो वानर छैन ॥४०-४५॥ यत्रो विशाल समुद्रलाई नाघेर फेरि तिमी यहाँ फर्केर आयौ। हे वानरश्रेष्ठ! केवल तिमी मात्र हाम्रो जीवनदाता हौ ॥४६॥ केवल तिम्रै अनुग्रहले हाम्रो मनोरथ पूर्ण भएकोले अब हामी रामनेर जान पाउने भयौं, तिम्रो स्वामीभक्ति, तिम्रो पराक्रम तथा धैर्य्य यी सबै प्रशंसनीय छन् ॥४७॥ रामकी प्राण प्यारीसीतालाई तिमीले भेट्न पाउनु बडो भाग्यको कुरा हो। यो बडो खुशीको कुरा हो कि अब राम सीता वियोगबाट उत्पन्न भएको शोकलाई दूर गरिदिनेछन् ॥४८॥

अङ्गद, हनुमान् र जाम्बवान्‌लाई घेरेर वानरहरू प्रसन्न भई ढुङ्गाका ठूला ठूला ढिस्कामाथि बसे ॥४९॥ यी वानरश्रेष्ठ समुद्र नाघेर आएको कुरा सुन्नाका लागि पर्वतका ठूला ठूला ढुङ्गामाथि बसेका हुन् ॥५०॥ लङ्का, सीता र रावणलाई देखेको भेटेको कुरा सुन्नाका लागि यी सबै वानरहरू हात जोरेर हनुमान्‌को मुखतिर मुख फर्काएर बसे ॥५१॥ जसरी स्वर्गमा देवताहरूद्वारा पूजित भएर इन्द्र यिनीहरूको माझमा बस्तछन् त्यसै गरी चारैतिर वानरको घेरा लगाएर बीचमा अङ्गद बसिराखेका थिए ॥५२॥

कीर्त्तिमान् यशस्वी हनुमान्जी तथा पाखुरामा अङ्गद (बाजु) पहिरेका कुमार अङ्गद प्रसन्नतासाथ बसेकोले यो अतिशय अग्लो पर्वतको शिखर शोभाले जगमगाउनलाग्यो ॥५३॥

सर्ग—५८

हनुमान् वानरहरूलाई आफ्नो कामको वृत्तान्त सुनाउँछन् ।

यस महेन्द्राचल पर्वतको टाकुरामा बसेका हनुमान् आदि गरिएका महाबली वानरहरू बडो प्रसन्न भइराखेका थिए ॥१॥ महात्मा वानरहरू प्रेमपूर्वक बसिसकेपछि मनमा हर्ष मानिराखेका हनुमान्लाई आनन्दमा मग्न भइराखेका जाम्बवान् कामको कुरा सोध्नलागे—तिमीले लंकामा सीतादेवीलाई कसरी भेट्यौ, उनी उहाँ कस्तो प्रकारसँग बसेकी छन्, त्यो क्रूर रावण उनीसित कस्तो व्यवहार गर्दछ, हे महाकपे ! यी सबै कुरा हामीलाई ठीक ठीकसँग वर्णन गरेर सुनाऊ ॥२–४॥ तिमीले कस्ता प्रकारसँग सीतालाई भेट्टायौ ? उनले तिमीलाई के के भनिन् ? यी सब कुरा सुनिसकेपछि अब उप्रान्त के गर्नुपर्ने हो सो हामी विचार गर्नेछौं ॥५॥ आत्मज्ञानी रामचन्द्रकहाँ गएपछि हामीले कुन कुरा जाहेर गर्ने हो र कुन जाहेर नगर्ने हो सो निर्णय गरेर हामीलाई भन ॥६॥ जाम्बवान्ले यति कुरा भन्नासाथ हनुमान्को शरीरमा रोमाञ्च भयो र सीतादेवीलाई प्रणाम गरेर यिनी जवाफ दिनलागे ॥७॥

समुद्रको दक्षिणपट्टिको तीरमा पुग्ने इच्छाले तपाईंहरूकै सामुन्नेमा म सावधानीसाथ महेन्द्र पर्वतको टाकुराबाट आकाशतिर उफ्रेको हुँ ॥८॥ केही टाढा पुगेपछि मैले एउटा डरलाग्दो विघ्न आइपरेको जस्तो देखें; सुनै सुनको टाकुरा भएको, मनलाई आनन्द गराउने एउटा दिव्य पर्वत मेरो बाटो छेकेर उभियो । मैले यस पर्वतलाई साक्षात् आफ्नो दुश्मन भन्ठाने । दिव्य स्वरूप त्यस सुवर्णमय पर्वतनेर गई त्यसलाई आफ्नो पुच्छरको प्रहारले चकनाचूर पार्ने विचार मनै मनमा लिएँ ॥९–११॥ सूर्यसमानको चहक भएको त्यो टाकुरो हजारौं टुक्रा भएर फुट्नलाग्यो । त्यस पर्वतले आफ्नो यस्तो अवस्था हुनलागेको देखेपछि मनुष्यको रूप धारण गरी मलाई भन्नलाग्यो ॥१२॥ बडो मधुरो बोली गरी, मेरो मनमा आनन्दको सञ्चार गर्दै त्यसले भन्थो—हे पुत्र ! मलाई आफ्नो पितृव्य अर्थात् बाबुको भाइ भन्ठान, म वायुको मित्र हुँ ॥१३॥ मैनाक मेरो नाम हो, म समुद्रमा बस्तछु, उहिले उहिले ठूला ठूला पर्वत पखेटा भएका हुन्थे र यिनीहरू आफ्नो इच्छाअनुसार सम्पूर्ण पृथ्वीमा जताततै किसिम किसिमको उत्पात मचाउँदै घुमफिर गर्दथे । पाकशासन इन्द्रले पर्वतहरूको यस्तो चरित्र सुनेपछि वज्रद्वारा हजारौं पर्वतको पखेटा काटिदिए, तर त्यस समयमा तिम्रा पिता वायुले मलाई यस आपत्तिबाट बचाए ॥१४–१६॥ हे बाबु ! त्यस समयमा वायुले उडाएर मलाई समुद्रमा फ्याँकिदिए, तसर्थ हे शत्रुसंहारी हनुमन् ! मैले रामचन्द्रको सहायताका लागि तैयार हुनैपर्दछ ॥१७॥ रामचन्द्र इन्द्रसमानका पराक्रमी र धर्मात्माहरूमा श्रेष्ठ छन् । महात्मा मैनाकको यो कुरा सुनेपछि मैले उनलाई आफ्नो काम बताएँ र मेरो मन अगाडि बढ्नाका लागि चञ्चल हुनलाग्यो र महात्मा मैना-

कले पनि मलाई जाने आज्ञा दिए ।।१८-१९।। मनुष्यको रूप धारण गरेर टाकुरामाथि उभिइराखेको त्यो पर्वत लोप भइगयो, त्यसले आफ्नो शरीरसहित समुद्रभित्र प्रवेश गऱ्यो ।।२०।।

यसपछि म बडो फूर्तिसँग बाँकी बचेको बाटोमा उडेर जानलागें र धेरै बेरसम्म एकनासको वेगले बाटो काटि नै रहको थिएँ ।।२१।। यही मौकामा मैले नागहरूकी आमा सुरसा देवीलाई समुद्रमा देखें र यिनले मलाई भन्नलागिन् ।।२२।।

हे वानरश्रेष्ठ! तिमी ता मेरो आहारा बन्नाका लागि यहाँ आएका छौ तसर्थ तिमीलाई खाइदिन्छु, देवताहरूबाट मैले तिमीलाई खाने अनुमति पाएकी छु ।।२३।।

सुरसाको मुखबाट यस्तो कुरा निस्कनासाथ बडो नम्रतासंग हात जोरेर म उनको अगाडि उभिएँ र बडो निन्याउरो मुख लगाएर उनलाई भन्नलागें ।।२४।। शत्रुहरूको दमन गर्ने, दशरथपुत्र श्रीमान् रामचन्द्रजी भाइ लक्ष्मण र प्राणप्यारी सीताको साथमा दण्डक वनमा आइराखेका थिए ।।२५।। यिनकी स्त्री सीतालाई दुरात्मा रावणले हरेर ल्याइराखेको छ, रामको आज्ञाले यस घडी म दूत भएर उनीनेर जानलागिराखेको छु ।।२६।। अतएव हे देवी ! रामचन्द्रको देशमा बस्ने भएकी हुनाले तिमीले पनि उनको सहायता गर्नुपर्दछ । अथवा सीतालाई भेटेर उनको समाचार उत्तम काम गर्ने रामलाई सुनाएपछि म अवश्यै यहाँ आएर तिम्रो मुखभित्र पस्नेछु, तिमीसंग मैले यो साँचो प्रतिज्ञा गरेको हो ।

मेरो यस प्रकारको कुरा सुनेपछि इच्छाअनुसारको रूप धारण गर्न सक्ने सुरसा भन्नलागी—कोही व्यक्ति पनि मलाई नाघेर जान नपाओस् भन्ने वरदान मैले पाएकी छु । सुरसाले यसो भन्दाखेरि मेरो शरीरको विस्तार दश योजनको थियो, छिनको छिनैमा मैले आफ्नो शरीरलाई अरू पांच योजन बढाइदिएँ, तर सुरसाले मेरो शरीरभन्दा ठूलो गराएर आफ्नो मुख बाई । यसले मुख बाएको देख्नासाथ मैले आफ्नो शरीरलाई बहुतै सानो तुल्याइदिएँ र देख्ता देख्तैमा बूढीऔंला बराबरको भएँ ।।२७-३१।। उत्तिखेरै उसको मुखभित्र पसेर झटपट बाहिर निस्कहालें । यसपछि सुरसा आफ्नो असली रूप धारण गरी मलाई भन्नलागी ।।३२।। हे सौम्य वानर ! कार्यसिद्धिका लागि सुखपूर्वक यात्रा गर र महात्मा रामचन्द्रसंग सीताको भेट गराइदेऊ ।।३३।। हे महाबाहो ! सुखी भए, हे वानर ! तिमीदेखि म प्रसन्न छु ।

सुरसाले यति भन्नासाथ सबै आकाशचारी प्राणीहरूले "वाह वाह" भनेर मेरो प्रशंसा गरे ।।३४।। यसपछि म फेरि गरुडझैं विशाल आकाश मंडलमा उड्नलागें । यही मौकामा कसैले मेरो छाया समात्यो, तर समात्नेलाई मैले कतै देखिन ।।३५।। आफ्नो वेग रोकिन गएकोले मैले दशै दिशातिर नजर दौडाएँ, तर जसले गर्दा मेरो वेग रोकिएको थियो त्यसलाई ता कतै पनि देख्न सकिनँ ।।३६।। मेरो यात्रा रोक्नालाई किन यस्तो विघ्न उपस्थित भयो होला ? यहाँ कतै पनि रूप देखिन्न भनेर म मनै मनमा विचार गर्नलागें ।।३७।। यस किसिमको विचार गर्दामा जब मेरो दृष्टि तल समुद्रमा पऱ्यो त्यस बखतमा मैले जलमाथि एउटी डरलाग्दो रूप भएकी राक्षसीलाई उत्रिराखेको देखें ।।३८।। हाँसेर

त्यस भयंकर राक्षसीले चर्को स्वरसँग आवाज निकाली र मनमा कत्ति पनि डर नलिएर उभिराखेको मलाई क्रूर वचन भन्नलागी ।।३९।। हे विशाल शरीरवाला ! तिमी कता जानलागेका हौ ? म भोकाइराखेकी छु, तिमी ता मेरो मन पर्ने भोजन हौ, धेरै दिनदेखि भोकाइराखेको मेरो शरीरलाई तृप्त गर ।।४०।। मैले हुन्छ भनेर उसको कुरा स्वीकार गरें र उसको मुखभन्दा आफ्नो शरीर ठूलो बनाइदिएँ ।।४१।। मलाई खान भनी त्यसले आफ्नो डरलाग्दो मुख झन् झन् बढाउनलागी, तर त्यसले मेरो सामर्थ्य तथा मैले अर्कै रूप लिन आंटेको कुरा बुझ्न सकिन ।।४२।। छिनको छिनैमा आफ्नो विशाल रूपलाई सानो तुल्याएर मुखभित्र पसी उसको मुटु चिरेर उत्निखेरै आकाशमा उड्नलागें ।।४३।। मद्वारा मुटु चिरिएकोले यो पर्वतसमानको आकार भएकी डरलाग्दी राक्षसी दुवै हात फिंजाएर समुद्रको जलमाथि खस्न पुगी ।।४४।। यस समयमा मैले डरलाग्दी सिंहिका राक्षसीलाई हनुमान्‌ले झट्टै मारिदिए भन्ने आकाशचारी महात्माहरूले भनेको मधुर वचन सुनें ।।४५।।

यस प्रकारसँग त्यस राक्षसीलाई मारिसकेपछि आफ्नो काममा विलम्ब भएको कुरा स्मरण गर्दै म वडो वेगसँग जानलागें र निक्कै टाढा पुगेपछि पर्वतै पर्वतले युक्त भएको समुद्रको दक्षिण तीरमा रहेको लङ्कापुरी देखें । सूर्य अस्ताएपछि डरलाग्दो पराक्रम भएका राक्षसहरूको नजर बचाएर मैले उनीहरूको राजधानीभित्र प्रवेश गरें । त्यहाँ भित्र प्रवेश गर्दा नगर्दैमा प्रलयकालको मेघको जस्तो रूप धारण गरेकी एउटी राक्षसी खित्का छाडेर हाँस्तै मेरो अगाडि आएर खडा भई । यसका कपालका रौं बल्दो आगोसमान चम्किराखेका थिए र यो मलाई मार्न खोजिरहेकी थिई ।।४६-४९।। आफ्नो देब्रे हातले एक मुक्का चखाएर त्यस भयानक राक्षसीलाई परास्त गरी साँझतिर मैले शहरभित्र प्रवेश गरें । डरले थर्कायमान भएकी त्यस राक्षसीले मलाई भनी ।।५०।। हे वीर ! म साक्षात् लङ्कापुरी हुँ । आफ्नो पराक्रमद्वारा मलाई जित्न सकेकोले तिमी समस्त राक्षसहरूलाई जित्न सक्नेछौ ।।५१।।

मैले समग्र रात लङ्कापुरीमा रावणको महलमा घुमेर बिताएँ, तर सुन्दरी सीतालाई भने कतै पनि देख्न पाइनँ ।।५२।। राघणको महलमा सीतालाई नदेखेकोले म शोकसमुद्रमा डुबिहालें र यसबाट पार लाग्ने मैले कुनै उपाय नै देखिनँ ।।५३।। यस प्रकारसँग शोक गरिरहेको वेलामा मैले रावणको महलनेर एउटा अति राम्रो वाटिका देखें । यो वाटिकालाई चारैतिरबाट अति अग्लो सुनै सुनको पर्खालले बेह्रिराखेको थियो ।।५४।। यस पर्खाललाई नाघेपछि मैले अनेक प्रकारका रूखले युक्त भएको यस वाटिकाको बीचमा एउटा वडेमानको शिंशपाको रूख देखें ।।५५।। यस रूखमा चढ्नासाथ मैले सुनको जस्तो वर्ण भएको कमलको वन देखें र यही शिंशप्पाको रूखको नजीकैमा अति मनोहर वर्ण भएकी सीताजीमाथि मेरो दृष्टि पऱ्यो ।।५६।। कमलको जस्तो आँखा भएकी, श्याम वर्णकी यी सीता देवीको मुख उपवास बस्नाले झ्याउरो भइराखेको थियो, केवल एउटै मैलो सारी पहिरेकी थिइन् र कपालको रौंमा धूलै धूलो भरिएको थियो ।।५७।। शोक सन्तापले गर्दा यिनको शोचनीय अवस्था भइराखेको थियो, यिनी सदा आफ्ना पतिको हितको चिन्ता गर्दथिन् । बघिनीहरूले हरिणी-

लाई घेरे झैं रगत मासु खाने क्रूर तथा डरलाग्दो अनुहार भएका राक्षसीहरूले यिनलाई घेरिराखेका थिए। वारंवार राक्षसीहरूको हप्काइ खाएर यिनीहरूको बीचमा बसिराखेका सीतालाई मैले देखें ।।५८-५९।। जसरी शीतकालमा कमल सुक्तछ त्यसै गरी एउटै चुल्ठो बाटेकी, पतिको चिन्तामा परेकी, भूइँमा सुत्ने झ्याउरी सीताको शरीरको अंग सुकिराखेको थियो ।।६०।। रावणसित कुनै प्रकारको सम्बन्ध नभएकी यिनी मर्न भनेर निश्चय गरी बसेकी थिइन्। हरिणको बच्चाको जस्तो आँखा भएकी सीतानेर म येन केन प्रकारले झट्टै पुगिहालें ।।६१।। रामकी प्राणप्यारी यशस्विनी सीतालाई यस्तो अवस्थामा परेको देख्ता म त्यहीं शिंशपाको रूखमा चढेर उनलाई हेर्न लागें ।।६२।। यही मौकामा कर्धनी र पाउजेबको शब्दसँग मिसिएको एउटा बडो गम्भीर स्वरको हलहल गरेको आवाज मैले रावणको महलमा सुनें ।।६३।। यो आवाज सुन्नासाथ म बहुतै हडबडाएँ र आफ्नो स्वरूपलाई सानो तुल्याएर चराझैं त्यहीं शिंशपाको रूखमा पात बाक्लो भएको ठाउँमा लुकेर बसिराखें ।।६४।।

यसपछि महाबली रावण तथा यसका सुन्दरीहरू त्यही ठाउँमा आइपुगे जहां कि सीता बसिराखेकी थिइन् ।।६५।। राक्षसराजलाई देख्नासाथ सुन्दरी सीता आफ्ना दुवै पिडौंला खुम्च्याएर र हातले दुवै स्तन छोपेर बसिन् ।।६६।। आफ्नो रक्षा गर्ने कसैलाई पनि नदेख्ता थरथर कांपिरहेकी, डराएकी, घबडाएकी, यताउति हेरिराखेकी, अतिशय दुःखित अवस्थामा परेकी, तपस्विनी सीतालाई टाउको निहुराएर प्रणाम गरी रावण भन्नलाग्यो—हे सीते ! मेरो खूब आदर गर, हेर, यदि तिमी घमण्डमा परेर मैले भनेको कुरा मान्दिनौ भने दुई महीनापछि म तिम्रो रगत नपिई छाड्नेछैन ।।६७-६९।।

दुरात्मा रावणको यो कुरा सुनेपछि सीता रिसले चूर भई उसलाई उत्तम वचन भन्नलागिन् ।।७०।। हे राक्षसहरूमध्येको अधम ! म अतुल तेजस्वी रामचन्द्रकी स्वास्नी र इक्ष्वाकुकुलतिलक महाराज दशरथकी छोराबुहारी हुँ ।।७१।। मलाई भन्न नहुने कुरा भन्दा तेरो जिब्रो किन नखसेको होला ? हे पापी ! यतिकै पराक्रम रहेछ कि राम नभएको मौका पारेर मलाई हरेर ल्याइस् र ती महात्माले मलाई देख्नसम्म पनि पाएनन्, रामको बराबर ता तँ के होलास् उनको कमारो हुन पनि सुहाउँदैनस् ।।७२-७३।। किनकि रामचन्द्र अजेय, सत्यवादी, शूरा र रणमा प्रशंसा पाउन योग्य छन्।

जानकीजीका यस्ता कडा वचन सुनेपछि आगोले चिता जलाएझैं रावण रिसको ज्वालाले जल्नलाग्यो र आफ्ना क्रूर आंखा फन्फनी घुमाउँदै दाहिने मुक्की उझाएर सीतालाई मार्न तय्यार पऱ्यो। यही मौकामा त्यसका स्वास्नीहरूले हाहाकार मच्चाए। त्यस दुष्टका सुन्दरीहरूमध्ये मन्दोदरी नाम गरेकी यसकी प्यारी स्वास्नीले आफ्नो ठाउँबाट उठी कामले पीडित भइराखेको रावणलाई रोकेर मीठा मीठा कुराद्वारा संझाउन बुझाउनलागी ।।७४-७७।। इन्द्रसमानको पराक्रम भएका हे महाराज ! सीतासंग तपाईंको के प्रयोजन पऱ्यो र, आउनुहोस् मसंग विहार गर्नुहोस्, सीता मभन्दा बर्ता छैन ।।७८।। हे प्रभो ! देव, गन्धर्व, यक्षका कन्याहरूसंग आराम गर्नुहोस्, सीता नभई तपाईंलाई के खाँचो भयो र ? ।।७९।।

यसपछि यी सबै आइमाईले मिलेर महाबली रावणलाई उल्लिखेरै त्यहाँबाट हटाएर आफ्नो घरतिर लगिहाले ॥८०॥ त्यहाँबाट जानासाथ डरलाग्दो अनुहार परेका राक्षसीहरू बडो कठोर निष्ठुरी वचनद्वारा सीतालाई हप्की-दप्की गर्नलागे ॥८१॥ तर सीताले यिनीहरूले भनेका कुरालाई तृण बराबर संझिन् तसर्थ सीताको अधिलितर यिनहरूले गर्जेको सबै व्यर्थ भयो ॥८२॥ डाँट डपटबाट केही फल ननिस्कने देखेर मासुको आहारा गर्ने यी राक्षसीहरूले चेष्टारहित भई रावणकहाँ गएर मर्नुपरे ता पनि बरु मर्दछु तर रावणलाई ता स्वीकार गर्दिन भन्ने सीताको दृढ संकल्प बयान गरेर सुनाए ॥८३॥ यसपछि आशा भङ्ग भएकोले उद्योगहीन भएका तथा अतिशय थाकेका यी सबै राक्षसीहरू निद्राको वशमा परे अर्थात् सुते ॥८४॥ यी सबै सुतेपछि पतिको हितमा तत्पर रहने सीता दया लाग्ने गरी विलाप गर्न र दुःखित भएर शोक गर्न लागिन् ॥८५॥

यही अवसरमा ती राक्षसीहरूको बीचमा त्रिजटा नाम गरेकी राक्षसी उठेर भन्नलागी—तिमीहरू सबै आफ्नो आफ्नो मासु खाओ, सीतालाई किन खान खोज्दछौ ॥८६॥ यी पतिव्रता सीता राजा जनककी छोरी र दशरथकी छोराबुहारी हुन् । आज मैले बडो डरलाग्दो रोमांच गराउने सपना देखें ॥८७॥ यस सपनाबाट राक्षसहरूको विनाश तथा यिनका पतिको विजय हुने देखिन्छ । रामचन्द्रको हातबाट राक्षसीहरूको उद्धार गराउने सामर्थ्य यिनमा छ, तसर्थ हामी सबै मिलेर सीतासंग प्रार्थना गरौं । मलाई ता यही कुरा बेस लागेको छ, किनकि जुन दुःखिनी स्त्रीको सम्बन्धमा यस्तो सपना देखिन्छ ती ता अवश्यै नाना प्रकारका दुःखबाट मुक्त भई उत्तम प्रकारको सुख पाउनेछन् । हामीले प्रणाम गरेपछि जब यी सीता प्रसन्न हुनेछन् तब ता यिनले अवश्यै यस महान् आपत्तिबाट राक्षसीहरूको रक्षा गर्नेछन् ।

पतिको विजय हुने कुरा सुनेपछि सीता प्रसन्न भइन् र केही लाज पनि मानिन् ॥८८-९१॥ सीताले राक्षसीहरूलाई भनिन्—त्रिजटाले भनेको कुरा साँचो हुन आयो भने म तिमी सबैको रक्षा गर्नेछु ।

सीताको यस्तो दुःखमय अवस्था देख्ता म केही बेरसम्म चिन्तामा परें, तर कसै गरे पनि मेरो मनले शान्ति पाउन सकेन । यसपछि मैले सीतासंग कुराकानी गर्ने उपाय निकालें र प्रारम्भमा इक्ष्वाकुवंशको स्तुति गर्नेलागें । राजर्षिहरूको सम्बन्धको मेरो कुरा सुनेपछि सीता देवी आँखाभरि आँसु गरेर भन्नलागिन्—हे वानरश्रेष्ठ ! तिमी को हौ र कसले पठाएर यहाँ आएका हौ ? ॥९२-९५॥ रामचन्द्रसँग कसरी तिम्रो प्रेम हुन गयो, यी सब कुरा मलाई भन ।

सीताका यी कुरा सुनेपछि म पनि भन्नलागें ॥९६॥ हे देवी ! पराक्रमी, महाबली, वानरराज तपाईंका पति रामचन्द्रका सहायक भएका छन् ॥९७॥ म यिनै सुग्रीवको दास हुँ र हनुमान् मेरो नाम हो । अतिशय गाह्रो काम गर्न सक्ने तपाईंका पति रामले मलाई तपाईंकहाँ पठाएका हुन् ॥९८॥

हे यशस्विनी ! पुरुषसिंह दशरथपुत्र रामचन्द्रले चिन्हो जस्तो गरेर तपाईंलाई दिनू भनी यो औंठी दिइपठाएका छन् ॥९९॥ हे देवी ! अब मैले तपाईंको कुन आज्ञा पालन गर्ने हो सो म जान्न चाहन्छु । तपाईंलाई अब समुद्रको पारिपट्टि राम र लक्ष्मणकहाँ लिएर जाऊँ कि ? अथवा तपाईंको तर्फबाट उनीहरूलाई के भन्ने हो ? ॥१००॥

मेरा यी कुरा सुनेपछि जनकपुत्री सीताले केही बेर विचार गरी रावणलाई मारेर रामचन्द्रले स्वयं आफैं मलाई आफ्नो राजधानीमा लिएर जाऊन् भन्ने कुरा भनिन् ॥१०१॥

निन्दारहित सीतादेवीलाई टाउको निहुराएर प्रणाम गरी, देख्नासाथ रामचन्द्रको मनमा आनन्द गराउने कुनै एक चिन्हो मैले उनीसित माँगे ॥१०२॥ सीताले मलाई भनिन्—यो उत्तम मणि लेऊ, यसलाई देख्नासाथ रामलाई तिमी मकहाँ पुगेछौ भन्ने विश्वास पर्नेछ ॥१०३॥ यति भनेर सुन्दरी सीताले मलाई यो श्रेष्ठ मणि दिइन् र बडो व्याकुल भएर उनलाई भन्नुपर्ने केही समाचारसमेत भनिन् ॥१०४॥ सावधानीसाथ मैले राजपुत्री सीतालाई प्रणाम गरी उनको प्रदक्षिणा गरें र यहाँ आउनाका लागि मेरो मन उत्सुक भइहाल्यो ॥१०५॥ यसपछि मनमा विचार गरेर सीताले फेरि पनि मलाई भन्नुभयो—हे हनुमान् ! मेरो वृत्तान्त रामचन्द्रलाई यस प्रकारसँग सुनाइदिए कि यसलाई सुन्नासाथ सुग्रीवको साथसाथै वीर राम र लक्ष्मण झटपट यहाँ आइहाल्छन् र तिमी पनि यही उद्योगमा लागिहाले ॥१०६–१०७॥ कदाचित् यसको विपरीत हुन गयो भने ता म केवल दुई महीना मात्र बाँच्नेछु अनि पछि रामले मलाई भेट्न पाउनेछैनन् । अनाथिनीझैं भएर म मरिहाल्नेछु ॥१०८॥

सीताको यो मायालाग्दो कुरा सुन्दा मलाई बहुतै रिस उठ्यो र अब बाँकी रहेको काम कसरी गर्ने हो भन्ने कुराको म विचार गर्नलागें ॥१०९॥ यस समयमा मेरो शरीर बढेर पर्वतसमानको भयो र युद्ध गर्न पाइएला भन्ने आशा लिएर म अशोक वनलाई नाश गर्नलागें ॥११०॥ यो वन नष्ट भएर त्यहाँका समस्त पशु पक्षी डराएर यताउति भाग्नलागेपछि, डरलाग्दो अनुहार परेका राक्षसीहरू ब्यूंझेर वनको यस अवस्थालाई हेर्नलागे ॥१११॥ मलाई वनमा उभिइराखेको देख्ता यी राक्षसीहरू यता उतिबाट आएर एकै ठाउँमा जम्मा भई हतार हतार गरेर रावणलाई खबर दिन गए ॥११२॥ हे महाबली राजन् ! एउटा दुष्ट वानरले तपाईंको पराक्रम थाहा नभएकोले कसैले पस्नै नसक्ने तपाईंको वनलाई उझाड पारिदियो ॥११३॥ तपाईंसित विरोध गर्न खोज्ने त्यस वानरको कुबुद्धि हो तसर्थ हे राजन् ! झट्टै त्यसलाई मार्ने हुकुम दिनुहोस् ताकि जीउँदै त्यो यहाँबाट जान नसकोस् ॥११४॥

यो कुरा सुन्नसाथ रावणले आफ्नो आज्ञा अनुसार चल्ने, कसैले जित्न नसक्ने, किङ्कर नाम गरेका राक्षसहरूलाई पठायो ॥११५॥ अस्सी हजार यी राक्षसहरू शूल र मुग्दर धारण गरेर अशोक वनमा आए र मैले पनि उलिखेरै एउटै गदाको प्रहारले यी सबैको संहार पारिदिएँ ॥११६॥ यिनीहरूमध्ये अलिकता निर्धा जो बाँचेका थिए तिनले झटपट रावणकहाँ गएर मद्वारा समस्त सेनाको विनाश भएको खबर उसलाई सुनाए ॥११७॥ यसपछि मैले मनमा निश्चय गरी त्यहाँको, सयओटा थाम भएको,

लङ्कामा सर्वश्रेष्ठ महल ठहरिएको, एउटा मन्दिर फेरफार पारिदिएँ र रिसको झोंकामा त्यस मन्दिरका पालेहरूलाई समेत मारिदिएँ, उता रावणले पनि प्रहस्तको छोरो छम्बुमालीलाई लड्न भनी पठायो। डरलाग्दो रूप भएका अनेक भयङ्कर राक्षसहरूलाई साथमा लिई उ मकहाँ आयो, मैले पनि डरलाग्दो परिघको प्रहारले, युद्ध-विद्यामा सिपालु भएको बलियो त्यस राक्षसलाई र त्यसको फौजलाई समेत मारिदिएँ, यो समाचार पाउनासाथ रावणले बलिया बलिया मन्त्रीका छोराहरूलाई पैदल फौज साथमा लगाई मलाई मार्न भनी पठायो। मैले पनि यी सबैलाई परिघको प्रहारले यमपुरीतिर पठाइदिएँ ॥११८-१२२॥ ठूलो पराक्रम देखाउन सक्ने मन्त्रीका यी छोराहरू संग्राममा मारिएको खबर लागेपछि रावणले पाँच जना शूरा सेनापतिहरूलाई मकहाँ पठायो ॥१२३॥ यी सबैलाई पनि फौजको साथसाथै मैले मारिदिएँ। यसपछि रावणले आफ्नो महाबली छोरो अक्षकुमारलाई अनेक राक्षसहरू साथमा लगाएर लड्न भनी पठायो। रणविद्यामा सिपालु भएको मन्दोदरीको छोरो यस कुमारलाई आकाशमा उड्न लागेको बेलामा दुवै खुट्टा समातेर सयकडौं बाजि फन्फनी घुमाएर यसरी पछारिदिएँ कि उ मरि नै हाल्यो ॥१२४–१२६॥ अक्षकुमार मरेको खबर पाएपछि झोंक्किएको रावणले आफ्नो दोस्रो छोरो इन्द्रजित्‌लाई पठायो। यो इन्द्रजित्‌लाई लडाइँमा जित्न गाह्रो थियो र बलियो पनि यो खूबै थियो, तर यसको साथमा आएको जम्मै फौजको र यसको समेत पराक्रम रणभूमिमा नष्ट गरिदिएँ। यति काम गर्न सकेकोले म मनमा बहुतै खुशी भएँ किनकि रावणले यसलाई अति बलियो ठहराएर ठूला ठूला वीरहरूलाई साथ लगाइपठाएको थियो। यसले मेरो पराक्रमको अगाडि टिक्न नसकिनै र आफ्नो फौजसमेत परास्त भएको देखेपछि ब्रह्मास्त्रको प्रयोग गरेर झटपट मलाई बन्धनमा पारिदिइहाल्यो। यसपछि अरू राक्षसहरू मलाई डोरीले बाँध्नलागे ॥१२७–१३१॥ बाँधेर यिनीहरू सबैले मलाई रावणको नजीक लगे। मलाई देख्नासाथ दुष्टात्मा रावण मसित कुरा गर्नलाग्यो ॥१३२॥ यसले मसित लङ्कामा प्रवेश गरेको तथा राक्षसहरूलाई मारेको कारण सोध्यो, मैले पनि केवल सीताका लागि यी सब काम गरेको हुँ भनेर जवाफ दिएँ ॥१३३॥ यिनै सीताको दर्शन गरूँ भनी म यहाँ तिम्रो दरबारमा आएको हुँ। वायुको खास छोरा म हनुमान् नाम गरेको वानर हुँ ॥१३४॥ हे राजन् म रामको दूत र वानरराज सुग्रीवको मन्त्री हुँ। रामचन्द्रको दूत भएर म यहाँ तिमीकहाँ आइराखेको छु ॥१३५॥ हे राक्षसराज ! वानरराज सुग्रीवले तिम्रो कल्याण हुने जुन कुरा मलाई सुनाइदिनु भनेका छन् सो म तिमीलाई भन्दछु, सुन ॥१३६॥ हे महाभाग रावण ! सुग्रीवले तिम्रो क्षेमकुशल सोधेका छन् र धर्म, अर्थ तथा कामले युक्त भएका, तिम्रो कल्याण गर्ने यी हितका कुरा भनिपाठएका छन् ॥१३७॥ अनेक रूखले सुशोभित भएको ऋष्यमूक पर्वतमा बस्ताखेरि, युद्धमा अतिशय ठूलो पराक्रम देखाउन सक्ने रामचन्द्र मेरो मित्र बन्न गए ॥१३८॥ यिनले मलाई भनेका छन्—हे राजन् ! मेरी स्वास्नीलाई राक्षसले हरेर लगेको छ, यस काममा तपाईंले मेरो सहायता गर्ने प्रतिज्ञा गर्नुपर्‍यो ॥१३९॥ राम र लक्ष्मणले आगोलाई साक्षी राखेर यी सुग्रीवसंग दोस्ती बांधे जसको राज्य कि वालिले खोसेर लिएको

थियो ॥१४०॥ रामचन्द्रले युद्धमा एउटै बाणले बालिलाई मारेर सुग्रीवलाई वानरहरूको अधिपति बनाइदिए ॥१४१॥ यसै कारणले रामचन्द्रको काममा पनि मैले सबै तरहबाट सहायता गर्नुपर्दछ भन्ने संझेर सुग्रीवले मलाई धर्म्मपूर्वक दूत बनाएर तिमीकहाँ पठाएका हुन् ॥१४२॥ वीर वानरहरूले तिम्रो फौजलाई ध्वस्त नपार्दैमा झटपट सीतालाई ल्याएर रामचन्द्रको हातमा सुम्पिदेऊ ॥१४३॥ वानरहरूको प्रभाव यत्तिको हुन्छ भन्ने कसैलाई थाहा छैन । यी वानरहरूलाई निम्तो गरेर देवताहरू आफ्ना शत्रु-लाई मार्नाका लागि स्वर्गमा लिएर जान्छन् ॥१४४॥ वानरराज सुग्रीवले मलाई तिमीलाई यही कुरा सुनाइदिनू भनेका थिए, मैले पनि सो सब कुरा सुनाइदिइहालें ।

यति सुन्नासाथ झोक्किएको रावणले आँखाको तेजले भस्मै पार्ने हो कि जस्तो गरेर मतिर हेर्न लाग्यो ॥१४५॥ दुरात्मा रावणलाई मेरो यत्तिको प्रभाव छ भन्ने कुरा थाहा थिएन तसर्थ त्यस राक्ष-सले मेरो वध गर्ने हुकूम दियो ॥१४६॥ यसपछि यसका भाइ बुद्धिमान् विभीषणले मेरा लागि प्रार्थना गरेर उसलाई भने ¡१४७॥ हे राक्षसश्रेष्ठ ! यो कुरा ठीक ह्वैन । तपाईं आफ्नो यस निश्चयलाई छाडि-दिनुहोस् । तपाईंको यो निश्चय राजनीतिको विरुद्ध देखिन्छ ॥१४८॥ हे राजन् ! राजनीतिमा दूतलाई मार्न हुन्छ भनेर कतै पनि लेखिएको छैन । दूतलाई आफ्नो मालिकले भनिपठाएको खबर सुनाउने पूरा अधिकार छ ॥१४९॥ हे अतुल पराक्रमी राजन् ! ठूलोमा पनि ठूलो अपराध गरेको खण्डमा समेत दूतलाई मार्नू भनेर लेखिएको छैन, केवल अङ्ग भङ्ग गराएर यिनलाई विरूप तुल्याइदिनू भन्नेसम्म लेखिएको छ ॥१५०॥ विभीषणले यति भनेपछि रावणले ती राक्षसहरूलाई अहिले नै यसको पुच्छर डढाइदिनू भन्ने आज्ञा दियो ॥१५१॥ रावणको यस्तो आज्ञा पाउनासाथ राक्षसहरूले मेरो पुच्छरमा, सन, रूखको बोक्रा, रेशमी र सूती लुगा बेसगरी बेह्रिदिए ॥१५२॥ कवच, शस्त्र आदि धारण गरेका प्रचण्ड पराक्रम देखाउन सक्ने राक्षसहरूले मलाई बेसरी बाँधेर काठसमानको साह्रो मुक्की चखा-उँदै मेरो पुच्छरमा आगो सल्काइदिए ॥१५३॥ दिउँसोको समयमा लङ्का हेर्ने मेरो इच्छा भएकोले राक्षसहरूले मलाई बाँधेको तथा किसिम किसिमको पाशोमा जकड्याएको भए तापनि मलाई कुनै प्रकारको कष्ट भएन ॥१५४॥ यस प्रकारसङ्ग यी शूरा राक्षसहरूले मलाई बांधे र मेरो पुच्छरमा आगो सल्काएर सडकमा चिच्च्याई चिच्च्याई दुनियाँलाई खबर भन्दै शहरको ढोकासम्म ल्याए ॥१५५॥ यसपछि बडेमानको आफ्नो शरीरलाई सानो तुल्याएर बन्धनबाट बाहिर निस्कें र फेरि निश्चिन्त भएर जस्ताको तस्तै भएँ ॥१५६॥

अनि फलामको एउटा ठूलो गदा लिएर ती राक्षसहरूलाई मार्न लागें र यिनलाई मारिसकेपछि फेरि शहरको ढोकामा फूर्तिसाथ चढेर बसिरहें ॥१५७॥ जसरी प्रलयकालको आगोले प्रजा-लाई भस्म पार्दछ त्यसै गरी म पनि पुच्छरको आगोले, मनमा अलिकता पनि नहडबडाएर, अटाली र फाटकको साथसाथै समस्त लङ्कापुरीलाई भस्म पार्नलागें ॥१५८॥ जम्मै शहर भस्म भएपछि सीता पनि भस्म भइहोलिन् भन्ने मलाई चिन्ता पर्‍यो किनकि लङ्काभरिमा कुनै यस्तो ठाउँ थिएन जो कि भस्म

नभएको होस् ॥१५९॥ लङ्कालाई डढाउन खोज्दा मैले सीतालाई पनि डढाइदिएँ र रामचन्द्रको ठूलो काम निष्फल तुल्याइदिएँ भन्ने मलाई चिन्ता पऱ्यो ॥१६०॥

यस प्रकारको विचार उत्पन्न हुँदाखेरि मेरो मनमा ठूलो शोक पऱ्यो । यही मौकामा मैले चारण-हरूले भनेको मीठो बोली सुनें ॥१६१॥ यिनीहरू छक्क परेर भनिरहेका थिए कि सीता डढेकी छैनन् । यिनीहरूको यो अद्भुत वाणी सुनेपछि र त्यहाँ अनेक शुभ शकुन देखेपछि सीताजी भस्म भएकी रहिनछन् भन्ने विचार मेरो मनमा आयो । पुच्छरमा आगो सल्काउँदाखेरि पनि आगोले मलाई पोलेन । मेरो दिल प्रसन्नै छ । हावा मीठो बास्ना साथमा लिएर बहिरहेको छ । यी शुभ शकुन देखिए-को, अनेक मङ्गलमय कारण परिआएको र् गुणसम्पन्न ऋषिहरूको कुराले गर्दा मनमा प्रसन्न भएँ । फेरि मैले सीतासंग भेट गरें र उनीसित बिदा भएँ ॥१६२-१६५॥ यसपछि अरिष्ट पर्वतमा चढेर तपाईंहरूसंग भेट गरूँ भन्ने इच्छाले म फेरि समुद्र नाघ्नलागें ॥१६६॥ वायु, चन्द्रमा, सूर्य, सिद्ध, र गन्धर्वले हिंड्ने बाटो अर्थात् आकाशमार्गको आश्रय लिई मैले यहाँ तपाईंहरूको दर्शन गरें ॥१६७॥ रामचन्द्रको कृपा तथा तपाईं सबैको तेजको प्रभावले मैले सुग्रीवको सबै काम यस प्रकारसंग पूरा गरें ॥१६८॥ मैले लङ्कामा जति काम गरेको हुँ सो सबै जस्ताको तस्तै गरेर तपाईंहरूलाई सुनाइहालें । अबलाई जति काम गर्न बाँकी रहेको छ सो सब तपाईंहरूले गर्नुपर्दछ ॥१६९॥

सर्ग—५९

हनुमान् लङ्कामा गरेको कामको फेरि वर्णन गर्दछन् ।

यस प्रकारसँग सबै कुराको वर्णन गरिसकेपछि वायुपुत्र हनुमान्जी फेरि यसपछिको कुराको वृत्तान्त भन्नलागे ॥१॥

रामचन्द्रको उद्योग सफल भयो, सुग्रीवको उत्साहसमेत सफल भयो र सीताको शील-स्वभाव देख्नाले मेरो मन प्रसन्न भयो ॥२॥ हे वानरश्रेष्ठहो ! पतिव्रता सीताको जस्तो जुन आइमाईको शील स्वभाव छ त्यसले आफ्नो तपोबलले समस्त लोकलाई धारण गर्न सक्तछे अथवा रिसको झोंकमा तिनलाई भस्म पनि गराउन सक्तछे ॥३॥ राक्षसराज रावण पनि सांच्चिकै महातेजस्वी रहेछ यसैले ता सीताको शरीर छुँदा पनि आफ्नो तपस्याको बलले भस्म हुन सकेन ॥४॥ रिसको झोंकमा परेको वेलामा जनकपुत्री सीता जुन काम गर्न सक्तछिन् त्यो काम ता हातले छुँदा आगोको ज्वालाले समेत गर्न सक्तैन ॥५॥ यो काम मैले कसरी सिद्ध गरें सो तपाईंहरूलाई निवेदन गरिहालें, अबलाई जाम्बवान् आदि गरिएका प्रधान प्रधान वानरहरूको सम्पति लिएर हामीले सीतालाई लङ्काबाट ल्याईकन राम, लक्ष्मणको दर्शन गर्न मुनासीब पर्ला ॥६॥ म एकलैले राक्षसहरूको साथसाथै लंकापुरीलाई ध्वस्त पार्न र रावणलाई मार्न सक्तछु यसमा अरू दोस्रोको सहायता लिने आवश्यकता नै छैन ॥७॥ तपाईंहरू समानका परमज्ञानी, सबै अस्त्र

शस्त्रको प्रयोग जान्ने, समर्थ, विजयको चाहना गर्ने, शूरा र बलियाको सहायता पाएपछि ता कुरै केही छैन ॥८॥ युद्धमा अघिअघि लाग्ने फौज र भाइ छोराको साथसाथै रावणलाई संग्राममा मारिदिनेछु ॥९॥ ब्रह्मास्त्र, रुद्रास्त्र, वायव्यास्त्र, वारुणास्त्र आदि गरिएका इन्द्रजित्का अस्त्र शस्त्र देख्नामा भयङ्कर छन् तापनि यी सबैलाई निष्फल गराएर म राक्षसहरूलाई मारि नै दिनेछु ॥१०॥ तपाईंहरूको अनुमति नपाएकोले नै मैले पराक्रम रोकिराखेको हो । मैले अवच्छिन्न पर्वतको वृष्टि गर्नलागेपछि ता देवताहरूलाई समेत युद्धमा मारिदिनेछु, राक्षसहरूलाई मार्नु ता मामूली कुरा हो । तपाईंहरूको आज्ञा नपाएकोले मैले आफ्नो पराक्रमलाई रोकें अर्थात् रावणहरूलाई मारिनँ ॥११-१२॥ समुद्रले आफ्नो मर्यादा छाड्न सक्तछ, मन्दरपर्वत डगमगाउन सक्तछ, तर शत्रुको फौजले जाम्बवान्लाई युद्धमा विचलित गराउन सक्तैन ॥१३॥ राक्षसहरूमध्ये जो सबभन्दा बलियो छ त्यसलाई नाश गर्नाका लागि एक्लो बालिका छोरा अंगद नै प्रशस्त छन् ॥१४॥ महात्मा वानर नीलको तिव्राको प्रबल वेगले मन्दराचलसमेत फुट्न सक्तछ भने ती जावा राक्षसहरूले युद्धमा यिनको अघिल्तिर के गर्न सक्लान् ? ॥१५॥ तपाईंहरू नै भन्नुहोस्न्, देवता, असुर, यक्ष, गन्धर्व, नाग र पक्षीगणमा को यस्तो छ जो मैन्द तथा द्विविदको सामुन्ना गर्न सक्ला ? ॥१६॥ अश्विनीकुमारका वानरश्रेष्ठ यी दुई जो महाबलिया छोरा छन् तिनीसित संग्राममा लड्न अघि सर्ने ता म कसैलाई पनि देख्तिनँ ॥१७॥ म एक्लैले लंकिनी राक्षसी-लाई मारिदिएँ र लङ्कापुरीलाई भस्म पारिदिएँ र सडक सडकमा चिच्च्याई चिच्च्याईकन यस प्रकारसँग आफ्नो नाम सबैलाई सुनाइदिएँ ॥१८॥ अतिबली राम, महाबली लक्ष्मण रामद्वारा रक्षित भइ-राखेका राजा सुग्रीवको जय होस् ॥१९॥ म वायुको छोरो र रामको दास हुँ, हनुमान् मेरो नाम हो भनेर मैले सबैलाई आफ्नो नाम सुनाइदिए ॥२०॥

दुरात्मा रावणको अशोकवाटिकामा शिंशपाको रूखमुनि बिचरी पतिव्रता सीता बडो दुःखित अवस्थामा परेर बसिरहेकी छन् ॥२१॥ शोक सन्तापमा पर्नाले दुब्लाएकी, चारैतिरबाट राक्षसीहरूद्वारा घेरिएकी हुनाले यिनको शरीरको कान्ति बादलले ढाकिराखेको चन्द्रमाको तेजझैं मलिन भइराखेको छ ॥२२॥ शुभाङ्गी सीता पतिव्रता हुनाले रावणलाई अलिकता पनि गन्दिनन्, केवल बलको अहङ्कारमा मस्त परेर यसले उनलाई रोकिराखेको छ ॥२३॥ जसरी शची केवल इन्द्रमा अनुरक्त रहन्छिन् त्यसै गरी सीता पनि सबै तरहबाट रामचन्द्रमा अनुरक्त छिन्, सीतालाई रामको सिवाय अरू कसैको चिन्तै छैन ॥२४॥ हे भाइहो ! सीताजीले केवल एउटा वस्त्र पहिरेकी छन् यिनको शरीरमा जताततै धूलो लागिराखेको छ, मैले यिनलाई राक्षसीहरूको माझमा बसिराखेकी देखें जो राक्षसी कि वारंवार यिनलाई हप्काइरहेका थिए ॥२५॥ विकृतमुख परेका राक्षसीहरूको धम्की सुनिराखेकी सीताले एउटा चुल्ठो बाटेकी छन् र बडो मायालाग्दो गरी पतिको चिन्तना गरिरहेकी थिइन् ॥२६॥ यिनी भूइँमा सुत्तछिन्, जाडोको समयमा कमलिनीको जस्तो अवस्था हुन्छ त्यस्तै सीताको शरीर पनि विवर्ण भइराखेको छ; रावणमा अलिकता पनि अभिलाषा नहुनाले मर्नाका लागि यिनले दृढ निश्चय गरिराखेकी छन् ॥२७॥

हरिणको बच्चाको जस्तो आँखा भएकी यी सीताजीमा मैले बडो मुश्किलसँग पत्यार पारें र त्यसपछि यिनीसित कुराकानी गरेर सबै कुरा बयान गरेर सुनाएँ ॥२८॥ राम र सुग्रीवको मित्यारीको कुरा सुन्दा यिनी बहुतै खुशी भइन् । अहिलेसम्म पनि सीता पहिले जत्तिकै सदाचारिणी छन् र राममा उनको उत्तिकै भक्ति छ ॥२९॥ सीताको तेजले अहिलेसम्म रावणको जो मृत्यु भएको छैन सो केवल त्यसको तपस्याको प्रभाव हो, किनकि रामद्वारा यसको मृत्यु हुनु पहिलेदेखि नै ठेगाना लागिसकेको कुरा हो ॥३०॥ सीता एक ता जन्मैदेखिकी दुब्ली पातली हुन् त्यसमाथि अहिले पतिवियोगले गर्दा झन् दुब्लाएकी छन्, परेवाको दिन पढ्ने विद्यार्थीको विद्या जसरी खिएर जान्छ त्यसै गरी यिनको शरीर पनि खिइँदै गएको छ ॥३१॥ शोकमा परेकी सीता यस प्रकारसँग आफ्नो समय बिताइरहेकी छन्, अब यस सम्बन्धमा जे गर्नुपर्दछ सो कुराको तपाईंहरू नै विचार गर्नुहोस् ॥३२॥

सर्ग—६०

रामद्वारा नै रावणको मृत्यु गराउने वानरहरूको निर्णय ।

हनुमान्का यी कुरा सुनेपछि बालिका छोरा अङ्गद भन्नलागे—अश्विनीकुमारका यी दुवै छोरा (मैन्द-द्विविद) बलवान् र वेगवान् छन् । यी दुवै वानर पितामहबाट पाएको वरको गर्वले बडो अहंकारी भइराखेका छन् । प्राचीन कालमा सबै लोकका पितामह ब्रह्माजीले अश्विनीकुमारलाई प्रसन्न गराउनाका लागि यी दुवै वानरलाई तिमीलाई कसैले मार्न सक्नेछैन भन्ने वर दिएका थिए । वरको अहङ्कारले प्रमत्त भई यी महाबलीहरूले देवताका समस्त फौजलाई हराएर अमृतसमेत खाइदिएका थिए । यिनीहरू मात्र झोंकिए भने हात्ती, घोडा, रथको साथसाथै जम्मै लङ्कालाई ध्वस्त पार्न सक्तछन्, सबै वानर यहीं बसे तापनि यिनलाई केही छैन । मै पनि सबै राक्षसहरूको साथसाथै लंकापुरीलाई ध्वस्त पार्न र महाबली रावणलाई समेत छिनको छिनैमा मार्न सक्तछु, तपाईंहरूसमानका परमज्ञानी, सबै अस्त्र शस्त्रको प्रयोग जान्ने, समर्थ, विजयको चाहना गर्ने शूरा र बलियाको सहायता पाएपछि कुरै केही छैन, केवल वायुपुत्र हनुमान्को बलले लङ्का भस्म भयो भन्ने कुरा हामीले सुनिहाल्यौं ॥१-७॥ सीतालाई भेटें, तर उनलाई लिएर त आइनँ यस्तो कुरा तपाईंसमानका विख्यात पराक्रमीहरूले भन्न सुहाउला जस्तो ता मलाई लाग्दैन ॥८॥

हे वानरहो ! उफ्रनामा अथवा पराक्रम देखाउनामा तीनै लोकका देवता दानवहरूमा तपाईंसमानको कोही होला जस्तो ता मलाई लाग्दैन ॥९॥ तसर्थ राक्षसहरूको साथसाथै लङ्का जितेर र युद्धमा राक्षस रावणलाई मारेर सीतालाई साथमा लिई कृतार्थ तथा मनमा प्रसन्न भई हामीहरू रामनेर जाऔं ॥१०॥ हनुमान्को हातबाट नमरेर बाँकी रहेका राक्षस ता थोरै नै होलान् तसर्थ अब सीतालाई साथमा लिएर फर्कनुसिवाय अरू के काम बाँकी रहेको छ ? ॥११॥ राम र लक्ष्मणको माझमा लगेर सीतालाई बसालिदिऊँ । किष्किन्धामा रहेका सबै वानरलाई दुःख दिने अब के प्रयोजन

रह्यो ? ॥१२॥ तसर्थ अब हामीहरू नै लङ्का जाऔं र मुख्य मुख्य राक्षसहरूलाई मारेर सुग्रीव र लक्ष्मणको साथमा रहेका रामको दर्शन गरौं ॥१३॥

अंगदको यस प्रकारको निश्चय सुनेपछि काम गर्नामा सिपालु भएका मनमा अत्यन्त प्रसन्न भइराखेका जाम्बवान् मतलबै मतलबले परिपूर्ण भएको कुरा भन्नलागे ॥१४॥ हे महाबुद्धे ! तिमीले यो जो कुरा भन्यौ सो ता मलाई ठीक लागेन । दक्षिण दिशामा सीताको खोज पत्ता लगाउने आज्ञा हामीले पाएका छौं ॥१५॥ सीतालाई लिएर आउने आज्ञा हामीलाई रामचन्द्र अथवा सुग्रीवले दिएका छैनन्, तसर्थ रावणलाई जितेर सीतालाई संगमा लग्यौं भने शायद रामचन्द्रलाई यो कुरा निको लाग्ने छैन ॥१६॥

नृपश्रेष्ठ रामचन्द्रले आफ्नो कुलको उल्लेख गरेर सबै प्रधान वानरहरूको सामुमा सीताका लागि स्वयं आफैंले रावणलाई जित्ने प्रतिज्ञा गरेका छन् । यस प्रतिज्ञालाई उनैले कसरी झूटो बनाउने ? तसर्थ सीतालाई हाम्रो साथमा लगेको खण्डमा उनी प्रसन्न हुनेछैनन्, व्यर्थको काम गर्नाको केही प्रयोजन छैन ॥१७-१८॥ हे वानरश्रेष्ठ ! हामीले देखाएको सबै पराक्रम व्यर्थ हुनेछ, अतएव जहाँ राम, लक्ष्मण र तेजस्वी सुग्रीव छन् त्यहीं हामीहरू जाऔं र भएभरको कुरा उनीहरूलाई निवेदन गरौं ॥१९॥ हे राजपुत्र ! तपाईंले विचार गर्नुभएको कुरा हाम्रो लागि अशक्य ता होइन अर्थात् हामी त्यो गर्न ता सक्तछौं तर रामचन्द्रले जस्तो सङ्कल्प गरेका छन् सोही मुताबिक हामीले उनको काम सफल गराउनुपर्दछ ॥२०॥

सर्ग—६१

वानरहरू मधुवनको फलफूल टिपेर खान्छन् ।

अङ्गद आदि गरिएका वीर वानरहरूलाई र महाकपि हनुमान् आदि गरिएका अरू वानरहरूलाई समेत जाम्बवान्ले भनेको कुरामा चित्त बुझ्यो ॥१॥ यसपछि यी सबै वानरश्रेष्ठहरू वायुपुत्र हनुमान्लाई अघि लाएर मनमा प्रसन्न भई महेन्द्र पर्वतको टाकुराबाट तल ओर्ली नाच्तै उफ्रँदै आफ्नो बाटो लागे ॥२॥ मेरु मन्दर पर्वतसमानको विशाल शरीर भएका वानरहरू मतवाला हात्तीले झैं आकाश मण्डललाई व्याप्त गरी अगाडि बढ्नलागे ॥३॥ सिद्ध आदि गरिएका प्राणीहरूद्वारा सम्मान पाएका, ब्रह्मचारी, महाबली, महावेगवान् हनुमान्लाई आँखाले उफार्दै अर्थात् प्रेमपूर्वक यिनीतिर नजर दिंदै यी सब वानर जानलागेका थिए ॥४॥ रामचन्द्रको काम सिद्ध गर्ने र ठूलो यश प्राप्त गर्ने दृढ सङ्कल्प गरेकोले यी वानर कृतार्थ थिए । सीताजीलाई भेटेको र लङ्कालाई भस्म पारेकोले सबैको मनोरथ पूर्ण भएको र मनमा उत्साह बढिराखेको थियो ॥५॥ यी सबै रामलाई शुभ समाचार सुनाउन चाहन्थे, सबै युद्ध गर्ने इच्छुक थिए र मनस्वी रामलाई साटो फेर्ने काममा सहायता दिनाका लागि तत्पर भइराखेका थिए ॥६॥

आकाशमा उफ्रँदै जानलागेका यी वनवासी वानरहरूले नन्दन वनसमानको, सैकडौं किसिम किसिमका रूखले परिपूर्ण भएको, सुग्रीवद्वारा रक्षित भइराखेको, मधुवननामक वनमा प्रवेश गरे। यस वनमा कुनै प्राणीले पनि सहसा प्रवेश गर्न सक्तैनथ्यो र यो सबैको मनलाई प्रसन्न गराउने किसिम-को थियो ॥७-८॥ महात्मा सुग्रीवका मामा, दधिमुख नाम गरेका महावीर वानर यस वनको रक्षा गर्ने काममा खटिएका थिए ॥९॥ सुग्रीवको रमणीय यस बगैंचाभित्र पसेपछि यी सबै वानरहरू बडो उद्धत भएर मनपर्दो गर्नलागे ॥१०॥ यस बडेमानको मधुवनलाई देख्नासाथ सबै वानरहरू अतिशय प्रसन्न भए र यहाँको फलफूल खान तथा मधुपान गर्नको निम्ति कुमार अङ्गदसित आज्ञा मागे ॥११॥ यसपछि कुमार अङ्गदले जाम्बवान् आदि गरिएका बूढापाकाहरूको अनुमति लिएर यिनीहरूलाई मधुपान गर्ने आज्ञा दिए ॥१२॥ बालिपुत्र बुद्धिमान् कुमार अङ्गदबाट आज्ञा पाउनासाथ यी वानरहरू भ्रमराहरू भरिभराउ भइराखेका रूखमाथि आक्रमण गर्नलागिहाले ॥१३॥ यहाँका सुगन्धी फलफूल खान पाए-कोले यिनीहरू बडो प्रसन्न भए र सबैका सबै मतवाला जस्ता देखिनलागे ॥१४॥

राजपुत्रबाट मधुपान गर्ने आज्ञा पाएकोले यी सबै वानर अतिशय प्रसन्न थिए र मनमा हर्षित भई यिनीहरू उनको अगाडि नाच्नलागे ॥१५॥ कोही गाउन, कोही हाँस्न, कोही नाच्न र कोही प्रणाम गर्नलागे। कोही पढ्न, कोही यताउति घुम्न, कोही उफ्रन र कोही बडबड गर्नलागे ॥१६॥ कोही आफू आफूमा तानातान गर्न, कोही परस्परमा झगडा-तगडा गर्न, कोही रूख रूखमा उफ्रन र कोही पर्वतको टाकुराबाट तल भूइँमा हामफाल्नलागे ॥१७॥ कोही भूइँबाट बडो वेगसँग उफ्रेर ठूला ठूला रूखको टुप्पामा चढ्नलागे, कोही गाउन लागेका वानरनेर हाँस्तै जान्थे र कोही रूनलागेका-हरूको नजीक रूँदै जान्थे ॥१८॥ एउटाले अर्कोलाई धकेलदथ्यो र फेरि उसलाई पनि अर्कोले धक्का दिन्थ्यो। यस प्रकारसँग समस्त वानरको फौजमा गडबड मच्चिनलाग्यो। यस सेनामा मत्त नभएको अथवा घमण्डले चूर नभएको कुनै वानरै थिएन ॥१९॥

वनको वनै रित्त्याउन लागेको र त्यहाँका रूखको फूल पातसम्म पनि बाँकी रहन नदिएको देख्ता दधिमुख नाम गरेको वानरले झोंक देखाउँदै यिनीहरूलाई रोक्नलाग्यो ॥२०॥ तर उन्मत्त भइराखेका वानरहरू झन् उल्टो वनका पाले बूढा वानरलाई तर्साउन धम्की दिनलागे। दधिमुख पनि बडो तेजस्वी वानर थियो, अतएव यसले वानरहरूबाट वनको रक्षा गर्ने उपाय गर्न लाग्यो ॥२१॥ कसैलाई निर्भय भई कडा वचन भन्नलाग्यो, कसैलाई थप्पड लगायो, कसैसित झगडा-तगडा गर्नलाग्यो र कसै कसै-लाई मीठो बोली गरेर संझाउन बुझाउनलाग्यो ॥२२॥ मतवाला भइराखेका हुनाले यिनीहरूको वेग रोकिनै सक्तैनथ्यो; दधिमुखले बलजफ्तीसँग यिनलाई रोक्न खोजेकोले यिनीहरू निर्भय भई उसलाई सताउनलागे र राजदण्डको केही डर नमानेर उसलाई लछारपछारसम्म पनि गर्नलागे ॥२३॥ नङले चिथोरेर, दाँतले टोकेर, लात्ती हिर्काएर भूइँमा ढाली दधिमुखलाई मुर्दासमान तुल्याएर यी मत-वाला वानरहरूले यस विशाल समस्त मधुवनलाई बिलकुलै ध्वस्त पारिदिए ॥२४॥

सर्ग—६२

दधिमुख सुग्रीवनेर गई वानरहरूको उद्धतपना सुनाउँछन् ।

वानरश्रेष्ठ हनुमान्‌ले ती सबै वानरहरूलाई भने—हे वानरहो ! तिमीहरू निश्चिन्त भएर मधुपान गर ॥१॥ तिमीहरूको फलफूल खाने र मधुपान गर्ने काममा बाधा गर्नेहरूलाई म स्वयं रोकिदिन्छु ।

हनुमान्‌का यी कुरा सुनेपछि वानरहरूमध्येका श्रेष्ठ अङ्गदले दिलमा प्रसन्न भई भने—वानरहरूले मधुपान गरे हुन्छ; काम सफल गराएर फर्केका हनुमान्‌को वचन अनुचित भए तापनि गर्नुपर्दछ भने उचित कुरा किन नगर्ने ?

अङ्गदको मुखबाट यो कुरा सुन्नासाथ सबै प्रधान वानरहरू "वाह, वाह" भनेर उनको प्रशंसा गर्नलागे । जसरी वेगसंग नदी रूखहरूमा प्रवेश गर्दछ त्यसै गरी वानरश्रेष्ठ अङ्गदको पूजा गरिसके पछि सबै बानरहरूले मधुवनमा प्रवेश गरे । मधुवनमा प्रवेश गरेपछि यिनीहरूले बलजफ्तीसंग त्यहाँका पालेहरूलाई थिचोमिचो गरी मधुपान गर्नलागे । हनुमान् सीतालाई भेटेर आएका थिए र अरू वानरहरूले उनको मुखबाट सबै वृत्तान्त सुनेका थिए, उता अङ्गदले पनि यिनीहरूलाई आज्ञा दिइसकेका थिए, यसै कारणले यी वानरहरू निर्धक्कसंग मधुपान गर्न र स्वादिला फल फूल खानलागे ॥२-७॥ यस प्रकारसंग मधुपान गरेर मत्त परेका यिनीहरू, रोक्न भनी आएका सैकडौं पालेहरूलाई उफ्री उफ्रीकन पिट्नलागे ॥८॥ कई एक वानरहरू जमात बाँधेर ठूला ठूला दुना बनाई तिनमा अंजुलीले मधु भरी बडो प्रसन्नतासाथ पिउनलागे ॥९॥ सबै मिलेर पालेहरूलाई पिट्नलागे; कोही पिउने काममा लागे, कोही पिएर बाँकी रहेको मधु अर्कोमाथि फ्याँक्नलागे ॥१०॥ कोही उन्मत्त भई महको चाकाले आफू आफूमा हानाहान गर्नलागे, कोही रूखको जरामा हाँगा समातेर बसिराखे ॥११॥ कोही कोही मधुपान गर्नाले अतिशय ग्लानि भएकोले पात ओच्छ्याएर त्यसमाथि सुत्न लागे, मधुपान गर्नाले मत्त र हर्षित भएका कोही कोही उन्मत्तझैं आफू-आफूमा लुटपुटिएर ढल्नलागे, कोही चिप्लिनलागे, कोही यताउति बौलाहापना देखाउनलागे, कोही दङ्ग परेर चराचुरुङ्गीको जस्तो शब्द निकाल्नलागे ॥१२-१३ मधुपानको नशाले चूर भएका कई एक वानर भूइँमा सुते, कोही ढीठ भएर अर्काको गिल्ली गर्नलागे र कोही अकैं अकैं किसिमको छाँट देखाउनलागे ॥१४॥ कोही एक किसिमको काम गरेर एक थोक बोल्दथ्यो अर्कोचाहिं उसले भनेको नबुझेर त्यस कामको तात्पर्य्य अकैं भन्ठान्दथ्यो ।

दधिमुखको अधीनमा रहेका त्यस वनको रक्षा गर्ने जति नोकर-चाकर थिए ती सबै यी डरलाग्दा वानरहरूको मारमा परेर भाग्नलागे । कई एक पालेहरूलाई खुट्टा समातेर यिनीहरूले लछारपछार पारे, कसै कसैलाई उचालेर माथितिर फ्याँकिदिए ॥१५-१६॥ बडो आकुल व्याकुल परेकोले यिनीहरू दधिमुखनेर गई भन्नलागे—हनुमान्‌को कुरामा लागेर बलजफ्तीसंग वानरहरूले जम्मै मधुवनलाई ध्वस्त पारिदिए र खुट्टा समाती समाती हामीलाई आकाशतिर उफार्दै फ्याँकिदिए ॥१७॥

मधुवनको रक्षा गर्ने काममा खटिएको दधिमुख वानर यिनीहरूको कुरा सुन्दा तथा मधुवन नष्ट भएको देख्ता बहुतै रिसायो र आफूकहाँ भन्न आएका वानरहरूलाई मनमा ढाढस दिएर भन्नलाग्यो— आऊ, हामीहरू जाऔं, मधुपान गर्नलागेका ती घमण्डीहरूलाई आफ्नो बलद्वारा रोकौं ॥१-८१९॥

दधिमुखको कुरा सुनेपछि यी वीर वानरहरू उसंग फेरि मधुवनमा गए ॥२०॥ यिनीहरूको बीचमा दधिमुख एउटा बडेमानको रूख लिएर हिंड्यो र यसका अरू अरू वानर पनि पत्थर, रूख, ढुङ्गाका टुक्रा लिई रिसले मुर्मुरिंदै बडो वेगसंग हनुमान् आदि गरिएका वानरहरू भएको ठाउँमा पुगे ॥२१-२२॥ यी वानरहरू बलपूर्वक हनुमान् आदि गरिएका वानरहरूलाई रोक्नलागे। रिसले ओठ टोक्तै वारंवार वानरहरूलाई धम्की दिंदै यिनीहरू मधुपान गरिरहेका वानरनेर आए ॥२३॥ दधिमुखलाई झोंक्किएको देख्ता हनुमान् आदि गरिएका प्रधान वानरहरू उनेर बडो वेगसंग दगुर्दै आए ॥२४॥ यही बीचमा महाबाहु, महाबली दधिमुखलाई हातमा रूख लिएर आउनलागेको देख्नासाथ अंगदले रिसै गरेर आफ्ना दुवै हातले उनलाई समातिहाले ॥२५॥ यस बखतमा मधुपान गर्नाले अंगदलाई सुरै थिएन तसर्थ यी आफूले मान्नुपर्ने ठूला हुन् भन्ने कुराको विचारै नराखी यिनीमाथि कृपा देखाएनन् र उत्ति-खेरै यिनलाई बलजफतीसँग भूइँमा लछारपछार पार्नलागे ॥२६॥ भूईमा घिसारिएकोले यिनको हात खुट्टा मुख सबै खूबसँग खोस्त्रियो र जताततैबाट रगत बगेकोले यिनी बडो व्याकुल परे। केही बेरसम्म ता यी महावीर वानरश्रेष्ठ मूर्च्छा पनि परे ॥२७॥ कुनै प्रकारसँग यी बानरहरूको हातबाट उम्केपछि वानरश्रेष्ठ दधिमुख एकान्त ठाउँमा आएर आफ्ना सेवकहरूलाई भन्नलागे ॥२८॥ आओ, हामी सबै जना मिली आफ्ना मालिक सुग्रीवनेर जाऔं, उनी अहिले रामसँग बसिराखेका होलान् ॥२९॥ राजा-को नजीक पुग्नासाथ हामी अङ्गदको सबै दोष निवेदन गर्नेछौं, हाम्रो कुरा सुन्नासाथ रिस खप्न नसक्ने राजाले यी वानरहरूलाई मारि नै दिनेछन् ॥३०॥ यस मधुवनको महात्मा सुग्रीवलाई बडो माया लाग्दछ, यो वन यिनको बाबु बाजेको पालादेखिको हो, यसभित्र देवताहरूले समेत प्रवेश गर्न सक्तै-नन् ॥३१॥ राजा सुग्रीव, मधुको लोभमा परेका, काल नगीचै आइराखेका यी वानरहरूलाई र यिनका मीतहरूलाई दण्ड दिएर मार्नेछन् ॥३२॥ राजाको आज्ञा नमान्ने यी दुष्टहरूलाई यिनले बाँधी बाँधीकन मार्नेछन् अनि पो रिसै रिसबाट उत्पन्न भएको मेरो यो झोंक सफल हुनेछ ॥३३॥

वनपालेहरूलाई यति भनिसकेपछि महाबली दधिमुख उनीहरूलाई साथमा लिई उफ्रँदै कुदै जान-लागे ॥३४॥ सूर्यका छोरा बुद्धिमान् वनवासी सुग्रीव जहाँ थिए त्यहाँ यिनी आँखा झिम गर्दैमा पुगि-हाले ॥३५॥ राम, लक्ष्मण र सुग्रीवलाई त्यहाँ बसिराखेको देखेपछि यिनी आकाशबाट तल सम्म परेको जग्गामा ओर्ले ॥३६॥

वनपालेहरूका हाकिम महावीर दधिमुखले, आफ्ना अधीनका यी सबैलाई चारैतिरबाट आफूलाई घेर्न लगाई आकाशबाट तल ओर्ले र मायालाग्दो मुख तुल्याएर तथा हात जोरेर सुग्रीवको चरणमा टाउको निहुराई प्रणाम गरे ॥३७-३८॥

सर्ग—६३

वानरहरूलाई पठाइदिन सुग्रीवको आज्ञा ।

दधिमुख वानरलाई टाउको निहुराएर आफ्नो गोडामा ढोग दिनलागेको देख्ता वानरराज सुग्रीव व्याकुल भएर भन्नलागे ॥१॥ उठ, उठ, किन तिमी यसरी मेरो खुट्टा परेको ? साँचो कुरा भन म तिमीलाई अभय दिन्छु ॥२॥ तिमी कोहीदेखि डराएर यहाँ आएका ह्वौ कि ? जे तिमीलाई भन्नु छ सो ठीक ठीकसङ्ग भन । हे वानर ! मधुवनमाथि ता कुनै प्रकारको आपत्ति परेको छैन ? यो सब कुरा सुन्ने मेरो इच्छा भइराखेको छ ॥३॥

महात्मा सुग्रीवले यस प्रकारसँग ढाढस दिएपछि बुद्धिमान् दधिमुख उठेर भन्नलाग्यो ॥४॥ हे राजन् ! तपाईंले, वालिले अथवा तपाईंका पिता ऋक्षराजले जुन वनलाई अहिलेसम्म कसैलाई इच्छाअनुसार भोग गर्न दिएका थिएनन् त्यस वनलाई हनुमान् आदि गरिएका वानरहरूले बिलकुलै ध्वस्त पारिदिए ॥५॥ यी वानरहरूको साथमा मैले ती वानरहरूलाई सकेसम्म रोकेको हुँ तर मेरो केही वास्तै नराखेर तिनीहरूले बडो प्रसन्नतासाथ फलफूल खाइदिए र मधुपान गरिदिए ॥६॥ हे राजन् ! मधुवन नाश पार्नलागेको देख्ता यी सबै वनपालेहरूले तिनलाई रोकेका ता हुन् तर मलाईसमेत केही नसंझेर तिनीहरूले खाई पिइदिए ॥७॥ यिनीहरूले खान सक्ने जति खाए र बाँकी मिल्काइदिए, रोक्ता ता आंखीभूइँ बंग्याएर हामीतिर आँखा पो तर्काए ॥८॥ मेरो अधीनमा रहेका वानरहरूले उनलाई रोक्ने प्रयत्न गर्दा जब हप्काउनलागे तब ता ती सबैले रिसले यी सबैलाई वनबाट धपाइदिए ॥९॥ राता राता आँखा भएका ती अनेक वीर वानरहरूले रिसै रिसले मेरा यी वानरहरूलाई वेसगरी हप्काए ॥१०॥ कसैलाई थप्पड लगाए, कसैलाई लात्तीले हिर्काए, कसैलाई लछार-पछार पारे र कसैलाई माथि आकाशतिर उफार्दै फ्याँकिदिए ॥११॥ तपाईंसमानको मालिक हुँदा हुँदै पनि यी वीर वानरहरूले यस प्रकारसङ्ग पिटाइ खानुपर्‍यो; ती सबै वानरहरू मनपर्दो गरी मधुवनमा खानपीन गरिरहेका छन् ॥१२॥

दधिमुख वानरले सुग्रीवछेउ यस प्रकारसँग निवेदन गरिरहेको वेलामा शत्रुघाती महाबुद्धिमान् लक्ष्मणले वानरराज सुग्रीवलाई सोधे ॥१३॥ हे राजन् ! यो वनपाले किन यहाँ आएको हो र दुःखित भएर तपाईंसङ्ग के कुरा निवेदन गरिरहेको हो ? ॥१४॥

महात्मा लक्ष्मणले यस प्रकारसंग सोधेपछि बोल्नामा सिपालु भएका सुग्रीव उनलाई भन्नलागे ॥१५॥ हे आर्य लक्ष्मण ! यो वीर दधिमुख वानरको यो भनाइ छ कि अङ्गद आदि गरिएका वीर वानरहरूले मधुवनको मह खाइदिए रे ॥१६॥ काम गर्न नसकेको भए यी वानरहरूको मेरो वन यसरी उजाड पार्ने साहस कदापि हुने थिएन तसर्थ अवश्यै यिनीहरूले काम सिद्ध गरेको हुनुपर्दछ ॥१७॥ रोकूँ भनेर वारंवार आएका वनपालेहरूलाई उनीहरूले लातले हिर्काई हिर्काई पठाइदिएछन् र महाबली दधिमुख वानरले भनेको कुरामा केही वास्तै गरेनछन् ॥१८॥ यी मेरा वनका मुख्य मुख्य पाले हुन्, मैले नै यिनलाई यस काममा खटाएको हुँ ! निस्सन्देह हनुमान्जीले नै सीताको पत्तो लगाए

होलान् अरूले ता होओइन ॥१९॥ हनुमान्सिवाय अरू कसैबाट यो काम सिद्ध हुन सक्तैन किनकि यिनमा कार्य सिद्ध गर्ने शक्ति तथा बुद्धि छ । उद्योग, पराक्रम र ज्ञान पनि यिनैमा छ । जाम्बवान् र महाबली अङ्गद जुन दलका संचालक छन् र हनुमान् सल्लाह दिनेवाला छन् त्यस दलबाट कदापि अन्याय हुन सक्तैन; अङ्गद आदि गरिएका वीर वानरहरूले आनन्द मानेर मधुवनको विध्वंस पारेका होलान् ॥२०-२२॥ दक्षिण दिशामा गएका श्रेष्ठ वानरहरू सो दिशामा सीताको खोज पत्ता लगाई फर्केका होलान् र खुशीयाली मनाउँदै मधुवनको फल-फूल खाएर त्यसलाई ध्वस्त पारिदिए होलान् ॥२३॥ ती वानरहरूले वनभित्र प्रवेश गरी खाई पिईकन वनलाई उजाड पारिदिएछन् र पालेहरूलाई लात्तीले हिर्काउँदै लछार-पछार पारेछन् ॥२४॥ दधिमुख नाम गरेको यो विख्यात पराक्रमी, मीठो बोली बोल्ने वानर यही कुरा भन्न भनी यहाँ आएको हो ॥२५॥ हे महाबाहो लक्ष्मण ! यी सबैले मधुवनमा गएर मधुपान गरेको देख्ता यिनले अवश्यै सीतालाई भेटेछन् भन्ने कुरा बुझ्नुहोस् ॥२६॥ यी प्रख्यात वानरहरूले सीतालाई नभेटेको भए देवताबाट पाएको मेरो यस दिव्य वनलाई कदापि ध्वस्त पार्ने थिएनन् ॥२७॥

धर्मात्मा राम लक्ष्मण, सुग्रीवको मुखबाट निस्केका कानलाई आनन्द गराउने यी कुरा सुन्दा बहुतै खुशी भए ॥२८॥ महायशस्वी राम, लक्ष्मण दधिमुखका यी कुरा सुन्दा हुनासम्म खुशी भए । अब मनमा आनन्द मानिराखेका सुग्रीव वनपाले दधिमुखलाई भन्न लागे—काम सिद्ध गरेर ती वानरहरूले फलफूल खाएर वनलाई ध्वस्त पारेको सुन्दा मलाई खुशी लाग्यो ॥२९-३०॥ काम सफल गरेर फर्केका यी वानरहरूको यो उद्धतपना सहनै पर्दछ, तिमी झट्टै फर्केर मधुवनमा जाऊ र पहिलेझैं वनको रक्षा गरेर बस; चाँडै नै हनुमान् आदि गरिएका ती मुख्य मुख्य वानरहरूलाई मकहाँ पठाइदेऊ ॥३१॥ सिंहसमानका अहङ्कारी हनुमान् आदि गरिएका प्रधान वानरहरूलाई म झट्टै भेट्न चाहन्छु र राम लक्ष्मणलाई साथमा राखी सीतालाई भेट्नको निम्ति तिनले के के उद्योग गरे सो सबै सुन्ने मलाई इच्छा भइराखेको छ ॥३२॥

राम लक्ष्मण यी सबै कुरा सुन्दा अतिशय रोमाञ्चित भए, यस समयमा प्रीतिले गर्दा यी दुवै राजकुमारका आँखा प्रफुल्लित भइराखेका थिए यिनीहरूलाई यस्तो हर्षित देख्ता वानरराज सुग्रीवको जम्मै शरीरमा रोमाञ्च भयो । यी शुभलक्षण देख्ता अब काम सफल हुने भयो भन्ठानेर सुग्रीवजी बहुतै प्रसन्न भए ॥३३॥

सर्ग—६४

वानरहरू राम, लक्ष्मण, सुग्रीवनेर आई समस्त वृत्तान्त वर्णन गर्दछन् ।

सुग्रीवका यी वचन सुनेपछि दधिमुख वानरले प्रसन्नतासाथ राम, लक्ष्मण र सुग्रीवलाई प्रणाम गरे ॥१॥ सुग्रीव तथा ती दुवै महाबली राघवहरूलाई प्रणाम गरिसकेपछि ती (दधिमुख) वीर वानर-

हरूलाई साथमा लिई आकाशमार्गबाट उड्नलागे ॥२॥ जति छिटो गरी आएका थिए उत्तिकै छिटो गरी गएर आकाशबाट तल भूईंमा ओर्ली यिनले त्यस वनभित्र प्रवेश गरे ॥३॥ वनभित्र प्रवेश गरेपछि यिनले वानरहरूको नशा ओर्लेको, उद्धतपना हटेको र मह पिएकोले यिनीहरूलाई पिसाब गर्नलागिराखेका देखे ॥४॥ हात जोरेर यिनी ती वीरहरूनेर गए र प्रसन्नचित्तले अङ्गदलाई यी नरम वचन भन्नलागे ॥५॥ हे सज्जन ! अज्ञानमा परेर यिनीहरूले क्रुद्ध भई तपाईंहरूको फल-फूल खाने काममा जो रोकावट गरेका थिए त्यसका लागि तपाईं नरिसाउनुहोला ॥६॥ तपाईं थाक्नुभएको छ, टाढाबाट आउनुभएको छ, तपाईं हाम्रा युवराज र यस वनको मालिक नै हुनुहुन्छ तसर्थ खुशीसाथ आफ्नो मह पिउनुहोस् र फलफूल खानुहोस् ॥७॥ मुर्ख्याइँले गर्दा हामीले जो पहिले रिस देखाएका थियौं त्यसमा क्षमा गर्नुहोला । जसरी पहिले तपाईंका पिता वानरहरूका राजा हुनुहुन्थ्यो त्यसै गरी अहिले तपाईं र सुग्रीव वानरका राजा हुनुहुन्छ । हे वानरश्रेष्ठ ! वानरहरूको राजा अरू कोही होइन । मैले तपाईंका काकानेर गई तपाईंहरू यहाँ आउनुभएको समाचार निवेदन गरें । वानरहरूको साथमा तपाईं यहाँ आएको र वनलाई ध्वस्त पारेको सुन्दा उहाँ खुशी हुनुभयो, रिसाउनुभएन । तपाईंका काका वानरराज सुग्रीवले प्रसन्नतासाथ तपाईं सबैलाई झट्टै उहाँ पठाइदिनू भनेर अह्राउनुभएको छ ।

दधिमुखका यी नरम वचन सुनेपछि कुरा गर्नामा सिपालु अङ्गदले भने—हे वानरहो ! रामचन्द्रले सबै वृत्तान्त सुने कि भन्ने मलाई शङ्का लाग्दछ ॥८–१३॥ यसले हर्ष मानेर यी कुरा भनेको देख्ता मैले यो अनुमान गरेको हुँ । काम सिद्ध गरेपछि हामीले यहाँ पर्खिराख्नामा उचित पर्दैन ॥१४॥ पराक्रमी वानरहरूले मह पिउनसम्म पिइहाले, अबलाई यहाँ केही काम बाँकी छैन, तसर्थ जहाँ सुग्रीव छन् त्यहाँ हामी सबै गइहालौं ॥१५॥ तपाईं सबै श्रेष्ठ वानरहरूले मिलेर मलाई जे भन्नुहुन्छ म त्यही गर्नेछु, किनकि कर्तव्यको विषयमा म तपाईंहरूकै अधीनमा छु ॥१६॥ युवराज भए तापनि म तपाईंहरूलाई आज्ञा दिन सक्तिनँ, किनकि काम सिद्ध गरेर आएकाहरूको अनादर गर्नु सर्वथा अनुचित हो ॥१७॥

मनमा आनन्द मानिराखेका अङ्गदका यी कुरा सुनेपछि सबै वनवासी वानरहरू प्रसन्नतासाथ भन्नलागे ॥१८॥ हे वानरश्रेष्ठ राजन् ! मालिक भएर कसले यस्तो कुरा भन्ला ? किनकि ऐश्वर्यको मदले मत्त भएका सबै अहङ्कारी नै हुन्छन् ॥१९॥ यस्ता वचन तपाईंसिवाय अरू कसैले भन्न सक्तैन । तपाईंको यस नम्रताले गर्दा पछि तपाईं अवश्यै आफ्नो भाग्यको उन्नति भएको देख्नुहुनेछ ॥२०॥ वानरहरूका मालिक सुग्रीव जहाँ बसेका छन् त्यहाँ जान भनी उत्कण्ठित भएर हामी सबै आइराखेका छौं ॥२१॥ तपाईंको आज्ञाविना कुनै वानर कतै पनि एक पाइला चल्न सक्तैन । हे वानरश्रेष्ठ ! तपाईंलाई हामीले यो साँचो कुरा निवेदन गरेको हो ॥२२॥ यी वानरहरूले यति भन्नासाथ अंगदले भने—बेश, अब हामी यहाँबाट प्रस्थान गरिहालौं ।

अंगदको यो आज्ञा पाउनासाथ सबै महाबली वानरहरू आकाशमा उफ्रँदै जानलागे ॥२३॥

अंगदादि गरिएका वानरहरूलाई आकाशमा उफ्रँदै जानलागेको देख्ता अरू वानरहरू पनि यन्त्रले उफारेको ढुङ्गाले झैं आकाशलाई टम्म ढाकेर यिनीहरूको पछिपछि लागे ॥२४॥ यस प्रकारसँग यी सबै वानरहरू अंगद र हनुमान्‌लाई अघि लाएर बडो वेगसँग सहसा आकाशमार्गबाट जानलागे ॥२५॥ हावाले छ्यान्न ब्यान्न पारेका बादलका टुक्राझैं यिनीहरू गर्जंदै जानलागे ।

अंगदलाई नजीकै आइपुगेको देखेपछि वानरराज सुग्रीव शोकले सन्तप्त भइराखेका कमललोचन रामचन्द्रलाई भन्नलागे—हे राजन् ! मनमा धैर्य्य गर्नुहोस् , तपाईंको कल्याण होस् , निस्सन्देह सीता देवीको पत्तो लागेको हुनुपर्दछ ॥२६-२७॥ नत्र ता तोकिएको समय नाघेको हुनाले यी वानरहरू कदापि यहाँ फर्कन सक्ने थिएनन् । हे शुभदर्शन राम ! अङ्गदको प्रसन्नता देख्ता पनि सीताको पत्तो लागेको थाहा हुन्छ ॥२८॥ काम सफल नभएको भए महाबाहु वानर-श्रेष्ठ युवराज अङ्गद कदापि मकहाँ फर्केर आउने साहस गर्ने थिएनन् ॥२९॥ काम सिद्ध नगरीकन वानरहरूले वन उजाडेको भए अङ्गदको मुख निन्याउरो तथा मन हडबडाएको र चञ्चल हुने थियो ॥३०॥ सीतालाई नभेटीकन मेरा बाबु बाजेको, उहिलेदेखि मेरा पुरुखाहरूद्वारा रक्षित भइराखेको यस मधुवनलाई यिनीहरूले कदापि ध्वस्त पार्ने थिएनन् ॥३१॥ हे राम ! तपाईंलाई उत्पन्न गर्नाले कौशल्या सुपुत्रवती भएकी छन् । हे सुव्रत ! धैर्य्य गर्नुहोस् । सीतादेवीलाई हनुमान्‌ले नै भेटेका छन् अरूले ता होइन ॥३२॥ हनुमान्‌सिवाय अरू कसैसित यो काम सिद्ध गर्ने साधन छैन, हनुमान्‌मा नै कार्य सिद्ध गर्ने शक्ति, बुद्धि, शुरताइँ र ज्ञान छ । जाम्बवान् र वानरराज अङ्गद जुन दलका सञ्चालक छन् र हनुमान् सल्लाहदाता छन् त्यस दलबाट कदापि अन्याय हुन सक्तैन । हे अतुल पराक्रमी राजन् ! अबलाई चिन्ता नगर्नुहोस् ॥३३-३५॥ यस प्रकारसँग गर्वयुक्त भावले यी सबैलाई यहाँ जम्मा भएको देख्ता अवश्यै काम सफल भएको भन्ठान्नुपर्दछ । कार्यसिद्धिविना वनलाई ध्वस्त पार्ने तथा मह पिउने यस्तो उद्धतपना यी वानरहरूबाट कदापि हुन सक्ला जस्तो मलाई लाग्दैन ।

यस्तो कुरा हुँदा हुँदैमा सुग्रीवले आकाशमा वानरहरूले खित्‌खित् गरेको आवाज सुने ॥३६-३७॥ हनुमान्‌द्वारा कार्यसिद्धि भएकोमा गर्वित भएर यिनीहरूले गरेको आवाज काम सफल भएको समाचार दिनलागेको जस्तो लाग्यो ॥३८॥ वानरश्रेष्ठ सुग्रीव वानरहरूको यो गर्जना सुनेपछि प्रसन्न भएर आफ्नो पुच्छर उठाई घुम्नलागे ॥३९॥ यता यी सबै वानरहरू पनि रामचन्द्रको दर्शनका लागि हनुमान् र अङ्गदलाई अघि राखेर त्यहाँ उपस्थित भए ॥४०॥ अङ्गदादि गरिएका वीर वानरहरू अत्यन्त हर्षित र गर्वित भई सुग्रीव र राम भएको ठाउँमा आकाशबाट ओर्ले ॥४१॥ महाबाहु हनुमान्‌ले टाउको निहुराई प्रणाम गरेर रामचन्द्रलाई निवेदन गरे—सीतादेवी बाँचेकी छन् र पतिव्रता धर्मको पालना गरिरहेकी छन् ॥४२॥

'मैले सीता देवीलाई देखें'' भन्ने अमृतसमानको वचन हनुमान्‌को मुखबाट सुनेपछि राम लक्ष्मण प्रसन्न भए ॥४३॥ हनुमान्‌द्वारा अवश्यै कार्य्य सिद्ध हुन्छ भन्ने निश्चय गरिराखेका सुग्रीवलाई लक्ष्मणले

बडो हर्ष मानेर हेरे ॥४४॥ शत्रुघाती रामचन्द्र पनि अतिशय प्रेमले युक्त भई बडो आदर मान देखाएर हनुमान्‌जीलाई हेर्नलागे ॥४५॥

सर्ग—६५

हनुमान् चूडामणि दिएर रामलाई वृत्तान्त सुनाउँछन् ।

रमणीय वन भएको प्रस्रवण पर्वतमा आइपुगेपछि युवराजलाई अघि लगाएका वानरहरूले महाबली राम लक्ष्मण तथा सुग्रीवलाई प्रणाम गरे र अनि सीताको वृत्तान्त भन्नलागे ॥१-२॥ रावणको अन्तःपुरमा सीता थुनुवामा परेकी, राक्षसीहरूले यिनलाई हप्काएको, राममाथिको यिनको अटल प्रेम, दुई महीनाको अवधिपछि सीताले प्राण त्याग गर्ने निश्चय गरेकी, यी सबै कुरा क्रमैसँग वानरहरूले रामचन्द्रलाई निवेदन गरे ।

सीता बाँचेकी नै छन् भन्ने थाहा पाएपछि रामचन्द्र भन्नलागे ॥३-४॥ सीता देवी कहाँ छिन् ? मेरो विषयमा उनको कस्तो विचार छ ? हे वानरहो ! सीतासम्बन्धी यी कुरा मलाई विस्तारपूर्वक वर्णन गरेर सुनाऊ ॥५॥

रामका यी कुरा सुनेपछि वानरहरूले सीताको वृत्तान्त थाहा पाउने हनुमान्‌लाई रामनेर पठाइदिए ॥६॥ वानरहरूको कुरा सुन्नासाथ वायुपुत्र हनुमान्‌ले सीतादेवीलाई तथा दक्षिण दिशा यी दुवैलाई प्रणाम गरे र कुरा गर्नामा सिपालु भएका यिनी, जुन किसिमसँग सीताको दर्शन भएथ्यो सो सबै बयान गरेर सुनाउनलागे । यसपछि आफ्नो तेजले प्रकाशमान भइराखेको, सुनमा जडिएको दिव्य मणि रामचन्द्रलाई दिएर हात जोरीकन उनलाई निवेदन गर्नलागे—हे राम ! सीताको पत्तो लगाउने इच्छाले सय योजन फाँट भएको समुद्र नाघेर म पारिपट्टि पुगें । दक्षिण समुद्रको पारिपट्टि दुष्टात्मा रावणको लङ्का नगरी रहेछ, त्यहीं रावणको अन्तःपुरमा मैले पतिव्रता सीतादेवीलाई देखें ॥७-११॥ हे राम ! उनी तपाईंमै चित्त लगाएर प्राण धारण गरिरहेकी छन् । राक्षसीहरूले चारैतिरबाट घेरेर यिनलाई वारंवार हप्काइरहेका छन् । प्रमदवनमा कुरूप राक्षसीहरूले यिनको रखवाली गरिराखेका छन् । हे वीर ! तपाईंको साथमा सुख भोग गर्ने योग्य सीता अहिले यस समयमा दुःख पाइराखेकी छन् ॥१२-१३॥ रावणको अन्तःपुरभित्र रोकिएकी यिनको राक्षसीहरूले रखवाली गरिरहेका छन् । केवल एउटा जुरो पारेकी, मलिन सीता सदा तपाईंको ध्यान गरेर समय बिताउँछिन् ॥१४॥ यिनी भूइँमा सुत्तछिन्, शरद्‌ऋतुमा जसरी कमल सुक्कछ त्यसै गरी यिनको शरीर सुकिराखेको छ । रावणसित यिनको केही पनि वास्ता छैन, मनलाई दृढ निश्चय गरेर बसिराखेकी छन् ॥१५॥ हे पापरहित राम ! मैले बडो मुश्किलसँग तपाईंको ध्यान गरिरहने ती सीता देवीको पत्तो लगाएँ । इक्ष्वाकुवंशको प्रसिद्धिको वर्णन गरेर बिस्तारै बिस्तारै मैले उनको मनमा विश्वास पारें । यसपछि मैले उनीसित कुरा गरें र भएभरको जम्मै कुरा बयान गरेर सुनाएँ ॥१६-१७॥ यस समयमा सुग्रीवसँग तपाईंको

मित्यारी भएको सुन्दा उनी बडो प्रसन्न भइन्, हे राघव ! यिनको चरित्र अति नियमयुक्तको छ र सदा तपाईंसा यिनको अटल भक्ति रहेको देखिन्छ ॥१८॥

हे महाभाग ! हे पुरुषश्रेष्ठ ! तपाईंको भक्तिले युक्त भएकी जनकनन्दिनी सीतालाई मैले यस प्रकारसंग बडो कठोर तपस्यामा लागिराखेको देखें । तपाईंको साथमा चित्रकूट पर्वतमा रहँदाखेरि कागसम्बन्धी जो जो कुरा भएथ्यो त्यसको वर्णन गरी तपाईंलाई यो चिन्हो दिनू भनी उहाँले भन्नुभएथ्यो ॥१९-२०॥ फेरि उहाँले भन्नुभयो—हे वायुपुत्र ! तिमीले यहाँ जे जे देखेका छौ सो सबै उहाँलाई सुनाइदिए र बडो यत्नसंग राखेको यो मणि पनि उहाँलाई दिए । सुग्रीवको सासुन्ने यी कुरा गरिरहेका हनुमान्ले भने—यो मणि मैले बडो यत्नसंग सुरक्षित राखेर यहाँ ल्याएको छु । मनःशिलाको तिलक मेरो निधारमा लगाइदिएको कुरा पनि उहाँलाई संझाइदिए भनी सीताले भन्नुभएको थियो ॥२१-२३॥ समुद्रबाट उत्पन्न भएको यो मणि तपाईंकहाँ पठाएकी छु । दुःखको समयमा यसलाई देख्न पाउँदा तपाईंको दर्शन पाए जत्तिकै मलाई आनन्द हुन्थ्यो ॥२४॥ हे रामचन्द्र ! म अरू एक महीनासम्म बांचिराख्तछु तर राक्षसहरूको वशमा परेकी हुनाले एक महीनापछि प्राण त्याग गर्नेछु ॥२५॥ हरिणीसमानको प्रफुल्ल नेत्र भएकी, रावणको अन्तःपुरभित्र थुनुवामा परेकी, धर्मचारिणी, दुब्लो शरीर भएकी सीताले मलाई भनेका कुरा यिनै हुन् ॥२६॥ हे रामचन्द्र ! मैले जति कुरा थाहा पाएको हुँ सो सबै तपाईंलाई निवेदन गरिहालें, अबलाई तपाईंले यस समयमा समुद्र पार गर्ने उपाय गर्नुपर्दछ ॥२७॥

राम लक्ष्मणलाई आफ्नो कुरामा पत्यार परेको थाहा भएपछि वायुपुत्र हनुमान्ले सीताले दिएको चिन्हस्वरूप मणि रामको हातमा राखिदिए र सीताले भनेका जम्मै कुरा आदिदेखि लिएर अन्तसम्म क्रमैसंग वर्णन गर्नलागे ॥२८॥

सर्ग—६६

चूडामणि देखेर रामको विलाप ।

हनुमान्को मुखबाट यस प्रकारको समाचार पाएपछि त्यस मणिलाई छातीले च्यापी दशरथ-पुत्र रामचन्द्र लक्ष्मणको साथसाथै रुनलागे ॥१॥ शोकले व्याकुल भइराखेका रामचन्द्र त्यस उत्तम मणिलाई देख्नासाथ दुवै आँखाभरि आँसु गरेर सुग्रीवलाई भन्नलागे ॥२॥ जसरी बाच्छोलाई देखेपछि मायाले गर्दा पुत्रवत्सला गाईको थुनबाट दूध चुहुन थाल्दछ त्यसै गरी यस उत्तम मणिलाई देखेपछि मेरो मन पग्लनलागेको छ ॥३॥ विवाहको समयमा मेरो ससुराले सीतालाई यो मणि दिएका हुन् । उनको टाउकोमा लगाउँदाखेरि यो बहुतै राम्रो देखिन्थ्यो ॥४॥ समुद्रबाट उत्पन्न भएको, देवताहरूद्वारा प्रशंसा गरिएको यो मणि, यज्ञमा प्रसन्न भएर बुद्धिमान् इन्द्रले जनकलाई दिएका थिए ॥५॥ हे सौम्य ! यस उत्तम मणिलाई देख्न पाएकोले मलाई पिताको र प्रभु जनकको दर्शन

पाए जत्तिकै भइराखेको छ अर्थात् यी दुवैको रूपको स्मरण भइराखेको छ ॥६॥ यो मणि मेरी प्यारी सीताको मस्तकमा बडो राम्रो देखिन्थ्यो, अहिले यसलाई देख्न पाएकोले सीता नै आएकी हुन् कि जस्तो लागिरहेको छ ॥७॥ हे सौम्य हनुमन् ! सीताले जे भनिथिन् सो कुरा वारंवार मलाई सुनाऊ मूर्च्छा परेको व्यक्तिलाई जत्तिको पानी मन पर्दछ त्यत्तिकै मलाई पनि यो वचनरूपी जलले आनन्द दिइराखेको छ ॥८॥ हे लक्ष्मण ! सीतालाई देख्न नपाईकन जलबाट उत्पन्न भएको यस मणिलाई आफू-कहाँ आएको देख्नुभन्दा वर्ता दुःखको कुरा के हुन सक्छ ? ॥९॥ हे वीर ! सीता एक महीनासम्म बाँचिरहिन् भने उनी धेरै कालसम्म बाँचिरहिन् भन्ठान, म ता कमलको पात जस्तो आँखा भएकी तीविना एक छिन पनि बाँच्न सक्तिनँ ॥१०॥ मेरी प्यारीलाई तिमीले जहाँ देखेथ्यौ त्यहीं मलाई पनि लिएर हिंड । उनको पत्तो पाएपछि म एक छिन पनि यहां अड्न सक्तिनँ ॥११॥ हे हनुमान् ! अत्यन्त डराउने स्वभाव भएकी मेरी पतिव्रता सुन्दरी सीता ती भयङ्कर राक्षसहरूको बीचमा कसरी रहेकी होलिन् ? ॥१२॥ वर्षाकालको अन्धकारदेखि मुक्त भएको तर बादलले छोपिराखेको शरत्कालको चन्द्रमाझैं अहिले यिनको मुख राम्रो देखिएको होओइन ॥१३॥ हे हनुमान् ! सीताले मलाई के भनेकी छन् सो ठीक ठीकसँग वर्णन गरेर सुनाऊ, जसरी रोगी औषधिले गर्दा बाँच्तछ त्यसै गरी म पनि यिनले भनेको कुरा सुनेर बाँच्नेछु ॥१४॥ हे हनुमन् ! राम्रो अनुहार भएकी, मीठो बोली बोल्ने सुन्दरी सीताले मेरो विरहमा दुःखित भई मलाई के के भनेकी छन् , सो सब सुनाऊ । खप्नै नसकिने दुःख पाएर पनि सीता कसरी बाँचिराखेकी छन् सो पनि भन ॥१५॥

सर्ग–६७

हनुमान् सीताले भनेको कुरा सुनाउँछन् ।

महात्मा रामचन्द्रले यसो भनेको सुनेपछि हनुमान् सीताको समस्त वृत्तान्त वर्णन गर्नलागे ॥१॥ हे पुरुषश्रेष्ठ ! उहिले चित्रकूट पर्वतमा जो घटना भएथ्यो सीतादेवीले त्यसैलाई चिह्नो जस्तो गराएर आदिदेखि लिएर अन्तसम्म वर्णन गरिन् ॥२॥ तपाईंसँग सीता सुखपूर्वक सुतिरहेकी थिइन् रे, तपाईं-भन्दा अघिबाटै ब्यूँझिछन् । यही अवसरमा अकस्मात्सँग एउटा कागले उडेर आई उनको स्तनको बीचमा घाउ पारिदिएछ ॥३॥ यस वेला तपाईं उनको काखमा सिरान गरेर सुतिराख्नुभएको थियो रे, तर यस कागले वारंवार आएर ठुङ्दै देवीको छाती चिथोरेर उनलाई अत्यन्त पीडा दिनलाग्यो रे । सीताको शरीरबाट बगेको रगतले जम्मै आङ भिज्न गएकोले तपाईं पनि ब्यूँझनुभएछ ॥४-५॥ हे शत्रुघाती राम ! त्यस कागले वारंवार दुःख दिएको हुनाले सुखसँग सुतिराख्नुभएको तपाईंलाई सीतादेवीले ब्यूँझाइछन् ॥६॥ स्तनको बीचमा घाउ भएको देख्ता महाबाहु रामचन्द्रजी झोंक्किएको सर्प झैं लामो सास फेर्दै भन्नलाग्नुभयो रे ॥७॥ हे डरछेरुवी सीते ! तिम्रा स्तनको बीचमा कसले नंग्राले यो घाउ पारेको हो ? पाँचओटा मुख भएको क्रोधित सर्पसँग कसले खेलवाड गर्न इच्छा गरेको

होला ? ॥८॥ यताउति नजर दौडाएर हेर्दा रामचन्द्रले रगतले मुछिएको तीखा तीखा नंग्रा भएको कागलाई मतिर मुख फर्काएर बसिराखेको देख्नुभयो ॥९॥ यो काग इन्द्रको छोरो थियो, वायुसमानको गति भएको यो काग पृथ्वीमा जतातत्तै प्रवेश गर्न सक्तथ्यो ॥१०॥ महाबाहु रामचन्द्रको आँखा यस बखतमा कागलाई देख्ता रिसले फन्फनी घुम्नलागे । बुद्धिमान्हरूमा श्रेष्ठ तपाईंले त्यस कागको विषयमा कठोर विचार गर्नुभयो अर्थात् त्यसलाई मारिदिने इच्छा गर्नुभयो रे ॥११॥ तपाईंले ओच्छ्याएको आसनीबाट एउटा कुश झिकेर त्यसलाई मन्त्र पढेर अभिमान्त्रत गर्दै ब्राह्मास्त्रको प्रयोग गर्नुभयो रे । यो कुश प्रलयकालको अग्निझैं प्रज्वलित भएर त्यस कागको पछिपछि जानलागेछ ॥१२॥ रामचन्द्रले कागलाई ताकेर त्यो बल्दो कुश चलाउनुभएछ र सो बल्दो कुश कागको पछिपछि दगुर्दै जानलागेछ ॥१३॥ कुनै देवताले पनि डराएर त्यस कागलाई आफ्नो शरणमा लिएनछन्, एक एक गरेर त्यसले तीनै लोकमा घुम्यो, तर कतै पनि यसले आफ्नो उद्धार गर्नेलाई भेट्न सकेन ॥१४॥ हे शत्रुनाशक राम ! त्यो फेरि तपाईंको शरण पर्न आयो रे । शरण पर्न आएको यसलाई भूईंमा लडेको देख्ता, यो मारिन योग्य थियो तापनि, हे राम ! तपाईंले कृपा गरेर यसको रक्षा गर्नुभएछ । आफ्नो अस्त्र कहिले पनि निष्फल जान नसक्ने हुनाले तपाईंले यस कागको दाहिने आँखा फोरिदिनुभएछ । त्यो तपाईंलाई र राजा दशरथलाई प्रणाम गरी तपाईंसँग बिदाबारी भई आफ्नो घरतिर लागेछ ।

अस्त्रधारीहरूमा श्रेष्ठ, बलवान् र पराक्रमी हुँदा हुँदै पनि हे राम ! तपाईंले किन राक्षसहरूमाथि अस्त्र नचलाएको ? दानव, गन्धर्व, दैत्य, देवता यी कोही पनि हे राम ! युद्धमा तपाईंको अगाडि टिक्न सक्तैनन् । यदि यी पराक्रमी रामको दिलमा मेरो खातिर केही आदर छ भने कहिले पनि निष्फल नजाने बाण चलाएर रावणलाई युद्धमा मारून् अथवा शत्रुलाई ताप पार्ने नरश्रेष्ठ लक्ष्मणले नै दाजुको आज्ञा लिएर किन मेरो रक्षा नगरेको होला ? यी दुवै पुरुषसिंह वायु तथा अग्निसमान तेजस्वी छन् । देवताहरूले समेत यिनलाई जित्न सक्तैनन्, यस्तो हुँदा हुँदै पनि किन यिनीहरूले मेरो वास्ता नगरेको होला ? निश्चय मेरै कुनै ठूलो पापको यो फल हुनुपर्दछ जसले गर्दा कि समर्थ हुँदा हुँदै पनि शत्रुलाई ताप पार्न सक्ने यी दुवैले मेरो रक्षा नगरेको होला । मनमा दया उठ्ने गरी सीताले बडो राम्रो ढाँचाले भनेका यी कुरा सुनेपछि मैले फेरि देवीलाई भनें—हे देवी ! म किरिया हालेर तपाईंलाई साँचो साँचो कुरा भन्दछु—राम तपाईंको शोकले गर्दा सबै कामदेखि विमुख भइराखेका छन् ॥१५-२५॥ रामलाई दुःखित भएको देख्ता लक्ष्मणले पनि ताप लिइराखेका छन्, जसोतसो गरेर मैले तपाईंको दर्शन पाएँ, अबलाई शोक गर्ने वेला छैन ॥२६॥ हे सुन्दरी ! अब चाँडै नै आफ्नो दुःखको अन्त भएको देख्नुहुनेछ । यी दुवै नरश्रेष्ठ, शत्रुतापी, राजपुत्रहरू तपाईंलाई भेट्नाका लागि उत्साहित भएर लंका नगरीलाई भस्म पारिदिनेछन् । हे सुन्दरि ! युद्धक्षेत्रमा बन्धुवर्गको साथसाथै दुरात्मा रावणलाई मारेर रामचन्द्रले अब चाँडै नै तपाईंलाई आफ्नो राजधानीमा लिएर जानेछन् । कुनै प्रकारको खोट नभएकी हे सीते ! रामचन्द्रको मनमा म यहाँ तपाईंकहाँ आएको कुराको विश्वास पर्ने र देख्नासाथ

उनी प्रसन्न हुने यस्तो कुनै चिन्हो दिनुहोस् । यो कुरा सुनेपछि, हे महाबली राम ! सीताले सबै दिशातिर नजर दौडाएर, चुल्ठोमा घुसार्ने योग्य यो उत्तम मणि पछ्यौराको टुप्पोबाट फुकाएर मलाई दिनुभयो, मैले पनि हे रघुकुलप्रिय ! दुवै हात फैलाएर, तपाईंकहाँ ल्याउन भनी सो मणि ग्रहण गरें ॥२७-३१॥

टाउको निहुराएर मैले उहाँलाई प्रणाम गरें र त्यहाँबाट प्रस्थान गर्ने भनी हतार गर्नलागें । मलाई जान भनी तय्यार परेको र आफ्नो शरीर बढाउनलागेको देख्ता जनकपुत्री सुन्दरी सीताले आँखाभरि आँसु गरेर दया उठ्ने गरी, आँसुले गर्दा लरबरिएको स्वर झिकेर मलाई भन्नलाग्नुभयो ॥३२-३३॥ उफ्रन भनी मलाई तय्यार परेको देख्ता सीताले हडबडाएर, शोकले आकुल व्याकुल भई भन्नुभयो—हे महाकपे ! तिमी भाग्यमानी रहेछौ, किनकि तिमीले महाबाहु, कमलको जस्तो आँखा भएका रामचन्द्रको र महाबाहु यशस्वी मेरा देवर लक्ष्मणको दर्शन गर्न पाउनेछौ ॥३४—३५॥ सीताजीले यति भनेपछि मैले उहाँलाई भने—हे जनकपुत्री देवी ! झट्टै मेरो पिठिउँमा चढ्नुहोस् , लक्ष्मण र सुग्रीवको साथमा बसिराखेका तपाईंका पति रामचन्द्रसँग तपाईंको भेट गराइदिन्छु ॥३६—३७॥ यसपछि देवीले मलाई भन्नुभयो—हे कपिश्रेष्ठ ! मैले आफ्नो इच्छाले तिम्रो पिठिउँमा सवार हुने कुरा पतिव्रता-धर्मको विरुद्ध छ ॥३८॥ हे वीर ! योभन्दा अघि रावणले जो मेरो शरीरको स्पर्श गर्‍यो त्यस बखत म विवश थिएँ, कालद्वारा पीडित भइराखेकी थिएँ, म के गर्न सक्तथें ? ॥३९॥ हे वानरश्रेष्ठ ! जहाँ ती दुवै राजपुत्र छन् त्यहीं तिमी फर्केर जाऊ, यस प्रकारको उपदेश दिइसकेपछि उहाँले फेरि मलाई सन्देश भन्नलाग्नुभयो ॥४०॥ हे हनुमन् ! सिंहसमानका ती दुवै राम लक्ष्मणलाई र मन्त्रीहरूको साथसाथै सुग्रीवलाई समेत मेरो क्षेम कुशल सुनाइदिए ॥४१॥ यहाँको समस्त वृत्तान्त यस्तो हिसाबसँग बयान गरे कि यसलाई सुन्नासाथ महाबाहु रामचन्द्र झट्टै यस दुःखरूपी समुद्रबाट मेरो उद्धार गरिहाल्नन् ॥४२॥ रामनेर गई मेरो यो कडा दुःखको र राक्षसहरूद्वारा भएको मेरो अपमानको सबै हाल सुनाइदिए । हे वानरश्रेष्ठ ! तिम्रो यात्रा मङ्गलमय होस् ॥४३॥ हे राजन् ! अति नम्र भई खेदपूर्वक सीताले जति कुरा मलाई भन्नुभएको थियो सो सबै मैले तपाईंलाई निवेदन गरिहालें । अब यी सब कुरा सुनेपछि सीताजी सकुशल छन् भन्ने कुरामा विश्वास गर्नुहोस् ॥४४॥

सर्ग—६८

हनुमान् फेरि सीताले भनेको खबर रामचन्द्रलाई सुनाउँछन् ।

हे नरव्याघ्र ! तपाईंमाथि मेरो स्नेह र सौहार्द्र भएकोले उहाँले मेरो सत्कार गरी फेरि यी मीठा कुरा भन्नुभएथ्यो ॥१॥ दशरथपुत्र रामचन्द्रलाई अनेक प्रकारसंग यी कुरा सुनाइदिए जसले गर्दा कि झट्टै युद्धमा रावणलाई मारेर उनले मसंग भेट गरून् ॥२॥ हे शत्रुलाई ताप पार्ने वीर ! तिमी उचित सम्झन्छौ भने कुनै गुप्ती ठाउँमा एक दिन अरू बस । थकाइ-सकाइ मारिसकेपछि भोलितिर जाउला


।।३।। हे वानर ! तिमी नजीक रहनाले म अभागिनीलाई एकै छिनलाई भने पनि ता यस शोकको वेगबाट छुटकारा मिल्नेछ ।।४।। हे पराक्रमी ! यहाँबाट गएपछि तिमी आउने छौ वा नआउने छौ यसमा शङ्कै छ । तिम्रो दोस्रोबाजि यहाँ आउने वेलासम्म मेरो ज्यान रहने हो वा नरहने हो यसमा पनि शङ्कै छ ।।५।। तिमीलाई देख्न नपाएकोले मलाई एक किसिमको दुःख हुनेछ जसले कि दुःखमा परेकी मलाई झन् बर्ता दुःख दिएर पोल्न थाल्नेछ ।।६।। हे वीर ! तिमी र वानर भालू सहायक भए तापनि यी सबै वानर भालू तथा ती दुवै राजपुत्रले यस अपार समुद्रलाई कसरी पार गर्लान् यो ठूलो सन्देह ता मेरो सम्मुख उपस्थितै छ । वानर भालूहरूको फौजले तथा ती दुवै राजपुत्रले कुन उपायले समुद्र पार गरी यहाँ आउने होला ।।७–८।। गरुडमा, तिमीमा र वायुमा यी तीन प्राणीमा मात्र समुद्र पार गर्ने शक्ति छ ।।९।। तसर्थ हे वीर ! यस उपायहीन कामलाई सिद्ध गर्नाका लागि तिमीले कुन उपाय विचार गरेका छौ सो भन, कारण तिमी कुरा गर्ने जान्नेहरूमा श्रेष्ठ छौ ।।१०।। हे शत्रुनाशक हनुमन् ! तिमी ता सजिलैसँग एकलैले यो काम गर्न सक्तछौ तर यसो गर्नाले ता केवल तिम्रो बलको प्रशंसा हुनेछ, रामको बलको ता हुनेछैन ।।११।। समस्त सेनाको साथसाथै रावणलाई युद्धमा मारेर रामचन्द्रले मलाई यहाँबाट आफ्नो राजधानीमा लैजान सके भने पो उनको यश बढ्नेछ ।।१२।। जसरी वीर रामचन्द्रको डरले छल गरेर रावणले वनमा मलाई हरेर लग्यो त्यसै गरी लुकेर मलाई यहाँबाट लैजानु रामलाई सुहाउने काम होइन ।।१३।। शत्रुसेनालाई ध्वस्त पार्ने रामचन्द्रले आफ्नो फौजले लङ्कापुरीलाई आकुल व्याकुल पारेर मलाई आफ्नो राजधानीमा लैजान सके भने पो उनलाई सुहाउने किसिमको काम हुनेछ ।।१४।। तसर्थ हे वीर ! जसो गर्नाले ती महात्मा रणवीर रामलाई सुहाउने किसिमको पराक्रम प्रकाशित हुन सक्तछ सोही उपाय तिमीले गर्नुपर्दछ ।।१५।। सीताका अर्थयुक्त स्नेहयुक्त तथा युक्तियुक्तका यी अन्तिम कुरा सुनेपछि मैले पनि उनलाई यी सबै कुराको उत्तर दिनलागें ।।१६।।

हे देवी ! वानर र भालूहरूको फौजका मालिक, वानरश्रेष्ठ बलवान् सुग्रीवले तपाईंको उद्धार गर्ने निश्चय गरिसकेका छन् ।।१७।। बडा बडा पराक्रमी, साहसी, महाबली, मनको विचारझैं छोटो दगुन सक्ने वानरहरू यिनको आज्ञा पालन गर्दछन् ।।१८।। तल, माथि, तेर्सो, जता जाँदा पनि यिनको चाल रोकिएला भन्नुपर्दैन, अति धेरै तेज भएका यिनीहरू ठूला ठूला काम गर्दा पनि हडबडाउन्नन् ।।१९।। यी बलिया महाभाग्यशाली, वायुमार्गबाट आवतजावत गर्ने वानरहरूले अनेक बाजि यस पृथ्वीको प्रदक्षिणा गरिसकेका छन् ।।२०।। सुग्रीवकहाँ मभन्दा बर्ता बलिया, अथवा मसमानकै अनेक वनवासी वानर छन् , मभन्दा कम बलियो ता कोही छैन ।।२१।। म ता यहाँ आइपुगें भने ती महाबलीहरूको यहाँ आइपुग्नामा के सन्देह छ, साना साना व्यक्तिलाई नै यस्तो काममा पठाउँछन् , ठूला ठूलालाई ता कहिले पनि पठाउन्नन् ।।२२।। तसर्थ हे देवी ! अत्रलाई ताप गर्ने केही प्रयोजन छैन, आफ्नो शोक दूर गरिदिनुहोस् ; वानरका यी सेनापतिहरू एकैचोटि उफ्रे भने यहाँ लङ्कामा आइपुग्नेछन् ।।२३।।

पुरुषश्रेष्ठ ती दुवै भाइ मेरो पिठिउँमा सवार भई सूर्य चन्द्रमाझैं उदाएर तपाईंकहाँ आउनेछन् ।।२४।। शत्रुको संहार गर्ने सिंहसमानका रामचन्द्रलाई र धनुर्धारी लक्ष्मणलाई अब तपाईं चाँडै नै लङ्काको ढोकामा उभिइराखेका देख्नुहुनेछ ।।२५।। नङ र दाँत नै हतियार भएका, सिंह बाघसमानका पराक्रमी, हात्ती जस्तो विशाल शरीर भएका वानरहरूलाई चाँडै नै यहाँ जम्मा भएको देख्नुहुनेछ ।।२६।। पर्वत र मेघसमानका विशाल शरीर भएका मुख्य मुख्य वानरहरूले लङ्काको यस मलय पर्वतको शिखरमाथि गर्जेको आवाज अब तपाईं चाँडै नै सुन्न पाउनुहुनेछ ।।२७।। वनवासको अवधि समाप्त गरेपछि शत्रुघाती रामचन्द्रलाई आफ्नो साथमा अयोध्याको राज्यमा अभिषिक्त भएको तपाईं चांडै नै देख्नुहुनेछ ।।२८।।

तपाईंको शोकले गर्दा अत्यन्त दुःखित भइराखेकी, दीनतापूर्वक बोल्ने बानी नभएकी सीताले मेरा यस प्रकारका मङ्गलमय र मीठा मीठा कुरा सुनेपछि मनमा शान्ति लिइन् र उनको शोक केही घटेर गयो ।।२९।।

सुन्दरकाण्ड समाप्त ।



श्रीमद्वाल्मीकीय रामायण

युद्धकाण्ड—६

सर्ग—१

रामचन्द्र हनुमान्‌को प्रशंसा गर्दछन् ।

हनुमान्‌ले बडो राम्रोसंग भनेको कुरा सुनेपछि रामचन्द्र अत्यन्त प्रसन्न भई यस प्रकारसँग जवाफ दिनलागे ॥१॥ हनुमान्‌ले बडो ठूलो काम गरे, पृथ्वीमा अरूबाट हुन नसक्ने यो काम हो, पृथ्वीका अरू व्यक्तिबाट ता यो काम मनले समेत हुन सक्ने छैन ॥२॥ गरुड, वायु र हनुमान्‌सिवाय अरू कसैले यो महासागर पार गर्न सक्ला जस्तो मलाई लाग्दैन ॥३॥

देवता, दानव, यक्ष, राक्षस, गन्धर्व, नाग यी कसैले पनि आक्रमण गर्न नसक्ने, रावणद्वारा रक्षित भइराखेको लङ्का नगरीभित्र आफ्नै बलको भरमा प्रवेश गरी को व्यक्ति जीउँदै बाहिर आउन सक्ला ? रासक्षद्वारा सुरक्षित भइराखेको अतएव बडो मुश्किलसंग प्रवेश गर्न सकिने लङ्का नगरीमा हनुमान्‌समानको बलवान् र पराक्रमी व्यक्तिसिवाय अरू कसले प्रवेश गर्न सक्ला ? आफ्नो पराक्रम-अनुसारको बल देखाएर हनुमान्‌ले सुग्रीवप्रति बडो ठूलो भृत्यकार्य्य पूरा गरिदिए ॥४-६॥ मालिक-द्वारा कठिन काम गर्न खटिएको नोकरले आफ्नो पुरुषार्थअनुसार प्रेमपूर्वक सो काम पूरा गरिदियो भने लोकमा त्यो सबभन्दा उत्तम नोकर कहिन्छ ॥७॥ जो नोकर गर्नू भनेर अह्राएको कामसिवाय, आफू योग्य तथा समर्थ भए तापनि, मालिकलाई मन पर्ने किसिमको, परिआएको अरू कुनै काम गर्दैन त्यसलाई मध्यम काँटको नोकर भन्दछन् ॥८॥ योग्य र समर्थ हुँदा हुँदै पनि जो नोकर मालिकले अह्राएको काम चित्त लगाएर गर्दैन त्यसलाई अधम नोकर भन्दछन् ॥९॥ मालिकद्वारा काममा खटिएर गएका हनुमान्‌ले आफ्नो काम सिद्ध गरे; सीताको पत्तो लगाउन भनी यिनी गएका हुन् तर यस काम बाहेक यिनले अरू अरू काम पनि गरिदिए, आफू होचो हुने किसिमको कुनै निन्दित काम गरेनन् र उता सुग्रीवलाई पनि खुशी गराए ॥१०॥ हनुमान्‌ले सीतालाई भेटेर आएको हुनाले मैले र महाबली लक्ष्मणले मात्र होइन कि समस्त रघुवंशले नै आतमघातरूपी अधर्मबाट रक्षा पायौं ॥११॥ यस्तो दीन अवस्थामा परेको वेलामा मनलाई आनन्द गराउने खुशीयालीको खबर ल्याउनेलाई उचित प्रकारको पारि-तोषिक दिन नसकेकोमा, मेरो अन्तस्करणमा बडो खेद भइराखेको छ ॥१२॥ पारितोषिक दिनुपर्ने यस मौकामा म आफ्नो सर्वस्व दानस्वरूप आलिङ्गन महात्मा हनुमान्‌लाई दिन्छु ॥१३॥

यसो भन्दा भन्दैमा रामचन्द्रको तमाम शरीरमा रोमाञ्च भयो र यिनले काम सिद्ध गरेर आएका

हनुमान्‌को, माथि कहिएको कुरा भन्दै, आलिङ्गन गरिहाले ॥१४॥ रघुवंशीहरूमध्येका श्रेष्ठ रामचन्द्रले, केही बेरसम्म सोच विचार गरी, फेरि सुग्रीवलाई सुनाएर भन्नथाले ॥१५॥ सीताको पत्तो लाग्यो, यो काम ता बहुतै बेस भयो, तर समुद्रको संझना हुनासाथ मेरो मनको उत्साह फेरि भङ्ग हुनलागेको छ ॥१६॥ यी जम्मा भइराखेका वानरहरूले, अतिशय धेरै जल भएको अतएव पार गर्न नसकिने समुद्रको दक्षिणपट्टिको तीरमा पुग्ने कसरी हो ? ॥१७॥ सीता लङ्कापुरीमा छन् भन्ने खबर ता हनुमान्‌ले मलाई सुनाए, तर वानरहरूले कुन उपायले समुद्र पार गर्ने हो ? यसको के जवाफ होला ? ॥१८॥

शत्रुको संहार पार्ने, शोकले व्याकुल परेका महाबाहु रामचन्द्र हनुमान्‌लाई यति कुरा भनेर फेरि केही सोच विचार गर्नलागे ॥१९॥

सर्ग—२

सुग्रीव संझाई बुझाईकन रामचन्द्रको उत्साह बढाउँछन् ।

शोकले क्षीण भइराखेका दशरथपुत्र रामचन्द्रलाई श्रीमान् सुग्रीव शोक नाश गर्ने किसिमको कुरा भन्नलागे ॥१॥ हे वीर ! तपाईंले किन यसरी साधारण मानिसले झैं पीर लिइराखेको ? तपाईंले यसरी ताप लिन हुँदैन; जसरी कृतघ्न मानिसले मित्रतालाई छाडिदिन्छ त्यसै गरी तपाईं पनि यो वृथाको ताप छोडिदिनुहोस् ॥२॥ हे राम ! सीताको समाचार पाएपछि र शत्रुको घरको पत्तो लागेपछि ता तपाईंले शोक गर्नाको केही कारण देखिन्न ॥३॥ तपाईं बुद्धिमान्, शास्त्र जान्ने, दूरदर्शी तथा पण्डित हुनुहुन्छ तसर्थ जसरी आत्मज्ञानी मानिसले मोक्षमा बाधा पर्ने बुद्धिलाई छोडिदिन्छ त्यसै गरी तपाईंले पनि आफ्नो कार्यसिद्धिमा बाधा पार्ने यस विचारलाई त्यागिदिनुपर्दछ ॥४॥ हे राम ! ठूला ठूला ग्राहले परिपूर्ण भएको समुद्रलाई पार गरेर हामी लङ्कामाथि आक्रमण गर्नेछौं र तपाईंको शत्रुलाई मारि पनि दिनेछौं ॥५॥ उत्साहहीन, दीन स्वभावको तथा शोकले गर्दा हडबडाइराखेका मानिसका सबै अभिलाषा नष्ट हुन्छन् र तिनले दुःखसमेत पाउनुपर्दछ ॥६॥ यी सबै शूर वीर सेनापतिहरू यसरी उत्साहित भइराखेका छन् कि तपाईंको कामको निम्ति यिनीहरू आगोमा समेत पस्न तय्यार छन् । यिनीहरूको उत्साह देख्तैमा मलाई यो कुरा थाहा भयो र मैले विचार गरेको कुरा ठीक पनि हो ॥७॥

पापी शत्रु रावणलाई आफ्नो पराक्रमद्वारा मारेर हामीले सीतालाई कसरी ल्याउने हो सो उपाय पो तपाईंले गर्नुपर्दछ ॥८॥ हे राम ! जसरी हुन्छ समुद्रमाथि पुल बाँधियोस् र यसैद्वारा हामीले राक्षसराजको लङ्कापुरी हेर्न पाउने प्रबन्ध तपाईंले मिलाइदिनुपर्दछ ॥९॥ त्रिकूट पर्वतमाथि रहेको लङ्कापुरीलाई हामीले देख्न पाएपछि ता तपाईंले युद्धमा रावण देखा परेको र मारिएको भन्ठाने पनि हुन्छ ॥१०॥ तर वरुणको वासस्थान भयानक समुद्रमा पुल नबाँधीकन ता इन्द्रसहित देवताहरूको तथा असुरहरूको समेत लङ्कापुरीलाई बिगार्ने ताकत छैन ॥११॥ लङ्कासम्म समुद्रमा पुल बाँधिनाको विलम्ब छ, पुल तय्यार

हुनासाथ समस्त सेना पारी पुग्नेछ र हाम्रो विजय पनि अवश्यै हुनेछ भन्ने विचार गर्नुहोस्, कारण यी सबै कामरूपी वानरहरू युद्ध गर्नामा बडा सिपालु छन् ॥१२॥ तसर्थ हे राजन् ! सबै काम बिगार्ने यो काथर बुद्धिको परित्याग गरि नै हाल्नुपर्‍यो, कारण यस लोकमा शोकले गर्दा मानिसको शुरुयाइँ नष्ट नभई छाड्दैन ॥१३॥ मानिसले शुरुयाइँ देखाउनुपर्ने काममा नै हात हाल्नुपर्दछ, शुरुयाइँको आधार लिएर जुन काम फूर्तिसाथ गरिन्छ, त्यो काम, शुरुयाइँ देखाउने मानिसको गहना जस्तै हुन जान्छ ॥१४॥ नष्ट भएको अथवा हराएको पदार्थको निम्ति तपाईंसमानका शूरा महात्माहरूले शोक गर्नथाले भने ता यस शोकले जम्मै काम बिगारिदिनेछ, तसर्थ हे बुद्धिमान् ! तपाईंले यस मौकामा तेजखी बनेर मनमा धैर्य्य लिनुपर्‍यो ॥१५॥ तपाईं बुद्धिमान्हरूमा श्रेष्ठ हुनुहुन्छ र सबै शास्त्रको अर्थ पनि बुझ्नुहुन्छ, तसर्थ मसमानको मन्त्रीलाई साथमा लिई तपाईंले शत्रु जित्ने उद्योगमा लाग्नुपर्दछ ॥१६॥ हे राम ! म ता तीनै लोकमा यस्तो कोही व्यक्ति देख्तिन जो कि धनु लिएर संग्राममा उभिएको तपाईं को सामुन्ने टिक्न सकोस् ॥१७॥ वानरहरूको जिम्मामा सुम्पेको कुनै काम पनि बिग्रन पाउनेछैन, अब तपाईं चाँडै नै बिशाल समुद्र पार गरी सीतालाई भेट्न पाउनुहुनेछ ॥१८॥ हे राजन् ! अब तपाईं शोक गर्न छोडेर मनमा रिस लिनुहोस्, उद्योगमा नलाग्ने क्षत्रिय अभागी हुन्छन्, रिसाहा क्षत्रियदेखि ता सबै डराउँछन् ॥१९॥ अब तपाईंले यस मौकामा यो भयानक नदीपति समुद्रलाई पार गर्ने विषयमा हामी सबैको सल्लाह लिएर सूक्ष्म बुद्धिद्वारा विचार गर्नुपर्दछ ॥२०॥ समुद्र पार गरेपछि हाम्रो फौज विजयी हुनेछ सो तपाईं निश्चय जान्नुहोस्। हाम्रो समस्त सेना पारि पुग्यो र विजयी पनि भयो भन्ने विचार गरे पनि हुन्छ ॥२१॥ यी हाम्रा वीर वानर युद्धमा अनेक रूप धारण गर्न सक्तछन्। यिनीहरू ढुङ्गा र रूखको वृष्टि गरेर शत्रुहरूलाई सखाप पारिदिनेछन् ॥२२॥ हे शत्रुनाशी राम ! मेरो मनमा ता हामी कुनै न कुनै प्रकारले समुद्र तरिहाल्नेछौं र युद्धमा रावणलाई मारिछाड्ने-छौं जस्तो लागिराखेको छ ॥२३॥ हे राजन् ! धेरै कुरा गर्नामा केही फाइदा छैन, तपाईं सर्वथा विजयी हुनुहुनेछ, कारण अहिले राम्रा राम्रा शकुन देखिनलागेका छन् र मेरो मन पनि अत्यन्त प्रसन्न भइ-राखेको छ ॥२४॥

सर्ग—३

राम हनुमान्संग लङ्काको वृत्तान्त सोद्धछन्।

परमार्थको ज्ञान भएका रामचन्द्रजी सुग्रीवका यी युक्तियुक्त कुरा सुनेपछि सो अनुसार काम गर्ने निश्चय गरी हनुमान्लाई भन्नलागे ॥१॥ तपस्याको प्रभावले समुद्रमा पुल बाँधेर होस् वा त्यसको जल सुकाएर होस् जसरी भए पनि म यस समुद्रलाई पार गर्न सक्तछु ॥२॥ प्रवेश गर्न गाह्रो पर्ने त्यस लङ्का नगरीमा कतिओटा किल्ला छन् सो मलाई बयान गरेर सुनाऊ, हे वानर ! आफ्नै आँखाले देखे जत्तिकै गरेर मलाई यो कुरा बुझ्ने इच्छा भइराखेको छ ॥३॥ राक्षस रावणसित फौज कति छ ?

ढोकाभित्र पस्न नसकिने तुल्याउनलाई के के उपाय गरेको छ ? लङ्काको रक्षाको साधन तथा राक्षसहरूले वस्ने घर इत्यादि सबै कुरा तिमीले सावधानीसाथ राम्रै गरी देखिहालेका छौ, यी सबै कुरा ठीक ठीकसंग मलाई बयान गरेर सुनाऊ, किनकि तिमी जुनसुकै कुराको पनि बयान गर्नामा बडा सिपालु छौ ॥४-५॥

रामचन्द्रका यी कुरा सुनेपछि वक्ताहरूमध्येका श्रेष्ठ वायुपुत्र हनुमान् फेरि उनलाई भन्नलागे ॥६॥ सुन्नुहोस्, लङ्कालाई दुर्गम बनाउनको निम्ति के के उपाय गरेको छ, यसको रक्षाका के के गुप्ती साधन छन् सो सब म ठीक ठीकसंग बयान गर्दछु ॥७॥ रावणको प्रभावले गर्दा राक्षसहरूको उमाथि प्रेम बसेको छ; लङ्काको उत्कृष्ट ऐश्वर्य्य र समुद्रको भयङ्करपनाको पनि म बयान गर्दछु ॥८॥ सेनाविभागको कस्तो बन्दोबस्त छ सो र वाहनहरूको गणनासमेत म बयान गरेर सुनाउँछु । यति भने पछि वानरश्रेष्ठ हनुमान् त्यहाँको आफूले थाहा पाएको रत्ती रत्ती हाल बयान गर्नलागे ॥९॥

लङ्कानिवासी बडा खुशी छन्, मतवाला हात्तीहरू यहाँ भरिभराउ छन्, राक्षसहरूद्वारा रक्षित भइराखेको लङ्कापुरी बडे बडे रथले परिपूर्ण छ ॥१०॥ यस लङ्कापुरीमा बलिया बलिया ढोका भएका चारओटा बडेमानका फाटक छन् र यिनमाथि ठूला ठूला परिघ राखिछाडेका छन् ॥११॥ यी फाटकमाथि ढुङ्गा र बाण फ्याँक्नका लागि इषूपलनामक बडो बलियो र ठूलो यन्त्र जडिएको छ जसद्वारा आक्रमण गर्न आएको फौजलाई राक्षस पस्नै नदिएर रोकिदिन्छन् ॥१२॥ यी सबै फाटकमा राक्षसहरूद्वारा राम्रोसङ्ग बनेका बलिया बलिया, देख्तैमा डर लाग्ने, काला काला सयकडौं तोप राखिएका छन् ॥१३॥ यसको चारैतिर सुनै सुनले बनेको पर्खाल छ जसलाई भत्काएर भित्र पस्न बडो गाहो छ, यस पर्खालको ठाउँ ठाउँमा मूँगा, मणि, नीर, मोती इत्यादि जुहारात जडिएका छन् ॥१४॥ शहरको चारैतिर अगाध गहिरो, चिसो जलले भरिएको, ग्राह र माछाले भरिभराउ भएको, महाभयंकर खाल्डो बनेको छ ॥१५॥ शहरको चारै फाटकमाथि बडेमानका चारओटा बुर्जा बनेका छन् र यिनमा ठूला ठूला यन्त्र जडिराखेको छ, यी बुर्जाको बगलैमा ठूला ठूला घरको एउटा पंक्ति नै छ ॥१६॥ शत्रुको सेना आक्रमण गर्न आएको खण्डमा बुर्जामा रहेको यन्त्रले उनलाई उचाल्दै खाल्डोमा मिल्काइदिन्छ, यस प्रकारसँग यी बुर्जाहरूले शहरको रक्षा गरिराखेका छन् ॥१७॥ यिनीहरूमध्ये एउटा बुर्जा ता बहुतै बलियो छ, यहाँ अनेक फौज रहेका छन्, तसर्थ शत्रुले यस ठाउँमा केही गर्न सक्तैनन् । सुनका अनेक थाम र चौतारा बनेकोले यसको शोभा बढिराखेको छ ॥१८॥ हे राम ! युद्ध गर्नाका लागि उत्साहित भइराखेको रावण स्वयं सावधानीसाथ फौजको देखरेखमा दत्तचित्त भइराखेको छ ॥१९॥ लङ्कापुरी पर्वतको टाकुरामाथि रहेकोले विना कुनै प्रकारको आधारले यहाँ प्रवेश गर्नुपर्दछ अर्थात् यहाँ चढ्नका लागि भऱ्याङ इत्यादि केही बनेको छैन, यसै कारणले देवताहरूको किल्लाभन्दा पनि डरलाग्दो छ; चारैतिरबाट नदीले घेरेको छ; त्रिकूट पर्वतमाथि रहेको छ र चारैतिरबाट पर्खालले बेह्रेको छ, यस प्रकारसंग लङ्कामा यी चार दुर्ग छन् अर्थात् प्रवेश गर्नामा बाधक छन् ॥२०॥ हे राम ! यो शहर

समुद्रको पारिपट्टि रहेको छ, समुद्रको फाँट पनि ज्यादै ठूलो छ, न डुङ्गाद्वारा आवतजावत गर्ने बाटो छ, न कतैबाट यहाँको हाल खबर पत्ता लाग्न सक्तछ ॥२१॥ पर्वतको टाकुरामाथि यस दुर्गम नगरीको स्थापना भएको छ, हात्ती घोडाले यो शहर भरिभराउ छ, लङ्कालाई जित्न बडो गाह्रो छ ॥२२॥ दुरात्मा रावणको यस लङ्कापुरीलाई चारैतिरको खाल्डो तोप र किसिम किसिमको यन्त्रले सुशोभित गराइराखेको छ ॥२३॥

लङ्काको पूर्वपट्टिको फाटकमा हातमा शूल लिएका, सितिमितीमा जित्न नसकिने दश हजार राक्षस सदा युद्धका लागि तय्यार रहन्छन्, तरवारको युद्धमा यिनीहरू बडा सिपालु छन् ॥२४॥ चतुरंगिणी सेनाको साथमा एक लाख श्रेष्ठ राक्षस योद्धाहरू दक्षिणपट्टिको फाटकमा रहेका छन् ॥२५॥ पश्चिमपट्टिको फाटकमा दश लाख सिपाही तय्यार परेर बसेका छन्, यी सबैले ढाल तरवार भिरेका छन् र हरेक किसिमको हतियार चलाउन जान्दछन् ॥२६॥ दश करोड राक्षस उत्तरपट्टिको फाटकमा रहेका छन्, यिनीहरूमध्ये कोही रथी, कोही घोडचढी र कोही प्रतिष्ठा पाएका कुलीनका छोरा नाति छन् ॥२७॥ पराजित हुन नसक्ने कई हजार राक्षस शहरको बीचमा रहन्छन्, यिनीहरू सबै युद्ध गर्नामा बडा प्रवीण छन्, करोडभन्दा बर्ता राक्षसहरूको फौज यिनको साथमा रहन्छ ॥२८॥

मैले ती सबै बुर्जा भत्काइदिएँ, खाल्डो जम्मै भरिदिएँ, शहर डढाइदिएँ र चारैतिरको पर्खाल फोरफार पारिदिएँ ॥२९॥ महाराज सुग्रीवले बताएका उपायहरूमध्ये कुनै उपायले हामीले समुद्र पार गरे पछि लंकापुरीलाई वानरहरूले ध्वस्त नपारी छोड्नेछैनन्, यो कुरा मनमा निश्चय गर्नुहोस् ॥३०॥ अङ्गद, द्विविद, मैन्द, जाम्बवान्, पनस, नल, सेनापति नील यति नै लंकालाई ध्वस्त पार्न प्रशस्त छन्, अरू बाँकी सेना लिएर तपाईंले के गर्ने ? ॥३१॥ अङ्गद आदि गरिएका वानरहरूले रावणको राजधानीमा प्रवेश गरी पर्वत, वन, खाल्डो, फाटक, पर्खाल, र महलहरूको साथसाथै शहरलाई फोरफार पारेर सीतालाई तपाईंनेर लिई आउनेछन् ॥३२॥ हे महाराज ! अब यस किसिमको आज्ञा दिनुहोस् कि जम्मै फौज झट्टै जम्मा भइहालोस् र शुभ मुहूर्त्तमा आफू पनि यात्राका लागि प्रस्थान गरिहाल्नुहोस् ॥३३॥

सर्ग—४

राम सेनालाई साथमा लिई समुद्रको तीरमा पुग्दछन् ।

तेजस्वी सत्यपराक्रमी रामचन्द्र, हनुमान्‌ले काइदासाथ भनेका कुरा आदिदेखि लिएर अन्तसम्म सुनिसकेपछि भन्नलागे ॥१॥ त्यस भयङ्कर राक्षसको जुन लङ्कापुरीको तिमीले अहिले वर्णन गर्‍यौ त्यसलाई म चाँडै ध्वस्त पारिदिन्छु, मैले तिमीलाई यो साँचो कुरा भनेको हुँ ॥२॥ हे सुग्रीव ! यस समयमा यात्राका लागि प्रस्थान गर्ने तय्यारी गर्नथाल; सूर्य मध्यआकाशमा आएको हुनाले यो विजयको मुहूर्त्त हो ॥३॥ यस विजय मुहूर्त्तमा प्रस्थान गर्‍यौंभने रावणले कसै गरे पनि आफ्नो ज्यान बचा-

उन सक्ने छैन, सीतालाई हरेर लगेपछि त्यो राक्षस कहाँ जीउँदो रहन पाउला ? जीवनदेखि निराश भइराखेको, मनैं आँटेको मानिसलाई जसरी अमृत पाएपछि बाँच्ने आशा हुन्छ त्यसै गरी मैले आक्रमण गरेको खबर पाउनासाथ सीता पनि जीवनको आशा छोड्नेछैनन् ।।४।। आज उत्तरा फाल्गुनी नक्षत्र छ, भोलि चन्द्रमा हस्ता नक्षत्रमा जानेछन्; हे सुग्रीव ! सबै फौजलाई साथमा लिई हामी आजै प्रस्थान गरौं ।।५।। यहाँ हाम्रो अगाडि जो शुभ लक्षण देखा पर्नलागेका छन् तिनलाई देख्ता ता हामी अवश्यै रावणलाई मारेर सीतालाई ल्याउन सकौंला जस्तो लाग्दछ ।।६।। यी शुभ शकुनबाहेक मेरो दाहिने आँखाको माथिल्लो भाग फरफराइराखेको छ जसले कि हाम्रो विजय हुने तथा मनमा चिताएको कुरा पूरा हुने सूचना दिन्छ ।।७।।

लक्ष्मण र सुग्रीवले धर्मात्मा, अर्थविशारद रामचन्द्रका कुराको प्रशंसा गरे र उनी फेरि भन्नलागे ।।८।। सेनापति नील बलिया बलिया एक लाख वानरको साथमा बाटो देखाउनाका लागि सेनाको अघि-अघि जाऊन् ।।९।। हे सेनापति नील ! जुन बाटोमा फल मूल, चिसो पानी र मह पनि प्रशस्त पाइन्छ त्यही जङ्गलको बाटोबाट तिमी यस सेनालाई लिएर जाऊ ।।१०।। दुरात्मा राक्षसहरूले बाटोका फल, मूल, जल इत्यादिलाई विष मिलाएर दूषित गर्न खोजे भने तिमीले सावधानीसाथ उनीहरूको हातबाट फल मूल इत्यादिको सदा रक्षा गर्नामा तत्पर रहनुपर्दछ ।।११।। वानरहरूले उफ्री उफ्रीकन अग्लो ठाउँमा चढेर तल वनको किल्लामा अथवा वनैमा समेत शत्रुको फौज हामीलाई घात गर्न लुकिराखेको छ कि भनेर हेरून् ।।१२।। हाम्रो यस फौजमा जो निर्धा छन् तिनलाई यहीं किष्किन्धामा रहन देऊ, हाम्रो यो लङ्काको युद्ध बडो डरलाग्दो किसिमको हुनेछ, तसर्थ पराक्रमीहरूलाई नै साथमा लिएर जान उचित पर्ला ।।१३।। यी सैकडौं हजारौं महाबली वानरसिंहहरू समुद्रसमानको विशाल र भयंकर सेनालाई साथमा लिएर जाऊन् ।।१४।। गाईहरूको बथानमा जसरी मस्त भइराखेको साँढे अगाडिअगाडि हिंड्-दछ त्यसै गरी पर्वतसमानको आकार भएका गज, महाबली गवय र गवाक्ष फौजको अघिअघि जाऊन् ।।१५।। वानरहरूमध्येका श्रेष्ठ, सेनापति ऋषभ, वानरी फौजको दाहिनेपट्टि रहेर त्यसको रक्षा गरून् ।।१६।। गन्धहस्ती झैं पराजित हुन नसक्ने बलवान् गन्धमादन वानरी फौजको दाहिनेपट्टि रहेर त्यसको रक्षा गरून् ।।१७।। जसरी इन्द्र ऐरावत हात्तीमा सवार भई हिंड्दछन् त्यसै गरी म पनि हनुमान्को काँधमा चढेर समस्त सेनालाई दङ्ग पार्दै फौजको बीचमा हिंड्नेछु ।।१८।। सार्वभौमनामक हात्तीमा सवार भई जसरी यक्षराज कुवेर हिंड्दछन् त्यसै गरी अङ्गदमाथि चढेर शत्रुका लागि यमराजसमानका देखिने लक्ष्मण हिंड्नेछन् ।।१९।। ऋक्षराज जाम्बवान्, महाबाहु सुषेण र वेगदर्शी वानर, यी तीन सेनाको पछिल्लो भागको रक्षा गर्दै हिंडून् ।।२०।।

वानरश्रेष्ठ, महाबली, सेनापति सुग्रीवले रामचन्द्रको यो वचन सुन्नासाथ सबै वानरहरूलाई रामको आज्ञाअनुसार काम गर्ने आज्ञा दिए ।।२१।। सुग्रीवको आज्ञा सुन्नासाथ सबै महाबली वानरहरू गुफा र पर्वतको टाकुराबाट उफ्रँदै हतार हतार गरेर आउनलागे ।।२२।। वानरसेनापति सुग्रीव

र लक्ष्मणले निवेदन गरेपछि धर्मात्मा रामचन्द्रले सेनासहित दक्षिण दिशातिर प्रस्थान गर्नुभयो ॥२३॥ हजारौं, लाखौं, करोडौं, हात्तीसमानका शरीर भएका वानरहरूका झुण्डका झुण्ड रामचन्द्रलाई घेरेर जानलागे ॥२४॥ रामचन्द्रको पछि यो विशाल वानरी फौज हिंड्नलाग्यो । सुग्रीवद्वारा पालना गरिएका यी वानर सन्तुष्ट र प्रसन्न थिए ॥२५॥ यी वानरहरू रक्षाका लागि चारैतिर उफ्रँदै जान लागेका थिए । कोही बाटो देखाउन भनी अगाडि बढेर जान्थ्यो; कोही गर्जदै, कोही सिंहनाद गर्दै र कोही साधारण किसिमसंग कुराकानी गर्दै दक्षिण दिशातिर लागे ॥२६॥ यिनीहरू बाटोमा सुगन्धित मह र फल खांदै जानलागे, कोही ता मुजुरा लागेका, फूल फुलेका बडे बडे रूखलाई उखेलेर आफ्नो साथमा लिई जानलागे ॥२७॥ कोही कोही बलको घमण्डमा चूर भई अर्कोलाई आफ्नो पिठिउँमा बोकेर जानलागे, कोही आफूले बोकेकोलाई भूईंमा खसालिदिन्थे, कोही एउटा खस्नासाथ उसमाथि चढिहाल्दथ्यो; कोही भने आफू आफूमा धकेला-धकेली गरेर जानलागे ॥२८॥ कोही कोही वानर रामचन्द्रको सामुन्ने गएर खूब जोरसंग गर्जेर भन्नलागे—हामी रावणलाई तथा सबै राक्षसलाई नमारी छोड्नेछैनौं ॥२९॥ ऋषभ, नील र वीर कुमुद अनेक वानरलाई साथमा लिई बाटो ठीक गर्दै फौजको अघिअघि जानलागे ॥३०॥ शत्रुको संहार गर्ने राम, लक्ष्मण र सुग्रीव वानरी फौजको बीचमा थिए । अनेक बलिया विशाल शरीर भएका वानरहरूले यिनीहरूलाई घेरिराखेका थिए ॥३१॥ शतबलीनामक वीर वानर दश करोड वीर वानरहरूलाई साथमा लिई जानलागेका थिए, यी एकलैले समस्त वानरी फौजको रक्षा गरिरहेका थिए ॥३२॥ केसरी, पनस र गज यी तीन वीर सय कराड वानरलाई साथमा लिएर जानलागेका थिए; अर्क नाम गरेको वीर बानरले अनेक साथी लिएर यस फौजको एक भागको रक्षा गरिराखेको थियो ॥३३॥ अनेक भाल्लूलाई साथमा लिएर सुषेण र जाम्बवान्, सुग्रीवलाई अगाडि राखेर फौजको पछिल्लो भागको रक्षा गरिरहेका थिए ॥३४॥ वानरश्रेष्ठ, वीर सेनापति नील स्वयं सावधानीसाथ यताउति उपद्रव गर्नलागेका वानहरूलाई रोक्नलागेका थिए ॥३५॥ बलीमुख, प्रजङ्घ, जम्भ र रभस यी, सबैतिरका बानरहरूलाई फूर्तिसँग हिंड्न उत्साहित गर्नलागेका थिए ॥३६॥

बलको घमण्डले चूर भइराखेका श्रेष्ठ वानरहरू यस प्रकारसँग जाँदा जाँदा सह्य नामको श्रेष्ठ पर्वतनेर पुगे, जसको अगल बगलमा सयकडौं अरू पर्वत पनि थिए ॥३७॥ बाटोमा यिनीहरूले नाना प्रकारका, फूल फुलेकोले शोभायमान भइराखेका अनेक तलाउ र पोखरी पनि देखे, तर डरलाग्दो रिस भएका रामचन्द्रको, बाटोमा कसैले कुनै किसिमको उपद्रव नगर्नू भन्ने आज्ञा सुनेकोले, डरले थर्कायमान भइराखेका यी वानरहरू गाउँ र शहरको नजीकसम्म पनि जाँदैनथे । समुद्रले झैं महाभयङ्कर शब्द झिकेर गर्जना गर्दै यो डरलाग्दो विशाल वानरी सेना सह्य पर्वतनेर आइपुग्यो । जसरी असल सवारले हांकेको घोडा खूब छिटोसँग दगुर्दछ त्यसै गरी खूब छिटोसँग दगुर्दै उफ्रँदै यी वीर वानरहरू रामचन्द्र भएको ठाउँमा आइपुग्दथे । जसरी राहु र केतु नामका दोटा ठूला ठूला ग्रहले छोएका चन्द्र र सूर्यको शोभा हुन्छ

ठीक त्यस्तै शोभा अहिले अङ्गद र हनुमान्माथि चढिराखेका पुरुषश्रेष्ठ राम, लक्ष्मणको भइराखेको थियो। वानरराज सुग्रीव र लक्ष्मणद्वारा पूजित भइराखेका धर्मात्मा रामचन्द्र यस प्रकारसँग फौजलाई साथमा लिई दक्षिण दिशातिर जानलागे ।

अङ्गदको पिठिउँमा सवार भइराखेका, शुभ शकुनद्वारा मनोरथ पूर्ण हुने कुरामा पत्यार परेका लक्ष्मण, सफलमनोरथ रामचन्द्रलाई मङ्गलमय वचन भन्नलागेः—हे रघुनाथजी ! अब तपाईं चाँडै नै रावणलाई मारेर हारेर हरण भएकी सीतालाई लिईकन आफ्नो अभिलाषा पूर्ण गरी, धन जनले परिपूर्ण भइराखेको अयोध्यामा फर्कनुहुनेछ, किनकि म अहिले आकाश र पृथ्वीमा अनेक प्रकारका शुभ शकुन देख्नलागेको छु, जसले कि तपाईंका सबै मनोरथसिद्ध हुने सूचना दिइरहेका छन्; हेर्नुहोस् यो मङ्गल गराउने, शीतल सुगन्धित हावा सेनालाई सुख दिनाको निम्ति कस्तो मन्दसंग बहिरहेको छ ॥३८-४६॥ यी पशु पक्षीहरू कानलाई आनन्द दिने गरी पूर्ण स्वरले आवाज गरिरहेका छन्, सबै दिशा निर्मल छन् र सूर्य भगवान् विमल किरणद्वारा प्रकाश फिंजाइरहेका छन् ॥४७॥ निर्मल ज्योति भएका भृगुपुत्र शुक्र तपाईंको पछिल्तिर उदाइराखेका छन् । प्रभाले युक्त भएका यी सप्तर्षिहरू निर्मल आकाशमा ध्रुवको प्रदक्षिणा गर्नलागेका जस्ता देखिन्छन् ॥४८॥ यी त्रिशङ्कु राजर्षि, पुरोहितको साथमा आकाशमा कस्तो निर्मल प्रकाश फिंजाइरहेका छन्; यी महात्मा त्रिशंकु हामी इक्ष्वाकुवंशीहरूका पितामह हुन् ॥४९॥ हामी इक्ष्वाकुवंशीहरूका कुल नक्षत्र, विशाखा नक्षत्रका यी दुइ तारा, कुनै ग्रहको आक्रमण हुने डर नभएकोले प्रकाशमान भइराखेका छन् ॥५०॥ राक्षसहरूको हित गर्ने यो मूलनामक नक्षत्र, दण्डझैं खडा भइराखेको धूमकेतु ग्रहद्वारा अत्यन्त सन्ताप पाइराखेको छ ॥५१॥ राक्षसहरूको विनाशका लागि नै यो उदय भएको हुनुपर्दछ, किनकि जसको मृत्यु नजीक आइराखेको हुन्छ, त्यसैको नक्षत्रले, ग्रहहरूद्वारा पीडा पाउँछ ॥५२॥ तलाउको जल मीठो र सफा छ, वन फल फूलले लटरम्म भइराखेको छ, सुगन्धी हावा बिस्तारै बिस्तारै चलिरहेको छ र ऋतुअनुसार रूखमा फूल फुलिराखेका छन् ॥५३॥ जस्तो तारकासुरसितको संग्राममा देवसेनाको शोभा भएथ्यो त्यस्तै शोभा अहिले व्यूहको आकारले सजिसजाउ भएको वानरी सेनाको पनि भइराखेको छ । हे आर्य ! यो सब देख्न पाएकोले तपाईंले प्रसन्न हुनुपर्दछ ॥५४॥ दिलमा प्रसन्न भइराखेका लक्ष्मणले यस प्रकारसंग दाजुलाई संझाए बुझाए ।

यसपछि सम्पूर्ण पृथ्वीलाई ढाकेर, नङ र दाँत नै हतियार भएका वानरहरूको फौज अगाडि बढ्न लाग्यो । यस समयमा यी वानर र भालुहरूको हात खुट्टाले गर्दा यस्तो गरी धूलो उड्यो कि यस धूलो-ले गर्दा सम्पूर्ण दिशा र सूर्यलाई समेत भयङ्कर अन्धकारले ढाकिदियो । यस प्रकारसंग वन, पर्वत र आकाशलाई आच्छादित गर्दै दक्षिण दिशातिर जानलागेको यस भयङ्कर वानरी सेनाको शोभा आकाशलाई टम्म पारेर ढाक्ने बादलहरूको जस्तै भइराखेको थियो । बाटोमा यस फौजले नदीहरू-लाई पार गर्नुपर्दा, यिनीहरूको वेगले अलि टाढासम्म मात्र होइन कि, कईएक योजनसम्म, नदीको

जल आफ्नो स्वभाविक बगाइ छाडेर विपरीत दिशातिर बग्नलागेको जस्तो देखिन्थ्यो। यस प्रकारसंग यो विशाल वानरी सेना, निर्मल जल भएको, रूखै रूखले सुशोभित भइराखेको पर्वत, पृथ्वीको सम्म परेको जग्गा, तथा फलै फल भएको वनको बीचमा प्रवेश गर्दै, तल, माथि, सोझो, बाङ्गो जताततै फिजिएर जम्मै पृथ्वीलाई नै ढाकेर अगाडि बढ्नलाग्यो। वायुसमानको वेग भएका यी वानरहरू प्रसन्नमुखले जानलागेका थिए र रामचन्द्रको कामको निम्ति पराक्रम देखाउन भनी कम्मर कसेर तयार परिराखेका यिनीहरू बाटोमा परस्परमा प्रसन्नता, बल तथा बहादुरी देखाउँदै हिंड्नलागेका थिए ॥५५–६२॥ जवानीको जोशमा यिनीहरू बाटोमा अनेक किसिमको मस्तीपना देखाउनलागे, कोही खूब छिटोसंग दगुर्नलागे, कोही उफ्रनलागे, वनमा बस्ने कोही वानर किलकिल शब्द गर्नलागे, कोही आफ्नो पुच्छर र कोही खुट्टा बजार्नलागे ॥६३-६४॥ कोही आफ्नो हात पसारेर रूख उखेल्न र पर्वत फुटाल्नपट्टि लागे। पर्वतसमानका आकार भएका कोही कोही वानर पहाडको टाकुरामाथि चढेर सिंहनाद गर्नलागे र कोही अनौठा किसिमसंग खित्का छाडेर हाँस्नलागे, कोही तिघ्राले खूब जोरसंग लहराको हाँगालाई खुँद्नलागे ॥६५-६६॥ कईएक पराक्रमी वानरहरू हाइ गर्दै ढुङ्गा तथा रूखहरूसंग खेल्दै जानलागे। यस प्रकारसंग सयकडौं, हजारौं, करोडौं डरलाग्दो अनुहार परेका वानरहरूले गर्दा यो सुन्दर पृथ्वी टम्मै भएर भरियो। यो विशाल वानरीसेना कतै नअडिएर दिन-रात हिंडी नै रह्यो ॥६७–६८॥

सुग्रीवद्वारा पालना गरिएका यी वानरहरू प्रसन्न र सन्तुष्ट थिए, सबै युद्धको निम्ति उत्साहित थिए, यसै कारण बडो छिटोसंग जानलागेका थिए। सीतालाई मुक्त गराउने अभिलाषा भएकोले यिनीहरूले कतै एक छिन पनि विश्राम गरेनन् ॥६९॥ रूखै रूखले भरिएको, अनेक वनले गर्दा सुशोभित भइराखेको सह्य पर्वतमा पुगेपछि यी वानरहरू त्यसमाथि उक्लनलागे ॥७०॥ सह्य र मलय पर्वतका किसिम किसिमका जंगल, नदी, झरना हेर्दै रामचन्द्र अगाडि बढ्नलागे अर्थात् यिनको शोभा हेर्नाका लाग यिनले कतै विश्राम गरेनन् ॥७१॥ यी पर्वतमाथि उम्रेका चम्पक, तिलक, प्रसेक, सिन्दुवार, तिनिश, करवीर आदि गरिएका रूख उखेल्दै वानरहरू जानलागे ॥७२॥ यसै गरी अर्को थरीका वानरहरू अशोक, करञ्ज, पाकर, वर, जामुन, अमला, नागकेसर इत्यादि रूखलाई ध्वस्त पार्दै जान लागे ॥७३॥ त्यहाँ रमणीय ढुङ्गामा जमिराखेका अनेक किसिमका वनवृक्षहरू वायुको वेगले कम्पायमान भई यी वानरहरूमाथि फूलको वृष्टि गर्नलागे ॥७४॥ शरीरमा लाग्नासाथ आनन्द गराउने, चन्दनको सुगन्धले सुवासित भइराखेको, चिसो हावा बहिरहेको थियो, यस सुगन्धले गर्दा लट्ठ परेका भ्रमराहरू मह जम्मा पार्ने लालसाले जताततै वनमा भूं भूं गरिरहेका थिए ॥७५॥ तर यो सह्य पर्वतराज अनेक धातुद्वारा नै विशेषरूपले शोभायमान भइराखेको थियो, वायुको झोंकाले उडाएको यी धातुहरूको धूलोले वानरी फौजलाई ढाक्न लागेको थियो, रमणीय यस पर्वतमा जताततै उम्रेका, फूल फुलिराखेका केतकी, सिन्दुवार, रमणीय वासन्ती, फूल फुलेको सुगन्धी माधवीको झुप्पा, चिरबिल्व, महुआ, बेत, बकुल,

रञ्जक, तिलक, फूल फुलेको नागकेसर, आँप, पाटली (गुलाब), कोविदार, मुचिलिन्द, अर्जुन, शिंशपा, कुटज, हिन्ताल, तिनिश, चूर्णक, नीपक, नीलाशोक, शरल, अङ्कोल, पद्मक यी सबै रूखलाई मनमा प्रसन्न भइराखेका वानरहरूले उखेलेर भताभुङ्ग पारिदिए । यस पर्वतमा बडा राम्रा राम्रा साना ठूला सबै किसिमका तलाउ पनि देखिए । यिनमा चक्रवाक डुलफिर गरिरहेका थिए, कारण्डव पक्षीहरूको यो वासस्थान थियो, प्लव, क्रौञ्च जताततै छरिएर बसेका थिए र यिनको तीरमा बनेल हरिणहरू घुमिरहेका थिए ॥७६–८३॥ डरलाग्दा सिंह, भालू, बाघ तथा भयङ्कर आकार परेका अनेक सर्प यी तलाउहरूमा देखिन्थे । रक्तकमल, श्वेतकमल तथा अरू पनि किसिम किसिमका जलमा फुल्ने फूलहरूले यी तलाउहरूलाई सुशोभित गराइराखेको थियो ॥८४–८५॥ पर्वतको शिखरमा नाना किसिमका चरा-चुरुङ्गीहरू बसेर मधुरो स्वरले गान गरिरहेका थिए, र वानरहरू तलाउको जलमा स्नान गरी तथा त्यहाँको पानी पिएर जलविहार गर्नलागे ॥८६॥

समस्त वानरहरू पर्वतको शिखरमाथि चढी आफू आफूमा धकेला-धकेली गर्नलागे । मादले उन्मत्त भइराखेका यी वानरहरू अमृतसमानका मीठा फल तथा सुगन्धित फूल खाँदै टिप्तै अगाडि बढ्न लागे र आफ्नो बाटोमा परेका अनेक रूखलाई उखेल्नलागे । यी वानरहरू द्रोण परिमाणको अर्थात् करीब २० सेर तौल भएको, झुण्डिराखेको महको चाका लिंदै त्यसलाई वेस गरी निचोरेर पिउँदै स्वस्थ भएर अगाडि जानलागे । महसमानको वर्ण भएका यी वानरहरू बडो हर्षसंग रूख उखेल्दै, लहराहरूलाई तान्दै तथा पर्वतहरूलाई कम्पायमान गराउँदै जानलागे । मधुपान गर्नाले तृप्त भएका कोही कोही वानरहरू रूखमाथि चढेर गर्जनलागे ॥८७–९०॥ कोही वानर उफ्रीउफ्रीकन रूखमा चढ्नलागेका थिए र कोही रूखबाट तल ओर्हनलागेका थिए । यस समयमा वानरहरूले गर्दा टम्म ढाकिएको यो जग्गा, पाकेको धान लहलहाइराखेको खेतसमान देखिनलागेको थियो ॥९१॥

केही बेरपछि महाबाहु कमललोचन श्रीमान् रामचन्द्रजी सह्य र मलय पर्वत पार गरी महेन्द्र पर्वतनेर आइपुगे र रूखै रूखले शोभायमान भइराखेको यस पर्वतको टाकुरामा चढे ॥९२॥ शिखरमाथि चढेपछि दशरथपुत्र रामचन्द्रले कछुवा र माछाले टम्म भरिएको समुद्र देखे ॥९३॥ क्रमैले सह्य र मलय महापर्वत नाघेर आएका यिनीहरू घोर गर्जन गर्ने समुद्रनेर आइपुगे ॥९४॥ महेन्द्र पर्वतबाट तल ओर्हिसकेपछि, मनमा हर्ष गराउनेहरूमध्येका श्रेष्ठ रामचन्द्र, सुग्रीव र लक्ष्मणलाई साथमा लिईकन समुद्रतीरको सर्वोत्तम वनभित्र पसे ॥९५॥ यहाँ पुगेपछि रामचन्द्रले ढुङ्गै ढुङ्गा भएको जग्गालाई, सदा उठिरहने समुद्रको भेलले पखालिराखेको देखे । यस प्रकारको विशाल तीरभूमिमा आइपुगेपछि रामचन्द्रजी भन्नलागे ॥९६॥

हे सुग्रीव ! अब हामी वरुणको वासस्थान समुद्रनेर आइपुग्यौं । समुद्रलाई पार गर्ने जुन चिन्ता पहिले हाम्रो मनमा उठेको थियो सोही चिन्ता अब फेरि हाम्रो सामुन्ने उपस्थित भयो ॥९७॥ यस विशाल

समुद्रको अर्कोपट्टिको किनारा आँखाले समेत देखिंदैन, विना कुनै उत्तम उपाय नगरी यस समुद्रलाई पार गर्नु सम्भव छैन ॥९८॥ यसकारण हामीहरू यहीं अडियौं र कसरी यो वानरको फौजले समुद्र पार गर्ने हो सो कुराको विचार गरौं ॥९९॥

सीताको हरणले महादुःखमा परेका महाबाहु रामचन्द्र, समुद्रको तीरमा पुगेपछि यस किसिमको विचार गरेर सेनालाई विश्राम गर्ने आज्ञा दिई सुग्रीवलाई भन्नलागे ॥१००॥ हे वानरश्रेष्ठ ! समुद्रको तीरमा जम्मै फौजलाई अडिने आज्ञा देऊ, किनकि समुद्रलाई पार गर्ने विषयमा विचार गर्ने वेला आइराखेको छ ॥१०१॥ कुनै सेनापति पनि आफ्नो फौजलाई छोडेर अन्यत्र नजाओस्, कारण राक्षसहरूले यहाँ अनेक गुप्ती फौज राखेका होलान्, शूरवीर वानरहरू आफ्नो फौजको वरिपरि घुमेर यस भयबाट फौजको रक्षा गरून् ॥१०२॥

रामको आज्ञा पाएपछि सुग्रीव र लक्ष्मणले रूखै रूख भएको समुद्रको किनारमा जम्मै फौज अड्याए ॥१०३॥ महासागरको नजीक अडिएको यो वानरी सेना महको रंग जस्तो जल भएको अर्को रमणीय समुद्रसमान देखिनलाग्यो ॥१०४॥ समुद्र पार गर्ने इच्छा लिइराखेका यी वानरश्रेष्ठहरूले यस प्रकारसँग समुद्रको किनारको वनमा विश्राम गरे ॥१०५॥ तीरमा अडिएको फौजले डुलफिर गरेको शब्द, समुद्रको घोर गर्जनलाई समेत लोप गरेर सुनिनलाग्यो ॥१०६॥ सुग्रीवद्वारा पालना गरिएको यस वानरी सेनामा तीन थरीका वानर थिए, यी तीनै थरी वेग्ला बेग्लै ठाउँमा रहेर रामचन्द्रको काम सिद्ध गर्ने प्रयत्नमा लागे ॥१०७॥ समुद्रको तीरमा अडिइराखेको यो वानरको फौज, हावाको झोंकाले गर्दा समुद्रमा उठिराखेको भेल देख्ता मनमा बडो प्रसन्न भयो ॥१०८॥ यस समुद्रलाई अति ठूलो फाँट भएको, बीचमा कतै अडिने ठाउँ नभएको र राक्षसहरूले वास गरेको देख्ता वानर सेनापतिहरू त्यहीं अडिराखेका थिए ॥१०९॥ यो समुद्र ठूला ग्राह र गोहीले गर्दा भयङ्कर देखिएको थियो, प्रदोष कालमा फिंज उठ्ताखेरि यो हाँस्न लागेको जस्तो देखिन्थ्यो, भेल उठ्ताखेरि ता नाच्नलागेको हो कि जस्तो भान पर्दथ्यो ॥११०॥ चन्द्रमा उदाएपछि प्रत्येक लहरीमा चन्द्रमाको छाया पर्नाले यो समुद्र चन्द्रमै चन्द्रमाले भरिएको जस्तो देखिन्थ्यो, प्रचण्ड वायुसमानको वेग भएका बडा बडा ग्राह तथा तिमि र तिमिंगिल नामक माछा यसमा भरिपूर्ण थिए ॥१११॥ यसमा अतिशय ठूलो चहक भएको फणि भएका सर्पहरू र अनेक ठूला ठूला जलचर प्राणीहरू बस्तछन् र अनेक पहाडहरू लुकिराखेका छन् ॥११२॥ असुरहरूको निवासस्थान यो समुद्र अगाध छ, नाना प्रकारका जलचर प्राणी हुनाले कसैले पार गर्न सक्ला जस्तो छैन, डुङ्गाको सहाराले यसको पारिपट्टि पुग्नु असम्भव छ; मत्स्य, नाग तथा ग्राहले युक्त भएका यसका भेल वायुको झोंकाले कहिले माथि उठ्तछन् र कहिले ठूलो शब्द गर्दै तल झर्दछन् ॥११३॥ डरलाग्दो स्वरूप भएका जो सर्प उहाँ रहन्छन् तिनको फणिमा रहेको मणिको किरण टल्केकोले कसैले आगोको फिलिङ्गो समुद्रमा छरिदिएको हो कि जस्तो देखिन्छ । ठूला ठूला राक्षसहरूले वास गर्ने यो समुद्र पातालसमान गहिरो छ ॥११४॥

यस प्रकारसँग समुद्र आकाश जस्तो र आकाश समुद्र जस्तो देखिएकोले समुद्र र आकाशमा कुनै भेद देखिंदैनथ्यो ।।११५।। समुद्रमा आकाशको प्रतिबिम्ब र समुद्रको माथिमाथि उठेको लहरीले आकाशलाई छोला छोला जस्तो गरेकोले तारा तथा रत्नले युक्त भएका यी दुवै एकनासका देखिन्थे ।।११६।। आकाशमा बादल उठेका छन् ता समुद्रमा जलको लहरी उठेका छन् अतएव आकाश र समुद्रमा कुनै प्रकारको भेद देखिन्नथ्यो ।।११७।। आकाशमा दुन्दुभि बज्नलागेको जस्तो गरेर समुद्रका लहरीहरू आफू आफूमा ठक्कर खाएर बडो डरलाग्दो किसिमले गर्जना गरिरहेका थिए ।।११८।। जलचर प्राणीले भरिभराउ भइराखेको समुद्रको जल, वायुवेगले ग्रस्त भई आफ्ना लहरीद्वारा रत्नहरूलाई बाहिर फ्यांक्नलागेका थिए अतएव रिसाएर रत्नहरूलाई मिल्काउन.लागेको हो कि भन्ने भान पर्दथ्यो ।।११९।। यस समयमा यी महात्माहरूले वायुद्वारा कम्पायमान भइराखेको समुद्रको जल, हावाकै झोंकाले माथि आकाशसम्म उठ्नलागेको देख्ता समुद्रलाई आफ्ना लहरी-रूपी मुखद्वारा झूटो बकबक गर्नलागेको जस्तो देखे ।।१२०।। लहरी उठ्नाले गर्जना गरिरहेको अतएव चञ्चल भइराखेको यस समुद्रलाई वानरहरू छक्क परेर हेर्नलागे ।।१२१।।

सर्ग—५

सीतालाई सम्झेर रामचन्द्र विलाप गर्दछन्

स्वयं आत्मरक्षा गर्ने तथा सावधान वानरहरूको यो समग्र फौज सेनापति नीलद्वारा, समुद्रको उत्तरपट्टिको तीरमा उत्तम प्रकारसँग रक्षा पाएर रहन लाग्यो ।।१।। मैन्द र द्विविद यी दुवै वानरश्रेष्ठ फौजको रक्षाका लागि यसको चारैतिर घुमीघुमी पहरा दिनलागे ।।२।। नद-नदीहरूका स्वामी समुद्रको तीरमा फौज राम्रोसंग बसिसकेपछि, नजीकै बसिराखेका लक्ष्मणतिर हेरेर रामचन्द्र भन्न लागे ।।३।।

समय बित्तै गएपछि मानिसको शोक घट्तै जान्छ भन्ने भनाइ छ, तर सीतालाई देख्न नपाएकोले ता मेरो शोक दिनदिनै बढिरहेको छ ।।४।। मेरी प्राणप्यारी मदेखि टाढा छिन् भन्ने कुराको मलाई दुःख छैन, रावणले उनलाई हरेर लग्यो भन्ने शोक पनि छैन, तर बिस्तारै बिस्तारै गरेर यिनको उमेर जो ढल्कनलागेको छ त्यसैको मलाई फिक्री छ ।।५।। हे वायो ! जहाँ मेरी सीता छन् त्यहीं तिमी जाऊ, बरु उनको शरीरको स्पर्श गरेर फेरि मेरो अंग छुन आऊ; जसरी गर्मीले व्याकुल भइराखेको मानिसलाई चन्द्रमा देख्न पाएपछि शीतल हुन्छ त्यसै गरी, तिमीले मेरो शरीरलाई छोएपछि मलाई शान्ति हुनेछ ।।६।। हरण हुनलागेको समयमा मेरी प्यारीले "हा नाथ" भन्ने जो वचन भनेकी थिइन् सो वचनले अहिले मलाई पेटभित्र परेको विषले झैं भस्म पार्नलागेको छ ।।७।। कामाग्निले रात दिन मेरो शरीरलाई जलाउनलागेको छ तसर्थ प्रियाको वियोगले दाउराको काम दिइरहेको छ र यिनको चिन्ता आगोको ज्वालासमान भइराखेको छ ।।८।। हे लक्ष्मण ! तिमी यहीं बसि-

राख, म एक्लै समुद्रमा डुबुल्की मारेर सुतिराख्तछु, शायद यसो गरेपछि प्रज्वलित यस कामाग्निले जलमा ता डढाउन सकोइन ॥९॥ ती सुन्दरी सीता र म, हामी दुवै एउटै पृथ्वीमा सुतिराखेका छौं यति कुरा पनि म जस्ता कामी पुरुषका लागि धेरै छ, यत्ति आशाले म अहिलेसम्म बाँचिरहन सकेको छु ॥१०॥ जसरी पानी भएको खेतको नजीकको, पानी नभएको खेतले आफ्नो छेउको खेतको चिसोले गर्दा आफ्नो अन्नको पोषण गर्दछ त्यसै गरी सीता बाँचेकी नै छन् भन्ने सुनेकोले म पनि बाँचि-राखेको छु ॥११॥ अफसोस ! कहिले शत्रुलाई जितेर, कमल जस्तो आँखा भएकी, धनधान्ययुक्त राज्यलक्ष्मीसमानकी ती सीताजीको मैले दर्शन गर्न पाउने हो ॥१२॥ अतिशय राम्रा राम्रा दाँत तथा ओठ भएको, कमलसमानको तिनको मुख अलि माथि उठाएर, रोगीले रसायन पिए झैं, मैले कहिले तिनको अधरपान गर्न पाउने हो ॥१३॥ हाँसिराखेकी ती सीताका, तालफल समानका ठूला ठूला, एकै ठाउँमा जोरिएका, अलिअलि हल्लिराखेका दुवै स्तनले कहिले मेरो शरीरको स्पर्श गर्ने हो ? ॥१४॥ राम्रा आँखा भएकी ती सीता राक्षसहरूको बीचमा कसरी रहेकी होलिन्, म जस्तो लोग्ने छँदा छँदै पनि अनाथिनीझैं तिनले कसैलाई आफ्नो रक्षक पाएकी होओइनन् ॥१५॥ जनक राजाकी छोरी, मेरी प्राणप्यारी, राजा दशरथकी छोराबुहारी ती सीता राक्षसीहरूको बीचमा कसरी सुत्तिहोलिन् ॥१६॥ जसरी शरत्कालमा नीलो बादल फाटेपछि चन्द्रमाको प्रभा प्रकाशित हुन्छ त्यसै गरी अजेय ती राक्षस-हरूको विध्वंस भएपछि सीताले आफ्नो उद्धार गर्न पाउनेछन् ॥१७॥ सीता एक ता पहिलेदेखिकै दुब्ली हुन् अहिले ता देश काल विपरीत हुनाले तथा शोक र उपवास बस्नाले ज्यादै दुब्लाएकी होलिन् ॥१८॥ राक्षसराज रावणको छातीलाई बाणले छेडेर, आफ्नो मनको शोक दूर गरी, मैले कहिले सीता-को शोक हटाउने हो ? ॥१९॥ देवकन्यासमानकी पतिव्रता सीताले उत्कण्ठापूर्वक मेरो घाँटी समाती अंगालो हालेर कहिले हर्षको आँसु बगाउने हो ? ॥२०॥ सीताको वियोगले उत्पन्न भइराखेको यस भयङ्कर शोकलाई मानिसले मैलो लुगा मिल्काएझैं कहिले मैले सहसा त्याग गर्न पाउने हो ? ॥२१॥

बुद्धिमान् रामचन्द्रले यस प्रकारसँग विलाप गर्दा गर्दैमा दिन समाप्त भएकोले सूर्य भगवान् क्षीण-तेज भई अस्ताउनलागे ॥२२॥ कमलनेत्रा सीताको स्मरणले गर्दा रामचन्द्र शोकले व्याकुल थिए ता-पनि लक्ष्मणले आश्वासन दिएपछि यिनी सन्ध्योपासन गर्नपट्टि लागे ॥२३॥

सर्ग—६

हनुमान्को पराक्रम देखेपछि लङ्कामा रावण मन्त्रीहरूसँग सल्लाह गर्दछ ।

महात्मा हनुमान्ले, साक्षात् इन्द्रले झैं, लङ्कामा उत्कट तथा डरलाग्दो काम गरेको देखेपछि राक्ष-सराज रावण लाजले अलि टाउको निहुराएर सबै राक्षसहरूलाई भन्नलाग्यो ॥१॥ हेर, केवल एउटा

वानरले यस अजेय लङ्कापुरीमा प्रवेश गरेर यसको दुर्दशा पारिदियो र जनकपुत्री सीतालाई समेत भेटेर गयो ॥२॥ हनुमान्‌ले लङ्काको सर्वश्रेष्ठ देवमान्दरलाई भत्काइदियो, ठूला ठूला राक्षसहरूलाई मारिदियो, र जम्मै शहरभरि आगो सल्काएर यसलाई मलिन गराइदियो ॥३॥ भन, अब मैले के गर्ने हो, कसो गर्नाले भलो होला जस्तो तिमीहरूलाई लाग्दछ, अब हामीले आफूबाट हुन सक्ने तथा जसो गर्नाले भलो हुन्छ सो काम गर्नुपर्दछ ॥४॥ उत्तम सल्लाहद्वारा युद्धमा विजय हुन्छ भन्ने पण्डितहरूको भनाइ छ, तसर्थ हे महाबली राक्षसहो ! रामचन्द्रको विरुद्धमा हामीले कुनचाहिं उपायलाई काममा लगाउने हो सो म तिमीहरूबाट जान्न चाहन्छु ॥५॥ संसारमा उत्तम, मध्यम र अधम तीन किसिमका मानिस हुन्छन् । म यी तीनै किसिमका मानिसको गुण र दोष वर्णन गर्दछु, सुन ॥६॥ जो मानिस योग्य मित्रहरूसँग, सुख दुःखमा साथ रहने बन्धुवर्गसँग, अथवा आफूभन्दा बर्ता लायक मानिससँग, तीनै गुणले युक्त भएको सल्लाह लिन्छ र सोही सल्लाहअनुसार देवताको आधार लिएर काम गर्नथाल्दछ, त्यस्तालाई उत्तम पुरुष भन्दछन् ॥७–८॥ जो मानिस आफू एकलैले गर्नुपर्ने कामको निर्णय गरी, धर्मपट्टि बुद्धि लगाएर, आफू एकलैले सो काम गर्नथाल्दछ त्यस्तालाई मध्यम पुरुष भन्दछन् ॥९॥ गुण दोषको केही बिचार नराखी, देवताको समेत आधार नलिई, म आफैं यो काम गर्दछु भनेर जो काम गर्न थाल्दछ र पछिपछि सो कामतिर वास्ता गर्न छोड्‌दछ त्यस्तालाई अधम पुरुष भन्दछन् ॥१०॥ जसरी उत्तम, मध्यम र अधम तीन किसिमका मानिस हुन्छन् त्यसै गरी उपाय पनि उत्तम, मध्यम र अधम यी तीन प्रकारका हुन्छन् ॥११॥ जहाँ एक मत भईकन शास्त्रीय दृष्टिले सबै मन्त्रीहरू मिलेर काम गर्न थाल्दछन् त्यसलाई उत्तम उपाय भन्दछन् ॥१२॥ जहाँ मन्त्रीहरू भिन्ना भिन्न मत लिएर कामको विषयमा विचार गर्दछन् र पछि काम गर्ने वेलामा सबैको एकै मत हुन्छ, त्यसलाई मध्यम उपाय भन्दछन् ॥१३॥ जहाँ मन्त्रीहरूको भिन्ना भिन्न मत हुन्छ र प्रत्येक आफ्नो महत्व देखाउनाका लागि वक्तृता दिनलाग्दछ, यस्तोमा सबैको कदाचित् एक मत हुन आए पनि परिणाममा कल्याण हुने लक्षण देखिन्न । यस किसिम-को परामर्शलाई अधम भन्दछन् ॥१४॥ तसर्थ हे मन्त्रीश्रेष्ठहो ! आफू आफूमा सल्लाह गरेर एकै मत भईकन मलाई उत्तम उपाय भन, म सोही अनुसार काम गर्नेछु ॥१५॥ उपायको निर्णय अब नगरी भएन, किनकि हजारौं शूरा वानरहरूको फौज साथमा लिएर हामीमाथि आक्रमण गर्न भनी रामचन्द्र लङ्कातिर आउनलागेका छन् ॥१६॥ आफूसमानका भाइ लक्ष्मण तथा समस्त वानरी सेनालाई साथमा लिई रामचन्द्र सजिलैसँग फूर्तिसाथ समुद्र तरेर आउनेछन्, यसमा केही सन्देह छैन ॥१७॥ पार गर्नाका लागि यिनी समुद्रलाई सुकाउन अथवा आफ्नो पराक्रमले अरू जुनसुकै उपाय पनि गर्न सक्त-छन् ! यस अवस्थामा अब वानरहरूसित हाम्रो विरोध परेपछि तिमीहरू सबैले एकमत भएर आफ्नो शहर र फौजको कल्याण हुने कुनै उपाय विचार गरेर मलाई भन ॥१८॥

सर्ग—७

राक्षसहरू रावणलाई आश्वासन दिन्छन् ।

राक्षसराज रावणले यस्तो भनेको सुनेपछि ती महाबली राक्षसहरू हात जोरेर राक्षसराजलाई भन्न-लागे ॥१॥ बुद्धिहीन तथा नीतिको अलिकता पनि ज्ञान नभएका यी राक्षसहरू शत्रु-पक्षको बलको विचारै नराखी भन्नलागे—हे राजन् ! हामीहरूसंग परिघ, शक्ति, तरवार, शूल, पट्टिश, भाला आदि हात-हतियारले युक्त भएको बडो ठूलो फौज छँदै छ, फेरि किन तपाईं यसरी चिन्ता गर्नुहुन्छ । तपाईंले ता पातालमा गएर युद्धमा सर्पहरूलाई जित्नुभएको छ ॥२-३॥ यक्षहरूद्वारा चारैतिरबाट घेरि-एर रहने, कैलासको शिखरमा बस्ने कुवेरसंग तपाईंले बडो ठूलो युद्ध गरी उनलाई आफ्नो वशमा राख्नु भएको छ ॥४॥ हे महाराज ! यी कुबेर शिवजीसंगको मित्रताले गर्दा प्रशंसा गरिने योग्यका लोकपाल थिए, तर तपाईंले रिसले चूर भई यिनलाई सभेत संग्राममा जितिछोड्नुभयो ॥५॥ यक्षहरूको फौज-लाई युद्धमा थर्कायमान गराएर तथा यिनलाई सजाय दिएर र अनेकलाई मारेर तपाईंले यस विमानलाई कैलाश शिखरबाट ल्याउनुभयो ॥६॥ हे राक्षस ! मय नामका दैत्यराजले तपाईंदेखि डराएर, तपाईंसंग दोस्ती राख्ने इच्छाले आफ्नी छोरी मन्दोदरी स्वास्नी तुल्याउनाका लागि तपाईंलाई दियो ॥७॥ हे महाबाहो ! कुम्भीनसीलाई आनन्द दिने अर्थात् यिनका लोग्ने मधुनामक दैत्यलाई, जो कि आफ्नो वहादुरीले गर्दा मस्त परेको र अजेय भइराखेको थियो, तपाईंले युद्ध गरेर आफ्नो अधीनमा ल्याइ-छाड्नुभयो ॥८॥ हे महाबाहो ! पातालमा प्रवेश गरेर तपाईंले नागहरूलाई जित्नुभयो र वासुकी, तक्षक, शङ्ख, जटि आदि गरिएका सर्पहरूलाई आफ्नो वशमा गराउनुभयो ॥९॥ कहिले पनि नष्ट नहुने, बलिया, शूरा, ब्रह्माबाट वरदान पाएका कालकेय दानवहरूसंग एक वर्षसम्म युद्ध गरेर, केवल आफ्नो बलको प्रभावले हे शत्रुसंहारी राजन् ! तपाईंले यिनलाई आफ्नो अधीनमा ल्याउनुभयो र त्यहाँ तपाईंले उनीहरूबाट अनेक किसिमको मायाविद्या पनि सिक्नुभयो ॥१०-११॥ हे महाभाग ! तपाईंले रणभूमिमा चतुरंगिणी सेना आफ्नो साथमा भएका, वरुणका शूरा र बलिया छोराहरूलाई जित्नुभएको छ ॥१२॥ यमलोकरूपी महासागरमा डुबुल्की मारेर तपाईंले बडो ठूलो जय पाउनुभएको छ र मृत्युलाई समेत रोकिदिनुभएको छ, यस सागरमा मृत्युदण्ड ठूला ठूला ग्राहसमानका छन्, सिमलको रूखले यो सुशोभित छ, कालपाश जो छ सो ठूला ठूला लहरीसमानको छ, यमदूतहरू सर्प-समानका छन्, महाज्वरले गर्दा यसमा प्रवेश गर्न गाह्रो पर्दछ । तपाईंले युद्धमा यमराजको यस प्रकारको सेनालाई परास्त गर्नुभयो । तपाईंको यस युद्धले गर्दा समस्त लोक सन्तुष्ट भएका थिए ॥१३-१५॥ ठूला ठूला रूखले पृथ्वी परिपूर्ण भएझैं यो पृथ्वी उहिले इन्द्रसमानका पराक्रमी अनेक वीर क्षत्रियहरूले टम्म भरिएको थियो । हे राजन् ! युद्धमा जित्न नसकिने यी वीरहरूलाई तपाईंले बल-पूर्वक मारिछाड्नुभयो । रामचन्द्र ता पराक्रम, गुण, र उत्साहमा ती क्षत्रियहरूसमानका छैनन्, तसर्थ यिनलाई जित्नामा के सन्देह छ ? ॥१६-१७॥ हे महाराज ! तपाईं चूप लागेर बसिराख्नुहोस्,

तपाईंले कष्ट गर्ने केही जरूरत छैन, यी इन्द्रजित्‌ले एकलै वानरहरूलाई मारिदिनेछन् ॥१८॥ हे महाराज ! यिनले माहेश्वरनामक अत्युत्तम यज्ञ गरेर शिवजीबाट परम दुर्लभ वर पाएको छ ॥१९॥ यिनले देवताहरूको सैन्यरूपी महासमुद्रमा प्रवेश गरी देवराज इन्द्रलाई पक्रेर लङ्काको झ्यालखानामा जाकिदिएका थिए । यस समुद्रमा शक्ति, तोमर माछासमानका थिए, चारैतिर छरिएका हात हतियार झ्याउसमान थिए, हात्तीरूपी कछुवाले यो समुद्र भरिएको थियो र घोडा भ्यागुतासमान देखिन्थे । रुद्र आदित्य ठूला ठूला ग्राह जस्ता र वायु तथा वसुगण सर्पसमानका थिए । रथ, हात्ती, यी सबै तुफानी जलसमान थिए र पैदल सिपाही समुद्रको तीरसमान देखिन्थे ॥२०-२२॥ पितामह ब्रह्माको आज्ञा मानेर इन्द्रजित्‌ले शम्बर तथा वृत्रलाई छाडिदिए र त्यसपछि उनी स्वर्गमा गए, देवताहरूले त्यहाँ उनको स्वागत गरे ॥२३॥ हे महाराज ! आफ्ना छोरा इन्द्रजित्‌लाई पठाउनुहोस् , यिनले रामको र समस्त वानरी फौजको विनाश गरिदिनेछन् ॥२४॥ हे राजन् ! तपाईंले नर, वानररूपी साधारण व्यक्तिबाट आपत्ति आइपर्ला भनेर शङ्का लिनु नितान्त अनुचित कुरा हो, अतएव मनमा चिन्ता नलिनुहोस्, तपाईंले अवश्यै रामको संहार गर्नुहुनेछ ॥२५॥

सर्ग—८

रावणको अगाडि प्रहस्तादि गरिएका वीरहरू आफ्नो प्रताप वर्णन गर्दछन्।

यसपछि कालो बादलको जस्तो शरीरको रंग भएको, प्रहस्त नाम गरेको वीर राक्षससेनापति हात जोरेर रावणलाई भन्नलाग्यो ॥१॥ हे महाराज ! युद्धमा देवता, दानव, गन्धर्व, पिशाच, पक्षी र साँप यी सबै ता परास्त हुन्छन् भने ती दोटा मानिस के चीज हुन् ॥२॥ हामीहरूको कमजोरीले गर्दा हनुमान्‌ले यो उपद्रव गरेको होइन, त्यस मौकामा हामी भोग विलासमा मस्त परेका थियौं, शत्रुबाट आक्रमण होला भन्ने ता हामीले चिताएकै थिएनौं, यसैले हनुमान्‌ले हामीलाई धोका दिन पायो नत्र भने हामी जीउँदो छँदा छँदै त्यो वनवासी वानर कदापि यहाँबाट जीउँदो फर्कन पाउने थिएन ॥३॥ तपाईंको आज्ञा हुन्छभने म अहिले नै पर्वत वनले युक्त भएको समुद्रसमानको यस पृथ्वीलाई बानररहित गराइदिन्छु ॥४॥ हे राजन् ! वानरहरूबाट म राक्षसहरूको रक्षा गर्नेछु, सीताहरणरूपी अपराधले गर्दा तपाईंले कुनै किसिमको दुःख भोग्नुपर्नेछैन ॥५॥

यसपछि दुर्मुख नाम गरेको राक्षस बडो रिस देखाएर रावणलाई भन्नलाग्यो—केवल एउटा वानरले यहाँ आएर हामी सबैको अपमान गरेर गयो, कसै गरे पनि हामी यो कुरा सहन सक्तैनौं ॥६॥ आफ्नो अपमान भएको ता हामी कुनै हिसाबले सहने थियौं, तर यस वानरले शहर तथा अन्तःपुरलाई जलाएर राक्षसराजको समेत अपमान गर्‍यो, यो नितान्त असह्य कुरा हो, हामी यो सहन सक्तैनौं ॥७॥ म अहिले नै एकलै गएर भयङ्कर आकाश, समुद्र अथवा पाताल जहाँ यी वानर बसेका छन् त्यहीं यिनलाई रोक्तछु ॥८॥

यसपछि महाबलवान् वज्रदंष्ट्र नाम गरेको राक्षस, रगत मासुमा मुछिएको, डरलाग्दो परिघ फन्-फनी घुमाउँदै, रिसले चुरिएर भन्नलाग्यो ॥९॥ दुर्धर्ष राम, लक्ष्मण र सुग्रीव भएसम्म त्यो दरिद्री तपस्वी हनुमान्‌लाई मार्नाले, हामीलाई केही फायदा छैन ॥१०॥ हे महाराज ! म एक्लैले त्यो वानरी सेनामा खल्बली पारेर, परिघले राम, लक्ष्मण र सुग्रीवलाई मारी फर्केर आउनेछु ॥११॥ हे राजन् ! म विन्ति गर्दछु मेरो अर्को एउटा कुरा सुन्नुहोस्—जो उपाय गर्नामा चतुरो र आलस्य नगर्ने हुन्छ त्यसैले शत्रुलाई जित्न सक्तछ ॥१२॥ हे राक्षसराज ! इच्छाअनुसारको रूप धारण गर्न सक्ने, देख्तैमा डरलाग्ने अनुहार भएका, भयङ्कर काम गर्न सक्ने हजारौं शूरा राक्षस तपाईंकहाँ छन् ॥१३॥ यी सबै थाहा नहुने गरी, मानिसको रूप धारण गरी रामचन्द्रकहाँ जाऊन् र निडर भएर उनलाई भनून्—तपाईंका भाइ भरतले हामीलाई तपाईंकहाँ पठाएको हो, उनी फौज लिएर तपाईंकहाँ आउनै लागेका छन् । यो सुन्नासाथै रामचन्द्र आफ्नो फौज छाडेर हाम्रो फौजमा मिल्न आउनेछन् ॥१४-१५॥ यस-पछि हामी पनि शूल, शक्ति, गदा, धनु, बाण आदि गरिएका हात-हतियार लिएर बाटैमा रामनेर पुग्ने-छौं ॥१६॥ भिन्ना भिन्न दलमा बाँडिएर, आकाशैमा रहीकन, ढुङ्गा अस्त्रादिको वर्षा गरी, वानरी सेना-लाई नष्टभ्रष्ट गरी, यमपुरीतिर पठाइदिनेछौं ॥१७॥ हाम्रो यो कपट राम, लक्ष्मणलाई थाहा भएछ भने पनि वानरी सेनाको विनाश भएपछि ता यी दुवैले प्राण विसर्जन नगरी सुख पाउनेछैनन् ॥१८॥

यसपछि कुम्भकर्णको छोरो निकुम्भ नाम गरेको बलियो राक्षस क्रोधपूर्वक, संसारैलाई रुवाउने रावणलाई भन्नलाग्यो ॥१९॥ तपाईंहरू सबै जना निश्चिन्त भएर यहीं महाराज रावणसंग बस्नुहोस्, म एक्लै गएर राम, लक्ष्मणलाई मारिदिन्छु ॥२०॥ सुग्रीव, हनुमान् तथा अरू वानरहरूलाई पनि मारिदिनेछु ।

यसपछि पर्वतसमानको विशाल शरीर भएको वज्रहनु नाम गरेको राक्षस रिसले आफ्ना दुवै ओठ जिब्रोले चाट्तै भन्नलाग्यो——तपाईंहरू निश्चिन्त भएर आफ्नो आफ्नो काम गर्नपट्टि लाग्नुहोस्, म एक्लैले त्यो समस्त वानरी सेनालाई खाइदिन्छु । तपाईंहरू मनमा केही फिक्री नलिई, सावधान भएर शराब मद्द पिउनुहोस् र विहार गर्नुहोस् ॥२१–२३॥ म एक्लैले सुग्रीव, लक्ष्मण, राम, अङ्गद, हनु-मान् तथा समस्त वानरहरूलाई मारिदिनेछु ॥२४॥

सर्ग—९

विभीषण सीतालाई पठाइदिने सल्लाह दिन्छन् ।

यसपछि निकुम्भ, रभस, महाबली सूर्यशत्रु, सुप्तघ्न, यज्ञकोप, महापार्श्व, महोदर, अग्निकेतु, दुर्धर्ष रश्मिकेतु, रावणको महाबली छोरो इन्द्रशत्रु, प्रहस्त, विरूपाक्ष, महाबली वज्रदंष्ट्र, धूम्राक्ष, निकुम्भ दुर्मुख आदि गरिएका राक्षसहरू परिघ, पट्टिश, शूल; प्रास, परश्वध, धनु-बाण, बडो तीखो धार भएको

तरवार इत्यादि हात-हतियार लिई, महातेजस्वी अग्निझैं प्रज्वलित भई, रिसले उफ्रँदै रावणलाई भन्न लागे ॥१-५॥ आजै हामी राम, लक्ष्मण सुग्रीव र हाम्रो लङ्कापुरीलाई उजाड गराउने दुर्बल हनुमान्‌लाई मारिदिन्छौं ॥६॥

यसपछि विभीषण, यी वीर अस्त्रधारीहरूलाई रोकेर तथा यिनीहरूलाई आफ्नो आफ्नो ठाउँमा बसालेर, हात जोरीकन रावणलाई भन्नलागे ॥७॥ हे प्रभो ! साम, दान, भेद यी तीन उपायले जुन काम सिद्ध हुन सक्तैन त्यसलाई सिद्ध गर्नाका लागि पराक्रमको प्रयोग गर्नुपर्दछ भन्ने नीति शास्त्र जान्ने-हरूको भनाइ छ ॥८॥ जो शत्रु असावधान छ, जो अरू अरू काममा लागेको छ र रोगादि गरिएका विपत्तिमा परेको छ, यिनीहरूको अवस्था राम्रो गरी विचार गरेर उचित प्रकारले यिनीहरूमाथि पराक्रमको प्रयोग गर्‍यो भने अवश्यै काम सफल हुन्छ ॥९॥ तर तपाईंहरू जसको विषयमा विचार गरिरहनुभए-को छ ती रामचन्द्र ता सावधानीसाथ विजयका लागि कम्मर कसेर फौज साथमा लिई आइरहेका छन् , यिनले रिसलाई जितेका छन् , यस्तालाई जित्ने साहस तपाईंहरूले कसरी गर्न सकेको होला ? ॥१०॥ नद, नदीहरूका स्वामी, भयङ्कर समुद्रलाई पार गरेर यहाँ आउन सक्ने हनुमान्‌को वेगलाई के कसैले थाहा पाउन सक्तछ अथवा कल्पनासम्म पनि गर्न सक्तछ ? ॥११॥ हे राक्षसहो ! जुन शत्रुको फौज र पराक्रम आफ्नोभन्दा बर्ता छ त्यस्ताको कदापि सहसा तिरस्कार गर्नु उचित छैन ॥१२॥ यी यशस्वी रामचन्द्रले पहिले राक्षसराजको के अपराध गरेका थिए कि यिनले जनस्थानबाट उनकी स्वास्नीलाई हरेर ल्याए ॥१३॥ रामले खरलाई मारे भनौंभने पनि यसमा उनको केही दोष छैन, कारण पहिले खर नै उनलाई मार्न भनी अधिसरेको हो, सामर्थ्यअनुसार आफ्नो प्राणको रक्षा गर्नु ता सबैको कर्तव्यै हो, अतएव आत्मरक्षाका लागि रामले खरलाई मारे ता के बेजाय गरे ॥१४॥ खर दूषणादिलाई मारेका साटो फेर्न सीताजीको हरण गरेको हो भने ता, यस कामले हामीमाथि ठूलो आपत्ति आइपर्नेछ अत-एव हामीले यिनलाई यहाँबाट पठाइदिनैमा बेस होला, व्यर्थमा कलह गर्नाले के फाइदा ॥१५॥ धर्मात्मा तथा पराक्रमी ती रामचन्द्रसँग व्यर्थमा वैरभाव राख्नामा उचित पर्दैन, तसर्थ सीतालाई रामकहाँ पठाइ-दिनुहोस् ॥१६॥ हात्ती, घोडा तथा अनेक रत्नले भरिपूर्ण भएको यस लङ्का नगरीलाई रामले आफ्ना बाणद्वारा नष्ट नपार्दैमा यिनीकहाँ सीतालाई पठाइदिनुपर्दछ ॥१७॥ विशाल, अजेय, डरलाग्दो, बानरी सेनाले हाम्रो लङ्कालाई छ्यान्नब्यान्न नपार्दैमा हामीले सीतालाई फर्काइदिनुपर्दछ ॥१८॥ आफ्नै खुशी-राजीसँग रामकी प्राणप्यारी सीतालाई फर्काइदिनुभएन भने ता यो तपाईंको राजधानी तथा यी सबै शूरा राक्षसहरू नष्ट हुनेछन् ॥१९॥ तपाईंको भाइ हुनाले मैले तपाईंको भलो हुने यो तथ्य कुरा विन्ति गरेको हुँ, जनि गर्नुहोस् मैले भनेको कुरा मान्नुहोस् , सीतालाई रामको हातमा सुम्पिदिनुहोस् ॥२०॥ तपाईंको वधका लागि राजपुत्र रामले शरद्‌ऋतुका सूर्यसमानका चहकिला, तीखो धार भएका, अतिशय बलिया, अमोघ बाणको प्रहार गर्नुभन्दा अगाडि नै उनको हातमा सीतालाई सुम्पिदिनुहोस् ॥२१॥ सुख र धर्मलाई नाश गर्ने रिस छोडिदिनुहोस् ;प्रेम र कीर्तिलाई बढाउने धर्म्मको ग्रहण गर्नुहोस् , तपाईंले

खुशीराजीसँग सीतालाई उनीकहाँ पठाइदिनुभयो भने मात्र हामी छोरा, स्वास्नी तथा नाता कुटुम्बीको साथमा सुखसँग बाँच्न पाउनेछौं ॥२२॥

विभीषणका यी कुरा सुनेपछि राक्षसराज रावण सबैलाई बिदा गरेर आफू पनि आफ्नो घरतिर लागे ॥२३॥

सर्ग—१०

विभीषण फेरि सीतालाई फर्काइदिने सल्लाह दिन्छन् तर रावण मान्दैन ।

भोलिपल्ट बिहान हुनासाथ धर्म र अर्थको तत्व बुझेका, भयलाग्दो काम गर्न सक्ने विभीषण राक्षसराज रावणको घर गए ॥१॥ राक्षसराजको यो पर्वतका टाकुराहरू एकै ठाउँमा जम्मा भइराखेको जस्तो देखिन्थ्यो र पर्वतको शिखर जत्तिकै अग्लो पनि थियो, जताततै ठूला ठूला कोठा बनेका थिए र यिनमा बडा बडा विद्वान्हरू बस्तथे । राजामाथि अनुराग भएका, बुद्धिमान, प्रधान राजकर्मचारीहरू यहाँ रहन्थे । विश्वसनीय अनेकौं राक्षसले यहाँ उनको रक्षा गर्दथे, मतवाला हात्तीहरूको सासको बाफले यहाँको हावा सुगन्धित भइराखेको थियो । महान् शङ्खध्वनि हुनलागेको थियो, अनेक ढोलक बजिराखेका थिए । आइमाईका हूलको हूल यहाँ देखिन्थ्यो, सडकमा मानिसले कुराकानी गरेको आवाज सुनिन्थ्यो खूब चहक भएका, सुनै सुनका यहाँ ढोका थिए र किसिम किसिमका उत्तम आभूषणले यो सजिसजाउ भइराखेको थियो । गन्धर्व तथा देवताहरूको घरमा झैं यस महलमा रत्नै रत्न खचिखचाउ थिए र हेर्दाखेरि नागहरूले बस्ने घर जस्तो देखिन्थ्यो ॥२-६॥

जताततै आफ्नो किरणलाई फिंजाएर जसरी सूर्य भगवान् बादलै बादलको थुप्रोभित्र प्रवेश गर्दछन् त्यसै गरी यी महातेजस्वी वीर विभीषणले आफ्नो दाजुको घरभित्र प्रवेश गरे ॥७॥ त्यहाँ भित्र प्रवेश गर्नासाथ तेजस्वी विभीषणले दाजुको विजय होस् भन्ने उद्देश्यले वैदिकहरूले पुण्याहवाचनको मन्त्र पाठ गरिरहेको सुने ॥८॥ यहाँ यी महाबलीले दधिपात्र, घृतपात्र, फूल र अक्षताले पूजित भएका, अनेक वैदिक ब्राह्मणहरूलाई पनि देखे ॥९॥ यसपछि त्यहाँका राक्षसहरूबाट आदर सत्कार पाएका महाबाहु विभीषणले भित्र पस्नासाथ सिंहासनमा बसिराखेका, आफ्नै तेजले प्रकाशमान भइरहेका कुबेरका भाइ रावणलाई प्रणाम गरे ॥१०॥ शिष्टाचार जान्ने भएका विभीषण पनि त्यस मौकामा राजालाई देखाउनुपर्ने आदर सम्मान देखाई, राजाले आँखाको इशाराले देखाएको सुवर्णमय आसनमा बसे ॥११॥ महात्मा विभीषणले रावणलाई एकान्तमा भेट्टाएकाले, मन्त्रीहरूको सामुन्नेमा, अत्यन्त हित गर्ने तथा प्रमाणद्वारा निर्णय गरेको कुरा भन्नलागे ॥१२॥ कर्तव्याकर्तव्यको ज्ञान भएका, देश कालअनुसारको काम गर्न जान्ने विभीषण, पहिले आदर सम्मानद्वारा दाजुलाई प्रसन्न गराइसकेपछि, नम्रतापूर्वक यी कुरा भन्न-लागे ॥१३॥

हे शत्रुतापी राजन् ! जहिलेदेखि यी सीता लङ्कामा आएर रहनलागेकी छन् तहिलेदेखि हामी सबैले दिनदिनै खराव खराव शकुन देख्नलागेका छौं ।।१४।। मन्त्रद्वारा विधिपूर्वक हवन गरे तापनि अग्निबाट राम्रोसंग ज्वाला निस्केको देखिन्न; साना साना फिलिङ्गो उडेको र धूँवै धूँवा निस्केकोले आगोको लपटा धमिलो देखिन्छ ।।१५।। भान्सा खण्ड, अग्निशाला तथा वेद पढ्ने ठाउँमा रोजरोजै साँप निस्केको र हवन गर्नाका लागि तैयार पारेको सामग्रीमा कमिला लागेको देखिन्छ ।।१६।। गाईहरू-को दूध सुक्नलागेको छ, बडा बडा हात्तीहरू मदहीन भइराखेका छन्, यथेष्ट आहारा पाएका भए तापनि घोडाहरू भोका भएझैं पुनः चारा पाउने आशाले बडो मायालाग्दो गरी चिच्च्याइरहन्छन् ।।१७।। गधा र खच्चरहरू आङ्का रौं ठाडठाडा पारेर आँखाबाट आँसु झारिरहन्छन्, राम्रोसँग औषधि गरे तापनि यिनीहरू पहिलेको आफ्नो बानी स्वभाव लिन्नन् ।।१८।। क्रूर स्वभाव भएका कागहरू झुण्डको झुण्ड भएर जताततै कराउनलागेका देखिन्छन् र एकै ठाउँमा जम्मा भई महलको टुप्पामा बस्तछन् ।।१९।। गिद्धहरू पनि जम्मा भएर दुःखमा परेझैं गरी शहरको माथिमाथि चक्कर लगाउँछन् र विहान बेलुकी दुवै बखत स्यालहरू शहरनेर आई चिच्च्याएर अमङ्गलको सूचना दिन्छन् ।।२०।। व्याघ्रादि गरिएका मांसभोजी जानवरहरूले शहरको ढोकानेर आई एकै चोटि बज्रपातको जस्तो आवाज चिच्च्याएको सुनिन्छ ।।२१।। यस्तो अवस्था परिआएपछि ता रामचन्द्रको हातमा सीतालाई सुम्पनु नै, यी अपशकुनहरूको शान्तिका लागि प्रायश्चित्त होला जस्तो लाग्दछ, मलाई निको लाग्ने कुरो पनि यही नै हो ।।२२।। हे राजन् ! अज्ञान अथवा प्राणरक्षाको लोभले मैले यी कुरा भनेको भए तापनि मेरो दोषलाई क्षमा गरेर महाराजले मेरै सल्लाहमुताबिक काम गर्नामा बेस होला ।।२३।। यी जो अपशकुन देखिनलागेका छन् ती नगरवासी, राक्षस, राक्षसी, शहर अन्तःपुर सबैका लागि खराब हुन् । तपाईंका कुनै मन्त्रीले पनि यो कुरा तपाईंको कानसम्म पुऱ्याउने प्रयत्न गरेनन्, तर मैले ता कसरी चूप लाग्ने, मैले जस्तो देखे सुनेको हुँ सो सबै तपाईंलाई निवेदन गरिहालें, अब विचार गरेर जे उचित ठहऱ्याउनुहुन्छ सो गर्नुहोस् ।।२४-२५।।

यस प्रकारसँग मन्त्रीहरूको बीचमा भाइ विभीषणले राक्षसराज दाजु रावणलाई यी हितका कुरा सुनाए ।।२६।। विभीषणका यी हित गर्ने, ठूलो मतलब भएका, न्याययुक्त, कोमल, भूत भविष्य वर्तमान तीनै कालमा फाइदा गर्ने, कुरा सुनेपछि रावणलाई बडो रिस उठ्यो र आफ्नो कुरामा अड्ने स्वभाव भएकोले यस प्रकारसँग जवाफ दिनलाग्यो ।।२७।। कतैबाट पनि आपत्ति आइपर्ला भन्ने मलाई डर छैन, रामचन्द्रले कुनै हालतमा पनि सीतालाई पाउन सक्तैनन्; इन्द्रलगायत सबै देवताहरूलाई साथमा लिए तापनि लक्ष्मणका दाजु राम युद्धमा मेरो सामुन्ने अड्न सक्तैनन् ।।२८।।

रणभूमिमा प्रचण्ड पराक्रम देखाउने, देवताहरूको सेनालाई ध्वस्त पार्ने महाबली रावणले हितको कुरा भन्ने विभीषणलाई यस प्रकारसँग जवाफ दिएर त्यहाँबाट पठाइदियो ।।२९।।

सर्ग—११

रावण सभामा प्रवेश गर्दछ र त्यहाँ जम्मै शूर वीर जम्मा हुन्छन् ।

विभीषणादि गरिएका मित्रहरूको अनादरले, सीताहरणरूपी पापले, पापी राक्षसराज रावण सीताको कामनाले मोहित भई दुब्लाउँदै जानलाग्यो ॥१॥ कामले अत्यन्त पीडित भई रावण सदा सीताको ध्यान गरिरहन्थ्यो । युद्ध गर्ने मौका नभए तापनि विभीषणबाहेक अरू मित्र तथा मन्त्रीहरूसँग सल्लाह गरेर युद्ध गर्नामा नै यसले उचित संझ्यो ॥२॥

सुनै सुनको जाली लागेको, मणि मूँगाले सिंगारिएको, सधिएका घोडा जोतिएको ठूलो रथमा रावण सवार भयो ॥३॥ महामेघसमानको शब्द गर्ने बडेमानको रथमा सवार भई राक्षसश्रेष्ठ दशानन सभातिर लाग्यो ॥४॥ ढाल तरवार तथा सबै किसिमको हात हतियार लिएका योद्धा राक्षसहरू राक्षसराज रावणको अघिअघि हिंड्नलागे ॥५॥ नाना प्रकारको विकट भेष धारण गरेका, नाना तरहको गहनाले सिंगारिएका अनेक राक्षसहरू रावणको पछिपछि तथा अगलबगलमा उसलाई घेरेर जानलागे ॥६॥ यसपछि महारथीहरू झटपटसँग रथमा, मतवाला हात्तीमा तथा नाची नाची हिंड्ने घोडामा सवार भई रावणको साथसाथमा जानलागे । यिनीहरूले आफ्ना आफ्ना हातमा गदा, परिघ, शक्ति, तोमर, परशु आदि गरिएका अस्त्र लिइराखेका थिए । यस समयमा हजारौं तुरही बाजाको घोर शब्द हुनलाग्यो ॥७-८॥ रावण सभामा जानलागेको वेलामा शंखको बडो भारी आवाज सुनिनलाग्यो । महारथी रावण आफ्नो रथको शब्द चारैतिर प्रतिध्वनित गर्दै नाना प्रकारको शोभाले युक्त भएको राजमार्गमा आइपुग्यो । चहकिलो, निर्मल सेतो छाताले रावणको मस्तकमाथि पूर्ण चन्द्रमाले झैं शोभा दिइराखेको थियो । स्फटिकसमानका सेता, सुनै सुनको मंजरी भएका दोटा चमर उसको दाहिने र देब्रे बगलमा शोभायमान भइराखेका थिए । रथमा बसेर जानलागेको रावणलाई तल भूइँमा उभिइराखेका राक्षसहरूले हात जोरेर तथा टाउको निहुराएर प्रणाम गरे । यस प्रकारसँग राक्षसहरूको मुखबाट स्तुति-पाठ सुन्दै तथा ठाउँ ठाउँमा जयको आशीर्वाद पाउँदै शत्रुसंहारी महातेजस्वी रावण विश्वकर्माले बनाएको सभा भवनमा पुग्यो ।

यस सभाभवनको भूइँमा सुन र चाँदी छापेको थियो र बीच बीचमा स्वच्छ स्फटिक जडिराखेको थियो । चहकिलो सुनौला रंगको चँदुवा माथितिर टाँगिराखेको थियो । छ सय पिशाचहरू यसको रक्षा गर्दथे र रत्नै रत्नले यो सदा प्रकाशमान भइरहन्थ्यो ॥९-१५॥ विश्वकर्माले बनाएको यस किसिमको सभा-भवनमा महातेजस्वी रावणले प्रवेश गर्‍यो । यहाँ पुगेपछि पन्नै पन्नाले बनेको, प्रियक नाम गरेको हरिणको नरम छाला ओच्छ्याइराखेको, बडेमानको बालिष्ट अड्याएको उत्तम सिंहासनमाथि यो बस्यो र मालिकले झैं अल्प पराक्रमी दूतहरूलाई यस किसिमले अह्रायो ॥१६-१७॥

शत्रुहरूको साथमा ठूलो काम गर्नुपरेको छ सो मलाई थाहा छ, तसर्थ लङ्कावासी राक्षसहरूलाई छट्टै बोलाएर ल्याओ ॥१८॥ रावणबाट आज्ञा पाउनासाथ यी राक्षसहरू लङ्कामा घुम्नलागे र प्रत्येक

घर तथा बाग बगैंचामा निःशङ्क भई पसेर विहारमा लागेका अथवा सुतिराखेका भए तापनि राक्षसहरूलाई रावणकहाँ जानू भनेर सुनाए ॥१९॥ राजाको आज्ञा सुन्नेबित्तिकै यी राक्षसहरू कोही रमणीय रथमा, कोही हात्तीमा, कोही घोडामा चढेर, कोही पैदलै हिंडेर हतपत गर्दै राजसभामा जानलागे ॥२०॥ यस समयमा रथ हात्ती घोडाले टम्म भरिएको लङ्कापुरीको, उडिरहेका गरुडहरूले व्याप्त भएको आकाशको झैं शोभा भइराखेको थियो ॥२१॥ अनेक किसिमका सवारीलाई बाहिरैपट्टि छाडेर सिंहले पर्वतको गुफाभित्र प्रवेश गरेझैं यी राक्षसहरूले पैदलै हिंडेर सभाभवनभित्र प्रवेश गरे ॥२२॥ भित्र पुगेपछि यिनीहरूले राजाको पाउमा ढोग दिए र राजाले पनि यिनीहरूको ठूलो सम्मान गरे । रावणको आज्ञा पाएपछि यिनीहरूमा कोही कुर्सीमा, कोही चौकीमा र कोही भूइँमा नै बसे ॥२३॥ राजाको आज्ञाले आएका यी राक्षसहरू सभाको बीचमा गई राक्षसराज रावणको यथायोग्य स्तुति गर्नलागे ॥२४॥ असल असल मन्त्रीहरू, सबै विषयका जानिफकार पण्डितहरू, आफ्नो बुद्धिद्वारा पछि हुने कुरा थाहा पाउने तथा अरू अरू गुणले युक्त भएका, सर्वज्ञ, सल्लाह दिनेहरू, तथा सयकडौं शूर वीरहरू सुखपूर्वक, मालिकको काम सिद्ध गर्न भनी त्यस सुवर्णमयी सभामा जम्मा भए ॥२५-२६॥ सुनै सुनले सिंगारिएको अतिशय ठूला, राम्रा राम्रा घोडा जोतिएको रथमा बसेर महात्मा यशस्वी विभीषण पनि आफ्ना दाजुको सभामा आइपुगे ॥२७॥ सभामा प्रवेश गरेपछि आफ्नो नामको उच्चारण गरी भाइले दाजुको पाउमा ढोग दिए । प्रहस्त र शुकले पनि त्यसै गरे । राजाले पनि यी सबैलाई बस्नाको निम्ति बेग्ला बेग्लै आसन दिए ॥२८॥ राम्रा राम्रा पोशाक पहिरेका, किसिम किसिमका जुहारात जडिएका गहना लगाएका, सभामा आइराखेका राक्षसहरूको अगरु, चन्दन तथा मालाको बास्ना सभामा चारैतिर फिंजिन लाग्यो ॥२९॥ यहाँ न कोही कसैलाई बोलाउँथे, न व्यर्थको बकवाद गर्थे, न साह्रो स्वरले आफू आफूमा कुराकानी गर्थे । पूर्ण मनोरथ भएका यी सबै ठूला पराक्रमीहरू केवल आफ्ना मालिक रावणको मुख टुलुटुलु हेरेर बसिराखेका थिए ॥३०॥

महाबली, मनस्वी, शस्त्रधारीहरूको सभाको बीचमा बसिराखेको रावण आफ्नो तेजले गर्दा आठ वसुहरूको बीचमा बसिराखेका इन्द्रसमान शोभायमान भइरहेको थियो ॥३१॥

सर्ग—१२

रावण मन्त्रीहरूसँग सल्लाह गर्दछ ।

युद्धविजयी रावणले सभामा सबैलाई जम्मा भएको देखेपछि सेनापति प्रहस्तलाई यस किसिमको हुकूम दियो ॥१॥ हे सेनापते ! अस्त्र शस्त्रको प्रयोग जान्ने रथी, गजारोही, अश्वारोही र पैदल यी चारै प्रकारका योद्धाहरूलाई सावधानीसाथ शहरको रक्षा गर्ने काममा खटाइदेऊ ॥२॥ सावधान चित्त भएको प्रहस्त राजाको आज्ञा पालन गर्ने इच्छाले शहरको बचाउका लागि भित्र बाहिर सबै ठाउँमा काइदासाथ फौज राखिसकेपछि फेरि रावणको सम्मुख आएर बस्यो र भन्नलाग्यो ॥३-४॥ हे राजन् !

हजूरको हुकूममुताबिक मैले बलिया बलिया राक्षसहरूको फौज शहरभित्र बाहिर राखिदिएँ, अबलाई मनमा नहडबडाईकन आफ्नो जस्तो इच्छा छ सोही अनुसार झट्टै काम गर्नुहोस् ॥५॥

राज्यको हित चाहने प्रहस्तको यो कुरा सुनेपछि सुखको चाहना गर्ने रावण मित्रहरूको बीचमा यस प्रकारसँग भन्नलाग्यो ॥६॥ धर्म, अर्थ, कामसम्बन्धी सङ्कष्ट परिआएमा प्रिय अप्रिय, सुख दुःख, लाभ हानि, हित अहित यी सबै कुराको तिमीहरूले राम्रोसँग निर्णय गर्नुपर्दछ ॥७॥ परस्परमा सल्लाह गरेर गर्नुपर्ने कामको निर्णय गरी तिमीहरूले मेरो जति काम थालेका छौ ती कुनै पनि निष्फल भएका छैनन् ॥८॥ जसरी चन्द्र, ग्रह, नक्षत्र र देवताहरूको साथमा इन्द्र राजलक्ष्मीको उपभोग गर्दछन् त्यसै गरी म पनि तिमीहरू साथमा भएकोले अनेक लक्ष्मीको भोग गर्न पाउनेछु ॥९॥ मैले अघि नै यस विषयमा तिमीहरूको सल्लाह लिन खोजेको हो, तर कुम्भकर्ण सुतिराखेकाले अहिलेसम्म मैले तिमीहरूलाई यो कुरा प्रकट गर्न पाइनँ ॥१०॥ महाबली, शस्त्रधारीहरूमध्येका श्रेष्ठ कुम्भकर्ण छ महीनादेखि सुतिराखेका थिए, भर्खर आज उठेर यहाँ सभामा आइराखेका छन् ॥११॥

राक्षसहरूले डुलफिर गर्ने ठाउँ दण्डकारण्यबाट मैले रामचन्द्रकी प्यारी महारानी जनकपुत्री सीतालाई हरेर ल्याइराखेको छु ॥१२॥ खूब मस्त परेर हिंड्ने यी सीता मेरो पलङ्गमा सुत्न चाहन्नन् । म ता तीनै लोकमा यी सीताबराबरको कुनै आइमाई देख्तिनँ ॥१३॥ यिनको कम्मर पातलो, पछाडिको हर मोटो र शरद्‌ऋतुको चन्द्रमाको जस्तो राम्रो यिनको मुख छ, सुनौला यिनको रंग छ र मयद्वारा निर्माण गरिएकी माया जत्तिकै मोही छन् ॥१४॥ यिनको पैताला रातो र खूब नरम छ र राता राता नङ्ले यो सुशोभित छ, जसलाई देख्नाले मेरो शरीरमा कामदेवको बाण बिझिराखेको छ ॥१५॥ हवन गरिएको बल्दो आगो तथा सूर्यको प्रभा जत्तिकै यिनको तेज छ, यिनको नाक अग्लो छ, राम्रा राम्रा आँखाले सुशोभित भइराखेको यिनको विमल सुन्दर मुख देखेकोले म यिनको वशमा परेर कामको अधीनमा परिरहेको छु । क्रोध तथा हर्ष जुनसुकै बेलामा पनि एकनाससँग रहने, शरीरको कान्तिलाई नष्ट पारिदिने, सदा शोक सन्तापलाई बढाउने कामको वासनाले मलाई दुःख दिइराखेको छ । सुन्दरी सीताले मसित एक वर्षको अवधि मगेकी छन् । विशालाक्षी सीताले आफ्ना पति रामको प्रतीक्षाका लागि यो अवधि मागेकी हुन् । मैले पनि राम्रा राम्रा आँखा भएकी ती सीताको अवधि स्वीकार गरिसकेको छु ॥१६-१९॥ बाटो हिंड्नाले थाकेको घोडाझैं म अहिले कामको सदा सर्वदाको ताडनाले स्वस्थ भइरहेको छु । वनवासी वानरहरूले तथा दशरथका ती दुवै छोराले अनेक जलचर प्राणी तथा माछाले भरिपूर्ण भइराखेको, पार गर्न गाह्रो पर्ने, यस समुद्रलाई कसरी पार गर्न सक्लान् भन्ने कुरा म विचार गरिरहेको छु । अथवा एउटै वानरले हाम्रो यस्तो दुर्दशा गरायो भने यिनीहरूको काम यस्तै किसिमको होला भनेर बुझ्न सकिन्न । तसर्थ तिमीहरूको बुद्धिले जे देख्तछ सो भन्दै जाऊ । मानिसबाट मलाई कुनै किसिमको डर छैन तापनि यस विषयमा विचार गर्नैपर्दछ ॥२०-२२॥ मैले उहिले तिमीहरूको सहायता पाएकोले देवासुर संग्राममा विजय पाएको हुँ, आज पनि उही तिमीहरू मेरा सहायक

छौ । सीताको पत्तो पाएकोले ती दुवै राजपुत्र सुग्रीव आदि वानरहरूलाई अघि लगाएर समुद्रको उत्तपट्टिको तीरमा आइराखेका छन् भन्ने सुन्दछु ॥२३-२४॥ सीतालाई फर्काउन नपरोस् र ती राजपुत्र पनि मारिऊन्, यस विषयमा विचार गरेर कुन उपायले यो काम हुन सक्ला सो निर्णय गरी मलाई भन ॥२५॥ वानरहरूद्वारा समुद्र पार गर्ने र मलाई जित्ने शक्ति कसैमा होला जस्तो ता लाग्दैन, तसर्थ मेरो जित हुने कुरा निश्चय छ ॥२६॥

कामको वशमा परेको रावणको यस प्रकारको बिलौना सुनेपछि कुम्भकर्ण क्रोधित भई भन्न लाग्यो ॥२७॥ हे राजन् ! राम लक्ष्मणको हातबाट बलजफ्तीसँग सीतालाई यहाँ हरेर ल्याउनाको अगाडि नै तपाईंले हामीसित यस विषयमा सल्लाह गर्नुपर्ने हो, त्यस वेला ता आफ्नो मनपर्दो गर्नुभयो, अहिले अनर्थको समय आएको देख्ता हामीसँग सल्लाह लिन लाग्नुभएको छ । जसरी यमुना आफ्ना कुण्डलाई भरिसकेपछि मात्र समुद्रमा गएर मिसिन्छिन् त्यसै गरी तपाईंले पनि यो काम गर्नाको अगाडि नै हामीसित किन नसोधेको ? ॥२८॥ हे महाराज ! तपाईंले यो जो काम गर्नुभयो सो बहुतै अनुचित गर्नुभयो । यो काम नगर्दैमा हामीहरूको सल्लाह लिनु उचित थियो ॥२९॥ हे दशानन ! मन्त्रीहरूको साथमा सल्लाह गरेर कुनै नीतिको निर्णय गरी जो राजा सो नीतिअनुसार न्यायपूर्वक राजकाज चलाउँछ त्यसले कहिले पनि पश्चात्ताप गर्नुपर्दैन ॥३०॥ मन्त्रीहरूसँग सल्लाह नलिई जो मनपर्दो गरी अन्यायको काम गर्दछ त्यो मारण, मोहन आदि पापकर्मको निम्ति हवन गरिएको हविझैं नष्ट नभई छोड्दैन ॥३१॥ पछि गर्नुपर्ने कामलाई अघि गर्ने र अघि गर्नुपर्ने कामलाई पछि गर्ने राजालाई नीति अनीतिको केही पनि ज्ञान हुन्न ॥३२॥ चञ्चल चित्त भएका राजाको, आफ्नोभन्दा बर्ता सेना भए तापनि, यिनका शत्रुहरू, हाँसले क्रौंच पर्वत नाघ्नलाई छिद्र खोजेझैं, यिनको काममा छिद्र खोजी खोजी हिंड्दछन् ॥३३॥ हे राजन् ! तपाईंले ता परिणाम के होला भन्ने कुराको ख्यालै नराखी रामचन्द्रकी स्वास्नीलाई हरण गर्ने महापापको काम गरिहाल्नुभयो । जसरी विष मिसिएको मासुले सो खाने मानिसको प्राण लिन्छ त्यसै गरी रामचन्द्रले त्यही वेलामा प्राणको संहार गरेनन् यो ता ठूलो भाग्यको कुरा भयो ॥३४॥ प्रबल शत्रुसँग तपाईंले यो अनुचित काम गर्नुभएको छ तापनि म तपाईंका शत्रुहरूलाई मारेर यो काम ठीक गरिदिनेछु ॥३५॥ हे राक्षसराज ! म तपाईंका शत्रुहरूलाई नमारिछोड्ने छैन; इन्द्र, सूर्य, अग्नि, वायु, कुवेर, वरुण यी जोसुकैसित पनि म लड्नेछु ॥३६॥ पर्वतसमानको विशाल शरीर भएको, वडेमानको परिघ लिएर लड्ने तथा तीखा तीखा दाँत भएको मेरो गर्जना सुनेपछि ता इन्द्रसमेत डराउनेछन् ॥३७॥ ममाथि एउटा बाण चलाएर अर्को बाण चलाउन नपाउँदैमा म उसको रगत पिइहाल्नेछु, तपाईं यस कुरामा निश्चिन्त भई बस्नुहोस् ॥३८॥ दशरथका छोराहरूलाई मारेर म तपाईंलाई सुख दिने किसिमको जय दिलाउने प्रयत्न गर्नेछु । लक्ष्मणको साथसाथै रामलाई मारीकन म मुख्य मुख्य जम्मै वानरहरूलाई खाइदिनेछु ॥३९॥ आफ्नो इच्छाअनुसारको मोज मजा गर्नुहोस्, खूब रक्सी उडाउनुहोस्, मनमा कुनै प्रकारको शङ्का नलिई आफ्नो भलो

हुने काम गर्नपट्टि लाग्नुहोस् । मद्वारा रामको वध भएपछि सीता सदाका लागि तपाईंको वशमा हुने छन् ॥४०॥

सर्ग—१३

रावण आफूले पाएको श्रापको वृत्तान्त सुनाउँछ ।

रावण रिसाएको छ भन्ने थाहा पाएपछि महाबली महापार्श्व केही बेरसम्म विचार गरेर हात जोडीकन भन्नलाग्यो ॥१॥ हिंसक पशु, दुष्ट हात्ती आदि गरिएका जन्तुले वास गरेको वनभित्र पसेर जो मानिस त्यहाँ भेट्टिएको मह पिउँदैन त्यो मूर्खै हो अर्थात् मधुरूपिणी सीतालाई भेट्टाएपछि तिनको तपाईंले जो हरण गर्नुभयो सो मुनासीबै गर्नुभयो ॥२॥ हे शत्रुको विनाश पार्ने राजन् ! तपाईं स्वयं ईश्वर हुनुहुन्छ, तपाईंको को अर्को ईश्वर हुन सक्तछ ? अतएव शत्रुको टाउकोमाथि टेकेर सीताको साथमा विहार गर्नुहोस् ॥३॥ हे महाबल ! जसरी कुखुरोले छलैसंग कुखुरीमाथि आक्रमण गरी उसलाई आफ्नो वशमा गराउँछ त्यसै गरी तपाईं पनि सीतामाथि बलजफ्तीसंग आक्रमण गरेर उनको साथमा मोज मज्जा गर्नुहोस् ॥४॥ आफ्नो अभिलाषा पूर्ण भएपछि अर्थात् सीता तपाईंको वशमा परेपछि तपाईंलाई कुनै कुराको डर रहनेछैन, सावधान अथवा असावधान भएको मौकामा कुनै आपत्ति आइपर्‍यो भने पनि त्यसको प्रतिकार अवश्य गरिने नै छ ॥५॥ महाबली इन्द्रजित् तथा कुम्भकर्णले हाम्रो सहायताले वज्रधारी इन्द्रलाई समेत रोक्न सक्तछन् ॥६॥ नीतिशास्त्र जान्ने पण्डितहरूले कार्य्यसिद्धिका लागि साम, दान, भेद यी तीन प्रकारका उपाय नियत गरेका छन्, मलाई ता यी तीनै उपायलाई छाडेर केवल दण्डद्वारा नै आफ्नो काम पूरा गर्न निको लाग्दछ ॥७॥ हे महाबली राजन् ! यहाँ लङ्कामा आएका तपाईंका जम्मै शत्रुलाई हामी शस्त्रद्वारा आफ्नो वशमा ल्याउनेछौं, यसमा शङ्का गर्नुपर्ने केही कुरो छैन ॥८॥

महापार्श्वले यस प्रकारसङ्ग भनेपछि राजा रावण यसका कुराको प्रशंसा गर्दै भन्नलाग्यो ॥९॥ हे महापार्श्व ! तिमीले जो भन्यौ सो ता ठीक हो, तर अहिलेसम्म सीतामाथि मैले बलजफ्ती गरेर उनको साथमा भोग नगर्नाको केही गुप्ती कारण छ, धेरै कालअघि भएको मेरो यो रहस्यमय कुरा तिमीलाई सुनाउँछु ॥१०॥ मैले एक दिन पुञ्जिकस्थली नाम गरेकी, आगोको ज्वालासमान शरीरको चहक भएकी अप्सरालाई आकाशमार्गबाट मेरो डर मानेर लुक्तै ब्रह्माजीकहाँ जानलागेकी देखें ॥११॥ बलजफ्तीसँग मैले उसको साथमा भोग गरें र उसलाई नाङ्गोसमेत तुल्याइदिएँ, यसपछि यो कुल्चिएको कमलिनीको जस्तो रूप लिएर ब्रह्माको घर पुगी ॥१२॥ महादेव ब्रह्मदेवले मेरो काम थाहा पाएछन् जस्तो लाग्दछ किनकि उनले रिसाएर मेरा लागि यसो भने—अबउप्रान्तलाई कुनै अर्की आइमाईमाथि बलजफ्ती गरेर आक्रमण गरी उसको साथमा भोग गर्‍यौ भने तिम्रो टाउको निस्सन्देह सय टुक्रा भएर फुट्नेछ ॥१३–१४॥ यही श्रापको डरले मैले पतिव्रता सीतालाई बलजफ्तीसँग आफ्नो रमणीय

पलङ्गमा, नलगेको हुँ ॥१५॥ मेरो वेग समुद्रसमानको र गति वायुसमानको छ भन्ने कुरा शायद् रामचन्द्रलाई थाहा छैन यसै कारणले उनी फौज लिएर मलाई आक्रमण गर्न आइरहेका होलान् ॥१६॥ पर्वतको कन्दराभित्र सुतिराखेको र मृत्युसमानको क्रुद्ध सिंहलाई ब्यूंझाउने झैं चूपचापसँग बसिराखेको मलाई जंग्याउने साहस को गर्न सक्तछ ? ॥१७॥ रामचन्द्रले संग्राममा दुइ जिब्रो भएको साँपसमानको मेरो धनुबाट छुटेको बाण देखेका होओइनन्, यसै कारण उनी भनेर आउनलागेका होलान् ॥१८॥ जसरी आगोको झिल्काले हात्तीलाई भस्म पारिदिन्छ त्यसै गरी, वज्रसमानका मेरो धनुबाट छुटेका सयकडौं बाणले रामचन्द्रलाई डढाइदिनेछन् ॥१९॥ जसरी सूर्यनारायण उदित भएर आफ्नो प्रभावले नक्षत्रहरूको शोभालाई नष्ट गरिदिन्छन् त्यसै गरी म पनि आफ्नो फौजको साथमा त्यहाँ गईकन उनको फौजलाई नाश गरिदिनेछु ॥२०॥ हजारौं आँखा भएका इन्द्र अथवा वरुणले मलाई जित्न सक्तैनन् । उहिले मैले आफ्नै बाहुबलले कुवेरद्वारा पालन गरिएको यो लङ्कापुरीलाई जितेको हुँ ॥२१॥

सर्ग—१४

विभीषण रावणलाई सीताजी रामकहाँ पठाइदिने उपदेश दिन्छन् ।

राक्षसराज रावणका यी कुरा र कुम्भकर्णको गर्जन सुनेपछि विभीषण रावणलाई कल्याण हुने र अर्थयुक्त वचन भन्नथाले ॥१॥ यो सीतारूपी सर्प कसले तपाईंको घाँटीमा बेह्रिदिएको हो । सीताका दुवै हातको बीचको भाग अर्थात् छाती यस सर्पको शरीर हो, चिन्ता यसको विष हो, हाँसो तीखा दाँत हुन्, पाँच औंला यस सर्पका पाँचओटा टाउका हुन् । किन तपाईंले यस्तो विशाल शरीरको सीतारूपी महासर्पलाई यहाँ लिएर आएको ? ॥२॥ पर्वतको टाकुरासमानका अग्ला, दाँत र नङ नै हतियार भएका वानरहरूले लङ्कामाथि आक्रमण गर्नाको अगाडि नै सीतालाई रामको हातमा समर्पण गरिदिनुहोस् ॥३॥ रामको धनुबाट छुटेका वायुसमानको वेग भएका, वज्रतुल्य बाण राक्षसहरूको टाउकोमाथि नपर्दैमा सीतालाई रामको हातमा सुम्पिदिनुहोस् ॥४॥ रामचन्द्रले युद्ध गर्नलागेपछि कुम्भकर्ण, इन्द्रजित्, महापार्श्व, महोदर, निकुम्भ तथा अतिकाय यी कुनै पनि उनको अगाडि अड्न सक्नेछैनन् ॥५॥ रामचन्द्र लङ्कामा आए भने ता सूर्य अथवा समस्त देवताहरूले तपाईंको रक्षा गरे पनि, इन्द्र अथवा यमको आश्रय लिए तापनि, अथवा आकाश पाताल जहाँ प्रवेश गरे पनि उनको हातबाट तपाईं जीउँदो उम्कन पाउनुहुनेछैन ॥६॥

विभीषणका कुरा सुनेपछि प्रहस्त भन्नलाग्यो—देवता, दानव अथवा अरू कसैदेखि पनि हामी डराउँनौं ॥७॥ हामीहरूलाई युद्धमा यक्ष, गन्धर्व, सर्प, गरुड, यी कसैको पनि डर छैन भने राजपुत्र रामदेखि हामी युद्ध भूमिमा कसरी डराऔंला त ? ॥८॥

प्रहस्तका अमङ्गल गराउने यी कुरा सुनेपछि, राजाको हित चाहने, धर्म अर्थ, काम यी तीनैको तत्व राम्ररी बुझेका विभीषण बडो गहीरो मतलब भएको यस्तो कुरा भन्नलागे ॥९॥ हे प्रहस्त !

राजा, महोदर, कुम्भकर्ण र तिमी रामचन्द्रलाई हामी जित्नेछौं भन्ने जो घमण्ड देखाइरहेका छौ सो काम तिमीहरू कदापि, अधर्मीले स्वर्गमा पुग्न नसकेझैं, गर्न सक्नेछैनौ ॥१०॥ म, तिमी तथा समस्त राक्षस मिल्यौं भने पनि विनाजहाजको सहायताले मानिसले समुद्र पार गर्न नसकेझैं, हामीले सबै कुरा राम्रो तवरले जान्ने रामचन्द्रलाई मार्न सक्नेछैनौं ॥११॥ अतिशय धार्मिक, महारथ (आफ्नो तथा सारथिको समेत रक्षा गरेर जो शत्रुको नाश गर्न सक्तछ त्यसलाई महारथ भन्छन्), इक्ष्वाकु-वंशमा उत्पन्न भएका, विराध, कबन्ध; बालि आदि गरिएका प्रसिद्ध वीरहरूलाई मार्ने सबै किसिमको काम गर्ने सामर्थ्य भएका यी रामचन्द्रसंगको युद्धमा देवताहरूसमेत मूढ जस्ता हुन्छन् अर्थात् उनको काम बुझ्न सक्तैनन् भने तिम्रो हाम्रो कुरा त कता छ कता ॥१२॥ हे प्रहस्त ! रामको धनुबाट छुटेका, तीखा कङ्कपत्रले भूषित भएका, खप्न नसकिने बाणले तिम्रो शरीरलाई छेडेर भित्र नपसेसम्मको यो तिम्रो व्यर्थको बडबड हो ॥१३॥ रामचन्द्रको हातबाट छुटेका, प्राणको संहार गर्ने, वज्रसमानको वेग भएका तीखा बाण तिम्रो शरीरलाई छेडेर भित्र पसेका छैनन्, यसैले हे प्रहस्त ! तिमी यस किसिमसंग बकवाद गरिरहेका छौ ॥१४॥ इन्द्रसमानका पराक्रमी रामचन्द्रको अगाडि युद्धमा रावण, अतिशय बलियो त्रिशिरा, कुम्भकर्णको छोरो निकुम्भ, इन्द्रजित् र तिमीहरूमध्ये कोही पनि टिक्न सक्ने छैन ॥१५॥ देवान्तक, नरान्तक, महाबली तथा महारथ अतिकाय र अकम्पन यी कुनै पनि संग्राममा रामको सामुन्ने अड्न सक्नेछैनन् ॥१६॥ यी राजा ता कामको वशमा परेका छन् र तिमीसमानका मित्ररूपी शत्रुहरू राक्षसकुलको नाश पार्नाका लागि यिनलाई सल्लाह दिइरहेका छौ, यिनको मिजास बडो कडा र शोच विचार नगरीकन काम गर्ने बानी छ ॥१७॥ अनन्त बलले युक्त भएको शरीर धारण गर्ने हजारओटा टाउको भएको, डरलाग्दो, महाबली सर्पले बेसरी बेह्रिराखेको तिम्रो यो राजालाई जसरी हुन्छ तिमीहरूले बचाउनुपर्दछ अर्थात् रामचन्द्रसंग विरोध गर्नु ता भयानक सर्पद्वारा बेह्रिनु जत्तिकै हो ॥१८॥ तपाईंहरू सबैले राजाको हातबाट धेरै धेरै फाइदा पाउनुभएको छ, तसर्थ सबैले मिलेर एक मतो गरी, जसरी भयङ्कर भूत लागेको मानिसलाई उसका मित्रहरूले कपालको रौं समाती अथवा अनेक प्रकारको यातना दिएर कुनै न कुनै प्रकारले बचाउँछन्, त्यसै गरी तपाईंहरूले पनि रावणको रक्षा गर्नुपर्‍यो ॥१९॥ यस समयमा यी राजा सुचरित्ररूपी जलले पूर्ण भएको लक्ष्मणरूपी समुद्रमा डुब्न खोजिरहेका छन् । त्यसपछि पाताल जत्तिकै गहीरो रामरूपी सागरको मुखमा हामफाल्नेछन् तसर्थ तपाईंहरू सबैले मिलेर हतपतसाथ यिनको रक्षा गर्नुपर्‍यो ॥२०॥ यस लङ्कापुरी, राक्षसराज रावण, यिनको मित्रमण्डली तथा समस्त राक्षसहरूको कल्याणका लागि मैले धेरै धेरै सोच विचार गरेर सीता-लाई राजपुत्र रामचन्द्रको हातमा सुम्पिदिने यो हितको अर्ती दिएको हुँ ॥२१॥ आफ्नो तथा शत्रुको बल स्थिति, हानि यी सबै कुराको बुद्धिद्वारा राम्रोसंग विचार गरेर मात्र मालिकको भलो हुने कुराको जसले सल्लाह दिन्छ त्यही नै यथार्थमा मन्त्री हो ॥२२॥

सर्ग—१५

विभीषण इन्द्रजित्लाई बेसरी भन्दछन्।

बृहस्पतिसमानको बुद्धि भएका विभीषणका यी कुरा बडो कष्टले सुनिसकेपछि राक्षस सेनाका प्रधान, महात्मा इन्द्रजित् भन्नलागे ।।१।। हे कान्छा बाबा ! तपाईं डरले थर्कायमान भई किन यस्तो अनर्थको कुरो भनिरहनुभएको छ । पौलस्त्यको कुलमा जन्म लिनेको कुरा परै रहोस्, साधारण मनुष्य कुलमा जन्मेको छोटो मानिसले समेत कदापि न यस्तो कुरा भन्ने छ, न तपाईंले भनेअनुसार काम गर्ने छ ।।२।। हाम्रो यस कुलमा केवल हाम्रा कान्छा बाबा विभीषण बल, वीर्य्य, पराक्रम, धैर्य्य, शूरता, र तेज यी केही पनि नभएका व्यक्ति उत्पन्न भएका रहेछन् ।।३।। हामीहरूमध्येको एउटा साधारण राक्षसले समेत यी दुवै राजपुत्रलाई मार्न सक्तछ, हे कातर विभीषण ! किन उनीहरूको नाम लिएर हामीलाई डर देखाउन खोज्नुहुन्छ ।।४।। तपाईंलाई थाहै छ, मैले तीनै लोकको राजा इन्द्रलाई बाँधेर स्वर्गबाट पृथ्वीमा ल्याई कैदी गराएर राख्न सकेको हुँ । मेरो यो काम देख्नाले डरले थर्कायमान भएका सबै देवताहरू भागेर दश दिशातिर लागेका थिए ।।५।। गर्जना गरिरहेको ऐरावतलाई भूईंमा पछारेर वलजफ्तीसँग उसको दाँत उखेलिदिएँ, त्यस बेलाको मेरो यो काम देख्नाले सबै देवताहरू डराए ।।६।। देवताहरूको घमण्डलाई चूर चूर पार्ने श्रेष्ठ दैत्यहरूको मनमा शोक उत्पन्न गराउने म पराक्रमी वीर हुँ । शक्तिशाली भए तापनि मनुष्य जातिका यी साधारण राजपुत्रहरूलाई म कसरी मार्न नसकुँला त ! ।।७।।

पराजित हुन अयोग्य, इन्द्रतुल्य पराक्रमी, महाबली इन्द्रजित्का यी कुरा सुनेपछि शस्त्रधारी-हरूमध्येका श्रेष्ठ विभीषण बडो गहिरो मतलब भएको कुरा भन्नलागे ।।८।। ए बाबु ! तिमी बालकै छौ, तिम्रो सल्लाहमा भर गर्न सकिन्न, अझ तिम्रो बुद्धि पाको भएको छैन, अतएव आफ्नै नाशका लागि तिमीले यस्ता व्यर्थका अनेक कुरा बरबराएका हौ ।।९।। रावणका छोरा भनाउँदा हे इन्द्रजित ! मित्र-समानदेखि नै तिमी वास्तवमा राक्षसराजका शत्रु हौ, किनकि रामद्वारा रावणको विनाश हुने कुरा सुन्दा सुन्दै पनि तिमी अज्ञानले गर्दा यसलाई हटाउने यत्न गर्दैनौ ।।१०।। हे इन्द्रजित् ! यस्तो नचाहिने पकुराको सल्लाह दिएकोले तिमी ता मारिन योग्य छौ र तिमीसमानको ढीठ बालकलाई सल्लाह दिनाका लागि मन्त्रीहरूको यस सभामा लिएर आउने व्यक्तिसमेत मारिन योग्य छ ।।११।। तिमीलाई कर्तव्य अकर्तव्यको केही ज्ञान छैन, बुद्धि पाको भएको छैन, तिमी अविनयी छौ, तिम्रो स्वभाव उग्र छ, बुद्धि छोटो छ, मन आफ्नो अधीनमा छैन, विचार नगरीकन काम गर्ने तिम्रो बानी छ, अतएव तिमी वडा दुर्बुद्धि छौ । हे इन्द्रजित् ! बालक हुनाले तिमी यस किसिमको कुरा गरिरहेका हौ ।।१२।। जब रामचन्द्रजी रणभूमिमा उभिएर ब्रह्मदण्डसमानका, कालाग्निको ज्वाला जत्तिकै जाज्वल्यमान देखिने, यमदण्ड जस्ता तीखा-तीखा बाण चलाउन थाल्नेछन्, त्यस बखतमा यी बाणको चोट कसले सहने हो सो म जान्न चाहन्छु ।।१३।।

हे दाजैज्यू ! धन, रत्न, उत्तम उत्तम गहना, वस्त्र, दिव्य मणि यी सबैको साथमा सीताजीलाई

रामचन्द्रको जिम्मामा लगाइदिनुहोस् त्यसो भएपछि मात्र तपाईं हामी सबै स्वच्छन्द भई यहाँ लङ्कापुरीमा रहन पाउनेछौं ॥१४॥

सर्ग–१६

विभीषण रावणलाई छोडेर जान्छन् ।

कानलाई आनन्द दिने, कल्याण गराउने विभीषणका यी कुरा सुनेपछि कालले कृतकृत्याइ-राखेको रावण उनलाई कठोर वचन भन्नलाग्यो ॥१॥ शत्रुको साथमा अथवा झोंक्रिराखेको साँपसँग बस्न सकिन्छ किन्तु नाममात्रको मित्र तर शत्रुपट्टि लागेको व्यक्तिसँग कदापि बस्न सकिन्न ॥२॥ हे राक्षस ! तीनै लोकमा प्रसिद्ध भइराखेको कुल-कुटुम्बीको स्वभाव मलाई थाहा नभएको होइन, आफ्ना नातादारमा कसैमाथि आपत्ति पर्‍यो भने अर्कोचाहिं खुशी हुन्छ ॥३॥ नातादारमध्ये कसैले राज्य पायो, राज्यको रक्षक भयो, विद्वान् भयो अथवा धर्मात्मा भएर निस्क्यो भने कुलकुटुम्बीहरू उसको तिरस्कार गर्दछन् र कोही शूरो छ भने छिद्र खोजी-खोजी उसलाई परास्त गर्न चाहन्छन् ॥४॥ नातादारहरूभन्दा बर्ता भयानक अरू को होला ? यिनीहरूको मनभित्रको कुरा जान्न बडो गाह्रो हुन्छ, यिनीहरू बडा आततायी हुन्छन्, आफू-आफूमा एउटामाथि आपत्ति पर्दा अर्कोचाहिं आनन्द मान्दछ ॥५॥ आफूलाई बाँध्न भनी हातमा पाशो लिएर आएका मानिसलाई देख्ता पद्मवनका हात्ती-हरूले यो श्लोक भनेथे, बूढापाकाको मुखबाट मैले सुनेको यो श्लोक तिमीहरूलाई भन्दछु, सुन ॥६॥ आगो, पाशो, अथवा अरू कुनै प्रकारको अस्त्र देख्ता हामीलाई डर लाग्दैन, तर आफ्नो मतलब पूरा गर्नामा लागेका आफ्ना नाता कुटुम्बीलाई देख्ता ता हामीलाई डर लाग्दछ ॥७॥ यिनीहरू नै हामीलाई पक्रने उपाय बताउने छन्, यसै कारणले सबै डरभन्दा नाताकुटुम्बीबाट आउने डरलाई सबैले भन्दा बर्ता दुःख दिने संझन्छु ॥८॥ जसरी गाईहरूमा हव्य कव्यादिको साधन रहन्छ, आइमाईमा चञ्चल-पना र ब्राह्मणहरूमा तपस्या रहन्छ त्यसै गरी नाता कुटुम्बीमा भयको कारण नभइछोड्दैन ॥९॥ शत्रुहरूलाई परास्त गरेर मैले अतुल ऐश्वर्य्य हात लगाएको छ र यसैले तीनै लोक मेरो आदर गर्दछ, तर हे भाइ ! यही मेरो सौभाग्य तिम्रा लागि असन्तोषको कारण भइराखेको छ ॥१०॥ जसरी कमलको पातमाथि परेको पानीको थोपा त्यहाँ अडिएर रहन सक्तैन त्यसै गरी अधर्मीहरूसंग भएको मैत्री पनि स्थायी रूपले स्थिर रहन सक्तैन ॥११॥ जसरी वर्षाकालमा पानीको वृष्टि गर्ने तथा गर्जने मेघले शरदृऋतुमा पानी बर्साउँदैन त्यसै गरी अधर्मीहरूसंगको मैत्री पनि निष्फल भएर जान्छ ॥१२॥ जसरी प्यासो भ्रमरा फूलहरूबाट इच्छाअनुसारको मधुपान गरेर तृप्त भएपछि त्यहाँ एक छिन पनि अडिन्न त्यसै गरी दुर्जनसंग मित्रता गर्नाले उ केवल आफ्नो मतलब पूरा गर्नपट्टि लाग्दछ, हे विभीषण ! तिमी पनि ठीक यस्तै रहेछौ ॥१३॥ जसरी महको लोभी भ्रमरा काँसको फूलमा यत्न गर्दा पनि मह पाउँदैन त्यसै गरी दुर्जनसंग मित्रता गर्नाले त्यसबाट केही फल पाउन सकिन्न ॥१४॥ जसरी हात्ती पहिले स्नान गर्दछ र पछिबाट सूंडले धूलो छर्केर आफ्नो शरीरलाई

गन्दा तुल्याइदिन्छ त्यसै गरी दुर्जनसंग मित्रता गर्नाले पहिले ता उ आफ्नो मतलब पूरा गर्नपट्टि लाग्दछ र जब काम सिद्ध हुन्छ तब ता पहिलेको स्नेह बिर्सेर मैत्री नाश गर्न खोज्दछ ।।१५।। हे कुलको कलङ्क ! तँलाई धिक्कार छ, साक्खै भाइ हुनाले मात्र अहिलेसम्म जीउँदो रहन पाएको छस्, अरू कसैले यस्तो कुरा भनेको भए ता उ कदापि जीउँदो रहन पाउने थिएन ।।१६।।

न्यायको कुरा गर्ने विभीषणलाई रावणले यस प्रकारको कठोर वचन भन्यो । उनी पनि यसरी धिक्कार पाएपछि हातमा गदा धारण गरी चारओटा राक्षसलाई साथमा लिएर आकाशतिर उडेर गए ।।१७।। श्रीमान् भाइ विभीषणलाई खप्नै नसकिने रिस उठ्यो र उनी आकाशैमा अडिएर आफ्ना दाजु राक्षसराज रावणलाई भन्नलागे ।।१८।। हे महाराज ! तपाईं दाजु हुनाले पितासमानका माननीय हुनुहुन्छ, तपाईंले जे भने पनि हुन्छ, तर तपाईं ता धर्मको बाटोलाई छाडेर अधर्मी काम गर्नपट्टि लाग्नुभएको छ र तपाईंलाई भ्रम भइराखेको छ । अतएव दाजु भए तापनि म तपाईंका यी कठोर वचन सहने होइन ।।१९।। हे दशानन ! तिम्रो भलो होस् भन्ने इच्छाले मैले तिमीलाई यी हितका कुरा भनेको हुँ, तर कालको वशमा परिसकेकोले तिमीले मेरो कुरामा ध्यानै राखेनौ । यथार्थमा जसको मरणवेला नजीक आइराखेको हुन्छ त्यसको ठीक तिम्रै जस्तै अवस्था हुन्छ ।।२०।। हे राजन् ! सदा मीठो कुरा गर्ने मानिस जति भने पनि पाइन्छन्, तर सुन्दा अप्रिय लाग्ने भए तापनि हितको कुरा भन्ने र सो कुरा सुन्ने यी दुवै थरीका मानिस पाउन बडो गाह्रो छ ।।२१।। जसरी घरमा आगो लागेको देखेपछि त्यसलाई निभाउनामा आलस्य गर्न हुँदैन त्यसै गरी तपाईंलाई सबै प्राणीको संहार गर्ने कालको पाशोमा बाँधिएर नाश हुनलागेको देखेपछि मैले कसरी त्यसै चूप लागेर बस्ने ? ।।२२।। बल्दो आगोसमानको चहक भएका सुनै सुनले मोरिएका तीखा-तीखा रामचन्द्रको बाणले म तिमीलाई मरेको देख्न चाहन्नँ ।।२३।। जसरी बालुवाको बाँध जस्तै बलियो भए तापनि वर्षा लाग्नासाथ बिग्रेर जान्छ त्यसै गरी शूरा, बलिया, अस्त्र शस्त्रको प्रयोगमा निपुण भएकाहरू पनि मरणको समय नजीक आएपछि रणभूमिमा नाश नभइछाड्दैनन् ।।२४।। हे दाजैज्यू ! आफूभन्दा ठूलो सम्झेर भलो गर्ने इच्छाले मैले तपाईंलाई जे भनें त्यसमा कुनै अपराध देख्नुभएको भए क्षमा गर्नुहोला, तपाईंको कल्याण होस्, अबलाई म जान्छु, राक्षसहरूको साथमा यस लङ्कापुरीको र आफ्नो रक्षा गर्नुहोला, म नरहनाले तपाईं सुखी हुनुहोस् ।।२५।। हे राक्षसराज ! तपाईंको कल्याण होस् भन्ने इच्छाले तपाईंलाई रोकेको हुँ, तर मैले भनेको कुरा रुचाउनुभएन । आयु सकिनलागेको मानिसले मरणको समयमा आफ्ना मित्रहरूले भनेको कुरा मान्दैन, यही हालत अहिले तपाईंको पनि भइराखेको छ ।।२६।।

सर्ग—१७

विभीषण रामनेर जान्छन्; उनको बारेमा वानरहरूको राय ।

राक्षसराज रावणलाई यस प्रकारका कठोर वचन भनिसकेपछि विभीषण एक्कै छिनमा राम लक्ष्मण

भएको ठाउँमा पुगिहाले ॥१॥ पृथ्वीबाट वानर सेनापतिहरूले आकाशमा अडिराखेका, आफ्नो तेजले प्रकाशमान भइराखेका विभीषणलाई सुमेरु पर्वतको टाकुरा जस्तै देखे ॥२॥ कवच हात हतियार भिरेका, राम्रा राम्रा गहना लगाएर सिंगारिएका, यिनका बडा पराक्रमी चार जना सेवक पनि साथैमा थिए ॥३॥ विभीषण मेघ र पर्वत जस्तै देखिन्थे, इन्द्रको जस्तै यिनको शरीरको तेज थियो, असल असल हात-हतियार भिरेका थिए र दिव्य आभूषणले यिनीहरू सिंगारिएका पनि थिए ॥४॥ बुद्धिमान्, पराजित हुन नसक्ने वानराज सुग्रीव, यी चार मन्त्रीहरूको साथमा पाँचौं विभीषणलाई देखेपछि वानरहरूसँग सल्लाह गर्नलागे ॥५॥ केही बेरसम्म विचार गरिसकेपछि यिनी हनुमान् आदि गरिएका सबै वानर-हरूलाई यस किसिमको राम्रो कुरा भन्नलागे ॥६॥ हेर, सबै अस्त्रशस्त्रले सुसज्जित भएको यो राक्षस चारओटा राक्षसहरूलाई साथमा लिई निस्सन्देह हामीलाई मार्नाका लागि आइरहेको हो ॥७॥ सुग्रीवको कुरा सुन्नेबित्तिकै यी सबै श्रेष्ठ वानरहरू सालको रूख तथा पर्वतका ठूला ठूला ढुङ्गा उजाएर भन्नलागे ॥८॥ हे राजन् ! झट्टै यी पापीहरूलाई मार्ने आज्ञा दिनुहोस्, हामीहरू यी निर्धाहरूलाई चाँडै नै मारेर भूइँमा खसालिदिनेछौं ॥९॥

वानरहरूले परस्परमा यस प्रकारको कुरा गर्दा गर्दैमा विभीषण समुद्रको उत्तर तीरमा आइपुगे र केही बेर विश्राम गरी आकाशैमा अडिरहे ॥१०॥ सुग्रीव तथा अरू वानरहरूलाई देखेपछि महाबुद्धि-मान् विभीषण आकाशैमा अडिएर चर्को स्वर गरेर भन्नलागे ॥११॥ राक्षसहरूको मालिक रावण नाम गरेको एउटा दुराचारी राक्षस छ, म उसैको भाइ हुँ, विभीषण मेरो नाम हो ॥१२॥ यसैले जटायुलाई मारेर जनस्थानबाट सीताको हरण गरेको हो; लाचारी हालतमा परेकी बिचरी सीतालाई यसले रोकि-राखेको छ ॥१३॥ मैले अनेक कारण देखाएर, नीतियुक्त अनेक कुरा भनेर सीतालाई रामको हातमा समर्पण गर्नामा श्रेय छ भनेर उसलाई बारंबार संझाएको हुँ ॥१४॥ मैले हितको कुरा भने तापनि जसरी मरण नजीक आएको व्यक्तिले औषधिको सेवन गर्दैन त्यसै गरी कालले कुतकुत्याइराखेको रावणले मैले भनेको कुरा मानेन ॥१५॥ अनेक कठोर वचन भनेर त्यसले कमाराहरूको झैं मेरो अपमान गऱ्यो, त्यसै कारण छोरा स्वास्नी सबै छाडेर म रामको शरण पर्न आएको छु ॥१६॥ सबै प्राणीलाई शरण दिने महात्मा रामचन्द्रलाई विभीषण आइराखेका छन् भनेर निवेदन गरिदेऊ ॥१७॥

यो कुरा सुन्नेबित्तिकै वानरराज सुग्रीव हतार गरेर गए र अलि रिसाए जस्तो गरेर लक्ष्मणको अगाडि रामचन्द्रलाई भन्नलागे ॥१८॥ दुश्मनको फौजपट्टिको एउटा शत्रु अकस्मात्सङ्ग हाम्रो सेनामा आइराखेको छ । जसरी लाटोकोस्यारोले कागहरूलाई मारिदिन्छ त्यसै गरी मौका पर्नासाथ यसले हामीलाई मारिदिनेछ ॥१९॥ हे शत्रुलाई ताप पार्ने राजन् ! वानरहरूको रक्षा र शत्रुहरूको विनाशका लागि तपाईंले कर्तव्याकर्तव्यको विचार राखी सेनालाई ठीकठाक पार्ने, तालीम गर्ने र शत्रुसेनाको वृत्तान्त जान्नाका लागि दूतहरूलाई नियुक्त गर्ने काममा सावधान हुनुपऱ्यो । यसै गर्नाले तपाईंको कल्याण हुनेछ ॥२०॥ इच्छाअनुसारको रूप धारण गर्न सक्ने यी राक्षसहरू अदृश्य भएर हिंड्न सक्तछन्, यिनीहरू

शूरा हुन्छन् र छलकपट गरेर प्रहार गर्दछन्, यिनीहरूको कहिले पनि विश्वास गर्न हुन्न ॥२१॥ राक्षसराज रावणको यो गुप्ती दूत होला, हामीहरूसँग मिसिएर यसले हामीहरूमा फूट गराउन सक्तछ, यसमा सन्देह लिनुपर्ने कुनै कुरो छैन ॥२२॥ अथवा यसमाथि विश्वास गरेर जसै हामी असावधान हुन थाल्नेछौं, यो बुद्धिमान् राक्षसले हाम्रो सेनाभित्र पसी विश्वासमा परेका हामीमाथि शायद प्रहार गरिहालोस् ॥२३॥ आफ्नो मित्रको सेना, आफ्नो सेना तथा भर्खरै नोकरीमा नियुक्त भएकाहरूको सेनाको संग्रह गर्न सकिन्छ, तर शत्रुसेनाको संग्रह गर्नु ता मुनासीब छैन ॥२४॥ यो आफैं आइराखेको व्यक्ति जातको राक्षस र शत्रुको साक्षात् भाइ हो, तसर्थ हे प्रभो ! यसमाथि कसरी विश्वास गर्न सकिन्छ ? ॥२५॥ रावणको विभीषण नाम गरेको भाइ चारजना राक्षसलाई साथमा लिएर तपाईंको शरण पर्न आइराखेको छ । मेरो विचारमा ता रावणले यस विभीषणलाई आफ्नो दूत बनाएर पठाएको हो, तसर्थ हे क्षमाशील ! म ता यसलाई दण्ड दिनैमा उचित देख्तछु ॥२६-२७॥ रावणको भनाइमा लागेर खोटो नियत गरेर यो यहाँ आएको हो, तपाईंमा पत्यार पारिसकेपछि, कपटद्वारा आफूलाई अदृश्य गराएर यसले तपाईंमाथि प्रहार गर्न खोजेको हो ॥२८॥ यो विभीषण क्रूर रावणको भाइ हो, कठोर यातना दिएर साथीहरूको साथसाथै यसलाई मारिदिनुपर्दछ ॥२९॥ वाक्यको अर्थ बुझ्ने, झोंकिएका सेनापति सुग्रीव, कुरा गर्नामा सिपालु रामचन्द्रलाई यति कुरा भनिसकेपछि चूप लागे ॥३०॥

सुग्रीवका यी कुरा सुनेपछि महाबली रामचन्द्र नजीकै बसिराखेका हनुमान् आदि गरिएका मुख्य मुख्य वानरहरूलाई भन्नलागे ॥३१॥ वानरराजले रावणका भाइको विषयमा जति युक्तियुक्त कुरा भने सो तिमीहरूले पनि सुनिहाल्यौ होला ॥३२॥ मित्रहरूको काममा सन्देह उत्पन्न भएपछि, मित्रको अखण्ड कल्याणको चाहना गर्ने, विचार गर्नामा समर्थ भएका बुद्धिमान्हरूले कर्तव्याकर्तव्यको विषयमा अवश्यै उपदेश गर्नुपर्दछ ॥३३॥ रामचन्द्रले यस प्रकारसँग सोधेपछि उनको कल्याण चिताउनेहरू उत्साहित भएर विनय तथा नम्रतासाथ आफ्नो आफ्नो मत प्रकट गर्नलागे ॥३४॥ हे रामचन्द्र ! तीनै लोकमा तपाईंलाई थाहा नभएको कुनै कुरै छैन । मैत्रीभावले तपाईंले हामीहरूसँग यो कुरा जो सोध्नुभयो सो केवल हाम्रो सन्मान बढाउनाका लागि सोध्नुभएको हो ॥३५॥ तपाईं सत्यव्रत, शूरो, धर्मात्मा, ठूलो पराक्रम भएको, विचार गरेर काम गर्ने, अर्काले गरेको उपकारको संझना राख्ने र मित्रहरूमाथि अटल विश्वास राख्ने हुनुहुन्छ ॥३६॥ अतएव विचार प्रकट गर्नामा समर्थ भएका बुद्धिमान्हरू पालै पालोसँग यस विषयमा आफ्नो बुद्धिअनुसारको राय दिऊन् ॥३७॥

वानरहरूले यसो भनेपछि बुद्धिमान् अङ्गदले विभीषणको परीक्षा लिनुपर्दछ भन्ने कुरा रामचन्द्र-लाई निवेदन गरेर भन्नलागे ॥३८॥ हे महाराज ! यो विभीषण शत्रुपट्टिबाट आएको हो, तसर्थ यस-माथि शङ्का गर्नैपर्दछ, सहसा यसमाथि विश्वास गर्नु ठीक छैन ॥३९॥ किनकि दुष्टहरू आफ्नो मन-भित्रको कुरा लुकाउँछन् र मौका पर्नासाथ प्रहार गरिहाल्दछन्, जसबाट कि ठूलो हानि हुन्छ ॥४०॥

अर्थ अनर्थको विचार गरेर काम गर्न थाल्नुपर्दछ, परिणाममा भलो हुने देखियो भने सो काम गर्नुपर्दछ, भलोभन्दा बर्ता कुभलो हुने देखियो भने ता सो काम गर्न हुन्न ॥४१॥ यसै कारणले यो आइराखेको विभीषणमा ठूला ठूला दोष छन् भने निस्सन्देह यसलाई त्याग गरिदिनुपर्दछ, हे राजन् ! यदि यसमा धेरै गुण छन् भने ता यसको संग्रह गर्नैपर्दछ ॥४२॥

यसपछि शरभ नाम गरेको वानरले एक्कै छिन विचार गरेर युक्तियुक्त कुरा भन्यो—हे नरश्रेष्ठ ! विभीषणको परीक्षाको लागि झट्टै एउटा दूत नियुक्त गरिहाल्नुहोस् ॥४३॥ गुप्ती दूत खटाएर यस दूतले सूक्ष्म बुद्धिद्वारा उसको परीक्षा गरेपछि निर्दोष ठहरियो भने उसलाई आफूकहाँ राख्नुहोला ॥४४॥

यसपछि शास्त्र दृष्टिले विचार गरेर बुद्धिमान् जाम्बवान् दोषरहित तथा गुणले युक्त भएको कुरा भन्नलागे ॥४५॥ पापी रावणसंग अहिले हाम्रो दुश्मनी भइराखेको छ, यो विभीषण भने उसैकहाँबाट आइराखेको छ । यसको यहाँ आउने न यो समय हो न ठाउँ हो, लंकामाथि आक्रमण हुन आँटेको छ, यसले ता उहाँ रहेर आफ्नो दाजुको रक्षा गर्नामा लाग्नुपर्ने हो, अतएव यसमाथि शङ्का गर्नु बिलकुलै मुनासीब देखिन्छ ॥४६॥

यसपछि नीति अनीतिको ज्ञान भएको, कुरा गर्नामा सिपालु मैन्द नाम गरेको वानर केही बेर विचार गरेर उत्तम युक्तिले युक्त भएको कुरा भन्नलाग्यो ॥४७॥ यो विभीषण उही रावणको आफूमुनिको भाइ हो, तसर्थ, हे राजन् ! मीठो बोली गरेर योसंग जम्मै कुरा सोध्नुपर्दछ ॥४८॥ ठीक ठीकसंग यसको मनभित्रको आशय बुझेपछि जे उचित संझनुहुन्छ सोही गर्नुहोला । हे राजन् ! यो विभीषण दुष्ट हो वा होइन सो कुरा आफ्नै बुद्धिद्वारा विचार गर्नुहोला ॥४९॥

यसपछि सबै शास्त्रको ज्ञान भएका मन्त्रीश्रेष्ठ हनुमान् मधुरो नरम बोली गरेर छोटकरीमा अर्थयुक्त कुरा भन्नलागे ॥५०॥ तपाईं बुद्धिमान्, विचार गर्नामा निपुण र बोल्नामा सिपालु हुनुहुन्छ, तसर्थ यहाँलाई कसले उपदेश दिन सक्तछ ? बृहस्पतिसमेत कुरा गर्नाका तपाईंलाई जित्न सक्तैछैनन् ॥५१॥ आफ्नो तार्किक शक्ति प्रकट गर्न, अरूमाथि आफ्नो बढत्व देखाउन, खूब बुद्धिमान् छु भन्ने घमण्ड देखाउन अथवा बोल्ने सोख पूरा गर्नाका लागि म बोल्नलागेको होइन, तर तपाईंले आदर गरेर सोध्नुभएकोले म जे ठीक देख्तछु सो भन्दछु ॥५२॥ अर्थ अनर्थको विषयमा तपाईंका मन्त्रीहरूले जे भने त्यसमा ता म दोष देख्तछु, किनकि यस कुराको पत्ता लगाउने म कुनै उपाय नै देख्तिनँ ॥५३॥ सोधपूछ नगरी यसको मनभित्रको आशय थाहा हुन गाह्रो छ, तर एकाएकी उसलाई तपाईंको सामुन्ने ल्याएर सोधपूछ गर्ने कुरा पनि अनुचितै देखिन्छ ॥५४॥ गुप्ती दूत नियुक्त गर्ने कुरा जो तपाईंका मन्त्रीहरूले भने, मेरो विचारले ता विनामतलबले दूत पठाउने केही आवश्यकता देख्तैन ॥५५॥ यो विभीषण बेमौकामा र नआउनुपर्ने ठाउँमा आइराखेको छ भन्ने कुरा जो जाम्बवान्ले भने यस सम्बन्धमा पनि म आफ्नो बुद्धिअनुसार केही भन्न चाहन्छु, मन दिएर सुन्नुहोस् ॥५६॥ रावणको अपेक्षा तपाईंलाई उत्तम पुरुष ठहऱ्याएर तथा दुवैका गुण दोषको परीक्षा गरी यो तपाईंकहाँ आएको हो, पापी

रावणकहाँबाट धर्मात्मा राम भएको ठाउँमा आउनु सुदेश हो र यस्ता धर्मात्मानेर पुऱ्याउने समय पनि श्रेष्ठ समय हो ।।५७।। रावणको दुष्टऱ्याइँ तथा तपाईंको पराक्रम देखेकोले, आफ्नो बुद्धिले विचार गरेर यो यहाँ आएको हो, उसको यहाँ आउनु बडो वाजिब र बुद्धिमानीको काम हो ।।५८।। अज्ञात पुरुषद्वारा योसँग सोधपूछ गर्नुपर्दछ भन्ने कुरा जो मैन्दले भने यस सम्बन्धमा पनि मैले विचार गरेर निर्णय गरेको कुरा सुन्नुहोस् ।।५९।। जस्तोसुकै बुद्धिमान् भए तापनि एकान्तमा सोधपूछ गर्नाले उसको मनमा शङ्का उत्पन्न हुन सक्तछ । निष्कपट भावले तपाईंबाट सुख पाउने अभिलाषाले उ यहाँ आएको भए ता सोधपूछले गर्दा उसलाई शङ्का पर्न गयो भने ता मित्र-भाव कायम रहन सक्नेछैन ।।६०।। हे राजन् ! अर्काको मनभित्रको आशय एक्कासि बुझ्न सक्नु ता असम्भव कुरो हो, हो, धेर कालसम्म परीक्षा गरेपछि चतुरा मानिस स्वरको भेदले, अथवा कण्ठको ध्वनिले यो कुरा थाहा पाउन सक्लान् ।।६१।। हे राघव ! यसको बोलीले ता खोटो अभिप्राय होला जस्तो लाग्दैन र यसको मुख पनि हँसिलो देखिन्छ, तसर्थ यसको सम्बन्धमा ता मलाई केही सन्देह लाग्दैन ।।६२।। मनमा कपट राख्ने मानिस कदापि निःशङ्क भएर तथा हँसिलो मुख लगाएर नजीकमा आउन सक्तैन, यसको बोलाइमा पनि कुनै प्रकारको दोष देखिन्न । तसर्थ यो विभीषणप्रति मलाई केही सन्देह लाग्दैन ।।६३।। मनभित्रको भावअनुसार मानिसको मुखको अनुहार बन्न जान्छ, मुखको आकार लुकाऊँ भने पनि लुकाउन सकिन्न, मानिसको मनभित्रको आशयलाई यसले बलजफ्तीसँग प्रकट गरिहाल्दछ ।।६४।। काम गर्न जान्नेहरूमध्येका श्रेष्ठ हे राजन् ! देश कालको विचार राखेर विधिपूर्वक काम गरियो भने सो काम चाँडै नै सफल हुन्छ, तसर्थ विभीषणको यहाँ आउने काम अवश्य सफल हुनेछ ।।६५।। तपाईंको उद्योग र रावणलाई पापकर्मतिर लागेको देखेर, बालिलाई मारेर सुग्रीवलाई राज्य दिनुभयो भन्ने सुनेकोले रावणलाई मारेर मलाई राज्य दिनुहोला भन्ने आशा लिएर, सोच-विचार गरीकन यो तपाईंकहाँ आएको हो । यस कुराको विचार गर्दा ता यसलाई आफूतिर मिलाउनैमा उचित देखिन्छ ।।६६-६७।। यो विभीषण निर्दोष छ भन्ने कुरामा मैले आफ्नो बुद्धिले देखेसम्मको .जो भन्नु थियो सो तपाईंले सुनिहाल्नुभयो, अबलाई जे उचित ठहऱ्याउनुहुन्छ सो गर्नुहोस् कारण तपाईं बुद्धिमानहरूमा श्रेष्ठ हुनुहुन्छ ।।६८।।

सर्ग—१८

विभीषणलाई शरण दिने कुरामा सुग्रीवको रामचन्द्रसित छलफल ।

आफ्नो मनभित्र भएको कुरा वायुपुत्र हनुमान्को मुखबाट निस्केको सुन्दा, सबै शास्त्रको तत्त्व बुझेका, अजेय रामचन्द्र बहुतै खुशी भए र यस प्रकारसँग जवाफ दिनलागे ।।१।। विभीषणको सम्बन्धमा मैले पनि केही कुरा भन्नुपरेको छ, मेरो कल्याण गर्नामा लाग्नुभएको तपाईंहरू सबै मैले भनेको कुरा सुन्नुहोस् ।।२।। यदि यो विभीषण मसँग मित्रता गर्ने इच्छाले आएको हो भने म यसलाई त्याग

गर्न सक्तिनँ । सम्भव छ यसमा कुनै दोष होस्, तर दोषी शरणागतलाई ग्रहण गर्ने कुरालाई सज्जनहरूले तारीफ गरेका छन् ॥३॥

रामचन्द्रले भनेका कुराको अनुमोदन गरेर केही सोच-विचार गरीकन वानरराज सुग्रीव हितका कुरा भन्नलागे ॥४॥ यो दुष्ट हो वा होइन यस कुराको विचार गर्नुपर्दैन । आखिर यो हो ता राक्षसै, जसले यस्तो आपत्तिमा परेको दाजुलाई छाड्न सक्तछ त्यसले कसलाई छाड्न सकोइन ।

सुग्रीवको यो कुरा सुनेपछि सबै वानरतिर फर्केर मुसुक्क हाँस्तै सत्यपराक्रमी रामचन्द्र शुभलक्षणले युक्त भएका लक्ष्मणलाई भन्नलागे ॥५–७॥ वानरराजले भनेको जस्तो कुरा शास्त्रको अध्ययन नगरेको अथवा बूढापाकाको संगतमा नरहेको कुनै व्यक्तिले पनि भन्न सक्तैन ॥८॥ दाजुलाई त्याग गर्ने कुरा जो तपाईंले भन्नुभयो सो ता संसारमा प्रत्यक्षै देखिने र राजाहरूमा चलिआएको हो, तर यसको कारण बडो सूक्ष्म होला जस्तो मलाई लाग्दछ ॥९॥ शत्रु दुइ किसिमका हुन्छन्, एउटा आफ्नो नातादार र अर्को नजीकको देशमा रहनेहरू, यी दुवै आपत्ति परेको देख्नासाथ प्रहार गरिहाल्दछन्; शायद यो विभीषण पनि रावणलाई संकष्टमा परेको देखेर उमाथि हमला गर्ने इच्छाले यहाँ आएको होला ॥१०॥ निष्कपटी नातादारलाई साधारण दुनियाँ आफ्नो हित गर्ने संझन्छन्, तर राजाहरू ता आफ्ना दाजु-भाइलाई जस्तोसुकै हित गर्ने भए ता पनि शङ्कै गर्दछन् । रावण पनि विभीषणमाथि शङ्का गर्दो होला, यसैले यो मकहाँ आएको हुनुपर्दछ ॥११॥ शत्रुसेनालाई आफ्नो पक्षमा नमिलाउने कुरा जो तिमीहरूले भन्यौ यस सम्बन्धमा पनि म नीतिशास्त्रमा लेखिए अनुसारको जवाब दिन्छु, सुन ॥१२॥ हामीहरू न यसका नातादार हौं न यसको मुलुकनेर बस्ने हौं, तसर्थ योसंग हाम्रो स्वाभाविक शत्रुता हुनै सक्तैन, यो ता केवल राज्यको लोभले हामीकहाँ आइराखेको छ । राक्षसहरू बुद्धिहीन र अर्काको हानि गर्ने स्वभावका हुन्छन् भन्ने कुरा म मान्दछु, तर यिनमा कुनै कुनै विवेकी पनि ता हुन्छन्, तसर्थ विभीषणलाई आफूतिर मिलाउनैपर्छ ॥१३॥ हामीसंग मिलेपछि विभीषण निश्चिन्त र सुखी हुनेछ । विभीषणले चिच्च्याएको सुन्दा राक्षसहरूको परस्परमा विरोध भएछ भन्ने कुरा थाहा हुन्छ, यही विरोधले गर्दा यो हामीकहाँ आएको हो ॥१४॥ हे सज्जन ! सबै भाइ भरत जस्ता हुन्नन्, बाबुका सबै छोरा मसमानका हुन्नन् र सबै मित्र तपाईं जस्तै हुन्नन् ॥१५॥

रामचन्द्रले यसो भनेपछि महाबुद्धिमान् सुग्रीव लक्ष्मणको साथसाथै उठेर अलि निहुरेर भन्नलागे ॥१६। यस राक्षसलाई तपाईं रावणले पठाएको दूत संझनुहोस्, तसर्थ हे क्षमाशील ! म ता यसलाई दण्ड दिनामा उचित देख्तछु ॥१७॥ राक्षसहरू कुटिल बुद्धि भएका हुन्छन् । रावणको आज्ञाले यो हाम्रो खबर पत्ता लगाउन आएको हो, हामीलाई पत्यार पारेर जान्नुपर्ने सबै कुरा जानिसकेपछि यसले तपाईं-माथि, ममाथि अथवा लक्ष्मणमाथि प्रहार नगरिछाड्ने होइन, तसर्थ हे महाबाहो ! मन्त्रीहरूको साथसाथै यसलाई मारिहाल्नुपर्दछ । यो विभीषण क्रूर राक्षस रावणको भाइ हो ॥१८-१९॥ कुरा गर्नामा सिपालु भएका सेनापति सुग्रीव, वाक्यको अर्थ बुझ्ने रामचन्द्रलाई यस प्रकारसंग भनिसकेपछि चूप लागे ॥२०॥

रामचन्द्रले सुग्रीवका यी कुरा सुने र त्यसमा विचार पनि गरे र अनि बानरश्रेष्ठ सुग्रीवलाई मीठो कुरा भन्नलागे ।।२१।। यो राक्षस चाहे असल होस् चाहे खराब होस्, के यसले कुनै तरहबाट मेरो अलिकता पनि अनिष्ट गर्न सक्ला त ? ।।२२।। हे वानरश्रेष्ठ ! मैले इच्छा गरें भने केवल औंलाको इशाराले म यस पृथ्वीका समस्त पिशाच दानव यक्ष र राक्षसहरूलाई मार्न सक्तछु ।।२३।। कुनै एक परेवाले आफूकहाँ शरण पर्न आएको शत्रुलाई विधिपूर्वक आदर गरेर आफ्नो मासु खानसमेत दिएथ्यो भन्ने मैले सुनेको छु ।।२४।। परेवाले समेत आफ्नी स्वास्नीको हरण गर्ने शत्रुलाई ग्रहण गर्‍यो भने म जस्ता मानिसको कुरै छैन अर्थात् जाबो चराले शरण पर्न आएकाको पालना गर्‍यो भने ता हामी मानिसले झन् दृढ भएर यस धर्मको पालना गर्नुपर्दछ ।।२५।। कण्व ऋषिका छोरा सत्यवादी परमर्षि कण्डुले उहिले एउटा जो धार्मिक कुरा भनेथे सो तिमीहरू सुन ।।२६।। हे परंतप ! शरणको चाहना गरेर हात जोरीकन शत्रु भए तापनि कसैले घरमा आएर माया उत्पन्न हुने गरी विन्तभाव गर्दछ भने धर्मरक्षाका लागि त्यसलाई मार्न हुन्न ।।२७।। शत्रु चाहे आर्त होस् चाहे अहङ्कारी, यदि त्यो आफूकहाँ शरण पर्न आएको छ भने आत्मज्ञानी मानिसले आफ्नो प्राणको मोह छाडेर भए पनि उसको रक्षा गर्नुपर्दछ ।।२८।। तर कदाचित् भयले मोहले, अथवा अरू कुनै प्रकारको इच्छाले शरण पर्न आएकाको आफ्नो भएभरको शक्ति लगाएर कसैले रक्षा गरेन भने त्यसलाई पाप लाग्दछ र लोकमा त्यसले निन्दित हुनुपर्दछ ।।२९।। शरण पर्न आएको व्यक्ति कदाचित् रक्षकको अगाडि नाश भयो भने, यो अरक्षित नाश भएको व्यक्ति रक्षा नगर्नेचाहिंको जम्मै पुण्य लिएर जान्छ ।।३०।। यस प्रकारले शरण पर्न आएकाको रक्षा नगर्नामा बडो ठूलो दोष छ, यसले गर्दा अपयश फैलिन्छ, परलोक नष्ट हुन्छ र बल वीर्यको समेत नाश हुन्छ ।।३१।। म ता कण्डु मुनिको उत्तम उपदेशअनुसार काम गर्ने हुँ, किनकि यिनको भनाइमुताविक काम गर्नाले धर्मयुक्त यशको वृद्धि हुन्छ र फलको उदय हुने वेलामा परलोकको सुख पाइन्छ ।।३२।। मेरो शरण पर्न आएको व्यक्तिले एक चोटि "म तपाईंको भएँ" भन्यो भने त्यो जोसुकै होस् म त्यसलाई अभयदान दिइहाल्दछु, यही मेरो व्रत हो यही मेरो नियम हो ।।३३।। हे कपिश्रेष्ठ सुग्रीव ! झट्टै उसलाई मकहाँ लिएर आऊ, चाहे त्यो विभीषण होस् चाहे स्वयं रावण होस्, मैले ता उसलाई अभय दिइसकें ।।३४।।

रामचन्द्रका यी कुरा सुनेपछि वानरराज सुग्रीव मैत्रीभावले पूर्ण भई उनलाई भन्नलागे ।।३५।। हे धर्मज्ञ ! हे राजशिरोमणि ! तपाईंले यो जो भन्नुभयो त्यसमा आश्चर्य्य मान्नुपर्ने कुरो केही छैन, तपाईंसिवाय अरू को यस्तो शक्तिमान् तथा धर्ममार्गमा हिंड्ने होला जो कि यस्तो कुरा भन्न सक्ला ? ।।३६।। मेरो अन्तस्करणले पनि अनुमानद्वारा तथा यिनको अनुहारको आकार देख्ता यिनी शुद्धै छन् भन्ने संझनलागेको छ, अबलाई यिनको परीक्षा भइसक्यो ।।३७।। अतएव, हे रामचन्द्र ! अब झट्टै विभीषण हामीहरूको साथमा समान भएर रहून् र यी बुद्धिमान् विभीषण हामीहरूको मित्र पनि बनून् ।।३८।।

सुग्रीवका यी कुरा सुनेपछि, यिनलाई साथमा लिएर, जसरी गरुडसित इन्द्रले भेट गरेथे त्यसै गरी रामचन्द्रले पनि विभीषणसित झट्टै भेट गरिहाले ॥३९॥

सर्ग—१९

राम विभीषणसित लङ्काको हाल खबर सोध्छन् र समुद्र पार गर्ने उपायको विचार गर्दछन्।

यस प्रकारसंग रामचन्द्रबाट अभय पाएपछि रावणका भाइ, विनयी, बुद्धिमान् विभीषण भूइँतिर हेर्नलागे ॥१॥ आफ्ना चार भक्त मन्त्रीहरूलाई साथमा लिएर मनमा हर्षले गद्‌गद भई विभीषण आकाशबाट तल भूइँमा ओर्ले र यी धर्मात्मा विभीषण रामचन्द्र भएको ठाउँनेर आए ॥२॥ चारै-ओटा राक्षसलाई साथमा लिएर विभीषणले रामचन्द्रको पाउमा ढोग गरे र उनलाई यस प्रकारसंग भन्नलागे ॥३॥

यिनका कुरा धर्मयुक्त, मौकाअनुसारका तथा हर्ष उत्पन्न गराउने किसिमका थिए। म रावणको साख्खै भाइ हुँ, तर उसले मेरो अपमान गऱ्यो ॥४॥ तपाईंलाई सबै प्राणीलाई आश्रय दिने देखेकोले, लङ्का, मित्र, तथा धनको परित्याग गरेर तपाईंको शरण पर्न आइराखेको छु ॥५॥ अबलाई मेरो राज्य, जीवन तथा सुख यी सबै तपाईंको अधीनमा रहने भए। विभीषणका यस्ता कुरा सुनेपछि प्रेमपूर्ण दृष्टिले उनीतिर हेरेर तथा मीठा मीठा बोलीले उनको मनमा ढाढस दिएर रामचन्द्रजी फेरि भन्न-लागे—हे विभीषण ! पहिले मलाई राक्षसहरूको बलाबल ठीकसंग बयान गरेर सुनाऊ ॥६-७॥

पुण्यात्मा रामचन्द्रले यस प्रकारसंग सोधेपछि राक्षस विभीषण रावणको सबै प्रकारको बलको वर्णन गर्नलागे ॥८॥ हे राजपुत्र ! ब्रह्माबाट पाएको वरदानको प्रभावले गन्धर्व, नाग, पक्षी तथा अरू जुनसुकै प्राणीले पनि रावणलाई मार्न सक्तैनन् ॥९॥ ममाथिको रावणको अर्को एउटा भाइ छ, यो बडो पराक्रमी र तेजस्वी छ, युद्धमा इन्द्रको जत्तिकै पराक्रम देखाउन सक्तछ, कुम्भकर्ण यसको नाम हो ॥१०॥ रावणको सेनापति प्रहस्तको नाम तपाईंले सुन्नुभएकै होला। यसैले कैलाशको युद्धमा मणिभद्रलाई जितेको हो ॥११॥ धनुको ताँदोको आघातबाट औंलाको रक्षाका लागि गोहीको छालाको पञ्जा लगाउने तथा कसै गरे पनि छेड्न नसकिने कवच धारण गर्ने इन्द्रजित् अदृश्य भएर युद्ध गर्न सक्तछ ॥१२॥ हे राघव ! यज्ञमा अग्निलाई हवनद्वारा तृप्त गराएकोले, ठूला-ठूला व्यूहको रचना भइराखेको रणभूमिबाट अदृश्य भएर यो इन्द्रजित् शत्रुहरूलाई मार्दछ ॥१३॥ युद्धमा लोकपाल-हरूको जस्तै बल देखाउने महोदर, महापार्श्व, अकम्पन आदि गरिएका राक्षसहरू रावणका सेनापति छन् ॥१४॥ इच्छाअनुसारको रूप धारण गर्न सक्ने, मासु रगतको अहारा गर्ने दश करोड राक्षस लंकामा बस्तछन् ॥१५॥ राजा रावणले यिनीहरूलाई संगमा लिएर लोकपालहरूसंग युद्ध गऱ्यो र यस दुष्टले देवताहरूको साथसाथै लोकपालहरूलाई समेत हराएर युद्धबाट भगाइदियो ॥१६॥

विभीषणका यी कुरा सुनेपछि रघुश्रेष्ठ रामचन्द्रलाई रावणको बलाबल थाहा भयो र एकै छिन मनमा विचार गरेर उनी भन्नलागे ॥१७॥ हे विभीषण ! रावणका जति पराक्रम तिमीले बयान गऱ्यौ ती सबै मैले राम्रै गरी बुझें ॥१८॥ प्रहस्त र छोरा इन्द्रजित्‌को साथसाथै रावणलाई मारेर म तिमीलाई लंकाको राजा बनाउनेछु, मैले तिमीसंग यो साँचो प्रतिज्ञा गरेको हो ॥१९॥ रसातल, पाताल, अथवा ब्रह्माको नजीक गए तापनि यो रावण मेरो हातबाट जीउँदो उम्कन पाउने छैन ॥२०॥ छोरा, नोकर-चाकर तथा नाता-कुटुम्बीको साथसाथै रावणलाई युद्धमा नमारीकन म अयोध्यामा प्रवेश गर्नेछैन, आफ्ना तीनै भाइको नाममा किरिया हालेर यो कुरा भन्दछु ॥२१॥

मानिसबाट हुन नसक्ने पराक्रमी काम गर्न सक्ने रामचन्द्रका यी कुरा सुनेपछि धर्मात्मा विभीषण रामको पाउमा टाउको राखेर भन्नलागे ॥२२॥ राक्षसहरूको वध गर्ने र लंकालाई जित्ने काममा म आफ्नो ज्यान रहेसम्म तपाईंको सहायता गर्नेछु र यसका लागि रावणको फौजभित्र समेत प्रवेश गर्नेछु ॥२३॥

यस किसिमसंग बोलिराखेका विभीषणलाई अंगालो हालेर रामले प्रसन्नतापूर्वक लक्ष्मणलाई अह्राए—समुद्रबाट जल लिएर आऊ र सो जलले झट्टै बुद्धिमान् विभीषणको राक्षसहरूको राजाको रूपमा अभिषेक गरिदिइहाल किनकि यिनीदेखि म अत्यन्त प्रसन्न छु ॥२४-२५॥

रामचन्द्रको यस प्रकारको आज्ञा पाउनासाथ सो आज्ञाअनुसार लक्ष्मणले मुख्य मुख्य वानरहरूको बीचमा विभीषणको राज्याभिषेक गरिदिए ॥२६॥ यति चाँडो महात्मा रामचन्द्रलाई विभीषणमाथि प्रसन्न भएको देख्ता वानरहरू हर्षध्वनि गर्नलागे र वाह वाह भनेर यिनको प्रशंसासमेत गर्न थाले ॥२७॥ अब हनुमान् र सुग्रीव विभीषणलाई सोध्नलागे—यी महाबली वानरहरूको फौजलाई साथमा लिएर हामीले कसरी यो अगाध समुद्र पार गर्ने हो ॥२८॥ अब यस समयमा हामीले नद नदीका स्वामी समुद्रलाई सेना साथमा लिएर शीघ्रतापूर्वक पार गर्न सक्ने उपायको विचार गर्नुपर्दछ ॥२९॥

यस्तो कुरा सुनेपछि धर्मात्मा विभीषणले यो जवाफ दिए—राजा रामचन्द्र समुद्रको शरण पर्न जाऊन् । मलाई ता यही कुरा ठीक लाग्दछ ॥३०॥ सगर राजाद्वारा खनिएको हुनाले यो विशाल समुद्रको नाम सागर भएको हो । सगर रामका उहिलेका पुरुखा हुन्, तसर्थ समुद्रले आफ्ना कुटुम्बीको काम अवश्यै गरिदिनेछन् ॥३१॥ विद्वान् राक्षस विभीषणले यस्तो कुरा गरेको सुनेपछि सुग्रीव त्यस ठाउँमा आए जहाँ कि राम लक्ष्मणको साथमा बसिराखेका थिए ॥३२॥ लामो घाँटी भएका सुग्रीव विभीषणले भनेका हितका कुरा अर्थात् समुद्रकहाँ शरण पर्न जाने कुरा उनलाई सुनाउनलागे ॥३३॥

जन्मैदेखि धर्मपट्टि ढल्केका रामलाई पनि यो कुरा निको लाग्यो र विभीषणको इज्जत गर्नाका लागि, काम-काजमा सिपालु ठहरिएका लक्ष्मण र वानरराज सुग्रीवलाई मुसुक्क हाँसेर भने—हे लक्ष्मण ! विभीषणले दिएको सल्लाह मलाई बेश लाग्यो ॥३४-३५॥ हे लक्ष्मण ! तिमी र सुग्रीव दुवै जना पण्डित

छौ र सल्लाह दिनामा निपुण छौ, अतएव तिमीहरू दुवै जना विचार गरेर हेर, र जे उचित देख्तछौ सो मलाई भन ॥३६॥

रामचन्द्रले यसो भनेपछि वीर सुग्रीव र लक्ष्मण यी दुवैले त्यस वेलालाई सुहाउने किसिमको उचित कुरा भन्नथाले ॥३७॥ हे नरश्रेष्ठ रामचन्द्र ! यस समयमा विभीषणले हामीलाई सुख हुने किसिमको जुन कुरा भनेका छन् त्यो कसरी हामीलाई निको नलाग्ला ? ॥३८॥ वरुणको निवासस्थान यस भयानक समुद्रमा पुल नबाँधीकन इन्द्रलगायत सबै देवता तथा दैत्यहरूसमेत पारि लंकासम्म पुग्न सक्तैनन् ॥३९॥ अबलाई एक छिन पनि विलम्ब नगरेर शूरा विभीषणले भनेको उचित वचनानुसार समुद्रलाई प्रार्थना गर्नामा तत्पर भइहाल्नुहोस् जसले गर्दा हामी सबै फौजको साथसाथै रावणद्वारा पालन गरिएको लङ्कापुरीमा पुग्न सकौं ॥४०॥

यी दुवैले यस प्रकारसङ्ग भनेपछि श्री रामचन्द्रजी, वेदीको बीचमा स्थापना गरिएको अग्नि झैं, कुशासन बिच्छ्याइराखेको, समुद्रको तीरमा गएर बसिहाले ॥४१॥

सर्ग—२०

रावणले पठाएका शुकादि दूतहरूलाई वानरहरूले पक्रन्छन् ।

शार्दूल नाम गरेको कुनै एक बलवान् राक्षसले समुद्रको तीरमा आएर त्यहाँ अडिराखेको, सुग्रीव-द्वारा पालना गरिएको सेनालाई गौड गरेर हेर्नलाग्यो ॥१॥ यो दुरात्मा राक्षसराज रावणको दूत थियो, फौजलाई सबै तरहबाट सुसज्जित देख्ता यो राक्षस फर्केर गइहाल्यो ॥२॥ झटपट लङ्कामा पुगेर यसले राजा रावणलाई भन्यो—वानर र भालूहरूको बथान लङ्कामा आइपुग्नलागेको छ । यो फौज अगाध, असंख्य र अर्कै एउटा समुद्र हो कि जस्तो देखिनलागेको छ । दशरथका छोरा राम, लक्ष्मण दुवै भाइ अतिशय राम्रो रूपले युक्त भएका छन् । यी दुवै महातेजस्वी सीताको उद्धारका लागि समुद्रको तीरमा आएर बसिराखेका छन् ॥३-५॥ यिनीहरूको फौज दश योजन जग्गा ढाकेर बसिराखेको छ । हे महाराज ! मैले भनेको कुरा साँचो हो, अब चाँडै नै यसको हाल खबर बुझ्न लगाइहाल्नुहोस् ॥६॥ हे महाराज ! झट्टै तपाईंका दूतहरूले गएर, सीतालाई फर्काइदिने हो अथवा साम भेद कुनचाहिं उपायको प्रयोग गर्ने हो सो कुराको पत्ता लगाऊन् ॥७॥

शार्दूलका यी कुरा सुनेपछि राक्षसेश्वर रावण हडबडायो र आफूले गर्नुपर्ने कामको निर्णय गरी, आफूले भनेको कुराको आशय बुझ्न सक्ने शुक नाम गरेको राक्षसलाई भन्नलाग्यो ॥८॥ झट्टै जाऊ र मैले भनेका कुरा मेरातर्फबाट राजा सुग्रीवलाई अलिकता पनि नहडबडाएर मधुरो स्वरले सुनाइदेऊ ॥९॥ तपाईं राजकुलमा जन्मनुभएको छ, ऋक्षरजाका छोरा हुनुहुन्छ र स्वयं पनि महाबली हुनुहुन्छ । रामचन्द्र-को सहायता गर्नाले तपाईंको धन सम्पत्ति बढ्ने पनि होइन, सहायता नगर्नाले कुनै प्रकारको हानि पनि हुने होइन, हे वानरराज ! तपाईं ता मेरो भाइसमान हुनुहुन्छ ॥१०॥ हे सुग्रीव ! मैले बुद्धिमान्

राजपुत्रको स्वास्नी हरेर ल्याएँ भन्दैमा तपाईंको के हानि भयो ? जे भए पनि अत्रलाई किष्किन्धातिर फर्केर जानुहोस् ।।११।। कुनै प्रकारले पनि वानरहरू यहाँ लंकासम्म आइपुग्न सक्तैनन्, देवता गन्धर्व-हरूको समेत ता यहाँ आउनु सम्भव छैन भने मानिस, वानरको कुरा त कता छ कता ।।१२।।

राक्षसराज रावणको यो आज्ञा सुन्नासाथ शुक राक्षस चराको रूप लिएर झटपट आकाशतिर उडि-हाल्यो ।।१३।। समुद्रमाथिमाथि आकाशको बाटो गरी धेरै टाढा पुगेपछि यसले आकाशैमा अडिएर सुग्रीवलाई दुरात्मा रावणले जति कुरा भनेको थियो ती सबै आफूले भनेर सुनाइदियो । राक्षस शुकले खबर सुनाउँदा सुनाउँदैमा वानरहरूले झटपट उफ्रेर उसलाई समातिहाले । कोही यसको पखेटा लुछ्न र कोही मुक्का चखाउनलागे । सबै वानरहरूले मिलेर यसलाई बलजफ्तीसँग पक्री हुनासम्मको सास्ती दिन-लागे ।।१४-१६।। यिनीहरूले बलैसँग यसलाई समातेर आकाशबाट ओह्राले र तल भूईंमा राखे । वानरहरूद्वारा अत्यन्त दुःख पाउनलागेपछि शुक राक्षस भन्नलाग्यो ।।१७।। हे राघव ! दूतलाई मार्नुहुन्न, यी वानरहरूलाई रोकिदिनुहोस्, जुन दूतले मालिकले भनेको कुरा नसुनाएर आफ्नो मनमा लागेको अथवा भन्दै नभनेको कुरा सुनाउँछ त्यो दूत पो मारिन योग्य हुन्छ ।।१८।। शुकले भनेको कुरा र यसको विलाप सुनेपछि, रामचन्द्रले त्यसलाई मार्नलागेका वानरहरूलाई यसलाई नमार भन्ने आज्ञा दिए ।।१९।।

वानरहरूबाट अभय पाएपछि शुक सानो आकार तुल्याएर आकाशमा उडेर गयो र त्यहींबाट फेरि भन्नलाग्यो ।।२०।। हे सत्वसम्पन्न हे महाबलवान् पराक्रमी सुग्रीव ! संसारलाई रुवाउने रावणकहाँ गएर मैले तपाईंको तर्फबाट के भन्ने हो ? ।।२१।।

वानरहरूका मालिक, वानरश्रेष्ठ महाबली सुग्रीव, यस राक्षसका यस्ता कुरा सुनेपछि, यसलाई राक्षसराज रावणको गुप्ती दूत संझेर, छलकपट केही नभएको कुरा अलिकता पनि नदबेर भन्न लागे ।।२२।। तिमी न मेरा मित्र हौ, न दयाका पात्र हौ, न तिमीले मेरो कुनै उपकार गरेको छ, न तिमी मेरो प्यारो छौ तर परिवारसहित रामचन्द्रसँग शत्रुता गरेकोले, बालि झैं, तिमी पनि मारिन योग्य भएका छौ ।।२३।। हे राक्षसराज ! म तिम्रा नातादार, दाजु भाइ र छोराहरूको साथसाथै तिमीलाई मार्नेछु; विशाल सेना तथा रामहरूलाई संगमा लिएर त्यहाँ आई तिम्रो जम्मै लङ्का शहर भस्म पारिदिनेछु ।।२४।। इन्द्रलगायत सबै देवताहरू तिम्रो रक्षा गर्नामा तत्पर भए तापनि रामको हातबाट तिम्रो छुटकारा हुने सम्भव छैन । हे मूर्ख रावण ! चाहे लुक, चाहे सूर्यको बाटोमा जाऊ, चाहे पातालमा प्रवेश गर अथवा शिवको चरणमा आश्रय लिन पुग, कसै गरे पनि तिम्रो रक्षा हुने छैन, भाइको साथमा तिमीले आफूलाई रामको हातबाट मरेको संझे पनि हुन्छ ।।२५।। म ता तीनै लोकका पिशाच, राक्षस, गन्धर्व, असुर यी कसैलाई पनि तिम्रो रक्षा गर्न सक्ने देख्तिनँ ।।२६।। बूढा गृध्रराज जटायुलाई मारें भन्दैमा म बलियो छु भन्ने घमण्ड नगर, के तिमीले राम र लक्ष्मणको सामुन्नेमा सीता हरेर ल्याएको हो ? यिनै विशालाक्षी सीतालाई हरेर ल्याएकोले महाबली, देवताहरूले पनि

जिल नसक्ने, रघुश्रेष्ठ, महात्मा रामचन्द्रले तिम्रो प्राण हरण गर्नेछन् भन्ने कुरा अझसम्म पनि तिमीले बुझेका छैनौ ॥२७-२८॥ यसपछि बालिका छोरा, वानरश्रेष्ठ अंगदले भने—हे महाबुद्धिमान् ! यो दूत होइन, हाम्रो हाल खबर बुझ्न आएको गुप्ती खुफिया हो जस्तो मलाई लाग्दछ ॥२९॥ यहाँ बस्ता बस्तैमा यसले हाम्रो फौजको जम्मै हाल पत्ता लगाइसक्यो, यसलाई पक्रिहाल्नुपर्दछ, यसनिम्ति कि यो लङ्कामा पुग्नै नपाओस्, मैले ता यसै गर्नामा बेश ठह्र्याएँ ॥३०॥

अंगदले यसो भनेपछि वानरराज सुग्रीवको आज्ञा पाउनासाथ वानरहरूले उफ्रेर त्यसलाई समातिहाले र अनाथझैं विलाप गर्नलागेको त्यसलाई बाँधिदिए ॥३१॥ रिसाहा वानरहरूले शुकलाई हुनासम्मको दुःख दिए; तब यो दशरथपुत्र रामचन्द्रलाई गुहारेर भन्नलाग्यो—हेर्नुहोस् , यिनीहरू मेरो पखेटा उखेल्न र आँखा फोर्न लागेका छन् ॥३२॥ यी वानरहरूले गर्दा कदाचित् मेरो प्राण गयो भने म जुन रातमा मर्नेछु र जुन रातमा जन्मेको हुँ यी दुवैको बीचको समयमा मैले जति पाप गरेको छु सो सबै तपाईंले नै भोग्नुपर्नेछ ॥३३॥

यसको यस्तो विलाप सुनेपछि रामचन्द्रले वानरहरूलाई यसलाई मार्ने कामबाट रोकिदिए र यहाँ आएको यस दूतलाई छोडिदेऊ भनेर उनीहरूलाई भने ॥३४॥

सर्ग—२१

समुद्रमाथि रामचन्द्रको रिस ।

यसपछि रामचन्द्रजी समुद्रको तीरमा कुश बिच्छ्याएर सो कुशमाथि बसे र समुद्रलाई हात जोडी पूर्वपट्टि मुख फर्काएर सुते अर्थात् प्रार्थना गर्नलागे ॥१॥ सर्पसमानको, सुनै सुनको गहनाले सिंगारिएको हातलाई तकिया बनाएर शत्रुसंहारी रामचन्द्र सुते ॥२॥ रामचन्द्रका यी हात पहिले मणि जडिएका सुनका बाजू (केयूर) तथा मोतीका उत्तम प्रकारका गहनाले शोभित हुन्थे, यी हातले अनेक बाजि बालककालको समयमा परम सुन्दरी धाईहरूको स्याहार सुसार पाएका हुन् ॥३॥ यी बाहु उहिले कहिले चन्दन अगरु आदि गरिएका सुगन्धित द्रव्यले र कहिले बिहानीपखको सूर्यको जस्तै अरुण वर्णको कुंकुमले शोभित हुन्थे ॥४॥ गंगाजलमा तक्षकको शरीर शोभायमान भएझैं यी हात उहिले शयन कालमा सीताको मस्तकद्वारा शोभा पाउँथे ॥५॥ युद्धभूमिमा थाम जस्ता देखिने, शत्रुहरूको शोक बढाउने र मित्रहरूलाई आनन्द दिने, लामा लामा यी हात अहिले समुद्रको तीरमा लम्पसार परेर पडिरहेका थिए ॥६॥ बाण चलाउँदाखेरि ताँदोको आघातले छाला खोस्रिएको, महापरिघसमानको विशाल दाहिने हात टाउकोमुनि राखेर रामचन्द्र सुतिराखेका थिए ॥७॥ जुन हातले हजारौं गाई दान गरेका थिए ती हातलाई नै सिहान गरेर कि ता आज हामी समुद्र पार जानेछौं कि ता समुद्रको मृत्यु हुनेछ भन्ने प्रतिज्ञा गरेर उनी सुते ॥८॥ यस प्रकारसँग मनमा धैर्य धारण गरी महाबाहु रामचन्द्र नियमपूर्वक शुद्ध भई चुप-चापसँग समुद्रको तीरमा सुतिराखे ॥९॥

भूइँमा कुश ओच्छ्याएर सावधानीसाथ नियमको पालना गर्दै सुतेको सुत्यै रामचन्द्रका तीन रात बिते ॥१०॥ नीतिको ज्ञान भएका धर्मवत्सल रामचन्द्रले तीन रातसम्म समुद्रको तीरमा सुतेर नदीनाथ समुद्रको ध्यान गरिरहे ॥११॥ यस प्रकारसँग रामचन्द्रले पवित्र भावले विधिपूर्वक पूजा गरे तापनि मूर्ख समुद्रले उनलाई आफ्नो रूप देखाएन ॥१२॥ अब ता रामलाई समुद्रमाथि रिस उठिहाल्यो यिनका आँखा पनि राता राता भइगए र नगीचमा बसिराखेका शुभलक्षणले युक्त भएका लक्ष्मणलाई भन्नलागे ॥१३॥

मेरो अगाडि देखा नपर्नु यो समुद्रको अहङ्कार हो । शान्ति, क्षमा, मृदुता, मीठो बोली गरेर बोल्नु यी सबै सज्जनमा हुनुपर्ने गुण हुन्; गुणहीन मानिसमाथि यी गुणको प्रयोग गरियो भने, शान्ति, क्षमा भएको मानिस असमर्थ सम्झिन्छ अर्थात् खराब मानिसले गुणीलाई असमर्थ सम्झन्छन् । आफ्नो तारीफ आफैले गर्ने, खराब स्वभाव भएको, अधर्ममा साहस देखाउने, आफ्नो प्रसिद्धिका लागि दौड-धूप गर्ने, सर्वत्र दण्डद्वारा काम सिद्ध गर्ने, यस्ता पुरुषको मात्र साधारण दुनियाँले आदर गर्दछन् । शान्तिद्वारा न कीर्ति पाइन सकिन्छ न यश मिल्दछ ॥१४-१६॥ हे लक्ष्मण ! यस संसारमा युद्धमा समेत शान्तिद्वारा विजय प्राप्त हुन सक्तैन । हे लक्ष्मण ! हेर, आज मेरो बाणको प्रहारले मारिएका, ग्राह, मत्स्यादि समुद्रको जलमाथि उत्रिरहेका देखिनेछन् जसले गर्दा समुद्रको जल जताततै टम्म ढाकिनेछ; हे लक्ष्मण ! मेरो बाण लाग्नाले मारिएका सर्पहरूको विशाल शरीर, माछाको बडेमानको शरीर, हात्तीका सूँड, शङ्ख, सिपीको थुप्रो, माछा, ग्राह यी सबैलाई जलमाथि उत्रिराखेका देख्नेछौ ॥१७-१९॥ आज म एक बडो डरलाग्दो युद्ध गरेर समुद्रलाई सुकाइदिन्छु, क्षमा गुणको आश्रय लिएकोले यो समुद्र मलाई असमर्थ सम्झनलागेको छ, यस्ताहरूमाथि क्षमाको प्रयोग गर्ने मलाई धिक्कार छ । सामको अवलम्बन गरेकोले समुद्रले अझसम्म मलाई आफ्नो रूप देखाएन ॥२०-२१॥

हे लक्ष्मण ! मेरो धनु र साँपसमानका भयङ्कर बाण ल्याइहाल, आजै म यस समुद्रलाई सुकाइ-दिन्छु त्यसो भएपछि वानरहरू खुट्टैले हिंडेर समुद्र पार गर्नेछन् ॥२२॥ आज म रिसै देखाएर यस अक्षोभ्य सागरमा खलबली पारिदिन्छु, जुन समुद्रमा हजारौं लहरी उठ्तछन् र जसको सीमा किनारसम्म नियत भएर रहेको छ, यसको यो मर्यादा म आफ्ना बाणको प्रहारले उडाइदिन्छु । अनेक ठूला-ठूला दानवहरूले वास गरिएको यस समुद्रलाई म गडबडी अवस्थामा पारिदिन्छु ॥२३-२४॥

यति भनेर रामले हातमा धनु लिए, रिसले गर्दा यिनका आँखा फन्फनी घुम्नलागे, यस समयमा प्रलयकालको आगोझैं ज्वाज्वल्यमान भइराखेका हुनाले कसैले यिनलाई सम्हाल्नै सक्तैनथ्यो ॥२५॥ अब राम भयानक धनुमा ताँदो चढाएर जगत्लाई कम्पायमान गराउँदै, इन्द्रले वज्रको प्रहार गरेझैं, धमाधम प्रचण्ड बाण चलाउनलागे ॥२६॥ रामको धनुबाट छुटेका, तेजले प्रज्वलित भइराखेका यी उत्तम बाणहरू बडो वेगसंग समुद्रको जलभित्र पस्नलागे जसले गर्दा साँप-हरू डरले थर्कायमान भए ॥२७॥ माछा, ग्राह आदि गरिएका जलचर प्राणीले युक्त भएको समुद्रको

जलको वेग, वायुको शब्दसँग ठक्कर खाएकोले, बडो डरलाग्दो आवाज निकाल्नलाग्यो ॥२८॥ समुद्रमा ठूला ठूला छाल उठ्नलागे । जतातते शङ्खको थुप्रोले जललाई ढाकिदियो, जहाँ हेर्‍यो उहीं धूवाँ निस्केको देखिनलाग्यो, जुन ठाउँमा पहिले छाल उठ्तैनथ्यो त्यहाँ समेत उठ्नलाग्यो ॥२९॥ चहकिलो मुख आँखा भएका सर्पहरूले र पातालवासी महाबली दानवहरूले समेत बडो दुःख पाए ॥३०॥ नक्र, मकर, आदि जलजीवले युक्त भएका, विन्ध्य र मन्दर पर्वतसमानका अग्ला, समुद्रका हज्जारौं भेल माथिमाथिसम्म उठ्नलागे ॥३१॥ समुद्रको तरङ्गमा भुमरी परेकोले साँप, राक्षसहरू हडबडाउन लागे, ठूला ठूला ग्राहहरू धमाधम माथि फ्यांकिन्थे र समुद्रबाट बडो डरलाग्दो आवाज निस्कन थाल्यो ॥३२॥

रामचन्द्रलाई खूब जोरसँग धनु तानेर बडो छिटोसँग बाण चलाउनलागेको र लामो लामो सास फेर्नलागेको देखेपछि लक्ष्मण दगुर्दै उनीनेर गए र "हुन्न, हुन्न" भनेर उनको धनु समातिहाले ॥३३॥ हे वीरश्रेष्ठ ! समुद्रको विनाश नपारीकन नै तपाईंको काम सिद्ध हुन सक्तछ, तपाईसमानका मानिसले क्रोधको वशमा पर्नु ठीक कुरो होइन, तपाईंले ता सधैं सज्जनहरूले हिंड्ने बाटो समात्नुपर्दछ ॥३४॥

यसपछि आकाशमा भ्रमण गर्ने अदृश्य ब्रह्मर्षि तथा देवर्षिहरूले समेत बडो चर्को स्वरसँग चिच्च्याएर भने—"हुन्न हुन्न, यसो गर्नु ठीक छैन" । अर्थात् रामचन्द्रले समुद्रको नाश नगरून् भनेर यिनीहरूले प्रार्थना गरे ॥३५॥

सर्ग—२२

समुद्र रामलाई पुल बाँध्ने सम्मति दिन्छन् ।

यसपछि रामचन्द्र समुद्रलाई यस किसिमको कठोर वचन भन्नलागे—आज म पातालसहित यस समुद्रलाई सुकाइदिन्छु ॥१॥ हे सागर ! मेरो बाणले तेरो जम्मै जल सुकाइदिनेछ, तेरो भित्र रहने सबै प्राणी मर्नेछन् र जतातते धूलोको मुस्लो उडेको देखिनेछ ॥२॥ हे सागर ! मेरो धनुबाट छुटेका बाणले गर्दा जब तेरो जम्मै जल सुक्नेछ तब ता जम्मै वानर पैदल हिंडेर पारिपट्टिको तीरमा पुग्नेछन् ॥३॥ दानवहरूको निवासस्थान हे समुद्र ! तँ धेरै धेरै जल र रत्नै रत्नको थुप्रो भएकोले घमण्डले चूर भई मेरो पराक्रम र पुरुषार्थको केही विचार राख्तैनस् , तसर्थ मैले गर्दा तैंले ठूलो सन्ताप भोग्नुपर्नेछ ॥४॥ महाबली रामचन्द्रले ब्रह्मदण्डनामक बाणलाई ब्रह्मास्त्रको मन्त्रले अभिमन्त्रित गरी बडेमानको धनुमा चढाएर बलैसंग तान्नलागे ॥५॥

यस प्रकारसंग यो धनु तानिएपछि पृथ्वी आकाश फुट्ला जस्तो भयो, र पर्वतहरू कांप्न लागे ॥६॥ समस्त लोकमा अन्धकार फैलियो, दशै दिशा नदेखिने भए; ठूला ठूला तलाउ र नदीहरूको जल खलबलिनलाग्यो ॥७॥ चन्द्र र सूर्य अरू अरू नक्षत्रको साथसाथै बाङ्गो टिङ्गो गरी घुम्नलागे, सूर्यनारायणको किरणले प्रकाशित भएको भए तापनि आकाश मण्डललाई अन्धकारले

छोपिदियो ॥८॥ सैकडौं उल्काले गर्दा आकाश प्रज्वलित भयो र अन्तरीक्षबाट भयंकर आवाजको साथसाथै वारंवार वज्रपात हुनलाग्यो ॥९॥ आकाशमा बडो जोरसंग हावा चल्नलाग्यो, जसले रूखहरूलाई उखेल्दै मिल्काइदियो र बादलहरूलाई जता ततै उडाएर लैजान थाल्यो ॥१०॥ बडा बडा पर्वतसंग ठक्कर खाएकोले यस हावाले उनका टाकुरालाई फोरफार पार्नलाग्यो। यो हावा आकाशमा जम्मा भएर बडो जोरसंग चल्नलाग्यो र वारंवार आकाशबाट अग्निमय वज्रपात हुन थाल्यो। जति प्राणी त्यहां देखिन्थे ती सबै बिजुली चट्केको जस्तो आवाज गरेर गर्जन्थे ॥११-१२॥ जति प्राणी अदृश्य थिए ती पनि भयङ्कर आवाज निकाल्नलागे। भयङ्कर वज्रपातको आवाज सुन्नाले थरथर जीउ काँपिराखेका अनेक प्राणी जहाँको त्यहीं सुतिरहे, कोही व्याकुल भए र धेरैजसो बडो दुःखित भए। कोही कोही ता डरले हलचल पनि गर्न नसक्ने भएर काठको मूढो झैं जहांको त्यहीं अचल भएर पडिरहे। जलचर प्राणी, तरङ्ग, नाग र राक्षसहरूले युक्त भएको समुद्रमा यस्तो भयङ्कर वेग उत्पन्न भयो कि यसको जल किनारालाई नाघेर चार कोस टाढासम्म फैलिन पुग्यो ॥१३-१५॥ यो उद्धत समुद्र यसरी फैलिएको देख्ताखेरि पनि शत्रुसंहारी रामचन्द्र डेग चलेनन् जहांको त्यहीं उभिइ नै रहे ॥१६॥

रामचन्द्रलाई यसरी जहाँको त्यहीं उभिइराखेको देखेपछि ता उदयाचल सुमेरुको बीचबाट सूर्य-नारायण उदय भएझैं, समुद्रको बीचबाट स्वयं मूर्तिमान् सागर प्रकट भइहाल्यो ॥१७॥ समुद्रको शरीरको रंग पन्ना जस्तै चहकिलो थियो, र सुनै सुनको गहनाले यसको शरीर सिंगारिएको थियो, प्रदीप्त मुख भएका बडे वडे साँपको साथमा समुद्र देखा पऱ्यो ॥१८॥ रातो माला र रातै रंगको लुगा यसले लगाएको थियो, यसका आंखा कमल जस्तै राम्रा थिए र सबै किसिमका फूल उनेर तय्यार पारेका माला यसले टाउकोमा बेह्रेको थियो ॥१९॥ खानीबाट निस्केका सुनको र समुद्री रत्न जडिएका अलि साह्रो सुनको गहना लगाएर समुद्रले आफ्नो शरीर सिंगारिराखेको थियो (खानीबाट निस्केको सुनलाई जातरूप र जडाउ जड्न हुने अलि साह्रो सुनलाई तपनीय भन्द-छन्) ॥२०॥ यस प्रकारसँग सिंगारिएकोले यो समुद्र नाना प्रकारका धातुले सुशोभित भइराखेको हिम-वान् पर्वतझैं देखिनलागेको थियो। यस समुद्रका तरङ्गहरू माथि उठेर बादललाई छोऔंला जस्तो गर्द-थे र हावाको झोंकाले माथि उठ्ने र कहिले तल झर्ने गरिरहेका थिए ॥२१॥

गङ्गा सिन्धु आदि गरिएका मुख्य मुख्य नदीहरूद्वारा चारैतिरबाट घेरिएको यो समुद्र हातमा धनु वाण लिइराखेका रामनेर गई हात जोडेर उनलाई सम्बोधन गर्दै भन्नलाग्यो ॥२२॥ हे रामचन्द्र ! पृथ्वी, वायु, आकाश, जल, अग्नि यी पाँचै आफ्नोआफ्नो स्वभावको अनुसार चल्दछन्। यिनीहरूले सृष्टि कालदेखि चलिआएको आफ्नो गतिलाई छाड्न हुन्न ॥२३॥ अगाध र पार जान नसकिने हुनु मेरो स्वभाव हो। मानिसले सजिलैसंग मलाई पार गर्न सकेको खण्डमा र मेरो जल घटेर गएको खण्डमा के मेरो स्वभावमा विकार उत्पन्न होओइन ? तपाईं नै भन्नुहोस् न ॥२४॥ हे राजपुत्र ! इच्छा लोभ, भय

अथवा अनुराग यी कुनै कारणले पनि ग्राह आदि प्राणीले युक्त भएको आफ्नो जललाई म रोक्न सक्तिनँ ॥२५॥ म तपाईंलाई सेनासहित पार लाग्न सक्ने, मलाई र मेरा प्राणीहरूलाई समेत कुनै प्रकारको कष्ट नहुने उपाय बताउँछु । हे राम ! वानरहरू पारी नजाउन्जेल कुनै जलचर प्राणीले तपाईंको सेनालाई खानेछैनन्, वानरहरूलाई पारी जानाको निमित्त म बाटो बनाउने युक्ति बताउँछु ॥२६॥

यो प्रार्थना सुनेपछि रामचन्द्रजीले भन्नुभयो—हे समुद्र ! मेरो यो बाण अमोघ छ, निष्फल हुन सक्तैन, तिमी नै बताऊ, यसलाई कुन ठाउँमा चलाउने हो ॥२७॥

रामचन्द्रका यी कुरा सुनेपछि र त्यो विशाल बाण देखेपछि महातेजस्वी समुद्र उनलाई भन्नलाग्यो ॥२८॥ यहाँदेखि उत्तर दिशातिर द्रुमकुल्य नाम गरेको मेरो कुनै एक अति पवित्र प्रदेश छ । जस्तो तपाईं संसारमा प्रसिद्ध हुनुहुन्छ त्यस्तै त्यो प्रदेश पनि प्रसिद्ध छ ॥२९॥ त्यहाँ डरलाग्दो रूप भएका र भयानक काम गर्ने अभीर आदि गरिएका अनेक पापी चोरहरू बस्तछन्, यिनीहरू मेरो जल पिउँदछन् ॥३०॥ ती पापीहरूले मेरो जल छुँदाखेरि जो पाप हुन्छ सो मेरा लागि असह्य छ तसर्थ यस उत्तम बाणलाई त्यतैपट्टि चलाएर सफल गराउनुहोस् ॥३१॥

महात्मा समुद्रका यी कुरा सुनेपछि रामचन्द्रले त्यो प्रदीप्त बाण त्यही प्रदेशलाई ताकेर चलाए । यो स्थान समुद्रको किनाराबाट देखिंदा पनि देखिन्नथ्यो ॥३२॥ रामचन्द्रको वज्रसमानको तेज भएको यो बाण जुन ठाउँमा झर्‍यो त्यो ठाउं संसारमा मरुकान्तार अर्थात् मारवाडको नामले प्रख्यात भयो ॥३३॥ बाणको चोटले पीडित भएर पृथ्वीले बडो आर्त्तनाद गर्नलागिन् र बाणको मुखद्वारा रसातलबाट पानी निस्कनलाग्यो ॥३४॥ बाणको आघातले बनेको इनारको जस्तो आकार परेको यो प्वाल "व्रण" नामले प्रसिद्ध छ, यताबाट निस्केको पानी समुद्र जस्तै देखिनलाग्यो ॥३५॥ यस समयमा पृथ्वी फाटेको शब्द बडो भयानक थियो, यस बाणले भित्र प्रवेश गरेकोले पृथ्वीको गर्भको जम्मै पानी सुकेर गयो ॥३६॥ तीनै लोकमा यो प्रदेश मारवाड (मरुकान्तार) को नामले प्रसिद्ध भयो । देवतासमानका पराक्रमी विद्वान् दशरथपुत्र रामचन्द्रले जम्मै जल सुकाइसकेपछि त्यस मरुभूमिलाई वरदान दिए ॥३७॥ यो देश पशुहरूलाई हित गर्ने, विशेष रोग-व्याधि नलाग्ने, फलमूल रसले युक्त भएको, तेल घिउ आदि गरिएका चिल्ला पदार्थले पूर्ण भएको, धेरै धेरै दूध हुने, सुगन्धी वृक्ष तथा नाना प्रकारका औषधिले भरिपूर्ण हुनेछ ॥३८॥ रामचन्द्रबाट यस प्रकारको वरदान पाएकोले यो मरुभूमि अनेक गुणले युक्त भएको तथा यात्रीहरूका लागि सुखदायी बाटो भएको हुन गयो ॥३९॥

यस प्रदेशको जल यस प्रकारसँग सुकेपछि नदनदीहरूका स्वामी समुद्रले सबै शास्त्रको मर्म जान्ने रामचन्द्रलाई यो कुरा भने ॥४०॥ हे सौम्य ! यी श्रीमान् नल विश्वकर्माका प्यारा छोरा हुन् र यिनले बाबुबाट वर पाएका छन् ॥४१॥ आफ्नो बाबुको जस्तो सामर्थ्य भएका यी अति उत्साही नलले मेरो माथि पुल बनाऊन्, म सो पुललाई धारण गरिराख्नेछु (क) ॥४२॥ यति भनेर समुद्र अन्तर्धान भए र

(क) नलले जुन चीजलाई पानीमाथि राख्नेछन् त्यो चीज जहाँको त्यहीं पानीभित्र नडुबीकन स्थिर रहने छ भन्ने यिनले वर पाएका थिए !

वानरश्रेष्ठ नल पनि उठेर महाबली रामलाई भन्नलागे ॥४३॥

समुद्रले जो भने सो ठीक भने । पिताबाट पाएको वरदानको प्रभावले म यस विशाल समुद्रमाथि पुल बनाउन सक्नेछु ॥४४॥ मेरो विचारमा ता दण्ड नै संसारमा काम सफल गराउने सबभन्दा उत्तम उपाय हो, अकृतज्ञ व्यक्तिहरूप्रति क्षमा, दाम, साम आदि उपायको प्रयोग गर्नेलाई धिक्कार छ ॥४५॥ यो डरलाग्दो रूप भएको समुद्रले आफूमाथि पुल बाँधिएको हेर्ने इच्छाले र दण्ड पाइएला भन्ने डरले नै रामचन्द्रलाई मेरो गहिराइको पत्तो लगाउन हुन्न भनेको हो ॥४६॥ मन्दराचल पर्वतमा मेरी आमालाई विश्वकर्माले वर दिएका थिए "हे देवी ! तिम्रो छोरो म जत्तिकै हुनेछ" । म विश्वकर्माबाट जन्मेको उनैको छोरा हुँ र उनैको बराबर सामर्थ्य भएको छु, समुद्रमाथि पुल बाँध्ने मेरो शक्ति भए तापनि कसैले नभनीकन तपाईंहरूको सामुन्नेमा कसरी आफ्नो गुण प्रकाश गर्न सक्थें । अबलाई आजैदेखि वानरहरू समुद्रमा पुल बाँध्न थालून् ॥४७–४९॥

यसपछि रामचन्द्रको आज्ञाले सयकडौं हजारौं वानरश्रेष्ठहरू मनमा दङ्ग परेर चारैतिरबाट वन-भित्र पस्नलागे ॥५०॥ पर्वतसमानको आकार भएका वानरसेनापतिहरू रूख उखेल्दै तथा पर्वतबाट ढुङ्गा ल्याउँदै समुद्रमा मिल्काउनलागे ॥५१॥ साल, अश्वकर्ण, धव बाँस, कुटज, अर्जुन, ताल, तिलक, तिनिस, बेल, सप्तपर्ण, फूल फुलेका कर्णिकार, आँप, र अशोकका रूखले वानरहरूले समुद्रलाई टम्म पारेर भरिदिए ॥५२-५३॥ यी वानरश्रेष्ठहरू जरा भएका अथवा जरा नभएका रूख उखेल्दै, इन्द्रको ध्वजा झैं उचाल्दै समुद्रको तीरमा ल्याउनलागे ॥५४॥ यी वानरहरू ठाउँ ठाउँमा ताल, दाडिम, नरिवल, बहड, करीर, बकुल, नीम आदि गम्िएका रूख उखेल्दै ल्याउनलागे ॥५५॥ विशाल शरीर भएका महाबली वानरहरूले पहाड फुटाउँदै हात्तीसमानका ठूला ठूला ढुङ्गा यन्त्रको सहायताले समुद्रको किनारमा ल्याउन-लागे ॥५६॥ वानरहरूले वारंवार पर्वतको टुक्रा समुद्रमा फ्याँकेकोले समुद्रको जल छचल्किएर माथि आकाशतिर उठ्थ्यो र फेरि तल झरेर आफ्नो ठाउँमा आइपुग्दथ्यो ॥५७॥ चारैतिरबाट रूख र ढुङ्गा खसालेर वानरहरूले समुद्रलाई खलबल्याइदिए । कई एक वानरले सय योजन लामो धागो समुद्रको यस पारदेखि उस पारसम्म सोझो वाङ्गो कस्तो छ भनेर परीक्षा गर्नाका लागि समातिराखे ॥५८॥ यस प्रकारसंग महावीर नल, डरलाग्दो काम गर्न सक्ने वानरहरूको सहायता लिएर, समुद्रको बीचमा पुल बनाउनलागे ॥५९॥ कैएक वानरले नाप्ने गज लिएका थिए र कैएक यताउति रूख खोज्दै हिंडेका थिए । मेघ र पर्वतसमानको शरीरको आकार भएका सयकडौं वानर रामचन्द्रको आज्ञाले काठ, तृण, फूल फुलिराखेका रूख अथवा ढुङ्गाले समुद्रमा पुल बाँध्ने काम गर्नलागे ॥६०-६१॥ हात्तीको जस्तो आकार भएका वानरहरू पहाडसमानका ठूला ठूला ढुङ्गा अथवा पर्वतका टाकुरै उचालेर दगुर्दाखेरि दानव जस्तै देखिन्थे ॥६२॥ ठूला ठूला ढुङ्गा र पर्वतका टाकुरा वारंवार खसालेकोले समुद्रबाट बडो डरलाग्दो आवाज निस्केको सुनियो ॥६३॥ हात्तीसमानका, मनमा प्रसन्न भइराखेका वानरहरूले पहिलो दिनमा हतार हतार गरेर चौध योजन लामो पुल बनाए ॥६४॥ देख्तैमा डरलाग्दो शरीर

भएका महाबली वानरहरूले दोस्रो दिन झटपट बीस योजन लामो पुल बनाए ।।६५।। शीघ्रतापूर्वक काम गर्ने, विशाल शरीर भएका वानरहरूले तेस्रो दिनमा अरू एक्काईस योजन पुल बाँधे ।।६६।। ठूलो वेगसंग काम गर्ने वानरहरूले फूर्तिसंग चौथो दिनमा अरू बाईस योजन लामो पुल बनाए ।।६७।। बडो छिटोसंग काम गर्न सक्ने वानरहरूले पाँचौं दिनमा पारिपट्टिको तीरसम्म तेईस योजन लामो पुल बनाए ।।६८।।

यस प्रकारसंग विश्वकर्माका छोरा महाबली वानरश्रेष्ठ नलले समुद्रमाथि पुल बाँधेर तय्यार पारिदिए, जस्तो पराक्रमी यिनका बाबु थिए उस्तै यिनी पनि थिए ।।६९।। समुद्रमाथि नलले बनाएको यो रमणीय पुल आकाशमा छायापथले दिने जत्तिकै शोभा दिनलाग्यो ।।७०।। अब ता देवता, गन्धर्व, सिद्ध र महर्षिहरू आकाशमा अडिएर यो अचम्म लाग्ने पुल हेर्नलागे ।।७१।। दश योजन चौडा र सय योजन लामो, नलले तय्यार पारेको यो अत्यन्त दुष्कर पुल देवता र गन्धर्वहरूले देखे ।।७२।। यस पुलमाथि वानरहरू दगुर्ने, उफ्रन, र गर्जनलागेका देखिए । अचिन्तनीय, असह्य, अद्भुत तथा रोमाञ्च गराउने यो पुल समुद्रमाथि बनेको देख्ता भएभरका जम्मै प्राणी अचम्ममा परे । बडा बडा पराक्रमी हजारौं करोडौं वानरहरू पुल बाँध्दै बाँध्दै समुद्रको पारिपट्टि पुगिहाले । यो रमणीय पुल बडो विशाल, राम्रोसंग बनेको, सम्म परेको बाटो भएको र खूबै बलियो किसिमको थियो । यस समयमा समुद्रको बीचमा बनेको यस पुलले आइमाईले खूब राम्रोसँग बाटेको चुल्ठोको जस्तो शोभा दिइराखेको थियो । उता समुद्रपारि आफ्ना मन्त्रीहरूलाई साथमा राखेर विभीषण हातमा गदा धारण गरी, शत्रुहरूले आक्रमण गरेर पुल बिगार्न नपाऊन् भन्ने मतलबले उभिइराखेका थिए ।

यसपछि सुग्रीवले सत्यपराक्रमी रामचन्द्रलाई भने—तपाईं हनुमान्‌को पिठिउँमा चढ्नुहोस् र लक्ष्मण अङ्गदको पिठिउँमा चढून् किनकि मत्स्य ग्राह आदिको वास भएको यो सागर बडो विशाल छ ।।७३-७८।। आकाशचारी यी दुवै वीर वानरले तपाईं दुवैलाई आफूमाथि सवार गराएर लैजानेछन् ।

अब वानरहरूको फौजको अघिअघि धनु धारण गरेका धर्मात्मा श्रीराम र लक्ष्मण सुग्रीवलाई साथमा राखेर जानलागे । अनेक वानर बीचबाट र अनेक अगलबगल लागेर जानलागे ।।७९-८०।। कोही बाटोबाट जानलागे, कोही अतिशय भीड भएकोले पानीमा पौडी खेल्दै र कोही गरुड झैं आकाशमा उड्दै जानलागे ।।८१।। समुद्र पार गर्नलागेको यस वानरी सेनाको कोलाहलले गर्दा समुद्रको भयङ्कर गर्जनासमेत नसुनिने भयो ।।८२।।

वानरहरूको यो फौज नलले तय्यार पारेको पुलबाट समुद्रको पारिपट्टि पुग्यो । राजा सुग्रीवले फल मूल तथा जल परिपूर्ण भएको ठाउँमा त्यस फौजलाई अड्याए ।।८३।। रामचन्द्रको यो अचम्म लाग्ने काम देख्ता सिद्ध चारणहरूको साथमा देवता र महर्षिहरू सहसा आकाशमार्गमा उनीनेर प्रकट भई मन्दाकिनीको पवित्र जलले अलग्गै अलग्ग उनको अभिषेक गर्नलागे ।।८४।। हे नरदेव ! शत्रुहरूलाई जित्नुहोस् र समुद्रसमानको यस पृथ्वीको धेरै धेरै कालसम्म पालना गर्नुहोस् ।

यस प्रकारसँग अनेक मीठा मीठा कुरा गरेर ब्राह्मणहरूद्वारा प्रशंसा पाएका रामचन्द्रलाई यिनीहरू आशीर्वाद दिनलागे ॥८५॥

सर्ग—२३

रामचन्द्र युद्धको सूचना दिने शकुनहरूको वर्णन गर्दछन् ।

शुभाशुभ शकुनको ज्ञान भएका रामचन्द्रजी त्यहाँ अनेक प्रकारका शकुन देखेकाले लक्ष्मणलाई अंगालो हालेर भन्नलागे ॥१॥ शीतल जल र फल भएको यस वनमा यो वानरी फौजको व्यूह रचना गरेर हामी सबै यहीं अडियौं ॥२॥ वीर भालू, वानर र राक्षसहरूको ठूलो विनाश गराउने तथा लोकको संहार पार्ने अति डरलाग्दो अपशकुन म देख्नलागेको छु ॥३॥ धूलै धूलो भएको हावा चल्नलागेको छ, पृथ्वी काँप्नलागेकी छन्, पर्वतका शिखर हल्लिराखेका र रूख धमाधम ढल्नलागेका छन् ॥४॥ बादल, काँचो मासु खाने राक्षसहरू जत्तिकै क्रूर भएर रूखो शब्द गर्नलागेका छन् र यिनीहरू बडो क्रूर रूपले रगतका थोपा मिसिएको जलको भयङ्कर वृष्टि गरिरहेका छन् ॥५॥ रक्त-चन्दनको जस्तै सन्ध्याकालको बडो डरलाग्दो रातो वर्ण भइराखेको छ र सूर्य-मण्डलबाट बल्दो आगोको फिलिङ्गो खस्नलागेको छ ॥६॥ क्रूर स्वभाव भएका पशुपक्षीहरू बिहान बेलुकी दुवै समय, सूर्य-तिर मुख फर्काएर, बडो दीन भावसँग दया उत्पन्न हुने गरी आवाज झिकेर चिच्च्याइरहन्छन् । यो देख्ता ता बडो डरलाग्दो समय उपस्थित होला जस्तो छ ॥७॥ रात्रिको समयमा प्रकाश नभएको चन्द्रमा उदाएर सबैलाई ताप पारिरहेका छन् । चन्द्रमण्डलको कुना कुनामा रातो र कालो वर्ण देख्ता ता संसारैको क्षय गर्नालाई यिनी उदाएका हुन् कि जस्तो लाग्दछ ॥८॥ हे लक्ष्मण ! निर्मल सूर्यमण्डलमा नीलो रंगको दाग देखिन्छ; हेर, सूर्य चन्द्रको घेराबाहिर, प्रकाश नभएको, कस्तो सानो रातो रंगको मण्डल बनिराखेको छ ॥९॥ अतिशय ठूलो धूलोको मुस्लोले ढाकेको हुनाले नक्षत्रहरू तेजै नभएका जस्ता भइराखेका छन्; हे लक्ष्मण ! यी सबैले लोकको प्रलय हुने सूचना दिइराखेका छन्॥१०॥ काग, बाज र नीच गिद्धहरू उडिरहेका छन्, पोथी स्यालहरू अशुभ र भयङ्कर आवाज गर्नलागेका छन् ॥११॥ यी अशुभ लक्षण देख्नाले ता पर्वत, शूल र तरवारको प्रहारले गर्दा वानर तथा राक्षस-हरूको लाशले यहाँको पृथ्वी टम्मै ढाकिने जस्तो छ, मासु र रगतको ता यहाँ कीचडै जम्नेछ ॥१२॥ यसकारण आजै हामीहरू झटपट सबै वानरहरूलाई साथमा लिई रावणद्वारा पालना गरिएको अजेय लङ्कापुरीमाथि आक्रमण गरिहालौं ॥१३॥

यति भनेर हातमा धनु धारण गरेका, संग्राममा विजय गर्ने रामचन्द्र सबैको अगाडि भएर लङ्कातिर जानलागे ॥१४॥ विभीषण, सुग्रीव तथा अरू सबै ठूला ठूला वानरहरू पनि गर्जंदै शत्रुको वध गर्नाका लागि रामको पछि लागेर हिंडे ॥१५॥ आफ्नी प्राणप्यारी सीताको उद्धारका लागि बलवान् वानरहरूको यस प्रकारको आचरण र उद्योग देख्ता रामचन्द्र अतिशय प्रसन्न भए ॥१६॥

सर्ग—२४

शुक रावणकहाँ गएर सबै समाचार सुनाउँछ ।

जसरी राम्रा राम्रा नक्षत्रले युक्त भएको शरदृऋतुको, पूर्णिमाको रात्रिको, चन्द्रमाद्वारा शोभा हुन्छ त्यसै गरी रामचन्द्रद्वारा तय्यार भएको, वानरहरूको फौजको व्यूहरचना शोभायमान देखिनलाग्यो ॥१॥ सागरसमानको प्रकाश भएको त्यस सेनाको वेगले अत्यन्त पीडित भएको त्यहाँको भूइँ डरले थर्कायमान भई वारंवार काँप्नलाग्यो ॥२॥ लङ्काभित्र रहेका राक्षसहरूको रोमाञ्च गराउने कोलाहल सुन्दा वानरहरू बहुतै खुशी भए । यो कोलाहलको आवाज भेरि तथा मृदङ्गको शब्दसँग मिसिएकोले बडो भयङ्कर भइराखेको थियो । राक्षसहरूले चिच्याएको सुन्दा सहनै नसकेर वानरहरू झन् बर्ता चर्को स्वर गरेर कराउनलागे ॥३-४॥ लङ्काका राक्षसहरूले ता यी घमण्डी वानरहरूले कराएको आवाज आकाशमा बादल गर्जेको जस्तो पो सुने ॥५॥

अनेक प्रकारका ध्वजा पताकाले शोभायमान भइराखेको लङ्कापुरीलाई देख्ता रामचन्द्र मनमा बडो खिन्न भई सीताको स्मरण गर्नलागे ॥६॥ मृगनयनी सीतालाई रावणले यहीं थुनेर राखेको छ । मङ्गल ग्रहद्वारा पीडित भएकी रोहिणीको जस्तो अवस्था हुन्छ ठीक त्यस्तै अवस्था अहिले सीताको पनि भइराखे-को होला ॥७॥ यिनले धेरै बेरसम्म दुःखका लामा लामा ताता ताता सास फेरेर फेरि लक्ष्मणतिर हेरेर यस मौकामा आफ्नो दिललाई प्रसन्न गराउने किसिमको कुरा भन्नलागे ॥८॥ हे लक्ष्मण ! यस लङ्काको शोभा ता हेर । त्रिकूट पर्वतको शिखरमा विश्वकर्माद्वारा बनेको, माथि उठिराखेको यो शहर आकाशलाई छोला जस्तो देखिनलागेको छ । विश्वकर्माले आफ्नो मनको कल्पनाले नै यसको रचना गरेको हो कि जस्तो लाग्दछ ॥९॥ सेता सेता बादलले ढाकेको विष्णुपद आकाश झैं, सात तले अग्ला अग्ला अनेक महलले परिपूर्ण भइराखेको यो लङ्का नगरी देखिनलागेको छ ॥१०॥ यो लङ्का नगरी चित्ररथसमानका, अनेक फूल फुलिराखेका वनले शोभित भइराखेको छ । किसिम किसिमका राम्रा राम्रा चराहरू बोलिरहे-का छन्, हेर, अनेक प्रकारका फल फूल लागेकोले यसको कस्तो राम्रो शोभा भइराखेको छ ॥११॥ यहाँको वनको रूखमा, फूलको झुप्पामा भ्रमराहरू टाँसिएर रहेकाछन् र ठाउँ ठाउँमा कोइलीको झुण्ड नै बसेको देखिन्छ । शीतल मन्द वायुले रूखको हाँगालाई हल्लाइराखेको छ ॥१२॥

दशरथपुत्र रामचन्द्र, यस प्रकारसँग लक्ष्मणलाई भनिसकेपछि, युद्धनियमको अनुसार सेनालाई भिन्ना भिन्न भागमा बाँड्नलागे ॥१३॥ पराक्रमी रामचन्द्रले यस विशाल सेनाबाट अलिकता वानरलाई छानेर एउटा फौज तय्यार पारे र नीलको साथमा अजेय अङ्गद यस फौजको माझमा रहून् भन्ने आज्ञा दिए ॥१४॥ ऋषभ नाम गरेका वानर आफ्नो फौज साथमा लिई यस वानरी सेनाको दाहिनेपट्टिबाट रक्षा गरून् ॥१५॥ मतवाला हात्तीझैं पराजित हुन नसक्ने, वेगवान् , गन्धमादन नाम गरेका सेनापति पनि दाहिनेपट्टि नै रहेर यस सेनाको रक्षा गरून् ॥१६॥ लक्ष्मणलाई सँगमा लिएर म सावधानीसाथ सेनाको अगाडि रहनेछु । सुषेण, जाम्ववान् र वेगदर्शी यी तीन महात्मा प्रधान वानरहरू सेनाको

बीचको भागको रक्षा गरून् । जसरी तेजस्वी वरुण पश्चिम दिशाको रक्षा गर्दछन् त्यसै गरी वानरराज सुग्रीव यस वानरी सेनाको जंघा भागको रक्षा गरून् ॥१७-१८॥

यस प्रकारसँग व्यूह रचनाद्वारा सुसज्जित भएको, बलिया बलिया वानरहरूद्वारा रक्षित भइराखेको, यो विशाल सेना, प्रलयकालको बादलले टम्म ढाकिएको आकाशझैं देखिनलाग्यो ॥१९॥ युद्धमा लङ्कालाई धूलो पीठो पार्ने मनसुबा लिएका वानरहरू पर्वतका ठूला ठूला शिखर तथा बडेमानका रूख बोक्के आक्रमण गर्न भनी हिंडे ॥२०॥ पर्वतका शिखर खसालेर लङ्कालाई ध्वस्त पारिदिउँला र मुक्कीको प्रहारले राक्षसहरूलाई मारिदिउँला भनेर यी सबै वानरहरूले मनमा विचार गरेका थिए ॥२१॥

यसपछि तेजस्वी रामचन्द्रले सुग्रीवलाई भने—हाम्रो फौजको व्यूह रचना भइसक्यो, अबलाई रावणको दूत शुकलाई छोडिदिए हुन्छ ॥२२॥ महाबली वानरराजले पनि रामचन्द्रको कुरा सुनेपछि उनको आज्ञाअनुसार शुकनामक दूतलाई छोडिदिए ॥२३॥ रामचन्द्रको आज्ञाले छुटकारा पाएको, वानरहरूको हातबाट सताइएको यो शुक डराउँदै डराउँदै राक्षसराज रावणकहाँ पुग्यो ॥२४॥

यसलाई देखेपछि रावणले मुसुक्क हाँसेर सोध्यो—हे शुक ! तिम्रा सेता प्वाँख सब कता गए ? तिम्रो प्वाँख ता उखेलिएको जस्तो पो देखिन्छ ॥२५॥ कतै तिमी ती चञ्चल चित्तका वानरहरूको वशमा ता परेनौ ?

राजाको यो प्रश्न सुन्दा डरले व्याकुल भएको शुक राक्षसराज रावणलाई यस प्रकारसंग उत्तर दिनलाग्यो ॥२६॥ समुद्रको उत्तरतिरको किनारामा पुगेपछि मैले पहिले मधुर वचनद्वारा वानरहरू-लाई संझाई बुझाई तपाईंले सुनाइदिनू भनेर भन्नुभएको कुरा सुनाउनलागें ॥२७॥ तर मलाई देख्ने-बित्तिकै वानरहरूले क्रुद्ध भई आकाशतिर उफ्रेर मलाई समातिहाले र मेरो प्वांख उखेल्न र मुक्कै मुक्काको प्रहारले मेरो प्राणसम्म लिन पनि उद्यत भए ॥२८॥ हे राक्षसराज ! ती वानरहरूले न मसित कुनै कुरा सोधे न मलाई केही प्रश्न गर्न दिए, कारण यी वानरहरू स्वभावैले बडा रूखा र क्रोधी हुँदारहेछन् ॥२९॥ विराध, कबन्ध र खरलाई मार्ने ती रामचन्द्र सीताको खोज पत्ता लगाउन भनी सुग्रीवको साथमा आइराखेका छन् ॥३०॥ समुद्रमाथि पुल बनाएर सोही पुलद्वारा क्षार समुद्र पार गरी धनुर्धारी रामचन्द्र, राक्षसहरूलाई निर्मूल पार्ने इच्छाले लङ्कामा आइराखेका छन् ॥३१॥ पर्वत र मेघसमानका भालु तथा वानरहरूका हजारौं सेनाले जम्मै पृथ्वीलाई ढाकेको जस्तो देखिन्छ ॥३२॥ जसरी देवता र दानवहरूमा संधि हुन सक्तैन त्यसै गरी राक्षस र वानरहरूको सेनामा परस्पर संधि हुन सक्तैन ॥३३॥ यिनीहरू लङ्काको पर्खालसम्म नआइपुग्दैमा आफूले गर्नुपर्ने कामको निर्णय गरिहाल्नुहोस्, कि ता सीतालाई यिनको हातमा सुम्पिदिनुहोस्, कि ता युद्धको निम्ति तय्यार भइहाल्नुहोस् ॥३४॥

शुकका यी कुरा सुनेपछि रावणका दुवै आँखा राता भइगए र आफ्नो आँखाको तेजले शुकलाई भस्मै पार्ने हो कि जस्तो गरेर राक्षसराज उसलाई भन्नलाग्यो ॥३५॥ देव, दानव, गन्धर्व यी सबैले मिलेर मसित युद्ध गर्न आए पनि अथवा सबै लोक मेरो विरुद्धमा खडा भए तापनि म डराएर सीता-

लाई रामको हातमा समर्पण गर्ने होइन ।।३६।। जसरी वसन्त ऋतुमा मतवाला भ्रमराहरू फूल फुलिराखेका रूखतिर दगुर्दछन् त्यसै गरी मेरा यी बाण कहिले रामचन्द्रतिर दगुर्ने हुन् ? ।।३७।। जसरी आगोको मुस्लोद्वारा हात्तीलाई जलाउँछन् त्यसै गरी रगतमा मुछिएको रामको शरीरलाई मेरो धनुबाट छुटेका यी चहकिला बाणले कहिले जलाउने होला ? ।।३८।। जसरी सूर्यनारायण उदाएपछि साना साना ताराहरूको तेज हरण गरिदिन्छन् त्यसै गरी म पनि विशाल सेना साथमा लिएर रामचन्द्रको त्यो सानो सेनालाई ध्वस्त पारिदिनेछु ।।३९।। रामचन्द्रलाई समुद्रसमानको मेरो वेग र वायुसमानको मेरो बल छ भन्ने कुरा थाहा होओइन, यसैले उनी मसित युद्ध गर्ने साहस गरि-रहेका होलान् ।।४०।। विषालु सर्पसमानका, ठोक्रोमा सुतिरहने मेरा बाणलाई युद्धमा रामचन्द्रले देखेका छैनन् त्यसैले उनले मसित युद्ध गर्न खोजेको होला ।।४१।। रामचन्द्रले कहिले पनि मसित युद्ध गरेका छैनन् यसैले उनलाई मेरो पराक्रमको ज्ञान छैन । बाणद्वारा बजाइने, मेरा धनुरूपी वीणालाई उनले देखेका छैनन् ।।४२।। म संग्राममा धनुरूपी आफ्नो वीणालाई शत्रुको सेनारूपी रंगशालामा प्रवेश गराएर बजाउनेछु, यसको ताँदोको शब्द नै भयानक शब्द हुनेछ; पीडित सैनिकहरूले हाय हाय गरेको शब्द गानाको आवाजझैं चारैतिर फैलिनेछ र बाणद्वारा उत्पन्न भएको आवाजले जताततै सनसनाहट गराइदिनेछ ।।४३।। हे शुक ! धेरै के भनूँ, हजार आँखा भएका इन्द्र अथवा स्वयं वरुणले समेत मलाई युद्धमा हराउन सक्तैनन्, यम अथवा स्वयं कुवेरसमेत संग्राममा मेरो बाणाग्निको अगाडि अडम सक्तैनन् ।।४४।।

सर्ग--२५

शुक र सारण रावणलाई रामका फौजको खबर दिन्छन् ।

सेनाको साथसाथै रामचन्द्रले समुद्र पार गरे भन्ने खबर पाएपछि श्रीमान् रावण, शुक र सारण नाम गरेका आफ्ना दोटा मन्त्रीहरूलाई भन्नलाग्यो ।।१।। बडो मुश्किलसंग पार गर्न सकिने समुद्रलाई वानरहरूको जम्मै फौजले पार गऱ्यो रे, रामचन्द्रले समुद्रमाथि पुल बाँधे रे—यो ता बडो अचम्मको कुरा सुनियो, आजसम्म कसैले यस्तो काम गर्न सकेको थिएन ।।२।। समुद्रमाथि पुल बनाएको कुरा ता म कसै गरे पनि पत्याउन सक्तिनँ, जे होस्, रामचन्द्रको साथमा कति फौज रहेछ सो हामीले अवश्यै जानिराख्नुपर्ने कुरा हो ।।३।। यसकारण तिमीहरू दुवै गुप्ती तवरसंग वानरीसेना भित्र पस, र यसको संख्या, पराक्रम, कुन कुन वानर मुख्य रहेछन्, रामका को को मन्त्री-रहेछन्, सुग्रीवका को को सहायक रहेछन्, फौजको अघिअघि जान कसलाई खटाएको रहेछ, कुन कुन वानर शूरा रहेछन्, रामचन्द्रले समुद्रमाथि कसरी पुल बनाएछन्, महात्मा ती वीर वानर कहाँ कसरी बसेका छन्, वीर राम, लक्ष्मणले के के गर्न आँटेका छन्, यिनका कस्ता कस्ता अस्त्र शस्त्र

रहेछन्, यी महात्मा वानरहरूका को को सेनापति रहेछन्, दुवै भाइ कत्तिका पराक्रमी रहेछन्, यी सबै कुरा राम्रोसंग बुझी झट्टै फर्केर आओ ॥४-८॥

रावणको यस्तो आज्ञा पाएपछि, शुक, सारण यी दुवै वीर राक्षस वानरको रूप धारण गरी वानरी फौजभित्र पसे ॥९॥ तर यी शुक सारणले, मनमा विचारै गर्न नसकिने, देख्तैमा रोमाञ्च गराउने, यो विशाल सेनामा यति सैनिक होलान् भन्ने अन्दाज नै गर्न सकेनन् ॥१०॥ किनकि यो सेना पर्वतको टाकुरामा, झरनाहरूमा, गुफामा जताततै फिंजिएको थियो; कसैले समुद्र पार गरिसकेका थिए, कोही पार गर्दै थिए र कोही पार गर्ने तय्यारीमा लागेका थिए ॥११॥ भयङ्कर आवाज गर्ने यस फौजमा कोही सैनिक व्यूहभित्र पसिसकेका थिए, कोही पस्तै थिए।

यो अगाध समुद्ररूपी सेनालाई हेर्दै यताउति डुलिरहेका यी दुवै गुप्ती राक्षसमाथि तेजस्वी विभीषणको आँखा परिहाल्यो र यिनलाई पक्रेर रामको अगाडि खडा गरी भन्नलागे ॥१२-१३॥ शत्रुलाई ताप पार्ने हे रामचन्द्रजी! राक्षसराज रावणका, शुक सारण नाम गरेका यी दुइ मन्त्री गुप्ती दूत बनेर लङ्काबाट यहाँ आइराखेका छन् ॥१४॥

यी दुवै राक्षस रामलाई देख्नेबित्तिकै बहुतै दुःखित भए, आफ्नो ज्यानको आशा छोडी, हात जोडेर डरले थरथर काम्दै उनलाई भन्न लागे ॥१५॥ हे रघुनन्दन! रावणले पठाएकोले हामी दुवै तपाईंको फौजको संख्याको पत्ता लगाउन भनी यहाँ आएका हौं ॥१६॥

यिनीहरूको यो कुरा सुनेपछि सबै प्राणीको हित चाहने रामचन्द्रजीले मुसुक्क हांसेर उनलाई भन्नुभयो॥१७॥ तिमीहरूले हाम्रो सेनालाई हेरिसकेको भए पराक्रमको पत्ता लगाइसकेको भए, रावणले अह्राए-अनुसार सबै काम गरिसकेको भए, आफ्नो इच्छामुताबिक जहाँ जाने इच्छा छ त्यहाँ गए हुन्छ ॥१८॥ केही कुरा हेर्न बाँकी छ भने फेरि पनि हेर, विभीषणले सबै थोक राम्रोसंग देखाइदिनेछन् ॥१९॥ तिमीहरू यस समयमा पक्रिएका छौ तापनि ज्यान जाला भनेर नडराऊ, किनकि अस्त्र शस्त्र केही नभएको, पक्राउ परेको दूतलाई मार्नु अयोग्य कुरा हो ॥२०॥ हे विभीषण! यी दुवै राक्षस रूप बदलेर, गुप्ती तवरसंग हाम्रो कमजोरीको पत्ता लगाउन आएकाले शत्रुपक्षका ठहरिन्छन्, तर, दूत भएकाले यिनीहरूलाई छाडिदेऊ ॥२१॥ तिमी दुवैले विशाल लङ्कानगरीमा पुगेपछि मैले भनेको जम्मै कुरा जस्ताको तस्तै गरी कुवेरका भाइ, राक्षसराज रावणलाई सुनाइदिए ॥२२॥ जुन बलको घमण्डमा परेर तिमीले मेरी सीताको हरण गरेका थियौ, सो बल अब तिमीले आफ्ना सेना तथा बन्धुवर्गको साथमा मलाई देखाउनुपर्छ ॥२३॥ भोलि बिहान नै ठूला ठूला फाटक तथा पर्खालले शोभित भइराखेको तिम्रो लङ्का शहरको र तिम्रो राक्षसी सेनाको, मेरा बाणद्वारा विध्वंस देख्नेछौ ॥२४॥ जसरी वज्रधारी इन्द्र दानवहरूमाथि वज्रको प्रहार गर्दछन् त्यसै गरी भोलि बिहान म पनि हे रावण! तिमीमाथि र तिम्रो सेनामाथि आफ्नो भयंकर क्रोधको प्रहार गर्नेछु ॥२५॥

रामचन्द्रका यस प्रकारका कुरा सुनेपछि यी शुक सारण दुवै राक्षसले धर्मवत्सल रामचन्द्रको जय

शब्दले अभिनन्दन गरे र लङ्कापुरीमा आएर राक्षसराज रावणलाई भन्नलागे—हे राक्षसराज ! विभीषणले ता हामी दुवैलाई मार्न भनी पक्रेको हो, तर अतिशय तेजस्वी रामचन्द्रको नजर हामीमाथि परेकोले उनले हामीलाई छोडिदिए । राम, लक्ष्मण, विभीषण र सुग्रीव यी चारै श्रेष्ठ व्यक्ति एकै ठाउँमा जम्मा भएका छन् । यिनीहरू लोकपाल जत्तिकै शूरा, अस्त्रविद्यामा निपुण तथा दृढ पराक्रमी छन्, सुग्रीव तेजस्वी इन्द्रसमानका पराक्रमी देखिन्छन् । यी चारै जनाले मात्र अरू वानरहरूको सहायता-विना पर्खाल तथा फाटकको साथसाथै समस्त लङ्कापुरीलाई उखेलेर फ्याँक्न सक्तछन् । जस्तो रामचन्द्रको रूप छ र जस्ता यिनका अस्त्र शस्त्र छन् त्यो देख्ता ता अरू तीनजना चूप लागेर बसे तापनि एकलैले समस्त लङ्कालाई नाश गर्लान् जस्तो लाग्दछ । मैले देख्ता ता राम, लक्ष्मण र सुग्रीवद्वारा रक्षा गरिएकोले त्यस सेनालाई देवता असुरहरूले समेत युद्धमा जित्न सकोइनन् जस्तो लाग्दछ ॥२६–३२॥ हे राजन् ! महाबली वानरहरूको समस्त सेना रणविद्यामा निपुण देखिन्छ, मनमा प्रफुल्लित भइराखेका समस्त सैनिक कहिले युद्ध होला भनेर पर्खिराखेका छन् अतएव यिनीहरूसँग विरोध गर्नु व्यर्थ हो, दशरथपुत्र रामको हातमा सीतालाई सुम्पेर उनीसित सुलह गरिहाल्नुहोस् ॥३३॥

सर्ग—२६

अटालीमाथि चढेर रावण वानरहरूको फौज हेर्दछ ।

सारणले भनेको यो साँचो र पुरुषार्थयुक्त कुरा सुनेपछि रावण उसलाई भन्नलाग्यो ॥१॥ देवता, दानव, गन्धर्व मसित युद्ध गर्न आउँछन् अथवा तीनै लोक मेरो विरुद्धमा खडा हुन्छ भने पनि म सीतालाई फर्काउने होइन ॥२॥ हे सज्जन ! तिमीलाई वानरहरूले खूबै सताएकोले डरले थर्कांयमान भई आजै सीतालाई फर्काइदिनामा बेश होला भन्ने सल्लाह दिनलागेका छौ ॥३॥ मेरो को यस्तो शत्रु छ जो कि संग्राममा मलाई जित्न सकोस् ?

यस प्रकारको कडा वचन भनिसकेपछि राक्षसराज रावण सेना हेर्ने इच्छाले बरफसमानको सेतो अटालीमा चढ्यो । यो अटाली कैएक तालको रूख जत्तिकै अग्लो थियो ॥४–५॥ यी दुवै दूतलाई साथैमा राखेको, रिसले मुरमुरिइरहेको रावण वन, पर्वत तथा समुद्र जताततै नजर दौडाएर हेर्नलाग्यो ॥६॥ यसले वानरी सेनाद्वारा समस्त पृथ्वी नै टम्म भरिएको देख्यो । वानरहरूको यो फौज अतिशय विशाल थियो र यसको आक्रमण खप्न नसकिने जस्तो थियो ॥७॥ यस सेनालाई देखेपछि रावण सारणलाई सोध्नलाग्यो—यी वानरहरूमा कुन कुन मुख्य हुन् ? कुन कुन शूरा र कुन कुन महाबलिया छन् ? ॥८॥ यिनमा कुन सेनाको अगाडि हिंड्ने हुन् र कुन सबै विषयमा ठूलो उत्साह देखाउँछन् ? राजा सुग्रीव कसको सल्लाहमुताबिक चल्दछन् र कुन कुन यिनका मुख्य सेनापति हुन् ? ॥९॥ यी वानरहरूको कस्तो प्रभाव छ ? हे सारण ! यी सबै कुरा मलाई भन ।

रावणले यस किसिमसँग सोधेपछि सारण मुख्य मुख्य वानरहरूलाई चिन्हेको हुनाले यिनीहरूलाई

देखाउन लाग्यो । हे महाराज ! हेर्नुहोस्, एक लाख सेनाले घेरिएको, लङ्कातिर मुख फर्काएर गर्जि-राखेको, जसले गर्जनाले पर्खाल; फाटक, पर्वत तथा वनसहितको यो सम्पूर्ण लङ्कानगरी थरथर कामिराखेको छ, सबै वानरहरूका अधिपति महात्मा सुग्रीवको सेनाको अघिअघि हिंड्ने यो नील नाम गरेको सेनापति हो । दुवै हातमाथि उचालेर पैदल पृथ्वीमा टहलिरहने, वारंवार क्रुद्ध भई लङ्कातिर मुख फर्काएर हाइ गरिरहने, पर्वतको टाकुरासमानको अग्लो, कमलको केसर जस्तै पहेंलो शरीरको रंग भएको, रिसाएको हुनाले जो वारंवार पुच्छर बजारिरहेको छ र जसको पुच्छरको आवाजले दसै दिशा प्रतिध्वनित भइराखेको छ, यो युवराज अङ्गद हो । वानरराज सुग्रीवले युवराज पदमा यसको अभिषेक गरिसकेका छन्, यो युवराज अङ्गद तपाईंलाई युद्ध गर्नाका लागि बोलाइरहेको छ ॥१०-१७॥ बालिको यो छोरा आफ्नो बाबु जत्तिकै पराक्रमी छ, सुग्रीव सधैं यसलाई प्यारो गर्दछन्, जसरी इन्द्रका लागि वरुण परा-क्रम देखाउनामा सदा तत्पर रहन्छन् त्यसै गरी यो पनि रामका लागि पराक्रम देखाउनामा तत्पर रहन्छ ॥१८॥ यिनै अङ्गदको सम्मतिले रामको हित गर्नामा तत्पर भएका वेगवान् हनुमान्‌ले लङ्कामा आएर सीताको पत्ता लगाएका हुन् ॥१९॥ यो पराक्रमी अनेक सेनापतिलाई साथमा लिई आफ्नो फौजले तपाईंको संहार गर्न भनी अगाडि बढ्दै आएको छ ॥२०॥ बालिको छोरो अङ्गदको पछाडि, बडे विशाल सेना साथमा लिएर जुन वीर युद्धका लागि तैयार भइराखेको छ त्यो नल हो, पुल बनाउने वानर पनि यही हो ॥२१॥ आङ तान्दै हाइ गरिरहेका तथा सिंहनाद गरिराखेका, चन्दन वनमा बस्ने यी वानरहरू यही नलको साथमा रहन्छन् । यो नल म एकलैले आफ्नो फौजको सहायताले लङ्कालाई ध्वस्त पार्दछु भन्दछ । चाँदीको जस्तो वर्ण भएको, यो श्वेत नाम गरेको वानर बडो पराक्रमी, चञ्चल, बुद्धिमान्, शूरो र तीनै लोकमा प्रख्यात छ, हेर्नुहोस् यो कस्तो छिटोसँग सुग्रीवनेर आउँछ र फेरि फर्केर जान्छ ॥२२-२४॥ वानरी सेनाको विभाग गर्ने, आफ्ना सैनिकहरूलाई प्रसन्न राख्ने, उहिले गोमतीको तीरका रमणीय पर्वतमा वास गर्ने र अहिले अनेक साना साना पर्वतले घेरिएको संयोजननामक पर्वतमा राज्य गर्ने, यो कुमुद नाम गरेको सेनापति हो ॥२५-२६॥ एक लाख वानरहरूलाई सहर्ष आफ्नो साथमा लिएर आइरहने यो चण्ड नाम गरेको वानर हो, यसको लामो पुच्छरमा लामा लामा रौं झ्याम्म परेका छन्, यसको शरीरमा रातो, पहेंलो, सेतो र कालो रंगको रौं जताततै फिंजिएका छन्, कहिले पनि निदाउरो मुख नलगाउने यो चण्ड वानर देख्नामा बडो डरलाग्दो छ; यो पनि युद्ध गर्न खोज्दछ र आफ्नै फौजले लङ्कालाई ध्वस्त पारूँ भन्दछ ॥२७-२८॥ सिंहको जस्तो पहेंलो वर्ण भएको, घाँटीमा लामा लामा रौं भएको, आफ्नो आँखाको तेजले लङ्कालाई डढाउने हो कि जस्तो गरेर बडो ध्यान दिएर लङ्कातिर हेरिरहने, विन्ध्य, कृष्ण, सुदर्शन र सह्य पर्वतमा वास गर्ने, यो वानर रम्भ नाम गरेको सेना-पति हो, यसको अधीनतामा एक लाख एक सय तीस वानर छन् ॥२९-३०॥ हे राजन् ! यस सेना-पतिको नाम शरभ हो, यसलाई आफ्नो पराक्रमले लङ्कालाई ध्वस्त पार्न खोज्ने भयानक क्रोधी र विकट पराक्रमी वानरहरू चारैतिरबाट घेरेर हिंड्दछन् । यो आफ्ना कान खुम्च्याउन र वारंवार हाइ गर्न

लागेको छ, यसलाई न मरुँला भन्ने डर छ न आफ्नो सेनाको मद्दत लिने चाहना छ, रिसले थरथर कामिरहेको छ, बाङ्गो-टिङ्गो गरी हेर्दछ, हेर्नुहोस् त, यो महाबली कसरी आफ्नो पुच्छर बजारेर खेलिरहेको छ; आफूमा अतिशय ठूलो पराक्रम भएकोले यो सदा सर्वदा निर्भय रहन्छ । हे राजन् ! यो सेनापति रमणीय साल्वेय नाम गरेको पर्वतमा बस्तछ ॥३१-३४॥ यस वीरको अधीनमा एक लाख चालीस सेनापति छन् र यी सबै विहारको नामले सर्वत्र प्रख्यात छन् ॥३५॥ देवताहरूको बीचमा इन्द्र बसेझैं, आकाशलाई टम्म पारेर ढाक्ने बादलसमानका यी वीर वानरहरूको बीचमा बसिराखेको यो सेनापतिको नाम पनस हो । युद्धको चाहना गर्ने, यसको पछि लागेर हिंड्ने वानरहरूले गर्जेको आवाज नगरा बजेको जस्तो सुनिन्छ, यो सेनापति परियात्र नामक श्रेष्ठ पर्वतमा बस्तछ र युद्धमा कसैले यसको मार खप्न सक्तैनन् ॥३६-३८॥ यसको अधीनमा पचास हजार सेना छन् । बेग्ला बेग्लै बथानका भिन्ना भिन्न सेनापति छन् र सबै प्रधान सेनापतिको सेवा गर्दछन् ॥३९॥ यो विनत नाम गरेको सेनापति हो। समुद्रको तीरमा अर्को समुद्रझैं भएर रहेको, बडो हल्लीखल्ली मचाइरहेका वानरहरूको यस फौजको बीचमा उभिराखेको यसको बडो शोभा भइराखेको छ । दुर्दर पर्वतसमानको विशाल आकार भएको यो सेनापति, नदीहरूमध्येकी श्रेष्ठ वेणा नदीको पानी पिउँदछ, यसको फौजमा साठी हजार वानर छन् । हेर्नुहोस्, क्रथन नाम गरेको वानर तपाईंलाई युद्ध गर्न भनी बोलाइरहेको छ, यसको अधीनमा जति सेनापति छन् ती सबै बडा बलिया र खूब फूर्ति भएका छन् ; प्रत्येकको मातहतमा सेनापति जस्तै बलिया वानरहरूको बेग्ला बेग्लै फौज छ । गवय नाम गरेको सेनापति क्रुद्ध भएर तपाईंसित युद्ध गर्न भनी अगाडि बढिरहेको छ, यसको शरीरको रंग गेरु जस्तै रातो छ, यो यो आफ्नो बलको घमण्डमा यसरी चूर भइराखेको छ कि अरू वानरलाई केही गन्दै गन्दैन, यसको सेनामा एक लाख सत्तरी वानर छन्, यो पनि आफ्नै सेनाको मद्दतले जम्मै लङ्कालाई सखाप पार्न खोज्दछ ॥४०-४५॥ यस प्रकारसँग यी सबै वीरको मार युद्धमा खप्न नसकिने जस्तो छ र यिनीहरूको संख्या पनि यत्तिकै होला भनेर भन्न सकिन्न । सेनापतिहरूमाथि प्रधान सेनापति छन् र प्रत्येकको भिन्ना भिन्नै फौज छ ॥४६॥

सर्ग—२७

फेरि पनि सारण रामचन्द्रको फौजको वर्णन गर्दछ ।

सेनापतिहरू जसलाई तपाईं देख्न लाग्नुभएको छ यी सबै रामचन्द्रको निम्ति पराक्रम देखाउन दत्तचित्त भइराखेका छन् र आफ्नो प्राण दिन तय्यार छन्, म यी सबैको परिचय तपाईंलाई भन्दछु ॥१॥ हेर्नुहोस्, यो हर नाम गरेको वानर हो, जसको लामो पुच्छरमा लामा लामा चिल्ला रौं छन्, रातो, पहेंलो, सेतो र कालो रंगका यी रौं जतातते छरिएका छन् र सूर्यको किरणझैं टल्किराखेका छन् । यो वानर बडो भयानक काम गर्न सक्तछ । वारंवार पुच्छर फट्कारेकोले रौं कहिले भूइँमा लत्रन्छन् र कहिले माथितिर उठ्तछन् ॥२-३॥ लङ्कामा आक्रमण गर्ने इच्छाले सयकडौं हजारौं वानर रूख बोक्तै

यसको पछिपछि हिंडिराखेका छन् ।।४।। यी सबै यूथपति वानरराज सुग्रीवका नोकर हुन् र युद्ध गर्नाका लागि आइराखेका छन् । हे राक्षसराज ! नीलो बादलझैं जसलाई तपाईं उभिराखेको देख्नुहुन्छ र जसको काजलको जस्तै रंग छ, यी युद्धमा साँची साँचीको पराक्रम देखाउने हुन् । समुद्रका तीरको बालुवाका कणहरूको जसरी गणना हुन सक्तैन त्यसै गरी यिनीहरूका संख्याको पनि पत्तो लाग्न सक्तैन । हे राजन् ! पर्वत, देश तथा नदीहरूका तीरमा रहने यी भयानक भालूहरू आक्रमण गर्न भनी आइराखेका छन् ।।५-७।। विकट रूप तथा भयङ्कर आँखा भएका यिनीहरूको राजा यिनको माझमा उभिइराखेको छ । सर्वत्र बादलले ढाकिएको आकाशको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले चारैतिर भालूले घेरिराखेको यसको पनि भइराखेको छ ।।८।। पर्वतहरूमध्येको श्रेष्ठ ऋक्षवान् पर्वतमाथि यसको बसाइ छ र नर्मदा नदीको पानी पिउँदछ । धूम्र नाम भएको यो सबै भालूहरूको राजा तथा यिनको सेनापति हो ।।९।। पर्वतसमानको विशाल आकार परेको यसमुनिको भाइको रूप पनि दाजुको जस्तै छ तर पराक्रममा ता दाजुभन्दा पनि बर्ता छ ।।१०।। जाम्बवान् यसको नाम हो, सेनापतिहरूको पान यो सेनापति हो । यो गुरु-सेवी र शान्त स्वभावको छ तर युद्धमा भने बडो क्रोध गरेर हमला गर्दछ ।।११।। देवासुर संग्राममा यो बुद्धिमान् जाम्बवान्ले इन्द्रको ठूलो सहायता गरेको थियो र यही सहायताले गर्दा यसले अनेक वर पनि भेट्टाएको थियो ।।१२।। यसका अनेक बडा बडा पराक्रमी सैनिक छन्, राक्षस र पिशाचहरूको जस्तै यिनीहरूको शरीरमा बाक्लो रौं छ, यिनको सेनाको गणना हुन सक्तैन र आफ्नो अपरिमित पराक्रमद्वारा यिनीहरू जतातत्तै घुमिरहन्छन् । यी भालूहरू पर्वतको टाकुरामा चढेर महामेघसमानका विशाल ढुङ्गा फ्यांक्तछन् र मरुँला भन्ने यिनीहरूलाई बिलकुलै डर हुँदैन ।।१३-१४।। जसले वानरहरू उफ्रेको तमाशा हेर्ने लागेको छ त्यो पनि सेनापतिहरूको प्रधान सेनापति हो र अलि क्रोधी जस्तो देखिन्छ, रम्भ यसको नाम हो; हे राजन् ! यो सेनापति बडो बलियो छ र आफ्नो सेनाले इन्द्रको सहायता गर्दछ ।।१५-१६।। यो एक योजन जति टाढामा रहेको पर्वतमा उफ्रेर जान्छ र पर्वतको टाकुरालाई काखीमुनि च्यापेर त्यसै अडिरहन्छ अथवा च्यापेको च्यापै आकाशमा एक योजनसम्म माथि उडेर जान सक्तछ ।।१७।। सन्नादनको नाम ता तपाईंले पनि सुन्नुभएकै होला, यिनी वानरहरूका पितामह हुन्, कुनै चार खुट्टे पशुको यिनको जस्तो भयङ्कर रूप देखिन्न ।।१८।। जुन बुद्धिमान् उहिले इन्द्रसंग युद्ध गरेर पनि पराजित भएका थिएनन् यी उही सेनापतिहरूको पनि सेनापति सन्नादन हुन् ।।१९।। युद्धका लागि प्रस्थान गर्दाखेरि इन्द्रसमानको पराक्रमी देखिने, देवासुर संग्राममा देवताहरूको सहायताका लागि अग्निद्वारा गन्धर्व कन्याको कोखबाट जन्मेको चाहिंको नाम क्रथन हो । हे राक्षसराज ! जम्बूवृक्षको नगीचमा रहेर, अनेक किन्नरहरूद्वारा सेवा गरिएका, ठूला ठूला पर्वतहरूका राजा, तिम्रा भाइ कुवेर जहाँ सुखदायक विहार गर्दछन् यो महाबली वानरश्रेष्ठ पनि त्यहीं विहार गर्दछ; यसको स्वभाव गम्भीर छ र युद्धमा कहिले पनि आफ्नो प्रशंसा गर्दैन । यसको अधीनमा एक हजार वानर रहन्छन्, आफ्नै

फौजको मद्दतले लङ्कालाई ध्वस्त पार्ने यसको इच्छा छ ॥२०-२४॥ उहिले गङ्गाको किनारमा हात्ती र वानरहरूको बीचमा झगडा परेको थियो, अहिले त्यही वैरत्व संझेर गङ्गाको तीरमा रहेका गजयूथपतिहरूलाई त्रास दिने यस सेनापतिलाई हेर्नुहोस् । पर्वतको गुफामा रहने यो सेनापति सबै वानरहरूको नेता बनेर ठूला ठूला रूख उखेलेर हात्तीहरूको हिंड्ने बाटो रोकिदिन्छ र आफ्नो गर्जनाले जङ्गली हात्तीहरूलाई क्रोधित गराइदिन्छ, हात्तीहरूद्वारा रूखको र रूखद्वारा हात्तीहरूको विनाश पार्दछ; यो वानरश्रेष्ठ वानरीसेनाको प्रधान सेनापति हो; जसरी इन्द्र स्वर्गमा विहार गर्दछन् त्यसै गरी यो पनि मन्दर पर्वतको उशीरबीजनामक शिखरमा विहार गर्दछ; आफ्नो वीर्य पराक्रमको घमण्ड राख्ने, अमित बलशाली एक अरब महात्मा वानरहरूको यो नेता हो, युद्धमा पराजित हुन नसक्ने यस सेनापतिको नाम प्रमाथी हो । हावाले उडाएको बादलसमान जसलाई तपाईं देख्नलाग्नुभएको छ र जसको साथमा वेगवान् वानरहरूको क्रोधित सेना हिंड्नलागेको छ, यो कालो मुख भएका महाबली, भयानक गोपुच्छ वानरहरूको गवाक्ष नाम गरेको सेनापति हो । यस सेनाले उडाएको रातो धूलो देखिनलागेको छ जसलाई कि हावाले चारैतिर फिंजाउनलागेको छ; गोपुच्छ जातिको एक लाख सेना समुद्रमाथि पुल बाँधिएको देख्ता गवाक्ष सेनापतिलाई चारैतिर बाट घेरेर गर्जन गरिरहेका छन् र आफ्नो पराक्रमले लङ्कैलाई ध्वस्त पार्ने इच्छा गर्दछन् । हे राजन् ! वानरमध्येको मुख्य यो केसरी नाम गरेको सेनापति हो, यो सूर्यसमानको प्रकाश भएको पर्वतमा बस्तछ जहाँकि सबै ऋतुमा फलफूल लाग्ने र भ्रमराहरूले सुशोभित भएका रूख देखिन्छन्; आफूसमानको प्रकाश भएको यस पर्वतको सूर्यनारायण प्रतिदिन प्रदक्षिणा गर्दछन्; सूर्यको प्रकाशले गर्दा यहाँका पशु पक्षीसमेत अरुण वर्णका देखिन्छन्, यस पर्वतको शिखरलाई महात्मा ऋषिहरूले कहिले पनि छोड्दैनन्; यस पर्वतका रूखहरू मानिसको इच्छाअनुसारको सबै प्रकारका फलफूल उत्पन्न गराएर दिन्छन् र यहाँ धेरै मोल पर्ने मधु आदि गरिएका मीठा मीठा पदार्थ पाइन्छन्; यस किसिमको रमणीय सुवर्णमय पर्वतमा यो केसरी विहार गर्दछ । राक्षसहरूमा जसरी तपाईं सर्वश्रेष्ठ हुनुहुन्छ त्यसै गरी साठी हजार रमणीय सुवर्ण पर्वतमा सावर्णि मेरु नाम गरेको एउटा अत्युत्तम पर्वत छ । यी पर्वतहरूमध्येको यस अन्तिम पर्वतमा, खैरो, सेतो, तामाको जस्तो रातो मुख तथा मह जस्तो पहेंलो वर्णका वानर बस्तछन्, यी वानरका दाँत बडा तीखा र नङ नै यिनका हतियार हुन्छन्; सिंहको जस्तै यिनीहरूका चारओटा बङ्गारा हुन्छन्, यी सबै बाघसमानका भयानक, अग्नितुल्य उग्र र विषालु सांप जस्तै रिसाहा छन्; यिनको लामो राम्रो पुच्छर हुन्छ र मतवाला हात्तीको जस्तो हिंडाइ हुन्छ, यिनीहरू पर्वत जत्तिकै अग्ला हुन्छन्, मेघको जस्तै यिनको गर्जन हुन्छ, बाटुलो पहेंलो यिनको आँखा हुन्छ र हिंड्दाखेरि डरलाग्दो आवाज निस्कन्छ । हेर्नुहोस्, यी सबै लङ्कालाई ध्वस्त पार्ने जस्तो गरेर आइराखेका छन्, यिनीहरूको माझमा यिनको सेनापति उभिइराखेको छ र यो पराक्रमी, विजयका लागि सूर्यको उपासना गरिरहेको छ; हे राजन् ! संसारमा यो शतबलीको नामले प्रख्यात छ ॥२५-४४॥ हे

महाराज ! यो वीर शतबली यस्तो पराक्रमी, बलियो र पुरुषार्थी छ कि केवल आफ्नै फौजको सहायताले यसले लङ्काको विनाश पार्ने इच्छा गरेको छ ॥४५॥ रामचन्द्रको कल्याणका लागि यो आफ्नो प्राणमाथि समेत केही दया गर्दैन । हे राजन् ! गज, गवाक्ष, गवय, नील, नल यी प्रत्येकको अधीनमा दश-दश करोड वानर छन् । यी बाहेक विन्ध्य पर्वतमा बस्ने अनेक वानर छन्, यी धेरै धेरै हुनाले यिनको गणनै गर्न सकिन्न ॥४६-४७॥ हे महाराज ! यी सबै अतिशय ठूलो प्रभाव भएका छन्, सबैको ठूला ठूला पर्वतको जस्तो शरीर छ, यिनीहरू सबै छिनको छिनैमा ढुङ्गाको वर्षा गरेर समस्त पृथ्वीलाई ढाकिदिन सक्तछन् ॥४८॥

सर्ग—२८

शुक रावणलाई रामचन्द्रको फौजको वर्णन गर्दछ ।

यस प्रकारसँग रामचन्द्रको सेनाको परिचय दिएर सारण चूप लागेपछि शुक राक्षसराज रावणलाई भन्नलाग्यो ॥१॥ हे राजन् ! मतवालासमानका, गङ्गातीरको वरका रूख जस्ता, हिमालयका सालका रूखतुल्यका यी वानरहरू जसलाई तपाईं देख्नलाग्नुभएको छ, यी सबै बलिया र इच्छाअनुसारको रूप धारण गर्न सक्तछन् । रणभूमिमा कसैले यिनको तेज खप्न सक्तैन, युद्ध गर्दाखेरि यिनीहरू दैत्य दानव जत्तिकै क्रूर देखिन्छन् र देवताहरूको जस्तो पराक्रम प्रकट गर्दछन् ॥२-३॥ यी वानरहरूको संख्या नौ करोड हजार, पाँच करोड हजार, सात करोड हजार, शंकु सहस्र तथा सय वृन्द छ ॥४॥ इच्छाअनुसारको रूप धारण गर्न सक्ने, किष्किन्धामा बस्ने यी सबै वानरहरू सुग्रीवका मन्त्री हुन्, देवता र गन्धर्वको वीर्यबाट यिनको वानरजातिमा जन्म भएको हो ॥५॥

देवतासमानको रूप भएका, एकैनासका यी दुवै वानर जसलाई तपाईं बसिराखेको देख्नुहुन्छ, यो मैन्द र द्विविद हुन्, संग्राममा यिनी बराबरको वीर योद्धा अरू कोही छैन ॥६॥ ब्रह्माको आज्ञाले यी दुवैले अमृत पान गरेका हुन्, आफ्नै पराक्रमले लङ्कालाई ध्वस्त पार्ने यिनको इच्छा छ ॥७॥

माद बगाउने हात्तीसमान जसलाई तपाईं उभिइराखेको देख्नुहुन्छ, यो वानर रिस उठेको वेलामा आफ्नो बलले समुद्रलाई समेत खलबलाउन सक्तछ । यो पहिले पनि लङ्कामा सीताको हाल खबर बुझ्न आइसकेको हो, तपाईंले यसलाई देखेकै हो, हेर्नुहोस्, यो फेरि यहाँ आइराखेको छ ॥८-९॥ केसरीको यो जेठो छोरो वायुपुत्रको नामले प्रख्यात छ, हनुमान्को नामले पनि यो विख्यात छ, समुद्र नाघेर यहाँ आउने यही हो ॥१०॥ हे प्रभो ! इच्छाअनुसारको रूप धारण गर्न सक्ने यो वानरश्रेष्ठ रूप तथा बल दुवै थोकले युक्त छ । जसरी वायुको गति कतै रोकिन सक्तैन त्यसै गरी यसको गति पनि कतै रोकिएला भन्नुपदन ॥११॥ उहिले बाल्यावस्थामा एक दिन यो वीर, उदाउन लागेका सूर्यलाई देखेर, सूर्यनारायणको हरण नगरी पृथ्वीका कुनै फलले पनि मेरो भोक शान्त हुनेछैन भन्ने मनमा विचार गरेर, बलको घमण्डमा चूर भई, तीन हजार योजनसम्म माथि उडेर गयो ॥१२-१३॥ तर देवता, ऋषि, तथा

राक्षसहरूले समेत भेट्टाउन नसक्ने सूर्यनारायणलाई पाउन नसकेकोले, इन्द्रको वज्रको चोट खाएर उदयाचल पर्वतमाथि खस्यो ॥१४॥ पत्थरमा बजारिएकोले यस वानरको ओठ अलि बाङ्गियो, तर पहिलेभन्दा पनि झन् बर्ता बलियो हुन गयो । उहिलेको यस वृत्तान्तअनुसार यसको नाम हनुमान् भएको हो ॥१५॥ उहिले उहिलेको यसको जम्मै हाल थाहा भएकोले मैले यसलाई राम्रै गरी चिनेको छु, यसको बल, रूप र प्रभावको वर्णन गरी साध्य छैन ॥१६॥ यो केवल आफ्नो एकलैको बलले लङ्कालाई ध्वस्त पार्न चाहन्छ । तपाईंको तेजले तेजहीन भइराखेको आगोलाई जसले प्रज्वलित गराएर लङ्कालाई डढाइदिएथ्यो त्यस्तो वानरलाई तपाईंले अहिले कसरी बिर्सनुभएको होला ? ॥१७॥

हनुमान्को नगीचैमा श्याम वर्णका कमललोचन, शूरा रामचन्द्र बसिराखेका छन्, यिनी इक्ष्वाकुकुलका अतिरथि हुन् र यिनको पराक्रम संसारमा विख्यात छ ॥१८॥ यिनी सदा धर्ममा स्थिर रहन्छन्, कहिले पनि धर्मको उल्लङ्घन गर्दैनन् ; वेद जान्नेहरूमध्येका श्रेष्ठ यिनले ब्रह्म अस्त्र तथा सबै वेद जानेका छन् ॥१९॥ आफ्नो वाणको प्रहारले यिनी आकाशलाई फोर्न र पृथ्वीलाई छयान्न ब्यान्न पार्न सक्तछन् । यिनको पराक्रम इन्द्रसमानको र रिस मृत्यु जत्तिकै डरलाग्दो छ ॥२०॥ जनस्थानबाट तपाईंले यिनैकी रानी सीतालाई हरेर ल्याउनुभएको हो । हे राजन् ! यिनै रामचन्द्र तपाईंसित युद्ध गर्न भनी आइराखेका छन् ॥२१॥

यिनको दाहिनेतिर तपाईं जो मानिस देख्नुहुन्छ ती लक्ष्मण हुन्, शुद्ध सुनको जस्तो यिनको वर्ण छ, छाती च्याप्टो, आँखा राता, कपालका रौं काला र घुँगुरिएका छन्, दाजुको मन पर्ने र कल्याण हुने कुरामा यिनी सदा तत्पर रहन्छन्, नीति र युद्ध विद्यामा निपुण छन् तथा शस्त्रधारीहरूमध्ये श्रेष्ठ छन्; रामचन्द्रका शत्रुलाई यिनी देखिसहन्नन्, यिनलाई जित्न बडो गाह्रो छ, आफू ता शत्रुलाई जितिहाल्दछन्; यिनी पराक्रमी, विजयी तथा बली सबै थोक छन्, रामको दाहिने हात तथा बाहिरी प्राण जत्तिकै छन् । रामको कामका लागि आफ्नो प्राणको समेत केही वास्ता गर्दैनन्, युद्धमा आफू एकलैले सबै राक्षसलाई मारूँ भन्ने यिनको इच्छा छ ॥२२-२५॥

यिनको देब्रेपट्टि बसिराखेका चाहिं राक्षसहरूद्वारा परित्याग गरिएका, राजा विभीषण हुन् ॥२६॥ राजाहरूका पनि राजा श्रीरामचन्द्रजीले लङ्काको राज्यमा यिनको अभिषेक गरिसकेका छन्, तपाईंमाथि रिस गरेर यिनी युद्ध गर्न भनी आइराखेका छन् ॥२७॥

पर्वतझैं अचल भएर जसलाई तपाईं सबै वानरहरूको माझमा बसेको देख्नुहुन्छ तिनी वानरहरूका राजा हुन् र बडा पराक्रमी छन् ॥२८॥ जसरी सबै पर्वतहरूमा हिमवान् पर्वत श्रेष्ठ छन् त्यसै गरी यिनी पनि तेज, यश, बुद्धि, बल र कुलले गर्दा सबै वानरहरूमा श्रेष्ठ मानिएका छन् ॥२९॥ रूखै रूखले टम्म बेह्रिएको, पर्वतको टाकुरामा रहेको अतएव प्रवेश गर्न गाह्रो पर्ने दुर्गम किष्किन्धा पुरीमा आफ्ना सेनापतिहरूको साथमा बस्ने गरेका छन् ॥३०॥ यिनको घाँटीमा सयओटा कमलले बनेको सुनको मालाले कस्तो शोभा दिइराखेको छ, यस मालामा देवता तथा मानिसहरूले चाहना गर्ने लक्ष्मीले

वास गरेकी छन् ॥३१॥ यो माला, तारा र वानरहरूको राज्य यी सबै थोक रामचन्द्रले बालिलाई मारेर सुग्रीवलाई दिएका हुन् ॥३२॥ सय हजारको एक लाख, सय लाखको एक करोड र सय हजार करोड एक शंकु हुन्छ ॥३३॥ सय हजार शंकुको एक महाशंकु र सय हजार महाशंकुको एक वृन्द हुन्छ ॥३४॥ सय हजार वृन्दको एक महावृन्द र सय हजार महावृन्दको एक पद्म हुन्छ ॥३५॥ सय हजार पद्मको एक महापद्म र सय हजार महापद्मको एक खर्व हुन्छ ॥३६॥ सय हजार खर्वको एक समुद्र र सय हजार समुद्रको एक महौघ हुन्छ ॥३७॥ यस हिसाबले हजार करोड, सय शंकु, हजार महाशङ्क, सय वृन्द, हजार महावृन्द, सय पद्म, हजार महापद्म, सय खर्व, हजार समुद्र, सय महौघ तथा करोड महौघ वानर यिनको सहायता गर्न भनी तय्यार छन् । यत्रो बडो सेना, मन्त्री तथा समुद्रसमानका गम्भीर विभीषणलाई साथमा लिएर पराक्रमी, महाबली, वानरराज सुग्रीव तपाईंसित युद्ध गर्न भनी आइराखेका छन् ॥३८–४१॥ हे महाराज ! यहाँ आइराखेको यस सेनालाई प्रज्वलित ग्रह समान सम्झेर तपाईंले आफ्नो जित हुने, शत्रुहरूले कसै गरे पनि आफूलाई जितेर विजयी बन्न नपाउने उपाय गर्नपट्टि लाग्नुपर्‍यो ॥४२॥

सर्ग—२९

शुक सारणलाई निकाला : महोदर राक्षस बानरी सेनामा खबर बुझ्न पठाइन्छ ।

शुकले वर्णन गरेका वानर सेनापतिहरूलाई हेरिसकेपछि, रामको दाहिने हातपट्टि महाबली लक्ष्मण, रामको नगीचै बसिराखेका भाइ विभीषण, डरलाग्दो पराक्रम देखाउन सक्ने समस्त वानरहरूका मालिक राजा सुग्रीव, इन्द्रपुत्र बालिका छोरा कुमार अङ्गद, पराक्रमी हनुमान्, दुर्जय जाम्बवान्, वानरश्रेष्ठ सुषेण, कुमुद, नील, नल, गवाक्ष, शरभ, द्विविद, यी सबैलाई देख्ता रावणको मन अलि व्याकुल भयो, तर आफू व्याकुल भएको कसैले पत्तो नपाऊन् भनेर, रिसाएको जस्तो गरी, यथार्थ कुरा भन्ने शुक र सारण यी दुवै राक्षसलाई खूबसंग हप्काउनलाग्यो ॥१–५॥

यी दुवै शुक सारण बडो नम्रतासाथ टाउको निहुराएर अगाडि बसिराखेका थिए, तर रावण भने रिसै रिसले लर्बरिंदो स्वर गरेर यिनलाई बडो कडा वचन भन्नलाग्यो ॥६॥ नोकरी गरेर बसेका मन्त्रीहरूले दण्ड दिन अथवा अनुग्रह देखाउन सक्ने राजाको अघिल्तिर यस्तो अप्रिय कुरा गर्नामा मुनासीब पर्दैन ॥७॥ युद्ध गर्न भनी तत्पर भइराखेका विरोधी शत्रुहरूको, विनाप्रसङ्गको, तिमी दुवैले यो जो स्तुति गर्‍यौ सो के गर्नुपर्ने कुरा हो त ? ॥८॥ आचार्य, गुरु तथा बूढापाकाको तिमीहरूले गरेको सेवा व्यर्थै भयो, कारण लिनुपर्ने राजनीतिको सार अझ लिन सकेका रहेनछौ ॥९॥ तिमीहरूले राजनीतिको अध्ययन ता गरेका छौ, तर यो शास्त्र बुझ्न सकेका रहेनछौ यसैले मूर्खझैं केवल शास्त्रको भारी बोकिराखेका छौ, यस्ता मूर्ख मन्त्रीहरूको साथमा रहँदाखेरि समेत मेरो राज्य जो अहिलेसम्म अडिराखेको छ त्यसमा मैले आफ्नो भाग्य संझनुपर्दछ ॥१०॥ मेरो सामुन्नेमा यस्तो कठोर वचन भन्दा-

खेरि के तिमीहरूलाई मरौंला भन्ने डर भएन ? के तिमीहरूलाई थाहा छैन, मेरो शासनकालमा मेरो जिभ्रोले शुभ, अशुभ दुवै किसिमको फल दिन सक्तछ अर्थात् प्रिय बोल्नेले इनाम र अप्रिय बोल्नेले दण्ड पाउँछ ? ॥११॥ बनमा आगो लाग्दाखेरि शायद कुनै रूख बाँचिहाल्छन् तर राजाको द्रोह गर्ने बागी ता कुनै तरहले जीवित रहन सक्तैनन् ॥१२॥ शत्रुपक्षको प्रशंसा गर्ने तिमीहरूलाई मैले अवश्यै मार्नुपर्ने हो तर के गरूँ तिमीहरूले पहिलेपहिले गरेका उपकार संझँदा मेरो रिसलाई शाम्य गराइदिन्छ ॥१३॥ तिमी दुवै मेरो सामुन्नेबाट हटिहाल, तिमीहरूको नाश भइहालोस्, तिमीहरूले गरेका उपकारको स्मरण भएकोले मैले तिमीहरूलाई नमारेको हो, मार्नाले फाइदै के छ र ? कृतघ्नताको दोषले र मेराउपर स्नेह नभएकोले तिमीहरू आफैं मरेसमान भइसकेका छौ ॥१४॥

रावणले भनेका यस्ता कठोर वचन सुनेपछि शुक सारण दुवै अति लज्जित भए र रावणको जय जयकार गर्दै त्यहाँबाट उठेर बाहिर निस्किहाले ॥१५॥

यसपछि रावणले आफूनेर वसिराखेको महोदरलाई आफ्ना दूतहरूलाई बोलाएर ल्याउने आज्ञा दियो । रावणको आज्ञा सुन्नासाथ महोदरले पनि झट्टै गएर दूतहरूलाई राजाको आज्ञा सुनाइदियो ॥१६॥ राजाको आज्ञा सुन्नेबित्तिकै दूतहरू पनि हतपतसाथ हात जोड्दै उसको सामुन्ने उपस्थित भए र जयजयकारको शब्द तथा आशीर्वादले रावणलाई प्रसन्न गराए ॥१७॥

राक्षसराज रावण यी विश्वासी, शूरा, धैर्य गर्न सक्ने तथा निडर दूतहरूलाई भन्नलाग्यो ॥१८॥ रामचन्द्रले के के गर्न आँटेका रहेछन् सो कुरा तिमीहरू त्यहाँ गएर बुझ, रामलाई सल्लाह दिने को को रहेछन्, भित्रै देखिको प्रेमले को को यिनीसित मिलेका रहेछन् सो पनि बुझे ॥१९॥ राम कसरी सुत्ता रहेछन्, कसरी ब्यूँझदा रहेछन् , आज के गर्न आँटेका छन्, यी सबै कुरा सावधानीसाथ राम्रो गरी बुझबाझ गरेर यहाँ फर्केर आऊ ॥२०॥ दूतद्वारा शत्रुको सबै कुरा थाहा पाएपछि विद्वान् राजा सजिलै-संग रणभूमिमा यिनलाई हराएर भगाउन सक्तछन् ॥२१॥

मनमा प्रसन्न भइराखेका यी दूतहरूले हुकुम शिरोपर भन्दै शार्दूललाई अघि लाएर रावणको प्रदक्षिणा गरे ॥२२॥ राक्षसराज रावणको प्रदक्षिणा गरिसकेपछि यी दूतहरू राम र लक्ष्मण भएको ठाउंमा जान भनी हिंडे ॥२३॥ यी दूतहरू सुबेल पर्वतनेर पुगेपछि लुकेर राम, लक्ष्मण, सुग्रीव र विभीषणलाई हेर्न-लागे ॥२४॥ यिनीहरू त्यो वानरी सेनालाई देख्तैमा डरले आकुल व्याकुल परिहाले । धर्मात्मा राक्षसराज विभीषणले ता यिनीहरूलाई देखिहाले ॥२५॥ लुकिराखेका यी दूतहरूलाई विभीषणले सजिलैसंग पक्रन लगाए र शार्दूल एउटा राक्षसलाई मात्र बाँध्ने आज्ञा दिए, कारण दूतहरूको सरदार यो बडो पापी थियो ॥२६॥ वानरहरूको हातबाट यसले अतिशय कष्ट पाउन लागेको देख्ता रामचन्द्रले उनीहरूको पञ्जाबाट यसलाई मुक्त गराइदिए, यस प्रकारसंग दयालु रामचन्द्रले अरू अरू राक्षसहरूलाई पनि छुटाइदिए ॥२७॥ वानरहरूबाट घोर यातना पाएकाले यी राक्षसहरू स्वांस्वां गर्दै बेहोश जस्तै भएर कुनै तरहले लंकामा पुगे ॥२८॥

शत्रुराज्यको हाल खबर बुझ्नाका लागि सदा बाहिर रहने, महाबली यी राक्षसदूतहरू रावणको नगीचमा उभिएर, सुबेल पर्वतनेर अडिइराखेको, रामचन्द्रको फौजको वर्णन गर्नलागे ॥२९॥

सर्ग—३०

शार्दूल रावणलाई वानरी सेनाको वर्णन गरेर सुनाउँछ ।

यसपछि दूतहरूले रामचन्द्र आफ्नो अचल, अजेय सेना लिएर सुबेल पर्वतनेर अडिइराखेका छन् भन्ने कुरा रावणलाई सुनाए ॥१॥ चारहरूको मुखबाट रामचन्द्र बडेमानको फौज लिएर लङ्कामा आइपुगे भन्ने कुरा थाहा पाएपछि रावण मनमा थोर बहुत हडबडायो र शार्दूललाई भन्नलाग्यो ॥२॥ हे राक्षस ! तिम्रो मुखको रंग अलि धमिलो देखिन्छ, तिमी दिक्दारीमा परेको जस्तो पो देखिन्छौ, के तिमी रिसाहा शत्रुहरूको फन्दामा ता परेनौ ? ॥३॥

रावणले यस किसिमसंग सोधेपछि डरले व्याकुल भइराखेको शार्दूल राक्षसश्रेष्ठलाई भन्नलाग्यो ॥४॥ हे राजन् ! ती वानरहरूको बलाबलको पत्ता लगाउनु ता दूतहरूका लागि बडो गाह्रो छ, किनकि ती सबै पराक्रमी र बलिया छन् र रामले यिनीहरूको रक्षा गरिराखेको छ ॥५॥ यिनीहरू कसैसित न केही कुरा गर्न पाइन्छ, न कुनै प्रश्न सोध्न पाइन्छ, किनकि पर्वतको जस्तो आकार परेका वानरहरू बाटोको रक्षा गर्न भनी नियुक्त भइराखेका छन् ॥६॥ घुम्दा घुम्दै जसै हामी रामचन्द्रको सेनाभित्र पसेका थियौं कि उत्त्रिखेरै विभीषणको साथमा रहने चार जना मन्त्रीले हामीलाई चिनिहाले । यिनीहरूले बलजफ्तीसंग हामीलाई समातेर फौजमा जताततै घुमाउनलागे ॥७॥ घुँडा, मुक्का, दाँत तथा थप्पडको प्रहारले यी क्रोधी वानरहरूले हामीलाई पिट्नसम्म पिटे र यो दूत हो भनेर चिनाउँदै फौजमा जताततै घुमाए ॥८॥ चारैतिर घुमाइसकेपछि यिनीहरूले मलाई रामचन्द्रको सभामा लिएर गए, यस समयमा ठूलो मार परेकोले मेरो शरीरबाट रगत बगिराखेको थियो र सबै इन्द्रिय खलबलिएकोले म विह्वल भइराखेको थिएँ ॥९॥ यति हुँदा पनि वानरहरू मलाई धमाधम पिट्नलागेका थिए र म हात जोरेर रामचन्द्रसँग प्राणको भिक्षा मागिरहेको थिएँ । यस वेलामा ममाथि दया गरेर रामले यसो नगर भनेर आफ्नै इच्छाले मलाई छुटाइदिए ॥१०॥ ढुङ्गै ढुङ्गाले समुद्रलाई टम्म पारेर रामचन्द्र हात-हतियारसहित लङ्काको ढोकामा आइराखेका छन् ॥११॥ यिनले गरुड व्यूहको रचना गरेका छन् , चारैतिरबाट वानरहरूले यिनलाई घेरिराखेका छन् । मलाई बिदा दिएपछि यी महातेजस्वी लङ्कातिर धमाधम बढ्नलागे ॥१२॥ लङ्काको पर्खालनेर यिनीहरू नआइपुग्दैमा तपाईंले यी दुइ कुरामा एउटा ता नगरी भएन, कि ता सीतालाई झट्टै फर्काइदिनुपर्‍यो, कि ता उनीसँग युद्ध गर्न तय्यार हुनुपर्‍यो ॥१३॥

शार्दूलका मुखबाट यी कुरा सुनेपछि राक्षसराज रावणले मनमा केही बेर विचार गरी उसलाई यो कुरा सुनाउनलाग्यो ॥१४॥ देवता, दानव तथा गन्धर्वहरू मसँग युद्ध गरून् अथवा जम्मै

संसार मेरो विरुद्धमा खडा होस् तापनि म सीतालाई फर्काउने होइन ।।१५।। यति भनिसकेपछि महातेजस्वी रावण फेरि भन्नलाग्यो—तिमीले ता त्यो फौज हेरिहाल्यौ तसर्थ मलाई भन, ती वानरहरूमध्ये कुन कुन शूरा छन् ।।१६।। यी वानरहरूमध्ये जो महावीर छन् तिनीहरूको प्रभाव कस्तो छ, तिनीहरू कस्ता छन्, कसका छोरा र कसका नाति हुन्, यी सब कुरा मलाई ठीक ठीक-भनेर सुनाऊ ।।१७।। यिनीहरूको बलाबलको ज्ञान भएपछि म आफूले गर्नुपर्ने कामको निर्णय गर्नेछु । युद्ध गर्ने इच्छा गर्ने राजाले सबभन्दा पहिले आफ्ना शत्रुको संख्याको पत्ता लगाउनु नितान्त आवश्यक छ ।।१८।।

रावणका यस्ता कुरा सुनेपछि दूतश्रेष्ठ शार्दूल उनको सामुन्नेमा यस प्रकारको कुरा भन्न लाग्यो ।।१९।। हे महाराज ! त्यस फौजमा ऋक्षरजाको छोरो गद्गदलाई ता संग्राममा कसैले जित्न सक्तैन; गद्गदको छोरो जाम्बवान्को नामले विख्यात छ ।।२०।। यिनै गद्गदको अर्को एउटा छोरो छ, यसको नाम धूम्र हो । इन्द्रका गुरु बृहस्पतिका छोराको नाम केशरी हो । यिनै केसरीका छोरा हनुमान्‌ले एकलैले राक्षसहरूलाई हायल कायल पारिदिएका थिए ।।२१।। यिनीहरूमा धर्मको छोरो धर्मात्मा तथा महाबली सुषेण पनि आइराखेको छ । जन्मै देखिको सरल स्वभाव भएको दधिमुख नाम गरेको वानर चन्द्रमाको छोरो हो ।।२२।। सुमुख, दुर्मुख, र वेगदर्शी यी तीन वानर पनि यहाँ आइराखेका छन्, यिनलाई देख्तैमा ब्रह्माले वानरको रूपमा मृत्युको सृष्टि गरेको हो कि भन्ने भान पर्दछ ।।२३।। अग्निको छोरो नील स्वयं सेनापति बनेर आएको छ र वायुका छोरा हनुमान्‌समेत यस फौजमा छन् ।।२४।। इन्द्रका नाति, बालिको छोरो अङ्गद बडो बलियो र तरुनो छ; मैन्द र द्विविद यी दुवै महाबली अश्विनीकुमारका छोरा हुन् ।।२५।। गवय, गवाक्ष, गज, शरभ, र गन्धमादन यी पाँचै जना यमराजका छोरा हुन् । पराक्रमको काम गर्दा यिनीहरू प्रलयकालका यमराजसमान हुन्छन् ।।२६।। हे महाराज ! यस फौजमा दश करोड वानर ता देवताहरूका सन्तान छन्, यी सबै युद्धको चाहना गर्ने, शूरा र श्रीमान् छन् । अरू बाँकी वानरहरूको वर्णन गर्नालाई ता मेरो हिम्मतै उठ्तैन ।।२७।। सिंहको जस्तो हिंडाइ भएका, राजा दशरथका छोरा श्रीरामचन्द्रजी तरुनो उमेरका छन्, खर, दूषण तथा त्रिशिरालाई मार्ने यिनै हुन् ।।२८।। पृथ्वीमा रामसमानको पराक्रमी अरू कोही छैन, यमराजसमानको कबन्ध तथा विराधको प्राण लिने यिनै हुन् ।।२९।। जनस्थानमा त्यतिका राक्षसको वध गर्ने रामचन्द्रको सबै गुण यस पृथ्वीमा कुनै मानिसले पनि बयान गर्न सक्तैन ।।३०।। धर्मात्मा लक्ष्मण पनि मस्त गजराजसमानका छन्, यिनको बाण सामुन्ने आए-पछि ता इन्द्रले समेत आफ्नो प्राण बचाउन सक्नेछैनन्, अरूको ता कुरै छैन ।।३१।। श्वेत र ज्योति-र्मुख सूर्यका छोरा हुन् । हेमकूट नाम गरेको वानर वरुणको छोरो हो ।।३२।। वानरश्रेष्ठ वीर नल विश्वकर्माको छोरो हो, दुर्धर नाम गरेको पराक्रमी र वेगवान् वानर वसुको छोरो हो ।।३३।। राक्षसहरूमध्येका श्रेष्ठ, तपाईंका भाइ विभीषण रामको हातबाट लङ्काको अधिकार पाएकोले उनको

हितेच्छु भइराखेका छन् ॥३४॥ सुवेल पर्वतमा अडिइराखेको वानरहरूको फौजको बारेमा मलाई जति कुरा थाहा थियो सो सबै निवेदन गरिहालें, अब उप्रान्तलाई जसो गर्नाले आफ्नो कल्याण हुन्छ भन्ठान्नुहुन्छ सो गर्नुहोस् ॥३५॥

सर्ग—३१

रावण मायाद्वारा बनेको रामको टाउको लिई सीताकहाँ जान्छ ।

यसपछि अरू अरू दूतहरूले पनि रामचन्द्र आफ्नो अचल सेना लिएर सुबेल पर्वतनेर अडिइराखेका छन् भन्ने कुरा रावणलाई सुनाए ॥१॥ दूतहरूको मुखबाट रामचन्द्र बडेमानको फौज लिएर लङ्कामा आइपुगे भन्ने कुरा थाहा पाएपछि रावण मनमा केही हडबडायो र आफ्ना मन्त्रीहरूलाई भन्नलाग्यो ॥२॥ मेरा सबै मन्त्रीहरू सावधान भएर यहाँ आइहाल्नून्, किनकि हामीहरूले सल्लाह गर्नुपर्ने वेला आइराखेको छ ॥३॥ रावणको आज्ञा सुन्नासाथ सबै मन्त्रीहरू झटपट आइहाले र राक्षसराज पनि आफ्ना राक्षस मन्त्रीहरूसँग सल्लाह गर्नलाग्यो ॥४॥ अब उप्रान्तलाई आफूले गर्नुपर्ने कर्तव्यको विषयमा ती मन्त्रीहरूसँग सल्लाह गरिसकेपछि रावणले उनीहरूलाई विदा गरिदियो र आफू पनि दरबारभित्र पस्यो ॥५॥

यसपछि विद्युज्जिह्व नाम गरेको महाबली मायावी राक्षसलाई सँगमा लिएर रावण सीता भएको ठाउँमा पुग्यो ॥६॥ माया रान्नोसँग जान्ने विद्युज्जिह्वलाई रावणले हिंड्ने वेलामा भन्यो—हामी दुवै जना मिलेर जनकपुत्री सीतालाई मायाद्वारा मोहित गरौं, तसर्थ हे राक्षस ! मायाद्वारा बनेको रामचन्द्रको टाउको र बाणसहितको एउटा ठूलो धनु लिएर मकहाँ झट्टै आइहाल ॥७-८॥ विद्युज्जिह्व राक्षसले पनि आज्ञा पाउनासाथ मायाद्वारा बडो राम्रो ढाँचासँग बनेको रामचन्द्रको टाउको देखाइहाल्यो ॥९॥ यो देखेपछि राजा रावण बहुतै खुशी भयो र पारितोषिकस्वरूपमा उसलाई अनेक गहना दिएर सीतालाई भेट्ने इच्छाले अशोक वाटिकामा पुगि पनि हाल्यो ॥१०॥

कुवेरको भाइ, राक्षसहरूको मालिक महाबली रावणले अशोक वनभित्र प्रवेश गर्नासाथ दुःख पाउनु नपर्ने किसिमकी सीतालाई बडो दुःखित अवस्थामा परेको देख्यो ॥११॥ शोकले गर्दा तल टाउको निहुराएर सीता भूइँमा बसिराखेकी थिइन् । अशोक वाटिकामा बसेर यिनी केवल आफ्नो पतिको ध्यानमा मग्न भइराखेकी थिइन् ॥१२॥ डरलाग्दो अनुहार परेका राक्षसीहरू यिनको नजीकमा बसिराखेका थिए ।

रावण प्रसन्न चित्तले आफ्नो नाम सुनाउँदै उनीनेर गएर बडो धृष्टतासाथ सीतालाई यस किसिमको कुरा सुनाउन लाग्यो—जसको भरमा परेर तिमीले अहिलेसम्म मैले भनेको कुराको केही वास्ता गरिनौ, खरलाई मार्ने तिम्रा तिनै पति राम रणमा मारिए । अबलाई ता तिम्रो जरै काटियो र तिम्रो घमण्डलाई पनि मैले चूर्ण पारिदिएँ ॥१३-१५॥ हे मूर्खे ! यो मरिसकेको लोग्नेलाई लिएर तिमी के गर्छ्यौ, तसर्थ

यो परिआएको विपद् कालमा आफ्नो दुर्बुद्धिलाई छोडेर मेरी स्वास्नी बनिहाल ॥१६॥ आफूलाई ठूलो बुद्धि भएको संझने, पुण्य सकिनै लागेकी, मतलब पूरा गर्न नसकेकी हे सीते ! अब तिमी मेरा सबै रानीहरूमा पटरानी भएर बस, वृत्रासुरको वध जत्तिकै भयङ्कर आफ्ना पतिको वधको वृत्तान्त सुन ॥१७॥

रामचन्द्र मलाई मार्नाका लागि वानरराज सुग्रीवको ठूलो फौज सँगमा लिएर समुद्रको तीरमा आइराखेका थिए ॥१८॥ आफ्नो बडेमानको फौजले समुद्रको उत्तरपट्टिको किनारालाई ध्वस्त पारेर, सूर्यनारायण अस्ताचलतिर लागेपछि, उनी त्यहीं अडिराखेका थिए ॥१९॥ आधारात भएको थियो, बाटोको हिंडाइले थाकेर रामचन्द्र आफ्नो सेनासहित मस्तसंग सुतिराखेका थिए, त्यस बखतमा मेरा दूतहरूले गएर उनको फौजको जम्मै कुरा पत्ता लगाएर आए ॥२०॥ यसपछि प्रहस्तद्वारा तालीम पाएको मेरो ठूलो फौजले त्यही रातमा रामचन्द्रको सेना तथा राम, लक्ष्मणलाई समेत सुतेको सुत्यै मारिदियो ॥२१॥ पट्टिश, परिघ, चक्र, ऋष्टि, दण्ड नामको महास्त्र, बाण, शूल, चहकिला काँढा भएका मुद्‌गर, लठ्ठी, तोमर, प्रास, चक्रको जस्तो आकार परेका मुशल आदि अस्त्रको प्रहार गरेर राक्षसहरूले वानर-हरूलाई मारिदिए ॥२२-२३॥ रामचन्द्र यस बखतमा सुतिराखेका थिए, लड्न अघि सरेका थिएनन्; शत्रुसेनालाई ध्वस्त पार्ने प्रहस्तले यही मौकामा आफ्नो हातको फूर्ति देखाएर तरवारले रामको टाउको काटिदियो ॥२४॥ विभीषण त्यहाँ आयो तर उसलाई पनि सजिलैसँग पक्रिहाले। लक्ष्मणचाहिँ वानरको फौज लिएर लुक्नाको निम्ति भाग्यो ॥२५॥ वानरराज सुग्रीव घाँटी काटिएकोले सुतिराखेको छ, राक्षसहरूले हनुमान्‌लाई पनि उसको चिउँडो फुटालेर मारिदिए ॥२६॥ जाम्बवान् घुँडा टेकेर हिंडि-राखेको थियो, राक्षसहरूले यसलाई पनि युद्धमा मारिदिए; पटाको प्रहार परेकोले, काटिएको रूख ढले-झैं यो भूइँमा ढलिहाल्यो ॥२७॥ वानरश्रेष्ठ मैन्द र द्विविद यी दुवै पनि जम्मै शरीर रगतमा मुछिएकोले लामो लामो सास फेर्न र रुनलागेका थिए, शत्रुको घात गर्ने विशाल शरीर भएका यी दुवैलाई राक्षस-हरूले माझैमा तरवारले काटिदिए। जसरी कटहर भूइँमा खस्ता छ्यान्नब्यान्न भएर छरिन्छ त्यसै गरी पनस नाम गरेको वानर भूइँमा लम्पसार परेर स्वाँ स्वाँ गरिरहेको छ ॥२८-२९॥ दरीमुख नाम गरेको वानर अनेक बाणको चोट पर्नाले मरेर गुफाभित्र पडिराखेको छ; महातेजस्वी कुमुद वानर कन्नलागि-राखेको थियो, यसलाई पनि बाण चलाएर मारिदिए ॥३०॥ अंगदलाई अनेक बाणको वर्षा गरेर मारि-दिए, मुखबाट रगत उकेल्दै यो भूइँमा ढलिहाल्यो ॥३१॥ कईएक वानरलाई हात्तीले कुल्चिदिए, कोही रथमुनि थिचिएर मरे, अनेकलाई सुतेको सुत्यैमा मारिदिए, जसरी हावाले गर्दा बादल बेपत्ता हुन्छ त्यसै गरी यिनीहरू पनि बेपत्ता भए ॥३२॥ जसरी सिंहले हात्तीहरूलाई लखेट्तछ त्यसै गरी पछाडिबाट राक्षसहरूद्वारा लखेटिएका यी वानरहरू डरले धमाधम भूइँमा लड्दै मर्नलागे ॥३३॥ कोही समुद्रमा डुबे, कोही आकाशमा उडेर गए, कोही कोही भालूहरू वानरको दलमा मिसिएर रूख चढ्न पुगे ॥३४॥ समुद्रको तीरमा, वनमा, पर्वतमा भेटिएका, पहेंलो वर्ण भएका ती अनेक वानरहरूलाई डरलाग्दो आँखा भएका राक्षसहरूले मारिदिए ॥३५॥ यस प्रकारसँग सेनासहित तिम्रा पति मेरो सेनाद्वारा मारिएका

हुन्, रगतै रगतले मुछिएको, काटिएको उनको टाउको यहाँ ल्याइराखेको छ ॥३६॥

यसपछि अजेय राक्षसराज रावण सीताले सुन्ने गरी राक्षसीहरूलाई भन्नलाग्यो ॥३७॥ भयङ्कर काम गर्न सक्ने विद्युज्जिह्व नाम गरेको राक्षसलाई यहाँ बोलाएर ल्याऊ, त्यसले रणक्षेत्रबाट रामचन्द्रको टाउको ल्याइराखेको छ ॥३८॥

यसपछि विद्युज्जिह्व रामको टाउको र धनुबाण लिएर रावणको अगाडि आयो र टाउको निहुराएर उसलाई प्रणाम गरी उभिइरह्यो ॥३९॥ आफ्नो नजीकमा उभिइराखेको, बडेमानको जिब्रो भएको विद्युज्जिह्व राक्षसलाई राजा रावण भन्नलाग्यो ॥४०॥ झट्टै रामचन्द्रको टाउको सीताको अघिल्तिर ल्याऊ, आफ्नो लोग्नेको अन्तिम अवस्था यी बिचरी सीता पनि हेरिहाल्नन् ॥४१॥

यस्तो आज्ञा पाउनासाथ रामचन्द्रको सुन्दर टाउको सीताको अघिल्तिर राखेर त्यो राक्षस झट्टै त्यहाँबाट हिंडिहाल्यो ॥४२॥ रावणले पनि विद्युज्जिह्वको हातबाट चहकिलो बडेमानको धनु लिएर सीताको अघिल्तिर फ्यांकेर भन्नलाग्यो—हेर, तीनै लोकमा विख्यात भएको, ताँदो चढाइराखेको तिम्रो रामको धनु यही हो, रात्रिको समयमा त्यस मानिस अर्थात् रामलाई मारेर प्रहस्तले यसलाई यहाँ ल्याएका हुन् ॥४३-४४॥ यसपछि विद्युज्जिह्वले ल्याएको त्यो टाउको र धनु यशस्विनी जनकपुत्री सीताको सामुन्ने राखेर रावण उनलाई भन्नलाग्यो—जो हुनु थियो सो भइहाल्यो, अबलाई ता मेरो अधीनमा पर्नु नै तिम्रा खातिरमा बेश छ ॥४५॥

सर्ग—३२

रामचन्द्रको मस्तक देख्ताखेरिको सीताको विलाप ।

त्यो उत्तम धनु तथा मस्तक देख्ता सीताले आफूलाई हनुमान्ले बयान गरेर सुनाएको राम र सुग्रीवको मित्रताको कुरा संझिन् ॥ १ ॥ काटिएको मस्तकको आँखा, मुख, मुखको वर्ण, कपालको रौं, निधार, सुन्दर चूडामणि इत्यादि सबै चिन्ह ठीक रामचन्द्रको जस्तै देख्ता, आफ्ना पतिको मृत्यु भएको कुरामा विश्वास गरेर सीता बहुतै दुःखित भइन् र कुररी चरीले झैं विलाप गर्दै कैकेयीको निन्दा गर्नलागिन् ॥२-३॥ हे कैकेयी ! तिम्रो अभिलाषा पूर्ण भयो, तिमीले गर्दा रघुकुलनन्दन रामचन्द्रको मृत्यु भएको हो, आफ्नो झगडालु स्वभावले गर्दा तिमीले जम्मै कुलको जरै उखेलिदियौ ॥४॥ मेरा पति रामचन्द्रले कैकेयीको के बिगार गरेका थिए कि तिनले मेरो साथमा चीर वस्त्र पहिराएर यिनलाई वनमा पठाइदिइन् ॥५॥ यस प्रकारसंग विलाप गर्दा गर्दैमा सानो उमेरकी, तपस्विनी सीताको शरीर थरथर कांप्न लाग्यो र जरो काटिएको केराको थाम ढलेझैं यिनी पृथ्वीमा लडिहालिन्॥६॥ केही बेरमा होश आएपछि यिनी उठिन् र त्यही मस्तक च्यापेर यी विशालाक्षी विलाप गर्न लागिन्॥७॥

वीरव्रतको पालना गर्ने हे महाबाहो ! मेरो सर्वनाश भयो, मैले तपाईंको अन्तिम अवस्था हेर्नुपर्‍यो, विधाताले मलाई विधवा पो बनाइदिए ॥८॥ स्वास्नीको आफ्नोभन्दा पहिले मरण हुनु लोग्नेको

दुर्भाग्य हो अतएव मसमानकी पतिव्रताको अघिल्तिर तपाईंको स्वर्गवास हुनु ता तपाईंका लागि बेशै कुरा भयो ॥९॥ शोकसागरमा निमग्न भएर म अतिशय कठोर यातना भोगिराखेकी थिएँ, मेरो रक्षाका खातिर तपाईं तत्पर हुनुभएको थियो, तर मेरो खोटो कर्मले गर्दा तपाईंको समेत मृत्यु हुनुगयो ॥१०॥ तपाईंमाथि प्रेम गर्ने मेरी सासु कौशल्या आज तपाईं नहुनाले बाच्छो नभएकी गाईसमान बन्न गइन् ॥११॥ हे राघव ! ज्योतिषीहरूले तपाईं दीर्घायु हुनुहुन्छ भनेका थिए, तर यिनीहरूको भनाइ झूटो ठहरियो, कारण तपाईं ता अल्पायु पो हुनुहुँदो रहेछ ॥१२॥ तपाईं जस्ता बुद्धिमान् व्यक्तिले समेत, बुद्धि नष्ट भएकोले, शत्रुको वशमा पर्न पुग्नु ता कालकै खेल भन्नुपर्दछ, किनकि सबै प्राणीको उत्पत्ति गराउने कालले नै बुद्धिमान्‌हरूको बुद्धिलाई लोप गराइदिन्छ ॥१३॥ दुःख हटाउने उपाय जान्ने, नीति शास्त्रको तत्व बुझेका, तपाईं जस्तो सिपालु मानिस कसरी अचिन्तित मृत्युको वशमा पर्न पुग्नुभयो अर्थात् सुतेको सुत्यै कसरी तपाईंको मृत्यु हुनगयो ॥१४॥ अहो ! डरलाग्दो अनुहार परेको निर्दयी कालरात्रिले; हे कमललोचन राम ! मलाई अंगालो हालेर तपाईंको हातबाट खोसेर लगिहाल्यो ॥१५॥ हे पुरुषश्रेष्ठ महाबाहो ! म दुःखिनी तपस्विनीलाई एक्लै छोडेर तपाईं प्यारी स्वास्नीलाई झैं पृथ्वीलाई अंगालो हालेर सुतिरहनुभएको छ ॥१६॥ सुवर्णभूषित तपाईंको यस धनुको मलाई बडो माया लाग्दछ, हे वीर ! म यस धनुको दिन दिनै बडो यत्नले चन्दन फूलले पूजा गर्दथें ॥१७॥ हे पापरहित ! मेरा ससुरा तपाईंका पिता दशरथसँग तथा अरू पितृहरूसँग तपाईंको अवश्यै स्वर्गमा भेटघाट भयो होला ॥१८॥ आकाशमा नक्षत्रस्वरूपले अडिइराखेका राजर्षि त्रिशंकुको पवित्र कुलमा जन्म लिएर तथा पिताको आज्ञा पालन गर्ने धर्मको अनुष्ठान गरेरर तपाईंले ठूलो पुण्य प्राप्त गर्नुभएको हो तर यस्तो ठूलो पुण्य र आफ्नो पवित्र वंशलाई त्याग गरेर तपाईं किन जानुभयो ? ॥१९॥ हे राजन् ! मतिर किन हेर्नुहुन्न ? मसित किन बोल्नुहुन्न ? तपाईंको मेरो बालककालमा बिहे भएको हो र म सदा तपाईंको साथमा सुख दुःख भोगेर रहेकी हुँ ॥२०॥ हे रामचन्द्र ! विवाहको समयमा म सदा तिम्रो साथमा रहनेछु भन्ने प्रतिज्ञा गर्नुभएथ्यो, सो कुरा संझनुहोस् र म दुःखिनीलाई पनि संगै लिएर जानुहोस् ॥२१॥ परम गतिमा प्राप्त हुनुभएका हे रामचन्द्रजी ! म दुःखिनीलाई छोडेर तपाईं किन यस लोकबाट परलोकतिर लाग्नुभयो ? ॥२२॥ मङ्गलमय वस्तुले भूषित भएको तपाईंको जुन मनोहर शरीरलाई म आलिङ्गन गर्दथें त्यस शरीरलाई ता अहिले काँचो मासु खाने राक्षसहरूले चिथ्र्याइराखेका होलान् ॥२३॥ धेरै धेरै दक्षिणा दिनुपर्ने अग्निष्टोमादि यज्ञ तपाईंले गर्नुभएको हो, तसर्थ यज्ञीय अग्नि-द्वारा तपाईंको अन्तिम संस्कार किन नभएको होला ? ॥२४॥ हामी तीन जना संगै वनमा आएका थियौं, हामीमध्ये केवल लक्ष्मणलाई फर्केको देख्ता शोकले विह्वल भएकी कौशल्या उनीसित सबै हाल सोध्नेछन् ॥२५॥ उनले सोद्धाखेरि लक्ष्मणले पनि रात्रिको समयमा तपाईंको र तपाईंका मित्रको फौजको राक्षसहरूद्वारा वध भएको खबर सुनाउने नै छन् ॥२६॥ राती सुतिराखेको वेलामा तपाईं मारिनुभएको र राक्षसको घरमा म थुनुवा भएर रहेको समाचार सुनेपछि ता मुटु छियाछिया भएर उनी अवश्यै मर्ने-

छिन् ॥२७॥ म अभागिनीले गर्दा पापरहित पराक्रमी रामचन्द्रले समुद्र पार गरेर पनि गाईको खुर डुब्ने जति पानीमा मर्नुपर्‍यो अर्थात् खर आदि गरिएका महाबलीहरूलाई मार्ने रामचन्द्रले जाबो एउटा साधारण राक्षसको हातबाट मर्नुपर्‍यो ॥२८॥ अफसोस ! म कुलनाशिनीसँग विवाह गर्नामा रामचन्द्रले ठूलो भूल गरेछन् किनकि उनकी उही स्वास्नी म राजपुत्रको मृत्युको कारण बन्न गएँ ॥२९॥ अवश्य मैले पूर्व जन्ममा ठूला ठूला दान गरेकी रहिनछु यसैले ता सबैको मनोरथ पूर्ण गर्ने रामचन्द्रकी स्वास्नी भएर पनि मैले अहिले यसरी शोकमा पर्नुपर्‍यो ॥३०॥ हे रावण ! मलाई पनि रामचन्द्रको माथि राखेर मारिदे, हामी लोग्ने स्वास्नी दुवैलाई एकै ठाउँमा मिल्न दिएर मेरो यो ठूलो कल्याण गरिदे ॥३१॥ रामचन्द्रको टाउकोसँग मेरो टाउको र उनको शरीरसँग मेरो शरीर मिलाइदे । हे रावण ! म आफ्ना महात्मा पतिको साथमा जान चाहन्छु ॥३२॥

दुःखले आकुल व्याकुल परेकी विशालनयनी सीता आफ्ना पतिको मस्तक तथा धनुतिर दृष्टि लगाएर यस प्रकारसंग विलाप गर्नलागिन् ॥३३॥ सीताले यस प्रकारसंग विलाप गरिरहेको बखतमा प्रहस्तले पठाएको, रावणको फौजको एउटा राक्षस त्यहाँ अशोक वाटिकामा आई हात जोडेर रावणको अगाडि उभियो ॥३४॥ महाराजको जय होस् भनेर त्यसले राक्षसराजलाई प्रणाम गर्‍यो र उनलाई प्रसन्न गराइसकेपछि निवेदन गर्नलाग्यो—

आफ्ना मन्त्रीहरूलाई साथमा लिएर सेनापति प्रहस्त तपाईंको दर्शन गर्न भनी आइराखेका छन्, यही खबर गर्न, हे प्रभो ! उनले मलाई तपाईंकहां पठाएको हो ॥३५–३६॥ हे राजन् ! कुनै अत्यावश्यक राजकाजको काम परिआएको जस्तो लाग्दछ, यसैले बेमौकामा आएको भए तापनि कृपा गरेर यिनीहरूलाई दर्शन दिनुपर्‍यो ॥३७॥

राक्षसको यस्तो कुरा सुन्नासाथ रावण अशोक वाटिका छोडेर ती मन्त्रीहरूसंग भेट गर्न भनी उनीहरूकहाँ गयो ॥३८॥ ती मन्त्रीहरूको मुखजवानी रामचन्द्रको पराक्रमको जम्मै हाल खबर सुनी त्यसका लागि चाहिने जम्मै कामको राम्रोसंग बन्दोबस्त मिलाइसकेपछि रावण सभाघरमा गयो ॥३९॥ रावण अशोक वाटिकाबाट बाहिर निस्कनासाथ ती उत्तम धनु तथा मस्तक लोप भइगए ॥४०॥

राक्षसराज रावण आफ्ना भयङ्कर पराक्रमी मन्त्रीहरूसंग रामचन्द्रसम्बन्धी आफूले गर्नुपर्ने कामकाजको सल्लाह गर्नलाग्यो ॥४१॥ आफ्नो नजीक बसिराखेका, आफ्ना जम्मै हितेच्छु सेनापतिहरूलाई कालसमानको राक्षसराज रावण भन्नलाग्यो ॥४२॥ बिगुल आदि गरिएका युद्धका बाजा बजाएर मेरा सैनिकहरूलाई यहाँ ल्याएर झट्टै जम्मा पार तर सामेल हुनाको कारण उनीहरूलाई नभन्नू ॥४३॥

यसपछि दूतहरूले रावणको यस्तो आज्ञा पाउनासाथ "तथास्तु" भनेर झट्टै एउटा विशाल सेना एकत्रित गरे र युद्धको चाहना गर्ने मालिककहाँ गएर फौज जम्मा भएको खबर सुनाए ॥४४॥

सर्ग—३३

सरमा नाम गरेकी राक्षसी यो सब रावणको छल हो भनेर सीताको चित्त बुझाउँछे ।

सीतालाई मोहित भएको देखेर यिनलाई माया गर्ने सरमा नाम गरेकी राक्षसी सखीभावले यिनीनेर आएर बसी र रावणको छलमा पर्नाले अत्यन्त दुःखित भइराखेकी सीतालाई, मीठा मीठा कुरा गर्ने यो सरमा संझाउनलागी ।।१-२।। रावणको आज्ञाले सीताको रक्षा गर्ने काममा नियुक्त भएकी भए तापनि दयावती तथा दृढप्रतिज्ञा हुनाले उनीसित यसको मित्रता जमिसकेको थियो ।।३।। सरमाले आफ्नी प्रियसखी सीतालाई होशहवास हराएको र शोकले आकुल व्याकुल परेर, घोडीले पृथ्वीमा लडीबुडी खेलेझैं जमीनमा छटपटाइराखेकी देखी ।।४।। आफ्नो व्रतमा दृढ भएर रहेकी सीतालाई, सखीमाथिको प्रेमले गर्दा, एवं प्रकारको कुरा गरेर सरमा संझाउनलागी—रावणले तिमीसित जे जे कुरा भन्यो र तिमीले उसलाई जुन जवाफ दियौ सो सब म लुकेर सुनिरहेकी थिएँ । हे विशालनयनी ! तिम्रो खातिर म रावणसित समेत अलिकता पनि डराउन्न ।।५–६।। हे सीते ! राक्षसराज रावण जुन कारणले हडब-डाएर यहाँबाट निस्केर गयो सो पनि मैले बाहिर गएर पत्ता लगाएँ ।।७।। रामचन्द्रलाई राक्षसहरूको स्वभाव राम्रै गरी थाहा छ, यसकारण उनी असावधान भएर रहनै सक्तैनन् । सुतिराखेको वेलामा रामको फौजसित युद्ध भएको तथा ती पुरुषसिंहको वध भएको कुरा बिलकुल असम्भव जस्तो छ ।।८।। जसरी देवताहरू इन्द्रद्वारा सुरक्षित रहेका छन् त्यसै गरी रामचन्द्रद्वारा सुरक्षित रहेका रूखै रूख उखेलेर युद्ध गर्ने ती वानरहरूको समेत यस प्रकारसंग वध हुन सक्तैन ।।९।। रामचन्द्रका बाटुला दुवै हात घुँडासम्म पुग्दछन्, यिनी प्रतापी, धनुर्धारी तथा हृष्ट शरीर भएका छन् र धर्मात्माको नामले तीनै लोकमा विख्यात छन् ।।१०।। यिनी बडा पराक्रमी छन्, आफ्नो तथा अर्काको रक्षा गर्न सक्तछन्; नीति शास्त्रका पण्डित, कुलीन रामचन्द्रजी लक्ष्मणसहित कुशलपूर्वक रहेका छन् ।।११।। रामको बल पौरख यत्तिकै होला भनेर विचारै गर्न सकिन्न, यिनी शत्रुको सेनालाई ध्वस्त पार्नेवाला हुन् । सीते ! शत्रु-हरूको संहार गर्ने श्रीमान् रामचन्द्रजी मारिएका छैनन् ।।१२।। अनुचित बुद्धि भएको, अन्यायको काम गर्नपट्टि लागेको तथा समस्त प्राणीको विरोधी, क्रूर, मायावी रावणले तिमीसित छल गरेको हो, यो सब उसैको छल हो ।।१३।। हे सीते ! तपाईंका शोकका दिन गए, अब ता आनन्दको समय आउनलागेको छ, अबलाई झट्टै तपाईंले सम्पत्ति भेट्टाउनुहुनेछ, तपाईंको कल्याणका लागि जो जो काम हुनलागेको छ सो सुन्नुहोस् ।।१४।। वानरी सेनालाई साथमा लिएर सागर पार गरी रामचन्द्र समुद्रको दक्षिण किनारामा आएर बसिराखेका छन् ।।१५।। आफ्नो मनोरथ पूर्ण गरेका अर्थात् समुद्र पार गरेर आएका रामचन्द्रलाई लक्ष्मणको साथमा बसिराखेको मैले आफ्नै आँखाले देखेकी हुँ । सागरको तीरमा अडिइ-राखेका आफ्ना सैनिकद्वारा यिनी सुरक्षित भएर रहेका छन् ।।१६।। यस रावणले जति लघुविक्रमी

राक्षसहरूलाई हाल खबर बुझ्न पठाएको थियो ती सबैले रामचन्द्र समुद्र पार गरी यतापट्टिको तीरमा आइराखेका छन् भन्ने समाचार ल्याएका छन् ॥१७॥ हे विशालनयनी ! यस्तो समाचार सुनेकोले नै राक्षसराज रावण आपना मन्त्रीहरूसंग सल्लाह गर्नलागेका छन् ॥१८॥

सरमाले यस किसिमको कुरा गर्दा गर्दैमा त्यसले तथा सीताले यी दुवैले उद्योग गर्ने भनी तत्पर भइराखेका सैनिकहरूको भयङ्कर आवाज सुने ॥१९॥ डण्डाको चोटले बज्ने भेरीको महाशब्द सुनेपछि मधुरो बोली बोल्ने सरमा सीतालाई भन्नलागी ॥२०॥ हे देवी ! सुन्नुहोस्, युद्धको समयमा जुन भेरीको आवाज सुन्नासाथ सैनिकहरू कवच भिरेर लड्न जानलाई तय्यार हुन्छन् सोही भेरीको मेघ गर्जेको जस्तो गम्भीर शब्द सुनिनलागेको छ ॥२१॥ सेनामा मतवाला हात्तीहरू तय्यार पार्न लागिएका छन्, रथमा घोडा जोतिनलागेका छन्, हजारौं घोडचढीहरू हातमा भाला लिएर घोडामा चढेका देखिन्छन् ॥२२॥ अगणित वीरहरू शस्त्र अस्त्र धारण गरेर जहाँतहीं एकत्रित भइराखेका छन्; अद्भुत रूप भएका सैनिकहरूले गर्दा, अतिशय ठूलो वेग भएका, गर्जन गर्ने लहरीले समुद्र परिपूर्ण भएझैं, जम्मै सडकै टम्म भरिएको छ । हेर्नुहोस्, निर्मल शस्त्र, ढाल, कवच, रथ, घोडा, हात्तीहरूको र रावणका अनुगामी राक्षसहरूको कस्तो आवाज आइराखेको छ, राक्षस योद्धाहरू प्रसन्न देखिन्छन् र युद्धका लागि तय्यार भएर यताउति दगुरिराखेका छन् । यिनीहरूको हात-हतियारबाट किसिम किसिमको रङ्गी बिरङ्गी चमक निस्कनलागेको देखिन्छ ॥२३-२५॥ राक्षसहरूको हडबडीले गर्दा रोमाञ्च गराउने भयङ्कर आवाज सुनिनलागेको छ, शोक नाश गर्ने लक्ष्मी तिमीकहाँ आउनलागेकी छन् । जसरी इन्द्रबाट दैत्यहरूलाई भय उत्पन्न भएथ्यो त्यसै गरी कमलनयन रामबाट राक्षसहरूलाई भय भइराखेको छ । अचिन्त्य पराक्रमी, रिसलाई जितेका, तिम्रा पति रामचन्द्र युद्धमा रावणलाई मारेर तिमीलाई भेट्न आउनेछन् ॥२६-२७॥ जसरी शत्रुहन्ता इन्द्र विष्णुको साथमा शत्रुहरूमाथि पराक्रम देखाउँछन् त्यसै गरी तिम्रा पति रामचन्द्र लक्ष्मणको साथमा राक्षसहरूमाथि विचित्रको पराक्रम देखाउनेछन् ॥२८॥ शत्रुको विनाश भएपछि, रामको काखमा, म तिमी पतिव्रतालाई चाँडै नै बसेको देख्न पाउनेछु, अबलाई झट्टै तिम्रा सबै अभिलाषा पूर्ण हुनेछन् ॥२९॥ हे जानकी ! च्याप्टो छाती भएका आफ्ना स्वामी रामचन्द्रलाई भेटेर तिमी अब चाँडै नै अँगालो हालेर उनको छातीमा आनन्दको आँसु बगाउनेछ्यौ ॥३०॥ हे देवी सीते ! अब चाँडै नै तिघ्रासम्म झुण्डिएको, कैयन् महीनादेखि नफुकाएको तिम्रो एउटा चुल्ठोलाई महाबली रामचन्द्रले आफ्नै हातले फुकाउनेछन् अर्थात् अब चाँडै नै तिमी यस आपत्तिबाट मुक्त हुनेछ्यौ ॥३१॥ हे देवी ! जसरी सर्पिणीले आफ्नो पुरानो काँचुली फ्याँकिदिन्छे त्यसै गरी तिमी पनि उदाइराखेका पूर्ण चन्द्रमासमानका आफ्ना स्वामीको मुख देखेपछि शोकका यी आँसु झराल्न छाड्नेछ्यौ ॥३२॥ हे मैथिली ! अब चाँडै नै रावणलाई युद्धमा मारेर, सुख भोग गर्ने योग्यका रामचन्द्र तिम्रा साथमा सबै प्रकारका सुख भोग्नेछन् ॥३३॥ जसरी सुवृष्टि हुनाले धान्ययुक्त पृथ्वीको शोभा हुन्छ त्यसै गरी रामचन्द्रको प्रेम व्यवहार पाउनाले सम्मानित भएकी तिमी अत्यन्त सन्तुष्ट हुनेछ्यौ ॥३४॥

हे देवी ! घोडाले झैं चक्कर लगाएर सुमेरु पर्वतको चारैतिर भ्रमण गर्ने सूर्य भगवान्‌को शरणमा पर, किनकि यिनी नै समस्त प्राणीका उत्पादक हुन् ।।३५।।

सर्ग--३४

रावणको जम्मै काम गुप्तीतवरसँग पत्ता लगाएर सरमा सीतालाई खबर दिन्छे ।

जसरी ग्रीष्मऋतुको तापले तातेकी पृथ्वीलाई वर्षाकालको जलले शीतल गराइदिन्छ त्यसै गरी रावणको कुरा सुन्नाले मोहित भइराखेकी सीताको चित्तलाई सरमाले यस प्रकारको कुरा गरेर ठण्डा गराइदिई ।।१।। सखी सीताको भलो गर्ने इच्छा भएकी, मौकाअनुसार काम गर्न जान्ने सरमा मुसुक्क हाँसेर यस समयलाई सुहाउँदो किसिमको कुरा भन्न लागी ।।२।। हे कमलनयने ! गुप्ती तवरसँग रामनेर गई उनलाई तिम्रो क्षेम कुशल सुनाउने र उनको क्षेमकुशल सोधेर फेरि फर्केर आउने मेरो इच्छा छ ।।३।। निराधार आकाशमा मैले गमन गर्न लाग्दाखेरि वायु अथवा गरुडले समेत मलाई पक्रन अथवा मेरो हिंडाइको पत्तो पाउन सक्तैनन् ।।४।। शोक सन्तापले सीताजी क्षीण भइसकेकी थिइन् तापनि सरमाले भनेको कुरा सुन्दा यिनको मनमा अलि धैर्य आयो र मधुरो स्वर गरेर उसलाई कोमल वचन भन्नलागिन् ।।५।।

तिमी आकाश पाताल सर्वत्र जान सक्तछयौ भन्ने मलाई थाहा छ, मेरा लागि अब तिमीले के गर्नुपर्ने हो सो राम्ररी बुझिराख ।।६।। तिमी मेरो भलो गर्न खोज्दछयौ र तिम्रो बुद्धि पनि स्थिर छ भने यहाँबाट गएर रावणले मेरो सम्बन्धमा के के गर्ने निर्णय गर्‍यो सो बुझेर आऊ, मलाई यो कुरा जान्ने इच्छा भइराखेको छ ।।७।। जसरी मानिस रक्सी पिउनासाथ बेहोश हुन्छन् त्यसै गरी शत्रुलाई रुवाउने निर्दयी दुष्ट रावण मायाबलले मलाई लट्ट पार्न खोजिरहेको छ ।।८।। हेर, त्यो यी भयङ्कर रूप भएका राक्षसीहरूद्वारा मलाई तर्साउँछ, वारंवार मेरो अपमान गराउँछ र यिनीहरूलाई मेरो रखवाली गर्ने काममा नियुक्त गरिराखेको छ ।।९।। यसकारण म सदा उद्विग्न र शङ्कित रहन्छु, मेरो मन ठेगानमा छैन, रावणको डरले सदा थर्कायमान भई यस अशोकवाटिकामा पडिराखेकी छु ।।१०।। रावणको सभामा मेरो सम्बन्धमा के के कुरा हुन्छ र त्यसले के गर्ने निर्णय गर्‍यो सो तिमीले यहाँ आएर मलाई भन्यौ भने मेराउपर तिम्रो ठूलो दया रहेछ भन्ने विचार गर्नेछु ।।११।।

मधुरो बोली बोल्ने सरमा सीताका यी कुरा सुनेपछि आँसुले पखालिएको उनको मुख आफ्नो हातले सुमसुम्याउँदै भन्नलागी ।।१२।। हे जानकी ! तिम्रो यही इच्छा छ भने म जान्छु, शत्रु रावणको जम्मै अभिप्राय बुझेर झट्टै फर्केर आउनेछु ।।१३।।

यति भनेर सरमा राक्षस रावणनेर गई र मन्त्रीहरूको साथमा उसले गरेको जम्मै कुरा सुन्नलागी ।।१४।। अर्कोले निर्णय गरेको कुरा बुझ्न सकेपछि फेरि तुरुन्तै रमणीय अशोक वाटिकामा फर्केर आई ।।१५।। अशोक वाटिकामा आएर सरमाले, कमलबाट तल झरेकी लक्ष्मीझैं सीतालाई आफ्नो प्रतीक्षा

गरेर बसिराखेकी देखी ॥१६॥ मधुरभाषिणी सरमालाई फेरि फर्केर आएको देख्ता सीताले स्वयं उठेर प्रेमपूर्वक उसलाई अंगालो हालिन् र बस्नाको निम्ति आफू बसेको ठाउँ छोडिदिइन् ॥१७॥ हे सखी ! यहाँ आनन्दसँग बसेर त्यो क्रूर दुष्ट रावणले के गर्न आँटेको छ सो सबै मलाई सुनाऊ ॥१८॥

थरथर कांपिराखेकी सीताले यसो भनेपछि मन्त्रीहरूको साथमा रावणले जे जे सल्लाह गरेथ्यो सो सबै सरमा राक्षसी भन्नलागी ॥१९॥ रावणका हितेच्छु बूढापाका मन्त्रीहरूले र उसकी आमाले समेत तपाईंलाई छोडिदिने कुरामा उसलाई मीठो बोली गरेर अनेक तरहबाट संझाए ॥२०॥ हे रावण ! झट्टै सीताजीलाई आदरपूर्वक रामचन्द्रको हातमा सुम्पिदेऊ, जनस्थानमा यिनले गरेको अचम्मको काम नै यिनको पराक्रमको यथेष्ट प्रमाण हो ॥२१॥ हनुमान्‌ले समुद्र पार गरेर सीतालाई भेटेर गए, के यो सानो कुरा हो, रामचन्द्र साधारण मानिस होइनन् । युद्धमा राक्षसहरूलाई मार्न सक्ने को मानिस होला ? ॥२२॥ हे जानकी ! यस प्रकार बूढा मन्त्रीहरूले र रावणकी आमाले तपाईंलाई छोडिदिने कुरामा उसलाई अनेक तरहबाट संझाए । धनको लोभीले धन छोड्ने इच्छा नगरेझैं, उ तपाईंलाई फर्का-उन चाहँदैन ॥२३॥ युद्धमा नमरीकन उ तपाईंलाई फिर्ता गर्न चाहँदैन; क्रूर रावण तथा मन्त्रीहरूले निर्णय गरेको कुरा यही हो ॥२४॥ हे कमलनयने ! तिमी केही पनि फिक्री नलेऊ, रावणले आफ्नो र सबै राक्षसहरूको वधका लागि नै यो काम थालेको हो, सबैको संहार नभएसम्म यो डराएर तिमी-लाई मुक्त गर्न चाहँदैन, यसको परिणाम यही हुनेछ कि रामचन्द्रले तीखा तीखा बाणद्वारा युद्धमा रावण-लाई मार्नेछन् र तिमीलाई अयोध्या फर्काएर लैजानेछन् ॥२५-२६॥

सरमाले यसो भन्दा भन्दैमा भेरी, शङ्ख आदि गरिएका बाजाहरूको शब्दसँग मिसिएर सैनिक-हरूको कोलाहल सुनिनलाग्यो र यस आवाजले पृथ्वीलाई नै कँपाउन थाल्यो ॥२७॥ वानरी सेनाको यो शब्द सुन्नाले लङ्कामा रहने राक्षसराजका नोकर-चाकरको तेजै हराएर गयो, सबैले निदाउरो मुख लगाए, रावणको दोषले गर्दा कुनै उपायले आफ्नो कल्याण हुने देखेनन् ॥२८॥

सर्ग—३५

माल्यवान् राक्षस रावणलाई रामसित सन्धि गर्ने सल्लाह दिन्छ ।

शत्रुको शहरलाई जित्ने रामचन्द्र शङ्ख र भेरीको शब्दको साथसाथै लङ्कामाथि आक्रमण गर्न भनी हिंडे ॥१॥ यस शब्दलाई सुनेपछि राक्षसराज रावणले केही बेरसम्म गौड गर्‍यो र अनि आफ्ना मन्त्री-हरूतिर हेर्नलाग्यो ॥२॥ समस्त मन्त्रीहरूलाई सम्बोधन गर्दै सभाभवनलाई गुञ्जायमान गराएर महाबली रावण भन्नलाग्यो ॥३॥ संसारैलाई सन्तापमा पार्ने क्रूर राक्षसराज रावणले फौजको निन्दा गर्दै भन्न-थाल्यो—रामचन्द्रले समुद्र पार गरेको, यिनका बल पुरुषार्थ तथा पराक्रमको तिमीहरूले जो बयान गर्‍यौ सो सबै मैले सुनें । म पनि तिमी सबैलाई युद्धमा साँची साँचीको पराक्रम देखाउने संझन्छु, तर यस समयमा ता तिमीहरू सबै रामको पराक्रम संझँदै चूपचाप लागेर आफू-आफूमा हेराहेर गर्नलागेका छौ ॥४-५॥

रावणले भनेको यो कुरा सुनेपछि यसको बाजे (मातामह) महाबुद्धिमान् माल्यवान् नाम गरेको राक्षस भन्नलाग्यो ॥६॥ हे राजन् ! जो राजा विद्वान् छ र नीतिको अनुसार चल्दछ त्यसैले धेरै दिनसम्म पृथ्वीको शासन गर्दछ र शत्रुहरूलाई आफ्नो वशमा राख्तछ ॥७॥ जो मौका हेरेर शत्रुसँग सन्धि तथा विग्रह गर्दछ र आफ्नो पक्षलाई बढाउँदै रहन्छ त्यसैले ऐश्वर्य भोग्न पाउँछ ॥८॥ आफूलाई शत्रुभन्दा निर्धो अथवा बराबरीको सम्झेमा राजाले उसित मेल गरोस्, आफूलाई शत्रुभन्दा बर्ता बलियो देखेमा उसित विग्रह गरोस् ॥९॥ हे रावण ! म ता रामचन्द्रसङ्ग सन्धि गर्नैमा बेश देख्तछु र जसको खातिरमा रामचन्द्रले आक्रमण गर्नलागेका छन् ती सीतालाई नै फर्काइदेऊ ॥१०॥ सबै देवता तथा गन्धर्व रामचन्द्रको विजय होस् भन्ने चाहना गर्दछन्, अतएव यिनीसङ्ग विरोध नगर, सन्धि गर्ने नै निश्चय गर ॥११॥ भगवान् ब्रह्माले दुइ पक्ष बनाएका छन्, एउटा देवताहरूको र अर्को राक्षसहरूको, क्रमैले धर्म र अधर्म यिनको आधारमा रहेका छन् ॥१२॥ हे रावण ! मैले धर्म, महात्मा देवताहरूको र अधर्म, राक्षस तथा असुरको पक्ष हो भन्ने सुनेको छु ॥१३॥ धर्मले अधर्मको ग्रास गर्न लागेपछि सत्ययुग हुन्छ, तर अधर्मले धर्मलाई निल्नलाग्यो भने कलियुग प्रारम्भ भएछ भन्ने बुझिन्छ ॥१४॥ दिग्विजयका लागि भ्रमण गर्दा तिमीले धर्मको सत्यनाश पार्‍यौ र अधर्मको आर्जन गर्‍यौ, यसै कारणले धर्म सहायक भएकोले शत्रु हामीभन्दा बलिया भइराखेका छन् ॥१५॥ तिम्रो प्रमादले गर्दा बढेको अधर्मरूपी सर्पले हामीहरूलाई यस बखतमा निल्न खोजिरहेको छ, तर देवताहरूको पक्षलाई ता उनीहरूले रोज रोज गरेको धर्मले बढाइरहेको छ ॥१६॥ स्त्री, मदिरा आदि भोग विलासमा आसक्त भएर तिमीले कर्तव्याकर्तव्यको केही विचारै राखेनौ र अग्निसमानको प्रभाव भएका ऋषिहरूलाई हुनासम्मको दुःख दियौ ॥१७॥ तपस्याले गर्दा अन्तस्करण शुद्ध भएका, धर्मको आर्जन गर्नामा लागेका यी ऋषिहरूको प्रभाव बल्दो आगोझैं खप्नै नसकिने किसिमको छ ॥१८॥ यी ब्राह्मणहरू ध्यानरूपी यज्ञद्वारा देवताहरूको पूजा गर्दछन्, विधिपूर्वक आगोमा आहुति चढाउँछन् र तीखो स्वरले वेदपाठ गर्दछन्। ग्रीष्म ऋतुमा अत्यन्त तेजस्वी सूर्य भगवान्को उदय हुनासाथ बादलहरू यत्र तत्र लागेझैं ब्राह्मणहरूको वेदध्वनि सुन्नासाथ राक्षसहरू पनि पराजय भएझैं जताततै भाग्न थाल्दछन्। अग्नितुल्य तेजस्वी ऋषिहरूले गरेको अग्निहोत्रबाट उठेको धूवाँ राक्षसहरूको तेजलाई ढाकेर दशै दिशामा फिंजिन्छ। पवित्र व्रत धारण गरेका यी ऋषिहरूले पवित्र देशमा जो उग्र तपस्या गर्दछन् त्यसले राक्षसहरूलाई सन्तापमा पार्दछ। हे रावण ! तिमीले ता ब्रह्मासित देवता, दानव, र यक्षहरूद्वारा मेरो मरण नहोस् भन्ने वर मागेका थियौ, तर यहाँ लङ्कामा ता अहिले महाबली पराक्रमी मानिस, वानर, भालू तथा गोलांगूलहरू आएर गर्जिराखेका छन् ॥१९–२३॥ यस समयमा अनेक प्रकारका भयानक उत्पात तथा डरलाग्दा नाना किसिमका अपशकुन देखिनलागेका छन्, यसबाट ता म सबै राक्षसहरूको विनाश हुने सम्भावना पो देख्तछु ॥२४॥ गधाले चिच्च्याएझैं गरेर बादल बडो कडासंग मनमा भय उत्पन्न हुने गरी गर्जिराखेका छन् र लङ्कामा जताततै तातो तातो रगतको वर्षा गर्नलागेका छन् ॥२५॥ रोइराखेका

घोडा, हात्ती आदि गरिएका वाहनहरूको आंखाबाट आँसुका थोपा झर्नलागेका छन् र धूलै धूलोले छोपिएकोले यिनीहरूको शरीरको रंग बदलिएको छ र सधैं जस्तो राम्रो पनि देखिएका छैनन् ॥२६॥ सांप, गिद्ध, स्याल आदि गरिएका पशु पक्षीहरू लंकापुरीको बाग बगैंचामा पसेर बथानका बथान भई भयानक शब्द निकाल्नलागेका छन् ॥२७॥ सपनामा काला काला आइमाईहरूले आफ्ना सेता दाँत देखाएर हाँसेको, नराम्रा नराम्रा कुरा गर्दै अगाडि आएर ठिङ्ग उभिएको र घरको मालताल चोर्न लागेको देखिन्छ ॥२८॥ घरघरमा बलि चढाएको हविष्यलाई कुक्कुरहरूले खाइदिन्छन् । गाईको कोखबाट गधा र न्याउरीबाट साना साना मूसा जन्मनलागेका छन् ॥२९॥ बाघसँग बिरालोले, कुक्कुरसँग सुंगुरले, राक्षस र मानिसहरूसँग किन्नरहरूले मैथुन गर्नलागेको देखिन्छ ॥३०॥ पहेंलो वर्णका, राता राता खुट्टा भएका अनेक परेवाहरू राक्षसहरूको विनाश सूचित गर्नाका लागि, कालले पठाएझैं गरी घरघरमा घुमिरहन्छन् ॥३१॥ घरमा पालिएका मैना चराहरू आफू-आफूमा झगडा गरेर चींचीं चूँचूँ आदि शब्द गर्दछन्, झगडा गर्न अरू अरू जङ्गली चरा पनि यिनीनेर आउँछन् र लड्दा लड्दै यी मैनाहरू उनीहरूसित जोल्टिएर तल भूईंमा खस्तछन् ॥३२॥ पशु पक्षीहरू सूर्यतिर मुख फर्काएर रोज रोजै रुन्छन् । डरलाग्दो अनुहार परेका, कपाल खौराएका, कालो पहेंलो वर्ण भएका मानिसहरू कालरूपझैं हामी सबैको घरभित्र जहिले तहिले पसेका देखिन्छन्, यस किसिमका अरू अरू थरीका अनेक अपशकुन देखिनलागेका छन् ॥३३–३४॥

शस्त्रधारीहरूमध्येको श्रेष्ठ, उत्तम पुरुषार्थ भएको महाबली माल्यवान् यति भनेर राक्षसराज रावण-को मनभित्रको कुरा बुझ्नाको लागि उनको मुखतिर दृष्टि लगाएर चूप लाग्यो ॥३५॥

सर्ग—३६

रावणको पुरुषार्थ वर्णन : ठाउँ ठाउँमा योद्धाहरूको नियुक्ति ।

दुष्टबुद्धि भएको रावणलाई माल्यवान्ले भनेका हितका कुरा निको लागेन कारण यो ता कालको वशमा परिसकेको थियो ॥१॥ रिसले गर्दा यसका दुवै आँखा फन्फनी घुम्नलागे, रिसको वशमा परेकोले निधारमा गाँठो पारेर रावण माल्यवान्लाई भन्नलाग्यो ॥२॥ शत्रुपक्षलाई हामीभन्दा प्रबल ठहऱ्याएर, मेरो हित गर्ने चाहनाले तिमीले जो कठोर वचन भन्यौ, त्यसलाई मेरा कानले सुन्न सक्तैनन् अर्थात् तिमीले भनेको कुरा म ग्रहण गर्न सक्तिन ॥३॥ बिचरो राम ता मानिस नै न हो, वानरहरू ता यसका सहायक छन्, बाबुले निकालेको हुनाले यो वनमा घुमिरहेको छ, यस्तालाई तिमीले कसरी सामर्थ्य भएको भन्ठान्यौ ? ॥४॥ राक्षसहरूको मालिक, देवताहरूको समेत मनमा त्रास पार्ने, सबै पराक्रमले युक्त भएको मलाई तिमीले के कारणले असमर्थ सम्झ्यौ ॥५॥ मेरो वीरताको द्वेष गरेर हो वा शत्रुको पक्षपात गरेर हो वा, अथवा मेरो मनलाई झन् उत्साहित गराउन हो, यिनीहरूमध्ये कुन हेतुले तिमीले मलाई यी कठोर वचन भनेका हौ सो म जान्न चाहन्छु ॥६॥ जो पण्डित छ र जसले

शास्त्रको तत्व बुझेको छ त्यसले प्रभावशाली, राज्यपदमा रहेको आफ्नो मालिकलाई उत्साहित गराउने सिवाय अरू कारणले यस्तो कठोर वचन भन्नै सक्तैन ।।७।। कमलहीन लक्ष्मीसमानकी सीतालाई मैले जनस्थानबाट हरेर ल्याएको हुँ, के म रामचन्द्रको डरले तिनलाई उसको हातमा सुम्पिदिऊँ त ? ।।८।। अब केही दिनमा तिमी करोडौं वानर, सुग्रीव र लक्ष्मणको साथसाथै मेरो हातबाट रामचन्द्रको मृत्यु भएको देख्नेछौ ।।९।। द्वन्द्व युद्धमा जसको सामुन्ने देवताहरूसमेत टिक्न सक्तैनन् त्यस्तो रावणले के युद्धमा कसैसित डराउला त ? ।।१०।। चाहे म दुइ टुक्रा भइजाऊँ, तर कसैको सामुन्ने निहुरने ता कदापि होइन, यो मेरो जन्मैदेखिको स्वभाव हो, के गर्ने, स्वभाव ता कसैको छुट्नै सक्तैन ।।११।। रामचन्द्रले अकस्मात्सँग समुद्रमा पुल बनाएको देख्ता तिमीहरू सबै डरायौ, यसमा छक्क मान्नुपर्ने कुरा के छ र, चाहूँ ता म यस्ता हजारौं पुल बनाइदिऊँ ।।१२।। समुद्रमा पुल बाँधेर रामचन्द्र वानरी सेना-सहित यहाँ आएका छन् भने आउन देऊ, म तिमीहरू सबैको सामुन्ने साँची साँची प्रतिज्ञा गरेर भन्दछु कि यिनी कदापि यहाँबाट जीउँदो फर्केर जान पाउनेछैनन् ।।१३।।

क्रोधपूर्वक रावणले यस्तो कुरा गरेको सुन्दा माल्यवान्ले उसलाई आफूमाथि रिसाएको भन्ठान्यो र लाजले टाउको निहुराएर केही बोल्नै सकेन ।।१४।। विधिपूर्वक जयको आशीर्वादले राजाको कुराको समर्थन गरेर, उनीसित बिदाबारी भई माल्यवान् आफ्नो घरतिर लाग्यो ।।१५।।

यसपछि रावणले मन्त्रीहरूसंग सल्लाह गरेर एउटै कुराको अर्थात् रामसंग युद्ध गर्ने कुराको निर्णय गऱ्यो र लङ्कापुरीको रक्षाका लागि ठाउं ठाउंमा राक्षसहरूलाई खटाउनलाग्यो ।।१६।। पूर्वपट्टिको ढोका प्रहस्तको जिम्मामा र दक्षिणतिरको ढोका महाबली महापार्श्व र महोदरको जिम्मामा सुम्पिदियो ।।१७।। अनेक किसिमको माया जान्ने, बडेमानको सेना आफ्नो अधीनमा भएको, छोरा इन्द्रजित्लाई पश्चिम-पट्टिको ढोकाको रखवाली गर्ने काममा खटाइदियो ।।१८।। उत्तरपट्टिको ढोकामा शुक र सारणलाई बस्नू भन्ने आज्ञा दियो र स्वयं म त्यहाँ आउनेछु भनेर आफ्ना मन्त्रीहरूलाई सुनायो ।।१९।। महाबली तथा पराक्रमी विरूपाक्षलाई अनेक राक्षसहरूलाई साथमा लिएर शहरको बीचमा बस्नू भन्ने आज्ञा दियो ।।२०।।

यस प्रकारसंग लंकाको रक्षाका लागि व्यवस्था मिलाइसकेपछि, राक्षसराज रावण कालको वशमा परिसकेको हुनाले, अब सबै कुरा ठीक भयो कुनै काम बाँकी छैन भनेर आफूलाई कृतार्थ भएको संझनलाग्यो ।।२१।। लंकाको रक्षाका लागि यस प्रकारका अनेक प्रबन्ध गरिसकेपछि रावणले मन्त्री-हरूलाई जाने आज्ञा दियो, र आफू पनि मन्त्रीहरूबाट पाएको जयसूचक आशीर्वादले प्रसन्न हुँदै धनजनले परिपूर्ण भइराखेको अन्तःपुरभित्र पस्यो ।।२२।।

सर्ग—३७

राम र विभीषण युद्धसम्बन्धी विषयमा छलफल गर्दछन् ।

अब मानिसहरूका राजा श्री रामचन्द्रजी, वानरराज सुग्रीव, वायुपुत्र हनुमान्, ऋक्षराज जाम्ब-

वान् , राक्षसराज विभीषण, बालिपुत्र अङ्गद, लक्ष्मण, शरभ वानर, परिवारसहितका सुषेण, मैन्द, द्विविद, गज, गवाक्ष, कुमुद, नल, पनस यी सबै शत्रुको राजधानी लंकामा एकत्रित भई युद्धका विषयमा विचार गर्नलागे ॥१-३॥ असुर, नाग, गन्धर्व, यी सबैले मिलेर पनि जित्न नसक्ने, रावणद्वारा पालना भइराखेको लंकापुरी हाम्रो सामुन्ने देखिनलागेको छ ॥४॥ राक्षसराज रावणले सदा सावधान भएर रहने लंकापुरी यही हो, अतएव कार्यसिद्धि हुने किसिमले हामी सबैले उपायको निर्णय गर्नुपर्‍यो ॥५॥

सबैले यसो भनेको सुन्दा रावणका भाइ विभीषण भन्नलागे, यिनले भनेका कुरामा ग्राम्य शब्दको प्रयोग गरिएको थिएन र थोरै शब्दमा धेरै अर्थ भरिएको थियो ॥६॥ अनल, पनस, सम्पाति तथा प्रमति यी मेरा मन्त्रीहरू लंकामा गएका थिए र अहिले उहाँबाट फर्केर आइराखेका छन् ॥७॥ यी सबै चराको रूप लिएर शत्रुको फौजभित्र पसेका थिए र रावणले गरेको सबै प्रबन्ध हेरेर यहाँ आइराखेका छन् ॥८॥ हे रामचन्द्र ! दुरात्मा रावणले आफ्नो राजधानीको रक्षाका लागि गरेको प्रबन्ध मैले आफ्ना मन्त्रीहरूको मुखबाट जस्तो सुनेको छु सो सब बयान गर्दछु, सुन्नुहोस् ॥९॥ फौज साथमा लिएर प्रहस्त नाम गरेको राक्षस पूर्वपट्टिको ढोकाको रखवाली गरिरहेको छ र दक्षिणपट्टिको ढोकाको रक्षाका लागि महाबली महापार्श्व र महोदर खटिएका छन् ॥१०॥ अनेक राक्षसहरूलाई साथमा लिएर इन्द्रजित् पश्चिम ढोकामा खडा छ, यसको साथमा रहेका राक्षसहरूले शूल, पट्टिश, तरवार, धनु, मुद्गर इत्यादि अस्त्र भिरेका छन् ॥११॥ नाना प्रकारका अस्त्र शस्त्र लिएका वीर योद्धाहरू रावणको छोराका साथमा रहेका छन् , हातमा अस्त्र शस्त्र लिएका लाखौं राक्षसलाई साथमा लिएर, नाना किसिमका मन्त्र जान्ने, भित्र मनमा हडबडाइराखेको स्वयं रावण राक्षसहरूसँग शहरको उत्तरतिरको ढोकामा उभिइराखेको छ ॥१२–१३॥ विरूपाक्ष नाम गरेको राक्षस, शूल, खड्ग तथा धनु भिरेको बडेमानको फौज, तथा मुख्य मुख्य राक्षसहरूलाई साथमा लिई शहरको माझमा बसिरहेको छ ॥१४॥ लङ्काको युद्धक्षेत्रमा यति फौज हेरेर मेरा मन्त्रीहरू झटपट मलाई खबर दिन भनी आइराखेका छन् ॥१५॥ रावणको सेनामा दश हजार हात्ती, दश हजार रथ, बीस हजार घोडा र एक करोड केही लाख राक्षस रहेछन् ॥१६॥ यी सबै राक्षसहरू अतिशय बलिया पराक्रमी, तथा संग्राममा बडा आततायी छन्, यसै कारणले यिनीहरू राक्षसराजका खूबै मन परेका छन् ॥१७॥ हे राजन् ! यी राक्षसहरूमध्ये एउटा राक्षसको परिवारसंग युद्ध पर्ने भयो भने पनि कईलाख राक्षसहरूका परिवार उसलाई मद्दत गर्नाका लागि एकत्रित हुन्छन् ॥१८॥ मेरा मन्त्रीहरूले लङ्काको बारेमा भनेको समाचार यही हो ।

यति भनिसकेपछि महाबाहु विभीषणले आफ्ना ती राक्षसहरूलाई रामचन्द्रको अगाडि उपस्थित गराए ॥१९॥ यी चार मन्त्रीहरूले, कमलको पात जस्तो आँखा भएका रामचन्द्रलाई लङ्कामा आफूले देखे सुनेको जम्मै कुरा विन्ति गरेर सुनाए। यसपछि रामको कल्याण गर्ने इच्छाले श्रीमान् विभीषण फेरि उनलाई यो कुरा सुनाउनलागे—हे राम ! जब रावण कुवेरसँग युद्ध गर्न गएथ्यो त्यस बखतमा उसँग

साठी लाख राक्षस थिए, यी सबै पराक्रम, वीर्य, तेज, साहस र घमण्डमा दुष्ट रावण जस्तै देखिएका थिए ॥२०–२२॥ हे राजन् ! मैले भनेको सुन्दा नरिसाउनुहोस् । म न ता तपाईंदेखि रिसाएको हुँ, न तपाईंलाई जंग्याउन मैले यी कुरा भनेको हुँ; तपाईं ता आफ्नो पराक्रमले देवताहरूलाई समेत सजाय गर्न सक्नुहुन्छ ॥२३॥ तपाईं अवश्यै आफ्नो वानरी सेनाको व्यूह बनाएर, चतुरङ्गिणी बडेमानको सेनाले युक्त भएको रावणको विध्वंश पारिदिनुहुनेछ ॥२४॥

रावणको भाइ विभीषणले यति कुरा भनेपछि श्रीरामचन्द्रजी शत्रुको संहार पार्नाका लागि एवं प्रकारसंग भन्न लाग्नुभयो ॥२५॥ वानरश्रेष्ठ नील अनेक वीर वानरलाई साथमा लिई लङ्काको पूर्व ढोकापट्टि प्रहस्तसंग युद्ध गर्न जाऊन् ॥२६॥ बालिका छोरा अङ्गद विशाल फौज साथमा लिएर दक्षिण ढोकापट्टि महापार्श्व र महोदरको विध्वंस पारून् ॥२७॥ अतुल बलशाली वायुपुत्र हनुमान् अनेक वानर-को साथमा बलजफ्तीसंग परिचम ढोकाबाट प्रवेश गरेर मेघनादसंग लडून् ॥२८॥ दैत्य, दानव, तथा महात्मा ऋषिहरूको अपकार गर्ने, वरदान पाउनाले मदान्ध भइराखेको, तीनै लोकका प्रजाहरूलाई दुःख दिंदै यताउति घुमिरहने, नीच स्वभावको राक्षसराज रावणलाई मार्नाको निम्ति म आफैं तयार छु ॥२९-३०॥ लक्ष्मणको साथमा शहरको उत्तर ढोकाबाट म बलपूर्वक प्रवेश गर्नेछु जहाँ कि फौजको साथमा रावण उभिइराखेको छ ॥३१॥ बलवान् वानरराज सुग्रीव, पराक्रमी ऋक्षराज जाम्बवान् र रावणका भाइ विभीषण यी फौजको बीचमा रहेर यसको रक्षा गरून् ॥३२॥ युद्धमा कुनै वानरले पनि मानिसको रूप धारण नगरून्, यस युद्धमा वानरी सेनाका लागि मेरो यही आज्ञा छ ॥३३॥ हामीहरूमा वानर-हरूको परिचय वानरकै रूपबाट हुनुपर्दछ, केवल हामी सात जना मानिसको रूपले शत्रुहरूसँग युद्ध गर्नेछौं ॥३४॥ म, तेजस्वी भाइ लक्ष्मण, विभीषण र यिनका चार मन्त्री यी सात जना मात्र मनुष्य-को रूप लिएर युद्ध गर्नेछौं ॥३५॥

बुद्धिमान् रामचन्द्रले, कार्यसिद्धिका लागि विभीषणसंग यति कुरा गरिसकेपछि, सुबेल पर्वतमाथि चढ्ने इच्छा गरे, कारण यस समयमा सुबेल पर्वतको शिखर यिनको दृष्टिमा बडो राम्रो देखिनलागेको थियो ॥३६॥ यस प्रकारसंग शत्रुको वध गर्ने निर्णय गरेर, आफ्नो विशाल सेनाले जम्मै पृथ्वीलाई ढाकेर, महात्मा रामचन्द्र प्रसन्नतासाथ लङ्काको नजीकको सुबेल पर्वततिर लागे ॥३७॥

सर्ग—३८

रामचन्द्र सुबेल पर्वतमा चढेर लङ्काको दृश्य हेर्दछन् ।

सुबेल पर्वतमाथि चढ्ने इच्छा भएकोले लक्ष्मणलाई संगमा राखेका रामचन्द्रजी सुग्रीवलाई र धर्मात्मा, आफूमा भक्ति राख्ने, सबै प्रकारको मन्त्र र विधिविधान जान्ने विभीषणलाई समेत अतिशय मधुरो बोली गरेर भन्नलागे ॥१–२॥ नाना प्रकारका धातुले सुशोभित भइराखेको, अतिशय रमणीय यस पर्वतराज सुबेल पहाडमा हामीहरू चढौं र आजको रात यहीं वास बसौं ॥३॥ यही पर्वतबाट

हामी लङ्का शहर तथा मर्ने वेलासम्म मलाई दुःख दिनाको निम्ति मेरी प्राणप्यारीको हरण गर्ने दुरात्मा राक्षसको घर देख्नेछौं ॥४॥ यस राक्षसले न ता धर्मको, न शील स्वभावको, न आफ्नो कुलको केही विचार राख्यो, किन्तु केवल नीच राक्षसी बुद्धि लिएर यस्तो निन्दित काम गर्न अघि सऱ्यो ॥५॥

यस किसिमको कुरा गर्दा गर्दैमा रामचन्द्रलाई रावणमाथि रिस उठिहाल्यो र उनी सुबेल पर्वतमा चढेर नाना प्रकारका धातुले गर्दा रङ्गी-विरङ्गी देखिएको यसको टाकुरामा पुगिहाले ॥६॥ हातमा धनु लिएका, विकट पराक्रम देखाउन उद्यत भइराखेका लक्ष्मण पनि सावधानीसँग रामको पछिपछि लागेर त्यहाँ पुगे ॥७॥ यिनको पछि मन्त्रीहरूको साथमा सुग्रीव, सुग्रीवको पछि विभीषण र यिनीहरूबाहेक पर्वतमा भ्रमण गर्ने सयकडौं वानरहरू वायुवेगले त्यस पर्वतमाथि चढेर रामचन्द्र भएको ठाउँमा पुगे। यस पर्वतमा पुग्नासाथ यी वानरहरूले आकाशलाई छुनै लागेको जस्तो देखिने, रमणीय लङ्का नगरीलाई देखे। राक्षसहरूले टम्म भरिएको यस शहरका ढोका तथा पर्खाल सबै राम्रा थिए। वानरहरूले, पर्खाल-माथि चढेर बसिराखेका काला काला राक्षसहरूलाई देखे, जसले गर्दा पर्खालमाथि अर्को पर्खाल बनेको हो कि जस्तो भान पर्दथ्यो ॥८-११॥ राक्षसहरूलाई युद्धको निम्ति तय्यार परिराखेको देख्ता यी सबै वानरहरू रामचन्द्रको अगाडि नै सिंहनाद गर्नलागिहाले ॥१२॥

यसपछि सन्ध्याकालको लालिमाले रंगिएका श्रीसूर्य भगवान् अस्ताचल पर्वततिर लागे र पूर्ण चन्द्रको उदय भएकोले रात्रिको समय बडो रमणीय देखिनलाग्यो ॥१३॥ वानरी सेनाका मालिक रामचन्द्रको विभीषणले अभिनन्दन गरेर ठूलो सत्कार गरे। लक्ष्मण तथा अरू सेनापतिहरूको साथमा रामचन्द्रले बडो आनन्दसँग त्यस सुबेल पर्वतको टाकुरामा वास बसेर त्यो रात बिताए ॥१४॥

सर्ग—३९

लङ्काको शोभा-वर्णन।

वानर सेनापतिहरूले त्यो रात सुबेल पर्वतमा वास बसेर बिताए र त्यहाँबाट नै यिनीहरूले लङ्काका वन तथा उपवन हेरे ॥१॥ यी वन उपवन सम्म परेका, बहुतै राम्रा, रमणीय, विशाल, धेरै टाढासम्म फैलिएका तथा हेर्दमा मनलाई प्रफुल्लित गराउने किसिमका थिए। यिनलाई देख्तैमा वानरहरू छक्क परे ॥२॥ यहाँ चम्पक, अशोक, बकुल, साल, तमालका रूख भरिभराउ थिए। तमाल र कटहरका रूखका पंक्तिले नागवेली जस्तै परिराखेको थियो ॥३॥ हिन्ताल, अर्जुन, कदम, सप्तपर्ण, तिलक, कर्णिकार, पाटलका रूख जताततै फुलिराखेका थिए ॥४॥ जसरी नाना प्रकारका द्रव्यले गर्दा इन्द्रको अमरावती शोभायमान देखिन्छ, त्यसै गरी लहरै लहराले बेह्रिएका, फूल फुलिराखेका अनेक किसिमका रूखले यी उपवन राम्रो देखिएका थिए ॥५॥ यहाँका रूखमा नाना किसिमका फूल फुलिराखेका र रातो कमलो पात लागेका थिए। हरिया हरिया घाँस तथा चित्र विचित्रका वनको पंक्तिले यहाँको अपूर्व शोभा देखिनलागेको थियो ॥६॥ जसरी मानिसहरू गहना पहिरन्छन् त्यसै गरी यहाँका रूखले बास्ना

आउने, अतिरमणीय फूल र फल धारण गरिराखेका थिए ।।७।। लङ्काको यो वन चैत्ररथ र नन्दन वन झैं रमणीय थियो । सबै ऋतुमा भ्रमराहरूले यहाँ भूँ भूँ गरी घुम्ने हुनाले यो वन मनलाई बडो आनन्द दिने किसिमको थियो ।।८।। यहाँ झर्नाको किनारमा चखेवा चखेवी, जलकुक्कुट, बकुला, मयूर, कोइली आदि चराहरूले नाच्तै मधुरो स्वरले गाना गरेको सुनिन्थ्यो ।।९।। यहाँका चराचुरुङ्गी सदा प्रसन्न रहन्छन्, भ्रमराहरू सधैं आवाज निकालिरहन्छन्, रूख रूखमा कोइली चरा बसेका हुन्छन् र किसिम किसिमका चराहरूको आवाजले यो वन गुञ्जायमान भइरहन्छ ।।१०।। भ्रमराहरूको भूँ भूँले गुञ्जायमान भइराखेका, चराचुरुङ्गीको आवाजले परिपूर्ण भइरहेका, यस किसिमका वन उपवनमा, स्वेच्छाअनुसार रूप धारण गर्न सक्ने, मनमा प्रफुल्लित र हर्षित भइरहेका वीर वानरहरूले प्रवेश गरे ।।११–१२।। यिनीहरूले यहाँ प्रवेश गर्नासाथ फूलको संसर्गले सुगन्धित भइराखेको हावा प्राणवायुझैं बहनलाग्यो ।

वानरी सेनाका कुनै कुनै सेनापतिहरू सुग्रीवको आज्ञा पाएकोले फौज बाहिर निस्की ध्वजा पताकाले सिंगारिएको लङ्कापुरीभित्र नै पसे ।।१३।। शहरभित्र पस्ताखेरि उत्तम किसिमको गर्जना गर्ने यी वानरहरूले डरलाग्दो आवाज निकालेर पशु पक्षीलाई तर्साउन तथा समस्त लङ्कापुरीलाई कम्पायमान गराउनलागे ।।१४।। अतिशय ठूलो वेग भएका यी वानरहरू आफ्ना दुवै खुट्टाले यस्तो जोरसंग पृथ्वीमा कुल्चनलागे कि यिनीहरूको हिंडाइले गर्दा उठेको धूलो माथि आकाशमण्डलसम्म पनि पुग्न लाग्यो ।।१५।। भालु, सिंह, भैंसी, हात्ती, हरिण तथा चराचुरुंगी यस शब्दले तर्सेर दशै दिशातिर भाग्न लागे ।।१६।। त्रिकूट पर्वतको एउटा टाकुरा माथि आकाशसम्म उठेको थियो र चारैतिरबाट फूलै फूलले ढाकिएकोले सुनै सुनले बनेको हो कि जस्तो देखिन्थ्यो ।।१७।। यो सय योजन जति फिंजिएको, निर्मल, र हेर्दा बडो राम्रो देखिन्थ्यो । मनलाई आनन्द गराउने, शोभायुक्त यो पर्वत यस्तो अग्लो थियो कि चराहरूलाई समेत यहाँ पुग्न गाह्रो पर्दथ्यो ।।१८।। मानिसहरू मनद्वारा ता त्यहाँ पुग्न सक्तैनथे भने कर्मद्वारा पुग्ने कुरा त कता छ कता । रावणद्वारा पालना गरिएको लङ्का शहर यही टाकुरामाथि बसाइएको थियो ।।१९।। यो शहर दश योजन चौडा र बीस योजन लामो थियो, यसका अग्ला अग्ला फाटक सेतो बादल जस्तै देखिएका थिए, सुन र चाँदीको पर्खालले गर्दा यस शहरको खूबै शोभा भइराखेको थियो ।।२०।। जसरी वर्षा ऋतुमा मेघद्वारा आकाशको शोभा हुन्छ त्यसै गरी ठूला ठूला महल तथा सात तले घरले लङ्काको पनि शोभा भइराखेको थियो ।।२१।। यहाँको राजमान्दरमा हजारौं थाम जडिएका थिए, कैलाश पर्वतको टाकुरा जत्तिकै अग्लो देखिने यो महल आकाशलाई छोए जत्तिकै देखिन्थ्यो ।।२२।। राक्षसराजको यस राजमान्दरको रक्षाका लागि सदा सैकडौं राक्षस तैनात भइरहन्थे, रावणको यो देवालय लङ्काको गहनै जस्तो थियो ।।२३।। सुनै सुनले बनेको लङ्का बडो रमणीय छ, नाना किसिमका धातु उत्पन्न गर्ने चित्र विचित्रका पर्वतले जताततै यसको शोभा बढाइराखेका छन् र ठाउँ ठाउँमा राम्रा राम्रा बाग बगैंचा शोभायमान भइरहेका छन् ।।२४।। नाना प्रकारका पक्षीगण यहाँ आवाज गर्दछन्, किसिम किसिमका जनावर बस्तछन्; यहीं भिन्ना भिन्न प्रकार-

का फूल र असंख्य राक्षसहरूले वास गरेको देखिन्छ ।।२५।। लक्ष्मणका दाजु श्रीसम्पन्न पराक्रमी रामचन्द्रजी धनधान्यले परिपूर्ण भइराखेको स्वर्गसमानको यस शहरलाई देख्ता बहुतै छक्क परे ।।२६।। रत्नै रत्नले खचिखचाउ भएको, किसिम किसिमका रचनाले युक्त भइराखेको, महलै महलको पंक्तिले शोभायमान देखिएको, ठूला ठूला यन्त्र जडिएका फाटक भएको, यस लङ्कापुरीलाई बडेमानको फौज साथमा राखेर रामचन्द्रजीले हेरे ।।२७।।

सर्ग—४०

रावणलाई देख्नासाथ सुग्रीव उफ्रेर जान्छन् र उसंग युद्ध गर्दछन् ।

यसपछि रामचन्द्रजी, सुग्रीव तथा अरू अरू वानर सेनापतिहरूलाई साथमा लिएर दुइ योजनको फाँट भएको सुवेल पर्वतमाथि चढे ।।१।। केही बेर त्यहाँ अडिएर यिनी चारैतिर हेर्नलागे र त्यहाँबाट यिनले रमणीय त्रिकूटाचलको शिखरमा विश्वकर्माले बनाएको, राम्रा राम्रा वनले शोभायमान भइराखेको लङ्कापुरीलाई देखे ।

यस शहरको फाटकमाथि रावण पनि बसिराखेको देखा पऱ्यो ।।२–३।। यसको दाहिने देब्रे दुवैपट्टि सेता चमर चलिराखेका थिए, विजयछत्रले शोभायमान भइराखेको रावणले रक्तचन्दन धारण गरेको र राता राता गहना पहिरिराखेको थियो ।।४।। कालो बादलको जस्तो यसको वर्ण थियो, सुनै सुनको कालिगडी भएको वस्त्र यसले पहिरेको थियो र छातीमा ऐरावत हात्तीको दाँत लाग्नाले भएको घाउको खत देखिन्थ्यो ।।५।। बेलुकीपखको रातो घामले ढाकिएको बादल आकाशमा देखा परेझैं, खरायोको रगत जस्तो रातो रंगको वस्त्र पहिरेको यो रावण देखिनलागेको थियो ।।६।।

वानर सेनापतिहरूले तथा रामचन्द्रले यस किसिमको रावणलाई देखे, तर सुग्रीव ता राक्षसराजलाई देख्नेबित्तिकै मन थाम्न नसकेर जुरुक्क उठिहाले ।।७।। रिसले आकुल व्याकुल परेका यी सुग्रीव, आफ्नो मानसिक तथा शारीरिक बलले उत्साहित भई पर्वतको टाकुराबाट उफ्रेर रावण बसिराखेको फाटकमाथि पुगिहाले ।।८।। मनमा कुनै प्रकारको डर नलिएर केही बेरसम्म त्यहाँ अडिएपछि सुग्रीव, रावणतिर एक दृष्टि लगाएर उसलाई तृणबराबर संझी कठोर वचन भन्नलागे ।।९।। लोकनाथ रामचन्द्र मलाई आफ्नो मित्र संझनुहुन्छ, तर म उहाँको दास हुँ, हे राक्षस ! आज उहाँको तेजोबलले गर्दा तँ मेरो हातबाट उम्कन पाउनेछैनस् ।।१०।।

यति भन्नेबित्तिकै सुग्रीव उफ्रेर उसको टाउकोमाथि चढिहाले र अद्‌भुत किसिमको उसको मुकुट टाउकोबाट झिकेर भूइँमा फ्याँकिदिए ।।११।। आफूलाई झम्टनलागेको देख्ता रावण सुग्रीवलाई भन्नलाग्यो—मेरो सामुन्ने नपरुन्जेल तिमी सुग्रीव अर्थात् राम्रो घाँटी भएका थियौ, तर अब मेरो अगाडि परेकोले तिम्रो घाँटी रहन पाउनेछैन ।।१२।।

यति भन्नासाथ हतपतसंग उठेर रावणले दुवै हातले उचालेर सुग्रीवलाई भूइँमा पट्किदियो र सुग्रीवले पनि भकुण्डोझैं उफ्रेर दुवै हातले रावणलाई समाती भूइँमा पछारिदिए ॥१३॥ यस प्रकारसंग परस्पर युद्ध हुँदाखेरि यी दुवैको शरीरबाट पसीना बग्नलाग्यो र रगतको धाराले दुवैको शरीर रातो देखिनलाग्यो, एउटा अर्कोसंग टाँसिएको र चेष्टाहीन भएकोले यी दुवै सिमल र पलासको रूख जस्तो देखिनलागे ॥१४॥ राक्षसराज र वानरराज यी दुवै महाबली मुक्का, लात, कुहिना तथा थप्पडको प्रहार गर्दै बडो घनघोरको युद्ध गर्नलागे ॥१५॥ यस प्रकारसंग धेरै बेरसम्म शहरको फाटकमाथि यी दुवै उग्रपराक्रमीहरूको परस्पर युद्ध हुँदै रह्यो । कहिले रावण सुग्रीवलाई उफारेर मिल्काउँथ्यो र कहिले सुग्रीव रावणलाई मिल्काउँथे, यस प्रकारसंग लड्दै भिड्दै यिनीहरू फाटकमाथिको चौताराको छेउसम्म आइपुगे ॥१६॥ यहाँ पनि लड्दा लड्दै यी दुवै आफू आफूमा च्यापाच्याप गरेर किल्लामुनिको खाल्डोभित्र खसे । यहाँ केही बेरसम्म यिनीहरू निश्चल भएर लडिरहे र फेरि स्वां स्वां गर्दै भूइँमा हात टेकेर उभिए ॥१७॥ रिस, युद्धको अभ्यास तथा शारीरिक बलले युक्त भएका यी दुवै, युद्धभूमिमा विचरण गर्दै आफू आफूमा वारंवार च्यापाच्याप गर्नलागेकोले बाहुरूपी डोरीले, आफू आफूमा बाँधाबाँध गर्न लागेका जस्ता देखिन्थे ॥१८॥ दाँत निस्केका बाघ, सिंहका बच्चा, तथा हात्तीका छावाझैं युद्ध गर्ने भएका यी दुवै छाती छातीले आफू आफूमा थिचाथिच गरेर तथा हात समातेर तानातान गर्दै संग-संगै भूइँमा लड्नलागे ॥१९॥ यी दुवै वीर यस प्रकारसँग आफू-आफूमा फ्याँकाफ्याँक गर्दथे र युद्धका अनेक दाउ पेंच पनि देखाउँदै गर्थे । कसरती भएका र युद्धको शिक्षा पाएकाले यिनीहरू चाँडै थाक्तैनथे ॥२०॥ मतवाला हात्तीसमानका यी दुवै वीरले, हात्तीको सूँडको जस्तो आकार परेको आफ्नो हातले परस्परको प्रहार रोक्तै धेरै बेरसम्म युद्ध गरे र फेरि मण्डलाकार भएर फन फनी घुम्नलागे ॥२१॥ कुनै खाद्य पदार्थलाई खानाका लागि दोटा बिरालाहरू आफूआफूमा लड्नलागेझैं यी दुवै वीर पनि आफूआफूमा एउटाले अर्कोको प्राण लिने चेष्टा गर्नलागे ॥२२॥ कहिले अनेक किसिमको चक्कर लगाएर, कहिले नाना प्रकारले दुवै खुट्टालाई तेर्सो पारेर हिंड्ने (स्थानगति) कहिले गोमुत्राकार गतिले (बाङ्गो टिङ्गो भएर) अगाडि बढने पछाडि हट्ने गरेर, कहिले सोझो गएर, कहिले तेर्सो परेर गएर, कहिले दुश्मनको प्रहार बचाउनाका लागि आफ्नो ठाउँ बदलेर, कहिले दगुरेर, कहिले बिलकुलै नजीक गएर, कहिले निहुरेर, कहिले टाढा भागेर, कहिले उफ्रेर, कहिले मुख फर्काएर, कहिले अगाडि मुख फर्काएर पछिपछि हट्तै गरेर, कहिले छिर्के लगाएर शत्रुलाई पछार्नाको निम्ति आफ्नो शरीरलाई निहुराएर, कहिले शत्रुको हात समात्न भनी आफ्नो हात पसारेर, कहिले शत्रुले आफूलाई पक्रन नपाओस् भनेर हात माथि उचालीकन, युद्धविद्यामा निपुण भएका राक्ष-सराज रावण र वानरराज सुग्रीव अनेक उपायले युद्ध गर्नलागे ॥२३-२६॥

यत्तिकैमा बलले सुग्रीवलाई जित्न असम्भव देखेर राक्षसराज रावणले केही छल गर्ने निश्चय गर्‍यो । रावणको छल गर्ने अभिप्राय बुझ्नासाथ सुग्रीव पनि सास रोकेर आकाशतिर उडिहाले । कुनै प्रकारको

थकाइ नलाग्ने सुग्रीवले यस प्रकारसँग रावणलाई छकाइदिए, राक्षसराज विलखबन्द परेर जहाँको त्यहीं उभिइरह्यो ॥२७-२८॥

यस प्रकारसँग वानरराज सुग्रीवले युद्धमा कीर्ति पाए र युद्ध गरेर रावणलाई धोका दिए तथा थकाइसमेत दिए । यसपछि अति विशाल आकाशमार्गको बाटो गरी वानरी सेनाको माझमा बसिराखेका रामनेर पुगे ॥२९॥ वायुसमानको वेग भएका सूर्यपुत्र वानरराज सुग्रीवले लङ्कामा यस्तो अद्भुतको काम गरिसकेपछि प्रसन्नतासाथ वानरी फौजभित्र प्रवेश गरे । मुख्य मुख्य वानरहरूले यिनको अभिनन्दन गरे र यिनको पराक्रमको काम देख्ता रामचन्द्रसमेत युद्धका लागि उत्साहित भए ॥३०॥

सर्ग—४१

वानरहरू लङ्कालाई घेर्दछन् र अङ्गद दूत बनेर रावणकहाँ पुग्दछन् ।

रामचन्द्र, सुग्रीवको शरीरमा युद्धको चिह्न देख्ता उनलाई अंगालो हालेर भन्नलागे ॥१॥ मसंग सल्लाह नगरी तपाईंले यस्तो साहसको काम गर्नुभएछ, राजाहरूले यस्तो साहसको काम गर्नपट्टि लाग्नु उचित होइन ॥२॥ साहसमा प्रेम राख्ने हे राजन् ! मलाई, यस सेनालाई तथा विभीषणलाई सन्देहमा पारेर तपाईं यस्तो दुःख हुने साहसको काम गर्न जानुभयो ॥३॥ हे शत्रुतापी वीर ! हुने कुरा भइगो, अब उप्रान्त यस्तो साहसको काम गर्नपट्टि नलाग्नुहोला । कदाचित् तपाईंमाथि केही आपत्ति पर्न गयो भने सीतालाई लिएर मैले के गर्ने ? हे महाबाहो ! भरत, लक्ष्मण, कान्छा भाइ शत्रुघ्न तथा आफ्नो शरीरसित समेत मेरो केही प्रयोजन रहनेछैन ॥४—५॥ इन्द्र, वरुणको जत्तिकै तपाईंको पराक्रम छ भन्ने थाहा भएको भए तापनि तपाईं नआउन्जेल मेरो मनमा यस्तो विचार उठिराखेको थियो—युद्धमा पुत्र, सेना तथा वानरहरूको साथ साथै रावणको संहार पार्दछु, लङ्काको राज्यमा विभीषणको अभिषेक गर्दछु र अनि अयोध्याको राज्य भरतको जिम्मामा सुम्पेर आफ्नो शरीर त्याग गर्दछु ।

रामचन्द्रले यस किसिमको कुरा गरेको सुन्दा सुग्रीव उहाँलाई भन्नलागे ॥६—८॥ हे वीर रामचन्द्रजी ! तपाईंकी स्त्री हरेर ल्याउने रावणलाई देखेपछि आफ्नो पराक्रमको ज्ञान हुँदा हुँदै पनि मैले कसरी रिस थामेर बस्ने ? ॥९॥

यस प्रकारसंग बोलिराखेका सुग्रीवको अभिनन्दन गरेर रामचन्द्र शोभासम्पन्न लक्ष्मणलाई भन्न लागे ॥१०॥ हे लक्ष्मण ! हामीहरू शीतल जल तथा प्रशस्त फल पाइने वनमा गएर यस सेनालाई फांट फांटमा बाँडी व्यूह तयार पारेर त्यहीं बसिराखौं ॥११॥ संसारको सत्यानाश पार्ने बडो ठूलो भय आइराखेको जस्तो मलाई लाग्दछ, अब हुने युद्धमा भालू, वानर र राक्षसहरूको ठूलो क्षति हुने छ ॥१२॥ हावा बडो जोरसंग चल्नलागेको छ, पृथ्वी काँपिरहेकी छन्, पर्वतको शिखर हल्लिराखेको छ र पहाडबाट आवाज आउन थालेको छ ॥१३॥ बादलहरू हिंसक पशुसमान क्रूर देखिनलागेका छन्, यिनीहरू कठोर गर्जना गरिरहेका छन् र रगतको थोपा मिसिएको पानीको वर्षा गर्नलागेका छन्

॥१४॥ सन्ध्याले रक्तचन्दनसमानको बडो डरलाग्दो मूर्त्ति धारण गरिराखेको छ र सूर्यमण्डलबाट बल्दो आगोको डल्लो खसेको देखिन्छ ॥१५॥ स्याल, कुक्कुर आदि गरिएका अशकुनरूपी पशुपक्षीहरू बडो दीनभावले, सुन्दैमा माया लाग्ने जस्तो स्वर झिकेर सूर्यतिर मुख फर्काई रुन्छन्, जसलाई सुन्दैमा मनमा बडो डर उत्पन्न हुन्छ ॥१६॥ रात्रिमा चन्द्रमा धमिला देखिन्छन्, यो देख्तैमा संसारका सबै प्राणीको मनमा ताप पर्दछ, प्रलयकालमा देखिनेझैं यसको घेराको छेउ छेउ रातो कालो देखिनलागेको छ ॥१७॥ हे लक्ष्मण ! हेर, सूर्यमण्डलमा नीलो दाग देखिनलागेको छ र चन्द्रमाको झैं सूर्यको पनि चारैतिर छेउ छेउमा रातो, सुक्खा, नराम्रो सानो मण्डल परेको देखिन्छ ॥१८॥ जति नक्षत्र देखिन्छन् ती कसैको पनि पहिलेको जस्तो चाल छैन, हे लक्ष्मण ! यी सबैले संसारको प्रलय हुने सूचना दिइरहेका छन् ॥१९॥ काग, बाज तथा गिद्धहरू धमाधम तल खस्तछन् र स्यालहरू चर्को स्वर गरेर अशुभसूचक शब्द निकाल्दछन् ॥२०॥ वानर, राक्षसहरूको हातबाट छुटेका ढुङ्गा, शूल, तरवारले यो पृथ्वी टम्मै भरिनेछ र जताततै मासु रगतको हिलो जम्नेछ ॥२१॥ रावणले रक्षा गरिराखेको, शत्रुले सहसा आक्रमण गर्न नसक्ने लङ्कामाथि हामीहरू झट्टै वानरहरूलाई साथमा लिई फूर्तिसाथ हमला गरिहालौं ।२२।

वीरश्रेष्ठ महाबली रामचन्द्रजी लक्ष्मणलाई यति भन्दै त्यस पर्वतको टाकुरबाट तल ओर्ले ॥२३॥ त्यस पर्वतबाट तल ओर्लेपछि धर्मात्मा रामचन्द्र, शत्रुद्वारा पराजित हुन नसक्ने आफ्नो फौजलाई हेर्न लागे ॥२४॥ सुग्रीवलाई साथमा राखेर रामचन्द्रले विशाल वानरी सेनाको व्यूह तयार पारे र समयको महत्व बुझ्ने यिनले मौका पारेर त्यस सेनालाई युद्ध गर्ने आज्ञा दिए ॥२५॥ यसपछि महाबाहु, धनुर्धारी, रामचन्द्रजी बडेमानको फौज साथमा लिई, संग्राम गर्न भनी, विजयमुहूर्त्तमा, लङ्कापुरीतिर लागे ॥२६॥ रामचन्द्रजी हिंडेपछि विभीषण, सुग्रीव, हनुमान्, ऋक्षराज जाम्बवान्, नल, नील र लक्ष्मण यिनको पछि लागे ॥२७॥ यिनको पछाडिपछाडि भालु र वानरहरूको विशाल सेना, धेरै टाढा टाढासम्म पृथ्वीलाई ढाकेर जानलाग्यो ॥२८॥ शत्रुहरूलाई रोक्न सक्ने, हात्तीको जस्तो विशाल शरीर भएका वानरहरूले सयकडौं ठूला ठूला पर्वतका टाकुरा र बडे बडे रूख हातमा लिइराखेका थिए ॥२९॥ यस प्रकारसंग अलि बेरमा नै शत्रुतापी राम, लक्ष्मण यी दुवै भाइ लङ्कापुरीमा पुगिहाले ॥३०॥ यस नगरीमा पताकाहरू माला जस्तै भइराखेका थिए, स्वाभाविक तथा कृत्रिम वनले गर्दा यो लङ्का अतिशय रमणीय देखिनलागेको थियो, किल्लाको चारैतिरका पर्खाल तथा फाटक बहुतै राम्रा र अग्ला लिए, यिनीहरूमाथि चढ्न बडो गाह्रो थियो ॥३१॥

देवताहरूलाई समेत त्यस शहरभित्र पस्न गाह्रो पर्दथ्यो, तर रामचन्द्रको आज्ञा पाएकोले वानरहरूले त्यहाँ प्रवेश गरी आफ्नो आफ्नो ठाउँ रोकेर बसे ॥३२॥ पर्वतको टाकुरासमानको अग्लो लङ्काको उत्तरपट्टिको ढोका रोकेर भाइको साथमा धनुर्धारी रामचन्द्रजी आफ्नो सेनाको रक्षा गर्नलागे ॥३३॥ दशरथपुत्र रामचन्द्रजी रावणद्वारा पालना गरिएको लङ्का नगरीको उत्तरपट्टिको ढोकामा लक्ष्मणलाई साथमा लिई जमिरहे, कारण युद्ध गर्नाका लागि रावण यहीं तयार परेर बसिराखेको थियो, तसर्थ राम-

सिवाय अरू कसैको यस फाटकलाई रोक्ने सामर्थ्य थिएन ।।३४–३५।। जसरी वरुणले सागरको रक्षा गर्दछन् त्यसै गरी शस्त्रधारी भयङ्कर राक्षसहरूलाई साथमा लिएर रावण चारैतिरबाट यस फाटकको रक्षा गरेर बसेको थियो ।।३६।। जसरी दानवहरूले गर्दा पाताल भयङ्कर देखिन्छ त्यसै गरी रावण यहाँ बसेकोले यो फाटक भयङ्कर देखिनलागेको थियो; निर्धो मानिसले ता यहाँको दृश्य देख्तैमा डराउनुपर्दथ्यो । यहाँ अनेक योद्धाहरू लड्न भनी तय्यार परेर बसेका थिए र नाना किसिमका हात-हतियार, कवच जतातत्तै फिंजिएको देखिन्थ्यो ।

वानर सेनापति नील, मैन्द र द्विविदलाई साथमा लिएर पूर्वतिरको ढोका रोकेर बसे । महाबली अंगदले दक्षिण ढोका रोके ।।३७–३९।। बलवान् हनुमान् वानर, ऋषभ, गवाक्ष, गज, गवयलाई साथमा लिई पश्चिम ढोका घेरेर बसे ।।४०।। प्रजंघ, तरस तथा अरू अरू वीर वानरहरूलाई आफ्नो साथमा राखेर स्वयं सुग्रीवजी बीचको जग्गा रोकेर बसे ।।४१।। यिनीहरूबाहेक गरुड र वायुको जस्तो वेग भएका, वानरी सेनामध्येका छत्तीस करोड विख्यात सेनापति थिए । यी सबै वानरहरू सुग्रीव बसेको ठाउँलाई चारैतिरबाट घेरेर युद्धका लागि तत्पर भइराखेका थिए । रामचन्द्रको पछाडिपट्टि जाम्बवान् र सुषेण अलि टाढै बसेर, बडे विशाल सेना साथमा लिई, शहरका बीचको छाउनी घेरेर बसिरहे । बाघका जस्ता तीखा दाँत भएका यी वानरश्रेष्ठहरू, रूख र पर्वतको टाकुरा हात हातमा लिएर, प्रसन्नचित्तले कहिले युद्ध होला भनेर पर्खिराखेका थिए ।।४२–४५।। नङ र दाँतलाई नै आफ्नो हतियार बनाएका, चित्र विचित्रको शरीर भएका यी सबै वानरहरूको मुख रिसले रातो भइराखेको थियो ।।४६।। कसैमा दश हात्तीको, कसैमा सय हात्तीको र कसैमा हजार हात्तीको जत्तिकै बल तथा पराक्रम देखिन्थ्यो ।।४७।। अनेक वानर यस्ता थिए जसको बल कहिले पनि निष्फल हुन्नथ्यो, कोही कोही यिनीहरूभन्दा सय खण्ड बर्ता बलिया थिए; कुनै कुनै सेनापति यस्ता बलिया थिए कि यिनीहरूको बलको अनुमानै गर्न सकिन्नथ्यो ।।४८।। यी वानरसैनिकहरूको समागम, कतैबाट शलहको बथान उडेर आएको झैं बडो विचित्र र अद्भुत किसिमको देखिनलागेको थियो ।।४९।। लङ्कामा आइसकेका र आउनलागेका वानरहरूले गर्दामा आकाश र पृथ्वी टम्मै भएर भरियो ।।५०।। करोडौं वानर, भालुहरूको फौज लङ्काको ढोकामा आएर डस्यो र बाँकी रहेका वानरहरू युद्ध गर्नाका लागि यताउति घुम्नलागे ।।५१।। यी सबै वानरहरूले गर्दा जम्मै त्रिकूट पर्वत टम्मै भएर ढाकियो; लङ्काको वृत्तान्त आफ्ना सैनिकहरूलाई बताउनाका लागि एक करोड वानर शहरको चारैतिर घुम्नलागे ।।५२।। हात हातमा रूख लिइराखेका, बलिया वानरहरूले यसरी टम्म पारेर लङ्कालाई चारैतिरबाट घेरिदिए कि हावालाई समेत त्यहाँ प्रवेश गर्न गाह्रो पर्नलाग्यो ।।५३।।

इन्द्रसमानका पराक्रमी तथा मेघसमानको विशाल शरीरवाला वानरहरूद्वारा अकस्मात्संग पीडित भएकोले सबै राक्षसहरू बहुतै छक्क परे ।।५४।। त्यो अतिशय विशाल सेना एकत्रित हुँदाखेरि, बाँध फुट्नाले समुद्रको जलबाट शब्द आएझैं, बडो भयंकर आवाज निस्कनलाग्यो ।।५५।। यस महान्

कोलाहलले गर्दा पर्खाल, फाटक, वन, पर्वत यी सबैको साथसाथै लङ्कापुरी हल्लनथाल्यो ।।५६।। राम, लक्ष्मण तथा सुग्रीवद्वारा रक्षित भएकोले यो वानरी सेनालाई सबै देवता तथा असुरहरूले मिलेर पनि जित्न नसक्लान् जस्तो देखियो ।।५७।।

राक्षसहरूको बधका लागि यस प्रकारसंग फौजलाई जतातते खटाइसकेपछि श्रीरामचन्द्रजी आफ्ना मन्त्रीहरूसंग कर्तव्याकर्तव्यको बारेमा बारंबार सल्लाह गर्नलागे र अबलाई गर्नुपर्ने कामको निर्णय गर्न थाले ।।५८।। श्री रामचन्द्रजी साम, दान, भेद, दण्ड यी चारै उपायको परिणाम राम्रै गरी जान्दथे, तर अहिले आफूमाथि परिआएको काममा अन्तिम उपाय अर्थात् दण्डको प्रयोगलाई नै यिनले सर्वश्रेष्ठ माने। राजधर्मको ज्ञान भएकोले अर्थात् शत्रुको शहरमा आक्रमण गर्न आएको बखतमा राजाले पहिले दूत पठाउनुपर्दछ भन्ने कुरा संझेकाले र विभीषणको समेत यसमा अनुमति पाएकोले वालिका छोरा अङ्गद-लाई आफूनेर बोलाई भन्नलागे—हे सज्जन ! मेरा तर्फबाट रावणकहाँ गएर यति कुरा सुनाइदेऊ ।।५९-६०।। राक्षसहरूको केही डर नमानेर, विनापरिश्रमले समुद्र पार गरी, तिम्रा शत्रु रामचन्द्र लंकामा आइराखेका छन्, अबलाई तिम्रो प्रताप, वैभव सबै नष्ट भयो भने पनि हुन्छ, मर्ने वेला नजीकै आइ-पुगेकोले तिम्रो सुद्धी बुद्धि हराइसकेको छ ।।६१।। अज्ञानले अथवा अहङ्कारले ऋषि, देवता, गन्धर्व, अप्सरा, नाग, यक्ष तथा राजाहरूप्रति तिमीले जति पाप गरेका थियौ ती सबै पापको भयानक फल भोग्ने अवसर अहिले उपस्थित भइराखेको छ, ब्रह्माबाट वरदान पाएकोले तिमीमा जुन अहङ्कार भइरा-राखेको थियो त्यो आज चूर्ण हुनेछ ।।६२-६३।। म रामचन्द्र अपराधीहरूलाई दण्ड दिने हुँ, मेरी स्त्रीलाई हरेर ल्याएकोले दुःखित भएर म तिमीलाई दण्ड दिनाका लागि लङ्काको ढोकामा आइराखेको छु ।।६४।। युद्धमा तिमीले मेरो सामना गर्‍यौ भने (मेरो हातबाट मृत्यु भएपछि) देवता, महर्षि तथा राजर्षिहरूको गतिमा पुग्नेछौ अर्थात् पापबाट मुक्त भएर उत्तम लोकमा जान पाउनेछौ ।।६५।। हे नीच राक्षस ! जुन बल र मायाको आश्रय लिएर मलाई छकाईकन तिमीले सीताको हरण गरेका थियौ अब सो तिम्रो बल र माया देखाऊ ।।६६।। सीतालाई समर्पण गरेर यदि तिमी मेरो शरण पर्न आउनौ भने म आफ्ना तीखा तीखा बाणद्वारा यस समस्त संसारलाई राक्षसशून्य गराइदिनेछु ।।६७।। राक्षसश्रेष्ठ धर्मात्मा विभीषण मकहाँ आइराखेका छन् , यिनैले लङ्काको निष्कण्टक राज्य तथा तिम्रा सबै ऐश्वर्य्यको उपभोग गर्नेछन् ।।६८।। तिमी पापी छौ, आत्मज्ञान तिमीमा छंदै छैन, तिमीलाई सल्लाह दिनेहरूसमेत मूर्ख छन् , अबलाई तिमी एक छिन पनि अधर्मपूर्वक राज्यको भोग गर्न पाउनौ ।।६९।। हे राक्षस ! मनमा धैर्य्य लिएर शूरतापूर्वक मसित युद्ध गर । मेरो बाणद्वारा युद्धमा प्राण निस्केपछि तिम्रा सबै पाप दूर हुनेछन् ।।७०।। हे राक्षस ! चराको रूप लिएर तीनै लोकमा घुमेर आए तापनि तिमी मेरो नजर-देखि अलग रहन अथवा आफ्नो ज्यान बचाउन कदापि सक्नेछैनौ ।।७१।। अबलाई तिम्रो जीवन मेरो हातमा आइराखेको छ यसकारण तिम्रो हितका लागि भन्दछु कि तिमी मरेपछि तिम्रो श्राद्ध गर्ने कोही पनि नरहने हुनाले अहिले नै आफैंले आफ्नो श्राद्ध गरिहाल र लङ्कापुरीलाई पनि राम्रो गरी हेरिहाल ।।७२।।

अतिशय गाह्रो काम गर्न सक्ने रामचन्द्रले यसो भनेको सुनेपछि ताराका छोरा अङ्गद शरीरधारी अग्निझैं आकाशमार्गमा उड्नलागे ॥७३॥ श्रीमान् अङ्गद झटपट रावणको दरबारमा पुगिहाले र मन्त्रीहरूको साथमा बडो सावधानीसँग बसिराखेको राक्षसराजलाई देखे ॥७४॥ यसपछि सुनको बाजूले भूषित भइराखेका, बल्दो आगोसमानका वानरश्रेष्ठ अङ्गद रावणको नजीक तल ओर्लेर उसको सामुन्ने खडा भए ॥७५॥ अङ्गदले पहिले सबैलाई आफ्नो नाम सुनाए र अनि रामचन्द्रले भनेका कुरा न केही घटाएर, न केही बढाएर जस्ताको तस्तै गरी मन्त्रीहरूको साथमा बसिराखेको रावणलाई सुनाउन लागे ॥७६॥

शायद तिमीले मेरो नाम सुनेकै होलाऊ, नसुनेको भए सुन, म बालिको छोरो हुँ, अङ्गद मेरो नाम हो; अहिले म जस्तोसुकै गाह्रो काम भए तापनि गर्न सक्ने अयोध्यापति रामचन्द्रको दूत भएर यहाँ आइराखेको छु ॥७७॥ कौशल्याजीको आनन्द बढाउने रघुवंशी रामचन्द्रजीले तिमीलाई भनिपठाउनुभएको छः—हे क्रूर राक्षस ! अबलाई लङ्कापुरीबाट बाहिर आएर मसित युद्ध गर र आफ्नो पुरुषार्थ देखाऊ ॥७८॥ छोरा, भाइ, नाता-कुटुम्बी तथा मन्त्रीहरूको साथसाथै म तिम्रो संहार गर्नेछु, कारण तिमी मारिएपछि तीनै लोकको व्याकुलपना हटेर जानेछ ॥७९॥ तिमी देवता, दानव, गन्धर्व, नाग, यक्ष, राक्षस यी सबैका शत्रु हौ, ऋषिहरूको कण्टक बनेर बसेका छौ, अतएव तिम्रो संहार नगरिछोड्दिन ॥८०॥ मेरो शरण परेर सीतालाई आदरपूर्वक फर्काउनौ भने म तिमीलाई मारिदिन्छु, तिमी मारिएपछि लङ्काको राज्य विभीषणको हुनेछ ॥८१॥

वानरश्रेष्ठ अङ्गदले यस्तो कठोर वचन भनेको सुन्दा राक्षसहरूको राजा रावण बहुतै क्रोधित भयो र रिसले मुर्मुरिंदै आफ्ना मन्त्रीहरूलाई भन्नलाग्यो—यस दुर्बुद्धि वानरलाई अहिले नै समातेरमारिहाल, यसले मेरो सामुन्नेमा धेरै नै बकवाद गर्‍यो ॥८२-८३॥

रावणको यस्तो आज्ञा सुन्नासाथ डरलाग्दो रूप भएका चार राक्षसहरूले आफ्नो तेजले गर्दा बल्दो आगोसमान देखिएका अङ्गदलाई समातिहाले ॥८४॥ राक्षसहरूलाई आफ्नो बल देखाउनको निम्ति, ताराका छोरा आत्मज्ञानी वीर अङ्गदले आफूमा सामर्थ्य भए तापनि उनीहरूलाई पक्रन दिए ॥८५॥ आफ्ना दुवै हातमा झुण्डिराखेका ती चारैओटा राक्षसहरूलाई चरालाई जस्तै जुरुक्क उचालेर अङ्गद, पर्वतको टाकुरा जत्तिकै अग्लो राजमहलको अटालीमा उफ्रेर चढिहाले ॥८६॥ अङ्गदले माथि उफ्रँदाखेरिको झटकामा परेका हुनाले यी राक्षसहरूको होशै उडेर गयो र यिनीहरू राक्षसराज रावणको सम्मुन्ने भूइँमा खसे ॥८७॥ पर्वतको शिखरसमानको अग्लो महलको अटालीमा चढेर प्रतापी बालिपुत्र अङ्गद आफ्नो खुट्टा बजार्नलागे ॥८८॥ जसरी उहिले इन्द्रको वज्र पर्नाले हिमालयको टाकुरा चूर्ण भएथ्यो त्यसै गरी अहिले रावणको नजरको सामुन्नेमा अङ्गदका खुट्टाको प्रहार पर्नाले राजमहलको अटाली चूर्ण भएर तल खस्नलाग्यो ॥८९॥ अटालीलाई ध्वस्त पारिसकेपछि, वारंवार आफ्नो नाम सबैलाई सुनाउँदै तथा घोर सिंहनाद गर्दै अङ्गद आकाशमा उड्नलागे ॥९०॥ यस प्रकारसँग राक्षस-

हरूको मनमा त्रास पार्दै तथा वानरहरूलाई प्रफुल्लित गराउँदै यिनी वानरहरूको माझमा बसिराखेका रामचन्द्रनेर आइपुगे ॥९१॥

आफ्नो महल ध्वस्त भएको देख्ता रावणलाई हुनासम्मको रिस उठ्यो र आफ्नो विनाशको समय नजीकै आइपुगेको देख्ता यो बडो चिन्तामा परेर लामो लामो सुस्केरो हाल्नलाग्यो ॥९२॥

यता मनमा प्रफुल्लित भइराखेका, हल्ला मच्चाइराखेका वानरहरूद्वारा घेरिएका रामचन्द्रजी पनि शत्रुको संहार गर्ने इच्छाले युद्धको तय्यारी गर्नलागे ॥९३॥ पर्वतको टाकुरासमानको अग्लो महाबली सुषेण नामको अजेय वानर इच्छाअनुसारको रूप धारण गर्न सक्ने वानरहरूलाई साथमा लिएर, सुग्रीवको आज्ञाअनुसार लङ्काका जम्मै ढोका घेरेर चन्द्रमाले नक्षत्रहरूको परिक्रमा गरेझैं सर्वत्र घुम्नलाग्यो ॥९४-९५॥ लङ्काको मैदानमा समुद्रको तीरसम्म वानरहरूको सयकडौं अक्षौहिणी सेना जम्मा भएको देख्ता, राक्षसहरूमध्ये कोही ता छक्क परे, कोही डरले थर्कायमान भए र कोही कोही युद्धप्रेमी राक्षसहरू अब युद्ध गर्न पाइने भयो भनेर उत्साहित भई आनन्द मनाउन लागे ॥९६-९७॥ वानरहरूको सेना यहाँको जम्मै पर्खाल तथा किल्लाबाहिरको खाल्डो टम्मै पारेर बस्यो । वानरहरूले गर्दा लङ्कामा अर्कै पर्खाल बनेको हो कि जस्तो भान पर्दथ्यो । मनमा बडो खिन्न भएर राक्षसहरू यो दृश्य हेर्नलागे र डराएर हाहाकार मच्चाउनलागे ॥९८॥

यो भीषण कोलाहल सुन्नासाथ रावणका योद्धा राक्षसहरू बडा बडा अस्त्र शस्त्र लिएर प्रलयकालको वायुझैं जताततै घुम्नलागे ॥९९॥

सर्ग—४२

वानरहरूसित राक्षसहरूको घोर घमासानको युद्ध ।

यसपछि यी राक्षसहरूले रावणको दरबारमा गएर रामचन्द्रले वानरी फौजले जम्मै लङ्कापुरीलाई चारैतिबाट घेरिराखेका छन् भन्ने कुरा राजालाई सुनाए ॥१॥ शहर घेराभित्र परेको सुन्दा रावण बहुतै रिसायो र प्रत्येक ढोकाको रक्षाका लागि पहिलेको भन्दा दोब्बर सेनालाई खटाएर आफू महलको अटालीमा चढ्यो ॥२॥ यहाँबाट यसले लङ्कापुरी तथा यसका वन पर्वत सबैलाई युद्धको चाहना गर्ने असंख्य वानरहरूले घेरिराखेको देख्यो ॥३॥ वानरहरूले गर्दा लङ्काको जम्मै भूइँ पहेंलो भइराखेको थियो, यो देख्ता रावण यी वीर वानरहरूको कसरी विनाश गर्ने हो भन्ने कुराको चिन्ता गर्नलाग्यो ॥४॥ रावणले मनमा धैर्य्य राखेर केही बेरसम्म विचार गर्‍यो र जब ठूला ठूला आँखा भएको यो आफ्नो दृष्टि फिंजाएर हेर्नलाग्यो तब ता रामचन्द्र तथा वानरहरूको बथानमाथि यसको आँखा परिहाल्यो ॥५॥

यता रामचन्द्र पनि प्रसन्नतासाथ आफ्नो सेनालाई साथमा लिएर लङ्काको पर्खालसम्म पुगे र यिनले शहरलाई राक्षसहरूले चारैतिरबाट घेरेर यसको रक्षा गरिराखेको देखे ॥६॥ ध्वजा पताकाले सिंगारिएको लङ्कापुरीलाई देख्नासाथ रामचन्द्रको मनमा विरहको वेदना उत्पन्न भयो र मनै मनमा

यिनी सीताको ध्यान गर्नलागे ॥७॥ मृगनयनी सीता यहाँ मेरो निम्ति शोकले व्याकुल भएर दुःख पाइराखेकी, दुब्लाएकी, र भूइँमै सुत्तिहोलिन् ॥८॥ धर्मात्मा रामचन्द्रले सीताको दुःखको यस प्रकारसंग संझना गर्दै, वानरहरूलाई झट्टै शत्रुहरूलाई मार्नू भन्ने हुकूम दिए ॥९॥

अतिशय पराक्रमी रामचन्द्रको मुखबाट यो आज्ञा निस्कनासाथ तँ-छाड म-छाड गरेर अगाडि बढ्न लागेका वानरहरूले सिंहनाद गरेर दशै दिशा गुञ्जायमान गराइदिए ॥१०॥ यस बखतमा पर्वतको शिखर फ्यांकेर अथवा मुक्कै मुक्काको प्रहारले यस लंकापुरीलाई ध्वस्त पारिदिऊँ भन्ने उत्साह सबै वानर सेनापतिहरूको मनमा उठिराखेको थियो ॥११॥ पर्वतका टाकुरा, ठूला ठूला ढुङ्गा तथा नाना प्रकारका रूख उखेलेर हातमा लिई लिईकन यिनीहरू लड्न भनी तय्यार भए ॥१२॥ रावणले देख्ता देख्तैमा यो वानरहरूको फौज भिन्ना भिन्न विभागमा बाँडिएर रामचन्द्रको हित साधन गर्नाका लागि लङ्कामाथि आक्रमण गर्नलाग्यो ॥१३॥ रातो रातो मुख भएका, सुनको जस्तै शरीरको वर्ण भएका यी वानरहरू रामको निम्ति प्राण त्याग गर्न तय्यार थिए। रूख तथा ढुङ्गै ढुङ्गाले युद्ध गर्ने यिनीहरू लंकातिर बढ्न लागे ॥१४॥ यी वानरहरू रूख, पर्वतका टाकुरा तथा मुक्काको प्रहारले असंख्य पर्खाल तथा फाटक फोरफार पार्नलागे ॥१५॥ यिनीहरू निर्मल जलले भरिपूर्ण भइराखेका खाल्डाहरूलाई धूलो, ढुङ्गा, घांस र काठले भर्नलागे ॥१६॥ यसपछि हजार यूथका मालिक, करोड यूथका स्वामी, तथा सयकरोड यूथका अधिपति वानरहरू लंकामा आक्रमण गर्नलागे ॥१७॥ कैलाश पर्वतको शिखर जत्तिकै अग्ला फाटकहरूलाई फोरफार पारिसकेपछि यी वानरहरू सुवर्णमय तोरण चूर्ण पार्नलागे ॥१८॥ बडा बडा हात्तीसमानका अग्ला यी वानरहरू जतातत्तै उफ्रँदै, कुदै, सिंहनाद गर्दै लङ्कालाई ध्वस्त पार्नलागे ॥१९॥ "महाबली राम र लक्ष्मणको जय होस्, रामद्वारा रक्षित भइराखेका सुग्रीवको जय होस्" एवं प्रकारको घोषणा गर्दै तथा गर्जंदै यी कामरूपी वानरहरू लङ्काको पर्खालमाथि घुम्नलागे ॥२०-२१॥

वीरबाहु, सुबाहु, नल र पनस यी वानरसेनापतिहरू लङ्काको पर्खाललाई फोरफार पारेर शहरभित्र पसे र यहाँ यिनीहरू सेनाको विश्रामका लागि शिविर स्थापना गर्नलागे ॥२२॥ कुमुद नाम गरेको बलवान् वानर दश करोड वानरहरूलाई साथमा राखेर ईशानकोणतिरको ढोका रोकेर बस्यो ॥२३॥ यस कुमुदको सहायताका लागि प्रसभ र महाबाहु पनस अनेक वानरहरूलाई संगमा लिएर त्यहाँ पुगे ॥२४॥ शतबली नाम गरेको महाबली वीर वानर बीस करोड वानरलाई साथमा राखेर दक्षिण-पट्टिको ढोका रोकेर बस्यो ॥२५॥ ताराका बाबु सुषेण नाम गरेका महाबली वानर कई करोड वानरलाई संगमा राखेर पश्चिमपट्टिको ढोका रोकेर बसे ॥२६॥ वानरराज महाबली सुग्रीव उत्तरपट्टिको ढोका रोकेर बसेका थिए, रामचन्द्र पनि लक्ष्मणलाई संग लिएर यहीं आइपुगे ॥२७॥ विशाल शरीर भएको गोला-ङ्गूल तथा देख्तैमा डरलाग्दो आकार भएको गवाक्ष करोडौं वानरलाई साथमा राखेर रामचन्द्रको नजीकै खडा थियो ॥२८॥ डरलाग्दो रिस भएका करोडौं भालुलाई साथमा लिएर शत्रुको संहार पार्ने महाबली धूम्र पनि रामको नजीकै यिनको रक्षा गर्न बसेको थियो ॥२९॥ हातमा गदा लिइराखेका विभीषण पनि

युद्धका लागि तय्यार भएर, आफ्ना होशियार मन्त्रीहरूलाई साथमा लिई, जहाँ महाबली राम थिए त्यहीं पुगे ।।३०।। गज, गवाक्ष, गवय, गन्धमादन र शरभ चारैतिर घुम्दै फिर्दै वानरी सेनाको रक्षा गर्नलागे।।३१।।

अब ता रावणले पनि रिस खप्न नसकेर आफ्नो जम्मै फौजलाई झटपट बाहिर निस्केर युद्ध गर्नू भन्ने आज्ञा दियो ।।३२।। रावणको मुखबाट यो आज्ञा निस्कनासाथ राक्षसहरूले अकस्मात्सँग बडो डरलाग्दो किसिमको गर्जना गर्नलागे ।।३३।। अब ता राक्षसहरू चन्द्रमाको जस्तो उज्यालो ढकनी भएको भेरीलाई सुनको डण्डीले बजाएर जतातत्तै राक्षसराजको यो आज्ञाको प्रचार गर्नलागे ।।३४।। डरलाग्दा राक्षसहरूको मुखबाट निस्केको हावाले पूर्ण भई सयकडौं हजारौं शङ्ख टाढा टाढासम्म फिंजिने शब्द निकाल्नलागे ।।३५।। सुगाको जस्तो हरियो शरीरको वर्ण भएका यी राक्षसहरू हातमा शङ्ख लिएको हुनाले बिजुली तथा बकुलाको पंक्तिले युक्त भइराखेको मेघको जस्तो शोभा दिनलागे ।।३६।। रावणको आज्ञा पाएको हुनाले राक्षस सैनिकहरू मनमा हर्ष मान्दै प्रलयकालमा छचल्किइराखेको समुद्रको भेल झैं बडो वेगसंग बाहिर निस्कनलागे ।।३७।।

अब ता वानर सैनिकहरू पनि चारैतिरबाट यसरी गर्जनलागे कि यिनीहरूको आवाजले गर्दा मलयाचल पर्वतको शिखर तथा गुफाहरूसमेत गुञ्जायमान हुनलागे ।।३८।। शङ्ख र दुन्दुभीको आवाजले तथा अतिशय छिटो वेग भएका राक्षसहरूको सिंहनादले गर्दा पृथ्वी, आकाश, र समुद्रलाई प्रतिध्वनित गराइदियो ।।३९।। हात्तीहरूको आवाज, घोडाहरू हिल्हिएको शब्द, रथका पांग्राको घरघर तथा राक्षसहरूको पाइलाको मच्कोले आकाश, पृथ्वी र समुद्र शब्दायमान हुनलागे ।।४०।। अब देवासुर संग्रामझैं वानर र राक्षसहरूको बीचमा घोर घमासानको बडो डरलाग्दो युद्ध हुन थाल्यो ।।४१।। यी राक्षसहरू आफ्नो अफ्नो पराक्रमको वर्णन गर्दै चहकिला गदा, शूल, शक्ति तथा बञ्चरोको प्रहार गरेर वानरहरूलाई मार्नलागे ।।४२।। उता बडेमानको शरीर भएका छिटा छरिता वानरहरू पनि रूख, ढुङ्गा, नङ तथा दाँतको प्रहारले राक्षसलाई मार्नलागे ।।४३।। वानरी सेनामा राजा सुग्रीवको जय जयकारको ध्वनि निस्कनलाग्यो र राक्षसहरू पनि महाराजको जय होस् भन्दै आफ्नो आफ्नो नामको उच्चारण गर्नलागे ।।४४।। एक थरीका डरलाग्दा राक्षसहरू जो पर्खालमाथि बसिराखेका थिए, यिनीहरू तल भूइँमा उभिराखेका वानरहरूलाई भिन्दीपाल तथा शूलको प्रहार गरेर मार्नलागे ।।४५।। उता वानरहरू रिसले मुरमुरिंदै पर्खालमाथि बसिराखेका राक्षसहरूलाई उफ्रेर समात्तै तल भूइँमा पछार्नलागे ।।४६।। यस समयको राक्षस र वानरहरूको यो युद्ध यस्तो डरलाग्दो र अचम्मको भयो कि दुवैपट्टिका वीरहरूको शरीरबाट निस्केको रगत र मासुले गर्दा रणभूमिमा हिलै हिलो जम्न गयो ।।४७।।

सर्ग—४३

को कोसित कस कसको युद्ध भयो सो कुराको वर्णन ।

महात्मा वानरहरूलाई युद्धमा लागिराखेको देख्ता राक्षसहरूलाई आफ्नो बलमाथि भयानक रिस

उठ्यो अर्थात् यी जाबा वानरहरू यतिका वेर लड्न सके भने हाम्रो बलको के काम भयो भन्ने विचार यिनीहरूको मनमा आयो ॥१॥ राक्षसहरू राम्रा राम्रा कवच धारण गरेर, सूर्यको तेज जत्तिकै चहक भएको रथमा सवार भई दशै दिशा गुञ्जायमान गराउँदै निस्कनलागे। रथमा जोतिएका घोडा सुनै सुनको गहनाले सिंगारिएका थिए र त्यहाँको झण्डा आगोको ज्वालाझैं टलिकराखेको थियो। भयलाग्दो काम गर्न सक्ने यी वीर राक्षस योद्धाहरू रावणको जय चिताइराखेका थिए ॥२-३॥ यी राक्षसहरूलाई आफूमाथि आइलागेको देख्ता रामचन्द्रको जय होस् भनेर इच्छा गर्ने वानरहरूको विशाल सेना पनि डरलाग्दो काम गर्ने राक्षसी सेनामाथि जाइलाग्यो ॥४॥ यस प्रकारसँग राक्षसी सेनाले वानरी सेनामाथि र वानरी सेनाले राक्षसी सेनामाथि आक्रमण गर्दा वानर र राक्षसहरूको बीचमा द्वन्द्व युद्ध हुन थाल्यो ॥५॥ जसरी उहिले अन्धकासुरसँग महादेवजीको युद्ध भएथ्यो त्यसै गरी अहिले वालिपुत्र अङ्गदसंग तेजस्वी इन्द्रजित्को युद्ध हुन लाग्यो ॥६॥ संग्राममा शत्रुले जित्न नसक्ने सम्पाति नाम गरेको वानर प्रजङ्घ राक्षससित, हनुमान् जाम्बुमालीसित, संग्राममा ठूलो वेग देखाउने रावणका भाइ महाक्रोधी विभीषण शत्रुघ्न नाम गरेको राक्षससित, गज नाम गरेको महाबली वानर तापन राक्षससित, महातेजस्वी नील निकुम्भ राक्षससित, वानरराज सुग्रीव प्रघससित र श्रीमान् लक्ष्मण विरूपाक्षसित युद्ध गर्नलागे ॥७-१०॥ युद्धमा पराजित हुन नसक्ने अग्निकेतु, रश्मिकेतु, मित्रघ्न तथा यज्ञकोप यी चार राक्षससित स्वयं रामचन्द्रजी लड्नलागे ॥११॥ वज्रमुष्टि र अशनिप्रभ नाम गरेका दुइ डरलाग्दा राक्षसहरूसँग क्रमैले मैन्द र द्विविद यी दुइ प्रधान वानरहरू युद्ध गर्नलागे ॥१२॥ डरलाग्दो अनुहार भएको संग्राममा पराजित नहुने प्रतपन नाम गरेको वीर राक्षस, रणक्षेत्रमा ठूलो वेग देखाउने नलसँग संग्राम गर्न लाग्यो ॥१३॥ महाबली सुषेण धर्मको छोरो हो भन्ने तीनै लोकमा प्रसिद्ध छ, यो वानर विद्युन्मालीसित लड्नलाग्यो ॥१४॥ यसै गरी डरलाग्दो पराक्रम भएका अरू अरू वानर पनि अरू अरू अनेक राक्षससित युद्ध गर्न थाले ॥१५॥

यस समयमा जयको चाहना गर्ने वीर वानर र राक्षसहरूको बीचमा, देख्तैमा रोमाञ्च गराउने बडो डरलाग्दो किसिमको घनघोरको युद्ध हुन थाल्यो ॥१६॥ यस युद्धमा वानर र राक्षसहरूको शरीरबाट निस्केको रगत खोलो जस्तो भएर बग्न थाल्यो, यस खोलामा दुवै तर्फका सैनिकहरूको शरीरबाट निस्केको रौं झ्याउ जस्तै र यिनीहरूको शरीर काठको मूढो जस्तै देखिन्थ्यो ॥१७॥ शत्रुसेनाको विनाश पार्ने वीर अङ्गदलाई रिसले मुर्मुरिएर इन्द्रजित्ले, इन्द्रले वज्रको प्रहार गरेझैं, आफ्नो गदाले हिर्कायो ॥१८॥ यही इन्द्रजित्को गदा खोसेर वेगवान् श्रीमान् अङ्गद वानरले उसको (इन्द्रजित्को) सुनै सुनले चित्र विचित्रको रूप भएको रथ, यसमा जोतिएका घोडा र सारथि यी सबैलाई हिर्काएर चूर्ण पारिदिए ॥१९॥ प्रजङ्घले सम्पातिमाथि तीन बाणको प्रहार गर्‍यो, यता सम्पातिले पनि अश्वकर्ण नामको रूखले हिर्काएर उसलाई रणक्षेत्रमा ढालिदिए ॥२०॥ रथमा सवार भइराखेको महाबली जाम्बुमालीले रथशक्तिले अर्थात् रथमा जडिराखेको शक्ति नाम गरेको अस्त्रले युद्ध

भूमिमा रिसै गरेर हनुमान्को छातीको बीचमा हिर्कायो ।।२१।। यो चोट पर्नासाथ वायुपुत्र हनुमान्ले जाम्बुमालीको रथमा चढेर थप्पडै थप्पड लगाएर त्यस राक्षसलाई मारिदिए र उसको रथलाई चूर्ण पारिदिए ।।२२।। डरलाग्दो अनुहार परेको प्रतपन राक्षस गर्जन गर्दै नलमाथि जाइ-लाग्यो र नलले पनि झम्टेर उसका दुवै आँखा झिकिदिए ।।२३।। बाण चलाउनमा सिपालु भएको यस राक्षसले बाण चलाएर नलको शरीरलाई छिन्नभिन्न पारिदिएको भए तापनि यिनले उसको आँखा झिकेर दुर्दशा पारिदिए । प्रघस नाम गरेको राक्षस वानरी सेनालाई नाश पार्नलागेको थियो, वानरराज सुग्रीवले बडो वेगसँग सप्तपर्ण रूखको प्रहार गरेर त्यसलाई मारिदिए । डरलाग्दो रूप भएको विरूपाक्ष राक्षसलाई बाणको वर्षाले आकुल व्याकुल पारेर लक्ष्मणले एक बाण चलाएर त्यसलाई मारिदिए । अजेय अग्निकेतु, रश्मिकेतु, मित्रघ्न र यज्ञकोप यी चार राक्षसहरूले राममाथि बाण चलाएर उनलाई जङ्ग्याइदिए ।।२४-२६।। युद्धक्षेत्रमा रामचन्द्रले रिसाएर आगोको ज्वाला-समानका ज्वाज्वल्यमान चारओटा बाण चलाएर यी चारै राक्षसलाई मारिदिए ।।२७।। मैन्दले वज्रमुष्टि-लाई मुक्कै मुक्का चलाएर युद्धमा मारिदिए र जसरी पुण्य सकिएपछि स्वर्गका मानिस विमानसहित तल झर्दछन् त्यसै गरी यो राक्षस पनि रथ र घोडाको साथसाथै चूर चूर भएर तल खस्यो ।।२८।। जसरी सूर्यनारायण आफ्ना किरणद्वारा बादललाई छ्यान्नब्यान्न पारिदिन्छन् त्यसै गरी कालो गाजल-को थुप्रोसमान देखिने नीलनामक वानरलाई रणक्षेत्रमा निकुम्भ राक्षसले तीखा तीखा बाण चलाएर उनको जम्मै शरीर छिया छिया पारिदियो ।।२९।। फेरि खूब छिटोसँग हात चलाउन सक्ने यस राक्षसले सय बाणको प्रहार गरेर युद्धमा नीलको शरीर जताततै छेडिदियो र खूब खित्का छोडेर हाँस्नलाग्यो ।।३०।। युद्धमा चक्र धारण गरेका विष्णुसमानका नीलले यही निकुम्भको रथको पाँग्रा उजाएर यसको र यसका सारथिहरूको टाउको उडाइदिए ।।३१।। वज्रसमानको साह्रो मुक्की चलाउने द्विविदले सबै राक्षसहरूको सामुन्नेमा पर्वतको शिखरको प्रहार गरेर अशनिप्रभ नाम गरेको राक्षसलाई मारिदिए ।।३२।। रूखको प्रहार गरेर युद्ध गर्ने वानर सेनापति द्विविदमाथि अशनिप्रभ पनि वज्रसमानका तीखा तीखा बाण चलाएर उनको शरीरलाई छिया छिया पार्नलाग्यो ।।३३।। शरीरमा जताततै बाण बिझेकोले द्विविदलाई हुनुसम्मको रिस उठ्यो र यिनले सालवृक्षको प्रहार गरेर रथ र घोडाको साथसाथै अशनि-प्रभको संहार गरिदिए ।।३४।। विद्युन्मालीले रथमा बसेको बस्यै सुवर्णभूषित अनेक बाण सुषेणमाथि चलायो र वारंवार सिंहनाद गर्नलाग्यो ।।३५।। वानरश्रेष्ठ सुषेणले पनि विद्युन्मालीलाई रथमा बसेको देख्ता बडेमानको पर्वतको टाकुराको प्रहार गरेर उसको रथलाई ध्वस्त पारिदिए ।।३६।। विद्युन्माली राक्षस हत्तपत्त रथबाट ओर्ली फूर्तिसाथ हातमा गदा लिएर भूइँमा उभियो ।।३७।। राक्षसलाई , आफ्नो सामुन्ने खडा भएको देख्ता वानरश्रेष्ठ सुषेणलाई बडो रिस उठ्यो र एउटा खूब ठूलो ढुङ्गा उजाएर यिनी उतिर जाइलागे ।।३८।। सुषेणलाई आफूतिर बढेको देख्ता विद्युन्माली राक्षसले झटपट वानर-सेनापति सुषेणको छातीमा एउटा गदा हिर्काइहाल्यो ।।३९।। वानरश्रेष्ठ सुषेणले गदाको भयङ्कर चोटको

केही वास्तै नराखेर चूपचापसँग उसको सामुन्नेमा गएर त्यो बडेमानको ढुङ्गा उसको छातीमा पट्किदिए ।।४०।। ढुङ्गाको चोट पर्नाले विद्युन्माली राक्षसको मुटु छिया छिया भयो र यो प्राण त्याग गरेर भूईंमा ढलिहाल्यो ।।४१

जसरी उहिले देवताहरूले दैत्यहरूलाई ध्वस्त पारेथे त्यसै गरी अहिले यी वीर वानरहरूले ती शूरा राक्षसहरूलाई युद्धमा ध्वस्त पारिदिए ।।४२।। देवासुरसंग्राम जत्तिकै भयङ्कर यस युद्धमा भाला, गदा, शक्ति, तोमर, बाण, भाँचिएका रथ, मारिएका घोडा, मतवाला हात्ती, वानर, राक्षस, भूईंमा खसिराखेका जोत, पाँग्रा, जुआ जताततै छरिएको हुनाले यो युद्धभूमि बडो डरलाग्दो भइराखेको थियो, स्यालहरू जताततै घुमिराखेका थिए, राक्षस र वानरहरूको कबन्ध जहाँतहीं नाचिराखेको देखिन लाग्यो ।।४३-४५।।

रगतको गन्धले मूर्च्छा परिराखेका, वानरहरूद्वारा पीडित भइराखेका राक्षसहरू फेरि पनि फूर्तसाथ युद्ध गर्ने तय्यार परे र (रात्रिको समयमा राक्षसहरूको बल बढ्ने हुनाले) सूर्यास्त कहिले होला भनेर पर्खिरहे ।।४६।।

सर्ग--४४

रात्रिको युद्ध र इन्द्रजित्‌ले गुप्त भईकन अस्त्र चलाएको वर्णन ।

वानर र राक्षसहरूले युद्ध गर्दा गर्दैमा सूर्य भगवान् अस्ताचलतिर लागे र प्राण नाश गर्ने रात्रि पनि आइहाल्यो ।।१।। परस्परमा दृढरूपसंग शत्रुता बाँधेका वानर राक्षस यी दुवै थरी देख्तैमा बडा डरलाग्दा थिए र प्रत्येक आफ्नो आफ्नो पक्षको विजय होस् भन्ने चाहना गर्दथे । अब ता यिनीहरूको रात्रि-युद्ध हुन थालिहाल्यो ।।२।।

यस घोर अन्धकारमा वानरहरू "तिमी राक्षस ह्वौ" भनेर र राक्षसहरू "तिमी वानर" ह्वौ भनेर सोद्धै युद्धक्षेत्रमा परस्परमा मारकाट गर्नलागे ।।३।। यस समयमा सेनामा "मार, काट, किन भागेको, फर्केर आऊ" एवं प्रकारका अनेक भयानक शब्द सुनिनलाग्यो ।।४।। यस अन्धकारमा काला काला राक्षसहरू सुनको कवच पहिरेका हुनाले, प्रकाशमान औषधिहरूको वनले परिपूर्ण भइराखेका ठूला ठूला पर्वतसमान देखिनलागे ।।५।। यस घोर अन्धकारमा रिसले आकुल व्याकुल परेका राक्षसहरू वानरी सेनामा फूर्तिसाथ प्रवेश गरेर उनीहरूलाई खाउँला जस्तो गर्नलागे ।।६।। डरलाग्दो रिस भएका वानरहरू पनि सुनै सुनले सिंगारिएका घोडाहरूलाई तथा सर्पको जस्तो आकार परेका ध्वजाहरूलाई तीखा तीखा दाँतले चिथोर्नलागे ।।७।। बलिया वानरहरूले युद्धमा राक्षसी सेनामा खल्लीबल्ली पारिदिए । रिसै रिसले यी वानरहरू हात्तीहरूलाई, हात्तीमा सवार भइराखेकाहरूलाई तथा ध्वजा पताका लागेको रथलाई आफूतिर तान्दै दाँतले टोक्नलागे । राम, लक्ष्मण विषालु सर्पसमानका आफ्ना बाणको वृष्टि गरेर देखिने नदेखिने मुख्य मुख्य राक्षसहरूलाई मार्नलागे । घोडाको टापले र रथको पांग्राले उडेको

भूइँको धूलोले युद्ध गरिराखेका सैनिकहरूको कान, आँखा ढाकिदियो। रोमाञ्च गराउने किसिमको यो घनघोरको युद्ध हुँदाखेरि योद्धाहरूको शरीरबाट निस्केको रगत भयङ्कर नदीको रूप लिएर बग्नलाग्यो ॥८-११॥ भेरी, मृदङ्ग, ढोलक आदि गरिएका बाजाहरूको आवाज शङ्ख र रथका पांग्राहरूको आवाज-सँग मिसिएकोले एउटा अनौठा किसिमको शब्द सुनिनलाग्यो ॥१२॥ घोडाहरूले हिह्निएको, राक्षस-हरूले गर्जेको, तथा वानरहरूले चिच्च्याएको, यी सबै थरीको आवाज एकै ठाउँमा मिसिन गएकोले त्यहाँ बडो घनघोरको शब्द सुनिन थाल्यो ॥१३॥ शक्ति, शूल, परशु आदि गरिएका अस्त्र शस्त्रद्वारा मरेका वानरसेनापति र कामरूपी, पर्वतसमानको शरीर भएका राक्षसहरूको लाशले गर्दा त्यहाँको युद्ध भूमि टम्मै भएर ढाकियो। शस्त्ररूपी फूलले शोभायमान भइराखेको फूलवारी जस्तै यो रणभूमि देखिन-लाग्यो। केवल रगत मासुको हिलो जमेकोले यो संग्रामभूमिमा न कतै खुट्टा राख्ने ठाउँ खाली रहेको थियो न यो फलानो ठाउँ हो भनेर चिन्न सकिन्थ्यो ॥१४-१५॥ वानर राक्षसहरूको प्राण संहार गर्ने यो रात्रि कालरात्रिझैं सबै प्राणीका लागि अत्यन्त भयङ्कर हुनलाग्यो ॥१६॥

अब सबै राक्षसहरू यस घनघोरको अंध्यारो रातमा मनमा बडो प्रसन्न भई बाणको वृष्टि गर्दै रामचन्द्रको अगाडि आएर उभिए ॥१७॥ रिसले चूर भई सिंहनाद गर्दै रामचन्द्रमाथि आक्रमण गर्नलागेका यी राक्षसहरूको आवाज प्रलयकालमा समुद्रभित्र रहने प्राणीहरूले गरेको कोलाहल जस्तै भयङ्कर सुनिनलाग्यो ॥१८॥ रामचन्द्रले एक निमेष मात्रमा आगोको ज्वाला जस्ता छओटा बाणले अजेय यज्ञशत्रु, महापार्श्व, महोदर, विशाल शरीर भएको वज्रदंष्ट्र, शुक तथा सारण यी छ जना राक्षसहरूलाई मारिदिए ॥१९-२०॥ रामचन्द्रको बाणले मुटु नै छेड्न पुगेकोले यिनीहरू युद्धबाट भाग्न त भागे तर केही परसम्म मात्र जीउँदो रहे ॥ २१ ॥ आगोको ज्वाला जस्ता बाण चलाएर महा-रथी रामचन्द्रले निमेषमात्रमा, दिशा, विदिशा जम्मैलाई साफ पारिदिए ॥२२॥ अरू वीर राक्षस-हरू जो रामको अगाडि लड्न भनेर आइराखेका थिए ती पनि सबै आगोनेर आउँदा फत्यांग्राहरू मरेझैं गरेर नाश भए ॥२३॥ सुनै सुनको पखेटा भएका बाण जताततै चल्नलागेकोले जूनकीरीले गर्दा शरद् ऋतुको रात्रि शोभायमान भएझैं यो रात पनि चित्रविचित्रको देखिनलाग्यो ॥२४॥ राक्षसहरूको सिंहनाद तथा भेरीको शब्दले यो भयानक रात्रि झन् बर्ता डरलाग्दो हुन गयो ॥२५॥ जताततै फिंजिनलागेको यो भयङ्कर आवाज त्रिकूट पर्वतको गुफाभित्र पसेर गुञ्जायमान हुन थाल्यो र पर्वतै बोलेको हो कि जस्तो भान पर्नलाग्यो ॥२६॥ अन्धकार जस्तै काला काला, बडो ठूलो शरीर भएका गोलाङ्गूल जातका वानरहरू हातले राक्षसहरूलाई समात्तै खानलागे ॥२७॥

युद्धमा शत्रुलाई मार्नाको निम्ति अङ्गद त्यहाँ आइपुगे। अङ्गदद्वारा सारथि तथा घोडाहरू मारिए-पछि माया जान्ने भएको इन्द्रजित् आफ्नो रथलाई छाडेर त्यहीं अदृश्य भयो ॥२८॥ पूजा गरिन योग्य बालिपुत्र अङ्गदको यो काम देख्ता ऋषि, देवता तथा राम, लक्ष्मण सबैले यिनको प्रशंसा गरे ॥२९॥ युद्धमा इन्द्रजित्को प्रभाव सबैलाई थाहा थियो, यसै कारण यस महात्मालाई हराउन सकेकोले सबै

जना अङ्गददेखि खुशी भएका हुन् ॥३०॥ शत्रुको पराजय भएको देख्ता सुग्रीव, विभीषण तथा अरू अरू वानरहरूले बहुतै प्रसन्न भएर "वाह वाह" भनेर यिनको तारीफ गरे ॥३१॥

डरलाग्दो काम गर्न सक्ने वालिपुत्र अङ्गदद्वारा आफू परास्त भएको देख्ता इन्द्रजित्ले रणभूमिमा हुनासम्मको रिस देखायो ॥३२॥ रणमा परास्त भएकोले अन्तर्धान भएको, तथा ब्रह्माबाट वरदान पाएकोले घमण्डी भइराखेको, पापी, रावणपुत्र वीर इन्द्रजित्, आकाशमा अदृश्य भएर वज्रसमानका तीखा तीखा बाण चलाउनलाग्यो र डरलाग्दा, सर्पसमानका बाणले रिसै रिसमा राम लक्ष्मणको सर्वाङ्ग शरीर छिया छिया पार्नलाग्यो; माया बलले आफूचाहिं युद्धभूमिमा अदृश्य भएर राम लक्ष्मणलाई मोहित गराउनलाग्यो ॥३३-३५॥ छल कपटले युद्ध गर्ने यस राक्षसले कुनै प्राणीले पनि आफूलाई नदेख्ने गरी राम लक्ष्मणलाई नागपाशमा पारेर बांधिदियो ॥३६॥ यी पुरुषसिंह राम लक्ष्मणलाई रिसले चूर भइराखेको इन्द्रजित्ले जताततै विषालु सर्पसमानका बाणले अकस्मात्संग छेड्न सकेको देख्ता वानरहरू छक्क परेर टोलिइरहे ॥३७॥

राक्षसराजको छोरो इन्द्रजित्ले प्रत्यक्ष रूपमा राम लक्ष्मणलाई युद्धमा जित्न नसकिने देखेपछि यस दुष्टले मायाबलको आश्रय लिएर यी दुवै राजकुमारलाई बन्धनभित्र पारिदियो ॥३८॥

सर्ग—४५

रामलाई मूर्च्छित देखेर वानरहरूको विलौना ।

प्रतापी, महाबली, रामचन्द्रले इन्द्रजित्को पत्ता लगाउनाका लागि दशओटा वानर सेनापतिहरूलाई खटाए ॥१॥ सुषेणका दुइ भाई, सेनापति नील, वालिको छोरो अङ्गद, छिटा छरिता शरभ, द्विविद, हनुमान्, महाबली सानुप्रस्थ, ऋषभ, ऋषभस्कन्ध यी दशजनालाई शत्रुतापी रामचन्द्रले खटाएका हुन् ॥२-३॥ रामको आज्ञा पाउनासाथ यी वानरहरू प्रसन्न चित्तले बडा डरलाग्दा डरलाग्दा रूख हातमा लिईलिईकन दशै दिशातिर खोज पत्ता लगाउँदै आकाशमा प्रवेश गरेर घुम्नलागे ॥४॥ अस्त्रविद्यामा निपुण भइराखेको इन्द्रजित् ब्रह्मास्त्र मन्त्रको उच्चारण गर्दै आफ्नो छिटो जाने बाणद्वारा अति ठूलो वेग भएका वानरहरूको हिंडाइलाई रोक्नलाग्यो ॥५॥ अति छिटो दगुर्ने यी वानरहरू बाणको चोटले घाइते मात्र भए तर जसरी बादलले ढाकेको सूर्यलाई कसैले देख्न सक्तैन त्यसै गरी यिनीहरूले पनि यस अन्धकारमा इन्द्रजितको कतै पत्तो लगाउन सकेनन् ॥६॥

यही मौकामा युद्धविजयी इन्द्रजित् सबैको शरीरलाई छेड्ने बाण चलाएर फेरि पनि राम लक्ष्मणको शरीरलाई छिया छिया पार्नलाग्यो ॥७॥ राम लक्ष्मण दुवै भाइको शरीरलाई रिसाएको इन्द्रजित्ले चलाएको बाणले यसरी छेड्नलाग्यो कि यिनीहरूको शरीरमा घाउ नभएको ठाउँ ता कतै रहँदै रहेन ॥८॥ यिनीहरूको घाउबाट धेरै रगत बगेकोले यी दुवै फूल फुलिराखेका पलासका रूख जस्ता देखिनलागे ॥९॥ यसपछि राता राता आँखा भएको, गाजलको थुप्रो जस्तो कालो रावणपुत्र

इन्द्रजित् अदृश्य नै भएर ती दुवै दाजु भाइलाई भन्नलाग्यो:—जब म अदृश्य भएर युद्ध गर्न थाल्दछु त्यस बखतमा ता देवराज इन्द्रले समेत मलाई देख्न सक्तैनन् भने तिमीहरूको ता मलाई देख्ने के ताकत छ?।।१०-११।। हे रघुकुलका छोराहो! अहिले नै रिसले चूर भइराखेको म कंकपत्रले सुशोभित भइराखेका बाणद्वारा तिमीहरूलाई छिया छिया पारेर यमपुरीतिर पठाइदिन्छु ।।१२।।

धर्मात्मा राम, लक्ष्मण दुवै दाजु-भाइलाई यति भनेर इन्द्रजित् उनीहरूमाथि तीखा तीखा बाणको प्रहार गर्नलाग्यो र मनमा प्रसन्न भई गर्जन पनि थाल्यो ।।१३।। गाजल जत्तिकै कालो इन्द्रजित् आफ्नो विशाल धनुमा टंकार दिंदै त्यस भयंकर युद्धमा वारंवार डरलाग्दा बाणको वर्षा गर्न लाग्यो ।।१४।। मर्म बुझ्ने भएको यो वीर इन्द्रजित् जति जति तीखा बाण चलाउँथ्यो ती सबै राम लक्ष्मणको मुटुमा आएर लाग्दथे र उचाहिं वारंवार सिंहनाद गर्दथ्यो ।।१५।। युद्धस्थलमा नाग-पाशले बाँधिएका यी दुवै वीर एक्कै छिनमा कतै पनि केही नदेख्न सक्ने भए ।।१६।। राम र लक्ष्मण यी दुवैको शरीर बाण र शल्यले गर्दा छिया छिया भइराखेको थियो र यिनीहरू डोरी नभएको इन्द्रको दुइटा ध्वजाझैं कम्पायमान हुनलागेका देखिए ।।१७।। मुटुमा बाण लागेको पीडाले गर्दा महाधनुर्धारी जगत्का मालिक यी दुवै वीर अड्नै नसकेर भूइँमा ढलिहाले ।।१८।। समस्त शरीरमा बाण बिझेकोले यी दुवै अतिशय पीडित र दुःखी भएर वीरशय्यामा सुतिहाले। यिनीहरूका आङमा जताततैबाट रगतको धारा बगिराखेको थियो ।।१९।। यिनीहरूको शरीरमा एक औंला जति जग्गा पनि बाण लाग्नाबाट बचेको थिएन, औंलाको टुप्पालगायत यिनको शरीरमा कुनै ठाउँ यस्तो थिएन जहाँ कि नागमय बाणको चोट नपरेको होस् ।।२०।। कामरूपी क्रूर राक्षसको हातबाट, पर्वतबाट पानीको झरना बगेझैं रगतको खोलो बग्नलाग्यो ।।२१।। उहिले जसरी इन्द्रजित्ले इन्द्रलाई हराएथ्यो त्यसै गरी अहिले पनि रामचन्द्रको पराजयले उसलाई आनन्दमा मग्न गरायो। दुष्ट राक्षसका सुनको पखेटा र तीखो टुप्पो भएका, बडो वेगसँग जताततै पुग्न सक्ने बाण, चन्द्राकार बाण, भल्ल, अञ्जलिक वत्सदन्त, सिंहदंष्ट्र तथा क्षुर नाम गरेका बाण मुटुमा लाग्न गएकोले पहिले रामचन्द्रजी भूइँमा ढले ।।२२-२३।। यिनी ताँदो नभएको, तीन ठाउँमा अलि झुकेको; सुनै सुनले सिंगारिएको, मुष्टिस्थान-बाट अलग भएको धनुलाई छोडेर वीरशय्यामा सुतिहाले ।।२४।। पुरुषश्रेष्ठ रामचन्द्रलाई बाणै बाणको शय्यामा सुतेको देख्ता लक्ष्मणले आफ्नो जीवनको आशै छोडिदिए ।।२५।। कमल-नयन, शरणागत-रक्षक, युद्धमा प्रेम राख्ने रामचन्द्रलाई भूइँमा ढलेको देखेपछि लक्ष्मण विलाप गर्नलागे ।।२६।। रामचन्द्रलाई यस्तो अवस्थामा परेको देख्ता वानरहरू पनि बडो दुःखित भए, शोकले आकुल व्याकुल परेका यिनीहरू आँखाभरि आँसु गरेर चर्को स्वरले विलाप गर्न थाले ।।२७।। नागपाशमा बाँधिएका, वीरशय्यामा सुतिराखेका राम लक्ष्मण यी दुवै वीरलाई चारैतिरबाट घेरेर हनुमान् आदि गरिएका मुख्य मुख्य वानरहरू पहिले ता केही बेर उभिइरहे र अनि यिनीहरू र अरू वानरहरू सबै मिलेर अत्यन्त विलाप गर्नलागे ।।२८।।

सर्ग—४६

इन्द्रजित् मुख्य मुख्य वानरहरूलाई घाइते गराएर बाबुलाई शत्रुको संहार भएको खबर सुनाउन जान्छ ।

यसपछि आकाश पृथ्वीमा खोज्न पत्ता लगाउन गएका वानरहरूले राम, लक्ष्मण दुवै भाइलाई बाणको चोटले छिया छिया भएर पडिराखेका देखे ॥१॥ जसरी इन्द्र जलको वर्षा गरिसकेपछि थाभिन्छन् त्यसै गरी इन्द्रजित् राक्षस पनि बाणको वर्षा गरेर आफ्नो काम समाप्त भएपछि थामियो । यही मौकामा सुग्रीव विभीषणलाई साथमा लिएर त्यस ठाउँमा आइपुगे ॥२॥ नील, द्विविद, मैन्द, सुषेण, कुमुद, अङ्गद यी सबै हनुमान्को साथमा त्यस जग्गामा आएर दुवै भाइको बारेमा बडो शोक गर्नलागे ॥३॥ यस समयमा राम, लक्ष्मण जताततै बाण बिझेकोले चेष्टाहीन भइराखेका थिए, बिस्तारै बिस्तारै सास फेरिरहेका थिए र रगतमा मुछिएर निश्चल भईकन बाणको शय्यामा लेटिराखेका थिए ॥४॥ यी दुवै सांपले सास फेरेझैं स्वाँ स्वाँ गरिरहेका थिए, हात खुट्टा चलाउन सक्तैनथे, यिनको पराक्रम नष्ट भइसकेको थियो र शरीरमा जताततै रगत लागेकोले सुनको ध्वजाको डाँठ जस्तै देखिनलागेका थिए ॥५॥ यी दुवै वीर वीरशय्यामा पडिराखेका थिए, यिनका हात खुट्टा केही चल्दैनथे; आँखाभरि आँसु गरेका, चित्तमा आकुल व्याकुल परेका आफ्ना सेनापतिहरूले यिनलाई घेरिराखेका थिए ॥६॥ जताततै बाण लाग्नाले राम लक्ष्मणलाई भूइँमा लडिराखेको देख्ता विभीषण तथा सबै वानरहरू बहुतै दुःखी भए ॥७॥ वानरहरूले आकाश तथा सबै दिशातिर नजर दौडाए, तर मायाको बलले लुकिराखेको, रावणको छोरो इन्द्रजित्लाई कतै पनि देख्न सकेनन् ॥८॥ केही बेरपछि मायाकै बलले विभीषणले मायाको आश्रय लिएर लुकिराखेको, कसैबाट हुन नसक्ने काम गर्ने, संग्राममा कसैले सामना गर्न नसक्ने आफ्नो भतिजोलाई आफूनेरै उभिइराखेको देखे ॥९॥ तेज, यश र पराक्रमले युक्त भएका विभीषणको नजर वरदानको प्रभावले लुकिराखेको इन्द्रजित्माथि परिहाल्यो ॥१०॥

इन्द्रजित् आफ्नो काम तथा राम, लक्ष्मण दुवै वीरलाई संग्रामभूमिमा पडिराखेको देख्ता बहुतै खुशी भयो र सबै राक्षसहरूलाई प्रसन्न गराउँदै भन्नलाग्यो ॥११॥ खर दूषणलाई मार्ने यी दुवै महाबलीलाई मेरो बाणले घाइते गराएको तिमीहरूले देखिहाल्यौ ॥१२॥ सबै देवता, ऋषि र दैत्यहरू यहाँ जम्मा भए तापनि यिनलाई यो नागपाशबाट मुक्त गराउन सक्तैनन् ॥१३॥ जसले गर्दा मेरा पिताले सदा चिन्तित भएर दुःख भोगिरहनुपरेको छ, जसले गर्दा उहाँले खाटमा नसुतीकन नै तीन प्रहारको रात बिताउनुपरेको छ, जसले गर्दा वर्षाकालको नदीझैं सबै लङ्कावासीले व्याकुल भएर रहनुपरेको छ, आज मैले यी सबै अनर्थको जरैलाई उखेलेर फ्याँकिदिए ॥१४-१५॥ हेर, अहिले राम लक्ष्मणको तथा समस्त वानरहरूको पराक्रम शरद्ऋतुको बादलझैं निष्फल भइराखेको छ ॥१६॥

ती सबै राक्षसहरूलाई यति कुरा सुनाइसकेपछि, इन्द्रजित् उनीहरूकै सामुन्नेमा वानर सेनापतिहरूलाई मार्नलाग्यो ॥१७॥ शत्रुको संहार पार्ने इन्द्रजित्ले नीलमाथि नौओटा बाण र मैन्द तथा द्विविदमाथि तीन तीनओटा अतिशय तीखा बाण चलाएर उनीहरूलाई घाइते पारिदियो ॥१८॥ महाधनुर्धारी इन्द्रजित्ले एउटा बाण जाम्बवान्को छातीमा हिर्कायो र शीघ्रगामी हनुमान्का उपर दशओटा बाणको प्रहार गर्‍यो ॥१९॥ अतिशय ठूलो वेग भएको रावणपुत्रले महापराक्रमी गवाक्ष र शरभमाथि दुइ दुइओटा बाण चलाएर यिनीहरूलाई घाइते गराइदियो ॥२०॥ इन्द्रजित्ले हतार हतार गरेर गोलांगूल जातका वानरहरूका राजा धूम्र र बालिपुत्र अङ्गदमाथि अनेक बाण चलाएर यिनीहरूलाई छिया छिया पारिदियो ॥२१॥ महापराक्रमी तथा महाबली रावणपुत्र यी मुख्य मुख्य वानरहरूलाई आगोको ज्वालासमानका बाणले घाइते गराइसकेपछि सिंहनाद गर्नलाग्यो ॥२२॥ महाबाहु मेघनाद बाणै बाणको प्रहारले बानरहरूलाई पीडित तथा तर्साइसकेपछि हाँस्तै हाँस्तै राक्षसहरूलाई भन्नलाग्यो ॥२३॥ हे राक्षसहो ! सुन, मैले रणभूमिमा लगातार बाणको वर्षा गरेर अन्तमा राम, लक्ष्मण दुवै भाइलाई बाण बन्धनमा पारिहालें ॥२४॥

इन्द्रजित्को यस्तो कुरा सुनेपछि छल कपट गरेर युद्ध गर्ने राक्षसहरू बहुतै छक्क परे र उनको यस कामले प्रसन्न पनि भए ॥२५॥ रामचन्द्र मारिए भन्ने निश्चय भएकोले यिनीहरू मेघ गर्जेझैं सिंहनाद गर्दै मेघनादको पूजा गर्नलागे ॥२६॥ रामलक्ष्मण दुवै भाइलाई निश्चल भएर तथा सास फेर्नसम्म पनि बन्द गरेर भूइँमा लडिराखेको देख्ता इन्द्रजित्ले यिनीहरू मरेछन् भन्ने संझ्यो ॥२७॥ युद्धविजयी इन्द्रजित्ले मनमा प्रसन्न भई तथा समस्त राक्षसहरूको मनमा आनन्द गराउँदै लङ्कामा प्रवेश गर्‍यो ॥२८॥

राम, लक्ष्मण यी दुवैको अङ्ग प्रत्यङ्ग सबै ठाउँलाई बाणले छिया छिया पारेको र रगतमा मुछिएको देख्ता सुग्रीव बहुतै डराए ॥२९॥ सुग्रीवलाई डराएको, आँखाभरि आँसु गरेको, दुःखित भएको तथा रिसले आँखालाई व्याकुल पारेको देख्ता विभीषण उनलाई भन्नलागेः—हे सुग्रीव ! नडराउनुहोस्, रुन छाडिदिनुहोस् ॥३०॥ किनकि युद्धमा प्रायः यस्तै भइआएको देखिन्छ, युद्धमा एउटैको सदा विजय हुने नियम छैन । हे वीर ! हाम्रो भाग्य रहेछ भने यी महात्मा महाबलीहरू अब चाँडै नै होशमा आउनेछन्, सत्य तथा धर्ममा अनुराग भएकाहरूलाई कहिले पनि मृत्युदेखिको डर रहँदैन, तसर्थ हे वानरराज ! आफूलाई र म अनाथलाई समेत सह्माल्नुहोस् ॥३१-३२॥

विभीषणले यति भनेर आफूले हातमा लिइराखेको जलले पहिले सुग्रीवका दुवै आँखा पखाले ॥३३॥ यसपछि धर्मात्मा विभीषणले फेरि हातमा जल लिए र शोकनिवारण विद्याले सो जललाई अभिमन्त्रित गरेर सुग्रीवका दुवै आँखा पुछिदिए ॥३४॥ जलले बुद्धिमान् वानरराज सुग्रीवका आँखा पुछिसकेपछि विभीषण मनमा कत्ति पनि नहडबडाएर मौकाअनुसारको कुरा भन्नलागे ॥३५॥ हे वानरराज ! यो हडबडाउने समय होइन, यस्तो कठिन समयमा अत्यन्त स्नेहसमेत मृत्युको कारण बन्न

सक्तछ ॥३६॥ यसकारण सबै काम बिगार्ने यो व्याकुलपना छाडिदिनुहोस्, रामका अनुगामी सैनिकहरूको के गर्नाले कल्याण हुन्छ सो उपायको विचार गर्नुहोस् ॥३७॥ अथवा जबसम्म रामचन्द्रको मूर्च्छा छुटेर होश आउँदैन तबसम्म यिनको रक्षा गरेर बस्नुहोस्, होश आएपछि यी दुवैले हाम्रो भय दूर गरिदिनेछन् ॥३८॥ मोहको यो अवस्था रामका लागि केही पनि होइन, लक्ष्मण विचार गरेर हेर्दा कुनै तरहबाट पनि रामको मृत्यु हुने सम्भावना देखिन्न, प्राणीको प्राण नष्ट हुने भएमा जुन शोभा नष्ट भएर जान्छ त्यस शोभाले रामचन्द्रलाई छाडेको छैन, पछिलाई पनि छोड्नेछैन ॥३९॥ तसर्थ मनमा धैर्य्य गर्नुहोस्, आफ्ना सैनिकको चित्त बुझाउनुहोस्, म पनि तबसम्ममा समस्त फौजलाई एकबाजि ठीकठाक पार्दछु ॥४०॥ हे वानरराज ! यी वानरहरू डरले हडबडाइराखेका छन् र आँखा फारी फारीकन आफूआफूमा कानेखुसी गर्नलागेका छन् ॥४१॥ फौजलाई प्रसन्न भइराखेको र मलाई त्यहाँ यताउति दगुर्नलागेको देख्ता, जसरी मानिस भोग गरिसकेको, वैलाएको मालालाई त्यागिदिन्छन् त्यसै गरी यी वानरहरू पनि आफ्नो मनको त्रास त्याग गर्नेछन् ॥४२॥

वानरराज सुग्रीवलाई यस प्रकारसँग संझाइ-बुझाइसकेपछि राक्षसराज विभीषण फेरि खलबलिइराखेको वानरी सेनाको चित्त बुझाउनलागे ॥४३॥

यता मायावी इन्द्रजित् जम्मै फौज साथमा लिएर लङ्काभित्र प्रवेश गरी आफ्नो बाबुको अगाडि उपस्थित भयो ॥४४॥ रावणनेर पुगेपछि यसले हात जोरेर प्रणाम गर्‍यो र बाबुलाई राम लक्ष्मण घाइते भएको कुरा सुनाउनलाग्यो ॥४५॥

राक्षसहरूको माझमा बसिराखेको रावण शत्रुको संहार भएको खबर सुन्नासाथ दङ्ग परेर उफ्र्‍यो र छोरालाई अंगालो हाल्न पुग्यो ॥४६॥ छोराको टाउको सुँघिसकेपछि प्रसन्नतासाथ युद्धको जम्मै वृत्तान्त सोध्नलाग्यो र छोराले पनि राम लक्ष्मण बाण बन्धनमा परेको, निश्चल तथा प्रभाहीन भएको जम्मै कुरा जस्ताको तस्तै वर्णन गरेर सुनायो ॥४७॥ महारथी इन्द्रजित्को मुखबाट संग्राममा जित भएको खबर सुनेपछि रावण बहुतै सन्तुष्ट भयो, रामले गर्दा यसको मनमा उत्पन्न भइराखेको भय अबलाई हटेर गयो र यो हँसिलो बोली गरेर छोराको प्रशंसा गर्नलाग्यो ॥४८॥

सर्ग—४७

रावण सीतालाई पुष्पक विमानमा संग्रामभूमि हेर्न पठाउँछ ।

रावणको छोरो मेघनाद रणविजयी भएर लङ्कातिर लागेपछि वानरसेनापतिहरू रामचन्द्रलाई चारैतिरबाट घेरेर यिनको रक्षा गर्नलागे ॥१॥ हनुमान्, अङ्गद, नील, सुषेण, कुमुद, नल, गवाक्ष, गज, पनस, सानुप्रस्थ, जाम्बवान्, ऋषभ, सुन्द, रम्भ, शतबली, पृथु, यी सबै आफ्नो आफ्नो सेनाको व्यूह तय्यार पारेर हात हातमा रूख समाती, चारैतिरबाट रामको रक्षा गर्नलागे ॥२-३॥ रक्षाको काममा खटिएका यी वानरहरू चारै दिशा, तल माथि जताततै दृष्टि दिएर बसे; पात खसेको आवाज

सुने पनि यिनीहरू राक्षस आएको हो कि भन्ठानेर उतापट्टि दगुरिहाल्दथे ॥४॥

रावणले प्रसन्नतासाथ छोरो इन्द्रजितलाई बिदा गरेर पठाइदियो र सीताको रखवाली गर्ने काममा खटिएका राक्षसहरूलाई बोलाउन पठायो ॥५॥ त्रिजटा र अरू अरू राक्षसीहरू रावणको आज्ञा सुन्नासाथ त्यहाँ उनेर आए र राक्षसराज पनि प्रसन्नतासाथ यिनीहरूलाई भन्न लाग्यो ॥६॥ इन्द्रजित्‌ले राम, लक्ष्मणलाई मारिदिए भन्ने खबर सीतालाई सुनाइदेऊ र पुष्पक विमानमा चढाएर उनलाई रणभूमिमा मरेर पडिराखेका ती दुवै भाइलाई देखाइदेऊ ॥७॥ जसको भरोसामा परेर उ यतिका दिनसम्म निक्कै अकडिएर मनेर आएकी थिइन त्यही उसको लोग्ने आज आफ्नो भाइको साथमा मारियो ॥८॥ अब सीताले रामसङ्ग भेट गर्ने आशा छोडेर, सबै शोक शङ्का दूर गरी नाना प्रकारको गहनाले सिंगारिएर मेरो नजीकमा रहनुपर्नेछ ॥९॥ राम, लक्ष्मणलाई युद्धमा मरेको देखेर फर्केपछि ता विशालाक्षी सीता अबलाई आफ्नो दोस्रो सहारा नरहेको देख्ता अवश्यै मसंग स्वयं सम्बन्ध जोर्नेछिन् ॥१०॥

दुरात्मा रावणको यो आज्ञा सुनेपछि राक्षसीहरू "तथास्तु" भनेर पुष्पक विमान राखेको ठाउँमा पुगे ॥११॥ यी राक्षसीहरू रावणको आज्ञाअनुसार पुष्पक विमान लिएर अशोक वाटिकामा सीतानेर पुगे ॥१२॥ पतिशोकले विह्वल भइराखेकी ती सीतालाई राक्षसीहरूले हातले समातेर पुष्पक विमानमा बसाले ॥१३॥ रावणले त्रिजटाको साथमा सीतालाई पुष्पक विमानमा सवार गराएर ध्वजा पताकाले शोभायमान भइराखेको लङ्कापुरीमा घुमायो ॥१४॥ उता मनमा प्रसन्न भइराखेको राक्षसराज रावणले लङ्काभरि इन्द्रजित्‌ले युद्धमा राम लक्ष्मणलाई मारिदिए भन्ने झ्याली पिटाइदियो ॥१५॥

त्रिजटाको साथमा विमानमा चढेर रणभूमिमा घुम्दाखेरि सीताले पनि प्रायः जम्मै वानरी सेनालाई ध्वस्त भएको देखिन् ॥१६॥ मासु खाने राक्षसहरूलाई तिनले बडो प्रसन्न भइराखेका तर राम लक्ष्मणनेर बसिराखेका वानरहरूलाई ता बडो दुःखित अवस्थामा परेको देखिन् ॥१७॥ सीताले राम, लक्ष्मण दुवै भाइलाई बाणको चोट पर्नाले बेहोश भएर बाणको शय्यामा सुतिराखेको देखिन् ॥१८॥ यिनीहरूको कवच ध्वस्त भइसकेको, हातबाट धनु छुटिसकेको र आँगमा जताततै बाण बिझेको थियो र यिनीहरू भूइँमा बाणको बिछ्याउनामा सुतिराखेका थिए ॥१९॥ सीताले पुण्डरीकाक्ष यी दुवै वीर, पुरुषश्रेष्ठलाई दोटा अग्निकुमारझैं बाणको शय्यामा सुतिराखेको देखिन् ॥२०॥ यस प्रकारसंग पुरुषश्रेष्ठ ती दुवै वीरलाई बाणको शय्यामा सुतिराखेको देख्ता सीता बहुतै दुःखित भइन् र करुणा उत्पन्न हुने गरी वारंवार विलाप गर्नलागिन् ॥२१॥ सर्वाङ्गसुन्दरी कमलनयनी सीता आफ्ना पतिलाई र लक्ष्मणलाई धूलोमा लुटपुटिएको देख्ता रुनलागिन् ॥२२॥ देवकुमारको जस्तो प्रभाव भएका यी दुवै भाइको यस्तो अवस्था देख्ता सीता बहुतै दुःखित भइन्, यी दुवै मरेछन् भन्ने मनमा विचार गरेर यिनी आँखाभरि आँसु गरी बडो पीर लिएर विलाप गर्दै भन्नलागिन् ॥२३॥

सर्ग—४८

सीताले विलाप गरेको सुन्दा त्रिजटा उनलाई संझाउँछिन् ।

आफ्ना पतिलाई तथा महाबली लक्ष्मणलाई मारिएको देख्ता शोकले पीडित भइराखेकी सीता अत्यन्त करुणा लाग्ने गरी विलाप गर्न थालिन् ॥१॥ सामुद्रिक विद्या जान्ने पण्डितहरूले मलाई तिमी पुत्रवती भएर सदा सधवा रहनेछ्यौ भनेका थिए, आज रामचन्द्रजी मारिएकोले यी ज्ञानीहरूको वचन झूटो हुन गयो ॥२॥ अश्वमेधादि यज्ञ गर्ने, तथा धेरै धेरै दिन लाग्ने यज्ञ गर्ने रामकी महारानी हुनेछ्यौ भनेर जो ज्ञानीहरूले मलाई भनेका थिए, आज राम मारिनाले उनीहरूको कुरा बेठीक हुन गयो ॥३॥ वीर राजाकी रानीहरूमध्ये तिमी पतिद्वारा सबभन्दा वर्ता प्रशंसा पाउनेछ्यौ भनेर जो भनेका थिए ती ज्ञानीहरू आज राम मारिनाले असत्यवादी हुन गए ॥४॥ जुन ज्योतिषीहरूले मलाई हेरेर तिमी शुभ-लक्षणले युक्त भएकी भाग्यवती हुनेछ्यौ भनेका थिए ती ज्ञानीहरू आज राम मारिएकाले झूटा हुन गए ॥५॥ खुट्टामा जुन चिह्न हुनाले कुलीन स्त्रीहरू आफ्ना पति राजाको साथमा राज्यसिंहासनमा अभिषिक्त हुन्छन् त्यो कमलरेखा मेरो खुट्टामा अझ पनि छँदै छ ॥६॥ जुन कुलक्षण हुनाले अभागिनी स्त्रीहरू विधवा हुन्छन् ती कुनै लक्षण पनि ममा छैनन्, आफूमा शुभलक्षण भएको देख्ता देख्तै पनि मैले आज अभागिनी बन्नुपर्‍यो ॥७॥ सामुद्रिक विद्या जान्ने पण्डितहरूले स्त्रीहरूमा कमलचिह्न भयो भने त्यो कदापि निष्फल हुन सक्तैन भनेका छन्, तर आज रामचन्द्र मारिएका हुनाले यी सबै चिह्नहरू झूटा हुन गए ॥८॥ हेर, मेरो कपालको रौं पातलो, लामो छोटो नभएको तथा कालो छ, आँखीभूइँ जोरिए-को छैन, दुवै तिघ्रा बाटुलो तथा रौं नभएको छ र दाँत पनि टम्म जोरिएका छन् ॥९॥ मेरा दुवै आँखामा शङ्खको चिह्न छ, मेरा हात खुट्टा पुष्ट छन्, पिडौंला तथा तिघ्रामा माथितिरको मासु अलि उठेको छ, नङ राता र चिल्ला छन् औंलाहरू टम्म परेर जोरिएका छन् ॥१०॥ मेरा दुवै स्तन मोटा र जोरिएका जस्ता छन्, माथितिरको टुप्पो उठेको छैन, भित्रै पसेको छ, नाइटो खाल्डो परेको छ र यसको वरिपरिको मासु माथि उठेको छ, दुवै पट्टिको काखी र छाती माथितिर उठेको र तलतिर अलि भित्र पसेको छ ॥११॥ मेरो रंग मणिको जस्तो चहकिलो छ र शरीरका रौं बहुतै नरम छन् । खुट्टाका दसओटा औंला र दोटा पैताला यी बाह्रओटाले भूइँलाई टम्म छुन्छन् । यसै कारणले सामुद्रिक शास्त्र जान्नेहरूले मलाई शुभलक्षणले युक्त भएकी भनेका हुन् ॥१२॥ मेरो हात खुट्टाको औंला औंलामा जौको चिह्न परेको छ, सबै औंला टम्म परेर जोरिएका र टुप्पामा रातो वर्ण भएका छन्, छिद्र भनेको कतै पनि देखिंदैन, यसै कारणले लक्षण जान्ने पण्डितहरूले यी कन्या मन्दस्मिता (मुसुक्क हाँस्ने बानी भएकी) हुन्छिन् भनेका थिए ॥१३॥ पतिको साथमा मेरो राज्याभिषेक हुनेछ भनेर लक्षण जान्ने पण्डि-तहरूले भनेका थिए तर आज यो सब झूटो ठहरिन गयो ॥१४॥ यी दुवै भाइले जनस्थानका राक्षस-हरूलाई मारेर त्यहाँको जग्गालाई शुद्ध गराए, हनुमान्‌लाई पठाएर मेरो पत्ता लगाए र पार गर्न नसकिने समुद्रलाई पार गरेर आए, तर अफसोस तिनै वीरले आज गोष्पदमा अर्थात् अलिकता सेनाको हातबाट

मर्नुपर्‍यो ॥१५॥ वारुण, आग्नेय, ऐन्द्र, वायव्य, ब्रह्मशिर नामका अस्त्रहरूको प्रयोग ता यिनीहरूलाई थाहा थियो, किन तिनको प्रयोग नगरेको होला ॥१६॥ म विचार गर्दछु कि मायाको बलले लुकेर इन्द्रजित्‌ले म अनाथिनीका नाथ, इन्द्रसमानका यी राम-लक्ष्मणलाई संग्राममा मार्‍यो होला ॥१७॥ युद्धमा रामको अगाडि परेको शत्रु मन जत्तिकै छिटो दगुर्ने भए तापनि जीउँदो फर्केर जान सक्तैन ॥१८॥ कालबाट हुन नसक्ने कुनै काम पनि छैन, काललाई कसैले जित्न सक्तैन, यसो नहुँदो हो ता भाइको साथमा रामचन्द्रले किन यसरी युद्धभूमिमा ढलेर सुत्नुपर्थ्यो ? ॥१९॥ मलाई रामको, महारथी लक्ष्मणको, आफ्नो तथा आफ्नी आमाको बारेमा उत्तिको फिक्री लागेको छैन, जत्तिको कि तपस्विनी आफ्नी सासुको बारेमा लागेको छ ॥२०॥ ती बिचरी ता रोज यही विचार गर्दिहोलिन्——कहिले अवधि पूरा हुने हो र कहिले मैले यहाँ आएका राम, लक्ष्मण तथा सीतालाई देख्न पाउने हो ॥२१॥

यस प्रकारसँग विलाप गरिरहेकी सीतालाई त्रिजटा नाम गरेकी राक्षसी भन्नलागी——हे देवी ! शोक नगर्नोस्, तपाईंका लोग्ने बाँचेकै छन् ॥२२॥ हे देवी ! म तपाईंलाई यसको बारेमा बडो भारी र योग्य कारण भन्दछु जसबाट कि राम लक्ष्मण यी दुवै भाइ बाँचेकै छन् भन्ने थाहा हुनेछ ॥२३॥ युद्धमा राजा मारिएपछि सैनिकहरूको मुखमा क्रोधको चिह्न अथवा हर्षको उत्सुकपना यी कुनै लक्षण पनि देखिदैनन् तर यहाँ ता यी दुवै कुरा देखिनलागेका छन् तसर्थ यिनीहरू मरेका छैनन् ॥२४॥ राम लक्ष्मण जीउँदो नभएका भए यो दिव्य पुष्पक विमानले कदापि तपाईंलाई लिएर हिंड्ने थिएन, कारण विधवा स्त्रीलाई यसले कदापि आफूमाथि चढाउँदैन ॥२५॥ प्रधान वीर अर्थात् राजा मारिएपछि सैनिकहरू उत्साहहीन हुन्छन्, उनीहरूबाट कुनै काम होला भन्नुपर्दैन; माझी नभएको डुङ्गा जसरी पानीमा जथाभावीसँग डगमगाउन थाल्दछ त्यसै गरी सैनिकहरू पनि संग्राम भूमिमा जथाभावीसँग यताउति गर्न थाल्दछन् ॥२६॥ हे तपस्विनी ! हेर्नुहोस्, यो वानरी सेना ता सावधानीसाथ बिलकुलै नहडबडाएर राम लक्ष्मणको रक्षा गर्नपट्टि लागेको छ, तपाईंमाथिको प्रेमले गर्दा मैले तपाईंलाई यी कुरा भनेकी हुँ ॥२७॥ अब तपाईं निश्चिन्त हुनुहोस्, पछि हुने सुखको चिह्न देखिनलागेको छ, जीउँदा राम लक्ष्मणलाई हेर्नुहोस्; तपाईंमाथिको स्नेहले गर्दा मैले यी कुरा भनेकी हुँ ॥२८॥ हे मैथिली ! अहिलेसम्म तपाईंलाई मैले कुनै झूटो कुरा भनेकी छैन, पछिलाई पनि भन्ने होइन, निर्मल चरित्र तथा सुखदायक शील स्वभावले तपाईंले मेरो अन्तस्करण आफ्नो वशमा गराइसक्नुभएको छ ॥२९॥ यी दुवैलाई इन्द्रलगायत सबै देवता तथा असुरहरूले मिलेर पनि जित्न सक्तैनन्, राम लक्ष्मणको सौम्यमूर्ति देखेर नै मैले यी कुरा तपाईंलाई निवेदन गरेकी हुँ ॥३०॥ हे मैथिली ! हेर्नुहोस् त, यो कस्तो आश्चर्यको कुरो छ, बाण लाग्नाले यिनीहरू बेहोश ता भएका छन् तर यिनको शोभामा कुनै प्रकारको अन्तर पर्न पाएको छैन ॥३१॥ प्रायः आयु सकिएका अथवा मरेका प्राणीको मुखको शोभा रहँदै रहन्न, अनुहार अवश्यै विकृत देखिन्छ ॥३२॥ तसर्थ हे जनकपुत्री ! राम र लक्ष्मणको निम्ति शोक नगर्नुहोस्, दुःख, मोह सबै छोडिदिनुहोस्, मरेका प्राणीको यस्तो अवस्था हुनै सक्तैन ॥३३॥

देवकन्यासमानकी सीताले त्रिजटाका यी कुरा सुनेपछि हात जोरेर उसलाई भनिन्––तिमी जस्तो भनिरहेकी छौ त्यस्तै भैहालोस् ॥३४॥

यसपछि मनको वेगसमान छिटो दगुर्ने पुष्पक विमानलाई फर्काएर त्रिजटाले शोचनीय अवस्थामा परेकी सीतालाई लङ्कामा लिएर आइन् ॥३५॥ सीता त्रिजटासंगै पुष्पक विमानबाट ओर्लिन् र राक्षसीहरूले यिनलाई अशोक वाटिकाभित्र लगे ॥३६॥ सीताले अनेक वृक्षले युक्त भएको, राक्षसराज रावणको विहारभूमि अशोक वाटिकाभित्र प्रवेश गरिन्। राम लक्ष्मणलाई यिनले जुन अवस्थामा देखिथिन् सोही अवस्थाको विचार गर्दा गर्दैमा यिनको मन अतिशय व्याकुल हुन थाल्यो ॥३७॥

सर्ग—४९

राम मूर्च्छाबाट बिउँझन्छन् र लक्ष्मणको निम्ति शोक गर्दछन्।

दशरथका पुत्र राम लक्ष्मण भयानक नागपाशमा बाँधिएर सुतिराखेका थिए, रगतमा यिनीहरूको शरीर मुछिएको थियो र सर्पले झैं स्वाँ स्वाँ गरेर साँस फेरिराखेका थिए ॥१॥ शोकले आकुल व्याकुल परेका महाबली बानरश्रेष्ठहरू सुग्रीवको साथमा यी दुवै महात्माहरूलाई चारैतिरबाट घेरेर उभिइराखेका थिए ॥२॥ बाणको चोटले छिया छिया भइराखेको भए तापनि पराक्रमी राम यस बखतमा आफ्नो दृढता तथा बलले गर्दा मूर्च्छाबाट बिउँझे ॥३॥ भाइ लक्ष्मणलाई, जतातत्तै बाण बिझेकोले, रगतमा मुछिएर निदाउरो मुख लगाई भूइँमा पडिरहेको देख्ता रामचन्द्र आतुर मानिसझैं विलाप गर्नलागे ॥४॥

सीताको उद्धार गर्नाले मलाई के फाइदा छ, मैले बाँच्न पनि व्यर्थै हो किनकि म आज आफ्नो भाइलाई युद्धमा पराजित भएर भूइँमा सुतिराखेको देख्नलागेको छु ॥५॥ संसारमा खोज गरेको खण्डमा सीतासमानकी स्त्री भेटिने सम्भावना छ तर सल्लाह दिने, युद्धमा सहायता गर्ने लक्ष्मण जस्तो भाइ भेटिनु ता असम्भव छ ॥६॥ सुमित्राको आनन्द बढाउने लक्ष्मण मरेका हुन् भने ता म अहिलै नै वानरहरूको सामुन्नेमा प्राण त्याग गरिदिन्छु ॥७॥ अयोध्यामा फर्केर गएपछि आमा कौशल्या, कैकेयी तथा छोराको मुख हेर्ने चाहना गरिराखेकी सुमित्रा आमालाई म के भनुँला ? ॥८॥ लक्ष्मणलाई नालईकन म अयोध्या गएँ भने, कुररी चरीझैं विलाप गरिरहेकी, बाच्छो नभएकी गाईझैं कामिराखेकी सुमित्रालाई म के भनेर उनको चित्त बुझाउँला ॥९॥ लक्ष्मण मसँग वन गएका हुन् तर उनलाई नलिईकन म एकलै फर्कें भनेर मैले शत्रुघ्नलाई तथा यशस्वी भरतलाई कसरी भन्ने हो ? ॥१०॥ माता सुमित्राले आफ्ना छोराको निम्ति मेरो निन्दा गरेको म सुन्न सक्तिन तसर्थ म बाँच्न चाहन्न, यहीं नै आफ्नो शरीर त्याग गरिदिन्छु ॥११॥ निन्दित काम गर्ने म पापीलाई धिक्कार छ, मैले गर्दा आज लक्ष्मणले मुर्दाझैं बाणको शय्यामा सुतिरहनुपरेको छ ॥१२॥ हे लक्ष्मण ! तिमी ता मलाई दुःख परेको वेलामा मेरो चित्त बुझाउँथ्यौ, अहिले ता प्राणहीन भइराखेका छौ यसैले दुःखमा परेको मसित बोल्न पनि सक्तैनौ ॥१३॥ जुन युद्धभूमिमा तिमीले

अनेक राक्षसलाई मार्‍यौ त्यही भूमिमा हे वीर ! अहिले बाणको चोटले मरेर पडिराखेका छौ ।।१४।। रगतमा मुछिएर बाणशय्यामा सुतिराखेका छौ । बाणै बाणले टम्मै ढाकिएकोले तिमी अस्ताउन लागेका सूर्यसमान देखिनलागेका छौ ।।१५।। बाणको चोट मुटुमा लाग्न गएछ, यसै कारण तिमी बोल्न सक्तैनौ, तिम्रा राता राता आँखा देख्ता तिमीलाई भइराखेको पीडाको अनुमान गर्न सकिन्छ ।।१६।। जसरी वन जानलागेको बेलामा तिमी मेरो पछि लागेर आएका थियौ त्यसै गरी परलोक जानलागेका तिम्रो पछि म लाग्दछु ।।१७।। सबै दाजुभाइमाथि प्रेम भए तापनि तिमी सदा मेरो साथमा नै रहन्थ्यौ, म पापीको पापले गर्दा आज तिम्रो यो दुर्दशा भएको हो ।।१८।। रिसाएको बेलामा पनि यी वीर लक्ष्मणले मलाई कुनै कठोर अथवा अप्रिय वचन भनेको मलाई संझना छैन ।।१९।। यी लक्ष्मण एक्कै बाजिमा पाँच पाँच सय बाण चलाउन सक्तथे, अतएव बाण विद्यामा यिनी कार्त्तवीर्यार्जुनभन्दा पनि बढ्ता पण्डित थिए ।।२०।। जो आफ्ना अस्त्रले महात्मा इन्द्रको अस्त्रलाई समेत नष्ट गर्न सक्तथे, जसको धेरै मोल पर्ने बिछौनामा सुत्ने बानी थियो, आज तिनै भूइँमा मरेर पडिराखेका छन् ।।२१।। विभीषणलाई राक्षसहरूको राजा बनाउनेछु भन्ने मैले प्रतिज्ञा गरेको थिएँ, तर आफूले भनेअनुसार गर्न सकिन तसर्थ मिथ्या प्रतिज्ञाले मलाई अवश्यै पोल्नेछ ।।२२।।

हे सुग्रीव ! तपाईं अहिले नै फर्केर जानुहोस् किनकि मेरो साथमा रहनाले बलहीन भइराख्नुभएको छ, अब ता रावणले तपाईंलाई परास्त गर्नेछ ।।२३।। अंगदलाई अघि लगाएर सेना, सबै सामान, नील तथा नललाई साथमा लिईकन समुद्र पार गरेर जानुहोस् ।।२४।। अरूबाट हुन नसक्ने काम तपाईंहरूले युद्धमा गरेर देखाउनुभयो, म ऋक्षराज जाम्बवान् तथा गोलांगूल जातका बानरहरूका राजादेखि सन्तुष्ट छु ।।२५।। अंगदले ठूलो काम गरे । मैन्द, द्विविद, केशरी र सम्पाति वानरहरूले पनि युद्धमा मेरो निम्ति ठूला ठूला काम गरेका हुन् ।।२६।। गवय, गवाक्ष, शरभ, गज तथा अरू अरू वानरहरूले पनि आफ्नो ज्यानको आशा नराखेर घनघोरको युद्ध गरेका हुन् ।।२७।। हे सुग्रीव ! भाग्यमा लेखिएको कुरा मानिसबाट टारेर टारिने होइन, तर मित्रको साथमा मित्रले जस्तो गर्नुपर्ने हो सब धर्मदेखि डराउने तपाईंले मेरो साथमा गर्नुभएको छ । हे सुग्रीव ! वानरहरूमध्येका श्रेष्ठ तपाईंहरूले मित्रले गर्नुपर्ने सबै काम गरिसक्नुभएको छ ।।२८-२९।। तपाईं सबैलाई बिदा दिन्छु, आफूले चाहेको ठाउँमा जानुहोस् ।

जुन जुन वानरहरूले रामचन्द्रले यसरी विलाप गरेको सुने ती सबैले आफ्ना पहेंला आँखाबाट आँसुको धारा बगाउनलागे ।।३०।। यसपछि विभीषण जम्मै फौजलाई ठाउँ ठाउँमा राखेर हातमा गदा लिई रामचन्द्र भएको ठाउँमा आइपुगे ।।३१।। गाजलको थुप्रो जस्तो कालो वर्ण भएका हतपत गर्दै आउनलागेका विभीषणलाई देख्ता हो न हो यो इन्द्रजित् हो भन्ठानेर सबै वानरहरू भाग्नलागे ।।३२।।

सर्ग—५०

गरुड दुवै भाइलाई नागपाशबाट मुक्त गराउँछन् ।

यसपछि महातेजस्वी महाबली वानरराज सुग्रीवले के कारणले वायुको झोंकाले जलमा डुङ्गा डगमगाएझैं, यो सेना चञ्चल भइराखेको हो भनेर सोधे ॥१॥

सुग्रीवको कुरा सुनेपछि बालिपुत्र अङ्गदले भने—महारथी राम लक्ष्मणको कस्तो अवस्था भइराखेको छ के तिमी देख्तैनौ ? ॥२॥ दशरथका छोरा यी दुवै वीरको शरीरलाई बाणै बाणले व्याप्त गरिराखेको छ, जम्मै जीउ रगतमा मुछिएको छ र यी महात्माहरू बाणको शय्यामा सुतिराखेका छन् ॥३॥

यसपछि वानरराज सुग्रीवले आफ्नो भतिजो अङ्गदलाई भने—विना कुनै कारणले वानरी सेनामा यस्तो हलचल हुन सक्तैन, मेरो विचारमा ता कुनै किसिमको भय आउनलागेको हो कि जस्तो लाग्दछ ॥४॥ निदाउरो मुख लगाएका यी वानरहरू डरले गर्दा आँखा व्याकुल पारेर अस्त्र शस्त्र छोड्दै चारैतिर भाग्नलागेका छन् ॥५॥ हेर, यिनीहरू यसरी डराएका छन् कि भाग्दासमेत यिनीहरूलाई लाज लाग्दैन, पछाडिपट्टि कोही हेर्दैं हेर्दैन, कोही बाटो रोक्न आयो भने त्यसलाई समातेर धकेलिदिन्छन् र त्यो लड्यो भने त्यसलाई नाघेर जान्छन् ॥६॥

यही मौकामा वीर विभीषण हातमा गदा लिएर त्यहाँ आइपुगे र जय जयकारले सुग्रीव र रामचन्द्रजीलाई आशीर्वाद दिनलागे ॥७॥ यसपछि विभीषणलाई देखेर नै वानरहरू डराएका हुन् भन्ने संझेर सुग्रीव आफूनेर बसिराखेका ऋक्षराज जाम्बवान्लाई भन्नलागे ॥८॥ हेर्नुहोस्, यी विभीषण यहाँ आएका हुन् तर यिनलाई रावणको छोरो मेघनाद संझेर वानरहरू डरले थर्थरायमान भई भाग्नलागेका छन् ॥९॥ यसकारण अब तपाईं झट्टै यो इन्द्रजित् होइन, विभीषण पो आएका हुन् भन्ने कुरा सुनाएर डराएका तथा यताउति भाग्नलागेका यी वानरहरूलाई संझाउनुहोस् ॥१०॥

सुग्रीवको यो कुरा सुन्नेबित्तिकै ऋक्षराज जाम्बवान्ले भाग्न थालेका वानरहरूलाई फर्काएर उनीहरूको चित्त बुझाए ॥११॥ ऋक्षराजको कुरा सुनेपछि र विभीषणलाई देखेपछि सबै वानरहरू निडर भएर फर्के ॥१२॥ धर्मात्मा विभीषण राम र लक्ष्मणको शरीरलाई बाणै बाणले ढाकिराखेको देख्ता मनमा बहुतै दुःखित भए ॥१३॥ विभीषणले हातमा जल लिएर ती दुवैको आँखा पुछे र फेरि शोकले मनमा आकुल व्याकुल भई रुन तथा विलाप गर्नलागे ॥१४॥ यी महाबली, पराक्रमी, युद्धमा प्रेम राख्नेहरूले, अहिले छल कपटद्वारा युद्ध गर्ने राक्षसहरूले गर्दामा यस्तो दुर्दशा भोगिरहनुपरेको छ ॥१५॥ अफसोस ! रावणको छोरो, मेरो भतिजो दुरात्मा मेघनादको राक्षसी कुटिल बुद्धिले गर्दा सोझो स्वभावका यी पराक्रमीहरूले धोका खानुपर्‍यो ॥१६॥ जम्मै शरीरभरि बाणै बाणले व्याप्त गरेको जीउभरि रगतै रगत लागेकोले यिनीहरू पृथ्वीमा पडिराखेका दोटा शल्य चरा जस्तै देखिएका छन् ॥१७॥ जसको पराक्रममा भरोसा गरेर मैले लङ्काको राजगद्दीमा बस्ने अभिलाषा गरेथें तिनै

पुरुषश्रेष्ठहरू अहिले शरीर नष्ट गर्नाका लागि सुतिराखेका छन् ।।१८।। जीउँदो भए तापनि म आज मरेतुल्य छु, राज्य प्राप्तिको मेरो मनभित्रको आशा अबलाई नष्ट भयो, सीतालाई नफर्काउने शत्रुको प्रतिज्ञा पूरा भयो, अबलाई रावणका सबै अभिलाषा पूर्ण भए भने पनि हुन्छ ।।१९।।

यस प्रकारसँग विलाप गर्नलागेका विभीषणलाई अँगालो हालेर वानरराज पराक्रमी सुग्रीव भन्नलागे ।।२०।। हे धर्मज्ञ ! रावणको तथा इन्द्रजित्को अभिलाषा कदापि पूर्ण हुन पाउनेछैन लङ्काको राज्य तिमीले नपाइछाड्नेछैनौ, यसमा सन्देह लिनुपर्ने कुरा छैन ।।२१।। यी दुवै भाइ गरुडका उपासक हुन्, तसर्थ गरुडजी आउनासाथ यिनीहरूको मूर्च्छा छुट्नेछ र युद्धभूमिमा यिनीहरूले वंशसहित रावणको संहार गर्नेछन् ।।२२।।

यस प्रकारसँग विभीषणको चित्त बुझाइसकेपछि सुग्रीव आफूनेर उभिइराखेका ससुरा सुषेणलाई भन्नलागे ।।२३।। यिनीहरूको मूर्च्छा छुटेपछि, शत्रुतापी राम लक्ष्मण यी दुवै भाइलाई र शूरा वानरहरूलाई साथमा लिएर तपाईं किष्किन्धा जानुहोस् ।।२४।। जसरी नष्ट भएकी राज्यलक्ष्मीलाई इन्द्रले फर्काएर ल्याएथे त्यसै गरी म पनि छोरा नाति कुटुम्बीको साथसाथै रावणको संहार गरेर जानकीजीलाई लिई आउनेछु ।।२५।।

वानरराजका यी कुरा सुनेपछि सुषेण भन्नलागे—उहिले देवता र असुरहरूको बीचमा भएको घनघोरको संग्राम मैले देखेको हुँ ।।२६।। त्यस संग्राममा बाण चलाउनामा सिपालु भएका, शस्त्र अस्त्रको प्रयोग राम्रै गरी जान्ने राक्षसहरू यसै गरी लुकी लुकीकन वारंवार देवताहरूलाई बाणै बाणले ढाकिदिन्थे ।।२७।। जब देवताहरू पीडित, अचेत र प्राणहीन हुन्थे तब ता देवगुरु बृहस्पति मन्त्रयुक्त विद्या तथा औषधिले उनीहरूको चिकित्सा गरेर फेरि जीवित तुल्याइदिन्थे ।।२८।। पनस सम्पाति आदि गरिएका वानरहरू ती औषधि ल्याउनाको निम्ति झट्टै खूब छिटोसँग क्षीर समुद्रमा जाइहाल्थ्न् ।।२९।। देवताहरूद्वारा बनेका, पर्वतमा हुने यी दिव्य औषधि दुइ किसिमका छन्, एउटा सञ्जीवनी र अर्को विशल्यकरणी, यी दुवै थरीलाई वानरहरूले चिह्नेका छन् ।।३०।। देवताहरूले समुद्रमा जहाँ अमृत मथेका थिए त्यहींनेर चन्द्र र द्रोण नाम गरेका दोटा पर्वत छन्, यिनै पर्वतमा यी दुवै थरीका बूटी पाइन्छन् ।।३१।। देवताहरूले यी दुवै पर्वतलाई समुद्रको बीचमा राखिदिएका छन् । हे सुग्रीव ! अरूबाट यो काम हुन सक्तैन, वायुपुत्र हनुमान् नै त्यहाँ झट्टै जाइहाल्छन् ।।३२।।

सुषेणले यति कुरा गर्दा गर्दैमा बिजुलीको साथसाथै बादल उठेर तथा महावायु चल्नलागेर समुद्रको जललाई उफार्न र पर्वतलाई कमाउन थाल्यो ।।३३।। पखेटाको जोरदार हावाले गर्दामा द्वीपका ठूला ठूला रूखका हाँगा भाँचिएर धमाधम लवण समुद्रमा खस्न थाले ।।३४।। देख्ता देख्तैमा विशाल शरीर भएका, समुद्रमा रहने सर्पहरू डरले थर्कायमान हुनलागे र जति जल जन्तु बाहिर थिए ती सबै डराएर झटपट लवण समुद्रको पानीभित्र पस्न थाले ।।३५।।

एक्कै छिनपछि वानरहरूले विनताका छोरा महाबली गरुडलाई बल्दो आगोझैं भएर आउन-

लागेको देखे ॥३६॥ गरुडलाई आएको देख्तैमा बाणरूपले राम लक्ष्मणलाई बाँधिराखेका महाबली साँपहरू डराएर भाग्न थाले ॥३७॥ यसपछि गरुडले यी दुवै भाइलाई हातले छोए र यिनीहरूको अभिनन्दन पनि गरे। चन्द्रमाको जस्तो कान्ति भएका यी दुवै जनाको मुख, गरुड आफ्नो हातले सुमसुम्याउनलागे ॥३८॥ गरुडले छुनेबित्तिकै यिनीहरूको शरीरमा जति घाउ थिए ती सबै पूरिएर आए र यी दुवै जनाको शरीर उम्रिखेरै पहिले जतिकै चिल्लो र शोभायुक्त देखिनलाग्यो ॥३९॥ यिनी-हरूको तेज, पराक्रम, शरीरको बल, वीर्य्य, उत्साह, दर्शनशक्ति, बुद्धि र स्मरणशक्ति यी सबै पहिले-को भन्दा दोब्बर हुन गए ॥४०

महातेजस्वी गरुडले इन्द्रसमानका यी दुवैलाई उठाएर अंगालो हाले र अनि रामचन्द्रजी प्रसन्न भएर गरुडलाई भन्नलागे ॥४१॥ तपाईंको कृपाले इन्द्रजित्‌ले गर्दा आफूमाथि परेको घोर आपत्तिबाट हामीले छुटकारा पायौं र तपाईंद्वारा गरिएको उपायले हामीलाई बलियो पनि तुल्याइदिएको छ ॥४२॥ पितामह अज र पिता दशरथलाई देख्न पाउँदा मलाई जत्तिको आनन्द हुने थियो त्यत्तिकै आनन्द अहिले तपाईंको दर्शन पाउनाले मेरो मनमा भइराखेको छ ॥४३॥ तपाईं रूपवान् हुनुहुन्छ, स्वर्गीय हार र दिव्य अनुलेपन धारण गर्नुभएको छ, शुद्ध वस्त्र तथा दिव्य गहनाले भूषित हुनुभएको तपाईं को हुनुहुन्छ कृपा गरी भन्नुहोस् ॥४४॥

यति सुनेपछि महाबली, महातेजस्वी पक्षीराज गरुड प्रसन्नतासाथ, हर्षले गर्दा आँखा ठूला ठूला पारिराखेका रामचन्द्रलाई भन्नलागे ॥४५॥ हे राम ! बाहिर घुम्ने तिम्रो प्राण जत्तिकै प्यारो म तिम्रै मित्र हुँ, म गरुड तिमीहरूको सहायताका लागि यहाँ आएको हुँ ॥४६॥ महाबली असुर, महाबली वानर र गन्धर्वसहितका देवताहरूले इन्द्रलाई साथमा लिएर आए तापनि तिमीहरूलाई यस कठोर बन्धनबाट मुक्त गर्न सक्ने थिएनन्, किनकि क्रूर इन्द्रजित्‌ले मायाको बलले तिमीहरूलाई बन्धनमा पारिराखेको थियो ॥४७-४८॥ यी सर्पहरू कद्रुका छोरा हुन्, यिनी बडा विषालु र यिनका दाँत बडा तीखा छन्, राक्षसी मायाको प्रभावले यिनीहरू तिमीहरूनेर आइराखेका थिए ॥४९॥ हे सत्यपराक्रमी धर्मात्मा राम ! तिमी भाग्यमानी रहेछौ, युद्धमा शत्रुको घात गर्ने इन्द्रजित्‌ले भाइ लक्ष्मणको साथमा तिम्रो यो दुर्दशा परेको छ भन्ने सुन्नासाथ हतार गर्दै म यहाँ आएको हुँ, हामी दुवै थरीमा रहेको मैत्रीको पालना गर्न म यहाँ आएँ ॥५०-५१॥ भयङ्कर यस नागपाशबाट मैले तिमीहरूलाई मुक्त गराइदिएको छु, अब-उप्रान्त तिमी दुवै भाइले सदा सावधान भएर रहनू ॥५२॥ तिमीहरू जस्ता शुद्ध स्वभावका वीरहरू धर्मयुद्ध गर्दछन् तर छल कपटद्वारा युद्ध गर्ने ता राक्षसहरूको जन्मैदेखिको स्वभाव हो ॥५३॥ यस-कारण अब कहिले पनि युद्धमा राक्षसहरूको विश्वास नगरे, इन्द्रजित्‌कै दृष्टान्तबाट राक्षसहरू कत्तिका कुटिल हुँदा रहेछन् जानिहाल्यौ होला ॥५४॥

महाबली गरुडले रामचन्द्रलाई यति भनेर स्नेहपूर्वक उनलाई अंगालो हालेर जानाको निम्ति उनी-सित बिदा मागे ॥५५॥ हे मित्र रामचन्द्र ! तिमी धर्मात्मा र शत्रुहरूका समेत प्यारा छौ, अब म

तिम्रो आज्ञा लिएर सुखपूर्वक आफ्नो आश्रमतिर जान चाहन्छु ।।५६।। मसंग कसरी तिम्रो मैत्री हुन गयो सो कुरा जान्ने उत्कण्ठा अहिले नगर, विजय प्राप्त गरेर जब आफ्नो देशमा फर्कनेछौ त्यस बखतमा तिमीलाई यस सम्बन्धको हाल थाहा हुनेछ ।।५७।। बाणको लहरीमा लंकालाई बालवृद्धावशेष गराएर अर्थात् बालक बूढाबाहेक त्यहाँका सबैलाई मारेर, शत्रु रावणको संहार गरेर तिमी सीतालाई पाउनेछौ ।।५८।।

छिटोसंग पराक्रम देखाउने वीर्यवान् गरुड यति भनेर वानरहरूको बीचमा रामलाई नीरोग गराएर, उनको प्रदक्षिणा तथा आलिङ्गन गरिसकेपछि, हावासमानको वेग गरेर आकाशमा उडेर जान लागे ।।५९-६०।। राम, लक्ष्मणलाई नीरोग भएको देखेपछि वानर सेनापतिहरू सिंहनाद गर्न तथा पुच्छर बजार्नलागे ।।६१।। यसपछि यिनीहरू भेरी, मृदङ्ग आदि गरिएका बाजा बजाउनलागे, शङ्ख फुक्न थालेर पहिलेझैं दङ्ग परेर खेलबाड गर्नलागे ।।६२।। पर्वतसंग युद्ध गर्ने पराक्रमी वानरहरू पुच्छर बजाउँदै, नाना किसिमका सयकडौं हजारौं रूख ठनक्क ठनक्क भाँच्तै उखेल्दै युद्धको निम्ति तयार भए ।।६३।। राक्षसहरूको मनमा त्रास पर्ने गरी यी वानरहरू सिंहनाद गर्नलागे र युद्ध गर्ने इच्छाले यिनीहरू अगाडि बढ्दै लङ्काको ढोकासम्म पुगे ।।६४।। वर्षाको प्रारम्भमा आधा राततिर गर्जने मेघको शब्द जस्तो भयङ्कर हुन्छ त्यस्तै भयङ्कर यी वानर सेनापतिहरूको सिंहनाद पनि थियो ।।६५।।

सर्ग—५१

रावण धूम्राक्ष राक्षसलाई युद्ध गर्न पठाउँछ ।

महातेजस्वी वानरहरू सिंहनाद गरेको घनघोरको आवाज, राक्षसहरूलाई संगमा लिएर बसिराखेको रावणले सुन्यो ।।१।। स्पष्टसंग सुनिने, गम्भीर गर्जनाको आवाज वारंवार सुनेकोले रावण आफू कहाँ बसिराखेका मन्त्रीहरूलाई भन्नलाग्यो ।।२।। दिलमा प्रसन्न भइराखेका यी वानरहरूको घोर सिंहनाद बादलको गम्भीर गर्जन जस्तै सुनिनलागेको छ ।।३।। यताबाट स्पष्ट बुझिन्छ कि वानरहरूमा अवश्य कुनै खुशीयालीको कुरा भएछ, यिनीहरूको यस घोर गर्जनले लवण समुद्र खलबलिन थालेको छ ।।४।। राम, लक्ष्मण यी दुवै भाइ तीखा तीखा बाणको बन्धनमा परेका छन्, यता वानरहरूको यो घोर सिंहनाद भइराखेको छ, यसैले मेरो मनमा शंका उत्पन्न हुनलागेको छ ।।५।। आफ्ना मन्त्रीहरूलाई यति भनिसकेपछि राक्षसराज रावण आफूनेर बसेका राक्षसहरूलाई भन्नलाग्यो ।।६।। वनवासी यी वानरहरू यस्तो शोकको वेलामा एक्कासि किन यसरी दङ्ग परेका रहेछन् सो कुरा झट्टै बुझेर आऊ ।।७।।

रावणको आज्ञा पाउनासाथ यी राक्षसहरू मनमा बडो व्याकुल भई हतार हतार गरेर पर्खालमाथि चढी महात्मा सुग्रीवद्वारा पालना भइराखेको सेनालाई हेर्नलागे ।।८।। राम लक्ष्मण दुवै

भाग्यशालीहरूलाई भयंकर नागपाशबाट मुक्त भई उठेर बसिराखेको देख्ता जम्मै राक्षसहरूको मनमा पीर पऱ्यो ॥९॥ मनमा डराएका यी सबै डरलाग्दा राक्षसहरू पर्खालबाट ओर्ह्री निदाउरो मुख लगाएर रावण भएको ठाउँमा पुगे ॥१०॥ कुरा गर्नामा सिपालु भएका रावणका यी राक्षसहरू बडो दीन भावसंग भएभरको जम्मै कुरा निवेदन गर्नलागे ॥११॥ जुन राम, लक्ष्मण दुवै भाइलाई रणभूमिमा इन्द्रजित्‌ले नागपाशद्वारा बाँधेर हात चलाउन नसक्ने तुल्याइदिएका थिए, गजेन्द्रसमानका पराक्रमी तिनीहरू ता अहिले दोटा मतवाला हात्तीझैं बन्धनबाट मुक्त भई संग्रामभूमिमा विराजमान भइराखेका छन् ॥१२-१३॥

यी राक्षसहरूका कुरा सुन्दा महाबली रावण चिन्तित र क्रुद्ध भयो र यसको मुखमण्डल पनि शोभाहीन देखिनलाग्यो ॥१४॥ इन्द्रजित्‌ले बडो बहादुरीसंग, युद्धमा सूर्यसमानका तेजिला, कहिले पनि निष्फल नहुने, विषालु सर्प जत्तिकै डरलाग्दा, वरदानमा पाइएका भयानक बाणले यी दुवैलाई बाँधेको हो ॥१५॥ यदि मेरा ती दुवै शत्रु यस्तो अस्त्रबन्धनबाट पनि मुक्त भए भने ता राक्षसी सेनाको विजय होला भन्ने कुरामा मलाई शङ्कै लाग्दछ ॥१६॥ अग्नितुल्य तेजिला यी बाणहरू जसले कि वारंवार युद्धमा मेरा शत्रुहरूको प्राण लिएका थिए, मेरो दुर्भाग्यले गर्दा तिनै बाण आज निष्फल हुन गए ॥१७॥

यति भनिसकेपछि रावण अत्यन्त क्रुद्ध भई सर्प झैं स्वाँ स्वाँ गर्नलाग्यो र राक्षसहरूको बीचमा बसिराखेको धूम्राक्ष नाम गरेको राक्षसलाई भन्न थाल्यो ॥१८॥ हे भयङ्कर पराक्रमी ! राक्षसहरूको ठूलो फौज साथमा लिएर वानरहरूको साथसाथै रामलाई मार्नको निम्ति प्रस्थान गरिहाल ॥१९॥

बुद्धिमान् राक्षसराजको यस्तो आज्ञा पाउनासाथ धूम्राक्ष उनको परिक्रमा गरेर झट्टै दरबारबाट बाहिर निस्किहाल्यो ॥२०॥ ढोकाबाट निस्कनासाथ सेनाध्यक्षकहाँ गएर त्यसले भन्यो—फौज चाँडै तय्यार पारिदेऊ, ढीलो किन गर्दछौ, म ता युद्धमा जान भनी आएको छु ॥२१॥ धूम्राक्षको कुरा सुन्नेबित्तिकै सेनाध्यक्षले रावणको आज्ञाअनुसार झट्टै सबै फौज तय्यार पारिदियो ॥२२॥ डरलाग्दो अनुहार भएका बलिया यी राक्षसहरू घण्टा बाँधेर प्रसन्न चित्तले घोर सिंहनाद गर्दै धूम्राक्षको चारैतिर उभिए ॥२३॥ शूल, मुद्गर, गदा, पट्टिश, लोहदण्ड, मुशल, परिघ, भिन्दिपाल, भाला, पाशो वञ्चरो आदि गरिएका नाना प्रकारका अस्त्र शस्त्र हातमा लिंदै, बादल गर्जेको जस्तो आवाज गर्दै यी भयङ्कर राक्षसहरू बाहिर निस्कनलागे ॥२४-२५॥ कईएक राक्षसहरू कवच पहिरेर, ध्वजा पताकाले सिंगारिएको, सुनै सुनको जाली लगेको, किसिम किसिमको अनुहार भएका खच्चर जोतिएको रथमा सवार भएर निस्के ॥२६॥ बाघसमानका डरलाग्दा कईएक राक्षसहरू खूब छिटो दगुर्ने घोडा तथा मतवाला हात्तीमा चढेर निस्कन थाले ॥२७॥ गधाको जस्तो रूखो स्वर भएको धूम्राक्ष, हुँडार तथा सिंहको जस्तो अनुहार भएका, सुनै सुनले सिंगारिएका गधा जोतिएको दिव्य रथमा सवार भयो ॥२८॥

५७

यस प्रकारसंग महाबली धूम्राक्ष राक्षसहरूलाई साथमा लिई हँसिलो मुख लगाएर हनुमान्जी बसिराखेको पश्चिम ढोकातिर लाग्यो ॥२९॥ गधा जोतिएको उत्तम रथमा सवार भएको, गधाको जस्तो स्वर भएको, देख्तैमा डर लाग्ने महाभयङ्कर राक्षसले प्रस्थान गर्ने समयमा क्रूर पक्षीहरू आकाशमा नाना किसिमको अमङ्गल हुने आवाज गर्नलागे र रथमाथि एउटा बडो भयानक गिद्ध खस्यो ॥३०-३१॥ यसपछि मुर्दाको मासु खाने अनेक चराहरू एकै ठाउँमा जोल्टिएर ध्वजामाथि खस्नलागे। यसपछि धूम्राक्षको नगीचैमा रगतमा मुछिएको एउटा सेतो कबन्ध भयङ्कर शब्द गर्दै भूइँमा खस्यो। बादलबाट रगतको वर्षा हुन थाल्यो र पृथ्वी कम्पायमान हुनलागिन् ॥३२-३३॥ बिजुली चट्केको जस्तै आवाज गरेर प्रतिकूल हावा बग्नलाग्यो, चारैतिर घोर अन्धकारले ढाकेको हुनाले कतै पनि केही नदेखिने भयो ॥३४॥ राक्षसहरूको मनमा त्रास उत्पन्न गराउने यस्ता डरलाग्दा उत्पात हुनलागेको देख्ता धूम्राक्ष मनमा बहुतै खिन्न भयो र उसको अघिअघि हिंड्नलागेका राक्षसहरू मूर्छा पर्ने जस्तो हुन थाले ॥३५॥

युद्ध गर्नाका लागि उत्सुक भइराखेको, महाबली, डरलाग्दो अनुहार भएको धूम्राक्ष राक्षसले असंख्य राक्षसहरूलाई साथमा लिई, लङ्कापुरीबाट बाहिर निस्केपछि, रामचन्द्रको बाहुबलले पालना भइराखेको, प्रलयकालको समुद्रसमानको विशाल वानरी सेनालाई देख्यो ॥३६॥

सर्ग—५२

हनुमान्को हातबाट धूम्राक्षको वध।

युद्ध गर्न उत्सुक भइराखेका वानरहरू महापराक्रमी धूम्राक्ष राक्षसलाई लङ्काबाहिर निस्केको देख्ता प्रसन्नचित्तले सिंहनाद गर्नलागे॥१॥ अब यी वानर र राक्षसहरूको बीचमा घनघोरको युद्ध हुन थाल्यो। वानरहरू ठूला ठूला रूख उजाएर र राक्षसहरू शूल, मुद्गरको प्रहार गरेर परस्परमा काट मार गर्नलागे ॥२॥ राक्षसहरूले वानरहरूलाई चारैतिरबाट मार्नलागे र वानरहरूले पनि रूखै रूखको प्रहार गरेर राक्षसहरूलाई मार्दै भूइँमा सुताइदिए ॥३॥ राक्षसहरू पनि रिसले चूर हुँदै तीखा तीखा बाणको वर्षा गर्नलागे र कङ्कपत्रले युक्त भएका, सोझो जाने, भयङ्कर बाण प्रहार गरेर वानरहरूलाई छेड्नलागे ॥४॥ डरलाग्दो गदा, पट्टिश, काँढा भएको मुद्गर, ठूला ठूला घुयेंत्रा, त्रिशूल आदि गरिएका अस्त्र शस्त्र चलाएर, क्रोधले गर्दा उत्साहित भइराखेका राक्षसहरू वानरहरूलाई मार्नलागे र निर्भय भएर अचम्म लाग्ने किसिमका पराक्रम देखाउनलागे ॥५-६॥ वानरसेनापतिहरूले पनि आफ्नो शरीरलाई धमाधम बाण र शूलले छेड्नलागेको देखेपछि ठूला ठूला रूख र पत्थर उजाएर उनीहरूतिर दगुर्नलागे ॥७॥ अब ता यी महापराक्रमी वानरहरू चारैतिरबाट सिंहनाद गर्दै वीर राक्षसहरूको संहार पार्न र बीचबीचमा आफ्नो नाम पनि सुनाउनलागे ॥८॥ यस समयमा नाना प्रकारका ढुङ्गा र हाँगासहितका रूख चलाएर हुनलागेको राक्षस र वानरहरूको यो घोर युद्ध बडो अद्भुत देखिनलाग्यो ॥९॥ यस प्रकारसँग निर्भय भएर

वानरहरूले खूबसँग राक्षसहरूको संहार पारे जसले गर्दा रगत पिउने अनेक राक्षसहरू मुखबाट रगतै रगत छाड्नलागे ।।१०।। कईएक राक्षसहरूको पाखुरा उखेलिदिए, कसै कसैलाई रूखै रूखले मारेर थुप्रै लगाइदिए, अनेकलाई ढुङ्गाको प्रहारले धूलो पारिदिए र कोही कोहीलाई दाँतैले चिथोरेर मारिदिए ।।११।। कसै कसैलाई ध्वजैले चूर्ण पारिदिए, कसैलाई तरवार चलाएर काटिदिए, कोही रथबाट खसेर पांग्राले कुल्चिएर मरे । यस प्रकारसँग आफ्नो संहार भएको देख्ता राक्षसहरू बहुतै दुःखित भए ।।१२।। वानरहरूले फ्याँकेका ठूला ठूला ढुङ्गाको चोटले पर्वतसमानका अग्ला हात्ती, यिनमा चढेका सवार, घोडा, र घोडचढी सबै मारिए र यिनको लाशले युद्धभूमि टम्मै भएर भरियो ।।१३।। महापराक्रमी वानरहरूले बडो वेगसँग उफ्री उफ्री तीखा तीखा नङले सबै राक्षसहरूको मुख चिथोरिदिए ।।१४।। यस्तो अवस्थामा परेकोले राक्षसहरू बहुतै खिन्न भए, यिनीहरूका कपालका रौं खुला भइराखेका थिए र रगतको गन्धले मूर्च्छा पर्दै यिनीहरू धमाधम भूइँमा ढल्नलागे ।।१५।। कोही कोही महापराक्रमी राक्षसहरू रिस खप्न नसकेर वज्रसमानको कडा मुक्की उजाएर वानरहरूमाथि जाइलाग्न थाले ।।१६।। तर यी पराक्रमी राक्षसहरूलाई उनीहरूभन्दा पनि बर्ता पराक्रमी वानरहरूले मुक्का, लात्ती, दाँत र रूख-प्रहार गर्दै ढलाउनलागे ।।१७।।

आफ्नो फौजलाई भाग्नलागेको देखेपछि राक्षस सेनापति धूम्राक्ष रिसले चूर भई युद्ध गर्नलागि-राखेका वानरहरूलाई मार्नलाग्यो ।।१८।। अनेक वानर भालाको चोटले मारिए र यिनको शरीरबाट रगतको धारा बग्नलाग्यो, कोही मुद्गरको प्रहारमा परेर घाइते भईकन भूइँमा ढले ।।१९।। कोही वानर घुयेंत्रोले मारिए, कोही भिन्दिपालले छिया छिया भए, कोही पट्टिशको चोटले घाइते भएकाले विह्वल भएर प्राण त्याग गर्नलागे ।।२०।। कोही वानर भूईंमा ढलेर शरीरबाट रगतको धारा बगाउनलागे, कोही क्रुद्ध राक्षसहरूले लखेटेकाले टिक्न नसकेर युद्धभूमिबाट भाग्नलागे ।।२१।। कईएक वानर छाती चिरिएकोले कोल्टे परेर भूइँमा सुते, कोही त्रिशूलले घाइते भएकाले यिनीहरूको पेटबाट आन्द्रा बाहिर निस्किराखेका थिए ।।२२।। वानर र राक्षसहरूको बीचमा भएको यो महायुद्ध बडो डरलाग्दो किसिमको भयो, दुवैतर्फबाट नाना किसिमका अस्त्र शस्त्रको प्रहार भयो र ढुङ्गासहितका रूखै रूखको वृष्टि पनि भयो ।।२३।। यस युद्धले संगीतको रूप धारण गरेको जस्तो देखिन्थ्यो । सितारको ठाउँमा धनुको टङ्कार भइराखेको थियो, घोडाले हिल्लिएको आवाज ताल दिनलागेको जस्तो र हात्तीहरूले गर्जेको शब्द गाना जस्तो सुनिन्थ्यो ।।२४।। हातमा धनु लिइराखेको धूम्राक्षले हाँसी हाँसीकन बाणको वृष्टि गराएर वानरहरूलाई युद्धभूमिबाट भगाइदियो ।।२५।।

धूम्राक्षद्वारा वानरी सेना पीडित भएको देख्ता हनुमान्‌लाई बहुतै रिस उठ्यो र यिनी बडे-मानको एउटा ढुंगा उजाएर उतिर जाइलागे ।।२६।। पितासमानका पराक्रमी हनुमान्‌ले रिसले पहिले-भन्दा दोब्बर रातो आँखा तुल्याएर धूम्राक्षको रथमाथि त्यो ढुंगा फ्याँकिदिए ।।२७।। ढुंगा आफू-तिर आउनलागेको देखेपछि धूम्राक्ष हातमा गदा लिई फूर्तिसाथ रथबाट ओर्लेर तल भूइँमा

खडा भयो ॥२८॥ यो ढुंगा रथलाई भाँचभुँच पारेर तल भूइँमा खस्यो । रथको ध्वजा, त्यहाँ राखेको धनु, पांग्रा, धूरा यी सबै ध्वस्त भए ॥२९॥ यसपछि वायुपुत्र हनुमान्‌जी धूम्राक्षको रथलाई छाडेर हाँगै सुद्धाको रूखले राक्षसहरूको विध्वंस पार्नलागे ॥३०॥ राक्षसहरूको कपाल फुटेर रगत बग्न थाल्यो । कईएक राक्षसहरू रूखको आघातले घाइते भएर भूइँमा ढल्न थाले ॥३१॥ राक्षसी सेनालाई भगाइसकेपछि वायुपुत्र हनुमान्‌जी पर्वतको टाकुरा बोकेर धूम्राक्षतिर जाइलागे ॥३२॥ हनुमान्‌लाई आफूतिर आउनलागेको देखेपछि पराक्रमी धूम्राक्ष पनि गदा उजाएर सिंहनाद गर्दै सहसा उनीतिर दगुर्‍यो ॥३३॥ रिसले चूर भएर धूम्राक्षले काँढै काँढा भएको त्यो गदा क्रुद्ध हनुमान्‌को टाउकोमा हिर्कायो ॥३४॥ तर वायुसमानका बलिया हनुमान्‌ले भयङ्कर वेग भएको त्यो गदा आफ्नो टाउकोमाथि बज्रेको केही वास्तै राखेनन् र पहाडको एउटा बडे विशाल टुक्रा फूर्तिसाथ त्यस राक्षसको टाउको माथि बजारिदिए, यस ढुङ्गाको प्रहारले गर्दा धूम्राक्षको जम्मै शरीर चूर चूर भइगयो ॥३५-३६॥ फुटेको पर्वतझैं धूम्राक्ष उत्तिखेरै भूइँमा ढलिहाल्यो ।

धूम्राक्षको प्राण गएको देखेपछि मर्नबाट बचेका राक्षसहरू डरले थर्कायमान भई लङ्कातिर भाग्न लागे । कारण वानरहरू यिनलाई मार्नलागेका थिए ॥३७॥ वायुपुत्र हनुमान्‌जी यस प्रकारसंग शत्रुहरूको संहार पारेर तथा रगतको खोलो बगाएर बहुतै प्रसन्न भए, वानरहरूले यिनको खूबै तारीफ गरे । शत्रुहरूलाई मार्दाखेरिको परिश्रमले यिनलाई थकाइ पनि निकै लागिराखेको थियो ॥३८॥

सर्ग—५३

रावण वज्रदंष्ट्र राक्षसलाई लड्‌न पठाउँछ ।

धूम्राक्ष मारिएको खबर सुन्दा राक्षसराज रावणलाई हुनासम्मको रिस उठ्यो र यो साँपझैं स्वाँ स्वाँ गरेर सास फेर्नलाग्यो ॥१॥ रिसले यसको मुख कालो नीलो भइराखेको थियो र ताता ताता लामा लामा सांस फैर्दै वज्रदंष्ट्र नाम गरेको निष्ठुरी महाबली राक्षसलाई भन्नलाग्यो ॥२॥ हे वीर ! जाऊ, राक्षसहरूलाई साथमा लिएर प्रस्थान गरिहाल, वानरहरूको साथसाथै सुग्रीव र दशरथपुत्र रामचन्द्रको संहार गर ॥३॥

रावणको आज्ञा स्वीकार गरेर त्यो मायावी राक्षसश्रेष्ठ बडो विशाल फौज साथमा लिई बाहिर निस्क्यो ॥४॥ चित्र विचित्रका ध्वजा पताकाले सिंगारिएका अनेक हात्ती, घोडा, गधा, ऊँट साथमा लिई यसले प्रस्थान गर्‍यो ॥५॥ अचम्म लाग्ने किसिमको बाजू मुकुट पहिरेर तथा कवचले आफ्नो शरीरलाई ढाकेर, हातमा धनु लिईकन यो राक्षस हतपत गर्दै बाहिर निस्क्यो ॥६॥ यो सेनापति ध्वजा पताकाले शोभायमान भइराखेको, टल्कने, खारिएको सुनले सिंगारिएको रथलाई प्रदक्षिणा गरेर त्यसमा सवार भयो ॥७॥ ऋष्टि, तोमर, राम्रा राम्रा मुसल, भिन्दिपाल, धनु, शक्ति, पट्टिश, खड्ग, चक्र, गदा तीखा तीखा बञ्चरा आदि गरिएका नाना प्रकारका अस्त्र शस्त्र हातमा लिएका पैदल सिपाही यसको

साथमा हिंड्नलागेका थिए ॥८-९॥ अचम्मको लुगा लगाएका, आफ्नो तेजले गर्दा जाज्वल्यमान् देखिने राक्षसश्रेष्ठहरू र डुल फिर गर्नलागेका पर्वतसमानका शूरा मतवाला हात्ती यस फौजमा थिए ॥१०॥ तोमर अंकुश हातमा लिएका वीरहरू यी युद्धनिपुण हात्तीमा चढेका थिए । यस फौजमा अरू किसिमका हात्ती पनि थिए जसमा कि महाबली शूरहरू धमाधम चढ्नलागेका थिए ॥११॥ वर्षाकालमा बिजुलीसहितको बादल गर्जंदाखेरि जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले प्रस्थानको समयमा यस राक्षसीसेनाको पनि भइराखेको थियो ॥१२॥

जहाँ सेनापति अङ्गद बसेका थिए त्यही दक्षिण फाटकबाट यो फौज निस्कनलाग्यो । फौज निस्कनलागेको वेलामा अशुभ कुराको सूचना दिने अपशकुन देखिनलागे ॥१३॥ विनाबादलको आकाशबाट तीव्र बिजुलीको साथसाथै पुच्छ्रेतारा खस्नलागे र डरलाग्दो रूप भएका शृगालीहरू मुखबाट आगोको ज्वाला झिक्तै रुनलागे ॥१४॥ राक्षसहरूको विनाशको सूचना दिनलागेका हुन् कि जस्तो गरेर क्रूर पशु, पक्षीहरू चिच्च्याउनलागे र हिंड्दा हिंड्दै वीर योद्धाहरू खुट्टा चिप्लिएर बडो डरलाग्दो किसिमसँग लड्न थाले ॥१५॥ तर महाबली, तेजस्वी वज्रदंष्ट्र यी उत्पातहरू देख्ता पनि मनमा धैर्य्य राखेर लङ्काबाहिर निस्क्यो, कारण यो युद्धका लागि उत्साहित भइराखेको थियो ॥१६॥ यता विजयी वानरीसेना राक्षसहरूलाई आउनलागेको देख्ता यस्तो जोरसँग सिंहनाद गर्नलाग्यो कि यिनीहरूको आवाजले दशै दिशा व्याप्त भइगो ॥१७॥

यसपछि वानर र राक्षसहरूमा भयङ्कर युद्ध हुन थाल्यो, यी सबै डरलाग्दो अनुहारका थिए र परस्पर एउटाले अर्काको वध गर्न चाहन्थे ॥१८॥ महोत्साही वानर र राक्षसहरू शरीर तथा मस्तक काटिएकोले धमाधम भूइँमा ढल्नलागे । यिनीहरूको जम्मै शरीर रगतै रगतमा मुछिएको थियो ॥१९॥ युद्धमा कहिले पनि पिठिउँ नफर्काउने, हातमा परिघ लिइराखेका, शूरा राक्षसहरू सामुन्ने आएर नाना प्रकारका शस्त्रहरूको प्रहार गर्नलागे ॥२०॥ त्यहाँ संग्रामभूमिमा रूख, ढुङ्गा तथा हात-हतियारको भयानक शब्द सुनिनलाग्यो जसलाई सुन्दैखेरिमा सुन्नेको मुटु काँप्न थाल्दथ्यो ॥२१॥ रथका पाङ्ग्राहरूको घर्घर, धनु, शङ्ख, भेरी र मृदङ्ग यी सबैको आवाज एकै ठाउँमा मिसिन गएकोले बडो डरलाग्दो कोलाहल हुन थाल्यो ॥२२॥ कोही अस्त्र शस्त्र मिल्काएर बाहुयुद्ध गर्नलागे र कोही थप्पड, लात, मुक्की, तथा रूखको हानाहान गरेर लड्न थाले ॥२३॥ कईएक राक्षसहरूको शरीर मतवाला वानरहरूको घुँडाको चोट पर्नाले ध्वस्त भयो र कसै कसैको ढुङ्गाको प्रहारले धूलो-पीठो हुन गयो ॥२४॥

आफ्नो सेनाको विनाश हुनलागेको देखेपछि, पाशधारी यमराज लोकसंहारको निम्ति जसरी घुम्न थाल्दछन् त्यसै गरी यो वज्रदंष्ट्र पनि वानरहरूको मनमा त्रास पार्दै रणक्षेत्रमा डुल्नलाग्यो ॥२५॥ बलिया, अस्त्रविद्या जान्ने, नाना प्रकारको अस्त्र धारण गरिराखेका, रिसमा चूर भइरहेका राक्षसहरू वानरी सेनामा मारकाट मच्चाउनलागे ॥२६॥ जसरी प्रलयकालमा अग्निले प्राणीहरूको संहार गर्दछन् त्यसै गरी बालिपुत्र अङ्गद पहिलेको अपेक्षा दोब्बर रिस गरेर निर्भयपूर्वक राक्षसहरूको संहार

गर्नलागे ॥२७॥ जसरी सिंहले साना साना पशुहरूलाई मार्दछ त्यसै गरी रिसले राता राता आँखा गराएका पराक्रमी अङ्गद रूख उजाउँदै जम्मै राक्षसी सेनालाई ध्वस्त पार्नलागे ॥२८॥ इन्द्रतुल्य पराक्रमी अङ्गदले राक्षसहरूको ठूलो विनाश गरे । अङ्गदद्वारा मारिएका पराक्रमी राक्षसहरू टाउको छुट्टिएकाले काटिएको रूखझैं धमाधम भूईंमा ढल्नलागे । रथ, ध्वजा, घोडा, वानर-राक्षसको शरीर तथा रगतले युद्धभूमि टम्मै भएर भरियो र बडो भयानक देखिन थाल्यो । हार, बाजू, वस्त्र, छत्र यी सबैले गर्दा सिंगारिएको त्यहाँको जमीन शरद्‌ऋतुको रात्रिसमान देखिनलाग्यो । जसरी वायुको वेगले बादल काँप्न थाल्दछ त्यसै गरी अङ्गदको वेगले गर्दा यो राक्षसी सेना पनि कम्पायमान हुनलाग्यो ॥२९-३३॥

सर्ग–५४

अङ्गदको हातबाट वज्रदंष्ट्रको वध ।

आफ्नो फौजको विनाश तथा अङ्गदको पराक्रम देख्ता महाबली वज्रदंष्ट्र राक्षसलाई बहुतै रिस उठ्यो ॥१॥ इन्द्रको वज्रसमानको भयङ्कर धनु फैलाएर यो राक्षस वानरी सेनामाथि बाणको वृष्टि गर्नलाग्यो ॥२॥ रथमा सवार भइराखेका, नाना किसिमका अस्त्र शस्त्र धारण गरेका मुख्य मुख्य वीर राक्षसहरू पनि यस मौकामा युद्ध गर्नलागे ॥३॥ वानरी सेनामा जति वीर योद्धा थिए ती वानरश्रेष्ठहरू पनि चारैतिरबाट जम्मा भएर हातमा ढुङ्गा लिईकन युद्ध गर्न थाले ॥४॥ यस युद्धमा राक्षसहरूले मुख्य मुख्य वानरहरूमाथि हजारौं किसिमका कठोर अस्त्रहरूको प्रहार गरे ॥५॥ मतवाला हात्तीसमानका अग्ला अग्ला वीर वानरहरू पनि राक्षसी सेनामा ठूला ठूला रूख र ढुङ्गा फ्याँक्नलागे ॥६॥ लडाइँमा कहिले पनि पिठिउँ नदेखाउने, युद्ध गर्न उत्सुक भइराखेका वीर वानर र राक्षसहरूको बीचमा घनघोरको युद्ध हुन थाल्यो ॥७॥ कसैको टाउको नछुट्टिए तापनि हात खुट्टा काटिए, शस्त्रले जताततै छेडेकोले यिनको शरीर रगतले भिजिराखेको थियो ॥८॥ राक्षस र वानरहरू मरेर पृथ्वीमा सोत्तर भए; काक, गिद्ध, स्यालहरू जम्मा भई यिनको लाशमाथि बसेर मासु खाँदै नाच्नलागे ॥९॥ डरछेवाहरूको मनमा त्रास पार्ने कबन्धहरू त्यहाँ उफ्रनलागेका देखिए । हात, खुट्टा, टाउको शरीरबाट छुट्टिएकोले वानर तथा राक्षसहरू धमाधम त्यहाँ भूईंमा खस्नलागे ।

वानरी सेनाद्वारा पीडित भएको राक्षसहरूको जम्मै फौज वज्रदंष्ट्रको सामुन्नेमा भाग्न थाल्यो । वानरहरूको मारमा पर्नाले राक्षसहरूलाई डरले थर्कायमान भएको देख्ता प्रतापी वज्रदंष्ट्र रिसले राता राता आँखा तुल्याएर, हातमा धनु लिई, वानरी सेनाको मनमा त्रास पार्दै, उनीहरूको फौजभित्र पस्यो ॥१०-१३॥ सोझो जाने, कङ्कपत्रले भूषित भएका बाण चलाएर वानरहरूलाई घाइते गर्नलाग्यो । महाप्रतापी वज्रदंष्ट्र अत्यन्त क्रुद्ध भई यस्तो किसिमले बाणको प्रहार गर्नलाग्यो कि सात सात, आठ आठ, नौ नौ, पाँच पाँच वानरहरू एउटै बाणको चोटले मर्नलागे ॥१४॥ बाणले शरीर छिया छिया हुन लागेकोले सबै वानरहरू डराएर, प्रजाहरू राजानेर गएझैं, अङ्गदछेउ पुगे ॥१५॥

वानरहरू ध्वस्त हुनलागेका देखेपछि अङ्गद रिसले चूर भई आफूतिर नजर दिइराखेको वज्रदंष्ट्र-लाई कर्के आँखाले हेर्नलागे ॥१६॥ अब ता वज्रदंष्ट्र र अङ्गद यी दुवै अत्यन्त क्रुद्ध भई परस्पर युद्ध गर्नलागे । यस समयमा यिनीहरू मतवाला हात्ती र सिंहझैं संग्राममा यताउति घुम्नलागेका देखिए ॥१७॥ यसपछि वज्रदंष्ट्रले आगोको ज्वालासमानका हजार बाण चलाएर वानर सेनापति महाबली अङ्गदको मर्म स्थानमा प्रहार गर्‍यो ॥१८॥ यस प्रहारले गर्दा महाबली वालिपुत्रको जम्मै शरीरबाट रगत निस्कन थाल्यो र यिनले पनि बडो ठूलो पराक्रम देखाएर वज्रदंष्ट्रमाथि एउटा ठूलो रूख चलाए ॥१९॥ रूखलाई आफूतिर आउनलागेको देखेपछि अलिकता पनि नहडबडाईकन त्यस राक्षसले सो रूखलाई अनेक टुक्रा पारेर भूईँमा खसालिदियो ॥२०॥

वानरसेनापतिले वज्रदंष्ट्रको यस्तो पराक्रम देखेपछि एउटा बडेमानको ढुङ्गा उजाएर त्यसमाथि हिर्काई सिंहनाद गर्नलागे ॥२१॥ त्यस ढुङ्गालाई आफूतिर आउनलागेको देखेपछि त्यो महाबली राक्षस अलिकता पनि नहडबडाएर हातमा गदा लिएको लियै, रथबाट ओर्लेर भूईँमा खडा भयो ॥२२॥ अङ्गदले फ्याँकेको ढुङ्गा रणभूमिमा पुगेकोले यसले घोडाको साथसाथै रथ, त्यसको पांग्रा र जोत यी सबैलाई चूर चूर पारिदियो ॥२३॥ यसपछि वानरसेनापतिले रूखै रूखले शोभायमान भइराखे-को अर्को पर्वतको बडेमानको टाकुरा उजाएर वज्रदंष्ट्रको टाउकोमा हिर्काए ॥२४॥ वज्रदंष्ट्र रगतै रगत वान्ता गरेर मूर्च्छा पर्‍यो । गदा समातेको समात्यै त्यो केही बेरसम्म लामा लामा सास फेर्दै मूर्च्छित अवस्थामा पडिरह्यो ॥२५॥ केही बेरमा होश आएपछि यस राक्षसले ठूलो झोंक देखाएर उभिराखेका अङ्गदको छातीमा आफ्नो गदाले बेसरी हिर्कायो ॥२६॥ यसपछि गदालाई फ्याँकेर अङ्गद र वज्रदंष्ट्र यी दुवै मुक्का मुक्की चलाएर आफूआफूमा मारपीट गर्नलागे ॥२७॥ यी दुवैको शरीरबाट रगत बग्न थाल्यो र कठोर प्रहारको चोट पर्नाले दुवै थरी थाके पनि । यस समयमा यिनीहरूलाई हेर्दा रणभूमिमा मंगल र बुध ग्रह घुमिराखेका हुन् कि भन्ने भान पर्दथ्यो ॥२८॥ यसपछि महातेजस्वी वानरश्रेष्ठ फल फूलले शोभायमान भइराखेको एउटा रूख उखेलेर रणक्षेत्रमा उभिए ॥२९॥ राक्षस पनि भालुको छाला-को ढाल र साना साना घण्टी जडिराखेको, म्यानभित्र राखेको, एउटा बडो राम्रो तरवार लिएर युद्ध गर्न थाल्यो ॥३०॥ विजयको अभिलाषा राख्ने वानर र राक्षस यी दुवै किसिम किसिमको चाल देखा-एर सिंहनाद गर्दै आफूआफूमा चोट लगाउनलागे ॥३१॥ घाउबाट रगत निस्केकोले यिनीहरू फूल फुलिराखेका पलासका रूख जस्तै देखिएका थिए । लड्दा लड्दै थाकेपछि यिनीहरू घूँडा टेकेर भूईँमा उभिए ॥३२॥ कपिश्रेष्ठ अङ्गद ता एक्कै छिनमा राता राता आँखा तुल्याएर, लट्ठीले हिर्काएको सांप झैं झस्केर उठिहाले ॥३३॥ त्यहो राक्षसको निर्मल तथा सफा पारिराखेको तरवार खोसेर महाबली वालिपुत्रले यस्तो जोरसंग हिर्काए कि उसको टाउको शरीरबाट छुट्टिएर गयो ॥३४॥ रगतै रगतले शरीर भिजिराखेको त्यस राक्षसको टाउको तरवारले काटिएर दुइ टुक्रा भईकन भूईँमा खस्यो र यसका दुवै आँखा पल्टट्ट पल्टिहाले ॥३५॥

वज्रदंष्ट्रलाई मारिएको देखेपछि बाँकी रहेका राक्षसहरू भयले विह्वल भई लंकातिर भाग्नलागे कारण वानरहरूले यिनलाई समेत ध्वस्त पार्न छाडेनन् । यी सबैले निदाउरो मुख लगाएका थिए र दुःख तथा लाजमा परेकाले यिनको टाउको निहुरेको थियो ॥३६॥ इन्द्रसमानका प्रतापी महाबलशाली अङ्गदजी वानरी सेनाको बीचमा यस प्रकारसंग त्यस राक्षसलाई मारिसकेपछि बहुतै खुशी भए । देवताहरूको माझमा बस्ने इन्द्रको झैं यिनको प्रशंसा हुनलाग्यो ॥३७॥

सर्ग—५५

रावण अकम्पनलाई युद्ध गर्न पठाउँछ ।

बालिका छोरा अङ्गदबाट वज्रदंष्ट्रको मृत्यु भयो भन्ने सुनेपछि रावण आफूनेर हात जोरेर उभिराखेको सेनापतिलाई भन्नलाग्यो ॥१॥ युद्धमा कहिले पनि पराजित नहुने पराक्रमी राक्षसहरू, सबै अस्त्र शस्त्रको प्रयोग जान्ने अकम्पनको साथमा झट्टै जाऊन् ॥२॥ यो अकम्पन शत्रुहरूको दमन गर्न, आफ्नो सेनाको रक्षा गर्न तथा युद्धको काममा सबै सैनिकहरूलाई खटाउन सक्तछ, युद्धमा यसलाई बडो प्रेम छ र सदा मेरो कल्याणको चाहना गर्दछ ॥३॥ यसले राम, लक्ष्मण, महाबली सुग्रीवलाई जित्नेछ र अरू अरू बलिया वानरहरूलाई समेत मार्नेछ, यसमा सन्देह लिनुपर्ने केही कुरो छैन ॥४॥

रावणको आज्ञा पाउनासाथ झटपट प्रबन्ध मिलाउन सक्ने, महाबली सेनापतिले आफ्ना सैनिकहरूलाई हात-हतियार लिएर तुरन्त युद्धका लागि तैयार हुने आज्ञा दियो ॥५॥ सेनापतिको यो आज्ञा सुन्नासाथ देख्तैमा डरलाग्ने, भयङ्कर आँखा भएका, नाना किसिमका अस्त्र शस्त्र लिएका, मुख्य मुख्य राक्षसहरू युद्धको निम्ति निस्के ॥६॥ खारेको सुनको गहनाले सिंगारिएको, मेघको जस्तो विशाल शरीर भएको, मेघको जस्तै शरीरको वर्ण भएको तथा मेघ गर्जेको जस्तो चडका स्वर भएको अकम्पन भयङ्कर राक्षसहरूलाई साथमा लिई ठूलो रथमा सवार भई लङ्काबाहिर निस्क्यो । यो यस्तो दृढ थियो कि देवताहरूले समेत संग्राममा यसलाई आफ्नो ठाउँबाट डगाउन सक्तैनथे ॥७-८॥ राक्षसहरूको बीचमा यो अकम्पन आफ्नो तेजले गर्दा सूर्य जस्तै देखिनलागेको थियो । युद्धको इच्छाले झोंकिएर जब यो बाहिर खूब हतार गर्दै निस्केथ्यो त्यस बखतमा यसको रथमा जोतिएका घोडाहरू अकस्मात् उत्साहहीन हुनलागे । युद्ध गर्न पाइने भयो भनेर प्रसन्नतासाथ निस्केको भए तापनि यसको देब्रे आँखा फरफराउन थाल्यो ॥९-१०॥ मुखको रंग बदलिएर गयो र स्वर पनि धोत्रो हुन थाल्यो । यो दिन ता सुदिनै थियो, तर अहिले दुर्दिनमा जस्तै गरेर हावा रूखोसँग बहनलाग्यो ॥११॥ क्रूर पशु पक्षीहरू भयानक आवाज निकाल्नलागे । बाघ जत्तिकै पराक्रमी तथा सिंहको जस्तो ठूलो काँध भएको यो अकम्पन यी उत्पातहरूपट्टि केही ख्यालै नराखेर रणभूमितिर जानलाग्यो । राक्षसहरूलाई साथमा लिएर अकम्पन बाहिर निस्कनलागेको वेलामा यसको फौजले यस्तो जोरसँग आवाज गर्‍यो कि यस

आवाजले गर्दा समुद्रसमेत खलबलिन थाल्यो र विशाल वानरी सेनामा पनि सबैको मनमा त्रास पर्न गयो ॥१२-१४॥

युद्धका लागि तैयार भइराखेका, रूख तथा ढुङ्गाको प्रहार गर्ने यी वानर र राक्षसहरूको बीचमा बडो डरलाग्दो किसिमको युद्ध हुन थाल्यो ॥१५॥ यी सबैले राम अथवा रावणका लागि आफ्नो प्राण समर्पण गर्ने सङ्कल्प गरेका थिए, यी सबै बलिया, शूरा तथा पर्वत जत्तिकै विशाल थिए ॥१६॥ राक्षस र वानरहरूमा एक थरी अर्को थरीलाई मार्नाको निम्ति तैयार थियो। युद्धमा अतिशय ठूलो वेग देखाउने यिनीहरूले गर्जना गरेको आवाज सुनिनलाग्यो ॥१७॥ रिसै रिसले गर्जना गर्दै परस्पर हाँक दिन लागेका यी वानर र राक्षसहरूले उठाएको धूलोले दशै दिशा ढाकिदियो। यो धूलोमा केही रातोपना हुनाले बडो भयानक देखिनलागेको थियो। रेशमी वस्त्रको जस्तै रंग भएको यस धूलोले गर्दा सबै प्राणी लुके जस्तै भए, युद्धभूमिमा कतै पनि केही नदेखिने भयो। ध्वजा, पताका, ढाल, घोडा, अस्त्र शस्त्र, रथ यी कुनै पनि यस धूलोले गर्दा नदेखिने भए। यस घनघोरको युद्धमा यिनीहरूले गर्जेको र दगुरेको भयङ्कर आवाजमात्र सुनिन्थ्यो, कसैको अनुहार देखिएला भन्नुपर्दैनथ्यो, तसर्थ यस विकट अन्धकारमा रिसले झोंकिएर वानर वानरहरूलाई र राक्षस राक्षसहरूलाई नै मार्नलागे। यस प्रकारसंग यी वानर राक्षस दुवै थरी आफ्ना शत्रुहरूलाई र आफ्ना पट्टिकाहरूलाई नै मार्नलागे ॥१८-२३॥ भूइँ रगतले भिजेर त्यहाँ हिलो जम्न गएपछि, रगतै रगतको धाराले जमीन पखालिएपछि धूलो उड्न बन्द भयो ॥२४॥ यसपछि देख्ता देख्तै मरेका सैनिकहरूको लाशले भूइँ टम्मै भएर ढाकियो। रूख, शक्ति, गदा, भाला, ढुङ्गा, घुयेंत्रो र तोमरले वानर तथा राक्षसहरू परस्पर खूब बल देखाएर शीघ्रतापूर्वक मारकाट गर्नलागे। परिघसमानको आकार परेको आफ्ना बड़े हातले, भय लाग्दो काम गर्ने वानरहरू पर्वत जस्तै विशाल शरीर भएका राक्षसहरूको युद्धमा संहार गर्नलागे। हातमा प्रास र तोमर लिइराखेका राक्षसहरू पनि झोंकिएर अरू अरू भयङ्कर अस्त्र चलाएर वानरहरूको विनाश पार्नलागे। जंगिइराखेको, राक्षसहरूको सेनापति अकम्पन आफ्ना पराक्रमी समस्त राक्षसहरूलाई उत्साहित गर्नलाग्यो। वानरहरू आफ्नो पराक्रमले राक्षसहरूको हातबाट अस्त्र खोसेर ठूला ठूला रूख र ढुङ्गाको प्रहार गरेर उनीहरूलाई मार्नलागे। यही मौकामा कुमुद, नल र मैन्द नाम गरेका वीर वानरहरू खूबसंग रिसाएका हुनाले ठूलो पराक्रम देखाएर लड्नलागे। यी महाबली, वीर वानरहरू खेलबाड जस्तो गरेर सजिलैसंग राक्षसी सेनामा बडा बडा रूख चलाएर राक्षसहरूलाई मार्नलागे, अनेक प्रकारका अस्त्रको प्रयोग गरेर यिनीहरूले सबै राक्षसहरूलाई ध्वस्तै पारिदिए ॥२५-३२॥

सर्ग—५६

हनुमान्को हातबाट अकम्पन मारिन्छ।

युद्धमा वानरसेनापतिहरूले ठूलो वीरता प्रकट गरेको देख्ता अकम्पनलाई हुनासम्मको रिस उठ्यो

॥१॥ रिसले गर्दा यो झन् बर्ता डरलाग्दो देखिनलाग्यो । शत्रुहरूको यस्तो काम देखेपछि यो आफ्नो विशाल धनुमा टङ्कार दिंदै सारथिलाई भन्नलाग्यो ॥२॥ हे सारथि ! मेरो रथ झट्टै त्यस ठाउँमा लिएर जाऊ जहाँ कि युद्धमा बलिया बलिया वानरहरू धेरै धेरै राक्षसहरूलाई मार्नलागेका छन् ॥३॥ डरलाग्दो रिस भएका, रूख ढुङ्गाको प्रहार गरेर लड्ने, यी महाबली वानरहरू मेरो सामुन्नेमा उभिइराखेका छन् ॥४॥ युद्धमा प्रेम राख्ने यिनीहरूको नै पहिले म संहार गर्न चाहन्छु, किनकि म ता यिनीहरूले गर्दा समस्त राक्षसीसेना व्याकुल परेको देख्तछु ॥५॥

सेनापतिको आज्ञा पाउनासाथ सारथिले रथ चलाउन थाल्यो र वानरहरूको नगीच पुग्दा नपुग्दैमा राक्षसश्रेष्ठ अकम्पन वानरहरूमाथि बाणको वर्षा गर्नलागिहाल्यो ॥६॥ वानरहरू युद्धभूमिमा अड्नसम्म पनि सकेनन्, युद्ध गर्ने कुरा त कता छ कता, अकम्पनको बाणको चोट परेकोले यी सबै भाग्न थाले ॥७॥ यत्तिकैमा आफ्ना जातका वानरहरूलाई अकम्पनको बाणको चोटमा परेर मृत्युका आहारा बन्नलागेका देखेपछि महाबली हनुमान्जी सो ठाउँमा आइपुगे ॥८॥

महाकपिलाई आएको देख्ता सबै वीर वानरश्रेष्ठहरू युद्धक्षेत्रमा जम्मा भई हनुमान्लाई चारैतिरबाट घेरेर खडा भए ॥९॥ हनुमान्लाई युद्ध गर्न आएको देख्ता सबै वानरश्रेष्ठहरूको उत्साह बढ्न गयो, कारण बलियाको सहायता पाएपछि निर्धा पनि बलिया हुन जान्छन् ॥१०॥

पर्वतझैं हनुमानलाई उभिइराखेको देख्ता अकम्पन उनीमाथि, इन्द्रले जलधाराको वृष्टि गरेझैं, बाणको वृष्टि गर्नलाग्यो ॥११॥ महाबली हनुमान्जी आफ्नो शरीरमाथि खसिराखेका ती बाणहरूको केही वास्तै नराखेर अकम्पनको वध गर्ने उपाय विचार गर्नलागे ॥१२॥ वायुपुत्र महातेजस्वी हनुमान्जी पृथ्वीलाई कम्पायमान गराउँदै हाँसी हाँसीकन त्यस राक्षसमाथि आक्रमण गर्नलागिहाले ॥१३॥ सिंहनाद गर्नलागेको वेलामा आफ्नो तेजले प्रकाशमान भइराखेका हनुमान्जीको रूप बल्दो आगोको ज्वाला जस्तै हेर्नै नसकिने किसिमको हुन गयो ॥१४॥ आफ्नो साथमा कुनै अस्त्र नभएको देख्ता हनुमान्लाई जङ चल्यो र यिनले झटपट एउटा पर्वतैलाई बडो फूर्तिसाथ उचाले ॥१५॥ पराक्रमी वायुपुत्र त्यस विशाल पर्वतलाई हातमा लिएर घोर सिंहनाद गर्दै फन्फनी घुमाउनलागे ॥१६॥ जसरी उहिले इन्द्रले वज्र लिएर नमुचिमाथि आक्रमण गरेथे त्यसै गरी अहिले हनुमान्जी पनि त्यस राक्षसश्रेष्ठ अकम्पनमाथि जाइलागे ॥१७॥

तर अकम्पनले त्यस पर्वतलाई आफूतिर आउनलागेको देख्ता टाढैबाट अर्द्धचन्द्र नाम गरेको बाण चलाएर सो पर्वतलाई टुक्रा टुक्रा पारिदियो ॥१८॥ त्यस पर्वतको टाकुरालाई आकाशैमा राक्षसको बाणद्वारा छिया छिया भएर छरिएको देख्ता हनुमान्लाई हुनासम्मको रिस उठ्यो ॥१९॥ यसपछि रिस र अहङ्कारले युक्त भएका हनुमान् विशाल पर्वतसमानको अग्लो अश्वकर्ण नाम गरेको रूखनेर गएर झट्टै त्यसलाई उखेलिहाले ॥२०॥ महातेजस्वी हनुमान् ठूलो फेर भएको त्यस अश्वकर्ण रूखलाई हातमा लिएर बडो प्रेमसंग युद्धक्षेत्रमा घुम्नलागे ॥२१॥ रिसाइराखेका हनुमान्ले त्यो रूख घुमाउँदा-

खेरि त्यहाँ अनेक रूख भाँचिए र यिनको खुट्टाको मच्कोले पृथ्वीसमेत फुट्न थाल्यो ।।२२।। महाबली हनुमान् यो रूख घुमाई घुमाईकन हात्ती, हात्तीमा चढेका सवार, सारथिसहितको रथ र पैदल हिंड्ने भयङ्कर राक्षस यी सबैलाई मार्नलागे ।।२३।। यमराज झैं रिसाइराखेका, प्राण हरण गर्ने रूख लिइराखेका हनुमान्‌लाई देख्ता राक्षसहरू भाग्न थाले ।।२४।।

राक्षसहरूको मनमा त्रास पार्ने, रिसले चूर भइराखेका हनुमान्‌लाई आफूतिर आउनलागेको देखेपछि वीर अकम्पन बहुतै रिसायो र चर्को आवाज झिकेर गर्जनलाग्यो ।।२५।। अकम्पनले तीखा तीखा, शरीरलाई छेड्ने किसिमका चौद्धओटा बाण महाबली हनुमान्‌को शरीरमा हिर्कायो ।।२६।। शरीरभरी बाणै बाण र तीखा तीखा शक्ति बिझेकोले हनुमान् रूखै रूख उम्रेको पर्वत जस्तो देखिनलागे ।।२७।। महाबली विशाल शरीर भएका, महापराक्रमी हनुमान् फूल फुलिराखेको अशोकको रूख जस्तै र धूवाँ नभएको आगोसमान देखिनलागे ।।२८।। यसपछि हनुमान्‌ले अर्को रूख उखेलेर बडो वेगसंग राक्षसेन्द्र अकम्पनको टाउकोमा हिर्काए ।।२९।। रिसाइराखेका हनुमान्‌को हातबाट यस रूखको मार परेपछि यो राक्षस ढल्खिरै मरेर भूइँमा ढलिहाल्यो ।।३०।। राक्षसहरूको मालिक अकम्पन मरेर भूइँमा ढलेको देख्ता सबै राक्षसहरू बडो दुःखित भए र भूकम्पको समयमा रूख हल्लेझैं काम्न थाले ।।३१।। हार खाएका यी राक्षसहरूलाई वानरले लखेट्नलागे र यिनीहरू पनि डराएर आफ्नो हात-हतियार मिल्काउँदै लङ्कातिर भाग्न थाले ।।३२।। संग्राममा पराजित भएका यी राक्षसहरू हडबडाएका थिए, यिनका कपालका रौं फुकिराखेका थिए, मान मर्यादालाई तिलाञ्जलि दिइसकेका थिए, डरले गर्दा आँगमा खलखली पसीना बगिराखेको थियो र प्राण बचाउनाका लागि भागिरहेका थिए ।।३३।। यस समयमा यिनीहरूको मनमा यस्तो डर पसेको थियो कि यिनीहरू वारंवार फर्केर पछिल्तिर हेर्दथे र बाटोमा आफू आफूमा ठेलमठेल गर्दै डराएर शहरभित्र पसे ।।३४।।

यी राक्षसहरू लङ्कापुरीभित्र पसेपछि सबै महाबली वानरहरू एकै ठाउँमा जम्मा भएर हनुमान्‌को पूजा गर्नलागे ।।३५।। नीति जान्ने सत्वसम्पन्न हनुमान् पनि, उत्साहित भएर कसैसित भेट गरेर, कसैसित कुराकानी गरेर सबै वानरहरूलाई आफ्नो तर्फबाट स्याबासी दिनलागे ।।३६।। यसपछि विजय पाएका वानरहरू आफ्नो भएभरको बल झिकेर गर्जन थाले र युद्धभूमिमा मरेर पडिराखेका राक्षसहरूलाई शायद यिनीहरू बाँचेकै छन् कि भनेर यताउति तान्नलागे ।।३७।। जसरी शत्रुहरूको विनाश पार्ने विष्णुले संग्राममा, डरलाग्दो रूप भएका मधुकैटभादि गरिएका महाअसुरहरूलाई मारेर ठूलो शोभा पाएथे त्यसै गरी वायुपुत्र हनुमान्‌जी पनि अहिले राक्षसहरूलाई मारेर वानरहरूको बीचमा वीरहरूले पाउने शोभाले शोभायमान भइराखेका थिए ।।३८।। यस समयमा आकाशमा रहेका देवताहरू, महाबली राम, लक्ष्मण, सुग्रीवलगायत सबै वानरहरू तथा महाबली विभीषण यी सबै हनुमान्‌को प्रशंसा गर्नलागे ।।३९।।

सर्ग—५७

युद्धको निम्ति राक्षस सेनापति प्रहस्त लङ्काबाट प्रस्थान गर्दछ।

अकम्पन मारिएको वृत्तान्त सुन्दा राक्षसराज रावण झोंकियो र अलि निदाउरो मुख लगाएर मन्त्रीहरूतिर हेर्नलाग्यो ॥१॥ एक्कै छिनसम्म रावण आफैं घोरिइरह्यो र फेरि आफ्ना मन्त्रीहरूसंग सल्लाह गरेर दश घडी दिन चढेपछि लङ्का शहरका जम्मै युद्धस्थान हेर्न भनी निस्क्यो ॥२॥ अनेक युद्धस्थान बनेको, ध्वजापताकाको माला जस्तै भएर शोभायमान भइराखेको तथा राक्षसहरूद्वारा सबै तरहबाट रक्षा भइराखेको लङ्का नगरी रावण घुमी घुमीकन हेर्नलाग्यो ॥३॥ लङ्का शहरलाई चारैतिरबाट शत्रुहरूले घेरिराखेको देख्ता रावण मौकैमा, आफ्नो कल्याणको चाहना गर्ने, युद्धविद्याको जानिफकार प्रहस्तलाई भन्नलाग्यो ॥४॥

शहरको नगीच दुश्मनहरू आएको र उनीहरूले सहसा यसलाई दुःख दिनलागेको देख्ता ता हे युद्धविशारद ! युद्धसिवाय अरू कुनै उपायबाट यसको रक्षा होला जस्तो मलाई लाग्दैन ॥५॥ मैले, कुम्भकर्णले, मेरा सेनापति तिमीले, इन्द्रजित्‌ले अथवा निकुम्भले सिवाय अरू कसले यस्तो कामको जिम्मा लिन सक्ला ? ॥६॥ यसकारण झट्टै रथमा सवार भई, फौज साथमा लिएर, जहाँ वानरहरू छन् त्यहाँ युद्ध गर्न जाइहाल ॥७॥ तिमीले प्रस्थान गर्नासाथ वानरी सेनामा हल्लीखल्ली हुन थाल्नेछ र मलाई निश्चय छ कि राक्षसहरूले गर्जेको सुन्नासाथ वानरहरू डराएर यत्र भाग्न थाल्नेछन् ॥८॥ वानरहरू बडा चपल, अशिक्षित र चञ्चल स्वभावका हुन्छन्, यसै कारणले जसरी हात्तीहरू सिंह गर्जेको सुनेपछि टिक्न सक्तैनन् त्यसै गरी यिनीहरू पनि तिमीले गर्जेको आवाज सुनेपछि अड्न सक्नेछैनन् ॥९॥ वानरहरूको फौज भागेपछि ता राम लक्ष्मण दुवै भाइले सहायरहित भएकोले लाचारीसाथ हे प्रहस्त ! तिम्रो वशमा नपरी हुनेछैन ॥१०॥ युद्धमा तिम्रो हार हुने कुरामा सन्देह छ, विजय पाउने कुरामा सन्देह छैन, तसर्थ म ता युद्ध गर्नैमा उचित देख्तछु, भन, यस विषयमा तिम्रो के राय छ ? कसो गर्नाले आफ्नो कल्याण होला भन्ठान्दछौ सो मलाई भन ॥११॥

रावणको यस्तो कुरा सुनेपछि शुक्राचार्य्यले दैत्यराजलाई सल्लाह दिएझैं प्रहस्त सेनापति राक्षसराजलाई भन्नलाग्यो ॥१२॥ हे राजन् ! पहिले एकचोटि हामीहरूले नीतिविद्या जान्ने मन्त्रीहरूसँग यस विषयमा छलफल गरिसकेका छौं, तर त्यस बखतमा हामी सबैको एक मत नभएकोले हामीहरूमा झगडा पनि भएको हो अर्थात् सीतालाई फर्काउने कुरामा राय नमिलेकोले विभीषण हामीलाई छोडेर गएका हुन् ॥१३॥ सीतालाई फर्काउनैमा हाम्रो कल्याण छ भन्ने कुराको मैले पनि सल्लाह दिएको हुँ, सीतालाई नफर्काएमा युद्ध हुने ता हामीले उही वेलामा देखेका थियौं, अहिले त्यही युद्ध हाम्रो सम्मुख उपस्थित भइराखेको छ ॥१४॥ हजूरले सदा दान, सम्मान तथा मीठो वचनले मेरो आदर सत्कार गरिबक्सेकोछ, तसर्थ अहिले यस्तो विपदको समयमा कुनै तरहबाट तपाईंको हित हुने काम गर्नामा म कसर राख्नेछैन ॥१५॥ अहिले मलाई आफ्नो प्राणको अथवा छोरा, स्वास्नी, धन, यी

कसैको पनि रक्षा गर्ने आवश्यकता छैन, युद्धरूपी अग्निमा तपाईंका लागि म कसरी आफ्नो जीवनको हवन गर्दोरहेछु, सो हेर्नुहोस् ॥१६॥

राक्षसराज रावणलाई यति भनिसकेपछि सेनापति प्रहस्त आफ्नो सामुन्ने उभिइराखेको सेनाध्यक्षलाई भन्नलाग्यो ॥१७॥ राक्षसहरूको ठूलो फौज तयार पारेर झट्टै मकहाँ लिएर आऊ, युद्धक्षेत्रमा मेरो बाणको चोटले मारिएका वानरहरूको मासुले आज मांसाहारी पशु पक्षीहरू तृप्त हुनेछन् ।

उसको मुखबाट यो आज्ञा सुन्नेवित्तिकै महाबली सेनाध्यक्षहरू त्यस राक्षसको घरमा फौज जम्मा पार्नलागे । एकै छिनमा नाना प्रकारको हात हतियार भिरेका, डरलाग्दो रूप भएका राक्षसवीरहरूले यसरी लङ्का नगरीलाई टम्म पारेर ढाकिदिए कि शहर हात्ती नै हात्तीले भरिपूर्ण भएको जस्तो देखिनलाग्यो । कोहीं राक्षस आगोमा होम गर्नलागे र कोही ब्राह्मणहरूलाई प्रणाम गर्नलागे ॥१८-२१॥ होम गर्दाखेरि घिउबाट उत्पन्न भएको धूवाँसँग मिसिएकोले हावा सुगन्धी भएर चल्न थाल्यो । अनेक राक्षसहरू मन्त्रद्वारा अभिमन्त्रित भएका नाना प्रकारका माला लगाउन थाले ॥२२॥ संग्राममा जानाको निम्ति यी राक्षसहरू प्रसन्नतासाथ अस्त्र शस्त्र भिर्नलागे । धनुकवच धारण गरेका राक्षसहरू झटपट आफ्नो आफ्नो रथबाट ओर्ली रावणतिर एकनाजि दृष्टि दिएर, प्रहस्तको नजीक उसलाई चारैतिरबाट घेरेर उभिइरहे । राजासँग बिदाबारी भएर तथा भयङ्कर भारी बाजा बजाउन लगाएर प्रहस्त, सबै अस्त्र शस्त्र राखिएको, राम्रोसँग सजिसजाउ भएको रथमा आएर बस्यो । यस रथमा खूब छिटो दगुर्ने घोडा जोतिएका थिए, यसको सारथि खूब चतुरो थियो; रथ हिंड्दाखेरि बादल गर्जेको जस्तो आवाज सुनिन्थ्यो, चन्द्र सूर्यको जत्तिकै यसको चहक थियो, सर्पको जस्तो आकार परेका ध्वजा लटकिराखेका थिए, यसको गुम्मज खूब राम्रो थियो, सुनै सुनको जाली लागेको थियो, यी सबै चीजले गर्दा यो रथ बडो रमणीय देखिएको थियो र आफ्नो सौन्दर्य्य देखेर आफैं हाँस्नलागेको जस्तो भान हुन्थ्यो । रावणको आज्ञाले यस किसिमको रथमा सवार भई, विशाल सेना आफ्नो साथमा लिईकन प्रहस्त झट्टै लङ्काबाहिर निस्किहाल्यो । यस समयमा मेघ गर्जेको जस्तो आवाज गरेर नगारा बज्न थाल्यो र अरू अरू थरीका बाजाका शब्दले युद्धभूमिलाई नै गुञ्जायमान गराइदियो ॥२३-२८॥

सेनापतिले प्रस्थान गरेपछि शङ्ख बजेको आवाज सुनिनलाग्यो र बडो चर्को स्वरले गर्जंदै राक्षसहरू सेनापतिको अघिअघि हिंड्नलागे ॥२९॥ प्रहस्तको अघिअघि हिंड्ने राक्षसहरू बडेमानको शरीर र डरलाग्दो अनुहार परेका थिए । नारान्तक, कुम्भहनु, महानाद, समुन्नत यी प्रहस्तका मन्त्रीहरू उसलाई घेरेर लङ्काबाहिर आए ॥३०॥ हातीको बथान जस्तै देखिने बडे विशाल फौज साथमा लिएर तथा दुर्भेद्य व्यूह बनाएर प्रहस्त लङ्काको पूर्व ढोकाबाट निस्क्यो ॥३१॥ खूब ठूलो फाँट भएको समुद्र जस्तै देखिनलागेको फौज साथमा लिएर, प्रलयकालका यमराजझैं झोंकिंदै प्रहस्त संग्राममा जान्न भनी निस्क्यो ॥३२॥ प्रहस्तले प्रस्थान गर्दा यसको साथमा जानलागेका राक्षसहरूले यस्तो कडा आवाज गर्नलागे कि त्यस आवाजलाई सुन्दैखेरिमा लङ्कावासी सबै प्राणीहरू बडो चर्को स्वर

झिकेर चिच्च्याउन थाले ।।३३।। बादल नभएको आकाशमा गिद्ध आदि गरिएका मांसाहारी चराहरू रथको माथिमाथि देब्रेपट्टिबाट मण्डल बनाएर घुम्नलागे ।।३४।। मुखबाट आगोको ज्वाला झिकेर शृगालीहरू भयानक आवाज गर्नलागे, आकाशबाट पुच्छ्रेतारा खस्नलाग्यो र रूखो हावा चल्न थाल्यो ।।३५।। एउटाले अर्कोलाई ग्रास गर्न लागेको हो कि जस्तो भएर सूर्य आदि गरिएका ग्रहहरूको प्रकाश धमिलो हुनलाग्यो । मेघ रूखो स्वर झिकेर गर्जंदै, राक्षससेनापतिको रथमाथि रगत-को वृष्टि र प्रहस्तको अघिअघि हिंडिराखेका राक्षसहरूलाई रगतै रगतले भिजाउनलाग्यो । रथको ध्वजामाथि दक्षिणपट्टि मुख फर्काएर गिद्ध बस्न पुग्यो र आफ्नो चुच्चोले दुवैपट्टिको पखेटा खोस्रन थाल्यो । यस प्रकारसंग यस गिद्धले प्रहस्तको जम्मै शोभा नष्ट गरिदियो अर्थात् झण्डामाथि बसेर प्रहस्तको पराजय हुने सूचना दियो ।

अनेक संग्राममा विजय प्राप्त नगरी नफर्केका घोडालाई तालीम गर्ने सारथिहरूको हातबाट सेना-भित्र प्रवेश गर्नासाथ चाबुक वारंवार खस्नलाग्यो । प्रस्थानकालमा प्रकाशमान तथा दुर्लभ जुन सौन्दर्य्य देखिएको थियो त्यो छिनको छिनैमा नष्ट भइगो । सम्म परेको जग्गामा समेत घोडाहरूको खुट्टा चिप्लिन-लाग्यो । विख्यात गुण र पुरुषार्थले युक्त भएको प्रहस्तलाई शहरबाहिर निस्केको देख्नासाथ वानरी सेना रूख ढुङ्गा आदि गरिएका नाना प्रकारका अस्त्र लिएर रणभूमिमा लड्नको निम्ति तय्यार भइहाल्यो ।।३६-४०।।

रूख उखेल्ने तथा गह्रौं गह्रौं ढुङ्गा उचाल्ने वानरहरूमा यस समयमा बडो डरलाग्दो आवाज हुन लाग्यो ।।४१।। यता राक्षसहरू उता वानरहरू गर्जनलागेका थिए । दुवैपट्टिका सैनिकहरू युद्ध गर्न पाएकोमा खुशी भइराखेका थिए ।।४२।। युद्ध गर्नामा समर्थ भएका, फूर्तिला, परस्पर एउटाले अर्कोको वध गर्ने इच्छा गरेका दुवैपट्टिका बीर योद्धाहरू आफ्नो शत्रुलाई लड्नाको निम्ति हाँक दिन लागेका थिए । यस समयया यिनीहरूको यही आवाज मात्र सुनिनलागेको थियो ।।४३।।

जसरी फठ्यांग्रा मर्ने इच्छाले आगोमा प्रवेश गर्दछन् त्यसै गरी यो मूर्ख प्रहस्तले पनि विजय गर्छु भनेर बडो वेगसंग सुग्रीवको सेनातिर बढेर वानरहरूको फौजमा प्रवेश गर्‍यो ।।४४।।

सर्ग—५८

नीलको हातबाट प्रहस्त मारिन्छ ।

प्रहस्तलाई युद्धको निम्ति तैयार परेर लङ्काबाहिर निस्केको देख्ता शत्रुको दमन गर्ने रामचन्द्रजी हाँसेर विभीषणलाई सोध्नलागे ।।१।। यो बडेमानको शरीर भएको राक्षस को हो जो कि विशाल सेना लिएर छिटो छिटो आउनलागेको छ ? यसको रूप, बल, पुरुषार्थ कस्तो छ मलाई भन ।।२।। हे महाबाहो ! मलाई यो पराक्रमी निशाचरको जम्मै वृत्तान्त सुनाऊ ।

रामचन्द्रको यस्तो कुरा सुनेपछि विभीषण भन्नलागे ।।३।। यो रावणको सेनापति प्रहस्त नाम

गरेको राक्षस हो । लङ्कामा रावणसित जति फौज छ त्यसको तीन खण्डको एक खण्ड यसको अधीनमा छ । यो बलियो, शूरो, अस्त्र शस्त्रको प्रयोग जान्ने र पराक्रम देखाउनामा प्रसिद्ध छ ॥४॥

यसपछि बलिया बलिया वानरहरूको विशाल सेनाले डरलाग्दो पराक्रम देखाउने; बडेमानको शरीर भएको, भयलाग्दो, चारैतिरबाट राक्षसहरूले घेरिराखेको, प्रहस्तलाई सिंहनाद गर्नलागेको देखे । यी वानरहरू यसको फौज देख्तैमा अत्यन्त क्रुद्ध भई प्रहस्ततिर फर्केर गर्जनलागे ॥५–६॥ विजयको अभिलाषा राखेका राक्षसहरू तरवार, शक्ति, ऋष्टि, बाण, शूल, मुसल, गदा, परिघ, प्रास, नाना किसिमका बञ्चरो तथा किसिम किसिमका धनु धारण गरेर वानरहरूमाथि आक्रमण गर्नलागे । यी अस्त्रहरूले गर्दा राक्षसहरू बडो शोभायमान भइराखेका थिए ॥७–८॥ युद्धको निम्ति उत्साहित भइराखेका वानरहरू पनि फूल फुलिराखेका रूख, पर्वत तथा ठूला ठूला ढुङ्गा बोकेर लड्न तय्यार भए ॥९॥ एकापट्टिका योद्धाहरूले ढुङ्गाको र अर्कोपट्टिकाले बाणको वृष्टि गर्नलागेकोले यी दुवै सेनाको बीचमा बडो भयङ्कर युद्ध हुन थाल्यो ॥१०॥ संग्राममा अनेक राक्षसहरूले असंख्य वानरहरूलाई मारे र अनेक वानरहरूले पनि अनगिन्ती राक्षसहरूको संहार पारे ॥११॥ वानरहरूमध्ये कईएक राक्षसहरूको शूलको प्रहारले मरे, कोही अरू अरू अस्त्रद्वारा मारिए, कसै कसैले घुयेंत्रोको चोटमा प्राण गुमाउनुपर्‍यो र कसै कसैको टाउको बञ्चरोको प्रहारले छुट्टिन पुग्यो ॥१२॥ कोही प्राण गुमाएर पृथ्वीमा ढले, कसैको मुटु नै फुट्यो, कोही कोही शरीरमा बाण बिझेकोले भूइँमा लडे ॥१३॥ कोही तरवारको चोटले काटिएर ढुन्मुनिंदै भूइँमा ढले । वीर राक्षसहरूले कईएक वानरहरूको पाखुरै उखेलिदिए ॥१४॥ वानरहरूले पनि रिसले चूर भईकन रूख तथा पर्वतहरूको टाकुराको प्रहार गरी गरीकन राक्षसहरूलाई रणभूमिमा धूलो पीठो पारिदिए ॥१५॥ वानरहरूको वज्रसमानको साह्रो चड्कन तथा घुस्सीको खूब मार परेकोले राक्षसहरू मुखबाट रगत बान्ता गर्नलागे र दांत आँखा बाहिर निकालेर भूइँमा ढल्दै मर्नलागे ॥१६॥ वानर र राक्षसहरूले दुःखमा परेकोले आर्त्तनाद गरेको र विजय हुनलागेको देख्ता सिंहनाद गरेको आवाज बडो भयङ्कर रूपले गुञ्जायमान हुन थाल्यो ॥१७॥ वीरमार्गको अवलम्बन गरेका, झोंक्किइराखेका र मुख बाइराखेका वानर तथा क्रूर राक्षसहरू निर्भयपूर्वक युद्धमा अचम्मको काम गर्नलागे ॥१८॥

नारान्तक, कुम्भहनु, महानाद र समुन्नत यी प्रहस्तका मन्त्रीहरू अनेक वानरको संहार गर्नलागे ॥१९॥ परन्तु द्विविद नाम गरेको वानरले यी मन्त्रीहरूले यस प्रकारसंग उफ्रँदै वानरहरूको संहार गर्नलागेको देखेपछि एउटा पर्वतशिखरको प्रहार गरेर नारान्तकलाई मारिदियो ॥२०॥ यसपछि दुर्मुख नाम गरेको वानरले उठेर एउटा विशाल रूख उखेलेर बडो फूर्तिसाथ लडिराखेको समुन्नतलाई चूर्ण पारिदियो ॥२१॥ जाम्बवान्ले रिसले झोंक्किएर एउटा खूब ठूलो ढुङ्गा उठाए र त्यो ढुङ्गा यी तेजस्वीले महानादको छातीमा हिर्काएर उसलाई ढालिदिए ॥२२॥ पराक्रमी कुम्भहनु तार नाम गरेको वानरसित लड्नलाग्यो र यी वानरले युद्धमा त्यसमाथि एउटा ठूलो रूखको प्रहार गरेर उम्रिखेरै उसको प्राण झिकिदिए ॥२३॥

रथमा बसिराखेको प्रहस्तलाई वानरहरूको यो पुरुषार्थ देख्ता खपिनसक्नु भयो र उत्रिखेरै हातमा धनु लिएर वानरहरूको घोर विनाश पार्नलाग्यो ॥२४॥ दुवैपट्टिका सैनिकहरूले बडो वेगसंग यताउति गर्नलागेकोले यिनीहरूको ढाँचा भुमरीको जस्तो देखिनलाग्यो र यिनीहरूको हल्लीखल्लीको आवाज प्रलयकालमा खलबलिइराखेको अपार समुद्रको जस्तो सुनिनलाग्यो ॥२५॥ युद्धमा कसैले दबाउन नसक्ने प्रहस्त राक्षस अत्यन्त क्रुद्ध भईकन रणभूमिमा बाणको वृष्टि गरेर वानरहरूलाई मार्न-लाग्यो ॥२६॥ वानर र राक्षसहरूको लाशले भरिभराउ भइराखेको त्यहाँको जमीन ठूला पर्वतले ढाकिएको पृथ्वीसमान देखिनलाग्यो ॥२७॥ त्यहाँको जमीन, रगतै रगतले ढाकिएकोले वसन्त ऋतुमा फूल फुलिराखेको पलासका रूखले जस्तो शोभा दिन्छन्, त्यस्तै शोभायमान भइराखेको थियो ॥२८॥ यो युद्धभूमि एउटा नदीसमान देखिनलागेको थियो, मरेका वीरहरूको लाश किनारा र भाँचिएका कुच्चिएका अस्त्र शस्त्र किनाराका रूख जस्तै भइराखेका थिए। रगतको धारा जलधारासमान थियो; यस प्रकारको यो नदी यमसागरमा गएर मिसिने जस्तो देखिनलागेको थियो, यकृत् (दाहिने कोखाको मासु) प्लीह (देब्रे कोखाको मासु) यी दुवै हिलोसमान थिए, यताउति छरिएका आन्द्रा झ्याउसमान थिए; काट्टिएको शरीर र टाउको माछासमान र शरीरका रौं घाँससमान थिए; गिद्ध यस नदीका हाँस र कङ्करूपी चरा यहाँका सारस थिए; वीरहरूको बोसो यसको फिंज र दुःखमा परेका वीरहरूको आर्त्त स्वर पानीको शब्द हो; काथरहरूले युद्धभूमिरूपी यस नदीलाई पार गर्न सक्तैनथे; जसरी शरत्कालमा हाँस सारसले सुशोभित भइराखेको, कमलको परागले भरिभराउ भएको तलाउलाई गजेन्द्रहरूले पार गर्दछन् त्यसै गरी अहिले वानर र राक्षसवीरहरू सजिलोसंग पार गर्न नसकिने यस रणरूपी नदीलाई पार गर्नलागेका थिए ॥२९-३३॥

यसपछि नील नाम गरेको वानरले, रथमा बसेर बाणको वृष्टि गर्दै बडो वेगसंग प्रहस्तलाई वानरहरूको संहार पार्नलागेको देख्यो ॥३४॥ जसरी माथि आकाशमा उठेको हावा बलपूर्वक मेघ भएको ठाउंमा पुग्दछ त्यसै गरी नीललाई रणभूमिमा आफूतिर आउनलागेको देखेपछि सेनापति प्रहस्त पनि सूर्यसमानको चहकिलो रथ चलाएर नीलको सन्मुख आइपुग्यो। धनुर्धारीहरूमध्येको श्रेष्ठ यो प्रहस्त सेनापति आफ्नो बडेमानको धनु तानेर नीलमाथि बाणको वर्षा गर्नलाग्यो। यसको हातबाट छुटेका यी तीखा तीखा बाणहरू नीलनेर पुगेपछि क्रुद्ध सर्पले पृथ्वीमा प्रवेश गरेझैं उसको शरीरलाई छेड्दै धमाधम भूइँमा झर्नलागे। नील महाकपिले पनि आगोसमानका तथा तीखा तीखा यी बाणको चोट खपेर एउटा बडेमानको रूख उखेली आफूतिर आइराखेको दुर्धर्ष प्रहस्तमाथि प्रहार गरिहाल्यो ॥३५-३९॥ नीलको हातबाट घाइते भएपछि राक्षसश्रेष्ठ प्रहस्त रिसले चूर भएर गर्जंदै वानरहरूको सेनामाथि बाणको वर्षा गर्नलाग्यो ॥४०॥ यस दुरात्मा राक्षसको बाणलाई नीलले रोक्न सकेन अतएव जसरी शरत् कालमा साँढेले वर्षालाई खप्तछ त्यसै गरी यो नील पनि आँखा चिम्लेर छिटोसँग आफ्नो शरीरमा लागिराखेका, सहन नसकिने, प्रहस्तका यी बाणको चोट खप्नलाग्यो ॥४१-४२॥

यस पछि बाणवृष्टिले गर्दा क्रुद्ध भएको महाबली नीलले एउटा ठूलो शालको रूख उखेल्यो र यही रूखको प्रहार गरेर प्रहस्तको रथमा जोतिएका घोडालाई मारिदियो र अनि फेरि रिसै रिसले त्यस दुरात्मा प्रहस्तको धनु बलजफ्तीसँग खोसेर भाँचिदियो र धनु भाँचिसकेपछि नील बारंबार सिंहनाद गर्नलाग्यो ॥४३-४४॥ नीलले आफूलाई धनुहीन गराएको देखेपछि सेनापति प्रहस्त एउटा अजङ्को मुसल लिएर रथबाट तल भूइँमा ओह्लर्यो ॥४५॥ अब यी दुवै सेनापति परस्पर युद्ध गर्न-लागे; यी बडा फुर्तिला र महावैरी थिए। घाउबाट निस्केको रगतले यिनको शरीर भिजिराखेको थियो। यस समयमा यिनीहरू माद बगाइराखेका दोटा गजेन्द्रसमान देखिनलागेका थिए ॥४६॥ सिंह र बाघसमानका पराक्रमी यी दुवै बाघ र सिंहले गरेझैं तीखा तीखा दाँतले आफूआफूमा टोकाटोक गर्नलागे ॥४७॥ इन्द्र र वृत्रासुरमा जस्तो युद्ध भएथ्यो त्यस्तै युद्ध यिनीहरूमा हुनलाग्यो। आफ्नो पराक्रमद्वारा विजयको यश प्राप्त गर्ने चाहना गरेका यी दुवै संग्राममा कहिले पनि पिठिउँ नदेखाउने अर्थात् नभाग्ने किसिमका थिए ॥४८॥

युद्ध गर्दा गर्दैमा महाबली प्रहस्तले नीलको टाउकोमा मुसलको एक प्रहार गर्‍यो र यस प्रहारले गर्दा नीलको टाउकोबाट रगतको धारा बग्नलाग्यो ॥४९॥ जम्मै शरीर रगतले भिजिराखेको नीलले पनि रिसले मुर्मुरिंदै एउटा बडेमानको रूख उठाएर प्रहस्तको छातीमा हिर्कायो ॥५०॥ यस चोटको केही वास्तै नराखेर फेरि एउटा ठूलो मुसल लिएर महाबली नीलमाथि बडो जोरसँग जाइलाग्यो। झोंकिराखे-को प्रहस्तलाई वेगसँग आफूनेर आउनलागेको देखेपछि फुर्तिलो नीलले एउटा खूब ठूलो ढुङ्गा उठायो र युद्ध गर्ने इच्छा भएको, मुसल चलाएर युद्ध गर्ने प्रहस्तले मुसलको प्रहार गर्न नपाउँदैमा नीलले त्यो ढुङ्गा उसमाथि पट्किदियो। कपिश्रेष्ठ नीलको हातबाट छुटेको यस ठूलो ढुङ्गाले प्रहस्तको टाउको-लाई चकनाचूर पारिदियो ॥५१-५३॥ जसरी जरा काटिएको रूख भूइँमा ढल्दछ त्यसै गरी यो प्रहस्त पनि प्राणरहित, शोभाहीन तथा सबै इन्द्रियहरू लोप भएर भूइँमा लड्यो ॥५४॥ जीउदेखि छुट्टिएको प्रहस्तको टाउको र शरीरबाट पर्वतबाट पानीको झरना झरेझैं रगतको धारा बग्नलाग्यो ॥५५॥

यस प्रकारसँग नीलको हातबाट प्रहस्तको मृत्यु भएपछि कसैद्वारा कम्पायमान हुन नसक्ने राक्षसहरूको विशाल सेना दिक्दारीमा परेर लङ्कातिर लाग्यो ॥५६॥ जसरी बाँध फुटेपछि जम्मै जल बगेर जान्छ त्यसै गरी सेनापति मारिएपछि बाँकी बचेको यसको फौज युद्धमा अड्न नसकेर भाग्न थाल्यो ॥५७॥ सेनापति प्रहस्त मारिएपछि यी राक्षसहरू सबै उद्यम छोडेर राक्षसराज रावणको घरमा आई, ध्यान गर्नलागेको मानिसझैं, मौन धारण गरेर उभिइरहे। यस समयमा यिनीहरू शोकले गर्दा मूर्च्छा पर्ने जस्तो भइराखेका थिए ॥५८॥

यता महाबली सेनापति नील युद्धमा विजय भएकोले मनमा अतिशय प्रसन्न भएर राम लक्ष्मण-नेर आयो र सबैले यसको वीरताको खूबै प्रशंसा गरे ॥५९॥

५८

सर्ग—५९

रावण स्वयं युद्ध गर्न जान्छ र हारेर फर्कन्छ ।

वानर सेनापतिको हातबाट संग्रामभूमिमा राक्षसहरूको सेनापति प्रहस्त मारिएपछि राक्षसराज रावणको अस्त्र शस्त्र धारण गर्ने, भयङ्कर, समुद्रको जस्तै वेग भएको फौज भाग्न थाल्यो ॥१॥ लङ्कापुरीमा रावणको नजीक पुगेपछि राक्षसहरूले अग्निपुत्र नीलको हातबाट आफ्नो सेनापतिको मरण भएको वृत्तान्त सुनाए ॥२॥ युद्धमा प्रहस्त मारिएको कुरा सुन्दैमा रावणलाई बहुतै रिस उठ्यो र मनमा अलि खिन्न भएर जसरी इन्द्र आफ्ना सेनापतिहरूलाई आज्ञा दिन्छन् त्यसै गरी राक्षस सेनापतिहरूलाई अह्राउनलाग्यो ॥३॥ इन्द्रलाई समेत जित्ने मेरो सेनापतिलाई जसले उसका साथी तथा हात्तीहरूको साथसाथै मारिदियो त्यस्ता शत्रुको विषयमा अब लापरवाही गर्नु ठीक छैन ॥४॥ तसर्थ शत्रुलाई विनाश गर्नाका लागि तथा विजय प्राप्त गर्नाको निम्ति अब म आफैं अद्भुतको संग्रामस्थलमा जान्छु, यसमा शोच विचार गर्नुपर्ने केही कुरा छैन ॥५॥ जसरी बल्दो आगोले वनलाई डढाएर ध्वस्त पारिदिन्छ त्यसै गरी म पनि आज राम लक्ष्मणको साथसाथै त्यस वानरी सेनाको संहार गरिदिन्छु ॥६॥

यति भनिसकेपछि आगोसमानका चहकिला उत्तम घोडा जोतिएको, आफ्नो शरीरको तेजले प्रकाशमान भइराखेको रथमा, अमरराज इन्द्रको शत्रु रावण चढ्यो ॥७॥ यस समयमा शङ्ख, भेरी, ढोलक बज्नलागे; वीर सैनिकहरू आफ्नो हातले ताल ठोक्नलागे र आफ्नो आफ्नो सामर्थ्यको वर्णन गर्दै सिंहनाद गर्न थाले । पवित्र स्तुतिहरूद्वारा पूजित हुनलागेको राक्षसराज रावणले पनि झट्टै युद्धका लागि प्रस्थान गरिहाल्यो ॥८॥ पर्वत र मेघसमानका विशाल शरीर भएका, काँचो मासुको आहार गर्ने, आगो जत्तिकै टल्कने आँखा भएका राक्षसहरूद्वारा घेरिएको रावण, भूतहरूले घेरिराखेका अमरनाथ रुद्र भगवान् जस्तै देखिनलागेको थियो ॥९॥ महाबली रावणले लङ्काशहरबाट बाहिर निस्कनासाथ वानरहरूको डरलाग्दो फौज देख्यो । यो फौज समुद्र तथा मेघ गर्जेझैं गर्जिराखेको थियो र यसका सैनिकहरू हात हातमा रूख र पर्वत लिएर युद्ध गर्न भनी तैयार परिराखेका थिए ॥१०॥

यता सर्पको जस्तो हात भएका रामचन्द्रजी प्रचण्ड राक्षसी सेनालाई आउनलागेको देखेपछि शस्त्रधारीहरूमध्येका श्रेष्ठ विभीषणलाई भन्नलागे, यस मौकामा अतिशय राम्रो अनुहार भएका रामचन्द्र आफ्नो फौजको हेर विचार गर्न भनी चारैतिर घुमिराखेका थिए ॥११॥ नाना प्रकारका ध्वजा, पताका, र छत्रले सुशोभित भइराखेको, निर्भय राक्षसहरूले युक्त भएको यो फौज कसको हो ? यस फौजका सैनिकहरूले प्रास, तरवार, शूल आदि गरिएका अस्त्र लिएका छन् र इन्द्रका ऐरावत जस्ता हात्ती यहाँ देखिन्छन् । कसैले पनि विचलित पार्न नसक्ने यो सेना कसको हो ? ॥१२॥

इन्द्रसमानका पराक्रमी विभीषण रामचन्द्रको यो कुरा सुनेपछि महाबली महात्मा राक्षसहरूको सर्वश्रेष्ठ यस सेनाको परिचय उनलाई दिनलागे ॥१३॥ हे राजन् ! बिहानीपखका उदय हुनलागेका

सूर्य भगवान्को जस्तो रातो मुख भएको, हात्तीमा सवार भइराखेको, हात्तीको मस्तकलाई कमाउनलागेको जुन महात्मालाई तपाईं देख्नलाग्नुभएको छ त्यसलाई अकम्पन भन्ठान्नुहोस् (क) ॥१४॥ सिंहको निशानी भएको रथमा सवार भइराखेको आफ्नो धनुलाई वारंवार कम्पायमान गराइरहने, हात्तीको जस्तै तीखो र लामो दाँत भएको यो इन्द्रजित् हो, वर पाएकोले यो राक्षसहरूमध्ये श्रेष्ठ भइराखेको छ ॥१५॥ विन्ध्याचल, अस्ताचल र महेन्द्राचलसमानको शरीर भएको, रथमा बसिराखेको यो धनुर्धारी बडो वीर तथा अतिरथमा गणना भएको, अतिशय विशाल शरीर हुनाले अतिकायको नामले प्रख्यात छ । यो आफ्नो अतुल प्रभाव भएको धनुमा टङ्कार दिइरहेको छ ॥१६॥ बिहानीपखको सूर्यको जस्तै राता आँखा भएको, घण्टाको जस्तै आवाज निकालिरहेको, क्रूर हात्तीमा सवार भएर गर्जिरहेको यो वीर मनस्वीको नाम महोदर हो ॥१७॥ सुनै सुनको गहनाले सिंगारिएको घोडामा सवार भइराखेको, सन्ध्याकालको मेघ र पर्वतसमानको शोभाले युक्त भएको, खूब टलक भएको प्रास हातमा लिइरहने यस राक्षसको नाम पिशाच हो । वज्रको जस्तै यसको वेग छ ॥१८॥ चन्द्रमा जस्तै स्वच्छ गोरूमा सवार भएर आइरहेको यो यशस्वी त्रिशिरा नामको राक्षस हो, यसले बिजुलीको जस्तै टलक भएको तीखो शूल हातमा लिइराखेको छ, यस शूलको सामुन्नेमा वज्रको वेगसम्म पनि तुच्छ देखिन्छ ॥१९॥ मेघको जस्तै रूप भएको, वाक्लो ठूलो र राम्रो छाती भएको यो वीर कुम्भ नाम गरेको राक्षस हो । यसको रथको ध्वजामा सर्पराजको चिह्न देखिएको छ र यो आफ्नो धनुमा टङ्कार दिंदै तथा यसलाई कम्पायमान गराउँदै आइरहेको छ ॥२०॥ राक्षसी सेनाको पताका जस्तै भएको यो निकुम्भ हो । यसले सुन, हीरा र नील जडिएको, खूब टल्कने परिघ धारण गरेको छ र यो बडो विचित्रको लडाइँ लड्न जान्ने वीर हो ॥२१॥ धनु, तरवार र बाणै बाणले भरिपूर्ण भएको, पताका युक्त, आगो जस्तै टल्कने रथमा जो वीर बसेको देखिन्छ त्यसको नाम नरान्तक हो, यो पर्वतका टाकुराहरूसित लड्ने योद्धा हो ॥२२॥ नाना प्रकारको डरलाग्दो अनुहार भएका बाघ, ऊँट, हात्ती; हरिण तथा घोडाको जस्तो मुख परेका भूतहरूको बीचमा आँखा ठूला ठूला पारेर बसिरहेको यो देवताहरूको अहङ्कारलाई चूर्ण पार्ने हो ॥२३॥ जहाँ चन्द्रमाको जस्तो स्वच्छ, मसिनो कमानी भएको छाता शोभित भइराखेको छ त्यहाँ मनस्वी राक्षसराज बसेको छ, भूतहरूको बीचमा बसेका शिवजीको जस्तै यसको शोभा देखिनलागेको छ ॥२४॥ किरीट तथा चञ्चल कुण्डल धारण गर्ने, हिमालय र विन्ध्याचलको जस्तै भयङ्कर आकार परेको, यमराज र इन्द्रको गर्व नष्ट गर्ने यो राक्षसराज रावण सूर्यसमान प्रकाशमान भइरहेको छ ॥२५॥

यो सब बयान सुनिसकेपछि शत्रुहन्ता रामचन्द्र विभीषणलाई भन्नलागेः—ओहो ! राक्षसराज रावण ता साँची नै बडो तेजस्वी रहेछ ॥२६॥ किरणले गर्दा टल्कने सूर्यतिर जसरी कसैले हेर्न सक्तैन त्यसै गरी तेजले रावणको रूप पनि साफसाफ देखिएको छैन ॥२७॥ राक्षसराजको जस्तो रूप देखिनलागेको छ, त्यस्तो रूप ता देववीर तथा दानववीरको पनि होला जस्तो लाग्दैन ॥२८॥ महात्मा

(क) यो कुनै अर्कै अकम्पन होला, किनकि एउटा अकम्पनको मृत्यु भएको वर्णन माथि भइसकेको छ ।

रावणका सबै योद्धाहरू पर्वतसमानका अग्ला, सबैले चहकिलो अस्त्र धारण गरेका र सबै पर्वतसंग युद्ध गर्न सक्ने किसिमका छन् ॥२९॥ देख्तैमा भय उत्पन्न गराउने ठूलो तेज भएका, तीक्ष्ण शरीरवाला राक्षसहरूको बीचमा बसेकोले, भूतहरूले घेरिएका यमराजको जस्तै यस राक्षसराजको शोभा भइराखेको छ ॥३०॥ यो पापी आज मेरो नजरको सामुन्ने पर्नु बडो बेश कुरा भयो, आज म यसमाथि सीता-हरणको रिसको प्रहार गर्ने हुँ ॥३१॥ यति भनिसकेपछि प्रतापी रामचन्द्र धनु तथा उत्तम उत्तम बाण लिएर लक्ष्मणलाई साथैमा राखी, युद्धको निम्ति तय्यार भए ॥३२॥

उता मनस्वी रावणले पनि आफ्ना महाबली राक्षसहरूलाई तिमीहरू मनमा केही शङ्का नलिई लङ्काको ढोकामा, सडकको बगलको घरघरमा आनन्दसंग डटिराख भन्ने आज्ञा दियो ॥३३॥ यहाँ मेरो संगमा तिमीहरू सबै आइराखेका छौ यो हाम्रो कमजोरी थाहा पाउनासाथ यी बानरहरू जम्मा भई, प्रवेश गर्न नसकिने वीरशून्य लङ्कापुरीभित्र पसी उपद्रव मचाउनेछन् ॥३४॥

मन्त्रीहरूलाई यस प्रकारसंग बिदा गरिसकेपछि तथा आज्ञा पालनको निम्ति यिनीहरू गइसकेपछि स्वयं रावण, ठूला ठूला माछा आदि गरिएका जलजीवले भरिपूर्ण भइराखेको महासमुद्रसमानको विशाल वानरी सेनामा खल्बिबली पार्नलाग्यो ॥३५॥

प्रदीप्त बाण र धनु लिएर राक्षसराज रावणलाई युद्धभूमिमा अकस्मात् आफूतिर आउनलागेको देखेपछि वानरराज सुग्रीव पनि पर्वतको एउटा बडेमानको टाकुरा उचालेर त्यसमाथि जाइलागे ॥३६॥ अनेक रूख उम्रिराखेको यो पर्वतको टाकुरा उठाएर यिनले राक्षसमाथि चलाइहाले । यो पर्वतको शिखर अकस्मात्संग आफूतिर आउनलागेको देखेपछि रावणले पनि सुनै सुनले सजिसजाउ भएको बाण चलाएर त्यसलाई टुक्रा टुक्रा पारिदियो ॥३७॥ रूखै रूख भएको यो बडेमानको पर्वतको टाकुरा चूर्ण भएर भूइँमा खसेपछि राक्षसराजले महासर्पको आकार परेको र मृत्युसमान देखिने एउटा बाण आफ्नो धनुमा चढायो ॥३८॥ रिसमा परेको रावणले सुग्रीवलाई मार्ने मनसायले इन्द्रको वज्रको जत्तिकै वेग भएको, वायुसमान छिटो जाने र बल्दो फिलिङ्गो निकाल्ने हुनाले, आगोको जस्तो प्रकाश भएको बाण चलाइहाल्यो ॥३९॥ रावणको हातबाट छुटेको, इन्द्रको वज्रसमानको कठोर स्पर्श भएको यस बाणले सुग्रीवको शरीरमाथि पर्नासाथ, जसरी कार्त्तिकेयले चलाएको शक्तिले क्रौञ्च पर्वतलाई छेडेथ्यो त्यसै गरी यिनको छाती छेडिदियो ॥४०॥ वीर बानरराज सुग्रीव रावणको बाणको चोटमा पर्नासाथ विह्वल भएर आर्तनाद गर्दै भूइँमा ढलिहाले । यिनलाई पृथ्वीमा बेहोश परेर ढलेको देख्ता राक्षसहरू युद्धभूमिमा बडो प्रसन्नतासाथ गर्जन थाले ॥४१॥

यसपछि गवय, गवाक्ष; सुषेण, ऋषभ, ज्योतिर्मुख र नल नाम गरेका विशाल शरीर भएका वानरहरू ठूला ठूला ढुङ्गा लिई लिईकन रावणको सन्मुख दगुर्नलागे ॥४२॥ रावणले सयकडौं तीखा तीखा बाण चलाएर यी सबैको प्रहारलाई निष्फल गराइदियो र सुनै सुनले मोरिएका बाणको वृष्टि गरेर यी वानर सेनापतिहरूलाई छिया छिया पारिदियो । डरलाग्दो शरीर भएका यी वानरहरू देवशत्रु

रावणका बाणको चोटले गर्दा शरीर विदीर्ण भएकोले पृथ्वीमा ढल्नलागे ।।४३।। यसपछि रावण धुम्राको धुम्रा बाण चलाएर, उग्र स्वभाव भएका वानरहरूको फौजलाई नै ढाकुँला जस्तो गर्नलाग्यो । रावणको बाणको चोट पर्नाले कोही वानर मरे, कोही भूइँमा ढले र कोही वीरहरू भय तथा बाणको चोटले विह्वल भएर आर्त्तनाद गर्दै शरणागतको रक्षा गर्ने रामचन्द्रनेर शरण पर्न गए ।।४४।। वानरहरूलाई शरण पर्न आएको देख्नासाथ धनुर्धारी महात्मा रामचन्द्र हातमा धनु लिएर झटपट रावणको सन्मुख जान तय्यार भए ।

यस मौकामा लक्ष्मण हात जोरेर रामचन्द्रजीलाई यी सत्य कुरा भन्नलागे ।।४५।। हे आर्य ! यस दुष्टलाई मार्न म नै समर्थ छु, मलाई यसको वध गर्ने इच्छा लागेको छ. तसर्थ हे प्रभो ! मलाई यस कामको निम्ति आज्ञा दिनुहोस् ।।४६।।

यो कुरा सुनेपछि सत्यपराक्रमी महातेजस्वी रामले उनलाई भने—हे लक्ष्मण ! जाऊ, तर युद्धमा बडो होशियारीसंग काम गर ।।४७।। रावण बडो बलियो छ र युद्धमा अचम्मको पराक्रम देखाउन सक्तछ, रिस उठेको खण्डमा तीनै लोकका प्राणीले मिलेर पनि यसको केही बिगार गर्न सक्तैछैनन् , यसमा सन्देह गर्नुपर्ने केही कुरो छैन ।।४८।। उसको कमजोरी तथा आफ्नो कमजोरीपट्टि दृष्टि दिंदै रहे । प्रहार गर्ने मौकामा शत्रुमाथि दृष्टि राखे र हरहमेशा धनुमा बाण चढाएर बडो सावधानीसंग आफ्नो रक्षा गर्दै रहे ।।४९।।

रामचन्द्रका यी कुरा सुनेपछि लक्ष्मण उनको आलिङ्गन, पूजन तथा अभिवादन गरेर युद्धको निम्ति हिंडे ।।५०।।

युद्धभूमिमा आएपछि लक्ष्मणले देखे कि रावणको आकार हात्तीको सूँड जस्तो रहेछ, अतिशय ठूलो चहक भएको, भयङ्कर धनु हातमा लिएर निरवच्छिन्न बाणको वृष्टि गर्दै वानरहरूलाई छोपुँला जस्तो गर्नलागेको रहेछ र वानरहरू पनि बाणको चोटले शरीर छिया छिया परेकोले धमाधम भूइँमा ढल्नलागेका रहेछन् ।।५१।। यही मौकामा लक्ष्मणलाई अगाडि आउनलागेको देख्ता वायुपुत्र महातेजस्वी हनुमान् बाणसमूहलाई पन्छाउँदै रावणको सन्मुख खडा भइहाले ।।५२।। रावणको रथको नजीक पुगेपछि बुद्धिमान् हनुमान्‌जी दाहिने हात उठाएर राक्षसको मनमा त्रास पर्ने गरी भन्नलागे ।।५३।। वरदानको प्रभावले तिमी देवता, गन्धर्व, दानव, यक्ष र राक्षसहरूबाट नमर्ने भएका छौ, तर वानरहरूदेखिको डर ता तिमीलाई छँदै छ ।।५४।। पाँच औंला भएको, मैले उजाइराखेको मेरो यस दाहिने हातले धेरै कालदेखि तिम्रो शरीरभित्र रहेको प्राणलाई बाहिर झिकिदिनेछ ।।५५।।

डरलाग्दो पराक्रम देखाउन सक्ने, रिसले आँखा राता राता पारेको रावण हनुमान्‌का यी कुरा सुनेपछि उनलाई भन्नलाग्यो ।।५६।। निःशङ्क भएर झट्टै मेराउपर प्रहार गरिहाल, यस प्रहारले गर्दा तिमी स्थायी कीर्ति पाउनेछौ । हे वानर ! यस प्रकारसँग तिम्रो पराक्रमको परीक्षा गरेपछि म पनि तिम्रो संहार गरिदिनेछु ।।५७।। रावणको यो कुरा सुन्दा वायुपुत्रले भने—मेरो पराक्रम जान्नाको केही

आवश्यकता छैन, जान्ने नै मन छ भने पहिले मेरो हातबाट मरेको आफ्नो छोरो अक्षकुमारलाई संझ ॥५८॥

हनुमान्को मुखबाट यी कुरा निस्कनासाथ तेजस्वी, महाबली, राक्षसराज रावणले वायुपुत्रको छातीमा एक घुस्सा लगायो । घुस्साको चोट पर्नासाथ हनुमान् थरथर काम्नलागे ॥५९॥ महाबुद्धिमान् तेजस्वी हनुमान् केही बेरसम्म ता चूप लागेर उभिरहे र यसपछि रिसले झोंकिएर देवशत्रु रावणलाई एक लात चखाए ॥६०॥ महात्मा वानरको लात्तीको चोट पर्नासाथ भूकम्प हुँदा पर्वत कामेझैं रावण काँप्न थाल्यो ॥६१॥ युद्धमा रावणमाथि लात्तीको चोट परेको देख्ता देवता, असुर, ऋषि, वानर, सिद्ध यी सबै हर्षले सिंहनाद गर्नलागे ॥६२॥ केही बेरमा होश आएपछि महातेजस्वी रावण फेरि भन्न-लाग्यो—वाह रे वानर वाह ! आफ्नो पराक्रमले गर्दा तँ आदर गरिने योग्य मेरो शत्रु भइस् ॥६३॥ रावणको यस्तो कुरा सुन्दा हनुमान्ले भनेः—हे रावण ! मेरो पराक्रमलाई धिक्कार छ, कारण मेरो लात्तीको चोट पाएर पनि तँ अझसम्म बाँचेकै छस् ॥६४॥ हे मूर्ख ! किन व्यर्थमा बडबड गर्छस्, एकचोटि फेरि मेराउपर प्रहार गरेर हेर्, अनि मेरो घुस्सी खाएर तँ यमराजको घरतिर लाग्नेछस् ॥६५॥

हनुमान्का यी कुरा सुन्दा रावणको रिस झन् बढेर आयो र यसका दुवै आँखा राता राता भइ-गए । यस पराक्रमीले बडो प्रयत्नका साथ दाहिने हातको मुट्ठी बाँधेर खूब जोरसँग वानरश्रेष्ठ हनुमान्-को छातीमा एक मुक्का लगायो ॥६६॥ विशाल छातीमा चोट परेकोले हनुमान् वारंवार काँप्न थाले ।

महाबली हनुमान्लाई विह्वल भएको देख्ता रासक्षराज प्रतापी रावण रथमा चढेर आक्रमण गर्ने भनी नीलनेर पुग्यो ॥६७-६८॥ सर्पसमानका भयलाग्दा, शत्रुको मुटु छेड्न सक्ने बाण चलाएर रावण वानरसेनापति नीललाई डढाउनलाग्यो ॥६९॥ बाणको वर्षाले व्याकुल परेको भए तापनि वानर सेनापति नीलले एउटा हातमा पर्वतको शिखर लिएर रावणमाथि चलाइहाले ॥७०॥

यति वेलासम्ममा तेजस्वी महात्मा हनुमान्को थकाइ पनि मरिसकेको थियो । युद्ध गर्ने इच्छाले चारैतिर नजर फिंजाएर हेर्दा यिनले राक्षसराज रावणलाई नीलसंग युद्ध गर्नलागेको देखे र रिसले झोंकिएर उसलाई भन्नलागे—अरूसित लडिरहेका दुश्मनमाथि आक्रमण गर्नु अनुचित हो ॥७१-७२॥

महातेजस्वी रावणले सातओटा तीखा बाण चलाएर नीलले हिर्काएको पर्वतको टाकुरालाई यसरी चूर्ण पारिदियो कि यो टुक्रा टुक्रा भएर पृथ्वीमा खस्यो ॥७३॥ पर्वतको शिखरलाई टुक्रा टुक्रा भएर पृथ्वीमा खसेको देख्ता शत्रुघाती वानरसेनापति नील प्रलयकालको अग्निझैं रिसले जल्नलागे ॥७४॥ नील सेनापति अश्वकर्ण, शाल, मुजुरा लागेका आँपका रूख तथा अरू अरू किसिमका अनेक रूख उखेल्दै संग्राममा रावणमाथि फ्याँक्नलागे ॥७५॥ रावणले यी सबै रूखलाई टुक्रा टुक्रा पारेर खसालिदियो र अग्निपुत्र नीलमाथि बाणको भयङ्कर वृष्टि गर्नलाग्यो ॥७६॥

मेघबाट पानीको वर्षा भएझैं रावणले बाणको वर्षा गरेको देख्ता महाबली नील आफ्नो शरीरलाई सानो तुल्याएर उसको ध्वजामाथि चढेर बसे ॥७७॥ अग्निपुत्र नीललाई आफ्नो ध्वजामाथि बसेको देख्ता रावण रिसले जल्नलाग्यो र उसलाई जंगिएको देख्ता नील सिंहनाद गर्नलागे ॥७८॥ यस

प्रकारसंग नील कहिले रावणको ध्वजामाथि, कहिले धनुमाथि र कहिले उसको मुकुटमाथि उफ्रेर बस्न लागे । यिनको यो चमत्कार देख्ता लक्ष्मण, हनुमान्, राम सबै छक्क परे ॥७९॥ महातेजस्वी रावणलाई पनि वानरको चञ्चलपना र फूर्ति देख्ता बडो अचम्म लाग्यो र यिनलाई मार्नको निम्ति यसले चहकिलो, अद्भुत आग्नेयास्त्रको प्रहार गर्‍यो ॥८०॥ नीलको फूर्तिले गर्दा रावणलाई युद्धमा हडबडाएको देख्ता वानरहरू पनि आनन्दले कोलाहल मच्चाउनलागे ॥८१॥ वानरहरूको कोलाहलले गर्दा रावण हडबडायो र ज्यादै हडबडाएकोले के गर्ने, के नगर्ने केही निर्णय गर्न सकेन ॥८२॥ यसपछि महातेजस्वी राक्षसराज रावण आग्नेयास्त्रले युक्त भएको वाण लिएर ध्वजामाथि बसिराखेको नीललाई हेरेर भन्नलाग्यो—हे वानर ! मायाको प्रभावले तिमी फूर्तिसाथ अनेकरूप बनाएर मलाई वारंवार धोका दिइरहेका छौ, भइगो, तिमीमा शक्ति छ भने अब आफ्नो जीवनको रक्षा गर ॥८३-८५॥ तिमीले आफ्नो प्राणरक्षाका लागि अनेक यत्न गरे तापनि आग्नेयास्त्रले युक्त भएको, मेरो हातबाट छुटेको यस बाणले तिम्रो जीवनको संहार नपारी छोड्नेछैन ॥८६॥ यति भनेर राक्षसराज महाबाहु रावणले मन्त्रोच्चारण गरेर नीलमाथि आग्नेयास्त्र चलायो ॥८७॥ धनुबाट छुटेको यो बाण नीलको छातीमा गएर लाग्यो र चोट पर्नासाथ नीलको जम्मै शरीर डढ्नलाग्यो र यिनी भूइँमा ढलि पनि हाले ॥८८॥ तर आफ्नो तेज तथा आफ्ना पिताको माहात्म्यले गर्दा यिनी दुवै घुँडा समातेर भूइँमा थचक्क बसे, प्राण भने निस्कन पाएन ॥८९॥

उता रावण नीललाई मूर्च्छा परेको देखेर, युद्ध गर्ने इच्छाले, मेघ गर्जेझैं घर्घर गर्ने रथमा चढेर लक्ष्मण भएतिर लाग्यो ॥९०॥ आफ्नो तेजले गर्दा अग्निसमान प्रकाशमान भइराखेको प्रतापी रावण रणभूमिमा लक्ष्मणनेर पुगेपछि वानरहरूलाई रोकेर वारंवार आफ्नो धनुमा टङ्कार दिनलाग्यो ॥९१॥

प्रबलवलशाली लक्ष्मणले विशाल धनुमा टङ्कार दिइरहेको रावणलाई भने :—हे राक्षसराज ! म आइहालें, तसर्थ अब वानरहरूसित युद्ध गर्नामा तिमीलाई उचित पर्दैन ॥९२॥

रावण पनि लक्ष्मणले गर्जेर भनेको यो कुरा तथा यिनको धनुको टङ्कारको उग्र शब्द सुन्दा र यिनलाई आफ्नो सामुन्ने उपस्थित भएको देख्ता क्रोधपूर्वक भन्न थाल्यो ॥९३॥ हे राघव ! तिमी मेरो नजरअगाडि पर्न आयौ, यो बडो खुशीको कुरा भयो, अन्तसमय आइपुगेकोले तिम्रो बुद्धि पनि विपरीत भइराखेको छ, अबलाई मेरो बाणको चोट पर्नाले तिमीले अहिले नै यमलोकतिरको यात्रा गर्नुपर्नेछ ॥९४॥

गर्जिरहेको तथा तीखा तीखा दाँत देखाइरहेको रावणको यो कुरा सुन्दा अलिकता पनि नहडबडाएर लक्ष्मणले उसलाई भने—हे राजन् ! तिमी पापीहरूका राजा ह्वौ, ठूलो प्रभाव भएकाहरू कहिले पनि तिमीले गरे जस्तो झूटो बकवाद गर्दैनन् ॥९५॥ हे राक्षसराज ! तिम्रो बल, वीर्य्य, प्रताप, पराक्रम मलाई राम्रै गरी थाहा छ । धनु, बाण लिएर म तिम्रो सामुन्ने उभिइराखेको छु, अगाडि आऊ, व्यर्थमा बडबड गर्नाको केही प्रयोजन छैन ॥९६॥

लक्ष्मणको यस्तो कुरा सुन्दा रावणले झोंक्किएर पखेटा भएका सातओटा बाण चलायो, लक्ष्मणले पनि तीखो धार भएका, सुनै सुनको पखेटा लागेका बाणको प्रहार गरेर रावणले चलाएको बाण काटिदिए ॥९७॥ टाउको काटिएको सर्पझैं धमाधम आफ्नो बाण काटिएको देख्ता लङ्कापति रावण अत्यन्त क्रुद्ध भएर अर्को थरीका तीखा तीखा बाण चलाउनलाग्यो ॥९८॥ उता लक्ष्मण पनि अलिकता पनि नहडबडाएर आफ्नो धनुबाट तीखा तीखा बाणको वर्षा गर्नलागे र क्षुर, अर्द्धचन्द्र, उत्तमकर्ण र भल्ल नामका अस्त्रका प्रयोग गरेर रावणले चलाएका बाणलाई काट्नलागे ॥९९॥ देवशत्रु राजा रावण आफ्ना अमोघ बाणलाई निष्फल भएको र लक्ष्मणको फूर्ति देख्ता छक्कै पर्‍यो र फेरि तीखा तीखा बाण चलाउन थाल्यो ॥१००॥ अब ता इन्द्रसमानका लक्ष्मण पनि वज्र जत्तिकै तीखा र भयङ्कर वेग भएका, आगोसमान बल्दो बाण धनुमा चढाएर राक्षसराजको वधका लागि चलाउनलागे ॥१०१॥ तर राक्षसराज रावणले लक्ष्मणका यी सबै बाण काटिदियो र ब्रह्माजीले दिएको, प्रलयकालको अग्निसमानको प्रचण्ड बाण लक्ष्मणको निधारमा ताकेर हिर्कायो ॥१०२॥

यस बाणको चोट पर्नाले लक्ष्मण केही डगमगाए र यिनको हातको धनु पनि अलि शिथिल हुन गयो, तर केही बेरमा नै कुनै तरहले आफूलाई सह्मालेर यिनले इन्द्रको शत्रु रावणको धनुलाई नै काटिदिए ॥१०३॥ दशरथकुमार लक्ष्मणले रावणको धनु काटेपछि उसमाथि तीनओटा बाण यस्तो जोरसंग चलाए कि यिनको चोटले गर्दा उ पनि केही बेरसम्म अचेत भयो र फेरि बडो मुश्किलसंग मूर्च्छाबाट बिउँझ्यो ॥१०४॥ धनु काटिएपछि उग्र शक्ति भएको, देवशत्रु रावण जब बाणको चोटले घाइते भयो तब ता यसको जम्मै शरीर रगत र बोसोले मुछिन गयो र अरू कुनै उपाय नदेखेकोले यसले रणभूमिमा ब्रह्माजीले दिएको, कहिले पनि निष्फल नहुने शक्ति ग्रहण गर्‍यो ॥१०५॥ यो शक्ति धूवाँसहितको बल्दो आगोसमान देखिन्थ्यो र संग्रामभूमिमा वानरहरूको मनमा त्रास उब्जाउने किसिमको थियो। राक्षसराज रावणले यही शक्ति झटपट लक्ष्मणमाथि चलाइहाल्यो ॥१०६॥ भरतका भाइ लक्ष्मणले यस शक्तिलाई आफूतिर आउनलागेको देखेपछि आगोसमानका असंख्य बाण चलाए, तर कसै गरे पनि यो काटिन सकेन र लक्ष्मणको विशाल छातीभित्र पसिहाल्यो ॥१०७॥ शक्तिमान् भए तापनि शक्तिको चोट पर्नासाथ घाइते भएर लक्ष्मण भूइँमा ढलिहाले।

यिनलाई विह्वल भएर ढलेको देख्ता बोकेर लैजाने मनसायले रावणले झटपट नजीक गई दुवै हातले यिनलाई उचाल्न खोज्यो ॥१०८॥ हिमालय, मन्दर, सुमेरु तथा देवताहरूसहितको तीनै लोकलाई कसैले उचाल्न सकिहाले तापनि, भरतका भाइ लक्ष्मणलाई ता कसैले उचाल्न सक्तैनथ्यो ॥१०९॥ ब्रह्माको शक्ति छातीमा लाग्नाले घाइते भएपछि लक्ष्मणले, विष्णुले समेत यिनको यत्तिको सामर्थ्य छ भनेर पत्तो पाउन नसक्ने रामचन्द्रको स्मरण गर्नलागे ॥११०॥ दानवहरूको घमण्डलाई नष्ट गर्ने लक्ष्मणलाई रावणले आफ्ना दुवै हातले समातेर डेग चलाउन सकेन ॥१११॥

यही मौकामा वायुपुत्र हनुमान्‌को नजर मूर्च्छा परेका लक्ष्मणमाथि पर्ने गयो र उनी रिसले मुर्-

मुर्रिंदै रावणको सन्मुख आएर वज्रसमानको कठोर मुक्का उसको छातीमा हिर्काए ॥११२॥ हनुमान्को मुक्का लाग्नासाथ राक्षसराज रावण दुवै घुँडा टेकेर थचक्क बस्यो र थरथर काँप्तै भूईँमा ढलिहाल्यो ॥११३॥ यसको नाक, मुख, कानबाट निक्कै रगत निस्क्यो र जब भूईँबाट उठेथ्यो त्यस बखतमा बेहोश भएर ढुनमुनिंदै आफ्नो रथमा ठक्कर खाएर त्यहीं लडिहाल्यो ॥११४॥ रावण यस्तो बेहोशी र मूर्च्छित अवस्थामा परेको थियो यसलाई मैले कहाँ जाने हो भन्ने कुराको समेत पत्तो भएन ।

भयलाग्दो पराक्रम देखाउन सक्ने रावणलाई युद्धमा बेहोश भएको देख्ता ऋषि, देवता, असुर, वानर, यी सबै वाह वाह गर्नलागे । तेजस्वी हनुमान्ले रावणको हातबाट घाइते भएका लक्ष्मणलाई आफ्ना दुवै हातले उचालेर रामचन्द्रनेर लिएर आए । हनुमान्को मैत्री तथा परम भक्तिले गर्दा, शत्रुले डेग चलाउन नसकेका लक्ष्मण, हनुमान्को निम्ति बहुतै हलुको भइगए ॥११५-११७॥ युद्धमा पराजित भएका लक्ष्मणलाई छोडेर त्यो शक्ति फेरि रावणको रथमा आएर आफ्नो ठाउँमा बस्यो ॥११८॥ महातेजस्वी रावणले पनि त्यस महायुद्धमा आफ्नो होश आएपछि फेरि आफ्ना तीखा तीखा बाण र विशाल धनु हातमा लियो ॥११९॥ यिनको यत्तिको सामर्थ्य छ भनेर विष्णुले समेत पत्तो नपाउने रामचन्द्रको स्मरण गरेपछि शत्रुलाई ताप पार्ने लक्ष्मणलाई पनि होश आयो र यिनका सबै घाउ पुरिएर निको भए ॥१२०॥

रामचन्द्र पनि वानरी सेनाका ठूला ठूला योद्धाहरूको संहार भएको र स्वयं रावणलाई युद्धभूमिमा उपस्थित भएको देख्ता राक्षसराजतिर आक्रमण गर्न भनी हिंडे ॥१२१॥ रामचन्द्रलाई रावणतिर जान लागेको देख्ता हनुमान् उनको अगाडि उभिएर भन्नलागेः—जसरी विष्णु भगवान् गरुडमाथि सवार भएर दैत्यहरूसँग युद्ध गर्दछन् त्यसै गरी तपाईं पनि मेरो पिठिउँमाथि बसेर राक्षसलाई दण्ड दिनुहोस् ।

हनुमान्ले भनेका यी कुरा सुनेपछि रामचन्द्रजी पनि ती महाकपिको पिठिउँमा सवार भइहाले र यिनले रथमा बसिराखेको रावणलाई युद्धभूमिमा देखे ॥१२२-१२४॥ जसरी झोंक्किएका विष्णुले अस्त्र उठाएर बलिमाथि आक्रमण गरेथे त्यसै गरी महातेजस्वी रामचन्द्रले पनि रावणलाई देख्नासाथ त्यसमाथि हमला गरिहाले ॥१२५॥

त्यहाँ पुग्नासाथ रामचन्द्रले वज्र चड्केको जस्तो कठोर शब्द आफ्नो धनुको ताँदोबाट झिकेर गम्भीर स्वर गरी रावणलाई भन्नलागे ॥१२६॥ हे राक्षसराज ! पर्खी, पर्खी, यस प्रकारसँग मलाई मन नपर्ने काम गरेपछि तँ कहाँ गएर रक्षा पाउन सक्लास् ॥१२७॥ इन्द्र, यम, सूर्य, शिव, अग्नि, ब्रह्मा, यिनीहरूको शरण पर्न गए पनि अथवा दशै दिशामा भागे तापनि अब तँ मेरो हातबाट निस्तार पाउनेछैनस् ॥१२८॥ युद्धमा जानलागेका यी लक्ष्मणलाई तैंले शक्तिद्वारा घाइते गराएर बेहोश पारिदिइस् । यही दुःख शान्त गर्नाका लागि म आज छोरा नातिसहितको तेरो र तेरा राक्षसहरूको मृत्युको स्वरूप लिएर युद्धभूमिमा आएको हुँ ॥१२९॥ मैले नै आफ्ना बाणद्वारा अचम्म लाग्ने रूप भएका, जनस्थानमा रहने, उत्तम उत्तम अस्त्र धारण गर्ने तेरा चौद्ध हजार राक्षसहरूको संहार गरेको हुँ॥१३०॥

रामका यी कुरा सुन्दा महाबली रावणलाई हुनासम्मको रिस उठ्यो र पुरानो दुश्मनी संझेर यो अतिशय ठूलो वेग भएका, आफ्नो पिठिउँमा रामलाई बसालिराखेका हनुमान्‌माथि, प्रलयकालका अग्नि-समानका तेज भएका बाण चलाउनलाग्यो ॥१३१–१३२॥ रावणको बाणको चोट लाग्नाले घाइते भए तापनि जन्मैदेखिका तेजस्वी हनुमान्‌को तेज झन् बढेर आयो ॥१३३॥ यसपछि महातेजस्वी रामचन्द्र-लाई पनि रावणको बाणद्वारा हनुमान्‌को शरीरमा घाउ भएको देख्ता बहुतै रिस उठ्यो ॥१३४॥ उसको नजीकमा गएर रामचन्द्रले आफ्ना तीखा तीखा बाण चलाएर उसको रथ, पांग्रा, घोडा, ध्वजा, छाता, अग्ला अग्ला पताका, सारथि, वज्र, शूल, खड्ग इत्यादि सबै थोक चकनाचूर पारिदिए ॥१३५॥ यस-पछि जसरी इन्द्रले मेरुमाथि वज्रको प्रहार गरेथे त्यसै गरी रामचन्द्रले पनि इन्द्रशत्रु रावणको विशाल र राम्रो बनौट परेको छातीमा वज्रसमानको कठोर एउटा बाण झट्टै हिर्काइहाले ॥१३६॥ जुन रावण उहिले ठूला ठूला वज्रको चोट पर्दा पनि न हडबडाउँथ्यो न डगमगाउँथ्यो उही राक्षसराज आज रामको बाणको मार पर्नाले बडो दुःखित भएर यसरी डगमगाउनलाग्यो कि यसको हातबाट धनुसमेत खस्यो ॥१३७॥ रावणलाई विह्वल परेको देखेपछि महात्मा रामचन्द्रले खूब तेज भएको अर्द्धचन्द्र नाम गरेको अस्त्र उठाए र यही अस्त्रले सूर्यको जस्तो टलक भएको राक्षसराजको मस्तकको मुकुट काटेर खसालिदिए ॥१३८॥ यस समयमा राक्षसराज रावणको अवस्था विषहीन सर्प अथवा तेजहीन सूर्यको जस्तै भइ-राखेको थियो । मुकुट काटिएकोले रावणमा सुन्दरता भनेको ता छँदै थिएन ।

यस्तो रावणलाई रामचन्द्र युद्धभूमिमा भन्नलागे ॥१३९॥ हे राक्षसराज ! तिमीले बडो भय-लाग्दो काम गरेर देखायौ, तिम्रो हातबाट मेरो सेनाका अनेक वीर मारिए, यसैले अहिले तिमीलाई ज्यादै थाकेको देखेर मैले आफ्नो बाणद्वारा तिम्रो प्राणको संहार नगरेको हो ॥१४०॥ हे राक्षसराज ! युद्ध गर्दा गर्दा तिमी ज्यादै थाकेका छौ भन्ने कुरा मलाई थाहा छ, यसै कारण म तिमीलाई लङ्कामा गएर विश्राम गर्ने सल्लाह दिन्छुः आराम लिइसकेपछि जब तिमी अस्त्र शस्त्र धारण गरी रथमा सवार भएर फेरि संग्रामभूमिमा आउलाऊ त्यस बखतमा मेरो बल हेर्लाऊ ॥१४१॥

रामको मुखबाट यस्तो कुरा सुनेपछि बाणको चोटले घाइते भएको र विनामुकुटको रावण झटपट लङ्कापुरीभित्र पस्यो । यस समयमा रावणका घोडा, सारथि सबै मारिइसकेका थिए; घमण्ड, हर्ष उसमा छँदै थिएन र यसको धनुसमेत काटिएर चकनाचूर भइसकेको थियो ॥१४२॥

देवता र दानवहरूको शत्रु महाबली राक्षसराज रावण यस प्रकारसंग लङ्कामा फर्केर गएपछि रामचन्द्रले युद्धभूमिमा लक्ष्मणको साथमा जति वानर पडिराखेका थिए ती सबैको शरीरबाट बाण झिकेर उनीहरूको पीडा दूर गरिदिए ॥१४३॥

इन्द्रको शत्रु रावणलाई हार खाएर लङ्कामा भागेर गएको देख्ता देवता, असुर, महर्षि, नाग, समुद्र, भूतगण, दशै दिशा, भूचर, जलचर, सबै प्राणीहरू प्रसन्न भए ॥१४४॥

सर्ग—६०

लङ्कामा आएपछि रावण पश्चात्ताप गर्दै कुम्भकर्णलाई बिउँझाउँछ ।

लंकामा फर्केर गएपछि रावण रामको बाण संझेर डरले थर्कायमान हुनलाग्यो । यसको घमण्ड चूर भइसकेको थियो र सबै इन्द्रिय व्याकुल अवस्थामा परेका थिए ॥१॥ जसरी सिंहद्वारा हात्ती र गरुडद्वारा सर्प हार खान्छन् त्यसै गरी महात्मा रामचन्द्रको हातबाट रावणले हार खाएको थियो ॥२॥ ब्रह्मदण्डसमानका तथा बिजुलीको जस्तो तेज भएका रामचन्द्रको बाण संझँदै राक्षसराज आकुल व्याकुल पर्नलाग्यो ॥३॥

सुनै सुनले बनेको आफ्नो दिव्य सिंहासनमा बसेर राक्षसहरूतिर फर्की रावण भन्नलाग्यो ॥४॥ मैले जति ठूला ठूला तपस्या गरेथें ती सबै आज निष्फल भए किनकि इन्द्रसमान पराक्रमी हुँदा हुँदै पनि एउटा साधारण मानसिले मलाई हराइदियो ॥५॥ उहिले ब्रह्माले हे राक्षसराज ! तिमीलाई मानिस-को हातबाट भय हुनेछ है भनेर भनेका थिए; अहिले ब्रह्माको सोही कुरा मेरा उपर फल्नलागेको छ, जस्तो उनले भनेका थिए उस्तै हुनलागेको छ ॥६॥ देवता, गन्धर्व, दानव, यक्ष, राक्षस, सर्पको हात-बाट नमर्ने वर मैले माँगे, तर मानिसको हातबाट नमर्ने वर ता मागेको थइन ॥७॥ दशरथका छोरा यी रामलाई म उही मानिस सम्झनलागेको छु जसको विषयमा उहिले इक्ष्वाकुवंशी राजा अनरण्यले मलाई भनेका थिए ॥८॥ हे राक्षसाधम ! कुलाधम दुर्बुद्धे ! मेरो वंशमा एउटा यस्तो पुरुष उत्पन्न हुनेछ जसले कि छोरा, मन्त्री, सेना घोडा र सारथिको साथै तँलाई युद्धभूमिमा मारिदिनेछ । उहिले मैले वेदवतीको अपमान गरेथें र उनले मलाई श्राप दिएकी थिइन् ॥९–१०॥ अहिले उनै वेदवतीले महाभागा जनकनन्दिनी सीताको रूप लिएर जन्म लिएको जस्तो लाग्दछ । पार्वती, नन्दीश्वर, रम्भा र वरुणकी छोरीले मलाई जस्तो श्राप दिएका थिए अहिले उस्तै हुनलागेको छः ऋषिहरूले भनेको कुरा कहिल्यै झूटो हुन सक्तैन । यी सबैको संझनाले मेरो मनमा डर परिराखेको छ, तसर्थ तिमीहरूले मेरो यो डर दूर गर्ने उपाय गर्नुपर्छो ॥११–१२॥ मूल सडकमा तथा शहरको ढोका ढोकामा राक्षसहरू पहरा दिइरहून् । कुम्भकर्णमा बडो गम्भीरपना छ, देवता दानवहरूको घमण्डलाई यसले चूर पार्न सक्तछ, अहिले ब्रह्माको श्राप परेकोले सुतिराखेको छ, यसलाई झट्टै बिउँझाउनुपर्छो । युद्धमा प्रहस्तको मरण तथा आफ्नो पराजय भएको देखेर महाबली रावणले आफ्नो भयंकर राक्षसी सेनालाई सावधानीसाथ शहरका फाटकहरूको रक्षा गर्ने र पर्खालमाथि चढेर बसिरहने आज्ञा दियो ॥१३–१५॥ निद्रामा पडिराखेको कुम्भकर्णलाई बिउँझाउने उपाय पनि गर्नुपर्छो । कामको वशमा परेकोले बुद्धि भ्रष्ट भएका उनी निश्चिन्त भएर मज्जासङ्ग सुतिराखेका छन् ॥१६॥ ब्रह्माबाट वरदान पाए-कोले उनी छ महीनासम्म सुतिरहन्छन् र केवल एक दिनका लागि बिउँझन्छन्, कहिले कहीं ता सात, आठ नौ, दस महीनासम्म पनि सुतिरहन्छन्, तर मसित सल्लाह बात गरेर उनी सुत्न गएको आज नौ दिन मात्र भयो ॥१७॥ हे राक्षसहो ! महाबाहु कुम्भकर्ण सबै राक्षसहरूमध्ये श्रेष्ठ छन्, यिनले

युद्धभूमिमा झट्टै वानरहरूलाई तथा राजपुत्रहरूलाई मारिदिनेछन् ॥१८॥ लडाइँमा यिनी झण्डासमान-का छन् र सबै राक्षसहरूका मुकुट नै हुन्, तर यी मूर्ख भोग विलासमा लिप्त भएर सधैं सुति नै रहन्छन् ॥१९॥ कुम्भकर्णलाई बिउँझाउन सकियो भने यस भयंकर युद्धमा रामको हातबाट हार खाएर भाग्नुपरेको कुरामा मलाई केही शोक सुर्ता लाग्ने छैन ॥२०॥ ममाथि यस्तो घोर आपत्ति आइपर्दा पनि इन्द्रसमानको पराक्रमी कुम्भकर्णले मेरो केही सहायता गरेन भने त्यसलाई आफूले लिएर नै के गर्ने ? ॥२१॥

राक्षसराजका यी कुरा सुन्नेबित्तिकै सबै राक्षसहरू बडो हडबडाएर कुम्भकर्णको घरमा पुगे ॥२२॥ मासु रगत खाने भएका यी राक्षसहरू रावणको आज्ञा पाएको हुनाले सुगन्धी माला तथा भोजनका नाना सामग्री साथमा लिएर हतपत गर्दै कुम्भकर्णको गुफाभित्र पसे । यो गुफा बडो रमणीय तथा चार कोससम्म फैलिएको थियो, यसको ढोका खूबै फराकिलो थियो र गुफाभित्रबाट फूलको बास्ना आइराखेको थियो ॥२३–२४॥

कुम्भकर्णको श्वासको वायुले गर्दा भित्र पस्नलागेका महाबली राक्षसहरू फन्‌फनी घुम्नलागे, बडो यत्नले आफूलाई सह्मालेर यिनीहरू जिनतिन गरी गुफाभित्र पसे ॥२५॥ यस रमणीय गुफा-भित्र प्रवेश गरेर हेर्दा यी महाबली राक्षसहरूले त्यहाँ ठाउँ ठाउँमा रत्न जडिएको, सुनै सुनले बनेको एउटा चौतारो र त्यसमाथि भयलाग्दो पराक्रम देखाउने कुम्भकर्णलाई सुतिराखेको देखे ॥२६॥ पर्वत झैं फैलिएर सुतिराखेको, निद्रामा परेकोले विकराल स्वरूप लिएको, अतिशय धेरै सुत्नुपर्ने कुम्भकर्णलाई यी राक्षसहरू जम्मा भएर बिउँझाउनलागे ॥२७॥

यसका शरीरका रौं ठाडठाडा भइराखेका थिए, सर्पले झैं फ्वाँ फ्वाँ गरेर सास फेरिरहेको थियो, श्वासको वायुले राक्षसहरूलाई घुमाउनलागेको थियो । भयलाग्दो काम गर्न सक्ने यस्तो कुम्भकर्णलाई सुतिराखेको वेलामा राक्षसहरूले बिउँझाउनलागे ॥२८॥ यसका नाकका दुवै पोरा बडा डरलाग्दा थिए, मुख ता पाताल जत्तिकै ठूलो देखिन्थ्यो, शय्यामा पडिरहेको यसको शरीरबाट बोसो तथा रगतको दुर्गन्ध आइराखेको थियो ॥२९॥ सुनको बाजू यसले पहिरेको थियो र मुकुटले गर्दा सूर्य जत्तिकै तेजस्वी देखिन्थ्यो । शत्रुको विनाश गर्ने, राक्षसहरूमध्येको श्रेष्ठ यस्तो कुम्भकर्णलाई त्यहाँ गएका राक्षसहरूले देखे ॥३०॥

यसपछि राक्षसहरूले महात्मा कुम्भकर्णको अगाडि यसको भोजनका लागि, अतिशय तृप्त गराउने, प्राणीहरूको, मेरु पर्वत जत्तिकै ठूलो, एउटा बडेमानको थुप्रो खडा गरिदिए ॥३१॥ राक्षसहरूले त्यहाँ हरिण राँगो तथा सुंगुरहरू जम्मा पारिदिए र अन्नको अचम्म लाग्ने किसिमको थुप्रो पनि त्यहाँ राखि-एकै थियो ॥३२॥ यसपछि देवशत्रुहरूले (राक्षसहरूले) रगतले भरिभराउ भइराखेका घडा र नाना किसिमका मासु कुम्भकर्णको अगाडि राखिदिए ॥३३॥ राक्षसहरू शत्रुतापी कुम्भकर्णको शरीरमा उत्तम सुगन्धित चन्दन लगाउन र राम्रा राम्रा माला तथा बास्ना आउने पदार्थ सुँघाउनलागे ॥३४॥ राक्षस-

हरू शत्रुतापी कुम्भकर्णको अगाडि बास्ना आउने धूप सल्काएर र बादल गर्जेको जस्तो गम्भीर स्वर झिकेर जतातत्तैबाट यसको स्तुति गर्नलागे ॥३५॥ चन्द्रमा जस्तो सेतो शङ्ख बजाउनलागे, यति गर्दा पनि कुम्भकर्णलाई बिउँझाउन नसकेकाले यिनीहरू झोंक्किएर सबै जना मिली एकै स्वर गरेर चिच्च्याउन लागे ॥३६॥ कोही राक्षस बडो चर्को आवाज गरेर कराउनलागे, कोही बाजाको स्वरसँग ताल दिनलागे, कोही खुट्टा बजार्नलागे, यस प्रकारसँग राक्षसहरूले कुम्भकर्णलाई बिउँझाउनाको निम्ति त्यहाँ बडो हल्ला मचाए ॥३७॥ शंख, भेरी, ढोलक आदि गरिएका बाजाको आवाजको साथसाथै ताल दिएको, उफ्रेको र सिंहनाद गरेको शब्द सुन्नाले दशै दिशातिर भाग्नलागेका अथवा आकाशमा उड्नलागेका चराचुरुङ्गीहरू धमाधम भूइँमा खस्नलागे ॥३८॥ निद्रामा परेको सहातमा कुम्भकर्णलाई वारंबार यस्तो हल्ला गर्दा पनि नबिउँझेको देख्ता राक्षसहरूले भुसुण्डी, तथा गदा आदि गरिएका अस्त्र शस्त्र लिए ॥३९॥ यसपछि प्रचण्ड राक्षसहरू पर्वतका टाकुरा, मुसल, गदा, मुद्गर, तथा मुक्की आनन्दसँग भूइँमा सुतिराखेको कुम्भकर्णको छातीमा खूब बल झिकेर हिर्काउनलागे ॥४०॥ कुम्भकर्णको श्वासको वायुले गर्दा यी राक्षसहरू उसको अगाडि टिक्नै सकेनन् ॥४१॥ यसपछि भयलाग्दो काम गर्न सक्ने राक्षसहरू धोती, लगौटी खूबसँग कसेर मृदङ्ग, ढोलक, भेरी, शंख, र कुम्भ नाम गरेका बाजा बजाउनलागे ॥४२॥ गाजलको थुप्रोसमानको त्यस कुम्भकर्णलाई दश हजार राक्षसहरूले एकै बाजि चारैतिरबाट घेरेर बिउँझाउने प्रयत्न गर्नलागे ॥४३॥ यिनीहरूले यसमाथि प्रहार गर्न अथवा चिच्च्याउन कोही बाँकी राखेनन्, तर जे गरे तापनि यो बिउँझदै बिउँझेन । यति गर्दा पनि यसलाई जागा गराउन नसकेकोले यिनीहरू एउटा बडो कठोर उपाय गर्नपट्टि लागे । कुम्भकर्णको शरीरमाथि उफार्नाको निम्ति यिनीहरू घोडा, ऊँट, गधा र हात्तीलाई डण्डा, कोर्रा र अङ्कुशीले पिट्नलागे ॥४४–४५॥ आफ्नो भएभरको बल झिकेर भेरी, मृदङ्ग, र शंख बजाउनलागे र फलामका ठूला ठूला कीलाले उसको शरीर छेड्नलागे ॥४६॥ भएभरको बलले मुद्गर र मुसल मच्चाउँदै यसलाई पिट्नलागे, यस कोलाहलले समस्त लङ्कापुरीलाई नै व्याप्त गरिदियो; पर्वत, वन सबै गुञ्जायमान हुनलागे तर कुम्भकर्ण भने बिउँझदै बिउँझेन ॥४७॥ यसपछि शुद्ध सुनले बनेका डण्डाले हजारौं नगारा एकैसाथ बज्नलागे र यसको आवाज जताततै फैलियो ॥४८॥ यति गर्दा पनि श्रापको वशमा परेकोले घोर निद्रामा सुतिराखेको कुम्भकर्णलाई उठाउन नसक्ता राक्षसहरूलाई रिस उठ्यो ॥४९॥ भयलाग्दो पराक्रम देखाउन सक्ने, रिसको झोंकमा परेका यी राक्षसहरू यसलाई उठाउनाको निम्ति आफ्नो आफ्नो पराक्रम देखाउनलागे ॥५०॥ कोही भेरी बजाउनलागे, कोही जोरसंग चिच्च्याउन थाले, कोही कपालका रौं उखेल्न र कोही दाँतले कान टोक्नपट्टि लागे ॥५१॥ कोही जलले भरिएका सयकडौं घडा ल्याएर उसको कानमा पानी खन्याउनलागे तर घोर निद्रामा सुतिराखेको कुम्भकर्णले कोल्टेसम्म पनि फेरेन ॥५२॥ एक थरी बलिया राक्षसहरू काँढै काँढा भएको मुद्गर हातमा लिंदै उसको, छाती तथा जम्मै शरीरमा हिर्काउनलागे ॥५३॥ खूब बलिया बलिया डोरीले बाँधिएका शतघ्नी नामका अस्त्रको यसमाथि प्रहार हुन

लाग्यो । यस प्रकारसंग पिटाइ खाँदा पनि विशाल शरीर भएको राक्षसको निद्रा खुलेन ॥५४॥ जब राक्षसहरूले हज्जारौं हात्ती यसको शरीरमाथि दगुराए अनि बल्ल कुल्चेको थाहा पाएर कुम्भकर्ण निद्राबाट बिउँझ्यो ॥५५॥

यसको शरीरमाथि पर्वतका टाकुरा र रूखको जुन ठूलो मार परेको थियो त्यतापट्टि यसले केही वास्तै गरेन, निद्राबाट बिउँझेको हुनाले भोकले सताइएको यो वारंवार हाइ हाइ गर्दै झटपट उठेर बस्यो ॥५६॥ सर्पको शरीरको जस्तो आकार परेको, पर्वतको शिखरसमान देखिने, साह्रोपनामा वज्रलाई समेत मात गर्ने आफ्ना दुवै हात पसारेर तथा बडवानलसमानको डरलाग्दो मुख बाएर कुम्भकर्ण राक्षस हाइ गर्नलाग्यो ॥५७॥ हाइ गर्दा यसको मुखको भित्री भाग पाताल जस्तो र बाहिरी भाग मेरु पर्वत-को टाकुरामा उदाइराखेका सूर्यसमान देखिन्थ्यो ॥५८॥ यो महाबली राक्षसले बिउँझेर हाइ गर्दाखेरि यसको श्वासको वायु, पर्वतबाट निस्केको हावाको झोक्काझैं चल्नलाग्यो ॥५९॥ बिउँझेर बस्ताखेरिको कुम्भकर्णको रूप सबै संसारलाई ध्वस्त पार्नाको निम्ति तैयार भइराखेको प्रलयकालीन कालको रूप जस्तै देखियो ॥६०॥ बल्दो आगोसमानका यसका दुवै आँखा बिजुलीझैं चम्कने र प्रकाशमान दोटा महाग्रह जस्तै देखिएका थिए ॥६१॥

राक्षसहरूले उसलाई सुँगुर, राँगो आदि गरिएका त्यहाँ जम्मा पारिराखेका नाना प्रकारका खाने चीजबीज देखाए र यो महाबली राक्षस पनि यी सबैलाई खान थालिहाल्यो ॥६२॥ भोकाएको कुम्भ-कर्णले मासु खायो र पानीको सट्टामा रगत पिउनलाग्यो । इन्द्रको शत्रु यस राक्षसले घडाका घडा बोसोको झोल तथा रक्सी पिएर आफ्नो तिर्खा मेटायो ॥६३॥ अब ता यो तृप्त भयो होला भन्ने विचार गरेर राक्षसहरू बिस्तारै उसको अगाडि देखा पर्नलागे र टाउको निहुराएर प्रणाम गर्दै यसको चारैतिर उभिए ॥६४॥

अब ता कुम्भकर्णको निद्रा बिलकुलै हटेर गयो, आँखा खूबै सफा देखिनलागे, चारैतिर नजर दौडाउँदै राक्षसहरूसित कुराकानी गरेर राक्षसश्रेष्ठ कुम्भकर्णले उनीहरूलाई आश्वासन दियो, तर कुवेलामा आफूलाई बिउँझाएकोमा केही अचम्म मानेर उनीहरूलाई भन्नलाग्यो ॥६५-६६॥ हे राक्षसहो ! के कारणले तिमीहरूले मलाई आदरपूर्वक बिउँझाएको ? राजालाई ता कुशलै छ ? कुनै किसिमको डर ता आइपरेको छैन ॥६७॥ मलाई तिमीहरूले यस्तो हतार गरेर बिउँझाएको देख्ता ता राजालाई अवश्यै शत्रुदेखिको डर पसेछ भन्ने थाहा हुन्छ ॥६८॥ आजै म राक्षसराजको भयलाई उखेलेर फ्याँकिदिनेछु, इन्द्रै भए तापनि उनलाई ध्वस्त पारिदिनेछु अथवा आगो भए उसको तेज ठण्डा पारिदिनेछु ॥६९॥ मसमानको वीरलाई सुतिराखेको वेलामा बिउँझाएको देख्ता ता साधारण कारण होला जस्तो लाग्दैन, तसर्थ मलाई बिउँझाउनाको कारण के हो सो तिमीहरूले यथार्थसंग भन्नुपर्‍यो ॥७०॥

शत्रुहन्ता कुम्भकर्णलाई यस प्रकारसँग हडबडाएर बोलेको सुन्दा रावणको यूपाक्ष नाम गरेको मन्त्री हात जोरेर भन्नलाग्यो ॥७१॥ देवताहरूबाट हामीलाई कुनै प्रकारको डर परेको छैन, यस सम-

यमा मनुष्यसम्बन्धी भयले पो हामीलाई बडो जोरसंग सताइराखेको छ ॥७२॥ हे राजन् ! अहिले हामीलाई मनुष्यबाट जस्तो भय भइराखेको छ त्यस्तो भय ता दैत्य, दानवहरूद्वारा पनि कहिले परेको थिएन ॥७३॥ पर्वतसमानका विशाल शरीर भएका वानरहरूले अहिले लङ्कापुरीलाई घेरिराखेका छन् । सीताहरणले गर्दा दुःखमा परेका रामचन्द्रद्वारा हामीमा ठूलो भय उत्पन्न भइराखेको छ ॥७४॥ एउटा वानरले पहिले नै आएर लङ्कापुरीलाई जलाइदियो र अक्षयकुमारलाई उनका साथी तथा हात्तीहरूको साथसाथैमा मारिदियो ॥७५॥ स्वयं राक्षसराज देवशत्रु रावणलाई सूर्यसमानका तेजस्वी रामले पराजित गरेर "घर जाऊ, मैले तिमीलाई छाडिदिएँ" भनेर पठाइदिए ॥७६॥ देव, दैत्य र दानवहरूबाट पनि राजाको जुन दुर्दशा भएको थिएन सो दशा अहिले रामले गरिदिए अर्थात् रामले दया गरेर राजाको प्राण लिएनन् ॥७७॥

यूपाक्षको मुखबाट युद्धमा दाजुको हार भएको सुन्दा कुम्भकर्ण ठूला ठूला आँखा गरेर उसलाई भन्नलाग्यो ॥७८॥ हे यूपाक्ष ! म आजै वानरी सेनासहित राम र लक्ष्मणलाई युद्धमा हराएर मात्र रावणको दर्शन गर्न जानेछु ॥७९॥ वानरहरूको रगत मासुले राक्षसहरूलाई तृप्त गर्नेछु र राम लक्ष्मणको रगत ता आफैं पिउनेछु ॥८०॥

कुम्भकर्णले घमण्ड गरेर र रिसको झोंकमा परेर यस्तो नीतिविरुद्ध कुरा गरेको सुन्दा राक्षसयोद्धाहरूमध्येको प्रधान महोदर नाम गरेको राक्षस हात जोरेर उसलाई भन्नलाग्यो ॥८१॥ हे महाबाहो ! पहिले रावणको कुरा सुन्नुहोस्, उनले भनेका कुरामा गुण दोषको विचार गरेर मात्र शत्रुहरूलाई जित्नुहोला ॥८२॥

महोदरको कुरा सुनेपछि महातेजस्वी, महाबली कुम्भकर्ण राक्षसहरूलाई साथमा लिई रावणको घरतिर जान भनी हिंड्यो ॥८३॥ डरलाग्दो आँखा र अनुहार भएको कुम्भकर्ण बिउँझेर उठ्नासाथ कुनै कुनै राक्षस दगुर्दै रावणको घरतिर लागिसकेका थिए ॥८४॥ दिव्य सिंहासनमा बसिराखेको रावणनेर गएर यी सबै राक्षसहरू हात जोरेर विन्ति गर्नलागे ॥८५॥ हे राक्षसराज ! तपाईंका भाइ कुम्भकर्ण बिउँझिसके, उनले सोझै उताबाट रणभूमितिर लाग्ने हो अथवा तपाईं उनलाई यहाँ बोलाएर भेट गर्न चाहनुहुन्छ ? ॥८६॥

त्यहाँ आइराखेका राक्षसहरूलाई प्रसन्नतासाथ रावणले जवाफ दियो—म उनीसित यहाँ भेट गर्न चाहन्छु, आदरपूर्वक उनलाई यहाँ लिएर आओ ॥८७॥

राजाको आज्ञालाई शिरोपर गरी यी राक्षसहरू, उनको कथनानुसार फेरि कुम्भकर्णनेर गई उसलाई भन्नलागे ॥८८॥ सबै राक्षसहरूमध्येका श्रेष्ठ राजा रावण तपाईंसँग भेट गर्न चाहनुहुन्छ, उहाँ हिंड्नुहोस् र दाजुलाई प्रसन्न गराउनुहोस् ॥८९॥

राजाको आज्ञा सुन्नासाथ कहिले पनि पराजित नहुने महावीर कुम्भकर्ण लौ हुन्छ त्यसै गर्छु भन्दै आफू सुतिराखेको बिछ्याउनाबाट उठ्यो ॥९०॥ मुख धोएर प्रसन्नतासाथ यसले स्नान गऱ्यो र बल

बढाउने मदिरा ल्याउनाको निम्ति झट्टै राक्षसहरूलाई पठाइहाल्यो ॥९१॥ यी राक्षसहरूले रावणको आज्ञाले झट्टै मदिरा तथा नाना प्रकारका खाने चीजबीज उसकहाँ लगिदिए ॥९२॥ दुइ हजार घडा रक्सी पिइसकेपछि यो हिंड्न तय्यार भयो, अब ता यसलाई अलिकता नशा पनि चढ्यो र तेजस्वी तथा बलियोसमेत भयो ॥९३॥ राक्षसहरूलाई साथमा लिएर दाजुको घरमा जानलागेको, झोंक्किइराखेको कुम्भकर्ण प्रलयकालको यमराज जस्तो देखिनलागेको थियो, यसको खुट्टाको मच्कोले पृथ्वीसमेत कम्पायमान हुनलागिन् ॥९४॥ जसरी सूर्य भगवान् आफ्ना हजारौं किरणले पृथ्वीलाई प्रकाशित गर्दछन् त्यसै गरी शरीरको कान्तिले राजमार्गलाई प्रकाशित गर्दै कुम्भकर्ण हिंड्नलाग्यो । इन्द्र ब्रह्माकहाँ जानलागेझैं, हात जोडिराखेका राक्षसरूपी मालाले घेरिएर यो आफ्नो दाजुकहाँ जानलाग्यो ॥९५॥

पर्वतको शिखरसमानको विशाल शरीर भएको शत्रुको संहार पार्ने यो अतुल पराक्रमी वीर जब सडकमा हिंड्नलागेथ्यो त्यस बखत बाहिर उभिइराखेका वनवासी वानरहरू तथा यिनका सेनापतिहरू समेत उसलाई देख्तैमा डराउनलागे ॥९६॥ यी वानरहरूमध्ये कोही शरणागतरक्षक रामचन्द्रको शरण पर्न गए, कोही आकुल व्याकुल परेर भूइँमा ढल्नलागे, कोही दशै दिशातिर भाग्नलागे र कोही डरले थर्कायमान भई भूइँमा लम्पसारर परेर सुते ॥९७॥ पर्वतको शिखर जत्तिकै अग्लो, किरीट धारण गरेको, आफ्नो तेजले गर्दा सूर्यको जत्तिकै चहक भएको यस राक्षसलाई देख्नेबित्तिकै वानरहरू डरले मनमा त्रास लिंदै जता सुबिस्ता पर्‍यो उतै भाग्नलागे ॥९८॥

सर्ग—६१

कुम्भकर्णलाई देखेपछि रामचन्द्र उसको बारेमा विभीषणसित सोद्धछन् ।

अब ता महातेजस्वी वीर्यवान रामचन्द्रले पनि हातमा धनु लिएको लियै, किरीट धारण गरेको, बडेमानको शरीर भएको कुम्भकर्णलाई देखे ॥१॥ पर्वतसमानको आकार परेको यस राक्षसश्रेष्ठलाई, रामचन्द्रले वामनावतार नरायणले उहिले आकाश नाप्नाखेरि जसरी खुट्टा उचालेथे त्यसै गरी खुट्टा उचाल्नलागेको देखे ॥२॥ जलले भरिभराउ भइराखेको मेघमण्डलसमान देखिने र सुनको बाजू पहिरिराखेको यस राक्षसलाई देख्ता वानरहरूको ठूलो फौज फेरि भाग्न थाल्यो ॥३॥ आफ्नो फौजलाई भाग्नलागेको र राक्षसहरूलाई आफूतिर बढ्दै आएको देखेपछि रामचन्द्र अलि छक्क परेर विभीषणलाई सोध्नलागे ॥४॥ पर्वतको जस्तो आकार परेको यो को हो ? यसका आँखा पहेंला छन् र शिरमा किरीट पहिरिराखेको छ, यो वीर ता लङ्कामा बिजुलीसहितको बादल जस्तो पो देखिनलागेको छ ॥५॥ यो ता एकलै भए तापनि पृथ्वीको बडेमानको पताका जस्तो देखिनलागेको छ । यसलाई देख्तैमा सबै वानरहरू यत्रतत्र भाग्नलागेका छन् ॥६॥ मैले ता यस प्रकारको अद्भुत प्राणी अहिलेसम्म देखेको थिइन, यो बडेमानको शरीर भएको कुनै राक्षस हो वा दैत्य ? मलाई यस कुराको यथार्थ रूपले जवाफ देऊ ॥७॥

सजिलैसंग गाह्रो काम गर्न सक्ने रामचन्द्रले यसरी सोधेपछि महाबुद्धिमान् विभीषण उनलाई भन्न-लागे ।।८।। विश्रवाको छोरो यो उही प्रतापी कुम्भकर्ण हो जसले कि युद्धमा यमराज र इन्द्रलाई समेत जितेथ्यो, राक्षसहरूमा यो जत्तिकै अग्लो अरू कोही छैन ।।९।। यसले युद्धमा हज्जारौं चोटि देवता, दानव, यक्ष, नाग, राक्षस, गन्धर्व, विद्याधर र नागलाई हराएर भगाइदिएको छ ।।१०।। महाबली कुम्भकर्ण हातमा शूल लिएर र आँखा बंग्याएर जब खडा भएथ्यो तब ता देवताहरूले समेत यसलाई मार्न सकेनन्, वरु यो काल हो भन्ने भ्रममा पो पर्न गए ।।११।। अरू राक्षस ता वरदान पाएकोले बलिया भएका हुन् यो महाबली कुम्भकर्ण ता जन्मैदेखिको तेजस्वी छ ।।१२।। यो मनस्वी महाबली कुम्भकर्णलाई बालकको रूपमा उत्पन्न हुँदैखेरिमा खूब भोक लागेथ्यो र यसले हजारौं प्रजालाई खाइ-दिएथ्यो ।।१३।। यसले खान थालेपछि प्रजाहरू प्राणको भयले अत्यन्त दुःखित भई इन्द्रको शरण पर्न गए र उहाँ आफ्नो दुर्दशा बयान गरेर सुनाए ।।१४।। यो सुन्दा वज्रधारी इन्द्रलाई रिस उठ्यो र उनले कुम्भकर्णमाथि आफ्नो तीखो वज्रको प्रहार गरे । इन्द्रको वज्रको चोट परेपछि यो महात्मा अलि काँप्न ता काँप्यो, तर झोंक्किएर बडो जोरसँग गर्जन थाल्यो ।।१५।। राक्षस कुम्भकर्णले गर्जेको आवाज सुन्दा प्रजाहरू पहिलेभन्दा झन् बर्ता डराउनलागे ।।१६।। महाबली कुम्भकर्णले झोंक्किएर इन्द्रको हात्ती ऐरावतको दाँत उखेलिदियो र यसैले इन्द्रको छातीमा प्रहार गऱ्यो ।।१७।। कुम्भकर्णको प्रहारले पीडित भएर इन्द्र व्याकुल भए, यिनको यस्तो अवस्था देख्ता देवता, ब्रह्मर्षि, दानव सबै शोक गर्नलागे र इन्द्र प्रजाहरूलाई साथमा लिएर ब्रह्माको लोकमा गए ।।१८।। यिनीहरूले ब्रह्माजीलाई प्रजाहरूलाई खाएको, देवताहरूलाई सताएको, आश्रम ध्वस्त पारेको र अर्काकी स्वास्नी हरण गरेको कुम्भकर्णका यी सबै दुष्ट्याइँ बयान गरेर सुनाए ।।१९।। यसले दिन दिनै यसै गरी प्रजालाई खाँदै गयो भने ता अलि दिनमा नै यो समस्त लोक उजाड भइजानेछ ।।२०।।

इन्द्रको प्रार्थना सुनेपछि पितामह ब्रह्माले सबै राक्षसहरूलाई बोलाइपठाए; राक्षसहरूसँग आएको कुम्भकर्णलाई यिनले देखे ।।२१।। परन्तु कुम्भकर्णलाई देख्नैमा ब्रह्माको मनमा समेत डर उत्पन्न भयो तर चित्तलाई सह्यालेर उसलाई भन्नलागे ।।२२।। निश्चय संसारको विनाशका लागि नै विश्रवा मुनि-ले तँलाई जन्माएको हुनुपर्दछ, तसर्थ म तँलाई श्राप दिन्छु कि आजदेखि मृतकसमान भएर तँ बराबर सुति नै रहनेछस् ।।२३।। पितामह ब्रह्माले यस्तो श्राप दिनेवित्तिकै कुम्भकर्ण उनको अगाडि नै निद्राले ग्रस्त भएर ढलिहाल्यो । यो हालत देख्ता रावण बहुतै हडबडाएर उनलाई भन्नलाग्यो ।।२४।।

हुर्केको, सुन फल्ने रूखलाई, फल लाग्ने वेलामा के कसैले काट्तछ ? हे प्रजापते ! यो ता तपाईंकै नाति हो, तसर्थ यसलाई यस प्रकारको श्राप दिनु ता सर्वथा उचित देखिंदैन ।।२५।। तपाईंको वचन कहिले पनि झूटो हुन सक्तैन, तसर्थ यसले सुत्नु ता अवश्यै पर्ने छ, तर यसको सुत्ने र बिउँझने समय तोकिदिनुहोस् ।।२६।।

रावणको कुरा सुनेपछि ब्रह्माले भन्नुभयो—यो छ महीनासम्म सुतिरहनेछ, केवल एक दिनका

लागि बिउँझिराख्नेछ ॥२७॥ जागा रहेको दिन यो भोकले व्याकुल भई पृथ्वीमा भ्रमण गर्नेछ र बल्दो आगोझैं मुख बाएर प्राणीलाई खाँदै हिंड्नेछ ॥२८॥

अहिले आफूमाथि आपत्ति परेकोले रावणले यसलाई बिउँझाएको हो । तपाईंको पराक्रम देख्ता राजा रावणको मनमा डर पसिराखेको छ ॥२९॥ आफ्ना गुफाबाट बाहिर निस्केको, डरलाग्दो पराक्रम देखाउन सक्ने यो वीर क्रोधपूर्वक वानरहरूलाई खाँदै दगुरिराखेको छ ॥३०॥ यसलाई देख्नैमा वानरहरू भाग्न थाले भने ता क्रुद्ध भएर रणभूमिमा खडा भएको बखतमा कुनचाहिं वानर यसलाई रोक्न अघि सर्ने हो ? ॥३१॥ सबै वानरलाई भनिदिनुपर्‍यो कि यो एउटा अग्लो यन्त्र उभ्याएको हो, यो कुरा सुनेपछि वानरहरू निर्भय हुनेछन् ॥३२॥

वानरहरूको कल्याण गर्ने तथा मौकामाफिकको विभीषणको यो कुरा सुनेपछि रामचन्द्रले नील सेनापतिलाई भन्नुभयो ॥३३॥ हे अग्निपुत्र ! जाऊ र आफ्नो सेनाको व्यूह बनाएर त्यहीं बसिराख, सावधानीसाथ लङ्काका फाटक, राजमार्ग तथा बाटो घाटो जम्मै रोकिराख ॥३४॥ पर्वतका टाकुरा, रूख, र ठूला ठूला ढुङ्गा जम्मा पारेर, अस्त्र शस्त्रले सुसज्जित भई, हात हातमा ढुङ्गा लिएर वानरहरू तैयार भई रहून् ॥३५॥

वानरसेनापति नीलले रामचन्द्रबाट आज्ञा पाउनासाथ वहाँले भनेबमोजिम सबै ठाउँमा वानरी सेनाको ठीक ठीकसँग प्रबन्ध गरिदिए ॥३६॥ पर्वतको समान आकार भएका गवाक्ष, शरभ, हनुमान्, अङ्गद, आदि गरिएका वानरहरू हात हातमा पर्वतको टाकुरा लिंदै लंकाको फाटकमा पुगे ॥३७॥ रामचन्द्रको वचन सुन्दैमा वानरहरू जय जयकार गर्दै रूखै रूखको प्रहार गरेर शत्रुसेनाको संहार गर्न थालिहाले ॥३८॥ पर्वतका टाकुरा र रूख हात हातमा लिइराखेका वानरहरूको यो डरलाग्दो फौज जब लंकाको फाटकनेर आएर अडियो तब ता यो फौज, पर्वतको नजीक आइराखेका बडा बडा बादलको समूह जस्तै शोभा दिनलाग्यो ॥३९॥

सर्ग—६२

कुम्भकर्णसित रावणको कुरा हुन्छ ।

वेला नपुग्दै बिउँझनुपरेकोले निद्राको मदले व्याकुल भइराखेको महापराक्रमी राक्षसश्रेष्ठ कुम्भकर्ण सुशोभित भइराखेको मूल सडकबाट हिंड्नलाग्यो ॥१॥ कसैद्वारा पराजित हुन नसक्ने कुम्भकर्ण हजारौं राक्षसलाई साथमा लिई जब हिंड्नलागेथ्यो त्यस बखतमा सडकको दुवैपट्टिको घर घरबाट उसमाथि फूलको वर्षा हुनलाग्यो ॥२॥ सुनै सुनको जाली लागेको, सूर्य जत्तिकै टल्किराखेको, विशाल र रमणीय रावणको घर कुम्भकर्णले देख्यो ॥३॥ जसरी सूर्य भगवान् बादलभित्र प्रवेश गर्दछन् त्यसै गरी यो वीर पनि राक्षसराजको घरभित्र पस्यो र जसरी इन्द्रले आसनमा बसिराखेका ब्रह्माजीलाई देखेथे त्यसै गरी यसले पनि टाढैबाट आफ्नो दाजुलाई सिंहासनमा बसि-

राखेको देख्यो ॥४॥ राक्षसहरूलाई साथमा राखेर दाजुको घरभित्र पस्ता कुम्भकर्णले आफ्ना पाइलाको मच्कोले पृथ्वीलाई नै कम्पायमान गराइदियो ॥५॥ कईएक फाटक नाघेर गएपछि कुम्भकर्ण रावण भएको ठाउँमा पुग्यो र यसले आफ्नो दाजुलाई खिन्न भएर पुष्पक विमानमा बसिराखेको देख्यो ॥६॥

कुम्भकर्णलाई आएको देख्ता रावण प्रसन्न भएर झट्टै आफू बसेको ठाउँबाट उठी उसलाई आफूनेर लिएर आयो ॥७॥ महाबली कुम्भकर्णले रावण आफ्नो आसनमा बसिसकेपछि उसको खुट्टामा ढोग दियो र मैले गर्नुपर्ने काम के हो भनेर सोध्यो ॥८॥

बडो खुशीसाथ आसनबाट उठेर रावणले कुम्भकर्णलाई अँगालो हाल्यो । दाजुले अँगालो हालिसकेपछि तथा उनीद्वारा आदर सन्मान पाइसकेपछि कुम्भकर्ण एउटा राम्रो आसनमा गएर बस्यो । आसनमा बसिसकेपछि झोंकले आँखा राता राता तुल्याएर कुम्भकर्ण रावणलाई भन्नलाग्यो—हे राजन् ! केका निमित्त तपाईंले मलाई आदरपूर्वक बिउँझाउनुभएको हो ? भन्नुहोस्, तपाईंलाई कोदेखि डर भएको ? कसलाई यमराजको घरतिर पठाउने हो ?

झोंकिएर बसिराखेको भाइ कुम्भकर्णलाई रावण रिसै रिसले आँखा फन्फनी घुमाउँदै भन्नलाग्यो ॥९-१२॥ हे महाबल ! तिमी सुतिरहेको धेरै दिन भइसक्यो, यसैले, सुतिराखेको हुनाले, रामले गर्दा मलाई जो भय भइराखेको छ त्यसको तिमीलाई पत्तै छैन ॥१३॥ महाबली श्रीमान् रामचन्द्र सुग्रीवको साथमा समुद्र पार गरेर यहाँ आई हाम्रो कुलको संहार गर्नलागेका छन् ॥१४॥ लंकाका वन तथा उपवनतिर एकचोटि नजर ता देऊ । वानरहरूले पुलद्वारा सजिलैसँग यहाँ आएर लङ्कालाई ता वानररूपी समुद्र नै बनाइदिएका छन् ॥१५॥ हाम्रा जति जति मुख्य राक्षस थिए ती सबैलाई वानरहरूले मारिदिए, तर युद्धमा वानरहरूको विनाश भएको ता मैले कुनै दिन पनि देखिन, हाम्रा राक्षसहरूले अहिलेसम्म वानरहरूलाई जित्न पनि सकेका छैनन् ॥१६॥ हे महाबल ! हामीहरूमा यही भय उत्पन्न भइराखेको छ, हामीहरूको रक्षा गर र यी वानरहरूको संहार पार । यही कामका लागि तिमीलाई बिउँझाएको हो ॥१७॥ मेरो ढुकुटी जम्मै रित्तिइसक्यो, अब मेराउपर कृपा गरेर यस लंकापुरीको रक्षा गर, अहिले ता यहाँ बालक बूढासिवाय अरू कोही बाँचेका छैनन् ॥१८॥ हे महाबाहो ! दाजुको निम्ति यो कठोर काम गर्न तैयार हुनुपर्‍यो, हे शत्रुतापी ! आजसम्म मैले कुनै भाइको अगाडि यसरी बोल्नुपरेको थिएन ॥१९॥ हे राक्षसश्रेष्ठ ! देवासुरसंग्राममा तिमीले अनेकबाजि व्यूह बनाएर देवताहरूलाई परास्त गरेका छौ यसै कारण मलाई तिम्रो ठूलो भरोसा छ र तिमीमाथि मेरो प्रेम पनि छ ॥२०॥ भयङ्कर पराक्रम देखाउन सक्ने हे वीर ! यी सब कुरा पूरा गर्नाको निम्ति तिमीले आफ्नो बल देखाउनुपर्‍यो, म ता सबै प्राणीमा तिमीसमानको बलियो कसैलाई पनि देख्तिन ॥२१॥ जसरी प्रचण्ड वायुले शरद्ऋतुको बादललाई छ्यान्नब्यान्न पारिदिन्छ त्यसै गरी तिमी पनि आफ्नो तेजको प्रभावले शत्रुसेनालाई ध्वस्त पारिदेऊ; हे बान्धवप्रिय ! हे समराभिलाषी ! मेरो हितका लागि यो उत्तम काम पूरा गरिदेऊ ॥२२॥

सर्ग—६३

कुम्भकर्ण रावणलाई नीति संझाएर आफ्नो पराक्रमको वर्णन गर्दछ ।

राक्षसराज रावणको विलाप सुन्दा कुम्भकर्ण हाँसेर उसलाई भन्नलाग्यो ॥१॥ पहिले बाजि सल्लाह गर्दा हामीले जो दोष देखाएका थियौं सो दोषलाई र आफ्नो हित गर्न खोज्नेहरूको कुरामा विश्वास नगरेकोले तपाईंले अहिले यो फल भोग्नुपरेको हो ॥२॥ जसरी पापीहरूले आफ्नो पापले गर्दा नरकको भोग गर्नैपर्दछ त्यसै गरी तपाईंले पनि आफ्नो पाप कर्मको फल झट्टै पाइहाल्नुभयो ॥३॥ हे महाराज ! यो काम गर्दाखेरि तपाईंले पहिले यस विषयमा राम्रोसँग विचारै गर्नुभएन, केवल आफ्नो बलको घमण्डमा परेर यस कामको परिणाम के होला, त्यतापट्टि ता दृष्टि नै दिनुभएन ॥४॥ जो राजा ऐश्वर्यको घमण्डमा परेर पहिले गर्नुपर्ने काम पछि र पछि गर्नुपर्ने काम पहिले गर्दछ त्यसलाई न्याय अन्यायको केही विचार नभएको भन्नुपर्दछ ॥५॥ जसरी संस्कार नगरिएको आगोमा हालेको आहुति निष्फल हुन्छ त्यसै गरी देश, कालको विचार नराखी जति काम गरिन्छन् ती सबै उल्टा पुल्टा भएर केवल दुःखका साधक बन्न जान्छन् ॥६॥ जो राजा क्षय, वृद्धि तथा स्थान यी तीन कामको प्रयोग गर्दा आफ्ना मन्त्रीहरूसँग पाँच प्रकारका प्रयोग (सहाय, साधनको उपाय, देश कालको विभाग, आपत्ति हटाउने उपाय, सिद्धि) र साधनको विचार गरेर मात्र काम गर्दछ त्यसलाई ठीक ठीकसँग न्याय मार्गमा हिंड्ने भन्नुपर्दछ ॥७॥ जो राजा शास्त्रानुसार मन्त्रीहरूसंग सल्लाह लिन्छ, उनीहरूको भित्री आशय बुझेर, यो सच्चा दोस्त हो र यो केवल खुशामद गरेर दिल बहलाउन खोज्दछ भनेर छुट्ट्याउन सक्तछ त्यही न्यायमार्गमा हिंड्ने हो ॥८॥ हे राक्षसराज ! नीतिनिपुण मानिसहरूमध्ये कोही बिहान, दिउँसो र रात्रिमा क्रमैले धर्म, अर्थ र कामको सेवन गर्दछन्, कोही एकै चोटिमा तीनै ओटाको सेवन गर्दछन् र कोही कोही धर्म, अर्थ आदि दुइ दुइओटाको एक समयमा सेवन गर्दछन् ॥९॥ जो, यी तीनमध्ये कुनचाहिं श्रेष्ठ हो सो कुरा आफ्ना आप्तजनबाट थाहा पाउँदा पाउँदै पनि सो मुताबिक आफ्नो काम गर्दैन त्यो केवल नाममात्रको राजा हो, त्यसले पढे गुनेको सबै व्यर्थ हुन्छ ॥१०॥ हे राक्षसश्रेष्ठ ! दिनु, संझाउनु बुझाउनु, फाटो पार्नु, पराक्रम देखाउनु र मेल मिलाप गर्नु, यिनै पाँचलाई नीति र अनीति भन्दछन्; समयअनुसार हुन गयो भने नीति भयो, भएन भने अनीति भयो ॥११॥ जो राजा समयानुसार मन्त्रीहरूसंग सल्लाह गरेर धर्म, अर्थ र कामको सेवन गर्दछ त्यसलाई आत्मज्ञ भन्नुपर्दछ, यस्ताले संसारमा कहिले पनि दुःख भोग्नुपर्दैन ॥१२॥ राजाले सबै कुराको तत्व बुझ्ने भएका बुद्धिमान् मन्त्रीहरूसंग सर सल्लाह गरेर परिणाममा आफ्नो कल्याण हुने काम गर्नपट्टि लाग्नुपर्दछ ॥१३॥ शास्त्रको मतलब नबुझेका तर मन्त्री भइटोपलेकाहरू केवल ढीठ भएर बोल्न थाल्दछन्, यिनीहरूको बुद्धि पशुहरूको जस्तो हुन्छ, अर्थशास्त्रको ज्ञान नभए तापनि खूब धेरै धन कमाउन इच्छा गर्ने यस्ता मूर्ख, शास्त्रको मतलब नबुझेका मन्त्रीहरूको कुरामा राजाले कान दिन हुन्न ॥१४–१५॥ जो मानिस ढीठ भएर बडो हित गर्ने जस्तो बनेर अहित कुराको उपदेश गर्दछ, त्यस्तालाई मन्त्रीपदबाट

निकालि नै दिनुपर्दछ, कारण यस्ताले गर्दा काम बिग्रने हुन जान्छ ॥१६॥ यहाँ लङ्कामा मन्त्रीहरू, बुद्धिमान् शत्रुहरूसंग मिलेर मालिकलाई नष्ट पार्नाको निम्ति, उल्टो उपदेश दिनपट्टि लागेका छन् ॥१७॥ तसर्थ राजाले बाहिर देख्नामा मित्र तर भित्री तवरबाट शत्रु भइराखेका मन्त्रीहरूलाई सर-सल्लाहको बखतमा उनीहरूको व्यवहार देखेर चिन्नुपर्दछ र तिनीहरूलाई निकालिदिनुपर्दछ ॥१८॥ शत्रुहरूसंग मिलेका मन्त्रीहरूको लहैलहैमा लागेर जो राजा चञ्चल भई काम गर्दछ, त्यस्ता राजामाथि, उसको छिद्र (दोष) भेट्टाएको हुनाले (क्रौञ्चपर्वतका स्वामी कार्तिकजीले पारेको प्वालमा चरा पसेझैं) अरूले आक्रमण गरिहाल्दछन् ॥१९॥ जो राजा शत्रुलाई तुच्छ संझेर आफ्नो रक्षा गर्नपट्टि लाग्दैन त्यसले अवश्यै दुःख भोग्न र राज्यबाट च्युत हुनुपर्दछ ॥२०॥ रानी मन्दोदरी र भाइ विभीषणले जे भनेथे त्यही नै हाम्रो हित गर्ने कुरा हो, अबलाई तपाईंलाई जे इच्छा लाग्दछ सो गर्नुहोस् ॥२१॥

कुम्भकर्णको कुरा सुन्दा रावणले निधारमा गाँठो पार्‍यो र झोंक्किएर भन्नलाग्यो ॥२२॥ हे कुम्भकर्ण ! हेर्, म ता तेरो जेठो दाजु र आचार्य जत्तिकै पूजनीय छु, उल्टो तँ पो मलाई उपदेश गर्न लागेको छस् ; व्यर्थमा बकवाद गर्नाले के फाइदा ? जसो मैले भनें उसै गर् ॥२३॥ उल्टो बुद्धिले होस् वा अज्ञानले होस् वा बल, वीर्य्यको घमण्डले होस्, मैले तिमीहरूले भनेको कुरा मानिन, अब समय बितिसकेपछि यस विषयमा चर्चा गर्नु फजूल हो । ॥२४॥ अब यस समयको हाम्रो जो कर्तव्य हो त्यसको विचार गर्नुपर्दछ । हे भाइ ! यदि तिमीमा ममाथि प्रेम छ, आफ्नो पराक्रममा भरोसा छ र मेरो यस कामलाई खूबै जरूरी सम्झन्छौ भने मेरो खराब नीतिले गर्दा यो जो अपमानरूपी दुःख आइ-परेको छ त्यसलाई आफ्नो पराक्रमद्वारा दूर गरिदेऊ ॥२५-२६॥ मित्र भनेको त्यही हो जो अभिलाषा पूर्ण हुन नसकेकोले शोचनीय अवस्थामा परेका मानिसको सहायता गर्दछ र कुमार्गमा हिंड्नाले दुःख भोगिराखेकोलाई जसले सहायता गर्दछ त्यही नै उसको भाइ हो ॥२७॥

रावणले यस प्रकारसँग मनमा धैर्य्य राखेर कठोर वचन भनेको सुन्दा कुम्भकर्णले दाइसाहेब रिसाएछन् भन्ठान्यो र फेरि उसलाई बिस्तारै बिस्तारै मीठा मीठा कुरा भन्नलाग्यो ॥२८॥ दाजुलाई ज्यादै हडबडाएको देखेपछि कुम्भकर्ण उसलाई शान्त गर्नाको निम्ति बिस्तारै बिस्तारै भन्नलाग्यो ॥२९॥ हे शत्रुतापी महाराज ! सावधानीसाथ मैले भनेको कुरा सुन्नुहोस् । हे राक्षसराज ! मनमा ताप लिनु फजूल हो, रिसको त्याग गरेर चित्तलाई शान्त गर्नुहोस् ॥३०॥ हे राजन् ! म जीउँदो छँदा छँदैमा तपाईंले मनमा यसरी ताप लिनुपर्दैन, जसले गर्दा तपाईंले दुःखित हुनुपरेको छ त्यसको म नाश गरिदिनेछु ॥३१॥ जुनसुकै अवस्थामा पनि हितको कुरा भन्ने मलाई अधिकार छ, तसर्थ हे राजन् ! बन्धुभाव तथा दाजुमाथिको स्नेहले गर्दा मैले तपाईंलाई यी कुरा भनेको हुँ ॥३२॥ यस समयमा हित गर्न खोज्ने भाइले जसो गर्नुपर्ने हो सोही गर्न म तय्यार छु, आज म युद्धमा शत्रु-हरूको कसरी संहार गर्दोरहेछु सो हेर्नुहोस् ॥३३॥ हे महाबाहो ! आज संग्रामभूमिमा भाइको साथ-साथै राम मारिएपछि वानरीसेना भाग्नलागेको तपाईं देख्नुहुनेछ ॥३४॥ आज म रणभूमिबाट रामको

५९–क

टाउको लिएर आउनेछु जसलाई देख्ता तपाईं ता खुशी हुनुहुनेछ, तर सीता ता दुःखिनी बन्नेछन् ॥३५॥ युद्धमा जसजसका नाता कुटुम्बी मारिएका छन्, लङ्कावासी ती सबै रामको मृत्युरूपी सुखको मूल आज हेर्न पाउनेछन् ॥३६॥ युद्धमा नाता कुटुम्बी मारिनाले शोकमा परेर आँसु बगाइराखेका राक्षसहरूको आँसु म आज रणक्षेत्रमा शत्रुहरूको संहार पारेर पुछ्नेछु ॥३७॥ पर्वतको जस्तो आकार भएका र सूर्यसहितको मेघसमान देखिने वानरराज सुग्रीवलाई आज संग्रामभूमिमा छ्याल्लब्याल्ल परेको देख्नुहुनेछ ॥३८॥ पापको लेशमात्र पनि नभएका हे राजन् ! रामलाई मार्ने इच्छा गरिराखेका यी राक्षसहरूले र मैले अनेक तरहबाट तपाईंलाई संझायौं तर तैपनि किन यसरी ताप लिइरहनुभएको हो ॥३९॥ हे राक्षसराज ! रामचन्द्रले मारिहाले भने पनि पहिले मलाई मारेर पो तपाईंलाई मार्ने-छन्, मैले ता आफ्नो विषयमा केही फिक्री लिएको छैन ॥४०॥ हे शत्रुतापी महापराक्रमी राजन् ! आफ्नो मनमा जे कुराको इच्छा छ सो मलाई आज्ञा गर्नुहोस्, युद्धमा मेरो सहायताका लागि अरू कसैलाई खोज्नाको केही जरूरत छैन ॥४१॥ म एकलैले तपाईंका सबै महाबली शत्रुहरूलाई ध्वस्त पारिदिनेछु। इन्द्र, यम, अग्नि, वायु, कुबेर र वरुण यी जम्मै युद्धमा मेरो अगाडि परे भने पनि म यी सबैसित लड्नेछु। तीक्ष्ण शूल धारण गरेर जब म खडा हुनेछु त्यस बखतमा पर्वतसमानको मेरो कठोर शरीर र तीखा तीखा दाँत देख्तैमा तथा मेरो सिंहनाद सुन्दैमा इन्द्रसमेत डराएर भाग्नेछन्। अस्त्रको पनि मलाई केही जरूरी छैन, जब म अस्त्र शस्त्र छोडेर केवल हातले शत्रुहरूलाई थिच्न थाल्नेछु त्यस बखतमा प्राण बाँचोस् भनेर आशा गर्ने कुनै प्राणी पनि मेरो अगाडि टिक्न सक्ने छैन। शक्ति, गदा, तरवार र तीखा तीखा बाण यी केही पनि मलाई चाहिन्न ॥४२-४५॥ रिसाएको वेलामा केवल हातको प्रहारले इन्द्रलगायत सबै शत्रुलाई मारिदिनेछु, आज कदाचित् रामले मेरो मुक्काको चोट सहन सक्यो भने, मेरा बाणले उसको रगत पिउन बाँकी राख्नेछैनन्। हे राजन् ! म जीउँदो छँदा छँदै किन तपाईं चिन्तामा परेर दुःखित भइराख्नुहुन्छ ॥४६-४७॥ हेर्नुहोस्, तपाईंका शत्रुलाई नष्ट गर्नाको निम्ति म जानलागें, रामचन्द्रले गर्दा उत्पन्न भइराखेको भयलाई दूर गरिदिनुहोस्, कारण आजको घोर युद्धमा म त्यसलाई नमारी छोड्नेछैन ॥४८॥ राम, लक्ष्मण, सुग्रीव, र राक्षसहरूलाई मारेर लङ्का नगरी डढाउने महाबली हनुमान् यी सबैको संहार गर्नेछु ॥४९॥ त्यहाँ रणसंग्राममा जति वानर युद्ध गर्न आउनेछन् ती सबैलाई खाइदिनेछु, तपाईंलाई ठूलो यश दिलाउने मेरो इच्छा छ ॥५०॥ इन्द्र अथवा ब्रह्माले नै तपाईंको मनमा डर उत्पन्न गराएको भए पनि क्रुद्ध भएको खण्डमा यी देवताले समेत भूइँमा लम्पसार परेर सुत्नुपर्नेछ ॥५१॥ यमराजलाई शान्त गराइदिनेछु, अग्निलाई पेटभित्र हाल्नेछु र नक्षत्रहरूको साथैसाथ सूर्यलाई पृथ्वीमा खसालिदिनेछु ॥५२॥ इन्द्रको वध गर्नेछु, समुद्रलाई पिइदिनेछु, पर्वतलाई चूर्ण पारिदिनेछु र पृथ्वीलाई फुटालिदिनेछु ॥५३॥ कुम्भकर्ण धेरै दिनदेखि सुतिराखेको थियो, आज जब त्यसले सबै प्राणीलाई खान थाल्नेछ तब तपाईंहरूले उसको पराक्रम देख्नुहुनेछ, के भनूँ, यो तीनै लोक मेरो आहाराको निमित्त पुग्नेछैन ॥५४॥ दशरथका छोरा-

हरूलाई मारेर तपाईंको उत्तरोत्तर वृद्धि गराउने सुख ल्याउनको निम्ति जानलागेको छु । लक्ष्मणको साथसाथै रामलाई मारीकन म मुख्य मुख्य जम्मै वानरहरूलाई खाइदिनेछु ।।५५।। हे राजन् ! मोज मज्जा गर्नपट्टि लाग्नुहोस्, रक्सी उडाउनुहोस्, मनको सबै दुःख दूर गरेर आफूले गर्नुपर्ने काम गर्नुहोस् । मद्वारा रामचन्द्र यमराजको घरमा पुगेपछि सीता सदाका लागि तपाईंको वशमा हुनेछिन् ।।५६।।

सर्ग—६४

कुम्भकर्ण र महोदरको वादविवाद चल्दछ ।

विशालबाहु, बडेमानको शरीर भएका, महाबली कुम्भकर्णका यी कुरा सुनेपछि महोदर नाम गरेको राक्षस बोल्नलाग्यो ।।१।। हे कुम्भकर्ण ! तिमी उत्तम कुलमा जन्मेका हौ, तर बडा ढीठ र अहङ्कारी छौ, यसै कारण सबै विषय राम्ररी बुझ्ने शक्ति तिमीमा छैन, कुन समयमा के गर्नुपर्ने हो सो कुराको तिमीलाई ज्ञान छैन ।।२।। हे कुम्भकर्ण ! के हाम्रो महाराज नीति र अनीतिको कुरा जानिबक्सिन्न र ? तिमी ता केवल बालकपनको ढीठाइँले गर्दा यस्तो अनर्थका कुरा गरिरहेका छौ ।।३।। राक्षसराज रावणमा, स्थान, बुद्धि, हानि तथा देशकालअनुसार काम गर्ने ज्ञान सबै छन्, यिनलाई आफ्नो र शत्रुपक्षको उन्नतिको कुरा थाहा नभएको होइन ।।४।। बूढापाकासित सर सल्लाह नगरी, केवल बलको भरोसामा परेर साधारण बुद्धि भएका मानिस जो काम गर्दछन् त्यो काम गर्न कुनचाहिं राजाले उचित संझला ।।५।। धर्म अर्थ र कामलाई बेग्ला बेग्लै समयमा सेवन गर्नुपर्दछ भन्ने जो कुरा तिमीले गर्‍यौ सो तिमीले आफैं नै राम्ररी बुझेका छैनौ, अरूलाई यस विषयमा उपदेश गर्ने कुरा त कता छ कता ? ।।६।। धर्म अर्थ, र काम यी सबै सुखका साधनको उत्पत्ति केवल कर्मबाट हुन्छ, केवल कर्त्ताले नै पाप, पुण्य यी दुवैको फल भोग्नुपर्दछ ।।७।। चित्तको शुद्धि भएको खण्डमा धर्म र अर्थ यी दुवैबाट मोक्ष मिल्न सक्तछ तापनि यिनले स्वर्ग र अभ्युदयसमेत दिन सक्तछन् । अधर्म र अनर्थ गर्नाले जो फल मिल्दछ सोही फल शास्त्रमा लेखिएका रीतिको उल्टो आचरण गर्नाले भोग्नुपर्दछ ।।८।। यसलोक र परलोक दुवै ठाउँमा सुख पाइने किसिमको काम सबै जना गर्न खोज्दछन् । जो मानिस जुन काममा निरन्तर लागिरहन्छ त्यसले अवश्य आफ्नो कामअनुसारको फल नपाई छोड्दैन ।।९।। सीताको हरण गर्ने काम रावणले आफ्नो मनमा निश्चय गरिसकेका थिए र हामीले पनि उनलाई यसमा अनुमति दिएका थियौं । शत्रुप्रति राजाको यस व्यवहारलाई साहस भन्नुपर्दछ, शत्रुको विरुद्धमा साहस प्रकट गर्ने कामलाई अनीति हो भन्न सकिन्न ।।१०।। एकलै गएर शत्रुको वध गर्दछु भन्ने कुरा जो तिमीले गर्‍यौ सो पनि मलाई ठीक जस्तो लाग्दैन, किन लाग्दैन त्यसको कारण भन्दछु, सुन ।।११।। जसले पहिले जनस्थानमा अनेक महाबली राक्षसहरूलाई मारिदियो त्यस्तो रामलाई तिमी कसरी एकलै जित्न सकौला ? ।।१२।। जनस्थानमा यिनको बाणको चोट खाएर जुन जुन पराक्रमी राक्षस भागेका थिए

तिनलाई अहिलेसम्म तिमीले लंकामा देखेका छैनौ, कारण यिनीहरू रामको डरले लुकिराखेका छन् ॥१३॥ तिमी ता जान्दा जान्दै पनि सुतिराखेको सिंह र सांपसमानका दशरथपुत्र रामचन्द्रलाई बिउँझाउन पो खोजिरहेका छौ ॥१४॥ राम सदा आफ्नो तेजले जाज्वल्यमान भइरहन्छन्, रिसाएको खण्डमा कसैले यिनलाई हराउन सक्तैन, मृत्युसमान यिनी असह्य छन्, यस्ता वीरको अगाडि पर्न कसले साहस गर्ला ? ॥१५॥ शत्रुको सामना गर्दाखेरि सदा प्राण जाने डर हुन्छ, यसमा पनि तिमी एकलै जान खोजिराखेका छौ, हे कुम्भकर्ण ! तिम्रो एकलै जाने कुरा ता मलाई बिलकुलै निको लाग्दैन है ॥१६॥ यस्तो को मानिस होला जो कि आफू सहायहीन भए तापनि सहायतासहितको शत्रुलाई साधारण मानिस सझेर आफ्नो वशमा ल्याउन खोज्ला ? जसले आफ्नो जीवनको त्याग गर्न खोजेको छ त्यसैले मात्र यस्तो काम गर्ला ॥१७॥ हे राक्षसश्रेष्ठ ! जसको समान मानिसमा अरू कोही छैन, त्यस्ता इन्द्र र सूर्य जस्ता मानिससित तिमीले कसरी युद्ध गर्ने इच्छा गरेको होला ? ॥१८॥

झोंकिएको कुम्भकर्णलाई यति भनिसकेपछि महोदर संसारैलाई रुवाउने रावणलाई राक्षसहरूको बीचमा भन्नलाग्यो ॥१९॥ सीतालाई पहिले नै भेट्टाइसकेपछि तपाईंले किन विलम्ब गर्नुपर्‍यो, इच्छा गरेको बखतमा सीता तपाईंको वशमा आउन सक्तछिन् ॥२०॥ सीतालाई आफ्नो वशमा पार्ने मैले एउटा उपाय विचार गरेको छु, तपाईंको बुद्धिले यसलाई बेश ठहर्‍याउँछ भने हे राक्षसराज ! सुन्नुहोस् र सोही मुताबिक काम गर्नुहोस् ॥२१॥ म, द्विजिह्व, संह्रादी, कुम्भकर्ण र वितर्दन यी पाँच जना रामलाई मार्नको निम्ति जानलागेका छौं भन्ने कुराको शहरभरी झ्याली पिटाइदिनुहोस् ॥२२॥ हामीहरू गएर यत्नपूर्वक शत्रुसँग युद्ध गर्दछौं, हाम्रो जित भएको खण्डमा ता अरू कुनै उपायको आवश्यकता पर्ने छैन ॥२३॥ तर हामीले युद्ध गर्दा गर्दै पनि तपाईंको शत्रुलाई मार्न सकेनौं र त्यो जीउँदै उम्कन सक्यो भने ता मैले मनमा जुन उपाय विचार गरेको छु त्यो गर्नुपर्दछ ॥२४॥ हामीहरू रामको नाम अङ्कित भएका बाणले शरीरलाई छिया छिया पारेर, रगत बगाउँदै युद्धभूमिबाट यहाँ आउनेछौं र भन्नेछौं— हामीहरूले राम लक्ष्मणलाई खाइदियौं, त्यसपछि तपाईंका चरणमा छाँद हालेर हाम्रो मनोरथ पूर्ण गर्नाको निम्ति तपाईंसँग प्रार्थना गर्नेछौं ॥२५-२६॥ हे राजन् ! यसपछि हात्तीमा एउटा राक्षसलाई चढाएर राम र भाइ फौजको साथसाथै मारिए भन्ने कुरा शहरभरि फिंजाइदिनुहोस् ॥२७॥ यसपछि, हे महाराज ! मनमा खूबै प्रसन्न भएझैं नोकर-चाकर दास-दासीलाई भोगविलासका चीजबीज तथा धन दौलथ इनाम दिए जस्तो गरी बाँडिदिनुहोस् ॥२८॥ योद्धाहरूमा माला, वस्त्र, भूषण, शरीरमा लगाउने सुगन्धी वस्तु र पिउने रक्सी बाँड्न लगाउनुहोस् र आफू पनि मनमा दङ्ग परे जस्तो देखाएर रक्सी पिउन थाल्नुहोस्॥२९॥ राक्षसहरूले मित्रहरूको साथसाथै रामलाई खाइदिए भन्ने खबर लङ्कामा जताततै फैलिएपछि तपाईं पनि सीतालाई संझाउन बुझाउनको निम्ति एकान्तमा उनीसित भेट गर्नुहोस् र धन, धान्य, रत्न तथा नानाप्रकारका भोगविलासका चीजबीजले उनलाई लोभ्याउनुहोस् ॥३०-३१॥ यस प्रकारको छलले सीताको शोक बढ्नेछ, तपाईंको चाहना नगर्ने भए तापनि, पति मरेको समाचार सुनेपछि, आफूलाई अनाथिनी

भएको संझेर उनले तपाईंको अधीनमा पर्नुपर्नेछ ॥३२॥ आफ्ना प्यारा पतिको विनाश भएको खबर सुन्नाले निराशा भएको र आइमाईको छोटो बुद्धिले गर्दा उनी अवश्यै तपाईंको वशमा आउनेछिन् ॥३३॥ सीता पहिलेदेखि नै सुखमा बढेकी हुन्, सुख भोग गर्ने यिनको बानी बसिसकेको छ तर अहिले दुःखमा परेकी हुनाले तपाईंको अधीनमा रहनाले सुख होला भन्ठानेर सर्वथा तपाईंको वशमा पर्न आउनेछिन् ॥३४॥ हे महाराज ! मेरो विचारमा ता यो सफलताको ठीक उपाय हो जस्तो लाग्दछ, रामनेर जानाले अर्थात् उनीसित युद्ध गर्नाले अनर्थ हुने सम्भावना देखिन्छ अतएव युद्धको निम्ति यसरी उत्सुक नहुनुहोस् । मैले भनेबमोजिम काम गरेको खण्डमा ता घर बसीबसी अर्थात् युद्ध गर्दै नगरेर सुख पाइन सकिन्छ ॥३५॥ हे महाराज ! फौजको नाश नगराई, कुनै प्रकारको संशयमा नपरी, युद्ध नगरीकन नै तपाईं शत्रुलाई जित्न र यश, पुण्य, लक्ष्मी तथा कीर्तिलाई धेरै कालसम्म भोग्न पाउनुहुनेछ ॥३६॥

सर्ग—६५

रावणसंग बिदाबारी भई कुम्भकर्ण युद्धभूमिमा उपस्थित हुन्छ ।

यस प्रकारसंग बोलिराखेको महोदरलाई हप्काएर कुम्भकर्ण राक्षसराज रावणलाई भन्नलाग्यो ॥१॥ आज म त्यस दुरात्मा रामचन्द्रलाई मारेर तपाईंको घोर भय दूर गरिदिन्छु, तपाईं शत्रुहीन भएर सुखी हुनुहोस् ॥२॥ शूराहरू पापी नभएको बादल गर्जेझैं व्यर्थमा घमण्ड गर्दैनन् । युद्धमा कर्मद्वारा मेरो गर्जना सफल भएको देख्नुहुनेछ ॥३॥ शूराहरू कदापि स्वयं आफ्नो तारीफ गर्दैनन् , आफ्नो पराक्रमको वर्णन नगरीकन नै यिनीहरू कठोर काम गरेर देखाउँछन् ॥४॥

हे महोदर ! तिमीले भनेका यी कुरा आफूलाई पण्डित सम्झने मूर्ख र काथर राजालाई मात्र निको लाग्ला ॥५॥ सधैं मीठो बोली बोल्ने तिमीहरूसमानका काथरहरूले नै राजाको मनअनुसार बोलेर सबै काम बिगारिराखेका छौ ॥६॥ लङ्कामा केवल राजा बांकी रहन गएका छन् , ढुकुटी रित्तिइसक्यो, सेना सखाप भइसक्यो । रावण जस्तो राजा पाएर पनि तिमीहरूले मित्रको रूपमा अमित्र (दुश्मन) को काम गर्‍यौ ॥७॥ तिमीहरूको दुर्नीतिलाई शान्त गर्नाको निम्ति र शत्रुहरूलाई हराउनाका लागि म आज तैयार परेर युद्धमा जानलागिराखेको छु ॥८॥

बुद्धिमान् कुम्भकर्णले यति कुरा भनिसकेपछि राक्षसराज रावण हाँस्तै भन्नलाग्यो ॥९॥ हे युद्धविशारद बाबु ! साँची साँची नै रामलाई देखेर यो महोदर डराइराखेको छ । यसै कारणले यसलाई युद्ध गर्ने चाहना छैन ॥१०॥ हे कुम्भकर्ण ! बल र प्रेमले गर्दा तिमीसमानको मेरो अर्को कोही छैन, तसर्थ शत्रुको वध गर्न तथा विजय प्राप्त गर्नेको निम्ति झट्टै जाइहाल ॥११॥ शत्रुको विनाश पार्नाका लागि नै मैले तिमीलाई निद्राबाट बिउँझाएको हुँ । हे शत्रुतापी भाइ ! राक्षसराजका लागि अहिलेको समय बडो डरलाग्दो भइराखेको छ ॥१२॥ हातमा पाशो लिएका यमराजझैं तिमी पनि हातमा शूल लिएर

जाऊ र सूर्यसमानको तेज भएका राम, लक्ष्मण तथा वानरहरूलाई खाइदेऊ ॥१३॥ तिम्रो रूप देख्ना-साथ वानरहरू डराएर भाग्नेछन् र राम, लक्ष्मणको मुटु नै फुट्नेछ ॥१४॥

महाबली कुम्भकर्णलाई यति भनिसकेपछि महातेजस्वी रावणले आफ्नो पुनर्जन्म भएको संझ्यो अर्थात् आफ्नो रक्षा भएको भन्ठान्नलाग्यो ॥१५॥ रावणलाई कुम्भकर्णको बल र पराक्रम थाहा थियो यसै कारण यो पूर्णिमाको निर्मल चन्द्रमाझैं बडो प्रसन्न देखिनलाग्यो ॥१६॥ यति भनिसकेपछि महाबली कुम्भकर्ण प्रसन्नतासाथ बाहिर निस्क्यो र रावणको कुरा सुनेकोले युद्धमा जान भनी तय्यार पर्‍यो ॥१७॥ शत्रुको विनाश पार्ने कुम्भकर्णले बडो फूर्तिसाथ तीखो शूल उठायो । फलामै फलामले बनेको यो चहकिलो शूल खारिएको सुनले सिंगारिएको थियो । इन्द्रको वज्र जस्तो देखिने यो वज्रजत्तिकै गह्रौं थियो; देव, दानव, गन्धर्व, यक्ष, र नागहरूको विनाश पार्ने सामर्थ्य यसमा थियो; लामो रातो माला यसलाई पहिराएको थियो, यसबाट आगो निस्किराखेको थियो । शत्रुको रगतले रंगिएको यो बडेमानको त्रिशूल हातमा लिएर महातेजस्वी कुम्भकर्ण रावणलाई भन्नलाग्यो—म एक्लै युद्धभूमिमा जान्छु, तपाईंको यो फौज यहीं रहोस् अहिले मलाई भोक लागेको र रिससमेत उठिराखेको छ तसर्थ म सबै वानरहरूलाई खाइदिनेछु । कुम्भकर्णको यो कुरा सुनेपछि रावण भन्नलाग्यो ॥१८–२२॥ शूल, मुद्गर आदि गरिएका शस्त्र धारण गर्ने सैनिकहरूलाई साथमा लिएर जाऊ कारण महात्मा वानर-हरू बडा उद्योगी र शूरा छन् ॥२३॥ तिमी सदा मस्त भइरहन्छौ यसैले तिमीलाई एक्लो देख्नासाथ दाँतले टोकी टोकीकन ध्वस्त पार्न थाल्नेछन् तसर्थ लडाइँमा पराजित हुन नसक्ने तिमी फौज साथमा लिईकन जाऊ र राक्षसको कुभलो गर्न खोज्ने सबै शत्रुलाई मारिदेऊ ॥२४॥

यति भनिसकेपछि महातेजस्वी रावण आफू बसेको ठाउँबाट उठ्यो र बीचबीचमा मणि जडि-राखेको, फूलको माला कुम्भकर्णलाई लगाइदियो ॥२५॥ रावणले यसलाई बाजू , औंठी, असल असल चहकिला गहना, चन्द्रमाको जस्तो टलक भएको हार, मीठो बास्ना आउने फूलको माला र कानमा कुण्डल यी सबै गहना उसको शरीरमा लगाइदियो ॥२६–२७॥ सुनको अङ्गद, केयूर, बाजू तथा अरू अरू गहनाले सिंगारिएको, लामा लामा कान भएको कुम्भकर्ण विधिपूर्वक होम भइराखेको आगो-समान शोभायमान हुनलाग्यो ॥२८॥ कम्मरमा कन्धनीको कालो डोरी देखिनाले कुम्भकर्ण समुद्र-बाट अमृत मथेर झिक्नलागेको वेलामा सर्पले बेह्रिएको मन्दर पर्वत जस्तै देखिनलाग्यो ॥२९॥ कुम्भ-कर्णले सुनै सुनले बनेको, बिजुलीको जस्तो टलक भएको कवच पहिर्‍यो, कुनै हतियारले यसलाई छेड्न सक्तैनथ्यो, वायुको समेत यसभित्र प्रवेश हुन सक्तैनथ्यो र यो आफ्नै तेजले प्रकाशमान भइराखेको थियो; यस्तो कवच पहिरेकोले कुम्भकर्ण सन्ध्याकालको बादलले छोपिराखेको हिमालय पर्वत जस्तो देखिनलाग्यो ॥३०॥ शरीरभरी गहनै गहना लगाएको र हातमा शूल लिइराखेको यो राक्षस अहिले तीन पाइलाले त्रिलोक नाप्न तैयार परेका नारायण जस्तो देखिनलागेको थियो ॥३१॥

दाजुलाई अँगालो हाली, उनलाई परिक्रमा तथा प्रणाम गरिसकेपछि महाबली कुम्भकर्णले प्रस्थान

गर्‍यो ॥३२॥ रावणले कुम्भकर्णलाई राम्रो राम्रो आशीर्वाद दियो र शङ्ख तथा दुन्दुभि बजाउनलगाएर, उत्तम उत्तम अस्त्र धारण गरेका सैनिक साथमा लगाई उसलाई बिदा गर्‍यो ॥३३॥ रथीश्रेष्ठ कुम्भकर्णको साथमा हात्ती, घोडा, र बादल गर्जेझैं गर्जने रथमा चढेर अनेक मनस्वी रथीहरू जानलागे ॥३४॥ साँप, ऊँट, गधा, सिंह, हात्ती, तथा मृगमा चढेका राक्षसहरू महाबली, डरलाग्दो अनुहार भएको कुम्भकर्णको पछिपछि जानलागे ॥३५॥ देवता र दानवहरूको शत्रु कुम्भकर्णमाथि फूलको वृष्टि हुनलाग्यो, यसलाई छाता ओढाइराखेको थियो र यसले हातमा तीखो शूल समातिराखेको थियो। रगतको गन्धले मस्त भइराखेको यो भयङ्कर कुम्भकर्ण लङ्काबाहिर निस्क्यो ॥३६॥ महापराक्रमी, महाबली अनेक पैदल राक्षस यसको पछिपछि हिंडे, यी सबै भयङ्कर थिए, डरलाग्दो यिनको आँखा थियो र सबैले हात हातमा अस्त्र शस्त्र लिइराखेका थिए ॥३७॥ राता यिनीहरूका आँखा थिए र सबै बडा अग्ला थिए, गाजलको थुप्रो जस्तै काला थिए; शूल, तरवार, तीखा तीखा परशु, भिन्दीपाल, परिघ, गदा, मुसल, ठूला ठूला तालका रूख, क्षेपणीय नाम गरेका डरलाग्दा हतियार यिनीहरूले हातमा लिइराखेका थिए ॥३८–३९॥ महातेजस्वी, महाबली कुम्भकर्णले देख्तैमा डर लाग्ने, महाभयङ्कर मूर्ति धारण गरेर रणक्षेत्रमा प्रवेश गर्‍यो ॥४०॥ यसको शरीरको मोटाइ सय धनु (चार सय हात) र उँचाइ छ सय धनु (चौबीस सय हात) थियो, रथको पांग्रा जस्तो यसको आँखा थियो, बडेमानको पर्वत जस्तै यसको शरीर देखिएको थियो ॥४१॥ डढेको पर्वत जस्तै देखिने, अतिशय विशाल मुख भएको कुम्भकर्ण आफ्नो सेनाको व्यूह बनाएर मुसुक्क हाँस्तै राक्षसहरूलाई भन्नलाग्यो ॥४२॥ जसरी आगोले कीरा फट्यांग्रालाई भस्म पारिदिन्छ त्यसै गरी रिसमा परेकोले म पनि आज यी मुख्य मुख्य वानरहरूलाई पालैसंग जलाइदिनेछु ॥४३॥ वनचारी वानरहरूले हुन ता मेरो केही बिगार गरेका छैनन्। वानरको जात हामी जस्ताको शहर तथा बगैंचाका गहना हुन् ॥४४॥ लङ्का शहरलाई घेराभित्र पार्ने मूल कारण राम, लक्ष्मण नै हुन्, यिनीहरू मारिएपछि सबै आफैं मर्नेछन्, अतएव पहिले यी दुवै भाइलाई नै युद्धमा मारिदिन्छु ॥४५॥

राक्षस कुम्भकर्णले यति भनिसकेपछि सबै राक्षसहरूले समुद्रलाई नै कम्पायमान गराउने किसिमको बडो डरलाग्दो गर्जना गर्नलागे ॥४६॥ बुद्धिमान् कुम्भकर्णले प्रस्थान गर्ने समयमा चारैतिर बडो डरलाग्दो अशुभसूचक अपशकुन देखिनलाग्यो ॥४७॥ उल्का र बिजुलीले युक्त भएको बादलले गधाको जस्तो रंग लियो, समुद्र र वनको साथसाथै पृथ्वी कम्पायमान हुनलागिन् ॥४८॥ डरलाग्दो अनुहार परेका शृगालीहरू बल्दो आगोको फिलिङ्गो मुखमा लिएर जोरसंग चिच्च्याउनलागे, चराचुरुङ्गीहरू देब्रेपट्टिबाट मण्डल बाँधेर घुम्नलागे ॥४९॥ बाटोमा जाँदाखेरि गिद्ध आएर कुम्भकर्णको त्रिशूलमाथि बस्यो, यसको देब्रे आँखा र देब्रे हातसमेत फरफराउनलाग्यो ॥५०॥ बल्दो उल्का भयङ्कर शब्दको साथसाथै पृथ्वीमा खस्नलाग्यो, सूर्यको तेज हराएर गयो, मनलाई आनन्द गराउने किसिमले हावा चल्न बन्द भयो ॥५१॥ रोमाञ्च गराउने यस किसिमका डरलाग्दा उत्पातहरूपट्टि केही

विचारै नराखेर कालले कृतकृत्याइराखेको कुम्भकर्ण आफ्नो बाटो लाग्यो ॥५२॥ पर्वतसमानको आकार भएको कुम्भकर्ण, खुट्टैको बलले किल्लाको पर्खाल नाघेर बाहिर आयो र यहाँबाट यो मेघमण्डलसमानको वानरहरूको अचम्म लाग्ने फौज हेर्नलाग्यो ॥५३॥ पर्वतको जस्तै विशाल शरीर भएको राक्षसश्रेष्ठ त्यस कुम्भकर्णलाई देख्नासाथ, हावाले बादललाई यत्रतत्र पारेझैं, वानरहरू दशै दिशातिर भाग्नलागे ॥५४॥ मेघसमानको कुम्भकर्ण प्रचण्ड वानरी सेनालाई बादलको टुक्राझैं दशै दिशातिर भाग्नलागेको देखेपछि हर्षले गद्गद परेर बादल गर्जेझैं फेरि गर्जनलाग्यो ॥५५॥ आकाशमा जसरी बादल गर्जन्छ त्यसै गरी कुम्भकर्णले बडो डरलाग्दो किसिमले गर्जेको सुन्दा अनेक वानरहरू जरा काटिएको सालको रूख झैं धमाधम भूइँमा ढल्नलागे ॥५६॥

महात्मा कुम्भकर्ण बडेमानको त्रिशूल लिएर शत्रुलाई मार्नाको निम्ति बाहिर निस्क्यो । जसरी आफ्ना प्रजाहरूलाई दण्ड दिनलागेका रुद्र प्रलयकालमा उनीहरूको मनमा भय उत्पन्न गराउँछन् त्यसै गरी यो कुम्भकर्ण पनि वानरहरूको मनमा त्रास पार्नलाग्यो ॥५७॥

सर्ग—६६

कुम्भकर्णलाई देख्ता भाग्न लागेका वानरहरूलाई अङ्गद संझाई बुझाईकन युद्ध गर्नाको निम्ति उत्साहित गराउँछन् ।

पर्वतको टाकुरोसमानको अग्लो महाबली कुम्भकर्ण किल्लाको पर्खाल नाघेर झट्टै शहरबाहिर निस्किहाल्यो ॥१॥ समुद्रलाई गुञ्जायमान गराउँदै तथा पर्वतहरूलाई प्रतिध्वनित गर्दै कुम्भकर्ण बिजुली चड्केको आवाजलाई माथ गर्ने गरी बडो चर्को स्वरले गर्जनलाग्यो ॥२॥ इन्द्र, वरुण र यमको हात-बाट समेत मारिन नसक्ने, भयलाग्दो आँखा भएको राक्षसलाई आफूतिर आउनलागेको देख्ता सबै वानरहरू भाग्नलागे ॥३॥

यिनीहरूलाई भाग्नलागेको देखेर राजपुत्र अङ्गद नल, नील, गवाक्ष र महाबली कुमुदलाई भन्न-लागे ॥४॥ आफ्नो सुविख्यात पराक्रम र उच्च कुललाई बिर्सेर साधारण वानरहरूझैं डरले थर्कायमान भई तिमीहरू कहाँ भाग्नलागेका छौ ? ॥५॥ असल स्वभाव भएका हे वानरहो ! जे भए पनि फर्क, भागेर प्राण बचाउने उद्योग किन गरेको ? यो राक्षस हामीहरूसित युद्ध गर्न सक्तैन यो ता केवल हामी-हरूलाई तर्साउनाको निम्ति एउटा उपाय खडा गरेको हो ॥६॥ राक्षसहरूको तर्फबाट खडा गरिएको, हामीहरूलाई तर्साउने यस महान् उपायलाई हामी सबै मिलेर आफ्नो पराक्रमद्वारा नष्ट गरिदिनेछौं, हे वानरहो ! तिमीहरू फर्किहाल ॥७॥

अङ्गदका यी कुरा सुनेपछि वानरहरू मनमा ढाढस बाँधेर बडो मुश्किलसंग चारैतिरबाट जम्मा भए र हात हातमा रूख लिएर युद्धक्षेत्रमा जानलागे ॥८॥ मतवाला हात्तीझैं अतिशय झोंकिएका

यी वानरहरू फर्कनासाथ युद्ध गर्नपट्टि लागे र कुम्भकर्णमाथि प्रहार गर्नलागे ।।९।। अग्ला अग्ला पर्वतका टाकुरा, ढुङ्गा, फूल फुलिराखेका रूखले हिर्काउँदा पनि कुम्भकर्ण बिलकुलै अचल भएर अडिइरह्यो ।।१०।। यसको शरीरमाथि फ्याँकिएका ढुङ्गाहरू चूर्ण भएर खस्नलागे र फूल फुलिराखेका रूखहरू पनि भाँच्चिएर भूइँमा धमाधम खस्नलागे ।।११।। जसरी बल्दो आगोले वनलाई डढाइदिन्छ त्यसै गरी यसले पनि झोंकिएर बडो यत्नसँग वानरहरूको फौजलाई ध्वस्त पार्नलाग्यो ।।१२।। मुख्य मुख्य वानरहरू रगतले भिजेर भूइँमा सुत्नलागे र कुम्भकर्णले माथि उफारेका वानरहरू रातो फूल फुलिराखेका रूख झैं जमीनमा खस्नलागे ।।१३।। यसको मार पर्नाले वानरहरू यस्तो जोरसँग उफ्रन र भाग्नलागे कि यिनीहरूलाई आफ्नो मुनि के चीज छ सो कुराको ख्यालै भएन, यसैले कोही समुद्रमा खसे र कोही आकाशमा उडेर गए ।।१४।। राक्षसद्वारा सजिलैसंग मारिनलागेका वीर वानरहरू जुन बाटोबाट समुद्र नाघेर आएका थिए सोही बाटो समातेर भाग्नलागे ।।१५।। डरले गर्दा निदाउरो मुख लगाएका वानरहरू खाल्डोभित्र पस्नलागे, कोही भालू रूख चढे र कोही पर्वतमाथि उक्लनलागे ।।१६।। कोही पर्वतबाट तल खसे, कोही एक ठाउँमा अड्न नसकेर यताउति भाग्नलागे, कोही मरि नै गए र कोही मरेतुल्य भएर भूइँमा लम्पसार परे ।।१७।।

वानरहरूलाई यसरी भाग्नलागेको देखेपछि अङ्गदले उनीहरूलाई भने—हे वानरहो ! फर्क, एकै छिन ता अडिइराख, हेर, हामी युद्ध गर्दछौं ।।१८।। तिमीहरूले भागेर जाने कहाँ हो ? जम्मै पृथ्वीको परिक्रमा गरे तापनि तिमीहरू कहीं आश्रय पाउनेछैनौ, तसर्थ फर्किहाल, किन प्राण रक्षा गर्न भाग्द-छौ ।।१९।। आफूमा अतिशय ठूलो वेग र पराक्रम भएर पनि तिमीहरू हतियार छोड्दै यसरी भाग्न-लागेका छौ, यस्तो अवस्थामा देख्ता स्वास्नीहरूले तिमीहरूको खिस्सी गर्नेछन्, उनीहरूको यस खिस्सीले गर्दा बाँचेको भए तापनि तिमीहरू मरेतुल्य हुनेछौ ।।२०।। तिमीहरू सबै बडो नाम फैलिएको ठूलो कुलमा जन्मेका हौ, तर किन यसरी तुच्छ वानरहरूझैं डराएर भागिराखेका छौ । आफ्नो पराक्रमलाई बिर्सेर डराउँदै भाग्नलागेको हुनाले तिमीहरूको अनार्यमा गणना हुने-छ ।।२१।। चार जनाको अगाडि तिमीहरू खूब सेखी गर्दथ्यौ, आफ्नो वीरताको बखान गर्दथ्यौ र आफूलाई मालिकको हित गर्ने भन्दथ्यौ, आज ती सब कुरा कहाँ गए ।।२२।। सज्जन-हरूले धिक्कार गर्दा गर्दै पनि जो बाँच्तछन् तिनीहरूको जीवनलाई धिक्कारै छ, यस प्रकारको निन्दा ता केवल काथरहरूको पो हुन्छ अतएव तिमीहरू सज्जनले हिंड्ने बाटोमा हिंड, भयको त्याग गरि-देओ ।।२३।। आयु सकिएको हुनाले शत्रुको हातबाट मरेर हामीले पृथ्वीमा ढल्नुपरे तापनि काथरहरूले पाउन नसक्ने ब्रह्मलोक ता हामीले पाउनेछौं ।।२४।। युद्धमा शत्रुहरूलाई मार्न सकेको खण्डमा हामीले कीर्ति पाउनेछौं । हे वानरहो ! कदाचित् मारिएछौं भने पनि हामीहरूले वीरहरूले बस्ने लोकको सुख भोग्न पाउनेछौं ।।२५।। जसरी बल्दो आगोको सामुन्ने आएपछि फट्यांग्रा जीउँदै फर्कन पाउन्न त्यसै गरी रामचन्द्रको अगाडि परेपछि कुम्भकर्ण जीउँदै फर्कन पाउनेछैन ।।२६।। हामी सबैको वीरहरूमा

गणना भइराखेको छ, ह्रामी यतिकाले एउटा राक्षसदेखि डराईकन भागेर आफ्नो प्राण बचायौं भने ह्राम्रो यश नाश भइजानेछ ।।२७।।

सुनको बाजू पहिरेका यसरी बोलिराखेका वीर अङ्गदलाई वानरहरूले शूराहरूले भन्न नहुने किसिमको कुरा भन्नलागे ।। २८।। राक्षस कुम्भकर्ण घनघोरको युद्ध गरिरहेको छ, अहिले ह्रामी जसो गरे पनि उसको अगाडि टिक्न सक्तैनौं, आफ्नो प्राण प्यारो हुनाले ह्रामी भागिरहेका छौं ।।२९।।

यति भनेर बानरका सबै सेनापतिहरू डरलाग्दो आकार र भयलाग्दो आँखा भएको राक्षसलाई आफूतिर आइराखेको देखेर दशै दिशातिर भाग्नलागे ।।३०।। तर अङ्गदले संझाई बुझाईकन भाग्नलागेका यी वानरहरूलाई जय हुने लक्षण बताएर कुनै प्रकारसंग यिनीहरूको मनमा सांत्वना दिलाएर फर्काए ।।३१।। बुद्धिमान् बालिपुत्रले यी सबैलाई प्रसन्न गराए, वानर-सेनापतिहरू पनि युद्ध गर्ने आज्ञाको प्रतीक्षा गरेर उभिइरहे ।।३२।।

सर्ग—६७

राम कुम्भकर्णसंग युद्ध गरेर उसलाई मारिदिन्छन् ।

अङ्गदको कुरा सुनेपछि विशाल शरीर भएका बानरहरू फर्केर आए र मनमनमा आफ्नो मृत्यु हुने कुरा निश्चय गरेर युद्ध गर्न भनी तय्यार परे ।।१।। महाबली अङ्गदको कुराले गर्दा यिनीहरू सबै प्रकारले युद्ध गर्न तत्पर भए र आफ्ना आफ्ना पराक्रमको प्रशंसा गर्दै पराक्रम देखाउन उद्यत भए ।।२।। युद्धका लागि उत्साह बढेकोले यी बानरहरू अङ्गदको नगीच आए, यिनीहरूले मर्नुपर्छ भन्ने कुराको दृढ निश्चय गरिसकेका थिए, तसर्थ प्राणको आशा छाडेर घनघोरको युद्ध गर्नलागे ।।३।। विशाल शरीर भएका यी बानरहरू रूख तथा ठूला ठूला पर्वतका टाकुरा उखेलेर झटपट कुम्भकर्णमाथि हमला गर्नलागे ।।४।। पराक्रमी कुम्भकर्ण पनि रिसले झोंक्किएर तथा आफ्नो गदा उठाएर शत्रुहरूलाई डाँट्दै चारैतिरबाट उनीहरूमाथि प्रहार गर्नलाग्यो ।।५।। आठ हजार सात सय बानर कुम्भकर्णको मारमा पर्नाले अङ्गभङ्ग भएर पृथ्वीमा लम्पसार परेर सुते ।।६।। जसरी रिसाएका गरुडले सांपलाई खाइदिन्छन् त्यसै गरी कुम्भकर्ण पनि एक्कै बाजिमा सोह्र, आठ, दश, बीस, तीस बानरलाई हातले समात्तै मुखभित्र हाल्दै दगुर्नलाग्यो ।।७।। बडो मुश्किलसंग बानरहरू मनमा धैर्य गरेर एकै ठाउँमा जम्मा हुनलागे र हात हातमा रूख तथा ढुङ्गा लिई लिईकन युद्धभूमिमा उभिन थाले ।।८।।

यसपछि बानरश्रेष्ठ द्विविदले एउटा पर्वतै उखेलेर हातमा लियो र तल झुण्डिइराखेको बादलझैं दगुर्दै गएर पर्वतको टाकुरासमानको कुम्भकर्णमाथि जाइलाग्यो ।।९।। यस बानरले यो पर्वत उखेल्नेबित्तिकै कुम्भकर्णमाथि प्रहार ता गरेको हो तर यसको शरीर पर्वत जस्तै विशाल हुनाले यो रूख उहाँसम्म पुग्नै सकेन र बीचैमा उसको फौजमाथि खस्न पुग्यो ।।१०।। यसले हात्ती, घोडा, रथ यी सबैलाई चकनाचूर पारिदियो र द्विविदले अरू राक्षसहरूमाथि अर्को एउटा पर्वतको टाकुराको

प्रहार गर्‍यो ॥११॥ द्विविदको हातबाट छुटेको पर्वतको शिखर तल बडो वेगसंग खसेकोले सारथिसहितको राक्षसहरूको रथलाई चूर्ण पारिदियो र जहाँतहीं रगतले भिजिराखेको हुनाले यो युद्धभूमि बडो डरलाग्दो किसिमको देखिनलाग्यो ॥१२॥ रथी राक्षसहरू पनि चर्को स्वरले गर्जंदै प्रलय-कालका यमराजसमानका बाणले, सिंहनाद गरिरहेका वानरहरूको टाउको काट्नलागे ॥१३॥ महात्मा वानरहरू पनि ठूला ठूला रूख उखेल्दै रथ, घोडा, हात्ती, ऊँट र राक्षसहरूलाई मार्नलागे ॥१४॥

यही अवसरमा हनुमान् पनि माथि आकाशमा उभिएर पर्वतका टाकुरा, ठूला ठूला ढुङ्गा र नाना किसिमका रूखको कुम्भकर्णको टाउकोमाथि वर्षा गर्नलागे ॥१५॥ परन्तु महाबली कुम्भकर्णले पनि आफ्ना त्रिशूलले ती पर्वतका टाकुरालाई फुटालिदियो र रूखहरूलाई काट्तै ध्वस्त पार्नलाग्यो ॥१६॥ कुम्भकर्णले हातमा तीख्खो शूल लिएर वानरहरूको यस उग्र फौजमाथि हमला गर्न आँट्यो । हमला गर्नै भनी आइरहेको यसको सामुन्ने पर्वतको टाकुरा उचाएर हनुमान् खडा भए ॥१७॥ हनुमान्‌जीले अत्यन्त क्रुद्ध भईकन वेगसंग, पर्वतसमानको डरलाग्दो शरीर भएको कुम्भकर्णमाथि प्रहार गरे, यो चोट पर्नासाथ राक्षस बडो हडबडाएर व्याकुल पर्‍यो र रगत तथा बोसोले यसको जम्मै शरीर भिजिगयो ॥१८॥ उहिले जसरी स्वामी कार्तिकेयले आफ्नो शक्ति चलाएर क्रौञ्च पर्वतलाई फुटालेथे त्यसै गरी कुम्भकर्णले पनि बिजुलीको जस्तो चहक भएको प्रज्वलित पर्वतको टाकुरासमानको आफ्नो शूल घुमाएर हनुमान्‌को दुवै हातको बीचमा हिर्कायो ॥१९॥ शूलको मार पर्नाले हनुमान्‌को छातीमा निक्कै नै चोट लाग्यो र विह्वल भएर यिनी मुखबाट रगत ओकेल्नलागे र झोंक्किएर प्रलयकालमा मेघ गर्जेझैं युद्ध-भूमिमा बडो डरलाग्दो किसिमले गर्जनलागे ॥२०॥ राक्षसहरू हनुमान्‌लाई अकस्मात्‌संग यसरी घाइते भएको देख्ता हर्षले गद्‌गद परेर सिंहनाद गर्नलागे र वानरहरू कुम्भकर्णको मार पर्नाले डरले थर्कायमान भई उसको नजीकबाट युद्धभूमिमा भाग्न थाले ॥२१॥

यस मौकामा महाबली नीलले फौजको दिलमा दिलासा दिए र बुद्धिमान् कुम्भकर्णमाथि एउटा पर्वतको टाकुरा फ्याँकिहाले ॥२२॥ आफूतिर आउनलागेको त्यस पर्वतको शिखरलाई कुम्भकर्णले एक मुक्की हिर्कायो । मुक्काको चोट पर्नासाथ यो फुटि पनि हाल्यो । यस पर्वतको शिखरबाट आगोको लप्का निस्कनलाग्यो र ज्वालासहितका यसका टुक्रा भूइँमा झर्नलागे ॥२३॥

ऋषभ, शरभ, नील, गवाक्ष र गन्धमादन यी मुख्य मुख्य पाँच वानरहरूले कुम्भकर्णमाथि आक्र-मण गरे ॥२४॥ यी पाँचै जना महाबली वानरहरू पर्वत, रूख; थप्पड, लात र घुस्सी चलाएर रण-भूमिमा चारैतिरबाट विशाल शरीर भएको कुम्भकर्णमाथि प्रहार गर्नलागे ॥२५॥ तर यी सबै मारलाई आनन्ददायक स्पर्श संझेकोले कुम्भकर्णलाई कुनै प्रकारको वेदना भएन र यसले खूब ठूलो वेग भएको ऋषभलाई दुवै हातले समातेर अङ्गालो हालेको जस्तो गरी, खूबसंग थिच्यो ॥२६॥ कुम्भकर्णको हातले थिचिएको हुनाले वानरश्रेष्ठ ऋषभलाई बडो वेदना भयो, यसको मुखबाट रगतको धारा बग्नलाग्यो र उन्निखेरै भूइँमा ढलिहाल्यो ॥२७॥ यसपछि इन्द्रको शत्रु कुम्भकर्णले मुक्का चलाएर शरभमाथि, घुँडाको

प्रहारले नीलमाथि, थप्पड हिर्काएर गवाक्षमाथि युद्धभूमिमा आक्रमण गर्नलाग्यो ॥२८॥ कुम्भकर्णको प्रहारले यी सबै वानरहरूलाई बडो वेदना भयो, तमाम शरीरबाट रगतको धारा बगेकोले बेहोश परेर काटिएको पलाशको रूखझैं पृथ्वीमा ढले ॥२९॥ यी मुख्य मुख्य महात्मा वानरहरू पृथ्वीमा ढलेपछि हजारौं वानरहरू कुम्भकर्णमाथि जाइलागे ॥३०॥ पर्वतसमानका वानरहरू उफ्री उफ्रीकन पर्वतको जस्तो आकार परेको कुम्भकर्णको शरीरमाथि चढेर उसलाई दाँतले टोक्नलागे ॥३१॥ यी वानरहरू नङ, दाँत, मुक्का र हातले महाबाहु कुम्भकर्णमाथि प्रहार गर्नलागे ॥३२॥ यस समयमा पर्वतसमानको आकार भएको राक्षसश्रेष्ठ कुम्भकर्ण हजारौं वानर आफूमाथि, चढेकाले रूखै रूख उम्रिराखेको एउटा पहाडसमान देखिनलाग्यो ॥३३॥ जसरी झोंक्किएका गरुड सर्पहरूलाई खान थाल्दछन् त्यसै गरी यी महाबली कुम्भकर्ण पनि वानरहरूलाई आफ्नो हातले समात्तै धमाधम खानलाग्यो ॥३४॥ कुम्भकर्णले पातालसमानको आफ्नो मुखभित्र वानरहरूलाई पसालिदियो र यिनीहरू पनि उसको कान र नाकको प्वालबाट बाहिर निस्कनलागे ॥३५॥ पर्वतसमानको राक्षसश्रेष्ठ कुम्भकर्ण झोंक्किएर वानरहरूलाई खानलाग्यो र रिसै रिसले यिनीहरूलाई भूइँमा पछार्दै सबैको अङ्ग भङ्ग गर्नलाग्यो ॥३६॥ यस राक्षसले जम्मै रणभूमिलाई रगत र मासुले भिजाइदियो र आफू प्रलयकालको बल्दो आगोझैं वानरीसेनामा घुम्नलाग्यो ॥३७॥ जसरी इन्द्र हातमा वज्र लिएर र यमराज हातमा पाशो धारण गरेर शोभायमान देखिन्छन् त्यसै गरी यी महाबली कुम्भकर्ण पनि हातमा त्रिशूल लिएकोले शोभायमान देखिनलाग्यो ॥३८॥ जसरी गरमीको मौसिममा सुक्खा भइराखेको वनलाई आगोले डढाइदिन्छ त्यसै गरी कुम्भकर्ण पनि वानरीसेनालाई ध्वस्त पार्नलाग्यो ॥३९॥ आफ्ना आफ्ना सेनापति मारिएका वानरहरू कुम्भकर्णको मार पर्नाले व्यथित भएर डरले थर्कायमान हुँदै बडो नराम्रो स्वर झिकेर चिच्च्याउनलागे ॥४०॥ यस प्रकारसंग कुम्भकर्णको मारमा परेकोले वानरहरूको उत्साह हराएर गयो । दुःखमा परेका यिनीहरू जसोतसो गरेर होश सम्हालेर श्री रामचन्द्रको शरण पर्न आए ॥४१॥

वानरहरूलाई कुम्भकर्णको डरले भाग्नलागेको देख्ता बालिपुत्र अङ्गद बडो जोरसंग रणभूमिमा उतिर जाइलागे ॥४२॥ यिनी पर्वतको एउटा बडेमानको टाकुरा हातमा लिएर बारबार गर्जनलागे, जुन आवाज सुन्दा कुम्भकर्णको साथमा आएका राक्षसहरूको मनमा त्रास पर्न गयो ॥४३॥ यिनले कुम्भकर्णको टाउकोमाथि यस पर्वतको शिखरको प्रहार गरे । टाउकोमा पर्वतको चोट पर्नासाथ कुम्भकर्ण अत्यन्त रिसाएर बल्नलाग्यो र रिस खप्न नसकेर बडो वेगसंग अङ्गदमाथि जाइलाग्यो ॥४४-४५॥ आफ्नो घनघोरको गर्जनाले सबै वानरहरूलाई थर्कायमान गराउँदै महाबली कुम्भकर्णले क्रुद्ध भई अङ्गदमाथि शूलको प्रहार गर्‍यो ॥४६॥ युद्धविद्यामा सिपालु भएका वानरश्रेष्ठ महाबली अङ्गदले शूललाई आफूतिर आउनलागेको देख्नेबित्तिकै अलि पर हटेर त्यस प्रहारलाई निष्फल गराइदिए ॥४७॥ यसपछि बडो फूर्तिसाथ उफ्रेर अङ्गदले यस्तो जोरसंग उसको छातीमा लात्ती चखाए कि, पर्वतसमानको कुम्भकर्ण यो लात वज्रनासाथ मूर्च्छा परिहाल्यो ॥४८॥ अतिशय ठूलो वेग भएको कुम्भकर्णले केही

बेरमा होश आएपछि हाँस्तै अङ्गदलाई यस्तो मुक्की हिर्कायो कि उनी पनि ओल्लिखेरै बेहोश भएर ढलिहाले ॥४९॥

वानरश्रेष्ठ अङ्गदलाई बेहोश परेर भूइँमा ढलेको देखेपछि कुम्भकर्ण त्यही शूल लिएर सुग्रीवमाथि जाइलाग्यो ॥५०॥ महाबली कुम्भकर्णलाई आफूतिर आउनलागेको देख्ता वानरराज सुग्रीव केही माथि उफ्रे ॥५१॥ महाबली सुग्रीवले पर्वतको एउटा टाकुरा उखेलेर त्यसलाई खूब बलियोसंग समातेर बडो वेगसंग कुम्भकर्णतिर दगुरे ॥५२॥ वानरराज सुग्रीवलाई आफूतिर आउनलागेको देखेपछि कुम्भकर्ण पनि आफ्नो जम्मै शरीर फुलाएर उनको सामुन्ने खडा भयो ॥५३॥ ठूला ठूला वानरलाई खानलागेको तथा जम्मै शरीरमा वानरको रगत लागिराखेको कुम्भकर्णलाई आफ्नो अगाडि उभिएको देख्ता सुग्रीव उसलाई भन्नलागे ॥५४॥ हाम्रा तर्फका अनेक वीरलाई मारेर तिमीले आफ्नो वीरताको परिचय दियौ, हाम्रो फौजलाई पनि ध्वस्त पारिदियौ, यस्तो गाह्रो काम गरेकोले ठूलो यश कमायौ ॥५५॥ अबलाई वानरी सेनालाई छोडिदेऊ, साधारण वानरहरूसित के लड्छौ । हे राक्षस ! सक्तछौ भने मैले चलाएको यस पर्वतको प्रहारलाई रोक ॥५६॥

वानरराज सुग्रीवका वीरता र धीरताले युक्त भएका यी कुरा सुन्दा राक्षसश्रेष्ठ कुम्भकर्ण भन्नलाग्यो ॥५७॥ हे वानर ! तिमी प्रजापति ब्रह्माका नाति र ऋक्षराजका छोरा हौ, तिमी धीर र पुरुषार्थी पनि छौ, त्यसैले यसरी गर्जिराखेका छौ ॥५८॥

कुम्भकर्णका यी कुरा सुन्नेबित्तिकै सुग्रीवले झटपट पर्वतको टाकुरा उजाएर उसको छातीमा हिर्काए, यो पर्वत वज्र जस्तो भएर उसको छातीमा लाग्न पुग्यो ॥५९॥ यो पर्वत उसको बडेमानको छातीमा ठक्कर खाएर अकस्मात्सँग चूर्ण भयो । यो देख्ता वानरहरू दुःखी भए, तर राक्षसहरू आनन्द मानेर सिंहनाद गर्नलागे ॥६०॥ पर्वत-शिखरको मार पर्नाले कुम्भकर्ण बहुतै रिसायो र मुख बाएर रिसै रिसले चिच्च्याउनलाग्यो । यसपछि बिजुलीको जस्तो टलक भएको त्रिशूल उजाएर, वानर र भालुका राजा सुग्रीवलाई मार्न भनी चलायो ॥६१॥ सुग्रीवमाथि कुम्भकर्णले फ्याँकेको तीखो, सुनको डाँठ भएको शूलको मार पर्नलागेको देखेर हनुमान्ले उफ्रेर त्यसलाई समातिदिए र झट्टै टुक्रा टुक्रा पारेर भाँचिदिए ॥६२॥ यो शूल हजार भर (अढाई मनको एक भार हुन्छ) फलामले बनेको थियो, दङ्ग परेका हनुमान्ले यसलाई आफ्नो घुँडामा राखेर भाँचिदिए । शूल यसरी भाँचिएको देख्ता वानरी सेना प्रसन्नतासाथ वारंवार गर्जनलाग्यो र चारैतिरबाट एकै ठाउँमा जम्मा हुन थाल्यो ॥६३-६४॥ राक्षस कुम्भकर्णले डरले थर्कायमान भई निदाउरो मुख लगायो तर वानरहरू भने प्रसन्नतासाथ सिंहनाद गर्नलागे; शूललाई यसरी भाँचेको देख्ता यी सबै हनुमान्को पूजा गर्नलागे ॥६५॥ यस प्रकारसँग आफ्नो शूल भाँचिएको देख्ता मनस्वी कुम्भकर्णले बहुतै झोंक देखायो; लङ्कानेरको मलयपर्वतको शिखर उखेलेर सुग्रीवनेर आई त्यसैले उनलाई हिर्कायो ॥६६॥ पर्वत-शिखरको मार पर्नाले कपिराज युद्धभूमिमा बेहोश परेर ढले, यिनलाई बेहोश भएर संग्राम भूमिमा लडेको देख्ता

राक्षसहरू प्रसन्नतासाथ सिंहनाद गर्नलागे ॥६७॥ कुम्भकर्ण युद्धभूमिमा अद्भुत र भयङ्कर पराक्रमी सुग्रीवनेर आयो र जसरी प्रचण्ड वायुले मेघलाई उडाएर लैजान्छ त्यसै गरी यिनलाई च्यापेर लैजानलाग्यो ॥६८॥ महामेघसमानको रूप भएका सुग्रीवलाई युद्धभूमिबाट उचालेर लैजाँदाखेरि कुम्भकर्ण अग्लो टाकुरो भएको मेरुपर्वत जस्तो पो देखिनलाग्यो ॥६९॥ कुम्भकर्ण वानरराज सुग्रीवलाई लिएर जानलाग्यो, सबै राक्षसहरू संग्रामस्थलमा उसको स्तुति गर्नलागे। सुग्रीवलाई पक्राउ परेको देख्ता छक्क परेका देवताहरूले गरेको हाहाकार सुन्दै कुम्भकर्ण जानलागेको थियो ॥७०॥ इन्द्रको शत्रु कुम्भकर्ण, इन्द्रतुल्य पराक्रमी सुग्रीवलाई पक्रँदा, यो मारियो भने, रामचन्द्रलगायत जम्मै फौजलाई मारिएकै भन्ठाने पनि हुन्छ भनी विचार गर्नलाग्यो ॥७१॥ सुग्रीवलाई कुम्भकर्णको हातमा पक्राउ परेको देख्ता वानरहरूको फौज यताउति भाग्नलाग्यो ॥७२॥

यता बुद्धिमान् वायुपुत्र हनुमान् सुग्रीव यसरी पक्रिएपछि मैले गर्नुपर्ने कर्तव्य के होला भनी विचार गर्नलागे ॥७३॥ जे गर्नामा मुनासीब पर्दछ सो म अवश्यै गर्नेछु, अबलाई पर्वत जस्तै आफ्नो शरीरलाई फुलाएर राक्षसहरूको विनाश पार्दछु ॥७४॥ मुक्कै मुक्का चखाएर शरीरलाई चूर चूर पारीकन जब महाबली कुम्भकर्णलाई मार्नेछु र वानरराज सुग्रीवलाई छुटाउनेछु तब पो जम्मै वानरहरू दङ्ग पर्नेछन् ॥७५॥ अथवा देवता, असुर, नाग यी जुनसुकैले पक्रे तापनि सुग्रीव स्वयं आफूलाई छुटाउन सक्तछन् ॥७६॥ संग्राममा कुम्भकर्णको हातबाट पत्थरको चोट खाएकोले अहिले वानरराज सुग्रीव होशमा छैनन्, तर म विचार गर्दछु कि केही बेरमा होश आएपछि यिनी आफ्नो र वानरहरूको कल्याण हुने कुरा नगरी छोड्नेछैनन् ॥७७-७८॥ महात्मा सुग्रीवलाई कदाचित् मैले मुक्त गराएँ भने ता यिनी अप्रसन्न हुनेछन् र सदाका लागि यिनको कीर्ति नष्ट भइजानेछ ॥७९॥ तसर्थ केही बेरसम्म पर्खेर शत्रुको हातबाट छुटेका यी वीरको पराक्रम हेर्दछु र त्यतिञ्जेलसम्म यताउति भाग्नलागेको वानरी सेनालाई आश्वासन दिने कामपट्टि लाग्दछु ॥८०॥ मनमा यस किसिमको विचार गरेर वायुपुत्र हनुमान् वानरहरूको ठूलो फौजलाई एकै ठाउँमा जम्मा पार्नलागे ॥८१॥

छटपटाइराखेका सुग्रीवलाई च्यापेर कुम्भकर्ण लङ्काभित्र पस्यो। अटालीमा, राजमार्गमा, साधारण घरमा र फाटकमा बसिराखेका राक्षसहरूले कुम्भकर्णमाथि फूलको वृष्टि गर्दै उसको पूजा गर्नलागे ॥८२॥ अक्षता, चन्दनले युक्त भएको जल बिस्तारै बिस्तारै छर्किएकोले र राजमार्गको ठण्डीले गर्दा महाबली सुग्रीवलाई अलि होश आयो ॥८३॥ महाबली कुम्भकर्णको काखीमुनि च्यापिएका सुग्रीवलाई बडो मुश्किलसँग होश आयो र आफूलाई लङ्काको मूल सडकमा आइराखेको देख्ता यी महात्मा वारंवार मनमा विचार गर्नलागे ॥८४॥ यस प्रकारसँग पक्राउ परेपछि मबाट के हुन सक्तछ ? म त्यही काम गर्नेछु जो गर्नाले कि वानरहरूको मनोरथ पूर्ण हुनेछ र उनीहरूको कल्याणसमेत हुनेछ ॥८५॥

यसपछि वानरहरूका राजा सुग्रीव, इन्द्रशत्रुको कान तीखा तीखा नङले चिथोर्न, दाँतले उसको नाक टोक्न र खुट्टाका नङले काखीमुनि कोतर्नलागे ॥८६॥ सुग्रीवद्वारा दाँत र नङको प्रहारले नाक

तथा कान काटिएपछि कुम्भकर्णको जम्मै शरीर रगतै रगतले भिज्न गयो र यो राक्षस रिसले अन्धो जस्तो बनेर वानरराजलाई भूइँमा पछारेर बेस गरी पिंध्नलाग्यो ॥८७॥ डरलाग्दो पराक्रम भएको कुम्भकर्णद्वारा भूइँमा दलिन लागेपछि र राक्षसहरूको हातको मार खानलागेपछि यिनी भकुण्डो उफ्रेझैं झट्टै उफ्रेर आकाशतिर लागे र त्यहाँबाट रामचन्द्र भएको ठाउँमा पुगे ॥८८॥

यस समयमा कान नाक नभएको महाबली कुम्भकर्ण शरीरबाट जताततै रगत बग्नलागेकोले अनेक पानीको झरनाले शोभायमान भएको पर्वतसमान देखिनलाग्यो ॥८९॥ विशाल शरीर भएको कुम्भकर्ण रगतले भिजेको हुनाले देख्तैमा भयलाग्दो भयो, रावणको भाइ रिसै रिसले रगत ओकल्नलागेकोले निक्कै राम्रो देखिएको थियो ॥९०॥ काजलको थुप्रोसमानको कालो वर्ण भएको र जताततै रगत बगेकोले सन्ध्याकालको बादलसमान देखिने यो भयंकर राक्षसले फेरि युद्धभूमिमा जाने अभिलाषा गऱ्यो ॥९१॥ सुग्रीव गइसकेपछि देवताहरूको शत्रु, राक्षस कुम्भकर्ण डाह गरेर फेरि युद्ध गर्न भनी हिंड्यो । आफूसित कुनै अस्त्र नभएको देख्ता भयंकर मूर्तिवाला यस राक्षसले एउटा बडेमानको मुद्गर आफ्नो हातमा लियो ॥९२॥ महात्मा कुम्भकर्ण लंकाबाट झटपट बाहिर निस्केर डरलाग्दो वानरी सेनाभित्र पसी, प्रलयकालको प्रज्वलित भइराखेको आगोले जसरी प्रजागणलाई खान थाल्दछ त्यसै गरी वानरहरूलाई धमाधम खान थाल्यो ॥९३॥ रगत, मासुको लोभी यो कुम्भकर्ण राक्षस भोकाइराखेको थियो अतएव डरलाग्दो वानरी सेनाभित्र पसी यसले वानर, राक्षस, पिशाच र भालु जसलाई भेट्टायो उसैलाई केही विचार नराखेर खान थाल्यो । जसरी प्रलयकालमा मृत्युले प्राणीहरूको संहार पार्दछ त्यसै गरी यो पनि मुख्य मुख्य वानरहरूलाई मुखभित्र हाल्नलाग्यो ॥९४॥ यो कुम्भकर्ण रिसाएको हुनाले, एक, दुइ, तीन अथवा अनेक वानरहरूलाई राक्षसहरूको साथसाथै हातले समात्तै धमाधम मुखभित्र हाल्नलाग्यो ॥९५॥ वानरहरू पर्वतका टाकुराले यसमाथि प्रहार गर्दै रहेकोले, यो महाबली कुम्भकर्णको जम्मै शरीरबाट रगत र बोसो बगिराखेको थियो, यति हुँदा पनि यसले वानरहरूलाई खान छाडेको थिएन ॥९६॥ यो राक्षस रिसले चूर भई वानरहरूलाई खाँदै घुम्नलाग्यो, यसको अहारा बन्नुपर्ला भन्ने डरले भाग्न लागेका वानरहरू रामचन्द्रको शरण पर्न पुगे ॥९७॥ यता कुम्भकर्ण सात, आठ, बीस, तीस सयओटासम्म वानरहरूलाई एकै चोटि समातेर खाँदै दगुर्नलाग्यो ॥९८॥ मज्जा, बोसो र रगतले शरीर भिजेको र कानमा आन्द्रा झुण्डिइराखेको भए तापनि तीखा तीखा दाँत भएको यो राक्षस, प्रलयकालको विकराल मूर्त्ति भएको कालझैं शूलको वर्षा गर्नलाग्यो ॥९९॥

यस समयमा शत्रुसेनालाई ध्वस्त पार्ने लक्ष्मण रिसले झोंक्किएर युद्ध गर्न भनी अघि सरे ॥१००॥ पराक्रमी लक्ष्मणले कुम्भकर्णको शरीरमा सातओटा बाण चलाए र फेरि पनि अरू अरू बाण धनुमा चढाएर उसमाथि प्रहार गरे ॥१०१॥ बाणको चोटले पीडित भएको कुम्भकर्णले थरी थरीका अस्त्र चलाएर उनको प्रहारलाई निष्फल गराइदियो, यो देख्ता महाबली लक्ष्मणलाई बहुतै जंग चल्यो ॥१०२॥

यसै कारण जसरी वायुले संध्याकालको मेघलाई ढाकिदिन्छ त्यसै गरी यिनले पनि बाण वृष्टि गराएर कुम्भकर्णको सुवर्णमय, उत्तम र स्वच्छ कवचलाई ढाकिदिए ॥१०३॥ यस समयमा काजलको थुप्रो-समानको कालो कुम्भकर्ण सुनै सुनले सिंगारिएका बाण बिझेकोले, मेघले छोपिराखेको सूर्यसमान शोभा दिनलाग्यो ॥१०४॥ यसपछि डरलाग्दो अनुहार परेको राक्षस मेघ गर्जेको जस्तो गम्भीर स्वर झिकेर लक्ष्मणलाई तिरस्कार गर्दै भन्नलाग्यो ॥१०५॥ विनाप्रयासले यमराजलाई समेत युद्धमा जित्न सक्ने मसित निर्भय भई युद्ध गरेकोले तिमीले आज बडो भारी वीरता देखायौ ॥१०६॥ युद्धमा अस्त्र धारण गर्दाखेरि मृत्युसमान देखिने मेरो सामुन्ने जो उभिन सक्तछ त्यसको ता प्रशंसा हुन्छ भने स्वयं मसित युद्ध गर्नेको तारीफ किन नहोला ? ॥१०७॥ ऐरावत हात्तीमा चढेका, सबै देवतालाई साथमा लिइ-राखेका देवराज इन्द्रसमेत अहिलेसम्म युद्धमा मेरो सामुन्ने टिक्न सकेका छैनन् ॥१०८॥ हे लक्ष्मण ! बालक भए तापनि आज तिमीले पराक्रम देखाएर मलाई खुशी गरायौ अब म प्रसन्नतासाथ तिम्रो अनु-मति लिएर रामनेर जान चाहन्छु ॥१०९॥ संग्राममा तिम्रो बल, पराक्रम र उस्साह देख्ता मलाई खुशी लागेको छ, अतः तिमीलाई छाडेर रामलाई नै मार्ने मेरो इच्छा छ, कारण उनी मारिएपछि समस्त फौज मारिएकै बराबर हुनेछ ॥११०॥ मद्वारा राम मारिएपछि जति जना यहाँ संग्रामभूमिमा बाँकी रहनेछन् , तिनलाई पनि आफ्नो प्रचण्ड बलले युद्ध गरेर म ध्वस्त पारिदिनेछु ॥१११॥

कुम्भकर्णले भनेका, स्तुतिसहितका मुदु छेड्ने यी वचन सुनेपछि लक्ष्मण पनि हाँस्तै रणभूमिमा उसलाई जवाफ दिनलागे ॥११२॥ इन्द्रादि देवताहरूसमेत अड्न नसक्ने तिमीले पराक्रम पाएका छौ, यो कुरा बिलकुलै सांचो हो, एक रत्ती पनि झूटो होइन, कारण हे वीर ! आज मैले आफ्नै आँखाले तिम्रो पराक्रम देखें ॥११३॥ दशरथपुत्र रामचन्द्र यहीं नै पर्वतसमान अचल भएर बसिरहनुभएको छ।

यो कुरा सुन्नेबित्तिकै महाबली कुम्भकर्ण लक्ष्मणलाई अनादरसहित जहाँको त्यहीं छोडेर, पृथ्वी-लाई कम्पायमान गराउँदै राम भएतिर दगुर्‍यो ॥११४-११५॥ दशरथपुत्र रामचन्द्रले पनि उसलाई आफूतिर आउनलागेको देख्ता भयानक अस्त्रको प्रयोग गरी उसको छातीमा ताकेर तीखा तीखा बाण चलाउनुभयो ॥११६॥ रामको बाण बिझ्नाले क्रुद्ध भएको तथा यताउति दगुर्नलागेको कुम्भकर्णको मुखबाट बल्दो आगोको झिल्का निस्कनलाग्यो ॥११७॥ राक्षसश्रेष्ठ कुम्भकर्ण रणभूमिमा रामको हात-बाट छुटेका बाण बिझेकोले उनलाई छोडेर रिसै रिसले वानरहरूलाई लखेट्तै, चर्को स्वरले गर्जंदै जताततै दगुर्न लाग्यो ॥११८॥ मयूरको प्वाँखले शोभायमान भइराखेका बाण छातीमा बिझेकोले यसको हातको गदा भूइँमा खस्यो र आफैं पनि भूइँमा ढल्न पुग्यो ॥११९॥ यसका सबै अस्त्र भूइँमा जताततै छरिए; आफूलाई अस्त्रहीन भएको देखेपछि यसले हात र मुक्की नै चलाएर युद्ध गर्नलाग्यो । लड्दा लड्दैमा बाणले यसको शरीरलाई छिया छिया पारिदियो र जसरी पर्वतबाट पानीको झरना खस्तछ त्यसै गरी यसको शरीरबाट रगतको धारा बग्नलाग्यो ॥१२०-१२१॥ तीव्र क्रोध तथा रगतै रगतले व्याप्त भए-कोले मूर्च्छा पर्नलागेको झैं गरी यो वानर, राक्षस, र भालुहरूलाई खाँदै दगुर्नलाग्यो ॥१२२॥

यसपछि यमराजसमानको भयङ्कर पराक्रम देखाउने महाबली कुम्भकर्णले एउटा बडेमानको पर्वतको टाकुरा उखेलेर रामचन्द्रलाई ताकेर हिर्कायो, तर रामचन्द्रले यो पर्वतको शिखर आफूमाथि नआइपुग्दैमा सोझो जाने सातओटा बाण चलाएर त्यसलाई काटिदिए ॥१२३॥ भरतका दाजु धर्मात्मा रामचन्द्रले, सुनै सुनको चित्रविचित्रको पखेटा भएको बाण चलाएर त्यस महान् शिखरलाई चूर्ण पारिदिए ॥१२४॥ आफ्नो कान्तिले गर्दा मेरुपर्वतझैं शोभायमान भइराखेको यो पर्वतको शिखर तल खस्ताखेरि दुइ सय वानर यसको मुनि थिचिए ॥१२५॥

यस समयमा धर्मात्मा लक्ष्मण कुम्भकर्णको वधका लागि अनेक उपाय विचार गरेर राचचन्द्रलाई भन्नलागे ॥१२६॥ हे राजन् ! अहिले यो रगतको गन्धले मतवाला भइराखेको छ, यो न राक्षसहरूलाई चिन्दछ, न बानरहरूलाई, आफ्नो तथा शत्रुको दुवै पक्षको सैनिकलाई समात्तै खानलागेको छ ॥१२७॥ तसर्थ मुख्य मुख्य बानर यसमाथि चढे र सेनापति तथा अरू अरू प्रधान बानर यसलाई घेरेर चारैतिर उभिए भने, यो मूर्ख राक्षस वानरहरूको बोझले थिचिएर पृथ्वीमा घुम्ने मात्र छ तर अरू बानरको संहार गर्न सक्तेछैन ॥१२८-१२९॥

बुद्धिमान् लक्ष्मणको यो कुरा सुनेपछि महाबली बानरहरू प्रसन्नतासाथ कुम्भकर्णमाथि चढ्नलागे ॥१३०॥ वानरहरूलाई आफूमाथि चढेको देखेपछि कुम्भकर्ण झोंकिएर, दुष्ट हात्तीले माहुतेलाई कमाएर खसालेझैं, उनीहरूलाई कमाउँदै खसाल्नलाग्यो ॥१३१॥

वानरहरूलाई खसाल्नलागेको देखेपछि रामचन्द्रले यो रिसाएछ भन्ने थाहा पाए र उत्तम धनु हातमा यो वेगसँग उसमाथि जाइलागे ॥१३२॥ धीर रामचन्द्रले रिसै रिसले आँखा रातो तुल्याए र आँखाको तेजले उसलाई भस्म पार्ने हो कि जस्तो गरेर बडो वेगसँग उतिर दगुरे । यो देख्ता कुम्भकर्णको मारमा परेका यिनका जम्मै सेनापति खुशी भए ॥१३३॥

रामचन्द्रको हातमा बलियो ताँदो चढाएको, सर्पको जस्तो आकार परेको, सुनै सुनको बुट्टा भएको धनु थियो र काँधमा उत्तम बाणले भरिपूर्ण भइराखेको ठोक्रो झुण्ड्याइएको थियो ।

यस प्रकारसँग सुसज्जित भएका रामचन्द्रजी वानरहरूलाई संझाई बुझाईकन कुम्भकर्णसित युद्ध गर्न भनी हिंडे ॥१३४॥ कसैले जित्न नसक्ने वानरहरूद्वारा घेरिएका र लक्ष्मणलाई साथमा लिएका महाबली वीर रामचन्द्रले युद्धको निम्ति प्रस्थान गरे ॥१३५॥ केही अगाडि बढेपछि यिनले शत्रुको संहार पार्ने, किरीटधारी मनस्वी कुम्भकर्णलाई रगतै रगतले व्याप्त भएर, राक्षसहरूलाई चारैतिरबाट घेर्नलगाएर, आँखा रातो रातो तुल्याएर, झोंकिइराखेको दिग्गजझैं, वानरहरूको खोजमा दगुर्न लागेको देखे ॥१३६-१३७॥ विन्ध्याचल र मन्दराचलसमानको यसको आकार थियो, सुनको बाजू पहिरिराखेको थियो र पानी वर्षाउने मेघले झैं मुखबाट रगतको धारा बगाइराखेको थियो ॥१३८॥ रगत लागेको ओठको दुवै कुना जिब्रोले चाटिरहेको थियो र प्रलयकालका यमराजको जस्तो रूप धारण गरेर वानरहरूको फौजलाई ध्वस्त पार्नलागेको थियो ॥१३९॥

बल्दो आगोसमानको तेजस्वी यो राक्षसश्रेष्ठ कुम्भकर्णलाई देखेपछि पुरुषश्रेष्ठ रामचन्द्र आफ्नो धनुमा टङ्कार दिनलागे ॥१४०॥ धनुको आवाज सुन्दैमा कुम्भकर्णलाई रिस उठिहाल्यो र यो शब्द सुन्न नसकेर रामचन्द्र भएतिर दगुरिहाल्यो ॥१४१॥

शेष नागको उत्तम शरीर जस्तो हातको आकार परेको, पर्वतसमानको अग्लो कुम्भकर्णलाई हावाले उडाएको बादलझैं युद्धभूमिमा आफूतिर आउनलागेको देखेपछि रामचन्द्र उसलाई भन्नलागे ॥१४२॥ हे राक्षसराज ! मनमा केही फिक्री नलेऊ, आऊ, हातमा धनु लिएर म उभिइराखेको छु, मलाई राक्षसवंशको संहार पार्ने संझ, अब एक्कै छिनमा तिमीलाई पनि अचेत पारिदिनेछु ॥१४३॥

रामचन्द्र भनेका यिनै रहेछन् भन्ने थाहा पाएपछि कुम्भकर्णले डरलाग्दो स्वर झिकेर खित्का छाड्यो र झोक्किराखेको हुनाले वानरहरूलाई लखेट्तै रामको अगाडि खडा भयो ॥१४४॥ यस समयमा बादल गर्जेको जस्तो डरलाग्दो स्वर झिकेर यो यस्तोसँग हाँस्यो कि यो आवाज सुन्दैमा वनवासी वानरहरूको मुटु नै काम्न थाल्यो ॥१४५॥ यस प्रकारसङ्ग हाँसिसकेपछि महातेजस्वी कुम्भकर्ण रामलाई भन्नलाग्यो—मलाई विराध, कबन्ध, खर, बालि अथवा मारीच नभन्ठान, कुम्भकर्ण आएको छ भन्ने कुरा मनमा लेऊ ॥१४६॥ मेरो यो डरलाग्दो मुद्गर हेर, यो जम्मै फलामले बनेको छ, यसैले मैले पहिले देवता र दानवहरूलाई जितेको हुँ ॥१४७॥ कान, नाक छैन भन्दैमा मेरो तिरस्कार नगर, कारण कान, नाक काटिनाले मलाई अलिकता पनि वेदना भएको छैन ॥१४८॥ हे पापरहित इक्ष्वाकुश्रेष्ठ ! मेरो शरीरमाथि आफ्नो पराक्रम देखाइहाल, तिम्रो पुरुषार्थ र पराक्रम देखेपछिमात्र म तिमीलाई खानेछु ॥१४९॥

कुम्भकर्णका यी कुरा सुनेपछि रामले पखेटा लागेका बाण त्यसमाथि चलाए तर वज्रसमानको वेग भएका यी बाण लाग्दाखेरि पनि देवशत्रु कुम्भकर्ण न केही हडबडायो, न केही डेगै चल्यो ॥१५०॥ जुन बाण लाग्नाले तालका रूख काटिएका थिए, वानरश्रेष्ठ बालिको मृत्यु भएथ्यो, तिनै बाणले आज वज्रसमानको कुम्भकर्णको शरीरमा अलिकता पनि पीडा उत्पन्न गराउन सकेनन् ॥१५१॥ इन्द्रको शत्रु कुम्भकर्णले पानीको धाराझैं यी सबै बाणलाई आफ्नो शरीरमा धारण गर्‍यो र अतिशय डरलाग्दो वेग भएको मुद्गर चलाएर रामचन्द्रको बाणवेगलाई रोक्नलाग्यो ॥१५२॥ यसपछि कुम्भकर्ण रगतले भिजिराखेको, देवसेनालाई भगाउन सकेको, भयानक वेग भएको मुद्गर चलाएर, वानरहरूको फौजलाई भगाउनलाग्यो ॥१५३॥ यसपछि रामचन्द्रले वायव्य नाम गरेको अर्को अस्त्र राक्षसमाथि प्रयोग गरे जसले गर्दा मुद्गरको साथसाथै उसको हात काटिन गयो, हात काटिएपछि राक्षस डरलाग्दो आवाज झिकेर गर्जनलाग्यो ॥१५४॥ रामचन्द्रको बाण लाग्नाले काटिएको, पर्वतको शिखरसमानको, मुद्गरसहितको यसको हात सुग्रीवको सेनामा गएर खस्यो जसले गर्दा अनेक वानर थिचिएर नै मरे ॥१५५॥ मर्नबाट बचेका वानरहरू पनि मनमा अत्यन्त खिन्न भई एक छेउ लागेर उभिए । मनमा व्याकुल परेका यी वानरहरू यतैबाट राम र कुम्भकर्णको भयङ्कर संग्राम हेर्नलागे ॥१५६॥ अस्त्रले काटिएपछि त्यो कुम्भकर्ण तरवारले शिखर काटिएको पर्वतसमान देखिनलाग्यो; कुम्भकर्ण बाँकी रहेको अर्को हातले

एउटा रूख उखेलेर युद्धभूमिमा राममाथि जाइलाग्यो ॥१५७॥ तर रामचन्द्रले सर्पको शरीरको जस्तै आकार परेको तालको रूख समातिराखेको यस हातलाई पनि सुनै सुनले सिंगारिएको, ऐन्द्रास्त्र नामक बाण चलाएर काटिदिए ॥१५८॥ पर्वतको टाकुरा जस्तो यसको यो हात भूइँमा खसेर छटपटाउनलाग्यो; यसको छटपटीले गर्दा त्यहाँका अनेक रूख पर्वत, ढुङ्गा, वानर र राक्षसहरू धूलो पीठो भए ॥१५९॥

हात काटिए तापनि बडो हल्ला मचाउँदै त्यस राक्षसलाई आफूतिर आउनलागेको देख्ता रामचन्द्रले तीखा दोटा अर्द्धचन्द्र बाणको प्रहार गरेर उसका दुवै खुट्टा काटिदिए ॥१६०॥ यसका यी दुवै खुट्टा दिशा, विदिशा, पर्वतका गुफा, समुद्र, लङ्का, तथा वानर र राक्षसको सेनालाई प्रतिध्वनित गर्दै बडो जोरसंग खसे ॥१६१॥ जसरी आकाशमा राहु चन्द्रमालाई ग्रास गर्नाको निम्ति दगुर्दछ त्यसै गरी हात खुट्टा काटिएको कुम्भकर्ण बडवानलझैं मुख फैलाईकन, गर्जन गर्दै रामचन्द्रतिर दगुर्‍यो ॥१६२॥ रामचन्द्रले सुनले मोरिएका तीखा तीखा बाण चलाएर उसको मुख टम्म पारेर भरिदिए, मुख भरिएकोले यसको वाक्य बन्द भयो, तर बडो कष्टले अव्यक्त शब्द निकाल्नलाग्यो र यही वेलामा मूर्च्छा पनि पर्‍यो ॥१६३॥ यसपछि रामचन्द्रले सूर्यको किरण जत्तिकै प्रकाश भएको, ब्रह्मदण्ड तथा यमराजको अस्त्र जत्तिकै भयङ्कर, शत्रुहरूको संहार पार्ने, वायुको जस्तो वेग भएको, पखेटा लागेको ऐन्द्रनामक बाण हातमा लिए ॥१६४॥ हीरा र सुनले गर्दा पछिल्लो भाग शोभायमान भइराखेको, बल्दो आगो र सूर्यको जस्तो प्रकाश भएको, इन्द्रको वज्रको जत्तिकै वेग भएको यो बाण रामचन्द्रले राक्षसमाथि चलाए ॥१६५॥ रामचन्द्रको हातबाट छुटेको यस बाणले आफ्नो प्रकाशले दशै दिशा उज्ज्यालो गराइदियो। इन्द्रको वज्रको जत्तिकै भयलाग्दो पराक्रम भएको, धूवाँ नभएको आगोसमान देख्तैमा भय उत्पन्न गराउने यो बाण राक्षसमाथि पर्न गयो ॥१६६॥ जसरी उहिले इन्द्रले वृत्रासुरको टाउको काटिदिएथे त्यसै गरी अहिले यस बाणले पर्वतको बडेमानको टाकुराको जस्तै आकार परेको, बाटुला दाँत भएको, राम्रा राम्रा हल्लिराखेका दोटा कुण्डलले शोभायमान भइराखेको राक्षसराजको टाउको काटिदियो ॥१६७॥ जसरी सूर्य उदाउँदाखेरि आकाशमा रहेका चन्द्रमा मलिन देखिन्छन् त्यसै गरी अहिले कुण्डलले शोभायमान भइराखेको भए तापनि कुम्भकर्णको बडेमानको टाउको मलिन देखिनलाग्यो ॥१६८॥ रामचन्द्रको बाण लाग्नाले काटिएको, कुम्भकर्णको पर्वतसमानको टाउको उफ्रेर लङ्कामा खस्ताखेरि यसले त्यहाँका सडकछेउका घर, फाटक तथा अटाली सबै ढालिदियो ॥१६९॥ अतिशय ठूलो प्रकाश भएको यसको बडेमानको शरीर समुद्रमा गएर खस्यो र त्यहाँका अनेक ग्राह, ठूला ठूला माछा तथा सर्पहरूलाई चूर्ण पारेर जमीनभित्र पस्यो ॥१७०॥ ब्राह्मण र देवताहरूको शत्रु, महाबली कुम्भकर्ण युद्धमा मारिएपछि पृथ्वी काम्नलागिन्, पर्वत हल्लनलाग्यो र देवताहरू दङ्ग परेर जोरसंग कराउनलागे ॥१७१॥ आकाशमा रहेका देवता, ऋषि, महर्षि, सर्प, सुर, भूत, गरुड, गुह्यक, यक्ष र गन्धर्व यी सबै रामको पराक्रम देख्ता खुशी भए ॥१७२॥

कुम्भकर्णको वध भएकोले राक्षसराजका ठूला ठूला नातादारहरू बडो, दुःख मनाएर विलाप गर्नलागे । जसरी सिंहलाई देख्ता हात्ती डराउँछ त्यसै गरी रामचन्द्र र बानरहरूलाई देख्ता यिनीहरू डराउनलागे ॥१७३॥ राहुको मुखबाट मुक्त भएका सूर्य भगवान् जसरी देवलोकको अन्धकारलाई दूर गरेर शोभायमान हुन्छन् त्यसै गरी रामचन्द्र पनि युद्धमा कुम्भकर्णलाई मारेर बानरी सेनामा शोभायमान देखिनलागे ॥१७४॥ फुलिराखेको कमल जस्तो मुख भएका अनेक बानरहरू महापराक्रमी शत्रुको वध भएपछि बहुतै खुशी भए र यिनीहरू आफ्नो अभिलाषा पूर्ण गराएका रामचन्द्रको पूजा गर्नलागे ॥१७५॥ देवताहरूको सेनालाई ध्वस्त पार्ने, अहिलेसम्म भएका ठूला ठूला युद्धमा कहिले पनि हार नखाएको कुम्भकर्णलाई युद्धमा मारेपछि, रामचन्द्र, जसरी महासुर वृत्रलाई युद्धमा मारेपछि इन्द्र खुशी भएथे, त्यसै गरी खुशी भए ॥१७६॥

सर्ग—६८

कुम्भकर्णको वध भएको सुन्दा रावणले गरेको विलाप ।

महात्मा रामचन्द्रको हातबाट कुम्भकर्णको मृत्यु भएको देख्ता राक्षसहरू राक्षसराज रावणलाई यस प्रकारसँग निवेदन गर्नलागे ॥१॥ हे राजन् ! कालसमानका तपाइंका भाइ कुम्भकर्णले बानरी सेनालाई लखेटेका र बानरहरूलाई खाएका पनि हुन् तर आखिरमा कालको वशमा पर्न गए अर्थात् मारिए ॥२॥ केही बेरसम्म पराक्रम देखाइसकेपछि उनी रामचन्द्रको तेजले शान्त भइगए । टाउको नभएको आफ्नो आधा शरीर देख्तैमा डरलाग्ने समुद्रभित्र पस्ताखेरिसम्म पनि उनी आफ्नो पराक्रम देखाइ नै रहेका थिए ॥३॥ नाक, कान, काटिएको र शरीरबाट रगतको धारा बगिराखेको भए तापनि पर्वतसमानका उनले आफ्नो शरीरले लङ्काको ढोका रोकिराखेका थिए ॥४॥ तपाईंका भाइ कुम्भकर्ण रामको बाणले पीडित भएर, हात, खुट्टा, टाउको नभएको कबन्ध बनेर, वनमा लागेको आगोले डढेको रूखको दशामा प्राप्त भई मरे ॥५॥

महाबली कुम्भकर्ण युद्धमा मारिए भन्ने सुनेपछि रावण शोकले आकुल व्याकुल भई मूर्च्छा परेर भूइँमा लड्यो ॥६॥ काकाको मरण भएको सुन्दा देवान्तक, नरान्तक, त्रिशिरा र अतिकाय यी सबै शोकले विह्वल भई रुनलागे ॥७॥ सजिलैसँग गाह्रो काम गर्न सक्ने रामको हातबाट सौताने भाइको मृत्यु भएको सुन्दा महोदर र महापार्श्व पनि बडो शोकमा परे ॥८॥

केही बेरपछि राक्षसश्रेष्ठ रावण बडो मुश्किलले होशमा आयो र कुम्भकर्णको मृत्युले गर्दा बडो दुःखित भएर विलाप गर्नलाग्यो, यसका सबै इन्द्रिय आकुल व्याकुल परेका थिए ॥९॥ शत्रुको अहङ्कारलाई चूर पार्ने हे महाबलिन् कुम्भकर्ण ! दुर्भाग्यले गर्दा तिमी हामीलाई छोडेर यमराजको घरतिर लाग्यौ ॥१०॥ एक्लैले शत्रुसेनालाई तापमा पारे तापनि मेरो र मेरो कुलकुटुम्बीको मुटुभित्र गडिराखेको काँढा नउखेलीकन मलाई छोडेर कहाँ गयौ नि ? ॥११॥ अबलाई म पनि छैन भने हुन्छ, मलाई

मरेतुल्य संझ, कारण आज मेरो दाहिने हात भाँचिन गयो, यसैको भरमा परेर म देवता र असुरहरू-देखि पनि डराउन्नथें ।।१२।। देवता र दानवहरूको घमण्ड तोड्ने, प्रलयकालको आगोसमानको यस वीरलाई रामचन्द्रले युद्धमा कसरी मारे होलान् ? ।।१३।। वज्रको चोट पर्दा पनि तिमीलाई कुनै प्रकार-को कष्ट हुन्नथ्यो, त्यही तिमी आज रामका बाणको मार पर्नाले कसरी मरेर भूइँमा ढल्यौ ? ।।१४।। तिमीलाई युद्धमा मारिएको देख्ता आकाशमा रहेका देवताहरू, ऋषिहरूको साथमा लागेर प्रसन्नतासाथ सिंहनाद गर्नलागेका छन् ।।१५।। निश्चय, मौका भेट्टाएकोले आजै वानरहरू प्रसन्नतापूर्वक चारैतिर-बाट लङ्काको फाटक र किल्लामाथि आक्रमण गर्नेछन् ।।१६।। अब राज्यसित मेरो केही प्रयोजन रहेन, सीतालाई लिएर नै मैले के गर्ने ? कुम्भकर्ण मारिएपछि अब मेरो बाँच्ने इच्छा छैन ।।१७।। आफ्नो भाइलाई मार्ने रामचन्द्रलाई युद्धमा मार्न सकिन भने मैले मर्नैमा बेश छ, व्यर्थको यस जीवन-मा केही फाइदा छैन ।।१८।। जहाँ मेरा भाइ गएका छन् आज म पनि त्यहीं जान्छु, भाइलाई छोडेर म एक छिन पनि बाँच्न चाहन्न ।।१९।। देवताहरू मलाई देखेर हाँस्नेछन्, कारण मबाट उनीहरूका अनेक अपकार भएका छन्, हे कुम्भकर्ण ! तिमी मारिएपछि अब मैले इन्द्रलाई कसरी जित्ने हो ? ।।२०।। अफसोस ! अज्ञानले गर्दा मैले महात्मा विभीषणको राम्रो उपदेश ग्रहण गरिन, त्यही नमान्ना-को परिणाम आज मलाई पर्नलागेको छ ।।२१।। कुम्भकर्ण र प्रहस्तको भयानक मृत्यु भएको खबर सुनेको वेलादेखि मलाई विभीषणको वचनले लज्जित पारिरहेको छ ।।२२।। अफसोस ! मैले धर्मात्मा श्रीमान् विभीषणलाई आफूकहाँबाट निकालिदिएँ, यही खराब कामको फलले गर्दा आज मैले यस्तो दुःख भोग्नुपरेको हो ।।२३।।

इन्द्रको शत्रु, आफ्नो भाइ कुम्भकर्ण मारिएको सुन्दा मनमा शोकले आकुल व्याकुल परेर रावणले यस प्रकारसँग बडो माया लाग्ने गरी विलाप गर्‍यो र शोकको वेग अत्यन्त प्रबल भएकोले मूर्च्छा परेर भूइँमा ढल्यो ।।२४।।

सर्ग—६९

त्रिशिरा, अतिकाय, देवान्तक, नरान्तकको युद्धभूमितिर प्रस्थान ।

शोकले आकुल व्याकुल परेको दुरात्मा रावणले यस प्रकारसँग विलाप गरेको सुन्दा त्रिशिरा नाम गरेको राक्षस उसलाई भन्नलाग्यो ।।१।। महापराक्रमी हाम्रा माहिला काकाको तपाईंले भने जस्तै मृत्यु भएको कुरा साँचो ता हो तर तपाईंसमानका सत्पुरुषले यसरी विलाप गर्नामा उचित पर्दैन ।।२।। हे प्रभो ! स्वयं आफैंले तपाईं त्रिलोकलाई जित्न सक्नुहुन्छ भन्ने कुराको मलाई निश्चय छ, यस्तो प्रभाव छँदा छँदै पनि किन साधारण व्यक्तिले गरेझैं यसरी शोक गरेको होला ? ।।३।। तपाईंसँग ब्रह्माले दिएको शक्ति, कवच, वाण, धनु, मेघ गर्जे जस्तो आवाज गर्ने हजार गधा जोत्न हुने रथ यी सबै थोक छँदै छन् ।।४।। तपाईंले अनेक बाजि आफ्ना अस्त्रको प्रभावले देवता र दानवहरूलाई

युद्धमा हराएर भगाइदिनुभएको छ, यिनै सबै अस्त्र शस्त्रले युक्त भईकन रामलाई पनि शास्ती दिन सक्नुहुनेछ ॥५॥ हे महाराज ! तपाईं सुखसँग यहाँ विश्राम गर्नुहोस्, म एकलै युद्धमा जान्छु र गरुडले सर्पलाई नाश गरेझैं युद्धमा तपाईंका शत्रुहरूको विनाश पारिदिन्छु ॥६॥ जसरी इन्द्रको हातबाट शम्बरासुरले र विष्णुको हातबाट नरकासुरले मर्नुपरेथ्यो त्यसै गरी मेरो हातबाट युद्धमा मरेर रामचन्द्रले भूइँमा ढल्नुपर्नेछ ॥७॥

त्रिशिराको कुरा सुनेपछि कालले कृतकृत्याइराखेको राक्षसराज रावणको मनमा सन्तोष भयो र उ आफ्नो दोस्रो जन्म भएको संझनलाग्यो ॥८॥ त्रिशिराको कुरा सुन्दा देवान्तक, नरान्तक र अतितेजस्वी अतिकाय युद्धका लागि उत्साहित भए ॥९॥ यसपछि रावणका छोरा राक्षसश्रेष्ठहरू "म जान्छु, म जान्छु" भन्दै गर्जनलागे ।

यी सबै इन्द्रसमानका पराक्रमी र शूरा थिए, सबै आकाशमा डुल-फिर गर्न सक्तथे, माया विद्यामा निपुण, शत्रुको अहङ्कार चूर गर्न सक्ने र संग्राममा कसैद्वारा पनि पराजित हुन नसक्ने किसिमका थिए ॥१०-११॥ यी सबै खूबै बलिया थिए, सबै प्रसिद्ध कीर्तिवाला थिए, यी कसैले कहिले पनि युद्धमा देवता, गन्धर्व, किन्नर तथा सर्पहरूको हातबाट हार खानुपरेको थिएन, सबै अस्त्र शस्त्रका जानिफकार तथा युद्धविद्यामा सिपालु थिए, सबैले शास्त्र पढेका र सबैले वर पनि पाएका थिए ॥१२-१४॥ सूर्यसमानका तेजस्वी, शत्रुको बल र लक्ष्मीलाई नाश गर्ने, दानवहरूको घमण्ड तोड्ने आफ्ना छोराहरूद्वारा घेरिएको रावणको यस समयमा देवताहरूले घेरिराखेका इन्द्रको जस्तै शोभा भइरहेको थियो ॥१५॥ यसपछि रावणले आफ्ना छोराहरूलाई अंगालो हालेर, नाना प्रकारका गहनाले सजिसजाउ पारेर तथा धेरै धेरै आशीर्वाद दिएर संग्राममा जानको निम्ति पठायो ॥१६॥ युद्धोन्मत्त र मत्त नाम गरेका आफ्ना दुइ भाइलाई रावणले राजकुमारहरूको रक्षा गर्नाका लागि युद्धभूमिमा पठायो ॥१७॥

विशाल शरीर भएका यी सबै संसारलाई रुवाउने महात्मा रावणलाई प्रणाम गरेर तथा यसको प्रदक्षिणा गरेर युद्ध गर्न भनी हिंडे ॥१८॥ घाउ पुर्ने सबै जडी बूटी साथमा लिएर र सुगन्धी पदार्थ शरीरमा दलेर यी छ जना महाबली राक्षसश्रेष्ठहरू युद्ध गर्ने इच्छाले निस्के ॥१९॥ त्रिशिरा, अतिकाय, देवान्तक, नरान्तक, महोदर र महापार्श्व यी छ जना राक्षसहरू कालले पठाएको हुनाले संग्रामभूमितिर जानलागे ॥२०॥

महोदर सुदर्शन नाम गरेको हात्तीमा चढ्यो, यो हात्ती बादलको जस्तो नीलो रंगको र ऐरावतको कुलमा जन्मेको थियो ॥२१॥ यो सबै किसिमको हात-हतियार लिएर तथा ठोक्रोमा बाण भरेर हात्तीमा चढेको थियो । अस्ताचल पर्वतमा सूर्यको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले यसको पनि भइराखेको थियो ॥२२॥ सबै किसिमको अस्त्र शस्त्र लिएको रावणको छोरो त्रिशिरा राम्रा राम्रा घोडा जोतिएको उत्तम रथमा सवार भयो ॥२३॥ रथमा बसेको धनुर्धारी त्रिशिरा, बिजुली, उल्का,

ज्वाला र इन्द्रधनुले युक्त भएको बादल जस्तै देखिनलागेको थियो ।।२४।। उत्तम रथमा सवार भइराखेको त्रिशिराले तीनओटा मुकुट धारण गरेको थियो अतएव यो तीनओटा सुवर्णमय शिखर भएको पर्वतराज हिमवान्झैं शोभायमान भइराखेको थियो ।।२५।। सबै धनुर्धारीहरूमध्येको श्रेष्ठ, रावण-पुत्र, अतितेजस्वी अतिकाय उत्तम रथमा सवार भयो ।।२६।। यस रथमा पांग्रा र धुरा राम्रोसंग जडिएका थिए, अनुकर्ष तथा कूबर नामका दुइ विशेष अङ्गले यो सुशोभित थियो, ठोक्रो, भाला, धनु, तरवार र घुयेंत्रो आदि गरिएका अस्त्र शस्त्र यसमा सजिसजाउ पारेर राखेको थियो ।।२७।। अतिकायले टाउकोमा विचित्रको सुनको मुकुट पहिरेको थियो र नाना प्रकारको गहना लगाएर सिंगारिएको थियो; आफ्नो प्रभाले सदा प्रकाशित भइरहने सुमेरु पर्वतझैं अहिले यो राक्षस पनि अनुपम शोभाले युक्त भइराखेको थियो ।।२८।। रथमा चढेको, राक्षसहरूले चारैतिरबाट घेरिराखेको, यो महाबली राजपुत्र यस समयमा देवताहरूले घेरिइराखेका वज्रपाणि इन्द्र जस्तो देखिनलागेको थियो ।।२९।।

नरान्तक राक्षस उच्चैःश्रवासमानको सेतो, सुनै सुनले सिंगारिएको, मन जत्तिकै छिटो दगुर्ने, ठूलो जीउ भएको घोडामा चढ्यो ।।३०।। उल्कासमानको भाला हातमा लिइराखेको नरान्तक, मयूरमा सवार भएका, हातमा शक्ति लिएका स्वामी कार्तिकेयझैं शोभायमान देखिनलागेको थियो ।।३१।। सुनै सुनले सिंगारिएको परिघ हातमा लिइराखेको देवान्तक, समुद्र मन्थनको समयमा दुवै हातले मन्दराचल पर्वतलाई समातिराखेका विष्णुझैं देखिनलागेको थियो ।।३२।। जसरी हातमा गदा लिएका कुवेर युद्धमा शोभायमान देखिन्छन् त्यसै गरी हातमा गदा लिइराखेको महातेजस्वी, वीर्यवान् महापार्श्व पनि शोभायमान देखिनलागेको थियो ।।३३।।

जसरी देवताहरू अमरावतीबाट प्रस्थान गर्दछन् त्यसै गरी यी महात्मा राक्षसहरू पनि लङ्का-बाट बाहिर निस्के; हात्ती, घोडा तथा मेघ गर्जेझैं शब्द गर्ने रथमा चढेका र उत्तम उत्तम हतियार धारण गरेका महापराक्रमी राक्षसहरू यिनीहरूको पछि लागे । सूर्यसमानको तेज भएका, किरीट पहिरेका यी राम्रा राम्रा कुमारहरू आकाशमा प्रकाशमान हुने तारासमान देखिनलागे । जसरी शरद् ऋतुको समयमा आकाशमा पडिराखेका हाँसहरूको पंक्ति शोभायमान देखिन्छ त्यसै गरी यी राक्षसहरूले हात हातमा लिइराखेको हात-हतियारको पङ्क्ति शोभायमान देखिनलागेको थियो । या त मर्नेछौं या शत्रुको विनाश पार्नेछौं भन्ने विचार मनमा दृढ गरेर लिइराखेका यी सबै महात्मा वीरहरू युद्ध गर्न भनी निस्के। यसकारण यिनीहरूमध्येका कोही गर्जनलागे, कोही सिंहनाद गर्न थाले र कोही शत्रुमाथि बाणको प्रहार गर्नलागे । यस प्रकारसंग हातमा बाण लिइराखेका, युद्ध गर्न भनी निस्केका, कहिले पनि पराजित हुन नसक्ने यी राक्षसहरूले उफ्रेको र ताल ठोकेको आवाजले गर्दा पृथ्वी नै कम्पायमान हुनलाग्यो ।।३४-३९।। राक्षसहरूको सिंहनाद तथा तालको शब्दले आकाशै फुट्ला जस्तो हुनलाग्यो ।

यस प्रकारसंग दङ्ग परेर बाहिर निस्केका महाबली राक्षसहरूले वानरहरूको फौज देखे । यी

सैनिकहरू हात हातमा पत्थर र पर्वतको शिखर लिएर तैयार परेका थिए, उता महात्मा वानरहरूले पनि राक्षसीसेना देखे । यस सेनामा हात्ती, घोडा तथा अनेक रथ थिए, रथमा सयकडौं साना साना घण्टी बजिराखेका थिए, यो फौज आकाश जत्तिकै कालो देखिन्थ्यो, सबैले हातहातमा अनेक प्रकारको अस्त्र शस्त्र लिएका थिए । बल्दो आगो र सूर्यसमानका तेजस्वी राक्षस यस सेनामा भरिभराउ थिए । यस फौजलाई आफूतिर आउनलागेको देखेपछि वानरहरू शिकार पाएकोले ठूला ठूला पर्वतका टाकुरा उजाएर लड्न तैयार परे र वारंवार सिंहनाद गर्नलागे, कारण वानरहरू राक्षसहरूले गर्जेको खप्न सक्तैनथे ॥४०-४४॥ राक्षसहरूलाई वानर सेनापतिहरूले चर्को स्वर झिकेर गर्जेको सुन्दा सही नसक्नु भयो, यसकारण यी महाबलीहरू पनि एकैसाथमा मिलेर बडो आनन्द मानेझैं गरी, उनीहरूको भन्दा चर्को स्वर झिकेर गर्जनलागे ॥४५॥

जसरी हात्तीहरू पर्वतमा भ्रमण गर्दछन् त्यसै गरी यी वानरहरू पनि राक्षसी सेनाभित्र प्रवेश गरी ठूला ठूला ढुङ्गा लिएर यताउति घुम्नलागे ॥४६॥ रूख र ढुङ्गाले युद्ध गर्ने भएका, झोकिइराखेका यी वानरहरूमध्ये कोही रूख र रूखको हाँगा लिएर आकाशमा, कोही पृथ्वीमा र कोही राक्षसी सेनामा भ्रमण गर्नलागे । राक्षस र वानरहरूको बीचमा भएको यो युद्ध बडो डरलाग्दो किसिमको भयो ॥४७-४८॥ राक्षसहरूले बाणको वर्षा गराएर रोक्ता रोक्तै पनि डरलाग्दो पराक्रम देखाउने वानरहरू रूख, ढुङ्गा र पर्वतका शिखरहरूको वृष्टि गर्नलागे ॥४९॥ राक्षस र वानरहरू युद्धमा सिंहनाद गर्नलागे, वानरहरू पत्थरको वर्षा गरेर राक्षसहरूलाई धूलो पीठो पार्नलागे ॥५०॥ रिसको झोंकमा परेर वानरहरू कवच र गहना पहिरेका, हात्ती, घोडा र रथमा सवार भएका वीर राक्षसहरूलाई धमाधम युद्धमा मार्नलागे ॥५१॥ वानरहरू वीर राक्षसहरूलाई मुक्कै मुक्का चखाउनलागे, कईएक राक्षसहरूको शरीर पर्वतका शिखरको चोट पर्नाले चूर्ण भयो र मुक्की लाग्नाले कईएकको आँखा बाहिर निस्क्यो ॥५२॥

वीर राक्षसहरूमध्ये कोही भाग्नलागे, कोही लोट्नलागे, कोही चिच्च्याउनलागे र कोही कोही तीखा तीखा बाण चलाएर वानरहरूलाई छेड्नलागे ॥५३॥ राक्षसहरू शूल, मुद्‌गर, तरवार, भाला र शक्तिको प्रहार गरेर पनि वानरहरूलाई मार्नलागे । शत्रुको रगतले भिजिराखेका वानर र राक्षसहरू एउटाले अर्कोलाई जित्ने अभिलाषा गरेर हानाहान गर्नलागे । वानर र राक्षसहरूले चलाएको ढुङ्गा र तरवारले चाँडै नै युद्धभूमि भरिन गयो र रगतले गर्दा त्यहाँको जग्गा भिज्यो । यस समयमा वानरहरूको हातबाट मरेका, युद्धभूमिमा मतवाला भइराखेका, पर्वतसमानको विशाल शरीर भएका राक्षसहरूले गर्दा त्यहाँको जग्गा टम्मै भरिन गयो ॥५४-५६॥ आफूले चलाउँदा चलाउँदै र राक्षसहरूद्वारा पर्वतका शिखर चूर्ण भएपछि वानरहरू केवल आफ्नो शरीरले नै घनघोरको युद्ध गर्नलागे ॥५७॥ वानरहरू राक्षसमाथि राक्षसलाई बजारेर मार्नलागे त्यसै गरी राक्षसहरू पनि वानरमाथि वानरलाई पट्केर मार्नलागे ॥५८॥ राक्षसहरू बलजफतीसंग वानरहरूको हातबाट ढुङ्गा र पर्वतको टाकुरा खोसेर उनीहरूलाई मार्नलागे, त्यसै गरी वानरहरू पनि शस्त्र खोसेर राक्षसहरूको संहार गर्नलागे ॥५९॥ यस प्रकारसंग

युद्धमा पर्वतका टाकुराको पर्याँकापर्याँक गरेर वानर र राक्षसहरू परस्पर एउटाले अर्कोलाई घाइते पार्न-लागे र सिंहनाद गर्न थाले ।।६०।। कवच आदि गरिएका शरीरको रक्षा गर्ने चीजबीज चूर्ण भएपछि राक्षसहरू वानरहरूको हातबाट मर्नलागे । जसरी रस भएको रूखबाट रस बग्दछ त्यसै गरी यिनको शरीरबाट रगत बग्नलाग्यो ।।६१।। वानरहरूमध्ये कोही कोही युद्धमा रथ चलाएर रथलाई, हात्तीले हात्तीलाई र घोडाले घोडालाई ध्वस्त पार्नलागे ।।६२।। राक्षसहरू वानरहरूले प्रहार गरेका रूख र ढुङ्गालाई क्षुरप्र, अर्धचन्द्र तथा भल्ल नाम गरेका तीखा तीखा बाण चलाएर काटिदिन्थे ।।६३।। पर्याँ-किएका वानर र राक्षसहरूको लाशले गर्दा युद्धभूमिमा हिंड्ने बाटोसम्म पनि रहेन ।।६४।। यी वानर-हरू मनमा अलिकता पनि डर नलिएर संग्रामस्थलमा गई नाना प्रकारको अस्त्र-शस्त्र लिएर राक्षसहरू-सित युद्ध गर्नलागे, यी सबै बडा पराक्रमी थिए र यिनको अनुहारमा प्रसन्नता तथा अहङ्कारको चिह्न झल्किराखेको थियो ।।६५।। यस घनघोरको युद्धमा वानरहरू प्रसन्न हुनलागे, राक्षस मारिनलागे, उता देवता र महर्षिहरू हर्ष मनाउनलागे ।।६६।।

यसपछि वायुसमानको वेग भएको घोडामा सवार भएर, हातमा तीखो शक्ति लिएर नरान्तकले माछाले समुद्रभित्र प्रवेश गरेझैं त्यो डरलाग्दो वानरी सेनाभित्र प्रवेश गर्‍यो ।।६७।। नरान्तक एकलोले तीखो भाला चलाएर सात सय वीर वानरहरूलाई काटिदियो र छिनैमा इन्द्रको शत्रु यस मनस्वीले वानरहरूको फौजलाई ध्वस्त पार्नलाग्यो ।।६८।। घोडामा सवार भई वानरी सेनामा भ्रमण गर्नलागेको त्यस महात्मालाई विद्याधर र महर्षिहरूले पनि देखे ।।६९।। नरान्तकले आफूले हिंड्ने बाटो, पर्वतसमानको आकार भएका, ढलिराखेका वानरहरूले ढाकिएको र जतातातै रगत मासुको हिलो जमिराखेको देख्यो ।।७०।। जहाँ जहाँ वानरहरू भागेर जान्थे त्यहाँ त्यहाँ नरान्तक गएर यिनीहरूको संहार गर्नलाग्यो ।।७१।। जसरी आगोले वनलाई डढाउँछ त्यसै गरी वानरहरूले रूख र ढुङ्गा उखेल्न पाउँदा नपाउँदैमा यसले उनीहरूको फौजलाई डढाउनलाग्यो ।।७२।। वज्र पर्नाले काटिएका रूखझैं, भालाको चोट पर्नाले मारिएका वानरहरू धमाधम ढल्नलागे । जसरी वर्षा ऋतुमा वायु जतातातै विचरण गर्दछ त्यसै गरी चमचमाउँदो प्रास लिएर यो महाबली नरान्तक युद्धभूमिमा जतातातै सबै दिशातिर घुम्नलाग्यो ।।७३-७४।। राक्षसको पराक्रम देख्ता वानरहरू बोल्न पनि सकेनन्, अगाडि टिक्नसम्म पनि सकेनन् युद्ध गर्ने कुरा ता कता छ कता । माथि उफ्रनलागेका, उभिइराखेका तथा भाग्नलागेका यी सबै वीरलाई नरान्तकले अस्त्र चलाएर छेड्नलाग्यो ।।७५।।

सूर्यको जस्तो तेज भएको, यमराजसमानको केवल एउटै भालाको प्रहार पर्नासाथ वानरी सेना भाग्नलाग्यो र यिनीहरूमध्ये कोही कोही ता भूइँमा लोटनसमेत लागे ।।७६।। वज्रको मार जस्तै यस भालाको मारलाई वानरहरूले खप्न सकेनन्, त्यसैले चर्को स्वर झिकेर चिच्च्याउनलागे ।।७७।। युद्ध-भूमिमा ढल्नलागेका वानरहरूको रूप, वज्र पर्नाले शिखर चूर्ण भएको ढल्नलागेको पर्वतको जस्तै भइराखेको थियो ।।७८।।

पहिले कुम्भकर्णसितको युद्धमा जति महात्मा वानरहरू घाइते भएर मूर्च्छा परेका थिए ती सबै अहिले होशमा आएर सुग्रीव भएको ठाउँमा पुगे ॥७९॥ यताउति नजर दौडाएर हेर्दा ता सुग्रीवले, नरान्तकको भयले डराएर जतातते भाग्नलागेको वानरी सेनालाई देखे ॥८०॥ भाग्नलागेको फौजलाई देखेपछि सुग्रीवले नरान्तकलाई पनि देखे जो कि घोडामा सवार भएर, हातमा भाला लिई आफूतिर आइराखेको थियो ॥८१॥ यसलाई देख्नासाथ तेजस्वी वानरराज सुग्रीवले इन्द्रसमानका पराक्रमी, वीर कुमार अङ्गदलाई भन्नलागे ॥८२॥ वानरी सेनालाई खाइरहेको, घोडामा सवार भएर यता आइरहेको त्यो वीर राक्षसनेर जाऊ र झट्टै त्यसलाई मारेर आऊ ॥८३॥

वानरराज सुग्रीवको आज्ञा पाउनासाथ वीर्यवान् अङ्गद सूर्य भगवान् बादलबाट बाहिर निस्केझैं वानरी सेनाबाट झट्टै बाहिर निस्किहाले ॥८४॥ पर्वतको जस्तो आकार परेका, वानरहरूमध्येका श्रेष्ठ, हातमा बाजू पहिरिराखेका अङ्गद यस बखतमा धातुमय पर्वत जस्तै देखिनलागेका थिए ॥८५॥ यी तेजस्वीले कुनै प्रकारको अस्त्र शस्त्र लिएका थिएनन्, आफ्ना नङ र दाँत नै यिनका हतियार थिए; यी बालिका छोरा नरान्तकनेर गएर भन्नलागे ॥८६॥ पर्खी, पर्खी, यी जाबा वानरहरूसित लडेर के गर्छस्, वज्रसमानको साह्रो भाला मेरो छातीमा हिर्का ॥८७॥

अङ्गदको कुरा सुन्दा नरान्तकलाई हुनासम्मको रिस उठ्यो, दाँतले ओठ टोक्नलाग्यो, सर्पले झैं फ्वाँ फ्वाँ गरेर सास फेर्नलाग्यो र झोंक्किएर बालिपुत्र अङ्गदको नजीक आयो ॥८८॥ यसपछि नरान्तकले चहकिलो भाला उजाएर अङ्गदलाई हिर्कायो तर वज्रसमानको साह्रो अङ्गदको छातीमा लाग्नाले यो भाला भाँचियो र टुक्रा टुक्रा भएर भूइँमा खस्यो ॥८९॥ गरुडले जसरी सर्पको शरीरलाई छ्यात्र-ब्यात्र पारिदिन्छन् त्यसै गरी यस भालालाई चूर चूर भएको देख्ता बालिपुत्रले एक थप्पड नरान्तकको घोडाको टाउकोमा हिर्काए ॥९०॥ अङ्गदको थप्पडको मार पर्नासाथ पर्वतसमानको नरान्तक-को घोडाको चारै खुट्टा भाँचियो, टाउको फुट्यो, आँखा निस्क्यो, जिभ्रो मुखबाहिर आयो र उल्निखेरै मरेर पृथ्वीमा लोटिहाल्यो ॥९१॥ घोडालाई मरेर भूइँमा ढलेको देख्ता नरान्तकलाई जङ्ग चल्यो, अतिशय ठूलो प्रभाव भएको यसले मुक्की उजाएर बालिपुत्रको टाउकोमा हिर्काइहाल्यो ॥९२॥ मुक्काको चोट पर्नाले अङ्गदको टाउको फुट्यो, त्यताबाट तातो तातो रगतको धारा बग्नलाग्यो र यिनी मूर्च्छा पनि परे, तर एक्कै छिनमा होश आएपछि बहुतै झोंक्किएको र छक्क परेकोले पहिलेभन्दा बर्ता चहकिलो देखिनलागे ॥९३॥ यसपछि बालिका छोरा अङ्गदले मृत्युको जस्तो वेग भएको, पर्वतको शिखरसमान-को मुक्की बाँधेर नरान्तकको छातीमा हिर्काइदिए ॥९४॥ यो मुक्कीको चोट पर्नाले नरान्तकको छाती फुटेर भित्र पस्यो, मुखबाट आगोको ज्वालाझैं रगतको धारा बग्नलाग्यो जसले गर्दा उसको जम्मै शरीर रगतले नुहाए जस्तै भयो; वज्र पर्नाले छिया छिया परेको पर्वतझैं यो पृथ्वीमा ढलेर मरिहाल्यो ॥९५॥

बालिका छोरा अङ्गदले युद्धमा पराक्रमी नरान्तकलाई मार्दाखेरि आकाशमा देवताहरूको र रण-

भूमिमा वानरहरूको बडो ठूलो शब्द हुनलाग्यो ॥९६॥ भयङ्कर पराक्रम गर्न सक्ने अङ्गदले यस प्रकारको गाह्रो काम गरेर रामचन्द्रको मनलाई प्रसन्न गराए, आफ्नो यो काम देख्ता अङ्गद पनि छक्क परे र युद्ध गर्नाका लागि उत्साह प्रकट गर्नलागे ॥९७॥

सर्ग—७०

अतिकायबाहेक सबै कुमारहरूको मृत्यु (क)।

नरान्तकलाई मरेको देखेपछि देवान्तक, त्रिशिरा, रावणको भाइ महोदर यी सबै ठूला ठूला राक्षसहरू विलाप गर्नलागे ॥९८॥ मेघसमानको हात्तीमा सवार भएर महोदर महाबली बालिपुत्र अंगदतिर बडो वेगसँग आयो ॥९९॥ भाइको मृत्यु भएकोले तापमा परेको महाबली देवान्तक बडेमानको परिघ लिएर अङ्गदमाथि जाइलाग्यो ॥१००॥ असल असल घोडा जोतिएको, सूर्यको जस्तो टलक भएको रथमा चढेर वीर त्रिशिरा अङ्गद भएतिर आउनलाग्यो ॥१०१॥ देवताहरूको घमण्डलाई चूर पार्ने यी तीन राक्षसहरूबाट आफूमाथि आक्रमण भएको देख्ता अङ्गदले एउटा बडो ठूलो रूख उखेले ॥१०२॥ जसरी इन्द्रले बल्दो वज्रको प्रहार गर्दछन् त्यसै गरी वीर अङ्गदले पनि सहसा ठूला ठूला हाँगा भएको यो बडेमानको रूख देवान्तकमाथि चलाए ॥१०३॥ त्रिशिराले विषालु सर्पसमानका बाण चलाएर त्यस रूखलाई छिया-छिया पारिदियो । आफूले प्रहार गरेको रूख यसरी काटिएको देख्ता अङ्गदमाथि उफ्रेर गए र त्यतैबाट यी वानरश्रेष्ठ रूख र ढुङ्गाको वर्षा गर्नलागे । त्रिशिराले पनि झोंक्किएर तीखा तीखा बाण चलाई यी सबैलाई काटिदियो ॥१०४–१०५॥ महोदरले परिघ चलाएर रूखहरूलाई चूर्ण पारिदियो, उता त्रिशिरा पनि बाणको वर्षा गर्दै वीर अंगदलाई लखेट्नलाग्यो ॥१०६॥

हात्तीमा सवार भएको महोदर पनि क्रुद्ध भई वज्रसमानको तोमर चलाएर बालिपुत्रको छातीमा प्रहार गर्नलाग्यो ॥१०७॥ देवान्तक पनि झोंक्किंदै त्यहाँ पुग्यो र आफ्नो परिघले अङ्गदमाथि प्रहार गरेर झट्टै उहाँबाट भागिहाल्यो ॥१०८॥ यी तीन मुख्य मुख्य राक्षसहरूले एकै चोटि हमला गरे तापनि तेजस्वी र प्रतापी बालिपुत्रलाई अलिकता पनि वेदना भएन ॥१०९॥ यसपछि पराजित हुन नसक्ने फुर्तिला अङ्गले बडो वेगसँग महोदर चढिराखेको हात्तीको टाउकोमा एक थप्पड हिर्काए ॥११०॥ यस चोटले गर्दा हात्तीको आँखा बाहिर निस्क्यो र उत्तिखेरै मरि पनि हाल्यो । महाबली बालिपुत्रले पनि यसको दाँत उखेलेर देवान्तकनेर गई उसमाथि प्रहार गरे । जसरी हावाको झोंकाले रूख काम्न थाल्दछ त्यसै गरी यो तेजस्वी राक्षस पनि यस मारले बडो विह्वल भयो ॥१११–११२॥ लाहाको रंग जस्तो रगतको धारा यसको शरीरबाट बग्नलाग्यो । धेरै बेरमा होश आएपछि तेजस्वी, महाबली देवान्तकले हातमा परिघ लिएर बडो वेगसँग अङ्गदमाथि चलायो । बालिपुत्र अङ्गद यस परिघको चोट

(क) सर्ग समाप्त भए तापनि वर्णन नसकिएकोले मूल ग्रन्थमा झैं यहाँ पनि श्लोकको संख्या अघिल्लो सर्गमा मिलाएर लेखिएको छ ।

पर्नाले घाइते भई घुँडा टेकेर थचक्क भूइँमा बसे तर केही बेरपछि उठिहाले। उठ्नलागेका अङ्गदको निधार ताकेर त्रिशिराले सोझो जाने, बडा भयङ्कर तीनओटा बाण चलायो। तीनओटा मुख्य मुख्य राक्षसहरूले अङ्गदलाई घेरिराखेको देख्नेबित्तिकै हनुमान् र नील उनीनेर पुगिहाले। नीलले त्रिशिरामाथि पर्वतको एउटा शिखर हिर्काए ॥११३–११७॥ बुद्धिमान् रावणको यो छोरोले पनि तीखा तीखा बाण चलाएर त्यस शिखरलाई छिया-छिया पारिदियो। सयकडौं बाणको चोट पर्नाले जब यो पर्वतको शिखर विदीर्ण भएथ्यो तब ता आगोको झिल्का तथा ज्वालाको साथसाथै यो चूर चूर भएर खस्न लाग्यो। पर्वतको शिखरलाई यसरी विदीर्ण भएको देख्ता महाबली देवान्तक मनमा दङ्ग परेर हातमा परिघ लिएर रणभूमिमा हनुमान्‌तिर जाइलाग्यो। यसलाई आफूतिर आउनलागेको देखेर हनुमान्‌ले उफ्रेर वज्रसमानको एक मुक्की उसको टाउकोमा हिर्काए। यसको टाउकोमा प्रहार गरेपछि महाबली, वायुपुत्र वीर हनुमान् बडो जोरसँग गर्जे, जसले गर्दा राक्षसहरू डरले काम्न थाले ॥११८–१२१॥ मुक्काको आघातले यसको टाउको फुट्यो, दाँत आँखा बाहिर निस्के र जिब्रो मुखबाहिर झुण्डियो; यस प्रकारसँग राक्षसराजको छोरो देवान्तक प्राणविहीन भएर सहसा भूइँमा ढल्यो ॥१२२॥

राक्षस योद्धाहरूमध्येको मुख्य, महाबली यो देवशत्रु युद्धमा मारिएपछि त्रिशिरा झोंक्किएर हातमा अस्त्र लिईकन लगातार नीलको छातीमा तीखा र भयंकर बाणको वृष्टि गर्नलाग्यो ॥१२३॥ जसरी सूर्य भगवान् मन्दराचल पर्वतमाथि चढ्छन् त्यसै गरी महोदर पनि झोंक्किएर फेरि पर्वतसमानको अग्लो हात्तीमा चढ्यो ॥१२४॥ जसरी बिजुली र इन्द्रधनुले युक्त भएको मेघ गर्जंदै पर्वतमाथि जलको वृष्टि गर्दछ त्यसै गरी यो महोदर पनि नीलमाथि बाणको वृष्टि गर्नलाग्यो ॥१२५॥ यो बाणको वृष्टिले गर्दा वानर सेनापति नीलको शरीर छिया-छिया हुनलाग्यो, यिनको जम्मै शरीर शिथिल भइगयो। महाबली महोदरले ता यिनलाई बेहोशै पारिदियो ॥१२६॥ केही बेरमा होश आएपछि नीलले रूख-सहितको एउटा पहाडै उचालेर बडो वेगसँग महोदरको टाउकोमा बजारिदिए ॥१२७॥ यो पर्वतको चोट पर्नासाथ महोदर हात्तीको साथसाथै चकनाचूर भइहाल्यो। जसरी वज्रको चोट पर्नाले पर्वत खस्तछ त्यसै गरी यो राक्षस पनि प्राण छोडेर भूइँमा खस्यो ॥१२८॥

काकालाई मारिएको देख्ता त्रिशिराले हातमा धनु लियो र जंगिएर तीखा तीखा बाण हनुमान्-लाई ताकेर चलाउनलाग्यो ॥१२९॥ हनुमान्‌ले पनि जङ्गिएर त्यसमाथि पर्वतको शिखर हिर्काए, तर महाबली त्रिशिराले तीखा तीखा बाणको प्रहारले त्यसलाई टुक्रा टुक्रा पारिदियो ॥१३०॥ पर्वतको शिखर निष्फल भएको देख्ता हनुमान्‌ले त्यो रावणको छोरोमाथि रणक्षेत्रमा रूखको वर्षा गर्नलागे ॥१३१॥ तर प्रतापी त्रिशिराले यी सबै रूखलाई तीखा बाण चलाएर बीच आकाशैमा काटिदियो र सिंहनाद गर्नलाग्यो ॥१३२॥ जसरी सिंहले हात्तीलाई फहराउँछ त्यसै गरी हनुमान् पनि झोंक्किंदै उफ्रेर त्रिशिराको घोडामाथि चढी नङले त्यसलाई फहराउनलागे ॥१३३॥ यसपछि जसरी यमराज प्रलयकालमा कालरात्रिलाई प्रेरित गर्दछन् त्यसै गरी रावणपुत्र त्रिशिराले पनि आफ्नो शक्ति नाम गरेको

अस्त्रको हनुमान्माथि प्रयोग गऱ्यो ॥१३४॥ वानरश्रेष्ठ हनुमान्ले पनि आकाशबाट झर्नलागेको पुच्छ्रे-तारासमानको, टेढो-मेढो गरेर हिंड्ने त्यस शक्तिलाई बीचैमा समातेर भाँचभुँच पारिदिए र अनि गर्जन लागे ॥१३५॥ यस भयङ्कर शक्तिलाई हनुमान्को हातबाट भाँचभुँच भएको देख्ता वानरहरू प्रसन्न भएर मेघ गर्जेझैं गर्जनलागे ॥१३६॥ यसपछि राक्षसश्रेष्ठ त्रिशिराले हातमा तरवार लियो र सो तरवार हनुमान्को छातीमा हिर्कायो ॥१३७॥ प्रतापी वायुपुत्र हनुमान्ले पनि यस चोटलाई खपेर त्रिशिराको छातीमा एक लात चखाए ॥१३८॥ हनुमान्को लातको चोट पर्नाले महातेजस्वी त्रिशिरा बेहोश परेर भूइँमा ढलिहाल्यो र यसको हातबाट अस्त्र शस्त्र छुटेर खसे ॥१३९॥ अब ता पर्वतसमानका हनुमान्ले ढलेको त्रिशिराको हातबाट तरवार लिएर सबै राक्षसहरूको मनमा त्रास पार्दै गर्जनलागे ॥१४०॥ हनुमान्ले गर्जेको आवाज सुन्न नसकेर यो राक्षस उठेर खडा भयो र उफ्रेर हनुमान्लाई एक मुक्का लगायो ॥१४१॥ हनुमान्लाई यस प्रकारको मुक्काले गर्दा बडो रिस उठ्यो र यिनले जङ्गिएर राक्षसश्रेष्ठ त्रिशिराको किरीट समाते ॥१४२॥ जसरी इन्द्रले त्वष्टाको छोरो विश्वरूपको टाउको काटिदिएका थिए त्यसै गरी हनुमान्ले तीखो धार भएको तरवारले किरीट र कुण्डलसहितको यस राक्षसका तीनै ओटा टाउका काटिदिए ॥१४३॥ जसरी आकाशबाट चहकिला ताराहरू झर्दछन् त्यसै गरी बल्दो आगोसमानका, ठूला ठूला आँखा भएका, पर्वतको जस्तो आकार परेका, यस इन्द्रशत्रु त्रिशिराका टाउका धमाधम पृथ्वीमा खस्नलागे ॥१४४॥

इन्द्रसमानका पराक्रमी हनुमान्को हातबाट देवशत्रु त्रिशिराको वध भएपछि वानरहरू यसरी गर्जनलागे कि पृथ्वीसमेत कम्पायमान हुनलागिन्, उता राक्षसहरू भने डरले चारैतिर भाग्नलागे ॥१४५॥ युद्धोन्मत्त, त्रिशिरा, दुर्धर्ष देवान्तक र नरान्तक यी चारै जना वीर राक्षसहरू मारिएको देखेपछि बडो रिसाहा मिजास भएको राक्षसश्रेष्ठ महापार्श्वले झोंक्किएर फलामै फलामले बनेको, आगो-को झिल्का निस्किरहने गदा हातमा लियो ॥१४६–१४७॥ यस गदामा सुनको पाता मोरिराखेको थियो, मासु र रगतमा मुछिएको तथा शत्रुको रगतले तृप्त भएकोले यो विशाल गदा बडो चहक २ ए-को देखिन्थ्यो । आफ्नो तेजले गर्दा यसको टुप्पो बलिराखेको थियो, रातो माला पहिराएर यसलाई सिंगारेको थियो; ऐरावत, महापद्म, सार्वभौम आदि गरिएका दिग्गजहरूलाई समेत यो देख्ता डर लाग्दथ्यो ॥१४८–१४९॥ यस किसिमको गदा लिएर झोंक्किएको राक्षसश्रेष्ठ महापार्श्वले प्रलयकाल-को बल्दो आगोलेझैं वानरहरूमाथि आक्रमण गर्नलाग्यो ॥१५०॥

यही अवसरमा ऋषभ नाम गरेको महाबली वानर रावणको भाइ महापार्श्वको सेनानेर गई उसको अगाडि उभियो ॥१५१॥ महापार्श्वले पर्वतसमानको आकार भएको ऋषभलाई आफ्नो सामुन्ने उभिएको देख्ता जंगिएर वज्रसमानको आफ्नो गदा उसको छातीमा हिर्कायो ॥१५२॥ राक्षसले चलाए-को यो गदा लाग्नाले ऋषभ थर-थर काम्नलाग्यो, यसको छाती फुट्यो र त्यताबाट रगतको धारा बग्न-लाग्यो ॥१५३॥ धेरै बेरमा होश आएपछि वानरश्रेष्ठ ऋषभले झोंक्किएर महापार्श्वतिर दृष्टि दियो,

यस वेला रिसले वानरको ओठ फरफर गरिरहेको थियो ।।१५४।। पर्वत जस्तो विशाल शरीर भएको, वानरवीरहरूमध्येको श्रेष्ठ, फुर्तिलो ऋषभले बडो वेगसंग राक्षसनेर आएर एक मुक्की उसको छातीमा ताकेर हिर्काइदियो ।।१५५।। जसरी जरो काटिएको रूख ढल्दछ त्यसै गरी मुक्कीको चोट पर्नाले यो राक्षस रगतै रगतमा नुहाए जस्तै भएर भूइँमा लोटिहाल्यो ।

यमराजको दण्डसमानको उसको भयङ्कर गदा झटपट लिएर ऋषभ गर्जनलागे ।।१५६।। यो देवशत्रु राक्षस केही बेरसम्म मरे जस्तै भएर पडिरह्यो तर केही बेरपछि एक्कासि यसलाई होश आयो र सन्ध्याकालको बादलको जस्तो वर्ण भएको यस राक्षसले वरुणका छोरा ऋषभ वानरमाथि प्रहार गर्‍यो ।।१५७।। यी वानर मूर्च्छा परेर भूइँमा लोट्न ता लोटे, तर केही बेरमा होश आएपछि यिनले राक्षसको हातबाट खोसेको पर्वतसमानको गदा उजाएर युद्धभूमिमा त्यस महापार्श्वलाई हिर्काए ।।१५८।। यो भयानक गदाको चोट पर्नासाथ देवता, यक्ष र ब्राह्मणहरूको शत्रु यो क्रूर महापार्श्वको छाती फुटिहाल्यो र यसको शरीरबाट हिमालय पर्वतबाट धातुको जल बगेझैं रगतको धारा बग्नलाग्यो ।।१५९।। यसपछि महापार्श्व महात्मा ऋषभको अगाडि दगुर्दै आयो, तर ऋषभले फेरि पनि त्यही भयङ्कर गदा घुमाएर यस्तो जोरसंग उसको टाउकोमा हिर्काए कि त्यो आफ्नै गदाले चूर चूर भइगयो, यसको आँखा फुस्यो र दाँत पनि फुक्लेर झर्‍यो ।।१६०–१६१।। वज्र पर्नाले फुटेको पहाडझैं यो पृथ्वीमा ढल्यो, यसको आँखा फुटिसकेको थियो, बल खतम भइसकेको थियो र आयु पनि समाप्त भइसकेको थियो । यो राक्षस ढल्नासाथ राक्षसी सेना यत्रतत्र भाग्नलाग्यो ।।१६२।।

रावणको यो भाइ मारिएपछि समुद्रसमानको राक्षसहरूको फौज अस्त्र शस्त्र छोडेर प्राण बचाउनाका लागि, बाँध फुटेपछि समुद्रको जल बाहिर निस्केर आए झैं, चारैतिर भाग्नलाग्यो ।।१६३।।

सर्ग—७१

लक्ष्मणको हातबाट अतिकायको मृत्यु हुन्छ ।

रोमाञ्च गराउने आफ्नो भयङ्कर सेनाको संहार भएको र इन्द्रसमानका पराक्रमी आफ्ना भाइहरूको मृत्यु भएको देख्ता तथा राक्षसश्रेष्ठ आफ्ना काका महोदर र महापार्श्व दुवै दाजु भाइ युद्धमा मारिएको कुरा संझेर, ब्रह्माबाट वरदान पाएको, देव दानवहरूको गर्व नाश गर्ने, पर्वतसमानको विशाल शरीर भएको महातेजस्वी अतिकायले रणभूमिमा खूबै झांक देखायो ।।१–३।। हजार सूर्यको जत्तिकै चहक भएको रथमा सवार भएर इन्द्रको यस शत्रुले वानरहरूमाथि आक्रमण गर्‍यो ।।४।। किरीट र कुण्डल धारण गरेको यस राक्षसले धनुमा टङ्कार दिएर वारंवार आफ्नो नाम सबैलाई सुनाउँदै चर्को स्वर झिकेर गर्जनलाग्यो ।।५।। यसको सिंहको जस्तो गर्जन, नामोच्चारण तथा धनुको भयङ्कर शब्दले गर्दा सबै वानरहरूको मनमा त्रास पर्न गयो ।।६।। यसको विशाल शरीर देख्ता यो अर्को कुम्भकर्ण आएको हो भन्ठानेर वानरहरू थर्कायमान भई परस्पर एउटाले अर्काको सहारा खोज्नलागे ।।७।। विष्णुले तीनै

लोक नाप्नाखेरि जस्तो मूर्त्ति अहिले यस राक्षसको देख्ता वानर योद्धाहरू डरले यताउति भाग्नलागे ॥८॥ अतिकायलाई देख्तैमा सुद्धिबुद्धि हराएका वानरहरू शरणागतरक्षक, लक्ष्मणका दाजु रामचन्द्रको शरण पर्न आए ॥९॥

श्री रामचन्द्रले पनि, पर्वतको जस्तो आकार परेको, रथमा बसिराखेको, हातमा धनु लिएको, कालो बादल जस्तै गर्जने अतिकायलाई टाढैबाट देखिहाले ॥१०॥ यस अतिकायलाई देख्ता रामचन्द्र बहुतै छक्क परे र वानरहरूलाई संझाई बुझाईकन विभीषणलाई भन्नलागे ॥११॥

सिंहको जस्तो आँखा भएको, पर्वतको जस्तो आकार परेको, धनु लिइराखेको, हजार घोडा जोतिएको विशाल रथमा सवार भइरहेको यो को हो ? ॥१२॥ तीखो शूल, तीखो भाला, ज्वाला निकालिरहेका प्रास र तोमर लिइराखेको हुनाले यो भूतगणले घेरिराखेका शिवजीसमान देखिनलागेको छ ॥१३॥ जसरी बिजुलीले बादलको शोभा हुन्छ त्यसै गरी कालको जिब्रोसमानका चमचम परेका यसका रथ र शक्तिले यसलाई सुशोभित गराइराखेका छन् ॥१४॥ सुनले मोरिएको, ताँदो चढाएको यसको धनुले इन्द्रधनुले आकाशलाई सुशोभित गराएझैं यसको रथलाई शोभायमान गराइरहेको छ ॥१५॥ हेर त सूर्यको जस्तो चहक भएको रथमा सवार भएर रथीहरूमध्येको श्रेष्ठ यो राक्षसराज कसरी रणभूमिलाई सुशोभित गराउँदै आइराखेको छ ॥१६॥ यसको ध्वजाको टुप्पामा राहुको चित्र राखिएको छ र सूर्यको किरणको जस्तै चहक भएका बाण चलाएर दशै दिशालाई उज्यालो पार्दै आइराखेको छ ॥१७॥ तीन ठाउँमा निहुरेको, सुनको पाताले मोरिएको, मेघ गर्जे जस्तो आवाज गर्ने यसको धनु इन्द्रधनु जस्तै देखिन्छ ॥१८॥ ध्वजा पताकाले युक्त भएको, तल काठ तेर्स्याइ-राखेको, चार सारथिले हाँकिराखेको यसको ठूलो रथ मेघ गर्जेझैं घरघर गर्दै आइराखेको छ ॥१९॥ हेर, बीसओटा ठोक्रा, दशओटा भयङ्कर धनु, र आठओटा ताँदो यसको रथमा राखिछाडेको छ, यी सबैको रंग सुनको जस्तै पहेंलो छ ॥२०॥ यसको अगलबगलमा दोटा चहकिला तरवार छन् जसले यसको दुवै कोखालाई शोभायमान गराइराखेका छन्, समात्ने बींड नै चार हातको भएपछि यी तरवार जरूरै दश हात लामा होलान् ॥२१॥ धैर्य्ययुक्त यसले रातो माला लगाएको छ, पर्वत जत्तिकै अग्लो र कालो छ, कालको जस्तै डरलाग्दो यसको मुख छ, अतः बादल-भित्र पसेका सूर्य जस्तै देखिन्छ ॥२२॥ जसरी हिमालय पर्वत आफ्ना दोटा अग्ला टाकुराले शोभा-यमान देखिन्छन् त्यसै गरी सुनको बाजू बाँधिएका आफ्ना दोटा हातले यो राक्षस सुशोभित भइराखेको छ ॥२३॥ जसरी दोटा पुनर्वसु नक्षत्रको बीचमा रहेको चन्द्रमाको शोभा हुन्छ त्यसै गरी दोटा कुण्डलले यसको भयङ्कर मुखलाई सुशोभित गराइराखेका छन् ॥२४॥ हे महाबाहो ! मलाई यस राक्षसश्रेष्ठको परिचय देऊ, जसलाई देख्तैमा सबै वानरहरू डराएर थरथर भई दशै दिशातिर भाग्न-लागेका छन् ॥२५॥

अतितेजस्वी राजपुत्र रामचन्द्रले यसरी सोधेपछि महातेजस्वी विभीषण उनलाई भन्नलागे ॥२६॥

तपाईंलाई थाहै छ, कुवेरको भाइ, राक्षसराज महात्मा रावण कत्तिको तेजस्वी र भयानक काम गर्न सक्तछ ॥२७॥ यो वीर्यवान् उसैको छोरो हो, बलमा रावण जत्तिकै छ, वृद्धहरूको सेवा गर्ने, सबै शास्त्रको ज्ञाता तथा शस्त्रधारीहरूको अगुवा नै छ ॥२८॥ हात्ती घोडाको सवारीमा, तरवार चलाउनामा, धनु लिएर युद्ध गर्नामा, साम, दान, भेद, नीति र सल्लाह दिनामा यो सिपालु छ ॥२९॥ यसैको बाहुबलको भरोसामा परेर लङ्कानगरी निर्भय भइराखेको छ, धान्यमालिनी (मन्दोदरी)को कोखबाट जन्मेको यस छोराको नाम अतिकाय हो ॥३०॥ यस निशाचरले, उहिले पवित्र भावसंग तपस्या गरेर ब्रह्मालाई प्रसन्न गराई, अस्त्र पाएको थियो र यिनै अस्त्रले शत्रुलाई जितेको हो ॥३१॥ ब्रह्माले यसलाई देवता तथा असुरको हातबाट नमर्ने वर र यो दिव्य कवच र सूर्यको जस्तो चहक भएको रथ दिए ॥३२॥ यसले सयकडौं देवता र दानवहरूलाई परास्त गरेको छ; राक्षसहरूको रक्षा गरेको छ ॥३३॥ यस बुद्धिमान्ले आफ्नो बाणले इन्द्रको वज्रलाई रोकिदिएको थियो र युद्धमा वरुणको पाशोलाई बेकम्मा तुल्याइदिएको थियो ॥३४॥ देवता र दानवहरूको गर्व नष्ट गर्ने, बुद्धिमान्, बलवान्, राक्षसहरूको स्वामी, रावणको छोरो यो उही अतिकाय हो ॥३५॥ यसकारण हे पुरुषश्रेष्ठ ! झट्टै यसको विनाश गर्ने उपाय गरिहाल्नुपर्‍यो, नत्र यस राक्षसले बाण चलाएर वानरहरूलाई नाश पार्नेछ ॥३६॥

यसपछि बलवान् अतिकाय वानरी सेनाभित्र पसेर धनुमा टङ्कार दिन र वारंवार गर्जनलाग्यो॥३७॥ रथीहरूमध्येको श्रेष्ठ, डरलाग्दो शरीर भएको यसलाई रथमा बसेको देखेपछि महात्मा वानरहरूमा जो जो मुख्य थिए ती सबै यसको सामुन्ने दगुर्दै आए ॥३८॥ कुमुद, द्विविद, मैन्द, नील र शरभ यी सबैले रूख तथा पर्वतको शिखर लिंदै एक्कै चोटि उसमाथि हमला गरे ॥३९॥ तर अस्त्रधारीहरूमध्येको श्रेष्ठ महातेजस्वी अतिकायले सुनै सुनले सिंगारिएको बाण चलाएर वानरहरूले प्रहार गरेको रूख र पत्थरहरूलाई काटिदियो ॥४०॥ यसपछि विशाल शरीर भएको, युद्धनिपुण यस महाबली राक्षसले फलामको बाण चलाएर आफ्नो अघिल्तिर दगुर्दै आइराखेका वानरहरूलाई मार्नलाग्यो ॥४१॥ बाणवृष्टिमा पर्नाले वानरहरू शरीरमा घाउ लागेर यस्तोसंग घाइते भई हार खाए कि यिनीहरू युद्धमा अतिकायको अगाडि टिक्नै सकेनन् ॥४२॥ यस राक्षसले क्रुद्ध सिंहले हरिणको झुण्डलाई त्रासमा पारेझैं, वानरहरूको सेनालाई थर्कायमान पारिदियो ॥४३॥ यस राक्षसराजले वानरी सेनामा युद्ध गर्न भनी अघि नसरेका कसैलाई पनि मारेन, धनु धारण गरिराखेको यो राक्षस रामको अघिल्तिर गएर घमण्डसाथ बोल्नलाग्यो ॥४४॥ धनु बाण लिएर म रथमा बसिराखेको छु, चानचुनेसित म युद्ध गर्ने होइन, यदि कसैलाई युद्ध गर्ने ढंग थाहा छ र आफूमा शक्ति छ भने झट्टै अघि सरेर मसित युद्ध गरोस् ॥४५॥

उसले भनेको यो कुरा सुन्दा शत्रुघाती लक्ष्मणलाई रिस उठ्यो र उसको वचन खप्न नसकेर उनी अगाडि आए र मुसुक्क हाँसेर हातमा धनु लिए ॥४६॥ झोंकिएका लक्ष्मणले उठ्नासाथ

ठोक्रोबाट बाण झिकेर अतिकायको अगाडि उभिएर आफ्नो बडेमानको धनुमा टङ्कार दिनलागे ॥४७॥ लक्ष्मणको धनुको उग्र टङ्कारले सबै राक्षसहरूको मनमा त्रास पर्‍यो, समस्त पृथ्वी, आकाश, समुद्र र दशै दिशालाई प्रतिध्वनित गराइदियो ॥४८॥ सुमित्रापुत्र लक्ष्मणको धनुको भयङ्कर आवाज सुन्दा तेजस्वी, महाबली, रावणको छोरो बहुतै छक्क पर्‍यो ॥४९॥

लक्ष्मणलाई युद्धको निम्ति खडा भएको देख्ता झोंक्किएको अतिकायले तीखा तीखा बाण लिएर उनलाई भन्नलाग्यो ॥५०॥ हे लक्ष्मण ! तिमी बालक छौ, अतएव पराक्रमको कुरो तिमीलाई थाहा छैन, जाऊ, किन कालसमानको मसित लड्न खोज्दछौ ॥५१॥ मेरो हातबाट छुटेका बाणको वेगलाई न हिमवान्‌ले खप्न सक्तछन्, न पृथ्वीले, न आकाशले ॥५२॥ सुखसँग सुतिराखेको काललाई किन बिउँझाउन खोज्दछौ, धनु राखेर फर्किहाल, मेरो सामुन्ने प्राण नगुमाऊ ॥५३॥ यदि ढीठ भएर यहाँबाट फर्कन चाहन्नौ भने, पर्ख, अहिले नै प्राण त्याग गरेर यमपुरीतिर लाग्नेछौ ॥५४॥ शत्रुको घमण्डलाई चूर पार्ने, शिवजीको त्रिशूलसमानका, खारिएको सुनले सिंगारिएका मेरा बाण हेर ॥५५॥ जसरी सिंहले हात्तीको रगत पिउँदछ त्यसै गरी सर्प जस्ता मेरा यी बाणले तिम्रो रगत पिउनेछन् । यति भनेर झोंक्किइराखेको अतिकायले धनुमा बाण चढायो ॥५६॥

महाबली, मनस्वी, श्रीमान् लक्ष्मणजी रिसले चूर भइराखेको अतिकायको यस्तो घमण्डी कुरा सुनेपछि झोंक्किएर उसलाई भन्नलागे ॥५७॥ हे दुष्ट ! केवल कुरा गर्नाले मात्र तँ ठूलो हुन सक्तै-नस्, सज्जनहरू कहिले पनि आफ्नै मुखले आफ्नो प्रशंसा गर्दैनन्, तेरो सामुन्ने धनु बाण लिएर उभिइराखेको छु, आफ्नो पराक्रम देखा ॥५८॥ काम गरेर आफ्नो पराक्रम प्रकट गर, जो व्यक्ति पुरुषार्थी छ त्यसैलाई शूरो भन्नुपर्दछ ॥५९॥ तँसित सबै किसिमका हतियार छन्, धनु भिरेर रथमा बसिराखेको छस्, बाण र अस्त्र चलाएर आफ्नो पराक्रम देखा ॥६०॥ जसरी हावाले पाकेको तालको फललाई झुप्पाबाट अलग गराएर खसाल्दछ त्यसै गरी म पनि तीखा तीखा बाण चलाएर तेरो टाउको खसालिदिनेछु ॥६१॥ खारिएको सुनले सिंगारिएका मेरा बाणले आज, बाणले पारेको घाउबाट निस्केको तेरो शरीरको रगत पिउन पाउनेछन् ॥६२॥ मलाई बालक संझेर हेला नगर्, चाहे बालक हुँ, चाहे बूढो, अवश्य मेरो हातबाट रणभूमिमा तेरो प्राण जानेछ, यो कुरा मनमा लिइराख् ॥६३॥ हेर्, विष्णु पनि बालकै थिए तर तीन पाइलाले उनले तीनै लोकलाई नापिदिएथे ।

लक्ष्मणका हेतुयुक्त तथा मतलबले भरिएका यी कुरा सुन्दा अतिकायलाई जङ्ग चल्यो र यसले एउटा उत्तम बाण हातमा लिइहाल्यो ॥६४॥ यस समयमा यो युद्ध हेर्न भनी विद्याधर, भूत, देवता, दैत्य, महर्षि, गुह्यक आदि सबै जम्मा भए ॥६५॥

झोंक्किएर अतिकायले धनुमा बाण चढायो र आकाशैलाई ग्रास गर्नलागेझैं सो बाण लक्ष्मण-माथि चलाइदियो ॥६६॥ विषालु सर्पसमानको यस तीखो बाणलाई आफूतिर आउनलागेको देखेपछि शत्रुहन्ता लक्ष्मणले अर्द्धचन्द्रनामको बाण छोडेर त्यसलाई काटिदिए ॥६७॥ सर्पको शरीरको जस्तो

६१—क

आकार परेको आफ्नो बाणलाई काटिएको देख्ता अतिकायलाई खूबै रिस उठ्यो र यसले अर्को पाँच-ओटा बाण हातमा लियो ॥६८॥ राक्षसले लक्ष्मणमाथि यी बाणको प्रहार गर्‍यो, तर लक्ष्मणले यी बाण आफूकहाँ नआइपुग्दैमा तीखा तीखा बाण चलाएर तिनलाई काटिदिए ॥६९॥ यी बाणलाई आफ्ना तीखा बाणले ध्वस्त पारिसकेपछि शत्रुहन्ता लक्ष्मणले आफ्नो तेजले प्रकाशमान भइराखेको अर्को एउटा तीखो बाण हातमा लिए ॥७०॥ यस बाणलाई धनुमा चढाएर लक्ष्मणले जोरसँग धनु तानेर सो बाणको प्रहार गरे ॥७१॥ खूब जोरसँग धनु तानेर चलाएको, र तल्तिर गाँठो परेको यो बाणले पराक्रमी लक्ष्मणले राक्षसश्रेष्ठको टाउको छेडिदिए ॥७२॥ जसरी पर्वतभित्र सांप पस्तछ त्यसै गरी यो बाण राक्षसको टाउकोभित्र घुस्यो । यस समयमा रगतमा भिजिराखेको सांप पर्वतभित्र पस्नलागेको हो कि जस्तो भान पर्न गयो ॥७३॥ जसरी रुद्रको बाण लाग्नाले त्रिपुरासुरको शहरको फाटक काम्न थालेथ्यो त्यसै गरी लक्ष्मणको बाणले घाइते भएको राक्षस काम्नलाग्यो ।

केही बेरमा होश आएपछि महाबली अतिकाय विचार गर्नलाग्यो ॥७४॥ धन्य लक्ष्मण ! यस बाणको मारले गर्दा तिमी मैले आदर गर्न योग्यका शत्रु भयौ । यति भनेर अतिकाय मुख बाएर तथा आफ्ना दुवै हात पसारेर रथभित्र पस्यो र रथमा चढेको चढ्यै रणभूमिमा जताततै घुम्नलाग्यो ॥७५॥ अब ता राक्षस एउटा, तीनओटा, पाँचओटा र सातओटा बाणसम्म पनि एकै चोटि धनुमा चढाएर, धनुलाई तान्दै छाड्नलाग्यो ॥७६॥ राक्षसराजको धनुबाट निस्केका, सुनै सुनले मोरिएका, काल-समानका यी बाणको प्रकाश सूर्यको जस्तै थियो, अतः यिनले आकाशलाई प्रकाशित गर्नलागे ॥७७॥ लक्ष्मणले मनमा अलिकता पनि नहडबडाएर राक्षसको हातबाट आएका यी बाणलाई अनेक तीखा तीखा बाण चलाएर छिया छिया पारिदिए ॥७८॥

युद्धमा यी बाण काटिएको देख्ता रावणको छोरोलाई बहुतै रिस उठ्यो र यस देवशत्रुले उत्ति-खेरै अर्को एउटा तीखो बाण हातमा लिइहाल्यो ॥७९॥ तेजस्वी राक्षसले यो बाण झट्टै धनुमा चढाएर आफूतिर आइराखेका लक्ष्मणलाई ताकेर चलायो र यो उनको छातीमा लाग्न पुग्यो ॥८०॥ जसरी मतवाला हात्तीले माद बगाउँछ त्यसै गरी अतिकायको बाणले छातीमा घाइते भएका लक्ष्मणले बडो जोरसँग रगतको धारा बगाउनलागे ॥८१॥

तर लक्ष्मणले झट्टै त्यो बाण झिकेर एकातिर मिल्काइदिए र आफूलाई चङ्गा तुल्याएर एउटा तीखो बाण, मन्त्र पढेर हातमा लिए ॥८२॥ आग्नेयास्त्रको मन्त्र पढेर यिनले बाणको पूजा गरे, अब ता यिनका धनु र बाण आफ्नो तेजले गर्दा बल्दो आगोझैं प्रकाश फैलाउनलागे ॥८३॥ महातेजस्वी अतिकायले पनि रुद्रास्त्रको मन्त्रले पूजा गरेर, सुनको पखेटा भएको, सर्पको जस्तो आकार परेको एउटा बाण उठायो ॥८४॥ जसरी यमराजले कालदण्डको प्रहार गर्दछन् त्यसै गरी लक्ष्मणले पनि दिव्य शक्तिले युक्त भएको, आफ्नो तेजले बलिराखेको, डरलाग्दो बाण अतिकायलाई ताकेर चलाए ॥८५॥ आग्नेयास्त्रको मन्त्रले युक्त भएको बाण आफूतिर आउनलागेको देखेपछि राक्षसले पनि सूर्यास्त्रको मन्त्रले

युक्त भएको आफ्नो भयङ्कर बाण चलाइहाल्यो ॥८६॥ दुइटा झोंक्किएका सर्प लडेझैं यी दुवै डरलाग्दा बाण आकाशमा परस्पर टक्कर खान र लड्नलागे, आफ्नो आफ्नो तेजले गर्दा यी दुवै आगोझैं बलिराखेका थिए, एउटाले अर्काको तेजलाई भस्म पारेर यी दुवै नष्ट भई भूइँमा खसे ॥८७॥ यिनीहरूबाट निस्कने आगोको झिल्का निभेर गयो र भस्म भएकोले यी दुवै बाण शोभाहीन देखिनलागे। पहिले प्रकाशमान भइराखेका लक्ष्मण र राक्षस पनि बाण निष्फल भएर भूइँमा खसेको पीरै पीरले तेजै नभएका जस्ता देखिनलागे ॥८८॥

यसपछि अतिकायले झोंक्किएर त्वाष्ट्र नामको बाण चलायो, महाबली लक्ष्मणले पनि ऐन्द्रास्त्रको प्रयोग गरेर त्यसलाई काटिदिए ॥८९॥ रावणपुत्र कुमारले इषीकास्त्र निष्फल भएको देख्ता रिसाएर याम्य अस्त्रले अभिमन्त्रित गरी एउटा बाण चलायो ॥९०॥ राक्षसले यो बाण लक्ष्मणमाथि चलाउन त चलायो, तर उनले वायव्य अस्त्रको प्रयोग गरेर त्यसलाई पनि विफल गराइदिए ॥९१॥ जसरी मेघले जलको वृष्टि गराउँछ त्यसै गरी लक्ष्मणले जंगिएर रावणको छोरामाथि बाणको वर्षा गर्नलागे ॥९२॥ तर अतिकायको वज्रमय कवचमा ठक्कर खाएर यी बाणहरूका टुप्पा भाँचिए र यी सबै भूइँमा खसे ॥९३॥ बाणहरूलाई निष्फल भएको देख्ता शत्रुहन्ता यशस्वी लक्ष्मण राक्षसमाथि हज्जारौं बाणको वर्षा गर्नलागे ॥९४॥ अतिकायको कवच नछेडिने किसिमको थियो, यसैले लक्ष्मणले रणक्षेत्रमा बाणको वृष्टि गरेर पनि राक्षसलाई पीडा गराउन सकेनन् ॥९५॥

जब नरश्रेष्ठ लक्ष्मणले कसै गरेर पनि निशाचरलाई युद्धमा पीडित गराउन सकेनन्,, तब ता वायु देवता यिनीनेर आएर भन्नलागे ॥९६॥ हे वीर! यसले ब्रह्माबाट वर पाएको छ, यसै कारण यसको कवच छेड्न सकिन्न, ब्रह्मास्त्रको प्रयोग गर्‍यो भने यो मारिनेछ, अरू तरहबाट यो मारिन सक्तैन, कवच पहिरिराखेको यस महाबलीलाई ब्रह्मास्त्रबाहेक अरू कुनै अस्त्रले पनि मार्न सक्तैन ॥९७॥

इन्द्रसमानका पराक्रमी लक्ष्मणले वायुको कुरा सुनेपछि झट्टै उग्र वेग भएको एउटा बाण लिएर त्यसलाई ब्रह्ममन्त्रले पूजा गरी आफ्नो धनुमा चढाए ॥९८॥ लक्ष्मणले तीखो टुप्पो भएको यस उत्तम बाणलाई पूजा गरेर धनुमा चढाउनासाथ सबै दिशा, चन्द्र, सूर्य, ठूला ठूला ग्रह र आकाश यी सबै डराउनलागे र पृथ्वीसमेत शब्दायमान भएर फाट्नलागिन् ॥९९॥ लक्ष्मणले, रणभूमिमा यमदूत र वज्रसमानको, पखेटा भएको, यो तीखो बाणलाई ब्रह्ममन्त्रले पूजा गरी इन्द्रको शत्रु, रावणको छोरो अतिकायलाई ताकेर चलाए ॥१००॥ वायुको जस्तो वेग भएको, सुन र हीरा पखेटामा जडिएको यस बाणलाई, लक्ष्मणको हातबाट छुटेको हुनाले झन् बर्ता वेगसँग आफूतिर आउनलागेको अतिकाय राक्षसले देख्यो ॥१०१॥

यो बाणलाई सहसा आफूतिर आउनलागेको देखेपछि अतिकायले अनेक तीखा तीखा बाण चलाएर यसलाई नष्ट गर्न खोज्यो तर गरुडको जस्तो वेग भएको यो बाण कसै गर्दा पनि नरोकिएको हुनाले उनेर पुगिहाल्यो ॥१०२॥ यमराजको कालदण्डसमानको बल्दो बाणलाई आफूनेर आएको देखेपछि

अतिकाय शक्ति, ऋष्टि, गदा, बञ्चरो, शूल र बाणको प्रयोग गरेर यसलाई नष्ट गर्ने प्रयत्न गर्नलाग्यो ॥१०३॥ तर आगोझैं बलिराखेको यस बाणले अचम्मको आकार परेका यी अस्त्र शस्त्रलाई निष्फल गराएर किरीटले शोभायमान भइराखेको अतिकायको टाउको काटिदियो ॥१०४॥ लक्ष्मणको बाण लाग्नाले काटिएको, मुकुटसहितको यो टाउको, हिमालयको शिखर खसेझैं पृथ्वीमा खस्यो ॥१०५॥ राक्षसका सबै गहना लुगा जतातत्तै छरिए । अतिकायलाई यसरी भूइँमा ढलेको देख्ता मर्नबाट बाँचेका सबै राक्षसहरू बडो दुःखित भए ॥१०६॥ वानरहरूको प्रहार पर्नाले थाकेका, निदाउरो मुख लगाएका, यी राक्षसहरू मायालाग्दो गरी बडो नरमाइलो स्वर झिकेर अकस्मात्संग चिच्च्याउनलागे ॥१०७॥ सेनापति नै मारिएपछि यी राक्षसहरूको युद्ध गर्नपट्टि मन गएन र यिनीहरू डराएर लङ्कातिर भाग्न-लागे ॥१०८॥

दुर्धर्ष र भयङ्कर राक्षस मारिएपछि वानरहरूको आनन्दको सीमै रहेन, यिनीहरूको हँसिलो मुख फुलेको कमलको फूल जस्तो देखिनलाग्यो र यिनीहरू सबै आफ्नो मनोरथ पूर्ण गरेका लक्ष्मणको सह्रनी गरेर उचित रीतिले उनको सन्मान गर्नलागे ॥१०९॥

सर्ग—७२

अतिकायको मृत्यु भएको सुन्दा रावणले गरेको चिन्ता र शोकको वर्णन ।

महात्मा लक्ष्मणको हातबाट अतिकायको मृत्यु भएको सुन्दा रावण बहुतै विह्वल भयो र यसरी विलाप गर्नलाग्यो ॥१॥ शस्त्रधारीहरूमध्येको श्रेष्ठ, बडो रिसाहा मिजास भएको धूम्राक्ष, अकम्पन; प्रहस्त र कुम्भकर्ण यी महाबली वीर राक्षसहरू युद्धमा बडो उत्साह देखाउँथे, शत्रुसेनालाई सधैं जित्तथे, शत्रुको हातबाट यिनले कहिले पनि हार खाएका थिएनन् ॥२-३॥ अफसोस ! सजिलैसंग गाह्रो काम गर्न सक्ने रामचन्द्रको हातबाट सेनासहित यी सबैको मृत्यु हुन गयो । रामको हातबाट विशाल शरीर भएका, नाना किसिमका अस्त्र शस्त्रको प्रयोग जान्ने अरू पनि अनेक शूरा महात्मा राक्षसहरू मारिए । प्रसिद्ध पराक्रमी महाबली मेरो छोरो इन्द्रजित्‌ले वरादानमा भेट्टाएका घोर बाणले यी दुवै भाइलाई बाँधिदिएको थियो । सबै महाबली देवता तथा असुरहरू पनि यस बन्धनलाई फुकाउन सक्तैनथे । यक्ष, गन्धर्व, नाग यी कोहीबाट यो बलियो बन्धन फुक्ला भन्नुपर्दैनथ्यो तर आफ्नो प्रभावले हो वा मोहिनी मन्त्रले हो केले यिनीहरू त्यस बन्धनबाट मुक्त भए मैले बुझ्न सकेको छैन । जुन जुन वीर राक्षस योद्धाहरूलाई मैले लड्न पठाएँ ती सबैलाई महाबली वानरहरूले युद्धमा मारिदिए । अब ता म, युद्धमा राम, लक्ष्मण तथा वीर सुग्रीव, विभीषणलाई मार्ने र यिनको फौजलाई ध्वस्त पार्न सक्ने कोही देख्तिन ॥४-९॥ अहो ! रामचन्द्र बडा बलिया रहेछन्, यिनको अस्त्रको प्रभाव पनि निक्कै नै रहेछ, यिनैको पराक्रमले गर्दा आज राक्षसहरूले यसरी मर्नुपर्‍यो ॥१०॥ ठाउँ ठाउँमा व्यूहको रचना गरेर तिमीहरू सबैले सावधानीसाथ लङ्कापुरीको रक्षा गर्नुपर्‍यो, जहाँ सीता राखिएकी छन् त्यस अशोकवाटिकाको पनि

रक्षा गर्नुपर्दछ ।।११।। शहरभित्र को को आउँदा रहेछन्, को को बाहिर जाँदा रहेछन्, यस कुरामा हामीले सधैं दृष्टि राख्नुपर्दछ । हे राक्षसहो ! जहाँ जहाँ छाउनी छ त्यहाँ त्यहाँ सैनिकहरूलाई साथमा लिई तिमीहरूले सावधानीसाथ रहनुपर्दछ, वानरहरू कहिले आउँदा रहेछन् कहिले जाँदा रहेछन् यस कुरामा खूब विचार राख्नू ।।१२-१३।। सांझ, आधारात, बिहान जुनसुकै वेलामा पनि वानरहरूमाथि दृष्टि राख्नुपर्दछ, कहिले पनि यिनीहरूको उपेक्षा गर्न हुँदैन ।।१४।। शत्रुको फौज आउनलागेको छ, तय्यार भइराखेको छ अथवा त्यसै बसेको छ, के गरिरहेको छ, यी सबै कुरा हेर्दै गर्नुपर्दछ ।

लङ्काधिपति रावणको आज्ञा सुनेपछि सबै महाबली राक्षसहरू उसको आज्ञाअनुसार चल्नलागे ।।१५।। सबै राक्षसहरूलाई काम काममा खटाइसकेपछि राक्षसराज रावण, कोपरूपी बल्दो बाण मन-भित्र धारण गर्दै, बडो निदाउरो मुख लगाएर आफ्नो महलभित्र पस्यो ।।१६।। महाबली राक्षसराज रावणको रिसको आगो बलिराखेको थियो, पुत्रशोकले विह्वल भएर यो वारंवार लामो लामो सास फेर्नलाग्यो ।।१७।।

सर्ग—७३

इन्द्रजित् फेरि पहिलेको झैं लुकेर युद्ध गर्दछ ।

युद्धमा मर्नबाट बचेका जति राक्षस थिए ती सबै हतार हतार गरेर रावणनेर आई उसलाई देवान्तक, त्रिशिरा, अतिकाय आदि गरिएका राक्षसश्रेष्ठहरू मारिएको खबर सुनाउनलागे ।।१।।

यिनीहरूको मुखबाट यी सबै मारिएको खबर सुन्दा राजा रावणको आँखाबाट आँसुको धारा बग्नलाग्यो । छोरा, भाइको मृत्यु भएको कुरा संझेर राजा पीरै पीरले जल्नलाग्यो ।।२।।

शोकसागरमा डुबिराखेको, रावणको यस्तो मायालाग्दो अवस्था भएको देख्ता राक्षसराजको छोरो, राक्षसश्रेष्ठ इन्द्रजित् भन्नलाग्यो ।।३।। हे राक्षसराज ! जबसम्म इन्द्रजित् बाँचेको छ तबसम्म तपाईंले यसरी शोक गर्नुपर्दैन । युद्धमा इन्द्रशत्रुको बाणले घाइते भएपछि कोही पनि आफ्नो प्राणको रक्षा गर्न सक्तैन ।।४।। तपाईं आजै मेरो बाणले राम, लक्ष्मणको शरीर छिया-छिया भएको देख्नुहुनेछ, समस्त शरीरमा तीखा तीखा बाण बिझ्नाले यिनीहरूले आजै प्राण त्याग गरी भूईँमा सुत्नुपर्नेछ ।।५।। भाग्य र पुरुषार्थ विमुख भएनन् भने म आजै राम, लक्ष्मणलाई आफ्ना अमोघ बाणले तृप्त गराइदिनेछु, इन्द्रशत्रुको यस प्रतिज्ञालाई तपाईं सत्य सम्झनुहोस् ।।६।।

जसरी बलिको यज्ञमा विष्णुको पराक्रम देखिएको थियो त्यसै गरी आज सूर्य, विष्णु, रुद्र, साध्य, अग्नि, चन्द्रमा र सूर्यले मेरो अत्युत्तम पराक्रम देख्न पाउनेछन् ।।७।।

यति भनिसकेपछि पराक्रमी, इन्द्रको शत्रु, राजासंग बिदावारी भई वायुझैं छिटो दगुर्ने रथमा सवार भयो । यस रथमा असल असल गधा जोतिएका थिए र युद्धमा चाहिने सबै सामग्री राखिएको थियो ।।८।। इन्द्रको रथ जस्तो यस रथमा चढेर महातेजस्वी, शत्रुलाई ताप पार्ने इन्द्रजित्

युद्ध भइराखेको ठाउँमा गयो ॥९॥ महात्मा इन्द्रजित्‌ले प्रस्थान गरेपछि महाबली अनेक राक्षसहरू उत्तम उत्तम धनु हातमा लिएर प्रसन्नतापूर्वक यसको पछिपछि जानलागे ॥१०॥ कोही हातीमा चढेर, कोही उत्तम घोडामा सवार भएर, कोही बाघमा, कोही बिच्छीमा, कोही बिरालो, गधा, ऊँट, सर्प, सुंगुर, पर्वतसमानका सिंह, शृगाल, काग, हाँस, मयूर, आदि गरिएकामा सवार भई भयलाग्दो पराक्रम देखाउन सक्ने राक्षसहरू प्रास, मुद्गर, तरवार, कोदालो, भुशुण्डी, यष्टी, शतघ्नी, र परिघ आदि गरिएका अस्त्र शस्त्र लिएर जानलागे ॥११-१२॥ राक्षसहरूले प्रस्थान गर्दाखेरि बज्नलागेको शंख, ढोलकको आवाजले दशै दिशालाई व्याप्त गरिदियो, यस प्रकारसंग इन्द्रको शत्रु मेघनाद बडो वेगसंग युद्धभूमिमा जानलाग्यो ॥१३॥ शत्रुलाई ध्वस्त पार्ने इन्द्रजित्, शंख र चन्द्रमाजत्तिकै सेतो छाता ओढेको हुनाले, पूर्ण चन्द्रमा उदाइराखेको आकाश जस्तै देखिनलाग्यो ॥१४॥ यस समयमा धनुर्धारीहरूमध्येको श्रेष्ठ यस मेघनादलाई सुनको बींड भएको राम्रो चमर हम्किराखेको थियो ॥१५॥ जसरी प्रकाशमान सूर्यनारायणले गर्दा आकाश शोभित हुन्छ त्यसै गरी सूर्यसमानका तेजस्वी इन्द्रजित्‌को रूपले गर्दा लङ्कानगरी शोभायमान देखिनलाग्यो ॥१६॥

महातेजस्वी इन्द्रजित्‌ले युद्धभूमिमा पुगेपछि आफ्नो रथको चारैतिर राक्षसहरूलाई उभ्याइदियो ॥१७॥ अग्निसमानको तेजस्वी इन्द्रजित् युद्धभूमिमा पुगेपछि उत्तम उत्तम मन्त्रको उच्चारण गर्दै विधिपूर्वक आगोमा हवन गर्नलाग्यो ॥१८॥ पहिले माला, सुगन्धी चीजबीज र लावाले आगोको पूजा गरिसकेपछि प्रतापी राक्षसराजले विधिपूर्वक हवन गर्ने काम थाल्यो ॥१९॥ कुश ओच्छ्याउने ठाउँमा यसले शस्त्र अस्त्र ओच्छ्याइदियो, बयरको काठलाई बाल्ने दाउरा बनायो, आफूले रातो वस्त्र पहिऱ्यो र फलामको स्रुवा तय्यार पाऱ्यो, कारण मारण कर्मको निम्ति यिनै सामग्रीको आवश्यकता पर्दछ ॥२०॥ तोमरको साथसाथै कुशको सट्टामा ओच्छ्याइराखेको वाणले यसले आगो फिंजायो र जीउँदो कालो बोकोको घाँटी समातेर आगोमा फ्याँकिदियो ॥२१॥ बोकाको आहुति हुनासाथ धूवाँ नभएको बल्दो आगोको ज्वाला उठ्नलाग्यो र आगोमा विजयसूचक सबै लक्षण देखा पर्नलागे ॥२२॥ खारिएको सुनको जस्तो वर्ण भएको आगोको ज्वाला दाहिनेपट्टिबाट उठेर अग्निकुण्डमा मेघनादले चढाएको हवि स्वयं ग्रहण गर्नलाग्यो ॥२३॥ यसपछि अस्त्र शस्त्रको प्रयोगमा सिपालु भएको इन्द्रजित्‌ले ब्रह्मास्त्र मन्त्रको जप गर्नलाग्यो र मन्त्रोच्चारण गर्दै आफ्ना धनु, रथ र कवचको पूजा गर्न थाल्यो ॥२४॥ ब्रह्मास्त्रको आह्वान गरेर यसले आगोमा आहुति दिन थालेपछि सूर्य, चन्द्र आदि गरिएका ग्रह, नक्षत्रको साथसाथै समस्त आकाशमण्डल डरले थर्कायमान हुनलाग्यो ॥२५॥

इन्द्रको जत्तिकै प्रभाव भएको, अग्नितुल्य तेजस्वी, इन्द्रजित्‌ले आगोमा हवन गरिसकेपछि धनु, वाण, तरवार, रथ, घोडा र शूलको साथसाथै आकाशमा यसलाई कसैले देख्न नसक्ने भए ॥२६॥

यसपछि ध्वजा पताकाले सिंगारिएका रथ र घोडाले युक्त भएको राक्षसीसेना युद्ध गर्ने वासनाले

सिंहनाद गर्दै लङ्काबाहिर निस्क्यो ॥२७॥ यी राक्षसहरू अनेक प्रकारका चित्र विचित्रका, खूब सिंगारिएका, बाण, तोमर, र अंकुशीले बडो वेगसँग वानरहरूलाई युद्धमा मार्नलागे ॥२८॥

रावणको छोरो मेघनाद झोंक्किएर राक्षसहरूतिर हेर्दै भन्नलाग्यो—तिमीहरू खुशीसाथ वानरहरूलाई मार्नाको निम्ति यिनीहरूसँग युद्ध गरिरहो ॥२९॥ यसको आज्ञा पाउनासाथ जयको अभिलाषा गरेका राक्षसहरू गर्जंदै वानरहरूमाथि बाणको घोर वृष्टि गर्नलागे ॥३०॥ उता इन्द्रजित् पनि राक्षसहरूको साथसाथै नालीक, नाराच, गदा र मुसल चलाएर युद्धमा वानरहरूलाई मार्नलाग्यो ॥३१॥ रूखलाई हतियार बनाएका, राक्षसहरूद्वारा पीडित भइराखेका वानरहरू इन्द्रजित्‌माथि ढुङ्गा र रूखको प्रहार गर्नलागे ॥३२॥ महातेजस्वी महाबली इन्द्रजित् पनि झोंक्किएर वानरहरूको शरीरलाई रणभूमिमा छिन्नभिन्न गर्नलाग्यो ॥३३॥ यो इन्द्रजित् समरभूमिमा राक्षसहरूको दिल प्रसन्न गराउँदै एउटै बाणले पाँच, सात, नौओटा वानरलाई एक्कै चोटिमा मार्नलाग्यो ॥३४॥ कहिले पनि परास्त नहुने वीर इन्द्रजित् सुनै सुनले सिंगारिएका, सूर्यसमानका चहकिला बाणको प्रहार गरेर वानरहरूलाई ध्वस्त पार्नलाग्यो ॥३५॥ जसरी देवताहरूको हातबाट मरेका असुरहरू भूइँमा ढलेथे त्यसै गरी बाणको चोटमा परेका, शरीर छिया-छिया भइराखेका वानरहरू धमाधम भूइँमा सोत्तर हुन थाले ॥३६॥ अनेक श्रेष्ठ वानरहरू, भयङ्कर बाणरूपी किरणले शोभायमान भइराखेको, सूर्य जत्तिकै बलिराखेको, इन्द्रजित्‌माथि झोंक्किएर जाइलागे ॥३७॥ तर यी सबै वानरहरूले, बाणले शरीर काटिएकोले रगतमा मुछिएर बडो दुःख पाएर बेहोश पर्दै भाग्नुपर्‍यो ॥३८॥

यी वानरहरू रामचन्द्रको कार्य्य सिद्धिका लागि प्राणसम्म पनि अर्पण गरेर पराक्रम देखाउनामा तत्पर थिए, तसर्थ फेरि फर्केर ढुङ्गालाई नै आफ्नो हतियार बनाएका यिनीहरू समरभूमिमा गर्जनलागे ॥३९॥ यी वानरहरू युद्धक्षेत्रमा अडिएर मेघनादमाथि पर्वतका टाकुरा, रूख र ढुङ्गाको वृष्टि गर्नलागे ॥४०॥ महातेजस्वी, रावणको छोरो मेघनादले वानरहरूले प्रहार गरेका, प्राणको हरण गर्ने यी सबै पर्वत, रूख र ढुङ्गालाई आफ्ना तीखा तीखा बाणले टुक्रा टुक्रा पारेर निष्फल गराउनलाग्यो ॥४१॥ अब ता इन्द्रजित् आगो जत्तिकै चहकिला, विषालु सर्पसमानका बाणको प्रहार गरेर वानरहरूको फौजलाई ध्वस्त पार्नलाग्यो ॥४२॥ अठारओटा तीखा तीखा बाण चलाएर यसले गन्धमादनलाई र नौओटा वाण चलाएर टाढै उभिइराखेको नल नामको वानरलाई छेडिदियो ॥४३॥ महाबली इन्द्रजित्‌ले मुटु छेड्ने सातओटा बाणले मैन्दलाई र पाँचओटा बाणले गजको शरीरलाई छेडिदियो ॥४४॥ यसै गरी दशओटा बाण चलाएर जाम्बवान्‌लाई, तीस बाणले नललाई र वरदानमा भेट्टिएका, डरलाग्दा तीखा तीखा बाणले वानरराज सुग्रीव, द्विविद र अङ्गदलाई मरेतुल्य बनाइदियो । अरू अरू मुख्य वानरहरूलाई पनि अनेक बाणको प्रहार गरेर घाइते तुल्याइदियो ॥४५-४६॥ प्रलयकालको आगोझैं यसको रिस बढिराखेको थियो । छिटोसंग जाने, राम्रोसंग निशानमा ताकेर चलाएका, सूर्यजत्तिकै चहकिला बाणको प्रहार गरेर यसले रणभूमिमा वानरहरूको फौजलाई ध्वस्त पार्नलाग्यो । बाण वर्षाले

गर्दा पीडित भएर आकुल व्याकुल पर्न लागेको, रगतै रगतमा भिजेको बानरी सेनालाई इन्द्रजित् बडो प्रसन्न भएर हेर्नलाग्यो । राक्षसराजको छोरो, महाबली, महातेजस्वी इन्द्रजित् बाणवृष्टि तथा शस्त्रवृष्टि गरेर चारैतिर बानरी फौजलाई हायल कायल पार्नलाग्यो ।।४७-५०।। यस महायुद्धमा इन्द्रजित् आफ्नो सेनालाई छोडेर बानरीसेनाभित्र पस्न पुग्यो र कसैले नदेख्ने गरी नीलो बादलले जलको वर्षा गरेझैं बाणको वर्षा गर्नलाग्यो ।।५१।। इन्द्रजित्को बाण लाग्नाले यिनीहरूको शरीर छिया छिया भइगयो र मायाले गर्दा बुद्धिसमेत लोप भयो । यिनीहरू नरमाइलो स्वर झिकेर चिच्च्याउनलागे । जसरी इन्द्रको वज्रको चोट पर्नाले ठूला ठूला पर्वत ढल्दछन् त्यसै गरी पर्वतसमानको विशाल शरीर भएका बानरहरू रणभूमिमा लड्नलागे ।।५२।। यी बानरहरू आफ्नो सेनामाथि केवल तीखा तीखा बाण खसेको देख्तथे तर मायाबलले लुकिराखेको त्यस इन्द्रजित्लाई भने देख्तैनथे ।।५३।।

यसपछि मनस्वी राक्षसराज इन्द्रजित्ले तीखा तीखा सूर्यसमानका चहकिला बाण चलाएर दशै दिशालाई व्याप्त गरिदियो र बानरहरूलाई धमाधम चिर्नलाग्यो ।।५४।। अबता इन्द्रजित् शूल, तरवार, परशु आदि गरिएका शस्त्र लिंदै बानरहरूको फौजमाथि बडो जोरसंग प्रहार गर्नलाग्यो; यी शस्त्रहरू आगोको जत्तिकै चहक भएका थिए र यिनबाट आगोको झिल्का निस्कन्थ्यो ।।५५।। इन्द्रजित्को आगो-समानका बाणको चोट पर्नाले रगतमा मुछिएका बानरसेनापतिहरू फूल फुलिराखेका पलासका रूख जस्तै देखिनलागे ।।५६।। कोही बानर आकाशतिर हेरिराखेका थिए, इन्द्रजित्ले यिनीहरूको आँखैमा हिर्काइदियो । यसपछि यिनीहरू परस्पर एउटाले अर्काको सहारा लिनलागे र कोही कोही ता भूइँमा ढलि पनि हाले ।।५७।। हनुमान् , सुग्रीव, अङ्गद, गन्धमादन, जाम्बवान् , सुषेण, वेगदर्शी, मैन्द, नील, गवाक्ष, गवय, केसरी, हरिलोम, विद्युद्दंष्ट्र , सूर्यानन, ज्योतिर्मुख, दधिमुख, पावकाक्ष, नल, कुमुद, यी जम्मै मुख्य मुख्य बानरहरूलाई इन्द्रजित् मन्त्रले पूजित भएका, तीखा तीखा भाला, शूल, र बाणको प्रहार गरेर घाइते बनाउनलाग्यो ।।५८–६१।। यसपछि यो गदा तथा सुनको जस्तो वर्ण भएका तीखा तीखा बाणले बानर सेनापतिहरूको शरीर छेड्नलाग्यो र राम लक्ष्मणमाथि सूर्यको किरण-समानका बाणको वर्षा गर्नलाग्यो ।।६२।। तर आफूमा अद्भुतको धैर्य्य हुनाले रामचन्द्रले यो बाणको वर्षालाई जलको वर्षासमान तुच्छ संझी लक्ष्मणतिर हेरेर भन्नलागे ।।६३।।

हे लक्ष्मण ! हेर, इन्द्रको शत्रु यो राक्षसराज मेघनादले ब्रह्मास्त्रको आश्रय लिएर बानरी सेनालाई छिन्न भिन्न पारिदियो र अब हामीलाई तीखा तीखा बाण चलाएर पीडित गर्नलागेको छ ।।६४।। विशाल शरीर भएको यो महात्मा ब्रह्माबाट वरदान पाएकोले आकाशमा लोप भइराखेको छ र बडो होशियार देखिन्छ, युद्धमा लागेको यस इन्द्रको शत्रुलाई रणभूमिमा हामीले मार्ने कसरी हो ? कारण यसको शरीर नजरको अगाडि पर्दै पर्दैन ।।६५।। भगवान् ब्रह्माको प्रभाव यत्तिकै होला भनेर विचारै गर्न सकिन्न, यो अस्त्र यिनैको हो र उनैद्वारा यसको आविष्कार भएको हो। अतएव हे बुद्धिमान् भाइ ! जसरी म यी बाणको प्रहार खप्नलागेको छु त्यसै गरी तिमी पनि मनमा बिलकुलै नहडबडाएर यिनको

चोट सहँदै जाऊ ॥६६॥ राक्षसहरूमध्येको श्रेष्ठ, मेघनादको बाण वर्षाले दशै दिशालाई व्याप्त गरेको छ तर जम्मै शूरा शूरा वानरहरू ढलेकोले वानरी सेना बिलकुलै शोभाहीन देखिनलागेछ ॥६७॥ हामीले बाणको चोट खप्न सकेको खण्डमा यसले हामीमा शोक र हर्षको केही चिन्ह देख्न नपाएको र युद्ध गर्न छोडेर हामीलाई बेहोश भई लडिराखेको देख्ता, संग्राममा आफ्नो जय भयो भन्ठानेर यो अवश्य लङ्कातिर लाग्नेछ ॥६८॥

यसपछि मेघनादको बाणको चोट पर्नाले राम लक्ष्मण दुवै भाइ आकुल व्याकुल परेर मूर्च्छा भए । यिनीहरूलाई यस्तो दुःखमा परेको देख्ता युद्धमा आफ्नो जित भयो भन्ठानेर मेघनाद हर्षले सिंहनाद गर्न लाग्यो ॥६९॥ यस प्रकारसङ्ग संग्राममा राम लक्ष्मणलाई र समस्त वानरी सेनालाई दुःखी गराएर मेघनादले, रावणको बाहुबलले पालना भइराखेको लङ्का नगरीमा प्रवेश गर्‍यो । राक्षसहरूले यसको खूबै स्तुति गरे र यसले पनि खुशीसाथ सबै कुरा रावणलाई निवेदन गर्‍यो ॥७०॥

सर्ग--७४

हनुमान् सञ्जीवनी औषधि ल्याएर सबै वानरहरूलाई चङ्गा गराइदिन्छन् ।

राम लक्ष्मणलाई मूर्च्छा परेको देख्ता मुख्य मुख्य वानरहरूको फौज बहुतै दुःखत भयो; सुग्रीव, नील, अङ्गद, जाम्बवान्, यी सबै यसरी हडबडाए कि अब के गर्नुपर्ने हो यिनीहरूले विचार गर्न सकेनन् ॥१॥ बुद्धिमान्हरूमा श्रेष्ठ ठहरिएका विभीषण यी सबैलाई खिन्न भएको देख्ता वानरराज सुग्रीवका वीरहरूलाई आश्वासन दिँदै अत्यन्त उत्तम कुरा भन्नलागे ॥२॥ राम, लक्ष्मण दुवै भाइलाई लाचार भएर बेहोश परेको देख्तैमा नडराऊ, यसमा दुःख मान्नुपर्ने कुरो केही छैन । इन्द्रजित्को बाण जालले जो यी मूर्च्छा परिराखेका छन् सो ता यिनीहरूले जानी जानीकन ब्रह्माको आज्ञा पालन गरेको हो ॥३॥ ब्रह्माले नै यो अमोघ बल भएको ब्रह्मास्त्र इन्द्रजित्लाई दिएको हो, यस अस्त्रको मर्यादा-रक्षाका लागि यी दुवै राजपुत्र आज रणभूमिमा ढलिराखेका छन्, तसर्थ यहाँ शोक गर्ने कारण केही छैन ॥४॥

विभीषणका यी कुरा सुनेपछि बुद्धिमान् हनुमान् ब्रह्माको मर्यादा स्वीकार गरेर उनलाई भन्नलागे ॥५॥ यस वानरी सेनामा ब्रह्मास्त्रको चोट पर्नाले पनि जो बाँचिराखेका छन् तिनलाई ता हामी आश्वासन दिऔं ॥६॥

यति भनिसकेपछि हनुमान् र राक्षसश्रेष्ठ विभीषण यी दुवै वीर सँगसँगै मसाल लिएर रात्रिको समयमा रणभूमिमा घुम्नलागे ॥७॥ घुम्दाखेरि यिनीहरूले हात, पुच्छर, काँध, खुट्टा, औंला, घाँटी काटिएका वानरहरूको शरीरबाट रगतको धारा बगिरहेको र कोही कोहीलाई ता डरले मुत्नलागेका पनि देखे ॥८॥ पर्वतसमानका ठूला ठूला वानरहरू ढलेकोले खुट्टा राख्ने ठाउँसम्म पनि त्यहाँ थिएन, योद्धाहरूको हातबाट खसेका चहकिला अस्त्र शस्त्र यिनीहरूले त्यहाँ भूइँमा टलिकराखेको देखे ॥९॥ सुग्रीव, अङ्गद, नील, शरभ, गन्धमादन, जाम्बवान्, सुषेण, वेगदर्शी, मैन्द, नल, ज्योतिमुख र द्विविद

यी वानरहरूलाई हनुमान् र विभीषणले घाइते भई पृथ्वीमा लडिराखेको देखे ॥१०-११॥ दिनको पाँचौ भाग अर्थात् साँझसम्ममा सतसट्ठी करोड वीर वानरहरू ब्रह्माको अस्त्रले मारिसकिएका थिए ॥१२॥

समुद्रसमानको विशाल यस सेनालाई बाणले पीडित भएको देख्ता हनुमान् र विभीषण जाम्बवान्-लाई खोज्नलागे ॥१३॥ धेरै खोज खबर गरेपछि यिनीहरूले बिचरा उमेरले गर्दा बूढा भइराखेका ब्रह्माका छोरा वीर जाम्बवान्लाई सयकडौं बाणको चोट खानाले निभ्नलागेको आगोसमान भइराखेको देखे ॥१४॥ यिनीमाथि दृष्टि पर्नासाथ नजीक गएर विभीषण भन्नलागे—तीखा तीखा बाणले गर्दा तपाईंको प्राण ता निस्केको छैन ? ॥१५॥

विभीषणको यो कुरा सुनेपछि ऋक्षराज जाम्बवान् बडो मुश्किलसँग कुनै तरहले उनलाई भन्न-लागे ॥१६॥ हे महाबली राक्षसराज ! स्वर सुनेर मैले तपाईंलाई चिन्हें, मेरो शरीरमा बाण यसरी बिझिराखेको छ कि म आँखाले तपाईंलाई हेर्नेसम्म पनि सक्तिन ॥१७॥ अञ्जनी सुपुत्रवती होऊन्, वायु सुपुत्रवान् होऊन्, के वानरश्रेष्ठ हनुमान् बाँचेकै छन् ? ॥१८॥

जाम्बवान्को कुरा सुनेपछि विभीषणले भने—हे भाइ ! राम लक्ष्मणको बारेमा केही नसोधेर किन तपाईंले हनुमान्को कुरा सोधेको ? ॥१९॥ हे आर्य ! हनुमान्माथि तपाईंले जस्तो प्रेम प्रकट गर्नुभयो सो प्रेम ता वानरराज सुग्रीव, अङ्गद अथवा लक्ष्मणमाथि देखाउनुभएन ॥२०॥

विभीषणको कुरा सुन्दा जाम्बवान् भन्नलागे—हे राक्षसराज ! हनुमान्को विषयमा मैले सोध्नाको कारण सुन्नुहोस् ॥२१॥ जबसम्म हनुमान् बाँचेका छन् तबसम्म यो मरेको सेना नमरेको सम्झनुहोस्, हनुमान्ले प्राण छोडेको खण्डमा हामी बाँचे ता पनि मरेसमान हुनेछौं ॥२२॥ अग्नि र वायुसमानका पराक्रमी हनुमान् बाँचेकै छन् भने हामीहरूको बाँच्ने आशा छ ॥२३॥

यसपछि वायुपुत्र हनुमान्ले वृद्ध जाम्बवान्को खुट्टा समातेर उनलाई विनयपूर्वक ढोगे ॥२४॥ हनुमान्को स्वर सुनेपछि आफ्ना सबै इन्द्रिय आकुल व्याकुल भइराखेको भए तापनि ऋक्षराज जाम्बवान्ले आफ्नो पुनर्जन्म भएको भन्ठाने ॥२५॥ तेजस्वी जाम्बवान् हनुमान्लाई भन्नलागे—हे वानरश्रेष्ठ ! आऊ, वानरहरूको रक्षा गर ॥२६॥ अरू कसैले पनि तिम्रो जस्तो पराक्रम देखाउन सक्तैन, तिमी यी सबैका परममित्र छौ, तिमीले आफ्नो पराक्रम देखाउने मौका आइराखेको छ, अरू कसैबाट यो काम हुन सक्ला जस्तो मलाई लाग्दैन ॥२७॥ भालू र वानरवीरहरूलाई खुशी पार, पीडित भइराखेका राम, लक्ष्मणलाई पनि नीरोग बनाइदेऊ ॥२८॥ हे हनुमन् ! समुद्रको माथि धेरै ढाढासम्म गएर तिमीले पर्वतश्रेष्ठ हिमवान् पर्वतमा पुग्नुपर्छ ॥२९॥ शत्रुको संहार पार्ने हे हनुमन् ! तिमी त्यहाँ धेरै धेरै अग्ला सुवर्णमय ऋषभ र कैलाश नाम गरेका पर्वत देख्नेछौ ॥३०॥ हे वीर ! यी दुवै पर्वतको बीचमा सबै औषधिले युक्त भएको, आफ्नो अतुल प्रभावले गर्दा जाज्वल्यमान भइराखेको औषधि पर्वत देख्नेछौ ॥३१॥

हे वानरश्रेष्ठ ! आफ्नो प्रकाशले दशै दिशालाई उज्यालो गराइरहने चार प्रकारका औषधि त्यस

पर्वतको टाकुरामा उत्पन्न भइराखेका देख्नेछौ ॥३२॥ मृतसंजीवनी, विशल्यकरणी, सुवर्णकरणी र संधानी यी चार महौषधिहरूका नाम हुन् ॥३३॥ हे वायुपुत्र हनुमन्! हुनेसम्म छिटो गरेर यी सबै औषधिहरू लिएर फर्किहाल र वानरहरूलाई प्राण दान गरेर उनलाई प्रसन्न गराऊ ॥३४॥

जसरी वायुको झोंकाले समुद्र फन्फनिन थाल्दछ त्यसै गरी वायुपुत्र हनुमान् पनि जाम्बवान्का कुरा सुन्दा पराक्रमले पूर्ण भइगए ॥३५॥ उफ्रन भनी जब यिनी पर्वतको टाकुरामा खडा भएथे त्यस बखतमा यिनको भारले गर्दा पर्वतलाई वेदना हुनलाग्यो र वीर वायुपुत्र अर्कै एउटा पहाडमा उभिइराखेको जस्तो देखिनलागे ॥३६॥ हनुमान्को खुट्टाको मच्को खप्न नसक्ता आफ्नो ठाउँमा अडिइरहन नसकेर, ठूलो वेदना भइराखेको यो पर्वत चूर चूर भएर थचक्क बसिहाल्यो ॥३७॥ वानरश्रेष्ठ हनुमान्को वेगले गर्दा त्रिकूट पर्वतका रूख धमाधम पृथ्वीमा खसेर जल्नलागे र यिनको मच्कोमा परेकोले पर्वतका टाकुरा छयान्नब्यान्न भएर जताततै छरिए ॥३८॥ हनुमान्को वेगले गर्दा पर्वतलाई ठूलो वेदना भयो, यसका जम्मै रूख, ढुङ्गा तल झर्नलागे र पर्वतराज आफैंसमेत फन्फनी घुम्न लागेकोले वानरहरू त्यहाँ अड्नै सकेनन् ॥३९॥ लङ्कापुरी पनि यही पर्वतमा रहेकोले यसका फाटक, ढोका, ठूला ठूला घर सबै भत्केर ढल्न थाले, यस रातमा शहर डरले थर्कायमान भई नाच्नलागेको जस्तो देखियो ॥४०॥ पर्वतसमानका वायुपुत्र हनुमान्को मच्कोले जब त्रिकूट पर्वत तल धसिएथ्यो तब ता समुद्रसहितको पृथ्वीमा समेत हलचल हुन थाल्यो ॥४१॥ आफ्ना खुट्टाले पर्वतलाई थिचेर, बडवानलसमानको मुख बाएर जब हनुमान् जोरसँग गर्जनलागे तब ती राक्षसहरूको मनमा डर पसिहाल्यो ॥४२॥ हनुमान्ले गर्जंदाखेरि निस्केको भयानक आवाज सुन्दा लंकाका ठूला ठूला राक्षसहरू जहाँको त्यहीं अडिइरहे, डरले आफ्नो ठाउँबाट चल्नै सकेनन् ॥४३॥ भयलाग्दो पराक्रम देखाउन सक्ने, शत्रुतापी, वायुपुत्र हनुमान् समुद्रलाई प्रणाम गरेर रामको हितका लागि अतिशय गाह्रो काम गर्न उद्यत भए ॥४४॥ सर्पको जस्तो आकार परेको पुच्छर ठाडो पारेर, दुवै कान खुम्च्याएर, कम्मर निहुराएर र वडवाको जस्तो आफ्नो मुख बाएर हनुमान् बडो वेगसँग माथि आकाशमा उडेर गए ॥४५॥ उफ्रँदाखेरि, रूख, पर्वत, ढुङ्गा, र त्रिकूट पर्वतमा रहने साना साना वानरहरूलाई समेत हनुमान् आफ्नो पाखुरा र तिघ्राको वेगले साथमा लिएर नै माथि उडे, तर केही माथि पुगेपछि यी सबैको बल क्षीण भएकोले यिनीहरू समुद्रको जलमा खस्नलागे ॥४६॥ उता गरुडको जस्तो वेग भएका हनुमान्जी सर्पको जस्तो आकार परेका आफ्ना दुवै हात फिंजाएर जम्मै दिशालाई आफूतिर तान्नलागेझैं गरेर त्यस उत्तम पर्वततिर जानलागे ॥४७॥ यस समयमा हनुमान्जी ठूला ठूला छाल उठिराखेको समुद्र र यसको जलमा घुम्नलागेका समस्त प्राणीलाई हेर्दै, विष्णुको हातबाट छुटेको चक्रझैं, बडो वेगसँग अगाडि अगाडि बढ्नलागे ॥४८॥ वायुको जस्तो वेग भएका हनुमान्, पर्वत, पक्षी, झील, नदी, तलाउ, ठूला ठूला शहर र त्यहाँका धनाढ्य पुरुषलाई हेर्द जानलागे ॥४९॥ आफ्नो बाबुको जस्तो वेग भएका वीर हनुमान् अलिकता पनि थकाइ नमानेर सूर्यको बाटो समातेर

फूर्तिसाथ जानलागे ॥५०॥ वायुसमानको ठूलो वेगले उड्नलागेका बानरश्रेष्ठ हनुमान् आफ्नो आवाजले दशै दिशालाई शब्दायमान गर्दै जानलागेका थिए ॥५१॥ जाम्बवान्‌कोकुरा मनमा लिएर जानलागेका महापराक्रमी बानरश्रेष्ठ हनुमान्‌ले झट्टै हिमवान् पर्वत देखिहाले ॥५२॥

नाना प्रकारका रूखले शोभायमान भइराखेको हिमवान् पर्वतमा हनुमान् पुगे। यस पर्वतबाट अनेक नदी निस्केका थिए, यहाँ धेरै गुफा र झरना थिए र सेतो बादल जस्ता राम्रा राम्रा टाकुराले यो पर्वत रमणीय भइराखेको थियो ॥५३॥ सुवर्णमय शिखरले शोभायमान भइराखेको, अतिशय अग्लो यस महापर्वतमा पुगेपछि हनुमान्‌ले त्यहाँ देवता र ऋषिहरूले वास गरेको बडे बडे पवित्र आश्रम देखे ॥५४॥ हनुमान्‌ले यहाँ ब्रह्मकोश (ब्रह्माको घर), रजतालय (कैलाश), शक्रालय (इन्द्रको बैठक), रुद्रशरप्रमोक्ष (शिवजीले त्रिपुरासुरमाथि बाणको प्रहार गरेको ठाउँ), हयानन (हयग्रीव बस्ने ठाउँ), ब्रह्मशिर (ब्रह्मास्त्र देवताको रहने स्थान), र यमका नोकरहरूलाई देखे ॥५५॥ अग्नि र वरुणको बस्ने जग्गा, बाह्रैओटा सूर्य जम्मा हुने सूर्यसमानको चहकिलो ठाउँ, ब्रह्माजीले रहने स्थान, शङ्करको पिनाक नाम गरेको धनु र पृथ्वीको नाभि पनि हनुमान्‌ले यहाँ देखे ॥५६॥ यहाँ हनुमान्‌ले सुवर्णमय शिखरले शोभायमान भइराखेको कैलाश पर्वत र देदीप्यमान वृष नामको सुनै सुनको पहाड पनि देखे। यो पर्वत समस्त प्रकाशमान औषधिले प्रकाशित भइराखेको थियो र यो सबै औषधिहरूको उत्पत्तिस्थान थियो ॥५७॥ वायुपुत्र हनुमान् यस पर्वतलाई अग्निसमूहले प्रकाशित भइराखेको देख्ता छक्क परे।

उफ्रेर यस औषधि पर्वतमा चढेपछि हनुमान् जाम्बवान्‌ले बताएका सबै महौषधिहरू खोज्नलागे ॥५८॥ महाकपि हनुमान् एक हजार योजन बाटो पार गरेर यहाँ पुगे र दिव्य औषधिहरूको उत्पत्ति हुने यस पर्वतमा घुम्नलागे ॥५९॥ यस श्रेष्ठ पर्वतका सबै औषधिहरू यो हामीलाई लिन आएको भन्ने चाल पाएकोले अदृश्य भए ॥६०॥ यी औषधिहरूलाई देख्न नपाएकोले महात्मा हनुमान्‌लाई खूब जङ्ग चल्यो र रिसै रिसले जोरसँग गर्जनलागे, यी औषधिहरूको अपराध खप्न नसकेर आगो जत्तिकै रातो आँखा तुल्याएर पर्वतलाई भन्नलागे ॥६१॥ तिमीहरूले रामचन्द्रमाथि कृपा नगर्ने निश्चय गरेका छौ भने हे पर्वत! आज तिमीले मेरो बाहुबलले गर्दा आफूलाई चूर्ण भएको देख्नुपर्नेछ ॥६२॥

यति भनेर हनुमान्‌ले रूख र सांप आदि गरिएका जन्तुले युक्त भएको, हजारौं धातुले शोभायमान भइराखेको, सुनको खानी भएको, धेरै टाढासम्म फैलिएको, सुनौला रंगको यसको टाकुरालाई समातेर बडो वेगले उखेलिदिए ॥६३॥ गरुडको जत्तिकै प्रचण्ड वेग भएका हनुमान् पर्वतको टाकुरा उखेलिसकेपछि उफ्रेर आकाशतिर लागे। यिनको काम देख्ता समस्त लोक, देवता र इन्द्रलाई डर हुनलाग्यो। आकाशमा रहने अनेक प्राणीको मुखबाट निस्केको आफ्नो प्रशंसा सुन्दै हनुमान् फूर्तिसाथ उड्नलागे ॥६४॥ सूर्यको जत्तिकै चहक भएको पर्वतको टाकुरा लिइराखेका हनुमान् सूर्यको बाटोबाट जानलागे। यस समयमा यिनी सूर्यको नजीकै रहेको अर्को सूर्य जस्तो देखिनलागेका थिए ॥६५॥ पर्वतको जस्तो आकार परेका हनुमान्, पर्वतलाई समातिराखेको हुनाले, आगोसमानको प्रकाश

भएको, हजार धार भएको चक्र हातमा लिइराखेका विष्णु जस्तै आकाशमा देखिनलागे ॥६६॥ हनुमान्‌लाई फकर आएको देख्ता वानरहरू हर्षनाद गर्नलागे, उता हनुमान् पनि यिनीहरूलाई देखेकोले आनन्दको शब्द निकाल्नलागे। वानरहरूले गर्जेको आवाज सुन्दा लङ्काभित्र रहनेहरू बडो जोरसंग चिच्च्याउन थाले ॥६७॥

यसपछि महात्मा हनुमान्‌ले, बानरी सेनाको बीचमा, त्रिकूट पर्वतमा ओर्हेर, मुख्य मुख्य वानर-हरूलाई प्रणाम गरी विभीषणलाई अँगालो हाले ॥६८॥

राम, लक्ष्मण दुवै राजपुत्र यी महौषधिहरूको गन्ध सुँघ्न पाएकोले उतिनखेरै निको भइहाले र अरू अरू श्रेष्ठ बानरहरू पनि घाउ निको भएकोले उठेर बसे ॥६९॥ जसरी रात्रिको समयमा सुतेको जीव बिहानीपख उठ्‌छ त्यसै गरी समस्त बानरहरू एक्कै छिनमा रोगरहित भएर उठ्नलागे। जसको प्राण निस्किसकेको थियो तिनमा पनि यी श्रेष्ठ औषविहरूको गन्धले गर्दा प्राणको सञ्चार हुनलाग्यो ॥७०॥

जहिलेदेखि लङ्कामा राक्षस र वानरहरूको युद्ध हुनलागेथ्यो त्यस वेलादेखि जति राक्षस वानरको हातबाट मारिन्थे ती सबैलाई रावणको आज्ञाले तथा राक्षसहरूको सन्मानका लागि समुद्रमा फ्याँक्ने गरेको थियो। यसैले यी दिव्य औषधिहरूको प्रभाव यिनमा पर्न सकेन ॥७१–७२॥

यसपछि प्रचण्ड वेग भएका हनुमान् त्यस औषधिको पर्वतलाई झट्टै हिमालय पर्वतमा पुर्‍याई पुनः रामचन्द्र भएको ठाउँमा फर्केर आए ॥७३॥

सर्ग—७५

वानरहरू रात्रिको समयमा लङ्कालाई भस्म पार्दछन्।

यसपछि वानरराज सुग्रीव कुनै एक कुराको विचार मनमा लिएर हनुमान्‌लाई यस किसिमसँग भन्नलागे ॥१॥ कुम्भकर्ण मारिएको र रावणका छोरासमेत मारिएकाले अब राक्षसराज शहरको रक्षा गर्न सक्छ जस्तो लाग्दैन ॥२॥ तसर्थ जति वानर बलिया र फूर्तिसाथ काम गर्न सक्तछन् ती सबै हात हातमा मसाल लिएर लङ्कामाथि आक्रमण गरिहाल्नू ॥३॥

सूर्य अस्ताएपछि भयानक रात्रिको समय शुरू हुनासाथ वानरहरू हातमा मशाल लिएर लङ्कातिर लागे ॥४॥

हातमा मशाल लिएका वानरहरूले चारैतिरबाट हमला गरेकोले हडबडाएर आँखा विह्वल पारेका द्वारपालहरू हतार हतार गरेर भाग्नलागे ॥५॥ मनमा दङ्ग भइराखेका वानरहरूले पनि शहर-को फाटक, अटाली, छाना, महल, सडक, साना ठूला गल्ली सबै ठाउँमा आगो सल्काइदिए ॥६॥ आगोले राक्षसहरूका हजारौं घर भस्म भए र पर्वतसमानका अग्ला अग्ला घर धमाधम भूइँमा ढल्न

लागे ॥७॥ लङ्का शहरमा आगो लागेकोले अगरु, उत्तम उत्तम प्रकारका चन्दन, मोती, चहकिला मणि, हीरा, मूँगा यी सबै भस्म हुनलागे ॥८॥ वल्कलवस्त्र, किसिम किसिमका रेशमी पोशाक, कम्बल, दोशल्ला, सुनका गहना तथा अस्त्र शस्त्र सबै जल्नलागे ॥९॥ किसिम किसिमका अन्न राख्ने भकारी, घोडालाई लगाउने चित्र विचित्रका गहना, हात्तीको घाँटीमा झुंड्याउने चीजबीज, रथ सिंगार्ने भर्खर भर्खर बनेका सामग्री, योद्धाहरूको कवच, हात्ती, घोडामाथि ओच्छयाउने छालाको काठी, तरवार, धनु, धनुको डोरी, बाण, भाला, अंकुशी, शक्ति, कम्बल, चमर, बाघको छाला, कस्तूरी, किसिम किसिमका मुक्तामणिले सजिसजाउ भएका महल, र अनेक प्रकारका अस्त्र शस्त्र जम्मा पारेर राख्ने ठाउँ यी सबैलाई त्यहाँ आगोले डढाइदियो । चित्र विचित्रका, राम्रोसँग सजिसजाउ भएका घरहरूलाई पनि आगोले भस्म पारिदियो ॥१०-१३॥ जम्मै गृहस्थ राक्षसहरूको घर, घरभित्र राखेका सुनका गहना, कवचधारीहरूले पैह्रने माला आदि गरिएका गहना-पात यी सबैलाई आगोले डढाएर खरानी पारिदियो ॥१४॥

मद्यपान गर्नाले आँखा चञ्चल पारेका, नशा चढेकोले मस्त परेर हिंडिराखेका, आफ्ना आफ्ना प्यारीहरूले लुगा स्याहार्नुपरेका, शत्रुमाथि रिसाइराखेका, यस्ता राक्षसहरूलाई आगोले डढाउनलागेको थियो ॥१५॥ कसैले गदा, शूल अथवा तरवार धारण गरेको थियो, कोही खाइ-पिइरहेका थिए, कोही आफ्ना प्यारीहरूसँग धेरै मोल पर्ने ओच्छयानमा सुतिराखेका थिए, कोही डराएर आफ्ना बालबच्चालाई साथमा लिई जतातत्तै भाग्नलागेका थिए, यस्ता लाखौं लङ्का-निवासीलाई आगोले भस्म पारिदियो ॥१६-१७॥

लङ्का शहरमा लागेको आगो बडो वेगसङ्ग बढ्नलाग्यो र यसले त्यहाँका घर भस्म पार्न थाल्यो । यी घर धनधान्यले पूर्ण थिए, यिनलाई बनाउँदा धेरै खर्च लागेको थियो । धेरै धेरै मोल पर्ने पलङ यहाँ राखिएका थिए । पूर्णचन्द्र र अर्द्धचन्द्रको जस्तो आकार परेका राम्रा राम्रा सुनै सुनका कोठा यिनको अटालीमा बनेका थिए, यिनमा चित्र विचित्रका झ्याल, ढोका लागेका थिए, यहाँका अरू चीजबीज पनि मूँगा माणिक जडिएकाले चित्र विचित्रका देखिन्थे । ज्यादै अग्ला हुनाले यी घरहरू सूर्यलाई छुने हुन् कि जस्ता देखिन्थे । क्रौञ्च तथा मयूरको आवाज जस्तो यहाँबाट गहनाको झङ्कार निस्कन्थ्यो, यस्ता पर्वतसमानका अग्ला घरलाई आगोले डढाउनलाग्यो । आगोमा जल्नलागेका फाटकहरूबाट ठूलो चहक निस्कनलागेको थियो ॥१८-२१॥ लङ्कामा आगोले सल्किराखेका घरहरू यस समयमा ग्रीष्म ऋतुमा बिजुलीरूपी डोरीले बाँधिएका बादल जस्तै देखिएका थिए ॥२२॥ राक्षसहरूका सल्किराखेका घर, डढेलो लागेको पर्वतको टाकुरा जस्तै देखिन्थे । सात तले घरमा सुतिराखेका आइमाईहरू आगोमा डढ्नलागेकोले शरीरबाट गहना फ्याँक्तै हाहाकार मच्चाउनलागे, आगोले भस्म पारेका घरहरू लङ्कामा धमाधम खस्नलागे ॥२३-२४॥ यी घरहरू इन्द्रको वज्र पर्नाले खस्नलागेका महापर्वतका टाकुरा जस्तै देखिन्थे, जल्नलागेका यी घरहरू टाढाबाट हेर्दा जतातत्तै डढेलो लागेको हिमालयको शिखर जस्तै भइराखेका थिए । घरहरूको अटालीबाट आगोको लप्का निस्केकोले यस रातमा लङ्का शहर, फूल

फुलेका पलासका रूखै रूख भएको जङ्गल जस्तो भइराखेको थियो। जसरी प्रलयकालमा समुद्रमा जलजन्तु हडबडाएर यताउति गर्नलाग्दछन् त्यसै गरी अहिले लङ्कामा पनि कतै हातीवान्, कतै हात्ती र कतै घोडा डराएर जतातत्तै भागिराखेका थिए ॥२५-२७॥ कतै फुत्केको घोडा देख्ता हात्ती डराएर भाग्दथे, कतै हात्ती फुत्केको देख्ता घोडा हडबडाएर भाग्दथे ॥२८॥ लङ्का शहरमा आगो लाग्दाखेरि आगोको ज्वालाको छाया समुद्रको पानीमा पर्न गएकोले समुद्र आफैं रातो जल भएको समुद्र जस्तो देखिनलाग्यो ॥२९॥ वानरहरूले गर्दा आगो लागेको लङ्कापुरीलाई हेर्दा, छिनको छिनैमा प्रलयकालमा सबैको मनमा त्रास पार्ने गरी पृथ्वी नै भस्म हुनलागेको हो कि जस्तो भान पर्न लाग्यो ॥३०॥

धूवाँले आकुल व्याकुल परेका, आगोमा सल्किराखेका आइमाईहरूले रोएको आवाज सय योजन टाढासम्म सुनिनलाग्यो ॥३१॥ यस समयमा शरीर जलेकोले जति राक्षस लङ्का बाहिर निस्कन्थे, वानरहरू युद्ध गर्ने इच्छाले उनको सामुन्ने परिहाल्दथे ॥३२॥ राक्षस र वानरहरूले गर्जेको आवाजले दशै दिशा, समुद्र, पृथ्वी सबै गुञ्जायमान हुनलागे ॥३३॥

यस वेलासम्ममा राम, लक्ष्मण दुवै भाइ राम्रै गरी निको भइसकेका थिए, अतः यिनीहरूले अलिकता पनि नहडबडाएर उत्तम धनु हात हातमा लिए ॥३४॥ रामचन्द्र आफ्नो उत्तम धनुबाट टङ्कार छिक्नलागे, जसको डरलाग्दो आवाजले गर्दा सबै राक्षसहरूको मनमा डर पस्न गयो ॥३५॥ यस समयमा आफ्नो बडेमानको धनुबाट टङ्कार झिक्नलागेका रामचन्द्र, वेदमय धनु लिइराखेका, झोंक्किएका भगवान् शिव जस्तै देखिएका थिए ॥३६॥ वानरहरूको घोषणा र राक्षसहरूको आर्त्तनाद यी दुवै थरीको शब्दलाई दबाएर रामचन्द्रको धनुको टङ्कार सुनिनलाग्यो ॥३७॥ वानरहरूको सिंहनाद, राक्षसहरूको चिच्च्याहट र रामचन्द्रको धनुको आवाज यी तीनै थरीको शब्द दशै दिशामा फैलिनलाग्यो ॥३८॥ रामको धनुबाट छुटेका बाणले कैलाशपर्वतको शिखरसमानका लङ्कापुरीका फाटकलाई चूर चूर पारेर भूईँमा ढालिदिए ॥३९॥ रामचन्द्रका बाण राक्षसहरूका साना ठूला सबै घरमा खसेको देख्ता राक्षसश्रेष्ठहरूमा पनि कठोर युद्धको निम्ति तय्यारी हुनलाग्यो ॥४०॥ युद्धको निम्ति तय्यारी गर्न र सिंहनाद गर्नलागेका राक्षसहरूको लागि यो रात कालरात्रि जत्तिकै भयङ्कर हुन गयो ॥४१॥

यही मौकामा वानरराज महात्मा सुग्रीवले आज्ञा दिए—हे वानरहो ! तिमीहरू जुन फाटकको नजीक छौ त्यहीं गएर युद्ध गर ॥४२॥ आफ्ना आफ्ना ठाउँमा रहेको जसले यस आज्ञाको विपरीत काम गर्दछ, राजाको आज्ञा उलङ्घन गर्ने त्यसलाई तिमीहरूले उसकहाँ गएर मारिदिनू ॥४३॥

बल्दो मशाल हातमा लिएका वानरसेनापतिहरूले ढोका रोकेर उभिइराखेको देख्ता रावणलाई रिस उठ्यो ॥४४॥ रावणले हाइ गरेर आँग तान्दाखेरि दशै दिशामा एक किसिमको गोलमाल परेको जस्तो देखिनलाग्यो र प्रलयकालमा रुद्रको शरीरमा देखिएझैं यसका अङ्ग अङ्गमा रूपधारी क्रोधको चिह्न देखा पर्नलाग्यो ॥४५॥

झोंक्किएर रावणले कुम्भ, निकुम्भ नाम गरेका कुम्भकर्णका छोराहरूलाई अनेक राक्षसलाई साथमा लगाई युद्ध गर्न पठायो ॥४६॥ रावणको आज्ञाअनुसार यूपाक्ष, शोणिताक्ष, प्रजङ्घ र कम्पन नाम गरेका यी चार राक्षस कुम्भकर्णका दुइ छोराको साथमा गए ॥४७॥ यी महाबली राक्षसहरूलाई रावणले सिंहनाद गर्दै भन्यो—हे राक्षसहो ! तिमीहरू अहिले नै जाइहाल ॥४८॥

रावणको आज्ञाले यी वीर राक्षसहरू हातहातमा बल्दो अस्त्र शस्त्र लिई वारंवार गर्जना गर्दै लङ्का बाहिर निस्के ॥४९॥ राक्षसहरूले पहिरेको गहनाबाट निस्केको कान्तिले र वानरहरूले समातिराखेका मशालको आगोले गर्दा आकाश नै उज्यालो देखिनलाग्यो ॥५०॥

माथि चन्द्रमा र नक्षत्रहरूको प्रकाशले, तल वानर राक्षसहरूको गहनाको कान्तिले, दुवै सेना-माथिको आकाश खूबै प्रकाशमान हुनलाग्यो ॥५१॥ चन्द्रमाको जून, राक्षसहरूको गहनाको तेज, र बलिराखेका घरहरूको प्रकाशले गर्दा वानर तथा राक्षसहरूको फौज चारैतिरबाट सुशोभित हुन लाग्यो ॥५२॥ आधा डढेका घरहरूको छाया जब समुद्रमा पर्नगयो तब ता चञ्चल तरङ्गले शोभित भइराखेको समुद्र झन् बर्ता शोभायमान देखियो ॥५३॥

राक्षसहरूको यो सेनामा ध्वजा पताका फरफराइराखेको थियो, सैनिकहरूले बढिया बढिया तरवार र बञ्चरो लिएका थिए, ठूलाठूला घोडा, रथ हात्ती र अनेक पैदल सिपाही यस फौजमा थिए ॥५४॥ बडो चहक भएका शूल, गदा, तरवार, भाला, धनु यी सबै यहाँ थिए तसर्थ बडा बडा पराक्रमी र पुरुषार्थी राक्षसहरू भएको यो सेना बडो भयङ्कर देखिनलागेको थियो ॥५५॥ कतै सयकडौं घुँगुरा बजिराखेको बल्दो भाला देखिन्थ्यो, कतै सुनै सुनको जालीले छोपिराखेको र बडे बडे तरवार लिइराखेको वीरहरूको हात देखिन्थ्यो ॥५६॥ कतै वीरहरू ठूला ठूला शस्त्र घुमाइरहेका थिए, कतै धनुमा वाण चढाउनलागेका थिए। सुगन्धित माला तथा रक्सीले गर्दा त्यहाँको हावैसमेत सुवा-सित भइराखेको थियो ॥५७॥ शूरा राक्षसहरूले भरिभराउ भएको, ठूला ठूला बादल गर्जे जस्तो आवाज गर्ने यस्तो भयङ्कर र दुर्धर्ष राक्षसहरूको सेनालाई आफूतिर आउनलागेको देख्ता वानरी सेनामा खलबली पर्‍यो र यो बडो चर्को आवाज झिकेर गर्जनलाग्यो। जसरी कीरा फट्याङ्ग्रा आगो भएतिर जान्छन् त्यसै गरी राक्षसहरूको यो बडेमानको सेना वानरी सेनाभित्र पस्यो। यस समयमा राक्षसहरूले हातहातमा लिइराखेका घुयेंत्रो र वज्रको जस्तो आकार परेका शस्त्रहरूको खूबै शोभा देखिन्थ्यो र यिनै शस्त्र अस्त्रले गर्दा राक्षसहरूको यो विशाल सेना अत्यन्त राम्रो देखिन-लागेको थियो। युद्ध गर्न खोजिराखेका वानरहरू पनि उन्मत्त भएझैं यस सेनाको सन्मुख पर्न-लागे ॥५८-६१॥

वानरहरू रूख, ढुङ्गा र घुस्सीको प्रहार गरेर राक्षसहरूलाई मार्नलागे, उता डरलाग्दो पराक्रम देखाउन सक्ने राक्षसहरू पनि आफूमाथि आइलागेका वानरहरूको टाउको तीखा तीखा वाण चलाएर काट्नलागे। वानरहरूद्वारा दाँतले कान काटिएका, मुक्कीले टाउको फुटेका, र पत्थरको प्रहारले अङ्ग

भङ्ग भएका राक्षसहरूयुद्ध भूमिमा जताततै घुम्नलागे ॥६२-६३॥ उता डरलाग्दो अनुहार परेका राक्षसहरू पनि तीखा तीखा तरवार चलाएर मुख्य मुख्य वानरहरूको संहार पार्नलागे ॥६४॥ कोही एउटालाई मार्न तैयार भयो भने अर्को आएर मार्न खोज्ने त्यसलाई मारिदिन्थो, ढकेल्न खोज्नेलाई अर्को आएर ढकेलिदिन्थ्यो, गालि गर्नलागेकोलाई अर्कोले गालि गर्दथ्यो, टोक्न लागेकोलाई अर्कोले टोकिदिन्थ्यो ॥६५॥ कसैसित कोही युद्ध गर्नलाग्यो भने अर्को आएर भन्दथ्यो—म युद्ध गर्दछु, तिमी किन दुःख गर्दछौ, बरु यहीं बसिराख; यस प्रकारसंग योद्धाहरू आफू आफूमा कुरा गर्दै लड्न-लागे ॥६६॥ यस युद्धमा एउटा वीरले अर्काको हातबाट अस्त्र शस्त्र खोसेर त्यसलाई विनाकवचको र विनाहतियारको तुल्याइदिन्थ्यो । ठूला ठूला भाला, मुक्की, शूल, तरवार उजाइराखेका राक्षस र वानरहरूको बीचको यो घनघोरको युद्ध यस प्रकारसंग हुनलाग्यो । राक्षसहरू सातओटा दश-ओटासम्म वानरहरूलाई एकै चोटिमा रणभूमिमा मार्नलागे, उता वानरहरूले पनि राक्षसहरूलाई रोकेर चारैतिरबाट घेराभित्र पारे । यस समयमा राक्षसहरूको वस्त्र, कवच र ध्वजा सबै छिया छिया भइगयो ॥६७॥

सर्ग—७६

अङ्गद आदि वानर-प्रमुखहरूसित कम्पन आदि राक्षसहरूको युद्ध ।

यस प्रकारसँग वीरहरूले समेत हडबडाउने किसिमको, लोकको संहार गर्ने घनघोरको युद्ध हुन-लागेपछि, लड्न भनी उत्सुक भइराखेका अङ्गद वीर कम्पनको अगाडि गएर उभिए ॥१॥ कम्पनले पनि रिस देखाएर अङ्गदलाई लड्नाको निम्ति हाँक दियो र आफ्नो गदाले उनलाई हिर्कायो, यस चोटले ज्यादै घाइते भएको हुनाले यिनी काँप्नलागे र केही बेहोश पनि भए ॥२॥ होशमा आएपछि तेजस्वी अङ्गदले पर्वतको एउटा टाकुरा उजाएर त्यसलाई हिर्काए । यो प्रहार पर्नासाथ कम्पन घाइते भएर भूइँमा ढलिहाल्यो ॥३॥

युद्धमा कम्पन मारिएको देख्नासाथ शोणिताक्ष रथमा चढेर, मनमा अलिकता पनि डर नलिई तुरन्त अङ्गदनेर आयो ॥४॥ यो राक्षस प्रलयकालको अग्निसमानका, शरीरलाई छेड्ने किसिमका अति तीखा तीखा बाण बडो वेगसँग चलाएर अङ्गदलाई चोट लगाउनलाग्यो । ५॥ क्षुर, क्षुरप्र, नाराच, वत्सदन्त, शिलीमुख, कर्णिशल्य, विपाठ आदि गरिएका नाना प्रकारका तीखा तीखा बाण चलाएर त्यसले अङ्गदमाथि प्रहार गर्नलाग्यो । बालिपुत्र प्रतापी अङ्गदले पनि यी बाणको चोट पर्नासाथ बलपूर्वक यस राक्षसको उग्र धनु, रथ, बाण, यी सबैलाई छिया छिया पारिदिए ॥६-७॥ शोणिताक्षले हतपत गरेर ढाल, तरवार उठायो र झोंक्किएको हुनाले केही कुराको विचारै नगरी झट्टै रथबाट तल ओर्लिहाल्यो ॥८॥ महाबली अङ्गदले पनि फूर्तिसाथ उफ्रेर शोणिताक्षलाई पक्रिहाले र उसको हातबाट तरवार खोसेर गर्जनलागे ॥९॥ कपिश्रेष्ठ अङ्गदले यज्ञोपवीतको ढाँचाले यसको काँधमा तरवार

६२–क

हिर्काएर यसलाई घाइते गराइदिए ॥१०॥ शोणिताक्षको संहार गरिसकेपछि बालिपुत्र अङ्गद त्यही बडेमानको तरवार लिएर वारंवार सिंहनाद गर्दै रणक्षेत्रमा अरू अरू शत्रुमाथि आक्रमण गर्नलागे ॥११॥

यत्तिकैमा महाबली वीर यूपाक्ष प्रजंघलाई साथमा लिई रथमा सवार भएर झोंक्किदै महाबली अङ्गदनेर आइपुग्यो ॥१२॥ उता सुनको बाजू पहिरेको वीर शोणिताक्ष पनि होशमा आएपछि फलामको एउटा गदा उजाएर अङ्गदमाथि जाइलाग्यो ॥१३॥ महावीर, बली प्रजंघ पनि झोंक्किएर यूपाक्षलाई साथमा लिई हातमा गदा लिएर महाबली बालिपुत्र भएतिर लाग्यो ॥१४॥ जस्तै दुइ विशाखा नक्षत्रको बीचमा रहेका पूर्ण चन्द्रमाको शोभा हुन्छ त्यस्तै शोभा अहिले शोणिताक्ष र प्रजंघको बीचमा रहेका अङ्गदको भइराखेको थियो ॥१५॥ मैन्द र द्विविद यी दुवै पनि अङ्गदको रक्षा गर्ने मनसायले उनीनेर उभिइरहे, कारण यिनीहरूलाई पनि आफ्नो आफ्नो युद्धनिपुणता देखाउने इच्छा भइराखेको थियो ॥१६॥ खड्ग, बाण, गदा धारण गरेका महाबली, विशाल शरीरवाला राक्षसहरू झोंक्किदै वानरहरूमाथि प्रहार गर्नलागे ॥१७॥ अब संग्राममा तत्पर भएका मैन्द, द्विविद र अङ्गद यी तीन वानरश्रेष्ठहरूको साथमा प्रजंघ, यूपाक्ष र शोणिताक्ष यी तीनै राक्षसश्रेष्ठहरूको रोमांच गराउने घनघोरको युद्ध हुनलाग्यो ॥१८॥ वानरहरू युद्धमा ठूला ठूला रूख उजाएर राक्षसहरूमाथि फ्याँक्तथे, तर महाबली प्रजंघ धमाधम यिनलाई तरवारले छिया छिया पारिदिन्थ्यो ॥१९॥ वानरहरू रथ, ढुङ्गा, रूख जे भेट्टाउँथे सोही युद्धमा राक्षसहरूमाथि चलाउँथे तर महाबली यूपाक्ष बाणको वर्षा गरेर तिनलाई टुक्रा टुक्रा पारिदिन्थ्यो ॥२०॥ मैन्द र द्विविदले उखेलेर प्रहार गरेका रूखलाई प्रतापी शोणिताक्ष बीचैमा गदाले भाँचभुँच पारिदिन्थ्यो ॥२१॥ यही मौकामा प्रजंघ शत्रुको सुटु छिया छिया पार्ने बडेमानको तरवार उजाएर बडो वेगसँग अङ्गद भएतिर जाइलाग्यो ॥२२॥ महाबली बानरराज अङ्गदले उसलाई आफूतिर आउनलागेको देख्नासाथ अश्वकर्ण नाम गरेको रूख उखेलेर त्यसलाई बडो जोरसँग हिर्काए ॥२३॥ तरवार लिइराखेको उसको हातमा यिनले एक मुक्की लगाए, अङ्गदको चोट पर्नासाथ यसको हातबाट तरवार उछिट्टिएर भूइँमा खस्यो ॥२४॥ मुशलसमानको विशाल तरवारलाई भूइँमा खसेको देखेपछि महातेजस्वी महाबली प्रजंघले वज्रसमानको मुक्का उजाएर महापराक्रमी वानरराज अङ्गदको टाउकोमा हिर्काइहाल्यो, यस चोटले अङ्गद एक छिनसम्म बेहोश परे ॥२५-२६॥ होश आएपछि तेजस्वी र प्रतापी बालिपुत्रले एक मुक्का हानेर प्रजंघको टाउको शरीरबाट अलग गराइदिए ॥२७॥

काका मारिएको देख्ता यूपाक्षको आँखाभरि आँसु आयो र आफ्नो बाण खतम भइसकेकोले यसले झटपट रथबाट ओर्ली हातमा तरवार लियो ॥२८॥ यूपाक्षलाई आउनलागेको देखेपछि द्विविदले पनि झोंक्किएर फुर्तिसाथ उसको छातीमा एक मुक्का लगाए र खूब बलियोसँग उसलाई पक्रे ॥२९॥ महाबली भाइ पक्रिएको देख्नासाथै तेजस्वी शोणिताक्षले द्विविदको छातीमा एक गदा हिर्कायो ॥३०॥ यस भीषण प्रहारले गर्दा महावली द्विविद केही हडबडाए तापनि यिनले उसको उजाइराखेको गदा खोसिहाले ॥३१॥

यत्तिकैमा मैन्द पनि द्विविदनेर आइहाले । यी दुवै वानर बडो जोरसँग यूपाक्ष र शोणिताक्षलाई युद्धमा घिसार्ने र उचालेर पछार्नलागे ॥३२॥ पराक्रमी द्विविदले आफ्ना नङले शोणिताक्षको मुख चिथोरिदिए र बलजफतीसँग यसलाई भूइँमा पछारेर बेसरी पिंध्नलागे ॥३३॥ यसपछि वानरश्रेष्ठ मैन्दले झोंक्किएर यूपाक्षलाई आफ्ना दुवै हातले उचालेर यस्तो जोरसँग पृथ्वीमा पछारिदिए कि यो मरि नै हाल्यो ॥३४॥ आफ्ना वीरहरू मारिएकोले रावणको यो फौज बहुतै हडबडायो र कुम्भकर्णको छोरो भएतिर जानलाग्यो ॥३५॥

कुम्भले पनि आफूकहाँ भागेर आएको सेनालाई अनेक प्रकारले संझायो बुझायो । मौका पारेर महाबली वानरहरूले राक्षसी सेनाका ठूला ठूला वीरहरूलाई मारेको देख्ता तेजस्वी कुम्भ पनि युद्धमा बडो कठोर काम गर्नलाग्यो ॥३६-३७॥ धनुर्धारीहरूमध्येको श्रेष्ठ कुम्भ मनमा बडो सावधान भईकन हातमा धनु लिई विषालु सर्पसमानका, शरीरलाई छेड्ने किसिमका बाण चलाउन लाग्यो ॥३८॥ यस समयमा बाणसहितको यसको उत्तम धनुले बिजुली र ऐरावतको चहकले गर्दा चहकिलो भइराखेको अर्को इन्द्रधनुको जस्तो शोभा दिइराखेको थियो ॥३९॥ यसले सुवर्णभूषित, कङ्कपक्षवाला बाणलाई कानसम्म तानी द्विविदमाथि ताकेर चलायो ॥४०॥ राक्षसको यस आघातले गर्दा त्रिकूट पर्वतसमानका विशाल यी वानरश्रेष्ठको, खुट्टै लर्बरियो र यिनी विह्वल भएर भूइँमा लोटिहाले ॥४१॥

यस महायुद्धमा भाइलाई ढलेको देख्ता मैन्द एउटा बडेमानको ढुङ्गा उजाएर बड़ो वेगसंग कुम्भमाथि जाइलागे ॥४२॥ महाबली यी वानरले सो ढुङ्गा राक्षसमाथि फ्यांके । कुम्भले पनि हाँसी हाँसीकन पांचओटा बाण चलाएर त्यस ढुङ्गालाई चूर्ण पारिदियो ॥४३॥ तेजस्वी राक्षसले सर्पसमानको अर्को एउटा बाण धनुमा चढाएर द्विविदको दाजु मैन्दको छातीमा हिर्कायो ॥४४॥ कुम्भको हातबाट छुटेको यो बाण वानरसेनापति मैन्दको मुटुमा लाग्न गएकोले यिनी मूर्च्छा परेर भूइँमा लडिहाले ॥४५॥

आफ्ना दुवै महाबली मामालाई आकुल व्याकुल परेको देख्ता अङ्गद बडो वेगसंग धनुर्धारी कुम्भको सामुन्ने पुगिहाले ॥४६॥ आफूतिर आउनलागेको अङ्गदमाथि कुम्भले पहिले फलामका पाँचओटा बाण चलायो र फेरि पनि माहुतेले हात्तीलाई अङ्कुशीले हिर्काएझैं अर्को थरीका तीनओटा बाणको, यिनलाई ताकेर प्रहार गर्‍यो । यस प्रकारसंग महाबली कुम्भ अनेक बाणको वर्षा गरेर यिनलाई छेड्नलाग्यो ॥४७॥ तर सुनै सुनले मोरिएका, चहकिलो, तीखो टुप्पो भएका यी तीखा तीखा बाण आफ्नो शरीरमा बिझ्दाखेरि पनि अङ्गद डेग चलेनन् ॥४८॥ बरु उसमाथि ढुङ्गा र रूखै रूखको वर्षा गर्नलागे । कुम्भकर्णको छोरो श्रीमान् कुम्भ पनि बालिपुत्रले चलाएका यी सबै रूख र ढुङ्गालाई छिया छिया पार्न र फुटाल्नलाग्यो । वानरसेनापतिलाई आफूतिर आइराखेको देख्ता जसरी बल्दो मशालले हात्तीलाई हिर्काउँछन् त्यसै गरी राक्षसले दुइटा बाण अङ्गदको आँखीभूइँमा ताकेर हिर्कायो । यी बाण लाग्नाले यिनको आँखीभूइँबाट यसरी रगत बग्नलाग्यो कि यिनको आँखै बन्द भइगयो

।।४९–५१।। तर अङ्गदले एउटा हातले आँखाको रगत पुछ्नपट्टि लागेर नजीकको एउटा सालको रूख अर्को हातले उखेलेर समाते ।।५२।। यो रूख बडो ठूलो थियो, अतः यसलाई उखेल्नामा मेहनत गर्नुपर्‍यो, यस रूखलाई छातीमा अडाएर यिनले काँधमा चढाए । इन्द्रध्वजसमानको अग्लो र मन्दराचल जत्तिकै मोटो यस रूखलाई अलिकता निहुराएर यिनले सबै राक्षसहरूको सामुन्नेमा बडो वेगसंग कुम्भमाथि चलाए ।।५३–५४।। तर कुम्भले शरीर छेड्ने किसिमका सातओटा तीखा तीखा बाणको प्रहार गरेर यस रूखलाई छिया छिया पारिदियो र अङ्गदलाई पनि घाइते गराइदियो । बालिपुत्र पीडा खप्न नसकेर मूर्च्छित भई भूइँमा लडिहाले ।।५५।।

समुद्रको जलमा डुब्नलागेझैं अङ्गदलाई व्याकुल परेर मूर्च्छा भएको देख्ता वानरश्रेष्ठहरूले रामचन्द्रछेउ गई यो वृत्तान्त निवेदन गरे ।।५६।।

बालिपुत्र युद्धभूमिमा घाइते भइराखेका छन् भन्ने कुरा सुन्नेबित्तिकै रामचन्द्रले जाम्बवान् आदि गरिएका मुख्य मुख्य वानरहरूलाई अङ्गदको रक्षा गर्न आज्ञा दिए ।।५७।। रामचन्द्रको आज्ञा सुन्नासाथ यी वानरश्रेष्ठहरू झोक्किँदै त्यस ठाउँमा गए जहाँ कि कुम्भ धनु धारण गरेर उभिइराखेको थियो ।।५८।। अङ्गदको रक्षाका लागि अगाडि बढिराखेका यी प्रधान वानरहरूले हात हातमा रूख र ढुङ्गा लिइराखेका थिए र रिसले गर्दा यिनका आँखा राता भइराखेका थिए ।।५९।। यिनीहरूमध्ये जाम्बवान्, सुषेण र वेगदर्शी वानरहरूले जङ्गिएर कुम्भकर्णको वीर छोरोमाथि आक्रमण गरिहाले ।।६०।। जसरी पर्वतले जलको वेगलाई रोक्तछ त्यसै गरी यसले पनि महाबली वानरसेनापतिहरूलाई आफूतिर आउनलागेको देख्ता बाणको वर्षा गरेर यिनको वेगलाई रोकिदियो ।।६१।। जसरी समुद्रको जलले आफ्नो तीरलाई नाघ्न सक्तैन त्यसै गरी यी महात्मा वानर-सेनापतिहरू पनि उसको बाणले रोकिएका हुनाले अगाडि बढ्न सकेनन् ।।६२।।

यी वानरहरूलाई बाणवृष्टिले गर्दा पीडित भएको देख्ता वानरराज सुग्रीव आफ्नो भतिजो अङ्गदलाई पछि छोडेर वेगवान् सिंहले, पर्वतको शिखरमा भ्रमण गरिराखेको हात्तीमाथि झम्टेझैं कुम्भकर्णको छोरोमाथि जाइलागे ।।६३–६४।। यी वानरराज अश्वकर्ण आदि गरिएका ठूला ठूला रूख तथा अरू किसिमका अनेक रूख उखेल्दै राक्षसमाथि फ्याँक्नलागे ।।६५।। आकाशैलाई ढाकुँला जस्तो गर्नेलागेको यस घनघोरको वृक्षवृष्टिलाई कुम्भकर्णको छोरोले आफ्ना तीखा तीखा बाण चलाएर छिया छिया पार्नलाग्यो ।।६६।। यस समयमा काटिएका, भाँच्चिएका, यी रूखहरू आकाशमा भयंकर तोपसमान देखिनलागे । कुम्भले यस वृष्टिलाई निष्फल गराएको देख्ता महाबली, वीर्यवान्, श्रीमान् वानरराजलाई अलिकता पनि कष्ट भएन । बाण शरीरमा बिझ्दै थिए तर यिनी बाणको चोटलाई खपेर उसको रथनेर पुगे र एक झट्का दिएर इन्द्रधनुसमानको उसको धनु भाँचिदिए ।

वानरराज सुग्रीव यो कठिन काम गरिसकेपछि झट्टै तल उफ्रेर आए र दाँत फुक्लेको हात्तीझैं उभिइराखेको कुम्भलाई झोक्किँदै भन्नलागे—हे निकुम्भको दाजु ! तेरो बहादुरी, बाणको अद्भुत वेग,

आफ्नाहरूमाथिको प्रेम र प्रभावले यी सबै कुरा रावणको जत्तिकै रहेछ, तँ प्रह्लाद, बलि, इन्द्र, कुवेर र वरुणको समान रहिछस् ।।६७–७१।। ठीक आफ्नो बाबु जत्तिकै बलियो छोरो जन्मेको रहिछस्, शूल धारण गर्ने, शत्रुको संहार पार्ने तँ महाबाहुलाई, मानसिक पीडाले जितेन्द्रिय व्यक्तिलाई परास्त गर्न नसकेझैं, देवताहरूले समेत परास्त गर्न सकोइनन् । हे महाबुद्धे ! आफ्नो पुरुषार्थ देखा, मेरो पराक्रम पनि हेरिहाल् ।।७२–७३।। तेरो काका रावण ब्रह्माबाट पाएको वरदानले देवता र दानवहरूको सामना गर्न सक्तछ, तर तेरो बाबु कुम्भकर्ण ता केवल आफ्नै बलको प्रभावले देवता र असुरहरूसित लड्न सक्तथ्यो ।।७४।। धनुर्विद्यामा तँ इन्द्रजित्‌जत्तिकै छस् र प्रतापमा रावणसमान छस्, तसर्थ मेरो दृष्टिमा तँ अहिले आफ्नो बल वीर्यले गर्दा सबै राक्षसहरूमध्ये श्रेष्ठ ठहरिएको छस् ।।७५।। जस्तो उहिले इन्द्र र शम्बरासुरको बीचमा युद्ध भएथ्यो त्यस्तै युद्ध अहिले रणक्षेत्रमा तेरो र मेरो बीचमा हुनेछ । सबै प्राणीले आज यो युद्ध देख्न पाउनेछन् ।।७६।। तैंले अचम्म लाग्ने काम गरिस्, अस्त्र शस्त्र चलाउनामा बहादुरी देखाइस् आफू एकलैले पराक्रमी वानरहरूलाई घाइते पारेर बेहोश पारिदिइस् ।।७७।। अनेकसंग युद्ध गर्नुपरेकोले तँ अहिले थाकेको छस्, यस अवस्थामा तँलाई मारेको खण्डमा आफ्नो निन्दा होला भनेर मैले अहिलेसम्म तँलाई नमारेको हो, हे वीर ! एक छिन विश्राम गर् अनि मेरो पराक्रम हेर्लास् ।।७८।।

जसरी आगोमा घिउ पर्नासाथ उसको तेज बढेर आउँछ त्यसै गरी सुग्रीवका निन्दाले भरिएका र साथसाथै प्रशंसाले युक्त भएका यी कुरा सुन्दा कुम्भको तेज पहिलेभन्दा बर्ता बढेर आयो ।।७९।। यसपछि कुम्भले आफ्ना दुवै हातले सुग्रीवलाई समातिहाल्यो र मतवाला हातीसमानका यी दुवै बारंबार स्वाँ स्वाँ गर्दै आफूआफूमा समातासमात र लछारपछार गर्नलागे । बडो जोरसँग लड्नलागेको हुनाले, परिश्रमले गर्दा यिनीहरूको मुखबाट धूवाँसहितको आगोको ज्वाला निस्कन थाल्यो ।।८०-८१।। यी दुवैका खुट्टाको मच्कोले पृथ्वी तल भासिनलागिन्, समुद्रमा ठूला ठूला भेल उठ्नलागे र जम्मै समुद्र कम्पायमान हुनलागेको जस्तो देखियो ।।८२।। यसपछि सुग्रीवले कुम्भलाई उचालेर यस्तो जोरसँग क्षार समुद्रमा पट्किदिए कि यसको खुट्टा समुद्रमुनिको भूइँमा टेक्न पुग्यो ।।८३।। कुम्भलाई समुद्रमा पछारेकोले विन्ध्य र मन्दराचल पर्वतसमानको ठूलो तथा अग्लो भएर पानीको छाल उठ्यो र चारैतिर फैलिनलाग्यो ।।८४।।

एक छिनपछि कुम्भ पनि समुद्रबाहिर निस्की सुग्रीवनेर आयो र झोंक्किएर वज्रसमानको एक मुक्का उनको छातीमा हिर्कायो ।।८५।। यस आघातले गर्दा सुग्रीवको छातीको छाला फुटिगयो र त्यताबाट रगत बग्न थाल्यो । मुक्का यस्तो जोरसंग लाग्यो कि यसले गर्दा छातीको हाडमा समेत चोट पर्न गयो ।।८६।। जसरी वज्रको आघात पर्नाले मेरु पर्वतबाट आगोको ज्वाला निस्केथ्यो त्यसै गरी यो मुक्का लाग्नाले सुग्रीवको छातीको हाडबाट ठूलो तेज भएको ज्वाला निस्कनलाग्यो ।।८७।। महाबली वानरश्रेष्ठ सुग्रीव पनि कुम्भको हातबाट चोट खाएपछि वज्रसमानको मुक्की बाँधेर घुमाउनलागे

॥८८॥ हजारौं किरणले प्रकाशमान भइराखेको, सूर्यमण्डलको जस्तो चहक भएको यो मुक्का महाबली सुग्रीवले कुम्भको छातीमा हिर्काए ॥८९॥ यस प्रहारले अत्यन्त पीडा गराएकोले कुम्भ विह्वल भएर ज्वालाहीन आगोझैं भूईंमा ढलिहाल्यो ॥९०॥ सुग्रीवको मुक्का परेकोले कुम्भ उल्लिखेरै अकस्मात्संग जाज्वल्यमान मङ्गल ग्रह आकाशबाट झरेझैं, पृथ्वीमा खसिगयो ॥९१॥ मुक्काको चोटले छाती छिया-छिया भएको कुम्भको रूप यस समयमा रुद्रको हातबाट ध्वस्त भएका सूर्यको रूप जस्तो देखिनलाग्यो ॥९२॥

डरलाग्दो पराक्रम देखाउन सक्ने वानरराजको हातबाट युद्धमा कुम्भको मृत्यु भएपछि समस्त वन र पर्वतसहितकी पृथ्वी कम्पायमान हुनलागिन् र लङ्कावासी राक्षसहरूको मनमा ठूलो डर पर्न गयो ॥९३॥

सर्ग—७७

हनुमान्को हातबाट निकुम्भको मृत्यु हुन्छ ।

सुग्रीवको हातबाट दाजु कुम्भको मृत्यु भएको देख्ता राक्षस निकुम्भ आफ्नो रिसले डढाउने हो कि जस्तो गरेर सुग्रीवलाई हेर्नलाग्यो ॥१॥ यसपछि वीर निकुम्भले, महेन्द्र पर्वतसमानको विशाल फूलको माला बेह्रिएको, पाँच औंलाको छाप लागेको एउटा परिघ उठायो ॥२॥ सुनको पाताले मोरिए-को, ठाउँ ठाउँमा हीरा मूँगा जडिएको, यमराजको दण्डसमानको भयङ्कर यो परिघ राक्षसहरूको भयलाई नाश गर्ने किसिमको थियो ॥३॥ भयङ्कर विक्रमकारी निकुम्भ, इन्द्रध्वजसमानको डरलाग्दो यो परिघ लिएर मुख बाउँदै बारंबार गर्जनलाग्यो ॥४॥ निष्क नामक छातीको गहना पहिरेको, हातमा बाजू लगाएको, कानमा चित्र विचित्रको कुण्डल धारण गरेको, घाँटीमा अनौठा किसिमको हार झुंड्याएको निकुम्भ यी सबै गहना तथा परिघले गर्दा इन्द्रधनुष र बिजुलीले युक्त भएको खूब जोरसंग गर्जने मेघको जस्तै शोभा दिइरहेको थियो ॥५-६॥ परिघको टुप्पोले महात्मा निकुम्भको आवह, प्रवह आदि गरिएका सात वायुको गाँठो फुस्कन गयो र यो राक्षस शब्द गर्ने, धूवाँ नभएको आगो जत्तिकै प्रज्वलित देखिनलाग्यो ॥७॥ निकुम्भले परिघ घुमाउँदाखेरि अलका नगरी, गन्धर्वका राम्रा राम्रा महल, तारा नक्षत्र तथा महाग्रहहरूको साथसाथको आकाशमण्डल, यी सबै यस परिघको वेगले घुम्नलागेका जस्ता देखिन्थे ॥८॥ यस समयमा यो राक्षस र गहनाको चमकले यस्तो दुर्धर्ष देखिनलागेको थियो कि यसलाई हेर्दा क्रोधरूपी काठले बलिराखेको प्रलयकालको आगो हो यो कि भन्ने भान पर्दथ्यो ॥९॥ डरले गर्दा वानर तथा राक्षस कोही पनि आफ्नो ठाउँबाट डेग चल्न सकेनन् तर महाबली हनुमान् भने छाती खोलेर उसको सामुन्ने खडा हुन पुगे ॥१०॥

परिघको जस्तो हातको आकार परेको महाबली निकुम्भले सूर्यको जत्तिकै चहक भएको यो परिघ हनुमान्को छातीमा हिर्कायो ॥११॥ हनुमान्को वज्रसमानको साह्रो र पुष्ट छातीमा ठक्कर खाने-

बित्तिकै यो परिघ सय टुक्रा भएर फुट्यो र यी टुक्रा सयकडौं उल्का उडेझैं आकाशमा जताततै छरिए ॥१२॥ भूकम्पको समयमा जसरी पर्वत अचल भएर खडा रहन्छ त्यसै गरी महाकपि हनुमान् पनि यो परिघको प्रहार पर्दा अलिकता पनि विचलित भएनन् ॥१३॥ वानरश्रेष्ठ महाबली हनुमान् राक्षसको हातबाट यस प्रकारको चोट खाएपछि बलैसँग मुक्की बाँधेर घुमाउन लागे ॥१४॥ वायुसमानका पराक्रमी, तेजस्वी, महाबली हनुमान्ले निकुम्भको छातीमा ताकेर यो मुक्का चलाए ॥१५॥

यो मुक्काको चोट पर्नासाथ राक्षसको छाला फुट्यो र त्यताबाट रगत बग्न लाग्यो, बादलमा बिजुली चम्के झैं यसको शरीरबाट तेज निस्कन लाग्यो ॥१६॥ यस प्रहारले निकुम्भ विचलित ता भयो तर चाँडै नै आफूलाई सह्यालेर यसले महाबली हनुमान्लाई पक्रिहाल्यो ॥१७॥ हनुमान् जस्ता महाबलीलाई निकुम्भको काबूमा परेको देख्ता लङ्कावासीहरू युद्धभूमिमा बडो भयानक हल्ला मचाउनलागे ॥१८॥

राक्षसको हातमा परेको देख्ता वायुपुत्र हनुमान्लाई बडो लाज लाग्यो र यिनले वज्रसमानको एक मुक्की उसको छातीमा हिर्काए ॥१९॥ राक्षसको हातबाट छुटाएर हनुमान् झटपट पृथ्वीमा खडा भए र निकुम्भलाई समातेर उत्तिखेरै भूइँमा पछारिदिए ॥२०॥ परमसावधान वेगवान् हनुमान् झोंक्किएर निकुम्भलाई पछारीकन वारंवार पिंध्नलागे र केही बेरपछि उफ्रेर उसको छातीमा बस्न पुगे ॥२१॥ यसपछि बडो डरलाग्दोसँग गर्जिरहेको यसको टाउको आफ्ना दुवै हातले समाती बेसरी बटारेर त्यसलाई उखेलीकन फ्याँकिदिए ॥२२॥

यस प्रकारसँग वायुपुत्र हनुमान्जीले गर्जिराखेको निकुम्भलाई युद्धमा मारेपछि अत्यन्त झोंक्कि-एका दशरथपुत्र रामचन्द्र र खरको छोरो राक्षसश्रेष्ठ मकराक्षको बीचमा बडो भयानक युद्ध हुनलाग्यो ॥२३॥ निकुम्भको प्राण निस्केको देख्ता वानरहरू प्रसन्न भएर सिंहनाद गर्नलागे, दशै दिशा शब्दाय-मान हुन थाल्यो, पृथ्वी कम्पायमान हुनलागिन्, आकाश पृथ्वीमा खस्ने हो कि जस्तो देखिनलाग्यो र राक्षसी सेनामा डरले डेरा जमायो ॥२४॥

सर्ग–७८

मकराक्ष युद्ध गर्नाको लागि निस्कन्छ ।

निकुम्भ र कुम्भ मारिएको सुन्दा अतिरिसाहा रावण आगोझैं जल्नलाग्यो ॥१॥ क्रोध र शोकले गर्दा आकुल व्याकुल परेको रावण, ठूला ठूला आँखा भएको, खरको छोरो मकराक्षलाई आज्ञा दिन लाग्यो ॥२॥ हे पुत्र ! मेरो आज्ञाले फौज साथमा लिएर जाऊ र वानरहरूको साथसाथै राम, लक्ष्मण-लाई मारिदेऊ ॥३॥

रावणको कुरा सुनेपछि, आफूलाई शूरो सम्झने; खरको छोरो, ढीठ मकराक्षले "हुन्छ" भनेर राव-

णको आज्ञा स्वीकार गऱ्यो ॥४॥ रावणलाई प्रणाम गरेर र उसको प्रदक्षिणा गरी महाबली मकराक्ष राक्षसराजको आज्ञाले आफ्नो रमणीय महलबाट निस्क्यो ॥५॥

खरको छोरोले आफ्नो नजीक उभिराखेको सेनाको नायकलाई झट्टै रथ तैयार पार्न र फौज आफूकहाँ लिएर आउन आज्ञा दियो ॥६॥ खरको छोराको आज्ञा सुन्नेबित्तिकै सेनाध्यक्ष राक्षसले तुरुन्तै रथ र सेना उसको सामुन्ने उपस्थित गरायो ॥७॥

यस राक्षसले रथको प्रदक्षिणा गरिसकेपछि सारथिलाई झट्टै रथ युद्धक्षेत्रमा लिएर जाऊ भन्ने आज्ञा सुनायो ॥८॥

अब मकराक्ष आफूकहाँ जम्मा भएका सबै राक्षसलाई भन्नलाग्योः—हे राक्षसहो ! तिमीहरू सबैले मेरो सामुन्नेमा वानरहरूसँग युद्ध गर। राक्षसराज महात्मा रावणले मलाई युद्धक्षेत्रमा राम, लक्ष्मण दुवैलाई मार्ने आज्ञा दिएका छन् ॥९-१०॥ तसर्थ हे राक्षसहो ! म आफ्ना उत्तम उत्तम बाण चलाएर राम, लक्ष्मण, वानर सुग्रीव र अरू अरू वानरलाई मारिदिनेछु ॥११॥ जसरी आगोले सुकेको घाँसलाई डढाइदिन्छ त्यसै गरी म पनि आज शूलको प्रहार गरेर वानरहरूको विशाल फौजलाई जलाइदिनेछु ॥१२॥

मकराक्षका यी कुरा सुनेपछि हात हातमा किसिम किसिमका अस्त्र शस्त्र लिएका यी जम्मै महाबली राक्षसहरू युद्ध गर्न भनी तय्यार भए ॥१३॥ यी राक्षसहरूको कपालको रौं खुइलिएको थियो। देख्तैमा डरलाग्ने अनुहार परेको थियो र मतवाला हात्तीले झैं आवाज गर्दथे। ठूला दाँत र पहेंलो आँखा भएका यी निष्ठुरी राक्षसहरू इच्छाअनुसारको रूप धारण गर्न सक्तथे ॥१४॥ बडेमानको जीउ भएका यी राक्षसहरू विशाल शरीर भएको मकराक्षलाई घेरेर प्रसन्नतासाथ खुट्टाको मच्कोले पृथ्वीलाई कम्पायमान गराउँदै अगाडि बढ्नलागे ॥१५॥

यस समयमा हजारौं शंख, नगाडा बज्नलागेको आवाज र वानरहरूले खेले उफ्रेको ठूलो कोलाहल सुनिनलाग्यो ॥१६॥ तर यस राक्षसको सारथिको हातबाट एक्कासि कोडा भूइँमा खस्न पुग्यो र ध्वजा पनि अकस्मात्सँग तल झऱ्यो ॥१७॥ यसको रथमा जोतिएका घोडाहरूको बल हराएर गयो, केही टाढासम्म यिनीहरू खुट्टा लरबराएर हिंडे, तर पछि ता निदाउरो मुख लगाएर आँखाबाट आँसु झार्दै हिंड्न थाले ॥१८॥ यो मूर्ख भयानक राक्षसले प्रस्थान गर्दाखेरि रूखो, भयङ्कर हावा धूलोको साथसाथै बहनलाग्यो ॥१९॥ तर यी महाबली राक्षसहरू यस्ता अपशकुनपट्टि ख्यालै नराखेर राम, लक्ष्मण भएको ठाउँतिर जानलागे ॥२०॥ मेघ, हात्ती र भैंसीको शरीरको जस्तो रंग भएका, अनेक बाजि युद्धमा गदा र तरवारको चोट शरीरमा परिसकेका, युद्धविद्यामा सिपालु भएका यी राक्षसहरू म पहिले लड्दछु, म पहिले लड्दछु, भन्दै रणभूमिमा भ्रमण गर्नलागे ॥२१॥

सर्ग—७९

रामको हातबाट मकराक्ष मर्दछ ।

मकराक्षलाई युद्ध गर्नाको निम्ति लङ्काबाहिर निस्केको देखेपछि वानरहरू कुद्दै उफ्रँदै युद्ध गर्ने इच्छाले झटपट तय्यार भइहाले ॥१॥ यसपछि देवता र दानवहरूको युद्ध जस्तै वानर र राक्षसहरूमा रोमाञ्च गराउने घनघोरको युद्ध हुनलाग्यो ॥२॥ रूख, शूल, गदा, परिघ आदिको फ्याँकाफ्याँक गरेर वानर र राक्षसहरू परस्पर एउटाले अर्कोलाई मार्नलागे ॥३॥ शक्ति, तरवार, गदा, भाला, तोमर, पट्टिश, भिन्दीपाल, बाणवर्षा, पाश, मुद्गर, दण्ड तथा अरू अरू किसिमका शस्त्रको प्रहार गरेर राक्षसहरू वानरहरूलाई मार्नलागे ॥४-५॥ खरको छोरो मकराक्षको बाणवर्षाले यस प्रकारसंग पीडित भएका वानरहरू डरले आकुल व्याकुल परी हडबडाउँदै यताउति भाग्नलागे ॥६॥ वानरहरूलाई भाग्नलागेको देख्ता जित हुनलाग्यो भन्ठानेर राक्षसहरू दङ्ग परी घमण्डले सिंह गर्जेझैं गर्जनलागे ॥७॥ वानर-हरूलाई यस प्रकारसंग जतातत्तै भाग्नलागेको देख्ता रामचन्द्रले बाणको वृष्टि गराएर राक्षसहरूलाई रोकिदिए ॥८॥

आफ्ना राक्षसहरूलाई बाणले रोकिएको देख्ता मकराक्ष निशाचर क्रोधाग्निले प्रज्वलित भई यस्तो कुरा भन्नलाग्यो ॥९॥ हे राम ! पर्ख, तिम्रो साथमा मेरो द्वन्द्वयुद्ध हुनेछ, आफ्नो धनुबाट तीखा तीखा बाण चलाएर तिम्रो प्राणको संहार गरिदिनेछु ॥१०॥ दण्डकारण्यमा मेरा पिताको संहार गरेको वेलादेखि, राक्षसहरूको वध गर्ने काममा लागेको तिम्रो संझनाले मेरो क्रोध बढिराखेको थियो ॥११॥ त्यस युद्धको समयमा दण्डकारण्यमा मसित तिम्रो भेट हुन सकेन, यसै कारणले हे दुष्ट राघव ! त्यस वेलादेखि मेरो शरीरलाई रिसले पोलिराखेको छ ॥१२॥ हे राम ! आज तिमीले मेरो दर्शन पाउनु बडो खुशीको कुरा हो, जसरी भोकाएको सिंहले अरू अरू पशुको चाहना गर्दछ त्यसै गरी म पनि धेरै दिनदेखि तिम्रो चाहना गरिरहेको थिएँ ॥१३॥ आज मेरो बाणको चोटमा परेर तिमी यमपुरीतिर लाग्ने-छौ र त्यहाँ आफूले मारेका वीरहरूको साथमा बस्नेछौ ॥१४॥ हे राम ! धेरै कुरा गर्नाको केही प्रयोजन छैन, मैले भनेको एउटा कुरा सुन, आज जम्मै दुनियाँले रणक्षेत्रमा तिमीलाई र मलाई लड्न-लागेको देखून् ॥१५॥ हे राम ! गदाले, अस्त्रले अथवा हातले जेले तिम्रो युद्ध गर्ने विशेष अभ्यास छ त्यसैले मसित युद्ध गर ॥१६॥

व्यर्थमा बढेर कुरा गर्नलागेको मकराक्षको यो वचन सुनेपछि दशरथपुत्र रामचन्द्रजी हाँस्तै उसलाई जवाफ दिनलागे ॥१७॥ हे राक्षस ! शूराहरूले भन्न नहुने किसिमका अनेक कुरा गरेर किन तँ आफ्नै मुखले आफ्नो प्रशंसा गर्दछस्, विना युद्ध नगरी केवल कुरै कुराले कसैको जित हुन सक्तैन ॥१८॥ चौद्ध हजार राक्षसहरूको साथमा मैले तेरो बाबुलाई, त्रिशिरालाई र दूषणलाई दण्डकारण्यमा मारेको हुँ ॥१९॥ हे पापी ! आज तेरा प्राणको पनि संहार हुनेछ । तीखा तीखा दाँत र नंग्रा भएका गिद्ध, शृगाल र काग तेरो मासुको भोजन गरेर तृप्त हुनेछन् ॥२०॥

रामचन्द्रले भनेका यी कुरा सुनिसक्ता नसक्तैमा महाबली मकराक्ष उनीमाथि असंख्य बाणको प्रहार गर्नलाग्यो ॥२१॥ तर रामचन्द्रले पनि आफ्नो बाणको वर्षाले सुनको पखेटा भएका ती सबै बाणलाई टुक्रा टुक्रा पारेर काट्तै भूइँमा खसालिदिए ॥२२॥ अब खरराक्षसको छोरोसँग दशरथका छोराको बडो पराक्रमसाथ युद्ध हुनलाग्यो ॥२३॥ आकाशमा दोटा बादलले ठक्कर खाएझैं यिनी-हरूको धनुको टङ्कार र हातले धनुलाई तान्दै बाण चलाएको आवाज सुनिनलाग्यो ॥२४॥ देवता, दानव, गन्धर्व, किन्नर र नागहरू यो अचम्भको युद्ध हेर्न भनी आकाशमा विराजमान भए ॥२५॥ दुवैको शरीरमा जति जति बाण बिझ्दथ्यो उति उति यिनीहरूको सामर्थ्य बढ्दथ्यो, एउटाले जस्तो प्रहार गर्‍यो अर्कोले पनि उस्तै प्रहार गरेर यिनीहरू युद्धक्षेत्रमा परस्पर एउटाले अर्काको शरीरमा घाउ पार्नलागे ॥२६॥ रामको हातबाट छुटेका बाणलाई राक्षस आफ्नो बाणले काटिदिन्थ्यो त्यसै गरी राम पनि राक्षसको बाणलाई आफ्ना बाणले टुक्रा टुक्रा पारिदिन्थे ॥२७॥ बाणको वर्षाले दिशा विदिशा जम्मै टम्म भएर भरिए, आकाश र पृथ्वी यसरी छोपियो कि कतै पनि केही नदेखिने भयो ॥२८॥

केही बेरपछि महाबाहु रामचन्द्रले झोंकिएर यसको धनु भाँचिदिए र आठओटा बाण चलाएर उसको सारथिलाई मारिदिए ॥२९॥ बाणै बाणको वर्षाले रथलाई छिया-छिया पारिदिए र घोडालाई मारेर ढालिदिए । रथहीन भएकोले मकराक्ष निशाचर भूइँमा खडा भयो ॥३०॥ भूइँमा उभिराखेको राक्षसले आफ्नो हातले प्रलयकालको आगोसमानको भयङ्कर र सबै प्राणीको मनमा भय उत्पन्न गराउने शूल उठायो ॥३१॥ अरू कसैले पाउन नसक्ने किसिमको यो शूल यसले महादेवजीको तपस्या गरेर भेट्टाएको हो, यसलाई देख्तैमा मनमा त्रास उत्पन्न हुन्थ्यो, अर्को संहारास्त्रझैं यो आकाशमा प्रकाशित हुनलाग्यो ॥३२॥ यस शूललाई देख्तैमा सबै देवताहरू डरले थर्कायमान भई दशै दिशातिर भाग्न-लागे । केही बेरपछि राक्षसले जाज्वल्यमान यस बडेमानको शूललाई घुमाएर रिसै रिसले महात्मा रामचन्द्रमाथि प्रहार गर्‍यो । खरको छोरोको हातबाट छुटेको यस प्रज्वलित शूललाई आफूतिर आउन-लागेको देख्ता रामचन्द्रले चारओटा बाण चलाएर बीचैमा यसलाई काटिदिए । रामको बाणद्वारा काटिएको, सुनै सुनले सिंगारिएको यो दिव्य शूल अनेक टुक्रा भएर बडेमानको उल्का झैं पृथ्वीमा छरियो ॥३३-३५॥ गाह्रो काम पनि सजिलैसँग गर्न सक्ने रामको हातबाट यो शूल निष्फल भएको देख्ता आकाशमा रहेका सबै प्राणी वाह वाह गर्नलागे ॥३६॥ शूल काटिएको देख्ता मकराक्ष राक्षस मुक्की उजाएर "पर्ख पर्ख" भन्दै रामचन्द्रमाथि जाइलाग्यो ॥३७॥ उसलाई आफूतिर आइलागेको देख्ता रामचन्द्रले हाँस्तै आफ्नो धनुमा आग्नेयास्त्र चढाए ॥३८॥ रामचन्द्रको यस आग्नेयास्त्रको प्रहारले राक्षसको मुटु फुट्यो र संग्रामभूमिमा ढलेर यसले प्राण छोड्यो ॥३९॥

मकराक्षलाई ढलेको देख्नासाथ रामको बाणले अतिशय आकुल व्याकुल परेका सबै राक्षसहरू लङ्कातिर भाग्नलागे ॥४०॥ दशरथपुत्र रामचन्द्रको बाणद्वारा खर राक्षसको छोरो मकराक्षलाई मरेको

र वज्रको आघातले पर्वत ढलेझैं रणभूमिमा पडिराखेको देख्ता देवताहरू बहुतै खुशी भए ।।४१।।

सर्ग—८०

मेघनाद मायाबलले अन्तर्द्धान भईकन युद्ध गर्दछ ।

युद्धविजयी रावणलाई मकराक्ष मारिएको सुन्दा बहुतै रिस उठ्यो र दाँत कटकट गर्दै अबलाई के गर्ने हो भन्ने कुराको विचार मनमा लिई क्रोधपूर्वक यसले आफ्नो छोरो इन्द्रजित्‌लाई युद्ध गर्ने आज्ञा दियो ।।१-२।। हे वीर ! प्रत्यक्ष भएर अथवा परोक्ष भएर जसरी हुन्छ महाबली राम र लक्ष्मण दुवै भाइलाई मारिदेऊ, कारण तिमी बलमा उनीहरूभन्दा बर्ता छौ ।।३।। तिमीसमानको युद्ध गर्ने अर्को कोही छैन, तिमीले ता इन्द्रलाई समेत युद्धमा जितेका थियौ, के तिमी यी जाबा छोटा मानिसलाई युद्धमा जित्न सकोइनौ त ? ।।४।।

रावणले यति भनेपछि इन्द्रजित्‌ले बाबुको आज्ञा स्वीकार गऱ्यो र यज्ञभूमिमा गएर विधिपूर्वक होम गर्नलाग्यो ।।५।। इन्द्रजित् जुन ठाउँमा आगोमा हवन गर्नलागेको थियो सोही ठाउँमा रातो पगडी पहिरेका अनेक राक्षस जातिका आइमाई आएर बडो सावधानीसँग यज्ञको सेवा गर्नलागे ।।६।। यिनीहरूले पहिलेझैं शस्त्र, शरपत्र, बयरको काठ, रातो कपडा, र फलामको सुवा इत्यादि सबै चीज त्यहाँ ल्याएर राखिदिए ।।७।। यसपछि इन्द्रजित्‌ले तोमरस्वरूप शरपत्रले आगो सल्काई एउटा कालो जीउँदो बोकोको घाँटीसमातेर त्यसलाई आगोमा होमिदियो । होम गर्दा गर्दैमा शरपत्रमाथि फैलिइ-राखेको आगोबाट धूवाँ नभएको आगोको ज्वाला निस्कनलाग्यो र यस ज्वालामा विजयको सूचना दिने किसिम किसिमका अनेक चिह्न देखिन लागे ।।८–९।। खारिएको सुनको जस्तो वर्ण भएको आगोको ज्वाला दक्षिणतिरबाट उठेर स्वयं इन्द्रजित्‌ले दिएको आहुति ग्रहण गर्नलाग्यो ।।१०।। अग्निमा हवन गरेर देवता, दानव र राक्षसहरूलाई तृप्त गरिसकेपछि यो अन्तर्धान हुन सक्ने खूब राम्रो रथमा सवार-भयो ।।११।। चार घोडा जोतिएको, उत्तम रथमा सवार भएको, तीखा तीखा बाण चढाएर बडेमानको धनु लिइराखेको इन्द्रजित् यस समयमा बडो शोभायमान देखिनलागेको थियो ।।१२।। इन्द्रजित्‌को शरीर सुवर्णमय वस्त्र र आभूषणले शोभायमान थियो र यसको रथ मृग, चन्द्रमा र अर्धचन्द्रको चित्रले सिंगारिएको थियो ।।१३।। बल्दो आगोको ज्वाला जत्तिकै टलक भएको, सुनको डाँठ भएको यसको ध्वजा थियो र यसमा ठाउँ ठाउँमा वैदूर्यमणि जडिराखेको थियो ।।१४।।

सूर्यको जस्तो प्रकाश भएको ब्रह्मास्त्रद्वारा यसको रक्षा भइराखेको थियो, अतएव यो महाबली इन्द्रजित् अहिले अजेय देखिनलागेको थियो ।।१५।। युद्धविजयी इन्द्रजित् यस प्रकारसंग आगोमा होम गरेर शहरबाहिर निस्क्यो र आफूलाई कसैले नदेख्ने गरी राक्षसमन्त्रीहरूलाई भन्नलाग्यो ।।१६।। यी दुवै भाइ व्यर्थै वनमा आएछन् कारण म आजै यिनलाई मारेर पिताजीलाई विशेष विजयको प्राप्ति

गराउनेछु ।।१७।। आज म राम लक्ष्मणलाई मारेर तथा पृथ्वीलाई वानरशून्य गराएर पिताजीलाई खूब खुशी पार्नेछु । यति भनेर इन्द्रजित् अन्तर्धान भयो ।।१८।।

यसपछि इन्द्रजित्, रावणको आज्ञाले झोंकिंदै रणभूमिमा आयो । हातमा तीखा तीखा अस्त्र शस्त्र लिएकोले यो इन्द्रको शत्रु पहिलेभन्दा पनि बर्ता क्रूर देखिनलागेको थियो ।।१९।। इन्द्रजित्ले वानरहरूको बीचमा तीनओटा फणा भएको सर्पझैं पराक्रमी राम लक्ष्मणलाई उभिइराखेको र बाणको वर्षा गर्नलागेको देख्यो ।।२०।।

इन्द्रजित्ले यिनीहरूलाई देख्नेबित्तिकै चिनिहाल्यो र धनुमा तांदो चढाएर, जसरी बादलले जलको धारा वर्षाउँछ त्यसै गरी निरन्तर बाणको वर्षा गर्नलाग्यो ।।२१।। आकाशगामी रथमा सवार भई यो वीर आफूलाई कसैले नदेख्ने गरी तीखा तीखा बाण चलाएर राम, लक्ष्मणको शरीर छेड्न-लाग्यो ।।२२।।

दुवै भाइ यसको बाणले गर्दा बाँधिए जस्तो भए अर्थात् यिनको शरीरमा जताततै बाणै बाण देखिन-लाग्यो । अब ता यी राम लक्ष्मण पनि धनु उठाएर दिव्यास्त्रको प्रयोग गर्नलागे ।।२३।। महाबली राम, लक्ष्मणले बाणै बाणले आकाशलाई ढाकिदिए, तर सूर्यसमानको प्रकाश भएका यिनका तीखा तीखा बाणले इन्द्रजित्को शरीरलाई छुनसम्म पनि सकेनन् ।।२४।। किनकि यो राक्षस मायाबलले, धूँवासमानको अन्धकारले आकाशैलाई ढाकेर लुकिराखेको थियो; यस समयमा जम्मै दिशा कुइरो लाग्नाले टम्म भइराखेका जस्ता देखिएका थिए ।।२५।। धनुषबाट बाण छुट्ताखेरि ताँदोबाट आवाज निस्कन्थ्यो, रथको घरघर तथा घोडाको टापको आवाज सुनिन्नथ्यो, यताउति भ्रमण गरि-राखेको इन्द्रजित् पनि कतै देखा पर्दैनथ्यो ।।२६।। यस्तो घनघोरको अन्धकारमा महाबाहु इन्द्रजित् पत्थरको वृष्टि झैं अचम्मको बाणको वृष्टि गर्नलाग्यो ।।२७।। सूर्यको जस्तै प्रकाश भएका, वरदानमा पाइएका बाणले क्रुद्ध इन्द्रजित् युद्धक्षेत्रमा रामचन्द्रको जम्मै शरीर छेड्नलाग्यो ।।२८।। जसरी पर्वतले जलको धारालाई सहन्छ त्यसै गरी यिनीहरू पनि यसको बाणवृष्टिलाई खपेर सुनको पखेटा लागेका तीखा तीखा बाण चलाउनलागे ।।२९।। कङ्कपक्षीको जस्तो पखेटा लागेका, रामचन्द्रका बाण आकाशमा इन्द्रजित्को शरीर छेड्दै रगतमा मुछिंदै तल भूइँमा खस्नलागे ।।३०।। नरश्रेष्ठ राम, लक्ष्मण इन्द्रजित्को बाणवृष्टिले बहुतै झोंक्किए र यसले चलाएका बाणलाई भालाले काट्नलागे ।।३१।। राम, लक्ष्मण इन्द्रजित्लाई देख्न नसकेकोले जताबाट यसका तीखा तीखा बाण आउँथे त्यतैपट्टि आफू पनि उत्तम उत्तम अस्त्रको प्रयोग गर्दथे ।।३२।।

अतिरथ इन्द्रजित् पनि सबै दिशातिर रथ घुमाउँदै फूर्तिसाथ अस्त्रको प्रयोग गरिरहेका राम लक्ष्मणलाई तीखा तीखा बाण चलाएर व्याकुल पार्नलाग्यो ।।३३।। सुनका पखेटा लागेका इन्द्रजित्का तीखा तीखा बाण बिझेकोले राम, लक्ष्मण यस समयमा फूल फुलिराखेका पलाशका रूख जस्तै देखिनलागेका थिए ।।३४।। इन्द्रजित्को वेग, रूप, धनुष, र बाणलाई कसैले देख्न सक्तैनथ्यो,

यो कहाँ छ सो पत्तो पाइन्नथ्यो, जसरी बादलले ढाक्ता सूर्य अदृश्य हुन्छन् त्यसै गरी यो पनि अदृश्य भइराखेको थियो ॥३५॥

यस युद्धमा अनेक वानर घाइते भए र सयकडौं प्राण छोड्दै भूइँमा लडे ॥३६॥

आखिरमा लक्ष्मण झोंक्किएर दाजुलाई भन्नलागे—अब म समस्त राक्षसहरूको वधको निम्ति ब्रह्मास्त्रको प्रयोग गर्दछु ॥३७॥

शुभलक्षणले युक्त भएका लक्ष्मणलाई रामचन्द्रजी भन्नलागे—एउटाका लागि पृथ्वीका समस्त राक्षसहरूलाई मार्न उचित पर्दैन ॥३८॥ युद्ध गर्न नलागेको, लुकिराखेको, हात जोडेर शरण पर्न आएको, भाग्नलागेको अथवा वहुलाएको यी कसैलाई पनि मार्न ठीक पर्दैन ॥३९॥ तसर्थ हे महाबाहो ! म यसैलाई नै मार्ने प्रयत्न गर्दछु, अतएव विशालु साँपसमानका बडा बडा भयङ्कर अस्त्रको अब हामी प्रयोग गरौं ॥४०॥ आफ्नो रथलाई लुकाइराख्ने, यो छोटो मायावी राक्षस देखापरेको भए वानरसेनापतिहरूले समेत यसलाई मार्न सक्तथे ॥४१॥ यो इन्द्रजित् पृथ्वी अन्तरीक्ष, आकाश, पाताल जहाँसुकै लुकोस् , मेरो अस्त्रले भस्म भईकन यसले प्राण त्याग गरी भूइँमा खस्नुपर्नेछ ॥४२॥

यस प्रकारसँग गम्भीर अर्थले युक्त भएको वचन भनिसकेपछि वानरहरूले घेरिराखेका महात्मा रामचन्द्र, भयानक, घातक राक्षसहरूको वधको निम्ति अनेक प्रकारले उपाय विचार गर्नलागे ॥४३॥

सर्ग—८१

मेघनाद वानरहरूको अगाडि मायाको सीतालाई काट्नछ ।

महात्मा रामचन्द्रको आफूलाई मार्नाको निम्ति कुनै न कुनै प्रबल अस्त्रको प्रयोग गर्ने मनसाय बुझेपछि इन्द्रजित् युद्ध गर्न छोडेर लङ्कापुरीभित्र पस्यो ॥१॥ महाबली कुम्भकर्ण आदि गरिएका राक्षसहरूको मृत्यु भएको सम्झेर रिसले आँखा रातो रातो तुल्याएको वीर इन्द्रजित् फेरि लङ्काबाहिर निस्क्यो ॥२॥ रावणको छोरो, देवताहरूको शत्रु, महाबली इन्द्रजित् राक्षसहरूलाई साथमा लिई लङ्काको पश्चिम ढोकाबाट बाहिर निस्क्यो ॥३॥ राम, लक्ष्मण दुवै भाइलाई अत्यन्त उत्साहित भएर युद्धको निम्ति तैयारी गर्नलागेको देख्ता इन्द्रजित्ले माया रच्ने विचार गर्‍यो ॥४॥ बडेमानको सेनाले घेरिएको यसले मायाको सीतालाई आफ्नो रथमा राख्यो, यी सीताको वध गर्ने यसको इच्छा थियो ॥५॥ यस दुष्टले सबैलाई भ्रममा पार्ने निश्चय गरेको थियो अतएव मायाकी सीताको वध गर्नाका लागि वानरहरू भएतिर हिंड्यो ॥६॥

उसलाई आफूतिर आउनलागेको देख्ता सबै वनवासी वानरहरू झोंक्किएर युद्ध गर्ने इच्छाले हात हातमा ढुङ्गा लिई उतिर दगुरे ॥७॥ अरूले उचाल्न नसक्ने, पर्वतको बडेमानको टाकुरा बोकेर वानरश्रेष्ठ हनुमान् यी सबैको अगाडि हिंड्नलागे ॥८॥ यिनले इन्द्रजित्को रथमा सीतालाई देखे; यिनी झ्याउरी, एउटा चुल्ठो बाटेकी, दुब्लाएकी र उपवासले गर्दा निदाउरी भइराखेकी थिइन् ॥९॥

रामकी प्राणप्यारी जानकीले केवल एउटा मैलो वस्त्र पहिरेकी थिइन्, राम्रो अनुहारकी भए तापनि धूलोले यिनको शरीरको जम्मै सौन्दर्यलाई छोपिराखेको थियो ॥१०॥ हनुमान्‌ले केही दिन अघि सीतालाई देखेका हुनाले एक्कै छिन हेर्दैमा यिनी सीता हुन् भनेर चिने ॥११॥ मनमा आनन्दको लेशमात्र पनि नभएकी, शोकले व्याकुल परेकी दुःखिनी सीतालाई इन्द्रजित्‌को साथमा रथमा बसेको देख्ता इन्द्रजित्‌को के अभिप्राय होला भनी हनुमान् विचार गर्नलागे र फेरि यी वीर वानरहरूलाई साथमा लिई उसमाथि जाइलागे ॥१२-१३॥

वानरी सेनालाई आफूतिर आउनलागेको देख्ता इन्द्रजित्‌लाई खूबै झोंक चल्यो र झटपट तरवार झिकेर सीताको घाँटी समाती आफूतिर तान्नलाग्यो ॥१४॥

मायाको प्रभावले बनेकी रथमा बसिराखेकी, राम राम रटिराखेकी सीतालाई यो राक्षस सबै वानरहरूको सामुन्नेमा नै मार्नलाग्यो ॥१५॥

सीताको कपालका रौं समातेको देख्ता वायुपुत्र हनुमान् बहुतै दुःखित भए र आँखाबाट शोकको आँसु बगाउनलागे ॥१६॥ सर्वाङ्गसुन्दरी, रामकी प्राणप्यारी महारानीलाई यस्तो अवस्थामा परेको देख्ता यिनी झोंक्किएर इन्द्रजित्‌लाई भन्नलागे ॥१७॥ हे दुरात्मन् ! तँ आफ्नै नाश गराउनाका लागि यिनको चुल्ठो तानिरहेको छस्, हेर, ब्रह्मर्षि वंशमा उत्पन्न भएर पनि तैंले राक्षस हुनुपरेको छ ॥१८॥ स्त्रीहत्यामा तत्पर हुने तेरो बुद्धिलाई धिक्कार छ, तँ निष्ठुरी, अनार्य, दुराचारी, छोटो र पापी होस्, यस्तो नहुँदो होस् ता यस किसिमको घृणित काम गर्नामा कदापि तेरो बुद्धि लाग्ने थिएन ॥१९॥ हे निर्दयी ! हेर्, यी सीता घरदेखि, राज्यदेखि, र रामदेखि बिछोड भएकीले आफैं दुःख पाइराखेकी छन्, यिनले तेरो के बिगार गरेकी छन् कि तँ यिनलाई मार्न खोज्दछस् ॥२०॥ सीतालाई मारेपछि तँ धेरै कालसम्म जीउँदो रहन पाउनेछैनस्, हे निर्दयी ! यस कामले गर्दा तेरो चाँडै नै मृत्यु हुनेछ, कारण तँ अहिले मेरो हातमा परेको छस् ॥२१॥ महापापीहरूसमेत जुन लोकको निन्दा गर्दछन् र त्यहाँ जान चाहन्नन्, स्त्रीहत्या गरेकोले तैंले यहाँ प्राण छाडेर त्यही लोकमा जानुपर्नेछ ॥२२॥

यति भन्नेबित्तिकै अस्त्रधारी वानरहरूलाई साथमा लिइराखेका हनुमान्‌ले झोंक देखाएर राक्षसराजको छोरोमाथि आक्रमण गरिहाले ॥२३॥ महाबली वानरहरूको सेना आफूतिर आउनलागेको देख्ता इन्द्रजित्‌ले अत्यन्त क्रोधी राक्षसहरूको सेनाद्वारा त्यसलाई रोक्न लगायो ॥२४॥ हजारौं बाणको प्रहारले वानरी सेनालाई व्याकुल पारेर इन्द्रजित् वानरश्रेष्ठ हनुमान्‌लाई यस प्रकारसँग भन्नलाग्यो ॥२५॥ सुग्रीव, राम र तिमी जसका लागि यहाँ आइराखेका छौ तिनै सीतालाई आज म तिमीहरूको सामुन्नेमा मारिदिन्छु ॥२६॥ हे वानर ! यिनलाई मारिसकेपछि राम, लक्ष्मण, सुग्रीव र त्यो अनार्य विभीषणको साथसाथै तँलाई समेत मारिदिनेछु ॥२७॥ हे वानर ! स्त्रीहरूलाई मार्न हुन्न भन्ने जो कुरा तैंले भनिस् त्यसमा म यो जवाफ दिन्छु कि जसो गर्नाले शत्रुलाई दुःख हुन्छ सो काम गर्नामा केही पाप छैन ॥२८॥

हनुमान्लाई यति कुरा सुनाएर इन्द्रजित् आफैंले तीखो धार भएको तरवार रोइराखेकी मायामयी सीतामाथि चलायो ॥२९॥ मेवनादको हातको प्रहार पर्नासाथ, पातलो कम्मर भएकी, हेर्दैमा मनलाई आनन्द गराउने सीता यज्ञोपवीत लगाउने ठाउँमा अर्थात् बीचमा काटिएर पृथ्वीमा ढलिहालिन् ॥३०॥

सीतालाई मारिसकेपछि इन्द्रजित् हनुमान्लाई भन्नलाग्यो—देख्यौ, मैले अस्त्रको प्रहार गरेर रामकी प्राणप्यारीलाई मारिदिएँ, सीता नै मरेकी हुनाले अब तिमीहरूको सबै परिश्रम निष्फल हुनेभयो ॥३१॥

आफ्नै हातले बडेमानको तरवार चलाएर सीतालाई मारिसकेपछि इन्द्रजित् मनमा दङ्ग परेर रथमा सवार भयो र चर्को स्वर झिकेर सिंहनाद गर्नलाग्यो ॥३२॥ नजीकैमा उभिराखेका वानरहरूले आकाशरूपी किल्लामा रक्षित भएर रहेको इन्द्रजित्ले मुख बाएर निकालेको शब्द सुने ॥३३॥

रावणको छोरो दुष्ट मेघनाद मायावी सीतालाई मारेर प्रसन्न भयो । यसलाई दङ्ग परेको देख्ता वानरहरू दुःखित भएर चारैतिर भाग्नलागे ॥३४॥

सर्ग—८२

वानरहरूसंग केही बेर युद्ध गरेर इन्द्रजित् निकुम्भिलामा यज्ञ गर्न जान्छ ।

इन्द्रको वज्रसमानको यो भयङ्कर गर्जन सुन्दा वानरहरू दशै दिशातिर नजर दौडाउँदै बडो वेगसाथ भाग्नलागे ॥१॥ निदाउरो मुख लगाएका, दुःखित भएका डराएर यताउति भाग्नलागेका यी सबै वानरहरूसंग एक एक गरेर वायुपुत्र हनुमान्जी भन्नलागे ॥२॥ हे वानरहो ! तिमीहरू के कारणले युद्धपट्टिको उत्साह छाडेर निदाउरो मुख लगाईकन भाग्नलागेका हौ ? तिमीहरूको सुऱ्याइँ कहाँ गयो, शूरा कहलिएकाले यसरी भाग्न हुन्न, म युद्धक्षेत्रमा अगाडि अगाडि हिंड्छु तिमीहरू मेरो पछिपछि आओ ॥३॥

बुद्धिमान् वायुपुत्रले यसो भनेको सुन्दा सबै वानर मनमा प्रसन्न भए र क्रोधपूर्वक हात हातमा पर्वतका टाकुरा र रूख लिएर यिनको पछिलागे ॥४॥ यी गर्जिराखेका वानरश्रेष्ठहरू हनुमान्लाई चारैतिरबाट घेरेर युद्ध क्षेत्रमा जानलागे र राक्षसहरू भएको ठाउँमा पुगे ॥५॥ चारैतिरबाट वीर वानरहरूले घेरिराखेका हनुमान् पनि ज्वालाले प्रकाशमान भइराखेको आगो झैं शत्रुसेनालाई भस्म पार्नलागे ॥६॥ प्रलयकालका यमराज जत्तिकै भयङ्कर भइराखेका महाकपिहनुमान् वानरीसेनाको मद्दतले राक्षसहरूलाई ध्वस्त पार्नलागे ॥७॥

सीताको शोकले व्याकुल भएका हनुमान्ले, ठूलो रिसमा परेकोले, एउटा अतिशय ठूलो ढुङ्गा चलाएर इन्द्रजित्को रथमाथि फ्याँकिदिए ॥८॥ तर ढुङ्गालाई रथतिर आउनलागेको देख्नासाथ सारथिले संकेतद्वारा तालीम पाएका घोडालाई रथलाई अलि पर लैजान लगाएर यसको रक्षा गऱ्यो ॥९॥ रथमा

बसिराखेको इन्द्रजित् र सारथिलाई भेट्टाउन नसकेकोले हनुमान्ले फ्याँकेको ढुङ्गा निष्फल भई पृथ्वीलाई फोरेर भित्र पस्यो ॥१०॥ यो ढुङ्गा खस्ताखेरि राक्षसी सेनालाई ठूलो वेदना भयो, खस्ता खस्तैमा यस ढुङ्गाले अनेक राक्षसहरूलाई धूलोपीठो पारिदियो ॥११॥ गर्जना गरिरहेका, विशाल शरीरवाला सयकडौं वानर हात हातमा रूख र पर्वतको टाकुरा उजाएर इन्द्रजित् भएतिर लागे ॥१२॥ डरलाग्दो पराक्रम देखाउन सक्ने यी वानरहरू युद्धक्षेत्रमा इन्द्रजित्को सेनामाथि ढुङ्गा र रूखको घनघोरको वर्षा गर्नलागे ॥१३॥ भयङ्कर वानरहरू युद्धमा शत्रुहरूको नाश गरेर नाना प्रकारले गर्जनलागे, भयलाग्दो अनुहार परेका राक्षसहरूलाई यिनीहरू बलैले रूखै रूखको प्रहार गरेर मार्नलागे, यिनीहरूको हातबाट मरेका राक्षसहरू युद्धक्षेत्रमा छटपटाउनलागे। वानरहरूको हातबाट आफ्नो फौजको दुर्दशा भएको देख्ता इन्द्रजित्ले झोंक्किएर हतियार उठाई शत्रुसेनामा प्रवेश गर्‍यो र आफ्ना सैनिकहरूलाई आफूलाई चारैतिरबाट घेर्नलगाएर बाणको वर्षा गर्नलाग्यो ॥१४-१६॥ दृढ पराक्रमी इन्द्रजित्ले अनेक वानरहरूलाई शूल, वज्र, तरवार, पट्टिश तथा मुद्गर आदि गरिएका अस्त्र चलाएर मारिदियो र वानरहरूले पनि यस युद्धमा इन्द्रजित्का अनेक साथीहरूलाई मारिदिए ॥१७॥ महाबली हनुमान्जी हाँगा र पातसहितका सालका रूख र ढुङ्गाका प्रहार गरेर डरलाग्दो काम गर्न सक्ने राक्षसहरूलाई मार्नलागे ॥१८॥ शत्रुसेनालाई आफ्नो पराक्रमले रोकेर हनुमान् वानरहरूलाई भन्नलागेः—यस फौजसँग हामीले युद्ध गरी साध्य छैन, तसर्थ तिमीहरू सबै फर्क ॥१९॥ रामको हित चाहने हामीहरू जसका लागि प्राणको मोह छोडेर अनेक किसिमको उपाय गर्दछौं र युद्ध गर्दछौं ती जानकीको नै मृत्यु भइसक्यो ॥२०॥ यो समाचार राम, सुग्रीवलाई सुनाइदिऔं, उनीहरूले यसको बदलामा जे गर्न भन्लान् सो हामी गरौंला ॥२१॥

यति भनिसकेपछि वानरश्रेष्ठ हनुमान् सबै वानरहरूलाई साथमा लिई निर्भयसँग बिस्तारै बिस्तारै त्यहाँबाट फर्केर आए ॥२२॥ हनुमान्लाई रामचन्द्र भएको ठाउँमा जानलागेको देखेपछि दुष्ट इन्द्रजित् होम गर्नाको निम्ति निकुम्भिला देवीको मन्दिरतिर लाग्यो ॥२३॥

निकुम्भिलामा पुगेपछि इन्द्रजित् अग्निमा हवन गर्नलाग्यो। यज्ञभूमिमा यस राक्षसले हवन गर्न लागेपछि रुधिररूपी हवि खाने भएको आगो प्रज्वलित भएर उठ्यो। रगतको आहुतिले तृप्त भएको ज्वालासहितको यो आगोको यस समयमा सायङ्कालको सूर्यसमानको रातो वर्ण देखिनलाग्यो ॥२४-२५॥ विधिविधान जान्ने भएको इन्द्रजित राक्षसहरूको कल्याणको निम्ति विधिपूर्वक आगोमा हवन गर्नलाग्यो र युद्धमा नीति अनीतिको ख्याल भएका राक्षसहरू बडो स्थिर भईकन यस यज्ञलाई हेर्नलागे ॥२६॥

सर्ग—८३

सीता मारिएको सुन्दा राम मूर्च्छा पर्दछन् र लक्ष्मण यिनलाई संझाउछन्।

रामचन्द्र, राक्षस र वानरहरूको संग्रामको ठूलो कोलाहल सुनेर जाम्बवान्लाई भन्नलागे ॥१॥

हतियार चलाएको बडो भयङ्कर शब्द सुनिएकोले हनुमान्‌ले कुनै अद्भुत काम गरे होलान् जस्तो लाग्दछ ।।२।। यसकारण हे ऋक्षराज ! तिमी पनि झटपट आफ्नो फौज साथमा लिई युद्ध गर्नलागेका वानरश्रेष्ठलाई सहायता गर्न जाइहाल ।।३।।

जाम्बवान् रामचन्द्रको आज्ञा मानी आफ्नो फौज साथमा लिएर पश्चिम ढोकातिर लागे जहाँ कि हनुमान् अघि युद्ध गर्नलागेका थिए ।।४।। ऋक्षराज जाम्बवान्‌ले ता लड्दा लड्दा थाकेका वानरहरूले घेरिएका हनुमान्‌लाई फर्कनलागेको पो देखे ।।५।। हनुमान्‌ले बाटोमा भेटिएको, नीलो बादलसमानको भयङ्कर, लड्नाका लागि तैयार परेको भालूहरूको फौजलाई पनि फर्काएर ल्याए ।।६।। महायशस्वी हनुमान् भालू र वानरहरूको फौज साथमा लिई बडो दुःखित मनले राम भएको ठाउँमा पुगेर उनलाई भन्नलागे ।।७।। युद्धक्षेत्रमा हामी लडिराखेका थियौं, हाम्रो नजरको सामुन्नेमा, रावणको छोरो इन्द्रजित्‌ले सीतालाई मारिदियो ।।८।। हे शत्रुको नाश पार्ने रामचन्द्रजी ! सीताको यस्तो दुर्दशा भएको देख्ता व्याकुल र दुःखित भएर म तपाईंलाई यो वृत्तान्त सुनाउन आएको हुँ ।।९।।

हनुमान्‌को यो कुरा सुन्नेबित्तिकै रामचन्द्र शोकले मूर्च्छा परे र जरो काटिएको रूखझैं भूईंमा ढलिहाले ।।१०।। देवतासमानका रामचन्द्रलाई पृथ्वीमा लडेको देख्ता वानरश्रेष्ठहरू चारैतिरबाट उनको नजीक आएर खडा भए ।।११।। सीताको शोकले जलिराखेका रामचन्द्रलाई, अकस्मात्सँग उठेको, निभाउन नसकिने आगोमा पानी खत्याएझैं, वानरहरू कमल आदिको सुगन्धले युक्त भएको जल छर्कनलागे ।।१२।। यसपछि अतिशय दुःख मानेका लक्ष्मण आफ्ना दुवै हातले अस्वस्थ रामचन्द्रलाई समातेर युक्ति तथा अर्थले युक्त भएका यी कुरा भन्नलागे ।।१३।।

हे आर्य ! इन्द्रियलाई जित्ने र धर्मको बाटोमा हिंड्ने तपाईंलाई धर्मले अनर्थबाट रक्षा गर्न सकेन भने यो धर्मलाई निरर्थकै भन्नुपर्दछ ।।१४।। स्थावर र जङ्गम प्राणीको प्रत्यक्षरूपले दर्शन पाइने हुनाले यिनको अस्तित्व जान्न सकिन्छ तर धर्मको ता दर्शनै नपाइने हुनाले धर्म भन्ने वस्तु छँदै छैन कि जस्तो लाग्दछ ।।१५।। स्थावर प्राणी धर्मको आचरण गर्दैनन् तर तैपनि यिनीहरू सुखी छन्, जङ्गम पशुहरू पनि धर्मविरोधी छन् तापनि सुखी नै छन्, अतएव धर्मबाट सुख हुन्छ भन्ने कुरा ठीक होइन, ठीक हुँदो हो ता तपाईंसमानका धर्मात्मा मानिसले कदापि दुःख भोग्नुपर्ने थिएन ।।१६।। अधर्मबाट दुःख र धर्मबाट सुख मिल्दछ भन्ने कुरा साँचो हुँदोहो ता रावणले नरकमा जानुपर्ने हो र धर्मात्मा हुनाले तपाईंले कुनै प्रकारको दुःख भोग्नु नपर्ने हो ।।१७।। रावण पापी भए तापनि दुःखी छैन, तपाईं धर्मात्मा भए तापनि दुःखी हुनुहुन्छ, अतएव धर्म अधर्म हुन गयो र अधर्म धर्म हुन गयो अर्थात् धर्मले अधर्मको फल दिनेभयो र अधर्मले धर्मको, अतएव यिनीहरू परस्पर विरोधी देखिनलागे अर्थात् आफू आफूले दिनुपर्ने फल नदिने भए ।।१८।। धर्मले सुख पाइने र अधर्मले दुःख पाइने नियम हुँदो हो ता अधर्मपट्टि लाग्नेले सधैं दुःख पाउने थिए र धर्मपूर्वक चल्नेले सदा सुख भोग्ने थिए । धर्ममार्गअनुसार आचरण गर्नाले यिनले सुखरूपी फल अवश्यै पाउनुपर्ने हो ।।१९-२०।। तर

हे वीर ! अधर्मको आचरण गर्नेको अर्थवृद्धि भएको र धर्मात्माले दुःख भोग्नुपरेको देख्ता धर्म अधर्म यी दुवै निरर्थक देखिन्छन् अर्थात् यिनको केही काम छैन ॥२१॥ हे राघव ! अधर्मले पापकर्म गर्नेलाई मार्दछ भन्ने कुरा पनि ठीक होइन, जति क्रिया छन् यी सब तीन क्षणसम्म मात्र रहन्छन्, चौथो क्षणमा यिनको स्वयं नाश हुन्छ । अधर्मरूपी क्रिया स्वयं नाश भएपछि यसले कसलाई नाश गर्ने ? ॥२२॥ विधिद्वारा पापी नष्ट हुन्छ र यसले अरूलाई पनि नाश गर्दछ भनौं भने पनि पापको फल ता विधिले पो भोग्नुपर्ने हो, पापीले ता पाउनुपर्ने होइन । कर्मको आज्ञालाई विधि भन्दछन् जसले गर्दा सबै प्राणीले आफ्नो आफ्नो काम गर्नुपर्दछ, अतएव प्राणीले जति काम गर्दछ त्यसमा उ स्वाधीन छैन, तसर्थ कामको फल कर्त्ताले कसरी पाउन सक्तछ ? ॥२३॥ हे शत्रुनाशन ! धर्मले दुःखलाई दूर गरेको देखिएको छैन, यो कुरा अव्यक्त भए तापनि हो भन्ने मानिएको छ, यस्तो धर्म-बाट कसरी कल्याण पाउन सकिएला ? ॥२४॥ हे सज्जनश्रेष्ठ ! वास्तवमा यदि धर्म हुँदो हो ता तपाईंलाई अलिकता पनि दुःख नपर्नुपर्ने हो, यस्तो धर्मात्मा हुँदा हुँदै पनि तपाईंले कष्ट भोग्नुपरेको देख्ता धर्म भन्ने पदार्थ रहँदै रहेनछ भन्ने कुरा पो सिद्ध हुन्छ ॥२५॥ धर्म छन ता छ, तर बडो निर्धो र शक्तिहीन छ, केवल काम गर्दाखेरि बललाई सहायता गर्दछ भन्ने कुरा मानेको खण्डमा मेरो विचारले यस्तो निर्धो र शक्तिहीनको उपासना गर्नै हुन्न ॥२६॥ यदि धर्म केवल बलको अनुयायी हो भने धर्मको त्याग गरेर पराक्रमद्वारा व्यवहार गर्नुपर्‍यो, जसरी अहिले धर्ममा आरूढ भइराख्नुभएको छ त्यसै गरी अब तपाईंले पुरुषार्थको आश्रय लिनुपर्‍यो ॥२७॥ हे शत्रुतापी राजन् ! यदि सत्य वचन तपाईंको विचारमा धर्म ठहरिएको छ भने पिताले युवराज पद दिन्छु भन्दा तपाईंले पहिले ता यस कुरालाई स्वीकार गर्नुभयो, तर पछि किन त्यसको पालना गर्नुभएन ? यसो गर्नाले के तपाईंले धर्मको यथार्थ पालना गर्नुभयो त ? ॥२८॥ हे शत्रुतापी राजन् ! यदि धर्म र अधर्ममा धर्म नै प्रधान हुँदो हो ता विश्वरूपमुनिको वधरूपी अधर्म गरिसकेपछि इन्द्रले यज्ञरूपी धर्म गर्नुपर्ने थिएन, एउटैबाट काम चल्ने भए केवल धर्म नै गर्ने थिए, हत्यारूपी अधर्म कदापि गर्ने थिएनन् ॥२९॥ हे राघव ! अधर्मयुद्ध धर्मले शत्रुको नाश हुन्छ र केवल धर्मले ता धर्मात्माको मात्र नाश गर्द-छ, यसै कारणले मानिसहरू मौकाअनुसार दुवैको अनुष्ठान गर्दछन् ॥३०॥ हे राघव ! यसै कारणले मेरो विचारमा ता मौकाअनुसार काम गर्नु धर्म हो, तर तपाईंले ता राज्यको त्याग गर्नाले धर्मलाई जरैदेखि काटिदिनुभयो ॥३१॥ सम्पत्ति नै धर्मको मूल कारण हो । यता उताबाट जम्मा पारेर थुपारेको धन बढ्न थालेपछि पर्वतबाट नदीहरू बग्न थालेझैं, यस धनबाट सबै काम सिद्ध हुन थाल्दछन् ॥३२॥ जसरी गर्मीको मौसिममा सानातिना खोला नाला सुक्तछन् त्यसै गरी धन सकिनाले बुद्धि क्षीण भएको मानिसले गरेको जम्मै काम बिग्रन थाल्दछन् ॥३३॥ सुखै सुखमा पालन पोषण भएको मानिसले पहिले धनको त्याग गरेर पछिबाट सुखको चाहना गर्‍यो भने त्यो अधर्मद्वारा धन कमाउनपट्टि लाग्दछ र त्यताबाट यसमा अनेक दोष उत्पन्न हुन जान्छन् ॥३४॥

जोसित धन छ त्यसैका मित्र छन्, त्यसैका बन्धु छन्; सम्पत्तिवाला संसारमा मानिस र पण्डित ठहरिन्छ ॥३५॥ जोसित धन छ त्यही नै पराक्रमी हो, जोसित धन छ त्यही नै बुद्धिमान् हो, जोसित धन छ त्यो नै भाग्यमानी हो, त्यही नै गुणवान् हो ॥३६॥ धन त्याग गर्नाले जति दोष उत्पन्न हुन्छन् ती सब मैले भनिसकें, तर राज्यको परित्याग गरेर हे धीर ! धनको जरै उखेल्ने विचार तपाईंले किन गर्नुभएको हो सो मैले बुझ्न सकेको छैन ॥३७॥ जोसित धन छ त्यसका धर्म र कामका सबै क्रिया सिद्ध हुन्छन् अर्थात् जे काम गर्ने खोजे तापनि यसले धनको सहायताले गर्न सक्तछ, निर्धनले जत्तिकै उद्योग गरे तापनि यसको कुनै काम पूरा हुन सक्तैन ॥३८॥ हे राजन् ! हर्ष, काम, गर्व, धर्म, क्रोध, शम, दम यी सबै धनबाट नै सिद्ध हुने हुन् ॥३९॥ जुन धन नहुनाले तपस्वीहरूसमेत यस लोकमा पुरुषार्थहीन हुन जान्छन् त्यही धन तपाईंसित छैन, जसरी बादल लागेको रातमा चन्द्रमा तारा कुनै पनि देखा पर्दैनन् त्यसै गरी सुखको साधन ठहरिएको धर्म पनि आफसे आफ प्रकट हुन सक्तैन ॥४०॥ हे वीर ! पिताजीको वचनअनुसार तपाईंले वनतिर प्रस्थान गर्नुभयो र राक्षसले प्राणभन्दा पनि प्यारी तपाईंकी सीताको हरण गर्‍यो, वनमा नआउनु-भएको भए कसरी राक्षसले हर्न सक्तथ्यो ? ॥४१॥ हे वीर ! इन्द्रजित्‌ले आज हामीलाई जो दुःख दिइराखेको छ त्यस दुःखलाई म आफ्नो पुरुषार्थले दूर गरिदिन्छु, उठ्नुहोस्, चिन्ता नगर्नुहोस् ॥४२॥ हे नरश्रेष्ठ ! हे महाबाहो ! हे दृढव्रत ! महात्मा भएर पनि तपाईंले आफ्नो माहात्म्यलाई कसरी बिर्सेको होला ? ॥४३॥ पापको लेशमात्र पनि नभएका हे राजन् ! जानकीजीको वध भएको देख्ता रिस खप्न नसकेर मैले तपाईंलाई यी सब कुरा भनेको हुँ । अब म बाणको वर्षा गरेर रथ, हात्ती, घोडा तथा रावणसहितको लङ्का नगरीलाई ध्वस्त पारिदिन्छु ॥४४॥

सर्ग—८४

मेघनादलाई मार्नाको निम्ति विभीषणको सल्लाह

दाजुको माया गर्ने लक्ष्मणले यस प्रकारसंग रामचन्द्रलाई आश्वासन दिइरहेको अवसरमा सेना-लाई आफ्नो आफ्नो तोकिएको ठाउँमा राखेर विभीषण त्यहाँ आइपुगे ॥१॥ नाना प्रकारको शस्त्र अस्त्र धारण गरेका चार मन्त्रीहरूलाई साथमा लिइराखेका हुनाले गाजलसमानका काला काला हात्ती-हरूको बीचमा ठालु हात्तीको जस्तो शोभा हुन्छ त्यस्तै शोभा विभीषणको देखिनलागेको थियो ॥२॥ यहाँ पुगेपछि यिनले महात्मा लक्ष्मणलाई शोकले आकुल व्याकुल परेको र वानरहरूलाई रुनलागेको देखे ॥३॥ इक्ष्वाकुकुललाई आनन्द गराउने महात्मा रामचन्द्रलाई पनि यिनले (विभीषणले) मूर्च्छा परेर लक्ष्मणको काखमा पल्टिराखेको देखे ॥४॥ रामचन्द्रलाई लज्जित भएको र शोकले विह्वल भएको देख्ता भित्री दिलैदेखिको दुःखले दुःखित भइराखेका विभीषणले "यो के भएको हो" भनी सोधे ॥५॥ तब

ता लक्ष्मण पनि विभीषण, सुग्रीव र बानरहरूको मुखतिर हेरेर आँखाभरि आँसु गरी बिस्तारै बिस्तारै भन्नलागे ॥६॥

इन्द्रजित्ले सीतालाई मारिदियो भन्ने कुरा हनुमान्को मुखबाट सुन्नसाथ हे सज्जन ! रामचन्द्रजी मूर्च्छा पर्नुभएको छ ॥७॥

यस प्रकारसँग बोलिरहेको लक्ष्मणलाई रोकेर विभीषण मूर्च्छामा परेका रामलाई भारी मतलब भएको कुरा भन्नलागे ॥८॥

हे मनुजेन्द्र ! दुःखी हनुमान्ले तपाईंलाई जो कुरा निवेदन गरे त्यसलाई ता म समुद्र सुकाउने जत्तिकै असम्भव देख्तछु !।९॥ हे महाबाहो ! यीताको विषयमा राबणको कस्तो अभिप्राय छ सो मलाई थाहा छ, त्यसले कदापि सीताको वध हुन दिनेछैन ॥१०॥ उसको हित गर्न खोज्ने मैले अनेक बाजि सीतालाई फर्काइदिने प्रार्थना उसँग गरेको थिएँ, तर उसले मेरो कुरा मान्दै मानेन ॥११॥ साम, दान, भेद यी तीनै उपायले कसैले सीताजीको दर्शन पाउन सक्तैन भने इन्द्रजित्ले कसरी संग्राम-भूमिमा उनको दर्शन पाउन सक्यो होला ॥१२॥ बानरहरूलाई भ्रममा पारेर राक्षस इन्द्रजित् फर्केर गएछ, हे महाबाहो ! त्यस सीतालाई तपाईं मायामयी सीता सम्झनुहोस् ॥१३॥ निकुम्भिलाको मन्दि-रमा गएर त्यसले होम गर्नेछ, होम गरेर फर्केपछि इन्द्रलगायत सबै देवताहरूसितको युद्धमा समेत यो अजेय हुनेछ, अतएव बानरहरूलाई भ्रममा पार्नको निम्ति नै उसले यो जाल रचेको हो, नत्र ता बानरहरूले लड्नलागेको खण्डमा उसको यज्ञमा विघ्न पर्ने भइगयो ॥१४–१५॥ उसको यज्ञ समाप्त नहुँदैमा हामीले फौज लिएर त्यहाँ पुगिहाल्नुपर्दछ । हे राजन् ! तपाईं यो व्यर्थको ताप गर्न छाडिदिनु-होस् ॥१६॥ तपाईंले ताप लिएको देख्ता समस्त सेना दुःखी भइराखेको छ, तसर्थ स्वस्थ चित्त भईकन मनमा धैर्य लिएर यहाँ बसिराख्नुहास्, सेना सङ्गमा लिएर जानलागेका हामीहरूको साथमा लक्ष्मण-लाई पठाइदिनुहोस् ॥१७॥ हे नरश्रेष्ठ ! तीखा तीखा बाण चलाएर लक्ष्मण उसको यज्ञ कार्यमा विघ्न पार्नेछन् र अनि यो मारिन योग्य हुनेछ ॥१८॥ लक्ष्मणका गरुडसमानको वेग भएका, तीखा, रगत पिउने बाण गिद्ध आदि गरिएका अशुभ पक्षीहरूझैं उडेर त्यस राक्षसको रगत पिउनेछन् ॥१९॥ हे महाबाहो ! जसरी इन्द्र राक्षसहरूको नाशको निम्ति वज्रलाई आज्ञा दिन्छन् त्यसै गरी तपाईं पनि शुभ लक्षणले युक्त भएका लक्ष्मणलाई हाम्रो साथमा जाने आज्ञा दिनुहोस् ॥२०॥ हे मनुजश्रेष्ठ ! शत्रुलाई मार्नामा अब अलिकता पनि विलम्ब गर्न उचित पर्दैन तसर्थ जसरी इन्द्रजी दैत्यहरूको वधका लागि वज्र पठाउँछन् त्यसै गरी तपाईं पनि लक्ष्मणलाई हामीसँग पठाउनुहोस् ॥२१॥ यज्ञ समाप्त गर्न पाएको खण्डमा देवता र असुरहरूले समेत यसलाई रणभूमिमा देख्न सक्नेछैनन् ; यज्ञ समाप्त गरेर जब यो लडन थाल्नेछ तब ता देवताहरूका लागि समेत ठूलो संशय उपस्थित हुनेछ ॥२२॥

सर्ग—८५

लक्ष्मण सेनासहित मेघनादसङ्ग युद्ध गर्न निकुंभिलामा जान्छन् ।

शोकले विह्वल भएका रामचन्द्रजीले विभीषणले स्पष्टसँग भनेका कुरा सुन्न ता सुने तर त्यसको आशय बुझ्न सकेनन् ॥१॥ यसपछि शत्रुको शहरलाई ध्वस्त पार्ने रामचन्द्रजी मनमा धैर्य्य धारण गरी हनुमान्नेर बसिराखेका विभीषणलाई भन्नलागे ॥२॥ हे राक्षसराज विभीषण ! तपाईंले भन्नुभएको कुरा फेरि म एकबाजि सुन्न चाहन्छु, तपाईंको कुराको अभिप्राय के हो सो मलाई भन्नुहोस् ॥३॥

रामचन्द्रको यस्तो वचन सुनेपछि कुरा गर्नामा सिपालु भएका विभीषण आफूले भनेका कुरा फेरि दोहऱ्याएर भन्नलागे ॥४॥ हे महाबाहो ! हे वीर ! तपाईंले जुन ठाउँमा फौज राख्ने आज्ञा दिनुभएथ्यो तपाईंको आज्ञाअनुसार मैले उतिनखेरै तपाईंले भनेबमोजिम फौज राखिदिएँ ॥५॥ मैले चारैतिर समस्त सेनालाई बाँडेर राखिदिएको छु र फौजलाई सुहाउने किसिमका सेनापतिलाई पनि ठाउँ ठाउँमा खटाइदिएको छु ॥६॥ महाप्रभो ! मैले अरू केही कुरा पनि तपाईंसंग निवेदन गर्नुपरेको छ, सो पनि सुन्नुहोस्, विनाकारणले तपाईंलाई शोकमा परेको देख्ता हामीहरूको मन विह्वल भइराखेको छ ॥७॥ हे राजन् ! व्यर्थमा आइपरेको यस सन्तापलाई छोडिदिनुहोस्, तपाईंलाई चिन्तामा परेको देख्ता शत्रुहरू दङ्ग परिरहेका छन्, अतएव यस चिन्तालाई दूर गरिदिनुहोस् ॥८॥ हे वीर ! राक्षसहरूलाई मार्ने र सीतालाई पुनः प्राप्त गर्ने तपाईंको इच्छा छ भने मनमा हर्ष लिएर उद्योग गर्नपट्टि लाग्नुहोस् ॥९॥ हे रामचन्द्रजी ! म एउटा हितको कुरा भन्दछु सो सुन्नुहोस्—ठूलो फौज लिएर लक्ष्मणले हाम्रो साथ जानामा बेश छ ॥१०॥ इन्द्रजित् निकुम्भिळाको मन्दिरमा यज्ञ गर्न गएको छ, लक्ष्मण उहाँ गएर विषालु सर्पसमानका बाण आफ्नो धनुबाट चलाएर उसलाई युद्धमा मारिदिऊन् ॥११॥ यस वीर इन्द्रजित्ले तपस्याद्वारा ब्रह्माजीबाट वरदानमा ब्रह्मशिरा नामको अस्त्र र इच्छाअनुसार हिंड्ने घोडा पाइराखेको छ ॥१२॥ यो, फौजसहित निकुम्भिलाको स्थानमा गइराखेको छ, यदि यसले यज्ञ समाप्त गरेर उठन पायो भने तपाईं निश्चय संझनुहोस् कि यसले हामी सबैलाई मारिदिनेछ ॥१३॥ ब्रह्माको यस्तो वरदान छ :—हे इन्द्रशत्रो ! निकुम्भिळाको मन्दिरमा पुग्नुको अगाडि, होम सिद्धिनेभन्दा अघि तिमी आततायीसित जो युद्ध गर्न आउनेछ त्यसैको हातबाट तिम्रो वध हुनेछ ॥१४॥ हे महाबाहो ! सबै लोकका ईश्वर ब्रह्माजीले उसलाई यस प्रकारको वर दिएका छन् । हे राजन् ! यस बुद्धिमान्को यही किसिमसंग मृत्यु हुने ठहरिएको छ ॥१५॥ महाबली लक्ष्मणलाई इन्द्रजित्को वध गर्ने आज्ञा दिनुहोस्, यो मारिएपछि इष्टमित्रसहित रावण मारियो भन्ने संझनुहोस् ॥१६॥

विभीषणको कुरा सुनेपछि रामचन्द्रजीले भन्नुभयो:—हे सत्यपराक्रम ! त्यस भयानक राक्षसको माया कस्तो छ सो मलाई थाहा छ ॥१७॥ ब्रह्मास्त्रको प्रयोग जान्ने, बुद्धिमान्, महामायावी महाबली यसले युद्धमा वरुणलगायत सबै देवताहरूलाई बेहोश पार्न सक्तछ ॥१८॥ हे महायशस्वी वीर !

जसरी बादलले छोपिएका सूर्य यस ठाउँमा छन् भनेर पत्ता लगाउन सकिन्न त्यसै गरी रथमा चढेर आकाशमा भ्रमण गर्दा यो इन्द्रजित् यस ठाउँमा छ भनेर थाहा पाउन सकिन्न ॥१९॥

दुरात्मा शत्रुको माया र पराक्रम थाहा पाएकोले रामचन्द्र कीर्तिसम्पन्न लक्ष्मणलाई यस्तो कुरा भन्नलाग्नुभयो ॥२०॥ हे लक्ष्मण ! सुग्रीवको जति फौज छ त्यो सबै आफ्नो साथमा लेऊ, हनुमान् आदि गरिएका मुख्य मुख्य सेनापतिलाई संगै लैजाऊ ॥२१॥ ऋक्षपति जाम्बवान् आफ्नो सेनासहित तिम्रो साथमा जाऊन्, हे लक्ष्मण ! जाऊ, राक्षसराजको छोरो मायावी इन्द्रजित्लाई मारिदेऊ ॥२२॥ यी महात्मा राक्षसराज विभीषणलाई इन्द्रजित्को मायाको जम्मै कुरा थाहा छ, तसर्थ मन्त्रीहरूको साथ-साथै यिनी पनि तिमीसंग जाऊन् ॥२३॥

रामचन्द्रका यस्ता कुरा सुनेपछि डरलाग्दो पराक्रम देखाउन सक्ने लक्ष्मण र विभीषणले हातमा लिइराखेको धनु छोडेर अर्को उत्तम धनु उठाए ॥२४॥ यसपछि कवच, खड्ग, बाण लिएका तथा देब्रेपट्टि धनु धारण गरेका, युद्धको निम्ति तैयार परेका लक्ष्मण प्रसन्नतासाथ रामचन्द्रको चरणमा छोएर उनलाई भन्नलागे ॥२५॥

जसरी हाँस पुष्करिणी (तलाउ) मा झर्दछन् त्यसै गरी मेरो धनुबाट छुटेका यी बाण आज इन्द्र-जित्को शरीरलाई छेडेर लङ्कामा खस्नेछन् ॥२६॥ महाधनुको ताँदोबाट छुटेका यी मेरा वाणले आजै त्यस भयङ्कर राक्षसको शरीरलाई छेडेर उसलाई प्राणहीन गराइदिनेछन् ॥२७॥

इन्द्रजित्लाई मार्ने इच्छा गरिरहेका, दिव्य कान्ति भएका लक्ष्मण दाजुको अगाडि यति कुरा भनेर झट्टै त्यहाँबाट हिंडिहाले ॥२८॥ लक्ष्मणजी रामचन्द्रको पाउमा ढोग दिएर र उनको प्रदक्षिणा गरेर इन्द्रजित्द्वारा रक्षित भइराखेको निकुम्भिलाको मन्दिरतिर जान तैयार परे ॥२९॥

प्रतापी राजपुत्र लक्ष्मण दाजुबाट यात्राको शुभ आशीर्वाद पाइसकेपछि विभीषणलाई साथमा लिएर झट्टै त्यहाँबाट हिंडे ॥३०॥ हजारौं वानरलाई साथमा लिएका हनुमान् र आफ्ना मन्त्रीहरूलाई संगमा लिएका विभीषण लक्ष्मणसंग जानलागे ॥३१॥ बडो फूर्तिसाथ हिंड्नलागेका वानरहरूको ठूलो फौजले घेरिएका लक्ष्मणले जाँदाखेरि बाटोमा बसिराखेका जाम्बवान्लाई र उनको सेनालाई देखे ॥३२॥ मित्रहरूको मनलाई आनन्द गराउने लक्ष्मणले केही टाढा पुगेपछि परैबाट व्यूह बनाएर तैयार पारिराखे-को रावणको फौजलाई देखे ॥३३॥ शत्रुको विनाश पार्ने लक्ष्मण हातमा धनु भिरेर, मायाबलले युद्ध जित्ने इच्छा भएको इन्द्रजित्नेर पुगे र ब्रह्माको वरदानअनुसार उसको संहार गर्ने भनी त्यहाँ खडा भए ॥३४॥ प्रतापी राजपुत्र लक्ष्मणले विभीषण, अंगद तथा वीर वायुपुत्रलाई साथमा लिएर शत्रु-सेनामा प्रवेश गरे । यो सेना किसिम किसिमका चहकिला अस्त्र शस्त्रले गर्दा बडो शोभायमान भइराखेको थियो, रथ र ध्वजाले टम्म भरिएको थियो, बडो भयङ्कर देखिन्थ्यो, यसको यस्तो वेग होला भनेर अनुमानै गर्न सकिन्नथ्यो । जसरी मानिस घोर अन्धकारमा प्रवेश गर्दछन् त्यसै गरी वीर लक्ष्मणले यस शत्रुसेनामा प्रवेश गरे ॥३५-३६॥

सर्ग—८६

हनुमान् आदि वानरहरू मेघनादको यज्ञमा विघ्न पार्दछन् ।

शत्रुसेनामा प्रवेश गर्दाखेरि विभीषण लक्ष्मणलाई शत्रुहरूको विनाश हुने तथा आफ्नो कार्य सिद्ध गर्ने किसिम किसिमका कुरा भन्नलागे ॥१॥ बादलसमानको कालो यो राक्षसहरूको जो फौज देखिन-लागेको छ, वानरहरूले ढुगै ढुंगाको प्रहार गरेर झट्टै योसित युद्ध गरिहाल्नुन् ॥२॥ हे लक्ष्मण ! यस विशाल सेनालाई छ्यान्नव्यान्न पार्ने कोशिश गर, यो फौज यत्रतत्र लागेपछि राक्षसराजको छोरो यहाँ देखा पर्नेछ ॥३॥ इन्द्रको वज्रसमानका वाणको वर्षा गरेर शत्रुहरूलाई ढाकिदेऊ, इन्द्रजित्‌ले यज्ञ समाप्त गर्न नपाउँदैमा यो काम झट्टै गरिहाल ॥४॥ हे वीर ! यो अधर्मी, दुरात्मा, मायावीलाई झट्टै मारिहाल, यो क्रूर कर्म गर्ने रावणपुत्र इन्द्रजित् समस्त लोकको निम्ति भयानक छ ॥५॥

शुभलक्षणले युक्त भएका लक्ष्मण विभीषणको कुरा सुन्नेबित्तिकै राक्षसराजको छोरोमाथि बाणको वर्षा गर्न लागिहाले ॥६॥ रूखै रूखको प्रहार गरेर युद्ध गर्ने भएका भालु र वानरहरू पनि जम्मा भएर उभिइराखेको यस सेनामाथि जाइलागे ॥७॥ बानरी सेनालाई मार्ने इच्छाले राक्षसहरू पनि युद्धभूमिमा तीखा तीखा वाण, तरवार, शक्ति र तोमरको प्रहार गर्नलागे ॥८॥ वानर र राक्षसहरूको यो युद्ध बडो डरलाग्दो किसिमको हुनलाग्यो, यसको कोलाहल लङ्का शहरमा जताततै गुञ्जायमान हुन थाल्यो ॥९॥ नाना किसिमका अस्त्र, शस्त्र, तीखा तीखा बाण, रूख तथा फ्यांकिएका भयङ्कर पर्वतका टाकुराले गर्दा आकाश नै टम्म भएर ढाकियो ॥१०॥ डरलाग्दो अनुहार र हात भएका राक्षसहरू ठूला ठूला अस्त्र चलाएर वानर सेनापतिहरूको मनमा डर उत्पन्न गर्नलागे ॥११॥ उता वानरहरू पनि सिंगै रूख र पर्वतका टाकुरा उजाएर राक्षसहरूको सामुन्ने जाँदै रणभूमिमा यिनीहरूको संहार गर्नलागे ॥१२॥ महाबली, विशाल शरीर भएका वानर भालुहरू सँग युद्ध गर्दा गर्दैमा राक्षसहरूको मनमा ठूलो डर पस्न गयो ॥१३॥

शत्रुहरूले हायल कायल पारेकोले आफ्नो सेनालाई दुःखित अवस्थामा परेको देख्ता, दुर्धर्ष इन्द्र-जित् यज्ञ समाप्त हुनुभन्दा अघि नै आफ्नो ठाउँबाट उठ्यो ॥१४॥ यो इन्द्रजित् झोंक्किदै, निकु-म्भिला क्षेत्रमा उम्रिराखेका रूखहरूले गर्दा अँध्यारो भइराखेको ठाउँबाट बाहिर निस्क्यो र पहिलेदेखि नै घोडा जोतेर तय्यार पारिराखेको रथमा सवार भयो ॥१५॥ यस समयमा यो दोस्रो यमराजजत्तिकै भयङ्कर देखिनलागेको थियो, यसका धनु र बाण बडा डरलाग्दा थिए, गाजलको थुप्रो जस्तै यसको शरीर कालो थियो र यसका मुख, आँखा राता राता भइराखेका थिए ॥१६॥ इन्द्रजित्-लाई रथमा बसेको देख्तैमा लक्ष्मणसँग युद्ध गरिरहेको, डरलाग्दा राक्षसहरूको फौज फर्कनलागिहाल्यो ॥१७॥ यस मौकामा, शत्रुको विनाश पार्ने पर्वतसमानको विशाल शरीर भएका हनुमान् बडो अग्लो र ठूलो रूख उखेलेर शत्रुहरूमाथि धावा गर्नलागे ॥१८॥ जसरी प्रलयकालको आगोले समस्त संसारलाई डढाउँछ त्यसै गरी हनुमान् पनि अनेक रूखको प्रहार गरेर राक्षससैनिकहरूलाई मूर्च्छा पार्नलागे ॥१९॥

वायुपुत्र हनुमान्‌ले बडो वेगसँग राक्षसी सेनालाई ध्वस्त पार्नलागेको देख्ता हजारौं राक्षसहरू यिनीमाथि बाणको वर्षा गर्नलागे ॥२०॥ तीखा तीखा शूल धारण गर्ने राक्षसहरू शूलले, तरवार भिरेकाहरू तरवारले, शक्ति लिएकाहरू शक्तिले, पट्टा लिएकाहरू पट्टाले मार्नलागे ॥२१॥ अरू अरू राक्षसहरू पनि परिघ, गदा, राम्रा राम्रा भाला, गदा, सयकडौं बन्दूक, फलामका मुद्गर, डरलाग्दो भिन्दिपाल, वज्रसमानको साह्रो मुक्का, लात चलाएर पर्वतजत्तिकै अग्ला हनुमान्‌लाई चारैतिरबाट मार्नलागे, हनुमान्‌ले पनि झोंक्किएर अनेक राक्षसहरूलाई ध्वस्त पारिदिए ॥२२-२४॥

पर्वतसमानका अग्ला र निर्भय भएर शत्रुहरूको विनाश पार्नलागेका कपिश्रेष्ठ हनुमान्‌माथि इन्द्रजित्‌को पनि दृष्टि पर्न गयो ॥२५॥ यिनलाई देख्नासाथ इन्द्रजित्‌ले सारथिलाई भन्यो—जहाँ यो बानर छ त्यहीं मेरो रथ लैजाऊ, केही वास्ता नगरेर म त्यहाँ गइन भने यसले हामी सबै राक्षसलाई सिध्याई नै दिनेछ ॥२६॥ इन्द्रजित्‌ले यति भन्नासाथ सारथिले परम दुर्धर्ष इन्द्रजित् सवार भइराखेको रथ हनुमान् भएको ठाउँमा लिएर गयो ॥२७॥ उहाँ पुग्नासाथ इन्द्रजित् बाण, तरवार, पट्टा, बञ्चरो, आदिको प्रहार हनुमान्‌माथि गर्नलाग्यो ॥२८॥ यी भयङ्कर शस्त्रहरूको प्रहारको चोटलाई खपेर वायुपुत्र हनुमान् खूबसँग झोंक्किँदै उसलाई भन्नलागे ॥२९॥ रे रावण-पुत्र ! तँ वीर छस् भने मसित युद्ध गर्, वायुपुत्रको सामुन्ने परेपछि तँ जीउँदो फर्कन पाउनेछैनस् ॥३०॥ तँलाई मसित द्वन्द्वयुद्ध गर्ने अभिलाषा छ भने आइज, बाहुयुद्ध गरिहाल्। हे दुर्बुद्धे ! मेरो वेग खप्न सकिस् भने पो तँलाई राक्षसहरूमध्येको श्रेष्ठ सम्झनेछु ॥३१॥

हनुमानलाई मार्नाको निम्ति इन्द्रजित्‌ले धनु उठाएको देख्नासाथ विभीषण लक्ष्मणलाई भन्नलागे ॥३२॥ हे लक्ष्मण ! इन्द्रलाई समेत जित्ने, रावणको छोरोलाई हेर्नुहोस्, यो रथमा सवार भई हनुमान्‌लाई मार्न खोजिरहेको छ ॥३३॥ तसर्थ हे लक्ष्मण ! शत्रुहरूलाई रोक्न सक्ने, प्राणको अन्त गराउने, यी भयङ्कर बाणलाई अनौठा किसिमले चलाएर यो रावणको छोरोलाई मारिदिनुहोस् ॥३४॥

शत्रुहरूको मनमा डर उत्पन्न गराउने विभीषणले यति भनेपछि महात्मा लक्ष्मणले रथमा बसिराखेको महाबली, अजेय र पर्वतसमानको अग्लो इन्द्रजित्‌लाई देखे ॥३५॥

सर्ग—८७

मेघनाद विभीषणलाई र विभीषण पनि मेघनादलाई धिक्कार्दछन् ।

इन्द्रजित्‌को यज्ञ समाप्त हुन नपाएको देख्ता दङ्ग परेका विभीषण धनु धारण गरेका लक्ष्मणलाई यति भनिसकेपछि उनलाई साथमा लिएर हतपतसाथ अगाडि बढ्नलागे ॥१॥ केही टाढा गएपछि विभीषणले एउटा ठूलो जङ्गलभित्र पसी, लक्ष्मणलाई इन्द्रजित्‌को होमको काम देखाए ॥२॥ रावणका भाइ तेजस्वी विभीषणले कालो बादलसमानको, देख्तैमा डरलाग्ने वरको रूख लक्ष्मणलाई देखाएर भन्नलागे ॥३॥ रावणको बलवान् छोरो यही ठाउँमा भूतहरूलाई बलि चढाएर युद्ध गर्नको निम्ति निस्कन्छ

।।४।। यसै कारणले यो युद्धभूमिमा सबैको दृष्टिबाट लोप हुन जान्छ र उत्तम उत्तम बाणको प्रहार गरेर कि ता शत्रुहरूलाई बन्धनमा पार्दछ कि ता उनीहरूलाई मारि नै दिन्छ ।।५।। बली रावणपुत्र यो बरको रूखमुनि नआइपुग्दैमा आफ्नो बल्दो बाण चलाएर घोडा, सारथि र रथसहित यसको संहार पारिदिनुहोस् ।।६।। विभीषणको कुरा मानेर, मित्रहरूलाई प्रसन्न गराउने तेजस्वी लक्ष्मण त्यहीं अडिए र आफ्नो विचित्रको धनुमा टङ्कार दिनलागे ।।७।। यत्तिकैमा अग्निसमानको चहकिलो रथमा सवार भइराखेको, कवच, खड्ग, ध्वजा धारण गरेको, रावणको छोरो बलवान् इन्द्रजित् त्यहाँ देखापर्‍यो ।।८।।

यसपछि महातेजस्वी लक्ष्मण अहिलेसम्म कसैले जित्न नसकेको इन्द्रजित्‌लाई भन्नलागे—म, तिमीलाई युद्ध गर्नाको निम्ति हाँकदिइरहेको छु, तसर्थ आफूबाट हुनेसम्मको पुरुषार्थ देखाएर मसित युद्ध गर ।।९।।

लक्ष्मणको मुखबाट यति कुरा सुनिसकेपछि तेजस्वी, मनस्वी, रावणपुत्रले विभीषणलाई त्यहाँ उभिइराखेको देख्ता उनलाई कडा वचन भन्नलाग्यो ।।१०।। हे राक्षस ! तिमी यही लङ्कामा जन्मेर हुर्केका ह्वौ, मेरा पिताका साक्खै भाइ ह्वौ, काका भएर पनि तिमी किन आफ्नो छोरामाथि द्रोह गर्दछौ ? ।।११।। धर्मलाई दूषित गर्ने हुनाले र खोटो बुद्धि भएका राक्षस हुनाले तिमीमा न ज्ञातिको प्रेम छ, न मित्रताको बन्धन छ, न आफ्नो जातिको अभिमान छ, न दाजुमाथिको माया छ, न धर्मको केही विचार छ ।।१२।। हे दुर्बुद्धे ! आफ्नो बन्धुवर्गलाई छोडेर शत्रुको सेवक बन्न स्वीकार गरेकोले सज्जनहरूले तिम्रो निन्दा गर्नेछन्, तिमी ता शोचनीय अवस्थामा परेका देखिन्छौ ।।१३।। आफ्नो बन्धुवर्गमा रहनामा र अर्काको नीच गुलामी स्वीकार गर्नामा कति फरक छ सो तिम्रो छोटो बुद्धिले बुझ्न सक्तैन ।।१४।। शत्रु गुणवान् छन् र स्वजन निर्गुण छन् भने पनि निर्गुण स्वजन नै बेस हुन्, कारण शत्रु भनेको शत्रु नै हो ।।१५।। जो आफ्नो पक्ष छाडेर अर्काको पक्षमा मिल्न जान्छ त्यो आफ्नो पक्षको नाश भएपछि उनैद्वारा मारिन जान्छ ।।१६।। हे रावणका भाइ विभीषण ! तिमीमा जो निर्दयीपना देखिएको छ सो ता तिमीबाहेक हाम्रोपट्टिको कसैको पुरुषार्थबाट साध्य हुन सक्तैन, तिमीबाहेक अरू कसैबाट यो काम हुन सक्के होइन ।।१७।।

भतिजाको यस्तो कुरा सुनेपछि विभीषण उसलाई जवाफ दिनलागे—मेरो स्वभाव नजानेझैं गरी तँ किन व्यर्थमा बडबड गरिरहेको छस् ।।१८।। ए दुष्ट रावणपुत्र ! म तेरो काका हुँ, तसर्थ मेरो मान राख्नाका लागि यस्तो कडा वचन बोल्न छोडिदे, क्रूर कर्म गर्ने राक्षसहरूको कुलमा जन्मेको भए तापनि ममा मानिसहरूमा सर्वश्रेष्ठ सम्झिएको शीलनामक गुण राक्षसहरूको जस्तो छैन ।।१९।। कठोर काम मलाई निको लाग्दैन, अधर्मपट्टि पनि मेरो मन जाँदैन, म तँसित एउटा कुरा सोद्धछु, के भाइ खोटो स्वभावको भयो भन्दैमा त्यसलाई निकालिदिनु मुनासीब हो ? ।।२०।। जसरी हातमा बेह्रिएको सर्पलाई फ्याँकिदिनाले सुख हुन्छ त्यसै गरी धर्मदेखि च्युत भएको, पाप कर्म गर्ने दृढ विचार गरेकोलाई त्याग गर्नाले सुख हुन्छ ।।२१।। जसरी आगो सल्कनलागेको घरलाई मानिसले छोडि-

दिन्छन् त्यसै गरी अर्काको धन हरण गर्नामा लागेको, अर्काकी स्वास्नीमाथि बलजफ्ती गर्न खोज्ने दुरात्मालाई त्याग गर्नैमा श्रेय छ भनी बुद्धिमान्‌हरूले भनेका छन् ॥२२॥ अर्काको धन हर्नु, अर्काकी स्वास्नीमाथि हात हाल्नु, मित्रहरूको पत्यार नगर्नु यी तीन दोष मानिसलाई नाश गर्ने संझिएका छन् ॥२३॥ महर्षिहरूको भयानक बध, देवताहरूसितको विरोध, अभिमान, रिस, वैरत्व, हितेच्छुले भनेको नमान्नु यी सबै दोष प्राण र ऐश्वर्य्यलाई नष्ट गर्ने हुन् र यी सबै मेरा दाइसाहेबमा विद्यमान छन् । जसरी बादलले पर्वतलाई ढाकिदिन्छ त्यसै गरी यी दोषले उनका गुणलाई ढाकिदिएका छन् ॥२४-२५॥ यिनै सब दोषले गर्दा मैले तेरा पिता, मेरो दाजुलाई छोडेको हुँ, अबलाई ता न लङ्का शहर, न तेरा पिता, न तँ नै रहन पाउनेछस् ॥२६॥

हे राक्षस ! तँ बडो अभिमानी र अविनयी छस् , तँ बालकै छस् , अहिले कालपाशमा बाँधिए-को छस् , जे मनमा आउँछ बोल ॥२७॥ मलाई पहिले कठोर वचन भनेकोले नै तँमाथि आज यस्तो आपत्ति परेको हो । ए नीच राक्षस ! अब तँ यो वरको रूखमुनि पुग्न पाउन्नस् ॥२८॥ रामचन्द्रको तिरस्कार गरेको हुनाले अब तँ जीउँदो रहन सक्तैनस् , नरश्रेष्ठ लक्ष्मणको साथमा रणभूमिमा युद्ध गर् , तँ मरेर यमलोकमा गएपछि देवताहरूको सन्तोषरूपी ठूलो काम पूरा हुनेछ अर्थात् तँलाई मरेको देख्ता देवताहरू खुशी हुनेछन् ॥२९॥ युद्धको निम्ति तय्यार भइराखेको विशाल सेना देखाएर आफ्ना सबै अस्त्र शस्त्र र बाणहरूको नाश गरा । लक्ष्मणको बाणको सामुन्ने परेपछि तँ प्राण बचाएर आफ्नो सेनाको साथमा कदापि फर्कन पाउनेछैनस् ॥३०॥

सर्ग—८८

मेघनाद र लक्ष्मणसितको युद्ध ।

विभीषणका कुरा सुन्दा इन्द्रजित्‌लाई हुनासम्मको रिस उठ्यो र झोंकै झोंकमा उनको सामुन्ने आएर कडा कडा वचन भन्नलाग्यो ॥१॥ सजिसजाउ भएको, काला घोडा जोतिएको बडेमानको रथमा बसेको र तरवार उजाइरहेको इन्द्रजित् यस समयमा प्रलयकालका यमराज जस्तो देखिन-लागेको थियो ॥२॥ यसको हातमा विशाल, मोटो, बलियो र खूब छिटोसंग बाण चलाउने भयङ्कर धनु थियो र यसमा शत्रुहरूको नाश गर्ने भयलाग्दो बाण चढाइराखेको थियो ॥३॥ यसपछि बडेमानको धनु लिइराखेको, सिंगारिएको, शत्रुको संहार पार्ने महाबली इन्द्रजित्‌ले, हनुमानको पिठिउँमा सवार भइराखेका, प्रातःकालीन सूर्यको जस्तो कान्ति भएका लक्ष्मणलाई देख्यो र यो राक्षस विभीषण, लक्ष्मण तथा वानर सेनापतिहरूलाई भन्नलाग्यो:—

आज तिमीहरू मेरो पराक्रम देख्नेछौ, मेरो धनुबाट छुटेको, कसैले खप्न नसक्ने बाणको वर्षा आज देख्नेछौ ॥४-६॥ बादलबाट जसरी जलको धारा बर्सन्छ त्यसै गरी मेरो बडेमानको धनुबाट आज बाणको वर्षा छुट्नेछ, रणभूमिमा तिमीहरूले यसको चोट खपे, जसरी आगोले कपासको

थुप्रोलाई डढाइदिन्छ त्यसै गरी मेरा यी बाणले तिम्रा शरीरलाई खरानी पारिदिनेछन् ॥७॥ शूल, शक्ति, ऋष्टि र बाण धारण गर्ने भएको म आज तीखा तीखा बाणको प्रहारले तिमीहरूको शरीरलाई छिया-छिया पारेर तिमी सबैलाई यमराजको घर पठाइदिनेछु ॥८॥ जब म संग्रामभूमिमा बादल गर्जेझैं गर्जेर खूब छिटो छिटो बाणको वर्षा गर्नलाग्नेछु त्यस बखतमा मेरो सामुन्ने उभिराख्न कसको साहस होला ? ॥९॥ हे लक्ष्मण ! त्यस दिन रातीको लडाइँमा वज्रसमानका मेरा बाणको प्रहारले तिमीहरू दुवै भाइ पृथ्वीमा ढलेका थियौ र आफ्ना साथीहरूको साथसाथै बेहोश पनि भएका थियौ ॥१०॥ के तिमीलाई यस कुराको संझना छैन ? आज तिम्रो यमराजको घरमा जाने कुरा निश्चय भएको बुझिन्छ किनकि झोंक्किएको सर्पसमानको मसित युद्ध गर्न भनी तिमी आइराखेका छौ ॥११॥

मेघनादको यस प्रकारको गर्जना सुनेपछि लक्ष्मण जङ्गिएर तथा निर्भय भएर रावणको छोरो-लाई भन्नलागे ॥१२॥ हे राक्षस ! तिमीले जो कुरा भन्यौ त्यसको पूर्ति ता तिमीबाट हुन गाह्रो छ, आफूले भनेको कामलाई पूरा गर्न सक्नेछैनौ, जो काम गरेर आफूले भनेको कुरा सिद्ध गर्दछ त्यसैलाई बुद्धिमान् भन्नुपर्दछ ॥१३॥ हे दुर्बुद्धे ! जुन कामलाई कसैले पनि सिद्ध गर्न सक्तैन सो कामलाई तिमी आफूबाट हुन नसक्ने भए तापनि कुरै कुराले गर्न सक्तछु भनेर आफूलाई कृतार्थ संझनलागेका छौ ॥१४॥ त्यस दिनको लडाइँमा लुकी लुकीकन जो काम गर्‍यौ त्यो ता चोरहरूले गर्ने काम हो, वीर मानिसले कदापि यस्तो काममा हात हाल्नेछैनन् ॥१५॥ हे राक्षस ! जसरी म आज तेरो बाणको बाटोमा उभिराखेको छु त्यसै गरी तँ पनि मेरो अगाडि आएर आफ्नो पराक्रम देखा व्यर्थमा किन सेखी गरिरहन्छस् ॥१६॥

लक्ष्मणले यति भन्नासाथ महाबली, युद्धविजयी इन्द्रजित् भयलाग्दो धनु हातमा लिएर तीखा तीखा बाण चलाउनलाग्यो ॥१७॥ मेघनादको हातबाट छुटेका, सर्पको विषको जत्तिकै वेग भएका बाण लक्ष्मणको शरीरमा लाग्दै, सर्पले फ्वाँ फ्वाँ गरेझैं भूइँमा खस्नलागे ॥१८॥ रावणको छोरो वेगवान् इन्द्रजित् शीघ्रगामी वाण चलाएर युद्धमा शुभलक्षणले युक्त भएका लक्ष्मणलाई धमाधम छेड्नलाग्यो ॥१९॥ शरीरमा जतातते बाण बिझेका र रगतले नुहाए जस्ता भएका श्रीमान् लक्ष्मण विनाधूवाँको आगो जस्तै देखिनलागे ॥२०॥

केही बेरपछि इन्द्रजित् आफ्नो यो पराक्रम देखेर लक्ष्मणको अगाडि गई उभियो र बडो जोर-संग गर्जेर भन्नलाग्यो ॥२१॥ मेरो धनुबाट छुटेका, तीखो धार भएका, प्राणको अन्त गर्ने मेरा यी बाणले हे लक्ष्मण ! आज तिम्रो प्राण नलिई छोडनेछैनन् ॥२२॥ हे लक्ष्मण ! मेरो हातबाट मारिएका, प्राण निस्केका तिमीमाथि आज शृगाल, बाज र गिद्ध आदि गरिएका मांसाहरी जीव बस्नेछन् ॥२३॥ परमदुर्मति, क्षत्रियहरूमध्येको नीच अनार्य रामले आजै आफ्नो भक्त भाइलाई मेरो हातबाट मरेको देख्नुपर्नेछ ॥२४॥ मेरो हातबाट मारिएपछि तिम्रो कवच ध्वस्त भएर भूइँमा झर्नेछ, धनु काटिएर जतातते छरिनेछ र टाउको काटिएर शरीरदेखि छुट्टिनेछ; रामले आज तिम्रो यो दशा देख्नुपर्नेछ ॥२५॥

यस प्रकारसंग कठोर वचन भनिरहेको इन्द्रजित्‌लाई अर्थ जान्ने भएका लक्ष्मण क्रुद्ध भई युक्ति-युक्त कुराले जवाफ दिनलागे ॥२६॥ हे क्रूरकर्म गर्ने खोटो बुद्धि भएको राक्षस ! बडबड गर्न छोडिदे, यस्तो कुरा गर्नाको केही आवश्यकता नै छैन, काम गरेर आफूले भनेको कुरा पूरा गरेर देखाइदे ॥२७॥ हे राक्षस ! कामै नगरीकन किन तँ व्यर्थमा आफ्नो प्रशंसा गर्दछस्, तँ आफ्नो यस्तो पुरुषार्थ देखा जसबाट कि तेरो कुरामा मलाई विश्वास परोस् ॥२८॥ विना कठोर वचन भनेर, विना तेरो निन्दा गरेर अथवा विना आफ्नो मुखले आफ्नो प्रशंसा गरी, हे मानिसको मासु खाने राक्षस ! म तंलाई मार्नेछु ॥२९॥

यति भनेर लक्ष्मणले पाँचओटा बडा तीखा तीखा बाण आफ्नो कानसम्म तानेर इन्द्रजित्‌को छाती ताकेर बडो वेगसंग हिर्काए ॥३०॥ राम्रो पखेटा लागेका, साँपझैं टल्किराखेका, शीघ्रगामी यी बाण राक्षसको छातीमा सूर्यको किरण जस्तो देखिनलागे ॥३१॥ लक्ष्मणको हातबाट बाणको चोट परेपछि रावण-पुत्रलाई हुनासम्मको रिस उठ्यो र यसले पनि बडो सावधानीसाथ तीनओटा बाण लक्ष्मणमाथि चलायो ॥३२॥

आफ्नो विजय होस् भनेर चाहना गर्ने नरसिंह लक्ष्मण र राक्षससिंह इन्द्रजित्‌को बीचमा यस प्रकारसंग बडो घनघोरको संग्राम शुरूभयो ॥३३॥ यी दुवै पराक्रमी, बलिया र शूरा थिए । यिनी-हरूको बल तथा तेज एकनासको थियो, यी दुवैमा एउटाले अर्कोलाई जित्न बडो गाह्रो थियो ॥३४॥ यी दुवै वीर आकाशमा रहेका दुइ ग्रहझैं लडिराखेका थिए अथवा इन्द्र र वृत्रझैं लड्नलागेका थिए भने पनि हुन्छ, युद्धमा यी दुवैमध्ये कुनै पनि परास्त होला जस्तो देखिन्नथ्यो ॥३५॥ यी दुवै महात्मा दुइटा सिंहझैं लडिराखेका थिए । यी नरश्रेष्ठ र राक्षसश्रेष्ठ रणभूमिमा अडिएर बडो प्रसन्नतासाथ अनेक बाणको वर्षा गर्दै युद्ध गर्नलागेका थिए ॥३६॥

सर्ग—८९

मेघनाद र लक्ष्मणको युद्धको अरू वर्णन (क) ।

यसपछि शत्रुघाती लक्ष्मण झोंक्किएको सर्पझैं स्वाँ स्वाँ गर्दै आफ्नो धनुमा बाण चढाएर इन्द्र-जित्‌माथि प्रहार गर्नलागे ॥३७॥ लक्ष्मणको धनुको टङ्कार सुन्दैमा इन्द्रजित्‌को मुखको रंग बदलियो र उ एक दृष्टि लगाएर लक्ष्मणतिर हेर्नलाग्यो ॥३८॥ रावणको छोरो इन्द्रजित्‌लाई झोक्रिएको देख्ता विभीषणले युद्धमा लागिराखेका लक्ष्मणलाई भने ॥३९॥ हे महाबाहो ! यो रावणको छोरोमा म जति अपशकुन देख्तछु त्यसबाट ता अवश्यै यसको हार हुने देखिन्छ, तसर्थ अब्लाई छिटो गर्नुपर्‍यो ॥४०॥

विभीषणका कुरा सुनेपछि सुमित्राका छोरा लक्ष्मण बडा विषालु सांपसमानका अतिभयङ्कर बाण

(क) सर्ग समाप्त भए तापनि युद्धको वर्णन नसकिएकोले मूल ग्रन्थमा झैं यहाँ पनि श्लोकको संख्या अघिल्लो सर्गमा मिलाएर लेखिएको छ ।

आफ्नो धनुमा चढाएर इन्द्रजित्माथि चलाउनलागे ।।४१।। इन्द्रको वज्रजत्तिकै कठोर स्पर्श भएका, लक्ष्मणको हातबाट छुटेका यी बाणको चोट पर्नाले इन्द्रजित् केही बेरसम्म मूर्च्छा पऱ्यो र यसका सबै इन्द्रिय शिथिल परेका देखिए ।।४२।। केही बेरमा होश आएपछि यसले रणभूमिमा दशरथ पुत्र वीर लक्ष्मणलाई आफ्नो अगाडि उभिइराखेको देख्यो र रिसले रातो रातो आँखा तुल्याई यिनको नजीक आएर फेरि कठोर वचन भन्नलाग्यो—पहिलेको तिमीसितको युद्धमा मैले देखाएको पराक्रमको के तिमी-लाई संझना छैन, त्यस बखतमा मैले तिमीलाई दाजुको साथसाथै बाँधिदिएको थिएँ र तिमी युद्ध क्षेत्रमा छटपटाइराखेका थियौ ।।४३-४४।।

त्यस महायुद्धमा वज्रसमानैका मेरा बाण लाग्नाले तिमी दुवै पहिले भूइँमा ढल्यौ र पछि आफ्ना साथीहरूको साथमा तिमीहरूले बेहोश परेर सुत्नुपरेको थियो ।।४५।। त्यस युद्धको शायद तिमीलाई संझना छैन क्या रे, अथवा यमराजको घर जाने तिम्रो इच्छा स्पष्टै देखिन्छ, कारण तिमी मलाई परास्त गर्न खोजिरहेका छौ ।।४६।। पहिलेको युद्धमा मेरो पराक्रम देखेका छैनौ भने सावधान भएर उभिइराख, आज म तिमीलाई आफ्नो पराक्रम देखाइदिन्छु ।।४७।।

यति भनेर यसले सातओटा बाण लक्ष्मणमाथि चलायो र तीखो धार भएका दशओटा उत्तम बाणले हनुमान्‌लाई हिर्कायो ।।४८।। यसपछि रिसले गर्दा दोब्बर उत्साहित भएको वीर्यवान् इन्द्रजित्‌ले बडो सावधानीसाथ सयओटा बाण चलाएर विभीषणलाई जताततै छेडिदियो ।।४९।।

इन्द्रजित्‌को यो बहादुरी देख्ता लक्ष्मणलाई यस विषयमा केही पनि चिन्ता परेन र हाँसेर नै यिनले भने—यो ता केही पनि भएन है ।।५०।। यसपछि नरश्रेष्ठ लक्ष्मणले जंगिएर भयङ्कर बाण जम्मा पारी निर्भयसंग इन्द्रजित्माथि चलाएर भन्नलागे ।।५१।। हे राक्षस ! युद्धमा आएका वीरले यस किसिमको प्रहार गर्दैनन् , तिम्रा बाण हलुका र निर्धा हुनाले मलाई क्लेश दिनुको सट्टामा सुख पो दिइरहेका छन् ।।५२।। युद्ध गर्ने इच्छा भएका वीरहरू यस्तो निकृष्ट युद्ध गर्दैनन् ।

यति भनेर धनुर्धारी लक्ष्मण इन्द्रजित्माथि बाणको वर्षा गर्नलागे ।।५३।। लक्ष्मणको बाण लाग्नाले इन्द्रजित्‌को सुनको कवच टुक्रा टुक्रा भएर आकाशबाट ताराहरूको समूह नै झरेको जस्तो गरेर रथमा जताततै छरियो ।।५४।। कवच ध्वस्त भएकोले इन्द्रजित्‌को शरीरमा बाणले घाउ नै घाउ पार्नलाग्यो, तसर्थ युद्धक्षेत्रमा यो राक्षस प्रातःकालको सूर्य जस्तो देखिनलाग्यो ।।५५।। यसपछि भीमपराक्रमी रावणपुत्र वीर इन्द्रजित्‌ले झोंक्किएर लक्ष्मणमाथि हजार बाणको प्रहार गऱ्यो ।।५६।। यी बाणले गर्दा लक्ष्मणको दिव्य विशाल कवच पनि छिया-छिया भयो । यस प्रकारसँग यी दुवैले झट्टै आफू-आफूमा सवालको जवाफ दिइहाले ।।५७।। स्वाँ स्वाँ गर्दै यी दुवै वीर बडो भयङ्कर युद्ध गर्नलागे, बाणले यिनीहरूको जम्मै शरीर छिया-छिया पारिदिएको थियो र रगतै रगतमा यिनीहरू भिजेका थिए, यसो भए तापनि तीखा तीखा बाण चलाएर यी दुवै वीर धेरै बेरसम्म लडि नै रहे ।।५८।। युद्ध-विद्यामा सिपालु भएका यी दुवै भयंकर विक्रमकारी महात्माहरू विजय प्राप्त गर्ने प्रयत्नमा लागेका

हुनाले परस्पर एउटाले अर्काको शरीरमा घाउ पार्नलागे ॥५९॥ दुवै वीरको ध्वजा र कवच काटिएको थियो, बाण लाग्नाले शरीरमा घाउ भइराखेको थियो र यताबाट, पर्वतको झरनाबाट पानी झरेझैं, तातो तातो रगत निस्किराखेको थियो ॥६०॥

प्रलयकालमा काला नीला बादलले पानीको वर्षा गरेझैं यी दुवै चर्को स्वर झिकेर गर्जना गर्दै घनघोरको बाणको वर्षा गर्नलागे ॥६१॥ यिनीहरूले युद्ध गर्दा गर्दैमा धेरै समय बित्न गयो तर यिनी-मध्ये न कसैले युद्ध गर्न छोड्यो न कुनै थाकेको देखियो ॥६२॥ अस्त्रवेत्ताहरूमध्येका श्रेष्ठ यी दुवै वारंवार आफ्नो युद्धकौशल देखाउनलागे र नाना प्रकारको बाण चलाएर आकाशैलाई ढाकुँला जस्तो गर्नलागे ॥६३॥ निर्दोष रीतिले बाण चलाउने भएका यी मानिस र राक्षस फूर्तिसाथ, अचम्म लाग्ने किसिमले र ठूलो सावधानीसाथ घनघोरको युद्ध गर्नलागे ॥६४॥ यी दुवै वीरको भयंकर सिंहनाद अलग्गै अलग्गै सुनिलाग्यो; जसरी बिजुली चड्केको सुन्दा मानिस डराउँछन् त्यसै गरी यिनीहरूको शब्द सुन्दा पनि सबै जना काँप्न थाले ॥६५॥ युद्धमा प्रयत्नशील भइराखेका यिनीहरूको शब्द सुन्दा भयानक दोटा बादल आकाशमा गर्जेका हुन् कि जस्तो भान पर्न जान्थ्यो ॥६६॥ सुनको पखेटा लागेका बाणले यी दुवै महाबली वीरहरूको शरीरमा घाउ नै घाउ पारिदिएको थियो र यताबाट रगत बगिराखे-को भए तापनि यी दुवै विजय र कीर्ति पाउने प्रयत्नमा लागेका थिए ॥६७॥ युद्धमा सुनको पखेटा लागेका बाण यिनको शरीरभित्र घुस्तथे र रगतमा मुछिएर बाहिर निस्कँदै भूइँभित्र पस्तथे ॥६८॥ यिनीहरूको हातबाट छुटेका अर्को थरीका तीखा तीखा बाण आकाशमा अस्त्र शस्त्रसँग ठक्कर खान पुग्दथे, यी बाण अस्त्रहरूलाई फुटालिदिन्थे अथवा हजारौं टुक्रा पारेर ध्वस्त पारिदिन्थे ॥६९॥ जसरी यज्ञमा दुइटा बल्दो आगोको नजीकमा कुशको थुप्रो लाग्दछ त्यसै गरी यस युद्धमा भयानक बाणको थुप्रो लाग्न गयो ॥७०॥ यी दुवै महात्माहरूको शरीरमा घाउ नै घाउ भएकोले यिनीहरू यस समयमा पातै नदेखिने फूलै फूलले ढाकिएका वनका पलाश र सिमलका रूख जस्ता देखिनलागे ॥७१॥ परस्पर विजयको अभिलाषा राखेका लक्ष्मण र इन्द्रजित् यस प्रकारसँग वारंवार घनघोरको कठोर प्रहार गर्न-लागे ॥७२॥ युद्धमा लक्ष्मण इन्द्रजित्माथि प्रहार गर्दथे र इन्द्रजित् पनि लक्ष्मणमाथि प्रहार गर्दथ्यो, तर यी दुवै कुनै पनि थाकेको देखिन्नथे ॥७३॥ यी दुवै फूर्तिवाल पराक्रमी वीरहरूको शरीरमा जतातते बाण गाडिएको हुनाले यस समयमा यिनीहरू रूखसहितको दुइटा पर्वतको जस्तो शोभा दिइराखेका थिए ॥७४॥ रगतमा मुछिएको बाणले ढाकिएको यिनको जम्मै शरीर बल्दो आगो जस्तो देखिन-लागेको थियो ॥७५॥ यिनीहरूले युद्ध गर्दा गर्दैमा धेरै समय बित्न गयो, तर यिनीहरूमा न कसैले युद्ध गर्न छाड्यो न कुनै थाकेको देखियो ॥७६॥

यही अवसरमा महात्मा विभीषणजी युद्धमा परास्त नभएका लक्ष्मणको लडाइँको थकाइ दूर गर्नको निम्ति, यिनको कल्याण र हित होस् भन्ने कामनाले युद्धभूमिमा उनीनेर आएर खडा भए ॥७७॥

सर्ग—९०

विभीषण र लक्ष्मणसँग मेघनादको घनघोरको युद्ध ।

परस्पर विजयको अभिलाषा गरिराखेका, मतवाला दुइटा हात्तीझैं लक्ष्मण र इन्द्रजित्‌लाई भिडिएको देख्ता, यिनीहरूको युद्ध हेर्ने इच्छाले, उत्तम धनु बाण भिरेका, बलिया, शूरा, रावणका भाइ विभीषण त्यहाँ युद्धक्षेत्रमा उपस्थित भए ॥१–२॥ यहाँ उपस्थित भएपछि यिनी आफ्नो बडेमानको धनुमा टङ्कार दिँदै राक्षसहरूमाथि तीखा तीखा महाबाणको प्रहार गर्नलागे ॥३॥ जसरी वज्रले ठूला ठूला पर्वतलाई फुटालिदिन्छ त्यसै गरी अग्निसमानको स्पर्श भएका, होशियारीसाथ चलाइएका यी बाणहरू राक्षसहरूको शरीरमाथि खसेर यिनलाई ध्वस्त पार्नलागे ॥४॥ विभीषणका साथीहरू जो स्वयं श्रेष्ठ राक्षस थिए, यिनीहरूसमेत युद्धमा शूल, तरवार र पट्टा चलाएर वीर राक्षसहरूलाई मार्नलागे ॥५॥ आफ्ना यी साथीहरूद्वारा घेरिएका विभीषण यस समयमा ढीठ हात्तीका बच्चाहरूको बीचमा ठालू हात्तीको जस्तो शोभा हुन्छ त्यस्तै शोभा दिइराखेका थिए ॥६॥

राक्षसहरूको वध गर्नामा उत्साहित भइराखेका वानरहरूलाई सम्बोधन गरेर मौकाअनुसार काम गर्न जान्ने विभीषण समयानुसारको कुरा भन्नलागे ॥७॥ हे वानरहो ! राक्षसराज रावणको यही इन्द्रजित् एकमात्र सहारा बाँकी रहन गएको छ, यो नाश भएको खण्डमा यसको जम्मै फौजसमेत नष्ट भइजानेछ, तसर्थ तिमीहरू किन यसरी निश्चिन्त भएर बसिराखेका छौ ॥८॥ युद्धमा यो पापी मारिएपछि रावणबाहेक यसको सबै सेना मारियो भन्ने संझनुपर्दछ ॥९॥ वीर प्रहस्त, महाबली निकुम्भ, कुम्भकर्ण, कुम्भ, राक्षस धूम्राक्ष, जम्बुमाली, महामाली, तीक्ष्णवेग, अशनिप्रभ, सुप्तघ्न, यज्ञकोप, वज्रदंष्ट्र , संह्रादी, विकट, अरिघ्न, तपन, मन्द, प्रघस, प्रजङ्घ, जंघ, अग्निकेतु, दुर्धर्ष, वीर्यवान् रश्मिकेतु, विद्युज्जिह्व, द्विजिह्व, राक्षस सूर्यशत्रु, नरान्तक, अकम्पन,पार्श्व, राक्षस चक्रमालि, कम्पन, सत्ववन्त यतिका महावली राक्षसश्रेष्ठहरूलाई मारेर तिमीहरूले आफ्नै बाहुबलले समुद्र पार गरिसकेका छौ, अब बाँकी राक्षसहरूलाई पनि मारेर गाईको खुर जति बाँकी रहेको यो सेनारूपी जललाई पनि पार गरिहाल ॥१०–१५॥ हे वानरहो ! युद्धक्षेत्रमा उपस्थित भएर तिमीहरूले आफ्नो बलको घमण्ड गर्ने सबै राक्षसहरूलाई मारिदियौ, अब विजय प्राप्त गर्नामा केवल यही इन्द्रजित्‌को वध गर्ने काम बाँकी रहन गएको छ ॥१६॥ आफ्नो सहोदर दाजुको छोरालाई मार्नु मेरा खातिर अनुचित हो तापनि रामचन्द्रको निम्ति दयाको त्याग गरेर म दाजुको छोराको वध गर्नेछु ॥१७॥ मलाई स्वयं आफ्नै हातले यसको वध गर्ने इच्छा ता छ, तर मेरो आँखाभरि आँसु भरिएर आउँछ तसर्थ महाबाहु लक्ष्मणले नै यसको वध गरून् ॥१८॥ हे वानरहो ! तिमीहरू अगाडि बढेर यसको अगल बगलमा उभिइराखेका राक्षसहरूलाई मारिदेओ ।

अतियशस्वी विभीषणका यस प्रकारका उत्साहपूर्ण कुरा सुनेपछि वानरहरू अत्यन्त सन्तुष्ट भए र दङ्ग परेर पुच्छर घुमाउँदै बजार्नलागे । बादल देख्ता जसरी मयूरहरू बोल्न थाल्दछन् त्यसै गरी मुख्य

मुख्य वानरहरू उफ्रँदै नाना प्रकारको शब्द झिक्नलागे ।।१९-२०।। यी सबै वानरहरू तथा आफ्ना सैनिकहरूको साथमा रहेका जाम्बवान् , यी सबै मिलेर ढुङ्गा, नङ र दाँतको प्रहारले राक्षसहरूलाई मार्नलागे ।।२१।।

भालुहरूको हातबाट आफ्नो नाश हुनलागेको देख्ता नाना किसिमको हात-हतियार लिएका महाबली राक्षसहरू पनि, तिरस्कार गर्नलागेका विभीषणपट्टिको डर छोडेर, राक्षसी सेनामाथि प्रहार गरिराखेका जाम्बवान्माथि बाण, कोदालो, तीखा तीखा पटा, डण्डा र तोमर लिएर जाइलागे ।।२२-२३।। उहिले झोंकिएका देवता र असुरहरूको बीचमा भयङ्कर शब्दसहितको जस्तो युद्ध भएथ्यो त्यस्तै भयानक सिंहनाद राक्षस वानरहरूको यस युद्धमा हुनलाग्यो ।।२४।। यही अवसरमा महावीर हनुमान्जी पनि पिठिउँमा सवार भइराखेका लक्ष्मणलाई भूइँमा राखेर, रिसै रिसले एउटा पर्वतको टाकुरा उखेलेर हजारौं दुर्धर्ष राक्षसहरूलाई मार्नलागे । शत्रुसेनाको विध्वंस गर्ने महाबली इन्द्रजित् पनि केही बेरसम्म आफ्ना काकासँग भयङ्कर युद्ध गरेर फेरि लक्ष्मण भएको ठाउँमा आइपुग्यो । युद्धको निम्ति तय्यार भइराखेका लक्ष्मण र इन्द्रजित् यी दुवै बाणको वर्षा गरेर परस्पर एउटाले अर्कोलाई चोट लगाउनलागे । जसरी वर्षाकालमा सूर्य र चन्द्रमा बादलभित्र लुक्तछन् त्यसै गरी यी दुवै महाबली लक्ष्मण र इन्द्रजित् पनि छिन छिनमा बाणजालले गर्दा अन्तर्धान हुन्थे । यिनीहरू यस्तो फूर्तिसँग काम गर्नलागेका थिए कि यिनीहरूले धनु हातमा लिएको, बाण उठाएको, धनुमा बाण चढाएको, बाण छाडेको, एउटा हातबाट अर्को हातमा धनु लगेको, धनुमा मुट्ठी बाँधेको, निशान ताकेको इत्यादि कुनै कुरा पनि यिनीहरूको हातको सफाइले गर्दा देखिन्नथ्यो । बडो वेगसँग धनुबाट छुटेका बाणले जम्मै आकाशलाई व्याप्त गरिदिए, कतै कसैको रूप नदेखिने भयो । जब लक्ष्मण मेघनादलाई ताकेर र मेघनाद लक्ष्मणलाई ताकेर बाण चलाउँथे तब ता युद्धक्षेत्रमा यो आपनोपट्टिको हो वा शत्रुपट्टिको हो भनेर बुझ्नलाई बडो गाह्रो पर्नलाग्यो । यी दुवैले अत्यन्त वेगसंग चलाएका तीखा-तीखा बाणले जम्मै आकाशलाई टम्म पारेर चारैतिर अँध्यारो गराइदिए । आकाशबाट झरेका यिनका सयकडौं तीखा तीखा बाणले जम्मै दिशा विदिशालाई व्याप्त गरेकोले चारैतिर बडो भयङ्कर अन्धकार देखिनलाग्यो ।।२५–३५।।

सूर्य अस्ताएपछि ता झन् बर्ता अँध्यारो हुन गयो र रगतका हजारौं ठूला ठूला खोला बग्नलागे ।।३६।। मासुको आहारा गर्ने गिद्ध आदि गरिएका क्रूर पक्षीहरू भयङ्कर शब्द झिकेर चिच्च्याउनलागे, यस समयमा न कतै हावा चलेको थाहा हुन्थ्यो न कतै आगो बलेको देखिन्थ्यो ।।३७।। यस्तो दुर्दशा भएको देख्ता महर्षिहरू यस उपद्रवमा संसारको कल्याण होस् भन्दै त्यहाँ आए, यत्तिकैमा हडबडाएका गन्धर्वहरू पनि चारणहरूलाई साथमा लिएर त्यहाँ उपस्थित भए ।।३८।।

यसपछि लक्ष्मणले राक्षसराजका, सुनै सुनका गहना लगाएका, चारै ओटा काला घोडालाई चार-ओटा बाण चलाएर मारिदिए ।।३९।। यसपछि यिनले, सुनै सुनले सिंगारिएको, पखेटा लागेको, चहकिलो, तीखो धार भएको, इन्द्रको वज्रसमानको साह्रो, प्रत्यंचाको शब्दले प्रतिध्वनित भइराखेको

भल्ल नाम गरेको बाण कानसम्म तानेर यस्तो जोरसँग चलाए कि यसले यताउति रथ दौडाइरहेको इन्द्रजित्को सारथिको टाउको काटेर तुरुन्तै शरीरबाट अलग गराइदियो । सारथि मारिएपछि मन्दोदरी-को छोरो तेजस्वी इन्द्रजित् स्वयं सारथिको काम गर्न र साथसाथै धनु पनि चलाउनलाग्यो, युद्धमा जसजसले यसले सारथिको काम गरेको देखे ती सबै छक्क परे ॥४०-४३॥ घोडा हाँक्नमा यसका हात व्यग्र भएको बखतमा लक्ष्मण यसको शरीरलाई ताकेर बाण चलाउँथे र जब यो धनु उठाएर युद्ध गर्न खोज्दथ्यो तब लक्ष्मण यसको घोडामाथि बाणको वर्षा गर्नलाग्दथे ॥४४॥ निर्भय भएझैं यताउति गर्नलागेको इन्द्रजित्लाई फूर्तिसाथ काम गर्ने लक्ष्मण मौका हेरी हेरीकन बाणको वर्षा गर्दै उसको शरीरलाई युद्धभूमिमा खूबसँग छेड्नलागे ॥४५॥

युद्धमा सारथि मारिएको देख्ता इन्द्रजित्को युद्धको साहस हरायो र यसले निदाउरो मुख लगायो ॥४६॥ राक्षसको मुख निदाउरो भएको देख्ता वानरसेनापतिहरू अत्यन्त प्रसन्न भएर लक्ष्मण-को स्तुति गर्नलागे ॥४७॥ प्रमाथी, शरभ, रभस, गन्धमादन यी चार वानर इन्द्रजित् जीउँदै रहेको देख्न नसकेर, बडो वेगसँग लड्नलागे ॥४८॥ भयङ्कर विक्रमकारी यी चार महाबली वानरहरूले आफ्नो भएभरको बल झिकेर उफ्री उफ्रीकन यसका मुख्य मुख्य चारओटा घोडामाथि आक्रमण गरे ॥४९॥ पर्वतसमानको विशाल शरीर भएका यी वानरहरू पिठिउंमाथि उफ्रेकोले घोडाहरूको मुखबाट रगत निस्कनलाग्यो ॥५०॥ वानरहरू उफ्रेकोले घोडाहरूको अङ्ग भङ्ग भयो, यिनीहरू चूर चूर भएर प्राण छोड्दै भूइँमा ढले । घोडालाई मारेर रथ ध्वस्त पारिसकेपछि यी वानरहरू फेरि उफ्रँदै लक्ष्मणनेर आएर खडा भए ॥५१॥ सारथि र घोडा मारिएपछि इन्द्रजित् रथबाट तल भूइँमा ओर्ह्ल्यो र बाणको वर्षा गरेर लक्ष्मणमाथि आक्रमण गर्नलाग्यो ॥५२॥

घोडा मारिनाले पैदल हिंडिराखेको इन्द्रजित् युद्धक्षेत्रमा तीखा तीखा बाणको वर्षा गर्नलाग्यो, उता इन्द्रसमानका पराक्रमी लक्ष्मण पनि बाणको प्रहार गरेर उसको बाणलाई छिया छिया पार्नलागे ॥५३॥

सर्ग—९१

लक्ष्मणको हातबाट मेघनादको वध ।

घोडा मारिनाले भूइँमा उभिनुपरेकोले तेजस्वी इन्द्रजित् बहुतै रिसायो र तेजले प्रज्वलित भएर लड्नलाग्यो ॥१॥ विजय प्राप्त गर्ने भनी निस्केका लक्ष्मण र इन्द्रजित् यी दुवै धनुर्धारी, वनमा दुइटा गजपतिहरू लड्नलागेझैं, परस्पर एउटाले अर्कोलाई मार्ने इच्छा गरेर वारंवार बाणको वर्षा गर्नलागे ॥२॥ वानर र निशाचरहरू परस्पर मारकाटमा लागेका भए तापनि यिनीहरू आफ्ना आफ्ना मालिकलाई नछोडेर उनको नजीकैमा उभिइरहे ॥३॥

यसपछि रावणको छोरो मेघनाद दङ्ग परेर सबै राक्षसहरूलाई प्रसन्न गराउने हेतुले उनीहरूको प्रशंसा गर्दै यस प्रकारसँग बोलनलाग्यो ॥४॥ हे राक्षसश्रेष्ठहो ! गाढ अन्धकारले सबै दिशालाई

व्याप्त गरेकोले यो आफ्नोपट्टिको हो वा शत्रुपट्टिको हो छुट्ट्याउन गाह्रो परिरहेको छ ।।५।। तसर्थ वानरहरूलाई धोकामा पार्नाको निम्ति तिमीहरू ढीठ भएर युद्ध गरिराख, म अहिले जान्छु, तर तुरुन्तै रथमा चढेर युद्ध क्षेत्रमा आइहाल्दछु ।।६।। तिमीहरू यस्तो हिसाबसँग लड्दै रहो कि म शहर गएको बखतमा यी वानरहरूले युद्ध गरेर हामीमा कुनै किसिमको विघ्न पार्न नपाऊन् ।।७।।

यति भनिसकेपछि शत्रुहन्ता रावणपुत्र वानरहरूलाई धोकामा पारेर आफू रथ लिन भनी लङ्का-तिर लाग्यो ।।८।। युद्धविजयी महातेजस्वी इन्द्रजित् लङ्कामा पुगेर रथमा सवार भयो, यो रथ सुनै सुनले मोरिएको थियो र देख्नामा बडो राम्रो थियो, भाला, तरवार र बाणले सजिएर तय्यार भइराखेको थियो, उत्तम उत्तम घोडा यसमा जोतिएका थिए, यस रथको सारथि अश्वविद्यामा निपुण र हितकुराको उपदेश गर्नामा खूबै सिपालु थियो ।।९-१०।। मन्दोदरीको छोरो वीर मेघनाद मुख्य मुख्य राक्षसहरूलाई साथमा लिईकन कालले कुतकुत्याइराखेको हुनाले झट्टै शहरबाहिर निस्किहाल्यो ।।११।। शहरबाहिर निस्केपछि इन्द्रजित् खूब छिटो दगुर्ने घोडा जोतिएको रथ बडो तेजसँग हाँकेर लक्ष्मण र विभीषण भएको ठाउँमा पुगिहाल्यो ।।१२।। रावणपुत्रलाई रथमा सवार भएको देख्ता लक्ष्मण, महाबली वानर र राक्षस विभीषण यी सबै यो बुद्धिमान्ले फूर्तिसाथ काम गरेकोमा बहुतै छक्क परे ।

इन्द्रजित् पनि झोंकिएर सयकडौं, हजारौं वानर-सेनापतिहरूलाई बाणको वर्षा गरेर युद्धभूमिमा ढलाउनलाग्यो । युद्धविजयी इन्द्रजित् झोंकिएर खूब छिटोसंग बाण चलाउँदै वानरहरूलाई मार्न-लाग्यो । छिटो छिटोसंग बाण चलाएकोले यसको धनुको, चक्रको जस्तो आकार परेको देखिनलाग्यो । जसरी प्रजाहरू प्रजापतिको शरण पर्न पुग्दछन् त्यसै गरी भयङ्कर नाराच बाणले घाइते पर्नलागेका वानरहरू लक्ष्मणको शरण लिन पुगे । युद्धभूमिमा क्रोधले प्रज्वलित भइराखेका लक्ष्मणले पनि आफ्नो हातको सफाइ देखाएर यसको धनुलाई टुक्रा टुक्रा पारिदिए ।।१३-१७।। यसले अर्को धनु उठाएर झट्टै त्यसमा ताँदो चढाइदियो, तर लक्ष्मणले यस धनुलाई पनि तीनओटा बाण चलाएर छिया छिया पारिदिए ।।१८।। यस प्रकारसंग धनु ध्वस्त भएपछि लक्ष्मणले विषालु सर्पसमानका पाँचओटा विषालु बाण उसको छातीमा जमाइदिए ।।१९।। लक्ष्मणको बडेमानको धनुबाट छुटेका यी बाण उसको शरीरलाई छेडेर रगतमा मुछिएकोले रातो वर्णका साँप जस्तै भएर भूइँमा खसे ।।२०।।

यी बाणको चोट पर्नाले धनु ध्वस्त भएको मेघनादको मुखबाट रगत निस्कनलाग्यो । यसपछि यसले बलियो ताँदो लागेको अर्को प्रचण्ड उत्तम धनु हातमा लियो ।।२१।। जसरी इन्द्र जलको वृष्टि गर्दछन् त्यसै गरी यो पनि लक्ष्मणलाई ताकेर बडो छिटोसंग बाणको वर्षा गर्नलाग्यो ।।२२।। इन्द्रजित्को हातबाट छुटेको खप्नै नसकिने यस भयङ्कर बाणवृष्टिलाई शत्रुविजयी लक्ष्मणले अलि-कता पनि नहडबडाएर रोकिदिए ।।२३।। यस समयमा तेजस्वी लक्ष्मणले अलिकता पनि नहड-बडाएर इन्द्रजित्लाई आफ्नो पराक्रम देखाइदिए, जुन पराक्रम देख्ता अरूहरूलाई आश्चर्य लाग्यो ।।२४।। यस युद्धमा हातको सफाइ देखाएर अतिशय जंगिएका लक्ष्मणले एक एकओटा राक्षसमाथि

तीन तीनओटा बाण चलाए, उता इन्द्रजित्‌ले बाणै बाणको वर्षा गरेर लक्ष्मणलाई ढाकि नै दियो ॥२५॥ बलवान् शत्रुघाती शत्रुद्वारा घाइते भएको इन्द्रजित् लक्ष्मणमाथि अनेक बाण चलाउनलाग्यो तर शत्रुको विनाश गर्ने लक्ष्मण यी बाण आफूकहाँ पुग्नुको अगाडि नै तीखा तीखा बाण चलाएर उनलाई काटिदिन्थे । रघुश्रेष्ठ लक्ष्मणले रथी इन्द्रजित्‌को सारथिको टाउको भल्ल नाम गरेको तीखो बाण चलाएर काटिदिए । सारथि नभए तापनि यी घोडाहरू बिलकुल नहडबडाएर चक्रको जस्तो आकार पारेर रथलाई यसरी यताउति घुमाउनलागे कि त्यहाँका मानिस यो देख्ता छक्कै परे । पराक्रमी लक्ष्मणले झोंक्किएर, रणभूमिमा त्रास उत्पन्न गराइरहेका यसका घोडाहरूलाई बाणको प्रहार गरेर मारिदिए । रावणको छोरोले रणभूमिमा लक्ष्मणको यो काम सहन सकेन, तसर्थ रोमाञ्च गराउने लक्ष्मणमाथि दशओटा बाणको चोट दिइहाल्यो । वज्रजत्तिकै साह्रा, विषालु सर्पसमानका यी बाण लक्ष्मणको सुनको जस्तो टलक भएको कवचमा लाग्नासाथ टुक्रा टुक्रा भइगए ॥२६-३१॥

लक्ष्मणको कवच अभेद्य रहेछ भन्ने थाहा पाएपछि रावणको छोरोले जंगिएर, आफ्नो हातको सफाइ देखाउँदै पखेटा लागेका तीनओटा बाण उनको निधारमा ताकेर हिर्कायो, निधारमा गाडिएका यी तीन बाणले गर्दा रमाउने लक्ष्मण रणभूमिमा तीनओटा टाकुरा भएको पर्वतको जस्तो शोभा दिनलागे । इन्द्रजित्‌को हातबाट छुटेका बाणले युद्धभूमिमा यसरी घाइते भए तापनि लक्ष्मणले पाँचओटा बाण उत्निखेरै इन्द्रजित्‌माथि चलाइहाले । यी बाण यस्तोसंग ताकेर चलाइका थिए कि यिनीहरू कुण्डलले गर्दा झलमल भइराखेका उसको मुखैमा लाग्न गए ॥३२-३५॥ ठूला ठूला धनु लिइराखेका महाबली, पराक्रमी इन्द्रजित् र लक्ष्मण यी दुवै वीर विशाखा नाम गरेको बाण चलाएर परस्पर एउटाले अर्कोलाई घाइते गर्नलागे ॥३६॥ यस समयमा यी दुवै वीर जम्मै शरीरभरि रगत लागेकोले युद्धभूमिमा फूल फुलिराखेको दुइटा पलाशका रूख जस्ता देखिनलागे ॥३७॥ जयको चाहना गर्ने, धनुर्धारी यी दुवै वीर भयङ्कर बाणको प्रहार गरेर परस्पर एउटाले अर्काको जम्मै शरीरमा पीडा दिनलागे ॥३८॥

केही बेरपछि इन्द्रजित्‌ले युद्ध गर्दा गर्दा रिस उठेकोले विभीषणको राम्रो मुखमा ताकेर तीनओटा बाण चलायो ॥३९॥ टुप्पोमा फलाम लागेका तीनओटा बाण राक्षसराज विभीषणमाथि चलाइसकेपछि इन्द्रजित्‌ले प्रत्येक वानरमाथि एक एकओटा बाण छोड्यो ॥४०॥ अब ता महातेजस्वी विभीषणलाई बहुतै जंग चल्यो र यिनले गदाको प्रहार गरेर दुरात्मा इन्द्रजित्‌का जम्मै घोडा मारिदिए ॥४१॥ सारथि र घोडा मारिएपछि तेजस्वी इन्द्रजित् रथबाट उफ्रेर तल आयो र यसले आफ्नो काकामाथि शक्तिको प्रहार गर्‍यो ॥४२॥ तर सुमित्राको आनन्द बढाउने लक्ष्मणले त्यस शक्तिलाई आफूपट्टि आउनलागेको देख्नेबित्तिकै तीखा तीखा बाणले त्यसलाई दश टुक्रा पारेर भूइँमा खसालिदिए ॥४३॥ धनुर्धारीहरूमध्येका श्रेष्ठ विभीषणले पनि झोंक्किएर अश्वविहीन इन्द्रजित्‌को छातीमा ताकेर वज्रसमानका कठोर पाँचओटा बाण चलाए ॥४४॥ निशानालाई छेड्ने भएका, सुनको पखेटा लागेका यी बाण मेघनादको शरीरलाई फोरेका हुनाले रगतमा मुछिएकोले रातो वर्णका महासर्पझैं भएर बाहिर निस्के ॥४५॥

अब ता राक्षसहरूका बीचमा उभिइराखेको इन्द्रजित जंगिएर आफ्नो काकामाथि यमराजले दिएको बलियो र उत्तम बाण चलाउनलाग्यो ॥४६॥ भयङ्कर विक्रमकारी, महातेजस्वी लक्ष्मणले पनि इन्द्रजित्ले यो महाबाण धनुमा चढाएको देख्नासाथ अर्को एउटा बाण उठाए ॥४७॥ यो बाण स्वयं कुवेरले सपनामा लक्ष्मणलाई दिएको हो, यो दुर्जय थियो र इन्द्र, देवता अथवा असुर कसैले पनि यसको चोट खप्न सक्तैनथे ॥४८॥ परिघको जस्तो आकार परेको आफ्नो हातले जब यी दुवै आफ्नो आफ्नो उत्तम धनु तान्नलाग्दथे तब ता यिनबाट क्रौञ्च पक्षीको जस्तो आवाज निस्कनलाग्दथ्यो ॥४९॥ यी दुवै वीरद्वारा उत्तम धनुमा चढाइएर जब यी बाण तन्न तानिएका थिए तब ता यिनीहरू आफ्नो आफ्नो शोभाले बडो प्रकाशमान देखिनलागे ॥५०॥ धनुबाट छुटेका यी वाणले आफ्नै प्रकाशले आकाशैलाई उज्यालो तुल्याइदिए र यी दुवै आफू आफूमा ठक्कर खाएर तल भूइँमा झर्न पुगे ॥५१॥ यी दुवै भयङ्कर बाणको परस्परको संघर्षले बल्दो झिल्का र धूवाँसहितको भयानक आगो उत्पन्न हुन गयो ॥५२॥ संग्रामस्थलमा महाग्रहसमानका यी दुवै बाण आपसमा ठक्कर खाएकोले सयकडौं टुक्रा भएर तल भूइँमा झरे ॥५३॥ युद्धक्षेत्रमा दुवै बाण निष्फल भएको देख्ता लक्ष्मण र इन्द्रजित् यी दुवैलाई रिस उठ्यो र लाज पनि भयो ॥५४॥ यसपछि लक्ष्मणले झोंक्किएर वरुणास्त्र उठाए र युद्धप्रेमी इन्द्रजितले रुद्रास्त्र उठायो र दुवैले आफ्नो आफ्नो अस्त्रको प्रयोग गरे ॥५५॥ मेघनादले चलाएको रुद्रास्त्रलाई लक्ष्मणको अद्भुत वरुणास्त्रले निष्फल गराइदियो । अब ता युद्धविजयी महातेजस्वी इन्द्रजित्-ले झोंक्किएर सबै लोकलाई नष्ट गर्न खोजेको हो कि जस्तो गरेर आग्नेयास्त्रको प्रयोग गर्न लाग्यो ॥५६॥ तर वीर लक्ष्मणले सौर्यास्त्र चलाएर त्यसलाई रोकिदिए, आफ्नो यो अस्त्रसमेत रोकिएको देख्ता इन्द्रजित्लाई खपि नसक्नु रिस उठ्यो र यसले शत्रुलाई विदारण गर्ने एउटा आसुरी बाण आफ्नो तीखो धनुमा चढायो । अब ता इन्द्रजित्को धनुबाट चहकिला, काँढै कांढा भएका मुद्गर, शूल, भुशुण्डी, गदा, खड्ग, र बञ्चरो निस्कनलागे । द्युतिमान् लक्ष्मणले युद्धमा यो भयंकर, कठोर, कुनै प्राणीले रोक्न नसक्ने, सबै अस्त्रलाई नष्ट गरिदिने अस्त्रको प्रयोग भएको देख्ता माहेश्वर अस्त्रको प्रयोग गरेर त्यसलाई रोकिदिए ॥५७-६०॥ अब ता यी दुवै अस्त्रले गर्दा बडो अद्भुत र रोमाञ्च गराउने युद्ध हुनलाग्यो । यस समयमा आकाशका सबै प्राणी आएर लक्ष्मणको रक्षा गर्नलागे ॥६१॥ यस समयमा भयंकर शब्दको साथमा वानर र राक्षसहरूमा पनि युद्ध हुनलागेको थियो । यो युद्ध हेर्न भनी यतिका प्राणी स्वर्गबाट आए कि यिनले गर्दा आकाशै टम्म भरिएको देखियो ॥६२॥ ऋषि, देवता, पितृगण, गन्धर्व, गरुड, सर्प, यी सबै इन्द्रलाई अघि लगाएर युद्धमा लक्ष्मणको रक्षा गर्नलागे ॥६३॥

यसपछि लक्ष्मणले मेघनादको संहार गर्न भनी आगोसमानको स्पर्श भएको, अर्को एउटा उत्तम बाण धनुमा चढाए ॥६४॥ यस बाणमा राम्रो पखेटा लागेको थियो र सुडौल पनि थियो, टुप्पामा राम्रो गाँठो थियो, धनुमा राम्रो गरी मिल्दथ्यो, सुनले मोरिएको थियो र लाग्नासाथ प्राणको अन्त गरिदिन्थ्यो ॥६५॥ यस बाणलाई न कसैले रोक्न सक्तथ्यो न कसैले यसको चोट खप्न सक्तथ्यो,

राक्षसहरूको मनमा भय उत्पन्न गराउने विशाल सर्पको जस्तो विष भएको यस बाणलाई देवताहरूसमेत पूजा गर्दथे ॥६६॥ उहिले वीर्य्यवान् महातेजस्वी इन्द्रले देवासुर संग्राममा यही अस्त्रको प्रयोग गरेर दानवहरूलाई जितेका हुन् ॥६७॥ युद्धमा कहिले पनि निष्फल नभएको यो श्रेष्ठ ऐन्द्रास्त्र आफ्नो उत्तम धनुमा चढाएर शोभाले युक्त भएका लक्ष्मण आफ्नो मनोरथ सिद्ध गर्ने किसिमका यी कुरा भन्नलागे— हे अस्त्र ! दशरथका छोरा रामचन्द्र धर्मात्मा, सत्यप्रतिज्ञ र पुरुषार्थमा सर्वश्रेष्ठ हुन् भने तँ यो रावणको छोरोलाई मारिदे ॥६८-६९॥

यति भनेर शत्रुहन्ता, वीर लक्ष्मणले सोझो जाने त्यस बाणलाई ऐन्द्रास्त्रको मन्त्रले अभिमन्त्रित गरेर र कानसम्म तांदोलाई तानेर युद्धमा इन्द्रजित्‌माथि प्रहार गरे ॥७०॥ प्रकाशमान कुण्डलले सुशोभित भइराखेको, पगडीसहितको उसको सुन्दर मस्तकलाई यस अस्त्रले काटेर शरीरबाट छुट्ट्याई पृथ्वीमा खसालिदियो ॥७१॥ यस समयमा राक्षसपुत्रको शरीरदेखि छुट्टिएको, रगत ओकेलिरहेको बडेमानको टाउको भूइँमा सुनझैं टल्कनलाग्यो ॥७२॥ कवच र पगरी पहिरेको रावणको छोरो यस प्रकारसंग मारिएपछि भूईंमा ढल्न पुग्यो र यसको धनु हातबाट छुटेर टाढा पुगिसकेको थियो ॥७३॥ जसरी उहिले देवताहरू वृत्रासुर मारिंदाखेरि प्रसन्न भएथे त्यसै गरी अहिले इन्द्रजित् मारिंदा विभीषण र सबै वानरहरू दङ्ग परेर हर्षनाद गर्नलागे ॥७४॥ आकाशमा रहने ऋषि, गन्धर्व र अप्सरा आदि गरिएका महात्मा प्राणीहरू पनि जय जयकारको शब्द गर्नलागे ॥७५॥ युद्धविजयी वानरहरूद्वारा सताइएको यो राक्षसीसेना पनि इन्द्रजित्‌लाई पृथ्वीमा ढलेको देखेपछि दशै दिशातिर भाग्नलाग्यो ॥७६॥ वानरहरूको हातको मार खानलागेका राक्षसहरू कुनै प्रकारको प्रतिकार गर्न नसकेर आफ्नो अस्त्र शस्त्र मिल्काउँदै बेहोश झैं भएर लङ्कातिर भाग्न लागे ॥७७॥ पट्टिश, तरवार, परश्वध आदि गरिएका अस्त्रलाई त्यहीं छोडेर सयकडौं राक्षस डरले थर्कायमान भई जता मनलाग्यो उतै भाग्नलागे ॥७८॥ वानरहरूद्वारा सताइएका अतएव डराइराखेका राक्षसहरूमा कोही लङ्काभित्र पसे; कसैले समुद्रमा हामफाले र कसै कसैले पर्वतको सहारा लिए ॥७९॥ इन्द्रजित्‌लाई मरेर रणभूमिमा लोटेको देखेपछि हजारौं राक्षसमा एउटा पनि त्यहाँ देखिने भएन ॥८०॥ जसरी सूर्य अस्ताएपछि सबै किरण उनको साथमा जान्छन् त्यसै गरी इन्द्रजित् मारिएपछि निशाचरहरू पनि दशै दिशातिर लुक्न पुगे ॥८१॥ यस समयमा ऐन्द्रास्त्रद्वारा मारिएको महाबाहु इन्द्रजित् किरण नभएको सूर्य र निभेको आगोसमान देखिनलागेको थियो ॥८२॥ रावणपुत्र इन्द्रजित् रणभूमिमा ढलेपछि समस्त संसारको पीडा दूर हुन गयो, सबैको शत्रु मारियो, तसर्थ सबै खुशी मनाउनलागे ॥८३॥ यो पापी राक्षस मारिनाले समस्त महर्षिहरूको साथमा भगवान् इन्द्रसमेत खुशी भए ॥८४॥ आकाशमा अप्सरा तथा महात्मा गन्धर्वहरूले नाचेको शब्द र देवताहरूको दुन्दुभि बजेको आवाज सुनिनलाग्यो ॥८५॥ यो इन्द्रजित्‌को वध हुनु एउटा अद्भुतको काम हुन गयो यसैले देवताहरू पुष्पवृष्टि गर्नलागे । यो क्रूरकर्मकारी राक्षस मारिनाले पृथ्वीमा उडिराखेको धूलो शाम्य हुन गयो ॥८६॥

जल आकाश सबै निर्मल हुन गए, देवता, दानवहरू अत्यन्त हर्षित भए। सबैको मनमा त्रास पार्ने यो राक्षस मारिएपछि देवता, दानव, गन्धर्व यी सबै त्यहाँ उपस्थित भए र सन्तुष्ट भएर एक स्वर गरी भन्नलागे—अब ब्राह्मणहरू कुनै प्रकारको ताप नलिएर पापरहित भईकन जताततै घुम्न पाउनेछन् ॥८७–८८॥ अनुपम बल भएको राक्षसश्रेष्ठ मेघनादलाई लडाइँमा मरेको देख्ता बानरसेनापतिहरू हुनासम्मको दङ्ग परेर लक्ष्मणको प्रशंसा गर्नलागे ॥८९॥

विभीषण, हनुमान् र ऋक्षसेनापति जाम्बवान् जयजयकारको शब्द गर्दै लक्ष्मणको प्रशंसा र स्तुति गर्नलागे ॥९०॥ यस्तो सुअवसर पाएकोले बानरहरू खित्का छोडेर हाँस्न, खेल्न र उफ्रनलागे र चारैतिरबाट लक्ष्मणलाई घेरेर खडा भए ॥९१॥ कोही बानर आनन्दले पुच्छर हल्लाउन र कोही पुच्छर बजारेर ताल दिनलागे। यी सबै "लक्ष्मणको जय होस्" भन्ने शब्द सबैलाई सुनाउनलागे ॥९२॥ ठूला साना सबै बानरहरू प्रसन्नतासाथ आफू आफूमा अंगालो हालेर लक्ष्मणसम्बन्धी गुणानुवाद गर्नलागे ॥९३॥ यो असाध्य काम आफ्नो प्रियमित्र लक्ष्मणद्वारा सम्पन्न भएको देख्ता, इन्द्रको शत्रु रावणपुत्र मारिएको सुन्दा सबै देवताहरू मनमा बहुतै प्रसन्न भए ॥९४॥

सर्ग—९२

लक्ष्मणहरू रामनेर आएर मेघनाद मारिएको समाचार सुनाउँछन्।

जम्मै शरीर रगतमा मुछिएको भए तापनि उहिले इन्द्रलाई समेत जित्ने मेघनादलाई युद्धमा मारेपछि शुभलक्षणले युक्त भएका लक्ष्मण बहुतै खुशी भए ॥१॥ तेजस्वी, वीर्यवान् लक्ष्मणले जाम्बवान्, हनुमान् र सबै बानरहरूसित भेट गरे र अनि विभीषण र हनुमान्को हात समातेर यिनी सुग्रीव तथा रामचन्द्र भएको ठाउँमा आए ॥२–३॥ लक्ष्मणले रामचन्द्रको प्रदक्षिणा गरी उनलाई प्रणाम गरे र जसरी इन्द्रको नजीकमा वामनजी बस्तछन् त्यसै गरी दाजुनेर बस्न पुगे ॥४॥ आफ्नो प्रसन्नताद्वारा इन्द्रजित्को भयानक वध भएको खबर बताउनलागेको हो कि जस्तो गरेर विभीषण दङ्ग परी महात्मा रामचन्द्रनेर आए ॥५॥ यस समयमा विभीषणले हर्षित मनले रामचन्द्रलाई भने—महात्मा लक्ष्मणले इन्द्रजित्को टाउको काटिदिनुभयो ॥६॥

लक्ष्मणको हातबाट महाबली इन्द्रजित्को वध भएको सुन्दा रामचन्द्रजी बहुतै खुशी हुनुभयो र लक्ष्मणलाई भन्नलाग्नुभयो ॥७॥ हे लक्ष्मण ! तिमी धन्य रहेछौ, तिमीबाट यो गाह्रो काम भएको देख्ता म बहुतै खुशी भएको छु। रावणको छोरो इन्द्रजित् मारिएपछि अब हाम्रो जित हुनामा केही सन्देह छैन ॥८॥

वीर्यवान् रामचन्द्रजीले यति भनेर कीर्ति बढाउने, लाज मानिराखेका लक्ष्मणलाई बलैले स्नेहपूर्वक उचालेर आफ्नो काखमा राख्नुभयो र उनको मस्तक सुँघ्नुभयो ॥९॥ लक्ष्मणलाई काखमा राखेर रामचन्द्रले खूबसँग यिनलाई अँगालो हाल्नुभयो र आफ्ना प्यारा भाइलाई वारंवार स्नेहको दृष्टिले हेर्नुभयो ॥१०॥

लक्ष्मण बाणको चोट पर्नाले तथा लडाइँको थकाइले गर्दा वारंवार सुस्केरा हालिरहेका थिए। पुरुषश्रेष्ठ रामले कष्टसंग सास फेर्नलागेका, व्यथित भइराखेका लक्ष्मणको मस्तक सुँघेर आफ्नो हातले उनको शरीर सुमसुम्याए र मनमा धैर्य हुने गरी भन्नलागे ॥११–१२॥ गाह्रो काम गर्न सक्ने भएका तिमीले आज हाम्रो ठूलो कल्याण हुने काम गर्‍यौ। युद्धमा रावणको छोरो मारिएपछि ता म अब रावणलाई मरेकै बराबर संझन्छु ॥१३॥ दुरात्मा इन्द्रजित् मारिएकोले अब हामीले आफूलाई शत्रु-माथि विजय प्राप्त गरेको संझे पनि हुने भयो। हे वीर! क्रूर रावणको दाहिने हात जो तिमीले काटि-दियौ सो बडो खुशीयालीको कुरो भयो। यही नै उसको सहारा थियो। विभीषण र हनुमान्‌ले पनि युद्धमा ठूलो काम गरे ॥१४-१५॥ तीन दिन र तीन रातमा तिमीले कसरी त्यस वीरलाई मार्न सकेका होलाउ, तिमीले ता मलाई शत्रुहीन बनाइदियौ। विशाल सेनासहित आफ्नो छोरो मारिएको सुन्दा अब स्वयं रावण ठूलो फौज लिएर युद्ध गर्न भनी निस्कने छ ॥१६–१७॥ पुत्रवधले दुःखित भएको, युद्धको निम्ति आएको त्यस दुर्जय राक्षसराजलाई म बलपूर्वक आक्रमण गरेर मारिदिनेछु ॥१८॥ इन्द्रजित्‌लाई नै तिमीले युद्धमा मारिदियौ भने हे लक्ष्मण! तिम्रो सहायताले मलाई सीता र पृथ्वीलाई प्राप्त गर्नामा केही गाह्रो पर्ने छैन ॥१९॥

भाइलाई यस प्रकारसंग संझाई बुझाईकन अँगालो हालिसकेपछि रामचन्द्रजी दङ्ग परेर सुषेणलाई भन्नलाग्नुभयो ॥२०॥ महाबुद्धिमान्, मित्रवत्सल लक्ष्मणको वेदना दूर गराइदेऊ, जुन उपायले यिनी नीरोग हुन्छन् सो उपाय झट्टै गरिहाल ॥२१॥ मित्रवत्सल लक्ष्मणलाई झट्टै निको पारिदेऊ। रूख लिएर युद्ध गर्ने शूरा भालू र वानरहरूमा र अरू अरू युद्ध गर्नेहरूमा कसैलाई बाण बिझेको होला, कसैलाई घाउ भएको होला, यी सबैलाई ठूलो प्रयत्नका साथ नीरोग पारिदेऊ ॥२२-२३॥

महात्मा रामचन्द्रले यति भन्नासाथ वानरसेनापति सुषेणले लक्ष्मणको नाकमा एउटा परम औषधि सुँघाइदिए ॥२४॥ यो औषधि सुँघ्नासाथ लक्ष्मणको वेदना हटेर गयो, बाणले परेका सबै घाउ पुरिएर आए र घाउको खतसमेत नदेखिने भयो ॥२५॥ यसपछि सुषेण, रामचन्द्रको आज्ञाले विभीषण आदि गरिएका मित्रहरूको र अरू अरू वानरसेनापतिहरूको चिकित्सा गर्नलागे ॥२६॥ यस किसिमले थकाइ मरेको, बिझेका सबै बाण निस्केको र मनको चिन्ता दूर भएकोले लक्ष्मणले एकै छिनमा नै हँसिलो मुख लगाए ॥२७॥ रामचन्द्र, सुग्रीव, विभीषण, महाबली जाम्बवान् यी सबै लक्ष्मणलाई नीरोग भएर उठेको देख्ता आफ्ना-आफ्ना फौजको साथसाथै खुशीयाली मनाउनलागे ॥२८॥

दशरथपुत्र महात्मा रामचन्द्रले लक्ष्मणको यस कठिन कामको प्रशंसा गरे। इन्द्रजित् युद्धमा मारियो भन्ने सुन्दा वानरराज सुग्रीव पनि बहुतै प्रसन्न भए ॥२९॥

सर्ग—९३

रावणले विलाप गर्दै सीतालाई मार्न तयार हुँदा मन्त्रीहरू रोक्छन् ।

इन्द्रजितको वध भएको खबर पाएपछि रावणका मन्त्रीहरूले रणभूमिमा गएर उसको लाश हेरे र झटपट केही थाहा नपाएको रावणकहाँ गएर भन्नलागे ॥१॥ हे महाराज ! विभीषणको सहायता पाएकोले लक्ष्मणले हाम्रो नजरको सामुन्नेमा रणभूमिमा तपाईंका तेजस्वी छोरा इन्द्रजित्‌लाई मारिदिए ॥२॥ युद्धमा अहिलेसम्म कहिले पनि पराजित नभएको, देवताहरूलाई समेत जित्ने हजूरको वीरपुत्रलाई वीर लक्ष्मणले मारिदिए ॥३॥ हजूरका छोरा, लक्ष्मणलाई बाणले तृप्त गरेर, उत्तम गतिमा प्राप्त भए ।

छोरा इन्द्रजित्‌को वध भएको, भयङ्कर मुटु छेड्ने समाचार सुन्दा रावण ठूलो मूर्च्छामा पर्‍यो । धेरै बेरमा होश आएपछि, पुत्रशोकले गर्दा आकुल व्याकुल परेको, सबै इन्द्रिय शिथिल भएको, राक्षस-श्रेष्ठ रावण बडो मायालाग्दो गरी विलाप गर्नलाग्यो—हा राक्षससेनापते ! हा महाबली मेरो छोरा ! इन्द्रलाई समेत जित्ने तिमी आज कसरी लक्ष्मणको हातबाट मर्न गयौ ? रिसाएको वेलामा तिमी आफ्ना बाणले यमराजलाई समेत छयान्नव्यान्न पार्न र मन्दराचल पर्वतको टाकुरालाई फुटाल्न सक्थ्यौ भने युद्धमा लक्ष्मण के चीज थियो र ? तिमी महाबाहुलाई समेत मार्न सक्ने राजा यमको मैले आज खूबै तारीफ गर्नुपर्दछ । ठूला ठूला योद्धाहरूको निम्ति यही बाटो तोकिएको छ र आफ्ना मालिकको निम्ति प्राण त्याग गर्नेले स्वर्ग पाउँछ भन्ने कुरा देवताहरूमा समेत प्रसिद्ध छ ॥४–९॥ आज देवता, सबै लोकपाल, महर्षिहरू इन्द्रजित् मारिएको सुन्दा निर्भय भएर सुखसंग सुत्नेछन् ॥१०॥ तीनै लोक, वनसहितको समस्त पृथ्वी आज एउटा इन्द्रजित् नहुनाले मलाई शून्य लाग्नलागेको छ ॥११॥ जसरी पर्वतको गुफामा हत्तिनीहरूले कराएको सुनिन्छ त्यसै गरी म आज आफ्नो अन्तःपुरमा राक्षसकन्याहरूले रोएको आवाज सुन्नेछु ॥१२॥ हे शत्रुलाई ताप पार्ने छोरा ! आज तिमी आफ्नो युवराज पद, लङ्का, राक्षस, आमा, मलाई र आफ्ना स्वास्नीहरूलाई छाडेर कहाँ गयौ नि ? ॥१३॥ हे वीर ! म मरेपछि तिमीले मेरो प्रेतकर्म गर्नुपर्नेमा तिमीले ता उल्टो गराइदियौ, मैले पो तिम्रो अन्तिम कृत्य गर्नुपर्ने भयो ॥१४॥ राम, लक्ष्मण र सुग्रीव जीउँदा छँदा छँदै मेरो मुटुभित्रको काँढा नझिकीकन नै मलाई छोडेर तिमी कहाँ गयौ नि ? ॥१५॥

यस प्रकारसँग विलाप गर्दा गर्दैमा, रावणको मनमा पुत्रशोकले गर्दा भयङ्कर क्रोध उत्पन्न हुन गयो ॥१६॥ जसरी ग्रीष्मऋतुको किरणले सूर्यलाई असह्य बनाइदिन्छ त्यसै गरी स्वभावैले क्रोधी रावणलाई पुत्रवधबाट उत्पन्न भएको मनको वेदनाले अतिशय ताप दिनलाग्यो ॥१७॥ जसरी उहिले वृत्रको मुखबाट बल्दो आगोको डल्लो निस्कथ्यो त्यसै गरी अहिले झोक्किएर हाइ गर्नलागेको रावणको मुखबाट धूवाँसहितको आगोको ज्वाला निस्कनलाग्यो ॥१८॥ पुत्रवधले दुःखित भइराखेको रावणलाई हुनासम्मको रिस उठ्यो र यसले अनेक प्रकारसंग सोच विचार गरेर हेर्दा सीताको वध गर्नामा नै उचित सम्झ्यो ॥१९॥

स्वभावैले राता राता यसका आँखा क्रोधाग्निले गर्दा झन् बर्ता राता हुन गए । यसका यी आँखा बडा भयङ्कर र धपक्क बल्ने हुन् कि जस्ता देखिनलागे ॥२०॥ स्वभावैले डरलाग्दो यसको अनुहार क्रोधाग्निले गर्दा झन् बर्ता डरलाग्दो देखिनलाग्यो, अतएव यसको यो अनुहार अहिले झोंकिएका रुद्रको जस्तो भइराखेको थियो ॥२१॥ जसरी बल्दो बत्तीबाट आगोको झिल्काको साथसाथै तेलका थोपा झर्दछन्, त्यसै गरी यस समयमा झोंक्किइराखेको रावणको आँखाबाट आँसुका थोपा झर्नलागे ॥२२॥ समुद्र मथ्ताखेरि दानवहरूले मन्दराचल पर्वतलाई सर्परूपी डोरीले तान्दा जस्तो भयङ्कर शब्द उत्पन्न भएथ्यो त्यस्तै शब्द अहिले रावणले दाँत कटकट गर्दाखेरि निस्केको सुनिनलाग्यो ॥२३॥ यस समयमा यमराजझैं झोक्किइराखेको रावण सबै चराचर प्राणीलाई खाने हो कि जस्तो गरेर आँखा उठाई उठाईकन सबै दिशातिर हेर्नलाग्यो, अतएव डरले थर्कोथमान भई कोही राक्षस पनि उसको सामुन्ने पर्न सक्तैनथे ॥२४॥

अतिशय झोंक्किइराखेको राक्षसराज रावण राक्षसहरूलाई संग्राममा पठाउने अभिलाषाले राक्षसहरू-को बीचमा यस प्रकारसंग बोल्नलाग्यो ॥२५॥ हजार वर्षसम्म मैले कठोर तपस्या गरेको छु र प्रत्येक व्रतको समाप्तिमा ब्रह्मालाई प्रसन्न पनि गरेको छु ॥२६॥ यही तपस्याको प्रभावले र ब्रह्मा-को कृपाले देवता र असुर यी कसैबाट पनि मैले डराउनुपर्ने संभावना छैन ॥२७॥ पितामह ब्रह्माले सूर्यको जस्तो चहक भएको जो कवच मलाई दिएका छन् त्यो देवताहरूसित मेरो संग्राम पर्दा वज्रको प्रहारले पनि काटिन सकेको थिएन ॥२८॥ त्यही पहिरेर रथमा सवार भईकन जब म युद्धक्षेत्रमा जानेछु त्यस बखतमा साक्षात् इन्द्रसमेत मेरो सामुन्ने पर्न सक्नेछैनन् भने अरू को पर्न सक्छ ? ॥२९॥ देवासुर संग्राममा प्रसन्न भएर ब्रह्माले मलाई जो धनु बाण दिएका थिए त्यही धनुलाई आज तिमीहरू सयकडौं नगरा आदि गरिएका मंगलका बाजा बजाउँदै उठाएर लिएर आओ, किनकि यही धनुले आज मैले रामको युद्धक्षेत्रमा वध गर्नुपरेको छ ॥३०-३१॥

पुत्रवधले दुःखित भइराखेको क्रूर रावणलाई हुनासम्मको रिस उठ्यो र यसले अनेक प्रकारसंग सोच विचार गरेर हेर्दा सीताको वध गर्नामा नै उचित देख्यो ॥३२॥ भयङ्कर स्वभावको र देख्तैमा डरलाग्दो अनुहार परेको रावणले आँखा राता राता गराएर चारैतिर दृष्टि दौडायो र निदाउरो मुख लगाएर मधुरो स्वर गरी बोल्ने राक्षसहरूलाई भन्नलाग्यो ॥३३॥ वानरहरूलाई धोकामा पार्नाको निम्ति मेरो छोराले अरू कुनै चीजलाई मारेर यो सीताको वध भएको हो भन्ने उनीहरूलाई निश्चय पारेथ्यो ॥३४॥ मेरो छोराले जो झूटो कुरा भनेको थियो त्यसलाई म आज साँचो गराएर आफ्नो हित-को कुरा सिद्ध गर्दछु । नीच क्षत्रियमाथि अनुराग राख्ने सीतालाई नमारी छोड्दिन ।

मन्त्रीहरूलाई यति कुरा सुनाएर त्यसले झट्टै आफ्नो तरवार उठायो ॥३५॥ सूत्रले बाँधिराखेको, निर्मल आकाशको जस्तो चहक भएको यो तरवार लिएर रावण आफ्ना मन्त्री र स्वास्नीहरूलाई साथमा लिई बडो वेगसंग सीता भएको ठाउँमा पुग्यो, यस समयमा पुत्रशोकले गर्दा रावणको होशहवासै

थिएन र यो रिसाएको पनि खूबै थियो ।।३६-३७।। झोंक्किइराखेको रावणलाई जानलागेको देख्ता मन्त्रीहरूले सिंहनाद गर्नलागे र परस्पर आलिङ्गन गरेर आफू-आफूमा यस किसिमको कुरा गर्नलागे ।।३८।। आज यिनको रूप देख्ता राम लक्ष्मण दुवै भाइलाई ठूलो ताप पर्नेछ, उहिले क्रुद्ध भएर यिनले चारै लोकपालहरूलाई जितेका हुन् र युद्धमा अनेक शत्रुहरूको संहार गरेका हुन् ।।३९।। तीनै लोकमा यिनीसमानको बल र पराक्रम भएको कोही छैन, कारण तीनै लोकको रत्नको हरण गरेर यिनी तिनको उपभोग गर्दछन् ।।४०।।

यी राक्षसहरूले यस प्रकारको कुरा गर्दा गर्दैमा रावण अशोकवाटिकामा पुग्यो र रिस थाम्न नसकेकोले जानकीजी भएतिर लम्कनलाग्यो ।।४१।। हित चाहने मित्रहरूले झोंक्किइराखेको रावणलाई रोकेका ता हुन् तर रिसले होशै नभएको यसले आकाशमा केतुले रोहिणीमाथि आक्रमण गरेझैं सीता-लाई झम्टन खोज्यो ।।४२।।

राक्षसीहरूको रखवालीमा बसेकी निर्दोष सीताले क्रुद्ध रावणलाई तरवार लिएर आफूतिर आउन-लागेको देखिन् ।।४३।। तरवार लिएर राक्षसलाई आफूतिर आउनलागेको देख्ता जानकीजी बडो व्याकुल भइन् । मित्रहरूले वारंवार यसलाई रोकिरहेका थिए, तर यो फर्कंदै फर्कन्नथ्यो ।।४४।। सीता दुःखमा परेकोले विलाप गर्दै भन्नलागिन्—अहो ! यो मूर्ख रिसको वशमा परेकोले मतिर आइरहेको छ, यो देख्ता ता सनाथा मलाई अनाथाझैं गराएर यसले मार्ने हो कि जस्तो लाग्दछ ।।४५।। आफ्नो पतिमा अनुराग राख्ने मसित यसले अनेक बाजि मेरी स्वास्नी होऊ भनेर प्रार्थना गरेको थियो, तर मैले सदा यसको तिरस्कार गरें ।।४६।। मैले यसको प्रस्ताव स्वीकार नगरेकोले यो निराश भएको देखिन्छ, यसै कारणले क्रोध र मोहले व्याप्त भएको यो जरूरै मलाई मार्न भनी आएको होला ।।४७।। अथवा नरश्रेष्ठ राम, लक्ष्मण यी दुवै भाइ आज मेरोखातिर युद्धमा यस दुष्टको हातबाट मारिएका होलान् ।।४८।। मनमा दङ्ग भइराखेका राक्षसहरूले अनेक मीठा मीठा कुरा गरेर भयङ्कर कोलाहल मचाएको आज मैले सुनेकी पनि हुँ ।।४९।। मलाई धिक्कार छ जसले गर्दा राम, लक्ष्मण यी दुवै राज-कुमारको विनाश हुन गयो अथवा यो पापी क्रूर राक्षसले पुत्रशोकले गर्दा, राम, लक्ष्मणलाई नमारेर नै मलाई मार्न खोजेको पनि हुन सक्तछ । अहो ! म छोटो बुद्धि भएकीले किन हनुमान्‌ले भनेको कुरा नमानेकी हुँला ।।५०-५१।। त्यस बखतमा रामको विजयलाई नपर्खेर हनुमान्‌को कुरा मानी उनको पिठिउँमा चढेर गएको भए पतिको काखमा बस्न पाई मैले आज यस्तो शोक गर्नैपर्ने थिएन ।।५२।।

म विचार गर्दछु कि जब एउटा छोरो भएकी कौशल्याले आफ्नो छोरा युद्धमा मारिए भन्ने सुन्नेछिन् त्यस बखतमा अवश्यै उनको छाती फाट्नेछ ।।५३।। उनी रुँदै महात्मा रामचन्द्रको जन्म, बाल्यावस्था, जवानी, उनले गरेका धर्मका काम तथा उनको रूप संझनेछिन् ।।५४।। मलाई निश्चय लाग्दछ कि छोरा मारिएको खबर सुन्नासाथ उनी निराश भएर बेहोश पर्नेछिन् र कुनै प्रकारले छोराको अन्तिम संस्कार सिध्याएपछि कि ता आगोमा डढी मर्नेछिन्, कि ता पानीमा हामफाल्नेछिन् ।।५५।। दुराचारिणी

कुब्जा मन्थरालाई धिक्कार छ जसले गर्दा कौशल्याले यस्तो दुःखमा पर्नुपऱ्यो ॥५६॥

केतुको वशमा परेकी चन्द्रहीन रोहिणीझैं सीतालाई यस प्रकारसँग विलाप गरिरहेको देख्ता रावणको पवित्र, शीलवान् , बुद्धिमान् सुपार्श्व नाम गरेको मन्त्री, अरू मन्त्रीहरूले रोक्ता रोक्तै पनि राक्षसराज रावणलाई यस प्रकारसँग भन्नलाग्यो ॥५७-५८॥ हे दशग्रीव ! साक्षात् कुबेरको भाइ भएर पनि तपाईं किन यसरी रिसको झोंकमा परेर धर्मको केही ख्याल नराखी सीताको वध गर्ने इच्छा गर्नु-हुन्छ ॥५९॥ हे वीर राक्षसराज ! तपाईं, विधिपूर्वक वेदादि विद्याको अध्ययन समाप्त गरेर अग्निहोत्रादि आफ्नो धर्मकर्ममा लागिराख्नुभएको भए तापनि किन यसरी आइमाईलाई मार्न उद्यत हुनुभएको हो ? ॥६०॥ हे राजन् ! यी रूपवती सीताको वास्ता छाडेर तपाईंले हामीहरूको साथमा युद्धक्षेत्रमा त्यो रामचन्द्रमाथि पो आफ्नो रिस पोख्नुपर्दछ ॥६१॥ हे राजन् ! आज कृष्णपक्षको चतुर्दशी हो यस-कारण आज युद्धको सामग्री तयार पारेर भोलि अमावस्याका दिन सेनासहित युद्धका लागि प्रस्थान गर्नुहोस् ॥६२॥ तपाईं शूरो, बुद्धिमान् र महारथी पनि हुनुहुन्छ, तसर्थ म निश्चय गरेर भन्दछु कि तपाईं उत्तम रथमा सवार भएर आफ्नो खड्गले भयङ्कर रामलाई मार्नुहुनेछ र सीतालाई आफ्नो वशमा पार्नुहुनेछ ॥६३॥

आफ्नो मन्त्री सुपार्श्वको मुखबाट यस्तो धर्मयुक्त कुरा सुनेकोले दुरात्मा वीर्यवान् रावण घर फर्केर आयो र केही बेरपछि आफ्ना मित्रहरूलाई साथमा लिई सभागृहभित्र प्रवेश गऱ्यो ॥६४॥

सर्ग—९४

रामको हातबाट राक्षसहरूको संहार ।

यसपछि निदाउरो मुख लगाएको, ठूलो दुःखमा परेको रावण झोंकिइराखेको सिंहझैं लामो लामो सास फेर्दै सभाभित्र गएर मुख्य आसनमा बस्यो ॥१॥ पुत्रशोकले व्याकुल भइराखेको महाबली रावण हात जोरेर सेनाका मुख्य मुख्य राक्षसहरूलाई भन्नलाग्यो ॥२॥ तपाईंहरू बाँकी बचेका रथ, पैदल सिपाही, हात्ती, घोडा, यी जम्मै साथमा लिएर युद्धक्षेत्रमा जानुहोस् ॥३॥ जसरी बादलले जलको वर्षा गर्दछ त्यसै गरी तपाईंहरूले पनि प्रसन्न चित्तले संग्राममा बाणको वर्षा गरेर केवल एउटा रामलाई जताततैबाट घेरेर मार्ने प्रयत्न गर्नू ॥४॥ कदाचित् तपाईंहरूले मार्न सक्नुभएन भने भोलि म नै युद्धक्षेत्रमा बाणको वर्षा गरेर सबैको सामुन्नेमा उसको संहार गरिदिनेछु ॥५॥

राक्षसराजको यस्तो आज्ञा पाएकाले राक्षसहरू रथ तथा नाना प्रकारको सेना साथमा लिई झट्टै त्यहाँबाट निस्किहाले ॥६॥ परिघ, पट्टिश, बाण, तरवार, परश्वध आदि गरिएका शरीरलाई नाश पार्ने किसिमका अस्त्र राक्षसहरू वानरहरूमाथि चलाउनलागे, उता वानरहरू पनि राक्षसहरूमाथि ढुङ्गा र रूख फ्याँक्नलागे ॥७॥ सूर्य भगवान्‌को उदय हुनासाथ वानर र राक्षसहरूको बीचको यो घनघोरको युद्ध हुनलाग्यो ॥८॥ यस युद्धमा चित्र विचित्र गदा, भाला, तरवार र खड्ग लिएर

वानरहरूलाई तथा ढुङ्गा, रूखको प्रहार गरेर वानर राक्षसहरूलाई मार्नलागे ॥९॥ यो युद्ध हुँदाखेरि उठेको अचम्भ लाग्ने धूलोको ठूलो मुस्लो वानर र राक्षसहरूको शरीरबाट निस्केको रगतको धाराले गर्दा शाम्य हुन गयो ॥१०॥ यस युद्धक्षेत्रमा रगतको नदी बग्नलाग्यो; हात्ती र रथ यस नदीका दुवै किनार थिए, बाण माछा थिए, ध्वजा रूख थिए र मरेका योद्धाहरूको लाश ढुङ्गा जस्तै भइराखेको थियो ॥११॥ रगतको धाराले मुछिएका सबै वानरहरू युद्धभूमिमा उफ्री उफ्रीकन राक्षसहरूको ध्वजा, कवच, रथ, घोडा, तथा अनेक प्रकारका अस्त्र शस्त्र भाँचभुँच पार्नलागे ॥१२॥ वानरहरू राक्षसहरूको कपालको रौं, कान, निधार, तथा, नाक, यी सबै अंग तीखा तीखा दाँत र नङको प्रहारले घाइते गर्न लागे ॥१३॥ जसरी फल फलिराखेको रूखतिर अनेक चराहरू दगुर्दछन् त्यसै गरी एक एक राक्षसमाथि सय सय वानरहरूले आक्रमण गर्नलागे ॥१४॥ पर्वतसमानको विशाल शरीर भएका राक्षसहरू पनि डरलाग्दा वानरहरूलाई ठूला ठूला गदा, भाला, तरवार तथा बज्ररोले मार्नलागे ॥१५॥

राक्षसहरूको हातको मार पर्नलागेकोले वानरहरूको विशाल फौज शरणागतरक्षक दशरथपुत्र रामचन्द्रको शरण पर्न पुग्यो ॥१६॥ यसपछि तेजस्वी, महाबली रामचन्द्र धनु लिएर राक्षसी सेनाभित्र पसे र त्यहाँ बाणको वर्षा गर्नलागे ॥१७॥ जसरी आकाशमा बादलहरूलाई सूर्योदय भएको पत्तो हुँदैन त्यसै गरी राक्षसी सेनामा पसेर रामचन्द्रले बाणाग्निले आफूहरूलाई भस्म पार्नलागेको राक्षसहरूलाई पत्तै भएन ॥१८॥ राक्षसहरू रामचन्द्रको कठोर र भयङ्कर काम सिद्धिइसकेपछि मात्र देख्नलागे अर्थात् राम यस्तो छिटो छिटो काम गर्दथे कि काम समाप्त हुनुको अगाडि कोही पनि यिनलाई देख्न पाउन्नथे ॥१९॥ जसरी वनभित्र बहनलागेको हावालाई कसैले देख्न ता सक्तैन, तर रूखहरू हल्लिएकोले हावा रहेछ भन्ने अनुमान हुन्छ, त्यसै गरी रामचन्द्र पनि राक्षसी फौजमा ठूलो हल्लीखल्ली पारेर महारथीहरूलाई ध्वस्त ता पार्नलागेका थिए, तर कसैले पनि यिनलाई देख्तैनथ्यो, केवल काम देख्नाले उनी यहाँ रहेछन् भन्ने अनुमानसम्म हुन्थ्यो ॥२०॥ रामले राक्षसहरूलाई काटिदिए, छयान्नब्यान्न पारिदिए, टुक्रा टुक्रा गरिदिए र उनको छाती बाणले छेडिदिए। राम भने राक्षसी सेनालाई देख्तथे, तर राक्षसहरू भने बडो फूर्तिसंग युद्ध गरिरहेका रामलाई देख्न सक्तैनथे ॥२१॥ जसरी प्राणीहरू इन्द्रियका शब्द आदि गरिएका विषयहरूको अनुभव गर्ने शरीरभित्र रहेको जीवात्मालाई देख्न सक्तैनन् त्यसै गरी आफ्नो शरीरमाथि प्रहार गरिरहेका रामलाई राक्षसहरू देख्न सक्तैनथे ॥२२॥ "हेर, यो हात्तीलाई मार्नलागेको छः हेर, रथ भाँचभुँच पार्नलागेको छ; हेर, हेर, तीखा तीखा बाण चलाएर घोडासहितका पैदल सिपाहीलाई ध्वस्त पार्नलागेको छ" एवं प्रकारसंग बकबक गरिरहेका क्रुद्ध राक्षसहरूलाई नै राम भन्ठानेर मार्नलागे। डरले गर्दा यिनीहरू सबैलाई राम सम्झनलागेका थिए ॥२३-२४॥ महात्मा रामचन्द्रले दिव्य गन्धर्वास्त्रको प्रयोग गरेर राक्षसहरूलाई लट्ठ पारिदिएका थिए, यसै कारण यिनीहरू आफ्नो फौजलाई ध्वस्त पार्नलागेका रामलाई देख्न सक्तैनथे ॥२५॥ यी राक्षसहरू कहिले ता युद्धभूमिमा हजारौं राम देख्तथे, कहिले भने एउटा

रामलाई मात्र विराजमान भएको देख्तथे ॥२६॥ कहिले ता यिनीहरू रामको धनुको सुवर्णमय टुप्पालाई, आगोले जाज्वल्यमान भएर फन्‌फनी घुमिराखेको चक्र जस्तो देख्तथे तर रामको अनुहार भने यिनीहरू देख्न पाउन्नथे ॥२७॥ जसरी कालचक्रले प्रजाहरूलाई मार्दछ त्यसै गरी रामरूपी यो चक्रले राक्षसहरूले आफूलाई मार्नलागेको देखे। रामको शरीर यस चक्रको नाभिसमान देखिन्थ्यो, यिनको बल चक्रको ज्वाला हो, बाण आरासमान थियो, धनु चक्रको नेमि जस्तो लाग्दथ्यो। धनुको डोरी तथा यसको चोट बचाउने मन्त्रको आवाज चक्रको गर्जन थियो। रामको तेज र बुद्धि चक्रको अक्ष हो र दिव्यास्त्रको प्रभाव प्रत्यञ्चाको टुप्पो हो ॥२८-२९॥ वायुसमानको वेग भएका दश हजार रथको सेना, शीघ्रगामी हात्तीहरूको अठार हजार सेना, चौद्ध हजार घोडा र घोडसवार र पूरा दुइ लाख पैदल इच्छाअनुसारको रूप धारण गर्न सक्ने, राक्षसी सेनालाई एकलो रामचन्द्रले अग्निसमानका बाणको प्रहार गरेर दिनको आठौं भागसम्ममा मारिदिए ॥३०-३२॥ यी राक्षसहरूमा कसैको घोडा मारिएको थियो, कसैको रथ चूर्ण भएको थियो र कसै कसैको ध्वजा छिया-छिया भएको थियो। नमरेर बाँचेका थोरबहुत जति राक्षस थिए ती सबै लङ्कातिर भागेर गए ॥३३॥ यस समयमा यो रणभूमि, मारिएका घोडा, हात्ती र पैदल सिपाहीका लाश जताततै पडिरहेको हुनाले झोक्किएका महात्मा शिवजीको क्रीडाभूमिसमान देखिनलागेको थियो ॥३४॥ यसपछि देवता, गन्धर्व, सिद्ध र ऋषिहरूले रामचन्द्रको यस कामलाई धन्य धन्य भनेर खूब प्रशंसा गरे॥३५॥

यसपछि धर्मात्मा श्री रामचन्द्रजीले आफ्नो नजीकमा उभिइराखेका सुग्रीव, विभीषण, हनुमान्, वानरश्रेष्ठ जाम्बवान्, मैन्द र द्विविद यी सबैतिर हेरेर भने—हेर यस किसिमको अस्त्रको भयङ्कर बल कि ममा छ कि श्री महादेवजीमा नै छ ॥३६-३७॥

इन्द्रसमानका महात्मा रामचन्द्रले यस प्रकारसंग रावणको सेनालाई ध्वस्त पारे, तर अस्त्र शस्त्रको प्रयोग गर्दा यिनलाई अलिकता पनि थकाइ लागेन र देवताहरूले प्रसन्नतासाथ यिनको स्तुति गरे ॥३८॥

सर्ग—९५

विधवा राक्षसीहरूको विलाप।

रावणद्वारा पठाइएका हजारौं हात्ती, सवारसहितका हजारौं घोडा, आगोको जस्तो चहक भएका र ध्वजा लागेका हजारौं रथ, गदा-भाला लिएर युद्ध गर्ने हजारौं राक्षस, सुवर्णमय ध्वजाले गर्दा चित्र विचित्रको भइराखेका तथा इच्छाअनुसार रूप धारण गर्न सक्ने अरू अरू राक्षस पनि सजिलैसंग गाह्रो काम गर्न सक्ने रामको हातबाट सुवर्णभूषित तीखा तीखा बाणको प्रहारमा परेर मारिए ॥१-३॥

यो हाल देखेका अथवा सुनेका, मर्नाबाट बचेका राक्षस राक्षसीहरू चिन्ताले आकुल व्याकुल परी,

झ्याउरो मुख लगाएर एकै ठाउँमा जम्मा भई, बडो दुःख देखाएर विलाप गर्नलागे । यी राक्षसीहरूमा कोही विधवा भएका थिए, कसैको छोरो मरेको र कसैको नाता कुटुम्बी मरेका थियो ॥४-५॥ वनमा बूढी, भयलाग्दो अनुहार परेकी, पातलो कम्मर भएकी शूर्पणखा, कामदेवसमानका राम्रा रामचन्द्रनेर कसरी पुग्न सकेकी होली ? ॥६॥ सुकुमार, महाबली, सबै प्राणीको भलो गर्नामा तत्पर रहने रामलाई देख्तैमा, अनुहार नपरेकी, सबैद्वारा वध हुन योग्यकी यो राक्षसी कामपीडित हुन गई ॥७॥ गुण भनेको एक पनि नभएकी, कुरूपा राक्षसी यस्ता गुणी, महापराक्रमी, राम्रो अनुहार भएका राममाथि कसरी अनुरक्त भइहोली ? ॥८॥ राक्षसहरूको दुर्भाग्यले गर्दा कपाल सेतै भएर फुलेकी, ठूलो पेट भएकी शूर्पणखाले, दुनियाँमा सबैले हँसी गर्ने, गर्नै नहुने किसिमको रामको अपमान गरी । राक्षस-हरूको तथा खर दूषणको विनाश पार्नाका लागि नै रामचन्द्रजीलाई देख्तैमा यो उनीमाथि कामार्त्त भएकी थिई ॥९-१०॥ यही शूर्पणखाले गर्दामा रावणले रामसंग ठूलो वैरत्व गरेको हो र आफ्नो वध गराउनाको निम्ति नै यस दशानन राक्षसले सीतालाई हरेर लङ्कामा ल्याएको हो ॥११॥ तर रावणले सीता पाउने ता कदापि होइन, केवल रामसंग यसको अक्षय शत्रुता मात्र हुन गयो अर्थात् रावणको विनाश नभई छोड्ने होइन ॥१२॥ विराध राक्षसले पनि सीताको चाहना गरेको थियो, तर रामले एकै बाणलै उसलाई मारिदिए, यो उनको वीरताको प्रशस्त प्रमाण हो ॥१३॥ भयङ्कर काम गर्न सक्ने चौध हजार राक्षसहरूलाई जनस्थानमा रामचन्द्रले अग्निसमानका बाण चलाएर मारिदिए, यिनको वीर-ताको यो दोस्रो प्रमाण हो ॥१४॥ सूर्यसमानका चहकिला बाण चलाएर रामचन्द्रले युद्धमा खर, दूषण र त्रिशिरालाई मारिदिएका थिए, यो पनि यिनको वीरताको उत्तम प्रमाण हो ॥१५॥ चार कोस लामो हात भएको, रगत पिउने, क्रुद्ध भएर सिंहनाद गरिरहेको कबन्धलाई यिनले मारिदिए भने यो यिनको वीरताको ठूलो प्रमाण हो ॥१६॥ इन्द्रको छोरो, मेघसमानको विशाल शरीर भएको, महाबली बालि-लाई नै यिनले मारिदिए भने यिनको वीरताको अरू बर्ता दृष्टान्त दिने आवश्यकता छैन ॥१७॥ निराश भएर ऋष्यमूक पर्वतमा बसिराखेका, झ्याउरो मुख लगाइराखेका सुग्रीवलाई पनि यिनैले राज्य दिलाएका हुन्, यो पनि यिनको वीरताको ठूलो उदाहरण हो ॥१८॥ विभीषणले धर्म र अर्थले युक्त भएका, सबै राक्षसहरूको कल्याण गर्ने मुनासीब कुरा भनेका थिए, तर मोहले गर्दा रावणलाई सो कुरा निको लागेन ॥१९॥ कुवेरका भाइ रावणले विभीषणको कुरा मानेर सोही अनुसार काम गरेको भए दुःखले आकुल व्याकुल परेको यो लङ्का आज श्मशान जस्तो हुन पाउने थिएन ॥२०॥ रामचन्द्रले महाबली कुम्भकर्णलाई मारिदिए, लक्ष्मणले रिसाहा अतिकाय राक्षसलाई र राक्षसराजको प्यारो छोरो इन्द्रजित्‌लाई पनि मारिदिए, यति हुँदा पनि अझ रावणले चेतेको छैन ॥२१॥

"युद्धमा मेरो छोरो मारियो, मेरो भाइ मारियो, मेरो लोग्ने मारियो" घरघरमा राक्षसीहरूले यही किसिमसंग विलाप गरेको सुनिन्छ ॥२२॥ शूरा रामचन्द्रले कईएक हजार हात्ती, घोडा, रथ र पैदल सिपाहीलाई युद्धमा मारिसके ॥२३॥ रुद्र, विष्णु, इन्द्र अथवा यमराज नै रामको रूप लिएर हामीलाई

मार्नलागेका हुन् कि ? ॥२४॥ रामका हातबाट ठूला ठूला शूरवीर मारिएकोले अब हामीलाई बाँचुला भन्ने आशा छैन, कतैबाट पनि भयको अन्त हुने उपाय नदेखेकोले हामी अनाथिनीझैं विलाप गरिरहेका छौं ॥ २५॥ रावण आफ्नो शुरवाइँ र वरदानमा भुलिराखेको छ; रामले गर्दा हामी सबैमाथि आइपरेको यो महाघोर आपत्तिको उसलाई विचारै छैन ॥२६॥ जब युद्धमा रावण रामको हातमा पर्नेछ त्यस बखतमा गन्धर्व, पिशाच अथवा राक्षस यी कसैले पनि उसको रक्षा गर्न सक्नेछैनन् ॥२७॥ रावणको प्रत्येक युद्धमा जति उत्पात देखिएका छन् त्यताबाट पनि रामको हातबाट रावणको पराजय हुने कुरा स्पष्टै झल्कन्छ ॥२८॥ ब्रह्माले प्रसन्न भएर देवता, दानव र राक्षस यी कसैबाट भय हुनेछैन भन्ने वर रावणलाई दिएका थिए, तर त्यस बखतमा रावणले मानिसबाट अभय रहने कुरा उठाएको थिएन ॥२९॥ यही मनुष्यसम्बन्धी भयले अवश्य सबै राक्षसहरूको तथा रावणको प्राण लिने हो जस्तो मलाई लागिराखेको छ ॥३०॥ वरदान पाउनाले बलियो भइराखेको रावणले ज्यादै सताउनलागेपछि देवताहरूले उग्र तपस्याद्वारा ब्रह्माको उपासना गर्न थालेथे ॥३१॥ महात्मा ब्रह्माले पनि देवताहरूको कल्याण गर्ने मनसायले उनीहरूको तपस्यादेखि सन्तुष्ट भएकोले, उनी सबैलाई यस्तो महत्त्वपूर्ण कुरा सुनाएथे ॥३२॥ आजदेखि अब सबै दानव र राक्षसहरूले सदा डरले आकुल व्याकुल भई तीनै लोकमा भ्रमण गर्नुपर्नेछ ॥३३॥ यसपछि इन्द्रलगायतका सबै देवताहरूले एकत्रित भई त्रिपुरासुरलाई मार्ने वृषध्वज श्री महादेवलाई सन्तुष्ट गराए ॥३४॥ महादेवजीले पनि देवताहरूको तपदेखि प्रसन्न भएर उनीहरूलाई भन्नुभएथ्यो—हे देवताहो ! तिमीहरूको कल्याणका लागि राक्षसकुलको विनाश गर्ने एउटी स्त्री उत्पन्न हुनेछन् ॥३५॥ उहिले जसरी क्षुधा नामकी स्त्रीले देवताहरूद्वारा प्रेरित भएर दानवहरूलाई खाइदिइथी त्यसै गरी राक्षसहरूको वध गर्न जन्मेकी यस सीताले पनि रावण लगायत हामी सबैलाई खाइदिनेछ ॥३६॥ दुर्विनीत र मूर्ख राक्षसराज रावणको अनीतिले गर्दा हामीमाथि यो शोकसहितको घोर विपत्ति आइपरेको हो ॥३७॥ प्रलयकालमा जसरी कालबाट कसैले कसैको रक्षा गर्न सक्तैन त्यसै गरी रामचन्द्रको यस आक्रमणबाट बचाउनाका लागि हामीलाई कसैले शरण दिन सक्ला जस्तो लाग्दैन ॥३८॥ जसरी वनमा दावाग्निले घेरिएकी हतिनीको कोही रक्षक हुँदैन त्यसै गरी यस महाविपत्तिमा हाम्रो रक्षा गर्ने हामी कोही देख्तैनौं ॥३९॥ महात्मा पौलस्त्य विभीषणले मौकाअनुसारको ठीक काम गरे, जुन रामबाट आपत्ति आइपर्ने देखे उनैको शरण पर्न पहिले नै पुगिहाले ॥४०॥

सबै राक्षसका स्वास्नीहरू आफूआफूमा अँगालो हालेर यस प्रकारसंग विलाप गर्नलागे, यी सबै बडा दुःखित थिए, भयले विह्वल परेका थिए र डाँको छोडेर मायालाग्दो गरी रोइरहेका थिए ॥४१॥

सर्ग—९६

रावण स्वयं युद्ध गर्नाको निम्ति निस्कन्छ ।

रावणले लङ्काको घर-घरमा दुःखमा परेका राक्षसका स्वास्नीहरूले मायालाग्दो स्वर झिकेर विलाप गर्नलागेको सुन्यो ॥१॥ केही बेरसम्म लामो लामो सास फेर्दै विचार गर्नलाग्यो र त्यसपछि रिसले चूर भई थ्रडो डरलाग्दो अनुहार लगायो ॥२॥ रिसले यसका आँखा राता राता भइराखेका थिए र दाँतले ओठ टोक्नलागेको थियो । शरीरधारी कालाग्निसमान भइराखेको यसतिर डरले राक्षसहरूलाई हेर्नसमेत गाह्रो पर्नलाग्यो ॥३॥ आँखाको तेजले सबै प्राणीलाई भस्म पार्ने हो कि जस्तो गरेर तथा रिसले अस्पष्ट बोली गरेर राक्षसराज रावण नजीकमा बसिराखेका राक्षसहरूलाई भन्नलाग्यो ॥४॥ महोदर, महापार्श्व र विरूपाक्ष राक्षसहरूलाई भनिदेऊ कि मेरो आज्ञाले यिनीहरू झट्टै फौजलाई हिंडाउनाको निम्ति बाहिर निकालिहाल्रन् ॥५॥

डरले थर्कायमान भइराखेका यी राक्षसहरूले रावणको आज्ञा सुन्नासाथ निश्चिन्तसंग बसिराखेका राक्षसहरूलाई राजाको आज्ञाले झट्टै तय्यार पर्न लगाए ॥६॥ देख्तैमा डरलाग्ने अनुहार परेका यी राक्षसहरू पनि रावणको आज्ञा शिरोपर गरी स्वस्तिवाचन गर्नलगाएर रणक्षेत्रतिर हिंडिहाले ॥७॥ आफ्नो मालिकको विजय होस् भन्ने इच्छा लिइराखेका यी महारथी राक्षसहरू विधिपूर्वक रावणको पूजा गरेर आज्ञा पाउनाका लागि हात जोरेर खडा भए ॥८॥

यसपछि रिसले जलिराखेको रावण हाँसेर महोदर, महापार्श्व र विरूपाक्ष राक्षसहरूलाई भन्नलाग्यो ॥९॥ आज म प्रलयकालीन सूर्यसमानका तेजिला, मेरो धनुबाट छुटेका बाणले राम र लक्ष्मणलाई यमराजको घरतिर पठाइदिनेछु ॥१०॥ आज म शत्रुका वध गरेर खर, कुम्भकर्ण, प्रहस्त तथा इन्द्रजित् मारिएको साटो फेर्ने हुँ ॥११॥ मेरो बाणरूपी बादलले ढाकिएर आकाश, दशै दिशा, अन्तरीक्ष अथवा समुद्र यी कोही पनि देखिनेछैनन् ॥१२॥ आज म बानर-सेनापतिहरूको बथानलाई यस धनुले र पखेटा लागेका बाणहरूले टुक्रा टुक्रा पारिदिने हुँ ॥१३॥ आज म वायुसमानको वेग भएको रथमा चढेर धनुषरूपी समुद्रबाट उत्पन्न भएका बाणरूपी लहरीले बानरी सेनालाई ध्वस्तै पारिदिनेछु ॥१४॥ कमलको केसरसमानका बानरहरूको शरीरको रंगले शोभायमान भइराखेको, बानरहरूका मुख नै फुलेका कमलसमान देखिएको, तलाउरूपी बानरहरूको बथानलाई आज म हात्ती जस्तो भएर ध्वस्त पार्ने हुँ ॥१५॥ आज संग्रामभूमिमा बानरसेनापतिहरू बाण बिझिराखेको आफ्नो मुखले डांठसहितको कमलले झैं पृथ्वीलाई शोभायमान गराउनेछन् ॥१६॥ आज म एक एकओटा बाण चलाएर रूख लिएर युद्ध गर्ने सय सयओटा प्रचण्ड बानर सेनापतिहरूलाई युद्धभूमिमा मारिदिनेछु ॥१७॥ आज म शत्रुको वध गरेर जस-जसका भाइ, लोग्ने, छोरा मारिएका छन् ती सबैको आँसु पुछ्नेछु ॥१८॥ आज संग्राममा मेरो बाण लाग्नाले काटिएका अतत्र बेहोश परेर जताततै छरिएका बानरहरूले म पृथ्वीलाई यसरी ढाकिदिनेछु कि प्रयत्न गरेर हेर्दा पनि कतै खाली ठाउँ देखिनेछैन॥१९॥

आज काग, गिद्ध, अथवा अरू जति मासु खाने पशु पक्षी छन् ती सबैलाई बाणले मारिएका वैरीहरूको मासुले तृप्त गर्नेछु ॥२०॥ मेरो रथ छिटो तय्यार पार, धनु पनि झट्टै ल्याइहाल, बाँकी रहेका राक्षसहरू मेरो पछि युद्धक्षेत्रमा आऊन् ॥२१॥

रावणको यस्तो आज्ञा सुन्नासाथ महापार्श्वले त्यहीं उभिइराखेका सेनापतिहरूलाई झट्टै फौज तय्यार पार्ने आज्ञा दियो ॥२२॥ फूर्तिसाथ काम गर्ने सेनापतिहरूले मिलेर लङ्काभरिका राक्षसहरूको घर-घरमा गई राजाको यो आज्ञा सुनाइदिए ॥२३॥ एकै छिनपछि देख्तैखेरि डरलाग्ने अनुहार परेका राक्षसहरू हात हातमा नाना किसिमको शस्त्र अस्त्र लिएर घोरसंग गर्जंदै त्यहाँ जम्मा भए ॥२४॥ राक्षसहरूले हात हातमा तरवार, पट्टिश, शूल,, गदा, मुशल, हलो, तीखा धार भएको शक्ति, ठूला ठूला काँढै काँढा भएका मुद्गर, लट्ठी, अनेक प्रकारका तीखा तीखा चक्र, परश्वध, भिन्दीपाल, शतघ्नी तथा अरू अरू बेश हतियार लिएका लिए ॥२५–२६॥

यसपछि चारै जना सेनाध्यक्षहरू रावणको आज्ञाले दशहजार रथ, तीस हज्जार हात्ती, छ करोड घोडा, र छ करोड ऊँट लिएर निस्के, पैदल सिपाहीको संख्या ता गणना गरी साध्य थिएन ॥२७–२८॥ सेनापतिहरूले राजाको अगाडि फौज ल्याएर उभ्याइदिए, यही मौकामा सारथिले पनि रावणको रथ ल्याएर खडा गऱ्यो ॥२९॥ उत्तम उत्तम दिव्य अस्त्र राखिएको, नाना अलङ्कारले सिंगारिएको, किसिम किसिमका अस्त्र शस्त्रले सुसज्जित भएको, साना साना घण्टी लागेको, ठाउँ ठाउँमा नाना प्रकारको रत्न जडिएको, रत्नै रत्नको थाम भएको, सुनै सुनका हजारौं कलश भएको यस रथलाई देख्तैमा सबै राक्षसहरू बहुतै छक्क परे, राक्षसराज यस रथलाई देख्नेबित्तिकै उठिहाल्यो र कोटि सूर्यको प्रकाश भएको, आगोझैं बलिराखेको, आठ घोडा जोतिएको, सारथि बसिराखेको, आफ्नै तेजले देदीप्यमान भइराखेको, देख्तैखेरि डरलाग्ने शीघ्रगामी यस रथमा सवार भयो ॥३०-३३॥ अनेक राक्षसहरूलाई साथमा लिइराखेको रावण आफ्नो बलको जोरले पृथ्वीलाई फोर्ने हो कि जस्तो गरेर झटपट रवाना भइहाल्यो ॥३४॥ यस समयमा जतातत्तैबाट बाजाको ठूलो शब्द निस्कनलाग्यो, मृदङ्ग, पटह, शङ्खको शब्दको साथसाथै राक्षसहरूको कलहको आवाज पनि सुनिन थाल्यो ॥३५॥ देवताहरूको वैरी, सीताको हरण गर्ने, दुराचारी, ब्रह्मघाती, राक्षसहरूको राजा छत्र चामरले युक्त भई रामचन्द्रसंग युद्ध गर्न भनी आइरहेको छ—यस किसिमको ध्वनि चारैतिरबाट सुनिनलाग्यो ॥३६॥ यस ठूलो आवाजले गर्दा पृथ्वी कम्पायमान हुनलागिन् र यो आवाज सुन्दैखेरिमा वानरहरू डराएर भाग्नलागे ॥३७॥ महाबाहु, महातेजस्वी, रावण पनि आफ्ना मन्त्रीहरूलाई साथमा लिई जय प्राप्त गर्ने इच्छाले संग्रामभूमिमा उपस्थित भयो ॥३८॥ रावणको आज्ञाले महापार्श्व, महोदर, दुर्धर्ष र विरूपाक्ष यी चार राक्षसहरू पनि चार रथमा सवार भए ॥३९॥ यी सबै मनमा दङ्ग परेर पृथ्वीलाई नै फुटाल्ने हो कि जस्तो गरी चर्को आवाजले घोर सिंहनाद गर्दै जय पाउने आशा लिएर निस्के ॥४०॥ राक्षसी सेनालाई साथमा लिएको तेजस्वी रावण धनु उठाएर, प्रलयकालका यमराजझैं युद्ध गर्न भनी निस्क्यो ॥४१॥ अति छिटो

दगुर्ने घोडा जोतिएको रथमा सवार भएको महारथी रावण, राम लक्ष्मण बसिराखेको ढोकाको बाटो निस्क्यो ।।४२।। यस समयमा सूर्यको ज्योति धमिलो हुन गयो, दशै दिशालाई अन्धकारले ढाकिदियो, चराचुरुङ्गीहरू भयङ्कर आवाज झिक्नलागे र पृथ्वी पनि कम्पायमान हुनलागिन् ।।४३।। बादलबाट रगतको वर्षा हुनलाग्यो, घोडाहरू ठक्कर खानलागे, रावणको ध्वजामा गिद्ध आएर बस्यो र श्रृगालीहरू अशुभ स्वरले रुनलागे ।।४४।। रावणको स्वर बसेर गयो, मुख झ्याउरो देखिनलाग्यो, देव्रे आँखा र देव्रे हात पनि फरफराउनलागे ।।४५।। राक्षस रावणले युद्धका लागि प्रस्थान गर्दाखेरि रणभूमिमा हुने भएको यसको मृत्युको सूचना दिने यी सबै अपशकुन हुनलागे ।।४६।। बिजुली चड्केको जस्तो आवाज गरेर आकाशबाट उल्का खस्नलागे, कागसंग मिलेर गिद्धहरू पनि अशुभ शब्दले कराउनलागे ।।४७।। तर कालले पठाइएको रावण अज्ञानले गर्दा यी भयङ्कर उत्पातहरूपट्टि केही विचारै नराखेर मर्नाको निम्ति निस्कि नै हाल्यो ।।४८।।

मनस्वी निशाचरहरूको रथको आवाज सुन्दैमा वानरीसेना पनि युद्धका लागि तैयार पर्‍यो, आफ्नो आफ्नो पक्षको विजय होस् भनी चाहना गर्ने यी दुवै दलका झोंकिएका सैनिकहरू आफ्ना आफ्ना प्रतिपक्षीहरूलाई हाँक दिनलागे ।।४९।। यसपछि दशानन रावण झोंकिएर सुवर्णभूषित बाणको प्रहार गरेर वानरी सेनाको विनाश पार्नलाग्यो ।।५०।। रावणको बाणको प्रहारले कसैको टाउको छुट्टियो, कसैको छाती फुट्यो र कसैको कान काटियो ।।५१।। कोही सासै फेर्न नपाएर मरे, कोही पाखुरा उखेलिएकोले मरे, कसैको टाउको टुक्राटुक्रा भयो र कसैको आँखा फुट्न गयो ।।५२।।

यस समयमा रावण रिसले आँखा घुमाएर जताजता रथ लैजान्थ्यो त्यता त्यताका वानर सेनापतिहरू यसको बाणको चोट खप्न असमर्थ हुनलागे ।।५३।।

सर्ग—९७

विरूपाक्षको मृत्यु ।

रावणको बाणले शरीर छिन्न भिन्न भएका वानरहरूले गर्दा युद्धक्षेत्रको भूइँ टम्मै भएर भरियो ।।१।। जसरी बल्दो आगोको ज्वाला फट्यांग्राहरू खप्न सक्तैनन् त्यसै गरी वानरहरूले पनि एक छिन पनि खपी नसक्नुको रावणको बाणवर्षा सहन सकेनन् ।।२।। आगोको ज्वालाभित्र परेको अतएव डढ्न लागेको हात्ती जसरी चिच्च्याउँदै भाग्दछ त्यसै गरी तीखा तीखा बाणको चोटमा परेका वानरहरू चिच्च्याउँदै भाग्न थाले ।।३।। जसरी हावाले बडे बडे बादलको टुक्रालाई उडाएर नाश गरिदिन्छ त्यसै गरी बाणै बाणले वानरी सेनालाई नष्ट भ्रष्ट गर्दै रावण युद्धक्षेत्रमा झन् झन् अगाडि बढ्नलाग्यो ।।४।। राक्षसराज रावण फूर्तिसाथ वानरी सेनालाई ध्वस्त पार्दै झटपट युद्धक्षेत्रमा रामचन्द्रजी विराजमान भएको ठाउँमा पुग्यो ।।५।। यता सुग्रीवले पनि वानरहरूको जमातलाई फुटेर जथाभावीसंग रणस्थलमा भाग्न-

लागेको देखेपछि फौजको रक्षाका लागि सुषेणलाई खटाई आफूले तुरन्तै युद्धमा जाने मन गरे ॥६॥ आफूसमानको वीर बानरलाई आफ्नो ठाउँमा खटाइसकेपछि सुग्रीव रूख उचालेर शत्रुको सामुन्ना गर्न भनी हिंडे ॥७॥ यिनको अगल-बगल तथा पछिपछि समस्त वानर-सेनापतिहरू ठूला ठूला ढुङ्गा तथा नाना किसिमको रूख लिएर हिंड्नलागे ॥८॥ रणस्थलमा पुग्नासाथ महान् सुग्रीव चर्को स्वर झिकेर गर्जनलागे र बाँकी रहेका राक्षसहरूलाई हायल कायल पारेर मुख्य मुख्य राक्षसहरूलाई ध्वस्त पार्न-लागे ॥९॥ प्रलयकालमा जसरी हावाले ठूला ठूला रूखलाई उखेलेर फ्याँकिदिन्छ त्यसै गरी यस सम-यमा विशाल शरीर भएका वानरराज सुग्रीव पनि राक्षसहरूको संहार गर्नलागे ॥१०॥ जसरी वनका चराचुरुङ्गीमाथि बादलले ढुङ्गाको वर्षा गर्दछन् त्यसै गरी यिनी पनि राक्षसी सेनामाथि ढुङ्गै ढुङ्गाको वर्षा गर्नलागे ॥११॥ जसरी इन्द्रको वज्र लाग्नाले पर्वतहरू फुटेर जथाभावीसंग छरिएका थिए त्यसै गरी वानरराज सुग्रीवले फ्याँकेका ढुङ्गा लाग्नाले टाउको उछिट्टिएर राक्षसहरू जतातत्तै पृथ्वीमा ढल्न-लागे ॥१२॥

यस प्रकारसंग चारैतिरबाट राक्षसहरू मारिनलागेको र सुग्रीवको मार पर्नाले जथाभावीसंग यिनीहरूलाई भाग्नलागेको देखेपछि धनुर्धारी विरूपाक्ष राक्षसले आफ्नो नाम सबैलाई सुनाएर रथबाट उफ्री हात्तीको पिठिउँमा चढ्न पुग्यो ॥१३-१४॥ महाबली विरूपाक्ष हात्तीमा सवार भएपछि बडो चर्को स्वरले सिंहनाद गर्दै वानरहरूमाथि आक्रमण गर्नलाग्यो ॥१५॥ युद्धक्षेत्रमा यो राक्षस सुग्रीवमाथि भयङ्कर बाणको वर्षा गर्नलाग्यो र हडबडाएका राक्षसहरूलाई सम्झाई बुझाईकन संग्रामभूमिमा अड्याउनलाग्यो ॥१६॥ सुग्रीव यस राक्षसका तीखा तीखा बाण शरीरमा बिझेकोले झोंक्किएर गर्जन-लागे र यसलाई मार्ने उपाय विचार गर्नलागे ॥१७॥ युद्धविद्यामा सिपालु भएका शूरा सुग्रीव एउटा रूख उखेलेर दौडँदै उतिर गए र उसको सामुन्नैमा उसको विशाल हात्तीलाई हिर्काए ॥१८॥ सुग्रीवको हातको मार पर्नासाथ यो महागज तीन हात जति पछि हटेर जोरसँग चिच्च्याउँदै भूइँमा पछारियो ॥१९॥ फूर्तिसाथ काम गर्ने यो महाबली राक्षस घाइते भएको हात्तीबाट झट्टै तल ओर्लिहाल्यो र गैंडाको छालाको ढाल तथा तरवार हातमा लिई निश्चल भई उभिइराखेका सुग्रीवको तिरस्कार गर्दै उन-लाई झम्टन पुग्यो ॥२०-२१॥ सुग्रीवले पनि विरूपाक्षको प्रहारलाई खपेर बादलसमानको एउटा बडे-मानको ढुङ्गा उचालेर त्यसमाथि चलाए ॥२२॥ पराक्रमी राक्षसश्रेष्ठले पनि ढुङ्गा आफूतिर आउन-लागेको देख्ता कुनै प्रकारसंग आफूलाई यसको मारबाट बचाएर सुग्रीवमाथि तरवारको प्रहार गरिदियो ॥२३॥ महाबली राक्षसको तरवारको यस प्रहारले घाइते भएर सुग्रीव एक छिनसम्म पृथ्वीमा बेहोश परेर लडिरहे ॥२४॥ केही बेरमा होश आएपछि यिनले झटपट उठेर त्यस महायुद्धमा एक मुक्की ताकेर बडो जोरसंग त्यस राक्षसको छातीमा हिर्काए ॥२५॥ सुग्रीवको यो मुक्कीको चोट पर्नाले राक्षस विरूपाक्षलाई बहुतै जङ चल्यो र यसले पनि सबै सेनाको अगाडि नै तरवारैले यिनको कवच काटेर भूइँमा खसालिदियो, अब ता सुग्रीव दुवै खुट्टा खुम्च्याएर भूइँमा लोटिहाले, तर उल्लिखेरै उठेर बज्र-

समानको भयानक शब्द निस्कने गरी एक लप्पड उसको छातीमा जमाइदिए। तर युद्धविद्यामा खूबै सिपालु भएकोले यस राक्षसले यो चोटबाट पनि आफूलाई बचाएर उल्टो सुग्रीवको छातीमा एक घुस्सी लगायो। आफ्नो प्रहार निष्फल भएको र राक्षसले आफूलाई मुक्की चखाएको देख्ता सुग्रीवलाई हुनासम्मको रिस उठ्यो र यिनी यसलाई कसरी मार्ने हो भनी मौका विचार गर्नलागे ॥२६-३०॥ मौका पाउनासाथ यिनले झोंक्किएर उसको निधारमा बडो जोरसंग एक थप्पड जमाइदिए। वज्रसमानको साह्रो यो थप्पड लाग्नाले राक्षस घाइते भएर भूइँमा लोटिहाल्यो, यसको तमाम शरीर रगतमा मुछिन गयो र पर्वतबाट पानीको झरना झरेझैं यसको नाक, मुख, कानबाट रगतको धारा बग्नलाग्यो ॥३१-३२॥ फिंज उठेको रगतमा मुछिएको, आँखा उघारेर टुलटुल हेरिरहेको राक्षस विरूपाक्षनेर गएर हेर्दा वानरहरूले आफ्नो त्यस शत्रुलाई आँखा फन्फनी घुमाउनलागेको, सबै शरीर रगतमा नुहाए जस्तो भए तापनि छटपटाउनलागेको र मायालाग्दो स्वर झिकेर चिच्च्याउनलागेको देखे ॥३३-३४॥

यस समयमा ठूलो वेग भएको, युद्ध गर्न भनी तय्यार परेको, भयङ्कर समुद्रसमानको राक्षस र वानरहरूको यो दुवैपट्टिको फौज, पुल भाँचिनाले खळबलिएको दुइटा समुद्रझैं, बडो जोरसंग गर्जनलागेको थियो ॥३५॥ वानरराज सुग्रीवको हातबाट महाबली विरूपाक्षको विनाश भएको देख्ता वानर र राक्षसहरूको यो समस्त फौज भेल उठिराखेको गङ्गाजीको जलसमान हुन गयो ॥३६॥

सर्ग—९८

महोदर राक्षसको मृत्यु।

त्यस महायुद्धको मैदानमा परस्पर एक पक्षले अर्को पक्षलाई मार्नलागेकोले दुवैतिरको सेना ग्रीष्म ऋतुमा तलाउ सुकेझैं क्षीण हुन थाल्यो ॥१॥

आफ्नो फौज नष्ट भएको र विरूपाक्षको मृत्यु भएकोले राक्षसराज रावण पहिलेभन्दा दोब्बर जङ्गियो ॥२॥ आफ्नो पक्ष कमजोर हुँदै गएको र वानरहरूले राक्षसहरूलाई मार्नलागेको देख्ता यस युद्धमा आफ्नो भाग्यले पल्टा खाएको संझेर रावण चित्त दुखाउनलाग्यो ॥३॥ केही बेरपछि आफ्नो नजीकमा उभिइराखेको महोदरलाई भन्नलाग्यो—हे महाबाहो ! अब ता केवल तिमीमा नै मेरो जयको आशा अडिएको छ ॥४॥ हे वीर ! तिमी नै अब शत्रुसेनालाई सखाप पार र आफ्नो पराक्रम देखाऊ, स्वामीको ऋणदेखि मुक्त हुने मौका यही हो, तसर्थ खूब दिल दिएर युद्ध गर ॥५॥

रावणको यो आज्ञा सुन्नासाथ उसको हुकूम शिरोपर गरी राक्षसश्रेष्ठ महोदर, फट्याङ्ग्राहरू आगोनेर गएझैं शत्रुसेनाभित्र प्रवेश गर्नलाग्यो ॥६॥ स्वामीको आज्ञाले प्रेरित भएको यो तेजस्वी महाबली राक्षस आफ्नो पराक्रमले वानरीसेनाको संहार गर्नलाग्यो ॥७॥ महापराक्रमी वानरहरू पनि ठूला ठूला ढुङ्गा लिंदै शत्रुको भयङ्कर फौजभित्र पसे र त्यहाँ राक्षसहरूलाई मार्नलागे ॥८॥ महोदर पनि झोंकिएर सुवर्णभूषित आफ्ना बाणले यस महायुद्धमा वानरहरूको हात, खुट्टा, तिघ्रा छुट्ट्याउन-

लाग्यो ।।९।। अब ता वानरहरू राक्षसहरूको यस महायुद्धबाट दशै दिशातिर भाग्नलागे र कोही कोही सुग्रीवको शरण पर्न पुगे ।।१०।।

वानरहरूको विशाल फौजलाई युद्धभूमिमा यसरी भागाभाग गर्नलागेको देखेपछि सुग्रीव महोदर-माथि आक्रमण गर्न भनी अगाडि बढ़े ।।११।। बड़ेमानको, पर्वतसमानको, एउटा ठूलो भयङ्कर ढुङ्गो उठाएर महातेजस्वी सुग्रीवले राक्षसको प्राण लिने मनसायले उसमाथि चलाए ।।१२।। महोदरले पनि यस ढुङ्गोलाई अकस्मात् आफूमाथि आइपर्नलागेको देख्नासाथ मनमा बिलकुलै नआत्तिएर बाणको वर्षा गरेर त्यसलाई टुक्रा टुक्रा पारिदियो ।।१३।। राक्षसको बाणले हजारौं टुक्रा भएको त्यो ढुङ्गो आकुल व्याकुल परेका गिद्धहरूको झुण्डझैं भूईंमा झर्नलाग्यो ।।१४।। आफ्नो ढुङ्गो छ्यान्नव्यान्न भएको देख्ता सुग्रीवलाई हुनासम्मको रिस उठ्यो र यिनले एउटा सालको रूख उखेलेर त्यसमाथि चलाए, तर राक्षसले यसलाई पनि छिया छिया पारिदियो ।।१५।। अब ता शत्रुसेनालाई ध्वस्त पार्ने भएको यो शूरो राक्षस सुग्रीवलाई अनेक बाणले छेड्नलाग्यो । यस मौकामा झोंक्किइ-राख्नेका वानरराजले भूईंमा पडिराखेको एउटा परिघ देखे ।।१६।। यो तेजिलो परिघ उठाएर सुग्रीवले राक्षसले देख्ने गरी यस्तो जोरसंग मच्चाएर चलाए कि यो उग्र वेग भएको परिघले उसको चारै ओटा घोडालाई मारि नै दियो ।।१७।। घोडा मारिनासाथ महोदर आफ्नो बडेमानको रथबाट उफ्रेर तल आयो र उत्तिखेरै जङ्गिएर हातमा गदा लियो ।।१८।। बिजुलीले युक्त भएको बादल जस्तै देखिएका, साँढेझैं गर्जिरहेका यी दुवै वीर, एउटाले गदा लिएर र अर्कोले परिघ लिएर परस्पर युद्ध गर्नलागे ।।१९।। महोदर राक्षसले झोंक्किएर सूर्यको जस्तो चहक भएको, आफ्नो तेजले बलिराखेको गदा सुग्रीवमाथि चलायो ।।२०।। महाभयानक गदा आफूतिर आउनलागेको देख्ता रिसले आँखा रातो तुल्याएका महाबली सुग्रीवले आफ्नो परिघ उठाएर सो गदामाथि चलाए, तर यो परिघ नै गदामा ठक्कर खाएकोले छिया छिया भएर भूईंमा खस्यो ।।२१-२२।। यसपछि सुग्रीवले भूईंमा पडिराखेको, चारैतिर सुनै सुनले सिंगारिएको, फलामको एउटा भयङ्कर मुशल उठाए ।।२३।। सुग्रीवले राक्षसमाथि यस मुशलको प्रहार गरे, उता राक्षसले पनि आफ्नो गदा चलायो तर आफू आफूमा ठक्कर खाएकोले यी दुवै गदा र मुशल चूर्ण भएर तल भूईंमा झर्न पुगे ।।२४।। आफ्नो आफ्नो अस्त्र निष्फल भएको देख्ता बल र तेजले युक्त भएका, बल्दो आगोसमान देखिनलागेका यी दुवै मुक्कै मुक्का चलाएर युद्ध गर्नलागे ।।२५।। अब यी दुवैमा लात्ती र मुक्काको प्रहार चल्नलाग्यो । एउटाले अर्कोलाई चोट पार्दथ्यो र सिंहनाद गर्दथ्यो । परस्परको थप्पडको मारले कहिले यिनीहरू भूईंमा लोट्तथे, तर तुरन्तै उठेर फेरि लड्न थाल्दथे । पराजित हुन अयोग्यका यी दुवै वीर आफ्नो बाहुबलले कहिले यसले उसलाई, कहिले उसले यसलाई उचालेर फ्याँक्नलागे ।।२६-२७।। शत्रुघाती यी दुवै वीर धेरै बेरसम्म यस प्रकारले बाहु-युद्ध गर्दा गर्दै थाके । त्यहाँ नजीकमा दुइटा तरवार पडिराखेका थिए । शस्त्रविद्यामा सिपालु भएका यी दुवै वीर हात हातमा तरवार

लिएर झोंक्किंदै गर्जनलागे र खुशीसाथ युद्धस्थलमा परस्पर लड्नलागे ॥२८-२९॥ आफू आफूमा जङ्गिइराखेका, जित्ने आशा लिएका, यी दुवै वीर सावधानीसाथ दाहिनेपट्टिबाट चक्कर मारेर भिडिनलागे ॥३०॥ यही मौकामा बढत्व चाहने, शूरो, दुर्बुद्धि महोदरले बडो वेगसंग सुग्रीवको कवचमाथि आफ्नो तरवारको प्रहार गर्‍यो ॥३१॥ महोदर सुग्रीवको कवचमा धसिएको आफ्नो तरवार झिक्नलाग्यो, यही मौकामा वानरराजले कुण्डल र पगरीले शोभायमान भइराखेको उसको टाउको आफ्नो तरवारले काटिदिए ॥३२॥ टाउको काटिएर भूइँमा झरेको देख्नासाथ राक्षसराजको सेना नमालूम कता लोप हुन गयो ॥३३॥

महोदरलाई मारेपछि सुग्रीव वानरहरूको साथमा हर्ष मनाउन र सिंहनाद गर्नलागे। रावण ता झोंक्कियो तर रामले भने हँसिलो मुख लगाए ॥३४॥ सबै राक्षसहरूले भयले विह्वल परेर, शोकमा परेकोले निदाउरो मुख लगाए र मनमा पीर लिंदै जताततै भाग्नलागे ॥३५॥ जसरी सूर्य भगवान् आफ्नो तेजले प्रकाशित हुन्छन् त्यसै गरी पर्वतको शिखरसमानको महोदरलाई पृथ्वीमा ढालेपछि सूर्यपुत्र सुग्रीव जयलक्ष्मीद्वारा प्रकाशित हुनलागे ॥३६॥ यस मौकामा देवता, सिद्ध, यक्ष, तथा पृथ्वीवासी सबै प्राणीहरू हर्षले गद्गद परेर, युद्धक्षेत्रमा विजय पाएका वानरराज सुग्रीवलाई एक दृष्टि लगाएर हेर्नलागे ॥३७॥

सर्ग—९९

महापार्श्वको मृत्यु।

सुग्रीवको हातबाट महोदरको मृत्यु भएको देख्दा महाबली महापार्श्व रिसले आँखा रातो रातो तुल्याएर हेर्नलाग्यो र बाणको प्रहार गरेर अङ्गदको भयानक सेनालाई दुःख दिन थाल्यो। यो राक्षस मुख्य मुख्य वानरहरूको टाउको, हावाले झुप्पाबाट फल झरालेझैं, शरीरबाट छुट्ट्याउनलाग्यो। यस राक्षसले बाण चलाएर कसैको हात काटिदियो ॥१-३॥ क्रोधी महापार्श्वले कसै कसैको काखीमुनिबाट हातै उखेलिदियो। महापार्श्वको बाणवृष्टिले हडबडाएका वानरहरू निदाउरो मुख लगाएर बेहोश पर्नलागे। राक्षसद्वारा पीडित भइराखेको सेना हडबडाएको देख्ता महावेगवान् अङ्गद पूर्णिमाको दिनमा समुद्र उर्लेझैं उर्लनलागे। सूर्यको किरणको जत्तिकै चहक भएको फलामको परिघ लिएर वानरश्रेष्ठ अङ्गद महापार्श्वमाथि जाइलागे। यस प्रहारले गर्दा महापार्श्व बेहोश भएर सारथिको साथसाथै रथबाट तल भूइँमा खस्यो ॥४-७॥ यही मौकामा गाजलको थुप्रोजत्तिकै काला, महाबली, तेजस्वी ऋक्षराज जाम्बवान्‌ले, मेघसमानको कालो आफ्नो दलबाट बाहिर निस्केर, पर्वतको शिखरसमानको विशाल ढुङ्गा हिर्काएर महापार्श्वको घोडालाई मारिदिए र यसको रथलाई पनि चूर्ण पारिदिए ॥८-९॥

केही बेरमा होश आएपछि महाबली महापार्श्व फेरि अङ्गदमाथि अनेक बाणको प्रहार गर्नलाग्यो ॥१०॥ यसले ऋक्षराज जाम्बवान्‌को स्तनको बीच छातीमा तीन बाण हिर्कायो र अनेक

बाण चलाएर गवाक्षको शरीरलाई छिया छिया पारिदियो ॥११॥ गवाक्ष र जाम्बवान्‌लाई बाणद्वारा घाइते भएको देखेरपछि अङ्गदले झोंकिएर एउटा भयङ्कर परिघ उठाए ॥१२॥ अङ्गदको आँखा रिसले बलिराखेको थियो । सूर्यको किरणको जत्तिकै टलक भएको यो फलामको परिघ दुवै हातले उचालेर खूब जोरसंग फन्‌फनी घुमाउँदै, टाढामा उभिइराखेको महापार्श्वलाई मार्ने अभिप्रायले बालि-पुत्रले उसमाथि चलाइहाले ॥१३-१४॥ बलवान् अङ्गदको हातबाट छुटेको यस परिघले राक्षसको हातबाट बाणसहितको धनु र टाउकोमाथिको पगरी तल खसालिदियो ॥१५॥ महाबली बालिपुत्र झट्टै उनेर पुगे र झोंकिंदै कुण्डल लगाइराखेको उसको कानको जरामा एक लप्पड जमाइदिए ॥१६॥ अब ता महाद्युतिमान्, महावेगवान् महापार्श्वले जंगिएर आफ्नो एक हातले एउटा बडेमानको परश्वध समात्यो ॥१७॥ खूब रिस देखाएर यस राक्षसले ढुङ्गासमानको साह्रो, बलियो र तेलले सफा पारिराखेको यो परश्वध अंगदमाथि चलाइदिइहाल्यो ॥१८॥ तर रिसको झोंकमा परेका अङ्गदले, राक्षसले खूब बल देखाएर आफ्नो देब्रे काँध ताकेर चलाएको त्यस परश्वधलाई निष्फल गराइदिए ॥१९॥ यसपछि बाबुको जत्तिकै पराक्रम भएका वीर अङ्गदले झोंकिएर आफ्नो वज्रसमानको साह्रो मुक्की बाँधे ॥२०॥ राक्षसको स्तननेर मर्मस्थल ताकेर अङ्गदले उसको छातीमा इन्द्रको वज्रसमानको कठोर यो मुक्का हिर्काए ॥२१॥ यो मुक्काको प्रहार पर्नाले त्यस महायुद्धमा राक्षसको मुटु फुट्न गयो र प्राणत्याग गरेर यो भूइँमा लोटि पनि हाल्यो ॥२२॥

महापार्श्व मारिएपछि यसको फौजमा गोलमाल मच्चिनलाग्यो, उता रावणलाई पनि हुनासम्मको रिस उठ्यो ॥२३॥ यस समयमा इन्द्रलगायत सबै देवताहरूको र मनमा दङ्ग परेका वानरहरूको यस्तो ठूलो सिंहनाद हुनलाग्यो कि यसको आवाजले अटाली र फाटकसहितको लङ्का नगरी नै फुट्ने हो कि जस्तो भान हुनलाग्यो ॥२४॥ देवता र वानरहरूको यो हर्षध्वनि सुन्दा इन्द्रशत्रु रावणलाई खपी नसक्नुको रिस उठ्यो र यो युद्ध गर्नाको निम्ति तय्यार परेर संग्रामस्थलमा खडा हुन गयो ॥२५॥

सर्ग—१००

रावणको राम-लक्ष्मणसितको युद्ध ।

महाबली वीर विरूपाक्ष मारिएपछि महोदर र महापार्श्वसमेत मारिएको देख्ता युद्धक्षेत्रमा उप-स्थित भइराखेको रावणलाई जङ चल्यो र यसले सारथिलाई रथ चलाउने आज्ञा दिएर उसलाई भन्यो ॥१-२॥ मेरा मन्त्रीहरू मारिदएको र शहर घेराभित्र परेको दुःख म राम लक्ष्मणलाई मारेर दूर गरि-दिन्छु ॥३॥ आज म रामरूपी रूखलाई युद्धक्षेत्रमा मारि नै दिन्छु । यो रूख सीतारूपी फूलबाट फल उत्पन्न गर्दछ; सुग्रीव, जाम्बवान्, कुमुद, नल, द्विविद, मैन्द, अङ्गद, गन्धमादन, हनुमान्, सुषेण तथा अरू अरू वानरसेनापतिहरू यसका हाँगा हुन् ॥४-५॥

यो अतिरथ रावण आफ्नो रथको शब्दले दशै दिशालाई प्रतिध्वनित गर्दै छिटोसंग रामचन्द्रको सन्मुख जानलाग्यो ॥६॥ रावणको रथको आवाजले पर्वत, वन, र नदीहरूको साथसाथै समस्त पृथ्वी गुञ्जायमान हुँदै काम्नलागिन् र सिंह तथा पशुपक्षीहरू डरले थर्कोयमान भए ॥७॥

यसपछि राक्षसराज रावण अतिशय कठोर तथा भयानक तामस अस्त्रको प्रहार गरेर बानरहरूलाई भस्म पार्नलाग्यो र यिनीहरू जताततै ढल्नलागे ॥८॥ यो अस्त्र स्वयं ब्रह्माद्वारा बनेकोले बानरहरूले यसको चोट खप्न सकेनन् र आफ्नो पंक्ति छाडेर जताततै भाग्नलागे । यिनीहरू भागेकोले पृथ्वीमा धूलोको मुस्लो उठेको देखियो ॥९॥ रावणका तीखा तीखा बाणको चोटमा पर्नाले अनेक बानरी सेना भाग्नलाग्यो, आफ्ना सयकडौं सैनिकहरूलाई भाग्न लागेको देख्ता पनि रामचन्द्र युद्धक्षेत्रमा डटि नै रहे ॥१०॥

राक्षसराज रावणले यस प्रकारसंग बानरी सेनालाई भगाइसकेपछि पराजित हुन अयोग्य रामचन्द्र-जीलाई त्यहाँ उपस्थित भइराखेको देख्यो ॥११॥ यी आफ्नो बडेमानको धनुमा आड दिएर विष्णुको साथमा इन्द्र बसेझैं, भाइ लक्ष्मणलाई साथमा राखेर उभिइराखेका थिए, यस समयमा राम आफ्नो धनुले आकाश छुने हुन् कि जस्तो देखिनलागे ॥१२॥ दीर्घबाहु, कमलको पातसमानको ठूला ठूला आँखा भएका, तेजस्वी, लक्ष्मणलाई साथमा राखेका महाबली रामले बानरहरूलाई युद्धक्षेत्रबाट भाग्नलागेको र रावणलाई आफूतिर आउनलागेको देखे । यो देख्नासाथ रामचन्द्रले प्रसन्नतासाथ धनु ग्रहण गरे ॥१३–१४॥ खूब छिटो छिटो बाण छाड्ने तथा डरलाग्दो आवाज निकाल्ने यस धनुमा, पृथ्वीलाई नै फुटाल्ने हो कि जस्तो गरेर, रामचन्द्र टङ्कार दिनलागे ॥१५॥ रावणको बाणवर्षाले तथा रामको धनुको टङ्कारको शब्दले सयकडौं राक्षस पृथ्वीमा लोट्नलागे ॥१६॥

राजपुत्र राम लक्ष्मणको बाणको बाटोमा उभिइराखेको रावण यस समयमा सूर्य, चन्द्रमाको नजीक आइराखेको राहुसमान देखिनलागेको थियो ॥१७॥

तीखा तीखा बाणद्वारा पहिले आफूले रावणसित युद्ध गर्ने इच्छा गरेर लक्ष्मण धनुमा ताँदो चढाएर, आगोको ज्वालासमानका बाण उसमाथि चलाउनलागे ॥१८॥ धनुर्धारी लक्ष्मणको हातबाट बाण छुट्नासाथ तेजस्वी रावणले पनि आफ्नो बाणद्वारा ती बाणलाई रोकिदियो ॥१९॥ रावणले आफ्नो हातको सफाइ देखाएर लक्ष्मणको एउटा बाणलाई आफ्नो एउटा बाणले काटिदियो ॥२०॥ युद्धविजयी रावण लक्ष्मणलाई छाडेर रामनेर पुग्यो जो कि अर्को एउटा पहाडझैं युद्धक्षेत्रमा विराजमान भइराखेका थिए ॥२१॥ रिसले राता राता आँखा गराएको राक्षसराज रावण रामनेर पुगेपछि बाणको वर्षा गर्नलाग्यो ॥२२॥ रावणको धनुबाट छुटेको बाण–धारा आफूतिर आउनलागेको देखेपछि रामले झटपट भल्ल नामको बाण उठाए ॥२३॥ आफ्ना तीखा भल्ल बाणले रामचन्द्रले रावणका अतिभयङ्कर, विषालु सर्प-समानका र चहकिला बाणलाई काटेर मिल्काइदिए ॥२४॥

यसपछि राम रावणलाई ताकेर र रावण रामलाई ताकेर परस्पर अनेक प्रकारका तीखा तीखा

बाणको वर्षा गर्नलागे ॥२५॥ बाणको चोट बचाउँदै, पराजित हुन अयोग्य यी राम रावण दुवै धेरै बेरसम्म कहिले दाहिनेपट्टिबाट, कहिले देब्रेपट्टिबाट चक्कर मार्नलागे ॥२६॥ यम र मृत्युसमानको भयङ्कर मूर्ति धारण गरेर बाणको वर्षा गर्दै युद्ध गरिराखेका यी राम रावणको मूर्त्ति देख्ता सबै प्राणीहरू डरले थर्कायमान भए ॥२७॥ ग्रीष्म ऋतु सकिएपछि जसरी आकाश बिजुलीसहितको बादलले टम्म भरिन्छ त्यसै गरी अहिले पनि नाना प्रकारका बाणले आकाश टम्म भयो ॥२८॥ गिद्धको पखेटा लागेका, बडो वेगसँग जाने तीखा तीखा यी बाणहरूको वर्षाले गर्दा आकाशमा अनेक झ्याल जडिएको जस्तो देखिनलाग्यो ॥२९॥ महामेघसमानका यी राम रावणले सूर्य छँदा छँदै पनि आकाशमा अन्धकार गराइदिए, सूर्य लुकेपछि पनि यिनीहरूको बाणवृष्टि रोकिएन ॥३०॥ परस्पर एउटाले अर्काको वध गर्न चाहने यी राम रावणको बीचमा भयङ्कर युद्ध हुनलाग्यो, यस्तो युद्ध अरूबाट हुन असम्भव थियो; वृत्रासुर र इन्द्रको युद्धझैं यो युद्ध विचारै गर्न नसकिने किसिमको भयो ॥३१॥ बाण चलाउनामा सिपालु, युद्धविद्याका प्रवीण, अस्त्र शस्त्रको प्रयोगमा चतुर यी दुवै किसिम किसिमका ढाँचा देखाएर युद्धक्षेत्रमा घुम्नलागे ॥३२॥ जहाँ जहाँ यिनीहरू जान्थे त्यहाँ त्यहाँ, हावाको झोंक्काले दुइटा समुद्रमा छाल उठेझैं, बाणरूपी तरङ्ग उर्लनलागेको देखिन्थ्यो ॥३३॥

बाण चलाउनामा व्यस्त भइराखेको, संसारैलाई रुवाउने रावण, रामचन्द्रको निधार ताकेर अनेक बाण छोड्नलाग्यो ॥३४॥ भयङ्कर धनुबाट छुटेका यी बाणलाई रामचन्द्रले आफ्नो साथमा धारण गरे, तर रामलाई यी बाण नीलकमलको पात जस्तै लाग्यो, यसैले यिनलाई अलिकता पनि वेदना भएन ॥३५॥ यसपछि रौद्रास्त्रको प्रयोग गर्नाको निम्ति झोंक्किइराखेका रामचन्द्रले अनेक बाण जम्मा गरेर यिनलाई अभिमन्त्रित गरे ॥३६॥ निरवच्छिन्न बाणको वर्षा गरिरहने, महातेजस्वी, वीर्यवान् श्री रामचन्द्रजी आफ्नो धनु निहुराएर यी सबै बाण राक्षसराज रावणमाथि चलाउनलागे तर यिनका यी सबै बाण निष्फल हुन गए ॥३७॥ राक्षसराज रावणको शरीर महामेघसमानको कवचले रक्षित थियो, यसै कारणले रामका यी बाण शरीरसाथि परे तापनि उसलाई केही पी डा भएन ॥३८॥

सबै प्रकारको अस्त्र चलाउनामा सिपालु भएका रामचन्द्रले, रथमा बसिराखेको त्यस राक्षसराजको टाउकोमा ताकेर फेरि उत्तम उत्तम प्रकारका अस्त्र हिर्काए ॥३९॥ पाँच टाउकोवाला सर्पसमानका यी बाण, रावणको बाणद्वारा रोकिए तापनि उसको टाउकोमा पर्न पुगे तर कुनै प्रकारको चोट नलगाई स्वाँ स्वाँ गर्दै भूइँभित्र पसे ॥४०॥ रामचन्द्रको बाणलाई निष्फल गराइसकेपछि रिसले बलिराखेको रावणले अर्को एउटा भयङ्कर असुरास्त्रको प्रहार गऱ्यो ॥४१॥ रावणले रामचन्द्रमाथि सिंहमुख, व्याघ्र-मुख, कङ्कमुख, कोकमुख, गृध्रमुख, बाजमुख, शृगालमुख र हुँडारको मुखको जस्तो आकार परेका अनेक बाण चलायो, यी सबै बडा भयङ्कर र मुख बाइराखेका थिए। यिनीहरूमध्ये कुनै कुनै पाँचमुखे बाण थिए, जो कि जतातते आपनो जिब्रो ल्यापल्याप गरिरहेका थिए। यस प्रकारका अनेक तीखा बाणको रावणले प्रयोग गऱ्यो ॥४२-४३॥ यी बाहेक गर्दभमुख, वराहमुख, कुक्कुरमुख, मगरमुख,

सर्पमुख, र अरू अरू किसिमको मुख परेका बाण, झोंक्किएको सर्पझैं स्वाँ स्वाँ गरिरहेको रावणले आफ्नो मायाको प्रभावले उत्पन्न गरेर रामचन्द्रमाथि चलायो ॥४४–४५॥

रघुश्रेष्ठ रामचन्द्रमाथि जब आसुरी बाण चल्नलाग्यो तब ता अग्निसमानका यिनी पनि बडो उत्साहसंग आग्नेयास्त्रको प्रयोग गर्नलागे ॥४६॥ यस आग्नेयास्त्रबाट निस्केका बाणमध्ये कसैको मुख आगोसमान प्रज्वलित थियो, कोही सूर्यको जस्तो टल्कने मुख भएका थिए, कसैको ग्रह र नक्षत्रको जस्तो रंग थियो र कोही कोही उल्काको जस्तो मुख परेका थिए ॥४७॥ बिजुलीको जस्तो जिब्रो भएका अनेक किसिमका बाण पनि रामचन्द्रले चलाए। रामको अस्त्रबाट छुटेका यी बाणले आकाशमा चढेर रावणका सबै भयङ्कर बाणलाई ध्वस्त पारिदिए; जुन बाणले हजारौं वानर मारेथे ती ता अब आकाशमा लोप हुन गए।

सजिलैसंग गाह्रो काम गर्न सक्ने रामद्वारा रावणको अस्त्र नष्ट भएको देख्ता इच्छाअनुसारको रूप धारण गर्न सक्ने सबै वानरहरू सुग्रीवको अगाडि रामचन्द्रलाई घेरेर प्रसन्नतासाथ गर्जनलागे ॥४८–५०॥ दशरथपुत्र महात्मा रामचन्द्रजी, यस प्रकारसंग आफ्नो अस्त्रको प्रभावले, रावणको हातबाट छुटेका अस्त्रलाई बलजफ्तीसंग विफल गराएपछि अत्यन्त आनन्दित हुनुभयो र दङ्ग परिराखेका वानर-हरू पनि चर्को स्वर झिकेर सिंहनाद गर्नलागे ॥५१॥

सर्ग—१०१

रावणको शक्ति लाग्नाले लक्ष्मण मूर्च्छा पर्दछन्।

आफ्नो अस्त्रलाई निष्फल भएको देख्ता रावणलाई दोब्बर रिस चढेर आयो र महाद्युतिमान् राक्षसराज मयले बनाएको अति भयङ्कर अर्को अस्त्र राममाथि चलाउन तय्यार पऱ्यो ॥१–२॥ रावण-को धनुबाट ठूलो तेज भएका वज्र जस्ता साह्रा शूल, मुशल र गदा धमाधम निस्कनलागे ॥३॥ प्रलय-कालको प्रचण्ड वायुझैं सन् सन् गर्दै बडो वेगसंग अस्त्रबाट मुद्गर, काँढै काँढा भएको प्राश, प्रदीप्त वज्र तथा अरू अरू किसिमका तीखा अस्त्र निस्कनलागे ॥४॥ उत्तम अस्त्रको प्रयोग जान्नेहरूमध्येका सर्व-श्रेष्ठ, महातेजस्वी श्रीमान् रामचन्द्रले गान्धर्व अस्त्रको प्रयोग गरेर रावणको अस्त्रलाई नष्ट गरिदिए ॥५॥ मयले बनाएका मायास्त्र महात्मा रामचन्द्रद्वारा विफल भएको देख्ता ता रावण रिसले आगो भइहाल्यो र पुनः सौरास्त्रको प्रयोग गर्नलाग्यो ॥६॥ भयङ्कर वेग भएको बुद्धिमान् रावणको धनुबाट चहकिला र ठूला ठूला चक्र निस्कनलागे ॥७॥ जसरी सूर्य चन्द्र आदि गरिएका ग्रहहरूको उदय हुँदा आकाश प्रकाशित हुन्छ त्यसै गरी यी दीप्तिमान् चक्रले गर्दा जम्मै आकाश प्रदीप्त भएको देखियो ॥८॥ युद्धक्षेत्र-मा रावणका जति चित्र विचित्रका हात-हतियार र चक्र आए ती सबैलाई रामचन्द्रले बाणको वर्षा गरेर काटिदिए ॥९॥ आफ्नो यस अस्त्रलाई नष्ट भएको देख्ता राक्षसराज रावणले रामचन्द्रको जम्मै मर्म-

स्थान ताकेर दशओटा बाण चलायो ॥१०॥ महातेजस्वी रावणको बडेमानको धनुबाट छुटेका यी दश बाण आफ्नो शरीरमा लागे तापनि रामचन्द्र आफ्नो ठाउँबाट डेग चलेनन् ॥११॥ यसपछि युद्धविजयी रामचन्द्रले क्रोधित भईकन रावणको जम्मै शरीरमा अनेक बाण हिर्काए ॥१२॥

यही मौकामा जंगिराखेका रामका भाइ शत्रुहन्ता महाबली लक्ष्मणले सातओटा बाण हातमा लिए ॥१३॥ महाद्युति लक्ष्मणले यी महावेगवाला बाणले मानिसको टाउकोको चित्र अङ्कित भएको रावणको ध्वजा अनेक टुक्रा पारेर ध्वस्त गरिदिए ॥१४॥ महाबली श्रीमान् लक्ष्मणले चहकिलो कुंडलले सुशोभित भइराखेको राक्षस रावणको सारथिको टाउको बाणको प्रहार गरेर उडाइदिए ॥१५॥ लक्ष्मणले राक्षसराज रावणको हात्तीको सूँड़को जस्तो आकार परेको धनुलाई पाँचओटा बाण चलाएर काटिदिए ॥१६॥ यही अवसरमा पर्वतसमानका अग्ला र मेघ जस्ता काला रावणका उत्तम घोडालाई विभीषणले उफ्रेर आफ्नो गदाले मारिदिए ॥१७॥ घोड़ा मारिएपछि, रावण, फूर्तिसाथ आफ्नो ठूलो रथबाट ओर्ली भाइमाथि खूब रिस देखाउनलाग्यो ॥१८॥ शक्तिमान् प्रतापी राक्षसराजले प्रदीप्त, वज्रसमानको महाशक्ति लिएर विभीषणमाथि चलायो ॥१९॥ तर यो शक्ति विभीषणमाथि खस्न नपाउँदैमा लक्ष्मणले तीनओटा बाण चलाएर त्यसलाई काटिदिए तसर्थ रावणको शक्ति निष्फल भएको देख्ता युद्धभूमिमा वानरहरूको घनघोर सिंहनाद हुनलाग्यो ॥२०॥

आगोको झिल्का निस्किराखेको बल्दो उल्का आकाशबाट झरेको हो कि जस्तो गरेर सुनको मालाले सिंगारिएको यो शक्ति तीन टुक्रा भएर भूइँमा खस्यो ॥२१॥ यसपछि रावणले स्वयं आफ्नो तेजले प्रकाशमान भइराखेको, कालले समेत नाश गर्न नसक्ने, अतिशय कठोर अर्को एउटा विशाल शक्ति हातमा लियो ॥२२॥ महातेजस्वी बलशाली दुरात्मा रावणद्वारा खूब वेगसँग घुमाइएको यो शक्ति बल्दो वज्र जस्तै भएर चम्कनलाग्यो ॥२३॥

यही मौकामा विभीषणको प्राण सङ्कटमा परेको देख्नासाथ लक्ष्मण उनको प्राण बचाउन भनी झटपट शक्तिको अगाडि उभिन आए ॥२४॥ राजकुमार लक्ष्मणजी यसपछि विभीषणको प्राण बचाउनाका लागि शक्ति हातमा लिइराखेको रावणमाथि आफ्नो धनु निहुराएर बाणको वर्षा गर्नलागे ॥२५॥ महात्मा लक्ष्मणको हातबाट छुटेका बाणले गर्दा रावण यस्तो सुस्त हुन गयो कि उसको शक्ति हातको हातै रहन गयो, विभीषणमाथि पराक्रम देखाउने अलिकता पनि उत्साह आएन ॥२६॥ लक्ष्मणद्वारा आफ्नो भाइको रक्षा भइराखेको देख्ता रावण उनको सामुन्ने उभिएर भन्नलाग्यो ॥२७॥ आफ्नो बलको बढत्व देखाउने हे लक्ष्मण ! तिमीले रक्षा गरेकोले भाइ विभीषण ता बाँच्यो तर अब म यो शक्ति विभीषणमाथि नचलाएर तिमीमाथि नै चलाउँछु ॥२८॥ शत्रुको रगत पिउने, परिघसमानको मेरो हातबाट छुटेको यस शक्तिले तिम्रो मुटु फोरेर प्राण लिएपछि मात्र बाहिर निस्कनेछ ॥२९॥

यति भनिसकेपछि रावणले क्रुद्ध भईकन सिंहनाद गर्दै, आठओटा घण्टी लागेको, अतएव ठूलो आवाज निकाल्ने, मयदानवको मायाद्वारा बनेको, आफ्नै तेजले प्रकाशमान भइराखेको, शत्रुको घात

गर्ने यो अमोघ शक्ति लक्ष्मणमाथि चलायो ॥३०-३१॥ बडो वेगसँग फ्याँकिएको, बज्रको जस्तो आवाज गर्ने यो शक्ति युद्धभूमिमा बडो जोरसँग लक्ष्मणमाथि पर्न गयो ॥३२॥

खस्नलागेको यस शक्तिलाई लक्ष्य गरेर रामचन्द्रजी भन्नलाग्नुभयो—लक्ष्मणको कल्याण होस्, यो शक्ति निष्फल भइहालोस् र यसका सबै उद्योग व्यर्थ भइहालून् ॥३३॥

झोंकिइराखेको रावणको हातबाट छुटेको, विषालु सर्पसमानको यो शक्ति, युद्धक्षेत्रमा निडर भएर उभिइराखेको लक्ष्मणको छातीमा लाग्नगयो ॥३४॥ देख्ता देख्तैमा, सर्पराज वासुकीको जिब्रोसमानको प्रकाश भएको यो भयङ्कर शक्ति बडो वेगसँग लक्ष्मणको विशाल छातीभित्र घुस्न गयो ॥३५॥ रावणले आफ्नो भएभरको बल झिकेर चलाएको यो शक्ति धेरै तलसम्म धसिन गएकोले लक्ष्मणको छाती चिरिन गयो, यिनी भूईंमा ढलि पनि हाले ॥३६॥

नजीकमा उभिइराखेका महातेजस्वी रामचन्द्र लक्ष्मणको यस्तो अवस्था देख्ता भाइमाथिको प्रेमले गर्दा बडो दुःखित भए ॥३७॥ आँखाभरि आँसु गरेर यिनले केही बेरसम्म विचार गरे र एक छिन-पछि प्रलयकालको आगोझैं युद्धमा झन् बर्ता उत्साह देखाउनलागे ॥३८॥ यो अफसोस मनाउने मौका होइन भन्ने विचार गरेर रावणको वध गर्नपट्टि दिल दिएर, लक्ष्मणतिर हेर्दै यिनी बडो प्रयत्नका साथ युद्ध गर्नलागे ॥३९॥

रामचन्द्रले युद्धक्षेत्रमा शक्तिले घाइते भएका लक्ष्मणतिर नजर लगाउँदा उनलाई रगतमा मुछिएको र सर्पसहितको पर्वत जस्तै भइराखेको देखे ॥४०॥ महाबली रावणले यस्तो बल र वेगसंग उनको छातीमा शक्तिको प्रहार गरेको थियो कि ठूला ठूला वानरहरूले प्रयत्न गर्दा पनि त्यसलाई झिक्न सकेनन् ॥४१॥ जब यी वानरहरू शक्तिलाई बाहिर झिक्ने चेष्टा गर्दथे त्यस बखतमा राक्षसराज रावण बाणको वर्षा गरेर यिनलाई हायल कायल पारिदिन्थ्यो । यो शक्ति लक्ष्मणको शरीरलाई छेडेर झन् झन् बर्ता पृथ्वीभित्र पस्नलागेको थियो ॥४२॥ महाबली रामले त्यस भयङ्कर शक्तिलाई दुवै हातले समातेर बाहिर झिकी भाँचभुँच पारेर फ्याँकिदिए ॥४३॥

लक्ष्मणको शरीरबाट शक्ति झिक्नलागेको वेलामा बलहीन रावणले मर्मभेदी बाणको प्रहार गरेर रामको जम्मै शरीर छिया छिया पारिदियो ॥४४॥ तर यी बाणतिर केही विचारै नराखेर रामचन्द्र-जी लक्ष्मणलाई अंगालो हालेर हनुमान् र वानरराज सुग्रीवलाई भन्नलाग्नुभयो ॥४५॥ हे वानरश्रेष्ठहो लक्ष्मणलाई घेरेर तपाईंहरू यही उभिइरहनुहोस्, मैले धेरै दिनदेखि खोजिराखेको पराक्रम देखाउने मौका आइराखेको छ ॥४६॥ यस पापात्मा पापनिश्चय रावणको वध हुनैपर्दछ । जसरी चातक ग्रीष्म ऋतुपछि बादलको दर्शन गर्ने खोज्दछ त्यसै गरी मलाई पनि योसित भेट गर्ने धेरै दिन देखिको इच्छा थियो ॥४७॥ हे वानरहो ! धेरै दिनअघि तिमीहरूको अगाडि मैले जो प्रतिज्ञा गरेथें सो प्रतिज्ञा आज पूरा गर्दछु, अब तिमीहरूले झट्टै यस पृथ्वीलाई रावणशून्य भएको अथवा रामले शून्य भएको देख्नेछौ ॥४८॥ राज्यनाश, वनवास, दण्डकवनको भ्रमण, सीताहरण, राक्षसहरूसितको युद्ध इत्यादि

अनेक किसिमका घोर दुःख मैले पाएको छु, यी सब दुःखले गर्दा मैले नरकसमानको शारीरिक कष्ट भोग्नुपर्‍यो; आज म रावणलाई युद्धमा मारेर यी सबै दुःख बिर्सने छुँ ॥४९-५०॥

जसको निम्ति मैले वानरी सेना यहाँ ल्याए, बालिलाई मारेर सुग्रीवलाई राजगद्दीमा बसालें, जसको खातिर समुद्रमा पुल बाँध्न लगाएँ र समुद्र पार गरें, आज युद्धक्षेत्रमा त्यही पापी मेरो आँखाको सामुन्ने आइराखेको छ; मेरो नजरको अगाडि परेपछि यो जीउँदो फर्केर जान पाउनेछैन ॥५१-५२॥ आँखामा विष भएको सर्पको अगाडि परेपछि जसरी कोही प्राणी जीवित रहन सक्तैन, गरुडको अधिल्तिर परेपछि जसरी सांप बाँच्न सक्तैन त्यसै गरी आज यो रावण पनि जीउँदो उम्कन पाउनेछैन ॥५३॥ पराजित हुन अयोग्य हे वानरश्रेष्ठहो ! पर्वतको टाकुरामाथि बसेर आनन्दसंग मेरो र रावणको यो युद्ध हेर ॥५४॥ आज गन्धर्व, सिद्ध, सर्प, चारण आदि गरिएका तीनै लोकका प्राणीहरू रामको रामत्व हेरून् ॥५५॥ आज म यस्तो काम गर्नेछु कि त्यस कामको यो पृथ्वी रहेसम्म चर, अचर सबै प्राणी तथा देवताहरूले समेत बखान गरिरहनेछन् ॥५६॥

यति भनिसकेपछि रामचन्द्र बडो सावधान भईकन सुवर्णभूषित तीखा तीखा बाण रावणमाथि चलाउनलागे ॥५७॥ यस बखतमा रावणले पनि मेघले जलको वर्षा गरेझैं रामचन्द्रमाथि नाराच नाम गरेका बाणको तथा मुशलको वृष्टि गर्नलाग्यो ॥५८॥ राम र रावणको हातबाट छुटेका उत्तम उत्तम प्रकारका बाणहरू आपसमा ठक्कर खाएर नाश हुनलागे र यिनीहरूको परस्परको ठक्करले गर्दा भयङ्कर आवाज निस्कनलाग्यो ॥५९॥ बल्दो टुप्पो भएका राम र रावणका बाणहरू आपसमा ठक्कर खानाले भाँचभुँच भएर आकाशबाट तल पृथ्वीमा झर्नलागे ॥६०॥ राम र रावणको धनुको टङ्कार बडो अचम्मलाग्दो थियो, यो सुन्दैमा सबै प्राणीहरू डरले थर्कायमान हुनलागे ॥६१॥ जसरी हावाको झोंकामा पर्नाले बादलले उडेर जानुपर्दछ त्यसै गरी तेजस्वी, धनुर्धारी, महात्मा रामचन्द्रको बाण-वर्षामा परेकोले रावण पनि भयले आकुल व्याकुल भई त्यहाँबाट भागेर गयो ॥६२॥

सर्ग—१०२

हनुमान् औषधि पर्वत बोकेर ल्याउँछन् र लक्ष्मणको व्यथा दूर हुन्छ ।

बलवान् रावणको शक्ति प्रहारले गर्दा युद्धभूमिमा ढलिराखेका, रगतै रगतले मुछिएका लक्ष्मणलाई देखेपछि रामचन्द्रले दुरात्मा रावणसँग भयङ्कर युद्ध गरे र उसमाथि बाणको वर्षा गर्दा गर्दैमा सुषेणलाई भन्नलागे ॥१-२॥ हेर, रावणको पराक्रमले यी लक्ष्मण भूइँमा पडिरहेका छन् र सर्पझैं रिङ्नलागेका छन् , यिनको यो अवस्था देख्ता हे वीर ! मेरो शोक झन् झन् बढ्दछ ॥३॥ मेरो प्राणभन्दा प्यारा यी वीरलाई रगतमा मुछिएको देख्ता मेरो मन आकुल-व्याकुल भइराखेको छ, अतः ममा युद्ध गर्ने अलिकता पनि शक्ति छैन ॥४॥ संग्राममा उत्साह देखाउने मेरा यी प्यारा भाइ मरे भने मैले बाँचेर नै के गर्ने ? सुख भोगेर नै के गर्ने ? ॥५॥ यस बखतमा मेरो बल लज्जित भइ-

राखेको छ, हातबाट धनु खस्नलागेको छ, मेरा बाण शिथिल भइराखेका छन् र मेरो दृष्टि आँसुले गर्दा रोकिन गएको छ ॥६॥ जसरी रात्रिको समयमा खराब सपना देख्ताखेरि मानिसको शरीर काम्दछ त्यसै गरी अहिले मेरो सर्वाङ्ग शरीरमा काँप छुट्नलागेको छ, मेरो मनमा तीव्र चिन्ता उत्पन्न भएको छ, र मलाई मर्ने इच्छा भइराखेको छ ॥७॥ दुरात्मा रावणको हातबाट भाइको वध भएको देख्ता, मर्मस्थलमा ठूलो चोट पर्नाले यिनलाई दुःखित भएर छटपटाउनलागेको र युद्धक्षेत्रको धूलोमा पडिराखेको देख्ता रामचन्द्रलाई ठूलो पीर पर्‍यो र यिनी हडबडाएर विलाप गर्नलागे ॥८-९॥

हे वीर ! अब्लाई मलाई विजयसमेत निको लाग्न सक्तैन, आँखाले नदेखिने चन्द्रमाले के मनलाई आनन्द दिन सक्तछ ? ॥१०॥ मलाई अब युद्धको अथवा प्राणसितको केही प्रयोजन छैन, भाइ लक्ष्मण नै मरेर युद्धभूमिमा पडिराखेका छन् भने अब युद्ध गर्नाको केही मतलब रहेन ॥११॥ जसरी वनतिर लाग्दाखेरि लक्ष्मण मेरोपछि लागेर आएथे त्यसै गरी म पनि परलोकतिर जानलागेका लक्ष्मणको पछि लाग्दछु ॥१२॥ यी लक्ष्मण मेरा प्यारा हुन्, सदा मैले भनेअनुसार यिनी काम गर्दथे, छलले युद्ध गर्ने राक्षसहरूले गर्दा आज यिनको यस्तो अवस्था हुन गयो ॥१३॥ स्वास्नी र इष्टमित्र प्रत्येक देशमा भेट्टिन सक्तछन्, तर सहोदर भाइ भेटिने देश ता म कतै पनि देख्तिन ॥१४॥ परम पराक्रमी लक्ष्मण नै नभएपछि मलाई राज्यको केही वास्ता छैन । छोराको माया गर्ने आमा सुमित्रालाई मैले कसरी लक्ष्मणको मृत्यु भएको समाचार सुनाउने ? ॥१५॥ पुत्रनाशले गर्दा सुमित्राले जो मेरो तिरस्कार गर्नेछिन् त्यो मैले कसरी खप्ने ? जननी कौशल्या र माता कैकेयीलाई मैले के भन्ने ? ॥१६॥ लक्ष्मणलाई साथमा लिएर वन गएथ्यौ उनलाई नलिई अहिले कसरी आयौ भनेर भरत र महाबली शत्रुघ्नले सोध्दा मैले उनलाई के जवाफ दिने हो ? ॥१७॥ यही नै प्राण त्याग गर्नु बेश छ, भाइहरूको तिरस्कार सुन्नु ठीक छैन । अफसोस ! पूर्व जन्ममा मैले ठूलो नै पाप गरेको रहेछु, जसले गर्दा आफ्नो धर्मात्मा भाइलाई आज आफ्नो अगाडि मरेर पडिरहेको देख्नुपरेको छ । हा मानिसमध्येका श्रेष्ठ ! हा शूराहरूमध्येका मुख्य ! हा भाइ ! तिमी किन मलाई एकलै छाडेर परलोकतिर जानलागेका छौ, हे भाइ ! विलाप गरिरहेको मसित किन बोल्दैनौ ? ॥१८-२०॥ उठ, किन यसरी सुतिरहेको, दुःखी मतिर एकचोटि ता हेरिदेऊ । पर्वत र वनमा जब म शोकले आकुल व्याकुल भएर उन्मत्त हुन्थें त्यस बखतमा, हे महाबाहो ! तिमी मलाई संझाउने बुझाउने गर्दथ्यौ ।

शोकले व्याकुल भएर यस प्रकारसंग विलाप गरिरहेका रामचन्द्रलाई आश्वासन दिएर सुषेण यो हितको कुरा भन्नलागे—हे नरश्रेष्ठ ! सन्ताप गर्ने तपाईंको यस विचारलाई दूर गरिदिनुहोस् । शोक उत्पन्न गराउने तपाईंको यो चिन्ता रणभूमिको बाण जस्तै छ । लक्ष्मीको वृद्धि गर्ने लक्ष्मण वास्तवमा मरेका छैनन्, यिनको मुखमा कुनै प्रकारको विकार देखिन्न, यो अलिकता कालोसम्म पनि भएको छैन, हेर्नुहोस्, यिनको मुख कस्तो राम्रो र चहकिलो देखिइराखेको छ ॥२१-२५॥ यिनका दुवै

हतकेला कमलको पात जत्तिकै राता छन्, आँखा बिलकुल सफा छन्, हे राजन्! मरेका प्राणीको कहिले पनि यस्तो रूप देखिन्न ॥२६॥ हे शत्रुको संहार गर्ने वीर! मनमा फिक्री नलिनुहोस्, यिनी बाँचेकै छन्, शरीर शिथिल भएकोले यिनी भूइँमा सुतिराखेका हुन्। सुतेको बेलामा सास फेरे झैं यिनको मुटु बारंबार हल्लिराखेको छ, यताबाट पनि यिनी बाँचेका छन् भन्ने थाहा हुन्छ।

महाबुद्धिमान् सुषेण रामलाई यति भनिसकेपछि नजीकमा उभिइराखेका महाकपि हनुमान्लाई भन्न-लागे—हे भाइ! झट्टै महोदर पर्वतमा गई यसको दक्षिणपट्टिको शिखरमा उम्रिराखेको महौषधि यहाँ लिएर आऊ। यस पर्वतको विषयमा जाम्बवान्ले तिमीलाई उहिले नै भनिसकेका छन् ॥२७-३०॥ विशल्यकरणी (यसलाई सुंघ्नेबित्तिकै शरीरमा गडेको बाण बाहिर निस्कन्छ), सावर्णकरणी (यसलाई सुंघ्नाले घाउ पुरिन्छ), सञ्जीवकरणी (मूर्च्छा हटाउने) र सन्धानी (भांचिएको अंगलाई जोर्ने) यी चार महौषधिहरू वीर लक्ष्मणलाई जीवित गराउनका लागि तिमीले ल्याउनुपर्‍यो।

सुषेणले यति भन्नासाथ हनुमान् औषधिपर्वतमा हावाझैं उडेर पुगिहाले, तर औषधि नचिह्नेकोले यिनलाई बडो चिन्ता पर्‍यो ॥३१-३२॥ यो पर्वतको शिखरलाई नै उखेलेर लैजानुपर्‍यो भन्ने विचार यस समयमा अमितपराक्रमी हनुमान्को मनमा उत्पन्न हुन गयो ॥३३॥ यही शिखरमा ती सुख दिने औषधि उम्रेको हुनुपर्दछ, सुषेणले बताएका लक्षण विचार गर्दा ता उनले भनेको शिखर यही नै हुनुपर्दछ भन्ने मेरो पक्का अनुमान भएको छ ॥३४॥ विशल्यकरणी औषधि नलिईकन म केवल ती औषधि-हरूको लक्षण सोध्न गएँ भने ता विलम्ब हुनाले बडो अनर्थ हुनेछ र मेरो काँतरपना देखिनेछ ॥३५॥

यस्तो विचार गरेर महाबली हनुमान् झट्टै पर्वतनेर गए र तीनचोटि हल्लाएर उसको टाकुरा उखेलिदिए ॥३६॥ फूल फुलिराखेका नाना किसिमका रूख भएको त्यस शिखरलाई उखेलेर महाबली हनुमान्ले आफ्ना दुवै हातले त्यसलाई उचाले ॥३७॥जलले भरिएको नीलो बादलसमानको यस शिखर-लाई बोकेर हनुमान्जी आकाशको बाटो गरी उड्नलागे ॥३८॥ लंकामा पुगेपछि हनुमान्ले त्यो पर्वतको शिखर सुषेणको अगाडि राखिदिए र केही बेर विश्राम गरेर उनलाई भन्नलागे ॥३९॥ हे वानर-श्रेष्ठ! तिमीले भनेका औषधि नचिन्हेको हुनाले मैले पर्वतको जम्मै टाकुरालाई नै बोकेर यहाँ ल्याइ-दिएकोछु ॥४०॥

हनुमान्ले यसो भनेको सुन्दा सुषेणले उनको तारीफ गरे र औषधिहरू टिपेर हातमा लिए॥४१॥ देवताहरूलाई समेत गर्न गाह्रो पर्ने हनुमान्को यो काम देख्ता सबै वानरहरू छक्क परे ॥४२॥ वानर-श्रेष्ठ महाद्युति सुषेणले यी सबै औषधि पिंधेर लक्ष्मणको नाकमा सुँघाइदिए ॥४३॥ शत्रुघाती शक्तिको वेदना भोगिराखेका लक्ष्मण औषधि सुँघ्नासाथ बाणको पीडाबाट मुक्त भई बिलकुल नीरोग जस्तो भएर झटपट भूइँबाट उठी खडा भए ॥४४॥ लक्ष्मणलाई भूइँबाट उठेर खडा भएको देख्नासाथ वानरहरू दङ्ग परेर "धन्य, धन्य" भन्दै लक्ष्मणको सह्रनी गर्नलागे ॥४५॥ शत्रुघाती रामले आँखाभरि आँसु गरेर "आऊ, आऊ" भन्दै लक्ष्मणलाई खूबसँग अँगालो हाले ॥४६॥ अँगालो हालिसकेपछि रामचन्द्र

लक्ष्मणलाई भन्नलागे—मृत्युबाट बिउँझेका तिमीलाई फेरि भेट्न पाउनु यो मेरो ठूलो भाग्यको कुरा हो ॥४७॥ तिमी मरेको भए मलाई आफ्नो प्राण, सीता अथवा विजयसित केही मतलब रहने थिएन, तिमी मरेको खण्डमा मेरो बाँच्नाको केही प्रयोजन छैन ॥४८॥

महात्मा रामचन्द्रले यसो भनेको सुन्दा शिथिल भइराखेका लक्ष्मण सुस्त सुस्तसंग भन्नलागे ॥४९॥ हे सत्यपराक्रमी ! पहिले त्यस्तो प्रतिज्ञा गरिसकेपछि अहिले छोटो निर्धो मानिसलेझैं तपाईंले यस्तो कुरा गर्न मुनासीब पर्दैन ॥५०॥ सत्यवादी आफ्नो प्रतिज्ञालाई झूटो गराउँदैनन्, प्रतिज्ञा पालन गर्नु नै महत्त्वको लक्षण हो ॥५१॥ हे दोषरहित राम ! मेरा लागि तपाईंले यस्तो निराश हुनुहुँदैन, रावणलाई मारेर आफ्नो प्रतिज्ञा पूरा गर्नपट्टि लाग्नुहोस् ॥५२॥ जसरी गर्जने, तीखा दाँत भएको, सिंहको पञ्जामा परेको हात्ती जीउँदो उम्कन पाउँदैन त्यसै गरी तपाईंको बाणको वशमा परिसकेको शत्रुले कसै गरे पनि आफ्नो ज्यान बचाउन सक्तैन ॥५३॥ सूर्य भगवान् आफ्नो काम पूरा गरेर अस्ताचल पर्वततिर नलाग्दैमा झटपट यस दुष्टको तपाईंको हातबाट वध भइहालोस् भन्ने मेरो इच्छा छ ॥५४॥ संग्राममा रावणको संहार गर्ने, आफूले गरिसकेको प्रतिज्ञालाई पूरा गर्ने, राजकुमारी सीतालाई भेट्टाउने तपाईंको इच्छा छ भने मैले भनेबमोजिम तुरन्तै काम गर्न थालिहाल्नुहोस् ॥५५॥

सर्ग—१०३

इन्द्रले पठाएको रथमा चढेर रामचन्द्र रावणसित युद्ध गर्नुहुन्छ ।

लक्ष्मणले भनेका यी कुरा सुन्नेबित्तिकै शत्रुसेनाको संहार पार्ने वीर रामचन्द्रले झटपट हातमा धनु लिएर त्यसमा बाण चढाइहाले ॥१॥ रणभूमिमा यिनी भयङ्कर बाण रावणमाथि चलाउनलागे, उता राक्षसराज पनि अर्को रथमा सवार भएर, राहु सूर्यतिर लम्केझैं, रामचन्द्र भएतिर जानलाग्यो । रामको सामुन्ने पुगेपछि रथमा सवार भइराखेको यो, मेघले पर्वतमाथि जलको वर्षा गरेझैं, उनीमाथि वज्रसमानका बाण चलाउनलाग्यो ॥२-३॥ रामचन्द्रले पनि बडो सावधानीसँग सुनले मोरिएका, बल्दो आगोसमानका बाणको प्रहार गरेर रावणमाथि आक्रमण गरे ॥४॥

देवता, गन्धर्व र किन्नरहरू भन्नलागे—राम भूइँमा खडा भएर युद्ध गर्दछन्, रावण भने रथमा बसेर युद्ध गरिरहेको छ, अतः यी दुवैको यो युद्ध बराबरीको युद्ध हो भन्न सकिन्न ॥५॥ यिनीहरूको अमृतसमानको यो कुरा सुनेपछि देवराज इन्द्रले मातलिलाई बोलाएर उनलाई यस्तो आज्ञा दिए ॥६॥ भूइँमा उभिइराखेका रामनेर झट्टै मेरो रथ लिएर जाऊ र उनलाई इन्द्रले पठाएको यस रथमा सवार भएर देवताहरूको हितको काम पूरा गर्नुहोस् भनेर निवेदन गर ॥७॥

इन्द्रको आज्ञा सुन्नासाथ यिनको सारथि मातलि माथ झुकाएर उनलाई प्रणाम गरी भन्नलाग्यो ॥८॥ हे देवेन्द्र ! हरिया रंगका घोडा उत्तम रथमा जोतेर म अहिले नै जान्छु र सारथिले गर्नुपर्ने काम पनि गर्दछु । इन्द्रको यस रथमा सुनै सुनका अनेक चित्र बनेका थिए ॥९॥ यो रथ प्रातःकालका

सूर्यझैं टल्किराखेको थियो, पन्ना जडिएको ता यसको जुवा राखिने काठ थियो । सुनै सुनले सिंगारिएका उत्तम जातका घोडा यसमा जोतिएका थिए र जताततै सेता चमर झुण्डिइराखेका थिए ॥१०॥ सुनै सुनको जालीले विभूषित भइराखेका, सूर्यको जस्तो प्रकाश भएका, हरियो रंगका यसका घोडा थिए, सुनको डाँठमा ध्वजा फरफराइराखेको थियो । श्रीमान् देवराजको यस किसिमको उत्तम रथ थियो ॥११॥

देवराजको आज्ञा पाउनासाथ मातलि रथमा सवार भयो र स्वर्गबाट ओर्ली रामचन्द्र भएको ठाउँमा पुग्यो ॥१२॥ हातमा कोर्रा लिएर रथमा बसिराखेको, हजार नेत्रवाला इन्द्रको सारथि हात जोरेर रामलाई भन्नलाग्यो ॥१३॥ हे महापराक्रमी शत्रुघाती श्रीमान् काकुत्स्थ ! विजयको लागि देवराज इन्द्रले तपाईंकहाँ यो रथ पठाउनुभएको छ ॥१४॥ यो इन्द्रको बडेमानको धनु हो, यो अग्नितुल्य कवच हो, सूर्यसमानका यी बाण छन् र सफा, तीखो धार भएको यो शक्ति हो ॥१५॥ हे वीर ! यस रथमा म सारथिको काम गर्नेछु । यस रथमा चढेर जसरी इन्द्र दानवहरूलाई मार्दछन् त्यसै गरी तपाईं पनि रावणलाई मार्नुहोस् ॥१६॥

मातलिले यति भनेपछि रामले परिक्रमा गरेर रथलाई प्रणाम गरे र आफ्नो कान्तिले त्यहाँ भएका सबैलाई प्रकाशित गर्दै रथमा सवार भए ॥१७॥

रथमा सवार भइराखेका महाबाहु रामको र राक्षस रावणको यस्तो भयङ्कर युद्ध हुन थाल्यो कि यसलाई हेर्दैमा हेर्नेहरूलाई रोमाञ्च हुनलाग्यो ॥१८॥ अस्त्र शस्त्रको प्रयोग जान्ने रामचन्द्र रावणको गान्धर्व अस्त्रलाई गान्धर्व अस्त्रले र देव-अस्त्रलाई देव-अस्त्रले काट्नलागे ॥१९॥ अब ता राक्षसराज निशाचर खूबसँग झोंक्किएर अत्यन्त भयानक राक्षस-अस्त्रको प्रहार गर्नपट्टि लाग्यो ॥२०॥ रावणको धनुबाट छुटेका, सुनले मोरिएका यी बाण विषालु साँप जस्तो भएर रामनेर पुग्नलागे ॥२१॥ यी बाणरूपी सर्प बडा भयानक थिए, बाइराखेको बल्दो मुखबाट आगो ओकेल्दथे, यस्ता बाण रामको शरीरमा लाग्नलागे ॥२२॥ यस समयमा सर्पराज वासुकीको जस्तो स्पर्श भएका, विषालु र विशाल शरीर भएका यो बाणरूपी सर्पले दिशा विदिशा जम्मै टम्म पारेर ढाकिदिए ॥२३॥ यी सर्परूपी बाणहरूलाई आफूतिर आउनलागेको देखेपछि रामचन्द्रले पनि अति डरलाग्दो गरुड अस्त्रको प्रयोग गरे ॥२४॥ रामचन्द्रको धनुबाट छुटेका, सुनैको पखेटा लागेका, अग्नितुल्यका यी बाण, सर्पशत्रु, सुवर्णमय गरुड बनेर आकाशमा घुम्नलागे ॥२५॥ यसपछि रामचन्द्रका यी कामरूपी गरुडको जस्तो आकार परेका बाण, रावणको सर्पको जस्तो रूप भएका, खूब छिटो उड्ने शक्ति भएका बाणलाई धमाधम काटेर खसाल्नलागे ॥२६॥ आफ्नो अस्त्र निष्फल भएको देखता झोंक्किएको राक्षसराज रावण अब रामचन्द्रमाथि भयङ्कर बाणको वृष्टि गर्नलाग्यो ॥२७॥ सजिलोसंग गाह्रो काम गर्न सक्ने रामलाई हजारौं बाणले हिर्काइसकेपछि रावण बाण वर्षा गरेर मातलिको शरीरलाई पनि छिया छिया पार्नलाग्यो ॥२८॥ इन्द्रको ध्वजा ताकेर रावणले एउटा बाण चलायो, यो

बाण लाग्नासाथ सुनको त्यो ध्वजा रथनेर खस्न गयो ॥२९॥ अनेक बाण चलाएर रावणले इन्द्रका घोडालाई पनि मारिदियो, यो देख्ता देवता, गन्धर्व, चारण तथा दानवहरू बहुतै दुःखी भए ॥३०॥ यस समयमा रामलाई रावणको बाणले पीडित भएको देख्ता सिद्ध, ऋषि, बानरसेनापतिहरू तथा विभीषण यी सबै बडो पीर मान्नलागे ॥३१॥ रामरूपी चन्द्रमालाई रावणरूपी राहुले ग्रसेको देख्ता अनेक किसिमका उत्पात हुनलागे । चन्द्रमाकी प्यारी रोहिणी नक्षत्रनेर बुध आक्रमण गर्न पुग्यो । यस योगले गर्दा जगत्‌लाई ठूलो पीडा पर्दछ । समुद्र जल्नलागेको हो कि जस्तो गरेर त्यहाँबाट धूवाँसहित-का तरङ्ग उठ्नलागे ॥३२–३३॥ झोंक्किएर सूर्यलाई छुने हो कि जस्तो गरेर समुद्र माथिमाथि उठ्न-लाग्यो । सूर्य भगवान् बडो रूखो र कालो रंगको घेराभित्र परेका देखिए; यिनको किरणको तेज हराएर गयो । धूमकेतुसंगको संयोग भएकोले यिनले काखमा कबन्ध (टाउको नभएको लाश) लिइराखेको जस्तो देखिनलाग्यो । इक्ष्वाकुवंशीहरूको कल्याण गर्ने, इन्द्र र अग्नि इष्टदेव भएको विशाखा नक्षत्र-लाई मंगल ग्रहले आक्रमण गरेर आकाशमा आसन जमाएको देखियो । यस समयमा धनु लिइराखेको, बीस हात र दश टाउकावाला रावण मैनाक पर्वत जस्तो देखिनलागेको थियो । राक्षस दशाननले गर्दा रामचन्द्र अहिले यस्तो सुस्त भइराखेका थिए कि यिनले रणक्षेत्रमा आफ्नो धनुमा बाणसम्म पनि चढा-उन सकेनन् । तर केही बेरपछि रामचन्द्रले झोंक्किएर निधारमा गाँठो पारे र आँखा रातो रातो गराई समस्त राक्षसहरूलाई डढाउन खोजेका हुन् कि जस्तो गरेर खूब रिस देखाउनलागे । बुद्धिमान् राम-चन्द्रको जंगिइराखेको यो अनुहार देख्ता सबै प्राणीहरू डरले थर्कायमान भए र पृथ्वीसमेत काँप्न थालिन् ॥३४–३९॥ रूख, बाघ, सिंह यी सबैले युक्त भएको पर्वत काम्न थाल्यो र नदीहरूका स्वामी समुद्रसमेत खबललिन गए ॥४०॥ गधाहरू बडो कठोर शब्द झिकेर कराउनलागे । उत्पातको सूचना दिने बादलहरू भयङ्कर शब्दले गर्जंदै सम्पूर्ण आकाशमण्डलमा घुम्न थाले ॥४१॥ झोंक्किइराखेका रामचन्द्र र भयङ्कर उत्पात देखेकोले सबै प्राणीहरू डरले थर्कायमान भए, अरूको ता के कुरा रावणलाई समेत त्रास पर्न गयो ॥४२॥ यस समयमा विमानमा बसिराखेका देवता, गन्धर्व, सर्प, ऋषि, दानव, दैत्य, गरुड, आकाशचारी चराहरू महाप्रलयसमानको राम रावणको यो युद्ध हेर्नलागे । यी दुवै वीरहरू किसिम किसिमका भयङ्कर अस्त्र शस्त्र चलाएर युद्ध गरिरहेका थिए; यो महासंग्राम हेर्न भनी जम्मा भएका देवता र असुरहरू बीच बीचमा राम रावणमा कसको विजय हुने हो भन्ने कुराको सन्देह हुनलागेको वेलामा प्रसन्नता र भक्तिसाथ असुरहरू "रावणको जय होस्" र देवताहरू "श्री रामचन्द्रको जय होस्" भनेर वारंवार पुकारा गर्नलागे ॥४३–४६॥

यस मौकामा दुष्टात्मा रावणले जंगिएर रामचन्द्रलाई मार्नाको निम्ति एउटा ठूलो शूल हातमा लियो ॥४७॥ यो शूल वज्रसमानको साह्रो थियो र बडो भयङ्कर शब्द झिक्तथ्यो । शत्रुहरूको संहार गर्ने, पर्वतको शिखरसमानको यस शूलको फलामको भाग हेर्दैमा चित्त तथा दृष्टि दुवै डराउन थाल्दथे । प्रलयकालको आगोको थुप्रो जस्तै देखिने, धूवाँसहितको यसको टुप्पो बडो तीखो थियो । यो भयानक

शूल कालद्वारा समेत परास्त नहुने जस्तो थियो । सबै प्राणीहरूको मनमा त्रास पार्ने तथा उनीहरूलाई छेड्ने, छिया छिया पार्ने शक्ति भएको यो शूल रिसले जलिराखेको रावणले हातमा लियो ॥४८–५०॥ युद्धक्षेत्रमा खूबसंग जंगिएको प्रतापी रावणले यो शूल हातमा लिंदाखेरि वीर राक्षसी सेनाले उसलाई चारैतिरबाट घेरिराखेको थियो ॥५१॥ रिसले राता राता आँखा तुल्याएको विशाल शरीर भएको रावणले युद्धभूमिमा यो शूल उठाउँदाखेरि बडो भयानक आवाज झिकेर गर्‍यो, यो शब्द सुन्दा सबै सैनिकहरू दङ्ग परे ॥५२॥ राक्षसराजको यस भयङ्कर सिंहनादले पृथ्वी, आकाश, दिशा, विदिशा जम्मैलाई कमाइदियो ॥५३॥ विशाल शरीरवाला दुरात्मा रावणको यस शब्दले सबै प्राणीहरू डराए र समुद्रलाई समेत यसले खलबलाइदियो ॥५४॥

महाबली रावण यो बडेमानको शूल हातमा लिएर, जोरसंग गर्जंदै रामलाई कडा वचन भन्नलाग्यो ॥५५॥ हे राम ! यो शूल वज्रजत्तिकै साह्रो छ, रिस खप्न नसकेकोले म यो तेरो उपर चलाउनलागेको छु, यसले तेरो र तेरा भाइको प्राण हरण नगरी छोड्नेछैन ॥५६॥ संग्राममा आफ्नो बढत्व देखाउन खोज्ने हे राम ! तैंले यस युद्धमा अनेक वीर राक्षसहरूलाई मारेको छस् , अतः आज तँलाई मारेर ती सबैको साटो फेर्दछु ॥५७॥ हे राम ! पर्खी, म अहिले नै तंमाथि यो शूलको प्रहार गर्दछु, यति भनेर राक्षसराजले रामचन्द्रमाथि त्यो शूल चलायो ॥५८॥

रावणको हातबाट छुट्नासाथ, चारैतिर बिजुलीको मालाले सुशोभित भएको, आठओटा घण्टी जडिएको यो शूल भयङ्कर शब्द गर्दै आकाशमा शोभायमान हुनलाग्यो ॥५९॥ यो बल्दो भयङ्कर शूललाई देख्नासाथ महाबली रामचन्द्रले पनि आफ्नो धनु निहुराएर बाणको वर्षा गर्नलागे ॥६०॥ जसरी प्रलयकालको आगोलाई नाश गर्नाको निम्ति इन्द्रले जलको वर्षा गर्दछन् त्यसै गरी आफूतिर आउनलागेको त्यस शूललाई रोक्नाको निम्ति रामचन्द्रजी बाणको वर्षा गर्नलागे ॥६१॥ जसरी आगोले कीरा फट्यांग्रालाई डढाइदिन्छ त्यसै गरी रावणको महाशूलले रामचन्द्रको धनुबाट निस्केका बाणलाई जलाइदियो ॥६२॥ आफूले चलाएका, आकाशमा पुगेका बाण रावणको शूलसंग ठक्कर खाएर चूर्ण हुँदै जलेको देख्ता रामचन्द्रलाई खपिनसक्नुको रिस उठ्यो ॥६३॥ अब ता खूबसंग जंगिएका रघुनन्दन रामले मातलिले ल्याइराखेको, इन्द्रको प्यारो शूल हातमा लिए ॥६४॥

महाबली रामले यो शक्ति हातमा लिनासाथ यसको घण्टी बज्नलाग्यो र प्रलयकालको उल्काको जस्तो चहक भएको यसले तमाम आकाशलाई नै उज्यालो गराइदियो ॥६५॥

रामको हातबाट छुटेको यो शक्ति रावणको शूलमाथि पर्न गयो, यस शक्तिले राक्षसको शूललाई नष्ट गरिदियो र यो निस्तेज भएर पृथ्वीमा खस्यो ॥६६॥ यसपछि रामचन्द्रले सोझै बडो वेगसंग जाने, वज्रसमानका तीखा बाण चलाएर रावणका छिटो दगुर्ने घोडाहरूलाई मारिदिए ॥६७॥

घोडाहरूलाई मारिसकेपछि बडो सावधानीसंग रामचन्द्रले रावणको छाती ताकेर तीखा तीखा बाण चलाए र उसको निधारमा तीन बाण हिर्काए ॥६८॥ यी बाण लाग्नाले यसको जम्मै शरीर छिया

छिया भयो र जतातत्तैबाट रगत बग्नलाग्यो। यस समयमा राक्षसहरूको बीचमा रहेको रावण फूल फुलिराखेको अशोकको रूख जस्तै देखिनलागेको थियो ॥६९॥ राक्षसराजको जम्मै शरीर, रामचन्द्रका बाण बिझेको हुनाले रगतमा मुछिएको थियो। राक्षसहरूको बीचमा यसले ठूलो बिलौना गर्‍यो तर आफ्नो पराजय भएको संझनासाथ यसलाई खूब जङ चल्नलाग्यो ॥७०॥

सर्ग—१०४

मूर्च्छा परेको रावणलाई सारथि लङ्कामा फर्काएर लैजान्छ।

रामले झोंक्किएर प्रहार गरेको बाणको ठूलो चोट परेकोले, युद्धमा आफ्नो बढत्व देखाउन खोज्ने रावणलाई बडो रिस उठ्यो ॥१॥ रावणको आँखा रिसले जलिराखेको थियो, रिस खप्न नसकेर झोंकै झोंकमा रावण धनु लिएर युद्धभूमिमा रामचन्द्र भएतिर दगुर्‍यो ॥२॥ जसरी बादलले आकाशबाट जलवृष्टि गरेर तलाउलाई पुरिदिन्छ त्यसै गरी रावण पनि बाण वर्षा गरेर रामचन्द्रलाई टम्म पारेर छोप्नलाग्यो ॥३॥ महापर्वतझैं अलिकता पनि हलचल नगर्ने किसिमका प्रतापी रामचन्द्र रणभूमिमा रावणको धनुबाट छुटेका बाणले शरीरलाई टम्मै पारेको भए तापनि आफ्नो ठाउँबाट डेग चलेनन् ॥४॥ युद्धक्षेत्रमा डटिराखेका प्रतापी रामचन्द्रले रावणका बाणलाई आफ्ना बाणले रोके, तर अरूको बाणलाई भने सूर्यको किरण जस्तै ठानेर खप्नलागे ॥५॥ खूब छिटो हात चलाउन सक्ने रावणले जंगिएर हजारौं बाण महात्मा रामचन्द्रको छातीमा ताकेर हिर्कायो ॥६॥ लक्ष्मणका दाजु रगतले नुहाए जस्ता भए यसैले रणस्थलमा यिनी वनमा फूल फुलिराखेको विशाल किंशुकको रूख जस्तै देखिनलागेका थिए ॥७॥ बाणको चोट पर्नाले क्रुद्ध भएका महातेजस्वी रामचन्द्रजीले पनि प्रलयकालको सूर्यसमानको प्रचण्ड बाण हातमा लिए ॥८॥ झोंक्किइराखेका राम, रावण यी दुवै परस्पर यस्तो बाण वृष्टि गर्नलागे कि यी बाणबाट उत्पन्न भएको अन्धकारले गर्दा युद्धक्षेत्रमा एउटाले अर्कोलाई देख्नसम्म पनि सकेन ॥९॥

यसपछि रिसले चूर भइराखेका दशरथपुत्र वीर रामचन्द्रजी हाँस्तै रावणलाई कडा वचन भन्नलाग्नुभयो ॥१०॥ हे नीच राक्षस ! म नभएको मौका पारेर लाचारी हालतमा परेकी मेरी स्वास्नीलाई तैंले जनस्थानबाट हरेर ल्याइस् यसै कारण तँ पराक्रमी होइनस् ॥११॥ हामी दुवै भाइ कुटीमा थिएनौं, जानकी त्यस महावनमा एक्लै बडो मायालाग्दो गरी बसेकी थिइन्, यस्तो अवस्थामा रहेकी उनलाई बलजफ्तीसंग हरेर ल्याएकोमा के तँ आफ्नो शुर्‍याइँ सम्झन्छस् ? ॥१२॥ पतिविहीन आइमाईलाई हात हाल्नु, अर्काकी स्वास्नीमाथि बलजफ्ती गर्नु कातर मानिसको काम हो। यस्तो निन्दित काम गरेर पनि तँ के म शूरो छु भन्ठान्दछस् ॥१३॥ मर्यादा नष्ट गर्ने हे निर्लज्ज ! हे दुश्चरित्र ! अहङ्कारले गर्दा आफ्नै हातले मृत्युलाई समातेर पनि तँ के आफूलाई शूरो भन्ठान्दछस् ॥१४॥ कुवेरको शूरो भाइ भईकन सेनाहरूलाई साथमा राखेर तँ के मैले यो ठूलो काम गरें भन्ठान्दछस्,

के यसबाट तेरो यश फैलिने छ त ? ॥१५॥ घमण्डमा परेर तैंले जो निन्दित र अहित हुने काम गरिथिस् त्यसको कठोर फल तैंले आज भोग्नुपर्नेछ ॥१६॥

अरे मूर्ख ! तँ आफूलाई शूरो सम्झन्छस् , तर चोरझैं सीतालाई हरेर ल्याएकोमा के तँलाई लाज लाग्दैन ॥१७॥ मेरो सामुन्नेमा सीतामाथि बलजफ्ती गरेर उनको अपमान गरेको भए तँ मेरो बाणद्वारा उतिखेरै मरेर आफ्नो भाइ खरलाई भेट्ने थिइस् ॥१८॥ अरे, आज तैंले मेरो नजरको सामुन्ने पर्न आउनु ठूलो सौभाग्यको कुरा हो, हेर् , म अहिले नै तीखा तीखा बाणद्वारा तँलाई यमराजको घर पुर्‍याइदिन्छु ॥१९॥ मेरो बाण लाग्नाले काटिएको चहकिलो कुण्डल पहिरिराखेको तेरो टाउकोलाई आज युद्धक्षेत्रको धूलोमा कुक्कुरहरूले घिसार्नेछन् ॥२०॥ भूइँमा ढलेपछि गिद्धहरू तेरो छातीमा बस्नेछन् र बाणले पारेको प्वालबाट निस्केको रगत पिएर आफ्नो तीर्खा मार्नेछन् ॥२१॥ आज मेरो बाणले विदीर्ण भएकोले जब तँ प्राण त्याग गरेर भूइँमा ढल्नेछस् त्यस बखतमा गरुडले सर्पलाई तानेझैं चराहरूले तेरो आन्द्रा तान्नेछन् ॥२२॥

शत्रुहरूको संहार गर्ने रामचन्द्रजी यस किसिमको कुरा गरिसकेपछि आफ्नो नजीकमा उभिइराखेको रावणमाथि बाणको वर्षा गर्नलागे ॥२३॥ यस समयमा शत्रुको वध गर्न चाहने रामचन्द्रको बल, वीर्य, हर्ष, अस्त्रबल यी सबै दोब्बर भएर प्रकट हुनलागे ॥२४॥ महातेजस्वी रामचन्द्रजी सर्वज्ञ थिए तापनि सबै अस्त्रका अधिष्ठाता देवताहरू उनको अगाडि देखा पर्नलागे र प्रसन्नताले गर्दा तेजस्वी रामचन्द्र झन् छिटोसंग बाण चलाउनलागे ॥२५॥

राक्षसहरूको संहार गर्ने रामचन्द्रजी आफ्नो सम्बन्धमा यी सबै लक्षणलाई शुभ सम्झेर झन् बर्ता जोरसंग रावणलाई पीडा दिनलागे ॥२६॥ वानरहरूले फ्याँकेको ढुङ्गा र रामचन्द्रको बाण लाग्नाले रावण बहुतै हडबडाउनलाग्यो ॥२७॥ रावणले धनु तान्न अथवा बाण चलाउन जब छाडेथ्यो र हडबडाएर रामचन्द्रको बलको प्रतिकारलाई कुनै किसिमको पराक्रम देखाउनलागेन र जब रावणले चलाएका बाण तथा किसिम किसिमका अस्त्र सबै निष्फल भए तब ता सारथिले रावणको मृत्यु नजीक आएको संझेर, मनमा अलिकता पनि नहडबडाएर बिस्तारै बिस्तारै उसको रथ रणक्षेत्रबाट बाहिर लिएर आयो ॥२८-३०॥ राजा रावणलाई बलहीन तथा ढलेको देखेपछि सारथिले डराएर युद्धक्षेत्रबाट बडो वेगसंग रथ बाहिर लिएर आयो र बादल गर्जे जस्तो आवाज निस्कने यस रथको शब्द यसले रोकिदियो ॥३१॥

सर्ग—१०५

रावण सारथिलाई धिक्कार्दछ ।

टाउकोमा काल नाचिराखेको रावण मूर्च्छाबाट बिउँझेपछि रिसले आँखा रातो रातो गराएर सारथिलाई भन्नलाग्यो ॥१॥ तैंले ता मलाई निर्धो, शक्ति नभएको, पुरुषार्थहीन, डरछेरुवा, छोटो, केही

पनि सत्व नभएको, तेजहीन पो संझिस् क्या रे ? ॥२॥ के तैंले मलाई राक्षसी विद्यादेखि वञ्चित भएको अथवा अस्त्रविद्या केही नजान्ने भन्ठानिस् ? यसै कारणले हे मूर्ख ! मसित सोधपूछ नगरी आफ्नो इच्छाअनुसार काम गरेको होलास् ॥३॥ मेरो अभिप्राय नबुझीकन केवल मेरो तिरस्कार गरेर किन तैंले शत्रुहरूको सामुन्नेबाट मेरो रथ हाँकेर ल्याइस् ॥४॥ अरे नीच ! तैंले ता आज मैले धेरै कालदेखि सञ्चय गरिराखेको यश, वीर्य, पराक्रम, तेज, अरूमा मेरो शुख्याइँको बारेमा परिराखेको विश्वास यी सबैलाई नष्ट गरिदिइस् ॥५॥ प्रख्यात पराक्रमी शत्रुलाई म आफ्नो पराक्रमले खुशी पार्न खोजिरहेको थिएँ । उसित युद्ध गर्न खोज्दा खोज्दै पनि तैंले मलाई उसको अगाडि काथर बनाइदिइस् ॥६॥ हे मूर्ख ! तैंले भूल गरेर संग्रामबाट मेरो रथ ल्याएको भए तापनि अहिले फेरि उतातिर नलगेको देख्ता शत्रुबाट तैंले घूस लिएको रहिछस् भन्ने मेरो विचार सत्य प्रतीत हुन्छ ॥७॥ हित चाहने मित्रहरूबाट कदापि यस्तो काम हुन सक्तैन, आज तैंले मेरो साथमा जो काम गरिस् त्यो शत्रुसंग गर्नुपर्ने काम हो ॥८॥ तँ धेरै कालदेखि मसंग रहेको छस्, तँलाई मेरो गुण र उपकारको संझना छ भने मेरो शत्रु यहाँसम्म नआइपुग्दैमा झट्टै मेरो रथ फर्काएर लैजा ॥९॥

बुद्धिहीन रावणले यस्तो कठोर वचन भनेपछि उसको भलो चाहने सारथि विनयपूर्वक उसलाई हितको कुरा भन्नलाग्यो ॥१०॥ म डराएको, मूर्ख अथवा शत्रुपट्टि मिलेको पनि छैन, बौलाएको पनि छैन, तपाईंमाथि मेरो प्रेम नभएको पनि होइन, न मैले तपाईंले गरेको उपकार बिर्सेको हुँ ॥११॥ तपाईंको भलो होस् भन्ने इच्छाले, तपाईंको यशको रक्षाका लागि र तपाईंमाथिको स्नेहले गर्दा प्रसन्नतापूर्वक मैले यो काम गरेको हुँ । हुन ता यो काम बेश हो तर तपाईंलाई मन परेन ॥१२॥ तपाईंको कल्याण होस् भन्ने इच्छाले नै मैले तपाईंलाई रणक्षेत्रबाट लिएर आएको हों, तसर्थ तपाईंले मलाई नीच, अनार्य संझनु ठीक छैन, यस काममा मलाई दोष लगाउन पनि मुनासीब पर्दैन ॥१३॥ बाढी आउनाले उर्लिराखेको नदीको वेगसमानको युद्धक्षेत्रबाट मैले के कारणले तपाईंको रथ फर्काएर ल्याएको हो सो भन्दछु, कृपया सुन्नुहोस् ॥१४॥ भयङ्कर युद्ध गर्नुपरेकोले मैले तपाईंलाई थाकेको देखें र यस समयमा तपाईंको शक्ति शत्रुको शक्तिभन्दा कम भइराखेको थियो ॥१५॥ यससिवाय धेरै बेरसम्म रथ तान्न परेकोले घोडा पनि थाकिसकेका थिए र शरीरभरि पसीनै पसीना आएकोले वर्षामा भिजेका गाईझैं व्याकुल देखिनलागेका थिए ॥१६॥ त्यहाँ जति अपशकुन देखिए ती सबबाट पनि हाम्रै अमङ्गल हुने जस्तो देखियो, यसो भएपछि मैले गर्ने के ? ॥१७॥ हे राक्षसराज ! सारथिले देशकालको विचार राख्नुपर्दछ, शुभ अशुभ लक्षण बुझ्नुपर्दछ, मुखको चेष्टा हेर्नुपर्दछ, योद्धाहरूको उत्साह तथा अनुत्साहपट्टि दृष्टि दिनुपर्दछ, थाकेको थाहा पाउनुपर्दछ, कहाँको जग्गा होचो छ, कहाँको अग्लो छ, कहाँको सम्म परेको छ, कहाँको अडवा खडवा परेको छ, युद्धको समय, कहिले शत्रुको नजीक जाने, कहिले उसको बगलमा उभिने, कहिले सामुन्ने पर्ने तथा कुन वेलामा रथ हटाउने इत्यादि सबै कुराको रथमा बस्ने सारथिले ख्याल राख्नुपर्दछ ॥१८-२०॥ तपाईंलाई विश्राम दिनाको निम्ति तथा रथमा जोतिएका

यी घोडाहरूको घोर थकाइ दूर गर्नाको निम्ति मैले यो जो काम गरें सो ठीक गरें ॥२१॥ हे वीर ! केवल आफ्नो इच्छाले मैले यो रथ यहाँ ल्याएको होइन, किन्तु स्वामीको कल्याण होस् भन्ने हेतुले यो काम गरेको हुँ ॥२२॥ हे शत्रुको संहार पार्ने राजन् ! अब तपाईं मलाई जे काम गर्ने आज्ञा दिनुहुन्छ सो काम सावधानीसाथ गरेर तपाईंको उपकारको बदला चुक्ता गरिदिनेछु ॥२३॥

सारथिका यी कुरा सुनेपछि युद्धको निम्ति उत्सुक भइराखेको रावण उदेखि प्रसन्न भयो र उसको खूब प्रशंसा गरेर भन्नलाग्यो ॥२४॥ हे सारथि ! झट्टै यो रथ राम भएतिर लैजाऊ, शत्रुलाई नमारीकन रावण युद्धक्षेत्रबाट फर्कने होइन ॥२५॥

रथमा बसिराखेको सारथिलाई यति भनिसकेपछि राक्षसराज रावणले उसलाई हातमा लगाउने एउटा उत्तम गहना दियो । सारथिले पनि रावणको आज्ञाअनुसार रथ फर्कायो ॥२६॥ रावणको हुकूमबमोजिम सारथि घोडा हाँक्नलाग्यो । राक्षसराजको यो विशाल रथ एक छिनमा नै युद्धक्षेत्रमा रामचन्द्रको अगाडि आइपुग्यो ॥२७॥

सर्ग–१०६

अगस्त्य मुनि रामलाई आदित्यहृदय स्तोत्रको उपदेश दिन्छन् ।

रावणलाई युद्ध गर्ने भनी अगाडि उभिइराखेको देख्ता, युद्ध गर्दा गर्दा थाकेका, चिन्ताले व्याकुल परेका रामचन्द्रनेर आएर, देवताहरूको साथमा युद्ध हेर्न भनी आएका भगवान् अगस्त्यजी भन्नलाग्नुभयो ॥१-२॥ हे राम, हे महाबाहो ! सुन, म तिमीलाई एउटा सनातन र रहस्यमय स्तोत्र भन्दछु, यस स्तोत्रले तिमी युद्धमा सबै शत्रुहरूलाई जित्न सक्नेछौ ॥३॥ यस स्तोत्रको नाम आदित्यहृदय हो । यो पाठ गर्नाले पवित्र बनिन्छ र शत्रुको संहार गर्न सकिन्छ । आदित्यहृदयको नित्य पाठ गर्नाले जय मिल्दछ, अक्षयफल पाइन्छ र मुक्तिसमेत भेट्टिन्छ ॥४॥ यसले सबैको कल्याण गर्दछ, सबै किसिमका पापको नाश गर्दछ, चिन्ता तथा शोकलाई दूर गर्दछ र आयु बढाउनामा बडो उत्तम छ ॥५॥

अनेक किरणले युक्त भएका, समस्त भुवनका मालिक, जसलाई देवता र असुरहरूले समेत नमस्कार गर्दछन् यस्ता प्रकाशमान श्री सूर्य भगवान्‌को उदय हुने वेलामा पूजा गर्ने गर ॥६॥

यिनी जम्मै देवताहरूका आत्मा हुन् र आफ्ना किरणले सबै पदार्थ उत्पन्न गर्दछन् । यी तेजस्वी भगवान् आफ्ना किरणद्वारा देवता, असुर तथा समस्त लोकको रक्षा पनि गर्दछन् ॥७॥ यी सूर्य ब्रह्मा, विष्णु, शिव, स्कन्द, प्रजापति, इन्द्र, कुवेर, काल, यम, चन्द्र र वरुण हुन् ॥८॥ पितृ, वसु, साध्य, अश्विनीकुमार, मरुत्, मनु, वायु, वह्नि, प्रजा, प्राण, ऋतुकर्ता र प्रभाकर यी सबै यिनै सूर्य भगवान् हुन् ॥९॥ हे देव ! सबै पदार्थ ग्रहण गर्न सक्ने हुनाले तिमी आदित्य हौ, आफ्ना किरणद्वारा मेघको सृष्टि गरेर अन्नादि उत्पन्न गर्ने हुनाले सविता हौ, सबैलाई आपनो आफ्नो काममा नियुक्त गर्ने हुनाले

सूर्य, सबैको हृदयरूपी आकाशमा विचरण गर्ने हुनाले खग, समस्त जीवको पालना गर्ने हुनाले पूषा, किरण धारण गर्ने हुनाले गभस्तिमान्, सुवर्णको जस्तो वर्ण हुनाले सुवर्ण-सदृश, सबै संसारलाई प्रकाशित गर्ने हुनाले भानु, हिरण्य अर्थात् सुन र यसको उत्पत्ति गराउने पारो अर्थात् बीज धारण गर्ने हुनाले हिरण्यरेता र सबै वस्तुलाई प्रकाशित गर्ने हुनाले तिम्रो नाम दिवाकर भएको हो ॥१०॥ सबै दिशाका व्यापक र आफ्नो घोडाको रंग हरियो हुनाले हरिदश्व, हजारौं किसिमका किरण हुनाले सहस्रार्चि, दुइ आँखा, दुइ कान, दुइ नाकका पोरा र मन यी सातओटा प्राणात्मक इन्द्रियलाई आफ्नो आफ्नो काममा खटाउने हुनाले सप्तसप्ति, किरणको खानी हुनाले मरीचिमान्, अज्ञानरूपी अन्धकारको नाश गर्ने हुनाले तिमिरोन्मथन, कल्याणका उत्पादक हुनाले शम्भु, भक्तहरूको उत्पत्ति र विनाशरूप दुःखको नाश गर्ने हुनाले त्वष्टा, प्रलय भइसकेपछि मृतअण्ड अर्थात् ब्रह्माण्डको फेरि सृष्टि गर्ने हुनाले मार्तण्डक र समस्त विश्वलाई व्याप्त गरेर विराजमान भएकोले तिम्रो नाम अंशुमान् भएको हो ॥११॥ ब्रह्मा, विष्णु र रुद्रस्वरूपले समस्त जगत्‌को उत्पत्ति, स्थिति र प्रलय गर्ने हुनाले हिरण्यगर्भ, तीन तापले सताइएकाहरूलाई विश्राम दिने हुनाले शिशिर, स्वभावले सर्वेश्वर हुनाले तपन, दिनका उत्पादक हुनाले अहस्कर, ब्रह्मादिलाई समेत वेदको उपदेश दिने हुनाले रवि, कालाग्निरूप रुद्रलाई गर्भमा धारण गर्ने हुनाले अग्निगर्भ, देवमाता अदितिको गर्भबाट जन्म लिएकाले अदितिपुत्र, परमानन्द र आकाश यी दुवैको आत्मास्वरूप हुनाले शंख, र जाडो दूर गर्ने हुनाले शिशिर-नाशन तिम्रो नाम भएको हो ॥१२॥ आकाशको सृष्टि गरेको हुनाले व्योमनाथ, अन्धकारको नाश गर्ने हुनाले तमोभेदी, ऋक्-यजु साम यी तीनै वेदको तथा समस्त उपनिषद्‌हरूको ज्ञाता हुनाले ऋक्‌यजुसामपारग, बादलले जलको वृष्टि गरेझैं भक्तहरूको कर्मअनुसार फल दिने हुनाले घनवृष्टि, चैतन्यदानले सात्विकहरूको उपकार गर्ने र जलको उत्पत्ति गर्ने हुनाले अपामित्र र दुर्गम मार्गमा वानरहरूले झैं शीघ्रतापूर्वक गमन गर्ने हुनाले विन्ध्यवीथीप्लवङ्गम तिम्रो नाम भएको हो ॥१३॥ सर्व प्रकारले जगत्‌को निर्माण गर्ने सङ्कल्प गरेको हुनाले आतपी, मण्डल अर्थात् कौस्तुभादि मणि धारण गर्ने हुनाले मण्डली, सबैलाई मृत्युसम्म पुर्‍याउने हुनाले मृत्यु, पहेंलो वर्ण भएकोले पिङ्गल, सबैको संहार गर्ने हुनाले सर्वतापन, कार्यको कर्त्ता हुनाले कवि, विश्वरूप हुनाले विश्व, स्वरूप ठूलो हुनाले महातेजस्वी, पालना गरेर सबैलाई प्रसन्न राख्ने हुनाले रक्त, र समस्त कार्यको उत्पत्तिको कारण बनेकोले सर्वभवोद्‌भव तिम्रो नाम परेको हो ॥१४॥ अन्तर्यामी रूपले नक्षत्र, ग्रह, ताराहरूका स्वामी हुनाले नक्षत्रग्रहताराधिप, समस्त वस्तुहरूका उत्पादक हुनाले विश्वभावन, तेजहरूलाई समेत तेज दिने हुनाले तेजस्तेजस्वी, र बाह्र प्रकारको तिम्रो स्वरूप हुनाले द्वादशात्मा तिम्रो नाम भएको हो; हे सूर्य ! तिमीलाई नमस्कार छ ॥१५॥ हे पूर्वगिरिरूप ! तिमीलाई नमस्कार छ, हे पश्चिमगिरिरूप ! तिमीलाई नमस्कार छ, हे आकाशका नक्षत्रहरूका अधिपति ! तिमीलाई नमस्कार छ, हे दिनाधिपते ! तिमीलाई नमस्कार छ ॥१६॥ सबै प्रकारको जय दिने, ब्रह्मादिलोकको विजयद्वारा प्राप्त हुने आनन्द-स्वरूप, हरिया रंगका घोडा रथमा जोत्ने तिमीलाई नमस्कार

छ, संसारका समस्त प्राणी आफ्ना किरण भएकोले सहस्रांशु नाम परेका र सर्वप्रधान हुनाले आदित्य नाम भएका तिमीलाई नमस्कार छ ॥१७॥ बलवान् इन्द्रियहरूलाई जित्ने हुनाले उग्र नाम भएका, प्राणीलाई किसिम किसिमको काममा लगाउने हुनाले वीर नाम भएका; अङ्ग प्रत्यङ्गमा सार अर्थात् बल भएकोले सारङ्ग कहलिएका, कमलहरूलाई विकसित गर्ने हुनाले पद्मप्रबोध भन्ने नाम परेका, सबै काम गर्नामा समर्थ र अतिक्रोधी हुनाले प्रचण्ड नाम धारण गरेका तिमीलाई नमस्कार छ ॥१८॥ सृष्टि, स्थिति, र संहार गर्ने तथा ब्रह्मा, नारायण र रुद्रलाई आफ्नो आफ्नो काममा नियुक्त गर्ने हुनाले ब्रह्मेशानाच्युतेश भन्ने नाम परेका, ब्रह्मज्ञानको बाटो हुनाले आदित्यवर्चा कहिएका, सचेतन अचेतन सबैलाई प्रकाशित गर्ने हुनाले भास्वान्, सबैको नाश गर्ने हुनाले सर्वभक्ष र भयङ्कर शरीर धारण गर्ने हुनाले रौद्रवपुष नाम परेका तिमीलाई नमस्कार छ ॥१९॥ अज्ञानरूपी अन्धकारलाई नाश गर्ने हुनाले तमोघ्न, ठण्डीको नाश गर्ने हुनाले हिमघ्न, शत्रुनाशक हुनाले शत्रुघ्न, शरीरको यति उति भनेर नाप लिन नसकिने हुनाले अमितात्मा, भगवान्ले गरेको उपकार बिर्सने अज्ञानी संसारीहरूलाई अनर्थमा फसाएर नाश गर्ने हुनाले कृतघ्नघ्न, चिदानन्द तथा ज्योतिस्वरूप हुनाले देव र ज्योतिष्पति नाम भएका तिमीलाई नमस्कार छ ॥२०॥ खारिएको सुनको जस्तो वर्ण हुनाले तप्तचामीकराभ, सबैको अज्ञान हरण गर्ने हुनाले हरि, समस्त विश्वको उत्पादक हुनाले विश्वकर्त्ता, सबै किसिमको अन्धकार नाश गर्ने हुनाले तमोभिनिघ्न, विलक्षणको दीप्ति हुनाले रुचि, समस्त प्राणीले गरेको पाप-पुण्य देख्ने हुनाले लोकसाक्षी भन्ने नाम परेका तिमीलाई नमस्कार छ ॥२१॥

हे रामचन्द्र ! यी सूर्य भगवान् सबै प्राणीको सृष्टि, रक्षा तथा विनाश गर्दछन् । आफ्ना किरण-द्वारा समस्त लोकलाई संतापित गर्दछन् ॥२२॥ सबै प्राणीमा अन्तर्यामी रूपले विराजमान भएका हुनाले यिनीहरू सुतिरहेको बखतमा समेत सूर्यनारायण बिउँझिराखेका हुन्छन्, यी स्वयं अग्नि-होत्र हुन् र अग्निहोत्रीहरूलाई फल दिने पनि हुन् ॥२३॥ लोकमा अश्वमेधादि गरिएका यज्ञ, यज्ञका अधिदेवता, यज्ञफल, तथा अरू जति काम छन् ती सबमा परमप्रभु, दिवाकर, सूर्य भगवान् वर्तमान रहनुहुन्छ ॥२४॥ हे रामचन्द्र ! आपत्ति परेका बखतमा, ज्वरादि रोगले ग्रस्त गरेमा, दुर्गम स्थानमा पुगेको बेलामा, भयले आकुल व्याकुल पारेको समयमा मानिसले सूर्यभगवान्को स्तोत्र पाठ गऱ्यो भने त्यसले कष्ट भोग्नुपर्ने छैन ॥२५॥ देवताहरूका पनि देवता, यी जगत्पति सूर्य भग-वान्को एकाग्रमनले पूजा गरेर तीनचोटि यो आदित्यहृदयको पाठ गऱ्यौ भने अवश्य युद्धमा तिम्रो विजय हुनेछ, हे महाबाहो ! अहिले नै तिमी रावणको वध गर्न सक्नेछौ । यति भनेर अगस्त्य मुनि जहांबाट आएथे त्यहाँ गए ॥२६-२७॥

यो आदित्यहृदय सुनेपछि तेजस्वी रामचन्द्रको शोक हराएर गयो र यिनले प्रसन्नतासाथ अन्तस्क-रणलाई शुद्ध राखेर आदित्यहृदय स्तोत्रको धारण गर्नलागे ॥२८॥ सूर्यतिर फर्केर आदित्यहृदयको पाठ गरेपछि रामचन्द्र बहुतै प्रसन्न भए, पवित्र भावले तीनचोटि आचमन गरेर, प्रतापी रामचन्द्रले

हातमा धनु लिई, रावणतिर नजर लगाउँदै, प्रसन्नतासाथ विजयको निम्ति प्रस्थान गरे र उसको वध गर्नाका लागि सब प्रकारको प्रयत्न गर्नलागे ॥२९-३०॥

देवताहरूको माझमा वर्तमान रहेका सूर्य भगवान् रावणको मृत्युकाल नजीक आएको बुझेर बहुतै खुशी भए र रामतिर हेरेर भन्नलागे, हे बाबु ! अब झट्टै रावणको वध गरिहाल ॥३१॥

सर्ग—१०७

रामको जय र रावणको पराजयलाई देखिएका शकुन र अपशकुन ।

रावणको सारथि प्रसन्नतासाथ रथ हांक्नलाग्यो; यो रथको आकार गन्धर्व नगरीको जस्तो परेको थियो र शत्रुसेनालाई त्रास पार्ने किसिमको यो रथ थियो, यसमा अग्ला अग्ला पताका फर-फराइराखेका थिए, घाँटीमा सुनको माला पहिरिराखेका उत्तम उत्तम घोडा यसमा जोतिएका थिए, युद्धका सबै सामग्री यसमा राखिएका थिए र ध्वजा पताकाको मालाले यो सिंगारिएको थियो ॥१-२॥ अतिशय अग्लो हुनाले आकाशलाई निलुँला जस्तो गरिराखेको यो रथ पृथ्वीलाई प्रतिध्वनित गराइरहेको थियो, यो रथ शत्रुसेनाको विनाश पार्ने र आफ्नो सेनालाई दङ्ग पार्ने किसिमको थियो ॥३॥ आवाज निकालिरहेको, ठूला ठूला ध्वजा लागेको, अकस्मात्संग बडो वेगले हिंड्न लागेको रावणको यस्तो रथलाई सारथिले झटपट हाँकेर युद्धक्षेत्रमा लिएर आयो ॥४॥

मनुष्यका राजा रामचन्द्रले पनि यस रथलाई आफूतिर आउनलागेको देखे। यस रथमा काला काला घोडा जोतिएका थिए र यसको तेज बडो डरलाग्दो किसिमको थियो ॥५॥ आफ्नो तेजले गर्दा यो सूर्यको जस्तो चहक भएको आकाशको विमान जस्तै देखिनलागेको थियो र पताका रूपी बिजुलीले युक्त भएको साक्षात् मेघ जस्तै देखिएको थियो। इन्द्र धनुषको जस्तो आकार परेका अस्त्रहरूको प्रभावले यो सुशोभित भइराखेको थियो ॥६॥ जसरी मेघले घोर जलधाराको वृष्टि गर्दछ त्यसै गरी यस रथबाट पनि बाणको वृष्टि भइराखेको थियो। मेघसमानको, आफूतिर आइ-राखेको यस शत्रुको रथलाई रामचन्द्रले पनि देखे ॥७॥ वज्राघातले गर्दा पर्वत फुट्दाखेरि जस्तो आवाज निस्कन्छ त्यस्तै घरघर शब्द गरेर यो रथ रणभूमिमा आयो।

यसलाई आएको देख्नेबित्तिकै रामचन्द्र द्वितीयाको चन्द्रमाको जस्तो आकार परेको आफ्नो धनुमा टङ्कार दिएर इन्द्रको सारथि मातलिलाई भन्नलागे—

हे सारथि ! हेर, शत्रुको रथ बडो वेगसंग आइरहेको छ; रावण देब्रेपट्टिबाट बडो छिटोसंग आउनलागेको छ, यो देख्ता ता यसले स्वयं आफ्नो वध गराउने इच्छा गरेको जस्तो बुझिन्छ ॥८-१०॥ यसकारण तिमी सावधान भइहाल र आफ्नो रथलाई शत्रुको रथनेर लग। जसरी वायुले उठिराखेको मेघलाई उडाइदिन्छ त्यसै गरी म पनि आज यसको विनाश गरिदिन्छु ॥११॥ नडराएर, कत्ति पनि नहडबडाईकन, मन र दृष्टिलाई स्थिर गरेर घोडाको रास

ठीकसंग समात र छिटोसंग रथ चलाऊ ॥१२॥ इन्द्रको रथ हाँक्ने अभ्यास भइसकेकोलाई मैले सिकाउनुपर्ने जरूरत ता छैन, तैपनि एकाग्रचित्तले युद्ध गर्नलागेको हुनाले मैले तिमीलाई स्मरणमात्र गराएको हुँ, शिक्षा ता दिएको होइन है ॥१३॥

देवताका श्रेष्ठ सारथि मातलि रामचन्द्रका यी कुरा सुन्दा प्रसन्न भए र दङ्ग परेर रथ हाँक्न-लागे ॥१४॥ रावणको विशाल रथलाई देब्रेपट्टि पारेर मातलिले पाँग्राबाट उठेको धूलोले रावणलाई कमाइ नै दिए ॥१५॥ अब ता रावणलाई पनि झोंक चलिहाल्यो र यसले आफ्ना राता राता आँखा उघारेर रामचन्द्रनेर आफ्नो रथ लगी उनीमाथि बाणको वर्षा गर्नलाग्यो ॥१६॥ रावणको यस्तो ढीठपना देख्ता रामचन्द्रलाई पनि जंग चल्यो र यिनी मनमा धैर्य्य राखेर इन्द्रको धनु हातमा लिई, सूर्यको किरण जस्तो चहक भएका महावेगवान् बाण चलाउनलागे। आमुन्ने सामुन्ने खडा भएका, बलशाली दुइटा सिंहसमानका, परस्पर एउटाले अर्काको वध गर्न चाहने यी राम र रावणको भयङ्कर युद्ध हुनलाग्यो ॥१७-१८॥ रावणको नाश चाहने देवता, गन्धर्व, सिद्ध, ऋषि यी सबै दुवै थरीको यो युद्ध हेर्न भनी त्यहाँ जम्मा भए ॥१९॥

यसपछि बडा बडा भयङ्कर, रोमाञ्च गराउने उत्पात हुनलागे जसबाट कि रावणको विनाश र रामचन्द्रको अभ्युदय हुने कुराको सूचना मिल्न थाल्यो ॥२०॥ रावणको रथमाथि बादलले रगतको वर्षा गर्नलाग्यो, देब्रेपट्टिबाट चक्कर मारेर हावा खूब जोरसँग चल्न थाल्यो ॥२१॥ जता जता रावणको रथ जान्थ्यो त्यतै त्यतै गिद्धको झुण्ड आकाशमा भ्रमण गरेर दगुर्नलाग्यो ॥२२॥ दिउँ-सोको बखत भए तापनि जवापुष्पको जस्तो सन्ध्याकालको रंगले लंकालाई ढाकिदिएको हुनाले त्यहाँको जमीन बल्नलागेको हो कि जस्तो देखिनलाग्यो ॥२३॥ बिजुली चट्केको जस्तो बडो भया-नक आवाज निकालेर ठूला ठूला उल्काहरू रावणको सामुन्ने आकाशबाट खस्नलागे। रावणको विना-शको सूचना दिने हुनाले शत्रु बनेका यी उल्काहरूले राक्षसहरूको मनमा ठूलो चिन्ता पारिदिए ॥२४॥ रावण जहाँ जान्थ्यो त्यहाँको जमीन काम्न लाग्दथ्यो। शत्रुमाथि प्रहार गर्नलागेका राक्षस-हरूको हातलाई कसैले समातेर रोकिदिएको जस्तो देखियो ॥२५॥ रावणको अगाडि, पर्वतबाट निस्केका धातुहरूझैं, सूर्यका किरण रातो, पहेंलो, कालो र सेतो रंगका देखिनलागे ॥२६॥ गिद्ध-हरूको साथमा, मुखबाट आगोको ज्वाला झिकिराखेका स्यालहरू रावणको मुखतिर हेर्दै, झोंकिएझैं गरेर बडो जोरसँग अमङ्गल शब्द गर्नलागे ॥२७॥ राक्षसराजको आँखै छोप्ने गरी जतातत्तै धूला उडाएर हावा उल्टोतिरबाट बडो जोरसँग चल्नलाग्यो ॥२८॥ रावणको फौजमाथि चारैतिरबाट इन्द्रको वज्र पर्नलाग्यो, यी वज्र विनाबादलको खसेका थिए र यिनको घोर शब्द सही सक्नुको थिएन ॥२९॥ अन्धकारले गर्दा दिशा विदिशा जम्मै ढाकिए र ज्यादै धूलो उडेकोले आकाश न-देखिने जस्तै भयो ॥३०॥ भयङ्कर शब्द झिकेर चिच्च्याइरहेका अतएव भयलाग्दो भएका सयकडाँ मैनाहरू झगडा गर्दै रावणको रथमाथि खसे ॥३१॥ रावणका घोडाको तिघ्राबाट आगोको झिल्का र

आँखाबाट निरवच्छिन्न आँसु झरिराखेको थियो, अतएव यी घोडाहरू एकै चोटि आगो र पानीको वर्षा गरिरहेका जस्ता देखिए ॥३२॥ यस किसिमले अनेक प्रकारका भयङ्कर दारुण उत्पात हुन लागे जसबाट कि रावणको विनाश हुने कुराको सूचना पाइन्थ्यो ॥३३॥ उता रामपट्टिकाहरू जतातते आफ्नो मालिकको विजयको सूचना दिने मङ्गलमय शकुन उत्पन्न भएको देख्नलागे ॥३४॥ यी मङ्गलमय शकुन देख्नाले आफ्नो जय हुने संझेर रामचन्द्र बहुतै खुशी भए र रावणलाई मरेको संझनलागे ॥३५॥

असल खराब शकुनको विचार भएका रामचन्द्रजी आफ्नोपट्टि आफसे आफ असल शकुन प्रकट भएको देख्ता बड़ो सन्तुष्ट र प्रसन्न भए र युद्धमा यिनी पहिलेको अपेक्षा बर्ता पराक्रम देखाउनलागे ॥३६॥

सर्ग—१०८

राम रावणको द्वन्द्व-युद्ध ।

यसपछि राम रावण यी दुवै रथीहरूको, सबैको मनमा भय उत्पन्न गराउने, घनघोरको क्रूर युद्ध हुन थाल्यो ॥१॥ अस्त्र शस्त्रले सुसज्जित भइराखेको राक्षसी सेना तथा विशाल वानरी सेना अचल भएर खडा रह्यो अर्थात् सैनिकहरूसमेत युद्ध हेर्नामा लीन भए । २॥ मनुष्यजातिका बलवान् रामचन्द्र र राक्षस रावण यी दुवैले परस्पर युद्ध गर्नलागेको देख्ता हेर्ने जति जम्मै बडो छक्क परे र यस युद्धपट्टि सबैको मन आकर्षित हुनलाग्यो ॥३॥ यी सैनिकहरूले आफ्नो आफ्नो हातमा किसिम किसिमको अस्त्र लिएका थिए र यिनको हात युद्धका लागि व्यग्र भइराखेको थियो तापनि आफ्ना मालिकलाई युद्ध गर्नलागेको देख्का यिनीहरू छक्क परेर त्यसै उभिइरहे, परस्पर कसैले कसैमाथि आक्रमण गरेन ॥४॥ राक्षसी सेना रावणतिर र वानरी सेना रामतिर छक्क परेर टुलु-टुलु हेर्नलाग्यो अतः यो दुवै सेना तस्वीरमा लेखिएको सेना जस्तै देखिनलाग्यो ॥५॥ युद्धक्षेत्रमा प्रकट भएका शकुनहरू देखेकोले राम रावण यी दुवैले भावी परिणामको निर्णय गरिसकेका थिए, अतएव यिनीहरू निडर भई, क्रोधले विचलित नभएर युद्ध गर्नलागे ॥६॥ रामचन्द्रलाई मेरो जित हुनेछ भन्ने निश्चय थियो उता रावणलाई आफ्नो मृत्यु हुने निश्चय थियो, अतः यी दुवै यस समय युद्धमा आफ्नो भएभरको पराक्रमको परिचय दिनलागे ॥७॥

यसपछि महाबली रावणले झोंक देखाएर रामचन्द्रको रथको ध्वजा ताकी आफ्नो धनुमा बाण चढाएर चलाउनलाग्यो ॥८॥ यी बाणले इन्द्रको रथको ध्वजा ता छुन सकेनन्, तर अद्भुत शक्ति भएको यस रथको एकापट्टि लागेर भूइँमा खस्न पुगे ॥९॥ यसपछि ता प्रतापी रामचन्द्रले पनि रिस देखाएर हातमा धनु लिए र रावणमाथि साटो फेर्ने मनसायले बाण चलाउन मन गरे ॥१०॥ महासर्पसमानको अतिभयङ्कर, आफ्ने तेजले बलिराखेको तीखो बाण रावणको ध्वजा ताकेर यिनले

चलाए ॥११॥ तेजस्वी रामले रावणको ध्वजा ताकेर जुन बाण चलाएका थिए त्यो बाण ध्वजालाई ध्वस्त पारेर जमीनभित्र पस्यो ॥१२॥ रावणको ध्वजा काटिएर भूइँमा खस्यो; ध्वजा खसेको देख्ता रावण क्रोधले जल्नलाग्यो र संग्रामस्थानमा बल्दो आगो जस्तो देखिन थाल्यो । रिस थाम्न नसकेर यसले बाणको वर्षा गरि नै हाल्यो ॥१३-१४॥ रावणले आफ्ना जाज्वल्यमान बाण पहिले रामचन्द्रका घोडामाथि चलायो, तर यी देवलोकका घोडा हुनाले, यिनीहरू न केही विचलित भए, न हडबडाए ॥१५॥ जसरी कमलको डाँठले छुँदाखेरि कसैलाई पीडा हुँदैन त्यसै गरी यी बाणको चोट पर्नाले यी घोडाहरूलाई पनि कुनै किसिमको वेदना भएन । बाणको चोट पर्दा पनि यिनीहरूलाई व्याकुल नपरेको देख्ता रावण पुनः झोंक्किएर बाणको तथा गदा, परिघ, चक्र, मुशल, पर्वतका शिखर, रूख, शूल, परशु इत्यादि अस्त्रको वर्षा गर्नलाग्यो । मनमा अलिकता पनि हरेस नखाएर रावण माया द्वारा बनेका यी हजारौं अस्त्रको तथा बाणको वर्षा गर्नलाग्यो ॥१६-१८॥ यस युद्धमा अनेक अस्त्र शस्त्रको बडो डरलाग्दो वृष्टि हुनलाग्यो, यो वृष्टि समस्त प्राणीको मनमा त्रास पार्ने र भयङ्कर शब्द उत्पन्न गर्ने किसिमको थियो ॥१९॥

रामचन्द्रको रथलाई छोडेर रावण बानरी सेनामाथि बाणको वृष्टि गर्नलाग्यो, यसको यस बाण वृष्टिले गर्दा आकाशै टम्मै भएर ढाकियो ॥२०॥ यस बखतमा रावण मनमा ज्यानको आशा नराखेर बाणको वर्षा गर्नलागेको थियो । रणमा तत्पर भइराखेको रावणले यस प्रकारसँग निरवच्छिन्न वानरी सेनामाथि बाणको वर्षा गर्नलागेको देख्ता रामचन्द्रले पनि हाँसी हाँसीकन तीखा तीखा बाण आफ्नो धनुमा चढाए र सयकडौं हजारौं बाण रावणमाथि चलाए ॥२१-२२॥ रामले यसरी बाण चलाएको देख्ता रावणले पनि बाणै बाणले आकाशमण्डललाई ढाकिदियो । यी दुवैद्वारा भएको यस चहकिलो बाण वर्षाले गर्दा अर्कै एउटा प्रकाशमान बाणमय आकाश बनेको देखिनलाग्यो । रामले रावणमाथि र रावणले राममाथि चलाएका यी बाणमध्ये कुनै पनि बेमतलबका, निशाना छेड्न नसक्ने तथा निष्फल जाने किसिमका थिएनन् ॥२३-२४॥ युद्धमा यस प्रकारसँग बाणको प्रहार गरिरहेका राम-रावणका बाण आपसमा ठक्कर खाएर भूइँमा खस्तथे ॥२५॥ यी दुवै वीर कहिले देब्रेपट्टिबाट र कहिले दाहिनेपट्टिबाट बाणको प्रहार गरेर निरवच्छिन्न युद्ध गर्नलागे । यी दुवैले भयङ्कर बाण वर्षा गरेर आकाशमा हावा चल्ने ठाउँसम्म पनि रहन दिएनन् अर्थात् कतै अलिकता जग्गा पनि खाली रहन पाएन ॥२६॥

एउटाले अर्काको नक्कल गरेको हो कि जस्तो गरेर रामका घोडालाई रावणले र रावणका घोडा लाई रामले बाण चलाई चलाईकन हिर्काउनलागे ॥२७॥ यस प्रकारसँग यी दुवै झोंक देखाएर एक छिनसम्म बडो घनघोरको, रोमाञ्च गराउने, उत्तम प्रकारको युद्ध गर्दै रहे ॥२८॥ (यस किसिमले रावण र लक्ष्मणका दाजु यी दुवै महाबली वीर तीखा तीखा बाणको प्रहार गरेर युद्ध गर्नलागे तर रथको ध्वजा काटिएकोले राक्षसराज रावण, रघुनन्दन श्रीराममाथि बहुतै झोंक्किियो ॥२९॥)

सर्ग—१०९

टाउको काटिएपछि रावणका अरू अरू टाउका निस्कन्छन् (क) ।

रण-क्षेत्रमा यस प्रकारसंग युद्ध गरिराखेका राम रावणलाई सबै प्राणी मनमा छक्क परेर हेर्नलागे ॥३०॥ आफ्नो आफ्नो उत्तम रथमा सवार भइराखेका यी दुवै वीर एउटाले अर्कोलाई ध्वस्त पार्न खोजेझैं परस्पर खूब झोंक देखाउँथे र अर्कोको रथनेर आफ्नो रथ लगेर जुधाउँथे । परस्पर एउटाले अर्कोको वध गर्न खोजिरहेका यी दुवैको रथ बडो भयङ्कर देखिनलागेको थियो । यी रथ कहिले बादुलो चक्कर लगाउँथे, कहिल सोझै जान्थे र कहिले अगाडि बढेर फेरि पछि हट्‌तथे । यस प्रकारसँग यी रथ सारथिको चतुर्‍याइँ प्रकट गर्दै किसिम किसिमका चालले यताउति गर्नलागे । रावण रामलाई र राम रावणलाई यी दुवै परस्पर एउटाले अर्कोलाई पीडित गर्नलागेका थिए । कहिले यिनीहरू ठूलो वेगसंग अगाडि बढ्‌दथे र कहिले पछि हट्‌तथे । यस समयमा निरवच्छिन्न बाणको वर्षा गरिरहेका राम रावण यी दुवैको रथ रणक्षेत्रमा जलको वर्षा गर्ने दुइटा बादलझैं भ्रमण गर्नलागेका देखिए ।

यस प्रकारसंग युद्धमा आफ्नो अनेक किसिमको चाल देखाइसकेपछि यी दुवै आफ्नो आफ्नो रथ अगाडि बढाएर आमुन्ने सामुन्ने खडा भए । एउटाको रथको धुरी अर्काको रथको धुरीसंग र एउटाको घोडाको मुख अर्काको घोडाको मुखसंग जोरिन पुग्यो ॥३१–३६॥ एउटाको रथको पताका अर्काको रथको पताकासंग जोरियो । केही बेरपछि रामचन्द्रको धनुबाट छुटेका तीखा तीखा चारओटा बाण यस्तो जोरसंग रावणका तेजिला चार घोडालाई लाग्न गए कि यिनीहरूले उत्निखेरै पछि हटिहाल्नुपर्‍यो । घोडा पछि हटेकोमा रावणलाई खूबै जंग चल्यो र यो रामलाई ताकेर तीखा तीखा बाण चलाउनलाग्यो । बलवान् रावणको हातबाट छुटेका बाण जतातत्तै बेसरी बिझेको भए तापनि रामलाई न रिस उठ्यो न यिनलाई कुनै प्रकारको वेदना भयो । यसपछि रामचन्द्र वज्रको जस्तो आवाज गर्ने बाण चलाउन लागे ॥३७–४०॥

रावणले पनि इन्द्रको सारथि मातलिको शरीरलाई ताकेर बाण चलायो । यी ठूलो वेग भएका बाण मातलिको शरीरमाथि पर्न ता परे तर ग्रिनको मारले न यिनलाई अलिकता वेदना भयो, न रणभूमिमा बेहोश नै पर्नुपर्‍यो । आफ्नो तथा मातलिको तिरस्कार गरेकोमा रामचन्द्रले रिस ता देखाएनन् तर बाणै बाणको वर्षा गरेर शत्रुलाई विमुख गराइदिए । बीस, तीस, साठी, सय, तथा हजारौं बाण वीर रामचन्द्रले शत्रुको रथ ताकेर चलाए । रथमा बसिराखेको राक्षसराज रावणले पनि रिसको झोंकमा गदा र मुशलको प्रहार गरेर युद्धभूमिमा शत्रुलाई पीडित गराइदियो । यस प्रकारसंग यी दुवै वीरको बीचमा फेरि रोमाञ्च गराउने भीषण युद्ध हुन थाल्यो ॥४१–४५॥ गदा, मुशल र परिघको शब्दले तथा बाणका पखेटाको हावाले सातै समुद्र खलबलिनगयो ॥४६॥

(क) सर्गको समाप्ति भए तापनि युद्ध विषय पूरा नभएकोले अगाडिको सर्गदेखिको श्लोकको संख्या चलाएको हो ।

समुद्र खलबलिएकोले पातालवासी सबै दानव तथा हजारौं सर्प, यी सबैलाई ठूलो वेदना भयो ॥४७॥ पर्वत र वनको साथसाथमा पृथ्वी काम्नलागिन्, सूर्यको तेज मलिन हुन गयो र हावा चल्न बन्द भयो ॥४८॥ देवता, गन्धर्व, सिद्ध, ऋषि, किन्नर, सर्प आदि गरिएका सबै ठूलो चिन्तामा पर्न गए ॥४९॥ "गाई ब्राह्मणको कल्याण होस्, प्राणीहरू सदा निर्विघ्नपूर्वक रहन पाऊन्, राक्षस-राज रावणलाई युद्धमा रामचन्द्रले जितून्" यस प्रकारसंग रामको विजयका लागि प्रार्थना गरिरहेका देवता, ऋषिहरू राम रावणको भयङ्कर रोमाञ्च गराउने युद्ध हेर्नलागे ॥५०–५१॥ गन्धर्व र अप्सराहरू उपमारहितको यो युद्ध हेरेर भन्नलागे—समुद्र आकाशसमान हुन सक्तछ र आकाश समुद्रसमान हुन सक्तछ अर्थात् यी दुवैको तुलना गर्न सकिन्छ तर राम रावणको युद्ध ता राम रावणको युद्ध जस्तै छ अर्थात् निराला छ अरू कसैसित यसको तुलना गर्न सकिन्न ॥५२–५३॥

यसपछि रघुकुलको कीर्ति बढाउने महाबाहु रामचन्द्रले विषालु सर्पसमानका भयङ्कर बाण आफ्नो धनुमा चढाएर अति सुन्दर तथा चहकिलो कुण्डलले सुशोभित भइराखेको रावणको टाउको काटिदिए। तीनै लोकका प्राणीले रावणको टाउको काटिएर पृथ्वीमा खसेको देखे ॥५४–५५॥ तर रावणको काटिएको टाउको जस्तै अर्को टाउको उत्निखेरै उत्पन्न भयो, छिटो बाणको प्रहार गर्न सक्ने रामले यो अर्को टाउकोलाई पनि झट्टै बाण चलाएर काटिदिए तर यो टाउको काटिनासाथ फेरि अर्को टाउको उत्पन्न भइहाल्यो ॥५६–५७॥ यस टाउकोलाई पनि रामचन्द्रले वज्रसमानका बाण चलाएर काटिदिए। यस प्रकारसंग रामले एकनासको रूप भएका रावणका सयओटा टाउको बाणै बाणको प्रहार गरेर काटिदिए ॥५८॥ यति हुँदा पनि रावणको जीवन अन्त हुने जस्तो देखिएन।

अब ता सबै अस्त्र शस्त्रको प्रयोगमा सिपालु भएका, कौशल्याको आनन्द बढाउने श्रीरामचन्द्रजी अनेक अस्त्र शस्त्रले युक्त भएको भए तापनि विचार गर्नलागे—यिनै बाणले मैले मारीचलाई मारेथें, खर दूषणको संहार गरेथें, क्रौञ्च वनमा बस्ने विराध र दण्डकवनको कबन्धलाई खतम पारेथें, पर्वतहरूलाई फुटाइदिएथें, सातओटा ताडको रूखलाई एकै बाजिमा छेडिदिएथें, बालिलाई मारिदिएथें र समुद्रलाई खलबलाइदिएथें ॥५९–६१॥ यस युद्धमा पनि मैले तिनै परीक्षा भइसकेका बाणको प्रयोग गरेको हुँ तर रावणको सामुन्ने पर्दा के कारणले यिनको तेज हराएको होला? ॥६२॥

यस प्रकारको चिन्तामा परेको भए तापनि रामचन्द्र सावधान भईकन रावणको छाती ताकेर बाणको वर्षा गरि नै रहेका थिए ॥६३॥ अब ता रथमा बसिराखेको रावण पनि रिसको झोंकमा परेर गदा र मुशलको वृष्टि गर्दै रामचन्द्रलाई दुःख दिनलाग्यो ॥६४॥ यस प्रकारसंग फेरि कहिले आकाशमा, कहिले पृथ्वीमा र कहिले पर्वतको ठाकुरामा यी दुवैको घनघोरको रोमाञ्च गराउने युद्ध हुनलाग्यो ॥६५॥ देवता, दानव, यक्ष, पिशाच, सर्प र राक्षसहरूले हेर्दा हेर्दैमा यो युद्ध रातभरि भइरह्यो ॥६६॥ न रात्रिमा न दिनमा कुनै वेलामा पनि यो राम रावणको युद्ध एक मुहूर्त्त अथवा एक छिनका लागि पनि थामिएन ॥६७॥

राम रावण यी दुवैको बीचमा भइराखेको युद्धमा रामचन्द्रको विजय नभएको देख्ता देवराज इन्द्रको सारथि महात्मा मातलि युद्ध गर्न लागिरहेका रामचन्द्रलाई झट्टै यो कुरा भन्नलाग्यो ॥६८॥

सर्ग—११०

ब्रह्मास्त्रको प्रयोग गरेर रामचन्द्र रावणलाई मार्दछन् ।

यस समयमा मातलि संझना गराउनाका लागि रामचन्द्रलाई भन्नलाग्यो—हे वीर ! अज्ञानी जस्तो भएर उसको अस्त्रलाई आफ्नो अस्त्रले जवाफ दिंदै तपाईंले किन यसलाई यसरी खेलाइराखेको होला ? ॥१॥ हे प्रभो ! अब वध गर्नाका लागि यसमाथि ब्रह्मास्त्रको प्रयोग गरिहाल्नुहोस् । देवताहरूले यसको विनाशको जो समय बताएका थिए सो समय आज उपस्थित भइराखेको छ ॥२॥

मातलिको कुरा सुनेपछि रामचन्द्रलाई संझना भयो र यिनले उत्तिखेरै झोंक्किएको सर्पझैं फ्वाँ फ्वाँ गरिरहेको, ठूलो चहक भएको बाण उठाए ॥३॥ भगवान् अगस्त्य ऋषिले, आफूले ब्रह्माबाट पाएको, युद्धमा ठूलो पराक्रम देखाउने, यो अमोघ बाण उहिले नै रामचन्द्रलाई दिएका थिए ॥४॥ अमिततेजस्वी ब्रह्माले तीनै लोकलाई जित्न खोज्ने इन्द्रको निम्ति यो बाण बनाएर पहिले उनैलाई दिएका थिए ॥५॥ यसको वेगमा वायु र धारमा अग्नि तथा सूर्य बसेका थिए । यसको शरीर आकाशमय थियो र गह्रौंमा यो मेरु तथा मन्दर पर्वतसमान थियो ॥६॥ राम्रा राम्रा पखेटाले सुशोभित भइराखेको, सुनै सुनले मोरिएको शरीर हुनाले यो बडो जाज्वल्यमान देखिन्थ्यो, सबै प्राणीको सार झिकेर बनाएको हुनाले यो सूर्य जत्तिकै उज्यालो थियो ॥७॥ प्रलयकालको धूवाँसहितको आगो अथवा महाविषालु साँपको जत्तिकै यसको चहक थियो, यो झटपट आफ्नो काम सिद्ध गर्न सक्तथ्यो र मानिस हात्ती, घोडा यी सबैलाई छेड्नमा समर्थ थियो ॥८॥ यसको तेजले शहरका फाटक, पर्खाल तथा पर्वतसम्म पनि चूर्ण हुन्थे, यसको शरीरमा अनेक किसिसका रगत र बोसो पोतिएका थिए र हेर्दा बडो भयङ्कर देखिन्थ्यो ॥९॥ यो वज्रसमानको साह्रो, ठूलो आवाज निकाल्ने, अनेक समूहलाई नष्ट गर्ने, सबै प्राणीको मनमा त्रास पार्ने, र फ्वाँ फ्वाँ गरिराखेको सर्प जत्तिकै भयङ्कर थियो ॥१०॥ यो युद्धमा दिनदिनै कङ्क, गिद्ध, बगुला, स्याल, राक्षसहरूलाई भोजन दिन्थ्यो र यमराज जत्तिकै भयङ्कर थियो ॥११॥ यो बाण वानरहरूलाई आनन्द दिने तर राक्षसहरूलाई मार्ने किसिमको थियो र गरुडका चित्र विचित्रका अनेक पखेटा यसमा जडिएका थिए ॥१२॥ समस्त लोकका बाणहरूमध्येको यो उत्तम बाण, इक्ष्वाकुवंशीहरूको भय दूर गर्ने, शत्रुको कीर्ति हरण गर्ने र आफूलाई प्रसन्न गराउने किसमको थियो ॥१३॥

महाबली रामचन्द्रले वेदोक्त विधिले यस बाणलाई अभिमान्त्रत गरेर आफ्नो धनुमा चढाए ॥१४॥ रामचन्द्रले यस बाणलाई धनुमा चढाउनासाथ प्राणीमात्रको मनमा डर पस्न गयो र पृथ्वीसमेत काम्नलागिन् ॥१५॥ झोंक्किइराखेका रामचन्द्रले बडो सावधानीसंग आफ्नो धनुलाई निहुराएर मुटु

छेड्ने यो बाण रावणलाई ताकेर चलाए ।।१६।। इन्द्रको हातबाट छुटेको वज्र जस्तै कसैले रोकेर रोक्न नसकिने, कालसमानको अनिवार्य्य यो बाण रावणको छातीमा लाग्न गयो ।।१७।। रामचन्द्रको धनुबाट निस्केको, प्राणान्त गराउने, अतिशय ठूलो वेग भएको यस बाणले दुरात्मा रावणको छाती फुटालिदियो ।।१८।। रगतमा भिजेको, शरीरको इतिश्री गर्ने, यो बाण रावणको प्राण लिएर पहिले पृथ्वीभित्र पस्यो ।।१९।। रावणलाई मारिसकेपछि यस बाणको शोभा रगतमा मुछिएको हुनाले बढि-राखेको थियो । आफ्नो काम गरिसकेपछि यो बाण चूपचापसंग त्यहाँबाट निस्की फेरि रामचन्द्रको ठोक्रोभित्र पस्यो ।।२०।।

मारिएको रावणको हातबाट यसको बाणसहितको धनु जमीनमा खस्न गयो । अस्त्र लाग्नाले जीवन शेष भएकोले रावण पनि प्राण धारण गर्ने शक्तिदेखि वञ्चित भएर ढल्यो अर्थात् मऱ्यो ।।२१।। जसरी उहिले वज्र लाग्नाले वृत्रासुर ढलेथ्यो त्यसै गरी अहिले महाद्युतिमान् राक्षसराज रावण पनि प्राणरहित भएर रथबाट तल भूईँमा खस्यो ।।२२।। रावणलाई पृथ्वीमा ढलेको देख्ता अहिलेसम्म न-मरेर बाँकी रहेका राक्षसहरू मालिक मारिएकोले डरले थर्कायमान भई जतातत्तै भाग्नलागे ।।२३।। रावणको वध भएको देख्ता विजय प्राप्तिले प्रसन्न भइराखेका, रूखै रूखको प्रहार गरेर युद्ध गर्ने वानरहरू यी राक्षसहरूलाई लखेट्नलागे ।।२४।। आफ्नो आश्रयदाता मारिएकोले राक्षसहरू बडो दुःखित भइराखेका थिए, आँखाबाट आँसुको धारा बगाउँदै, निदाउरो मुख लगाएका यिनीहरू वानर-हरूले आफूलाई पीटपाट पार्नलागेको भए तापनि डरले व्याकुल भएर लङ्कातिर भाग्नलागे ।।२५।।

यसपछि वानरहरू बडो ठूलो हर्षनाद गर्नलागे, रामचन्द्रको जय, र यिनको हातबाट रावण-को वध भएको कुरा वानरहरूको मुखबाट जतातत्तै सुनिनलाग्यो ।।२६।। यही बखतमा आकाशमा मंगलको पुकारा गर्ने देवताहरूको दुन्दुभि मधुरो स्वर गरेर बज्नलाग्यो र मनलाई सुख दिने दिव्य गन्ध साथमा लिएर हावा बहन थाल्यो ।।२७।। आकाशबाट पृथ्वीमा र रामचन्द्रको रथमा पुष्प-वृष्टि हुनलाग्यो । यस्तो रमणीय पुष्पवृष्टि ता अरूका लागि असम्भवै थियो ।।२८।। रामचन्द्रको स्तुतिको साथसाथै महात्मा देवताहरूले भनेको "वाह वाह" यो श्रेष्ठ वचन आकाशमा सुनिन-लाग्यो ।।२९।। समस्त लोकका लागि भयङ्कर भइराखेको, क्रूर रावण मारिएकोले देवता तथा चारण यी सबै बडो खुशी भए ।।३०।।

रावणलाई मारेर रामचन्द्रले सुग्रीव, अङ्गद र विभीषणको मनोकामना पूरा गरिदिए र आफू पनि प्रसन्न भए ।।३१।। रावण मारिनाले देवताहरू निर्भय भए, सबै दिशा निर्मल देखिनलागे, आकाशमण्डल सफा भयो, पृथ्वी काम्न छाडेर स्थिर भइन्, सुखदायी हावा चल्न थाल्यो र सूर्यको प्रभा पनि पहिले जत्तिकै स्वच्छ भएको देखियो ।।३२।।

यसपछि सुग्रीव, विभीषण, अङ्गद आदि गरिएका मित्रहरू लक्ष्मणको साथसाथै जयको आन-न्दमा मग्न भएर प्रफुल्लित चित्तले, युद्धमा कसैले हटाउन नसक्ने रामचन्द्रनेर आई विधिपूर्वक उनको

पूजा गर्नलागे ॥३३॥ देवताहरूको साथमा रहेका इन्द्रको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले आफ्नो प्रतिज्ञामा स्थिर रहने, शत्रुको विनाश गरेका, आफ्ना स्वजनहरूलाई साथमा लिएर बसिराखेका, रघुकुलका राजकुमार ओजस्वी रामचन्द्रको भइराखेको थियो ॥३४॥

सर्ग—१११

विलाप गरिरहेका विभीषणलाई रामचन्द्र संझाउँछन् ।

दाजुलाई पराजित भईकन मृतक भएर रणभूमिमा सुतिराखेको देख्ता, विभीषण शोकको वेगले आकुल व्याकुल भएर विलाप गर्नलागे ॥१॥

हे वीर ! हे प्रख्यातपराक्रमी ! हे प्रवीण ! हे नीतिचतुर ! तपाईंलाई ता धेरै धेरै मोल पर्ने बिछाउनामा सुत्ने बानी परेको हो, आज किन मृतक भएर यसरी भूईंमा सुतिराख्नुभएको हो ? ॥२॥ हा वीर ! सूर्यसमानको प्रभा भएको तपाईंको मुकुट बाङ्गो-टिङ्गो भइराखेको छ र बाजूले भूषित भइराखेका तपाईंका लामा लामा हात अचल भएर पडिराखेका छन् ॥३॥ हे वीर ! पहिले मैले जुन कुराको सूचना दिएथें त्यही कुरा आज हुन आयो त्यस वेला तपाईं काम र मोहको वशमा पर्नुभएको थियो यसैले मैले भनेका कुरा तपाईंलाई निको लागेनन् ॥४॥ अहङ्कारले गर्दा प्रहस्त, इन्द्रजित्, कुम्भकर्ण, अतिरथ, अतिकाय, नरान्तक तथा स्वयं तपाईंले र अरू अरू राक्षसहरूले मेरो कुरामा ध्यान दिएनन्, आज यो त्यसैको फल बन्न आएको हो ॥५॥ शस्त्रधारीहरूमध्येका श्रेष्ठ यी वीर मारिनाले असल नीतिको पुल भाँचियो, धर्मको मूर्ति नै नष्ट भयो, वीरहरूले अब कतै आधार पाउने भएनन्, अब ता म सूर्यलाई पृथ्वीमा खसेको, चन्द्रमालाई अन्धकारमा डुबेको, आगोको ज्वाला शाम्य भएको र उत्साह निरर्थक भएको देख्तछु ॥६–७॥ राक्षससिंह रावण नै आज युद्धभूमिको धूलोमा सुते भने बाँकी बचेका लंकावासी राक्षसहरूको अब के गति होला ? ॥८॥ रामचन्द्ररूपी वायुले राक्षसराजरूपी विशाल रूखलाई आज युद्धभूमिमा ध्वस्त पारिदियो, धैर्य यस रूखका पात थिए, सहनशीलता यसको फूल थियो, तपस्या बल थियो र शुरताइँ जरो थियो ॥९॥

रावणरूपी मतवाला हात्ती रामचन्द्ररूपी सिंहको पञ्जामा परेकोले भूईंमा सुतिराखेको छ, तेज नै यस हात्तीका दाँत थिए, कुलपरम्परा पिठिउँको हाड थियो, क्रोध तथा प्रसन्नता यसका अरू अरू अङ्ग र सूँड थिए ॥१०॥ रामचन्द्ररूपी बादलले आज प्रतापी राक्षसरूपी आगोलाई युद्धक्षेत्रमा निभाइदियो; पराक्रम र उत्साह नै यस आगोको फिंजिएको ज्वाला थियो, निःश्वास धूवाँ थियो र रावणको बल नै आगोको भस्म पार्ने शक्ति थियो ॥११॥ राक्षसरूपी साँढेलाई आज युद्धमा रामचन्द्ररूपी बाघले मारिदियो, यसैले यो साँढे शक्तिहीन भएर पडिरहेको छ, राक्षसगण यस रावणरूपी साँढेका पुच्छर, कांध, र सीङ थिए । शत्रुविजयी वीरहरूको विनाश पार्नामा यो हावासमानको पराक्रम र उत्साह देखाउँथ्यो, यसका आँखा बडा चञ्चल र कान खूब तीखा थिए ॥१२॥

विभीषणले शोकले आकुल व्याकुल परेर यस किसिमका मतलबले भरिएका र मुनासीबका कुरा भन्दै विलाप गरिरहेको सुन्दा रामचन्द्रजी उनलाई भन्नलाग्नुभयो ॥१३॥ यो प्रचण्ड पराक्रमी राक्षसराज रावण पराक्रम देखाउन नसकेर अथवा असक्त भएर युद्धमा मारिएको होइन; युद्धमा यसले ठूलो पराक्रम देखाएको हो, अतिशय ठूलो उत्साह भएको यो रावण मरुँला भन्ने अलिकता पनि डर नलिएर युद्धमा मारिएको हो अर्थात् प्राण रहेसम्म यसले ठूलो उत्साह देखाएर लडेको हो ॥१४॥ यस प्रकारसँग क्षत्रिय धर्ममा स्थिर भएर जो मर्दछन् तिनको निम्ति र परलोकमा उत्तम स्थान अथवा यस लोकमा आफ्नो उन्नति गर्ने इच्छाले युद्ध गर्दै जो मर्दछन् तिनको निम्ति पनि शोक गर्नु पर्दैन ॥१५॥ इन्द्रलगायत तीनै लोकका प्राणीलाई जुन बुद्धिमान्ले संग्राममा थर्कायमान तुल्याइराखेको थियो त्यो आज कालको वशमा परेकोले मारिन गयो, तसर्थ उसको निम्ति विलाप गर्नु ठीक पर्दैन ॥१६॥ आजसम्म युद्धमा यसैको जित हुन्छ भन्ने कुरा कसैका लागि निश्चित हुन सकेको छैन; पराक्रमी वीर या त शत्रुलाई युद्धमा मार्दछ या त शत्रुको हातबाट आफैं मर्दछ ॥१७॥ संग्राममा देह त्याग गर्नु क्षत्रियहरूको लागि उत्तम हो भनेर प्राचीन कालका मनु आदि गरिएका ऋषि मुनिहरूले भनेका छन्, तसर्थ युद्धमा मारिएको क्षत्रियको निम्ति शोक गर्नु मुनासीब होइन ॥१८॥ हे विभीषण ! मैले भनेको कुरा ठीक हो भन्ने संझेर मनमा धैर्य्य गरी शोक गर्न छोडिदेऊ, अब उप्रान्तलाई के गर्नुपर्ने हो सो कुराको विचार गर ॥१९॥

पराक्रमी राजपुत्र रामले यसो भनेको सुन्दा शोकले विह्वल भइराखेका विभीषण आफ्नो दाजुको कल्याणका लागि यस समयमा गर्नुपर्ने कुरा भन्नलागे ॥२०॥ जुन रावणलाई इन्द्रलगायत सबै देवताहरूले मिलेर पनि अहिलेसम्म युद्धमा हराउन सकेका थिएनन् त्यस रावणले, समुद्रको जल किनारासम्म आएर फेरि आफ्नो भण्डारमा मिसिन पुगेझैं, आज युद्धमा तपाईंको हातबाट मर्नुपर्‍यो ॥२१॥ हे रामचन्द्र ! यसले बाचुञ्जेल आफूकहाँ माग्न आउनेलाई दान दिएको हो, सबै भोग विलासका वस्तुको राम्रोसँग भोग गरेको हो, आफ्ना नोकर-चाकरलाई सन्तुष्ट राखेको हो, मित्रहरूलाई पनि धन दिएर प्रसन्न राखेको हो र शत्रुहरूमाथि आफ्नो वैरत्वको पूरा पूरा बदला लिएको हो ॥२२॥ यसले हवन गरेर अग्निहरूलाई विधिपूर्वक तृप्त गरेको हो, ठूला ठूला तपस्या पनि गरेको हो, वेद उपनिषद्को यसले राम्रै गरी अध्ययन गरेको हो, र वैदिक कर्म गर्नामा यसले ठूलो शुर्खाइ देखाएको हो तसर्थ तपाईंले आज्ञा दिनुभए म यसको प्रेतकर्म गर्ने थिएँ ॥२३॥

साधुश्रेष्ठ विभीषणले यसरी मायालाग्दो गरी निवेदन गरेको सुन्दा महात्मा पराक्रमी राजकुमार रामचन्द्रले पनि उनलाई रावणको स्वर्ग प्राप्तिका लागि उसको अन्त्येष्टि क्रिया गर्ने आज्ञा दिनुभयो ॥२४॥ मरुञ्जेलसम्म मात्र शत्रुता रहन्छ, हाम्रो उद्देश्य सिद्ध भइसक्यो, अबलाई जस्तो यो तिम्रो बन्धु हो उस्तै मेरो पनि हो तसर्थ यसको संस्कार गर ॥२५॥

सर्ग—११२

रावणको निम्ति राक्षसीहरूले गरेको विलाप ।

महात्मा रामचन्द्रको हातबाट रावणको मृत्यु भएको समाचार पाएपछि शोकले विह्वल भइराखेका राक्षसीहरू अन्तःपुरबाट बाहिर निस्के ॥१॥ कपाल फुकाइराखेका यी राक्षसीहरू वारंवार रोकिएका भए तापनि, बाच्छो मरेको गाईझैं शोकले आकुल व्याकुल परेर रणक्षेत्रको धूलोमा लडिबुडी खेल्नलागे ॥२॥ उत्तरपट्टिको ढोकाबाट राक्षसहरूको साथमा लागेर यिनीहरू बाहिर निस्के र भयङ्कर रणक्षेत्रमा गएर आफ्नो मरेका पतिलाई खोज्नलागे ॥३॥

हा आर्यपुत्र ! हा नाथ ! भनेर बिलौना गर्दै, रगतको हिलो जमिराखेको र कवन्धले टम्म भइ-राखेको रणभूमिमा चारैतिरबाट यी राक्षसीहरू जम्मा हुनलागे ॥४॥ पतिशोकले विह्वल भइराखेका यिनीहरू आँखाभरि आँसु गरेर गजपति मर्दाखेरि हतिनीहरूले विलाप गरेझैं विलाप गर्नलागे ॥५॥ यिनीहरूले महापराक्रमी, महाद्युति, काजलको थुप्रोसमानको कालो, विशाल शरीर भएको रावणलाई जमीनमा पडिराखेको देखे ॥६॥ रणभूमिको धूलोमा आफ्ना पतिलाई पडिराखेको देख्ता, काटिएको वनबेलीको लहरा भूइँमा लत्रेझैं यिनीहरू उसको लाशमाथि हामफाल्न पुगे ॥७॥ कोही राक्षसी बडो आदरसंग रावणलाई अंगालो हालेर, कोही उसको खुट्टा समातेर र कोही घाँटीमा झुण्डिएर रुनलागे ॥८॥ कोही आफ्ना दुवै हात पसारेर भूइँमा लडिबुडी खेल्नलागे, कोही मरेको लोग्नेको मुख देख्ता मूर्छा परे ॥९॥ कोही रावणको टाउको आफ्नो काखमा राखेर मुख हेर्दै, ओसले कमलको पातलाई भिजाएझैं आँसुको थोपाले उसको मुख भिजाउनलागे ॥१०॥ पति रावणलाई मरेर जमीनमा पडि-राखेको देख्ता यी राक्षसीहरू खूबसंग रोएर शोकले वारंवार विलाप गर्दै भन्नलागे ॥११॥ जसले इन्द्रलाई थर्कायमान पारेथे, यमराजको मनमा त्रास पारेथे, राजा कुवेरको पुष्पक विमान खोसेर ल्याएथे र जसले रणभूमिमा गन्धर्व, ऋषि, तथा महात्मा देवताहरूलाई हायल कायल पारेथे आज उनैले प्राण त्याग गरेर युद्धभूमिमा लडिरहनुपरेको छ ॥१२-१३॥ असुर, देवता, तथा नागहरूबाट जसलाई आजसम्म कुनै प्रकारको आपत्ति आइपर्ने संभावना थिएन तिनैलाई आज एउटा मानिसबाट आपत्ति आइपर्‍यो ॥१४॥ देव, दानव, र राक्षस यी कसैबाट पनि नमर्ने भएका यिनले आज एउटा पैदल मानिसको हातबाट मरेर रणक्षेत्रमा ढल्नुपर्‍यो ॥१५॥ देवता, असुर, अथवा यक्षहरूले जसको वध गर्न सकेका थिएनन् तिनैले आज एउटा दुर्बल प्राणीझैं जाबो मानिसको हातबाट मर्नुपर्‍यो ॥१६॥

दुःखमा परेका रावणका स्वास्नीहरूले रुँदै यस प्रकारसंग विलाप गरे र केही बेरपछि फेरि दुःखले आकुल व्याकुल भई वारंवार बिलौना गर्नलागे ॥१७॥ हित कुराको उपदेश गर्ने मित्रहरूको कुरा नसुनेर तिमीले केवल मनैको निम्ति सीतालाई हरेर ल्याएका थियौ, यसैले तिमीले सबै राक्षसहरूको वध गरायौ, आफ्नो साथसाथमा हामी सबैलाई पनि नष्ट गरिदियौ ॥१८॥ तिम्रो भलो चाहने विभीषणले कल्याण हुने कुराको सल्लाह दिएको हो, तर मोहको वशमा परेर, आफैंले आफ्नो वध

गराउन खोजेझ, उनलाई कठोर वचन भनेर निकालिदियौ ॥१९॥ विभीषणको कुरा मानेर तिमीले रामको हातमा सीतालाई सुम्पिदिएको भए हामीले न यस्तो घोर आपत्तिमा पर्नुपर्थ्यो न हाम्रो यसरी जरो उखेलिने थियो ॥२०॥ विभीषणको कुरा मानेको भए तिम्रो भाइको इच्छा पूर्ण हुने थियो, रामचन्द्र हाम्रा मित्र बन्ने थिए, हामी सबैले विधवा बन्नुपर्ने थिएन र शत्रुहरू पनि कृतार्थ हुन पाउने थिएनन् ॥२१॥ तर निर्दयी तिमीले बलजफ्तीसंग सीतालाई आफूकहाँ रोकेकोले, राक्षसहरूको, हाम्रो तथा स्वयं आफ्नो यी तीनै थरीको विनाश गरायौ ॥२२॥ हे राक्षसश्रेष्ठ ! अथवा यो सबै तिम्रो इच्छाले भएको होइन, यसमा तिम्रो केही दोष छैन, गर्ने गराउने सबै भाग्यै हो, दैवद्वारा मारिएको प्राणीलाई मात्र अरूले मार्न सक्तछ अर्थात् दैवले तिमीलाई मारिसकेका थिए, राम ता तिम्रो वधका लागि निमित्त मात्र भएका हुन् ॥२३॥ हे महाबाहो ! यस युद्धमा राक्षसहरूको, वानरहरूको, र तिम्रो जो मरण भएको छ सो सबै भाग्यैले गर्दा भएको हो ॥२४॥ दैवगति फल्नलागेको समयमा धन, इच्छा, पराक्रम तथा आज्ञा यी कसैले पनि उसको निवारण गर्न सक्तैन ॥२५॥

राक्षसराज रावणका स्वास्नीहरूले दुःखले आकुल व्याकुल भई आँखाभरि आँसु गरेर बडो मायालाग्दो गरी कुररी चरीले झैं यस प्रकारसंग विलाप गरे ॥२६॥

सर्ग—११३

मन्दोदरीको विलाप र रावणको क्रिया वर्णन ।

यस प्रकारसंग विलाप गरिराखेका रावणका स्वास्नीहरूमध्ये यसकी मनपरेकी जेठी रानीले मनमा बडो पीर लिएर आफ्नो लोग्नेतिर हेरी ॥१॥ रामचन्द्र रावणलाई मार्न सक्लान् भन्ने कुराको विचारसम्म पनि कुनै लंकावासीको मनमा आएको थिएन तर यिनै रामद्वारा आफ्ना पतिको मरण भएको देख्ता मन्दोदरी बडो चित्त दुःखाएर विलाप गर्नलागी ॥२॥ हे महाबाहो ! हे कुबेरका भाइ ! उहिले जब तिमी झोक्किन्थ्यौ त्यस बखतमा ता इन्द्रसमेत तिम्रो सामुन्ने पर्न डराउँथे ॥३॥ ठूला ठूला ऋषि, यशस्वी गन्धर्व र चारण यी सबै तिमीसंग आफ्नो केही नचल्ने हुनाले दशै दिशातिर भागेका थिए ॥४॥ तर आज उही तिमी केवल मनुष्यजातिको रामचन्द्रको हातबाट रणभूमिमा पराजित भएकोमा केही पनि लाज मान्दैनौ, हे राक्षसराज ! यसको कारण के हो ? ॥५॥ तिमीले आफ्नो पराक्रमले तीनै लोकलाई जितेर ठूलो सम्पत्ति जम्मा पारेका थियौ तर आज एउटा वनवासी मानिसले तिमीलाई मारिदियो, यो ता खपी नसक्ने कुरा भयो ॥६॥ इच्छाअनुसारको रूप धारण गरेर तिमी मानिसको प्रवेश हुनै नसक्ने लङ्कापुरीमा रहन्थ्यौ तसर्थ युद्धमा रामद्वारा तिम्रो वध हुने कुरा कसरी सम्भव हुन सक्तछ ? ॥७॥ तिमीले अहिलेसम्म जहाँ पनि विजय प्राप्त गरिआएका छौ यसै कारणले संग्राममा भएको यो तिम्रो विनाश रामचन्द्रको काम हो भन्ने मलाई विश्वास लाग्दैन ॥८॥ स्वयं यमराज आफ्नो मायाबलले रामको रूप धारण गरी तिमीलाई मार्न आएको जस्तो बुझिन्छ तर

तिमीले सो कुरा बुझ्दै बुझेनौ ॥९॥ अथवा हे महाबल ! इन्द्रको हातबाट तिम्रो यो विनाश भएको हो कि ? तर यो पनि हुन सक्तैन कारण युद्धमा उनको तिमीतिर हेर्नेसम्मको पनि शक्ति छैन, किनकि तिमी महाबली, पराक्रमी, देवताहरूका शत्रु र बडा उत्साही थियौ । मलाई ता यी रामचन्द्र महायोगी, समस्त मानवी शक्तिलाई आफ्नो अधीनमा राख्ने, सर्वदा वर्तमान रहने परमात्मा हुन् भन्ने स्पष्टै लाग्दछ ॥१०-११॥ यिनको जन्म, वृद्धि तथा नाश केही पनि हुन्न; यिनी ठूलाभन्दा पनि धेरै ठूला हुन्, यिनी प्रकृतिका प्रवर्त्तक, सृष्टिकर्त्ता र शंख, चक्र, गदा धारण गर्ने हुन् ॥१२॥ यिनी छातीमा श्रीवत्स धारण गर्दछन्, यिनको शोभा सधैं एकनासको रहन्छ, कसैले यिनलाई जित्न सक्तैन, यिनी निश्चय सनातन परमात्मा हुन् । यी सत्यपराक्रमी स्वयं विष्णु हुन् । आफूले मानिसको रूप लिई, वानरको शरीर धारण गरेका देवताहरूलाई साथमा लिएर लोकको कल्याणका लागि लोक-प्रभु श्रीमान् ईश्वर यहाँ आइराखेका छन् । यिनैले सबैको मनमा त्रास पार्ने, देवशत्रु राक्षसलाई परिवारसहित मारेका हुन् । पहिले तिमीले तपस्याद्वारा इन्द्रियहरूलाई वशमा गराएर तीनै लोकलाई जितेका हौ । यही पुरानो इबी मनमा लिएर इन्द्रियहरूले तिमीमाथि विजय प्राप्त गरेको बुझिन्छ अर्थात् तिमी इन्द्रियको वशमा पर्न गयौ । अनेक राक्षसहरूको साथमा तिम्रो भाइ खरलाई रामले मारे भन्ने सुनेको वेलादेखि नै राम साधारण मानिस होइनन् भन्ने मेरो मनमा परेको थियो । देवताहरूले समेत प्रवेश गर्न नसक्ने लंकापुरीमा हनुमान्‌ले पराक्रमपूर्वक पसेको वेलामा नै हामीलाई ठूलो अनिष्टको आशङ्का हुन गएथ्यो । रामचन्द्रसंग विरोध नगर भनेर मैले भनेकी हुँ तर मैले भनेको मानेनौ, त्यसैको यो फल हो ।

हे राक्षसश्रेष्ठ ! तिमी अकस्मात् सीतामाथि अनुरक्त हुन गयौ, यसैले तिम्रो ऐश्वर्य्य, शरीर र स्वजनहरूको विनाश हुन गएको हो । हे दुर्मते ! अरुन्धती र रोहिणीभन्दा पनि श्रेष्ठ, सबैले मान्नुपर्ने सीताको जो तिमीले अपमान गर्‍यौ सो बडो अनुचित काम गर्‍यौ । यी सीता वसुधाकी पनि वसुधा हुन् अर्थात् सहनशीलतामा यिनी पृथ्वीभन्दा पनि बर्ता छिन्, लक्ष्मीभन्दा पनि बर्ता सौभाग्यवती भएकी लोग्नेको मन परेकी, सर्वाङ्गसुन्दरी बिचरी सीतालाई निर्जन वनमा बसिराखेकी वेलामा तिमीले छल गरेर आफूकहाँ लिएर आयौ; तिम्रो यो काम कुलघातक हुन गयो ॥१३-२२॥ सीताको साथमा सहवास गर्ने जो तिमीले कामना गरेका थियौ सो पूरा हुन सकेन, उल्टो यी पतिव्रताको तपरूपी आगोले तिमी भस्म हुन गयौ ॥२३॥ इन्द्र अग्निलगायत सबै देवताहरू तिमीदेखि डराउँथे, यसैले सीताको अपमान गर्नलागेको वेलैमा विनीहरूले तिमीलाई भस्म पार्न सकेनन् ॥२४॥ हे प्रभो ! फल पाउने समय आएपछि कर्त्ताले आफ्नो पापकर्मको फल अवश्यै भोग्नुपर्दछ, यसमा सन्देह गर्नुपर्ने कुरा केही छैन ॥२५॥ जसले खराब काम गर्दछ त्यसले खराब फल पाउँछ र जसले असल गर्दछ त्यसले असल फल पाउँछ, यसै कारण बिभीषण सुखी भए तिम्रो भने विनाश हुन गयो ॥२६॥ सीताभन्दा राम्रा अनेक आइमाई तिम्रो चाहना गर्दथे तर कामको वशमा परेको हुनाले अज्ञानले गर्दा तिमीले यो

कुरा बुझ्न सकेनौ ॥२७॥ कुल, रूप, तथा विद्या यी कुनै कुरामा पनि सीता मभन्दा बर्ता अथवा म बराबरकी पनि होइनन् तर अज्ञानले गर्दा तिमीले यो कुरा बुझ्न सकेनौ ॥२८॥ विना कुनै कारणले प्राणीको मृत्यु हुन सक्तैन यो उहिलेदेखि चलिआएको कुरो हो, यसैले जानकी-हरण नै यहाँ तिम्रो मृत्युको कारण हुन गएको हो ॥२९॥ तिमीले स्वयं आफैं आफ्नो मृत्युको कारण भइराखेकी सीतालाई टाढाबाट हरेर ल्यायौ । अब ता यी सीता शोकरहित भएर रामको साथमा विहार गर्नेछिन् ॥३०॥ मेरो पुण्य ता अलिकता मात्र रहेछ यसैले अहिले शोकसागरमा डुब्नुपरेको हो । मैले तिम्रो साथमा कैलास, मन्दर, मेरु पर्वत, चैत्ररथवन तथा देवताहरूको बागबगैंचामा अतुल शोभायुक्त उत्तम रथमा बसेर बडो ठाटबाटसंग बिहार गरेथे र चित्र विचित्रका पोशाक तथा माला पहिरेर अनेक देश हेर्न गएथें तर हे वीर ! उही म, तिम्रो वध भएकोले आज यी सबै भोगविलास गर्न नपाउने भइराखेकी छु ॥३१-३३॥ उही म आज अर्की भइराखेकी छु, राज्यश्री बडो चञ्चल हुँदो रहेछ भन्ने कुरा मैले आज थाहा पाएँ तसर्थ यस्तो श्रीलाई धिक्कार छ ।

हे राजन् ! तपाईंको मुख बडो सुकुमार थियो, यसमा राम्रा राम्रा आँखीभूइँ थिए, छाला खूब कमलो थियो र नाक पनि माथि उठेको थियो । तपाईंको यो रातो मुख कान्ति-शोभा र तेजले गर्दा चन्द्रमा, कमल र सूर्यसमानको थियो, कल्की भएको किरीटले यसको शोभा बढाएको थियो र चहकिला कुण्डल यसमा शोभायमान भइरहन्थे ॥३४-३५॥ मदिरा पान गर्ने ठाउँमा तपाईंका मुखका यी सुन्दर नेत्र मदले व्याकुल भएर चञ्चल भइरहन्थे, अनेक प्रकारका माला धारण गरेको तपाईंको यो मुख मधुर मुस्कानका साथमा मीठो मीठो कुरा गर्दथ्यो, तर रामचन्द्रको बाण जताततै लाग्नाले रगत र बोसोमा मुछिएको र रथको धूलो टाँसिनाले रूखो भएको तपाईंको यो उही मुख आज बिलकुलै राम्रो देखिएको छैन । टाउको फुट्नाले मासु र गिदी बाहिर निस्केको देखिन्छ । अफसोस ! मलाई विधवा बनाउने तपाईंको अन्तिम अवस्था आज आइपर्‍यो अर्थात् तपाईंले मर्नुपर्‍यो ॥३६-३८॥ म मूर्खले आफू विधवा हुनुपर्ला भन्ने कुराको विचारै गरेकी थिइनँ । दानवराज मय मेरा बाबु हुन्, राक्षसराज रावण लोग्ने हुन्, इन्द्रलाई जित्न सक्ने मेरो छोरो छ, यिनै विचारले म सदा घमण्डमा चूर भइरहन्थे । अहङ्कारी, शत्रुको दमन गर्ने, क्रूर, बल-पुरुषार्थमा विख्यात भएका, कसैसित पनि नडराउने मेरा रक्षक छन् भन्ने मेरो दृढ विश्वास थियो । हे राक्षसश्रेष्ठहो ! यस्तो प्रभाव भएका तिमीहरू छँदा छँदै पनि, मानिसबाट, पहिले विचारै नगरिएको यो आपत्ति कसरी आइपरेको हो ?

हे राक्षसराज ! चिल्लो इन्द्रनील मणि जस्तै नीलो, पर्वतसमानको अग्लो, केयूर, अंगद (बाजू), वैदूर्य्य, मुक्ताहार र पुष्पमालाले गर्दा सुशोभित रहने तिम्रो यो शरीर, विहारको समयमा रमणीय र संग्रामस्थलमा अतिशय ज्वाज्वल्यमान देखिन्थ्यो, जसरी बिजुलीले गर्दा बादलको शोभा हुन्छ त्यसै गरी अभूषणहरूको चमकले गर्दा तिम्रो शरीर शोभायमान देखिन्थ्यो । तिम्रो त्यही शरीर आज अनेक

तीखा बाणले छेडिएको हुनाले छुन तथा अँगालो हाल्न अयोग्य भइराखेको छ । तिम्रो शरीरमा यतिका बाण गाडिएका छन् कि यिनले गर्दा तिम्रो शरीर दुम्सीको शरीर जस्तै भइराखेको छ ।।३९–४५।। यी बाण तिम्रो मर्मस्थलमा यति तलसम्म गाडिएका छन् कि यिनले गर्दा नसाको बन्धनसमेत काटिएर अलग भइराखेको छ । हे राजन् ! कालो रंगको रगतमा मुछिएको तिम्रो यो शरीर भूइँमा ढलिराखेकोले वज्रको प्रहारले ढलेको पर्वत जस्तै देखिनलागेको छ । यो तिम्रो मृत्यु सपना हो वा सत्य हो ? अफसोस ! रामको हातबाट तिमी कसरी मारिन गयौ नि ।।४६–४७।। तिमी ता मृत्युका पनि मृत्यु थियौ फेरि कसरी मृत्युको वशमा पर्न गयौ, त्रैलोक्यको सम्पत्ति भोग्ने तिमी तीनै लोकलाई खूबै सताउँथ्यौ ।।४८।। लोकपालहरूलाई जित्ने, महादेवलाई विचलित गराउने, अहङ्कारीहरूको घमण्ड तोड्ने, सबै किसिमको पराक्रम देखाउने, तीनै लोकमा हल्लीखल्ली पार्ने, सिंहनाद गरेर सज्जन तथा अरू प्राणीलाई दुःख दिने, शत्रुको सामुन्नेमा फूर्तिसाथ घमण्डी कुरा गर्ने, आफ्ना साथी र नोकरहरूको रक्षा गर्ने, भयङ्कर काम गर्न सक्नेहरूको वध गर्ने, हजारौं यक्ष र दानवहरूको संहार गर्ने, संग्राममा निवातकवच नाम गरेका राक्षसहरूलाई कैदी तुल्याउने, अनेक यज्ञलाई लोप गरिदिने, आफ्ना स्वजनहरूको रक्षा गर्ने, धर्मको व्यवस्थालाई भङ्ग गर्ने, युद्धमा अनेक किसिमको माया रच्ने, जताततैबाट देवता, असुर र मनुष्य जातिका कन्याहरूलाई हरेर ल्याउने, शत्रुका स्वास्नीहरूको मनमा पीर पार्ने, आफ्नो फौजलाई तालीम गर्ने, लङ्का द्वीपको रक्षा गर्ने, गाह्रो गाह्रो काम गरेर देखाउने, हामीहरूलाई इच्छाअनुसारको भोग विलास गर्न दिने, यस किसिमको प्रभाव भएका, रथीहरूमध्येका श्रेष्ठ आफ्ना पतिलाई आज म रामद्वारा मरेर पृथ्वीमा सुतिराखेको देख्तछु ।।४९–५५।। आफ्ना पति मरेको देख्ता देख्तै पनि जीवन धारण गरेर मैले अझ पनि आफ्नो शरीरको भार बोकिरहेकोले ता मेरो हृदय खूबै कठोर रहेछ भन्नुपर्दछ । हे राक्षसराज ! धेरै धेरै मोल पर्ने बिछ्याउनामा सुत्ने बानी परिसकेको तपाईंले अहिले कसरी धूलै धूलो भएको भूइँमा सुत्न सक्नुभएको होला ? लक्ष्मणको हातबाट मेरो छोरो इन्द्रजित् मारिएको सुन्दा मलाई ठूलो चोट मात्र परेको हो तर अहिले तपाईंको मृत्युले गर्दा ता म मरेतुल्य भइराखेकी छु । आज म आफ्ना बन्धुवर्ग, तपाईं आफ्ना पति र सबै किसिमका काम भोगबाट वञ्चित भइराखेकी छु, अब मैले अनन्तकालसम्म शोकमा डुबिरहनुपर्नेछ । हे राजन् ! आफू जानलागेको यो दुर्गम लामो बाटोमा म दुःखिनीलाई पनि संगै लिएर जानुहोस् ; तपाईंविना म जीवित रहन सक्तिनँ, म बिचरीलाई यहाँ छाडेर तपाईंले कसोगरी जान खोजेको होला ? ।।५६–६०।। म अभागिनी, दुःखिनी विलाप गरिरहेकी छु, तपाईं किन मसित बोल्नुहुन्न ? विनापर्दाको, शहरको ढोकाबाट निस्केर यहाँसम्म मलाई हिंडेर आएको देख्ता रिसाउनुभएको हो कि ? आफ्ना पत्नीहरूमाथि प्रेम गर्ने हे स्वामी ! हेर्नुहोस्, तपाईंका सबै रानीहरू लाज र घुम्टोको त्याग गरेर बेपर्दासंग यहाँ बाहिर आइराखेका छन्, हामी सबैलाई बाहिर निस्केको देख्ता के तपाईंलाई रिस उठ्तैन ? क्रीडाको समयमा तपाईंको साथमा रहने यी सबै आइमाई अनाथिनी जस्तो भएर विलाप गरिरहेका छन् ।।६१–६३।। सम्मान गर्ने कुरा ता परै रहोस्, तपाईं ता

यिनको चित्तसम्म पनि बुझाइदिनुहुन्न । हे राजन् ! तपाईंले अनेक पतिव्रता, धर्मको आचरण गर्ने, आफ्ना मान्यहरूको सेवा सुश्रूषा गर्ने कुलीन आइमाईलाई विधवा बनाइदिनुभएको थियो, तिनै आइमाईले शोकले विह्वल भएर श्राप दिएको हुनाले तपाईंको यस्तो अवस्था भएको होला ॥६४–६५॥ तपाईंद्वारा अपमानित भएकाहरूले जो श्राप दिएका थिए त्यसैको फल यो आइपरेको हो; विना कुनै अनर्थ नहुने भईकन पतिव्रताहरूको आँसु भूईँमा खस्न सक्तैन भन्ने जो उखान छ सो तपाईंमा ठीक मिल्न आइराखेको छ । हे राजन् ! तपाईंले आफ्नो पराक्रमले तीनै लोकलाई जितेको ता हो तर आफ्नो शुराइँको घमण्ड गर्ने तपाईंले किन अर्काकी स्वास्नी चोरेर ल्याउने नीच कर्म गर्नुभएको ? कपट मृगद्वारा राम लक्ष्मणलाई आश्रमदेखि टाढा गराएर तपाईंले सीतालाई जो हरेर ल्याउनुभयो यसमा तपाईंको कातरपना देखिन्छ तर युद्धमा तपाईंले कुनै मौकामा कातरपना देखाएको ता मलाई बिलकुलै संझना छैन ॥६६–६९॥ अर्काकी स्वास्नी चोर्ने जो कातरपना तपाईंमा आउन गयो त्यो पनि भाग्यदोषले नै आएको भन्नुपर्दछ र यो हाम्रो विनाशको सूचना थियो । भूत, भविष्यत् र वर्तमान तीनै कालको कुरा जान्ने सत्यवादी, महाबाहु मेरा देवर विभीषणले सीतालाई हरेर यहाँ ल्याउँदाखेरि केही बेरसम्म सोचविचार गरी लामो सुस्केरो हालेर अबलाई मुख्य मुख्य राक्षसहरूको विनाशकाल आयो भन्ने जो कुरा भनेका थिए सो साँचो हुन आयो । काम क्रोधबाट उत्पन्न भएको तपाईंको परस्त्रीहरणरूपी यस अपराधले हामी सबै राक्षसहरूको मूल जरै उखेलेर मिल्काइदियो । तपाईंले हाम्रो राक्षसकुललाई अनाथ गराइदिनुभयो ॥७०-७३॥ आफ्नो बल र पुरुषार्थले गर्दा तपाईंले ठूलो प्रसिद्धि पाउनुभएको छ तसर्थ तपाईंका लागि मैले शोक नगर्नुपर्ने हो तर के गरूँ, आइमाईको स्वभावले गर्दा मेरो बुद्धि शोकतिर नै ढल्कनलागिराखेको छ ॥७४॥ आफ्नो पाप पुण्यलाई साथमा लिएर तपाईंले ता परलोकतिरको बाटो समात्नुभयो अतः तपाईंका लागि ता केही सुर्ता छैन तर विनाशले गर्दा दुःखिनी भएकी म आफ्नै लागि कल्पिराखेकी छु ॥७५॥ हे दशानन ! तपाईंले आफ्ना हितेच्छु मित्रहरूले भनेको कुरामा ध्यान दिनुभएन । भाइ विभीषणले पनि हेतु तथा अर्थले युक्त भएको कल्याण गर्ने कुरा बडो शान्त भावसंग विधिपूर्वक भनेको हो तर तपाईंले भलो गर्ने उनको कुरा पनि सुन्नुभएन ॥७६-७७॥ आफ्नो बलले उन्मत्त भएर तपाईंले मारीच, कुम्भकर्ण र मेरा पिताजीले भनेको कुरा सुन्नुभएन, यिनीहरूले भनेको नमान्नाको यो फल हो ॥७८॥ नीलो मेघसमानका, पीताम्बर धारण गर्ने, सुन्दर बाजू लगाएका हे राक्षसराज ! आफ्नो शरीरलाई लम्पसार पारेर रगतमा भिजेर किन भूईँमा सुतिरहेको ? ॥७९॥ सुतेको झैं गरेर शोकले पीडित भइराखेकी मेरो कुराको किन जवाफ नदिएको ? । म पनि पराक्रमी, चतुरो र युद्धभूमिबाट नभाग्ने सुमालीकी नातिनी हुँ तसर्थ मसित किन नबोलेको ? । पहिला बाजि हार खाँदैमा किन यसरी सुतिरहेको ? उठनोस्, उठनोस् ॥८०-८१॥ हेर्नोस्, आज ता सूर्यका किरण निर्भय भएर लङ्काभित्र पसिराखेका छन् । सूर्यको जस्तो चहक भएको, इन्द्रको वज्रझैं सदा तपाईंबाट आदर पाइआएको जुन परिघले उहिले संग्राममा अनेक शत्रुको प्राण हरण गरेथ्यो, सुनको जालीले सिंगारिएको त्यही

परिघ अहिले रामचन्द्रको बाण लाग्नाले हजारौं टुक्रा भएर रणभूमिमा पडिराखेको छ । आफ्नी प्यारीलाई झैं युद्धभूमिलाई अँगालो हालेर किन सुतिरहेको ? ॥८२–८४॥ के कारणले म तपाईंकी यस्तो मन नपरेकी भएँ कि तपाईं मसित बोल्दा पनि बोल्नुहुन्न । तपाईंको मृत्यु हुनाले शोकले व्याकुल परेको मेरो यो हृदय हजारौं टुक्रा भएर नफुटेकोमा यसलाई धिक्कार छ ।

यस प्रकारसँग विलाप गर्दा गर्दैमा मन्दोदरी आँखाभरि आँसु गरेर स्नेहले गर्दा मुटु कमाउँदै मूर्च्छा परिहाली । मूर्च्छा परेर रावणको छातीमा पडिराखेकी मन्दोदरी यस समयमा सन्ध्याकालको रातको बादलमा बिजुली चम्केझैं शोभित हुनलागेकी थिई । शोकले व्याकुल परेका सौताहरूले मन्दोदरीको यस्तो अवस्था देख्ता झट्टै उसलाई उठाइहाले र रुँदै रुँदै रोइराखेकी उसलाई संझाउनलागे—हे देवी ! संसारको स्थिति यस्तै अनित्य छ भन्ने कुरा के तपाईंलाई थाहा छैन ? पाप पुण्यले गर्दा राजाहरूको स्थिति सदा चञ्चल भइरहन्छ भन्ने कुरा के तपाईंको बुद्धिले स्थिर गर्न सकेको छैन ? ।

उनीहरूले यसो भनेको सुन्दा मन्दोदरी डाँको छोडेर रुनलागी । आँसुको धाराले गर्दा यस समयमा यसका निर्मल मुख र दुवै स्तन भिजिराखेका थिए ।

यही मौकामा रामचन्द्र विभीषणलाई भन्नलागे ॥८५-९१॥ हे विभीषण ! रावणका यी आइमाईहरूलाई संझाई बुझाईकन आफ्नो दाजुको संस्कार गर्नपट्टि लाग ।

प्रभुका वचन सुनेपछि बुद्धिमान् विभीषण केही विचार गरेर नम्रतापूर्वक उनलाई भन्नलागे । विभीषणका कुरा धर्म र अर्थले युक्त भएका तथा हितकारी पनि थिए । हे महाराज ! धर्म र व्रतको त्याग गर्ने, क्रूर स्वभाव भएको, निर्लज्ज, मिथ्यावादी, अर्काकी स्वास्नीमाथि बलजफ्ती गर्ने यस्तो दुष्ट रावणको संस्कार गर्न मलाई उचित पर्दैन । सबैको कुभलो गर्ने यो दाजुको रूपमा मेरो शत्रु थियो ॥९२-९४॥ दाजु हुनाले रावण मेरो पूज्य हो तापनि मबाट पूजा पाउन योग्य छैन । हे राम ! दाजुको संस्कार नगरेकोमा पहिले जो जो मलाई क्रूर भन्नेछन् तिनै रावणको दुर्गुण सुनेपछि मलाई बेश गऱ्यो भन्न थाल्नेछन् ।

यी कुरा सुनेपछि धर्मात्माहरूमध्येका श्रेष्ठ रामचन्द्र बहुतै खुशी भए ॥९५-९६॥ कुरा गर्नामा सिपालु भएका रामचन्द्रजी कुराको अभिप्राय बुझ्ने विभीषणलाई यस प्रकारसँग भन्नलागेः—तिम्रै प्रभावले गर्दा मेरो यो जित भएको हो तसर्थ तिम्रो भलो गर्नु मेरो कर्तव्य हो अतः यसका लागि सुहाउने किसिमको काम म तिमीलाई बताउन चाहन्छु । यो निशाचर चाहे पापी होस् चाहे मिथ्यावादी होस् तर बडो तेजस्वी, बलियो तथा शूरो पनि थियो र इन्द्र प्रभृति देवताहरूको हातबाट समेत यो युद्धमा पराजित हुन सकेको थिएन भन्ने सुनिन्छ । संसारलाई रुवाउने महात्मा रावण अवश्यै महाबली राक्षस हो । शत्रुता नमरुञ्जेलसम्ममात्र रहन्छ, हाम्रो उद्देश्य सिद्ध भइसक्यो । अबलाई जस्तो यो तिम्रो बन्धु हो उस्तै मेरो पनि हो तसर्थ यसको संस्कार गर । हे महाबाहो ! झट्टै तिम्रो हातबाट विधिपूर्वक यसको संस्कार हुनुपर्दछ, झट्टै धर्मानुसार तिमीले यसको संस्कार गर्नै पर्दछ, यसो गर्नाले तिम्रो यश हुनेछ ।

रामचन्द्रका यी कुरा सुन्नेवित्तिकै विभीषण झटपट मरेका आफ्नो दाजुको संस्कार गर्नलागे। राक्षसराज विभीषणले लङ्कापुरीमा प्रवेश गरेर पहिले हतार हतार गरेर रावणको अग्निहोत्र सिध्याए। शकट, दाउरा; आगो, चन्दनको काठ, अरू अरू किसिमका दाउरा, सुगन्धित अगरु, अरू अरू बास्ना आउने चीजबीज, मणि, मोती, मूँगा इत्यादि सबै चीजबीज विभीषणले बाहिर निकाल्न लगाए र केही बेरपछि राक्षसहरूलाई साथमा लिई त्यहाँबाट हिंडे ॥९७-१०६॥ यसपछि माल्यवान्‌लाई साथमा लिएर विभीषण क्रिया गर्नलागे।

रोइरहेका राक्षस ब्राह्मणहरूले पहिले राक्षसराज रावणको लाशलाई रेशमी पोशाक पहिराएर सुनको पालकीमा राखे। किसिम किसिमको बाजा बजाउन लगाउँदै तथा नाना प्रकारको स्तुति पाठ गराउँदै, चित्रविचित्रको पताका र रङ्गी बिरङ्गी फूलले सिंगारिराखेको पालकी बोकेर विभीषण आदि गरिएका राक्षसहरू हातमा काठ लिंदै दक्षिण दिशातिर लागे। त्यहाँ अध्वर्युहरूले अग्निहोमको आगो बाली सो आगो साथमा लिई रावणसँग जानलागे ॥१०७-११०॥ सबै शरणागत राक्षसहरू रावणको लाशको अघिअघि हिंड्नलागे। रावणका जम्मै रानीहरू रुँदै उसको पछिलागे, हिंड्ने अभ्यास नपरेकोले यिनीहरूको खुट्टा लरबराइराखेको थियो।

पवित्र स्थानमा रावणको लाश राखेपछि नितान्त दुःखित भइराखेका विभीषणादिहरू श्रीखण्ड, कमल, खस आदि सुगन्धी वस्तु जम्मा पारी किसिम किसिमका दाउरा ओच्छ्याएर चिता बनाउनलागे। चिता बनाइसकेपछि यिनीहरूले वैदिक विधिले त्यहाँ कालो हरिणको छाला ओच्छ्याए ॥१११-११३॥ यसपछि यिनीहरू विधिपूर्वक रावणको पितृमेध गर्नलागे। पहिले दक्षिण-पूर्वपट्टिको कुनामा वेदी बनाएर त्यहाँ अग्निको स्थापना गरे। दहि र घिउले भरिराखेको स्रुवा रावणको काँधमा, खुट्टातिर शकट, तिघ्रामा ओखल तथा अरणि, उत्तराणि, मुशल आदि गरिएका अरू अरू काठका पात्रहरू जहाँ जहाँ राख्नुपर्ने हो त्यहाँ त्यहाँ राखिदिए ॥११४–११६॥ यसपछि राक्षसराजको निम्ति त्यहाँ शास्त्रोक्त विधिले तथा महर्षिहरूले भनेबमोजिम पवित्र पशुको वध भयो र यही पशुको गिदीमा घिउ मिलाएर रावणको मुखमा राखिदिए। यति काम सिध्याएपछि मनमा दिक्दार भइराखेका राक्षसहरू सुगन्धी वस्तु र मालाले रावणको लाशलाई सिंगारी, नाना किसिमको लुगा उसलाई पहिराई विभीषणको साथमा आँखाभरि आँसु गरेर उसमाथि लावाको वर्षा गर्नलागे ॥११७-११९॥ यति काम सिद्धिएपछि विभीषणले विधिपूर्वक चितामा आगो सल्काए र अनि स्नान गरेर चिसै लुगाले तिल-कुशसहितको जल हातमा लिई विधिपूर्वक रावणलाई तिलाञ्जलि दिनलागे। यसपछि यिनले सबै आइमाईलाई "तपाईंहरू फर्कनुहोस्' भनेर वारंवार संझाए र उनीहरू पनि यिनको कुरा मानेर शहरतिर लागे। यी आइमाईहरूले शहरभित्र प्रवेश गरेपछि राक्षसराज विभीषण रामचन्द्र भएको ठाउँमा आई विनयपूर्वक उनीनेर बसे ॥१२०-१२२॥

जसरी वृत्रको वध गरेपछि इन्द्र प्रसन्न भएथे त्यसै गरी रामचन्द्र पनि शत्रुलाई मारिसकेपछि

सेना, सुग्रीव र लक्ष्मणसहित बडो खुशी हुनुभयो ॥१२३॥ यसपछि शत्रुको दमन गर्ने श्री रामचन्द्रजीले, इन्द्रले दिएको धनु, बाण, कवच एकातिर राखेर, शत्रु परास्त भएकोले क्रोधको परित्याग गरी, पुनः सौम्यमूर्ति धारण गर्नुभयो ॥१२४॥

सर्ग—११४

मातलि स्वर्गतिर लाग्दछन् र विभीषणको राज्याभिषेक हुन्छ ।

रावणको वध भएको देखेपछि देवता, दानव र गन्धर्वहरू आफ्नो आफ्नो विमानमा चढी युद्धसम्बन्धी अनेक कुरा गर्दै आफ्ना घरतिर लागे ॥१॥ रावणको भयङ्कर वध, रामचन्द्रको पराक्रम, वानरहरूको उत्तम प्रकारको युद्ध, सुग्रीवको सल्लाह, हनुमान् र लक्ष्मणको रामचन्द्रमाथिको भक्ति तथा यिनको पराक्रम, सीताको पातिव्रत्य, हनुमान्को वीरता यी सब कुराको वर्णन गर्दै यी भाग्यशालीहरू मनमा दङ्ग परेर जहाँबाट आएथे त्यहाँ गए । यता महाबाहु रामचन्द्रले पनि आगोसमानको चहकिलो, इन्द्रले पठाएको रथ फर्काएर लैजाने आज्ञा मातलिलाई दिएर उनको खूब आदर गरे । रामचन्द्रको आज्ञा पाएपछि इन्द्रका सारथि मातलि पनि सो दिव्य रथ लिएर स्वर्गतिर लागे ।

रथ लिएर मातलि स्वर्गतिर लागेपछि रथिश्रेष्ठ रामचन्द्रजीले बहुतै दङ्ग परेर सुग्रीवलाई अँगालो हाले । रामले सुग्रीवलाई अँगालो हालेर भेटघाट गरिसकेपछि लक्ष्मणले त्यहाँ आएर उनलाई प्रणाम गरे ॥२-७॥ वानरहरूद्वारा आदर सन्मान पाइरहेका रामचन्द्रजी आफ्नो फौज अडिराखेको ठाउँमा आए र मित्रहरूलाई साथमा लिई बसिराखेका, शुभलक्षणले युक्त भएका, आफ्नो नजीक उभिइराखेका सुमित्रापुत्र लक्ष्मणलाई भन्नलागे—हे सौम्य ! अब तिमी लङ्काको राजसिंहासनमा विभीषणको राज्याभिषेक गराइदेऊ ॥८-९॥ यी ममाथि प्रेम र भक्ति गर्ने हुन्, यिनले पहिले हाम्रो उपकार पनि गरेका छन् । हे सौम्य ! रावणका भाइ विभीषणको लङ्काको राज्यसिंहासनमा अभिषेक भएको हेर्ने मेरो ठूलो इच्छा छ ।

महात्मा रामचन्द्रको मुखबाट यो कुरा सुनेपछि लक्ष्मणले प्रसन्नतापूर्वक उहाँको हुकूम शिरोपर गरी उल्लिखेरै हातमा सुनको घडा लिए, मनसमानको छिटो चाल भएका वानरहरूलाई यो घडा दिएर महाबली लक्ष्मणले उनलाई झट्टै समुद्रको जल लिएर आउने आज्ञा दिए । मन जत्तिकै छिटो दगुर्ने यी वानरहरू पनि हत्तपत्त समुद्रमा गई जल लिएर फर्किहाले ।

लक्ष्मणले पनि विभीषणलाई उत्तम आसनमा बसालेर, एउटा घडा हातमा लिई, राक्षसहरूको बीचमा, रामचन्द्रको आज्ञाले, सो घडाको जलले विभीषणको अभिषेक गरिदिइहाले ॥१०-१५॥ यसपछि राक्षस र वानरहरूले पनि आफ्ना मित्रहरूको साथमा वैदिक विधिअनुसार विभीषणको अभिषेक गरे ॥१६॥ यिनीहरू मनमा खूब दङ्ग परेर रामचन्द्रको स्तुति गर्नलागे, विभीषणका मन्त्री

र यिनीमाथि भक्ति गर्ने राक्षसहरू पनि बहुतै खुशी भए ॥१७॥ राक्षसराज विभीषणको लङ्कामा राज्याभिषेक भएको देख्ता रामचन्द्र तथा लक्ष्मण बहुतै दङ्ग परे ॥१८॥

प्रजालाई संझाई बुझाईकन विभीषण रामनेर आएपछि नगरवासी राक्षसहरू प्रफुल्लित मनले दहि, अक्षता, लड्डु, लावा, फूल साथमा लिई उनीकहाँ आउनलागे। यी सबै चीजबीज ग्रहण गरेर दुर्धर्ष विभीषणले रामचन्द्रलाई समर्पण गरिदिए। यी सबै मङ्गलमय वस्तुले मङ्गल गराओस् भन्ने आशयले विभीषणले पराक्रमी लक्ष्मणलाई ग्रहण गर्न निवेदन गरेका हुन्। रामचन्द्रले पनि विभीषणलाई कृतार्थ र समृद्धिशाली भएको देखेर उनलाई सन्तोष गराउने अभिप्रायले यी सबै चीजबीज ग्रहण गरिदिए ॥१९–२१॥

यसपछि पर्वतसमानका अग्ला, हात जोरेर आफ्नो अगाडि उभिइराखेका वीर बानर हनुमान्‌लाई रामचन्द्रजी भन्नलाग्नुभयो ॥२२॥ हे सौम्य ! महाराज विभीषणको आज्ञा लिएर लङ्कापुरीभित्र जाऊ र सीतालाई हामी सबैको कुशल समाचार सुनाइदेऊ ॥२३॥ सीतालाई मेरो, सुग्रीवको र लक्ष्मणको कुशल समाचार भनिदिए, बोल्नामा सिपालु भएका हे वानरश्रेष्ठ ! युद्धमा रावणको वध भएको खबर पनि सुनाइदिए ॥२४॥ हे वानरराज ! यो प्रिय समाचार सुनेपछि सीता जे कुरा भन्दछिन् सो समाचार झट्टै हामीकहाँ लिएर आइहाल ॥२५॥

सर्ग—११५

हनुमान् सीताकहाँ गएर रावणको वध भएको खबर सुनाउँछन्।

यस प्रकारसँग रामचन्द्रको आज्ञा पाएका वायुपुत्र हनुमान्‌ले लङ्कापुरीमा प्रवेश गरे र बाटोमा राक्षसहरूले यिनको ठूलो सन्मान गरे ॥१॥ लङ्कामा पुगेपछि हनुमान्‌ले विभीषणको आज्ञा मागे र उनीबाट आज्ञा पाएपछि यिनी वृक्षवाटिकाभित्र पसे। यिनलाई देख्नासाथ सीताले चिनिहालिन्।

हनुमान्‌ले सीतालाई स्नानादि केही नगरेकोले मैली भइराखेकी र रोहिणीझैं डराएर बसिराखेकी देखे ॥२–३॥ यिनी रूखमुनि राक्षसीहरूको घेराभित्र परेर मनमा कुनै प्रकारको आनन्द नलिई बसिराखेकी थिइन्।

हनुमान् पनि यिनलाई यस्तो अवस्थामा देखेकोले चूपचापसंग नजीकै गएर नम्रतासाथ प्रणाम गरी उनको अगाडि उभिए ॥४॥ महाबली हनुमानलाई आएको देख्ता पहिले ता केही बेरसम्म सीताजी चूपचाप रहिन्, तर नजीक आएपछि उनलाई चिन्हेकोले यिनी बहुतै प्रसन्न भइन् ॥५॥

सीताजीले हँसिलो मुख लगाएको देख्ता बानरश्रेष्ठ हनुमान् पनि रामचन्द्रले भनेका जम्मै कुरा सुनाउनलागे ॥६॥ हे वैदेही ! राम, लक्ष्मण र सुग्रीव यी सबै कुशल छन्। यिनीहरूले तपाईंलाई आफ्नो आफ्नो कुशल सुनाइदिनू भनेका छन्। शत्रुलाई पराजित गर्ने रामचन्द्रको मनोरथ शत्रु मारिएकोले पूर्ण भयो ॥७॥ हे देवी ! विभीषणको सहायता पाएकोले रामचन्द्रले बानर र लक्ष्मणलाई साथमा

लिई महाबली रावणको वध गरिदिनुभयो ॥८॥ हे देवी ! तपाईंछेउ यो खुशीयालीको खबर लिएर म आएको छु र तपाईंलाई प्रसन्न गराउन चाहन्छु । हे धर्मात्मा सीते ! तपाईंकै प्रभावले रामचन्द्रले युद्धमा यो ठूलो विजय पाएको हो, अब तपाईं मनको सबै पीर दूर गरेर खुशी हुनुहोस् । शत्रु रावण मारियो र लङ्का रामको अधीनमा भइसक्यो ॥९–१०॥ हे देवी ! शत्रुको हातबाट फर्काएर लैजाने मैले जो प्रतिज्ञा गरेथें सो आफ्नो प्रतिज्ञा मैले निद्रा मारेर विना कुनै किसिमको विश्राम नलिई समुद्रमा पुल बाँधेर पूरा गरिदिएँ ॥११॥

रावणको राजधानीमा छु भन्ने कुराको अब तपाईं पीर नलिनुहोस् किनकि लङ्काको समस्त ऐश्वर्य विभीषणको अधीनमा गराइसकिएको छ ॥१२॥ यसकारण अब तपाईं निश्चिन्त भएर आफ्नै घरमा बसे जस्तो गरी निर्भयसाथ रहनुहोस्, तपाईंको दर्शन गर्न उत्सुक भइराखेका विभीषण अहिले नै दङ्ग परेर यहाँ आउनेछन् ॥१३॥

चन्द्रमाको जस्तो अनुहार परेकी सीता हनुमान्का यी कुरा सुन्दा बहुतै दंग परिन्, खुशीले गर्दा यिनको स्वर नै बन्द भयो र केही बोल्नै सकिनन् ॥१४॥

सीताबाट केही जवाफ नपाएकोले वानरश्रेष्ठ हनुमान् भन्नलागे—हे देवी ! तपाईं मनमा के विचार गरिरहनुभएको छ ? मसित किन बोल्नुहुन्न ? ॥१५॥

हनुमान्को यो कुरा सुनेपछि धर्ममार्गमा अडिएकी सीता बडो प्रसन्नतासंग हर्षाश्रुले गर्दा लरबरिएको स्वर झिकेर भन्नलागिन् ॥१६॥ तिम्रो मुखबाट आफ्नो पतिको विजयसम्बन्धी कुरा सुन्दा मलाई बडो खुशी लाग्यो र हर्षले गर्दा एक छिनसम्म मेरो बोलीसमेत बन्द हुन गयो ॥१७॥ हे वानर ! अनेक विचार गर्दा पनि यो खुशीयालीको खबर ल्याएबापत तिमीलाई बकस दिने म कुनै चीज पनि देख्तिनँ ॥१८॥ यस पृथ्वीमा कुनै चीज यस्तो देख्तिनँ जो कि यस्तो आनन्दको खबर ल्याउने तिमीलाई दिएर म सुखी हुन सकूं ॥१९॥ चाँदी, सुन, अनेक प्रकारका रत्न अथवा तीनै लोकको राज्य दिए तापनि तिम्रो यो प्रिय समाचारलाई पुग्ने छैन ॥२०॥

सीताका यी कुरा सुनेपछि हनुमान्जी प्रसन्नतासाथ सीताको अगाडि हात जोरेर उभिईकन भन्नलागे ॥२१॥ आफ्नो लोग्नेको भलो र कल्याण चाहने, पतिको विजयको इच्छा गर्ने, कुनै किसिमको खोट नभएकी हे सीते ! तपाईं जस्तै आइमाईको मुखबाट मात्र यस्तो कोमल वचन निस्कन सक्तछ अरूको मुखबाट ता सक्तैन ॥२२॥

वायुपुत्र हनुमान्को यो कुरा सुनेपछि जनकपुत्री सीता उनलाई झन् बर्ता मीठो कुरा भन्नलागिन् ॥२३॥ व्याकरणका लक्षणले युक्त भएका, माधुर्य्य गुणले परिपूर्ण भएका तथा बुद्धिका, शुश्रूषा, श्रवण आदि गरिएका (क) आठ गुणले सुशोभित भएका वचन तिमी नै बोल्न सक्तछौ ॥२४॥ तिमी वायुका सुविख्यात छोरा हौ, बल, शुरवाइँ, शस्त्रज्ञान, दृढता, पराक्रम, उदारता, तेज, क्षमा, धैर्य, स्थिरता र

(क) शुश्रूषा श्रवणं चैव ग्रहणं धारणं तथा । ऊहापोहाऽर्थविज्ञानं तत्त्वज्ञानं च धीगुणा ॥

नम्रता यी सबै र अरू अरू पनि अनेक गुण निस्सन्देह तिमीमा भएको देखिन्छ ॥२५–२६॥

सीताका यस्ता कुरा सुन्दा पनि मनमा अलिकता पनि घमण्ड नलिएर हनुमान्‌जी प्रसन्नतासाथ उनको अगाडि हात जोरेर उभिईकन नम्रतापूर्वक भन्नलागे ॥२७॥ तपाईं आज्ञा दिनुहुन्छ भने म यी सबै राक्षसीहरूलाई मारिदिन्छु कारण यिनले पहिले तपाईंलाई खूब हप्काएका छन् र हुनासम्मको दुःख पनि दिएका छन् ॥२८॥ पतिको चिन्तामा व्याकुल भएर जब तपाईं अशोकवाटिकामा दुःख भोगि-रहनुभएको थियो त्यस बखतमा भयलाग्दो आँखा भएका, अनुहारै नपरेका, भयङ्कर आचरणका यी क्रूर राक्षसीहरूले रावणको भनाइमा लागेर वारंवार तपाईंलाई कठोर वचन भनेको हे देवी ! मैले नै सुनेको छ ॥२९–३०॥ विकट आकार परेका रूखा रौं र भयलाग्दो आँखा भएका यी क्रूर स्वभावका राक्षसीहरूलाई किसिम किसिमको प्रहार गरेर मारिदिउँ कि भन्ने मेरो इच्छा भइराखेको छ ॥३१॥ कठोर बोली बोल्ने, तपाईंको अपकार गर्ने यी राक्षसीहरूलाई घुस्सी लगाएर, थप्पड मारेर, लात्ती चखाएर, तिग्रा-घुँडाले थिचेर, दाँतको आघातले कान, नाक काटेर, रौं तानेर मार्ने आज्ञा मलाई दिनुहोस् । हे यशस्विनी ! यस किसिमका प्रहारले र अरू अरू किसिमका प्रहारले म यी दुष्टिनीहरूलाई घोर यातना दिएर मार्न चाहन्छु, यिनीहरूले पहिले तपाईंलाई खूबै हप्काएका हुन् ।

हनुमान्‌ले यसो भनेको सुन्दा दीन दुःखीलाई माया गर्ने, दयाकी खानी सीताजी सोची विचारी-कन उनलाई भन्नलागिन्—राजसेवाले गर्दा पराधीन भएका, अर्काको आज्ञाअनुसार काम गर्ने, अर्काको शासनको अधीनमा रहने दासमाथि हे वानरश्रेष्ठ ! कसैले पनि रिस देखाउनामा मुनासीब पर्दैन । भाग्यको दोषले गर्दा अथवा पूर्वजन्मको पापले गर्दा मैले यो सबै दुःख भोग्नुपरेको हो । आफूले गरेको कर्मको फल सबैले भोग्नैपर्दछ । हे महाबाहो ! यस्तो कुरा नगर । यो सबै भाग्यको लीला हो ॥३२-३८॥ भाग्यको दोषले गर्दा मैले यी सबै दुःख भोग्नुपर्ने कुरा निश्चित भइसकेको थियो तसर्थ रावणका दासीहरूको अपराध म क्षमा गर्दछु । रावणको आज्ञा पाएर नै निर्धो भइराखेकी मलाई यी राक्षसीहरूले हप्काएका हुन् । हे वायुपुत्र ! हेरत, रावण मारिएपछि ता यिनीहरू मलाई हप्काउँदैनन् ॥३९–४०॥ कुनै एक समयमा बाघद्वारा लखेटिएको कुनै एक व्याधा भालु बसिराखेको रूखमा चढ्न गएछ । बाघले रूखमुनि आएर भालूलाई त्यो व्याधालाई तल खसालिदिनू भनेर वारंवार भन्दा भालूले बाघलाई धर्मसम्बन्धी जो असल कुरा भनेथ्यो सो म तिमीलाई भन्दछु, हे वानर ! सुन ॥४१॥ धर्मात्मा व्यक्तिले पापीहरूको पापपट्टि विचार राख्न हुन्न किन्तु आफ्नो धर्माचरणको रक्षा गर्नुपर्दछ । धर्मको आचरण गर्नु नै सज्जनहरूको गहना हो ॥४२॥ चाहे कोही पापी होस्, धर्मात्मा होस् अथवा मारिन योग्य होस् तर सज्जनहरूले यी सबैमाथि दया गर्नुपर्दछ, कारण अपराध नगर्ने को होला ? ॥४३॥ मेरो विचारमा ता हिंसाको काम गर्नामा आनन्द मान्ने, निष्ठुरी स्वभावका तथा सधैं पाप गर्नामा लागिरहने पापाचारीहरूको समेत अनिष्ट गर्नामा उचित पर्ला जस्तो लाग्दैन ॥४४॥

सीताले यसो भनेको सुन्दा कुराको अभिप्राय बुझ्ने हनुमान्‌ले कुनै प्रकारको खोट नभएकी

रामपत्नीलाई यस्तो कुरा भनेर जवाफ दिए ॥४५॥ गुणवती तपाईं रामचन्द्रलाई सुहाउने धर्मपत्नी हुनुहुन्छ । हे देवी ! रामचन्द्रलाई सुनाउनुपर्ने कुरा मलाई भन्नुहोस्, अब म उहाँकहाँ जान्छु ॥४६॥

हनुमान्‌को यो कुरा सुनेपछि जनकपुत्री सीताले भनिन्—भक्तहरूमाथि दया गर्ने आफ्ना पतिको म दर्शन गर्न चाहन्छु ॥४७॥

सीताको यो कुरा सुन्दा वायुपुत्र बुद्धिमान् हनुमान् उनलाई प्रसन्न गराउँदै भन्नलागे ॥४८॥ इन्द्राणी जसरी इन्द्रको दर्शन गर्दछिन् त्यसै गरी तपाईं पनि शत्रुलाई मारेर आफ्ना मित्र र लक्ष्मणसंग बसिराखेका पूर्णिमाको चन्द्रमाको जस्तो मुख भएका रामचन्द्रको आजै दर्शन गर्न पाउनुहुनेछ ॥४९॥

साक्षात् लक्ष्मीको जस्तो शोभाले युक्त भएकी सीतालाई यति भनिसकेपछि तेजस्वी हनुमान् रामचन्द्र भएको ठाउँमा आए ॥५०॥ इन्द्रसमानका रामचन्द्रनेर झटपट आएर वानरश्रेष्ठ हनुमान् जानकीजीले जति कुरा भनिथिन् ती सबै यथाक्रमसंग निवेदन गर्नलागे ॥५१॥

सर्ग—११६

विभीषण सीतालाई रामचन्द्रकहाँ लिएर आउँछन् ।

महाबुद्धिमान् वानर हनुमान्, कमलको पात जस्तो आँखा भएका धनुर्धारीहरूमध्येका श्रेष्ठ रामचन्द्रलाई प्रणाम गरी भन्नलागे ॥१॥ जसका लागि हामीले यो सब उद्योग गरेको हो र जो हाम्रा सबै कामकी सिद्धि हुन् ती शोकले पीडित भइराखेकी सीतालाई तपाईंले भेट्नामा उचित छ ॥२॥ शोकले व्याकुल परिराखेकी, आँखाभरि आँसु गरेकी सीता तपाईंको विजयको समाचार सुन्दा प्रसन्न भइन् र तपाईंको दर्शन गर्ने अभिलाषा प्रकट गरिन् ॥३॥ पहिलेको परिचयले गर्दा ममाथि पत्यार भएकोले उहाँले म पतिलाई भेट्न चाहन्छु भन्नुभयो र अनि आँखाभरि आँसु गर्नुभयो ॥४॥

धर्मात्माहरूमध्येका श्रेष्ठ रामचन्द्रजी हनुमान्‌ले यसो भनेको सुन्दा आँखाभरि आँसु गरेर विचार गर्नलाग्नुभयो ॥५॥ लामो लामो सास फेर्दै भूईंतिर हेरेर उहाँले मेघसमानका काला, आफूनेर उभिइराखेका विभीषणलाई भन्नुभयो ॥६॥ दिव्य अङ्गराग तथा गहनाले सुशोभित गराएर र टाउकोदेखि नुहाउन लगाएर सीतालाई झट्टै मकहाँ लिएर आऊ ॥७॥

रामचन्द्रको आज्ञा पाउनासाथ विभीषण झट्टै अन्तःपुरभित्र गए र आफ्ना स्वास्नीहरूद्वारा आफू हाजिर भएको खबर सीताजीकहाँ पठाए ॥८॥ श्रीमान् राक्षसराज विभीषण टाउकोनेर हात जोरेर सीतालाई हेर्दै नम्रतासाथ भन्नलागे ॥९॥ हे जानकी ! दिव्य अङ्गराग र गहनाले आफूलाई सिंगारेर हजूरले सवारीमा राजहुनुपर्‍यो, हजूरको कल्याण होस् । रामचन्द्रजीले हजूरसँग भेट गर्न खोज्नुभएको छ ॥१०॥

विभीषणको यो कुरा सुन्दा सीताले भन्नुभयो, हे राक्षसराज ! मेरो ता स्नान नगरीकन नै आफ्ना पतिदेवको दर्शन गर्ने इच्छा छ ॥११॥

सीताको यो कुरा सुनेपछि हजूरका पति रामचन्द्रले जसो भन्नुभएको छ, हजूरले सोही गर्नामा उचित पर्दछ भनी विभीषणले जवाफ दिए ॥१२॥

विभीषणको यो कुरा सुनेपछि आफ्ना पतिलाई नै देवता संझने, पतिव्रता सीताले पतिभक्तिले गर्दा, भइगयो त्यसै गर्दछु भन्ने जवाफ दिइन् ॥१३॥ यसपछि यिनले टाउकोदेखि स्नान गरिन्, शृङ्गार गरिन् र बहुमूल्य गहना तथा पोशाकसमेत पहिरिन् । यस प्रकारसँग सुशोभित भएकी सीतालाई राम्रा राम्रा लुगाले बेह्रिराखेको पालकीमा बसालेर, रक्षाका लागि अनेक राक्षसहरूलाई साथमा लिई, विभीषणले रामचन्द्र भएको ठाउँमा लिएर आए ॥१४-१५॥

महात्मा रामचन्द्र ध्यान गर्नलाग्नुभएको छ भन्ने थाहा पाउँदा पाउँदै पनि प्रफुल्लित अन्तस्करणले नम्रतासँग विभीषणले उहाँको नजीक गएर सीताजी आउनुभएको समाचार निवेदन गरे ॥१६॥ राक्षसको घरमा धेरै कालसम्म वास गरेकी सीता आइन् भन्ने सुन्दा शत्रुघाती रामचन्द्रको हृदयमा रिस, हर्ष, र दीनता यी तीनै एक्कै बाजि उत्पन्न भए ॥१७॥ पालकीमा बसेर आएकी सीताको बारेमा केही विचार गरेर रामचन्द्रले अलिकता पनि प्रसन्न नभएको जस्तो गरेर विभीषणलाई भन्नुभयो ॥१८॥ सदा मेरो विजयको चाहना गर्ने हे सौम्य राक्षसराज ! सीतालाई झट्टै मकहाँ लिएर आऊ ॥१९॥

रामचन्द्रको आज्ञा पाउनासाथ धर्मात्मा विभीषण झटपट त्यहाँ भएका सबै जनालाई हटाउन लागिहाले ॥२०॥ चपकन, पगरी पहिरेका राक्षस ढोकेहरू हातमा लठ्ठी र बेत लिएर सबै योद्धाहरूलाई हटाउँदै चारैतिर घुम्नलागे ॥२१॥ वानर, भालु तथा राक्षसहरूको जमात, त्यहाँबाट जाने आज्ञा पाएकोले निक्कै टाढा जानलाग्यो ॥२२॥ जसरी हावाको झोंकाले गर्दा समुद्रमा खलबल हुन थाल्दछ त्यसै गरी यहाँको जमात एकातिर पन्छिदाखेरि ठूलो कोलाहल हुनलाग्यो ॥२३॥ यहाँबाट हट्नुपरेकोले जमातलाई निक्कै हडबडाएको देख्ता रामचन्द्रले यिनीहरूमाथि दया देखाएर झोंक्किदै, भीड हटाउनलागेका ढोकेहरूलाई रोकिदिनुभयो ॥२४॥ झोंक्किदै, आँखाको तेजले सबैलाई हटाउने हो कि जस्तो गरेर रामचन्द्रजी महाबुद्धिमान् विभीषणलाई हप्काए जस्तो गरेर भन्नलाग्नुभयो ॥२५॥ मसित सोधपूछ नगरी किन तिमीले यिनीहरूलाई यसरी दुःख दिएको ? यो हल्लीखल्ली मच्चाउने काम बन्द गरिदेऊ, यी सब मेरा आफन्तै हुन् ॥२६॥ घर, लुगा, पर्खाल, छेकवार इत्यादि गरिएका मानिसहरूलाई हटाउने राजाकहाँ हुने यी व्यवहारमध्ये कुनै पनि आइमाईका लागि पर्दा हुन सक्तैन, पातिव्रत धर्म नै यिनीहरूको एकमात्र पर्दा हो ॥२७॥ खास गरेर दुःखको समयमा आपत्ति आइपरेको वेलामा, युद्धमा, स्वयम्वरमा, यज्ञमा, विवाहमा आइमाईले सबैको अगाडि देखा पर्नु दोष सम्झिन्न ॥२८॥ सीता अहिले विपत्तिमा परिराखेकी छन् र मानसिक वेदनाले यिनलाई सताइ-

राखको छ, तसर्थ यस्तो वेलामा र खास गरेर मेरो सामुन्नेमा यिनले सबैको अगाडि पर्नामा केही हानि छैन ॥२९॥ अतः पालकी छोडेर सीता हिंडेर नै मेरो सामुन्नेमा आऊन्, आज सबै वानरले उनको दर्शन गर्न पाऊन् ॥३०॥

रामले यसो भनेको सुन्दा विभीषण मनमा केही शङ्कित भएर नम्रतापूर्वक सीतालाई उनीनेर लिएर गए ॥३१॥ लक्ष्मण, सुग्रीव, हनुमान् यी सबै रामचन्द्रको कुरा सुन्दा मनमा बडो दिक्क मानिरहेका थिए ॥३२॥ लाजले गर्दा यता सीता पनि खुंचिदै आफ्नो शरीरभित्रै पस्नलागेको हो कि जस्तो गरेर विभीषणको पछिपछि लागी रामनेर आइन् ॥३३॥ आफ्नो पतिलाई नै देवता संझने भएकी, अति राम्रो अनुहार परेकी सीताले विस्मय, हर्ष र स्नेहले गर्दा धेरै बेरसम्म आफ्ना पतिको राम्रो मुख हेरि-रहिन् ॥३४॥ धेरै दिनदेखि हेर्न नपाएको पूर्णिमाको चन्द्रमा जस्तो आफ्ना प्रिय रामचन्द्रको मुखमण्डल हेर्न पाउँदा सीताको मनको क्लेश हटेर गयो र उनको मुख निर्मल चन्द्रमा जस्तो देखिनलाग्यो ॥३५॥

सर्ग—११७

लोक-निन्दाले डराएका राम सीतालाई कठोर वचन भन्दछन् ।

विनयपूर्वक आफूनेर उभिइराखेकी सीतालाई देख्ता रामचन्द्र आफ्नो मनको अभिप्राय उनलाई भन्नलाग्नुभयो ॥१॥ हे कल्याणी ! युद्धक्षेत्रमा शत्रुलाई जितेर मैले तिम्रो उद्धार गरें, पराक्रमद्वारा जति हुन सक्तथ्यो सो गरेर देखाइदिएँ ॥२॥ मेरो रिस शाम्य भइसक्यो, अपमानको साटो फेरें, अप-मान र शत्रु यी दुवैको मैले एकैचोटि विनाश गरिदिएँ ॥३॥ आज मेरो परिश्रम सफल भयो र सबैले मेरो पराक्रम हेर्न पाए, आफ्नो प्रतिज्ञा पूरा गर्न सकेकोले आफूमाथि मेरो पूरा अधिकार भइराखेको छ अर्थात् अब म क्रोधको अधीनमा छैन ॥४॥ म नभएको वेला पारेर चञ्चल चित्त भएको राक्षसले जो तिम्रो हरण गरेथ्यो सो भाग्यले परेको दोष हो । यस दैव-दोषलाई मानिस भए तापनि मैले दूर गरिदिएँ ॥५॥ जो मानिस आफूमाथि परेको अपमानलाई पुरुषार्थद्वारा हटाउन सक्तैन त्यसको पुरुषार्थ व्यर्थ हो, ठूलो पुरुषार्थ भए तापनि त्यो व्यक्ति मूर्खै सम्झिन्छ ॥६॥ हनुमान्‌ले समुद्र पार गरेर आएको तथा लङ्कालाई डढाएको काम आज सफल र तारीफ गरिन योग्यको भयो ॥७॥ युद्धमा पराक्रम देखाउन सक्ने तथा हितको उपदेश गर्ने, सेनासहितका सुग्रीवको परिश्रम आज सफल हुन आयो ॥८॥ आफ्नो अपराधी दाजुलाई छाडेर जो स्वयं मेरो शरण पर्न आएथे ती विभीषणको परिश्रम पनि आज सफल भयो ॥९॥

यस प्रकारसँग बोलिराखेका रामचन्द्रका यी कुरा सुन्दा सीताको हरिणीसमानका ठूला ठूला आँखा आँसुले टम्मै भरिन गए ॥१०॥ प्राणप्यारी सीतालाई आफूनेर उभिराखेको देख्ता लोकापवादको डरले व्याकुल परेका रामचन्द्रको मन दोधारमा पर्न गयो ॥११॥ कमलको पात जस्तो आँखा भएकी, काला घुंगुरिएको कपालका रौं भएकी सुन्दरी सीतालाई वानर र राक्षसहरूको बीचमा रामचन्द्रजी यस

प्रकारसंग भन्नलाग्नुभयो ॥१२॥ अपमानलाई दूर गर्नाको निम्ति, मानिसले गर्नुपर्ने जो कर्तव्य हो सो, मैले आफ्नो सन्मानरक्षाका लागि, रावणलाई मारेर गरिदिएँ ॥१३॥ शुद्धात्मा अगस्त्य मुनिले अरूद्वारा जितिन नसकिने दक्षिण दिशालाई जसरी आफ्नो तपस्याद्वारा जितेथे त्यसै गरी मैले पनि युद्ध गरेर रावणलाई जितें ॥१४॥ तिम्रो कल्याण होस्, तिम्रा लागि गरेको यस युद्धमा जो मेरो जित भयो सो मेरा मित्रहरूको परिश्रमले गर्दा भएको हो, मैले ता जितेको होइन, यो कुरा तिमीले बुझ्नुपर्दछ ॥१५॥ आफ्नो चरित्ररक्षाका लागि अपवाद दूर गर्नाको निम्ति तथा सुप्रसिद्ध आफ्नो कुलको कलङ्क हटाउनाका लागि मैले आफ्ना मित्रहरूको परिश्रमद्वारा यो युद्ध जितेको हुँ ॥१६॥ हे सीते ! तिम्रो चरित्रमा मलाई सन्देह लागिराखेको छ तसर्थ आफ्नो सामुन्ने उभिएकी भए तापनि जसरी आँखा दुखेको मानिसलाई उसको अगाडि राखेको बत्तीले पीडा दिन्छ त्यसै गरी तिमीले पनि मलाई पीडा दिइरहेकी छौ ॥१७॥ हे जनकपुत्री ! म तिमीलाई अनुमति दिन्छु, जहाँ इच्छा लाग्दछ त्यहाँ जाऊ, दशै दिशा तिम्रा लागि खुला छ, अबलाई तिमीसित मलाई केही प्रयोजन छैन ॥१८॥ अर्काको घरमा धेरै काल-सम्म बसिसकेकी स्वास्नीलाई साथी पाइने भयो भन्ने लोभले कुन कुलीन र तेजस्वी पुरुषले फेरि ग्रहण गर्ला ? ॥१९॥ तिमी रावणको काखमा बसिसकेकी छौ र उसले कुदृष्टिले तिमीलाई हेरी पनि सकेको छ, तसर्थ यस्तो ठूलो कुलमा उत्पन्न भएको मैले आफ्नो कुलमा कलङ्क लगाउनाका लागि, फेरि तिमीलाई कसरी ग्रहण गर्ने ? ॥२०॥

जुन उद्देश्यले मैले तिम्रो उद्धार गरेको हुँ सो मेरो उद्देश्य पूरा भइसक्यो, अबलाई तिमीमाथि मेरो अलिकता पनि आसक्ति छैन, जहाँ मन लाग्दछ उहीं जाऊ ॥२१॥ हे भद्रे ! मैले अनेक सोच विचार गरेर तिमीलाई यो कुरा भनेको हुँ, अन्यत्र जाने इच्छा छैन भने लक्ष्मण, भरत, शत्रुघ्न, सुग्रीव अथवा राक्षस विभीषण यिनीहरूमध्ये जोसित बसे पनि हुन्छ, मेरो भनाइको अभिप्राय के हो भने तिमीलाई जहाँ सुख होला जस्तो लाग्दछ त्यहीं बस ॥२२-२३॥ हे सीते ! रावण बडो दुष्ट स्वभावको थियो अतः आफ्नो घरमा बसेकी तिम्रो दिव्य र रमणीय मुख देख्ता त्यसले मन थामेको होओइन ॥२४॥

सदा मीठा मीठा कुरा सुन्ने अभ्यासमा परेकी सीता धेरै बेरसम्म आफ्ना प्राणनाथको मुखबाट यस्तो अप्रिय कुरा सुन्नुपरेकोले रुनलागिन् । यस समयमा यिनको अवस्था हात्तीको सूँडले तानिएको लहराको जस्तो भइराखेको थियो ॥२५॥

सर्ग—११८

सीताको अग्निप्रवेश ।

रामचन्द्रले रिसको झोंकमा रोमाञ्च गराउने यस्तो वचन भनेको सुन्दा सीताले बहुतै दुःख मानिन् ॥१॥ यत्रो जमातमा, आफूले अहिलेसम्म नसुनेको, पतिको मुखबाट निस्केको कठोर वचन सुन्दा सीताको मुख लाजले तल निहुरिहाल्यो ॥२॥ वचनरूपी यी तीखा तीखा बाणले गर्दा सीता

सङ्कोचले खुम्चिएर आफ्नो शरीरभित्र पस्नलागेकी जस्ती भइन् र आँखाबाट बर्बरी आँसु खसाल्नलागिन् ॥३॥ आँसुले भिजेको आफ्नो मुख पुछेर सीता बिस्तारै बिस्तारै अडिई अडिईकन आफ्ना पतिदेवलाई यस प्रकारसँग भन्नलागिन् ॥४॥ हे वीर ! भन्नै नहुने, कान फोर्ने यस्तो कठोर वचन किन मलाई सुनाइरहनुभएको ? यस्तो कुरा ता छोटो मानिसले आफ्नी क्षुद्र स्वास्नीलाई पो भन्दछन् ॥५॥ हे महाबाहो ! तपाईं मलाई जस्तो भन्ठान्नुहुन्छ उस्ती म छैन, मेरो कुरामा पत्यार गर्नुहोस् ।

आफ्नो किरिया खाएर पनि भन्न सक्तछु ॥६॥ सानो जातका आइमाईको व्यवहार देखेर तपाईं स्त्रीजातिमाथि शङ्का गरिरहनुभएको छ तर तपाईंले ता अनेक बाजि मेरो परीक्षा लिइसक्नुभएको छ तसर्थ यो शङ्का छोडिदिनुहोस् ॥७॥

रावणको शरीरसित जुन बखतमा मेरो शरीरको स्पर्श हुन गयो त्यस बखतमा म विवश थिएँ, मैले इच्छा गरेर ता यसो गरेको होइन, यो भाग्यको दोष हो, मेरो ता कदापि होइन ॥८॥ यो मनमाथि मेरो अधिकार छ, यो ता अहिलेसम्म पनि तपाईंमा नै अनुरक्त छ, शरीर ता मेरो वशमा छैन तसर्थ रक्षक नभएको मौका पारेर रावणले यसलाई छोयो भने यसमा मेरो के दोष ? ॥९॥ हे मानद ! यतिका दिनसम्म म तपाईंको साथमा रहेकी हुँ तथापि तपाईंले मेरो स्वभाव चिह्न सक्नुभएको छैन भने ता सदाका लागि मेरो इतिश्री भइगयो ॥१०॥ मसित भेट गर्न भनी तपाईंले महावीर हनुमान्लाई लङ्कामा पठाउनुभएथ्यो त्यही वेलामा मलाई त्याग गरिदिनुभएको भए ता भइहाल्थ्यो नि अर्थात् हनुमानद्वारा मलाई त्याग गर्ने कुरा किन भनिपठाउनुभएन ॥११॥ हे वीर ! यिनको मुखबाट आफ्नो त्याग हुने कुरा सुन्नेबित्तिकै म यिनै वानरको अगाडि नै आफ्नो प्राण त्यागिदिन्थे ॥१२॥ मैले त्यही बखतमा प्राण त्यागिदिएको भए तपाईंले आफ्नो जीवनलाई संशयमा पारेर न यो परिश्रम गर्नुपर्थ्यो न तपाईंका मित्रहरूलाई व्यर्थमा यत्रो कष्ट पर्ने थियो ॥१३॥ हे राजसिंह ! तपाईं ता रिसको झोंकमा परेकोले तुच्छ मानिसले झैं मलाईसमेत साधारण आइमाई भन्ठानिरहनुभएको छ अर्थात् सबै आइमाई एकनासका हुन्छन् भन्ने विचार तपाईंको मनमा उठेको छ ॥१४॥ यो ता राजा जनककी छोरी हो भन्ने विचारले तपाईं न ता पृथ्वीबाट मेरो उत्पत्ति भएको कुरामा, न मेरो शुद्ध चरित्रमा केही ध्यान दिनुहुन्छ ॥१५॥ बाल्यावस्थामा मेरो पाणिग्रहण गरेको कुरापट्टि पनि विचार राख्नुभएन; मेरो भक्ति, मेरो शील स्वभाव यी सबै बिर्सिदिनुभयो ॥१६॥

यस प्रकारसँग रुँदै, अडिई अडिईकन बोलिरहेकी सीता ध्यानमा मग्न भइराखेका, शोकले व्याकुल परेका लक्ष्मणलाई भन्नलागिन् ॥१७॥ हे लक्ष्मण ! मेरो निम्ति चिता बनाइदेऊ, मेरो दुःखको यही एकमात्र औषधि छ । मिथ्या कलङ्कले कलङ्कित भएर म एक छिन पनि बाँच्न चाहन्न ॥१८॥ मेरो गुणदेखि अप्रसन्न भएर जनसमाजको अगाडि मेरा पतिले मेरो परित्याग गरिदिए, यसकारण अब म अग्निमा प्रवेश गरेर आफूसुहाउँदो बाटोतिर लाग्दछु ॥१९॥

सीताले यसो भनेको सुन्दा शत्रुघाती लक्ष्मण जङ्गिएझैं गरेर रामचन्द्रतिर हेर्नलागे ॥२०॥

इशाराद्वारा रामको मनको अभिप्राय बुझेर पराक्रमी लक्ष्मणले पनि दाजुको इच्छाअनुसार चिता तयार पारिदिए ॥२१॥

प्रलयकालका यमराज जस्तै भयङ्कर देखिएका रामचन्द्रसँग यस समयमा उनका मित्रहरूले न केही भन्न सके न उनीतिर हेर्न सके, न उनीसित कुनै कुराको प्रार्थना गर्न सके ॥२२॥

टाउको तल निहुराएर बसिराखेका रामचन्द्रको प्रदक्षिणा गरी सीता बल्दो आगोको सामुन्ने पुगिन् ॥२३॥ देवता र ब्राह्मणहरूलाई प्रणाम गरिसकेपछि सीता हात जोरेर अग्निको समीपमा यस प्रकारसँग भन्नलागिन् ॥२४॥ मेरो हृदय रामचन्द्रको अतिरिक्त अन्यत्र कतै नलागेको भए सबै लोकका साक्षी अग्निदेवले सबै तरहबाट मेरो रक्षा गरून् ॥२५॥ मेरो चरित्र ता शुद्ध छ तर रामचन्द्र मलाई दुश्चरित्रा सम्झिरहेका छन्, यदि म निष्कलङ्किनी छु भने लोकसाक्षी अग्निदेवले सब प्रकारबाट मेरो रक्षा गरून् ॥२६॥

यति भनेर अग्निदेवको परिक्रमा गरिसकेपछि सीताले निर्धक्कसँग बल्दो आगोमा प्रवेश गरिदिइन् ॥२७॥ त्यहाँ जम्मा भएको, बालक बूढोको ठूलो जमातले दीप्तिमयी सीताले आगोमा प्रवेश गरेको देख्यो ॥२८॥ चहकिला सुनको गहना लगाएर सिंगारिएकी, सुनको जस्तो स्वयं आफ्नै वर्ण भएकी सीताले सबैको अघिल्तिर बल्दो आगोमा हामफालिदिइन् ॥२९॥ विशालाक्षी सीताले आगोमा प्रवेश गरेको सबैले देखे। यस समयमा सीता सुवर्णमय वेदी जस्तै देखिनलागेकी थिइन् ॥३०॥

महाभागा सीताले आगोमा हामफाल्दाखेरि ऋषि, देवता र गन्धर्व यी सबैले आगोमा घिउको पूर्णाहुति भए जस्तो देखे ॥३१॥ अनेक मन्त्रद्वारा सुसंस्कृत गरिएको यज्ञको बसोर्धाराझैं सीताले आगोमा प्रवेश गरेको देख्ता सबै आइमाई हाहाकार गरेर रुनलागे ॥३२॥ तीनै लोकका देवता, दानव र गन्धर्वहरूले श्रापले गर्दा स्वर्गकी देवी नरकमा खसेझैं सीतालाई आगोमा हामफालेको देखे ॥३३॥ सीताले आगोमा हामफाल्दाखेरि राक्षस र वानरहरूले अचम्म लाग्ने किसिमको ठूलो हाहाकार मचाए ॥३४॥

सर्ग—११९

देवताहरू रामचन्द्रको अगाडि आएर स्तुति गर्दछन्।

विलापमा सबैले भनेको कुरा सुन्दा धर्मात्मा रामचन्द्र बडो दिक्क भए र आँखाभरि आँसु गरेर केही बेरसम्म विचार गरिरहे ॥१॥

यही मौकामा राजा कुवेर, सबै पितृहरूलाई साथमा लिएका यमराज, देवराज इन्द्र, जलराज वरुण, त्रिनेत्र वृषभवाहन महादेव, वेदज्ञहरूमध्येका श्रेष्ठ सबै संसारको रचना गर्ने श्रीमान् ब्रह्मा, यी सबै सूर्यको जस्तो चहक भएको विमानमा चढेर लङ्कानगरीमा आई रामचन्द्रको अगाडि उपस्थित

भए ॥२-४॥ यी देवताहरू, हात जोरेर उभिइराखेका रामचन्द्रको, गहनै गहनाले सिंगारिएको दुवै विशाल हात समातेर उनलाई भन्नलागे ॥५॥

हे रामचन्द्र ! तपाईं सबै लोकको रचना गर्ने, ज्ञानीहरूमध्येका शिरोमणि प्रभु हुनुहुन्छ । यत्रो ठूलो सामर्थ्यवान् भएर पनि तपाईंले आगोमा प्रवेश गरेकी सीताको किन यसरी उपेक्षा गरेको होला ? तपाईं समस्त देवताहरूमा श्रेष्ठ हुनुहुन्छ, के तपाईंलाई यस कुराको संझना छैन ? ॥६॥ उहिले तपाईं आठै वसुहरूका प्रजापति ऋतधामा नाम गरेको वसु हुनुहुन्थ्यो, तीनै लोकका आदिकर्ता तपाईं स्वयं प्रभु हुनुहुन्छ ॥७॥ तपाईं रुद्रहरूमध्येका अष्टम रुद्र र साध्यहरूमध्येका पाँचौं साध्य हुनुहुन्छ । विराट् रूप धारण गर्दाखेरि दुवै अश्विनीकुमार तपाईंका कान, र सूर्य, चन्द्र दुवै आँखा बनेका हुन् ॥८॥ तपाईं सृष्टिको आदि, अन्त र मध्यमा देखा पर्नुहुन्छ । सबै कुरा जान्दा जान्दै पनि साधारण मानिसले झैं तपाईंले किन सीतालाई त्याग गर्नुभएको ? ॥९॥

देवताहरूले यसो भनेको सुन्दा समस्त लोकका प्रभु, धर्मात्माहरूमध्येका श्रेष्ठ रामचन्द्र उनीहरूलाई भन्नलाग्नुभयो ॥१०॥ म ता आफूलाई दशरथको छोरो राम नाम गरेको मानिस सम्झन्छु । म यथार्थमा को हुँ, कताबाट आएको हुँ सो सब मलाई भन्नुहोस् ॥११॥

रामचन्द्रले यसो भनेको सुन्दा ब्रह्मवादीहरूमध्येका श्रेष्ठ ब्रह्माजी उनलाई भन्नलाग्नुभयो—हे सत्यपराक्रम ! मैले भनेको साँचो कुरा सुन्नुहोस् ॥१२॥ हे रामचन्द्र ! तपाईं जलमा शयन गर्ने विराटरूपी नारायण हुनुहुन्छ; शङ्ख, चक्र, गदा, पद्म धारण गर्ने श्रीमान् देवदेव विष्णु र जन्म मृत्यु-रूपी शत्रुको विनाश गर्ने एकदन्त वराह पनि हुनुहुन्छ ॥१३॥ तपाईं अविनाशी सत्यब्रह्म हुनुहुन्छ, सृष्टिको मध्य र अन्तमा वर्त्तमान रहनुहुन्छ, सबै लोकको परमधर्मस्वरूप चतुर्भुज विश्वक्सेन तपाईं नै हुनुहुन्छ ॥१४॥ शार्ङ्गधन्वा, हृषीकेश, पुरुष, पुरुषोत्तम, अजित, खड्गधारी विष्णु, कृष्ण, बृहद्बल यी सबै तपाईं नै हुनुहुन्छ ॥१५॥ सेनापति गाउँलेहरूका नेता, सत्य, बुद्धि, क्षमा, दया उत्पादक, विनाशक, उपेन्द्र, मधुसूदन, इन्द्रको काम गर्ने महेन्द्र, युद्धको समाप्ति गर्ने पद्मनाभ यी सबै तपाईं नै हुनुहुन्छ; ठूला ठूला महर्षिहरू तपाईंलाई शरणदाता र शरण पर्न आएकाको रक्षा गर्ने भन्दछन् ॥१६-१७॥ तपाईं सहस्र श्रृंगधारी, वेदहरूका आत्मा सयओटा मस्तक भएको महर्षभ हुनुहुन्छ, तपाईं तीनै लोकका आदि कर्त्ता र स्वयंप्रभु हुनुहुन्छ ॥१८॥ सिद्ध र साध्यहरूका आश्रयदाता तपाईं सबैका पूर्वपुरुष हुनुहुन्छ; यज्ञ, वषट्कार, ओंकार यी सबै तपाईं नै हुनुहुन्छ, सबैभन्दा अघिको पनि तपाईं नै हुनुहुन्छ ॥१९॥ तपाईंको उत्पत्ति र विनाशको कुरा कसैलाई थाहा छैन, तपाईं को हो सो पनि कसैलाई थाहा छैन । समस्त प्राणीमा, गाईहरूमा, ब्राह्मणमा, सबै दिशाहरूमा, आकाश, पर्वत नदी यी सबैमा तपाईं देखिनुहुन्छ । तपाईंका हजार चरण, सय मस्तक र हजार नेत्र छन् ॥२०-२१॥ तपाईं सबै प्राणीहरूलाई, पृथ्वी र पर्वतहरूलाई धारण गर्नुहुन्छ । प्रलयकालमा पृथ्वीको अन्त हुँदाखेरि तपाईं जलमा सर्पको रूपमा देखा पर्नुहुन्छ ॥२२॥ हे राम ! देवता, दानव, र गन्धर्वसहितको तीनै लोक तपाईं धारण गर्नु-

हुन्छ, म तपाईंको हृदय, देवी सरस्वती तपाईंकी जिह्वा र देवता तपाईंका रौं हुन्, तपाईंको शरीरबाट नै ब्राह्मणहरूको रचना भएको हो, तपाईंले आँखा चिम्लँदाखेरि रात र उघार्दाखेरि दिन हुन्छ ॥२३-२४॥ सबै देवता तपाईंकै संस्कार हुन्, जगत्मा तपाईंसिवाय अरू कोही छँदै छैन, समस्त संसार तपाईंको शरीर र पृथ्वी तपाईंकी स्थिरता हुन् ॥२५॥ अग्नि तपाईंको क्रोध र चन्द्रमा तपाईंको प्रसन्नता हुन् । श्रीवत्सलक्षणले युक्त भएका तपाईंले उहिले तीन पाइलाले तीनै लोकलाई नापेको हो ॥२६॥ अजेय बलिलाई बाँधेर तपाईंले इन्द्रलाई राजा बनाएको हो । सीता देवी साक्षात् लक्ष्मी हुन् र तपाईं कृष्णवर्ण प्रजापति विष्णु हुनुहुन्छ ॥२७॥ रावणको वध गर्नाका लागि तपाईंले मर्त्यलोकमा मनुष्य शरीर धारण गरेको हो, हे धर्मात्माहरूमध्येका श्रेष्ठ ! तपाईंले पूरा गरिदिनुभएको यो हाम्रै काम हो ॥२८॥ हे रामचन्द्र ! रावणलाई तपाईंले मारिदिनुभयो, अब प्रसन्नतासाथ केही कालसम्म मनुष्यलोकमा विचरण गरी स्वर्गारोहण गर्नुहोस् । हे देव ! तपाईंको बल अमोघ छ, तपाईंको पराक्रम कहिले पनि निष्फल हुन्न ॥२९॥ हे राम ! तपाईंको दर्शन कहिले पनि निष्फल हुन्न, तपाईंको स्तुति पनि कदापि व्यर्थ हुन सक्तैन, भक्तिपूर्वक तपाईंको आराधना गर्ने यस पृथ्वीका मानिसले समेत अमोघ फल पाउनेछन् ॥३०॥ तपाईं साक्षात् पुराण पुरुषोत्तम हुनुहुन्छ तसर्थ जसले निष्कपट भाव-सँग तपाईंमाथि भक्ति गर्नेछ त्यसले यस लोक तथा परलोक दुवै ठाउँमा आफूले इच्छा गरेको फल पाउनेछ ॥३१॥

ऋषिहरूले वर्णन गरेको यो स्तुति दिव्य इतिहासरूपी स्तोत्र हो, जो मानिसले यस स्तोत्रको पाठ गर्नेछ त्यसको कदापि पराजय हुनेछैन ॥३२॥

सर्ग—१२०

अग्नि प्रकट भएर सीतालाई रामको काखमा राखिदिन्छन् ।

पितामह ब्रह्माले भनेका यी शुभ वचन सुनेपछि अग्निदेवता सीताजीलाई काखमा लिई ज्वालाभित्र-बाट बाहिर निस्के ॥१॥ चितालाई जताततैबाट फोरफार पारेर, मूर्ति धारण गरिराखेका अग्निदेव सीतालाई लिएर झटपट बाहिर आए ॥२॥ मध्याह्नकालका सूर्यको जस्तो चहक भएकी, खारिएको सुनको गहनाले सिंगारिएकी, लाल सारी पहिरेकी, कालो घुंगुरिएको कपालको रौंले सुशोभित भएकी, फुलेका ताजा फूलको माला लगाएकी, खोट भनेको कुनै पनि नभएकी यस्ती सीतालाई काखमा लिई बाहिर निस्केर अग्निदेवले रामचन्द्रको हातमा सुम्पिदिए ॥३-४॥

लोकसाक्षी यी अग्निदेव रामलाई केही भन्न पनि लागे—हे रामचन्द्र ! यी वैदेही तपाईंकी हुन्, यिनमा कुनै किसिमको पाप छैन ॥५॥ वचन, मन, बुद्धि तथा आँखा यी कुनै थोकले पनि यिनले आफ्नो चरित्र नष्ट गरेकी छैनन्, यी सदाचारिणीले तपाईंमाथि कुनै किसिमको अत्याचार गरेकी छैनन् ॥६॥ निर्जन वनमा तपाईंसमेत नजीक नहुँदा यी बिचरी विवश थिइन् यसै कारण आफ्नो बल-

को घमण्डमा चूर भइराखेको रावणले बलजफ्तीसंग यिनलाई हरेर लगेको हो ॥७॥ रावणले यिनलाई अन्तःपुरभित्र थुनिदियो, यहाँसमेत यिनको चित्त तपाईंमै लागेको थियो, केवल तपाईंकै चिन्ता गरिरहन्थिन् । क्रूर बुद्धि भएका भयंकर राक्षसीहरू यिनको रखवाली गर्दथे, अनेक प्रकारसंग हप्काउँथे र किसिम किसिमको लोभ देखाउँथे, तर आफ्नो चित्त सदा तपाईंमा नै लागिराखेको हुनाले यिनले कुनै अवस्थामा पनि रावणतिर ध्यानै दिइनन् ॥८–९॥ हे राघव ! शुद्ध मन भएकी, लेशमात्र पनि पाप नभएकी यी सीतालाई ग्रहण गर । यस विषयमा यिनलाई केही नभन्नु भन्ने म तपाईंलाई आज्ञा दिन्छु ॥१०॥

अग्निदेवका यी कुरा सुन्दा बोल्नामा सिपालु भएका, धर्मात्मा रामचन्द्र प्रसन्न भए । हर्षले आँखा ठूला ठूला पारेर यिनले केही बेरसम्म विचार पनि गरे ॥११॥ यसपछि महातेजस्वी, महाविक्रमकारी, धृतिमान् , धार्मिकश्रेष्ठ, रामचन्द्रजी देवताहरूमध्येका प्रधान अग्निदेवलाई भन्नलागे ॥१२॥ सीता तीनै लोकमा सबभन्दा पवित्र छन्, यसमा सन्देह गर्नुपर्ने कुरो केही छैन तर धेरै कालसम्म रावणको अन्तःपुरमा बसिसकेकी यिनलाई राम्रोसंग परीक्षा नगरी मैले ग्रहण गरेको भए दुनियाँ ता दशरथपुत्र राम बडा कामी रहेछन्, संसारको व्यवहार नजान्ने मूर्ख पो रहेछन् भन्ने थिए ॥१३–१४॥ सीताको हृदय सदा मतिर नै लागेको छ र सदा सर्वदा यिनी ममा चित्त लगाएर आफ्नो चरित्रको रक्षा गर्दछिन् भन्ने कुरा मलाई पहिलेदेखि नै थाहा छ ॥१५॥ यी विशालाक्षी सीताको रक्षा स्वयं यिनको तेजले गर्दछ, जसरी समुद्र आफ्नो तीरलाई नाघेर अगाडि बढ्न सक्तैन त्यसै गरी रावणले पनि यिनको इच्छाविरुद्ध कुनै तरहबाट यिनको अपमान गर्न सकेको थिएन ॥१६॥ सीतालाई अरू कसैले आफ्नो तुल्याउन सक्नु असम्भव थियो यसैले दुष्ट रावणले मनमा समेत यिनीमाथि आक्रमण गर्ने विचार गर्न सक्तैनथ्यो । जसरी बल्दो आगोको ज्वालालाई कसैले आफ्नो अधीनमा ल्याउन सक्तैन त्यसै गरी यी सीतालाई पनि कसैले आफ्नो वशमा गराउँला भन्नुपर्दैन ॥१७॥ रावणको घरमा बस्ताखेरि व्याकुल भएर यिनले कसैमाथि मन लगाइहोलिन् भन्ने कुराको विचारै गर्न सकिन्न, कसैले यिनीमाथि अत्याचार गर्नै सक्तैन । जसरी सूर्यको प्रभा सूर्यदेखि भिन्न रहन सक्तैन त्यसै गरी यिनी पनि मदेखि फरक हुन सक्तिनन् ॥१८॥ अब ता तीनै लोकले सीताको पवित्रता स्वीकार गरिसके अतः जसरी आत्माभिमानी पुरुषले आफ्नो कीर्तिको परित्याग गर्न सक्तैन त्यसै गरी म पनि यिनलाई छोड्न सक्तिन ॥१९॥ तपाईं सबै लोकपालहरू मेरा हितेच्छु हुनुहुन्छ, तपाईंहरूले स्नेहपूर्वक भनेको मेरो कल्याण हुने कुरा मैले गर्नैपर्दछ ॥२०॥

विजयी महाबली रामचन्द्रले यस किसिमको कुरा सुनाए । सबै देवताहरूले यिनले गरेको कामको निम्ति यिनको प्रशंसा गरे । सुखभोग गर्ने योग्यका यशस्वी रामचन्द्र, प्राणप्यारी सीतासङ्ग फेरि भेटभएकोले सुखको अनुभव गर्नलागे ॥२१॥

सर्ग—१२१

राम, लक्ष्मण र सीतालाई अर्तो शिक्षा दिएर दशरथ पुनः इन्द्रलोक-गमन ।

रामचन्द्रजीले भन्नुभएको यो उत्तम वचन सुनेपछि महेश्वर महादेवजी हित गर्ने कुरा भन्नलाग्नुभयो ॥१॥ हे कमलनयन ! हे महाबाहो ! हे ठूलो छाती भएका धार्मिकश्रेष्ठ शत्रुघाती रामचन्द्र ! तपाईंबाट यो काम हुनु हामी सबैको सौभाग्यको कुरा हो ॥२॥ हे रामचन्द्रजी ! रावणबाट उत्पन्न भएको डर समस्त संसारका लागि घोर अन्धकार जस्तै भइराखेको थियो, तपाईंद्वारा युद्धमा यस भयको दूर हुनु हामी सबैको सौभाग्यको कुरा हो ॥३॥ बिचरा भरत, यशस्विनी कौशल्या, कैकेयी र लक्ष्मणकी आमा सुमित्रा यी सबैसङ्ग भेट गरेर उनीहरूलाई संझाई बुझाई केही दिनसम्म अयोध्यामा राज्य गरेर आफ्ना मित्रहरूलाई प्रसन्न गराउनुहोस् । हे महाबल ! यसपछि इक्ष्वाकुकुलमा आफ्नो वंशको स्थापना गरी, अश्वमेध यज्ञको अनुष्ठानले उत्तमोत्तम यश प्राप्त गर्नुहोस् र ब्राह्मणहरूलाई धनदानले तृप्त गरी स्वर्गधामको यात्रा गर्नुहोस् ॥४–६॥ हेर्नोस्, यी तपाईंका पिता राजा दशरथ विमानमा विराजमान भइराख्नुभएको छ, हे राम ! यी महायशस्वी, मनुष्यलोकमा तपाईंका पिता हुनाले, तपाईंका महागुरु हुनुहुन्थ्यो ॥७॥ तपाईंसमानका पुत्रद्वारा आफ्नो उद्धार भएकोले उहाँले अचेल इन्द्रलोकमा वास गर्न पाउनुभएको छ । भाइ लक्ष्मणलाई साथमा लिई उहाँलाई नमस्कार गर्नुहोस् ॥८॥

महादेवको यो कुरा सुनेपछि रामचन्द्रले, लक्ष्मणलाई साथमा लिएर विमानमा सवार भइराखेका आफ्ना पितालाई नमस्कार गरे ॥९॥ राजा दशरथ निर्मल वस्त्र पहिरेर आफ्नै तेजले शोभायमान भइराखेका थिए । प्रभु रामचन्द्रले भाइ लक्ष्मणको साथमा आफ्ना पितालाई यस्तो अवस्थामा देख्नुभयो॥१०॥

विमानमा बसिराखेका राजा दशरथ प्राणभन्दा प्यारा आफ्ना छोराहरूलाई देख्ता बहुतै प्रसन्न भए ॥११॥ यसपछि उत्तम आसनमा विराजमान भइराखेका महाबाहु दशरथ, छोराहरूलाई काखमा राखी, दुवै हातले उनीहरूलाई अँगालो हालेर भन्नलागे ॥१२॥ हे राम ! तिमी नहुनाले मलाई न यो स्वर्ग निको लाग्दछ, न देवताहरूले गरेको सन्मानले मलाई आनन्द दिन्छ, मैले तिमीलाई यो साँचो कुरा भनेको हुँ ॥१३॥ हे बोल्नेहरूमा श्रेष्ठ ! तिमीलाई वन पठाउनाको निम्ति कैकेयीले जो कठोर कुरा भनिथिन् सो अझसम्म पनि मेरो मनमा गडेकै छ ॥१४॥ लक्ष्मणको साथमा तिमीलाई आज सकुशल देख्न पाएको र तिमीहरूलाई अँगालो हाल्न पाएकोले म कुइरोबाट निस्केको सूर्यझैं दुःखबाट मुक्त भइराखेको छु ॥१५॥ जसरी अष्टावक्रले आफ्ना पिता धर्मात्मा कोहल ब्राह्मणको उद्धार गरेथे त्यसै गरी तिमी महात्मा छोराले पनि मेरो उद्धार गरिदियौ ॥१६॥ रावणको वधका लागि पुरुषोत्तम विष्णुले तिम्रो रूप लिएर गुप्ती तवरसंग अवतार लिनुभएको रहेछ भन्ने कुरा हे सौम्य ! आज वल्ल मैले देवताहरूले भनेको हुनाले थाहा पाएँ ॥१७॥ हे राम ! कौशल्या भाग्यवती रहिछन्, उनैको अभिलाषा पूर्ण हुने भयो कारण जब तिमी शत्रुलाई मारिसकेकोले वनबाट घर जानेछौ त्यस बखतमा उनले प्रसन्नतासाथ तिमीलाई देख्न पाउनेछिन् ॥१८॥ हे राम ! राज्याभिषेकपछि

तिमीलाई राजाको रूपमा देख्न पाउने अयोध्यानिवासी ती पुरुष पनि भाग्यमानी नै हुन् ॥१९॥ हे राम ! भरत तिम्रा अनुगामी, पवित्र, बलिया र धर्मात्मा छन्, यिनको साथमा तिम्रो भेटघाट भएको हेर्ने मेरो ठूलो इच्छा छ ॥२०॥ हे सौम्य ! मेरो प्रसन्नताका लागि तिमीले सीता र लक्ष्मणलाई साथमा लिएर वनमा चौद्ध वर्ष बिताइदियौ ॥२१॥ तिम्रो वनवासको अवधि पूरा भइसक्यो, आफूले गरेको प्रतिज्ञा पनि पूर्ण गरिहाल्यौ, युद्धमा रावणलाई मारेर देवताहरूलाई पनि सन्तुष्ट गराइदियौ ॥२२॥ हे शत्रुघाती राम ! तिम्रो काम पूरा भइसक्यो, प्रशंसा योग्यको यश पनि पाउने भइहाल्यौ, अबलाई राज-सिंहासनमा बस । भाइहरूको साथमा तिमी दीर्घायु भए ॥२३॥

दशरथले यति भनिसकेपछि रामचन्द्र हात जोरेर भन्नलागे–हे धर्मज्ञ ! कैकेयी र भरतमाथि तपाईंले प्रसन्न रहनुपर्दछ ॥२४॥ कैकेयीलाई तपाईंले छोरोको साथसाथै म तेरो त्याग गर्दछु'' भन्ने श्राप दिनुभएथ्यो, यो श्रापले उनलाई र उनको छोरोलाई छुन नपाओस् ॥२५॥ दशरथले हात जोरेर उभिइराखेका रामचन्द्रको प्रार्थना स्वीकार गरे र अनि लक्ष्मणलाई अँगालो हालेर फेरि भन्नलागे ॥२६॥ हे धर्मज्ञ ! तिमी यस पृथ्वीमा ठूलो धर्म र यश पाउनेछौ र रामचन्द्र प्रसन्न रहेकोले ठूलो महत्व र स्वर्गसमेत भेट्टाउनेछौ ॥ २७॥ हे सुमित्राको आनन्द बढाउने छोरा ! रामको सेवा गर्दै गरे, यसबाट तिम्रो कल्याण हुनेछ कारण राम सदा सबै प्राणीको भलो गर्नामा तत्पर भइरहन्छन् ॥२८॥ हेर, इन्द्रलगायत तीनै लोकका सबै प्राणी, सिद्ध र महर्षि यी सबै पुरुषोत्तम महात्मा रामचन्द्रको वन्दना र पूजा गर्दछन् ॥२९॥ वेदहरूमा अव्यक्त, अक्षर, ब्रह्म, देवताहरूको गुप्त हृदय भनेर जसको कीर्तन गरिएको छ, शत्रुघाती परम तपस्वी राम यही गुप्त अक्षर हुन् ॥३०॥ वैदेही सीताको साथसाथै रामचन्द्रको सेवा गरेकोले तिमीले धर्माचरण गर्‍यौ र ठूलो ख्याति पनि पायौ ॥३१॥

लक्ष्मणलाई यति अर्ती दिइसकेपछि राजा दशरथ हात जोरेर उभिइराखेकी बुहारीलाई "हे पुत्री" भनेर सम्बोधन गरी मीठो बोली गरेर निम्नलिखित कुरा भन्नलागे ॥३२॥ रामले आफ्नो त्याग गरेको विषयमा मनमा यिनीप्रति अलिकता पनि रिस नलिए, कारण तिम्रो हितका लागि र सबैलाई तिमी पवित्र छौ भनेर थाहा होस् भन्ने हेतुले यिनले यसो गरेको हो ॥३३॥ हे छोरी ! आफ्नो चरित्र रक्षाका लागि तिमीले जो काम गर्‍यौ सो अरूबाट हुन सक्ने काम होइन । तिम्रो यस कामले गर्दा समस्त स्त्रीजातिको महत्व बढ्नेछ ॥३४॥ आफ्नो पतिको सेवा गर्ने विषयमा तिमीलाई सिकाउनुपर्ने कुरा केही छैन तापनि यति कुरा त म तिमीलाई अवश्यै भन्दछु कि यी राम तिम्रा लागि सर्वश्रेष्ठ देवता हुन् ॥३५॥

यस प्रकारसँग दुवै छोरा र सीतालाई अर्ती शिक्षा दिइसकेपछि राजा दशरथ विमानमा चढेर स्वर्गतिर लागे ॥३६॥ आफ्नै तेजले प्रकाशमान भइराखेका महानुभाव राजश्रेष्ठ दशरथ यस प्रकारसँग सीता तथा दुवै छोरालाई शिक्षा दिइसकेपछि यिनीहरूसित विदाबारी भई प्रसन्नचित्तले विमानमा चढी इन्द्रलोकतिर रवाना भए ॥ ॥३७॥

सर्ग—१२२

इन्द्र अमृतको वर्षा गरेर मरेका वानरहरूलाई जिलाउँछन् ।

राजा दशरथ स्वर्गतिर फर्केर गएपछि इन्द्र बडो प्रसन्न भए र हात जोरेर आफ्नो सामुन्ने उभिइ-राखेका रामचन्द्रलाई भन्नलागे ॥१॥ हे नरश्रेष्ठ ! मनुष्यले हामी देवताको दर्शन पाएको विफल जान नपाओस् तसर्थ म प्रसन्नतासाथ भन्दछु कि तिम्रो मनमा जो इच्छा छ सो भन ॥२॥

महात्मा इन्द्रले प्रसन्न भएर यसो भनेको सुन्दा रामचन्द्र दङ्ग परेर बडो आनन्द प्रकट गर्दै भन्न-लागे ॥३॥ बोल्नेहरूमा श्रेष्ठ हे देवराज ! यदि तपाईं ममाथि प्रसन्न हुनुहुन्छ भने म जो कुराको विन्ति गर्दछु त्यसलाई साँचो गराइदिनुहोस् ॥४॥ हे देवराज ! मेरो निम्ति पराक्रम देखाएर जति वानर यमलोकतिर लागेका छन् ती सबै पुनः जीवित भएर बिउँझून् ॥५॥ मेरो लागि जति वानरको आफ्ना स्वास्नी छोरा-छोरीसित बिछोड भइराखेको छ, हे मानद ! ती सबैले पुनः जीवित भएर प्रसन्नतासाथ डुलफिर गरेको म हेर्न चाहन्छु ॥६॥ हे इन्द्र ! जति पराक्रमी शूरा वानरहरू मेरो विजयका लागि आफ्नो मृत्युलाई केही नसम्झेर अनेक प्रकारको यत्न गर्दा गर्दै मरिराखेका छन् ती सबैलाई जीवित गराइदिनुहोस् ॥७॥ मेरो हितका लागि आफ्नो मृत्युको केही परवाह नगर्ने यी सबै तपाईंको कृपाले मलाई भेट्न आऊन्, तपाईंसित म यही वर माग्दछु ॥८॥ हे मानद ! म यी सबै वानर र भालूलाई पहिले झैं नीरोग, घाउ नभएको र बल पराक्रमले युक्त भएको हेर्न चाहन्छु ॥९॥ यी वानर जहाँ बस्तछन् त्यहाँ वेला नभएको भए तापनि फलफूल, कन्दमूल प्रशस्त पाइयोस् र निर्मल जल भएका नदी त्यहाँ बग्ने गरून् ॥१०॥

महात्मा रामचन्द्रका यी कुरा सुनेपछि इन्द्र प्रेमपूर्ण कुरा गरेर उनलाई जवाफ दिनलाग्नुभयो ॥११॥ हे रघुश्रेष्ठ बाबु ! तिमीले ता दुर्लभ वरको प्रार्थना गर्‍यौ, तर मैले भनेको कुरा कहिले पनि मिथ्या हुन सक्तैन तसर्थ तिमीले जस्तो इच्छा गरेका छौ त्यस्तै हुनेछ ॥१२॥ राक्षसहरूद्वारा हात मुख काटिएर जति वानर भालू मारिएका छन् ती सबै जीवित भएर बिउँझून् ॥१३॥ यी सबै वानरहरू पहिलेका जस्तै बल, पुरुषार्थले सम्पन्न भई, घाउ पुरिएको नीरोग भएर सुतेर बिउँझेको मानिसझैं उठेर बस्नेछन् ॥१४॥ यिनीहरू आफ्ना इष्ट-मित्र, नाता-कुटुम्बी, घरका जहान बच्चा सबैसित अत्यन्त प्रसन्नतासाथ भेटघाट गर्न पाउनेछन् ॥१५॥ हे धनुर्धारी राम ! जहाँ यी वानरहरू वास गर्नेछन् त्यहँ वेला नभएको भए तापनि रूखहरूमा किसिम किसिमका फूल फुलेर फल लाग्नेछ र नदीहरूमा सदा पानी भरिभराउ रहनेछ ॥१६॥ यिनीहरूको शरीरमा जति घाउ लागेका थिए ती सबै पुरिनेछन् ।

देवराज इन्द्रले यति भन्नासाथ सबै वानरहरू सुतेर बिउँझेझैं उठेर बसे ॥१७॥ मरेकाहरूलाई फेरि बिउँझेको देख्ता यो के भएको हो भनेर सबै वानरहरू छक्क परे ।

सबै तरहबाट रामचन्द्रको अभिलाषा पूर्ण भएको देख्ता सबै देवताहरू बडो दङ्ग परे र लक्ष्मणको साथसाथै रामको स्तुति गरेर भन्नलागे—हे राजन् ! अब तपाईं यहाँबाट अयोध्यातिर प्रस्थान गर्नु-

होस् र यी वानरहरूलाई पनि आफ्नो आफ्नो घर पठाइदिनुहोस् ॥१८-१९॥ आफूमाथि अनुराग राख्ने यी यशस्विनी सीताको चित्त बुझाउनुहोस्, तपाईंको शोकले गर्दा व्रत गर्नामा लागेका भाइ भरतलाई भेट्नुहोस्। महात्मा शत्रुघ्न तथा आमाहरूसँग पनि भेट गर्नुहोस् र राजसिंहासनमा आफ्नो अभिषेक गराएर नगरवासीहरूलाई आनन्दित गराउनुहोस् ॥२०-२१॥

राम र लक्ष्मणलाई यति कुरा भनिसकेपछि सूर्यसमानको चहक भएको विमानमा चढेका देवताहरूलाई साथमा लिएर इन्द्रजी दङ्ग पर्दै स्वर्गतिर लागे ॥२२॥

रामचन्द्रले पनि भाइ लक्ष्मणको साथमा यी सबै देवताहरूलाई प्रणाम गरिसकेपछि आफ्नो सेनालाई विश्राम गर्ने आज्ञा दिए ॥२३॥

जसरी चन्द्रमाले गर्दा रात्रिको शोभा हुन्छ त्यसै गरी राम र लक्ष्मणद्वारा पालना गरिएको, अतिशय ठूलो तेज भएको, खूबै दङ्ग परिराखेको, विजयलाभ गरेका वानरहरूको यो विशाल सेना सबैतर्फबाट शोभायमान देखिनलाग्यो ॥२४॥

सर्ग—१२३

विभीषणले स्नान गर्ने प्रार्थना गर्दा रामचन्द्र भरतलाई सम्झन्छन्।

यो रात सुखसँग बिताएर शत्रुघाती रामचन्द्र जब बिहानीपख उठ्नुभयो त्यस बखतमा विभीषण जय जय भन्दै हात जोरेर उहाँलाई भन्नलागे ॥१॥ स्नानको निम्ति जल, अङ्गराग (बुकुवा, तेल इत्यादि) शरीरमा लगाउने सुगन्धी द्रव्य, पोशाक, गहना, चन्दन र किसिम किसिमका माला ल्याइराखेको छ। श्रृंगार गराउन जान्ने कमलनयनी आइमाईहरू पनि आइराखेका छन्, यिनीहरूले विधिपूर्वक तपाईंलाई स्नान गराउनेछन् ॥२-३॥

विभीषणले यसो भनेको सुन्दा रामचन्द्रले सुग्रीव आदि वानरहरूलाई स्नान गर्न भन भनेर उनलाई जवाफ दिनुभयो ॥४॥ सुखभोग गर्ने अभ्यासमा परेका, धर्मात्मा भरत मेरा लागि दुःख भोगिरहेका छन्, यी सुकुमार महाबाहु भरत बडा सत्यवादी छन् ॥५॥ कैकेयीपुत्र, धर्मात्मा भरतलाई जबसम्म भेट्तिन तबसम्म स्नान गर्नामा, वस्त्र आभूषणादि पैह्रनामा मेरो मन जाँदैन ॥६॥ अब मैले झट्टै यहाँबाट अयोध्या शहरमा पुग्ने उपाय विचार गर कारण उहाँ जाने बाटो बडो विकट छ ॥७॥

रामचन्द्रले यसो भनेको सुनेपछि विभीषणले भने—हे राजन्! म चाँडै नै तपाईंलाई अयोध्या शहरमा पुऱ्याइदिनेछु ॥८॥ तपाईंको कल्याण होस्, हेर्नुहोस् मसित सूर्यसमानको चहकिलो, कुवेरको पुष्पकविमान छ; महाबली मेरा दाजु रावणले कुवेरलाई युद्धमा जितेर बलजफ्तीसँग खोसेर यो विमान ल्याएका थिए। यो दिव्य विमान जहाँ इच्छा लाग्यो त्यहाँ लैजान सकिन्छ। हे अतुल पराक्रमी! तपाईंको निम्ति यो तय्यार पारिराखेको छ ॥९-१०॥ मेघको जस्तो आकार परेको यो विमान यहीं छ, यसमा चढेर तपाईं निश्चिन्तसँग अयोध्या पुग्न सक्नुहुनेछ ॥११॥ यदि तपाईं मलाई अनुग्रह गर्ने

योग्य संझनुहुन्छ, यदि तपाईंलाई मेरो गुणको संझना छ र ममाथिको प्रेम छ भने हे प्राज्ञ ! भाइ लक्ष्मण तथा सीताको साथसाथै मैले तपाईंको सबै प्रकारसँग पूजा नगरुन्जेल यहीं बस्नुहोस् । मेरो सेवा अङ्गीकार गरिसकेपछि मात्र यात्रा गर्ने विचार गर्नुहोला ॥१२-१३॥ आफ्ना सैनिक तथा मित्र-हरूको साथमा रहेर म प्रेमीले गरेको सत्कार ग्रहण गर्नुहोस् । म तपाईंको सेवा गर्ने भनी तय्यार भइराखेको छु ॥१४॥ प्रेमले, सन्मानले तथा मित्रभावले मैले तपाईंलाई सत्कार ग्रहण गर्ने प्रार्थना गरेको हुँ, म ता तपाईंको नोकर पो हुँ तसर्थ मैले आज्ञा ता गरेको होइन ॥१५॥

विभीषणले यसो भनेपछि जम्मै राक्षस र वानरहरूले सुन्ने गरी रामचन्द्रजी उनलाई भन्नलाग्नु-भयो ॥१६॥ हे वीर ! नाना प्रकारको सहायता गरेर, किसिम किसिमको सल्लाह दिएर तथा मित्रताद्वारा तिमीले मेरो गर्नुसम्मको सत्कार गरिसकेका छौ ॥१७॥ तर हे राक्षसराज ! अहिलेको तिम्रो यो कुरा म मान्न सक्तिन किनकि भाइ भरतलाई भेट्नको निम्ति मेरो यो मन बडो उत्सुक भइराखेको छ ॥१८॥ मलाई फर्काउनको निम्ति उनी चित्रकूटसम्म आएका थिए, टाउको निहुराएर उनले मलाई प्रार्थना पनि गरेको हो, तर मैले उनको प्रार्थना स्वीकार गरिन ॥१९॥ कौशल्या, सुमित्रा, कैकेयी, मित्र, गुरु, नगर-वासी तथा प्रजाहरूलाई भेट्नको निम्ति मेरो मन उत्सुक भइराखेको छ ॥२०॥ हे विभीषण ! अब मलाई जाने अनुमति देऊ, तिमीबाट मैले पाउनुसम्मको सत्कार पाइसकेको छु; हे मित्र ! नरिसाए । हे राक्षसराज ! म तिमीलाई प्रार्थना गरेर भन्दछु, झट्टै मेरा लागि विमान मगाइदिइहाल । काम सिद्धिइ-सकेपछि अब मैले यहाँ बस्नामा कसरी उचित पर्ला ? ॥२१-२२॥

रामचन्द्रको यो कुरा सुन्नेबित्तिकै राक्षसराज विभीषणले झटपट सूर्यसमानको त्यो विमान मगाइ-हाले ॥२३॥ यो विमान सुनै सुनले चित्र विचित्रको बनेको थियो, पन्नाको ता यसमा वेदीहरू बनेका थिए, जतातितै गुम्री कोठा खचिखचाऊ थिए र जता हेर्‍यो उतै चाँदी जस्तो टल्केको देखिन्थ्यो ॥२४॥ पहेंलो रंगको ध्वजा-पताकाले यो सर्वत्र सुशोभित भइराखेको थियो, र सुवर्णमय कमल लागेका सुनै सुनका यसका अटाली थिए ॥२५॥ जतातितै साना साना घण्टी टाँगिएका थिए र झ्याल झ्यालमा मोती जडिराखेको थियो, मधुरो स्वर गरेर बज्ने घण्टाहरू यसको चारैपट्टि झुण्ड्याइएका थिए ॥२६॥ मेरु पर्वतको शिखरसमानको अग्लो यो विमान विश्वकर्माको हातबाट बनेको थियो । मोती र चाँदीले शोभायमान भइराखेका अनेक ठूला ठूला कोठा यसमा बनेका थिए ॥२७॥ यसको भूइँमा स्फटिक ओच्छ्याइएको थियो र पन्नै पन्ना जडिएका राम्रा राम्रा बस्ने आसन बनेका थिए र यी आसनमाथि धेरै धेरै मोल पर्ने बिछ्याउना ओच्छ्याइएका थिए ॥२८॥ मन जत्तिकै छिटो दगुर्ने कसैले आक्रमण गर्न नसक्ने यो विमान रामचन्द्रको अगाडि आएपछि विभीषण विमान आइपुग्यो भनेर रामलाई निवेदन गरी त्यहाँ उभिइरहे ॥२९॥ पर्वतसमानको अग्लो, मालिकको इच्छाअनुसार हिंड्ने, आफ्नो सामुन्ने आइराखेको यस विमानलाई देख्ता उदारचित्तका रामचन्द्र र यिनका भाइ लक्ष्मण दुवै जना बहुतै छक्क परे ॥३०॥

सर्ग—१२४

सुग्रीवहरूको साथमा राम लक्ष्मण विमानमा चढ्दछन्।

फूलै फूलले सिंगारिएको यस पुष्पक विमानलाई रामचन्द्रको सामुन्ने उपस्थित गराइसकेपछि नजीकैमा उभिइराखेका विभीषण रामचन्द्रलाई भन्नलागे ॥१॥ हात जोरिराखेका राक्षसराज विभीषण नम्रतासंग हतार गरेर विन्ति गर्नलागे—हे प्रभो, अब मलाई के आज्ञा गरिबक्सिन्छ ? ॥२॥

यो कुरा सुनेपछि महातेजस्वी रामचन्द्रले केही बेरसम्म विचार गरे र अनि लक्ष्मणसंग सल्लाह गरेर स्नेहपूर्वक विभीषणलाई भन्नलागे ॥३॥ हे विभीषण ! यी वानरहरूले हुनेसम्मको उद्योग गरेर काम गरेका छन् तसर्थ अनेक प्रकारका रत्न वस्त्रादि दिएर यिनीहरूको सत्कार गर ॥४॥ हे राक्षसेश्वर मर्नदेखि नडराउने, संग्राममा कहिले पनि पिठिउँ नफर्काउने यी वानरहरूले प्रसन्नतासाथ हाम्रो सहायता गरेकोले तिमीले यस लङ्कापुरीलाई जितेका हौ ॥५॥ तसर्थ आफ्नो काम सिद्ध गरेका यी वानरहरूलाई धन रत्नादि दिएर यिनीहरूको परिश्रम सफल गराइदेऊ ॥६॥ यस प्रकारसंग कृतज्ञतापूर्वक सत्कार गर्‍यो भने यी बानरसेनापतिहरू प्रसन्न भएर तिम्रा कृतज्ञ बन्नेछन् ॥७॥ तिमीलाई दानी, न्यायानुसार कर लिएर धन जम्मा गर्ने, दयालु तथा जितेन्द्रिय संझेर यी सबैले तिम्रो चाहना गर्नेछन्, यसै कारणले तिमीलाई मैले यस्तो सल्लाह दिएको हुँ ॥८॥ हे राजन् ! जसरी तरुणी आइमाई रतिशक्ति नभएको पतिलाई त्याग गर्दछन् त्यसै गरी दान, मान आदि सत्कारले सैनिकहरूलाई सन्तुष्ट नगर्ने, केवल युद्धमा लड्न पठाउने राजालाई सैनिकहरू व्याकुल भएर छाडिदिन्छन् ॥९॥ रामचन्द्रले यसो भनेको सुनेपछि राजा विभीषणले दर्जाअनुसार सबै वानरहरूलाई धन रत्न दिएर उनीहरूको सन्मान गरे ॥१०॥

वानरसेनापतिहरू धन रत्नले सम्मानित भएको देखेपछि रामचन्द्रजी त्यहाँ ल्याइराखेको श्रेष्ठ विमानमा सवार हुनुभयो ॥११॥ लाज मानिराखेको मनस्विनी सीतालाई काखमा राखेर, धनुर्धारी पराक्रमी भाइ लक्ष्मणलाई संग लिएर रामचन्द्रजी विमानमा चढ्नुभयो ॥१२॥ विमानमा बसेका रामचन्द्रजी समस्त वानरको आदर सत्कार गरेर महाबली सुग्रीव तथा विभीषणलाई भन्नलाग्नुभयो ॥१३॥ हे श्रेष्ठ वानरहो ! तिमीहरूले मेरो साथमा मित्रले गर्नुपर्ने काम गर्‍यौ, अब मेरो सम्मतिले आफ्नो इच्छा लागेको ठाउँमा गएर बस ॥१४॥ स्नेही हितकारी मित्रले जस्तो काम गर्नुपर्ने हो सोही किसिमको काम अधर्मदेखि डराउने हुनाले, हे सुग्रीव ! तिमीले मेरो साथमा गर्‍यौ ॥१५॥ अब तिमी आफ्नो फौज लिएर किष्किन्धा फर्क। हे विभीषण ! तिमी मैले दिएको आफ्नो लङ्का राज्यमा बसेर शासन गर, मेरो प्रभावले इन्द्रादि देवताहरूले समेत तिम्रो बिगार गर्न सक्नेछैनन् ॥१६॥ अब म आफ्नो पिताको राजधानी अयोध्यामा फर्केर जान चाहन्छु अतः तिमीहरू सबैसित बिदा मागिरहेको छु ॥१७॥

रामचन्द्रले यसो भनेको सुन्दा जम्मै वानर, सेनापतिहरू र राक्षसराज विभीषण हात जोरेर भन्न-

लागे ॥१८॥ हामीहरू पनि अयोध्यामा जान चाहन्छौं, हामी सबैलाई सँगै लैजानुहोस् । त्यहाँ हामीहरू प्रसन्नतापूर्वक बाग बचैंचामा डुलफिर गर्नेछौं ॥१९॥ हे राजश्रेष्ठ ! तपाईंको राज्याभिषेक हेर्नेछौं र माता कौशल्यालाई प्रणाम गरेर तुरन्तै आफ्नो आफ्नो घर फर्कनेछौं ॥२०॥ वानर र विभीषणहरूले यसो भनेको सुनेपछि धर्मात्मा रामचन्द्रजी सुग्रीवलगायत सबै वानरहरूलाई र राक्षसराजलाई भन्न-लाग्नुभयो ॥२१॥ तिमीहरू जस्ता मित्रलाई साथमा लिएर अयोध्या जान पाउने भएकोमा मलाई बडो खुशी लाग्यो । तिमीहरू साथमा हुनाले अयोध्यामा मलाई बडो आनन्द लाग्नेछ ॥२२॥ हे सुग्रीव ! वानरहरूलाई साथमा लिएर झट्टै विमानमा चढ, हे विभीषण ! तिमी पनि आफ्ना मन्त्रीहरूसँग सवार भइहाल ॥२३॥

यसपछि वानरहरूलाई साथमा लिएर सुग्रीव र मन्त्रीहरूलाई संगमा लिएर विभीषण दङ्ग पर्दै विमानमा सवार भए ॥२४॥ यी सबै जना चढिसकेपछि यो कुवेरको श्रेष्ठ विमान रामचन्द्रको आज्ञा-अनुसार आकाशमा उड्नलाग्यो ॥२५॥ हाँसै हाँसको मूर्ति बनाइराखेको, ठूलो चहक भएको यस विमानमा चढेपछि रामचन्द्रजी बहुतै खुशी हुनुभयो र विमानको गुणमा पूरा विश्वास भएका उहाँको यस समयमा कुवेरको जस्तो शोभा देखिनलागेको थियो ॥२६॥

यस प्रकारसंग सबै वानर, भालू र महाबली राक्षसहरू फराकिलैसंग सुखपूर्वक त्यस दिव्य बिमानमा बसे ॥२७॥

सर्ग—१२५

विमानैबाट रामचन्द्रजी सीतालाई युद्धभूमि देखाउनुहुन्छ ।

हाँसै हाँसको मूर्ति भएको यो दिव्य विमान रामचन्द्रको आज्ञा पाएकोले घनघोरको शब्द गर्दै आकाशमा उड्नलाग्यो ॥१॥ चारैतिर नजर दौडाएर रामचन्द्रजी चन्द्रमाको जस्तो अनुहार परेकी सीतालाई भन्नलाग्नुभयो ॥२॥ हे सीते ! कैलास-शिखरसमानको विशाल, त्रिकूटपर्वतको टाकुरामा रहेको, विश्वकर्माद्वारा बनेको लङ्कापुरीको शोभा हेर ॥३॥ मासु र रगतले हिलै हिलो भइराखेको यो युद्धभूमि हेर । हे सीते ! राक्षस र वानरहरूको यहीं नै ठूलो मारकाट परेको हो ॥४॥ वर पाउनाले घमण्डी भइराखेको, सबैलाई दुःख दिने राक्षस लडिराखेको छ, हे ठूला ठूला आँखा भएकी सीते ! तिम्रै लागि मैले यस रावणको वध गरेको हुँ ॥५॥ कुम्भकर्ण र राक्षस प्रहस्तलाई पनि मैले यहीं नै मारेको हुँ र हनुमान्‌ले धूम्राक्षलाई मारेथे ॥६॥ महात्मा सुषेणले विद्युन्मालीलाई र लक्ष्मणले रावणको छोरो इन्द्रजित्‌लाई यही युद्धभूमिमा मारेका हुन् ॥७॥ विकट नाम गरेको राक्षस अङ्गदको महापार्श्व र महोदर यी सबै यहीं मारिएका हुन् ॥८॥ अकम्पन, त्रिशिरा, अतिकाय, देवान्तक, नरान्तक आदि गरिएका महाबली राक्षसहरू, युद्धोन्मत्त र मत्त नाम गरेका दुइटा प्रधान राक्षस; कुम्भकर्णका कुम्भ निकुम्भ नाम गरेका दुइटा महाबली छोरा, वज्रदंष्ट्र, दंष्ट्र, आदि अनेक राक्षस पनि

यहीं मरेका हुन् । अजेय मकराक्ष पनि मेरो हातबाट यही युद्धभूमिमा मारिएको हो ॥९–११॥ अकम्पन, महाबली शोणिताक्ष, यूपाक्ष, प्रजंघ, देख्तैमा डरलाग्ने विद्युजिह्व नाम गरेको राक्षस, यज्ञशत्रु, महाबली सुप्तघ्न, ब्रह्मशत्रु, सूर्यशत्रु यी सबै पनि यहीं नै मारिएका हुन् । रावणकी स्वास्नी मन्दोदरीले आफ्ना हजारौं सौताहरूसंग यही ठाउँमा आफ्ना पतिको निम्ति विलाप गरिथी । हे सुन्दरी ! हेर, समुद्रको तीर देखिनलागेको छ, यही ठाउँमा हामीले समुद्र पार गरेर राती विश्राम गरेका थियौं, यही क्षारसमुद्रमा मैले पुल बाँध्न लगाएको हो ॥१२–१६॥ हे विशालाक्षी ! तिम्रै लागि नलले यहाँ पुल बनाएका हुन्, यो पुल बाँध्ने काम अरूबाट हुन सक्तैन । हे वैदेही ! वरुणको निवासस्थान समुद्रतिर हेर, यसलाई कसैले पार गर्न सक्तैन । शङ्ख र सीपीले भरिभराउ भइराखेको यो समुद्र हेर कसरी गर्जिराखेको छ । हिरण्यनाभ नाम गरेको सुवर्णमय पर्वत हेर, हनुमान्‌को विश्रामका लागि यो पर्वत समुद्रबाट बाहिर निस्केको हो र समुद्रमा यसैमाथि मेरो सेनाले विश्राम गरेथ्यो ॥१७–१९॥ यही ठाउँमा पुल बांध्नाको अगाडि महादेवले मेराउपर आफ्नो कृपा प्रकट गरेथे । हेर, महात्मा समुद्रको घाट देखिनलागेको छ, यही ठाउँबाट मैले पुल बांध्न थालेको हो, यो ठाउँ सेतुबन्धको नामले विख्यात छ र तीनै लोकका प्राणीले यसको पूजा गर्दछन् । यो स्थान अतिशय पवित्र छ र यसको प्रभावले महापातक-समेत नाश भएर जान्छ ॥२०–२१॥ यहीं राक्षसराज विभीषणले आएर हामीहरूसंग भेट गरेको हो । हे सीते ! हेर, चित्र विचित्रको वन भएको किष्किन्धा नगरी देखिन थाल्यो ॥२२॥ सुग्रीवको यही रमणीय नगरीमा मैले बालिको वध गरेको हो ।

बालिद्वारा पालना भएको किष्किन्धा नगरीलाई देखेपछि प्रेमले हडबडाएकी सीता बडो नम्र भएर भन्नलागिन्—हे राजन् ! तारा आदि गरिएका सुग्रीवका प्यारा स्वास्नीहरूलाई र अरू ठूला ठूला वानरका स्वास्नीहरूलाई लिएर म तपाईंसँग अयोध्या राजधानीमा जान चाहन्छु ॥२३-२५॥ सीताको कुरा सुनेपछि रामचन्द्रले तिमीले ठीक कुरा गर्‍यौ भनेर जवाफ दिए र किष्किन्धामा पुगेपछि विमान अडाउने आज्ञा दिए र सुग्रीवतिर फर्केर भन्नलागे—हे वानरराज ! आफ्ना आफ्ना स्वास्नीलाई सँग लिएर सीताको साथमा अयोध्या जाने कुरा सबै मुख्य मुख्य वानरहरूलाई सुनाइदेऊ । हे महाबल ! तिमी पनि आफ्ना सबै स्वास्नीहरूलाई सँगै लिएर हिंड ॥२६-२८॥ हे वानरराज ! छिटो गर, हामीले चाँडै नै अयोध्या पुग्नुपरेको छ । तेजस्वी रामचन्द्रको मुखबाट यति कुरा सुन्नेबित्तिकै वानरराज सुग्रीव यी सबै-लाई साथमा लिएर अन्तःपुरभित्र पसे र झटपट तारातिर हेरेर भन्नलागे ॥२९-३०॥ हे प्रिये ! सीताको प्रसन्नताका लागि तिमीलाई र अरू ठूला ठूला वानरका स्वास्नीहरूलाई रामचन्द्रले अयोध्या जाने आज्ञा दिनुभएको छ । अरू अरू वानरका स्वास्नीहरूलाई लिएर तिमी झट्टै हामीसँग आइहाल । हामी तिमी सबैलाई अयोध्या शहर देखाइदिनेछौं र दशरथका रानीहरूसँग पनि भेट गराइदिने-छौं ॥३१-३२॥

सर्वाङ्गसुन्दरी ताराले पनि सुग्रीवको कुरा सुन्नेबित्तिकै वानरका स्वास्नीहरूलाई बोलाएर

भनिन् ।।३३।। हामी सबैले वानरहरूको साथमा अयोध्या जानू भन्ने राजा सुग्रीवको आज्ञा छ। यस प्रकारसँग अयोध्या शहर हेर्न पाएकोले मेरो मनमा रहेको ठूलो इच्छा पूर्ण हुनेछ ।।३४।। त्यहाँ पुगेपछि हामी सबै पुरवासी तथा प्रजाहरूको साथमा रामचन्द्रले राजधानीमा प्रवेश गरेको तथा महाराज दशरथका रानीहरूको विभूति देख्न पाउनेछौं ।।३५।।

ताराको आज्ञा पाउनासाथ वानरका स्वास्नीहरूले सिंगार पटार गरेर विमानको प्रदक्षिणा गरेर सीताजीलाई भेट्ने उत्कण्ठा भएकोले हत्तपत्त विमान चढिहाले ।

यी सबैलाई लिएर विमान आकाशमा उठेको देखेपछि ऋष्यमूक पर्वतनेर पुग्दा नपुग्दैमा रामचन्द्रजी फेरि सीतालाई भन्नलाग्नुभयो—हे सीते ! बिजुलीसहित मेघ जस्तै यो जो देखिनलागेको छ त्यो ऋष्यमूक पर्वत हो । यहाँ सुन तथा अरू अरू किसिमका धातु भरिभराउ छन् । यही ठाउँमा वानरराज सुग्रीवसंग मेरो भेट भएको हो ।।३६-३९।। बालिको वध गर्ने प्रतिज्ञा पनि यही ठाउँमा गरेको हो । हेर, कमलै कमलको चित्र विचित्रको वनले भरिपूर्ण भइराखेको पम्पासरोवर देखिनलागेको छ ।।४०।। तिमीसंग विछोड भएकोमा मैले बडो चित्त दुःखाएर यस ठाउँमा विलाप गरेथें । यही सरोवरको तीरमा धर्मचारिणी शबरीसंग मेरो भेट भएथ्यो । यही ठाउँमा मैले चार कोस लामो हात भएको कबन्धलाई मारेको हुँ । जनस्थानमा यो जो ठूलो रूख देखिनलागेको छ त्यही ठाउँमा हे विलासिनी ! तिम्रो लागि पक्षीहरूका राजा, पराक्रमी महातेजस्वी जटायुको रावणको हातबाट मृत्यु भएको हो ।।४१-४३।। हे राम्रो अनुहार भएकी सीते ! हेर, हाम्रो आश्रम देखिनलागेको छ, हाम्रो यो पर्णकुटी पहिले जत्तिकै राम्रो देखिएको छ, यही ठाउँमा राक्षस रावणले बलजफ्तीसंग तिम्रो हरण गरेको हो ।

हेर, निर्मल जल भएको रमणीय गोदावरी देखियो ।।४४-४५।। हेर, चारैतिरबाट केरै केराको वनले घेरिएको अगस्त्य मुनिको आश्रम देखियो । हे वैदेही ! हेर, महर्षि शरभङ्गको ठूलो आश्रम पनि देखा पर्नलागेको छ, देवराज इन्द्रजी यही ठाउँमा देखिएका थिए । हे सीते ! यी सबै उही पहिलेका तपस्वीहरू देखा पर्नलागेका छन् ।।४६-४७।। सूर्य तथा अग्निको समान तेज भएका कुलपति अत्रिजी यही ठाउँमा वास गर्दछन् । हे सीते ! यही ठाउँमा तिमीले धर्मचारिणी तपस्विनी अनुसूयाजीसंग भेट गरेको हो र मैले विशाल शरीर भएको विराधलाई मारेको ठाउँ पनि यही हो । हे सुन्दरी ! हेर, पर्वतराज चित्रकूट पनि देखिनलाग्यो । यस ठाउँमा कैकेयीका छोरा भरत मलाई मनाउन भनी आएका थिए । हेर, तीरमा चित्र विचित्रको वन भएको रमणीय यमुना नदी देखियो ।।४८-५०।। हे मैथिली ! हेर, भरद्वाजको अतिराम्रो आश्रम देखिनलागेको छ, पवित्र त्रिपथगा गङ्गा नदी पनि देखिन थालिन् ।।५१।। यो उही शृङ्गवेरपुर हो जहाँ कि मेरा मित्र गुह बस्तछन् । हे सीते ! हेर, मेरा पिताजीको राजधानी अयोध्यासमेत देखियो, हे वैदेही ! फेरि फर्केर आउन पाएकोले यस अयोध्या पुरीलाई प्रणाम गर ।।५२।।

अब ता सबै वानर तथा विभीषणलगायत सबै राक्षसहरू उफ्री उफ्रीकन दङ्ग परेर राजधानी हेर्न लागे ॥५३॥ सेता रंगका अटालीले युक्त भएको, ठूला ठूला महलले भरिभराउ भएको, हात्ती घोडाले व्याप्त भएको यस नगरीलाई वानर तथा राक्षसहरू इन्द्रको अमरावतीसमान देख्नलागे ॥५४॥

सर्ग—१२६

पूरा चौध्र वर्ष पुगेपछि रामचन्द्रजी भरद्वाजको आश्रममा आउँछन् ।

चौद्ध वर्ष पूरा भएपछि पञ्चमी तिथिका दिन रामचन्द्रले भरद्वाजको आश्रममा पुगेर नियमपूर्वक मुनिलाई प्रणाम गरे ॥१॥ तपस्वी भरद्वाजलाई प्रणाम गरिसकेपछि रामचन्द्रजी सोध्नलागे—हे भगवन् ! तपाईंले अयोध्यामा सबैलाई कुशलपूर्वक रहेको र दुर्भिक्षादिले कसैलाई कष्ट नपरेको ता सुन्नुभएको छ ? ॥२॥ भरतले राम्रोसंग प्रजाको पालना ता गरेका छन्, मेरा सबै महतारीहरू जीउँदै ता हुनुहुन्छ ?

रामचन्द्रले यसरी सोधेको सुनेपछि महामुनि भरद्वाज मुसुक्क हाँसेर दङ्ग परेझैं गरी भन्नलागे ॥३॥ तिम्रो घरमा सबैलाई कुशल मंगल छ, जटाधारण गरेर भरत तिम्रो आज्ञाअनुसार उही दुइटा खराउ अगाडि राखी तिम्रो प्रतीक्षा गरेर बसेका छन् ॥४॥ चीरवस्त्र धारण गरेर महावनमा प्रवेश गर्नलागेको वेलामा मैले तिमीलाई देखेको हुँ । आफ्नी स्वास्नी तथा भाइ लक्ष्मणलाई संगमा लिएका थियौ, राज्यबाट तिम्रो निकाला भएको थियो, केवल धर्मपट्टि मन दिएर पिताको वचन पूरा गर्नाको निम्ति, स्वर्गबाट झरेका देवताले झैं आफ्नो सर्वस्व तथा भोग विलासका सबै सामग्री छाडेर, पैदलै हिंडेर तिमी वन पस्न लागेका थियौ । कैकेयीको वचन मान्नामा उद्यत भएका, फलमूलको अहारा गर्ने तिमीलाई देख्ता त्यस समयमा मेरो मनमा बडो दया उत्पन्न भएथ्यो ॥५–७॥ तर अहिले तिमीलाई शत्रुलाई जितेर, आफ्नो अभिलाषा पूर्ण गरी, इष्ट, मित्र र बन्धुवर्गलाई साथमा लिई फर्केको देख्ता मलाई बडो खुशी लागिराखेको छ ॥८॥ हे रामचन्द्र ! जनस्थानमा बस्ताखेरि तिमीले जे जे दुःख सुख भोगेका थियौ सो सब मलाई थाहा छ ॥९॥ ब्राह्मणहरूको उपकारमा दत्तचित्त तथा तपस्वीहरूको रक्षामा तत्पर भएको वेलामा तिम्री निर्दोष पत्नी सीतालाई रावणले हरेर लगिदियो ॥१०॥ मारीच देखा परेको, सीताको अपमान, कवन्धको दर्शन, पम्पाको किनारमा तिम्रो आगमन, सुग्रीवसितको मैत्री, बालिको वध, सीताको खोज, हनुमान्‌को पराक्रम, सीताको पत्ता लागेपछि नलले पुल बाँधेको, दङ्ग परेका वानरसेनापतिहरूद्वारा लंका जलेको, भाइ, छोरा, मन्त्री, फौज र हात्ती घोडाको साथसाथै युद्धभूमिमा बलोन्मत्त रावणको मृत्यु, देवशत्रु रावण मारिएपछि देवताहरूसंगको तिम्रो भेट, यिनीहरूले तिमीलाई दिएको वर इत्यादि सबै कुरा हे धर्मवत्सल ! तपस्याद्वारा मलाई थाहा भइसकेको छ, हाल खबर बुझ्नको निम्ति मेरा शिष्यहरू सधैं यहाँ आश्रमबाट अयोध्यातिर जाने आउने गर्दछन् ॥११–१६॥ शस्त्रधारीहरूमध्येका श्रेष्ठ हे

रामचन्द्रजी ! म पनि तिमीलाई वर दिन्छु । आज यहीं वास बसेर मेरो अतिथिसत्कार ग्रहण गर, भोलि बिहान अयोध्यातिर लागौला ॥१७॥

भरद्वाज मुनिको यो वचन रामचन्द्रजीले माथ निहुराएर स्वीकार गरे र मनमा दङ्ग परेर वर माग्नलागे ॥१८॥ यहाँदेखि लिएर अयोध्यासम्मको बाटोमा जति रूख छन् ती सबै बेमौसिममा समेत फल उत्पन्न गराउने होऊन् । फलमा मीठो मीठो रस होओस् र नाना प्रकारका यी फल अमृत जत्तिकै स्वादिला होऊन् ।

रामचन्द्रको मुखबाट यो कुरा निस्कनेबित्तिकै मुनिजीले तथास्तु भनेर उनको प्रार्थना स्वीकार गर्नुभयो ॥१९–२०॥ मुनिजीको प्रतापले गर्दा यस बाटोमा सबै रूख स्वर्गको रुख जस्तै बन्न गए, फल फूल नलाग्ने रूखमा समेत फलफूल उत्पन्न हुन थाल्यो ॥२१॥ सुख्खा रूखमा नयाँ नयाँ पालुवा लाग्न लागे र सबै रूखबाट मीठो मीठो रस बग्नलाग्यो । यहाँदेखि लिएर बाह्र कोस टाढा नपुगेसम्म जताततै जम्मै रूखको यही हालत थियो ॥२२॥ हजारौं वानरसेनापतिहरू प्रफुल्लित चित्तले आफूले इच्छा गरे जति दिव्य फलफूल खानलागे र स्वर्ग विजय गर्नेझैं दङ्ग परेर जताततै घुम्नलागे ॥२३॥

सर्ग—१२७

रामको आज्ञानुसार हनुमान् भरतलाई खबर दिन जान्छन् ।

विमानबाट अयोध्या शहर देखिनलागेपछि, फूर्तिसाथ पराक्रम देखाउन सक्ने, सबैको भलो गर्ने, बुद्धिमान्, तेजस्वी रामचन्द्रले केही बेरसम्म विचार गरी वानरहरूपट्टि नजर लगाएर हनुमान् वानरश्रेष्ठलाई भन्नलागे ॥१–२॥ हे वानरश्रेष्ठ ! झट्टै अयोध्यामा गएर राजमहलमा सबै जनालाई कुशल मङ्गल छ, छैन बुझ ॥३॥ शृङ्गवेरपुरमा गएर वनवासी निषादराज गुहसित भेट गरी उनलाई मेरो कुशल समाचार सुनाइदेऊ ॥४॥ म सकुशल, नीरोग र निश्चिन्त छु भन्ने थाहा पाएपछि गुह बहुतै खुशी हुनेछन् कारण उनी मेरो प्राणसमानका प्यारा मित्र हुन् ॥५॥ प्रसन्न भएर निषादराज गुहले तिमीलाई अयोध्या जाने बाटो देखाइदिनेछन् र भरतको सब खबर पनि सुनाउनेछन् ॥६॥ भरतलाई मेरो तर्फबाट मलाई सञ्चै छ भनिदिए, सीता र लक्ष्मणलाई साथमा लिई आफ्नो मनोरथ पूर्ण गरेर आइरहेको छु भनेर पनि सुनाइदिए ॥७॥ महाबली रावणको हातबाट सीताको हरण भएको सुग्रीवसँगको मितेरी; रणमा वालिको वध भएको, जलराज समुद्र नाघेर सीताको पत्ता लगाउन भनी तिमी गएको, सीताको पत्ता लागेको, वानरहरू समुद्रको तीरमा पुगेको, समुद्रसंगको मेरो दर्शन, पुल बाँधिनु, रावणको वध, इन्द्र ब्रह्मा र वरुणबाट मैले वर पाएको, महादेवजीको कृपाले पिताजीको दर्शन पाएको, यी सबै कुरा जस्ताको तस्तै गरेर भरतलाई सुनाइसकेपछि हे सौम्य ! राक्षसराज विभीषण र वानर राज सुग्रीवलाई साथमा लिएर म आइरहेको छु भन्ने समाचार उनलाई सुनाइदिए ॥८-१२॥ शत्रुहरू-

लाई जितेकोले रामचन्द्र बडो ठूलो यश प्राप्त गरी, विशाल सेना तथा मित्रहरूको साथमा पूर्ण मनोरथ भएर आइरहेका छन् भनेर पनि सुनाइदिए ॥१३॥ तिम्रा यी सबै कुरा सुन्दा भरतको मुखको अनुहार कस्तो हुँदो रहेछ सो विचार गर्नु र मलाई आएर भन्नू ॥१४॥ मुखको रंग, चेष्टा, दृष्टि र बोलाइको ढाँचाले भरतको मनभित्रको जम्मै कुरा राम्रोसँग बुझे ॥१५॥ आफ्नो सबै अभिलाषा पूर्ण हुन सक्ने, हात्ती घोडा र रथले भरिपूर्ण भएको, बाबु बराज्यूको राज्य पाएपछि कसको मन नबदलिएला ? ॥१६॥ धेरै दिनसम्म राज्य गरेकोले शायद भरतलाई नै स्वयं राज्य गर्ने इच्छा भएको छ भने पनि केही चिन्ता छैन उनैले समस्त पृथ्वीमाथि शासन गरून् ॥१७॥ हामीहरू धेरै नगीच नपुग्दैमा, हे वानर ! भरतको मनको अभिप्राय र उनको बुद्धि बुझेर झट्टै आइहाल ॥१८॥

रामचन्द्रजीबाट यस किसिमको आज्ञा पाउनासाथ वायुपुत्र हनुमान् मनुष्यको रूप लिई झट्टै अयोध्यातिर लागिहाले ॥१९॥ गरुड जत्तिको वेगसँग सर्पहरूमाथि झम्टा दिन्छन् त्यत्तिकै वेगसँग वायुपुत्र हनुमान् त्यहाँबाट उफ्रँदै जानलागे ॥२०॥ वायुमार्गलाई नाघेर, चराचुरुङ्गीको उड्ने बाटो पार गरी तथा गङ्गा यमुनाको भयङ्कर संगम-स्थान नाघिसकेपछि यी पराक्रमी हनुमान् झटपट शृङ्गवेर पुरमा गुहनेर आइपुगे र मनमा दङ्ग परेर उनलाई मीठो मीठो कुरा भन्नलागे ॥२१-२२॥ तिम्रा मित्र सत्यपराक्रमी काकुत्स्थवंशी रामचन्द्रले सीता र लक्ष्मणसहितको आफ्नो कुशल समाचार तिमीलाई भनिपठाएको छ ॥२३॥ आज पञ्चमीको रात भरद्वाज मुनिको आश्रममा वास बसेर भोलि उनको आज्ञा लिई यतातिर हिंड्नेछन् । भोलि बिहान तिमी उनलाई भेट्नेछौ ॥२४॥

महातेजस्वी विचारवान् हनुमान्जी यति कुरा सुनाइसकेपछि शरीरका रौं ठाडा पारी केही पनि थकाइ नमानेर बडो फूर्तिसाथ त्यहाँबाट हिंडे ॥२५॥ रामतीर्थ, वालुकिनी, वरुथी, गोमती नदी र विशाल शालवन यिनले बाटोमा देखे । यसपछि हजारौं प्रजाले परिपूर्ण भइराखेका बस्ती र बडा बडा समृद्धिशाली राज्य हेर्दै हनुमान् झट्टै निकै टाढा पुगे ॥२६-२७॥ केही बेरपछि हनुमान् चैत्ररथ र इन्द्रको नन्दनवनमा उत्पन्न हुने रूख जस्तै फूल फुलिराखेका रूखले शोभायमान भइराखेको नन्दीग्रामनेर पुगे ॥२८॥ यहाँका बासिन्दाहरू सुन्दर शृंगार गरेर आफ्ना स्वास्नी, छोरा नातिसँग आनन्द मनाइ-रहेका थिए । यसपछि हनुमान्ले अयोध्यादेखि एक कोस वर भरतलाई देखे ।

यिनले चीर र कालो हरिणको छाला पहिरेको थियो । निदाउरो मुख लगाएका दाजुको दुःखले गर्दा खिन्न भइराखेका तथा दुब्लाएका यिनी आश्रममा बसेका थिए; यिनको जटा बढिराखेको र शरीरमा मैल जमिराखेको थियो ॥२९-३०॥ इन्द्रियहरूलाई आफ्नो वशमा राखेका, फलमूलको आहारा गर्ने वल्कल र मृगचर्मका वस्त्र पहिरेका, धर्मपूर्वक तपस्या गर्ने, यिनी साथमा लम्बे जटा धारण गरी बडो नियमसँग बस्तथे । अन्तस्करण शुद्ध भएका, ब्रह्मर्षिको जस्तो तेज भएका यिनी रामचन्द्रका दुइटा खराउ अघिल्तिर राखेर पृथ्वीको शासन गरिरहेका थिए ॥३१-३२॥ ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चारै वर्णको सब तरहबाट रक्षा गर्नामा तत्पर रहेका यिनको साथमा पवित्र चित्त भएका मन्त्री, पुरोहित

तथा गेरुवा वस्त्र पहिरेका सेनापति र दूत रहन्थे । चीर कृष्णचर्म्म धारण गरेका यी राजपुत्रलाई धर्म-प्रेमी पुरवासीहरूले अरू अरू किसिमको पोशाक पहिरेर सेवा गर्न चाहेनन् ।

धर्मका ज्ञाता, शरीरधारी धर्मसमानका यी भरतलाई वायुपुत्र हनुमान् हात जोरेर भन्नलागे— तपाईं दिन रात जुन चीरजटाधारी, दण्डकारण्यवासी रामचन्द्रको शोक सुर्ता गरिरहनुहुन्छ उनैले तपाईंलाई कुशल समाचार भनिपठाएको छ । हे देव ! तपाईंलाई शुभ समाचार सुनाउन आएको छु तसर्थ अब तपाईं यो भयङ्कर शोक छोडिदिनुहोस् ।।३३-३७।। अब झट्टै तपाईंको आफ्ना दाजु रामचन्द्र-सँग भेट हुनेछ । रावणलाई मारेर सीतालाई साथमा लिएका, आफ्नो अभिलाषा पूर्ण गरेका रामचन्द्र आफ्ना महाबली मित्रहरूलाई साथमा लिईकन आइरहेका छन् । तेजस्वी लक्ष्मण तथा यशस्विनी सीता-समेत यिनीसँग आउनलागेका छन् । इन्द्रको साथमा शचीको जस्तो शोभा हुन्छ त्यस्तै शोभा रामको साथमा सीताको पनि भइराखेको छ ।।३८-३९।।

हनुमान्‌ले यति भन्नासाथ कैकेयीपुत्र भरत हर्षले गर्दा अकस्मात् बेहोश परेर भूईंमा लडिहाले ।।४०।। एक्कै छिनमा होश आएपछि यिनी उठेर शुभ समाचार लिएर आउने हनुमान्‌लाई भन्नलागे ।।४१।। हडबडाए जस्तो गरेर श्रीमान् भरतले हनुमान्‌लाई अँगालो हाली हर्षका ठूला ठूला आँसुको थोपाले उनको शरीरलाई भिजाइसकेपछि भन्नलागे ।।४२।।

हे भाइ ! तिमी देवता हौ वा मनुष्य ? यहाँ आउनु मेराउपरको तिम्रो ठूलो दया हो । मलाई यो आनन्दको समाचार सुनाएकोले तिमीलाई एक लाख गाई, सयओटा गाउँ र स्वास्नी तुल्याउनलाई राम्रो चालचलन भएका, कुण्डलादि गहनाले सिंगारिएका सोह्रओटी कन्या दिन्छु ।।४३-४४।। यिनी-हरूको सुनको जस्तो वर्ण छ, नाकको बनोट खूब राम्रो छ, चन्द्रमाको जस्तो मुखको आकार छ; सबै किसिमको गहनाले सिंगारिएका, भरिलो तिघ्रा भएका यिनीहरू सबै असल कुलमा जन्मेका हुन् ।।४५।।

वानरश्रेष्ठ हनुमान्‌को मुखबाट रामचन्द्रजी आउनलागेको शुभ समाचार सुनेपछि राजपुत्र बहुतै खुशी भए, उनलाई भेट्न उत्कण्ठित भइराखेका यिनी हर्षले गद्‌गद परेर फेरि भन्न लागे ।।४६।।

सर्ग—१२८

हनुमान् संक्षेपमा भरतलाई रामचन्द्रको सबै वृत्तान्त सुनाउँछन् ।

मेरा स्वामी रामचन्द्र वन गएको धेरै वर्ष भइसक्यो । आज अनेक दिनपछि मनलाई प्रसन्न गराउने उनको नाम सुन्न पाएँ ।।१।। मानिस जीउँदो रह्यो भने सय वर्षपछि पनि त्यसलाई आनन्द मिल्न सक्छ भन्ने लोकमा चलेको उखान आज मलाई साँचो जस्तो लाग्नलाग्यो ।।२।। रामचन्द्रको कसरी वानरहरूसँग संगत भयो, कुन ठाउँमा र के कारणले संग भएको हो सो सबै कुरा ठीक ठीक-संग मलाई भन ।।३।।

राजपुत्र भरतले हनुमान्‌लाई आसनमा बसाले र हनुमान् पनि रामचन्द्रको वनको समस्त चरित्र वर्णन गर्नलागे ॥४॥

तपाईंकी महतारीले वर मागेर रामलाई वनवास गर्न पठाएको, पुत्रशोकले गर्दा महाराज दशरथको मृत्यु भएको, र दूतहरूले गएर मावलीबाट तपाईंलाई अयोध्यामा ल्याएको, यी सबै कुरा तपाईंलाई थाहै छ । अयोध्यामा आएपछि तपाईंले राज्य ग्रहण गर्न मंजूर गर्नुभएन ॥५-६॥ सद्धर्म मार्गको अवलम्बन गरेर राज्य ग्रहण गर्नको निम्ति तपाईंले चित्रकूट पर्वतमा गई शत्रुघाती आफ्ना दाजुलाई विनय गर्नुभयो तर पिताको आज्ञा पालन गर्नामा दृढ भइराखेका रामचन्द्रले राज्यको त्याग गरिदिए र तपाईं दाजुको खराउ लिएर फर्कनुभयो । हे महाबाहो ! यी सबै कुरा तपाईंलाई ठीक ठीकसंग विदितै छ, तपाईं फर्केर आएपछि जे जे भयो सो मबाट सुन्नुहोस् ॥७–९॥

तपाईं फर्केर आएपछि त्यहाँका सबै मृग पक्षीहरू व्याकुल परेकोले जम्मै वन नै खिन्न भएको जस्तो देखियो ॥१०॥ यसपछि श्री रामचन्द्रजी सिंह बाघ मृगले व्याप्त भएको, हात्तीहरूको खुट्टाले खुंदिएको, मानिसको बस्ती नभएको अतिशय भयङ्कर दण्डकारण्यमा पसे ॥११॥ तीनै जना यो घनो जंगलभित्र गइरहेका बेलामा विराध नाम गरेको राक्षस भयङ्कर गर्जन गर्दै उनीहरूको सामुन्ने आउनलागेको देखियो ॥१२॥ तर रामचन्द्रले, हात माथितिर उठाएर र मुख तल निहुराएर बडेमान-को हात्ती झैं गर्जिरहेको त्यसलाई उचालेर खाल्डोमा पुरिदिए ॥१३॥ यो कठिन काम गरिसकेपछि साँझतिर रामलक्ष्मण दुवै भाइ शरभङ्गको रमणीय आश्रममा पुगे ॥१४॥ शरभङ्गले स्वर्गतिर प्रस्थान गरेपछि सत्यपराक्रमी रामचन्द्र त्यहाँका जम्मै मुनिहरूसंग बिदावारी भई जनस्थानतिर लागे ॥१५॥ यहाँ बस्ताखेरि महात्मा रामचन्द्रले जनस्थानमा बस्ने चौध्र हजार, राक्षसहरूको वध गरिदिए ॥१६॥ एकलो रामचन्द्रले दिनको चौथो प्रहरसम्ममा यी जम्मै राक्षसहरूको, युद्धक्षेत्रमा समाप्ति गरिदिए ॥१७॥ महाबली, पराक्रमी, तपस्यामा विघ्न पार्ने, दण्डकारण्यनिवासी यी जम्मै राक्षसहरूलाई रामचन्द्रले यस किसिमसंग मारिदिए ॥१८॥ यस प्रकारसंग रामचन्द्रले राक्षसहरूलाई ध्वस्त पारिदिए, खरलाई युद्धमा मारिदिए, पहिले दूषणलाई मारेर सबभन्दापछि त्रिशिराको वध गरे ॥१९॥ योभन्दा अघिबाटै शूर्पणखा नाम गरेकी राक्षसी रामनेर आइथी, दाजुको आज्ञा पाउनासाथ लक्ष्मणले झटपट उठेर तरवारले उसको नाक कान काटिदिए, यस किसिमसंग आफ्नो अपमान भएको देख्ता यो राक्षसी रावणकहाँ पुगी ॥२०-२१॥ रावणको सेवक मारीच नाम गरेको डरलाग्दो राक्षसले रत्नमय मृगको रूप धारण गरी सीताजीलाई लोभ्यायो ॥२२॥ यस मृगलाई देख्नेबित्तिकै सीता भन्नलागिन्— हे प्रभो ! यो मृगलाई समात्नुहोस्, मनोहर कान्ति भएको यस मृगले गर्दा हाम्रो आश्रमको अपूर्व शोभा हुनेछ ॥२३॥ यति सुनेपछि राम धनु लिएर मृगलाई लखेट्न गए र दगुरिरहेको यस मृगलाई तीखो टुप्पा भएको बाण चलाएर मारिदिए ॥२४॥ हे सौम्य ! रामचन्द्र यस प्रकारसंग शिकार गर्न गएको र उनलाई खोज्न भनी लक्ष्मणसमेत निस्केको मौका पारेर रावणले आश्रमभित्र प्रवेश गर्‍यो

॥२५॥ आकाशमा राहुले रोहिणीलाई समातेझैं यसले बलजफ्तीसंग सीतालाई समात्यो । जटायुले सीताको रक्षा गर्न खोजेको हो तर रावणले यसलाई समेत मारिदियो ॥२६॥ सीतालाई लिएर बडो वेगसँग राक्षस रावण त्यहाँबाट जानलागेको वेलामा अचम्म लाग्ने आकार परेका काला काला वानरहरू पर्वतको टाकुरामा बसिराखेका रहेछन्, पर्वतसमानको विशाल शरीर भएका यी वानरहरू सीतालाई लिएर जानलागेको राक्षसराज रावणलाई देख्ता छक्क परे ॥२७-२८॥ मनको समान छिटो वेगले दगुर्ने विमानमा चढेको महाबली राक्षस रावण सीतालाई साथमा लिएर झट्टै लङ्कामा पुगिहाल्यो, त्यहाँ सुनै सुनले सिंगारिएको एउटा बड़ेमानको राजभवनमा सीतालाई राखेर रावण मीठो मीठो बोली गरेर उनलाई संझाउनलाग्यो तर अशोकवाटिकामा निवास गरिरहेकी सीताले रावणको वचनलाई तथा स्वयं राक्षसराजलाई समेत तृणबराबर पनि संझिनन् ।

उता वनमा मृगलाई मारेर फर्केका रामचन्द्र आफ्ना बाबुको प्रेमी गिद्ध मारिएको देख्ता बहुतै दिक्क भए ॥२९-३३॥ गोदावरीको तीरमा तथा त्यहाँको फूल फुलिराखेको वनमा रामचन्द्र लक्ष्मणलाई सँगमा लिएर सीतालाई खोज्नलागे ॥३४॥ वनमा घुम्दाखेरि कबन्ध नाम गरेको राक्षस यी दुवै भाइको नजरमा पर्न आयो । कबन्धको कुरा मानेर सत्यपराक्रमी रामचन्द्रले ऋष्यमूक पर्वतमा गई सुग्रीवसंग भेट गरे । यहाँ यी दुवै जनाको वार्तालाप हुनुको अगाडि नै, गहिरो मित्रता जम्न गयो ॥३५-३६॥ सुग्रीवलाई झोंकिएको दाजु बालिले निकालिराखेको रहेछ । कुराकानी हुँदा हुँदैमा यी दुवैमा परस्पर गाढ मित्रता हुन गएपछि रामचन्द्रले आफ्ना बाहुबलले विशाल शरीर भएको महाबली बालिलाई युद्धमा मारेर सुग्रीवलाई राज्य दिलाइदिए ॥३७-३८॥ राज्य पाएपछि सुग्रीवले पनि रामसंग सबै वानरहरूलाई साथमा लिई सीताको पत्ता लगाउने प्रतिज्ञा गरे ॥३९॥ वानरराज महात्मा सुग्रीवको आज्ञाले दश करोड वानरहरू सबै दिशातिर पठाइए ॥४०॥

पर्वतश्रेष्ठ विन्ध्याचलमा पुगेपछि हामी सबैले बाटो बिर्स्यौं र ठूलो दुःख पाएर हामीले त्यहाँ धेरै समय बिताउनुपर्‍यो ॥४१॥ गृध्रराज जटायुको भाइ पराक्रमी सम्पाति त्यहीं बस्तो रहेछ, यसले हामीलाई सीता रावणको घरमा बसेकी छन् भन्ने खबर दियो ॥४२॥ यसपछि दुःखमा परेका आफ्ना बन्धुको दुःख दूर गर्नाका लागि मैले आफ्नो पराक्रमको भरमा परेर चार सय कोसको समुद्र पार गरी लंकाको अशोकवाटिकामा गएर एकलै बसिराखेकी सीतालाई भेटें ॥४३॥ यिनी यहाँ रेशमी वस्त्र पहिरेर, मनमा अलिकता पनि आनन्द नलिई, मलिन भएर पातिव्रत्य व्रतमा दृढ भई बसिराखेकी थिइन्, कुनै प्रकारको खोट नभएकी यी सीतालाई भेटेपछि मैले उनीसंग सबै हाल सोधें ॥४४॥ रामको नाम अङ्कित भएको औंठी मैले आफ्नो परिचयका लागि दिएँ र उनले चिन्हो जस्तो गरेर दिएको मणि पाएपछि कृतार्थ भएकोले म फर्किहालें ॥४५॥ फर्केर आएपछि मैले सजिलैसंग गाह्रो काम गर्न सक्ने पुण्यात्मा रामचन्द्रको हातमा त्यो अभिज्ञानमणि अर्पण गरिदिएँ ॥४६॥ जसरी मर्नलागेको रोगी अमृत पिउन पाएको खण्डमा फेरि जीवित हुन्छ त्यसै गरी रामचन्द्रले

पनि सीताको समाचार पाएपछि जीउँदो रहने आशा गरे ॥४७॥ प्रलयकालमा अग्निदेव समस्त लोकको विनाश पार्नाका लागि उद्यत भएझैं रामचन्द्रले पनि लंकालाई ध्वस्त पार्नपट्टि मन लगाए ॥४८॥ यसपछि समुद्रको तीरमा आएर यिनले नल नामको वानरद्वारा त्यहाँ पुल बनाउन लगाए । यही पुलबाट वानरी सेनाले समुद्र पार गर्‍यो ॥४९॥ नलले प्रहस्तलाई, रामले कुम्भकर्णलाई, लक्ष्मणले रावणको छोरोलाई र स्वयं रामचन्द्रले रावणलाई मारिदिए ॥५०॥ यसपछि इन्द्र, यम, वरुण, महेश्वर, ब्रह्मा र दशरथ यी सबैले त्यहाँ आएर प्रभुसंग भेट गरे र उनलाई वर दिए, त्यहाँ आएका ऋषि र देवर्षिहरूबाट पनि रामचन्द्रले वर पाए ॥५१–५२॥ वर पाइसकेपछि प्रभु दङ्ग परेर वानरहरूलाई संग लिई पुष्पक विमानमा चढी किष्किन्धामा आइपुग्नुभयो ॥५३॥ किष्किन्धाबाट प्रस्थान गरेर अहिले उहाँ गंगातीरमा रहने भरद्वाज मुनिकहाँ बस्नुभएको छ । भोलि पुष्य नक्षत्रको योगमा तपाईं निर्विघ्नपूर्वक रामचन्द्रलाई भेट्न पाउनुहुनेछ ॥५४॥

हनुमानको मुखबाट यस्तो मीठो कुरा सुन्न पाएकोले भरत बहुतै प्रसन्न भए र सबैको मनलाई दङ्ग पार्ने "धेरै दिनपछि बल्ल मेरो मनको इच्छा पूरा भयो" भन्ने वचन हात जोरेर भने ॥५५॥

सर्ग—१२९

भरतसंग रामचन्द्रको भेट र शहरवासीहरूको आनन्द

शत्रुपक्षका शूरवीरहरूको विनाश पार्ने सत्यपराक्रमी भरत हनुमान्को मुखबाट अतिशय आनन्द गराउने यी कुरा सुनेपछि बहुतै दङ्ग परेर शत्रुघ्नलाई अह्राउनलागे ॥१॥ शुद्ध आचरण भएका मानिस-हरूबाट समस्त देवताहरूको तथा शहरका देवमान्दरहरूको सुगान्ध फूल मालाले र बाजा बजाएर पूजा गर्न लगाऊ ॥२॥ स्तुति पुराण जान्ने सूतहरू, वैतालिकहरू, बाजा बजाउन जान्ने बजवैया, वेश्या, रानी, महारानी, मन्त्री, सैनिक, सिपाहीका स्वास्नी, ब्राह्मण, क्षत्रिय, मुख्य मुख्य बनियाँ यी सबैलाई रामचन्द्रको चन्द्रमासमानको मुखको दर्शन गर्नाका लागि शहरबाहिर जानू भनेर सुनाइदेऊ ।

भरतबाट आज्ञा पाउनासाथ शत्रुघाती शत्रुघ्नले आफ्ना कई हजार सेवकहरूलाई बोलाएर निजहरू लाई बेग्ला बेग्लै काममा खटाई यस प्रकारसंग अह्राउनलागे—खाल्डा खुल्डीलाई पुरेर टम्म गरिदेओ, अग्लो होचो ठाउँ पनि सम्म पारिदेओ ॥३–६॥ यहाँदेखि लिएर नन्दीग्रामसम्मको बाटोलाई सफा सुग्घर पारेर जम्मै ठाउँमा हिउँ जस्तो चिसो पानी छर्कन लगाओ ॥७॥ बाटोमा जताततै लावा फूल छर्कन लगाओ, शहरको गल्ली गल्लीमा ध्वजा पताका गाड्नलगाओ ॥८॥ सूर्योदय हुनुको अगाडि नै शहरका घर र सडक फूल माला तथा सुन चाँदीका मालतालले सुशोभित भइसक्नुपर्दछ ॥९॥ सड-कमा हूल हुन नपाओस् भन्नाका लागि मनिसहरूलाई हटाउनाको निम्ति सयकडौं पुलीस (आरक्षी)हरू घुम्दै रहून् ।

शत्रुघ्नको यो आज्ञा सुन्नासाथ मनमा दङ्ग परिराखेका धृष्टि, जयन्त, विजय, सिद्धार्थ, अर्थसाधक

अशोक, मन्त्रपाल तथा सुमन्त्र यी सबै मन्त्रीहरू झण्डा राखिएका, राम्रोसंग सिंगारिएका हजारौं मतवाला हात्तीलाई संगमा लिएर हिंडे । यिनीहरू बाहेकका अरूहरू सुनको हौदा र फूलले सजिसजाउ भएका हात्ती र हतिनीहरूलाई साथमा लिई जानलागे ॥१०–१२॥ अनेक मानिसहरू घोडामा चढेर र कईएक महारथीहरू रथमा सवार भएर जानलागे । शक्ति, ऋष्टि, पाश, ध्वजा-पताकादिले सुशोभित भएका, प्रधान अप्रधान किसिमका हजारौं घोडाहरू साथमा जानलागे । यिनीहरूको साथमा हजारौं पैदल हिंड्ने शूरा योद्धाहरू पनि लागेका थिए ॥१३–१४॥ सुमित्रा, कौशल्यालाई अघि लगाएका दशरथका रानीहरू पनि सवारीमा चढेर जानलागे ॥१५॥ धर्मात्मा भरतको साथमा मुख्य मुख्य ब्राह्मणहरू, भिन्न भिन्न जातका चौधरीहरू, वेदपाठीहरू, र हात हातमा फूल मिठाई लिएका मन्त्रीहरू जानलागे ॥१६॥ शङ्ख र भेरी वाजा बज्नलाग्यो, बन्दीहरूले वंशावलीको वर्णन गर्न थाले ।

धर्मात्मा भरतले आफ्ना दाजुको चरणपादुका (खराउ) माथमा राखेका थिए ॥१७॥ सेतो मालाले सुशोभित भइराखेको सेतो छाता र राजाहरूलाई सुहाउने किसिमका सुनको बींड भएका दुइटा सेता चमर यिनले आफ्नो साथमा लिएका थिए ॥१८॥ उपवास बस्नाले दुब्लाएका, वल्कलवस्त्र र मृगचर्म धारण गर्ने, निदाउरो मुख लगाइरहने यिनी दाजु आउनलागेको खबर सुन्नासाथ हर्षले गद्गद भइराखेका थिए ॥१९॥ मन्त्रीहरूलाई साथमा लिएर महात्मा भरत रामचन्द्रलाई लिन जाँदाखेरि घोडाका टापको आवाज, रथका पांग्राको घरघर र शङ्ख भेरीको शब्दले गर्दा पृथ्वी नै डगमगाउनलागिन् । हात्तीहरूको गर्जना र शङ्ख दुन्दुभिको आवाजको साथसाथै अयोध्या शहरका समस्त वासिन्दा नन्दीग्राममा पुगिहाले ।

यी सबैलाई आएको देखेपछि भरत हनुमान्‌लाई भन्नलागे ॥२०–२२॥ वानरहरूको चित्त बडो चञ्चल हुन्छ, आफ्नो यही स्वाभाविक चञ्चलपनाले गर्दा ता तिमी हामीलाई यो खबर दिन आएका होइनौ ? परम तपस्वी रामचन्द्रको दर्शन नपाइने हो कि भन्ने मलाई डर लाग्नलागेको छ ॥२३॥ इच्छाअनुसारको रूप धारण गर्ने वानर पनि यहाँ कतै देखिंदैनन् ।

भरतले यसरी शङ्कादारी वचन भनेको सुन्दा हनुमान् सत्यपराक्रमी भरतलाई यस किसिमको साँचो साँचो कुरा भन्नलागे—भरद्वाज मुनिको कृपाले बाटोका जम्मै रूख सदा फल दिने, फूल फुलेका, मधुरस बगाउने र मत्त भ्रमराहरूद्वारा गुञ्जायमान भइराखेका छन्, यस्ता रूख फेला परेकोले वानरहरूलाई ढीलो भएको हो । हे शत्रुघाती भरत ! इन्द्रले पनि रामचन्द्रलाई यस्तै वर दिएका थिए ॥२४–२६॥ भरद्वाज मुनिले रामचन्द्रको र उनका सैनिकहरूको बडो राम्रो अतिथिसत्कार गरेका हुन् । हेर्नुहोस्, दङ्ग परेका वानरहरूको खलबल सुनिनलाग्यो ॥२७॥ वानरीसेनाले गोमती नदी पार गर्नलागेको जस्तो बुझिन्छ, हेर्नुहोस्, उता शालवनतिर कस्तो धूलो उडेको देखिन्छ ॥२८॥ रमणीय शालवनलाई वानरहरूले हल्लाइरहेका हुन् कि जस्तो अनुमान हुन लागिरहेको छ, हेर्नुहोस्, निकै पर चन्द्रमासमानको विमान देखिनलाग्यो ॥२९॥ देवताहरूको यस सुन्दर विमानलाई

ब्रह्माले आफ्नो मनले बनाएका हुन् । बन्धुवर्गको साथसाथै रावणलाई मारेर महात्मा रामचन्द्रले यो विमान भेट्टाएका हुन् ॥३०॥ राम सवार भइराखेको यस विमानको मध्याह्नकालको सूर्यको जस्तो चहक छ । कुवेरको कृपाले गर्दा यो दिव्य विमान मनको वेग जत्तिकै छिटो दगुर्न सक्तछ ॥३१॥ राम लक्ष्मण दुवै वीर दाजु भाइ, सीता, तेजस्वी सुग्रीव र राक्षसराज विभीषण यस विमानमा बसेका छन् ॥३२॥

हनुमान्‌ले यस प्रकारसँग कुरा गर्दा गर्दैमा त्यहाँका बालक, बूढा, तरुणा लोग्ने मानिस आइमाई यी सबैले "रामचन्द्र आइपुग्नुभयो" भनेको हर्षको कोलाहल आकाशसम्म फिंजिन गयो ॥३३॥ त्यहाँका सबै जना हात्ती घोडा र रथबाट तल भूइँमा ओर्ली आकाशमा उदाइरहेका चन्द्रमालाई झैं विमानमा बसिराखेका रामचन्द्रलाई हेर्नलागे ॥३४॥

मनमा दंग परिराखेका भरतजी विमानतिर मुख फर्काई हात जोरेर स्वागतपूर्वक अर्घ्य, पाद्य-दिले रामचन्द्रको पूजा गर्नलागे ॥३५॥ ब्रह्माले आफ्नो मनद्वारा निर्माण गरेको विमानमा बसिराखेका विशालाक्ष रामचन्द्रजी यस बखतमा वज्रधारी इन्द्र जस्तै देखिनलागेका थिए ॥३६॥ जसरी मानिस-हरू मेरुपर्वतमाथि उदाइराखेका सूर्य भगवान्‌लाई प्रणाम गर्दछन् त्यसै गरी भरतले पनि विमानमा बसिराखेका आफ्ना दाजु रामचन्द्रलाई प्रणाम गरे ॥३७॥ रामचन्द्रबाट आज्ञा पाएकोले हाँसको मूर्त्तिले सुशोभित भइराखेको, ठूलो वेगले दगुर्ने यो श्रेष्ठ विमान तल पृथ्वीमा ओर्लिहाल्यो ॥३८॥ सत्यपराक्रमी भरत रामचन्द्रको आज्ञाले यस विमानमा चढे र प्रसन्न मनले पुनः रामचन्द्रलाई प्रणाम गरे ॥३९॥ धेरै दिनपछि भेट भएको भरतलाई काखमा राखेर रामचन्द्रले बडो दंग परेर उनलाई अंगालो हाले ॥४०॥ यसपछि शत्रुघाती भरतले आफ्नो नाम सुनाएर लक्ष्मण, सीतानेर गई बडो हर्ष मानेर सीता-लाई प्रणाम गरे ॥४१॥ कैकेयीका छोरा भरतले सुग्रीव, जाम्बवान्, अङ्गद, मैन्द, द्विविद, नील, ऋषभ, सुषेण, नल, गवाक्ष, गन्धमादन, शरभ, पनस यी सबैलाई पनि अंगालो हाले ॥४२-४३॥ यी सबै वानर इच्छाअनुसारको रूप धारण गर्न सक्ने हुनाले तुरुन्त मानिसको रूप लिई मनमा दंग परेर भरतसँग क्षेम कुशलको हाल सोध्नलागे ॥४४॥ धार्मिकश्रेष्ठ, महातेजस्वी, राजपुत्र भरत वानरराज सुग्रीवलाई अंगालो हालिसकेपछि उनलाई भन्नलागे ॥४५॥ हे सुग्रीव ! हामी चार भाइमा तपाईं पाँचौं भाइ हुन भयो किनकि जसले प्रेम गर्दछ त्यो मित्र हुन्छ र जो अपकार गर्दछ त्यो शत्रु बन्दछ ॥४६॥

यसपछि भरतले बडो नम्र भईकन विभीषणलाई भनेः—हे राक्षसराज ! यो बडो आनन्दको कुरा हो, तपाईंबाट सहायता पाएकोले रामचन्द्रले यस्तो गाह्रो कामसमेत गर्न सक्नुभयो ॥४७॥

वीर शत्रुघ्नले पनि राम लक्ष्मणलाई ढोग दिइसकेपछि बडो नम्र भई सीताका दुवै चरणमा ढोग गरे ॥४८॥

यसपछि रामचन्द्रले शोक गर्दा गर्दा दुब्लाएकी निदाउरो मुख लगाएकी आमा कौशल्याको

चरणमा प्रणाम गरेर उहाँको मनलाई प्रसन्न पार्नुभयो ।।४९।। सुमित्रा, यशस्विनी कैकेयी तथा अरू महतारीहरूलाई प्रणाम गरिसकेपछि श्रीरामचन्द्रजी पुरोहित वशिष्ठनेर आउनुभयो ।।५०।। अयोध्यावासीहरूले हात जोरेर रामचन्द्रलाई भने—कौशल्याको आनन्द बढाउने हे महाबाहो रामचन्द्र ! हामी सबै तपाईंको स्वागत गर्दछौं ।।५१।। यस समयमा अयोध्यावासीहरूका हजारौं अञ्जलि देख्ता रामको नजरमा यी सबै फुलिराखेका कमलका फूल जस्ता हुन गए ।।५२।। रामले नगरवासीहरूको स्वागत ग्रहण गरिसकेपछि धर्मात्मा भरतले स्वयं आफ्नो हातले रामचन्द्रका खराउ लिएर उहाँका चरणमा पहिराइदिए ।।५३।। यस समयमा भरत हात जोरेर रामचन्द्रलाई भन्नलागे—यतिका दिनसम्म मकहाँ नासो राख्नुभएको यो जम्मै राज्य अब तपाईंलाई समर्पण गर्दछु ।।५४।। अयोध्याका राजालाई फेरि आज अयोध्यामा फर्केर आएको देख्न पाउँदा मेरो जन्म सार्थक हुन पायो र मनको अभिलाषा पनि पूर्ण भयो ।।५५।। अब तपाईं ढुकुटी, भण्डार, घर फौज यी सबैको आफै हेर विचार गर्नुहोस्, तपाईंको प्रतापले गर्दा यी सबै वस्तुलाई दश दोब्बर बढाइदिइराखेको छ ।।५६।।

भरतको दाजुमाथिको प्रेम र उनको यस्तो कुरा सुन्दा वानर तथा विभीषण हर्षको आँसु बगाउनलागे ।।५७।। यसपछि रामले प्रसन्न भएर भरतलाई काखमा बसाले र सेनाको साथसाथै विमानमा सवार भई भरतको आश्रमतिर लागे ।।५८।। भरतको आश्रममा पुगेपछि रामचन्द्र र यिनका सबै सैनिक विमानबाट ओर्ली तल भूइँमा बसे ।।५९।। यसपछि रामचन्द्रले विमानलाई भन्नुभयो अब तिमी मेरो आज्ञाले कुवेरकहाँ जाऊ र उनको सवारी चलाउने गर ।।६०।।

रामचन्द्रबाट आज्ञा पाउनासाथ यो उत्तम विमान कुवेरको स्थानमा जानको निम्ति उत्तर दिशातिर लागिहाल्यो ।।६१।। राक्षस रावणले जितेर आफूकहाँ ल्याइराखेको यो पुष्पक विमान रामचन्द्रबाट आज्ञा पाएकोले बडो वेगसंग कुवेरकहाँ पुगि पनि हाल्यो ।।६२।। देवराज इन्द्र जसरी आफ्ना पुरोहित बृहस्पतिको साथमा बस्तछन् त्यसै गरी पराक्रमी रामचन्द्र पनि आफ्ना हितेच्छु पुरोहितको चरणमा ढोग दिई र उनलाई एउटा बेग्लै आसनमा बसाली, उनीनेर राखेको अर्को आसनमा आफू बसे ।।६३।।

सर्ग—१३०

रामको राज्याभिषेक ।

कैकेयीका छोरा भरत, टाउकोमाथि हात जोरेर आफ्ना दाजु सत्यपराक्रमी रामचन्द्रलाई भन्नलागे ।।१।। मेरी आमाको मान राखेर मलाई यो राज्य दिनुभएको हो, जसरी तपाईंले मलाई यो राज्य दिनुभएथ्यो त्यसै गरी म पनि तपाईंलाई यो समर्पण गर्दछु ।।२।। बलियो गोरूले बोकेको भारीलाई जसरी सानो बाच्छोले बोक्न सक्तैन त्यसै गरी ममा पनि यो राज्यको भार सम्हाल्ने शक्ति छैन ।।३।। जसरी जलको वेगले भांचिएको पुल बांध्न सकिन्न त्यसै गरी चारैतिर खुला भइराखेको यो राज्यरूपी छिद्रलाई रोकिराख्नु मेरा लागि कठिन छ ।।४।। जसरी गधा घोडाको चालमा हिंड्न

सक्तैन, कागले हाँसको हिंडाइ गर्न सक्तैन त्यसै गरी हे शत्रुघाती वीर ! म पनि तपाईंको चालको अनुकरण गर्न असमर्थ छु ॥५॥ कसैले आफ्नो घरको बगैंचामा बिरुवा लगाएछ, खूबसँग सप्रेको हुनाले केही दिनपछि यसमा ठूला ठूला हाँगा पनि लागेछन् तर यसमा फूल फुल्दै झर्दै गर्‍यो भने र फल लाग्न पाएन भने ता जुन फाइदाको निम्ति यो रूख लगाइएको थियो त्यो फाइदा नपाइने हुन्छ ॥६-७॥ यही दृष्टान्त हामीमाथि मिल्न आउँछ, यसको मतलब तपाईंले बुझ्नुभएको होला, तपाईं राजा भएर पनि हामीसमानका सेवकको प्रतिपालन गर्नुभएन भने ता उही कुरा हुन आइहाल्यो नि ॥८॥ हे रामचन्द्र ! मध्याह्नकालमा तेजले देदीप्यमान भइराखेका सूर्यझैं आज सबै संसारले तपाईंलाई राज्य-सिंहासनमा बसेका देख्न पाउनुपर्दछ ॥९॥ नगारा आदि गरिएका बाजा बजेको शब्द, आइमाईको करधनी र पाउजेबको मधुर झङ्कार तथा सुरिला गानाको आवाज सुनेर तपाईं सुत्ने र बिउँझने गर्नुहोस् ॥१०॥ जबसम्म यो सूर्यमण्डल घुमिरहन्छ, जबसम्म यो पृथ्वी स्थिर रहन्छ तबसम्म तपाईं यस जगत्‌को स्वामी बनेर बस्नुहोस् ॥११॥

शत्रुको शहरलाई ध्वस्त पार्ने रामचन्द्रले भरतका कुरा "तथास्तु" भनेर स्वीकार गर्नुभयो र एउटा राम्रो आसनमा गएर बस्नुभयो ॥१२॥

यसपछि शत्रुघ्नको आज्ञाले बडा सिपालु, हलुको नरम हात भएका, छिटोसँग दाढी बनाउन सक्ने नाउ रामचन्द्रको अगाडि खडा भए ॥१३॥ भरत, महाबली लक्ष्मण, वानरराज सुग्रीव, राक्षसराज विभीषण यी सबैले पहिले स्नान गरिसकेपछि रामचन्द्रले माथको जटा साफ गर्नलगाएर स्नान गर्नुभयो, चित्रविचित्रको माला, सुगन्धी पदार्थ तथा धेरै धेरै मोल पर्ने पोशाक पहिरेकोले यस समयमा उहाँको शरीरले चारैतिर प्रकाश फैलाउनलाग्यो ॥१४-१५॥ इक्ष्वाकुकुलवर्धन, लक्ष्मीवान्, वीर्यवान्, शत्रुघ्नले लक्ष्मण र रामचन्द्रको सबै अङ्गमा राम्रा राम्रा गहना पहिराए ॥१६॥ दशरथका समस्त मनस्वी रानीहरूले सीताको बडो मनोहर शृङ्गार गरे ॥१७॥ छोरामाथि प्रेम गर्ने कौशल्याले प्रफुल्लित मनले बडो प्रयत्नसँग जम्मै वानरका स्वास्नीहरूको शृङ्गार गरिदिइन् ॥१८॥

यसपछि शत्रुघ्नको आज्ञाले सुमन्त्र नाम गरेका सारथिले सर्वाङ्गसुन्दर रथ तय्यार पारी त्यहाँ लिएर आए ॥१९॥ सूर्य र अग्निसमानको चहकिलो रथ त्यहाँ उपस्थित भएको देखेपछि शत्रुको शहरलाई ध्वस्त पार्ने रामचन्द्रजी त्यसमा चढे ॥२०॥ इन्द्रसमानका तेजस्वी, अति राम्रो कुण्डल पहिरेका, सुग्रीव र हनुमान् पनि स्नान गरेर राम्रा राम्रा वस्त्र धारण गरी रामचन्द्रको साथसाथै गए ॥२१॥ किसिम किसिमको गहना लगाएका, राम्रो कुण्डल पहिरेका शहर हेर्न भनी उत्सुक भइराखेका सीता र सुग्रीवका रानीहरू पनि उहाँको पछि लागेर जानलागे ॥२२॥

उता अयोध्यामा राजा दशरथका मन्त्रीहरू पुरोहित वशिष्ठसँग सल्लाह गर्नलागे ॥२३॥ अशोक, विजय र सिद्धार्थ यी तीन जना रामचन्द्रको राज्यभिषेक र शहर सिंगार्ने विषयमा सल्लाह गर्नलागेका थिए ॥२४॥ विजयी रामचन्द्रको मङ्गलपूर्वकको अभिषेकका लागि सबै सामग्री जम्मा पार्नुपर्दछ भन्ने

यी सबैको राय ठहरियो ॥२५॥ यस किसिमको सल्लाह गरेर र काम गर्नेहरूलाई यही मुताबिकको आज्ञा दिएर पुरोहित र मन्त्रीहरू रामचन्द्रको दर्शन गर्न भनी झट्टै शहरबाहिर निस्के ॥२६॥

घोडा जोतिएको रथमा सवार भई सहस्राक्ष इन्द्र निस्केझैं यता पापरहित रामचन्द्रजी पनि रथमा बसेर अयोध्यातिर लाग्नुभयो ॥२७॥ भरतले घोडाको लगाम समाते, शत्रुघ्नले छाता ओढाए र लक्ष्मण पंखा लिएर उहाँलाई हम्कनलागे ॥२८॥ राक्षसराज विभीषण चन्द्रमासमानको सेतो सानो चमर च्यापेर रामको बगलमा उभिए ॥२९॥ यस समयमा देवता, ऋषि र मरुत्‌हरूले आकाशमा गरेको रामचन्द्रको स्तुतिको मधुरो स्वर सुनिनलागेको थियो ॥३०॥

यसपछि तेजस्वी वानरराज सुग्रीव राजा दशरथको शत्रुञ्जय नाम गरेको पर्वतसमानको विशाल हात्तीमा चढे ॥३१॥ मानिसको रूप धारण गरेका, किसिम किसिमको गहना लगाएका वानरहरू नौ हजार हात्तीमा चढेर जानलागे ॥३२॥ शङ्ख र दुन्दुभिको स्वरको साथसाथै पुरुषसिंह रामचन्द्रजीले अटालीको मालाले सुशोभित भइराखेको अयोध्यापुरीभित्र प्रवेश गर्नुभयो ॥३३॥ नगरवासीहरूले, आफ्नो शरीरको कान्तिले प्रकाशमान भइराखेका, रथमा विराजमान भएका अतिरथ रामचन्द्रजीलाई सबै साज समाज साथमा लिएर आउनलागेको देखे ॥३४॥ यिनीहरूले भाइहरूलाई साथमा लिएर आइराखेका रामचन्द्रको, जय जयको शब्द गरेर अभिनन्दन गरे र प्रणामादिद्वारा उनीबाट जवाफ पाए-कोले पुनः उनको पछि लागेर हिंड्नलागे ॥३५॥ अमात्य, ब्राह्मण र प्रजाहरूले चारैतिरबाट घेरिराखेका रामचन्द्र यस समयमा नक्षत्रले घेरिएका चन्द्रमा जस्तै देखिनलागेका थिए ॥३६॥ महाराजको अगाडि अगाडि नगरा, करताल, स्वस्तिक आदि गरिएका बाजा बज्नलागेका थिए र मनमा दङ्ग परिराखेका गवैयाहरू राम्रो राम्रो मङ्गल पाठ गर्दै उहाँको पछिपछि हिंड्नलागेका थिए ॥३७॥ अक्षता, सुन, गाई र कन्यालाई साथमा लिएका ब्राह्मण र लड्डु हातहातमा लिइराखेका अनेक मानिस प्रभुको अघि-अघि गइरहेका थिए ॥३८॥ यस समयमा रामचन्द्रजीले मन्त्रीवर्गको सामुन्ने सुग्रीवसंग भएको आफ्नो दोस्ती, हनुमान्‌को प्रभाव तथा वानरहरूको किसिम किसिमको पुरुषार्थको वर्णन गरेर सुनाउनुभयो॥३९॥ राक्षसहरूको बल र वानरहरूको यस किसिमको पुरुषार्थको वर्णन सुन्दा सबै अयोध्यावासीहरू छक्क परे ॥४०॥ मन्त्रीवर्गलाई वानरहरूको पराक्रमको वर्णन गर्दै द्युतिमान् रामचन्द्रजीले हृष्ट-पुष्ट मानिसले भरिभराउ भइराखेको अयोध्याशहरभित्र प्रवेश गर्नुभयो ॥४१॥ पुरवासीहरूले ध्वजा पताकाले आफ्ना आफ्ना घर सिंगारेका थिए । रामचन्द्र पनि इक्ष्वाकुकुलमा उत्पन्न भएकाहरूले वास गर्ने, आफ्ना पिताको रमणीय महलभित्र पस्नुभयो ॥४२॥

महात्मा रामचन्द्रले, सुग्रीवहरूलाई लिएर पिताको महलभित्र पसेपछि पहिले कौशल्या, सुमित्रा र कैकेयीलाई प्रणाम गर्नुभयो र अनि धर्मात्माहरूमध्येका श्रेष्ठ भरतलाई अर्थयुक्त कुरा मधुरो स्वर गरेर भन्न लाग्नुभयो। ।४३-४४॥ मोती पन्नाले खचिखचाउ भएको, अशोकवाटिकाले युक्त भएको मेरो जो राम्रो महल छ त्यसैमा सुग्रीवलाई बस्न देऊ ॥४५॥ महाराजको मुखबाट यो

आज्ञा सुन्नेवित्तिकै सत्यपराक्रमी भरतले हात समातेर सुग्रीवलाई सो घरभित्र लिएर गए ॥४६॥ शत्रुघ्नको आज्ञाले नोकरहरूले तेलको बत्ती, पलङ, बिछयाउना इत्यादि सबै थोक त्यस घरमा लगेर राखिदिए ॥४७॥

यसपछि तेजस्वी भरतले सुग्रीवलाई भने—हे प्रभो ! रामचन्द्रको अभिषेकको निम्ति आफ्ना दूतहरूलाई जल लिएर आउने आज्ञा दिनुहोस् ॥४८॥ सुग्रीवले पनि यो आज्ञा सुन्नासाथ चार वानरहरूलाई नाना किसिमका रत्नले सिंगारिएका चारओटा सुनका घडा दिएर अह्राए—भोलि बिहानै तिमीहरूले चार समुद्रका जलले यी घडा भरेर यहाँ लिएर आउन सक्ने उद्योग गर्नुपर्खो ॥४९-५०॥

शीघ्रगामी गरुडहरू जसरी उड्दछन् त्यसै गरी हात्तीसमानको विशाल शरीर भएका यी वानरहरू पनि सुग्रीवबाट आज्ञा पाउनासाथ आकाशतिर उडिहाले ॥५१॥ जाम्बवान्, हनुमान्, वेगदर्शी र ऋषभ यी चारै जनाले कलशमा जल भरेर ल्याए ॥५२॥ यसपछि अरू अरू वानरहरूले पाँच सय नदीहरूको जल घडामा भरेर ल्याए । रत्नै रत्नले सिंगारिएको घडामा पूर्वसमुद्रको जल भरेर महाबली सुषेणले लिएर आए । ऋषभ दक्षिण समुद्रबाट जल लिएर झट्टै आइहाले ॥५३-५४॥ रक्तचन्दन, कपूर आदिले युक्त भएको सुनको घडामा गवयले पश्चिम समुद्रबाट जल लिएर आए ॥५५॥ गरुड र वायुसमानका पराक्रमी धर्मात्मा अनिलले उत्तर समुद्रबाट बडा बडा रत्नका घडामा शीतल जल भरेर ल्याए ।

यी श्रेष्ठ वानरहरूद्वारा जल आएको देखेपछि शत्रुघ्नले आफ्ना मन्त्री पुरोहित तथा मित्रहरूलाई रामचन्द्रको अभिषेक गर्नू भन्ने आज्ञा दिए ॥५६-५८॥

शत्रुघ्नबाट आज्ञा पाएपछि नियममा रहने वृद्ध वशिष्ठ मुनिले र अरू ब्राह्मणहरूले सीतासहित रामलाई रत्नै रत्नले बनेको सिंहासनमा बसाले ॥५९॥ जसरी वसुहरूले इन्द्रको अभिषेक गरेथे त्यसै गरी स्वच्छ तथा सुगन्धित जलले वशिष्ठ, विजय, जाबालि, कश्यप, कात्यायन, गौतम र वामदेवले नरसिंह रामचन्द्रको अभिषेक गरे ॥६०-६१॥ पहिले ऋत्विक्, ब्राह्मणहरूले त्यसपछि कन्याहरूले र अनि मन्त्री, सैनिक र शहरका ठूला ठूला महाजनले बडो हर्ष मानेर महाराजको अभिषेक गरे ॥६२॥ यसपछि आकाशचारी देवताहरूले र अनि सबै देवताहरूको साथमा समस्त लोकपालहरूले सबै किसिमको औषधिको रसले प्रभुको अभिषेक गरे ॥६३॥ यसपछि ब्रह्माद्वारा बनेको रत्नमय किरीट, जसद्वारा पहिले मनुको र त्यसपछि मनुवंशी राजाहरूको अभिषेक भएथ्यो, मूल्यवान् पदार्थले खचिखचाउ भएको र किसिम किसिमका रत्नले सुशोभित भएको यो किरीट, किसिम किसिमका रत्नले बनेको सिंहासनमा श्री रामचन्द्रलाई बसालेर महात्मा वशिष्ठले उहाँको माथमा राखिदिए । यसपछि ऋत्विग्हरूले रामलाई अनेक किसिमका गहना पनि पहिराइदिए ॥६४-६७॥ शत्रुघ्नले यिनको मस्तकमाथि मङ्गलसूचक सेतो छाता ओढाए र वानरराज सुग्रीव सेतो चमर हम्कनलागे ॥६८॥ चन्द्रमासमानको सेतो अर्को चमर राक्षसराज विभीषण हम्कनलागे । यसपछि इन्द्रको आज्ञाले वायुले बडो देदीप्यमान तथा सय-

ओटा कमल भएको सुनको माला ल्याएर रामलाई समर्पण गरे । यिनै इन्द्रको आज्ञाअनुसार वायुले नाना किसिमका रत्न र मणिले शोभायमान भएको मोतीको माला पनि ल्याएर रामचन्द्रलाई दिए । यस आनन्दको उत्सवमा देवता गन्धर्वहरू गाना गर्न तथा अप्सराहरू नाचनलागे ॥६९-७१॥ बुद्धिमान् रामचन्द्रको अभिषेकको समयमा अभिषेकलाई सुहाउन्यै किसिमको सबै थोक भयो । यस मौकामा पृथ्वी अन्नले परिपूर्ण भइन् र वृक्षहरूमा पनि खूब फल फल्नलागे ॥७२॥ रामको अभिषेक कालमा फूलहरू पनि सुगन्धित भए । रामचन्द्रले पहिले एक लाख घोडा, एक लाख भर्खर ब्याएका गाई र सयओटा साँढे ब्राह्मणहरूलाई दिनुभयो र त्यसपछि तीस करोड असर्फी पनि ब्राह्मणहरूमा बाँडिदिनुभयो ॥७३-७४॥

धेरै धेरै मोल पर्ने अनेक किसिमका गहना, लुगा, सूर्यको किरणको जत्तिकै चहक भएको, मणि नै मणि जड़ेको, सुनको एउटा दिव्य माला महाराज रामचन्द्रले सुग्रीवलाई दिनुभयो । पन्नै पन्नाले खचिखचाउ भएको चन्द्रमासमानको चहकिलो दुइटा बाजू रामचन्द्रले बालिपुत्र अङ्गदलाई दिनुभयो । रामचन्द्रले सीतालाई चन्द्रमाको किरणको जस्तो प्रभा भएको, असल असल जातका मणि जडेको, निक्कै मोल पर्ने एउटा मोतीको माला, कहिले पनि मैलो नहुने दुइटा वस्त्र र किसिम किसिमका गहना दिनुभयो ॥७५-७८॥ जनकनन्दिनी सीताले आफ्नो घाँटीबाट यो माला झिकेर, हनुमान्‌ले पहिले आफूलाई गरेको उपकार संझेर, उनलाई दिनुभयो ॥७९॥ हनुमान्‌लाई माला दिन आँटेपछि सीताजी आफ्ना पति रामचन्द्र र समस्त वानरहरूलाई वारंवार हेर्नलाग्नुभयो । संकेतद्वारा मनको अभिप्राय बुझ्ने रामचन्द्र पनि सीतातिर हेरेर उनलाई भन्नलाग्नुभयो ॥८०॥ हे सुभगे ! जसमाथि तिमी प्रसन्न भएकी छौ उसैलाई यो माला देऊ । यति सुनेपछि कमलसमानको आँखा भएकी सीताले यो हार हनुमान्‌लाई दिनुभयो जुन हनुमान्‌मा तेज, धैर्य्य, यश, चातुर्य्य, सामर्थ्य, नम्रता, नीति, बुद्धि, पुरुषार्थ र पराक्रमले सदा वास गरेको हुन्छ ॥८१-८२॥ चन्द्रमाको किरणद्वारा टल्किराखेको सेतो बादलले गर्दा पर्वतको जस्तो शोभा देखिन्छ त्यस्तै शोभा चन्द्रमाको किरणसमानको चहक भएको यो हार पैह्रनाले हनुमान्‌को पनि भइराखेको थियो ॥८३॥

त्यहाँ जति वृद्ध वानर र सेनापति थिए ती सबैको पनि वस्त्र र आभूषणले यथायोग्य सत्कार हुन गयो ॥८४॥ विभीषण, सुग्रीव, हनुमान्, जाम्बवान् र अरू पनि जति मुख्य मुख्य वानर थिए ती सबैको मनोरथ सजिलैसँग गाह्रो काम गर्न सक्ने रामचन्द्रजीले पूरा गरिदिनुभयो । मूल्यवान् अनेक रत्न पाएकोले दङ्ग परेका यिनीहरू आफ्नो आफ्नो डेरामा जान तय्यार भए ॥८५-८६॥ यसपछि शत्रुसंहारी महाराज रामचन्द्रले मैन्द, द्विविद र नीललाई यिनीहरूको इच्छाअनुसार कृतार्थ गरिदिनुभयो ॥८७॥ रामचन्द्रको अभिषेक हेरिसकेपछि तथा उहाँबाट बिदावारी पाएपछि यी सबै महात्मा वानरहरू किष्किन्धापुरीमा फर्केर आए ॥८८॥ रामको अभिषेक हेरिसकेपछि तथा उहाँबाट आदरसत्कार पाएपछि वानरराज सुग्रीवले पनि किष्किन्धापुरीमा प्रवेश गरे ॥८९॥ महायशस्वी, धर्मात्मा, राक्षसराज विभीषण

पनि आफ्नो राज्य र धन रत्नादि पाएकोले दङ्ग परेर आफ्ना साथी राक्षसहरूलाई संग लिई लंका फर्केर आए ॥९०॥

शत्रुहरूको विनाश पारेर, यशस्वी, अतिशय उदार रामचन्द्र पनि प्रसन्नतासाथ राज्यको शासन गर्न लाग्नुभयो । धर्मका ज्ञाता रामचन्द्रजी धर्मको मर्म बुझ्ने लक्ष्मणलाई भन्नलाग्नुभयो ॥९१॥ हे धर्मज्ञ ! आऊ, मेरो साथमा यस पृथ्वीको शासन गर, मेरा पूर्वपुरुखाहरूले यसको शासन गरिआएको हो । जसरी मेरा पुर्खाहरूले आफूभन्दा ठूलाको साथ युवराजको पद स्वीकार गरी उनलाई सहायता गरेथे त्यसै गरी तिमी पनि युवराज बनेर राजकाजमा मलाई मद्दत गर ॥९२॥

लक्ष्मणलाई युवराजको पद स्वीकार गर्नाको निम्ति महात्मा रामचन्द्रले धेरै संझाएको हो तर यिनले मञ्जूर नगरेको हुनाले महाराजले भरतलाई युवराजको पद दिनुभयो ॥९३॥ राज्य पाएपछि रामचन्द्रले पौण्डरीक, अश्वमेध, बाजिमेध तथा अरू अरू किसिमका अनेक यज्ञ कईएकबाजि गर्नुभयो ॥९४॥ दश हजार वर्षसम्म रामचन्द्रले राज्यको पालना गर्नुभयो र दशओटा अश्वमेध यज्ञ गर्नुभयो जसमा कि असल असल घोडा छाडिएका थिए र धेरै धेरै दक्षिणा बाँडिएको थियो ॥९५॥ आजानबाहु (घुँडा सम्म हात पुग्ने), विशालवक्ष (फराकिलो छाती भएका) प्रतापी रामचन्द्र आफ्ना अनुगामी लक्ष्मणको साथसाथै यस पृथ्वीको शासन गर्नलाग्नुभयो ॥९६॥ धर्मात्मा रामचन्द्रले उत्तम राज्य पाएकोले भाइ, छोरा कुलकुटुम्बीलाई साथमा राखेर अनेक किसिमको यज्ञ गर्नुभयो ॥९७॥

रामचन्द्रको राज्य समयमा न विधवाहरूले विलाप गरेको सुनिन्थ्यो, न सर्पादि दुष्ट जन्तुको कसैलाई भय थियो, न कोही रोग व्याधिले पीडित भएका देखिन्थे । ९८॥ चोर ता राज्यमा छँदै थिए-नन्, अनर्थपट्टि कसैको चित्तै जाँदैनथ्यो र बूढाहरूले कहिले पनि बालकहरूको अन्तिम संस्कार गर्नु-पर्दैनथ्यो ॥९९॥ राज्यका सबै प्रजा प्रसन्न थिए, सबै धर्ममा तत्पर रहन्थे; सदा रामको दर्शनका लागि उत्कण्ठित भइरहन्थे र परस्पर कसैले कसैको अनिष्ट गर्न खोज्दैनथ्यो ॥१००॥ रामको राज्यसमयमा हजार वर्षभन्दा घटीको कसैको आयु देखिन्नथ्यो सबैका हजार छोरा अर्थात् धेरै सन्तान हुन्थे र कोही पनि रोग शोकमा परेको हुँदैनथ्यो ॥१०१॥ रूखहरूको जरा खूब बलियो हुन्थ्यो र यिनमा सदा फल, मूल, फूल लटरम्म फलिरहन्थे । बादल समय समयमा जलको वृष्टि गर्दथ्यो र मनलाई आनन्द गराउने हावा हरदम चलिरहन्थ्यो ॥१०२॥ सबै आफ्नो आफ्नो काम गर्दथे र आफ्नै काममा सन्तुष्ट रहन्थे । रामको राज्य समयमा प्रजा धर्मात्मा थिए, कोही पनि असत्यवादी थिएन ॥१०३॥ त्यस समयमा सबै राम्रा राम्रा लक्षणले युक्त थिए र सबै धर्मात्मा हुन्थे । यस प्रकारसँग रामले दश हजार वर्षसम्म राज्य गर्नुभयो ॥१०४॥

धर्म, यश र आयुको वृद्धि गर्ने तथा राजाहरूलाई विजय दिने यस आदिकाव्यको वर्णन पहिले भगवान् वाल्मीकि मुनिले आफ्नो मुखद्वारा गरेका हुन् ॥१०५॥ जो मानिस सदा यसलाई सुन्ने गर्दछ त्यो पापबाट मुक्त हुन्छ, रामचन्द्रको राज्याभिषेकको वर्णन सुन्नाले पुत्रको इच्छा गर्नेले पुत्र र धनको

इच्छा गर्नेले धन पाउनेछ, राजा छ भने त्यसले भूमण्डललाई जितेर शत्रुहरूलाई आफ्नो अधीनमा राख्नेछ ॥१०६–१०७॥ यो रामायणको कथा सुन्ने आइमाईहरू दीर्घायु हुनेछन् र उनका छोरा कौशल्याका रामचन्द्र, सुमित्राका लक्ष्मण र कैकेयीका भरत जस्तै चिरंजीवी हुनेछन् । सजिलैसँग गाह्रो काम गर्न सक्ने रामको विजय वृत्तान्त सुन्नाको यो फल हो ॥१०८–१०९॥ रिसलाई जितेर जो श्रद्धा-पूर्वक वाल्मीकिकृत काव्यको श्रवण गर्दछ त्यसले ठूला ठूला आपत्तिहरूलाई पार गर्नेछ ॥११०॥ वाल्मीकिकृत यस प्राचीन काव्यलाई सुन्नाले परदेशतिर लागेको मानिस आफ्नो घरमा आएर बन्धुवर्गसित भेट गरी उनीहरूको साथमा आनन्द मनाउन पाउनेछ ॥१११॥ जो यो रामायण सुन्ने गर्दछन्, रामको कृपाले तिनका अभिलाषा पूर्ण हुनेछन् र देवताहरू पनि यिनीहरूमाथि प्रसन्न रहनेछन् ॥११२॥ जसको घरमा यो पुस्तक रहन्छ त्यसकहाँ विघ्न गर्ने देवताहरूले कुनै प्रकारको उपद्रव गर्न सक्तैनन् । राजा विजयी हुनेछन् र परदेशतिर लागेकाहरू कुशलपूर्वक आफ्नो यात्रा समाप्त गर्नेछन् ॥११३॥ रजस्वला स्त्रीहरूले शुद्धिको दिनदेखि लिएर सोह्र दिनसम्म नियमपूर्वक यस काव्यलाई सुने भने तिनले असल छोरा जन्माउनेछन् ।

यस प्राचीन इतिहासको पूजा गर्नाले र पढनाले मानिसको सबै पाप छुट्तछ र दीर्घायुसमेत पाइन्छ । क्षत्रियहरूले नम्रता र प्रणामपूर्वक ब्राह्मणहरूको मुखबाट यस इतिहासलाई सुन्ने गरे भने तिनलाई अवश्यै ऐश्वर्य्य र पुत्रप्राप्ति हुनेछ । समस्त रामायण सुन्ने र पढ्ने मानिसमाथि रामचन्द्रजी सदा प्रसन्न रहनुहुन्छ, उहाँ प्रसन्न रहनाले ठूलो फाइदा छ कारण उहाँ सनातन, विष्णु, आदिदेव, हरि र साक्षात् नारायण नै हुनुहुन्छ ॥११४-११७॥ हे मनुष्यहो ! यस प्राचीन इतिहासको राम्रोसँग श्रद्धापूर्वक वर्णन गर्ने गर, यसो गर्नाले तिम्रो कल्याण हुनेछ र विष्णुको बल बढनेछ ॥११८॥ यस रामायणको श्रवण गर्नाले अथवा पढ्नाले सबै देवताहरू प्रसन्न रहनेछन् र पितृहरूसमेत आनन्द मान्नेछन् ॥११९॥ रामचन्द्रमाथि भक्ति राखेर जो ऋषिले बनाएको यस काव्यलाई लेख्नेछन् तिनले स्वर्गमा वास पाउनेछन् ॥१२०॥ गहिरो अर्थ भएको यस श्रेष्ठ काव्यलाई सुन्नाले मानिसहरूको कुटुम्ब वृद्धि र धन धान्य वृद्धि हुनेछ, तरुणी स्वास्नी भेट्टाएर तिनले अत्युत्तम सुख भोग गर्न पाउनेछन् र यस पृथ्वीतलमा आफूले चिताएको जम्मै कुरा पुग्नेछ ॥१२१॥ यस शुभ काव्यको श्रवण गर्नाले आयु बढ्छ, शरीर नीरोग रहन्छ, आफ्नो यश चारैतिर फैलिन्छ, दाजु-भाइको परस्पर प्रेम स्थिर भइरहन्छ र बुद्धि पनि बढ्दै आउँछ अतएव आफ्नो कल्याण होस् भनेर चाहना गर्ने सज्जनहरूले तेज बढाउने यस काव्यको अवश्यै नित्य पाठ गर्ने गर्नुपर्दछ ॥१२२॥

युद्धकाण्ड समाप्त

श्रीमद्वाल्मीकीय रामायण

उत्तरकाण्ड—७

सर्ग—१

ऋषिहरूद्वारा इन्द्रजित्को प्रशंसा।

राक्षसहरूको वध गरेर रामचन्द्रजी राजगद्दीमा बसेपछि समस्त मुनिजनहरू प्रभुको वैभवको वर्णन गर्न भनी उनीनेर आए ॥१॥ पूर्व दिशामा रहने कौशिक, यवक्रीत, गार्ग्य, गालव, मेधातिथिका छोरा कण्व यी सबै पूर्व दिशाबाट आए ॥२॥ कल्याणकारी आत्रेय, भगवान् नमुचि, प्रमुचि, अगस्त्य, अत्रि, सुमुख, विमुख यी सबै भगवान् अगस्त्यलाई अघि लगाएर दक्षिण दिशाबाट आए। नृषंगु, कवषी, धौम्य, कौषेय यी सब आफ्ना शिष्यहरूको साथमा पश्चिम दिशाबाट आए। वशिष्ठ, कश्यप, अत्रि, विश्वामित्र, गौतम, जमदग्नि, भरद्वाज, उत्तर दिशामा सदा वास गर्ने यी सातै ऋषिहरू पनि आए ॥३-६॥ अग्निसमानको तेज भएका यी महात्माहरू रामचन्द्रको महलको ढोकामा आएर उपस्थित भए र आफू आएको खबर रामकहाँ पठाई त्यहीं अडिरहे ॥७॥ यी सबै जना वेद वेदाङ्गका ज्ञाता र अनेक शास्त्रका जानिफकार थिए। यिनीहरूमध्ये मुनिश्रेष्ठ धर्मात्मा अगस्त्यले ढोकेलाई भने ॥८॥ दशरथपुत्र रामचन्द्रलाई हामी ऋषिहरू ढोकामा आइराखेका छौं भनेर निवेदन गरिदेऊ। अगस्त्यले भन्नासाथ ढोकेले पनि झट्टै महात्मा रामनेर गई विन्ति गरिहाल्यो।

नीतिको कुरा जान्ने यो ढोके मालिकको इशाराबाट उनको मनभित्रको अभिप्राय बुझ्न सक्तथ्यो, असल चाल चलन भएको, बडो होशियार र धैर्य्यवान् पनि थियो ॥९-१०॥ पूर्ण चन्द्रमाको जस्तो प्रकाश भएका रामचन्द्रको दर्शन गरेर यसले ऋषिश्रेष्ठ अगस्त्य ढोकामा आएको खबर निवेदन गर्‍यो ॥११॥

बिहानीपखको सूर्यको जस्तो तेज भएका ऋषिहरू आएका छन् भन्ने खबर पाउनासाथ रामचन्द्रले ढोकेलाई आदरपूर्वक उहाँहरूलाई भित्र लिएर आउनू भन्ने आज्ञा दिनुभयो ॥१२॥

मुनिहरूलाई आफ्नो सामुन्ने आएको देखेपछि रामचन्द्र हात जोरेर उभिनुभयो र अर्घ्य पाद्यले आदरपूर्वक उहाँहरूको पूजा गरी प्रत्येकलाई गोदान दिनुभयो ॥१३॥ विनयी रामले प्रणाम गरेर उहाँ सबैलाई बस्ने ठाउँ दिनुभयो। यी आसनमा विचित्र किसिमको सुनको कालिगढी थियो र यी निक्कै ठूला तथा श्रेष्ठ पनि थिए। यिनीहरूमाथि पहिले कुशासन ओच्छयाएर त्यसमाथि मृगचर्म राखेको

थियो । यस किसिमको आफ्नो आफ्नो आसनमा बसिसकेपछि रामचन्द्रले शिष्यहरूलाई साथमा लिएर आएका ऋषिहरूसंग उहाँहरूको क्षेमकुशल सोध्नुभयो । वेदज्ञ महर्षिहरू पनि रामचन्द्रलाई भन्नलागे— हे महाबाहो रामचन्द्र ! हामी सबै तरहबाट कुशलपूर्वक रहेका छौं ।।१४-१६।। आफ्ना शत्रुहरूलाई मारेर तपाईंलाई कुशलपूर्वक रहेको देख्ता हामीलाई बडो आनन्द लागिरहेको छ । हे राम ! समस्त संसारलाई दुःख दिने रावणको तपाईंको हातबाट वध हुनु बडो भाग्यको कुरा हो ।।१७।। छोरा नातिसहित रावणलाई मार्नु तपाईंका लागि ठूलो कुरा होइन, किनकि, धनुको सहायताले तपाईं निस्सन्देह तीनै लोकलाई पनि जित्न सक्नुहुन्छ ।।१८।। हे रामचन्द्र ! छोरा नातिसहित रावणको तपाईंका हातबाट वध हुनु बडो खुशीयालीको कुरा भयो । हे धर्मात्मा राम ! सीता, हितकारी लक्ष्मण, माता तथा अरू भाइहरूको साथमा विजयी तपाईंको आज दर्शन पाउनु हाम्रो ठूलो भाग्य हो ।।१९-२०।। प्रहस्त, विकट, विरूपाक्ष, महोदर, अकम्पन, दुर्धर्ष आदि राक्षसहरू जो तपाईंद्वारा मारिए सो बहुत बेश भयो ।।२१।। कुम्भकर्ण यस्तो ठूलो शरीर भएको थियो कि तौलमा यो भन्दा बढ्ता यस जगत्मा अरू कोही छंदै थिएन, यस्ताको समेत हे राम ! रणभूमिमा वध हुनु ठूलो भाग्य हो ।।२२।। त्रिशिरा, अतिकाय, देवान्तक, नरान्तक, यी सबै पनि बडा बलिया राक्षस थिए, तपाईंद्वारा यिनीहरूको वध हुनु हाम्रो सौभाग्य हो ।।२३।। राक्षसराज रावणलाई ता देवताहरूले समेत मार्न सकेका थिएनन्, यस्तासंग पनि द्वन्द्वयुद्ध गरेर तपाईं विजयी हुनुभयो, यो बडो आनन्दको कुरा हो ।।२४।। संग्राममा रावणलाई हराउनु ता गाह्रो कुरा होइन तर इन्द्रजित्लाई मार्न सक्नु ता सांच्चिकै गाह्रो कुरा हो । द्वन्द्व-युद्ध गर्दा गर्दैमा तपाईंको हातबाट यसको वध हुनु बडो सौभाग्यको कुरा हो ।।२५।। काल जस्तै भएर शत्रुमाथि आक्रमण गर्ने त्यस देवशत्रुको अस्त्रबन्धनबाट मुक्त भई विजय पाउनु बडो खुशीयाली-को कुरा हो ।।२६।। हे राम ! इन्द्रजित्को वध भएको सुन्दा हामी सबैलाई बडो आनन्द लागिरहेको छ, किनकि यो युद्धमा बडो छल कपट गर्दथ्यो र कुनै प्राणीले पनि यसलाई मार्न सक्तैनथे ।।२७।। इन्द्रजित् मारिएको सुन्दा हामी सबैलाई बडो अचम्म लागिरहेको छ । हे वीर ! हे शत्रुको विनाश पार्ने राम ! यस प्रकारसंग राक्षसकुललाई निर्मूल पारेर जगत्लाई शान्तिदायक, परमपुण्य अभय दक्षिणा दिनुभएकोले, विजयद्वारा तपाईंको प्रतिष्ठा बढेको देख्ता, हामी सबैलाई बडो सन्तोष भइरहेको छ ।।२८।।

ब्रह्मज्ञानले सम्पन्न भएका ऋषिहरूको यो कुरा सुन्दा रामचन्द्रलाई बडो आश्चर्य्य लाग्यो र उहाँ हात जोरेर भन्नलाग्नुभयो ।।२९।। हे भगवन् ! महापराक्रमी कुम्भकर्ण र रावणको प्रशंसा नगरेर तपाईंले किन मेघनादको यस्तो तारीफ गरेको ? ।।३०।। महोदर, प्रहस्त, विरूपाक्ष, दुर्धर्ष, मत्त, उन्मत्त, देवान्तक, नरान्तक इत्यादि महावीर राक्षसहरूलाई छाडेर तपाईंहरूले किन मेघनादको यस्तो प्रशंसा गरेको ? ।।३१।। अतिकाय, त्रिशिरा र धूम्राक्ष यी शूरा राक्षसहरूको तारीफ नगरेर किन इन्द्रजित्को मात्र तारीफ गर्नुभएको ? ।।३२।। यसको प्रभाव कस्तो थियो ? यो कत्तिको बलियो र पराक्रमी

थियो ? के कारणले तपाईंहरूले यसलाई रावणभन्दा बढ्ता संझेको हो ? यदि यी कुरा गोप्य छैनन् र मैले सुन्ने योग्यका छन् भने कृपा गरी मलाई भन्नोस् । मैले तपाईंहरूलाई आज्ञा ता दिएको होइन केवल प्रार्थना गरेको हुँ ॥३३-३४॥ इन्द्रलाई समेत यसले कसरी जित्यो, कसरी वर भेट्टायो, छोरा कसरी यस्तो बलियो हुन गयो तर बाबु ता हुन सकेन ॥३५॥

युद्धमा-त्यसले के कारणले बाबुको भन्दा बढ्ता पराक्रम देखाउन सकेको हो ? यो राक्षस कसरी इन्द्रविजयी हुन सक्यो ? वर यसले कसरी भेट्टायो ? हे मुनीन्द्र ! मैले सोधेका यी सबै कुराको आज मलाई उत्तर दिनुहोस् ॥३६॥

सर्ग—२

रावणहरूको उत्पत्ति वर्णन ।

महात्मा रामचन्द्रका यी कुरा सुनेपछि घडाबाट उत्पन्न भएका महातेजस्वी अगस्त्यजी उहाँलाई भन्न-लागे ॥१॥ हे रामचन्द्र ! सुन, कसरी रावणको छोराले शत्रुहरूको संहार पार्‍यो, कसरी यो शत्रुको हातबाट नमारिने भयो र के कारणले यसमा यस्तो तेज, बल आएको हो सो सब म भन्दछु ॥२॥ हे राम ! पहिले म रावणको कुल, यसको जन्म तथा यसको वर-प्राप्तिको वृत्तान्त भन्दछु ॥३॥

हे राम ! सत्ययुगमा पुलस्त्य नाम गरेका प्रजापतिका एक छोरा थिए । यी ब्रह्मर्षि पुलस्त्य आफ्नो तपस्याको प्रभावले गर्दा साक्षात् पितामह ब्रह्मासमानका थिए ॥४॥ धर्मसम्बन्धी तथा शीलसम्बन्धी यिनका गुणको वर्णन गरी साध्य छैन, यिनको बारेमा केवल यति मात्र भन्न सकिन्छ कि यिनी साक्षात् ब्रह्माका छोरा हुन् ॥५॥ ब्रह्माका छोरा हुनाले यी महाबुद्धिमान् पुलस्त्यजी देवताहरूको खुब मन परेका थिए र आफ्नो उत्तम गुणले गर्दा सबै लोकमा पूज्य पनि भएका थिए ॥६॥ मुनिश्रेष्ठ तपस्या गर्नाको निम्ति मेरु पर्वतको नगीच तृणविन्दुको आश्रममा गएर रहनलागे ॥७॥ यी धर्मात्मा मुनिले त्यहाँ गएपछि इन्द्रियहरूलाई आफ्नो अधीनमा गराई वेदाध्ययन तथा तपस्या गर्न थाले तर कन्याहरू भने आश्रममा आएर यिनको तपस्यामा विघ्न पार्नलागे ॥८॥ ऋषिकन्या, नागकन्या, राजर्षिकन्या तथा अप्सराहरू विहार गर्दै प्रतिदिन यस आश्रममा आउन थाले ॥९॥

यो आश्रम समस्त ऋतुमा विहार गर्न सुहाउने ठाउँ थियो र खूब रमाइलो पनि थियो, यसै कारण कन्याहरू रोज रोज त्यहां गएर खेल कूद गर्नलागे ॥१०॥ जुन स्थानमा ब्राह्मण पुलस्त्य रहन्थे त्यो स्थान बडो रमाइलो थियो अतएव यी कन्याहरू पनि यहाँ आएर गाना गाउन, बाजा बजाउन र किसिम किसिमको नाच गर्नलागे ॥११॥ यस प्रकारसंग यी शुद्धचरित्रका कन्याहरू यी तपस्वीको तपस्यामा विघ्न पार्नलागे । आफ्नो तपस्यामा विघ्न पर्नलागेको देखेपछि एक दिन यी तपस्वी ऋषिले झोक्किएर यस्तो श्राप दिए ॥१२॥ "जो कन्या मेरो नजरको सामुन्ने पर्नेछन् ती उत्तिखेरै गर्भधारण गरिहाल्नेछन्" महात्मा मुनिको यो कुरा सुनेपछि ब्रह्मश्रापको डरले यी कन्याहरूले तहाँ आवतजावत

गर्न छाडिदिए तर तृणविन्दुकी छोरीले ता यो कुरा सुनेकी थिइनन् तसर्थ निर्भय भई आश्रममा गएर डुलफिर गर्नलागिन् तर आफ्ना कुनै सखीलाई भने यहां आएको देखिनन् ॥१३–१५॥

यस समयमा प्रजापतिका छोरा महातेजस्वी महर्षि पुलस्त्यजी तपस्याको प्रभावले स्वयं प्रकाशमान भई वेदको अध्ययन गरिरहेका थिए ॥१६॥ वेदमन्त्रको ध्वनि सुन्नासाथ र तपस्वी मुनिमाथि नजर पर्नासाथ ती कन्याको शरीर पहेंलो भइगो र यिनमा गर्भका चिह्न देखिनलागे ॥१७॥ आफ्नो दोषले गर्दा यो दुर्दशा भएको देख्ता यिनी बहुतै व्याकुल भइन् तर आफ्नो शरीरको अवस्था थाहा पाएकोले पिताको आश्रममा आएर बसिन् ॥१८॥

आफ्नो छोरीको यो अवस्था भएको देख्ता तृणविन्दुले सोधे—कसरी तिम्रो शरीरको यस्तो दशा हुन गयो ? यो काम ता तिम्रो कुललाई सुहाउने किसिमको होइन ॥१९॥ यी बिचरी कन्या हात जोरेर मायालाग्दो गरी तपस्वी पितालाई भन्नलागिन्——हे पिताजी ! के कारणले मेरो यस्तो रूप हुन गएको हो सो मलाई थाहा छैन तर आफ्नो यो दुर्दशा हुनुभन्दा अघि म विशुद्धात्मा महर्षि पुलस्त्यको आश्रममा एक्लै आफ्ना संगिनीहरूलाई खोज्न गएथें ॥२०–२१॥ तर मैले आफ्ना कुनै सखीलाई पनि त्यहाँ आइराखेको देखिन । आफ्नो रूप बदलिएको देख्नासाथ डराएर यहाँ आइहालें ॥२२॥

तपस्याको प्रभावले युक्त भएका राजर्षि तृणविन्दुले ध्यान गरेर हेर्दा महर्षि पुलस्त्यले गर्दा यो अवस्था भएको रहेछ भन्ने थाहा पाए ॥२३॥ ब्रह्मचिन्तनमा लागेका महर्षिको श्रापले गर्दा यस्तो हुन गएको हो भन्ने थाहा पाएपछि राजर्षि छोरीलाई साथमा लिई मुनिको आश्रममा गएर उनलाई भन्नलागे ॥२४॥ हे भगवन् ! आफ्नै गुणले भूषित भएकी मेरी यो छोरी स्वयं भिक्षारूपमा तपाईंकहां आइराखेकी छ तसर्थ यसलाई ग्रहण गर्नोस् ॥२५॥ तपस्या गर्दा गर्दा जब तपाईंका इन्द्रियहरू थकित हुनेछन् त्यस बखतमा यसले तपाईंको सेवा टहल गर्नेछ, यसमा सन्देह मान्नुपर्ने कुरा केही छैन ॥२६॥

धर्मात्मा राजर्षि तृणविन्दुले यसो भनेको सुन्दा महर्षि पुलस्त्यले कन्यालाई ग्रहण गर्ने इच्छाले "हुन्छ" भन्ने जवाफ दिए ॥२७॥ मुनिको हातमा कन्यालाई समर्पण गरिसकेपछि राजा आफ्नो आश्रममा फर्केर आए । कन्या मुनिको आश्रममा रहन र आफ्ना गुणले पतिलाई सन्तुष्ट पार्नलागिन् ॥२८॥ कन्याको शील र चरित्रले मुनिजी सन्तुष्ट भए र एक दिन प्रसन्न भएर यी महातेजस्वीले यसो भने ॥२९॥ हे सुन्दरी ! म तिम्रो गुणदेखि अतिशय प्रसन्न छु अतएव आज म तिमीलाई आफूसमानको छोरो दिन्छु । पिता माता दुवै थरीका वंशको प्रतिष्ठा बढाउने यो छोरो पौलस्त्यको नामले प्रसिद्ध हुनेछ ॥३०॥ मैले अध्ययन गर्दाखेरि वेदमन्त्रको ध्वनि सुनेर तिमीले गर्भ धारण गरेकी हुनाले यस बालकको नाम विश्रवा हुनेछ, यसमा केही संशय छैन ॥३१॥

मुनिका यस्ता कुरा सुन्दा देवी बहुतै प्रसन्न भइन् र केही दिनपछि विश्रवा नाम गरेको छोरो जन्माइन् । यो छोरो यशस्वी र धर्मात्मा भएर तीनै लोकमा प्रसिद्ध भयो ॥३२॥

श्रुतिज्ञानसम्पन्न विश्रवा सब कुरामा समदर्शी भए र सदा सर्वदा व्रताचारमा तत्पर भई पितासमानको तपस्या गर्नलागे ॥२३॥

सर्ग—३

रावणका पिता विश्रवाको तप, यिनको विवाह र कुवेरको उत्पत्ति ।

पुलस्त्यका छोरा मुनिश्रेष्ठ विश्रवा अलि दिनमा नै बाबुले गरे जस्तो तपस्या गर्नलागे ॥१॥ सत्यवादी, शीलवान् , इन्द्रियलाई आफ्नो वशमा गराएका, सदा वेदाध्ययनमा लागिरहने, पवित्र, सबै भोग विलासबाट चित्त हटाएका यी मुनि सधैं धर्मकर्ममा लागिरहन्थे ॥२॥ महामुनि भरद्वाजलाई विश्रवाको यस्तो चरित्र थाहा भएपछि यिनले देववर्णिनी नाम गरेकी आफ्नी छोरीको यिनीसित विवाह गरिदिए ॥३॥ भरद्वाज मुनिकी छोरीसँग धर्मपूर्वक बिहे भएपछि यिनी शुभाशुभ हेर्न सक्ने आफ्नो बुद्धिद्वारा प्रजाको कसरी कल्याण हुने हो भनेर विचार गर्नलागे । छोरो जन्माएर प्रजाको कल्याण गरौं भनेर नै यिनले भरद्वाजकी छोरीसित विवाह गरेको हो ॥४॥ मुनिश्रेष्ठ धर्मात्मा विश्रवाले वडो प्रसन्न भएर ब्राह्मणका सबै गुणले युक्त भएको एउटा वडो अद्भुत र पराक्रमी छोरो आफ्नी स्वास्नीबाट जन्माए । यो छोरो जन्मेकोमा पितामह अर्थात् पुलस्त्यजी बहुतै खुशी भए ॥५-६॥ यस बालकमा कल्याणकारिणी बुद्धि भएको देख्ता यिनले यो परिणाममा धनाध्यक्ष हुनेछ भने र देवता तथा ऋषिहरूको साथसाथै यसको नामकरण पनि गरिदिए ॥७॥ विश्रवाबाट उत्पन्न भएको तथा उनै समानको हुनाले यो वैश्रवणको नामले प्रसिद्ध हुनेछ पनि भनेका थिए ॥८॥

यी वैश्रवण तपोवनमा रहेर, हवन गरिएको महातेजिलो आगोझैं बढ्नलागे ॥९॥ यहाँ आश्रममा बस्ता बस्तैमा यी महात्माको हृदयमा तपस्या गर्ने विचार उत्पन्न हुन गयो, हुन पनि तपस्या नै सबैको प्रधान कर्तव्य हो ॥१०॥ यस वनमा एक हजार वर्षसम्म तप गर्ने निश्चय गरेर यिनले कडा कडा नियमले आफ्नो शरीरलाई जकड्याएर ठूलो तपस्या गर्नलागे ॥११॥ हजार वर्ष पुग्ने लागेको बेलामा यिनले जलाहार, वाताहार तथा निराहार अनेक विधिले आफ्नो तपस्या पूरा गरे । यस प्रकारसँग हजार वर्ष पूरा भयो, तर मुनिलाई भने यो हजार वर्ष एक वर्ष जस्तै लाग्यो ॥१२॥ यिनको तपस्याले तेजस्वी ब्रह्मा बहुतै खुशी भए र इन्द्र आदि गरिएका देवताहरूको साथमा आश्रममा गई उनलाई यस प्रकारसँग भन्नलागे ॥१३॥ ए बाबु ! तिम्रो यो काम देख्ता म बहुतै प्रसन्न भएको छु, हे सुव्रत ! तिमी बुद्धिमान् र वर पाउने योग्यका छौ, तसर्थ वर माग, तिम्रो कल्याण हुनेछ॥१४॥ यसपछि वैश्रवणले त्यहाँ आइराखेका ब्रह्मालाई भने—हे भगवन् ! म लोकपाल हुन चाहन्छु, लोकरक्षा गर्ने मेरो इच्छा छ॥१५॥

ब्रह्माजी सबै देवताहरूको सामुन्नेमा प्रसन्न चित्तले वैश्रवणको प्रार्थना सहर्ष स्वीकार गरी भन्नलाग्नुभयो ॥१६॥ म चौथो लोकपालको पद सृजना गर्न खोजिरहेको छु, यम, इन्द्र र वरुण यी तीनमा तिम्रो चौथो स्थान हुनेछ अर्थात् तिमी चौथो लोकपाल हुने भयौ, यी चारमा यदि तिम्रो धनाध्यक्ष

बन्ने इच्छा छ भने, हे धर्मज्ञ, त्यै पद ग्रहण गर ॥१७-१८॥ सूर्यको जस्तो चहक भएको, पुष्पक नाम गरेको, यो विमान आफ्नो सवारीको निम्ति लेऊ, अब तिमी देवता जस्तै बन ॥१९॥ ए बाबु ! तिमीलाई यी दोटा वर दिन पाएकोले हामी कृतकृत्य भयौं, अब आफ्नो आफ्नो स्थानमा जान्छौं, तिम्रो कल्याण होस् ॥२०॥ यति भनेपछि ब्रह्माजी देवताहरूलाई साथमा लिई आफ्नो स्थानमा फर्केर आए ।

ब्रह्मा आदि गरिएका देवताहरू आकाश मण्डलतिर लागेपछि धनेश विनयपूर्वक हात जोरेर आफ्ना पितालाई भन्नलागे—हे भगवन् ! मैले पितामह ब्रह्माजीबाट आफूले इच्छा गरेको वर ता पाएँ तर उहाँले मैले बस्ने ठाउँको व्यवस्था गर्नुभएन, तसर्थ हे भगवन् प्रभो ! मेरो निमित्त कुनै असल वासस्थान खोजिदिनोस्, जहाँ बस्नाले कि मबाट कुनै प्राणीलाई कुनै तरहको कष्ट नहोस् ॥२१-२३॥ छोरोको मुखबाट यो कुरा सुनेपछि मुनिश्रेष्ठ विश्रवा भन्नलागे—हे धर्मज्ञ ! सुन, दक्षिण समुद्रको तीरमा त्रिकूट नाम गरेको एउटा पर्वत छ, यसको शिखरमा इन्द्रको नगरी जस्तै एउटा विशाल शहर रहेको छ ॥२४-२५॥ विश्वकर्माबाट बनेको यस रमणीय शहरको नाम लंका हो, जसरी इन्द्रको निम्ति अमरावती बनेको हो त्यसै गरी राक्षसहरूको निम्ति यो बनेको छ ॥२६॥ तिमी यै लङ्कामा गएर बस, अवश्यै तिम्रो कल्याण हुनेछ । यसको चारैतिर खाल्डो खनिराखेको छ, सुनको पर्खालले बेह्रिएको छ, यन्त्र तथा शस्त्र यहाँ भरिभराउ छन् ॥२७॥ यो शहर बडो रमाइलो छ, सुन र पन्ना जडिएका यसका फाटक छन् । विष्णुको डरले थर्कायमान भई राक्षसहरू यो शहर छाडेर भागेका छन् ॥२८॥ राक्षस अब त्यहाँ बिलकुलै छैनन्, यी सब पातालमा गइराखेका छन्, यस समयमा लङ्का विनामालिकको सुनसान पडिरहेको छ ॥२९॥ हे छोरा ! सुखसँग बस्नाको निम्ति त्यहाँ जाऊ, त्यहाँको तिम्रो बसाइ निर्दोष हुनेछ, कसैलाई केही विघ्न बाधा पर्नेछैन ॥३०॥

धर्मात्मा कुबेर, पिताका मुखबाट यो धर्मयुक्त कुरा सुनेपछि पर्वतको टाकुरामा रहेको लङ्कापुरीमा वास गर्नलागे ॥३१॥ वैश्रवणको आज्ञाले अलि दिनमा नै हजारौं राक्षस प्रसन्नतासाथ त्यहाँ आएर रहनलागे ॥३२॥ चारैतिरबाट समुद्रले बेह्रिराखेको यस लङ्का नगरीमा विश्रवाका छोरा धर्मात्मा वैश्रवण यस प्रकारसँग राक्षसराज बनेर रहनलागे ॥३३॥ कहिलेकहीं धर्मात्मा धनेश्वर पुष्पक विमानमा चढी विनयपूर्वक आफ्ना आमा-बाबुकहाँ आवत-जावत गर्दथे ॥३४॥ देवता, गन्धर्वहरू यिनको स्तुति गर्दथे, अप्सराहरूको यिनी कहाँ नाच हुन्थ्यो । किरणको माला पहिरेका सूर्य जत्तिकै प्रकाशमान भएर कुबेरजी आफ्ना आमा-बाबुकहाँ आउने जाने गर्दथे ॥३५॥

सर्ग—४

आदिकालदेखिको राक्षसहरूको उत्पत्ति ।

अगस्त्यका यी कुरा सुन्दा रामचन्द्रलाई बडो आश्चर्य लाग्यो र कुबेरको आगमन हुनुभन्दा अघि कताबाट राक्षसहरू यहाँ आए होलान् भनी विचार गर्नलागनुभयो ॥१॥ यसपछि रामचन्द्रजी

टाउको हल्लाएर, तीन थरीको आगो जत्तिकै तेज भएको, अगस्त्यको शरीरतिर वारंवार हेर्दै मुसुक्क हाँसेर सोध्नलाग्नुभयो ॥२॥ हे भगवन्! पहिले पनि यो लङ्का राक्षसहरूको वासस्थान हो भन्ने कुरा तपाईंको मुखबाट सुन्दा मलाई बडो आश्चर्य्य लागिराखेको छ ॥३॥ पुलस्त्यवंशमा राक्षसहरूको उत्पत्ति भएको हो भन्ने पो हामीले सुनेका थियौं तर तपाईंले ता अहिले यिनीहरूको अर्कैबाट उत्पत्ति भएको भन्नुभयो ॥४॥ रावण, कुम्भकर्ण, प्रहस्त, विकट तथा रावणका छोराभन्दा पनि के ती राक्षसहरू बलिया थिए त ? ॥५॥ हे ब्रह्मन्! यी सबैको मूलपुरुष को रहेछ, यो कत्तिको बलियो थियो, विष्णुले कुन अपराधमा र कसरी राक्षसहरूलाई लंकाबाट धपाएको हो, यी सबै कुरा विस्तारपूर्वक वर्णन गरेर सुनाउनोस्। हे ब्रह्मर्षे! जसरी सूर्यले अन्धकारलाई हटाइदिन्छन् त्यसै गरी तपाईं पनि मेरो यो सन्देह दूर गरिदिनोस् ॥६-७॥

रामचन्द्रका यी शुद्ध र अहङ्कार युक्त वचन सुन्दा अगस्त्यजी छक्क मानेर उनलाई भन्नलागे ॥८॥ जलबाट उत्पन्न भएका ब्रह्माले पहिले जलको सृष्टि गरे, जलको रक्षाका लागि कमलबाट निस्केका ब्रह्माले अनेक किसिमका प्राणीको सृजना गरे ॥९॥

भोक, प्यास र डरले पीडित भएका यी सबै प्राणीहरूले सृष्टि उत्पन्न गर्ने ब्रह्माछेउ गई बडो नम्रतासाथ अब हामीले के गर्ने हो ? भनी सोधे ॥१०॥ प्रजापति ब्रह्माले हाँस्तै ती सबै प्राणीलाई बोलाएर भन्नुभो—हे प्राणीहो! तिमीहरू यत्नपूर्वक मनुष्यको रक्षा गर्ने गर ॥११॥ ब्रह्माको यो आज्ञा सुनेपछि भोकाएका र नभोकाएका यिनीहरूमा कसैले "रक्षामः" (हामी रक्षा गर्नेछौं) र कसैले "यक्षामः" (पूजा गर्ने छौं) भनी जवाफ दिए।

यिनीहरूको यस किसिमको भनाइ सुनेपछि ब्रह्माजीले भन्नुभयो—तिमीहरूमा जस जसले रक्षामः भनेका छौ ती राक्षस होऊ र जसले यक्षामः भनेका छन् ती यक्ष होऊन्।

तिनीहरूमा हेति र प्रहेति नाम गरेका दोटा राक्षस, राक्षसहरूका राजै जस्ता थिए। यी दुवै भाइ मधु, कैटभझैं शत्रुको विनाश पार्ने भएर निस्के ॥१२-१४॥ प्रहेति धार्मिक थियो अतः यो तपोवनतिर लाग्यो तर हेति भने आफ्नो विवाहका लागि खूब कोशिश गर्नलाग्यो ॥१५॥ अमेयात्मा, महाबुद्धिमान् हेतिले स्वयं यमराजनेर गई उनीसित प्रार्थना गरेर माया नाम गरेकी बडी डरलाग्दी यिनकी छोरीसँग विवाह गऱ्यो ॥१६॥ राक्षसश्रेष्ठ हेतिले यस कन्याबाट विद्युत्केश नाम गरेको प्रसिद्ध छोरो जन्मायो, यै छोराले गर्दा हेति पुत्रवान्हरूमा सर्वश्रेष्ठ भएको हो ॥१७॥ मध्याह्न कालको सूर्यको जस्तो तेज भएको हेतिको छोरो विद्युत्केश, जलमा कमल बढेझैं, बढ्नलाग्यो ॥१८॥ यो विद्युत्केश राम्रो पट्ठो भएपछि यसको बाबु छोराको विवाह गर्ने प्रयत्न गर्नलाग्यो ॥१९॥ राक्षसश्रेष्ठ हेति आफ्नो छोराको निम्ति सन्ध्याकी छोरी माग्न गयो जो कि प्रभावमा सन्ध्या जत्तिकै थिई ॥२०॥ छोरी एउटा न एउटालाई दिनैपर्दछ भन्ने विचार गरेर सन्ध्याले पनि विद्युत्केशलाई आफ्नो छोरी दिइहाली ॥२१॥ जसरी इन्द्र पौलोमीको साथमा विहार गर्दछन् त्यसै गरी निशाचर विद्युत्केश पनि सन्ध्याकी छोरी बिहे गरेर

उसंग विहार गर्नलाग्यो ॥२२॥ जसरी बादलको समूहले समुद्रबाट गर्भधारण गर्दछ त्यसै गरी सालकटङ्कटा नाम गरेकी सन्ध्याकी यस छोरीले पनि विद्युत्केशबाट गर्भ धारण गरी ॥२३॥ जसरी गङ्गाले अग्निद्वारा उत्पन्न भएको महादेवजीको गर्भ त्याग गरिथिन् त्यसै गरी यस राक्षसीले पनि मन्दर पर्वतमा गएर बादलको जस्तो प्रभाव भएको छोरो जन्माई । छोरो जन्माइसकेपछि यो सन्ध्यापुत्री विद्युत्केशसंग रति गर्ने इच्छाले, छोरोलाई त्यहीं छाडी, पतिकहाँ आएर विहार गर्नलागी । यसले छाडेर आएको त्यो बालक त्यहाँ मेघको जस्तो शब्द गर्नलाग्यो ॥२४-२५॥

शरत्ऋतुको सूर्यको जस्तो कान्ति भएको यो छोरो आमा-बाबुबाट त्याग गरिएको हुनाले मुखभित्र औंला हालेर बिस्तारै बिस्तारै रुनलाग्यो ॥२६॥ यै मौकामा साँढेमा सवार भएका, पार्वतीलाई संग लिएर वायुमार्गद्वारा कतै जानलागेका, महादेवजीले यो रोएको आवाज सुने ॥२७॥ रुनलागेको यस राक्षसपुत्रमाथि महादेव पार्वती दुवैको नजर पर्न गयो । पार्वतीको मनमा दया उठेकोले महादेवले यस राक्षसपुत्रको उमेर आमाको उमेर जत्तिकै गरिदिए र यसलाई अमर पनि बनाइदिए। अविनाशी महादेवले पार्वतीलाई खुशी गराउनाको निम्ति यसलाई आकाशगामी एउटा शहर पनि दिए । हे राजपुत्र ! पार्वतीले पनि यस समयमा राक्षसीहरूलाई यस्तो वर दिनुभएथ्यो—राक्षसीहरू पतिसंग संयोग हुनासाथ गर्भधारण गर्नेछन्, चाँडै नै सुत्केरी हुनेछन् र यिनीहरूबाट जन्मेको बालक जन्मनासाथ आमाको उमेर बराबरको हुनेछ ॥२८–३१

सुकेश नाम गरेको यी राक्षसपुत्र यस्तो वर पाएकोले बडो घमण्डी भएर निस्क्यो; प्रभु महादेवबाट ऐश्वर्य र आकाशगामी सहर भेट्टाएकोले यो बुद्धिमान् राक्षस इन्द्रझैं सर्वत्र डुल-फिर गर्नलाग्यो ॥३२॥

सर्ग—५

सुकेशको वंशावली ।

सूर्यसमानको प्रभावशाली ग्रामणी नाम गरेको गन्धर्वले, राक्षस सुकेशलाई धार्मिक तथा वर पाएको देखेर, दोस्री लक्ष्मीसमानकी सुन्दरी, तीनै लोकमा रूप यौवनका लागि प्रसिद्ध भएकी, देववती नाम गरेकी आफ्नी छोरीसंग उसको बिहे गरिदियो । सुकेशलाई छोरी दिएर ग्रामणीले राक्षसहरूलाई लक्ष्मी समर्पण गऱ्यो भने पनि हुन्छ । जसरी निर्धन धन पाउँदाखेरि सन्तुष्ट हुन्छ त्यसै गरी वरदान पाउनाले ऐश्वर्यशाली बनेको प्यारो पति पाउँदा देववती बहुतै खुशी भई । जसरी अञ्जन नाम गरेको दिग्गजबाट उत्पन्न भएको हात्ती हतिनीको साथमा विचरण गर्दा शोभायमान देखिन्छ त्यसै गरी सुकेश राक्षस पनि देववतीको साथमा शोभायमान देखिनलाग्यो । हे रामचन्द्र ! केही कालपछि सुकेशले देववतीको गर्भबाट तीनओटा छोरा जन्मायो, यी छोराहरू यज्ञका गार्हस्पत्य आदि गरिएका तीन अग्निसमानका थिए ॥१–५॥ माल्यवान्, सुमाली र माली नाम गरेका, वलवान्-

हरूमध्येका श्रेष्ठ, महादेवसमानका यी तीन छोरा राक्षसबाट जन्मेका थिए ॥६॥ यिनीहरू तीनै लोकका देखरेख गर्ने ब्रह्मा जत्तिकै निस्फिक्री र अग्निहोत्रको तीनै किसिमको आगो एकै ठाउँमा जम्मा भएको जस्तो देखिन्थे । यी तीनै जना प्रभाव, उत्साह, र मन्त्रशक्तिसमानका उग्र तथा वात, पित्त, कफसम्बन्धी रोग जत्तिकै भयङ्कर थिए ॥७॥ सुकेशका यी तीन छोरा अग्निहोत्रीका तीन थरी आगो जस्तै तेजस्वी थिए, जसरी लापरवाही गर्नाले रोग बढेर जान्छ त्यसै गरी यिनीहरू पनि दिनपर दिन बढ्दै जानलागे ॥८॥ तपस्या गर्नाले पितामाताले वर तथा ऐश्वर्य्य पाएको हो भन्ने थाहा पाएकोले यिनीहरू पनि केही दिनपछि तपस्या गर्ने विचारले मेरु पर्वतमा गए ॥९॥ हे राजश्रेष्ठ ! कठोर नियमको पालना गरेर यी राक्षसहरू सबै प्राणीको मनमा त्रास पार्ने किसिमको उग्र तपस्या गर्नलागे ॥१०॥ सत्यपालन, सरलता तथा समदृष्टिको नियम पालन गरेर यिनीहरू संसारमा अरूबाट हुन नसक्ने किसिमको तपस्या गर्नलागे । यिनीहरूको यस तपस्याले गर्दा तीनै लोकका देवता, असुर र मनुष्यहरूको मनमा त्रास पर्नलाग्यो ॥११॥ यसपछि चतुर्मुख ब्रह्मा उत्तम विमानमा चढेर यिनीहरू भएको ठाउँमा आउनुभयो र म तिमीहरूलाई वर दिन आएको हुँ भनेर सुनाउनुभयो ॥१२॥ इन्द्रादि देवताहरूलाई साथमा लिई स्वयं ब्रह्माजी आफूलाई वर दिन आएको देख्ता यिनीहरू हात जोरेर रूखझैं थरथर काम्दै भन्नलागे ॥१३॥ हे देव ! हाम्रो तपस्यादेखि प्रसन्न भएर हामीलाई वर दिन चाहनु हुन्छ भने हामी तीनै जनामा परस्पर प्रेम रहने, कसैले हामीलाई जित्न नसक्ने, हामीले भने शत्रुको संहार पार्ने र सामर्थ्यवान् भएर हामी अजर, अमर बन्ने वर दिनुहोस् ॥१४॥ यो प्रार्थना सुनेपछि ब्राह्मणहरूमाथि दया गर्ने श्री ब्रह्माजी सुकेशका छोराहरूले इच्छा गरेको वर दिएर ब्रह्मलोकतिर लाग्नुभयो ॥१५॥

हे राम ! यस प्रकारको वरदान पाएकोले अब ता यी राक्षसहरूले मनमा अलिकता पनि डर नमानी देवता र असुरहरूलाई सताउनलागे ॥१६॥ राक्षसहरूद्वारा सताइएका यी देवता, ऋषि तथा चारणहरूले नरकवासी मानिसले झैं आफ्नो उद्धार गर्न सक्ने कोही व्यक्ति पनि देखेनन् ॥१७॥

हे रघुश्रेष्ठ ! केही कालपछि यी राक्षसहरूले शिल्पीहरूमध्येका श्रेष्ठ चिरञ्जीवी विश्वकर्माकहाँ गएर प्रसन्नतापूर्वक भने ॥१८॥ पराक्रमी, तेजस्वी र महाबली देवताहरूको मनमाफिकको घर बनाउने तिमी नै हौ, तसर्थ हे महामते ! हामीहरूका लागि पनि हामीले भने जस्तो घर बनाइदेऊ । हिमालय पर्वत अथवा मेरु पर्वत जहाँ इच्छा लाग्दछ तहीं बनाइदेऊ ॥१९–२०॥ महादेवको जस्तै हाम्रो निम्ति एउटा ठूलो घर बनाइदिनुपर्‍यो ।

यसपछि विश्वकर्माले इन्द्रको अमरावती जस्तै यी राक्षसहरूलाई बस्ने ठाउँ बताए । उनले भने— दक्षिणको तीरमा त्रिकूट नाम गरेको पर्वत छ, यसैनेर सुबेल नाम गरेको अर्को पर्वत छ । यस त्रिकूट पर्वतको माझको टाकुरा बादलसमान देखिन्छ, यहां चराहरूको समेत प्रवेश हुन सक्तैन, यसको चारैतिरको ढुङ्गा ताछेर चिल्लो पारिराखेको छ । यहां तीस योजन गज भएको र सय योजन लामो

लंका नाम गरेको शहर इन्द्रको आज्ञाले मैले बनाइराखेको छ । यस नगरीको चारैतिर सुनै सुनका पर्खाल छ र सुनैको फाटकले यो शोभित भइराखेको छ ।।२१-२५।। हे अजेय राक्षसश्रेष्ठहो ! स्वर्गवासी इन्द्रादि देवताहरूले अमरावतीमा वास गरेझैं तिमीहरू पनि त्यहाँ गएर बस ।।२६।। शत्रुको संहार पार्ने हे राक्षसहो ! लङ्काको किल्लामा अनेक राक्षसहरूलाई साथमा राखेर बस्नलागेपछि शत्रुहरूले तिमीहरूलाई जित्न सक्नेछैनन् ।।२७।।

विश्वकर्माको यो कुरा सुनेपछि हजाराँ सेवकहरूलाई साथमा लिई यी राक्षसहरू त्यस शहरमा गएर रहनलागे ।।२८।। चारैतिर बलियो पर्खाल र खाल्डोले बेह्रिएको, सयकडाँ सुनै सुनका घरले शोभायमान भइराखेको यस लङ्का नगरीमा गएर यी राक्षसहरू प्रसन्नतासाथ रहनलागे ।।२९।। हे राघव ! यिनै ताक नर्मदा नाम गरकी एउटी गन्धर्वी आफ्नै इच्छाले जन्मिराखेकी थिई ।।३०।। ह्री श्री र कीर्तिको जस्तो कान्ति भएका यसका तीनओटी छोरी थिए । यस गन्धर्वीले आफ्ना यी तीनै छोरीको विवाह ज्येष्ठ क्रमले ती तीन राक्षसहरूको साथमा गरिदिई ।।३१।। यस प्रकारसँग प्रसन्नतासाथ गन्धर्वीले पूर्णिमाको चन्द्रमाको जस्तो मुख भएका आफ्नो तीन छोरीको यी तीन राक्षसहरूसंग बिहे गरिदिई ।।३२।। महाभाग गन्धर्वीले उत्तरा फाल्गुनी नक्षत्रमा आफ्ना छोरीहरूको कन्यादान गरेकी हो । जसरी देवताहरू अप्सराहरूको साथमा क्रीडा गर्दछन् त्यसै गरी हे राम ! सुकेशका यी तीन छोरा पनि बिहे गरेर आफ्ना आफ्ना स्वास्नीसंग क्रीडा गर्नलागे । माल्यवान्की स्वास्नीको नाम सुन्दरी थियो, हुन पनि यो सुन्दरी नै थिई ।।३३–३४।। केही दिनपछि माल्यवान्की सुन्दरी नाम गरेकी यस स्वास्नीबाट उत्पन्न भएका सन्तानको नाम सुन—वज्रमुष्टि, विरूपाक्ष, दुर्मुख, सुप्तघ्न, यज्ञकोप, मत्त, उन्मत्त यी सात छोरा र अनला नाम गरेकी एउटी राम्री छोरी पनि यसबाट जन्मी ।।३५–३६।। सुमालीकी प्राणभन्दा पनि प्यारी केतुमती नाम गरेकी स्वास्नी थिई, पूर्णिमाको चन्द्रमाको जस्तै यसको अनुहार परेको थियो ।।३७।। हे महाराज ! सुमाली राक्षसले केतुमतीबाट जन्माएका सन्तानको नाम म क्रमैसंग भन्दछु, सुन्नोस् ।।३८।। प्रहस्त, अकम्पन, विकट, कालिकामुख, धूम्राक्ष, दण्ड, महाबली सुपार्श्व, संह्रादि, प्रघस, भासकर्ण यी दश छोरा र राका, पुष्पोत्कटा, कैकसी र कुम्भीनसी यी चार छोरी सुमालीबाट जन्मेका हुन् ।।३९–४०।। दक्षका छोरीहरूको जस्तो सौन्दर्य्य भएकी वसुदा नाम गरेकी गन्धर्वी मालीकी स्वास्नी थिई, यसका आँखा कमलका पात जस्तै ठूला थिए र अनुहार बडो हिस्सी परेको थियो ।।४१।। सुमालीको भाइ मालीले यस स्वास्नीबाट जो जो सन्तान जन्मायो, हे राम ! म तिनको नाम भन्दछु, सुन्नोस् ।।४२।। अनल, अनिल, हर र सम्पाति यी राक्षस मालीका छोरा हुन् , यिनै चार राक्षस विभीषणका मन्त्री बनेका थिए ।।४३।।

अब ता आफ्नो पराक्रमको घमण्डमा चूर भइराखेका यी तीनै राक्षसहरू आफ्ना सैकडाँ छोराहरूलाई साथमा लिई इन्द्रादि देवता, ऋषि, नाग तथा यक्षहरूलाई खूबै सताउनलागे ।।४४।। यी राक्षसहरू सदा सर्वदा वायुझैं संसारमा भ्रमण गर्नलागे, युद्धमा यिनलाई कसैले जित्न सक्तैनथ्यो, मृत्युको

जस्तै यिनको तेज बडो डरलाग्दो थियो । वर पाउनाले घमण्ड बढिराखेका यिनीहरू सदा सर्वदा यज्ञादि धर्मकर्ममा विघ्न बाधा पार्नलागे ।।४५।।

सर्ग—६

विष्णुसित राक्षसहरूको युद्ध ।

यी राक्षसहरूबाट सताइएका हुनाले देवता, ऋषि, तपस्वी यी सबै डरले थर्कोयमान भई देवाधिदेव महादेवजीको शरण लिन पुगे ।।१।। यी महादेवजी यस जगत्‌को सृष्टि र संहार पनि गर्ने हुन्, यिनी अज (कहिले पनि जन्मनु नपर्ने), अव्यक्तस्वरूप, समस्त लोकका आधार, आराधना गर्नु पर्ने योग्यका र ज्ञानदाता परमगुरु हुन् ।।२।। कामका शत्रु, त्रिपुरलाई दहन गर्ने, त्रिलोचन महादेवजीनेर उपस्थित भई यी सबै देवताहरू हात जोरेर प्रार्थना गर्नलागे । डरले गर्दा यिनीहरूले स्पष्टसँग बोल्न पनि सकेनन् ।।३।। हे प्रजाध्यक्ष भगवन् ! सुकेशका छोराहरू ब्रह्माबाट वरदान पाएकोमा घमण्डले चूर भई शत्रुलाई झैं प्रजाहरूलाई सताउनलागिरहेका छन् ।।४।। हामीहरूले बस्ने गरेको आश्रमलाई, जहाँ अतिथिहरू आश्रय पाउँथे, यिनीहरूले ध्वस्त पारिदिए । स्वर्गबाट देवताहरूलाई निकालेर यिनीहरू स्वयं त्यहाँ देवताहरूले झैं विहार गर्नलागेका छन् ।।५।। हामी नै विष्णु हौं, रुद्र हौं, इन्द्र हौं, हामी नै यम हौं, वरुण हौं, चन्द्र हौं, सूर्य हौं भन्ने समझ लिएर माली सुमाली र माल्यवान् यी राक्षस मात्र हैनन् कि यिनको अघिअघि हिंड्ने अरू राक्षसहरूसमेत युद्धमा बडो उत्साह देखाएर हामीलाई हुनासम्मको कष्ट दिइरहेका छन् ।।६-७।। तसर्थ हे देव ! यी राक्षसहरूले गर्दा भयभीत भइराखेका हामीलाई तपाईंले अभय दान गर्नुपर्‍यो । हे देव ! अब तपाईं रौद्रमूर्ति धारण गरेर यी कण्टकहरूको संहार गरिदिनोस् ।।८।।

देवताहरूको यस प्रकारको प्रार्थना सुनेपछि नीललोहित कपर्दी महादेवजी सुकेशको पक्ष लिएर देवताहरूलाई भन्नलागे ।।९।। हे देवता हो ! म यी राक्षसहरूलाई मार्दिन, कारण यिनीहरू मद्वारा मारिन योग्यका छैनन्, तर जुन उपाय गर्नाले यिनको मृत्यु हुन सक्तछ सो उपाय म तिमीहरूलाई भन्दछु ।।१०।। हे महर्षिहो ! यही उद्योगका लागि तिमीहरू सबै प्रभु विष्णुको शरण पर्न जाओ, उनले अवश्य यिनीहरूको संहार गर्नेछन् ।।११।।

यसपछि राक्षसहरूको भयले दुःखी भएका देवताहरू जय जयकारद्वारा शिवको अभिनन्दन गरेर विष्णुकहाँ पुगे ।।१२।। शङ्ख चक्रधारी विष्णुलाई प्रणाम गरी उहाँलाई खूब सन्मान देखाएर सुकेशका छोराका डरले हडबडाएका यी देवताहरू भन्नलागे ।।१३।। हे देव ! त्रेताग्निसमानको तेज भएका सुकेशका तीन जना छोराले वरदान पाएकाले हामीमाथि आक्रमण गरी हाम्रो सबै स्थान खोसेर लिइसके ।।१४।। त्रिकूट पर्वतको टाकुरामा लङ्का नाम गरेको, कसैले प्रवेश गर्न नसक्ने एउटा शहर बसेको छ, यै शहरमा बसेका यी राक्षसहरू हामी सबैलाई दुःख दिइरहेका छन् ।।१५।। हे मधुसूदन ! हाम्रो कल्याणका लागि तपाईंले यिनीहरूको वध गर्नुपर्‍यो, हामी तपाईंको शरण पर्न आएका छौं, तसर्थ,

हे सुरेश्वर ! हाम्रो रक्षा गर्नोस् ।।१६।। कमलसमानको मुख, चक्रले काटेर यमराजलाई अर्पण गरिदिनोस्, हामीलाई यस भयबाट निर्भय गराउने तपाईंसिवाय अरू कोही छैन ।।१७।। मदमत्त भएर प्रसन्नतासाथ हिँडिरहेका यी राक्षसहरूलाई तथा यिनका सेवकहरूलाई युद्धमा मारेर सूर्यले कुहिरोलाई नष्ट गरेझैं तपाईं पनि हाम्रो भय दूर गरिदिनोस् ।।१८।।

देवताहरूको यस्तो निवेदन सुनेपछि शत्रुहरूको मनमा त्रास पार्ने देवाधिदेव जनार्दन यिनीहरूलाई अभय दिएर भन्नलाग्नुभयो ।।१९।। शिवजीबाट वर पाएकोले घमण्डी भइराखेको सुकेशलाई मैले चिह्नेको छु, यसका छोराहरूलाई पनि चिन्हेको छु, माल्यवान् यिनीहरूमध्येको जेठो हो ।।२०।। मर्यादाको उल्लंघन गर्ने यी नीच राक्षसहरूमाथि झोंक चलिराखेको छ, तसर्थ यिनको संहार गर्दछु, हे देवताहो ! तिमीहरू निश्चिन्त भएर बस ।।२१।। देवताहरूमध्येका शिरोमणि विष्णुको मुखबाट यो वचन सुनेपछि सबै देवताहरू प्रफुल्लित मनले जनार्दनको प्रशंसा गर्दै आफ्नो आफ्नो स्थानमा फर्केर आए ।।२२।।

देवताहरूको यो उद्योग निशाचर माल्यवान्को कानसम्म पनि पुग्यो र यसले आफ्ना दुवै वीर भाइलाई भन्नलाग्यो ।।२३।। देवता र ऋषिहरू हाम्रो वध गराउने मनसायले शिवजीनेर गई उनलाई यसो भनेछन् ।।२४।। हे देव ! सुकेशका छोराहरू वरदान पाएकाले उद्धत भइराखेका छन्, अहङ्कारी र भयङ्कर यी राक्षसहरू हरबखत हामीलाई दुःख दिइरहेका छन् ।।२५।। हे प्रजारक्षक ! यी दुरात्मा राक्षसहरूको डरले हामी हडबडाइराखेका छौं, हामीले आफ्नो आफ्नो घरमा रहन पाएका छैनौं ।।२६।। तसर्थ हे त्रिलोचन ! हाम्रो कल्याणका लागि यिनीहरूको वध गरिदिनोस्, आफ्नो हुंकारले यिनीहरूलाई भस्म पारिदिनोस्, कारण भस्म पार्न सक्नेहरूमा तपाईं सर्वश्रेष्ठ हुनुहुन्छ ।।२७।। देवताहरूको यो वचन सुनेपछि अन्धकारसुरको वध गर्ने महादेवजी टाउको कमाएर तथा हात बजारे र भन्नलागे ।।२८।। हे देवताहो ! युद्धमा म सुकेशका छोराहरूलाई मार्न सक्तिन तर जुन उपायबाट यिनीहरूको संहार हुन सक्तछ सो उपाय म बताउँछु ।।२९।। तिमी सबै चक्र र गदा धारण गर्ने, पीताम्बरधारी, जनार्दन, श्रीमान्, नारायण हरिको शरण पर्न जाओ ।।३०।। शिवजीबाट उपाय थाहा पाएपछि कामका शत्रु यी शिवलाई प्रणाम गरी सबै देवताहरूले नारायणनेर गई उनलाई सबै वृत्तान्त निवेदन गरेर सुनाए ।।३१।। नारायणले पनि इन्द्रादि यी सबै देवतालाई भने—म यी देवशत्रुहरूलाई मारिदिन्छु, तिमीहरू निर्भय भएर बस ।।३२।।

हे राक्षसराजहो ! विष्णुले, डरले थर्कायमान भएका देवताहरूलाई हाम्रो वध गर्ने प्रतिज्ञा गरेका छन्, अब्नलाई हामीले कसो गर्नामा उचित पर्ला सो कुराको तिमीहरूले निर्णय गर्नुपर्‍यो ।।३३।। हिरण्यकशिपु तथा अरू अरू देवशत्रुहरूको यिनै नारायणद्वारा मृत्यु भएको हो । नमुचि, कालनेमि, वीरश्रेष्ठ संह्लाद, मायावी राधेय, धार्मिक लोकपाल, यमल, अर्जुन, हार्दिक्य, शुम्भ, निशुम्भ आदि गरिएका यी शूरा र महाबली असुर र दानवहरूको पनि युद्ध-क्षेत्रमा यिनै

नारायणको हातबाट पराजय भएको सुनिएको छ ॥३४-३६॥ यी सबैले सैकडाँ यज्ञ गरेका थिए, सबै मायावी थिए, सबै हरेक किसिमका अस्त्र शस्त्रको प्रयोग जान्दथे र सबै शत्रुको मनमा त्रास पार्न सक्तथे, तर नारायणले यस्ता सैकडाँ हजाराँलाई मारिदिए । जुन नारायण हामीलाई मार्न अहिले उद्यत भइराखेका छन् तिनलाई जित्न कठिन छ । यो सब थाहा भएकोले हामीले यस विषयमा आफू सबैको कल्याण हुने उचित कर्तव्यको विचार गर्नुपर्छ ॥३७-३८॥

माल्यवान्को मुखबाट यो कुरा सुनेपछि अश्विनीकुमारले इन्द्रसँग बोलेझैं माली र सुमाली आफ्नो दाजुलाई भन्नलागे ॥३९॥ हामीले वेदाध्ययन गरेका छौं, दान दिएका छौं, यज्ञ गरेका छौं, ऐश्वर्यको भोग गरेका छौं, आयु र आरोग्य पाएका छौं, असल धर्ममार्गको स्थापना गरेका छौं, अचल देवसमुद्रमा अस्त्र शस्त्रद्वारा प्रवेश गरी हामीले अपरिमित बल भएका शत्रुहरूको विनाश पारिसकेका छौं, अतः मृत्यु-देखि हामीले डराउनुपर्ने केही प्रयोजन छैन, अर्थात् गर्नुपर्ने कुरा हामीले गरिसकेका छौं कदाचित् मृत्यु भइहालेछ भने पनि केही चिन्ता छैन ॥४०-४१॥ नारायण, शिव, यम र इन्द्रादि देवताहरू सदा युद्धमा हाम्रो सामुन्ने पर्न डराउँछन् ॥४२॥ हे राक्षसराज ! विष्णुले हामीमाथि द्वेष गर्नाको ता केही कारण थिएन, देवताहरूले उचालेको हुनाले यिनको मन हाम्रो विरुद्ध भइराखेको होला ॥४३॥ तसर्थ हामी सबै जना मिलेर आजै यी देवताहरूको वध गर्ने उद्योग गरौं, कारण यिनैले गर्दा यो झंझट आइपरेको हो ॥४४॥ यस किसिमको निर्णय गरेर जम्भ, वृत्र आदि गरिएका राक्षसहरू युद्ध गर्ने घोषणा गरेर आफ्नो समस्त फौज जम्मा पारी निस्किहाले । हे राम ! आपसमा यस किसिमको सल्लाह गरेर तथा युद्धको चर्चा चारैतिर फिंजाएर यी विशाल शरीर भएका महाबली राक्षसहरूले युद्ध गर्नाका लागि प्रस्थान गरे । रथ, हात्ती, हात्तीसमानका घोडा, गधा, गोरू जोतिएका रथ, ऊँट, हांस, सर्प, ग्राह, कछुवा, माछा, गरुडको जस्तो वेग भएका पक्षी, सिंह, बाघ, बनेल, नीलगाई, चमरीगाई, इत्यादि वाहनमाथि चढेका, बलले उन्मत्त भइराखेका राक्षसहरू लङ्काबाहिर युद्ध गर्न भनी निस्के ॥४५-४९॥ देवताका शत्रु यी राक्षसहरूले यस प्रकारसंग युद्धका लागि देवलोकतिरको यात्रा गरे । यस समयमा लङ्कामा जति प्राणी रहन गएका थिए ती सबै मनमा त्रास पार्ने किसिमका अनेक अपशकुन देख्नलागे, यी अपशकुनले गर्दा यिनीहरूको मन बडो दिक्दार हुन गयो । सैकडां हजारां उत्तम उत्तम रथमा सवार भएका राक्षसहरू यस प्रकारसंग, हतपत गर्दै बडो प्रयत्नका साथ देवलोकतिर जानलागे, उता देवताहरू पनि राक्षसहरू आउनलागेको बाटोबाट हटेर एकातिर लागे ॥५०-५२॥

यस समयमा पृथ्वी र आकाशमा राक्षसहरूको विनाशको सूचना दिने, कालप्रेरित नाना किसिमका भयङ्कर उत्पात हुनलागे ॥५३॥ बादलबाट हाड तथा तातो रगतको वर्षा हुनलाग्यो, समुद्र आफ्नो तीरको मर्यादा नाघेर ठूला ठूला भेल उठाउनलाग्यो र पर्वत कम्पायमान हुन थाले ॥५४॥ मेघको जस्तो स्वर भएका प्राणीहरू खित्का छोडेर हाँस्नलागे र अतिशय डरलाग्दो अनुहार परेका शृगालीहरू बडो भयानक तवरसंग चिच्याउन थाले ॥५५॥ बडा बडा भयङ्कर प्राणीहरू क्रमैसंग एकत्रित हुन

लागे। गिद्धहरूको बडेमानको बथान मुखबाट आगोको ज्वाला निकाल्दै कालसमानका राक्षसहरूमाथि घुम्नलागे। परेवा, रातो खुट्टा भएका मैना यी सबै राक्षसहरूतिर दगुर्दै आउनलागे ॥५६-५७॥ काग र दुइ खुट्टे बिरालाहरू चिच्याउनलागे तर बलले उन्मत्त भइराखेका राक्षसहरूले यी उत्पातपट्टि केही ध्यानै दिएनन् ॥५८॥ मृत्युको पासोमा बांधिएका यी राक्षसहरू अगाडि बढदै गए, पछाडि ता फर्कंदै फर्केनन्। माल्यवान्, सुमाली र महाबलवान् माली यी तीनै भाइ आगोको ज्वालाझैं राक्षसहरूको अघिअघि जानलागे। जसरी देवताहरू ब्रह्माको अनुसरण गर्दछन् त्यसै गरी यी राक्षसहरू पनि माल्यवान् पर्वत जस्तो माल्यवान् राक्षसको अनुसरण गर्दथे। महामेघझैं गर्जना गर्ने, राक्षसश्रेष्ठहरूको यो विशाल सेना मनमा जयको अभिलाषा लिएर मालीको अध्यक्षतामा देवलोक पुग्यो।

देवताहरूको मुखबाट राक्षसहरूको यो उद्योग थाहा पाएपछि प्रभु नारायणले पनि युद्ध गर्ने मन गर्नुभयो। सबै किसिमका हात हतियार तथा बाण राख्ने ठोक्रोले सुसज्जित भई उहां गरुडमा सवार हुनुभयो ॥५९-६३॥ हजारां सूर्यको जस्तो चहक भएको दिव्य कवच उहांले पहिर्नुभयो र बाणै बाणले खचिखचाउ भएको दोटा ठोक्रो पिठिउँमा बाँध्नुभयो ॥६४॥ कमलनेत्र प्रभुनारायणले, कमरपेटी, निर्मल तरवार, शङ्ख, चक्र, गदा, धनु, बाण तथा खड्ग आदि गरिएका उत्तम उत्तम हतियार धारण गरी, पर्वतसमानका अग्ला गरुडमा सवार भई, राक्षसहरूलाई ध्वस्त पार्न भनी झटपट प्रस्थान गरिहाल्नुभयो ॥६५-६६॥ सुवर्णमय मेरु पर्वतको शिखरमाथि बिजुलीसहितको बादलको जस्तो शोभा हुन्छ त्यस्तै शोभा अहिले पीताम्बर पहिरेका, श्याम वर्ण भएका, गरुडको पिठिउँमा सवार भइरहेका भगवान् नारायणको पनि भइराखेको थियो ॥६७॥ शंख, चक्र, गदा, धनु, तरवार आदि हतियार हातमा लिएका, असुरसेनाका शत्रु यी नारायण, सिद्ध देवर्षि, महानाग, गन्धर्व र यक्षहरूले गरेको आफ्नो स्तुति सुन्दै युद्ध-क्षेत्रमा आइपुग्नुभयो ॥६८॥ गरुडको पखेटाको हावा लाग्नाले राक्षसको सेना काम्नलाग्यो, यिनका ध्वजा पताका चक्कर खानलागे र हातका हतियार खसेर जताततै छरिए। यस समयमा यो राक्षसी सेना धमाधम ढुङ्गा झर्नलागेको, नीलो वर्णको पर्वतको टाकुरा जस्तै देखिनलागेको थियो ॥६९॥

यसपछि हजारां राक्षसहरू, माधवलाई चारैतिरबाट घेरी, मासु रगतमा मुछिएका, प्रलयकालको आगोको जस्तो आकार परेका, तीखा तीखा अनेक उत्तम अस्त्र शस्त्रको प्रहार गरेर उनलाई छेड्न लागे ॥७०॥

सर्ग—७

राक्षसहरूसित विष्णुको युद्ध : मालीको वध।

जसरी बादलले पर्वतमाथि जलको वृष्टि गर्दछ त्यसै गरी राक्षसरूपी बादल नारायणरूपी पर्वतमाथि गर्जना गर्दै अस्त्र शस्त्रको वर्षा गर्नलाग्यो ॥१॥ निर्मल श्याम वर्णका विष्णुलाई नीलो रंगको शरीर

भएका राक्षसहरूले चारैतिरबाट घेरेको हुनाले गाजलको पहाडलाई वर्षा गराउने बादलले ढाकेको हो कि जस्तो भान पर्दथ्यो ॥२॥ सलहले खेतमा, कीरा फट्याङ्ग्राले आगोमा, माउरीहरूले महको घडामा र माछाले समुद्रमा प्रवेश गरेझैं, राक्षसहरूको धनुबाट छुटेका, वज्रसमानका साह्रा तथा वायु र मनको जस्तो छिटो वेग भएका बाण विष्णु भगवान्को शरीरमा प्रवेश गर्नलागे, अथवा प्रलय कालमा जसरी समस्त लोक उहाँको शरीरभित्र पस्तछ त्यसै गरी यी बाण पनि पस्नलागे॥३-४॥ रथमा सवार भएकाहरूले रथ-बाट, हात्तीमा चढेकाहरूले हात्तीबाट, घोडचढीले घोडाबाट, तथा पैदल हिंड्नेहरूले अग्लो ठाउँमा उभिएर, पर्वतसमानको शरीर भएका यी राक्षसहरूले बाण, शक्ति, ऋष्टि, भाला, आदिको प्रहार गरेर, प्राणायामले ब्राह्मणहरूको सास रोकेझैं, विष्णु भगवान्लाई सासै फेर्न नसक्ने गराइदिए ॥५-६॥ जसरी समुद्रले माछाहरूको वेगलाई खप्तछ त्यसै गरी अजेय विष्णु भगवान् पनि राक्षसहरूको मार खपेर, आफ्नो शार्ङ्ग-धनुबाट उनीहरूमाथि बाणको वर्षा गर्नलाग्नुभयो ॥७॥ विष्णु भगवान्ले कानसम्म धनु तानेर वज्र-समानका साह्रा र मनको जत्तिकै छिटो वेग भएका तीखा-तीखा बाण चलाएर सयकडां हजारां राक्षस-लाई मारिदिनुभयो ॥८॥ वायुले जसरी उठेको बादललाई छयान्नब्यान्न पारेर उडाइदिन्छ त्यसै गरी बाण वर्षाले यी राक्षसहरूलाई भगाइसकेपछि पुरुषोत्तम विष्णु आफ्नो पाञ्चजन्य नामको बडेमानको शङ्ख बजाउनलाग्नुभयो ॥९॥ विष्णुले बडो जोरसंग बजाएको यस शङ्खबाट अति भयङ्कर शब्द उत्पन्न भयो जसले गर्दा तीनै लोकका प्राणीलाई ठूलो ताप पर्न गयो ॥१०॥ जसरी वनमा मतवाला हात्ती, मृग, राजसिंहको गर्जना सुन्दा डरले थर्कायमान हुन्छन् त्यसै गरी यी राक्षसहरू पनि शङ्खराज-को आवाज सुन्दा त्रासमा पर्न गए ॥११॥ घोडाहरू मैदानमा खडा रहन सकेनन् , हात्तीहरूको माद बग्नलाग्यो र शङ्खको आवाज सुन्दा डराएका वीर राक्षसहरू धमाधम रथबाट खस्नलागे ॥१२॥ विष्णुको धनुबाट छुटेका, वज्रसमानका बाण, राक्षसहरूको शरीरलाई घाइते पार्दै, पखेटाको साथ साथै भूइँभित्र पस्नलागे ॥१३॥ रणक्षेत्रमा नारायणको हातबाट छुटेका बाण शरीरमा बिझ्न गएकोले राक्षसहरू वज्र परेका पर्वतझैं पृथ्वीमा ढल्न थाले ॥१४॥ विष्णुको चक्र लाग्नाले शत्रुको शरीरमा जो घाउ भएका थिए तिनबाट, पर्वतबाट गेरुको धारा बगेझैं, रगतको धारा बग्नलाग्यो ।१५॥ शंखराजको शब्द, शार्ङ्गधनुको टङ्कार र विष्णु भगवान्को हुङ्कार यी तीनै थरीको आवाज मिल्न गएकोले राक्षस-हरूको कोलाहल बिलकुलै नसुनिने भयो ॥१६॥ विष्णुले राक्षसहरूको कामिरहेको घाँटी, बाण, ध्वजा, धनु, रथ, पताका र ठोक्रो यी सबैलाई आफ्नो बाणले काटिदिए ॥१७॥ जसरी सूर्यमण्डलबाट किरण, सागरबाट जलको तरङ्ग, पर्वतबाट ठूला ठूला सर्प तथा मेघबाट जलधारा निस्कन्छ त्यसै गरी सैकडाँ हजाराँ बाण नारायणको शार्ङ्गधनुबाट निस्केर बडो वेगसँग दगुर्नलागे ॥१८-१९॥ जसरी शरभदेखि सिंह, सिंहदेखि हात्ती, हात्तीदेखि बाघ, बाघदेखि चितुवा, चितुवादेखि कुक्कुर, कुक्कुरदेखि बिरालो, बिरालोदेखि साँप र साँपदेखि मूसा भाग्दछन् त्यसै गरी यी राक्षस पनि विष्णुदेखि थर्कायमान भई भाग्नलागे । विष्णुले अनेकलाई भगाइदिए र कईएकलाई मारेर पृथ्वीमा सुताइदिए ॥२०-२२॥

मधुसूदन नारायण यस प्रकारसँग हजारौँ राक्षसको संहार गरिसकेपछि, देवराज इन्द्रका बादल गर्जे झैं, आफ्नो शङ्ख बजाउनलागे ।।२३।। नारायणको बाणको चोट पर्नाले डराएको तथा शङ्खको ध्वनि सुन्नाले हडबडाएको राक्षसीसेना लङ्कातिर भाग्नलाग्यो ।।२४।। नारायणको बाण लाग्नाले घाइते भएका राक्षसहरूलाई लङ्कातिर भाग्नलागेको देखेपछि सुमाली युद्धक्षेत्रमा बाणको वर्षा गरेर उनलाई रोक्नलाग्यो ।।२५।। जसरी कुहिरोले आकाशमण्डललाई ढाकिदिन्छ त्यसै गरी यो पनि बाण वृष्टिद्वारा नारायणलाई ढाकुँला जस्तो गर्नलाग्यो । सुमालीको यस्तो पराक्रम देख्ता ता यी महाबली राक्षसहरूमा पुनः नयाँ उत्साहको उत्पत्ति हुन गयो ।।२६।। राक्षसहरूलाई पुनः जीवित गराउन खोजेको हो कि जस्तो गरेर चर्को स्वरसँग गर्जंदै बलोन्मत्त सुमालीले ठूलो झोंक देखाएर नारायणमाथि आक्रमण गर्‍यो ।।२७।। जसरी हात्तीले सूँड बजार्दछ त्यसै गरी गहनै गहनाले सिंगारिएको आफ्नो बडेमानको हात बजारेर यो राक्षस बिजुलीसहितको बादल गर्जेझैं बडो हर्षसँग सिंहनाद गर्नलाग्यो ।।२८।। सुमाली राक्षसले यस प्रकारसँग गर्जनलागेको वेलामा विष्णुले कुण्डलले झलझलाकार भइराखेको यसको सारथिको टाउको काटिदिनुभयो । जसरी इन्द्रियरूपी घोडा कुमार्गमा लागेपछि धैर्य्यहीन मनुष्य जथाभावीसँग विचरण गर्न थाल्दछ त्यसै गरी घोडाले जथाभावीसँग रथ लिएर भाग्नलागेकाले सुमालीले पनि कुमार्गतिर लाग्नुपर्‍यो ।।२९-३०।।

उता महाबाहु विष्णु रणक्षेत्रमा उपस्थित भएर आक्रमण गर्नलाग्नुभयो तर घोडा भने सुमालीको रथ लिएर एकातिर भागे । सुमालीलाई यस्तो दुर्दशामा परेको देख्ता माली हातमा धनु लिएर विष्णुको रथमाथि आक्रमण गर्नलाग्यो ।।३१।। जसरी क्रौञ्च पर्वतमा पक्षीहरू प्रवेश गर्दछन् त्यसै गरी मालीको धनुबाट निस्केका सुवर्णभूषित बाण विष्णुको शरीरमा प्रवेश गर्नलागे ।।३२।। जसरी जितेन्द्रिय पुरुषलाई मानसिक पीडाले व्याकुल पार्न सक्तैन त्यसै गरी रणभूमिमा मालीको धनुबाट छुटेका हजारौँ बाण लाग्दा विष्णु भगवान् अलिकता पनि हडबडाउनुभएन ।।३३।। अब ता गदा र तरवार लिनुभएको भूतभावन विष्णु पनि धनुमा टङ्कार दिएर मालीका उपर अनेक बाण चलाउनलाग्नुभयो ।।३४।। सर्पले अमृत पान गरेझैं वज्रसमानका साह्रा र बिजुली जस्ता तीखा यी बाण मालीको शरीरभित्र पसेर उसको रगत पिउनलागे ।।३५।। शङ्ख-चक्र-गदाधारी नारायणले मालीलाई विमुख गराएर उसको मुकुट, ध्वजा, धनु र घोडालाई काटेर भूइँमा ढालिदिनुभयो ।।३६।। जसरी सिंह पर्वतको टाकुराबाट उफ्रेर तल आउँछ त्यसै गरी रथहीन भएको माली पनि हातमा गदा लिएर रणक्षेत्रमा विष्णुको सामुन्ने हामफालेर आयो ।।३७।। जसरी यमराजले शिवजीमाथि अस्त्रको प्रहार गरेथे र इन्द्रले पर्वतमाथि वज्र चलाएथे त्यसै गरी यसले पनि गरुडको टाउकोमा गदा हिर्कायो ।।३८।। मालीको गदाको ठूलो चोट परेकोले गरुडलाई अतिशय वेदना भयो र यिनले नारायणलाई युद्धक्षेत्रबाट हटाएर एकातिर लगे ।।३९।। माली र गरुडले गर्दा विष्णुले रणभूमिबाट विमुख भएर जानुपरेको देख्ता राक्षसहरूले हर्षनाद गरेर ठूलो कोलाहल मच्चाए

॥४०॥ इन्द्रका भाइ विष्णुलाई राक्षसहरूको यो गर्जना सुन्दा बडो झोंक चल्यो र यिनी गरुडमाथि अलि बाङ्गो भएर बसे ॥४१॥ पछिल्तिर मुख फर्काएको भए तापनि यिनले मालीको संहार गर्नाको निम्ति सूर्यमण्डलको जस्तो चहक भएको एउटा चक्र चलाए । यस चक्रको प्रकाशले समस्त आकाशलाई नै उज्यालो तुल्याइदियो ॥४२॥

कालचक्रसमानको यस चक्रले झटपट मालीको टाउको काटेर खसालिहाल्यो । उहिले जसरी राहुको टाउको चक्रले काटिएर भूइँमा खसेथ्यो त्यसै गरी अहिले पनि चक्रद्वारा काटिएको, रगत ओकेलिरहेको, राक्षसराजको यो भयङ्कर टाउको जमीनमा खस्न पुग्यो ॥४३॥ यो देख्ता देवताहरू बडो प्रसन्न भए र हे भगवन् ! तपाईं धन्य हुनुहुन्छ भन्दै आफ्नो भएभरको बलले सिंहनाद गर्नलागे ॥४४॥

माली मारिएको देख्ता सुमाली र माल्यवान् यी दुवैलाई ठूलो ताप पर्‍यो र आफ्नो फौज लिएर यिनीहरू लंकातिर भागी पनि हाले ॥४५॥ यति वेलासम्म गरुडजीको पीडा पनि कम भइसकेको थियो तसर्थ यिनी फेरि युद्धभूमिमा आएर पहिले झैं झोकिएर पखेटाको हावाले राक्षसहरूलाई भगाउन लागे ॥४६॥ विष्णुले कुनै कुनै राक्षसको कमल जस्तो मुखलाई चक्रले छिया छिया पारिदिए, गदाको प्रहारले कसैको छाती चूर्ण पारिदिए, हलोले कसैको घाँटी निमोठिदिए, मुशलले कसैको टाउको फुटालिदिए, कसैलाई तरवारले छ्यान्नब्यान्न पारिदिए र कसैलाई ता बाणैले घाइते पारिदिए । यस प्रकारसंग घाइते हुँदै मरेका राक्षसहरू माथि आकाशबाट धमाधम समुद्रको जलमा खस्नलागे ॥४७–४८॥ जसरी बिजुलीसहितको बादलको ठूलो टुक्रा वज्र पर्नाले फाटेर जान्छ त्यसै गरी नारायण पनि आफ्नो धनुबाट निस्केका वज्रसमानका बाणले, कपालका रौं फुकिराखेका राक्षसहरूलाई ध्वस्त पार्नलागे ॥४९॥ लड्दा लड्दै मर्नाबाट बचेका राक्षसहरूको पनि बडो दुर्दशा भइराखेको थियो, कसैको छाती फुटेको र कसैको हातबाट शस्त्र खसेको थियो, बाणको चोटले गर्दा कसैको अनुहारै बिग्रिराखेको थियो, कसैको आन्द्रा निस्केको थियो र कोही ता डरले फनफनी आँखाको गेडी घुमाइरहेका थिए । यस प्रकारसंग यो सेना बहुलाएको जस्तो देखिनलागेको थियो ॥५०॥ प्राचीन सिंह श्री विष्णु भगवान्द्वारा ध्वस्त हुनलागेका हात्तीरूपी राक्षसराजको हाहाकारको शब्द, बडो वेगसंग भाग्नलागेका हात्तीहरूले चिच्च्याएको आवाज, यी दुवै थरीको स्वर एकै चोटि उत्पन्न भयो ॥५१॥ आफ्नो बाणले राक्षसहरूलाई ढाकिसकेको थियो तापनि विष्णुले बाण चलाउन थामेनन् । जसरी काला काला बादल वायुले छ्यान्नब्यान्न भई दगुर्न थाल्दछन् त्यसै गरी विष्णुको बाण लाग्नाले छ्यान्नब्यान्न भएका कालो बादलसमानका यी राक्षसहरू पनि लङ्कातिर भाग्नलागे ॥५२॥ चक्रको प्रहारले गर्दा टाउको काटिएका, गदाको चोटले शरीर चूर्ण भइराखेका, तरवारको मारले दुइ टुक्रा भएका यी राक्षसश्रेष्ठहरू पर्वतझैं धमाधम खस्नलागे ॥५३॥ मणि, हार र कुण्डलले सुशोभित भइराखेका, नीलो पर्वत खसालिएका हुन् कि जस्तो गरेर धमाधम पृथ्वीमा खस्नलागेका देखिए ॥५४॥

सर्ग–८

सुमाली र माल्यवान्‌को पाताल प्रवेश ।

राक्षसहरू भाग्दै लङ्कातिर जानलागेका थिए तर पद्मनाभ विष्णु भने थिनलाई पछाडिबाट लखेटि नै रहेका थिए, यसैले लङ्कासम्म पुगिसकेको माल्यवान्, तीरसम्म पुगेको जल फेरि फर्केर आएझैं, पुनः रणक्षेत्रतिर फर्केर आयो ।।१।। रिसले आँखा राता तुल्याएर, टाउको कमाउँदै, पुरुषोत्तम विष्णुनेर आई यो राक्षस भन्नलाग्यो ।।२।। हे नारायण ! तिमीलाई प्राचीन क्षत्रिय धर्मको ज्ञान रहेनछ कारण डराएर युद्ध गर्न छाडिसकेका हामीहरूलाई तिमी अज्ञानी जस्तो भएर मारिरहेका छौ ।।३।। हे सुरेश्वर ! युद्ध छाडेर आएकाहरूको जो वध गर्दछ त्यसलाई पाप लाग्दछ । यस किसिमको वध गर्नाले त्यसले पुण्यात्माहरूले वास गर्ने स्वर्गमा बस्न पाउन्न ।।४।। हे शंखचक्रगदाधर ! तिमीलाई युद्ध गर्ने नै इच्छा छ भने म तिम्रो सामुन्ने उभि नै राखेको छु, आफूसित भएभरको बल देखाऊ ।।५।।

माल्यवान् राक्षसलाई माल्यवान् पर्वतझैं उभिइराखेको देख्ता इन्द्रका भाई महाबली विष्णु त्यस राक्षसराजलाई भन्नलाग्नुभयो ।।६।। तिमाहरूको डरले थर्कायमान भइराखेका देवताहरूलाई मैले राक्षसहरूबाट अभय दान दिने प्रतिज्ञा गरिसकेको छु तसर्थ अहिले सोही प्रतिज्ञा पूरा गर्नामा लागि-राखेको छु ।।७।। आफ्नो प्राण समर्पण गरेर भए पनि मैले सदा देवताहरूको कल्याण हुने काम गर्नु-पर्दछ अतएव पातालमा गएर लुके तापनि म तिमीहरूलाई नमारी छाड्दिन ।।८।। रातो कमलको जस्तो आँखा भएका देवाधिदेव विष्णुले यस प्रकारसंग बोलिरहेको वेलामा राक्षसराजले झोंकिएर उनको दुवै हातको माझतिर छातीमा ताकेर शक्तिको प्रहार गरिदिहाल्यो ।।९।। जसरी मेघमण्डलमा बिजुलीको शोभा हुन्छ त्यसै गरी घण्टाको शब्दले शब्दायमान भइराखेको, माल्यवान्‌को हातबाट छुटेको यो शक्ति पनि विष्णुको छातीमा शोभायमान हुनलाग्यो ।।१०।। शक्तिधर कार्तिकेयमाथि प्रेम राख्ने कमललोचन विष्णुले पनि सो शक्ति आफ्नो छातीबाट झिकेर माल्यवान्‌तिर लक्ष्य गरी चलाइहाल्नुभयो ।।११।। विष्णुको हातबाट छुटेको यो शक्ति, कार्तिकेयको हातबाट छुटेको शक्तिझैं राक्षसहरूलाई मार्नाको निम्ति अगाडि बढ्यो, मानो बडेमानको उल्का अञ्जन पर्वततिर लम्कनलागेको हो कि जस्तो देखियो ।।१२।। जसरी वज्र पर्वतको टाकुरामाथि बज्रन्छ त्यसै गरी यो शक्ति पनि अनेक हारले भूषित भइराखेको राक्षसराजको विशाल छातीमा बज्रन पुग्यो ।।१३।। शक्तिको चोट पर्नासाथ माल्यवान्‌को कवच चूर्ण भइगो र राक्षसराज बेहोश पनि भयो तर केही बेरमा होश आएपछि यो पुनः माल्यवान् पर्वतझैं अचल भएर उभियो ।।१४।। यसपछि कांढै कांढा भएको इस्पात फलामको शूल उजाएर राक्षसराजले बडो जोरसंग विष्णुको छातीमा हिर्कायो ।।१५।। अनि रणप्रिय राक्षसराजले विष्णुमाथि एक मुक्का पनि जमायो । यति गरिसकेपछि यो तीन हात जति वर हट्यो ।।१६।। यस समयमा आकाशमा "साधु साधु" शब्दको कोलाहल हुनलाग्यो । विष्णुलाई हिर्काएपछि राक्षसले गरुडमाथि पनि प्रहार गर्‍यो ।।१७।। अव ता विनताका छोरा महाबली गरुडलाई बहुतै झोंक चल्यो र यिनले हावाले सुकेको पात

उडाएझैं आफ्नो पखेटाको हावाले राक्षसलाई निक्कै पर मिल्काइदिए ॥१८॥ गरुडको पखेटाको हावाले गर्दा दाजुले भाग्नुपरेको देख्ता सुमाली पनि आफ्नो फौज लिएर लङ्कातिर भाग्नलाग्यो ॥१९॥ माल्यवान् पनि पखेटाको हावाले गर्दा आफूले विचलित हुनुपरेकोमा लज्जित भयो र फौज जम्मा गरी लङ्कातिर लागिहाल्यो ॥२०॥

हे कमललोचन रामचन्द्र ! यस प्रकारसंग विष्णु भगवान्‌ले अनेक बाजि यी राक्षसहरूलाई युद्ध-क्षेत्रबाट भगाइदिनुभयो र कई एक सेनापतिको संहार पनि गरिदिनुभयो ॥२१॥ विष्णुको बलले पीडित भएका यी राक्षसहरू उनीसंग युद्ध गर्नामा असमर्थ भएपछि लङ्का छाडेर आफ्ना आफ्ना स्वामी साथमा लिई पातालमा गएर रहनलागे ॥२२॥ हे रामचन्द्र ! सालकटङ्कटाको वंशका यी प्रख्यात पराक्रमी राक्षसहरू सुमाली राक्षसको आश्रयमा रहेर समय बिताउनलागे ॥२३॥ हे रामचन्द्र ! पुलस्त्य वंशका जो राक्षसलाई तपाईंले मार्नुभयो ती सबभन्दा र रावणभन्दा पनि यी माली सुमाली र माल्यवान् बढ्ता बलिया थिए ॥२४॥ शङ्खचक्रगदाधारी विष्णुको सिवाय अरू कसैमा यी देवशत्रु राक्षसहरूलाई मार्ने शक्ति हुन सक्तैन ॥२५॥ तपाईं नै चतुर्भुज सनातन नारायण हुनुहुन्छ, तपाईं नै अजेय अविनाशी प्रभु हुनुहुन्छ राक्षसहरूको वध गर्नाका लागि नै तपाईंले अवतार लिनुभएको हो ॥२६॥ धर्मको व्यवस्था नष्ट गर्ने राक्षसहरूको संहार गर्ने भनी प्रजापालक विष्णु भगवान् समय समयमा उत्पन्न हुनुहुन्छ; यसै कारणले अधर्मी पापीहरूलाई मार्नाको निम्ति, शरणागतका उपर प्रेम राख्ने हुनाले तपाईंले यो रूप धारण गर्नुपरेको हो ॥२७॥ हे राजन् ! राक्षसहरूको उत्पत्तिको समस्त वृत्तान्त मैले आज हजूरलाई निवेदन गरें । हे रघुश्रेष्ठ ! अब म रावणको र उसका छोराको जन्म तथा यिनको अतुल प्रभावको आद्योपान्त वर्णन गर्दछु, सुनिबक्सियोस् ॥२८॥

बलवान् सुमाली राक्षस विष्णुको डरले थर्कायमान भई छोरा नातिलाई लिएर धेरै कालसम्म पातालमा बसेपछि कुवेरजी लङ्कामा गएर रहनलाग्नुभएको हो ॥२९॥

सर्ग—९

रावण, कुम्भकर्ण विभीषण र शूर्पणखाको उत्पत्ति ।

केही दिन बितेपछि सुमाली नाम गरेको यो राक्षस पातालबाट निस्केर यस मनुष्यलोकमा यत्र तत्र घुम्नलाग्यो ॥१॥ नीलो बादलको जस्तो शरीरको वर्ण भएको, खारिएको सुनको कुण्डल पहिरेको यस सुमालीले घुम्दाखेरि कमलहीन लक्ष्मीसमानकी आफ्नी कुमारी छोरीलाई सँगमा राखेको थियो ॥२॥ यस प्रकारसँग पृथ्वीतलमा घुम्दाखेरि एक दिन यसले कुवेरलाई पुष्पक विमानमा चढेर जान-लागेको देख्यो ॥३॥ देवतुल्य र अग्निसमानका तेजस्वी पुलस्त्यपुत्र धनेश्वर आफ्नो पिताको दर्शन गर्ने भनी जानलागेका रहेछन् । यिनलाई देखेपछि राक्षसहरूमध्येको बुद्धिमान् , नीलो बादल जस्तै शरीर-को वर्ण भएको, खारिएको सुनको कुण्डल पहिरेको यो राक्षस छक्क परेर मर्त्यलोकबाट पाताललोकमा

गई कुन उपायले हाम्रो कल्याण हुने हो र कसरी हाम्रो वृद्धि हुने हो भनी विचार गर्नलाग्यो ।।४-६।। यस किसिमको चिन्तामा परेको यो बुद्धिमान् राक्षसले कैकसी नाम गरेकी आफ्नी छोरीलाई भन्नलाग्यो ।।७।। हे पुत्री ! तिम्रो विवाहको समय भइसक्यो, तिम्रो यौवनावस्था बित्नलागिरहेको छ । स्वीकार नगर्ने ह्वौ कि भन्ने डरले कोही वर पनि तिमीलाई ग्रहण गर्ने इच्छा प्रकट गर्न सक्तैन ।।८।। हे छोरी ! तिमी साक्षात् लक्ष्मीझैं समस्त गुणले सम्पन्न छयौ तसर्थ धर्मपट्टि बुद्धि लगाएर हामी सबै तिमीलाई सुहाउने किसिमको वर खोज्नमा लागेका छौं ।।९।। मानको चाहना गर्ने व्यक्तिका लागि छोरीको बाबु बन्नु बडो दुःखको कुरा हो, कारण छोरीको बिहे कोसित हुने हो सो पहिलेदेखि थाहा भएको हुंदैन ।१०।। माता, पिता तथा श्वसुर यी तीनै थरीको कुललाई कन्याले सदा सन्देहमा पारिरहन्छे ।।११।। अतएव हे पुत्री ! स्वयं आफैं गएर प्रजापतिको कुलमा जन्मेका विश्रवा मुनिलाई आफ्नो पति बनाऊ ।।१२।। हे पुत्री ! यिनलाई तिमीले आफ्नो पति बनायौ भने सूर्यसमानको तेज भएका यी धनेश्वर (कुबेर) जस्तै छोरा तिम्रा पनि हुनेछन् , यसमा बिलकुलै सन्देह छैन ।।१३।।

पिताका यी कुरा सुनेपछि उनको गौरवमा विचार राखेर यी कन्या विश्रवा मुनि तपस्या गर्नलागेको ठाउँमा गएर रहनलागिन् ।।१४।। हे राम ! यस मौकामा चौथो अग्निसमानका तेजस्वी, पुलस्त्यका छोरा, ब्राह्मणश्रेष्ठ विश्रवा, प्रदोष कालमा अग्निहोत्रको उपासना गरिरहेका थिए ।।१५।। पितामाथिको भक्तिले गर्दा यी कन्याले प्रदोषकालको भयङ्कर अवस्थापट्टि विचारै राखिनन् र मुनिनेर गई उनको चरणतिर एक दृष्टि लगाएर उभिइरहिन् ।।१६।। यी कन्या आफ्नो खुट्टाको बूढीऔंलाले वारंवार भूइँ खोस्रनलागिन् । पूर्णिमाको चन्द्रमाको जस्तो अनुहार परेकी तथा आफ्नै तेजले प्रकाशमान भइरहेकी यी परम सुन्दरी कन्यालाई देखेपछि उदार चित्तका मुनि उनलाई सोध्नलागे—ए नानी ! तिमी कसकी छोरी ह्वौ ? कहाँबाट र के कामका लागि यहाँ आएकी ह्वौ ? तिम्रो आउनाको प्रयोजन क्या हो ? हे सुन्दरी ! यी सबै कुरा मलाई ठीक ठीकसंग भन ।।१७-१८।। मुनिले यस्तो भनेको सुन्दा यी कन्या हात जोरेर भन्नलागिन्-हे मुनि ! आफ्नो शक्तिले तपाईं मेरो मनको अभिप्राय बुझ्न सक्नुहुन्छ ।।१९।। हे ब्रह्मर्षि ! मेरो नाम कैकसी हो, पिताको आज्ञाले म तपाईंकहाँ आएकी हुँ । अरू बाँकी कुरा म भन्न सक्तिन स्वयं आफैं बुझ्नुहोस् ।।२०।।

मुनिले ध्यान गरेर फेरि भने—हे भद्रे ! तिम्रा मनमा जे जे कुरा छन् ती सब मलाई ज्ञात भए ।।२१।। मतवाला हात्तीको जस्तो हिंडाइ भएकी, हे सुन्दरी ! तिमी मबाट पुत्र जन्माउन चाहन्छयौ तर भयङ्कर वेलामा आएकी हुनाले तिमीबाट कस्तो सन्तान उत्पन्न हुनेछ सो म भन्दछु सुन । तिम्रो छोराको आकार भयङ्कर हुनेछ, स्वभाव क्रूर हुनेछ र भयलाग्दा स्त्री पुरुषको साथमा रहन निको मान्ने छ, हे सुन्दरी ! तिमी भयङ्कर काम गर्ने राक्षसहरूलाई उत्पन्न गर्नेछयौ । मुनिका यस्ता कुरा सुनेपछि यी कन्या प्रणाम गरेर उनलाई भन्नलागिन् ।।२२-२४।। हे ब्रह्मवादी भगवन् ! तपाईंद्वारा यस्ता दुराचारी पुत्र उत्पन्न गराउने मेरो अभिलाषा छैन तसर्थ उत्तम पुत्र जन्माउने अनुग्रह गर्नुहोस् ।।२५।।

कैकसी कन्याका यस्ता कुरा सुनेपछि चन्द्रमाले रोहिणीसँग बोलेझैं गरी मुनिश्रेष्ठ विश्रवा उसलाई फेरि भन्नलागे ।।२६।। हे सुन्दरी ! तिम्रो कान्छो छोरो मेरो वंशलाई सुहाउने किसिमको र धर्मात्मा पनि हुनेछ, तिमीले यसमा सन्देह मान्नुपर्दैन ।।२७।।

हे रामचन्द्र ! यति कुरा भएपछि, यी कन्याले बडो बीभत्स, तथा अति भयङ्कर राक्षस पुत्र जन्माइन् ।।२८।। यसका दशओटा टाउका, लामा दाँत, तामाको रंग जस्तो रातो ओठ, बडेमानको मुख, टल्कने कपालका रौँ र बीस हात थिए । शरीरको वर्ण गाजलको थुप्रो जत्तिकै कालो थियो ।।२९।। यो पुत्र उत्पन्न हुँदाखेरि मुखबाट आगोको ज्वाला निकालिरहेका शृगाली तथा अरू अरू मांसाहारी पशु-पक्षीहरू देब्रेपट्टिबाट मण्डली बाँधेर प्रदक्षिणा गर्नलागे ।।३०।। देवताहरूले रगतको वर्षा गर्नलागे, बादल बडो चर्को स्वर झिकेर गर्जन थाले, सूर्यको ताप धमिलो हुन गयो र ठूला ठूला उल्का पृथ्वीमा झर्नलागे ।।३१।। पृथ्वी काम्नलागिन्, जताततै रूखो हावा चल्नलाग्यो, अचलसँग रहेका नदीहरूका स्वामी समुद्र खलबलिएका देखिए ।।३२।। ब्रह्मासमानका पिताले यस पुत्रको नामकरण गरे । दश टाउको लिएर जन्मेको हुनाले यसको नाम "दशग्रीव" हुनेछ भनी यिनले भने ।।३३।। यसपछि महाबली कुम्भकर्ण उत्पन्न भयो, जसको भन्दा ठूलो यस संसारमा अरू कसैको शरीरै थिएन ।।३४।। कुम्भकर्णपछि डरलाग्दो मुख भएकी शूर्पणखा नाम गरेकी छोरी जन्मी । कैकसीको गर्भबाट विभीषण नाम गरेको कान्छो छोरो पनि जन्म्यो, यो भने धर्मात्मा थियो ।।३५।।

विभीषण जन्मदाखेरि महापराक्रमी देवताहरूले आकाशबाट पुष्पवृष्टि गरे, दुन्दुभि बजाउनलगाए र आकाशमा वारंवार "धन्य धन्य" भनेको आवाज सुनिनलाग्यो ।।३६।। सबै लोकलाई आकुल व्याकुल पार्ने यी महाबली दशग्रीव र कुम्भकर्ण त्यस जङ्गलमा बिस्तारै बिस्तारै बढ्नलागे ।।३७।। कुम्भकर्ण प्रमत्त भएर धर्मवत्सल महर्षिहरूलाई समात्तै खाने गर्दथ्यो र सदा असन्तुष्ट भएर तीनै लोकमा डुल्दथ्यो ।।३८।। विभीषण भने धर्मात्मा हुनाले सदा विधिपूर्वक धर्मकार्यमा तथा स्वाध्यायमा लागिरहन्थे र नियमित आहार गरेर इन्द्रियहरूलाई आफ्नो अधीनमा राख्तथे ।।३९।।

केही कालपछि एक दिन धनेश्वर पुष्पक विमानमा चढेर आफ्ना पिताको दर्शन गर्न भनी आए ।।४०।। आफ्नो तेजले प्रकाशमान भइराखेका धनेश्वरलाई देखेपछि राक्षसी कैकसी छोरा दशग्रीवनेर आई भन्नलागी ।।४१।। हे छोरा ! आफ्ना दाजु कुवेरलाई ता हेर, उनी आफ्नो तेजले कस्तो प्रकाशमान भइरहेका छन्, दाजुभाइ भए तापनि तिमीमा र उनमा कति फरक छ सो ता विचार गर ।।४२।। हे अमितपराक्रमी दशग्रीव ! अब तिमीले वैश्रवणसमानको ऐश्वर्य्यवान हुने प्रयत्न गर्नुपर्‍यो ।।४३।। आमाका यी कुरा सुन्दा प्रतापी दशग्रीवलाई खूबै डाह भयो र यसले उत्तिखेरै प्रतिज्ञा गर्‍यो ।।४४।। हे आमा ! म तपाईंको सामुन्नेमा दाजुको समान अथवा उनीभन्दा पनि बढ्ता पराक्रमी हुने सांचो प्रतिज्ञा गर्दछु, अब तपाईं मनमा ताप लिन छाडिदिनुहोस् ।।४५।। यसपछि रिसको झोंकमा परेकोले दशग्रीव कठोर काम गर्नाका लागि आफ्ना भाइहरूलाई साथमा लिई तपस्या गर्न भनी तय्यार भयो ।।४६।।

तपस्याद्वारा अभिलाषा पूर्ण गर्छु भन्ने निश्चय गरेर यो आफ्नो सिद्धिका लागि गोकर्ण नामको आश्रममा आएर रहन लाग्यो ॥४७॥

यो उग्र पराक्रमी राक्षस आफ्ना भाइहरूलाई साथमा लिई अनुपम तपस्या गर्नलाग्यो र तपस्याद्वारा प्रभु ब्रह्मालाई प्रसन्न गराएर उनीबाट यसले विजयी हुने वर पायो ॥४८॥

सर्ग—१०

रावणादि तीनै भाइले तपस्या गरेर वर पाएको वर्णन ।

यसपछि रामचन्द्रले सोध्नुभयो—हे ब्रह्मन् ! यी तीनै महाबली भाइले कुन प्रकारसंग र कस्तो तपस्या गरेका हुन् सो भन्नुहोस् ॥१॥ ऋषि अगस्त्यजी प्रसन्नचित्तका रामचन्द्रलाई भन्नलागे—यी तीनै भाइ वनमा धर्मको भिन्ना भिन्नै विधिले तपस्या गर्नलागे ॥२॥ कुम्भकर्ण इन्द्रियहरूलाई आफ्नो अधीनमा गराएर धर्ममार्गमा आरूढ भई गर्मीको मौसिममा पञ्चाग्निको सेवन गर्नलाग्यो ॥३॥ वर्षा-ऋतुमा वीरासनको आसन बांधेर सदा मेघको जलले आफ्नो शरीर भिजाउँथ्यो र जाडोमा जलभित्र गएर तपस्या गर्दथ्यो ॥४॥ यस प्रकारसंग धर्ममार्गमा अडिएर कुम्भकर्णले केवल तपस्यै गरेर दश हजार वर्ष बितायो ॥५॥ सदा धर्ममा तत्पर रहने धर्मात्मा पवित्र विभीषणले केवल एक खुट्टाले भूइँमा टेकेर उभिए-को उभियै पाँच हजार वर्ष बिताए ॥६॥ विभीषणको अनुष्ठान समाप्त भएपछि अप्सराहरू नाच्नलागे, आकाशबाट पुष्पवृष्टि हुनलाग्यो र देवताहरूले यिनको स्तुति गर्नलागे ॥७॥ यसपछि विभीषणले पाँच हजार वर्षसम्म सूर्यको अराधना गरे । यस आराधनामा यिनी टाउको, हात उठाएर सूर्यतिर एक दृष्टिले हेरिरहन्थे र वेदपाठ गर्दथे ॥८॥ यस प्रकारसंग नियतात्मा विभीषणले स्वर्गीय नन्दनवनको मोज मज्जामा लागेझैं गरेर दश हजार वर्ष बिताए ॥९॥ दशग्रीवले पनि निराहार बसेर दश हजार वर्षसम्म तपस्या गरेको हो । एक हजार वर्ष पुगेपछि यो आफ्नो एउटा टाउको काटेर आगोमा हवन गर्दथ्यो ॥१०॥ यस प्रकारसंग नौ हजार वर्षसम्ममा यसका नौओटा टाउकाको आगोमा हवन हुन गयो ॥११॥ दश हजार वर्ष पुगेपछि जब यो आफ्नो दशौं टाउको काट्न उद्यत भएथ्यो त्यस बखतमा ब्रह्माजी उसको सामुन्ने प्रकट हुनुभयो ॥१२॥ प्रसन्न भएकोले ब्रह्माजी देवताहरूलाई साथमा लिई त्यहाँ उपस्थित भएर दशग्रीवलाई भन्नलाग्नुभयो—हे दशग्रीव ! तिमीदेखि प्रसन्न छु, झट्टै वर मागिहाल, हे धर्मज्ञ ! भन, मैले तिम्रो कुन अभिलाषा पूर्ण गर्ने हो ! तिम्रो परिश्रम कदापि व्यर्थ जान सक्तैन ॥१३-१४॥ यसपछि मनमा दङ्ग परेको दशग्रीव टाउको निहुराएर ब्रह्मालाई प्रणाम गरी हर्षले गद्गद भई भन्नलाग्यो ॥१५॥ हे भगवन् ! प्राणीहरूलाई सदा मृत्युदेखिको डर रहन्छ यो समानको ठूलो डर अरू कुनै छँदै छैन, प्राणीका लागि मृत्युसमानको अरू कुनै शत्रु छैन तसर्थ म अमर हुन चाहन्छु ॥१६॥ दशग्रीवको यो कुरा सुन्दा ब्रह्माले उसलाई भन्नुभयो—तिमीलाई पूरा अमरत्व हुन सक्तैन तसर्थ अर्को वर माग ॥१७॥ हे राम ! लोककर्त्ता ब्रह्माको यो कुरा सुनेपछि रावण उनको सामुन्ने हात जोरेर भन्न-

लाग्यो ॥१८॥ हे प्रजाध्यक्ष ! हे नित्यस्वरूप ! गरुड, नाग, यक्ष, दैत्य, दानव, राक्षस र देवता यी कसैको हातबाट पनि मैले मर्नु नपरोस् ॥१९॥ हे देवपूज्य ! यी बाहेक अरू प्राणीको ता मलाई अलिकता पनि चिन्ता छैन । मनुष्य आदि गरिएका प्राणीलाई ता म तृणबराबर संझन्छु ॥२०॥ राक्षस दशग्रीवले यसो भनेको सुनेपछि धर्मात्मा पितामह ब्रह्माले सबै देवताको सामुन्नेमा उसलाई यस्तो जवाफ दिनुभयो ॥२१॥ हे राक्षसश्रेष्ठ ! तिमीले जस्तो इच्छा गरेका छौ त्यस्तै हुनेछ । हे राम ! यति भनिसकेपछि पितामह ब्रह्मा फेरि उसलाई भन्नलाग्नुभयो ॥२२॥ तिमीमाथि प्रसन्न भएकोले म आफ्नो तर्फबाट तिमीलाई अर्को वर दिन्छु । हे पापरहित दशग्रीव ! सुन तिमीले जति टाउको पहिले आगोमा हवन गरिसकेका छौ, हे राक्षस ! ती तिम्रा टाउका फेरि जस्ताको तस्तै हुनेछन् । हे सौम्य ! म तिमीलाई अर्को एउटा दुर्लभ वर दिन्छु ॥२३-२४॥ आफ्नो मनमा तिमी जस्तो रूप तुल्याउने इच्छा गर्नेछौं, चिताउनासाथ इच्छाअनुसारको तिम्रो रूप बनिहाल्नेछ । पितामह ब्रह्माजीले यस्तो वर दिनासाथ राक्षस दशग्रीवको पहिले आगोमा हवन भइसकेका टाउकाहरू फेरि जस्ताका तस्तै भएर उत्पन्न भए ।

हे राम ! लोकपितामह ब्रह्माजीले दशग्रीवलाई यति भनिसकेपछि विभीषणलाई भन्नलाग्नुभयो—हे वत्स विभीषण ! तिम्रो धर्मयुक्त बुद्धिले गर्दा म तिमीदेखि प्रसन्न छु तसर्थ हे धर्मात्मा सुव्रत ! वर माग । यसपछि धर्मात्मा विभीषण हात जोरेर भन्नलागे ॥२५–२८॥ जसरी चन्द्रमा सदा किरणले युक्त भएका हुन्छन् त्यसै गरी यी विभीषण पनि समस्त गुणले परिपूर्ण थिए । यिनी भन्नलागे—हे भगवन् ! सबै लोकका गुरु तपाईंलाई आफूमाथि स्वयं सन्तुष्ट भएको देख्तैमा म कृतकृत्य भएँ ॥२९॥ प्रसन्न भएकोले यदि तपाईं अवश्यै मलाई कुनै वर दिन चाहनुहुन्छ भने सुन्नुहोस्—कस्तै ठूलो आपत्ति परिआउँदा पनि मेरो बुद्धि धर्मबाट विचलित हुन नपाओस् ॥३०॥ कसैले नसिकाईकन मलाई ब्रह्मास्त्रको प्रयोग गर्न आओस् । हे भगवन् ! प्रत्येक आश्रममा मेरो मनमा धर्मानुकूल बुद्धि उत्पन्न होओस् र मबाट ती प्रत्येक धर्मको पालना हुन सकोस् । मेरो सर्वप्रधान र सर्वप्रिय वर यही हो ॥३१–३२॥ कारण धर्मानुरागीका लागि यस संसारमा कुनै कुराको खाँचो होला भन्नुपर्दैन । प्रसन्न भएर ब्रह्माजी फेरि विभीषणलाई भन्नलाग्नुभयो ॥३३॥ हे वत्स ! तिमी धर्मिष्ठ छौ अतः जस्तो इच्छा गरेका छौ त्यस्तै हुनेछ । राक्षसकुलमा जन्मेको भए तापनि अधर्मपट्टि तिम्रो बुद्धि नलागोस् भन्ने हेतुले म तिमीलाई अमरत्व प्रदान गर्दछु अर्थात् तिमीलाई देवता बनाइदिन्छु । विभीषणलाई यति भनिसकेपछि ब्रह्मा कुम्भकर्णलाई वर दिन उद्यत हुनुभयो ॥३४-३५॥

यस बखतमा सबै देवताहरू हात जोरेर ब्रह्मासंग प्रार्थना गर्नलागे—हे भगवन् ! यस कुम्भकर्णलाई कुनै वर नदिनुहोस् ॥३६॥ यस मूर्खले समस्त संसारलाई त्रासमा पारेको कुरा तपाईंलाई थाहै छ । यसले नन्दनवनमा सातओटी अप्सराहरूलाई, इन्द्रका दश जना सेवकहरूलाई खाइसकेको छ । ऋषि र मानिस ता कति खायो कति ठेगानै छैन । हे ब्रह्मा ! वर नपाउँदा ता यो राक्षस यस्तो

काम गर्न सक्तछ भने वर पाएपछि ता यसले तीनै लोकलाई खाइदिनेछ, तसर्थ हे अमित तेजस्वी भगवन्! वरदानको छलले यसलाई मोह दिदिनुहोस् ॥३७–३९॥ यसो गर्नाले तीनै लोकको कल्याण र यसको समेत मान कायम रहनेछ। देवताहरूको यो कुरा सुनेपछि कमलयोनि ब्रह्माजी विचार गर्न-लाग्नुभयो ॥४०॥ ब्रह्माले स्मरण गर्नासाथ सरस्वती देवी उहाँनेर उभिइन् र हात जोरेर भन्नलागिन् ॥४१॥ हे देव! म हाजिर भएँ, मैले के काम गर्नुपर्खो सो आज्ञा होस्। देवी सरस्वतीलाई आफ्नो सामुन्ने आएको देखेपछि ब्रह्माजीले उनलाई भन्नुभयो ॥४२॥ हे भारती! तिमी यस राक्षसराजको मुखमा प्रवेश गर र देवताहरूले इच्छा गरेको कुरा यसलाई भन्न लगाऊ। ब्रह्माको आज्ञा सुन्नासाथ सरस्वतीले कुम्भकर्णको मुखभित्र प्रवेश गरिन् र ब्रह्माले फेरि उसलाई भन्नुभयो ॥४३॥ हे महा-बाहो कुम्भकर्ण! तिमीलाई जस्तो वरको इच्छा छ सो माग। ब्रह्माको यो वचन सुनेपछि कुम्भकर्णले भन्यो ॥४४॥ हे देवाधिदेव! अनेक वर्षसम्म सुतिरहने मेरो इच्छा छ। ब्रह्मा पनि "एवमस्तु" भनेर देवताहरूलाई साथमा लिई आफ्नो लोकतिर लाग्नुभयो ॥४५॥ ब्रह्माको साथमा देवताहरू आकाशतिर लागेपछि देवी सरस्वतीले पनि त्यस राक्षसलाई छाडिदिइन् ॥४६॥ सरस्वतीले छोडेर गएपछि दुष्टात्मा कुम्भकर्णलाई होश आयो र यो बहुत दुःखित भएर चिन्ता गर्नलाग्यो ॥४७॥ आज मेरो मुखबाट किन यस्तो वचन निस्क्यो होला? अवश्यै त्यस बखतमा आएका देवताहरूले मलाई मोहित गराए होलान् ॥४८॥

यस प्रकारसंग वर पाइसकेपछि यी तीनै जना तेजस्वी दाजु भाइहरू श्लेष्मान्तक वनमा गएर सुखपूर्वक रहनलागे ॥४९॥

सर्ग—११

कुवेरलाई लंकाबाट निकालेर रावणादि तीनै भाइ त्यहाँ बस्तछन्।

रावणादिहरूले वर पाएको कुरा थाहा पाएपछि सुमाली निर्भय भई आफ्ना साथीहरूलाई साथमा लिई पातालबाहिर निस्क्यो ॥१॥ मारीच, प्रहस्त, विरूपाक्ष, महोदर आदि गरिएका यी मन्त्रीहरू पनि बडो उत्साह लिएर पातालबाहिर आए ॥२॥ सुमाली आफ्ना मुख्य मुख्य राक्षस तथा मन्त्री-हरूलाई साथमा लिएर रावणकहाँ गयो र उसलाई अंगालो हालेर भन्नलाग्यो ॥३॥ हे वत्स! त्रिभुवनश्रेष्ठ ब्रह्माजीबाट तिमीले यस्तो उत्तम वर पाउनु बडो खुशीयालीको कुरा हो, अबलाई अवश्य तिमीले आफ्नो मनमा चिताइराखेको कुरा पूरा हुनेछ ॥४॥ हे महाबाहु! जुन कारणले गर्दा हामीले लङ्का छाडेर पातालमा गई बस्नुपरेको छ अब यो विष्णुसम्बन्धी हाम्रो ठूलो डर दूर हुने भयो ॥५॥ विष्णुको डरले हामीले कई एकचोटि आफ्नो घर छाड्न परेथ्यो। हामी सबै एकै चोटि यहाँबाट भागेर पातालमा आश्रय लिन गएका हौं ॥६॥ प्राचीन कालदेखि राक्षसहरूले वास गरिआएको लंका नगरी हाम्रो हो तर आजकल तिम्रा बुद्धिमान् दाजु कुवेर यहाँ वास

गर्दछन् ॥७॥ हे पापरहित महाबाहु ! साम, दान अथवा बल जुन उपायले पनि लङ्का फिर्ता लिन सक्यौं भने ता हामी सबैको मनोरथ पूरा हुनेछ ॥८॥ ए बाबु ! लंकालाई आफ्नो अधीनमा गराए-पछि तिमी नै निस्सन्देह यसको मालिक बन्नेछौ कारण यो डुब्नलागेको राक्षसवंशको उद्धार गर्ने तिमी नै ह्वौ ॥९॥ हे महाबल ! तिमी नै हामी सबैका राजा हुनेछौ । यति कुरा सुनेपछि रावण आफूकहाँ आएका मातामह (बाजे) लाई भन्नलाग्यो ॥१०॥ कुवेर हाम्रा जेठा दाजु हुन् तसर्थ उनको सम्बन्धमा तपाईंले यस्तो कुरा भन्न उचित पर्दैन । यस प्रकारसँग राक्षसराज रावणले बडो नम्रतासँग सुमालीको प्रस्ताव नामन्जूर गर्‍यो । रावणको मनभित्रको अभिप्राय बुझेकोले सुमाली केही बोल्न सकेन । केही कालसम्म रावणकहाँ बसिसकेपछि एक दिन प्रहस्त बडो प्रेमसँग उसलाई भन्न-लाग्यो—हे महाबाहु दशग्रीव ! कुवेर हाम्रा दाजु हुन् भनेर तपाईंले भन्नामा उचित पर्दैन ॥११-१३॥ जो शूरा छन् तिनीहरूमा दाजु भाइमा हुने प्रेम रहन सक्तैन । मैले भनेको दृष्टान्त सुन्नुहोस् । अदिति र दिति नाम गरेका दोटी दिदी बहिनी बडा सुन्दर र परस्पर प्रेम भएका थिए, यी दुवैको प्रजापति काश्यपका साथमा विवाह भएथ्यो । अदितिले त्रिभुवनस्वामी देवताहरूलाई जन्माइन् तर दितिले भने कश्यपतर्फबाट दैत्यहरूलाई उत्पन्न गरिन् । हे धर्मज्ञ ! उहिले सागर, वन र पर्वतसहितको यो पृथ्वी दैत्यहरूको अधिकारमा थियो, यिनीहरू नै यसका राजा थिए तर पछि प्रभावशाली विष्णुले युद्धमा समस्त दैत्यहरूको संहार पारेर यो अविनाशी त्रिलोक देवताहरूको अधीनमा गराइदिनुभयो । तसर्थ दाजु भाइमा वैर-भाव राख्ने तपाईं मात्र हुनुहुन्न ॥१४-१८॥ पूर्वकालमा देवता र असुरहरूले पनि यसै गरिआएका हुन्, तसर्थ मैले भनेमुताबिक काम गर्नुहोस् ।

यस्तो कुरा सुनेपछि रावणले मनमा दङ्ग परेर केही बेरसम्म विचार गर्‍यो र अनि "हुन्छ, यसै गर्दछु" भनेर जवाफ दियो । यति भनिसकेपछि मनमा हर्ष भइराखेकोले पराक्रमी रावण त्यही दिन राक्षसहरूलाई साथमा लिई लङ्कानेरको वनमा गयो । त्रिकूट पर्वतमाथि पुगेपछि राक्षस रावणले कुरा-कानी गर्नामा सिपालु भएको प्रहस्तलाई दूत बनाएर कुवेरकहाँ पठायो । उसले दिएको आज्ञा यही हो—हे प्रहस्त ! झट्टै जाऊ र प्रेमपूर्वक मेरा तर्फबाट धनपति कुवेरलाई यति कुरा सुनाइदेऊ—हे राजा ! यो लङ्कापुरी उहिलेदेखि महात्मा राक्षसहरूको अधीनमा रहिआएको हो तर हे सौम्य ! आजकल तपाईंले यहाँ बस्ने गर्नुभएको छ, हे अनघ ! यसो गर्नामा तपाईंलाई मुनासीब पर्दैन । हे अतुलपराक्रमी ! यो लङ्कापुरी हाम्रो हातमा सुम्पिदिनुभएको खण्डमा हाम्रो प्रसन्नता पाउनुहुनेछ र साथसाथै धर्मको समेत पालना हुनेछ ।

यसपछि प्रहस्त कुवेरद्वारा रक्षित भइराखेको लङ्कापुरीमा गई उदारचित्तका धनेशलाई भन्न-लाग्यो—हे सुव्रत ! तपाईंका भाइ रावणले मलाई तपाईंकहाँ पठाएको हो, शास्त्र जान्नेहरूमध्येका श्रेष्ठ हे महाबाहु धनेश ! दशाननले जति कुरा मद्वारा भनिपठाएको छ सो सुन्नुहोस् ॥१९-२७॥ हे विशालाक्ष ! उहिलेदेखि भीमपराक्रमी सुमाली आदि गरिएका राक्षसहरूले यो रमणीय लंकापुरीको

उपभोग गरिआएका हुन् ॥२८॥ यसै कारणले, हे विश्रवाका छोरा ! यो लङ्कापुरी मैले विनयपूर्वक मागेको हो, मेरो सल्लाह मानेर यो दिइहाल्नुहोस् भन्ने कुराको म तपाईंलाई जनाउ दिन्छु ॥२९॥

प्रहस्तको यो कुरा सुनेपछि कुरा गर्नामा सिपालु भएका कुवेर उसलाई यस प्रकारसंग जवाफ दिनलागे ॥३०॥ मेरा पिताले मलाई यो शहर दिनुभएको हो, त्यस बखतमा यहाँ कुनै राक्षस पनि रहन्नथे, दान, मान आदि गरिएका अनेक उपायले राक्षसहरूलाई सम्मानित गरेर मैले यहाँ बसाएको हुँ ॥३१॥ तिमी गएर दशग्रीवलाई सुनाइदेऊ—हे महाबाहु ! मेरा जति राज्य र शहर छन् ती सबै तिम्रै हुन् तसर्थ निर्विघ्नपूर्वक यस राज्यको भोग गर ॥३२॥ यो राज्य र धन आदि गरिएको ऐश्वर्य जस्तो मेरो उस्तै तिम्रो पनि हो ।

यति भनेर धनाध्यक्ष आफ्ना बाबुकहाँ गइहाले ॥३३॥ पितालाई प्रणाम गरिसकेपछि रावणको जो अभिप्राय थियो सो उनलाई निवेदन गर्नलागे—हे बा ! अहिले भर्खर रावणले मकहाँ दूत पठाएको थियो ॥३४॥ पहिलेदेखि राक्षसहरूले यहाँ वास गरिआएको हुनाले लङ्का मेरो हातमा सुम्पिदेऊ भनिपठाएको थियो । हे सुव्रत ! अब यस विषयमा मैले के गर्नुपर्ने हो सो कुराको सल्लाह दिनुपर्‍यो ॥३५॥ मुनिश्रेष्ठ ब्रह्मर्षि विश्रवाले यो कुरा सुनेपछि हात जोरेर उभिराखेका कुवेरलाई भन्नलागे—हे छोरा ! म जो भन्दछु सो सुन ॥३६॥ महाबाहु दशग्रीवले मेरोअगाडि पनि यस्तै कुरा भनेथ्यो तर मैले ता त्यस मूर्खलाई बेसरी हप्काइदिएथें र रिसको झोंकमा परेर अबलाई तँ नाश हुने भइस् भनेर वारंवार सुनाइ पनि दिएथें । हे छोरा ! मैले भनेका कल्याण गर्ने र धर्मयुक्त कुरा सुनिदेऊ ॥३७-३८॥ वर पाएकोले यो बौलाहा जस्तो भइराखेको छ, को मान्य हो सो कुराको यसलाई विचारै छैन, झन् मेरो श्रापले गर्दा यसको स्वभाव दिन परदिन निष्ठुरी भइरहेको छ ॥३९॥ अतएव हे महाबाहो ! लङ्का छाडेर आफ्ना साथीहरूलाई संग लिई कैलाश पर्वतमा बस्न जाऊ ॥४०॥ नदीहरूमध्येकी श्रेष्ठ मन्दाकिनी नदी त्यहाँ बगेकी छन् । सूर्यसमानको चहक भएका सुनै सुनका कमलले त्यस नदीको पानी ढाकिएको छ ॥४१॥ कुमुद, सेतो कमल तथा अरू अरू किसिमका फूलले त्यहाँको जगगालाई रमणीय बनाइराखेको छ । देवता, गन्धर्व, अप्सरा, नाग, किन्नर यी सबै त्यहाँ सदा बस्तछन् र मन्दाकिनीको जलमा विहार गर्दछन् ॥४२॥ हे कुवेर ! यसले बहुत ठूलो वर पाएको कुरा तिमीलाई थाहै छ तसर्थ यस राक्षससंग दुश्मनी गर्नामा ठीक पर्दैन ॥४३॥ यति सुनेपछि पितामाथि भक्ति भएकोले कुवेरले उनका कुरा मानिहाले र स्वास्नी, छोरा, मन्त्री, वाहन, यी सबैलाई साथमा लिई कैलाशतिर लागिहाले ॥४४॥

यसपछि दङ्ग परेको प्रहस्त, भाइ तथा मन्त्रीहरूलाई साथमा राखेर बसिराखेको महात्मा रावणनेर गई भन्नलाग्यो ॥४५॥ लङ्कापुरी अहिले शून्य भइराखेको छ, कुवेर शहर छाडेर गइसके; अब हामीलाई संगमा लिएर त्यहाँ हिंड्नुहोस् र आफ्नो धर्मको पालना गर्नुहोस् ॥४६॥

प्रहस्तको मुखबाट यति कुरा सुनेपछि महाबली रावणले आफ्ना भाइ तथा अनुचरहरूलाई

साथमा लिई लङ्का नगरीमा प्रवेश गऱ्यो ॥४७॥ जसरी देवराज इन्द्र स्वर्गमा प्रवेश गर्दछन् त्यसै गरी देवशत्रु रावणले पनि कुवेरले छाडेको, ठूला ठूला सडकद्वारा विभक्त भइराखेको लङ्कापुरीमा प्रवेश गऱ्यो ॥४८॥ लंकामा प्रवेश गरेपछि राक्षसहरूले दशग्रीवको राज्याभिषेक गरे। रावणले पनि शहर बसाउनलाग्यो र केही दिनपछि नीलो बादलसमानका राक्षसहरूले यो शहर भरिभराउ हुन गयो ॥४९॥

इन्द्रले जसरी स्वर्गमा अमरावती शहर बसाएथे त्यसै गरी धनेशले पनि बाबुको वचनमा आदर भएकोले, चन्द्रमासमानको सेतो कैलाश पर्वतको शिखरमा, सजिसजाउ भएका अनेक महलले शोभायमान भइराखेको अलकापुरी बसाए ॥५०॥

सर्ग—१२

रावण, कुम्भकर्ण, विभीषण, शूर्पणखाको विवाह। मेघनादको उत्पत्ति।

लङ्काको राज्य पाइसकेपछि राक्षसराज रावण आफ्ना भाइहरूसंग बहिनीको विवाहको बारेमा सल्लाह गर्नलाग्यो ॥१॥ यसले आफ्नी बहिनी शूर्पणखाको बिहे कालकेयवंशी दानवेन्द्र विद्युज्जिह्व संग गरिदियो ॥२॥

बहिनीको बिहे गरिसकेपछि यो राक्षस शिकारका लागि जङ्गलै जङ्गल घुम्नलाग्यो। हे राम! एक दिन यसले दितिको छोरो मय नाम गरेको दैत्यलाई देख्यो ॥३॥ निशाचर रावणले कन्याको साथमा यसलाई देखेर सोध्यो—मानिस नभएको र किसिम किसिमका जंगली जनावरले भरिपूर्ण भइराखेको यस जङ्गलमा एकलै घुम्ने तिमी को हौ? यो मृगनयनीलाई किन आफूसंग राखेको? हे राम! रावणले यसरी सोधेको सुन्दा मय जवाफ दिनलाग्यो ॥४-५॥ म तपाईंलाई यथार्थ कुरा भन्दछु, सुन्नुहोस्। हेमा नाम गरेकी एउटी अप्सरा थिई, शायद तपाईंले पनि उसको नाम सुन्नुभएको होला ॥६॥ जसरी देवताहरूले इन्द्रलाई पौलोमी दिएथे त्यसै गरी यो अप्सरा पनि मलाई दिए। एक हजार वर्षसम्म म त्यसमाथि आसक्त भई रहें ॥७॥ देवताहरूको काम गर्न भनी त्यसले देवलोकतिर गएको तेह्र वर्ष बितिसक्यो। चौदह वर्ष प्रारम्भ भएपछि मैले आफ्नो मायाबलले, हीरा र पन्नाले गर्दा चित्र विचित्रको रूप देखिने सुनै सुनको एउटा शहर बनाएँ। स्त्री-वियोगले गर्दा दुःखित भइराखेको म बडो खिन्न भएर त्यस शहरमा बस्नलागें ॥८-९॥ हे राजा! त्यही हेमाको गर्भबाट जन्मेकी यो छोरी हो। आफ्नी छोरीलाई साथमा लिएर म त्यस शहरबाट यस वनमा आएको हुँ। यसलाई सुहाउने किसिमको वर खोज्न भनी छोरीलाई संगमा लिएर यहाँ वनमा आइराखेको छु। मानको चाहना गर्नेका लागि छोरीको बाबु हुनु बडो दुःखको कुरा हो ॥१०-११॥ अविवाहिता कन्याले पिता माता यी दुवैको कुललाई संशयमा पारिरहन्छे। यस स्वास्नीबाट मेरा दोटा छोरा पनि जन्मेका थिए

॥१२॥ जेठोको नाम मायावी र कान्छाको दुन्दुभि थियो । तपाईंले सोधेको हुनाले मैले जम्मै कुरा जस्ताको तस्तै गरी सुनाइदिएँ ॥१३॥ अब बताउनुहोस्, तपाईं को हुनुहुन्छ ? तपाईंलाई मैले कसरी चिन्हे हो ? मयले यसरी सोधेपछि राक्षस रावण विनयपूर्वक भन्नलाग्यो ॥१४॥

म पौलस्त्यको छोरा हुँ । दशग्रीव मेरो नाम हो । ब्रह्माको तेस्रो पुस्ताका विश्रवामुनि मेरा पिता हुन् ॥१५॥ राक्षसराज दशग्रीवले यसो भनेको सुनेपछि दानवराज मयले उसलाई महर्षिपुत्र संझेर आफ्नी कन्या मन्दोदरीको उसंग विवाह गरिदिने निश्चय गऱ्यो । दशग्रीवसंग आफ्नी छोरीको पाणिग्रहण गराइसकेपछि दानवराज मय हाँस्तै राक्षसराज रावणलाई भन्नलाग्यो—हे राजन् ! यो हेमा अप्सराको गर्भबाट जन्मेकी मेरी छोरी हो, मन्दोदरी यस कन्याको नाम हो, आफ्नी स्वास्नी तुल्याउन यसलाई ग्रहण गर्नुहोस् । हे राम ! दशग्रीवले पनि तपाईंको कुरा मलाई मञ्जूर छ भनी त्यहीं आगो प्रज्वलित गरेर मन्दोदरीको पाणिग्रहण गऱ्यो । हे राम ! पिताले रावणलाई श्राप दिएका छन् भन्ने कुरा मयलाई थाहा थियो तापनि यो बडो क्रूर स्वभावको छ कदाचित् मैले दिइन भने पनि यसले बलजफ्तीसंग खोसेर लैजानेछ भन्ने डरले र जे भए पनि यो ब्रह्माको कुलको हो भन्ने संझेर मयले योसंग आफ्नी छोरीको बिहे गरिदियो । मयले तपस्याद्वारा आफूले प्राप्त गरेको, कहिले पनि निष्फल नजाने एउटा अद्‌भुतको शक्ति रावणलाई दियो । रावणले लक्ष्मणमाथि प्रहार गरेको शक्ति यही हो । यस प्रकारसंग लङ्काको राजा रावणले आफ्नो विवाह गरेको हो ॥१६–२२॥

लङ्कामा पुगेपछि रावणले आफ्ना भाइहरूको पनि विवाहको बन्दोबस्त गरिदियो । वज्रज्वाला नाम गरेकी वैरोचनकी छोरीसँग यसले कुम्भकर्णको बिहे गराइदियो । गन्धर्वराज महात्मा शैलूषकी छोरी सरमा मानसरोवरको तीरमा जन्मेकी थिइन् ॥२३-२५॥ वर्षाकालमा सरोवर कन्या भएको ठाउँसम्म बढेर आएछ र कन्या चिच्याउन लागिछन् । छोरीले रोएको सुन्दा आमाले स्नेहले गर्दा हे सरः मा वर्द्धत (ए तलाउ, तिमी नबढ) भनेको हुनाले कन्याको नाम सरमा पर्न गएको हो ।

यस प्रकारसँग बिहे गरिसकेपछि यी राक्षसहरू आफ्ना आफ्ना स्वास्नी साथमा लिई गन्धर्वहरूले नन्दनवनमा विहार गरेझैं तहाँ विहार गर्नलागे । केही कालपछि मन्दोदरीको कोखबाट मेघनाद नाम गरेको छोरो जन्म्यो, तपाईंहरूले इन्द्रजित् भन्ने नाम जसको राख्नुभएको छ त्यो यही हो । जन्मनेबित्तिकै रावणको यस छोराले बादल गर्जेको जस्तो स्वर झिकेर खूब जोरसँग रुनलाग्यो । हे राम ! यसको यो रोएको आवाजले गर्दा जम्मै लङ्का शहर जड जस्तो हुन गएथ्यो ॥२६–३०॥ यसै कारणले स्वयं बाबुले यसको मेघनाद नाम राखेको हो । हे राम ! यो बालक दिनदिनै रावणको रमणीय अन्तःपुरमा बढ्नलाग्यो ॥३१॥ सुन्दरी स्त्रीहरू यसको लालन पालनमा नियुक्त भएका थिए; दाउराले छोपिराखेको आगोझैं बढदै गएर यो रावण-पुत्र मेघनाद आमा-बाबुको चित्त प्रसन्न गराउनलाग्यो ॥३२॥

सर्ग—१३

कुवेर रावणकहाँ दूत पठाउँछन् तर रावण यस दूतलाई मारिदिन्छ ।

केही समय बितेपछि ब्रह्माद्वारा प्रेरित भएकी रूपवती निद्रा तीव्र रूप लिएर कुम्भकर्णको आश्रय लिन आइपुगी ॥१॥ यस समयमा कुम्भकर्णले बसिराखेको आफ्नो दाजुलाई भन्यो—हे राजा ! निद्रा देवीले मलाई छोप्नलागिरहेकी छ तसर्थ मेरो निम्ति एउटा घर बनाउन लगाइदिनुहोस् ॥२॥ रावणले पनि विश्वकर्मासमानका शिल्पीहरूलाई कुम्भकर्णको निम्ति घर बनाइदिनू भन्ने आज्ञा दियो । राजाको आज्ञाले यिनीहरूले कुम्भकर्णको निम्ति चार कोसको चौडाइ र आठ कोस लम्बाइ भएको, कुनै किसिमको बाधा नपर्ने एउटा रमणीय घर तैयार पारिदिए । यो घर स्फटिकका तथा सुनै सुनका चित्र विचित्रका थामले शोभायमान भइराखेको थियो ॥३-४॥ यसमा पन्नाका ता सिंढी थिए, र हात्ती दाँतका ढोका बनेका थिए । ठाउँ ठाउँमा साना साना घण्टी झुण्ड्याइराखेको र स्फटिकको चौतारा बनाएको थियो ॥५॥ मेरु पर्वतको गुफाझैं राक्षसराज रावणले यो स्थान सबै ऋतुमा सबै किसिमका प्राणीलाई सुख दिने किसिमले बनाउन लगाएको थियो ॥६॥ महाबली कुम्भकर्ण त्यस घरभित्र पसेर कई एक हजार वर्षसम्म सुतिरह्यो, बीचमा कहिले पनि ब्यूँझेन ॥७॥

कुम्भकर्ण सुतिरहेको बेलामा रावण निरङ्कुश (निडर) भएर देवता, ऋषि, यक्ष, गन्धर्व यी सबैको संहार गर्नलाग्यो ॥८॥ नन्दन आदि गरिएका जति चित्र विचित्रका बगैंचा थिए रावण तहाँ गई रिसको झोंकमा ती सबैलाई उजाड पार्नलाग्यो ॥९॥ क्रीडा गर्नलागेको हात्तीले नदीको तीरलाई भत्काएझैं, हावाले रूखलाई उखेलेझैं, इन्द्रको वज्रले पर्वतलाई फुटालेझैं, यो रावण यी सबै बगैंचा ध्वस्त पार्नलाग्यो ॥१०॥

कुवेरले रावणका यी सबै वृत्तान्त सुनेको भए तापनि आफ्नो कुललाई सुहाउने किसिमको व्यवहार संझेर, भ्रातृ-प्रेम देखाउने अभिलाषाले, तथा रावणको कल्याण होस् भन्ने इच्छाले, यिनले लङ्कामा आफ्नो एउटा दूत पठाए ॥११-१२॥ लङ्कामा पुगेपछि दूत पहिले विभीषणलाई भेट्न गयो, विभीषणले पनि धर्म्मपूर्वक उसको सत्कार गरेर त्यहाँ आउनाको कारण सोधे ॥१३॥ राजा कुवेरको तथा उनका बन्धुवर्गको क्षेम कुशल सोधिसकेपछि विभीषणले त्यस दूतलाई बसिराखेको रावण देखाइदिए ॥१४॥ आफ्नो तेजले प्रकाशमान भइराखेको राजालाई देखेपछि दूतले पहिले जय जयकारको शब्दले उसको अभिनन्दन गर्‍यो र अनि केही बेरसम्म त्यहाँ चूप लागेर उभिइरह्यो ॥१५॥ यसपछि बहुमूल्य वस्त्र ओच्छ्याइएको उत्तम आसनमा बसिराखेको रावणलाई दूत यस प्रकारसँग भन्नलाग्यो ॥१६॥

हे राजन् ! तपाईंका दाजु कुवेरले आफ्ना माता पिताको कुललाई र आफ्नो चरित्रलाई सुहाउने किसिमको जो कुरा भनिपठाएका छन् सो म तपाईंलाई निवेदन गर्दछु ॥१७॥ अहिलेसम्ममा तपाईंले जति गर्नुभयो सो यथेष्ट भइसक्यो, अबलाई यस्तो कुभलो गर्न छाडिदिनुहोस्, अब ता उत्तम चरित्रको

संग्रह गर्नपट्टि लाग्नुहोस्, असल असल काम गरेर आफ्नो चरित्रको सुधार गर्नामा तथा यथाशक्ति धर्मकार्यमा मन लगाउनुहोस् ॥१८॥ हे भाई ! तिम्रो हातबाट नन्दनवन उजाड भएको मैले देखें, अनेक ऋषिहरूलाई मान्यौ भन्ने पनि सुनें । तिम्रो अत्याचारले हडबडाएका देवताहरू तिम्रो विनाशका लागि जो व्यवस्था गर्नलागेका छन् सो पनि मैले थाहा पाइसकेको छु ॥१९॥ हे राक्षसराज ! तिमीले अनेक बाजि मेरो निरादर गरिसक्यौ तर बालकले अपराध गरे तापनि बन्धुवर्गले त्यसको रक्षा गर्नुपर्ने हुनाले तिम्रो रक्षा गर्नु मैले आफ्नो कर्त्तव्य संझेको छु ॥२०॥ म ता धर्मको आचरण गर्न भनी हिमालय पर्वतमा आएको थिएँ । इन्द्रियहरूलाई आफ्नो अधीनमा गराएर, कठोर व्रत धारण गरी धर्मोपासना अर्थात् तपस्या गर्नलागिरहेको थिएँ ॥२१॥ यस स्थानमा मैले पार्वतीको साथमा देवाधिदेव महादेवजीको दर्शन पाएँ । यस समयमा रुद्राणी अनुपम रूप धारण गरेर त्यहाँ बसेकी थिइन्, यिनी को हुन् भनेर जान्ने इच्छा भएकोले सहसा मेरो देब्रे आँखा देवीमाथि पर्न गयो, उनलाई हेर्नाको अरू कुनै कारण थिएन ॥२२-२३॥ देवीको दिव्य प्रभावले गर्दा मेरो देब्रे आँखा उब्लिखेरै भस्म भइगयो, धूलो पर्दा जसरी आँखाको ज्योति धमिलो हुन जान्छ त्यसै गरी मेरो आँखाको तेज पनि धमिलो हुन गयो ॥२४॥ यसपछि त्यस ठाउँबाट उठेर म त्यही पर्वतको अर्कोपट्टि एउटा फराकिलो ठाउँमा गएँ र त्यहाँ चूपचापसंग आठ सय वर्षसम्म महाव्रत धारण गरेर बसिरहें ॥२५॥ मेरो यो व्रत समाप्त भएपछि महेश्वर त्यहाँ आउनुभयो र प्रसन्नचित्तले मलाई भन्नलाग्नुभयो ॥२६॥ हे धर्मज्ञ ! सुव्रत ! तिम्रो यस व्रतले गर्दा म प्रसन्न भएँ । मैले पनि यस व्रतलाई पूर्ण गरेथें, अहिले तिमीले पनि यसलाई पूरा गर्‍यौ ॥२७॥ हामी दुइसिवाय यस व्रतलाई पूरा गर्ने शक्ति अरू तेस्रो व्यक्तिमा देखिएको छैन, यस कठोर व्रतको उत्पत्ति पहिले मबाट नै भएको हो ॥२८॥ तसर्थ हे सौम्य धनेश्वर ! मसंग मित्रता गर्न मञ्जूर गर, हे पापरहित ! तपस्याको प्रभावले मलाई जितेको हुनाले अब तिमी मेरो मित्र हुने भयौ ॥२९॥ देवीको प्रभावले तिम्रो देब्रे आँखा जलेको र देवीलाई हेर्दाखेरि यसको तेज धमिलो हुन गएकोले 'एकाक्ष पिङ्गली'' भन्ने तिम्रो नाम स्थायी हुनेछ । यस प्रकारसंग महादेवजीसित मित्रता गरी उनीसित बिदाबारी भई जब म फर्केर आएँ त्यस बेलादेखि म तिम्रा पापकर्म सुन्नलागें । आफ्नो कुललाई दूषित गर्ने यी पापकर्मदेखि तिमीले अलग रहनुपर्दछ ॥३०-३२॥ देवता र ऋषिहरू तिम्रो वध गर्ने उपाय सोच्नलागेका छन् ।

दूतका यी कुरा सुनेपछि रावणका आँखा रिसले राता राता भए ॥३३॥ पाखुरा निमोठेर तथा दाँत कटकटाएर उ भन्नलाग्यो—हे दूत ! तैंले भनेको जम्मै कुरा मैले बुझें ॥३४॥ अबलाई तँ आफूलाई र जसले तँलाई पठाएको हो त्यसलाई समेत मरेको संझी । धनेश्वरले जो भनिपठाएका छन् त्यसमा त म आफ्नो कल्याण हुने केही कुरो देख्तिन ॥३५॥ त्यस मूर्खले ता केवल महेश्वरसंग आफ्नो दोस्ती भएको कुरा भनिपठाएको हो । तैंले मलाई जो कुरा सुनाइस् त्यो म क्षमा गर्न सक्तिन ॥३६॥ अहिलेसम्म ता हे दूत ! यी मेरा दाजु हुन् अतएव यिनको वध गर्न उचित पर्दैन भन्ने समझ

लिएर म चूप लागिरहेको थिएँ ॥३७॥ तर अब ता यिनका यी कुरा सुनेकोले आफ्ना बाहुबलको आश्रय लिएर तीनै लोक जित्ने मेरो इच्छा भयो ॥३८॥ अब्रलाई त्यही एउटा कुवेरको अपराधले गर्दा म अब्र चाँडै चारै लोकपाललाई यमराजको घरतिर पठाइदिनेछु ॥३९॥ यति भनेर लङ्काधिपति रावणले खड्गको प्रहारले त्यस दूतलाई मारिदियो र दुरात्मा राक्षसहरूलाई यसको मासु खानू भन्ने हुकूम दियो ॥४०॥

यसपछि रावण स्वस्तिवाचन गराएर त्रिलोक विजय गर्ने अभिलाषाले रथमा सवार भई पहिले कुवेरजी बसेको ठाउँमा गयो ॥४१॥

सर्ग—१४

यक्षहरूसित रावणको युद्ध : यक्षहरूको पराजय ।

यसपछि सदा बलोन्मत्त रहने श्रीमान् रावण, महोदर, प्रहस्त, मारीच, शुक, सारण र सदा युद्धको चाहना गर्ने वीर धूम्राक्ष यी छ जना मन्त्रीहरूलाई साथमा लिई, रिसको झोंकमा तीनै लोकलाई भस्मै पार्नलागेको जस्तो गरी हिंड्यो ॥१-२॥ बाटोमा परेका शहर, नदी, पर्वत, वन, उपवन यी सबैलाई पार गरी एक्कै छिनमा कैलाश पर्वतमा पुगिहाल्यो ॥३॥ युद्ध गर्न भनी उत्साहित भइराखेको रावण मन्त्रीहरूको साथमा आएको छ भन्ने खबर पाएपछि यक्षहरू यसरी डराए कि उसको अगाडि पर्ने सम्मको पनि यिनीहरूको साहस भएन, बरु यो राक्षस कुबेरको भाइ हो भन्ने थाहा भएकोले उनीकहाँ गई भाइको सबै कारवाई निवेदन गरेर सुनाए । कुवेरबाट युद्ध गर्ने आज्ञा पाएकोले यिनीहरू प्रसन्नता साथ युद्ध गर्न भनी निस्किहाले ॥४-६॥

आज्ञा पाउनासाथ कुवेरको फौजमा समुद्र खलबलिएझैं ठूलो हल्लीखल्ली मच्चियो र यसले गर्दा पर्वतसमेत थरथर काम्नलाग्यो ॥७॥ यसपछि राक्षस र यक्षहरूको बीचमा घनघोरको युद्ध हुन लाग्यो । अलि बेरमा राक्षस रावणका मन्त्रीहरू हडबडाएका जस्ता देखिए ॥८॥ आफ्नो फौजको यस्तो हालत भएको देख्ता राक्षस दशग्रीव क्रोधपूर्वक अनेक हर्षनाद गर्दै दगुर्नलाग्यो ॥९॥ राक्षसराजका भीमपराक्रमी मन्त्रीहरूमध्येका प्रत्येक हजार हजार यक्षसित युद्ध गर्नलागे ॥१०॥ गदा, मुशल शक्ति, तोमर, तरवार, यी सबैको प्रहार सहेर रावण शत्रुको फौजभित्र पस्यो ॥११॥ मेघबाट जलकोधारा वर्षे झैं यक्षहरू रावणमाथि बाणको वर्षा गर्नलागेका हुनाले यो बहुतै घाइते भयो र यसलाई सास फेर्नेसम्मको पनि फुर्सत रहेन ॥१२॥ यक्षहरूको शस्त्र लाग्नाले घाइते भएको भए तापनि रावणलाई कुनै प्रकारको पीडा भएन, जसरी बादल जलले पर्वतलाई भिजाइदिन्छ त्यसै गरी रावणको शरीर पनि रगतको धाराले भिजिसकेको थियो ॥१३॥ यसपछि महात्मा रावण कालदण्डसमानको आफ्नो गदा उजाएर शत्रुसेनाभित्र पस्यो र धमाधम यक्षहरूलाई यमराजको घरतिर पठाउनलाग्यो ॥१४॥

वायुले गर्दा धपक्क बलिराखेको आगोले जसरी सुकेको पराल र काठलाई जलाइदिन्छ त्यसै गरी रावण पनि यक्षसेनालाई भस्म पार्नलाग्यो ॥१५॥ रावणका महोदर, शुक आदि गरिएका मन्त्रीहरूले यसरी यक्षहरूको संहार पारे कि यिनीहरू अलिकता मात्र बाँकी रहन गए। जसरी, हावाले बादललाई उडाइदिन्छ त्यसै गरी यी राक्षसहरू पनि यक्षहरूलाई छयान्नब्यान्न पारेर भगाउनलागे ॥१६॥ कोही यक्ष शस्त्रको प्रहारले काटकुट भए, कोही संग्राममा घाइते भएर पृथ्वीमा ढले, कोही ता रिसले मुर्मुरिएर तीखा तीखा दाँतले आफ्नै ओठ टोक्नलागे ॥१७॥ लड्दा लड्दा थाकेका यक्षहरू रणभूमिमा शस्त्र मिल्काएर आपसमा अँगालो हालाहाल गर्नलागे। जलको ठक्कर लाग्नाले जसरी नदीको तीर वैह्रिन थाल्दछ त्यसै गरी चोट पर्नाले पीडित भएका यिनीहरू पनि धमाधम ढल्नलागे ॥१८॥ अनेक यक्षहरू पृथ्वीमा दगुरिरहेका थिए, अनेक युद्ध गर्नामा लागेका थिए र शत्रुको हातबाट मरेका अनेक स्वर्गतिर जानलागेका थिए। स्वर्ग पुगेपछि यिनीहरूसमेत युद्ध हेर्नलागे। यिनीहरूको भीडले गर्दा युद्ध हेर्न भनी आएका ऋषिहरूलाई आकाशमा अड्ने ठाउँसम्म पनि रहन गएन ॥१९॥ मुख्य मुख्य महाबली यक्षहरूलाई युद्धक्षेत्रबाट भाग्नलागेको देखेपछि महाबाहु कुवेरले साना साना यक्षहरूलाई पनि लड्न पठाए ॥२०॥ यै मौकामा हे राम ! राजा कुवेरले संयोधकण्टक नाम गरेको यक्षलाई विशाल सेना र अनेक वाहन साथमा लगाएर युद्धक्षेत्रमा पठाए ॥२१॥ विष्णुको चक्र जस्तो यस यक्षको चक्रको चोट पर्नाले मारीच राक्षस रणभूमिमा घाइते भयो र पुण्य सकिएको नक्षत्र आकाशबाट झरेझैं, पर्वतबाट तल भूइँमा खस्यो ॥२२॥ केही बेरमा होश आएपछि यो राक्षस अलि बेर विश्राम गरी फेरि त्यस यक्षसँग युद्ध गर्नलाग्यो। राक्षसको प्रहार खप्न नसकेकोले यक्षले त्यहाँबाट भाग्नुपर्‍यो ॥२३॥ यसपछि रावण द्वारपालहरू रहने ढोकाभित्र पस्नलाग्यो। जतातते सुन चाँदी र वैदूर्य्यमणि जडिएको हुनाले यस ढोकाको रूप चित्र विचित्रको भइराखेको थियो ॥२४॥ हे राजन् ! निशाचर रावणले ढोकाभित्र प्रवेश गर्नलागेको देख्ता सूर्यभानु नाम गरेको ढोकेले उसलाई रोकिदियो ॥२५॥ रोक्ता रोक्तै पनि रावण नअडिएर भित्र पस्नलागेको देखेपछि ता यक्षले ढोकामा जडिराखेको डण्डा उखेलेर त्यसलाई बेसरी बजायो। डण्डाको चोट पर्नाले रावणको शरीरबाट पर्वतबाट गेरुको धारा बगेझैं रगतको धारा बग्नलाग्यो ॥२६-२७॥ पर्वतको टाकुराको जस्तो आकार परेको डण्डाले पिटिएको भए तापनि वीर रावण ब्रह्माबाट वरदान पाएकोले पृथ्वीमा ढल्न सकेन ॥२८॥ त्यही डण्डा उठाएर रावणले त्यस यक्षमाथि यस्तो जोरसँग प्रहार गर्‍यो कि त्यसको शरीर बिलकुलै धूलोपीठो भइगयो र शरीरको चिन्होसम्म पनि कतै नदेखिने भयो ॥२९॥ रावणको यस्तो पराक्रम देखेकोले यक्षहरू डरले थर्कायमान भई भाग्नलागे र नदी तथा गुफाभित्र लुक्न पुगे। लड्दा लड्दा थाकेको हुनाले यिनीहरूले हात हतियार मिल्काइसकेका थिए र यिनीहरूको अनुहार बडो निदाउरो भइराखेको थियो ॥३०॥

सर्ग—१५

रावण कुबेरलाई पराजित गरी पुष्पक विमान खोसेर लैजान्छ ।

हजारौँ यक्षलाई डरले थर्कायमान भई भाग्नलागेको देखेपछि कुबेर मणिभद्र नाम गरेको महायक्षलाई भन्नलागे ॥१॥ हे यक्षेन्द्र ! यो दुष्ट पापी रावणलाई मारिदेऊ र युद्धको इच्छा राख्ने वीर यक्षहरूको रक्षक बन ॥२॥ कुबेरले यसो भनेको सुन्दा दुर्जय महाबाहु मणिभद्र चार हजार यक्षहरूलाई साथमा लिई युद्ध गर्न भनी निस्क्यो ॥३॥ यसका साथी यक्षहरू गदा, मुशल, शक्ति, प्रास, तोमर र मुद्गरको प्रहार गर्दै राक्षसहरूमाथि आक्रमण गर्नलागे ॥४॥ "अस्त्र दे", "अँहँ म दिन चाहन्न", "तैं नै दे" .यस प्रकारसंग आपसमा कुरा गर्दै यी यक्षहरू बाज चराझैं युद्धक्षेत्रमा घुमी घुमीकन फूर्तिसाथ घनघोरको युद्ध गर्नलागे ॥५॥ यो घनघोरको युद्ध देख्ता गन्धर्व, देवता, तथा ब्रह्मवादी ऋषिहरू बडो आश्चर्य मान्नलागे ॥६॥ प्रहस्तले एक हजार यक्षहरूलाई मारिदियो र महोदरले पनि गदाको प्रहारले एक हजार यक्षहरूको संहार पारिदियो ॥७॥ हे राजन् ! युद्धको चाहना गर्ने मारीचले रिसको झोंकमा परेकोले निमेष मात्रमा दुइ हजार यक्षहरूलाई मारिदियो ॥८॥ यक्षहरू सोझा हुन्छन्, सरलतासंग युद्ध गर्दछन्, राक्षसहरू भने मायावी हुन्छन्, छल कपटले युद्ध गर्दछन्, यसै कारण, हे पुरुषसिंह ! मायावी भएका राक्षसहरू यक्षहरूले भन्दा संग्राममा प्रबल भए ॥९॥ यस महायुद्धमा आएर धूम्राक्षले रिसै रिसले मणिभद्रको छातीमा एक मुशलको प्रहार गर्‍यो तर यस चोटले मणिभद्र अलिकता पनि विचलित भएन बरु धूम्राक्षको मस्तक ताकेर एक गदा हिर्कायो, यस प्रहारले गर्दा धूम्राक्ष मूर्च्छा परेर भूइँमा ढलिहाल्यो ॥१०-११॥ संग्राममा धूम्राक्ष घाइते भएर ढलेको र उसको शरीरबाट रगतको धारा बग्नलागेको देख्ता रावण मणिभद्रमाथि जाइलाग्यो ॥१२॥ रिसले मुर्मुरिएर रावणलाई आफूतिर आउनलागेको देख्ता यक्षश्रेष्ठ मणिभद्रले उसमाथि तीन शक्तिको प्रहार गर्‍यो ॥१३॥ यी शक्तिको प्रहारले घाइते भएको भए तापनि रावणले मणिभद्रको मुकुट ताकेर प्रहार गर्‍यो र यस मारले गर्दा मणिभद्रको मुकुट उसको बगलैमा खस्यो ॥१४॥ हे राजन् ! यस वेलादेखि यस यक्षको नाम "पार्श्वमौली" रहन गयो ।

महात्मा मणिभद्रलाई युद्धक्षेत्रबाट भागेको देखेपछि राक्षसहरूको पर्वतमाथिको कोलाहल खूबसंग मच्चिनलाग्यो ॥१५॥ मणिभद्र युद्धक्षेत्रबाट भागेपछि पद्म र शङ्ख नामक धनका देवताहरूद्वारा रक्षित भइराखेका, गदा लिएका कुबेर शुक र प्रौष्ठपद यी दुइ मन्त्रीलाई संगमा लिएर टाढैबाट रणक्षेत्रमा आउनलागेका देखिए ॥१६॥ विश्रवाको श्रापले गौरवहीन भएको भाइलाई रणभूमिमा देखेपछि बुद्धिमान् कुबेर, ब्रह्माको कुलमा जन्मेकाहरूले भन्न सुहाउने किसिमको कुरा उसलाई सुनाउन लागे ॥१७॥

रे मूर्ख ! मैले नगर्नू भनेको कुरा तं मान्दैनस् । यसको फल पाएर नरकमा गएपछि पो मेरो भनाइको तात्पर्य बुझ्नेछस् ॥१८॥ अज्ञानमा विषपान गर्ने मानिसले खाने वेलामा ता केही ख्याल

राख्तैन तर विषको प्रभाव फैलिनलागेपछि पो उसलाई आफ्नो कर्मको फल थाहा हुन्छ ॥१९॥ तंबाट कुनै धर्मकार्य हुन नसकेकोले देवताहरू तंदेखि प्रसन्न छैनन् । यसै कारणले तेरो बुद्धि पनि यसरी भ्रष्ट भएको हो । यस समयमा तंलाई आफ्नो हित अहितको केही विचारै छैन ॥२०॥ माता, पिता, ब्राह्मण र गुरुको अपमान गर्ने मानिसलाई यमराजको घरमा पुगेपछि आफ्नो कर्मको फल थाहा हुन्छ ॥२१॥ यस अनित्य शरीरले जो तपस्या गर्दैन त्यस मूर्खले मरेपछि आफ्ना दुष्कर्मको फल पाउँदा बडो पश्चात्ताप गर्नुपर्दछ ॥२२॥ कुनै बुद्धिहीन मानिसको बुद्धि आफै शुद्ध हुन सक्तैन । यसले जस्तो काम गर्दछ त्यस्तै फल पनि पाउँछ, कर्मानुसारको बुद्धि पनि उत्पन्न हुन्छ ॥२३॥ ऐश्वर्य, रूप, बल, पुत्र, सम्पत्ति, शुऱ्याइँ यी सबै थोक मानिस आफ्नो पुण्यकर्मद्वारा नै पाउन सक्तछन् ॥२४॥ यस्तो दुष्कर्मपट्टि लागेकोले तैंले अवश्य नरकको वास गर्नुपर्नेछ, तँसित म धेरै बोल्दा पनि बोल्दिन कारण पापीहरूसित धेरै बेरसम्म कुरा गर्नु हुन्न भन्ने बुद्धिमानहरूको राय छ ॥२५॥ यक्षराज कुवेरले रावण-का मन्त्रीहरूलाई पनि यही किसिमको कुरा भने र उनीहरूमाथि यस्तो प्रहार गरे कि मारीच आदि गरिएका मन्त्रीहरूले युद्धक्षेत्रबाट भागिहाल्नुपऱ्यो ॥२६॥ यसपछि महात्मा यक्षराजले रावणको टाउको ताकेर एक गदा हिर्काए । रावणलाई गदाको चोट ता लाग्यो तर उ आफ्नो ठाउँबाट डेग पनि चलेन ॥२७॥ हे राम ! यसपछि यी दुवै आफू आफूमा प्रहार गरेर परस्पर युद्ध गर्नलागे । यी दुवै यक्ष र राक्षसमा न कोही हडबडाएको देखिन्थ्यो न थाकेको ॥२८॥ केही बेरपछि कुवेरले रावणमाथि आग्नेयास्त्रको प्रहार गरे, उता रावणले पनि वारुणास्त्रको प्रयोग गरेर त्यसलाई रोकिदियो ॥२९॥ अब ता राक्षसराज रावण राक्षसी मायाको प्रभावले कुवेरको विनाशका लागि सैकडाँ हजारां रूप धारण गर्न लाग्यो ॥३०॥ रावण बाघ, बनेल, मेघ, पर्वत, सागर, वृक्ष, यक्ष, दैत्य, आदिको रूप लिएको देखिन थाल्यो ॥३१॥ यस समयमा यसका यस किसिमका अनेक रूप देखिन थाले तर यसको असली रूप ता देखिन्नथ्यो । हे राम ! यसपछि रावणले एउटा बडेमानको गदा उजाएर कुवेरको टाउकोमा प्रहार गऱ्यो ॥३२॥ यस गदाको मारले धनेश विह्वल भइगए र जतातत्तै शरीरबाट रगत बगाउँदै जरो काटिएको अशोक वृक्षझैं भूइँमा ढलिहाले ॥३३॥ यस मौकामा पद्म आदि गरिएका धनका देवताले धनेशको रक्षा गरेर नन्दन वनमा लगे र उहाँ यिनलाई सचेत गराउने उद्योग गर्नलागे ॥३४॥

कुवेरलाई जित्न सकेकोमा राक्षसराजलाई बडो खुशीयाली भयो र यसले विजयको चिन्हस्वरूप पुष्पकविमान कुवेरको हातबाट खोसेर लियो ॥३५॥ यस विमानमा सुनका थाम जडिएका थिए, वैदूर्य-मणिको ता यसको ढोका थियो र सबै कालमा फल फल्ने रूख यसमा लगाइएका थिए ॥३६॥ मनको जस्तो छिटो यसको चाल थियो, मन लागेको ठाउँमा लैजान सकिन्थ्यो, ठूलो अथवा सानो जस्तोसुकै रूप पनि लिन सक्ने, चराझैं उड्ने यस विमानमा ठाउँ ठाउँमा मणि जडिएको सुनको भऱ्याङ थियो र खारिएको सुनको ता यहाँ चौतारा बनेको थियो ॥३७॥ देवताहरूले चढ्ने योग्यको, कहिले पनि नाश नहुने, हेर्दैमा मन र दृष्टिलाई प्रसन्न गराउने यो विमान अद्भुत

कालिगडीले बनेको थियो । स्वयं ब्रह्माले यो बनाउन लगाएका हुन् ॥३८॥ यो यस्तो मनोहर र उत्तम रीतिले बनेको थियो कि यसमा सबै आवश्यक वस्तु राख्न सकिन्थ्यो । यसमा बस्ताखेरि जाडो अथवा गर्मी केही पनि हुन्नथ्यो । जुनसुकै ऋतुमा पनि यसले त्यहाँ बस्नेलाई सुख दिन्थ्यो ॥३९॥ आफ्नो बाहुबलले जितेको यस विमानमा चढेपछि ता मूर्ख रावण घमण्डमा परेर अब ता मैले तीनै लोक जितें भन्ठान्नलाग्यो । यस प्रकारसंग देवता कुवेरलाई जितेर रावण कैलाश पर्वतबाट तल ओह्लर्‍यो ॥४०॥

प्रतापी रावणले आफ्नो बलको प्रभावले यो ठूलो विजय प्राप्त गरेको हो । चहकिलो किरीट र हार धारण गरेर विमानमा सवार भइराखेको यो राक्षसराज सभामा बसेको अग्निदेव जत्तिकै शोभायमान देखिनलागेको थियो ॥४१॥

सर्ग—१६

दशानन शङ्करबाट "रावण" भन्ने नाम पाउँछ ।

हे राम ! दाजु कुवेरलाई जितिसकेपछि राक्षसराज रावण कार्त्तिकेय उत्पन्न भएको विशाल शरवणमा गयो ॥१॥ सुवर्णमय बडेमानको शरवण देख्ता रावणलाई यो वन चारैतिर किरण फैलाइरहेको दोस्रो सूर्यसमान देखिनलाग्यो ॥२॥ हे राम ! रमणीय वनले युक्त भएको एउटा पर्वतमा पुगेपछि रावणले पुष्पक विमानको गति रोकिएको देख्यो ॥३॥ यो पुष्पक विमान ता इच्छाअनुसार हिंड्ने हो, के कारणले अहिले रोकिन गयो होला भनी रावण आफ्ना मन्त्रीहरूसंग सोधपूछ गर्न लाग्यो ॥४॥ के कारणले यो पुष्पक मेरो इच्छाअनुसार नहिंडेको होला ? यस पर्वतमा रहने कुनै प्राणीले पो यसको गति रोकिदिएको हो कि भनी उ विचार गर्नलाग्यो ॥५॥ यही मौकामा बुद्धिमान् मारीच भन्नलाग्यो—हे राजन् ! पुष्पकको गति रोकिनामा अवश्य कुनै कारण हुनुपर्दछ । विनाकारणले यस्तो हुन सक्तैन ॥६॥ शायद कुवेरसिवाय अरू कसैलाई चढाएर यसले नहिंड्ने गरेको हो कि ? अतएव अहिले उनी नहुनाले यो रोकिएको होला ॥७॥ मारीचको यो कुरा समाप्त हुँदा नहुँदैमा शिवका अनुचर नन्दी त्यहां प्रकट भए । यिनको शरीर भयलाग्दो कालो पहेंलो रंगको र सानो कांटको थियो; देख्तै डर लाग्ने अनुहार र साना साना हात भएका यिनले कपाल खौराइराखेको थियो । यी नन्दीश्वर रावणनेर आई निःशङ्क भावसंग उसलाई भन्नलागे ॥८-९॥ हे दशानन ! फर्केर जाऊ, यस पर्वतमा महादेवजी क्रीडा गरिरहनुभएको छ, यसै कारण गरुड, नाग, यक्ष, देव, गन्धर्व र राक्षस यी कुनैले पनि यहाँ पर्वतमा नआउनू भन्ने उहाँको हुकूम छ । नन्दीका यी कुरा सुन्दैमा रावणलाई रिस चढिहाल्यो । आफ्ना कुण्डल हल्लाउँदै राता राता आंखा पारेर पुष्पक विमानबाट ओर्ह्लीे यो शङ्कर भनेको को हो भन्दै उ पर्वतको फेदनेर आइपुग्यो ॥१०-१२॥ रावणले प्रज्वलित शूल हातमा लिएका नन्दीलाई अर्को महादेवजीझैं शङ्करको नगीचमा उभिइराखेको देख्यो ॥१३॥

नन्दीश्वरको मुख वानरको जस्तो देखेकोले रावण ठट्टा गरेर पानी भएको बादल गर्जेझैं ठूलो खित्का छाडेर हांस्नलाग्यो ॥१४॥ साक्षात् शिवका अर्का स्वरूप नन्दीलाई रावणले यसरी हांसेको देख्ता बडो झोंक चल्यो र आफ्नो अगाडि उभिइराखेको दशाननलाई उनी भन्नलागे ॥१५॥ हे दशानन ! वानरको जस्तो मेरो आकार देखेर तैंले मेरो अपमान गरिस् र वज्रपातको जस्तो स्वर झिकेर हाँसिस् अतः मेरै जस्तो रूप, बल, र तेज भएका वानरहरू तेरो कुलको संहार पार्नाका लागि उत्पन्न हुने छन् ॥१६-१७॥ नङ र दांत यिनका हतियार हुनेछन्, मनसमानको यिनको वेग हुनेछ, यिनीहरू युद्धमा उन्मत्त, महाबली र पर्वतसमानका विशाल आकार परेका हुनेछन् ॥१८॥ यस प्रकारसंग उत्पन्न भएका यिनीहरू मन्त्री र छोराहरूको साथसाथै तेरो प्रबल अहङ्कार र बढत्वलाई दूर गरिदिने छन् ॥१९॥ हे निशाचर ! म तंलाई अहिले नै मार्न सक्तछु तर मार्न चाहन्न, कारण आफ्ना दुष्कर्मले गर्दा तं पहिले नै मरिसकेको छस् ॥२०॥

नन्दीश्वरका मुखबाट यी वचन निस्कनासाथ देवताहरूको दुन्दुभि बज्नलाग्यो र आकाशबाट पुष्पवृष्टि हुन थाल्यो ॥२१॥ तर महाबली रावणले नन्दीको कुरापट्टि केही विचारै राखेन र पर्वतनेर गई यस प्रकारसंग भन्नलाग्यो ॥२२॥ हे रुद्र ! म जानलागिरहेको थिएं, तर तिम्रो यस पर्वतले गर्दा मेरो पुष्पकको गति रोकिन गयो, तसर्थ तिम्रो यस पर्वतलाई जरैदेखि उखेलेर भिल्काइदिन्छु ॥२३॥ कुन प्रभावको आधारमा महादेवजी रोज रोज राजाझैं क्रीडा गर्नलागेका हुन्, जान्नुपर्ने कुराको ता उनलाई विचारै रहेनछ, यस बखतमा भयको कारण उपस्थित भइराखेको छ भनेर उनले थाहा पाउनुपर्ने हो ॥२४॥ हे राम ! यति भनिसकेपछि रावण झटपट पर्वतमुनि आफ्नो हात घुसारेर त्यसलाई उचाल्नलाग्यो । रावणले उचाल्दाखेरि ता पर्वतै कम्पायमान हुनलाग्यो ॥२५॥ पर्वत हल्लनलागेकोले महादेवका गणहरू डरले थर्कायमान र पार्वतीसमेत हडबडाएर महादेवलाई अंगालो हाल्न पुगिन् ॥२६॥ यसपछि देवताहरूमध्येका श्रेष्ठ महादेवजीले आफ्नो खुट्टाको बूढी औंलाले त्यस पर्वतलाई खेलांची जस्तो गरेर थिचिदिए ॥२७॥ महादेवको यस कारवाइले रावणको पर्वतसमानको हात थिचिन गयो र यो चमत्कार देख्ता दशाननका मन्त्रीहरू छक्क परे ॥२८॥ राक्षस झोंकमा परेको र हात दुःख्नलागेकोले सहसा बडो चर्को स्वरले चिच्याउन थाल्यो, उसको यस चिच्याहटले गर्दा तीनै लोक थरथर काम्नलाग्यो ॥२९॥ दशाननका मन्त्रीहरूलाई यो आवाज सुन्दाखेरि प्रलयकालमा वज्रपात भएको हो कि भन्ने भान पर्न गयो । शब्द सुन्दा इन्द्रादि देवताहरू आफ्नो मार्गबाट विचलित भए, समुद्र खलबलिनलाग्यो र पर्वत थरथर काम्न थाले । उता यक्ष, विद्याधर र सिद्धहरू यो शब्द केका निमित्त भएको हो भनी आपसमा सोधासोध गर्नलागे ॥३०-३१॥ अब ता रावणका मन्त्रीहरू उसलाई भन्नलागे—हे दशानन ! उमापति नीलकण्ठ महादेवजीलाई प्रसन्न गराउनुहोस् । यस विपत्तिमा उनीसिवाय अरू कसैले हाम्रो रक्षा गर्न सक्तैन ॥३२॥ नम्रतासंग स्तुति गरेर उनको शरण पर्नोस् । शङ्कर दयालु छन्; सन्तुष्ट भएर उनले अवश्य तिम्राउपर दया गर्ने

मन्त्रीहरूको यो कुरा सुनेपछि रावण प्रणाम गरेर सामवेदका मन्त्र तथा किसिम किसिमका स्तोत्रले महादेवजीको स्तुति गर्नलाग्यो । राक्षसले रोई रोईकन यहाँ एक हजार वर्ष छन् ॥३३॥ बितायो ॥३४॥ हे राम ! यसपछि कैलास पर्वतमा विहार गर्नलागेका प्रभु महादेवजी प्रसन्न भई रावणलाई हात झिक्न दिएर उसलाई भन्नलागे ॥३५॥ हे दशानन ! तिमी वीर रहेछौ, तिम्रो बल देख्ता म प्रसन्न भएँ । पर्वतमुनि थिचिंदाखेरि तिमीले जो भयङ्कर शब्द निकालेथ्यौ त्यसले तीनै लोक डरले थर्कायमान भई प्रतिध्वनित हुन गएथ्यो, तसर्थ हे राजन् ! अब उप्रान्तलाई तिम्रो ''रावण'' नाम हुने भयो ॥३६–३७॥ समस्त लोकलाई रुने पारेकोले देवता, मनुष्य पृथ्वीमा जति प्राणी छन् ती सबैले तिमीलाई रावण भन्नेछन् ॥३८॥ हे पौलस्त्य ! जुन बाटोबाट जान चाहन्छौ, निर्धक्कसंग सोही बाटो गरेर जाऊ । हे राक्षसराज ! पुष्पक विमानमा चढेर जाने तिमीलाई म आज्ञा दिन्छु ॥३९॥ महादेवजीका यस्ता वचन सुनेपछि लङ्केश्वर आफैं भन्नलाग्यो, हे महादेव ! मेराउपर प्रसन्न हुनुभएको छ भने म प्रार्थना गर्दछु कि मलाई वर दिनुहोस् ॥४०॥ देवता, गन्धर्व, दानव, राक्षस, गुह्यक, नाग तथा अरू अरू महाबली प्राणीहरूद्वारा आफ्नो वध नहुने वर मैले पाएको छु । हे देव ! मनुष्यलाई ता म केही सम्झन्न, मेरा विचारमा यिनीहरू बडा निर्बल छन् । हे त्रिपुरारि ! ब्रह्माजीबाट मैले दीर्घायु पनि पाएको छु । तपाईंबाट म ब्रह्माले दिएको भन्दा बढ्ता आयु र एउटा असल शस्त्र चाहन्छु ॥४१-४२॥ रावणको यस्तो प्रार्थना सुनेपछि महादेव शङ्करले उसलाई चन्द्रहास नाम गरेको एउटा चहकिलो तरवार दिनुभयो र उसको आयुसमेत बढाइदिनुभयो ॥४३॥ खड्ग र वरदान दिइसकेपछि महादेवजी भन्नलाग्नुभयो—हे रावण ! कहिले पनि यस तरवारको निरादर नगरे, निरादर गर्‍यौ भने ता यो फेरि मकहाँ फर्केर आउनेछ ॥४४॥ महादेवजीबाट यस प्रकारसंग नयां नाम पाएपछि रावण, उहाँलाई प्रणाम गरी पुष्पक विमानमा सवार भयो ॥४५॥ हे राम ! यसपछि ता रावण अनेक वीर क्षत्रियहरूलाई दुःख दिंदै पृथ्वीमा जताततै घुम्नलाग्यो ॥४६॥ शूरा, तेजस्वी तथा युद्धमा उत्साह देखाउने क्षत्रियहरू रावणको आज्ञा नमानेकोले सपरिवार नष्ट भइगए ॥४७॥ बाँकी बचेका चतुरा र समझदार राजाहरूले ता बलको घमण्डले चूर भइराखेको रावणलाई जित्न कठिन देखेर उसको अगाडि आफ्नो हार स्वीकार गरे ॥४८॥

सर्ग—१७

रावणमाथि वेदवतीको सराप ।

हे राम ! महाबाहु रावण पृथ्वीतलमा भ्रमण गर्दा गर्दै एक दिन हिमालयको तराईमा गएर घुम्नलाग्यो ॥१॥ यहाँ कालो हरिणको छाला लगाएकी, जटा धारण गरेकी, ऋषिहरूले झैं तपस्या गर्नामा लागेकी र देवताहरूको जस्तो कान्ति भएकी एउटी कन्यामाथि यसको दृष्टि पर्नगयो ॥२॥ व्रत गर्नामा लागेकी, रूपवती यी कन्यालाई देख्ता रावण कामले मोहित भइगयो र हाँसी हाँसीकन उनलाई

सोध्नलाग्यो ।।३।। हे भद्रे ! यो के गर्नलागेकी ? यो आचरण तिम्रो जवानीलाई सुहाउँदैन । तिमी जस्ती रूपवतीले यस्तो काममा लाग्न मुनासीब पर्दैन ।।४।। हे भीरू ! तिम्रो यस उपमारहित सुन्दरताले पुरुषलाई कामोन्मत्त बनाइदिन्छ । तिमीसमानका आइमाईले तपस्या गर्न हुन्न भन्ने बूढापाकाहरूको भनाइ छ ।।५।। हे भद्रे ! तिमी कसकी छोरी हौ ? किन यो व्रत गर्नलागेकी ? हे सुन्दरी ! तिम्रो पति को हो ? हे भीरू ! तिमीसित भोग गर्न पाउने पुरुषलाई ता यस संसारमा पुण्यात्मा भन्नुपर्दछ ।।६।। केका निमित्त तिमीले यस्तो परिश्रम गरेको हो ? मैले सोधेका यी सबै कुराको जवाफ देऊ ।

रावणले यसरी सोधेको सुन्दा यी यशस्विनी कन्या विधिपूर्वक उसको अतिथिसत्कार गरेर भन्नलागिन्—बृहस्पतिका छोरा, बाबुसमानका बुद्धिमान्, अमिततेजस्वी कुशध्वज नाम गरेका ब्रह्मर्षि मेरा बाबु हुन् ।।७-८।। यी महात्मा सदा वेदाभ्यासमा लागिरहन्थे, म यिनै महात्माकी वाणीरूप कन्या भएर जन्मेकी हुँ । वेदवती मेरो नाम हो ।।९।। केही समयपछि देवता, गन्धर्व, यक्ष, राक्षस, पन्नग, यी सबै थरी पिताजीनेर आई मसँग विवाह गर्ने प्रार्थना गर्नलागे ।।१०।। हे राक्षसराज ! के कारण पिताजीले उनीहरूसँग मेरो विवाह गर्नुभएन सो म भन्दछु, सुन ।।११।। त्रिलोकेश्वर सुरेश्वर विष्णुलाई ज्वाइँ बनाउने मेरा पिताको इच्छा थियो, यसै कारणले उहाँले अरू कसैको हातमा मलाई सुम्पनुभएन ।।१२।। विष्णुसँग विवाह गरिदिने पिताजीको इच्छा थाहा पाएपछि बलको घमण्डले चूर भइराखेको दैत्यहरूको राजा शम्भुले मेरा बाबुमाथि रिस देखायो र यस पापीले एक दिन राती सुतेको बेला पारेर उहाँलाई मारिदियो ।।१३।। महाभागा मेरी आमाले शोकले विह्वल भई पिताको लाशसँगै आगोमा प्रवेश गरिन् ।।१४।। यसपछि नारायणप्रति पिताजीको जो प्रतिज्ञा थियो त्यसलाई सत्य गराउनुपर्दछ भन्ने विचार मेरो मनमा उत्पन्न भयो, यसै कारण नारायणलाई मनमा धारण गरेर म तपस्या गर्नलागेकी हुँ ।।१५।। हे राक्षसराज ! पिताको यै प्रतिज्ञा मनमा राखेर म यो कठोर तपस्या गर्नलागेकी छु, भन्नुपर्ने सबै कुरा तिमीलाई सुनाइसकें ।।१६।। नारायण मेरा पति हुन्, नारायणसिवाय अरू कोही मेरो पति बन्न सक्तैन, उहाँलाई पाउनाको निम्ति म यो कठोर नियमको पालना गर्नलागेकी हुँ ।।१७।। हे पौलस्त्यनन्दन ! मैले तिमीलाई चिह्निसकें, अबलाई जाइहाल, संसारमा जति कुरा हुन्छन् ती सब म आफ्नो तपस्याको प्रभावले थाहा पाउन सक्तछु ।।१८।।

हे राम ! कामबाणले पीडित भएको रावण विमानबाट ओर्लेर महाव्रतमा लागेकी ती कन्यालाई फेरि भन्नलाग्यो ।।१९।। हे सुन्दरी ! तिमीलाई घमण्ड भइराखेको छ, यसो नहुँदोहो ता किन यस्तो बुद्धि हुन्थ्यो ? हरिणको जस्तो आँखा भएकी हे सुन्दरी ! पुण्य संग्रह गर्नु अर्थात् तपस्या गर्नु बूढालाई सुहाउने काम हो ।।२०।। सबै गुणले युक्त भएकी तिमीले यस्तो कुरा गर्न उचित पर्दैन अर्थात् तपस्या गर्दछु भन्न हुँदैन । हे भीरू ! तिमी ता तीनै लोककी सर्वश्रेष्ठ सुन्दरी हौ र तिम्रो जवानी बित्नलागिरहेको छ ।।२१।। हे भद्रे ! म लङ्काको राजा हुँ रावण मेरो नाम हो, मेरी स्वास्नी बनेर सुखपूर्वक सबै भोग्य वस्तुको भोग गर ।।२२।। तिमी जसलाई विष्णु भन्दछ्यौ त्यो को हो ? हे सुन्दरी ! जसको तिमी चाहना गरिरहेकी

छौ, बल वीर्य्य, भोग, तपस्या यी कुनै कुरामा पनि त्यसले मेरो बराबरी गर्न सक्तैन ॥२३॥

रावणले, यसो भनेको सुन्दा कन्या वेद्वती त्यस राक्षसलाई भन्नलागिन्—विष्णुको विषयमा यस्तो कुरा नभन ॥२४॥ विष्णु तीनै लोकका मालिक हुन्, सबैले यिनको आदर गर्नुपर्दछ । हे राक्षस-राज ! तिमीबाहेक अरू कुन बुद्धिमान्ले उहाँको यस्तो अनादर गर्ला ? ॥२५॥ वेदवतीको मुखबाट यो कुरा निस्कनासाथ रावण उनीनेर गयो र उनको कपालको रौंमा आफ्नो हात लगायो ॥२६॥ अब ता वेदवती झोक्किएर आफ्नै हातले कपालको रौं काट्नलागिन् । यस समयमा यिनका हात तरवारको रूप लिएर धमाधम रौं काट्नलागे ॥२७॥ रिसले गर्दा रावणलाई डढाउने हो कि जस्तो गरेर यिनी धपक्क बल्नलागे जस्ती भइन् र मर्ने निश्चय गरेकोले आगो एकै ठाउँमा थुपारेर राक्षसलाई भन्नलागिन् ॥२८॥ हे अनार्य राक्षस ! तैंले मेरो अपमान गरिस् तसर्थ अब म जीउँदी रहन चाहन्न, हेर्, तेरै सामुन्नेमा आगोमा हामफालेर मर्दछु ॥२९॥ हे पापी ! तैंले यस वनमा मेरो अपमान गरिस् अतएव तेरो वधको कारण बन्नाका लागि म फेरि उत्पन्न हुनेछु ॥३०॥ पापी पुरुषलाई आइमाईले मार्न हुन्न यसैले मैले तेरो वध नगरेकी हुँ, म तँलाई श्राप पनि दिन सक्तछु तर श्राप दिनाले मेरो तपस्या नष्ट हुनेछ ॥३१॥ मबाट केही धर्म, दान अथवा हवन भएको छ भने म कुनै धर्मात्माको घरमा अयोनिजा पतिव्रता कन्या भएर जन्मनेछु ॥३२॥

यति भन्नासाथ यिनी बल्दो आगोमा पसिहालिन् । यस समयमा आकाशबाट जताततै फूलको वर्षा हुनलाग्यो ॥३३॥ हे रामचन्द्र ! यिनै वेदवती जनक राजाको घरमा जन्म लिएर तपाईंकी अर्धाङ्गिनी बनेकी हुन् । हे महाबाहु ! तपाईं नै ता सनातन विष्णु भगवान् हुनुहुन्छ ॥३४॥ पहिले जुन वेदवतीले रिसको झोंकमा शत्रुको तिरस्कार गरिथिन् तिनैले तपाईंको अमानुषीय बलको सहारा पाएकीले पर्वतसमानको उही शत्रुलाई मारिदिइन् ॥३५॥ जसरी वेदीबाट आगोको ज्वाला प्रज्वलित भएर माथि उठ्तछ त्यसै गरी यी महाभागा वेदवती पनि वारंवार खेत जोत्ताखेरि हलोको फालीबाट उत्पन्न हुनेछन् ॥३६॥

यिनी उहिले सत्ययुगमा वेदवतीको नामले प्रसिद्ध थिइन्, पछि त्रेतायुगमा राक्षस रावणको वधका लागि महात्मा जनकको मैथिलकुलमा हलोको फालीबाट उत्पन्न भइन् । हलोको फालीलाई सीता भन्ने हुनाले मानिसले यिनलाई पनि सीता भनेको हो ॥३७॥

सर्ग—१८

रावणको हातबाट मरुत्तको पराजय ।

वेदवतीले अग्निप्रवेश गरेपछि रावण पुष्पक विमानमा चढेर पृथ्वीमा जताततै डुल्नलाग्यो ॥१॥ डुल्दा डुल्दै यो उशीरबीज नामको देशमा पुग्यो र त्यहाँ देवताहरूसंग मिलेर राजा मरुत्तले यज्ञ गर्न लागेको देख्यो ॥२॥ बृहस्पतिका साक्षात् भाइ संवर्त्त नाम गरेका धर्मात्मा ब्रह्मर्षि, देवताहरूलाई

साथमा राखेर, उनको यज्ञ गराउनलागेका थिए ॥३॥ वरदान पाउनाले दुर्जेय भइराखेको राक्षसलाई देख्ता यसले दुःख दिने हो कि भनेर डराएका सबै देवताहरू पशु· पक्षीको रूप लिएर उडे ॥४॥ यिनीहरूमध्ये इन्द्रले मयूरको रूप लिए, कुवेर छेपारो बने, यमराज काग भए र वरुणले हांसको शरीर बनाए ॥५॥ एवं प्रकारसंग अरू अरू देवताले पनि भिन्ना भिन्न पशुपक्षीको योनिमा प्रवेश गरे । हे शत्रुनाशी राम ! उता रावण पनि अपवित्र कुक्कुरझैं यज्ञशालाभित्र ढल्किंदै पस्यो र राजानेर गएर यो राक्षसराज रावणले भन्यो—या त मसित युद्ध गर या हारें भनेर कबूल गर ॥६–७॥ राजा मरुत्तले सोधे–तपाईं को हुनुहुन्छ ? यो सवाल सुन्नासाथ रावण खूबसंग हांसेर भन्नलाग्यो ॥८॥ कुवेरको भाई रावणलाई समेत नचिन्ने तिमी सांच्चिकै सोझा रहेछौ, तिम्रो यो सोझोपना देख्ता हे राजा ! मलाई खुशी लाग्यो ॥९॥ मेरो पराक्रम थाहा नपाउने तिमीसिवाय तीनै लोकमा अरू को होला ? हेर, दाजु कुवेरलाई जितेर उनको हातबाट यो विमान खोसेर ल्याएँ ॥१०॥ यसपछि मरुत्त राजा रावणलाई भन्नलागे—युद्धमा दाजुलाई समेत जित्ने तिमी धन्यै रहेछौ, तिमीसमानको श्लाघनीय ता तीनै लोकमा कोही होवैन । रे मूर्ख ! अधर्मयुक्त अथवा लोकनिन्दित कामको कसैले पनि सह्रनी गर्दैन, दाजुलाई जित्ने पापकर्म गरेर तिमी आफ्नो बढत्व देखाउनलागेका छौ ॥११॥ पहिले तिमीले कुन धर्म गरेका थियौ कि तिमीलाई वर मिल्न गयो, अहिले तिमीले आफ्नो मुखले वर्णन गरेको कुरा ता मैले तिम्रो विषयमा पहिले कहिले पनि सुनेको थिइन ॥१२॥ रे मूर्ख ! पर्खी, तं यहांबाट जीउँदो फर्केर जान पाउन्नस् । तीखा तीखा बाणको प्रहार गरेर तंलाई म आज यमराजको घर पठाइदिन्छु ॥१३॥

यति भनेर राजा मरुत्त झोंक्किंदै धनु बाण लिएर युद्ध गर्न भनी निस्के, तर महर्षि संवर्त्त भने राजाको बाटो रोकेर खडा भए ॥१४॥ यी महर्षि स्नेहपूर्वक राजालाई भन्नलागे—मैले भनेको कुरा मान्दछौ भने सुन, अहिले तिमीले युद्ध गर्नामा उचित पर्दैन ॥१५॥ यो माहेश्वर यज्ञ समाप्त भएन भने यसले जम्मै कुललाई भस्म पारिदिनेछ, तिमी नै भन के यज्ञको दीक्षा लिइसकेकोले युद्ध गर्न अथवा रिस देखाउन होला त ? ॥१६॥ लडाइँमा विजय होला भन्ने कुरामा सदा सन्देह रहन्छ त्यसमाथि पनि यो राक्षस ता अजेय छ ।

गुरुका यी कुरा सुनेपछि राजा मरुत्त फर्केर आए र धनु बाण थन्क्याएर यज्ञ गर्नापट्टि लागे ॥१७॥ राजाले हारे भन्ने संझेर शुकले राजाको हारको खबर चारैतिर फिंजाइदियो र प्रसन्नतासाथ बडो चर्को स्वर झिकेर रावणको जय जयकार गर्नलाग्यो ॥१८॥ यज्ञमा आइराखेका महर्षिहरूलाई खान पाएको तथा यिनको रगत पिउन पाएकोले रावण तृप्त भएर फेरि पृथ्वीमण्डलमा चक्कर मार्न लाग्यो ॥१९॥ रावण फर्केर गएपछि इन्द्र आदि गरिएका देवताहरू आफ्नो आफ्नो रूप लिएर जुन जुन पशु पक्षीको शरीरमा यिनीहरूले प्रवेश गरेका थिए तिनीलाई भन्नलागे ॥२०॥ प्रसन्न भएकोले इन्द्रले नीलो पुच्छर भएको मयूरलाई भने—हे धर्मज्ञ ! म तिमीदेखि खुशी छु, अबलाई तिमीले सांपदेखि डरा-

उनुपर्ने छैन, यी मेरा जो हजार आँखा छन् सो तिम्रा पुच्छरमा शोभायमान हुनेछन्, मबाट वृष्टि हुँदा-खेरि मेरो प्रेमको चिह्नस्वरूप तिमीलाई बडो आनन्द लाग्नेछ। यस प्रकारसंग देवराज इन्द्रले मयूर-लाई वर दिनुभयो ॥२१-२२॥ हे राजन्! योभन्दा पहिले मयूरका पुच्छर केवल नीलो रङ्गका हुन्थे, इन्द्रबाट वर पाएकोले यिनीहरू यस्ता रङ्गी विरङ्गी भएका हुन् ॥२३॥

हे राम! धर्मराज यज्ञशालामा बसिराखेको कागलाई भन्नलागे––ए पक्षी! म तँदेखि खुशी छु, प्रसन्न भएकोले म जो वर दिनलागेको छु सो सुन् ॥२४॥ मैले गर्दा अरू अरू प्राणीले किसिम किसिमका रोगले पीडित हुनुपर्दछ तर म प्रसन्न भएकोले यी कुनै रोगले पनि तँलाई दुःख दिने-छैनन्, यसमा अलिकता पनि शङ्का लिनुपर्दैन ॥२५॥ ए चरा! मबाट वर पाएकोले तँलाई मृत्युको अलिकता पनि डर हुनेछैन। मानिसले नमारेसम्म तँ बाँचिरहनेछस् ॥२६॥ मेरो राज्यमा जति मानिस भोका रहन्छन् ती सबै तँलाई भोजन गराउनाले सपरिवार तृप्त भइजानेछन् ॥२७॥ गंगाको जलमा विहार गर्ने हाँसलाई वरुणजी भन्नलाग्नुभयो—हे पक्षिराज! प्रेमपूर्वक मैले भनेको कुरा सुन ॥२८॥ तिम्रो शरीरको वर्ण चन्द्रमण्डलसमानको निर्मल, फिंजको जस्तो कान्ति भएको बडो राम्रो हुनेछ ॥२९॥ जल नै मेरो शरीर हो, यसमा सदा संचालन गर्नाले तिम्रो मूर्ति बडो राम्रो बन्ने छ र मनमा खूब आनन्द लाग्नेछ, मेरो प्रसन्नताको लक्षण यही हो ॥३०॥ हे राम! पहिले हाँसको जम्मै शरीर सेतो हुन्थ्यो, पखेटाको छेउ छेउ नीलो र छातीको रंग घाँसको रंग जस्तो हुन्थ्यो ॥३१॥ पर्वतमाथि बसिराखेको छेपारोलाई कुवेर भन्नलागे—प्रसन्न भएकोले म तेरो शरीरको रंग सुनको जस्तो तुल्याइदिन्छु। तेरो टाउकोको रंग पनि सुन जस्तै हुनेछ, मेरो प्रसन्नताले गर्दा तेरो यो सुनौला रंग कहिले पनि बदलिनेछैन ॥३२-३३॥ समस्त चराचुरुङ्गीलाई यस प्रकारसँग वर दिएर यी देवताहरू यज्ञोत्सव समाप्त भएपछि राजा मरुत्तको साथमा लागेर आफ्ना आफ्ना घरतिर लागे ॥३४॥

सर्ग––१९

अनरण्यसित रावणको युद्ध : अनरण्य रावणलाई श्राप दिन्छन्।

युद्धमा उत्साह देखाउने राक्षसराज रावण मरुत्त राजालाई जितिसकेपछि अरू अरू राजाहरूको राजधानीमा घुम्नलाग्यो ॥१॥ इन्द्र र वरुणसमानका राजाहरूकहाँ जाँदै यो राक्षसराज भन्दथ्यो—कि ता मसित युद्ध गर, कि हार स्वीकार गर। यी दुइमध्ये तिमीले एउटा गर्नै पर्दछ, मेरो यत्तै दृढ सङ्कल्प छ। यसको विरुद्ध आचरण गरेको खण्डमा ता तिमी उम्कन पाउनेछैनौ ॥२-३॥ यसको कुरा सुनेपछि निडर, बुद्धिमान्, महाबली, धर्म्मपूर्वक शासन गर्ने राजाहरूले आफू आफूमा सल्लाह गरेर हार स्वीकार गरे, कारण यिनीहरूलाई शत्रु अत्यन्त बलियो छ भन्ने कुरा थाहा थियो। यस प्रकारसँग दुष्यन्त, सुरथ, गाधि, गय, राजा पुरुरवा यी सबै राजाले हामी हार्‌यौं भनी कबूल गरे। यसपछि राक्षसराज रावण अयोध्या नगरीमा आयो ॥४-६॥ जसरी इन्द्र अमरावतीको रक्षा

गर्दछन् त्यसै गरी यिनताक राजा अनरण्य अयोध्याको रक्षा गर्नामा लागेका थिए । इन्द्र जत्तिकै बलिया पुरुषसिंह राजानेर गई रावणले भन्यो—कि ता मसित युद्ध गर कि म हारें भन, मेरो यस्तै हुकूम छ ॥७-८॥

यस पापीको यो कुरा सुनेपछि अयोध्यापति अनरण्यले झोंक्किएर रावणलाई भने—हे राक्षसराज ! पर्खी, म तंसित द्वन्द्वयुद्ध गर्दछु, झट्टै तय्यार भइहाल, यता म पनि तय्यार हुन्छु ॥९-१०॥ राजा अनरण्यले रावण आउनलागेको छ भन्ने सुनेको हुनाले पहिले नै उसित लड्नाका लागि फौज तय्यार पारिराखेको थियो । रावणको वधका लागि उद्यत भइराखेको राजाको यो सेना युद्ध गर्न भनी निस्क्यो ॥११॥ हे राजा ! यस सेनामा दशहजार हात्ती, एक लाख घोडा तथा हजारां रथ र पैदल सिपाही थिए ॥१२॥ पैदल सिपाही र रथले पृथ्वीलाई ढाकेझैं गरी यो सेना युद्ध गर्न भनी निस्क्यो । अब ता राजा अनरण्य र राक्षस रावणको बीचमा बडो भयङ्कर तथा अद्भुतको युद्ध हुनलाग्यो । आगोमा हालेको होमको सामग्री जसरी भस्म हुन्छ त्यसै गरी राजाको यो सेना रावणको फौजसित लड्दा नष्ट भइगयो । जसरी कीरा फट्यांग्रा आगोमा प्रवेश गर्नासाथ नाश भइहाल्दछन् त्यसै गरी राजाको सेनाले धेरै बेरसम्म युद्ध गरेको र अद्भुतको पराक्रम देखाएको भए तापनि रावणको सेनाद्वारा अन्तमा यसको संहार भइहाल्यो ॥१३–१६॥ जलले भरिपूर्ण भइराखेका सैकडां नदीहरूको अस्तित्व समुद्रमा मिसिंदाखेरि नष्ट भएझैं राजाले आफ्नो सेनाको विनाश हुनलागेको देखे ॥१७॥ अब ता राजा रिस थाम्न नसकेकोले इन्द्रधनुषसमानको आफ्नो धनुमा टङ्कार दिंदै स्वयं रावणसित मुकाबिला गर्न आए ॥१८॥ शुक, सारण, मारीच र प्रहस्त, रावणका यी चार मन्त्री राजा अनरण्यको हातबाट हारेका हुनाले सिंहको डरले हरिणहरू भागेझैं भागे ॥१९॥ यसपछि इक्ष्वाकुकुलनन्दन अनरण्यले राक्षसराजको टाउको ताकेर आठ सय बाण चलाए ॥२०॥ राजाका यी बाणले रावणको शरीरमा कतै पनि घाउ गराएनन् । मुशलधारको वर्षाले पर्वतको शिखरलाई कुनै प्रकारको केही विकार गर्न नसकेझैं यी बाणले पनि रावणको केही बिगार गर्न सकेनन् ॥२१॥ राक्षसराजले झोंक्किएर राजाको शिरमा एक थप्पड लगायो जसले गर्दा वज्र पर्नाले वनमा सालको रूख ढलेझ यी राजा विह्वल भएर थरथर काम्दै रथबाट तल भूइँमा खसे ॥२२-२३॥ अब ता राक्षस हाँस्तै इक्ष्वाकुराजालाई भन्नलाग्यो—मसित युद्ध गर्नाले के फल पायौ ? हे राजा ! मसित द्वन्द्व युद्ध गर्न सक्ने तीनै लोकमा कोही पनि छैन । सदा सुख भोगमा लागिरहने हुनाले मेरो बलको बारेमा केही सुनेका रहेनछौ जस्तो पो मलाई लाग्दन्छ ॥२४-२५॥

रावणको यो कुरा सुन्दा मर्नलागेका राजाले भने—तेरो सामर्थ्यले मलाई हराउन सक्ने ता होइन तर के गरौं काल बडो बलियो हुन्छ कसैले यसलाई टार्न सक्तैन ॥२६॥ आफ्नै मुखले आफ्नो प्रशंसा गर्ने तैंले मलाई जितेको होइनस्, किन्तु कालले गर्दा मेरो यस्तो दुर्दशा भएको हो, तँ ता निमित्त मात्र भएको होस् ॥२७॥ म मर्नलागिरहेको छु अबलाई मबाट के हुन सक्तछ ? तर युद्धबाट

ता म विमुख भएको होइन । युद्ध गर्दा गर्दैमा तेरो हातबाट मारिएको हुँ ॥२८॥ हे राक्षस ! तैंले इक्ष्वाकुकुलको अपमान गरेको हुनाले म केही भन्दछु । मैले दान दिएको, होम गरेको, तपस्या गरेको र न्यायपूर्वक प्रजाको पालन गरेको छ भने, मैले भनेको यो कुरा साँचो हुनेछ ॥२९॥ महात्मा इक्ष्वाकुहरूको यस कुलमा दशरथका रामचन्द्र नाम गरेका छोरा जन्मनेछन् । यिनैले तेरो प्राणको संहार पार्नेछन् ॥३०॥

राजा अनरण्यको मुखबाट यो श्राप निस्कनासाथ बादल-गर्जेको जस्तो आवाज गरेर देवताहरू-को दुन्दुभि बज्नलागेको सुनियो र आकाशबाट पुष्पवृष्टि हुनलाग्यो ॥३१॥ हे राजा ! यस प्रकार राजा अनरण्य स्वर्गतिर लागे र राजाको स्वर्गागमन भएपछि, राक्षस रावण पनि त्यहाँबाट आफ्नो बाटो लाग्यो ॥३२॥

सर्ग—२०

नारद रावणलाई यमराजसंग युद्ध गर्ने उपदेश दिन्छन् ।

मानिसहरूको मनमा त्रास पार्दै पृथ्वीतलमा घुम्दाखेरि राक्षस रावणले एक दिन मेघमण्डलमा विराजमान भइराखेका मुनिश्रेष्ठ नारदलाई देख्यो ॥१॥ राक्षस रावणले उनलाई प्रणाम गरेर पहिले क्षेमकुशलको प्रश्न गर्‍यो र अनि उहाँको आउनाको कारण सोध्यो ॥२॥

मेघमण्डलमा विराजमान भइराखेका महातेजस्वी, अनुपम प्रभा भएका देवर्षि नारद पुष्पक विमानमा सवार भइराखेका रावणलाई भन्नलागे ॥३॥ विश्रवाका छोरा हे सौम्य राक्षसराज ! पर्ख, हे कुलीन ! तिम्रो उच्चकोटिको पराक्रम देख्नाले म प्रसन्न छु ॥४॥ उहिले दैत्यहरूको विनाश पारेर विष्णुले मलाई सन्तुष्ट पारेथे, अब गन्धर्व, नाग आदिहरूलाई सताएर तिमीले प्रसन्न गराउने भयौ ॥५॥ सुन्न चाहन्छौ भने सुन्ने योग्यको कुरा म भन्दछु, मैले भनेका कुरा सुन्नाका लागि सावधान होऊ ॥६॥ यस मृत्यु-लोकका प्राणी मृत्युको अधीनमा भएका हुनाले मरेतुल्य छन् अतएव देवताहरूका लागि अवध्य भएर पनि तिमीले किन वृथामा यिनीहरूको संहार गरेको ? ॥७॥ देवता, दानव, दैत्य, यक्ष, गन्धर्व र राक्षसबाट अवध्य भएका तिमीले बिचरा मानिसलाई कष्ट दिनामा उचित पर्दैन ॥८॥ यी मानिसलाई आफ्नो कल्याणको विषयमा केही ज्ञान छैन, यी सदा आपत्ति विपत्तिमा परेका हुन्छन्, बुढ्याइँ र सय-कडाँ किसिमका रोगले जक्रिएका छन्, यस्ता मनुष्यलाई को दुःख दिन खोज्ला ? ॥९॥ सदा सर्वदा जुनसुकै स्थानमा पनि यी मनुष्य सङ्कष्टमा परेर पीडित भइरहन्छन्, यस्ता मनुष्यसंग युद्ध गर्ने को समझदार व्यक्तिले चाहना गर्ला ? ॥१०॥ भाग्यले ठगिराखेको, भोक, प्यास, बुढ्याइँले सदा क्षीण भइरहने तथा शोक र विषादले बेचैन रहने यस्ता मनुष्यको विनाश पार्नपट्टि नलाग ॥११॥ हे महाबाहु राक्षसेश्वर ! मूर्ख र किसिम किसिमको काम गर्नलागेका मनुष्यलाई ता हेर । यिनीहरूलाई आफ्नो

सुख दुःखको भोग गर्ने समयको समेत ज्ञान छैन ॥१२॥ कहीं कोही दङ्ग परेर नाच-गानमा लागेका छन् , कोही भने दुःखी भएर आँखाबाट अश्रुधारा बगाएर रोइरहेका छन् ॥१३॥ आमा, बाबु, छोरा, स्वास्नी र नाता कुटुम्बीको स्नेहले गर्दा मोहित भइराखेका यिनीहरू ध्वस्त भइराखेका छन् , यसैले आफूमाथि पर्ने क्लेशको यिनलाई केही ज्ञान छैन ॥१४॥ हे सौम्य ! मोहले ग्रस्त भइराखेका मनुष्यलाई यसरी कष्ट दिनामा केही लाभ छैन, तिमीले ता निस्सन्देह समस्त मर्त्यलोकलाई जिति नै सक्यौ, अब यिनलाई लखेट्न छाडिदेऊ ॥१५॥ यी सबै अवश्य यमराजको घरमा जाने हुन् , अतएव हे पौलस्त्य ! तिमी यमराजलाई जित्नपट्टि लाग । उनलाई जितेको खण्डमा तिमीले निस्सन्देह सबैलाई जितेको संझे पनि हुन्छ ।

यी कुरा सुनेपछि लङ्केश्वर आफ्नो तेजले प्रकाशमान भइरहेका नारदलाई प्रणाम गरी हाँसी हाँसीकन उनलाई भन्नलाग्यो—समरमा प्रेम राख्ने, देवता र गन्धर्वहरूले झैं विहार गर्ने हे महर्षि ! म अहिले विजयको अभिलाषा लिएर पाताल जान तैयार भइराखेको छु । तीनै लोकलाई जितेर देवता र नागहरूलाई आफ्नो अधीनमा गराएपछि अमृतका लागि समुद्र मथन गर्न थाल्नेछु ॥१६-१९॥ यसपछि भगवान् नारद ऋषि रावणलाई भन्नलाग्नुभयो—पातालतिर जानलागेका हौ भने यो बाटोबाट किन जान्छौ ? हे शत्रुनाशी दुर्धर्ष ! यमराजको प्रेत नामक नगरमा जानका लागि यो दुर्गम बाटो सोझो पर्दछ, यै बाटो गरेर जाऊ ॥२०-२१॥ "भैगो, तपाईंकै कुरा मान्दछु" भनेर रावण खूब जोरसँग हाँस्यो र शरद् ऋतुको बादलको जस्तै कान्ति भएको नारदलाई भन्नलाग्यो ॥२२॥

हे महाब्रह्मा ! यमराजको वध गर्न तैयार परेको म अब तपाईंले भनेबमोजिम दक्षिण दिशाको बाटो गरेर जान्छु, जहाँ कि सूर्यका छोरा ती यमराज बस्ने गर्दछन् ॥२३॥ हे भगवन् ! हे प्रभो ! युद्ध गर्ने इच्छा भएकोले मैले झोंकै झोंकमा चारै लोकपालहरूलाई जित्ने प्रतिज्ञा गरेको छु ॥२४॥ अब म प्रेतराज नामको शहरतिर जान हिंडे । त्यहाँ म प्राणीहरूलाई कष्ट दिने यमराजलाई नमारी छाड्ने छैन ॥२५॥ यति भनिसकेपछि त्यसले मुनिलाई प्रणाम गऱ्यो र आफ्ना मन्त्रीहरूलाई साथमा लिई दक्षिण दिशातिर लाग्यो ॥२६॥

यता ब्राह्मणश्रेष्ठ महातेजस्वी, धूवाँ नभएको आगो समानका, नारदमुनि केही बेरसम्म ध्यानमा मग्न भई विचार गर्नलागे ॥२७॥ आयु क्षीण भएमा, इन्द्रलगायत तीनै लोकका चर अचर प्राणीलाई धर्मपूर्वक कष्ट दिन सक्ने यमराजलाई रावणले कसरी जित्न सक्ला त ? ॥२८॥ प्राणीहरूले गरेको दान तथा कामका यी साक्षी हुन् , यिनको प्रभावले मानिसहरू सचेत भई आफ्नो आफ्नो काम गर्न थाल्दछन् । रूपमा यिनी दोस्रो अग्निसमान छन् । यिनको डरले थर्कायमान भई प्राणीहरू भागी हिंड्दछन् । यस्ता यमराजको सामुन्ने यो राक्षस स्वयं कसरी जान सक्ला ? ॥२९-३०॥ यिनी प्राणीलाई पाप पुण्य गराउन लगाउँछन् र कर्मअनुसारको फल पनि दिन्छन् । यिनले तीनै लोकलाई जितेका पनि छन् । यस्ता यमराजलाई रावणले कसरी जित्न सक्ला ? यिनलाई जित्नाको निम्ति यसले अरू कुनै उपाय गर्ने हो

७३

कि ? ॥३१॥ यस विषयमा मलाई बडो कौतुहल भइराखेको छ तसर्थ यमराज र राक्षसको यो युद्ध हेर्न म स्वयं यमलोकतिर जान्छु ॥३२॥

सर्ग—२१

यमराजसित रावणको युद्ध ।

ब्राह्मणश्रेष्ठ, शीघ्रगामी नारद मुनि मनमा यस्तो विचार गरी रावणसित भएको कुरा सुनाउनाका लागि यमपुरीतिर लागे ॥१॥ उहाँ पुगेपछि यिनले अग्निदेवलाई साक्षी राखेर प्राणीहरूलाई कर्मानुसारको दण्ड र अनुग्रह दिनलागेका यमराजलाई देखे ॥२॥ महर्षि नारदलाई आफूकहाँ आएको देखेपछि यमराजले उनलाई धर्म्मपूर्वक अर्ध्य दिए र सुखपूर्वक आसनमा बसालेर भन्नलागे ॥३॥

हे महर्षि ! भन्नोस्, तपाईंलाई आराम ता छ ? धर्ममा कुनै प्रकारको बाधा ता पर्दैन ? हे देव-गन्धर्वप्रिय ! तपाईंको आउनाको उद्देश्य क्या हो ? ॥४॥ यति सुनेपछि भगवान् नारद ऋषिले भने-मेरो आउनाको कारण सुन्नोस्, म भन्दछु, सुनेपछि उचित उपायको विचार गर्नुहोस् ॥५॥

हे पितृराज ! दशग्रीव नाम गरेको राक्षस तपाईं अजेय हुनहुन्छ तापनि आफ्नो पराक्रमले तपाईं-लाई आफ्नो वशमा गराउनाको निम्ति आउनलागिराखेको छ ॥६॥ हे प्रभु ! यही कारणले म हतार हतार गरेर यहाँ आएको हुँ । कालदण्डको प्रहार गर्ने तपाईंलाई उसले कसरी जित्न सक्ला त ? ॥७॥

यति कुरा गर्दा गर्दैमा यिनीहरूले उदाइराखेका सूर्यको जस्तो प्रकाश भएको, रावणको विमान टाढैबाट आफूतिर आउनलागेको देखे ॥८॥ महाबली रावण पुष्पक विमानको प्रभाले त्यस ठाउँको अन्धकार हटाउँदै यमराजनेर आइपुग्यो ॥९॥ यहाँ आइपुगेपछि महाबाहु दशग्रीवले प्राणीहरूले आफ्ना आफ्ना पाप पुण्यको फल भोग्नलागेको देख्यो ॥१०॥

यहाँ यसले महाराजका सैनिकहरूलाई तथा उनका अनुचरहरूलाई पनि देख्यो । यमराजका भयलाग्दो रूप भएका बडा बडा उग्र दूतहरूद्वारा बाँधिनलागेका तथा किसिम किसिमको यातना पाउनलागेका प्राणीहरूमाथि पनि यसको दृष्टि पर्न गयो । कोही चर्को स्वर झिकेर चिच्याउनलागेका थिए, कोही भने ठूलो दुःखमा परेकोले चिन्तामा परेका थिए ॥११-१२॥ कई एक प्राणीलाई कीरा अथवा भयङ्कर कुक्कुर टोक्नलागेका थिए; यिनीहरूले गरेको भयानक विलाप सुन्दा कानको पर्दा फुट्ला जस्तो हुन्थ्यो ॥१३॥ कोही जलको सट्टामा रगतै रगत भएको नदी पौडेर पार गर्नलागेका थिए, कोही भने खूबसंग तातेको बालुवामा वारंवार घिसारिनलागेका थिए ॥१४॥ अनेक अधर्मीह-रूको शरीर असिपत्र (तरवारको जस्तो पात हुने) नामक रूखको पातले छेडिनलागेको थियो । रौरव नरकमा, क्षार नदीमा तथा छुराको धारमा लडिबुडी गर्नुपरेकोले यिनीहरू बडो यातना पाइरहेका थिए ॥१५॥ भोक प्यासले व्याकुल परेका यिनीहरू खाने पदार्थ तथा पिउने कुरा मागिरहेका थिए, मुर्दासमानका दुब्ला, निदाउरो मुख लगाएका यिनीहरूको कपालको रौं छरिएको र शरीरको रंग

बदलिसकेको थियो ।।१६।। दुःखमा परेका, खस्रो जीउ भएका, शरीरभरि हिलै हिलो लगाएका अनेक प्राणी यताउति दगुरिरहेका थिए । रावणले सडकको बीचमा यस्तै नाना प्रकारको दुःखमा परेका सैकडाँ हजाराँ प्राणीलाई देख्यो ।।१७।। कुनै कुनै पुण्यात्माहरू भने आफ्नो पुण्यको प्रभावले राम्रा राम्रा घरभित्र रहेर गाना बजानाको मजा लिइरहेका थिए । रावणको नजर यिनीहरूमाथि पनि पऱ्यो ।।१८।। गाईदान गर्नेहरूले गोरस, अन्नदान गर्नेले अन्न र घर दान गर्नेले राम्रा राम्रा घर पाइराखेका थिए । यस प्रकारसंग यिनीहरू आफ्नो कर्मअनुसारको फल भोग्नलागेका थिए ।।१९।। अनेक धर्मात्माहरूनेर सुन, मणि, मोतीले सिंगारिएका आइमाई बसिरहेका थिए र आफ्नै प्रकाशले प्रकाशित पनि भइराखेका थिए । राक्षसराज महाबाहु रावणको दृष्टि यिनीहरूमाथि पनि पर्न गयो । महाबली रावणले त्यहाँ पुगेपछि आफ्नो पराक्रमद्वारा, पापकर्मले गर्दा नाना प्रकारका यातना भोग्नलागेका प्राणीहरूलाई बलजफ्तीसंग मुक्त गरिदियो । राक्षस रावणले गर्दा छुटकारा पाएका यी प्राणीहरूले केही बेरसम्म अचिन्तनीय तथा अपूर्व सुख भोग्न पाए ।

महाबली रावणले गर्दा यी प्रेतहरूले छुटकारा पाएको देख्ता यमराजका रक्षकहरू रिसाएर राक्षसराजमाथि जाइलागे । यी शूरा योद्धाहरूले हल्ला मचाएर दगुर्नलागेको आवाज जताततै सुनिनलाग्यो ।।२०-२४।। सैकडां हजारां शूर, वीर योद्धाहरू पुष्पक विमानमा शूल, मुशल, शक्ति, परिघ र तोमरको प्रहार गर्नलागे ।।२५।। माहुरीको बगालले झैं यिनीहरूले एकै बाजि हमला गरेर पुष्पक विमानको आसन, अटाली, चौतरा र ढोका झटाझट फोरफार पार्नलागे ।।२६।। तर पुष्पक विमान देवताहरूको निवासस्थान र ब्रह्माको प्रभावले अक्षय भएकोले युद्धमा भाँचभुँच भए तापनि उत्निखेरै पहिले झैं जस्ताको तस्तै भइहाल्दथ्यो ।।२७।। महात्मा यमराजको सेना असंख्य थियो, यिनीहरूमध्ये सैकडाँ हजाराँ वीरहरू फौजको अघि अघि हिंड्थे ।।२८।। यिनीहरूसंग रावणका मन्त्रीहरू आफ्नो आफ्नो इच्छा तथा बलअनुसार रूख, पर्वत, तथा सैकडाँ महलहरू उखेल्दै युद्ध गर्नलागे । रावण स्वयं पनि लड्नलाग्यो । लड्दा लड्दैमा नाना प्रकारको शस्त्र लागेकोले रावणका मन्त्रीहरू रगतले नुहाए जस्ता भए ।।२९-३०।। यति हुँदा पनि राक्षसराजका मन्त्रीहरूले यो भयङ्कर युद्ध गर्न छाडेनन् । यिनीहरू र यमराजका मन्त्रीहरू नाना प्रकारका शस्त्र अस्त्र चलाएर परस्पर प्रहार गर्नलागे ।

केही बेरपछि यमराजका महाबली सैनिकहरूले राक्षस वीरहरूसंग लड्न छाडेर रावणमाथि नै शूलको वृष्टि गर्नलागे । पुष्पक विमानमा बसिराखेको रावणमाथि यिनीहरूको यस्तो जोरको आक्रमण भयो कि यस प्रहारले गर्दा राक्षसराजको शरीर बिलकुलै छिया छिया भइगयो र तमाम अङ्गबाट रगतको धारा बग्नलाग्यो । यस समयमा रावण फूल फुलिराखेको अशोकको रूख जस्तै देखिनलागेको थियो ।।३१-३३।। यता महाबली रावण पनि शूल, शक्ति, तोमर, गदा, प्रास, वाणको प्रहार गर्न र अस्त्रबलले ढुङ्गा तथा रूख फ्याँक्नलाग्यो ।।३४।। यमराजको सेनामा रूख, ढुङ्गाको र शस्त्रको भयङ्कर वृष्टि हुनलाग्यो र यिनीहरू सैनिकहरूलाई घाइते पारेर घमाधम

भूइँमा खस्नलागे ।।३५।। रावणले चलाएका यी ढुङ्गा, रूख तथा नाना किसिमका अस्त्र शस्त्रलाई रोकेर यमराजका सैकडाँ हजारौँ सैनिकहरू एकलो राक्षसराजमाथि प्रहार गर्नलागे ।।३६।। बादलले पर्वतलाई चारैतिरबाट घेरेझैं यमराजका सैनिकहरू पनि रावणलाई चारैतिरबाट घेरेर, सास फेर्नसम्मको पनि फुर्सत नदिई शूल र भिन्दिपाल नामका अस्त्र चलाएर उसित युद्ध गर्नलागे ।।३७।। यस प्रहारले गर्दा रावणको कवच छिया छिया भयो र जताततै शरीरबाट रगत बग्नलाग्यो अतएव यो झोंकिएर पुष्पक विमानबाट ओर्लेर तल भूँइमा उभियो ।।३८।। एकै छिनपछि पूरा तवरसंग सावधान भएर हातमा धनु बाण लिई कालको जस्तै रूप लिएर उभियो र झोंकमा परेकोले युद्धमा ठूलो उत्साह देखाउनलाग्यो ।।३९।। यसले धनुमा पाशुपत नामको अस्त्र चढाएर यमदूतहरूलाई ''पर्ख पर्ख'' भन्ने आवाज सुनायो र उनीहरूलाई ताकेर आफ्नो धनु तान्नलाग्यो ।।४०।। उहिले जसरी शङ्करले झोंकिएर त्रिपुरासुरमाथि बाण चलाएथे त्यसै गरी इन्द्रशत्रु रावण पनि अहिले कानसम्म धनु तानेर बाणको प्रहार गर्नलाग्यो ।।४१।। यी बाणबाट धूवाँसहितको आगोको लप्का निस्कनलागेको थियो । ग्रीष्म कालमा वन डढाउने आगोको जस्तो रूप हुन्छ ठीक त्यस्तै रूप अहिले यी बाणको पनि भइरहेको थियो ।।४२।। आगोको ज्वाला ओकेल्ने यी बाणहरू बाटोमा परेका लहरा र रूखलाई ध्वस्त पार्दै रणक्षेत्रमा घुम्नलागे र राक्षसहरू यिनको पछिपछि दगुर्न थाले ।।४३।। यी बाणका तेजले यमराजका सैनिकहरू भस्म हुनलागे र इन्द्रको ध्वजाझैं धमाधम पृथ्वीमा ढल्न पनि थाले ।।४४।। यसपछि डरलाग्दो पराक्रम देखाउन सक्ने रावण आफ्ना मन्त्रीहरूलाई साथमा लिई पृथ्वीलाई कम्पायमान गराउँदै भयङ्कर गर्जना गर्नलाग्यो ।।४५।।

सर्ग—२२

यमराजमाथि रावणको विजय ।

रावणको यो घोर गर्जना सुन्दा यमराजको मनमा आफ्ना सैनिकहरूको विनाश र राक्षसहरूको विजय भएछ भन्ने पर्‍यो ।।१।। आफ्ना सैनिकहरू मारिए भन्ने थाहा भएकोले यमराजका आँखा रिसले राता राता भइगए र यिनले सारथिलाई झट्टै मेरो रथ लिएर आऊ भन्ने आज्ञा दिए ।।२।। सारथि आज्ञा पाउनासाथ झटपट रथ लिएर त्यहाँ उपस्थित भयो र महातेजस्वी यमराजजी तुरन्तै सो महारथमा सवार भइहाल्नुभयो ।।३।। तीनै लोकको संहार गर्ने मृत्यु पनि हातमा प्रास र मुद्गर लिई यमराजको सामुन्ने उभियो ।।४।। बल्दो आगोसमानको तेज भएको, कालदण्ड नामक यमराजको दिव्य अस्त्र पनि मूर्तिमान भएर उनको छेउमा आएर बस्यो ।।५।। समस्त लोकको मनमा त्रास पार्ने यमराजलाई यसरी रिसाएको देख्ता तीनै लोकमा ठूलो हल्ली खल्ली पर्‍यो र देवताहरूसमेत थरथर काम्नलागे ।।६।। यसपछि सारथि राम्रो कान्ति भएका घोडा हांक्न लाग्यो र

रथ पनि घनघोरको शब्द गर्दै राक्षसराज रावण भएतिर जान थाल्यो ॥७॥ मनसमानको वेग भएका, इन्द्रका घोडा जस्ता यी घोडाहरूले झटपट यमराजलाई युद्ध भइराखेको ठाउँमा पुऱ्याइदिए ॥८॥ मृत्यु बसेको हुनाले भयङ्कर रूप लिएको यस रथलाई देख्नासाथ रावणका मन्त्रीहरू त्यहाँबाट भाग्नलागे ॥९॥ यिनीहरूको बडो थोरै बल थियो यसै कारणले डरले बेहोश परे जस्तै भए र हामी ता युद्ध गर्न सक्तैनौं भनेर जतातत्तै भाग्नलागे ॥१०॥ तर यस्तो डरलाग्दो रथ देख्ताखेरि पनि रावण नहडबडायो न किञ्चित् डरायो ॥११॥ रावणनेर पुगेपछि यमराज झोंक्किँदै शक्ति र तोमरको प्रहार गरेर उसको मुटु छेडुंला जस्तो गर्नलागे ॥१२॥ यता रावण पनि सावधानीसाथ बादलले जलको वर्षा गरेझैं यमराजको रथमाथि बाणको वर्षा गर्नलाग्यो ॥१३॥ सयकडां महाशक्ति छातीमा लागेकोले राक्षस रावण केही पीडित भयो तर यमराजको प्रहारले आफू जति घाइते भएथ्यो त्यति उनलाई गराउन सकेन ॥१४॥ शत्रुहरूको संहार पार्ने यमराजले यस प्रकारसंग नाना प्रकारका अस्त्र शस्त्रको प्रयोग गर्दै सात रात सात दिनसम्म भयानक युद्ध गरेर शत्रुलाई बेहोश पारी रण संग्रामबाट विमुख गराइदिए ॥१५॥ विजयको चाहना गर्ने यी दुवै यमराज र रावणको बडो भयङ्कर युद्ध हुनलाग्यो, यिनीहरूमध्ये कुनै पनि संग्रामभूमि छाडेर जाला जस्तो थिएन ॥१६॥ यस समयमा देवता, गन्धर्व, सिद्ध र परमर्षिहरू ब्रह्मालाई अघि लगाएर रणभूमिमा जम्मा भए ॥१७॥ राक्षसहरूको राजा रावण र प्रेतहरूका अधिपति यम यी दुवै थरीको युद्ध हुँदाखेरि संसारलाई प्रलय काल आएको जस्तो भान पऱ्यो ॥१८॥ राक्षसराज रावणले पनि इन्द्रको वज्रसमानको आफ्नो धनुमा टङ्कार दिएर बाणै बाणको वर्षाद्वारा जम्मै आकाशलाई टम्म पारेर ढाकिदियो ॥१९॥ राक्षसराजले मृत्युलाई ताकेर चार बाण, सारथिमाथि सात बाण र यमराजको मर्मस्थान ताकेर सयकडां हजारौं बाण चलायो ॥२०॥ यस प्रहारले गर्दा क्रुद्ध भएका यमराजको मुखबाट सास फेर्दाखेरि धूवाँ तथा ज्वालासहितको क्रोधाग्नि उत्पन्न भएको देखियो ॥२१॥ देवता र दानवको सामुन्नेमा, यस्तो आश्चर्यको कुरा भएको देख्ता मृत्यु र काल यी दुवै बडो खुशी भए र लड्न भनी तय्यार पनि भए ॥२२॥ मृत्युले अत्यन्त रिसाएर यमराजलाई भने—मलाई जान दिनुहोस्, अहिले नै म यस पापी राक्षसलाई मारिदिन्छु ॥२३॥ यो राक्षस जीउँदो रहन पाउनेछैन, जसमाथि मेरो प्रहार हुन्छ त्यसले मर्नै पर्दछ, यो मेरो स्वाभाविक मर्यादा हो। हिरण्यकशिपु, श्रीमान् नमुचि, शम्बर, निसन्दी, धूमकेतु, विरोचनको छोरो बलि, शम्भु नामको दैत्य, महाराज वृत्र, वाण, शास्त्र जान्ने सयकडां राजर्षि, गन्धर्व, बडा बडा नाग, ऋषि, पन्नग, दैत्य, यक्ष, अप्सरा यी सबैको र समुद्र, पर्वत, तलाउ र रूखको साथसाथै यस पृथ्वीको समेत युगको समाप्तिमा मैले संहार गरिदिएको हुँ ॥२४–२७॥ यी माथि कहिएकाहरू र अनेक दुर्धर्ष महाबलीहरू मेरो दृष्टिको सामुन्नेमा परेर नष्ट भएका छन् भने यो राक्षसको विनाश हुनु ता मामूली कुरा हो ॥२८॥ तसर्थ हे धर्मज्ञ ! मलाई जाने आज्ञा दिनुहोस्, अहिले नै म यसलाई मारिदिन्छु, जस्तोसुकै बलियो भए तापनि मेरो नजरको सामुन्ने परेपछि त्यो जीउँदो रहन पाउन्न ॥२९॥ मैले यो आफ्नो बलको बखान गरेको होइन,

७३–क

यो मेरो स्वाभाविक मर्यादा हो, हे महाराज ! मेरो नजरको अगाडि परेपछि यो राक्षस एक दिन पनि जीउँदो रहनेछैन ॥३०॥

मृत्युका यी कुरा सुनेपछि प्रतापी यमराजले उनलाई भन्नुभयो—तिमी यहीं नै बसिराख, म स्वयं यसको संहार गर्दछु ॥३१॥ यसपछि जंगिएका, राता राता आँखा पारेका प्रभु यमराजले, कहिले पनि निष्फल नहुने कालदण्ड हातमा लिनुभयो ॥३२॥ यस कालदण्डनेर कालपाश पनि राखिछाडेको थियो, अग्नि र वज्रसमानको शरीरधारी मुद्‌गर पनि त्यही नजीकमा रहेको थियो ॥३३॥ जसलाई देख्तैमा प्राणीको प्राण निस्किहाल्दछ त्यस्तो पाशले कसैलाई छोयो अथवा त्यस्तो दण्ड कसैमाथि वज्रन गयो भने त्यसको के हाल होला ? ॥३४॥ बलशाली यमराजले आगोको ज्वाला ओकेल्ने यो दण्ड, हातमा लिना-साथ, रावणलाई डढाउन खोजेझैं, सहसा फर्फर गर्नलाग्यो ॥३५॥ यमराजले कालदण्ड उठाएको देख्नासाथ सबै राक्षसहरू डराएर युद्धक्षेत्रबाट भाग्नलागे र देवताहरूको मनमा समेत खलबली पर्न गयो ॥३६॥

यमराजले रावणमाथि कालदण्डको प्रहार गर्नलागेको वेलामा साक्षात् ब्रह्मा उनीनेर आएर भन्न-लाग्नुभयो ॥३७॥ हे अमितपराक्रमी ! हे महाबाहो यमराज ! यो कालदण्डको प्रहार गरेर यस राक्ष-सलाई नमार ॥३८॥ हे देवश्रेष्ठ ! मैले यसलाई वर दिएको छु तसर्थ मेरो वचनलाई झूटो गराउन तिमीलाई मुनासीब पर्दैन ॥३९॥ जसले मेरो वचनलाई झूटो गरायो त्यसले निस्सन्देह चाहे त्यो मानिस होस् चाहे देवता होस्, तीनै लोकलाई झूठो गरायो भन्नुपर्दछ ॥४०॥ यो कालदण्ड बडो भयङ्कर छ र तीनै लोकको मनमा त्रास पार्दछ । रिसको झोंकमा कदाचित् तिमीले यसको प्रयोग गर्‍यौ भने ता यसले मेरा प्रिय अप्रिय सबै थरीका प्राणीको संहार गरिदिनेछ ॥४१॥ मेरो हातबाट बनेको यस कालदण्डले सबैलाई मारिदिन्छ । आफ्नो सृष्टिको विनाशका लागि नै मैले यो अमोघ, अतिशय ठूलो तेज भएको कालदण्ड उत्पन्न गरेको हुँ ॥४२॥ तसर्थ हे सौम्य ! रावणको टाउकोमाथि यो काल-दण्ड खसाल्न तिमीलाई मुनासीब पर्दैन, कारण यो दण्ड पर्नासाथ कुनै व्यक्ति क्षणभर पनि जीवित रहनेछैन॥४३॥ यो दण्ड लाग्नाले रावण मरोस् अथवा नमरोस् यी दुवै अवस्थामा म झूटो बन्नेछु, कारण रावणलाई अवध्य र यस दण्डलाई अमोघ बनाउने म नै हुँ ॥४४॥ लोकको कल्याण होस् भन्ने तिम्रो इच्छा छ भने रावणमाथि उजाइराखेको यस दण्डलाई आफूतिर तानेर मलाई सत्यवादी बन्न देऊ ॥४५॥ यो कुरा सुनेपछि धर्मात्मा यमराज ब्रह्मलाई भन्नलागे——तपाईं हामी सबैका मालिक हुनुहुन्छ, तपाईंको आज्ञा मान्नै पर्ने हुनाले, हेर्नुहोस् मैले दण्ड आफूतिर तानें ॥४६॥ वरदान पाएको राक्षसलाई मार्न असमर्थ भएपछि यहाँ रणक्षेत्रमा बसिराखेर मात्र के गर्न सक्तछु तसर्थ यस राक्षसको दृष्टिबाट अहिले नै अन्तर्द्धान भइहाल्दछु । यति भनेर यमराज घोडा र रथको साथसाथै तहीं लोप हुनुभयो ॥४७-४८॥

ब्रह्माको कृपाले यस प्रकारसँग यमराजलाई पराजित गरेपछि रावण सबैलाई आफ्नो नाम सुनाउँदै पुष्पक विमानमा सवार भएर यमपुरीबाट निस्क्यो ॥४९॥ यसपछि सूर्यपुत्र यमराजजी पनि ब्रह्मादि

सबै देवताहरूलाई र महामुनि नारदलाई साथमा लिई प्रसन्नतापूर्वक स्वर्गतिर लाग्नुभयो ॥५०॥

सर्ग—२३

रावणको पाताल प्रवेश । नाग, वरुणादिहरूको पराजय ।

देवश्रेष्ठ यमराजलाई जितिसकेपछि युद्ध-प्रेमी रावण आफ्ना सबै सहायकहरूलाई हेर्नलाग्यो ॥१॥ प्रहारले गर्दा छिन्न भिन्न भएको जताततै रगत लागेको रावणको शरीर देख्ता यिनीहरूलाई वडो आश्चर्य लाग्यो ॥२॥ मारीच आदि गरिएका मन्त्रीहरू जयजयकारका शब्दले रावणको बढत्व प्रकट गर्दै उसंग विमानमा चढे र राक्षसराजले पनि संझाई बुझाईकन यिनीहरूको मनभित्रको डर हटाइदियो ॥३॥

यसपछि रावणले पातालमा जानाको निम्ति, वरुणद्वारा रक्षित भएको, दैत्य सर्पहरूको निवास-स्थान समुद्रमा प्रवेश गर्‍यो ॥४॥ रावण पहिले वासुकीनागद्वारा पालन गरिएको भोगवती नगरीमा गयो, उहांका नागहरूलाई आफ्नो अधीनमा गराएपछि प्रसन्नतासाथ मणिपुरतिर लाग्यो ॥५॥ वरदान पाएका, निवातकवच नाम गरेका दैत्यहरू यहां बस्तथे । राक्षस रावण यिनीहरूनेर गई युद्धको निम्ति हांक दिनलाग्यो ॥६॥ यी दैत्यहरू बड़ा बलिया र पराक्रमी थिए । नाना प्रकारका अस्त्र शस्त्र यिनीहरूसित रहन्थे, युद्धको नाम सुन्दैमा उन्मत्त हुन्थे अतएव रावणले हांक दिएकोमा यिनीहरू बडो प्रसन्न भए ॥७॥ यी दैत्य र राक्षसहरू झोंकमा शूल, त्रिशूल, वज्र, घुएँत्रो, तरवार र कोदालो चलाएर परस्पर मारामार गर्नलागे ॥८॥ यी दैत्य र राक्षसहरूले युद्ध गर्दा गर्दैमा एक वर्षभन्दा बर्ता बिते तापनि संग्राममा कुनै पक्षको जित अथवा हार भएन॥९॥ यसपछि तीनै लोकमा भ्रमण गर्ने शक्ति भएका अविनाशी ब्रह्माजी उत्तम विमानमा सवार भई झटपट त्यहां आउनुभयो ॥१०॥ निवातकवचहरूलाई युद्ध गर्नबाट रोकेर वृद्ध पितामह ब्रह्माजी सबै कुरा थाहा पाएको जस्तो गरेर भन्नलाग्नुभयो ॥११॥ न देवता र असुर यी कसैले युद्धमा रावणलाई जित्न सक्तछन् न देवता र दानवहरू मिलेर तिमीहरूको विनाश पार्न सक्तछन् तसर्थ यस रावणसंग तिमीहरूको दोस्ती होओस् भन्ने मेरो इच्छा छ । मित्रता भएपछि निस्सन्देह मित्र मित्रमा सबै कुरामा एकनासको अधिकार हुन जान्छ ॥१२-१३॥ यो कुरा सुनेपछि रावणले अग्निलाई साक्षी राखेर निवातकवचहरूसंग दोस्ती गर्‍यो र यो दोस्ती गर्न पाएकोमा वडो प्रसन्न भयो ॥१४॥ निवातकवचहरूले पनि रावणको उचित सम्मान गरे । रावण एक वर्षसम्म यहाँ बस्यो । यहाँ रहँदाखेरि उसलाई आफ्नो राजधानीमा बसे जत्तिकै आनन्द भयो ॥१५॥ मित्रताको नाताले यसले उनीहरूबाट सयकडाँ किसिमको माया सिक्यो ।

यसपछि रावण वरुण नगरीको पत्ता लगाउनाका लागि पातालमा जताततै घुम-फिर गर्नलाग्यो ॥१६॥ घुम्दा घुम्दै रावण कालकेय दैत्यहरू बसेको अश्म नामको नगरमा पुग्यो । यी महाबली दैत्यहरूलाई यसले मायाबलले ध्वस्त पारिदियो ॥१७॥ शूर्पणखाको लोग्ने महाबली, बलाभिमानी विद्युज्जिह्व नाम गरेको आफ्नो ज्वाइँलाई यसले यहाँ तरवारले काटिदियो, कारण यो दैत्य संग्राममा राक्षस-

राजका मन्त्रीहरूलाई खान तय्यार परेको थियो । यसलाई मारिसकेपछि रावणले छिनको छिनैमा अरू चार सय दैत्यहरूलाई मारिदियो ॥१८-१९॥ यसपछि राक्षसराज रावणले कैलास पर्वतको जस्तो चहक भएको, सेतो बादलसमानको वर्ण भएको, वरुणको घर देख्यो ॥२०॥ यहाँ आफ्नो थुनबाट दूध चुहाइरहेकी सुरभि नाम गरेकी गाई देखा परिन् । यिनैको दूधको धाराले क्षीरोद नामको समुद्र बन्न गएको हो ॥२१॥ यै क्षीरोदसमुद्रबाट शीतल किरणले युक्त भएका निशाकर चन्द्रमाको उत्पत्ति भएको हो । महावृषभकी साक्षात् माता यी सुरभिमाथि रावणको यहाँ दृष्टि पर्न गयो ॥२२॥ यै समुद्रको सहाराले फीँज पिउने महर्षिहरू जीवित रहन्छन् । यतैबाट देवताहरूका लागि अमृत र स्वधाभोजी पितृगणको स्वधा उत्पन्न हुन्छ ॥२३॥ मानिसहरू संसारमा यिनलाई सुरभिको नामले बोलाउँछन् । रावणले यी परम अद्भुत गाईको प्रदक्षिणा गरी, अनेक प्रकारका सेनाद्वारा रक्षित भइराखेको, वरुणको सहरभित्र प्रवेश गऱ्यो ॥२४॥ सहरभित्र प्रवेश गर्नासाथ रावणले सयकडाँ, जलधाराले युक्त भएको, शरदृऋतुको बादलको जस्तो वर्ण भएको, सदा सन्तुष्ट बासिन्दाले परिपूर्ण रहने, वरुणको उत्तम महल देख्यो ॥२५॥ यहाँ पुग्नासाथ रावणले युद्धमा वरुणका सेनापतिहरूमाथि हात छोड्यो र यिनीहरूले पनि उसमाथि प्रहार गर्न बाँकी राखेनन् । यति भएपछि रावणले त्यहाँका योद्धाहरूलाई भन्यो—रावण युद्ध गर्न आइराखेको छ भन्ने खबर झट्टै राजालाई सुनाइदेऊ, कि ता मसित युद्ध गरून् कि "म हारें" भनी हात जोरेर मेरो अधीनता स्वीकार गरून् । यति गरेको खण्डमा तिमीहरूलाई मदेखिको केही डर रहनेछैन ॥२६-२७॥ यही मौकामा महात्मा वरुणका छोरा नाति झोंक्किदै युद्ध गर्न भनी निस्के । गौ र पुष्कर नाम गरेका दोटा सेनापति पनि यिनीहरूका साथमा थिए ॥२८॥ सब प्रकारका गुणले युक्त भएका, फौज साथमा लिएका, वरुणका यी छोराहरू, उदाएका सूर्यको जस्तो चहक भएको तथा इच्छाअनुसार हिंड्ने रथमा सवार भई युद्ध गर्न निस्के ॥२९॥

अब ता बुद्धिमान् रावण र जलराज वरुणका छोराहरूमा रोमाञ्च गराउने घनघोर युद्ध हुनलाग्यो ॥३०॥ राक्षस रावणका महाबली मन्त्रीहरूले छिनको छिनैमा वरुणको जम्मै फौजलाई हराएर ध्वस्त पारिदिए ॥३१॥ संग्राममा आफ्नो सेनाको विनाश भएको र आफूहरूसमेत बाणको प्रहारले छिया छिया भएको देख्ता वरुणका छोराहरूले केही बेरका लागि युद्ध गर्न छाडिदिए ॥३२॥ आफू भूइँमा उभिएर लड्नलागेको तर रावणलाई पुष्पक विमानमा चढेको देख्ता वरुणका छोराहरू पनि शीघ्रगामी रथमा सवार भई आकाशतिर लागे ॥३३॥ एकनासको जग्गा पाएकोले देवासुरको संग्राम जस्तै यिनीहरूमा घोर घमासानको आकाशयुद्ध हुनलाग्यो ॥३४॥ अग्निसमानका बाण चलाएर रावणलाई युद्धमा विमुख गराउन सकेकोले वरुणका छोराहरू बहुतै खुशी भए र किसिम किसिमको आवाज निकालेर हर्षनाद गर्नलागे ॥३५॥ आफ्नो राजा घाइते परेको देख्ता महोदरलाई खूबै रिस उठ्यो र मृत्युको केही भय नमानी युद्ध गर्ने इच्छाले झोंक्किदै वरुणको सेनातिर हेर्नलाग्यो ॥३६॥ महोदर रिसाएर, इच्छाअनुसार हिंड्ने, वायुको जस्तो वेग भएका, वरुणका छोराहरूका घोडालाई गदाले हिर्काउन-

लाग्यो । गदाको यस प्रहारले गर्दा यिनीहरू मर्दै भूईंमा लड्नलागे ॥३७॥ वरुणका छोराहरूका घोडा तथा यिनका वीरहरूको विनाश भएको र उनलाई रथहीन भएको देख्ता महोदर ठूलो सिंहनाद गर्नलाग्यो ॥३८॥ महोदरको प्रहारले गर्दा वरुणपुत्रका घोडा, मुख्य मुख्य सारथि र रथ यी सबै चकनाचूर भएर पृथ्वीमा ढले ॥३९॥ महात्मा वरुणका छोराहरू, रथ छाडेको भए तापनि, आफ्नो प्रभावले आकाशमा अडिरहे, यिनलाई कुनै प्रकारको कष्ट भएन ॥४०॥ यिनीहरूले झोंक्किएर धनुमा ताँदो चढाई बाणै बाणको प्रहारले महोदरलाई छिया छिया पारिदिए र अनि बादलले पर्वतलाई घेरेर त्यसमाथि पानीको वर्षा गरेझैं रावणलाई चारैतिरबाट घेरी, धनुबाट छुटेका वज्रसमानका भयङ्कर बाणले उसलाई घाइते पार्नलागे ॥४१-४२॥ अब ता रावण पनि झोंक्किएर कालाग्निझैं उत्साहित भई वरुणपुत्रको मुटु ताकेर भयङ्कर बाणवृष्टि गर्नलाग्यो ॥४३॥ यो दुर्द्धर्ष रावण अडिएर यिनीहरूमाथि किसिम किसिमका मुशल, सयकडाँ भाला, पट्टिश, शक्ति, र ठूला ठूला तोपको प्रहार गर्न थाल्यो ॥४४॥ साठी वर्षको हात्तीको, हिलोमा गाडिंदाखेरि जस्तो दुर्दशा हुन्छ त्यस्तै दुर्दशा बिचरा, विनारथका, यी वरुणका छोराहरूको, रावणको यस बाणवर्षाले गराइदियो ॥४५॥ महाबली रावण वरुणका छोराहरूलाई यसरी पीडित र विह्वल भएको देख्ता दङ्ग परेर, बडेमानको बादल गर्जेझैं, हर्षनाद गर्नलाग्यो ॥४६॥ वारंबार घनघोर गर्जना गर्दै राक्षसराज रावण मेघले जलको वृष्टि गरेझैं नाना प्रकारका अस्त्र शस्त्र चलाएर वरुणका छोराहरूलाई घाइते पार्नलाग्यो ॥४७॥ अन्तमा वरुणका छोराहरू युद्धभूमिबाट विमुख भई धमाधम पृथ्वीमा ढल्नलागे । नोकरहरूले झटपट उठाएर यिनीहरूलाई युद्धक्षेत्रबाट घरभित्र लिएर गए ॥४८॥ यसपछि रावणले वरुणका यी नोकरहरूलाई भन्यो—तिमीहरू राजाकहाँ गएर यो समाचार सुनाइदेओ । रावणको यो कुरा सुन्दा प्रहास नाम गरेको वरुणको मन्त्रीले जवाफ दियो—महाराज वरुण, जसलाई तिमी युद्धको निम्ति बोलाइरहेका छौ उहाँ अहिले ब्रह्मलोकमा गाना सुन्न जानुभएको छ ॥४९-५०॥ राजा नै यहाँ छैनन् भने तिमी किन व्यर्थ परिश्रम गरिरहन्छौ ? जो राजकुमार यहाँ थिए तिनलाई ता तिमीले जितिहाल्यौ ॥५१॥ मन्त्रीको यो कुरा सुनेपछि रावणले आफ्नो नामको घोषणा गर्‍यो र हर्षनाद गर्दै वरुणलोकबाट हिंड्यो ॥५२॥ राक्षस रावण, जुन बाटो गरेर आएथ्यो सोही बाटो समातेर आकाशमार्गद्वारा, लंकातिर जानलाग्यो ॥५३॥

सर्ग—२४

रावण शूर्पणखालाई दण्डक वनमा पठाइदिन्छ ।

लङ्कातिर फर्कंदा दुरात्मा रावणले प्रसन्नतासाथ बाटोमा फेला परेका राजर्षि, देवता र दानवहरूका कन्याहरूको हरण गर्नलाग्यो ॥१॥ विवाहिता अथवा अविवाहिता सुन्दरी स्त्रीमाथि दृष्टि पर्नासाथ यो दुष्ट रावण त्यसका बन्धुवर्गलाई मारेर आफ्नो विमानमा बसालिहाल्दथ्यो ॥२॥ यस प्रकार-

संग यसले नाग, राक्षस, दैत्य, मनुष्य, यक्ष र दानवहरूका अनेक कन्यालाई आफ्नो रथमा बसालिसकेको थियो ॥३॥ यी सबै कन्याहरू शोकले आकुल व्याकुल परी, शोकाग्नि, र भयबाट उत्पन्न भएको आगोको ज्वालासमानको तातो आँसु बगाउनलागेका थिए ॥४॥ जसरी नदीहरूले गर्दा समुद्र टम्म भएर भरिन्छ त्यसै गरी शोक डरले आत्तिएका, दुःखमा परेकोले अमङ्गल गराउने आँसु बगाइरहेका यी आइमाईले यो पुष्पक विमान टम्मै भएर भरिन पुग्यो ॥५॥ यस विमानमा बसेका नाग, गन्धर्व, महर्षि, दैत्य र दानवका सयकडां कन्या रोइरहेका थिए ॥६॥ यिनीहरूको कपालको रौं लामो, शरीरको बनोट राम्रो र मुख पूर्णिमाको चन्द्रमा जस्तै थियो, दुवैपट्टिका स्तन साह्रा थिए र दुवै स्तनको माझको भाग हीराको वेदी जस्तै चहकिलो देखिन्थ्यो ॥७॥ पिठिउँमुनिको तल्लो हर निकै मोटो र शरीरको वर्ण खारिएको सुन जस्तै थियो । यी आइमाई हेर्दामा देवकन्या जस्तै देखिन्थे ॥८॥ पातलो कम्मर भएका यी सबै आइमाई शोक, दुःख र भयको वेदनाले विह्वल भइराखेका थिए । सास फेर्दाखेरि यिनीहरूको मुखबाट निस्केको हावाले, अग्निहोत्र हुनलागेकोले एक्कै ठाउँमा आगो धुवाँरिराखेको हो कि जस्तो गरेर, पुष्पक विमानलाई उज्यालो गराउन थाल्यो । दशग्रीवको वशमा परेका यी स्वास्नी मानिसहरू शोकले आकुल व्याकुल परेका थिए, झ्याउरो भइराखेका हुनाले सिंहको पंजामा परेकी हरिणीको झैं यिनीहरूको अनुहार कालो नीलो देखिन्थ्यो । कोही यसले हामीलाई खाने हो कि भन्ने चिन्तामा परेका थिए, कोही अत्यन्त दुःखमा परेकोले हामीलाई मार्ने हो कि भन्ने चिन्तामा परे । आमा, बाबु, दाजु, लोग्नेको स्मरण गर्दै यिनीहरू यस प्रकारको दुःख र शोकमा परेकोले एकै चोटि विलाप गर्नलागे । म नहुनाले मेरो छोराको के हाल होला ? मबाट वियोग भएकोले मेरा आमा, दाजु, भाइ अवश्यै शोकसागरमा डुबेका होलान् । अफसोस ! पतिविना अब मैले के गर्ने हो ? हे मृत्यु ! तँलाई प्रार्थना गर्दछु, म अभागिनीलाई पनि लिएर हिंड् । पूर्वजन्ममा हामीबाट कस्तो पाप हुन गएछ कि अहिले हामी सबैले यस्तो दुःखमा परेर शोकसागरमा डुब्नुपर्‍यो । हाम्रो यस दुःखको अन्त हुने कुनै उपाय देखिन्न ॥९–१६॥ यस मनुष्यलोकलाई धिक्कार छ, योभन्दा बढ्ता अधम अरू कुनै लोक होवैन, कारण सूर्यले आफ्नो उदयकालमा नक्षत्रहरूलाई लोप गराएझैं यहाँ हाम्रा निर्धा लोग्नेलाई महाबली रावणले मारिदियो । अहो ! यो राक्षस बडो बलियो छ, केवल अर्कालाई मार्न पाएमा प्रसन्न रहन्छ ॥१७-१८॥ यस्तो दुष्कर्ममा लागे तापनि यसले आफूलाई निन्दित नसंझनु यो बडो आश्चर्यको कुरा हो । यो जस्तो दुष्ट छ उस्तै यसको पराक्रम पनि छ ॥१९॥ अर्काकी स्वास्नीमाथि हात हाल्नु बडो अयोग्य काम हो । यो अधम राक्षस परस्त्रीगमन गर्न चाहना गर्ने हुनाले परस्त्रील गर्दामा नै यस मूर्खको वध हुनेछ ।

पतिव्रता स्त्रीहरूको मुखबाट यस्ता वचन निस्कनासाथ आकाशमा देवताहरूको दुन्दुभि बज्नलाग्यो र त्यहाँबाट पुष्पवृष्टि पनि हुन थाल्यो । यी साध्वी, पतिव्रता आइमाईको श्रापले गर्दा रावणको पराक्रम घटेर गयो, र मुखको तेज पनि बिलाइहाल्यो । यी आइमाईको विलाप सुन्नाले निदाउरो मुख लगाए-

को राक्षसराज रावण आफ्ना अनुचर राक्षसहरूको आदर सत्कार ग्रहण गर्दै लङ्कापुरीभित्र पस्यो। यही मौकामा इच्छाअनुसारको रूप धारण गर्ने, डरलाग्दो अनुहार परेकी रावणकी बहिनी शूर्पणखा राक्षसी सहसा उसको अगाडि आएर लडीबुडी खेल्नलागी। रावण झटपट बहिनीलाई उठाएर संझाउन बुझाउनलाग्यो ॥२०–२५॥

रावणले भन्यो—हे भद्रे ! तिम्रो मनको जुन अभिप्राय छ सो झट्टै मलाई भनिहाल। यति सुनेपछि राता राता आँखा तुल्याएकी शूर्पणखा रुँदै भन्नलागी ॥२६॥ हे राजा ! तिमी बलिया छौ, यसैले जबरदस्तीसँग मलाई विधवा बनाइदियौ। आफ्नो पराक्रमको प्रभावले तिमीले युद्धमा कालकेयको नामले प्रख्यात भएका चौद्धहजार राक्षसहरूलाई मारिदियौ। यिनीहरूमा प्राणभन्दा प्यारा मेरा महाबली लोग्ने पनि थिए ॥२७-२८॥ दाजुको रूपमा शत्रु भइराखेका तिमीले उनलाई पनि मारिदियौ। हे राजा ! स्वयं दाजुको हातबाट मैले मर्नुपर्‍यो ॥२९॥ दाजुले गर्दा म अहिले वैधव्यको दुःख भोगि-रहेकी छु। हे राजा ! युद्धमा ज्वाइँको रक्षा गर्नुपर्नेमा ता स्वयं आफ्नै हातले उनको वध गरिदियौ, मेरो पतिलाई मारेकोमा के तिमीलाई लाज लाग्दैन ? बहिनीले रुँदै विलाप गर्दै यस्तो भनेको सुन्दा रावण बडो प्रेमसँग उसलाई संझाउन बुझाउनलाग्यो—ए नानी ! अबलाई रुनु कराउनु व्यर्थ छ, मनमा तिमीले कुनै प्रकारको डर लिनुपर्दैन ॥३०–३२॥ दान, मान र प्रसन्नता यी सबै कुराले म यत्नपूर्वक तिमीलाई सन्तुष्ट गराउनेछु। युद्धमा उन्मत्त जस्तो भएकोले मलाई कुनै कुराको विचारै थिएन। विजयको इच्छाले धमाधम बाण चलाइरहेको थिएँ, युद्ध गर्दाखेरि संग्राममा यो आफ्नो हो, यो अर्काको हो भन्ने विचार मेरो मनमा आउन सकेन। युद्धमा बौलाहा जस्तो भइराखेको हुनाले मैले ज्वाइँलाई चिन्ह सकिन। हे बहिनी ! यसै कारणले संग्राममा मेरो हातबाट तिम्रो लोग्नेको वध हुन गएको हो। अबलाई कुन कुरो गर्नाले तिम्रो कल्याण हुन्छ सोही गर्नेछु ॥३३–३५॥ अब तिमी धनी भाइ खरकहाँ गएर बस। तिम्रो भाइ चौद्ध हजार राक्षसको अध्यक्ष हुनेछ, यो चौद्ध हजार फौज साथमा लिएर आक्रमण गर्ने अथवा यिनलाई कतै पठाउने उसलाई पूरा अधिकार दिन्छु। आमाकी बहिनीको छोरो हुनाले यो खर तिम्रो भाइ पर्दछ ॥३६-३७॥ यो राक्षस खर सदा तिम्रो आज्ञाको पालना गर्नेछ। दण्डकारण्यको रक्षा गर्नाका लागि यो वीर झट्टै यहाँबाट जाइहालोस् ॥३८॥ महाबली दूषण यस फौजको सेनापति हुनेछ। शूरो खरले त्यहाँ सदा तिमीले भनेको कुरा मान्नेछ ॥३९॥ इच्छा-अनुसारको रूप धारण गर्ने राक्षसहरूको यो मालिक हुनेछ। यति भनेर रावणले चौद्ध हजार महाबली राक्षसहरूको सेना उसको जिम्मामा सुम्पिदियो। खर पनि डरलाग्दो अनुहार परेका यी सबै राक्षसलाई लिई निर्भयसँग झटपट दण्डकारण्यमा आइहाल्यो। सबै शत्रुको विनाश पारेर यो यहाँ निष्कण्टक राज्य गर्नलाग्यो। शूर्पणखा पनि यहीं दण्डकवनमा बस्नलागी ॥४०-४२॥

सर्ग—२५

रावण मधुसंग युद्ध गर्न मधुपुरीमा आउँछ ।

यस प्रकारसंग खरको जिम्मामा यो विशाल सेना सुम्पेपछि तथा बहिनीलाई संझाइ-बुझाइसकेपछि रावण बडो प्रसन्न र सुखी भयो ॥१॥ लङ्कानेर निकुम्भिला नाम गरेको एउटा बगैंचा थियो । राक्षसराज रावण आफ्ना मन्त्रीहरूलाई साथमा लिई यहाँ भित्र गयो ॥२॥ रावणले यहाँ सैकडाँ यज्ञका थाम देख्यो । यो जग्गा राम्रा राम्रा देवस्थानले सुशोभित भइराखेको थियो र ठाउँ ठाउँमा यज्ञ हुनलागेकोले यो स्थान आफ्नै शोभाले प्रकाशमान भइरहेको थियो ॥३॥ मृगचर्म्म धारण गरेको, हातमा दण्ड कमण्डलु लिइराखेको आफ्नो छोरो मेघनादलाई रावणले यहाँ भयङ्कर रूपमा देख्यो ॥४॥ झटपट उठेर गई अंगालो हालेर रावण उसलाई सोध्नलाग्यो, हे छोरा ! यो के काम तिमीले थालेको हो ? ठीक ठीकसंग मलाई सबै हाल बताऊ ॥५॥ दीक्षाको समयमा मौन बस्ने नियम हुनाले मेघनादले ता केही बोलेन तर यज्ञ गराउनलागेका द्विजश्रेष्ठ तपस्वी शुक्राचार्य्य यज्ञमा विघ्न नपरोस् भन्ने विचारले राक्षसराज रावणलाई जवाफ दिनलागे ॥६॥

हे राजन् ! सुन्नुहोस्, म तपाईंलाई सबै कुरा भन्दछु । तपाईंका छोराले सातओटा ठूला ठूला यज्ञ गरिसकेका छन् ॥७॥ अग्निष्टोम, अश्वमेध, बहुसुवर्णक, राजसूय, गोमेध तथा वैष्णव यी छओटा यज्ञ सिध्याएर, मानिसबाट हुन नसक्ने यो माहेश्वर यज्ञ थालेपछि तिम्रा छोराले साक्षात् महादेवबाट वर पाए ॥८-९॥ यिनले इच्छाअनुसार गमन गर्ने, आकाशचारी, कहिले पनि विनाश नहुने दिव्य रथ र तामसी नाम गरेको माया पाएका छन् । यस मायाले गर्दा जताततै अन्धकार फिंजाउन पाइन्छ ॥१०॥ हे राक्षसराज ! संग्राममा यस मायाको प्रयोग गरियो भने देवता र असुरहरूले समेत मायाको प्रयोग गर्ने व्यक्ति यस ठाउँमा छ भनेर पैल्याउन सक्तैछैनन् ॥११॥ हे राजन् ! यस सिवाय मेघनादले बाणै बाणले भरिएका अक्षय दोटा ठोक्रो, दुर्जय धनु र शत्रुको विनाश पार्ने अनेक बलिया अस्त्र पाएका छन् ॥१२॥ हे दशानन ! तपाईंका छोराले यी सब वर पाइराखेका छन् ! आज यज्ञ समाप्त भएपछि उनले र मैले हामी दुवैले तपाईंको दर्शन गर्न आँटेका थियौं ॥१३॥

यो कुरा सुन्दा रावण भन्नलाग्यो—हे छोरा ! इन्द्रादि देवताहरूको बडो ठाँटबाँटले तिमीले जो पूजा गर्‍यौ सो ता बेस काम गरेनौ कारण यी सब मेरा शत्रु हुन् ॥१४॥ खैर, जो भो सो बेसै भयो, यसबाट पुण्य ता जरूरै मिल्नेछ, हे सौम्य ! आऊ अब हामी आफ्नो घरतिर लागौं ॥१५॥

रावण छोरा र विभीषणलाई संग लिएर घर गयो र उहाँ पुगेपछि आफूले हरेर ल्याएका, सुँक्क सुँक्क गरेर रोइरहेका आइमाईहरूलाई पुष्पक विमानबाट तल ओह्राल्यो ॥१६॥ शुभ लक्षणले युक्त भएका देव, दानव र राक्षसका यी आइमाई स्त्रीरत्नै थिए, यिनीहरूप्रति रावणको पाप विचार उत्पन्न भएको देख्ता धर्मात्मा विभीषण भन्नलागे ॥१७॥ तिम्रो यस आचरणले यश, धन र कुलको नाश गराउने छ, यस्तो काम गर्नाले पाप लाग्दछ भन्ने थाहा हुँदा हुँदै पनि तिमी मनपर्दो गरेर यी

प्राणीहरूलाई सताइरहेका छौ ।।१८।। जसरी नाता कुटुम्बीको अपमान गरेर तिमीले यिनीहरूलाई हरेर ल्यायौ त्यसै गरी हे राजन् ! तिम्रो केही वास्ता नराखेर मधु नाम गरेको राक्षसले कुम्भीनसी नाम गरेकी तिम्री बहिनीलाई हरेर लगिदियो ।।१९।।

यो कुरा सुन्दा रावण भन्नलाग्यो—तिमीले भनेको मैले बुझ्न सकिन, तिमीले भनेको मधु नाम गरेको यो को व्यक्ति हो ? ।।२०।। अब त विभीषण झोंक्किएर दाजुलाई भन्नलागे—सुन, तिम्रो परस्त्रीहरणरूपी पापको फल हामी पाउनलागेका छौं ।।२१।। हामीहरूका बाजे (आमाका बाबु) सुमालीका दाजु माल्यवान्को नामले विख्यात भएका एक जना बूढा र बुद्धिमान् राक्षस छन् ।।२२।। यी माल्यवान् हाम्री आमाका बाबुका दाजु हुन् अतः हाम्रा मान्य हुन्, यिनैकी छोरीको नाम कुम्भीनसी हो ।।२३।। माल्यवान्की छोरीको नाम अनला हो, यी हामीहरूको सानीआमा हुन् अतः यिनकी छोरी यी कुम्भीनसी धर्मानुसार हामी तीनै जनाकी बहिनी पर्दछिन् ।।२४।। हे राजन् ! यिनलाई मधु नाम गरेको एक जना बलियो राक्षसले हरेर लगिराखेको छ, त्यस बखतमा तपाईंको छोरो मेघनाद यज्ञ गर्नलागेको थियो र म तपस्याका लागि जलभित्र बसिराखेको थिएँ ।।२५।। हे महाराज ! कुम्भकर्ण ता अहिलेसम्म पनि सुति नै रहेको छ । हाम्रा मुख्य मुख्य राक्षस मन्त्रीहरूलाई मारेर तथा हाम्रो तिरस्कार गरेर यसले अन्तःपुरभित्र सुरक्षितसंग बसेकी कुम्भीनसीलाई बलजफ्तीसंग हरेर लगिदियो । हे महाराज ! यो उद्धतपना सुन्दा सुन्दै पनि तपाईंले उसलाई क्षमा गरिदिनुभयो, मार्नपट्टि लाग्नुभएन ।।२६-२७।। विधिपूर्वक कन्यादान गरेर बहिनीलाई लोग्नेको हातमा सुम्पनु दाजुहरूको कर्तव्य हो तर यहाँ ता बलजफ्तीसंग हरण भइराखेको छ । हे दुर्मते ! यो तिम्रो पापकर्मको फल हो ।।२८।। यही लोकमा कन्याहरणरूपी पापको यो फल आफूमाथि आइपरेको हो भनेर तिमीहरूले संझनुपर्दछ ।

विभीषणका यी कुरा सुन्दा आफ्नो पापले पीडित भइराखेको राक्षसराज रावणको, पानी तात्ताखेरि समुद्रको जस्तो हालत हुन्छ, ठीक त्यस्तै हालत हुन गयो र रिसले आँखा राता राता तुल्याएर भन्नलाग्यो ।।२९-३०।। झट्टै मेरो रथ तय्यार पार, मेरा शूरा योद्धाहरू पनि तय्यार भइहालून्, भाइ कुम्भकर्ण र मुख्य मुख्य राक्षसहरू किसिम किसिमका हात-हतियार भिरेर सवारीमा चढिहालून् । रावणदेखि नडराउने मधुलाई आज संग्राममा मारेर, आफ्ना मित्रहरूलाई साथमा लिई युद्ध गर्नाका लागि देवलोकतिर जान्छु । राक्षसराजको आज्ञा पाउनासाथ, युद्धको चाहना गर्ने मुख्य मुख्य राक्षसहरूको चार हजार अक्षौहिणी सेना नाना किसिमको हतियार भिरेर लड्न भनी निस्क्यो । सैनिकहरूलाई जम्मा पारेर इन्द्रजित् फौजको अघिअघि हिंड्नलाग्यो । माझमा रावण र सबभन्दा पछि कुम्भकर्ण थियो । केवल धर्मात्मा विभीषण लङ्कामा रहेर धर्मको आचरण गर्नलागे, बाँकी सबै ठूला ठूला राक्षसहरू मधुपुरतिर लागे । गधा, ऊँट, चहकिला घोडा, शिंशुमार, र ठूला ठूला सर्पमा चढेका राक्षसहरू आकाशलाई टम्म ढाकेर जानलागे । देवताहरूसंग वैरत्व राख्ने सयकडां दैत्यहरू पनि रावणलाई देवलोकतिर आक्रमण गर्न जानलागेको देखेर उसको पछि लागे ।

मधुपुरभित्र प्रवेश गरेर हेर्दा ता रावणले मधुलाई ता देखेन, तर आफ्नी बहिनीलाई भने देख्यो। राक्षसराजदेखि डराइराखेकी कुम्भीनसी हात जोरेर रावणको खुट्टामा परिहाली। राक्षसराज रावणले उसलाई उठाएर भन्यो—तिमीले डराउनुपर्दैन, भन, तिम्रो निम्ति मैले के गर्नुपर्‍यो? रावणको यो कुरा सुनेपछि कुम्भीनसी भन्नलागी—हे राजन्! मेराउपर प्रसन्न छौ भने मेरा पतिलाई नमार, कुलीन स्त्रीहरूका लागि योभन्दा बढ्ता डरको कुरा अरू केही छैन ॥३१-४२॥ स्त्रीहरूका लागि वैधव्यको डर सबभन्दा ठूलो डर हो, अतएव हे राजन्! आफूले भनेको कुरा साँचो गराउनुहोस्, मतिर दृष्टि दिनुहोस्, हेर्नुहोस्, म तपाईंसंग प्रार्थना गरिरहेकी छु ॥४३॥ हे राजन्! तपाईंले ता मलाई निर्भय रहने आश्वासन पनि दिइसक्नुभएको छ। रावण खुशी भएर आफूनेर बसिराखेकी बहिनीलाई भन्नलाग्यो ॥४४॥ तिम्रो लोग्ने कहाँ छ झट्टै मकहाँ लिएर आऊ, उ मेरा साथमा देवलोकको विजय गर्न हिंडोस् ॥४५॥ तिम्रा उपरको दया र प्रेमले गर्दा अब म मधुको वध गर्नेछैन। रावणको यो कुरा सुनेपछि कुम्भीनसी प्रसन्न भएर सुतिराखेको आफ्नो लोग्नेलाई ब्यूँझाएर भन्नलागी, मेरा दाजु महाबली रावण आइराखेका छन्, देवलोक जित्ने अभिलाषा भएकोले तिम्रो सहायता लिन चाहन्छन्, अतएव हे राक्षस! आफ्ना बन्धुवर्गलाई साथमा लिई उनको सहायता गर्न जाइहाल ॥४६-४८॥ आफूलाई माया गर्ने अथवा आफ्नो सम्बन्धीको काममा सहायता दिनैपर्दछ। मधुले पनि राक्षसीको कुरा सुनेर युद्धमा सम्मिलित हुन स्वीकार गर्‍यो ॥४९॥ मधुले झटपट उठेर रावणकहाँ गई उचित रीतिले उसित भेट गर्‍यो र अनि धर्मपूर्वक त्यस राक्षसराजको पूजा पनि गर्‍यो ॥५०॥ अतिथिसत्कार पाएकोले महाबली रावणले मधुको घरमा त्यो रात वास बस्यो र भोलिपल्ट बिहान त्यहाँबाट हिंड्यो ॥५१॥ इन्द्रतुल्य पराक्रमी राक्षसराज रावणले कुवेरको वासस्थान कैलास पर्वतमा पुगेपछि त्यहाँ आफ्नो फौजलाई अडायो ॥५२॥

सर्ग—२६

रावणलाई नलकूबरको श्राप।

सूर्यास्त भएको देख्ता महाबली रावणले सेनासहित त्यहीं कैलास पर्वतमा बास बस्ने विचार गर्‍यो ॥१॥ कैलासपर्वतसमानको स्वच्छ, विमल चन्द्रमाको उदय भएपछि, नाना प्रकारको अस्त्र शस्त्र लिएका सबै सैनिकहरू सुते ॥२॥ महाबली रावण भने पर्वतको टाकुरामाथि बसेर चन्द्रोदय तथा रूखहरूले गर्दा उत्पन्न भइराखेको कैलासपर्वतको शोभा हेर्नलाग्यो ॥३॥ चहकिलो कर्णिकारको वन, कदम्ब, बकुल, फूल फुलेका कमल, मन्दाकिनीको जल, चम्पा, अशोक, नागकेसर, मन्दार, आँप, गुलाब, लोध, प्रियङ्गु, अर्जुन, केवडा, तगर, नरिवल, चिरौंजी, कटहर आदि गरिएका रूखले तथा अरू अरू किसिमका रूखले शोभायमान भइराखेको यस वनमा सुरीलो स्वर भएका, कामदेवको व्यथाले आकुल व्याकुल परेका, किन्नरहरू एक स्वरले मनको आनन्द बढाउने गाना गाउनलागेका थिए ॥४-७॥ मस्त

परेका विद्याधरहरू मस्तीले आँखा रातो रातो गराएर आफ्ना स्वास्नीहरूको साथमा विहार गर्ने तथा आनन्द मनाउनलागेका थिए ॥८॥ कुवेरको महलमा गाउनलागेका अप्सराहरूको रसिलो मधुरो ध्वनि, घण्टाको आवाज जस्तै सुनिनलागेको थियो ॥९॥ हावाको झोंक्काले हल्लिरहेका रूखबाट फूलको वर्षा हुनलागेको थियो, वसन्त ऋतुको फूल जस्ता यी फूलले गर्दा सम्पूर्ण पर्वत सुगन्धित भइराखेको थियो ॥१०॥ फूलको रस तथा धूलोको सम्पर्कले गर्दा सुगन्धित भइराखेको हावा चल्नलाग्यो र मनलाई आनन्द गराउने यस हावाले रावणको मनमा कामोद्दीपन गराइदियो ॥११॥ गानाले, फूलको शोभाले, वायुको शीतलताले, पर्वतको रमणीयताले तथा रात परेपछि चन्द्रोदयले गर्दा महाबली रावण कामको वशमा परेर वारंवार लामो लामो सास फेर्दै चन्द्रमातिर हेर्नलाग्यो ॥१२-१३॥

यही मौकामा दिव्य गहनाले सिंगारिएकी, पूर्णिमाको चन्द्रमाको जस्तो अनुहार परेकी, सर्वश्रेष्ठ अप्सरा रम्भामाथि रावणको दृष्टि पर्नगयो ॥१४॥ यसको शरीरभरी दिव्य चन्दनको लेप लगाएको थियो र कपालमा कल्पवृक्षको फूल घुसारेको थियो । दिव्य फूलले सिंगारिएकी यो अप्सरा दिव्य उत्सव थाल्नाका लागि हतार हतार गरेर जानलागेकी थिई ॥१५॥ यसका आँखा अति राम्रा र स्तन खूब साह्रा थिए, मेखलाले शोभायमान भइराखेको यसको तल्लो हर रतिका लागि एउटा उपहारको वस्तु बनेको थियो ॥१६॥ छओटै ऋतुमा उत्पन्न हुने ताजा ताजा फूलले बनेको गहना पहिरेकी यो रम्भा आफ्नो कान्ति, शोभा, द्युति र कीर्तिले गर्दा दोस्रो लक्ष्मी जस्तै देखिनलागेकी थिई ॥१७॥ यसले पानी भएको बादलको रंग जस्तै नीलो रंगको वस्त्र पहिरेकी थिई, यसको मुख चन्द्रमा जस्तै थियो र दुवैपट्टिका आँखीभुइँ सुन्दर धनु जस्तै देखिन्थे ॥१८॥ यसका तिघ्राको आकार हात्तीको सूँडको जस्तो थियो र हात पातभन्दा पनि बढ्ता नरम थिए । फौजको बीचबाट जानलागेकी यस प्रकारकी रम्भामाथि रावणको दृष्टि पर्नगयो ॥१९॥ कामदेवको वशमा परेकोले रावणले झटपट उठेर उसको हात समातिहाल्यो । यद्यपि रम्भा यस बखतमा लज्जित भइराखेकी थिइन् तापनि रावण मुसुक्क हाँसेर उनलाई भन्नलाग्यो ॥२०॥ हे सुन्दरी ! तिमी कहाँ जानलागेकी छौ ? तिमी कुन कुराको सिद्धि खोजिरहेकी छौ ? तिमीसँग भोग गर्न पाउनाले कसको भाग्योदय हुन आँटेको हो ? ॥२१॥ कमलको जस्तो बास्ना आउने, अमृतसमानको स्वादिलो, तिम्रो अधरामृत पान गरेर आज कुन व्यक्ति तृप्त हुने भएको छ ॥२२॥ हे भीरू ! सुवर्णको घडा जस्ता मोटा र राम्रा यी दुवै स्तन परस्पर यसरी टांसिएका छन् कि बीचमा अलिकता पनि अन्तर रहन पाएको छैन । तिम्रा यी दुवै स्तनले आज कुन पुरुषको छातीको स्पर्श गर्ने हुन् ? ॥२३॥ सुनको करधनीले शोभायमान भएका, सुवर्णचक्र जस्ता तिम्रा यी मोटा-मोटा तिघ्रामाथि चढेर आज कसले स्वर्गारोहणको आनन्द लिने हो ? ॥२४॥ हे सुन्दरी ! भनत, यस जगत्मा मभन्दा ठूलो को पुरुष छ ? इन्द्र, विष्णु र अश्विनीकुमारसमेत म जत्तिको छैनन् , मलाई छाडेर तिमी जो अरू-कहाँ जानलागेकी छौ सो ठीक कुरा होइन ॥२५॥ हे सुन्दरी ! आऊ, यस रमणीय ढुङ्गामा बसेर केही बेर विश्राम गर, मेरो अतिरिक्त अरू कोही पनि त्रिलोकको स्वामी छैन अर्थात् म नै तीनै लोक-

को मालिक हुँ ॥२६॥ तीनै लोकका स्वामीको पनि स्वामी तथा सबैको विधाता दशानन हात जोरेर विनयपूर्वक तिमीलाई प्रार्थना गर्नलागेको छ, तसर्थ मैले भनेको कुरा मानिहाल ॥२७॥

रावणका यी कुरा सुन्दा बिचरी रम्भा थरथर काम्दै हात जोरेर भन्नलागिन्—हे राजन् ! कृपा गर्नुहोस्, यस्तो कुरा गर्न तपाईंलाई सुनासीब पर्दैन, कारण तपाईंसँग मेरो ससुराको नाता छ ॥२८॥ अरू कसैले मेरो अपमान गर्नलागेको भए पनि तपाईंले उसको हातबाट मेरो रक्षा गर्नुपर्दछ, धर्मको दृष्टिले म तपाईंकी छोराबुहारी हुँ, तपाईंसंग मैले यो साँचो कुरा विन्ति गरेको हो ॥२९॥ रावणलाई देख्तैमा डरले रम्भाको शरीरमा रोमाञ्च हुन गयो, लाजले टाउको निहुराएर यिनी आफ्नो खुट्टातिर हेर्नलागिन् । यस प्रकारसँग उभिइराखेकी यिनलाई राक्षसराज फेरि भन्नलाग्यो ॥३०॥ मेरो छोराकी स्वास्नी भए ता तिमी मेरी छोराबुहारी हुने थियौ । मैले भनेको कुरा ठीक हो भनेर रम्भा उसलाई आफ्नो वृत्तान्त सुनाउनलागिन् ॥३१॥

हे राक्षसश्रेष्ठ ! धर्मको दृष्टिमा म तपाईंकी छोराबुहारी हुँ । तपाईंका दाजु कुवेरका, प्राण-भन्दा पनि प्यारा, तीनै लोकमा विख्यात भएका, नलकूबर नाम गरेका एक छोरा छन्, धर्मको पालना गर्नामा यिनी ब्राह्मण, पराक्रममा क्षत्रिय, क्रोधमा अग्नि र क्षमामा पृथ्वीसमानका छन, यिनै लोकपालपुत्रकहाँ जान मैले निश्चय गरेकी छु ॥ ३२-३४॥ उनै कहाँ जान भनी मैले यो शृङ्गार गरेको हो, यो सब गहना लगाएको हो, उनको ममाथि जस्तो स्नेह छ, उस्तै मेरो पनि उनीमाथि छ, अरुसित म प्रेम गर्न सक्तिन ॥३५॥ हे राजन् ! धर्मात्मा नलकूबर उत्सुकभएर मेरो प्रतीक्षा गरेर बसेका होलान्, उनीसँग मैले जो प्रतिज्ञा गरेकी छु त्यसलाई सत्य गराउनाको निम्ति मलाई छाडिदिनुहोस् ॥३६॥ आफ्नो छोरा नलकूबरको काममा विघ्न पार्न तपाईंलाई उचित पर्दैन, मलाई छाडिदिनुहोस् । हे राक्षसराज ! महात्माहरूले हिंड्ने बाटोमा चल्नोस् ॥३७॥ तपाईं मेरा मान्य हुनुहुन्छ अतएव तपाईंबाट मेरो रक्षा हुनुपर्दछ ।

रम्भाका यी कुरा सुनेपछि दशानन विनयपूर्वक उनलाई भन्नलाग्यो ।.३८॥ तिम्री छोराबुहारी हुँ भन्ने जो कुरा तिमीले भन्यौ सो ठीक होइन कारण यो नियम ता एउटा पति हुने स्त्रीका निमित्तको हो । अप्सराहरूको कोही पनि पति बन्न सक्तैन, एउटाकी स्वास्नी भएर यिनीहरू रहनै सक्तैनन्, देव-लोकमा यो उहिलेदेखि देवताहरूमा चलिआएको रीति हो । यति भनेर रावणले रम्भालाई ढुङ्गामाथि सुताइदियो ॥३९-४०॥ काम-भोगको निम्ति उत्सुक भइराखेको हुनाले उनको साथमा भोग गर्न-लाग्यो । भोग गरिसकेपछि उनलाई छाडिदियो । यस समयमा रम्भाका माला र गहना सब छ्यान्न-ब्यान्न भइराखेका थिए ॥४१॥ हात्तीले जलक्रीडा गर्दाखेरिमा नदीको जस्तो दुर्दशा हुन्छ त्यस्तै हालत यिनको पनि भयो । कपालका रौं फुकिराखेका थिए र रूखको पात हल्लेझैं यिनको हात थरथर काम्न-लागेको थियो ॥४२॥

लाज र डरले गर्दा हावाको झोंकाले फूल फुलिराखेको लहरा हल्लेझैं यिनी थरथर काम्दै हात

जोरेर नलकूबरको सामुन्ने आई उनको खुट्टामा लम्पसार परिन् । यिनको यस्तो अवस्था देख्ता महात्मा नलकूबर भन्नलागे–हे भद्रे ! यो के भयो ? किन मेरो खुट्टामा लम्पसार परेकी ? हात जोरेर काम्दै तथा लामो सुस्केरो हाल्दै रम्भा भएभरको जम्मै कुरा जस्ताको तस्तै गरी निवेदन गर्नलागिन्– हे देव ! रावण स्वर्गलोकमा जानाको निम्ति कैलास पर्वतमा आइराखेको छ । सेनाको साथमा त्यसले आजको रात यहीं बिताउनलागेको छ । हे शत्रुनाशी ! तपाईंकहां आउनलागेको बखतमा ममाथि उसको दृष्टि पर्न गयो ।।४३–४७।। राक्षसले मलाई समातेर तिमीकहाँ जानलागेकी ह्वौ भनेर सोध्यो, मैले पनि साँची साँचीको जम्मै कुरा उसलाई भनिदिएँ ।।४८।। म तिम्री छोराबुहारी हुँ भनेर वारंवार प्रार्थना गर्दा पनि कामान्ध भएकोले उसले मेरो कुरामा ध्यानै दिएन ।।४९।। मैले भनेको कुराको केही वास्तै नराखेर उसले बलजफ्तीसंग ममाथि अत्याचार गरिदियो, तसर्थ हे सुव्रत ! मेरो यो अपराध क्षमा गर्नुहोस् ।।५०।। हे सौम्य ! पुरुषको बलसंग स्त्रीको बलको केही लाग्दैन । रम्भाको यो बयान सुन्दा कुवेरपुत्रलाई झोंक चलिहाल्यो ।।५१।। रम्भामाथिको अत्याचार सुनेपछि नलकूबर ध्यान लगाएर विचार गर्नलागे र केही बेरमा नै रावणको जम्मै कुरा यिनलाई थाहा हुन गयो ।।५२।। छिनको छिनैमा यिनका आँखा रिसले राता राता भइगए । हातमा जल लिएर विधिपूर्वक सो जलले सबै इन्द्रिय-लाई छुँदै यिनी राक्षसराज रावणलाई बडो भयङ्कर श्राप दिनलागे—हे भद्रे ! तिम्रो इच्छाविरुद्ध उसले तिमीमाथि बलजफ्तीसंग अत्याचार गरेकोले अब उप्रान्त उसले कुनै स्त्रीसंग पनि उसको इच्छा-विना भोग गर्न सक्नेछैन । कामदेवको वशमा परेर कदाचित् यसले स्त्रीको इच्छाविरुद्ध बलजफ्तीसंग उसित भोग गर्‍यो भने यसको टाउको सात टुक्रा भएर फुट्नेछ ।

यिनको मुखबाट बल्दो आगोसमानको यस्तो भयङ्कर श्राप निस्कनासाथ देवताहरूको दुन्दुभि बज्नलाग्यो र आकाशबाट पुष्पवृष्टि पनि हुन थाल्यो । ब्रह्मादि सबै देवताहरू लोकको दुर्गति गराउने रावणको मृत्यु हुने भएको देखेर बहुतै प्रसन्न भए । उता रावणले पनि यो भयङ्कर श्राप सुनेपछि इच्छा नगर्ने आइमाईसंग भोग गर्न छाडिदियो । रावणले हरेर ल्याएका जति पतिव्रता स्त्री थिए ती सबै मनलाई आनन्द गराउने नलकूबरको यो श्राप सुन्दा बहुतै खुशी भए ।।५३–५९।।

सर्ग––२७

रावणको इन्द्रलोक-यात्रा । वसुद्वारा सुमालिको वध ।

महातेजस्वी रावण आफ्नो सेना तथा वाहनलाई साथमा लिई कैलास पर्वत पार गरेर इन्द्रलोकमा पुग्यो ।।१।। इन्द्रलोकमा पुगेपछि राक्षसी सेनाले त्यहाँ चारैतिर फिंजिनलाग्दाखेरि मन्थनको समयमा समुद्रबाट जस्तो आवाज उत्पन्न हुन्छ ठीक त्यस्तै कोलाहल त्यहाँ पनि सुनिनलाग्यो ।।२।। रावण आएको खवर पुग्नासाथ इन्द्रको आसन डगमगाउन थाल्यो । इन्द्रले त्यहाँ आइराखेका आदित्य, वसु, रुद्र, साध्य तथा अरू अरू देवताहरूलाई दुरात्मा रावणसँग युद्ध गर्न तय्यार हुने आज्ञा दिए ।।३-४।।

इन्द्रको यो आज्ञा पाउनसाथ, इन्द्रसमानका महापराक्रमी देवताहरू कवच पहिरेर युद्धका लागि उत्साह देखाउनलागे ॥५॥

रावणको डरले थर्कोयमान भएका इन्द्र निदाउरो मुख लगाएर विष्णुनेर गई भन्नलागे ॥६॥ हे विष्णो ! यो राक्षस रावणको विषयमा मैले के गर्ने हो ? यो महाबली राक्षस युद्ध गर्न भनी आइराखेको छ ॥७॥ केवल वरदानको प्रभावले यो बलियो भएको हो, यसको बलियो हुनाको अरू कुनै कारण छैन । साक्षात् ब्रह्माजीको मुखबाट निस्केको कुरालाई ता तपाईंले सत्य गराउनै पर्दछ ॥८॥ तपाईंबाट अपार सहायता पाएकोले जसरी मैले नमुचि, वृत्र, बलि, नरक र शम्बरलाई भस्म पारेथेँ त्यसै गरी यस रावणको वधका लागि पनि तपाईंले कुनै न कुनै उपाय खोज्नै पर्‍यो ॥९॥ हे मधुसूदन ! हे देवदेवेश ! चराचर यस त्रिलोकमा तपाईंसिवाय अरू दोस्रो आश्रयदाता रक्षक कोही छैन ॥१०॥ तपाईं श्रीमान्, नारायण, पद्मनाभ र सनातन हुनुहुन्छ, तपाईंद्वारा यी लोकहरूको स्थापन भएको हो र तपाईंले नै मलाई देवराज बनाउनुभएको हो ॥११॥ हे भगवान् ! तपाईंद्वारा नै यो चराचर त्रिलोकको सृष्टि भएको हो, प्रलयकालको समयमा यो जम्मै सृष्टि तपाईंमा नै लीन हुनेछ ॥१२॥ अतएव हे देवदेव ! मेरो जय हुने उपाय ठीक गरेर बताउनुहोस् अथवा खड्ग चक्र धारण गरी स्वयं आफैं योसित युद्ध गर्नुहुन्छ कि ? ॥१३॥

इन्द्रका मुखबाट यस्तो कुरा निस्केपछि प्रभु नारायणले भन्नुभयो—नडराऊ, मैले भनेको कुरा सुन ॥१४॥ यो दुष्ट रावण वरदान पाएकोले अजेय भइराखेको छ, यसै कारण देवता वा असुर यी कसैले पनि संग्राममा न यसलाई जित्न सक्नेछन् न मार्न सक्नेछन् ॥१५॥ महाबली राक्षसले छोरालाई साथमा लिई अवश्यै महाभयङ्कर युद्ध गर्न आँटेको छ भन्ने कुरा स्पष्टै झल्किरहेको छ ॥१६॥ हे देवराज ! तिमीले मलाई योसित युद्ध गर्नुहोस् ता भन्यौ तर म अहिले युद्ध गर्दिन किनकि विष्णुले ता शत्रुलाई नमारीकन युद्ध क्षेत्रबाट फर्कन हुन्न तर अहिले यो काम हुन गाह्रो छ कारण वरदानले गर्दा यो रक्षित भइराखेको छ अर्थात् यसले अवध्य हुने वर पाइराखेको छ ॥१७-१८॥ तर हे देवराज ! तिम्रो अगाडि म प्रतिज्ञा गरेर भन्दछु कि म नै यस राक्षसको मृत्युको कारण बन्नेछु ॥१९॥ मरणको समय आउनासाथ म नै सपरिवार रावणलाई मारेर देवताहरूलाई प्रसन्न गराउनेछु ॥२०॥ हे शचीपते ! हे देवराज ! हे महाबल ! मैले यथार्थ कुरा तपाईंलाई निवेदन गरेको हो, देवताहरूलाई साथमा राखी निर्भय भईकन योसित युद्ध गर्नुहोस् ॥२१॥

यसपछि रुद्र, आदित्य, वसु, मरुत्, अश्विनीकुमार यी सबै युद्धको निम्ति तयार भएर झटपट शहरबाहिर निस्की राक्षसहरूको सामुन्ने आइपुगे ॥२२॥ यै अवसरमा सूर्योदय हुँदा नहुँदै रावणको सेनाका राक्षसहरू युद्ध गर्नलागे र फौजका वीर योद्धाहरूले चिच्च्याएको आवाज जतातत्तै सुनिनगर्दै प्रसन्नतासाथ युद्धभूमितिर बढ्नलागे ॥२४॥ रणक्षेत्रमा राक्षसहरूको यो अक्षय विशाल सेना

देख्ता देवताका सैनिकहरूमा ठूलो हल्ली खल्ली पर्नगयो ।।२५।। अब ता नाना किसिमका अस्त्र शस्त्र लिएका देवता, दानव र राक्षसहरूमा बडो डरलाग्दो आवाजको साथसाथै घनघोरको युद्ध हुनलाग्यो ।।२६।। यही मौकामा देख्तैमा डरलाग्ने अनुहार परेका रावणका वीर राक्षसमन्त्रीहरू पनि युद्ध गर्न भनी आए ।।२७।। मारीच, प्रहस्त, महापार्श्व, महोदय, अकम्पन, निकुम्भ, शुक, सारण, संह्लाद, धूमकेतु, महादंष्ट्र, घटोदर, जम्बुमाली, महाह्लाद, विरूपाक्ष, सुप्तघ्न, यज्ञकोप, दुर्मुख, दूषण, खर, त्रिशिरा, करवीराक्ष, सूर्यशत्रु, महाकाय, अतिकाय, देवान्तक, नरान्तक यी सबै पराक्रमी राक्षसहरूलाई साथमा लिई रावणको मातामह महाबली सुमालीले देवताहरूको सेनामा प्रवेश गऱ्यो र झोंकिएर तीखा तीखा अस्त्र शस्त्रको प्रयोग गरी, हावाले बादललाई छ्यान्नभ्यान्न पारेझैं, देवताहरूको विध्वंस गर्न-लाग्यो । हे राम ! राक्षसहरूको मारमा परेकोले देवताहरूको सेना हडबडाएर, सिंहको डरले हरिणको बथान भागेझैं, चारैतिर भाग्नलाग्यो । यै मौकामा सवित्रको नामले प्रख्यात भएका, वीर अष्टम वसुले, नाना प्रकारको अस्त्र शस्त्रले सजिसजाउ भएको, लड्न पाएकोमा प्रसन्न भइराखेको आफ्नो सेनालाई साथमा लिई, शत्रुका सैनिकहरूको मनमा त्रास पार्दै, रणक्षेत्रमा प्रवेश गरे ।।२८–३५।। यसै गरी त्वष्टा र पूषा नाम गरेका दोटा महाबली आदित्यहरूले पनि आफ्नो आफ्नो फौज साथमा लिई निर्भय भईकन युद्धक्षेत्रमा प्रवेश गरे ।।३६।। राक्षसहरूले युद्धभूमिबाट फर्कन जानेकै छैनन् भन्ने यिनीहरूको यस कीर्तिलाई खप्न नसक्ने देवताहरूको र राक्षसहरूको युद्ध हुनलाग्यो ।।३७।। अब ता युद्धक्षेत्रमा आइराखेका सैकडां, हजारां, देवताहरूको, यी राक्षसहरू अनेक डरलाग्दा अस्त्र शस्त्रको प्रयोग गरेर संहार गर्नलागे ।।३८।। देवताहरू पनि निर्मल अस्त्र चलाएर यी भयङ्कर, महाबली पराक्रमी राक्षसहरूलाई यमपुरीतिर पठाउन अर्थात् मार्नलागे ।।३९।। हे राम ! यही मौकामा सुमाली नाम गरेको राक्षस झोंकिंदै अनेक हात-हतियार लिई देवसेनाभित्र पस्यो ।।४०।। जसरी हावाले बादललाई उडाइदिन्छ त्यसै गरी जङ्गिएको यो राक्षस किसिम किसिमका तीखा तीखा अस्त्र चलाएर देवसेनालाई ध्वस्त पार्नलाग्यो ।।४१।। बाणहरूको निरन्तर वृष्टिले तथा भयङ्कर शूल र भालाको प्रहारले गर्दा देवताहरू विचलित भएर युद्धक्षेत्रमा टिक्नै सकेनन् ।।४२।। सुमालीले देवताहरूलाई युद्धक्षेत्रबाट भगाउनलागेको देखेपछि सवित्र नाम गरेका अष्टम वसु जंगिएर युद्ध गर्न तत्पर भए ।।४३।। रथी, सेनालाई साथमा लिइराखेका, यी तेजस्वी वीर आफ्नो पराक्रमले, संग्राममा प्रहार गर्नलागेका राक्षसहरूलाई रोक्नलागे ।।४४।।

संग्रामबाट कहिले पनि नभाग्ने सुमाली र वसुको बीचमा भयङ्कर, रोमाञ्च गराउने युद्ध हुनलाग्यो ।।४५।। महात्मा वसुले आफ्ना बडे बडे बाण चलाएर, छिनको छिनैमा, सर्पको जस्तो आकार परेको सुमालीको रथ भांचभुंच पारिदिए जसले गर्दा यो राक्षस झटपट रथबाट तल खसिहाल्यो ।।४६।। सैकडां बाणको प्रहारले रथ भाँच्चिएपछि वसुले सुमालीको वधका लागि आफ्नो गदा हातमा लिए ।।४७।। चहकिलो टुप्पो भएको, कालदण्डसमानको भयङ्कर यो गदा उजाएर सवित्रले सुमालीको टाउकोमा हिर्का-

इहाले ॥४८॥ जसरी इन्द्रको हातबाट छुटेको वज्र बडो चहकसित गर्जदैं पर्वतमाथि खस्तछ त्यसै गरी उल्कासमान खसेको यो गदा पनि राक्षसको टाउकोमाथि पर्दा शोभायमान हुनलाग्यो ॥४९॥ गदाको प्रहारले सुमाली युद्धमा भस्म भएर मरेको हुनाले यसको हाड, मासु, टाउको केही पनि त्यहाँ देखिएन ॥५०॥ सुमाली युद्धमा मारिएको देख्नासाथ सबै राक्षसहरू डरले चिच्च्याउँदै चारैतिर भाग्नलागे। वसुको आक्रमणले गर्दा कुनै राक्षसको पनि त्यहाँ अड्ने साहस भएन ॥५१॥

सर्ग—२८

मेघनाद र जयन्त आदि गरिएका महावीरहरूको युद्ध।

वसुको हातबाट सुमाली मारिएर भस्म भएको र देवताहरूले गर्दा आफ्ना राक्षसहरूको सेनालाई घाइते हुँदै भाग्नलागेको देख्ता रावणको महाबली छोरो मेघनादलाई खूबै जंग चल्यो र जम्मै राक्षसहरू-लाई फर्काएर स्वयं युद्ध गर्नाका लागि उद्यत भयो ॥१-२॥ बल्दो आगो जसरी वनभित्र अगाडि अगाडि बढदै जान्छ त्यसै गरी यो महारथी पनि इच्छाअनुसार चल्ने आफ्नो बडेमानको रथमा सवार भई देव-सेनाभित्र पसेर अघिअघि जानलाग्यो॥३॥ नाना प्रकारको अस्त्र शस्त्र लिएर रावणको छोरोलाई सेनाभित्र प्रवेश गरेको देख्तैमा सबै देवताहरू यत्रतत्र भाग्नलागे ॥४॥ संग्राम गर्नलागेको रावणको छोरोको अगाडि उभिनेसम्मको पनि कसैको साहस परेन। बाणले छिया छिया परेर सबै देवताहरूको मनमा त्रास परेको देख्ता इन्द्र उनीहरूलाई भन्नलागे ॥५॥ हे देवताहो ! नडराउनुहोस्, नभाग्नुहोस्, युद्धक्षेत्रमा फर्केर आउनुहोस्, हेर्नुहोस् कहिले पनि नहार्ने मेरो छोरो युद्ध गर्न जानलागेको छ ॥६॥

अब ता जयन्तको नामले प्रसिद्ध भएको, इन्द्रको छोरो अद्भुत रथमा सवार भई युद्धक्षेत्रमा आयो ॥७॥ देवताहरू इन्द्रपुत्रको साथमा लागेर युद्धक्षेत्रमा मेघनादनेर गई उसमाथि प्रहार गर्नलागे ॥८॥ अब ता इन्द्रपुत्र जयन्त र रावणपुत्र मेघनाद तथा देवता र राक्षसहरूमा बराबरीको युद्ध हुनलाग्यो ॥९॥ रावणको छोरो मेघनाद जयन्तको सारथि मातलिपुत्र गोमुखमाथि सुवर्णभूषित अनेक बाण चलाउनलाग्यो ॥१०॥ इन्द्रपुत्र जयन्त पनि जङ्गिएर मेघनादको सारथिमाथि र उसमाथि समेत बाण चलाएर यी दुवैलाई छिया छिया पार्नलागे ॥११॥ उता रावणको महाबली छोरोले पनि रिसले परिपूर्ण भई आँखा फैलाएर जयन्तलाई बाणको वर्षा गरेर ढाकि नै दियो ॥१२॥ झोंकमा परेकोले यस मेघनादले नाना प्रकारका तीखा तीखा धार भएका हजारौं अस्त्र शस्त्र देवताहरूउपर चलायो ॥१३॥ यसले शतघ्नी (तोप) मुशल, भाला, गदा, तरवार, बञ्चरो तथा ठूला ठूला पर्वतका टाकुरासमेत देवताहरूमाथि खसाल्यो ॥१४॥ रावणपुत्रले देवसेनाको यस प्रकारसंग संहार गर्नलागेको बखतमा उसको मायाको प्रभावले गर्दा चारैतिर अन्धकार हुन गयो। यहाँको यस्तो दुर्दशा भएको देख्ता तीनै लोकका प्राणीहरू हडबडाउनलागे ॥१५॥ जयन्तको चारैतिर फिंजिराखेको देवसेना बाणको मार पर्नाले बहुतै व्याकुल पर्न लाग्यो ॥१६॥ यस बखतमा यी दुवै थरीको यस्तो हालत हुन गयो कि यिनीहरूलाई यो वीर कतापट्टि-

को हो सो कुराको समेत ज्ञान भएन, यसै कारण यिनीहरू विपरीत आक्रमण गरेर जतातत्तै घुम्नलागे । देवता देवताहरूलाई र राक्षस राक्षसहरूलाई मार्नलागे । अन्धकारमा केही पनि नदेखिने हुनाले यी वीरहरूले हडबडाएर के गर्ने, के नगर्ने केही विचार गर्न सकेनन् ।।१७-१८।। यही मौकामा, वीर, पराक्रमी, पुलोमा नाम गरेको दैत्यराज त्यहाँ आएर जयन्तलाई समाती युद्धक्षेत्रबाट लिएर गयो ।।१९।। शचीको बाबु यो पुलोमा दैत्य आफ्नो नाति जयन्तलाई लिएर समुद्रभित्र पसिहाल्यो ।।२०।। अब ता देवताहरू जयन्तलाई नदेख्ता बडो खिन्न भए र अतिशय दुःखित भएर त्यहाँबाट भाग्नलागे ।।२१।। रावणको छोरो जंगिएर आफ्नो फौजलाई साथमा लिई देवताहरूमाथि जाइलाग्यो र बडो चर्को स्वर झिकेर गर्जनलाग्यो ।।२२।। आफ्नो छोरोको पत्तो नलागेको र देवताहरूसमेत भाग्नलागेको देख्ता देवराज इन्द्रले झट्टै मेरो रथ लिएर आऊ भनी मातलिलाई अह्राए ।।२३।। सजिसजाउ भएको, महाभयङ्कर, खूब छिटो दगुर्ने बडेमानको रथ लिएर मातलि झट्टै आइहाल्यो ।।२४।। इन्द्र रथमा चढ्नासाथ, बिजुलीले शोभायमान भइराखेको महाबली मेघ, वायुको आश्रय लिएर, अगाडिअगाडि हिंड्दै घनघोरको शब्द झिकेर गर्जनलाग्यो ।।२५।। देवराज इन्द्रले इन्द्रपुरीबाट प्रस्थान गर्दाखेरि गन्धर्वहरू सावधान भएर नाना किसिमको बाजा बजाउँदै र अप्सराहरू नाच्तै रथको अघिअघि हिंड्नलागे ।।२६।। देवराज इन्द्र, रुद्र, वसु, आदित्य र दुवै अश्विनीकुमारलाई संग लिएर अनेक प्रकारको अस्त्र, शस्त्र लिई युद्ध गर्न भनी हिंडे ।।२७।। इन्द्रले युद्धको निम्ति प्रस्थान गर्दाखेरि रूखो हावा चल्नलाग्यो, सूर्यको तेज घटेर गयो र ठूला ठूला उल्काहरू खस्न थाले ।।२८।। यही मौकामा प्रतापी, शूरो रावण पनि विश्वकर्माले बनाएको दिव्य रथमा सवार भयो ।।२९।। यस रथलाई भयङ्कर, विशाल शरीर भएका, सर्पहरूले चारैतिरबाट बेह्रिराखेका थिए र यिनको मुखबाट निस्केको हावाले गर्दा संग्रामभूमिमा यो रथ बडो प्रकाशमान देखिनलाग्यो ।।३०।। दैत्य र राक्षसहरूले चारैतिरबाट घेरिराखेको यो दिव्य रथ युद्धक्षेत्रपट्टि इन्द्रको सम्मुख जानलाग्यो ।।३१।। छोरोलाई हटाएर रावण स्वयं युद्ध गर्न तत्पर भयो, मेघनाद पनि युद्धक्षेत्रबाट निस्की चूपचाप लागेर एकातिर बसिरह्यो ।।३२।।

जसरी मेघले जलको वर्षा गर्दछ त्यसै गरी संग्रामस्थलमा अस्त्र शस्त्रको वर्षा गर्दै राक्षस र देवताहरू युद्ध गर्नलागे ।।३३।। दुष्टात्मा कुम्भकर्णले पनि नाना प्रकारको अस्त्रशस्त्र लिइराखेको थियो तर भर्खर निद्राबाट ब्यूँझेको हुनाले कोसित युद्ध हुनलागेको हो सो कुराको समेत उसलाई ज्ञान थिएन ।।३४।। यो कुम्भकर्ण अत्यन्त अत्यन्त झोंकिएर दाँत, लात्ती, तोमर, मुद्गर अथवा जुन अस्त्र भेट्टायो त्यसैको प्रहार गरेर देवताहरूलाई मार्नलाग्यो ।।३५।। राक्षस कुम्भकर्ण भयङ्कर रुद्रहरूनेर गई घनघोरको युद्ध गर्नलाग्यो तर निरन्तर बाण वर्षा गरेर यिनीहरूले युद्धमा उसको तमाम शरीरमा घाउ नै घाउ पारिदिए ।।३६।। नाना प्रकारको हात-हतियार लिइराखेका मरुतहरूसँग राक्षसीसेना लड्नलाग्यो तर देवताहरूको चोट पर्नाले यो जम्मै फौजले भाग्नुपर्‍यो ।।३७।। कोही राक्षस मारिए, कोही अङ्ग भङ्ग भएकोले भूइँमा छटपटाउनलागे, कोही कोही ता घाइते भएर सवारीबाट खसेका भए तापनि त्यसैमा

टाँसिइरहेका थिए ॥३८॥ कोही रथ, हात्ती, गधा, ऊँट र कोही साँप, घोडा, शिंशुमार, बनेल र पिशाचको जस्तो अनुहार परेका घोडालाई दुवै हातले समातेर उभिरहे, कोही यिनलाई च्यापेको च्यापै मूर्च्छा परे जस्तो भएर पडिरहे । देवताहरूका हातबाट घाइते भएका राक्षसहरू धमाधम मर्नलागे ॥३९-४०॥ अनेक राक्षसले युद्धमा मर्नुपर्‍यो र अनेकले घाइते भएर भूईँमा ढल्नुपर्‍यो । चित्रमा लेखिएका वीरहरुझैं यिनीहरू अचल भएर पडिराखेका थिए ॥४१॥ यस युद्ध-क्षेत्रमा रगतको खोलो बग्नलाग्यो, काग, गिद्ध सबै जम्मा भए । वीरहरूको हातबाट छुटेको अस्त्र शस्त्र यस खोलामा ग्राह जस्तै देखिनलाग्यो ॥४२॥ देवताहरूको हातबाट आफ्नो राक्षसीसेनाको विनाश भएको देख्ता प्रतापी रावणलाई खपी नसक्नुको रिस उठ्यो र यो झटपट देवसेनारूपी उर्लंदो सागरभित्र पसेर देवताहरुलाई छ्यात्र व्यात्र पार्दै इन्द्रको अघिल्तिर पुग्यो ॥४३-४४॥ इन्द्रले पनि बडो ठूलो शब्द निकाल्ने धनु हातमा लिए । यो धनुलाई तान्दाखेरि निस्केको आवाजले दशै दिशालाई गुञ्जायमान गराइदिए॥४५॥ यस बडे धनुमा ताँदो चढाएर इन्द्र आगो र सूर्यसमानका चहकिला बाण रावणको टाउको ताकेर चलाउनलागे ॥४६॥ उता महाबाहु राक्षस दशाननले पनि आफ्नो धनुबाट छुटेका बाणले इन्द्रलाई ढाकि नै दियो ॥४७॥ निरन्तर बाण वृष्टि गरेर यी दुवैजना लड्नलागेको वेलामा चारैतिर अन्धकार हुन गयो तसर्थ कतै पनि कोही नदेखिनेभयो ॥४८॥

सर्ग—२९

मेघनाद इन्द्रलाई समातेर लङ्कामा लिएर जान्छ।

चारैतिर अन्धकारले छोपेको भए तापनि आफ्नो आफ्नो बलको घमण्डले चूर भइराखेका देवता र राक्षसहरू परस्पर एउटाले अर्को थरीको विनाश पार्दै युद्ध गरी नै रहे ॥१॥ इन्द्र, रावण र महाबली मेघनादमाथि मात्र अन्धकारको प्रभाव पर्नसकेको थिएन, यिनीहरू अन्धकार भए तापनि पूरा होशमा थिए ॥२॥ एक छिनमा नै आफ्नो समस्त फौजको भयङ्कर विनाश भएको देख्ता रावणलाई अत्यन्त झोंक चल्यो र यो बडो चर्को स्वर झिकेर सिंहनाद गर्नलाग्यो ॥३॥ रिसले जङ्गिराखेको दुर्धर्ष रावणले रथमा बसिराखेको सारथिलाई भन्यो—शत्रुसेनाको अन्त नगराएसम्म मलाई यस सेनाको माझबाट लिएर हिंड ॥४॥ म आजै आफ्नो बाहुबलले यस युद्धमा नाना प्रकारका अस्त्र शस्त्रको प्रयोग गरेर देवताहरूलाई यमपुरीतिर पठाइदिनेछु ॥५॥ इन्द्र, कुवेर, वरुण र यम यी सबैको म वध गरिदिन्छु र देवताहरूलाई मारेर स्वयं स्वर्गलोकमा बस्तछु ॥६॥ मनमा कुनै किसिमको दिक्दारी नलिईकन फूर्तिसाथ मेरो रथ हाँकेर लैजाऊ, अर्को कुरा पनि म तिमीलाई भन्दछु, देवसेनाको अन्त नभएसम्म मेरो यो रथ माझैबाट लिएर हिंड ॥७॥ अहिले हामी जुन ठाउँमा छौं यसको नाम नन्दनवन हो अब तिमी मलाई उदय पर्वत भएको ठाउँमा पुऱ्याइदेऊ ॥८॥ रावणको यो वचन सुन्नासाथ सारथिले मन जत्तिकै छिटो दगुर्ने घोडाहरूलाई देवसेनाको माझबाट हाँकेर लैजानलाग्यो ॥९॥ रावणको यो अभिप्राय थाहा पाए-

पछि रथमा विराजमान भएका देवराज इन्द्र, रणक्षेत्रमा उपस्थित भइराखेका देवताहरूलाई भन्नलागे ॥१०॥ हे देवताहो ! मैले भनेको कुरा सुन्नुहोस्—जीउँदै रावणलाई पक्रन सके बेश हुने थियो, मलाई ता यसै गर्न मन लागिरहेको छ ॥११॥ धेरै सेना हुनाले ज्यादै बलियो भइराखेको यो राक्षस वायु-समानको वेग भएको रथमा सवार भई, पूर्णिमाको दिनमा तरङ्गधारी समुद्र उर्लेझैं, हाम्रो फौजको माझ-बाट आइरहेको छ ॥१२॥ वरदान पाएकोले यो निर्भय भइराखेको छ, हामीबाट यसको वध हुन सक्तैन अतएव यसलाई जीउँदै पक्रने कोशिश गर्नुपर्दछ ॥१३॥ जसरी बलि दैत्यलाई कैदी गराएर मैले तीनै लोकको रक्षा गरेथें त्यसै गरी अहिले पनि त्रिभुवनको रक्षाका लागि यस दुष्ट राक्षसलाई पक्रेर कैदी तुल्याउने मेरो इच्छा भइराखेको छ ॥१४॥ हे महाराज ! यति भनेर देवराज इन्द्र, रावणलाई छाडी अन्यत्रै गएर राक्षसहरूको मनमा त्रास पर्ने गरी युद्ध गर्नलागे ॥१५॥ विना कुनै प्रकारको रोकावटले रावणले उत्तरपट्टिबाट प्रवेश गर्‍यो, उता इन्द्रले पनि दक्षिणतिरबाट राक्षसीसेनामा प्रवेश गरे ॥१६॥ सय योजनसम्म फैलिइराखेको देवसेनामा प्रवेश गरेर रावणले बाणै बाणको वर्षा गरेर त्यसलाई ढाकि-दियो ॥१७॥ यस प्रकारसंग आफ्नो सेनाको विनाश हुनलागेको देख्ता इन्द्रले तुरन्तै फर्केर, मनमा अलिकता पनि डर नलिई आफ्नो सेनाले रावणलाई चारैतिरबाट घेरेर रोकिदिए ॥१८॥ इन्द्रले रावण-लाई घेराभित्र पारेको देख्ता दानव र राक्षसहरू "हाय, हाय, हामी ता मर्‍यौं" भनी खूब जोरसंग चिच्च्याउनलागे ॥१९॥

अब ता रावणको छोरो मेघनादलाई खूबै जंग चल्यो र रथमा सवार भई तुरन्तै भयङ्कर देवसेना-भित्र पसिहाल्यो ॥२०॥ सेनाभित्र पस्नासाथ यसले उहिले महादेवजीबाट पाएको माया प्रकट गरेर झोंकै झोंकले देवताहरूको फौजलाई दुःख दिनलाग्यो ॥२१॥ सबै देवतालाई छाडेर यो सोझै इन्द्रनेर गयो तर महातेजस्वी इन्द्रले शत्रु-पुत्र मेघनादतिर हेर्नसम्म पनि सकेनन् ॥२२॥ मेघनादले कवचसम्म पनि पहिरेको थिएन उता महाबली देवताहरू भने यसमाथि नाना प्रकारको अस्त्र चलाउनलागे तर मेघनाद यस प्रहारबाट अलिकता पनि डराएन ॥२३॥ पहिले ता मेघनादले आफूतिर आइरहेको मातलिलाई ताकेर अनेक उत्तम बाण चलायो र अनि बाण वृष्टि गरेर इन्द्रलाई दुःख दिनलाग्यो ॥२४॥ अब ता इन्द्र पनि रथ र सारथिलाई छाडेर ऐरावत हात्तीमा सवार भई मेघनादलाई खोज्नलागे ॥२५॥ यस बखतमा मायाको प्रभावले बलियो भइराखेको मेघनाद आकाशमा अदृश्य भइरहेको थियो । इन्द्रलाई समेत मायाजालले बांधेर यो उनीमाथि बाण वर्षा गर्नलाग्यो ॥२६॥ इन्द्रलाई थाकेको देखे-पछि मेघनादले मायाको प्रभावले यिनलाई बांधेर आफ्नो सेनानेर लिएर गयो ॥२७॥ मेघनादले इन्द्रलाई बांधेर बलजफ्तीसंग उनलाई युद्धक्षेत्रबाट लैजानलागेको देख्ता देवताहरू अब हामीले के गर्ने हो भनी विचार गर्नलागे ॥२८॥ मायावी युद्धविजयी इन्द्रजित्‌लाई कसैले देख्न सकेन, मेघनाद मायालाई नष्ट गर्न जान्ने इन्द्रलाई मायाबलले बलजफ्तीसंग पक्रेर लैजानलाग्यो ॥२९॥ इन्द्रको यस्तो दुर्दशा भएको देख्ता देवताहरूले झोंकिएर रावणमाथि बाण वर्षा गरेर उसलाई युद्धक्षेत्रबाट विमुख गराइ-

दिए ॥३०॥ आदित्य र बसुहरूको चपेटामा परेकोले रावण यस्तोसंग ध्वस्त भयो कि यसको युद्ध गर्ने सामर्थ्य नै बिलाएर गयो ॥३१॥ आफ्ना बाबुलाई प्रहारमा पर्नाले छिया छिया भएको र निदाउरो मुख लगाएको देख्ता मेघनाद युद्धक्षेत्रमा आफूलाई कसैले नदेख्ने गरी उसलाई भन्नलाग्यो ॥३२॥ हे बाबा ! हाम्रो जित भएको संझेर मनमा कुनै प्रकारको चिन्ता नली प्रसन्न हुनुहोस् । अबलाई युद्ध समाप्त गरेर हिंडनोस् । हामी सबै घरतिर लागौं ॥३३॥ देवसेनाको तथा त्रिलोकको जो स्वामी हो त्यसलाई मैले देवसेनाबाट पक्रेर ल्याइराखेको छु, अबलाई ता मैले देवताहरूको घमण्ड तोडिदिएँ ॥३४॥ आफ्नो पराक्रमले शत्रुहरूलाई दण्ड दिएर, इच्छाअनुसार तीनै लोकको सुखको आनन्द लिनोस् अबलाई तपाईंले परिश्रम गर्नु अथवा युद्ध गर्नु व्यर्थ हो ॥३५॥ मेघनादका यी कुरा सुनेपछि आदित्य आदि गरिएका देवताहरूले लड्न छाडिदिए र इन्द्रलाई नलिईकन नै युद्धक्षेत्रबाट फर्केर आए ॥३६॥ युद्ध समाप्त गरेर, परमपराक्रमी, देवशत्रु, प्रसिद्ध राक्षसराज रावण आफ्नो छोरोको यो मीठो कुरा सुनेपछि आदरपूर्वक उसलाई भन्नलाग्यो ॥३७॥ महाबलीहरूको जस्तै पराक्रम देखाएर तिमीले हाम्रो वंश र कुलको गौरव बढाइदियौ, कारण तिमीद्वारा नै महाबली देवराज तथा देवताहरूको आज यो पराजय भएको हो ॥३८॥ सेनालाई साथमा लिएर तिमी यहाँबाट आफ्नो राजधानीतिर लाग, इन्द्रलाई समेत रथमा चढाएर लैजाऊ । हामी पनि अब चांडै नै मन्त्रीहरूलाई साथमा लिई प्रसन्नतासाथ तिम्रो पछिपछि आउँछौ ॥३९॥

यसपछि रावणको छोरो महाबली मेघनाद स्वर्गपति इन्द्रलाई साथमा लिएर सेना र वाहनको साथसाथै आफ्नो घर पुग्यो र युद्ध गर्न गएका राक्षसहरूलाई आफ्नो आफ्नो घर जाने बिदा दियो ॥४०॥

सर्ग—३०

इन्द्रको मुक्ति : गौतमले अहल्यालाई श्राप दिएको कथा ।

रावणको छोराको हातबाट महाबली इन्द्रको हार भएपछि देवताहरू ब्राह्मणलाई अघि लगाएर लङ्कातिर लागे ॥१॥ भाइ, छोरालाई साथमा लिएर बसिराखेका रावणनेर गई ब्रह्माजी आकाशैबाट शान्तिपूर्वक भन्नलागे ॥२॥

हे रावण ! युद्धमा तिम्रो छोराको पराक्रम देख्नाले सन्तुष्ट भएँ, अहो ! यसको कस्तो ठूलो पराक्रम रहेछ, बहादुरीमा यो तिमी जत्तिकै अथवा तिमीभन्दा पनि बढ्ता हुनेछ ॥३॥ तिमीले आफ्नो पराक्रमले तीनै लोकलाई जित्यौ र आफ्नो प्रतिज्ञा पनि सफल गरायौ, यसैले म तिमीदेखि र तिम्रो छोरादेखि प्रसन्न छु ॥४॥ हे रावण ! तिम्रो यो छोरो बडो बलियो र पराक्रमी रहेछ, यस संसारमा यो इन्द्रजित्को नामले प्रख्यात हुनेछ ॥५॥ हे राजन् ! तिम्रो यो राक्षस छोरो बडो बलियो र दुर्जय हुनेछ, यसैको सहायताले तिमीले देवताहरूलाई आफ्नो वशमा ल्याउन सकेका हौ ॥६॥ हे महावीर !

तिमी पाकशासन इन्द्रलाई छोडिदेऊ, यिनलाई छोडेबापत देवताहरूले तिमीलाई के दिनुपर्ने हो सो पनि भन ॥७॥ समर-विजयी महाबली इन्द्रजित्‌ले ब्रह्माको यो कुरा सुन्दा हे देव ! इन्द्रलाई छुटाउन चाहनुहुन्छ भने मलाई अमरत्वको वर दिनुहोस् भन्ने कुरा सुनायो ॥८॥ मेघनादको यो कुरा सुन्दा तेजस्वी ब्रह्माले पृथ्वीमा कुनै प्राणी पनि अमर बन्न सक्तैनन् । चराचुरुङ्गी, चार खुट्टे पशु, अथवा महातेजस्वी मानिस यी कसैले पनि पृथ्वीमा अमरत्व पाउनु असम्भवको कुरा हो भनेर जवाफ दिनुभयो ।

महाबली मेघनाद आफ्नो नजीक रहनुभएको प्रभु ब्रह्माको मुखबाट यो कुरा सुनेपछि फेरि उहाँलाई भन्नलाग्यो—इन्द्रलाई छोडेबापत म जस्तो सिद्धि चाहन्छु सो सुन्नुहोस् ॥९-११॥ शत्रु विजयका लागि युद्ध गर्ने इच्छाले जब जब म विधिपूर्वक आगोमा होम गर्नेछु त्यस बखतमा आगोबाट मेरो निमित्त घोडासहितको रथ निस्कोस्, जबसम्म म त्यस रथमा सवार रहनेछु त्यस वेलासम्म मैले अमर रहनुपर्दछ, मैले इच्छा गरेको वर यही हो ॥१२-१३॥ युद्धका लागि थालेको जप र यज्ञको समाप्ति नगरी म कदाचित् युद्ध गर्न निस्केछु भने त्यस संग्राममा हे देव ! मेरो मृत्यु भइहालोस् ॥१४॥ हे देव ! अरू सबै मानिस तपस्याद्वारा अमर बन्न चाहन्छन् तर म ता पराक्रमद्वारा अमरत्व प्राप्त गर्न चाहन्छु ॥१५॥ पितामह ब्रह्माले मेघनादको कुरा स्वीकार गर्नुभयो । इन्द्रजितले इन्द्रलाई छाडिदियो र देवताहरू पनि स्वर्गतिर लागे ॥१६॥

हे राम ! यस बखतमा इन्द्र, मेघनादको हातबाट मुक्त भए तापनि बडो व्याकुल परेका थिए, यिनको देव-तेज लोप भइसकेको थियो । यिनी मनमा बडो चिन्ता लिएर विचार गर्न लागे ॥१७॥ इन्द्रलाई यस प्रकारसंग चिन्तामा परेको देख्ता पितामह ब्रह्मा भन्नलाग्नुभयो—हे इन्द्र ! किन यसरी चिन्ता गर्दछौ, पहिले आफूले गरेको पाप ता संझ ॥१८॥ हे प्रभु देवराज ! मैले पहिले एकै वर्ण, एकै भाषा र एकै रूपका केही प्रजाको आफ्नो बुद्धिले सृष्टि गरेको हुँ ॥१९॥ यिनको आकार र लक्षणमा कुनै प्रकारको भेद थिएन । फेरि एकाग्र मनले म यी प्रजाहरूको सम्बन्धमा कुन प्रकारको भेद गराउने हो भनी विचार गर्नलागें ॥२०॥ अनेक सोच विचार गरेर यिनीहरूमा केही विशेषता देखाउनाका लागि मैले एउटी स्त्री बनाएँ । प्रजाको प्रत्येक अंगको सार झिकेर मैले रूपवती र गुणवती स्त्रीको सृष्टि गरें र अहल्या भन्ने यसको नाम राखें । "हल्" शब्दको अर्थ कुरूपपना हो, कुरूपपनाबाट उत्पन्न हुने निन्दालाई "हल्य" भन्दछन् ॥२१–२२॥ जसमा हल्य अर्थात् कुरूपपना रहंदैन त्यसलाई अहल्य भन्दछन् । यसै कारणले मैले यस स्त्रीको नाम अहल्या राखेको हुँ ॥२३॥ हे देवश्रेष्ठ ! यस स्त्रीको निर्माण गरेपछि यसलाई कसकी स्वास्नी बनाउने हो भन्ने मलाई चिन्ता हुनलाग्यो ॥२४॥ हे इन्द्र ! तीनै लोकका स्वामी हुनाले यिनलाई आफ्नो स्वास्नी बनाउन पाए हुँदो हो भनी तिमी मनमा विचार गर्नलाग्यौ ॥२५॥ तर मैले ता यिनलाई नासो जस्तो गरेर महात्मा गौतमकहाँ राखिदिएँ । धेरै वर्षसम्म आफूकहाँ राखेर उनले यो नासो मलाई फर्काइदिए ॥२६॥ तर महा-

मुनिको इन्द्रियहरूलाई जित्ने शक्ति तथा तपस्यामा सिद्धि भएको देखेर मैले उनैलाई यसलाई आफ्नो स्वास्नी बनाउनु भनेर सुम्पिदिएँ ।।२७।। यसपछि महर्षि गौतमजी अहल्याको साथमा सुखसँग समय बिताउनलागे, तर मैले अहल्यालाई गौतमकी स्त्री बनाइदिएको देख्ता सबै देवताहरू निराश भए ।।२८।। कामदेवको वशमा परेकोले तिमीले समेत रिस गर्‍यौ र महामुनिको आश्रममा गएर आगोको ज्वालासमानकी तिनलाई हेर्‍यौ पनि ।।२९।। हे इन्द्र ! कामले उन्मत्त भईकन तिमीले उनमाथि अत्याचार गर्‍यौ । महर्षि गौतमले पनि तिमीलाई आश्रममा देखिहाले ।।३०।। तेजस्वी मुनिले क्रुद्ध भएर तिमीलाई श्राप दिए । हे देवराज ! यही श्रापले गर्दा तिम्रो यो विपरीत दशा भएको अर्थात् कैदी बन्नुपरेको हो ।।३१।। मुनिले यस्तो श्राप दिएका थिए—हे देवराज ! तिमीले मनमा केही डर नलिएर मेरी स्वास्नीको सतीत्व नाश गरिदियौ, यसैले तिमीले युद्धमा शत्रुको हातमा कैदी बन्नुपर्नेछ ।।३२।। हे दुर्बुद्धे ! परस्त्रीमाथि बलात्कार गर्ने यो भाव जो तिमीले उत्पन्न गर्‍यौ सो अबदेखि मनुष्यलोकमा पनि चल्नेछ, यसमा केही सन्देह छैन ।।३३।। कसैले परस्त्रीगमन गर्‍यो भने यस पापको आधा भाग जारी गर्नेलाई लाग्नेछ र यो दुर्नीति चलाएकोले आधा तिमीमाथि पर्नेछ र अबदेखि तिमी देवराज्यमा स्थिर भएर रहन पाउनेछैनौ ।।३४।। तिमी बाहेक अरू जति जति इन्द्र हुनेछन् ती पनि स्थिर भएर रहन पाउने-छैनन् । मुनिले तिमीलाई यस किसिमको श्राप दिएका हुन् र उही वेलामा भनी पनि दिएका हुन् ।।३५।। यसपछि महातपस्वी मुनिजी आफ्नी स्वास्नीलाई धिक्कार दिएर भन्नलागे—हे पापिनी ! तँ पनि मेरो आश्रमबाट निस्किहाल, तेरो शरीर कुरूप भइहालोस् ।।३६।। रूपवती र युवती भएकोले तँ यस्ती चञ्चल भइस्, अहिलेसम्म तँ मात्र संसारमा रूपवती थिइस् तर अब ता अरू पनि तँ जस्तै रूपवती हुनेछन् ।।३७।। जो सौन्दर्य तैंले पाएकी छस् सो अरू स्त्रीले पनि पाउनेछन् । तेरो शरीरमा मात्र सौन्दर्य्यले आश्रय पाएकोले इन्द्रको मनमा यो विकार उत्पन्न हुन गएको हो ।।३८।। इन्द्रको यस विपरीत कामले गर्दा मनुष्यका स्त्रीहरू पनि प्रायः रूपवती हुनलागेका हुन् । अब ता अहल्या महर्षि गौतमलाई प्रसन्न गराउनलागिन् ।।३९।। हे देव ! स्वर्गवासी इन्द्रले तपाईंको रूप धारण गरेर मेराउपर बलजफ्ती गरेको हो, मलाई ता यस कुराको पत्तै थिएन । जानी जानीकन मैले यो पाप गरेकी होइन तसर्थ हे ब्रह्मर्षि ! तपाईंले मेरो अपराधमा क्षमा गरेर मदेखि रिसाउन हुन्न ।।४०।। अहल्याले यसो भनेको सुनेपछि गौतम भन्नलाग—इक्ष्वाकुवंशमा एउटा तेजस्वी महारथी उत्पन्न हुनेछन् । रामको नामले यिनी प्रसिद्ध हुनेछन् र वनमा समेत आउनेछन् । ब्राह्मणहरूको कामका लागि साक्षात् महाबाहु विष्णुले यो मनुष्यको शरीर धारण गर्नुहुनेछ ।।४१–४२।। हे भद्रे ! उहाँको दर्शन पाएपछि मात्र तिम्रो पाप हट्नेछ । तिमीले गरेको पाप दूर गर्ने शक्ति यी रामचन्द्रजीमा मात्र रहनेछ ।।४३।। उनको अतिथिसत्कार गरेर मकहाँ आएको खण्डमा मात्र हे सुन्दरी ! तिमी मेरो साथमा रहन पाउने-छ्यौ ।।४४।। यति भनेर ब्रह्मर्षि गौतम आफ्नो आश्रममा आए, उता यी ब्रह्मवादी मुनिकी स्वास्नी पनि कठोर तपस्या गर्नलागिन् ।।४५।। यिनै मुनिको श्रापले गर्दा तिम्रो यो अवस्था हुन गएको हो अर्थात्

शत्रुकहाँ कैदी बन्नुपरेको हो, अतएव हे महाबाहु ! आफूले पहिले गरेको पाप स्मरण गर ।।४६।। हे इन्द्र ! यही कारणले तिमीले शत्रुको बन्धनमा पर्नुपरेको हो, अरू कारणले होइन, अतएव अब तिमी सावधान भएर झटपट वैष्णव यज्ञ गर्न थालिहाल ।।४७।। यस यज्ञद्वारा पवित्र भएर तिमी फेरि स्वर्गलोकमा जान पाउनेछौ । हे इन्द्र ! तिम्रा छोरा जयन्तको युद्धमा मृत्यु भएको छैन ।।४८।। बाजे पुलोमाले उनलाई समुद्रमा लगिराखेको छ, उहाँ उनी बाजेसित बसिरहेका छन् । ब्रह्माका यी कुरा सुनेपछि देवराज इन्द्र, वैष्णव यज्ञ सिध्याएर पुनः स्वर्गतिर लागे र त्यहाँको शासन गर्नलागे, इन्द्रजित्को बारेमा मैले तिमीलाई यो कथा वर्णन गरेर सुनाएको हुँ ।।४९–५०।। अरू प्राणीको कुरा त कता छ कता यसले देवराज इन्द्रलाई समेत जितेको थियो ।

अगस्त्यको मुखबाट यो बयान सुनेपछि राम लक्ष्मण, वानर तथा राक्षसहरूले यो ता बडो अचम्म लाग्ने कुरा रहेछ भनेर आफ्नो आश्चर्य प्रकट गरे । रामनेर बसिराखेका विभीषणले भने—कस्तो अचम्म ! उहिले मैले आफ्नै आँखाले देखेको कुराको आज तपाईंले संझना गराइदिनुभयो अर्थात् तपाईंले भन्नुभएको कुरा बिलकुल साँचो हो । रामचन्द्रले पनि अगस्त्यजीलाई भन्नुभयो—हे मुनि ! तपाईंले बयान गरेका यी कुरा सत्य हुन्, मैले पनि यो कुरा पहिले सुनेको हुँ ।।५१-५३।।

हे रामचन्द्र ! यस प्रकारसंग यो लोकको कण्टक रावण उत्पन्न भएको हो । छोरालाई साथमा-लिएका सुरपति इन्द्रलाई समेत यसले संग्राममा जितेको थियो ।।५४।।

सर्ग—३१

रावण सहस्त्रार्जुनको माहिष्मती नगरीमा पुग्दछ ।

यसपछि तेजस्वी रामचन्द्रजीले हात जोरेर विस्मयपूर्वक ऋषिश्रेष्ठ अगस्त्यजीलाई फेरि सोध्नुभयो ।।१।। हे ब्राह्मणश्रेष्ठ ! हे भगवान् ! क्रूर स्वभावको राक्षस रावणले पृथ्वीमा भ्रमण गर्दाखेरि के यो पृथ्वी शून्यै थियो त ? अर्थात् के यहाँ कोही वीर थिएनन् त ? ।।२।। राक्षसराजलाई दबाउन सक्ने राजा वा राजपुत्र यिनताक संसारमा थिएनन् त ? ।।३।। के त्यस वेलाका सबै राजाहरूको बल, तेज लोप भइसकेको थियो ? ठूला ठूला अस्त्रको प्रभावले सबै राजाहरूलाई निकालिदिएको भन्ने मैले सुनेको छु ।।४।। रामका यी कुरा सुनेपछि भगवान् अगस्त्य ऋषि, ब्रह्माले शिवजीसंग बोलेझैं, मुसुक्क हाँसेर उहाँलाई भन्नलागे ।।५।।

हे पृथ्वीनाथ ! हे राजश्रेष्ठ राम ! यस प्रकारसंग राजाहरूलाई परास्त गरेर पृथ्वीमा घुम्दा घुम्दै यो एकचोटि, अमरावतीको जस्तो शोभा भएको, अग्निदेवले सदा वास गर्ने, माहिष्मती नामको नगरीमा पुग्न गयो ।।६-७।। यहाँका राजा अर्जुन अग्निको प्रभावले सदा आगो जत्तिकै तेजस्वी देखिन्थे । यस शहरमा सदा शरकुण्डमा आगो बलिराखेको हुन्थ्यो ।।८।। रावण माहिष्मती नगरीमा पुगेको दिन हैहयहरूका राजा महाबली अर्जुन आइमाईहरूलाई साथमा ली नर्मदा नदीमा जल-विहार गर्न गएका

थिए । उहाँ पुगेपछि रावण राजाका मन्त्रीहरूसंग सोध्नलाग्यो ॥९-१०॥ राजा अर्जुन कहाँ छन् ? झट्टै ठीक ठीक कुरा भन । म रावण हुँ, राजासंग युद्ध गर्न भनी म यहाँ आएको हुँ ॥११॥ पहिले राजा-कहाँ गएर म आएको खबर सुनाइदेऊ । रावणको यो कुरा सुन्दा राजाका विद्वान् मन्त्रीहरूले उसलाई महाराज अहिले राजधानीमा हुनुहुन्न भन्ने जवाफ दिए । विश्रवाको छोरो रावणले पुरवासीहरूको मुखबाट पनि राजा अर्जुन शहरबाहिर गएका छन् भन्ने खबर पायो ॥१२-१३॥ यस्तो खबर सुनेपछि रावण त्यस शहरबाहिर निस्केर हिमालयसमानको विन्ध्यपर्वतमा गयो । यो पर्वत बादलले आकाशलाई टम्म पारेझैं पृथ्वीमा धेरै टाढासम्म फैलिएर रहेको थियो । हजारां टाकुरा भएको यो विन्ध्य पर्वत आकाशलाई छोला छोला जस्तो देखिएको थियो र यसको गुफामा सिंहहरू वास गर्दथे ॥१४-१५॥ सेतो रंगका सैकडां चिसो पानीका छहरा माथिबाट खसिराखेका थिए, यस दृश्यले गर्दा पर्वत खित्का छाडेर हांस्नलागेको हो कि भन्ने भान पर्दथ्यो । देवता, दानव, गन्धर्व, किन्नर यी सबै अप्सरा तथा आफ्ना आफ्ना स्वास्नीहरूलाई संग लिएर त्यहाँ विहार गर्नलागेका थिए । यसै कारण यो अग्लो पर्वत स्वर्गसमान देखिनलागेको थियो । यहाँका खोलाहरूमा स्फटिकको जस्तो निर्मल जल बगिरहेको थियो । यी खोलाले गर्दामा चञ्चल जिभ्रो भएको फणधारी शेषनाग जस्तै यो पर्वत शोभायमान भएको थियो । धेरै अग्लो हुनाले यो माथिमाथि गइरहेको जस्तो देखिन्थ्यो, यसमा अनेक गुफा थिए र हेर्दाखेरि हिमालय पर्वत जस्तै देखिन्थ्यो ॥१६-१८॥ पर्वतको शोभा हेर्दै रावण नर्मदा नदीतिर लाग्यो । यो पवित्र नदी स्वच्छ पर्वतको बगलबाट बगेर पश्चिम समुद्रमा गएर मिसिन्छ ॥१९॥ भैंसी, मृग, सिंह, बाध, भालु, हात्ती यी सबै जन्तु सूर्यको तापले तातेको र तिर्खाएको हुनाले यसको जलमा स्नान गर्नलागेका थिए ॥२०॥ कारण्डव, हाँस, जलकुक्कुट, र सारस यी सधैं मस्त रहने चराहरूले यसलाई चारैतिरबाट घेरेर आफ्नो आवाज निकालिरहेका थिए ॥२१॥ मनमोहिनी नर्मदा नदीले सुन्दरी आइमाईको रूपधारण गरेको हो कि भन्ने भान पर्दथ्यो, फूल फुलेका रूख यसका गहना, चक्रवाकको जोडी स्तन, लामो फराकिलो किनारा यसको तल्लो हर, र हाँसहरूको पंक्ति यसको मेखला बनेको थियो ॥२२॥ फूलहरूको धूलो यसको शरीरको अंगराग, जलको फींज सेतो वस्त्र, स्नान गर्दाखेरिको आनन्द छुँदाखेरिको आनन्द, तथा फुलिराखेका कमल शोभायुक्त आँखा जस्तै थिए ॥२३॥ दशानन रावणले पुष्पक विमानबाट ओर्लेर प्रियतमा स्त्रीसमानकी नदी श्रेष्ठ नर्मदामा स्नान गऱ्यो ॥२४॥

स्नान गरिसकेपछि राक्षसराज रावण आफ्ना मन्त्रीहरूसँग अनेक मुनिहरूले निवास गर्ने यस नदीको रमणीय तीरमा बस्यो ॥२५॥ नर्मदा नदीलाई देख्ता रावण बहुतै खुशी भयो र गङ्गा नदी जस्तै संझेर यिनको प्रशंसा पनि गऱ्यो ॥२६॥ रावण शुक, सारण तथा अरू मन्त्रीहरूलाई भन्नलाग्यो—हेर, यी सूर्य आफ्ना हजारौं किरणले संसारलाई सुवर्णमय बनाइरहेका छन्, प्रचण्ड प्रताप भएका यिनी आकाशको बीचमा आइराखेका छन् । यस समयमा यिनको खूब चर्को राप हुनुपर्ने हो तर मलाई यहाँ बसेको देख्ता चन्द्रमा जस्तै शीतल भइराखेका छन् ॥२७-२८॥ हेर, मेरो डरले यो वायु पनि, नर्मदाको

जलसितको सम्पर्कले गर्दा शीतल, सुगन्धित र थकाइ दूर गर्ने भएर सावधानीसंग चलिरहेको छ ।।२९।। ग्राह, माछा, चरा तथा लहरीले युक्त भएकी, कल्याणको वृद्धि गर्ने, यी नदीश्रेष्ठ नर्मदा, डराएकी आइमाईझैं शान्त भएकी जस्ती देखिन्छिन् ।।३०।। इन्द्रसमानका पराक्रमी राजाहरूको प्रहारले तिमीहरू घाइते भइराखेका छौ, चन्दनको लेप जस्तै तिमीहरूको शरीरमा जताततै रगत टांसिइराखेको छ तसर्थ सार्वभौम आदि गरिएका गजेन्द्रहरूले गङ्गामा स्नान गरेझैं तिमीहरू पनि कल्याणको वृद्धि गर्ने यी पवित्र नर्मदा नदीमा स्नान गर ।।३१-३२।। यी महानदीमा स्नान गर्नाले तिमीहरू आफ्नो पापबाट मुक्त हुनेछौ । म पनि शरद् ऋतुको चन्द्रमाको जस्तो चहक भएको यस किनारामा बसेर फूल चढाएर शिवजीको पूजा गर्दछु ।

रावणको यस्तो आज्ञा पाउनासाथ प्रहस्त, शुक, सारण, महोदर, धूम्राक्ष आदि गरिएका राक्षसहरूले नर्मदामा स्नान गरे। वामन, अञ्जन र पद्म आदि दिग्गजहरूले स्नान गर्दाखेरि जसरी गंगाको जल खलबलिन्छ त्यसै गरी राक्षसरूपी यी गजेन्द्रहरूले स्नान गर्दाखेरि पनि नर्मदा नदीको जल खलबलिन गयो । यी महाबली राक्षसहरू नर्मदामा स्नान गरेर किनारमा आएपछि रावणको पूजाको निम्ति फूल टिप्नलागे । सेतो बादलसमानको नर्मदाको रमणीय तीरमा यी राक्षसहरूले एक छिनमै पर्वत जस्तै ठूलो फूलै फूलको थुप्रो लगाइदिए । फूल जम्मा भएपछि राक्षसराज रावण दिग्गजहरूले गङ्गामा पसेझैं स्नान गर्न भनी नर्मदा नदीमा ओर्ल्यो । स्नान गरेर जप गर्ने योग्य मन्त्रको विधिपूर्वक जप गरिसकेपछि रावण जलबाहिर आयो र चिसो लुगा फ्याँकेर यसले सेतो वस्त्र धारण गर्‍यो ।।३३-४०।।

यसपछि रावण पूजा गर्ने ठाउँ खोज्नाको निम्ति हात जोरेर नदीको किनारै किनार हिंड्नलाग्यो, यसको पछिपछि अरू राक्षसहरू पनि हिंड्नलागे। यी सबै मूर्तिमान पर्वत जस्तै देखिएका थिए ।।४१।। राक्षसराज रावण जहाँ जान्थ्यो त्यहाँ आफ्नो साथमा सुवर्णको शिवलिङ्ग लिएर हिंड्थ्यो ।।४२।। तीरको बालुवामा सो शिवलिङ्गको स्थापना गरी रावण अमृतसमानको गन्ध भएको फूल र चन्दनले उनको पूजा गर्नलाग्यो ।।४३।। सज्जनहरूको क्लेश नाश गर्ने, वर दिन सक्ने, चन्द्रकिरणले भूषित भएका महादेवको सर्व प्रकारले पूजा गरिसकेपछि यो राक्षस रावण हात फैलाएर यस शिवलिङ्गको अगाडि नाच्न र गाउनलाग्यो ।।४४।।

सर्ग—३२

सहस्त्रार्जुन रावणसँग युद्ध गर्दछन् र उसलाई बाँधेर आफ्नो घर ल्याउँछन् ।

क्रूर राक्षसराज, नर्मदाको तीरमा जहाँ फूलले महादेवजीको पूजा गर्नलागेको थियो त्यहाँदेखि केही टाढा, माहिष्मतीका राजा, विजयीश्रेष्ठ अर्जुन नर्मदाको जलमा स्त्रीहरूको साथमा विहार गर्नलागेको थियो ।।१-२।। हजारौं हतिनीहरूको बीचमा एउटा गजराजको जस्तो शोभा हुन्छ त्यस्तै शोभा रानीहरूको बीचमा राजाको भइराखेको थियो ।।३।। आफ्ना हजारौं उत्तम हातको बल जाँच्नको

निम्ति यसले अनेक हात पसारेर नर्मदा नदीको धारा रोकिदियो ॥४॥ कार्तवीर्य अर्जुनको हातले गर्दा रोकिएको नर्मदाको निर्मल जल तीरलाई फोरफार पारेर उल्टो बग्नलाग्यो ॥५॥ माछा, ग्राह, फूल र कुशले शोभायमान भइराखेको नर्मदा नदीको वेग वर्षाकालको नदीको वेग जस्तै देखिनलाग्यो ॥६॥ कार्तवीर्यले उठाएको यस जलको वेगले रावणले पूजाको निम्ति जम्मा पारेका फूल तथा अरू सामग्री-लाई बगाएर लगिदियो ॥७॥ रावणको पूजा आधा मात्र सकिएको थियो, पूजा गर्न छाडेर राक्षस आफ्नो इच्छाविरुद्ध काम गर्ने स्वास्नीलाई हेरे झैं गरेर नर्मदा नदीलाई हेर्नलाग्यो ॥८॥ रावणले यो जलको वेग पश्चिमतिरबाट समुद्रको भेलझैं बढेर पूर्व दिशातिर जानलागेको देख्यो ॥९॥ केही बेरपछि कुनै प्रकारको विकार नभएकी आइमाईझैं नर्मदा नदी बडो स्थिर भएकी देखा परिन् यसैले रावणले त्यहांका चराहरूमा कुनै किसिमको हडबडी परेको देखेन ॥१०॥ दाहिने हातको औंलाको इशाराले रावणले मुखले केही नबोलीकन शुक र सारणलाई नदीको वेग बढ्नाको कारण बुझ्न पठायो ॥११॥

रावणको आज्ञा पाउनासाथ यी दुवै वीर भाइ आकाशको बाटो गरी पश्चिम दिशातिर लागे ॥१२॥ आधा योजन जति गएपछि यी दुवै राक्षले एउटा पुरुषलाई आइमाईसंग जल-विहार गर्नलागेको देखे ॥१३॥ यो पुरुष सालको रूख जस्तै मोटो र अग्लो थियो, जलको धाराले कपालको रौं छर्र छरिएको थियो, मदिरा पान गर्नाले मन आकुल व्याकुल थियो र यसका दुवै आंखा राता राता देखिनलागेका थिए ॥१४॥ सुमेरु पर्वतले आफ्ना हजार चरणले पृथ्वीलाई धारण गरेझैं यो शत्रुनाशी पुरुष आफ्ना हजार चरणले पृथ्वीलाई धारण गरे झैं यो शत्रुनाशी पुरुष आफ्ना हजार हातले नदीको वेग रोक्नलागेको थियो ॥१५॥ जसरी हजारां मतवाली हतिनीहरूले गजराजलाई घेर्दछन् त्यसै गरी हजारां सुन्दरी युवतीहरूले यसलाई घेरिराखेका थिए ॥१६॥ यो अचम्म लाग्ने दृश्य देखेकोले शुक, सारण यी दुवै राक्षस रावणकहाँ फर्केर आए र उसलाई भन्नलागे ॥१७॥ हे राक्षसेश्वर ! बडेमानको सालको रूख जस्तै विशाल शरीर भएको कुनै एक पुरुष बांधले नदीको जल रोकेझैं नर्मदाको वेगलाई रोकेर आइमाई-हरूसंग विहार गर्नलागेको छ ॥१८॥ यसको हजार हातले गर्दा नर्मदाको जल रोकिन गएकोले समु-द्रमा भेल उठेझैं यस नदीमा वारंवार भेल उठ्नलागिरहेको छ ॥१९॥

शुक, शारणको मुखबाट यति कुरा सुन्नासाथ अर्जुन यै हो भनेर रावण युद्ध गर्ने अभिलाषाले हिंडिहाल्यो ॥२०॥ राक्षसराज रावण अर्जुनको सामुन्ने पुगेपछि प्रचण्ड वायु गर्जंदै तथा धूलो उडा-उँदै बहनलाग्यो ॥२१॥ बादलहरूले रगतका थोपाले वर्षा गरेर एकै चोटि बडो जोरसंग गर्जे । महो-दर, महापार्श्व, धूम्राक्ष र शुक, सारणलाई साथमा लिएर राक्षसराज रावण अर्जुनको सामुन्ने पुग्यो । गाजल जस्तो कालो यो महाबली राक्षस झटपट नर्मदा नदीको डरलाग्दो झीलनेर आइपुग्यो । राक्षसराज रावणले त्यहाँ हतिनीहरूको साथमा हात्तीले विहार गर्नलागेझैं राजा अर्जुनलाई युवतीहरूको साथमा विहार गर्नलागेको देख्यो । यो दृश्य देख्नासाथ रिसले आँखा रातो रातो पारेर बलले उन्मत्त भइराखेको

राक्षसराजले बडो गम्भीर स्वरले अर्जुनका मन्त्रीहरूलाई भन्यो—हे मन्त्रीहो ! तिमीहरू झट्टै गएर हैहयराजलाई रावण नाम गरेको राक्षसराज तपाईंसंग युद्ध गर्न आइराखेका छन् भनेर सुनाइदेऊ । रावणको यो कुरा सुन्नासाथ अर्जुनका मन्त्रीहरू आफ्नो आफ्नो शस्त्र लिएर उठे र भन्नलागे—वाह रे रावण ! तिमीले ता युद्ध गर्न बेश मौका छानेछौ ॥२२-२८॥ हाम्रा राजा अहिले नशामा चूर भएर आइमाईसंग विहार गर्नलागेका छन् । यस्तो मौकामा तिमी उनीसित युद्ध गर्न खोज्दछौ, यो कस्तो कुरा हो ? ॥२९॥ अतएव हे दशग्रीव ! आजको दिनलाई क्षमा गर, आजको रात यहीं वास बस । युद्ध गर्ने इच्छा छ भने भोलि विहान संग्रामभूमिमा अर्जुनसंग भेट गर ॥३०॥ युद्ध गर्ने तिम्रो इच्छा ज्यादै बढि-राखेको छ भने युद्धमा हामीलाई मारेर अर्जुन भएको ठाउँमा जाऊ अर्थात् पहिले हामीसित लड अनि अर्जुनसित लडौला ॥३१॥ यसपछि रावणका मन्त्रीहरूले युद्धमा राजा अर्जुनका मन्त्रीहरूलाई खाइ पनि दिए ॥३२॥ यस समयमा राजा अर्जुनका मन्त्रीहरूको तथा रावणका मन्त्रीहरूको कोलाहलको शब्द नर्मदाको तीरमा गुञ्जायमान हुनलाग्यो ॥३३॥ अर्जुनपट्टिका मन्त्रीहरू बाण, तोमर, भाला, त्रिशूल, वज्र र कर्षण नामका अस्त्रको रावण र यसका मन्त्रीहरूमाथि प्रहार गर्दै चारैतिर दर्गुनलागे ॥३४॥ नक्र, मीन, मकर आदि गरिएका जन्तुले पूर्ण भएको समुद्रको गर्जना जत्तिको भयङ्कर हुन्छ त्यत्तिकै भयङ्कर हैहयाधिपति अर्जुनका योद्धाहरूको आक्रमण थियो । यिनीहरूको वेग रोक्नै सकिन्नथ्यो ॥३५॥ अब ता प्रहस्त, शुक, सारण आदि गरिएका रावणका मन्त्रीहरू पनि खूबसंग झोंक्किएर आफ्नो पराक्रम देखाउँदै अर्जुनको सेनाको विनाश पार्नलागे ॥३६॥ अर्जुनका मन्त्रीहरूले डरले आकुल व्याकुल भई रावण र उसका मन्त्रीहरूको यो काम मोजमज्जामा लागिराखेका राजालाई गएर सुनाए ॥३७॥

यो खबर पाउनासाथ आइमाईहरूलाई "तिमीहरूले डराउनुपर्दैन" भनेर राजा अर्जुन अञ्जन नामक दिग्गज गंगाजीबाट निस्केझैं, नर्मदाको जलबाहिर निस्के ॥३८॥ अतिशय झोंक्किएकाले आँखा राता राता तुल्याएको अर्जुनरूपी अग्नि, प्रलयकालको भयानक आगोझैं जाज्वल्यमान भएको देखियो ॥३९॥ सूर्यले जसरी अन्धकारमाथि आक्रमण गर्दछन् त्यसै गरी सुनको बाजुले शोभायमान भइराखेका यी अर्जुनले पनि झटपट गदा लिएर राक्षसहरूमाथि आक्रमण गरे ॥४०॥ दुवै हातले बडेमानका गदा फन्फनी घुमाउँदै राजा अर्जुन गरुडको जस्तो वेगले बडो फूर्तिसंग रावणको सेनामाथि आक्रमण गर्न-लागे ॥४१॥ विन्ध्यपर्वतले जसरी सूर्यको बाटो रोकेथ्यो त्यसै गरी मुशल हातमा लिइराखेको प्रहस्त नामको राक्षस, राजा अर्जुनको बाटो रोकेर विन्ध्याचल पर्वतझैं अचल भएर उभियो ॥४२॥ यसपछि मदले उद्धत भइराखेको प्रहस्तले फलामले मोरिएको यो डरलाग्दो मुशल झोंक्किएर अर्जुनमाथि चलायो र यमराजले गर्जेझैं गर्जनलाग्यो ॥४३॥ हातबाट छुट्नासाथ यस मुशलको टुप्पोबाट अर्जुनलाई डढाउन खोजे जस्तै गरी, अशोक वृक्षको फूलको जस्तै वर्ण भएको आगो प्रज्वलित भएर निस्क्यो ॥४४॥ कार्तवीर्य अर्जुनले अलिकता पनि नहडबडाएर आफूतिर आइरहेको यस मुशललाई आफ्नो गदाले सजिलैसंग रोकिदिए ॥४५॥ यसपछि हैहयाधिपतिले पाँच सय हात अग्लो आफ्नो गदा उजाएर प्रहस्तमाथि आक्र-

मण गरिदिइहाले ॥४६॥ इन्द्रको वज्रको प्रहार पर्नाले जसरी पर्वत ढल्दछ त्यसै गरी गदाको यस वेग-युक्त प्रहारले प्रहस्त भूईँमा ढल्यो ॥४७॥ प्रहस्तलाई यसरी ढलेको देख्ता मारीच, शुक, सारण, महोदर र धूम्राक्ष रणक्षेत्रबाट भाग्नलागे ॥४८॥ प्रहस्त ढलेको र मन्त्रीहरू भाग्नलागेको देखेपछि रावणले झटपट नृपश्रेष्ठ अर्जुनमाथि हमला गरिहाल्यो ॥४९॥

अबता हजार हातवाला राजा र बीस हातवाला रावणको रोमाञ्च गराउने बडो भयङ्कर युद्ध हुन-थाल्यो ॥५०॥ खलबलिएको समुद्रझैं, जरो उखेलिएको पर्वतझैं, प्रचण्ड सूर्यझैं, बल्दो आगोझैं, हतिनीको निम्ति लड्नलागेका दोटा बलिया बलिया हात्तीझैं, गर्जनलागेका दोटा मेघझैं, बलोन्मत्त सिंहहरूझैं, यी दुवै राक्षस र अर्जुन, रिसाएका रुद्र र यमराजझैं वारंवार परस्परमा गदाको बडो जोरसंग प्रहार गर्न-लागे ॥५१-५३॥ जसरी पर्वतहरू भयङ्कर वज्रको प्रहार सहन्छन् त्यसै गरी यी मनुष्य र राक्षसहरू गदाको प्रहार सहनलागे ॥५४॥ जसरी बिजुली चड्केको आवाजको प्रतिध्वनि उठ्तछ त्यसै गरी यी दुवैको गदाको प्रहारको आवाज प्रतिध्वनित भएर दशै दिशालाई गुञ्जायमान गर्नलाग्यो ॥५५॥ शत्रुको छातीमा अर्जुनको गदा बजारिंदाखेरि बिजुलीले चमचम भएझैं, आकाशमण्डल सुनको रंग जस्तो देखिन-लाग्यो ॥५६॥ उता वारंवार अर्जुनको छातीमा बज्रेको रावणको गदा महापर्वतमाथि झर्नलागेको उल्का जस्तै देखिन थाल्यो ॥५७॥ अर्जुन अथवा राक्षसराज यी दुवैमा कसैलाई पनि थकाइ लागेन । प्राचीन कालमा बलि र इन्द्रको बीचमा जस्तो युद्ध भएथ्यो त्यस्तै बराबरीको युद्ध यिनीहरूमा हुनलाग्यो ॥५८॥ जसरी दोटा गोरूहरू आपसमा सीङको प्रहार गर्दछन्, दोटा हात्ती दाँतको प्रहार गर्दछन् त्यसै गरी यी नरश्रेष्ठ र राक्षसश्रेष्ठ आफू आफूमा मारामार गर्नलागे ॥५९॥ केही बेरपछि राजा अर्जुनले खूबसंग झोंकिएर बडो जोरसंग रावणको विशाल छाती ताकेर आफ्नो गदा हिर्काए ॥६०॥ वरदानको प्रभावले रक्षित भएकोले रावणको छातीलाई केही भएन तर गदा भने दुइ टुक्रा भएर भूईँमा खस्यो र बडो निर्धो भए जस्तो देखिनलाग्यो ॥६१॥ अर्जुनको गदाको चोट पर्नाले राक्षस आँखाबाट आँसु बगा-उंदै चार हात जति पछि हटेर थचक्क भूईँमा बस्यो ॥६२॥ रावण विह्वल भएको देख्नासाथ अर्जुनले, गरुडले साँपलाई समातेझैं तुरुन्तै उफ्रेर उसलाई समातिहाले ॥६३॥ जसरी पहिले नारायणले बलिलाई बाँधेथे त्यसै गरी महाबली अर्जुनले पनि आफ्ना हजार हातले यसलाई बेसरी समातेर बाँधिदिए ॥६४॥ रावणलाई यसरी बंधनमा परेको देख्ता सिद्ध, चारण र देवताहरूले ''बेश भयो, बेश भयो'' भनेर अर्जुनको मस्तकमा फूलको वर्षा गरे॥६५॥ बाघले हरिणलाई पक्रेझैं, सिंहले हात्तीलाई पक्रेझैं, राजा अर्जुन रावणलाई पक्रेर हर्षले गद्गद भई मेघ गर्जेझैं गर्जनलागे ॥६६॥ यस वेलासम्ममा प्रहस्तलाई होश आइसकेको थियो । रावणलाई यसरी बाँधिएको देख्ता रिस खप्न नसकेर हैहयराजमाथि आक्रमण गर्न यो यिनको अगाडि आइहाल्यो र अरू राक्षसहरू पनि अर्जुनलाई लखेट्नलागे ॥६७॥ आक्रमणको निम्ति दगुर्नलागेका यी राक्षसहरूको वेग, ग्रीष्मऋतुमा पानी लिन भनी समुद्रतिर दगुर्नलागेका बादल-हरूको वेग जस्तै देखिनलाग्यो॥६८॥ राक्षसीसेना छाड् छाड्, पर्खी पर्खी भन्ने आवाज वारंवार झिकेर

संग्राममा शूल र मुशलको प्रहार गर्नलाग्यो ।।६९।। शत्रुसंहारी राजा अर्जुनले राक्षसहरूका यी अस्त्र आफूनेर नआइपुग्दैमा झटपटसंग उनलाई बीचैमा रोकिदिए ।।७०।। जसरी हवाले बादललाई उडाइदिन्छ त्यसै गरी राजा अर्जुनले फेरि उनै दुर्धर्ष र उत्तम अस्त्रद्वारा राक्षसहरूलाई घाइते पारेर भगाइदिए ।।७१।। कार्तवीर्य अर्जुनले राक्षसहरूको मनमा त्रास पारिदिए र रावणलाई बांधेर आफ्ना मित्रहरूको साथमा राजधानीभित्र प्रवेश गरे ।।७२।।

इन्द्रतुल्य पराक्रमी राजा अर्जुनको माथमा ब्राह्मण तथा शहरवासीहरू अक्षता र फूलको वर्षा गर्नलागे, जसरी हजार नेत्र भएका इन्द्रले बलिलाई बाँधेर अमरावतीमा प्रवेश गरेथे त्यसै गरी यी अर्जुनले पनि रावणलाई बन्धनमा पारेर आफ्नो राजधानीमा प्रवेश गरे ।।७३।।

सर्ग—३३

महर्षि पुलस्त्य रावणलाई छुटाउँछन् ।

रावणलाई बंधनमा पार्ने कुरा ता वायुलाई बंधनमा पार्ने जत्तिकै अचम्मलाग्दो कुरा थियो । स्वर्गमा देवताहरूले भनेको हुनाले पुलस्त्यले यो कुरा थाहा पाए ।।१।। अतिशय धैर्य राख्न सक्ने भए तापनि यो खबर सुनेपछि, मुनिजी छोरामाथिको प्रेमले गर्दा, मन थाम्न नसकेर थरथर काम्नलागे र राजालाई भेट्न भनी झट्टै माहिष्मती नगरीमा आए ।।२।। मन र वायुसमान छिटो हिंड्ने भएका यी ब्राह्मणश्रेष्ठ वायुमार्गको बाटो गरी माहिष्मती नगरीमा आइपुगे ।।३।। जसरी ब्रह्मा इन्द्रको अमरावतीमा प्रवेश गर्दछन् त्यसै गरी यी महर्षिले पनि हृष्टपुष्ट मानिसले परिपूर्ण भइराखेको अमरावतीसमानको महिष्मती नगरीमा प्रवेश गरे ।।४।। आकाशबाट आएको सूर्यजस्ता चहकिला, सोझो गरी मुखतिर हेर्न नसकिने, यी महर्षिलाई हिंडेर आएको देख्ता ढोकेहरूले राजा अर्जुनलाई यिनी आएको समाचार निवेदन गरे ।।५।। ढोकेहरूको भनाइबाट राजाले पुलस्त्य मुनि आएका हुन् भन्ने बुझे र हात जोरेर यिनी तपस्वीको सत्कार गर्न हिंडे ।।६।। जसरी इन्द्रको अगाडि बृहस्पति हिंड्दछन् त्यसै गरी पुरोहितजी अर्ध्य र मधुपर्क लिएर राजाको अघिअघि हिंड्नलागे ।।७।। सूर्यसमानका चहकिला मुनिलाई आफूतिर आएको देख्ता राजाले, इन्द्रले बृहस्पतिलाई प्रणाम गरेझैं, प्रसन्नतासाथ उनलाई प्रणाम गरे ।।८।। ऋषिलाई अर्घ्य, पाद्य, मधुपर्क र गाई समर्पण गरिसकेपछि राजा बडो हर्ष मानेर गद्गद स्वरले पुलस्त्यजीलाई भन्नलागे ।।९।। हे महर्षि ! आज तपाईंको दुर्लभ दर्शन पाएको हुनाले मेरो महिष्मती नगरी अमरावती जस्तै भइराखेको छ ।।१०।। हे देव ! बल्ल आज मेरो तपस्या सफल भयो, व्रत पूरा भयो, धेरै के विन्ति गरौं सबै तरहबाट आज मेरो कुशल भयो ।।११।। हे देव ! देवताहरूले समेत वन्दना गर्नुपर्ने योग्य, तपाईंको चरणमा मैले आज ढोग गर्न पाएँ । हे ब्रह्मन् ! यो राज्य, यी छोरा, स्वास्नी हामी सबै तपाईंकै हौं, अब हामीले के गर्नुपर्ने हो सो कुराको आज्ञा गर्नुहोस् ।।१२।।

धर्म, अग्नि, पुत्र तथा स्वयं राजाको क्षेम कुशल सोधिसकेपछि पुलस्त्य मुनि हैहयनाथ अर्जुनलाई भन्नलागे ॥१३॥ हे कमलनयन, हे चन्द्रमुख, हे नरेन्द्र ! तिम्रो बलको तुलनै हुन सक्तैन, यसैले तिमीले दशाननलाई जित्न सकेका हौ ॥१४॥ समुद्र र वायुसमेत जसको, डरले आफ्नो स्वाभाविक चञ्चलताको त्याग गरेर सेवा गर्दछन् त्यस्तो मेरो नाति दुर्जय रावणलाई समेत तिमीले युद्धमा हराइदियौ ॥१५॥ तिमीले मेरो नातिको यश लोप गराइदियौ, आफ्नो नाम भने प्रसिद्ध गरायौ, हे वत्स ! अब मेरो कुरा मानेर यस दशाननलाई छाडिद्यौ, तिमीसंगको मेरो यही प्रार्थना छ ॥१६॥ पुलस्त्यको यो आज्ञा सुन्दा अर्जुनले एक वचन पनि बोलेनन्, केही जवाफै दिएनन्, किन्तु खुशीसाथ राक्षसलाई छाडिदिए ॥१७॥ देवशत्रु रावणलाई मुक्त गरेपछि राजा अर्जुनले दिव्य आभूषण, माला र वस्त्र समर्पण गरेर उसको सत्कार गरे र अग्निलाई साक्षी राखेर उसंग हिंसाहीन मैत्री पनि गरे । यसपछि पुलस्त्यलाई प्रणाम गरेर राजा आफ्नो घरतिर लागे ॥१८॥ राजाको हातबाट छुटकारा पाएको तथा अतिथिसत्कार पाएको प्रतापी राक्षस रावणलाई पुलस्त्यले अंगालो हाले । रावण भने आफ्नो हार भएकोमा लज्जित भइराखेको थियो ॥१९॥ पितामहपुत्र, मुनिश्रेष्ठ पुलस्त्य, दशग्रीव रावणलाई यस प्रकारसंग मुक्त गराइसकेपछि आफ्नो ब्रह्मलोकतिर लागे ॥२०॥

हे रामचन्द्र ! यस प्रकारसंग महाबली रावणले कार्तवीर्य अर्जुन बाट हार खाएको हो र पुलस्त्यजीको भनाइले बन्धनबाट मुक्त भएको हो ॥२१॥ हे रामचन्द्र ! यस संसारमा एकसे एक बलिया प्राणी पडिरहेका छन्, तसर्थ कल्याण होस् भनेर चाहना गर्ने व्यक्तिले अर्काको अपमान गर्नामा तत्पर हुनु हुँदैन ॥२२॥

काँचो मासु खाने राक्षसहरूको राजा रावण सहस्रबाहु अर्जुनसित मैत्री गरिसकेपछि फेरि पनि अहङ्कारपूर्वक पृथ्वीमा भ्रमण गर्न र राक्षसहरूलाई दुःख दिनलाग्यो ॥२३॥

सर्ग—३४

बालिसित हारेर रावण मित्यारी लाउँदछ ।

अर्जुनको बन्धनबाट मुक्त भएपछि रावण मनमा केही पनि पश्चात्ताप नलिएर फेरि पहिलेझैं पृथ्वीमा जताततै घुम्नलाग्यो ॥१॥ जहाँ जहाँ बलिया बलिया राक्षस अथवा मानिस छन् भन्ने सुन्दथ्यो त्यहीं त्यहीं गएर बडो घमण्डसंग उनीहरूलाई युद्ध गर्ने हाँक दिन्थ्यो ॥२॥ एक दिन यो बालिद्वारा पालना गरिएको किष्किन्धानगरीमा गयो र सुनको माला धारण गर्ने बालिलाई युद्ध गर्ने हाँक दिनलाग्यो ॥३॥ युद्ध गर्ने इच्छाले यसलाई आएको देख्ता ताराको बाबु, तार नाम गरेको वानर र अरू वानरमन्त्रीहरू उसलाई भन्नलागे ॥४॥ हे राक्षसराज ! तिमीसित युद्ध गर्न सक्ने बालि ता अहिले बाहिर गइराखेका छन् । उनीबाहेक अरू कुनै व्यक्तिको पनि तिमीसंग युद्धमा सामुन्ना गर्न शक्ति छैन ॥५॥ यस कारण हे रावण, एक्कै छिन पर्ख, चारै समुद्रको किनारमा संध्या गरेर बालिको आउने बेला हुनै

लाग्यो ॥६॥ हे रावण ! शंख जस्ता सेता हाडहरूको यो थुप्रो ता हेर, वानरराजसित युद्ध गर्न आएका वीरहरूका हाडको यो थुप्रो हो ॥७॥ हे राक्षस रावण ! तिमीले अमृतरस खाएका छौ भने मात्र बालि संग युद्ध गर नत्र भने उनीसित युद्ध गर्दा तिम्रो जीवनको अन्त नभइछाड्नेछैन ॥८॥ हे विश्रवाका छोरा ! यो अद्भुतको संसारलाई राम्रो गरी हेरिहाल कारण यो तिम्रो जीवन एक्कै छिनका लागि मात्र छ, बालिको सामुन्ने पर्नासाथ तिमी मरिहाल्नेछौ ॥९॥ तिमीलाई मरूँ भन्ने हतार भएको छ भने दक्षिण समुद्रको तीरमा जाऊ, त्यहाँ भूईंमा बसिराखेका, अग्निदेवसमानका प्रकाशमान बालिसंग तिम्रो भेट हुनेछ ॥१०॥

तार आदि गरिएका वानरहरूलाई खूबसंग हप्काएर संसारमा उपद्रव मच्चाउने रावण पुष्पक विमानमा चढेर दक्षिण समुद्रतिर लाग्यो ॥११॥ उहाँ पुगेपछि यसले सुवर्णपर्वतसमानको अग्लो, मध्याह्नकालको सूर्यको जस्तो चहकिलो मुख भएको बालिलाई सन्ध्योपासना गर्नलागेको देख्यो। गाजल जस्तो कालो रावण पुष्पक विमानबाट ओर्लेर पैतलाको आवाज नआउने गरी बिस्तारै बिस्तारै बालिलाई समात्न भनी अगाडि बढ्नलाग्यो ॥१२-१३॥ तर अकस्मात्संग बालिको दृष्टि रावणमाथि पर्न गयो, उसको पापी विचार थाहा पाए तापनि बालि अलिकता पनि हडबडाएन ॥१४॥ खरायो देख्ता सिंहलाई र साँप देख्ता गरुडलाई जसरी कुनै किसिमको हडबडी पर्दैन त्यसै गरी रावण-को नराम्रो विचार थाहा हुँदा हुँदै पनि बालिको मनमा किञ्चित् पनि खलबली परेन ॥१५॥ वानरराज आफ्नो मन मनैमा विचार गर्नलाग्यो—यो पापी राक्षस मलाई समात्नाको निम्ति आउनलागेको छ, नजदीक आउनासाथ यसलाई काखीमुनि च्यापेर तीनै समुद्रमा घुम्न जान्छु। गरुडको पञ्जामा सर्प झुण्डिएझैं यो मेरो कोखामा झुण्डिनेछ, यस शत्रुका हात, खुट्टा, लुगा सबै आकाशमा तलतिर झुण्डि-एका देखिने छन्, आज सबैले यसको यो दुर्दशा भएको हेरून्। मनमा यस किसिमको विचार लिएर बालि वैदिक मन्त्रको जप गर्दै पर्वतराजझैं निश्चल भएर चूपचापसंग बसिरह्यो ॥१६—१८॥ आफ्नो आफ्नो बलको घमण्डमा चूर भइराखेका यी दुवै वानरराज र राक्षसराज परस्पर एउटाले अर्कालाई समात्ने प्रयत्न गर्नलागे ॥११॥ पैतालाको आवाजले अब रावण मेरो हातले भेट्ने ठाउँसम्म आइपुग्यो भन्ने चाल पाएपछि बालिले मुख पछिल्तिर फर्काएको फर्कायै झटपट हात बढाएर, गरुडले साँपलाई समातेझैं रावणलाई पक्रिहाल्यो ॥२०॥ आफूलाई समात्न भनी आएको रावणलाई काखीमुनि च्यापेर वानरराज बालि बडो वेगसंग आकाशतिर उड्यो ॥२१॥ जसरी हावा बादललाई उडाएर लैजान्छ त्यसै गरी बालि पनि वारंवार रावणलाई निमोठ्तै तथा नंग्राले चिथोर्दै उडाएर लैजानलाग्यो ॥२२॥ रावणलाई पक्राउमा परेको देख्ता यसका सबै मन्त्रीहरू आफ्नो राजालाई छुटाउनाको निम्ति चिच्याउँदै आकाशमा बालिको पछिपछि दगुर्नलागे ॥२३॥ आकाशको माझबाट बालि जानलागेको थियो र राक्षसहरू उसको पछिपछि दगुरिरहेका थिए। यस समयको यस दृश्यले सूर्यको पछिपछि बादल दगुरिरहेका हुन् कि भन्ने भान पर्नलाग्यो ॥२४॥ राक्षसहरूले जतिसुकै कोशिश गरे तापनि बालिलाई

भेट्टाउन सकेनन् तर हात खुट्टा बेसरी चलाएको हुनाले थाकेर बीचैमा कुनै एक ठाउँमा अडिनुपर्‍यो ॥२५॥ ठूला ठूला पर्वतसमेत बालिलाई आउनलागेको देख्ता हटेर एक छेउ लाग्दथे भने रगत मासुले बनेको, मरुँला भनेर डराउने व्यक्तिको उसको सामुन्ना गर्ने के ताकत ? ॥२६॥ दशाननलाई काखीमुनि च्यापेको च्याप्यै बालिले क्रमैसंग चारै समुद्रमा गएर सन्ध्यावन्दन गर्‍यो । यो जस्तो वेग-संग उड्दथ्यो त्यस्तो वेगसंग त चराहरूसमेत उड्न सक्दैनथे ॥२७॥ आकाशचारीहरूमध्येको श्रेष्ठ बालि आकाशचारीहरूको प्रशंसा सुन्दै रावणलाई साथमा लिएर पश्चिम समुद्रको किनारमा आइपुग्यो ॥२८॥ यहाँ स्नान सन्ध्या र जप गरिसकेपछि बालि रावणलाई लिएर उत्तर समुद्रमा आयो ॥२९॥ शत्रुलाई काखीमुनि च्यापेको च्याप्यै वानरराज बालिले वायु अथवा मनको जस्तो वेगले कैयन् हजार योजन डुलिदियो ॥३०॥ उत्तर समुद्रको तीरमा सन्ध्योपासन सिध्याएपछि बालि रावणलाई लिएको लियै पूर्व समुद्रमा आयो ॥३१॥ यहाँको सन्ध्या पनि सिध्याइसकेपछि इन्द्रपुत्र वानरराज, रावणलाई समातेको समात्यै किष्किन्धापुरीतिर लाग्यो ॥३२॥ चारै समुद्रमा सन्ध्या गरेको र रावणलाई बोक्नुपरेकोले बालि थाकेर किष्किन्धाको बगैंचामा ओर्लियो ॥३३॥ बालिले रावणलाई आफ्नो काखीमुनिबाट झिकेर राखिदियो र वारंवार हांसेर सोध्नलाग्यो—तिमी कहांबाट आएका हौ ? ॥३४॥

थकाइले गर्दा रावणका आँखा चञ्चल भइराखेका थिए, यो केही छक्क माने जस्तो गरेर बालिलाई भन्नलाग्यो ॥३५॥ इन्द्रसमानका पराक्रमी हे वानरराज ! रावण नाम गरेको म राक्षसहरूको राजा हुँ, युद्ध गर्ने इच्छाले तपाईंकहां आएथें तर तपाईंको हातमा कैदी हुन गएँ ॥३६॥ तपाईंको बल, पराक्रम तथा गम्भीरपना विचित्रै किसिमको रहेछ, पशुझैं समातेर तपाईंले मलाई चारै समुद्रमा डुलाइ-दिनुभयो ॥३७॥ हे वीर वानर ! मलाई यस प्रकारसंग बोकेर यस्तो छिटो चालसँग दगुर्दा पनि तपाईंलाई थकाइ लागेन, मलाई यसरी बोक्ने तपाईंमा सिवाय अरू कसमा सामर्थ्य होला ? ॥३८॥ हे वीर ! मन, वायु र गरुड यी तीन प्राणीमा मात्र यस्तो शक्ति हुन सक्दछ तर यस्तै शक्ति भएको आज तपाईं चौथो व्यक्ति देखिनुभयो । यसमा सन्देह गर्नुपर्ने कुरो केही छैन ॥३९॥ हे वानरश्रेष्ठ ! मैले आफ्नै आँखाले तपाईंको बल देखें तसर्थ अब म अग्निलाई साक्षी राखेर सदाका लागि तपाईंसंग निष्कपटको मैत्री गर्न चाहन्छु ॥४॥ हे वानरेश्वर ! आजदेखि छोरा, स्वास्नी, शहर, राज्य, भोग-विलासका सामग्री, वस्त्र यी सबै हामी दुवैको एकै रहनेछ अर्थात् जो मेरो हो सो तपाईंको, र जो तपाईंको हो सो मेरो हुनेछ ॥४१॥ यसपछि वानरराज र राक्षस यी दुवैले आगो सल्काएर आफूआफूमा अंगालो हालाहाल गरी मितेरी लगाए ॥४२॥ दोटा सिंहले गुफाभित्र प्रवेश गरेझैं यी दुवै परस्पर हात समातेर प्रसन्नतासाथ किष्किन्धापुरीभित्र पसे ॥४३॥ रावण सुग्रीव जस्तो भएर त्यहां एक महीनासम्म बस्यो र यसपछि तीनै लोकलाई ध्वस्त गर्ने इच्छा भएका मन्त्रीहरूले त्यहां आएर उसलाई लिएर गए ॥४४॥

हे प्रभु रामचन्द्र ! यो उहिलेको कथा हो । बालिले रावणलाई यस प्रकारसंग हरायो र अनि पछि

अग्निलाई साक्षी राखेर उसँग मित्रता गऱ्यो ।।४५।। हे राम ! बालिमा यस किसिमको अनुपम उत्तम बल थियो तर आगोले कीरा फट्याङ्ग्रालाई डढाएझैं तपाईंले उसलाई भस्म पारिदिनुभयो ।।४६।।

सर्ग—३५

हनुमान्‌को जन्मकथा

यसपछि रामचन्द्रजी विनयपूर्वक हात जोरेर दक्षिण दिशामा रहने अगस्त्य मुनिलाई अर्थयुक्त कुरा भन्नलाग्नुभयो ।।१।। बालि र रावणको अतुल बल थियो तर मेरो विचारमा ता यिनीहरूको बल हनुमान्‌को बल जत्तिको होइन जस्तो लाग्दछ ।।२।। शूरवाइँ, निपुणता, बल, धीरता, बुद्धि, नीति, पराक्रम र प्रभाव यी सबै गुणले हनुमान्‌मा आश्रय पाएका छन् ।।३।। समुद्र देख्तैमा वानरी सेना हडबडाउनलाग्यो तर महाबाहु हनुमान्‌ले उनीहरूलाई आश्वासन दिएर, सय योजनको फांट भएको समुद्र उत्लिखेरै पार गरिदिए ।।४।। लङ्कापुरीमा प्रवेश गरेपछि यिनले जम्मै शहर उजाड पारिदिए र रावणको अन्तःपुरभित्र गई सीतासँग भेट गरेर नाना किसिमका कुराले उनको मनमा दिलासा-समेत दिए ।।५।। एकलो हनुमान्‌ले रावणका सेनापतिहरूलाई, उसका मन्त्रीका छोराहरूलाई, वनपाले-हरूलाई र रावणको एउटा छोरोलाई समेत मारिदिए ।।६।। यसपछि हनुमान्‌ले, ब्रह्मास्त्रको बन्धनबाट आफूलाई मुक्त गराएर कुराकानी गर्दा गर्दैमा रावणको अपमान गरे र अग्निदेवले पृथ्वीलाई भस्म पारेझैं आगो सल्काएर लङ्का ध्वस्त पारिदिए ।।७।। हनुमान्‌ले युद्धमा जस्तो वीरता देखाएका छन् त्यस्तो वीरता ता यमराज, इन्द्र, विष्णु र कुवेरको बारेमा समेत सुनिएको छैन ।।८।। यिनैको बाहुबलले मैले लङ्का, सीता, लक्ष्मण, विजय, राज्य, मित्र र बान्धवहरूलाई पाउन सकेको हुँ ।।९।। वानरराजका मित्र, हनुमान् मेरो सहायक नभएको भए सीताको पत्तोसमेत कसैले लगाउन सक्ने थिएन ।।१०।। सुग्रीवसँग बालिको विरोध हुँदा, सुग्रीवको हित गर्नाका लागि, हनुमान्‌ले आफ्नो पराक्रमले, आगोले पराललाई भस्म पारेझैं, बालिलाई भस्म नपार्नाको कारण छ । शायद यस वेलासम्ममा हनुमान्‌लाई आफ्नो बलको ज्ञान भइसकेको होवैन, यसैले प्राणसमानका प्यारा वानरराज सुग्रीवले कष्ट भोगेको टुलुटुलु हेरिरहेका होलान् ।।११-१२।। हे भगवन्, महामुनि ! हनुमान्‌को बारेमा मलाई थाहा भएको कुरा यत्तिकै हो, अब तपाईं विस्तारपूर्वक यिनको समस्त वृत्तान्त बयान गरेर मलाई सुनाउनुहोस् ।।१३।।

रामचन्द्रका मुखबाट यस्ता हेतुयुक्त कुरा सुनेपछि हनुमानको अगाडि नै अगस्त्य मुनि वहाँलाई भन्नलाग्नुभयो ।।१४।। हे रघुश्रेष्ठ ! हनुमान्‌को बारेमा तपाईंले जो भन्नुभयो सो सब साँचो हो, बल, वेग र बुद्धिमा यिनीबराबरको अरू कोही छैन ।।१५।। हे शत्रुसूदन ! बलवान् भए तापनि यिनलाई आफ्नो बलको ज्ञान रहनेछैन भनी उहिलेका मुनिहरूले श्राप दिएका थिए, मुनिहरूको श्राप निष्फल हुन सक्तैन ।।१६।। बाल्यावस्थामा बालकपनाको चञ्चलताले गर्दा यिनले जो कठिन काम गरेथे

त्यसको वर्णन गरी साध्य छैन ॥१७॥ हे राम ! तपाईंलाई यो कुरा सुन्ने इच्छा छ भने एकाग्रमन गरेर सुन्नुहोस्, म भन्दछु ॥१८॥

सूर्यको वरदानले गर्दा सुमेरु नाम गरेको पर्वत सुनै सुनको भएको हो । हनुमान्‌का पिता केसरी यहाँ राज्य गर्दछन् ॥१९॥ अञ्जनाको नामले विख्यात भएकी यिनकी एउटी प्यारी स्वास्नी थिइन्, यिनैको गर्भबाट वायुले यी श्रेष्ठ पुत्र उत्पन्न गरेका हुन् ॥२०॥ रूपवती अञ्जना, धानको बालाको टुप्पोको जस्तो वर्ण भएको हनुमान्‌लाई जन्माइसकेपछि एक दिन फल ल्याउनाको निम्ति वनमा गइछन् ॥२१॥ यस वेलामा यिनी बालखै थिए, आमालाई नदेख्नाले तथा भोक लागेकोले यिनी व्याकुल भएर, बाल्यकालमा कुमार कार्तिकेय शरवणमा रोएझैं, रुनलागेछन् ॥२२॥ यही वेलामा सूर्योदय हुनलागेको रहेछ, भोका हनुमान् जपापुष्पसमानको सूर्यबिम्ब देख्ता, हो न हो यो कुनै फल हो भन्ठानेर सूर्यतिर उडेछन् ॥२३॥ मूर्तिमान् बालसूर्यसमानका बालक हनुमान् बालसूर्यलाई ग्रहण गर्ने इच्छाले आकाशको बीचबाट सूर्यतिर जानलागे ॥२४॥ बाल्यावस्थैमा हनुमान्‌लाई सूर्यतिर जानलागेको देख्ता देवता, दानव र यक्ष यी सबै छक्क परेर भन्नलागे ॥२५॥ जस्तो वेगले वायुपुत्र हनुमान् आकाशतिर जानलागेको छ त्यस्तो वेगले ता वायु, गरुड तथा मन यी कोही पनि जान सक्तैनन् ॥२६॥ बाल्यावस्थैमा यसको यस्तो तेज र वेग छ भने युवावस्थामा पुगेपछि यसको कस्तो वेग होला ॥२७॥ आकाशमा वायुदेव पनि आफ्नो छोरोको पछिपछि जानलागेका थिए, सूर्यको तेजले छोरालाई पोल्न नपाओस् भनेर यिनी बरफ जस्तै शीतल भएर उडिरहेका थिए ॥२८॥ यस प्रकारसँग कई हजार योजनमाथि उडिसकेपछि यो बालक आफ्नो तथा पिताको बलले सूर्य भएको ठाउँसम्म पुग्यो ॥२९॥ यो अहिले बालखै छ, कुनै किसिमको ज्ञान छैन, पछि पछि यसबाट देवताहरूका अनेक काम सिद्ध हुनेछन्, भन्ने विचार गरेर सूर्य भगवान्‌ले यसलाई भस्म गरेनन् ॥३०॥ जुन दिन हनुमान् सूर्यलाई समात्न भनी हिंडेथे त्यही दिन राहु पनि सूर्यलाई ग्रास गर्न भनी हिंडेको रहेछ अर्थात् त्यस दिन सूर्यग्रहण पर्ने भएको रहेछ ॥३१॥ राहु सूर्यको रथनेर पुगिसकेको थियो, हनुमान्‌को शरीरसँग ठक्कर खानासाथ सूर्य चन्द्रलाई पीडा दिने यो राहु डराएर त्यहाँबाट भागिहाल्यो ॥३२॥ रिसको झोंकमा राहु इन्द्रकहाँ पुग्यो र निधारमा गाँठो पारेर देवताहरूको साथमा बसिराखेका उनलाई (इन्द्रलाई) भन्नलाग्यो ॥३३॥ वृत्रासुरलाई मार्ने हे इन्द्र ! भोक मार्नाको निम्ति तपाईंले मलाई सूर्य र चन्द्रमा दिनुभएको हो तर फेरि अहिले किन उनीहरूलाई अर्काको हातमा सुम्पनुभएको हो ॥३४॥ आज अमावास्याको दिन हुनाले, ग्रहण पार्ने इच्छाले म सूर्यनेर पुगेको हुँ, तर मैले उहाँ पुग्न पाउँदा नपाउँदैमा अकस्मात्‌सँग अर्को राहुले त्यहाँ आएर सूर्यलाई समातिदियो ॥३५॥ राहुको यो कुरा सुन्दा इन्द्रको मनमा खलबली पर्‍यो र सुनको माला धारण गर्ने यिनी हतपतसँग आसनबाट उठे ॥३६॥ कैलाशको शिखर जत्तिकै अग्लो, चार दाँते, माद बगाइरहेको, सजिसजाउ भएको सुनको घण्टा घन्काइरहेको, ऐरावत हात्तीमा सवार भई राहुलाई अघिलगाएर इन्द्र त्यस ठाउँमा आए जहाँ कि सूर्यको साथमा हनुमान् बसिराखेका थिए

॥३७-३८॥ तर इन्द्र बडो वेगसँग जानलागेका भए तापनि राहु उनीभन्दा अघिबाटै त्यहाँ पुग्यो र पर्वतको जस्तो आकार परेका हनुमान्‌लाई आफूतिर दगुरेर आउनलागेको देख्यो ॥३९॥ राहुलाई, हो न हो यो अर्को फल हो भन्ने सम्झेर हनुमान्, सूर्यलाई छाडेर सिंहिकापुत्र राहुलाई समात्ने इच्छाले पुनः आकाशमा उसलाई लखेट्नलागे ॥४०॥ हे राम ! सूर्यलाई छाडेर हनुमान्‌ले आफूलाई लखेट्न-लागेको देख्ता, मुखमात्रको आकार भएको राहु डराएर भाग्नलाग्यो ॥४१॥ इन्द्रलाई आफ्नो रक्षक भन्ठानेको हुनाले राहु डरले थर्कायमान भई "इन्द्र इन्द्र" भनेर वारंवार चिच्च्याउन लाग्यो ॥४२॥ राहुले कराएको सुनेको र उसको स्वर चिह्नेकोले इन्द्रले भने—नडराऊ, म यसको संहार गरिदिन्छु ॥४३॥ वायुपुत्र हनुमान्‌को ऐरावतमाथि पनि दृष्टि पर्न गयो र यसलाई समेत एउटा ठूलो फल संझेर उतिर दगुर्नलागे ॥४४॥ ऐरावतलाई समातूँ भनेर दगुर्दाखेरि हनुमान्, इन्द्रादिभन्दा पनि बढ्ता प्रकाशमान देखिए अतः एक दिनसम्म यिनको रूप बडो भयङ्कर हुन गयो ॥४५॥ इन्द्रले अलि रिसाए जस्तो गरेर आफूतिर आउनलागेका हनुमान्‌लाई ताकेर आफ्नो हातको वज्रले उनलाई हिर्काए ॥४६॥ इन्द्रको वज्रको चोट पर्नासाथ हनुमान् पर्वतमाथि खस्न पुगे र यसरी खसेको हुनाले यिनको देब्रेपट्टिको चिउँडो फुक्लेर अलि बाङ्गो हुन गयो ॥४७॥ वज्र प्रहारले विह्वल भएर हनुमान्‌लाई खसेको देख्ता, प्रजाको अकल्याण गर्नामा लागेका इन्द्रमाथि वायुलाई झोंक चल्यो र सबैको शरीरमा रहने यी वायुले आफ्नो सञ्चार बन्द गरी, छोरा हनुमान्‌लाई काखमा लिएर, चूपचापसँग गुफाभित्र पसे ॥४८-४९॥ वृष्टिलाई रोकेर जसरी इन्द्रले सबै प्राणीलाई दुःख दिन्छन् त्यसै गरी विष्ठा र मूत्रस्थानको हावा-लाई रोकेर वायु सबै प्राणीलाई सताउनलागे ॥५०॥ वायुको प्रकोपले गर्दा प्राणीहरूको श्वाससम्म पनि बन्द हुन गयो र शरीरका जम्मै जोर्नी फुट्ला जस्तो भएर काठ जस्तै ठर्रा हुन गए ॥५१॥ वायुको कोपले गर्दा वेदाध्ययन, यज्ञादि सबै बन्द भए, तीनै लोकमा कुनै किसिमको काम अथवा धर्मकर्म केही पनि हुने भएन । सबै जना नरकको यातना भोग्नलागेका जस्ता देखिए ॥५२॥ यसपछि देवता, असुर, मनुष्य, गन्धर्व आदि गरिएका सबै प्रजाहरू दुःखमा परेकोले सुखको इच्छाले ब्रह्माछेउ आए ॥५३॥ वायु रोकिनाले पेट फुल्ने व्यथा लागेको रोगी जस्तै भएका यी देवताहरू, हात जोरेर भन्नलागे—हे भगवन् ! तपाईंले चार प्रकारका प्रजाहरूको सृष्टि गर्नुभएको हो ॥५४॥ वायुलाई ता तपाईंले हामी-हरूको आयुको अधिपति बनाउनुभएको हो तर यिनै वायु हाम्रो प्राणेश्वर भएर पनि, पर्दाभित्र आइ-माईलाई रोकेर राखेझैं, हाम्रो शरीरभित्रको वायुलाई रोकेर किन हामीलाई यसरी दुःख दिइरहेका होलान् ? । यस प्रकारसँग वायुको हातबाट दुःख पाएकोले हामी तपाईंको शरण पर्न आएका छौं ॥५५-५६॥ हे दुःखनिवारक ! वायु रोकिनाले हामीहरूलाई भइराखेको यो यातना दूर गरिदिनुहोस् । प्रजाको यस्तो प्रार्थना सुन्दा, प्रजानाथ ब्रह्मा, के कारणले यसो भएको हो भनेर सोधिसकेपछि, फेरि भन्नलाग्नुभयो—जुन कारणले वायुले झोंक्किएर वायुको सञ्चार बन्द गरिदिए सो कारण सुन्दा ता वायुले व्यर्थैमा झोंक देखाएछन् भन्न सकिन्न अतएव यिनी क्षमायोग्य छन् । राहुको भनाइमा लागेर

देवराज इन्द्रले उनको छोरालाई खसालिदिएछन् यसैले वायुलाई रिस उठेछ । वायु स्वयं शरीरधारी नभए तापनि सबै शरीरधारीहरूको भित्र रहेर यिनी उनीहरूको पालना गर्दछन् ॥५७-६०॥ वायु नहुनाले यो शरीर काठ जस्तो ठर्रो हुन जान्छ तसर्थ वायु नै प्राण हो, वायु नै सुख हो र समस्त संसार नै वायुमय हो ॥६१॥ वायुले छाडेपछि संसारवासीलाई कुनै किसिमको सुख हुन सक्तैन, हेर, आज वायुले छाडिदिएको हुनाले, समस्त संसारको, आयु समाप्त भएकोले, कस्तो दुर्दशा भइराखेको छ ॥६२॥ वायुले छाड्दा श्वास रोकिन गएकोले तिमीहरू काठ र भित्ता जस्तो भइराखेका छौ अतएव हामीलाई दुःख दिने वायु जहाँ छन् त्यहीं हामीहरू जाऔं, अदितिका छोरालाई प्रसन्न गराउन सकेनौं भने ता हाम्रो नाशै हुनेछ ॥६३॥ यसपछि ब्रह्माजी, देवता, गन्धर्व, भुजङ्ग, गुह्यक इत्यादि प्रजाहरूलाई आफूसँग लिएर, इन्द्रको हातबाट घाइते भएका छोरालाई लिएर बसिराखेका वायुकहाँ पुगे ॥६४॥

सूर्य, आगो तथा सुवर्णको जस्तो चहक भएको छोरालाई काखमा लिएर वायु बसिराखेका थिए । ब्रह्माको यिनीमाथि दृष्टि पर्न गयो र देवता, गन्धर्व, ऋषि, यक्ष तथा राक्षस यी सबैको उनीमाथि दया उत्पन्न भयो ॥६५॥

सर्ग—३६

देवताहरूबाट हनुमान्‌लाई वर-प्राप्ति ।

छोरा घाइते हुनाले दुःखमा परेका वायु ब्रह्मालाई देख्नासाथ छोरालाई लिएको लियै झटपट उठेर उनको अगाडि खडा भए ॥१॥ सुवर्णमय गहना पहिर्नाले शोभायमान भइराखेका वायु तीनचोटि साष्टाङ्ग प्रणाम गरेर ब्रह्माजीको चरणमा परे । उठाइको वेगले गर्दा यिनका कानका कुण्डल र मुकुटको मालासमेत हल्लनलागे ॥२॥ वेदवेत्ता ब्रह्माले ठूला ठूला अलङ्कारले सुशोभित भइराखेका आफ्ना हातले वायुदेवतालाई उठाए र बालक हनुमान्‌को शरीरलाई पनि हातले सुमसुम्याए ॥३॥ कमलयोनि ब्रह्माको हात लाग्नासाथ, जल पर्नाले खेतमा धान लहलहाएझैं, यो बालक पुनः जीवित भइहाल्यो ॥४॥ हनुमान्‌लाई जीवित भएको देख्नासाथ संसारका प्राण, वायु प्रसन्नतासाथ आफ्नो रोकावटलाई झिकेर, सबै प्राणीमा पहिले झैं विचरण गर्नलागे ॥५॥ जसरी ठण्डी हावाबाट छुटकारा पाएकी कमलिनी कमलको साथमा प्रफुल्ल हुन्छिन् त्यसै गरी वायुको रोकावटबाट छुटेकोले सबै प्राणीहरू दङ्ग परेका देखिए ॥६॥ यसपछि यश, वीर्य, ऐश्वर्य, लक्ष्मी र ज्ञान, वैराग्यले युक्त भएका, त्रिमूर्त्तिधारी, तीनै लोकमा भ्रमण गर्ने शक्ति भएका, देवताहरूले समेत पूजा गर्नुपर्ने योग्यका ब्रह्मा, वायुको हित गर्ने इच्छाले देवताहरूलाई भन्नलागे ॥७॥ हे इन्द्र, अग्नि, वरुण, शिव र कुवेर देवताहो ! तपाईंहरूलाई थाहा भए तापनि म तपाईंहरूको हितको कुरा भन्दछु, सुन्नुहोस् ॥८॥ यस बालकबाट तपाईंहरूका अनेक काम सिद्ध हुनेछन् तसर्थ वायु देवताको प्रसन्नताका लागि यस बालकलाई वरदान दिनुहोस् ॥९॥

सबभन्दा पहिले इन्द्रले हँसिलो मुख लगाएर सुवर्णकमलको माला दिए र अनि भन्नलागे ॥१०॥ मेरो हातबाट छुटेको वज्र लाग्नाले यसको चिउँडो बाङ्गो भइराखेको छ अतएव यो वानरश्रेष्ठ हनुमान्को नामले प्रसिद्ध हुनेछ ॥११॥ म यसलाई एउटा अचम्मको वरसमेत दिन्छु । अब उप्रान्तलाई मेरो वज्र लागे तापनि यो अवध्य हुनेछ ॥१२॥ अन्धकार दूर गर्ने सूर्य भगवान्ले भने—म यसलाई आफ्नो तेजको सय खण्डको एक खण्ड दिन्छु ॥१३॥ यसको शास्त्र पढ्ने शक्ति भएपछि म यसलाई शास्त्र पढाउनेछु जसले गर्दा यो वाग्मी भएर निस्कनेछ ॥१४॥ वरुणले भने—मेरो पाशोले अथवा जलले, दश लाख वर्षको आयु बिते तापनि यसको मृत्यु हुनेछैन ॥१५॥ यमराजले कालदण्डबाट मृत्यु नहुने तथा सदा नीरोग रहने वर दिए । यसपछि एकाक्षिपिङ्गल (कुवेर) भन्नलागे—म प्रसन्नतासाथ संग्राममा कहिले पनि दिक्दारी नउठ्ने वर यसलाई दिन्छु, मेरो यस गदाको चोटले युद्धमा यसको मृत्यु पनि हुनेछैन ॥१६–१७॥ मबाट अथवा मेरो शस्त्र अस्त्रबाट यसको मरण हुनेछैन भन्ने यो उत्तम वर महादेवले यसलाई दिनुभयो ॥१८॥ महारथ विश्वकर्मा बालकतिर हेरेर भन्नलागे—मैले बनाएका जति दिव्यास्त्र छन् ती कुनैबाट पनि यसको प्राण निस्कनेछैन र यो सदा जीवित रहनेछ ॥१९॥ ब्रह्माले भन्नुभयो—यो दीर्घायु हुनेछ र महात्मा बन्नेछ, कुनै ब्रह्मदण्डबाट पनि यसको वध हुन पाउनेछैन ॥२०॥ हनुमान्ले यस प्रकारसंग देवताहरूबाट वर पाएको देख्ता जगद्गुरु चतुर्मुख ब्रह्मा खुशी हुनुभयो र वायुलाई भन्नलाग्नुभयो ॥२१॥ हे वायु ! तिम्रो यो छोरो शत्रुहरूको मनमा त्रास पार्ने, मित्रहरूको भयलाई दूर गर्ने, अजेय, इच्छाअनुसारको रूप धारण गर्न सक्ने र इच्छा लागेको ठाउँमा जान सक्ने हुनेछ । यो बालक कीर्तिमान बन्नेछ र कसैले यसको वेग रोक्न सक्नेछैन ॥२२–२३॥ यसले संग्राममा रावणको संहार पार्ने रामचन्द्रलाई मन पर्ने किसिम किसिमका रोमाञ्च गराउने अद्भुतको काम गरेर देखाउनेछ ॥२४॥

यस प्रकारसंग हनुमान्लाई वर दिइसकेपछि देवताहरू वायुसित बिदावारी भई ब्रह्मालाई अघि लगाएर जहांबाट आएथे उहीं गए ॥२५॥ वायु पनि छोरालाई लिएर घर आए र वरप्राप्तिको जम्मै वृत्तान्त अञ्जनालाई सुनाएर आफ्नो बाटो लागे ॥२६॥ हे राम ! यस प्रकारका वर पाएकोले हनुमान् वरको बलले तथा आफ्नो स्वाभाविक वेगले, पानीले समुद्र भरिएझैं, परिपूर्ण हुनलागे ॥२७॥ यी वानरश्रेष्ठ वेगले परिपूर्ण भएकोले निर्भयसंग ऋषिहरूको आश्रममा गई उपद्रव मच्चाउन लागे ॥२८॥ यी हनुमान् शान्त प्रकृतिका मुनिहरूका स्रुवा, पात्र आदि गरिएका अग्निहोत्रका सामग्रीहरूलाई फोरफार पार्ने, अग्निहोत्रको आगो जताततै छर्ने र वल्कल वस्त्रलाई छिया छिया पारेर च्यात्नलागे ॥२९॥ महादेवले समस्त ब्रह्मदण्डबाट यिनलाई अवध्य गराइदिएकोले यी महाबली यस्तै यस्तै काम गर्न पछि लागेका थिए ॥३०॥ ब्रह्माले वरदान दिएको कुरा थाहा पाएको हुनाले यिनको पराक्रमदेखि डराएर ऋषिहरू यिनका सबै अपराध सहन्थे । केशरी र वायुले यी अञ्जनीकुमारलाई यस्तो गर्न हुन्न भनेर रोकेका पनि हुन् तर यिनले मर्य्यादाको उल्लङ्घन गर्ने अर्थात् ऋषिहरूलाई सताउन छोडेनन् । यिनको

यो कारवाई देख्ता भृगु र अंगिरा वंशका मुनिहरूलाई झोंक चल्यो ॥३१-३२॥ हे रघुश्रेष्ठ ! रिसाहा मिजासका यी महर्षिहरूले यो बालखै छ भन्ने विचारले साधारण क्रोध गरेर यिनलाई यस्तो श्राप दिए—हे वानर ! जुन बलको घमण्डमा परेर तिमी हामीलाई यसरी दुःख दिनलागेका छौ, सो बलको हाम्रो श्राप परेकोले, तिमीलाई धेरै कालसम्म संझना हुनेछैन । कसैले तिमीलाई आफ्नो बलको संझना गराएपछि मात्र तिम्रो बल बढ्नेछ ॥३३–३४॥ यसपछि यी ऋषिहरूको वचनको प्रभावले हनुमान्‌को तेज र पराक्रम लोप भएर गयो र यिनी साधारण वानरझैं मृदु-भावले तिनै आश्रममा घुम्नलागे ॥३५॥ सूर्यसमानको तेज भएका, बालि र सुग्रीवका पिता, ऋक्षराज नाम गरेका एक वानरराज थिए ॥३६॥ यी वानरहरूका राजा धेरै कालसम्म राज्य गरेपछि कालको वशमा परे अर्थात् मरे ॥३७॥ यी मरेपछि सर सल्लाह दिनामा सिपालु भएका मन्त्रीहरूले बाबुको ठाउँमा बालिलाई र बालिको ठाउँमा सुग्रीवलाई राखे अर्थात् बालिलाई राजा बनाए र सुग्रीवलाई युवराज ॥३८॥ आगोको साथमा हावाको जस्तो मित्रता हुन्छ त्यस्तै मित्रता सुग्रीव र हनुमान्‌मा बालककालदेखि नै भइराखेको थियो, यी दुवैमा कुनै प्रकारको भेदभाव तथा मनोमालिन्य थिएन ॥३९॥ हे राम ! बालि र सुग्रीवको परस्पर वैरभाव उत्पन्न हुँदाखेरि श्रापले गर्दा हनुमानलाई आफ्नो बलको संझना भएन ॥४०॥ दाजु भाइमा वैरत्व भएपछि बालि सुग्रीवलाई जताततै लखेटेर खूब दुःख दिनलाग्यो, यति हुँदा पनि सुग्रीवलाई समेत हनुमान्‌को बलको संझना भएन, हनुमान्‌लाई ता आफ्नो बलको बिलकुलै स्मरण थिएन ॥४१॥ ऋषिहरूको श्रापले गर्दा आफ्नो बलको अलिकता पनि ज्ञान नभएकोले युद्धमा सुग्रीवसँग भए तापनि यिनले उनलाई कुनै प्रकारको सहायता दिन सकेनन् । यस बखतमा हात्तीले घेरिराखेको सिंहको जस्तै यिनको अवस्था भएको थियो ॥४२॥ पराक्रम, उत्साह, बुद्धि, प्रताप, सुशीलता, कोमलता, न्याय अन्यायको ज्ञान, गम्भीरता, चतुर्‍याइँ, बल र धैर्यमा हनुमान्‌भन्दा बर्ता यस त्रिलोकमा को होला ? ॥४३॥ अद्भुत शक्ति भएका यी हनुमान् व्याकरणका ठूला ठूला ग्रन्थको अध्ययन गर्ने इच्छाले बाटोमा सूर्यसँग सोधपूछ गर्दै उनको अघिअघि लागेर उदय पर्वतदेखि अस्ताचल पर्वतसम्म आउँथे ॥४४॥ सूत्र, वृत्ति, वार्तिक, महाभाष्य तथा संग्रहको यिनले अध्ययन गरेर सिद्धि प्राप्त गरेका थिए । अरू अरू शास्त्रमा तथा छन्द शास्त्रमा यिनी बराबरको विद्वान् अरू कोही थिएन ॥४५॥ सब किसिमको विद्याको ज्ञानमा तथा तपस्यामा यिनी देवताहरूका गुरु बृहस्पतिसमानका छन्; विष्णुझैं समुद्रमा प्रवेश गर्न सक्तछन्, अग्निले झैं समस्त संसारलाई भस्म पार्न सक्तछन्, जसरी प्रलयकालमा यमराजको अघिल्तिर कोही उभिन सक्तैन त्यसै गरी युद्धमा पनि यिनको अगाडि कोही टिक्न सक्तैन ॥४६॥ हे राम ! तपाईंको सहायताका लागि देवताहरूले सुग्रीव, मैन्द, द्विविद, नील, तार, तारेय, नल र रम्भ आदि गरिएका हनुमान् जस्तै अरू अरू वानर उत्पन्न गरेका छन् ॥४७॥ हे राम ! गज, गवाक्ष, गवय, सुदंष्ट्र, मैन्द, प्रभ, ज्योतिर्मुख, नल यी भालूहरूलाई पनि देवताहरूले तपाईंका लागि वानरहरूको साथसाथै उत्पन्न गराएका छन् ॥४८॥ हे राम ! तपाईंले मसित सोध्नुभएको जम्मै

कुरा निवेदन गरिहालें, हनुमान्‌ले बाल्यावस्थामा गरेका सबै कामको पनि वर्णन गरेर सुनाएँ ॥४९॥

अगस्त्यका यी कुरा सुन्दा राम, लक्ष्मण, वानर तथा राक्षसहरू बहुतै छक्क परे ॥५०॥ अगस्त्यले फेरि रामलाई भने—हे राम ! सुन्न खोजेको कुरा सुनिहाल्नुभयो हामीले तपाईंको दर्शन पायौं र यहाँ-सित कुराकानी पनि गर्यौं, अबलाई हामी जान्छौं ॥५१॥ उग्र तेजस्वी अगस्त्यको यो कुरा सुन्दा रामचन्द्रजी हात जोरेर नम्रतापूर्वक उहाँलाई भन्नलाग्नुभयो ॥५२॥ तपाईंको दर्शन पाउनाले आज, देवता, पितृ, प्रपितामह तथा बन्धुवर्ग यी सबै मदेखि प्रसन्न भएका छन् ॥५३॥ मेरो मनमा एउटा इच्छा उत्पन्न भइराखेको छ, निःस्वार्थ भावले म सो तपाईंछेउ निवेदन गर्दछु, कृपया मेरो यो अभिलाषा पूर्ण गराइदिनुहोस् ॥५४॥ वनवासबाट फर्केर आएपछि मैले पुरवासी र देशवासीहरूलाई आफ्नो आफ्नो काममा खटाइदिएको छु, अहिले मलाई फुर्सत छ, तपाईं सज्जनहरूको कृपाले अब मेरो यज्ञ गर्ने इच्छा छ ॥५५॥ ममाथि कृपा गर्ने तपाईंसमानका पराक्रमीहरूले मेरो यज्ञमा सधैं सदस्य बन्नुपर्दछ ॥५६॥ तपस्याको प्रभावले तपाईंहरू पापदेखि मुक्त भइसक्नुभएको छ अतएव सदा तपाईंहरूको आश्रय लिनाले पितृहरू मेरोउपर अनुग्रह गर्नेछन् र मदेखि सन्तुष्ट रहनेछन् ॥५७॥ मैले यज्ञ गर्नलागेको बखतमा तपाईंहरू सबैले यहां निरन्तर उपस्थित रहनुपर्दछ, व्रतधारी अगस्त्य आदि गरिएका ऋषिहरूले यो आग्रह सुनेपछि "एवमस्तु" भनेर आफ्नो आफ्नो स्थानमा गए ॥५८–५९॥

सन्ध्या परेपछि राजा र वानरहरूलाई बिदा दिएर रामचन्द्रजी ऋषिहरूको कुरा संझदा आश्चर्य मानेर सोच विचार गर्नलाग्नुभयो ॥६०॥ यसपछि नरश्रेष्ठ रामचन्द्रजीले विधिपूर्वक सन्ध्योपासन गर्नुभयो र रात परेपछि आफ्नो महलभित्र पस्नुभयो ॥६१॥

सर्ग—३७

रामको राज्याभिषेक सकिएपछि भोलिपल्टको बिहानको वर्णन ।

आत्मज्ञानी रामचन्द्रको धर्मानुसार अभिषेक सकिएपछि, यस उत्सवपछिको पहिलो रात पुरवासी-हरूले हर्ष मनाएर बिताए । यो रात बितेर बिहान हुँदा नहुँदैमा राजालाई ब्यूंझाउने काममा खटिएका, सौम्यमूर्ति भएका बन्दीगण राजभवनमा उपस्थित भए ॥१-२॥ सुरीलो स्वर भएका, किन्नरहरूले झैं गान विद्यामा तालीम पाएका यिनीहरू प्रसन्नतासाथ वीर राजाको मनमा हर्ष लाग्ने गरी स्तुति गर्न-लागे ॥३॥ कौशल्याको आनन्द बढ़ाउने हे सौम्य वीर ! उठ्नुहोस् । हे राजन् ! तपाईं सुतिरहनु-भएकोले समस्त संसार सुतिरहेको छ ॥४॥ विष्णुसमानको तपाईंको पराक्रम छ, अश्विनीकुमारहरूको जस्तो रूप छ, बृहस्पतिको जस्तो बुद्धि छ र ब्रह्माझैं तपाईं प्रजाको पालना गर्नुहुन्छ ॥५॥ तपाईं क्षमामा पृथ्वीसमान, तेजमा सूर्यसमान, वेगमा वायुसमान र गम्भीरपनामा समुद्रसमान हुनुहुन्छ ॥६॥ शिवलाई झैं कसैले तपाईंलाई युद्धमा विचलित गराउन सक्तैन, तपाईंको जस्तो सौम्य गुण चन्द्रमामा मात्र छ अरूमा छैन । हे राजन् ! तपाईंसमानको राजा न पहिले भएका थिए न पछि कहिले हुनेछन् ॥७॥

तपाईं युद्धमा सदा अजेय हुनुहुन्छ, धर्ममा तत्पर रहेर सदा प्रजाको कल्याण गर्नुहुन्छ, यसैले हे पुरुष-श्रेष्ठ ! कीर्ति र लक्ष्मीले कहिले पनि तपाईंलाई छाड्नेछैनन् ॥८॥ हे काकुत्स्थ ! श्री र धर्म सदा तपाईंमा वर्तमान रहन्छन् । बन्दीहरूले मधुरो स्वरले यस किसिमका तथा यही किसिमका नाना तरहका स्तुति गरेर रामचन्द्रका दिव्य र परिचित गुणको वर्णन गरेर उहांलाई ब्यूंझाए । रामचन्द्र पनि यी स्तुतिहरू सुनेर जागा हुनुभयो ॥९-१०॥ जसरी नारायण हरि नागशय्याबाट उठ्नुहुन्छ, त्यसै गरी रामचन्द्रजी पनि सेतो तन्ना ओच्छाएको आफ्नो शय्याबाट उठ्नुभयो ॥११॥ उहां उठ्नेबित्तिकै हजारां नोकरहरू स्वच्छ पात्रमा जल लिई हात जोरेर नजीकै खडा भए ॥१२॥ जलकृत्य सिध्याएपछि महाराजले पवित्र भएर आगोमा हवन गर्नुभयो र अनि इक्ष्वाकुवंशी राजाहरूले सधैं जाने गरेको पवित्र देवालयभित्र पस्नुभयो ॥१३॥ त्यहां देवगण, पितृगण र ब्राह्मणहरूको विधिपूर्वक पूजा गरिसकेपछि रामचन्द्रजी आफ्ना मानिसहरूलाई साथमा लिएर बाहिरी खण्डमा आउनुभयो ॥१४॥ अग्नि-समानको प्रकाश भएका वशिष्ठ आदि पुरोहितहरू, मन्त्रीहरू, भिन्न भिन्न देशबाट आएका क्षत्रिय राजाहरू, इन्द्रको अघिल्तिर देवताहरू बसेझैं, महाराजको अगाड़ि आएर बसे ॥१५-१६॥ ऋग्, साम, यजु यी तीन वेदले यज्ञको उपासना गरे झैं यशस्वी भरत, लक्ष्मण र शत्रुघ्न दङ्ग परेर रामचन्द्रको सेवा गर्नमा तत्पर भए ॥१७॥ हँसिलो मुख लगाएका नोकर-चाकर हात जोरेर रामचन्द्रनेर आए र प्रसन्नता-पूर्वक उहांको छेउमा उभिए॥१८॥ सुग्रीव आदि गरिएका महातेजस्वी र कामरूपी बीस जना वानर ओजस्वी रामको सेवा गर्नलागे ॥१९॥ जसरी यक्षहरू कुवेरको सेवा गर्दछन् त्यसै गरी विभीषण पनि आफ्ना चार राक्षसहरूको साथमा महात्मा रामचन्द्रको सेवा गर्नलागे ॥२०॥ वेदज्ञानमा पारङ्गत भएका, बूढापाका र कुलीन यी सबै टाउको निहुराएर रामचन्द्रलाई प्रणाम गरी उनको उपासना गर्न-लागे ॥२१॥ ऋषिहरूद्वारा सदा पूजित भएका देवराज इन्द्रको जस्तो शोभा हुन्छ त्योभन्दा बढ्ता शोभा अहिले ऋषि, राजा, महाबली वानर तथा राक्षसहरूको बीचमा बसिराखेका रामचन्द्रको भइराखेको थियो ॥२२-२३॥

उहां उपस्थित भएका सबै जना आफ्नो आफ्नो ठाउँमा बसिसकेपछि पुराणको तत्व जान्ने महात्माहरू सभासद्हरूतिर फर्केर धर्मयुक्त मीठा मीठा कथा सुनाउनलागे ॥२४॥

सर्ग—३८

राज्याभिषेकपछि जनक र कैकेयराज बिदा हुन्छन् ।

महाबाहु रामचन्द्र यस प्रकारसंग रोज रोज शहर र राज्यको शासन चलाएर समय बिताउन-लागे ॥१॥ केही दिनपछि रामचन्द्रजी हात जोरेर मिथिलाधिपति जनकलाई भन्नलाग्नुभयो ॥२॥ तपाईं मेरो सधैंको रक्षक हुनुहुन्छ, यहांकै हातबाट मेरो पालना भएको हो, तपाईंकै उग्र तेजले गर्दा मैले रावणको वध गर्न सकेको हुँ ॥३॥ हे राजन् ! हाम्रो यस सम्बन्धले गर्दा मिथिलादेशवासीहरूको

इक्ष्वाकुवंशीहरूसित अतुल प्रेम भइराखेको छ ॥४॥ अब तपाईं आफ्नो राजधानीतिर पाल्नुहोस्, हामीले नजराना जस्तो गरेर चढाएका रत्नादिहरू लिएर भरत सहायताको लागि यहाँका साथमा जानेछन् ॥५॥ राजा जनक रामचन्द्रको कुरा स्वीकार गरेर भन्नलागे—हे राजन् ! तपाईंको दर्शन पाउनाले तथा तपाईंको व्यवहारले म सन्तुष्ट छु ॥६॥ हे राजन् ! मलाई दिन भनी तपाईंले जम्मा पारेका यी सबै रत्नहरू म आफ्ना छोरीहरूलाई दिएर जान्छु ॥७॥

राजा जनक गएपछि रामचन्द्रजी हात जोरेर विनयपूर्वक कैकेय देशका आफ्ना मामालाई भन्न-लाग्नुभयो ॥८॥ हे पुरुषश्रेष्ठ ! म, मेरो यो राज्य, भरत, लक्ष्मण यी सबै तपाईंकै हुन्, तपाईं हामी सबैका रक्षक हुनुहुन्छ ॥९॥ कैकेयदेशका बूढा राजा तपाईं यहाँ आएकोले ताप मानिरहनुभएको होला, तसर्थ हे राजन् ! तपाईंले आजै जानमा बेश होला कि जस्तो लाग्दछ ॥१०॥ धेरै धेरै धन तथा नाना किसिमका रत्न लिएर लक्ष्मण सहायक जस्तो भएर तपाईंको पछिपछि जानेछन् ॥११॥ युधाजित्‌ले आफ्नो जाने कुरा स्वीकार गरेर भन्नलागे—हे राजन् ! तपाईंले दिएका यी धन, रत्न यहीं रहून् र रोज रोज बढ्दै जाऊन् ॥१२॥ पहिले रामचन्द्रले प्रणाम गरेर उनको प्रदक्षिणा गरे र अनि कैकयराजकुमारले पनि रामको प्रदक्षिणा गरे ॥१३॥ वृत्रासुरलाई मारेर जसरी इन्द्र विष्णुसँग गएथे त्यसै गरी केकयराज लक्ष्मणको साथ लागेर आफ्नो राज्यतिर लागे ॥१४॥

कैकयराजलाई बिदा गरेपछि रामचन्द्र मनमा डर नलिने आफ्ना मित्र काशीराज प्रतर्दनलाई अँगालो हालेर भन्नलाग्नुभयो ॥१५॥ हे राजन् ! भरतको साथमा लागेर तपाईंले हाम्रा लागि उद्योग गर्नुभयो हामीमाथिको प्रीति र मित्रता देखाउनामा कुनै कुरा बाँकी राख्नुभएन ॥१६॥ हे काशीराज ! अब चारैतिर पर्खालले घेरिएको, राम्रा राम्रा फाटक भएको, आफूले रक्षा गरिराखेको, आफ्नो रमणीय नगरी वाराणसी पुरीतिर पाल्नुहोस् ॥१७॥ यति भनेर रामचन्द्रजी आफ्नो आसनबाट उठ्नुभयो र काशीराजलाई छातीले च्यापेर अँगालो हाल्नुभयो ॥१८॥ यस प्रकारले कौशल्याको आनन्द बढाउने रामचन्द्रले निडर काशीराजलाई बिदा दिनुभयो ॥१९॥ काशीराज पनि रामचन्द्रसँग बिदावारी भएर झट्टै काशीतिर लागे ।

काशीराजलाई बिदा गरिसकेपछि रामचन्द्रजी हँसिलो मुख लगाएर तीन सय राजाहरूलाई मीठो बोली गरेर भन्नलाग्नुभयो—तपाईंहरूकै तेजको प्रभावले यो तपाईंहरूको प्रीति कायम रहन सकेको हो अर्थात् तपाईंहरूकै तेजले वनवासबाट फर्केर यहाँहरूसित भेट गर्न पाएको हुँ ॥२०-२१॥ तपाईंहरूले सदा सत्य र धर्मको रक्षा गर्नुभएको छ, तपाईंहरूको प्रभाव तथा महात्माहरूको तेजले मैले दुर्बुद्धि, दुरात्मा, राक्षसहरूमध्येको अधम रावणलाई मारेको हुँ । यसको वधका लागि म ता केवल निमित्त मात्र बनेको हुँ । तपाईंहरूकै तेजले गर्दा रावण आफ्ना छोरा, मन्त्री, नाता कुटुम्बी तथा मित्रहरूको साथसाथै युद्धमा मारिएको हो । महात्मा भरतले तपाईंहरूसँग मेरो भेट गराएका हुन् ॥२२-२४॥ जनक राजकुमारी सीताको वनमा हरण भएको सुन्दा सहायताका लागि यिनले तपाईंहरूलाई यहाँ

बोलाएका हुन्, त्यस वेलादेखि तपाईंहरू मेरो सहायता गर्नलाग्नुभएको छ ॥२५॥ यहाँ आएको धेरै दिन भइसक्यो अतएव अब आफ्नो आफ्नो घर पाल्नुभए बेश हुने थियो भन्ने मेरो विचार छ। यी राजाहरू पनि दङ्ग परेर रामचन्द्रलाई भन्नलागे ॥२६॥ यो बडो आनन्दको कुरा हो कि तपाईं विजयी हुनुभयो, राज्य गर्नलाग्नुभयो, सीतालाई फर्काएर ल्याउनुभयो र शत्रुको पनि विनाश गरिदिनुभयो ॥२७॥ तपाईंलाई विजयी र शत्रुविहीन भएको हेर्ने हाम्रो ठूलो इच्छा थियो, यसैमा हामीलाई ठूलो आनन्द लागेको छ। हे राम! अबलाई हाम्रो मनको अभिलाषा पूर्ण भयो ॥२८॥ हाम्रो यस्तो प्रशंसा गर्नु पनि तपाईं सुहाउँदै काम हो। हे प्रशंसा गरिन योग्यका राम! हामीले पो तपाईंको प्रशंसा गर्नुपर्ने हो तर कुन तरहले प्रशंसा गर्ने हो सो कुराको ता हामीलाई ज्ञानै छैन ॥२९॥ अब हामी तपाईंसँग बिदा भएर जान्छौं, तपाईं सदा हाम्रो अन्तस्करणमा वर्तमान रहनुहुन्छ। हे महाबाहु! तपाईं-प्रति हाम्रो ठूलो प्रेम छ, हामीमाथि पनि तपाईंको सधैं यस्तै प्रेम रहोस् भन्ने हाम्रो प्रार्थना छ। रामले "हुन्छ" भनेर यिनीहरूको कुरा स्वीकार गर्नुभयो। आफ्नो आफ्नो घर जान भनेर उत्सुक भएका राजाहरूले मनमा बडो प्रसन्न भएर हात जोरीकन रामचन्द्रलाई यस किसिमको निवेदन गरे। रामचन्द्र-बाट यथोचित सत्कार ग्रहण गरेर यिनीहरू आफ्नो आफ्नो देशतिर लागे ॥३०-३२॥

सर्ग—३९

सुग्रीवादि वानर तथा राक्षसहरूको रामचन्द्र सत्कार गर्नुहुन्छ।

यी महात्माहरू हजारौं घोडा र हात्तीले पृथ्वीलाई कम्पायमान गराउँदै प्रसन्नतासाथ आफ्नो आफ्नो देशतिर लागे ॥१॥ भरतको आज्ञाले रामचन्द्रको सहायताका लागि अनेक अक्षौहिणी सेना तैयार परेर बसेको थियो, यस फौजका सबै सैनिक दङ्ग परेका र हात्ती घोडा खूब बलिया थिए ॥२॥ सहायताका लागि आएका, बलको घमण्डमा चूर भइराखेका यी राजाहरू बाटोमा यस किसिमको कुरा गर्नलागे—हामीले आँखाअगाडि युद्धमा राम रावणलाई देख्नै पाएनौं ॥३॥ रावण मारिएपछि भरतले व्यर्थमा हामीलाई किन जम्मा पारे होलान्, अलि पहिले बोलाएको भए तापनि हामी जरूरै झटपट राक्षसहरूलाई मारिदिन्थ्यौं ॥४॥ राम र लक्ष्मणको पराक्रमले सुरक्षित रहेर हामी निर्भयसँग समुद्रपारि युद्ध गर्ने थियौं ॥५॥ यस तरहसँग नाना किसिमका हजारौं कुरा गर्दा गर्दै यी राजाहरू प्रसन्नतासाथ आफ्ना आफ्ना मुख्य मुख्य राजधानीमा पुगे। यस समयमा यिनीहरूको राजधानी धनधान्यादिले सम्पन्न, रत्नादिले परिपूर्ण र दङ्ग परेका बासिन्दाहरूले भरिभराउ भइराखेको थियो ॥६–७॥ कुशलपूर्वक उहाँ पुगेपछि यिनीहरूले रामचन्द्रको प्रसन्नताका लागि अनेक रत्न उपहार जस्तो गरेर पठाए ॥८॥ यससिवाय यी राजाहरूले घोडा, रथ, मतवाला हात्ती, उत्तम प्रकारका चन्दन, राम्रा राम्रा गहना, मूँगा, मणि, मोती, सुन्दरी कमारी, रंगी बिरङ्गी दोशाला र किसिम किसिमका वाहन इत्यादि अनेक चीजबीज पनि पठाए ॥९–१०॥ उपहारका यी चीजबीज लिएर भरत,

लक्ष्मण र शत्रुघ्न फेरि आफ्नो राजधानीमा फर्केर आए ।।११।। रमणीय अयोध्या नगरीमा आइपुगेपछि यी पुरुषश्रेष्ठहरूले उपहारका सबै रत्नादिहरू रामचन्द्रको सामुन्नेमा राखिदिए ।।१२।। महात्मा रामचन्द्रले प्रीतिपूर्वक यी सबै चीजबीज लिएर आफ्नो उपकार गर्ने सुग्रीव, विभीषणमा र जसको सहायताले आफू-लाई विजय प्राप्त भएथ्यो ती वानर र राक्षसहरूमा बाँडिदिनुभयो ।।१३–१४।। रामचन्द्रले दिएका यी रत्नलाई महाबली राक्षस र वानरहरूले आफ्नो टाउको र हातमा धारण गरे ।।१५।। यसपछि इक्ष्वाकुवंशी, महारथ, महाबली, कमलनयन रामचन्द्र हनुमान् र अङ्गदलाई काखमा राखेर सुग्रीवलाई भन्नलाग्नुभयो—हे सुग्रीव ! हेर्नुहोस् यी अङ्गद तपाईंका सुपुत्र र वायुपुत्र यी हनुमान् मन्त्री हुन् । यी दुवै जना राम्रो सल्लाह दिनामा तत्पर रहन्छन् र सदा मेरो हित गर्नामा दत्तचित्त रहन्छन्, तपाईंको यिनीहरूसित सम्बन्ध पनि छ अतएव विशेषरूपले यिनको सत्कार हुनुपर्दछ ।।१६–१८।। यति भनेर यशस्वी रामचन्द्रले आफ्नो शरीरबाट गहना झिक्नुभयो र अङ्गद तथा हनुमान्लाई यी सबै दामी गहना पहि-राइदिनुभयो ।।१९।। यसपछि महाराजले नील, नल, केसरी, कुमुद, गन्धमादन, सुषेण, पनस, मैन्द, द्विविद, जाम्बवान्, गवाक्ष, धूम्र, बलीमुख, प्रजंघ, सन्नाद, दरीमुख, दधिमुख, इन्द्रजानु आदि गरिएका महाबली सेनापतितिर प्रेमपूर्ण दृष्टिले हेर्नुभयो र बडो कमलो मधुरो स्वर झिकेर भन्नलाग्नुभयो—तपाईंहरू मेरो मित्र, शरीर तथा भाइ हुनुहुन्छ । हे वनवासी वानरहो ! तपाईंहरूले गर्दा विपत्तिबाट मेरो उद्धार भएको हो; राजा सुग्रीव धन्य हुन्, उनका मित्र तपाईंहरू धन्य हुनुहुन्छ ।।२०–२४।। यति भनेर रामचन्द्रले यिनीहरूलाई यथायोग्य धेरै धेरै मोल पर्ने हीरा जडिएका गहना लगाइदिनुभयो र सबैसित अंगालो हालेर भेट गर्नुभयो ।।२५।। महको जस्तो पहेंलो वर्ण भएका यी वानरहरू बास्ना आउने मह पिउँथे र असल मासु फल, मूल खान्थे । यस प्रकारसंग यिनीहरूले यहां एक महीनाभन्दा पनि बढ्ता बिताए तर, रामचन्द्रमाथिको भक्तिले गर्दा यिनीहरूलाई यो समय एक मुहूर्त्त जस्तो लाग्यो ।।२६–२७।। यता रामचन्द्र पनि यी कामरूपी वानर, महापराक्रमी राक्षस र बलिया बलिया राक्षसहरू-सित बस्न पाएकोमा बडो आनन्द मान्दथे ।।२८।। यस प्रकारसंग रहँदा रहँदैमा यी दङ्ग परेका वानर र राक्षसहरूले शिशिर ऋतुको दोस्रो महीना पनि यहाँ बिताए ।।२९।। इक्ष्वाकुराजाको रमणीय राजधानीमा प्रेमपूर्वक बस्न पाएको र रामचन्द्रबाट आदर सत्कार पाएकोले यिनीहरूको समय सुखसंग बित्नलाग्यो ।।३०।।

सर्ग—४०

वानर, राक्षस र भालूहरू रामचन्द्रकहाँबाट बिदा हुन्छन् ।

वानर, राक्षस र भालूहरू यस प्रकारसंग सुखपूर्वक बसिरहेका बखतमा एक दिन तेजस्वी रामचन्द्रले सुग्रीवलाई भन्नुभयो ।।१।। हे सौम्य ! अब तपाईं देवता र असुरहरूले समेत जित्न नसक्ने किष्किन्धा नगरीमा फर्केर जानुहोस् र आफ्ना मित्रहरूको सहायताले निष्कण्टक राज्यको पालना

गरेर बस्नुहोस् ।।२।। हे महाबाहु ! त्यहाँ अङ्गदलाई प्रीतिपूर्वकको कृपादृष्टिले हेर्नुहोला, हनुमान्, महाबली नल, आफ्ना ससुरा सुषेण, बलियाहरूमा अग्रगण्य तार, अजेय कुमुद, पराक्रमी नील, वीर शतबलि, मैन्द, द्विविद, गज, गवाक्ष, गवय, महाबली शरभ, अजेय महाबली ऋक्षराज जाम्बवान्, गन्धमादन, पराक्रमी ऋषभ, वानर पाटल, केशरी, शरभ, शुम्भ, महाबली शंखचूड र मेरा लागि जीव-दान गर्ने अरू अरू महात्माहरूलाई पनि कृपाको दृष्टिले हेर्नुहोला; यिनीहरूको मन दुःख्ने गरी केही नगर्नुहोला ।।३–८।। यति भनेर रामचन्द्रले वारंवार सुग्रीवलाई अंगालो हाल्नुभयो र मधुरो स्वर गरेर विभीषणलाई भन्नलाग्नुभयो ।।९।। तपाईं धर्मात्मा हुनुहुन्छ भन्ने मलाई थाहा छ, शहरवासी मन्त्री, राक्षस र तपाईंका दाजु कुवेर यी सबै तपाईंलाई माया गर्दछन्, तसर्थ अब जानुहोस् र धर्म्मपूर्वक लङ्काको शासन गर्नुहोस् ।।१०।। हे राजन् ! अधर्मपट्टि कहिले पनि बुद्धि नलगाउनुहोला, बुद्धिमान् राजाले अवश्यमेव धेरै कालसम्म राज्यको भोग गर्न पाउँछन् ।।११।। हे राजन् ! मेरो र सुग्रीवको सधैं संझना राख्नुहोला, अबलाई निश्चिन्त भएर प्रसन्नतासाथ यहाँबाट जानुहोस् ।।१२।। रामचन्द्रका यी कुरा सुन्दा भालु, वानर र राक्षसहरूले धन्य धन्य भनेर वारंवार उनको प्रशंसा गरे ।।१३।। हे महाबाहु ! तपाईंको बुद्धि र पराक्रम अद्भुत किसिमको छ, स्वयम्भू ब्रह्मामा झैं तपाईंमा सदा सर्वश्रेष्ठ मधुरता वर्तमान रहेको देखिन्छ ।।१४।। वानर, राक्षसादिहरूले यस प्रकारसंग बोलि-रहेको बखतमा हनुमान् बडो नम्र भएर रामचन्द्रलाई भन्नलागे ।।१५।।

हे रामचन्द्र ! तपाईंमाथिको मेरो प्रेम सदा कायम रहोस्, तपाईंमाथिको भक्ति सदा सर्वदा स्थिर रहोस् तथा मेरो मन अन्यत्र जान नपाओस् ।।१६।। हे रघुनन्दन ! जबसम्म यस पृथ्वीमा रामकथाको चल्ती रहनेछ तबसम्म निस्सन्देह मेरा प्राणले यस शरीरलाई नछाडून् ।।१७।। हे नरश्रेष्ठ ! तपाईंको यो पवित्र चरित्रको कथा अप्सराहरूले सधैं गाएर मलाई सुनाऊन् ।।१८।। हे वीर ! हे प्रभु ! तपाईंको चरितामृत श्रवण गर्न पाउनाले, हावाले बादलको टुक्रालाई उडाएझैं, म तपाईंको दर्शन नपाउनाले उत्पन्न भएको आफ्नो उत्कण्ठालाई दूर गरिदिनेछु ।।१९।। रामचन्द्रले सिंहासनबाट उठेर, यस प्रकारसंग बोलिरहेका हनुमान्लाई अंगालो हाल्नुभयो र स्नेहपूर्वक उनलाई भन्नलाग्नुभयो ।।२०।। हे कपिश्रेष्ठ ! तिमीले इच्छा गरेबमोजिम हुनेछ, यसमा केही सन्देह लिनुपर्दैन, मेरो यो कथाको लोकमा प्रचार रहेसम्म तिम्रो कीर्ति रहिरहनेछ र शरीरमा प्राण पनि स्थिर रहनेछ । जबसम्म यो संसार रहनेछ तबसम्म मेरो कथाको पनि प्रचार भइरहनेछ ।।२१–२२।। हे वानर ! तिमीले मेराउपर जति उपकार गरेका छौ तिनीहरूमध्ये एउटाबाट पनि म आफ्नो प्राणदान गरेर उऋण हुन सक्तिन, तिमीले गरेका बाँकी सबै उपकारका लागि हामी सदा सर्वदा ऋणी बनेर रहनेछौं ।।२३।। हे वानर ! तिमीले गरेका सबै उपकार मेरो शरीरभित्र पचिहालून् किनकि उपकारी विपत्तिमा ग्रस्त भएको वेलामा मात्र प्रत्युपकार गर्ने मौका पर्दछ ।।२४।। यति भनेर रामचन्द्रले वैदूर्य्य मणिले झल-झल भइराखेको, चन्द्रमासमानको चहकिलो हार आफ्नो घाँटीबाट झिकेर हनुमान्को घाँटीमा लगाइदिनु-

भयो ।।२५।। यो हार घाँटीमा लगाएपछि, आफ्नो शिखरमा उदाइराखेका चन्द्रमाले गर्दा सुमेरु पर्वतको जस्तो शोभा हुन्छ, त्यस्तै शोभा यी वानर हनुमान्को पनि हुनलाग्यो ।।२६।।

रामचन्द्रले यस प्रकारको कुरा गरेर बिदा दिएपछि महाबली वानरहरूले आफ्नो आफ्नो ठाउँबाट उठेर चरणमा टाउको राख्तै प्रणाम गरे र आफ्नो बाटो लागे ।।२७।। रामले, सुग्रीव र धर्मात्मा विभीषणलाई खूबसंग च्यापेर अंगालो हाल्नुभयो, यस बखतमा यी तीनै जनाको आँखाबाट आँसुको धारा बग्नलागेको थियो ।।२८।। रामचन्द्रलाई छाडेर जाँदा सबै दुःखले व्याकुल भए, मुखबाट कसैको पनि बोलि निस्केन । आँखाभरि आँसु गरेका यिनीहरू, मूर्च्छा पर्लान् जस्ता देखिए ।।२९।। रामचन्द्रले प्रसन्नतासाथ बिदा दिएपछि यिनीहरू, आत्माले शरीरलाई छाडेर गएझैं, आफ्नो आफ्नो घरतिर लागे ।।३०।। रघुकुलको कीर्ति बढाउने रामचन्द्रलाई प्रणाम गरेर, वियोगको आँसुले आँखा भरिभराउ पारी यी वानर, भालु र राक्षसहरू खास घरैको मानिस गएझैं आफ्नो आफ्नो देशतिर लागे ।।३१।।

सर्ग—४१

पुष्पक विमानको रामचन्द्रसित प्रार्थना ।

वानर, भालु र राक्षसहरूलाई बिदा दिएर पठाएपछि महाबाहु रामचन्द्रजी भाइहरूको साथमा बडो आनन्दसँग हर्ष मनाउनलाग्नुभयो ।।१।। केही कालपछि एक दिन तेस्रो प्रहरतिर भाइहरूलाई साथमा लिएर बसिराख्नुभएको रामचन्द्रले आकाशबाट आएको यो मधुरो बोली सुन्नुभयो ।।२।। हे सौम्य राम ! प्रसन्नतासाथ मतिर हेर्नुहोस्, कुवेरकहाँबाट फर्केर आएको म पुष्पक विमान हुँ ।।३।। हे नरश्रेष्ठ ! तपाईंको आज्ञाले म कुवेरको सेवा गर्न उनकहाँ गएको हुँ तर उहाँले मलाई यसो भन्नुभयो ।।४।। महात्मा राजा रामचन्द्रले अजेय राक्षसराज रावणलाई युद्धमा मारेर तिमीलाई समेत जित्नुभएको हो ।।५।। छोरा, मन्त्री, तथा नाता कुटुम्बी र साथीहरूको साथसाथै दुरात्मा रावण मारिएकोमा मलाई खूब खुशी लागिराखेको छ ।।६।। हे सौम्य ! परमपराक्रमी रामचन्द्रले तिमीलाई लङ्काबाट जितेर ल्याएको हो तसर्थ अब म तिमीलाई उहाँकै सवारी चलाउने आज्ञा दिन्छु ।।७।। समस्त लोकका आश्रय रामचन्द्रको सवारी तिमीले नै चलाउनुपर्दछ भन्ने मेरो ठूलो इच्छा छ अतएव मनमा कुनै प्रकारको फिक्री नलिएर उनकहाँ जाइहाल ।।८।। महात्मा कुवेरको यस प्रकारको आज्ञा पाएकोले म तपाईंकहाँ आइराखेको छु, निश्चिन्त भएर मलाई ग्रहण गर्नुहोस् ।।९।। मेरो प्रभावले गर्दा कुनै प्राणीको मेराउपर आक्रमण हुन सक्तैन, कुवेरको आज्ञाले तपाईंको इच्छाअनुसार म समस्त लोकमा विचरण गर्नेछु।।१०।। पुष्पक विमानले यसो भनेको सुन्दा महाबली रामचन्द्रजी फेरि आफूकहाँ फर्केर आएको उसलाई भन्नलाग्नुभयो ।।११।। हे विमानश्रेष्ठ पुष्पक ! तिमीले भनेको कुरा साँचो हो भने म तिम्रो स्वागत गर्दछु । कुवेरले कृपा गरेर पठाएको भए ता तिमीलाई ग्रहण गर्नामा मलाई सद्व्यवहारको उल्लंघन गर्ने दोष-

लाग्ने छैन ।।१२।। यसपछि रामचन्द्रले लावा, धूप, फूल आदि वस्तुले पुष्पकको पूजा गरेर उसलाई भन्नुभयो, अहिलेलाई जाऊ, मैले स्मरण गरेको वेलामा आउनु, आकाशमार्गतिरको तिम्रो यात्रा मङ्गलमय होओस् अर्थात् सिद्धहरूको श्राप परेर सङ्कटमा नपर्नुपरोस् । मबाट वियोग भएकोमा दुःख नमाने ।।१३–१४।। जुन दिशातिर इच्छा लाग्दछ जाऊ, कसैले तिमीलाई रोक्न सक्ने छैन । यति भनेर रामचन्द्रले पूजा गरेर उसलाई विदा दिनुभयो ।।१५।। पुष्पक विमान पनि रामचन्द्रको आज्ञा स्वीकार गरेर आफूले इच्छा गरेको दिशातिर लाग्यो ।

कृतार्थ भएर पुष्पक विमान यस प्रकारसँग अन्तर्धान भएपछि भरतजी हात जोरेर रामचन्द्रलाई भन्नलागे—हे वीर ! तपाईं देवतास्वरूप हुनहुन्छ । तपाईंका राज्य समयमा हामीले अनेक बाजि अमनुष्य प्राणी र पदार्थले मानिस झैं तपाईंसित कुरा गरेको देख्यौं । तपाईंको राज्याभिषेक भएको एक महीनाभन्दा बढ्ता भएको छैन तर यति समयमा नै सबै जीर्ण शरीर भएका बूढा प्राणीहरूसमेत नीरोग भइसके, यी कसैको मृत्यु भएको देखिन्न । आइमाईहरू विनाक्लेशले सुत्केरी हुन्छन् । मानिसहरू हृष्ट-पुष्ट भइराखेका छन् ।।१६-१९।। हे राजन् ! सबै पुरवासी खूबै दङ्ग परेका छन् । बादल वेलामा अमृतमय जलको वर्षा गर्दछन् ।।२०।। शीतल हावा सुखकारी र हितकारी भएर बहन्छ ! हे राजन् ! नगरवासी तथा राज्यवासीको हाम्रा यी राजाले धेरै कालसम्म राज्य गरून् भन्ने इच्छा छ । भरतका यी मीठा मीठा कुरा सुन्दा राजश्रेष्ठ रामचन्द्रजी बहुतै प्रसन्न हुनुभयो ।।२१-२२।।

सर्ग—४२

अशोकवाटिकाको वर्णन । रामचन्द्र सीतासंग उनको इच्छा सोध्नुहुन्छ ।

सुवर्णभूषित विमानलाई बिदा गरिसकेपछि महाबाहु रामचन्द्र अशोकवाटिकामा पस्नुभयो ।।१।। यो वाटिका चन्दन अगरु, आँप अग्ला अग्ला कालेयक र देवदारुका रूखले चारैतिरबाट शोभायमान भइराखेको थियो ।।२।। चम्पक, अगरु नागकेशर, महुआ, कटहर, साखू र धूमहीन आगोसमानका प्रकाशमान पारिजातका रूखले यो वन बडो रमणीय देखिएको दियो ।।३।। लोध, कदम्ब, अर्जुन, नागकेसर, सप्तपर्ण, अति मुक्तक, मन्दार, केरा तथा अरू अरू किसिमका लहरा र झाड़ीले यसलाई टम्म पारेर ढाकिराखेको थियो ।।४।। प्रियंगु, कदम, बकुल, जामुन, अनार र कोविदारको रूखले यो अलंकृत थिथो ।।५।। यी रूखमा सदा सर्वदा फूल फुल्दथे र राम्रा राम्रा फलसमेत लाग्दथे, यी फल देख्नामा राम्रा र दिव्य गन्ध तथा रसले परिपूर्ण रहन्थे, भर्खर भर्खर लागेका टुसा र पातले गर्दा यहाँका रूख बडा राम्रा देखिन्थे ।।६।। विरुवा लगाउनामा सिपालु भएका मालीले यी दिव्य रूख बडो राम्रो ढाँचासंग लगाएका थिए । यी रूखमा राम्रा राम्रा पात र फल लहलह भइराखेका थिए र भ्रमराहरू बथानका बथान यिनमा भूँ भूँ गरिरहन्थे ।।७।। आँपका रूखमा बसेका र मुजुराको परागले गर्दा रङ्गी विरङ्गी देखिएका, कोइली, भृङ्गराज आदि गरिएका नाना किसिमका सयकडाँ चरा-

चुरुङ्गीले यस वनको शोभा बढाइराखेका थिए ॥८॥ यहाँका रूखहरूमा कोही सुनको जस्तो रंग भएका, कोही आगोको ज्वाला जस्ता, र कोही नीलो गाजलको थुप्रो जस्तै देखिन्थे। यी रूखले गर्दा यो वाटिका बडो रमाइलो भइराखेको थियो ॥९॥ खूब बास्ना आउने फूल र किसिम किसिमका फूलका झुप्पाले मनलाई दङ्ग पारिदिन्थे। स्वच्छ जलले टम्म भरिएका ठूला साना किसिमका पोखरी यहाँ देखिन्थे ॥१०॥ तलाउभित्र पस्नाको निम्ति माणिक जडेका सिंढी थिए र तलाउको भूईंमा स्फटिक छापिराखेको थियो, चक्रवाकले शोभायमान भइराखेका फूल फुलेका कमलको वन यहाँको जलमा देखिन्थ्यो ॥११॥ चक्रवाक, पपीहा, सुगा, हाँस र सारसको मीठो स्वर पनि यहाँ सुनिन्थ्यो, लटरम्म फूल फुलिराखेका तीरका रूखले गर्दा यी पोखरीको शोभा बढिराखेको थियो ॥१२॥ किसिम किसिमका पर्खाल र ढुङ्गाले यो वाटिका सुशोभित थियो। यहाँ उम्रेका साना साना घाँस देख्ता वैदूर्यमणि छरिराखेको हो कि भन्ने भान पर्दथ्यो। फुलिराखेका फूलले हावाको झोंक्काले आपसमा ठक्कर खानाले झरेर तलको ढुङ्गालाई टम्म पारेर ढाकिदिएका थिए। रूखहरूको आपसको रगडले, तल झरिराखेका फूलले गर्दा ताराहरूले खचिखचाउ भएको आकाशको जस्तै त्यहाँको शोभा देखिनलागेको थियो। इन्द्रको नन्दन वन र ब्रह्माले बनाएको कुवेरको चैत्ररथ वनको जस्तो शोभा देखिन्छ त्यस्तै शोभा रामचन्द्रको यस अशोक वनको पनि देखिनलागेको थियो।

ठाउँ ठाउँमा बनिराखेका आसन, धेरै मानिस बस्न हुने घर तथा लतागृहले शोभायमान भइराखेको यस विशाल अशोकवाटिकाभित्र प्रवेश गरेर रामचन्द्रजीले फूलै फूलले शोभित भइराखेको, कमलो कुश ओछ्याइराखेको एउटा आसनमा बस्नुभयो र इन्द्रले इन्द्राणीलाई ख्वाएझैं उहाँले आफ्नै हातले मैरेय नाम गरेको एक थरीको शुद्ध मद्य सीतालाई ख्वाउनुभयो। नोकरहरूले झटपट रामचन्द्रको भोजनका लागि त्यहाँ उत्तम मासु तथा किसिम किसिमका फल-फूल लिएर आए। यस समयमा नाच गानमा सिपालु भएका रूपवती अप्सराहरू, मद्यपानले अलि मस्त परेका नागकन्या तथा दक्षिण देशका सुन्दरी स्त्रीहरूको साथमा रामचन्द्रको अघिल्तिर नाच गान गर्नलागे। मनलाई लट्ठ पार्ने, सबै प्रकारले सजिसजाउ भएका यी स्त्रीहरूलाई धर्मात्मा, रमण गर्नेहरूमध्येका श्रेष्ठ रामचन्द्रले क्रीडा गर्ने आज्ञा दिनुभयो। यस बखतमा सीताको साथमा बसिराख्नुभएको रामचन्द्रको शोभा अरुन्धतीको साथमा बसिराखेका तेजस्वी वशिष्ठको जस्तै भइराखेको थियो। यस प्रकारसंग रामचन्द्रजी देवकन्या-समानकी सीतालाई देवताले झैं रोज रोज सन्तुष्ट गर्नलाग्नुभयो। सीता र रामले यस प्रकारसंग विहार गर्दा गर्दैमा धेरै समय बित्न गयो। अनेक प्रकारका भोग-विलासमा, मोज-मज्जा गर्ने योग्यको शिशिर ऋतु पनि वितिहाल्यो ॥१३–२६॥

एक दिन धर्मज्ञ रामचन्द्र मध्याह्नसम्ममा आफ्ना सबै धर्मकृत्य सिध्याएर बाँकी बचेको दिन विताउनाका लागि अन्तःपुरभित्र पस्नुभयो ॥२७॥ सीता पनि पूर्वाह्णसम्ममा सबै देवकार्य सिध्याएर विना कुनै किसिमको भेद-भावले सबै सासूहरूको सेवामा लाग्नुहुन्थ्यो ॥२८॥ यस दिन सीता राम्रा

राम्रा लुगा र गहना पहिरेर स्वर्गमा बस्ने इन्द्रनेर शची गएझैं, रामचन्द्रनेर जानुभयो ।।२९।। आफ्नी पत्नी सीतामा कल्याणमय गर्भको चिह्न देख्ता रामचन्द्र बडो खुशी भएर उनको प्रशंसा गर्नलाग्नुभयो ।।३०।। देवकन्यासमानकी सुन्दरी सीतालाई उहाँले भन्नुभयो—हे देवी ! तिम्रो छोरा उत्पन्न हुने समय नजीक आइराखेको छ । हे सुन्दरी ! भन, तिम्रो के इच्छा छ ? तिमीले इच्छा गरेको कुरा म पुर्‍याइदिन्छु । सीताले हाँसेर रामचन्द्रलाई भन्नुभयो ।।३१-३२।। हे रामचन्द्र ! यस बखतमा गङ्गा-को तीरमा बस्ने, उग्र तपस्यामा लागेका ऋषिहरूको पवित्र आश्रम हेर्ने मेरो इच्छा भइराखेको छ ।।३३।। फलमूलको आहार गर्ने ऋषिहरूनेर म बस्न चाहन्छु । हे राम ! फल मूल खाएर बस्ने ऋषिहरूको आश्रममा कमसे कम एक रात बिताउन पाए हुँदो हो भन्ने मेरो मनमा उत्कट इच्छा भइराखेको छ । पुण्यात्मा रामचन्द्रले पनि हुन्छ तिम्रो इच्छा पूर्ण गरिदिन्छु भन्ने प्रतिज्ञा गर्नुभयो । हे वैदेही ! निश्चिन्त भएर भोलि अवश्य जान पाउनेछ्यौ ।।३४-३५।। जनकपुत्री सीतालाई यति भनेर रामचन्द्रजी आफ्ना मित्रहरूलाई संग लिएर महलको बिचल्लो खण्डमा आउनुभयो ।।३६।।

सर्ग—४३

सीताको बारेमा चलेको लोकापवाद रामचन्द्रको कानमा पर्दछ ।

महाराज रामचन्द्र यहाँ आएर बसेपछि किसिम किसिमका कथा सुनाएर रामचन्द्रलाई हँसाउनामा सिपालु ठहरिएका मानिसहरू, उहाँका सेवामा उपस्थित भए ।।१।। विजय, मधुमत्त, काश्यप, मङ्गल, कुल, सुराजि, कालिय, भद्र, दन्तवक्त्र, सुमागध यी सबै प्रसन्नतासाथ हाँसो उठ्ने अनेक किसिमका कथा महात्मा रामचन्द्रको अगाडि भन्नलागे ।।२-३।।

कुनै कथाप्रसङ्गमा रामचन्द्रले भन्नुभयो—हे भद्र ! अचेल शहरमा र राज्यमा कुन कुराको चर्चा भइरहेको छ ? ।।४।। मेरो विषयमा, सीताको विषयमा, तथा भरत लक्ष्मणको बारेमा शहरवासी र राज्यवासी के भन्दछन् ? हामीहरूको सम्बन्धमा यिनीहरूको कस्तो विचार छ ।।५।। शत्रुघ्न तथा महतारी कैकेयीको विषयमा यिनीहरूको कस्तो राय छ ? वनवासीहरूमा तथा राज्यवासीहरूमा राजाको निन्दा हुनु स्वाभाविकै कुरो हो ।।६।।

रामचन्द्रको यो प्रश्न सुन्दा भद्र हात जोरेर भन्नलाग्यो—हे महाराज ! पुरवासीहरूमा कसैको मुखबाट तपाईंको निन्दा सुनिएको छैन ।।७।। हे पुरुषश्रेष्ठ ! रावणको वधद्वारा प्राप्त भएको यस विजय-लाई लक्ष्य गरेर पुरवासीहरू आफ्नो आफ्नो घरमा अनेक किसिमको कुरा गर्दछन् ।।८।। भद्रको यो कुरा सुन्दा रामचन्द्रले उनीहरूको मुखबाट जस्तो सुनेका छौ, सो जस्ताको तस्तै गरेर सुनाऊ भन्नु-भयो ।।९।। नगरवासीहरूले खराब, असल जे जे कुरा भनेका छन् सो मलाई भन, यिनीहरूको कुरा सुनेपछि म असल काम गर्न थाल्नेछु, खराब चाहिं छोडिदिनेछु ।।१०।। हे भद्र ! मैले भनेकोमा

विश्वास गर र निश्चिन्त तथा निडर भएर पुरवासी र राज्यवासीहरूले मेरो विषयमा निन्दा गरेको कुरा भन ॥११॥

रामचन्द्रले यसो भनेको सुन्दा भद्र सावधानीसाथ, हात जोरी मधुरो स्वर झिकेर उहाँलाई भन्न-लाग्यो ॥१२॥ हे राजन् ! पुरवासीहरू बजार, वन, उपवन, पसल, चार दोबाटो र गल्ली गल्लीमा जो असल र खराब कुरो भनी भनी हिंड्दछन् सो म भन्दछु, सुन्नुहोस् ॥१३॥ रामचन्द्रले समुद्रमा पुल बाँध्ने जो काम गर्नुभयो सो बडो अचम्म लाग्ने काम हो, उहिलेका देवता र दानवहरूले समेत यस्तो पुल बाँधेका छन् भन्ने सुनिएको छैन ॥१४॥ सेना र वाहनसहित रावणको बध गर्ने काम पनि गाह्रो हो । वानर, राक्षस र भालूहरूलाई आफ्नो वशमा ल्याउनुभयो ॥१५॥ तर युद्धमा रावणलाई मारेर आफ्नो क्रोधलाई त्यहीं शान्त गरी सीतालाई उहाँले आफ्नो घरमा लिएर आउनुभयो ॥१६॥ रामचन्द्रको हृदयमा सीतासँग संभोग गर्ने इच्छा कस्तो बलियोसँग जमिराखेको रहेछ । जुन सीतालाई रावणले बलजफ्ती आफ्नो काखमा राखेर लङ्कामा लिएर गयो र जसले अशोकवाटिकामा राक्षसीहरू-को अधीनमा परेर बस्नुपरेथ्यो तिनै सीतालाई रामचन्द्रले निन्दित नसम्झेर त्याग गर्नुभएन ॥१७-१८॥ अब ता हामीहरूले पनि आफ्ना आफ्ना स्वास्नीहरूको यस किसिमको अपराध सहनुपर्नेछ, कारण राजा जसो गर्दछन् प्रजा पनि सोही अनुसारको व्यवहार गर्दछन् ॥१९॥ हे राजन् ! समस्त नगर तथा राज्यमा प्रजाहरू यस सम्बन्धमा अनेक कुरा गर्दछन् ॥२०॥

भद्रको मुखबाट निस्केको यो कुरा सुन्दा रामचन्द्रले बडो दिक्दार भएर आफ्ना मित्रहरूतिर हेरेर भन्नुभयो—के प्रजाहरूले मेरो सम्बन्धमा यस्तो कुरा भनेको साँचो हो त ? ॥२१॥ यहाँ बसेका सबै सभासदहरूले तल भूइँसम्म टाउको निहुराएर, रामचन्द्रलाई प्रणाम गरी, बडो निदाउरो मुख लगाएर यथार्थमा यिनले भनेको कुरा साँचो हो भन्ने जवाफ दिए । ॥२२॥ सबैको मुखबाट यो कुरा सुनेपछि, शत्रुसंहारी रामचन्द्रले त्यहाँ जम्मा भएका आफ्ना सबै मित्रहरूलाई जानू भनी बिदा दिनु-भयो ॥२३॥

सर्ग—४४

राम, भरत, लक्ष्मण र शत्रुघ्नलाई बोलाउन पठाउनुहुन्छ ।

मित्रहरूलाई बिदा दिएर पठाइसकेपछि रामचन्द्रले आफूले गर्नुपर्ने कर्तव्यको निश्चय गर्नुभयो र नजीकै बसिराखेको ढोकेलाई भन्नुभयो ॥१॥ झट्टै शुभलक्षणले युक्त भएका, सुमित्राका छोरा लक्ष्मण, महाभाग भरत र कहिले पनि पराजित नहुने शत्रुघ्नलाई लिएर आऊ ॥२॥ ढोकेले टाउकोमाथि हात जोरेर रामचन्द्रको आज्ञा सुन्यो र तुरन्तै कतै नअडीकन लक्ष्मणको महलभित्र प्रवेश गर्‍यो ॥३॥ जय जयकारको शब्द गरेर हात जोरीकन उनलाई भन्यो—महाराजले तपाईंलाई भेट्न खोज्नुभएको छ तसर्थ अलमल नगरी झट्टै जाइहाल्नुहोस् ॥४॥ लक्ष्मणले रामचन्द्रको आज्ञा सुन्नासाथ "हुन्छ" भने

र झट्टै रथमा सवार भई दाजुको महलतिर लागे ॥५॥ लक्ष्मण जानलागेको देखेपछि ढोके भरतकहाँ गयो र जय जयकारको शब्द गरिसकेपछि हात जोरेर नम्रतापूर्वक उनलाई भन्यो—महाराज तपाईंलाई भेट्न चाहनुहुन्छ । द्वारपालको मुखबाट रामचन्द्रको आज्ञा सुन्नासाथ महाबली भरत झटपट आफ्नो आसनबाट उठेर पैदलै जानलागे । भरत गएको देखेपछि ढोके झटपट शत्रुघ्नकहाँ गयो र हात जोरेर भन्नलाग्यो—हे रघुश्रेष्ठ ! पाल्नुहोस्, महाराजले तपाईंसित भेट गर्न खोज्नुभएको छ ॥६-९॥ लक्ष्मण र यशस्वी भरत अघि नै गइसके । द्वारपालको यो कुरा सुन्नेबित्तिकै शत्रुघ्न बसेको ठाउँबाट उठिहाले र टाउको निहुराएर पृथ्वीलाई प्रणाम गरी रामचन्द्रकहाँ जान भनी हिंडे । ढोकेले पनि रामचन्द्रकहाँ फर्केर आएर हात जोरेर सबै भाइ उपस्थित भइसके भनेर निवेदन गऱ्यो । भाइहरू आएको खबर पाएपछि चिन्ताले आकुल व्याकुल परिराखेका रामचन्द्रले टाउको निहुराएर बडो दीनतासँग ढोकेलाई भाइहरूलाई झट्टै मकहाँ लिएर आउनू भन्ने आज्ञा दिए ॥१०-१३॥ आफ्नो प्राणभन्दा पनि बढता मलाई यिनीहरूको माया लाग्दछ, मेरो जीवन नै यिनीहरूको अधीनमा छ भन्ने कुरासमेत ढोकेलाई सुनाए ।

आज्ञा पाउनासाथ सेतो वस्त्र पहिरिराखेका राजकुमारहरू विनयपूर्वक हात जोरेर बडो सावधानीसँग रामचन्द्र भएको ठाउँमा गए । भित्र पस्नासाथ यी राजकुमारहरूले बुद्धिमान् रामचन्द्रको मुख, राहुले ग्रसेको चन्द्रमा जस्तो, सन्ध्याकालका अस्ताउनलागेका प्रभाहीन सूर्य जस्तो, आँसुले आँखा टम्म भरिएको र शोभाहीन कमल जस्तै भइराखेको देखे ॥१४-१६॥ झटपट रामचन्द्रको चरणमा ढोग दिएर यिनीहरू बडो सावधान भई उभिइरहे तर रामचन्द्रको भने केवल आँखाबाट आँसु झर्नलागे ॥१७॥ महाबली रामचन्द्रले यिनीहरूलाई उठाएर अँगालो हाल्नुभयो र बस भन्ने आज्ञा दिएर भन्नलाग्नुभयो ॥१८॥ हे नरश्रेष्ठहो ! तिमीहरू नै मेरा सर्वस्व हौ, मेरा जीवन हौ, तिमीहरूले दिएको राज्यको म शासन गर्नलागेको छु । तिमीहरू सबै शास्त्रमा पारङ्गत भइसकेका छौ र तिमीहरूको बुद्धि पनि प्रामाणिक छ अतएव मैले आफ्नो बुद्धिद्वारा निश्चय गरेको कुराको तिमीहरूले समर्थन गर्नुपर्दछ ॥१९-२०॥ रामचन्द्रको कुरा यिनीहरू बडो सावधान भएर सुनिरहेका थिए तर राजाले के भन्ने हो भन्ने आशङ्काले यिनीहरूको मन व्याकुल भइराखेको थियो ॥२१॥

सर्ग—४५

रामचन्द्र, लक्ष्मणलाई सीतालाई गङ्गाको तीरमा छोडेर आउन भन्छन् ।

खिन्न मन भएका राजकुमारहरू आफ्ना आफ्ना ठाउँमा बसिसकेपछि झ्याउरो मुख लगाएका रामचन्द्र उनीहरूलाई भन्नलागे ॥१॥ तिमीहरूको कल्याण होस्, एकाग्र मनले मैले भनेको कुरा सुन, पुरवासीहरूमा सीताको बारेमा कस्तो कुरा चलेको छ सो म भन्दछु, सुन ॥२॥ पुरवासीहरूमा र

राज्यवासीहरूमा मेरो सम्बन्धमा यस्तो भयानक अपवाद फैलिनलागेको छ कि यसलाई सुन्दैमा मुटु छिया छिया भइहाल्दछ ॥३॥ म महात्मा इक्ष्वाकुहरूको कुलमा जन्मेको हुँ, उता सीता पनि महात्मा जनकको उत्तम वंशमा उत्पन्न भएकी हुन् ॥४॥ हे वत्स ! रावणले निर्जन दण्डकवनबाट सीतालाई हरेर लगेको र मैले उसको संहार पारेको कुरा तिमीलाई थाहै छ ॥५॥ लंकामा छँदाखेरि यतिका दिनसम्म राक्षसकहाँ बसेकी सीतालाई मैले कसरी घर लैजाने हो भन्ने कुराको पनि विचार गरेको हुँ ॥६॥ हे लक्ष्मण ! उहाँ आफ्नो पातिव्रत्यको विश्वास पार्नाका लागि सीताले आगोमा प्रवेश गरि-थिन्, तिम्रो र देवताहरूको सामुन्नेमा अग्निले तथा आकाशचारी वायुले यिनलाई पापरहित ठहऱ्याएका थिए । देवता र ऋषिहरूको सामुन्नेमा चन्द्र र सूर्यले समेत यी सीता निष्पाप छिन् भन्ने कुरा भनेका थिए । यस्ती शुद्धचरित्रा सीतालाई लङ्कामा इन्द्रले, देवता र गन्धर्वहरूको अगाडि मेरो हातमा सुम्पेका हुन् । मेरो अन्तरात्माले समेत यशस्विनी सीता शुद्ध छिन् भन्ने संझेको छ ॥७–१०॥ यसै कारणले सीतालाई लिएर म अयोध्यामा आएको हुँ, तर अहिले पुरवासी र राज्यवासीहरूमा फैलिन-लागेको यो ठूलो अपवादले मेरो मुटु घोच्नलागिरहेको छ ॥११॥ लोकमा जसको निन्दा हुन्छ त्यसले अधमलोकमा खस्नुपर्दछ र जहिलेसम्म अपयश भइरहन्छ तबसम्म त्यसले अधमलोकमा बास गर्नुपर्दछ । हे भाइहो ! देवताहरूसमेत अकीर्तिको निन्दा गर्दछन्, कीर्तिको भने सबै लोकमा पूजा हुन्छ ॥१२-१३॥ यसै कारणले महात्माहरू कीर्तिका लागि सब किसिमको उद्योग गर्दछन् । हे पुरुषश्रेष्ठहो ! यस अपवादको डरले म आफ्नो प्राण तथा तिमीहरूको समेत परित्याग गर्न सक्तछु भने सीताको ता कुरै छैन, तिमीहरू नै हेर, यस अकीर्तिले गर्दा म कस्तो शोकसागरमा डुबिराखेको छु ॥१४-१५॥ योभन्दा बर्ता दुःख कुनै प्राणीलाई पर्ला जस्तो लाग्दैन । हे लक्ष्मण ! भोलि बिहानै सुमन्त्रलाई रथ जोत्न लगाएर रथमा सवार होऊ र सीतालाई समेत त्यसमा चढाएर मेरो राज्यबाहिर उनलाई छाडेर आऊ । गङ्गाको पारिपट्टि तमसाको किनारमा महात्मा वाल्मीकिको दिव्य आश्रम छ, त्यहींको निर्जन स्थानमा यिनलाई छाडेर आऊ ॥१६–१८॥ हे लक्ष्मण ! उहाँ पुग्नासाथ झट्टै फर्किहाले । मैले भनेको यति कुरा मान । सीताको परित्यागको विषयमा तिमीले मसित केही कुरा पनि नगर्नू ॥१९॥ हे लक्ष्मण ! अब तिमी जाऊ, यस विषयमा अरू थरीको विचार नगरे । मेरो यो भनाइको विरुद्धमा केही भन्यौ भने म अप्रसन्न हुनेछु ॥२०॥ हे भाइहो ! यस विषयमा मसित कुनै प्रकारको विन्ति नगर्नू भनेर म तिमीहरूलाई आफ्ना यी खुट्टा र जीवन सझेर किरिया हाल्न लगाउँछु । कसैले मेरो यस काममा विघ्न पार्न खोज्यो भने त्यो सदाका लागि मेरो कुभलो गर्ने संझिने छ ॥२१॥ तिमीहरू मेरो आज्ञाअनुसार चल्ने छौ भने मैले भनेको मान, सीतालाई यहाँबाट लगेर मेरो आज्ञा पूरा गर ॥२२॥ सीताले म गङ्गातिरका आश्रम हेर्न चाहन्छु भनेर पहिले नै भनिसकेकी छन् अतएव यिनको यो अभि-लाषा पूरा गराइदेऊ ॥२३॥

यति भन्दा भन्दैमा धर्मात्मा रामचन्द्रको आँखाभरि आँसु हुन गयो र आफ्ना भाइहरूलाई संग

लिएर यिनी आफ्नो महलभित्र पसे । शोकले गर्दा यिनको हृदय आकुल व्याकुल भइराखेको थियो र हात्तीले झैं लामो लामो साँस फेर्न लागेका थिए ॥२४॥

सर्ग—४६

लक्ष्मण सीतालाई रथमा बसालेर लैजान्छन् ।

रात बितेर बिहान भएपछि मनमा दुःखित भइराखेका लक्ष्मण झ्याउरो मुख लगाएर सुमन्त्रलाई भन्नलागे ॥१॥ हे सारथे ! राजाको आज्ञा भएकोले झट्टै छिटो छिटो दगुर्ने घोडा रथमा जोतिहाल र सीताका लागि त्यहाँ असल ओछ्यान बिछ्याइदेऊ ॥२॥ राजाको आज्ञाले मैले पुण्यात्मा ऋषिहरूको आश्रममा सीतालाई पुऱ्याउनुपरेको छ तसर्थ झट्टै रथ ल्याइहाल ॥३॥ यस आज्ञालाई शिरोपर गरी सुन्दर र बस्न सुविस्ता हुने ओछ्यान बिछ्यानको तथा तेजिला घोडा जोतिएको रथ तैयार पारेर सुमन्त्रले, मित्रहरूको मान बढाउने लक्ष्मणलाई निवेदन गरे—हे प्रभु ! रथ ता आइसक्यो, अब जे गर्नुपर्ने हो सो गर्नुहोस् ॥४-५॥

सुमन्त्रको यो कुरा सुनेपछि नरश्रेष्ठ लक्ष्मणजी राजभवनभित्र प्रवेश गरेर सीताछेउ निवेदन गर्न-लागे ॥६॥ तपाईंले महाराजसंग आश्रममा जाने प्रार्थना गर्नुभएथ्यो र उहाँले त्यहाँ पठाउने प्रतिज्ञा पनि गर्नुभएथ्यो । महाराजले तपाईंलाई आश्रममा लैजानू भन्ने मलाई आज्ञा दिनुभएको छ ॥७॥ राजाको आज्ञा भएकोले म झट्टै तपाईंलाई गङ्गातीरवासी मुनिहरूको आश्रममा पुऱ्याइदिन्छु ।

महात्मा लक्ष्मणको यो कुरा सुन्दा सीताले बडो प्रसन्न भएर त्यहाँ जाने आफ्नो इच्छा प्रकट गरिन् र वस्त्र तथा नाना प्रकारका बहुमूल्य रत्न लिएर जान तैयार परी भन्नलागिन्—मुनिपत्नीहरू-लाई यी गहना, धेरै धेरै मोल पर्ने यी असल लुगा र किसिम किसिमका धन लगेर दिन्छु । लक्ष्मणले पनि "हुन्छ" भनेर सीतालाई रथमा बसाले ॥८–१२॥ लक्ष्मणले पनि रामचन्द्रको आज्ञा स्मरण गरेर छिटो दगुर्ने घोडा जोतिएको रथमा सवार भई त्यहाँबाट प्रस्थान गरे ।

बाटोमा सीता लक्ष्मीको वृद्धि गर्ने लक्ष्मणलाई भन्नलागिन् ॥१३॥ हे रघुनन्दन ! यस बखतमा म अनेक अपशकुन देख्नलागेकी छु । दाहिने आँखा फर्फराउन र जम्मै शरीरमा कम्प छुट्नलागेको छ ॥१४॥ हे लक्ष्मण ! मेरो मन हडबडाइरहेको जस्तो लाग्दछ, ठूलो उत्कण्ठा र अधैर्यले मलाई सताउनलागेको छ ॥१५॥ हे विशाललोचन ! म जम्मै पृथ्वीलाई शून्य देखिरहेकी छु, हे भ्रातृ-वत्सल ! तिम्रा दाजुलाई ता केही अमङ्गल भएको छैन ? ॥१६॥ हे वीर ! मेरा सबै सासूहरूको सब तरहबाट कल्याण होस्, शहर तथा राज्यका सबै प्राणी कुशल रहून् ॥१७॥ यति भनेर सीता हात जोरेर देवताहरूलाई प्रार्थना गर्नलागिन् । सीताको मनभित्रको अभिप्राय बुझेकोले लक्ष्मणले टाउको निहुराएर प्रणाम गरी सबैलाई कुशल छ भन्ने कुरा निवेदन गरे । यस समयमा हृदय सुक्खा हुनलागेको भए तापनि लक्ष्मणले प्रसन्न भए जस्तै गरेर कुरा गरे ।

गोमतीको तीरमा पुगेपछि यिनीहरू त्यहाँको आश्रममा राती बास बसे ॥१८-१९॥ बिहान हुनासाथ लक्ष्मणले उठेर सारथिलाई भने—झट्टै रथ जोतिहाल; जसरी शिवजीले आफ्नो पराक्रमद्वारा गंगालाई मस्तकमा धारण गरेथे त्यसै गरी आज म पनि गङ्गाजल शिरमा लगाउँछु । यो आज्ञा पाउने-बित्तिकै सारथिले मन जत्तिकै छिटो दगुर्ने घोडाहरूलाई एक्कै छिन टहलाएर रथमा जोतिदिए ॥२०-२१॥ सारथिले हात जोरेर सीतालाई रथमा सवार हुनाको निम्ति विन्ति गरे । सीता पनि सारथिले भन्नासाथ उत्तम रथमा चढिहालिन् ॥२२॥ लक्ष्मण र बुद्धिमान् सुमन्त्रको साथमा विशालाक्षी सीता पाप विनाशिनी गङ्गाको तीरमा पुगिन् ॥२३॥ आधा जति दिन बितेपछि लक्ष्मण गङ्गाको तीरमा पुगे । गङ्गालाई देख्ता दुःखमा परेका लक्ष्मण डाँको छाडेर रुनलागे ॥२४॥

अहिलेसम्म धर्मात्मा सीता सावधानै थिइन् तसर्थ लक्ष्मणलाई यसरी आत्तिएको देख्ता सोध्न-लागिन्—हे लक्ष्मण ! तिमी किन रुन्छौ ? ॥२५॥ धेरै दिनदेखि मलाई गङ्गाको तीरमा आउने इच्छा लागिराखेको थियो । हे लक्ष्मण ! यस्तो हर्षको वेलामा किन तिमी मलाई दुःखिनी बनाइरहेका छौ ? ॥२६॥ हे पुरुष ! तिमी ता दिन रात रामचन्द्रको साथमा समय बिताउँछौ, आज दुइ दिन उनलाई देख्न नपाउँदा यस्तो ताप गर्नु ता अचम्भै हो ॥२७॥ हे लक्ष्मण ! म पनि रामलाई आफ्नो प्राणभन्दा बढ्ता माया गर्दछु तर मैले ता तिमीले झैं शोक गरेकी छैन, यस्तो मुर्ख्याइँ नगर ॥२८॥ मलाई गङ्गाको पारिपट्टि लगिदेऊ र त्यहाँ मुनिहरूको दर्शन गराइदेऊ । आज उनीहरूलाई वस्त्र आभूषण दिने मेरो इच्छा छ ॥२९॥ यथायोग्य महर्षिहरूको अभिवादन गरेर हामी त्यहाँ एक रात बस्नेछौं र अनि भोलि-पल्ट अयोध्यातिर फर्कनेछौं ॥३०॥ कमलको जस्तो आँखा, सिंहको जस्तो विशाल छाती र पातलो कम्मर भएका रामचन्द्रको कहिले दर्शन गर्न पाइएला भनेर मेरो मन पनि उत्कठित भइराखेको छ ३१॥

सीताका यी कुरा सुनेपछि शत्रुसंहारी लक्ष्मणले आँखा पुछेर माझीहरूलाई बोलाए । माझीहरूले पनि बोलाउनासाथ हाजिर भई हात जोरेर डुङ्गा तय्यार छ भनी निवेदन गरे ॥३२॥ गङ्गा पार गर्ना-का लागि लक्ष्मण डुङ्गामा बसे । यस प्रकारसंग यिनले सावधानीसाथ सीतालाई पारि पुऱ्याए ॥३३॥

सर्ग—४७

लक्ष्मण सीतालाई रामचन्द्रले उहाँको परित्याग गरेको समाचार सुनाउँछन् ।

यसपछि लक्ष्मणले, माझीले ल्याएको, सजिसजाउ परेको, ठूलो डुङ्गामा पहिले सीतालाई बसाले र अनि आफू बसे ॥१॥ लक्ष्मणले शोकले विह्वल भएर सुमन्त्रलाई रथ त्यहीं अडाइराख्ने र माझी-हरूलाई डुङ्गा चलाउने हुकूम दिए ॥२॥

गङ्गाको पारिपट्टि पुगेपछि लक्ष्मण आँखाभरि आँसु गरी हात जोरेर सीतालाई भन्नलागे ॥३॥ हे देवी ! बुद्धिमान् राजाले यस्तो निन्दित काममा खटाएर लोकसमाजमा मलाई निन्दाको पात्र बनाइ-दिनुभयो, यो काम काँढा जस्तो भएर मेरो मुटु छेड्नलागेको छ ॥४॥ यस्तो काम गर्नुको सट्टामा बरु

मेरो मृत्यु भएको भए बेश हुने थियो अथवा मृत्युभन्दा पनि बढ्ता कुनै खराब कुरो छ भने त्यो भए पनि हुन्थ्यो, यस्तो निन्दित काममा नियुक्त हुनु ता सर्वथा बेश होइन ॥५॥ हे सीता ! मदेखि प्रसन्न रहनुहोस्, मलाई दोष नदिनुहोस् । यति भनेर लक्ष्मण हात जोरेको जोरै भूइँमा ढलिहाले ॥६॥

लक्ष्मणलाई हात जोरेर रुनलागेको र आफ्नो मृत्युको चाहना गरेको देख्ता सीता आकुल व्याकुल परेर भन्नलागिन् ॥७॥ हे लक्ष्मण ! यो के कुरा हो, मैले ता बुझ्न सकिन, यथार्थ कुरा मलाई भन, म तिमीलाई यसरी व्याकुल परेको देख्न सक्तिन । महाराज ता कुशल होइबक्सिन्छ ? ॥८॥ हे लक्ष्मण ! के कारणले तिमीलाई यस्तो कष्ट भएको हो सो कुरा ठीक ठीकसंग भनेनौ भने तिमीलाई महाराजलाई मारेको पाप लाग्नेछ । म तिमीलाई यस्तै आज्ञा दिन्छु ॥९॥

सीताले यसरी किरिया हाल्न लगाएर सोधेको सुन्दा, चित्त खिन्न भएका लक्ष्मण, टाउको निहुराएर आँखाभरि आँसु भएकोले अस्पष्ट स्वर झिकेर भन्नलागे ॥१०॥ शहर र राज्यमा तपाईंको बारेमा फैलिनलागेको भयङ्कर अपवाद, सभामा बसेको बेलामा रामचन्द्रको कानमा पर्न गयो ॥११॥ यो अपवाद सुन्दा रामचन्द्रको मनमा ठूलो ताप पऱ्यो । मलाई यो सब खबर सुनाएर उहाँ महलभित्र जाइहाल्नुभयो । रिसले मुरमुरिएर राजाले मनमा गुटमुट्याइराखेको तपाईंको निन्दाको कुरो मैले यहाँ तपाईंको सामुन्नेमा भन्न योग्य पर्दैन । मुख्य कुरा के हो भने उहाँले तपाईंलाई त्यागिदिनुभएको छ । मेरै सामुन्नेमा तपाईंको निर्दोषिता प्रमाणित भएको हो । राजालाई पनि तपाईं निर्दोष हुनुहुन्छ भन्ने थाहा छ, तर लोकापवादको डरले उहाँले तपाईंलाई त्याग्नुपऱ्यो । हे देवी ! मलाई अपराधी नठान्नुहोला । अब म तपाईंलाई आश्रमनेर लगेर छाडिदिन्छु ॥१२-१४॥ राजाको आज्ञा र गर्भिणीको अभिलाषा पूरा गर्नु आवश्यक छ, यसै कारणले म तपाईंलाई गङ्गाको तीरमा ब्रह्मर्षिहरूको पवित्र र रमणीय आश्रमनेर छाडिदिन्छु । हे देवी ! यहीं बस्नुहोस् मनमा ताप नलिनुहोस् । महायशस्वी, मुनिश्रेष्ठ, विप्र वाल्मीकि, हाम्रा पिता राजा दशरथका परम मित्र हुन् । हे सीता ! यिनै महात्माको चरणको छायामा रहेर, एकाग्र चित्तले उपवासादि गरेर सुखसंग आफ्नो समय बिताउनुहोस् ॥१५-१७॥ हृदयमा सदा सर्वदा रामचन्द्रको संझना राखेर पातिव्रत्य धर्मको पालना गर्नुहोला । हे देवी ! यसो गर्नाले तपाईंको ठूलो कल्याण हुनेछ ॥१८॥

सर्ग—४८

सीताको विलाप र लक्ष्मणको हात रामलाई भनिपठाएको सन्देश ।

लक्ष्मणको मुखबाट निस्केको यस्तो कठोर वचन सुन्दा सीता बडो दुःखमा परिन् र उन्निखेरै भूइँमा ढलिहालिन् ॥१॥ यिनी एक छिनसम्म मूर्च्छावस्थामा परिन् र केही बेरपछि उठेर आँखाभरि आँसु गरी, बडो मायालाग्दो स्वर गरेर लक्ष्मणलाई भन्नलागिन् ॥२॥ हे लक्ष्मण ! ब्रह्माले निश्चय दुःख सहनाका लागि मेरो शरीर बनाएको रहेछ, यसै कारण आज मेरो अगाडि दुःखको मूर्ति

खडा भइराखेको देखिन्छ ॥३॥ मैले पूर्वजन्ममा कुनै ठूलो पाप गरेकी रहेछु, कसैको स्वास्नीसँग बिछोड गराइदिएकी रहेछु, यसैले ता शुद्धचरित्रा र पतिव्रता भए तापनि मैले पतिदेखि छुट्टिनु-परेको होला ॥४॥ हे लक्ष्मण ! उहिले पनि रामचन्द्रको साथमा वनमा रहेर मैले उहाँको चरणको सेवा गरेकी हुँ । आश्रममा बस्ताखेरि दुःखै भए तापनि स्वामीसँग बस्न पाएकीले मैले त्यस दुःखलाई सुख संझेकी थिएँ ॥५॥ हे सौम्य ! मैले यस निर्जन आश्रममा उहाँदेखि छुट्टिएर कसरी बस्ने हो ? म दुःखिनीले आफ्ना दुःखको कुरा कसको अगाडि पोख्ने हो ॥६॥ के कारणले महात्मा राम-चन्द्रले तिम्रो परित्याग गरे ? तिमीले के अपराध गर्‍यौ ? भनेर मुनिले सोधेका यी प्रश्नको मैले के उत्तर दिने ? ॥७॥ हे लक्ष्मण ! म अहिले नै गङ्गाको जलमा हामफालेर प्राण त्याग गरिदिने थिएँ तर यसो गर्दिनँ, कारण यसो गर्नाले मेरा पतिको राजवंश नष्ट भइहाल्नेछ ॥८॥ भैगो, लक्ष्मण ! राजाले जस्तो आज्ञा दिएका छन् त्यै नै गर, म अभागिनीलाई यहीं छाडेर जाऊ, राजाको आज्ञा पालन गर, तर मैले भनेका कुरा पनि सुन ॥९॥ पहिले मेरा तर्फबाट, अलिकता पनि भेद नदेखाएर, हात जोरीकन विनयपूर्वक सबै सासूज्यूहरूलाई मेरो दण्डवत् विन्ति चढाइदिए र त्यसपछि महाराजसित पनि क्षेमकुशलको खबर सोधे ॥१०॥ टाउको निहुराएर सबैलाई मेरो प्रणाम छ भनी सुनाइदिए र अनि सदा धर्ममा सावधान रहने राजालाई निवेदन गरे ॥११॥ हे राजन् ! सीता सर्वथा शुद्ध छिन् र सदा तपाईंमा भक्ति राखेर तपाईंको कल्याणको चाहना गर्दछिन् भन्ने कुरा सबैलाई थाहै होला ॥१२॥ हे वीर ! केवल अपवादको डरले तपाईंले मेरो त्याग गर्नुभएको हो, तपाईंको सम्बन्धमा यो जो अपवाद र निन्दा फैलिइराखेको छ त्यसलाई मैले दूर गर्नैपर्दछ, कारण तपाईं मेरो एकमात्र आश्रय हुनुहुन्छ । धर्ममा सदा जाग्रत रहने राजालाई आफ्ना भाइहरूसँग गरे जस्तै व्यवहार पुरवासीहरूसित पनि गर्न भनेर सुनाइदिए । यै नै श्रेष्ठ धर्म हो, यसैबाट उत्तम कीर्ति पाइन्छ ॥१३–१५॥ पुरवासीहरूप्रति धर्मानुकूल आचरण गर्नु नै तपाईंका लागि सर्वश्रेष्ठ धर्म हो । मलाई आफ्नो शरीरको निमित्तमा कुनै कुराको फिक्री छैन तसर्थ पुरवासीहरूमा चलेको अपवाद जसो गर्नाले दूर हुन्छ सो नै तपाईंले गर्नुपर्दछ । आइमाईका लागि पति नै देवता हुन्, पति नै गुरु हुन् र पति नै बन्धु हुन् ॥१६–१७॥ तसर्थ प्राण समर्पण गरेर भए पनि पतिको इष्ट साधन गर्नु स्त्रीहरूको कर्तव्य हो । मेरो तर्फबाट रामचन्द्र-लाई यति कुरा सुनाइदिए ॥१८॥ मलाई एक चोटि हेरेर जाऊ, मेरो नछुने हुने वेला टरिसकेको छ अर्थात् म गर्भिणी भएकी छु ।

सीताले यसो भनेको सुन्दा लक्ष्मणले बडो दुःख मानेर भूइँमा टाउको राखी उनलाई प्रणाम गरे तर मुखबाट बोली निस्कन सकेन । डाँको छाडेर रुँदै सीताको प्रदक्षिणा गर्नलागे ॥१९-२०॥ एक छिनसम्म विचार गरेर उनी भन्नलागे—हे देवी ! तपाईंले मलाई यो के भनेको ? मैले अहिलेसम्म तपाईंको रूप हेरेको छैन केवल चरणतिर दृष्टि लगाइराखेको छु । रामचन्द्र नभएको बखतमा मैले कसरी यस निर्जन वनमा तपाईंको रूप हेर्ने हो । यति भनेर लक्ष्मणले उनलाई प्रणाम गरे र अनि डुङ्गामा

चढिहाले । बस्नासाथ यिनले माझीलाई डुङ्गा चलाउने आज्ञा दिए । केही बेरपछि शोकले आकुल व्याकुल परेका लक्ष्मण गङ्गाको वारिपट्टि आए ॥२१-२३॥ दुःखले गर्दा बेहोश पर्नलागेका लक्ष्मण झटपट रथमा चढिहाले र अनाथझैं वारंवार फर्केर सीतालाई हेर्नलागे ॥२४॥ गङ्गाको पारिपट्टि अनाथिनीझैं छटपटाउनलागेकी सीतालाई हेर्दै लक्ष्मण जानलागे । रथ र लक्ष्मण आँखाले नभेट्ने गरी टाढा गइसकेको देखेपछि ता सीता हडबडाउनलागिन् । शोकले यिनलाई झन् झन् सताउनलाग्यो ॥२५॥ दुःखभारले गर्दा खिन्न भइराखेकी यशस्विनी पतिव्रता सीता शोकले आकुल व्याकुल परेर मयूरको ध्वनिले प्रतिध्वनित भइरहेको जङ्गलमा डाँको छाडेर रुनलागिन् ॥२६॥

सर्ग—४९

सीता वाल्मीकि मुनिको आश्रममा पस्तछिन् ।

सीतालाई त्यहाँ रुनलागेको देख्ता मुनि-कुमारहरू दगुर्दै तीक्ष्ण बुद्धि भएका वाल्मीकि बसेको ठाउँमा आए ॥१॥ मुनिको चरणमा ढोग गरेर यी मुनिकुमारहरू महर्षिलाई सीताले रुनलागेको सबै हाल बताउनलागे ॥२॥ हे भगवन् ! कुनै महात्माकी लक्ष्मीसमानकी स्त्री, जसलाई हामीले अहिलेसम्म देखेका थिएनौं, दुःखले मुख बिगारेर रोइरहेकी छन् ॥३॥ हे भगवन् ! हिंड्नुहोस्, एकचोटि उनलाई हेर्नुहोस् । आकाशबाट झरेका देवतासमानकी यी श्रेष्ठ स्त्री नदीको तीरमा दुःखले व्याकुल परिरहेकी छन् ॥४॥ दुःख, शोक भोग्नु नपर्ने किसिमकी यी बिचरी आइमाई अनाथिनी जस्तै भइराखेकी छन् । ठूलो शोकमा परेर यिनले रोइराखेकी हामीले देख्यौं । शोकले पीडित भइराखेकी सीतानेर गएर आफ्नो तेजले उनको मनमा आनन्दको सञ्चार गर्नलागेझैं मुनिश्रेष्ठ वाल्मीकि मधुरो स्वर झिकेर भन्नलागे ॥५-६॥

तिमी दशरथ महाराजकी छोरा-बुहारी रामचन्द्रकी प्यारी पत्नी र जनक राजाकी छोरी हौ, हे पतिव्रता ! तिमीलाई स्वागत छ ॥७॥ तिमीले यहाँ आउन खोज्दैमा मैले आफ्नो धर्मसमाधिद्वारा सबै हाल थाहा पाइसकेको थिएँ, के कारणले तिम्रो त्याग भएको हो सो पनि मैले ध्यानद्वारा थाहा पाएँ ॥८॥ हे महाभागा ! तिमी सम्बन्धका जति कुरा छन् ती सब ठीक ठीकसंग मलाई थाहा छ । त्रिलोकमा जति कुरा हुन्छन् ती सबैको योगसमाधिद्वारा मलाई पत्तो लाग्दछ ॥९॥ हे जानकी ! तपस्याद्वारा प्राप्त भएको ज्ञानले तिमी निर्दोष छ्यौ भनेर मैले थाहा पाइसकेको छु, हे वैदेही ! तिमी निश्चिन्त भएर मकहाँ बस, अबलाई तिम्रो जम्मै भार मेराउपर रहनेछ ॥१०॥ मेरो आश्रमनेर तपस्विनीहरू तपस्या गरेर बस्तछन्, यिनीहरूले आफ्नो छोरीलाई झैं तिम्रो पालना गर्नेछन् ॥११॥ निश्चिन्त भएर मनमा कुनै प्रकारको फिक्री नलिई मैले दिएको अर्घ्य ग्रहण गर, आफ्नै घरमा आएको संझेर कुनै प्रकारको चिन्ता नगर ॥१२॥

मुनिका यी अद्भुत कुरा सुनेपछि सीताले टाउको निहुराएर उनलाई प्रणाम गरिन् र हात जोरेर उनको आज्ञा स्वीकार गरिन् ॥१३॥ मुनि आश्रमतिर आउँदा सीता पनि हात जोरेर उनको पछि लागिन्।

मुनिको साथमा सीतालाई आएको देख्ता मुनिपत्नीहरू बडो प्रसन्नतासाथ उनीनेर आएर भन्नलागे ॥१४॥ हे मुनिश्रेष्ठ ! तपाईंलाई स्वागत छ, आज धेरै दिनपछि तपाईंको दर्शन पायौं । हामी सबै तपाईलाई प्रणाम गर्दछौं, हामीले के गर्नुपर्ने हो आज्ञा होस् ॥१५॥ उनीहरूको यो कुरा सुनेपछि वाल्मीकि भन्नलागे—बुद्धिमान् रामचन्द्रकी महारानी सीता यहाँ आइराखेकी छन् । यिनी महाराज दशरथकी छोराबुहारी र राजा जनककी छोरी हुन् , निर्दोष भए तापनि पतिद्वारा यिनको त्याग भएको छ, यसै कारण अब म यिनको पालना गर्दछु ॥१६-१७॥ यिनीमाथि तपाईंहरूले स्नेहको दृष्टि राख्नु-होला; ठूलो कुलमा जन्मेकी हुनाले तथा मैले भनेकोले तपाईंहरूले विशेषरूपले यिनको आदर गर्नुपर्दछ ॥१८॥ वारंवार यस प्रकारका कुरा गरेर महातपस्वी मुनिले मुनिपत्नीहरूको जिम्मामा सीतालाई सुम्पिदिए र आफू शिष्यहरूलाई साथमा लिई आश्रमतिर लागे ॥१९॥

सर्ग—५०

सीताका लागि लक्ष्मणको अफसोस । सुमन्त्र उनको चित्त बुझाउँछन् ।

सीतालाई वाल्मीकि मुनिको आश्रममा प्रवेश गर्नलागेको देख्ता खिन्न भइराखेका लक्ष्मणलाई घनघोरको ताप पर्‍यो ॥१॥ तेजस्वी लक्ष्मण मन्त्री र सारथि दुवै थरीको काम दिने सुमन्त्रलाई भन्न-लागे—हे सारथि ! सीताको वियोगबाट रामचन्द्रलाई कत्तिको ताप पर्ला सो तिमी नै विचार गरन ॥२॥ शुद्ध चरित्र भएकी सीतालाई समेत यिनले त्याग गर्नुपर्‍यो, योभन्दा बढ्ता दुःखको कुरा उनको निमित्त अरू के हुन सक्ला ? ॥३॥ हे सारथि ! दुर्भाग्यले गर्दा राजामाथि यो सीता-वियोग परेको हो भन्ने मेरो दृढ विश्वास छ, साँची हो, भाग्यमा लेखिएको कुरा कसैले टार्न सक्तैन ॥४॥ झोंक उठेको वेलामा, देवता, गन्धर्व, असुर र राक्षसहरूलाई युद्धमा मार्न सक्ने रामचन्द्रले समेत भाग्यको वशमा पर्नुपर्‍यो ॥५॥ पहिले रामचन्द्रले पिताको वचनले गर्दा चौद्ध वर्षसम्म निर्जन दण्डक वनमा वास गर्नुपर्‍यो ॥६॥ अहिले फेरि सीतालाई त्याग गर्नुपर्‍यो, यो ता पहिलेको भन्दा पनि बढ्ता दुःखको कुरा हुन गयो । पुरवासीहरूको कुरा सुनेर रामचन्द्रले सीतालाई त्याग्नु ता मलाई बठो निष्ठुरी काम जस्तो लागेको छ ॥७॥ न्यायविरुद्ध कुरा गर्ने पुरवासीहरूको भनाइमा लागेर यिनले सीताको जो त्याग गरे त्यसबाट अवश्यै यिनको यश नष्ट हुनेछ । पतिव्रता स्त्रीलाई निकाल्नाले कदापि प्रशंसा हुन सक्तैन । हे सारथि ! भनत, यो काम गरेर यिनले कुन धर्म बटुले ? ॥८॥

लक्ष्मणले भनेका यस प्रकारका अनेक कुरा सुनेपछि बुद्धिमान् सुमन्त्र बडो श्रद्धासंग उनलाई भन्नलागे ॥९॥ हे लक्ष्मण ! सीताका लागि तिमी धेरै ताप नगर, उहिले नै ऋषिहरूले तिम्रा पिताको अगाडि सीताले वनमा वास गर्नुपर्नेछ भन्ने कुरा भनिसकेका हुन् ॥१०॥ रामचन्द्रको जीवन दुःख-मय हुनेछ, यिनले सुख भोग्न पाउनेछैनन् भनेर उनीहरूले उहिले नै भनेका हुन् । अब चाँडै नै यी महाबाहुको आफ्ना प्रियजनहरूदेखिको वियोग हुनेछ ॥११॥ सीताको के कुरा, तिमीलाई र भरत

शत्रुघ्नलाई समेत केही कालपछि धर्मात्मा राजाले सदाका लागि त्यागिदिनेछन् ॥१२॥ तिम्रा पिता दशरथले दुर्वासाले भनेको यो कुरा तिमीलाई र भरतलाई नसुनाउनू भनेर भनेका थिए ॥१३॥ मेरो सामुन्ने, महर्षि वशिष्ठको सामुन्ने तथा अनेक प्रतिष्ठित मानिसको अगाडि दुर्वासाले यो कुरा भनेका हुन् ॥१४॥ मुनिका यी कुरा सुनेपछि पुरुषश्रेष्ठ दशरथले हे सूत ! यी कुरा कसैको अगाडि नभने है भन्नुभएथ्यो ॥१५॥ लोकपालसमानका ती राजाको वचन अहिलेसम्म कसैलाई नभनेकोले गोप्य राखुँला भन्ने मेरो दृढ विचार थियो ॥१६॥ हे सौम्य ! तिम्रो अगाडि पनि मैले यो कुरा भन्नु उचित होइन तर हे लक्ष्मण ! तिम्रो सुन्ने इच्छा छ भने भन्दछु, सुन ॥१७॥ राजाले उहिले यो कुरा गोप्य राख्नु भनेका हुन् तापनि अहिले तिमीलाई सुनाउँछु कारण भाग्यमा लेखिएको कुरा कसैले पल्टाउन सक्तैन ॥१८॥ यही भाग्यले गर्दा हामीले आज यस्तो शोक र दुःख भोग्नुपरेको हो तर भरत र शत्रुघ्नलाई यो कुरा नसुनाए ॥१९॥ सुमन्त्रका गहिरो अर्थ भएका यी कुरा सुनेपछि लक्ष्मणले भने—हे सुमन्त्र ! जो वास्तविक कुरा हो सो मलाई जस्ताको त्यस्तै गरी भन ॥२०॥

सर्ग—५१

सुमन्त्र दुर्वासा ऋषिले भनेको कुरा विस्तारपूर्वक वर्णन गर्दछन्।

महात्मा लक्ष्मणद्वारा प्रेरित भएका सुमन्त्र, ऋषिले भनेको कुरा सुनाउन तत्पर भए ॥१॥ हे लक्ष्मण ! उहिले कुनै एक समयका अत्रिपुत्र महामुनि दुर्वासाले वर्षाकालको चार महीना वशिष्ठको आश्रममा आएर बिताए ॥२॥ यिनैताक स्वयं तिम्रा पिता आफ्ना पुरोहित महात्मा वशिष्ठलाई भेट्न भनी आश्रममा आए ॥३॥ सूर्यसमानको तेजले प्रकाशमान भइरहेका महामुनि दुर्वासालाई यिनले वशिष्ठको दाहिनेपट्टि बसिराखेको देखे ॥४॥ राजाले नम्रतासंग तपस्वीहरूमध्येका श्रेष्ठ यी दुवै मुनिहरूलाई प्रणाम गरे। यिनीहरूले पनि राजाको स्वागत गरे र आसन, फल, मूलद्वारा उनको अतिथिसत्कार गरे। अतिथिसत्कार पाएपछि राजा मुनिहरूको साथमा रहनलागे ॥५॥ मध्याह्नकालमा सबै ऋषिहरू जम्मा भएपछि तहाँ नाना किसिमका मीठा मीठा कथाको चर्चा हुन लाग्थ्यो ॥६॥ एक दिन कुनै एक कथाको प्रसङ्गमा राजा विनयपूर्वक हात जोरेर अत्रिपुत्र तपस्वी दुर्वासालाई भन्नलागे—हे भगवन् ! मेरो यो वंश कति दिनसम्म अड्ने हो ? मेरो रामको तथा अरू मेरा छोराहरूको कति दिनसम्मको आयु छ ? ॥७-८॥ रामका जो छोरा जन्मनेछन् तिनको वंशको जम्मै कुरा जान्ने इच्छा भइराखेको छ, कृपा गरी भन्नुहोस् ॥९॥

हे राजन् ! उहिले देवासुर संग्राममा भएको कुरा सुन्नुहोस्। देवताहरूद्वारा पीडित भएका दैत्यहरू भृगुपत्नीको शरण पर्न गए। उनीबाट अभय पाएपछि यी दैत्यहरू तहीं रहनलागे ॥१०-११॥ भृगुपत्नीले दैत्यहरूलाई आश्रय दिएको देख्ता देवराज विष्णुलाई झोंक चल्यो र यिनले आफ्नो चक्रको तीखो धारले भृगुपत्नीको टाउको काटिदिए ॥१२॥ आफ्नी स्वास्नीको बध भएको देख्ता

भृगुलाई रिस उठ्यो र यिनले झोंक थाम्न नसकेर रिपुकुलको संहार गर्ने विष्णुलाई यस्तो श्राप दिए ॥१३॥ तिमीले रिसको झोंकमा परेर मेरी निर्दोष स्वास्नीलाई मारिदियौ, अतएव हे जनार्दन ! तिमीले मनुष्यलोकमा जन्म लिनुपर्नेछ ॥१४॥ यहाँ तिमीले धेरै वर्षसम्म स्त्रीवियोगको दुःख सहनुपर्नेछ । श्राप दिनाले तपस्या क्षीण भएकोमा भृगुजी, स्वास्नीका लागि किन यस्तो श्राप दिएँ हुँला भनी पश्चात्ताप गर्नलागे ॥१५॥ श्राप दिएकोमा दुःखित भएका यी भृगु आफ्नो श्राप सफल गराउनाको निम्ति विष्णु भगवान्को आराधना गर्नलागे । केही कालपछि भक्तवत्सल विष्णुले प्रसन्न भएर भन्नुभयो, भइगयो, संसारको कल्याणका लागि म तिमीले दिएको श्राप स्वीकार गर्दछु । यस प्रकारसंग पूर्वजन्ममा भृगुले तेजस्वी विष्णुलाई श्राप दिएका थिए ॥१६-१७॥ हे राजश्रेष्ठ ! हे मानद ! यसै कारणले विष्णुले तिम्रो छोरा भएर जन्म लिएका हुन् र रामको नामले तीनै लोकमा प्रसिद्ध पनि भएका हुन् ॥१८॥ रामचन्द्र धेरै कालसम्म अयोध्यामा राज्य गर्नेछन्, तर यिनले भृगुको श्राप-को फल भोग्नुपर्नेछ ॥१९॥ रामचन्द्रका अनुयायीहरू सुखी र धनले परिपूर्ण हुनेछन् । एघार हजार वर्षसम्म राज्य गरिसकेपछि यिनी ब्रह्मलोकतिर जानेछन् । धेरै धेरै धन खर्च हुने अश्वमेध आदि गरिए-का अनेक यज्ञ यिनले गर्नेछन् । अनेक राजवंशको तथा नयाँ नयाँ राज्यको यिनले स्थापना गर्नेछन् । सीताको गर्भबाट यिनका दुइ छोरा जन्मनेछन् ॥२०-२२॥ यस प्रकारसंग राजवंशको उत्पत्ति तथा विनाशको जम्मै हाल बयान गरिसकेपछि तेजस्वी महामुनि चूपचाप भएर बसे ॥२३॥ मुनिजी चूप लागे-पछि महाराज दशरथ दुवै मुनिलाई प्रणाम गरी आफ्नो राजधानीतिर फर्केर आए ॥२४॥ त्यही वेलामा मैले मुनिले भनेका यी कुरा सुनेथें र कसैलाई नभनेर आफ्नो मनमा राखिछाडेको थिएँ । मुनिले भनेका कुरा कसरी असत्य होलान् त ॥२५॥ रामचन्द्रले सीताका दुवै छोराको अभिषेक गर्नेछन्, तर अयोध्यामा ता होइन, कहीं अन्यत्रै गर्नेछन्; मुनिले यसै भनेका हुन् ॥२६॥ अतएव तपाईंले राम र सीताको विषयमा निश्चिन्त भएर उनीहरूको निम्ति कुनै प्रकारको शोक गर्न हुन्न, आफ्नो मनलाई बलियो पार्नुहोस्, कारण हुने कुरा नभई छाड्दैन ॥२७॥

सारथिका यी अद्भुत कुरा सुन्दा लक्ष्मण बहुतै प्रसन्न भए र उनको प्रशंसा गर्नलागे ॥२८॥ बाटोमा यस प्रकारसंग यी दुवै जनाको कुरा हुँदा हुँदैमा सूर्यास्त हुन गयो र यिनीहरूले केशिनी नदीको तीरमा यो रात बास बसे ॥२९॥

सर्ग—५२

लक्ष्मण रामचन्द्रलाई सीतालाई छाडेर आएको समाचार सुनाउँछन् ।

रातभरी केशिनी नदीको तीरमा वास बसेर भोलिपल्ट सूर्योदय भएपछि लक्ष्मण आफ्नो बाटो लागे ॥१॥ मध्याह्नकालतिर महारथी लक्ष्मणले, रत्नै रत्नले परिपूर्ण भएको, बली र सुखी मानिसले निवास गरेको अयोध्या नगरीमा प्रवेश गरे ॥२॥ शहरभित्र प्रवेश गर्नासाथ लक्ष्मणको मनमा ठूलो

चिन्ता पर्‍यो, अब रामलाई के के सुनाउने हो भन्ने कुराको ताप पर्नलाग्यो ॥३॥ यस प्रकारसंग मनमा विचार गर्दा गर्दैमा यिनी चन्द्रमासमानको सेतो, रामचन्द्रको विशाल भवनको अघिल्तिर आइपुगे ॥४॥ राजमहलको ढोकामा पुगेपछि यिनी रथबाट ओर्ले र टाउको निहुराएर तथा मनमा ठूलो ताप लिएर विनारोकटोकको महलभित्र पसे ॥५॥ लक्ष्मणले दुःखमा परेका रामचन्द्रलाई आँखाभरि आँसु लिएर अघिल्तिर सिंहासनमा बसिराखेको देखे ॥६॥ निदाउरो मुख लगाएका लक्ष्मणले उनका चरणमा ढोग दिए र बडो सावधान भईकन दीनतापूर्वक उनलाई भन्नलागे ॥७॥ तपाईंको आज्ञाअनुसार जनकपुत्री सीतालाई गंगाको तीरमा वाल्मीकि मुनिको आश्रमनेर छाडेर आएँ ॥८॥ शुद्ध आचरण भएकी यशस्विनी सीतालाई आश्रमनेर छाडेर म यहाँ तपाईंको चरणको सेवा गर्न आइराखेको छु ॥९॥ हे पुरुषसिंह ! शोक नगर्नुहोस्, कालको गति यस्तै हुन्छ, तपाईंसमानका बुद्धिमान् र मनस्वी मानिस कहिले पनि शोक गर्दैनन् ॥१०॥ क्षय हुनु नै संसारका ऐश्वर्य्यको अन्त हो, उन्नतिको अन्त पतन हो, संयोगको समाप्तिमा वियोग र जीवनको समाप्तिमा मृत्यु नभई छाड्दैन ॥११॥ अतएव छोरा, स्वास्नी, मित्र, धन यी कसैमा पनि धेरै प्रेम राख्न हुन्न, कारण यिनीहरूसित अवश्य वियोग नभई छाड्दैन ॥१२॥ तपाईंमा आत्माले आत्मालाई, मनले मनलाई तथा समस्त लोकलाई शिक्षा दिने सामर्थ्य छ भने शोक दूर गर्नु ता तपाईंका लागि कुनै ठूलो कुरा होइन ॥१३॥ तपाईंसमानका महात्मा पुरुषले यस्तो मौकामा शोक गर्न हुन्न, हे राघव ! शोक गर्नापट्टि लाग्नुभयो भने ता जुन अपवादको डरले तपाईंले सीताको परित्याग गर्नुभयो सोही अपवाद फेरि तपाईंमाथि बज्रनेछ । अर्काको घरमा बसेकी सीताको निम्ति रामचन्द्र शोक गरिरहेका छन् भन्ने अपवाद शहरभरि फैलिनेछ ॥१४-१५॥ अतएव हे पुरुषसिंह सावधान हुनुहोस्, मनमा धैर्य्य लिनुहोस्, यस दुर्बल बुद्धिको त्याग गरेर ताप गर्न छाडिदिनुहोस् ॥१६॥

महात्मा लक्ष्मणले यसो भनेको सुन्दा मित्रवत्सल रामचन्द्रजी बडो प्रेमसंग उनलाई भन्नलाग्नुभयो ॥१७॥ हे नरश्रेष्ठ लक्ष्मण ! तिमीले भनेको कुरा बिलकुल ठीक हो, हे वीर ! अब मैले शासन कार्यमा लागेर आफूलाई सन्तुष्ट राख्नुपर्दछ ॥१८॥ हे सौम्य ! तिमीले भनेका मीठा मीठा कुरा सुन्नाले मेरो मनको दुःख, ताप हराएर गयो, बल्ल मेरो आँखा उघ्रयो, अबलाई मैले सन्तोष गरें ॥१९॥

सर्ग—५३

प्रजापालन गर्ने विषयमा रामचन्द्र राजा नृगको कथा सुनाउनुहुन्छ ।

लक्ष्मणको यो अद्‌भुतको कुरा सुन्दा रामचन्द्रजी बहुतै खुशी हुनुभयो र उनलाई भन्नलाग्नुभयो ॥१॥ खास गरेर अचेलको समयमा तिमी जस्तो भाइ हुनु दुर्लभ छ, किनकि तिमी बुद्धिमान् छौ र मनभित्रको अभिप्राय बुझ्दछौ ॥२॥ शुभ लक्षणले युक्त भएका हे मेरा भाइ ! मेरो मनमा रहेको कुरा

सुन र सोही अनुसार काम पनि गर ॥३॥ हे सज्जन लक्ष्मण ! मैले पुरवासीहरूको काम नगरेको आज चार दिन भयो यसैले मेरो मनमा ठूलो कष्ट भइराखेको छ ॥४॥ अतएव प्रजा, पुरोहित, मन्त्री, तथा वादी-प्रतिवादी चाहे मानिस हुन् वा आइमाई यी सबैलाई मकहाँ बोलाएर ल्याऊ ॥५॥ प्रतिदिन नगरवासीहरूको काम नगर्ने राजाले मरेपछि निस्सन्देह घोर नरकमा बास गर्नु पर्दछ ॥६॥

उहिलेका नृग नाम गरेका यशस्वी राजा ब्राह्मणहरूमाथि भक्ति राख्ने, सत्यवादी र पवित्र थिए भन्ने सुनिएको छ ॥७॥ यिनले कुनै एक समयमा सुनै सुनले सिंगारिएका, बाच्छोसहितका एक करोड गाई पुष्कर क्षेत्रमा ब्राह्मणहरूलाई दान गरेर दिए ॥८॥ यी दान गरिएका गाईहरूमध्ये, हे पापरहित लक्ष्मण ! भूल हुन जाँदा उञ्छवृत्तिले पेट पाल्ने कुनै एक दरिद्र अग्निहोत्रीको बाच्छोसहितकी एउटी गाई मिसिन गइछन् ॥९॥ यी भोका ब्राह्मणले आफ्नी बाच्छोसहितकी गाईलाई कैयन् वर्षसम्म राज्यमा जतातत्तै खोजी हिंडेछन्, तर कतै पत्तो लाग्न सकेनछ ॥१०॥ खोज्दा खोज्दै यिनी हरिद्वारनेरको कनखलमा पुगेछन् र त्यहाँ कुनै एक ब्राह्मणको घरमा ठूलो बाच्छोसहितकी आफ्नी गाईलाई नीरोग अवस्थामा देखेछन् ॥११॥ ब्राह्मण आफूले राखेको शबला नामले "हे शबले आऊ" भनेर गाईलाई बोलाउनलागेछन् । गाई पनि आफ्ना पुराना मालिकको शब्द सुन्दा स्वरले चिह्नेर आगोसमानका तेजस्वी ती भोका ब्राह्मणको पछि लागिछन् ॥१२-१३॥ जसले अहिले यी गाईलाई आफ्नो घरमा पालेर राखेको थियो ती पनि उनको पछि लागेर झट्टै ब्राह्मणनेर पुगी यी गाई ता मेरी हुन्, राजा नृगले दान गरेर मलाई यी गाई दिएका हुन् भनेछन् । अबता यी दुवै विद्वान् ब्राह्मणमा परस्पर विवाद चल्नलाग्यो ॥१४-१५॥ झगडा गर्दा गर्दैमा यिनीहरू राजा नृगको दरबारमा पुगे, तर राजाको आज्ञा पाउन नसकेकोले दरबारभित्र पस्न पाएनन् ॥१६॥ धेरै दिनसम्म यिनीहरू राजालाई भेट्न पाइन्छ कि भन्ने आशाले त्यहाँ बसेछन्, तर कसै गरे पनि भेट नहुँदा यी दुवै महात्मा ब्राह्मणहरूलाई झोंक चलेछ र राजालाई यस्तो घोर श्रापको वचन भनेछन् ॥१७॥ हे राजन् ! वादी प्रतिवादीहरूको कार्यसिद्धिका लागि तिमी दर्शन दिंदा रहेनछौ, अतएव प्राणीहरूले नदेख्ने गरी तिमीले छेपारो भएर बस्नुपर्नेछ ॥१८॥ सैकडाँ, हजाराँ वर्षसम्म छेपारोको रूपमा गहीरो खाल्डोमा पडिरहनुपर्नेछ ॥१९॥ यस संसारमा यदुवंशको कीर्ति बढाउने साक्षात् विष्णु भगवान् वासुदेवको नामले मनुष्यको रूप लिएर जब अवतार लिनेछन् त्यस वेला हे राजन् ! उनले यस श्रापबाट तिम्रो उद्धार गर्नेछन् । यति वेलासम्ममा ता तिम्रो पापको पनि प्रायश्चित्त हुनेछ ॥२०-२१॥ कलियुगको प्रारम्भमा महाबली दुवै नर र नारायणले पृथ्वीको भार दूर गर्नाका लागि अवतार लिनेछन् ॥२२॥

यस किसिमको श्राप दिएपछि यी दुवै ब्राह्मणको रिस साम्य भयो र यिनीहरू निश्चिन्त पनि भए । यी दुवैले यी दुब्ली बूढी गाई कुनै अर्कै एउटा ब्राह्मणलाई दिएर झगडा खतम पारे ॥२३॥ यस प्रकारसँग ब्राह्मणको भयङ्कर श्राप परेकोले ती राजा कष्ट भोगिरहेका छन् । कार्यार्थीहरूको उपेक्षा गर्नाले राजाले यस्तो कष्ट भोग्नुपर्दछ ॥२४॥ तसर्थ जति वादी प्रतिवादी छन् ती सबैलाई मकहाँ लिएर आऊ;

राम्रोसँग सोच विचार गरीकन गरेका कामको फल राजाले अवश्यै पाउँछन् । अतएव हे लक्ष्मण ! झट्टै गएर हेर, को को विन्ति पत्र लिएर आएका छन् ॥२५॥

सर्ग—५४

रामचन्द्र लक्ष्मणलाई राजा नृगको अरू बाँकी कथा सुनाउँछन् ।

रामचन्द्रका यी कुरा सुन्दा परमार्थको बोध भएका लक्ष्मण हात जोरेर आफ्ना तेजस्वी दाजुलाई भन्नलागे ॥१॥ हे महाराज ! यस्तो सानो अपराधमा ती ब्राह्मणहरूले राजा नृगलाई दोस्रो कालदण्ड-समानको यस्तो भयङ्कर श्राप दिएछन् ॥२॥ हे नरश्रेष्ठ ! राजा नृगले श्रापको कुरा सुन्दा ती क्रोधी ब्राह्मणहरूलाई के भने सो कृपा गरी मलाई भन्नुहोस् ॥३॥ लक्ष्मणले यसरी सोधेको सुन्दा रामचन्द्र भन्नलाग्नुभयो—श्रापको कुरा सुन्दा राजाले पहिले के के गरे सो म भन्दछु, हे सौम्य ! सुन ॥४॥ ब्राह्मणहरू आकाशमार्गद्वारा बाटो लागेको थाहा पाएपछि दुःखमा परेका राजा आफ्ना समस्त मन्त्री, वेदज्ञ पुरोहित र प्रजाहरूलाई आफूकहाँ बोलाएर भन्नलागे——तपाईंहरू सावधान भएर सुन्नुहोस् । नारद र पर्वत नाम गरेका दोटा ऋषिहरू मलाई भयङ्कर श्रापको कुरा सुनाएर वायुरूपले त्रिभुवनमा भ्रमण गर्न गएका छन् ॥५-७॥ वसु नाम गरेको मेरो यस छोराको तपाईंहरू आजै राज्याभिषेक गरिदिनुहोस् र कालिगडहरूको हातबाट मेरा निमित्त एउटा असल दुःख नहुने किसिमको खाल्डो बनाउन लगाइदिनु-होस् । यही खाल्डोमा बसेर ब्राह्मणहरूले दिएको श्रापको भोग गर्दछु । एउटा खाल्डो वर्षामा बाधा नहुने किसिमको, एउटा शीतकालमा सर्दी नलाग्ने किसिमको र तेस्रो ग्रीष्म ऋतुमा गर्मी नहुने किसिमको, जम्मा तीन खाल्डो शिल्पीहरूद्वारा बनाउन लगाइदिनुहोस् । यी सबै खाल्डा तीनै ऋतु आरामसंग बिताउन सकिने किसिमका होऊन् । फल लाग्ने रूख, फूल फुल्ने लहरा, छहारी भएको झाडी यी खाल्डोको चारैतिर रोप्न-लगाएर यहाँको जग्गा रमाइलो पारिदिनुहोस् ॥८-११॥ श्रापको अन्तसम्म म यहाँ सुखसँग बस्नेछु । यसको चारैतिर दुइ दुइ कोससम्म खूब सुगन्धी फूल फुल्ने बिरुवा लगाउनुपर्दछ । यस प्रकारसङ्ग सबै कुराको बन्दोबस्त मिलाइसकेपछि र आफ्नो छोरा वसुलाई राजगद्दीमा राखेपछि राजा छोरालाई अर्ती दिनलागे ॥१२-१३॥ हे छोरा ! सदा धर्ममा तत्पर रहे । क्षात्रधर्मानुसार प्रजाको पालन गरे । आफ्नो असावधानीले गर्दा दोटा ब्राह्मणको श्राप ममाथि परेको प्रत्यक्ष देखिहाल्यौ ॥१४॥ यस्तो जाबो अप-राधमा उनीहरूले झोंकिएर मलाई यस्तो श्राप दिएको देख्ता हे नरश्रेष्ठ ! मेरा लागि ताप नगरे ॥१५॥ हे छोरा ! पूर्वजन्ममा गरेको काम नै सर्वप्रधान हुन्छ, त्यसैले गर्दा मैले यो आपत्तिमा पर्नुपरेको हो । मानिसले पाउनुपर्ने कुरा नपाई छाड्दैन र जहाँ जानू भनेर लेखिएको छ त्यहाँ नगई सुख पाइन्न ॥१६॥ पूर्व जन्ममा गरेको कामले गर्दा जुन सुःख भोग्नु लेखिएको छ त्यो कसैले टारेर टर्दैन, तसर्थ हे छोरा ! ताप नलेऊ ॥१७॥ छोरालाई यसरी संझाई बुझाइसकेपछि यशस्वी राजा आफ्नो कर्म फल

भोग्नाका लागि खाल्डोमा गएर बस्नलागे ।।१८।। अनेक रत्नले परिपूर्ण भइराखेको खाल्डोभित्र गएर राजा ब्राह्मणहरूले रिसको झोंकमा दिएको श्रापको फल भोग्नलागे ।।१९।।

सर्ग—५५

निमि राजाको कथा ।

नृगले श्राप पाएको कथा विस्तारपूर्वक सुनाइसकेपछि रामचन्द्रले भन्नुभयो, सुन्ने इच्छा छ भने म अर्को कथा पनि भन्दछु, सुन ।।१।। रामको यो कुरा सुन्दा लक्ष्मणले भने—हे राजन् ! यस्ता आश्चर्यमय कथा सुन्नाले कहिले पनि अघाइन्न ।।२।। लक्ष्मणको अभिप्राय बुझेपछि इक्ष्वाकुनन्दन राम एउटा अर्को परमधार्मिक कथा भन्नलाग्नुभयो ।।३।।

निमि नाम गरेका एक राजा थिए । इक्ष्वाकुका एघार छोरापछि यिनको जन्म भएको हो । यिनी पराक्रमी र धर्मात्मा पनि थिए ।।४।। यी पराक्रमी राजाले गौतमको आश्रमनेर देवनगरसमानको एउटा शहर बसाए ।।५।। यशस्वी, राजर्षि निमिले आफूले बस्ने गरेको यस शहरको नाम "वैजयन्त" राखे ।।६।। यस विशाल नगरीको स्थापना गरेपछि पितालाई प्रसन्न गराउने हेतुले दीर्घसत्र नाम गरेको, धेरै दिनमा समाप्त हुने एउटा यज्ञ गर्ने इच्छा यिनको मनमा उत्पन्न भयो ।।७।। आफ्ना पिता मनुपुत्र इक्ष्वाकुसित सोधपूछ गरेर यिनले पहिले ब्रह्मर्षिश्रेष्ठ वशिष्ठलाई यज्ञमा वरण गरे ।।८।। यसपछि राजर्षि निमिले अत्रि, अङ्गिरा र तपस्वी भृगुलाई पनि निमन्त्रणा गरे ।।९।। वशिष्ठले राजर्षि निमिलाई भने—हे राजन् ! तिमीभन्दा अघि राजा इन्द्रले मलाई आफ्नो यज्ञमा वरण गरिसकेका छन्, अतएव उनको यज्ञ सिध्याएर नफर्कुञ्जेल पर्ख ।।१०।। यति भनेर महातेजस्वी वशिष्ठजी इन्द्रकहाँ यज्ञ गराउन गए । यता गौतमजीले वशिष्ठले गर्ने काम आफ्नो जिम्मामा लिए ।।११।। आफ्नो शहरनेर हिमालय-को तराईमा ब्राह्मणहरूलाई जम्मा गरेर निमि राजा यज्ञ गर्नलागे ।।१२।। निमि राजाले पांच हजार वर्षसम्म यज्ञ गर्ने दीक्षा लिए । इन्द्रको यज्ञ सकिएपछि भगवान् वशिष्ठ ऋषि होताको काम गर्न भनी निमि राजाकहाँ आए तर गौतमले आफ्नो ठाउँ लिएको देख्ता ब्रह्माका छोरा वशिष्ठलाई बडो झोंक चल्यो । तर राजासित भेट गर्ने मनसायले उनी त्यहां एक्कै छिन पर्खे । संयोगले त्यही दिन निद्राले राजालाई सताइराखेको थियो अर्थात् राजा मस्त निद्रामा परेका थिए ।।१३–१५।। राजासित भेट गर्न नपाएकोमा महात्मा वशिष्ठलाई हुनासम्मको रिस उठ्यो र यिनी यस प्रकारसँग श्राप दिन लागे ।।१६।। मेरो अपमान गरेर तिमीले मेरो सट्टामा अर्कैलाई वरण गरेछौ, अतः हे राजन् ! तिम्रो यो शरीर चेतनाहीन भइहाल्नेछ ।।१७।। निद्राबाट ब्यूँझेपछि राजाले मुनिले श्राप दिएको कुरा सुने र खूब जंगिएर वशिष्ठलाई भन्नलागे ।।१८।। निद्रामा परेकोले मलाई कुनै कुराको होशै थिएन, तर रिसमा परेकोले भ्रष्ट बुद्धि भएर तपाईंले मेराउपर यमदण्डसमानको शापाग्नि फ्याँक्नुभएछ अतएव हे महर्षि ! तपाईंको यो सुन्दर शरीर पनि निस्सन्देह धेरै कालसम्म मरे जस्तो भएर रहनेछ ।।१९–२०।।

राजा र ऋषि यी दुवैले रिसको झोंकमा यस प्रकारसँग परस्पर एउटाले अर्कोलाई श्राप दिए। दुवैको प्रभाव एकनासको हुनाले यी दुवै उनिखेरै शरीर-विहीन भइहाले ।।२१।।

सर्ग—५६

राजा निमि र वशिष्ठको कथा।

शत्रुघाती लक्ष्मण रामचन्द्रको यो कुरा सुनेपछि हात जोरेर आफ्ना तेजस्वी दाजुलाई भन्नलागे ।।१।। हे महाराज! देवताहरूद्वारा पूजित भएका यी राजा र वशिष्ठले शरीर त्यागिसकेका थिए भने फेरि कसरी यी दुवैको शरीरसित सम्बन्ध हुन गयो ।।२।। लक्ष्मणको यस्तो प्रश्न सुनेपछि तेजस्वी पुरुषश्रेष्ठ रामचन्द्रजी यस प्रकारसँग जवाफ दिनलाग्नुभयो ।।३।। हे लक्ष्मण! परस्परको श्रापले गर्दा देहहीन भएपछि राजा र ब्रह्मर्षि यी दुवै वायुरूपी भए ।।४।। शरीरविहीन भएका तेजस्वी वशिष्ठ महामुनि अर्को देह प्राप्त गर्ने इच्छाले आफ्ना पिता ब्रह्माकहाँ गए ।।५।। देवदेव ब्रह्माको चरणमा ढोग गरिसकेपछि, धर्मवेत्ता वायुरूपी वशिष्ठ उनलाई यस प्रकारसँग भन्नलागे ।।६।। हे देवदेव! हे भगवान्! हे महादेव! हे अण्डज! हेर्नुहोस्, निमिको श्रापले गर्दा शरीरविहीन भएर मैले वायुको रूप लिनुपरेको छ ।।७।। शरीर नभएपछि सबै प्राणीलाई ठूलो दुःख हुन्छ, हे प्रभु! शरीर नभए-काहरूको समस्त काम नष्ट हुन्छन् ।।८।। अब्लाई जसरी हुन्छ मैले अर्को शरीर भेट्टाउने उपाय कृपया गरिदिनुपर्‍यो। यिनको यो कुरा सुनेपछि अतिशय ठूलो प्रभाव भएका स्वयम्भू ब्रह्माले भन्नुभयो ।।९।। हे यशस्वी! मित्रावरुणको तेजमा प्रवेश गर, हे द्विजसत्तम! तहाँ पनि तिमी अयोनिज नै भएर उत्पन्न हुनेछौ। अनि केही कालपछि ठूलो धर्मले युक्त भईकन मेरो पुत्र बनेर जन्मनेछौ ।।१०।। ब्रह्माका यस्ता कुरा सुनेपछि वायुरूपी वशिष्ठले उनलाई प्रणाम गरेर प्रदक्षिणा गरे र झट्टै वरुणलोकतिर लागिहाले ।।११।।

यिनताक मित्र अर्थात् सूर्य पनि देवताहरूद्वारा पूजित भएर क्षीरसागरमा आई वरुणको काम गर्नलागेका थिए ।।१२।। यही मौकामा अप्सराहरूमध्येकी श्रेष्ठ उर्वशी पनि आफ्ना सखीहरूलाई साथमा लिएर अकस्मात् त्यस ठाउँमा आइपुगी ।।१३।। रूपवती उर्वशी समुद्रमा क्रीडा गर्नलागी, यसमाथि दृष्टि पर्नासाथ वरुणको मनमा ठूलो हर्ष उत्पन्न हुन गयो ।।१४।। वरुणले कमलनयनी, चन्द्रमुखी, श्रेष्ठ अप्सरा उर्वशीसंग सम्भोग गर्ने इच्छा प्रकट गरे ।।१५।। उर्वशीले हात जोरेर वरुणलाई भन्नलागी—हे सुरेश्वर! साक्षात् मित्रदेवताले मलाई यस निम्ति छानिसक्नुभएको छ ।।१६।। यो सुनेपछि कामले पीडित भइराखेका वरुणले भने—भइगयो मेरो साथमा सम्भाग गर्न चाहन्नौ भने, म आफ्नो वीर्य देवताहरूले बनाएको यस घडामा छाडिदिन्छु, हे सुन्दरी! तिम्रो सामुन्नेमा यस घडामा छाडेपछि तिमीसंग सम्भोग गर्ने मेरो अभिलाषा पूर्ण हुनेछ ।।१७–१८।।

लोकपाल वरुणको यो कुरा सुनेपछि उर्वशी खूब दङ्ग परेर उनलाई भन्नलागी ।।१९।। ठीक छ

यसै गर्नुहोस् । मेरो यो शरीर यस समयमा मित्रको अधीन भए तापनि मेरो मन ता तपाईं-माथि नै छ अर्थात् शरीरले मित्रसंग सम्भोग हुने भए तापनि मनले ता तपाईंसंग नै भयो ॥२०॥ उर्वशीको यो कुरा सुनेपछि वरुणले आफ्नो अद्भुत बल्दो आगोको फिलिङ्गो जस्तो वीर्य त्यस घडामा छाडिदिए ॥२१॥ यसपछि उर्वशी मित्रदेवता भएको ठाउँमा पुगी । मित्र देवता उसलाई देख्नासाथ झोंक्किएर भन्नलागे ॥२२॥ हे दुराचारिणी ! मैले तँलाईं पहिले बोलाएको हुँ, मकहाँ नआईकन किन तैंले अर्का लोग्ने बनाइस् ॥२३॥ यस पापले गर्दा मेरो रिसमा परेकोले तैंले केही दिनसम्म मनुष्य-लोकमा गएर बस्नुपर्नेछ ॥२४॥ ए कुबुद्धि ! बुधका छोरा काशीराज पुरुरवाकहाँ जा, उनै तेरो पति हुनेछन् ॥२५॥

यस प्रकारसंग श्राप पाएकोले यो उर्वशी प्रतिष्ठान नामक नगरमा बुधका छोरा पुरुरवाकहाँ आएर रहनलागी ॥२६॥ यी राजाद्वारा अप्सराको गर्भबाट आयु नाम गरेको एउटा महाबली छोरो उत्पन्न भयो र आयुबाट इन्द्रसमानका तेजस्वी नहुष राजा जन्मे ॥२७॥ वृत्रासुरमाथि वज्रको प्रहार गर्नाले इन्द्र थाकेको वेलामा यिनै राजा नहुषले सय हजार वर्षसम्म इन्द्रलोकको शासन गरेथे ॥२८॥

अति राम्रा दाँत र आँखा भएकी उर्वशी मित्रको श्राप पर्नाले मनुष्यलोकमा आएर धेरै वर्षसम्म रही र श्रापको अवधि सकिएपछि फेरि इन्द्रको सभामा गएर रहनलागी ॥२९॥

सर्ग—५७

वशिष्ठको शरीर प्राप्ति, राजा जनकको उत्पत्ति ।

यो दिव्य र अद्भुत कथा सुन्न पाएकोले लक्ष्मण बहुतै दङ्ग परेर रामचन्द्रलाई भन्नलागे ॥१॥ हे महाराज ! देवताहरूद्वारा पूजित भएका यी राजा र वशिष्ठले शरीर त्याग गरिसकेपछि पनि फेरि कसरी तिनीहरूको शरीरसित सम्बन्ध हुन गयो ॥२॥ लक्ष्मणको यो कुरा सुनेपछि सत्यपराक्रमी रामचन्द्रजी महात्मा वशिष्ठको कथा भन्नलाग्नुभयो ॥३॥

हे लक्ष्मण ! महात्मा मित्रावरुणको तेजले भरिएको त्यस घडाबाट दोटा तेजस्वी ऋषिश्रेष्ठ ब्राह्मण उत्पन्न भए ॥४॥ पहिले यस घडाबाट भगवान् अगस्त्यजी उत्पन्न हुनासाथ मित्रलाई म तिम्रो मात्र छोरा होइन वरुणको पनि हुँ भनेर उहाँबाट हिंडिहाले ॥५॥ उर्वशीमा मित्रको तेज पहिलेदेखि नै विराज-मान थियो, अतः उर्वशीको सामुन्नेमा वरुणले त्यस घडामा आफ्नो तेज राख्ताखेरि मित्रको तेज पनि आइहाल्यो ॥६॥ केही कालपछि मित्रावरुणको तेजबाट बडा तेजस्वी वशिष्ठ उत्पन्न भए र इक्ष्वाकुकुलका पुरोहित बन्न गए ॥७॥ शुद्ध वशिष्ठ उत्पन्न हुनासाथ आफ्नो वंशको कल्याणका निमित्त इक्ष्वाकुमहाराजले यिनलाई आफ्नो पुरोहित मान्नलागे ॥८॥ हे लक्ष्मण ! यस प्रकारसँग महात्मा वशिष्ठले नयाँ शरीर धारण गरेको कुरा कहिएको छ, अब राजा निमिको वृत्तान्त पनि भन्दछु, सुन ॥९॥

यज्ञमा दीक्षित भएका बुद्धिमान ऋषिहरूले निमिलाई शरीर-रहित देखे तापनि उनको यज्ञ गराइ

नै रहे ॥१०॥ यी ब्राह्मणहरू राजाको यस शरीरलाई साथमा राखेर गन्ध, माल्य, वस्त्रादिले रक्षा गर्नलागे ॥११॥ यज्ञ समाप्त भएपछि महर्षि भृगुले भने—हे राजन् ! म तपाईंको शरीरमा आत्माको प्रवेश गराइदिन्छु ॥१२॥ देवताहरूले पनि प्रसन्न भएर निमि राजालाई भने—राजन् ! वर माग्नुहोस्, तपाईंको आत्मालाई कहाँ लगेर राख्ने हो, भन्नुहोस् ॥१३॥ समस्त देवताहरूले वर माग्ने आग्रह गरेको देख्ता निमिको आत्माले भन्यो—हे देवताहो ! म सबै प्राणीको नेत्रमा वास गर्न चाहन्छु ॥१४॥ देवताहरूले पनि निमिको आत्माले भनेको कुरा मञ्जूर गरेर भने—भइगयो, अबउप्रान्त तिमी सबै प्राणीको नेत्रमा वायुरूपमा रहनेछौ ॥१५॥ हे राजन् ! तिमीले वायुरूपमा सबै प्राणीको नेत्रमा वास गर्दाखेरि विश्रामका लागि यिनीहरूले वारंवार आँखा बन्द गर्नेछन् ॥१६॥

निमिको आत्मालाई यति कुरा भनेर देवताहरू आफ्नो आफ्नो स्थानतिर लागे र महात्मा ऋषिहरूले पनि निमिको शरीरलाई यज्ञस्थलमा लिएर आए ॥१७॥ महात्मा निमिबाट छोरो उत्पन्न गराउनाका लागि यिनीहरू यसको शरीरलाई अरणीद्वारा, होमको मन्त्र पढ्दै मथ्नलागे ॥१८॥ यस प्रकारसंग अरणीद्वारा शरीर मथिनलागेपछि त्यसबाट एउटा महातपस्वी पुरुषको जन्म भयो। मथनबाट उत्पन्न भएकोले यसको नाम मिथि' भयो र जनन अर्थात् उत्पत्ति भएकोले जनक भन्ने नाम पनि रह्यो ॥१९॥ विदेह अर्थात् मृत शरीरबाट निस्केको हुनाले यिनको वैदेह भन्ने नाम भएको हो। यस प्रकारसंग विदेह राजा जनकको पहिले नै जन्म भएको हो। यी तेजस्वीको नाम मिथिला भएकोले यिनलाई मैथिल पनि भन्दछन् ॥२०॥

राजाको श्रापले गर्दा ब्राह्मणको र ब्राह्मणको श्रापले गर्दा राजाको कस्तो दशा भयो र कसरी यिनीहरूको पुनर्जन्म भयो सो सब मैले तिमीलाई विस्तारपूर्वक सुनाइदिएँ ॥२१॥

सर्ग—५८

नहुषका छोरा ययातिको कथा।

आफ्नो तेजले प्रकाशमान भइरहेका महात्मा रामचन्द्रका यी कुरा सुनेपछि शत्रुघाती लक्ष्मणजी भन्नलागे ॥१॥ हे राजन् ! राजा विदेह र वशिष्ठ मुनिको यो पूर्ववृत्तान्त बडो आश्चर्य्यलाग्दो रहेछ ॥२॥ राजा निमि ता वीर क्षत्रिय हुन् र विशेष गरेर यिनी यज्ञमा दीक्षित भएका थिए, तसर्थ महात्मा वशिष्ठलाई किन क्षमा नगरेका होलान् ? ॥३॥ यस्तो सवाल सुन्दा क्षत्रियश्रेष्ठ रामचन्द्रजी, समस्त शास्त्रको ज्ञान भएका लक्ष्मणलाई भन्न थाल्नुभयो ॥४॥ आनन्द गराउनेहरूमध्येका श्रेष्ठ रामचन्द्रले आफ्नो तेजस्वी भाइलाई भन्नुभयो, हे वीर ! जहाँतहीं क्षमा देखिन सक्तैन ॥५॥ खप्न नसकिने रिसलाई राजा ययातिले सात्विक मार्गको अवलम्बन गरेर कमरी रोकेथे सो कथा एकाग्रचित्त भएर सुन ॥६॥

हे लक्ष्मण ! पुरवासीहरूको कल्याण गर्न खोज्ने नहुष-पुत्र राजा ययातिका दुई स्वास्नी थिए। पृथ्वीभरिका आइमाईमा यिनीहरू सर्वश्रेष्ठ सुन्दरी थिए। ॥७॥ यिनीहरूमध्ये एउटी वृषपर्वा नामका

दैत्यकी छोरी शर्मिष्ठा थिइन्, नहुष-पुत्र राजा ययातिकी यी खूब मन परेकी थिइन् । अर्कीचाहिं शुक्राचार्य्यकी छोरी देवयानी थिइन्, यिनी राजाको उस्तो मन परेकी थिइनन् ॥८-९॥ शर्मिष्ठाबाट पुरु र देवयानीबाट यदु नाम गरेका बडा योग्य र राम्रा दोटा छोरा उत्पन्न भए ॥१०॥ प्यारी स्वास्नीको छोरो र गुणीसमेत हुनाले पुरु राजाको मन परेको थियो । एक दिन दुःखित भएर यदुले आफ्नी आमालाई भन्यो ॥११॥ पुण्यात्मा भार्गवको कुलमा जन्मेर पनि तपाईंले कसरी यस्तो असह्य दुःख र अपमान चूप लागेर खप्न सक्नुभएको होला ? ॥१२॥ तसर्थ हे आमा ! हामी दुवै जना आगोमा हामफालौं र राजा धेरै कालसम्म दैत्यकी छोरीसँग मोज मज्जा गरेर बसून् ॥१३॥ तपाईं दुःख खप्न सक्नुहुन्छ भने खपेर बस्नुहोस्, मलाई ता आज्ञा दिनुहोस्, तपाईं क्षमा गर्न सक्नुहुन्छ म ता सक्तिन, म प्राण त्याग नगरी छाड्दिन ॥१४॥ अतिशय दुःखमा परेको र रोइरहेको छोराको कुरा सुनेर देवयानी क्रुद्ध भएर आफ्ना पितालाई संझनलागिन् ॥१५॥ छोरीको अभिप्राय बुझ्नासाथ भार्गव झटपट आफ्नी छोरी देवयानी भएको ठाउँमा आइहाले ॥१६॥ मनमा हडबडाएकी, रोगिणी जस्तै भइराखेकी छोरीलाई दिक्दारी अवस्थामा परेको देख्ता शुक्रजीले किन तिमी यस्ती भएकी छौ भनेर सोधे ॥१७॥ महादीप्तिमान् भार्गवले वारंवार यसरी सोधेको देख्ता देवयानी झोंक्किएर पितालाई भन्नलागिन् ॥१८॥ हे मुनिश्रेष्ठ ! अब ता म आगोमा हामफाल्दछु अथवा विष खाइदिन्छु, जीउँदो ता कुनै हालतमा रहन सक्तिन ॥१९॥ मैले कस्तो दुःख भोग्न परिराखेको छ र मेरो कस्तो निरादर भइराखेको छ सो कुराको ता तपाईंलाई ख्यालै छैन । हे ब्रह्मन् ! रुखको अनादर भएपछि ता उसैको आधारमा रहने फल फूलको पनि विनाश नभइछाड्दैन ॥२०॥ हे भार्गव ! राजर्षि ययाति मेरो अपमान गर्दछन्, किनकि तिमीमा उनले सम्मान्य बुद्धि देखेका छैनन्, मेरो सम्मान नगर्नाको कारण पनि यही होला ॥२१॥ देवयानीको यो कुरा सुन्दा भार्गवलाई खूब जङ्ग चल्यो र नहुषपुत्र ययातिलाई श्राप दिन उद्यत भए ॥२२॥ हे पापी नहुष-पुत्र ! मेरो अपमान गरेकोले बुढ्याइँले तिमीलाई घेर्नेछ र तिम्रा सबै इन्द्रिय शिथिल हुनेछन् ॥२३॥ यस प्रकारसँग राजालाई श्राप दिएर देवयानीको चित्त बुझाएपछि महायशस्वी ब्रह्मर्षि आफ्नो घरतिर लागे ॥२४॥

आफ्नी छोरी देवयानीलाई यस प्रकारसँग संझाई बुझाईकन र राजा ययातिलाई श्राप दिईकन, सूर्यसमानका तेजस्वी, ब्राह्मणश्रेष्ठ शुक्र आफ्नो घरतिर लागे ॥२५॥

सर्ग—५९

ययातिको शेष कथा ।

शुक्राचार्य क्रुद्ध भएका छन् भन्ने सुन्नासाथ ययातिलाई बुढ्याइँले छोपिहाल्यो र यिनी बडो दुःखित भएर छोरा यदुलाई भन्नलागे—हे छोरा यदु ! तिमी धर्मात्मा छौ, तसर्थ मेरो यो बुढ्याइँ आफूले स्वीकार गर । हे महायशस्वी ! अझ भोग विलास गर्ने मेरो इच्छा छ ॥१-२॥ विषयभोगबाट अझ

मलाई तृप्ति भएको छैन अथवा मोज मज्जा गरिसकेपछि मात्र बूढो हुने मेरो इच्छा छ ॥३॥ बाबुको यो कुरा सुन्दा यदुले उनलाई जवाफ दियो—पुरु तपाईंको प्यारो छोरो हो उसैले तपाईंको यो बुढ्याइँ ग्रहण गरोस् ॥४॥ हे राजन् ! तपाईंले ता मलाई कुनै चीजबीजको पनि भोग गर्न दिनुभएको छैन, आफूनेरसम्म पनि आउन दिनुहुन्न, जसको साथमा बसेर खानपीन गर्नुहुन्छ उसैले यो बुढ्याइँ स्वीकार गर्ला ॥५॥ यसको यो उत्तर सुनेपछि राजाले पुरुलाई भने—हे महाबाहु ! मेरा लागि यो वृद्धावस्था ग्रहण गरिदेऊ ॥६॥ राजा ययातिको कुरा सुन्नासाथ पुरु हात जोरेर भन्नलाग्यो—म धन्य रहेछु, मेराउपर तपाईंले कृपा गर्नुभयो, तपाईंको आज्ञा मान्न म तय्यार छु ॥७॥ पुरुको कुरा सुन्दा यिनलाई बडो आनन्द लाग्यो र दङ्ग परेर योगबलले पुरुको शरीरमा बुढ्याइँको प्रवेश गराइदिए ॥८॥ राजा ययाति जवान भइगए र हजाराँ यज्ञ गरेर अनेक हजार वर्षसम्म पृथ्वीको शासन गरे ॥९॥ धेरै कालसम्म राज्य गरिसकेपछि राजाले पुरुलाई भने—हे छोरा ! नासो जस्तो गरेर राखेको मेरो बुढ्याइँ मलाई फर्काइदेऊ ॥१०॥ थाती राख्ने जस्तो गरेर मैले तिमीलाई बुढ्याइँ दिएको हुँ, अब म आफूले राख्न दिएको कुरा फर्काएर लिन्छु, मनमा दुःख नलेऊ ॥११॥ मेरो आज्ञा मानेकोले म तिमीदेखि प्रसन्न छु र खुशीसाथ तिमीलाई राजा बनाइदिन्छु ॥१२॥ आफ्नो छोरो पुरुलाई यति भनेपछि नहुष-पुत्र ययाति झोंक्किएर देवयानीको छोरोलाई भन्नलागे ॥१३॥ ए नीच ! क्षत्रियको रूपमा तँ राक्षस जन्मेको रहिछस्, मेरो आज्ञा नमानेकोले राज्यको अधिकारी हुन पाउन्नस् ॥१४॥ म तेरो बाबु हुँ, गुरु हुँ, मेरो अपमान गरेकोले तँबाट क्रूर कर्म गर्ने यातुधान राक्षसहरू जन्मनेछन् ॥१५॥ हे बुद्धिहीन ! चन्द्रवंशी राजाहरूमा तेरो गणना हुनेछैन, तेरा सन्तान पनि तँ जस्तै दुष्ट स्वभाव भएका हुनेछन् ॥१६॥ यदुलाई यसरी श्राप दिइसकेपछि राजाले पुरुको राज्याभिषेक गरे र आफूले वानप्रस्थाश्रममा प्रवेश गरे ॥१७॥ धेरै कालपछि नहुष-पुत्र ययाति राजाको प्रारब्ध भोगको अन्त भयो अर्थात् राजा मरेर स्वर्गतिर लागे ॥१८॥ महायशस्वी पुरु प्रतिष्ठानपुरमा बसेर धर्मानुसार काशीराज्यको पालना गर्न लागे ॥१९॥ श्रापले गर्दा यदुबाट हजाराँ यातुधान राक्षसहरूको उत्पत्ति भयो, यी सबै क्रौञ्च वनको किल्लामा रहन्थे, राजवंशसित यिनीहरूको केही सम्बन्ध थिएन ॥२०॥

शुक्राचार्यले दिएको श्रापलाई यस प्रकारसँग राजा ययातिले क्षत्रिय धर्मानुसार चूपचापसँग स्वीकार गरे, तर निमिले भने क्षमा गर्न सकेनन् ॥२१॥ यो सब वृत्तान्त तिमीलाई सुनाउनाको अभिप्राय के हो भने हामीले पनि कामको निम्ति आएका सबैसित भेट गर्नुपर्दछ, लापरवाहीले गर्दा कतै राजा नृगको जस्तो हाम्रो पनि दुर्दशा नहोस् ॥२२॥

चन्द्रमुख लक्ष्मणसित रामचन्द्रले यसरी कुरा गर्दा गर्दैमा आकाशमा तारा थोरै देखिनलागे अर्थात् प्रातःकालको वेला भइहाल्यो। अरुणको किरणले गर्दा पूर्व दिशा लाल वस्त्र धारण गरेझैं रातो रंगको देखिनलाग्यो ॥२३॥

सर्ग—६०

मधुवनका ऋषिहरू रामचन्द्रकहाँ आउँछन् ।

यस प्रकारसँग धर्मसंवाद गर्दा गर्दैमा राम लक्ष्मणको समय बिल्नलाग्यो र केही कालपछि न धेरै गर्मी न धेरै जाडो हुने वसन्त ऋतुको रात्रि हुन थाल्यो ॥१॥ एक दिन उज्ज्वल प्रभातकालमा स्नान सन्ध्योपासनादि, बिहान गर्नुपर्ने काम सिध्याएर रामचन्द्र पुरवासीहरूको काम हेर्नाका लागि बाहिर आउनुभयो ॥२॥ यही वेलामा सुमन्त्रले आएर राजालाई भने—हे राजन् ! ढोकामा तपस्वीहरू आइराखेका छन् ॥३॥ भार्गव र च्यवन ऋषिलाई साथमा लिएर यमुनाको तीरमा बस्ने ऋषिहरू आएका छन् र तपाईंको दर्शन गर्न हतार गरिरहेका छन् । हे नरश्रेष्ठ ! आफ्नो आगमनको समाचार सुनाउन मलाई पठाएका हुन् । सुमन्त्रको कुरा सुनेपछि रामचन्द्रले भन्नुभयो ॥४–५॥ भार्गव आदि ब्राह्मणहरूलाई भित्र लिएर आऊ । द्वारपालले हात जोरेर राजाको आज्ञा स्वीकार गर्‍यो र ती ठूला ठूला महर्षिहरू-लाई दरबारभित्र लिएर आयो । यिनीहरूको संख्या सयभन्दा बढ्ता थियो र सबै आफ्नो आफ्नो तेजले प्रकाशमान भइरहेका थिए ॥६–७॥ महात्मा तपस्वीहरूले, दरबारभित्र प्रवेश गरेपछि, आफूहरूले साथमा ल्याएका, ठाउँ ठाउँका तीर्थका जलले भरिएका घडा र किसिम किसिमका फलफूल रामचन्द्र-लाई उपहार जस्तो गरेर चढाए । प्रेमपूर्वक यी तीर्थका जल र फल फूल ग्रहण गरी रामचन्द्र समस्त महामुनिहरूलाई भन्नलाग्नुभयो ॥८–१०॥ हे ऋषिहो ! यहाँ असल असल आसन ओछ्या-इराखेको छ, बस्नुहोस् । रामचन्द्रको आग्रह देखेपछि यी ऋषिहरू पनि सुनै सुनले बनेका राम्रा राम्रा आसनमा बसे । सबै जना बसेको देखेपछि शत्रुघाती रामचन्द्रले हात जोरेर भन्नुभयो ॥११–१२॥ तपाईंहरू केका निमित्त आउनुभएको हो ? मैले कुन आज्ञा पालन गर्ने हो ? म सावधान छु, आज्ञा गर्नुहोस्, खुशीसाथ तपाईंहरूको सबै आज्ञा पालन गर्नेछु ॥१३॥ मेरो समस्त राज्य र मुटुभित्र रहेको मेरो यो प्राण ब्राह्मणहरूकै निमित्तको हो, मैले यो साँचो कुरो विन्ति गरेको हुँ ॥१४॥

रामचन्द्रले यसो भनेको सुन्दा यमुनातीरवासी उग्र तपस्वीहरूले "वाह वाह" भनेर उहाँको प्रशंसा गर्नलागे ॥१५॥ यी महात्मा ऋषिहरूले दङ्ग परेर भने—हे नरश्रेष्ठ ! भूमण्डलमा यस्तो कुरा तपाईंको मुखसिवाय अरू कसैबाट सुन्न पाइन्न ॥१६॥ हे राजा ! हामीले बलिया पराक्रमी राजाहरू-लाई आफ्नो काम सुनायौं, तर काम गाह्रो देखेर कसैले पनि पूरा गर्ने प्रतिज्ञा गरेनन् ॥१७॥ तर तपाईंले ता ब्राह्मणहरूमाथिको आदरले गर्दा हाम्रो काम नसुनीकन नै पूरा गर्ने प्रतिज्ञा गर्नुभयो, अतएव तपाईंद्वारा निस्सन्देह हाम्रो मनोरथ सिद्ध हुनेछ, अवश्यै यस महाभयबाट हाम्रो उद्धार गर्नु-हुनेछ ॥१८॥

सर्ग—६१

ऋषिहरू रामचन्द्रलाई लवणासुरको वृत्तान्त सुनाउँछन् ।

ऋषिहरूले यस्तो भनेको सुन्दा रामचन्द्रले भन्नुभयो—हे ऋषिहो ! भन्नोस्, तपाईंहरूको के काम छ ? तपाईंहरूको भय अहिले नै दूर गरिदिनेछु ॥१॥ रामचन्द्रको यो कुरा सुनेपछि भार्गव मुनि भन्नलागे—हे राजन् ! देशमाथि तथा हामीमाथि परिआएको भयको मूल कारण सुन्नुहोस् ॥२॥

हे राजन् ! उहिले सत्ययुगमा मधु नाम गरेको एउटा बडो बुद्धिमान् दैत्य थियो, लोला नाम-गरेकी कुनै एक दैत्य स्वास्नीको यो जेठो छोरो हो ॥३॥ यो ब्राह्मणभक्त, शरणागतरक्षक र बडो बुद्धिमान्समेत थियो । उदार देवताहरूको साथमा यसको गाढ मैत्री जमेको थियो ॥४॥ पराक्रमी मधु बडो धर्मात्मा थियो । शिवजीको ठूलो पूजा गरेकोले यसले उहाँबाट एउटा अद्भुत वर पाएको थियो ॥५॥ आफ्नो शूलबाट एउटा चहकिलो र प्रभावशाली शूल उत्पन्न गरेर शिवजीले प्रसन्नतासाथ उसलाई दिएर भन्नुभयो ॥६॥ हे मधु ! तिम्रो अतुल धर्म देख्ता म प्रसन्न भइराखेको छु, र यै प्रसन्नताले गर्दा यो उत्तम अस्त्र तिमीलाई दिएको हो ॥७॥ हे महासुर ! जहिलेसम्म तिमी देवता र ब्राह्मणहरूको विरोध गर्नेछैनौ तहिलेसम्म यो शूल तिमीकहाँ रहनेछ, अन्यथा गर्‍यौ भने ता यसको विनाश हुनेछ ॥८॥ कोही तिमीसँग युद्ध गर्न आयो भने निर्भय भएर त्यसमाथि यस शूलको प्रहार गर्नू, दुश्मनलाई भस्म पारेर यो शूल फेरि तिम्रो हातमा आउनेछ ॥९॥ महादेवबाट यस प्रकारको वर पाएपछि महासुर उहाँलाई प्रणाम गरेर फेरि भन्नलाग्यो ॥१०॥ हे भगवन् ! मेरा सन्तानले समेत यो उत्तम शूलको उपभोग गर्न पाऊन् भन्ने मेरो इच्छा छ, तपाईं देवता हुनुहुन्छ, यो अर्को वर पनि दिनुहोस् ॥११॥ मधुको यो कथन सुन्दा सबै प्राणीहरूका अधिपति महादेवजीले यो कुरा ता हुन सक्तैन भन्ने जवाफ दिनुभयो ॥१२॥ तर म तिमीदेखि प्रसन्न छु, अतः तिम्रो यो याचना व्यर्थ गराउन चाहन्न, भइगयो तिम्रो एउटा छोरोसम्मले यस शूलको उपभोग गर्न पाउनेछ ॥१३॥ जबसम्म यो शूल तिम्रो छोरोको हातमा रहनेछ तबसम्म हातमा शूल भएकोले कुनै प्राणीले पनि उसलाई मार्न सक्नेछैन ॥१४॥ महादेवजीबाट यस प्रकारको अद्भुत वर पाएपछि असुरराजले एउटा खूब राम्रो महल बनाउन लगायो ॥१५॥ कुम्भीनसी नाम गरेकी उसकी प्यारी स्वास्नी थिई, विश्वावसुद्वारा अनलाको गर्भबाट यसको जन्म भएको थियो ॥१६॥ लवण यसको छोराको नाम हो, यो बडो पराक्रमी र क्रूर छ; यो दुष्ट बाल्यावस्थादेखि नै पाप गर्न लागिराखेको छ ॥१७॥ आफ्नो छोरो यस्तो दुराचारी भएको देख्ता मधु बहुतै क्रुद्ध भयो, तर छोरोलाई केही भन्न सकेन केवल अफसोस मात्र गरिरह्यो ॥१८॥ उ यस लोकलाई छाडेर वरुण लोकमा रहनलाग्यो । जानुभन्दा अगाडि मधुले छोरालाई शूल दिएर वरको सबै कुरा सुनाइदिएको थियो ॥१९॥ शूलको प्रभावले तथा आफ्नो

दुराचारी स्वभावले यो लवण तीनै लोकलाई विशेष गरेर तपस्वीहरूलाई सताउनलागेको छ ॥२०॥ हे काकुत्स्थ ! लवणको कुटिलता र शूलको प्रभाव सबै सुनिहाल्नुभयो, अबलाई जे गर्न उचित देख्नुहुन्छ सो गर्नुहोस्, तपाईं नै हाम्रा रक्षक हुनुहुन्छ ॥२१॥ हे वीर ! त्रासमा परेका ऋषिहरूले अनेक राजाहरूसँग अभयदान मागे, तर रक्षा गर्ने कोही निस्केन ॥२२॥ परिवारसहित रावणको वध भएको सुन्दा तपाईंबाट रक्षा होला भन्ने हामीलाई आशा भयो । अरू कुनै राजा हाम्रा रक्षक छैनन् । लवणासुरको डरले थर्कायमान भएका हामीहरूको रक्षा होस् भन्ने हाम्रो इच्छा छ ॥२३॥ हे रामचन्द्र ! हामीमा भय उत्पन्न गराउने जुन कारण अहिले उपस्थित भइराखेको छ सो हामीले निवेदन गरिहाल्यौं; तपाईं परम पराक्रमी हुनुहुन्छ, अतएव तपाईंबाट नै हाम्रो यो भय दूर हुन सक्तछ ॥२४॥

सर्ग—६२

लवणासुरलाई मार्ने शत्रुघ्नको प्रतिज्ञा ।

ऋषिहरूको कुरा सुनेपछि रामचन्द्रजीले हात जोरेर भन्नुभयो—लवणासुरको के आहारा छ ? र कहाँ बस्तछ ? ॥१॥ रामचन्द्रका यी प्रश्न सुन्दा ऋषिहरूले लवणासुरको वृद्धि भएको जम्मै कुरा निवेदन गरेर सुनाए ॥२॥ यो सबै किसिमका प्राणीहरूलाई, विशेष गरेर तपस्वीहरूलाई खान्छ, यसको व्यवहार बडो क्रूर छ र मधुवनमा यो बस्तछ ॥३॥ यो प्रत्येक दिन हजारौं सिंह, बाघ, हरिण, चराचुरुङ्गी र मानिसहरूलाई मारेर आफ्नो आहारा बनाउँछ ॥४॥ संहारको समयमा मृत्युले मुख बाएर प्राणीहरूलाई खाएझैं यो महाबली पनि बीच बीचमा फेला परेका अरू जीवहरूलाई समेत खाइदिन्छ ॥५॥ यो कुरा सुनेपछि रामचन्द्रले मुनिहरूलाई भन्नुभयो—म यो राक्षसलाई नमारी छाड्दिन, तपाईंहरू निर्धक्क भएर बस्नुहोस् ॥६॥

उग्रतेजस्वी मुनिहरूलाई यस्तो प्रतिज्ञा गरेपछि रामचन्द्रले त्यहाँ जम्मा भएका आफ्ना भाइहरूतिर फर्केर सोध्नुभयो, ॥७॥ तिमीहरूमध्ये कुनचाहिं वीरले लवणासुरलाई मार्ने हो ? महात्मा भरतले मार्ने हुन् वा बुद्धिमान् शत्रुघ्नले ? कसको जिम्मामा यो काम सुम्पने हो ? ॥८॥ रामचन्द्रले यसरी सोधेको सुन्दा भरतले म यसलाई मार्दछु, मेरो जिम्मामा यो काम सुम्पियोस् भनेर जवाफ दिए ॥९॥ शूरता र धीरताले युक्त भएका भरतको यो कुरा सुन्दा, लक्ष्मणका भाइ शत्रुघ्न, सुनको सिंहासनबाट उठी रामचन्द्रलाई प्रणाम गरेर भन्नलागे—हे रघुनन्दन ! माहिला दाइ भरतले आफ्नो जिम्मामा रहेको काम गरिसक्नुभएको छ । तपाईंले अयोध्या छाडेर गएको वेलादेखि तपाईं नआउञ्ज्यालसम्म, मनमा वियोगको सन्ताप भए तापनि उहाँले अयोध्याराज्यको पालना गर्नुभयो ॥१०-१२॥ हे राजन् ! उहाँले अनेक प्रकारका कष्ट भोगिसक्नुभएको छ । यी महायशस्वीले नन्दीग्राममा कुशको शय्यामा सुतेर कष्ट भोग्नुभयो, फलमूलको आहारा गरेर र चीर, जटा धारण गरेर समय बिताउनुभयो । रामचन्द्रजी ! यस प्रकारसंग उहाँले नाना प्रकारका कष्ट भोगिसक्नुभएको छ ॥१३-१४॥ उहाँको सेवक म तथ्यारै

छु, अतएव अब उहाँले किन तकलीफ सहने ? शत्रुघ्नको यो कुरा सुनेपछि रामचन्द्र फेरि भन्नलाग्नुभयो ॥१५॥ हे काकुत्स्थ ! तिमीले बेश कुरा भन्यौ, मेरो आज्ञाअनुसार काम गर । मधु नगरको राज्यमा म तिम्रो अभिषेक गरिदिनेछु अर्थात् त्यहाँको राजा बनाइदिनेछु ॥१६॥ तिम्रो यस्तै विचार छ भने भरतलाई यहीं बसेर विश्राम गर्न देऊ, तिमी शूरा छौ, विद्वान् छौ र शहर बसाउनामा समर्थ छौ ॥१७॥ यो शहर यमुनाको किनारमा छ र यस राज्यमा अनेक राम्रा राम्रा गाउँ छन् । कुनै राजवंशको छेदन गरेर त्यसको सट्टामा अर्को राजाको अभिषेक नगर्नेले नरकमा जानुपर्दछ । अतएव पापी मधुपुत्र लवणलाई मारेर तिमी नै धर्म्मपूर्वक त्यहाँको राज्यशासन गर । मेरो आज्ञाअनुसार चल्ने छौ भने मैले भनेको यस प्रस्तावको विरुद्धमा तिमीले उत्तर दिनै हुन्न ॥१८-२०॥ सानाले आफूभन्दा ठूलाले भनेको कुरा अवश्य मान्नुपर्दछ । वशिष्ठादि ब्राह्मणहरूद्वारा बिधिपूर्वक मन्त्रोच्चारणसहित हुने यो अभिषेक ग्रहण गर । मेरो यस्तै आज्ञा छ ॥२१॥

सर्ग—६३

रामचन्द्र मधुपुरीको राज्यमा शत्रुघ्नको अभिषेक गरिदिनुहुन्छ ।

रामचन्द्रको यो कुरा सुन्दा पराक्रमी शत्रुघ्नलाई बडो लाज भयो र यिनी बिस्तारै बिस्तारै भन्नलागे —हे महाराज रामचन्द्रजी ! म ता यस विषयमा अधर्म पो देख्तछु, दाजु छँदा छँदै भाइको कसरी अभिषेक हुन सक्तछ ॥१-२॥ हे महाभाग ! तपाईंको आज्ञा ता मैले पालन गर्नैं पर्दछ कारण तपाईंको आज्ञा कुनै अवस्थामा पनि टार्न हुन्न ॥३॥ हे वीर ! तपाईंबाट तथा वेदहरूबाट पनि मैले यै शिक्षा पाएको छ, तसर्थ म केही जवाफ दिन्न । भरतले प्रतिज्ञा गर्दा गर्दै लवणासुरलाई युद्धमा म मार्दछु भन्ने मैले जो घोर दुर्वचन भनें, हे पुरुषश्रेष्ठ ! त्यै अनुचित कुराको मैले यो दुर्गतिस्वरूप फल पाएको हुँ ॥४-५॥ आफूभन्दा ठूलाले भनेको कुराको विरुद्धमा उत्तर दिनाले पाप लाग्दछ र परलोकसमेत बिग्रन जान्छ ॥६॥ हे राजन् ! तपाईंको कुराको म उत्तर दिन्न, उत्तर दिएँ भने मैले दण्ड भोग्नुपर्नेछ । भरतको कुरा काटेकोले दण्ड पाउने भइगएँ, तपाईंको समेत कुरा काटें भने ता अर्को दण्ड भोग्नुपर्नेछ ॥७॥ हे रघुनन्दन ! हे पुरुषश्रेष्ठ ! म तपाईंको आज्ञाअनुसार काम गर्न तय्यार छु तर राज्याभिषेक गराउनाले मलाई जो पाप लाग्नेछ त्यसबाट मलाई बचाइदिनुहोस् ॥८॥

महात्मा वीर शत्रुघ्नको कुरा सुन्दा रामचन्द्र बडो खुशी हुनुभयो र भरत तथा लक्ष्मणतिर फर्केर भन्नलाग्नुभयो ॥९॥ अहिले नै तिमीहरू अभिषेकको सामग्री यहाँ जम्मा पारिदेओ, म आजै यी पुरुषसिंहको अभिषेक गरिदिन्छु ॥१०॥ पुरोहित, वैदिक , ऋत्विक् र मन्त्री यी सबैलाई मेरो आज्ञाले बोलाएर ल्याओ ॥११॥ राजाको आज्ञा पाउनासाथ महारथी लक्ष्मण र भरत अभिषेकको सामग्री जम्मा पारेर पुरोहित, ब्राह्मण तथा राजाहरूलाई साथमा लिई राजभवनमा आए र यसपछि महात्मा शत्रुघ्नको अभिषेक हुनलाग्यो ॥१२-१३॥ यो अभिषेक भएकोमा रामचन्द्र तथा पुरवासीहरूलाई बडो

आनन्द लाग्यो । अभिषेक भएपछि शत्रुघ्न सूर्य जस्तै शोभायमान हुनलागे ॥१४॥ इन्द्रादि देवताहरू-द्वारा अभिषेक हुनाले उहिले स्कन्धको जस्तो शोभा भएथ्यो उस्तै शोभा अहिले परम पराक्रमी रामचन्द्र-को हातबाट अभिषेक पाएपछि शत्रुघ्नको पनि हुनलाग्यो ॥१५॥ पुरवासी तथा वेदपाठी ब्राह्मणहरू यस अभिषेकले गर्दा बडो प्रसन्न भए । कौशल्या, सुमित्रा, कैकेयी तथा राजमहलका अरू अरू आइ-माईहरू मङ्गलाचार गर्नलागे । शत्रुघ्नको अभिषेक भएकोले यमुनाको तीरमा बस्ने मुनिहरू अबलाई लवणासुर मारिने भो भनेर ढुक्क परे । यसपछि राज्याभिषेक पाएका शत्रुघ्नलाई काखमा राखेर रामचन्द्र उनको उत्साह बढाउने गरी मधुरो स्वर गरेर भन्नलाग्नुभयो ॥१६-१८॥ हे शत्रुविजयी शत्रुघ्न ! हेर यो दिव्य शर अमोघ छ, हे सौम्य ! यसैले तिमी लवणासुरलाई मार्नेछौ ॥१९॥ हे काकुत्स्थ, सागरमा शयन गर्दा खेरि स्वयम्भू, अजेय विष्णुलाई देवता र असुर यी कसैले पनि देख्न सक्तैनथे, त्यही बेलामा झोंक्किएर मधु, कैटभ तथा समस्त राक्षसहरूको वध गर्नाका लागि उनले यस बाणको सृष्टि गरेका हुन् । यसैले मधु, कैटभ ती दुवै दुष्टलाई मारिसकेपछि विष्णुले मनुष्यहरूको भोगका लागि तीनै लोकको सृष्टि गरे ॥२०-२३॥ हे शत्रुघ्न ! रावणलाई मार्दाखेरि पनि मैले यो बाण चलाइन कारण यसको प्रयोगले अनेक प्राणीको संहार हुन जान्छ ॥२४॥

मधुसित पनि एउटा उत्तम शूल छ । महात्मा शिवले शत्रुको विनाश पार्न भनी उसलाई यो उत्तम अस्त्र दिएका हुन् ॥२५॥ शिवले दिएको अस्त्रलाई घरैमा राखेर लवण आफ्नो आहार खोज्न जताततै जान्छ र यस शूलको दिन दिनै पूजा गर्दछ ॥२६॥ युद्धको इच्छाले कसैले हाँक दियो भने यो राक्षस झटपट घरबाट शूल लिएर बाहिर निस्कन्छ र शत्रुलाई भस्म पारिदिन्छ ॥२७॥ तसर्थ हे पुरुषसिंह ! आहार खोज्न भनि विनाअस्त्र लिएर शहरबाहिर निस्केको मौका पारेर अस्त्र शस्त्रले सज्जित भएर शहरको ढोका रोकिदिए ताकि उ घरभित्र पस्न नपाओस् ॥२८॥ घरभित्र पस्न नपाउँदैमा यसलाई युद्ध गर्नाको निम्ति हाँक दिए । यस प्रकारसँग तिमी त्यस राक्षसलाई मार्न सक्नेछौ ॥२९॥ यसो गरेनौ भने ता त्यो कुनै तरहबाट पनि मारिने छैन, उसको विनाश पार्ने यही मात्र एउटा उपाय छ ॥३०॥ शिवजीको काम पल्टाउन सक्ने सामर्थ्य कसैमा छैन, अतएव शूलबाट आफ्नो बचाउ गर्ने यो सब उपाय तिमीलाई बताएको हुँ ॥३१॥

सर्ग—६४

लवणलाई मार्नाको निम्ति शत्रुघ्न प्रस्थान गर्दछन् ।

यस प्रकारसँग शत्रुघ्नको चित्त बुझाएर तथा बारंबार उनको प्रशंसा गरेर रामचन्द्रजी फेरि भन्न-लाग्नुभयो ॥१॥ हे पुरुषश्रेष्ठ ! यी असल असल जातका चार हजार घोडा, दुइ हजार रथ, सयओटा हात्ती, बास बासमा पसल राखेर किसिम किसिमका चीज-बीज किन्ने बेच्ने पसलेहरू, तथा नट,

नर्त्तक यी सबै तिमीसँग जाऊन् ॥२-३॥ एक लाख सुनको असर्फी पनि संगमा लिएर जाऊ । यस प्रकारसँग प्रशस्त धन र सवारीको साथमा तिम्रो प्रस्थान हुनुपर्दछ ॥४॥ यस फौजका सैनिकहरूले बेश तलब पाउने गरेका छन् अतएव यिनीहरू हृष्ट र सन्तुष्ट छन् । हे वीर ! मीठा मीठा कुरा गरेर र बर बक्सिस दिएर यिनलाई प्रसन्न राखे ॥५॥ युद्धक्षेत्रमा धन, स्वास्नी र नाता कुटुम्बी यी कोही पनि रहन्नन्, त्यहाँ ता हे राघव ! प्रसन्न भइराखेका नोकरहरू मात्र रहन्छन् ॥६॥ दङ्ग परेका वीरहरूको यस विशाल सेनालाई अगाडि पठाइदेऊ र यिनलाई कतै अडाएर हातमा धनु लिई आफू एक्लै मधुवनतिर लागे ताकि तिमी युद्ध गर्न आएका हौ भन्ने उसलाई पत्तै नहोस् । मधु-पुत्र लवणको मनमा अलिकता पनि शङ्का नपर्ने गरी गए ॥७-८॥ हे पुरुषश्रेष्ठ ! यो उपायबाहेक अरू कुनै तरहबाट यसको मृत्यु हुन सक्तैन, यो युद्ध गर्न आएको हो भन्ने थाहा पायो भने ता लवणले त्यसलाई नमारी छाड्दैन ॥९॥ ग्रीष्म ऋतु सकिएर वर्षाकाल लागेपछि लवणको वध गरे, कारण यही वेलामा त्यस दुष्टलाई मार्ने मौका पर्दछ ॥१०॥ महर्षिहरूलाई अघि लगाएर तिम्रो फौज हिंडिहालोस् ताकि गर्मीको मौसिम सकिनासाथ वर्षा ऋतु नलाग्दैमा यिनीहरू गङ्गा पार गर्न सकून् ॥११॥ हे परम पराक्रमी शत्रुघ्न ! आफ्नो जम्मै फौजलाई तहीं नदीको तीरमा सावधानीसाथ राखेर आफू एक्लै धनु लिएर अगाडि बढे ॥१२॥

रामचन्द्रका यी कुरा सुनेपछि शत्रुघ्न आफ्ना महाबली मुख्य मुख्य सेनापतिहरूलाई बोलाएर अह्राउनलागे ॥१३॥ हेर तिमीहरूलाई वास बस्नाको निम्ति फलानो फलानो ठाउँ ठीक पारिराखेको छ, त्यहीं गएर बसे, आपसमा मेल राखेर बस्नु ताकि कसैलाई कुनै प्रकारको कष्ट हुन नपाओस् ॥१४॥ यस प्रकारसँग संझाई बुझाईकन आफ्नो विशाल फौजलाई पठाइसकेपछि शत्रुघ्नले कौशल्या, सुमित्रा र कैकेयीलाई ढोग दिए ॥१५॥ टाउको निहुराएर रामचन्द्रलाई प्रणाम गरी, उनको प्रदक्षिणा गरिसकेपछि, लक्ष्मण, भरत तथा पुरोहित वशिष्ठलाई यिनले हात जोरेर प्रणाम गरे । यति गरिसकेपछि आफ्नो नियममा बस्ने शत्रुतापी महाबली शत्रुघ्न रामचन्द्रको आज्ञा लिएर उनको प्रदक्षिणा गरी आफ्नो बाटो लागे ॥१६-१७॥ ठूला ठूला हात्ती तथा घोडाले युक्त भएको सेनालाई पहिले पठाइसकेपछि रघुकुलको कीर्ति बढाउने शत्रुघ्न रामचन्द्रसङ्ग बिदा बारी भई प्रसन्नतासाथ आफ्नो यात्रा गर्न भनी हिंडे ॥१८॥

सर्ग—६५

शत्रुघ्न वाल्मीकिको आश्रममा वास बस्तछन् ।

फौज पठाइसकेपछि शत्रुघ्न एक महीना जति अयोध्यामा बसे र अनि आफू एक्लै शीघ्रतासाथ त्यहाँबाट हिंडे ॥१॥ बाटोमा दुइ रात वास बसिसकेपछि यिनी तेस्रो दिन वाल्मीकिको पवित्र आश्रममा पुगे । यहाँ सुखसँग विश्राम गर्ने ठाउँ थियो ॥२॥ मुनिश्रेष्ठ वाल्मीकिलाई प्रणाम गरिसकेपछि यिनी

हात जोरेर भन्नलागे ॥३॥ हे भगवन् ! आजको रात मेरो यहीं विश्राम गर्ने इच्छा छ; रामचन्द्रको कामले यहाँ आएको हुँ, भोलि बिहानीपख भयलाग्दो पश्चिम दिशातिर लाग्नेछु ॥४॥ शत्रुघ्नको यो कुरा सुन्दा मुनिश्रेष्ठ वाल्मीकिले हाँसी हाँसीकन यी महात्मा महायशस्वीको स्वागत गर्नुभयो र भन्न-लाग्नुभयो ॥५॥ हे सौम्य ! यो मेरो आश्रम रघुवंशीहरूकै निमित्तको हो, यसलाई आफ्नै संझ । मैले दिएको यो आसन, पाद्य, अर्घ्य निःशङ्क भएर ग्रहण गर ॥६॥ यस प्रकारको अतिथि-सत्कार गरिसके-पछि शत्रुघ्न फल मूल भोजन गरेर तृप्त भए ॥७॥ फल मूल खाइसकेपछि शत्रुघ्न महर्षिलाई सोध्न-लागे—हे भगवन् ! तपाईंको आश्रमनेर पूर्वपट्टि यज्ञका स्तम्भहरू देखिनलागेका छन्, भन्नुहोस् यहाँ कसले यज्ञ गरेको हो ? ॥८॥

शत्रुघ्नको यो प्रश्न सुनेपछि पहिले जसले यहाँ यज्ञ गरेथे तिनको बारेमा सुन्नुहोस् भनेर वाल्मी-किजी भन्नलागे ॥९॥ उहिले तपाईंहरूको वंशमा सौदास नाम गरेका एक राजा थिए, वीर्यसह नाम गरेका यिनका एक जना बडा बलिया र धर्मात्मा छोरा थिए ॥१०॥ राजा सौदासको बाल्यावस्थै-देखि शिकारमा जाने बानी बसेको थियो । एक दिन वनमा घुमिरहेको बखतमा दोटा राक्षसहरूमाथि यी वीरको दृष्टि पर्न गयो ॥११॥ यी दुवैले भयङ्कर बाघको रूप लिएका थिए, कैयौं हजार पशु-हरूलाई खांदाखेरि पनि यिनीहरू तृप्त हुन्नथे ॥१२॥ यी दुवैले सारा वनलाई निर्जीव गराइदिएको देख्ता सौदासलाई खूबै जंग चल्यो र यिनले ती दुइमध्येका एउटालाई मारिदिए ॥१३॥ उनीहरूमध्येको एउटा राक्षसलाई मारेपछि पुरुषश्रेष्ठ सौदास निश्चिन्त भए र क्रोधरहित भएर मरेको राक्षसलाई हेर्न-लागे ॥१४॥ मरेको आफ्नो साथीलाई राजाले एक दृष्टि लगाएर हेरिराखेको देख्ता अर्को चाहिंलाई घोर ताप पर्‍यो र उ सौदासलाई भन्नलाग्यो ॥१५॥ हे पापी ! तैंले निरपराध मेरो साथीलाई मारि-दिइस्, अतएव तंलाई यसको बदला नदिई छाड्दिन ॥१६॥ यति भनेर त्यो राक्षस त्यहीं अन्तर्धान भइगयो । केही कालपछि सौदासको मृत्यु भएकोले यिनका छोरा वीर्यसह राजगद्दीमा बसे ॥१७॥ यिनै राजा यस आश्रमनेर अश्वमेध यज्ञ गर्नलागे र महर्षि वशिष्ठ यस यज्ञको रक्षा गर्नमा तत्पर भए ॥१८॥ यो ठूलो यज्ञ धेरै धेरै वर्षसम्म बडो धूमधामसंग भइरह्यो र धनधान्यले युक्त भएकोले देवयज्ञ-समान देखिएको थियो ॥१९॥ यज्ञ समाप्त हुने वेलामा नमरेर रहेको त्यही राक्षस आफ्नो पहिलेको शत्रुता संझेर वशिष्ठको रूपमा त्यहां आएर राजालाई भन्नलाग्यो ॥२०॥ आज यस यज्ञको समाप्तिमा झट्टै मासुसहितको मलाई भोजन गराऊ, यसमा सोच-विचार गर्नुपर्ने केही कुरो छैन ॥२१॥ ब्राह्मणरूपी राक्षसको यो कुरा सुन्नेबित्तिकै राजाले भोजन तय्यार पार्नामा सिपालु ठहरिएका भान्सेहरूलाई भने ॥२२॥ मासुसहितको स्वादिलो हविष्यान्न झट्टै तय्यार पारेर गुरुलाई खान देऊ, जसरी हुन्छ गुरुजीलाई सन्तुष्ट गराउने उपाय गर ॥२३॥ राजाको यो विलक्षण आज्ञा सुन्दा भान्से हडबडायो । यही मौकामा राक्षस भान्सेको रूप लिएर भान्साखण्डमा पस्यो र अन्नको साथमा मानिसको मासु पकाएर राजाको सामुन्ने राखेर भन्नलाग्यो—हे राजन् ! मासुसहितको खूब स्वादिलो हविष्यान्न तैयार पारेर ल्याएको

छ ॥२४–२५॥ राजाले पनि आफ्नी रानी मदयन्तीलाई साथमा लिएर वशिष्ठ र उनकी पत्नीको सामुन्नेमा राक्षसले ल्याएको मासुसहितको भोजन राखिदिए ॥२६॥ भोजनको निम्ति ल्याएको यो मासु मानिसको मासु हो भन्ने थाहा पाएपछि वशिष्ठलाई बहुतै रिस उठ्यो र यिनी राजालाई श्राप दिनलागे ॥२७॥ हे राजन् ! मेरो अघिल्तिर यस्तो भोजन ल्याएर खान दिएको हुनाले तिमीले अवश्यमेव यस्तै भोजन गर्ने बन्नुपर्नेछ अर्थात् राक्षस हुनुपर्नेछ ॥२८॥ सौदासपुत्र पनि झोंक्किएर हातमा पानी लिईकन वशिष्ठलाई श्राप दिन तय्यार परे तर रानीले रोकेर उनलाई भनिन् ॥२९॥ हे राजन् ! भगवान् वशिष्ठ हाम्रा प्रभु हुनुहुन्छ तसर्थ देवतासमानका यी हाम्रा पुरोहितलाई श्रापको बदलामा श्राप दिन तपाईंलाई उचित पर्दैन ॥३०॥

रानीको यो कुरा सुनेपछि राजाले तेज र बलले युक्त भएको, आफ्नो हातमा लिइराखेको जल आफ्नै खुट्टामा पोखिदिए ॥३१॥ यो जल पर्नासाथ राजाका दुवै खुट्टा काला हुन गए । यहीं वेलादेखि यी महायशस्वी राजाको कल्माषपाद् भन्ने नाम पर्न गयो र यै नामले यिनी प्रख्यात पनि भए । यसपछि आफ्नी रानीलाई साथमा राखेर राजा वारंवार हात जोरेर मुनिलाई प्रार्थना गर्दै भन्नलागे— मैले ता तपाईंको आज्ञाले यो भोजन तय्यार पार्न लगाएको हुँ ॥३२–३३॥ राजाको यो वचन सुन्दा यी सब काम राक्षसले गर्दा भएको रहेछ भन्ने थाहा पाएर वशिष्ठ फेरि पुरुषश्रेष्ठ राजालाई भन्नलागे ॥३४॥ हे राजन् ! रिसको झोंकमा मैले जो श्राप दिएँ त्यो ता असत्य हुन सक्तैन तर तिमीलाई म अर्को वर दिन्छु ॥३५॥ बाह्र वर्षसम्म मात्र यस श्रापको अवधि रहनेछ, बाह्र वर्ष बितेपछि तिम्रो यो श्राप छुट्नेछ र मेरो कृपाले तिमीलाई राक्षसी अवस्थामा गरेका कामको स्मरण रहनेछैन ॥३६॥ यस प्रकारसंग वशिष्ठले दिएको श्रापको भोग गरिसकेपछि राजाले फेरि आफ्नो राज्य पाए र प्रजाको पालन गर्नलागे ॥३७॥ तिमीले ससित मेरो आश्रमनेरको जुन ठाउँको बारेमा सोध्यौ त्यो यिनै कल्पाषपादले यज्ञ गरेको ठाउँ हो ॥३८॥

राजा कल्माषपादको यो भयङ्कर कथा सुनिसकेपछि शत्रुघ्न महर्षिलाई प्रणाम गरेर पर्णशालाभित्र पसे ॥३९॥

सर्ग—६६

लव र कुशको जन्म ।

जुन रातमा शत्रुघ्न वाल्मीकिको पर्णशालामा बसेका थिए त्यही रातमा सीताले दोटा छोरा जन्माइन् ॥१॥ आधा राततिर मुनिकुमारहरूले आएर वाल्मीकि मुनिलाई सीताले छोरा उत्पन्न गराएको शुभ समाचार सुनाएर भन्नलागे ॥२॥ हे भगवन् ! रामकी पत्नीले दोटा छोरा जन्माएकी छन्, अतएव हे महातेजस्वी मुनिजी ! अब तपाईंले भूत प्रेतले यिनलाई दुःख दिन नसक्ने उपाय गरिदिनुपर्दछ ॥३॥ ऋषिकुमारहरूबाट खबर पाउनासाथ वाल्मीकि मुनि सीता भएको ठाउँमा गए ।

भर्खर उदाएका चन्द्रमाको जस्तो कान्त भएका, देवपुत्रसमानका यी महातेजस्वी दोटा बालकलाई देख्ता यिनी बहुतै खुशी भए र उत्तिखेरै भूत पिशाचहरूबाट रक्षा हुने उपाय गरिदिए ॥४—५॥ वाल्मीकिले एक मुट्ठीभरि कुश लिएर जरापट्टिबाट यसको दुइ टुक्रा पारे। तल्लो भागले एउटाको र अघिल्लो भागले अर्कोको रक्षा गरिदिए, यसैले कुनै बालग्रहको त्यहाँ प्रवेश हुन सकेन ॥६॥ यी बालकहरूमध्ये पहिले जन्मेकाको जम्मै कुशले मार्जन भएकोले कुश नाम पर्न गयो र पछि जन्मेकाको मार्जन लव अर्थात् कुशको टुप्पाले भएकोले यसको नाम लव रहन गयो ॥७—८॥ यस प्रकारसंग यी दुवै यमज कुश, लवको नामले प्रख्यात भए, मैले राखेको नामले यिनीहरू प्रसिद्ध हुनेछन् भन्ने ऋषिको भनाइ थियो ॥९॥ त्यहाँ आश्रममा भएका, पापको लेश मात्र पनि नभएका बूढापाका आइमाईहरूले सावधानीसाथ मुनिको हातबाट कुशको रूपमा यो रक्षा ग्रहण गरेर बालकहरूको हेरविचार गर्नलागे ॥१०॥ रक्षा गर्ने वेलामा यी वृद्धाहरू सीता रामको नाम तथा यिनको गोत्रको नामोच्चारण गर्दै सीताका यी दुवै बालकको रक्षा गर्नलागे ॥११॥ शत्रुघ्नले पनि आधा राततिर यो महाआनन्दको खबर पाए र सीता बसेको पर्णशालामा गएर भने—

हे माता! आज बडो भाग्यको दिन रहेछ, छोरा जन्मेको देख्ता खूब खुशी लाग्यो ॥१२॥ वर्षाकालको श्रावण महीनाको छोटो रात बितेको, दङ्ग परेका महात्मा शत्रुघ्नलाई पत्तै भएन ॥१३॥ प्रातःकाल भएपछि महाबली शत्रुघ्नले बिहान गर्नुपर्ने आफ्ना सबै कृत्य सिध्याए र हात जोरेर मुनिसित बिदाबारी भई पश्चिम दिशातिर लागे ॥१४॥ बाटोमा सात रात वास बसेर यिनी यमुनाको तीरमा पुगे र त्यहाँ पुण्यात्मा ऋषिहरूको आश्रममा डेरा गरेर बसे ॥१५॥ महायशस्वी शत्रुघ्नजी भार्गवादि ऋषिहरूको मुखबाट राम्रा राम्रा कथा सुनेर आफ्नो समय बिताउनलागे ॥१६॥ यी नरेन्द्र पुत्र महात्मा शत्रुघ्नजीले च्यवनादि ऋषिहरूको साथमा रहेर नाना प्रकारका कथा भनेर अथवा सुनेर त्यो रात विताए ॥१७॥

सर्ग—६७

शूलको बल र मान्धाता-लवणासुरको युद्धको वर्णन।

रात परेपछि शत्रुघ्न भृगुनन्दन च्यवन ब्राह्मणसित लवणासुरको बलको बारेमा सोद्धछन् ॥१॥ हे ब्रह्मन्! यसको शूलको कत्तिको बल छ? यसले कतिलाई नाश पार्‍यो? र यो शूलसित द्वन्द्वयुद्ध गर्नेको को आएथे? ॥२॥ महात्मा शत्रुघ्नका यी प्रश्न सुनेपछि तेजस्वी च्यवन उनलाई यस प्रकारसँग जवाफ दिनलागे ॥३॥ हे रघुनन्दन! यस शूलद्वारा असंख्य काम भइसकेका छन्। इक्ष्वाकुकुलका राजासंग जो भएथ्यो सो म भन्दछु, सुन ॥४॥

हे राजन्! उहिले आफ्नो पराक्रमले गर्दा तीनै लोकमा विख्यात भएका युवनाश्वका छोरा महाबली मान्धाता अयोध्याका राजा थिए ॥५॥ समस्त पृथ्वीलाई जितेर आफ्नो राज्यमा मिलाइसकेपछि यी

७८

राजा पुनः देवलोक जित्ने उद्योग गर्नलागे ।।६।। राजाले देवलोक जित्ने उद्योग गर्न थालेको देख्ता देवराज इन्द्र तथा अरू देवताहरूको मनमा ठूलो डर पस्न गयो ।।७।। देवताहरू यी राजालाई इन्द्रको आधा आसन र आधा राज्य दिन तय्यार थिए तापनि उनले समस्त देवराज्यलाई आफ्नो अधीनमा गराउने प्रतिज्ञा गरे ।।८।। राजाको यो खराब मनसाय थाहा पाएपछि इन्द्रजी बडो प्रेमसँग मान्धातालाई भन्नलागे ।।९।। हे पुरुषश्रेष्ठ ! तपाईंले ता अहिलेसम्म समस्त मर्त्यलोकलाई नै आफ्नो अधीनमा गराउन सकेको छैन, समग्र पृथ्वीलाई आफ्नो वशमा नगराई किन देवराज्यमा अधिकार जमाउन खोजेको ? ।।१०।। हे वीर ! समस्त पृथ्वीमा आफ्नो अधिकार भएपछि भृत्य, सेना र वाहनको साथमा जम्मै देवराज्यमा शासन गर्नुहोला ।।११।। इन्द्रको यो कुरा सुन्दा मान्धाताले जवाफ दिए—हे इन्द्र ! भनत पृथ्वीमा कहाँ मेरो शासन चलेको छैन ।।१२।। यसमा सहस्राक्ष इन्द्रले जवाफ दिए—मधुको छोरो लवण नाम गरेको राक्षस जो मधुवनमा बस्तछ त्यसले तपाईंको आज्ञा मानेको छैन ।।१३।। इन्द्रले भनेको यो अप्रिय कुरा सुन्दा राजाले लाज मानेर टाउको निहुराए र केही जवाफै दिन सकेनन् ।।१४।। इन्द्रसंग बिदावारी भई राजा टाउको निहुराएको निहुरायै फेरि यस मृत्युलोकमा आए ।।१५।। शत्रुको मनमा ताप पार्ने यी राजा झोंकिएर फौज वाहनहरूको सहायताले मधुको छोरालाई आफ्नो वशमा ल्याउनाको निम्ति आएका हुन् ।।१६।। लवणासुरसंग युद्ध गर्ने इच्छाले पुरुषश्रेष्ठ राजाले पहिले उसकहाँ आफ्नो दूत पठाए ।।१७।। उनेर गएर दूत अनेक अप्रिय कुरा भन्नलाग्यो र राक्षसले पनि उत्तिखेर त्यो दूतलाई खाइदियो ।।१८।। दूतलाई फर्कन ढीलो भएको देख्ता राजालाई जंग चलिहाल्यो र चारैतिरबाट बाणवृष्टि गरेर राक्षसलाई सताउनलागे ।।१९।। यसपछि राक्षसले हाँसी हाँसीकन आफ्नो शूल उठायो र समस्त साथीहरूको साथसाथै राजालाई मार्न भनी त्यो उत्तम अस्त्रको प्रयोग गरिदियो ।।२०।। प्रकाशमान यो शूल, राजा, भृत्य, सेना तथा वाहन यी सबैलाई खरानी पारेर फेरि लवणको हातमा फर्केर आयो ।।२१।। यस प्रकारसंग यी राजा आफ्ना साथीहरूसहित मारिए, हे शत्रुघ्न ! यस शूलको बल बयान गरी साध्य छैन ।।२२।।

भोलि विहान त्यस राक्षसले शूल लिन नपाउँदैमा आक्रमण गर्नुभयो भने अवश्यमेव तपाईंको जित हुनेछ, हातमा हतियार नभएको वेलामा मात्र यसलाई जित्न सकिन्छ ।।२३।। तपाईंको हातबाट लवणको वध भएपछि समस्त लोकको कल्याण हुनेछ । हे नरश्रेष्ठ ! दुरात्मा लवणको बल तथा यसको शूलको बल र धोकामा पर्नाले राजा मान्धाताको कसरी विनाश हुन गयो सो सब मैले तपाईंलाई बयान गरेर सुनाइहालें ।।२४-२५।। भोलि विहान शूल नलिईकन जब यो भोजन ल्याउनाको निम्ति निस्कन्छ त्यही वेलामा यसको वध गर्नुहोला । हे राजन् ! यस प्रकारसग अवश्यै तपाईंको विजय हुनेछ ।।२६।।

सर्ग—६८

लवणसित शत्रुघ्नको युद्ध ।

महात्मा शत्रुघ्नसित यस प्रकारसँग कथा भन्दा भन्दैमा र विजयको इच्छाले कुरा गर्दा गर्दैमा रात बितेर बिहान भइहाल्यो ॥१॥ चहकिलो बिहान हुनासाथ यो वीर राक्षस आहारा ल्याउन भनी शहरबाहिर निस्किहाल्यो ॥२॥ यही मौकामा वीर शत्रुघ्न पनि यमुना नदी पार गरेर हातमा धनु लिई मधुपुरको फाटकमा तय्यार परेर बसे ॥३॥

मध्याह्न कालतिर क्रूर राक्षस कैयौं हजार प्राणीको भारी बोकेर आयो ॥४॥ अस्त्र लिएर शत्रुघ्नलाई ढोकामा उभिइराखेको देख्ता उ भन्नलाग्यो—हे नराधम ! यो अस्त्र लिएर तँ के गर्न सक्तछस् ? यस्ता अस्त्र लिएका हजारौं प्राणीलाई मैले रिसको झोंकमा खाइदिएको छु, तँमाथि काल सवार भएको जस्तो बुझिन्छ ॥५–६॥ हे पुरुषाधम ! आज मेरो आहारा पनि थोरै थियो, बेसै भयो तँ आफैं मेरो मुखमा पर्न आइस्, रे मूर्ख ! कसरी यहाँबाट उम्कन पाउलास् ? ॥७॥

राक्षसले हाँसी हाँसीकन यसरी बोलेको सुन्दा रिसले गर्दा शत्रुघ्नका आँखाबाट आँसु निस्कनलाग्यो ॥८॥ अतिशय झोंक्किएका हुनाले महात्मा शत्रुघ्नको समस्त शरीरबाट ठूलो चहक भएका किरण निस्कनलागे ॥९॥ शत्रुघ्न झोंकिएर राक्षसलाई भन्नलागे—ए मूर्ख ! तँसित मेरो द्वन्द्व युद्ध गर्ने इच्छा छ ॥१०॥ म राजा दशरथको छोरो र बुद्धिमान् रामचन्द्रको भाइ हुँ, शत्रुको संहार गर्ने हुनाले मेरो नाम शत्रुघ्न भएको छ, तँलाई मार्न भनी म यहाँ आएको हुँ ॥११॥ युद्ध गर्ने इच्छाले आएको मसित द्वन्द्व युद्ध गरिहाल्, तँ समस्त प्राणीको शत्रु भइराखेको छस्, अतः आज मेरो सामुन्ने जीउँदो फर्केर जान पाउनेछैनस् ॥१२॥ शत्रुघ्नले यसो भनेको सुन्दा राक्षसले हाँसी हाँसीकन जवाफ दियो—रे मूर्ख ! भाग्यैले तँ आज मेरो सामुन्ने पर्न आइछस् ॥१३॥ हे मूर्ख पुरुषाधम ! मेरा मामा रावणलाई स्वास्नीका निमित्तमा रामले मारिदियो, रावणको कुल नष्ट भएको कुरा थाहा पाएर पनि मैले क्षमा गरिदिएको हुँ, सामुन्ने आएर अपमान गर्नेहरूलाई पनि क्षमा गरिदिएको छु ॥१४–१५॥ तेरो कुलका, उहिले जन्मेका मान्धातालाई मैले नै मारेको हो र उ जस्तै अनेक पुरुषाधमको मेरो हातबाट वध भइसकेको छ, यिनीहरूपछि जन्मेको तँलाई तृणबराबर संझेर मैले अहिलेसम्म नमारेर छाडेको हुँ ॥१६॥ हे मूर्ख ! मसित युद्ध गर्ने नै इच्छा छ भने, मैले अस्त्र लिएर आउञ्जेल, एक्कै छिन पर्खी, अनि तँसित युद्ध गरुँला ॥१७॥ तँलाई मार्नाको निम्ति जस्तो हतियार चाहिन्छ त्यही नै लिएर आउँछु । राक्षसको यो कुरा सुन्नासाथ शत्रुघ्न भन्नलागे—अब तँ मेरो सामुन्नेबाट जीउँदो फर्केर जान पाउन्नस् ॥१८॥ आफैं अगाडि आएको दुश्मनलाई बुद्धिमान्हरू उम्कन दिन्नन् । विनाविचार गरेर शत्रुलाई मौका दिने छोटो बुद्ध भएकाहरूले काथर मारिएझैं मारिनुपर्दछ ॥१९॥ अतएव एकत्राजि रात्ररी संसारलाई हेरिहाल्, रामचन्द्रको तथा तीनै लोकको तँ शत्रु होस्, पापी होस् तसर्थ तीखा तीखा बाणद्वारा अब तँलाई यमराजको घरतिर पठाइदिन्छु ॥२०॥

सर्ग—६९

लवणासुरको मृत्यु ।

महात्मा शत्रुघ्नको यो कुरा सुन्दा राक्षस खूबै झोंकिएर पर्खी पर्खी भन्नलाग्यो ॥१॥ पाखुरा निमोठेर र दाँत बजाएर राक्षस वारंवार शत्रुघ्नलाई हांक दिनलाग्यो ॥२॥ डरलाग्दो अनुहार परेको लवणासुरले यस प्रकारसंग आफूलाई हांक दिएको सुन्दा देवताका शत्रुहरूको विनाश पार्ने शत्रुघ्न भन्नलागे ॥३॥ जुन वेलामा तैंले अरू राजाहरूलाई जितिथिस् त्यस वेलामा शत्रुघ्न जन्मेका थिएनन् । आज मेरो बाणद्वारा मरेर तैंले यमपुरीतिर जानुपर्नेछ ॥४॥ रे पापी ! जसरी देवताहरूले रामचन्द्रको हातबाट रावणको वध भएको देखेथे त्यसै गरी आज ऋषि, विद्वान् र ब्राह्मणहरूले मेरो हातबाट तेरो वध भएको देख्नेछन् ॥५॥ मेरो बाण लाग्नाले छिया छिया भएर तँ ढलेपछि शहर र तमाम राज्यमा कल्याण हुनेछ ॥६॥ मेरो हातबाट छुटेका वज्रसमानका बाण आज तेरो छातीमा, सूर्यका किरणले कमलमा प्रवेश गरे झैं, प्रवेश गर्नेछन् ॥७॥

शत्रुघ्नले यसो भनेको सुन्दा राक्षसले रिस खप्न नसकेर उनको छाती ताकेर एउटा बडेमानको रूख हिर्कायो तर शत्रुघ्नले सयौं टुक्रा परेर यसलाई फ्यांकिदिए ॥८॥ आफ्नो यस प्रहारलाई निष्फल भएको देख्ता महाबली राक्षस शत्रुघ्नमाथि अनेक रूख उखेल्दै चलाउनलाग्यो ॥९॥ तेजस्वी शत्रुघ्नले पनि आफूमाथि आउनलागेका यी प्रत्येक रूखलाई तीन तीन चार चार तीखा तीखा बाण चलाएर काट्तै धमाधम खसालिदिए ॥१०॥ महाबली शत्रुघ्न यस प्रकारसंग रूखको प्रहारलाई निष्फल गराउँदै राक्षसमाथि बाणको वर्षा गर्नलागे तर राक्षसलाई यसले अलिकता पनि पीडा गराउन सकेन ॥११॥ यसपछि महाबली राक्षसले हाँसी हाँसीकन शत्रुघ्नको टाउकोमा ताकेर एउटा रूख हिर्कायो जसले गर्दा यिनको शरीर शिथिल भइगयो र बेहोश परेर भूइँमा ढलि पनि हाले ॥१२॥ शत्रुघ्नलाई बेहोश परेर ढलेको देख्ता ऋषि, देवता, गन्धर्व र अप्सराहरूले ठूलो हाहाकार मच्चाउनलागे ॥१३॥ शत्रुघ्न बेहोश परेर भूइँमा ढल्दाखेरि राक्षसलाई घरभित्रबाट शूल ल्याउने मौका ता परेको थियो तर शत्रुघ्नलाई मरेको संझेर यसले शूल ल्याउने केही आवश्यकता देखेन ॥१४॥ पृथ्वीमा पडिराखेका शत्रुघ्नलाई मरेको भन्ठानेर यो शूल लिन गएन, बरु आफ्ना भक्ष्य जन्तुलाई भित्र लैजानाको निम्ति बटुल्नलाग्यो ॥१५॥ एक छिनमा होश आएपछि शत्रुघ्न फेरि धनु लिएर खडा भए । शत्रुघ्नलाई उठेको देख्ता ऋषिहरूले त्यहीं ढोकैमा यिनको प्रशंसा गरे ॥१६॥ अब ता शत्रुघ्नले उही दिव्य अमोघ बाण आफ्नो धनुमा चढाए जो कि आफ्नो तेजले प्रज्वलित भएर चारैतिर प्रकाश फैलाउनलागेको थियो ॥१७॥ यस बाणको टुप्पो वज्र जस्तो र वेग पनि वज्रको जत्तिकै थियो, मेरु र मन्दर पर्वतसमान गह्रौं थियो, यसमा अनेक साना गाँठा परेका थिए र युद्धमा कहिले पनि यसले पराजित हुनुपरेको थिएन ॥१८॥ जताततै शत्रुको रगत र पूजाको चन्दन लागिराखेको थियो, चराहरूको जस्तै

राम्रा राम्रा पखेटाले युक्त भएको यो बाण दानवराज र राक्षसहरूको विनाश गर्न सक्तथ्यो । प्रलय-कालको प्रज्वलित कालाग्निझैं यस बाणलाई संहार गर्न उद्यत भएको देख्ता सबै प्राणीहरू डरले थर्कायमान हुनलागे ।।१९-२०।। देवता, असुर, गन्धर्व, मुनि, अप्सरा आदि गरिएका संसारका सबै प्राणीहरू यस बाणको तेजले आकुल व्याकुल हुन गए र देवताहरू ब्रह्मा भएको ठाउँमा पुगे ।।२१।। देवदेव, वरदायक ब्रह्मालाई यिनीहरूले आफूमाथि परेको विपत्ति तथा समस्त संसारले व्याकुल हुनु-परेको कारण बयान गरेर सुनाए ।।२२।।

यिनीहरूको बयान सुनेपछि लोकपितामह ब्रह्माजी देवताहरूको भय दूर गराउने मधुरो बोली गरेर भन्नलाग्नुभयो—हे सबै देवताहो ! सुन, संग्राममा लवणासुरलाई मार्नाको निम्ति शत्रुघ्नले यो बाण धारण गरेको हो ।।२३-२४।। यही बाणको तेजले तिमीहरू सबैले लट्ठ परे जस्तो हुनुपरेको हो । लोककर्त्ता, सबभन्दा पहिले जन्मेका, सनातन विष्णुको यो तेजोमय बाण हो, यसैलाई देखेर तिमीहरू सबै डराइराखेका छौ । मधु र कैटभ यी दोटा दैत्यको वध गर्न भनी उहाँले यो विशाल बाणको रचना गर्नुभएथ्यो । महातेजले युक्त भएको यस बाणको बारेमा केवल उहाँलाई मात्र थाहा छ ।।२५-२७।। यो बाण महात्मा विष्णुको पहिलो शरीर हो । तपाईंहरू यहाँबाट जानुहोस् र रामका भाइ, वीर, महात्मा शत्रुघ्नको हातबाट लवणको वध भएको हेर्नुहोस् ।

ब्रह्माको यो कुरा सुनेपछि देवताहरू लवण र शत्रुघ्नसित युद्ध हुनलागेको ठाउँमा फर्केर आए । सबै प्राणीहरूले शत्रुघ्नको हातमा प्रलयकालको बल्दो आगोसमानको दिव्य शर देखे । युद्ध हेर्न भनी आएका देवताहरूले गर्दा आकाश टम्म भरिएको देख्ता शत्रुघ्न ठूलो सिंहनाद गर्दै लवणासुरतिर हेर्न-लागे । महात्मा शत्रुघ्नले युद्धको निम्ति हाँक दिएको सुन्दा लवण पनि झोंकिएर लड्न अघि सरिहाल्यो । धनुर्धारीहरूमध्येका श्रेष्ठ शत्रुघ्नले पनि कानसम्म धनु तानी लवणको छाती ताकेर सो महाबाण चलाए । उसको छाती चिरेर यो बाण झटपट पातालभित्र पसिहाल्यो ।।२८-३४।। देवताहरूद्वारा पूजित भएको यो बाण पातालभित्र पसेर फेरि झटपट इक्ष्वाकुकुलनन्दन शत्रुघ्नको ठोक्रोभित्र आएर प्रवेश गर्‍यो ।।३५।। शत्रुघ्नको बाण लाग्नाले मुटु छिया छिया भएको लवण, वज्र लाग्नाले ढलेको पर्वतझैं एकासि भूईंमा लडिहाल्यो ।।३६।। लवण मारिएपछि उसको दिव्य शूल सबै देवताहरूले देख्ने गरी शिवजी-कहाँ फर्केर गयो ।।३७।।

रघुवीर शत्रुघ्नले केवल एउटा बाण चलाएर तीनै लोकमाथि परेको भय दूर गरिदिए, अन्धकार-लाई दूर गरेर उदाएका सूर्य भगवान्‌को जस्तो शोभा देखिन्छ त्यस्तै शोभा अहिले उत्तम धनु बाण लिएका विजयी शत्रुघ्नको देखिनलाग्यो ।।३८।। यस समयमा देवता, ऋषि, सर्प, अप्सरा यी सबै शत्रुघ्नको प्रशंसा गरेर भन्नलागे—हे काकुत्स्थ ! तपाईंले निर्भय भएर सर्पसमानको यस लवणासुरलाई मारेर विजय प्राप्त गर्नु हाम्रो भाग्यको कुरा हो ।।३९।।

सर्ग—७०

मधुपुरीमा बाह्र वर्ष बितेपछि शत्रुघ्नलाई रामचन्द्रसँग भेट गर्ने इच्छा हुन्छ ।

लवणासुर मारिएपछि अग्नि, इन्द्र आदि गरिएका देवताहरू त्यहाँ आएर शत्रुतापी शत्रुघ्नलाई मीठो बोली गरेर भन्नलागे ।।१।। हे वत्स ! लवणासुरलाई मारेर तिमी विजयी भएको देख्ता हामी सबैलाई खुशी लागिराखेको छ, हे सुव्रत ! यस मौकामा वर माग ।।२।। हे महाबाहु ! तिम्रो विजय होस् भनेर चाहना गर्ने र वर दिनामा समर्थ भएका हामी सबै यहाँ आइराखेका छौं, हामीहरूसित भएको दर्शन निष्फल जान सक्तैन ।।३।। देवताहरूको यो कुरा सुनेपछि, नियममा बस्ने महाबाहु, शूर शत्रुघ्न टाउको निहुराई हात जोरेर भन्नलागे ।।४।। देवताहरूद्वारा निर्माण गरिएको यो मधुपुरी रमणीय तथा धन जनले पूर्ण भइहालोस् र झट्टै यसमा मेरो प्रवेशसमेत होओस्, मैले इच्छा गरेको वर यही हो ।।५।। देवताहरूले पनि दङ्ग परेर तिमीले चिताएको कुरा हुनेछ, अब यो शहर चाँडै नै रमाइलो बन्नेछ र यहाँका सैनिकहरू शूरा हुनेछन् भनी जवाफ दिए ।।६।। शत्रुघ्नलाई यति भनेर महात्मा देवताहरू आकाशतिर लागे र तेजस्वी शत्रुघ्नले पनि गंगाको किनारमा अडाइराखेको आफ्नो फौजलाई बोलाउन पठाए ।।७।। शत्रुघ्नको आज्ञा पाउनासाथ फौज झट्टै त्यहाँ आइहाल्यो । शत्रुघ्नले श्रावणको महीनामा त्यस शहरभित्र प्रवेश गरे ।।८।। बाह्र वर्ष पुग्दा नपुग्दैमा यो सम्पूर्ण देश शूरसेन-वंशी राजाहरूले वास गर्न योग्यको हुन गयो, त्यहाँका प्रजाहरू निर्भर भएर रहनलागे, वेला वेलामा पानी पर्ने हुनाले खेतमा अन्न लहलह परेर फल्न थाल्यो; शत्रुघ्नको बाहुबलद्वारा पालना गरिएको यस मधुपुरीमा नीरोगी र वीर पुरुष देखिनलागे ।।९-१०।। यमुना नदीको तीरमा खडा भएको, अर्धचन्द्रको जस्तो आकार परेको यो शहर राम्रा राम्रा घर, चौतरा, बजार र गल्लीले शोभायमान देखिनलाग्यो । चारै वर्णका मानिस र किसिम किसिमका व्यापारी आनन्दसँग यहाँ बस्नलागे ।।११।। लवणासुरले पहिले यस शहरमा जति राम्रा राम्रा घर बनाएको थियो ती सबलाई रंग रोगन गरेर शत्रुघ्नले झन् बढ्ता राम्रो बनाइदिए ।।१२।। जताततै बगैंचा र विहार गर्ने ठाउँ बनेकोले यसको शोभा बढिराखेको थियो । राम्रा राम्रा देवता र मानिसले वास गरेकोले पनि यो शहर शोभायमान देखिएको थियो ।।१३।। देवनगरीसमानको यो शहर नाना किसिमका व्यापारका चीजबीजले भरिभराउ भएकोले देशदेशान्तरका व्यापारीहरू व्यापारको लोभले यहाँ आएर रहनलागे ।।१४।। आफ्नो मनोरथ पूर्ण गराएका, भरतका भाइ शत्रुघ्न, यस शहरलाई धनजनले पूर्ण भएको देख्ता मन मनैमा दङ्ग परेर बहुतै खुशी भए ।।१५।।

यस प्रकारसँग मधुपुरीमा वास गर्दा गर्दैमा बाह्र वर्ष बितिहाल्यो र धेरै दिनभयो एकचोटि रामचन्द्रजीको चरणको दर्शन गर्नुपर्‍यो भन्ने विचार शत्रुघ्नको मनमा उठ्न गयो ।।१६।। नाना किसि-मका मानिसले परिपूर्ण भएको देवनगरीसमानको यस शहरमा बस्ता बस्तैमा रघुकुलवर्धन राजा शत्रुघ्नको मनमा रामचन्द्रको चरणको दर्शन गर्ने विचार उत्पन्न भयो ।।१७।।

सर्ग—७१

अयोध्यामा आउँदा शत्रुघ्न वाल्मीकिको आश्रममा रामचरित सुन्दछन् ।

बाह्रौं वर्षमा शत्रुघ्नले नोकर-चाकर साथमा लिएर रामद्वारा पालन गरिएको अयोध्या नगरीमा जाने इच्छा गरे ॥१॥ प्रधान मन्त्रीहरूलाई र सेनापतिहरूलाई फर्कने आज्ञा दिएर यिनी असल घोडा जोतिएको रथमा सवार भई सयओटा जति रथ साथमा लिई अयोध्यातिर लागे ॥२॥ बाटोमा सात आठ ठाउँमा वास गरेर यी महायशस्वी एक दिन वाल्मीकिको आश्रममा वास बस्न पुगे ॥३॥ यी पुरुषश्रेष्ठले पहिले वाल्मीकिको चरणमा ढोग दिए र अनि उहाँले आफ्नो हातले दिएका अर्घ्य, पाद्य आदि गरिएका अतिथि सत्कारका चीजबीज ग्रहण गरे ॥४॥ मुनिजी महात्मा शत्रुघ्नलाई नाना किसिमका राम्रा राम्रा हजारौं कथा सुनाउनलागे ॥५॥ लवणलाई मारेको विषयमा मुनिजीले भन्नुभयो, हे शत्रुघ्न ! लवणासुरलाई मारेर तिमीले साँच्चिकै एउटा गाह्रो काम गरेर देखायौ ॥६॥ हे महाबाहु ! यो बलिष्ट लवणासुरले युद्ध गर्न आएका अनेक राजालाई र उनको फौजलाई ध्वस्त पारिसकेको थियो, तर हे वीर ! तिमीले ता त्यस पापीलाई सजिलैसंग मारिदियौ, तिम्रो प्रतापले आज समस्त संसार शान्त र निर्भय हुन गएको छ ॥७-८॥ रावण वध पनि गाह्रै काम हो र यसको निम्ति ठूलो प्रयत्न गर्नुपरेथ्यो, तर तिमीले ता यत्रो ठूलो काम विना कुनै किसिमको प्रयत्नले गरिदियौ ॥९॥ लवण मारिएकोले देवताहरू तिमीदेखि खूब प्रसन्न भएका छन् । तिमीले सबै प्राणीहरूलाई तथा समस्त जगत्-लाई मन पर्ने काम गरिदियौ ॥१०॥ हे राघव ! इन्द्रको सभामा बसेर मैले पनि त्यो युद्ध राम्रै गरी हेरें ! हे शत्रुघ्न ! यो युद्ध हेरेको वेलादेखि तिमीप्रति मेरो हृदयमा ठूलो प्रसन्नता उम्रिराखेको छ अत-एव अब म तिम्रो माथ सुंघ्दछु, कारण यो स्नेहको सबभन्दा ठूलो चिह्न संझिएको छ ॥११-१२॥ यति भनेर मुनिजीले उनको माथ सुँघ्नुभयो र अनि उनको तथा उनका साथीहरूको अतिथिसत्कार गर्नु-भयो ॥१३॥

शत्रुघ्नले भोजन गरिसकेपछि, अलि पर कसैले मधुर सङ्गीत जस्तो गरेर गाउनलागेको रामचन्द्र-को चरित्र सुने । रामचन्द्रले पहिले जति काम गरिसकेका थिए ती सबैको गीतस्वरूपमा वर्णन हुन-लागेको थियो ॥१४॥ वीणाको लयमा स्वर मिलाएर रामचन्द्रको गाना हुनलागेको थियो । हृदय, कण्ठ र तालुबाट निस्केको स्वर मध्य, मान्द्र र तारद्वारा वीणाबाट निस्केको लयसंग मिसिएर ताल-सहितको गाना भइराखेको थियो । यसको छन्दरचना संस्कृतमा थियो र छन्द, व्याकरण तथा सङ्गीत शास्त्रको नियमअनुसार बिलकुल शुद्ध थियो ॥१५॥ रामचन्द्रले अहिलेसम्म जति काम गरेका थिए ती सबै जस्ताको तस्तै गरी क्रमैसंग रामचरित्रमा वर्णन हुनलागेको शत्रुघ्नले सुने ॥१६॥ रामचरित्र सुन्नाले शत्रुघ्नको आँखाभरि आँसु भयो र बेहोश पनि भए । केही बेरसम्म ता होशै नभएर यिनी वार-वार लामो लामो सास फेर्नलागे ॥१७॥ पहिले भइसकेका कुरा, अहिले गीतमा सुनेकोले, शत्रुघ्नको

आँखाअगाडि नाच्नलागे । यो गीत सुन्नाले शत्रुघ्नको साथमा आएका सैनिकहरू पनि मुण्टो निहुराएर मनमा बडो खिन्न भई आश्चर्य मानेर आफू आफूमा भन्नलागे ॥१८–१९॥ यो क्या हो ? अहिले हामी कहाँ छौं ? के हामी सपना देखिरहेका छौं ? पहिले हामीले जति कुरा देखेथ्यौं ती सब अहिले आश्रममा सुन्नलागेका छौं । सपनामा पो हामीले यो गाना सुनेको हो कि ? मनमा बडो छक्क परेर यिनीहरूले शत्रुघ्नलाई भने ॥२०–२१॥

हे नरश्रेष्ठ ! मुनिपुंगव वाल्मीकिसित यो गीतको बारेमा सोध्नुहोस् । मनमा आश्चर्य्य मानिराखेका सैनिकहरूलाई शत्रुघ्नजी भन्नलागे—हे सैनिकहो ! मुनिजीसंग यस्तो कुरा सोध्नु हाम्रा लागि उचित पर्दैन, किनकि मुनिको आश्रममा यस्ता आश्चर्य्यका अनेक कुरा भइ नै रहन्छन् ॥२२–२३॥ मनमा छक्क लाग्यो भन्दैमा मुनिसँग यस्तो प्रश्न गर्न मुनासीब पर्दैन । सैनिकहरूलाई यस प्रकारसँग संझाई बुझाइसकेपछि शत्रुघ्न महर्षिलाई प्रणाम गरेर आफ्नो सुत्ने ठाउँमा गए ॥२४॥

सर्ग—७२

रामचन्द्रको दर्शन गरेर शत्रुघ्न फेरि आफ्नो मधुपुरमा फर्केर आउँछन् ।

शत्रुघ्न ओच्छ्यानमा गएर पल्टन ता पल्टे, तर अनेक अर्थ भएको, रामचरितसम्बन्धी त्यो उत्तम गानाको बारेमा विचार गर्दा गर्दैमा यिनलाई निद्रै परेन ॥१॥ महात्मा शत्रुघ्नले धेरै बेरसम्म ताल स्वरले युक्त भएको यो गाना सुन्दा सुन्दैमा रात बितेको पत्तै पाएनन् ॥२॥ रात बितेर बिहान भएपछि प्रातःकालमा गर्नुपर्ने आफ्नो सबै काम सिध्याएर यिनी हात जोरेर मुनिलाई भन्नलागे ॥३॥ हे भगवन् ! रामचन्द्रजीलाई भेट्न्ने मेरो इच्छा भइराखेको छ, तसर्थ यी महाव्रतधारी मुनिहरूको सामुन्नेमा मलाई जाने आज्ञा दिनुहोस् ॥४॥ शत्रुतापी शत्रुघ्नले यसो भनेको सुनेपछि वाल्मीकिले उनलाई अँगालो हालेर जाने विदा दिनुभयो ॥५॥ रामचन्द्रलाई भेट्न उत्सुक भइराखेकोले यिनी मुनिलाई प्रणाम गरेर श्रेष्ठ रथमा सवार भई झटपट अयोध्यातिर हिंडिहाले ॥६॥

श्रीमान् शत्रुघ्न रमणीय अयोध्यापुरीमा पुगेपछि, महातेजस्वी, महाबाहु रामचन्द्रको महलभित्र पसे ॥७॥ जसरी देवताहरूको बीचमा इन्द्र बसेका हुन्छन् त्यसै गरी पूर्णिमाको चन्द्रमाको जस्तो अनुहार परेका रामलाई यिनले मन्त्रीहरूको बीचमा बसिराखेको देखे ॥८॥ आफ्नो तेजले प्रकाशमान भइराखेका सत्यपराक्रमी महात्मा रामचन्द्रलाई प्रणाम गरी यिनी हात जोरेर विन्ति गर्नलागे ॥९॥ हे महाराज ! तपाईंको आज्ञाबमोजिम सबै काम गरिसकें । पापी लवणलाई मारेर मैले त्यहाँ शहर पनि बसाएँ ॥१०॥ हे रघुनन्दन ! तपाईंको दर्शन नपाई मैले त्यहाँ रहनलागेको बाह्र वर्ष भइसक्यो, अब म तपाईंलाई छाडेर त्यहाँ बस्न सक्तिन ॥११॥ अतएव हे परमपराक्रमी काकुत्स्थ ! अब कृपा गरेर मलाई यहाँ बस्ने आज्ञा दिनुहोस्, जसरी माउलाई छाडेर बाच्छो रहन सक्तैन त्यसै गरी म पनि तपाईंलाई छाडेर धेरै दिनसम्म त्यहाँ बस्न सक्तिन ॥१२॥ शत्रुघ्नका यी कुरा सुन्दा रामचन्द्रजी उन-

लाई अँगालो हालेर भन्नलाग्नुभयो—हे वीर ! मनमा पीर नलेऊ, पीर मान्नु क्षत्रियहरूलाई सुहाउँदो काम होइन ।।१३।। हे राघव ! परदेशमा बस्नुपर्‍यो भनेर राजाले दुःख मान्नु हुँदैन, राजाले ता क्षात्र-धर्मको अनुसार प्रजाको पालना गर्नपट्टि लाग्नुपर्दछ ।।१४।। हे नरश्रेष्ठ ! कहिलेकहीं मलाई भेट्न अयोध्यामा आउने गरे र भेटिसकेपछि फेरि आफ्नो राजधानीमा फर्केर जाने गरे ।।१५।। तिमी निस्सन्देह प्राणभन्दा पनि बढ्ता प्यारा छौ तर राज्यको पालना पनि ता अवश्य गर्नैपर्दछ ।।१६।। अतएव सात दिनसम्म मकहाँ बस, यसपछि आफ्नो फौज तथा रथ लिएर मधुपुरी जाउला ।।१७।।

धर्मयुक्त र मनअनुसारको रामचन्द्रको यो कुरा सुनेपछि शत्रुघ्नले रुन्चे स्वर गरेर उहाँको कुरा मञ्जूर गरे ।।१८।। रामचन्द्रको आज्ञाअनुसार सात रात त्यहाँ बिताएपछि धनुर्धारी शत्रुघ्न त्यहाँबाट हिंड्ने तर्खर गर्नलागे ।।१९।। सत्यपराक्रमी महात्मा राम, भरत, तथा लक्ष्मणसँग बिदावारी भएर यिनी रथमा सवार भए ।।२०।। महात्मा लक्ष्मण र भरत पैदल हिंडेर अलि टाढासम्म यिनलाई पुर्‍याउन गए र यसपछि शत्रुघ्न हतार गरेर आफ्नो राजधानीतिर लागे ।।२१।।

सर्ग—७३

मरेको छोरा लिएर कोही एक ब्राह्मण रामचन्द्रको ढोकामा आउँछन् ।

शत्रुघ्नलाई बिदा गरिसकेपछि रामचन्द्र दुवै भाइका साथमा धर्मपूर्वक राज्यको पालना गरेर सुखसँग रहनलागे ।।१।। केही दिन बितेपछि राज्यमा रहने कुनै एक बूढा ब्राह्मण मरेको छोरो लिएर दरबारको ढोकामा आए ।।२।। अफसोस ! पूर्वजन्ममा मैले कस्तो पाप गरेको रहेछु भनेर बिलौना गर्दै वारंवार हा छोरा ! हा छोरा ! भन्दै रुनलागेका थिए ।।३।। मैले पूर्वजन्ममा कस्तो पाप गरेको रहेछु कि आज आफ्नो एकमात्र छोरोलाई मरेको देख्नुपर्‍यो ।।४।। यो अहिले जवान पनि हुन पाएको थिएन, पन्ध्र पुगी सोह्र लागेको थियो, हे छोरा ! अकालमा कालको ग्रास बनेर तिमीले मलाई दुःख दियौ नि ।।५।। हे छोरा ! तिम्रो शोकले गर्दा अब थोरै दिनमा म र तिम्री आमा हामी दुवै निस्सन्देह नमरिछाडनेछैनौं ।।६।। कुनै प्राणीको हिंसा गरेको अथवा कसैसँग झूटो बोलेको मलाई संझना छैन, मनसा, वाचा, कर्मणा कुनै किसिमको पाप गरे हुँला जस्तो पनि लाग्दैन ।।७।। फेरि कुन पापले गर्दा मेरो यस छोराले बाल्यावस्थैमा, पितृकार्य गर्ने नपाईकन नै यमपुरीतिर लाग्नुपरेको हो ।।८।। रामचन्द्रको राज्यमा कसैको पनि यस किसिमको भयङ्कर अकालमृत्यु भएको देखिएको अथवा सुनिएको पनि छैन ।।९।। निस्सन्देह रामचन्द्रको कुनै ठूलो पापले गर्दा उनको राज्यमा बालकहरूको मृत्यु हुनलागेको होला ।।१०।। अरू अरू देशमा रहने बालकहरूलाई मृत्युदेखिको डर रहँदैन, अतएव हे राजन् ! तपाईंले मेरो यो मरेको बालकलाई बचाउने उपाय गर्नैं पर्‍यो नत्र भने अनाथझैं यहीं ढोकामा अन्न जल खान छाडेर आफ्नी स्वास्नीको साथसाथै प्राण त्यागिदिनेछु अनि ब्रह्महत्याको पाप बोकेर सुखी हुनुहोला ।।११-१२।। हे राजन् ! त्यसो भएपछि तपाईंले र तपाईंका भाइहरूले दीर्घायु पाउलान् ! हे महाबल !

अहिलेसम्म हामीहरू यस राज्यमा बडो सुखसँग रहेका थियौं, अब ता हे राम ! तपाईंको वशमा रहनुपरेकोले हामीमाथि यस्तो आपत्ति आइपर्नलाग्यो, कालको पञ्जामा पर्नुपरेकोले तपाईंको राज्यमा हामीलाई अलिकता पनि सुख छैन ॥१३-१४॥ इक्ष्वाकुवंशीहरूको यो राज्य, रामचन्द्र राजा भएकोले अहिले अनाथ जस्तै भइराखेको छ, यिनैको राज्यमा बालकहरूको मृत्यु हुनलाग्यो ॥१५॥ राजाको दोषले अथवा विधिपूर्वक शासन नहुनाले प्रजामाथि नाना किसिमका आपत्ति आइपर्दछन्, जहाँको राजा पापी हुन्छ, त्यहाँका प्रजाहरूको अकाल मृत्यु हुन्छ ॥१६॥ राजाद्वारा राम्रोसँग रक्षा नभएपछि राज्यका प्रजाहरू अनुचित काम गर्नपट्टि लाग्दछन् र यतैबाट अकालमा मृत्यु हुने डर उत्पन्न हुन्छ ॥१७॥ अतएव शहरमा अथवा राज्यमा कतै न कतै अवश्य राजदोष भएको हुनुपर्दछ, अरू कुनै कारणबाट यस बालकको मृत्यु हुन सक्तैन ॥१८॥ यस प्रकारसँग वारंवार नाना किसिमका कुरा गरेर त्यसले राजालाई आफ्नो दुःख सुनायो र दुःखले आकुल व्याकुल परेर मरेको छोरोलाई अँगालो हाल्न थाल्यो ॥१९॥

सर्ग--७४

बालकको मृत्यु भएको विषयमा रामचन्द्र नारद वशिष्ठादिसँग सल्लाह गर्दछन् ।

यस प्रकारसँग रामचन्द्रजीले त्यस ब्राह्मणको दुःख र शोकसहितको, दया उठ्ने किसिमको विलाप सुने ॥१॥ यो विलाप सुन्दा रामचन्द्रजी बहुतै दुःखित भए र यिनले वामदेव, भाइहरू, वेदज्ञ, ब्राह्मणहरू र वशिष्ठलाई बोलाउन पठाए । वशिष्ठको साथमा आठ ब्राह्मणहरूले सभाभित्र पसेर देवतुल्य रामचन्द्रलाई तपाईंको कल्याण होस् भनी आशीर्वाद दिए ॥२-३॥ मार्कण्डेय, मौद्गल, वामदेव, काश्यप, कात्यायन, जाबालि, गौतम, र वशिष्ठ यी आठै जना ब्राह्मणहरू आफ्नो आफ्नो आसनमा बसिसकेपछि रामचन्द्रले हात जोरेर यिनीहरूलाई प्रणाम गर्नुभयो ॥४-५॥ मन्त्र र शास्त्र जान्ने यी तेजस्वी महात्माहरूले यथायोग्य सत्कार पाएर आसन ग्रहण गरिसकेपछि रामचन्द्रले ब्राह्मणको सबै वृत्तान्त सुनाएर यसले ढोका रोकिराखेको छ भनेर निवेदन गर्नुभयो । दुःखमा परेका रामचन्द्रको यो कुरा सुनेपछि सबै ऋषिहरूको सामुन्नेमा नारद मुनि स्वयं मीठो कुरा गरेर जवाफ दिनलागे--हे राजन् ! कसरी यो बालकको अकालमृत्यु भएको हो सो सुन्नुहोस् ॥६-८॥ हे राजन् ! मेरो कुरा सुनेपछि जो उचित ठहऱ्याउनुहुन्छ सो गर्नुहोला ।

हे रामचन्द्र ! पहिले सत्ययुगमा केवल ब्राह्मणहरू नै तपस्वी हुन्थे, ब्राह्मणबाहेक अरू कोही पनि तपस्वी हुन्नथे, त्यस युगमा ब्राह्मणहरूको प्रधानता थियो, तपस्याले गर्दा त्यो युग प्रज्वलित थियो र अज्ञान टाढै भागी हिंड्दथ्यो । यसै कारण सबै प्राणी दीर्घदर्शी अर्थात् भइसकेको र पछि हुने कुरासमेत जान्दथे, अकालमा कसैको मृत्यु होला भन्ने संभावनै थिएन । यसपछि त्रेतायुग प्रारम्भ भयो र यसमा क्षत्रियहरूको प्रधानता देखिनलाग्यो । यस युगमा क्षत्रियहरू पनि उही तपस्या गर्नलागे जुन तपस्या महात्मा ब्राह्मणहरू सत्ययुगमा गर्दथे । सत्ययुगमा तपस्याले गर्दा ब्राह्मणहरूभन्दा

कम ठहरिएका क्षत्रियहरू यस त्रेतायुगमा तपस्यामा लागेकोले यी दुवै थरी तपस्या र वीर्यमा एकनासका हुन गए ।।९-१३।। यस त्रेतायुगमा ब्राह्मण र क्षत्रियमा कुनै प्रकारको घटी बढी नभएको देख्ता सबैको सम्मति लिएर मनु आदि गरिएका स्मृतिकारहरूले चार वर्णको स्थापना गरी यिनीहरूको पृथक पृथक् धर्म तोकेर शास्त्र बनाइदिए ।।१४।। यस युगमा यज्ञादि धर्म-कर्मको चलती भएकोले अज्ञानले ता प्रवेश गर्न सकेको थिएन तर अधर्मले भने आफ्नो एक खुट्टा यस पृथ्वीतलमा जमाइदियो अर्थात् त्रेतायुगका मानिसहरूले सत्ययुगका मानिसमा जत्तिकै ब्रह्मज्ञान नभएकोले अग्नि होमादि धर्ममा लाग्नुपर्‍यो र हिंसारूपी अधर्मको एक खुट्टा पृथ्वीतलमा पर्न आयो । अधर्मले गर्दा वर्णाश्रमीहरूको तेज केही घटेर गयो ।।१५।। सत्ययुगमा रजोगुणसम्बन्धी भोग मल जत्तिकै त्याज्य संझिएका थिए, खनजोत नगरिएको अन्न खाएर यिनताकका प्राणी जीविका चलाउँथे तर त्रेतायुगमा ता अधर्मको एक खुट्टा पर्न गएकोले खेतीपातीद्वारा मानिसको जीविका चलनलाग्यो ।।१६।। अधर्मको एक खुट्टा परेर खेतीपातीद्वारा जीविका चलनलागेपछि त्रेतायुगमा मानिसहरूको आयु सत्ययुगमा भन्दा घटेर गयो ।।१७।। अधर्मले पृथ्वीमा अवतार लिनलाग्यो भन्ने थाहा भएकोले मानिसहरू धर्मकर्म गर्नपट्टि लागेर पापदेखि बच्ने उपाय गर्नलागे अर्थात् त्रेतायुगमा यज्ञादि अनुष्ठान-द्वारा मनलाई शुद्ध गराएर मानिसहरू धर्ममा तत्पर हुनलागे, सत्ययुगमा ता स्वभावतः यिनीहरू धर्ममा तत्पर भएका देखिन्थे ।।१८।। त्रेतायुगमा ब्राह्मण र क्षत्रिय यी दुवै थरी मात्र तपस्या गर्नलागे, वैश्य, शूद्रले ता उनको सेवा गर्न थाले ।।१९।। ब्राह्मण क्षत्रियको सेवा गर्नु नै वैश्य, शूद्रको परमधर्म ठहरिन गयो, विशेष गरेर शूद्रहरू ता सबै वर्णको सेवा गर्नलागे ।।२०।। हे नृपश्रेष्ठ ! त्रेतायुगको अन्तमा वैश्य र शूद्रहरूले असत्य र अधर्मको व्यवहार गर्नलागेकोले ब्राह्मण र क्षत्रियहरूको समेत उनीहरूको संगतले गर्दा ह्रास हुनलाग्यो अर्थात् यिनीहरूको आयु र प्रभाव घट्तै जान थाल्यो ।।२१।। यही मौकामा अधर्मले आफ्नो अर्को खुट्टा पृथ्वीमा राख्यो र यो युग द्वापरको नामले प्रसिद्ध भयो ।।२२।। यस द्वापरयुगमा धर्मको दुइ खुट्टा भाँचिइसकेकाले हे नृपश्रेष्ठ ! अधर्म र अनृत यी दुवैको वृद्धि हुनलाग्यो ।।२३।। यस द्वापरयुगमा वैश्यहरूसमेत तपस्या गर्नलागे, यस प्रकारसँग यी तीन युगमा तीनै वर्ण क्रमैसँग तपस्यामा प्रवृत्त भए ।।२४।। यी तीन युगमा तीन वर्णले क्रमैसँग तपस्या गर्ने अधिकार पाए तर शूद्रले ता कुनै युगमा पनि अधिकार नपाएकोले तपस्यापट्टि लागेका थिएनन् ।।२५।। तर हे राजन् ! कलियुगको प्रवेश भएपछि मात्र हीनवर्णको शूद्रले समेत कठोर तपस्या गर्न पाउनेछ ।।२६।। हे राजन् ! द्वापरयुगमा शूद्रले तपस्या गर्‍यो भने त्यसलाई ठूलो अधर्म संझनुपर्दछ, हे राजन् ! तपाईंको राज्यमा अहिलेदेखि नै कुनै दुर्बुद्धि शूद्रले तपस्या गर्नलागेको होला, यसैले यस बालकको मृत्यु भएको हो । कुनै राजाको राज्यमा कोही मूर्खले अधर्म गर्‍यो भने त्यस अधर्मले गर्दा राज्यमा अकल्याण फैलिन जान्छ र जो राजा यस अकल्याणलाई रोक्न सक्तैन त्यसले अवश्य नरकको भोग गर्नुपर्दछ ।।२७–२९।। धर्म्म-पूर्वक

प्रजाको पालन गर्ने राजाले आफ्ना प्रजाले गरेको वेदाध्ययन, तपस्या तथा अरू धर्म-कर्मको छैटौं भाग पाउँछ ॥३०॥ छैटौं भाग पाएपछि राजाले किन उचित रीतिले प्रजाको रक्षा नगर्ने ? तसर्थ हे राजन् ! आफ्नो राज्यमा खोज-पत्ता लगाउनुहोस्, कतै पापकर्म देखियो भने त्यसलाई शान्त गर्ने उपाय गर्नुहोस् । यसो गर्नाले धर्मको वृद्धि र मानिसहरूको आयु बढ्नेछ र यो बालकसमेत जीवित हुनेछ ॥३१-३२॥

सर्ग--७५

रामचन्द्रजी शूद्र तपस्वीको पत्ता लगाएर उसित कुरा गर्नुहुन्छ ।

नारदका यी अमृतसमानका कुरा सुनेपछि रामचन्द्रजी बडो दङ्ग मानेर लक्ष्मणलाई भन्नलाग्नु-भयो ॥१॥ हे सौम्य ! जाऊ, ब्राह्मणको चित्त बुझाइदेऊ र बालकको शरीरलाई तेलमा डुबाएर राख्न लगाइदेऊ ॥२॥ नाना किसिमका सुगन्धी वस्तु तथा मीठो बास्ना आउने तेलले बालकको शरीर कुनै तरहबाट नबिग्रने उपाय गरिदेऊ ॥३॥ यस सदाचारी बालकको शरीरको कुनै अङ्ग खुकुलो नहुने, कतै केही बिगार नहुने किसिमको बन्दोबस्त गरिदेऊ ॥४॥

लक्ष्मणलाई यस प्रकारसंग अह्राइसकेपछि यशस्वी रामचन्द्रले मनै मनमा पुष्पक विमानको ध्यान गरेर उसलाई आफूकहाँ आउने आज्ञा दिनुभयो ॥५॥ रामचन्द्रको अभिप्राय बुझ्नासाथ सुवर्णभूषित पुष्पक विमान उत्तिखेरै रामचन्द्रको अगाडि उपस्थित भई दण्डवत् गरेर भन्नलाग्यो—हे महाराज ! तपाईंको अधीनमा रहने दास हाजिर भइराखेको छ ॥६-७॥ पुष्पक विमानका यी मीठा कुरा सुनेपछि रामचन्द्रजी महर्षिहरूलाई प्रणाम गरेर त्यसमा सवार हुनुभयो ॥८॥ उहांले धनु बाण राख्ने दोटा ठोक्रो र एउटा चहकिलो तरवार लिनुभयो र भरत लक्ष्मणको जिम्मामा शहरको रक्षा गर्ने काम सुम्पी, खोज-पत्ता लगाउनको निम्ति पहिले पश्चिम दिशातिर लाग्नुभयो र त्यताबाट हिमालय पर्वत भएको उत्तर दिशामा आउनुभयो ॥९-१०॥ यी दुवै दिशामा कुनै किसिमको पाप नदेखेपछि उहां पूर्व दिशातिर लागेर त्यहां राम्रोसंग हेर-विचार गर्नलाग्नुभयो । यहाँका बासिन्दाहरू विशुद्ध सदाचार-को पालना गर्नलागेका हुनाले ऐनासमान निर्मल देखिएका थिए, रामचन्द्रले विमानमा बसेर नै यहाँको सब हाल ख़बर बुझ्नुभयो ॥११-१२॥ यताबाट रामचन्द्रजी दक्षिण दिशातिर जानुभयो र शैवल पर्वतको उत्तरपट्टि एउटा बडेमानको तलाउ देख्नुभयो ॥१३॥ यस तलाउनेर महातपस्वी श्रीमान् रामचन्द्रजीले तलतिर टाउको गरी झुण्डिएर कुनै एक तपस्वीले कठोर तपस्या गर्नलागेको देख्नुभयो ॥१४॥ कठोर तपस्या गर्नलागेको त्यस तपस्वीनेर गई रामचन्द्रजीले सोध्नलाग्नुभयो—

हे सुव्रत ! तिमी धन्य रहेछौ, हे दृढ विक्रम ! हे तपोवृद्ध ! तिम्रो उत्पत्ति कुन योनिमा भएको हो सो ता मलाई बताऊ, बडो कौतुहल भएकोले तिमीलाई सोधेको हुँ, म दशरथको छोरो राम हुँ ॥१५-१६॥ तिमीले केका लागि यो तपस्या गरेको हो ? स्वर्गको इच्छाले हो वा अरू कुनै इच्छाले ?

कस्तो वर पाउने अभिलाषाले तिमीले अरूबाट हुन नसक्ने यो तपस्या गर्नलागेका छौ, सो म तिम्रै मुखबाट सुन्न चाहन्छु । तिमी ब्राह्मण, दुर्जय क्षत्रिय, तेस्रो वर्णको वैश्य अथवा शूद्र को हौ ठीक-संग मलाई भन ॥१७–१८॥

महाराज रामचन्द्रले यसरी सोधेको सुन्दा तलतिर टाउको झुण्ड्याएर तपस्या गरिरहेको यो तपस्वी आफ्नो जात तथा तपस्याको उद्देश्य उहाँ नृपश्रेष्ठलाई सुनाउनलाग्यो ॥१९॥

सर्ग—७६

रामचन्द्रको हातबाट शूद्र तपस्वी मरेपछि बाहुनको छोरो जीवित हुन्छ ।

महापराक्रमी रामचन्द्रले यसरी सोधेको सुन्दा तलतिर टाउको झुण्ड्याएर तपस्या गरिरहेको तपस्वी भन्नलाग्यो ॥१॥ हे राम ! शूद्र योनिमा उत्पन्न भएको हुँ । यही शरीरसहित स्वर्ग जाने इच्छाले यो उग्र तपस्या गर्नलागेको हुँ ॥२॥ तपाईंसंग झूटो बोल्दिनँ, देवलोक प्राप्त गर्ने इच्छाले नै म तपस्या गर्नलागेको हुँ, हे राम ! म जातको शूद्र हुँ र शम्बूक मेरो नाम हो ॥३॥ शूद्रले यस प्रकारसंग कुरा गरिरहेको समयमा रामचन्द्रले म्यानबाट चहकिलो तरवार झिकेर उसको टाउको काटिदिनुभयो ॥४॥

यो शूद्रको मृत्यु हुनासाथ अग्नि आदि गरिएका देवताहरू वाह वाह भनेर वारंवार रामचन्द्रको प्रशंसा गर्नलागे ॥५॥ यही मौकामा दिव्य सुगन्धी फूलको वर्षा हुनलाग्यो । वायुले खसालेका फूल चारैतिर छरिनलागे ॥६॥ दङ्ग परेका देवताहरू सत्यपराक्रमी रामचन्द्रलाई भन्नलागे—हे महामते देव ! तपाईंको यस कामले देवताहरूको ठूलो फायदा हुनेछ ॥७॥ हे शत्रुतापी रामचन्द्र ! तपाईंले गर्दा शूद्र जातिको यो हाम्रो स्वर्गमा आउन पाएन, यो ठूलो काम भयो, हे सौम्य ! अब हामीबाट आफूले इच्छा गरेको वर लिनुहोस् ॥८॥

देवताहरूको यो कुरा सुन्दा सत्यपराक्रमी रामचन्द्र हात जोरेर देवराज इन्द्रलाई भन्न लाग्नुभयो ॥९॥ तपाईंहरू मदेखि प्रसन्न हुनुभएको छ भने बाहुनको छोरो बाँचिहालोस्, मैले इच्छा गरेको वर यही हो, यै वर म तपाईंहरूबाट चाहन्छु ॥१०॥ मेरो अपराधले बाबुको एकमात्र छोरोले अकालमा मरेर यमलोकतिर लाग्नुपरेको छ ॥११॥ मैले ब्राह्मणसित उसको छोरोलाई जीवित गराइदिने प्रतिज्ञा गरेको छु, ब्राह्मणको छोरालाई बचाएर मेरो प्रतिज्ञा असत्य हुन नदिनुहोस् ॥१२॥

रामचन्द्रको यो कुरा सुन्दा देवताहरू बडो प्रसन्न भएर प्रेमपूर्वक उनलाई भन्नलागे ॥१३॥ हे रामचन्द्र ! तपाईं यस कुरामा निश्चिन्त हुनुहोस् । जुन वेला तपाईंले शूद्रको टाउको काटिदिनुभयो त्यै वेलामा बाहुनको छोरो जीवित भइहाल्यो । यो बाहुनको छोराले जीवित भएर आफ्ना आमा बाबु-संग भेट पनि गरिसक्यो ॥१४–१५॥ हे नरश्रेष्ठ रामचन्द्र ! तपाईंको कल्याण होस्, अब हामी जान्छौं, अगस्त्यजीको आश्रम हेर्ने हाम्रो इच्छा भइराखेको छ ॥१६॥ महाद्युतिमान् ऋषिको आज यज्ञ दीक्षा समाप्त हुने भएको छ । यिनले जलमा सुत्न थालेको बाह्र वर्ष भइसक्यो ॥१७॥ हामी यी

मुनिको अभिनन्दन गर्न जानलागेका छौं, तपाईं पनि मुनिश्रेष्ठको दर्शन गर्न हिंड्नुहोस् ॥१८॥ रघुनाथजी पनि देवताहरूले भनेको प्रस्ताव स्वीकार गरी सुवर्णभूषित पुष्पक विमानमा सवार हुनुभयो ॥१९॥ देवताहरू आफ्नो आफ्नो विमानमा बसेर जानलागे । रामचन्द्रजी पनि अगस्त्यको आश्रममा जान भनी उनीहरूको पछि लाग्नुभयो ॥२०॥

तपोनिधि धर्मात्मा अगस्त्यले पनि आफ्नो आश्रममा आएका देवताहरूको, कुनै प्रकारको भेद भाव नदेखाईकन पूजा गर्नुभयो ॥२१॥ अगस्त्यको सत्कार ग्रहण गरिसकेपछि देवताहरू पनि महामुनिको पूजा गरी दङ्ग परेर आफ्ना आफ्ना साथीहरूको साथमा स्वर्गतिर लागे ॥२२॥ देवताहरू गइसकेपछि रामचन्द्रजीले पनि पुष्पक विमानबाट ओर्लेर अगस्त्य मुनिलाई प्रणाम गर्नुभयो ॥२३॥ आफ्नो तेजले प्रकाशमान भइराखेका महामुनिलाई प्रणाम गरिसकेपछि तथा उनले गरेको आदर सत्कार ग्रहण गरिसकेपछि रामचन्द्रजी त्यहाँ आसनमा बस्नुभयो ॥२४॥ यसपछि कुम्भयोनि महातपस्वी अगस्त्यजी भन्नलाग्नुभयो—

हे महाराज ! तपाईंलाई स्वागत छ, तपाईंको यहाँ सवारी हुनु बडो भाग्यको कुरो हो ॥२५॥ हे राम ! आफ्ना अनेक गुणले गर्दा म तपाईंलाई आफूले आदर गर्नुपर्ने योग्यको संझन्छु, सदा मेरो हृदयमा वास गर्ने हुनाले तपाईंलाई म आफ्नो पूज्य अतिथि संझन्छु ॥२६॥ शूद्रलाई मारेर तपाईं यता आउनलाग्नुभएको छ भन्ने खबर देवताहरूले मलाई अघि नै दिइसकेका थिए, धर्मको दृष्टिले तपाईंले बाहुनको छोरालाई बचाइदिनुभएको हो ॥२७॥ आजको रात मकहाँ बस्नुहोस् । तपाईं साक्षात् श्रीमान् नारायण हुनुहुन्छ, तपाईंकै आधारमा यो समस्त संसार अडिएको छ ॥२८॥ हे प्रभु ! तपाईं सबै देवताहरूका मालिक हुनुहुन्छ, सनातन पुरुष भन्ने नाम तपाईंकै हो, भोलि बिहान पुष्पक विमानमा सवार भई आफ्नो राजधानीतिर लाग्नुहोला ॥२९॥ हे सौम्य ! यो दिव्य आभरण विश्वकर्माबाट बनेको हो, हेर्नुहोस् आफ्नै तेजले यो प्रकाशित भइराखेको छ ॥३०॥ हे राम ! यो ग्रहण गर्नुभयो भने म तपाईंदेखि बडो प्रसन्न हुनेछु, आफूले कतैबाट भेट्टाएको चीज दान गर्नाले ठूलो फल पाइन्छ ॥३१॥ ठूलो ठूलो फल दिन सक्ने समर्थ भएकोले तपाईंलाई मात्र यो आभूषण धारण गरेको सुहाउने छ, इन्द्रादि देवताहरूको समेत उद्धार गर्ने शक्ति तपाईंमा देखिन्छ । विधिपूर्वक मैले दिएको यो आभूषण, क्षत्रियले बाहुनको हातबाट कसरी लिने भनेर ग्रहण गर्न सङ्कोच नमान्नुहोस् । यो कुरा सुनेपछि महारथी इक्ष्वाकुनन्दन रामचन्द्रजी अगस्त्य मुनिलाई भन्नलाग्नुभयो ॥३२-३३॥ यो दिव्य आभूषण बडो उत्तम छ, यसको बनोट बडो राम्रो देखिन्छ, यो चहकिलो गहना तपाईंले कहाँ, कसरी, र कसको हातबाट पाउनुभएको हो ? कसले ल्याएर दिएको हो ? हे महात्मा ! बडो कौतूहल लागेकोले तपाईंसित यी कुरा सोधेको हुँ ॥३४-३५॥ तपाईं ता अनेक प्रकारका आश्चर्य्यका कुरा जान्नुहुन्छ । रामचन्द्रले यसरी सोधेको सुन्दा मुनिजी भन्नलाग्नुभयो हे राम ! उहिले त्रेतायुगमा भएको वृत्तान्त सुन्नुहोस् । यस वृत्तान्तसँग यी आभूषणको सम्बन्ध छ ॥३६॥

सर्ग--७७

अगस्त्य मुनि आफूले आभूषण पाएको कथा सुनाउँछन् ।

हे राम ! उहिले त्रेतायुगमा कुनै प्रकारका पशु पक्षी नभएको, चार कोसको लम्बाइ चौडाइ भएको एउटा बडे विशाल वन थियो ॥१॥ यस मनुष्यहीन जङ्गलमा तपस्या गर्नलागेको बेलामा म एक दिन वनमा डुलफिर गर्न भनी निस्कें ॥२॥ यस वनको सौन्दर्य बयान गरी सकिंदैन, यहाँ स्वादिला फल मूल प्रशस्त थिए र जम्मै वन विचित्र किसिमको देखिन्थ्यो ॥३॥ यस जङ्गलको बीचमा एक योजन लामो एउटा तलाउ थियो, हाँस, सारस र चखेवा चराहरूले यसको शोभा बढाइराखेका थिए ॥४॥ नाना किसिमका कमल फुलिराखेका थिए, झयाउ कतै देखिंदै देखिन्नथ्यो, स्वादिलो जल भएको यो तलाउ बडो आश्चर्य लाग्ने किसिमको थियो ॥५॥ निर्मल जल भएको यो तलाउ अगाध गहिरो थियो, राम्रा राम्रा चरा-चुरुङ्गी यहाँ वास गर्दथे र यसको नगीचमा एउटा अद्भुतको आश्रम थियो ॥६॥ यो पुरानो र पवित्र आश्रममा कतै कोही मुनि देखिन्नथे । ग्रीष्मऋतुको यो रात मैले यहीं आश्रममा बिताएँ ॥७॥ बिहानीपख उठेर स्नानादिका लागि तलाउको किनारमा गएँ । मैले त्यहाँ एउटा मोटो घाटो, बडो चहक भएको लाश देखें ॥८॥ हे राम ! यस तलाउमा यो लाश बडो राम्रो देखिनलागेको थियो, केही बेरसम्म त्यहाँ बसेर यो के होला भनी विचार गर्नलागें । केही बेरपछि मैले त्यहाँ एउटा अद्भुत दिव्य विमान तल ओर्ह्रेको देखें, मनको जत्तिकै छिटो वेगले दगुर्ने यस विमानमा हाँसको चित्र बनाइराखेको थियो । त्यहाँ एउटा स्वर्गीय पुरुष बसिराखेको थियो, राम्रा राम्रा गहना पहिरेका हजारौं अप्सराहरू यस स्वर्गीय पुरुषको सेवा गरिरहेका थिए, कोही रमणीय गाना गाइरहेका थिए, कोही मृदङ्ग, प्रणय, वीणा आदि गरिएका बाजा बजाइरहेका थिए, कोही नाच्न लागेका थिए । एक थरीका कमलनयनी अप्सराहरू चन्द्रमाको किरण जस्तो चहक भएको सुनको डाँठ जडिएको चमर उसको वरिपरि हम्किरहेका थिए । सूर्य भगवान् सुमेरु पर्वतको शिखरबाट तल ओर्ह्रेझैं यो स्वर्गीय पुरुष मैले देख्ता देख्तैमा विमानबाट तल ओर्ह्री त्यस लाशलाई खानलाग्यो ॥९-१५॥ पुष्ट परेका मासु तृप्त हुने गरी खाइसकेपछि यो स्वर्गीय पुरुष जल पिउनाका लागि तलाउमा आयो ॥१६॥ हे राम ! हात मुख धोएर जल पान गरिसकेपछि यो दिव्य पुरुष फेरि आफ्नो उत्तम विमानमा चढ्नलाग्यो ॥१७॥ देवतासमानको त्यस पुरुषलाई विमानमा चढ्नलागेको देखेपछि उसको नगीच गई सोध्नलागें ॥१८॥

देवतासमानका तपाईंको हो ? देवताको जस्तो रूप भएर पनि तपाईंले किन यस्तो घीनलाग्दो आहार खाने गरेको होला ? केका लागि तपाईंले यो लाश खाएको हो कृपा गरी मलाई बुझाइदिनुहोस् ॥१९॥ हे देवतुल्य ! तपाईंसमानका व्यक्तिको यस्तो आहारा कसरी हुन सक्तछ ? यो साँच्चिकै आश्चर्य लाग्ने कुरा हो, तसर्थ यथार्थ कुरा सुन्ने मेरो इच्छा भइराखेको छ । यो लाश भक्षण गर्ने काम तपाईं-सुहाउँदो काम हो भनेर म पत्याउन सक्तिन ॥२०॥

हे राजन् ! कौतूहलले गर्दा त्यस स्वर्गीय पुरुषसँग मैले नम्र भएर यो कुरा सोधेको सुन्दा उ आफ्नो भएभरको वृतान्त मलाई सुनाउनलाग्यो ।।२१।।

सर्ग—७८

विदर्भराजको छोरो श्वेत आफ्नो पूर्व जन्मको वृत्तान्त सुनाउँछ ।

हे रघुनन्दन राम ! मेरा यी मीठा कुरा सुनेपछि त्यो स्वर्गीय पुरुष हात जोरेर मलाई भन्नलाग्यो ।।१।। हे भगवन् ! म आफ्नो सुख दुःखको पूर्व वृत्तान्त भन्दछु, सुन्नुहोस् । हे ब्रह्मन् ! तपाईले सोध्नुभएको मेरो बन्धन अनिवार्य भइराखेको छ ।।२।।

आफ्नो पराक्रमले गर्दा तीनै लोकमा प्रख्यात भएका, सुदेव नाम गरेका, विदर्भ देशका यशस्वी राजा मेरा पिता थिए ।।३।। यिनका दुइ रानीबाट दुइ छोरा जन्मे, म श्वेतको नामले विख्यात छु र मेरो भाइको नाम सुरथ राखिएको छ ।।४।। पिताको स्वर्गवास भएपछि पुरवासीहरूले राजसिंहासनमा मेरो अभिषेक गरे । म पनि सावधानीसँग धर्मपूर्वक राज्यको पालना गर्नलागें ।।५।। हे ब्रह्मन् ! यस प्रकारसँग धर्मपूर्वक राज्यको शासन र प्रजाको पालन गर्दा गर्दैमा एक हजार वर्ष बितिहाल्यो ।।६।। हे ब्रह्मन् ! कुनै तरहबाट आफ्नो आयु यत्तिको छ भने चाल पाएकोले मृत्युको विचार मनमा लिई म यस वनमा आएँ ।।७।। कुनै प्रकारका पशुपक्षी नभएको यस दुर्गम जङ्गलभित्र पसेपछि म यस तलाउनेर तपस्या गर्नलागें ।।८।। भाइ सुरथलाई राज्यभार सुम्पेर मैले धेरै कालसम्म यो तलाउनेर बसेर तपस्या गरें ।।९।। तीन हजार वर्षसम्म यस महावनमा दुष्कर तपस्या गरिसकेपछि मलाई उत्तम ब्रह्मलोक प्राप्त भयो ।।१०।। हे ब्राह्मणश्रेष्ठ ! स्वर्गलोकमा पुगेपछि त्यहाँसमेत भोक प्यासले मलाई सताउनलाग्यो र यसैले मेरा इन्द्रियहरू आकुल व्याकुल पर्नलागे ।।११।। यसो भएकोले त्रिभुवनश्रेष्ठ ब्रह्माजीकहाँ मैले निवेदन गरें—हे भगवन् ! यस लोकमा ता कसैलाई भोक प्यास नलाग्नुपर्ने हो, तर कुन कर्मको फलले मलाई भोक प्यासले यसरी दुःख दिएको होला ? हे देव ! मेरो लागि कुनै किसिमको आहारा खोजिदिनुहोस् ।।१२-१३।। यी सुनेपछि पितामहले भन्नुभयो—हे सुदेव-पुत्र ! तिम्रै स्वादिलो मासु तिम्रो आहारा बनोस्, प्रतिदिन यसैलाई खाने गर ।।१४।। तपस्या गर्ने बेलामा तिमीले केवल आफ्नो शरीरलाई पुष्ट गरायौ, हे महामते श्वेत ! नछरीकन कदापि बीउ उम्रन्न । तिमीले अलिकता पनि दान गरेनौ, केवल तपस्या मात्र गरिरह्यौ, यसै कारणले स्वर्गमा आएपछि पनि भोक प्यासले तिमीलाई सताएको हो ।।१५-१६।। अतएव आहारद्वारा पुष्ट भएको आफ्नो शरीरको मासु खाएर निर्वाह गर, यसलाई अमृततुल्य संझ ।।१७।। हे श्वेत ! दुर्धर्ष महर्षि अगस्त्य त्यस वनमा आएपछि तिमीले यस कष्टबाट उद्धार पाउनेछौ ।।१८।। हे सौम्य ! ती महर्षिले देवताहरुको समेत दुःख टार्न सक्तछन्, भोक प्यासले पीडित भएका तिम्रो उद्धार गर्नु ता उनका लागि एउटा साधारण कुरो हो ।।१९।। हे

द्विजश्रेष्ठ ! भगवान् ब्रह्माको यो आज्ञा पाएको दिनदेखि म यस्तो घीनलाग्दो आहारा अर्थात् आफ्नो शरीरको मासु खानलागेको छु ।।२०।। धेरै वर्षदेखि म यो खाइरहेको छु, तर यो कहिले पनि सकिन्न, मेरो तृप्ति भने सधैं राम्रै गरी भइहाल्दछ ।।२१।। म ठूलो दुःख भोगिरहेको छु, कृपया यस कष्टबाट मेरो उद्धार गरिदिनुहोस् । कुम्भयोनि महर्षि अगस्त्यबाहेक अरू कसैबाट मेरो उद्धार हुन सक्तैन ।।२२।। हे सौम्य ब्राह्मणश्रेष्ठ ! म यी गहना तपाईंलाई पहिरनाका लागि दिन्छु, तपाईंको कल्याण होस् , यी गहना स्वीकार गरेर मेरा उपर कृपा गर्नुहोस् ।।२३।। हे मुनिश्रेष्ठ ! यी सुनका गहना, धन, लुगा-फाटो, खाने ख्वाउने चीज-बीज र भोग-विलासका तमाम सामग्री तपाईंलाई दिन तय्यार छु, कृपा गरेर यिनलाई स्वीकार गर्नुहोस् र मेरो उद्धार गर्ने दया देखाउनुहोस् ।।२४-२५।।

हे राघव ! यस प्रकारसंग त्यो स्वर्गीय पुरुषको बिलौना सुनेकोले मैले उद्धार होस् भन्ने हेतुले उसले दिएको गहना ग्रहण गरें ।।२६।। हे राजर्षि रामचन्द्र ! मैले उसले दिएको गहना लिनासाथ तलाउमा पडिराखेको मनुष्यशरीर लोप भइगयो ।।२७।। लाश लोप भएको देख्ता राजर्षि बहुतै खुशी भए र तृप्त तथा दङ्ग परेर स्वर्गतिर लागे ।।२८ हे रघुनन्दन ! इन्द्रतुल्यका यिनै राजाले आफ्नो उद्धारका लागि मलाई यो अद्भुत गहना दिएका हुन् ।।२९।।

सर्ग—७९

मनुपुत्र इक्ष्वाकुको कथा ।

अगस्त्यका मुखबाट यो अद्भुत कथा सुनेपछि रामचन्द्र छक्क परे र उनीप्रति आदर देखाएर फेरि सोध्नलागे ।।१।। हे भगवन् ! विदर्भका राजा श्वेतले तपस्या गर्ने गरेको त्यो घोर वन कसरी पशु पक्षी नभएको हुन गएको हो ।।२।। मानिसै नभएको त्यस शून्य वनमा राजा किन तपस्या गर्न गए होलान् , यथार्थ रूपले यो कुरा जान्ने इच्छा मलाई भइराखेको छ ।।३।। कौतूहलले भरिएको रामचन्द्रको यो कुरा सुनेपछि तेजस्वी अगस्त्यजी भन्नलागे ।।४।।

हे रामचन्द्र ! उहिले सत्ययुगमा राजा मनु यस पृथ्वीको शासन गर्दथे, कुलैलाई उज्यालो गराउने यिनका छोरा इक्ष्वाकु पनि खूबै प्रसिद्ध भए ।।५।। आफ्नो दुर्जय जेठो छोरोलाई राजसिंहासनमा बसा-लेर मनुले भने—अब तिमी राजा भएर यस पृथ्वीमा राजवंशहरूको स्थापना गर ।।६।। इक्ष्वाकुले आफ्नो कुरा मंजूर गरेको सुन्दा मनुजी खूब सन्तु भएर उनलाई भन्नलागे ।।७।। हे परमोदार छोरा ! म तिमीदेखि प्रसन्न छु, राजवंशको स्थापना गरोइनौ भन्ने कुरामा अलिकता पनि शङ्का छैन । दण्डद्वारा प्रजाको रक्षा गर, तर विनाकारण कसैलाई दण्ड नदिए ।।८।। अपराधी पुरुषलाई राजाले विधिपूर्वक दिएको दण्डले उनलाई (राजालाई) स्वर्गमा लिएर जान्छ ।।९।। अतएव हे छोरा ! दण्ड दिने र निरपराधीको रक्षा गर्नाले तिमीलाई ठूलो धर्म हुनेछ ।।१०।। यस प्रकारसंग सावधानीसाथ

छोरालाई अनेक तरहबाट संझाई बुझाइसकेपछि मनु प्रसन्नतासाथ सनातन ब्रह्मलोकतिर लागे ॥११॥

पिताको स्वर्गवास भएपछि महापराक्रमी इक्ष्वाकु छोरा कसरी जन्माउने हो भनी चिन्ता गर्न-लागे ॥१२॥ दान यज्ञादि अनेक धर्मकर्म गरेर मनुपुत्र धर्मात्मा इक्ष्वाकुले देवतासमानका सयओटा छोरा जन्माए ॥१३॥ यिनीहरूमध्येको सबभन्दा कान्छो बडो मूर्ख निस्क्यो, लेखपढ केही पनि गरेन, आफ्ना दाजुहरूको न सेवा गर्दथ्यो न उनले भनेको कुरा मान्दथ्यो ॥१४॥ पिताले यस मूर्ख छोराको नाम दण्ड राखे, किनकि उनलाई यसको शरीरमाथि दण्ड नपरी छाड्नेछैन भन्ने कुरामा पूर्ण विश्वास थियो ॥१५॥ राजाले दण्डलाई सुहाउने किसिमको कुनै भयङ्कर देश नदेखता यसलाई विन्ध्य र शैवल पर्वतको माझको देशको राजा बनाइदिए ॥१६॥ दण्ड यी पर्वतहरूको रमणीय फेदीमा राज्य गर्नलाग्यो र उसले यहां बडो रमाइलो सुन्दर शहर बसायो ॥१७॥ हे प्रभु ! उसले आफ्नो यस शहरको नाम मधुमन्त राख्यो र सुव्रत शुक्राचार्य्यलाई आफ्नो पुरोहित बनायो ॥१८॥ इन्द्रले स्वर्गमा राज्य गरेझैं यो पुरोहितको सहायताले हृष्ट-पुष्ट मानिसले परिपूर्ण भएको यस शहरमा राज्य गर्न-लाग्यो ॥१९॥

जसरी इन्द्र बृहस्पतिको सहायता लिएर देवलोकमा राज्य गर्दछन् त्यसै गरी इक्ष्वाकुपुत्र यो दण्ड नाम गरेको राजा पनि शुक्राचार्य्यको सहायता लिएर आफ्नो विशाल राज्यमा शासन गर्न-लाग्यो ॥२०॥

सर्ग—८०

इक्ष्वाकु-पुत्र दण्ड राजाको कथा ।

कुम्भयोनि महर्षि अगस्त्यजी रामचन्द्रलाई यति भनिसकेपछि फेरि पनि यही कथाको सम्बन्धमा अरू कुरा भन्नलागे ॥१॥ हे राम ! यस प्रकारसंग अनेक वर्षसम्म आफ्ना इन्द्रियहरूलाई वशमा राखी यो दण्ड राजाले निष्कण्टकसंग यस देशमा राज्य गर्‍यो ॥२॥ केही कालपछि रमणीय चैत्र महीनाको समयमा राजा दण्ड शुक्राचार्य्यको आश्रममा आयो ॥३॥ यहाँ वनमा विहार गर्नलागेकी परम सुन्दरी शुक्राचार्य्यकी छोरीमाथि राजा दण्डको दृष्टि पर्न गयो ॥४॥ लडकीलाई देख्नासाथ मूर्ख राजालाई कामबाणले वेदना दिनलाग्यो र यिनी उनीनेर गई व्याकुल भएर भन्नलाग्यो ॥५॥ हे सुन्दरी ! कताबाट यहाँ आयौ ? कसकी छोरी हौ, हे सुमुखी ! कामबाणले मोहित भएकोले मैले तिमीसंग यी कुरा सोधेको हुँ ॥६॥ मदोन्मत्त कामी राजाको यो कुरा सुनेपछि शुक्राचार्य्यकी छोरी नम्रतासंग भन्नलागिन् ॥७॥ पुण्यात्मा भार्गवकी अरजा नाम गरेकी म जेठी छोरी हुँ, र यहीं आश्रममा बस्तछु ॥८॥ हे राजन् ! बलजफ्ती गरेर मलाई नछुनुहोला, कारण म पिताको अधीनमा छु, मेरा पिता तपाईंका गुरु हुन्, र तपाईं महात्माका शिष्य हुनुहुन्छ ॥९॥ झोंकिए भने ती तपस्वीले तपाईंलाई ठूलो दुःखमा पारिदिनेछन् । ममाथिको तपाईंलाई चाहना छ भने धर्मको बाटो पक्रेर काम

गर्नुहोस् ॥१०॥ हे नरश्रेष्ठ ! महाद्युतिमान् मेरा पितानेर गई मलाई माग्नुहोस्, अर्थात् मसित विवाह गर्ने आज्ञा लिनुहोस्, अरू तरहबाट चल्नुभयो भने ता तपाईंले बडो भयङ्कर फल भोग्नुपर्नेछ ॥११॥ मेरा पिताजी झोंक्किए भने ता उनले तीनै लोकलाई भस्म पार्न सक्तछन् । पितासंग मागेको खण्डमा ता उहाँले अवश्यै मलाई तपाईंको हातमा सुम्पिदिनुहुनेछ ॥१२॥

अरजाको मुखबाट यस्तो कुरा सुन्दा सुन्दै पनि कामी दण्ड मदोन्मत्त भई हात जोरेर भन्नलाग्यो ॥१३॥ हे सुन्दरी ! अब मेरो उपर कृपा गर, व्यर्थमा समय नष्ट नगर, तिम्रा लागि मेरो प्राण निस्कन खोजिरहेको छ ॥१४॥ तिमीलाई पाएपछि वध होस् बा भयङ्कर पाप भोग्नुपरोस्, मलाई कुनै कुराको चिन्ता छैन, हे भीरु ! म भक्तलाई स्वीकार गर, व्याकुल भएर तिम्रो चाहना गरिरहेको छु ॥१५॥

यति भनेर बली दण्डले बलजफ्तीसंग आफ्नो दुवै हातले ती कन्यालाई समात्यो र भाग्न खोजे तापनि पछारेर तृप्त हुने गरी उनीसंग मोज गर्नलाग्यो ॥१६॥ दण्ड राजा यस प्रकारसंग महाघोर अनर्थ गरिसकेपछि झटपट आफ्नो मधुमन्त शहरमा फर्केर आयो ॥१७॥ अरजा पनि आश्रमदेखि केही पर रुँदै बसिन् र हडबडाएर, देवतासमानका आफ्ना पिता कहिले आउलान् भनेर पर्खिरहिन् ॥१८॥

सर्ग—८१

भार्गव दण्ड राजालाई श्राप दिन्छन् ।

केही बेरपछि परमतेजस्वी भार्गवले अरजाको हाल सुने र भोक भोकै शिष्यहरूलाई साथमा लिएर आफ्नो आश्रममा आए ॥१॥ आश्रममा पुग्नासाथ यिनले धूलै धूलोमा मुछिएकी, निदाउरो मुख लगाएकी अरजालाई, प्रातःकालको चन्द्रमामा ग्रहण लागे जस्तै बिलकुलै कान्तिहीन भएकी देखे ॥२॥ एक ता यो दारुण वृत्तान्त सुनेको र दोस्रो भोक लागिराखेकोले ऋषि, तीनै लोकलाई भस्म पार्ने हुन कि जस्तो रिस देखाएर शिष्यहरूलाई भन्नलागे ॥३॥ हेर त, विपरीत आचरण गर्ने दुर्मति दण्डमाथि आगोको ज्वालासमानको, मेरो क्रोधबाट उत्पन्न भएको, सर्वनाश गराउने, कस्तो घोर आपत्ति आइपर्दो रहेछ ॥४॥ आगोको ज्वाला छुने मानिसको जसरी विनाश हुन्छ, त्यसै गरी यो दुर्बुद्धि पनि कुटुम्ब-सहित नाश हुनेछ ॥५॥ यस दुष्टले यस्तो घोर पाप गरेको छ कि आफ्नो कुत्सित कर्मको फल यसले नपाई छाड्नेछैन ॥६॥ यस पापले गर्दा आजको सात दिनभित्रमा यो दुष्ट राजा छोरा, फौज र वाहनको साथसाथै नष्ट हुनेछ ॥७॥ इन्द्रले यस दुष्टको राज्यको वरिपरि सय सय योजनसम्म बल्दो भुतभुते खरानीको वर्षा गरेर ध्वस्त पारिदिनेछन् ॥८॥ यसको राज्यमा जति स्थावर र जङ्गम प्राणीले वास गरेका छन् ती सबै यस धूलोको वर्षाले गर्दा मर्नेछन् ॥९॥ सात दिनसम्म निरन्तर धूलोको वर्षा भइरहनाले यस दण्डको सम्पूर्ण राज्य चौपट हुनेछ अर्थात् कतै यसको चिन्हासम्म पनि देखिने छैन ॥१०॥

आँखा रातो रातो गराएर मुनिले यस प्रकारसँग श्राप दिइसकेपछि आफ्ना आश्रमवासीहरूलाई यस देशबाहिर गएर बस्नू भन्ने आज्ञा दिए ॥११॥ शुक्राचार्यको यो वचन सुन्नासाथ आश्रमवासीहरू देश छाडेर राज्यको सीमानाबाहिर रहनलागे ॥१२॥ आश्रमवासीहरूलाई यति कुरा भनिसकेपछि छोरी अरजातिर फर्केर भन्नलागे—हे दुर्बुद्धि ! तँ यही आश्रममा सावधान भईकन बस् ॥१३॥ हे अरजा ! यहाँ एक योजन फाँट भएको जो रमणीय तलाउ छ त्यसैको किनारामा निश्चिन्तसँग बसेर आफ्नो कर्मको फल भोग् । यहीं आफ्नो उद्धार हुने समयको प्रतीक्षा गरेर बस् ॥१४॥ रातमा तँनेर आएर जति पशुपक्षी बस्नेछन् ती कसैले पनि धूलोको वर्षाले गर्दा मर्नुपर्ने छैन ॥१५॥ पिताले भनेको वचन सुनेपछि अरजाले बडो दुःखित भएर उनको आज्ञा स्वीकार गरिन् ॥१६॥ यति भनेर भार्गव मुनि पनि अर्को ठाउँमा बस्न गए र सात दिनमा मुनिको श्रापअनुसार भृत्य वाहनसहितको दण्डको जम्मै राज्य डढेर भस्म भयो । हे राम ! यो विन्ध्याचल र शैवल पर्वतको बीचमा उसको राज्य थियो ॥१७–१८॥ धर्मविरुद्ध काम गरेकोमा ब्रह्मर्षिको श्राप परेकोले यो राज्य नष्ट भएको हो । त्यही वेलादेखि यस देशको नाम दण्डकारण्य रहन गएको हो ॥१९॥ तपस्वीहरूले यहाँ वास गर्ने हुनाले यसलाई जनस्थान पनि भन्दछन् ।

हे राम ! तपाईंले सोध्नुभएका सबै कुरा मैले वर्णन गरिहालें । हे वीर ! अब ता संध्योपासन गर्ने समय बित्नलाग्यो । नरशार्दूल ! हेर्नुहोस् , चारैतिर मुनिहरू आफ्नो आफ्नो घडाभरी जल लिएर, स्नानादि कर्म समाप्त गरी, सूर्यभगवान्को उपासना गर्नलागेका छन् । वेद जान्ने ऋषिहरूले वेदमन्त्र-द्वारा गरेको उपासनालाई स्वीकार गरी सूर्यभगवान् अस्ताचलतिर जानलागेका छन् । हे राम ! अब तपाईं पनि सत्यवादी ब्राह्मणहरूसंग बसेर आचमन गरी सन्ध्या गर्न थाल्नुहोस् ॥२०–२२॥

सर्ग—८२

ऋषिसंग बिदावारी भई रामचन्द्र अयोध्यातिर फर्कनुहुन्छ ।

महर्षि अगस्त्यको आज्ञाअनुसार राम सन्ध्योपासनाका लागि अप्सराहरूले जलक्रीडा गर्ने पवित्र तलाउको किनारमा जानुभयो ॥१॥ त्यहाँ आचमन गरेर सायङ्कालको सन्ध्या सिध्याइसकेपछि रामचन्द्र महात्मा अगस्त्यजीको आश्रमभित्र पस्नुभयो ॥२॥ अगस्त्यजीले रामचन्द्रको भोजनका लागि नाना प्रकारका स्वादिष्ट कन्दमूल, औषधि तथा चामल आदि गरिएका पवित्र पदार्थ ल्याएर राखिदिए ॥३॥ नरश्रेष्ठ रामचन्द्रजी अगस्त्यले दिएका अमृतसमानका पदार्थ खाएर बडो प्रसन्न र सन्तुष्ट हुनुभयो र त्यो रात त्यहीं बस्नुभयो ॥४॥ बिहान सबेरै उठेर प्रातःकालमा गर्नुपर्ने सबै दैनिक कृत्य सिध्याइसके-पछि रघुनाथजी बिदा माग्नाका लागि अगस्त्यजीकहाँ आउनुभयो ॥५॥ अगस्त्य ऋषिलाई प्रणाम गरी रामचन्द्रले भन्नुभयो, हे भगवन् ! अब मलाई आफ्नो देशतिर जाने आज्ञा दिनुहोस् । तपाईंसमान महात्माको दर्शन पाउनु मेरो ठूलो भाग्य हो, ममाथि तपाईंको बडो कृपा रहेछ, आफ्नो आत्मालाई

पवित्र गराउनाका निमित्त कहिलेकहीं तपाईंकहाँ आउने गर्नेछु ।।६–७।। रामचन्द्रका यस्ता अद्भुत कुरा सुन्दा धर्मप्रवर्तक तपस्वी अगस्त्य ऋषि बडो प्रसन्न भएर भन्नलागे ।।८।। हे राम ! तपाईंका यी मीठा कुरा सुन्दा मनमा बडो आश्चर्य उत्पन्न हुन्छ । हे रघुनन्दन ! स्वयं तपाईंमा सबै प्राणीलाई पवित्र गराउने शक्ति छ ।।९।। हे राम ! एक छिनका लागि भने पनि जसले तपाईंको दर्शन पाउँछन् ती पवित्र भइहाल्दछन् र देवताहरूका समेत पूज्य बन्दछन् ।।१०।। तपाईंलाई क्रूर दृष्टिले हेर्ने यस पृथ्वीका प्राणीले यमराजको दण्ड भोग्नुपर्नेछ र तिनले चाँडै नै यमपुरीतिर लाग्नुपर्नेछ ।।११।। हे रघुश्रेष्ठ ! सबै जीवलाई पवित्र गराउने शक्ति तपाईंमा छ । पृथ्वीमा तपाईंको चरित्र वर्णन गर्ने प्राणीले अवश्य सिद्धि पाउनेछन् ।।१२।। तपाईं निश्चिन्त भएर जानुहोस्, बाटामा कुनै किसिमको विघ्नबाधा नपरोस्, धर्मपूर्वक राज्यको पालना गर्नुहोला; तपाईं नै संसारमा सबै प्राणीको आधार हुनुहुन्छ ।।१३।।

मुनिका कुरा सुनेपछि बुद्धिमान् रामचन्द्र, हात जोरेर सत्य शीलवान् अगस्त्य ऋषिलाई र त्यहाँ भएका अरू जम्मै तपस्वीहरूलाई प्रणाम गरी, निश्चिन्त भईकन सुवर्णभूषित पुष्पक विमानमा चढ्नुभयो ।।१४-१५।। जसरी देवताहरू इन्द्रको सत्कार गर्दछन् त्यसै गरी, रामचन्द्र जानलागेको देखेपछि, मुनिहरू चारैतिरबाट वहाँलाई आशीर्वाद दिनलागे ।।१६।। सुवर्णभूषित विमानमा सवार भई आकाशतिर लागेपछि रामचन्द्रको ठीक त्यस्तै शोभा देखिनलाग्यो जस्तो कि वर्षा ऋतुमा चारैतिरबाट बादलले घेरिराखेको चन्द्रमाको हुन्छ ।।१७।। बाटोमा भिन्ना भिन्न ठाउँमा गरेको सत्कार स्वीकार गर्दै रामचन्द्रजी मध्याह्न कालतिर अयोध्या पुग्नुभयो र बीचको फाटकमा ओर्लनुभयो ।।१८।। इच्छाअनुसार हिंड्ने पुष्पक विमानलाई तिम्रो कल्याण होस्, अब आफ्नो ठाउँमा जाऊ भनेर बिदा दिइसकेपछि रामचन्द्रले त्यहाँ ढोकामा बसेको पालेलाई पराक्रमी लक्ष्मण र भरतलाई झट्टै गएर म आएको खबर सुनाइदेऊ भनेर अह्राउनुभयो ।।१९-२०।।

सर्ग–८३

रामचन्द्रको राजसूय यज्ञ गर्ने विचारलाई भरत निषेध गर्दछन् ।

सजिलैसँग गाह्रो काम गर्न सक्ने रामचन्द्रको आज्ञा पाउनासाथ ढोकेले लक्ष्मण र भरतलाई बोलाएर ल्यायो र रामकहाँ यिनीहरू आएको खबर पुऱ्याइदियो ।।१।। भरत लक्ष्मणलाई आएको देखेपछि रामचन्द्रजी उनीहरूलाई अँगालो हाली भन्नलाग्नुभयो ।।२।। मैले आफ्नो प्रतिज्ञाअनुसार बाहुनको जम्मै काम उचित रीतिले गरिदिएँ । हे भाइहो ! अब मलाई एउटा राजसूय यज्ञ गर्ने विचार भइराखेको छ ।।३।। अक्षय, अव्यय, धर्मको वृद्धि गर्ने, सबै पापहरूलाई नाश गर्ने यो राजसूय यज्ञ मलाई बडो मन पर्दछ ।।४।। तिमीहरू मेरो आत्मासमानका प्यारा छौ अतएव तिमीहरूको साथमा यो सर्वोत्तम राजसूय यज्ञ गर्ने इच्छा भएको छ, यसबाट हामीलाई अक्षय पुण्य मिल्नेछ ।।५।। शत्रुहरूको

विनाश पार्ने मित्रले विधिपूर्वक राजसूय यज्ञ गरेकोले वरुणको पद पाए ॥६॥ यही राजसूय यज्ञ विधिपूर्वक गरेकोले धर्मज्ञ शोमले लोकमा ठूलो कीर्ति र अक्षय स्थान पाएका छन् ॥७॥ तसर्थ आजै तिमीहरू दुवै जना मिलेर यस विषयमा सल्लाह गर र हाम्रो कल्याण गर्ने, परिणाममा सुख दिने कुरा सावधान भईकन मलाई बताऊ ॥८॥

रामचन्द्रको यो वचन सुनेपछि कुरा गर्नामा सिपालु भएका भरत हात जोरेर भन्नलागे ॥९॥ हे परमपराक्रमी महाबाहु रामचन्द्र ! तपाईंकै आधारमा सम्पूर्ण धर्म, यश र पृथ्वी अडिएको छ ॥१०॥ जसरी देवताहरू ब्रह्मालाई महापुरुष र संसारको प्रभु संझेर मान्दछन् त्यसै गरी सबै राजा र हामीहरूले तपाईंलाई मानेका छौं ॥११॥ यी सबै राजाहरू छोराले बाबुलाई मानेझैं तपाईंलाई मान्दछन् । हे महाबली रघुनाथजी ! समस्त संसार र जम्मै प्राणी तपाईंकै आधारमा रहेको छ ॥१२॥ हे राजन् ! तपाईंले किन यस किसिमको यज्ञ गर्न खोज्नुभएको हो ? यो यज्ञबाट ता पृथ्वीका अनेक राजवंशको विनाश हुने सम्भावना देखिन्छ ॥१३॥ हे राजन् ! पृथ्वीमा जति पराक्रमी पुरुष छन् ती सबै तपाईंको क्रोधले गर्दा अवश्य नाश हुनेछन् ॥१४॥ यसकारण हे पुरुषशार्दूल ! हे अतुलपराक्रमी ! सम्पूर्ण पृथ्वीको विनाश पार्नामा उचित पर्दैन, कारण यो पृथ्वी तपाईंको गुणले आफैं वशमा परेको छ ॥१५॥

भरतका अमृतसमानका यी कुरा सुनेपछि सत्यपराक्रमी रामचन्द्र बहुतै खुशी हुनुभयो र उनलाई भन्नलाग्नुभयो—कैकेयीको आनन्द बढाउने हे पापरहित भरत ! तिम्रा यी कुरा सुन्नाले म खुशी र सन्तुष्ट भएँ ॥१६-१७॥ हे पुरुषश्रेष्ठ ! तिमीले भनेका वचन वीरतायुक्त, धर्मसम्मत र पृथ्वीको रक्षा गर्ने किसिमका छन् ॥१८॥ सर्वोत्तम यज्ञ राजसूय गर्ने जो विचार मेरो मनमा उत्पन्न भएको थियो त्यसलाई अब तिम्रो कुरा सुनेकोले मनबाट हटाइदिन्छु ॥१९॥ विद्वान्ले संसारलाई कष्ट हुने काम गर्न हुन्न । हे भरत ! बालकले भनेको भए तापनि असल कुरा छ भने त्यसलाई मान्नैपर्दछ, यसकारण हे महाबली ! तिमीले भनेको असल कुरा मैले मानें ॥२०॥

सर्ग—८४

लक्ष्मण रामचन्द्रलाई अश्वमेध यज्ञ गर्ने सल्लाह दिन्छन् ।

महात्मा भरत र रामचन्द्रमा यस किसिमको कुराकानी भएको सुन्दा लक्ष्मण रामलाई यी मीठा कुरा भन्नलागे ॥१॥ हे रघुनन्दन ! अश्वमेध यज्ञले सबै पाप हटाइदिन्छ र सबै यज्ञमा यो उत्तम ठहरिएको छ । इच्छा छ भने यो यज्ञ गर्नुहोस् ॥२॥ उहिले ब्रह्महत्या लाग्दा महापुरुष इन्द्र यही अश्वमेध यज्ञ गरेर पवित्र भएथे भन्ने सुनिएको छ ॥३॥

प्राचीनकालमा देवता र असुरहरूको बीचमा मेल भएको बखतमा सम्पूर्ण संसारले मानेको वृत्रासुर नाम गरेको एउटा दैत्य थियो ॥४॥ यो सय योजन मोटो, तीन सय योजन अग्लो थियो र तीनै लोकलाई स्नेहको दृष्टिले हेर्दथ्यो ॥५॥ यो बडो धर्मात्मा कृतज्ञ र बुद्धिमान् थियो तथा धर्मपूर्वक

सावधानीसाथ सम्पूर्ण पृथ्वीको शासन गर्दथ्यो ।।६।। यसको राज्यकालमा यी पृथ्वी कामधेनुझैं सबै बीज-बीज उमार्दथिन्, नाना किसिमका फूल फुल्दथे र किसिम किसिमका स्वादिला फल मूल उत्पन्न हुन्थे ।।७।। हलो नचलाईकन नै जमीनबाट धान उम्रन्थ्यो र जहाँ तहीं सदा सर्वदा हरियो भइराखेको देखिन्थ्यो । यस प्रकारको रमणीय र अद्भुत राज्यको यसले धेरै दिनसम्म उपभोग गर्‍यो ।।८।। राज्य गर्दा गर्दैमा एक दिन यसको मनमा तपस्या गर्ने इच्छा उत्पन्न हुन गयो, यसले विचार गर्‍यो—जत्तिको कल्याण तपबाट हुन सक्तछ त्यत्तिको ता अरू कतैबाट पनि हुन सक्तैन, संसारका जति सुख छन् ती सब क्षणिक र अन्तमा विनाश गराउने हुन् ।।९।। यस्तो विचार उठेकोले आफ्नो जेठो छोरो मधुरेश्वरको जिम्मामा राज्य सञ्चालनको काम सुम्पी आफू देवताहरूको मनमा ताप पर्ने किसिमको उग्र तपस्या गर्नलाग्यो ।।१०।। वृत्रासुरले यस्तो घोर तपस्या गरेको देख्ता इन्द्र हडबडाएर विष्णुभगवान् कहाँ गई भन्नलागे ।।११।। हे महाबाहु ! तपस्या गरेर वृत्रासुरले जम्मै लोक जितिसक्यो, यो बलियो र धर्मात्मा पनि छ, तसर्थ यसमाथि मेरो शासन चल्न सक्तैन ।।१२।। हे सुरेश्वर ! अझै पनि यसले तपस्या गर्न छाडेन भने ता यो संसार रहेसम्म सबै उसको अधीनमा हुनेछन् ।।१३।। हे महा-पराक्रमी ! आफ्नो उदारताले गर्दा तपाईंले यसको उपेक्षा गरिराख्नुभएको छ, तपाईंलाई झोंक चलेको खण्डमा ता यो एक छिन पनि बाँच्न सक्के छैन ।।१४।। हे विष्णु ! जहिलेदेखि तपाईंको यसमाथि प्रेम हुन गयो तहिलेदेखि यो संसारको ईश्वर जस्तै भइराखेको छ ।।१५।। हे भगवन् ! अब तपाईंले सावधान भईकन सबै जनामाथि कृपा गर्नुपर्‍यो, तपाईंले रक्षा गरेको खण्डमा समस्त संसार शान्त र पीडारहित हुन सक्तछ ।।१६।। हे विष्णु ! सबै देवताहरू तपाईंको कृपाको अपेक्षा गरी बसेका छन्, वृत्रासुरलाई मारेर यिनीहरूको सहायता गर्नुहोस् ।।१७।। यी महात्माहरूले सदा सर्वदा तपाईंबाट रक्षा पाइआएका छन्, तपाईंसिवाय अरू कसैबाट यो काम हुन सक्तैन । कहीं आधार नपाउनेले तपाईंकहां आयो भने आधार पाउँछ ।।१८।।

सर्ग—८५

वृत्रासुरको कथा ।

लक्ष्मणका यी कुरा सुनेपछि शत्रुघाती रामचन्द्रले भन्नुभयो—हे सुव्रत ! वृत्रासुरको वध भए-को जम्मै कथा सुनाऊ ।।१।। भगवान्को यस्तो आज्ञा पाएपछि सुमित्रानन्दन लक्ष्मणले फेरि त्यो पवित्र कथा भन्न शुरू गरे ।।२।।

इन्द्र तथा अरू देवताहरूको कुरा सुनेपछि भगवान् विष्णु इन्द्रादि देवताहरूलाई भन्नलाग्नु-भयो ।।३।। वृत्रासुर महात्माले धेरै कालदेखि ममाथि प्रेम गरिराखेको छ, तसर्थ तिमीहरूको प्रसन्नता-का निमित्त मबाट यसको वध हुन सक्तैन ।।४।। तर तिमीहरूलाई सुख हुने उपाय ता मैले गर्नै पर्दछ, तसर्थ इन्द्रबाट यसको वध हुने उपाय बताइदिन्छु ।।५।। हे देवताहो ! म आफ्नो मूर्त्तिको तीन

भाग गरिदिन्छु, यसो गरेपछि इन्द्रले अवश्य वृत्रासुरलाई मार्न सक्नेछन् ।।६।। मेरो मूर्तिको एक अंश इन्द्रमा, दोस्रो वज्रमा र तेस्रो पृथ्वीमा रहनेछ, यसो भएपछि वृत्रासुरको वध हुनेछ ।।७।। विष्णुका यी कुरा सुनेपछि देवताहरूले भने—हे दैत्यारि ! तपाईंले भनेमुताबिक अवश्य कार्य्य सिद्ध होला भनी हामी ढुक्क पर्‍यौं ।।८।। तपाईंको कल्याण होस्, वृत्रासुरको वध गराउन चाहने हामीहरू अब जान्छौं, तपाईं पनि आफ्नो तेजद्वारा इन्द्रमा प्रवेश गर्नुहोस् ।।९।।

यसपछि इन्द्रलाई अघि लगाएर सबै देवताहरू वृत्रासुरले तपस्या गरिरहेको जङ्गलमा आए ।।१०।। त्यहां पुगेपछि यिनीहरूले तपस्या गरिरहेको वृत्रासुरलाई देखे, तपस्याको तेजले तीनै लोकलाई ध्वस्त पारेर आकाशलाई समेत भस्म पार्ने हो कि जस्तो यो देखिएको थियो ।।११।। यस महादैत्यलाई देख्नैमा सबै देवताहरू डरले थर्कायमान भइगए । यसलाई कसरी मार्ने हो ? हाम्रो पराजय पो हुने हो कि भन्ने यिनीहरूको मनमा चिन्ता पर्‍यो ।।१२।। देवताहरूले यस प्रकारको विचार गर्दा गर्दैमा इन्द्रले हातमा वज्र लिएर वृत्रासुरको टाउकोमा प्रहार गरिदिइहाले ।।१३।। कालाग्निसमानको डरलाग्दो, महाचहकिलो यस वज्रको प्रहार पर्नासाथ वृत्रासुरको टाउको काटिएर पृथ्वीमा खसिहाल्यो र संसारमा जताततै हाहाकार मच्चिनलाग्यो ।।१४।। महायशस्वी इन्द्र निरपराधी र मौन धारण गरेर तपस्या गरिराखेकोलाई व्यर्थमा मारेकोले शोकले आकुल व्याकुल भई घोर अन्धकारले ढाकेको लोकको अन्तस्थानमा भाग्न पुगे ।।१५।। इन्द्र अघि थिए र पछाडिबाट ब्रह्महत्याले यिनलाई लखेटिराखेको थियो । आखिरमा इन्द्रको शरीरमा यसको प्रवेश भइहाल्यो र यसले गर्दा उनी बडो दुःखित भए ।।१६।। शत्रु मारिएपछि तथा इन्द्र भागेपछि सबै देवताहरू अग्निदेवलाई अघि लगाएर त्रिभुवनका मालिक भगवान् विष्णुनेर गई वारंवार उनको स्तुति गर्नलागे ।।१७।। हे भगवन् ! तपाईं नै यस जगत्‌को आधार, सृष्टिकर्ता र आदि हुनुहुन्छ । सबै प्राणीको रक्षाका लागि नै तपाईंले विष्णुको रूप धारण गरेको हो ।।१८।। हे देवताहरूमध्येका श्रेष्ठ ! तपाईंको बलले वृत्रासुरको वध ता भयो तर इन्द्र-लाई ब्रह्महत्याले दुःख दिइराखेको छ, यस पापबाट यिनले छुट्कारा पाउने कुनै उपाय बताउनु-होस् ।।१९।।

देवताहरूको यो आराधना सुनेपछि विष्णुले भन्नुभयो, भइगयो, इन्द्रलाई अश्वमेध यज्ञद्वारा मेरो आराधना गर्नू भनेर सुनाइदेऊ, म उनलाई पवित्र बनाइदिनेछु । यस आराधनाले उनी फेरि देवेन्द्रको पद पाउनेछन् र उनलाई कुनै प्रकारको भय हुनेछैन ।।२०-२१।। देवताहरूलाई अमृत-समानको यो वचन सुनाएर भगवान् विष्णु उनीहरूले गरेको स्तुति सुन्दै आफ्नो लोकतिर अर्थात् वैकुण्ठतिर लाग्नुभयो ।।२२।।

सर्ग—८६

इन्द्रले गरेको अश्वमेध यज्ञको कथा ।

त्रासुरको वध भएको जम्मै कथा यस प्रकारसंग सुनाइसकेपछि लक्ष्मण फेरि बाँकी कथा

सुनाउनलागे ॥१॥ देवताहरूको समेत मनमा त्रास पार्ने, महापराक्रमी वृत्रासुर मारिएपछि ब्रह्महत्या लाग्नाले इन्द्रको होशै उडेर गयो ॥२॥ ज्ञान र चैतन्य हराएकोले यिनले लोकको अन्तमा गएर अजिङ्गर सांपझैं अचल भएर केही कालसम्म बसिरहनुपर्‍यो ॥३॥ इन्द्र नहुनाले सारा संसार हडबडाउनलाग्यो, पृथ्वीको शोभा हराएर गयो र जलको अभावले गर्दा सबै जङ्गल सुक्खा देखिनलागे ॥४॥ पोखरी तलाउको जम्मै पानी सुक्यो र वृष्टि नभएकोले समस्त जीवहरू हडबडाउनलागे ॥५॥ यस प्रकारसंग संसार नाश हुनलागेको देख्ता देवताहरूमा हडबडी पर्‍यो र विष्णुले उपदेश गरेको यज्ञ गर्न यिनीहरू तत्पर भए ॥६॥ बृहस्पति लगायतका सबै देवता र ऋषिहरू त्यस ठाउँमा आए जहाँ कि इन्द्र डराएर लुकिराखेका थिए ॥७॥ इन्द्रलाई ब्रह्महत्याले पीडित भइराखेको देख्ता देवताहरूले उनलाई यज्ञमा दीक्षित गरी अश्वमेध यज्ञ गर्न थाले ॥८॥ हे महाराज ! अब ता महात्मा इन्द्रको ब्रह्महत्या हटाउनाका लागि अश्वमेध नामको महायज्ञ हुन थाल्यो ॥९॥ यज्ञ समाप्त भएपछि इन्द्रमाथि परेको ब्रह्महत्याले देवताहरूकहाँ गएर अब मैले कहाँ रहने हो भनेर सोध्यो ॥१०॥ देवताहरूले सन्तुष्ट भएर बडो प्रेमसंग उसलाई जवाफ दिए—हे ब्रह्महत्या ! तँ आफ्नो शरीरको चार टुक्रा पार् ॥११॥ महात्मा देवताहरूको वचन सुन्नासाथ ब्रह्महत्याले आफ्नो शरीरको चार टुक्रा पारी आफ्नो अर्को बस्ने ठाउँको निम्ति यस किसिमसंग प्रार्थना गर्नलाग्यो ॥१२॥ वर्षाकालमा चार महीनासम्म जलले भरिएका नदीहरूमा पापीहरूको अहङ्कार दूर गर्नाका लागि मेरो एक अंश रहनेछ ॥१३॥ मेरो अर्को अंश सदा सर्वदा पृथ्वीमा वास गर्नेछ, बाँझो जग्गा ब्रह्महत्याको अंश हुनेछ, मैले भनेको यो कुरा साँचो हो, यसमा कुनै प्रकारको सन्देह छैन ॥१४॥ मेरो तेस्रो अंश युवा स्त्रीहरूको दर्पभङ्ग गर्नाका लागि महीनामा तीन दिनसम्म उनीहरूको योनिमा बस्नेछ ॥१५॥ हे देवताहो ! पवित्र ब्राह्मणलाई झूटो दोष लगाएर जो व्यर्थमा मार्नेछन् तिनमा मेरो चौथो अंशले वास गर्नेछ ॥१६॥ देवताहरूले पनि ब्रह्महत्याको यो कुरा सुनेपछि, तंलाई जस्तो मन लाग्दछ उस्तै गर्, आफ्नो इच्छा भएको ठाउँमा गएर वस् भनी उसलाई जवाफ दिए ॥१७॥

यसपछि देवताहरूले बडो प्रसन्न भएर इन्द्रलाई प्रणाम गरे । अब ता यिनी पीडारहित र पवित्र पनि भइहाले ॥१८॥ इन्द्र आफ्नो स्थानमा आएर विराजमान भएपछि सम्पूर्ण संसारमा शान्ति हुन गयो र यिनले परम देदीप्यमान यज्ञको पूजा गरे ॥१९॥ हे रघुनन्दन ! अश्वमेध यज्ञको यस्तो महिमा छ, तसर्थ हे महाभाग भगवन् ! तपाईं पनि यो अश्वमेध यज्ञ गर्नुहोस् ॥२०॥ इन्द्रसमानका पराक्रमी रामचन्द्रजी लक्ष्मणका यी उत्तम र मीठा कुरा सुन्दा मनमा बडो प्रसन्न र सन्तुष्ट हुनुभयो ॥२१॥

सर्ग—८७

कर्दमपुत्र इल राजाको कथा ।

कुरा गर्नामा सिपालु भएका महातेजस्वी रामचन्द्रजी लक्ष्मणको यो कुरा सुनेपछि हाँसेर भन्न-

लाग्नुभयो ॥१॥ हे नरश्रेष्ठ लक्ष्मण ! वृत्रासुरको वधको विषयमा र अश्वमेध यज्ञको विषयमा जो तिमीले भन्यौ सो बहुत ठीक हो ॥२॥ प्रजापति कर्दमका छोरा बाह्लीक देशका राजा श्रीमान् इल बडा धर्मात्मा थिए भन्ने सुनिएको छ ॥३॥ हे नरशार्दूल ! यी महायशस्वी राजा समस्त पृथ्वीलाई आफ्नो वशमा गराएर छोराहरूलाई झैं प्रजाको पालना गर्दथे ॥४॥ देवता, राक्षस, नाग, गन्धर्व र उदारचरित्र भएका अरू महात्माहरूसमेत डरले थर्कायमान भई यिनको पूजा गर्दथे । यी महात्मा राजा कदाचित् क्रुद्ध भए भने तीनै लोकका प्राणी डरले काम्न थाल्दथे ॥५–६॥ वाह्लीक देशका यी महायशस्वी राजा बडा धर्मात्मा, पराक्रमी, बुद्धिमान् र उदार चित्त भएका थिए ॥७॥ एकचोटि चैत्र महीनाको रमाइलो दिनमा यी राजा आफ्नो फौज साथमा ली शिकार खेल्न भनी कुनै एक रमणीय वनमा गएछन् ॥८॥ यिनले यस वनमा सैकडौं हजारौं वनका जीवहरूलाई मारे, तर तैपनि यी महात्मालाई तृप्ति हुन सकेन ॥९॥ किसिम किसिमका हजारौं मृग आफ्नो हातबाट मर्दा पनि तृप्ति नभएकोले यिनी शिकार गर्दा गर्दै स्कन्द जन्मेको जङ्गलमा पुगे ॥१०॥ यस वनमा दुर्धर्ष देवादिदेव महादेवजी आफ्ना नोकर-चाकरलाई संगमा लिएर पार्वतीको साथमा विहार गर्नलागेका थिए ॥११॥ पार्वतीलाई प्रसन्न गराउनाको निम्ति वृषध्वज महादेवजी आइमाईको रूप धारण गरी पर्वतको झरनानेर विहार गर्नलागेका थिए ॥१२॥ यस वनमा जति पुरुषवाचक जन्तु थिए ती सबै स्त्रीवाचक हुन गए र जति पुरुषवाचक वृक्ष थिए ती समेत स्त्रीवाचक हुन गए ॥१३॥ त्यहाँ जति पुरुषवाचक चीज-बीज थिए ती सबैले महादेवको स्त्रीस्वरूप लिए । यही मौकामा कर्दमका छोरा राजा इल हजारौं जीवातको संहार गर्दै त्यस वनमा पुगे र त्यहाँका समस्त पशु पक्षीलाई स्त्रीको रूपमा देख्ता यिनलाई बडो खेद भयो ॥१४–१५॥ हे लक्ष्मण ! आफूलाई समेत नोकर-चाकर तथा सैनिकको साथसाथै स्त्री-भावमा प्राप्त भएको देख्ता यिनलाई जस्तो दुःख भयो सो बयान गरी साध्य छैन ॥१६॥ महादेवजीको श्रापले गर्दा यो दुर्दशा भएको हो भन्ने थाहा पाएपछि यिनको मनमा ठूलो डर पस्यो र उत्तिखेरै आफ्ना नोकर-चाकरलाई साथमा लिई भगवान् शङ्करको शरण पर्न पुगिहाले । वर दिन सक्ने भगवान् शङ्कर पार्वतीलाई साथमा राखेर प्रजापति कर्दमका छोरा इललाई हाँसी हाँसीकन भन्नलाग्नुभयो—हे कर्दमका छोरा, महाबली राजर्षि, उठ ॥१७–१९॥ हे सुव्रत ! पुरुषत्वबाहेक अरू जुन कुराको इच्छा छ सो माग । महादेवजीको भनाइमुताबिक पुरुषत्वको सम्भावना नदेख्ता राजा बडो दुःखित भए ॥२०॥ स्त्री-भावमा प्राप्त भइसकेकोले यिनलाई महादेवजीबाट अरू दोस्रो वर लिनाको चाहना भएन । शोकले आकुल व्याकुल परेका यिनी पार्वतीजीलाई प्रणाम गरी भित्र दिलैदेखि उहाँको स्तुति गर्नलागे—हे देवी ! तपाईं संसारका समस्त प्राणीलाई वर दिनुहुन्छ । तपाईंको दर्शनको फल अवश्यै पाइन्छ, तसर्थ ममाथि पनि कृपादृष्टिले हेर्नुहोस् । राजाको प्रार्थना सुन्दा उनको मनभित्रको अभिप्राय बुझेकोले महादेवनेर बसेकी रुद्रकी प्यारी पार्वती शिवजीको सम्मतिले राजालाई मीठो कुरा भन्नलागिन्—हे राजन् ! तिमीलाई आधा वर महादेवजीले दिऊन् र आधाचाहिं म दिन्छु, तसर्थ स्त्रीत्व अथवा पुरुषत्वको विषयमा म तिमीलाई

आधा वर दिन सक्तछु, जस्तो इच्छा लाग्दछ उस्तो वर माग। पार्वतीदेवीको मुखबाट यो अद्भुतको कुरा सुन्दा राजा दङ्ग परेर उहाँलाई भन्नलागे—हे त्रैलोक्यसुन्दरी ! ममाथि प्रसन्न हुनुहुन्छ भने एक महीनासम्म आइमाई हुने र एक महीनासम्म पुरुष हुने वर दिनुहोस् । सुमुखी देवी राजाको मनसाय बुझेर हुन्छ, तिमीले इच्छा गरे मुताबिक हुनेछ भन्ने जवाफ दिई भन्नलाग्नुभयो—हे राजन् ! पुरुष हुँदाखेरि तिमीलाई आइमाईको रूप लिएको संज्ञना हुनेछैन र स्त्री हुँदाखेरि पुरुष भएको संज्ञना हुनेछैन । यस प्रकारसँग कर्दमका छोरा राजा इल एक महीनासम्म पुरुष र एक महीना परम सुन्दरी आइमाई बन्नलागे । स्त्री हुँदाखेरि यिनको नाम इला र पुरुष हुँदाखेरि इल हुन्थ्यो ॥२१-२९॥

सर्ग—८८

राजा इलको अरू बांकी कथा

रामचन्द्रको मुखबाट इल राजाको विचित्र कथा सुन्दा भरत र लक्ष्मण बहुतै छक्क परे ॥१॥ यी महात्मा राजाको कथा विस्तारपूर्वक सुन्ने इच्छा भएकोले यी दुवै जना हात जोरेर रामचन्द्रलाई भन्नलागे ॥२॥ हे प्रभो ! स्त्री हुँदाखेरि राजा कस्तो कस्तो दुर्गति भोग्दथ्यो र पुरुष हुँदा यसको कस्तो व्यवहार हुन्थ्यो सो सब हामीलाई सुनाउनुहोस् ॥३॥ भरत र लक्ष्मणको यस प्रकारको कौतूहलयुक्त वचन सुन्दा रामचन्द्रजीले आफूले सुनेअनुसार राजा इलको कथा भन्नलाग्नुभयो ॥४॥

पहिलो महीनामा सर्वश्रेष्ठ सुन्दरी हुँदाखेरि यिनी पहिलेका आफ्ना साथीहरूसँग जो अहिले स्त्री भइसकेका थिए, वृक्ष, लता, गुल्मले परिपूर्ण भइराखेको जंगलमा गएर विहार गर्नलागे । सबै वाहनलाई छोडेर कमलको पात जस्तो आँखा भएकी इला पैदल हिंडेर पर्वतका गुफा गुफाभित्र पसी आनन्द मनाउनलागिन् ॥५-७॥ यही वनमा पर्वतनेर एउटा बडो राम्रो तलाउ थियो जहाँ कि किसिम किसिमका चराचुरुङ्गी बसेका थिए ॥८॥ इलाले यहाँ चन्द्रमाका छोरा बुधलाई तपस्या गरिरहेको देखिन् । यिनी आफ्नो शरीरको तेजले पूर्णिमाको चन्द्रमा जस्तै प्रकाशमान भइराखेका थिए ॥९॥ यिनी तलाउको जलमा उभिएर उग्र तपस्या गर्नलागेका थिए र बडा यशस्वी, परोपकारी तथा दयालु देखिन्थे ॥१०॥ हे लक्ष्मण ! इलाले छक्क परेकोले पहिलेका पुरुष तर अहिले स्त्री भइराखेका आफ्ना साथीहरूसँग लागेर यस तलाउको जललाई खलबलाइदिइन् ॥११॥ यी इलामाथि दृष्टि पर्नासाथ, बुध कामवाणको वशमा पर्नाले आफूलाई सह्माल्न सकेनन् र त्यही जलमा यताउति घुम्नलागे ॥१२॥ त्रैलोक्यसुन्दरी इलामाथि दृष्टि पर्नासाथ यो देवकन्याभन्दा पनि राम्री को आइमाई रहिछ भन्ने विचार बुधको मनमा उठ्न लाग्यो ॥१३॥ यस्तो सौन्दर्य ता मैले अहिलेसम्म देवीहरूमा, नागकन्याहरूमा, असुरका छोरीहरूमा तथा अप्सराहरूमा कसैमा पनि देखेको थिइन ॥१४॥ कसैसँग विवाह नभएको भए ता यो मेरी स्वास्नी हुन योग्य छ । मनमा यस्तो विचार उठेकोले धर्मात्मा बुध जलबाहिर निस्की आफ्नो आश्रममा आए र त्यहाँबाट ती सुन्दरीहरूलाई बोलाउनलागे । सुन्दरीहरूले पनि त्यहाँ गएर

यिनलाई प्रणाम गरे ॥१५-१६॥ यसपछि धर्मात्मा बुध सोध्नलागे—यी लोकसुन्दरी कसकी स्वास्नी हुन्, तिमीहरू केका लागि यहाँ आएका हौ सो सब मलाई झट्टै भनिहाल ॥१७॥ बुधको मुखबाट यो मीठो राम्रो कुरा सुन्दा ती सबै आइमाई मधुरो स्वर गरेर भन्नलागे ॥१८॥ यी स्त्री हामीहरूकी मालिक्नी हुन्, यिनको लोग्ने छैन, हाम्रो साथमा यी यस जङ्गलमा डुल फिर गर्दैछिन् ॥१९॥

यी आइमाईहरूको कुरा राम्रोसँग बुझ्न नसकेकोले बुधले अज्ञात विषयको ज्ञान हुने आफ्नो आवर्तनी नामक विद्याको स्मरण गरे ॥२०॥ यस विद्याद्वारा राजाको जम्मै कुरा थाहा पाएपछि बुधजी यी आइमाईलाई भन्नलागे ॥२१॥ तिमीहरू सबै किम्पुरुषी भएर यस पर्वतनेर बस्ने गर, ढीलो नगर, झट्टै आफ्नो बस्ने जग्गाको प्रबन्ध गरिहाल ॥२२॥ फल मूल आदि गरिएका चीज-बीजले तिमीहरूको जीविका चल्नेछ र किम्पुरुष नामका व्यक्तिहरू तिमी सबैका पति हुनेछन् ॥२३॥

सोमपुत्रको भनाइमुताबिक यी आइमाईहरू किम्पुरुषीको नामले विख्यात भए र यी अनेक आइमाई त्यहीं पर्वतनेर बस्नलागे ॥२४॥

सर्ग—८९

इलाको गर्भबाट बुधको वीर्यद्वारा पुरुरवाको जन्म ।

किम्पुरुषहरूको उत्पत्तिको कथा सुनिसकेपछि भरत र लक्ष्मणले यो ता बडो आश्चर्यको कुरो रहेछ भनी राजा रामचन्द्रलाई निवेदन गरे ॥१॥ उनीहरूको अभिप्राय बुझेकोले धर्मात्मा यशस्वी रामचन्द्र फेरि पनि प्रजापति कर्दमका छोराको कथा भन्नलाग्नुभयो ॥२॥ ती सबै किन्नरी युवतीहरू यताउति लागेका देखेपछि बुध ऋषि हाँसी हाँसीकन रूप यौवनले युक्त भएकी ती सुन्दरीलाई भन्नलागे ॥३॥ हे सुन्दरी ! म चन्द्रमाको प्यारो छोरो हुँ, हे सुमुखी ! स्नेहको दृष्टिले मलाई भक्तिपूर्वक सन्तुष्ट गराऊ ॥४॥ इलाका सबै संगिनीहरू त्यहाँबाट गइसकेका थिए, अतः एकली परेकी यिनी, बुधको मुखबाट यो कुरा सुन्दा, ती तेजस्वी ऋषिलाई यस प्रकारसँग भन्नलागिन् ॥५॥ हे सौम्य ! म कसैकी होइन, इच्छाअनुसार डुल-फिर गर्दछु, अहिले तपाईंको अधीनमा परेकी छु, हे चन्द्रपुत्र ! मलाई शिक्षा दिनुहोस् र आफूलाई इच्छा भएको काम गर्नुहोस् ॥६॥

इलाको यो अद्भुत कुरा सुन्दा बुधलाई बडो हर्ष लाग्यो र यी कामी चन्द्रपुत्र उनीसँग विहार गर्नलागे ॥७॥ कामासक्त बुधले सुन्दरी इलासँग विहार गर्दा गर्दैमा वैशाखको महीना एक छिन जस्तै भएर बितिहाल्यो ॥८॥ एक महीना सकिएपछि, पूर्ण चन्द्रमाको जस्तो अनुहार परेका, प्रजापतिका छोरा, श्रीमान् इल बिहानीपख पुरुष भएर उठे ॥९॥ बिछौनाबाट उठ्नासाथ यिनले चन्द्रमाका छोरालाई विना कुनै आधारको माथि हात उठाएर तलाउमा तपस्या गरिरहेको देखे र उनलाई भन्नलागे ॥१०॥ हे भगवन् ! म आफ्ना साथीहरूलाई सँगमा लिएर यस दुर्गम पर्वतमा आएको हुँ, तर अहिले म आफ्ना सैनिकहरूलाई देख्तिन ती सब कहाँ गएछन् ॥११॥ राजा इललाई आफूले स्त्रीरूप

लिएको पत्तो थिएन अतः उनको मुखबाट यो कुरा सुन्दा बुध उनलाई संझाई बुझाईकन राम्रो बोली गरेर भन्नलागे ॥१२॥ ढुङ्गाको भारी वृष्टि भएकोले तपाईंका सैनिक मरेर पडिराखेका छन्, हावा पानीको डरले तपाईं यस आश्रमभित्र आएर सुतिराख्नुभएको थियो ॥१३॥ हे वीर ! अबलाई मनमा धैर्य लिनुहोस्, तपाईंको कल्याण हुनेछ, मनमा कुनै प्रकारको फिक्री नलिई निर्भयसँग फलमूल खाएर यहाँ मेरो आश्रममा सुखपूर्वक बस्नुहोस् ॥१४॥ बुधको मुखबाट आफ्ना नोकर-चाकरको मृत्यु भएको खबर सुन्दा राजा बडो दुःखी भए, तर ऋषिको कुरा सुन्दा सावधान भएर उनलाई भन्नलागे ॥१५॥ मेरा सबै नोकर चाकरको मृत्यु भए तापनि राज्य ता छाड्न सक्तिन, म एक छिन पनि यहाँ बस्न चाहन्न अतएव मलाई जाने आज्ञा दिनुहोस् ॥१६॥ विन्दु नाम गरेको, महायशस्वी मेरो जेठो छोरो बडो धर्मात्मा छ, म नगएको खण्डमा उसले राज्य गर्नुपर्नेछ ॥१७॥ सुखसंग देशमा बसेका नोकर-चाकर स्त्रीहरूलाई छोडेर म यहाँ बस्न सक्तिन, अतएव हे तेजस्वी ! मेरो यस विचारको विरुद्धमा कुनै अशुभ कुरा नभन्नुहोस् ॥१८॥

राजाको यो कुरा सुनेपछि बुध उनलाई संझाई बुझाईकन मधुरो बोली गरेर भन्नलागे—हे महाबली कर्दमपुत्र ! मनमा कुनै प्रकारको चिन्ता नलिई यहाँ बस्नुहोस् । एक वर्ष यहाँ बसेपछि म तपाईंको कल्याण हुने कुरा गरिदिनेछु ॥१९–२०॥ पुण्यात्मा बुधले संझाउँदा बुझाउँदा राजा ती ब्रह्मवादी ऋषिको भनाइमुताबिक यहाँ बस्नालाई राजी भए ॥२१॥ यी राजा एक महीनासम्म आइमाईको रूप लिएर बुधसंग विहार गर्दथे र एक महीना पुरुष बनेर धर्मशास्त्रको आलोचना गर्दथे ॥२२॥ यस प्रकारसंग रहँदा बस्ता नौ महीना बितेपछि सुन्दरी इलाले चन्द्रपुत्र बुधद्वारा एउटा तेजस्वी छोरो जन्माइन् र पुरुरवा भन्ने यसको नाम राखियो ॥२३॥ छोरो जन्मनासाथ सुन्दरी इलाले उसलाई बाबु बुधको हातमा सुम्पिदिइन् । इलाको छोरोको रंग र पराक्रम बाबुको जस्तै थियो ॥२४॥ एक वर्षसम्म यी राजा पुरुष भएको बखतमा जितेन्द्रिय बुधले नाना प्रकारको धार्मिक कथा सुनाएर उनको चित्त प्रसन्न राखे ॥२५॥

सर्ग—९०

अश्वमेध यज्ञद्वारा राजा इल सदा पुरुष बनिरहने वर पाउँछन् ।

रामचन्द्रको मुखबाट पुरुरवाको अद्भुत जन्मवृत्तान्त सुनिसकेपछि भरत र लक्ष्मणले फेरि महायशस्वी राजालाई भने ॥१॥ हे नरश्रेष्ठ ! एक वर्षसम्म ता इला चन्द्रपुत्रको साथमा रहिन्, त्यसपछि यिनले के के गरिन् सो पनि हामीलाई सुनाइदिनुहोस् ॥२॥ भरत, लक्ष्मणका यी मीठा कुरा सुन्दा रामचन्द्र फेरि राजा इलको कथा भन्नलाग्नुभयो ॥३॥

एक वर्षपछि महाबली राजाले पुरुषको रूप लिनेबित्तिकै महायशस्वी परमबुद्धिमान् बुधले, संवर्त्त, भार्गव, चयवन, अरिष्टनेमी, प्रमोदन, मोदकर, दुर्वासा आदि गरिएका मुनिहरूलाई बोलाउन पठाए

॥४–५॥ आफ्ना यी सबै मित्रलाई जम्मा पारेपछि कुरा गर्नामा सिपालु भएका तत्वदर्शी बुध बडो सावधानीसंग विनयपूर्वक भन्नलागे ॥६॥ यी प्रजापति कर्दमका छोरा राजा इल हुन्। यिनको कस्तो दशा भइराखेको छ सो तपाईंहरूलाई थाहै छ। अब तपाईंहरूले यिनको कल्याण हुने उपाय गर्नुपर्‍यो ॥७॥ यिनीहरूको परस्परमा यस प्रकारसंग कुरा चलिरहेको बखतमा महातेजस्वी कर्दम ऋषि पनि अनेक महात्मा ब्राह्मणहरूलाई संगमा लिएर त्यहाँ आश्रममा आइपुगे ॥८॥ पुलस्त्य, क्रतु, वषट्कार र तेजस्वी ओंकार यी सबै त्यस आश्रममा आए ॥९॥ आफू आफूमा भेटघाट भएकोले यिनीहरू मनमा दङ्ग परिराखेका थिए र वाह्लीकपति राजा इलको कल्याण हुने विषयमा आफ्नो आफ्नो राय प्रकट गर्नलागे ॥१०॥

कर्दम मुनि आफ्नो छोराको कल्याण हुने विषयमा भन्नलागे—हे ब्राह्मणहो ! म यी राजाको भलो हुने कुरा भन्दछु, तपाईंहरू सुन्नुहोस् ॥११॥ वृषभध्वज महादेवको सिवाय यिनको अर्को दोस्रो औषधि नै छैन र महादेवलाई अश्वमेध यज्ञभन्दा बर्ता मन पर्ने अरू कुनै यज्ञ छैन ॥१२॥ अतएव राजाको निमित्त हामी यही यज्ञ गरौं; कर्दमको यो कुरा सुनेपछि त्यहाँ जम्मा भएका सबै ब्राह्मणहरूले शिवको आराधनाको निम्ति यही यज्ञ गर्न मञ्जूर गरे। संवर्त्त ऋषिका शिष्य, शत्रुविजयी राजर्षि मरुत्तले यज्ञलाई चाहिने सरजाम जम्मा पार्ने जिम्मा लिए। अब ता ऋषिहरूले बुधको आश्रमनेर महान् अश्वमेध यज्ञ गर्न थालिहाले ॥१३–१५॥

यस यज्ञले गर्दा महादेवजी सन्तुष्ट हुनुभयो र यज्ञ समाप्त हुनासाथ इलको सामुन्नेमा उमापति बडो प्रसन्न भएर ब्राह्मणहरूलाई भन्नलाग्नुभयो—हे ब्राह्मणहो ! तपाईंहरूको भक्ति र यस अश्वमेध यज्ञले म बडो प्रसन्न भएँ, मैले यी वाह्लीकपतिको कुन भलो हुने कुरा गर्नुपर्‍यो सो भन्नुहोस्। शिवजीको मुखबाट यो कुरा निस्कनासाथ ब्राह्मणहरू बडो सावधान भईकन यी राजा इल सदा सर्वदा पुरुष बनी रहून् भनेर उहाँसित प्रार्थना गर्नलागे। दङ्ग परिराखेका महादेवजीले पनि सदाका लागि उनलाई पुरुष बनाइदिए ॥१६–१९॥

इल राजालाई वर दिइसकेपछि महादेवजी अन्तर्धान हुनुभयो। यज्ञ सकिएको र महादेवजी-समेत जानुभएकोले दूरदर्शी ब्राह्मणहरू पनि आफ्नो आफ्नो आश्रमतिर लागे। राजा इलले वाह्लीक देश छाडेर मध्यदेशमा प्रतिष्ठान नाम गरेको एउटा राम्रो शहर बसाए। यिनका छोरा शशविन्दु वाह्लीक देशको राज्य गर्नलागे र प्रजापति पुत्र राजा इल प्रतिष्ठानको राज्य चलाउन लागे। धेरै कालसम्म राज्य गरेर राजा ब्रह्मलोकतिर लागेपछि इलका छोरा राजा पुरुरवाले प्रतिष्ठानको राज्य पाए। हे पुरुषश्रेष्ठ ! अश्वमेध यज्ञको यस्तो प्रभाव छ। यस यज्ञले गर्दा राजाले स्त्रीभावलाई त्याग गरेर सदाका लागि पुरुष बन्न पाए र अरू अरू दुर्लभ वस्तुसमेत भेट्टाए ॥२०–२५॥

सर्ग—९१

महाराज रामचन्द्रको अश्वमेध यज्ञ ।

दुइ भाइहरूलाई यस प्रकारसंग कथा सुनाइसकेपछि तेजस्वी रामचन्द्र लक्ष्मणलाई धर्मयुक्त कुरा भन्नलाग्नुभयो ॥१॥ हे लक्ष्मण ! वशिष्ठ, वामदेव, जावालि, काश्यप र अश्वमेध यज्ञ गराउनामा सिपालु भएका अरू अरू ब्राह्मणहरूलाई बोलाउन पठाऊ ॥२॥ यी सबै जम्मा भएपछि यिनीहरूको सम्मति लिएर सावधान भईकन असल लक्षणले युक्त भएको घोडा छोडिदिन्छु ॥३॥ रामचन्द्रको आज्ञा पाउनासाथ फूर्तिसंग काम गर्ने लक्ष्मणले यी सबै ब्राह्मणलाई बोलाएर उहांको अगाडि उपस्थित गराए ॥४॥ देवतासमानका रामचन्द्रसंग यिनीहरूको भेट भयो, उहाँले प्रणाम गर्नुभयो र उनीहरूले पनि उहाँलाई आशीर्वाद दिए ॥५॥ प्रणाम गरिसकेपछि रामचन्द्रजी हात जोरेर यी श्रेष्ठ ब्राह्मणहरूलाई अश्वमेधसम्बन्धी धर्मयुक्त कुरा भन्नलाग्नुभयो ॥६॥ यी ब्राह्मणहरूले पनि रामचन्द्रको कुरा सुनेपछि महादेवजीलाई नमस्कार गरी अश्वमेध यज्ञको प्रशंसा गर्न थाले ॥७॥ अश्वमेधको सम्बन्धमा यी ब्राह्मणहरूको उत्साहपूर्ण कुरा सुन्दा रामचन्द्रलाई बडो खुशी लाग्यो ॥८॥

ब्राह्मणहरूको अश्वमेध यज्ञ गर्नामा प्रवृत्ति भएको देख्ता रामचन्द्र लक्ष्मणलाई भन्नलाग्नुभयो—हे महाबाहो ! महात्मा सुग्रीवलाई बोलाउन दूत पठाऊ ॥९॥ यस महोत्सवमा सम्मिलित हुनाका लागि उनी मुख्य वानर तथा भालुहरूलाई साथमा लिएर आउन् ॥१०॥ अतुल पराक्रमी विभीषणलाई पनि कामचारी राक्षसहरूलाई संग लिएर यस अश्वमेध यज्ञमा सामेल हुन आउनू भन्ने खबर पठाइदेऊ ॥११॥ मेरा जति हितैषी राजा छन् ती सबैकहाँ आफ्ना नोकरलाई साथमा लिई झट्टै यज्ञ हेर्न आउनू भनेर लेखिपठाऊ ॥१२॥ हे लक्ष्मण ! काम पर्नाले अरू अरू देशमा गइराखेका आफ्ना राज्यका धर्मात्मा ब्राह्मणहरूकहाँ पनि अश्वमेध यज्ञमा आउनू भनेर निमन्त्रण पठाऊ ॥१३॥ हे महाबाहो ! तपस्वीहरूलाई, ऋषिहरूलाई, देश देशमा बसेका ब्राह्मण तथा यिनका स्वास्नीहरूलाई पनि बोलाइपठाऊ ॥१४॥ बाजा बजाउनेहरूलाई र नाच नाच्नेहरूलाई पनि बोलाइपठाऊ । गोमती नदीको तीरमा नैमिषारण्यमा विशाल यज्ञशाला तय्यार पार्ने आज्ञा देऊ, किनकि यो ठाउँ बडो पवित्र छ । हे महाबाहु ! यज्ञमा कुनै किसिमको बाधा नपर्ने गरी चारैतिर शान्ति पाठ गर्न लगाऊ ॥१५-१६॥ हे लक्ष्मण ! सयकडौं धर्मात्मा ऋषिहरू यो प्रधान यज्ञ र यसको साथसाथमा भएका अरू अरू यज्ञ पनि नैमिषारण्यमा हेरून् र हाम्रो हातबाट आदर सत्कार पाएकोले तृप्त भएर प्रसन्नतासाथ यहाँबाट जाऊन्, अतएव यी सबैकहाँ झट्ट निमन्त्रण पठाइहाल ॥१७-१८॥ एक लाख बलिया बलिया गोरूमा कनिका नभएको सग्लो चामल र दश हजार गोरूमा तिल मूँग बोकाएर अगाडि नै पठाउन लगाइदेऊ ॥१९॥ यस मुताविक चना, मास, नून, घिउ, तेल र अलिकता बास्ना आउने चीज-बीज पनि पठाउन लगाइदेऊ ॥२०॥ सुनका सय करोड असर्फी र चाँदीका रुपियाँ लिएर भरत बडो होशियारीसाथ अघिअघि जाऊन् ॥२१॥ यिनको साथमा बाटोमा खरीद बिक्री गर्ने बनियाँहरू, नटुवाहरू, भान्से तथा अनेक

तरुणी आइमाई पनि जाऊन् ॥२२॥ यी सबैको अघिअघि फौज जाओस् । वेद जान्नेहरू, बालक, बूढा, ब्राह्मण, कालिगड, सिकर्मी, खजाञ्ची, कौशल्यादि हाम्रा महतारीहरू, भाइ बुहारीहरू, यी सबैको हेर-विचार गरेर भरतले आफ्नो साथमा लिएर जाऊन् ॥२३-२४॥ दीक्षाको निम्ति सुनको सीता बनाउन लगाएर र यज्ञको काममा सिपालु भएका विद्वान्हरूलाई लिएर यशस्वी भरत आफ्नो साथमा लिंदै जाऊन् ॥२५॥ यस प्रकारसँग अह्राइसकेपछि महाबली रामचन्द्रजीले पराक्रमी राजा तथा उनको साथमा आएकाहरूलाई बस्नाको निम्ति धेरै धेरै मोल पर्ने पाल बनाउने आज्ञा दिनुभयो ॥२६॥ यस प्रकारसँग भरत र शत्रुघ्न, राजा र उनीहरूका साथमा आएकाहरूको निम्ति खाने पिउने चीज-बीज, लुगा-फाटो तथा नोकर-चाकर साथमा लिएर हिंडे ॥२७॥ अब ता सुग्रीव आदि गरिएका महात्मा वानरहरू पनि आइपुगे । मुख्य मुख्य ब्राह्मणहरू भोजन पस्कने काममा खटिए ॥२८॥ अनेक राक्षस तथा स्त्रीहरूलाई साथमा राखेर विभीषण, उग्र तपस्वी र महात्मा ऋषिहरूको सेवा टहल गर्ने काममा खटिएका थिए ॥२९॥

सर्ग—९२

अश्वमेध यज्ञको वर्णन ।

यस प्रकारसँग यज्ञका सबै सामग्रीहरू पठाउन लगाइसकेपछि रामचन्द्रले असल असल लक्षणले युक्त भएको कालो रङ्गको घोडा छाड्नुभयो ॥१॥ ऋत्विक्हरूको साथमा घोडाको रखवाली गर्ने काममा लक्ष्मणलाई खटाएर रामचन्द्रजीले फौजको साथमा नैमिषारण्यतिर प्रस्थान गर्नुभयो ॥२॥ अद्भुतको यज्ञमण्डप देख्ता महाबाहु रामचन्द्रजी बहुतै दङ्ग पर्नुभयो र बडो राम्रोसँग बनेछ भन्नुभयो ॥३॥ रामचन्द्रजी नैमिषारण्यमा बस्ताखेरि अनेक राजाहरू उपहार लिएर उहाँलाई भेट्न आए । रघुनाथजीले पनि अन्न, पान, वस्त्र तथा अरू अरू सामग्रीले उनीहरूको सत्कार गर्नुभयो । भरत र शत्रुघ्न राजाहरूको सत्कार गर्ने काममा खटिएका थिए ॥४-५॥ सुग्रीव र यिनको साथमा आएका महात्मा वानरहरू ब्राह्मणहरूको भोजन पस्कने काममा खटिएका थिए ॥६॥ विभीषण र अरू अरू अनेक राक्षसहरू सावधानीसाथ उग्रतपस्वी र ऋषिहरूको सेवा टहल गर्नामा नियुक्त भएका थिए ॥७॥ राजा तथा उनीहरूको साथमा आएका कुटुम्ब र परिवारलाई बस्नाको निम्ति महाबली रामचन्द्रले त्यहाँ धेरै मोल पर्ने अनेक पाल गाड्नलगाइदिनुभएको थियो ॥८॥

अब ता बडो धूमधमासँग रामचन्द्रको अश्वमेध यज्ञ हुनलाग्यो । लक्ष्मणजी घोडाको परिचर्या र रक्षाको काममा नियुक्त भएका थिए ॥९॥ राजश्रेष्ठ रामचन्द्रको यो अश्वमेध यज्ञ हुँदाखेरि याचकहरू सन्तुष्ट नभएसम्म आँखा चिम्लेर उनीहरूलाई दिंदै गर्नू भन्ने कुराको आवाजसिवाय अरू केही सुनिन्नथ्यो ॥१०-११॥ यस यज्ञमा गुड, सक्करका जति चीज थिए ती सबै माग्नेहरूले पाए । याचकहरूको मुखबाट मागेको शब्द निस्कन पाउँदा नपाउँदैमा वानर राक्षसहरू उनीहरूलाई मागेको चीज

दिइहाल्दथे । यस यज्ञमा कोही पनि मलिन, झ्याउरो अथवा दुब्लो देखिन्नथ्यो । यस यज्ञमा जति व्यक्ति देखिन्थे ती सबै हृष्ट पुष्ट देखिन्थे । त्यहाँ जति चिरजीवी महात्मा मुनि जम्मा भएका थिए ती कसैलाई पनि पहिले कुनै कालमा यस्तो विधि दान भएको यज्ञको संझना भएन ! सुन इच्छा गर्नेले सुन पाउँथ्यो, धनको चाहना गर्नेले धन र रत्न खोज्नेले रत्नै पाउँथ्यो । दान दिन भनी त्यहाँ सुन चाँदी, रत्न तथा वस्त्रहरू थुपारेर राखिएका थिए । चन्द्रमा, यम, वरुण, इन्द्र यी कसैकहाँ पनि हामीले यस्तो यज्ञ भएको देखेका छैनौं भन्ने तपस्वीहरूको भनाइ थियो, वानर र राक्षसहरू सर्वत्र याचकहरूलाई दिन भनी हात हातमा वस्त्र, धन, र अन्न लिएर उभिइराखेका थिए । यस प्रकारसँग सर्वगुणसम्पन्न राजसिंह रघुनाथजीको यज्ञ वर्ष दिनभन्दा बर्तासम्म भइरह्यो, तर कहिले पनि कुनै कुरामा त्रुटि भएको देखिएन ॥१२-१९॥

सर्ग—९३

महर्षि वाल्मीकि ऋषिहरूलाई साथमा लिई यज्ञमा आउँछन् ।

यस प्रकारसंग यो परम अद्भुत यज्ञ भइरहेको बखतमा भगवान् वाल्मीकि ऋषि आफ्ना शिष्यहरूलाई संग लिएर त्यहाँ आउनुभयो ॥१॥ यो अद्भुतको यज्ञ हेरिसकेपछि वाल्मीकिले ऋषिहरूको आश्रमनेर एकान्त ठाउँमा डेरा गर्नुभयो र आफ्ना शिष्यहरूको निम्ति छाप्राहरू बनाउन लगाइदिनुभयो ॥२॥ ऋषि आएको सुन्नासाथ रामचन्द्रले अन्नले भरिभराउ भएका अनेक गाडा तथा किसिम किसिमका उत्तम फलफूल महर्षि वाल्मीकिको सुन्दर आश्रमनेर राख्न लगाइदिनुभयो ॥३॥ यसपछि वाल्मीकि ऋषिले लव र कुश आफ्ना यी दुइ शिष्यलाई निर्धक्कसंग यज्ञमा गएर प्रसन्नतासाथ रामायण काव्य गाएर सुनाउने आज्ञा दिनुभयो ॥४॥ ऋषिहरूको पवित्र आश्रममा, ब्राह्मणहरू बसेको ठाउँमा, सडकमा, गल्लीमा, राजमहलमा, रामचन्द्रको दरबारको ढोकामा, मानिसहरू काम गर्नलागेको ठाउँमा र विशेष गरेर ऋत्विकहरूको सामुन्नेमा तिमीहरूले गाएर सुनाउनू भन्ने महर्षिको आज्ञा थियो ॥५–६॥ पर्वतको टाकुरामा किसिम किसिमका स्वादिला फल फलिराखेका छन्, यिनै फलफूलको भोजन गरेर गाना गर ॥७॥ यी फलफूल खाएर गाना गरेको खण्डमा तिमीहरूलाई न थकाइ लाग्नेछ, न स्वर बिग्रनेछ ॥८॥ राजा रामचन्द्रले गाना सुन्नाको निम्ति तिमीहरूलाई बोलाए भने जानू, त्यहाँ ऋषिहरू पनि बसेका हुनेछन्, सबैसंग उचित व्यवहार गर्नू ॥९॥ प्रतिदिन मधुरो स्वरले बीस सर्ग गाएर सुनाउनू, मैले तिमीहरूलाई सर्गको प्रमाण बताइसकेको छु सोही प्रमाणअनुसारको बीस सर्ग गाउनू ॥१०॥ धनतिर अलिकता पनि लोभ नगर । आश्रममा बस्ने र फलफूल खाएर निर्वाह गर्नेलाई धन के काम लाग्दछ ? ॥११॥ रामचन्द्रले तिमीहरू कसका छोरा हौ भनेर सोधेको खण्डमा, हामी दुवै वाल्मीकि ऋषिका शिष्य हौं भनेर जवाफ दिनू ॥१२॥ मधुरो स्वर निस्कने यो वीणा संगमा लिएर जाऊ, यसको स्वरसंग आफ्नो स्वर मिलाएर ताल, लयको ख्याल राखी निर्धक्कसंग मीठो स्वर झिकेर गाना गर्नू

॥१३॥ पहिलो सर्गदेखि गाउन शुरू गर्नू, कुनै तरहबाट राजाको अपमान हुन नपाओस्, कारण धर्मको दृष्टिले राजा आफ्ना प्रजाका बाबु हुन् ॥१४॥ भोलि बिहानदेखि मनमा प्रसन्न भई सावधानी-संग वीणाको लयसंग आफ्नो स्वर मिलाएर गाउन थाले ॥१५॥

यस प्रकारसंग आफ्ना दुइ शिष्यलाई नाना प्रकारको शिक्षा दिइसकेपछि महर्षि वाल्मीकि मुनि चुपचाप लाग्नुभयो ॥१६॥ सीताका यी दुवै छोरा पनि मुनिको आज्ञाअनुसार काम गर्ने प्रतिज्ञा गरेर आश्रमबाट हिंडे ॥१७॥ जसरी अश्विनीकुमारहरू भार्गव मुनिको नीति संहिता मनमा लिएर बसेथे त्यसै गरी यी दुइ कुमारहरूले पनि ऋषिको मुखबाट निस्केको अद्भुत वाणी हृदयमा धारण गरी उत्सुकतापूर्वक बडो आनन्दसंग त्यो रात बिताए ॥१८॥

सर्ग—९४

लव कुश रामचन्द्रलाई रामायण गाएर सुनाउँछन् ।

रात बितेर बिहान भएपछि प्रातःकालमा गर्नुपर्ने स्नान, हवन इत्यादि कामबाट निवृत्त भई लव कुश ऋषिले बताएको ठाउँमा गई गाना गर्नलागे ॥१॥ रामचन्द्रले गानाको साथसाथमा नयाँ ढङ्गसँग काव्य पढेको सुने । यो पढ्ने ढङ्ग पहिलेका आचार्य्यहरूले बनाएको रीतिमुताबिकको थियो ॥२॥ ध्वनि आदि गरिएका अनेक प्रमाणले युक्त भएको वीणाको लयसंग स्वर मिलाएर बालकहरूले गाएको यो काव्य सुन्दा रामचन्द्रलाई बडो आश्चर्य्यलाग्यो ॥३॥ यज्ञको कामबाट फुर्सत पाएको मौकामा रामचन्द्रले मुनिहरूलाई, राजाहरूलाई तथा वेद जान्ने पण्डितहरूलाई बोलाउन पठाउनुभयो ॥४॥ पौरा-णिक, वैयाकरणी, बूढा पाका ब्राह्मणहरू स्वरको लक्षण जान्नेहरू, गाना चाख मानेर सुन्ने ब्राह्मणहरू, सामुद्रिक विद्या जान्ने विद्वानहरू, गन्धर्व, पण्डित, वाक्य-पद र समासको ज्ञान भएकाहरू, ज्योतिषी, कर्मकाण्डी, व्यवहार जान्ने, नैयायिक,, छन्दशास्त्रका जानिफकार, नाना किसिमको कला जान्ने, धेरै धेरै शास्त्र पढेका, वैदिक, छन्द जान्ने, पुराण बाँच्ने, वेदपाठी, चित्रकाव्यका ज्ञाता, सदाचारी पण्डित, सूत्रहरूका ज्ञाता, तथा नाच गानमा प्रवीण भएकाहरू यी सबैलाई जम्मा गरेर रामचन्द्रले गाना गर्ने लव कुशलाई पनि बोलाउन पठाउनुभयो ॥५–९॥ रामचन्द्रको आज्ञा पाएकोले यी दुवै मुनिकुमारहरू श्रोताहरूलाई दङ्ग पार्दै रामायण गाउनलागे ॥१०॥ मनुष्य लोकमा सुन्न नपाइने किसिमको दुर्लभ गाना यस्तो थियो कि जति सुने पनि श्रोताहरू तृप्त हुँदैनथे, जति सुन्यो उति सुन्ने इच्छा बढ्दथ्यो ॥११॥ त्यहाँ जम्मा भएका जति मुनि र पराक्रमी राजा थिए ती सबै दङ्ग परे र घुटुक्क निल्न खोजेझैं वारंवार बालकहरूतिर हेर्नलागे ॥१२॥ त्यहाँ जम्मा भएका सबै आफू आफूमा भन्नलागे—यी दुवैको र राम-चन्द्रको एकनासको रूप देखिन्छ, रामचन्द्रको मूर्त्तिबाट दोटा प्रतिबिम्ब निस्केको जस्तो लाग्दछ ॥१३॥ जटा र वल्कल धारण नगरेको भए ता रामचन्द्रमा र यी गाना गर्ने दुइ बालकमा कुनै किसिमको भेद देखिने थिएन ॥१४॥

नगरवासीहरूले यस प्रकारसँग आपसमा कुरा गर्नलागेको बखतमा नारदले भनेको बालकाण्डको पहिलो सर्गको गाना हुनलाग्यो ॥१५॥ पहिला सर्गदेखि लिएर बीस सर्गसम्म यिनीहरूले गाएर सुनाए । मध्याह्न कालसम्ममा बीस सर्गको गाना सुनिसकेपछि भ्रातृप्रेमी रामचन्द्रले आफ्ना भाइलाई यी महात्माहरूलाई अट्ठार हजार सुनको असर्फी र यिनीहरूले अरू जे इच्छा गर्दछन् सो झट्टै ल्याएर दिइहाल भन्ने आज्ञा दिनुभयो । यो आज्ञा सुन्नेवित्तिकै भरतले झटपट असर्फी ल्याएर दुवै बालकलाई आधा आधा बाँडिदिए ॥१६–१८॥ तर महात्मा कुश, लवले आफूलाई दिएको यो असर्फी लिएनन् बरु छक्क परेर हामीले यो लिएर के गर्ने भन्ने जवाफ दिए ॥१९॥ वनमा बस्ने हामीहरूको फलफूलले निर्वाह भइहाल्दछ, यो सुन चाँदी हामीलाई वनमा के काम लाग्दछ ? ॥२०॥ यी दुवैको मुखबाट यस्तो कुरा सुन्दा त्यहाँ भएका श्रोता तथा रामचन्द्र सबै छक्क परे ॥२१॥

यो काव्य यिनीहरूले कहाँ पढेका रहेछन् भनेर महातेजस्वी रामचन्द्रलाई थाहा पाउने इच्छा भयो, अतः उहाँले ती मुनिकुमारहरूलाई सोध्नुभयो ॥२२॥ यो काव्य कत्तिको ठूलो छ ? यसको रचना गर्ने कविको नाम के हो ? र ती मुनि कहाँ बस्तछन् ? ॥२३॥ रामचन्द्रका यी प्रश्न सुनेपछि मुनिकुमारहरू जवाफ दिनलागे—भगवान् वाल्मीकिले यसको रचना गर्नुभएको हो, उहां अहिले तपाईंको यज्ञमा आइराख्नु-भएको छ, उहींले तपाईंको यो समस्त जीवनचरित्र तय्यार पार्नुभएको हो ॥२४॥ यसमा चौबीस हजार श्लोक र सय उपाख्यान छन् । भृगुवंशी महर्षि वाल्मीकिले यो बनाएको हो ॥२५॥ आदिकाण्डदेखि लिएर पाँच सय सर्गमा छ काण्ड तथा उत्तरकाण्ड यिनै महात्मा वाल्मीकिद्वारा बनेको हो ॥२६॥ हामीहरूका गुरु ऋषि वाल्मीकिले यो काव्य बनाएको हो, यसमा तपाईंकै कीर्तिको वर्णन गरिएको छ । जबसम्म सृष्टि रहनेछ तबसम्म यस काव्यको प्रतिष्ठा हुनेछ ॥२७॥ हे महाराज ! सम्पूर्ण काव्य सुन्ने इच्छा छ भने यज्ञको कामबाट फुर्सत पाएको वेलामा रोज रोज आफ्ना भाइहरूलाई साथमा राखेर सुन्ने गर्नुहोस् ॥२८॥

हुन्छ, सुन्दछु भनेर रामचन्द्रजीले ती दुवै बालकलाई बिदा दिनुभयो र यिनीहरू पनि प्रसन्न भएर महर्षि वाल्मीकिको आश्रममा फर्केर आए ॥२९॥ रामचन्द्र पनि मुनि तथा महात्मा राजाहरूको साथमा यस काव्यको मधुर गान सुनिसकेपछि यज्ञशालामा आउनुभयो ॥३०॥ यस प्रकारसंग रामचन्द्रजी, सर्गहरूमा विभक्त गएको, ताल लय मिलेको, वीणाको सुरमा आफ्नो स्वर मिलाएर लव कुशले गाएको, रामायण काव्यको गाना प्रतिदिन सुन्नलाग्नुभयो ॥३१॥

सर्ग—९५

छोराहरूलाई चिह्नेपछि राम वाल्मीकि मुनिकहाँ दूत पठाउनुहुन्छ ।

रामचन्द्रले धेरै दिनसम्म मुनि, राजा र वानरहरूको साथमा रामायण काव्यको मधुरो गाना सुनिरहनुभयो ॥१॥ गाना सुन्दा सुन्दैमा गान गर्ने यी दुवै सीताका छोरा रहेछन् भन्ने थाहा हुनासाथ

रामचन्द्रले शुद्ध आचरण भएका दूतहरूलाई सभामा बोलाई भन्नुभयो—तिमीहरू झट्टै भगवान् वाल्मीकिको आश्रममा गएर मेरा तर्फबाट उहाँलाई निवेदन गर ।।२–३।। सीता शुद्धचरित्रा र पापरहित छन् भने मुनिको अनुमतिले यहाँ सभामा उपस्थित भई आफ्नो शुद्धता प्रमाणित गरिदिऊन् ।।४।। सीताको के राय रहेछ सो बुझेर झट्टै मलाई खबर गर ।।५।। भोलि बिहानै जनकपुत्री सीताले सभाको बीचमा आफ्नो शुद्धिको सम्बन्धमा शपथ खाऊन् र मेरो कलङ्क दूर गरिदिऊन् ।।६।।

रघुनाथजीको यो अद्भुत आज्ञा सुन्नासाथ "जो हुकूम" भन्दै दूतहरू झटपट वाल्मीकिको आश्रममा पुगिहाले ।।७।। आफ्नो तेजले गर्दा अग्निसमान प्रकाशमान भइरहेका मुनिलाई प्रणाम गरी यिनीहरूले कमलो र मधुरो स्वर गरेर रामचन्द्रले भनेको कुरा सुनाए ।।८।। यिनीहरूले भनेको कुरा तथा रामचन्द्रको अभिप्राय बुझेपछि तेजस्वी मुनि यस प्रकारसंग भन्नलाग्नुभयो ।।९।।

तिमीहरूको कल्याण होस्, रामचन्द्र जसो भन्दछन् सीता उसै गर्ने छिन्, किनकि पति त आइमाईहरूका देवतै हुन् ।।१०।। मुनिले यति भनेपछि राजदूतहरू फर्केर रामचन्द्रकहाँ आई मुनिले भनेको जम्मै कुरा निवेदन गरे ।।११।। मुनिका कुरा सुन्दा रामचन्द्रजी बहुतै खुशी हुनुभयो र यहाँ जम्मा भइराखेका ऋषि र राजाहरूलाई भन्नलाग्नुभयो ।।१२।। हे मुनिहो ! अब तपाईंहरू आफ्ना शिष्यहरूको साथमा र राजाहरू आफ्ना सबै साथीहरूको साथमा सीताले किरिया हालेकी हेर्नुहोस्, जस जसलाई इच्छा छ ती सबैले हेरून् ।।१३।। महात्मा रामचन्द्रको मुखबाट यो कुरा निस्कनासाथ समस्त ऋषिमण्डलीमा धन्य धन्यको ठूलो ध्वनि हुन लाग्यो ।।१४।। राजाहरूले रामचन्द्रको प्रशंसा गरेर भने-हे रघुनाथजी ! तपाईं सिवाय अरू कसैबाट पनि यस संसारमा यस्तो कुरा सुन्न पाइन्न ।।१५।। यस प्रकारसंग भोलि हुने कार्य्यक्रमको निश्चय गरेर शत्रुतापी रामचन्द्रजीले सबैलाई बिदा गरेर पठाइदिनुभयो ।।१६।।

महाप्रतापी महात्मा राजसिंह रघुनाथजीले यस प्रकारसंग भोलि बिहान सीताले किरिया हाल्ने कुराको निर्णय गरी त्यहाँ जम्मा भएका सम्पूर्ण मुनि र राजाहरूलाई बिदा दिएर पठाउनुभयो ।।१७।।

सर्ग—९६

वाल्मीकिको साथमा सीताको यज्ञशालामा प्रवेश ।

रात बितेर बिहान हुनासाथ महातेजस्वी रामचन्द्रले यज्ञशालाभित्र गई सबै मुनिहरूलाई बोलाउन पठाउनुभयो ।।१।। वशिष्ठ, वामदेव, जाबालि, काश्यप, विश्वामित्र, दीर्घतमा, तपस्वी दुर्वासा, पुलस्त्य, शक्ति, भार्गव, वामन, दीर्घायु मार्कण्डेय, महायशस्वी मौद्गल्य, गर्ग, च्यवन, धर्मात्मा शतानन्द, तेजस्वी भरद्वाज, अग्निपुत्र सुप्रभ, नारद, पर्वत, यशस्वी गौतम तथा अरू अरू महाव्रतधारी मुनिहरू यो अद्भुत चरित्र हेर्ने इच्छाले त्यहां आए । पराक्रमी राक्षस, महाबली वानर र अरू महात्माहरू

पनि बडो उत्कण्ठित भएर त्यहां जम्मा भए । हजारौं क्षत्रिय, वैश्य, शूद्र तथा देशदेशान्तरका अनेक महाव्रतधारी ब्राह्मणहरू पनि सीताले किरिया हालेकी हेर्न भनी त्यहां सभामा भरिए ॥२–८॥

सबै जम्मा भइसके र आफ्नो आफ्नो ठाउंमा अचल भएर बसेका छन् भन्ने सुनेपछि मुनि वाल्मीकि पनि सीतालाई साथमा लिई त्यहां आइपुगे ॥९॥ मनमा रामचन्द्रको ध्यान गर्दै, हात जोरेर, आंखाभरि आँसु गरी, सीता टाउको निहुराएर मुनिको पछिपछि आइन् ॥१०॥ ब्रह्माकी अनुगामिनी श्रुतिझैं सीतालाई वाल्मीकिको पछिपछि आएको देख्ता सबैको मुखबाट धन्य धन्यको ठूलो ध्वनि निस्कनलाग्यो ॥११॥ सीतालाई दुःखित अवस्थामा देख्नुपरेकोले त्यहाँका मानिसलाई दुःख र शोकले व्याकुल पारिराखेको थियो अतः त्यहां ठूलो कोलाहल मच्चिएको सुनियो ॥१२॥ यिनीहरूमध्ये कोही रामको, कोही सीताको र कोही दुवैको प्रशंसा गर्न लागेका थिए । यस प्रकारसंग त्यहां ठूलो खलबल हुन थाल्यो ॥१३॥

मुनिश्रेष्ठ वाल्मीकिजी सीताको साथमा सभाभित्र प्रवेश गरी रामचन्द्रलाई भन्नलाग्नुभयो ॥१४॥ हे दशरथपुत्र ! जुन सीतालाई तिमीले अपवादको डरले मेरो आश्रमनेर छोड्न लगाएका थियौ ती धर्मचारिणी र व्रतको पालन गर्ने हुन् ॥१५॥ हे रामचन्द्र ! तिमी लोकापवाददेखि डराउँछौ यसैले सीता आफ्नो पवित्रताको पत्यार पार्न खोज्दछिन्, यिनलाई आज्ञा देऊ ॥१६॥ यी दुवै दुर्धर्ष महाबली तिम्रा छोरा हुन्, जानकीको कोखबाट यिनीहरूको उत्पत्ति भएको हो, हे राजन् ! तिमीलाई मैले यो साँचो कुरा निवेदन गरेको हो ॥१७॥ हे रघुनन्दन ! म वरुणको दशम पुत्र हुँ, 'मलाई आजसम्म आफूले झूटो बोलेको संझना छैन, यी दुवै निस्सन्देह तिम्रै छोरा हुन् ॥१८॥ मैले हजारौं वर्षसम्म तपस्या गरिसकेको छु, सीताको चरित्र अशुद्ध रहेछ भने मलाई तपस्याको अलिकता पनि फल नमिलोस् ॥१९॥ मन, वचन र कर्मले मैले अहिलेसम्म कुनै पाप गरेको छैन, सीता पापरहित छन् भने मात्र म यस अनुष्ठानको फल पाऊँ ॥२०॥ पांच ज्ञानेन्द्रिय र छैटौं मन यी सबैद्वारा सीता शुद्ध छन् भन्ने थाहा पाएपछि मात्र मैले यिनलाई वनको खोलाबाट लगेर आफ्नो आश्रममा आश्रय दिएको हुँ ॥२१॥ हे राम ! यी सीताको चरित्र शुद्ध छ, यिनी निष्पाप छन्, र आफ्नो पतिलाई देवता संझन्छिन् तर तिमी भने लोकापवाददेखि डराइराखेका छौ, अतः यिनले तिमीलाई पत्यार पार्नेछिन् ॥२२॥ हे राजपुत्र ! जानकी शुद्ध छन् भन्ने कुरा मैले आफ्नो दिव्य दृष्टिद्वारा थाहा पाइसकेको छु, मेरी प्यारी जानकी शुद्ध छन् भन्ने थाहा हुँदा हुँदै पनि तिमीले लोकापवाददेखि हडबडाएर यिनको परित्याग गरेका हौ ॥२३॥

सर्ग—९७

सीताको पाताल-प्रवेश ।

वाल्मीकिका यी कुरा सुनेपछि सभाको बीचमा उभिइराखेकी सीतातिर हेरेर रामचन्द्र हात जोरेर

भन्नलाग्नुभयो ॥१॥ हे धर्मज्ञ भगवन्! तपाईंले भन्नुभएको सब कुरा ठीक हो, तपाईंको शुद्ध वचन सुन्नाले नै मलाई विश्वास परिसक्यो ॥२॥ देवताहरूको सामुन्नेमा पनि यिनले मलाई पत्यार पारेकी र किरिया हालेकी हुन्, यसै कारणले यिनलाई शुद्ध सम्झेर मैले आफ्नो घरभित्र ल्याएको हुँ ॥३॥ तर हे ब्रह्मन्! लोकापवादलाई बलवान् संझेर मैले यिनलाई त्यागेको हुँ, जानकी शुद्ध छन् भन्ने मलाई थाहा नभएको होइन, केवल लोकनिन्दाको डरले मैले यिनको त्याग गर्नुपरेको हो, तसर्थ मेरो यो अपराध क्षमा गर्नुहोस् ॥४॥ लव, कुश, यी दुवै यमल मेरा छोरा हुन् मलाई थाहा छ। यस जन-समाजमा सीता शुद्ध ठहरिएको खण्डमा मलाई ठूलो आनन्द हुने थियो ॥५॥

रामचन्द्रको अभिप्राय बुझेकोले सबै देवताहरू सीताले किरिया हालेकी हेर्न भनी त्यहाँ सभामा उपस्थित भए ॥६॥ ब्रह्मालाई अघि लगाएर अदित्य वसु, रुद्र, विश्वदेव, मरुत्, साध्य यी सबै देवता र ठूला ठूला महर्षि, नाग, पक्षी तथा सिद्ध यी सबै पनि दङ्ग परेर त्यहाँ जम्मा भए ॥७–८॥ देवता र ऋषिहरूतिर हेरेर रामचन्द्रजी फेरि भन्नलाग्नुभयो—मलाई ता वाल्मीकि मुनिको शुद्ध वचन सुन्दैमा सीता शुद्ध छिन् भन्ने कुरामा विश्वास परिसकेको छ, तर संसारको दृष्टिमा समेत यिनले आफ्नो शुद्धता देखाइन् भने ता मलाई यस विषयमा ठूलो प्रसन्नता हुनेछ। सीताले किरिया हाल्ने भइन् भन्ने सुनेकोले सबै जना हडबडाएर यहाँ आइराखेका छन् ॥९–१०॥

यस मौकामा पुण्यरूप, पवित्र, मनोहर हावा मीठो सुगन्ध साथमा लिई त्यहाँ चल्नलाग्यो र यसको स्पर्शले गर्दा त्यहाँका जम्मै मानिस र देवताहरूलाई बडो आनन्द हुन लाग्यो ॥११॥ सत्य-युगमा चल्ने जस्तो यस्तो अपूर्व र अचिन्तनीय हावा चलेको देख्ता ठाउँ ठाउँबाट आएका त्यहाँका मानिसहरू बडो आश्चर्य्यमा परे ॥१२॥

सबै देवता र चौध भुवनका प्राणी त्यहाँ जम्मा भइसकेको देखेपछि तपस्विनीहरूले लगाउने लुगा पहिरेकी सीता, तल टाउको निहुराएर हात जोरीकन भन्नलागिन् ॥१३॥ मैले मनले समेत रामचन्द्र-बाहेक अरू दोस्रो कसैको चिन्तना गरेको छैन भने विष्णुपत्नी पृथ्वीले मलाई भित्र पस्ने ठाउँ दिऊन् ॥१४॥ मन, वचन, र कर्मले मैले रामचन्द्रको पूजा गरेको भए पृथ्वी देवीले मलाई भित्र पस्ने ठाउँ दिऊन् ॥१५॥ रामको सिवाय अरू दोस्रो पुरुषलाई मैले आफ्नो संझेकी छैन भन्ने मेरो कुरा सांचो हो भने पृथ्वी माताले मलाई भित्र पस्ने ठाउँ गराइदिऊन् ॥१६॥

सीताले यस प्रकारसँग किरिया हालिराखेको बखतमा त्यहाँ एउटा अद्भुत घटना हुन गयो। पृथ्वी चिरिएर त्यहाँ भित्रबाट एउटा दिव्य सिंहासन माथि निस्क्यो ॥१७॥ यस दिव्य सिंहासनलाई बडा बडा पराक्रमी, असल असल रत्नले सिंगारिएका, र दिव्यरूप भएका सर्पहरूले आफ्नो टाउकोमा धारण गरेका थिए ॥१८॥ पृथ्वीदेवीले आफ्ना दुवै हातले सीतालाई समातेर तिमीलाई स्वागत छ भन्दै उनलाई त्यस सिंहासनमा बसालिन् ॥१९॥

सिंहासनमा बसेर सीताले पातालतिर प्रवेश गर्नलाग्दा आकाशबाट निरवच्छिन्न उनीमाथि फूलको

वृष्टि हुनलाग्यो ॥२०॥ देवताहरू पनि धन्य धन्य भनेर सीता देवीको प्रशंसा गर्दै भन्नलागे–हे सीते ! यस्तो उत्तम शील भएकी तिमी धन्य रहिछौ ॥२१॥ सीताको पृथ्वीभित्र प्रवेश भएको देख्ता देवताहरू पनि अन्तरिक्षबाट यही किसिमका अनेक कुरा गर्दै बडो प्रसन्न भए ॥२२॥ यज्ञस्थानमा आइराखेका मुनि तथा राजाहरूको आश्चर्यको बयान गरी साध्य छैन ॥२३॥ आकाश र पृथ्वीका स्थावर जङ्गम सबै किसिमका प्राणी, विशाल शरीर भएका दानव, पातालमा रहने ठूला ठूला नाग यी सबै छक्क परे ॥२४॥ कोही दङ्ग परेर चिच्याउनलागे, कोही ध्यान गर्नपट्टि लागे, कोही रामतिर र कोही सीतातिर हेर्नलागे, कोही कोही ता बेहोश पनि भए ॥२५॥ यिनीहरूको यो सुखमय समागम सीताको पाताल प्रवेश देख्नुपरेकोले दुःखमय हुन गयो, केही बेरसम्म सम्पूर्ण जगत् लट्ठ परेको जस्तो देखियो ॥२६॥

सर्ग—९८

सीताको विरहले व्याकुल रामलाई ब्रह्माजी संझाउनुहुन्छ ।

सीताको पृथ्वीभित्र प्रवेश भएको देखेपछि रामनेर भएका वानरहरू रुनलागे र मुनिहरू धन्य धन्य भनेर उनको प्रशंसा गर्नलागे ॥१॥ यस समयमा दुःखमा परेका रामचन्द्रजी आँखाभरि आँसु गरी, दीक्षाको काठ हातले समाती, बडो व्याकुल भएर, तल टाउको निहुराई उभिइराखेका थिए ॥२॥ यिनले धेरै बेरसम्म रोएर निरवच्छिन्न आँखाबाट आँसुको धारा बगाए र केही बेरपछि क्रोध र शोकले व्याकुल भई भन्नलागे ॥३॥

लक्ष्मीको जस्तो रूप भएकी मेरी सीतालाई आफ्नो नजरको सामुन्ने नष्ट भएको देख्ता अहिलेसम्म भोग्न परेको शोकले मेरो मनलाई पीडा दिइरहेको छ ॥४॥ समुद्र पारि गइसकेकी सीतालाई ता मैले त्यहाँबाट लिएर आएँ भने अब पातालबाट उनलाई ल्याउन मलाइ के गाह्रो पर्ला त ? ॥५॥ हे पृथ्वी देवी ! मलाई चिन्नुभएको छ भने मेरी सीतादेवीलाई फिर्ता गरिदिनुहोस् नत्रभने तपाईंमाथि आफ्नो क्रोध नदेखाइछाड्नेछैन ॥६॥ तपाईं मेरी सासू हुनुहुन्छ किनकि उहिले हलो जोत्ताखेरि राजर्षि जनकले तपाईंको गर्भबाट सीतालाई पाएका हुन् ॥७॥ तसर्थ सीतालाई फिर्ता गरिदिनुहोस् अथवा मलाई समेत भित्र पस्ने ठाउँ दिनुहोस् । सीताको साथमा पातालमा स्वर्गमा जहाँ पनि म बस्न सक्तछु ॥८॥ सीतालाई झट्टै ल्याइहाल, उनको निमित्त म पागल भइरहेको छु, पृथ्वीभित्र पसेकी सीतालाई कदाचित् तिमीले फिर्ता गरिनौ भने वन र पर्वतसहितको समस्त पृथ्वीलाई ध्वस्त पारेर हुनासम्मको दुःख दिनेछु, म यसरी विनाश पार्नेछु कि पृथ्वीमा जततै जलसिवाय अरू केही देखिने छैन ॥९-१०॥

क्रोध र शोकले आकुल व्याकुल परेर रामचन्द्रले यसो भनेको सुन्दा देवताहरूको साथमा ब्रह्माजी त्यहाँ आएर उहाँलाई भन्नलाग्नुभयो ॥११॥ हे राम ! तपाईंले यसरी ताप लिन हुँदैन, हे शत्रुतापी ! उहिले देवताहरूको साथमा आफूले गरेको निर्णय संझनुहोस् ॥१२॥ हे महाबाहो ! तपाईंलाई स्मरण

गराउन म आएको होइन । आफ्नो वैष्णव भावलाई यस बखतमा ध्यान गर्नुहोस् भन्ने मेरो प्रार्थना छ, अर्थात् रावणको वधका लागि तपाईंले मानिसको जन्म लिएको हो, काम खतम भइसकेकोले अब यहाँबाट हिंड्नुभए पनि हुन्छ ॥१३॥ सीता ता जन्मैदेखि शुद्ध र पतिव्रता छिन्, पूर्वजन्मदेखि नै तपाईंकी अनुरागिणी भएर रहेकी छन् । तपाईंको आश्रय तथा आफ्नो तपोबलले गर्दा अहिले सुखसंग नागलोकमा पुगिराखेकी छन् । अबलाई निस्सन्देह स्वर्गमा तपाईंको उनीसित भेट हुनेछ । यस सभामा अहिले भन्नलागेको कुरा ध्यान दिएर सुन्नुहोस् ॥१४–१५॥ काव्यहरूमध्येको श्रेष्ठ यो काव्यमा, जो यहाँले भर्खर सुन्नुभयो तपाईंको जन्मदेखिको सुख दुःखको वृत्तान्त विस्तारपूर्वक वर्णन गरिएको छ । भविष्यमा जति कुरा हुन बाँकी छ त्यसको समेत यसमा वर्णन रहनेछ । उत्तरकाण्डलगायत यो समस्त काव्यको निर्माण वाल्मीकिद्वारा भएको हो ॥१६–१७॥ हे राम ! यो आदि काव्य हो, यसमा तपाईंको समस्त जीवनचरित्र वर्णन गरिएको छ । तपाईंसिवाय अरू कसैले यस काव्यको यश पाउन सक्तैन ॥१८॥ तपाईंले र देवताहरूको साथमा मैले यो दिव्य, अद्भुत र साँचो कुरा स्पष्टसंग लेखिएको काव्य अहिले भर्खर सुनिहाल्यौं ॥१९॥ हे पुरुषसिंह ! अब धर्मपूर्वक सावधान भईकन यस रामायणको शेष भाग सुन्नुहोस् , यसमा तपाईंको भविष्य चरित वर्णन गरिएको छ ॥२०॥ यस काव्यको उत्तरकाण्ड अझ बाँकी नै छ । हे महातेजस्वी ! हे महायशस्वी ! ऋषिहरूलाई साथमा राखेर यो पनि सुनिहाल्नुहोस् ॥२१॥ यो शेषकाण्ड सुन्नाको भरतादि कसैलाई पनि प्रयोजन छैन, हे वीर रघुनन्दन ! ब्रह्मलोकनिवासी ऋषिहरूलाई साथमा राखेर तपाईं मात्र सुन्नुहोस् ॥२२॥ रामचन्द्र-लाई यति कुरा भनिसकेपछि त्रिभुवनका मालिक ब्रह्मा आफ्ना बन्धुवर्ग अर्थात् देवतालाई लिएर स्वर्ग-लोकतिर लाग्नुभयो ॥२३॥ ब्रह्मलोकबाट आएका महात्मा ऋषिहरू ब्रह्मासंग जानलागिसकेका थिए तर रामचन्द्रको भविष्य चरित्र सुन्ने इच्छा भएकोले ब्रह्माको आज्ञा लिएर फेरि फर्केर आए । देवव्रत ब्रह्माका यी मीठा वचन सुनेपछि रामचन्द्रजी वाल्मीकि ऋषिलाई भन्नलाग्नुभयो—हे भगवन् ! यी ब्रह्मलोकनिवासी ऋषिहरू मेरो भविष्य चरित्र वर्णन गरिएको उत्तरकाण्ड सुन्न चाहन्छन् , अतः भोलि बिहानदेखि यसको पारायण हुन थालोस् । यस्तो निश्चय गरी रामचन्द्रजीले सबैलाई बिदा दिनुभयो र कुश लवलाई संग लिएर वाल्मीकिको पर्णशालामा आउनुभयो । सीताको ध्यान गर्दा गर्दैमा रात पनि बितिहाल्यो ॥२४–२८॥

सर्ग—९९

रामका महतारीहरूको परलोक-गमन ।

रात बितेर बिहान भएपछि रामचन्द्रले सबै मुनिहरूलाई जम्मा गरेर आफ्ना छोराहरूलाई निःशङ्क भईकन गाउने अज्ञा दिनुभयो ॥१॥ महात्मा महर्षिहरू आफ्नो आफ्नो ठाउँमा बसिसकेपछि कुश लव दुवै रामचन्द्रको भविष्य जीवनचरित्र भएको उत्तरकाण्ड गाउनलागे ॥२॥ सत्य र पातिव्रत्य

धर्मको बलले सीताले पातालमा प्रवेश गरेपछि यज्ञको समाप्ति हुने वेलामा रामचन्द्र बहुतै खिन्न हुनुभयो ॥३॥ सीता नरहनाले सारा संसार उहांको दृष्टिमा शून्य भइहाल्यो, शोकले यसरी व्याकुल पर्नुभयो कि कसै गरे पनि उहाँको मनमा शान्ति आउनै सकेन ॥४॥ राजा, वानर, भालू, राक्षसी यी सबैलाई तथा धन दिएर ब्राह्मणहरूलाई समेत बिदा गरिदिनुभयो ॥५॥ राजीवलोचन रामचन्द्रजीले यी सबैलाई बिदा गरिसकेपछि, मनमा सीताको ध्यान गर्दै, अयोध्यामा प्रवेश गर्नुभयो ॥६॥ उहांले सीताबाहेक अरू कसैसंग विवाह गर्नुभएन। उहांको हातबाट जति यज्ञ भए ती सबैमा सुनको सीताको मूर्ति बनाएर राखेको हुन्थ्यो ॥७॥ वर्षको एक एकओटा गरेर उहाँले दश हजार वर्षमा दश हजार अश्वमेध यज्ञ गर्नुभयो र अश्वमेधभन्दा दश दोबर बर्ता फल दिने, धेरै धेरै सुन खर्च हुने वाजपेय यज्ञ पनि गर्नुभयो ॥८॥ यी बाहेक अग्निष्टोम, अतिरात्र, गोसव आदि गरिएका अनेक यज्ञ उहाँका हातबाट भए। यी सबै यज्ञमा पूरा पूरा दक्षिणा बांडिएको थियो ॥९॥

यी धर्मकर्म तथा राज्यको शासन गर्दा गर्दैमा महाराज रामचन्द्रको धेरै समय बितेर गयो ॥१०॥ भालू, बानर र राक्षसहरू रामचन्द्रको आज्ञा पालन गर्नामा लागेका थिए। देशदेशान्तरका राजाहरू दिन प्रतिदिन रामचन्द्रमाथिको आफ्नो अनुराग बढाउँथे ॥११॥ वेला वेलामा पानी पर्दथ्यो, सदा सहकाल हुन्थ्यो, सदा सर्वदा दिशा निर्मल रहन्थे, शहर देशका सबै मानिस हृष्ट पुष्ट देखिन्थे ॥१२॥ अकालमा कसैले मर्नु पर्दैनथ्यो, रोग भनेको कसैलाई लाग्दै लाग्दैनथ्यो, रामचन्द्रको शासनकालमा राज्यमा कतै अनर्थ होला भन्नुपर्दैनथ्यो ॥१३॥ धेरै काल बितेपछि रामचन्द्रकी यशस्विनी माता कौशल्याको, छोरा नातिको आनन्द हेर्द, मृत्यु भयो ॥१४॥ सुमित्रा र यशस्विनी कैकेयी पनि कौशल्या गएको बाटो गए अर्थात् स्वर्गवासी भए, अनेक धर्मकर्म गरेकोले यिनीहरूले स्वर्गमा बस्न पाए ॥१५॥ यी सबै महारानीहरू स्वर्गमा प्रसन्नतापूर्वक राजा दशरथसंग रहनलागे, यस प्रकारसंग यिनीहरूले आफ्नो आफ्नो धर्मकर्मको फल पाए ॥१६॥ यी माताहरूको नाममा रामचन्द्रजी कुनै प्रकारको भेद नगरी वेला वेलामा ब्राह्मण तथा तपस्वीहरूलाई ठूलो ठूलो दान दिन्थे ॥१७॥ धर्मात्मा रामचन्द्रजी पितृ र देवताहरूको प्रसन्नताका लागि तथा आफ्नो पिताका वृद्धिका निमित्त श्राद्धमा अनेक रत्न दान गर्दथे र समय समयमा ठूला ठूला यज्ञ गर्दथे ॥१८॥ यस प्रकारसंग नाना किसिमका यज्ञद्वारा धर्मको वृद्धि गर्दै रामचन्द्रले कई हजार वर्ष सुखसँग बिताए ॥१९॥

सर्ग—१००

भरत गन्धर्व देशमा जान्छन्।

केही कालपछि केकयदेशका राजा युधाजित्‌ले महात्मा रामचन्द्रकहाँ आफ्ना गुरुलाई पठाए ॥१॥ यी गुरुको नाम गार्ग्य थियो। अङ्गिराका छोरा यी गार्ग्य महाज्ञानी ब्रह्मर्षि थिए। युधाजित्‌ले रामचन्द्रकहाँ असल असल जातका दश हजार घोडा, कम्बल, किसिम किसिमका वस्त्र, उत्तम उत्तम रत्न, र

राम्रा राम्रा गहना कोसेली जस्तो गरेर पठाएका थिए ॥२–३॥ गार्ग्य महर्षि अनेक चीज-बीज लिएर मामा अश्वपतिको घरबाट आइरहेका छन् भन्ने सुन्नासाथ बुद्धिमान् रामचन्द्रजीले, आफ्ना भाइहरूलाई साथमा लिई, एक कोस जति टाढा गएर, इन्द्रले बृहस्पतिको पूजा गरेझैं, उहाँको आदर सत्कार गर्नुभयो ॥४–५॥ विधिपूर्वकसंग महर्षिको पूजा गरिसकेपछि तथा मामाले पठाएका चीज-बीज ग्रहण गरिसकेपछि रामचन्द्रले एक एक गरेर मामाकहाँका सबैको हाल खबर सोध्नुभयो ॥६॥ महर्षिलाई घरभित्र ल्याएर बसालिसकेपछि रामचन्द्र सोध्नलाग्नुभयो—मामाले के भनिपठाउनुभएको छ ? के कारणले यहाँले पाउकष्ट गर्नुभएको हो ? कुरा गर्नामा सिपालु भएका, साक्षात् बृहस्पतिसमानका यी महर्षि रामचन्द्रका प्रश्न सुनेपछि, अद्भुत ढंगले सबै कुरा विस्तारपूर्वक भन्नलागे––हे नरश्रेष्ठ ! हे महाबाहो ! मामाले भनिपठाएको खबर शायद तपाईंलाई निको लाग्नेछ, प्रेमसंग सुन्नुहोस्–– सिन्धु नदीको दुवै तीरमा गन्धर्वहरूको बडो रमणीय देश छ । यहाँ असल असल फलमूल सदा भरिपूर्ण भइरहन्छन् । युद्ध-विद्यामा सिपालु भएका गन्धर्वहरू हात हातमा हतियार लिएर यसको रक्षा गरिरहन्छन् ॥७–११॥ गन्धर्वराज शैलूषका तीन करोड महाबली छोराहरूलाई जितेर तपाईंले यो गन्धर्व देश आफ्नो राज्यमा मिलाए बेश हुने थियो भन्ने मेरो मनमा लागेको छ । यो देश बडो राम्रो छ, तपाईंसिवाय अरू कसैमा यसलाई जित्ने शक्ति छैन, तसर्थ मैले भनेको यो कुरा स्वीकार गर्नुहोस्, कुभलो हुने कुरा ता मैले भनेको होइन ॥१२–१३॥

महर्षि तथा मामाको कुरा सुन्दा रामचन्द्रजी बडो प्रसन्न हुनुभयो र हुन्छ भनेर भरततिर हेर्न लाग्नुभयो ॥१४॥ रामचन्द्रजी हात जोरेर प्रसन्नतापूर्वक महर्षिलाई भन्नलाग्नुभयो—हे महर्षे ! तक्ष र पुष्कल नाम गरेका भरतका यी दुइ महाबली छोरा आफ्नो धर्ममा सावधान भईकन त्यहाँ जानेछन् र मामाद्वारा रक्षित भएर त्यहाँको राज्य गर्नेछन् ॥१५–१६॥ भरत यी कुमारहरूको साथमा धेरै फौज लिएर जानेछन् र गन्धर्वका छोराहरूलाई मारेर त्यहाँ दुइ शहर बसाउनेछन् । दुवै शहर बसाएर त्यहाँको राज्य आफ्ना दुई छोराको जिम्मामा सुम्पी धर्मात्मा भरत फेरि मकहाँ फर्केर आउनेछन् ॥१७–१८॥

ब्रह्मर्षिलाई यति निवेदन गरिसकेपछि रामचन्द्रले भरतलाई फौज लिएर त्यहाँ जाने आज्ञा दिनुभयो र तत्खिरै दुवै कुमारको अभिषेक पनि गरिदिनुभयो ॥१९॥ असल नक्षत्रमा अङ्गिराका छोरा गार्ग्य ऋषिलाई अघि लगाएर, दुवै छोरालाई साथमा लिई, भरतले सेनासहित प्रस्थान गरे ॥२०॥

इन्द्रसहितको सेनासमानको यो सेना अयोध्याबाट हिंड्यो, देवताहरूले समेत यसलाई हराउन सक्तैनथे । रामचन्द्रजी कोही टाढासम्म यिनीहरूलाई पुऱ्याउन जानुभयो ॥२१॥ मांसभक्षी प्राणी तथा ठूला ठूला राक्षससमेत रगत पिउनाका लागि भरतको पछिपछि लागे ॥२२॥ मासु खाने हजारौं भूतहरूको बथान गन्धर्वका छोराहरूको मासु खाने इच्छाले पछिपछि जानलागे ॥२३॥ सिंह, बाघ, बनेल तथा आकाशचारी हजारौं पक्षी फौजको अघिअघि जानलागे ॥२४॥ डेढ महीना जति

बाटा-बाटामा बास बसेर यो फौज केकय देशमा पुग्यो, बाटोमा कोही बिरामी भएन, सबै हृष्ट पुष्ट थिए ॥२५॥

सर्ग—१०१

भरत गन्धर्वहरूलाई मारेर छोराहरूलाई राज्य सुम्पी फर्केर आउँछन् ।

गर्गको साथमा भरत सेनापति भएर आइरहेका छन् भन्ने खबर पाएपछि केकयदेशका राजा युधाजित् बडो प्रसन्न भए ॥१॥ केकयराज बडे विशाल फौज लिएर राजधानीबाट निस्के र भरतसित भेट घाट गरिसकेपछि तुरुन्तै गन्धर्वहरूको देशमा हमला गरिहाले ॥२॥ फूर्तिसाथ युद्ध गर्ने योद्धाहरूलाई साथमा लिई युधाजित् र भरत आफ्नो आफ्नो फौज तथा वाहन संगमा लिएर गन्धर्व देशमा पुगिहाले ॥३॥ भरत युद्ध गर्न आएका छन् भन्ने सुन्नेबित्तिकै पराक्रमी गन्धर्वहरू पनि युद्ध गर्ने इच्छा भएकोले सिंहनाद गर्दै बाहिर मैदानमा आए ॥४॥ सात रात सात दिनसम्म यी गन्धर्वहरूको साथमा रोमाञ्च गराउने बडो भयङ्कर युद्ध भइरह्यो तर कुनै पक्षको पनि विजय भएन ॥५॥ चारैतिर जताततै रगतको खोलो बग्नलाग्यो । मानिसका लाश यी खोलाहरूमा बगिराखेका देखिन्थे, तरवार, धनु र शक्ति ग्राह जस्तै भान हुन्थे ॥६॥ यसपछि रामका भाइ भरतले रिस थाम्न नसकेर संवर्त्त नाम गरेको भयङ्कर कालास्त्र गन्धर्वहरूमाथि चलाए ॥७॥ यसको प्रयोग हुनासाथ गन्धर्वहरू कालपाशमा बाँधिन गए र संवर्त्त अस्त्रद्वारा विदीर्ण भएर धमाधम मर्नलागे । यस प्रकारसँग महात्मा भरतले एक छिनमा तीन करोड गन्धर्वहरूलाई मारिदिए ॥८॥ यहाँ यस्तो भयङ्कर युद्ध भयो कि देवताहरूलाई समेत पहिले कहिले यस्तो युद्ध भएको संझना भएन । यस्ता वीर गन्धर्वहरूलाई एक छिनमा मारेर कैकेयीका छोरा भरतले त्यहाँ दुइ समृद्धिशाली ठूला ठूला शहर बसाए ॥९-१०॥ गन्धर्व देशमा तक्षशिला नाम गरेको शहर बसाएर तक्षलाई त्यहाँको राजा बनाइदिए र रमणीय गान्धार देशमा पुष्कलावती नामको शहर खडा गरेर त्यहाँको राज्य पुष्कललाई दिए ॥११॥ यी दुवै शहर धन धान्यले भरिपूर्ण थिए, वन उपवनले गर्दा यिनका शोभा बढिराखेको थियो, गुणमा कुनै, कुनै भन्दा कम थिएन, होड थापेर यिनीहरू आफ्नो गुण बढाउन लागेका हुन् कि जस्तो देखिन्थ्यो ॥१२॥ दुवै शहर राम्रा थिए, दुवैका बासिन्दाको व्यवहार शुद्ध थियो, दुवैमा वन, सवारी, सडक, बजार प्रशस्त थिए ॥१३॥ यी दुवै शहर राम्रा, रमाइला तथा ठूला थिए, यहाँ राम्रा राम्रा महल र सात तले घरसमेत अनेक थिए ॥१४॥ यहाँ ठूला ठूला देव मन्दिर थिए, ताल, तमाल, तिलक र वकुल आदि गरिएका वृक्षहरूले गर्दा यिनीहरूको शोभा दोब्बर भइराखेको थियो ॥१५॥

पाँच वर्षसम्म त्यहाँ बसेर राज्य राम्रोसँग जमिसकेपछि कैकेयीका छोरा महाबाहु भरत फेरि अयोध्यामा रामचन्द्रकहाँ फर्केर आए ॥१६॥ जसरी इन्द्रले ब्रह्माजीलाई प्रणाम गर्दछन् त्यसै गरी भरतले साक्षात् धर्मरूपी श्रीमान् महात्मा रामचन्द्रलाई प्रणाम गरेर ॥१७॥ गन्धर्वहरू मारिएको तथा

उहाँ राज्य स्थापना भएको जम्मै कुरा यिनले बयान गरेर सुनाए। यो बयान सुन्दा रामचन्द्र बडो प्रसन्न हुनुभयो ॥१८॥

सर्ग—१०२

लक्ष्मणका दुइ छोराहरूको निमित्त दुइ राज्यको प्रबन्ध।

भरतका यी कुरा सुनेपछि रामचन्द्र तथा उहाँका अरू भाइहरू बडो खुशी भए र केही बेरपछि रामचन्द्र फेरि भाइहरूलाई भन्नलाग्नुभयो ॥१॥ हे लक्ष्मण! तिम्रा अंगद र चन्द्रकेतु यी दुइ छोरा धर्मात्मा छन् र आफ्नो पराक्रमले राज्य चलाउने भइसकेका छन् ॥२॥ म यी दुवैको राज्याभिषेक गर्न चाहन्छु तसर्थ कुनै रमणीय देश खोज जहाँ कि यी धनुर्धारीहरू आनन्दसंग बस्न पाऊन् ॥३॥ यो देश यस्तो हुनुपर्दछ कि त्यहाँ बस्ताखेरि कुनै राजालाई दुःख नहोस्, कुनै आश्रमवासीलाई पीरपिराउ नपरोस् र कसैमाथि अपराध पनि गर्न नपरोस् ॥४॥ रामको यो कुरा सुनेपछि भरतले जवाफ दिए— कारूपथ नाम गरेको देश बडो रमणीय र नीरोग छ। यहाँको राज्य महात्मा अंगदलाई दिनुहोस् र चन्द्रकान्त नामको रमणीय तथा नीरोग शहरलाई चन्द्रकेतुको राजधानी बनाइदिनुहोस् ॥५-६॥

रामचन्द्रले भरतले भनेको यो कुरा मन्जूर गरी सो देशलाई आफ्नो अधीनमा गराई अंगदलाई त्यहाँको राजा बनाइदिनुभयो ॥७॥ पुण्यात्मा रामचन्द्रले अङ्गदको निम्ति अङ्गदीया नाम गरेको एउटा रमणीय र सब तरहबाट सुरक्षित भएको शहर खडा गर्नुभयो ॥८॥ मल्ल देशमा स्वर्गपुरीसमानको चन्द्रकान्ता नामको नगर बसाएर महाविक्रमी चन्द्रकेतुलाई त्यहाँको राजा बनाइदिनुभयो ॥९॥ युद्धमा कहिले पनि नहार्ने राम, भरत, लक्ष्मण यो प्रबन्ध गरेपछि बडो प्रसन्न भए र लक्ष्मणका दुवै छोराको अभिषेक गरेर सावधानीसाथ अंगदलाई पश्चिम देशको शहरमा र चन्द्रकेतुलाई उत्तरतिरको देशमा पठाइदिए॥१०-११॥ सहायताका लागि अङ्गदको साथमा लक्ष्मण र चन्द्रकेतुको साथमा भरत गए ॥१२॥

लक्ष्मण अङ्गदीया शहरमा एक वर्षसम्म बसे र आफ्नो अजेय छोरा राज्यमा बलियोसंग जमिसकेपछि अयोध्या फर्केर आए ॥१३॥ भरत पनि यसै गरी एक वर्षभन्दा अलि बर्ता बसेर फेरि अयोध्यामा फर्केर आई रामचन्द्रका चरणको सेवा गर्नलागे ॥१४॥ लक्ष्मण र भरत यी दुवै रामचन्द्रको सेवामा तत्पर रहन्थे अतएव स्नेहले गर्दा यी दुवै धर्मात्मालाई आफ्नो समय बितेको पत्तै हुँदैनथ्यो ॥१५॥ यस प्रकारसंग धर्मपूर्वक सदा प्रजाहरूको पालना गर्दा गर्दैमा यिनीहरूको दशहजार वर्ष बित्यो ॥१६॥ यी तीनै भाइ अयोध्यामा बस्तथे, यी सबैको अभिलाषा पूर्ण भइसकेको थियो, सन्तुष्ट चित्तले यिनीहरूको धेरै काल बित्यो। आहुति पाउनाले जसरी यज्ञका तीनै थरी आगो प्रज्वलित भएका देखिन्छन् त्यसै गरी यी तीनै भाइ पनि आफ्नो प्रकाशले शोभित भइराखेका थिए ॥१७॥

सर्ग—१०३

मुनिको वेषमा काल रामचन्द्रकहाँ आउँछ ।

धर्मपूर्वक राज्य गर्दा गर्दैमा रामचन्द्रका अरू केही दिन बितेपछि एक दिन तपस्वीको रूप लिएर काल राजमहलको ढोकामा उपस्थित भयो ॥१॥ उसले भन्यो—म तेजस्वी महर्षि अतिबलको दूत हुं, कार्यवश रामचन्द्रलाई भेट्न आइराखेको छु ॥२॥ यसको कुरा सुन्नासाथ लक्ष्मणले झटपट गएर रामचन्द्रलाई तपस्वी आएको खबर यस प्रकारसंग सुनाए ॥३॥ हे महाद्युते ! राजधर्मले तपाईंको दुवै लोकमा जित होस्, सूर्यसमानको तेज भएका कुनै एक तपस्वी दूत भएर तपाईंलाई भेट्न आइराखेका छन् ॥४॥ लक्ष्मणको मुखबाट यो कुरा सुन्नेबित्तिकै रामचन्द्रले खबर लिएर आएका ती मुनिलाई झट्टै भित्र लिएर आउनू भन्ने आज्ञा दिए ॥५॥ रामचन्द्रको आज्ञा शिरोपर गरी, आफ्नो तेजले प्रकाशमान भइरहेका, किरणले सबैलाई भस्म पार्ने हुन् कि जस्ता देखिएका ती मुनिलाई लक्ष्मणले राम भएको ठाउँमा लिएर आए ॥६॥ आफ्नो तेजले जाज्वल्यमान भइराखेका यी दूत रामनेर आए र मीठो स्वरले तपाईंको वृद्धि होस् भनेर उहाँलाई सुनाए ॥७॥ तेजस्वी राम, अर्घ्य, पाद्य, आसन दिएर मुनिको सत्कार गरेपछि, निश्चिन्त भएर उनीसँग क्षेम कुशलको हाल खबर सोध्नलाग्नुभयो ॥८॥ महायशस्वी मुनि सुनको सिंहासनमा बसे र कुरा गर्नामा सिपालु भएका राम उनीसँग कुशल प्रश्न गर्न थाल्नुभयो ॥९॥ रामले भन्नुभयो—हे महर्षि ! तपाईंलाई स्वागत छ, जसको दूत बनेर तपाईं आउनुभएको छ उनले पठाएको खबर सुनाउनुहोस् ॥१०॥

रामको यो कुरा सुनेपछि मुनि भन्नलागे—तपाईंको, हाम्रो भलो होस् भन्ने विचार छ भने तपाईं र म दुइ जना मात्र भएको एकान्त ठाउँमा मलाई कुरा गर्न दिनुहोस् ॥११॥ यदि तपाईं ऋषिको आज्ञा मान्नुहुन्छ भने हामी दुइले कुरा गरेको कसैले देख्यो वा सुन्यो भने त्यसलाई मारिदिनेछु भनी प्रतिज्ञा गर्नुहोस् ॥१२॥ रामचन्द्रले मुनिको कुरा मञ्जूर गरी लक्ष्मणलाई ढोकेलाई बिदा गरेर आफूले ढोकामा बसिराख्नू भन्ने आज्ञा दिनुभयो ॥१३॥ हे लक्ष्मण ! यी मुनि र म-हामी दुइमा भएको कुरा जसले सुन्न अथवा हामीलाई हेर्न खोज्नेछ त्यसलाई म मारिदिनेछु ॥१४॥

यस प्रकारसँग लक्ष्मणलाई ढोकामा बस्न खटाइसकेपछि रामचन्द्रले मुनिलाई अब आफ्नो कुरा भन्न थाल्नुहोस् भनी निवेदन गर्नुभयो ॥१५॥ तपाईंलाई जे कुरा भन्नु छ अथवा जसले तपाईंलाई पठाएका छन् उनको मनको कुरा निःशङ्क भएर भन्नुहोस्, म सुन्न चाहन्छु ॥१६॥

सर्ग—१०४

तपस्वीको रूपमा आएको कालले ब्रह्माले भनिपठाएको खबर सुनाउँछ ।

हे महापराक्रमी महाबल ! म आउनाको कारण सुन्नुहोस् । हे महाबल, मलाई पितामह ब्रह्माजीले तपाईंकहाँ पठाएको हो ॥१॥ म पूर्वजन्मको तपाईंको छोरो हुँ, हे शत्रुतापी ! मायाद्वारा मेरो उत्पत्ति

भएको हो, मेरो नाम काल हो, समस्त संसारको संहार पार्ने मेरो काम छ ॥२॥ लोकपितामह ब्रह्माले तपाईंलाई भनिपठाउनुभएको छ, हे सौम्य ! लोकरक्षाको निम्ति तपाईंले जति दिन मर्त्यलोकमा वास गर्ने इच्छा गर्नुभएथ्यो सो समय पुगिसक्यो ॥३॥ सृष्टि हुनुभन्दा अगाडि समस्त लोकलाई संक्षिप्त रूपमा मायाद्वारा आफ्नो उदरभित्र हाली महासमुद्रको जलमा सुत्नुभएथ्यो, त्यही वेलामा तपाईंको नाभिबाट निस्केको कमलबाट मेरो उत्पत्ति भएको हो ॥४॥ यस वेलामा तपाईं अनन्त नाम गरेको शेषनागमाथि सुत्नुभएको थियो । यसपछि पृथ्वीको सृष्टि गर्ने इच्छाले तपाईंले मायाद्वारा मधु र कैटभ नाम गरेका दोटा महाबली प्राणीलाई उत्पन्न गर्नुभयो । यिनैको हाडको थुप्रोबाट यो पर्वतसहितको पृथ्वी बनेको हो ॥५-६॥ यसपछि तपाईंले आफ्नो नाभिबाट सूर्यसमानको प्रकाश भएको कमल र त्यस कमलबाट मलाई उत्पन्न गर्नुभयो । सृष्टिको रचना गर्ने जम्मै काम पनि मेरो जिम्मामा सुम्पिदिनुभयो ॥७॥ सृष्टिको रचना गर्ने भार लिएपछि मैले यसको रक्षाको भार ता तपाईंले नै लिनुपर्दछ, कारण मलाई यो सामर्थ्य दिने तपाईं नै हुनुहुन्छ, भनेर प्रार्थना गरें ॥८॥ त्यस वेलामा तपाईंले आफ्नो सनातन र दुर्धर्ष भावलाई छाडेर जगत्को रक्षाका लागि विष्णुरूप धारण गर्नुभयो ॥९॥ आफ्ना भाइहरूलाई पराक्रमी बनाउनाको निम्ति अदितिको गर्भबाट वीर्यवान् पुत्रको रूपमा प्रकट हुनुभयो र आवश्यकता परेमा उनीहरूको सहायता गर्दै रहनुभएको छ ॥१०॥ समस्त प्रजाको विनाश हुन लागेको वेलामा रावणको वध गर्नाका लागि मनुष्यरूपमा उत्पन्न हुने इच्छा गर्नुभयो ॥११॥ त्यस वेलामा तपाईंले स्वयं एघार हजार वर्षसम्म मनुष्य लोकमा रहने निर्णय गर्नुभएथ्यो ॥१२॥ राजा दशरथकहाँ तपाईं आफ्नै इच्छाले उत्पन्न हुनुभएको हो, अब तपाईंले निर्णय गरेको एघार हजार वर्ष बित्नामा थोरै नै दिन बाँकी छ, यही कुरा संझाउन भनी म काल ब्रह्माको आज्ञाले तपाईंकहाँ आएको हुँ ॥१३॥ हे वीर ! ब्रह्माले भन्नुभएको छ, अरू केही दिनसम्म प्रजाको पालन गरेर बस्ने इच्छा छ भने बेश कुरा हो, बस्नुहोस् ॥१४॥ हे राघव ! देवलोकको शासन गर्ने इच्छा छ भने त्यो पनि बेशै कुरा हो । विष्णुरूपधारी तपाईंको शासनमा बस्न पाउनाले देवलोक कृतार्थ र तापरहित भइहाल्नेछ ॥१५॥

कालको मुखबाट ब्रह्माले भनिपठाएको कुरा सुनेपछि रामचन्द्रजी हाँसी हाँसीकन सर्वसंहारी काललाई भन्नलाग्नुभयो ॥१६॥ देवदेव ब्रह्माको अद्भुत कुरा सुन्न पाएको तथा यहाँ आएकोले मलाई बडो खुशी लागिराखेको छ ॥१७॥ तीनै लोकको रक्षाका लागि मेरो उत्पत्ति भएको हो, तिम्रो कल्याण होस्, भइगयो, अबलाई जहाँबाट आएथें उहीं जान्छु ॥१८॥ तिमी कहिले आउने हौ भनेर पर्खिरहेको वेलामा आयौ, मेरो यहाँबाट प्रस्थान गर्ने विषयमा केही विचारै गर्नुपर्दैन । म देवताहरूको अधीनमा छु, उहाँहरूले जे भन्नुहुन्छ सो मैले गर्नै पर्दछ, तसर्थ ब्रह्माले भनेको कुरा अब चाँडै नै हुनेछ ॥१९॥

सर्ग—१०५

दुर्वासा ऋषि आउँछन् र लक्ष्मण आज्ञाविरुद्ध खबर दिन भित्र जान्छन् ।

रामचन्द्र र कालको कुरा चलिरहेको बखतमा भगवान् दुर्वासा ऋषि रामलाई भेट्न भनी दरबारको ढोकामा आए ॥१॥ ऋषिश्रेष्ठ, लक्ष्मणकहाँ आएर भन्नलागे—झट्टै रामसंग भेट गराइदेऊ, मेरो जरूरी काम बिग्रन लागिराखेको छ ॥२॥ शत्रुघाती लक्ष्मण मुनिको यो कुरा सुन्दा ती महात्मालाई प्रणाम गरेर भन्नलागे ॥३॥ हे भगवन् ! भन्नुहोस्, तपाईंको के काम छ ? मैले कसको आज्ञा पालन गर्ने हो ? रामचन्द्र कुनै एक काममा लाग्नुभएको छ, तसर्थ एकै छिन पर्खनुहोस् ॥४॥ यो सुन्नासाथ ऋषि रिसले जाज्वल्यमान भइहाले र आफ्नो नेत्रको तेजले भस्म गर्ने हो कि जस्तो गरेर लक्ष्मणलाई भन्नलागे ॥५॥ अहिले नै मलाई रामकहाँ लिएर हिंड नत्रभने तिमीलाई, तिम्रो देश र राज्यलाई तथा रामलाई समेत श्राप दिन्छु ॥६॥ भरतलाई र तिम्रो सन्तानलाई पनि श्राप दिनेछु । हे लक्ष्मण ! अबलाई म आफ्नो रिस मनभित्र थामेर राख्न सक्तिन ॥७॥ महात्माका यस्ता क्रूर वचन सुनेपछि लक्ष्मण यस विषयमा आफ्नो कर्तव्य विचार गर्नलागे ॥८॥ केवल म एउटाको मृत्यु होस्, सबैको नाश हुनु ठीक छैन, यस्तो विचार गरेर लक्ष्मण रामचन्द्रलाई मुनि आएको खबर दिन गए ॥९॥ लक्ष्मणको कुरा सुन्नासाथ रामचन्द्रले काललाई बिदा गरेर झटपट बाहिर निस्की अत्रिपुत्र दुर्वासासंग भेट गर्नुभयो ॥१०॥

आफ्नो तेजले प्रकाशमान भइराखेका महात्मालाई प्रणाम गरी रामचन्द्रले हात जोरेर भन्नुभयो- आज्ञा होस्, मैले के गर्नुपर्‍यो ॥११॥ रामचन्द्रको यो वचन सुनेपछि मुनिश्रेष्ठ दुर्वासाले भने—हे धर्मज्ञ ! सुन्नुहोस्, मैले हजार वर्षसम्म भोजन नगर्ने जो व्रत लिएथें सो आज पूरा भयो, तसर्थ हे अनघ ! तपाईंकहाँ अहिले जे छ सो मलाई खान दिनुहोस् ॥१२-१३॥ मुनिको कुरा सुन्दा रामचन्द्र खुशी हुनुभयो र आफूकहाँ तैयार भइराखेको भोजन ल्याएर उनलाई खुवाउनुभयो ॥१४॥ अमृतसमानको स्वादिलो अन्न खाइसकेपछि मुनि रामलाई धन्यवाद दिएर आफ्नो आश्रमतिर लागे ॥१५॥

मुनि गएपछि रामचन्द्रलाई कालसित आफूले गरेको प्रतिज्ञाको संझना भयो । कालले भनेको भयङ्कर वचन संझदा रामचन्द्र दुःखले आकुल व्याकुल पर्नुभयो ॥१६॥ तल टाउको निहुराएर मनमा खिन्न भई उहाँले केही बोल्न सक्नुभएन र केही बेरपछि कालको कुरा संझेर अब मेरा नोकर चाकर कुल-कुटुम्बी सबैको नाश हुने वेला आएछ भन्ने कुरा मनमा निर्णय गरी यशस्वी रामचन्द्रजी मौन हुनुभयो ॥१७॥

सर्ग—१०६

लक्ष्मण सरयूको तीरमा गएर सशरीर वैकुण्ठतिर लाग्दछन् ।

टाउको निहुराएर दुःखमा परेका रामचन्द्रले राहुले ग्रसेको चन्द्रमाको जस्तो मुख लगाई बसेको

देख्ता लक्ष्मण दङ्ग परेर मधुरो स्वर गरी भन्नलागे ॥१॥ हे महाबाहो ! मेरा लागि तपाईंले ताप गर्नु पर्दैन, पूर्वजन्मका कर्मअनुसार यी कुरा पहिलेदेखि नै निश्चित भइसकेका हुन्, कालको गति नै यस किसिमको हुन्छ ॥२॥ हे राघव ! निर्भयसंग मेरो वध गरेर आफ्नो प्रतिज्ञा पूरा गर्नुहोस्, कारण आफूले गरेको प्रतिज्ञा पूरा नगर्ने मानिसले नरक जानुपर्दछ ॥३॥ ममाथि तपाईंको स्नेह अथवा कृपा छ भने हे राम ! निर्धक्कसँग मेरो वध गरेर आफ्नो धर्मको रक्षा गर्नुहोस् ॥४॥ लक्ष्मणका यी कुरा सुन्दा रामचन्द्र हडबडाउनुभयो र उहाँले झट्टै मंत्री र पुरोहितहरूलाई बोलाउनुभयो ॥५॥ यी सबैलाई रामचन्द्रले दुर्वासा आएको तथा आफूले तपस्वीसित प्रतिज्ञा गरेको जम्मै कुरा बयान गरेर सुनाउनुभयो ॥६॥ रघुनाथको यो कुरा सुन्दा मंत्री र पुरोहित सब चूपचाप लागे, केवल तेजस्वी वशिष्ठ भन्नलागे ॥७॥ हे राम ! रोमाञ्च गराउने तपाईंको यो विनाश र लक्ष्मणसंगको बिछोडको कुरा मैले पहिले नै आफ्नो योगबलद्वारा जानिसकेको हुँ ॥८॥ हे राजन् ! काल बडो बलवान् छ, प्रतिज्ञा भङ्ग गर्नपट्टि नलाग्नुहोस्, लक्ष्मणलाई त्यागिदिनुहोस्, प्रतिज्ञा नष्ट भएपछि धर्म पनि लोप भएर जान्छ ॥९॥ धर्मको विनाश भएपछि तीनै लोकका चर, अचर, देवता ऋषि यी सबैको नाश नभई छोड्दैन ॥१०॥ तसर्थ हे पुरुषसिंह ! त्रिलोकको रक्षाका लागि तपाईंले लक्ष्मणको त्याग गरेर संसारलाई सुखी बनाउनुपर्‍यो ॥११॥ त्यहाँ जम्मा भएका मन्त्री र पुरोहितको मुखबाट यस प्रकारको धर्म र अर्थले युक्त भएको कुरा सुन्दा रामचन्द्र सभामा लक्ष्मणलाई भन्नलाग्नुभयो ॥१२॥ हे लक्ष्मण ! धर्मको विनाश नहोस् भन्ने हेतुले म तिमीलाई त्याग गर्दछु, सज्जनहरूको त्याग गर्नु अथवा वध गर्नु यी दुवै बराबर संझिएका छन् ॥१३॥

रामको मुखबाट यो कुरा सुन्नासाथ लक्ष्मणको आँखाभरि आँसु भयो र व्याकुल चित्तले यिनी उत्तिखेरै त्यहाँबाट बाहिर निस्किहाले, आफ्नो घरसम्म पनि गएनन् ॥१४॥ सरयूको तीरमा पुगी जल आचमन गरेर हात जोडीकन योगमार्गद्वारा समस्त इन्द्रियद्वारलाई रोकिदिए, सास फेर्नसम्म पनि छोडिदिए ॥१५॥ लक्ष्मणले यस प्रकारसँग योगारूढ भईकन सास फेर्नै छाडेको देख्दा इन्द्र, अप्सरा, देवता, ऋषि यी सबै उनीमाथि पुष्पवृष्टि गर्नलागे ॥१६॥ इन्द्रले महाबली लक्ष्मणलाई सशरीर स्वर्गतिर लिएर गए, तर यो कुरा त्यहाँ कोही मानिसले देख्न पाएन ॥१७॥ सम्पूर्ण देवताहरू विष्णुको चतुर्थ भागलाई आफूकहाँ आएको देख्ता दङ्ग परेर हर्षपूर्वक उनको पूजा गर्नलागे ॥१८॥

सर्ग—१०७

लव कुशको राज्याभिषेक र शत्रुघ्न बोलाइन्छन्।

लक्ष्मणको त्याग गरेपछि रामचन्द्र बडो दुःखी र शोकले पीडित भएर पुरोहित, मन्त्री तथा विद्वान्हरूलाई भन्नलाग्नुभयो ॥१॥ आजै म धर्मात्मा वीर भरतको अभिषेक गरेर यिनलाई अयोध्याको राजा बनाइदिन्छु र आफू वनतिर लाग्दछु ॥२॥ सबै सामग्री झट्टै जम्मा भइहालोस्, ढीलो हुन नपाओस्,

म आजै लक्ष्मण गएको बाटोमा जान चाहन्छु ॥३॥ रघुनाथजीको यो कुरा सुन्दा सभामा जति प्रजा जम्मा भएका थिए ती सबै टाउको निहुराएर एकै चोटि भूइँमा ढले र प्राण हराए जस्तो देखिए ॥४॥ रामचन्द्रको कुरा सुन्दा भरत पनि बेहोश परे र अलि बेरपछि राज्यको निन्दा गर्दै उहाँलाई भन्नलागे ॥५॥ हे राजन् ! सत्य अथवा स्वर्गभोगको किरिया हालेर भन्दछु कि तपाईंविनाको यस राज्यको मलाई बिलकुलै चाहना छैन ॥६॥ हे राजन् ! यी कुश, लवको अभिषेक गरिदिनुहोस्; कोशल देशमा कुशलाई र उत्तर कोशलमा लवलाई राजा बनाइदिनुहोस् ॥७॥ शीघ्रगामी दूतहरू शत्रुघ्नकहाँ जाऊन् र हाम्रो महायात्राको खबर सुनाएर उनलाई झट्टै लिएर आउन् ॥८॥

भरतको यो कुरा सुन्दा तथा पुरवासीहरूले दुःख ताप मानेर टाउको निहुराएको देख्ता वशिष्ठ भन्नलागे ॥९॥ हे वत्स राम ! भूइँमा पडिराखेका आफ्ना प्रजाहरूतिर हेर्नुहोस्, यिनको अभिप्राय बुझेर काम गर्नुहोस्, यिनको मनविरुद्ध काम गर्न मुनासीब पर्दैन ॥१०॥ वशिष्ठको कुरा सुनेपछि रामचन्द्रले प्रजाहरूलाई उठाएर सोध्नुभयो—भन, मैले तिमीहरूको निम्ति के गर्नुपर्‍यो ? ॥११॥ रामचन्द्रको यो कुरा सुन्दा प्रजाहरू भन्नलागे—हे राम ! जहाँ तपाईं जानुहुन्छ हामी पनि पछि लागेर जान्छौं ॥१२॥ हे राम ! पुरवासीहरूमाथि तपाईंको प्रेम र स्नेह छ भने हामी सबैलाई छोरा स्वास्नी साथमा लिएर आफ्नो पछि लाग्ने अनुमति दिनुहोस् ॥१३॥ हामीलाई छाड्न चाहनुहुन्न भने हे ईश्वर ! तपोवन, दुर्गम स्थान, नदी अथवा समुद्र जहाँ तपाईं जानुहुन्छ त्यहीं हामीलाई पनि लैजानुहोस् ॥१४॥ यसैमा हामीलाई ठूलो प्रसन्नता हुनेछ, हाम्रा लागि यही सर्वश्रेष्ठ वर हो । हे राजन् ! तपाईंका अनुचर भएर हिंड्नामा हामीलाई जत्तिको प्रेम हुनेछ त्यत्तिको अरू कुनै कुरामा हुने छैन ॥१५॥

पुरवासीहरूको आफूमाथिको भक्ति, दृढ भक्ति तथा आफूले गर्नुपर्ने कर्तव्यको विचार गरेर रामचन्द्रले प्रजाहरूले भनेको कुरा मान्नुभयो र त्यही दिनमा कोशल देशमा कुशको र उत्तर कोशलमा लवको राज्याभिषेक गरिदिनुभयो । यस प्रकारसंग महात्मा लव, कुश यी दुवैको अभिषेक गरिसकेपछि यिनलाई काखमा राखेर उहाँले प्रत्येक छोरालाई हजार रथ, दश हजार घोडा, दश हजार हात्ती र धेरै धेरै धन दिनुभयो ॥१६-१८॥ धेरै धेरै धन, रत्न, तथा हृष्ट पुष्ट मानिस साथमा लगाएर कुश लव यी दुवै भाइलाई आफ्नो आफ्नो राज्यमा पठाइदिनुभयो ॥१९॥

यस प्रकारसंग दुवै छोराको अभिषेक गरेर उनीहरूलाई आफ्नो आफ्नो राज्यमा पठाइसकेपछि रामचन्द्रले महात्मा शत्रुघ्नकहाँ दूत पठाउनुभयो ॥२०॥

सर्ग—१०८

शत्रुघ्न, सुग्रीव, विभीषणादि रामकहाँ जम्मा हुन्छन् ।

शीघ्रगामी दूतहरू रामचन्द्रको आज्ञा पाउनासाथ झटपट मथुरापुरीतिर लागिहाले, बाटोमा यिनीहरूले कतै विश्रामसम्म पनि गरेनन् ॥१॥ तीन दिन र तीन रातसम्म हिंडेर यिनीहरू मथुरामा पुगे र

८१

शत्रुघ्नलाई अयोध्यामा भएको जम्मै कुरा आद्योपान्त गरी सुनाए ।।२।। लक्ष्मणको त्याग, रामचन्द्रको प्रतिज्ञा, छोराहरूको अभिषेक, पुरवासीहरूको महाराजसंग जाने विचार, यी सबै कुरा यिनीहरूले सुनाए ।।३।। विन्ध्यपर्वतनेर कुशको निम्ति बुद्धिमान् रामचन्द्रले कुशावती नाम गरेको एउटा रमणीय शहर र लवको निम्ति श्रावस्ती नामक रमणीय नगरी बसाउनुभएको छ । अयोध्यालाई शून्य पारेर महारथी भरत र रामचन्द्र स्वर्ग जान तैयार भएका छन् । अयोध्याको यो सब हाल सुनाइसकेपछि यी दूतहरूले केही बेर चूप लागेर फेरि भने—"हे राजन् ! छिटो गर्नुहोस् ।" आफ्नो कुलको यस्तो भयङ्कर क्षय हुनलागेको सुन्दा शत्रुघ्नले आफ्ना समस्त प्रजा र काञ्चन नामका पुरोहितलाई बोलाउन पठाए र यिनीहरूलाई यी सबै कुरा जस्ताको तस्तै गरी सुनाए ।।४-८।। दाजुहरूको साथमा आफूले समेत शरीर त्याग गर्ने कुरा यिनले सुनाए । यसपछि यिनले आफ्ना दुवै छोराको अभिषेक गरिदिए ।।९।। सुबाहुले मथुरा भेट्टाए र शत्रुघातीले वैदिश । मथुरा राज्यको जम्मै फौज र धनको दुइ फांट लगाएर आफ्ना दुइ छोरामा बांडिदिए ।।१०।। यसपछि मथुरामा सुबाहुलाई र वैदिशमा शत्रुघातीलाई राखेर शत्रुघ्न आफू एकलै रथमा सवार भई अयोध्यातिर लागे ।।११।। उहाँ पुगेपछि यिनले बल्दो आगोसमानका महात्मा रामचन्द्रलाई पातलो रेशमी वस्त्र पहिरेर मुनिहरूको साथमा बसिराखेको देखे ।।१२।। सावधान भईकन शत्रुघ्नले उनलाई प्रणाम गरे र मनमा धर्मको विचार राखेर धर्मात्मा रामचन्द्रलाई भन्नलागे ।।१३।।

हे रघुनाथ ! दुवै छोराको अभिषेक गरेर तपाईंसंग जाने दृढ़ निश्चय गरी आएको छु । यो कुरा बुझ्नुहोस् ।।१४।। अतएव मेरो यस निश्चयको विरुद्ध आज केही कुरा नभन्नुहोला, कारण मेरा लागि यो ठूलो दण्ड हुनेछ, किनकि म तपाईंको आज्ञा भङ्ग गर्न चाहन्न र तपाईंसंग जाने मेरो इच्छा छ ।।१५।। शत्रुघ्नको यस प्रकारको दृढ निश्चय देखेपछि रामचन्द्रले पनि जसो भन्छौ उसै गर्छु भनेर उनलाई जवाफ दिनुभयो ।।१६।।

शत्रुघ्नलाई आफ्नो स्वीकृति दिइसक्ता नसक्तैमा अनगिन्ती कामरूपी वानर, भालु र राक्षसहरू त्यहाँ आइपुगे ।।१७।। स्वर्ग जान इच्छा गरिरहेका रामचन्द्रको दर्शन गर्न भनी यी वानरहरू सुग्रीवलाई अघि लगाएर आएका थिए ।।१८।। देवता, ऋषि तथा गन्धर्वका छोराहरू पनि रामचन्द्रको स्वर्गागमनको खबर पाएकोले त्यहां आएर भन्नलागे—हे भगवन् ! हामी सबै तपाईंसंग जान भनी आएका छौं, हे पुरुषोत्तम ! कदाचित् हामीलाई छाडेर जानुभयो भने ता तपाईंको यो काम हामीलाई यमदण्डले हिर्काएर खसाल्ने बराबरको हुनेछ । यही मौकामा महाबली सुग्रीव पनि आए र विधिपूर्वक प्रणाम गरेर रामलाई भन्नलागे ।।१९-२१।। हे राजन् ! वीर अङ्गदको अभिषेक गरेर आएको छु, तपाईंसंग जाने मेरो दृढ निश्चय छ सो कुरा बुझ्नुहोला ।।२२।। यिनीहरूले आफ्नो आफ्नो अभिप्राय प्रकट गरिसकेपछि रामचन्द्रले हाँसी हाँसीकन "लौ हुन्छ" भन्ने जवाफ दिनुभयो र यसपछि राक्षसराज विभीषणतिर फर्केर भन्नलाग्नुभयो ।।२३।। हे राक्षसराज महाबली विभीषण ! तपाईंका प्रजा रहेसम्म लङ्कापुरीको

राज्य गरेर बस्नुहोस् ॥२४॥ जबसम्म चन्द्र, सूर्य र पृथ्वी रहनेछन् तबसम्म मेरो यो कथा संसारमा प्रचलित भइरहनेछ, त्यतिञ्जेल तपाईंको राज्य पनि स्थिर भइरहोस् ॥२५॥ आफ्नो मित्र संझेर तपाईंलाई मैले यो उपदेश दिएको हुँ, मैले भनेअनुसार गर्नुहोस् र धर्मपूर्वक प्रजाको पालना गर्नुहोस्। मैले भनेका कुराको प्रत्युत्तर नदिनुहोस् ॥२६॥ हे महाबली राक्षसराज! तपाईंलाई अरू पनि केही कुरा भन्ने मेरो इच्छा छ। इक्ष्वाकुकुलका देवता जगन्नाथको सदा सर्वदा आराधना गर्नुहोला। इन्द्र-लगायत सबै देवताहरू पनि यिनको आराधना गर्दछन्। विभीषणले रामचन्द्रको उपदेश ग्रहण गरे र यी राक्षसराज रामचन्द्रको आज्ञाको विषयमा विचार गर्नलागे ॥२७-२८॥

विभीषणलाई यति भनिसकेपछि रामचन्द्रजी हनुमान्‌तिर फर्केर भन्नलाग्नुभयो—हे हनुमन्! तिमीले पहिले नै जीवित रहने इच्छा प्रकट गरिसकेका छौ, आफ्नो प्रतिज्ञालाई भंग नगर ॥२९॥ हे वानरराज! जबसम्म संसारमा मेरो कथा प्रचलित रहनेछ तबसम्म मेरो आज्ञाको पालना गरेर प्रसन्नतापूर्वक मनुष्यलोकमा बस ॥३०॥ महात्मा रामचन्द्रले यति भनेपछि हनुमान् प्रसन्न भएर भन्नलागे ॥३१॥ हे भगवन्! जबसम्म तपाईंको पवित्र कथाको संसारमा प्रचार रहने छ तबसम्म म तपाईंको आज्ञाको पालना गरेर संसारमा वास गर्नेछु ॥३२॥

यसै गरी ब्रह्मपुत्र बूढा जाम्बवान्, मैन्द र द्विविदलाई पनि भन्नुभयो—जाम्बवान्‌को साथमा तिमीहरू पाँचै जना कलि नआएसम्म बाँचिरहे ॥३३॥ यी पाँच जनालाई यस प्रकारको आज्ञा दिइसकेपछि रामचन्द्रले अरू बाँकी वानर र भालूहरूलाई जस जसले मेरो साथमा जाने इच्छा गरेका छन्, मसंग लागून् भन्नुभयो ॥३४॥

सर्ग—१०९

रामचन्द्र समस्त अयोध्यावासीलाई साथमा लिई सरयूको तीरमा आउनुहुन्छ।

रात बितेर बिहान भएपछि च्याप्टो छाती भएका, यशस्वी, कमललोचन रामचन्द्र आफ्ना पुरोहित वशिष्ठलाई भन्नलाग्नुभयो ॥१॥ प्रज्वलित मेरो अग्निहोत्र तथा वाजपेय यज्ञको शोभायमान छाता ब्राह्मणहरूको साथमा अघि अघि जाओस् ॥२॥ रघुनाथको यो वचन सुनेपछि तेजस्वी वशिष्ठले महाप्रस्थानको निम्ति चाहिने समस्त विधि धर्मपूर्वक गरिदिए ॥३॥ यसपछि मसिनो रेशमी वस्त्र पहिरेर रामचन्द्रजी हातमा कुश लिएर वेदमन्त्रको उच्चारण गर्दै सरयूतिर लाग्नुभयो ॥४॥ वेदमन्त्रसिवाय मुखबाट अरू केही निस्कन्नथ्यो, हिंडाइसिवाय शरीरको अरू कुनै चेष्टा देखिन्नथ्यो, बाटोमा काँढा बिझला भन्ने उहाँलाई केही फिक्री थिएन। रामचन्द्र तेजिलो सूर्यको जस्तो रूप लिएर आफ्नो महलबाट निस्कनुभयो ॥५॥ यस समयमा महाराजको दाहिनेपट्टि साक्षात् लक्ष्मी, देब्रेतिर पृथ्वी देवी र अगाडि व्यवसाय अर्थात् संहार शक्ति लागेका थिए ॥६॥ नाना किसिमका बाण, विशाल र उत्तम धनु तथा अरू अरू किसिमका अस्त्रहरू मानिसको रूप लिएर रामचन्द्रको अघिअघि हिंड्नलागे ॥७॥ वेद, सबैको

रक्षा गर्ने गायत्री, ओङ्कार तथा वषट्कार यी सबै ब्राह्मणको रूप लिएर रामको साथमा जानलागे ।।८।। ऋषि तथा समस्त ब्राह्मणमण्डली यिनको साथमा जानलागे, कारण यिनको साथमा जानेहरूलाई स्वर्ग-भित्र पस्न कुनै किसिमको रुकावट थिएन ।।९।। बालक, बूढा, कमारी, अन्तःपुरका ढोके तथा नोकर-चाकर साथमा लिई राजदरबारका आइमाई पनि रामचन्द्रको पछिलागे ।।१०।। आफ्ना अन्तःपुरका आइ-माईलाई संग लिएर भरत र शत्रुघ्न पनि अग्निहोत्र अघि लगाएर सदा आश्रय दिने रामचन्द्रसंग जान-लागे ।।११।। अग्निहोत्र र छोरा स्वास्नी साथ लिई आएका महात्मा ब्राह्मणहरू पनि महाबुद्धिमान् राम-चन्द्रको पछि लागे ।।१२।। सबै मन्त्री र नोकर-चाकरहरू आफ्ना पशु, बालबच्चा तथा नाता कुटुम्बी-लाई साथमा लिई बडो हर्षसँग रामको पछि लागे ।।१३।। समस्त प्रजा तथा कर्मचारीहरू आफ्ना हृष्ट पुष्ट मानिस, स्वास्नी, नाता कुटुम्बी तथा पशुपक्षीलाई साथमा लिई, मनमा लेश मात्र पनि पाप नचिताएर, हर्षले गद्गद परी रामचन्द्रको गुणले आकृष्ट भएकोले उनको पछिपछि जानलागे ।।१४-१५।। हृष्ट-पुष्ट वानरहरू सरयू नदीमा स्नान गरी दङ्ग परेर हर्षनाद गर्नलागे । यिनीहरू राममाथिको आफ्नो प्रेम तथा उनको साथमा जाने आफ्नो दृढ निश्चय प्रकट गरिरहेका थिए ।।१६।। यहाँ जति जम्मा भए-का थिए तिनमा कसैको पनि निदाउरो मुख देखिन्नथ्यो, कोही पनि लज्जित वा दुःखित थिएन, सबै प्रसन्न थिए, यो एउटा अद्भुतै दृश्य देखियो ।।१७।। रामचन्द्रको यात्रा हेर्न भनी जो प्रजा त्यहाँ जम्मा भएका थिए तीसमेत उनको साथमा जान तैयार भए ।।१८।। भालु, वानर, राक्षस तथा पुरवासी यी सबै सावधानीसाथ भक्तिपूर्वक रामको पछिपछि आइरहेका थिए ।।१९।। अयोध्यामा अदृश्य भएर रहने भूतहरू पनि स्वर्गयात्री रामको साथमा जान भनी उनको पछि लागेर आए ।।२०।। यस समयमा जति स्थावर जङ्गम प्राणी रामचन्द्रलाई जानलागेको देख्तथे ती सबै उनको पछिपछि हिंड्न थाल्दथे ।।२१।। कीट पतङ्ग आदि गरिएका जति सास फेर्ने प्राणी अयोध्यामा थिए ती सबै रामचन्द्रसंग त्यहाँ जानलागे, यस प्रकारसंग त्यहाँ कोही प्राणी पनि रहेन ।।२२।।

सर्ग—११०

भाइहरूको साथमा रामको वैकुंठप्रवेश ।

यस प्रकारसँग अयोध्याबाट दुइ कोस जति हिंडेपछि रामचन्द्रले पश्चिमाभिमुख भएर बगेकी पवित्र जल भएकी सरयू नदीलाई देखे ।।१।। आफ्ना समस्त प्रजालाई साथमा लिई रामचन्द्रजी, भेल उठिराखेको सरयू नदीको तीरमा सर्वत्र घुमिसकेपछि, ठीक ठाउँमा आउनुभयो ।।२।। यही समयमा पितामह ब्रह्माजी समस्त देवता तथा महात्मा ऋषिहरूलाई साथमा लिई स्वर्ग जान दृढ निश्चय गरेका रामचन्द्रनेर आउनुभयो । उहाँको साथमा करोडौं विमान पनि थिए ।।३-४।। आकाश दिव्य तेजले पूर्ण भई ज्योति-र्मय हुन गयो, किनकि आफ्नै तेजले प्रकाशमान भएका र पवित्र कीर्तिले विभूषित भएका स्वर्गवासी देवताहरू त्यहाँ एकत्रित भइराखेका थिए ।।५।। सुगन्धी र शरीरलाई आनन्द गराउने हावा चल्नलाग्यो

र देवताहरू आकाशबाट फूलै फूलको निरवच्छिन्न वर्षा गर्नलागे ॥६॥ सैकडौं दुन्दुभि बज्नलागेका थिए, गन्धर्वहरूको गाना र अप्सराहरूको नाच चलिराखेको थियो, यस्तै मौकामा रामचन्द्रजी पैदल हिंडेर सरयूको जलभित्र पस्नुभयो ॥७॥

यही मौकामा पितामह ब्रह्मा आकाशबाट बोल्नलागे-हे विष्णो ! आउनुहोस्, तपाईंको कल्याण होस्, हाम्रो भाग्यले आज तपाईं आफ्नो लोकमा आउनलाग्नुभएको छ ॥८॥ देवतुल्य आफना भाइहरूको साथमा आउनुहोस् र आफ्नो शरीरमा प्रवेश गर्नुहोस्। जुन शरीरमा प्रवेश गर्ने इच्छा छ त्यही शरीरमा प्रवेश गर्नुहोस् ॥९॥ हे महातेज ! तपाईंलाई आफ्नो वैष्णव शरीरमा अथवा सनातन आकाशमा जहाँ रहने इच्छा छ त्यहीं रहनुहोस्। हे देव ! तपाईं नै लोकका रक्षक हुनुहुन्छ, तपाईंको यथार्थ रूप कसैलाई थाहा छैन ॥१०॥ केवल एउटी विशालनयनी मायादेवीले तपाईंलाई चिह्नेकी छन्, जो कि पहिले तपाईंकी पत्नी भइसकेकी छन्। पहिले तपाईं को हुनुहुन्थ्यो सो कुराको कसैलाई पत्तो छैन। तपाईं अचिन्त्य, महाभूत, अक्षय र जरारहित हुनुहुन्छ, हे महातेजस्वी ! जुन शरीरमा प्रवेश गर्ने इच्छा छ त्यसैमा प्रवेश गर्नुहोस् ॥११॥

ब्रह्माका यी कुरा सुनेपछि महामतिमान् रामचन्द्रजीले स्वयं विचार गरेर भाइहरूको साथमा सशरीर वैष्णवी तेजमा प्रवेश गर्नुभयो ॥१२॥ यसपछि विष्णुमय भगवान् रामचन्द्रको साध्य, मरुत्, इन्द्र, अग्निलगायत सबै देवताहरू पूजा गर्नलागे ॥१३॥ दिव्य ऋषि, गन्धर्व, अप्सरा, पक्षी, नाग, दैत्य, दानव, राक्षस यी सबैको हार्दिक इच्छा पूर्ण भयो, सबै पापरहित भए र दङ्ग परे, आकाशमा देवताहरू उहाँलाई धन्यवाद दिनलागे ॥१४–१५॥ यसपछि भगवान् विष्णु ब्रह्मालाई भन्नलाग्नुभयो, हे सुव्रत ! मेरा साथमा जति आएका छन् ती सबैलाई बस्नाको निम्ति एउटा कुनै उत्तम लोक दिनुहोस् ॥१६॥ यी यशस्वीहरू ममाथिको स्नेहले गर्दा मेरो पछि लागेर आएका छन्। यी मेरा भक्त हुन् र म यिनको भक्त हुँ। मेरो खातिर यिनीहरूले आफ्नो सबै सुख छोडिदिएका छन् ॥१७॥

विष्णु भगवान्‌को यो कुरा सुनेपछि लोकपितामह ब्रह्माजीले भन्नुभयो––यी सबै तपाईंका भक्तहरू संतानक लोकमा गएर बसून् ॥१८॥ जुनसुकै कीट पतङ्गले मर्ने बेलामा तपाईंको नाम सम्झेर प्राण त्याग गर्‍यो भने त्यसले समेत यही संतानक लोकमा स्थान पाउनेछ ॥१९॥ यो सन्तानक लोकमा ब्रह्मलोकका सबै गुण वर्त्तमान छन् र यो उसको नजीकै छ अर्थात् यहाँ रहने सबै प्राणी ब्रह्माको साथसाथमा मुक्त हुन्छन्। वानर र भालूहरू जुन जुन देवताबाट उत्पन्न भएका थिए तिनैमा गएर लीन हुनेछन् ॥२०॥ जो जुन देवताबाट निस्केर गएथ्यो त्यसले उही रूप पाउनेछ। अतएव सुग्रीवले सूर्यमण्डलमा प्रवेश गरे ॥२१॥

ब्रह्माको यो कुरा सुनेपछि देवताहरूका सामुन्नेमा वानर भालूहरू गोप्रतार घाटमा स्नान गरी, आफ्नो शरीर छाडेर आफ्ना आफ्ना पितामा मिल्न गए ॥२२॥ ब्रह्माको यो वचन सुन्दा यहाँ जो जो जम्मा थिए ती सबैले आंखाभरि आंसु लिएर सरयूमा प्रवेश गरे। जस जसले प्रसन्नतासाथ सरयू

नदीमा पसेर आफ्नो प्राण त्याग गरे ती सबैले मनुष्य-चोला छाडेर विमानमा बस्न पाए, तिर्यग् योनिका सैकडौं पशु पक्षी पनि सरयूको जलमा डुबेर स्वर्ग जान पाए। यिनीहरूले तेजोमय शरीर पाए र यो दिव्य शरीर पाएकोले देवताहरू झैं प्रकाशमान देखिनलागे ॥२३–२५॥ स्थावर जङ्गम जति प्राणी आएका थिए तिनले सरयूको जलमा त्यहां आफ्नो शरीर छाडेर देवलोकतिर लागे ॥२६॥ यस समयमा वानर, भालू, राक्षस जो यहाँ आएका थिए तिनले सरयूको जलमा आफ्नो शरीर त्याग गरेर स्वर्ग जान पाए ॥२७॥ आएकाहरूलाई स्वर्गमा बस्ने ठाउं दिइसकेपछि लोकगुरु ब्रह्मा प्रसन्नतासाथ देवताहरूलाई संग लिई आफ्नो लोकतिर लाग्नुभयो ॥२८॥

सर्ग—१११

रामायण पाठ गर्नाको फल।

उत्तरकाण्डसहितको यो आख्यान यत्तिकै हो, ब्रह्माले समेत यसको प्रशंसा गर्नुभएको छ। वाल्मीकि मुनिको मुखबाट यो प्रकट भएको हो र रामायण यसको नाम हो ॥१॥ जुन विष्णुले सब चराचर जगत्लाई व्याप्त गरिराख्नुभएको छ, उहाँ पहिले झैं देवताहरूको साथमा स्वर्गमा रहन लाग्नुभयो ॥२॥ उहां गएको दिनदेखि स्वर्गमा देवता, गन्धर्व, सिद्ध, र ऋषिहरू प्रसन्नतासाथ रोज रोज यो रामायण काव्य सुन्नलागेका छन् ॥३॥ यो आख्यान सुन्नाले आयु, सौभाग्य बढ्छ, पाप नाश हुन्छ। वेदसमानको यो रामायणलाई ब्राह्मणहरूले श्राद्धमा पाठ गरेर सुनाऊन् ॥४॥ यो सुन्नाले छोरा नभएकोले छोरा र निर्धनले धन पाउँछ। श्लोकको एक चरणसम्म पढ्ने मानिसको समेत सबै पाप छुट्छ ॥५॥ रोज रोज पाप कर्म गर्नामा लागेको मानिससमेत यसको नित्य एक एक श्लोक पढ्नाले जम्मै पापबाट मुक्त हुनेछ ॥६॥ यो कथा पढेर सुनाउनेलाई वस्त्र, गाई र सुन दिनुपर्दछ, किनकि उ सन्तुष्ट भएको खण्डमा सबै देवताहरू प्रसन्न हुन्छन् ॥७॥ आयु बढाउने रामायणनामक यो आख्यान पढ्नाले मानिसले यस लोकमा छोरा नाति पाएर अन्तमा स्वर्गमा समेत प्रतिष्ठा पाउने छन् ॥८॥ प्रातःकाल, मध्याह्न, सायंकाल तथा अपराह्नमा जसले सावधान भएर रामायणको पाठ गर्नेछ त्यसले कुनै प्रकारको कष्ट भोग्नुपर्ने छैन ॥९॥

यो रमणीय अयोध्या नगरी धेरै वर्षसम्म शून्य भइराख्नेछ; ऋषभ राजाले राज्य गर्नलागेपछि फेरि मानिसहरू यहाँ बस्न थाल्नेछन् ॥१०॥ भविष्य, उत्तरकाण्डसहितको आयु बढाउने यस आख्यानलाई प्रचेताका छोरा वाल्मीकिले बनाएका हुन् र ब्रह्माजीले समेत यसलाई स्वीकार गरेका छन् ॥११॥

उत्तरकाण्ड समाप्त।



ज्ञान